
महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदन २०८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको बासट्ठिऔं वार्षिक प्रतिवेदन २०८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: १३३२८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या : २०८१।८२
च. नं. :७०१

विषयः बासट्ठिऔं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय, शीतलनिवास,
काठमाडौं, नेपाल ।

नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (१) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक

२०८२ साल वैशाख ३१ गते बुधवार ।
नेपाल सम्वत् ११४५

फोन नम्बर : ०१-५९१९१६३, ईमेल: oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइट: www.oag.gov.np



सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदन, २०८२ पेस गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री तोयम राया (२०८२।१।३१)

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको बासट्ठिऔँ वार्षिक प्रतिवेदन पेस गरेको छु। नेपालको संविधानको धारा २९४(२) को प्रावधान तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लेख भएका वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने विषयहरू समावेश गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। यस वार्षिक प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई अलग अलग परिच्छेदमा प्रस्तुत गरिएको छ। त्यसै गरी संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी सो प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई जारी गरिएको छ। यस वार्षिक प्रतिवेदनका अलावा सारभूत विषय समेटी वार्षिक प्रतिवेदनको सारांश, इन्फोग्राफिक्स, कार्यमूलक र सङ्गठित संस्थाको लेखापरीक्षणको छुट्टाछुट्टै प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणबाट देखिएका बेहोरा सरोकारवालालाई सुसूचित गराउन एवं पारदर्शिता प्रवर्धन गर्न उल्लिखित प्रतिवेदनहरू कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइएको छ ।

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहअन्तर्गत सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था र सङ्घीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको आर्थिक वर्ष २०८०।८१ र बक्यौतासमेतको कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणलाई व्यवस्थित र दिशानिर्देश गर्न वार्षिक लेखापरीक्षण योजना र सोको आधारमा निकाय र कार्यालयगत लेखापरीक्षण योजना तयार गरी उक्त योजनाअनुसार लेखापरीक्षण ऐन, मानदण्ड, मार्गदर्शन एवं निर्देशिकाको पालना गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। कार्यालयले जोखिममा आधारित लेखापरीक्षण पद्धति अवलम्बन गरेको छ। जोखिममा आधारित सूचकको आधारमा बढी जोखिमयुक्त निकाय र कार्यालयहरूको स्थलगत रूपमा विस्तृत र न्यून जोखिमयुक्त कार्यालयको संक्षिप्त कार्यविधि अवलम्बन गरी दूर लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणका सम्पूर्ण क्रियाकलापलाई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत अभिलेखीकरण तथा व्यवस्थापन गरिएको छ ।

पूर्ण सरकारी स्वामित्व भएका सङ्गठित संस्थाको लेखापरीक्षण गर्न कानुनबमोजिम प्रमाणपत्र प्राप्त पेसागत लेखापरीक्षकलाईसमेत सहभागी गराउनुका साथै अधिकांश स्वामित्व भएका सङ्गठित संस्थामा लेखापरीक्षक नियुक्ति सम्बन्धमा परामर्श प्रदान गरिएको छ। वित्तीय लेखापरीक्षणका अतिरिक्त विषय छनोट गरी कार्यमूलक, वातावरणीय तथा सूचना प्रविधिको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम प्राप्त प्रतिक्रियासमेतबाट फर्स्यौट हुन नसकेका विषय विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराई वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ। लेखापरीक्षण गुणस्तर कायम गर्न सरोकारवालासँग छलफल, टोल फ्री नम्बर र इमेलमार्फत गुनासो सुनुवाइ, एफएम रेडियो र कार्यालयको वेबसाइटमार्फत सूचना प्राप्ति तथा प्रसारण, लेखापरीक्षण प्रवेश र बहिर्गमन बैठकको अनिवार्यतालगायतका व्यवस्था गरिएको छ। कार्यमूलक लेखापरीक्षणलाई प्रभावकारी बनाउन लेखापरीक्षणमा नागरिक समाजका संस्थाको सहभागिता गराइएको छ। यसै गरी लेखापरीक्षण गुणस्तर कायम

गर्न लेखापरीक्षकको आचारसंहिता निर्धारण एवं सोको कार्यान्वयन स्थितिको अनुगमनको व्यवस्था गर्नुका साथै लेखापरीक्षणका प्रत्येक चरणमा सुपरिवेक्षकबाट अनुगमन एवं सुपरिवेक्षण र केही लेखापरीक्षण फाइलको छनौट गरी स्वतन्त्र तवरले गुणस्तर समीक्षा गरिएको छ। लेखापरीक्षणकै क्रममा निकाय तथा कार्यालय प्रमुख, स्थानीय तहका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन प्रमुख र सरोकारवालाहरूसँग भर्चुअल माध्यमबाट छलफल गरी पृष्ठपोषण लिइएको र प्राप्त सुझावअनुसार लेखापरीक्षण प्रक्रियामा सुधार गरिएको छ। अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहयोगमा सञ्चालित आयोजनाहरूको सहयोग सम्झौता बमोजिम लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ।

यो वर्ष सङ्घीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेतको रु.९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट विभिन्न सैद्धान्तिक बेरुजुका अतिरिक्त रु.९१ अर्ब ६० करोड लगती बेरुजु देखिएको छ। सोमध्ये ३ हजार ९३ सङ्घीय सरकारी कार्यालयको रु.३१ खर्ब ६ अर्ब १६ करोड लेखापरीक्षणबाट रु.४७ अर्ब ७४ करोड अर्थात् १.५४ प्रतिशत बेरुजु देखिएको छ। प्रदेशतर्फ १ हजार १६५ कार्यालयको रु.३ खर्ब ८ अर्ब ५६ करोडको लेखापरीक्षणबाट रु.४ अर्ब २० करोड अर्थात् १.३६ प्रतिशत र स्थानीय तहतर्फ यस वर्षको ७५३ र बक्यौता ८ समेत ७६१ को रु.११ खर्ब १८ अर्ब ४६ करोडको लेखापरीक्षणबाट रु.२५ अर्ब ३२ करोड अर्थात् २.२६ प्रतिशत बेरुजु देखिएको छ। समिति र अन्य संस्थातर्फ ६९५ निकायको रु.५ खर्ब २२ अर्ब १३ करोडको लेखापरीक्षण भएकोमा रु.१४ अर्ब ३३ करोड बेरुजु कायम भएको छ। त्यसैगरी ४३ सङ्गठित संस्थाको ४५ आय वर्षको रु.४४ खर्ब ७ अर्ब ५ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ सङ्गठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएबमोजिम रु.१५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षण भएको छ।

गत वर्षसम्मको बाँकी बेरुजु रु.६ खर्ब ६९ अर्ब ८६ करोड रहेकोमा समायोजन तथा फर्स्यौंट गरिएको अङ्क घटाई यो वर्षको थपसमेत रु.७ खर्ब ३३ अर्ब १९ करोड बेरुजु बाँकी रहेको छ। लेखापरीक्षणको क्रममा तथा सम्परीक्षणबाट यो वर्ष रु.१४ अर्ब ४८ करोड असुल भएको छ। कारबाही गरी टुङ्गो लगाउनुपर्ने रु.५ खर्ब ५१ अर्ब २ करोड रहेको मध्ये राजस्व बक्यौता रु.४ खर्ब ७२ अर्ब ३५ करोड, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान रु.६ अर्ब २५ करोड, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण रु.१४ अर्ब ३३ करोड, जमानत बसी दिएको ऋणको भाखा नाघेको सावाँ ब्याज रु.४९ अर्ब ३७ करोड र लेखापरीक्षण बक्यौता रु.८ अर्ब ७१ करोड रहेको छ।

सार्वजनिक निकायहरूमा उत्तरदायित्व, पारदर्शिता, निष्ठा प्रवर्धन गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य हो। यस प्रतिवेदनको परिच्छेद २ अन्तर्गत लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थितिमा **लेखापरीक्षणको दृष्टिमा सार्वजनिक उत्तरदायित्व** शीर्षक राखी एक पृष्ठमा समग्र विषयको सारसंक्षेप उल्लेख गरिएको छ। त्यसै गरी लेखापरीक्षणको प्रारम्भिक एंव अन्तिम प्रतिवेदनका बेहोरामा सुझावहरू समावेश गरिएकोमा उक्त सुझाव एवं गत विगतको लेखापरीक्षणको अनुभवसमेतलाई दृष्टिगत गरी यस वार्षिक प्रतिवेदनको परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधारहरू समावेश गरिएको छ । सुझावहरूलाई शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक प्रशासन, सूचना प्रविधि र सुशासनसमेत ८ शीर्षकमा प्रस्तुत गरिएको छ। उक्त सुझावहरूको कार्यान्वयनमा सार्वजनिक निकायहरूले प्रभावकारी भूमिका निर्वाह गर्नेमा म विश्वस्त छु।

कार्यालयबाट संस्थागत र पेशागत क्षमता विकास, गुणस्तर अभिवृद्धि, आन्तरिक सुशासन, एवं सरोकालवालाहरूसँगको सम्बन्ध मजबुत तथा पेशागत आचरण पालना र कार्यव्यवहारमा सुधारलगायतका कार्य भइरहेका छन्। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न लेखापरीक्षण मानदण्ड, मार्गदर्शन र निर्देशिकाहरूको

अवलम्बन गरी लेखापरीक्षण कार्यप्रणालीमा सुधार गरिएको छ। कार्यालयलाई उपलब्ध सीमित साधन स्रोतको महत्तम उपयोग गरी निर्धारित नतिजा प्राप्त हुने गरी कार्यसञ्चालन गरिएको छ। लेखापरीक्षणका सुझाव कार्यान्वयन एवं यसको प्रभाव अभिवृद्धिका लागि सङ्घीय संसद र प्रदेश सभाअन्तर्गतका सार्वजनिक लेखा समिति तथा अन्य संसदीय समितिहरूसँग निरन्तर छलफल, सम्पर्क एवं समन्वय गरिएको छ। सोका अतिरिक्त लेखा उत्तरदायी अधिकृत, स्थानीय तहका पदाधिकारी तथा कर्मचारी, विभिन्न पेसाविद्, उद्योगी एवं व्यापारी सङ्गठनका प्रतिनिधि, सरोकारवाला, लेखापरीक्षण सल्लाहकार समिति, पत्रकारहरूसँग अन्तरक्रिया एवं छलफल गरी पृष्ठपोषण लिइएको छ। पृष्ठपोषणबाट प्राप्त सुझावका आधारमा यस कार्यालयको कार्यनीति एवं भावी रणनीतिक योजना तर्जुमा भइरहेको छ। लेखापरीक्षण गुणस्तर अभिवृद्धि गरी जनअपेक्षा अनुरूप कार्यसम्पादन गर्नका लागि हाल उपलब्ध साधन स्रोत नपुग भएकोले आवश्यक स्रोत साधन प्राप्तिमा नेपाल सरकारबाट सहयोगको अपेक्षा गरेको छु।

नेपाल सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठन (इन्टोसाई) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सङ्गठन (एसोसाई) र ती सङ्गठनका विभिन्न कार्य समूहमा सहभागी भई लेखापरीक्षणका असल अभ्यास अवलम्बन गर्ने, आपसी अनुभव आदान-प्रदान गर्ने तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा कार्यालयको प्रतिनिधित्व गर्ने कार्य भइरहेको छ। सर्वोच्च लेखापरीक्षण संस्थाबिच ज्ञान, सीप र अनुभव आदान-प्रदान एवं आपसी सहयोग अभिवृद्धिमार्फत लेखापरीक्षण गुणस्तरमा सुधार गर्ने कार्यलाई निरन्तरता दिइएको छ। आगामी दिनमा समेत अन्तर्राष्ट्रिय सङ्गठन, संस्था, तिनका कार्य समूहसँगको आबद्धता अझ सबल र प्रगाढ बनाइनेछ।

अन्तमा, प्रतिवेदनमा दिइएका सुझाव कार्यान्वयन भई सरकार तथा सार्वजनिक निकायमा पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्धनमार्फत सुशासन कायम गर्न सहयोग पुग्ने विश्वास लिएको छु। सोका लागि प्रतिनिधिसभा सार्वजनिक लेखासमिति र प्रदेश सभाका लेखा समितिमा प्रतिवेदन उपर समयमा नै छलफल गरी सम्बन्धित सरकारी निकायहरूलाई आवश्यक निर्देशनको अपेक्षा गरेको छु। लेखापरीक्षणको कार्य सम्पन्न गर्न सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, सङ्घीय संसद तथा प्रदेशसभा, तीनै तहका सरकारका पदाधिकारी, विकास साझेदार, सल्लाहकार समिति, नागरिक समाज, सञ्चारकर्मी तथा अन्य सरोकारवालाबाट प्राप्त मार्गदर्शन तथा विभिन्न माध्यममार्फत आम नागरिकबाट प्राप्त पृष्ठपोषणप्रति आभार व्यक्त गर्दछु। समग्र लेखापरीक्षण कार्य सम्पन्न गर्न एवं वार्षिक प्रतिवेदन तयार गर्न कार्यालयका कर्मचारीले पूरा गरेको जिम्मेवारीको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१(१) मा राष्ट्रपति र उप-राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय अदालत, महान्यायाधिवक्ताको कार्यालयलगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। संविधानको धारा २४१(२) बमोजिम ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ। संविधानको धारा २४१(५) बमोजिम अन्य कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण सङ्घीय कानुनमा व्यवस्था गरी महालेखापरीक्षकबाट गर्न सकिने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउन, त्यसमा विवेचना तथा आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा ८ मा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने विषय र दफा ९ मा औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरू उल्लेख छ। त्यसैगरी दफा १९ मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने विषयहरू र दफा २१ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन गर्ने सम्बन्धमा उल्लेख छ ।

२. **उद्देश्य -** संविधानबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र सङ्घीय कानुनद्वारा तोकिएका कार्यालय वा निकायको वित्तीय विवरण, आर्थिक कारोबार, सेवा प्रवाह, कानुनको परिपालना कार्यसम्पादन अवस्था र प्राप्त उपलब्धिको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता, र औचित्यसमेतको आधारमा परीक्षण गरी देखिएका व्यहोरा र सुझाव समेटिएको प्रतिवेदन जारी गर्नु तथा सरकार र सार्वजनिक निकायमा जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। लेखापरीक्षणको उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको छ।

वित्तीय लेखापरीक्षण

- विनियोजन ऐन तथा अन्य ऐनबमोजिम तोकिएको सीमाभित्र रही निर्दिष्ट प्रयोजनका लागि खर्च भएको,
- कारोबारको लेखा तोकिएको ढाँचा अनुरुप राखिएको तथा निर्दिष्ट समयमा प्रतिवेदन गरेको,

- तीनवटै तहका सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको तोकिएको ढाँचाअनुरूप वित्तीय विवरण तयार भएको तथा उक्त विवरणले आर्थिक कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- सम्बन्धित निकायले समयमा बजेट निकासा गरेको,
- खर्च गर्न अधिकार प्राप्त अधिकारीको स्वीकृति भएको,
- सिर्जना भएको दायित्व समयमा भुक्तानी भएको,
- आम्दानी वा खर्च भएका कलमहरूको पुष्ट्याईं हुने प्रमाण यथेष्ट भएको,
- सरकारी ऋण, लगानी, सम्पत्ति र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनुपर्ने र बुझाइएको साँवा, ब्याज, लाभांशलगायतको लेखा राखेको,
- आन्तरिक लेखापरीक्षण सन्तोषजनकबाट भएको र प्रतिवेदनको कार्यान्वयन गरेको,
- राजस्व तथा सरकारी कोषमा जम्मा हुनुपर्ने रकम कानुनबमोजिम निर्धारण, असुली, दाखिला र लेखाङ्कन भएको,
- शोधभर्ना लिने कार्य समयमा गरेको।

परिपालनाको लेखापरीक्षण

- प्रचलित कानुनको परिपालना गरी स्रोत साधनको प्राप्ति एवं परिचालन गरेको,
- आर्थिक कारोबार गर्दा ऐन कानुनको परिपालना गरेको,
- खर्च गर्दा दुरूपयोग हुन नपाउने गरी पर्याप्त कानुनी व्यवस्था भएको, तत्सम्बन्धी नियमन, आन्तरिक नियन्त्रण व्यवस्था भएको र सोको अनुसरण गरेको,
- राजस्व चुहावट नियन्त्रण तथा धरौटीसम्बन्धी प्रचलित कानुनको पर्याप्तता भएको र त्यसको पालना गरेको,
- आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्था भएको र त्यसको अनुशरण गरेको,
- प्रचलित कानुनले अनुगमन गर्नुपर्ने व्यवस्था गरे अनुरुप अनुगमन गरेको र अनुगमनबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गरेको,
- तीनै तहमा प्रचलित कानुनबमोजिम बाँडफाँट भएको राजस्व, अनुदान तथा रोयल्टीको उपयोग र परिचालन कानुनसम्मत भएको,
- बेरुजुको लगत र फर्स्यौंटको अभिलेख अद्यावधिक राखेको, बेरुजु फर्स्यौंट गर्न प्रयास गरेको

कार्यमूलक लेखापरीक्षण

- मितव्ययी तवरले खर्च गरेको र कार्यक्रम एवं लक्ष्यअनुसार प्रगति हासिल गरेको,
- लेखा वा प्रतिवेदनबमोजिम भौतिक प्रगति भएको,
- नगदी जिन्सी तथा अन्य सरकारी सम्पत्तिसमेतको हानि नोक्सानी र दुरूपयोग हुन नपाउने गरी संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाएको र सोको अनुसरण गरेको,
- कार्यालयको सङ्गठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित रहेको एवं दोहोरो नहुने व्यवस्था मिलाएको,
- निर्दिष्ट उद्देश्य र नीतिअनुरूप कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी उपलब्धि हासिल गरेको, कामको गुणस्तर र परिमाण मापदण्डअनुरूप भएको,
- सङ्गठन र कार्यक्रमको उपलब्धि किटान गर्ने आधार स्पष्ट भएको, कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको तथा कामको गुणस्तर र परिमाण मापदण्ड अनुरुप भएको,

- खर्च गर्दा लागत तथा उपलब्धिसमेतको विश्लेषण गरी खर्च गरेको र लागतको तुलनामा उपयुक्त प्रतिफल प्राप्त भएको।

विशेष लेखापरीक्षण (सूचना प्रविधि/वातावरणीय)

- वित्तीय कारोबार, अभिलेख र प्रतिवेदन सूचना प्रविधिमा आधारित बनाउने व्यवस्था गरेको,
- सूचना प्रविधि प्रणालीको उपयुक्त तवरले खरिद, विकास एवं प्रभावकारी उपयोग गरेको,
- वातावरणसम्बन्धी कानुन, कार्यविधि र मापदण्डको पालना भए नभएको र वातावरणीय असरलाई न्यून गर्ने प्रयास भएको।

३. **लेखापरीक्षणको क्षेत्र** - नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ मा लेखापरीक्षण क्षेत्र निर्धारण गरिएको छ । राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायत सबै सङ्घीय र प्रदेश सरकारी कार्यालय साथै तीनै तहका सरकारका पूर्ण स्वामित्व भएको सङ्गठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण, विश्वविद्यालय तथा सङ्घीय कानुनले लेखापरीक्षण गर्नुपर्ने भनी तोकिएको संस्था वा अन्य निकाय लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । सोबमोजिम २०८०।८१ को आर्थिक कारोबार र सोको प्रतिवेदन, बक्यौता र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षणमा विभिन्न वर्षका सूचनाहरू सङ्कलन गरी सोको विश्लेषण गरिएको छ ।

लेखापरीक्षणमा निकायहरूको आन्तरिक नियन्त्रण प्रणाली, खर्च व्यवस्थापन, राजस्व निर्धारण, सङ्कलन, दाखिला र वित्तीय विवरणसँग सम्बन्धित विषयहरूको परीक्षण एवं मूल्याङ्कन गरिएको छ। वित्तीय व्यवस्थापनको सन्दर्भमा बजेट व्यवस्थापन, जिन्सी व्यवस्थापन, आयोजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, खर्चमा मितव्ययिता, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको परिपालना स्थितिलगायतको परीक्षण गरिएको छ। लेखापरीक्षण गर्दा वातावरणीय पक्ष, लैङ्गिक, दिगो विकास लक्ष्य प्राप्ति सूचकका अतिरिक्त सेवा प्रवाह एवं जिम्मेवारी र जवाफदेहिता पालना जस्ता पक्षको मूल्याङ्कन समेत गरिएको छ।

४. **लेखापरीक्षण पद्धति** - वार्षिक लेखापरीक्षण योजना र सोसँग सामञ्जस्य हुने गरी मन्त्रालय/ निकायगत लेखापरीक्षण योजना तथा कार्यालयगत लेखापरीक्षण योजना तयार गरी लेखापरीक्षणलाई व्यवस्थित गरिएको छ । लेखापरीक्षण चरण भित्रका क्रियाकलापहरूलाई विद्युतीय पद्धतिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मा अभिलेखीकरण र व्यवस्थापन गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, वातावरणीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायको विस्तृत लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको लेखापरीक्षण संक्षिप्त विधिबाट वित्तीय विवरण र सोसँग सम्बन्धित प्रमुख कागजात नाम्स प्रणालीमा अपलोड गरी दूर लेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको छ।

समग्र एवं निकायगत जोखिम मूल्याङ्कन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त तथा सान्दर्भिक प्रमाण सङ्कलन गर्न लेखापरीक्षणको एकाइगत योजनामा उल्लेख गरी नमुना छनोटका आधारमा लेखापरीक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा केही विषयमा

नागरिक समाजसमेतलाई संलग्न गराइएको छ। यस्तो लेखापरीक्षणमा प्रमाण सङ्कलन गर्न अन्तर्वार्ता, प्रश्नावली तयार, सरोकारवालासँग सामूहिक छलफललगायतका विधि अपनाइएको छ। लेखापरीक्षणमा विशेषतः प्रक्रियामूलक, समस्यामूलक र नतिजामूलक पद्धति अबलम्वन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, सरोकारवालासँग छलफल, गुणस्तर आश्वस्तता निर्देशिकाबमोजिम प्रारम्भिक प्रतिवेदन जारी पूर्व एवं पश्चातको पुनरावलोकनका कार्यहरू गरिएको छ।

५. **वार्षिक प्रतिवेदन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) मा महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार र आवश्यक अन्य कुराहरू खुलाउनुपर्ने व्यवस्थाबमोजिम यो प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा ६ परिच्छेद तथा २३ अनुसूची रहेका छन्। प्रतिवेदनको परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार र परिच्छेद ६ मा कार्यालय गतिविधि समावेश गरिएको छ। संविधानको धारा २९४(३) बमोजिम प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरिएको छ। स्थानीय तह ७५३ र बक्यौता ८ समेत ७६१ को रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। यसै गरी सङ्गठित संस्था, कार्यमूलक तथा विशेष, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षणका प्रमुख बेहोरालाई समेत यस प्रतिवेदनमा संक्षिप्त रुपमा समेटिएको छ।

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: १३३२८

पत्र संख्या : २०८१।८२
च.नं. : ४६६

मितिः २०८२।१।३१

विषयः एकीकृत वित्तीय विवरणमा राय।

श्री सचिव,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

१. **कैफियतसहितको राय** - हामीले नेपाल सरकारको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, सङ्घीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. **सञ्चित कोष** - सङ्घीय सञ्चितकोषको आर्थिक वर्ष २०८०।८१ को वार्षिक आर्थिक विवरणअनुसार समग्र राजस्व, अनुदान, आन्तरिक तथा बाह्य ऋण र सोझै भुक्तानी हुने अनुदान र ऋणसमेत कुल प्राप्ति रु.१३ खर्ब ३१ अर्ब ८६ करोड ५७ लाखमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थासमेतमा रु.१३ खर्ब ९३ अर्ब ४० करोड १६ लाख भुक्तानी/खर्च भई रु.६१ अर्ब ५३ करोड ५९ लाख ऋणात्मक मौज्दात रहेको छ। सो रकममा आन्तरिक ऋणको रोलओभर नाफा र गत वर्षको नगद दाखिला रु.१४ अर्ब ४४ करोड ५६ लाख आम्दानी समायोजन गर्दा यो वर्ष सङ्घीय सञ्चित कोष रु.४७ अर्ब ९ करोड ३ लाखले ऋणात्मक देखिएको र उक्त रकममा गत वर्षसम्मको ऋणात्मक मौज्दात रु.१ खर्ब ८१ अर्ब २६ करोड ७४ लाख थप हुँदा यस वर्षसम्म सङ्घीय सञ्चित कोषको मौज्दात रु.२ खर्ब २८ अर्ब ३५ करोड ७७ लाख ऋणात्मक रहेको छ।

नेपाल सरकारको अन्य सरकारी कोष तथा खाताहरूमा यस वर्षको अन्त्यमा रु.१ खर्ब ४० अर्ब ९४ करोड ७० लाख मौज्दात रहेको छ। त्यस्तै वर्षान्तमा प्रदेश सञ्चितकोष रु.५० अर्ब ९० करोड ९८ लाख र स्थानीय सञ्चित कोष रु.६० अर्ब ५० करोड ८१ लाखले धनात्मक छन्।

फोन नम्बर : ०१-५९१९१६३, ईमेल: oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइट: www.oag.gov.np

२.२. **मौज्दातको यथार्थता -** अन्य सरकारी कोष तथा खातामा रहेको धनात्मक मौज्दात रु.१ खर्ब ४० अर्ब ९४ करोड ७० लाख समायोजनपश्चात् पनि सञ्चित कोष रु.८७ अर्ब ४१ करोड ७ लाख ऋणात्मक रहेको छ। नेपाल राष्ट्र बैङ्कको २०८०।८१ को वित्तीय विवरणको अनुसूची ४.२१ (सरकारको बचत) अनुसार रु.९९ अर्ब ४९ करोड १७ लाख ऋणात्मक देखिएकोले रु.१२ अर्ब ८ करोड १० लाखले मौज्दात फरक परेको छ। सङ्घीय सञ्चित कोषको वित्तीय विवरण र नेपाल राष्ट्र बैङ्कको वित्तीय विवरणबिच मौज्दात रकम फरक परेको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयले हिसाब मिलान विवरण तयार पारेको छैन।

२.३. **वैदेशिक ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट पेस भएको नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, २०८०।८१ अनुसार यो वर्षको वैदेशिक ऋण प्राप्ति रु.१ खर्ब २५ अर्ब ६६ करोड ६१ लाख देखिएकोमा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त सङ्घीय सञ्चितकोषको वार्षिक आर्थिक विवरणमा रु.१ खर्ब १३ अर्ब २७ करोड १४ लाख रहेकोले वैदेशिक ऋण प्राप्ति रु.१२ अर्ब ३९ करोड ४७ लाखले फरक परेको छ। साथै महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त नेपाल सरकारको एकीकृत वित्तीय विवरणअनुसार यस वर्ष वैदेशिक ऋणबाट रु.१ खर्ब १९ अर्ब ५ करोड ८१ लाख खर्च बेहोरेको देखिएको छ।

२.४. **प्राविधिक तथा अन्य सहायता -** बजेट वक्तव्यसाथ सङ्घीय संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायतासम्बन्धी विवरणमा १५ सङ्घीय मन्त्रालय/निकायअन्तर्गतका १३१ आयोजना तथा कार्यक्रमको लागि यो वर्ष रु.२१ अर्ब ८४ करोड ५४ लाख ८७ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा सोबाट भएको खर्च सम्बन्धित कार्यालयले आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराएका छैनन्। यसै गरी सो खर्च एकीकृत वित्तीय विवरणमा समेत समावेश भएको छैन।

२.५. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ र ७ मा विभाज्य कोषमा राजस्व तथा रोयल्टीको रकम जम्मा गरी तीन तहका सरकारबिच बाँडफाँट गर्ने व्यवस्था छ। यो वर्ष सङ्घीय विभाज्य कोषमा रु.४ खर्ब १९ अर्ब ६४ करोड ३१ लाख दाखिला भएकोमा रु.४ खर्ब १२ अर्ब ९१ करोड ६७ लाख बाँडफाँट भई रु.६ अर्ब ७२ करोड ६४ लाख बाँडफाँट गर्न बाँकी रहेको छ। सो रकम बाँडफाँट नभएको कारणले सङ्घीय सञ्चित कोषको राजस्व असुली अङ्कमा उक्त विभाज्य कोषबाट प्राप्त हुने रकम उल्लेख भएको छैन।

२.६. **राजस्व बाँडफाँट -** महालेखा नियन्त्रक कार्यालयले २०८१।३।१६ देखि २०८१ ३।३१ सम्म सङ्कलन भएको मूल्य अभिवृद्धि कर र अन्तःशुल्कबापतको राजस्व रु.३२ अर्ब ९ करोड ७९ लाख २०८१।७।२७ मा बाँडफाँट गरेकोमा सोमध्ये सङ्घीय सञ्चित कोषमा रु.२२ अर्ब ४६ करोड ८५ लाख सोही मितिमा प्राप्त भएको देखिन्छ। त्यस्तो रकमलाईसमेत महालेखा नियन्त्रक कार्यालयले २०८०।८१ मा नै प्राप्त भएको उल्लेख गरी वित्तीय विवरण तयार गरेको छ। नगदमा आधारित लेखा प्रणालीबमोजिम पछिल्लो वर्षको प्राप्तिसमेत २०८०।८१ को आम्दानीमा समावेश गरेको देखिन्छ।

२.७. **कोषको मौज्दात -** महालेखा नियन्त्रक कार्यालयले २०७९।८० को नेपाल सरकारको एकीकृत वित्तीय विवरणमा विभिन्न कोष तथा खाताहरूमा रु.९७ अर्ब ५६ करोड ६१ लाख मौज्दात देखाएकोमा २०८०।८१ को वित्तीय विवरणमा यस्ता कोषहरूमा रु.१ खर्ब ७ अर्ब ३९ करोड ७७ लाख जिम्मेवारी सारेको छ। बढी जिम्मेवारी सारेको रु.९ अर्ब ८३ करोड १६ लाख सम्बन्धमा हिसाब मिलान विवरण तयार गरेको छैन।

२.८. **लिन/उठ्न बाँकी रकम** - नेपाल सरकारको एकीकृत वित्तीय विवरणमा बजेट निकायहरूको लिन/उठ्न बाँकी रकममा कर र अन्य राजस्वतर्फको रु.२ खर्ब ५४ अर्ब ३ करोड मात्र उल्लेख छ। तर लेखापरीक्षणबाट सर्वोच्च अदालतबाट निर्धारित जरिबाना रु.३२ अर्ब ११ करोड ९६ लाख, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको विवरणअनुसार सरकारी लगानीमध्ये भाका नाघेको सावाँ ब्याज बक्यौता रु.१ खर्ब ८१ अर्ब १७ करोड ८४ लाख र कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको लगत रु.२ अर्ब ४२ करोड ८५ लाख ६३ हजार समावेश गरेको देखिएन।

२.९. **बेरुजु** - यस वर्षको लेखापरीक्षणबाट सङ्घीय मन्त्रालय तथा निकायतर्फ असुल गर्नुपर्ने रु.१८ अर्ब ३३ करोड २४ लाख, अनियमित देखिएको रु.१ अर्ब ९२ करोड ९३ लाख, प्रमाणका कागजात पेस नभएको रु.२५ अर्ब ९९ करोड ८६ लाख, शोधभर्ना नलिएको रु.७ लाख र पेस्की बाँकी रु.१ अर्ब ४८ करोड २० लाखसमेत रु.४७ अर्ब ७४ करोड ३० लाख बेरुजु देखिएको छ। यस अतिरिक्त राजस्व बक्यौता रु.४ खर्ब ७२ अर्ब ३४ करोड ९३ लाख र शोधभर्ना हुन बाँकी वैदेशिक अनुदान र ऋण क्रमशः रु.६ अर्ब २५ करोड ११ लाख र रु.१४ अर्ब ३३ करोड ३ लाख रहेको देखिन्छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाण राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

३. **अन्य बेहोरा** - यो वर्ष लेखापरीक्षण गरिएका निकायबाट भएका वित्तीय कारोबार, कार्यसम्पादन र परिपालना स्थितिको परीक्षण गर्दा शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक प्रशासन, सूचना प्रविधि र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० (२) बमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौंट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने र उपदफा ३ बमोजिम सम्बन्धित पदाधिकारीबाट उपर्युक्तअनुसार उत्तरदायित्व बहन गरे नगरेको सम्बन्धमा निगरानी गर्ने उत्तरदायित्व सम्बन्धित विभागीय मन्त्रीको हुने व्यवस्था छ। सोही ऐनको दफा २९ मा प्रत्येक आर्थिक वर्षको सङ्घीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरूसहितको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी नेपाल सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी अर्थ मन्त्रालय, सम्बन्धित लेखा उत्तरदायी अधिकृत एवं मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको परीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी

रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्ने समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तोयम राया)
महालेखापरीक्षक

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
परिच्छेद १:	लेखापरीक्षण गरिएका निकायको विवरण	१
परिच्छेद २:	लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति	७
परिच्छेद ३:	लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश	१३
	खण्ड - १: सङ्घीय मन्त्रालय तथा निकाय	५३
	१. सङ्घीय संसद सचिवालय	५३
	२. सर्वोच्च अदालत	५६
	३. अख्तियार दुरूपयोग अनुसन्धान आयोग	६०
	४. महालेखापरीक्षकको कार्यालय	६२
	५. लोक सेवा आयोग	६५
	६. निर्वाचन आयोग	६७
	७. राष्ट्रिय मानव अधिकार आयोग	६९
	८. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	७०
	९. राष्ट्रिय महिला आयोग	७२
	१०. राष्ट्रिय दलित आयोग	७३
	११. राष्ट्रिय समावेशी आयोग	७४
	१२. आदिबासी जनजाति आयोग	७५
	१३. मधेशी आयोग	७६
	१४. थारु आयोग	७७
	१५. मुस्लिम आयोग	७८
	१६. महान्यायाधिवक्ताको कार्यालय	७९
	१७. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	८१
	१८. अर्थ मन्त्रालय	९५
	१९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१८८
	२०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	२१३
	२१. कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय	२४३
	२२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२४६
	२३. खानेपानी मन्त्रालय	२८३
	२४. गृह मन्त्रालय	३००
	२५. परराष्ट्र मन्त्रालय	३२२
	२६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	३३४
	२७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	३४७
	२८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	४००
	२९. युवा तथा खेलकुद मन्त्रालय	४१५
	३०. रक्षा मन्त्रालय	४२४
	३१. वन तथा वातावरण मन्त्रालय	४४२

परिच्छेद	शीर्षक	पृष्ठ
	३२. शहरी विकास मन्त्रालय	४५४
	३३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	४७४
	३४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	५००
	३५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	५२१
	३६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	५३५
	३७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	५६१
	३८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	५७३
	३९. राष्ट्रिय योजना आयोग	६१३
	खण्ड - २: सङ्गठित संस्था	६२१
	१ सरकारको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था	६२५
	२. सरकारको अधिकांश स्वामित्व भएका सङ्गठित संस्था	७६७
	खण्ड - ३: प्रदेश मन्त्रालय तथा निकाय	८६७
	खण्ड - ४: स्थानीय तह	८७९
परिच्छेद ४:	लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति	८९७
परिच्छेद ५:	भविष्यमा गर्नुपर्ने सुधार	९०१
परिच्छेद ६:	कार्यालय गतिविधि	९१५
अनुसूचीहरू		९२५

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद - १

लेखापरीक्षण गरिएका निकायको विवरण

• समष्टिगत लेखापरीक्षण

लेखापरीक्षण गरिएका निकाय र विषय		संख्या	(रु. करोडमा)
(क) वित्तीय लेखापरीक्षण			
१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता ३ समेत)		३०९३	३१०६१६
२. प्रदेश मन्त्रालय तथा निकाय		११६५	३०८५६
३. स्थानीय तह (बक्यौता ८ समेत)		७६१	१११८४६
४. समिति र अन्य संस्था (प्रदेशतर्फको १२५ समेत)		६९५	५२२१३
५. सङ्गठित संस्था		४५	४४०७०५
(ख) कार्यमूलक लेखापरीक्षण	११	-	-
(ग) वातावरणीय लेखापरीक्षण	१	-	-
(घ) सूचना प्रविधि लेखापरीक्षण	१	-	-
(ङ) विशेष लेखापरीक्षण	२	-	-
जम्मा		**५७५९**	**९४६२३६**

यो वर्ष ३ हजार ९३ सङ्घीय मन्त्रालय तथा निकायको रु.३१ खर्ब ६ अर्ब १६ करोड, १ हजार १६५ प्रदेश मन्त्रालय तथा निकायको रु.३ खर्ब ८ अर्ब ५६ करोड, स्थानीय तह ७५३ र गत वर्षको बक्यौता ८ समेत ७६१ को रु.११ खर्ब १८ अर्ब ४६ करोड, ६९५ समिति र अन्य संस्था समेतको रु.५ खर्ब २२ अर्ब १३ करोड र ४३ सङ्गठित संस्थाको ४५ आय वर्षको रु.४४ खर्ब ७ अर्ब ५ करोडसमेत रु.९४ खर्ब ६२ अर्ब ३६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त ११ विषयको कार्यमूलक, एक विषयको वातावरणीय, एक विषयको सूचना प्रविधि र दुई विषयको विशेष लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका निकायको विवरण अनुसूची १, १क, १ख, २, ४, र २१ मा उल्लेख छ।

१. **सङ्घीय मन्त्रालय तथा निकाय** - यो वर्ष ३ हजार ९३ सङ्घीय सरकारी निकायको विनियोजन खर्च/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. करोडमा)

क्र. सं.	कारोबार शीर्षक	लेखापरीक्षण सम्पन्न रकम
१	विनियोजन खर्च	११७९९२
२	राजस्व	१३८७७२
३	धरौटी	७८४७
४	अन्य कारोबार	४६००५
जम्मा		**३१०६१६**

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा र लेखापरीक्षण रकमको विवरण अनुसूची २ मा उल्लेख छ। गत वर्षसम्म सङ्घीय सरकारी कार्यालयतर्फ ३ हजार ४९ एकाइको रु.८ अर्ब ८७

करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष १२ एकाइले रु.३ अर्ब १० करोडको लेखापरीक्षण गराएका छन्। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड १ मा समावेश छ।

२. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष ७ प्रदेशअन्तर्गत १ हजार १६५ निकायको रु.३ खर्ब ८ अर्ब ५६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। गत वर्षसम्म प्रदेश कार्यालयतर्फ २१ एकाइको रु.१ अर्ब १ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यी निकायले लेखापरीक्षण गराएका छैन। यस सम्बन्धी विवरण अनुसूची २ मा छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड ३ मा समावेश छ।

३. **स्थानीय तह -** यो वर्ष महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६० समेत (विगतको बक्यौता ८ गरी ७६१ आर्थिक वर्ष) स्थानीय तहको रु.११ खर्ब १८ अर्ब ४६ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। यससम्बन्धी विवरण अनुसूची २१ मा छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड ४ मा समावेश छ।

४. **समिति र अन्य संस्था -** यो वर्ष ६९५ समिति र अन्य संस्था (प्रदेशतर्फको १२५ समेत) को रु.५ खर्ब २२ अर्ब १३ करोडको लेखापरीक्षण गरिएको छ। समितिको विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड १ को सङ्घीय मन्त्रालय खण्डमा समावेश छ।

५. **सङ्गठित संस्था** - यो वर्ष ४३ सङ्गठित संस्था को ४५ आर्थिक वर्षको रु.४४ खर्ब ७ अर्ब ५ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त ४२ संस्थाको ४७ आर्थिक वर्षको रु.१५ खर्ब ७७ अर्ब ४९ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को खण्ड २ मा समावेश छ।

६. **अन्य कोष** - यो वर्ष लेखापरीक्षण गरिएका अन्य कोषहरूमा गत वर्षको जिम्मेवारी रु.३३ अर्ब १७ करोड ४५ लाख र यो वर्षको आम्दानी रु.३ खर्ब ९४ अर्ब ७० करोड २८ लाखसमेत रु.४ खर्ब २७ अर्ब ८७ करोड ७३ लाख आम्दानी भएकोमा रु.३ खर्ब ७४ अर्ब ७ करोड ३१ लाख खर्च भई वर्षान्तमा रु.५३ अर्ब ८० करोड ४२ लाख मौज्दात रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१४ मा छ।

७. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष ११ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

८. **वातावरणीय लेखापरीक्षण -** यो वर्ष एक विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएको विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

९. **सूचना प्रविधि लेखापरीक्षण -** यो वर्ष एक विषयको सूचना प्रविधिको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

१०. **विशेष लेखापरीक्षण -** यो वर्ष दुई विषयको विशेष लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

• सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

११. **सरकारी बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को सङ्घीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. लाखमा)

शीर्षक/क्षेत्र	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	९५४३१६७	९९१५०६८	११४१७८४१	९२९१२६४	८१.३७
पुँजीगत खर्च	२१६२१३१	२३४६२४७	३०२०७४४	१९२०२७४	६३.५७
वित्तीय व्यवस्था (साँवा व्याज भुक्तानी)	१३९४७१०	१९५१९५५	३०७४५३६	२७२२४७८	८८.५५
जम्मा	**१३१०००० ८**	**१४२१३२७०**	**१७५१३१२१**	**१३९३४०१६**	**७९.५६**
सामान्य सार्वजनिक सेवा	५२१७६९३	५२५८८५१	६३०५५०६	४७१२९३०	७४.७४
रक्षा	५३२९७०	६००१३८	५७३०४३	५८५७७०	१०२.२२
सार्वजनिक शान्ति सुरक्षा	७२३८४८	७९७६४४	७१२०२३	७२३३६१	१०१.५९
आर्थिक मामिला	३३१२४६३	४२११६७०	३९०९६९६	४६९२१४१	१२०.०१
वातावरण संरक्षण	५४४७६	४४५१७	८५९५६	२९०६३	३३.८१
आवास तथा सामुदायिक सुविधा	३५०५७२	४२२९४७	६६०२८६	३१३८८५	४७.५४
स्वास्थ्य	७४९३३६	५२०६७०	१०२७६९५	४९३६८८	४८.०४
संस्कृति तथा धर्म	४६९१८	५८१०५	६६६१९	४११७६	६१.८१
शिक्षा	४२६१६६	५२८६९५	१९७७७५५	५२५३३२	२६.५६
सामाजिक सुरक्षा	१६८५५६६	१७७००३३	२१९४५४२	१८१६६७०	८२.७८
जम्मा	**१३१०००० ८**	**१४२१३२७०**	**१७५१३१२१**	**१३९३४०१६**	**७९.५६**

१२. **खर्चको स्थिति -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने १० सङ्घीय मन्त्रालय तथा अन्य निकायको खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

चालु खर्च					पुँजीगत खर्च		
क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत
१	अर्थ	१७४१२७०	१८.७४	१	भौतिक पूर्वाधार तथा यातायात	७६१७११	३९.६७
२	गृह	८३७९७९	९.०२	२	सहरी विकास	२८७८९५	१४.९९
३	रक्षा	६५१९२३	७.०२	३	रक्षा	२४१२५९	१२.५६
४	कृषि तथा पशुपन्छी विकास	३५२२०७	३.७९	४	ऊर्जा, जलस्रोत तथा सिँचाइ	२२७६४४	११.८५
५	शिक्षा, विज्ञान तथा प्रविधि	३२५२४६	३.५०	५	गृह	७८९७०	४.११
६	स्वास्थ्य	२४७१०८	२.६६	६	खानेपानी	७७८४६	४.०५
७	परराष्ट्र	६५२०६	०.७०	७	स्वास्थ्य	३०७५१	१.६०
८	भौतिक पूर्वाधार तथा यातायात	६१३०१	०.६६	८	अर्थ	२७५३३	१.४३

चालु खर्च				पुँजीगत खर्च			
क्र.सं.	**मन्त्रालय/निकाय**	**रकम**	**प्रतिशत**	**क्र.सं.**	**मन्त्रालय/निकाय**	**रकम**	**प्रतिशत**
९	सर्वोच्च अदालत	५७२५०	०.६२	९	कृषि तथा पशुपन्छी विकास	२४६९४	१.२९
१०	सञ्चार तथा सूचना प्रविधि	५२०६५	०.५६	१०	वन तथा वातावरण	२३४६८	१.२२
११	अन्य मन्त्रालय तथा निकायहरू	४८९९७०९	५२.७३	११	अन्य मन्त्रालय तथा निकायहरू	१३८५०३	७.२१
	जम्मा	**९२९१२६४**	**१००**		**जम्मा**	**१९२०२७४**	**१००**

चालु र पुँजीगत खर्चबाहेक वित्तीय व्यवस्था खर्च रु.२ खर्ब ७२ अर्ब २५ करोड रहेको छ। ७ प्रदेश र ७५३ स्थानीय तहलाई गएको अनुदान रकमसमेत अन्य निकायको चालु खर्चतर्फ समावेश रहेको छ।

१३. **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारको २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. लाखमा)

स्रोत	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	११५१८१९०	१२८१७५७८	१४८८६२००	१२५१०५४७	-२.४०
वैदेशिक अनुदान	२७४८१७	२३३८२२	४९९४३०	२३२८८८	-०.४०
वैदेशिक ऋण	१३०७००१	११६१८७०	२१२७४९१	११९०५८१	२.४७
जम्मा	**१३१०००० ८**	**१४२१३२७०**	**१७५१३१२१**	**१३९३४०१६**	**-१.९६**

१३.१ यो वर्ष नेपाल सरकारको स्रोततर्फको खर्च रु.१२ खर्ब ५१ अर्ब ५ करोडमध्ये राजस्वबाट रु.९ खर्ब ६० अर्ब १६ करोड (७६.७४ प्रतिशत) बेहोरिएको छ।

१३.२ यो वर्ष वैदेशिक अनुदानतर्फ १८ निकायअन्तर्गत रु.४९ अर्ब ९४ करोड प्राप्त हुने अनुमान रहेकोमा रु.२३ अर्ब २९ करोड (४६.६३ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १३ निकाय अन्तर्गत रु.२ खर्ब १२ अर्ब ७५ करोड प्राप्त हुने अनुमान रहेकोमा रु.१ खर्ब १९ अर्ब ६ करोड (५५.९६ प्रतिशत) प्राप्त भएको छ।

१४. **सार्वजनिक ऋण** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार गरेको नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०८०।८१ अनुसार नेपाल सरकारको २०८१ आषाढ मसान्तसम्मको सार्वजनिक ऋण रु.२४ खर्ब ३४ अर्ब ९ करोड ९९ लाख रहेको छ। सोमध्ये वैदेशिक ऋण रु.१२ खर्ब ५३ अर्ब १९ करोड ८० लाख (५१.४९ प्रतिशत) र आन्तरिक ऋण रु.११ खर्ब ८० अर्ब ९० करोड १९ लाख (४८.५१ प्रतिशत) रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१२ मा छ।

१५. **राजस्व** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारले उपयोग गरेको राजस्वको स्रोतअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ विवरण तथा २०८०।८१ को अनुमान र यथार्थ विवरण स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०७८।७९ को यथार्थ	२०७९।८० को यथार्थ	२०८०।८१ को		
			अनुमान	यथार्थ	प्रतिशत
कुल राजस्व	**९८९६२१७**	**८९९१७६१**	**१२४८६२००**	**९६०१६३४**	**७६.९०**
१. कर राजस्व	८५६२६४०	७४८४२००	११३१५५७९	८२०६९७०	७२.५३
२. अन्य राजस्व, बेरूजु रकम र अन्य प्राप्ति	१३०५१९३	१३८९४२०	११७०६२१	१३२२०५४	११२.९४
३. साँवा फिर्ता	२८३८४	११८१४१	-	७२६१०	-

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ६.७८ प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०८०।८१ को राजस्व असुलीमा बेरूजु रकम र अन्य प्राप्ति रु.१ अर्ब ३२ करोड २१ लाख समेत समावेश छ। बजेट अनुमान नगरेको साँवा फिर्ताबाट रु.७ अर्ब २६ करोड १० लाख प्राप्त भएको छ। राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति

परिच्छेद - २

लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति

१. **बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरिएको छ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्कीमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुअन्तर्गत हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.९१ अर्ब ५९ करोड ७९ लाख रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रु.लाखमा)

वर्गीकरण	सङ्घीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**१८३३२४**	**७६८५**	**३५०११**	**७५२३१**	**३०१२५१**	**३२.८९**
२. नियमित गर्नुपर्ने	**२७९२८६**	**२८०५५**	**१९३९८२**	**५९९१९**	**५६१२४२**	**६१.२७**
२.१ अनियमित भएको	१९२९३	९१३८	९७१७५	२५५०६	१५१११२	१६.५०
२.२ प्रमाण कागज पेस नभएको	२५९९८६	१८९१३	९६५०४	३४०७५	४०९४७८	४४.७०
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	७	४	३०३	३३८	६५२	०.०७
३. पेस्की	**१४८२०**	**६२६०**	**२४२४९**	**८१५७**	**५३४८६**	**५.८४**
जम्मा बेरुजु	**४७७४३०**	**४२०००**	**२५३२४२**	**१४३३०७**	**९१५९७९**	**१००.००**

उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन। बेरुजु वर्गीकरणको विवरण अनुसूची-१५, १६ र २१ मा उल्लेख छ।

२. **लेखापरीक्षण र बेरुजु अङ्क -** यो वर्ष ५ हजार ७५९ सरकारी निकाय, सङ्गठित संस्था, समिति र अन्य संस्था समेतको रु.९४ खर्ब ६२ अर्ब ३६ करोड ८१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र बेरुजु स्थिति निम्नानुसार छः

(रु. लाखमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजु	बेरुजु प्रतिशत
१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता ३ समेत)	३०९३	३१०६१५७६	४७७४३०	१.५४
२. प्रदेश मन्त्रालय तथा निकाय	११६५	३०८५६११	४२०००	१.३६
३. स्थानीय तह (बक्यौता ८ समेत)	७६१	१११८४६३०	२५३२४२	२.२६
४. समिति र अन्य संस्था (प्रदेशतर्फ १२५ समेत)	६९५	५२२१३९१	१४३३०७	२.७४
जम्मा	**५७१४**	**५०५५३२०८**	**९१५९७९**	**१.८१**
५. सङ्गठित संस्था	४५	४४०७०४७३	-	-
कुल जम्मा	**५७५९**	**९४६२३६८१**	**९१५९७९**	

सङ्गठित संस्था ४५ को रु.४४ खर्ब ७ अर्ब ४ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को अतिरिक्त ४२ संस्थाको ४५ आर्थिक वर्षको लागि परामर्श दिइएकोमा परामर्श दिइएका लेखापरीक्षकले रु.१५ खर्ब ७७ अर्ब ४८ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न गरेका छन्। सङ्गठित संस्थाको बेरुजु सम्बन्धित सङ्गठित संस्थाको बोर्डले नै फर्स्यौंट गर्ने भएकोले सो बेरुजुको रकमगत लगत राखिएको छैन।

३. **अद्यावधिक बेरुजु** - सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रु.७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख रहेको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा ९.४५ प्रतिशतले बढेको छ।

(रु. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौंट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३४२६६९१	०	१४९३९६	३२७७२९५	४७७४३०	३७५४७२५
प्रदेश सरकारी कार्यालयहरू	२८४६८४	०	२१८६५	२६२८१९	४२०००	३०४८१९
स्थानीय तह	१९३४५८३	८२	९५०१६	१८३९६४९	२५३२४२	२०९२८९१
समिति र अन्य संस्था (प्रदेश समेत)	१०५२६८१	१४९	१६६६३	१०३६१६७	१४३३०७	११७९४७४
जम्मा	**६६९८६३९**	**२३१**	**२८२९४०**	**६४१५९३०**	**९१५९७९**	**७३३१९०९**

अद्यावधिक बेरुजुको विवरण अनुसूची १७ र १८ मा समावेश छ।

४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.५ खर्ब ५१ अर्ब १ करोड ७८ लाख रहेको छ।

(रु. लाखमा)

क.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप /घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (सङ्घ र प्रदेश)	९८७५५	(११६२१)	८७१३४
२	राजस्व बक्यौता	४३५४२८२	३६९२१०	४७२३४९३
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१६०९४५	(९८४३४)	६२५११
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	५५९३४	८७३६९	१४३३०३
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	४६४१२७	२९६१०	४९३७३७
	जम्मा	**५१३४०४३**	**३७६१३४**	**५५१०१७८**

५. **बेरुजु विश्लेषण** - सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

५.१. यो वर्ष सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्थासमेतको रु.९४ खर्ब ६२ अर्ब ३६ करोड ८१ लाखको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.९९ अर्ब २३ करोड ६३ लाख बेरुजु देखिएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रु.७ अर्ब ६३ करोड ८४ लाख (कुल बेरुजुको ७.७० प्रतिशत) सम्परीक्षण गराएबाट रु.९१ अर्ब ५९ करोड ७९ लाख बेरुजु फर्स्यौंट हुन बाँकी रहेको छ। यो वर्षसम्म फर्स्यौंट गर्न बाँकी कुल बेरुजु रु.७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची १५, १६, १७ र २१ मा समावेश छ।

५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ बमोजिम बेरुजु फर्स्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने र बेरुजु फर्स्यौंट हुन नसकेमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतले फर्स्यौंट गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ३७ मा औँल्याइएको बेरुजुका सम्बन्धमा ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा दफा ३७ (४) बमोजिम लेखा उत्तरदायी अधिकृत र दफा ३७(६) बमोजिम विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। उक्त व्यवस्थाअनुसार बेरुजुको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ। सोही ऐनको दफा ५० मा बेरुजु फर्स्यौंट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम यो वर्ष कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम अनुसूची-२० मा समावेश गरिएको छ।

प्रदेशको सन्दर्भमा सम्बन्धित प्रदेश आर्थिक कार्यविधि ऐनले गरेको व्यवस्थाअनुसार प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्रीलाईसमेत बेरुजु सम्बन्धमा जानकारी गराइएको छ।

५.३. सङ्घीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	२४६७९३०६	१२९१४४	२०७९६३	१०	३३७११७	७०.६१	१.३७
२	भौतिक पूर्वाधार तथा यातायात	११५६०१३	२३०७२	३१३११	९९८१	६४३६४	१३.४८	५.५७
३	रक्षा	९४३७५६	१६०४५	५३४	१३५	१६७१४	३.५०	१.७७
४	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	४०१५६२	१३९५	१३६६८	२	१५०६५	३.१६	३.७५
५	परराष्ट्र	२०४२९९	५३	१०४७६	४	१०५३३	२.२१	५.१६
६	ऊर्जा, जलस्रोत तथा सिँचाइ	३५१०४४	२८४५	२४०७	१३२८	६५८०	१.३८	१.८७
७	शहरी विकास	३६३८४१	२४०६	३२१०	५९३	६२०९	१.३०	१.७१
८	सञ्चार तथा सूचना प्रविधि	१४४६२४	४९७७	४६	०	५०२३	१.०५	३.४७
९	उद्योग, वाणिज्य तथा आपूर्ति	६२८४३	१५५२	२२९७	०	३८४९	०.८१	६.१२

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१०	स्वास्थ्य तथा जनसंख्या	१२८८८९	५०	२३१०	०	२३६०	०.४९	१.८३
११	अन्य	२६२५३९९	१७८५	५०६५	२७६६	९६१६	२.०१	०.३७
	जम्मा	**३१०६१५७६**	**१८३३२४**	**२७९२८६**	**१४८२०**	**४७७४३०**	**१००**	**१.५४**

उल्लिखित दश मन्त्रालयमा सङ्घीय सरकारी कार्यालयतर्फको कुल बेरुजुको ९७.९९ प्रतिशत र अन्यको २.०१ प्रतिशत बेरुजु रहेको छ।

५.४. प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.३६ प्रतिशत बेरुजु कायम भएकोमा सबैभन्दा बढी मधेश प्रदेशको २.५७ प्रतिशत र सबैभन्दा घटी बागमती प्रदेशको ०.८२ प्रतिशत रहेको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.२६ प्रतिशत बेरुजु कायम भएको छ। यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तह ६९२, ५ देखि १५ प्रतिशतसम्म बेरुजु हुने ६८ र १५ प्रतिशतभन्दा बढी बेरुजु हुने एक रहेका छन्।

५.५. यो वर्ष ३ हजार ९३ सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार १०५ कार्यालय (३५.७३ प्रतिशत) मा उल्लेख्य बेरुजु देखिएन। प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १६५ को लेखापरीक्षण गरेकोमा ३३३ कार्यालय (२८.५८ प्रतिशत) मा उल्लेख्य बेरुजु देखिएन।

५.६. यो वर्ष ५ हजार १९ सङ्घीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको (बक्यौतासमेत) १ लाख ६९ हजार ५५६ दफा बेरुजु देखिएकोमा ७९ हजार ७८९ दफा सैद्धान्तिक र ८९ हजार ७६७ दफा लगती बेरुजु कायम भएको छ।

५.७. सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट सङ्घीय सरकारी कार्यालयतर्फका २७ निकाय/मन्त्रालयअन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रु.४५ करोड १७ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि २३ निकाय/मन्त्रालय अन्तर्गतका कार्यालयले रु.४८ करोड ५३ लाख तथा गत विगतको बेरुजु सम्परीक्षणको क्रममा २१ निकाय/मन्त्रालय मातहतका कार्यालयले रु.१० अर्ब ९७ करोड ४१ लाख, समिति तथा अन्य संस्थाले रु.२७ करोड ७७ लाख, प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाले रु.५२ करोड ९ लाख र स्थानीय तहले रु.१ अर्ब ७७ करोड ४४ लाखसमेत रु.१४ अर्ब ४८ करोड ४१ लाख असुल गराएका छन्।

यो वर्षको सङ्घीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्नुपर्ने औंल्याएको बेरुजु रु.१८ अर्ब ३३ करोड २४ लाखमध्ये १० मन्त्रालय/निकायको रु.१८ अर्ब २८ करोड २५ लाख (९९.७३ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रु.४ करोड ९९ लाख (०.२७ प्रतिशत) देखिएको छ। यससम्बन्धी विवरण अनुसूची ९ र १५ मा छ।

५.८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (४) ले म्याद ननाघेको पेस्की रकमलाई बेरुजु नमानिने उल्लेख छ। सरकारी निकायहरुले गत विगत वर्षदेखिको म्याद नाघेको र म्याद ननाघेको पेस्की रकम खुलाई अद्यावधिक अभिलेख नराखेको कारण पेस्कीको अवस्था विश्लेषण गर्न सकिएन। चालु वर्षको पेस्कीको विवरण अनुसूची ८ मा समावेश छ।

लेखापरीक्षणको दृष्टिमा सार्वजनिक उत्तरदायित्व

शासकीय प्रबन्ध

- सरकारको कार्यक्षेत्र एवं खर्चमा स्पष्टता ल्याउन कानुन निर्माण/संशोधन हुनुपर्ने,
- अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयनको लागि जिम्मेवारी सहितको खाका तयार गर्नुपर्ने,
- सार्वजनिक सङ्गठित संस्थाका कार्यकारीको सेवा सुविधा कानुनमा नै स्पष्ट गर्नुपर्ने,
- तीनै तहले आफ्नो कार्यक्षेत्रको राजस्व परिचालन गर्न क्षेत्र र दायरा सुनिश्चित गर्नुपर्ने,
- स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनको बेरुजु फर्स्यौटको संयन्त्र तय गर्नुपर्ने,
- तीन वटै तहको बजेट घाटा व्यवस्थापन र वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनुपर्ने ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

- खरिद गुरुयोजना अनुसार प्रतिस्पर्धी, मितव्ययी, गुणस्तरीय हुनेगरी सम्पत्ति खरिद गर्नुपर्ने,
- सम्पन्न भएका आयोजनाका यन्त्र, उपकरण एवं सम्पत्तिको उपयोग हुनेगरी हस्तान्तरण गर्नुपर्ने,
- छोटो समयमा प्रयोगकर्ता परिवर्तन हुँदा नयाँ खरिद नगरी मौजुदा सम्पत्ति उपयोग गर्नुपर्ने,
- कार्य सञ्चालनका लागि सामान्य खरिदमा विद्युतीय माध्यमबाट भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने,
- सबै प्रकारका सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा पाम्समा राख्नुपर्ने,
- मुआब्जा प्रदान गरेका जग्गा सरकारी स्वामित्वमा ल्याई अभिलेख, संरक्षण र उपयोग गर्नुपर्ने,
- जफत भएका तथा प्रयोगविहीन रहेका सवारीसाधनको उपयोग वा लिलाम बिक्री गर्नुपर्ने ।

तराई मधेश सडक पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत विभिन्न सडक डिभिजनले ३२ सडक योजना निर्माणको लागि रु.७३ करोड ८४ लाख २४ हजारको सम्झौता गरी यस वर्षसम्म रु.४५ करोड ९१ लाख ९० हजार भुक्तानी गरेपश्चात् ती सडकहरू प्रदेश सरकार मातहत रहेको जनाई नेपाल सरकार (मन्त्रीपरिषद्) ले २०८०।३।१९ मा सुविस्ताको आधारमा ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरेको छ। सडक डिभिजन झापाले रु.२१ करोड ५८ लाख ३६ हजारका १२ खरिद सम्झौतामा यस वर्षसम्म रु.९ करोड ५९ लाख ८७ हजार भुक्तानी गरेकोमा सुविस्ताको आधारमा सम्झौता अन्त्य गर्न निर्माण व्यवसायी सहमत नभएकोले ठेक्का फरफारक हुन सकेको छैन। कार्यक्षेत्र स्पष्ट गरी राष्ट्रिय राजमार्गभन्दा बाहिरका योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

४७. **विद्युतीय रेलमार्ग** - झापाको काकडभिट्टादेखि कञ्चनपुरको गड्डाचौकीसम्म ९२४.९४ किलोमिटर र लिङ्कमार्गहरूसमेत १ हजार ३ किलोमिटर विद्युतीय रेलमार्ग निर्माणको लागि २०६५।६६ मा आयोजनाको सुरुवात भएकोमा सुरु लागत अनुमान रु.९ खर्ब ५५ अर्ब २२ करोड रहेकोमा संशोधित लागत अनुमान रु.१५ खर्ब पुगेको छ। आयोजना २०८६।८७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ६५ किलोमिटरमा ट्रयाकबेड तथा १६ पुल निर्माण सम्पन्न भएको तथा ५५३ बिघा जग्गाको मुआब्जासमेतमा हालसम्म रु.३३ अर्ब ४५ करोड खर्च भएको छ। समयमै आयोजना सम्पन्न गर्नुपर्दछ।

४८. **इम्बोस्ड नम्बर प्लेट** - यातायात व्यवस्था विभागले २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न एक सेवा प्रदायकसँग सम्झौता भई यस वर्षसम्म ५ लाख ९२ हजार ८०९ थान नम्बर प्लेट छपाइ भई रु.९२ करोड ६२ लाख ५९ हजार खर्च भएकोमा प्रदेश सरकार मातहतका यातायात कार्यालयबाट ६३ हजार २८९ थान जडान भएको छ। विभागले २०७८।७।२२ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नयाँ सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्य रूपमा

इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने व्यवस्था गरेको र २०७९।७।२८ देखि सबै सरकारी सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्य गरे तापनि सो व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएको देखिएन।

४९. **सवारीचालक अनुमतिपत्र** - सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को परिच्छेद-४ मा रहेको सवारीचालक अनुमतिपत्रसम्बन्धी व्यवस्थाबमोजिम सवारी तथा यातायात व्यवस्था विभागले एक विदेशी कम्पनीसँग २०८०।५।१८ भित्र १२ लाख स्मार्ट कार्ड आपूर्ति गर्ने गरी २०७९।११।१० मा अमेरिकी डलर १४ लाख ९८ हजारको सम्झौता गरेकोमा २०८१।३।३१ सम्म म्याद थप गरेको देखिन्छ। उक्त अवधिसम्म १२ लाख कार्ड आपूर्ति भएकोमा अत्यावश्यक र विदेश जाने प्रयोगकर्ताहरूलाई ४ लाख स्मार्ट कार्ड वितरण भई ८ लाख मौज्दात रहेको देखिन्छ। यस वर्षसम्म २५ लाख ७१ हजार स्मार्ट कार्ड माग भएकोमा ८ लाख कार्ड मात्र मौज्दातमा रहेकाले १७ लाख ७१ हजार कार्ड माग भएकोमा नपुग हुने अवस्था छ। मागअनुसार कार्डको आपूर्ति नहुँदा सेवा प्रवाहमा समेत असर परेको देखिन्छ।

५०. **भाखा नाघेको कर्जा तथा ब्याज अनुदान** - युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम १६ मा कर्जा लगानी गर्ने व्यवस्थाअनुसार युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत लगानी भएको रकम तोकिएको तालिकाअनुसार नबुझाउने तथा रकम दुरुपयोग गर्ने ऋणीलाई थप २ प्रतिशत ब्याज लाग्ने उल्लेख छ। युवा तथा साना व्यवसायी स्वरोजगार कोषको विवरणअनुसार १ हजार २३९ सहकारी संस्थाबाट २०८१ आषाढ मसान्तसम्म रु.१ अर्ब ६ करोड ८५ लाख ९१ हजार साँवा तथा सोमा लाग्ने ब्याज रु.१२ करोड ८१ लाख १९ हजार र हर्जाना रु.३ करोड ८८ हजारसमेत कुल रु.१ अर्ब २२ करोड ६७ लाख ९८ हजार असुल गर्नुपर्ने देखिन्छ। त्यसैगरी १५ बैङ्क तथा वित्तीय संस्थाबाट लिनुपर्ने सावाँ रु.३१ करोड ५३ लाख ३३ हजार बाँकी रहेकोमा ब्याज तथा हर्जानाको गणना गरी अभिलेख राखेको छैन। सम्झौताअनुसार हिसाब यकिन गरी साँवा, ब्याज तथा हर्जाना रकम असुल गर्नुपर्दछ।

५१. **वन तथा संरक्षित क्षेत्र अतिक्रमण** - वन ऐन, २०७६ को दफा ४९ एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा राष्ट्रिय वनक्षेत्र तथा निकुञ्जको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ। वन तथा भू-संरक्षण विभागबाट प्राप्त विवरणअनुसार ६५ जिल्लामा १ लाख ४ हजार हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागअन्तर्गतको संरक्षित क्षेत्रको ४ हजार २२१.६७ हेक्टर जग्गा अतिक्रमण भएकोमा गत वर्षसम्म शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्जलगायतबाट १८२.५५ हेक्टर जग्गा अतिक्रमण मुक्त गराई यो वर्ष अतिक्रमित भू-भाग फिर्ता भएको छैन। सम्बन्धित मन्त्रालयले अतिक्रमित वन तथा संरक्षित क्षेत्रको क्षेत्रको स्थिति अद्यावधिक गरी कानुनअनुसार कारबाही गरी अतिक्रमण मुक्त गराउनुपर्दछ।

५२. **वन विकास कोष** - वन ऐन, २०७६ को दफा ४५ मा वन क्षेत्र अन्य प्रयोजनको लागि दिएमा सो बापत प्राप्त रकम वन विकास कोषमा जम्मा गरी नियमानुसार खर्च गर्ने व्यवस्था रहेकोमा यो वर्षसम्म

उक्त कोषमा रु.२ अर्ब ३४ करोड २२ लाख प्राप्त भएको छ। यो वर्ष भोगाधिकार दिएका ३४ संस्थासमेत हालसम्म ६२८ संस्थालाई वन क्षेत्रको भोगाधिकार उपलब्ध गराएकोमा काठमाडौं-तराई (मधेश) द्रुतमार्गलगायत ३ सडक आयोजना, लुम्बिनी प्रदेश सरकार मातहत ५० शय्याको आधुनिक सरुवा रोग अस्पताल लगायत १२ संस्थाबाट रु.१ अर्ब ४५ करोड ३६ लाख प्राप्त हुन बाँकी रहेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

वन नियमावली, २०७९ को नियम ४ मा भोगाधिकार प्राप्त गर्ने निकायले ५ वर्षसम्म संरक्षण गर्न लाग्ने खर्च वन विभागले तोकेबमोजिम उक्त कोषमा जम्मा गर्नुपर्ने र नियम ९५ मा यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानुनबमोजिम सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउने र जग्गा उपलब्ध गराउन नसक्ने भएमा सोबापत रकम बुझाउन निवेदन दिन सक्ने व्यवस्था छ। वन ऐन, २०७६ लागु हुनुपूर्व ४९७ आयोजनालाई १८ हजार ८७९ हेक्टर तथा तत्पश्चात् १३१ आयोजनालाई २ हजार ३७८ हेक्टरसमेत यो वर्षसम्म ६२८ आयोजनालाई २१ हजार २५७ हेक्टर जग्गा ७ देखि ४० वर्षको लागि उपयोग गर्न लिजमा दिएको छ। सोको अनुगमन गर्नुपर्दछ।

५३. **लिफ कोलिसन कार्यक्रम -** बेलायत, अमेरिका, नर्वे र दक्षिण कोरियालगायतका सरकार तथा ठुला कर्पोरेट संस्थाहरूद्वारा एक्सलेरेटिङ्ग फाइनान्समार्फत कार्बन उत्सर्जन घटाउने उद्देश्यले सार्वजनिक तथा निजी पहलमा लिफ कोलिसन कार्यक्रम कार्यान्वयनमा आएको छ। यस सम्बन्धमा नेपालले बागमती, लुम्बिनी तथा गण्डकी प्रदेशअन्तर्गत रहेको ३.२० मिलियन हेक्टर वन क्षेत्रबाट सन् २०२२ देखि २०२६ सम्मका लागि अनुमानित ३० मिलियन टन कार्बन उत्सर्जन न्यूनीकरणमार्फत न्यूनतम कारोबार दर प्रतिटन अमेरिकी डलर १० का दरले करिब अमेरिकी डलर ३०० मिलियन प्राप्त गर्ने लक्ष्यसहितका प्रस्ताव पेस भएकोमा सो प्रस्ताव स्वीकृत भई सो कार्यक्रममा सहजीकरण गर्ने संस्था इमर्जेन्ट र नेपालबिच २०२२ मा समझदारी पत्रमा हस्ताक्षर भएकोले सोको कार्यान्वयन गरी रकम प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

५४. **नयाँ शहर आयोजना** – मध्यपहाडी (पुष्पलाल) लोकमार्ग र उत्तर-दक्षिण करिडोर मार्गको मिलन विन्दु आसपासमा पर्ने प्रमुख १० स्थानमा २०८६।८७ सम्म अत्याधुनिक सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६७।६८ देखि रुपान्तरणकारी आयोजनाकोरूपमा नयाँ शहर आयोजनाको कार्य सुरु भएको छ। मध्यपहाडी लोकमार्गमा अवस्थित १० नयाँ शहर, हुलाकी लोकमार्गमा अवस्थित १० र तराई मधेशमा अवस्थित ५ समेत १५ नयाँ शहरको एकीकृत विकास योजना, १३ स्मार्ट सिटीको गुरुयोजनाअनुरूप हिमाली पदमार्गमा अवस्थित बस्तीहरूमध्ये १० बस्तीको स्वरूप संरक्षण तथा प्रवर्धन योजनासमेत ५२ नयाँ शहर र बस्तीका लागि रु.११ खर्ब ७८ अर्ब ६८ करोड खर्च लाग्ने अनुमान रहेकोमा हालसम्म १० स्थानमा ४ हजार ७७७ रोपनी जग्गाको मात्र जग्गा विकास कार्यक्रम, १८९ रोपनी क्षेत्रफल जग्गा खरिद, ५८९ किलोमिटर सडक स्तरोन्नति, ३४ किलोमिटर सडक कालोपत्रे, ५१ किलोमिटर सडक ढलान भएकोमा यस वर्षसम्म १० कार्यालयबाट रु.८ अर्ब २९ करोड ९० लाख खर्च भएको छ। सुरुमा घोषणा भएका नयाँ शहरहरू सम्पन्न नहुँदै नयाँ आयोजना थप भएका कारण वर्षौंसम्म आयोजनाहरूको कार्य अधुरो रहेको देखिन्छ। निर्धारित समयमा आयोजना सम्पन्न हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५५. **जग्गा एकीकरण कार्यक्रम** – काठमाडौं उपत्यकालाई व्यवस्थित शहरको रूपमा विकास गर्न योजना क्षेत्रभित्रको जग्गाका कित्ताहरूलाई एकीकरण गरी सेवा सुविधाको व्यवस्था गर्ने, व्यवस्था गर्दा लागेको खर्चको लागि विकसित घडेरीहरू बिक्री वितरण गर्ने र बाँकी विकसित घडेरीहरू साविककै जग्गाधनी वा मोहीलाई समानुपतिक आधारमा फिर्ता दिने व्यवस्था गरी जग्गा एकीकरण कार्यक्रम सञ्चालन गरेको छ। उपत्यकामा काठमाडौं उपत्यका विकास प्राधिकरण र प्रत्यायोजित अधिकार अन्तर्गत स्थानीय तहसमेतले १४ आयोजनामा ५ हजार ८१९ रोपनी क्षेत्रफल जग्गा एकीकरण गरी ३ हजार ८२१ रोपनी क्षेत्रफलमा १३ हजार ३६० घडेरी विकास गरी आयोजना सम्पन्न गरेको, चालु १० आयोजनामा ७ हजार ९०५ रोपनी जग्गा एकीकरण गरी १६ हजार ८४५ घडेरी विकास गर्ने क्रममा रहेको र प्रस्तावित ७ स्थानमा करिब ९ हजार ९० रोपनी जग्गा एकीकरण गरी जग्गा विकास गर्न प्रस्ताव गरेको छ। सम्पन्न भएका आयोजना सम्बन्धित उपभोक्ता समिति, लाभग्राही समुदाय वा स्थानीय तहलाई हस्तान्तरण गरेको छैन। आयोजना हस्तान्तरण सम्बन्धमा उपयुक्त कार्यविधि तयार गरी आयोजना हस्तान्तरण गर्नुपर्दछ।

५६. **बाहिरी चक्रपथ निर्माण** - व्यवस्थित जग्गा एकीकरणका आधारमा काठमाडौं उपत्यकाका ३ जिल्लामा योजनाबद्ध नयाँ व्यवस्थित शहर विकास गर्न ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण गर्ने उद्देश्यले २०५८ मा वाहिरी चक्रपथको अवधारणा ल्याएको र उक्त कार्यका लागि २०६०।६१ मा प्रति आना रु.५ लाखका दरले ५० मिटर फराकिलो ७१.९६ किलोमिटर सडक निर्माणको लागि जग्गा अधिग्रहण गर्न रु.५६ अर्ब खर्च लाग्ने अनुमान भएकोमा हालसम्म आयोजना सुरु भएको देखिँदैन। आयोजनाको प्रशासनिक कार्यमा हालसम्म रु.१५ करोड ४३ लाख ४६ हजार खर्च भएको छ। आयोजना कार्यान्वयन सम्बन्धमा शहरी विकास मन्त्रालयले नीतिगत स्पष्टता ल्याउनुपर्दछ।

५७. **चिकित्सा शिक्षामा विद्यार्थी भर्ना** - राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा चिकित्सा शिक्षा आयोगले प्रत्येक वर्ष शिक्षण संस्थाको लागि सिट सङ्ख्या तोकी प्रवेश परीक्षाबाट छनोट भएका विद्यार्थीलाई म्याचिङ प्रणाली अनुरूप भर्ना गर्नुपर्ने व्यवस्था छ। यो वर्ष स्नातक तहतर्फ मेडिकल र प्यारा मेडिकलसमेत १५ कार्यक्रमको लागि निर्धारित ७ हजार ६०६ सिटको लागि ५२ हजार ७८१ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई २३ हजार २८६ (४४.१२ प्रतिशत) उत्तीर्ण भएका र सोमध्ये ६ हजार ३४२ (२७.२३ प्रतिशत) ले भर्ना पाएको देखिन्छ। त्यस्तै स्नातकोत्तर तहतर्फ ११ कार्यक्रममा १ हजार ७२४ सिटको लागि ९ हजार ६०२ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई ४ हजार ४५२ उत्तीर्ण भएको र सोमध्ये १ हजार ४६७ (३२.९५ प्रतिशत) जनाले भर्ना पाएको देखिन्छ। प्रवेश परीक्षामा उत्तीर्ण हुनेको सङ्ख्या उल्लेख्य भए तापनि आयोगले निर्धारण गरेको सिटमध्ये स्नातक तहमा १ हजार २ सय ६४ र स्नातकोत्तर तहमा २ सय ५७ सिटमा विद्यार्थी भर्ना भएका छैनन्। विभिन्न कार्यक्रमको लागि निर्धारित सिटमा विद्यार्थी भर्ना न्यून हुनाको कारण पहिचान गरी यसमा सुधार गर्नुपर्दछ।

५८. **जग्गाको उपयोग र संरक्षण** - त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरूको पूर्ण स्वामित्वमा १ करोड ३१ लाख ३७ हजार वर्गमिटर, भोगाधिकार ९ लाख ९९ हजार वर्गमिटर र अन्य ६ लाख

५३ हजार वर्ग मिटर समेत १ करोड ४७ लाख ८९ हजार वर्गमिटर (१ हजार ४७९ हेक्टर) जग्गा रहेकोमा विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरको ११३ रोपनी एक निजी आवासीय विद्यालयलाई १५ वर्षको लागि उपलब्ध गराएकोमा म्याद समाप्त भएकोमा समेत खाली नगरेको, बागमती नदी किनाराको १५ रोपनी जग्गा १ संस्थाले भोगचलन गरिरहेको र १३ रोपनी जग्गा विभिन्न मितिमा २ संस्थाले प्रयोग गरेकोमा विश्वविद्यालयले कुनै आम्दानी प्राप्त गरेको छैन। त्यस्तै सुदूरपश्चिम विश्वविद्यालयअर्न्तगतको एक क्याम्पसको नाममा रहेको ३८० बिघा जग्गामध्ये ३०० बिघा जग्गा अतिक्रमण भएको छ।

नेपाल संस्कृत विश्वविद्यालय र आङ्गिक विद्यापीठको स्वामित्वमा तराईमा १ हजार ७१८ बिघा १८ कट्ठा र पहाडी क्षेत्रमा १०२ रोपनी ९ आना जग्गा रहेकोमा ४०८ बिघामा मोही कायम भएको र १२ बिघामा स्वामित्व विवाद रहेको उल्लेख छ। दाङको देउखुरीमा रहेको १ हजार ३३६ बिघा तथा बेलझुण्डी क्षेत्रमा रहेको ३२६ बिघामध्ये ३५ बिघासमेत १ हजार ३७१ बिघा जग्गा २०५८ सालदेखि अतिक्रमणमा परेको छ। विश्वविद्यालयहरूले सम्पत्तिको केन्द्रीय लगत राखी सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमित जग्गाको उचित संरक्षण गर्नुका साथै आयमूलक कार्यमा उपयोग गर्नुपर्दछ।

५९. **भिसा र टिकट** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा २४ मा कुनै खास मुलुक वा कम्पनीको लागि प्रति कामदार सेवा शुल्क र प्रवर्धन खर्च सम्बन्धित संस्थाले लिन पाउने रकमको अधिकतम हद तोक्ने उल्लेख छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २०७२।३।२१ मा प्रमुख युनाइटेड अरब इमिरेट्स, मलेसिया, कतार र साउदी अरबसमेत ७ श्रम गन्तव्य मुलुकमा जाने नेपाली कामदारको भिसा तथा टिकटको रकम रोजगारदाताले नै बेहोर्नुपर्ने निर्णय गरेको साथै सर्वोच्च अदालतले २०७५।९।१८ मा निःशुल्क भिसा र टिकटको निर्णय प्रभावकारी ढङ्गले लागु गर्न निर्देशनात्मक आदेशसमेत जारी गरेको छ। वैदेशिक रोजगार विभागको अभिलेखअनुसार २०८०।८१ मा वैदेशिक रोजगारीमा गएका कुल सङ्ख्या ७ लाख ४१ हजार २९७ मध्ये ती मुलुकमा मात्र ६ लाख ४३ हजार ८०४ (८७ प्रतिशत) र युनाइटेड अरब इमिरेट्समा मात्र १ लाख ९३ हजार ४३८ (२६ प्रतिशत) वैदेशिक रोजगारीमा गएको देखिन्छ। प्रमुख गन्तव्य मुलुकहरूको भिसा र टिकट प्राप्ति सहज र मितव्ययी बनाउनुपर्दछ।

६०. **डिजिटल नेपाल** - डिजिटल प्रविधिको उपयोगबाट मुलुकको आर्थिक रूपान्तरण र समृद्धि हासिल गर्न मन्त्रीपरिषद्ले २०७६।७।५ मा डिजिटल नेपाल, फ्रेमवर्क, २०७६ स्वीकृत गरेको छ। राष्ट्रिय योजना आयोगले रूपान्तरणकारी आयोजनाको रूपमा वर्गीकरण गरेको यस फ्रेमवर्कका कार्यक्षेत्रहरू कार्यान्वयनको लागि रु.१ खर्ब ७ अर्ब ५० करोड बजेट अनुमान गरेकोमा योजनामा समेटिएका ८ कार्यक्षेत्रअन्तर्गतका अप्टिकल फाइबर नेटवर्क विस्तारलगायतका ८० क्रियाकलाप ५ वर्षभित्र सम्पन्न गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तीन चरणको समयसीमा तोकी सोको कार्यान्वयन योजनासमेत समावेश गरेको छ। उक्त फ्रेमवर्क कार्यान्वयनको लागि जिम्मेवार निकायको किटान नगरेको, फ्रेमवर्क कार्यान्वयन गर्न विनियोजित बजेट यकिन नभएको, फ्रेमवर्क परिमार्जन गर्ने वार्षिक

कार्यक्रम रहेकोमा परिमार्जन हुन नसकेको स्थिति देखिन्छ। उल्लिखित अवस्थामा सुधार गरी कार्यान्वयनयोग्य फ्रेमवर्क तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६१. **उपकरणको प्रयोग -** कोशी अस्पतालले विगतमा खरिद गरेको भेन्टिलेटर लगायतका रु.२ करोड ८ लाख ६५ हजार मूल्यका ५ प्रकारका उपकरण, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा विगतमा आफैंले खरिद गरेको र स्वास्थ्य सेवा विभागले हस्तान्तरण गरेको भेन्टिलेटर, पेसेन्ट मनिटर लगायत रु.४ करोड २९ लाख ६५ हजार मूल्यका ७ प्रकारका उपकरण र बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानलाई विगतमा स्वास्थ्य सेवा विभागले हस्तान्तरण गरेको रु.५ करोड ५९ लाख ४९ हजार मूल्यको पोर्टेबल यू.एस.जी.मेसिन र ११ थान भेन्टिलेटर, सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रमा रु.२ करोड २५ लाख मूल्यको प्लाज्मा स्ट्रेलाइजर मेसिन १ थान लगायतका उपकरणहरू प्रयोगविहीन अवस्थामा रहेका छन्।

वि.पी. कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठानबाट उपलब्ध कोभिड-१९ प्रयोजनको लागि स्थापना भएको १०० बेडको अस्पताल तत् पश्चात डेङ्गु उपचारको लागि प्रयोगमा ल्याएकोमा हाल भेण्टिलेटरसहितको २० बेड आई.सी.यू. र सो अस्पतालमा प्रयोग भएका रु.२४ करोड ५१ लाख ५२ हजारको उपकरण, ट्रमा सेन्टर अस्पतालमा मुटु रोगको उपचारमा उपयोग हुने अमेरिकी डलर ५० हजार ५०० को क्याथल्याब मेसिन तथा रु.२ करोड ५१ लाख ३२ हजार मूल्यको १४ थान भेन्टिलेटर, रु.८६ लाख ११ हजारका ५ थान सी.आर्म. मेसिन र रु.९९ लाख ६६ हजार मूल्यका ब्याकमान काउल्टर बिग्रिएको कारण सञ्चालनमा रहेको छैन। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विभिन्न स्वास्थ्य संस्थामा रहेका उपकरणको सञ्चालन सम्बन्धमा अनुगमन गरी लगत तयार गर्नुका साथै प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

६२. **शीतभण्डार सञ्चालन -** कृषि विभागबाट २०७९।३।३१ मा प्रकाशित विवरणअनुसार निजी तथा सहकारी क्षेत्रबाट १८ जिल्लामा ९७ हजार ७०० मेट्रिक टन भण्डारण क्षमता रहेका ३२ शीतभण्डार निर्माण भएकोमा ४ हजार ५०० मेट्रिक टन क्षमताका बारा र घोराहीका २ शीतभण्डार मात्र पूर्ण क्षमतामा सञ्चालनमा रहेका छन्। अधिकांश शीतभण्डारमा कृषि उपजको कमीका कारण भण्डारण क्षमताको ६० देखि ७० प्रतिशत क्षमतामा मात्र सञ्चालन भइरहेको तथा केही साना सहरी क्षेत्रका शीतभण्डार क्षमताको ५० प्रतिशतमा सञ्चालन भइरहेको अवस्था छ। भण्डारण गरिएका वस्तुमध्ये आलुको हिस्सा मात्र ९० प्रतिशतभन्दा बढी छ। व्यावसायिक कार्ययोजना तयार गरी निर्माण भएका शीतभण्डार पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ।

६३. **कृषि बिमा कार्यक्रम** - कृषि तथा पशुपन्छी (मत्स्यसमेत) बिमातर्फ २०७०।७१ देखि २०८०।८१ सम्मको कुल विमाङ्क रु.२ खर्ब ५३ अर्ब ७० करोड ७२ लाख रहेकोमा बिमा शुल्क रु.११ अर्ब ९९ करोड ७३ लाख र बिमा प्रिमियम रु.९ अर्ब २१ करोड २० लाख अनुदान उपलब्ध गराएको छ र २०८१ आषाढ मसान्तसम्मको बिमा दाबी रु.९ अर्ब १६ करोड ७२ लाख रहेको छ। कृषि तथा पशुपन्छी बिमामा कृषकको सत प्रतिशत पहुँच कायम भएको अवस्थामा हालको बिमा प्रिमियमको अनुदान रकममा २५ गुणाले वृद्धि हुने देखिन्छ। कृषि तथा पशुपन्छी बिमा समानताको

नीतिमा आधारित रहेकोले वैकल्पिक उपायसम्बन्धमा अध्ययन गरी समताको नीति लागु गर्नुपर्ने देखिन्छ। प्रति कृषक परिवार बिमाङ्क रकमको सीमाङ्कनका आधारमा साना कृषक तथा आर्थिक रूपमा विपन्न कृषकलाई प्राथमिकतामा राखी प्रिमियममा अनुदान प्रदान गर्ने नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

६४. **कृषि बिमा दाबी भुक्तानी** - कृषि, पशुपन्छी तथा जडीबुटी बिमा निर्देशिका, २०७९ मा बिमा दाबी जानकारी प्राप्त गरेको दिनदेखि अधिकतम ५७ दिनभित्र बिमकले दाबी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १४ बिमा कम्पनीमा ३२ हजार ५६६ बिमालेखबाट रु.१ अर्ब ७० करोड ७ लाख बिमा दाबी भुक्तानी माग भएकोमा अघिल्लो वर्षको बिमादाबी भुक्तानीसमेत ३३ हजार १२८ बिमालेखको बिमा दाबीवापत रु.१अर्ब ५८ करोड ४३ लाख भुक्तानी गरी ४ हजार ८२७ बिमालेखको रु.३७ करोड ४१ लाख बिमा दाबी भुक्तानी बाँकी रहेको देखिन्छ। बिमितहरूले समयमै क्षतिपूर्ति नपाउँदा आर्थिक सङ्कट भोग्नुपरेको, बिमा प्रणालीप्रति विश्वास कम हुँदै गएको तथा बिमाको निरन्तरतामा कमी आएको देखिन्छ। बिमकहरूले समयसीमा पालना गर्ने, बिमा प्राधिकरणले प्रभावकारी नियमन र अनुगमन गर्ने, डिजिटल प्रणालीमार्फत प्रक्रिया सरलीकृत गर्ने एवं बिमादाबी भुक्तानी प्रक्रियाबारे पारदर्शिता कायम गर्न आवश्यक देखिन्छ।

६५. **सहुलियतपूर्ण कर्जा** - नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरण अनुसार सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान उपलब्ध गराउन ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी, २०७५ बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरूबाट २०८१ आषाढ मसान्तसम्म रु.१ खर्ब ८७ अर्ब ७० करोड सहुलियतपूर्ण ऋण उपलब्ध गराई ५ प्रतिशतका दरले यो वर्ष रु.२ अर्ब ५० करोडसमेत २०८१ आषाढ मसान्तसम्म रु.२४ अर्ब ८९ करोड १० लाख ब्याज अनुदान प्रदान गरेका छन्। सहुलियतपूर्ण कर्जाको बक्यौता रकम २०८१ आषाढ मसान्तमा रु.१ खर्ब २६ करोड ८२ लाख पुगेको छ। बैङ्कहरूले सहुलियतपूर्ण कर्जा, सोको लागि प्रदान गरेको ब्याज अनुदानलगायतका खर्च खुल्ने विवरण तयार गरेको छैन। उल्लिखित विवरण तयार गरी कर्जा असुलीसमेत प्रभावकारी बनाउनुपर्दछ।

६६. **सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान** - सहुलियत कर्जाको ब्याज अनुदानमा २०७८ असारदेखि २०८१ मङ्सिरसम्मको अवधिमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्कअनुसार २०७८ असारसम्म ब्याज अनुदान रु.६ अर्ब ७९ करोड ६४ लाख ७९ हजार रहेकोमा २०७९ असारसम्म १५० प्रतिशतले वृद्धि भई रु.१६ अर्ब ९६ करोड ८५ लाख ८ हजार पुगेको छ। त्यस्तै, २०८० असारसम्म रु.२२ अर्ब ३९ करोड ८ लाख १६ हजार र २०८१ असारसम्म रु.२४ अर्ब ८९ करोड ९ लाख ५९ हजार पुगेको छ। उल्लिखित स्थितिले कार्यक्रमको व्यापकता तथा वित्तीय संस्थाहरूको संलग्नता बढेको देखाउँछ। दीर्घकालसम्म सहुलियत ब्याज अनुदान कार्यक्रमको निरन्तरता कायम गर्ने सम्बन्धमा थप विश्लेषण हुनुपर्ने देखिन्छ।

६७. **व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा** - सहुलियतपूर्ण कर्जा अन्तर्गत व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा २०८१ असार मसान्तसम्म ४६ हजार ३५६ ऋणीको रु.१ खर्ब ११ अर्ब २५ करोड ५९ लाख कर्जा स्वीकृत भएमध्ये रु.८६ अर्ब ८९ करोड ८७ लाख प्रवाह भएको छ। प्रवाह

भएको ऋण मध्ये "क" वर्गको बैङ्क तथा वित्तीय संस्थाबाट ४१ हजार ६८९ ऋणीलाई रु.७७ अर्ब ५३ करोड ६१ लाख, "ख" वर्गको बैङ्क तथा वित्तीय संस्थाबाट ४ हजार २०० ऋणीलाई ८ अर्ब ४ करोड ९९ लाख, "ग" वर्गको वित्तीय संस्थाहरूबाट ४४५ ऋणीलाई १ अर्ब २९ करोड ८४ लाख, र "घ" वर्गको वित्तीय संस्थाहरूबाट २२ ऋणीलाई १ करोड ४३ लाख ४९ हजार ऋण लगानी भएको देखिन्छ। व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकमा भएको लगानीको प्रतिफल मूल्याङ्कन हुनुपर्दछ।

६८. **आन्तरिक अध्ययन प्रतिवेदन -** नेपाल राष्ट्र बैङ्कले पुनर्कर्जा र सहुलियतपूर्ण कर्जाको प्रयोगको अध्ययन गर्न नियुक्त परामर्शदाताको प्रतिवेदनअनुसार १ लाख ७२ हजार ६५४ ऋणीमध्ये १८.३४ प्रतिशत अर्थात् ३१ हजार ६६४ ऋणीका फाइल तथा १ हजार ८३८ परियोजनाको स्थलगत निरीक्षण गरेको देखिन्छ। उक्त अध्ययन प्रतिवेदनमा मूल्याङ्कन गरिएका कर्जामध्ये ७ प्रतिशत ऋणीको रु.६ अर्ब ३५ करोड ६० लाख कर्जा सदुपयोग नभएको, १२ प्रतिशत ऋणीको रु.१८ अर्ब ७४ करोड ९० लाखको कर्जा फाइलमा लक्षित वर्ग पहिचान नभएको, ६ प्रतिशत ऋणीको रु.१० अर्ब ४९ करोड १० लाखमा दोहोरो कर्जा सुविधा उपयोग भएको र ११ प्रतिशत ऋणीको रु.२१ अर्ब २५ करोड ४० लाख कर्जामा दुरुपयोगको आशंका देखिएको उल्लेख छ। साथै व्यावसायिक कृषि तथा पशुपन्छी कर्जातर्फ रु.५ अर्ब ३४ करोड ५४ लाख कर्जा प्रवाह भएका १० हजार ९८१ ऋणीको नमुना परीक्षण गरिएको उल्लेख छ। यसले सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारिता र पारदर्शितामा थप सुधार आवश्यक रहेको देखिन्छ।

६९. **विमान खरिद कर्जा -** कर्मचारी सञ्चय कोष र नेपाल वायु सेवा निगमबिच २०७०।३।४ मा ए३२० न्यारोबडी एयरबस २ थान खरिद गर्नका लागि नेपाल सरकारको रु.१० अर्बको जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख १७ हजार तथा २०७४।२।२८ मा ए३३० वाइडबडी एयरबस १ थान खरिद गर्नको लागि नेपाल सरकारको रु.१२ अर्बको जमानीमा रु.११ अर्ब ९९ करोड ६१ लाखको ऋण उपलब्ध गराउने गरी सम्झौता भएको देखिन्छ। उक्त ऋण सम्झौताअनुसार निगमले ब्याज भुक्तानी नगरेकोले ब्याजसमेत पुँजीकरण गर्न कोषको सञ्चालक समितिबाट निर्णय भएअनुसार साँवा रकम बढाएर रु.२८ अर्ब ५७ करोड ३५ लाख ऋण कायम गरेको छ।

त्यस्तै नागरिक लगानी कोषको कर्मचारी बचत वृद्धि अवकाश कोष मार्फत रु.१२ अर्बको दीर्घकालीन ऋण प्रवाह गरेकोमा नेपाल वायुसेवा निगमसँग २०८१ आषाढ मसान्तसम्म पुँजीकृत गरिएको व्याज रकमसमेत रु.१९ अर्ब ३९ करोड ९ लाख ८४ हजार ऋण लगानी देखिएको छ। कोषले निगमबाट सम्झौता बमोजिम ऋण लगानीको रकम प्राप्त गरेको छैन। सम्झौताबमोजिम विशेष खातामा रकम जम्मा गर्न लगाई ऋण प्राप्तिको तालिकाबमोजिम ऋण फिर्ता प्राप्त गर्नुपर्दछ। नेपाल सरकारले जमानी दिँदा यस्ता ठुला र दीर्घकालीन परियोजनाका विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यवसायिक योजना जस्ता विषयमा अध्ययन, विश्लेषण र मूल्याङ्कनपश्चात कर्जा प्रवाह गर्नुपर्ने, त्यसैगरी उक्त रकमलाई खाम्ने गरी जमानत लिने व्यवस्था मिलाइ कर्जा असुल गर्नुपर्दछ।

७०. **परियोजना कर्जा प्रवाह -** कर्मचारी सञ्चय कोष परियोजना कर्जा प्रवाह कोषको कर्जा, लगानी तथा असुली नीति, २०७७ को बुँदा नं. ८.२.३ (ख) बमोजिम कर्मचारी सञ्चयकोषले प्रवाह गरेको कर्जामध्ये खराब कर्जाको रूपमा ब्याज समेत हिसाब गर्दा ६ कम्पनी, ४ उद्योग तथा एक होटलसमेत ११ व्यापारिक फर्मसँग रु.३ अर्ब ९९ करोड १७ लाख उठ्न बाँकी रहेको छ। कर्जा लगानी तथा असुली कार्यविधि तथा सम्झौताअनुसार साँवा र ब्याज असुल नभएकोले थप छानबिन गरी सो ऋणको साँवा र ब्याज असुल गर्नुपर्दछ।

७१. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास र खानेपानी मन्त्रालयअन्तर्गतका निकायहरूले मूल्य सूचकाङ्क, फ्याक्टर तथा सुत्र फरक पारी मूल्य समायोजन गणना गरी रु.२१ करोड ४१ हजार बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

७२. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ एवं खरिद सम्झौतामा निर्माण व्यवसायीको ढिलाइको कारणले सम्झौताबमोजिमको कार्य तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा सम्झौता मूल्यको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाअनुसार भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा, जलस्रोत तथा सिँचाइ, शिक्षा, विज्ञान तथा प्रविधि र रक्षा मन्त्रालयअन्तर्गतका निकायले रु.२ अर्ब ८ करोड १५ लाख १५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

७३. **अधुरा ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा कामको प्रगति नगरेमा पेश्की जमानी प्राप्त गर्ने, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालोसूचीमा राख्ने लगायतका व्यवस्था रहेको छ। तोकिएको अवधिभित्र ठेक्काको कार्यसम्पन्न गर्नुपर्नेमा पटक पटक गरी ३०० प्रतिशतसम्म म्याद थप हुँदा पनि कार्यसम्पन्न नगरी भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा, जलस्रोत तथा सिँचाइ, शहरी विकास र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतका रु.४ अर्ब ४४ करोड १० लाख ३३ हजार सम्झौता रकम रहेका ४१६ योजना आंशिक भुक्तानी भई काम अधुरो रहेको देखिन्छ। निर्माण व्यवसायीहरूले सम्झौताअनुसार काम सुरु नगर्ने, कामको प्रगति नगर्ने र बिचमा कार्य छाड्ने गरेका कारण अधुरा ठेक्काहरूको सङ्ख्या, समयावधि र लागत बढ्दै गएको छ। प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

७४. **परामर्श खर्च -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा विभागीय जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। भौतिक पूर्वाधार तथा यातायात

ऊर्जा, जलस्रोत तथा सिँचाइ, खानेपानी, रक्षा, लगायतका १० मन्त्रालयअन्तर्गतका विभिन्न कार्यालय तथा आयोजनाको सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार तथा निर्माण सुपरिवेक्षण गर्ने कार्यको लागि कार्यालयले परामर्श सेवा खरिद गरी यस वर्षसम्म रु.४ अर्ब ५१ करोड ३६ लाख ९० हजार, १ लाख ७४ हजार अमेरिकी डलर तथा ३ हजार युरो भुक्तानी गरेका छन्। अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको लागि परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

७५. **अधिग्रहित जग्गामा नियन्त्रण -** सरकारी प्रयोजनका लागि अधिग्रहण गरिएको उद्देश्यानुसारको कार्यमा प्रयोग गर्नुपर्दछ। ऊर्जा, जलस्रोत तथा सिचाँई, रक्षा, संस्कृती, पर्यटन तथा नागरिक उड्डययन, भौतिक पूर्वाधार तथा यातायात र अर्थ मन्त्रालयलअन्तर्गतका विभिन्न कार्यलयहरूको सरकारी प्रयोजनको लागि ३ हजार १०२ रोपनी ६०४ बिघा र ५.७ हेक्टर जग्गा अधिग्रहण गरी यस वर्षसम्म रु.१७ अर्ब ९७ करोड ९ लाख २९ हजार खर्च गरेकोमा ती जग्गामा रहेका घरटहरा एवम् घरधुरीको तथ्यांक नराखेको र कतिपय क्षेत्रमा घरटहरा विस्तार भइरहेकोले अधिकांश जग्गा सरकारी कार्यालयहरूको नियन्त्रणमा आएको छैन। नेपाल सरकारले मुआब्जा वितरण गरी अधिग्रहण गरेको जग्गालाई सरकारको नियन्त्रणमा ल्याई उपयोग गर्नुपर्दछ।

प्रदेश मन्त्रालय तथा निकाय

७६. **प्रदेश सञ्चित कोष -** संविधानको धारा २०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको विवरणअनुसार २०८०।८१ मा गत वर्षको जिम्मेवारी रु.६५ अर्ब ६७ करोड ५३ लाख १३ हजार सहित रु.२ खर्ब ३९ अर्ब ७९ करोड २८ लाख ७६ हजार आम्दानी रहेकोमा रु.१ खर्ब ८४ अर्ब १० करोड २५ लाख ७९ हजार (७६.७८ प्रतिशत) खर्च गरी रु.५५ अर्ब ६९ करोड २ लाख ९८ हजार बाँकी रहेको छ।

७७. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारी साधन करबापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। कोशी प्रदेशको रु.१२ करोड ५ लाख ८९ हजार, मधेश प्रदेशको रु.१७ करोड ५४ लाख ६५ हजार, गण्डकी प्रदेशको रु. ६ लाख ८० हजार र सुदूरपश्चिम प्रदेशको रु.१ करोड ९३ लाख २४ हजारसमेत रु.३१ करोड ६० लाख ५८ हजार ऐनको प्रावधान बमोजिम बाँडफाँट भएको छैन। ऐनको व्यवस्था बमोजिम उक्त रकम बाँडफाँट हुनुपर्दछ।

७८. **सरकारी कार्यालयको लेखापरीक्षण -** यो वर्ष सातै प्रदेश मातहतका १ हजार १६५ कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेतको रु.३ खर्ब ८ अर्ब ५६ करोड ११ लाख ३० हजार र १ कार्यालयको बक्यौता रु.३३ करोड १२ लाख ४० हजारसमेत रु.३ खर्ब ८ अर्ब ८९ करोड २३ लाख ७० हजार लेखापरीक्षण सम्पन्न भएको छ। कोशी प्रदेश अन्तर्गत ९ निकाय, मधेश प्रदेशको १, गण्डकी प्रदेशको २, लुम्बिनी प्रदेशको १, कर्णाली प्रदेशको १ र सुदूरपश्चिम प्रदेशको २ निकायको लेखापरीक्षण बक्यौता रहेको छ।

७९. **वित्त हस्तान्तरण -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले प्रदेश सरकारलाई प्रदान गरेको वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
वित्तीय समानीकरण अनुदान	६५०९६७४	६४७२२३२	५९३८८०५	५६४९०३५	६०३८७०५	७५३२६१४	६३१४३९२	४४४५५४५७
सशर्त अनुदान	५५३४७०४	२५८८७५५	५७४८२२२	२९९३१३४	३८९४१३९	२६५४९४५	२८४९८१४	२६२६३७१३
समपूरक अनुदान	७३००००	९८३९६९	१३०००००	७२००००	२२६७०५	४८३१८१	६१८८५२	५०६२७०७
विशेष अनुदान	७६००००	१५७५२५३	७३००००	६९५०००	५३३००५	२९३१८०	४६५०००	५०५१४३८
जम्मा	**१३५३४३७८**	**११६२०२०९**	**१३७१७०२७**	**१००५७१६९**	**१०६९२५५४**	**१०९६३९२०**	**१०२४८०५८**	**८०८३३३१**
राजस्व बाँडफाँट	१०००००९२०	९७९५०१२	९०७४९७२	९२३७८९९	८८५५८८३	७४९५८७१	७३६४७००	६१८२५२५७
जम्मा	**२३५३५२९८**	**२१४१५२२१**	**२२७९१९९९**	**१९२९५०६८**	**१९२९५०६८**	**१८४५९७९१**	**१७६१२७५८**	**१४२६५८५७२**

महालेखा नियन्त्रक कार्यालयबाट पेश भएको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारबाट ७ प्रदेशलाई प्रदान गरिएको वित्तीय समानीकरण, सशर्त, समपूरक अनुदान र विशेष अनुदान रु. ७६ अर्ब १ करोड ९९ लाख २४ हजार निकासा भएकोमा ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयहरूको एकीकृत वित्तीय विवरणअनुसार रु.८० अर्ब ८३ करोड ३३ लाख १५ हजार मात्र रकम प्राप्त भएको देखिएकोले फरक रकम रु.४ अर्ब ८१ करोड ३३ लाख ९१ हजारको हिसाब यकिन गर्नुपर्दछ।

८०. **राजस्व अनुमान र प्राप्ति -** सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत २०८०।८१ मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजु समेत रु. १ खर्ब ७ अर्ब ५७ करोड ६५ लाख ७१ हजार प्रक्षेपण गरेकोमा रु. ८५ अर्ब १४ करोड ६६ लाख ७४ हजार (७९.१५ प्रतिशत) प्राप्त गरेको देखिन्छ। प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली प्रक्षेपणको तुलनामा न्यून रहेको छ। प्रदेशगत राजस्व प्रक्षेपण र असुली स्थिति देहायबमोजिम छः

(रु. हजारमा)

प्रदेश	राजस्व प्रक्षेपण	राजस्व प्राप्ति (अनुदान बाहेक)	प्राप्ति प्रतिशत
कोशी	१६२२५९५०	१३४१९५०२	८२.७०
मधेश	१५७६०००२	१४४०८३७६	९१.४२
बागमती	३१५४१५७५	२६२५१९८९	८३.२३
गण्डकी	१५३५४४९०	११४३२२६९	७४.४६
लुम्बिनी	२०८४५५००	१४०३०२३७	६७.३१
कर्णाली	९६७६५१२	८२४७०८५	८५.२३
सुदूरपश्चिम	१३३३३८००	८६५११६१	६४.८८
जम्मा	**१२२७३७८२९**	**९६४४०६१९**	**७८.५७**

प्रदेशहरूको प्रक्षेपण अनुसार राजस्व प्राप्ति लक्ष्य अनुरूप नभएकोले राजस्वको दायरा र आधार विस्तार गर्न आन्तरिक स्रोत परिचालनमा अभिवृद्धि गर्नुपर्दछ।

८१. **बजेट तथा खर्च -** प्रदेशगत आर्थिक कार्यविधि ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०८०।८१ को बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छः

(रु. हजारमा)

प्रदेश	कायम बजेट	चालु खर्च	पुँजीगत खर्च	कुल खर्च	खर्च प्रतिशत
कोशी	३६८१९०७४	११६७९२३५	१६३४८२९८	२८०२७५३३	७६.१२
मधेश	४४११४६३२	९२५५६१९	१५२८९३११	२४५४४९३०	५५.६४
बागमती	६२७०९०७८	१५९७२५०३	२८५४०७००	४४५१३२०३	७०.९८
गण्डकी	३३४२७२००	७५७६६९९	१४६२९४१६	२२२०६११५	६६.४३
लुम्बिनी	४०५५०१४८	१०४१८९२२	१६०१७७७१	२६४३६६९३	६५.२
कर्णाली	३३४१५८६०	९१७५१२२	१०६९३०८६	१९८६८२०८	५९.४६
सुदूरपश्चिम	२९२८६६४०	७९४८९५०	१०५६४६२७	१८५१३५७७	६३.२६
जम्मा	**२८०३२२६३२**	**७२०२७०५०**	**११२०८३२०९**	**१८४११०२५९**	**६५.६८**

प्रदेशको औसत खर्च ६५.६८ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ७६.१२ र सबैभन्दा कम खर्च मधेश प्रदेशको ५५.६४ प्रतिशत रहेको छ ।कार्यदक्षता वृद्धि गरी तोकिए बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

८२. **रकमान्तर -** प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार आर्थिक मामिला हेर्ने मन्त्रालयको हुने व्यवस्था छ। यो वर्ष ७ प्रदेशको सुरु विनियोजित बजेट रु.२ खर्ब ८० अर्ब १९ करोड ५३ लाख रहेकोमा रु.३३ अर्ब ८८ करोड २४ लाख थप र रु.३३ अर्ब ७५ करोड ५१ लाख घट भई रु.२ खर्ब ८० अर्ब ३२ करोड २६ लाख बजेट कायम गरेको देखिन्छ । सोमध्ये २०८१ आषाढ महिनामा मात्र कोशी प्रदेशले रु.९१ करोड ९ लाख ३६ हजार, मधेश प्रदेशले रु.१० करोड २ लाख ५३ हजार, गण्डकी प्रदेशले रु.९४ करोड ८९ लाख १५ हजार, लुम्बिनी प्रदेशले रु.१ अर्ब १५ करोड १ लाख ५४ हजार र कर्णाली प्रदेशले रु. ४ करोड ४८ लाख ९७ हजार रकमान्तर गरेका छन् । वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

८३. **प्रदेश आन्तरिक स्रोत परिचालन -** प्रदेश सरकारहरूको २०८०।८१ को कुल खर्च रु.१ खर्ब ८४ अर्ब ११ करोड २ लाख ५९ हजार रहेकोमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट रु.१ खर्ब ९ अर्ब ७२ करोड ९९ लाख ८६ हजार खर्च गरेको छ। प्रदेशगत खर्चको स्थिति यस प्रकार छः

(रु. हजारमा)

प्रदेश	कुल खर्च	प्रदेश आन्तरिक स्रोतबाट खर्च	खर्च प्रतिशत
कोशी	२८०२७५३३	१५४३०६१९	५५.०६
मधेश	२४५४४९३०	१७००८११३	६९.२९
बागमती	४४५१३२०३	३३०८२८२६	७४.३२
गण्डकी	२२२०६११५	१२२८८९८३	५५.३४
लुम्बिनी	२६४३६६९३	१६०६९५६०	६०.७९

प्रदेश	कुल खर्च	प्रदेश आन्तरिक स्रोतबाट खर्च	खर्च प्रतिशत
कर्णाली	१९८६८२०८	८८५२५९३	४४.५६
सुदूरपश्चिम	१८५१३५७७	९०३६६००	४८.८१
जम्मा	**१८४११०२५९**	**१११७६९२९४**	**६०.७१**

उल्लिखित विवरणअनुसार प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ६०.७१ प्रतिशत र बाँकी सङ्घीय सरकारको स्रोतबाट खर्च गरेको देखियो। आन्तरिक स्रोतबाट खर्च बेहोरिएकोमध्ये सबैभन्दा कम खर्च कर्णाली प्रदेशको ४४.५६ प्रतिशत र सबैभन्दा बढी खर्च बागमती प्रदेशको ७४.३२ प्रतिशत रहेको छ। आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

८४. **यो वर्षको बेरुजु -** प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०८०।८१ को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

(रु. हजारमा)

प्रदेश	लेखापरीक्षण गरिएको कार्यालय सङ्ख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
कोशी	२०१	५१४१६९१५	८६८१८९	७६४५४०	१.६९	१.४९
मधेश	१५९	५६०६३०२०	११६३८०२	९६७७८८	२.०७	१.७३
बागमती	२१४	८२८२३५८१	८५१७८२	७४०८७२	१.०३	०.८९
गण्डकी	२०३	४५२४२४६१	५१९८३३	४५००८४	१.१५	०.९९
लुम्बिनी	२११	५४१६०४४४	६५८२१६	६०९४५६	१.२२	१.१३
कर्णाली	१४०	३७५८६६९९	४५९४८२	३५८४३७	१.२२	०.९५
सुदूरपश्चिम	१६२	३५६२५९७७	५००६९३	४८०६९९	१.४१	१.३५
जम्मा	**१२९०**	**३६२९१९०९७**	**५०२१९९७**	**४३७१८७६**	**१.३८**	**१.२०**

उपर्युक्त तालिकाअनुसार लेखापरीक्षण अङ्कको तुलनामा सबभन्दा बढी बेरुजु मधेश प्रदेशको १.७३ प्रतिशत र सबैभन्दा कम बेरुजु बागमती प्रदेशको ०.८४ प्रतिशत रहेको छ।

८५. **अद्यावधिक बेरुजु -** प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रू.३१ अर्ब ५० करोड ९५ लाख २० हजार रहेकोमा सम्परीक्षणबाट रू. २ अर्ब ४६ करोड १८ लाख ५० हजार फर्स्यौंट तथा रू. ६ करोड ८२ लाख ८४ हजार थप भई रू. २९ अर्ब ११ करोड ५९ लाख ५४ हजार बाँकी रहेको छ। यो वर्ष रू.५ अर्ब २ करोड १९ लाख ९७ हजार थप भई अद्यावधिक बेरुजु रू.३४ अर्ब १३ करोड ७९ लाख ५१ हजार कायम भएको छ। सो रकममा रू.९ अर्ब ९५ करोड ४१ लाख २९ हजार पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रु. हजारमा)

प्रदेश	गत सम्मको बाँकी	सम्परीक्षण	सम्परीक्षणबाट थप	बाँकी	यो वर्षको थप	छैटौं प्रतिवेदन सम्मको बाँकी	बेरुजु बाँकी मध्ये पेस्की
कोशी	५५८०४०७	१०४८०१३	०	४५३२३९४	८६८१८९	५४००५८३	३७६३३४२
मधेश	८३१०८५८	२८१२८८	१०१८७	८०३९७५७	११६३८०२	९२०३५५९	२८२२४८८
बागमती	४२८०५६१	२६८२७९	४९०२	४०१७१८४	८५१७८२	४८६८९६६	१०३४४९५
गण्डकी	२६८५५४२	२४११०३	२०८३०	२४६५२६९	५१९८३३	२९८५१०२	७८१६३३
लुम्बिनी	४०२०९६९	१०५६२९	१५८१	३९१६९२१	६५८२१६	४५७५१३७	४३७७४०
कर्णाली	३९४८२५४	२९६८४४	९६९२	३६६११०२	४५९४८२	४१२०५८४	७३८५२०
सुदूरपश्चिम	२६८२९२९	२२०६९४	२१०९२	२४८३३२७	५००६९३	२९८४०२०	३७५९११
जम्मा	**३१५०९५२०**	**२४६१८५०**	**६८२८४**	**२९११५९५४**	**५०२१९९७**	**३४१३७९५१**	**९९५४१२९**

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण र कार्यसम्पादन अवस्थाको विश्लेषणसहितको प्रतिवेदन प्रदेशगतरुपमा सार्वजनिक गरिएको छ ।

स्थानीय तह

८६. **समग्र आय व्यय -** यो वर्ष लेखापरीक्षण भएका ७५३ स्थानीय तहको कुल आय रु.६ खर्ब ४१ अर्ब ७६ करोड ५५ लाखमध्ये रु.५ खर्ब ६० अर्ब ५६ करोड ८७ लाख (८७.३५ प्रतिशत) खर्च भएको देखिन्छ। कुल खर्चमध्ये चालु खर्च रु.२ खर्ब ८८ अर्ब ५१ करोड ३१ लाख (५१.४७ प्रतिशत), पुँजीगत खर्च रु.१ खर्ब ४५ अर्ब १९ करोड ५ लाख (२५.९० प्रतिशत) र अन्य खर्चतर्फ रु.१ खर्ब २६ अर्ब ८६ करोड ५१ लाख (२२.६३ प्रतिशत) खर्च भएको छ। यो वर्ष लेखापरीक्षण भएका ७५३ स्थानीय तहको २०८०।८१ को कुल आन्तरिक आय रु.३६ अर्ब १७ करोड ५६ लाख, सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँट रु.८५ अर्ब ४४ करोड ३६ लाख, गत वर्षको मौज्दात रु.९४ अर्ब ५१ करोड ५० लाखसमेत आन्तरिक स्रोततर्फ रु.२ खर्ब १६ अर्ब १३ करोड ४२ लाख प्राप्त भएको छ।

महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आय-व्यय विवरण अनुसार सङ्घीय मन्त्रालय/निकायमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रु.१ खर्ब २१ अर्ब ३६ करोड ४७ लाख तथा बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशले मन्त्रालयमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रु.३६ करोड ११ लाख स्थानीय तहले आफ्नो समग्र आय-व्यय विवरणमा समावेश गरेको देखिएन। सबै कारोबार समावेश गरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

८७. **घटी जिम्मेवारी -** स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्दछ। जिम्मेवारी सार्ने क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्दछ। यो वर्ष १२७ स्थानीय तहले रु.१ अर्ब ७२ करोड ७६ लाख ३९ हजार घटी जिम्मेवारी सारेकोमा सोको कारण खुलाएका छैनन्।

८८. **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। गत वर्ष ३०७ स्थानीय तहले

आन्तरिक लेखापरीक्षण नगराएकोमा यो वर्ष ३२७ (४३.४३ प्रतिशत) स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन्। कानुनबमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ।

८९. **बैङ्क हिसाब मिलान -** स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी म.ले.प.फा.नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस्तो विवरण तयार गरेका छैनन्। यो वर्ष ६६ स्थानीय तहको स्रेस्ताले देखाएकोभन्दा बैङ्क खातामा रु.३२ करोड ६६ लाखले घटी मौज्दात रहेकोमा अन्तर खाता हिसाब मिलान गरी बैङ्क मौज्दात यकिन गरेको देखिएन।

९०. **सार्वजनिक सम्पत्ति व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष २३९ (३१.७४ प्रतिशत) स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) अनिवार्य रुपमा लागु गर्नुपर्ने उल्लेख छ। यस वर्षसम्म ११२ (१४.८७ प्रतिशत) स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरेका छैनन्।

९१. **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष ११६ स्थानीय तहले उक्त व्यवस्था पालना नगरी रु.४ अर्ब १० करोड ७४ लाख ७२ हजार बजेट रकमान्तर गरी खर्च गरेका छन्। ऐनको व्यवस्थाअनुसार रकमान्तर गर्नुपर्दछ।

९२. **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ३१५ स्थानीय तहले रु.६ अर्ब ५९ करोड ३ लाख ८१ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

९३. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ५ वर्षको अवस्था देहायअनुसार छः

(रु.लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	ससर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
सङ्घीय सरकारबाट प्राप्त					
२०७६।७७	८९९६५२	१५०९९४१	४८२८४	४७५४०	२५०५४१७
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८।७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
२०७९।८०	९२६९८४	१९२८८०३	६८३००	५२८७५	२९७६९६२
२०८०।८१	८१२२५९	१७१३००७	६०१५८	४८५४०	२६३३९६४
प्रदेश सरकारबाट प्राप्त					
२०७६।७७	६२८०२	८२७७२	२५८४८	५७८१७	२२९२३९

२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८।७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०
२०७९।८०	७३०९५	१०८८७८	२४८२३	५७१४७	२६३९४३
२०८०।८१	७०४८०	४२०२४	१३७६०	४६९२४	१७३१८८

उल्लिखित तथ्याङ्कअनुसार स्थानीय तहहरूमा सङ्घ तथा प्रदेशको समानीकरणको अनुदानको तुलनामा ससर्त अनुदानको अंश बढदै गएको छ।

यो वर्ष सङ्घीय सरकारबाट प्राप्त अनुदानमध्ये लेखापरीक्षणबाट देखिएको सर्त विपरीत ९९ स्थानीय तहले खर्च गरेको रु.२३ करोड २८ लाख २६ हजार र साझेदारी अंश नपुग भएको ७३ स्थानीय तहको रु.१६ करोड २८ लाख ५२ हजारसमेत रु.३९ करोड ५६ लाख ७८ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ को एकीकृत वित्तीय विवरणको अनुसूची-३.१ अनुसार ७ स्थानीय तहले खर्च नभई बचत रहेको रु.१ करोड १६ लाख ५६ हजार तथा लेखापरीक्षणबाट देखिएको ३६ स्थानीय तहले सर्त विपरीत खर्च गरेको रु.५ करोड ३ लाख ९३ हजार र साझेदारी अंश नपुग भएको ६२ स्थानीय तहको रु.१४ करोड ५७ लाख ५७ हजारसमेत रु.२० करोड ७८ लाख ६ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

९४. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३, को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। यो वर्ष २४१ स्थानीय तहले परामर्श सेवा खरिदमा रु.६६ करोड ५२ लाख ८० हजार खर्च गरेका छन्। विगत ३ वर्षमा ४१८ स्थानीय तहले बाह्य परामर्शदाताबाट सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन एवं गुरुयोजना तयारी कार्य तथा अन्य परामर्श सेवा लिई रु.१ अर्ब ४८ करोड ५३ लाख २६ हजार खर्च गरेका छन्। परामर्शदाताबाट प्राप्त प्रतिवेदनको अभिलेख नराखेको र यसरी तयार भएकामध्ये १३५ स्थानीय तहले रु.३२ करोड ३१ लाख ६८ हजारका ४४८ अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत गरेको देखिएन।

९५. **बक्यौता असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुल गर्ने व्यवस्था छ। यो वर्ष १०३ स्थानीय तहबाट सम्पत्ति करलगायत रु.२ अर्ब ७५ करोड २३ लाख ४० हजार असुल गर्न बाँकी रहेकोमा सबै स्थानिय तहले असुल गर्न बाँकी बक्यौता रकमको लगत अद्यावधिक गरेका छैनन्।

९६. **पदाधिकारी सुविधा** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिए बमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। यो वर्ष १३ स्थानीय तहले पदाधिकारीहरूलाई ऐनमा व्यवस्था नभएको चाडपर्व खर्च रु. १३ लाख ९६ हजार, २८ स्थानीय तहले पोशाक सुविधामा रु. १ करोड २८ लाख ३५ हजार र ऐनमा उल्लेख भएभन्दा फरक हुनेगरी ७७ स्थानीय तहले यातायात खर्चमा रु.५ करोड ७ लाख ९५ हजार, ५३

स्थानीय तहले ऐनमा उल्लेख भएभन्दा बढी हुने गरी इन्धनमा रु.३ करोड ५७ लाख ६७ हजार, १६ स्थानीय तहले ऐनमा तोकेभन्दा बढी हुने गरी विविधमा रु.१ करोड ४५ लाख ६८ हजार, ७३ स्थानीय तहले नियमले नपाउने भान्से, घरभाडा, अतिथि सत्कारलगायत अन्य सुविधावापत रु.२ करोड ५२ लाख ४१ हजार गरी रु.१४ करोड ६ लाख १२ हजार बढी भुक्तानी गरेका छन।

९७. **लेखापरीक्षण, बेरुजु र लेखापरीक्षणको क्रममा असुली** - यो वर्ष ७५३ स्थानीय तहको रु.११ खर्ब ७ अर्ब ८१ करोड ९७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। यो वर्ष बक्यौता लेखापरीक्षणतर्फ आर्थिक वर्ष २०७५।७६ को १, २०७६।७७ को १ र २०७९।८० को ६ समेत ८ स्थानीय तहको रु.१० अर्ब ६४ करोड ३३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। नियमित र बक्यौतासमेत यो वर्ष रु.११ खर्ब १८ अर्ब ४६ करोड ३० लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट ७५३ स्थानीय तहको रु.२७ अर्ब ७० करोड ९२ लाख बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ अर्ब ९९ करोड ३० लाख फर्स्यौट गरेकोले रु.२४ अर्ब ७१ करोड ६२ लाख फर्स्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३ अर्ब ४२ करोड ९१ लाख, नियमित गर्नुपर्ने रु.१८ अर्ब ९५ करोड ५२ लाख र म्याद नाघेको पेस्की रु.२ अर्ब ३३ करोड १९ लाख बाँकी छ। त्यसै गरी १ स्थानीय तहको २०७५।७६, १ स्थानीय तहको २०७६।७७ र ६ स्थानीय तहको २०७९।८० गरी ८ स्थानीय तहको रु.१० अर्ब ६४ करोड ३३ लाखको बक्यौता लेखापरीक्षणबाट रु.६० करोड ८० लाख बेरूजु देखिएको छ।

यो वर्ष लेखापरीक्षणबाट औँल्याइएपछि ४९६ स्थानीय तहबाट रु.५३ करोड ९१ लाख १८ हजार र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि ४९२ स्थानीय तहबाट रु.४७ करोड २१ लाख ४१ हजारसमेत रु.१ अर्ब १ करोड १२ लाख ५९ हजार असुली भई सम्बन्धित सञ्चित कोषमा दाखिला भएको छ। गत विगत वर्षको बेरूजु सम्परीक्षणको क्रममा ५२८ स्थानीय तहबाट रु.७६ करोड ३१ लाख ८ हजार असुल भएकोले यो वर्ष स्थानीय तहतर्फ कुल रु.१ अर्ब ७७ करोड ४३ लाख ६७ हजार असुल भएको छ।

कार्यमूलक तथा विशेष लेखापरीक्षण

यो वर्ष ११ विषयको कार्यमूलक, २ विषयको विशेष, १ विषयको वातावरणीय र १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएकोमा सोबाट देखिएका संक्षिप्त बेहोरा देहायबमोजिम रहेका छन्:

- **कार्यमूलक लेखापरीक्षण**

९८. **खनिज अन्वेषण तथा उत्खनन स्थिति** - खनिज अन्वेषण तथा उत्खनन स्थिति विषयको कार्यमूलक लेखापरीक्षणबाट देशमा उपलब्ध खनिज सम्पदाको दिगो उपयोग गर्नुपर्नेमा खनिज अन्वेषण, उत्खनन् र व्यवस्थापनको कार्य व्यवस्थित हुन नसकेको, खनिजसम्बन्धी तीन तहको अधिकार कार्यान्वयन गर्न राष्ट्रिय खनिज नीति, २०७४ जारी भएतापनि कानुनहरूमा समयानुकूल संशोधन हुन नसकेको, खनिज खोजतलास तथा उत्खनन् अनुमति व्यवस्थापन, खनिज अन्वेषणको लक्ष्य तथा प्रगतिको किटान एवं मापन गर्न नसकेको लगायतका बेहोरा देखिएका छन्।

९९. **विद्युत उत्पादन, प्रसारण र उपयोग स्थिति -** जलविद्युत आयोजना निर्माण तथा उत्पादन, प्रसारण र उपयोगमा प्रभावकारिता कायम गर्न, माग र आपूर्ति व्यवस्थापन हुन नसकेको, विद्युत व्यापार योजना र पूर्वाधारमा सामञ्जस्यता हुन नसकेको, समयमा विद्युत आयोजना सम्पन्न नहुँदा समय र लागत बढ्न गएको, सम्पन्न भैसकेका आयोजनाको विद्युत राष्ट्रिय ग्रिडमा जडान गर्ने र प्रसारण कार्यमा ढिलाइ हुन गएको, मुआब्जा वितरण, ट्रान्समिसन लाइन निर्माणका लागि आवश्यक एवं प्रभावकारी समन्वय हुन नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

१००. **शीत भण्डार व्यवस्थापन कार्यक्रम -** निर्माण भएका शीत भण्डारको एकीकृत अभिलेख नभएको, सञ्चालनका लागि विद्युत आपूर्ति नियमित नभएको, नियमित सञ्चालन तथा मर्मत संभारका लागि दक्ष जनशक्तिको अभाव रहेको, शीत भण्डार पूर्ण क्षमतामा सञ्चालनमा नरहेको, निर्माणाधीन पूर्वाधार अधुरो रहेको, स्थानीय कृषकहरूलाई सहुलियत दरमा भण्डारण सुबिधा उपलब्ध हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

१०१. **लिफ्टिङ्ग खानेपानी आयोजना स्थिति -** आयोजनाको कार्यमूलक लेखापरीक्षणबाट कार्यक्रमको आवश्यकता पहिचान हुन नसकेको, दिगो विकास लक्ष्य एवं आवधिक योजना अनुरुप सुरक्षित खानेपानीमा पहुँच बढाउन नसकेको, खानेपानी नीतिको पूर्ण कार्यान्वयन हुन नसकेको, आयोजनाको माग तथा स्वीकृतिमा निर्देशिकाको पूर्ण पालना हुन नसकेको, निर्धारित समयभित्र निर्माण सम्पन्न हुन नसकेको, आयोजनाको मर्मत सम्भारमा दक्ष प्राविधक जनशक्तिको अभाव रहेको, अभिलेख व्यवस्थित हुन नसकेको लगायतका बेहोरा देखिएका छन्।

१०२. **हुलाकी राजमार्ग निर्माण अवस्था -** पर्याप्त पूर्व तयारी नभई कार्यान्वयन भएको, हाल सम्म आयोजनाको भौतिक प्रगति ६६ प्रतिशत मात्रै भएको, स्थानीय अवरोध तथा विवाद समयमै समाधान हुन नसकेको, डिजाइन एण्ड विल्ड विधिबाट निर्माण हुने पुलहरू समेत समयमा निर्माण सम्पन्न हुन नसकेको, राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनको टुङ्गो लाग्न नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

१०३. **विमानस्थलहरूको सञ्चालन एवं व्यवस्थापन -** कानुन र नीतिमा समयानुकूल परिमार्जन हुन नसक्दा अन्तर्राष्ट्रिय उड्डयन सङ्गठन र अन्य संस्थाहरूले निर्धारित गरेका मानक अनुकूलको व्यवस्था परिपालनामा कठिनाई रहेको, हवाई नीति बमोजिम एकद्धार प्रणालीको विकास हुन नसकेको, प्राधिकरण सेवाप्रदायक र नियमनकारी भूमिकामा संलग्न रहेको, हब विमानस्थलको सञ्चालन तोकिए बमोजिम हुन नसकेको, अन्तर्राष्ट्रिय मापदण्डको कार्यान्वयन पूर्ण रुपमा हुन नसकेको, विमानस्थलको दूरी तोकिएको नटिकल माइल बमोजिम हुन नसकेको, दुर्गम क्षेत्रमा नियमित हवाई उडान हुन नसकेको, दुर्गम क्षेत्र हवाई सेवाकोषको सञ्चालन व्यवस्थित हुन नसकेको, हिमाली तथा पहाडी क्षेत्रमा उडान सेड्युल भन्दा न्यून उडान हुने गरेको, उडान अनुमति कार्यान्वयनको नियमित अनुगमन हुन नसकेको, लाभ लागत विश्लेषणका आधारमा बिमानस्थलको निर्माण तथा सञ्चालन हुन नसकेको, व्यवस्थापन सूचना प्रणाली विकास गरी सोको कार्यान्वयन हुन नसकेको लगायतका बेहोराहरू देखिएका छन्।

१०४. **कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता -** सञ्चालित बिमा कार्यक्रमको कार्यान्वयनमा संरचनागत, प्रणालीगत र नीतिगत कठिनाई रहेको, बिमा कार्यक्रममा न्यून संख्यामा कृषकको सहभागिता रहेको, कृषकहरूले अनुदान सम्बन्धी जानकारी प्राप्त गर्न नसकेको, बिमा प्रक्रिया सरलीकरण हुन नसकेको, बिमाङ्क रकम निर्धारणमा वैज्ञानिकता नहुनु, ग्रामीण क्षेत्रसम्म बिमा कम्पनीको उपस्थिति नहुनु, साना र सीमान्तकृत कृषकहरूको पहुँच वृद्धि हुन नसकेको, दावी भुक्तानी प्रक्रिया सरलीकरण हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

१०५. **सहुलियतपूर्ण कर्जा र व्याज अनुदानको स्थिति -** कार्यक्रम घोषणा गर्नुपूर्व पर्याप्त अध्ययन, बिश्लेषण एवं बिगतका कार्यक्रमको समीक्षा हुन नसकेको, कार्यविधि पटक-पटक संशोधन हुँदा स्थायित्व प्रभावित हुन गएको, लक्षित वर्ग पहिचान र ब्याज अनुदान वितरण प्रक्रियामा सुधारको आवश्यकता देखिएको, वित्तीय संस्थालाई प्राथमिकतापूर्वक लगानी गर्न प्रोत्साहन गर्न नसकेको, जस्ता बेहोराहरू देखिएका छन्।

१०६. **लाइभ स्टक सेक्टर इन्नोभेसन आयोजनाको प्रभावकारिता -** सम्झौता अनुसार कार्यक्रम कार्यान्वय गरी अपेक्षित रुपमा बजेट खर्च हुन नसकेको, आयोजनाको कार्यक्षेत्र र बजेटबिच तालमेल हुन नसकेको, वितरण गरिएका कतिपय उपकरण र निर्मित संरचनाहरू प्रयोगबिहिन अवस्थामा रहेको, बिमा दाबिमा कठिनाइ, रोग तथा महामारी रोकथाममा आयोजनाको ध्यान पुग्न नसकेको, कृषकको व्यवस्थापकीय र प्राविधिक ज्ञान अभिबृद्धीका लागि तालीम कार्यक्रम सञ्चालन हुन नसकेको, कृषि सम्पत्ति तथा सेवामा महिलाको पहुँच न्यून रहेको, संस्थागत व्यवस्था सरलीकरण गरी सम्पन्न भएका कार्यक्रमको दीगोपना हाँसिल गर्न नसकेको, कृषकमा ऋणको भार बढ्दै गएको, परियोजनाबाट सञ्चालित कार्यक्रमको दिगोपना कायम हुन नसकेको, व्यवसायको निरन्तरता जोड दिन नसकेको जस्ता बेहोराहरू देखिएका छन् ।

१०७. **काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन -** ट्राफिक हुने मुख्य स्थानमा अण्डरपास तथा फ्लाईओभर जस्ता संरचना निर्माण हुन नसकेको, ट्राफिक बत्ती एवं संरचनाको नियमित मर्मत सम्भार हुन नसकेको, जडान गरीएका स्मार्ट बत्तीमा सुविधा थप हुन नसकेको, सवारी साधनको आयू निर्धारण हुन नसकेको, वातावरणीय मापदण्ड र ट्राफिक व्यवस्थापनमा समयानुकुल सुधार हुन नसकेको, सडक अनुशासन तथा ट्राफिक नियम सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रम प्रभावकारी हुन नसकेको, ट्राफिक नियमका वारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन हुन नसकेको, सञ्चालनमा रहेका करिडोरको अवरोध हटाई निर्वाध रुपमा आवागमन सञ्चालन हुन नसकेको, विद्युतीय तार अण्डरग्राउण्ड हुन नसकेको, खानेपानी, ढल व्यवस्थापन लगायतका निकायबिच समन्वय कायम हुन नसकेको, पार्किङ्ग व्यवस्थित हुन नसकेको, पार्किङ्ग बक्स निर्माण हुन नसकेको जस्ता बेहोराहरू कार्यमूलक लेखापरीक्षणबाट देखिएका छन्।

१०८. **स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था -** स्थानीय तहले बजेट प्रस्ताव गर्ने उद्देश्यबाट तयार गरेको प्रतिवेदन आगामी वर्षको बजेटमा समावेश भई पूर्ण रुपमा कार्यान्वयनमा आउन नसकेको, स्रोत सुनिश्चत हुन नसकेको, आयोजना बैङ्क र सोको कार्यान्वयन पक्षमा जोड दिनुपर्ने, स्वीकृत परियोजना प्रतिवेदन अनुसारको कार्यक्रम वजेटमा आवद्ध हुन नसकेको, परियोजना

प्रतिवेदन भन्दा फरक ढंगबाट कार्यक्रम स्वीकृत हुने गरेको, खरिद ऐनका प्रचलित विधि पद्धतिको पूर्ण पालना हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

विशेष लेखापरीक्षण

१०९. **गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार -** कार्यक्रमको विशेष लेखापरीक्षणबाट पूर्व तयारी, छनोट तथा कार्यन्वयनमा सुदृढीकरण, स्थानीय तह, स्वास्थ्य संस्था र सम्बन्धित निकायको समन्वयमा दायरा एवं श्रोत विस्तार, आकस्मिक उद्धार कोषको सवलिकरण हुन नसकेको, वित्तीय स्रोतहरूको सुनिश्चितता कायम हुन नसकेको, माग व्यवस्थापन एवं पहुँच अभिबृद्धी गर्न प्रविधिको प्रयोग गरी सेवा सरलीकरण हुन नसकेको, हेल्पलाइन सेवा सञ्चालन हुन नसकेको, समान प्रकृतिका अन्य स्वास्थ्य तथा आपतकालीन उद्धार कार्यक्रमसँग आवद्धता कायम हुन नसकेको, उद्धारका साधन एवं वैकल्पिक सेवाको सहज उपलब्धता हुन नसकेको, हवाई सेवा प्रदायकसँगको सहकार्यमा सेवा प्रवाह प्रभावकारी तुल्याउन नसकेको, रात्रिकालीन उद्धारमा कठिनाइ रहेको जस्ता बेहोराहरू देखिएका छन्।

११०. **अर्थतन्त्रको अवस्था, विशेष अध्ययन -** अर्थतन्त्रको बाह्य क्षेत्र, सार्वजनिक वित्त र वित्तीय क्षेत्रमा देखा परेका दबाब र जटिलतालाई सम्बोधन गर्नुपर्ने, आयातमा आधारित राजस्व, तुलनात्मक रुपमा कम निकासी र बढ्दो व्यापार घाटा कम गर्न नीतिगत तथा प्रकृयागत सुधार गर्नुपर्ने, राजस्वको कमी र खर्चको वृद्धिसंगै पूँजीगत खर्चमा प्रभावकारिता हासिल गर्नुपर्ने, बढ्दै गएको सामाजिक सुरक्षा तथा अनिवार्य दायित्वमा ध्यान दिनुपर्नेलगायतका बेहोराहरू देखिएका छन्।

वातावरणीय लेखापरीक्षण

१११. **औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन -** औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहरमैलाको प्रकृति र परिमाण वृद्धि हुँदै गएको, अव्यवस्थित रुपमा हानिकारक तथा रासायनिक फोहरमैला निष्काशन हुने गरेको, फोहर उत्सर्जन न्यूनीकरण, फोहोरको वर्गीकरण गरी तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन हुने नगरेको, फोहोरको व्यवस्थित संकलन, वर्गीकरण एवं व्यवस्थनपन हुन नसकेको, फोहोरको पुनःप्रयोग, जनचेतना अभिवृद्धि र क्षमता विकासमा पर्याप्त ध्यान नपुगेको, फोहरबाट ऊर्जा उत्पादन, आम्दानी स्रोतको रुपमा उपयोग गर्ने जस्ता नवीन अवधारणाको कार्यान्वयन हुन नसकेको, पुनः प्रयोग, निर्मलीकरण एवम् प्रसोधन, फोहर पानीको सुरक्षित प्रसोधन, नवीनतम तथा उन्नत प्रविधि अवलम्वन हुन नसकेको, सम्बद्ध निकायबिच साझेदारी, सहकार्य एवं समन्वय कायम हुन नसकेको, प्रकृति र परिमाणअनुसार सेवा शुल्क निर्धारण हुन नसकेको जस्ता बेहोरा देखिएका छन्।

सूचना प्रविधि लेखापरीक्षण

११२. **वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली -** उल्लिखित प्रणालीको सूचना प्रविधि लेखापरीक्षण गर्दा सूचना प्रविधि व्यवस्थापन नीति तर्जुमा गरी एप्लिकेशन सफ्टवेयरको विकास एवं प्रयोग हुन नसकेको, सूचना प्रविधि पूर्वाधारको उचित प्रबन्ध हुन नसकेको, सम्भावित जोखिमको पूर्वानुमान र न्यूनीकरण, तथा प्रणाली स्तरोन्नतिका लागि दीर्घकालीन रणनीति तर्जुमा हुन नसकेको, डाटाबेस, हार्डवेयर, नेटवर्किङ्ग

र फायरवालको निरन्तर सुधार र लाइसेन्स नवीकरण हुन नसकेको, सरकारी निकायका सूचना प्रणाली सूचना प्रविधि विभागमा अभिलेखीकरण तथा मानकीकरण, तथ्याङ्क भण्डारणको क्षमता अभिवृद्धि हुन नसकेको, हार्डवेयर र सफ्टवेयरको विस्तृत अभिलेखीकरण हुन नसकेको, प्रणाली प्रयोगकर्ताको साक्षरता अभिवृद्धिका लागि अनलाइन ट्युटोरियल तथा प्रशिक्षण कार्यक्रम सञ्चालन हुन नसकेको जस्ता बेहोराहरू देखिएका छन्।

खण्ड

१

सङ्घीय मन्त्रालय तथा निकाय

सङ्घीय संसद सचिवालय

नेपालको संविधानको धारा ८३ मा दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका रहने व्यवस्था छ। राज्य सञ्चालनका क्रममा आवश्यकताअनुसार पेस भएका विधेयकहरू उपर सदनमा छलफल गरी कानुन निर्माण गर्नु सङ्घीय संसदको मुख्य कार्य हो। संविधानको धारा ८४ मा २७५ सदस्य रहने प्रतिनिधि सभा र धारा ८६ मा ५९ सदस्य रहने राष्ट्रिय सभा गठनसम्बन्धी व्यवस्था छ।

१. **सङ्घीय संसद सचिवालय -** सचिवालयको निम्नानुसार रू.१ अर्ब २८ करोड ६९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२७९८	२१	५०	-	१२८६९

२. **बजेट र खर्च** - सङ्घीय संसद सचिवालयको यस वर्षको बजेट विनियोजन तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	१२०८९	१३११२	१२१४५	९२.६३
पुँजीगत	१५०	४००	३७८	९४.५०
जम्मा	**१२२३९**	**१३५१२**	**१२५२३**	**९२.६८**

यो वर्ष चालुतर्फ ९२.६३ र पुँजीगततर्फ ९४.५० प्रतिशत खर्च भएको छ। चालु खर्चअन्तर्गत सभा तथा समितितर्फ सङ्घीय सदनको बैठक र परिवहन खर्च रु.५ करोड २० लाख, पारिश्रमिक खर्च रु.४८ करोड ८३ लाख, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरको भवन तथा परिसरको वार्षिक भाडा रु.१४ करोड ९८ लाख २९ हजार तथा बाँकी बजेट सचिवालयका कर्मचारी एवं कार्यालय सञ्चालन तथा स्वीकृत वार्षिक कार्यक्रममा खर्च भएको छ।

३. **विधेयक दर्ता तथा पारित** - सङ्घीय संसद प्रतिनिधि सभा, २०७९ को चौथो अधिवेशनसम्म र राष्ट्रिय सभामा तेह्रौंदेखि सोह्रौं (२०८१।१।२८-२०८१।५।३१) अधिवेशनसम्म सञ्चालन भएको देखिन्छ। उक्त अवधिमा प्रतिनिधि सभातर्फ २६ र राष्ट्रिय सभातर्फ ११ समेत ३७ विधेयक दर्ता भएका छन्। प्रतिनिधि सभामा उत्पन्न भएका १० र राष्ट्रिय सभामा उत्पन्न भएका ७ समेत १७ विधेयक सभाबाट पारित भई प्रमाणीकरण भएका छन्। औषधी तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक, २०८० निष्क्रिय भएको, ३ विधेयक नेपाल सरकारले फिर्ता लिएको र प्रतिनिधि सभामा १२ र राष्ट्रियसभामा ४ समेत १६ विधेयक समितिमा विचाराधीन अवस्थामा रहेको देखिन्छ। उक्त विधेयकमध्ये प्रतिनिधि सभाको पहिलो अधिवेशनमा दर्ता भएका २, दोस्रो अधिवेशनमा दर्ता भएका ४, तेस्रो अधिवेशनमा दर्ता भएका ६ र चौथो अधिवेशनमा दर्ता भएका ४ विधेयक रहेका छन्।

४. **बैठक सञ्चालन** –सचिवालयबाट प्राप्त विवरणमा सङ्घीय संसद प्रतिनिधि सभाको पहिलो अधिवेशन २०७९ देखि चौथो अधिवेशनसम्म अधिवेशन अवधि ४९० दिनमा १७२ पटक बैठक बसेको उल्लेख छ।

त्यसै गरी सङ्घीय संसद राष्ट्रिय सभाको तेह्रौं अधिवेशनदेखि सोह्रौं अधिवेशनसम्म अधिवेशन अवधि ४९० दिनमा १२७ पटक बैठक बसेको देखिन्छ। यसै गरी प्रतिनिधि सभाको ६२५ घण्टा ४० मिनेट र राष्ट्रिय सभाको २२१ घण्टा १७ मिनेट बैठक सञ्चालन भएको छ।

५. **विषयगत समिति** - प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८९ मा विषयगत समितिको बैठकमा पेस भएका प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नुपर्ने र समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन बैठकमा पेस गर्न सक्ने व्यवस्था छ। विभिन्न १४ समितिको ५९३ पटक बैठक बसी कर उठाउने प्रक्रिया सरलीकरण गर्ने, नेपालमा उत्पादित वस्तु अनिवार्य प्रयोग गर्ने उपाय अवलम्बन गर्ने, काष्ठजन्य वस्तुको आयातलाई प्रतिस्थापन गर्ने कार्यक्रम ल्याउने, भूमि बैङ्क स्थापना र सञ्चालन गर्न, ज्येष्ठ नागरिकको सहजतासँग सम्बन्धित विषयमा छलफल तथा निर्णय एवं निर्देशन गरेको देखिन्छ।

६. **महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा छलफल** - प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ (८) मा सार्वजनिक लेखा समितिले सभामा पेस गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानुनसम्मत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिनसक्ने व्यवस्था छ। सचिवालयबाट प्राप्त विवरणअनुसार महालेखापरीक्षकको ४७ औंदेखि ५८ औं प्रतिवेदनसम्मको छलफल तथा निर्णयको अध्ययन गर्दा ३२ निकायको बेरुजुमध्ये सङ्घीय संसद सचिवालयको बेरुजु छलफल भई समितिको वार्षिक प्रतिवेदनमा प्रकाशित भएको छ। अन्य ३१ निकायको प्रतिवेदन पूर्णरूपमा छलफल गरी प्रतिवेदन तयार गरेको छैन। अर्थ मन्त्रालयको ४९ औं प्रतिवेदनको २ बुँदा, ५० औं प्रतिवेदनको १ बुँदा, ५१ औं प्रतिवेदनको १ बुँदा र ५२ औं प्रतिवेदनको ४ बुँदा उपर मात्र छलफल भएको एवं वन तथा वातावरण मन्त्रालय र खानेपानी मन्त्रालयको प्रतिवेदनको आंशिक बुँदा मात्र छलफल भएको देखिन्छ। महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन उपर छलफलको लागि २०८१।४।१ मा ९ वटा उपसमिति गठन भई छलफल प्रारम्भ भएको तथा ६१ औं वार्षिक प्रतिवेदन २०८१।२।१३ मा राष्ट्रपतिसमक्ष पेस भई सचिवालयमा २०८१।४।९ मा दर्ता भएकोमा २०८१।१०।२७ मा प्रतिनिधिसभामा पेस भएको छ।

७. **मापदण्ड तर्जुमा** - सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ को दफा ५ मा आफ्नो कार्यकालमा पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि अनुसूची-२ मा उल्लेख भएबमोजिम कर्मचारी सुविधा पाउने व्यवस्था छ। अनुसूचीमा विभिन्न पदाधिकारी तथा सदस्यहरूको सचिवालयमा रहने कर्मचारीको दर्जा र सङ्ख्या उल्लेख भए तापनि कर्मचारीहरूको योग्यता र पदपूर्ति प्रक्रियाबारे उल्लेख छैन। यो वर्ष निजी सचिवालयका अधिकृतस्तरका ३१७ र सहायकस्तरका ११६ समेत ४३३ कर्मचारीको पारिश्रमिकमा रु.१९ करोड ४१ लाख खर्च भएको छ। निजी सचिवालयका कर्मचारीको शैक्षिक योग्यतासम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउनुपर्छ।

८. **औषधी उपचार** - यो वर्ष पदाधिकारीहरूको औषधी उपचार खर्च शीर्षकमा रु.३० लाख ४२ हजार र औषधी खरिदमा रु.२८ लाख ९५ हजार, मेडिकल बोर्ड बैठक भत्ता रु.३ लाख र काजमा रहेका स्वास्थ्य सेवाका ३ जनालाई रु.२३ लाख १४ हजारसमेत रु.८५लाख ५१ हजार खर्च भएको छ।

- **बेरुजु रकमको विवरण -** सङ्घीय संसद सचिवालयको यो वर्ष रू.१६ लाख ३९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१ लाख ५४ हजार फर्स्यौंट गरेकोले रू.१४ लाख ८५ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

सर्वोच्च अदालत

नेपालको संविधानको भाग ११ धारा १२८ मा सर्वोच्च अदालतको व्यवस्था छ। सर्वोच्च अदालत अभिलेख अदालत हुने र संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालत मातहत रहने व्यवस्था छ। नेपालको संविधानमा तीन तहको अदालत हुने व्यवस्था अनुरूप सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत, अन्य अदालत समेत १०६ निकायमा ४६८ न्यायाधीशसहित विभिन्न सेवा, समूह र श्रेणीमा ६ हजार ९४० कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय-** सर्वोच्च अदालत र मातहतका समेत १०५ निकायको निम्नानुसार रु. २३ अर्ब ८६ करोड ४६ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७१३१८	२०४७४	१४५३५१	१५०३	२३८६४६

२. **सङ्गठित संस्था -** यो वर्ष राष्ट्रिय न्यायिक प्रतिष्ठानको रु.१३ करोड ७६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **बजेट र खर्च** –सर्वोच्च अदालत र मातहत कार्यालयको लागि यस वर्षको बजेट विनियोजन तथा खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	५२२८२	५७६९८	५४५१६	९४.४८
पुँजीगत	२३४२९	२५६३२	१४७०८	५७.३८
जम्मा	७५७११	८३३३०	६९२२४	८३.०७

समग्र बजेटको तुलनामा ८३.०७ प्रतिशत र पुँजीगततर्फ ५७.३८ प्रतिशत खर्च भएको देखिन्छ।

४. **रणनीतिक योजना कार्यान्वयन -** न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६-०८१) मा छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन, न्यायमा पहुँच अभिवृद्धि, न्यायिक सुशासनको प्रवर्धन, अदालत व्यवस्थापनको सुदृढीकरण तथा न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि समेतका ५ लक्ष्य २३ रणनीतिक उद्देश्य र ४८४ क्रियाकलाप निर्धारण गरिएकोमा २०७६ श्रावणदेखि २०८० पौष मसान्तसम्मको समीक्षा प्रतिवेदनअनुसार ५३.७१ प्रतिशत कार्य सम्पादन भएको छ।

५. **मुद्दा तथा फैसला -** रणनीतिक योजनामा उच्च र जिल्ला अदालतहरूले जिम्मेवारी सरेका सबै मुद्दा/निवेदन तथा पुनरावेदनहरू चालु आर्थिक वर्षमा फर्स्यौट गर्ने, सरल मार्गमा रहने मुद्दा/निवेदन तथा पुनरावेदन दर्ता भएको मितिले ६ महिनाभित्र, सामान्य मार्गमा रहने मुद्दा/निवेदन तथा पुनरावेदन

दर्ता भएको १२ महिनाभित्र र विशेष मार्गमा रहने मुद्दा दर्ता भएको मितिले १८ महिनाभित्र फर्स्यौंट गर्ने उल्लेख छ। त्यसैगरी सर्वोच्च अदालतले योजना कार्यान्वयनको पाँचौ वर्ष २०८०।८१ मा २ वर्ष नाघेका सबै रिट निवेदन र ३ महिना नाघेका सबै सुरु मुद्दा तथा पुनरावेदन फर्स्यौंट गर्ने उल्लेख छ। प्राप्त विवरणअनुसार अदालत तथा न्यायाधीकरणमा गत वर्ष जिम्मेवारी सार्न छुट भएका २९५ समेत जिम्मेवारी सरेका मुद्दा तथा निवेदन १ लाख ७१ हजार ३१ र यो वर्ष दर्ता भएका ३ लाख २६ हजार ३ समेत ४ लाख ९७ हजार ३४ मुद्दामध्ये ३ लाख २५ हजार ४४६ (६५.४८ प्रतिशत) फर्स्यौंट भई १ लाख ७१ हजार ५८८ फर्स्यौंट गर्न बाँकी रहेको देखिन्छ। औसतमा सर्वोच्च अदालतले ३८.८९ प्रतिशत, उच्च अदालतहरूले ७०.०३ प्रतिशत र जिल्ला अदालतहरूले ६७.४८ प्रतिशत मुद्दा फर्स्यौंट भएको देखिन्छ।

फर्स्यौंट गर्न बाँकी मुद्दामध्ये १ वर्षभित्रका १ लाख २७ हजार ५२८, एक वर्षदेखि १८ महिनाभित्रका १८ हजार ९७, १८ महिनादेखि २ वर्षभित्रका ८ हजार १ र २ वर्ष नाघेका १७ हजार ९६२ रहेको छ। सर्वोच्च अदालतबाट फर्स्यौंट हुन बाँकी २६ हजार २२८ मुद्दामध्ये १ वर्षभित्रका ८ हजार ९६३, १ देखि २ वर्षभित्रका ५ हजार ७८, २ देखि ५ वर्षभित्रका ८ हजार ९५४ र ५ वर्षभन्दा बढी अवधिका ३ हजार २३३ रहेका छन्। अदालतले रणनीतिक योजनामा बक्यौता मुद्दा न्यूनीकरण कार्ययोजना बनाई पुराना मुद्दा फर्स्यौंटलाई प्राथमिकता दिने लक्ष्य राखे तापनि लामो समयसम्म फर्स्यौंट हुन नसकेको अवस्था छ।

६. **फैसला कार्यान्वयनको स्थिति-** न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्य अनुरुप फौजदारी मुद्दामा अन्तिम कायम भएको कैद, जरिबाना र सरकारी बिगोमध्ये प्रत्येक वर्ष कम्तीमा सो वर्ष कायम हुने लगत बराबर असुल गर्ने उल्लेख छ। सबै जिल्ला अदालतमा दण्ड जरिबाना रु.४४ अर्ब ५० करोड ३२ लाख ११ हजारको लगत रहेकोमा २०८०।८१ मा रु.१२ अर्ब ३८ करोड ३६ लाख ७ हजार अर्थात २७.८३ प्रतिशत असुल फर्स्यौंट भई रु.३२ अर्ब ११ करोड ९६ लाख ४ हजार लगत बाँकी रहेको छ। कैदतर्फ १ लाख १४ हजार ६३७ वर्ष ४ महिना १० दिनको लगत बाँकी रहेको देखिन्छ।

त्यसै गरी रणनीतिक योजनाले देवानी मुद्दाका फैसला कार्यान्वयनसम्बन्धी निवेदन लगत पक्षहरु अदालतमा हाजिर भएको मितिले ६ महिनाभित्र र फौजदारी मुद्दामा अन्तिम कायम भएको निजी बिगो र क्षतिपूर्ति निवेदन परेको मितिले ६ महिनाभित्र फर्स्यौंट गर्ने उल्लेख भएकोमा फैसला कार्यान्वयनसम्बन्धी ६४ हजार ६६७ निवेदनको लगत रहेकोमा ३२ हजार २९९ अर्थात् ४९.९५ प्रतिशतमात्र फर्स्यौंट भई ३२ हजार ३६८ को लगत रहेको देखिन्छ।

७. **मेलमिलाप -** सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७८ मा अदालत समक्ष दायर भएको मुद्दाका पक्षहरुले सो मुद्दा मेलमिलाप प्रक्रियाबाट समाधान गर्न चाहेमा रजिष्ट्रारसमक्ष निवेदन दिन सक्ने व्यवस्था छ। मेलमिलाप हुनसक्ने मुद्दाको संख्या सर्वोच्च अदालतमा १४ हजार ६४६, उच्च अदालतहरुमा २० हजार २५५ र जिल्ला अदालतहरुमा १ लाख १६ हजार ४८५ समेत १ लाख ५१ हजार ३८६ रहेको छ। मेलमिलापतर्फ गत वर्षबाट जिम्मेवारी सरेका मुद्दा ११ हजार ८७७

र यो वर्ष दर्ता भएका मुद्दा २१ हजार ५०८ समेत ३३ हजार ३८५ मुद्दाको लगत रहेकोमध्ये २९ हजार ४९८ मुद्दा मेलमिलाप केन्द्रमा पठाएको देखिन्छ। सोमध्ये मेलमिलाप हुन नसकी २४ हजार ८७५ मुद्दा फिर्ता भएको, ४ हजार ६२३ मेलमिलाप सफल भएको उल्लेख छ। उल्लिखित अवस्थाले यो वर्षको मेलमिलाप सफलता प्रतिशत १५.६७ मात्र रहेको देखिन्छ।

८. **प्रोत्साहन भत्ता -** मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५३ मा फैसला बमोजिम लागेको दण्ड जरिबाना वा सरकारी बिगो असुलको लागि खटिई जाने सरकारी कर्मचारीले दैनिक तथा भ्रमण भत्ताबापत पाउने रकम लिन नचाहेमा असुल गरी ल्याएको रकमको पच्चिस प्रतिशत प्रोत्साहन भत्ता पाउने उल्लेख छ। त्यसैगरी असुल गरी ल्याएको रकमको पाँच प्रतिशत रकम तहसिलदारले प्रोत्साहन स्वरूप पाउने र सरकारी कर्मचारी बाहेक अन्य कुनै व्यक्तिले असुल गरी ल्याएको रहेछ भने निजलाई पाँच प्रतिशत प्रोत्साहन भत्ता दिने व्यवस्था छ। यस वर्ष प्रोत्साहन भत्ता वितरणको एकीकृत विवरण उपलब्ध नभएकोले थप विश्लेषण गर्न सकिएन। प्रोत्साहन भत्ता वितरणको लागि बजेट व्यवस्था गरी भुक्तानी गर्नुपर्नेमा असुल भएको रकम धरौटी खातामा जम्मा गरी सोही खाताबाट भुक्तानी दिने गरेको देखिन्छ। उपलब्ध विवरणअनुसार यो वर्ष झापा, काठमाडौं, ललितपुर, कैलाली, कञ्चनपुर लगायत २५ जिल्ला अदालतले रु.२३ करोड ४६ लाख ४६ हजार लगत असुल गरेकोमा रु.६ करोड ९५ लाख ९८ हजार प्रोत्साहन भत्ताको लागि खर्च गरेको देखिन्छ।

९. **भवन निर्माण -** सर्वोच्च अदालतको भवन निर्माणको लागि मूल्य अभिवृद्धि करसमेत रु.५ अर्ब ८७ करोड ६ लाख कबोल गर्ने एक संयुक्त उपक्रमसँग २०८०।१२।१८ भित्र सम्पन्न गर्ने गरी २०७७।१२।१९ मा खरिद सम्झौता भएको छ। यो वर्ष १४ औं रनिङ बिलसम्म रु.२ अर्ब ३९ करोड ७६ लाख ९ हजार तथा मूल्य समायोजनबापत रु.३९ करोड ६२ लाख ५७ हजार र सोको मूल्य अभिवृद्धि करसमेत रु.३ अर्ब १५ करोड ४४ लाख ५० हजार भुक्तानी भएको छ।

सम्झौताबमोजिम निर्माण व्यवसायीले ३ वर्षभित्र काम सम्पन्न गर्नुपर्नेमा कोभिड-१९ महामारी, क्रसर उद्योग बन्द, ड्रइङ डिजाइन संशोधनलगायतका कारण उल्लेख गरी निर्माण व्यवसायीले २०८०।११।२४ मा २१ महिना म्याद थप माग गरेकोमा अदालतले नेपाल सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी २०८१।३।१८ मा २०८२।६।१८ सम्मको लागि म्याद थप गरेको छ।

संशोधित सम्झौता अवधिको तुलनामा २०८१।३।३१ सम्म ७२.२ प्रतिशत समय व्यतीत हुँदा भौतिक प्रगति ६८ प्रतिशत एवं २०८१ पौष मसान्तसम्म ८३.३ प्रतिशत समय व्यतीत हुँदा भौतिक प्रगति ७७ प्रतिशत रहेको देखिन्छ। समयमा निर्माण कार्य सम्पन्न नहुँदा मूल्य समायोजन, परामर्श सेवालगायतका खर्चमा वृद्धि भई लागत बढ्ने हुँदा म्याद थप अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१०. **दरबन्दी र पदपूर्ति -** सर्वोच्च अदालतमा २१ न्यायाधीशको दरबन्दी रहेकोमा १७ जनाको पदपूर्ति भई ४ न्यायाधीशको पद रिक्त रहेको उल्लेख छ। सर्वोच्च अदालत र मातहत अदालतमा कूल

४६८ न्यायाधीशको दरबन्दी मध्ये ४४७ को पदपूर्ति भई २१ रिक्त रहेको अवस्था छ। प्रशासनिक कर्मचारीको कुल दरबन्दी ६ हजार ४७२ रहेकोमा ५ हजार ३१५ पदपूर्ति भई १ हजार १५७ रिक्त रहेको देखिन्छ।

- **बेरुजु रकमको विवरण** - यो वर्ष सर्वोच्च अदालत र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ७७ निकायमा यो वर्ष रु.२ करोड ४ लाख ८३ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ लाख २ हजार फर्स्यौंट गरेकोले रु.१ करोड ९६ लाख ८१ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.२८ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - संगठित संस्था १ तर्फ यो वर्ष म्याद नाघेको पेस्की रु.५ लाख ३८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

नेपालको संविधानको धारा २३८ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था छ। आयोगमा संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र अन्य चार आयुक्तको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ। त्यसै गरी धारा २३९ मा भएको व्यवस्थाअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान, तहकिकात एवं अभियोजन गरी अदालतमा मुद्दा दायर गर्ने कार्य आयोगबाट हुँदै आएको छ। आयोग र मातहतका ८ कार्यालयसमेतमा निजामती, प्रहरी र अन्य सेवाका गरी ९९० कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोग र मातहतसमेत ९ निकायको निम्नानुसार रू.१ अर्ब ३० करोड ९३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२५१९	१०७	४६७	-	१३०९३

२. **उजुरी व्यवस्थापन -** आयोगमा गत वर्षको जिम्मेवारी ९ हजार २६८ र यो वर्ष दर्ता भएका २६ हजार ९१८ समेत ३६ हजार १८६ उजुरी दर्ता भएकोमा विस्तृत अनुसन्धानमा गएको ९३२, तामेलीमा राखेको १३ हजार ५००, सुझावसहित तामेलीमा राखेको ४९६ र अन्य कारबाहीमा पठाएको १२ हजार ७८६ समेत २७ हजार ७१४ उजुरी फर्स्यौंट भई ८ हजार ४७२ फर्स्यौंट हुन बाँकी रहेको देखिन्छ। विस्तृत अनुसन्धान भएका ९३२ उजुरीमध्ये विशेष अदालतमा २०१ वटा मुद्दा दायर भई १ हजार ५४५ जनाबाट रू.८ अर्ब ४० करोड ६ लाख ४९ हजार ४०७ मागदाबी भएको छ। कुल उजुरीमध्ये सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तहसमेत) अन्तर्गतका उजुरी १४ हजार ८० अर्थात् ३८.९१ प्रतिशत रहेका छन्। आयोगले २०८०।८१ मा दायर गरेका मुद्दामध्ये ५८ गैरकानुनी लाभ वा हानि, ४८ घुस (रिसवत), ३३ सार्वजनिक सम्पत्ति हानि-नोक्सानी, ११ गैरकानुनी सम्पत्ति आर्जन, ३४ झुट्टा शैक्षिक प्रमाणपत्र, १३ राजस्व चुहावट र ४ विविध प्रकारका रहेका छन्। विशेष अदालतबाट फैसला भएका ९२ मुद्दामा आयोगले २०८०।८१ मा सर्वोच्च अदालतमा पुनरावेदन गरेको देखिन्छ।

३. **कार्यसम्पादन -** आयोगले संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१) बमोजिम कानुनी व्यवस्था तथा सुधार, सूचना प्रविधि तथा व्यवस्थापन, पूर्वाधार निर्माण, क्षमता विकास, कार्य प्रक्रियामा सुधार, समाचार समन्वय तथा ज्ञान हस्तान्तरण, अध्ययन, अनुसन्धान र अनुगमनसमेत ८ वटा शीर्षकमा ९१९ क्रियाकलापहरु सम्पादन गर्ने लक्ष्य लिएकोमा सोमध्ये ५७१ (६२ प्रतिशत) क्रियाकलापहरू सञ्चालन भएको देखियो। आयोगको ३४ औं वार्षिक प्रतिवेदनअनुसार भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्धन गर्न नीतिगत तथा कानुनी क्षेत्रमा सुधारका लागि सार्वजनिक सेवा प्रवाह, शासकीय संरचना

सुधार, योजना तर्जुमा, बजेट विनियोजन तथा आयोजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सूचना प्रविधिको उपयोग, मानवपुँजी व्यवस्थापन, प्राकृतिक स्रोतको उपयोगलगायत ११ विधा तथा विषयगत निकायअन्तर्गत सङ्घीय, प्रदेश र स्थानीय तहसमेत २५ क्षेत्रमा भ्रष्टाचारलाई अस्वीकार गर्ने संस्कृतिको विकास गर्ने र भ्रष्टाचार हुन नदिने पद्धति स्थापना गर्ने दिशातर्फ आयोग केन्द्रित रहेको उल्लेख छ। मुलुकमा विद्यमान भ्रष्टाचार नियन्त्रण गरी सदाचार पद्धति स्थापित गर्न आयोगले अपनाएको प्रवर्धनात्मक, निरोधात्मक र उपचारात्मक उपायहरूको प्रयोगमा थप क्रियाशीलता तथा प्रभावकारिता ल्याउनुपर्दछ।

महालेखापरीक्षकको कार्यालय

नेपालको संविधानको धारा २४० मा महालेखापरीक्षकको व्यवस्था छ । महालेखापरीक्षकको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई सबै संघीय, प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको दृष्टिकोणबाट लेखापरीक्षण गर्ने अधिकार दिएको छ। कार्यालयले संवैधानिक र कानुनी व्यवस्थाअनुसार लेखापरीक्षण ऐन तथा प्रचलित अन्य ऐन कानुन, लेखापरीक्षणसम्बन्धी मानदण्ड र निर्देशिकाहरू जारी गरी लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्दै आएको छ । कार्यालयमा ६४३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय-** कार्यालयको यो वर्ष निम्नानुसार रू.५८ करोड ६५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
५७७२	१९	७४	-	५८६५

२. **लेखापरीक्षण -** सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था र सङ्घीय कानुनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको आर्थिक वर्ष २०७९।८० र बक्यौतासमेत ५ हजार ६०५ कार्यालय तथा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा २०८०।८१ मा लेखापरीक्षण भएको छ। कार्यालयले जोखिममा आधारित सूचकको आधारमा बढी जोखिमयुक्त कार्यालय वा निकायहरूको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवं एकल खाता कोष प्रणालीबाट प्राप्त सूचनाका आधारमा दूरलेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरेको छ। लेखापरीक्षणका प्रक्रियालाई विद्युतीय माध्यममा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत २०७७।७८ देखि लेखापरीक्षण व्यवस्थापन गर्दै आएको छ। त्यसै गरी नेपाल सरकारका पूर्ण स्वामित्व भएका सङ्गठित संस्थाको लेखापरीक्षणमा व्यावसायिक लेखापरीक्षकलाई समेत सहभागी गराउनुका साथै अधिकांश स्वामित्व भएका सङ्गठित संस्थामा लेखापरीक्षक नियुक्ति सम्बन्धमा परामर्श प्रदान गर्दै आएको छ। वित्तीय लेखापरीक्षणका अतिरिक्त १२ विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरेको छ।

यो वर्ष सङ्घीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेतको रू. ७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न भएको देखिन्छ। सोबाट सङ्घ, प्रदेश र स्थानीय तहसमेतको लेखापरीक्षणबाट रू.९५ अर्ब ६० करोड बेरुजु कायम भएको छ। सोमध्ये ३ हजार २७७ सङ्घीय सरकारी निकायको रू.२४ खर्ब ६१ अर्ब ११ करोड लेखापरीक्षणबाट रू.४६ अर्ब ५३ करोड अर्थात् १.८९ प्रतिशत बेरुजु देखिएको छ। प्रदेशतर्फ १ हजार २७० कार्यालयको रू.३ खर्ब २३ अर्ब ३४ करोडको लेखापरीक्षणबाट रू.६ अर्ब ५७ करोड अर्थात् २.०३ प्रतिशत र स्थानीय तहतर्फ यस वर्षको ७४६ र बक्यौता २ समेत ७४८ को रू.११ खर्ब ३९ अर्ब १९ करोडको

लेखापरीक्षणबाट रू.३१ अर्ब २ करोड अर्थात् २.७२ प्रतिशत बेरुजु देखिएको छ। समिति र अन्य संस्थातर्फ (सङ्गठित संस्था ९३ समेत) ३१० निकायको रू.३९ खर्ब ५७ अर्ब ९६ करोडको लेखापरीक्षण भएकोमा रू.११ अर्ब ४८ करोड बेरुजु कायम भएको छ। सोको अतिरिक्त ४२ सङ्गठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएबमोजिम रू.१४ खर्ब ८८ अर्ब ५६ करोडको लेखापरीक्षण भएको छ।

३. **लेखापरीक्षणको प्रभाव -** यो वर्षको लेखापरीक्षणको क्रममा रू.१ अर्ब २६ करोड २५ लाख, प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.७१ करोड ८० लाख तथा विगतको बेरुजु फर्स्यौंट गर्दा रु.१९ करोड ६८ लाख गरी बजेटरी निकायतर्फ रू.२ अर्ब १७ करोड ७३ लाख र गैरबजेटरी निकायतर्फ रू.१९ अर्ब ९९ करोड ४० लाखसमेत रू.२२ अर्ब १७ करोड १३ लाख असुल भएको छ। सोको अतिरिक्त विगतमा लेखापरीक्षण प्रतिवेदनमा दिएको सुझावअनुसार वितरित बोनस सेयर र बैङ्क तथा वित्तीय संस्थाहरूको मर्जर तथा एक्विजिसनको लाभमा लाग्ने करसमेत रू.१३ अर्ब २२ करोड ७ लाख असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको छ।

४. **लेखापरीक्षण गुणस्तर व्यवस्थापन -** कार्यालयले २०७९ श्रावणदेखि लेखापरीक्षणको गुणस्तर सुधार गरी यसको प्रभाव अभिवृद्धि गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनबाट जारी सर्वोच्च लेखापरीक्षण संस्थाको लागि गुणस्तर व्यवस्थापनसम्बन्धी मापदण्डलाई आत्मसात गरी नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ जारी गरेको छ। कार्यालयले सोही मानदण्डमा आधारित रही गुणस्तर आश्वस्तता पुनरावलोकन हेन्डबुक, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यसै गरी वित्तीय, परिपालना तथा कार्यमूलक लेखापरीक्षणसम्बन्धी मार्गदर्शन तथा अन्य विभिन्न निर्देशिकाहरू जारी भएका छन्। कार्यालयले यो वर्ष ४ वटा लेखापरीक्षण फाइलको प्रतिवेदन जारी पूर्वको र ५९ वटा फाइलको प्रतिवेदन जारी पश्चात्को गुणस्तर आश्वस्तता पुनरावलोकन गरी प्रतिवेदन तयार गरेको छ।

यसै गरी लेखापरीक्षण कार्यलाई गुणस्तरीय र व्यवस्थित बनाउन हरेक वर्ष लेखापरीक्षण प्रारम्भ गर्नु पूर्व वार्षिक लेखापरीक्षण योजना, निकायगत र कार्यालयगत लेखापरीक्षण योजना तथा कार्यतालिका तर्जुमा गरी स्थलगत लेखापरीक्षण हुने गरेको छ। कार्यालयले लेखापरीक्षणको क्रममा माथिल्लो तहबाट लेखापरीक्षण कार्यको निरन्तर अनुगमन तथा सुपरिवेक्षण, प्रतिवेदन जारी पूर्व आवश्यक पृष्ठपोषण तथा निर्देशन प्रदान गर्ने व्यवस्था मिलाएको छ।

लेखापरीक्षणमा संलग्न हुने जनशक्तिको दक्षता अभिवृद्धिका लगि कार्यालयका कर्मचारीहरूलाई अनवरत पेसागत शिक्षा लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम/गोष्ठीहरूमा सहभागी गराउने गरिएको छ। लेखापरीक्षणमा अन्तर्राष्ट्रिय अनुभव आदान प्रदान तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी लेखापरीक्षणको गुणस्तर कायम गर्न एवं अन्य सर्वोच्च लेखापरीक्षण संस्थासँग सम्बन्ध विस्तारका सिलसिलामा भारतको सर्वोच्च लेखापरीक्षण संस्थासँग २०८१।१।२० मा एक समझदारीसमेत भएको छ।

५. **लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग** - महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०७७।७८ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षण कार्यको व्यवस्थापन गर्दै आएको छ। उक्त प्रणालीमा लेखापरीक्षण योजना, कार्यान्वयन, प्रारम्भिक प्रतिवेदन, प्रतिक्रिया तथा जवाफ, सम्परीक्षणलगायत लेखापरीक्षणका सबै चरणका कार्यहरु आबद्ध गरिएको छ। उक्त प्रणालीमा

वित्तीय लेखापरीक्षणको सबै चरणका कार्यहरु समावेश भए तापनि सङ्गठित संस्थाको लेखापरीक्षण तथा कार्यमूलक लेखापरीक्षण कार्य यस प्रणालीबाट कार्यान्वयन गर्न बाँकी रहेको छ।

उक्त प्रणालीलाई निरन्तर, निर्वाध र सरल रूपमा सञ्चालन गर्न दक्ष प्राविधिक जनशक्तिको अभाव र सूचना प्रविधिसम्बन्धी दरबन्दीअनुसारको जनशक्ति समयमै पदपूर्ति नहुँदा प्रणाली सञ्चालनमा कठिनाइ हुने देखिन्छ। सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा प्राप्त सूचना तथा विवरणहरूलाई सुरक्षित र गोपनीयता कायम गरी साइबर, प्राकृतिक तथा विद्युतीय प्रकोप एवं जोखिमबाट सुरक्षित गर्न आवश्यक पूर्वाधार निर्माण गर्नुका अतिरिक्त तथ्याङ्क तथा विवरणसहित व्यावसायिक निरन्तरताको योजना तर्जुमा गरी कार्यान्यवन गर्न आवश्यक देखिएको छ।

६. **प्रतिवेदन कार्यान्वयन -** संविधानको धारा २९४ मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन सङ्घीय संसदसमक्ष पेस गर्न लगाउने व्यवस्था छ। महालेखापरीक्षकले आफ्नो एकसट्ठिऔँ प्रतिवेदन २०८१।२।१३ मा सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरेकोमा प्रधानमन्त्रीमार्फत सङ्घीय संसद सचिवालयमा २०८१।४।९ मा दर्ता भई २०८१।१०।२७ मा प्रतिनिधि सभामा पेस भएको देखिन्छ। उक्त प्रतिवेदनमा महालेखापरीक्षकबाट शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक प्रशासन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सूचना प्रविधि र सुशासनलगायतका ८ क्षेत्रका सुधारका लागि सुझावहरू प्रस्तुत भएको देखिन्छ। उक्त सुझावहरू कार्यान्वयन गर्नुपर्दछ।

लोक सेवा आयोग

नेपालको संविधानको धारा २४२ मा लोक सेवा आयोगको व्यवस्था छ। आयोगका अध्यक्ष र अन्य चार सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। त्यसै गरी धारा २४३ मा निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने उल्लेख छ। लोक सेवा आयोग ऐन, २०७९ मा आयोगले सङ्घीय निजामती सेवा, सुरक्षा निकाय, अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको सेवाको पदमा उम्मेदवार छनोट गर्ने व्यवस्था छ। आयोग र मातहत १६ निकायमा ३९९ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय** - आयोग र मातहतसमेत १६ निकायको निम्नानुसार रू.१ अर्ब ३६ करोड ४५लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१०४१६	२४१०	३१	७८८	१३६४५

२. **बजेट र खर्च** - लोक सेवा आयोग र मातहतका कार्यालयका लागि यस वर्ष विनियोजन भएको बजेट र खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	८४७३	१०५२८	१०११४	९६.०७
पुँजीगत	९९	१०२	९९	९७.०६
जम्मा	८५७२	१०६३०	१०२१३	९६.०८

समग्र बजेटको तुलनामा ९६.०८ प्रतिशत खर्च भएको देखिन्छ। चालू खर्चतर्फ मुख्यतः तलब भत्ता, परीक्षा सञ्चालन खर्च र पुँजीगत खर्चतर्फ फर्निचर तथा फिक्चर्स, कम्प्युटर तथा प्रिन्टरलगायतका खरिद कार्यमा खर्च भएको छ।

३. **कार्य सम्पादन** - आयोगको केन्द्रीय कार्यालय र मातहतका कार्यालयबाट यो वर्ष खुला १ हजार ८०, समावेशी ९४७, बढुवा १ हजार १२ र आन्तरिक ६२१ समेत ३ हजार ६६० पदका लागि १ हजार ४५५ विज्ञापन तथा बढुवासम्बन्धी सूचनाहरू प्रकाशन भएको देखिन्छ। सोबमोजिम माग भएका पदहरूमा आन्तरिक प्रतियोगितातर्फ १० हजार ९८७ (२.३२ प्रतिशत), खुला प्रतियोगितातर्फ २ लाख ५८ हजार २०४ (५४.५३ प्रतिशत) तथा समावेशी प्रतियोगिताहरूतर्फ २ लाख ४ हजार २९९ (४३.१५ प्रतिशत) समेत कुल ४ लाख ७३ हजार ४९० दरखास्त परेको देखिन्छ। दरखास्त दिनेको सङ्ख्या गत वर्ष ४ लाख ८३ हजार २०३ रहेकोमा यो वर्ष गत वर्षको तुलनामा २ प्रतिशतले घटेको छ। सङ्घीय निजामती सेवातर्फ नायब सुब्बा वा सो सरहको २९२ पदको लागि विज्ञापन भएकोमा १ लाख ६६ हजार ९२९ दरखास्त प्राप्त भएको छ।

आयोगले यो वर्ष सञ्चालन गरेका लिखित परीक्षामा ६२ हजार १५० महिला र ६० हजार ३ पुरुषसमेत १ लाख २२ हजार १५३ उम्मेदवार सम्मिलित भएकोमा ७४४ महिला र १ हजार ९४४

पुरुषसमेत २ हजार ६८८ (गत वर्ष विज्ञापन भई यस वर्ष सिफारिस भएका समेत) उम्मेदवारहरू स्थायी नियुक्तिको लागि सिफारिस गरेको देखिन्छ।

आयोगले ४ सुरक्षा निकाय र ९९ सङ्गठित संस्थाको पदपूर्ति प्रक्रियामा प्रतिनिधित्व गरेकोमा यो वर्ष ४ सुरक्षा निकायको ११ हजार ४७७ र २६ सङ्गठित संस्थाका ३ हजार ३८० पदमा पदपूर्ति गर्न सहमति प्रदान गरेको छ। आयोगले ४ सुरक्षा निकायका २०५ विज्ञापनको लागि लिखित परीक्षाबाट ७ हजार ९०१ जना अन्तर्वार्ताको लागि छनोट गरी सिफारिस गरेको छ। त्यसै गरी सङ्गठित संस्थातर्फ ७७० विज्ञापनका लिखित परीक्षाबाट ३८ हजार ९३४ उम्मेदवारमध्ये दोस्रो चरणको मूल परीक्षाको लागि ३४ हजार ४४४ र अन्तर्वार्ताको लागि ४ हजार ४९० छनोट गरी सिफारिस गरेको छ। सङ्गठित संस्थाको पदपूर्तिका लागि आयोगबाट रु.२३ करोड ७९ लाख ४३ हजार खर्च भएको छ।

४. **परीक्षा स्थगन -** आयोगको वार्षिक कार्यतालिकामा समावेश भएका खुला कन्सल्टेन्ट स्पाइनल सर्जन, खुला समावेशी विद्यालय निरीक्षक, पाठ्यक्रम अधिकृत (नेपाली), खुला/महिला मेकानिकल इन्जिनियर, खुला क्लिनिकल साइकोलोजिष्ट, खुला मेकानिकल सुपरभाइजर र वरिष्ठ क्लिनिकल साइकोलोजिष्टको परीक्षा योग्यता, समायोजन, शैक्षिक योग्यता र पाठ्यक्रमसम्बन्धी विवादलगायतका कारण अदालतबाट स्थगित भएको उल्लेख छ। त्यसै गरी प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, प्रमुख कन्सल्टेण्ट अप्थलमोलोजिष्ट, कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, कन्सल्टेण्ट न्यूरोलोजिष्ट, कन्सल्टेण्ट कार्डियोलोजिष्ट, कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट, कन्सल्टेण्ट किड्नी ट्रान्सप्लान्ट सर्जन, फरेन्सिक मेडिकल अधिकृत, कन्सल्टेण्ट निओनेटोलोजिष्टलगायत २४ विज्ञापनको ३१ पदमा दरखास्त नपरेको कारण परीक्षा सञ्चालन हुन सकेको देखिएन।

५. **समावेशी पदपूर्ति -** निजामती सेवा ऐन, २०४९ को २०६४।४।२३ मा भएको दोस्रो संशोधनबाट निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिला ३३ प्रतिशत, आदिवासी/जनजाति २७ प्रतिशत, मधेशी २२ प्रतिशत, दलित ९ प्रतिशत, अपाङ्ग ५ प्रतिशत र पिछडिएको क्षेत्र ४ प्रतिशत छुट्याई ती पदमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने र यसरी पदपूर्ति गर्ने व्यवस्था १० वर्षमा पुनरावलोकन गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थाअनुसार २०८१ आषाढ मसान्तसम्म २५ हजार २१८ उम्मेदवार सिफारिस भएको आयोगको पैंसट्ठिऔँ वार्षिक प्रतिवेदनमा उल्लेख छ।

निर्वाचन आयोग

नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोगको व्यवस्था छ। आयोगमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने तथा प्रमुख आयुक्त र आयुक्तहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। संविधान र सङ्घीय कानुनको अधीनमा रही राष्ट्रपति, उप-राष्ट्रपति, सङ्घीय संसद, प्रदेश सभा र स्थानीय तहका सदस्यको निर्वाचनलगायतका काम, कर्तव्य र अधिकार आयोगलाई तोकिएको छ। आयोग र मातहतका समेत ८० कार्यालयमा ६७१ कर्मचारीको दरबन्दी रहेको छ। आयोगले यो वर्ष प्रतिनिधि सभाको लागि १ तथा प्रदेश सभाको लागि १ समेत २ उपनिर्वाचन कार्य सम्पन्न गरेको छ।

१. **सरकारी कार्यालय -** निर्वाचन आयोग र मातहतसमेत ८० निकायको निम्नानुसार रु.७२ करोड २८ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
५५९७	२२८	१४००	३	७२२८

२. **रणनीतिक योजना कार्यान्वयन -** निर्वाचन आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६।७७-२०८०।८१) ले ५ रणनीति स्तम्भ, ५३ कार्यनीति र १९३ क्रियाकलाप तर्जुमा गरेकोमा १२७ (६६ प्रतिशत) क्रियाकलाप पूर्ण, २० (१० प्रतिशत) क्रियाकलाप आंशिक र ४६ (२४ प्रतिशत) क्रियाकलापहरूको कार्यान्वयन अवस्था शून्य रहेको छ। आयोगको संस्थागत सुदृढीकरण गर्ने, निर्वाचन व्यवस्थापन सुधार तथा प्रविधियुक्त निर्वाचन पद्धतिको विकास गर्ने, निर्वाचनसम्बन्धी नीतिगत तथा कानुनी सुधार गर्ने, राजनीतिक दल दर्ता र नियमनलाई व्यवस्थित गर्ने, निर्वाचन व्यवस्थापन एवं नागरिक शिक्षामा समन्वय र सहकार्य अभिवृद्धि गर्ने लगायतका क्रियाकलाप पूर्ण रूपमा सम्पादन भएका छैनन्। रणनीतिक योजनाका लक्ष्य, कार्यनीति र क्रियाकलापबिच तादात्म्यता कायम गरी निर्धारित क्रियाकलाप कार्यान्वयन गर्नुपर्दछ।

३. **मतदाता नामावली अद्यावधिक** - मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ को नियम १९ मा नाम हटाउन वा सार्न सूचना दिन सक्ने व्यवस्था छ। नयाँ मतदाता सङ्कलनको कार्य निरन्तर भइरहे तापनि मृत्यु भएका, बसाइँ सरेका वा विवाह भई अन्यत्र गएका मतदाताको नामावली अद्यावधिक गर्ने कार्य हुन सकेको देखिएन।

मतदाता नामावली अद्यावधिक नहुँदा मतदाताको संख्या यथार्थपरक नहुने, मतदान सामग्री खरिद एवं मतदानको व्यवस्थापन गर्न असर पर्ने अवस्था रहन्छ। नेपाल सरकारले प्रयोग गरिरहेका घटना दर्ता, राष्ट्रिय परिचयपत्रको लागि प्रयोग भएका सफ्टवेयरहरूसँग तादात्म्यता मिलाई मतदाता नामावली अद्यावधिक गर्ने कार्यलाई स्वचालित बनाइनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा आयोगबाट २०७४।८।२२ मा रु.१० करोड ५५ लाख ४० हजारमा खरिद गरेको हाई स्पिड कलर प्रिन्टर १ थान र रु.११ करोड २८ लाखको छाङ्ग स्प्रिङ्ग डिजिटल मोनोक्रम २ थान प्रयोगमा नल्याएको बेहोरा औँल्याइएकोमा स्थिति यथावत् छ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष निर्वाचन आयोग र मातहतसमेत ३५ निकायमा रु.१ लाख ९८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नभएकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

राष्ट्रिय मानव अधिकार आयोग

नेपालको संविधानको धारा २४८ मा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र चार जना सदस्यको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। संविधानको धारा २४९ मा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हुने उल्लेख छ। आयोग र मातहतका १० कार्यालयमा ३०९ कर्मचारीको दरबन्दी रहेको छ ।

१. **सरकारी कार्यालय -** आयोग र मातहतसमेतका १० निकायको निम्नानुसार रु.२४ करोड ८० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
२४१३	३	१	६३	२४८०

२. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक तथा अन्य सहायता विवरण पुस्तिका २०८०।८१ अनुसार आयोगलाई संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा रणनीतिक योजना सहयोग परियोजनामा सन् २०२३ मा अमेरिकी डलर १ लाख ७५ हजार बराबरको प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा सो सहायता रकम एकीकृत वित्तीय विवरणमा खुलासा गरेको छैन।

३. **साङ्गठनिक संरचना -** राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २७ मा आयोगको सङ्गठन संरचना र दरबन्दी स्वीकृति आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने व्यवस्था छ। मुलुक सङ्घीय संरचनामा प्रवेश गर्नु अगाडि आयोगअन्तर्गत केन्द्रीय कार्यालय १, क्षेत्रीय ५ र उपक्षेत्रीय ३ समेत ९ कार्यालय रहेकोमा हाल केन्द्रीय कार्यालय १, प्रदेश कार्यालय ७, प्रदेश शाखा कार्यालय २ समेत १० कार्यालय सञ्चालनमा रहेका छन्।

४. **उजुरी -** राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १५ मा मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन सम्बन्धमा प्राप्त उजुरी वा जानकारी वा आफै स्वविवेकमा कारबाही सुरु गरेको सम्बन्धमा ६ महिनाभित्र मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन भए/नभएको आयोगले निर्णय गर्नुपर्ने व्यवस्था छ। आयोगमा गतवर्षका जिम्मेवारी १ हजार ६९०, यस वर्षको १२० समेत १ हजार ८१० उजुरीमध्ये यो वर्ष ४५७ फर्स्यौट भई १ हजार ३५३ बाँकी रहेको देखिन्छ ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष राष्ट्रिय मानव अधिकार आयोग र मातहतसममेत ५ निकायमा रु.१५ लाख २१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१८ हजार फर्स्यौट गरेकोले रु.१५ लाख ३ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

नेपालको संविधानको धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था छ। आयोगमा अध्यक्षसहित बढीमा पाँचजना सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था छ। संविधानबमोजिम आयोगले राजस्व बाँडफाँट, वित्तीय समानीकरण र सशर्त अनुदान, आन्तरिक ऋणको सीमा सिफारिस तथा प्राकृतिक स्रोतको बाँडफाँट तथा उपयोग सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने गर्दछ। आयोगमा ७३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.६ करोड ४८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६४६	१	१	-	६४८

२. **वित्तीय हस्तान्तरण** - राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३(१)(घ) मा आयोगले नेपाल सरकारलाई प्रदेश तथा स्थानीय तहलाई दिने अनुदान सम्बन्धमा सुझाव दिने व्यवस्था छ। बजेट वक्तव्य २०७९।८० र २०८०।८१ मा सङ्घीय बजेटबाट प्रदेश र स्थानीय तहलाई हस्तान्तरण हुने अनुमान गरिएको अन्तर सरकारी वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छः

(रु. अर्बमा)

अनुदान शिर्षक	आर्थिक वर्ष २०७९।८०			आर्थिक वर्ष २०८०।८१		
	प्रदेश	स्थानीय	जम्मा	प्रदेश	स्थानीय	जम्मा
समानीकरण	६१.४	१००.२	१६१.६	५८.६	८७.३	१४५.९
ससर्त	५७.२	१८३.७	२४०.९	३५.७	१९१.८	२२७.५
समपूरक	६.३	७.३	१३.६	६.२	७.५	१३.७
विशेष	४.६	९.१	१३.७	४.६	८.७	१३.३
जम्मा अनुदान	१२९.५	३००.३	४२९.८	१०५.१	२९५.३	४००.४
कुल बजेटमा हिस्सा प्रतिशत	७.२	१६.७	२३.९	६	१६.८	२२.८
राजस्व वाडफाँट	८१.५	८१.५	१६३	८६.५	८६.५	१७३
जम्मा अनुमान	२११	३८१.८	५९२.८	१९१.६	३८१.८	५७३.४
कुल बजेटमा प्रतिशत	११.८	२१.३	३३.१	१०.९	२१.८	३२.७

उल्लिखित तालिकाअनुसार २०७९।८० मा रु.४ खर्ब २९ अर्ब ८० करोड र २०८०।८१ मा रु.४ खर्ब ४० करोड वित्तीय हस्तान्तरण हुने अनुमान गरिएकोमा महालेखा नियन्त्रक कार्यालयको एकिकृत वित्तीय विवरणअनुसार यथार्थमा क्रमशः रु.३ खर्ब ९६ अर्ब ९० करोड र रु.३ खर्ब ३९ अर्ब हस्तान्तरण भएको छ।

३. **वित्तीय समानीकरण अनुदान** - नेपालको संविधानको धारा ६०(३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने उल्लेख छ। आयोगले नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण

अनुदान प्रदान गर्न न्यूनतम, सूत्रमा आधारित र कार्य सम्पादनमा आधारित विधि तयार गरेको छ। आयोगले सो अनुरूप गणना गरी २०८०।८१ मा सात प्रदेशलाई रु.५८ अर्ब ६० करोड र ७५३ स्थानीय तहलाई रु.८७ अर्ब ३० करोडसमेत रु.१ खर्ब ४५ अर्ब ९० करोड अनुदान सिफारिस गरेको देखिन्छ। स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा न्यूनतम रु.६ करोड ५० लाख (कार्य सम्पादन अनुदान बाहेक) मा नघट्ने गरी सिफारिस गरेको छ। त्यसै गरी ३० स्थानीय तहले प्राप्त गरेको न्यूनतम अनुदान रकम रु.२ करोड ७५ लाख भएकोमा सूत्रमा आधारित अनुदानअन्तर्गत नपुग रकम एकमुष्ट रु.३ करोड ७५ लाख सिफारिस गरेको देखिन्छ।

वित्तीय अन्तर विश्लेषण नगरी सूत्रको आधारमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा लिइएका ५ सूचकमध्ये खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमतालाई ७० प्रतिशत भार दिई अनुदान सिफारिस गरेको देखिन्छ। वित्तीय समानीकरण अनुदान वितरण गर्ने प्रयोजनका लागि नेपाल सरकारसँग समन्वय गरी प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको आधार पहिचानको मापदण्डलाई वस्तुगत बनाउनुपर्दछ।

४. **समानीकरण र ससर्त अनुदानको हिस्सा -** नेपालको संविधानको धारा ६०(३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने उल्लेख छ। नेपाल सरकारले २०८०।८१ मा रु.२ खर्ब ५४ अर्ब ५० करोड प्रदेश तथा स्थानीय तहमा ससर्त, समपूरक र विशेष अनुदान हस्तान्तरणको लागि विनियोजन गरेको छ। प्राप्त तथ्याङ्कअनुसार स्थानीय तहलाई प्रदान गरिएको कुल वित्तीय समानीकरण अनुदान र कुल सशर्त अनुदानको अनुपात २०७८।७९ र २०७९।८० मा १:१.८३ रहेकोमा २०८०।८१ मा वृद्धि भई १:२.२ पुगेको छ। नेपाल सरकारबाट प्रदेश र प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणमा वित्तीय समानीकरण अनुदानको अंश बढाउँदै लानुपर्नेमा घट्दो प्रवृत्तिमा रहेको देखिन्छ।

५. **प्राकृतिक स्रोतको बाँडफाँट -** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १४ मा आयोगले प्राकृतिक स्रोतको परिचालनमा सङ्घ, प्रदेश तथा स्थानीय तहले गर्ने लगानीको हिस्सा तय गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने र दफा १५ मा प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा निर्धारण गरी नेपाल सरकारमा सिफारिस गर्नुपर्ने व्यवस्था छ। उक्त प्रावधानअनुरूप आयोगले २०८०।८१ का लागि विद्युत, खानी, पर्वतारोहण र वन क्षेत्रको रोयल्टीको प्रदेश र स्थानीय तहबिच बाँडफाँटको आधार र हिस्सा निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरेको देखिन्छ।

राष्ट्रिय महिला आयोग

नेपालको संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने व्यवस्था छ। संवैधानिक व्यवस्था बमोजिम आयोगको काम, कर्तव्य र अधिकारहरूमा महिलाको हकहितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गर्ने र सोको कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेस गर्नुका साथै महिलाको समानुपातिक सहभागिता, सशक्तीकरण लगायतका विषय सुनिश्चित गर्न सिफारिस गर्ने उल्लेख छ। आयोगमा ३९ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.६ करोड ९५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रू. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६९०	१	४	-	६९५

२. **रणनीतिक योजना -** आयोगको तेस्रो रणनीतिक योजना (२०७८।७९- २०८२।८३) मा महिला हक हितसम्बन्धी ९ रणनीति, ७ कार्य योजना र ११० कार्यनीति तथा क्रियाकलाप समावेश छन्। आयोगबाट यस वर्षसम्म ६२ कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य रहेकोमा १३ (२०.९७ प्रतिशत) कार्यान्वयन नभएको, ५ (८.०६ प्रतिशत) आंशिक र ४४ (७०.९७ प्रतिशत) कार्यक्रम पूर्णरूपमा कार्यान्वयन भएको उल्लेख छ। उक्त योजनामा उल्लिखित नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने, महिला उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गर्ने, सरकारी, गैरसरकारी तथा निजी सङ्ग संस्थालाई उत्प्रेरित गर्ने, सातै प्रदेशमा आयोगको प्रदेश स्तरीय कार्यालय स्थापना तथा सञ्चालन गरी आयोगको पहुँच विस्तार गर्ने, हिंसापीडित महिलालाई आवश्यकता अनुरूपका सेवाहरु प्रदान गर्न सरकारी तथा गैरसरकारी निकायबीच सम्पर्क, समन्वय र सहकार्य गर्ने, लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरूको खबर तत्काल गर्न मिल्ने गरी तयार गरिएको मोबाइल एप्सलाई प्रभावकारी बनाउने लगायतका क्रियाकलाप रहेकोमा सोको कार्यान्वयन गरिनुपर्दछ।

३. **उजुरी तथा कारबाही -** राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ८ बमोजिम महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने र त्यसरी प्राप्त उजुरी छानबिन गरी आवश्यक कारबाहीको लागि सुरक्षा निकाय वा स्थानीय प्रशासनमा सिफारिस गर्ने उल्लेख छ। आयोगले प्रयोगमा ल्याएको उजुरी व्यवस्थापन प्रणालीमा यस वर्षसम्म कुल ८ हजार ४८१ उजुरी दर्ता भएकोमा २ हजार ५०८ (२९.५७ प्रतिशत) मात्र फर्स्यौंट भई ५ हजार ९७३ उजुरी (७०.४३ प्रतिशत) फर्स्यौंट हुन बाँकी रहेको देखिन्छ। यो वर्ष कुल ९३२ उजुरी दर्ता भएकोमा सोमध्ये घरेलु हिंसाका ७६५ (८२.०८ प्रतिशत) र महिला हिंसासम्बन्धी १६७ (१७.९२ प्रतिशत) रहेका छन्। यस वर्ष दर्ता भएका उजुरीमध्ये ३७९ (४०.६७ प्रतिशत) मात्र फर्स्यौंट भई ५५३ उजुरी (५९.३३ प्रतिशत) फर्स्यौंट हुन बाँकी रहेको छ। दर्ता भएका उजुरीमध्ये केही उजुरी अदालतमा विचाराधीन रहेको, कतिपय पीडित आश्रय स्थलमा बसिरहेका, पीडितहरू छलफल तथा परामर्शमा आइरहेको लगायतका कारणले मुद्दा फर्स्यौंट न्यून रहेको अवस्था देखिन्छ। आयोगबाट यस्ता घटनाहरू किनारा लगाउन कार्यविधिको तर्जुमा गरी उजुरी फर्स्यौंट गर्नुपर्दछ।

राष्ट्रिय दलित आयोग

नेपालको संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जना सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। दलित समुदायको अधिकारको सम्मान तथा हक हितको संरक्षण र संवर्धन तथा सो समुदायको सशक्तीकरण गर्ने तथा जातीय भेदभाव र छुवाछुतको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूल प्रवाहमा समाहित गर्ने लगायतका जिम्मेवारी आयोगलाई तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.३ करोड ४३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३४३	-	-	-	३४३

२. **उजुरी -** राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ८ मा कुनै व्यक्ति वा संस्थाले गरेको जातीय भेदभाव वा छुवाछुत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोगबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जो सुकैले आयोगसमक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने र त्यसरी प्राप्त उजुरी छानबिन गरी आवश्यक कारबाहीको लागि सिफारिस गर्ने उल्लेख छ। यो वर्ष दलित अधिकार हनन्का ४, जातीय छुवाछुत तथा भेदभाव गालीगलौज र कुटपिटका ३५, अन्तरजातीय प्रेम विवाहका ६, हत्याका ५ र विविध प्रकृतिका ८ समेत ५८ उजुरी दर्ता भएकोमा प्राप्त उजुरी कारबाहीको लागि सम्बन्धित निकायमा पत्राचार गरेको देखिन्छ। जातीय छुवाछुत तथा भेदभावसम्बन्धी घटनाहरूको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

३. **कार्य सम्पादन -** नेपालको संविधानको धारा २५६ तथा राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा आयोगको काम, कर्तव्य र अधिकार तोकिएको छ। आयोगले हजारभन्दा बढी दलित थर सूचीकृत गर्न नेपाल सरकारसमक्ष स्वीकृतिका लागि सिफारिस गरेको छ। आयोगको वार्षिक प्रतिवेदनमा दलित अधिकारसम्बन्धी कानुनहरू तर्जुमा नहुनु, लक्षित वर्गको पहिचान गरी उनीहरूलाई प्राथमिकताको आधारमा अवसरमा पहुँच पुऱ्याउनु नसक्नु, लक्षित वर्गको खण्डीकृत तथ्याङ्कको सङ्कलन नगरिनु, आयोगहरूको जिम्मेवारी तथा लक्षित समूहमा दोहोरोपना रहनु लगायतका विषय उल्लेख छ। पहिचान भएका उल्लिखित विषयहरू सम्बन्धमा आवश्यक कारबाही हुनुपर्दछ।

राष्ट्रिय समावेशी आयोग

नेपालको संविधानको धारा २५८ मा राष्ट्रिय समावेशी आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसंख्यक, सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र आर्थिक रूपले विपन्न कर्णाली तथा पिछडिएको क्षेत्र वर्गलगायतका समुदायको हक, अधिकारको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.३ करोड २७ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३२७	-	-	-	३२७

२. **कार्य प्रभावकारिता** - राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ मा खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवं सीमान्तकृतलगायतका समुदायको हक अधिकारको संरक्षणका लागि आयोगलाई ११ क्षेत्रगत विषयमा कार्यक्षेत्र तोकेको छ। आयोगले आफूलाई प्राप्त कार्यक्षेत्रअन्तर्गत विभिन्न नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया/गोष्ठी/छलफललगायतका कार्यक्रम सञ्चालन गरेको छ।

आयोगले आर्थिक रूपले विपन्न वर्ग, पिछडिएको क्षेत्र र अल्पसङ्ख्यक एवं सीमान्तकृत समुदायको पहिचानको स्पष्ट आधार र मापदण्ड निर्धारण गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने, उक्त समुदायका वास्तविक समस्या पहिचान गर्न अनुसन्धान केन्द्रित कार्यक्रम सञ्चालन गर्ने, समस्या समाधानका प्राथमिकता तोक्ने, स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग आवश्यक समन्वय गरी आयोगको कार्य प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

३. **सिफारिस कार्यान्वयन -** राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को दफा ३ खण्ड(ग) मा आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको अनुगमन गर्ने वा गराउने उल्लेख छ। आयोगले यस वर्ष राजनीतिक समावेशिता, पिछडा वर्गको थर सूचीकरण, आरक्षण व्यवस्था र विपन्न खस आर्य पहिचान सम्बन्धमा अध्ययन र अनुसन्धान स्थलगत भ्रमण तथा अवलोकन, छलफल तथा अन्तरक्रिया आदिका माध्यमबाट ४ विषयमा सरकारलाई सिफारिस गरेको छ।

आदिवासी जनजाति आयोग

नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने उल्लेख छ। आयोगलाई आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा आदिवासी जनजाति समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.३ करोड १४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३१३	१	-	-	३१४

२. **कार्य प्रभावकारिता -** आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आयोगलाई आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन, हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत विभिन्न १९ कार्य क्षेत्र तोकेको छ। आयोगले आफूलाई प्राप्त कार्यक्षेत्रअन्तर्गत विभिन्न नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया/गोष्ठी/छलफल लगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ। आयोगले आदिवासी जनजातिसम्बन्धी एकीकृत राष्ट्रिय नीति निर्माण गरी कार्यान्वयन गर्नु गराउनु, सरकारी तथा गैरसरकारी तवरबाट हुने आदिवासी जनजाति समुदाय लक्षित कार्यक्रममा एकरूपता ल्याउन नीतिगत र कार्यक्रमगत समन्वय गर्नु, आयोगले गरेको सिफारिस नेपाल सरकार तथा सम्बन्धित निकायबाट कार्यान्वयन गराउनुलगायतको समस्या तथा चुनौती रहेको वार्षिक प्रतिवेदनमा औंल्याएको छ।

आदिवासी जनजाति आयोग ऐन, २०७४ ले आयोगलाई सुम्पिएको जिम्मेवारी तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई तोकेका जिम्मेवारीहरू एक आपसमा दोहोरिएको अवस्था छ। आदिवासी जनजाति समुदायको परिचय, पहिचान र र परिभाषाको सन्दर्भमा एकरूपता कायम गर्न आवश्यक कानुनी परिमार्जन गरी आयोगको प्रभावकारिता अभिवृद्धि गरिनुपर्दछ।

३. **सिफारिस कार्यान्वयन -** आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ को खण्ड (च) मा आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको अनुगमन गर्ने वा गराउने उल्लेख छ। आयोगको वार्षिक प्रतिवेदनअनुसार २०७७।७८ देखि २०७९।८० सम्म आयोगले नेपाल सरकार प्रदेश सरकार तथा अन्य निकायलाई विभिन्न विषयमा ७१ सिफारिस गरेको देखिन्छ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष आयोगको रु.७ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नभएकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

मधेशी आयोग

नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने उल्लेख छ। आयोगलाई मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.३ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३५४	-	-	-	३५४

२. **कार्य प्रभावकारिता** - मधेशी आयोग ऐन, २०७४ ले यस आयोगलाई मधेशी समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत १६ कार्यक्षेत्र तोकेको छ। आयोगले आफ्नो कार्यक्षेत्रअन्तर्गत नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया/गोष्ठी/छलफललगायतका कार्यक्रम सञ्चालन गरेको छ। मधेशी समुदायका वास्तविक समस्या पहिचान गर्न अनुसन्धान केन्द्रित कार्यक्रम सञ्चालन गर्नुपर्ने, समस्या समाधानका प्राथमिकता तोक्ने, स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग आवश्यक समन्वयमार्फत कार्य प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

३. **सुझाव कार्यान्वयन -** मधेशी आयोग ऐन, २०७४ को दफा ७(च) मा आयोगले गरेका सिफारिस वा दिइएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने गराउने जिम्मेवारी आयोगलाई तोकिएको छ। आयोगले यो वर्ष तराई मधेशमा सामाजिक कुरीतिकारुपमा रहेका महिला हिंसा, घरेलु हिंसा, बालविवाह लगायतका समस्या समाधान एवं तराई मधेशमा रहेका पुरातात्त्विक महत्त्वका मठ मन्दिरलाई उचित संरक्षण र विकास सम्बन्धमा विभिन्न ४४ विषयमा सुझाव सिफारिस गरेको छ।

थारु आयोग

नेपालको संविधानको धारा २६३ मा थारु आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई थारु समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा समुदायको सशक्तीकरण गर्ने जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.४ करोड ९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४०९	-	-	-	४०९

२. **कार्य सम्पादन -** नेपालको संविधानको धारा २६३(४) मा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने तथा थारु आयोग ऐन, २०७४ को दफा ७ मा थारु समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत विभिन्न १९ कार्य क्षेत्र तोकिएको छ। आयोगले आफ्नो कार्यक्षेत्रअन्तर्गत विभिन्न नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया/गोष्ठी/छलफल लगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ। संविधान र ऐनले तोकेका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समेत समन्वय र संस्थागत क्षमता सुदृढ गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ।

३. **अनुगमन -** थारु आयोग ऐन, २०७४ को दफा ७(थ) अनुसार थारु समुदायको हकहितको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि नेपाल सरकार र अन्य सङ्घसंस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने उल्लेख छ। नेपाल सरकारले सञ्चालन गरेको यससम्बन्धी कार्यक्रम र थारु हक अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी आवश्यक निर्देशिका तर्जुमा गरी समीक्षा, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण गर्नुपर्दछ।

मुस्लिम आयोग

नेपालको संविधानको धारा २६४ मा मुस्लिम आयोगको व्यवस्था छ। आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने र निजहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। आयोगलाई मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्ने संवैधानिक जिम्मेवारी तोकिएको छ। आयोगमा १३ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रु.३ करोड ३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२८५	१	१६	१	३०३

२. **कार्य सम्पादन -** नेपालको संविधानको धारा २६४(४) मा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने तथा मुस्लिम आयोग ऐन, २०७४ मा मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणलगायत विभिन्न १८ कार्य क्षेत्र तोकिएको छ। आयोगले आफ्नो कार्यक्षेत्रअन्तर्गत नीतिगत सिफारिस वा राय परामर्श, अन्तरक्रिया, गोष्ठी, छलफललगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। संविधान र ऐनले तोकेका जिम्मेवारीहरू अन्य विषयगत आयोगहरूसँग समेत समन्वय र संस्थागत क्षमता सुदृढ गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

महान्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १५७ मा नेपालमा एक महान्यायाधिवक्ता रहने र निजको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने व्यवस्था छ। महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार हुने र निजले संवैधानिक तथा कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनुपर्ने व्यवस्था छ। महान्यायाधिवक्ताको कार्यालय र मातहतसमेत ९७ कार्यालयमा १ हजार ५८८ कर्मचारीको दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** कार्यालय र मातहतसमेत ९७ निकायको निम्नानुसार रु.१ अर्ब १६ करोड ६७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
११२१४	३	३२४	१२६	११६६७

२. **रिट र मुद्दा -** महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयले गत वर्ष सरकारवादी एवं प्रतिरक्षाका लागि दायर भई बाँकी रहेका ६३ हजार ७८९ मुद्दामध्ये विभिन्न जिल्ला अदालतको क्षेत्राधिकारमा हस्तान्तरण भई जिम्मेवारी सरेका ५ हजार ८२० घटाई बाँकी रहेको ५७ हजार ९६९ र यस वर्षको नयाँ ७४ हजार ६०८ मुद्दा तथा रिट निवेदन र अन्य निवदेनसमेत कुल लगत १ लाख ३२ हजार ५७७ रहेकोमा ६८ हजार ९१७ (५१.९८ प्रतिशत) फर्स्यौंट भई ६३ हजार ६६० (४८.०२ प्रतिशत) मुद्दा फर्स्यौंट हुन बाँकी रहेको छ।

३. **पन्ध्रौं योजनाको कार्यान्वयन -** पन्ध्रौं योजनामा महान्याधिवक्ताको कार्यालय र सोसँग सम्बन्धित कार्यनीति मध्ये अपराध अनुसन्धानमा विधिविज्ञान प्रयोगशालालाई प्रादेशिक तहमा विस्तार गर्ने, पीडित मैत्री कक्षको विस्तार गर्ने लगायतका कार्य सम्पादन भएको देखिएन। कार्यालयको संस्थागत क्षमता सुदृढ गरी योजना मुताबिक नीति तथा कार्यक्रम र बजेट व्यवस्थापनको तादत्म्यता मिलाई लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

४. **रणनीतिक योजना कार्यान्वयन** - कार्यालयबाट जारी दोस्रो रणनीतिक योजना (२०७६।७७-२०८०।८१) कार्यान्वयनको समीक्षा प्रतिवेदनअनुसार अभियोजन नीति तथा मार्गदर्शनको प्रभावकारी कार्यान्वयन गर्ने, अनुसन्धान र अभियोजन परीक्षणबाट देखिएका विषयमा अनुसन्धानकर्ता र अभियोजनकर्ताहरूसँग स्थलगत र केन्द्रीय तहमा अन्तरक्रिया गर्ने, अनुसन्धान र अभियोजन परीक्षणको एकीकृत प्रतिवेदन तयार गर्ने, साक्षी संरक्षणसम्बन्धी कानुनी व्यवस्था गर्ने, विद्युतीय माध्यमबाट बहस पैरवी गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्ने, मुद्दाको वर्गीकरण, दर्ता, लगत कट्टा र मिसिल व्यवस्थापनसम्बन्धी निर्देशिका तयार गर्ने, अभियोजन प्रशिक्षण केन्द्र सञ्चालनका लागि कार्यविधि तयार गर्ने, अपराधको प्रवृत्ति फौजदारी कानुनमा सुधारसमेतका विषयमा अध्ययन अनुसन्धान गर्ने, विशेषज्ञ जनशक्तिको सूची तयार गर्ने, सरकारी वकिल कार्यालय र सरकारी वकिलको सुरक्षासम्बन्धी निर्देशिका तयार गर्नेलगायतका क्रियाकलाप कार्यान्वयन भएको छैन। रणनीतिक योजनाबमोजिम वार्षिक बजेट तथा कार्यक्रमको तादात्म्यता कायम गरी निर्धारित क्रियाकलाप कार्यान्वयन हुनुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष महान्यायाधिवक्ताको कार्यालय र मातहतसमेत ४३ निकायको रु.४८ लाख ९७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१२ लाख १३ हजार फर्स्यौंट गरेकोले रु.३६ लाख ८४ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१९ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयको कार्यक्षेत्रमा मन्त्रालयहरूको गठन, विघटन तथा सङ्गठन संरचना हेरफेर, नेपाल सरकारको कार्यसम्पादन नियमावली, विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन, विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति, सङ्घीय व्यवस्थापिकाको अधिवेशन आह्वान र अन्त्य, सुशासन तथा सङ्घीय ढाँचाको प्रशासन पुनर्संरचना, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, विपद् व्यवस्थापनको अद्यावधिक जानकारी, निर्देशनलगायतका कार्य रहेका छन्। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र मातहत कार्यालय तथा अन्य संस्थासमेत १३५ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र मातहतसमेत १३३ निकायको निम्नानुसार रु.११ अर्ब ३९ करोड ४६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ:

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३२९४१	९९०	४२६९६	३७३१९	११३९४६

उल्लिखित लेखापरीक्षण रकममा यस कार्यालयको लागि विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रु.१ करोड ६ लाख समावेश छैन। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा विनियोजन भई यस कार्यालयबाट खर्च भएको रु.२ करोड ८६ लाख समावेश छ।

२. **अन्य संस्था -** यो वर्ष यस कार्यालय मातहत दुई अन्य संस्थाको रु.५७ करोड ६० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कार्यक्रम कार्यान्वयन तथा अनुगमन -** नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले क्रियाकलाप, माइलस्टोन र नतिजामा आधारित सूचकसहित एकीकृत अनुगमन प्रणालीबाट २०८०।८१ मा सञ्चालित नीति तथा कार्यक्रमको मूल्याङ्कन गरेको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसहित २२ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय योजना आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय र लगानी बोर्डसमेत २७ निकायको १ हजार ६०० क्रियाकलाप, ३ हजार ४२१ माइलस्टोन र ३२७ नतिजा सूचकको कार्यान्वयन स्थिति एकीकृत अनुगमन प्रणालीबाट अनुगमन, मूल्याङ्कन गर्दा क्षेत्रगत मन्त्रालयको प्रमुख क्रियाकलापको प्रगति स्थिति निम्नानुसार रहेको पाइयो:

क्षेत्र	क्रियाकलाप सङ्ख्या				माइलस्टोन सङ्ख्या			
	सम्पन्न गर्नुपर्ने	सम्पन्न	चालु	सुरु नभएका	सम्पन्न गर्नुपर्ने	सम्पन्न	चालु	सुरु नभएका
आर्थिक	४१५	१६७	२२९	१९	७९७	४०४	३२८	६५
पूर्वाधार	५००	१०९	३७४	१७	१३४८	३९२	७४२	२१४
शासकीय सुधार	३९२	२११	१५४	२७	६५४	४३२	१६६	५६
सामाजिक	२९३	१८१	१०५	७	६२२	४३१	१४९	४२
जम्मा	**१६००**	**६६८**	**८६२**	**७०**	**३४२१**	**१६५९**	**१३८५**	**३७७**
प्रतिशत	**१००**	**४१.७**	**५३.९**	**४.४**	**१००**	**४८.५**	**४०.५**	**११.०**

उल्लिखित तालिकाबमोजिम कुल १ हजार ६०० क्रियाकलापमध्ये ६६८ (४१.७ प्रतिशत) र ३४२१ माइलस्टोनमध्ये १ हजार ६५९ (४८.५ प्रतिशत) मात्र सम्पन्न भएको छ। जसमध्ये पूर्वाधार क्षेत्रतर्फ सबैभन्दा न्यून २२ प्रतिशत क्रियाकलाप र २९ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिन्छ। यसै गरी ७० क्रियाकलाप र ३७७ माइलस्टोन सुरु भएको देखिँदैन। अनुगमन प्रतिवेदनअनुसार २०७८।७९ मा ३७.३ प्रतिशत, २०७९।८० मा ३१.७ प्रतिशत र २०८०।८१ मा ४१.७ प्रतिशत क्रियाकलाप सम्पन्न भएको देखिन्छ।

अनुगमन प्रतिवेदनअनुसार सम्पन्न हुन नसकेका १ हजार ७६२ मध्ये ७४७ माइलस्टोन कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका कार्यहरू पूरा नभएको उल्लेख छ। त्यसै गरी अन्य कारणहरूमा बहुवर्षीय आयोजना स्वीकृति, जग्गा प्राप्ति, रूख कटान, सार्वजनिक, निजी एवं वनक्षेत्रको जग्गा उपयोगको विषय, नदी एवं खानीजन्य निर्माण सामग्री प्राप्तिको विषय, स्रोत सुनिश्चितता एवं बजेटको पर्याप्तताको विषय, आयोजनाको पुनः डिजाइन गर्नुपर्ने, वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने जस्ता विषयहरू रहेको देखिन्छ। तोकिएबमोजिमका क्रियाकलाप तथा माइलस्टोन समयमा नै सम्पन्न गर्नुपर्दछ।

४. **नीति अनुगमन तथा परिमार्जन** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा यस कार्यालयले नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने उल्लेख छ। कार्यालयको वेबसाइटमा नेपाल सरकारबाट विभिन्न समयमा जारी भएका ११३ नीति तथा ५ नीति परीक्षण प्रतिवेदन रहेका छन्। नमुना छनोटको आधारमा ११ नीतिको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था परीक्षण गर्दा लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३, वाणिज्य नीति, २०७२, राष्ट्रिय स्वास्थ्य बिमासम्बन्धी नीति, २०७१, राष्ट्रिय जनसङ्ख्या नीति, २०७१, राष्ट्रिय मल नीति, २०५८, राष्ट्रिय स्वास्थ्य नीति, २०७१ लगायत ६ नीतिको पुनरावलोकनको सम्बन्धमा किटानी व्यवस्था उल्लेख नगरेको, राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३, औद्योगिक नीति, २०६७, राष्ट्रिय सहकारी नीति, २०६९ को ५ वर्षमा पुनरावलोकन गर्ने उल्लेख भएकोमा उक्त अवधिपश्चात् पनि नीतिमा पुनरावलोकन नभएको, अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ को २ वर्षमा मूल्याङ्कन गर्ने तथा आपूर्ति नीति, २०६९ को वार्षिक रूपमा समीक्षा गरी पुनरावलोकन गर्ने उल्लेख भएकोमा सोको कार्यान्वयन गरेको देखिएन। समय किटान गरिएबमोजिम नीति कार्यान्वयन परीक्षण गर्नुपर्ने तथा अवधि किटान नगरिएको हकमा समेत नीतिहरूको समीक्षा तथा पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

५. **बजेट र खर्च** - प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र अन्तर्गतका निकायको लागि यो वर्षको बजेट विनियोजन र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	५००९३	५०४३७	३८८८३	७७.०९
पुँजीगत	५९२७	५८९०	२८८०	४८. ९०
जम्मा	**५६०२०**	**५६३२७**	**४१७६३**	**७४.१४**

उल्लिखित विवरणअनुसार समग्रमा ७४.१४ प्रतिशत खर्च भएकोमा पुँजीगततर्फ ४८.९० प्रतिशत मात्र खर्च भएको देखिन्छ। माथि उल्लिखित तालिकामा महान्यायाधिवक्ताको कार्यालय र

मातहतका कार्यालयबाट खर्च भएको चालुतर्फ रु.९८ करोड ३३ लाख र पुँजीगततर्फ रु.९ करोड ७६ लाखसमेत रु.१ अर्ब ८ करोड ९ लाखसमेत समावेश छ।

६. **निर्णय कार्यान्वयन -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २(४) मा नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन गर्ने अधिकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा रहेको छ। मन्त्रीपरिषद्को निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा दर्ता रहेका ७१४ निर्णयमध्ये ४१५ (५८ प्रतिशत) कार्यान्वयन सम्पन्न भएको, २८७ (४० प्रतिशत) निर्णय कार्यान्वयन चरणमा रहेको र १२ (२ प्रतिशत) निर्णय कार्यान्वयन हुन बाँकी रहेको देखिन्छ।

७. **हेल्लो सरकार**- सरकारी निकायबाट भएको काम कारबाहीका सम्बन्धमा नागरिकले गुनासो गर्न सक्ने र प्राप्त गुनासोलाई शीघ्र सम्बोधन गर्न २०७६।४।१ बाट हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन पोर्टल कार्यान्वयनमा आएको छ। हालसम्म हेल्लो सरकार वेब पोर्टलमा ३ हजार ७३६ सार्वजनिक निकाय आबद्ध भएका छन्। पन्ध्रौं योजना (२०७६।७७- २०८०।८१) को शासकीय सुधारतर्फको नतिजा खाकामा आधार वर्ष २०७५।७६ मा हेल्लो सरकारमा प्राप्त गुनासोको फर्स्यौंट प्रतिशत ४८.९ रहेको र २०८०।८१ मा ९८ प्रतिशत फर्स्यौंट गर्ने लक्ष्य रहेकोमा यो वर्ष प्राप्त १६ हजार १३५ गुनासो आवश्यक कारबाहीको लागि सम्बन्धित निकायहरूमा पठाएकोमा ७ हजार ८१० (४८.४ प्रतिशत) फर्स्यौंट भएको तथा समग्रमा हालसम्म ६१ प्रतिशत गुनासो फर्स्यौंट भएको देखिएको छ। यो वर्ष निकायगतरूपमा सबैभन्दा बढी गुनासो प्राप्त ५ निकाय र गुनासोको प्रकृतिको आधारमा बढी गुनासो प्राप्त ७ विषयसम्बन्धी विवरण देहायअनुसार रहेको छः

क्र सं	निकायगत रूपमा गुनासो विवरण	सङ्ख्या	फर्स्यौंट	प्रतिशत	क्र सं	प्रकृति अनुसार गुनासो विवरण	सङ्ख्या	फर्स्यौंट	प्रतिशत
१	प्रहरी प्रधान कार्यालय	१८४७	१४०५	७६	१	विद्युत सम्बन्धी	५०१	४३४	८७
२	नेपाल विद्युत प्राधिकरण	७२३	६१९	८६	२	सडक पुलसँग सम्बन्धित	३९९	१०१	२५
३	सडक विभाग	५१६	१७८	३४	३	ठगी किर्ते	३७०	२४१	६५
४	गृह मन्त्रालयसँग सम्बन्धित	४३५	३६९	८५	४	वेबसाइटमा समस्या	३४९	२४२	६९
५	स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित	४३२	९७	२२	५	विश्वविद्यालयसँग सम्बन्धित	३१७	६१	१९
					६	स्थानीयतहसँग सम्बन्धित	३१०	९१	२९
					७	खानेपानीसँग सम्बन्धित	२९६	५९	२०

सबैभन्दा बढी गुनासो क्रमशः प्रहरी प्रधान कार्यालय, नेपाल विद्युत प्राधिकरण र सडक विभागसँग सम्बन्धित रहेको देखिन्छ। त्यस्तै विद्युत, सडक, पुल, ठगी, किर्ते प्रकृतिको गुनासो धेरै प्राप्त भएको छ। सडकपुलसँग सम्बन्धित गुनासो २५ प्रतिशत, स्थानीयतहसँग सम्बन्धित २९ प्रतिशत, स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित २२ प्रतिशत, खानेपानीसँग सम्बन्धित २० प्रतिशत तथा विश्वविद्यालयसँग सम्बन्धित १९ प्रतिशत गुनासो फर्स्यौंट भएको छ। २०७८।७९ मा १० हजार ९२२, २०७९।८० मा ११ हजार ९३२ र यो वर्ष १६ हजार १३५ गुनासो दर्ता भई बर्सेनि गुनासोको सङ्ख्या बढ्दै गए तापनि फर्स्यौंट दरमा अपेक्षाकृत सुधार हुन सकेको देखिँदैन। सम्बन्धित पक्षलाई जिम्मेवार बनाउन गुनासो फर्स्यौंट स्थितिको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

८. **तत्काल समस्या समाधान -** तत्काल समस्या समाधान निर्देशिका, २०७९ को दफा ५ मा तत्काल समाधान गर्नुपर्ने समस्या पहिचान गरी समाधान गर्ने व्यवस्था मिलाउनका लागि सचिवको नेतृत्वमा

तत्काल समस्या समाधान केन्द्रको गठन गर्ने र दफा १३ मा केन्द्रबाट सम्पादित काम कारबाहीको मासिक प्रतिवेदन तयार गरी कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्थाअनुसार उक्त केन्द्रले सम्पादित काम कारबाहीको विवरण कार्यालयको वेबसाइटमा सार्वजनिक गरेको पाइएन। आयोजना कार्यान्वयनको क्रममा उत्पन्न हुने समस्या तथा आयोजनामा अपेक्षित प्रगति हुन नसक्नुको कारण पहिचान गरी तत्काल समाधान र सहजीकरण गर्न तथा नेपाल सरकार र अन्तर्गतका निकायबाट हुने सेवा प्रवाहका सम्बन्धमा देखिएका समस्या समाधान गर्न केन्द्रबाट तोकिएबमोजिमको कार्यसम्पादन हुनुपर्दछ।

९. **कोष व्यवस्थापन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा विपद् व्यवस्थापन कोष र दफा २३ मा अन्य कोषसम्बन्धी व्यवस्था छ। प्रधानमन्त्री दैवी प्रकोप सहायता कोष सञ्चालन नियमावली, २०६३ तथा प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९ अन्तर्गत स्थापना भएका कोषमा यो वर्षको आम्दानी तथा खर्चको स्थिति देहायअनुसार रहेको छः

(रु. हजारमा)

विवरण	प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष	प्रधानमन्त्री राहत कोष	प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष
गत वर्षको जिम्मेवारी	३१४५७८९	११२६७४	३३९५१
यस वर्षको आम्दानी	३८२५६२	२४६२	४७५६
जम्मा आम्दानी	३५२८३५१	११५१३६	३८७०७
खर्च	२००००००	-	-
मौज्दात	१५२८३५१	११५१३६	३८७०७

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा गत वर्षको मौज्दात रु.३ अर्ब १४ करोड ५७ लाख ८९ हजार र यो वर्ष विभिन्न निकाय तथा दाताबाट प्राप्त सहयोग र ब्याजसमेत जम्मा आय रु.३८ करोड २५ लाख ६२ हजार रहेकोमा रु.२ अर्ब राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणमा हस्तान्तरण गरेपश्चात् वर्षान्तमा रु.१ अर्ब ५२ करोड ८३ लाख ५१ हजार मौज्दात रहेको देखिन्छ। यसै गरी प्रधानमन्त्री राहत कोष र प्रधानमन्त्री राष्ट्रिय प्रतिभा कोषतर्फ यो वर्ष ब्याज बापत आम्दानी प्राप्त भएकोमा कुनै खर्च नभई वर्षान्तको मौज्दात क्रमशः रु.११ करोड ५१ लाख ३६ हजार र रु.३ करोड ८७ लाख ७ हजार रहेको छ।

राष्ट्रिय सतर्कता केन्द्र

१०. **उजुरी दर्ता र फर्स्यौट -** केन्द्रले सरकारी कार्यालय वा सार्वजनिक संस्थाहरूबाट सम्पादन हुने कार्यमा अनियमितता भएको लिखित तथा मौखिक रूपमा प्राप्त उजुरी, सञ्चार माध्यममा प्रकाशित समाचार, लेख, केन्द्रले गरेको निरीक्षण, सुराकी तथा विशेष निगरानीमार्फत् सङ्कलित उजुरी छानबिन गरी सम्बन्धित निकाय तथा पदाधिकारीलाई ध्यानाकर्षण, सतर्क र सुझाव तथा निर्देशन दिने कार्य गर्दै आएको छ। केन्द्रमा गत वर्षबाट जिम्मेवारी सरेका २७० तथा यस वर्ष दर्ता भएका १ हजार ३६७ समेत १ हजार ६३७ मध्ये १ हजार ३१ (६२.९८ प्रतिशत) उजुरी फर्स्यौट भएको देखिन्छ। बाँकी रहेका ६०६ उजुरी फर्स्यौट गर्नुपर्दछ।

११. **प्राविधिक परीक्षण -** राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को परिच्छेद ६ मा प्राविधिक परीक्षणसम्बन्धी व्यवस्था छ। यस वर्षको स्वीकृत वार्षिक कार्यक्रमबमोजिम राष्ट्रिय गौरवका

३, अन्य आयोजना १३, पुलसुधार तथा सम्भार ६७, सडक बोर्डअन्तर्गतका १० र स्थानीय तहको माग तथा बजेट अनुरूपका ५ समेत ९८ आयोजनाको प्राविधिक परीक्षण कार्यमा रु.४ करोड ३ लाख खर्च भएको देखिन्छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

११.१. आयोजनाहरूको प्राविधिक परीक्षण गर्न जियो टेक्निकल, स्ट्रक्चरल, आर्किटेक्चरल, वातावरणीय लगायतका विज्ञ जनशक्तिको आवश्यकता पर्दछ। पुल, टनेल, सिँचाइ आयोजना जस्ता जटिल प्रकृतिको आयोजनाको प्राविधिक परीक्षण गर्न विशेष ज्ञान तथा अनुभव प्राप्त जनशक्ति तथा फरक फरक विधाको जनशक्ति आवश्यक पर्नेमा केन्द्रले प्राविधिक परीक्षक छनोट गर्दा प्राविधिक परीक्षण प्राप्त गरेको मात्र आधार लिएको देखिन्छ। प्राविधिक परीक्षणका लागि प्राविधिकको मापदण्ड तथा योग्यता निर्धारणसम्बन्धी कार्यविधि तर्जुमा गरी सोको आधारमा प्राविधिक परीक्षण गर्नुपर्दछ।

११.२. राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम २५ बमोजिम गठित प्राविधिक परीक्षण परामर्श समितिको बैठकको निर्णयअनुसार प्राविधिक परीक्षण प्रतिवेदनमा निर्माणस्थलमा सबैले हेर्न र देख्न सक्ने गरी सूचना पाटी अनिवार्य राख्न लगाउने, कार्य प्रारम्भ गर्नुअघि गुणस्तर आश्वस्तता योजना स्वीकृत गराई परिपालन गर्ने गराउने, प्रयोगशालाबाट अनिवार्य जाँच गर्ने, आयोजनाको निर्माण कार्यतालिका अनुरूप कार्य गराउने, कुनै पनि निर्माण कार्य वा कुनै क्रियाकलाप कार्यसम्पन्न भएपछि कार्यस्थल सफा गर्नेलगायतका कैफियतहरू औँल्याएकोमा निर्माण कार्यको भुक्तानी गर्नुपूर्व त्यस्ता कैफियतहरू फर्स्यौंट भएको सुनिश्चितता गरेर मात्र भुक्तानीको व्यवस्था मिलाउनुपर्ने लगायतका बेहोरा औँल्याएको देखिन्छ। प्राविधिक परीक्षण प्रतिवेदनमा औँल्याइएका बेहोरा कार्यान्वयन हुनुपर्दछ।

१२. **कार्ययोजना कार्यान्वयन -** केन्द्रले भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७ अनुसार सम्पादन भएका कार्यहरूको अद्यावधिक प्रगति विवरण २०७२ आषाढपश्चात् पेस गरेको देखिएन। उक्त कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरूमध्ये सार्वजनिक निर्माण आचारसंहिता जारी गर्ने, स्वीकृत ठेक्कापट्टाको १० प्रतिशतसम्म फाइल विस्तृत छानबिन गरी तथ्य सार्वजनिक गर्ने र प्रत्येक सार्वजनिक संस्थानबाट वर्षभरिमा खरिद वा निर्माण वा बिक्रीसम्बन्धी निर्णयमध्ये नमुना छनोटका आधारमा कम्तीमा १० प्रतिशत निर्णयको औचित्य तथा नियमितताको परीक्षण कार्य सुरु गर्ने लगायतको कार्य निरन्तर गर्ने उल्लेख भएकोमा कार्यान्वयन भएको देखिएन। उक्त कार्ययोजनाको समीक्षा गरी सम्पादन हुन नसकेका विषय सम्बोधन गर्न कार्ययोजना बनाई लागु गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा औँल्याएकोमा स्थिति यथावत् छ।

सार्वजनिक खरिद अनुगमन कार्यालय

१३. **कार्य सम्पादन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ मा कार्यालयको काम, कर्तव्य र अधिकार सम्बन्धमा उल्लेख गरेको छ। ऐन नियममा तोकिएका कार्यहरुमध्ये खरिद विज्ञ प्रमाणीकरण गर्ने, केन्द्रीय डाटा बैङ्कको स्थापना गरी खरिद सम्झौता कार्यान्वयनसम्बन्धी कार्य सम्पादनको अभिलेख राख्ने, सार्वजनिक खरिद कार्यमा संलग्न पदाधिकारी तथा निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदातालाई जवाफदेही बनाउने गरी खरिद आचारसंहिता तर्जुमा

गर्नेलगायतका कार्यहरू भएको देखिएन। तोकिएका जिम्मेवारी पूरा हुने गरी कार्यालयले कार्य सम्पादन गर्नुपर्दछ।

१४. **कानुन परिमार्जन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५(क) मा कार्यालयको जिम्मेवारीअन्तर्गत खरिदसम्बन्धी नीति वा प्रचलित कानुनमा सुधार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था रहेको छ। कार्यालयको वार्षिक प्रतिवेदनअनुसार सार्वजनिक खरिदसम्बन्धी राष्ट्रिय नीति तर्जुमा हुन नसकेको, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कनलगायतका विषयलाई सार्वजनिक खरिद ऐनले समेट्न नसकेको, सार्वजनिक खरिद कानुनमा राष्ट्रिय प्राथमिकता प्राप्त तथा राष्ट्रिय गौरवका आयोजना, ठूला प्रकृतिका आर्थिक तथा सामाजिक पूर्वाधारको विकासका लागि छुट्टै प्रारूपहरू समावेश हुन नसकेको, नागरिकलाई तत्काल उपलब्ध गराउनुपर्ने आधारभूत सार्वजनिक सेवासँग सम्बन्धित सानातिना खरिद र ठूला तथा जटिल आयोजनाबीचको खरिद प्रक्रियामा फरकपन नभएको लगायतका कानुनी समस्या रहेको बेहोरा उल्लेख छ। उक्त विषयहरू सम्बोधन हुने गरी कानुन तर्जुमा तथा परिमार्जनका लागि कार्यालय तथा अन्तरसम्बन्धित निकायले पहलकदमी लिई खरिद व्यवहार तथा सार्वजनिक खरिद व्यवस्थापनमा सुधार गर्नुपर्दछ।

१५. **सरकारी खरिद सेवा कार्यालय -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(क) मा नेपाल सरकारले आपूर्तिकर्ता छनोट तथा मालसामान खरिदमा सहयोग गर्न केन्द्रीयस्तरमा एक सरकारी खरिद सेवा कार्यालयको स्थापना गर्न सक्ने व्यवस्था रहेको र सोही नियमको उपनियम (४) मा सरकारी खरिद सेवा सञ्चालनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले छुट्टै खरिद निर्देशिका जारी गर्नुपर्ने उल्लेख छ। उक्त व्यवस्थाहरू कार्यान्वयनमा आएका छैनन्। सरकारका तह अनुसार खरिद कार्यविधि, स्पेसिफिकेसन तयारी, पूर्वयोग्यता निर्धारण, बोलपत्रसम्बन्धी कागजात तयारी, योग्यताका आधार तयारीमा एकरूपता ल्याउन उक्त व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

१६. **विद्युतीय खरिद प्रणाली -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ तथा नियमावलीको नियम १४६ मा कार्यालयले विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने उल्लेख छ। सोबमोजिम कार्यालयले विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० कार्यान्वयनमा ल्याएको छ। यस वर्ष विद्युतीय खरिद प्रणालीमा दर्ता भएका सार्वजनिक निकाय, बोलपत्रदाता तथा बोलपत्र सूचनाहरूको विवरण देहायअनुसार रहेको छः

क्र.सं.	विवरण	२०८०।८१को सङ्ख्या	हालसम्मको सङ्ख्या
१	बोलपत्रदाता	५७४१	४२६६३
२	सार्वजनिक निकाय	३८४	४८७२
३	जम्मा बोलपत्र सङ्ख्या	२६३७०	१४४४९७
३.१	निर्माण कार्य	१८५३१	१०५७११
३.२	मालसामान खरिद	७५६२	३६६२०
३.४	परामर्श सेवा खरिद	२७७	२१६६
४	रद्द भएका सूचना	१००५	५४०६

उल्लिखित विवरणअनुसार २०८०।८१ मा २६ हजार ३७० बोलपत्र आह्वान भएकोमा १ हजार ५ अर्थात् ३.८१ प्रतिशत बोलपत्र रद्द भएको देखिन्छ। हालसम्म १ लाख ४४ हजार ४९७ मध्ये ५ हजार ४०६ अर्थात् ३.७४ प्रतिशत बोलपत्र रद्द भएको देखिन्छ। विद्युतीय प्रणालीलाई

प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारीहरूको दक्षता अभिवृद्धि तथा प्रणालीगत सुधार गर्नुपर्ने देखिन्छ। विद्युतीय खरिद प्रणालीमा यदाकदा प्राविधिक समस्या आई प्रणाली प्रयोगकर्ताहरूलाई कठिनाइ समेत हुन गई बोलपत्र सूचनाको म्याद थप गर्ने गरेको देखिन्छ। प्रयोगकर्ताहरूको सहज पहुँच तथा विना अवरोध निरन्तर सञ्चालन हुने गरी प्रणालीमा सुधार गर्नुपर्दछ।

१७. **कालोसूचीसम्बन्धी मापदण्ड** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्झौता अनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेको लगायतका अवस्थामा कार्यालयले १ वर्ष देखि ३ वर्षसम्म कालोसूचीमा राख्न सक्ने र दफा ६३ को उपदफा (६) मा कालोसूचीबाट फुकुवा गर्ने सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको मापदण्डअनुसार कालोसूचीबाट फुकुवा गरिने उल्लेख छ। कार्यालयले कालोसूचीबाट फुकुवा गर्ने सम्बन्धमा मापदण्ड तर्जुमा गरेको छैन। कार्यालयले यो वर्ष २८७ वटा खरिद कार्यमा २८१ वटा फर्म तथा संस्थालाई १ वर्षदेखि ३ वर्षसम्म कालोसूचीमा राख्ने गरी सार्वजनिक सूचना प्रकाशन गरेकोमा उक्त निर्णय विरुद्ध ४६ वटा फर्म अदालत गएको देखिन्छ। अदालतबाट अन्तरिम आदेश जारी भई १७ वटा फर्म कम्पनीलाई कालोसूचीमा राख्ने निर्णय कार्यान्वयन नभएको अवस्था छ। कार्यालयले कालोसूचीमा राख्ने र फुकुवा गर्ने सम्बन्धमा मापदण्ड तयार गर्नुपर्दछ।

१८. **क्षमता विकास** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ मा सार्वजनिक निकायमा खरिदसम्बन्धी क्षमता वा दक्षता र व्यावसायिक कार्यकुशलता भएका कर्मचारीको व्यवस्थाको लागि योजना तयार गर्ने र कर्मचारीको पेसागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी यस कार्यालयको हुने उल्लेख छ। कार्यालयले यस वर्ष २१ तालिम कार्यक्रममार्फत ६९१ जनालाई, कार्यालय र अन्य विभिन्न निकायको समन्वयमा १४ तालिम कार्यक्रममार्फत सार्वजनिक निकायमा कार्यरत ५६१ जनालाई सार्वजनिक खरिदमा क्षमता विकाससम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरेको छ। साथै कार्यालयले यो वर्ष १८ जिल्लाका १७ स्थानीय तह र प्रदेश तथा सङ्घीय कार्यालयसमेत ३२ सार्वजनिक निकायको अनुगमन गरी तयार गरेको प्रतिवेदनमा खरिद कार्यमा संलग्न जनशक्तिमा तालिमको अभाव रहेको, वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्थाको पालना नभएको लगायतका बेहोरा उल्लेख छ। केन्द्रदेखि स्थानीय तहसम्मको मागअनुरूपको सङ्ख्यामा तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्न कार्यालयको संस्थागत क्षमता तथा दक्ष जनशक्तिको कमी रहेको देखिँदा संस्थागत क्षमता सुदृढीकरण गर्नुपर्ने, खरिद कार्यमा संलग्न जनशक्तिको लागि तालिमको व्यवस्था गर्ने तथा खरिद कार्यमा देखिएका समस्या समाधानको लागि स्थायी प्लेटफर्म तर्जुमा गर्नुपर्दछ।

राष्ट्रिय तथ्याङ्क कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालयको मुख्य उद्देश्य आवधिक विकास योजना, नीति तर्जुमा र निर्णय निर्माणमा आवश्यक तथ्याङ्क राष्ट्रिय योजना आयोग र अन्य सरकारी निकायहरूलाई उपलब्ध गराउनु हो। तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समय सापेक्ष बनाई सङ्घ, प्रदेश र स्थानीयतहको नीति निर्माण, नीति कार्यान्वयन, स्रोत व्यवस्थापन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन नेपालको तथ्याङ्कीय

प्रणालीको विकास र सुदृढीकरणमा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख भूमिका रहेको छ। केन्द्र र मातहतसमेत १९ कार्यालयमा ४१४ कर्मचारी दरबन्दी रहेको छ।

१९. **वार्षिक लक्ष्य तथा प्रगति** — आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ तथा नियमावली, २०७७ को नियम ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन एवं प्रगति समीक्षा गरी कम प्रगति भएको कारण पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदमसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयको लागि यो वर्ष चालु र पुँजीगतमा रु.५७ करोड ९८ लाख ४ हजार अन्तिम बजेट कायम भएकोमा रु.२२ करोड १८ लाख ७३ हजार (३८.२७ प्रतिशत) खर्च भएको देखिन्छ। विभिन्न कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारको स्रोततर्फबाट रु.१५ करोड ५१ लाख विनियोजन भएकोमा रु.५ करोड ४३ लाख ६३ हजार (३५ प्रतिशत) खर्च भएको देखिन्छ। सोमध्ये यू.एस. एड स्रोतबाट रु.३ करोड ३१ लाख विनियोजन भएकोमा कार्यक्रम सञ्चालन नभएकोले खर्च भएको छैन। दोस्रो राष्ट्रिय आर्थिक गणनाको लागि महानगर/उपमहानगरपालिकामा गणना क्षेत्र नक्साङ्कन गर्ने, राष्ट्रिय कृषि गणनाको विषयगत प्रतिवेदन तयार गर्ने, डाटा इन्ट्री सफ्टवेयर डिजाइन, जनसङ्ख्या प्रक्षेपणको कार्य गर्नेलगायतको कार्यक्रम कार्यान्वयन गरेको पाइएन। वार्षिक लक्ष्यअनुरूप प्रगति हासिल गर्नुपर्दछ।

२०. **कार्य सम्पादन —** तथ्याङ्क ऐन, २०७९ को दफा २४ मा कार्यालयले प्रत्येक १० वर्षमा जनगणना सञ्चालन, नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षण र नेपाल श्रमशक्ति सर्वेक्षणलगायतका क्रियाकलाप सञ्चालन गरी विभिन्न क्षेत्रसँग सम्बन्धित नीतिहरूको तर्जुमाका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रशोधन, विश्लेषण, वितरण र भण्डारण गर्दै आएको छ। कार्यालयको वार्षिक प्रतिवेदनअनुसार राष्ट्रिय तथ्याङ्क ऐन, २०७९ अनुरूप कार्यालयको कार्यविधि तर्जुमा गर्न बाँकी रहेको, तथ्याङ्क क्षेत्रको नवीनतम प्रविधिसँग सम्बन्धित तालिम र प्रशिक्षकको कमी रहेको, सङ्घ, प्रदेश र स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरणलाई मूल प्रवाहीकरण गर्न कठिनाइ भएको, एकीकृत तथ्याङ्क प्रणाली संस्थागत गर्न चुनौती रहेको उल्लेख छ।

२१. **तथ्याङ्क सङ्कलन अनुमति -** राष्ट्रिय तथ्याङ्क ऐन, २०७९ को दफा १७ मा राष्ट्रियस्तरको प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन गर्न चाहने सरकारी निकाय वा संस्थाले तथ्याङ्क सङ्कलनको लागि कार्यालय समक्ष अनुमति लिनुपर्ने उल्लेख छ। यो वर्ष राष्ट्रियस्तरमा तथ्याङ्क सङ्कलनको लागि कुनै पनि सरकारी निकाय वा संस्थाले कार्यालयसमक्ष अनुमति माग गरेको देखिएन। राष्ट्रिय मानक तथा गुणस्तरको पालनाको लागि एवं तथ्याङ्कको आधिकारिकताको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले सबै सरकारी निकाय एवं संस्थाहरुमा यससम्बन्धी सूचना सम्प्रेषण गरी उक्त प्रावधान कार्यान्वयन गर्न पहल गर्नुपर्दछ।

राजस्व अनुसन्धान विभाग

२२. **उजुरी दर्ता तथा फर्स्यौट -** राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ मा कसैले राजस्व चुहावट गरेको छ वा गर्न लागेको छ भन्ने लिखित वा मौखिक रूपमा सूचना प्राप्त भएमा वा कुनै स्रोतबाट जानकारी प्राप्त भएमा विभागले अनुसन्धान तथा तहकीकात गर्न सक्ने व्यवस्था छ। विभागमा विगतको जिम्मेवारीसमेत राजस्व चुहावटसम्बन्धी २ हजार ४७४ र विदेशी विनिमय अपचलनका २९४

समेत २ हजार ७६८ उजुरी प्राप्त भएकोमा प्रारम्भिक अनुसन्धानबाट १ हजार ५३४, मुद्दा दायर ११४, तामेली ३३ र विस्तृत अनुसन्धानबाट टुङ्गिएको ३११ समेत १ हजार ९९२ (७१.९६ प्रतिशत) फर्स्यौंट भएको देखिन्छ। विभागको अनुसन्धान तथा तहकीकात क्षमता थप सुदृढ गर्नुपर्दछ।

२३. **ट्रयाकिङ्ग प्रणाली -** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३(ग) मा कानुनबमोजिम एक स्थानबाट अर्को स्थानमा मालसामान ओसार-पसार गर्नुपूर्व ढुवानी गरिने मालसामानको विवरण वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा प्रविष्ट गरेर मात्र ओसार-पसार गर्नुपर्ने व्यवस्था छ। यस प्रणालीमा २ लाख ५१ हजार प्रयोगकर्ता दर्ता भएकोमा यो वर्ष विभागले ट्रयाकिङ्ग प्रणालीको प्रयोग नगर्ने ८९४ फर्मबाट रु.३ करोड ४६ लाख जरिबाना असुल गरेको छ। एउटै ढुवानी साधनमा भएका मालवस्तुहरू ढुवानी गर्दा गोदाम/यार्ड, प्रज्ञापनपत्र तथा ट्रयाकिङ्ग प्रणालीमा अलग अलग घोषणा गर्नुपर्ने व्यवस्थाले सेवाग्राहीको समय र लागत बढी लाग्ने गरेको देखिन्छ। आशिकुडा र मालवस्तु ढुवानी साधनको अनुगमन प्रणालीबिच स्वचालितरूपमा अन्तर आबद्धता कायम गरी प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्दछ।

२४. **राजस्व चुहावट नियन्त्रण -** अर्थतन्त्रको संरचनात्मक परिवर्तन, सूचना प्रविधिको क्षेत्रमा भएको विकास र यस क्षेत्रमा भएका कारोबारका गतिविधिमा संलग्न व्यक्ति तथा समूहको चुहावटको शैली एवं तौरतरिकामा निरन्तर परिवर्तन भएको देखिन्छ। विभागले यो वर्ष राजस्व चुहावटतर्फ रु.६ अर्ब ५ करोड बिगो दाबी गरी ८२ जनालाई प्रतिवादी बनाई २६ मुद्दा तथा विदेशी विनिमय अपचलनतर्फ रु.४९ करोड बिगो दाबी गरी १६४ जनालाई प्रतिवादी बनाई ८८ मुद्दा दायर गरेको छ। विभागले दायर गरेको मुद्दामा अदालतबाट भएको फैसला र सो उपरको पुनरावेदनको अवस्था अद्यावधिक नगरेकोले थप विश्लेषण गर्न सकिएन। हुण्डी तथा इलेक्ट्रोनिक, डिजिटल, भर्च्युअल करेन्सीजस्ता अभौतिक मुद्राको माध्यमबाट विदेशी मुद्राको अपचलन तथा अन्य आपराधिक क्रियाकलाप हुनसक्ने, कतिपय ई-कमर्श, अनलाइन प्लेटफर्म, सामाजिक सञ्जाललगायत विद्युतीय माध्यमबाट व्यापार व्यवसाय गर्न सञ्चालित व्यवसाय करको दायरामा नआएको विभागको वार्षिक प्रतिवेदनमा उल्लेख छ। विभागले राजस्व चुहावटका क्षेत्रहरूको पहिचान गर्न कर्मचारीहरूको क्षमता विकास एवं अन्तरनिकाय सञ्जालीकरणमार्फत चुहावट नियन्त्रणका रणनीतिहरू तर्जुमा गरी सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

२५. **कार्यसम्पादन स्थिति -** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ अनुसार सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरको अनुसन्धान गर्ने जिम्मेवारी यस विभागको रहेको छ। विभागले स्थापनाकालदेखि २०८०।८१ सम्म ४ हजार ८३ उजुरी दर्ता भएकोमा १०१ मुद्दा दायर, १ हजार ९३ तामेली, १ हजार ७५८ मा प्रारम्भिक जाँचबुझ अधिकृत तोकेको तथा ३०८ उजुरीमा अनुसन्धान भइरहेको विवरण पेस गरेको छ। विभागले हालसम्म रु.१४ अर्ब २७ करोड २७ लाख बिगो मागदाबी गरी १०१ मुद्दा दायर गरेकोमा ९७ मुद्दा विशेष अदालतबाट र १५ मुद्दा सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको छ।

२६. **रणनीतिक योजना कार्यान्वयन -** नेपाल सरकारले वित्तीय प्रणाली तथा समग्र अर्थतन्त्रलाई वित्तीय अपराधको जोखिमबाट संरक्षण गर्दै स्थायित्व प्रवर्धन गर्ने सोच लिई ३ लक्ष्य, १० उद्देश्य र ३० रणनीति समावेश गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) लागु गरेको छ। उक्त कार्ययोजनाको प्रगति विवरण तयार गरेको देखिएन। रणनीति तथा कार्ययोजनाको समग्र प्रगति विवरण तयार गरी समीक्षा हुनुपर्छ।

२७. **प्रतिवेदन कार्यान्वयन** - सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा एसिया प्रशान्त समूहले १ जून, २०२४ (२०८१ ज्येष्ठ १९) मा जारी गरेको फलो अप प्रतिवेदन अनुसार प्राविधिक अनुपालनातर्फ ४० सिफारिसमध्ये ५ पूर्ण पालना, २३ अधिकांश पालना, ११ आंशिक पालना र गैरनाफामूलक सङ्गठनसँग सम्बन्धित कानून र नियमहरू पर्याप्त नभएकोले सिफारिस नं. ८ कार्यान्वयन नभएको उल्लेख छ। उक्त समूहले ९ सेप्टेम्बर, २०२३ (२०८० भाद्र २३) मा सार्वजनिक गरेको पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरेका कमजोरीमध्ये यस अवधिमा ९ सिफारिसमा मात्र प्रगति देखिएको छ। उक्त सिफारिसको आंशिक मात्र पालना भएबाट विद्यमान रहेका उच्च जोखिमका क्षेत्रहरूमा भ्रष्टाचार, कर (राजस्व) छली, वित्तीय अपराध (बैङ्किङ कसुर र हुण्डी), मध्यम जोखिमका क्षेत्रहरूमा लागुऔषध ओसारपसार, आपराधिक लाभ, सङ्गठित अपराध, जबरजस्ती चन्दा असुली, ठगी, बैङ्किङ कसुर, खोटा मुद्रा, वातावरण सम्बद्ध अपराध, चोरी-डकैती, तस्करी (कालो बजारी समेत), बहुमूल्य वस्तुहरूको गैरकानुनी ओसार पसार, किर्ते, हातहतियार सम्बद्ध अपराध र घरेलु आतङ्कवाद र न्यून जोखिमका क्षेत्रहरूमा अपहरण तथा शरीर बन्धक, अन्तर्राष्ट्रिय आतङ्कवाद, नक्कली वस्तुको उत्पादन तथा उत्पादनको गैरकानुनी प्रतिलिपि वा चोरी, चोरी गरिएका वस्तुहरूको कारोबारलगायतका विषयमा आवश्यक कानुनी तथा संरचनात्मक सुधार गर्नुपर्दछ।

अन्य संस्था

नेपाल ट्रष्टको कार्यालय

तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको र हक पुग्ने सम्पत्तिलाई ट्रष्ट बनाई त्यस्तो सम्पत्तिको व्यवस्थापन गरी राष्ट्रहितमा प्रयोग गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको नेपाल ट्रष्ट ऐन, २०६४ बमोजिम नेपाल ट्रष्टको कार्यालय स्थापना भएको हो। ट्रष्टले यो वर्ष रु.६ करोड ९५ लाख १९ हजार खर्च गरेको छ।

२८. **सम्पत्तिको उपयोग -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ तथा नेपाल ट्रष्ट नियमावली, २०६५ को नियम ३ मा ट्रष्टको सम्पत्ति विद्यालय, महाविद्यालय वा विश्वविद्यालयजस्ता शैक्षिक तथा प्राज्ञिक संस्थाहरू खडा गरी सञ्चालन गर्न वा त्यस्तो संस्था सञ्चालनका लागि अनुदान प्रदान गर्न, राष्ट्रिय हित अनुकूल तथा ट्रष्टलाई फाइदा हुने गरी पर्यटकीय र व्यावसायिक कार्य सञ्चालन गर्न र अस्पताल वा स्वास्थ्य चौकी जस्ता सार्वजनिक प्रयोजनका राष्ट्रहितका कार्यमा प्रयोग गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार ट्रष्टको स्थापनाकालदेखि २०८०।८१ सम्म १२ जिल्लाका २१ हजार ६३३ रोपनी १५ आना जग्गा यसको स्वामित्वमा आएको, विभिन्न वाणिज्य बैङ्कमा ब्रिटिस पाउण्ड ५४ हजार २८९, अमेरिकी डलर १

लाख ७३ हजार ६२६ र रु.१ अर्ब ६८ करोड ३ लाख ५० हजार मौज्दात रहेको छ। त्यसै गरी नबिल बैङ्क, होटल डेला अन्नपूर्ण र राष्ट्रिय वाणिज्य बैङ्कको समेत १२ लाख ९९ हजार ७३५ कित्ता सेयर रहेको देखिन्छ। ट्रष्टले यो वर्ष ब्याजबापत रु.१४ करोड ८० लाख आम्दानी गरेको छ।

ट्रष्टको नाममा रहेका भरतपुर महानगरपालिका वडा नं. १ स्थित दियालो बंगलाको ८०-३-३-१.९३ रोपनी, भक्तपुर नगरपालिका सल्लाघारी स्थित १०८-२-१-० रोपनी, गोकर्णेश्वर नगरपालिका गोकर्णस्थित ११७४-२-३-३ रोपनी, हेटौंडा उप-महानगरपालिका वडा नं.१० स्थित कान्ति ईश्वरी गृहको २६-१-०-३.४९ रोपनीलगायत विभिन्न ११ स्थानका १६१९-४-२-२.७३ रोपनीभन्दा बढी जग्गा जमिन तथा भवनहरू ऐनको व्यवस्थाअनुरूप उपयोग गर्नुपर्दछ।

२९. **जग्गाको स्वामित्व र संरक्षण -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ७ मा ट्रष्टको सम्पत्तिको समुचित व्यवस्थापन गरी यसको सम्भार र संरक्षण गर्नुपर्ने र दफा ११ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि ट्रष्टको स्वामित्वमा रहेको अचल सम्पत्ति कुनै व्यक्ति विशेष वा संस्थापकको नाममा दर्ता हुन नसक्ने उल्लेख छ। नेपाल सरकार (मन्त्रीपरिषद्) को २०६४।५।२६ को निर्णय अनुसार मालपोत कार्यालय, कलङ्कीबाट विगतमा नेपाल ट्रष्टको नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको काठमाडौंको मातातीर्थ, थानकोट, सतुङ्गल तथा इचङ्गुमा रहेको १७२ रोपनी १५ आना जग्गा मोही तथा निजको हकवालाको नाममा नामसारी भएको देखिन्छ। ऐनको व्यवस्था विपरीत ट्रष्टको सम्पत्ति मोहीको नाममा दर्ता भएकोमा उक्त जग्गा छानबिन गरी ट्रष्टको नाममा स्वामित्व हस्तान्तरण गरेको छैन। बालाजु, स्वयम्भू, शेष नारायण, थानकोटलगायत ११ स्थानमा रहेको ४०४ रोपनी ६ आना जग्गामा हालसम्म पनि मोहीहरूले खेती गरिरहेको तथा एक निजी विद्यालय सञ्चालनमा रहेको देखिएको छ।

ट्रस्टको नाममा रहेका धादिङ जिल्लाको धुनीबेंसी नगरपालिका (साविकको छत्रेदेउराली गाउँ विकास समिति-८) स्थित १५१०१-११-२-१ रोपनी ललितपुर जिल्ला गोदावरी नगरपालिका, गोदामचौर स्थित ८-१०-३-० रोपनी, सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङपालस्थित २७-१३-१-१ रोपनी, काठमाडौं महागरपालिका-१६ बालाजु बाइपास क्षेत्रको १२२-१०-१-३ रोपनीलगायत विभिन्न ८ स्थानका १५५०२-२-०-३.८४ रोपनी भन्दा बढीको जग्गाको सिमाङ्कन र संरक्षणसम्बन्धी कार्य गरेको देखिँदैन। ऐनको व्यवस्थाअनुरूप सम्पत्तिको संरक्षण गर्नुपर्दछ।

३०. **भवन र जग्गा लिज -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५(३क) मा ट्रष्टले कार्य सञ्चालन गर्दा समितिले ट्रष्टको सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई ट्रष्टको सिफारिसमा नेपाल सरकारले तोकेको अवधिको लागि लिजमा दिन सक्ने व्यवस्था छ। ट्रष्टले यस वर्ष लिज भाडाबापत १० संस्थाबाट रु.१४ करोड १ लाख ५५ हजार आय आर्जन गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

३०.१. काठमाडौं महानगरपालिका, वडा नं.२८, कमलादीस्थित कित्ता नं. ३२८२ को २ रोपनी ४ आना २ पैसा जग्गामा व्यापारिक कम्प्लेक्स भवन निर्माण गरी ३० वर्षका लागि लिजमा दिन २०७७।११।११ देखि पटक-पटक सार्वजनिक सूचना प्रकाशन गर्दासमेत कुनै प्रस्ताव पेस नभएको उल्लेख गरी २०८०।४।३१ मा बसेको सञ्चालक समितिको बैठकबाट लिज/भाडामा नलाग्दासम्म कर बाहेक मासिक रु.९० हजार ७२० मा काठमाडौं महानगरपालिकालाई उपलब्ध गराउने निर्णय भएको देखिन्छ। त्यसैगरी २०८०।९।२० को बैठकबाट उक्त भवन लिजमा दिने निर्णय भएअनुसार भाडाबाट प्राप्त हुने

रकमको ३० प्रतिशत स्वामित्ववाला कार्यालय तथा ७० प्रतिशत लगानीकर्ताले प्राप्त गर्ने गरी २०८०।१०।२७ मा लिजमा दिने सार्वजनिक प्रस्ताव आह्वान भएकोमा लेखापरीक्षण अवधिसम्म उक्त कार्य सम्पन्न भएको देखिएन। अधिकतम लाभ प्राप्त हुने गरी उक्त व्यापारिक कम्प्लेक्सको उपयोग गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत् छ।

३०.२. काठमाडौँ महानगरपालिकाको साविक वडा नं ३१, हाल वडा नं. २८ कमलादी कित्ता नं २२३५ र ३२८२ को ५ रोपनी २ पैसा क्षेत्रफल रहेको काठमाडौँ प्लाजा नामको भवन र जग्गा काठमाडौँ महानगरपालिकालाई भाडामा दिने गरी २०७९।१२।८ मा सम्झौता भएकोमा सम्झौता अवधिदेखि २०८१ आषाढ मसान्तसम्म महानगरले खुद बुझाउनुपर्ने रु.७ करोड ९१ लाख १२ हजार रहेकोमा २०८०।७।१४ मा रु.२ करोड ८२ लाख १२ हजार मात्र बुझाएको देखिँदा बाँकी रु.५ करोड ९ लाख असुल हुनुपर्दछ। यसै गरी सम्झौतामा भवनको भाडा भुक्तानी गर्दा विगतदेखि मुक्तिनाथ विकास बैङ्क, एक दोहोरी साँझ र एक रेष्टुरेण्टले प्रयोग गरिरहेको क्षेत्रफलको भाडा कट्टी गरी काठमाडौँ महानगरपालिकाले नेपाल ट्रष्टलाई बुझाउनुपर्ने उल्लेख छ। उक्त ३ व्यावसायिक संस्थामध्ये एक दोहरी साँझ र एक रेष्टुरेण्टले २०८० भाद्रसम्म भवन प्रयोग गरेबापत भुक्तानी गर्नुपर्ने रु.४४ लाख १० हजार भाडा असुली भएको छैन। भाडाबापतको उक्त रकम असुल हुनुपर्दछ।

३०.३. पोखरा महानगरपालिका वडा नं ७ रत्नचोकस्थित कित्ता नं. ३० को क्षेत्रफल १ रोपनी १२ आना १ पैसा जग्गा ५ वर्षको लागि वार्षिक रु.५ लाख १६ हजार भाडा लिने गरी एक होटल सञ्चालकसँग २०७३।४।७ मा भएको सम्झौताबमोजिमको संरचना निर्माण तथा व्यवसाय नगरेको र सम्झौताबमोजिमको रकमसमेत नबुझाएकोले नेपाल ट्रष्टको कार्यालयले काठमाडौँ जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा अदालतबाट २०८०।३।१० मा उक्त सम्झौताबमोजिमको भाडा रकम भराई पाउने र जरिबानाको हकमा दाबी नपुग्ने फैसला भएकोमा कार्यालयले उक्त होटललाई विपक्षी बनाई जरिबानासमेत दिलाई पाउन उच्च अदालत पाटनमा २०८०।७।१६ मा पुनरावेदन गरेकोमा उक्त मुद्दा विचाराधीन रहेको छ।

लगानी बोर्ड

३१. **परियोजना पहिचान -** सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ८ मा बोर्डको कार्यक्षेत्रमा सम्भाव्य परियोजनाहरूको विवरण सङ्कलन गरी त्यस्ता परियोजनाहरूको अध्ययन तथा परियोजनाको सूची तयार गर्ने वा गराउने, सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन हुने परियोजनामध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजना छनोट गर्ने वा गराउनेलगायतका कार्य रहेका छन्। लगानी बोर्ड परियोजना बैङ्क मार्गदर्शनबमोजिम बोर्डले परियोजनाको पहिचान (प्रोजेक्ट आइडिया नोट) तयार गरी पूर्व/सम्भाव्यता अध्ययन सम्पन्न गरी परियोजनाको मूल्याङ्कन, श्रेणीकरण र प्राथमिकीकरण गरी लगानीयोग्य परियोजनाहरूको परियोजना बैङ्क तयार गर्नुपर्ने व्यवस्था छ। हालसम्म लगानी बोर्डको कार्यालयबाट परियोजनाको विस्तृत अध्ययन नगरी आशयपत्र र प्रस्ताव आह्वान गर्ने गरेकोमा लगानीकर्ताको न्यून चासो देखिएको छ। यो वर्ष लगानी सम्मेलनको लागि प्रस्ताव (सो केश) गरिएका १९ मध्ये २ परियोजनामा लगानीकर्ताको आशयपत्र प्राप्त भएको देखिन्छ।

३२. **परियोजना कार्यान्वयन -** सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा रु.६ अर्ब रुपैयाँ वा सोभन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी तथा निजी क्षेत्रबाट निर्माण सञ्चालन र व्यवस्थापन हुने प्रकृतिको निजी लगानीका परियोजनाको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति बोर्डबाट हुने व्यवस्था छ। बोर्डले हालसम्म ११ गैर ऊर्जा र २७ ऊर्जा समेत ३८ परियोजनाको लागि रु.१२ खर्ब ९३ अर्बको लगानी स्वीकृत गरेको छ। ती परियोजनामध्ये २६ परियोजनाबाट ३ हजार ४९०.७ मेगावाट ऊर्जा उत्पादन गर्न रु.६ खर्ब ८९ अर्ब ७२ करोडको लगानी स्वीकृतिका लागि आवेदन प्राप्त भएको छ। होङ्सी शिवम् सिमेन्ट र ह्वासिन नारायणी सिमेन्ट उत्पादनको चरणमा रहेका र जलविद्युत आयोजनामध्ये अरुण ३, माथिल्लो त्रिशूली १ र माथिल्लो कर्णाली जलविद्युत परियोजना निर्माणको चरणमा रहेका छन्। तल्लो अरुण जलविद्युत परियोजना निर्माण चरणमा जान तयार रहेको र अन्य १० परियोजना कार्यान्वयनको लागि वार्ताको चरणमा रहेको देखिन्छ। उक्त योजनाहरूको अवस्था देहायको विवरणमा प्रस्तुत गरिएको छ।

क्र.सं.	ऊर्जा परियोजनातर्फ	लागत अनुमान रु.	बेहोरा
१	अर्धजलाशययुक्त अरुण-३ जलविद्युत परियोजना	१ खर्ब ४४ अर्ब	जग्गा हदबन्दी छुटसम्बन्धी र सरकारी तथा वन क्षेत्रका जग्गाहरूको लिज प्रक्रिया सम्बन्धि विषय टुङ्गो नलागेको।
२	कपिलवस्तु र बाँके जिल्लामा सौर्य ऊर्जा परियोजना	२१ अर्ब १० करोड	वार्ता समिति गठन भएकोमा सम्बन्धित निकायबाट सदस्य मनोनयन नभएको कारण अन्य कार्य अगाडि बढ्न नसकेको।
३	माथिल्लो कर्णाली जलविद्युत परियोजना	१ खर्ब ६२ अर्ब	हदबन्दी छुटको म्याद थपसम्बन्धी विषयमा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा लेखी पठाइएकोमा निर्णय हुन बाँकी रहेको तथा ऐलानी जग्गाको मुआब्जा/ क्षतिपूर्तिको विषय निर्णय हुन बाँकी रहेको।
४	तल्लो अरुण जलविद्युत परियोजना	९२ अर्ब ६७ करोड	परियोजना विकास सम्झौता सम्पन्न भइसकेकोमा परियोजना निर्माण शुरु गर्न जग्गा प्राप्तिको सम्बन्धी कार्य बाँकी रहेको।
५	माथिल्लो मर्स्याङ्दी २ जलविद्युत परियोजना	७८ अर्ब ६५ करोड	परियोजना अवधिमा संशोधन गर्नुपर्ने तथा हेजिङ्गको दायित्वको विषयमा अस्पष्टता देखिएकोले परियोजना विकास सम्झौता हुन नसकेको।
६	पश्चिम सेती जलविद्युत परियोजना	१ खर्ब ७२ अर्ब	विस्तृत परियोजना प्रतिवेदन प्राप्त भएकोमा सोको मूल्याङ्कन कार्य बाँकी र जडित क्षमता ७५० मेगाबाटबाट ८०० मेगाबाट प्रस्ताब गरिएकोमा निर्णय हुन बाँकी रहेको।
	गैरऊर्जा परियोजनातर्फ		
७	झापाको दमकमा चीन-नेपालमैत्री औद्योगिक पार्क परियोजना	६४ अर्ब ४१ करोड	परियोजना विकास सम्झौताका सर्तलगायतका विषयमा विकासकर्तासँग वार्ता गरी लिज सम्झौता गर्न बाँकी रहेको।
८	डाबर नेपाल प्रालि बाट क्षमता विस्तार र परियोजना		परियोजना लगानी सम्झौताका लागि वार्ता समितिसमेत गठन भएकोमा सम्झौताको विषयवस्तु टुङ्गो लगाउन बाँकी रहेको तथा प्रारम्भिक वातावरणीय परीक्षण पुनः गर्नुपर्ने देखिएकोमा सम्झौता हुन बाँकी रहेको।
९	रूपन्देहीमा रासायनिक मल कारखाना	७१ करोड ४० लाख डलर	कारखाना स्थापनासम्बन्धी अध्ययनका लागि विकासकर्तासँग भएको समझदारीबमोजिम प्रारम्भिक अध्ययन प्रतिवेदन (इन्सेप्सन प्रतिवेदन) प्राप्त हुन बाँकी भई थप कार्य अगाडि नबढेको।
१०	कास्की, म्याग्दी र मुस्ताङ जिल्लामा विरेठाँटी मुक्तिनाथ केबुलकार प्रा.लि.	५३ अर्ब १८ करोड	वातावरणीय प्रभाव मूल्याङ्कन सहितको विस्तृत परियोजना प्रतिवेदनको मूल्याङ्कन कार्य सम्पादन हुन बाँकी रहेको।

क्र.सं.	ऊर्जा परियोजनातर्फ	लागत अनुमान रु.	बेहोरा
११	काठमाडौं उपत्यकाको एकीकृत फोहोरमैला व्यवस्थापन परियोजना	४ अर्ब ९० करोड	परियोजनाको प्याकेज १ को कार्यान्वयनलाई बोर्डले निर्देश गरेबमोजिम अगाडि बढाउने विषयमा उपत्यकाका सबै स्थानीयतहबिच समन्वय र सहकार्य नहुँदा कार्यान्वयन हुन नसकेको।

३३. **तेस्रो लगानी सम्मेलन -** लगानी बोर्ड स्थापनापश्चात् बोर्डले २०७३ मा पहिलो, २०७५ मा दोस्रो र २०८१ वैशाख १६ र १७ मा तेस्रो लगानी सम्मेलन आयोजना गरेको छ। सम्मेलनको तयारीका लागि निर्देशक समितिका ४, कार्यान्वयन समितिका ७ र सचिवालयको ३० भन्दा धेरै बैठक बस्नुका साथै भारत, बङ्गलादेश, हङकङ तथा चीनका ग्वान्जाओ बेइजिङ, छेङ्दुलगायतका विभिन्न स्थानमा ९ प्रि-इभेन्ट आयोजना गरेको देखिन्छ। सम्मेलनमा ८०० विदेशी लगानीकर्तासहित २ हजार ५०० जनाको सहभागिता रहेको थियो। सम्मेलनमा परियोजना शोकेसिङ, प्रोजेक्ट मार्केट साउन्डिङ, नेटवर्किङ बैठक र विभिन्न १५ सत्र आयोजना गरेकोमा लगानी बोर्डबाट १९ परियोजनाको आशयपत्र आह्वान भएको छ। आशयपत्र पेस गर्न गैर ऊर्जा परियोजनालाई एक महिना र ऊर्जा परियोजनालाई ४५ दिनको समयसीमा प्रदान गरेकोमा ३० दिन समय थप गरेको छ। जसअनुसार हेरिटेज होटल एन्ड कल्चरल भिलेज र बबरमहल एड्मिनिष्ट्रेटिभ प्लाजाको लागि मात्र आशयपत्र पेस भएको र दुवै आशयपत्रको मूल्याङ्कन गर्दा उत्तीर्ण अङ्क प्राप्त गरेको देखिएन। लगानी सम्मेलन, २०७५ मा समावेश भएका ४९ आयोजनामध्ये १४ आयोजनामा लगानीकर्ता छनोट भई कार्यान्वयनको चरणमा रहेका छन्। नेपाललाई आकर्षक गन्तव्यका रूपमा विकास गर्न परियोजना पहिचान तथा विकास गर्दा पर्याप्त अध्ययन, अनुसन्धान र विश्लेषण गरी लगानी सम्मेलनको प्रभावकारिता बढाउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा लक्ष्यअनुसार प्रगति नभएको, प्राविधिक परीक्षण प्रतिवेदनले औंल्याएका त्रुटिहरूको अनुगमन नभएको, कोष व्यवस्थापन, कार्यक्रम कार्यान्वयन तथा अनुगमन, नेपाल ट्रष्टको सम्पत्ति उपयोग नभएको, गोकर्णराज निकुञ्जको जग्गाको प्रतिस्पर्धाबिगर लिज अवधि बढाएको, सुर्खेतमा रहेको जग्गामा मेडिकल कलेज सञ्चालन गर्ने सम्बन्धमा निर्णय नभएको, काठमाडौं दरबारमार्गस्थित जग्गामा सम्झौताभन्दा फरक हुने गरी संरचना तयार गरेकोलगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको देखिएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष कार्यालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ५२ निकायमा यो वर्ष रु.२ लाख ९० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित संस्था २ तर्फ यो वर्ष रु.५ करोड ५३ लाख ९१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

अर्थ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसँग सम्बन्धित क्रियाकलापहरूको व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, राजस्व सङ्कलन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय तथा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका कार्यालय तथा सङ्गठित संस्थासमेत २२३ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतका २१६ सरकारी कार्यालयको निम्नानुसार रु.२४ खर्ब ६७ अर्ब ९३ करोड ६ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७४५५८३४	१३३६७६३१	१३८७३५	३७१७१०६	२४६७९३०६

उल्लिखित लेखापरीक्षण रकममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ रु.१८ अर्ब ५० करोड, कृषि तथा पशुपन्छी विकास मन्त्रालयतर्फ रु.१ अर्ब ३० करोड ६९ लाख, अन्य ३ मन्त्रालयतर्फ रु.७ करोड ६७ लाख र प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराइएको अन्तर सरकारी वित्त हस्तान्तरणको रकम रु.३ खर्ब ३९ अर्ब ४१ करोड ६२ लाख एवं राजस्व रकममा मन्त्रालय मातहतका कार्यालयले बाँडफाँट हुने राजस्व असुल गरी विभाज्य कोषमा दाखिला गरेको रु.४ खर्ब १२ अर्ब ९१ करोड ६७ लाखसमेत समावेश छ। यसै गरी अन्य कारोबारतर्फ मूल्य अभिवृद्धि कर कोषमा दाखिला भएको रु.३ अर्ब ५६ करोड १० लाखसमेत समावेश छ।

२. **सङ्गठित संस्था र अन्य संस्था -** यो वर्ष ६ सङ्गठित संस्था र १ अन्य संस्थाको ९ आर्थिक वर्षको रु.३० खर्ब २२ अर्ब ९१ करोड ६३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष सहुलियतपूर्ण कर्जा र ब्याज अनुदानको स्थिति विषयको कार्यमूलक लेखापरीक्षण र नेपालको अर्थतन्त्रको अवस्था सम्बन्धमा विशेष लेखापरीक्षण गरिएको छ।

४. **बजेट र खर्च -** मन्त्रालयको लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च	२८८३६२३	२६२०४१०	१६७२५३६	५८.००
पुँजीगत	४६७२७८	३९६६७६	२७७३४	५.९४
वित्तीय व्यवस्था	३०७४५३६	३०९४९३७	२७२२४७८	८८.५५
जम्मा	**६४२५४३७**	**६११२०२३**	**४४२२७४८**	**६८.१३**

उल्लिखित विवरणअनुसार मन्त्रालय र मातहतका कार्यालयको लागि विनियोजित बजेटको ६८.१३ प्रतिशत खर्च भएको देखिएकाले मन्त्रालयको बजेट खर्च गर्ने क्षमता बढाउनुपर्दछ।

समष्टिगत आर्थिक स्थिति

५. **आवधिक योजना कार्यान्वयन -** राष्ट्रिय योजना आयोगबाट स्वीकृत पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) मा उल्लेख भएअनुसार प्रमुख आर्थिक परिसूचकहरूको उपलब्धि देहायअनुसार छः

(प्रतिशतमा)

विषय	२०८०।८१ सम्मको	
	लक्ष्य	प्रगति
आर्थिक वृद्धिदर	१०.३	३.८७
कुल राजस्व/गार्हस्थ उत्पादन	३०	१८.५६
कुल सरकारी खर्च/गार्हस्थ उत्पादन	४३.३	२४.६९
चालु खर्च/गार्हस्थ उत्पादन	१७.९	१६.६९
पुँजीगतखर्च/गार्हस्थ उत्पादन	१८.६	३.३६
वैदेशिक अनुदान/गार्हस्थ उत्पादन	३	०.३९
वैदेशिक ऋण/गार्हस्थ उत्पादन	५.७	२.१७
आन्तरिक ऋण/गार्हस्थ उत्पादन	४.३	४.११
व्यापार घाटा/गार्हस्थ उत्पादन	३५.३	२५.२५
निर्यात/गार्हस्थ उत्पादन	१५.७	२.६७
आयात/गार्हस्थ उत्पादन	५१	२७.९२
बजेट घाटा/गार्हस्थ उत्पादन	१०	७.४२

स्रोतः अर्थ मन्त्रालय

यो वर्ष राजस्वको लक्ष्य कुल गार्हस्थ उत्पादनको ३० प्रतिशत निर्धारण गरिएकोमा असुली करिब १८.५६ प्रतिशत रहेको छ। योजना अवधिमा अपेक्षा गरे अनुरूप राजस्व असुली भएको छैन। राजस्व परिचालनलाई गति दिन समग्र कर प्रणालीमा सुधार तथा प्रशासनिक दक्षता अभिवृद्धि गर्नुपर्दछ।

६. **राष्ट्रिय अर्थतन्त्रका अन्य परिसूचक -** वस्तु निकासी पैठारी, विप्रेषण आप्रवाह र शोधनान्तर स्थितिलगायतको कुल गार्हस्थ उत्पादन रु.५७ खर्ब ४ अर्ब ८४ करोड र परिसूचकको अनुपात स्थिति निम्नानुसार छः

(प्रतिशतमा)

परिसूचक	२०७८।७९	२०७९।८०	२०८०।८१
वस्तु निकासी	४.१२	२.९४	२.६७
वस्तु पैठारी	३९.५८	३०.१	२७.९२
व्यापार घाटा	३५.४६	२७.	२५.२५
खुद सेवा आय	(२.२३)	(१.५६)	(०.९८)
वस्तु तथा सेवा निकासी	३६.४८	(२७.५६)	(२५.३)
शोधनान्तर स्थिति	(५.२६)	५.४	८.८१
चालु खाता सञ्चालन	(१२.८५)	(१.३४)	३.८८
विप्रेषण आप्रवाह	२०.७६	२२.७	२५.३३
विदेशी विनिमय सञ्चिति	२५.०६	२८.६	३५.७८
खुद वैदेशिक लगानी	०.३८	०.११	०.१५

स्रोतः अर्थ मन्त्रालय

उल्लिखित विवरणअनुसार गतवर्षको तुलनामा यो वर्ष वस्तु निकासी पैठारी घटेको छ भने शोधनान्तर स्थिति, चालु खाता सञ्चालन, विदेशी विनिमय सञ्चिति र खुद वैदेशिक लगानीमा वृद्धि भएको छ। अर्थतन्त्रका परिसूचक सकारात्मक हुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

नीति तथा कार्यक्रम

७. **नीति तथा कार्यक्रम -** नेपाल सरकारको २०८०।८१ को नीति तथा कार्यक्रममा उल्लेख भएका मन्त्रालयसँग सम्बन्धित क्रियाकलाप र माइलस्टोनको कार्यान्वयन स्थिति निम्नानुसार छः

विवरण	एकाइ	सम्पन्न	चालु	सुरु नभएका	जम्मा
क्रियाकलाप	सङ्ख्या	३१	७३	९	११३
माइलस्टोन	सङ्ख्या	५०	९६	२९	१७५

मिलिनियम च्यालेन्ज एकाउन्ट नेपालतर्फ १७ माइलस्टोन सुरु नभएको, भन्सारको अनलाइन मूल्याङ्कन तथ्याङ्कभार निर्माण, विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ संशोधन, भुक्तानी तथा फस्यौंट ऐन संशोधन, विनिमय अधिकारपत्र ऐन, २०३४ संशोधन, लिजिङ फाइनान्ससम्बन्धी कानुन तर्जुमा, वस्तु विनिमय बजार सञ्चालन नियमावली तर्जुमा, आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नभएको अवस्था छ। नेपाल सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयनयोग्य कार्ययोजना तयारी र कार्यान्वयन गरी अपेक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

८. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८०।८१ मा उल्लेख भएका मन्त्रालयसँग सम्बन्धित कार्यक्रममध्ये जग्गा प्राप्ति ऐनमा संशोधन तथा मुआब्जा निर्धारणको मापदण्ड कार्यान्वयन, सार्वजनिक खरिद ऐन र नियमावली संशोधन, कार्तिक महिनाभित्र ठेक्का व्यवस्थापन गर्ने एवं असारमा रकमान्तर नगर्ने, आन्तरिक ऋणको रकम विकास कार्यमा खर्च गर्ने, नयाँ सवारीसाधन र फर्निचर तथा फर्निसिङ्ग खरिद नगर्ने, नयाँ दरबन्दी सिर्जना नगर्ने, प्राथमिकीकरण नगरी साना आयोजनामा स्रोत साधन छर्ने प्रवृत्ति रोक्न बजेट प्रणालीमा सुधार, स्थानीय मुद्रामा आधारित हरित बण्ड, उर्जा बण्ड जस्ता नवीन वित्तीय उपकरणमार्फत लगानी योग्य पुँजी जुटाउने, विदेशी लगानीकर्ताहरूका लागि विदेशी विनिमय जोखिम न्यूनीकरण गर्न हेजिङ गर्ने संस्था तोकी हेजिङ सेवा उपलब्ध गराउने, नेपाल राष्ट्र बैङ्क ऐनलगायतका कानुन सुधार र परिमार्जन गर्ने, रेमिटान्स बण्ड जारी गर्ने, वित्तीय सङ्घीयता कार्यान्वयनको हालसम्मको अनुभवको आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा आवश्यक परिमार्जन गर्ने, नेपाल टेलिकम, नेपाल वायुसेवा निगमलगायत सार्वजनिक संस्थानको निश्चित प्रतिशत सेयर विनिवेश गर्ने, विकास सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा समावेश गर्ने, आन्तरिक क्षमता अभिवृद्धि गरी प्राविधिक सहायताको परिचालन कम गर्दै लाने, आयोजना विकासका सम्पूर्ण तयारी पूरा भएपछि मात्र विकास सहायताको सम्झौता गर्ने प्रणाली विकास गर्नेलगायतका कार्यक्रमको पूर्ण कार्यान्वयन भएको पाइएन।

राजस्व परिचालन

९. **राजस्व परिचालन नीति -** यस वर्षको बजेटले शिक्षा,स्वास्थ्यलगायतका आधारभूत सेवा सुविधामा लगानी वृद्धि एवं नागरिकको पहुँच विस्तार गरी जीनवस्तरमा सुधार ल्याउन, मुलुकको पूर्वाधार विकासका लागि आवश्यक स्रोत जुटाउन र नागरिक हित एवं सामाजिक आर्थिक न्यायको प्रत्याभूत गर्न राजस्व

परिचालनलाई दिगो, भरपर्दो, व्यवस्थित र अनुमानयोग्य बनाउने उद्देश्य राखेकोमा सो सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

९.१ पैठारीमा आधारित राजस्व संरचनाको रूपान्तरण गरी प्रत्यक्ष कर र आन्तरिक उत्पादनमा आधारित बनाउँदै जाने राजस्व नीति लिएकोमा सोबमोजिम राजस्व संरचनामा रूपान्तरण हुन सकेको छैन।

९.२ स्वेच्छिक कर सहभागिता अभिवृद्धि तथा कर चुहावट नियन्त्रणका लागि कर परीक्षणलाई अन्तर्राष्ट्रिय अभ्यासअनुरूप विद्युतीय प्रणालीमा आधारित इ-एसेसमेन्ट पद्धतिको सुरुवात गर्ने कार्य हुन सकेको छैन।

९.३ आर्थिक कारोबारका सूचनाहरूलाई एकीकृत गरी उपयोग गर्न निकायगत सूचना प्रणालीबिच अन्तरआबद्धता गरी स्वचालित बनाइने नीति कार्यान्वयन भएको छैन।

९.४ अन्तर्राष्ट्रिय व्यापारमा लाग्ने समय र लागत घटाउन नेपाल राष्ट्रिय एकद्वार प्रणालीमा सम्बद्ध सबै निकायमा विस्तार गर्ने नीति कार्यान्वयन हुन सकेको छैन।

९.५ गैरकर राजस्वलाई लागत प्रभावी, पारदर्शी, वैज्ञानिक र व्यवस्थित बनाउन गैरकर प्रशासनसम्बन्धी छाता कानुन तर्जुमा गरी कार्यान्वयन गरिने व्यवस्थाबमोजिम गैरकर प्रशासन सम्बन्धी छाता कानुन तर्जुमा भएको छैन।

बजेट वक्तव्यले परिलक्षित गरेका राजस्व नीतिको पूर्ण कार्यान्वयन गर्नुपर्दछ।

१०. **राजस्व छुट -** आर्थिक ऐन, २०८० को दफा १८ मा नेपाल सरकारले प्रचलित कानुनबमोजिम लगाएको दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा आंशिक वा पूर्ण रूपमा राजस्व छुट दिन सक्ने र यसरी छुट दिएको रकम राजपत्रमा प्रकाशन गरी संसदमा पेस गर्नुपर्ने व्यवस्था छ। राजस्व छुट दिन सक्ने व्यवस्थामा क्रमशः सुधार गरे तापनि वस्तु तथा सेवाको पैठारीमा लाग्ने महसुल दरमा दिने छुट र द्रष्टव्य, अनुसूची तथा पटके निर्णयका आधारमा दिने छुटको दायरा बढेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

१०.१ आर्थिक ऐन, २०८० को अनुसूची १ मा भन्सार महसुल पूर्ण वा आंशिक छुट हुने व्यवस्था रहेकोमा नेपाल सरकारले मन्त्रीपरिषद्को निर्णयबाट आर्थिक ऐन, २०८० को विभिन्न दफामा संशोधन गरी छुट तथा सहुलियतका दरहरूमा समेत वृद्धि गरेको छ। भन्सार विभागको आसिकुडाको तथ्याङ्कअनुसार भन्सार राजस्वतर्फ रु.७९ अर्ब ८७ करोड ३९ लाख छुट दिएको देखिन्छ। आर्थिक ऐनबाट आन्तरिक राजस्वतर्फ समेत छुट भएकोमा सोको अभिलेख मन्त्रालय र आन्तरिक राजस्व विभागले राखेका छैनन्। आर्थिक ऐन, २०८० अनुसार विगत ५ वर्षको राजस्व छुटको तथ्याङ्क विश्लेषण गर्दा भन्सारतर्फ रु.३ खर्ब ८० अर्ब ३७ करोड ८२ लाख छुट दिएको देखिन्छ।

१०.२ मन्त्रालयबाट प्राप्त विवरणअनुसार साफ्टाको सुविधा उपयोग गरी २०८०।८१ मा विभिन्न व्यवसायीले प्लाष्टिक ग्रेनुअल, स्टिल पाता, ग्लासवेयर, प्राइमरी रेजिन, ग्लास बोतल, फलाम वा अमिश्रित स्पातका एङ्गल, सोयाबिन मिल, प्रिफेब्रिकेटेड हाउसलगायतका सामान पैठारी गर्दा भन्सार महसुल रु.४ अर्ब ८७ करोड ९९ लाख र मूल्य अभिवृद्धि करसमेत राजस्व छुट भएको छ।

१०.३ आर्थिक ऐन, २०८० को दफा १८ बमोजिम मन्त्रालयले २०८० फागुन मसान्तसम्म मन्त्रालय, विभाग, स्थानीय तह, संस्थानसमेतको रु.३४ अर्ब २७ करोड ५२ लाख पैठारी मूल्यमा रु.६ अर्ब ६० करोड ९९ लाखसमेत विगत ४ वर्षमा देहायअनुसार रु.२० अर्ब ६२ करोड ६९ लाख छुट दिएको देखिन्छ।

(रु.लाखमा)

आर्थिक वर्ष	पैठारी मूल्य	छुट राजस्व
२०८०।८१	३४२७५२	६६०९९
२०७९।८०	२७८४१८	५४३४९
२०७८।७९	१८१६१२	२५१९२
२०७७।७८	१२४८९८	६०६२९
जम्मा	**९२७६८०**	**२०६२६९**

स्रोतः महालेखापरीक्षकको विभिन्न वर्षको वार्षिक प्रतिवेदन

१०.४ आर्थिक ऐन, २०८० को दफा १८(३) मा मन्त्रालयले वैदेशिक ऋण वा अनुदानमा सञ्चालित आयोजनाको लागि आयोजना विकास सम्झौताको सर्तको अधीनमा रही कर, शुल्क तथा दस्तुर छुट दिन सक्ने व्यवस्था छ। भन्सार विभागको आसिकुडा तथ्याङ्कअनुसार यस सुविधाबमोजिम रु.४३ अर्ब ५६ करोड ४८ लाख ३० हजार पैठारी मूल्यका मालवस्तुमा रु.७ अर्ब ५२ करोड ९८ लाख ८५ हजार छुट दिएको देखिन्छ। यसरी सुविधामा पैठारी हुने सामग्री तथा उपकरणमा लाग्ने राजस्व छुट दिएको रकमको पूर्ण अभिलेख मन्त्रालयले राखेको छैन। सम्बन्धित आयोजनाले बोलपत्र आह्वान गर्नु अगावै मास्टरलिष्ट स्वीकृत गराएको अवस्थामा मात्र छुट दिने व्यवस्था कार्यान्वयन गरी राजस्व छुटको अभिलेख व्यवस्थित गरिनुपर्दछ। साथै छुट सुविधामा पैठारी भएका मालवस्तुको उपयोग सोही आयोजनामा मात्र भए/नभएको अनुगमनसमेत गर्नुपर्दछ।

१०.५ मन्त्रालयले राजस्व छुटको दर घटबढ गर्दा लिएको आधार र विश्लेषणको अभिलेख नराखेको, राजस्व छुटको विवरण बजेट वक्तव्य साथ संसदमा पेस नगरेको, राजस्व छुट दिएको कारणले वस्तु तथा सेवाको उत्पादन, रोजगारी एवं लगानीमा अभिवृद्धि र आम नागरिकमा पुगेको सहुलियतलगायतका पक्षको विश्लेषण गरेको छैन। प्रत्येक वर्ष आयकर, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छुटको दायरा बढ्दै गएकोले राजस्व असुलीमा समेत प्रभाव परेको छ। राजस्व छुटको प्रभाव विश्लेषण गर्ने तथा छुटको तथ्याङ्क संसदमा पेस गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

राजस्वको अनुमान र असुली

११. **वार्षिक अनुमान र असुली -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको राजस्व लक्ष्य र असुलीको स्थिति निम्नानुसार छः

(रु. करोडमा)

विवरण	२०७८।७९ को असुली	२०७९।८० को असुली	२०८०।८१		
			लक्ष्य	असुली	असुली प्रतिशत
आयकर	२६००९	२५३८१	३६२१२	२८३४६	७८.२८
मूल्य अभिवृद्धि कर	३१४२८	२८६६३	४२५८९	३१०४६	७२.८९
अन्तःशुल्क	१६६७८	१४३०७	२०७२२	१४६३५	७०.६३
भन्सार महसुल	२४१७८	१८२१२	३०७४४	२०१०२	६५.३९
अन्य कर	१३३४९	१४५०२	११९८७	१४१४६	११८
जम्मा	**१११६४२**	**१०१०६५**	**१४२२५४**	**१०८२७५**	**७६.११**

स्रोतः अर्थ मन्त्रालय

उल्लिखित विवरणअनुसार २०८०।८१ मा रु.१४ खर्ब २२ अर्ब ५४ करोड राजस्व प्राप्त हुने अनुमान रहेकोमा रु.१० खर्ब ८२ अर्ब ७५ करोड (७६.११ प्रतिशत) असुल भएको छ। महालेखा

नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार राजस्व प्राप्ति रु.९ खर्ब ७६ अर्ब ९१ करोड राजस्व प्राप्ति देखिएकोले मन्त्रालयको प्रगति विवरण र एकीकृत वित्तीय विवरणमा फरक यकिन गरिनुका साथै राजस्व असुलीका लागि कार्ययोजना बनाई लक्ष्यबमोजिम राजस्व असुली गर्नुपर्दछ।

बजेट तर्जुमा र कार्यान्वयन

१२. **नगद योजना -** आर्थिक कार्यवधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २९ मा अर्थ मन्त्रालयले नेपाल सरकारको नगद आवश्यकतालाई विश्लेषण गरी विभिन्न निकायको समन्वयमा नगद योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले नियमावलीको उक्त व्यवस्थाबमोजिम नगद योजना तर्जुमा गरेको पाइएन। यो वर्ष नेपाल सरकारले वैदेशिक ऋण रु.१ खर्ब १३ अर्ब २७ करोड १४ लाख र आन्तरिक ऋण रु.२ खर्ब ३४ अर्ब ४२ करोड ३४ लाख लिएको छ। सो रकमबाट रु.३७ अर्ब ४ करोड ४७ लाख प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरेको छ। प्रदेश तथा स्थानीय तहमा यो वर्ष खर्च हुन नसकी प्रदेश सञ्चितकोषमा रु.५० अर्ब ९० करोड ९८ लाख समेत अन्य विभिन्न खातामा रु.६९ अर्ब ८२ करोड ७७ लाख र स्थानीय सञ्चित कोषमा रु.६० अर्ब ५० करोड ८१ लाख समेत अन्य विभिन्न कोष खातामा रु.७९ अर्ब ४३ करोड ३० लाख गरी कुल रु.१ खर्ब ४९ अर्ब २६ करोड ७ लाख मौज्दात रहेको छ। यसरी सङ्घीय सरकारले स्रोत अभाव देखाई ऋण लिएको तर प्रदेश एंव स्थानीय सरकारले सो रकम खर्च नगरी मौज्दात राखेकोले आन्तरिक ऋणको २०८०।८१ को औसत ब्याजदर ५.२७ प्रतिशत दरले हिसाब गर्दा प्रदेश तथा स्थानीय तहमा रहेको मौज्दातका लागि रु.७ अर्ब ८६ करोड ६० लाख ब्याज भुक्तानी भएको छ। यसरी सरकारले ऋणबाट वित्तीय हस्तान्तरण गरेको रकम खर्च नभई बाँकी रहेको अवस्थामा समेत ब्याज भुक्तानी गर्नु परेको छ।

१३. **मूल्य अभिवृद्धि कर बाँडफाँट -** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा मूल्य अभिवृद्धि कर सङ्घ, प्रदेश र स्थानीय तहलाई क्रमशः ७० प्रतिशत र १५/१५ प्रतिशतका दरले बाँडफाँट गरिने व्यवस्था छ।यो वर्ष पैठारीमा रु.१ खर्ब ८० अर्ब ३४ करोड ८९ लाख मूल्य अभिवृद्धि कर सङ्कलन गरेकोमा सो रकम विभाज्य कोषमा दाखिला गरी नेपाल सरकारलाई रु.१ खर्ब २६ अर्ब २४ करोड ४३ लाख र प्रदेश तथा स्थानीय तहहरूलाई रु.२७ अर्ब ५ करोड २३ लाखका दरले बाँडफाँट गरेको छ। त्यसै गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४ मा वस्तु वा सेवाको पैठारी वा प्राप्त गर्दा तिरेको मूल्य अभिवृद्धि कर बिक्री गर्दा सङ्कलन गरेको करबाट लगातार ४ महिना सम्म र निकासीको हकमा ६० दिनसम्म मिलान नभएमा फिर्ता दिनुपर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले व्यापारिक वस्तुहरू पैठारी गर्दाका बखत दाखिला गरेको मूल्य अभिवृद्धि करलाई आधार मानी तीन तहका सरकारलाई बाँडफाँट गरेको छ। तर मूल्य अभिवृद्धि कर मिलान वा फिर्ताको दायित्व सङ्घीय सरकारले मात्र बेहोर्नुपर्ने स्थिति छ। तसर्थ पैठारीमा सङ्कलन भएको मूल्य अभिवृद्धि कर बाँडफाँटसम्बन्धी नीतिलाई व्यवस्थित गरिनुपर्दछ।

१४. **बजेटको आकार र खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १०(१) बमोजिम बजेट तथा कार्यक्रमको मूल्याङ्कन र विश्लेषणको आधार तथा दफा १० (३) बमोजिम खर्च गर्न सक्ने क्षमता समेतको आधारमा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारको यो वर्षको बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. करोडमा)

विवरण	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को यथार्थ खर्च	२०८०।८१		
			सुरु बजेट	खर्च	खर्च प्रतिशत
चालु	९५४३२	९९१५१	११४१७९	९२९१३	८१.८०
पुँजीगत	२१६०९	२३४६२	३०२०८	१९२०२	६३.५७
वित्तीय व्यवस्था	१३९४७	१९५२०	३०७४४	२७२२५	८८.५५
जम्मा	**१३०९८८**	**१४२१३३**	**१७५१३१**	**१३९३४०**	**७९.५६**

स्रोतः एकीकृत वित्तीय विवरण

उल्लिखित विवरणअनुसार यो वर्ष पुँजीगत खर्च विनियोजनको ६३.५७ प्रतिशत भएकोमा समग्र खर्च ७९.५६ प्रतिशत भएको देखिन्छ। विनियोजित बजेटको २०.४४ प्रतिशत खर्च नभएकोले बजेट यथार्थपरक बनाउनुपर्दछ।

१५. **खर्च बेहोर्ने स्रोत -** बजेट वक्तव्य २०८०।८१ मा बजेट देहायबमोजिम खर्च बेहोरिने उल्लेख भएकोमा महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार निम्नानुसार खर्च बेहोरेको उल्लेख छः

(रु. करोडमा)

बेहोर्ने अनुमान			**बेहोरिएको**		
स्रोत	**रकम**	**प्रतिशत**	**भुक्तानी विधि**	**रकम**	**प्रतिशत**
राजस्व	१२४८६२	७१.३०	आन्तरिक स्रोत	१०५९०२	७६.०१
वैदेशिक अनुदान	४९९४	२.८५	अनुदान	२३२९	१.६७
वैदेशिक ऋण	२१२७५	१२.१५	ऋण	११९०६	८.५४
आन्तरिक ऋण	२४०००	१३.७०	आन्तरिक ऋण	१९२०३	१३.७८
जम्मा	**१७५१३१**	**१००**		**१३९३४०**	**१००**

स्रोतः अर्थ मन्त्रालय

उल्लिखित विवरणअनुसार नेपाल सरकारको राजस्वबाट ७१.३० प्रतिशत बेहोर्ने अनुमान रहेकोमा ७६.०१ प्रतिशत खर्च भएको छ। वैदेशिक अनुदान तथा ऋणतर्फ अपेक्षाभन्दा न्यून स्रोत परिचालन भएको छ।

१६. **रकमान्तर -** विनियोजन ऐन, २०८० को दफा ३ मा कुनै अनुदान सङ्केतमा बचत हुने र कुनै अनुदान सङ्केतमा अपुग हुने देखिएमा अर्थ मन्त्रालयले बचत हुने अनुदान सङ्केतबाट अपुग हुने अनुदान सङ्केतमा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यससम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्:

१६.१ महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार यो वर्षको रकमान्तर निम्नानुसार देखिन्छः

(रु. लाखमा)

विवरण	**सुरु बजेट**	**रकमान्तरबाट**			**कायम बजेट**
		थप	**घट**	**खुद थप (घट)**	
चालु खर्च	११४१७८४१	१६५४१५७	१७४६४२६	(९२२६८)	११३२५५७३
पुँजीगत	३०२०७४४	७२६७१६	६५४८४८	७१८६८	३०९२६१२
वित्तीय व्यवस्था	३०७४५३६	१८३२३०	१७२८२९	२०४००	३०९४९३६
जम्मा	**१७५१३१२१**	**२५६४१०३**	**२५६४१०३**	**०**	**१७५१३१२१**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित तालिकाबाट यो वर्ष सुरु विनियोजन भएको बजेटमध्ये चालु खर्चबाट रु.९ अर्ब २२ करोड ६८ लाख रकमान्तरबाट घट भई पुँजीगतमा रु.७ अर्ब १८ करोड ६८ लाख र वित्तीय व्यवस्थामा रु.२ अर्ब ४ करोड थप भएको देखिन्छ। यो वर्षको रकमान्तरमध्ये २०८१ आषाढ महिनामा रु.२६ अर्ब ९० करोड ३४ लाख र २०८१ आषाढ महिनाको अन्तिम हप्तामा रु.१५ अर्ब ९८ करोड ३० लाख रकमान्तर भएको देखिन्छ।

१६.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था छ। उक्त व्यवस्था विपरीत यो वर्ष पहिलो त्रैमासिक अवधिमा रु.११ अर्ब ६४ करोड ७ लाख अर्थात् कुल रकमान्तरको ४.५४ प्रतिशत रकमान्तर भएको छ। रकमान्तर गर्दा कानुनको पालना गनुपर्दछ।

१६.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ अनुसार बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नपाइने उल्लेख भएकोमा शून्य बजेट विनियोजन भएका २३ कार्यक्रममा रु.११ अर्ब ७५ करोड ९८ लाख रकमान्तरबाट बजेट थप गरेको देखिन्छ।

१६.४ बजेट वक्तव्य २०८०।८१ मा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट अन्य गौरवका आयोजना बाहेकका आयोजनामा रकमान्तर गर्न नपाइने उल्लेख रहेकोमा यो वर्ष ८ राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट रु.५ अर्ब २८ करोड ५० लाख अन्य आयोजनामा रकमान्तर गरेको देखिन्छ।

१६.५ विनियोजन ऐन, २०८० को दफा ३(४) मा अनुदान सङ्केत ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न सकिने व्यवस्था छ।उल्लिखित अनुदान सङ्केतमा विनियोजित बजेट तथा खर्च देहायअनुसार छः

(रु. लाखमा)

अनुदान सङ्केत	सुरु बजेट	रकमान्तरबाट थप	रकमान्तरबाट घट	कायम बजेट	खर्च
६०१- अर्थ मन्त्रालय	११३००००	१००५९३५	११३४८७६	१००१०६१	७४९४९४
६०२- अर्थ विविध	७६२५०२	१२४६०१	२५६५०२	६३०६०१	१६१९
जम्मा	**१८९२५०२**	**११३०५३६**	**१३९१३७८**	**१६३१६६२**	**७५१११३**

उल्लिखित तालिकाअनुसार विनियोजित **बजेटको १०.८३ प्रतिशत अर्थ विविधमा विनियोजन भएको**मा सो शीर्षकबाट **निकासा र खर्च गर्न नमिल्नेमा रु.**७५ अर्ब ११ करोड १३ लाख **खर्च भएको छ।**

१७. **खारेज र गाभिने कार्यालयमा बजेट -** बजेट वक्तव्य २०८०।८१ को बुँदा नम्बर ४७ मा सरकारको स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा आवश्यक नरहेका २० संस्था खारेज गर्ने, उस्तै प्रकृतिका कार्यक्षेत्र रहेका ५ निकायलाई एक अर्कामा गाभ्ने र क्षेत्राधिकारको आधारमा प्रदेश तथा स्थानीय तहबाट सञ्चालन र व्यवस्थापन हुन उपयुक्त हुने पर्यटन प्रवर्धन विकास समितिहरू तत् तत् तहमा हस्तान्तरण गरिने र खारेज भएका निकायहरूको सम्पत्ति तथा दायित्वको व्यवस्थापन कार्य सम्बन्धित मन्त्रालयले मङ्सिरमसान्तभित्र सम्पन्न गर्ने उल्लेख छ। बजेट व्यवस्था कार्यान्वयन नगरी सुरु बजेट नभएका ३० बजेट उपशीर्षकमा मन्त्रालयले रकमान्तरबाट रु.११ अर्ब ८३ करोड ३५ लाख बजेट थप गरी रु.१० अर्ब ६ करोड ९३ लाख खर्च गरेको देखियो।

१८. **अन्तर-सरकारी अख्तियारी -** विनियोजन ऐन, २०८० को दफा ५ मा प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय गर्न सक्ने व्यवस्था छ। प्रदेश सरकारले नेपाल सरकारका देहायअनुसारका कार्यालयलाई चालु खर्चमा समेत खर्च गर्ने अख्तियारी प्रदान गरेकोमा अर्थ मन्त्रालयको स्वीकृति लिएको देखिएनः

(रु. लाखमा)

प्रदेशको विवरण	अख्तियारी पाउने सङ्घीय कार्यालय सङ्ख्या	अन्तर सरकारी अख्तियारीबाट खर्च		
		चालु खर्च	पुँजीगत	जम्मा खर्च
कोशी	९४	३८४	२२२	६०६
मधेश	३	४०	१२०८	१२४७
बागमती	९४	८३१	२४०१	३२३२
गण्डकी	२७	१०७	१०४९	११५५
लुम्बिनी	५८	२९५	२७७५	३०६९
कर्णाली	२०	५९	२४७	३०६
सुदूर पश्चिम	४	०	३२२	३२२
जम्मा	**३००**	**१७१६**	**८२२२**	**९९३८**

विनियोजन ऐनबमोजिम दिइएको अख्तियारीअनुसारको बजेट खर्च गर्न नेपाल सरकारका कार्यालयलाई प्रदेश सरकार मातहतको एकाइ मानी कार्यालय कोड दिइने व्यवस्था छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकारले प्रदेश सरकार एवं स्थानीय तहलाई तथा प्रदेश सरकारले स्थानीय तहलाई चार प्रकारले वित्त हस्तान्तरण गर्ने व्यवस्था गरेपनि ३ वटै तहका सरकारले अन्तर सरकारी अख्तियारी प्रदान गर्न सक्ने व्यवस्था छैन। यसअनुसार आर्थिक कारोबार गर्दा प्रदेश सरकारका निकाय मातहत रही प्रदेश सरकारको कानुन पालना गर्नुपर्ने तथा खर्चको भौतिक तथा वित्तीय प्रतिवेदन प्रदेश सरकारलाई गर्नुपर्ने एवं लेखापरीक्षणबाट देखिएका बेरुजु नियमित गर्न तालुक लेखा उत्तरदायी अधिकृतको सट्टा सम्बन्धित प्रदेश सचिवसमक्ष पेस गर्नुपर्ने अवस्था देखिएकोले यस्तो व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

१९. **विनियोजन दक्षता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ मा मध्यमकालीन खर्च संरचना तयार गर्ने, दफा ७ मा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने, दफा १० मा बजेट विनियोजन र दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था छ। नेपाल सरकारको बजेट तर्जुमाको लागि विगत ३ आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाले गरेको अनुमान, स्रोत समितिले तोकेको सीमा, विनियोजित बजेट तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. करोडमा)

आर्थिक वर्ष	अघिल्लो वर्षको मध्यमकालीन खर्च संरचनाको सीमा	स्रोत समितिको सीमा	विनियोजित बजेट	यथार्थ खर्च	खर्च प्रतिशत
२०८०।८१	१९३१००	१६८८४०	१७५१३१	१३९३१६	७९.५५
२०७९।८०	१७९३१०	१७४५००	१७९३८३	१४२१३३	७९.२३
२०७८।७९	१६९७५७	१५६२५०	१६४७५८	१३१०००	७९.५१

उल्लिखित विवरणबमोजिम विनियोजित बजेटको तुलनमा बजेट खर्च घट्दो क्रममा रहेकोले खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्दछ।

२०. **सञ्चित कोषमाथि व्ययभार हुने बजेट -** नेपालको संविधानको धारा ११८(च) मा राष्ट्रपति वा उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, न्याय परिषद, संवैधानिक निकाय र प्रदेश प्रमुखको कार्यालयको प्रशासनिक व्यय सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने र त्यस्तो व्ययको लागि सङ्घीय संसदको स्वीकृति आवश्यक नपर्ने व्यवस्था छ। उक्त व्यवस्था विपरीत हुने गरी विनियोजन ऐन, २०८० को दफा ३ ले सङ्घीय विनियोजन ऐनबमोजिम खर्च हुने रकमअन्तर्गत बजेट विनियोजन गरेको छ। संविधानमा रहेको व्यवस्था अनुसार सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने गरी विनियोजन हुनुपर्दछ।

२१. **सञ्चित कोष बाहिरबाट खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा नेपाल सरकारले उठाउने राजस्व सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने तथा सोही ऐनको दफा १९ मा विनियोजन ऐनले तोकेका खर्च शीर्षकमा खर्च गर्नु पर्ने व्यवस्था छ। नेपाल सरकार मातहतका कार्यालयले कानुनबमोजिम उठाएको रकम सङ्घीय सञ्चित कोषमा दाखिला नगरी मूल्य अभिवृद्धि कर कोष खाता, भन्सार कोष खाता, कार्यसञ्चालन कोष खाता तथा विविध कोष खातामा रु.३ खर्ब ४७ अर्ब २९ करोड ९२ लाख जम्मा गरी ती कोष खाताबाट रु.३ खर्ब ५३ अर्ब ६० करोड ८१ लाख खर्च गरेको देखियो। ती कोषको आर्थिक कारोबार सङ्घीय सञ्चित कोष बाहिरबाट भएको र ती कोषको आय व्यय विवरण नेपाल सरकारको एकीकृत वित्तीय विवरणमा समावेश भएको छैन। नेपाल सरकारका कार्यालयले असुल गरेको रकम सङ्घीय सञ्चित कोषमा दाखिला गरी विनियोजन ऐनबमोजिम खर्च गर्नुपर्दछ।

विकास सहायता परिचालन

२२. **वैदेशिक सहायताको प्रतिबद्धता र प्राप्ति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा वैदेशिक सहायता बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको २०८०।८१ को वार्षिक प्रतिवेदनअनुसार विगत ३ वर्षको वैदेशिक सहायताको प्रतिबद्धता र प्राप्तिको स्थिति निम्नानुसार छः

(रु. करोडमा)

आर्थिक वर्ष	प्रतिबद्धता			उपयोग			प्राप्त प्रतिशत
	अनुदान	ऋण	जम्मा	अनुदान	ऋण	जम्मा	
२०८०।८१	४२९८	८४९१	१२८७९	२२२७	१२३६१	१४५८८	११३.२७
२०७९।८०	४२३१	१७५७४	२१८०५	२३१२	१२३०५	१४६१६	६७.०३
२०७८।७९	९३३१	१४४६४	२३७९५	२४१५	१२५६१	१४९७६	६२.९४

उल्लिखित तालिकाअनुसार प्रतिबद्धताबमोजिम अनुदान रकम उपयोग हुन सकेको छैन भने ऋण रकम २०७९।८० बाहेक प्रतिबद्धताभन्दा बढी उपयोग भएको छ।

२३. **सहायता प्राप्तिको लक्ष्य र प्रगति -** नेपाल सरकारले विनियोजित बजेटमध्ये वैदेशिक सहायताबाट बेहोर्ने गरी अनुमान गरेको रकम र वास्तविक प्राप्ति रकम देहायबमोजिम छः

(रु. करोडमा)

विवरण	अनुमान		प्राप्ति		प्राप्ति प्रतिशत	
	२०८०।८१	२०७९।८०	२०८०।८१	२०७९।८०	२०८०।८१	२०७९।८०
वैदेशिक अनुदान	४९९४	५५४६	२३२९	२३०१	४६.६४	४१.४९
वैदेशिक ऋण	२१२७५	२४२२६	११९०६	१२३०५	५५.९६	५०.७९
जम्मा	२६२६९	२९७७२	१४२३५	१४६०६	५४.१९	४९.०५

उल्लिखित तालिकाअनुसार २०८०।८१ मा अनुदान ४६.६४ प्रतिशत र ऋण ५५.९६ प्रतिशत प्राप्त भई समग्रमा ५४.१९ प्रतिशतमात्र वैदेशिक सहायता प्राप्त भएको देखिन्छ।

मन्त्रालयको प्रतिवेदनबमोजिम अनुदान रु.२३ अर्ब २९ करोड तथा ऋण रु.१ खर्ब १९ अर्ब ६ करोड प्राप्त भएको देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणमा अनुदान रु.२४ अर्ब ९४ करोड र ऋण रु.१ खर्ब १३ अर्ब २७ करोड देखाएको छ। त्यस्तै सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले ऋण प्राप्ति रु.१ खर्ब २५ अर्ब ६७ करोड देखाएकोले तीन निकायहरूको विवरणमा वैदेशिक सहायता फरक परेको सम्बन्धमा हिसाब भिडान गरी यथार्थ प्राप्ति रकमको प्रतिवेदन हुनुपर्दछ।

२४. **बजेट बाहिरको सहायता -** बजेट वक्तव्य साथ संसदमा पेस गरेको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा १५ सङ्घीय मन्त्रालय/निकाय अन्तर्गतका १३१ आयोजना तथा कार्यक्रमको लागि यो वर्ष रु.२१ अर्ब ८४ करोड ५४ लाख ८७ हजार तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थामार्फत १६८ कार्यक्रम/आयोजनाको लागि रु.२४ अर्ब ३४ करोड ९८ लाख ११ हजारसमेत रु.४६ अर्ब १९ करोड ५२ लाख ९८ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। सरकारी निकायमा उक्त रकमबाट भएको खर्च आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराएको छैन। सबै सहायत बजेटमा समावेश गर्नुका साथै त्यस्ता सहायताको लेखापरीक्षण गराउनुपर्दछ।

वित्तीय क्षेत्र

२५. **वित्तीय पहुँच एवं विस्तार -** वित्तीय क्षेत्र विकास रणनीति, २०७३ ले बैङ्क, बिमा, पुँजी बजार, गैरबैंकिङ्ग वित्तीय क्षेत्र र सहकारी क्षेत्रलाई मुख्य आधारशीला मानेको छ। नेपाल राष्ट्र बैङ्कको वार्षिक प्रतिवेदन २०८०।८१ अनुसार वित्तीय प्रणालीमा कुल सम्पत्ति तथा दायित्वमा नेपाल राष्ट्र बैङ्कको १६.४ प्रतिशत, वाणिज्य बैङ्क क्षेत्रको ५७.७ प्रतिशत, विकास बैङ्क क्षेत्रको ५.७ प्रतिशत, वित्त कम्पनीको १.४ प्रतिशत, लघु वित्त वित्तीय सस्थाको ४.४ प्रतिशत तथा बिमा कम्पनीको ७.५ प्रतिशत हिस्सा रहेको छ। बैंकिङ्ग प्रणालीको पहुँचको दायरा बढ्दै गए तापनि केही दुर्गम तथा पिछडिएका क्षेत्रहरूमा बैङ्क तथा वित्तीय संस्थाहरूको सेवा पुग्न सकेको छैन। वित्तीय पहुँचको विस्तार एवं वित्तीय साक्षरताका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी वित्तीय सेवा प्रभावकारी बनाउनुपर्दछ।

२६. **बैंकिङ्ग क्षेत्र -** बैङ्कहरूले कर्जा प्रवाहको माध्यमबाट आर्थिक गतिविधिमा लगानी गर्ने कार्य गर्दै आएका छन्। बैंकिङ्ग तथ्याङ्कलाई आधार लिँदा २०८१ असार मसान्तमा बैंकिङ्ग प्रणालीमा रहेको निक्षेप कुल गार्हस्थ उत्पादनको ११३.११ प्रतिशत र कर्जा प्रवाह ११६.०७ प्रतिशत रहेको छ। अर्थमन्त्रालयबाट प्रकाशित २०८०।८१ को वार्षिक प्रतिवेदनको तथ्याङ्कअनुसार वाणिज्य बैङ्कहरूले प्रवाह गरेको कुल कर्जामध्ये प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाहित कर्जा २९.९५ प्रतिशत रहेकोमा यसअन्तर्गत कृषि क्षेत्रमा १३.१२ प्रतिशत र गैरकृषि क्षेत्रमा २१.२५ प्रतिशत कर्जा प्रवाह भएको छ। बैङ्क तथा वित्तीय संस्थाहरूको सेवा विस्तार गर्ने, वित्तीय संस्थाहरूलाई आधुनिक सूचना प्रणालीयुक्त बनाउने, कर्मचारीमा पेसागत विशेषज्ञता हासिल गराई केन्द्रीय बैङ्कको सुपरिवेक्षण र अनुगमनलाई सुदृढ गर्ने, बचत वृद्धि एवं अनुत्पादनशील कर्जालाई नियन्त्रण गर्ने तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्दै अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन मन्त्रालयले आवश्यक भूमिका निर्वाह गर्नुपर्दछ।

२७. **बिमा -** नेपालमा रहेका ३४ बिमा कम्पनीमध्ये १४ जीवन बिमा, १४ निर्जीवन बिमा, २ पुर्नबिमा र ७ लघुबिमा कम्पनी रहेका छन्। बिमा व्यवसायको पर्याप्त सम्भाव्यता रहे तापनि राष्ट्रिय बिमा प्राधिकरणले प्रकाशित गरेको तथ्याङ्कबमोजिम २०८१ असार मसान्तमा बिमाको पहुँच ४३.२७ प्रतिशत जनसङ्ख्यामा पुगेको छ। सोमध्ये जीवन बिमाको हिस्सा करिब ८२ प्रतिशत रहेको छ।

२८. **पुँजी बजार -** पुँजी बजारका पूर्वाधारहरूको क्षमता वृद्धि र विकास भएमा लगानीको निम्ति पुँजी आपूर्ति वृद्धि भई मुलुकको आर्थिक विकासले गति लिन्छ। सिडिएस एण्ड क्लियरिङ लिमिटेड स्थापना भई २०७२ देखि सबै सूचीकृत कम्पनीहरूको सेयर कारोबार अभौतीकीकरण गर्दै आइरहेको छ। अर्थमन्त्रालयको वार्षिक प्रगति मूल्याङ्कनबमोजिम २०८१ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.३५ खर्ब ५३ अर्ब ६८ करोड कायम भएको छ। सो अवधिमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको सङ्ख्या २७० पुगेको, कर्पोरेट पेपर र ऋणपत्र बजारको उपस्थिति शून्य प्रायः रहेको एवं भेन्चर क्यापिटल र प्राइभेट इन्भेष्टमेन्ट जस्ता व्यवसायलाई धितोपत्र बजारमा ल्याउन सकेको छैन्।

२९. **सहकारी क्षेत्र -** सहकारी ऐन, २०७४ को दफा १५० मा ५० करोड रुपैयाँ सेयर पुँजी भएको वा सो बराबर वार्षिक कारोबार गर्ने सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमको आधारमा सहकारी विभागको अनुरोधमा त्यस्ता संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण नेपाल राष्ट्र बैङ्कले गर्ने व्यवस्था छ। सो प्रावधानअनुसार नेपाल राष्ट्र बैङ्कबाट सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षणको कार्य विभागको अनुरोधमा गर्नुपर्नेमा सोको अभिलेख प्राप्त भएन।

३०. **व्यापार घाटा -** बजेट वक्तव्यमा वैदेशिक व्यापारमा हाल देखिएका अवरोधहरू कम गर्दै निर्यात, आयात र आपूर्ति व्यवस्थालाई सुचारु गरी विश्व बजारमा सम्भाव्य, प्रतिस्पर्धी र तुलनात्मक लाभ भएका वस्तुहरूको उत्पादन बढाई निकासी प्रवर्धन गरिने उल्लेख छ। वैदेशिक व्यापारको तथ्याङ्को विश्लेषण गर्दा प्रत्येक वर्ष आयात वृद्धि भई व्यापार घाटा बढेको छ। विगत ५ वर्षको वस्तु आयात, निर्यात र व्यापार घाटाको स्थिति निम्नानुसार छः

(रु. अर्बमा)

आर्थिक वर्ष	निर्यात	आयात	व्यापार घाटा	आयातको तुलनामा व्यापार घाटा (प्रतिशत)
२०८०।८१	१५२	१५९३	१४४१	९०.४६
२०७९।८०	१५७	१६१२	१४५५	९०.२६
२०७८।७९	२००	१९२०	१७२०	८९.५८
२०७७।७८	१४१	१५३९	१३९८	९०.८३
२०७६।७७	९७.७१	११९६.८०	१०९९.०९	९१.८४

स्रोतः व्यापार तथा निकासी प्रवर्धन केन्द्र/भन्सार विभाग

यो वर्षको कुल आयातमा सबैभन्दा बढी डिजेल, पेट्रोल र ग्याँस १६.८० प्रतिशत, कच्चा फलाम तथा स्टीलजन्य उत्पादनतर्फ ४.६२ प्रतिशत रहेको छ। स्मार्टफोन, औषधीजन्य सामग्री, सुनको अंश क्रमशः १.८०, १.७२, १.४८ प्रतिशत रहेको छ। कुल निर्यातमा कार्पेट गलैँचालगायत ६.९४ प्रतिशत, अलैँची ५.२१ प्रतिशत र रोल आइरन तथा स्टील ४.५१ प्रतिशत रहेको छ। उत्पादन तथा निर्यात वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्नुपर्दछ।

३१. **बैङ्क तथा वित्तीय संस्थाको नियमन -** नेपालमा बैङ्क तथा वित्तीय क्षेत्रका लागि नेपाल राष्ट्र बैङ्क नियामक निकायको रूपमा क्रियाशील रहेको छ। नेपाल राष्ट्र बैङ्कको वार्षिक प्रतिवेदन, २०८०।८१ अनुसार वाणिज्य बैङ्कहरूको निक्षेप र कर्जाको औसत ब्याज दर २०७९ आषाढमा ७.४१ र ११.६२ प्रतिशत, २०८० आषाढमा क्रमशः ७.८६ प्रतिशत र १२.३० प्रतिशत एवं २०८१ आषाढमा क्रमशः ५.७७ प्रतिशत र ९.९३ प्रतिशत पुगेको छ। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूलाई जारी गरेको निर्देशन विपरीत ब्याज प्रिमियममा पुनःथप प्रिमियम लिएको अवस्थामा सो रकम फिर्ता गर्न निर्देशन दिएकोमा कार्यान्वयनको अवस्था यकिन गरिनुपर्दछ। वैदेशिक मुद्रातर्फ अमेरिकी डलर ४ अर्ब २ करोड बिक्री गरी रु.५ खर्ब ३५ अर्ब ७ करोड बराबरको भारतीय रुपैयाँ खरिद गरेको छ। बैङ्कहरूको आधार दर २०७९ असार मसान्तमा १०.०३ प्रतिशत रहेकोमा यो वर्ष ८ प्रतिशत रहेको छ।

३२. **विदेशी मुद्रा सञ्चिति -** विदेशी मुद्रा सञ्चिति २०७९ असारमा रु.१२ खर्ब १५ अर्ब ८० करोड र २०८० असारमा रु.१५ खर्ब ३९ अर्ब ३६ करोड रहेकोमा २०८१ असारमा रु.२० खर्ब ४१ अर्ब १० करोड पुगेको छ। चालु खाता २०८१ असारमा रु.२ खर्ब २१ अर्ब ३४ करोड बचतमा रहेको छ। त्यसै गरी शोधनान्तर स्थिति २०८०।८१ मा रु.५ खर्ब २ अर्ब ४९ करोड बचतमा रहेको देखिन्छ।

सार्वजनिक संस्थान व्यवस्थापन

३३. **सार्वजनिक संस्थान सञ्चालन -** मन्त्रालयले सार्वजनिक गरेको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८१ अनुसार नेपालमा सञ्चालित ६९ सार्वजनिक संस्थानमध्ये गत विगतमा विनिवेश भएका संस्था ३० तथा अस्तित्वमा रहेका ३९ र पछिल्लो समयमा स्थापना भै थप भएका समेत हाल अस्तित्वमा रहेका ४४ संस्थानमध्ये ४२ संस्थान सञ्चालनमा रहेका छन्। उक्त समीक्षा अनुसार २०७९।८० मा अस्तित्वमा रहेका संस्थानमध्ये २६ संस्थान नाफामा र १५ संस्थान घाटामा रहेका छन्। जनकपुर चुरोट कारखाना लिमिटेड बन्द अवस्थामा रहेको तथा विद्युत उत्पादन कम्पनी लिमिटेड र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको व्यवसाय सुरुवाती अवस्थामा रहेका छन्। घाटामा रहेका संस्थानमध्ये नेपाल ओरियण्ट एण्ड म्याग्नासाइट प्रा. लि. र बुटवल धागो कारखाना लिमिटेड तथा नेपाल रेल्वे कम्पनीले उद्देश्य

अनुरूप व्यवसाय विस्तार गर्न नसक्दा नोक्सानीमा गएकोले यसमा सुधार गर्नुपर्दछ। समीक्षा प्रतिवेदनबमोजिम २०७९।८० मा सार्वजनिक संस्थानतर्फको एकीकृत वासलातमा मध्यम तथा दीर्घकालीन ऋण वृद्धि भएको र अल्पकालीन दायित्व १५.८४ प्रतिशतले वृद्धि भई रु.७ खर्ब ७४ अर्ब १ करोड ५ लाख पुगेको छ।

निजीकरण भइसकेका १४ संस्थानबाट सम्झौताअनुसार प्राप्त गर्नुपर्ने रकमको अभिलेख राखी असुल हुन बाँकी रकम आर्थिक विवरणमा समावेश गरेको छैन। मन्त्रालयबाट प्राप्त विवरणअनुसार ४ संस्थानबाट रु.३९ करोड ७३ लाख ३३ हजार भाडा प्राप्त हुनुपर्ने देखिन्छ। बक्यौता रकमको अभिलेख अद्यावधिक गरी बाँकी रकम असुल गर्नुपर्दछ।

३४. **संस्थान नियमन -** नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारणका अतिरिक्त सार्वजनिक संस्थानहरू र निजीकरणसम्बन्धी नीति, कानुन, मापदण्ड, अनुगमन र नियमन गर्ने जिम्मेवारी अर्थ मन्त्रालयलाई तोकेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेख अनुसार नेपाल सरकारले २०८०।८१ सम्ममा १०५ संस्थानमा रु.३ खर्ब ८० अर्ब ९७ करोड ७६ लाख सेयर लगानी गरेको देखिन्छ। कम्पनी स्थापना गर्दा प्रस्तावित कम्पनीको प्रबन्धपत्र र नियमावलीका सम्बन्धमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिने गरेको पाइएन। नेपाल सरकारको प्रतिनिधिको रूपमा मूल कम्पनीमा रहेका सञ्चालक समितिका सदस्यहरू सहायक कम्पनीको सञ्चालक समितिमा समेत प्रतिनिधित्व गरेको देखिन्छ। यसअनुसार स्थापना भएका सहायक कम्पनीले पदाधिकारी एवं कर्मचारीको सेवा सुविधा र आर्थिक दायित्वसम्बन्धी विषयमा निर्णय गर्दा अर्थ मन्त्रालयको सहमति लिने गरेको देखिएन। नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थानले सहायक कम्पनीको स्थापना गर्ने प्रबन्धपत्र र नियमावली स्वीकृत गर्दा, संशोधन गर्दा, सहायक कम्पनीको सञ्चालक समितिमा नेपाल सरकारको प्रतिनिधित्व गर्दा एवं पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा र आर्थिक दायित्वसम्बन्धी विषयमा निर्णय गर्दा मन्त्रालयको अनिवार्य रूपमा सहमति लिनुपर्ने व्यवस्था मिलाउनुपर्दछ।

सरकारको पूर्ण स्वामित्व भएका संस्थामा प्रमुख कार्यकारी वा सञ्चालक नियुक्ति गर्दा निजहरूले पाउने सुविधा कानुनमा उल्लेख नभएको अवस्थामा नियुक्तिकै समयमा उल्लेख गर्नुपर्दछ। प्राकृतिक न्यायको सिद्धान्तबमोजिम पनि कुनै पनि पदाधिकारीले आफ्नो सेवा सुविधा आफैंले निर्धारण गर्नुहुँदैन। कतिपय संस्थाहरूमा स्वायततताको उपयोग गर्दै सेवा सुविधामा उल्लेख्य रकम वृद्धि गर्दै जाने, कोष खडा नगरी दिर्घकालीन दायित्वहरू सिर्जना गर्ने प्रवृत्ति बढ्दै गएको छ। यसलाई व्यवस्थित गरिनुपर्दछ।

राहत तथा अनुदानको उपयोग

३५. **आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत -** सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानका लागि मन्त्रालयले यो वर्ष रु.२१ अर्ब १४ करोड ६० लाख बजेट विनियोजन भएकोमा रु.३ अर्ब अर्थात् स्वीकृत बजेटको १४.१९ प्रतिशत नेपाल राष्ट्र बैङ्कलाई निकासा गरेको छ। नेपाल राष्ट्र बैङ्कले ब्याज अनुदान पाउनयोग्य क्षेत्रगत तथा विषयगत कर्जा र सो कर्जामा दिइएको अनुदानको विवरण पेस गरेको छैन। नेपाल राष्ट्र बैङ्कलाई २०८०।८१ सम्म रु.२७ अर्ब निकासा गरेकोमा रु.१८ अर्ब १८ करोड ८३ लाख १२ हजार ब्याज अनुदान वितरण गरेको देखिन्छ। नेपाल सरकारबाट प्राप्त रकममध्ये रु.८ अर्ब ८१ करोड

१६ लाख ८८ हजार ब्याज अनुदान प्रवाह नभई बैङ्कमा मौज्दात रहेकोले कार्यक्रमको लक्ष्य अनुरूप अनुदान वितरण हुनसकेको छैन। सरकारले बजेट खर्च जनाई उपलब्ध गराएको रकम बैङ्कमा मौज्दात रहेको सम्बन्धमा छानबिन गरी बाँकी रकम सङ्घीय सञ्चित कोषमा फिर्ता हुनुपर्दछ।

यो वर्षको बजेट वक्तव्यको बुँदा नं. ४१३ मा सहुलियतपूर्ण ब्याजमा प्रवाह भइरहेको कर्जाका प्रभावकारिताका आधारमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रमलाई पुनर्संरचना गरिने उल्लेख भएकोमा हालसम्मको कार्यान्वयनको अवस्था, अनुदानले पारेको प्रभाव, अनुदानका कारणले सिर्जना भएको रोजगारी एवं उद्यमशीलता विकासलगायत उत्पादनशील अर्थतन्त्र निर्माणमा खेलेको भूमिका तथा सहुलियतपूर्ण कर्जाको प्रतिफलसमेतलाई यकिन गर्नुपर्दछ।

३६. **लघु बिमा सहयोग -** मन्त्रालयले पशु र बाली स्वास्थ्यसम्बन्धी लघु बिमा कार्यक्रमको लागि यो वर्ष रु.३५ करोड ९४ लाख बजेट विनियोजन गरेकोमा प्रिमियमको ८० प्रतिशत अनुदानको रूपमा कृषि विकास बैङ्कलाई रु.१ करोड ९२ लाख, साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडलाई रु.९ करोड ५० लाखसमेत रु.११ करोड ४२ लाख ३३ हजार अर्थात् स्वीकृत बजेटको ३१.७८ प्रतिशत अनुदान दिएको छ। कृषि विकास बैङ्कले तयार गरेको कार्यविधिअनुसार मौज्दात रहेको प्रिमियम रकमबाटै व्यवस्थापनलगायतका खर्च तथा कृषकलाई प्रिमियम रकम फिर्ता गर्ने, साना किसान विकास वित्तीय संस्था लिमिटेडले ब्याज आम्दानीबाट मात्र व्यवस्थापन खर्च गरी सावाँ प्रिमियम रकम खर्च गर्न नपाइने कार्यविधि तय गरेको तथा निक्षेप तथा कर्जा सुरक्षण कोषले कृषकलाई बैङ्क तथा वित्तीय संस्थाले प्रदान गर्ने पशु ऋणको सुरक्षण गर्न सो अनुदान रकम प्रयोग गर्ने गरी कार्यविधि तय गरेको देखिन्छ। यसरी एउटै कार्यक्रम फरक फरक संस्थाले फरक कार्यविधिको आधारमा कार्यान्वयन गर्ने गरेकोमा यसलाई व्यवस्थित गरिनुपर्दछ।

महालेखा नियन्त्रक कार्यालय

नेपाल सरकारको सञ्चित कोष सञ्चालन गर्ने, बजेट कार्यान्वयनमा सहजीकरण गर्ने, सरकारको आय व्ययको लेखा राख्ने र सोको एकीकृत वार्षिक वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गर्ने, निवृत्तिभरण व्यवस्थापन, सरकारी बाँकी असुल र प्रचलित कानुनद्वारा तोकिएका अन्य कार्यहरूसमेत सम्पादन गर्दै आएको छ। यस कार्यालयअन्तर्गत ८१ कार्यालय सञ्चालनमा रहेका छन्।

३७. **सङ्घीय सञ्चित कोष -** कार्यालयले पेस गरेको २०८०।८१ को सङ्घीय सञ्चित कोषको एकीकृत वित्तीय विवरण देहायअनुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१			२०७९।८०		
	नगद	तेस्रोपक्ष (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष (सोझै भुक्तानी)	जम्मा
१	२	३	४=२+३	५	६	७=५+६
१.राजस्व, अनुदान र अन्य प्राप्ति	**९६६८११२**	**१०१००७**	**९७६९११९**	**९०३५६१९**	**६८०९१**	**९१०३७१०**
१.१.राजस्व	९२९०४७८	०	९२९०४७८	८३४०५९६	०	८३४०५९६
क. कर	८२०६९७०	०	८२०६९७०	७४८४२००	०	७४८४२००
ख. अन्य राजस्व	१०८३५०८	०	१०८३५०८	८५६३९५	०	८५६३९५

विवरण	२०८०।८१			२०७९।८०		
	नगद	तेस्रोपक्ष (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष (सोझै भुक्तानी)	जम्मा
१	२	३	४=२+३	५	६	७=५+६
१.२. अनुदान	१३९०८७	१०१००७	२४००९४	१६१९९८	६८०९१	२३००८९
क. द्विपक्षीय वैदेशिक अनुदान	१३६०१	३६६३४	५०२३५	१५७७६	१९५४६	३५३२२
ख. बहुपक्षीय वैदेशिक अनुदान	१२५४८६	६४३७३	१८९८५९	१४६२२२	४८५४५	१९४७६७
१.३.बेरूजु तथा अन्य प्राप्ति	२३८५४७	०	२३८५४७	५३३०२५	०	५३३०२५
२.वित्तीय व्यवस्थाबाट प्राप्ति	**३१७८६५२**	**३७०८८६**	**३५४९५३८**	**३४८२८१९**	**३५३१८१**	**३८३६०००**
२.१.ऋणलगानी फिर्ता	७२६१०	०	७२६१०	११८१४१	०	११८१४१
क.आन्तरिक ऋण लगानीफिर्ता	७२६१०	०	७२६१०	११८१४१	०	११८१४१
२.३. वैदेशिक ऋण प्राप्ति	७६१८२८	३७०८८६	११३२७१४	८७७२९५	३५३१८१	१२३०४७६
२.४ आन्तरिक ऋण	२३४४२१४	०	२३४४२१४	२४८७३८३	०	२४८७३८३
ख. नागरिक बचतपत्र	३६९८	०	३६९८	२३६१३	०	२३६१३
ग. विकास ऋणपत्र	१७९००००		१७९००००	१००००००	०	१००००००
घ. वैदेशिक रोजगार बचतपत्र	५१६		५१६	२६४	०	२६४
च. ब्याजमा आधारित ट्रेजरी बिल	०		०	१४६३५०६	०	१४६३५०६
छ. बट्टामा आधारित ट्रेजरी बिल	५५००००		५५००००	०	०	०
३.यसवर्षको खुद प्राप्ति (१+२)	**१२८४६७६४**	**४७१८९३**	**१३३१८६५७**	**१२५१८४३८**	**४२१२७२**	**१२९३९७१०**
४.भुक्तानी	**१३४६२१२३**	**४७१८९३**	**१३९३४०१६**	**१३७९१९९७**	**४२१२७२**	**१४२१३२७०**
४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च*	३०५६३१६	०	३०५६३१६	२२३०६२७	०	२२३०६२७
क. चालु खर्च	८२३५२०	०	८२३५२०	७३३५००	०	७३३५००
ख. वित्तीय खर्च	२२३२७९६	०	२२३२७९६	१४९७१२७	०	१४९७१२७
४.२. विनियोजन ऐनद्वारा भएको खर्च	१०४०५८०७	४७१८९३	१०८७७७००	११५६१३७०	४२१२७२	११९८२६४३
क. चालु खर्च	८४१३५२७	५४२१७	८४६७७४४	९१३९७५४	४१८१३	९१८१५६७
ख. पुँजीगत खर्च	१७८८२४३	१३२०३१	१९२०२७४	२२४२९०४	१०३३४४	२३४६२४८
ग. वित्तीय खर्च	२०४०३७	२८५६४५	४८९६८२	१७८७१२	२७६११५	४५४८२७
५. विनिमय दर वा अन्य समायोजन	**१४४४५६**	**०**	**१४४४५६**	**०**	**०**	**०**
६. यस वर्षको जम्मा भुक्तानी (४-५)	**१३३१७६६७**	**४७१८९३**	**१३७८९५६०**	**१३७९१९९७**	**४२१२७२**	**१४२१६२७०**
७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	-४७०९०३	०	-४७०९०३	-१२७३५५९	०	-१२७३५६०
८. आर्थिक वर्षको सुरूवातको मौज्दात	-१८१२६७४	०	-१८१२६७४	-५३९११४	०	-५३९११४
९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	-२२८३५७७	०	-२२८३५७७	-१८१२६७४	०	-१८१२६७४

यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३७.१ सङ्घीय सञ्चित कोषमा यो वर्ष राजस्वतर्फ बेरुजु र अन्य प्राप्तिसमेत रु.९ खर्ब ५२ अर्ब ९० करोड २५ लाख, अनुदान तथा सहायता रु.२४ अर्ब ९४ लाख, आन्तरिक ऋण रु.२ खर्ब ३४ अर्ब ४२ करोड १४ लाख, वैदेशिक ऋण रु.१ खर्ब १३ अर्ब २७ करोड १४ लाख, आन्तरिक ऋण लगानी फिर्ता रु.७ अर्ब २६ करोड १० लाखसमेत रु.१३ खर्ब ३१ अर्ब ८६ करोड ५७ लाख प्राप्त भएको र चालु खर्च रु.९ खर्ब २९ अर्ब १२ करोड ६४ लाख, पुँजीगत खर्च रु.१ खर्ब ९२ अर्ब २ करोड ७४ लाख तथा वित्तीय व्यवस्था रु.२ खर्ब ७२ अर्ब २४ करोड ७८ लाखसमेत रु.१३ खर्ब ९३ अर्ब ४० करोड १६ लाख खर्च भएको छ। यो वर्ष सञ्चित कोषको मौज्दात रु.६१ अर्ब ५३ करोड ५९ लाखले ऋणात्मक भएकोमा गत वर्षको रोयल्टी बाँडफाँटको रकम तथा ट्रेजरी बिलको रोलओभर नाफासमेत रु.१४ अर्ब ४४ करोड ५६ लाख आय लेखाङ्कन गर्दा ऋणात्मक मौज्दात रु.४७ अर्ब ९ करोड ३ लाख रहेको छ। यसमा गत वर्षसम्मको ऋणात्मक मौज्दात रु.१ खर्ब ८१ अर्ब २६ करोड ७४ लाख थप गर्दा २०८१ आषाढ मसान्तसम्म सङ्घीय सञ्चित कोष रु.२ खर्ब २८ अर्ब ३५ करोड ७७ लाखले ऋणात्मक रहेको छ। नेपाल सरकारको अन्य सरकारी कोष तथा खाताहरूमा यस वर्षको अन्त्यमा रु.१ खर्ब ४० अर्ब ९४ करोड ७० लाख मौज्दात रहेको छ। त्यस्तै प्रदेश सञ्चित कोष रु.५० अर्ब ९० करोड ९८ लाख र स्थानीय सञ्चित कोष रु.६० अर्ब ५० करोड ८१ लाखले धनात्मक रहेका छन्।

त्यस्तै यस वर्षको ऋणात्मक सञ्चित कोष मौज्दात रु.४७ अर्ब ९ करोड २ लाखमा धरौटी तथा अन्य कोषहरूको मौज्दात थप रु.६ अर्ब ५७ करोड ३७ लाख समायोजन गर्दा रु.४० अर्ब ५१ करोड ६४ लाख ऋणात्मक हुन गई गत वर्ष सम्मको ऋणात्मक नगद तथा बैङ्क मौज्दात रु.४६ अर्ब ८९ करोड ४२ लाख समायोजन गर्दा सङ्घीय सरकारको नगद तथा बैङ्क मौज्दात रु.८७ अर्ब ४१ करोड ७ लाख ऋणात्मक रहेको छ। यसरी नगदमा आधारित लेखा प्रणालीमा सञ्चित कोष तथा नगद तथा बैङ्क मौज्दातसमेत ऋणात्मक रहेको सम्बन्धमा यकिन गरी सञ्चितकोष तथा कोषहरूको हिसाब यथार्थपरक बनाउनुपर्दछ।

३७.२ कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार रु.६१ अर्ब ८५ करोड र नेपाल राष्ट्र बैङ्कको वित्तीय विवरणअनुसार रु.६३ अर्ब ९५ करोड ३४ लाख मौज्दात रहेकोले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्पूर्ण खाताहरू र कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार देहाय बमोजिम रु.२ अर्ब १० करोड ३४ लाख मौज्दात फरक परेको छ।

(रु. लाखमा)

विवरण	राष्ट्र बैङ्कको विवरण बमोजिम	एकीकृत वित्तीय विवरण बमोजिम	फरक
सङ्घीय सरकार	(९९४९१७)	(८७४१०७)	१२०८१०
प्रदेश सरकार	६९२२७९	६९८२७७	(५९९८)
स्थानीय सरकार	९४२१७२	७९४३३०	(१४७८४२)
जम्मा	**६३९५३४**	**६१८५००**	**(२१०३४)**

कार्यालयले सङ्घीय सरकारको ऋणात्मक मौज्दात रु.८७ अर्ब ४१ करोड ७ लाख देखाएकोमा नेपाल राष्ट्र बैङ्कको विवरणअनुसार रु.९९ अर्ब ४९ करोड १७ लाख देखिन्छ। जसअनुसार उक्त २ वित्तीय विवरणमा रु.१२ अर्ब ८ करोड १० लाखको भिन्नता देखिएको छ। नेपाल राष्ट्र बैङ्कको हिसाब र एकीकृत वित्तीय विवरणको हिसाब फरक सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

३८. **बैङ्क हिसाब मिलान विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३ को उपदफा २ मा सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब अद्यावधिक राख्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ। यसवर्ष सङ्घीय सञ्चित कोष (क१), कार्यसञ्चालन कोष तथा अन्य निकायहरूको सरकारी खाता (क२.७)लगायत ७ प्रकारका खाताहरूमा रु.६ अर्ब ३ करोड १० लाख ७६ हजार बैङ्क मौज्दात बढी देखिएको तथा विविध खाता (क२.६) र वैदेशिक सहायता आम्दानी खाता (क७) मा रु.७८ करोड ११ लाख ७६ हजार बैङ्क मौज्दात घटी देखिएको सम्बन्धमा कार्यालयले हिसाब मिलान गरेको छैन। खाताहरूको बैङ्क मौज्दात फरक पर्नुका कारणहरू छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

३९. **वैदेशिक ऋण प्राप्तिमा भिन्नता -** सञ्चित कोषको आर्थिक विवरणमा वैदेशिक ऋणतर्फ नगद प्राप्ति रु.७६ अर्ब १८ करोड २८ लाख र सोझै भुक्तानी (प्रत्यक्ष ऋण) तर्फ रु.३७ अर्ब ८ करोड ८६ लाखसमेत रु.१ खर्ब १३ अर्ब २७ करोड १४ लाख आम्दानी जनाएकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राप्त सार्वजिनक ऋणको वार्षिक आर्थिक विवरणअनुसार वैदेशिक ऋण प्राप्ति रु.१ खर्ब २५अर्ब ६६ करोड ६१ लाख रहेको देखिन्छ। जसअनुसार प्राप्त भएको ऋणभन्दा सञ्चित कोषमा रु.१२ अर्ब ३९ करोड ४७ लाख घटी दाखिला भएको छ। यस सम्बन्धमा यकिन गरी सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

४०. **कोषको खर्च -** नेपालको संविधानमा नेपाल सरकारलाई प्राप्त हुने गुठी बाहेकका सबै रकम सञ्चित कोष दाखिला हुनुपर्ने र सो कोषबाट खर्च गर्नुपर्ने व्यवस्था छ। सङ्घीय सञ्चित कोषबाट हुने खर्चको कार्यविधि तोक्ने र सञ्चित कोषको आर्थिक विवरण महालेखा नियन्त्रक कार्यालयले तयार गर्ने व्यवस्था भएकोमा भन्सार विभाग तथा आन्तरिक राजस्व विभागको विवरणबमोजिम भन्सार कोष खाताबाट राजस्व तथा धरौटीमा ट्रान्सफर, आन्तरिक मूल्य अभिवृद्धि कर कोष खातामा ट्रान्सफर वा दोहोरो दाखिला फिर्ता गरेको बाहेक रु.५ करोड ४७ लाख १ हजार र मूल्य अभिवृद्धि कर कोष खाताबाट रु.४ अर्ब १४ करोड ८४ लाख ७४ हजार समेत रु.४ अर्ब २० करोड ३१ लाख ७५ हजार खर्च भएकोमा सो खर्च सञ्चित कोष बाहिर रहेको छ। सो खर्च एकीकृत वित्तीय विवरणमा समावेश भएको देखिएन। यसबाट सञ्चित कोषको यथार्थ खर्चको विवरण तयार नभएकोले कानुनबमोजिम प्राप्त रकम सञ्चित कोषमा दाखिला गरी खर्च गर्नुपर्दछ।

४१. **स्रोतगत खर्च र यथार्थ प्राप्ति -** नेपाल सरकारको एकीकृत वित्तीय विवरणबमोजिम यो वर्षको कुल बजेट खर्च र सोको स्रोत एवं यथार्थ प्राप्तिको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	नगद राजस्व	आन्तरिक ऋण	वैदेशिक ऋण	अनुदान	जम्मा
वास्तविक प्राप्ति	९५२९०२६	२३४४२१४	११३२७१४	२४००९४	१३२४६०४८
खर्च बेहोरेको	१०५९०२०५	१९२०३४२	११९०५८१	२३२८८८	१३९३४०१६
फरक	-१०६११७९	४२३८७२	-५७८६७	७२०६	-६८७९६८
सावाँ प्राप्ति					७२६१०
अन्य समायोजन					१४४४५६
स्रोतबेगर खर्च					-४७०९०२

उपर्युक्त विवरणअनुसार रु.४७ अर्ब ९ करोड २ लाखको स्रोत बेगर राजस्वमा प्राप्ति बढी देखाई खर्च गरेको देखिन्छ। यसबाट स्रोत प्राप्ति फरक हुने गरी खर्च लेखाङ्कन भएको साथै प्राप्त नै नभएको स्रोतमा बढी खर्च देखाएकोले स्रोतगत खर्चको यथार्थपरक विवरण तयार पार्नुपर्दछ।

४१.१ यो वर्ष आन्तरिक ऋण रु.२ खर्ब ३४ अर्ब ४२ करोड १४ लाख प्राप्त गरी सञ्चित कोष दाखिला गरेकोमा स्रोतगत खर्चको विवरणबमोजिम सोबाट चालु खर्च रु.८६ अर्ब ९८ करोड ९२ लाख, पुँजीगत खर्च रु.९३ अर्ब १५ करोड ४० लाख र वित्तीय व्यवस्था रु.११ अर्ब ८९ करोड ४० लाखसमेत रु.१ खर्ब ९२ अर्ब ३ करोड ४२ लाख उपयोग भएको देखिएको छ। साथै रु.११ अर्ब ८९ करोड ४० लाख आन्तरिक ऋण वित्तीय व्यवस्थामा उपयोग भएकोमा रु.२ खर्ब २३ अर्ब २७ करोड ९५ लाख आन्तरिक तथा वैदेशिक ऋणको सावाँ ब्याज भुक्तानीको लागि नेपाल सरकारको नगदतर्फ स्रोत कायम गरे तापनि समग्रमा नगदतर्फ रु.१ खर्ब ६ अर्ब ११ करोड ७९ लाख अवास्तविक स्रोत कायम गरेको देखिएकोले आन्तरिक तथा वैदेशिक ऋणको सावाँ ब्याज भुक्तानीमा समेत आन्तरिक ऋण प्रयोग भएको छ।

४१.२ यो वर्ष वैदेशिक ऋण रु.१ खर्ब १३ अर्ब २७ करोड १४ लाख सञ्चित कोष दाखिला भएकोमा स्रोतगत खर्चको विवरणबमोजिम चालु खर्च रु.१८ अर्ब ४१ करोड ७७ लाख, पुँजीगत खर्च रु.७२ अर्ब २३ करोड ७२ लाख र वित्तीय व्यवस्था रु.२८ अर्ब ४० करोड ३२ लाखसमेत रु.१ खर्ब १९ अर्ब ५ करोड ८१ लाख उपयोग भएको देखिएको छ। साथै रु.२८ अर्ब ४० करोड ३२ करोड वैदेशिक ऋण वित्तीय व्यवस्थामा उपयोग भएकोमा रु.२ खर्ब २३ अर्ब २७ करोड ९५ लाख आन्तरिक तथा वैदेशिक ऋणको सावाँ ब्याज भुक्तानीको लागि नेपाल सरकारको नगदतर्फ स्रोत कायम भए तापनि समग्रमा नगदतर्फ रु.१ खर्ब ६ अर्ब ११ करोड ७९ लाख अवास्तविक स्रोत कायम गरेको देखिएकोले आन्तरिक तथा वैदेशिक ऋणको सावाँ ब्याज भुक्तानीमा ऋणको अंश प्रयोगको सम्बन्धमा यकिन गर्नुपर्दछ।

वैदेशिक ऋणबाट लगानी गरिएका सार्वजनिक संस्थानहरूले हालसम्म रु.९९ अर्ब ८८ करोड भाखा नाघेको सावाँ ब्याज भुक्तानी उठाउन बाँकी रहेकोले वैदेशिक ऋणबाट पुनः लगानी गरिएको ऋण असुली हुन सकेको देखिँदैन। सञ्चित कोष दाखिला भएको भन्दा रु.५ अर्ब ७८ करोड ६७ लाख बढी उपयोग भएको देखिएकोमा सोको कारण उल्लेख गरेको छैन। सञ्चित कोष ऋणात्मक मौज्दातमा रहेको र वैदेशिक ऋण खातामा रु.९ अर्ब ६५ करोड ८ लाख ७३ हजार मौज्दात बाँकी रहेकोमा सञ्चित कोषमा प्राप्त खर्चबमोजिम सञ्चित कोष आम्दानी देखाई हिसाब मिलान गर्नुपर्दछ।

४२. **खुद खर्चको प्रतिवेदन -** कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणबमोजिम यो वर्ष नेपाल सरकारको कुल खर्च रु.१३ खर्ब ९३ अर्ब ४० करोड १६ लाख देखिएकोमा वित्तीय व्यवस्थापन सूचना प्रणालीको विवरणबमोजिम पेस्की रु.२१ अर्ब ७२ करोड ३६ लाख रहेको छ। यो वर्ष पेस्की बाहेकको खर्च रु.१३ खर्ब ७१ अर्ब ६७ करोड ८० लाख रहेको देखिन्छ। तर उक्त रकम वित्तीय विवरणको एकीकृत प्राप्ति तथा भुक्तानी, सञ्चित कोषको आर्थिक विवरण र बजेटको तुलनात्मक विवरणमा समेत खुद खर्च प्रतिवेदन गर्ने व्यवस्था नभएको कारणले पेस्की बाहेकको खर्चसमेत वित्तीय विवरणमा प्रस्तुतीकरण हुने गरी लेखा फारामहरूमा आवश्यक परिमार्जन गर्नुपर्दछ।

४३. **ट्रेजरी बिलको रोलओभर नाफा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६ बमोजिम राजस्वको लेखा नगदमा आधारित दोहोरो लेखा प्रणालीको आधारमा राखिने व्यवस्था छ। कार्यालयले पेस गरेको वित्तीय विवरणको अनुसूची १९ मा आन्तरिक ऋण रोलओभर नाफा रु.११

अर्ब २७ करोड १३ लाख ९१ हजार समायोजन समेत सञ्चित कोषमा आम्दानी जनाएको छ। ट्रेजरी बिल्स तथा अन्य अल्पकालीन ऋणका माध्यमहरू परिपक्व समायवधिमा सावाँ भुक्तानी नगरी पुनः रोल ओभर गर्दा त्यसले ऋणको सुरु मूल्यमै बाँकी रहने तर उक्त ऋणपत्र प्राप्ति गर्दाको बट्टा कम हुने हुन्छ। यसबाट अघिल्लो अवधिको बट्टादर भन्दा पछिल्लो अवधिको बट्टादर कम भए तापनि नगदमै नाफा वा घाटा प्राप्ति नहुने हुँदा नगदमा आधारित लेखा प्रणालीमा सोको असर पर्ने देखिँदैन। वित्तीय विवरणमा नाफा देखाएको उक्त रकम नगद आम्दानी भई सञ्चित कोष समेत दाखिला भएको नदेखिएकोले नगदमा आधारित लेखा प्रणालीमा सो रकमलाई आम्दानी मान्दा सञ्चित कोषको ऋणात्मक मौज्दात घटाएको देखिएकोले स्वीकृत लेखामानबमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ।

४४. **सङ्घीय सरकारको राजस्व आम्दानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३ मा सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब अद्यावधिक राख्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। कार्यालयले पेस गरेको तीन तहका सरकारहरूको एकीकृत वित्तीय विवरणअनुसार २०८०।८१ मा सङ्घीय सरकारलाई कर, शुल्क तथा अन्य प्रशासनिक सेवा शुल्क, रोयल्टी तथा अन्य राजस्वबापत प्रदेश विभाज्य कोषबाट रु.५८ करोड ३२ लाख तथा स्थानीय विभाज्य कोषबाट रु.२८ करोड ३१ लाखसमेत रु.८६ करोड ६३ लाख बाँडफाँटबाट प्राप्त भएको देखिएकोमा सङ्घीय सरकारले उपयोग गरेको राजस्वमा सो रकम दाखिला भएको देखिएन। तसर्थ सो रकमको सम्बन्धमा हिसाब मिलान गरी सञ्चित कोषको यथार्थ हिसाब विवरण तयार गर्नुपर्दछ।

४५. **भुक्तानीको दायित्व सिर्जना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कोष तथा लेखा नियन्त्रक कार्यालयले भुक्तानी बाँकीको विवरण प्रमाणित गर्नुपर्ने व्यवस्था छ। सङ्घीय सरकारको सङ्घीय सञ्चित कोष रु.२ खर्ब २८ अर्ब ३५ करोड ७६ लाख ऋणात्मक रहनुका अतिरिक्त बजेट निकायतर्फ रु.१५ अर्ब ३० करोड ७० लाख र गैर बजेट निकायतर्फ रु.११ अर्ब ६१ करोड ४ लाखसमेत रु.२६ अर्ब ९१ करोड ७३ लाख भुक्तानी गर्नुपर्ने दायित्व सिर्जना भएको छ। यो रकमको दायित्व सिर्जना भइसकेको अवस्थामा सञ्चित कोषमा थप व्ययभार परी ऋणात्मक मौज्दात बढ्न जाने देखिन्छ।

४५.१ कार्यालयले पेस गरेको सङ्घीय सरकारको एकीकृत वित्तीय विवरणको टिप्पणी १३ बमोजिम भुक्तानी दिन बाँकी रकम चालु खर्चमा रु.२ अर्ब ५ करोड ४१ लाख ३७ हजार र पुँजीगत खर्चमा रु.१३ अर्ब २५ करोड २८ लाख ४१ हजारसमेत रु.१५ अर्ब ३० करोड ६९ लाख ७७ हजार रहेको छ। सो विवरणको अनुसूची नं ८.३ मा चालु खर्चमा भुक्तानी बाँकी रु.२ अर्ब ५ करोड ५० लाख ६९ हजार रहेकोले अनुसूचीभन्दा टिप्पणीमा रु.९ लाख ३२ हजार कम देखिँदा वास्तविक रकम यकिन गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

वित्तीय व्यवस्थापन सूचना प्रणालीबमोजिम भुक्तानी दिन बाँकी कुल रु.१३ अर्ब ९६ करोड ५३ लाख र वित्तीय विवरणमा रु.१५ अर्ब ३० करोड ७० लाख रहेकोले सूचना प्रणालीभन्दा वित्तीय विवरणमा रु.१ अर्ब ३४ करोड १७ लाख बढी दायित्व देखिएकोले भुक्तानी दिन बाँकी रकमको हिसाब यकिन गर्नुपर्दछ।

४५.२ नियमावलीको नियम १५ मा उल्लिखित शीर्षकहरूमा भुक्तानी दिन बाँकी प्रमाणित गर्न नमिल्ने अवस्थामा यो वर्ष चालुखर्च रु.२ अर्ब ५ करोड ४१ लाख ३७ हजार भुक्तानी दिन बाँकी रहेकोमा विविध खर्च,

अन्य भत्ता, सरुवा भम्रण खर्च बाहेकका अन्य भम्रण भत्ता, पानी बिजुली, ससर्त पुँजीगत अनुदान, फिल्ड भत्ता, समिति बोर्डलाई अनुदानलगायतका शीर्षकहरूमा समेत भुक्तानी दिन बाँकी प्रमाणित गरेको देखिएको छ। भुक्तानी बाँकीको विवरण प्रमाणित गरी दायित्व सिर्जना गरेको सम्बन्धमा कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमार्फत यकिन गर्न लगाई सोको समायोजन गर्नुपर्दछ।

४६. **प्राविधिक तथा अन्य सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) अनुसार वैदेशिक सहायतासम्बन्धी विवरण केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्ने व्यवस्था छ। बजेट बक्तव्य साथ संसदमा पेस गरेको प्राविधिक तथा अन्य सहायतासम्बन्धी विवरणमा १५ सङ्घीय मन्त्रालय/निकायअन्तर्गतका १३१ आयोजना तथा कार्यक्रमको लागि यो वर्ष रु.२१ अर्ब ८४ करोड ५४ लाख ८७ हजार तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत १६८ कार्यक्रम/आयोजनाको लागि रु.२४ अर्ब ३४ करोड ९८ लाख ११ हजारसमेत रु.४६ अर्ब १९ करोड ५२ लाख ९८ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा खर्च भएको रकम सम्बन्धित कार्यालयले आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराएका छैनन्। प्राविधिक तथा अन्य सहायताको लेखापरीक्षण गराई एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

४७. **वित्तीय हस्तान्तरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५(१) मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सङ्घीय सरकारबाट स्थानीय तहहरूलाई यो वर्ष रु.२ खर्ब १ अर्ब ८२ करोड ५४ लाख अनुदान निकासा भएकोमा रु.१ खर्ब ७९ अर्ब ६३ करोड ७७ लाख खर्च गरी रु.१९ अर्ब ६५ करोड ५० लाख यसै वर्ष फिर्ता गरेका छन। बाँकी रु.२ अर्ब ५३ करोड २७ लाख मध्ये चालु वर्षमा बढी फिर्ता गरेको रु.४३ करोड ६९ लाख समायोजन गर्दा रु.२ अर्ब ३७ करोड ४५ लाख राजस्ववाट फिर्ता भई रु.१५ करोड ८२ लाख फिर्ता गर्नुपर्ने बाँकी देखिएकोमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा रु.१५ करोड ८१ लाख स्थानीय तहहरूको आम्दानी कम देखिएकोले फिर्ता गर्नुपर्ने रकम शून्य देखिएको छ। कार्यालयले सङ्घीय सरकारको निकासाको विवरणबमोजिम निकासा रकम कम भएका पालिकाहरूको पहिचान गरी सो रकम फिर्ता गर्नुपर्दछ।

४८. **तीनै तहको एकीकृत वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ तथा नियमावली, २०७७ को नियम १० बमोजिम कार्यालयबाट पेस भएको सङ्घ, प्रदेश र स्थानीय तहको सञ्चित कोषको एकीकृत वित्तीय विवरण देहायबमोजिम छः

(रु. लाखमा)

विवरण	२०८०।८१			२०७९।८०		
	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	३	४	५=३+४	६	७	८=६+७
१. राजस्व, अनुदान र अन्य प्राप्ति	**१५,४५१,९७२**	**१०६,५२७**	**१५,५५८,४९९**	**१५,२३१,७४२**	**६८,८९९**	**१५,३००,६४१**
१.१. राजस्व	११,४३१,९८०	-	११,४३१,९८०	१०,३४९,४१२	-	१०,३४९,४१२
क. कर	१०,०२४,८६०	-	१०,०२४,८६०	९,१९५,४८०	-	९,१९५,४८०
ख. अन्य राजस्व	१,४०७,११९	-	१,४०७,११९	१,१५३,९३२	-	१,१५३,९३२
१.२. अनुदान	३,७५४,३९४	१०६,५२७	३,८६०,९२१	४,३०५,२४१	६८,८९९	४,३७४,१४०

विवरण	२०८०।८१			२०७९।८०		
	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	३	४	५=३+४	६	७	८=६+७
क. द्विपक्षीय वैदेशिक अनुदान	१३,६०१	३७,६७१	५१,२७२	१५,७८५	२०,१४३	३५,९२८
ख. बहुपक्षीय वैदेशिक अनुदान	१२५,७९०	६४,५२०	१९०,३१०	१४६,४७९	४८,७५६	१९५,२३५
ग. अन्तरसरकारी वितीय हस्तान्तरण	३,६१५,००३	४,३३५	३,६१९,३३९	४,१४२,९७७	-	४,१४२,९७७
१.३. बेरूजु तथा अन्य प्राप्ति	२६५,५९९	-	२६५,५९९	५७७,०८९	-	५७७,०८९
२. वित्तीय व्यवस्थाबाट प्राप्ति	**३,१८६,९८७**	**३७०,८८६**	**३,५५७,८७३**	**३,४८६,३३८**	**३५३,१८१**	**३,८३९,५१९**
२.१. ऋण लगानी फिर्ता	७९,६८३	-	७९,६८३	११९,२९४	-	११९,२९४
क. आन्तरिक ऋण लगानी फिर्ता	७९,६८३	-	७९,६८३	११९,२९४	-	११९,२९४
२.३. वैदेशिक ऋण प्राप्ति	७६१,८२८	३७०,८८६	१,१३२,७१४	८७७,२९५	३५३,१८१	१,२३०,४७६
२.४ आन्तरिक ऋण	२,३४५,४७६	-	२,३४५,४७६	२,४८९,७४८	-	२,४८९,७४८
ख. नागरिक बचतपत्र	३,६९८	-	३,६९८	२३,६१३	-	२३,६१३
ग. विकास ऋणपत्र	१,७९०,०००	-	१,७९०,०००	१,०००,०००	-	१,०००,०००
घ. वैदेशिक रोजगार बचतपत्र	५१६	-	५१६	२६४	-	२६४
च. ब्याजमा आधारित ट्रेजरी बिल	-	-	-	१,४६३,५०६	-	१,४६३,५०६
छ. बट्टामा आधारित ट्रेजरी बिल	५५०,०००	-	५५०,०००	-	-	-
ज. अन्य	१,२६१	-	१,२६१	२,३६६	-	२,३६६
३. यस वर्षको खुद प्राप्ति (१+२)	**१८,६३८,९५९**	**४७७,४१३**	**१९,११६,३७२**	**१८,७१८,०८०**	**४२२,०८०**	**१९,१४०,१५९**
४. भुक्तानी	**१९,५३५,६१६**	**४७७,४०६**	**२०,०१३,०२१**	**२०,३७६,१५४**	**४२२,०७९**	**२०,७९८,२३३**
४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च*	**३,०५७,०५३**	**-**	**३,०५७,०५३**	**२,२३१,२८०**	**-**	**२,२३१,२८०**
क. चालु खर्च	८२४,२५८	-	८२४,२५८	७३४,१५३	-	७३४,१५३
ख. वित्तीय खर्च	२,२३२,७९५	-	२,२३२,७९५	१,४९७,१२७	-	१,४९७,१२७
४.२. विनियोजन ऐनद्वारा भएको खर्च	**१६,४७८,५६३**	**४७७,४०६**	**१६,९५५,९६८**	**१८,१४४,८७४**	**४२२,०७९**	**१८,५६६,९५३**
क. चालु खर्च	११,९२६,७९७	५७,३१८	११,९८४,११५	१२,७८४,८८०	४२,४७६	१२,८२७,३५६
ख. पुँजीगत खर्च	४,३४४,२२७	१३४,४४२	४,४७८,६६९	५,१७०,९८३	१०३,४८८	५,२७४,४७०
ग. वित्तीय खर्च	२०७,५३९	२८५,६४६	४९३,१८५	१८९,०१२	२७६,११५	४६५,१२७
५. विनिमय दर वा अन्य समायोजन	**(१०९,२९५)**	**-**	**(१०९,२९५)**	**-**	**-**	**-**
६. यस वर्षको जम्मा भुक्तानी (४+५)	**१९,४२६,३२१**	**४७७,४०६**	**१९,९०३,७२६**	**२०,३७६,१५४**	**४२२,०७९**	**२०,७९८,२३३**
७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	**(७८७,३६२)**	**७**	**(७८७,३५४)**	**(१,६५८,०७४)**	**१**	**(१,६५८,०७४)**
८. आर्थिक वर्षको सुरूवातको मौज्दात	**(३८२,०५५)**	**१२**	**(३८२,०४३)**	**१,२७६,०२०**	**११**	**१,२७६,०३१**
९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	**(१,१६९,४१७)**	**१९**	**(१,१६९,३९७)**	**(३८२,०५५)**	**१२**	**(३८२,०४३)**

४८.१ यो वर्ष तीनै तहको कुल प्राप्ति रु.१९ खर्ब ११ अर्ब ६३ करोड ७२ लाख तथा कुल खर्च रु.२० खर्ब १ अर्ब ३० करोड २१ लाख एवं सञ्चित कोषमा विभिन्न समायोजनबापत रु.१० अर्ब ९२ करोड ९५ लाख खर्चभई सञ्चित कोष रु.७८ अर्ब ७३ करोड ५४ लाख ऋणात्मक भएको देखिन्छ। सो रकममा गत वर्षको ऋणात्मक मौज्दात रु.३८ अर्ब २० करोड ४३ लाख समायोजन गर्दा यस वर्षसम्म रु.१ खर्ब १६ अर्ब ९३ करोड ९७ लाखले ऋणात्मक रहेको छ।

४८.२ प्रदेश सरकारका खाता तथा कोषमा यो वर्ष रु.६९ अर्ब ८२ करोड ७७ लाख र स्थानीय तहको खाता तथा कोषमा रु.७९ अर्ब ४३ करोड ३० लाख मौज्दात रहेकोमा प्रदेशतर्फ विभिन्न कोषमा स्रेस्ता भन्दा रु.१६ करोड ५४ लाख बैङ्क घटी र स्थानीय तहतर्फ रु.७६ करोड ५३ लाख ६३ हजार बैङ्क मौज्दात बढी देखिएको छ। यसरी स्रेस्तामा हुनुपर्ने र वास्तविक मौज्दातबिचमा फरक परेको कारणबाट तीन तहका सरकारको नगद तथा बैङ्क मौज्दातको यथार्थ अवस्था यकिन नहुने हुँदा हिसाब यकिन गर्नुपर्दछ।

४८.३ कार्यालयले यो वर्ष ८३ गैर बजेटरी निकायको आम्दानी, खर्च, सम्पत्ति तथा दायित्वको विवरणसमेत समावेश गरी एकीकृत वित्तिय विवरण तयार गरेको देखियो। यस्तो सङ्ख्या गत वर्ष ८८ रहेकोमा सङ्ख्यामा फरक परेको कारणले दुई वित्तीय विवरण तुलनायोग्य नहुने अवस्था छ। यस सम्बन्धमा यकिन गरी सम्बन्धित मन्त्रालयसँगको समन्वयमा गैर बजेटरी निकायहरूको सङ्ख्या, अवलम्बन गरेको लेखा ढाँचालगायतको विषय यकिन गरी गैर बजेटरी निकायहरूको सङ्ख्या र वित्तीय कारोबार एवं प्रतिवेदनलाई यथार्थपरक बनाउनुपर्दछ।

४९. **प्रदेश सञ्चित कोष -** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम प्रदेश सरकारहरूलाई सङ्घीय सरकारले वित्तीय हस्तान्तर बापत समानीकरण, ससर्त, समपूरक, विशेष र अन्य अनुदान दिनसक्ने व्यवस्था छ। यो वर्ष सङ्घीय सरकारले प्रदेश सरकारलाई रु.७६ अर्ब १ करोड ९९ लाख २३ हजार वित्तीय हस्तान्तरण गरेकोमा प्रदेश सरकारहरूको तत् तत् उपशीर्षकमा रु.७७ अर्ब ३८ करोड ९७ लाख २४ हजार आम्दानी भएको देखिन्छ। प्रदेश सरकारहरूले रु.१ अर्ब ३६ करोड ९८ लाख १ हजार बढी आम्दानी बाँधेको वा सङ्घीय वित्तीय हस्तान्तरणमा घटी खर्च देखिएको सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ।

एकीकृत वित्तीय विवरणको प्राप्तिको टिप्पणी नं १.३ मा प्रदेश सरकारहरूले उपयोग गरेको सोझै भुक्तानीतर्फ द्विपक्षीय अनुदान रु.१० करोड ३६ लाख ९८ हजार र बहुपक्षीय वैदेशिक अनुदान रु.१ करोड ४७ लाख २७ हजार समेत रु.११ करोड ८४ लाख २५ हजार देखिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४, बमोजिम वैदेशिक अनुदान नेपाल सरकारले मात्र लिने उल्लेख भएको र सोको विवरण अनुसूचीमा समेत संलग्न भएको नदेखिएकोले यस सम्बन्धी यथार्थता यकिन गर्नुपर्दछ।

५०. **स्थानीय सञ्चित कोष -** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय सरकारहरूलाई प्रदेश सरकार तथा सङ्घीय सरकारले वित्तीय हस्तान्तरण बापत समानीकरण, ससर्त, समपूरक, विशेष र अन्य अनुदान दिनसक्ने व्यवस्था छ। नेपाल सरकारको एकीकृत वित्तीय विवरणबमोजिम यो वर्ष स्थानीय तहहरूलाई सङ्घीय सरकारबाट रु.२ खर्ब ६३ अर्ब ३९ करोड ६३ लाख र प्रदेश सरकारबाट रु.२१ अर्ब २० करोड ९८ लाखसमेत रु.२ खर्ब ८४ अर्ब ६० करोड ६१ लाख वित्तीय हस्तान्तरण गरेकोमा महालेखा नियन्त्रक कार्यालयले नै पेस गरेको तीनै तहका सरकारहरूको एकीकृत वित्तीय विवरणअनुसार रु.२ खर्ब ८४ अर्ब ५७ करोड ४५ लाखमात्र प्राप्ति देखाएका कारण वास्तविकभन्दा रु.३ करोड १६ लाख कम आम्दानी जनाएको देखिन्छ। तीन तहका सरकारहरूको आम्दानी र खर्चको यथार्थता चित्रण गर्नेगरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

५०.१ यो वर्ष नेपाल सरकारले गत वर्षको रोयल्टी रु.६ अर्ब ८ करोड ८ लाखबाट रु.१ अर्ब ४५ करोड ३३ लाख बाँडफाँट गरी स्थानीय सरकारहरूलाई पठाएकोमा स्थानीय सरकारहरू वित्तीय विवरणमा रु.१ अर्ब ३७ करोड ९४ लाख ३६ हजार समावेश गरेको देखिन्छ। यसरी स्थानीय तहहरूले रु.७ करोड ३८ लाख ६२ हजार आम्दानी न्यून आम्दानी बाँधेकोले स्थानीय सञ्चितकोषको हिसाब यथार्थपरक रहेको देखिएन। यथार्थपरक वित्तीय विवरण तयार गर्नुपर्दछ।

५०.२ महालेखा नियन्त्रक कार्यालयले स्थानीय तहको कोष व्यवस्थापनको लागि स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग गरे तापनि राजस्व, धरौटी तथा विभिन्न कोषहरू उक्त प्रणालीमा पूर्ण रूपमा समावेश भएको छैन। स्थानीय तहले स्थापना गरेका धरौटीसमेतका विभिन्न कोष स्थानीय सञ्चितकोष

व्यवस्थापन प्रणाली (सूत्र) मा आबद्ध नहुँदा प्रणालीबाट तयार हुने वित्तीय विवरणको विश्वसनीयता कम हुने भएकोले सबै कारोबारहरूलाई प्रणालीमा समावेश गर्नुपर्दछ।

५१. **फरक जिम्मेवारी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६ बमोजिम सरकारी कारोबार गर्ने गरी खाता खोल्न महालेखा नियन्त्रक कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ। एकीकृत वित्तीय विवरण (सङ्घीय, प्रदेश र स्थानीय तह) २०८०।८१ को टिप्पणी ५ अनुसार कोषहरूको प्राप्ति, भुक्तानी र बाँकीको विवरणअनुसार बजेट निकायमा रहेका धरौटी, विविधलगायतका ११ खातामा वर्षान्तमा रु.१ खर्ब २ अर्ब ७४ करोड ५५ लाख मौज्दात रहेकोमा यस्ता खाताहरूको गत वर्षको मौज्दात रु.९७ अर्ब ५६ करोड ६१ लाख रहेको छ। यो वर्ष रु.१ खर्ब ७ अर्ब ३९ करोड ७७ लाख जिम्मेवारी सारी रु.९ अर्ब ८३ करोड १६ लाख बढी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

साथै प्रधानमन्त्री दैवी प्रकोप उद्धार खातामा वर्षान्तमा रु.१ अर्ब ५६ करोड ९९ लाख मौज्दात रहेकोमा सोको विवरण एकीकृत वित्तीय विवरणको मौज्दातमा समावेश नभएकोले सोसमेत समावेश गर्नुपर्दछ।

५२. **खाता सञ्चालन -** देहायका कोषहरूको जम्मा प्राप्ति रु.३ खर्ब २७ अर्ब ९७ करोड ८८ लाख र भुक्तानी आम्दानी गरी रु.३ खर्ब ३४ अर्ब ६८ करोड ३४ लाख रहेकोमा उल्लिखित ४ कोषमा रकम जम्मा गर्ने एवं खर्च गर्ने सम्बन्धमा कानुनी व्यवस्था रहेको देखिएन। कोषको स्थापना एवं सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था नभएको अवस्थामा सालबसाली आर्थिक ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल भएको रकम सञ्चित कोषमा दाखिला गरी विनियोजन ऐनबमोजिम खर्च नभई सञ्चित कोष बाहिरबाट आम्दानी र खर्च भएको छ। सञ्चित कोष बाहिरबाट भएको आम्दानी शीर्षक एवं खर्चको प्रतिवेदन एकीकृत वित्तीय विवरणमा समावेश हुन सकेको छैन।

(रु. हजारमा)

कोषहरूको विवरण	कार्यालय सङ्ख्या	सुरु मौज्दात	प्राप्ति	भुक्तानी	बाँकी
सङ्घ		३२८३५४५५	३२७९७८८१२	३३४६८३४१३	२६१३०८५५
मूल्य अभिवृद्धि कर कोष खाता	२०		३५६०९८६	३५३७१५६	२३८३०
भन्सार कोष खाता	२५	६४३८६१	२४९९२४४०९	२४९३८८९३२	११७९३३८
अन्य खाता-संस्थान, समिति, परिषद्, बोर्ड	६	३८२४१११	२६७९३२९३	२९२४४८२५	१३७२५७९
विविध खाता	८१	२८३६७४८३	४७७००१२४	५२५१२४९९	२३५५५१०८

यस्ता कोषहरू सञ्चालनको लागि कानुनी व्यवस्था गरी सोहीअनुसार आर्थिक कारोबार सञ्चालन तथा प्रतिवेदन गर्नुपर्दछ।

५२.१ महालेखा नियन्त्रक कार्यालयको अनुमतिबाट संस्थान, समिति, परिषद् तथा बोर्डका हिसाब व्यवस्थित बनाउन अन्य खाता (संस्थान, समिति, परिषद् तथा बोर्ड) खोलिएको छ। तर यस खातामा रु.३ अर्ब ८२ करोड ७२ लाख ३ हजार मौज्दात रहेकोमा यस वर्ष रु.३ अर्ब ८२ करोड ४१ लाख ११ हजार जिम्मेवारी सारेकोले रु.३० लाख ९२ हजार घटी जिम्मेवारी सारेको देखियो। यस सम्बन्धमा यकिन गर्नुपर्दछ।

५२.२ महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत विवरणमा गत वर्षको १२ भन्सार कार्यालयको भन्सार कोष खातामा रहेको रु.६४ करोड ३८ लाख ६१ हजार जिम्मेवारी सारेकोमा यो वर्ष रु.२ खर्ब

४९ अर्ब ९२ करोड ४४ लाख ९ हजार आम्दानी भई रु.२ खर्ब ४९ अर्ब ३८ करोड ८९ लाख ३२ हजार खर्च गरी रु.१ अर्ब १७ करोड ९३ लाख ३८ हजार बाँकी देखाएको छ। तर सो खाताको बैङ्क मौज्दात रु.१ अर्ब १८ करोड ४४ लाख ५७ हजार भई बैङ्कमा रु.५१ लाख १९ हजार बढी देखिएकोमा हिसाब मिलान गरेको छैन।

त्यस्तै महालेखा नियन्त्रक कार्यालयले पेस गरेको गत आर्थिक वर्षको विवरणबमोजिम यस खातामा बैङ्क मौज्दात रु.६२ करोड ४० लाख १३ हजार रहेकोमा सो भन्दा बढी रु.१ करोड ९८ लाख ४८ हजार जिम्मेवारी सार्नुको कारण उल्लेख गरेको छैन।

भन्सार विभागको विवरणबमोजिम यो वर्ष २४ कार्यालयले भन्सार कोष खाताको गत वर्षको मौज्दात रु.६८ करोड ७७ लाख ६१ हजार रहेकोमा यो वर्षको मौज्दात रु.१ अर्ब २० करोड ६६ लाख ९२ हजार रहेको छ। महालेखा नियन्त्रक कार्यालयले पेस गरेको वित्तीय विवरणको बैङ्क मौज्दात रु.१ अर्ब १८ करोड ४४ लाख ५७ हजार रहेकोले भन्सार कार्यालयहरूले देखाएको मौज्दातभन्दा रु.२ करोड २२ लाख ३४ हजार न्यून मौज्दातको विवरण पेस गरेकोले हिसाब मिलान गर्नुपर्दछ।

५३. **प्रदेश सरकारको कार्यसञ्चालन कोष र धरौटी कोष -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणको टिप्पणी नं. ५ बमोजिम प्रदेशहरूको धरौटी खातामा स्रेस्ताबमोजिम रु.१२ अर्ब ९५ करोड ९५ लाख १३ हजार र कार्यसञ्चालन तथा विविध कोष खातामा रु.४ अर्ब ६५ करोड ११ लाख २६ हजार रहेकोमा सोको अनुसूचीमा धरौटी तथा कार्यसञ्चालन कोषको स्रेस्ताबमोजिमको मौज्दात क्रमशः रु.१२ अर्ब ९२ करोड ६० लाख ९६ हजार र रु.४ अर्ब ५५ करोड ५२ लाख ३० हजार उल्लेख भएकोले स्रेस्ताको मौज्दातमा क्रमशः रु.३ करोड ३४ लाख १७ हजार र रु.९ करोड ५८ लाख ९६ हजारले फरक परेको छ।

त्यस्तै वित्तीय विवरणको नगद तथा बैङ्क मौज्दात खण्डमा प्रदेश सरकारको धरौटी खाता र विविध खाताको बैङ्क मौज्दात क्रमशः रु.१२ अर्ब ९३ करोड ५२ लाख १० हजार र रु.४ अर्ब ५५ करोड ५२ लाख ७२ हजार रहेकोमा सोको अनुसूचीको विवरणबमोजिम प्रदेशगत रूपमा उल्लिखित खाताहरूमा क्रमशः रु.१२ अर्ब ९३ करोड ६५ लाख २ हजार र रु.४ अर्ब ५८ करोड ४४ लाख ६८ हजार रहेकोले नगद तथा बैङ्क मौज्दातमा क्रमशः रु.१२ लाख ९२ हजार तथा रु.२ करोड ९१ लाख ९६ हजार समेत रु.३ अर्ब ४ करोड ८८ लाखले नगद तथा बैङ्क मौज्दात वास्तविकभन्दा कम देखिएकोले उक्त वित्तीय विवरणले तीन तहका सरकारको नगद तथा बैङ्क मौज्दातको यथार्थ अवस्था चित्रण गरेको छैन।

५४. **पेस्की बाँकी —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेस्की दिने र फर्स्यौट गर्नेसम्बन्धी व्यवस्था छ। एकीकृत वित्तीय विवरणअनुसार चालु वर्षको पेस्की रु.३८ अर्ब ८८ करोड ४ लाखमध्ये सङ्घतर्फ रु.१८ अर्ब १२ करोड १३ लाख, प्रदेशतर्फ रु.५ अर्ब ३८ करोड ८४ लाख र स्थानीय तहतर्फ रु.१५ अर्ब ३७ करोड ७ लाख बाँकी छ। गैर बजेटरी निकायतर्फ म्याद नाघेको रु.२ अर्ब ३४ करोड ९६ लाख र बजेट निकायतर्फ म्याद नाघेको रु.१५ अर्ब ३५ करोड ८४ लाख रहेको छ। समयमा पेस्की फर्स्यौट गर्नुपर्ने कानुनी व्यवस्थाको पालना भएको छैन।

५४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ बमोजिम गत वर्षको पेस्की बाँकीलाई चालु वर्षमा जिम्मेवारी सारी फर्स्यौट वा पेस्की बाँकीको विवरणमा देखाउनुपर्दछ।

महालेखा नियन्त्रक कार्यालयले पेस गरेको वित्तीय विवरणबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहतर्फ म्याद नाघेको पेस्की रु.३३ अर्ब ४ करोड २४ लाखसमेत पेस्की बाँकी रु.७३ अर्ब ३१ करोड ६५ लाख रहेकोमा यो वर्ष उक्त रकम म्याद नाघेको रु.१५ अर्ब ३५ करोड ८४ लाख समेत रु.३८ अर्ब ८८ करोड ४ लाख उल्लेख गरेको छ।

पेस्की बाँकी रकम सङ्घतर्फ रु.३१ अर्ब ९३ करोड ७२ लाख, प्रदेशतर्फ रु.३ अर्ब १० करोड ४० लाखले घटेको छ भने स्थानीय तहतर्फ रु.६० करोड ५१ लाखले वृद्धि भई समग्रमा रु.३४ अर्ब ४३ करोड ६१ लाखले घटेको देखिन्छ। एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली र स्थानीय सरकारको स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीमा गतवर्षको पेस्कीको जिम्मेवारी सम्बन्धमा भिडान गर्ने व्यवस्था छैन। गत वर्षको पेस्की जिम्मेवारी, फस्यौंट रकम र बाँकी रकम देखिने गरी तीनवटै तहका सरकारहरूले प्रयोग गरेका लेखाप्रणालीमा सुधार गरी फस्यौंट गर्न बाँकी पेस्कीलाई अद्यावधिक गर्नुपर्दछ।

५४.२ वित्तीय विवरणअनुसार सङ्घीय सरकारको पेस्की बाँकी रु.१८ अर्ब १२ करोड १३ लाख रहेकोमा वित्तीय व्यवस्थापन सूचना प्रणालीअनुसार यो वर्षको रु.२१ अर्ब ७२ करोड ३६ लाख र गत वर्षको रु.५७ अर्ब ६ करोड ७ लाख समेत पेस्की बाँकी रु.७८ अर्ब ७८ करोड ४३ लाख रहेको देखिन्छ। पेस्की बाँकीलाई सञ्चित रूपमा जिम्मेवारी सार्ने गरिएको छैन। यसवर्षको बाँकी पेस्कीमध्ये वित्तीय विवरणमा रु.३ अर्ब ६० करोड २३ लाख घटी पेस्की देखाएकोले समायोजन विवरण पेस गरी पेस्की बाँकीको विवरण राख्ने व्यवस्था गर्नुपर्दछ।

५५. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम विभाज्य कोषमा जम्मा भएको रोयल्टीको रकम वार्षिक रूपमा बाँडफाँट गर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार सङ्घीय विभाज्य कोषमा रु.६ अर्ब ७२ करोड ६४ लाख, प्रदेश विभाज्य कोषमा रु.२९ करोड ६७ लाख र स्थानीय विभाज्य कोषमा रु.७६ करोड ५४ लाख समेत रु.७ अर्ब ७८ करोड ७५ लाख बाँडफाँट गर्न बाँकी देखिन्छ। विभाज्य कोषमा रहेको रकम समयमा नै बाँडफाँट गरी सम्बन्धित सञ्चित कोषमा पठाउनुपर्दछ।

५५.१ वन ऐन, २०७६ तथा नियमावलीबमोजिम राष्ट्रिय वनको परिचालनबाट प्राप्त हुने रोयल्टी प्रदेश सरकारले सङ्कलन गरी सङ्घीय विभाज्य कोषमा दाखिला गरी बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। सङ्घीय सरकारबाट यो वर्ष मधेश प्रदेश सरकारलाई वन रोयल्टीबापत रु.३ करोड ४ लाख ५७ हजार बाँडफाँट गरेकोमा मधेश प्रदेश सरकारले रु.१४ करोड ४० लाख ४० हजार आम्दानी बाँधी सञ्चित कोष दाखिला गरेको देखिन्छ। वन रोयल्टी बाँडफाँटबाट प्राप्त हुने राजस्व दाखिला गर्ने शीर्षकमा अन्य स्रोतको रकम दाखिला नहुने र प्रदेश सरकारले सङ्कलन गर्ने रोयल्टीको रकम राजस्व शीर्षक ३३३६१ मा जम्मा गरी विभाज्य कोषमा दाखिला हुनुपर्ने हुँदा रु.११ करोड ३५ लाख ८३ हजार सम्बन्धमा यकिन गर्नुपर्दछ।

५५.२ सङ्घीय विभाज्य कोषको बैङ्क मौज्दात विवरण तथा एकीकृत वित्तीय प्रतिवेदनको टिप्पणी नं ५ र ६ बमोजिम विभाज्य कोषमा यो वर्षको अन्त्यमा रु.१२ अर्ब ९९ करोड २६ लाख बाँकी देखिन्छ। तर टिप्पणी नं १.४ मा बाँडफाँट गर्न बाँकी सङ्घीय विभाज्य कोषको रु.६ अर्ब ७२ करोड ६४ लाख रहेकोले सङ्घीय विभाज्य कोषमा रहेको वास्तविक बैङ्क मौज्दात र बाँडफाँट गर्न बाँकी रकमको हिसाब यकिन गर्नुपर्दछ।

५६. **पछिल्लो वर्षको आम्दानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ तथा नियमावली, २०७७ नियम ५६ बमोजिम राजस्वको लेखा नगदमा आधारित दोहोरो लेखा प्रणालीको आधारमा राखिने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०८१।३।१६ देखि २०८१ ३।३१ सम्मको मूल्य अभिवृद्धि कर र अन्तःशुल्कबापतको राजस्व रु.३२ अर्ब ९ करोड ७९ लाख २०८१।७।२७ मा बाँडफाँट गरी सङ्घलाई रु.२२ अर्ब ४६ करोड ८५ लाख र रु.४ अर्ब ८१ करोड ४७ लाखको दरले प्रदेश र स्थानीय तहलाई जम्मा हुने गरी बाँडफाँट गरेकोमा २०८१।७।१५ मा सङ्घीय सञ्चित कोषको आर्थिक विवरणमा थप प्राप्त हुने रकम देखाई २०८१।९।१४ को वित्तीय विवरणमा उपयोग गरेको राजस्वमा आम्दानी जनाएको छ। तर उक्त रकम २०८१।७।२७ मा सञ्चित कोष दाखिला भएको देखिन्छ। नगदमा आधारित लेखा प्रणालीमा जुन समयमा आम्दानी हुन्छ सोही समयमा लेखाङ्कन गरिने भए तापनि पछिल्लो वर्षमा सञ्चित कोष दाखिला भएको रकम अघिल्लो वर्षको आम्दानी देखाउँदा सरकारको राजस्वको यथार्थ हिसाब तयार भएको देखिएन।

५७. **लगानीको विवरण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार गरेको नेपाल सरकारको सेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदनमा यो वर्ष ऋण लगानी रु.४१ अर्ब ९१ करोड उल्लेख गरेकोमा महालेखा नियन्त्रक कार्यालयले रु.४१ अर्ब ७५ करोड ७९ लाख देखाएको छ। त्यस्तै सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सेयर लगानीतर्फ रु.७ अर्ब ४० करोड देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले रु.७ अर्ब २१ करोड ४ लाख देखाएको छ। यस प्रकार ऋण लगानीतर्फ रु.१५ करोड २१ लाख र सेयर लगानीतर्फ रु.१८ करोड ९६ लाख फरक परेको सम्बन्धमा समायोजन विवरण तयार गरेको छैन। त्यस्तै स्थानीय तहहरूले नगर विकास कोषमार्फत लिएको ऋणको एकीकृत प्रतिवेदन पेस भएको छैन।

५८. **बक्यौताको लेखा -** महालेखा नियन्त्रक कार्यालयले एकीकृत वित्तीय विवरणमा सङ्घीय सरकारअन्तर्गतका कार्यालयमा उठ्न बाँकी राजस्व रु.२ अर्ब ५४ करोड ३ लाख समावेश गरेकोमा सोको विस्तृत विवरण संलग्न गरेको छैन। सार्वजनिक संस्थानमा भाखा नाघेको ब्याज रु.१ खर्ब २६ अर्ब ११ करोड ५१ लाखलाई अनुसूचीमा समावेश गरे तापनि वित्तीय विवरणको अंशको रूपमा टिप्पणीमा समावेश गरेको छैन। त्यस्तै बजेट निकाय अन्तर्गत आन्तरिक राजस्व विभागले यस वर्षसम्म रु.२ खर्ब ५४ अर्ब ३ करोड राजस्व बक्यौता, सर्वोच्च अदालतले रु.३२ अर्ब ११ करोड ९६ लाख जरिबाना, कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले रु.२ अर्ब ४२ करोड ८५ लाख ६३ हजार लगत देखाएकोमा सो रकमहरू बक्यौताको विवरणमा समावेश भएको छैन। महालेखा नियन्त्रक कार्यालयले अदालत तथा अन्य सरकारी निकायसँग समन्वय गरी प्राप्त हुनुपर्ने रकमको सम्पूर्ण विवरण खुलाई प्रतिवेदन पेस गर्नुपर्दछ।

साथै यस्ता किसिमका बक्यौताहरूको विवरणको लागि महालेखापरीक्षक फारम नं. ११३ र ११७ को व्यवस्था भए तापनि ती फारमहरूलाई प्रणालीबाटै सिर्जना हुने व्यवस्था हुन सकेको छैन। उल्लिखित विवरणको प्रतिवेदन प्रयोजनको लागि प्रणालीमै व्यवस्थापन गरी तोकिएको ढाँचामा सम्पूर्ण विवरण खुलाई प्रतिवेदन पेस हुने व्यवस्था गर्नुपर्दछ।

५९. **शोधभर्ना बाँकी हिसाब -** महालेखा नियन्त्रक कार्यालयले मन्त्रालयगत वैदेशिक अनुदान र ऋणको शोधभर्ना हुन बाँकी ऋण रु.१४ अर्ब ३३ करोड ३ लाख र अनुदान रु.६ अर्ब २५ करोड १० लाख

समेत रु.२० अर्ब ५८ करोड १३ लाख देखाएको छ। मन्त्रालयगत आयोजनामा बढी शोधभर्ना भएको अनुदान र ऋण क्रमशः रु.१६ अर्ब ९४ करोड २ लाख र रु.४६ अर्ब ४१ करोड ८५ लाख समायोजन गरी शोधभर्ना हिसाब प्रस्तुत गरेकोमा समग्रमा शोधभर्ना हुनुपर्ने अनुदान तथा ऋण रु.६३ अर्ब ३५ करोड ८७ लाखले कम देखिएकोले सोको हिसाब मिलान गर्नुपर्दछ।

महालेखा नियन्त्रक कार्यालयले विगतमा बन्द भएका आयोजनाहरू र खुल्न बाँकी आयोजनाको नाममा समेत शोधभर्ना हुन बाँकी वा बढी शोधभर्ना प्राप्त भएको देखाएको छ। यसबाट बढी शोधभर्ना हिसाबलाई शोधभर्ना बाँकीमा समायोजन गरी वित्तीय विवरण पेस गर्दा सो विवरणले यथार्थ हिसाब दिन सकेको छैन। आयोजनाको नाम नखुलेका वा बन्द भएका आयोजनाहरूको शोधभर्ना बाँकी फरफारख गर्ने जिम्मेवारीका सम्बन्धमा स्पष्टता देखिएन। ती आयोजनाहरूको बढी शोधभर्ना वर्षौंसम्म सर्दै जाने तर सो रकम प्राप्त हुने यकिन भएको छैन। यस वर्षसम्म १८ मन्त्रालयका ८१ आयोजना र नाम खुल्न बाँकी समेत गरी समायोजन पश्चात् रु.८ अर्ब १८ करोड ४८ हजार अनुदान तथा १३ मन्त्रालयका ७३ आयोजना र नाम खुल्न बाँकीसमेत रु.६ अर्ब ८० करोड ९० लाख ५४ हजार ऋणको सम्बन्धमा सम्बन्धित मन्त्रालय तथा आयोजनालाई जवाफदेही बनाउँदै दातासँग समन्वय गरी बढी शोधभर्नाको हिसाब फरफारख गर्नुपर्दछ।

६०. **प्रतिबद्धताको लेखा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६(५) बमोजिम महालेखा नियन्त्रक कार्यालयले नेपाल सरकारको सबै प्रकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। नेपाल सरकारका कार्यालयहरूको निर्णय वा सम्झौताबमोजिम भविष्यमा भुक्तानी दिनुपर्ने गरी प्रतिबद्धता जनाई सकेको रु.८ खर्ब ५५ अर्ब ५७ करोड रहेको वित्तीय विवरणमा उल्लेख भए तापनि वित्तीय व्यवस्थापन सूचना प्रणालीमा रु.७ खर्ब ५४ अर्ब ५४ करोड १९ लाख रहेको देखिन्छ।

साथै नेपाल राष्ट्र बैङ्कले सरकारलाई अग्रिम भुक्तानी देखाएको रु.१ अर्ब ४६ करोडको सम्बन्धमा वित्तीय विवरणमा लेखाङ्कन गरेको छैन। नेपाल सरकारले भुक्तानी गर्नुपर्ने ऋण दायित्वलगायत सबै प्रतिबद्धतालाई समावेश गर्नुपर्दछ।

६१. **प्रणालीमा समावेश -** सार्वजनिक खरिद नियमावली, २०६३ बमोजिम कार्यसम्पादन जमानत राख्नुपर्ने, नियम १२३ बमोजिम बैङ्क जमानत लिई धरौटी फिर्ता गर्न सकिने र सो जमानत धरौटी सरह मान्य हुने व्यवस्था छ। यस्ता तथ्याङ्कहरूको व्यवस्थापनको लागि म.ले.प. फा.नं. ६०४ तथा एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायमा राखेको धरौटीको अभिलेख म.ले.प.फा.नं. ६०५ मा राखिने व्यवस्था रहेकोमा महालेखा नियन्त्रक कार्यालयले सञ्चालनमा ल्याएका प्रणालीहरूमा यी विवरणहरू समावेश नभएको कारणबाट प्रतिवेदन हुन सकेको छैन। नेपाल सरकारले दिएको जमानतको विवरण समेत प्राप्त नभएकोले प्रणालीमा आवश्यक सुधार गरी एकीकृत वित्तीय विवरणमा प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्दछ।

६२. **सार्वजनिक सम्पत्तिको व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ अनुसार मन्त्रालय र निकाय अन्तर्गतको सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी वित्तीय उत्तरदायी अधिकृतको हुने उल्लेख छ। यस सम्बन्धी विवरणमा देखिएका बेहोरा देहायबमोजिम छन्:

६२.१ महालेखा नियन्त्रक कार्यालयले पेस गरेको एकीकृत वित्तीय विवरणबमोजिम यस वर्षसम्म सङ्घीय सरकारको स्थिर सम्पत्ति रु.९७ अर्ब ८४ लाख, प्रदेश सरकारको रु.३१ अर्ब ३७ करोड ४८ लाख र स्थानीय तहको रु.४२ अर्ब ४५ करोड ८२ लाख गरी तीनवटै तहका सरकारको सम्पत्ति रु.१ खर्ब ७० अर्ब ८४ करोड १४ लाख रहेको छ। सम्पत्तिमध्ये भवन र संरचना रु.१२ अर्ब ८८ करोड ६८ लाख (७.४५ प्रतिशत), मेशिन उपकरण रु.१ खर्ब ४६ अर्ब ५६ करोड १३ लाख (८५.७९ प्रतिशत), जैविक साधन रु.१० अर्ब ८६ करोड ६९ लाख (६.३६ प्रतिशत) र अन्य सम्पत्ति रु.५२ लाख ६४ हजार (०.४ प्रतिशत) रहेको छ।

उक्त सम्पत्तिमध्ये करिब ८६ प्रतिशत हिस्सा सवारीसाधन, मेसिनरी उपकरण, कार्यालय उपकरण, फर्निचर जस्ता दैनिक प्रयोगमा आउने सम्पत्तिको छ। भवन स्थिर सम्पत्तिको अभिलेख न्यून रहेकोले भवन, जग्गा जस्ता स्थिर सम्पत्तिको मौद्रिक मूल्य कायम गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

६२.२ महालेखा नियन्त्रक कार्यालयले पेस गरेको सार्वजनिक सम्पत्तिको विवरणअनुसार गत वर्षसम्मको सम्पत्ति रु.१ खर्ब ३४ अर्ब ७६ करोड ९१ लाख रहेकोमा तीन निकायको बढी लेखाङ्कन भएको रु.२१ अर्ब ४३ करोड ३७ लाख समायोजन गर्दा रु.१ खर्ब १३ अर्ब ३३ करोड ५४ लाख रहेको देखिन्छ। यो वर्षको पुँजीगत खर्च रु.१ खर्ब ९२ अर्ब २ करोड ७४ लाख भएको अवस्थामा सम्पत्तिमा वृद्धि हुनुपर्नेमा रु.१६ अर्ब ३२ करोड ७० लाखले घटेर रु.९७ अर्ब ८४ लाख पुगेको देखिन्छ। स्थिर सम्पत्ति प्राप्तिमा उल्लेखनीय खर्च भएको अवस्थामा गत वर्षको तुलनामा सरकारको सम्पत्तिमा कमी आउनुको सम्बन्धमा यकिन गर्नुपर्दछ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा चालु शीर्षकका खर्च भएर जाने सम्पत्तिहरूको समेत अभिलेख रहने तर ती सम्पत्तिहरूको मौज्दातको विवरण पेस नभएको एवं कूटनीतिक निकायहरूको सम्पत्तिको विवरणसमेत समावेश भएको छैन। सम्पत्तिको लेखाङ्कन एवं प्रतिवेदन थप प्रभावकारी बनाउनुपर्दछ।

६२.३ सबै तहको सरकार अन्तर्गत रहेका सरकारी घर, भवन वा जग्गा, सडक बाटो वा रेल्वे, नहर, कुलो, खनिज वा खनिज पदार्थ जस्ता कुरासमेत सम्पत्तिको रूपमा रहे तापनि ती सबै सम्पत्ति सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा समावेश भएको छैन। सरकारको सम्पत्तिको लेखाङ्कन र प्रतिवेदन सम्बन्धमा प्रभावकारी व्यवस्थापन गरी प्रणालीबाट जिन्सी मौज्दातको वार्षिक विवरण (म.ले.प.फा.नं. ४१३) सिर्जना हुने व्यवस्था मिलाउनुपर्दछ।

६३. **आन्तरिक लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ बमोजिम सरकारी कार्यालयको त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने एवं लेखापरीक्षणबाट औंल्याइएको बेरुजु अन्तिम लेखापरीक्षण अगावै फस्यौंट तथा सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले यो वर्ष नेपाल सरकार मातहतका कार्यालयहरूको आन्तरिक लेखापरीक्षणबाट रु.१४ अर्ब ७९ करोड ४३ लाख बेरुजु कायम भएको छ तथापि महालेखा नियन्त्रक कार्यालयको नाममा देखिएको गत वर्षको नगद मौज्दात र यो वर्ष राजस्व बाँडफाँटलगायत स्रोतबाट प्राप्त राजस्व रु.२७ अर्ब ७६ करोड ७४ लाखको आन्तरिक लेखापरीक्षण भएको छैन। आन्तरिक लेखापरीक्षण त्रैमासिक रूपमा गरी प्रतिवेदन जारी गर्ने तथा औंल्याएको बेरुजु अन्तिम लेखापरीक्षण अगावै फस्यौंट गर्नुपर्ने कानुनी प्रावधान भए पनि सोअनुसार फस्यौंट भएको छैन। साथै आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औंल्याइएका नियमित तथा असुल गर्नुपर्ने बेरूजु रकम भन्दा अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट सोही कार्यालयहरूको सोही प्रकृतिका

बेरूजु रकम उल्लेखनीय रूपमा बढी देखिनाले आन्तरिक लेखापरीक्षण अपेक्षाकृत प्रभावकारी हुन सकेको छैन। आन्तरिक लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्नुपर्दछ।

६४. **रकमान्तर तथा क्रियाकलाप संशोधन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केतअन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा तोकिएको कुनै एक वा सो भन्दा बढी अनुदान सङ्केतअन्तर्गतका बजेट उपशीर्षकमा बचत हुने रकममध्येबाट तोकिएको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले पेस गरेको केन्द्रीय लेखाको वित्तीय विवरणबमोजिम यो वर्षको बजेट रु.१७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाखमध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थामा रु.२ खर्ब ५६ अर्ब ४१ करोड ३ लाख (१४.६४ प्रतिशत) रकमान्तर भएकोमा अर्थ मन्त्रालयको विवरणबमोजिम रु.९१ अर्ब ७५ करोड ३० लाखको रकमान्तर भएको देखिन्छ। महालेखा नियन्त्रक कार्यालयले सञ्चालन गरेको एकल खाता कोष प्रणालीमा क्रियाकलाप समायोजन तथा संशोधनको अधिकार सम्बन्धित कार्यालय प्रमुखलाई रहेकोले सोबाट समेत रकमान्तरको अङ्कमा वृद्धि भएको देखिन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले मात्र क्रियाकलाप संशोधन गर्न सक्ने अधिकार रहेकोले सम्बन्धित कार्यालय प्रमुखलाई क्रियाकलाप संशोधनको अधिकार दिने सम्बन्धमा कानुनबमोजिम गर्नुपर्दछ।

६५. **वित्तीय विवरणको ढाँचा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५(३) बमोजिम लेखाङ्कन गर्न तथा प्रतिवेदन गर्ने प्रक्रिया लेखाका मान्य सिद्धान्त यस क्षेत्रमा विकसित भएका नवीनतम अवधारणा र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शनबमोजिम कार्यालयले निर्धारण गरेअनुसार हुने व्यवस्था छ। नेपाल सरकारले २०६६।५।३० मा नेपाल सार्वजनिक क्षेत्र लेखामान स्वीकृत गरेकोमा २०७९ चैत्रमा यसलाई परिमार्जन गरेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामानले नगद आधारमा अनिवार्यका साथै प्रोद्भावी आधारमा स्वेच्छिक रूपमा वित्तीय विवरण प्रस्तुत गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयले नगद आधारमा लेखा राख्ने बजेट निकायको एकीकृत वित्तीय प्रतिवेदन तयार गर्ने ढाँचा अद्यावधिक गरेको भए तापनि प्रोदभावी आधारमा लेखा राख्ने गैर बजेटरी निकाय तथा सङ्गठित संस्थाहरूले तयार गर्नुपर्ने वित्तीय विवरणको ढाँचा तयार गरी स्वीकृत गराएको छैन।

कार्यालयले नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम एकीकृत वित्तीय विवरण तयार गर्ने ढाँचा स्वीकृत गरी लागु गरेको भए तापनि कार्य सञ्चालन स्तरका कार्यालयले लेखामानबमोजिम तयार गर्ने वित्तीय विवरणको ढाँचा तयार गरेको पाइएन।

६६. **लेखा फारम -** साविकमा महालेखा नियन्त्रक कार्यालयले २२२ वटा म.ले.प.फा.हरू स्वीकृत गराई लागु गरेको थियो। कार्यालयले नयाँ ७९ एवं परिमार्जन ६३ समेत १४२ फाराम २०७६।४।१ बाट लागु गरी साविकका ६२ फाराम खारेज गरेकोमा २०८०।४।१ देखि पुनः ६१ थप, १२१ परिमार्जन एवं २१ खारेज गरी १८३ म.ले.प.फा.हरू लागु गरेको छ। साविकमा लागु भएका २२२ फाराम सबै परिमार्जन नभएको तथा खारेज पनि नगरेको अवस्थामा २०८०।४।१ बाट लागु भएका फारामको नम्बर पुरानो नम्बरमा दोहोरो परेको छ। कार्यालयले नेपाल सरकारको वित्तीय विवरण प्रस्तुति एवं लेखा राख्र आवश्यक फारामहरू पहिचान गरी कार्यान्वयन रहेका सूचना प्रविधि प्रणालीले सिर्जना गर्न सक्ने फारामसमेत स्वीकृत गराई लागु गर्नुपर्दछ।

६७. **लेखा निर्देशिका -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५(२) मा महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन बनाउन सक्ने व्यवस्था छ। कार्यालयले साविकमा प्रचलनमा रहेका म.ले.प. फारामको कार्यान्वयनमा सहजीकरण गर्न नेपाल सरकारको लेखा निर्देशिका, २०७३ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नयाँ ऐन र नियमावली लागु भएको एवं २०८०।४।१ देखि लेखा ढाँचामा परिमार्जन भइसकेकोले सो अनुकूल हुने गरी लेखा निर्देशिका अद्यावधिक गरेको पाइएन। लेखा निर्देशिका अद्यावधिक गराई लागु गर्नुपर्दछ।

६८. **आर्थिक सङ्केत तथा वर्गीकरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५(४) मा लेखा राख्ने प्रयोजनका लगि महालेखा नियन्त्रक कार्यालयले आर्थिक सङ्केत तथा वर्गीकरण तर्जुमा गरी महालेखा परीक्षकबाट स्वीकृत गराई लागु गर्नुपर्ने र स्वीकृत भएको वर्गीकरण नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ स्वीकृत गराई पाँचौं संशोधन समेत गरी सकेकोमा सो वर्गीकरण र व्याख्या नेपाल राजपत्रमा प्रकाशन गरेको पाइएन। कानुनको परिपालना गर्नुपर्दछ।

६९. **बक्यौता लगत -** बक्यौता तथा उठ्न बाँकी रकम समेत समावेश गरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ। कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको विवरणअनुसार २०८०।८१ सम्मको लगत कसेको बक्यौता रु.२ अर्ब ६३ करोड ५५ लाख ३८ हजार रहेकोमा रु.२० करोड ७० लाख ७४ हजार लगत कट्टा भई बाँकी रहेको रु.२ अर्ब ४२ करोड ८५ लाख ६४ हजार महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणमा खुलासा गरेको देखिएन।

यसै गरी नेपाल सरकारको २०६९।६।११ को निर्णयबमोजिम २०५९।६० सम्मको बेरुजुको लगत कट्टा गर्ने जिम्मेवारी कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयलाई तोकिएको छ। उक्त कार्यालयको वार्षिक प्रतिवेदनअनुसार रु.१५ अर्ब १२ करोड २० लाख ७४ हजारको लगत रहेकोमा रु.३७ लाख ६६ हजारको लगत कट्टा भई रु.१५ अर्ब ९ करोड ४८ लाख २१ हजार लगत बाँकी रहेको छ। उक्त बेरुजु बक्यौता समयमै असुल फर्स्यौट गरी लगत कट्टा हुनुपर्दछ।

आन्तरिक राजस्व विभाग

कर प्रशासनलाई स्वच्छ, पारदर्शी र जवाफदेही बनाई करदातालाई आवश्यक सेवा प्रदान गर्ने, कर सङ्कलन लागत घटाउने, करको दायरा विस्तार गर्ने, कराधार संरक्षण गर्ने, कर परीक्षण तथा अनुसन्धान गर्ने, सोको अनुगमन तथा मूल्याङ्कन गर्ने र कर कानुनहरूको कार्यान्वयन गर्ने गराउने उद्देश्यले यस विभागको गठन भएको हो। विभाग र सो मातहत ८४ कार्यालयमार्फत कर प्रशासन सञ्चालन एवं व्यवस्थापन हुँदै आएको छ।

७०. **राजस्व लक्ष्य र असुली -** विभागले २०८०।८१ मा रु.६ खर्ब ७७ अर्ब ७३ करोड राजस्व असुली गर्ने लक्ष्य लिएकोमा रु.५ खर्ब ३३ अर्ब ३ करोड (७८.६५ प्रतिशत) असुली गरेको छ। गत वर्ष रु.४ खर्ब ७९ अर्ब ८० करोड असुल भएकोमा गत वर्षको तुलनामा यो वर्ष रु.५३ अर्ब २३ करोड (११.०९ प्रतिशत) बढी राजस्व असुल भए तापनि लक्ष्यअनुसार असुली भएको छैन। कर परीक्षण गर्ने ४५ कार्यालयमध्ये ४२ ले लक्ष्यअनुरूप राजस्व असुल गर्न सकेको देखिएन। त्यस्तै ३९ करदाता सेवा कार्यालयमध्ये ३६ कार्यालयले लक्ष्यअनुरूप राजस्व असुल गर्न सकेको देखिएन। राजस्वको लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

७१. **राजस्व बक्यौता -** आयकर ऐन, २०५८ को दफा १०३ देखि ११२ सम्म, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ र अन्तःशुल्क ऐन, २०५८ को दफा १०(ज) मा बक्यौता कर असुल गर्ने व्यवस्था छ। विभागको वार्षिक प्रतिवेदनअनुसार राजस्व बक्यौता रु.२ खर्ब ५४ अर्ब ४ करोड रहेकोमा विभागको एकीकृत वित्तीय विवरणमा रु.२ खर्ब ४२ अर्ब ९१ करोड उल्लेख छ। उल्लिखित स्थितिले वार्षिक प्रतिवेदन र एकीकृत वित्तीय विवरणमा रु.११ अर्ब १३ करोड भिन्नता रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

७१.१ विभागको वार्षिक प्रतिवेदनमा उल्लिखित बक्यौतामध्ये प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा रहेका १ हजार ४७४ करदाताको रु.१ खर्ब २३ अर्ब ८० करोड (४८.७३ प्रतिशत) बक्यौता रहेको छ।

७१.२ प्रशासकीय पुनरावलोकन तथा न्यायिक निकायमा पुनरावेदनमा नगएका ३ लाख १५ हजार ८२१ करदाताको रु.१ खर्ब ३० अर्ब २४ करोड (५१.२७ प्रतिशत) बक्यौता रहेको छ।

७१.३ विभागको एकीकृत वित्तीय विवरणअनुसार जिम्मेवारी सरेको लगत रु.२ खर्ब ४२ अर्ब ९१ करोडमध्ये यो वर्ष रु.९ अर्ब १२ करोड ३६ लाख (३.७५ प्रतिशत) मात्र असुल भएको देखिन्छ।

७१.४ विभागले करदाताको विवादरहित बक्यौताको विवरण अद्यावधिक रूपमा तयार गरेको छैन। विवादरहित बक्यौता कर असुलीका लागि चल अचल सम्पत्ति रोक्का गरी लिलामीको प्रक्रियामा जाने, बैङ्क तथा वित्तीय संस्थामा रहेको करदाताको खाताको रकम दाबी गर्ने, व्यवसायीको राहदानी रोक्का गर्ने, अन्य सरकारी निकायबाट प्रदान गरिने सेवामा सूचनाको आदान-प्रदान लगायतका कानुनी अधिकार पूर्णरूपमा प्रयोग गरेको देखिएन। कार्ययोजना बनाएर बक्यौता राजस्व असुली गर्नुपर्दछ।

७२. **करको दायरा -** आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ मा पेसा, व्यवसाय वा कारोबार गर्दा दर्ता हुनुपर्ने तथा इजाजतपत्र लिनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

७२.१ करमा दर्ता भएका एवं इजाजत लिने करदाताको ५ वर्षको सङ्ख्या निम्नानुसार छः

विवरण	२०७७।७८ सम्म	२०७८।७९ सम्म	२०७९।८० सम्म	२०८०।८१ मा थप	२०८०।८१ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	१५७७३८३	१७६२४१३	१८७६३०५	१५१३७७	२०२७६८२
व्यक्तिगत स्थायी लेखा नम्बर	२४७१७२६	३०५०३०४	३६४९६१४	६१७५३२	४२६७१४६
अग्रिम कर स्थायी लेखा नम्बर	९९९८	१८०९४	२८१०७	५२२३	३३३३०
जम्मा	**४०५९१०७**	**४८३०८११**	**५५५४०२६**	**७७४१३२**	**६३२८१५८**
मूल्य अभिवृद्धि करमा दर्ता	२८५०९८	२९१३६१	३०८४७७	२६५४०	३३५०१७
अन्तः शुल्क इजाजतपत्र	१०३४२३	१३११२७	११६६७५	२०५८४	१३७२५९

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन २०८०।८१

उल्लिखित विवरणअनुसार २०७९।८० को तुलनामा यो वर्ष स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या आयकरतर्फ ८.०७ प्रतिशत, मूल्य अभिवृद्धि करतर्फ ८.६० प्रतिशत र अन्तःशुल्कतर्फ १७.६४ प्रतिशत वृद्धि भएको देखिन्छ। करको दायरा विस्तारको लागि व्यवसायको दर्ता गर्ने सबै निकायले करको दायरामा ल्याउन प्रणालीगत अन्तरआबद्धता गरी स्थायी लेखा नम्बर प्रदान गर्ने, करको दायरामा नआएका

व्यक्तिको सूचना सङ्कलन तथा निगरानी गर्ने तथा नियमनकारी निकायबिच सूचनाको अन्तरआबद्धतासहित समन्वय कायम गरी कराधारलाई थप फराकिलो बनाउनुपर्दछ।

७२.२ आर्थिक वर्ष २०८०।८१ को अन्तसम्म व्यावसायिक स्थायी लेखा नम्बर लिनेको सङ्ख्या २० लाख २८ हजार, व्यक्तिगत स्थायी लेखा नम्बर लिएका ४२ लाख ६७ हजार र अग्रिम कर स्थायी लेखा नम्बर लिएका ३३ हजार समेत ६३ लाख २८ हजार पुगेको छ। पेसागत व्यक्तिहरू आंशिक रूपमा करको दायरामा आए तापनि सबै करको दायरामा आएका छैनन्। पेसाविद्हरूलाई करको दायरामा ल्याई अनिवार्य आय विवरण पेस गर्ने स्वचालित प्रणालीको विकास भएको छैन। पेसाविद्हरूले आफ्नो पेसालाई निरन्तरता दिन प्रत्येक वर्ष पेसागत प्रमाणपत्रलाई नवीकरण गर्दा कर चुक्ता वा कर विवरण पेस गरेको प्रमाणपत्र माग गर्ने व्यवस्था गरी सम्बद्ध निकायबिच अन्तरआबद्धतासहित समन्वय कायम गर्नुपर्दछ।

७३. **मूल्य अभिवृद्धि कर संरचना -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र कर विवरण पेस गर्नुपर्ने व्यवस्था छ। विभागको विगत ५ वर्षको मूल्य अभिवृद्धि करको स्थिति निम्नानुसार छः

विवरण	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
डेबिट विवरण (प्रतिशत)	२२.१७	११.२६	१०.९३	११.३१	१६.२१
क्रेडिट विवरण (प्रतिशत)	४८.३८	५६.१३	५८.५३	५८.७७	५९.५९
शून्य विवरण (प्रतिशत)	२९.४५	३२.६१	३०.५४	२९.९२	२४.२०
आषाढमा डेबिट (रु.अर्बमा)	११.२३	१३.४६	१५.६५	१४.१८	१७.३०
आषाढमा क्रेडिट (रु.अर्बमा)	४२.४	४७.४४	७०.०१	६९.८५	८८.८६
क्रेडिट/ डेबिट अनुपात	३.७७	५.४९	४.५५	४.९२	५.१४

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन २०८०।८१

७३.१ विभागको वार्षिक प्रतिवेदनअनुसार कुल राजस्वमध्ये मूल्य अभिवृद्धि कर (आन्तरिक) तर्फ २०८१ आषाढ मसान्तसम्म रु.१७ अर्ब ३० करोड डेबिट विवरण तथा रु.८८ अर्ब ८६ करोड क्रेडिट विवरण पेस भएको छ। यसरी क्रेडिट रहेको रकम करदाताले आगामी अवधिमा कर मिलान गर्न पाउने हुँदा उक्त रकमलाई विभागले सम्भावित दायित्वको रूपमा खुलासा गरेको छैन। सोही प्रकृतिको क्रेडिट कट्टी पाउने रकम अन्तःशुल्क र आयकरतर्फसमेत रहे तापनि विभागको वित्तीय विवरणमा खुलासा गरेको छैन। करदाताले फिर्ता पाउने उल्लेख गरेको रकम प्रत्येक वर्ष बढ्दै गएकोमा विभागले यस्तो सम्भावित दायित्वको लेखाङ्कन नगरेको हुँदा यसबाट आगामी वर्ष प्राप्त हुने राजस्वमा समेत प्रभाव पर्ने देखिन्छ। अतः यस्तो दायित्व यकिन गरी वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।

७३.२ गत वर्षको तुलनामा यो वर्ष डेबिट विवरण र क्रेडिट विवरण बुझाउनेको सङ्ख्यामा वृद्धि भएको छ। त्यसै गरी २०७९।८० मा कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको योगदान २४.४९ प्रतिशत रहेकोमा २०८०।८१ मा २४.४१ प्रतिशत रहेको देखियो। कुल आन्तरिक राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा र आन्तरिक सङ्कलनलाई वृद्धि गर्न बजार अनुगमन, विद्युतीय बीजक प्रणाली, अनलाइन कनेक्टिभिटी, बिलिङ इनफोर्समेन्टजस्ता विधिको प्रयोग गर्नुपर्दछ।

७४. **प्रशासकीय पुनरावलोकन -** आयकर ऐन, २०५८ को दफा ११४ र ११५, मूल्य अभिवृद्धि कर ऐन, २०५२, को दफा ३१क. र अन्तःशुल्क ऐन, २०५८ को दफा १९ मा कर तथा शुल्क निर्धारण उपर

विवादरहित करको सम्पूर्ण रकम र विवादित करको एक चौथाइ रकम बुझाई प्रशासकीय पुनरावलोकनको लागि विभाग समक्ष निवेदन दिन सक्ने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार गत वर्षसम्म १ हजार ३२० निवेदन उपर कारबाही हुन बाँकी रहेकोमा यो वर्ष ९२४ थप भई २ हजार २४४ पुगेको र सोमध्ये यो वर्ष ५०२ को कारबाही टुङ्गो लगाई १ हजार ७४२ निवेदन बाँकी रहेका छन्। विभागले कारबाही टुङ्गो लागेका र कारबाही टुङ्गो लाग्न बाँकी करदाता प्रशासकीय पुनरावलोकनमा जाँदा बुझाएको विवादित करको करदातागत अभिलेखलाई सूचना प्रविधि प्रणालीमा अद्यावधिक गरेको देखिएन। प्रशासकीय पुनरावलोकन कार्य कानुनबमोजिम ६० दिनभित्र टुङ्गो लगाउनुपर्दछ।

७५. **कर परीक्षण** - आयकर ऐन, २०५८ को दफा १०१ मा विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ। विभागबाट प्राप्त तथ्याङ्कअनुसार २०८०।८१ मा करपरीक्षणतर्फ गत वर्षको जिम्मेवारी सरेका ४ हजार ३८० र यो वर्ष ४ हजार २०० छनोट भएकासमेत ८ हजार ५८० फाइलको कर परीक्षण गर्नुपर्नेमा ४ हजार ४५० फाइल मात्र कर परीक्षण सम्पन्न गरेको देखियो। कर परीक्षणको विगत ३ वर्षको विवरण निम्नानुसार छः

आर्थिक वर्ष	जिम्मेवारी सरी आएको सङ्ख्या	यो वर्ष छनोट सङ्ख्या	कर परीक्षण गर्नुपर्ने सङ्ख्या	यो वर्ष सम्पन्न सङ्ख्या	अर्को वर्ष जिम्मेवारी सारेको सङ्ख्या
२०७८।७९	२२९०	१७००	३९९०	६०९७	०
२०७९।८०	२३३९	४२००	६५३९	५२७६	१२६३
२०८०।८१	४३८०	४२००	८५८०	४४५०	४१३०

विभागले तयार गरेको विद्युतीय आन्तरिक अनुगमन प्रणाली (ई.आई.एम.एस.) मा २०७८।७९ मा आगामी वर्षको लागि जिम्मेवारी सारेको फाइल सङ्ख्या शून्य देखाएको छ। तर २०७९।८० मा गत वर्षको जिम्मेवारी २ हजार ३३९ सारेको र सोही वर्ष आगामी वर्षको लागि जिम्मेवारी सारेको फाइल १ हजार २६३ देखाएकोमा २०८०।८१ मा ४ हजार ३८० जिम्मेवारी सारेकोले कर परीक्षणको लगत विश्वसनीय देखिएन।

यो वर्ष छनोट भएका परीक्षण गर्नुपर्ने फाइलमध्ये ४ हजार ४५० फाइल (५१.८६ प्रतिशत) परीक्षण सम्पन्न भई ४ हजार १३० फाइल (४८.१४ प्रतिशत) आगामी वर्षको लागि जिम्मेवारी सरेको छ। व्यावसायिक स्थायी लेखा नम्बर लिएका कुल करदाता २० लाख २८ हजारमध्ये यो वर्ष ०.२२ प्रतिशत करदाताको कर परीक्षण भएको छ। विभागले जोखिममा आधारित करदाता छनोट प्रणाली अवलम्बन गरेको भए तापनि जोखिम सूचक समसामयिक रूपमा पुनरावलोकन नगर्दा एउटै करदाता प्रत्येक वर्ष छनोटमा पर्ने र केही करदाता छनोटमा नै नपर्ने अवस्था देखिएको छ। सबै कर परीक्षण गर्नुपर्ने ठुला तथा मध्यमस्तरीय करदाता कार्यालय एवं आन्तरिक राजस्व कार्यालयहरू अन्तर्गत ४ हजार ४५० आय वर्षको कर परीक्षण गरेकोमध्ये यो वर्ष ४ वर्षको सीमान्त अवधि अर्थात् २०७६।७७ सम्मका ९१८ (२०.६२ प्रतिशत) करदाताको परीक्षण गरेको देखियो। कर परीक्षणका लागि फाइल छनोट गर्ने एवं कर परीक्षण प्रणालीको प्रचलित व्यवस्थामा पुनरावलोकन गरी निश्चित रकमभन्दा बढी कारोबार हुने सबै करदाताको निश्चित अवधिभित्र कर परीक्षण हुने प्रबन्ध गरिनुपर्दछ।

७६. **कर परीक्षणबाट असुली** - आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन, २०५८ को व्यवस्थाबमोजिम पूर्ण कर परीक्षणबाट कर राजस्वमा पुगेको योगदान निम्नानुसार छः

(रु. अर्बमा)

आर्थिक वर्ष	कुल कर राजस्व	कर परीक्षणबाट योगदान			अन्तिम लगत	असुली	लगतको तुलनामा असुली प्रतिशत
		रकम	कर राजस्वको तुलनामा प्रतिशत	नोक्सानी समायोजन			
२०७८।७९	४८३.४८	२०.१५	४.१७	९४.८५	१८७.३९	१६.१४	८.६१
२०७९।८०	४७९.८	१९.८९	४.१४	२६.६०	२२८.१८	४.६६	२.०४
२०८०।८१	५३३.०३	१४.४८	२.७२	५९.७४	२४२.९१	९.१२	३.७५

स्रोतः आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदन

कर परीक्षणबाट २०७८।७९ मा कुल कर राजस्वको तुलनामा ४.१७ प्रतिशत, २०७९।८० मा ४.१४ प्रतिशत र २०८०।८१ मा २.७२ प्रतिशत कर निर्धारण भएको छ। उल्लिखित तालिकाअनुसार २०७९।८० मा ५ हजार २७६ फाइल परीक्षणबाट रु.१९ अर्ब ८९ करोड कर निर्धारण भएकोमा यो वर्ष ४ हजार ४५० फाइल परीक्षणबाट रु.१४ अर्ब ४८ करोड थप कर निर्धारण भएको छ। यस वर्षसम्मको लगती राजस्व रु.२ खर्ब ४२ अर्ब ९१ करोड रहेकोमा रु.९ अर्ब १२ करोड (लगतको तुलनामा ३.७५ प्रतिशत) मात्र असुल भएको छ। कर परीक्षणबाट नोक्सानी समायोजनतर्फ प्रत्येक वर्ष लक्ष्यको तुलनामा शत प्रतिशतभन्दा बढी प्रगति हासिल गरेको भए तापनि अधिकांश रकम सरकारी संस्थानहरूको रहेको छ। संशोधित कर निर्धारणबाट राजस्वको लगत प्रत्येक वर्ष वृद्धि भए पनि राजस्व असुलीमा न्यून योगदान दिएको तथा कर विवाद तथा बक्यौता बढ्दै गएको छ। विभागले मातहत कार्यालयको कार्यविधिगत एकरूपता, एकीकृत कर प्रणालीको विकास, जनशक्तिको क्षमता विकास गरी कर परीक्षण गर्दा न्यायोचित कर निर्धारणमार्फत राजस्व सङ्कलनमा वृद्धि गर्ने, कर विवाद तथा बक्यौता कम हुने गरी कर परीक्षण र अनुसन्धानको गुणस्तर वृद्धि गर्दै समग्र कर प्रशासनको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

७७. **दोहोरो करमुक्ति सम्झौता -** आयकर ऐन, २०५८ को दफा ७३ बमोजिम विभागलाई नेपाल सरकारको तर्फबाट अन्य देशहरूसँग दोहोरो करमुक्ति सम्झौता गर्ने तथा विद्यमान सम्झौताका व्यवस्थाहरू संशोधन सम्बन्धी कार्य जिम्मेवारी तोकिएको छ। नेपालले सन् १९८७ मा सर्वप्रथम भारतसँग दोहोरो कर मुक्ति सम्झौता गरेकोमा हालसम्म ११ राष्ट्रसँग दोहोरो कर मुक्ती सम्झौता गरेको छ। त्यसै गरी सार्क राष्ट्रबिच बहुपक्षीय सम्झौता, ब्रिटाकमलगायतका द्विपक्षीय तथा बहुपक्षीय संस्थाहरूमा नेपाल संस्थापक सदस्य रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

७७.१ आयकर ऐन, २०५८ को दफा ७०(१) अनुसार हवाई यातायात सञ्चालन गर्ने गैरबासिन्दा व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा, नेपालबाट प्रस्थान हुने यात्रु ओसारपसार गर्ने गैरबासिन्दा व्यक्तिको करयोग्य आयमा पाँच प्रतिशतले कर लाग्ने व्यवस्था छ। विभागअन्तर्गत दर्ता भएका दुई देशका पाँच एयरलाइन्स कम्पनीलाई २०८०।८१ मा ४ लाख ३९ हजार ३८८ यात्रुले विभिन्न गन्तव्यको उडानबापत रु.३१ अर्ब ९२ करोड ६७ लाख भुक्तानी गर्दा लाग्ने ५ प्रतिशत अग्रिम कर रु.१ अर्ब ५९ करोड ६३ लाख कर छुट भएको छ। अतः नेपालले अधिकतम लाभ प्राप्त गर्नेगरी सम्झौताको सर्तमा पुनरावलोकन गर्नुपर्दछ।

७७.२ नेपाल सरकार र भारत सरकारबिच भएको दोहोरो करमुक्ति तथा वित्तीय छल निरोध सम्झौताको दफा २० को बुँदा नं.१ मा कुनै प्राध्यापक, अध्यापक र अनुसन्धानकर्ता, कुनै विश्वविद्यालय, महाविद्यालय, विद्यालय वा अनुमोदित संस्थामा अध्यापन वा अनुसन्धान कार्यको प्रयोजनलाई बढीमा दुई वर्षको लागि

कर छुट हुने व्यवस्था छ। ठुला करदाता कार्यालयअन्तर्गतको एक करदाताले दुई वर्ष अगाडिदेखि कार्यरत रहेका २७ विदेशी चिकित्सकलाई २०७५।७६ को रु.७ करोड ५७ लाख ६८ हजार र २०७६।७७ को रु.७ करोड २४ लाख ४ हजार पारिश्रमिक भुक्तानी गरेकोमा भुक्तानीमा करकट्टी गरेको नदेखिएकोले सोको कर रु.३ करोड ८९ लाख ५६ हजारमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

द्विपक्षीय तथा बहुपक्षीय सम्झौताको सबै पक्षबारे अध्ययन अनुसन्धान गर्दै सोबाट राष्ट्रिय हित प्राप्त गर्ने विषयमा राजस्व प्रशासनले थप भूमिका निर्वाह गर्नुपर्दछ।

७८. **विद्युतीय सेवामा कर** - आर्थिक ऐन, २०७९ को दफा २० मा गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा २ प्रतिशतका दरले विद्युतीय सेवा कर लगाउने व्यवस्था छ। ठुला करदाता कार्यालयबाट प्राप्त विवरणअनुसार २०८०।८१ सम्म गुगल, मेटा, लिंक्डइन, माइक्रोसफ्ट, अमेजन लगायतका १८ कम्पनी दर्ता भएका छन्। जसबाट २०७९।८० मा मूल्य अभिवृद्धि करसमेत रु.१० करोड ८४ लाख २९ हजार कर सङ्कलन भएकोमा २०८०।८१ मा १५ करदाताबाट रु.४१ करोड ७ लाख २० हजार कर सङ्कलन भएको देखिन्छ। यस्तो कारोबार गर्ने सबै गैरबासिन्दा व्यक्तिलाई करको दायरामा ल्याउनुपर्दछ।

७९. **शुल्क र ब्याज –** आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम भुलवस झुट्टा विवरण पेस गरेको अवस्थामा घटी कर रकमको ५० प्रतिशत तथा जानीजानी झुट्टा विवरण पेस गरेको अवस्थामा शत प्रतिशत शुल्क र दफा ११८ तथा ११९ बमोजिमको ब्याज लाग्ने व्यवस्था छ। तर नोक्सानीमा रहेका करदाताको हकमा कुनै पनि ब्याज तथा शुल्क लगाउने कानुनी प्रबन्ध छैन। आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार २०८०।८१ मा कर परीक्षण भएका ४ हजार ४५० करदाताको संशोधित कर निर्धारणबाट रु.५९ अर्ब ७४ करोड नोक्सानी समायोजन गरेको देखिन्छ। यस वर्षसमेत विगत ४ वर्षमा रु.२ खर्ब ७७ हजार नोक्सानी समायोजन भएको छ।

नाफाको विवरण पेस गर्नेलाई शुल्क तथा ब्याज लाग्ने तर घाटाको विवरण पेस गर्नेलाई अतिरिक्त शुल्क तथा ब्याज नलाग्ने देखिएकोले घाटाको विवरण पेस गर्ने करदाताले आम्दानी घटाउने तथा खर्च बढाउन सक्ने जोखिम रहेको छ। अतः यसलाई नियन्त्रण गर्न आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ। नोक्सानीको निश्चित प्रतिशत रकम शुल्कको रूपमा लिने वा करदाता नाफामा आएपश्चात् शुल्क बुझाउनुपर्ने गरी कानुनमा पुनरावलोकन गर्नुपर्दछ।

८०. **बैठक भत्ता** - आयकर ऐन, २०५८ को दफा ९२ मा प्रतिबैठक २० हजार रुपैयाँसम्मको बैठक भत्ता अन्तिम रूपमा कर कट्टी हुने उल्लेख छ। सार्वजनिक निकाय तथा व्यापारिक प्रतिष्ठानले रु.२० हजारको सीमाभित्र पर्ने गरी विभिन्न बैठकमा भत्ता खर्च लेखेकोमा निश्चित रकमभन्दा माथिको बैठक भत्तालाई आयमा समावेश गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

८१. **मूल्य हस्तान्तरण** - आयकर ऐन, २०५८ को दफा ३३ (१) अनुसार सम्बद्ध व्यक्तिहरूबिच कुनै व्यवस्था भएकोमा सो व्यवस्था सामान्य बजार व्यवहारअनुसार सञ्चालन गरिएको भए सोका लागि कायम हुनसक्ने करयोग्य आय वा बुझाउनुपर्ने कर प्रतिविम्बित हुने किसिमले ती व्यक्तिहरूबिच आय गणना

गर्दा समावेश वा कट्टी गरिने रकम विभागले लिखित सूचना जारी गरेर वितरण, विनियोजन वा बाँडफाँट गर्न सक्ने व्यवस्था छ। ठुला करदाता कार्यालयअन्तर्गतका ८ करदाताले २४ आय वर्षमा रोयल्टी, व्यवस्थापन शुल्क, प्राविधिक सहायता शुल्क, परामर्श शुल्क आदि उल्लेख गरी गैरबासिन्दालाई रु.७ अर्ब ३२ करोड १८ लाख भुक्तानी गरेका छन्। यस्तो खर्च सामान्य बजार व्यवहारअनुरूप भए नभएको सम्बन्धमा छानबिन गर्नुपर्दछ।

८२. **एजेन्सी फी** - आयकर ऐन, २०५८ को दफा ३५ मा विभागले कर मुक्ति योजनाको भागको रूपमा गरिएको वा गर्न खोजिएको कुनै प्रबन्ध वा प्रबन्धको कुनै भागलाई पुनः चारित्रीकरण गर्न सक्ने व्यवस्था छ। स्थायी संस्थापन सम्बन्धी निर्देशिका, २०७७ को खण्ड ११.८ मा नियन्त्रक निकाय वा सम्बद्ध व्यक्तिको ब्राण्ड वा ट्रेडमार्क वा त्यस्तै अमूर्त सम्पत्तिमा कुनै रोयल्टी खर्च कट्टी नपाउने उल्लेख छ। ठुला करदाता कार्यालयअन्तर्गत एक स्थायी संस्थापनले आफ्नै नियन्त्रक निकाय र सम्बद्ध व्यक्तिलाई एजेन्सी सेवा शुल्कबापत २०७६।७७ मा रु.६ करोड ५० लाख र २०७५।७६ मा रु.६ करोड २२ लाखसमेत रु.१२ करोड ७२ लाख खर्च दाबी गरेको छ। अतः यस्तो खर्च कट्टी अमान्य गरी सोमा लाग्ने कर रु.३ करोड १८ लाखमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

८३. **विज्ञापन तथा प्रचार प्रसारमा खर्च -** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४५ को उपदफा (१) मा मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न नपाइने व्यवस्था छ। यसै गरी विभागले मदिरा तथा वियर उत्पादनको अनुमति दिँदा अन्तःशुल्क ऐन र नियमावली, मदिरा ऐन र नियमावली, अन्तःशुल्क निर्देशिका तथा जनस्वास्थ्य ऐन, २०७५ समेतको अधिनमा रही आफ्नो ब्रान्ड, साइज र लेबलमा वस्तुको उत्पादन गर्नुपर्ने निर्णय गरी अनुमतिको स्वीकृति दिएको छ। विभिन्न गुणस्तरका मदिरा तथा सुर्तीजन्य वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने ठुला करदाता कार्यालयअन्तर्गतका १३ करदाताले ५२ आय वर्षमा विज्ञापन तथा प्रचार प्रसारमा रु.२ अर्ब ३२ करोड ३८ लाख खर्च दाबी गरेका छन्।

कानुनले निषेध गरेको क्षेत्रमा गरिने खर्चलाई व्यवसायबाट आय आर्जन हुने कार्यमा गरेको उल्लेख गरी खर्च कट्टी दिँदा यसको प्रत्यक्ष असर राजस्व असुलीमा परेको छ। उल्लिखित ऐनले प्रचार प्रसारलाई अबैध मानेको अवस्थामा आयकर ऐनले त्यस्तो खर्चलाई कट्टी गर्न दिने व्यवस्थामा तादात्म्यता मिलाउनु पर्दछ।

८४. **मदिरा उद्योगलाई कर छुट -** आयकर ऐन, २०५८ को दफा ११ (३छ) मा धितोपत्र बजारमा सूचीकृत भएका उत्पादनमूलक उद्योगलाई लाग्ने करमा १५ प्रतिशत छुट हुने व्यवस्था भए तापनि औद्योगिक व्यवसाय ऐन, २०७६, को दफा २४ मा फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उद्योगबाहेक सुर्तीजन्य र मदिराजन्य उद्योगले कुनै पनि कर छुट तथा सुविधा नपाउने उल्लेख छ। ठुला करदाता कार्यालयअन्तर्गतको एक करदाताले २०७९।८० समेत चार आय वर्षमा करयोग्य आय रु.५ अर्ब १३ करोड १० लाख ७४ हजारमा २५.५ प्रतिशत दरले कर गणना गरेकोले धितोपत्र बजारमा सूचीकृत भएको निकायको आधारमा करछुटको सुविधा पाउने देखिँदैन। अतः ४.५ प्रतिशतले हुने रु.२३ करोड ८ लाख ९८ हजार कर छुट भएको सम्बन्धमा छानबिन गर्नुपर्दछ।

८५. **मर्जर तथा एक्विजिसनमा लाभांश कर -** आयकर ऐन, २०५८ को दफा ४७क(५) मा उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्ष भित्र गाभिएको अवस्थामा कायम रहेका सेयरधनीलाई वितरण गरेको लाभांशमा कर नलाग्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार गाभिई निःसर्ग भएको निकायका साविकका सेयरधनीहरूले मात्र वितरण गरेको लाभांशमा कर छुट हुने अवस्था छ। ठुला करदाता कार्यालयअन्तर्गतका ५ करदाताले १० आय वर्षमा रु.२२ अर्ब ४३ करोड ७९ लाख लाभांश वितरण गरेको देखिएकोमा गाभ्ने निकायका सेयरधनी, नयाँ सेयरधनीलगायतलाई भुक्तानी भएको लाभांशको ५ प्रतिशतले हुने कर रु.१ अर्ब १२ करोड १९ लाख दाखिला नगरेकोले यस सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

८६. **मुनाफा बाहेकको लाभांश -** आयकर ऐन, २०५८ को दफा ५६(३) मा उल्लेख भएको मुनाफा बाहेकको लाभांश रकममा तोकिएको अवस्थाभन्दा बाहेक निकायको आयमा आयकर लाग्ने व्यवस्था छ। ठुला करदाता कार्यालयअन्तर्गतको एक करदाताले २०७६।७७ मा पुनर्मूल्याङ्कन कोषबाट रु.३ करोड ७६ लाख ९४ हजार, २०७८।७९ मा रु.३ करोड ७६ लाख ९४ हजार, २०७९।८० मा रु.३ करोड ७६ लाख ९५ हजारसमेत रु.११ करोड ३० लाख ८३ हजार सञ्चित मुनाफा (रिटेन्ड अर्निङ) मा सारेको देखिन्छ। मुनाफा बाँड्ने प्रयोजनार्थ उक्त रकम पुनर्मूल्याङ्कन कोषबाट जगेडा कोषमा सारी उक्त वर्ष लाभांश वितरण गरेकोले उक्त रकम आयमा समावेश गरी सोको २५ प्रतिशत आयकर रु.२ करोड ८२ लाख ७१ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

८७. **जग्गा बिक्रीको आय -** आयकर ऐन, २०५८ को दफा ७(२) मा सेवा शुल्क, व्यापारिक मौज्दातको निःसर्ग, व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त खुद लाभलाई आयमा समावेश गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय पोखरा, टंगाल, इटहरी, भक्तपुरलगायत १८ कार्यालय अन्तर्गतका ५२ करदाताले २०७८।७९ तथा २०७९।८० मा आफ्नो स्वामित्वमा रहेको जग्गा बिक्री गरेको भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्याङ्कबाट देखिएकोमा करदाताले आयमा समावेश नगरेको तथा वित्तीय विवरणमा समेत उक्त बेहोरा उल्लेख गरेको नपाइएकोले रु.१ अर्ब ७३ करोड ७० लाखलाई आयमा समावेश गरी सोमा लाग्ने कर रु.३९ करोड ४२ लाख ३७ हजार सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

८७.१ आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरअन्तर्गत क्याटरिङ्ग व्यवसाय गर्ने एक करदाताले आय वर्ष २०७७।७८ मा जग्गा बिक्री गरी रु.११ करोड २ लाख खुद नाफा आर्जन गरेको छ। उक्त जग्गाको बिक्रीमा प्राकृतिक व्यक्तिलाई लाग्ने करको दर अवधिको आधारमा ५ वा ७.५ प्रतिशतले अग्रिम कर कट्टा नगरी १.५ प्रतिशत कर कट्टा गरेको तथा करदाताको वित्तीय विवरणमा जग्गा बिक्रीको आय लेखाङ्कन गरेकोले उक्त जग्गा व्यवसायसँग सम्बन्धित देखिन्छ। तर करदाताले उक्त निःसर्गबाट प्राप्त आयलाई मुनाफा र लाभमा समावेश गरी कर दायित्व गणना गरेको देखिएन। जग्गा निःसर्ग बापतको उक्त रकमलाई आयमा समावेश गरी सोको ३६ प्रतिशतले रु.३ करोड ९० लाख र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

८७.२ आन्तरिक राजस्व कार्यालय, टंगालअन्तर्गत खाद्यान्नको कारोबार गर्ने एक करदाताले २०७८।७९ मा रु.१५ करोड १३ लाख १३ हजारको घरजग्गा निःसर्ग गरेकोमा उक्त रकमलाई आयमा समावेश

गरेको देखिएन। उक्त रकमलाई आयमा समावेश गरी सोको २५ प्रतिशतले हुने रु.३ करोड ७८ लाख २८ हजारको सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

८७.३ ठुला करदाता कार्यालयअन्तर्गत अटोमोबाइलको कारोबार गर्ने एक करदाताले २०७९।८० को वित्तीय विवरणमा जग्गा, भवनलगायतको सम्पत्ति रु.६० करोड ७४ लाख २७ हजारमा बिक्री गरी रु.१५ करोड ८२ हजार मुनाफा देखाएकोमा आय विवरणमा उक्त रकमलाई करयोग्य आयमा समावेश गरेको देखिएन। अतः उक्त रकमलाई आयमा समावेश गरी सोको २५ प्रतिशत आयकर रु.३ करोड ७९ लाख २१ हजारमा ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ। साथै भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्याङ्क अनुसार रु.६६ करोड ९२ लाख ६२ हजारमा जग्गा बिक्री गरेकोमा वित्तीय विवरणमा रु.३४ करोड ६२ लाखको जग्गा र रु.१८ करोड ४१ लाखको भवनसमेत रु.५३ करोड ३ लाखको घरजग्गा मात्र बिक्री गरेको देखाएकोले रु.१३ करोड ८९ लाख ६२ हजार न्यून आय लेखाङ्कन गरेको छ। उक्त फरक रकमका सम्बन्धमा छानबिन गरी २५ प्रतिशतले हुने रु.३ करोड ४७ लाख ४१ हजार कर निर्धारण गर्नुपर्दछ।

८८. **आय विवरण -** आयकर ऐन, २०५८ को दफा ९६ अनुसार कुनै प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा रु.४० लाखभन्दा बढी आय भएको अवस्थामा डे ४ विवरण भर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

८८.१ आन्तरिक राजस्व विभागको परिपत्रमा प्राकृतिक व्यक्तिको रु.४० लाख वा सो भन्दा बढी आय भएको डे ४ विवरण पेस नगर्ने करदाताको एकीकृत कर प्रणालीबाट पहिचान गरी कर दाखिलाको जाँच तथा परीक्षण गर्नुपर्ने उल्लेख छ। आन्तरिक राजस्व विभाग मातहत कार्यालयमा दर्ता भएका डे ४ विवरण बुझाउनुपर्ने केही करदाताको नमुना छनोट गरी परीक्षण गर्दा डे ४ विवरण पेस नगरेका आन्तरिक राजस्व कार्यालय पुतलीसडक, भरतपुरलगायत २९ कार्यालयअन्तर्गतका ६८० करदाताले २०७९।८० को रु.५ अर्ब ३४ करोड ८१ लाख आयमा रु.६९ करोड ६४ लाख आयकर दाखिला गरेका छैनन्। उक्त रकम छानबिन गरी कर असुल गर्नुपर्दछ।

साथै ठुला करदाता कार्यालयअन्तर्गत रु.४० लाख भन्दाबढी आय भएका व्यक्तिगत स्थायी लेखा नम्बर लिएका ८३ चिकित्सकले ४ आय वर्षमा सेवा शुल्कबापत रु.३६ करोड ५३ लाख ७२ हजार प्राप्त गरेकोमा रु.६ करोड २७ लाख ८६ हजार कर दाखिला नगरेकोले कर र सोको ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

८८.२ आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली र महाराजगञ्जअन्तर्गत २०७८।७९ र २०७९।८० मा दर्ता भएका केही व्यवसायको नमूना छनोट गरी परीक्षण गर्दा व्यक्तिगत स्थायी लेखा नम्बरबाट व्यावसायिक स्थायी लेखा नम्बरमा परिवर्तन गरेकोमा परिवर्तनपूर्वको डे ४ आय विवरण पेस नगरेको तथा आयकर नियमावली, २०५९ को दफा २६ अनुसार व्यवसायको करचुक्ता प्रमाण जारी गर्दासमेत गत विगतको तिर्नु पर्ने कर रु.१ करोड ३२ लाख ७६ हजार असुल नगरी व्यवसायमा परिवर्तन गरेको देखियो। उक्त परिवर्तन पूर्वको आय सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

८८.३ आन्तरिक राजस्व विभागको २०६९।९।२९ को परिपत्रमा सञ्चालकबाट प्राप्त सापटीको रकम बैङ्क मार्फत् प्राप्त हुनुपर्ने, सापटीको स्रोत यकिन गरी सापटी वा लगानीको रकममा कानुनअनुसार कर दाखिला भएको विश्लेषण गर्नुपर्ने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, इटहरीअन्तर्गतको पेय पदार्थ उत्पादन

गर्ने एक करदाताले २०७७।७८ मा दुई सञ्चालकलाई तिर्नबाँकी रु.११ करोड ५० लाख देखाएकोमा स्रोत एक सहकारी संस्थाबाट व्यापारिक ऋण लिएको देखाएको छ। उक्त सहकारी संस्थाको वित्तीय विवरणमा व्यापारिक ऋण शून्य रहेको छ। साथै उक्त सापटी बैकिङ्ग प्रणालीबाट आएको देखिएन। तसर्थ यस्ता कारोबार र स्रोतको वैधतासमेत यकिन गरी कर निर्धारण गर्नुपर्दछ।

८९. **नोक्सानी समायोजन -** आयकर ऐन, २०५८ को दफा ९९ (१) मा कुनै व्यक्तिले तोकिएका रकमहरू खुलाई आय विवरण दाखिला गर्नुपर्ने मितिमा कुनै आय वर्षको आय विवरण दाखिला गरेको रहेछ भने सो आय विवरणको कर निर्धारण गरे सरह मानिने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली, धुलिखेल तथा महाराजगञ्जअन्तर्गतका ७ करदाताको रु.४६ लाख २१ हजार कर तथा आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतलीअन्तर्गत ५ करदाताले रु.१२ करोड ६२ लाख ६८ हजार कर परीक्षण पछि पेस गरेको स्वयं कर आय विवरणमा नोक्सानी समायोजन मिलान गरेको देखिएन। यस सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुको अतिरिक्त एकीकृत कर प्रणालीमा स्वतः समायोजन हुने गरी सुधार गर्नुपर्दछ।

आन्तरिक राजस्व कार्यालय, कृष्णनगरअन्तर्गतको एक करदाताको २०७८।७९ मा कर परीक्षण हुँदा रु.६ करोड ४१ लाख ९ हजार नोक्सानी कायम भएकोमा २०७९।८० को आय विवरण पेस गर्दा विगतको नोक्सानी रु.१४ करोड १८ लाख ५३ हजार सारेको पाइयो। जसअनुसार रु.७ करोड ७७ लाख ४३ हजार बढी नोक्सानी कट्टी लिएको देखिएकोले उक्त नोक्सानी समायोजन गर्न छानबिन गर्नुपर्दछ।

९०. **बिक्री कारोबार -** आयकर ऐन, २०५८ को दफा ४ मा मुनाफा रु.३ लाख रुपैयाँ र व्यवसायको कारोबार रु.३० लाख रुपैयाँभन्दा कम भएको करदाताले डे १ कर विवरण बुझाउन पाउने व्यवस्था छ। आयकर ऐन, २०५८ को दफा ९६ मा आय वर्ष समाप्त भएको तीन महिनाभित्र आय विवरण पेस गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, इटहरी, भैरहवा, कालीमाटीलगायत २५ कार्यालय अन्तर्गतका ३४८ करदाताले २०७९।८० मा रु.२ अर्ब ९१ करोड ३६ लाखको थ्रेसहोल्डभन्दा बढीको कारोबार गरेको देखिएकोले सोमा लाग्ने कर रु.२९ करोड १३ लाख ६९ हजार तथा मूल्य अभिवृद्धियोग्य कारोबारको समेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९१. **ठेक्कामा कर** - आयकर ऐन, २०५८ को दफा ८९(३) मा बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गत कुनै गैर बासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा ५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ। ठुला करदाता कार्यालयअन्तर्गत नेपाल उड्डयन प्राधिकरण, नेपाल विद्युत प्राधिकरण र सम्बद्ध निकायले विभिन्न आय वर्षमा गैरबासिन्दा व्यक्तिलाई रु.६१ अर्ब ६३ करोड ५३ लाख भुक्तानी गरेकोमा रु.२ अर्ब ३४ करोड ७९ लाख ७७ हजार अग्रिम कर दाखिला नगरेकोले कर र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९२. **हवाई सेवामा कर -** आयकर ऐन, २०५८ को दफा ७० मा नेपालबाट प्रस्थान हुने यात्रुको ओसारपसार गर्दा ५ प्रतिशत र नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने हवाई यातायातमा २ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ। नेपाल नागरिक उड्डयन प्राधिकरणबाट प्राप्त विवरणअनुसार १३ गैरबासिन्दा हवाई कम्पनीले २०८०।८१ मा विभिन्न गन्तव्यमा नेपालबाट उडान भर्दा कर दाखिला

गरेको नपाइएकोले निम्नानुसार रु.२ अर्ब ३१ करोड ५५ लाख २८ हजार तथा सोमा लाग्ने शुल्क तथा ब्याज असुल गर्न छानबिन गर्नुपर्दछ।

गन्तव्य स्थान तथा हवाई कम्पनी	यात्रु सङ्ख्या	औसत भाडा (रु.)	कर (रु.हजारमा)
साउदी अरब उडान गर्ने एक एयरलाइन्स	१०३७१४	३४६७०	१७९७८८
सिंगापुर उडान गर्ने एक एयर एयरलाइन्स	५५७३९	६०१४३	१६७६१५
दुबई उडान गर्ने दुई एयरलाइन्स	२२०७३५	७९७५०	८८०१८०
कुवेत उडान गर्ने एक एयरलाइन्स	९६८७५	४३५४६	२१०९२५
भुटान उडान गर्ने दुई एयरलाइन्स	३४९३७	२८४०८	४९६२४
टर्की उडान गर्ने एक एयर एयरलाइन्स	४५१८६	६९३११	१५६५९४
ओमान उडान गर्ने एक एयर एयरलाइन्स	६०८२	५७०८६	१७३५९
मलेसिया उडान गर्ने दुई एयर एयरलाइन्स	११७८७१	३२६१०	१९२१८८
श्रीलंका उडान गर्ने एक एयर एयरलाइन्स	२६५५४	६९१७६	९१८४४
हङकङ उडान गर्ने एक एयर एयरलाइन्स	५८१७५	१२७०००	३६९४११
जम्मा			**२३१५५२८**

माथि उल्लिखित तिर्नुपर्ने कर पहिलो गन्तव्यसम्मको मात्र गणना गरिएको छ। तसर्थ अन्तिम गन्तव्यसम्मको भाडासमेत यकिन गरी कर निर्धारण गर्नुपर्दछ।

९३. **भुक्तानीमा कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी सम्बन्धी व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९३.१ आयकर ऐन, २०५८ को दफा ८८ (७) मा बासिन्दा व्यक्तिले भू-उपग्रह, ब्याण्डविथ, अप्टिकल फाइबर, दूरसञ्चारसम्बन्धी उपकरण वा विद्युत प्रसारण लाइन प्रयोग गरेबापतको भुक्तानीमा दश प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय ललितपुर-१ अन्तर्गतका ४ करदाताले २०७७।७८ र २०७९।८० मा ब्याण्डविथ तथा अप्टिकल फाइबर खरिदमा रु.१ अर्ब २७ करोड ७० लाख ६१ हजार भुक्तानी गरेकोमा १० प्रतिशतले हुने कर रु.१२ करोड ७७ लाख ६ हजार दाखिला गर्नुपर्नेमा रु.७ करोड ६५ लाख १६ हजार घटी दाखिला गरेकोमा घटी कर र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९३.२ आयकर ऐन, २०५८ को दफा ८८ मा नेपालमा स्रोत भएको ब्याज भुक्तानी गर्दा १५ प्रतिशतले करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, कोटेश्वरअन्तर्गतका एक करदाताले दुई आय वर्षमा आफ्नै सम्बद्ध कम्पनीलाई रु.४ करोड ९९ लाख ६६ हजार ब्याज भुक्तानी गरेकोमा उक्त ब्याजमा १५ प्रतिशतले हुने रु.७४ लाख ९५ हजार कर कट्टी गरेको नदेखिएकोले उक्त रकममा ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

९४. **बहुमूल्य धातुको कारोबार -** आयकर ऐन, २०५८ को दफा २१ (२) मा एक पटकमा रु.५० हजार भन्दा बढीको भुक्तानी नगदमा गरेमा सो खर्च कट्टी गर्न नपाउने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, नयाँसडक अन्तर्गतका बहुमूल्य धातुको कारोबार गर्ने २७ करदाताले २०७९।८० तथा २०७८।७९ मा रु.२३ अर्ब २२ करोड ९८ लाख बराबरको खरिद गरेकोमा सोमध्ये बैंकिङ्ग प्रणालीबाट रु.१ अर्ब ४६ करोड ८७ लाख (६.३२ प्रतिशत) को खरिद भएको, अन्य पार्टीबाट रु.३ अर्ब ६० करोड ५० लाख (१५.५२ प्रतिशत) को खरिद गरेको तथा प्राकृतिक व्यक्ति (अन्तिम उपभोक्ता) बाट

रु.१८ अर्ब १५ करोड ६० लाख (७८.१६ प्रतिशत) को खरिद गरेका छन्। प्राकृतिक व्यक्तिबाट खरिद गरेकोमा भुक्तानी बैंकिङ्ग प्रणालीबाट भएको देखिएन। अतः यस किसिमको खरिदको वैधानिक स्रोत तथा खर्च सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९५. **प्रतिलब्धि -** उत्पादनमूलक उद्योग/प्रतिष्ठानहरूमा कच्चा पदार्थ खपतबाट तोकिएको नर्म्सबमोजिम उत्पादन हुनुपर्दछ। यस सम्बन्धमा देखिएका केही बेहोरा निम्नानुसार छन्:

९५.१ उद्योग विभागले प्रकाशित गरेको मेटेरियल कन्जम्सन नर्म्स, २०७८ मा १०२.५२ के.जी. मकै, सोया डिओसी, राइस ब्रान डिओसी, नुन, गहुँलगायतका कच्चा पदार्थको खपत गरी तयारी दाना (ब्रोइलर, लेयर, प्यारेन्ट, केटल फिड लगायतका) १०० के.जी. उत्पादन हुने उल्लेख छ। जसमा मकैको भण्डारण गर्दा ४ प्रतिशतसम्म मोइस्चर तथा तयारी प्रकृयामा २.५ प्रतिशतले नोक्सानी हुने उल्लेख छ। फिड प्रोडक्सन लगायतका तयारी वस्तुको उत्पादन गर्ने ठुला करदाता कार्यालयअन्तर्गतका तीन करदाताले तीन आय वर्षमा १२ करोड १५ लाख ६७ हजार ४४३ के.जी. कच्चा पदार्थको खपत गरी ११ करोड ६५ लाख ३५ हजार ९७६ के.जी. तयारी वस्तुको उत्पादन गरेको देखिन्छ। नर्म्स अनुसार १९ लाख ९२ हजार २८२ के.जी. कम उत्पादन गर्दा रु.१४ करोड ७५ हजारले बिक्री न्यून भएको छ। अतः न्यून प्रतिलब्धि सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९५.२ ठुला करदाता कार्यालयअन्तर्गतको एक करदाताको २०७९।८० को मौज्दात विवरणअनुसार सिपिभिसी पाइप, पिभिसी पाइप, फिटिङ्स, ब्रास फिटिङ्स आदि उत्पादन गरेकोमा उद्योग विभागबाट उत्पादन प्रतिलब्धि नर्म्स स्वीकृत गराएको छैन। तर सोही वस्तुको उत्पादन गर्ने अन्य करदाताको नर्म्सलाई आधार लिँदा २९ लाख १६ हजार ८४७ किलोग्राम उत्पादन हुनुपर्नेमा २५ लाख १२ हजार ७८८ किलोग्राम उत्पादन गरेकोले रु.२५ करोड २८ लाख ३९ हजारले बिक्रीमा कमी आएको छ। फलस्वरूप सोको १८ प्रतिशत आयकर तथा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि करसमेत रु.७ करोड ८३ लाख ८० हजार कर छुट भएको देखिन्छ।

९५.३ ठुला करदाता कार्यालयअन्तर्गतको एक तेल उत्पादक करदातालाई उद्योग विभागले हेक्सान तेल ३ लिटर खपत हुँदा सोया सिड १०० के.जी. खपत हुने गरी नर्म्स स्वीकृत गरेको छ। करदाताले २०७९।८० मा सोया सिड्स ६ करोड ७८ लाख ६९ हजार ४६५ के.जी खपत गरेको छ। सो आधारमा हेक्सान तेलको खपत २० लाख ३६ हजार ९५ लिटर हुनुपर्नेमा ८० हजार ७२७ लिटर मात्र खपत देखाएकोले यति ठुलो परिणाम फरक पर्नुका कारण खोजबिन गरिनुपर्दछ।

९६. **घटी आय लेखाङ्कन -** आयकर ऐन, २०५८ को दफा ७(२) मा कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्षभित्र प्राप्त गरेको सेवा शुल्क, व्यापारिक मौज्दातको निःसर्ग, व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त खुद लाभलाई समावेश गरी गणना गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९६.१ ठुला करदाता कार्यालयअन्तर्गतको सिमेन्ट उत्पादन गर्ने एक करदाताको २०७८।७९ को वित्तीय विवरणको नोट नं ४८ (सेगमेन्ट इन्फर्मेशन) अन्तर्गत मुख्य ग्राहकको सूचनामा तीन पार्टीलाई मुख्य डिष्ट्रिव्युटर्स उल्लेख गरी रु.२ अर्ब १३ करोड १९ लाख १९ हजारको सामान बिक्री गरेको छ। जुन कुल बिक्रीको ४६.१८ प्रतिशत रहेको उल्लेख छ। तर आय विवरण साथ पेस अनुसूची १३ मा वित्तीय विवरण अनुसारको सबै बिक्री पोष्टिङ गरेकोमा उक्त पार्टीलाई बिक्री देखाएको छैन। अतः बिक्रीमा

समावेश नगरेको उक्त रकमलाई आयमा समावेश गरी आयकरतर्फ नोक्सानी समायोजन गर्नुपर्ने र सोको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.२७ करोड ७१ लाख ४९ हजार निर्धारण गर्न छानबिन गर्नुपर्दछ।

९६.२ ठुला करदाता कार्यालयअन्तर्गतको एक करदाताको २०७७।७८ को मौज्दात विवरण परीक्षण गर्दा अर्धतयारी वस्तुमा समावेश गरेको पी. पी. ओभन फ्याब्रिक्स, एल.डी.पी.ई. फ्याब्रिक्स र एल.डी.पी.ई. स्याकलाई ट्रान्सफर भनी अर्धतयारी वस्तुबाट घटाएको तर उक्त सामान खपत तथा अन्तिम मौज्दात दुवैमा देखाएको छैन। अतः उक्त सामानको मूल्य रु.११ करोड १८ लाख ५० हजारलाई आयमा समावेश गरी सोको २० प्रतिशतले हुने कर रु.२ करोड २३ लाख ७० हजार, ५ प्रतिशत अन्तःशुल्क रु.५५ लाख ९३ हजार तथा मूल्य अभिवृद्धि कर रु.१ करोड ५२ लाख ६८ हजारसमेत रु.४ करोड ३२ लाख ३० हजार र सोमा लाग्ने ब्याज तथा शुल्क समेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९६.३ ठुला करदाता कार्यालयअन्तर्गतको एक औषधी उत्पादक कम्पनीले २०७८।७९ मा अनुदान आय रु.२ करोड ५९ लाख ६४ हजार देखाएको छ। उक्त अनुदान आयको विस्तृत विवरणमा कम्पनी र एक विदेशी कम्पनीसँग भएको सम्झौताबमोजिम औषधीको क्लिनिकल ट्रायलको लागि प्राप्त भएको अनुदान रु.५ करोड ८६ लाख ८८ हजार मध्ये रु.३ करोड २७ लाख २४ हजार खर्च भई बाँकी रु.२ करोड ५९ लाख ६४ हजार मात्र खुद आय भएको भनी अन्य आयमा समावेश गरेको छ भने रु.३ करोड २७ लाख २४ हजारलाई वित्तीय विवरणमा आय व्यय दुवैतर्फ नदेखाएको तथा खर्चमा अग्रिम कर कट्टीसमेत गरेको छैन। अतः आय तथा खर्च नदेखाएको उक्त रकमलाई आयमा समावेश गरी सोको २५ प्रतिशतले हुने रु.१ करोड ४६ लाख ७२ हजार कर दाखिला गर्नुपर्नेमा रु.३६ लाख ३५ हजारमात्र कर दाखिला गरेको देखिएकोले नपुग कर रु.१ करोड १० लाख ३७ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९७. **फरक दर -** आयकर ऐन, २०५८ को अनुसूची १ मा करका दरसम्बन्धी व्यवस्था छ। साथै सोही अनुसूचीको दफा २ मा निकायको हकमा व्यवसायगत रूपमा लाग्ने करको दर उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९७.१ ठुला करदाता कार्यालयअन्तर्गतको ४ करदाताले ४ आय वर्षको स्टक मुभमेन्ट चार्टमा देखाएको उखुको खरिद परिमाण र दरबाट हुन आउने रकमलाई आय विवरणमा दाबी गरेको देखिन्छ। उखु क्रसिङ्ग गर्ने चिनी मिलहरूले स्टक मुभमेन्ट चार्टमा देखाएको परिमाण तथा नेपाल सरकारले उखु कृषकहरूलाई प्रदान गर्ने नगद अनुदान प्रयोजनको लागि जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाएको उखु कृषकहरूको नामनामेसी, बैङ्क खाता नम्बर तथा खरिदको परिमाण सहितको विवरण सम्बन्धित करदाताले पेस गरेको स्टक विवरणसँग भिडान गर्दा खरिद परिमाणमा फरक देखियो। उक्त विवरणमा फरक देखिएको रु.२० करोड ८८ लाख ३३ हजारलाई खर्च कट्टी अमान्य गरी औसतमा २० प्रतिशतले हुने रु.४ करोड १७ लाख ६७ हजारका सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९७.२ ठुला करदाता कार्यालयअन्तर्गतको एक करदाताले २०७९।८० मा कच्चा पदार्थको बिक्री, भाडा आय र अन्य आयसमेत रु.३४ करोड १८ लाख आय देखाएकोमा सोको रु.२६ करोड ७९ लाख लागत खर्च दिई कुल मुनाफा रु.७ करोड ८७ लाखमा २५ प्रतिशतका दरले कर गणना गर्नुपर्नेमा १४

प्रतिशतले कर गणना गरेको देखिएकोले नपुग ११ प्रतिशतले हुने रु.८६ लाख ६२ हजार कर र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९८. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ९५(क)(२ख) मा नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा अवधिको आधारमा ५ प्रतिशत र ७.५ प्रतिशत अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ।

ठुला करदाता कार्यालयको एक करदाताअन्तर्गतको चुक्ता पुँजी रु.४ अर्ब ४० करोड रहेकोमा उक्त पुँजीमध्ये २०७८।७९ मा ९ सेयरधनीले कुल रु.८६ करोड ४८ लाख ३० हजार तथा २०७९।८० मा १५ जनाले कुल रु.८३ करोड ५९ लाख ८० हजारको संस्थापक सेयर बिक्री गरेकोले दुई आय वर्षमा रु.१ अर्ब ७० करोड ८ लाख १० हजारको सेयर खरिद बिक्री गरेको कर परीक्षण प्रतिवेदनबाट देखिन्छ। करदाताको नेट वर्थ प्रति सेयर २०७८।७९ मा रु.२४८.९९ तथा २०७९।८० मा रु.२३६.७६ रहेकोले यसको आधारमा दुई वर्षमा नेट वर्थका आधारमा मात्र (अन्य सम्पत्ति र दायित्वको मूल्याङ्कन, ख्याति, ट्रेडमार्क आदि बाहेक) पनि रु.२ अर्ब ४३ करोड १७ लाख ९६ हजार पुँजीगत लाभ भएको तथा कम्पनीको बजार मूल्यका आधारमा गणना गर्दा दुई वर्षमा रु.१० अर्ब ३१ करोड ८३ लाख ५ हजार पुँजीगत लाभ भएको देखिन्छ। कम्पनीको नेटवर्थका आधारमा ५ प्रतिशत लाभकर रु.१२ करोड १५ लाख ९० हजार तथा बजारमूल्यका आधारमा रु.५१ करोड ५९ लाख १५ हजार लाभकर असुल नभएको सम्बन्धमा छानबिन गर्नुपर्दछ।

९९. **नियन्त्रणमा परिवर्तन -** आयकर ऐन, २०५८ को दफा ५७(१) अनुसार विगत ३ वर्षको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निःसर्ग गरेको मानिने, स्वामित्व परिवर्तन हुनुभन्दा अघिको नोक्सानी कट्टी गर्न नपाउने, निःसर्ग हुँदा कायम सम्पत्ति र दायित्वको बजार मूल्यमा निःसर्ग भएको मानिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९९.१ आन्तरिक राजस्व कार्यालय, ललितपुर-१ अन्तर्गतको सिमेन्ट उत्पादन गर्ने एक करदाताको ९१.६३ प्रतिशत स्वामित्व २०७९ जेष्ठमा परिवर्तन भएको छ। स्वामित्व बिक्री गर्ने सेयरधनीको सेयर रु.२० करोड २९ लाख २३ हजार रहेकोमा उक्त सेयर रु.६४ करोड ८६ लाख ७४ हजारमा बिक्री गरेको बेहोरा खरिद गर्ने कम्पनीको वित्तीय विवरणमा उल्लेख भएकोले उक्त बिक्रीमा रु.४४ करोड ५७ लाख ५१ हजार लाभ भएकोमा करदाताले रु.१० करोड ७३ लाख ६ हजारमात्र लाभ देखाएकोले घटी आय लेखाङ्कन गरेको रु.३३ करोड ८४ लाख ४५ हजारको २० प्रतिशत आयकर रु.६ करोड ७६ लाख ८९ हजार साथै आयकर ऐन, २०५८ को दफा ९५ अनुसारको पुँजीगत लाभकर रु.११ करोड १४ लाख ३८ हजारसमेत रु.१७ करोड ९१ लाख २७ हजार र सोमा ब्याज तथा शुल्कसमेत छानबिन गरी असुल गर्नुपर्दछ।

९९.२ आन्तरिक राजस्व कार्यालय, हेटौंडाअर्न्तगत एक करदाताको २०७८।४।१२ मा शतप्रतिशत स्वामित्व परिवर्तन भएको छ। २०७८।७९ को वित्तीय विवरणमा सम्पत्तिको सुरु ह्रास आधारमा रु.९ करोड ७५ लाख ८ हजार थप गरी रु.१३ करोड ९ लाख २५ हजार पुऱ्याएको तर विगतको नोक्सानी उल्लेख गरी रु.९ करोड ७५ लाख ७२ हजारलाई खर्च दावी गरेको छ। कर परीक्षणबाट रु.५५ लाख ९७ हजारमात्र नोक्सानी समायोजन गर्न मिल्ने देखिएकोले बढी नोक्सानी समायोजन गरेको रु.९

करोड १९ लाख ७५ हजार अमान्य गरी सोको २० प्रतिशतले हुने कर रु.१ करोड ८३ लाख ९५ हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

९९.३ आन्तरिक राजस्व कार्यालय, महाराजगन्जअन्तर्गत एक उद्योगको २०७७।७८ मा ५० प्रतिशत स्वामित्व परिवर्तन भएको छ। करदाताको २०७५।७६ को वित्तीय विवरणमा जग्गा पुनर्मूल्याङ्कन गरी रु.१० करोड ९७ लाख ८१ हजार कायम गरेको र २०७६।७७ मा रु.९ करोड २६ लाख ८९ हजारको जग्गा खरिद गरी रु.२० करोड २४ लाख ७० हजार सम्पत्तिमा देखाएको छ। जसअनुसार पुनर्मूल्याङ्कन बाहेक सम्पत्तिको लागत रु.१४ करोड २४ लाख ७० हजार रहेको छ। स्वामित्व परिवर्तनको क्रममा प्राविधिक मूल्याङ्कन गर्दा जग्गाको मूल्य रु.२० करोड २६ लाख कायम गरी निःसर्ग गर्दा रु.६ करोड १ लाख ३० हजार आय लेखाङ्कन गर्नुपर्नेमा रु.१ लाख ३० हजार मात्र आयमा समावेश गरेको छ। कर परीक्षण गर्दा कार्यालयले उक्त जग्गा व्यावसायिक प्रयोजनमा नआएको भनी पुँजीकृत नगरेको ब्याज खर्च रु.६३ लाख ६८ हजार अमान्य गरेकोले उक्त रकमलाई लागतमा समावेश गर्दा हुने खुद लाभ रु.५ करोड ३६ लाख ३२ हजारलाई आयमा समावेश गरी २० प्रतिशतले हुने कर रु.१ करोड ७ लाख २६ हजार र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१००. **दीर्घकालीन करार** - आयकर ऐन, २०५८ को दफा २६ मा दीर्घकालीन करार अन्तर्गत करार सम्पन्न प्रतिशतको आधारमा आय गणना गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१००.१ ठुला करदाता कार्यालयअन्तर्गतको एक संयुक्त उपक्रमले एक सरकारी आयोजनासँग ठेक्का लिई निर्माण कार्य गरेको देखियो। करदाताले दीर्घकालीन आय गणना गर्दा २०७५।७६ मा रु.१ अर्ब २७ करोड ६३ लाख ९० हजार र २०७६।७७ मा रु.६४ करोड ७२ लाख ९५ हजारसमेत रु.१ अर्ब ९२ करोड ३६ लाख ८५ हजार सम्झौता रकम घटाएको देखियो। उक्त आयोजनाको सम्झौता रकम भेरिएसनबाट संशोधन भई घटेको देखिँदैन। तर आय विवरणमा सम्पन्न खर्च ७९.९० प्रतिशतको आधारमा रु.५१ करोड ७२ लाख ५ हजार आय घटाएकोले उक्त रकम आयमा समावेश गरी २५ प्रतिशतले हुने कर रु.१२ करोड ९३ लाख १ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१००.२ ठुला करदाता कार्यालयअन्तर्गतको एक निर्माण व्यवसायीले २०७७।७८ मा कुल नाफा औसत १५.३८ प्रतिशत हुने गरी आय विवरण पेस गरेकोमा २०७८।७९ मा २.५ प्रतिशत मात्र कुल नाफा गणना गरेको देखियो। करदाताले यस आय वर्षमा कुल नाफादर घटाएकोमा अनुमानित खर्च घटबढ हुने भएमा सोलाई पुष्टि गर्ने प्रमाण संलग्न नगरेको तथा निर्माण कार्य प्रदान गर्ने सार्वजनिक निकायले निर्माण व्यवसायीलाई नेपाल राष्ट्र बैङ्कको मूल्यसूचीका आधारमा लागत वृद्धि भएमा मूल्य समायोजन रकम भुक्तानी गर्ने भएकोले कुल नाफा प्रतिशतमा कमी आउने देखिँदैन। करदाताले गत वर्षको कुल नाफादरको आधारमा रु.१ अर्ब १७ करोड १३ लाख २४ हजार बिक्री आय गणना गर्नुपर्नेमा रु.८२ करोड २९ लाख ८४ हजार मात्र आयमा समावेश गरेको देखियो। जसको कारणबाट रु.३४ करोड ८३ लाख ४० हजार घटी आय गणना गरेको देखिएकोले उक्त रकमलाई आयमा समावेश गरी २५ प्रतिशतले हुने कर रु.८ करोड ७० लाख ८५ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत थप छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१००.३ आन्तरिक राजस्व कार्यालय, महाराजगन्जअन्तर्गत एक निर्माण व्यवसायीले दीर्घकालीन करार अनुसार आय विवरण पेस गरेकोमा सम्झौताअनुसार आय रु.६ अर्ब ५५ करोड २८ लाख १५ हजार र अनुमानित खर्च रु.७ अर्ब २८ करोड ८ लाख १२ हजार हुने अनुमान गरेकोले रु.७२ करोड ७९ लाख ९७ हजारले नोक्सानी हुने गरी आयको अनुमान गरेको देखियो। करदाताले २०७९।८० सम्म प्रत्यक्ष लागत खर्च रु.७१ करोड ८३ लाख ३९ हजारको तुलनामा ९.८७ प्रतिशत करार सम्पन्न भएकोले सो प्रतिशतले हुने कुल आय रु.६४ करोड ६५ लाख १३ हजार लेखाङ्कन गरेको देखियो। आयकर ऐन, २०५८ को दफा २०(४) मा दीर्घकालीन करार पूरा भएको व्यक्तिले नोक्सानी बेहोर्नु परेमा दीर्घकालीन करारसँग सम्बन्धित भएमा विभागको लिखित सूचना दिएर नोक्सानी सार्न अनुमति लिनुपर्नेमा करदाताले लिएको देखिएन। यस सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०१. **धरौटी अपलेखन** - आयकर ऐन, २०५८ को दफा २५(२)(ख) अनुसार भुक्तानी प्राप्त गर्ने व्यक्तिले सबै उपयुक्त उपायहरू अपनाएपछि सो व्यक्ति सो अधिकार वा ऋण दाबी असुल उपर हुन नसक्ने कुरामा मनासिब रूपमा विश्वस्त भएमा अधिकार त्याग गर्न पाउने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, बालाजुअन्तर्गतको एक निर्माण व्यवसायीले २०७९।८० मा प्रशासनिक खर्च शीर्षकमा एक कम्पनीलाई दिएको रु.६ करोड धरौटीको अपलेखन गरी खर्च कट्टी लिएको छ। ऐनको प्रक्रिया नपुऱ्याई खर्च दाबी गरेको धरौटीलाई अमान्य गरी सोको २५ प्रतिशत कर रु.१ करोड ५० लाख सम्बन्धमा छानबिन गरी शुल्क तथा ब्याजसमेत कर निर्धारण गर्नुपर्दछ।

१०२. **आन्तरिक खपत खर्च** - आयकर ऐन, २०५८ को दफा १५ मा व्यवसायसँग सम्बन्धित लागत खर्च कट्टी गर्न पाउने उल्लेख छ। ठुला करदाता कार्यालयअन्तर्गत ट्रेडिङको कारोबार गर्ने एक करदाताको मौज्दात विवरणअनुसार गत वर्षको बाँकी मौज्दात रु.३० करोड ५० लाख ८२ हजार रहेकोमा यस वर्ष खरिद रु.१ अर्ब ६२ करोड ९२ लाख २४ हजार रहेकोमा रु.४ करोड ६३ लाख ७८ हजार आन्तरिक खपत भएको उल्लेख गरी मौज्दातबाट घटाएको छ। कुल ३ लाख ९० हजार ३४७.४५ के.जी.परिमाणका काष्टिक सोडा लगायतका १४४ प्रकारका पदार्थ खपत भएको उल्लेख गरेकोमा उक्त रकमको बीजक जारी गरेको छैन भने उक्त खपतबाट अर्को उत्पादनसमेत भएको छैन। करदाताको कारोबार केमिकलहरू आयात गरी बिक्री गर्ने देखिएकोले उत्पादन नगर्ने भई व्यापारको कारोबार गर्ने अवस्थामा आफैं खपत गर्न मिल्ने देखिँदैन। अतः उक्त खर्च अमान्य गरी सोको २५ प्रतिशत आयकर तथा १३ प्रतिशत क्रेडिट लिएको मूल्य अभिवृद्धि करसमेत रु.१ करोड ७६ लाख २४ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०३. **निर्माण व्यवसायको खर्च कट्टी** - आयकर ऐन, २०५८ को दफा १३ मा व्यवसायको आय आर्जनसँग सम्बन्धित खर्चहरू आय गणना गर्दा कट्टी गर्न पाउने व्यवस्था छ। यससम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्:

१०३.१ ठेक्का लिई सडक, पुल, भवन, नहर लगायतका संरचना निर्माण कार्य गर्ने ठुला करदाता कार्यालयअन्तर्गतका ३ करदाताले सडक, भवन, सिँचाइ विभागअन्तर्गत कार्यालयको निर्माण कार्य गरी आय आर्जन गरेको देखियो। ती विभागहरूले जारी गरेको उच्च कोटीको कंक्रिटको निर्माण सामग्री उपयोग नर्म्सको आधारमा २०७८।७९ र २०७९।८० मा करदाताले पेस गरेको मौज्दात तथा उपयोग विवरणअनुसार नर्म्सका आधारमा ४ लाख २९ हजार ८९५ बोरा सिमेन्ट खपत गर्नुपर्नेमा ८ लाख २८ हजार ४५८ खपत

गरेकोले बढी सिमेन्ट खर्च दाबी गरेको रु.२१ करोड ८० हजार खर्च अमान्य गरी २५ प्रतिशतका दरले आयकर रु.५ करोड २५ लाख २० हजार र मूल्य अभिवृद्धि कर रु.२ करोड ७३ लाख १० हजार क्रेडिट अमान्य गरी सोमा लाग्ने शुल्क, ब्याज तथा जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३० ले सब-कन्ट्रयाक्टबाट काम गराउन सकिने अधिकतम सीमा २५ प्रतिशत तोकेको छ। ठुला करदाता कार्यालयअन्तर्गतको ठेक्का लिई सडक, पुल, भवन, नहर लगायतका संरचना निर्माण कार्य गर्ने ५ करदाताले ९ आय वर्षमा ज्याला खर्चमा रु.७९ करोड २० लाख ९० हजार खर्च दाबी गरेको देखियो। करदाताले सोही आयोजनाहरूमा ५२ सब-कन्ट्रयाक्टबाट सेवा खरिद गरेकोमा अधिकांशले सोही आयोजनामा कार्य गरी ज्याला खर्च रु.२३ करोड १९ लाख १ हजार लिएको देखियो। एउटै आयोजनामा मूल कम्पनी र सब-कन्ट्रयाक्टबाट भएको दोहोरो ज्याला खर्च अमान्य गरी २५ प्रतिशतले हुने कर रु.५ करोड ७९ लाख ७५ हजार र सोमा लाग्ने ब्याज र शुल्क छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०४. **ब्याज पुँजीकरण -** आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायबाट आय गणना गर्दा सो व्यक्तिबाट सो आय वर्षमा व्यवसायबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋण दायित्वमा लागेको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ। मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गत ठेक्का पट्टाको कारोबार गर्ने दुई निर्माण व्यवसायीले बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिई तीन आय वर्षमा रु.४४ करोड ५९ लाख २१ हजारको जग्गा खरिद गरेकोमा सोमा कुनै संरचना निर्माण नगरेको तथा ब्याज पुँजीकरणसमेत गरेको छैन। उक्त ऋण व्यवसायको आय आर्जनमा प्रयोग भएको नदेखिएकोले सोको रु.५ करोड ५७ लाख ६६ हजार ब्याज खर्च अमान्य गरी रु.१ करोड ३९ लाख ४१ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०५. **सम्बद्ध पक्ष कारोबार -** आयकर ऐन, २०५८ को दफा ३३(ख) मा कुनै एक सम्बद्ध व्यक्तिले गरेको खर्चबाट अर्को व्यक्तिलाई फाइदा पुग्न गएमा त्यस्तो खर्च व्यवसायको तुलनात्मक आधारमा व्यक्तिहरूबिच बाँडफाँट गर्नुपर्ने तथा दफा ३४ मा कुनै व्यक्तिले आफ्नो आय अर्को कुनै व्यक्तिसँग विभाजन गर्न प्रयत्न गरी सोबाट कर दायित्वमा कमी हुन गएमा कट्टी हुने रकमहरू समायोजन गर्न सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१०५.१ ठुला करदाता कार्यालयअन्तर्गत मदिराको कारोबार गर्ने एक करदाताले २०७७।७८ मा रु.२५ करोड ८३ लाख २ हजार, २०७८।७९ मा रु.३१ करोड १० लाख ९५ हजार तथा २०७९।८० मा रु.३१ करोड ३५ लाख ८५ लाख सम्बद्ध पक्षबाट लिन बाँकी देखाएको तर उक्त वर्षमा कुनै पनि कारोबार भएको छैन। कर परीक्षणको क्रममा अन्य व्यक्तिलाई दिएको पेस्की रकम व्यवसायमा प्रयोगमा नआएकोले ब्याज अमान्य गरेको तर लगानीको रूपमा बाह्य प्रवाह भएको सम्बद्ध पक्षसँग उठाउन बाँकी रकमका सम्बन्धमा कैफियत औंल्याएको छैन। अतः सम्बन्धित आय वर्षको औसत ब्याजदरका आधारमा रु.९ करोड ६५ लाख ७० हजार ब्याज अमान्य गरी सोको ३० प्रतिशतले हुने आयकर रु.२ करोड ८९ लाख ७१ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०५.२ आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गत कम्प्युटर खरिद बिक्री कारोबार गर्ने एक करदाताले २०७८।७९ मा सम्पूर्ण कारोबार ५ सम्बद्ध फर्मसँग गरेको देखिन्छ। पाँचवटै फर्ममा पुरानो मौज्दात

रु.५ करोड ५४ लाख ९० हजार रहेको र करदाताले सम्बद्ध फर्महरू बाहेक अन्यत्रबाट खरिद तथा आयात गरेको समेत देखिँदैन। यस वर्ष बिक्री कारोबार रु.२३ करोड ४० लाख ४ हजार देखाएको छ। उक्त फर्महरूले विगत वर्ष देखिनै एक अर्को सम्बद्ध फर्मबिच एउटै सामान खरिद बिक्रीमात्र देखाई सामान पुनः उक्त फर्महरूसँगै रहेको देखाई एक अर्को सम्बद्ध फर्मसँग रु.३६ करोड ५२ लाख ५० हजार लिनदिन बाँकी देखाएको छ। फर्महरूले एक अर्को फर्मसँग ठुलो रकम लिन बाँकी देखाई ऋण दायित्व सृजनागरी यस वर्ष रु.२ करोड ३२ लाख ३७ हजार ब्याज खर्च कट्टी लिएको छ। यसरी फर्महरूसँग सामान मौज्दात नभएको र अन्य पक्षबाट खरिद नगरेको अवस्थामा देखाएको कारोबार वास्तविक भएको देखिएन। करदाताले यस वर्ष देखाएको रु.२३ करोड ४० लाख ४ हजारका कारोबार सम्बन्धमा यकिन गरी उक्त पाँच वटै फर्मलाई सामूहिक कर परीक्षण गरी यो वर्ष लिएको ब्याज खर्च रु.२ करोड ३२ लाख ३७ हजार अमान्य गरी २५ प्रतिशतले हुने कर रु.५८ लाख १० हजार र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०५.३ आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गतको एक करदाताले २०७८।७९ मा कुल खरिद रु.२१ करोड ५५ लाख ६२ हजारमध्ये रु.१९ करोड ९७ लाख ४० हजारको खरिद एक टेक्नोलोजीबाट गरेको देखिन्छ। उक्त एक टेक्नोलोजीले आफ्नो कुल खरिदमध्ये ९४.९४ प्रतिशत खरिद अर्को एक सम्बद्ध प्रा.लि.बाट गरेको छ। करदाताले एक टेक्नोलोजीबाट खरिद गरेको रु.१९ करोड ९७ लाख ४० हजारको सम्पूर्ण मालसामान सोही सम्बद्ध प्रा.लि.लाई पुनः खरिद मूल्यमै बिक्री गरेको देखिन्छ। त्यसै गरी उक्त एक सम्बद्ध प्रा.लि.ले कुल खरिदको ६० प्रतिशत खरिद तेस्रो एक टेक्नोलोजी प्रा.लि.बाट गरेकोमा उक्त टेक्नोलोजी प्रा.लि. २०७४।७५ देखि ननफाइलर रहेको देखिन्छ। यसरी लामो समयदेखि ननफाइलर रहेको अवस्थामा करदाताको कारोबार शंकास्पद रहेको देखिएकोले उक्त फर्मले देखाएको बिक्री रु.१९ करोड ९७ लाख ४१ हजारका सम्बन्धमा छानबिन गरी कर तथा सोमा लाग्ने ब्याज तथा शुल्कसमेत निर्धारण गर्नुपर्दछ।

१०६. **लगानीको आय -** आयकर ऐन, २०५८ को दफा ९(२)(क) मा लगानीबाट प्राप्त ब्याजलाई लगानीबाट भएको आयमा गणना गर्ने उल्लेख छ। यस सम्बन्धमा नगदको अल्पकालीन व्यवस्थापन गरेबापत बैङ्कबाट प्राप्त ब्याजमा कर लाग्ने वा नलाग्ने द्विविधा भएको उल्लेख गरी एक हाइड्रोपावरले पूर्वदिश माग गरेकोमा विभागले व्यवसायको मुख्य कारोबार कर्जा लगानी गर्ने व्यक्तिको हकमा आयकर ऐन, २०५८ को दफा ७ बमोजिम व्यवसायको आयमा समावेश गर्नुपर्ने तर सो बाहेक बैङ्कमा निक्षेप जम्मा गरे बापत प्राप्त हुने ब्याजलाई दफा ९(२)(क) बमोजिम लगानीको आयमा समावेश गर्नु पर्ने गरी पूर्वदिश दिएको छ। ठुला करदाता कार्यालयअन्तर्गत क्लिङ्कर तथा सिमेन्टको उत्पादन गर्ने एक करदाताले २०७६।७७ मा टर्म डिपोजिटअन्तर्गत ३ महिनाको मुद्दती निक्षेपबाट प्राप्त ब्याज रु.१३ करोड २९ लाख ३८ हजारलाई ऐनको दफा ११(३ट) बमोजिम कर छुट हुने व्यवसायको आयमा समावेश गरेको देखियो। उक्त ब्याज आयलाई लगानीको आयमा समावेश गर्नुपर्ने हुँदा सोको २५ प्रतिशत कर रु.३ करोड ३२ लाख ३४ हजारमा अग्रिम कर मिलान गरी बाँकी कर छानबिन गर्नुपर्दछ।

त्यस्तै आन्तरिक राजस्व कार्यालय, पुतलीसडकअन्तर्गत विद्युत उत्पादन गर्ने एक करदाताले २०७९।८० मा मुद्दती निक्षेप तथा लगानीबाट रु.२ करोड २१ लाख ९८ हजार आय देखाएकोमा लगानीको आयमा देखाउनुपर्नेमा ऐनको दफा ११(३घ) बमोजिम कर छुट हुने व्यवसायको आयमा

देखाउँदा २५ प्रतिशत कर छुट भएकोले रु.५५ लाख ५० हजारमा अग्रिम कर मिलान गरी बाँकी कर छानबिन गर्नुपर्दछ।

१०७. **लगानीको ब्याज -** आयकर ऐन, २०५८ को दफा ९(१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट गरेको मुनाफा र लाभहरू सो व्यक्तिको सो लगानीको सो वर्षको आय हुने तथा ऐनको दफा १४ मा लगानीबाट आय आर्जन हुने कार्यको लागि सिर्जना भएको ऋणको ब्याज कट्टी गर्न पाउने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१०७.१ ठुला करदाता कार्यालयअन्तर्गतको एक करदाताले २०७६।७७ मा औसत ऋण रु.४ अर्ब ४२ करोड ४६ लाख ९ हजारमा औसत ब्याजदर १२.७६ प्रतिशतले हुने रु.५६ करोड ४७ लाख ८४ हजार ब्याज खर्च दाबी गरेको छ। वित्तीय विवरणअनुसार सम्बद्ध पक्षमा गत विगत आय वर्षदेखि नै रु.५० करोड र अन्य क्षेत्रमा समेत रु.५५ करोड १० लाख ४८ हजार लगानी गरेको छ। करदाताले लगानीबाट प्राप्त आय तथा नोक्सानीलाई छुट्टै लेखाङ्कन नगरेको र उक्त लगानीमा प्रतिफल प्राप्त नगरेकोले रु.५५ करोड १० लाख ४८ हजारको बैङ्क ऋणमा भुक्तानी गरेको ब्याज खर्च रु.७ करोड ३ लाख १४ हजारलाई अमान्य गरी २५ प्रतिशतले हुने कर रु.१ करोड ७५ लाख ७८ हजार र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०७.२ ठुला करदाता कार्यालयअन्तर्गत व्यापारको कारोबार गर्ने एक करदाताले २०७८।७९ मा सम्बद्ध कम्पनीमा रु.४३ करोड ३० लाख लगानी गरेको छ। करदाताले लगानीको प्रतिफल प्राप्त नगरेको तथा आय विवरण पेस गरेको छैन। करदाताले लगानीको ब्याज व्यवसायमा खर्च कट्टी लिएको सम्बन्धमा छानबिन गरी ऋणमा यो वर्ष भुक्तानी गरेको औसत ब्याजदरले हुने ब्याज रु.५ करोड ९७ लाख ८७ हजार खर्च कट्टी अमान्य गरी २५ प्रतिशतले हुने कर रु.१ करोड ४९ लाख ४७ हजार र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०७.३ ठुला करदाता कार्यालयअन्तर्गतको एक निर्माण व्यवसायले २०७८।७९ मा सम्बद्ध कम्पनीमा रु.७७ करोड ४४ लाख २९ हजार ऋण तथा लगानी गरेको छ। करदाताले लगानीको प्रतिफल प्राप्त नगरेको तथा आय विवरण पेस गरेको छैन। करदाताले लगानीको ब्याज व्यवसायमा खर्च कट्टी लिएको सम्बन्धमा छानबिन गरी ऋणमा भुक्तानी गरेको औसत ब्याजदरले हुने ब्याज रु.४ करोड ८२ लाख ६३ हजार खर्च कट्टी अमान्य गरी हुने कर रु.१ करोड २० लाख ६५ हजार र सोमा लाग्ने ब्याज र शुल्क छानबिन गरी निर्धारण गर्नुपर्दछ।

१०७.४ ठुला करदाता कार्यालय अन्तर्गतको एक अस्पतालले सम्बद्ध चार कम्पनीमा लगानी तथा ऋण बापत २०७६।७७ मा रु.१२ करोड ५८ लाख ८१ हजार, २०७७।७८ मा रु.१५ करोड ६ लाख १७ हजार र २०७८।७९ मा रु.१८ करोड ५० लाख ९६ हजार लगानी गरेको छ। करदाताले लगानीको प्रतिफल प्राप्त नगरेको तथा छुट्टै आय विवरण पेस गरेको छैन। करदाताले लगानीको ब्याज व्यवसायमा खर्च कट्टी लिएको सम्बन्धमा छानबिन गरी ऋणमा भुक्तानी गरेको औसत ब्याजदरले हुने ब्याज रु.४ करोड ६५ लाख ४५ हजार खर्च कट्टी अमान्य गरी रु.१ करोड १६ लाख ३६ हजार कर र सोमा लाग्ने ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१०८. **ऋणको बाह्य प्रयोग -** आयकर ऐन, २०५८ को दफा १४(१) मा व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋणको ब्याज कट्टी गर्न पाउने व्यवस्था छ। ठुला करदाता

कार्यालयअन्तर्गतको एक करदाताले २०७९।८० समेत तीन आय वर्षमा चार पार्टीलाई रु.२६ करोड ९९ लाख ४५ हजारको बिक्री गरेकोमा सो पार्टीसँग मात्र रु.९० करोड ६८ लाख ७३ हजार लिन बाँकी देखाएकोले लगानीको रूपमा बैङ्कबाट लिएको ऋणको बाह्य प्रवाह भएको देखिन्छ। अतः करदाताले लिएको ऋणको औसत ब्याजदरको आधारमा हुने ब्याज खर्च रु.८ करोड २९ लाख १६ हजारका सम्बन्धमा छानबिन गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

१०९. **सञ्चालकलाई ऋण -** आयकर ऐन, २०५८ को दफा १४ अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय गर्दा सिर्जना भएको ऋण दायित्वको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ। त्यस्तै सहकारी ऐन, २०७४ को दफा ५०(६) मा सहकारीले सदस्यबिच ऋण लगानी, ऋणपत्र वा सहकारी बैङ्क वा साना किसान लघुवित्त संस्थाको सेयर खरिद गर्न बाहेक अन्य अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, सेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्न नहुने उल्लेख छ। ठुला करदाता कार्यालयअन्तर्गत एक सहकारी संस्थाले २०७५।७६ र २०७६।७७ मा उद्देश्य विपरीतको अन्य सम्पत्तिमा रु.३६ करोड ९४ लाख ९ हजार देखाएकोमा अन्य सम्बद्ध संस्थाको वित्तीय विवरणमा निर्ब्याजी सञ्चालक सापटी लिएको उल्लेख छ। अतः सहकारी सदस्यको बचत रकम निर्ब्याजी रूपमा सञ्चालकलाई सापटी दिएकोले उक्त रकममा औसत ऋण लगानीको ब्याजदरले हुने ब्याज रु.४ करोड ७६ लाख ३४ हजार न्यून आय लेखाङ्कन गरेकोले उक्त ब्याज रकमलाई आयमा समावेश गरी १० प्रतिशतले हुने आयकर रु.४७ लाख ६३ हजार र सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११०. **सहकारीको कर छुट** - आयकर ऐन, २०५८ को अनुसूची १ मा महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएको सहकारी संस्थाको करयोग्य आयमा १० प्रतिशत, उपमहानगरपालिकाभित्र सञ्चालन भएकोमा ७ प्रतिशत तथा नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा ५ प्रतिशत आयकर लाग्ने व्यवस्था छ। ठुला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय, जनकपुरअन्तर्गतका २ करदाता महानगरपालिका क्षेत्रमा सञ्चालित भएपनि सो कारोबारका आधारमा कर निर्धारण नगरी ५ प्रतिशत मात्र कर दाखिला गरेकोले छुट ५ प्रतिशत आयकर रु.१४ करोड ३४ लाख १९ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

साथै आन्तरिक राजस्व कार्यालय, भैरहवाअन्तर्गतको एक सहकारी संस्था बुटवल उपमहानगर पालिकामा समेत सञ्चालनमा रहेकोमा नगरपालिका क्षेत्रभित्र मात्र सञ्चालित रहेको देखाई ५ प्रतिशत कर दाखिला गरेकोले पाँच आय वर्षमा छुट भएको २ प्रतिशत कर रु.८१ लाख ३२ हजार तथा सोही कार्यालय अन्तर्गतको एक सहकारी संस्था गाउँपालिका क्षेत्रमा सञ्चालित भनी कर छुट लिएकोमा सिद्धार्थनगर नगरपालिकामा सेवा केन्द्र खोली सेवा सञ्चालन गरिरहेकोले छुट ५ प्रतिशत आयकर रु.४१ लाख ५६ हजारसमेत २ करदाताको रु.१ करोड २२ लाख ८८ हजारमा ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

१११. **जोखिम बेहोर्ने कोष -** आयकर ऐन, २०५८ को दफा ५९ (१ख) मा सहकारी संस्थाले जोखिम बेहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गर्न पाउने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, नयाँसडक र इटहरीअन्तर्गतका २ करदाताको २०७९।८० मा रु.९१ करोड २४ लाख १७ हजारको कर्जा परिचालन भएकोमा गत वर्षसम्ममा

रु.११ करोड २ लाख ३४ हजार कर्जा जोखिम व्यवस्था रहेकोमा यो वर्ष रु.४० करोड ५१ लाख ६३ हजार थप गरी रु.५१ करोड ५३ लाख ९७ हजार पुऱ्याएको र सोही रकम आय विवरण तर्फ खर्च कट्टी लिएको छ। जसअनुसार असुल हुन बाँकी ऋणको ५ प्रतिशतले हुने रु.४ करोड ५६ लाख २१ हजार मात्र कर प्रयोजनको लागि खर्च कट्टी गर्न पाउनेमा रु.४६ करोड ९७ लाख ७६ हजार बढी खर्च कट्टी लिएकोले उक्त रकम अमान्य गरी नोक्सानी समायोजन गर्नुपर्दछ।

११२. **सम्पत्ति तथा दायित्वको निःसर्ग** - आयकर ऐन, २०५८ को दफा ४०(१) मा कुनै व्यक्तिको कुनै सम्पत्तिबाट स्वामित्व हटेमा निजले सो सम्पत्तिको निःसर्ग गरेको मानिने र दफा ४०(२) मा कुनै व्यक्ति दायित्वको भारबाट हटेमा निजले सो दायित्वको निःसर्ग गरेको मानिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

११२.१ आन्तरिक राजस्व कार्यालय, टंगालअन्तर्गतको एल.पी.ग्याँसको कारोबार गर्ने एक करदाताको २०७७।७८ मा सिलिण्डर डिपोजिटमा रु.१८ करोड ७२ लाख ६९ हजार रहेको छ। गत वर्ष रु.४० करोड ९२ लाख ३९ हजार रहेकोमा यो वर्ष रु.२२ करोड १९ लाख ७० दायित्वबाट घटाएको छ। करदाताले नयाँ सिलिण्डरको बिक्रीमा ग्राहकबाट प्राप्त धरौटीलाई छुट्टै धरौटी खातामा जम्मा गर्ने र सिलिण्डरको प्रयोग अवधि समाप्त भए पश्चात् सम्पत्तिबाट हटेसँगै दायित्वबाट घट्ने हुन्छ। तर करदाताको स्थिर सम्पत्ति विवरणमा प्लान्ट एण्ड मेसिनरी शीर्षकमा रु.१८ करोड ५३ लाख १९ हजारको ह्रास खर्च दाबी गरेकोले सिलिण्डर डिस्पोजल भएको देखिएन। धरौटी रकम कुन प्रयोजन पश्चात् दायित्वबाट घट्न गएको हो भन्ने खुलासा गरेको छैन। तसर्थ दायित्वबाट घटेको उक्त रकमलाई दायित्व निःसर्ग भएको मानी आयमा समावेश गरी रु.२ करोड ९२ लाख ९८ हजार नोक्सानी समायोजन गरी बाँकी रु.१९ करोड २६ लाख ७२ हजारको २५ प्रतिशतले हुने कर रु.४ करोड ८१ लाख ६८ हजारमा ब्याज र शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११२.२ आन्तरिक राजस्व कार्यालय, कोटेश्वरअन्तर्गतको लगानी व्यवसाय गर्ने एक करदातालाई एक कम्पनीले २०७५।७६ मा आफ्नो लेजरमा रु.७ करोड ८४ लाख अग्रिम भुक्तानी गरेको देखाएकोमा उक्त करदाताले उक्त रकमलाई वित्तीय विवरणमा दायित्वतर्फ देखाएको पाइएन। अतः उक्त रकमलाई निःसर्ग गरेको मानी आयमा समावेश गरी रु.२३ लाख ३५ हजार नोक्सानी समायोजन गरी बाँकी रकमको २५ प्रतिशत आयकर रु.१ करोड ९० लाख १६ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११३. **हवाई सेवामा मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ५(१) मा नेपालभित्र आपूर्ति भएका वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ। ठुला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय कोटेश्वरअन्तर्गत हवाई सेवा सञ्चालन गर्ने २ आन्तरिक हवाई सेवा प्रदायकले आर्थिक ऐन, २०८० प्रारम्भ भएको दिनबाट मूल्य अभिवृद्धि कर सङ्कलन नगरी २०८०।४।१ बाट मात्र कर सङ्कलन गरेकोले दर्ता पूर्वको रु.१९ करोड ४७ लाख ६६ हजार कारोबारको कर रु.२ करोड ३० लाख ६३ हजार र सोमा लाग्ने ब्याज, शुल्क र जरिबाना छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

यसै गरी १५ कार्यालयअन्तर्गतको १४७ ट्राभल एजेन्सी तथा अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायकको दर्ता पूर्वको कारोबार रु.१३ अर्ब ३६ करोड ६८ लाख ११ हजारको परीक्षण गरी रु.१ अर्ब ७३

करोड ७६ लाख ८५ हजार र सोमा लाग्ने ब्याज, शुल्क र जरिबाना छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११४. **बेदर्तावाल मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) अनुसार नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले मूल्य अभिवृद्धि कर र अन्तर्गत बनेको नियमबमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखतमध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, ललितपुर-१अन्तर्गतको दूरसञ्चार र इन्टरनेट सेवा प्रदान गर्ने एक करदाताले २०७९।८० मा रु.२१ करोड ३२ लाख ३२ हजारको ब्याण्डविथको आयात गरेको छ। सो सेवा आयात बापत १३ प्रतिशतका दरले रु.२ करोड ७७ लाख २० हजार रिभर्स मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्नेमा राजस्व लेखा प्रणाली अनुसार रु.१ करोड ४४ लाख २८ हजार मात्र दाखिला गरेको देखिएकोले घटी मूल्य अभिवृद्धि कर रु.१ करोड ३२ लाख ९२ हजार र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी निर्धारण गर्नुपर्दछ।

११५. **मूल्य अभिवृद्धि कर असुली** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५(१) मा नेपालभित्र आपूर्ति भएका वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

११५.१ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ समूह-५ मा औषधी उपचार तथा यस्तै स्वास्थ्य सेवाहरूको भन्सार उपशीर्षक ३००५ का मालवस्तुमा मात्र कर छुट हुने उल्लेख भएकोले अन्य सर्जिकल वस्तुको बिक्रीमा कर लाग्ने देखिन्छ। ठुला करदाता कार्यालयअन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्ने ६ करदाताले २०७९।८० समेतका ७ आय वर्षमा मूल्य अभिवृद्धि करमा दर्ता नभई सर्जिकल सामग्रीसमेत बिक्री वितरण गर्ने गरेको पाइयो। ऐन अनुसार तोकिएको सीमाभन्दा बढी रु.२१ करोड ९४ लाख ६ हजारको सर्जिकलजन्य सामग्रीको कारोबार गरेकोले सोको १३ प्रतिशतले हुने कर रु.२ करोड ८५ लाख २८ हजार र सोमा लाग्ने ब्याज, शुल्क र जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११५.२ ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नं. १६ मा व्यावसायिक रूपमा बिक्री गर्ने अवस्थामा स्थानीय तहमा लाग्ने शुल्क वा दस्तुर बुझाई बिक्री तथा व्यवस्थापन गर्न पाइने व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरअन्तर्गत घरजग्गाको कारोबार गर्ने एक करदाताले २०७९।८० समेत पाँच आय वर्षमा प्राकृतिक स्रोत उत्खनन् गरी ढुङ्गा, बालुवा र माटोको बिक्री रु.१८ करोड ५५ लाखलाई कर छुटको अन्य आयमा देखाएको छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार घरजग्गा व्यवसायमा कर छुट भए तापनि ढुङ्गा, बालुवा र माटो बिक्रीमा कर छुट हुने देखिँदैन। अतः उक्त आय रु.१८ करोड ५५ लाखमा १३ प्रतिशतले हुने रु.२ करोड ४१ लाख १५ हजार मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याज, शुल्क तथा जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११५.३ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४० मा समानुपातिक कर कट्टीसम्बन्धी व्यवस्था छ। आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरअन्तर्गतको एक करदाताले २०७९।८० मा करयोग्य बिक्री तथा करछुट दुवै कारोबार देखाएको छ। यस सम्बन्धमा आन्तरिक राजस्व विभागले यस

कार्यालयलाई गरेको पत्रानुसार नेपालमा प्रदान गरिने शैक्षिक परामर्श सेवा मूल्य अभिवृद्धि कर लाग्ने कारोबार भएको र विदेशी विश्वविद्यालयबाट प्राप्त हुने कमिशन आय मूल्य अभिवृद्धि करयोग्य कारोबारमा नपर्ने उल्लेख छ। करदाताको पछिल्लो पाँच आय वर्षको करयोग्य बिक्री रु.२६ करोड ९ लाख १९ हजार र करछुटको बिक्री रु.५१ करोड ८१ लाख १९ हजारसमेत गरी रु.७७ करोड ९० लाख ३८ हजार आय कायम गरेकोमा समानुपातिक हिसाबमा गणना गर्दा हुन आउने मूल्य अभिवृद्धि कर क्रेडिट समायोजन गरेको देखिएन। अतः सोको मूल्य अभिवृद्धि कर रु.१ करोड २७ लाख ९ हजारका सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११५.४ मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गतको एक करदाताले पेस गरेको २०७८।७९ र २०७९।८०को मौज्दात विवरणमा मूल्य अभिवृद्धि कर लाग्ने दुग्ध पदार्थहरू बटर, पनिर, एस.एम.पी. पाउडर लगायत पर्दाथमा करदाताले मूल्य अभिवृद्धि कर छुटको रू.९ करोड ४१ लाख ५४ हजार बिक्री देखाएको छ। करदाताले उक्त मौज्दातको बिक्रीमा रू.१ करोड २२ लाख कर असुल गरेको देखिएन। यस सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११६. **मूल्य अभिवृद्धि कर क्रेडिट -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(४) मा कर कट्टी सुविधा प्रदान गरिने वस्तु वा सेवाको तोकिएबमोजिमको उपयोगिताको अवधि समाप्त हुनुभन्दा अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा तोकिएबमोजिम सो वस्तु वा सेवा तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर असुल उपर गरिने व्यवस्था छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(५) मा समानुपातिक रूपमा गणना हुन नसक्ने भन्ने कर अधिकृतलाई लागेमा निजले अर्को वैकल्पिक तरिकाद्वारा गणना गर्न विभागसँग निर्देशन माग गर्न सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

११६.१ भवन निर्माण गरी बहालमा दिने तथा अन्य कारोबारसमेत गर्ने उद्देश्यले स्थापित आन्तरिक राजस्व कार्यालय, वीरगञ्जअन्तर्गतको एक करदाताले २०७९।८० मा भवन निर्माण गरी उक्त भवनमा सिनेमाहल, होटल र डिजिटल कारोबार लगायतका व्यवसाय सञ्चालन गरेको देखियो। करदाताको मुख्य कारोबार व्यावसायिक प्रयोजनको लागि सटर बहालमा लगाई आय आर्जन गर्ने रहेको देखिन्छ। करयोग्य तथा करछुटको मिश्रित कारोबार गर्ने करदाताले करयोग्य तथा करछुटको कारोबारको लागि प्रयोग हुने संरचनाको अंश छुट्याई करयोग्य कारोबारको मात्र खरिदमा तिरेको मूल्य अभिवृद्धि कर क्रेडिट दाबी गर्नुपर्नेमा सबै खरिद रकमको मूल्य अभिवृद्धि कर क्रेडिट लिएको देखिएकोले करयोग्य तथा कर छुटको अंश छुट्याई हालसम्मको क्रेडिट दाबी रु.१३ करोड ११ लाख १५ हजार अमान्य गर्न छानबिन गर्नुपर्दछ।

११६.२ मध्यमस्तरीय करदाता कार्यालयअन्तर्गतको एक करदाताले संरचना निर्माणको रु.२७ करोड ६ लाख क्रेडिट दाबी गरेकोमा २०७६।७७ र २०७७।७८ मा कर छुट बिक्री औसतमा १६.८ प्रतिशत रहेको देखिन्छ। करयोग्य तथा करछुटको मिश्रित कारोबार गर्ने करदाताले करयोग्य तथा करछुटको कारोबारको लागि प्रयोग हुने संरचनाको अंश छुट्याई करयोग्य कारोबारको मात्र खरिदमा तिरेको मूल्य अभिवृद्धि कर क्रेडिट दाबी गर्नुपर्नेमा सबै खरिद रकमको मूल्य अभिवृद्धि कर क्रेडिट लिएको देखिएकोले रु.४ करोड ५३ लाख ८८ हजार क्रेडिट दाबी सम्बन्धमा छानबिन गर्नुपर्दछ।

११७. **अन्तःशुल्क छुट-** अन्तःशुल्क ऐन, २०५८ को दफा ३ मा अन्तःशुल्क लाग्ने वस्तु वा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन, पैठारी र सेवा बिक्री गर्दा अनुसूचीमा उल्लेख भएबमोजिमको दरमा अन्तःशुल्क लाग्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

११७.१ अन्तःशुल्क ऐन, २०५८ मा अन्तःशुल्क अधिकृतले म्यादभित्र अन्तःशुल्क विवरण पेस नगरेमा, अधुरो वा त्रुटिपूर्ण विवरण पेस गरेमा, झुठो अन्तः शुल्क विवरण पेस गरेमा, अन्तःशुल्कको रकम कम देखाएको वा ठिक नभएको भन्ने विश्वास गर्नुपर्ने आधार भएमा र अन्तःशुल्क छलेमा अन्तःशुल्क निर्धारण गर्न सक्ने व्यवस्था छ। मध्यमस्तरीय करदाता कार्यालय अन्तर्गत एक मदिरा उत्पादकले २०७८।७९ को वित्तीय विवरणमा ७९ लाख ५३ हजार ४०२ टिकट खपत गरेको तर अन्तःशुल्क विवरण अनुसार ५२ लाख ५८ हजार १२५ खपत गरेको देखाएकोले २६ लाख ९५ हजार २७७ टिकट सङ्ख्या फरक परेको छ। सोका आधारमा छुट भएको अन्तःशुल्क रु.१६ करोड ४४ लाख १२ हजारका सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११७.२ अन्तःशुल्क ऐन, २०५८ को अनुसूची १ को शीर्षक ३९२० मा अकोशीय (नन्सेलुल्यर) र असवल (नट्रिइन्फोस्ड), अस्तर नहालिएको वा पटलित (लेमिनेट) नगरिएको, आधार (सपोर्ट) नहालिएको वा यस्तै अरु सामानसँग नजोडिएका प्लाष्टिकका अन्य प्लेटहरू, सिटहरू, फिल्म, फोईल र स्ट्रिपहरू इथाइलिन पोलिमरको भए ३९२०.१० र प्रोपिलिन पोलिमरको भए ३०२०.२० मा पर्ने र उक्त दरबन्दीमा मूल्यको ५ प्रतिशत अन्तःशुल्क लाग्ने उल्लेख छ। ठुला करदाता कार्यालयअन्तर्गतको एक करदाताले २०७९।८० मा प्लाष्टिक ग्रानुअल्स तथा माष्टर ब्याच खपत गरी फिल्म उत्पादन गरेको देखिन्छ। उत्पादनतर्फको कुल बिक्री रु.९७ करोड १२ लाख ४४ हजारमध्ये रु.९३ करोड ५३ लाख ६६ हजारको फिल्म बिक्री गरेकोमा सोको ५ प्रतिशतले हुने अन्तःशुल्क रु.४ करोड ६७ लाख ६८ हजार सङ्कलन गरी दाखिला गर्नुपर्नेमा रु.३ करोड ७३ लाख ७ हजार मात्र दाखिला गरेको देखिएकोले घटी दाखिला गरेको अन्तःशुल्क रु.९४ लाख ६२ हजारमा मूल्य अभिवृद्धि करसमेत रु.१ करोड ६ लाख ९२ हजारका सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

११७.३ आन्तरिक राजस्व विभागबाट इ.पि.एस प्यानल तथा पफ प्यानल शीर्षक ३९.२५ अन्तर्गतको उपशीर्षक ३९२५.९०.२० बाट वर्गीकरण हुने भनी पत्राचार भएको र आर्थिक ऐन २०७९।८० मा उक्त उपशीर्षकमा ५ प्रतिशतको दरले अन्तःशुल्क लाग्ने उल्लेख छ। आन्तरिक राजस्व कार्यालय, भरतपुर अन्तर्गत एक करदाताले मुख्य उत्पादन स्यान्डविच पफ प्यानल रुफ र वाल प्यानलमा रु.१३ करोड ७८ लाख ५५ हजारको बिक्रीमा अन्तःशुल्क दाखिला गरेको नदेखिएकोले सोको ५ प्रतिशतले हुने अन्तःशुल्क रु.६८ लाख ९३ हजार र सोको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.८ लाख ९६ हजारसमेत हुने रु.७७ लाख ८९ हजार र सोमा लाग्ने शुल्क, ब्याज तथा जरिबानासमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ।

भन्सार विभाग

विदेशबाट पैठारी हुने मालवस्तुमा भन्सार बिन्दुमा लाग्ने भन्सार, अन्तःशुल्क र मूल्य अभिवृद्धि करलगायत राजस्व असुल गर्ने, व्यापार प्रवर्धन, आपूर्ति सहजताका लागि अन्तर्राष्ट्रिय व्यापार प्रणालीसँग आबद्ध भई व्यापार सहजीकरण गर्न विभागको स्थापना भएको हो। भन्सार विभाग अन्तर्गत ३९ मुख्य भन्सार कार्यालय,

१ भन्सार जाँचपास परीक्षण कार्यालय र १३३ छोटी भन्सार कार्यालयमा १ हजार २५७ जना कर्मचारीको दरबन्दी रहेको छ।

११८. **लक्ष्य तथा प्रगति -** विभागको राजस्व लक्ष्य र प्रगतिको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.करोडमा)

राजस्वको विवरण	२०७८।७९ असुली	२०७९।८० असुली	२०८०।८१ को		
			लक्ष्य	असुली	असुली प्रतिशत
भन्सार महसुल लगायतका राजस्व	२२४१५	१७३५०	२९१९५	१८९९४	६५.०६
मूल्य अभिवृद्धि कर	२०७५४	१७३०६	२६८६७	१८४५४	६८.६९
अन्तःशुल्क	५७३५	३२३३	५१६२	३७१४	७१.९५
जम्मा	**४८९०४**	**३७८८९**	**६१२२४**	**४११६२**	**६७.२३**
सडक मर्मत तथा सुधार दस्तुर	११३२	७५४	१०९३	८०८	७३.९३
सडक निर्माण तथा सम्भार दस्तुर	७०७	४२८	४५८	४५४	९९.०४
कुल जम्मा	**५०७४३**	**३९०७१**	**६२७७५**	**४२४२४**	**६७.५८**
कुल पैठारी	**१९२०४५**	**१६११७३**	**-**	**१५९२९९**	**-**
पैठारीको तुलनामा असुली (प्रतिशत)	**२६.४२**	**२४.२४**	**-**	**२६.६३**	**-**

स्रोतः भन्सार विभागको वार्षिक प्रगति विवरण, २०८०।८१

उल्लिखित विवरणबमोजिम २०८०।८१ मा रु.६ खर्ब २७ अर्ब ७५ करोड असुलीको लक्ष्य रहेकोमा रु.४ खर्ब २४ अर्ब २४ करोड अर्थात् ६७.५८ प्रतिशत असुली भएको छ। सङ्कलित राजस्वमध्ये भन्सार महसुललगायतका भन्सार राजस्वको हिस्सा ४४.७७ प्रतिशत, मूल्य अभिवृद्धि करको हिस्सा ४३.५० प्रतिशत र अन्तःशुल्कको हिस्सा ८.७५ प्रतिशत, सडक मर्मत तथा सुधार र सडक निर्माण तथा सम्भार दस्तुरको हिस्सा क्रमशः १.९० प्रतिशत र १.०७ प्रतिशत रहेको छ। साथै २०७८।७९ मा वैदेशिक व्यापार (पैठारी मूल्य) को २६.४२ प्रतिशत राजस्व असुली भएकोमा २०७९।८० मा २४.२४ प्रतिशतमात्र भई यस वर्ष पैठारी मूल्यको २६.६३ प्रतिशत राजस्व असुली भएको छ। लक्ष्यअनुसार राजस्व असुलीमा प्रभावकारिता ल्याउनुपर्दछ।

११९. **भन्सार कोष खाता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं नियमावली, २०७७ तथा अन्य कानुनमा भन्सार कोष खाताको स्थापना गर्ने, रकम जम्मा गर्ने एवं खर्च गर्ने व्यवस्था छैन। सालबसाली रूपमा आर्थिक ऐनअनुसार राजस्व असुल गरी सालबसाली विनियोजन ऐनबमोजिम खर्च बेहोर्नुपर्ने व्यवस्थाविपरीत भन्सार कोष खातामा यो वर्ष रु.२ खर्ब ४९ अर्ब ९२ करोड ४४ लाख प्राप्त भएकोमा रु.२ खर्ब ४९ अर्ब ३८ करोड ८९ लाख खर्च भई विगतको समेत यस वर्षसम्म रु.१ अर्ब १८ करोड ४४ लाख ५७ हजार मौज्दात बाँकी रहेको आर्थिक विवरणबाट देखिन्छ। अतः यस्तो कोषमा आम्दानी र खर्च गर्ने कानुनी व्यवस्था गरी कोषको शीर्षकगत आय-व्यय विवरण तयार गर्नुपर्दछ।

कोष खातामा विभागले रु.१ अर्ब २० करोड ६६ लाख ९२ हजार बैङ्क मौज्दात देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणले रु.१ अर्ब १७ करोड ९३ लाख ३८ हजार देखाएकोले रु.२ करोड ७३ लाख ५४ हजार फरकको सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ।

१२०. **राष्ट्रिय एकद्वार प्रणाली -** नेपाल सरकारले अन्तर्राष्ट्रिय व्यापारलाई व्यवस्थित गर्न विश्व बैङ्कको सहयोगमा नेपाल राष्ट्रिय एकद्वार प्रणाली विकास गर्न २५ जुन, २०१९ मा अमेरिकी डलर ७६ लाख ८ हजार ७७ मा एक परामर्शदातासँग सम्झौता गरी परामर्शदाताले ४ जुलाई २०१९ देखि कार्य सुरु गरेकोमा

म्याद ३० जुन २०२१ सम्म रहेकोमा सो म्याद भित्र प्रणाली विकासका सम्पूर्ण कार्यहरू सम्पन्न हुन नसकेकोले ३० नोभेम्बर २०२१ सम्म म्याद थप भएकोमा सो अवधिमा विकास, अन्तरआबद्धता गर्नुपर्ने कुल ४८ प्रणालीमध्ये प्रथम चरणमा १८ प्रणालीको कार्य सम्पन्न गरेको आधारमा अमेरिकी डलर २६ लाख २१ हजार र रु.५ करोड ९१ लाख ५१ हजार भुक्तानी भएको छ। उक्त अवधिमा पहिलो चरणको काम सम्पन्न भएकोले पुनः ३० जुन, २०२२ सम्म म्याद थप भएको छ। सो पश्चात् आयोजनाको कुनै प्रगति भएको देखिएन।

भन्सार कार्यालयहरू

१२१. **महसुल छुट -** आर्थिक ऐन, २०८० को दफा २ सँग सम्बन्धित अनुसूची-१ को दफा १४ मा महसुल पूर्ण एवं आंशिक छुट हुने र दफा १५ मा नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा महसुल पूर्ण वा आंशिक छुट हुने व्यवस्था छ। आसिकुडाबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा यस वर्ष रु.७९ अर्ब ८७ करोड ३९ लाख राजस्व छुट दिएको देखिन्छ। राजस्व छुटसम्बन्धी देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१२१.१ आर्थिक ऐन, २०८० को अनुसूची १ को दफा १४(२)(ट) अनुसार भाग ८४ को ५ प्रतिशत भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मेसिनरी एवं सोको मुख्य अवयवहरू र उद्योग विभागको स्वीकृत स्किमबमोजिम सी.के.डी. वा एस.के.डी. अवस्थामा पैठारी गर्दा एक प्रतिशत महसुल लाग्ने व्यवस्था छ। तर जगेडा वा प्रतिस्थापनको लागि पैठारी हुने मेसिन वा अवयवमा सुविधा लागू नहुने उल्लेख छ। सम्बन्धित कार्यालयहरूबाट जाँचपास भएका विभिन्न कारोबारमा यो वर्ष रु.१७ अर्ब ७२ करोड ७० लाख कारोबार मूल्यको ४ प्रतिशतले हुने रु.७० करोड ९० लाख ८० हजार राजस्व छुट दिइएको छ। उद्योग विभागको स्वीकृत स्किमबमोजिम सी.के.डी. वा एस.के.डी. अवस्थामा पैठारी भएको पुष्टि गर्ने प्रमाण पेस नभएको र पैठारी भएका वस्तु जगेडा वा प्रतिस्थापनका लागि भए नभएको यकिन नगरी सुविधा प्रदान गरेको छ। उद्योगले प्रथम पटक जडान गरेको सुनिश्चितता हुनेगरी छुट सुविधा दिनुपर्दछ।

१२१.२ आर्थिक ऐन, २०८० को अनुसूची १ को दफा १५(२) (त) बमोजिम जलविद्युत् आयोजनाका लागि आवश्यक निर्माण उपकरण, मेसिनरी औजार र सोसँग सम्बन्धित पार्टपुर्जामा महसुल १ प्रतिशत लाग्ने व्यवस्था भएकोमा भन्सार दरबन्दीको भाग ७३ मा पर्ने पेनस्टक पाइप र स्टील पाइप तथा भाग ८५ मा पर्ने जेनेरेटर तथा तिनका पार्टपुर्जालगायतका मालवस्तुहरू आयोजनाको निर्माण उपकरण तथा मेसिनरी औजारसँग असम्बन्धित रहेकोले महसुलको सुविधा दिन मिल्ने देखिँदैन। यस विपरीत रसुवा भन्सार कार्यालयले रु.२२ करोड ३० लाख ३८ हजार, तातोपानीले रु.९८ लाख ८६ हजार, वीरगन्ज भन्सार कार्यालयले रु.८६ करोड ६४ लाख २३ हजार र मेची भन्सार कार्यालयले रु.१ करोड ९१ लाख ९४ हजारसमेत रु.१ अर्ब ११ करोड ८५ लाख ४१ हजार छुट दिएको देखिएकोले यस सम्वन्धमा छानबिन गरी छुट महसुल तथा कर असुल गर्नुपर्दछ।

१२१.३ आर्थिक ऐन, २०८० को अनुसूची - १ को दफा १५(२)(त) बमोजिम जलविद्युत आयोजनाको हकमा निर्माण उपकरण, मेसिनरी औजार र सोसँग सम्बन्धित पार्टपुर्जामा लगानी बोर्ड वा विद्युत विकास विभागको सिफारिशमा महसुल १ प्रतिशतको सुविधा दिने व्यवस्था रहेकोमा वितरण वा प्रसारण लाइन आयोजनाका लागि २०८१।२।१५ अगावै पैठारी गरिएका उपकरण, मेसिनरी र सोसँग सम्बन्धित

पार्टपुर्जामा महसुल छुट नहुने कानुनी व्यवस्था रहेकोले नेपाल विद्युत् प्राधिकरणले वितरण र प्रसारण लाईन आयोजनाका लागि पैठारी गरेका ट्रान्सफर्मरलगायतका मालवस्तुमा वीरगन्ज भन्सार कार्यालयले रु.६० करोड ८८ लाख ७७ हजार, त्रिभुवन विमानस्थलले रु.२५ लाख ४७ हजार र सुक्खा बन्दरगाह, पर्सालै रु.२४ करोड १४ लाख ७ हजार समेत रु.८५ करोड २८ लाख ३१ हजार राजस्व छुट दिएको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

१२२. **भाडा तथा बिमा छुट** - भन्सार ऐन, २०६४ को दफा १५ अनुसार मालवस्तुको पैठारी गर्दा भाडा बिमा वा अन्य खर्चको विवरण पेस गर्न नसकेमा अनुमानित खर्चको विवरण पेस गर्नुपर्ने र सोको आधारमा मालवस्तु जाँचपास गरी ९० दिनभित्र वास्तविक बिल पेस गरी सोको कारणले छुट भएको महसुल रकम मिलान गर्नसक्ने व्यवस्था छ।

विभागले आयातकर्ताहरूबाट भाडा, बिमाको बिल पेस नभएको अवस्थामा भाडा बापत मूल्यको १० प्रतिशत र बिमाबापत २ प्रतिशत तथा एल.पी ग्याँस पैठारीमा बिमा र ढुवानीबापत ७ प्रतिशत थप गरी मूल्य कायम गर्नेगरी परिपत्र गरेको देखिन्छ। उद्योगले पैठारी गर्ने ग्याँस तथा पेट्रोलियम पदार्थको भाडा, बिमाको सन्दर्भमा विभागले भारतीय सीमाभन्दा करिब ४०० कि.मि. टाढाबाट विशेष प्रकृतिको ट्याङ्करमा ढुवानी हुने ग्याँसमा वास्तविक भाडा बिमाभन्दा कम हुनेगरी थप गर्ने परिपत्र गरेकोले राजस्व असुलीमा असर परेको छ।

भाडा बिमाको वास्तविक रकम नेपाल आयल निगमको अभिलेखअनुसार यकिन हुनुपर्दछ। भन्सार बिन्दुभन्दा टाढाको दुरीबाट बुलेटमा ढुवानी भएको ग्याँसको भाडा सम्बन्धित उद्योगले भुक्तानी गर्ने हुँदा वीरगन्ज, विराटनगर, भैरहवालगायत ६ भन्सार कार्यालयबाट पैठारी हुँदा छुट भएको ५ प्रतिशतले हुने भाडा, बिमा बापतको रकममा लाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि कर समेत रु.४८ करोड ४७ लाख ११ हजारको सम्बन्धमा छानबिन गरी असुल हुनुपर्दछ।

१२३. **साफ्टा सुविधा** - आर्थिक ऐन, २०८० को अनुसूची १ को दफा ६(४) मा साफ्टा सुविधाअन्तर्गत नेपाल सरकारको संवेदनशील सूचीमा नपरेका शीर्षकका मालवस्तु सम्बन्धमा साफ्टा छुटको लागि साफ्टा उत्पत्तिको प्रमाणपत्र, उत्पादक वा निजको आधिकारिक वितरकबाट जारी भएको बीजकलगायतका कागजातमा उल्लेख भएको उपशीर्षक र भन्सारमा जाँचपास हुनुपर्ने उपशीर्षकको पहिलो ६ अकं समान हुनुपर्ने उल्लेख छ। यससम्बन्धी देखिएका बेहोराहरू निम्नानुसार छन्:

१२३.१ साफ्टा सम्झौताको धारा १४ बमोजिम जारी गरिने अनुसूची १ बमोजिमको उत्पत्तिको प्रमाणपत्रको नमुनामा रहेका १३ कोठाको आफ्नै अर्थ र मान्यता रहेका छन्। पैठारी वा निकासी हुने मालवस्तुको भन्सार उपशीर्षक उक्त प्रमाणपत्रको बक्स नं ५ मा उल्लेख हुनुपर्ने, बक्स नं ६ मा प्याकिङ सम्बन्धित विवरण र बक्स नं ७ मा मालवस्तु एवं प्रतीतपत्र सम्बन्धी विवरण खुलाउनुपर्दछ।

भैरहवा भन्सार कार्यालयका विभिन्न पैठारीकर्ताले एएल.डी.पी.ई. "एफ" ग्रेड पैठारीमा पेस गरेको साफ्टा उत्पत्तिको प्रमाणपत्रको बक्स नं ५ मा भन्सार उपशीर्षक ३९०१.४०.१० उल्लेख भएको छ। केही कारोबारहरूमा प्याकिङ सम्बन्धित विवरण प्रयोजनको लागि बक्स नं ६ तथा केही कारोबारको हकमा बक्स नं ७ मा नेपाल एच.एस् भनी उपशीर्षक ३९०१.१० उल्लेख गरेको भए तापनि उत्पादित वस्तुको वास्तविक उपशीर्षक ३९०१.४०.१० भएकोले अन्य बेहोरालाई अतिरिक्त तथा थप खुलासाको रूपमा मात्र स्वीकार गर्नुपर्दछ। मालवस्तुको भन्सार उपशीर्षक बक्स नं. ५ मै उल्लेख हुने भएकोले

३९०१.१०.०० बाट साफ्टा सुविधामा जाँचपास गर्दा पहिलो ६ अकं फरक परेको हुँदा साफ्टा सुविधा दिन मिल्ने नदेखिएकोले सो बापत छुट भएको ४ प्रतिशत भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत भैरहवा भन्सार कार्यालयको रु.३ करोड १० लाख ९३ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२३.२ साफ्टाको नियम ८(II) मा आयातित कच्चा पदार्थ ६० प्रतिशतभन्दा बढी प्रयोग भएको अवस्थामा उत्पत्तिको प्रमाणपत्र सिद्धान्तबमोजिम उत्पत्तिको प्रमाण पत्र जारी गर्न नमिल्ने अवस्था छ। नेपालगन्ज भन्सार कार्यालयले पेट्रोलियम बाइप्रोडक्ट्सहरू जस्तै पाराफिन वाक्स, एल.एल. डीपीईलगायतमा ६० प्रतिशतभन्दा कम आयातित कच्चा पदार्थ प्रयोग भएको विवरण पेस नगरेको साथै पेट्रोलियम बाइप्रोडक्ट आफैंमा समरुपी प्रोडक्ट्स भएकोले साफ्टा छुट दिन मिल्ने देखिँदैन। अतः सोमा देखिएकोमा छुट दिएको रु.४ करोड ५९ लाख ३८ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२३.३ पेट्रोलियम वस्तुको रूपमा बिटुमिनलाई साफ्टा उत्पतिको प्रमाणपत्र दिन नसकिने भारतीय आयल निगमले उल्लेख गरिसकेको अवस्थामा भन्सार उपशीर्षक २७१३.२०.०० (पेट्रोलियम बिटुमिन) बाट बिटुमिनको पैठारीमा समेत भारतमा उत्पादित विशेष सुविधा दिएकोहुँदा भैरहवा भन्सार कार्यालयअन्तर्गतका विभिन्न पैठारीकर्ताको रु.१ करोड ७४ लाख ४४ हजार तथा मेची भन्सार कार्यालयको रु.१० लाख ७७ हजार समेत रु.१ करोड ८५ लाख २१ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२४. **विद्युतीय सवारीसाधन** - आर्थिक ऐन, २०८० ले विद्युतीय सवारीसाधनहरूको मोटर पिक पावरको आधारमा पैठारी भएका सवारीसाधनको मोटर पिक पावर ५० देखि १०० किलोवाटसम्म भएमा भन्सार उपशीर्षक ८७०३.८०.५९ (अन्य), ८७०३.८०.२१ (अनएसेम्बल), ८७०३.८०.२९ (अन्य) बाट जाँचपास गरी १५ प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर तथा मोटर क्षमता १०० देखि २०० किलोवाट भएमा भन्सार उपशीर्षक ८७०३.८०.६९ बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल, २० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाउनुपर्ने व्यवस्था छ। विभिन्न पैठारीकर्ताले विद्युतीय सवारीसाधन पैठारी गर्दा पेस गरेको बीजकमा उल्लिखित पिकपावरको आधारमा भन्सार जाँचपास हुने गरेकोमा जडित मोटरको क्षमताको प्राविधिक जाँच गर्ने गरेको देखिएन। साथै यातायात कार्यालयले समेत ती सवारीसाधनको रोड ओर्दिनेस मात्र जाँच गर्ने गरेको देखिन्छ।

विभिन्न पैठारीकर्ताले पिक मोटर पावरको क्षमता घोषणा गरे पनि प्राविधिकबाट परीक्षण नभएको साथै विद्युतीय सवारीसाधनका उत्पादक वा अन्य स्वतन्त्र जाँचकीबाट मोटर क्षमतालाई पुष्टि गर्ने टेष्ट रिपोर्ट समेत संलग्न छैन। ती सवारीसाधनको उत्पादक कम्पनीको वेबपेजमा रहेका क्याटलग तथा अन्य देशमा गरेको निर्यातको विवरणको आधारमा पैठारी भएका विभिन्न मोडेलका सवारीसाधनहरू १०० किलोवाटदेखि २०० किलोवाटसम्म क्षमताको रहेको देखिन्छ। तथापि रसुवा र तातोपानी भन्सार कार्यालयबाट पैठारी भएका सवारीसाधनहरूको घोषणाबमोजिम क्षमता ९९ किलोवाट पिक मोटर पावर क्षमता उल्लेख गरी भन्सार उपशीर्षक ८७०३.८०.५९ (अन्य) बाट जाँचपास भएको देखिन्छ। भन्सार उपशीर्षक ८७०३.८०.६९ बाट जाँचपास गरी २० प्रतिशत भन्सार महसुल, २० प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा सो नगरेकोले आधिकारिक उत्पादकले प्रकाशन गरेको सवारीसाधनको प्राविधिक स्पेसिफिकेसन तथा मोटर क्षमता जाँच गरी रसुवा भन्सार कार्यालयबाट रु.२ अर्ब ७४ करोड १८ लाख ९९ हजार र तातोपानी भन्सार कार्यालयबाट रु.१ अर्ब ३ करोड २५ लाख

२० हजारसमेत रु.३ अर्ब ७७ करोड ४४ लाख १९ हजार छुट महसुल तथा करका सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

१२५. **अनएसेम्बल्ड सवारीसाधन -** एसेम्बल गरी सवारी उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका सवारी साधन पैठारी गर्दा आर्थिक ऐन, २०८० को दफा २(१) सँग सम्बन्धित अनुसूची-१ को दफा १४ (३)(र) अनुसार भन्सार महसुलमा पच्चीस प्रतिशत र अन्तःशुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूचीको द्रष्टव्य (१०) अनुसार लाग्ने अन्तःशुल्कमा पचास प्रतिशत छुट हुने रहेकोमा सि.के.डी.मा पैठारी गरिएका मोटरसाईकल, स्कुटर, अटोरिक्सा, र सवारीसाधनमा पैठारीकर्ता उत्पादनमूलक उद्योग भए नभएको, एसेम्बली प्लाण्ट रहे नरहेको र सवारी साधन एसेम्बल गर्ने गरी उद्योग विभागले स्वीकृति दिए नदिएको जाँच नगरी सो सुविधा दिई विभिन्न भन्सार कार्यालयले पैठारी महसुल तथा अन्तःशुल्क छुट दिएका छन्। साथै सवारीसाधनका उत्पादकले पैठारीकर्तालाई एसेम्बल गर्ने र एसेम्बल गरेका सवारीसाधनमा "एसेम्बल्ड ईन नेपाल" राख्ने स्वीकृति दिएको प्रमाणसमेत संलग्न रहेको पाइएन। सी.के.डी.मा सवारीसाधन ल्याई एसेम्बल उद्योग सरह महसुल सुविधा दिँदा एसेम्बल उद्योगले नेपालमा गर्नुपर्ने न्युनतम मूल्यवृद्धि नहुने भएकोले यस्तो सुविधाको व्यवस्थामा सुधार गर्नुपर्दछ।

नेपालमा पैठारी हुने मालवस्तुलाई हार्मोनाइज्ड प्रणालीको नियमबमोजिम वर्गीकरण गरी भन्सार उपशीर्षक निर्धारण गरी आर्थिक ऐन, २०८० अनुसार पैठारी गर्दा लाग्ने कर, दस्तुर र शुल्क भन्सार बिन्दुमा असुल गर्नुपर्दछ। नियमको नियम २(क) कुनै शीर्षकमा रहेको वस्तु अपूर्ण वा अर्धतयारी वा तयारी वस्तु छुट्टाछुट्टै (अनएसेम्बल्ड) वा खोलखाल गरिएको (डिसएसेम्बल्ड) अवस्थामा रहेको भए तापनि सन्दर्भ वस्तुका रूपमा लिनुपर्ने व्यवस्थाबमोजिम उपशीर्षक ८७.०३ र ८७.११ अन्तर्गत सी.के.डी.मा ल्याइएका अनएसेम्बल सवारी साधनलाई एसेम्बल्ड अर्थात् तयारी सवारीसाधन सरह वर्गीकरण हुने गरी महसुल निर्धारण गर्नुपर्ने देखिन्छ। सो नियमबमोजिम अनएसेम्बल अवस्थाको सवारीसाधनमा छुट दिने आधार नदेखिएको र सवारीसाधन एसेम्बल गर्ने गरी उत्पादकबाट एसेम्बल्ड ईन नेपाल भनी स्वीकृति नलिएको र उद्योग विभागबाट एसेम्बल्ड उद्योगको रूपमा दर्ता भएको प्रमाणसमेत संलग्न नरहेको अवस्थामा अनएसेम्बल सवारीसाधनसरह सुक्खा बन्दरगाह, वीरगन्ज तथा भैरहवा भन्सार कार्यालयबाट भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि करसमेत रु.३ अर्ब २१ करोड २९ लाख ८४ हजार छुट दिएको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

१२६. **स्वास्थ्य जोखिम कर -** आर्थिक ऐन, २०८० को दफा ७ मा विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित खाने सुर्तीमा प्रति किलोग्राम ६० रुपैयाँका दरले पैठारीका बखत भन्सार बिन्दुमा असुल गरिने उल्लेख छ। विभिन्न कार्यालयले पैठारी गरेको कट टोबाकोमा कोड रुल ८०४ प्रयोग गरी २०७५।५।१ को अर्थमन्त्रीस्तरको निर्णयबाट सुर्ती तथा गुट्खा प्याकिङ गर्ने उद्योगहरूलाई पैठारीका बखत स्वास्थ्य जोखिम कर छुट दिएको छ।

आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा १ बमोजिम आर्थिक ऐनले लगाएको करका दरहरू घटाउने, छुट दिनेलगायतका कार्यहरू नेपाल सरकारले गर्नसक्ने देखिन्छ। सो बाहेक अर्थ मन्त्रालयलाई आर्थिक ऐनमा उल्लिखित करका दरहरू घटाउने वा छुट दिने अधिकार रहेको देखिँदैन। उक्त छुटको निर्णय २०७५ सालमा गरेकोमा आर्थिक ऐन, २०८० बमोजिमको करको दरहरू घटाउन वा छुट दिन मिल्ने देखिँदैन। तसर्थः विभिन्न पैठारीकर्ताले कट टोबाको पैठारी गर्दा भन्सार बिन्दुमा कर

नलगाई जाँचपास गर्दा छुट भएको भैरहवा भन्सार कार्यालयको रु.८ करोड ९८ लाख ८५ हजार, वीरगन्ज भन्सार कार्यालयको रु.१ करोड ८० लाख र भद्रपुर भन्सार कार्यालयको रु.१० लाख ३२ हजार समेत रु.१० करोड ८९ लाख १७ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१२७. **प्रतिवेदक पुरस्कार —** भन्सार नियमावली, २०६४ को नियम ४७ मा सुन, चाँदी, हिरा तथा जुहारात सम्बन्धी तथा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ४५ बमोजिम अवैध नगद ओसापसारको सुराक दिने र त्यस्तो मालवस्तु मानिससहित वा मानिस बाहेक पक्राउ गरी पेस गर्ने व्यक्तिलाई मालवस्तु लिलाम बिक्रीबाट प्राप्त रकमको १० प्रतिशत वा रु.१० लाखमध्ये जुन घटी हुन्छ सो रकम पुरस्कार दिइने व्यवस्था छ। सोअनुसार चाँदीको अवैध चोरी पैठारी सम्बन्धी मुद्दामा सुराकी दिने व्यक्ति र प्रतिवेदकलाई १० प्रतिशत भुक्तानी दिनुपर्नेमा १५ तथा ३० प्रतिशत भुक्तानी भएकोले बढी भुक्तानी भएको जनकपुर भन्सार कार्यालयको रु.३५ लाख ४० तथा गौर भन्सार कार्यालयको रु.६ लाख ६१ हजार समेत रु.४२ लाख १ हजार असुल गर्नुपर्दछ।

१२८. **नबुनेको कपडा -** भन्सार उपशीर्षक ५६०३.९२ मा २५ जी.एस.एम. भन्दा बढीका स्पुनेल ननवुभन फ्रेबिक्स लगायतका वस्तुमा आर्थिक ऐनले छुट हुने व्यवस्था छैन। पैठारीकर्ताले पेस गरेको बिल र घोषणाका आधारमा पैठारी भएका मालवस्तु २५ जि.एस.एमभन्दा बढी रहेको, केहीमा जि.एस.एमनै नखुलाएको भए तापनि मूल्यको आधारमा २५ जी.एस.एम वा सोभन्दा बढी रहेको देखिन्छ। तर कार्यालयले यस्ता मालवस्तुलाई भन्सार उपशीर्षक ५६०३.९२.०० बाट महसुल छुट नदिई जाँचपास गर्नुपर्नेमा २५ जी.एस.एमभन्दा कम सरहको मानी भन्सार उपशीर्षक ५६०३.९१ बाट जाँचपास गरी कोड रुलमार्फत १ प्रतिशत महसुल लगाई जाँचपास गरेको देखिएकोले सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट रु.६८ लाख ५६ हजार तथा वीरगन्ज भन्सार कार्यालयवाट रु.७ लाख ४४ हजार समेत रु.७६ लाख छुट असुल गर्नुपर्दछ।

१२९. **नगद (पासबुक)धरौटी -** आर्थिक ऐन, २०८० को अनुसूची -१ को दफा ११ बमोजिम निर्यात हुने वस्तुको कच्चा पदार्थ नगद धरौटीमा पैठारी गर्न सक्ने तथा उत्पादित तयारी मालवस्तु १२ महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिसक्नु पर्ने र सो अवधिभित्र निकासी गर्न नसक्ने भएमा कार्यालयले ६ महिनासम्मको म्याद थप गर्न सक्ने तथा सोबमोजिम निकासी वा परिवर्त्य विदेशी मुद्रामा बिक्री हुन नसकेमा स्थानीय बिक्री मानी महसुल धरौटीबाट सदरस्याहा गरी दश प्रतिशत जरिबानासमेत असुल गरिने व्यवस्था छ। विभिन्न पैठारीकर्ताले तोकिएको अवधिभित्र निकासी गरेको प्रमाण संलग्न नरहेकोले सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट रु.५ करोड ४५ लाख २६ हजार, भैरहवा भन्सार कार्यालयको रु.५ करोड ४१ लाख ३३ हजार तथा वीरगन्ज भन्सार कार्यालयबाट रु.१० करोड ४२ लाख ९१ हजार तथा १० प्रतिशत जरिबानासमेत समयमा असुल नगर्ने पदाधिकारीलाई जवाफदेही बनाई असुल गर्नुपर्दछ।

१३०. **बैङ्क जमानत फुकुवा-** भन्सार ऐन, २०६४ को दफा ११ बमोजिम बैङ्क जमानत सुविधाअन्तर्गत पैठारी गर्ने सुविधा प्रदान गर्न सकिने र सो सुविधामा पैठारी गर्दा भन्सार नियमावली, २०६४ को नियम १६ बमोजिम सर्तहरू पालना नगरेमा बैङ्क जमानताबाट लाग्ने महसुल असुल गरिने व्यवस्था छ। कार्यालयले पेस गरेको विवरणबमोजिम बैङ्क जमानतमा पैठारी गरेको मालवस्तु निर्धारित पैठारी गरेको मितिले ११ महिना र म्याद थप भएकोमा सो थप अवधिभित्र तयारी मालवस्तु बनाई निकासी गरेको प्रमाण पेस गरी

बैङ्क जमानत फुकुवा गरेको पाइएन। नियमावलीको सर्तको पालना नभएको अवस्थामा जमानत रकम वीरगन्ज भन्सार कार्यालयको रु.६३ करोड १५ लाख ७६ हजार, सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साको रु.३४ करोड ९० लाख ८० हजार तथा त्रिभुवन विमानस्थल भन्सार कार्यालयको रु.१ करोड ८८ लाख ८२ हजारसमेत रु.९९ करोड ९५ लाख ३८ हजार समयमा असुल गर्नुपर्दछ।

१३१. **सिट सङ्ख्याको आधारमा महसुल -** आर्थिक ऐन, २०८० को दफा २(१) सँग सम्बन्धित अनुसूची-१ को दफा १२ (५) बमोजिम शीर्षक ८७.०२ को प्रयोजनका लागि सिट सङ्ख्या गणना गर्नुपर्दा नियमित सिट सङ्ख्या र ड्राइभर सिट गणना गरिने तर कण्डक्टर सिट एवं अन्य अतिरिक्त सिट तथा फोल्डिङ्ग सिटलाई गणना नगरिने साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४ अनुसार चार टनदेखि दश टनसम्म वजन भएको मिनिबसलगायतका मझौला सवारीमा र सोही ऐनको दफा ५ अनुसार चार टनभन्दा कम्ती वजन भएको कार, जीप, भ्यानलगायतलाई सानो सवारीमा वर्गीकरण गर्नुपर्ने व्यवस्था रहेको छ। यात्रीबाहक मिनिबसका लागि ऐनको दफा ६ को उपदफा (४) को प्रयोजनको लागि सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १८(१)(घ) बमोजिम सिटको लम्बाइ, चौडाइ र उचाइ कम्तीमा १५ इन्च पिठयूँको उचाइ कम्तीमा २२ इन्च र पंक्ति बढीमा २/२ हुने, सिटको एक पंक्तिबाट अर्को पंक्तिको बिचको बाटो कम्तीमा १४ इन्च र सिटको पंक्तिबाट लेग प्लेसको दूरी १३ इन्च, मिनिबसको भित्री उचाई ६४ इन्च र बसमा स्केप ह्याचसहितको सङ्कटकालीन निकास हुनुपर्ने व्यवस्था छ। यससम्बन्धी बेहोराहरू निम्नानुसार छन्:

१३१.१ सवारी तथा यातायात व्यवस्था ऐनबमोजिम मिनिबसको आवश्यक स्पेसिफिकेसन पुरा नगरी रसुवा भन्सार कार्यालयबाट ३ पैठारीकर्ताले चीनका एक निर्यात कम्पनीबाट प्रति सवारीसाधन २३.६२ घनमीटर आयतन तथा ३ हजार ४९५ किलोग्राम तौल रहेकोमा १६ सीट (१५+१) देखाई सवारी मोडेल ९० किलोवाट पिएमपी शक्तिको ६५ थान हागिर भ्यान तथा १ पैठारीकर्ताले पिएमपी ८० किलोवाट, २२.५३ घनमिटर आयतन र २ हजार ३६० किलोग्राम तौल रहेको किङ लङ्ग इलेक्ट्रिक मोडेलको सवारीसाधनलाई १६ सिटका आधारमा मिनिबस शीर्षकमा वर्गीकरण गरेकोले सवारी साधनालाई माइक्रोबसमा वर्गीकरण गर्दा छुट भएको रु.२ करोड ९० लाख ३५ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३१.२ तातोपानी भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले विभिन्न मोडेलका विद्युतीय सवारीसाधन ११ सिटको भनी जाँचपास गरेकोमा सवारीसाधनमा रहेको अतिरिक्त सिट र फोल्डिङ्ग सिटलाई गणना नगर्दा ९ सिट कायम हुने र भन्सार प्रयोजनका लागि भन्सार उपशीर्षक ८७०३.८०.५९ कायम गरी छुट महसुल रकम रु.१५ करोड ८४ लाख ७२ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३१.३ वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले टोयोटा हाएस विभिन्न मोडेलको पैठारी गरेकोमा उक्त सवारीसाधनको आयतन ५९१५*१९५०*२२८० एमएम तथा वजन २६५५ किलोग्राम रहेको र १४ सिट रहेकोमा भन्सार उपशीर्षक ८७०२.१०.३० माइक्रोबसमा जाँचपास हुनुपर्नेमा एक सिट बढी देखाई कम्प्रेसर इन्जन र इलेक्ट्रिक मोटर नभए तापनि भन्सार उपशीर्षक ८७०२.२०.२० (मिनिबसहरू) मा वर्गीकरण गरेको पाइयो। मिनिबसमा जाँचपास गरेको सम्बन्धमा जाँचपास गर्दाका बखत सवारीसाधनको वजन र सिटका साथै कानुनबमोजिमको मापदण्ड निहित रहेको पुष्टि हुने प्रमाण राखेको छैन। आर्थिक ऐनको प्रावधान तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को

नियम १८(१) (घ) मा तोकिएको आधारबमोजिमको सिट रहेको प्राविधिक पुस्ट्याई बेगर ती सवारीसाधनलाई माइक्रोबसमा वर्गीकरण गर्नुपर्नेमा मिनिबसमा वर्गीकरण गर्दा छुट भएको रु.५ करोड ८२ लाख ८ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३१.४ वीरगन्ज र भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले भारतको एक कम्पनीबाट तौल ३ हजार ६७० किलोग्राम रहेको ट्राभलर १, ३३५० डब्लु बी मोडेलको सवारीसाधनलाई माइक्रो बसमा वर्गीकरण हुनेमा मिनिबसमा वर्गीकरण गर्दा छुट रकम रु.३४ लाख ७३ हजार तथा सोही मोडलका सवारीसाधन पैठारी गरेकोमा भैरहवा भन्सार कार्यालयले सोहो मोडेलको सवारीसाधनलाई माइक्रोबसमा जाँचपास गरिसकेको अवस्थामा समेत सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १८(१)(घ) को स्पेसिफिकेसन बेगर मिनिबसमा जाँचपास गर्दा छुट भएको भैरहवा भन्सार कार्यालयको रु.३ करोड ३१ लाख ९९ हजार, वीरगन्ज भन्सार कार्यालयको रु.३४ लाख ७३ हजार तथा तातोपानी भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले एकै मोडलको विद्युतीय सवारीसाधनलाई माइक्रो बसमा वर्गीकरण गरी जाँचपास गरिरहेको अवस्थामा आधार बेगर मिनिबसमा वर्गीकरण गरी जाँचपास गर्दा रु.६ करोड २२ लाख ६५ हजारसमेत रु.९ करोड ८९ लाख ३७ हजार छुट भएको सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

१३१.५ विराटनगर भन्सार कार्यालयका एक पैठारीकर्ताले पैठारी गरेको प्रेस्टिज बस २८१५ भन्सार उपशीर्षक ८७०२.२०.२० (मिनिबसहरू १५ देखि २५ सिटसम्मबाट) ३० प्रतिशत भन्सार महसुल, ३५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर तथा सडक निर्माण दस्तुर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८७०२.२०.१० जाँचपास गरेको छ। उक्त बसको मोडल नम्बर तथा निर्माता कम्पनीको आधिकारिक वेबपेज परीक्षण गर्दा कम्पनीले २६ सिट क्षमताको बस निर्माण गरेको देखिँदैन। तथापि पैठारीकर्ताको मागअनुसार २६ सिटको सवारीसाधन उत्पादन गरी निर्यात गरेको भनी बसको डिजाईनसहित पत्राचार गरेको भए तापनि भन्सार कार्यालयले जाँचपासको क्रममा सिट न्यूनतम मापदण्डअनुसार भएको यकिन गरेको देखिएन। यसरी फरक भन्सार उपशीर्षकबाट जाँचपास गरेको कारणले छुट भएको रु.१ करोड ३२ लाख ९ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३२. **विलासिता शुल्कमा मू.अ.कर—** आर्थिक ऐन, २०८० को दफा २१ तथा आर्थिक ऐन, २०८० को दफा १७ मा आयातित तयारी मदिरामा भन्सार बिन्दुमा विलासिता शुल्क लगाई असुल गर्नुपर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२ (२) (ख) बमोजिम कर लाग्ने मूल्यमा सालबसाली आर्थिक ऐनले तोकेबमोजिम लाग्ने महसुल, दस्तुर वा शुल्कसमेतलाई समावेश गर्ने व्यवस्था गरेकोमा आसिकुडामा विलासिता शुल्कमा मूल्य अभिवृद्धि कर असुल गर्ने व्यवस्था नगरेको कारण वीरगन्ज भन्सार कार्यालयको रु.७ लाख २६ हजार तथा सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साको रु.६३ लाख १६ हजारसमेत रु.७० लाख ४२ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३३. **क्रुड पाम ओलिन -** पैठारी भएका मालवस्तुको वर्गीकरणमा द्विविधा भएमा हार्मोनाइज्ड प्रणालीको व्याख्या सम्बन्धी सामान्य नियमहरूबमोजिम वस्तुमा अन्तर्निहित आवश्यक लक्षण र विशिष्टतम विवरणका आधारमा हार्मोनाइज्ड प्रणाली कोड निर्धारण गर्नुपर्ने व्यवस्था छ। विभिन्न पैठारीकर्ताले क्रुड पाम ओलिन पैठारी गरेकोमा विराटनगर भन्सार कार्यालयले विभागमा प्रयोगशाला परीक्षणको लागि नमुना सङ्कलन गरी पेस गरेकोमा विभागको प्रयोगशाला प्रतिवेदनबमोजिम उक्त मालवस्तु कच्चा तेल नभई अर्धतयारी

तेल भएको उल्लेख छ। केही प्रज्ञापनपत्रमा पैठारीकर्ताले उक्त वस्तुलाई भन्सार उपशीर्षक १५११.१०.०० मार्फत १० प्रतिशत भन्सार महसुल र कर लगाई जाँचपास गरेको छ। सोअनुसार उक्त वस्तु १५११.९०.२० बाट १५ प्रतिशत भन्सार महसुल र मूअकर लगाई जाँचपास गर्नुपर्नेहुँदा फरक दरबन्दीबाट जाँचपास गर्दा छुट भएको महसुल विराटनगर भन्सार कार्यालयको रु.९ करोड ३३ लाख ५० हजार तथा भैरहवा भन्सार कार्यालयको रु.४ करोड ४७ लाख ६८ हजारसमेत रु.१३ करोड ८१ लाख १८ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

साथै विराटनगर भन्सार कार्यालयका केही प्रज्ञापनपत्रमा जाँचपासको लागि धरौटी सुविधा दिएको देखिन्छ। धरौटी मार्फत भएको कारोबारमा कार्यालयले भन्सार उपशीर्षक १५११.१०.०० बाट १० प्रतिशत महसुल र कर रकम धरौटी राखी जाँचपास गरेको छ। यसरी जाँचपास गर्दा भन्सार उपशीर्षक १५११.९०.२० बाट १५ प्रतिशत महसुल र कर लगाई जाँचपास गर्दा नपुग हुने धरौटी रकम रु.२५ करोड १० लाख ९० हजार थप गर्नुपर्ने देखिन्छ। यस सम्बन्धमा कार्यालयले छानबिन गरी असुल गर्नुपर्दछ।

१३४. **फरक दरबन्दी -** आर्थिक ऐन, २०८० को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम भन्सार महसुल र दफा ६ मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाई असुल गर्नुपर्ने उल्लेख छ। विभिन्न भन्सार कार्यालयले फरक दरबन्दी लगाई जाँचपास गरेको देखिएको छुट भएको भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ। यस सम्बन्धी बेहोराहरू निम्नानुसार छन्:

१३४.१ वीरगन्ज र भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले बोन्डेक्स, भिसिक्रिल, पिडिक्रिल, रोपाक्यु जस्ता इमल्सन पैठारी गर्दा भन्सार उपशीर्षक ३२०९.१०.१० (एक्रेलिक इमुल्सन) बाट ४० प्रतिशत भन्सार महसुल, ७ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ३९०५.१२.००, ३९०५.९१.०० लगायतका फरक भन्सार उपशीर्षकबाट जाँचपास गर्दा छुट भएको वीरगन्ज भन्सार कार्यालयको रु.१ करोड ४३ लाख ३७ हजार तथा भैरहवा भन्सार कार्यालयको रु.४२ लाख ६६ हजारसमेत जम्मा रु.१ करोड ८६ लाख ३ हजार छानबिन गरी असुल हुनुपर्दछ।

१३४.२ भैरहवा र मेची भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले हाइड्रोलिक हट प्रेस पैठारी गर्दा उक्त मालवस्तु भन्सार उपशीर्षक ८४६२.६१.०० (हाइड्रोलिक प्रेसहरू) बाट ५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४७९.३०.०० बाट ५ प्रतिशत भन्सार महसुल मात्र लगाई जाँचपास गर्दा छुट भएको महसुल तथा कर भैरहवा भन्सार कार्यालयको रु.४३ लाख ६९ हजार तथा मेची भन्सार कार्यालयको रु.३० लाख ४७ हजार समेत रु.७४ लाख १६ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३४.३ भैरहवा र वीरगन्ज भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले आर.बी.टोन सिरफ पैठारी गरेकोमा उक्त मालवस्तु औषधी व्यवस्था विभागको इजाजतपत्रमा भिटामिन र खनिज समूहमा रहेको र प्रति १० एमएलमा भिटामिन बी का विभिन्न स्वरूपहरू, भिटामिन सीलगायत अन्य खनिज र भिटामिनजन्य तत्वहरूको मिश्रण रहने उल्लेख भएकोले स्वास्थ्यवर्धक भिटामिनमा भाग ३० को औषधीको सुविधा नपाउने साथै भिटामिनलाई भन्सार उपशीर्षक ३००४.५०.०० (मल्टिभिटामिन) बाट जाँचपास गरी १५

प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा भन्सार उपशीर्षक ३००४.९०.९० बाट जाँचपास औषधीको सुविधासमेत दिएकोले सोबापत छुट भएको महसुल भैरहवा भन्सार कार्यालयको रु.१ करोड ८७ लाख ५६ तथा वीरगन्ज भन्सार कार्यालयको रु.१ लाख ४२ हजार समेत रु.१ करोड ८८ लाख ९८ हजार छानबिन गरी असुल हुनुपर्दछ।

१३४.४ सामान्यतया अमिश्रित आल्मुनियम प्रोफाइल पैठारी नहुनेमा सुख्खा बन्दरगाह भन्सार कार्यालय पर्सा र भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले आल्मुनियम प्रोफाइल पैठारी गर्दा अमिश्रित वा मिश्रित छुट्टिने प्रयोगशाला परीक्षण बेगर अमिश्रित सरह भन्सार उपशीर्षक ७६०४.१०.१० बाट जाँचपास गरेको पाइयो। यस सम्बन्धमा विगतमा समेत बेरुजु औंल्याइएकोमा हालसम्म पनि परीक्षण नै नगरी उपशीर्षक ७६०४. २१.०० (मिश्रित आल्मुनियम) बाट जाँचपास गर्नुपर्नेमा उपशीर्षक ७६०४.१०.१० बाट जाँचपास गर्दा छुट भएको १० प्रतिशत अन्तशुल्क र मूल्य अभिवृद्धि करसमेत सुख्खा बन्दरगाहको रु.२ करोड २६ लाख ८ हजार तथा भैरहवाको रु.२० लाख २१ हजार समेत रु.२ करोड ४६ लाख २९ छानबिन गरी असुल गर्नुपर्दछ।

१३४.५ विराटनगर र भैरहवा भन्सार कार्यालयबाट एक पैठारीकर्ताले नन् रिफाइन्ड आयोडाइज्ड साल्ट पैठारी गर्दा भन्सार उपशीर्षक २५०१.००.१० [अखाद्य नुन (अद्यौगिक)] बाट ५ प्रतिशत भन्सार महसुल तथा मु.अ.कर लगाई जाँचपास गर्नुपर्नेमा फरक भन्सार उपशीर्षक २५०१.००.९० (अन्य नुनबाट) शून्य महसुल दरमा जाँचपास गर्दा छुट भएको विराटनगर भन्सार कार्यालयको रु.२ करोड ९ लाख २० हजार तथा भैरहवा भन्सार कार्यालयको रु.३२ लाख ४० हजारसमेत जम्मा रु.२ करोड ४१ लाख ६० हजार छानबिन गरी असुल हुनुपर्दछ।

१३५. **सेटटप बक्स -** सेटटप बक्स वा टिभी बक्स उत्पादन गर्दा लाग्ने मुख्य वस्तु मेनबोर्ड रहेको र सोमा अन्तर्निहित आवश्यक लक्षण र विशिष्टतम विवरणका आधारमा हार्मोनाइज्ड प्रणालीको व्याख्यासम्बन्धी सामान्य नियमहरूको नियम २ बमोजिम सो मेनबोर्ड पूर्ण वा तयारी सेटटप बक्सको लक्षण भएको हुँदा दरबन्दी नियोजन नहुन दिन सो मेन बोर्डलाई सेटटप बक्सका लागि लाग्ने एचएस कोड ८५२८.७१ (दृश्य प्रदर्शन वा स्क्रीन समावेश गर्नेगरी डिजाइन नगरिएको रेडियो ब्रोडकाष्ट रिसिभरका यन्त्रहरू) प्रयोग गरी महसुल दर १५ प्रतिशत लगाउनुपर्नेमा उपशीर्षक ८५२९.९०.१० (टेलिभिजन रिसिभरका पार्टपुर्जाहरू) बाट जाँचपास गरेको कारणले छुट भएको महसुल र करसहित त्रिभुवन विमानस्थल भन्सार कार्यालयको रु.८९ लाख ९ हजार तथा तातोपानी भन्सार कार्यालयको रु.५० लाख ५३ हजारसमेत रु.१ करोड ३९ लाख ६२ हजार छानबिन गरी असुल गर्नुपर्दछ

१३६. **प्याकिङ मटेरियलमा नगद धरौटी (पासबुक) सुविधा -** आर्थिक ऐन, २०८० को भन्सारसँग सम्बन्धित अनुसूचीको दफा ११ मा बण्डेड वेयर हाउसको सुविधा प्राप्त नगरेका उद्योगहरूले आफ्नो उत्पादन गरी विदेश निकासी गर्ने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरेको सिफारिसको आधारमा प्याकिङ मटेरियलमा लाग्ने भन्सार महसुल बापतको रकम नगद धरौटी राखी पैठारी गर्न दिइने र धरौटी सम्बन्धित मालवस्तु निकासी वा बिक्री गरेपश्चात् फिर्ता गरिने उल्लेख छ। भैरहवा भन्सार कार्यालयले विभिन्न ड्राइ फुड्स उत्पादन गर्ने उद्योगलाई प्लाष्टिकका प्रिन्टेड लेमिनेशन फिल्म र बोतलहरू उद्योग विभागको २०८०।१०।१२ को पत्रबाट सिफारिस गरेबमोजिम

पैठारी अनुमति दिएकोमा उक्त मालवस्तु नेपालमै उत्पादन गर्ने भनी २०८०।८१ मा विभिन्न २५ उद्योगलाई आर्थिक ऐनको व्यवस्थाबमोजिम रु.२२ करोड १ लाख ९९ हजार छुट दिएकोले सो वस्तु नेपालमा उत्पादन हुने देखिन्छ। सिफारिस गरिएको वस्तु नेपालमै उत्पादन हुने र अन्य ३ उद्योगहरूले प्याकिङ मटेरियल पैठारी गरेकोमा कच्चा पदार्थ भनी सो सुविधा दिएकोले सोबापत भैरहवा भन्सार कार्यालयको रु.१ करोड ८४ लाख ९ हजार सम्बन्धमा छानबिन गरी नगद धरौटीबाट असुल गर्नुपर्दछ।

त्यस्तै सोही उद्योगहरूले सोही प्रयोजनका लागि राखेको धरौटीबाट निकासी गरेको भनी फिर्ता गरेको रु.८३ लाख ३६ हजार समेत छानबिन गरी असुल गर्नुपर्दछ।

१३७. **अन्तःशुल्क सुविधा -** भैरहवा भन्सार कार्यालयका विभिन्न दुई पैठारीकर्ताले अनएसेम्बल मोटरसाइकल पैठारी गरेकोमा कोड रुल प्रयोग गरी आर्थिक ऐन, २०८० को अन्तःशुल्क सँग सम्बन्धित अनुसूचीको द्रष्टव्यबमोजिमको एसेम्बल गरी सवारीसाधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल अवस्थाका सवारीसाधन पैठारी गर्दा लाग्ने अन्तशुल्कमा ५० प्रतिशत छुट दिएको देखिन्छ। अन्तःशुल्क ऐन, २०५८ को दफा ९ मा अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको उत्पादन, पैठारी, निकासी तथा बिक्री गर्नको लागि अन्तःशुल्क इजाजत अनिवार्य गरेको देखिन्छ। आर्थिक ऐन, २०८० को अन्तःशुल्क सम्बन्धी अनुसूचीको द्रष्टव्य नं. ११ बमोजिम उपशीर्षक ८७११ मा पर्ने सवारीसाधनको आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्ने व्यवस्था रहेकोमा आन्तरिक राजस्व विभागको विवरणबमोजिम दुई पैठारीकर्ता २०८० चैत्र १३ र २०८१ वैशाख १४ मा अन्तःशुल्कमा दर्ता भएको र सो भन्दा अगाडि पैठारी भएको सवारीसाधन एसेम्बल गर्ने उद्योगको रूपमा नभई व्यापारिक फर्म सरह मानी छुट भएको ५० प्रतिशत अन्तःशुल्क र सोको करसमेत भैरहवा भन्सार कार्यालयको रु.१९ करोड ६१ लाख ४ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३८. **महिन्द्रा स्कार्पियो जीप -** भैरहवा भन्सार कार्यालयबाट एक पैठारीकर्ताले भारतीय उत्पादक कम्पनीबाट एस ५ र एस ११ मोडेलका स्कर्पियो जीपहरू पैठारी गरेकोमा सवारीसाधनको सिलिण्डर क्षमता २१७९ सी.सी. रहेकोले भन्सार उपशीर्षक ८७०३.३२.२९ (२००० सी.सी.भन्दा माथिका डिजल इन्जिन) बाट ८० प्रतिशत भन्सार महसुल, ९० प्रतिशत अन्तःशुल्क, १० प्रतिशत सडक निर्माण दस्तुर र मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा भन्सार उपशीर्षक ८७०३.३२.१९ बाट जाँचपास गर्दा छुट भएको महसुल भैरहवा भन्सार कार्यालयको रु.१ करोड ५० लाख ८४ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१३९. **अन् मेनुफ्याक्चर्ड सुर्ती -** विभिन्न पैठारीकर्ताले अन् मेनुफ्याक्चर्ड सुर्ती घोषणा गरी पैठारी गरेको मालवस्तु बोरामा रहेको, निर्यातक कम्पनीहरू व्यापारिक फर्म भएको र बीजकबमोजिम भन्सार उपशीर्षक २४०३.९९.३० लाई केरमेट गरी उपशीर्षक २४०१.०० गराएको तथा खाद्य तथा गुणस्तर परीक्षण कार्यालयको पत्रमा भन्सार उपशीर्षक २४०३.९९.३० उल्लेख भएको साथै सोही मालवस्तुलाई भन्सार उपशीर्षक २४०३.९९.९० बाट जाँचपास समेत गरेको अवस्थामा भन्सार उपशीर्षक २४०१.०० बाट जाँचपास गर्दा भैरहवा भन्सार कार्यालयको रु.१ करोड ८२ लाख ७४ हजार महसुल तथा कर छुट भएको देखिएकोले सो सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

१४०. **अफ्जल हुक्का मोलासेस -** पैठारीकर्ताले अफ्जल हुक्का मोलासेस पैठारी गरेकोमा पाइपको माध्यमबाट टोबाको वा मोलासेस फ्लेबर समावेश गरी सेवन गर्न मिल्ने ५० ग्रामको खुद्रा प्याकेटमा पैठारी भएको सुर्तीजन्य वस्तु हर्मोनाइज्ड प्रणालीको वस्तु वर्गीकरणसम्बन्धी नियमको भाग २४ को द्रष्टव्य नं १

बमोजिम उपशीर्षक २४०३. ११ मा भएको वाटर पाइप टोबाकोको परिभाषाभित्र पर्ने साथै भन्सार विभागको २०७५।१२।२९ वस्तु वर्गीकरण निर्णय समेत भएको हुँदा भन्सार उपशीर्षक २४०३.११(वाटर पाइप टोबाको) बाट प्रति केजी रु.२ हजार अन्तःशुल्क लगाउनुपर्नेमा भैरहवा भन्सार कार्यालयले भन्सार उपशीर्षक २४०३.९९.९१ बाट जाँचपास गर्दा छुट भएको महसुल रु.१ करोड ९४ लाख ८२ हजार छानबिन गरी असुल हुनुपर्दछ।

१४१. **ब्रेकफास्ट क्रिरियल्स चोकोर्ज -** भैरहवा भन्सार कार्यालयका विभिन्न पैठारीकर्ताले केलोग ब्राण्डको ब्रेकफास्ट क्रिरियल्स चोकोर्ज पैठारी गरेकोमा उक्त मालवस्तुको विशेषता, पैठारी भएका बिल बीजक तथा प्रकृति परीक्षण गर्दा पूर्ण रूपमा कोकोमा लेपित वा डुबाइएको अवस्थामा रहेको, तयारी खाद्य पदार्थ भएको देखिएकोले विश्व भन्सार संगठनको वस्तु वर्गीकरण सम्बन्धी भन्सार दरबन्दीको भाग १९ को द्रष्टव्य नं. ३ तथा भन्सार विभागको २०६७।१०।११ र २०७५।३।२५ को वर्गीकरणसम्बन्धी निर्णयबाट भन्सार उपशीर्षक १८०६ बाट जाँचपास गरी ४० प्रतिशत भन्सार महसुल, १५ प्रतिशत अन्तःशुल्क र मूल्यअभिवृद्धि कर लगाउनुपर्नेमा फरक शीर्षक १९०४.१०.१० बाट साफ्टा जाँचपास गर्दा छुट भएको महसुल भैरहवा भन्सार कार्यालयको रु.८ करोड ३६ लाख २४ हजार छानबिन गरी असुल हुनुपर्दछ।

१४२. **बण्डेड वेयरहाउसको सुविधा -** भन्सार नियमावली, २०६४ को नियम ९(ख) बमोजिम निर्यातमूलक उद्योगले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २(झ) बमोजिम आफ्नो उत्पादन तेस्रो मुलुकमा निकासी गर्ने उद्योगले आफ्नो उत्पादनको कम्तीमा ४० प्रतिशतभन्दा बढी निर्यात गर्ने उद्योगलाई बण्डेड वेयर हाउसको सुविधा दिन सकिने व्यवस्था रहेकोमा मदिरा उत्पादन गर्ने एक उद्योगको आयविवरणअनुसार उत्पादनको २० प्रतिशत पनि मदिरा निकासी गरेको नदेखिएको अवस्थामा पनि सो उद्योगलाई भन्सार विभागबाट नियम विपरीत बण्डेड वेयर हाउसको ईजाजतपत्र दिएको पाइयो।

भन्सार नियमावली, २०६४ को नियम १५ बमोजिम बण्डेड वेयरहाउसको ईजाजत प्राप्त उद्योगले बैङ्क जमानतमा पैठारी गरेको कच्चा पदार्थबाट मूल्यको न्यूनतम दश प्रतिशत मूल्य अभिवृद्धि गरी एघार महिनाभित्र कच्चा पदार्थको स्वीकृत खपत अनुपातअनुसार तयारी मालवस्तु बनाई सोको निकासीबाट विदेशी मुद्रा आर्जन गरेको प्रमाणसहित बैङ्क जमानत फुकुवा गर्नुपर्नेमा सो उद्योगले सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्सामा राखेको दुई बैङ्क जमानतबाट रु.१० करोड ३७ लाख ६२ हजार सुविधा लिएको भए तापनि नियमानुसार सो जमानत फुकुवा गरेको पाइएन। बण्डेड वेयर हाउसको सुविधा दिन मिल्ने आधार बेगर इजाजतपत्र दिनाले पैठारीका बखत मालवस्तुमा लाग्ने महसुल असुली नभएको तथा सो उद्योगले नियमानुसार निकासी गरेको पुष्टद्याइ नहुँदा पनि बैङ्क जमानतबाट महसुल दाखिला नगराएको हुँदा इजाजातपत्रसमेतको सम्बन्धमा छानबिन गरी छुटेको महसुल असुल गर्नुपर्दछ।

१४३. **मेटल स्टील स्ट्राइप -** आर्थिक ऐन, २०८० को अनुसूची १ को दफा १४ को उपदफा ३ मा पूर्वनिर्मित भवन निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्न दर्ता भएका उद्योगले त्यस्ता भवन निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्नका लागि पैठारी गर्ने शीर्षक ७२१० र ७२१२ अन्तर्गत ३० प्रतिशत भन्सार महसुल लाग्ने सबै उपशीर्षकमा पर्ने स्लाइट स्टील क्वाइलमा २० प्रतिशत भन्सार

महसुल लाग्ने व्यवस्था रहेकोमा मेटल स्टील स्ट्राइपलाई स्लाइट स्टील क्वाइल मानी छुट दिएकोले सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साको रु.१ करोड ४१ लाख २३ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१४४. **अधिग्रहण गरेको जग्गाको नियन्त्रण** -सरकारी प्रयोजनका लागि अधिग्रहण गरिएको उद्देश्यानुसारको कार्यमा प्रयोग गर्नुपर्दछ। सुक्खा बन्दरगाह भन्सार कार्यालयको प्रयोजनार्थ वीरगन्ज महानगरपालिकाको वडा नं. २५ मा रहेको सिर्सिया खल्वाटोलमा करिब ६२ बिगाहा अधिग्रहण गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ५१ बिगाहा अधिग्रहण भई यो वर्ष रु.४९ करोड ८७ लाख ७६ हजार समेत रु.४ अर्ब ९९ करोड २४ लाख २८ हजार मुआब्जा वितरण भएको छ। कार्यालयले अधिग्रहण गरेको ५१ बिगाहा जग्गा साविकका जग्गाधनीहरूले विगत वर्षदेखि भोगचलन गरिरहेकोले कार्यालयको नियन्त्रणमा आएको छैन। नेपाल सरकारले मुआब्जा वितरण गरी अधिग्रहण गरेको जग्गालाई कार्यालयको नियन्त्रण र प्रयोजनमा आउने व्यवस्था गर्नुपर्दछ।

अधिग्रहण गर्नुपर्ने बाँकी ११ बिगाहा जग्गामध्ये करिब १ बिगाहा निजी स्वामित्वका र १० बिगाहा स्वबासी र गुठीको नाममा रहेका छन्। जग्गाको मुआब्जाका लागि मुआब्जा निर्धारण समितिले न्यूनतम प्रति कट्टा रु.२४ लाख ६० हजार देखि अधिकतम रु.६७ लाख ७० हजार निर्धारण गरेबमोजिम बाँकी जग्गाका लागि रु.७२ करोड खर्च लाग्ने अनुमान रहेको छ। घरटहराको मुआब्जा निर्धारण र वितरणको कार्य हुन नसकेको एवं अधिग्रहण गर्दा घरधुरीको तथ्यांक नराखेको र हालसम्म पनि ती क्षेत्रमा घरटहरा विस्तार भइरहेकोले थप दायित्व पर्ने देखिन्छ। जग्गा अधिग्रहणको कार्य समयमै टुङ्ग्याउनु पर्दछ।

१४५. **हवाई मर्मतमा महसुल** - भन्सार नियमावली,२०६४ को नियम ७(३) बमोजिम मर्मत गर्न विदेश निकासी गरेको मालवस्तु फर्काई ल्याएपछि मर्मत गर्दा लागेको खर्चबमोजिमको मूल्य र पार्टपुर्जा फेरिएको भए सो बापतको मूल्यलाई भन्सार मूल्य मानी सोमा लाग्ने महसुल र कर रकम असुल गर्नुपर्ने व्यवस्था छ। त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट एक एयरलाइन्स कम्पनीले एयरक्राफ्ट A-३२० को इन्जिन एक विदेशी फर्मबाट मर्मत गरी ल्याँउदा उक्त मालवस्तुलाई भन्सार उपशीर्षक ८४११.१२.०० मा वर्गीकरण गरी सोमा लागेको खर्च रु.४८ करोड ३८ लाख १० हजारमा लाग्ने महसुल तथा कर रु.६ करोड ८३ लाख ६२ हजार छुटका सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ।

दुई दूरसञ्चार कम्पनीले मर्मत गरेका दूरसञ्चारका उपकरणसम्बन्धी पार्टपुर्जा, दुई हवाईसेवा प्रदायकले हवाईजहाजका पार्टपुर्जा र एक हवाईजहाजका पार्टस्को कारोबार गर्ने कम्पनीले हवाईजहाजका टायरसहितका मालवस्तु प्रज्ञापनपत्रबमोजिम पैठारी गरेकोमा सो वस्तु पुनः पैठारी गरेको पुष्ट्याई बेगर कार्यालयले पुनः पैठारीका लागि प्रयोग हुने प्रोस्ड्योर ६०२१ का साथै बिग्रेको मेसिनरी औजारको पार्टस्का लागि प्रयोग गरिने रुल कोड १२४ प्रयोग गरी महसुल रु.४ करोड ३७ लाख ५ हजार त्रिभुवन विमानस्थल भन्सार कार्यालयले छुट दिएको छ। मर्मत गरिएका मालवस्तुमा नियमानुसार भन्सार महसुल लाग्ने तथा बिग्रिएका मेसिनरी औजारको पार्टस्अन्तर्गत हवाईजहाजका टायर तथा पार्टपुर्जाको पैठारी गर्दा रूल कोड १२४ प्रयोग गरी महसुल छुट दिन नमिल्ने हुँदा सो सम्बन्धमा छानबिन गरी छुट महसुल असुल गर्नुपर्दछ।

१४६. **हवाई भाडा समावेश -** भन्सार ऐन, २०६४ को दफा १५ बमोजिम पैठारी गरिने मालवस्तुमा लागेको भाडा रकमलाई पैठारी मूल्यमा समावेश गर्नुपर्दछ। यो वर्ष त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मोबाइल वा स्मार्ट फोनको पैठारी गर्ने १६ पैठारीकर्तामध्ये १४ पैठारीकर्ताले सिआईएफ, सिआईपी, सिआईटी जस्ता शब्दावली बीजकमा उल्लेख भएबमोजिम सो बीजकमा मोबाइलको एकाइ लगतका अतिरिक्त हवाई भाडा र बिमा रकम छुट्टै देखाई एयर वे बिल र बिमा गरेको कागजातमा उल्लिखित मूल्यलाई मोबाईलको पैठारी मूल्यमा समावेश गरेको देखिन्छ। रेड मी ब्राण्डका मोबाइल पैठारी गर्दा २ पैठारीकर्ताले बीजकमा बिमा रकमलाई पैठारी मूल्यमा समावेश गरे तापनि एयर वे बिलबमोजिम हवाई भाडालाई समावेश नगर्नाले पैठारी मूल्यमा हवाई भाडा बापत रु.१५ करोड ३२ लाख २२ हजार समावेश गरी सम्बन्धित भन्सार उपशीर्षक बमोजिम लाग्ने महसुल तथा कर रु.२ करोड ८५ लाख ७५ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१४७. **मेला वा प्रदर्शनीका लागि पैठारी -** आर्थिक ऐन, २०८० को अनुसूची १ को दफा २१ बमोजिम मेला वा प्रदर्शनीको प्रयोजनार्थ निश्चित समयको लागि अस्थायी पैठारी भएका मालवस्तुहरू तोकिएको समयमा फिर्ता नगरेमा स्वदेशमै खपत भएको मानी पैठारी सरह महसुल लिनुपर्ने व्यवस्था छ। त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले अस्थायी पैठारी गरेका मालवस्तु तोकिएको समयमा फिर्ता गरेको नदेखिएकोले पैठारी गर्दाको बखतमा लाग्ने महसुल रु.५ करोड १८ लाख २३ लाख छानबिन गरी असुल गर्नुपर्दछ।

१४८. **बिगो रकम** - भन्सार नियमावली, २०६४ को नियम ५५ (३) बमोजिम म्याद भित्र धरौटी फिर्ताको लागि माग नगरेमा आर्थिक वर्षको अन्तमा राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्रिभुवन विमानस्थल भन्सार कार्यालयले विभिन्न मुद्दामा प्राप्त धरौटी रु.२७ करोड ६३ लाख १ हजार फिर्ता दिनुपर्ने नदेखिएकोले राजस्वमा दाखिला गर्नुपर्दछ। साथै, सुन चोरी पैठारी मुद्धामा जरिबाना रकमलाई सदरस्याहा गरी राजस्व खातामा आम्दानी बाँध्ने निर्णय भएकोमा एक प्रतिवादीले राखेको बिगोबमोजिमको जरिबाना रु.७६ लाख १७ हजारलाई राजस्व खातामा दाखिला नगरेकोले सो रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ।

१४९. **छुट सुविधामा डिजल पैठारी -** आर्थिक ऐन, २०८० को दफा १८(३) बमोजिम भारतीय एक्जिम बैंङ्कको ऋण सहयोगमा निर्माण हुने रवि-भेडेटार सडक निर्माणको ठेक्का पाएको एक निर्माण व्यवसायीलाई उक्त सडक आयोजनाको मास्टरलिष्टबमोजिम ५ लाख लिटर डिजल रानी भन्सार कार्यालयबाट, १६ लाख लिटर डिजल मेची भन्सार कार्यालयबाट पैठारी गर्न दिने निर्णय भएकोमा सो मास्टर लिष्ट संशोधन गरी १७ लाख ५६ हजार लिटर डिजल मू.अ.कर मात्र असुल गरी अन्य करछुटमा पैठारीको लागि अनुमति दिएको देखिन्छ। आयोजनाको माष्टर लिष्टमा २०७८।१।२७ मा १६ लाख लिटर माष्टरलिष्ट भित्र परेको देखिएको र पुनः माष्टरलिष्ट संशोधन गरी १७ लाख ५६ हजार पुऱ्याएकोमा वास्तविक माष्टरलिष्टको परिमाण यकिन गरेको छैन। तसर्थ कर छुट दिँदा माष्टर लिष्ट यकिन गरेर मात्र स्वीकृत दिनुपर्दछ।

साथै पैठारीकर्ताको पत्रबमोजिम माष्टरलिष्टमा १७ लाख ५६ हजार १२२ लिटर रहेकोमा २०८१ असार मसान्तसम्म रानी भन्सार कार्यालयबाट १६ प्रज्ञापनपत्रबाट ३२० किलोलिटर, २०७८।७९ मा १० प्रज्ञापनपत्रबाट २०० किलोलिटर, २०७९।८० मा ६६० किलोलिटर तथा

२०८०।८१ मा ९१२ किलोलिटर गरी हालसम्म २०९२ किलोलिटर अर्थात् २० लाख ९२ हजार लिटर पैठारी गरेकोले माष्टरलिष्ट भन्दा ३ लाख ३५ हजार ८७८ लिटर बढी पैठारी भएको देखिन्छ। उक्त पैठारीमा पछिल्लो पटक पैठारी भएको कारोबारलाई आधार मान्दा छुट भएको महसुल तथा कर मेची भन्सार कार्यालयको रु.९१ लाख १० हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१५०. **विद्युतीय सवारीसाधन -** आर्थिक ऐन, २०८० को दफा २(१) सँग सम्बन्धित अनुसूची-१ को दफा १२ (५) बमोजिम शीर्षक ८७.०२ को प्रयोजनका लागि सीट सङ्ख्या गणना गर्दा नियमित सीट सङ्ख्या र ड्राइभर सीट गणना गरिने तर कण्डक्टर सीट एवं अन्य अतिरिक्त सीट तथा फोल्डिङ्ग सीटलाई गणना नगरिने व्यवस्था छ। रसुवा भन्सार कार्यालयबाट एक पैठारीकर्ताले चीनको एक कम्पनीबाट ११ सीटे के. वाई.सी.भी ५ मोडेलका ८५ विद्युतीय सवारीसाधन पैठारी गर्दा बीजकबमोजिम प्रति सवारीसाधन १५.०२ घनमीटर आयतन तथा १ हजार ५७० किलोग्राम तौल रहेको हुँदा सो सवारीसाधनको भ्यान भन्दा ठुलो नरहेको तथा बीजक, ढुवानी विवरण र प्रज्ञापनपत्रमा प्यासेन्जर भ्यान भनी उल्लेख गरेको साथै अतिरिक्त सीट र फोल्डिङ्ग सीट समेत गणना गरी ११ सीट कायम गरेको हुँदा कानुनबमोजिम ९ सीट कायम हुने हुँदा भन्सार उपशीर्षक ८७०३.८०.५९ बाट महसुल १५ प्रतिशत, अन्तःशुल्क १० प्रतिशत, सडक निर्माण दस्तुर ५ प्रतिशत र मूल्य अभिवृद्धि करसमेत रु.३ करोड ९१ लाख ५२ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

१५१. **ह्याङ्गिङ्ग बास्केट -** रसुवा भन्सार कार्यालयबाट ह्याङ्गिङ्ग बास्केटलाई पैठारीकर्ताले भन्सार उपशीर्षक ८४७४.८०.०० घोषणा गरेकोमा कार्यालयले भन्सार उपशीर्षक ८४२८.१०.०० बाट जाँचपास गरेको छ। ह्याङ्गिङ्ग बास्केटको प्रकृति र आवश्यक लक्षणका आधारमा पैठारीकर्ताले घोषणा गरेजस्तो भन्सार उपशीर्षक ८४७४.८०.०० को माटो, पत्थर वा अन्य धात्विक तत्त्वहरूलाई छुट्याउने, छान्ने, अलग गर्ने, धुने, पेल्ने, पिँध्ने वा मुछ्ने निमित्तका यन्त्रावली तथा कार्यालयले जाँचपास गरेको उपशीर्षक ८४२८.१०.०० को भारी उचाल्ने, चढाउने, ओह्राल्ने, मिलाउने लिफ्ट, एस्केलेटर, कनभेयर, टेलिफेरिक जस्ता यन्त्रावली रहेको देखिँदैन। मेकानिकल कार्य नरहेको उक्त मालवस्तुको प्रयोग केबल स्टेयड पुल तथा अन्य ठुला पुल निर्माणका लागि फर्मवर्क वा मौल्डिङ्ग स्ट्रक्चरका लागि प्रयोग गरिने र बढी उँचाईमा निर्माण कार्य गर्न सहजता दिने प्लेटफर्मको रूपमा प्रयोग गरिने हुँदा सो मालवस्तुलाई यन्त्रावली नरहेकोले भाग ८४ अन्तर्गत वर्गीकरण गर्नमिल्ने देखिँदैन।

भन्सार विभागले ह्याङ्गिङ्ग बास्केटलाई भन्सार उपशीर्षक ७३०८.९०.०० (फलाम/स्पातको स्टक्चरको मालवस्तु) मा वर्गिकरण गर्ने निर्णय गरिसकेको समेत देखिँदा सो मालवस्तु स्पातको स्टक्चरको संरचना भएकोले भन्सार उपशीर्षक ७३०८.९०.०० बाट २० प्रतिशत भन्सार महसुल, प्रति मेट्रिकटन रु.२५०० अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर लगाउनुपर्नेमा यन्त्रवाली सरह जाँचपास गर्दा छुट भएको महसुल तथा कर रु.३ करोड ९० लाख १३ हजार छानबिन गरी असुल गर्नुपर्दछ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

सार्वजनिक ऋणको प्रक्षेपण, सार्वजनिक ऋण नीति तर्जुमा, आन्तरिक ऋण व्यवस्थापन, वैदेशिक ऋण व्यवस्थापन, सेयर तथा ऋण लगानी सम्बन्धी, ऋणपत्रहरूको दोस्रो बजार कारोबारको व्यवस्थापन, सरकारी जमानतको अभिलेख, सार्वजनिक ऋण तथा लगानीको अध्ययन, अनुसन्धान र प्रकाशन गर्ने कार्य जिम्मेवारी सहित २०७५।३।२० मा यो कार्यालयको स्थापना भएको हो।

१५२. **समग्र लक्ष्य तथा प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा बजेट तथा कार्यक्रमको प्रगति समीक्षासम्बन्धी व्यवस्था छ। कार्यालयको यो वर्षको विनियोजित बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. करोडमा)

विवरण	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
आन्तरिक ऋणको सावाँ फिर्ता	१८२५६	१८२५६	१८२५६	१००
वैदेशिक ऋण सावाँ फिर्ता	४२६२	४४०६	४०७२	९२.४१
आन्तरिक ऋणको ब्याज भुक्तानी	९३२३	९३२३	७२८३	७८.१२
वैदेशिक ऋणको ब्याज भुक्तानी	१२१६	१०७१	९२६	८६.४६
संस्थानमा ऋण लगानी	६७६०	७१९८	४१७६	५८.०२
संस्थानमा सेयर लगानी	१४३३	१०५४	६९९	६६.३२
वैदेशिक सेयर लगानी	३५	३५	२२	८६.००
जम्मा	**४१२८५**	**४१३४३**	**३५४३४**	**८५.७१**

उल्लिखित विवरणअनुसार कार्यालयको लागि यो वर्ष वित्तीय एवं ब्याज खर्च तर्फको ९८ क्रियाकलापमा सुरु विनियोजनको ८५.७१ प्रतिशत खर्च भएको छ। यो वर्ष सुरु बजेट विनियोजन नभएका ७ क्रियाकलापका लागि कार्यक्रम संशोधन तथा रकमान्तरबाट रु.२२ करोड बजेट थप गरी खर्च गरेको र १३ क्रियाकलापको लागि सुरुमा विनियोजन भएको बजेट रु.६ अर्ब ३० करोडमा रकमान्तरबाट रु.३३ करोड थप गरेकोमा खर्च भएको छैन। नेपाल सरकारले लिएको ऋणको वार्षिक रूपमा फिर्ता गर्नुपर्ने सावाँ तथा ब्याजको लागि आवश्यक बजेट विनियोजन गरी सम्झौतामा तोकिएको अवधिभित्र सावाँ र ब्याज फिर्ता गर्नुपर्दछ।

१५३. **सार्वजनिक ऋणको लक्ष्य तथा प्रगति -** नेपाल सरकारको सार्वजनिक ऋण प्राप्तिको लक्ष्य एवं प्रगतिको स्थिति निम्नानुसार छः

(रु. करोडमा)

विवरण	२०७८।७९ को प्राप्ति	२०७९।८० को प्राप्ति	२०८०।८१ को		
			लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशत
आन्तरिक ऋण	२३१८५	२५६००	२४०००	२३४४२	९८
वैदेशिक ऋण	१३३०८	११९८६	२१२७५	१२५६७	५९

नेपाल सरकारले यो वर्ष आन्तरिक ऋण रु.२ खर्ब ३४ अर्ब ४२ करोड र वैदेशिक ऋण रु.१ खर्ब २५ अर्ब ६७ करोडसमेत रु.३ खर्ब ६० अर्ब ९ करोड प्राप्त गरेकोमा आन्तरिक ऋणको सावाँ ब्याज रु.१ खर्ब ८२ अर्ब ६२ करोड र वैदेशिक ऋणको सावाँ ब्याज रु.४० अर्ब ७२ करोड समेत रु.२ खर्ब २३ अर्ब ३४ करोड ऋण भुक्तानी गरेको छ। कुल ऋण प्राप्तिमध्ये ३८ प्रतिशत अर्थात् रु.१ खर्ब ३६ अर्ब ७४ करोड ऋण यो वर्ष प्राप्त भएको छ।

१५४. **सार्वजनिक ऋण -** कार्यालयले तयार गरेको नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०८०।८१ अनुसार नेपाल सरकारको ५ वर्षको कुल ऋण दायित्व देहायअनुसार छः

(रु .करोडमा)

शीर्षक	रकम				
	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
वैदेशिक ऋण रु.	८१९६७	९३४६९	१०२५८५	११७२४९	१२५३२०
आन्तरिक ऋण रु.	६१३७३	८०२९४	९८७४५	११२९१०	११८०९०
कुल ऋण रु.	१४३३४०	१७३७६३	२०१३३०	२३०१५९	२४३४१०
वृद्धि प्रतिशत	३७	२१	१६	१४	६
कुल गार्हस्थ उत्पादनमा ऋणको प्रतिशत	३८.०५	४०.७३	४१.५०	४२.७३	४२.६७

नेपाल सरकारको कुल तिर्न बाँकी ऋण २०८१ आषाढ मसान्तमा रु.२४ खर्ब ३४ अर्ब १० करोड रहेको देखिन्छ। सोमध्ये वैदेशिक ऋण रु.१२ खर्ब ५३ अर्ब २० करोड (५१.४९ प्रतिशत) र आन्तरिक ऋण रु.११ खर्ब ८० अर्ब ९० करोड (४८.५१ प्रतिशत) रहेको छ।

१५५. **ब्याज भुक्तानी -** नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन २०८०।८१ अनुसार नेपाल सरकारले लिएको ऋणमा ५ वर्षमा भुक्तानी गरेको ब्याजको स्थिति निम्नानुसार छः

(रु. करोडमा)

विवरण	आर्थिक वर्ष				
	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
आन्तरिक ऋणको ब्याज खर्च रु.	२०८२	२८६४	३७५९	६४५२	७२७७
वैदेशिक ऋणको ब्याज खर्च रु.	५२४	६१७	७४४	८२६	९२६
जम्मा ब्याज खर्च रु.	२६०६	३४६३	४५०३	७२७८	८२०३
वृद्धि प्रतिशत	२६	३३	३०	६२	१३
नेपाल सरकारको बजेट खर्च रु.	१०९११४	११९६६८	१३०९८७	१४२१३३	१३९३४०
बजेट खर्चमा ब्याज खर्चको प्रतिशत	२.३९	२.८९	३.४४	५.१२	५.८८

उल्लिखित तालिकाअनुसार सार्वजनिक ऋणको ब्याज भुक्तानी १३ प्रतिशतले वृद्धि भएको देखिन्छ। वैदेशिक ऋण सहुलियत दरमा लिएपनि विनिमय दर परिवर्तनको कारणले वैदेशिक ऋणको ब्याज खर्च आन्तरिक ऋणको ब्याज खर्चभन्दा बढी हुँदै गएको देखिन्छ। नेपाल सरकारले राजस्वका स्रोत वृद्धि गरी ऋणमाथिको निर्भरता घटाउँदै लैजानुपर्दछ।

१५६. **सेयर तथा ऋण लगानी -** नेपाल सरकारको ऋण दायित्वको वार्षिक प्रतिवेदन, २०८०।८१ अनुसार नेपाल सरकारले २०८०।८१ सम्म सेयर तथा ऋणमा देहायअनुसार रु.८ खर्ब २७ अर्ब ५२ करोड १३ लाख लगानी गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

(रु. लाखमा)

विवरण	२०७९।८०	२०८०।८१ मा			२०८०।८१ सम्म	
	सम्म लगानी	लगानी	समायोजन	फिर्ता	निकाय सङ्ख्या	लगानी
सेयर लगानी	३८६१२०५	७४०१९	१६७११	०	११७	३९५१९३५
ऋण लगानी	३९७०६५०	४१९१०३	६१३५	७२६१०	८४	४३२३२७८
जम्मा	७८३१८५५	४९३१२२	२२८४६	७२६१०	२०१	८२७५२१३

१५६.१ कार्यालयको वार्षिक प्रतिवेदनअनुसार यो वर्ष रु.७ अर्ब ४० करोड सेयर लगानी तथा रु.४१ अर्ब ९१ करोड ३ लाख ऋण लगानी देखिएकोमा वित्तीय विवरणमा सेयर लगानी रु.७ अर्ब २१ करोड तथा

ऋण लगानी रु.३४ अर्ब २९ करोड ७ लाख प्रतिवेदन गरेकोले सेयर लगानी रु.१९ करोड र ऋण लगानी रु.७ अर्ब ६१ करोड ९६ लाख फरक परेको सम्बन्धमा खुलासा गरेको छैन।

१५६.२ अर्थ मन्त्रालयले प्रकाशन गरेको सार्वजनिक संस्थानहरूको स्थिति प्रतिवेदन, २०८१ अनुसार नेपाल सरकारले सेयर लगानी गरेका संस्थानमध्ये रु.८ अर्ब ८३ करोड २ लाख सेयर लगानी भएका ३७ संस्थान तथा रु.२० अर्ब ८८ करोड ८८ लाख ऋण लगानी भएका १७ संस्थान सञ्चालनमा रहेका छैनन्।

१५६.३ नेपाल वायु सेवा निगम ऐन, २०१९ को दफा ५ मा निगमको अधिकृत मूलधन रु.५ करोड रहने र सरकारले राजपत्रमा सूचना प्रकाशन गरी बढाउने व्यवस्था छ। सरकारले अधिकृत मूलधनमा संशोधनबेगर हालसम्म निगममा रु.३ अर्ब १० करोड ३८ लाख ३७ हजार सेयर लगानी गरेको छ। अधिकृत मूलधनभन्दा बढी सेयर लगानी गरेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

१५६.४ नेपाल सरकारले २०८०।८१ सम्म रु.३ खर्ब ९५ अर्ब १९ करोड सेयर लगानी गरेकोमा २०८०।८१ मा १३ संस्थानबाट रु.४६ अर्ब ६० करोड ८५ लाख लाभांश (११.७९ प्रतिशत) प्राप्त भएको छ। उक्त लाभांशमध्ये नेपाल सरकारले सेयर लगानी नगरेको नेपाल दूरसञ्चार प्राधिकरणबाट रु.१२ अर्ब ६४ करोड ६२ लाख प्राप्त भएको कार्यालयले जनाएको छ।

१५६.५ नेपाल सरकारले सेयर तथा ऋण लगानी गरेका संस्थानहरूमध्ये निजीकरण भएका २१ संस्थानमा रु.१ अर्ब ३१ करोड ५५ लाख सेयर लगानी र १६ संस्थानमा रु.३ अर्ब १३ करोड ५५ लाख ऋण लगानी देखाएको छ। ऋण लगानीमध्ये सावाँ रु.३ अर्ब १३ करोड ५५ लाख र ब्याज रु.३ अर्ब ५१ करोड ३ लाखको भाखा नाघेको छ। निजीकरण भएका १५ संस्थानको दायित्व भुक्तानी गर्न नेपाल सरकारले रु.५ अर्ब ५१ करोड ३७ लाख थप लगानी गरेको छ। संस्थानसँगको हिसाब मिलान एवं राफसाफ गर्नुपर्दछ।

१५७. **संस्थानबाट सावाँ तथा ब्याज फिर्ता -** नेपाल सरकारले २०८०।८१ सम्म ६२ संस्थानमा आन्तरिक स्रोतबाट रु.१ खर्ब ५६ अर्ब ३८ करोड र ३७ संस्थानमा वैदेशिक ऋणबाट रु.२ खर्ब ७५ अर्ब ९५ करोड समेत रु.४ खर्ब ३२ अर्ब ३३ करोड ऋण लगानी गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१५७.१ नेपाल सरकारले विभिन्न संस्थान तथा समितिमा गरेको ऋण लगानीमध्ये सावाँ रु.७१ अर्ब ४३ करोड ८० लाख र ब्याज रु.१ खर्ब ९ अर्ब ७४ करोड ४ लाखको भाखा नाघेको छ। भाखा नाघेको ऋणको सावाँ ब्याज नेपाल विद्युत प्राधिकरणको रु.१ खर्ब २४ अर्ब ४ करोड (६८.४७ प्रतिशत) रहेको छ। त्यस्तै रु.१ अर्ब २२ करोड ५० लाख सावाँको भाखा नाघेका गोरखकाली रबर उद्योग, नेपाल ओरियण्ड एण्ड म्याग्नेसाइटलगायत १४ संस्थान र रु.२४ करोड ६४ लाख ब्याजको भाखा नाघेका ५ संस्थान सञ्चालनमा रहेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

१५७.२ नेपाल सरकारले १२ स्थानीय तहमा रु.१ अर्ब १८ करोड ६२ लाख ऋण लगानी गरेकोमा सावाँ रु.१ अर्ब १८ करोड ३० लाख र ब्याज रु.१ अर्ब ७७ करोड ३८ लाखको भाखा नाघेको छ। भाखा नाघेको सावाँ र ब्याज रकम सम्झौताबमोजिम असुल गर्नुपर्दछ।

१५८. **सञ्चित कोषमा थप व्ययभार -** नेपाल सरकारले २०८०।८१ मा वैदेशिक ऋणको सावाँ रु.४० अर्ब ७२ करोड तथा ब्याज रु.९ अर्ब २६ करोड भुक्तानी गरेको छ। सार्वजनिक संस्थानमा गरेको ऋण

लगानी रु.४ खर्ब ३२ अर्ब ३३ करोडमध्ये वैदेशिक ऋणबाट रु.२ खर्ब ७५ अर्ब ९५ करोड लगानी गरेको छ। वैदेशिक ऋणबाट ऋण लगानी गरेका ३४ संस्थानको सावाँ रु.३१ अर्ब २२ करोड र ६ संस्थानको ब्याज रु.६८ अर्ब ६६ करोड समेत रु.९९ अर्ब ८८ करोडको भाखा नाघेको छ। संस्थानहरूबाट ऋण सम्झौतामा उल्लिखित अवधिमा रु.९९ अर्ब ८८ करोड सावाँ र ब्याज फिर्ता नगरे पनि नेपाल सरकारले भुक्तानी तालिकाअनुसार समयमा नै वैदेशिक ऋणको सावाँ र ब्याज सङ्घीय सञ्चित कोषबाट भुक्तानी गरेको छ। नेपाल सरकार र सम्बन्धित संस्थानविच भएको सम्झौताअनुसार लगानी भएको ऋणको सावाँ र ब्याज फिर्ता नभएकोले सङ्घीय सञ्चित कोषमा थप व्ययभार परेको छ। सम्झौतामा उल्लिखित भुक्तानी तालिकाबमोजिम ऋणको सावाँ र ब्याज फिर्ता लिनुपर्दछ। अन्यथा सरकारलाई थप दायित्व सिर्जना भएकोले व्यवस्थित गर्नुपर्दछ।

१५९. **जमानत दिएको ऋण -** नेपाल सरकारले नेपाल वायु सेवा निगमलाई जहाज खरिद गर्नको लागि कर्मचारी सञ्चय कोषलाई रु.२२ अर्ब र नागरिक लगानी कोषलाई रु.१२ अर्बसमेत रु.३४ अर्बको जमानत दिएको छ। निगमले सम्झौताअनुसार ऋण भुक्तानी गर्न नसकेको कारण जमानत दिएको ऋणमा रु.१५ अर्ब ३७ करोड ३७ लाख ब्याज थप भई सावाँ रु.४९ अर्ब ३७ करोड ३७ लाख पुगेको छ। नेपाल सरकारको जमानत प्राप्त गर्ने संस्थाले सम्झौताबमोजिम सावाँ वा ब्याज चुक्ता गर्न नसकेको जति रकम संभावित दायित्वको रूपमा लेखाङ्कन गरेको छैन।

१६०. **ऋण असुली तथा भुक्तानी कार्यतालिका -** कार्यालयको वार्षिक प्रतिवेदन २०८०।८१ सम्म तिर्न बाँकी आन्तरिक ऋण रु.११ खर्ब ८० अर्ब ९० करोड र वैदेशिक ऋण रु.१२ खर्ब ५३ अर्ब २० करोडसमेत रु.२४ खर्ब ३४ अर्ब १० करोड रहेको छ। कार्यालयले २०८१।८२ देखि २०८९।९० सम्म तिर्नुपर्ने आन्तरिक ऋणको भुक्तानी तालिका तयार गरे तापनि वैदेशिक ऋण तर्फको दातागत एवं मुद्रागत रूपमा सावाँ तथा ब्याज भुक्तानी तालिका तयार गरेको छैन। त्यस्तै नेपाल सरकारले ८४ संस्थानमा २०८१ आषाढ मसान्तसम्म रु.४ खर्ब ३२ अर्ब ३३ करोड ऋण लगानी गरेकोमा ती संस्थानले सावाँ र ब्याज भुक्तानी गर्नुपर्ने अवधि र रकम खुल्ने गरी ऋण असुली कार्यतालिका तयार नगरेकोले तमसुकमा उल्लेख भए अनुरूप सावाँ र ब्याज प्राप्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१६१. **हिसाब मिलान -** अर्थ मन्त्रालयले सार्वजनिक गरेको सार्वजनिक संस्थानको वार्षिक समीक्षा स्थिति, २०८१ अनुसार २०७९।८० मा सम्बन्धित संस्थानले देखाएको रकम र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले देखाएको रकममा निम्नानुसार फरक देखिएको छः

(रु. लाखमा)

लगानीको विवरण	संस्थानहरूले देखाएको	कार्यालयको अभिलेखअनुसार	फरक
सेयर लगानी	३७९८२२३	३५६४०४८	२३४१७५
ऋण लगानी	२८१३८५८	३०८५३६४	२७१५०६

१६१.१ नेपाल विद्युत प्राधिकरणमा नेपाल सरकारले २०८०।८१ सम्म रु.१ खर्ब ८१ अर्ब ३३ करोड सेयर लगानी गरेकोमा नेपाल विद्युत प्राधिकरणले रु.२ खर्ब ६ अर्ब ७४ करोड सेयर पुँजी देखाएको छ। कार्यालयको अभिलेखअनुसार नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणमा रु.२ खर्ब ६९ अर्ब ६८ करोड २६ लाख ऋण लगानी देखाएकोमा प्राधिकरणको २०८०।८१ को वित्तीय विवरणमा रु.२ खर्ब ४८ अर्ब २१ करोड ४१ लाख ऋण देखाएकोले प्राधिकरणले रु.२१ अर्ब ४६ करोड ८४ लाख कम ऋण देखाएको छ। नेपाल विद्युत प्राधिकरणबाट २०८०।८१ सम्म ब्याज रु.८६ अर्ब ४२ करोड २४

लाख फिर्ता गर्नुपर्नेमा रु.६ अर्ब २७ करोड ५० लाख फिर्ता भई रु.८० अर्ब ४ करोड ७५ लाखको भाखा नाघेको भए तापनि प्राधिकरणले रु.२९ अर्ब ५४ करोड ८२ लाख मात्र भुक्तानी गर्नुपर्ने देखाएको छ। आवधिक रूपमा हिसाब तयार गरी कार्यतालिकाअनुसार असुल गर्नुपर्दछ।

१६१.२ नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ३९ मा बैङ्कको पुँजी रु.५ अर्ब रहने व्यवस्था भएकोमा कार्यालयको अभिलेखअनुसार नेपाल सरकारले २०८०।८१ सम्म रु.३ अर्ब ३५ करोड सेयर लगानी देखाएकोमा नेपाल राष्ट्र बैङ्कले रु.५ अर्ब लगानी देखाएको छ।

१६२. **ऋण व्यवस्थापन रणनीति -** नेपाल सरकारले ऋण व्यवस्थापन रणनीति संरचनामा आधारित सूचकहरू बमोजिम गरिएको लागत र जोखिमको अवस्था विश्लेषण गरी चार विकल्पमध्ये निम्न सूचक भएको मध्यमकालीन ऋण व्यवस्थापन रणनीति (२०७८।७९-२०८०।८१) अवलम्बन गरी ऋण व्यवस्थापन रणनीतिका आधारहरू तोकेको देखिन्छ। सो रणनीति कार्यान्वयनबाट प्राप्त नतिजाको अवस्था निम्नानुसार छः

जोखिम सूचक		२०८०।८१ को लक्ष्य	२०८०।८१ को प्रगति
कुल ऋण र कुल गार्हस्थ उत्पादन अनुपात		४९.८	४२.६७
ऋणको वर्तमान मूल्य र कुल गार्हस्थ उत्पादन अनुपात		३७.६	३५
ब्याज भुक्तानी र कुल गार्हस्थ उत्पादनको अनुपात		१.१	१.३
आसन्न ब्याजदर प्रतिशत		२.५	३.१
पुनर्वित्तीय जोखिम	एक वर्षमा परिपक्व हुने ऋण (कुल ऋणको प्रतिशतको आधारमा)	१०.९	२०
	एक वर्षमा परिपक्व हुने ऋण (कुल गार्हस्थ उत्पादन अनुपात)	५.४	९.७
	ऋण परिपक्व हुने औसत समयः बाह्य ऋण (वर्षमा)	१५.१	१३.५
	ऋण परिपक्व हुने औसत समयः आन्तरिक ऋण (वर्षमा)	४.७	२.७
	ऋण परिपक्व हुने औसत समयः कुल ऋण (वर्षमा)	११.७	८.९
ब्याजदरसम्बन्धी जोखिम	ब्याजदर हेरफेर हुने औसत समय	११.६	८.९
	एक वर्षमा ब्याज रिफिक्स हुने ऋण (कुल ऋणको प्रतिशतमा)	११.४	२०.४
	निश्चित दरमा आधारित ऋण (ट्रेजरी बिल समेत)ः (कुल ऋण प्रतिशतमा)	९९.५	९९.५
	ट्रेजरी बिल (कुल ऋणको प्रतिशतमा)	६.६	१४.६
विदेशी विनिमय सम्बन्धी जोखिम	बाह्य ऋण (कुल ऋणको प्रतिशतमा)	६२	५१.५
	विदेशी विनिमय सञ्चितिको अनुपातमा बाह्य ऋण (प्रतिशतमा)	२.२	२.३

कार्यालयले रणनीति कार्यान्वयनबाट प्राप्त उपरोक्त नतिजाको आधारमा मध्यकालीन ऋण व्यवस्थापन रणनीति (२०८०।८१-२०८२।८३) कार्यान्वयनमा ल्याएको छ। सार्वजनिक ऋणको दिगोपना विश्लेषण गर्दै वार्षिक ऋण असुली र लगानी योजना तयार गर्ने, सरकारको दायित्व व्यवस्थापनको नियमन गर्ने, हाल प्रचलनमा ल्याएका ऋणपत्रलाई अन्तराष्ट्रिय प्रचलन अनुरूप परिमार्जन गर्ने, ऋणसँग सम्बन्धित नगद प्रवाहको पूर्वानुमान गर्ने गरी रणनीतिको कार्यान्वयन मार्फत तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

सहुलियतपूर्ण कर्जा र ब्याज अनुदानको स्थिति

उत्पादन, उद्यमशीलता र रोजगारी प्रवर्धन गर्न नेपाल सरकारबाट "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" स्वीकृत भई कार्यान्वयनमा आएको छ। कृषि, पशुपालन, स्वरोजगार, महिला उद्यमशीलता, दलित समुदायको सीप प्रवर्धन र लक्षित वर्गका विद्यार्थीको उच्च तथा प्राविधिक शिक्षामा पहुँच पुऱ्याउने यस कार्यक्रमको उद्देश्य रहेको छ। नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैंङ्क तथा वित्तीय संस्थामार्फत रु.५ लाखदेखि रु.५ करोडसम्म कर्जा प्रवाह गरी सरकारबाट ब्याज, कर्जा सुरक्षण शुल्क र बिमा प्रिमियम अनुदान स्वरूप भुक्तानी गर्ने व्यवस्था छ। कर्जाका प्रकार, सीमा, भुक्तानी अवधि, ब्याजदर तथा सर्त अनुसार लक्षित व्यवसायीलाई विभिन्न १० शीर्षकमा ब्याज अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ। सोमध्ये व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकबाट प्रवाह भएको कर्जा सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

कार्यक्रमले साना व्यवसायी, किसान, महिला, युवा, दलित, र भूकम्प पीडित जस्ता लक्षित समूह पहिचान गरी वित्तीय पहुँच प्रदान गर्न आधार दरको २ प्रतिशत प्रिमियममा कर्जा उपलब्ध गराई आर्थिक समावेशीकरण र सामाजिक उत्थानको प्रयास गरेको छ। कृषि, पशुपालन, पर्यटन, साना उद्यम र महिला उद्यमशीलता जस्ता बहुआयामिक क्षेत्रमा विकासको आधार तयार गरी रोजगारी सिर्जना भएको छ। कार्यक्रमबाट २०८१ असार मसान्तसम्म १ लाख २० हजार २७४ लक्षित समूहलाई रु.१ खर्ब २६ अर्ब ८१ करोड कर्जा प्रवाह भएको छ। कार्यक्रमले कृषिमा आधारित सहुलियतपूर्ण कर्जाको सदुपयोग गर्ने कृषकलाई आधुनिक प्रविधि अपनाउन, उत्पादन वृद्धि गर्न, तथा व्यावसायिक खेतीतर्फ आकर्षित गर्न मद्दत गर्नुका साथै समावेशी आर्थिक विकास, औद्योगिक वृद्धि, तथा गरिबी न्यूनीकरण नीति कार्यान्वयनमा सहयोग गरेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

१६३. **अनुदान नीति** - अनुदान उत्पादनशील र पारदर्शी बनाउन सरकारले पन्धौं योजनामा राष्ट्रिय अनुदान नीति तर्जुमा गर्ने उल्लेख गरेको छ। हाल कृषि, स्वास्थ्य, शिक्षा र रोजगारलगायतका क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहबाट अनुदान वितरण हुँदै आएको छ। कृषि मन्त्रालयको कार्यदल प्रतिवेदनले कृषिको व्यवसायीकरणका लागि मूल्य शृंङ्खलामा आधारित पूरक अनुदान प्रभावकारी नभएको उल्लेख गरेको छ। सरकारले अनुदानमा एकरूपता र पारदर्शिता कायम गर्न राष्ट्रिय अनुदान नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

१६४. **कार्यक्रमको क्षेत्र** - सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ हरेक वर्षको बजेट वक्तव्यअनुसार संशोधन हुँदै आएको देखिन्छ। कार्यविधिले २०७५ मा ७ क्षेत्रको कर्जामा ५ देखि ६ प्रतिशतसम्म ब्याज अनुदान दिने व्यवस्था गरेकोमा २०७७।७८ मा बैङ्कबाट प्रवाह हुने सहुलियतपूर्ण कर्जा कार्यक्रमको दायरा बढाएको देखिन्छ। तथापि कर्जाको सुरक्षण र व्यवसाय बिमा प्रिमियम ७५ प्रतिशतबाट ५० मा घटाई सीमित गरेको देखियो। त्यसै गरी २०७८।७९ मा लघु, साना तथा मझौला उद्योग, व्यावसायिक कृषि, युवा र महिला उद्यम तथा वैदेशिक रोजगारबाट फर्किएका जनशक्ति लक्षित गरी कर्जा सीमा र क्षेत्रसमेत विस्तार गरेकोमा २०७९।८० मा विपन्न, दलित र

पिछडिएको क्षेत्रका स्थायी बासिन्दाका लागि अतिरिक्त एक प्रतिशत ब्याज छुटको व्यवस्था गरेको देखिन्छ। कानुनबमोजिम बजेट तथा कार्यक्रम बनाई लागु गर्नुपर्नेमा कर्जाको क्षेत्र तथा सीमा बजेट तथा कार्यक्रमअनुसार संशोधन हुने गरेको देखिन्छ। साथै कार्यक्रमको प्रभावकारिता विश्लेषणमार्फत पुनर्संरचना गर्नुपर्नेमा क्षेत्र र कर्जा सीमा थप गर्दै व्यवसायदेखि आवास निर्माणसम्म समेटेको पाइयो। पर्याप्त अध्ययन तथा विश्लेषणका आधारमा नीति निर्माण गरी कार्यान्वयन औजारको समेत व्यवस्था गर्नुपर्दछ।

१६५. **निकासा तथा खर्च -** नेपाल राष्ट्र बैङ्कले उपलब्ध गराएको शोधभर्ना विवरणअनुसार नेपाल सरकारले यस कार्यक्रमका लागि रु.३० अर्ब ७५ करोड निकासा गरी विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूमार्फत रु.२८ अर्ब ४८ करोड ४३ लाख ब्याज भुक्तानी गरेको छ। कार्यक्रमका लागि निक्षेप तथा कर्जा सुरक्षण कोषलाई हालसम्म रु.६५ करोड ८३ लाख र बिमा प्राधिकरणलाई रु.१३ करोड ३६ लाख भुक्तानी भएको देखिन्छ।

(रु. लाखमा)

आर्थिक वर्ष	निकासा	ब्याज अनुदान भुक्तानी
२०७६।७७	११०४९	१६८३४
२०७७।७८	५०५४५	३८५४४
२०७८।७९	१३०९३६	१०१७४१
२०७९।८०	३००००	५४२२३
२०८०।८१	३००००	२५००१
२०८१।८२	५५०००	४८५००
जम्मा	**३०७५३२**	**२८४८४३**

स्रोतः नेपाल राष्ट्र बैङ्क र अर्थ मन्त्रालय

१६६. **कर्जा प्रवाह -** सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा विभिन्न १० क्षेत्रका कर्जामा ब्याज अनुदान दिने व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरणअनुसार २०७८ देखि २०८१ असार मसान्तसम्ममा प्रवाह भएको सहुलियतपूर्ण कर्जाको विवरण देहायबमोजिम छः

(रु. लाखमा)

वर्ष	ऋणी सङ्ख्या	स्वीकृत कर्जा
२०७८ असार मसान्तसम्म	१०४१०९	१८६८
२०७९ असार मसान्तसम्म	१४७३९३	२५९५
२०८० असार मसान्तसम्म	१४५७७८	२५४१
२०८१ असार मसान्तसम्म	१२०२७४	१८७६

उल्लिखित विवरणअनुसार २०८१ आषाढ मसान्तसमम्म १ लाख २० हजार २७४ ऋणीलाई रु.१८ करोड ७६ लाख सहुलियतपूर्ण कर्जा प्रवाह भएको देखिन्छ। सहुलियत ब्याज अनुदान वितरणमा हुने ढिलाइ, वित्तीय संस्थाहरू सहुलियत कर्जा प्रवाहका लागि उत्साहित नदेखिनुलगायतका कारण कर्जा प्रवाह क्रमशः घट्दै गएको देखिएको छ।

१६७. **ब्याज अनुदान -** सहुलियत कर्जाको ब्याज अनुदान प्रवृत्ति २०७८ असारदेखि २०८१ मड्सिरसम्मको अवधिमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। प्राप्त तथ्याङ्कअनुसार २०७८ असारसम्म ब्याज अनुदान रु.६

अर्ब ७९ करोड ६४ लाख ७९ हजार रहेकोमा २०७९ असारसम्म १५० प्रतिशतले वृद्धि भई रु.१६ अर्ब ९६ करोड ८५ लखा ८ हजार पुगेको छ। त्यस्तै, २०८० असारसम्म रु.२२ अर्ब ३९ करोड ८ लाख १६ हजार र २०८१ असारसम्म रु.२४ अर्ब ८९ करोड ९ लाख ५९ हजार पुगेको छ। उल्लिखित स्थितिले कार्यक्रमको व्यापकता तथा वित्तीय संस्थाहरूको संलग्नता बढेको देखाउँछ। दीर्घकालसम्म सहुलियत ब्याज अनुदान कार्यक्रमको निरन्तरता कायम गर्ने क्षमता विश्लेषण हुनुपर्ने देखिन्छ।

१६८. **व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा -** सहुलियतपूर्ण कर्जा अन्तर्गत व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा २०८१ असार मसान्तसम्म ४६ हजार ३५६ ऋणीको रु.१ खर्ब ११ अर्ब २५ करोड ५९ लाख कर्जा स्वीकृत भएमध्ये रु.८६ अर्ब ८९ करोड ८७ लाख प्रवाह भएको छ। प्रवाह भएको ऋण मध्ये "क" वर्गको बैङ्क तथा वित्तीय संस्थाबाट ४१ हजार ६८९ ऋणीलाई रु.७७ अर्ब ५३ करोड ६१ लाख, "ख" वर्गको बैङ्क तथा वित्तीय संस्थाबाट ४ हजार २०० ऋणीलाई ८ अर्ब ४ करोड ९९ लाख, "ग" वर्गको वित्तीय संस्थाहरूबाट ४४५ ऋणीलाई १ अर्ब २९ करोड ८४ लाख, र "घ" वर्गको वित्तीय संस्थाहरूबाट २२ ऋणीलाई १ करोड ४३ लाख ४९ हजार ऋण लगानी भएको देखिन्छ। व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकमा भएको लगानीको प्रतिफल मूल्याङ्कन हुनुपर्दछ।

१६९. **प्रदेशगत कर्जा प्रवाह -** नेपाल राष्ट्र बैङ्कले २०७७।७८ को मौद्रिक नीतिमा लक्षित क्षेत्र र वर्गमा कर्जाको पहुँच सुनिश्चित गर्ने उद्देश्यले सहुलियतपूर्ण कर्जा प्रवाहमा सन्तुलन कायम गर्न वाणिज्य बैङ्कले कम्तीमा ५ सय वा न्यूनतम प्रति शाखा १० र राष्ट्रियस्तरका बैङ्कले कम्तीमा ३ सय वा न्यूनतम प्रति शाखा ५ मध्ये जुन बढी हुन्छ सोही सङ्ख्यामा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरेको देखियो। नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित विवरण अनुसार २०८१ असार मसान्तसम्म प्रवाह भएको रु.१ करोड भन्दा माथिको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाग्राहीको सङ्ख्या १ हजार २७७ मध्ये कर्णाली प्रदेशमा १२ र सुदूरपश्चिम प्रदेशमा ५५ रहेको छ। तुलनात्मक रुपले सुगम र मानव विकासको सूचकाङ्कमा अगाडि रहेको वाग्मती प्रदेशमा ५८४ र कोशी प्रदेशमा २०३ को सङ्ख्यामा ऋण प्रवाह भएको छ। मधेश प्रदेशमा जम्मा १५९ र लुम्बिनी प्रदेशमा १५५ को सङ्ख्यामा कर्जा प्रवाह भएको छ। नेपाल सरकारको विकाससम्बन्धी नीतिमा विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिइने उल्लेख भएकोमा सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान वितरण सन्तुलित हुनुपर्ने देखिन्छ।

१७०. **ब्याज अनुदान बक्यौता -** मौद्रिक नीतिको कर्जा कार्यक्रमहरूको समीक्षामा २०७५।७६ मा प्रवाह गरिएको कर्जामध्ये २०७६ जेठ मसान्तसम्ममा कृषि तथा पशुपन्छी व्यवसाय कर्जाअन्तर्गत १५ हजार ९१६ व्यवसायीको रु.२९ अर्ब ३६ करोड कर्जा बक्यौता रहेको देखिन्छ। कार्यविधिमा व्यवस्था भएका अन्य क्षेत्रतर्फ प्रवाह भएको कर्जामध्ये ७६६ जना व्यवसायीको रु.४१ करोड ३२ लाख कर्जा बक्यौता रहेको छ। आवश्यक स्रोत व्यस्थापन गरी बक्यौता हिसाब मिलान गर्नुपर्दछ।

१७१. **कर्जा कार्यक्रम सञ्चालन -** कार्यविधिले ऋण परिचालन गर्ने वित्तीय संस्थाहरूलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने, सोको ब्याज हिसाब गणना गरी भुक्तानी लिने, नेपाल सरकारबाट प्राप्त गर्ने ब्याजको मासिक विवरण तयार गरी शोधभर्ना माग गर्ने, कर्जाको प्रकार, उद्देश्य, लगानी रकम, जोखिमको स्तर एवं आवश्यकता अनुसार उपयोग स्थिति निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्नेलगायतका जिम्मेवारी

तोकिएको छ। सहुलियतपूर्ण कर्जा प्रवाहमा संलग्न वित्तीय संस्थाहरूले गरेको क्रियाकलापमा देखिएका बेहोरा निम्नानुसार छन्:

१७१.१ ग्लोबल आई.एम.ई बैङ्क बुढीबजार, पोखरा शाखाबाट दुई साझेदारले निजी घर धितो राखी कृषि फार्म सञ्चालन गर्न रु.१ करोड सहुलियतपूर्ण कर्जा प्राप्त गरी भैंसी पालन गरेकोमा खुद्रा दुध बिक्री आम्दानीबाट क्रमिक रूपमा सावाँ ब्याज चुक्ता गर्दै गरेको पाइयो। व्यवसायीसँगको अन्तर्क्रियामा भैंसी थप गरी दुध उत्पादन वृद्धि गर्नसमेत सहुलियतपूर्ण कर्जा कार्यक्रमले उत्साह प्रदान गरेको प्रतिक्रिया प्राप्त भएको छ।

१७१.२ वित्तीय संस्थाहरूले प्रवाह गरेको कर्जाबाट सञ्चालित व्यवसायको निरन्तर अनुगमन निरीक्षण गरी कर्जाको सदुपयोग बारे अभिलेख अद्यावधिक गर्नुपर्दछ। सिभिल बैङ्क लिमिटेडबाट एक कम्पनीलाई लाइभस्टक, फिसरी लगायतको व्यावसायिक पशुपालन गर्न रु.२ करोड ५० लाख २ वर्षको लागि सहुलियतपूर्ण ब्याज अनुदानमा ऋण उपलब्ध गराएकोमा फार्म सञ्चालन नगरी बन्द रहेको छ।

१७१.३ नबिल बैङ्कले एक मल्टी एग्रो कम्पनीलाई कुल ११३ रोपनी जग्गामा सञ्चालित व्यावसायिक पशुपालनको विस्तारको लागि सोही फर्म धितोमा रहने गरी रु.४ करोड सहुलियतपूर्ण कर्जा प्रदान गरेकोमा उद्देश्यअनुसार व्यवसाय विस्तार नगरी केही रकम पुरानो ऋण भुक्तानीमा प्रयोग गरेको देखियो।

१७१.४ पोखराको एक स्टोर एण्ड पोल्ट्री व्यवसायमा थप पुँजी निर्माणका लागि सहुलियतपूर्ण कर्जा लिएकोमा सोमध्ये रु.६० लाख व्यवसाय सञ्चालन खर्च र पुरानो ऋण भुक्तानीमा प्रयोग गरेको छ।

१७१.५ मुक्तिनाथ विकास बैङ्कले पोखराको एक अर्गानिक कृषि तथा पशु विकास फार्मलाई रु.२ करोड २९ लाख र नेपाल एसबीआई बैङ्कले एक सिड्स कम्पनीलाई रु.७ करोड ८३ लाख सहुलियतपूर्ण कर्जा दिएकोमा पहिले धितो राखी लिएको पुरानो ऋण सहुलियतपूर्ण कर्जामा रूपान्तरण गरेको देखियो। बैङ्कहरूले नगद प्रवाहमा असर नपर्ने गरी पुरानो कर्जालाई सहुलियतपूर्ण कर्जामा रूपान्तरण गर्दा कार्यविधिको पालना गरेको देखिएन।

१७१.६ पोखराको एक कृषि फर्मले ग्लोबल आईएमई बैङ्कबाट व्यावसायिक कुखुरा फार्म सञ्चालनका लागि रु.२० लाख सहुलियतपूर्ण कर्जा लिएकोमा सर्त बमोजिम व्यवसाय सञ्चालन गरेको पाइएन। स्थलगत अनुगमनको क्रममा कुखुरा फार्मसम्म रहेको तर अन्य क्रियाकलाप नभएको अवस्था छ। बिनाधितो जारी भएको सो कर्जा लिने व्यक्ति वैदेशिक रोजगारीमा रहेको पाइयो।

१७१.७ कार्यविधिमा सहुलियतपूर्ण कर्जा जारी गर्दा दोहोरो सुविधा नहुने गरी जारी गर्नुपर्ने उल्लेख भएकोमा एनआइसी एसिया बैङ्कले एक डेरी उद्योगलाई उद्योग धितो राखी दुध तथा दुग्धजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण व्यवसाय विस्तारका लागि रु.८ करोड ९७ लाख ८८ हजार सहुलियतपूर्ण कर्जा प्रवाह गरेकोमा स्थलगत अनुगमनको क्रममा उद्योगले नेशनल लाइभस्टक इन्नोभेशन प्रोजेक्टबाट समेत रु.४० लाख अनुदान लिएको देखियो।

१७१.८ ग्लोबल आईएमई बैङ्कले नर्सरी प्लान्ट व्यवसाय विस्तारका लागि एक एग्रिकल्चर फार्मलाई रु.९० लाख सहुलियतपूर्ण कर्जा प्रवाह गरेकोमा उक्त रकम जग्गा खरिदमा प्रयोग गरेको र एकाघरका अर्को व्यक्तिद्धारा सञ्चालित व्यवसायले समेत एनआईसी एसिया बैङ्कबाट सहुलियतपूर्ण कर्जा लिएको पाइयो। एकाघरका व्यक्तिले २ फार्ममार्फत ऋण कारोबार गरी सहुलियत कर्जा लिए तापनि सम्झौताअनुसार व्यवसायमा लगानी गरेको पाइएन।

१७१.९ सियारी गाँउपालिकाको एक कृषकलाई व्यावसायिक पशुपालनका लागि कृषि विकास बैङ्कबाट रु.३५ लाख सहुलियतपूर्ण कर्जा प्रवाह भएकोमा कृषकले पहिला लिएको कृषि कर्जा सहुलियतपूर्ण कर्जा सुविधा आएपछि पशुपालन कर्जामा सारेको पाइयो।

१७१.१० निर्देशिका बमोजिम बैङ्क तथा वित्तीय संस्थाले ग्राहकबाट ब्याज लिँदा सहुलियत प्राप्त प्रतिशत बराबरको ब्याज रकम घटाई ब्याज लिनु पर्नेमा माछापुच्छ्रे बैङ्कबाट एक फिड्स कम्पनीले पशुपन्छीको आहार दाना उत्पादन तथा बिक्री वितरण उद्योग व्यवसाय विस्तारको लागि पहिला देखि नै लिँदै आएको रु.१० करोड कर्जालाई सहुलियतपूर्ण कर्जामा रूपान्तरण गरेकोमा पुरै ब्याज लिई नेपाल राष्ट्र बैङ्कबाट शोधभर्ना भएपश्चात् सहुलियत रकम फिर्ता दिने गरेको देखियो। सुरुमा ५ वर्षको लागि कर्जा सहुलियत दिने गरी सम्झौता भए पनि अढाई वर्ष मात्रै सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान शोधभर्ना भएको अवस्था छ।

१७२. **आन्तरिक अध्ययन प्रतिवेदन** - नेपाल राष्ट्र बैङ्कले पुनर्कर्जा, व्यवसाय निरन्तरता कर्जा र सहुलियतपूर्ण कर्जाको सदुपयोगिताको अध्ययन गर्न परामर्शदाता नियुक्त गरेको पाइयो। परामर्शदाताले पेस गरेको प्रतिवेदनअनुसार परामर्शदाताले १ लाख ७२ हजार ६५४ ऋणीमध्ये १८.३४ प्रतिशत अर्थात् ३१ हजार ६६४ ऋणीका फाइल तथा १ हजार ८३८ परियोजनाको स्थलगत निरीक्षण गरेको देखिन्छ। अध्ययन प्रतिवेदनमा मूल्याङ्कन गरिएका कर्जामध्ये ७ प्रतिशत ऋणीको रु.६ अर्ब ३५ करोड ६० लाख कर्जा सदुपयोग नभएको, १२ प्रतिशत ऋणीको रु.१८ अर्ब ७४ करोड ९० लाखको कर्जा फाइलमा लक्षित वर्ग पहिचान नभएको, ६ प्रतिशत ऋणीको रु.१० अर्ब ४९ करोड १० लाखमा दोहोरो कर्जा सुविधा उपयोग भएको र ११ प्रतिशत ऋणीको रु.२१ अर्ब २५ करोड ४० लाख कर्जामा दुरुपयोगको आशंका देखिएको उल्लेख छ। साथै व्यावसायिक कृषि तथा पशुपन्छी कर्जातर्फ रु.५ अर्ब ३४ करोड ५४ लाख कर्जा प्रवाह भएका १० हजार ९८१ ऋणीको नमुना परीक्षण गरिएको तथ्य प्रस्तुत गरिएको छ। यसले सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारिता र पारदर्शितामा थप सुधार आवश्यक रहेको देखिन्छ। अध्ययनले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा नमुना परीक्षणको २५.६ प्रतिशत ऋणीले कर्जाको सदुपयोग नगरेको उल्लेख गरेकोमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले नै छानबिन एवं परीक्षण गरी पठाउन पत्राचार गरेकोमा कार्यान्वयन अवस्था मूल्याङ्कन भएको पाइएन।

१७३. **निष्कर्ष तथा सुझाव** - सरकारले सहुलियतपूर्ण कर्जा कार्यक्रम मार्फत व्यवसायीको वित्तीय लागत घटाउँदै राष्ट्रिय आर्थिक वृद्धिमा योगदान पुऱ्याउनुका साथै उत्पादन वृद्धि गर्न उत्प्रेरणा प्रदान गर्ने कार्य गरेको देखिन्छ। कार्यविधि संशोधन, लक्षित वर्ग पहिचान प्रणालीको अभाव, कर्जाको दुरुपयोग र वित्तीय संस्थाको अन्य कर्जामा हुने प्राथमिकता जस्ता अवस्थाले सहुलियतपूर्ण कर्जाबाट अपेक्षित परिणाम प्राप्त हुन सकेको देखिँदैन। सम्बन्धित निकायबिच समन्वय प्रभावकारी बनाउन नसक्दा व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल भएको छैन। यस प्रकारका कार्यक्रमको निरन्तर सञ्चालन, दिगोपनालगायतका विषयलाई ध्यान दिई घोषित कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल हुने गरी कार्यान्वयन गर्नुपर्दछ।

विशेष लेखापरीक्षण

अर्थतन्त्रको अवस्था - विशेष अध्ययन

सरकारको आय र व्यय सम्बन्धी नीति, कार्यक्रम तथा कार्य विवरण अनुरूप सुधारका प्रयासहरू हुँदै आए तापनि नेपालको अर्थतन्त्रको बाह्य क्षेत्र, सार्वजनिक वित्त र वित्तीय क्षेत्रमा देखा परेका दबाब र जटिलतालाई सम्बोधन गर्न सकिएको छैन। मुलुकको आयातमा आधारित राजस्व, तुलनात्मक रुपमा न्यून निकासी र बढ्दो व्यापार घाटाको अवस्थामा रहेको छ। सार्वजनिक खर्चमा वृद्धि हुँदै गए तापनि पुँजीगत खर्च र यसको प्रभावकारिता वृद्धि हुन नसक्नु, पर्याप्त तयारी बिना बजेट प्रस्ताव गर्ने प्रवृत्ति, सार्वजनिक ऋणको मात्रा बढ्दै जानु, भुक्तानी दायित्व उच्च रहनु, वित्तीय हस्तान्तरणमा कमी हुँदै जानु, समपूरक र विशेष अनुदानतर्फ बर्सेनि आयोजना थप भई असीमित दायित्व सिर्जना हुँदै जानु जस्ता विषय मुलुकका विद्यमान चुनौतीका रूपमा रहेका छन्। यो वर्ष अर्थतन्त्रको अवस्था विषयको विशेष अध्ययन गरिएको छ।

सकरात्मक अवस्था

सार्वजनिक वित्त व्यवस्थापनमा रहेका चुनौतीहरूको समीक्षा गरी संघ, प्रदेश र स्थानीय तहसमेतको वित्त संरचना र प्रणालीको सुदृढीकरणका लागि नेपाल सरकारले कार्यान्वयन गर्नु पर्ने नीतिगत, कानुनी र प्रशासनिक सुधारका कार्यहरू हुँदै आएका छन। अघिल्लो वर्ष २०७९।८० र २०८०।८१ मा वैदेशिक व्यापारमा कमी आएकोले शोधनान्तर स्थितिमा सुधार आएको छ। शोधनान्तर स्थिति २०८१ आषाढ मसान्तसम्म रु.५ खर्ब २ अर्ब र चालु खाता रु.२ खर्ब २१ अर्बले बचतमा रहेको छ। प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन यसका बाधा पहिचान गरी सुधार गर्ने, पुँजीगत खर्चको प्रभावकारिता बढाई आर्थिक वृद्धिमा सहयोग पुऱ्याउने, प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै सरकारी लगानीलाई आर्थिक पूर्वाधारमा केन्द्रित गर्ने, बहुवर्षीय ठेक्काको सहमति दिइएका आयोजनाको स्रोत व्यवस्थापन गर्ने, वैदेशिक अनुदान र सहुलियतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्ने, जलवायुसँग सम्बन्धित कोषहरूको परिचालनमा जोड दिने गरी नीतिगत व्यवस्थाको शुरुवात गरिएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

१७४. **आर्थिक वृद्धिदर** - नेपालको विगत पाँच वर्षको आधारभूत मूल्यको वास्तविक औसत आर्थिक वृद्धिदर ४ प्रतिशत भन्दा कम रहेको छ।पछिल्ला वर्षहरूमा नेपालको कुल राष्ट्रिय आय र कुल राष्ट्रिय खर्चयोग्य आम्दानीको अनुपात सन् २०२३।२४ मा १:१.२५ रहेको देखिन्छ। कुल गार्हस्थ उत्पादनसँग कुल पुँजी निर्माणको अनुपात करिब ३० प्रतिशतको हाराहारी रहेको र कुल गार्हस्थ बचतको अनुपात ८ प्रतिशतभन्दा कम रहेको छ। कुल राष्ट्रिय बचत भने हालका वर्षहरूमा ३६ प्रतिशतको हाराहारीमा रहेको देखिन्छ। देशको आन्तरिक उत्पादनभन्दा बढ्दो विप्रेषण आयका कारण कुल गार्हस्थ उत्पादन २०८०।८१ मा रु.५७ खर्ब ४ अर्ब पुगेको छ।

१७५. **सार्वजनिक वित्त** - आर्थिक वर्ष २०८०।८१ मा कुल गार्हस्थ उत्पादन ३.८७ प्रतिशतले वृद्धि हुने अनुमान गरिए पनि निजी उपभोगमा सामान्य वृद्धि भएको र सरकारी क्षेत्रको पुँजीगत लगानी वृद्धि हुन नसक्दा समष्टिगत माग वृद्धि हुन नसकेको, निजी लगानी, उत्पादन, रोजगारी र आयमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ। उत्पादनमूलक उद्योग तथा निर्माण व्यवसाय क्षेत्रमा वृद्धिदर नकारात्मक

देखिएको, थोक तथा खुद्रा व्यापार, सवारी साधन मर्मत सेवामा नगण्य सुधार भएको र औद्योगिक कच्चा पदार्थ, फलाम, स्टील, विद्युतीय सामान र निर्माण सामग्रीको आयात घटेको कारणले गत वर्ष भन्सार विन्दुमा संकलन हुने राजस्व र आन्तरिक उत्पादन तथा बिक्री वितरण तहबाट संकलन हुने मूल्य अभिवृद्धि कर तथा आयकर असुली घटेको छ। कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्न नसकिएको, कर्जाको गुणस्तर बढाउन र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख्नु, वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणहरूमा लचकता कायम गर्न वित्तीय क्षेत्रको नियमन प्रभावकारी हुनसकेको छैन।

वित्तीय क्षेत्रमा स्थायित्व कायम गर्दै वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणमा लचकता कायम गर्ने, वित्तीय क्षेत्रको नियमनलाई प्रभावकारी बनाउने, वित्तीय सहकारीको नियमन, वैदेशिक ऋण र अनुदानलाई प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गर्ने, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउने, युवाहरूलाई स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्ने, विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने, औद्योगिक व्यावसायिक वातावरण बनाउन सबै किसिमका व्यवसाय, प्राइभेट फर्म, साझेदारी र कम्पनी एकै निकायमा दर्ता हुने गरी एकल दर्ता निकाय स्थापना गर्ने, प्रविधिमा आधारित शिक्षा, स्वरोजगार, डिजिटल वित्तीय सेवा प्रवर्द्धन, निर्यात प्रवर्द्धन, विदेशी लगानी आकर्षण, क्षेत्रीय साझेदारी विस्तार गर्न जरुरी भएको छ। समुदायको तल्लो तहमा पुगेर मानिसको खाद्यान्न, उपचारजस्ता आधारभूत आवश्यकताको परिपूर्तिमा सघाउन तथा लघु, साना तथा घरेलु उद्योगमा लगानी बढाउने र कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्ने, कर्जाको गुणस्तर बढाउन र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख, वित्तीय साधनको लागत घटाउने गरी वित्तीय क्षेत्रको नियमन प्रभावकारी बनाउने तथा वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउनु पर्दछ।

१७६. **राजस्व परिचालन** - वित्तीय संघीयता कार्यान्वयन भएको ६ वर्षको अवधिमा राजस्व असुली सन्तोषजनक रहेको देखिँदैन। आर्थिक वर्ष २०७५।७६ बजेट बक्तव्य साथ पेस भएको अनुसूचीमा राजस्व लक्ष्य कुल गार्हस्थ उत्पादनको २४.५ प्रतिशत निर्धारण गरिएकोमा असुली २१.५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०।८१ मा राजस्व लक्ष्य करिब कुल ग्राहस्थ उत्पादनले २४.९ प्रतिशत निर्धारण गरिएकोमा असुली करिब १८.५ प्रतिशत रहेको छ। आर्थिक कृयाकलापमा देखिएको शिथिलताले करयोग्य आय घटेको छ। उत्पादनशील क्षेत्रको लागि बैङ्क तथा वित्तीय क्षेत्रबाट गरिएको कर्जा लगानीको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा लगाइएको हुँदा जोखिमपूर्ण कर्जाको मात्रा बढ्दै गई बैकिङ्ग क्षेत्रको करयोग्य आय घटेको र निजीक्षेत्रको ब्याज खर्च वृद्धि भएकोले प्राइवेट लिमिटेड कम्पनी र एकल स्वामित्वका फर्महरूको करयोग्य आय बर्सेनि घटेकोले कर राजस्व परिचालन न्यून भएको छ। राजस्व परिचालनको गतिलाई पुरानो लयमा ल्याउन नीतिगत परिवर्तन, कर प्रणालीमा सुधार तथा प्रशासनिक दक्षता अभिवृद्धिमा सरकारको ध्यान जानुपर्ने देखिन्छ।

१७६.१ आर्थिक वर्ष २०८०।८१ मा कर राजस्वको लक्ष्य रु.१३ खर्ब ५ अर्ब रहेकोमा असुली रु.९ खर्ब ४४ अर्ब (७२.३४ प्रतिशत) रहेको छ। तलब तथा ज्यालादर सूचकांङ्कमा आएको कमी, व्यवसायीहरूले कारोबार गर्दा बीजक जारी नगर्ने बीजक गरे तापनि न्यून कारोबार मूल्य राख्ने र अधिकांश कारोबारको खरिद तथा बिक्री कारोबार अनौपचारिक रुपमा हुने जस्ता कारणहरूले गर्दा लक्ष्यबमोजिम आयकर असुली हुन सकेको देखिँदैन। कर सहभागिता अभिवृद्धि गर्न विभिन्न प्रवर्धनात्मक र निरोधात्मक तथा नीतिगत र प्रशासनिक सुधार गर्नु आवश्यक रहेको छ।

१७६.२ मूल्य अभिवृद्धि करलाई आन्तरिक राजस्व परिचालनको मुख्य आधार बनाउने नीति राखी आर्थिक वर्ष २०८०।८१ मा यसको लक्ष्य रु.४ खर्ब २६ अर्ब तोकिएकोमा आन्तरिक स्रोतबाट रु.१ खर्ब ३० अर्ब र पैठारीबाट रु.१ खर्ब ८० अर्ब गरी कुल रु.३ खर्ब १० अर्ब (७२.७७ प्रतिशत) असुल भएको छ। जसअनुसार आर्थिक वर्ष २०८०।८१ को असुली २०७८।७९ को असुलीभन्दा पनि कम रहेको देखिन्छ। कुल मूल्य अभिवृद्धि करमा आन्तरिक स्रोतको मूल्य अभिवृद्धि करको अंश करिब ४२ प्रतिशत रहेको छ। उत्पादनमूलक उद्योगको कारोबारमा कमी आएको कारणले उत्पादन तहको मूल्य अभिवृद्धि करको अंश २०८०।८१ मा करिब ११.७ प्रतिशत रहेको छ। जुन विगत छ वर्षको सबैभन्दा न्यून हो। करदाताको स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न कर प्रशासनले जोखिम व्यवस्थापन रणनीतिलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ। कारोबारको सूचना तेस्रो पक्षबाट समेत संकलन गरी कर जोखिम विश्लेषण गर्न कर प्रशासनले सूचना प्रविधिको प्रयोग गरी प्रणालीगत सुधार गर्नु आवश्यक रहेको छ।

१७६.३ जनस्वास्थ्य र वातावरणमा नकारात्मक असर पार्ने वस्तुहरूको उत्पादन र उपभोग नियन्त्रण गर्न अन्तःशुल्क लगाउने गरी आर्थिक वर्ष २०८०।८१ मा यसको लक्ष्य रु.२ खर्ब ७ अर्ब रहेकोमा आन्तरिक स्रोतबाट रु.१ खर्ब ९ अर्ब र पैठारीबाट रु.३७ अर्ब गरी कुल रु.१ खर्ब ४६ अर्ब (७०.५३ प्रतिशत) अन्तःशुल्क असुल भएको छ। यस वर्षको असुली आर्थिक वर्ष २०७८।७९ को भन्दा पनि न्यून रहेको देखिन्छ। पर्याप्त भौतिक पूर्वाधार नभएका कम्पनीहरूलाईसमेत उद्योग विभागले दर्ता गरिदिने र प्रभावकारी नियन्त्रण प्रबन्ध नगरी आन्तरिक राजस्व विभागबाट मदिरा तथा सुर्तिजन्य पदार्थको उत्पादन इजाजत दिने गरेको पाइन्छ। अनुसन्धान तथा छानबिन गर्ने प्राविधिक, कानुनी र प्रशासनिक कर्मचारीहरूको दक्षता बढाइ अन्तःशुल्कको योगदानमा वृद्धि गर्नुपर्दछ।

१७६.४ वैदेशिक व्यापारमा आधारित भन्सार महसुललगायतका अन्य करहरूको असुली पनि लक्ष्यअनुरूप हुन सकेको छैन। आर्थिक वर्ष २०८०।८१ सोको लक्ष्यमा रु.२ खर्ब ६० अर्बको रहेकोमा जम्मा रु.१ खर्ब ६७ अर्ब (६४.२३ प्रतिशत) असुल भएको छ। कानुनी परिपालना प्रशासनिक तथा प्राविधिक पूर्वाधारको कमीले गर्दा पैठारी हुने मालवस्तुहरूको निरन्तर निगरानी गर्ने सो मालवस्तुमा निहित राजस्व जोखिम पहिचान गर्ने र जोखिम विश्लेषण गरी तत्काल कार्यवाही गर्ने कार्यमा सुधारको खाँचो रहेको छ। भन्सार जाँचपास परीक्षणलाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्दछ।

१७७. **कर परीक्षण** - आन्तरिक राजस्व विभागले व्यावसायिक कारोबारमा सक्रिय रहेका व्यावसायिक करदाताहरूमध्ये आर्थिक वर्ष २०७५।७६ मा करिब ०.३१ प्रतिशत करदाताको करपरीक्षण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा जम्मा ०.२२ प्रतिशतको मात्र करपरीक्षण गरेको छ। कुनै करदाता प्रत्येक वर्ष छनोट हुने र कुनै करदाता छनोटमा नपर्ने अवस्था रहेको छ। छनोट भएका करदाता पनि सोही वर्ष करपरीक्षण नभई अर्को वर्ष जिम्मेवारी सार्ने परिपाटीले गर्दा वर्षौंदेखि जिम्मेवारी सर्दै आएका कतिपय करदाताको करपरीक्षणको औचित्य नै समाप्त हुने अवस्था छ। सामान्य अवस्थामा करदाताले आय विवरण पेश भएको चार वर्षभित्र करपरीक्षण गरीसक्नु कानुनी प्रबन्ध रहेको हुँदा कतिपय करदाताहरूको म्याद जान लागेको वर्षमा करपरीक्षण हुने गरेकाले करपरीक्षणको गुणस्तर सुधार हुन सकेको छैन। छनोट गरिएका करदाताको करपरीक्षण राफसाफ गर्ने र कार्यालयको कार्यबोझ र जनशक्ति व्यवस्थापनमा सुधार गरी जुन आर्थिक वर्षमा छनोट गरिएको हो, सोही आर्थिक वर्षमा करपरीक्षण सम्पन्न गर्ने कार्यनीति अख्तियार गर्नुपर्दछ।

१७८. **बक्यौता कर असुली** - आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०।८१ सम्म आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र अन्य करसमेत आन्तरिक राजस्व विभाग र मातहततर्फको बक्यौता लगत रु.२ खर्ब ५४ अर्ब पुगेको छ। सो बक्यौतामध्ये विभाग, राजस्व न्यायाधिकरण र अदालतहरूमा करिब रु.१ खर्ब २४ अर्ब बराबरको कर निर्धारण विचाराधीन रहेको र रु.१ खर्ब ३० अर्ब बक्यौता असुल गर्न सकिने अवस्थाको देखिन्छ। करदाताले आफैंले घोषणा गरेको करदायित्व पनि समयमा दाखिला नगर्ने, लामो अवधिसम्म बक्यौता राख्दा सोमा कानुन बमोजिम लाग्ने थपदस्तुर, शुल्क तथा ब्याज र जरिबाना आदि आर्थिक ऐनहरूमार्फत थपदस्तुर, शुल्क तथा ब्याज र जरिबाना आदि मिनाहा गरिदिने प्रवृत्तिले गर्दा कर सहभागिता स्तरमा सुधार हुन सकेको छैन। बक्यौता असुलीलाई उच्च प्राथमिकतामा राखी कानुनी प्रक्रिया सुरु गर्ने, बक्यौता लगत अद्यावधिक गर्ने, बक्यौता असुलीको लागि सरकारी निकायहरूबिच समन्वय र सहकार्य गर्ने र सरकारले मिनाहा दिने तर व्यवसायमा संलग्न भइरहेका करदाताहरूले सुविचारित ढङ्गले समयमा कर दाखिला नगर्ने र त्यस्ता बक्यौताहरूको थपदस्तुर, शुल्क, ब्याज र जरिबाना आदि वर्षेनि मिनाहा गर्ने सरकारी प्रवृतिले गर्दा करदाताहरू निष्कृय हुने क्रम बढेको देखिन्छ।

१७९. **अन्तर्राष्ट्रिय व्यापार** - नेपालको अन्तराष्ट्रिय व्यापार विगतदेखि नै घाटामा रहँदै आएको छ। देशमा आन्तरिक उत्पादन कम हुनु र भरपर्दा निर्यातक वस्तुहरूको अभावमा आयात सधैं बढी र निर्यात घटी हुँदा वर्षेनि व्यापार घाटा वृद्धि रहेको छ। विगत पाँच वर्षको तथ्याङ्कअनुसार वार्षिक निर्यात रु.२ खर्ब भन्दा नाघ्न नसकेको तर आयात रु.२० खर्बसम्म पुगेको अवस्था छ। नेपालबाट निर्यातहुने वस्तुहरूको प्रकृति हेर्दा अप्रशोधित वा न्यूनप्रशोधित र तौल तथा आयतन बढी हुने तथा मूल्य अभिवृद्धि न्यून हुने वस्तुहरू रहेका देखिन्छन् भने आयाततर्फ विलासिताका वस्तुहरू, इन्धन र दैनिक उपभोग्य वस्तुहरू सवारी साधन बढीमात्रामा रहेका छन्। उच्च मूल्य र प्रतिस्पर्धात्मक क्षमता भएका आन्तरिक उत्पादनमा वृद्धि गरी निकासी प्रवर्धन गर्नुपर्दछ।

१८०. **राजस्व परिचालन** - समग्रमा वित्त प्रणाली सञ्चालन र स्रोत परिचालनको कार्यसम्पादनस्तर तथा पुँजीगत खर्च गर्ने क्षमता समेत कमजोर हुँदै कुल गार्हस्थ उत्पादनमा वृद्धि हुने तर राजस्व वृद्धिदर ऋणात्मक हुने जस्ता विरोधाभाषपूर्ण अवस्थासमेत देखिएका छन्। आर्थिक वर्ष २०७९।८० को कर राजस्व असुली कोभिड-१९ अवधि (आर्थिक वर्ष २०७७।७८) को कर राजस्वभन्दा पनि न्यून रहेको र आर्थिक वर्ष २०८०।८१ मा सङ्कलन भएको कुल कर राजस्व रु.९ खर्ब ४४ अर्ब आर्थिक वर्ष २०७८।७९ को (रु.९खर्ब ८४ अर्ब) भन्दा पनि कम हुन गएको छ। आर्थिक वर्ष २०७५।७६ मा कर राजस्व कुल गार्हस्थ उत्पादनको करिब १९.०१ प्रतिशत रहेको, गैरकर राजस्व, अन्य प्राप्ति र अनुदान गरी २.९९ प्रतिशत रहेको र आर्थिक वर्ष २०८०।८१ मा कर राजस्व घटेर १६.५६ प्रतिशत र गैरकर राजस्व, अन्य प्राप्ति र अनुदान गरी १.९ प्रतिशत रहेको छ। राजस्वले चालु खर्च पनि घान्न नसक्ने र बढ्दो वित्तीय घाटा पूर्ति गर्न आन्तरिक तथा बाह्य ऋण लिनु पर्दा बर्सेनि ऋणको सावाँ र ब्याज भुक्तानी दायित्व वृद्धि भइरहेको छ। सरकारले सार्वजनिक खर्चको विनियोजन कुशलता तथा कार्यान्वयन दक्षतामा सुधार गर्दै राजस्व परिचालनमा थप सुधार गरी बजेट घाटालाई वाञ्छित सीमामा राखु पर्नेमा पुँजीगत खर्च गर्ने क्षमतामा ह्रास आएको छ। जसले गर्दा पुँजी निर्माण तथा राष्ट्रिय आय, उत्पादन र रोजगारी वृद्धिमा गुणात्मक असर पार्न सकेको छैन।

१८१. **तीनै तहका सरकारको आय व्यय** - तीनै तहका सरकारको २०८०।८१ को आय-व्ययको स्थिति निम्नअनुसार छः

(रु. लाखमा)

बेहोरा	सङ्घ	प्रदेश	स्थानीय	जम्मा
राजस्व	९५१२९८४	९२९९८७	१५४३५९	१०५९७३३०
अन्य आय	१३२२०५५	१३३२४६	२६००३७	१७१५३३८
जम्मा	**१०८३५०३९**	**१०६३२३३**	**४१४३९६**	**१२३१२६६८**
चालु खर्च	९२९१२६४	७२०२७०	२७९६८३८	१२८०८३७२
पुँजीगत खर्च	१९२०२७४	११२०८३२	१४३७५६४	४४७८६७०
वित्तीय व्यवस्था	२७२२४७८	०	३५०२	२७२५९८०
जम्मा	**१३९३४०१६**	**१८४११०२**	**४२३७९०४**	**२००१३०२२**
वित्तीय हस्तान्तरण	३३९४१६२	२१२०९८	०	३६०६२६०
खुद खर्च	१०५३९८५४	१६२९००४	४२३७९०४	१६४०६७६२

सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारहरूको कुल खर्च रु.१६ खर्ब ४१ अर्ब र आम्दानी रु.१२ खर्ब ३१ अर्ब रहेकोले वित्तीय घाटा रु.४ खर्ब १० अर्ब पुगेको छ। कुल गार्हस्थ उत्पादनसँग तुलना गर्दा कुल खर्च करिब २८.७६ प्रतिशत र आम्दानी करिब २१.५८ प्रतिशत भई करिब ७.१९ प्रतिशत वित्तीय घाटा रहेको देखिन्छ।

सङ्घीय सरकारको पुँजीगत खर्च २०७९।८० मा रु.२ खर्ब ३४ अर्ब रहेकोमा २०८०।८१ मा रु.१ खर्ब ९२ अर्ब अर्थात २० प्रतिशतबाट घटी १४ प्रतिशत पुगेको छ भने वित्तीय व्यवस्था खर्चको अंश करिब १२ प्रतिशतबाट २० प्रतिशत पुगेको छ। विगत छ वर्षमा पुँजीगततर्फ विनियोजित बजेटमध्ये ४८.३१ प्रतिशतदेखि ७६.९३ प्रतिशतसम्म खर्च भएको देखिन्छ। शासकीय संरचनामा भएको परिवर्तनसँगै चालु खर्चको आकार बढ्दै जाने र राजस्व परिचालन न्यून हुँदै गएकाले वित्तीय घाटा पूर्ति गर्न आन्तरिक तथा बाह्य ऋणको मात्रा वृद्धि भइरहेको छ। यसले गर्दा ऋणको सावाँ र ब्याज भुक्तानी दायित्व समेत निरन्तर वृद्धि भइरहेको छ। वित्तीय व्यवस्था खर्च २०७६।७७ मा कुल ग्राहस्थ उत्पादनको २.२२ प्रतिशत रहेकोमा २०८०।८१ मा बढेर ४.७९ प्रतिशत पुगेको छ।

१८२. **चालु खर्च तथा अनिवार्य दायित्व** - सरकारको राजस्व असुली, अनिवार्य दायित्व र खर्चको अवस्था विश्लेषण गर्दा चालु खर्च बढ्नुमा अधिकांश खर्चहरू अनिवार्य रूपले खर्च गर्नुपर्ने प्रतिबद्ध खर्चहरू रहेका छन्। सामाजिक सुरक्षा, सहायता र पेन्सनलगायतका सुविधामा गरिएको खर्च २०७७।७८ मा रु.१ खर्ब ५६ अर्ब रहेकोमा २०८०।८१ मा रु.२ खर्ब २७ अर्ब अर्थात् कुल गार्हस्थ उत्पादनको ३.९८ प्रतिशत रहेको छ। उक्त खर्च २०७७।७८ को तुलनामा ४४.५९ प्रतिशत वृद्धि भएको छ। सरकारले गर्नुपर्ने चालु खर्च राजस्वले पूर्ति गर्नुपर्नेमा अनिवार्य दायित्वसमेत धान्न नसक्ने अवस्था देखिएको छ।

(रु. लाखमा)

विवरण	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
तलब र सुविधा	११९१२८४	१३७७७०९	१५७७९९७	१५४६६८४
वित्तीय हस्तान्तरण	३९७०९८७	४०६०७४७	३९७३६०३	३३९४२३५
सामाजिक सुरक्षा र सहायता	१५६४९३०	२२५३२३२	२१८९३९५	२२६६८३५
अन्य चालु खर्च	१७३४९७२	१८५१४८०	२१७४०७०	२०८३५१०
आन्तरिक ऋणको सावाँ भुक्तानी	३६९०११	४७३३७८	११५०९४८	१८२५५७४
बाह्य ऋणको सावाँ भुक्तानी	२३३२९२	२९४१५९	३४६१८०	४०७२२१

विवरण	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
कुल अनिवार्य दायित्व रकम	९०६४४७६	१०३१०७०५	११४१२१९३	११५२४०५९
ऋण तथा सेयर लगानी	**६१३९२३**	**६२७१७३**	**४४४८२७**	**४८९८८२**
कुल चालु खर्च	**९६७८३९९**	**१०९३७८७८**	**११८५७०२०**	**१२०१३९४१**
कुल राजस्व	**९३५८८७७**	**१०६५३४२८**	**१०१०६५११**	**१०५२९१३०**
चालु खर्चको लागी नपुग रकम	**(३१९५२२)**	**(२८४४५०)**	**(१७५०५०९)**	**(१४८४८११)**

स्रोतः अर्थ मन्त्रालय

अनिवार्य दायित्व भुक्तानीको लागिसमेत वित्तीय व्यवस्थामा निर्भर रहनु परेकोले खर्च नीतिमा सुधार गर्नुपर्दछ।

१८३. **सार्वजनिक ऋण** - सार्वजनिक ऋणको लागत कम गर्दै वित्तीय जोखिम कम हुने गरी उच्च प्रतिफल दिने क्षेत्रहरूमा यसको परिचालन आवश्यक भएपनि तयारी विनाका आयोजनामा पनि ऋणको उपयोग गरिनु, ऋण परिचालन क्षमता कमजोर हुनु, प्रतिबद्धताअनुसार ऋण प्राप्त नहुनु, सरकारको रकम खर्च भइसकेकोमा सोको शोधभर्ना पनि लिन नसक्नु रहेका छन्। साथै राजस्व परिचालनमा सुधार हुन नसक्नु, सर्तसहितको ऋण स्वीकार गर्नु, विदेशी विनिमयसम्बन्धी जोखिम बढ्नु, सार्वजनिक ऋण सम्बन्धमा स्पष्ट कानुनी व्यवस्थाको अभाव हुनु आदि रहेका छन्।

आन्तरिक ऋणतर्फ पनि एक वर्षसम्म भुक्तानी अवधि भएको ट्रेजरी बिलको अंश बढी हुनु, अल्पकालीन अवधिको ऋण दायित्व धेरै भई पुनर्निष्काशनको समयमा ब्याजदर सम्बन्धी जोखिम बढेर जानु आदि समस्याहरू विद्यमान रहेका छन्। नेपालको सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४२ प्रतिशतको हाराहारीमा पुगेकोछ। विगत केही वर्षको वैदेशिक ऋण र आन्तरिक ऋणको प्रवृति बढ्दो क्रममा रहेको छ। २०८१ आषाढ मसान्तसम्म आन्तरिक ऋण रु.११ खर्ब ८१ अर्ब र वैदेशिक ऋण रु.१२ खर्ब ५३ अर्बसमेत जम्मा रु.२४ खर्ब ३४ अर्ब पुगेको छ। आयोजना/परियोजनाको लाभबाट आय आर्जन गरी ऋणको सावाँ ब्याज भुक्तानी गर्नुपर्नेमा आयोजना नै सम्पन्न गर्न नसकिँदा राज्यले अन्यन्त्र ऋण खोजी पुरानो ऋण सावाँ ब्याज सहित चुक्ता गर्नु परेको छ। यसले राज्यलाई दीर्घकालसम्म ऋणीको रूपमा रहन बाध्य बनाउने गर्छ। नेपाल जस्ता देशलाई प्रतिफलमुखी भौतिक पूर्वाधार विकासका क्षेत्र मा वैदेशिक ऋण परिचालन गर्न जोड दिनुपर्दछ।

१८४. **नियमनकारी निकायको कार्यसम्पादन** - आर्थिक वृद्धिको प्रमुख स्रोत वित्तीय तथा बिमा उपक्षेत्र हो जसले आर्थिक वृद्धिमा १२ प्रतिशत योगदान दिएको छ। नियमनकारी निकायहरूको कार्य निगरानी तथा निरीक्षण गर्नु, सार्वजनिक सेवाहरूको गुणस्तर सुनिश्चित गर्नु र उपभोक्ता अधिकारको संरक्षण गर्नु हो। यस्ता निकायहरूको कार्यसम्पादन सम्बन्धमा देखिएका प्रमुख बेहोरा देहायअनुसार छन्:

१८४.१ अर्थ व्यवस्थामा मुद्राको परिमाण, लागत र तरलता व्यवस्थापनको कार्य मौद्रिक नीतिमार्फत सम्बोधन गरिन्छ। वित्तीय स्थायित्व प्राप्त गर्न प्रयोग हुने औजारहरूमा नगद निक्षेप अनुपात, कर्जा-धितोमूल्य अनुपात, कर्जा आम्दानी अनुपात, लिभरेज अनुपात आदि रहेका छन्। कुल गार्हस्थ उत्पादनमा कर्जाको अनुपात बढ्दै जाँदा यसले अर्थ व्यवस्थामा अस्थिरता निम्त्याउने र जोखिम बढाउने भएकोले यो अनुपात हेरी नेपाल राष्ट्र बैङ्कले सतर्कताका साथ मौद्रिक नीति सञ्चालन गर्ने गरेको छ। वैदेशिक रोजगारी मार्फत प्राप्त भएको विदेशी मुद्रा देशमै शिक्षा तथा स्वास्थ्यक्षेत्रको विकासका साथै भौतिक पूर्वाधार संरचना निर्माण र विकासमा खर्च गर्न र स्थानीय स्रोतहरूको परिचालन गरी वैकल्पिक निर्यातका वस्तु तथा

सेवाको विकास गर्न सकिने विषयमा विश्लेषण भएको छैन। बैङ्क तथा वित्तीय संस्थाहरूको निष्कृय कर्जा बढिरहेको अवस्थामा संस्थाहरूको लगानी तथा असुलीको विश्लेषण र प्रभावकारी अनुगमन हुन सकेको छैन। विगत एक दशकको तथ्याङ्क विश्लेषण गर्दा हालका वर्षमा निष्क्रिय कर्जा बढेको व्यावसायिक क्रियाकलापमा शीथिलता आएको र मापदण्डभन्दा बाहिरका कमसल परियोजनाहरूमा गरिएको लगानीका सम्बन्धमा नियामकीय भूमिका प्रभावकारी हुन सकेको छैन। नियमनकारी निकायहरूको क्षमता र दक्षता अभिवृद्धि गर्दै नियमनकारी निकायहरूको प्रणाली चुस्त, दुरुस्त बनाउनुपर्दछ।

न्यून वित्त परिचालनका सिलसिलामा सरकारले ट्रेजरी बिल जारी गर्दा ब्याजदर बढी भएमा सरकारको लागत बढ्ने हुँदा केन्द्रीय बैङ्कले ब्याजदर कम बनाई सरकारको लागत कम गर्न ध्यान दिनुपर्दछ। वित्त नीति सञ्चालन गर्दा थप लगानी बढाउन लगानीयोग्य रकमको आवश्यकता पर्ने भएकोले त्यसमा मौद्रिक नीति सहयोगी हुनुपर्ने, मुद्रास्फीति बढ्दै गएमा बजेट कार्यान्वयनको लागत बढ्ने र पूर्वनिर्धारित बजेटबाट प्रस्तावित आयोजना सम्पन्न नहुने अवस्था हुन्छ। सरकारले विशेषतः उत्पादनशील क्षेत्रमा स्रोतको परिचालन गर्ने, साना तथा मझौला उद्यमहरूको विकास लगायतमा ऋण प्रवाह तथा कृषिक्षेत्रको विकासमा राष्ट्र बैङ्कले सहयोग गर्नुपर्ने र सैद्धान्तिक रूपमा एउटै निकायले मुद्रा प्रदायकको काम गर्ने र मुद्रास्फीतिको तथ्याङ्क पनि तयार गरी सार्वजनिक गर्ने कार्य अन्तर्राष्ट्रिय असल अभ्यासमा पर्दैन। विज्ञ निकायहरूबाट परिसोचन भएका तथ्याङ्कलाई आधार मानि मूल्य आँकलन गरिनुपर्दछ।

१८४.२ नेपालमा जीवन बिमामा सावधिक, एकल तथा आजीवन बिमाको कभरेज १७.२ प्रतिशत छ भने म्यादी बिमाको कभरेज १८.७ प्रतिशत र वैदेशिक रोजगार बिमा ७ प्रतिशत रहेको छ। यसअनुसार अझै ५७.१ प्रतिशत नागरिक बिमामा आबद्ध हुन बाँकी छन्। बिमा क्षेत्र वित्तीय क्षेत्रको महत्त्वपूर्ण अङ्ग भए तापनि नेपालमा यसको योगदान उल्लेख्य छैन। कुल गार्हस्थ उत्पादनमा बिमा क्षेत्रको योगदान करिब ३ प्रतिशत रहेको छ। दुर्गम क्षेत्रमा बिमा सेवा प्रदान गर्न स्थानीय तहमा कार्यलयहरू खोल्नुपर्ने र सञ्चालन लागत बढ्न जाने भएकोले स्वयं बिमक कम्पनीहरू पुगेका छनन्। कृषि बिमामा सरकारी अनुदानको व्यवस्था भए पनि त्यसप्रति कृषकहरूको आकर्षण न्यून रहेको अवस्था छ। मौसम तथा जलवायु परिवर्तनले कृषि क्षेत्रको जोखिम बढ्ने र यो वहन गर्न बिमा प्रिमियम पनि बढी लाग्ने भएकोले बिमक कम्पनीहरू पनि यसमा त्यति उत्साहित रहेको देखिँदैन।

बिमा व्यवसायमा एक्चुअरीलगायतका दक्ष जनशक्तिको अभाव रहेको छ। स्वदेशी विश्वविद्यालयका पाठ्यक्रमहरूमा बिमा वा एक्चुअरीसम्बन्धी विषयले प्राथमिकता पाएको छैन। बिमा प्राधिरकण र प्रायः सबै बिमा कम्पनीको कोषमा राखेको अवस्था छ। यो कोषमा रहेको रकम उत्पादनशील क्षेत्रमा लगानी हुन सकेको छैन। बिमा कम्पनीहरूले बिमाबापतको सङ्कलित प्रिमियमको निश्चित सिमाभन्दा बढी रकम वाणिज्य बैङ्कको मुद्दती खातामा जम्मा गरेर ब्याज लिन नपाइनेमा ब्याज आम्दानी लिइरहेका छन्। विकास निर्माण र भौतिक आधारशीलाहरूको विकासमा सो रकम परिचालन गरेर बिमा कम्पनीहरूको आम्दानी बढ्न गई रोजगरीसमेत वृद्धि गराउनुपर्दछ।

१८४.३ आर्थिक वर्ष २०८०।८१ को अन्त्यसम्म ७४ सरकारी ऋणपत्रमार्फत रु.७ खर्ब १६ अर्ब ९४ करोड नेप्सेमा सूचीकरण भएको र दोस्रो बजारमा रु.७ अर्ब ४४ करोडको कारोबार भएको छ। आर्थिक वर्ष २०८०।८१ मा सूचीकृत संस्थागत र सरकारी ऋणपत्रको संख्या १४८ पुगेको छ। धितोपत्र बजारको

सञ्चालकको रुपमा रहेका नेपाल स्टक एक्सचेन्ज र सी.डी.एस्. क्लियरिङ्ग लिमिटेडको संरचनात्मक सुधार गरी व्यावसायिक बनाउने चुनौती विद्यमान छ।

धितोपत्र बजारमा बारम्बार देखिने भित्री कारोबारलाई थप स्पष्ट एवं पारदर्शी र व्यवस्थित बनाउन सकेको छैन। जल विद्युत उत्पादन गर्ने कम्पनीहरूको हकमा यस्ता कम्पनीमा कति प्रतिशत सर्वसाधारणको लागि छुट्याउन पर्ने भन्ने स्पष्ट व्यवस्था छैन। प्रवर्धकहरूकले सुरुमा सर्वसाधारणलाई सेयर खरिद गर्न प्रोत्साहन गर्ने र लक इन अवधि समाप्त भए लगत्तै आफ्ना सेयरहरू बेची कम्पनी छोड्ने र सो रकम अर्को आयोजनामा सार्ने प्रवृत्ति देखिएको छ। यसबाट सर्वसाधारणहरूको लगानी जोखिममा परेकोले उक्त समस्याको तत्काल सम्बोधन हुनुपर्दछ। धितोपत्र बजारमा विकास भएका नयाँ उपकरणहरू इक्विटी डेरिभेटिभ्स, इण्डेक्स फण्ड, एक्सचेन्ज ट्रेडिङ्ग, जस्ता विषय भित्र्याउनु जरुरी देखिएकोछ। वस्तु विनियम बजार हालसम्म प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छैन। यसतर्फ ध्यान दिनु जरुरी छ।

१८५. **सार्वजनिक संस्थान सञ्चालन** - नेपालमा अस्तित्वमा रहेका ४४ सार्वजनिक संस्थानहरूमध्ये ४२ सञ्चालनमा रहेका छन्। सञ्चालनमा रहेकामध्ये करिब आधा जति घाटामा सञ्चालन भइरहेका छन्। एकातर्फ सार्वजनिक स्वामित्व भई सार्वजनिक हित, कल्याण तथा सेवामा लाग्नु पर्ने र अर्कोतर्फ उद्यमशीलता र व्यावसायिकता प्रदर्शन गरी उत्पादित बस्तु तथा सेवाको बजारीकरण गरी आत्मनिर्भर हुनुपर्ने हुँदा सार्वजनिक संस्थानहरू कार्य योजनामा स्पष्ट हुन सकेका छैनन्। उद्देश्यमा अस्पष्टता, स्वायत्तता र नियन्त्रणबिचको अवस्था र उच्च व्यवस्थापनमा पेसाविद्को न्यून सहभागिताका कारणले नतिजा दिन नसकेको अवस्था छ। उद्देश्यमा स्पष्टता नहुँदा कतिपय संस्थानहरूको काममा द्विविधा भएको, दोहोरोपना देखिएको र समन्वयको अभाव हुने गरेकोले संस्थानको कार्यक्षेत्र, अधिकार र स्वायत्ततामा ध्यान दिनु जरुरी छ। यस्ता संस्थानहरू यथास्थितिमा सञ्चालन गरिरहँदा सरकारको अवसर लागत बढेको छ। संगठन सुधारका रणनीतिहरू अनुसरण गरी नीतिगत, कानुनी, रणनीतिगत र संरचनागत सुधारका कार्यहरू गर्नुपर्दछ। सञ्चालक समिति छरितो, विज्ञ र पेसाविद्हरुको बाहुल्यता हुने गरी सुधार गर्नु जरुरी छ।

सार्वजनिक संस्थानहरूको कोषमा व्यवस्था नभएको दायित्व बढ्दै गएको छ। यो दायित्व अन्ततः सरकारले बेहोर्नुपर्ने जोखिम रहेको छ। कतिपय संस्थानहरूमा ठुलो रकम विभिन्न कोषमा निष्क्रिय न्यून प्रतिफल आउने गरी राखेको देखिन्छ। उत्पादनशील क्षेत्रमा सो रकम प्रवाह गराई आय, उत्पादन र रोजगारी सिर्जना गर्न सकिनेमा सो भएको छैन। सार्वजनिक संस्थानहरूको पुनःसंरचना गर्नु पर्ने देखिए पनि यसको लागि विज्ञहरूबाट सम्पत्ति, दायित्व तथा नेटवर्थ यकिन नगरेको र कतिपय संस्थानहरूले वर्षौंसम्म लेखापरीक्षण नगराएको अवस्था छ। मर्जर वा एक्विजिसन प्रक्रियामार्फत संख्या घटाउन र निजीकरण गरिएका सार्वजनिक संस्थानहरूको अवस्था अध्ययन गरी तिनको यथार्थता यकिन गर्न सकिएको छैन। केहि संस्थामा चालु पुँजीको अभावले व्यावसायिक करोबार विस्तार गर्न समस्या परिरहेको छ। सार्वजनिक संस्थानहरूको यस प्रकारका व्यावसायिक सम्पत्तिको व्यवस्थापन तथा संरक्षण गर्ने र व्यावसायिक प्रयोगमा ल्याउने कार्यमा सरकारको ध्यान जानुपर्दछ।

१८६. **निष्कर्ष तथा सुझाव** - अर्थतन्त्रमा देखिएको शिथिलता सुधार गर्न सरकारले लिएका आर्थिक, वित्त र मौद्रिक नीतिले समष्टिगत आर्थिक स्थितिमा सुधार हुन सकेको छैन। वित्तीय क्षेत्रमा रहेको लगानीयोग्य पुँजीको उपयोग हुन नसकेको र विगतमा भएका लगानीको जोखिम निरन्तर रूपमा उच्च हुँदै गएको

देखिन्छ। सरकारले तत्कालै अर्थतन्त्रलाई गतिशील बनाउन लगानीमैत्री वातावरण, राज्यका संस्थाहरूको सबलीकरण, नियामकीय व्यवस्थाहरूको कार्यान्वयन, सार्वजनिक आय परिचालनमा सुधार, सार्वजनिक खर्चमा वित्तीय अनुशासन, उच्च प्रतिफल र उत्पादनशील क्षेत्रमा लगानी बढाउन र अर्थतन्त्र विस्तारका लागि वित्तीय उत्प्रेरक नीतिको तर्जुमा र कार्यान्वयन गर्न आवश्यक देखिन्छ। समग्र माग बढाउन सार्वजनिक खर्चलाई औचित्यपूर्ण र थप प्रभावकारी बनाउने गरी प्राथमिकीकरण गर्ने, पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्ने, उत्पादनमा आधारित राजस्वमा जोड दिने, ऋणको प्रभावकारी उपयोग गर्ने, वित्तीय जोखिम कम गर्ने तथा लगानीको वातावरण सिर्जना गरी आर्थिक वृद्धिलाई गति दिने, उत्पादनशील क्षेत्रमा लगानी बढाउने लगायतका उपाय अवलम्बन गर्नुपर्दछ।

अन्य संस्था र समिति

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति

नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एम.सी.सी.) बिच २०७४ भाद्र २९ मा भएको कम्प्याक्ट (सम्झौता) ५ वर्ष भित्र कार्यान्वयन गर्ने निकायको रूपमा मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति(गठन) आदेश, २०७४ अनुसार समितिको स्थापना भएको हो। सम्झौताबमोजिम अमेरिकी सरकारले अमेरिकी डलर ५०० मिलियन र नेपाल सरकारको तर्फबाट अमेरिकी डलर १३० मिलियन बराबरको रकम विनियोजन गर्नुपर्ने व्यवस्था रहेकोमा इम्प्लिमेन्टेशन लेटरमार्फत संशोधन गरी नेपाल सरकारबाट ब्यहोरिने रकम अमेरिकी डलर १९७ मिलियन कायम भएको छ। उक्त रकम ३१८ किलोमिटर विद्युत प्रसारण लाइन तथा सबस्टेसन निर्माण, ७७ किलोमिटर सडकको फुल डेप्थ रिक्लेसन प्रविधिबाट मर्मतसहित कुल १३० किलोमिटर सडकको मर्मत तथा स्तरोन्नति गर्ने कार्यमा खर्च गर्ने लक्ष्य रहेको छ।

१८७. **बजेट र खर्च -** समितिको यो वर्षको स्रोतगत खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

कार्यक्रमको नाम	बजेट			खर्च		
	एम.सी.सी.	नेपाल सरकार	जम्मा	एम.सी.सी.	नेपाल सरकार	जम्मा
प्रसारण लाइन निर्माण	१३७४०६	६४३३७	२०१७४३	१५१२२	११९	१५२४१
सडकमर्मत तथा संभार	९६३९	१४७४	११११३	४०४	२	४०६
अनुगमन मूल्याङ्कन	९८१	-	९८१	२		२
कार्यक्रम व्यवस्थापन र प्रसारण	८५८३	६३९	९२२२	४५५१	२८६	४८३७
जम्मा	**१५६६०९**	**६६४५०**	**२२३०५९**	**२००७९**	**४०७**	**२०४८६**

उपर्युक्त विवरणबमोजिम यो वर्ष एम.सी.सी. र नेपाल सरकार दुवै स्रोतबाट रु.२२ अर्ब ३० करोड ५९ लाख खर्च गर्न परियोजनाको लक्ष्य रहेकोमा रु.२ अर्ब ४ करोड ८६ लाख अर्थात् लक्ष्यको ९.१८ प्रतिशत खर्च भएको छ। यो परियोजना कार्यान्वयन भएपश्चात् तोकिएको समयमा उपलब्धि हासिल नगरेमा परियोजनाको अवधि थप हुनेसम्बन्धी प्रावधान नभएकोले यस वर्षको करिब ९० प्रतिशत कार्य आगामी वर्षको लागि थप भएको देखिन्छ। अतः आयोजना सञ्चालनको कार्यतालिकाअनुसार कार्य गराउने व्यवस्था मिलाउनुपर्दछ।

१८८. **वित्तीय व्यवस्था र खर्च -** सम्झौताको धारा २ बमोजिम कार्यक्रम कार्यान्वयन सुरु भएको ५ वर्षभित्र कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा पछिल्लो कार्यान्वयन पत्रबमोजिम एम.सी.सी.ले नेपाल सरकारलाई कम्प्याक्ट डेभलपमेन्ट फण्डिङ्गको लागि अमेरिकी डलर ४०.५० मिलियन र कार्यक्रम कार्यान्वयनको लागि अमेरिकी डलर ४५९.५० मिलियनभन्दा बढी नहुने गरी अनुदान रकम उपलब्ध गराउने र नेपाल सरकारले अमेरिकी डलर १९७ मिलियन आयोजना कार्यान्वयनका लागि विनियोजन गर्नुपर्ने व्यवस्था छ। सम्झौताबमोजिम सिडिएफ (कार्यान्वयन पूर्वको खर्च) को लागि व्यवस्था भएको कर्पोरेसन तर्फको अमेरिकी डलर ४०.५ मिलियन र नेपाल सरकारतर्फको अमेरिकी डलर४० मिलियनमध्ये सो चरणको समाप्ति पश्चात् बचत भएको अमेरिकी डलर १ करोड ६५ लाखसमेत कार्यान्वयन चरणको अमेरिकी डलर ४५९.५० मिलियनमा समावेश गरेकोमा सिडिएफ चरण र कार्यान्वयन चरणको पहिलो वर्षसम्मको खर्चको स्थिति निम्नानुसार छः

(रकम अमेरिकी डलर हजारमा)

क्र.सं.	खर्च शीर्षक	वित्तीय योजना (बहुवर्षीय)		हालसम्मको खर्च	
		एम.सी.सी.	नेपाल सरकार	एम.सी.सी.	नेपाल सरकार
१	प्रसारण लाइन	३९९२८९	१८३१३२	२११६०	१७२०९
२	सडक मर्मत सम्भार परियोजना	५२२८५	२६७१	२०७७	५७२
३	अनुगमन मूल्याङ्कन	७७२२		१	०
४	कार्यक्रम व्यवस्थापन र प्रशासन	४०७०४	१११९७	१४११७	६२२९
	जम्मा	**५००००० **	**१९७०००**	**३७३५५**	**२४०१०**

सिडिएफ तर्फ एम.सी.सी. स्रोतको अमेरिकी डलर २४.०२२ मिलियन र नेपाल सरकार तर्फ अमेरिकी डलर २३.७९६ मिलियनसहित यो वर्ष सम्म एम.सी.सी.स्रोततर्फ अमेरिकी डलर ३७.३५५ मिलियन र नेपाल सरकार स्रोततर्फ अमेरिकी डलर २४.०१ मिलियन समेत जम्मा खर्च अमेरिकी डलर ६१.३६५ मिलियन भएको देखिन्छ। सिडिएफ चरणमा खर्च गर्नुपर्ने अमेरिकी स्रोत र नेपाल सरकार स्रोततर्फ क्रमशः अमेरिकी डलर १६.४७८ मिलियन र १६.२०४ समेत अमेरिकी डलर ३२.६८२ मिलियन खर्च नभएकोले कार्यक्रम कार्यान्वयन चरणमा थप गरेको हुँदा कार्यान्वयन चरणको कुल रकम एम.सी.सी. र नेपाल सरकारतर्फ क्रमशः अमेरिकी डलर ४७५.९७८ मिलियन र १७३.२०४ मिलियन पुगेको देखिन्छ। सम्झौता कार्यान्वयनको पहिलो वर्षसम्म नेपाल सरकारको १२.१९ प्रतिशत खर्च भइसक्दा एम.सी.सी.को ७.४७ प्रतिशतमात्र खर्च भएको देखिन्छ। सम्झौताबमोजिमका क्रियाकलापहरूमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१८९. **ठेक्का व्यवस्था -** परियोजना सञ्चालनको लक्ष्य र हालसम्मको ठेक्का अवस्थाको विवरण निम्नानुसार छः

परियोजनाको नाम	लागत अनुमान (अमेरिकी डलर हजारमा)	सम्झौता रकम (अमेरिकी डलर हजारमा)	सम्झौताको अन्तिम मिति
सबस्टेसन निर्माणतर्फ			
रातामाटे सवस्टेसन	९५४५० (सबै)	५१६१५	अक्टुवर २१, २०२७
न्यु बुटवल		३५३६१	सेप्टेम्बर २०, २०२७
दमौली सवस्टेसन		३८८९६	नोभेम्बर २२, २०२७
प्रसारण लाइनतर्फ			

परियोजनाको नाम	लागत अनुमान (अमेरिकी डलर हजारमा)	सम्झौता रकम (अमेरिकी डलर हजारमा)	सम्झौताको अन्तिम मिति
लप्सीफेदी — रातामाटे - न्यू हेटौंडा खण्ड	५४७०० (आधारभूत)	बोलपत्र आव्हानभई खरिद सम्झौता हुन बाँकी।	
	४४८०० (विकल्प)		
रातामाटे - न्यु दमौली खण्ड	७९६००		
न्यू दमौली - न्यु बुटवल	८५१००		
न्यू बुटवल - भारतको सीमा	१४४३०	१२९५५	नोभेम्वर २०२७
सडक निर्माणतर्फ कार्य सुरु हुन नसकेको।			

१८९.१ परियोजनाले ३१८ किलोमिटर ४०० केभिए विद्युत प्रशारण लाइन निर्माणको लागि अमेरिकी डलर २२ करोड ६ लाख लागत अनुमानसहित बोलपत्र आह्वान गरेकोमा अमेरिकी डलर ३६ करोड ५९ लाख अर्थात् ६५.८६ प्रतिशत बढी कबोल भएकोले सबै बोलपत्रहरू रद्द भएका छन्।

१८९.२ समितिले उक्त परियोजनाको डिजाइनसमेत परिवर्तन गरी सो परियोजनाबाट १८ किलोमिटर बुटवल-गोरखपुर अन्तरदेशीय प्रशारण लाइनको लागि अलग खण्ड तयार गरी ३१८ किलोमिटरको लागि अमेरिकी डलर २७ करोड ८६ लाख ३० हजारको लागत अनुमान तयार गरेको छ। यसबमोजिम १८ किलोमिटर. बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको लागत अनुमान अमेरिकी डलर १ करोड ४४ लाख ३० हजार रहेकोमा नोभेम्वर २०२७ भित्र निर्माण सम्पन्न गर्ने गरी अमेरिकी डलर १ करोड २९ लाख ५५ हजारमा एक निर्माण कम्पनीसँग सम्झौता गरेको छ। बाँकी २९७ किलोमिटर प्रसारण लाइन निर्माणको लागि तीन प्याकेजमा अमेरिकी डलर २६ करोड ४२ लाखको लागत अनुमान तयार गरी बोलपत्र आव्हान भएकोमा खरिद सम्झौता हुन सकेको छैन। त्यस्तै सबस्टेसनतर्फ रातामाटे, न्यू बुटवल र दमौली सबस्टेसनको अमेरिकी डलर ९ करोड ५४ लाख ५० हजारको लागत अनुमान भएकोमा अमेरिकी डलर १२ करोड ५८ लाख ७२ हजार अर्थात् लागत अनुमानभन्दा ३१.८७ प्रतिशत बढीको बोलपत्र स्वीकृत गरेको देखिन्छ। यी सबस्टेसन र अन्तरदेशीय प्रसारण लाइनमा समेत जग्गा अधिग्रहणलगायतका कार्यहरू सम्पन्न नहुँदा निर्माण कार्य सुरु भएको छैन।

१८९.३ त्यसै गरी ७७ किलोमिटर सडक फुल डेप्थ रिक्लेमेसन प्रविधिबाट मर्मत सहित कुल १३० किलोमिटर सडकको मर्मत गर्ने लक्ष्य रहेकोमा वातावरणीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत भए तापनि अन्य कुनै प्रगति भएको छैन। आयोजना कार्यान्वयनमा भौतिक प्रगति नभए तापनि करिब ८ प्रतिशत वित्तीय खर्च भएकोमा उक्त खर्च प्रशासनिक, मुआब्जा वितरण तथा पेस्की भुक्तानी एवं परामर्श सेवामा भएको देखिन्छ। तोकिएको समयमै आयोजना सम्पन्न नभएमा सरकारलाई अतिरिक्त व्ययभार पर्न जाने हुँदा कार्ययोजना बनाई तोकिएको समयमै आयोजना सम्पन्न गर्नुपर्दछ।

१९०. **दायित्व व्यवस्थापन** - सम्झौताअनुसार कार्यान्वयन सुरु भएको ५ वर्षभित्र कार्यसम्पन्न गर्नुपर्ने र सम्पन्न नभएमा सिर्जना भएको दायित्व नेपाल सरकारले बेहोर्नुपर्ने देखिन्छ। आयोजना कार्यान्वयन अवधि २०८५।५।१२ सम्म रहेकोमा प्रसारण लाइन तथा सबस्टेसनको ठेक्का समेतबाट अमेरिकी डलर २२ करोड ५ लाख ८६ हजारको दायित्व सिर्जना भइसकेको छ। खरिद प्रक्रिया सुरु भई कारबाही टुङ्गो लाग्ने चरणमा पुगेको कार्यको समेत दायित्व सिर्जना हुने अवस्था रहेकोले सम्झौता अवधिमा तोकिएको स्रोतबाट भुक्तानी गरी नेपाल सरकारलाई थप दायित्व बाँकी नपर्ने व्यवस्था मिलाउनुपर्दछ।

१९१. **पूर्वसर्त -** सम्झौताको दफा ७, कम्प्याक्टको अनुसूची ४ मा सिडिएफको भुक्तानी गर्ने सर्तहरू तथा अनुसूची ५ मा सम्झौताका सर्तहरू कार्यान्वयनमा ल्याउनका लागि अतिरिक्त पूर्वसर्तहरू उल्लेख छ। सम्झौतामा उल्लेख भएका पूर्वसर्तहरूमध्ये जग्गा अधिग्रहण एवं रुख कटानी र आयोजना निर्माणस्थलमा पहुँचलगायत सिडिएफ चरणमा सम्पन्न गर्नुपर्ने पूर्वसर्त पूरा नगरी २०८० भाद्र १३ बाट कार्यान्वयन चरणमा प्रवेश गरेको छ। सिडिएफ चरणका पूर्वसर्तका उल्लिखित कार्यहरूमा कार्यान्वयन चरणमा प्रवेश गर्दासमेत उल्लेखनीय प्रगति हुन सकेको छैन। कार्यान्वयन चरणको १८ महिना पूरा हुँदा प्रसारणलाइन निर्माणको २९८ किलोमिटर तथा सडक परियोजनाको सम्झौता हुन सकेको छैन। सबस्टेसन निर्माणको सम्झौता भए तापनि निर्माण कार्य सूरु हुन सकेको छैन। मुख्य अंशको निर्माण व्यवसायी नै छनोट नभई १८ महिना व्यतीत भएकोमा निर्माण पूर्वको तयारी पूरा नगरी ठेक्का लगाएकोले सम्झौता अवधिमा निर्माण सम्पन्न गर्न कार्यतालिका निर्माण गरी पाँच वर्षे अवधिमा आयोजना सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१९२. **कार्यान्वयन पत्र -** सम्झौताको दफा ३.५ मा समयसमयमा एम.सी.सी.ले एम.सी.सी. कोष वा आयोजनाको कार्यान्वयनको विषयमा सरकारलाई कार्यान्वयन पत्र मार्फत् सुझाव दिनसक्ने र नेपाल सरकारले त्यस्ता सुझाव प्रयोगमा ल्याउनुपर्ने व्यवस्था देखिन्छ। सोही दफाको सम्बन्धमा संसदबाट पारित व्याख्यात्मक घोषणामा सम्झौताको कार्यान्वयन गर्ने सम्बन्धमा मात्र सो व्यवस्था लागु हुने उल्लेख छ। एम.सी.सी.ले विभिन्न कारण देखाई लागत बढेको भनी कार्यान्वयन पत्र जारी गरी नेपाल सरकारले ब्यहोर्नुपर्ने रकम ६७ मिलियन अमेरिकी डलर वृद्धि गरी १९७ मिलियन अमेरिकी डलर हुनुपर्ने प्रस्ताव गरेकोमा नेपाल सरकारले स्वीकार गरेको देखिन्छ। सम्झौताको बुदाँ नं ६.२क बमोजिम पक्षहरूको लिखित सहमतिमा मात्र यस सम्झौताका प्रावधानहरूको संशोधन गर्न सक्ने र सो संशोधन लागु गर्ने सम्झौतामा उल्लिखित व्यवस्थाबमोजिम हुने उल्लेख छ। कार्यक्रम कार्यान्वयन भइसकेपश्चात खर्च भएको रकमको अनुमोदन गर्ने गरी वा सम्झौतामा भएको व्यवस्थाभन्दा फरक रूपमा सर्त तथा प्रावधानको संशोधन गर्दा यसबाट पर्ने प्रभाव विश्लेषण गरेको छैन। सम्झौतामा भएको प्रावधान परिवर्तन गर्दा लागत लाभको विषयमा ध्यान दिनुपर्दछ।

१९३. **परामर्श खर्च-** समितिमा प्रमुख वित्तीय अधिकृत १, वित्तीय व्यवस्थापन विशेषज्ञ २, आन्तरिक नियन्त्रक विज्ञ २ र खरिदतर्फ कार्यक्रम व्यवस्थापक १ तथा खरिद विशेषज्ञ ३ जनाको दरबन्दी र पदपुर्ति भएको देखिन्छ। विद्यमान जनशक्तिबाट नै लेखा राख्न र भुक्तानी सिफारिस गर्न एवं भुक्तानी दिन तथा खरिद कार्यको व्यवस्थापन गर्न सक्ने भए तापनि वित्तीय प्रतिनिधि (फिस्कल एजेन्ट) र खरिद प्रतिनिधि (प्रोक्योरमेण्ट एजेन्ट) को रूपमा दुवै भूमिकामा एक विदेशी परामर्शदातासँग अमेरिकी डलर ७५ लाख ६८ हजार वित्तीय एजेन्टको लागि र खरिद एजेन्टको लागि अमेरिकी डलर ८५ लाख २९ हजार भुक्तानी गर्ने गरी समयबद्द (टाइमवेस) सम्झौता गरेको छ।

यो वर्ष फिस्कल एजेन्टतर्फ अमेरिकी डलर ६ लाख ७० हजार अर्थात् रु.८ करोड ९२ लाख १३ हजार समेत हालसम्म अमेरिकी डलर ३९ लाख ६३ हजार तथा खरिद एजेन्टतर्फ यो वर्ष अमेरिकी डलर ९ लाख ३४ हजारसमेत हालसम्म अमेरिकी डलर ४५ लाख १८ हजार खर्च भएको देखिन्छ। यसरी वित्त र खरिदमा कार्यालयमै प्रर्याप्त जनशक्ति उपलब्ध रहेको साथै खरिद गर्न र भुक्तानी गर्नकै निमित्त एकै परामर्शदाता नियुक्ति गर्दा स्वार्थ बाझिने अवस्था हुन सक्ने र सेवा खरिदमा भएको खर्चभन्दा खरिद परामर्शदाताको भुक्तानीको खर्च बढी भई आयोजनालाई खर्चको भार बढ्न गएको छ।

१९४. **सुपरिवेक्षण परामर्शदाता -** समितिले विभिन्न प्रसारण लाइन तथा सबस्टेसन निर्माण कार्यको सुपरिवेक्षणको लागि परामर्शदाता नियुक्त गरेकोमा प्रसारण लाइनको खरिद प्रक्रियामा सहयोग गर्ने, ट्रान्समिसन लाइन र सबस्टेसनको निर्माण कार्यको सुपरिवेक्षण गर्ने र न्यू बुटवलदेखि नेपाल भारत सीमासम्ममा १८ किलोमिटर प्रसारण लाइनको सुपरिवेक्षण गर्ने कार्यक्षेत्र राखी एक विदेशी परामर्शदातासँग १४ सेप्टेम्बर २०२३ मा अमेरिकी डलर ८४ लाख ३३ हजार ६९० को सम्झौता गरेको छ। कार्यालयमा खरिद महाशाखामा आवश्यक मात्रामा कर्मचारी रहेको र छुट्टै खरिद एजेन्ट नियुक्त गरेको अवस्थामा थप परामर्शदाताको आवश्यकता पुष्टि गर्नुपर्दछ।

समितिले यस वर्षको अन्त्यसम्ममा सबस्टेसनको ठेक्का लगाइसकेको भए तापनि आयोजनाको मुख्य हिस्सा रहेको प्रसारण लाइनको निर्माण कम्पनीसमेत छनोट नभएको तथा निर्माणस्थल व्यवस्थापनको काम समेत समाप्त भएको छैन। सुपरिवेक्षणको परामर्शदातालाई हालसम्म अमेरिकी डलर ५ लाख ३ हजार भुक्तानी भैसकेको देखिन्छ। सवस्टेसनको ठेक्का लगाए तापनि मोबिलाइजेशन पेस्की दिनेबाहेक अन्य थप निर्माण सम्बन्धी काम सुरु भएको छैन। सम्झौताको अवधि १४ अप्रिल,२०२५ सम्म रहेकोले प्रसारण लाइनको ठेक्का नलाग्दै वा सबस्टेसनको कार्य नहुँदै परामर्शदाताको समयावधि समाप्त हुने अवस्था देखिन्छ। परामर्शदाताको कार्य सर्तबमोजिमको कार्यको लागि कार्यस्थलको व्यवस्थापन नहुँदै परामर्शदाता नियुक्त गर्दा अतिरिक्त व्ययभार पर्ने देखिन्छ।

१९५. **भेरिएसन आदेश -** एम.सी.सी.खरिद निर्देशिकाको बुँदा नं ७.१० मा सम्झौताको अवस्थामा उल्लेखनीय रूपमा परिवर्तन आएमा सम्झौतामा संशोधन, थप वा हटाउन सक्ने तर ठेक्का वा अवार्ड प्रक्रियामा प्रभाव पार्ने कार्यको हकमा नयाँ ठेक्का आव्हान गर्नुपर्ने व्यवस्था रहेकोमा प्रसारण र सबस्टेसन लाइनको सुपरिवेक्षणको परामर्शको लागि एक परामर्शदातासँग १४ सेप्टेम्बर,२०२३ मा अमेरिकी डलर ८४ लाख ३४ हजारमा सम्झौता भएकोमा ८ जनवरी, २०२४ सुपरिवेक्षणसँग सम्बन्धित प्रसारण लाइनको परिमार्जित डिजाइन तथा लागत अनुमान संशोधन गर्ने कार्य थपसमेत अमेरिकी डलर १६ लाख ७९ हजार थप गरी सम्झौता रकम अमेरिकी डलर १ करोड १ लाख १३ हजार पुऱ्याएको छ। सुपरिवेक्षणको कार्यसर्तमा रहेको आयोजनाको ठेक्का वार्ताको समयमा सहयोग गर्नुपर्ने वा सो कार्य कार्यदेशमानै समावेश भएको अवस्थामा सुपरिवेक्षणसँग सम्बन्धित प्रसारणलाइनको परिमार्जित डिजाइन तथा लागत अनुमान संशोधन गर्ने नयाँ कार्य सुपरिवेक्षणको परामर्शदातालाई भेरिएसन आदेश जारी गरेको छ।

१९६. **घरभाडा -** एम.सी.ए.नेपालले घरभाडाको लागि २२ डिसेम्बर, २०१७ मा सम्झौता गरेकोमा हालसम्म घरभाडा रु.१७ करोड २४ लाख ३१ हजार खर्च लेखेको छ। थप क्षेत्रफल आवश्यक पर्ने कारण देखाई उक्त सम्झौतालाई २० अप्रिल २०१८ मा संशोधन गरी १४ हजार ५८९ वर्गफिट पुऱ्याएको छ। सो बापत प्रत्येक वर्षमा ५ प्रतिशत वृद्धि हुने गरी प्रति वर्ग फिट रु.१३८ का दरले घरभाडा भुक्तानी गर्ने गरी सम्झौता गरेको छ। यसरी समितिले मासिक रु.२५ लाख ७० हजार घरभाडाको दरले वार्षिक रु.३ करोड ८ लाख ३६ हजार भुक्तानी हुने गरी सोझै खरिद गरेको छ। प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगत वर्षको प्रतिवेदनमा प्राविधिक तथा अन्य सहायताको लेखापरीक्षण नगराएको, समयमा वैदेशिक सहायतको शोधभर्ना नलिएको, ऐन विपरीत रकमान्तर गरेको, लक्ष्यअनुसार अनुदान र ऋण सहायता प्राप्त गर्न नसकेको, भाखा नाघेको ऋणको सांवा ब्याज असुल नगरेको, सेयर तथा ऋण लगानीको अभिलेख अद्यावधिक नभएको, सञ्चित कोषको हिसाब मिलान नगरेको, दरबन्दी फरक पारी घटी राजस्व असुली गरेको, आन्तरिक राजस्वतर्फ सम्भाव्य सबै करदातालाई करको दायरामा ल्याउन नसकेको, कानुनले तोकेको भन्दा घटी राजस्व असुल गरेको, कर क्रेडिट बढेको आदि कारणबाट राजस्व प्रशासनको प्रभावकारिता अपेक्षित रूपमा बढ्न नसकेकोलगायतका व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ १७९ निकायमा यो वर्ष रु.३५ अर्ब १० करोड ५३ लाख ८५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब ३९ करोड ३६ लाख ९५ हजार फर्स्यौट गरेकोले रु.३३ अर्ब ७१ करोड १६ लाख ९० हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१० लाख १२ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

  - अन्य संस्था १ तर्फ यो वर्ष रु.३ करोड ३८ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१८ लाख १४ हजार फर्स्यौट गरेकोले रु.३ करोड २० लाख ७० हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा उद्योग, वाणिज्य र उपभोग्य सामग्रीको आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको व्यवस्थालगायतको सेवा प्रवाहको लागि मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ४३ निकायबाट कार्य सम्पादन भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ३० सरकारी कार्यालयको निम्नानुसार रु.६ अर्ब २८ करोड ४३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
३९२१८	१९१६७	३८६७	५९१	६२८४३

२. **सङ्गठित र अन्य संस्था -** यो वर्ष ९ संस्थाको ११ आर्थिक वर्षको रु.१५ अर्ब १० करोड ८५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। ४ संस्थाको लेखापरीक्षण बक्यौता रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष खनिज अन्वेषण तथा उत्खनन् स्थिति विषयको कार्यमूलक र औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन -** मन्त्रालयबाट प्राप्त प्रगति प्रतिवेदनअनुसार पन्ध्रौं योजनाको मन्त्रालयसँग सम्बन्धित प्रमुख नतिजा सूचकको परिमाणात्मक लक्ष्य तथा प्रगति देहायबमोजिम छः

क्र.सं.	सूचक	एकाई	२०७५।७६ को अवस्था	२०८०।८१ लक्ष्य	२०८०।८१ सम्मको प्रगति
१.	लघु उद्यमीको स्तरोन्नति	जना	३२०००	५००००	३६३१२
२.	लघु उद्यमी सिर्जना	जना	२७०००	४००००	३११९६
३.	औद्योगिक क्षेत्र स्थापना	सङ्ख्या	१०	१५	११
४.	विशेष आर्थिक क्षेत्र	सङ्ख्या	१	५	२
५.	औद्योगिक ग्राम घोषणा	सङ्ख्या	१	३५१	१२०
६.	गुणस्तर प्रयोगशाला	सङ्ख्या	१०	१५	१२
७.	बिजिनेस इन्क्युबेसन सेन्टर	सङ्ख्या	०	७	१

उल्लिखित विवरणअनुसार १५ औद्योगिक क्षेत्र स्थापनाको लक्ष्य तोकिएकोमा ११ पुगेको, ७ बिजिनेस इन्क्युबेसन सेन्टर स्थापना गर्ने लक्ष्य रहेकोमा १ मात्र स्थापना भएको, ५० हजार लघुउद्यमीको स्तरोन्नति गर्ने लक्ष्य रहेकोमा ३६ हजार ३१२ भएको, ५ विशेष आर्थिक क्षेत्र स्थापना गर्ने लक्ष्य रहेकोमा २ स्थापना भएको, १५ गुणस्तर प्रयोगशाला स्थापना गर्ने लक्ष्य रहेकोमा १२ पुगेको, ३५१ औद्योगिक ग्राम घोषणाको लक्ष्य रहेकोमा १२० घोषणा गरिएको, ४० हजार लघु उद्यमी सिर्जना गर्ने लक्ष्य रहेकोमा ३१ हजार १९६ सिर्जना भएको देखियो। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य -** दिगो विकासले लिएको लक्ष्यअनुसारको प्रगति हासिल हुनुपर्दछ। सन् २०३० सम्म कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योगको हिस्सा ५.६ बाट ६.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ४.८७ प्रतिशतमा सीमित रहेकोले दिगो विकासका लक्ष्यहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम र प्रगति -** मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनअनुसार रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजनाको प्रगति १.३२ प्रतिशत र नेपाल चिया निर्यात अभिवृद्धि दिगोपना कार्यक्रममा ८०.४६ प्रतिशत प्रगति भएको देखिन्छ। वार्षिक कार्यक्रम अनुसार लक्ष्य प्राप्त गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाट

- *रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजनाको वार्षिक लक्ष्य प्रगति १.३२ प्रतिशत मात्र रहेको,*
- *सडक सञ्जालसँग जोडिएका जिल्लाहरूमा ढुवानी अनुदान नीतिमा पुनरावलोकन हुनुपर्ने लगायतको अवस्था देखिएका छन्।*

७. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८०।८१ मा नेपाल इन्टरमोडल यातायात विकास समिति खारेज गरी सो समितिले गरिआएको कार्य नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडले गर्ने तथा विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई गाभी एकीकृत संरचना बनाउने कार्य भएको देखिएन। बजेट वक्तव्यको कार्यान्वयन हुनुपर्दछ।

८. **बजेट र खर्च -** मन्त्रालयको लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	४८४५४	५५०७४	४१२७८	७४.९५
पुँजीगत	३२९२६	३२६६२	७५७३	२३.१९
जम्मा	८१३८०	८७७३६	४८८५१	५५.६८

मन्त्रालयको लागि रु.८ अर्ब ७७ करोड ३६ लाख संशोधित बजेट कायम भएको मध्ये रु.४ अर्ब ८८ करोड ५१ लाख खर्च भई कुल बजेटको ५५.६८ प्रतिशत र पुँजीगत बजेटको २३.१९ प्रतिशत खर्च देखिएको छ।

९. **लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय व्यय तथा कारोबारको महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणको टिप्पणी ८ बमोजिम बजेटमा समावेश नभएको तर नेपाल सरकारसँग भएको सम्झौताबमोजिम प्राप्त द्विपक्षीय नगद, वस्तुगत तथा प्राविधिक सहायता रु.२ अर्ब १५ करोड ७ लाख २९ हजारको लेखापरीक्षण भएको छैन।

१०. **वैदेशिक सहायता -** मन्त्रालयअन्तर्गत दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित आयोजनाको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय	आयोजना सञ्चालन भएका जिल्ला	आयोजना सुरु भएको वर्ष	आयोजना सम्पन्न हुने वर्ष	सम्झौता रकम	हालसम्मको खर्च	खर्च प्रतिशत
१.	ग्रामीण उद्यम तथा विप्रेषण आयोजना	आई.एफ.ए.डी. (अनुदान)	१६ जिल्ला	२०१५	२०२४	२७४२८	२५४७२	९२.८७
२.	नेपाल चिया निर्यात अभिवृद्धि दिगोपना	विश्व व्यापार सङ्गठन (अनुदान)	इलाम	२०२०	२०२३	१७८१	१४३३	८०.४६
३.	रणनीतिक सडक सञ्जाल तथा व्यापार प्रवर्धन आयोजना	विश्व बैङ्क (ऋण र अनुदान)	काठमाडौं	२०२०	२०२७	३५३३३	४६७	१.३२
					जम्मा	**६४५४२**	**२७३७२**	**४२.४१**

उपर्युक्त तालिकाअनुसार तीन आयोजनामा रु.६ अर्ब ४५ करोड ४२ लाखको सम्झौता भएकोमा यो वर्षसम्म रु.२ अर्ब ७३ करोड ७२ लाख खर्च भएको छ। सन् २०१५ र २०२० मा सुरु भएका आयोजनाहरूमा हालसम्म सम्झौता रकमको ४२.४१ प्रतिशत खर्च भएको छ।

११. **अन्तर्राष्ट्रिय व्यापार -** भन्सार विभागबाट प्रकाशित वार्षिक प्रतिवेदन २०८०।८१ मा उल्लिखित तथ्याङ्कअनुसार नेपालको विगत ५ वर्षको आयात निर्यातको स्थिति निम्नानुसार छः

(रु.अर्बमा)

आर्थिक वर्ष	निर्यात	आयात	व्यापार घाटा	अनुपात
२०८०।८१	१५२.३८	१५९२.९८	१४४०.६०	१:१०.४५
२०७९।८०	१५७.१४	१६११.७३	१४५४.५९	१:१०.२६
२०७८।७९	२००	१९२०	१७२०	१:९.६
२०७७।७८	१४१	१५३९	१३९८	१:१०.९१
२०७६।७७	९७.७१	११९६.८०	१०९९.०९	१:१२.२५

उल्लिखित विवरणअनुसार गत वर्षको तुलनामा निर्यात ३ प्रतिशतले ह्रास भई यस वर्ष रु.१ खर्ब ५२ अर्ब ३८ करोड रहेकोमा आयात १.१६ प्रतिशतले घटेर रु.१५ खर्ब ९२ अर्ब ९८ करोड पुगेको छ। निर्यात गरिएका प्रमुख वस्तुमा भटमास तेल, पामतेल, कटन धागो, ऊनी गलैंचा, जुटका सामान, अलैंची, तयारी पोशाक, जुस आदि रहेका छन्। निर्यातको तुलनामा आयात उच्च रहेकोले २०८०।८१ मा व्यापार घाटा रु.१४ खर्ब ४० अर्ब ६० करोड रहेको छ। यसबाट वैदेशिक मुद्राको सञ्चितिमा प्रभाव परेको छ।

१२. **उद्योगको अवस्था -** औद्योगिक नीतिले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा दिगो एवं बृहत् आधारसहितको औद्योगिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने लक्ष्य लिएको छ। वार्षिक प्रगति विवरणमा यस वर्षसम्म देशभरमा ९ हजार ५१९ उद्योग दर्ता भएका र यी उद्योगमा रु.३० खर्ब ३१ अर्ब लगानीमा ७ लाख ५ हजारले रोजगारी प्राप्त गरेको उल्लेख छ। यसरी दर्ता भएका उद्योगको सङ्ख्याको आधारमा उत्पादनमूलक उद्योग ३७.३४ प्रतिशत, सेवामूलक उद्योग २६.१५ प्रतिशत, पर्यटन उद्योग २१.८९ प्रतिशत, ऊर्जामूलक उद्योग ६ प्रतिशत र अन्य उद्योग ८.६२ प्रतिशत रहेका छन्।

१३. **खाद्यान्न आपूर्ति तथा उपभोक्ताहित -** कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको पूर्ण अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हकहित संरक्षण गर्ने राज्यको नीति रहेको छ। मन्त्रालयको अभिलेखअनुसार दुर्गम क्षेत्रमा १८ हजार ८८० मेट्रिकटन खाद्यान्न ढुवानीमा रु.४३ करोड ३४ लाख, ८ हजार ४२३ मेट्रिकटन नुन ढुवानीमा रु.१४ करोड ४३ लाख ५९ हजार, राष्ट्रिय खाद्य सुरक्षा भण्डारणमा २५ हजार मेट्रिकटनको लागि रु.५ करोड ४७ लाख ८९ हजार, सार्क खाद्य बैङ्कमा ८ हजार मेट्रिकटन खाद्यान्न मौज्दातको लागि रु.२ करोड ३९ लाख ९१ हजार, चार्डपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालनमा रु.३ करोड ३२ लाख २० हजार, कर्णाली प्रदेशका कालिकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पा जिल्लामा जन्म र मृत्युमा निःशुल्क खाद्यान्न वितरणमा रु.८० लाख, स्थानीय रैथाने बाली खरिदमा रु.५० लाख, सहकारीमार्फत सहुलियत मूल्यमा खाद्यवस्तु बिक्रीमा रु.४० लाख, राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई रु.३ करोड ७१ लाख ९५ हजार अनुदान प्रदान गरेको देखिन्छ। उपभोक्ता हित संरक्षण हुने गरी आपूर्ति व्यवस्था हुनुपर्दछ।

१४. **खाद्यान्न ढुवानी अनुदान -** बजेट वक्तव्यमा कर्णालीलगायतका दुर्गम क्षेत्रमा खाद्यान्न र नुन ढुवानीका लागि प्रदान गरिने अनुदानलाई निरन्तरता दिने उल्लेख भएअनुसार २६ जिल्लामा खाद्यान्न ढुवानीलगायतका ६ कार्यक्रमको लागि खाद्य तथा व्यापार कम्पनीलाई रु.४३ करोड ३४ लाख अनुदान प्रदान गरेको छ। पेस भएको वार्षिक प्रगति प्रतिवेदनबमोजिम अनुदान रकमबाट १८ हजार ८८० मेट्रिकटन चामल ढुवानी भएको छ। मन्त्रालयले २६ जिल्लामा खाद्यान्न ढुवानी अनुदान प्रदान गर्दै आएकोमा सडक सञ्जालसँग जोडिएका जिल्लाहरूमा निजी क्षेत्रले समेत खाद्यान्न ढुवानी गर्न थालेको सन्दर्भमा ढुवानी अनुदान नीतिमा पुनरावलोकन हुनुपर्दछ।

१५. **नुन ढुवानी अनुदान -** बजेट वक्तव्यमा कर्णालीलगायतका दुर्गम क्षेत्रमा नुन ढुवानीका लागि प्रदान गरिने अनुदानलाई निरन्तरता दिने उल्लेख भएअनुसार यस वर्ष १७ जिल्लाका ४८ स्थानमा ८ हजार ४२३ मेट्रिकटन नुन ढुवानी गर्न नेपाल साल्ट ट्रेडिङ लिमिटेडलाई रु.१४ करोड ४३ लाख ५९ हजार अनुदान प्रदान गरेको देखिन्छ। यो वर्ष बाजुरामा १५० मेट्रिकटन र बझाङमा ५० मेट्रिकटनसमेत २०० मेट्रिकटन नुनको कोटा थप गरी ढुवानीको व्यवस्था मिलाएको देखिन्छ।

उद्योग विभाग

मझौला एवं ठुला उद्योगहरूको अनुमति, दर्ता, नवीकरण तथा अनुगमन गर्ने, विदेशी लगानीका उद्योगहरूलाई अनुमति प्रदान गर्नेलगायतका कार्यका लागि विभागको स्थापना भएको हो।

१६. **वैदेशिक लगानी र प्रविधि हस्तान्तरण -** विभागमा रहेको एकल विन्दु सेवा केन्द्रको अभिलेखअनुसार विगत ३ वर्षको लगानी प्रतिबद्धता र प्राप्ति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

आर्थिक वर्ष	लगानी प्रतिबद्धता/स्वीकृति		नेपाल राष्ट्र बैङ्कमा लेखाङ्कन		प्राप्ति प्रतिशत
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	
२०७८।७९	१७६	१७०३.४	८०	१०८४.४	६३.६६
२०७९।८०	१७४	३२४८.२	८७	९२०.६	२८.३४
२०८०।८१	३१९	८१६९.१	१०५	१०२९.२०	१२.६०

उल्लिखित विवरणअनुसार वैदेशिक लगानीको लागि २०७८।७९ मा १७६ विदेशी लगानीकर्ताबाट पेस भएको रु.१७ अर्ब ३ करोड ४० लाख विदेशी लगानीको प्रस्ताव स्वीकृति भएकोमा ८० लगानीकर्ताबाट रु.१० अर्ब ८४ करोड ४० लाख (६३.६६ प्रतिशत) लगानी प्राप्त भएको देखिन्छ। त्यसै गरी २०७९।८० मा १७४ विदेशी लगानीकर्ताबाट पेस भएको रु.३२ अर्ब ४८ करोड २० लाख विदेशी लगानीको प्रस्ताव स्वीकृत भएकोमा ८७ लगानीकर्ताहरूबाट रु.९ अर्ब २० करोड ६० लाख (२८.३४ प्रतिशत) लगानी प्राप्त भएको छ। त्यस्तै २०८०।८१ मा ३१९ विदेशी लगानीकर्ताबाट पेस भएको रु.८१ अर्ब ६९ करोड १० लाख वैदेशिक लगानीको प्रस्ताव स्वीकृत भएकोमा १०५ लगानीकर्ताबाट रु.१० अर्ब २९ करोड २० लाख (१२.६० प्रतिशत) लगानी प्राप्त भएको छ। प्रतिबद्धताको तुलनामा वैदेशिक लागानीको प्राप्ति रकम क्रमशः घट्दै गएको देखिएकोले वैदेशिक लगानी प्रतिबद्धताबमोजिम प्राप्त हुने व्यवस्था मिलाउनुपर्दछ।

१७. **लगानीको दिगोपना -** विभागबाट प्राप्त विवरणअनुसार २०७८।७९ देखि २०८०।८१ सम्म तीन वर्षको लगानी आप्रवाह र लगानी बाह्य प्रवाहको स्थिति निम्नानुसार छः

(रु.करोडमा)

आर्थिक वर्ष	लगानी आप्रवाह	लगानी बाह्य प्रवाह	लगानी आप्रवाहको तुलनामा बाह्य लगानी बढी प्रतिशत
२०८०।८१	१०२९.२०	२३१४	१२५
२०७९।८०	९२०.६०	२२५५.६०	१४५
२०७८।७९	१०८४.४०	२५७३.२०	१३७
जम्मा	**३०३४.२०**	**७१४२.८०**	**१३५**

उपर्युक्त तालिकाअनुसार विगत तीन वर्षमा रु.३० अर्ब ३४ करोड २० लाख वैदेशिक लगानी आप्रवाह भएको (भित्रिएको) मा रु.७१ अर्ब ४२ करोड ८० लाख बाह्य प्रवाह भएको (बाहिरिएको) छ। लगानी प्राप्तिको तुलनामा विगत तीन वर्षमा औसत १३५ प्रतिशत बढीले रकम बाहिरिएको देखिन्छ।

१८. **नगद प्रोत्साहन -** स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन र निर्यात प्रवर्धन गरी वैदेशिक व्यापार असन्तुलनलाई कम गर्न २०६८।६९ को बजेट वक्तव्यबाट निर्यातमा नगद प्रोत्साहन गर्ने व्यवस्थाअनुसार कार्यविधि बनाई निर्यातकर्तालाई अनुदान प्रदान गर्दै आएको छ। अनुदान रकम निकासाको लागि विभागबाट निकासीकर्ताको स्वघोषणालाई सिफारिस गरी निर्यात कारोबार गर्ने बैङ्कमार्फत राष्ट्र बैङ्कमा अनुरोध भए अनुसार अनुदान रकम उपलब्ध गराएको छ। गत वर्षसम्म रु.६ अर्ब ३४ करोड ९२ लाख र यो वर्ष रु.१ अर्ब ५५ करोड समेत यो वर्षसम्म रु. ७ अर्ब ८९ करोड ९२ लाख नगद प्रोत्साहन अनुदान दिएको छ। सुरुको वर्ष २०६८।६९ मा रु.२४ करोड ८१ लाख अनुदान वितरण हुँदा निर्यात रु.७७ अर्ब ३५ करोड रहेकोमा २०८०।८१ मा रु.१ अर्ब ५५ करोड नगद अनुदान वितरण हुदाँ निर्यात रु.१ खर्ब ५२ अर्ब ३८ करोड १२ लाख ४४ हजार रहेको छ। नगद प्रोत्साहन सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१८.१. बजेट वक्तव्य २०६८।६९ मा उल्लेख भएअनुसार निर्यात अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधिलाई पटक-पटक संशोधन गरी अनुदान सुरुको एक प्रतिशतबाट वृद्धि गरी यो वर्ष तीनदेखि पाँच प्रतिशतसम्म प्रोत्साहन रकम भुक्तानी भएको देखियो। कार्यविधिका आधारमा प्रोत्साहन दरमा पटक-पटक परिवर्तन

गरी राज्यकोषबाट अनुदान दिएकोमा उल्लिखित कार्यविधिलाई संसदबाट निर्मित कानुनले मार्गदर्शन गरेको देखिएन। राज्यको कोषबाट नियमित दायित्व रहने खर्च स्वीकृत गर्दा संसदीय नियन्त्रण रहने गरी कानुनी मापदण्ड तय गर्नुपर्दछ।

१८.२. हरेक वर्षको आर्थिक ऐनअनुसार निर्यात गर्ने उद्योगलाई भन्सार, मूल्य अभिवृद्धि कर तथा आयकरमा समेत विशेष सहुलियत दिँदै आएको छ। उत्पादनमा सहुलियत, कर छुट सुविधा र सोही उत्पादन निर्यात गरेमा पुनः नगद अनुदान दिनुले एकै उद्योगले एकभन्दा बढी सुविधा उपयोग गर्न पाउने अवस्था छ। उत्पादित वस्तु निर्यात गर्ने उद्योगलाई दिँदै आएको कर सुविधाका अतिरिक्त नगद अनुदानसमेतको व्यवस्था गरी एकै उद्योगले भिन्न-भिन्न सुविधा र सहुलियत लिने परिपाटीमा पुनरावलोकन गर्नुपर्दछ।

१९. **सामाजिक दायित्व -** औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ५४ अनुसार सबै किसिमको उद्योगले प्रत्येक आर्थिक वर्षमा मुनाफाको कम्तीमा एक प्रतिशत रकम सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनको लागि छुट्याई तोकिएबमोजिमको क्षेत्रमा खर्च गर्नुपर्ने र त्यस्ता कार्यक्रममा खर्च गरेको रकमको विवरण आर्थिक वर्ष व्यतीत भएको छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेस गर्नुपर्ने उल्लेख छ। एकल विन्दु सेवा केन्द्रअन्तर्गत नेपाल राष्ट्र बैङ्क र उद्योग विभागको वार्षिक विवरणअनुसार यो वर्ष ४६ विदेशी लगानीकर्ताले नगद लाभांश बापत रु.१२ अर्ब ५७ करोड ९० लाख देश बाहिर लगेको देखिन्छ। नगद लाभांशलाई मात्र मुनाफा मान्दासमेत एक प्रतिशतले रु.१२ करोड ५७ लाख ९० हजार सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि छुट्याउनुपर्ने देखिन्छ। नियमानुसार सामाजिक जिम्मेवारी वहनको लागि रकम छुट्याएको विवरणसहित सो रकम सम्बन्धित प्रयोजनमा खर्च भएको सुनिश्चित गर्नुपर्दछ।

२०. **अग्रिम कर -** आयकर ऐन, २०५८ को दफा ९५क(२ख) बमोजिम नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निःसर्ग भएको हो सोही निकायले बासिन्दा निकायको हकमा लाभ रकमको १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। एक कम्पनीले २०८०।११।२३ को निर्णयबाट आफ्नो १५ हजार कित्ता सेयर रु.४३३.३३ को दरले र १ लाख ३५ हजार कित्ता सेयर रु.१०० को दरले तथा २०८०।१०।२८ को निर्णयबाट अर्को एक कम्पनीको २५ हजार कित्ता सेयर रु.४८५ को दरले र १ लाख ७५ हजार कित्ता सेयर रु.१०० को दरले विदेशी निकायलाई बिक्री गर्न सहमति प्रदान गरेको देखियो। एकै कम्पनीको सेयर एकै मितिमा फरक-फरक दरमा बिक्री गर्न सहमति दिने कानुनी आधारसहित कारोबारको यथार्थता र कर दायित्वमा परेको असर यकिन गर्नुपर्दछ।

खानी तथा भू-गर्भ विभाग

नेपालमा भू-वैज्ञानिक सर्वेक्षण र अनुसन्धान, इन्जिनियरिङ, पर्यावरण, जोखिम आकलन, सिस्मो टेक्टोनिक अध्ययन, भूकम्प अनुगमन, भौगर्भिक अध्ययन, अनुसन्धान तथा खनिज सम्पदाको प्रवर्धन एवं विकासको लागि विभागको स्थापना भएको हो।

२१. **नीति कार्यान्वयन -** खनिज स्रोतको संरक्षण, संवर्धन उपयोग एवं दिगो विकास गरी राष्ट्रको समुन्नतिमा योगदान पुऱ्याउन खनिज उद्योगमा रु.१ खर्ब लगानी भित्र्याई ५० हजार रोजगारी सिर्जना गर्ने उद्देश्यले राष्ट्रिय खनिज नीति, २०७४ कार्यान्वयनमा रहेको छ। सो नीति कार्यान्वयनका लागि विभिन्न ८१

रणनीति तय गरेको देखिन्छ। घोषित नीतिबमोजिम खनिज कोषको स्थापना गर्ने, खनिज एंव भौगर्भिक सूचनाको नक्साङ्कन गर्ने, सबै खनिज स्रोतहरूको डाटाबेस तयार गर्नेलगायतका नीति कार्यान्वयन भएको देखिएन। नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२२. **खानी सञ्चालन -** खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ५ बमोजिम खनिज पदार्थ उत्खनन्को लागि हालसम्म विभागले १५९ कम्पनी तथा व्यक्तिलाई खनिज उत्खनन् कार्यको अनुमतिपत्र दिएकोमा विभागको अभिलेखअनुसार ६७ सञ्चालनमा आएको पाइएन। सञ्चालनमा नआएकोमध्ये वन क्षेत्रमा खनिज रहेकोले वनको भोगाधिकार प्राप्त नहुँदा ३९, योजना स्वीकृत तथा म्याद थप नहुँदा १९ र व्यवस्थापन तथा अन्य कारणले ९ खनिजको उत्खनन् कार्य हुन सकेको छैन। अनुमति प्राप्त खानी सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *सुरु वर्षको तुलनामा निर्यात प्रोत्साहन अनुदान ५२५ प्रतिशतले वृद्धि भएको,*
- *व्यावसायिक सामाजिक दायित्यको लागि छुट्याएको रकम सम्बन्धित शीर्षकमा खर्च भएको यकिन हुनुपर्ने,*
- *एकै कम्पनीको सेयर एकै मितिमा फरक फरक दरमा बिक्रीको सहमति प्रदान गरेको,*
- *रु.१ करोड ४६ लाख ९० हजारमा खरिद भएका ६५ सहकारी सफ्टवेयर उपयोग नभएको,*
- *अनुमतिपत्र लिएका ६७ खानी सञ्चालनमा नआएको लगायतको अवस्था देखिएका छन्।*

२३. **अनुमतिपत्रको नामसारी -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा वा अन्य कुनै कारणले निज अनुमतिपत्र जारी गर्दाका बखत अनुमतिपत्रमा तोकिएका सर्त, ऐन वा नियमावलीको पालना गर्न असमर्थ भएमा अनुसूची-४ बमोजिमको नामसारी दस्तुर लिई निजको नामको अनुमतिपत्र नामसारी गरी दिन सक्ने व्यवस्था छ। विभागको अभिलेखअनुसार यो वर्ष ३ खनिज खोजतलास कार्य र ३ खनिज उत्खनन् कार्यको अनुमतिपत्र अन्य कम्पनी तथा व्यक्तिलाई नामसारी गरेकोमा अनुमतिबमोजिमको कार्य भएको छैन। खानी सञ्चालन क्षमताको मूल्याङ्कन गरेर मात्र नामसारी गर्नुपर्दछ।

२४. **खानी अनुगमन -** खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ५० ले माइनिङ्ग इन्जिनियर वा जियोलोजिष्ट वा सम्बन्धित विषयका विज्ञसहितको टोलीले खानी निरीक्षण गर्न सक्ने व्यवस्था छ। सो कार्यका लागि विभागले यस वर्ष विभिन्न ७० उत्खनन् स्थलको अनुगमन गरी रु.२५ लाख ६७ हजार खर्च गरेको छ। अनुगमनबाट उत्खनन् कार्यको परिमाण, क्षेत्र, खनिजका लेयर, कार्य घण्टा, उद्योगले पेस गरेको स्किमअनुसारको उत्खनन् परिमाणजस्ता विषयमा प्रतिवेदन गरेको पाइएन।

नेपाल गुणस्तर तथा नापतौल विभाग

विभिन्न उत्पादनको गुणस्तर निर्धारण, गुणस्तर प्रमाण चिन्ह प्रदान, खेप प्रमाणीकरण, प्रयोगशाला प्रमाणीकरण, क्यालिब्रेसन, इको लेबलिङ्ग जस्ता सेवा उपलब्ध गराउने उद्देश्यले विभागको स्थापना भएको हो। विभाग र मातहत निकायको लागि यो वर्ष रु.१५ करोड ८८ लाख १७ हजार विनियोजन भएकोमा रु.११ करोड ९८ लाख २० हजार खर्च भएको छ।

२५. **गुणस्तर प्रमाण -** नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन,२०३७ को दफा १२ मा गुणस्तरको प्रमाणपत्र प्रयोग भएको पदार्थ वा प्रक्रियाको सम्बन्धमा सो प्रमाणपत्रको सर्तअनुकूल काम गरे नगरेको सम्बन्धमा

जुनसुकै अवस्थामा निरीक्षण गर्नसक्ने व्यवस्था छ। विभागले यस वर्षसम्म १७ वस्तुलाई म्यान्डेटरी प्रोडक्ट लिस्टमा राखी यो वर्ष ६७ कम्पनीलाई गुणस्तर प्रमाण चिन्ह उपलब्ध गराएकोमा यो वर्ष ३ हजार ८२९ फर्मको निरीक्षण गर्दा देखिएका कैफियत, गरिएको जरिबाना र भएको सुधार प्रतिवेदनमा समावेश गरेको छैन। गुणस्तर चिन्ह प्राप्त गरेका उद्योगहरूले मापदण्ड पूरा गरे नगरेको, कैफियत, जरिबाना र सुधारका विषय नियमित अनुगमन गरी गुणस्तर नियन्त्रण गर्नुपर्दछ।

२६. **सेवा सुविधा -** नेपाल गुणस्तर परिषद्को २०४८।१०।२१ को ५७ औं बैठकको निर्णय नम्बर ३ बमोजिमको खेप प्रमाणीकरण, निर्यातपूर्व निरीक्षण तथा आयातपूर्व निरीक्षण कार्य गर्न उद्योगको अनुरोधमा निरीक्षणमा जाने प्राविधिक अधिकृतहरूलाई सम्बन्धित उद्योगको कार्यकारी सदस्यले पाउने अनुसारको दैनिक तथा भ्रमण खर्च उपलब्ध गराउने निर्णय भएकोमा सोको कानुनी आधार देखिँदैन। सेवा प्रवाह गरे बापतको कर्मचारी सुविधा सेवाग्राहीबाटै लिने गरेको र यसरी लिएको रकमको अभिलेख नराखेकोले यस्ता कार्य पुनरावलोकन गर्नुपर्दछ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

गुणस्तरीय वस्तु तथा सेवामा पहुँच पुऱ्याई उपभोक्ताको अधिकार संरक्षण गर्ने, वाणिज्य नीति, आपूर्ति व्यवस्था र उपभोक्ताको अधिकार संरक्षणसम्बन्धी नीति निर्धारणमा पृष्ठपोषण गर्ने उद्देश्यले यस विभागको स्थापना भएको हो।

२७. **व्यापार अनुमति -** विभागबाट प्राप्त प्रगति विवरणअनुसार २०८०।८१ मा कुल निकासी पैठारीमध्ये विभागले दिएको अनुमतिअनुसारको निकासी रु.४ अर्ब १८ करोड ९७ लाख ३९ हजार रहेकोमा पैठारी रु.१ खर्ब १० अर्ब ८२ करोड ४२ लाख ५५ हजार रहेको छ।

२८. **फर्म दर्ता तथा नवीकरण -** प्राइभेट फर्म दर्ता नियमावली, २०३४, कम्पनी ऐन, २०६३ तथा साझेदारी ऐन, २०२० बमोजिम फर्महरू दर्ता तथा नवीकरण गर्नुपर्ने व्यवस्था छ। विभागको अनलाइन प्रणालीबाट देखिएको तथ्याङ्क विश्लेषण गर्दा विभिन्न समयमा दर्ता भएको व्यावसायिक फर्मको सङ्ख्या ५ हजार ७९० रहेको देखिन्छ। तर व्यावसायिक फर्मको प्रकृतिअनुसारको कुल दर्ता सङ्ख्या ३ हजार ९४० देखिन्छ। व्यावसायिक प्रकृति नखुलेका फर्म १ हजार ८५० रहेका छन्। तसर्थ प्रणालीमा समेत सुधार गरी व्यावसायिक फर्महरूको यथार्थ अभिलेख अद्यावधिक गर्नुपर्दछ। साथै म्याद समाप्त भएका फर्महरू विभागले सहजरूपमा कारोबारसहित पहिचान गर्न सक्ने गरी प्रणालीमा सुधार गर्नुपर्दछ।

कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको स्थापना, सञ्चालन तथा प्रशासन सम्बन्धी कार्य सरल, पारदर्शी बनाउने र कम्पनी ऐनको कार्यान्वयन तथा पालनामा एकरूपता ल्याउने उद्देश्यले कार्यालयको स्थापना भएको हो।

२९. **राजस्व छुट -** सम्बन्धित वर्षको आर्थिक ऐनले कम्पनी दर्ता, नवीकरण र पुँजी वृद्धि बापतको शुल्क निर्धारण गर्ने गरेको देखिन्छ। आर्थिक ऐन, २०८० को दफा १८ बमोजिम यो वर्षको लागि नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पुँजी वृद्धि गर्दाको शुल्क मिनाहा दिने निर्णय भएको छ। गत वर्ष रु.१ अर्ब ३ करोड राजस्व सङ्कलन भएकोमा यो वर्ष रु.६३ करोड ३५ लाख सङ्कलन भएको छ। कार्यालयले

अघिल्लो वर्षको तुलनामा कम्पनी दर्ता सङ्ख्या ६.५९ प्रतिशतले वृद्धि हुँदा छुटसम्बन्धी नीतिगत निर्णयका कारण राजस्व ३७ प्रतिशत घटी सङ्कलन गरेको देखिन्छ।

३०. **न्यून चुक्ता पुँजी -** कम्पनी निर्देशिका, २०७२ को दफा १०(क) बमोजिम कम्पनीको स्थापना गर्दा प्रस्ताव गरेको अधिकृत पुँजीमध्ये संस्थापकले तत्काल लिन कबुल गरेको जारी पुँजी बराबरको सेयर बाँडफाँटको विवरण पेस गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले कम्पनी दर्ता गर्दा उल्लेख भएको जारी पुँजी लिन कबुल गर्ने संस्थापकहरूको नामनामेसी सहित कबुल गरेको सेयर पुँजीको विवरण पेस नगरेको तथा जारी पुँजीको तुलनामा चुक्ता पुँजी न्यून देखियो। नमुना छनोट गरी परीक्षण गरिएका देहायका ६ कम्पनीको चुक्ता पुँजीको अवस्था निम्नानुसार देखियोः

(रु. लाखमा)

क्र.सं.	कम्पनीको नाम	स्थायी लेखा नम्बर	दर्ता नम्बर	अधिकृत पुँजी	जारी पुँजी	चुक्ता पुँजी	चुक्ता पुँजी प्रतिशत
१	राइज एण्ड साइन एडभेञ्चर्स प्रा.लि.	६२११८२०२६	३४०७६२	९००००	९००००	५	०.००५
२	एभरेस्ट लोट्टो इन्भेस्टमेन्ट प्रा.लि.	६१९७७८३९०	३२०३४८	५००००	५००००	०	०
३	जे.बी.आई क्यापिटल	६२११३३२०४	३३५८४८	१०००००	५००००	०	०
४	एसएन जेजी होल्डिङ्स	६२११३२१२४	३३५७४०	३००००	३००००	२६.४८	०.०८
५	बडीमालिका केबलकार	६१९८१५४३१	३२४०४९	३५०००	२५०००	२५	०.१
६	इच्छाकामनादेवी केबलकार	६१९८१५४२८	३२४०४८	३५०००	२५०००	२५	०.१

उल्लिखित विवरणअनुसार दर्ता भएका ६ कम्पनीमध्ये रु.५ अर्ब जारी पुँजी भएका दुई कम्पनीको चुक्ता पुँजी शून्य रहेको, रु.९ अर्ब जारी पुँजी भएको एक कम्पनीको चुक्ता पुँजी रु.५ लाख रहेको, रु.३ अर्ब जारी पुँजी रहेको एक कम्पनीको चुक्ता पुँजी रु.२६ लाख ४८ हजार रहेको तथा रु.२ अर्ब ५० करोड जारी पुँजी भएको दुई कम्पनीको चुक्ता पुँजी रु.२५ लाख रहेको देखियो। परीक्षण गरिएका ६ वटै कम्पनीको चुक्ता पुँजी जारी पुँजीको एक प्रतिशतभन्दा न्यून देखियो। यसबाट दर्ता भएका कम्पनीहरूले प्रबन्धपत्र र नियमावलीबमोजिम कारोबार गरेको सुनिश्चित हुने आधार देखिएन। कबोल गरेको जारी सेयर पुँजीको निश्चित रकम चुक्ता पुँजी हुने गरी स्वीकृति दिने व्यवस्था हुनुपर्दछ।

३१. **सेवाको आउटसोर्सिङ -** कार्यालयले प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि यो वर्ष रु.१ करोड २३ लाख ८१ हजारमा एक कम्पनीसँग सम्झौता गरी प्रणाली सञ्चालनमा खटिने २० जनाको पारिश्रमिकबापत रु.९९ लाख ६६ हजार भुक्तानी भएको छ। कार्यालयले आउटसोर्सिङ गरिने परामर्शदातासँग सेवाको गुणस्तर, डाटाको सुरक्षा, गोपनीयता, पहुँच अधिकारसमेत खुलाई डाटा एवं सूचनाको गोपनीयता तथा सुरक्षा जोखिमलाई सम्बोधन हुने गरी सम्झौता गरेको देखिएन। उक्त परामर्शदातालाई यस प्रणालीको कोर डाटामा पहुँचसहितको सञ्चालन, व्यवस्थापन, प्रशोधन र प्रतिवेदन लगायतका सम्पूर्ण अधिकारहरू दिएको देखिन्छ। प्रणाली एवं डाटा सरकारी प्राविधिकहरूको जिम्मामा सञ्चालन हुनुपर्दछ।

लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र

लघु उद्यम घरेलु तथा साना उद्योगको विकास एवं प्रवर्धनसम्बन्धी कार्यहरू गर्न केन्द्रीयस्तरमा सङ्घीय सरकारको स्थायी संस्थागत संरचनाको रूपमा केन्द्रको स्थापना भएको हो।

३२. **अनुदान -** तालिम आवश्यकता पहिचान र स्थानीय तह छनोटको आधार यकिन नगरी यस केन्द्रले दुई जिल्लाका १४ समेत २१ स्थानीय तहलाई तालिम कार्यक्रम सञ्चालन गर्न रु.४ करोड ५ लाख ५४ हजार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ को दफा १६ बमोजिम आयोगको सहमति र सिफारिस बेगर प्रदान गरेको छ। कार्यविधि र मापदण्ड तय गरेर यस्तो रकम उपलब्ध गराउनुपर्दछ।

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना

अन्तर्राष्ट्रिय कृषि विकास कोषको अनुदान सहयोगमा मधेश प्रदेशको ७ जिल्ला, कोशी प्रदेशको ८ जिल्ला र बागमती प्रदेशको १ समेत १६ जिल्लाका गरिबीको रेखामुनि रहेका र वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवार तथा विदेशबाट फर्किएका व्यक्तिहरूलाई कृषि तथा गैरकृषि क्षेत्रमा नयाँ व्यवसाय स्थापना गर्न वा व्यावसायिक तालिमको माध्यमबाट रोजगारी गरी दिगो आय आर्जन गर्ने उद्देश्यले सन् २०१५ देखि २०२४ सम्म यो आयोजना सञ्चालनमा रहेको छ।

३३. **हेल्भिटासको भुक्तानी वृद्धि -** आयोजना र स्वीस विकास नियोगबिच १७ अक्टोबर २०१७ भएको सम्झौताको बुँदा नम्बर ६ मा भोकेसनल ट्रेनिङमा प्राविधिक सहायता हेल्भिटास नेपालले गर्ने व्यवस्था देखिन्छ। आयोजनाले सबै किसिमको तालिममा हेल्भिटास नेपालले प्राविधिक सहायता उपलब्ध गराए बापत भुक्तानी गरेको छ। सोबमोजिम सन् २०१८ मा आई.एफ.ए.डी.ले कार्यक्रमको डिजाइन अपडेट गरेर हेल्भिटाससँगको अनुदान सम्झौता रकम अमेरिकी डलर १३ लाख ४२ हजारको सो बखतको विनिमय दर रु.११० ले रु.१४ करोड ७६ लाख ४३ हजारबाट ११७ प्रतिशतले वृद्धि गरी रु.३२ करोड १० लाख ९ हजार कायम गरेमध्ये रु.३१ करोड ६२ लाख ९१ हजार भुक्तानी भएको देखिन्छ। तालिम सञ्चालनका मुख्य क्रियाकलापमा गर्नुपर्ने खर्च कटौती गरी परामर्श सेवा र प्राविधिक सहायतामा खर्च बढाएको उचित देखिएन।

३४. **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र यस्तो लागत अनुमान तोकिएबमोजिम अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्सलाई आधार लिनुपर्ने व्यवस्था छ। आयोजनाले निम्नानुसार विभिन्न विषयका सीपमूलक तालिम सञ्चालन गर्ने गरी रु.४३ करोड ५७ लाख ८६ हजारको लागत अनुमान २०७९।२।२० मा स्वीकृत गरेको छ।

(रु. हजारमा)

क्याटोगोरी	तालिमको विवरण	तालिममा सहभागि सङ्ख्या	प्रति सहभागि लागत	लागत अनुमान
क	मर्यादित रोजगारीसहितको सीपमूलक तालिम	१०६८५	३३	३५४६१५
ख	आपूर्ति श्रृखला अधिकृतको सिफारिसमा छनौट हुने व्यावसायिक सीप परीक्षण तालिम	१२००	२६	३१३८९
ग	सम्बन्धित स्थानीयतहहरूको लागत साझेदारीमा सञ्चालन गरिने सीप विकास तालिम (९० प्रतिशत आयोजना र १० प्रतिशत स्थानीयतहको लागत साझेदारी हुने)	१५००	३३	४९७८२
	जम्मा	**१३३८५**		**४३५७८६**

आयोजना कार्यान्वयनपूर्व नर्म्स स्वीकृत गरी लागत अनुमान तयार गर्नुपर्नेमा नर्म्स बेगर ब्युटिपार्लर, होटल व्यवस्थापन, इलेक्ट्रिसियन, प्लम्बर, डकर्मी, कृषक सबैलाई प्रदान गर्ने गरी क्षमता विकास तालिमको एउटै दरमा लागत अनुमान तयार गरेको कानुनअनुकूल देखिएन।

३५. **सहकारी सफ्टवेयर -** आयोजनाले २०७७।७८ मा १५० सहकारी संस्थाहरूमा प्रविधि पहुँच पुऱ्याउने कार्यक्रम अन्तर्गत एक प्राइभेट लिमिटेड कम्पनीसँग रु.१ करोड ४६ लाख ९० हजारको ६५ थान सहकारी सफ्ट्वेयर खरिद गरेको देखिन्छ। सफ्टवेयर खरिदसम्बन्धी लागत अनुमान तथा खरिद प्रस्तावमा निजगढ नगरपालिकाअन्तर्गत एक दुग्ध उत्पादक कृषि सहकारी लिमिटेडलाई मात्र सफ्टवेयर उपलब्ध गराउने प्रस्ताव गरेकोमा सोही नगरपालिकालाई रु.७४ लाख ५८ हजार मूल्यका ३३ थान सफ्टवेयर हस्तान्तरण गरी आयोजनाको मौज्दातबाट घटाएको छ। खरिद भएको वर्षौंपछि निजगढ नगरपालिकालाई मात्र खरिद प्रस्ताववविपरीत ३३ थान हस्तान्तरणबापत खर्च देखाएको छ। सफ्टवेयर खरिद र उपयोग सम्बन्धमा छानबिन हुनुपर्दछ।

३६. **अनुदानको अनुगमन -** आयोजनाले तयार गरेको प्रगति प्रतिवेदनमा १० हजारभन्दा बढी घरधुरीलाई आय आर्जन क्लस्टर सबलिकरणमा समाहित गरेको देखाएको छ। आयोजना कार्यान्वयन गर्दा स्किम खुला लगानीअन्तर्गत तरकारी, माछा, दूध, खसीबोकालगायतमा ६७ कृषक समूह तथा सहकारीहरूलाई रु.५ करोड ३२ लाख ३९ हजार अनुदान प्रदान गरेकोमा सम्झौताको सर्त र परियोजना डिजाइन बमोजिम काम भए नभएको सम्बन्धमा अनुदानको अनुगमन गरी अनुदान रकमको सार्वजनिकीरण भएको देखिएन। सम्झौताको सर्तबमोजिम अनुदान रकमको सही सदुपयोग भएको यकिन गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

खनिज अन्वेषण तथा उत्खनन् स्थिति

राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउन देशमा उपलब्ध खनिज सम्पदाको दिगो उपयोग गर्नुपर्दछ। नेपालको संविधानले खनिज अन्वेषण, उत्खनन् र संरक्षणको विषयमा तीन तहका सरकारको अधिकार क्षेत्र स्पष्ट गरेको छ। खनिज अन्वेषण, उत्खनन् एवम् व्यवस्थापन सम्बन्धमा राष्ट्रिय खनिज नीति, २०७४ जारी भए तापनि सोअनुसार ऐन, नियम तथा अन्य कानुनहरू तर्जुमा हुन सकेका छैनन्। खनिज अन्वेषण, उत्खनन् र यसको समग्र व्यवस्थापनको लागि खानी तथा भूगर्भ विभागले कार्यसम्पादन व्यवस्थित गर्नुपर्ने देखिन्छ। यो वर्ष खनिज अन्वेषण तथा उत्खनन् स्थिति सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

खानी तथा भूगर्भ विभागले भौगर्भिक अध्ययन, अन्वेषण, सतही नमुना सङ्कलन, परीक्षण तथा ड्रिलिङ्ग कार्य गर्दै आइरहेकोमा नेपाल सरकारले २०७६ सालमा धौवादी फलाम कम्पनी लिमिटेडको स्थापना गरी विभागबाट खास खनिज अन्तर्गत फलाम खानीका लागि दुई क्षेत्र पोखरी-धौवादी २५ वर्गकिलोमिटर र दुर्लुङ्गा १६ वर्गकिलोमिटर खोजतलासको अनुमति पत्र लिई फलाम खानी सञ्चालनका लागि आवश्यक अन्वेषणत्मक कार्य गरिरहेको छ।

दैलेखको जलजलेमा पेट्रोलियम पदार्थको अन्वेषण कार्यका लागि चीन सरकारको आर्थिक र प्राविधिक सहयोगमा ४ हजार १३ मिटरको ड्रिलिङ कार्य सम्पन्न भएको छ। विभागले हालसम्म धातु २१, अधातु ३८ र इन्धन तथा ग्यास खनिज ४ समेत ६३ प्रकारका खनिजहरू पत्ता लगाएको र चुनढुङ्गामा आधारित २६ सिमेन्ट उद्योग सञ्चालन भई सिमेन्टमा आत्मनिर्भर बनेको अवस्था छ। विभागले गरेको टोपो सर्भे, गामा सर्भेलगायतबाट मनाङ, गोरखा, बझाङ, बैतडी, मुस्ताङको लोमन्थाङ, मकवानपुरको कालापानी, चाँदे, तीनभङ्गाले, माझदमारलगायतका स्थानमा युरेनियमको भण्डार रहेको पत्ता लगाएको छ। विभागले खनिज सम्पदाको गुणस्तर मापन गर्ने अत्याधुनिक यन्त्र (आई.सी.पी.एम.एस.) र एकपटकमा युरेनियमलगायत ६० भन्दामाथि खनिजको सम्भाव्यता परीक्षण गर्ने एक्स.आर.एफ. मेसिन प्राप्त गरेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

३७. **नीति कार्यान्वयन** - खनिज स्रोतको संरक्षण, सम्वर्धन तथा उपयोग गरी राष्ट्रको समुन्नतिमा योगदान पुऱ्याउन खनिज उद्योगमा रू.१०० अर्ब लगानी भित्र्याई ५० हजार रोजगारी सिर्जना गर्ने उद्देश्यसहित राष्ट्रिय खनिज नीति, २०७४ अन्तर्गत ३ नीति, ८१ रणनीति र सोको कार्यान्वयन कार्ययोजनासमेत तयार रहेका छन्। सो नीतिमा सबै खनिज स्रोतहरूको १ वर्षभित्र डाटाबेस तयार गरी रणनीतिक तथा सामरिक महत्वका खनिजहरूको गुण तथा परिमाण यकिन गर्ने, सूचना प्रविधिको उपयोग गरी दैनिक रूपमा खानी स्थलको नियमन गरी खनिज उत्खनन् र उत्पादनको परिमाण नियमन गर्ने, २ वर्षभित्र रणनीतिक महत्वको खनिजका लागि विशेष क्षेत्र घोषणा गर्ने, खनिज विकासको लागि खनिज कोषको स्थापना गर्ने, खनिज परीक्षण प्रयोगशाला स्थापना गरी खनिजको गुणस्तर पहिचान गर्ने र ५ वर्षभित्र नेपालको विस्तृत भौगर्भिक अध्ययन गरी खनिज एवं भौगर्भिक सूचनाको नक्साङ्कन गर्ने कार्य उल्लेख भएकोमा उक्त नीति जारी भएको ७ वर्षसम्म पनि लक्ष्य प्राप्त हुने गरी कार्यान्वयन भएको छैन। नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

३८. **कानुन तर्जुमा तथा परिमार्जन** - नेपालको संविधानले खानी तथा खनिजलाई तीन तहको साझा अधिकारको सूचीमा राखेको छ। संविधानको अधिकार सूचीअनुसार खानी उत्खनन् कार्य सङ्घ, खानी अन्वेषण र व्यवस्थापन प्रदेश र खानी तथा खनिज पदार्थको संरक्षण स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत रहेको छ। राष्ट्रिय खनिज नीति, २०७४ जारी भए तापनि खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा नियमावली, २०५६, नेपाल पेट्रोलियम ऐन, २०४० तथा नियमावली, २०४१ र खनिज सर्भेक्षण नियमहरू, २०२४ मा समयसापेक्ष परिमार्जन हुन सकेका छैनन्। संविधान तथा खनिज नीति अनुरुप कानुन तर्जुमा तथा परिमार्जन गर्नुपर्दछ।

३९. **नतिजा खाका र प्रगति** - विभागबाट प्राप्त विवरणअनुसार पन्ध्रौं योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रमको नतिजा खाकाबमोजिम खानी अन्वेषण १ हजार २०० वर्ग किलोमिटर, खनिज अन्वेषणात्मक सर्वेक्षण २०० हेक्टर र खनिज अन्वेषणात्मक ड्रिलिङ्ग ३०० मिटर गर्ने वार्षिक लक्ष्य रहेकोमा यस वर्षसम्म उक्त कार्यक्रममा लक्ष्यअनुसार खनिज पदार्थको अन्वेषण नभएको, खनिजको परिमाण यकिन गर्न नसकिएको र सोको उपयोगसमेत हुन सकेको छैन। आवधिक योजना र मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा प्रस्तुत नतिजा खाकाअनुसारको लक्ष्य प्राप्त गर्न प्रभावकारी कार्यसम्पादन गर्नुपर्दछ।

४०. **वार्षिक नीति तथा बजेट** - वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य २०७६।७७ देखि धौवादी फलाम खानीबाट व्यावसायिक उत्पादन सुरु गर्ने उल्लेख भएकोमा सोमा उल्लेख्य प्रगति हुन सकेको छैन। पाँच वर्ष अघिदेखि नै उदयपुर र हेटौंडा सिमेन्ट उद्योगको क्षमता विस्तार गर्ने उल्लेख भएकोमा हाल दुवै उद्योगको उत्पादन शून्य भएको, उदयपुर सिमेन्ट उद्योगले नवीकरण नगराएको, सुर्खेतमा बहुमूल्य पत्थर कारखाना स्थापना गर्ने उल्लेख भएकोमा भवन निर्माणबाहेक अन्य कार्य नभएको र दैलेखलगायत अन्य जिल्लामा पेट्रोलियम पदार्थ तथा युरेनियमलगायत सम्भाव्य खनिजको अध्ययन सम्पन्न गरी उत्खनन् कार्य प्रारम्भ गरिने उल्लेख भएकोमा दैलेखमा ड्रिलिङ कार्य सम्पन्न भए तापनि खनिज उत्खनन् हुन सकेको छैन। त्यसैगरी, २०८०।८१ को वार्षिक विकास कार्यक्रममा खनिज पदार्थको पहिचान तथा उत्खनन् भई फलाम, तामा तथा पेट्रोलियम पदार्थको आयात घटेको हुने अपेक्षित नतिजा खाकाबमोजिम विभागले १५९ स्थानमा खनिज पदार्थको उत्खनन् कार्यका लागि अनुमतिपत्र जारी गरेकोमा अधिकांश गत वर्ष नवीकरण गरेको र अनुमति प्राप्तमध्ये ६१ ले मात्र उत्खनन् कार्य गरेको देखिन्छ। वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

४१. **कार्य सम्पादन** - नेपालको भौगर्भिक अध्ययन अनुसन्धान गरी खनिज सम्पदाको उत्खनन् विकासको लागि स्थापना भएको विभागले वैज्ञानिक सर्वेक्षण, अनुसन्धान र इन्जिनियरिङ, जोखिम आकलन, भूकम्पीय अध्ययन र अनुसन्धान पेट्रोलियम र प्राकृतिक ग्याँस अन्वेषण, अनुमति प्रदान तथा नवीकरण, खानी नामसारी र उत्खनन् लगायतका कार्य गर्दै आएको छ। विभागको दरबन्दी २०५८ मा ३५३, २०६८ मा २१६ रहेकोमा २०७४ देखि १४४ कायम भएको छ। जसमा प्राविधिक ९५, अप्राविधिक १९ र श्रेणीविहीन ३० दरबन्दी रहेको छ। कार्यक्षेत्र तथा कार्यप्रकृतिअनुसार जनशक्ति व्यवस्थापन हुनुपर्नेमा स्वीकृत दरबन्दीमध्ये ९१ पदपूर्ति भई ५३ पद रिक्त रहेको छ। विभागको कार्यक्षेत्र देशभरि नै रहेको तर प्रदेश तथा जिल्लास्तरमा समन्वय गर्ने संयन्त्र नहुँदा खानी तथा खनिज पदार्थको अन्वेषण, खोजतलास तथा उत्खनन् अनुमतिपत्र प्रदान, अनुगमन, निरीक्षण तथा प्रशासनिक कार्यसम्पादनमा प्रभावकारिता आएको छैन। विगत पाँच वर्षको बजेट र खर्चको तुलना गर्दा औसतमा ५६.८० प्रतिशत र खनिज अन्वेषण विकास आयोजनामा ३२.१६ प्रतिशत खर्च भएको छ। यो वर्ष विभागको स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित २३ प्रमुख क्रियाकलापहरूमा शून्य प्रगति रहेको छ। विभागको कार्यक्षेत्र, कार्यप्रकृति र कार्यबोझको आधारमा संरचनाको व्यवस्थापन गरी प्रभावकारी कार्यसम्पादन गर्नुपर्दछ।

४२. **खनिजको प्रकार र अन्वेषण** - खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ३(क) मा खनिज पदार्थको प्रकृतिको आधारमा धातु खनिज र अधातु खनिज तथा खनिज पदार्थको महत्वको आधारमा अति महत्त्वपूर्ण, महत्त्वपूर्ण तथा बहुमूल्य र सामान्य खनिजमा वर्गीकरण गरेको छ। सुन, युरेनियम, प्लाटिनियम, थोरियम, हिरा, रुबी, सफायर, एमरल्ड, कोरण्डमलगायतका सामरिक महत्वको खास खनिज, अर्ध किमती तथा किमती पत्थरलाई अति महत्त्वपुर्ण खनिजमा वर्गीकरण गरेको छ। विभागबाट प्राप्त विवरणअनुसार हालसम्म विभागले धातु २१, अधातु ३८ र इन्धन तथा ग्यास खनिज ४ समेत ६३ प्रकारका खनिज पत्ता लगाएको छ। उक्त खनिजमध्ये युरेनियम, थोरियम, सुन, रुबी, कोरण्डमलगायतका अति महत्त्वपुर्ण र बहुमूल्य खनिजसमेत रहेका छन्। विभागले रोल्पास्थित सुनको अन्वेषण कार्यको लागि २०७७।७८ मा सम्झौता गरे तापनि सो कार्य प्रारम्भ भएको छैन। नेपालका विभिन्न भू-भागमा पेट्रोलियम, ग्यासलगायतको अवशेषहरू देखा परेका छन्। धेरै समय अघिदेखि फलाम, तामा, कोइलालगायत बहुमूल्य पत्थरहरूको उपयोग हुने गरेकोमा त्यस्ता खानी तथा अन्य खनिजहरूको

अन्वेषण कार्य गरी परिमाण यकिन गर्ने काम हुन सकेको छैन। पर्याप्त अध्ययन गरी त्यस्ता खनिजहरूको उत्खनन् तथा उपयोग गर्नुपर्दछ।

४३. **खनिज खोजतलास कार्य** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ७ मा कुनै व्यक्तिले गुणस्तर तथा परिमाण यकिन भई नसकेको खनिज पदार्थको खोजतलास कार्य गर्न चाहेमा खोजतलास कार्यको प्रस्तावित योजना प्राप्त भएकोमा जाँचबुझ गरी अनुमतिपत्र दिने र नियम ९ मा अति महत्त्वपुर्ण खनिज वा महत्त्वपुर्ण तथा बहुमूल्य खनिज भए ४ वर्ष र सामान्य खनिज भए २ वर्षको अवधि भित्र खोजतलास कार्य सम्पन्न गरिसक्नुपर्ने र मागबमोजिमको अवधि थप गरिदिन मनासिब देखेमा थप दस्तुर लिई एक पटकमा एक वर्ष नबढाई बढीमा २ वर्षसम्मको लागि खोजतलास कार्यको अवधि थप गरिदिन सक्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार २०७६।७७ मा विभागले खोजतलास कार्यको लागि ३८१ अनुमतिपत्र जारी गरेकोमा २०८०।८१ सम्म ४२७ अनुमतिपत्र जारी गरेको देखिन्छ। विभागले पत्ता लगाएका ६३ प्रकारका खनिजको खोजतलास कार्य गर्न प्रवर्धनात्मक कार्य गरेको देखिएन, जसले गर्दा खोजतलास कार्यको लागि थप नयाँ अनुमतिपत्र जारी हुन सकेको छैन। यो वर्ष सबैभन्दा बढी चुनढुङ्गा खनिजका लागि १८२ अनुमतिपत्र जारी भएकोमा क्वारजाइट ४६, ग्रेनाइट ३४, फलाम ३३, तामा २०, डोलोमाइट १७, काओलिन क्ले १४, खरी १२ र कोइला १० लगायतका खनिज खोजतलास गर्न अनुमतिपत्र जारी भएका छन्। विभागले खनिज अन्वेषणबाट पत्ता लगाएका सबै खनिज पदार्थको खोजतलास कार्य गर्न प्रवर्धन गर्नुका साथै अति महत्त्वपूर्ण तथा अन्य खनिजको खोजतलास कार्य गर्नुपर्दछ।

४४. **खनिज खोजतलास अवधि** - विभागले जारी गरेको ४२७ खनिज खोजतलास अनुमतिपत्रमध्ये म्याद थपसमेतको अवधि नाघेका अनुमतिपत्रको संख्या ५९ रहेको देखिन्छ। सोमध्ये अति महत्त्वपुर्ण वा महत्त्वपूर्ण, बहुमूल्य खनिज ५४ र सामान्य खनिज ५ रहेका छन्। त्यस्तै, म्यादभित्र रहेको संख्या ३२० मध्ये म्याद थपसहितको संख्या ४८ रहेको छ। नियमबमोजिम खोजतलास कार्यको लागि तोकिएको अवधिभन्दा बढी समयसम्म पनि अनुमतिपत्र खारेज गरेको देखिएन। विभागले अनुमतिपत्र जारी गर्ने तर प्रदेश र स्थानीय तहसँग खनिजको खोजतलासका लागि समन्वय नहुँदा खोजतलास कार्य प्रभावकारी बन्न सकेको देखिएन। खोजतलासको अनुमतिपत्र लिई म्याद समाप्त हुँदासम्म खोजतलास नगर्ने व्यक्ति वा कम्पनीको अनुमतिपत्र खारेज गरी प्रतिस्पर्धात्मक रूपमा सक्षमलाई अनुमतिपत्र जारी गर्नुपर्दछ।

४५. **खनिज उत्खनन् कार्य** - विभागले खनिज उत्खनन् कार्यको लागि २०७६।७७ मा १४६ र २०८०।८१ सम्म १५९ अनुमतिपत्र जारी गरेको देखिन्छ। खनिजको प्रकारअनुसार खनिज उत्खनन् अनुपतिपत्रको अवधि १० देखि ३० वर्षसम्म रहने व्यवस्था छ। विभागले १७ प्रकारका खनिज उत्खनन् गर्न २०८०।८१ मा जारी गरेका १५९ अनुमतिपत्रमध्ये ६७ अनुमति प्राप्तकर्ताले खनिज उत्खनन् कार्य गरेका छैनन्। सञ्चालनमा नआएकोमध्ये वन क्षेत्रमा खनिज रहेकोले वनको भोगाधिकार प्राप्त नहुँदा ३९, योजना स्वीकृत तथा म्याद थप नहुँदा १९ र व्यवस्थापन तथा अन्य कारणले ९ खनिजको उत्खनन् कार्य हुन सकेको छैन। खानी सञ्चालनको लागि देखिएका समस्याको समाधान गरी खनिजको उत्खनन् कार्य गर्ने तथा खोजतलास गरिएका खनिजको प्रवर्धन गरी उत्खनन् कार्य गर्नुपर्दछ।

४६. **उप-उत्पादन** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४७ मा खनिज पदार्थ उत्खनन् कार्य गर्दा फेला परेको अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थबाहेकका अन्य खनिज पदार्थ वा उप-उत्पादन बिक्री गर्नुपर्ने भएमा विभागको पूर्वस्वीकृति लिनुपर्ने र तोकिएको रोयल्टी जम्मा गर्नुपर्ने व्यवस्था छ। विभागले हालसम्म चुनढुङ्गा खानीबाट ढुङ्गा, ग्राभेल, माटोको उप-उत्पादनको ६ अनुमति पत्र प्रदान गरेको छ। यो वर्ष उप-उत्पादनको करिब ६८ हजार मेट्रिक टन खनिज उत्खनन् गरी रू.१७ लाख ७२ हजार रोयल्टी सङ्कलन गरेको छ। स्थलगत अनुगमनको क्रममा कटारी नगरपालिका-८, उदयपुरको एक खानी क्षेत्रको अवलोकनको क्रममा चुनढुङ्गा खनिजको उत्खनन् गर्दा डोलोमाइट खनिजसमेत निस्किने गरेको पाइयो। कम्पनीले डोलोमाइट खनिज उत्खनन्को अनुमति नलिई उत्खनन् कार्य गरेको, उत्खनन् गरेको खनिज प्रयोगविहीन अवस्थामा डम्पिङ गरी राखेको र कतिपय स्थानमा खनिजको उत्खनन् गरेको देखिएन। खानी क्षेत्रबाट अनुमतिपत्रमा उल्लेख भएभन्दा अन्य खनिज पदार्थ उत्खनन् भई प्रयोगविहीन अवस्थामा रहँदा समेत विभागले खनिजको उपयोग र व्यवस्थापन सम्बन्धमा उचित कदम चालेको छैन।





उदयपुर जिल्लाको एक सिमेन्टको खानी क्षेत्र, खनिज उत्खनन् हुँदै र डोलोमाइट खनिज डम्पिङ गरेर राखिएको स्थान

अनुमतिपत्र जारी गरेका खानीहरूको विभागले नियमित अनुगमन गरी अनुमतिबेगर उत्खनन् कार्य गरेको पाइएमा कानुनबमोजिम कारवाही गर्नुपर्दछ।

४७. **निर्माणमुखी खनिज पदार्थ** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२प) मा ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेटजस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीरकण, खारेजी र व्यवस्थापनको अधिकार स्थानीय तहलाई रहेकोमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।११।२२ मा स्थानीय सरकार सञ्चालन नियमावली बनिनसकेकोले थप कानुनी व्यवस्था भएपछि सोहीबमोजिम हुने गरी हाललाई प्रचलित खानी तथा खनिज पदार्थ नियमावली, २०५६ बमोजिम हुने गरी खानी तथा भूगर्भ विभागबाट उत्खनन् कार्ययोजना र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गराई विभागको सहमतिमा सम्बन्धित नगर तथा गाउँपालिकाको कार्यालयबाट उत्खनन् अनुमतिपत्र जारी गर्ने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार २०७५।७६ देखि २०८०।८१ सम्म गण्डकी प्रदेशमा २ र बागमती प्रदेशमा ३० समेत ३२ लाई निर्माणजन्य खनिज पदार्थको अनुमतिपत्र जारी गर्न सहमति प्रदान गरेको छ। अनुमति नलिई समेत खानी सञ्चालन हुन सक्ने हुँदा त्यसतर्फ विभागले निरन्तर निगरानी गर्नुपर्दछ।

४८. **खनिज क्षेत्रको रोक्का** - खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा १२(३) मा नेपाल सरकारले कुनै खास खनिज पदार्थको खनिज कार्य विभाग वा विभागले तोकेको अन्य सरकारी निकायले मात्र गर्न पाउने गरी तोक्न सक्ने उल्लेख छ। विभागले २०८०।८१ सम्म भौगर्भिक नक्साङ्कन र ३१ खनिज

पदार्थको लागि २९० स्थानमा १४ हजार ७५२ वर्ग किलोमिटर क्षेत्रफल रोक्का गरिराखेकोमा चट्टानी नुन ४ हजार २०८, भौगर्भिक नक्साङ्कन २ हजार ९३९, निर्माणमुखी ढुङ्गा २ हजार ७३१ र युरेनियम १ हजार २४१ वर्ग किलोमिटर क्षेत्रमा रोक्का गरेको छ। विभागले खनिज क्षेत्र रोक्का गरी राख्ने तर तोकिएको समयमा भौगर्भिक नक्साङ्कन र खनिज कार्य नहुँदा खनिज पदार्थको उपयोग हुन सकेको छैन। रोक्का राखिएका खनिज क्षेत्रको उपयोग गर्नुपर्दछ।

४९. **अनुमतिपत्र रद्द** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४३ मा अनुमतिपत्र रद्द हुने अवस्थाबारे उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार विगत ५ वर्षमा खोजतलासतर्फ ५८५ र उत्खनन्तर्फ २१ समेत ६०६ अनुमतिपत्र रद्द गरेको छ। तोकिएको समयमा नवीकरण नगर्ने, पेस गर्नुपर्ने विवरण तथा सूचना पेस नगर्ने र अनुमतिपत्रको अवधि समाप्त हुँदासम्म तोकिएको कार्य नगर्ने जस्ता कारणले खनिज उत्खनन् कार्य हुन नसकी खनिज पदार्थको उपयोग हुन नसकेको विभागले उल्लेख गरेको छ। विभागले जारी भएको अनुमतिपत्रको कार्यान्वयन अवस्थाको प्रभावकारी अनुगमन तथा नियमन गर्नुपर्दछ।

५०. **यथोचित यन्त्र** - खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १९ मा उत्खनन् कार्य गर्दा खनिज कार्यको परिमाणको नाप गर्ने यथोचित यन्त्रहरू राखी उत्पादन गरेको खनिज पदार्थको नाप, तौलसम्बन्धी अभिलेख राख्नुपर्ने र सो नगरेमा अनुमतिपत्र रद्द हुने उल्लेख छ। विभागले २०८१।३।३० मा तोकिएको यथोचित यन्त्र जडान गर्न सूचना जारी गरेकोमा अनुमतिपत्र जारी भएका १५९ कम्पनी तथा व्यक्तिमध्ये ८९ ले यथोचित यन्त्र नराखेको जसमध्ये २२ खानी सञ्चालनमा रहेको पाइयो। तीन सिमेन्ट उद्योगको स्थलगत अनुगमन गरिएकोमा दुई खानी क्षेत्रमा मात्र तौलपुल रहेको पाइयो। यसरी विभागबाट सूचना जारी गर्दासमेत यथोचित यन्त्र नराख्ने कम्पनी तथा व्यक्तिहरूको उत्खनन् अनुमतिपत्रसम्बन्धमा काननुबमोजिम कारबाही गर्नुपर्दछ।

५१. **प्रयोगशाला तथा प्रशोधन केन्द्र** - विभागमा रासायनिक प्रयोगशाला, जियोटेक्निकल ल्याब र जेमोलोजी तथा मिनिरलोजी ल्याब सञ्चालनमा रहेको छ। विभागको दरबन्दी संख्याअनुसार रासायनिक प्रयोगशालमा १०, जियोटेक्निकल ल्याबमा ५ र जेमोलोजी तथा मिनिरलोजी ल्याबमा २ प्राविधिक कर्मचारी कार्यरत रहेको र ३ दरबन्दी रिक्त रहेको छ। विभागले २०७५ सालमा १ प्रतिशतभन्दा कम परिमाणको महत्त्वपुर्ण खनिजको गुणस्तर मापन गर्ने अत्याधुनिक यन्त्र (आई. सी. पी. एम. एस.) रू.१ करोड ६१ लाख ७१ हजारमा खरिद गरे तापनि तालिम प्राप्त जनशक्तिको अभावले प्रयोगमा ल्याउन सकेको छैन। यसैगरी एकपटकमा युरेनियमलगायत ६० भन्दामाथि खनिजको सम्भाव्यता परीक्षण गर्ने एक्स.आर.एफ. मेसिन अनुदानमा प्राप्त भए पनि सफ्टवेयर अपग्रेड नहुँदा प्रयोगविहीन अवस्थामा रहेको छ। बजेट वक्तव्य २०७८।७९ मा काठमाडौं र सुर्खेतमा खनिज प्रशोधन केन्द्र खोली सञ्चालनमा ल्याउने उल्लेख भएकोमा हालसम्म खनिज प्रशोधनका लागि प्रशोधन केन्द्रको स्थापना भई सञ्चालनमा आउन सकेको छैन। कार्यरत जनशक्तिलाई आवश्यक पर्ने तालिम प्रदान गर्नुका साथै आवश्यक सफ्टवेयर जडान गरी जडित उपकरणको उच्चतम उपयोग गर्ने तथा बहुमूल्य खनिज पदार्थको प्रशोधन गर्न आवश्यक प्रशोधन केन्द्रको स्थापना गरी सञ्चालन गर्नुपर्दछ।

५२. **लगानी सम्मेलन** - लगानी बोर्डको आयोजनामा २०८१ वैशाख १६ र १७ मा भएको तेस्रो लगानी सम्मेलनमा खानी तथा भूगर्भ विभागले १० खनिज उत्खनन् र २ पेट्रोलियम अन्वेषण कार्यसमेत १२

परियोजनालाई सोकेसमा राखी प्रस्ताव माग गरेको छ। सोमध्ये चुनढुङ्गा, फलाम र सुनखानीका लागि प्रस्ताव पेस भएकोमा ५ परियोजना स्वीकृत गरी रू.७१ करोड ५० लाख ६१ हजार राजस्व लिई सम्बन्धित लगानीकर्तालाई अनुमतिपत्र प्रदान गरेको छ। डोलोमाइट, ग्रेनाइट, म्याग्नेसाइट र फस्फोराइटको उत्खनन् र पेट्रोलियम अन्वेषण कार्यको लागि समेत प्रस्ताव माग गरेकोमा छनोट भएको छैन।

५३. **प्राकृतिक ग्यास अन्वेषण** - विभागबाट प्राप्त विवरणअनुसार संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको प्राविधिक तथा आर्थिक सहयोगमा २०३७ साल यता विभिन्न १४ ठाउँमा ड्रिलिङ कार्य सम्पन्न गरेकोमा करिब ३०० मिलियन घनमिटर मिथेन ग्याँस रहेको अनुमान गरिएको छ। विभागले यस्ता क्षेत्रहरूको संरक्षण गर्न यो वर्ष ११ जना पालेपहरा राखी रू.३६ लाख ४२ हजार खर्च गरेको छ। सम्भावित स्थानहरूको थप भौगर्भिक अध्ययन अनुसन्धान गरी यसको लागत लाभ विश्लेषणसहित उपयोग गर्नुपर्दछ।

५४. **पेट्रोलियम अन्वेषण परियोजना** - नेपालमा पेट्रोलियम पदार्थको व्यवस्थित खोज गर्ने उद्देश्यले २०३९ सालमा पेट्रोलियम अन्वेषण परियोजनाको स्थापना भएको हो। परियोजनाबाट प्राप्त विवरणअनुसार आयोजनाको लागि २०७६।७७ देखि २०८०।८१ सम्म रू.१४ करोड ८४ करोड ४५ हजार बजेट विनियोजन भएकोमा रू.७ करोड ६५ लाख १४ हजार (५१.५४ प्रतिशत) खर्च भएको छ। पेट्रोलियम पदार्थको अन्वेषणको लागि आवश्यक पूर्ण ज्ञान तथा दक्ष कर्मचारीको अभाव हुनु, पेट्रोलियम अन्वेषण कार्यका लागि विशिष्टीकृत उपकरण र ल्याबको कमी हुनु र विदेशी लगानीकर्ता तथा अन्वेषण कम्पनीहरू लगानी गर्न आकर्षित नहुनुलगायतका समस्याहरू रहेका छन्। पेट्रोलियम अन्वेषणका लागि आवश्यक कानुनको तर्जुमा वा संशोधन गर्ने, दक्ष कर्मचारी र विशिष्टीकृत उपकरण तथा ल्याबको व्यवस्था गर्ने, पेट्रोलियम सम्भाव्यताको बारेमा प्रचारप्रसार गरी विदेशी लगानीकर्तालाई आकर्षित गर्ने र हालसम्म प्राप्त भएका उपलब्धिहरूको संरक्षण गर्दै थप अध्ययन अनुसन्धान गरी पेट्रोलियम पदार्थको खोजतलास तथा उत्खनन् कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

५५. **निष्कर्ष र सुझाव** - नेपालमा खनिज सम्पदाको अन्वेषण तथा उत्खनन्मा अपेक्षित विकास नहुनुमा कानुनमा समय सापेक्ष परिमार्जन नहुनु, यथेष्ठ लगानी नहुनु तथा विनियोजित बजेट पनि खर्च हुन नसक्नु, निजी क्षेत्रलाई आकर्षित गर्न नसक्नु, दक्ष जनशक्तिको अभाव र नयाँ प्रविधिको समुचित उपयोग नहुनुजस्ता समस्या विद्यमान रहेका छन्। खनिज पूर्वाधारको विकास सबै क्षेत्रमा नहुनु, पर्याप्त स्रोतसाधनको कमी हुनु, खनिज अन्वेषण, अनुसन्धान र विकास न्यून हुनु, खनिज उत्पादनमा आधारित भई स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु, विभिन्न क्षेत्रगत नीतिमा एकरुपता र समन्वय ल्याउनुजस्ता चुनौतिहरू रहेका छन्।

नेपालको संविधान तथा नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनले दिएको खानी तथा खनिजसम्बन्धी अधिकार कार्यान्वयन गर्न तत्काल कानुनको तर्जुमा तथा परिमार्जन गर्ने, खनिज क्षेत्रको अन्वेषण, उत्खनन् र उपयोगका लागि पर्याप्त बजेट विनियोजन गरी प्रभावकारी रूपमा खर्च गर्ने, खनिज खोजतलास र उत्खनन् कार्यमा बढावा दिने, अनुमतिपत्र लिएर पनि खनिज कार्य नगर्नेको अनुमतिपत्र रद्द गरी प्रतिस्पर्धात्मक रूपमा नयाँ अनुमतिपत्र जारी गर्ने, अन्तर तह तथा निकायसँग प्रभावकारी समन्वय गर्ने, खास खनिजको उपयोग गर्ने, खनिज परीक्षण तथा प्रशोधन गर्ने प्रयोगशाला

सञ्चालन गर्ने, कर्मचारीहरुको दक्षता अभिवृद्धि गरी परिचालन गर्ने, जिन्सी सामानहरूको संरक्षण गर्दै उपयोग गर्नेलगायतका सुझावहरूको कार्यान्वयन गरी खनिज पदार्थको अन्वेषण, उत्खनन् र सो को प्रभावकारी उपयोग गर्नुपर्दछ।

वातावरणीय लेखापरीक्षण

औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन

जनसङ्ख्या तथा शहरीकरणमा भएको वृद्धि, बढ्दो औद्योगिकीकरण र उपभोग प्रवृत्तिमा आएको परिवर्तनसँगै फोहरमैलाको प्रकृति र परिमाणमा वृद्धि भइरहेको छ। औद्योगिक फोहरमैलाको सङ्कलन, ढुवानी तथा विसर्जनमा आधुनिक प्रविधिको अनुसरण गरी कुशलतापूर्वक व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। फोहरको उचित व्यवस्थापन गर्ने जिम्मेवारी नेपाल सरकारको जिम्मेवार निकाय तथा सम्बन्धित औद्योगिक प्रतिष्ठानको हुन्छ। बालाजु, भक्तपुर, पाटन र हेटौंडा औद्योगिक क्षेत्रअन्तर्गतका केही औद्योगिक प्रतिष्ठानको स्थलगत अवलोकन मार्फत तथा अन्य औद्योगिक क्षेत्रबाट प्रश्नावली, फोन तथा इमेल मार्फत सूचना तथा तथ्याङ्क सङ्कलन गरी औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र फोहरमैला व्यवस्थापन ऐन, २०६८ र नियमावली, २०७० कार्यान्वयनमा रहेका छन्। बालाजु औद्योगिक क्षेत्र अन्तर्गतका केही उद्योगहरुले प्लाष्टिकजन्य फोहरलाई रिसाइकल गरी प्लाष्टिकको कच्चा पदार्थ बनाई पुनः प्रयोग गरेको पाइयो।

लेखापरीक्षणबाट देखिएका बेहोराः

५६. **नीति तथा कानुनको परिपालना -** फोहरमैलाको दिगो व्यवस्थापनद्वारा स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको हकको सुनिश्चित गर्ने उद्देश्य सहित नेपालमा फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ कार्यान्वयनमा रहेको छ। त्यसैगरी फोहरमैला व्यवस्थापन ऐन, २०६८, वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ समेत कार्यान्वयनमा रहेका छन्। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५६.१. फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीतिमा फोहरमैलाबाट हुने वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्ने, फोहरमैला व्यस्थापनमा नागरिक दायित्व अभिवृद्धि गर्न फोहरमैलाको वर्गीकरण, न्यूनीकरण र निष्काशन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने रणनीति तय गरिएको छ। वातावरण विभागबाट प्रदूषण रोकथाम तथा नियन्त्रणको लागि विभिन्न औद्योगिक प्रतिष्ठानको स्थलगत अनुगमन हुने गरेको, विद्यालयको वातावरणलाई स्वच्छ पार्न तथा विद्यार्थीहरुलाई वातावरण संरक्षण सम्बन्धी जनचेतना जगाउन वार्षिक कार्यक्रममा विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम सञ्चालन गरेको र वातावरणीय मापदण्ड परिपालना सम्बन्धमा सरोकारवालासँग सार्वजनिक सुनुवाइ कार्यक्रम गर्ने गरेको भए तापनि सो पर्याप्त रहेको देखिँदैन। औद्योगिक फोहरमैलाको उत्सर्जन, सोबाट वातावरण तथा मानव स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभाव र सोको न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्नुपर्दछ।

५६.२. फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ को बुँदा नं ८.४ मा फोहरमैला व्यवस्थापनमा नवीनतम प्रविधिको उपयोग र लगानी प्रवर्धनलाई प्रोत्साहन गर्दै फोहरलाई स्रोतको रुपमा परिचालन गरी अर्थतन्त्रमा योगदान गर्ने उल्लेख छ। फोहर व्यवस्थापनमा हाल प्रचलित नवीन प्रविधिहरुअन्तर्गत फोहरलाई उर्जामा रुपान्तरण गर्ने, बायोग्याँस प्रविधि, जिग-ज्याग इँट्टा भट्टा प्रविधि, प्लाष्टिक पुनः चक्रण प्रविधि, स्मार्ट फोहर सङ्कलन प्रणाली, फोहर पानी प्रशोधन गर्न न्यानो फिल्टर प्रयोग, विद्युत प्रवाह प्रयोग गरी फोहर पानीबाट भारी धातु, रसायन र दूषित पदार्थ हटाउने प्रविधि, सूक्ष्मजीव (ब्याक्टेरिया, फङ्गस) प्रयोग गरी विषाक्त फोहरको जैविक विघटन गर्ने, फोहर पानी प्रशोधन गर्ने लगायत पर्दछन्। केही इँटा उद्योगहरुले इँटा उत्पादन गर्न नयाँ जिग ज्याक प्रविधि अपनाउने गरेको र केही उद्योगहरुमा प्लाष्टिक रिसाइकल गरी पुनः प्लाष्टिकजन्य वस्तु उत्पादनको कच्चा पदार्थ उत्पादन हुने गरेका छन्। नवीनतम प्रविधिको प्रयोग गरी फोहरलाई स्रोतको रुपमा समेत परिचालन गर्नुपर्दछ।

५६.३. राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा उद्योग, यातायात र भौतिक पूर्वाधार सम्बन्धी हरितगृह ग्याँस उत्सर्जन हुने मुख्य विन्दु र कारकहरु पहिचान गरी न्यूनीकरणका लागि मापदण्डहरु बनाई लागु गर्ने, किफायती प्रविधि र विद्युतीय ऊर्जाको प्रयोग प्रवर्धन गर्ने, उद्योग, यातायात र भौतिक पूर्वाधार विकास गर्दा वातावरणमैत्री स्थानको छनोट र जलवायुमैत्री प्रविधिको प्रयोग गर्ने उल्लेख छ। फोहरमैला व्यवस्थापनले पारिस्थितिकीय प्रणाली, जलवायु परिवर्तन, प्राकृतिक स्रोतको दिगो उपयोग लगायत दिगो विकासका बहुआयामिक पक्षहरुमा असर पार्ने भएकोले जलवायु परिवर्तनका असरको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्न तत्कालीन समयमा बस्ती नभएका क्षेत्रमा स्थापित औद्योगिक क्षेत्र पछिल्ला समयमा घना बस्ती विकासमा परिणत भइसके तापनि स्थानान्तरण योजना तयार गरेको पाइएन।

५६.४. फोहरमैला व्यवस्थापन ऐन, २०६८ मा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुने उल्लेख छ। उद्योग प्रतिष्ठानबाट निस्कने फोहर पानी जस्तैः सरफेस फिनिसिङ (ग्यालभनाईजिङ र इलेक्ट्रोप्लेटिङ) सम्बन्धी मापदण्ड, सार्वजनिक ढलमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटीबढी सीमा, सतही पानीमा पठाइने औद्योगिक एफ्ल्युएन्ट सम्बन्धी मापदण्डहरु प्रतिष्ठानहरुले पालना गरेको देखिएन। हेटौंडा औद्योगिक क्षेत्र भित्र डेनमार्क सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा फोहरपानी प्रशोधन संयन्त्र २०५९ मा निर्माण सम्पन्न गरी हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयद्वारा सञ्चालन तथा व्यवस्थापन हुँदै आएको छ। उद्योगबाट निस्कने फोहरपानीमा रहेका ठोस पदार्थ, जैविक पदार्थ र रासायनिक पदार्थलाई विभिन्न चरणमा प्रशोधन गरी वातावरण अनुकूल गराउन पहिलो चरणमा ठूला ठोस पदार्थ हटाउन स्क्रिनिङ र सेडिमेन्टेशन, अन्तर्गत जैविक पदार्थहरु हटाउन स्लज प्रकिया वा जैविक फिल्टरहरुको प्रयोग र अन्तिम चरणमा फोहरपानीमा रहेका अन्य सबै रासायनिक पदार्थहरु हटाउने प्रकिया रहे पनि दैनिक करिब ७ लाख लिटर फोहरपानी निस्कने उक्त केन्द्रमा अक्सिजनको उपस्थितिमा कार्य गर्ने (एरोबिक) ९ र अक्सिजनको अनुपस्थितिमा कार्य गर्ने (एनारोबिक) २ गरी ११ पोखरी रहेकोमा ४ पोखरीमात्र प्रयोगमा रहेका छन्। भक्तपुर औद्योगिक क्षेत्र अन्तर्गत सल्लाघारीमा फोहरपानी प्रशोधन संयन्त्र निर्माणको आयोजना शुरु गरे पनि ५ वर्ष देखि अधुरो अवस्थामा रहेको छ। सो संयन्त्रको उपयोग एवम् क्षमता विकास गरी फोहरमैला व्यवस्थापन गनुपर्दछ।

५६.५. फोहरमैला व्यवस्थापन ऐन, २०६८ मा फोहरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ। लेखापरीक्षणको सिलसिलामा औद्योगिक प्रतिष्ठानबाट प्रश्नावली तथा स्थलगत अवलोकनका क्रममा प्राप्त जानकारी अनुसार अधिकांश स्थानीय तहमा फोहर पानी प्रशोधन संयन्त्र र स्यानिटरी ल्याण्डफिल साइट निर्माण नगरेको त्यस्तो फोहर व्यवस्थापन गर्न प्रविधि र दक्ष जनशक्तिको समेत अभाव रहेको पाइयो। फोहरमैला व्यवस्थापनमा स्थानीय तहले मात्र जिम्मेवारी पूरा गर्न सक्ने अवस्था नहुँदा यस सम्बन्धमा तीन तहबिच समन्वय र सहकार्य हुनुपर्दछ।

५७. **आवधिक योजना कार्यान्वयन -** वन तथा वातावरण मन्त्रालयबाट प्राप्त क्षेत्रगत प्रगति प्रतिवेदनका आधारमा पन्ध्रौं योजनाको नतिजा खाकामा उल्लिखित सूचकहरुको प्रगति निम्नानुसार छः

नतिजा सूचक	एकाइ	लक्ष्य (२०८०।८१)	प्रगति (२०८०।८१)
वायु प्रदूषणको औसत मात्रा	माइक्रोग्राम प्रति घनमिटर	४०	४३.७
वायुमा सस्पेन्सन पार्टिकुलेटको गाढापन (२४ घण्टाको औसत)	माइक्रोग्राम प्रति घनमिटर	१५३.३	११५.९
फोहोर पानीको सुरक्षित प्रशोधन अनुपात	प्रतिशत	३०	०
प्रशोधन नगरिएको औद्योगिक फोहोर पानीको अनुपात	प्रतिशत	७०	०
वायु गुणस्तर मापन केन्द्र	सङ्ख्या	४७	३०
फोहोर मैला प्रशोधन केन्द्र	सङ्ख्या	१४	०
प्लाष्टिकको पुनः प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योग	प्रतिशत	६८.२	०
सिसा र धातुजन्य पदार्थको पुनः प्रशोधन गरी तयारी वस्तु उत्पादन गर्ने उद्योग	प्रतिशत	९२.४	०

योजनाका फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित उल्लिखित नतिजा सूचकमा लक्ष्य अनुरुप प्रगति भएको छैन। निर्धारित लक्ष्य हासिल हुनेगरी कार्यसम्पादन गर्नुपर्दछ।

५८. **फोहर उत्सर्जन -** राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सन् २०२० मा नेपालका २९३ नगरपालिकामा फोहर व्यवस्थापन सम्बन्धमा भएको सर्वेक्षण अनुसार महानगरपालिकामा दैनिक ३७ हजार ३४० किलोग्राम, उप-महानगरपालिकामा १० हजार ९७३ किलोग्राम र नगरपालिकामा ३ हजार ७०४ किलोग्राम फोहर उत्सर्जन हुने गरेको उल्लेख छ। जसमध्ये महानगरपालिकाहरूमा औद्योगिक फोहर ४ हजार ४६० किलोग्राम, उप-महानगरपालिकाहरूमा १ हजार ५४४ किलोग्राम र नगरपालिकाहरूमा ३१० किलोग्राम रहेको छ। हरेक वर्ष औद्योगिक फोहरको मात्रा बढिरहेकोमा विसर्जन र प्रशोधन व्यवस्था प्रभावकारी बनाउनुपर्दछ।

५९. **अनुगमन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २१ अनुसार फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्ने व्यवस्था छ। औद्योगिक क्षेत्रहरुबाट प्राप्त विवरण अनुसार बालाजु औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, काठमाडौं महानगरपालिका, वातावरण विभागबाट औद्योगिक फोहर व्यवस्थापन सम्बन्धमा गरेको अनुगमनको अभिलेख नराखेको उल्लेख छ। वातावरण विभागको प्रकाशन अनुसार वातावरण विभागले अनुगमन गरेका ४३ उद्योगमध्ये ५० प्रतिशत उद्योगहरुले ठोस फोहरमैला राम्रो व्यवस्थापन नगरेको र सम्पूर्ण उद्योगहरुले नेपाल सरकारले तोकेको औद्योगिक एफ्लुएन्टको मापदण्ड परिपालना नगरेको

उल्लेख छ। सम्बन्धित निकायले उद्योगहरुको नियमित स्थलगत निरीक्षण, प्रदूषण र फोहरमैला व्यवस्थापनका विधिहरुको निरीक्षण गर्नुका साथै रासायनिक तथा हानिकारक फोहरको व्यवस्थापनको अनुगमन तथा यस्तो फोहर ढलमा नमिसाएको अवस्था परीक्षण गरी सम्बन्धित उद्योगलाई सचेत गराउने लगायतका कार्य गर्नुपर्दछ।

६०. **फोहर वर्गीकरण -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ मा फोहरमैला जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा सम्बन्धित निकायको हुने व्यवस्था छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले २०७५।७६ मा गरेको फोहर व्यवस्थापन आधाररेखा सर्वेक्षणले महानगरपालिका, उप महानगरपालिका र नगरपालिकाको फोहर सङ्कलन प्रतिवर्ष क्रमशः २४ हजार, ६ हजार र १ हजार ५ सय मेट्रिक टन रहेको छ जसअन्तर्गत सम्बन्धित स्थानीय तहभित्र पर्ने औद्योगिक प्रतिष्ठानको समेत फोहोर पर्दछ। विद्युतीय, रसायनयुक्त साथै अन्य जोखिमयुक्त उद्योगमा उत्पादनका क्रममा सिसा, पारो, क्याडमियम, क्रोमियम जस्ता धातुहरु; प्लाष्टिक तथा इलेक्ट्रोनिक्स सामानहरुमा पाइने फ्लेम रिटार्डेन्टस जस्ता विषाक्त पदार्थहरु लगायत अन्य हानिकारक रसायनहरु उत्पन्न भई त्यसले जनस्वास्थ्य तथा पारिस्थितिक प्रणाली र जैविक विविधतामा समेत असर गर्दछ।

बालाजु औद्योगिक क्षेत्र, भक्तपुर औद्योगिक क्षेत्र र पाटन औद्योगिक क्षेत्रबाट फोहोरको वर्गीकरण नगरी निजी कम्पनीलाई विसर्जन गर्न लगाएको विवरण प्राप्त भएको छ। जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (जाइका) द्वारा २०२४ जुनमा गरिएको नेपालमा फोहर व्यवस्थापन सम्बन्धी सर्वेक्षणअनुसार प्रत्येक प्रतिष्ठानले फोहर सङ्कलन तथा ढुवानीका लागि निजी कम्पनीहरुलाई जिम्मा दिने गरेको पाइयो। क्रमशः ३४, १५, ३.६ र २५ हेक्टरमा फैलिएको बालाजु, पाटन, भक्तपुर र पोखरा औद्योगिक क्षेत्रमा क्रमशः १४८, ११४, ३७ र ७७ कारखानाहरुबाट निष्काशन हुने फोहर निजी क्षेत्रका फोहर सङ्कलक सेवा प्रदायकमार्फत सङ्कलन तथा विसर्जन हुने गरेको देखियो। फोहरलाई स्रोतमा वर्गीकरण गरी अलग अलग निस्काशन गर्नुपर्दछ।

६१. **पूर्वाधार र स्रोत व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ मा फोहरमैलाको पृथकीकरण र दफा ११ मा स्थानीय निकायले प्रारम्भिक चरणमा सङ्कलन भएको फोहरमैला व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्ने, स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने र दुर्गन्ध नआउने गरी तोक्नुपर्ने व्यवस्था रहेको छ। औद्योगिक क्षेत्रमा स्थानान्तरण केन्द्रको सङ्ख्या पर्याप्त नरहेको, फोहर व्यवस्थापन गर्नका लागि औद्योगिक क्षेत्रमा सवारी साधन नभएको, प्राविधिक जनशक्तिको अभाव रहेको, नवीन प्रविधि स्थापना नगरेको, फोहरलाई अन्तिम विसर्जनको लागि ल्याण्डफिल साइट पठाउनु अघि वर्गीकरण गर्नुपर्नेमा सो हुन सकेको देखिँदैन। फोहर ल्याण्डफिल साइटतर्फ लैजाँदा फोहरमैला छोपी, लिचेड नचुहिने तथा दुर्गन्ध नआउने गरी स्थानान्तरण गर्नुपर्नेमा उचित सावधानी नअपनाई फोहर ल्याण्डफिल साइट लैजाँदा वातावरण दूषित हुने भई ल्याण्डफिल साइट वरपरका स्थानीयबाट फोहर विसर्जनमा समय समयमा अवरोध समेत हुने गरेको देखिन्छ छ। फोहरमैला व्यवस्थापनको लागि सरकार, निजी क्षेत्र र नागरिक समाजको समेत सहकार्यमा उपयुक्त प्रविधि र पूर्वाधारको स्थापना र सञ्चालन गर्नुपर्दछ।

६२. **जनचेतना -** फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ को बुँदा नं. ९.४.१. मा फोहरमैलाको वर्गीकरण, न्यूनीकरण र निष्काशन सम्बन्धी नागरिक दायित्वबारे सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने र बुँदा नं. ९.८ मा फोहरमैला व्यवस्थापनमा संलग्न निकाय तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने व्यवस्था रहेको छ। नेपालका औद्योगिक क्षेत्रमा कार्य गर्ने उद्योगी तथा मजदुर समेतलाई औद्योगिक फोहर व्यवस्थापन विधिका बारेमा पूर्ण सचेतना प्रदान गर्न सकेको देखिएन। त्यस्तै फोहर सङ्कलन तथा भण्डारण गर्ने कर्मचारीलाई व्यक्तिगत सुरक्षाका सामग्री पर्याप्त रुपमा उपलब्ध नगराएको सरोकारवालाले जनाएका छन्। स्थलगत अवलोकनका क्रममा केही उद्योगहरुमा उत्सर्जन भएको फोहर ग्लोब्स, मास्क लगायतका सुरक्षा उपकरण विना नै सङ्कलन गर्ने गरेको पाइयो। औद्योगिक प्रतिष्ठान र स्थानीय तह साथै अन्य सरोकारवाला समेतको सहकार्यमा सचेतना कार्यक्रम अभियानका रुपमा सञ्चालन गर्ने साथै संलग्न कर्मचारीको स्वास्थ्य अवस्था समेत विचार गरी सुरक्षाको व्यवस्था गर्नुपर्दछ।

६३. **निष्कर्ष तथा सुझाव -** औद्योगिक फोहर व्यवस्थापनका लागि सोसम्बन्धी स्पष्ट कानूनी एवं नीतिगत व्यवस्था, फोहर व्यवस्थापन योजना तर्जुमा र सोको कार्यान्वयन रणनीति तर्जुमा गरी लागु गर्नुपर्दछ। फोहरको उत्सर्जनमा न्यूनीकरण, सोको व्यवस्थित सङ्कलन, वर्गीकरण, पुनः प्रयोग, निर्मलीकरण एवं प्रशोधन, फोहर पानीको प्रशोधन तथा व्यवस्थापन, हानिकारक फोहरको व्यवस्थापन, फोहर व्यवस्थापनमा अन्तरतह एवं अन्तरनिकाय समन्वय, अनुगमन, मूल्याङ्कन एवं पृष्ठपोषण र सोको कार्यान्वयन जस्ता पक्षहरुमा ध्यान पुऱ्याउनु पर्दछ। साथै फोहरमैलाबाट हुने वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न नवीनतम तथा उन्नत प्रविधिको उपयोग, स्थानीय तहबिच साझेदारी र सहकार्य, फोहरको प्रकृति र परिमाणअनुसार सेवा शुल्क निर्धारण, फोहर व्यवस्थापनका नविनतम प्रविधि; फोहरबाट उर्जा उत्पादन, पुनःप्रयोग र पुनःचक्रण अवलम्वन गर्न प्रोत्साहन, सह लगानी, साझेदारी, सहकार्य र सहभागिता प्रोत्साहन गरी फोहर व्यवस्थापन गर्नुपर्दछ।

अन्य संस्था र समिति

विशेष आर्थिक क्षेत्र प्राधिकरण

निर्यातमूलक उद्योगहरूको विकास एवं प्रवर्धनका लागि स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गरी मुलुकमा औद्योगीकरणको प्रक्रिया अघि बढाउने उद्देश्यले २०५६।५७ को बजेट वक्तव्य मार्फत विशेष आर्थिक क्षेत्रको अवधारणा कार्यान्वयनमा आएको छ।

६४. **आय-व्यय-** प्राधिकरणको २०८०।८१ को आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
गत वर्षको मौज्दात	८८७७७	नेपाल सरकारको विनियोजनबमोजिम खर्च	२१३१४६
सेवा शुल्क बापतको आय	६७५३०	आन्तरिक आयबाट खर्च	३५७१०
नेपाल सरकारको अनुदान	२१३१४६	अन्तिम बैङ्क मौज्दात	१३९४३२
अन्य आय	१८८३५		
जम्मा	**३८८२८८**	**जम्मा**	**३८८२८९**

६५. **कर्मचारी करार -** विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा १७(३) मा प्राधिकरणलाई आवश्यक कर्मचारीहरू नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था छ। निजामती सेवा ऐन, २०४९ को दफा

७(ग) बमोजिम निजामती कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था छ। ऐनको व्यवस्थाबमोजिम नेपाल सरकारले एक उपसचिव, एक लेखा अधिकृत, एक लेखापाल र दुई नायब सुब्बा उपलब्ध गराएकोमा सोबाहेक निजामती कर्मचारीले गर्नुपर्ने कामको लागि प्राधिकरणले इन्जिनियर, कम्प्युटर अपरेटरसमेत १८ कर्मचारीहरू अस्थायी/करारमा नियुक्ति गरी यो वर्ष रु.९२ लाख ३६ हजार पारिश्रमिक भुक्तानी गरेको देखियो। लोक सेवा अयोगको सिफारिसबाट पदपूर्ति गर्नुपर्ने पदमा करार सेवाबाट कर्मचारी पदपूर्ति गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६६. **लिज तथा बहाल रकम** - विशेष आर्थिक क्षेत्र प्राधिकरण ऐन, २०७३ को दफा ११ अनुसार अनुमतिपत्रवालाले अनुमति प्राप्त गरेपछि उद्योगको स्थापना र सञ्चालनको सम्बन्धमा प्राधिकरणसँग उद्योगको लागि आवश्यक पर्ने भवन, जग्गा वा सेवा प्रयोग गरेबापत निजले बुझाउनुपर्ने लिज वा बहाल रकमको विषयमा सम्झौता गर्ने र ऐनको दफा २६ बमोजिमको छुट प्राप्त गरी बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणको भैरहवा र सिमरा विशेष आर्थिक क्षेत्रमा स्थापित र सञ्चालित उद्योगहरूबाट निर्धारित बहाल रकम रु.४ करोड ३१ लाख ७३ हजार सङ्कलन हुन बाँकी देखिएकोले नियमानुसार असुल गर्नुपर्दछ। आर्थिक सर्वेक्षण २०८०।८१ अनुसार भैरहवा विशेष आर्थिक क्षेत्रमा २४ र सिमरा विशेष आर्थिक क्षेत्रमा २७ उद्योग स्थापना भएको उल्लेख छ तर प्राधिकरणमा भैरहवा विशेष आर्थिक क्षेत्रको १० र सिमरा विशेष आर्थिक क्षेत्रको ९ उद्योगको लिज तथा बहाल रकमको मात्र अभिलेख रहेकोले बाँकी उद्योगको लिज तथा बहाल रकम कानुनबमोजिम असुल गर्नुपर्दछ।

नेपाल इन्टरमोडल यातायात विकास समिति

देशमा स्थलमार्गबाट हुने आयात निर्यातको सहजीकरणका लागि सुख्खा बन्दरगाहको सम्भाव्यता अध्ययन, निर्माण तथा सञ्चालन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार यस समितिको स्थापना भई सञ्चालनमा रहेको छ। समितिको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१	२०७९।८०
गत वर्षको मौज्दात	१४८२६३३	१३७२८८७
सेवा शुल्क बापतको आय	१३४१५३५	१३३६२५६
नेपाल सरकारको अनुदान	१३४७८	१९४३
अन्य आय	०	३९५०३
जम्मा आम्दानी	**२८३७६४६**	**२७५०५८९**
नेपाल सरकारको विनियोजनबाट खर्च	१३४७८	१९४३
आन्तरिक आयबाट खर्च	१०१०३३२	१२६६०१३
सङ्घीय सञ्चित कोष दाखिला	१००००००	०
अन्तिम बैङ्क मौज्दात	८१३८३६	१४८२६३३
जम्मा खर्च	**२८३७६४६**	**२७५०५८९**

६७. **पट्टाबहाल** - वीरगन्ज सुक्खा बन्दरगाह सञ्चालक एक कम्पनीले तेस्रो वर्षको दशौं, एघारौं र बाह्रौं किस्ता र सञ्चालनको चौथो वर्षको पट्टाबहाल रकम आंशिक रूपमा र तोकिएको मितिभन्दा ढिला भुक्तानी गरेको देखिँदा समिति र सो कम्पनीबिच ८ जुलाई २०२० मा सम्पन्न करार सम्झौताको दफा ४.७ बमोजिम

वार्षिक ८.७७ प्रतिशतका दरले रु.१ करोड ७५ लाख २६ हजार सम्झौताबमोजिम क्षतिपूर्ति बापतको रकम असुल गर्नुपर्दछ।

६८. **विस्तृत आयोजना प्रतिवेदन -** जनवादी गणतन्त्र चीनको राजदूतावासको इकोनोमिक एण्ड कमर्सियल सेक्सनको २०२४ सप्टेम्बर २२ को चलानी नम्बर २६ को पत्रद्वारा कोरला नाकामा इन्ल्यान्ड क्लियरेन्स डिपोट र इन्टिग्रेटेड चेकपोष्ट निर्माणको लागि सम्भाव्यता अध्ययनको कार्य चीन सरकारको सहयोगमा चीनको एक कम्पनीले गर्ने उल्लेख छ। तर सोही कार्य गरेको जनाई यस समितिले एक संयुक्त उपक्रमसँग २०७९।९।२८ मा सम्झौता गरी रु.१ करोड २४ लाख ३० हजार खर्च गरेको देखियो। चीन सरकारबाट हुने कार्यमा उचित समन्वय नगरी समितिबाट समेत गर्दा एकै कार्यमा दोहोरो खर्च देखिएको छ।

व्यापार तथा निकासी प्रवर्धन केन्द्र

नेपालको निर्यात व्यापारलाई विस्तार गरी देशको आर्थिक विकासमा सघाउ पुऱ्याउने उद्देश्यले व्यापार तथा निकासी प्रवर्धन विकास समिति गठन आदेश, २०६३ बमोजिम केन्द्रको स्थापना भएको हो। समितिको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
बजेट निकासा	९७६९०	चालु खर्च	९३२६३
कार्य सञ्चालन कोष	०	पुँजीगत खर्च	४४२७
गत वर्षको जिम्मेवारी	८४६९४	यो वर्ष कार्य सञ्चालन कोष खर्च	०
यो वर्ष प्राप्ति	७४०१	बाँकी कार्य सञ्चालन कोष मौज्दात	९२०९५
जम्मा	**१८९७८५**	**जम्मा**	**१८९७८५**

६९. **अन्तर्राष्ट्रिय व्यापार मेला-** अन्तर्राष्ट्रिय व्यापार मेलाको व्यवस्थापन तथा सहभागी पदाधिकारी कर्मचारीको दैनिक तथा भ्रमण खर्चको लागि अमेरिकाको लस भेगासमा रु.२५ लाख, इटालीमा रु.२५ लाख, भारतमा रु.३० लाख, जर्मनीमा रु.४१ लाख २५ हजार, जापानमा रु.६ लाख ८६ हजार, चीनमा रु.११ लाख ४ हजारसमेत यस वर्ष रु.१ करोड ३९ लाख १५ हजार खर्च भएको छ। सोही कार्यमा २०७९।८० मा भारतमा रु.२१ लाख ६१ हजार, जर्मनीमा रु.२९ लाख ७९ हजार, यूएईमा रु.१४ लाख २६ हजारसमेत रु.६५ लाख ६६ हजार खर्च भएको छ। केन्द्रको वार्षिक प्रतिवेदनअनुसार नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको तुलनामा १.३ प्रतिशतले ह्रास आई रु.१७ खर्ब ४५ अर्ब ३७ करोड तथा कुल निकासी ३ प्रतिशतले ह्रास आई रु.१ खर्ब ५२ अर्ब ३८ करोडमा सीमित भएको छ। निकासी व्यापारमा ६७.७१ प्रतिशत स्थान ओगटेको भारततर्फको निर्यातमा ३.३ प्रतिशतले ह्रास आई रु.१ खर्ब ३ अर्ब १८ करोड र १२.४२ प्रतिशत स्थान ओगटेको अमेरिकातर्फको निर्यातमा ११.५ प्रतिशतले ह्रास आई रु.१७ अर्ब ३१ करोडमा सीमित भएको छ।

अनुगमन तथा बेरुजू

- **अनुगमन -** विगतका प्रतिवेदनमा वैदेशिक सहायताको प्रभावकारी परीचालन गर्नुपर्ने, निकासी प्रवर्धन गरी व्यापार घाटा कम गर्ने, आपूर्ति व्यस्थापनलाई सहज तुल्याई उपभोक्ताको हकहित संरक्षण गर्नुपर्ने, सडक पहुँच पुगेका

स्थानहरूमा दिइने खाद्यान्न ढुवानी अनुदानमा पुनरावलोकन गर्नुपर्ने, प्रतिबद्धताअनुसारको वैदेशिक लगानीको सुनिश्चितता हुनुपर्ने, खनिज पदार्थहरूको उत्खनन् प्रभावकारी हुनुपर्ने, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्य प्रभावकारी बनाई नागरिक सन्तुष्टी हासिल गर्नुपर्ने, सूचना प्रणालीबिच एकीकरण हुनपर्ने, समीक्षा गोष्ठी खर्चहरू मितव्ययी हुन पर्ने, परामर्श सेवाको खर्च कटौती गरी कार्यरत कर्मचारीहरूलाई नै जिम्मेवार र उत्तरदायी बनाउनुपर्ने मितव्ययी र प्रभावकारी रूपमा सीपमूलक तालिम सञ्चालन गर्नुपर्ने लगायतका बेहोरा औँल्याइएकोमा अपेक्षित सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ २४ निकायमा रु.३८ करोड ५१ लाख ७४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ लाख १ हजार फर्स्यौंट गरेकोले रु.३८ करोड ४८ लाख ७३ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्थातर्फ ५ निकायमा रु.२१ करोड १७ लाख ३८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ लाख ४१ हजार फर्स्यौंट गरेकोले रु.२१ करोड ८ लाख ९७ बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.२ लाख ८४ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा ऊर्जा, सिँचाइ तथा जलउत्पन्न प्रकोपसम्बन्धी एकीकृत कानुन तर्जुमा, गुरुयोजना निर्माण, अध्ययन अनुसन्धान र समन्वय गर्ने तथा जलस्रोत तथा ऊर्जाको दिगो व्यवस्थापन, नियमन र पूर्वाधार निर्माण गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ८७ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेतका ७४ सरकारी कार्यालयको निम्नानुसार रु.३५ अर्ब १० करोड ४४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२४३०८३	४३५३५	६३५७७	८४९	३५१०४४

उल्लिखित लेखापरीक्षण रकममा शहरी विकास मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयअन्तर्गत खर्च भएको रु.१२ करोड ३६ लाख समावेश छ भने यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालयबाट खर्च भएको रु.१० लाख समावेश छैन।

२. **सङ्गठित र अन्य संस्था** - यो वर्ष १३ संस्थाको रु.७ खर्ब ९६ करोड २८ लाखको लेखापरीक्षण गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष विद्युत उत्पादन, प्रसारण र उपयोग स्थिति सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. यो वर्ष विकास साझेदारहरूको सहयोगमा सञ्चालित मन्त्रालय मातहतका ९ आयोजनाको वित्तीय विवरणहरूको लेखापरीक्षण गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ।

५. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौं योजनामा यस मन्त्रालयका लागि तोकिएको नतिजाका सूचकहरू र उपलब्धिको स्थिति निम्नानुसार छः

नतिजाको सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०८०।८१ सम्मको लक्ष्य	प्राप्त उपलब्धि	प्रगति प्रतिशत
सिञ्चित क्षेत्रफल विस्तार	हेक्टर (हजार)	१४७३	१७७३	१५६९	८८.४९
विद्युतमा पहुँच पुगेको जनसंख्या	प्रतिशत	८८	१००	९८	९८.००
विद्युत जडित क्षमता	मेगावाट	१२५०	५२७०	३२४३	६१.५४
विद्युत चुहावट	प्रतिशत	१५.३२	१२.३२	१३.४२	६३.३३
प्रति व्यक्ति विद्युत खपत	किलोवाट घण्टा	२४५	७००	४००	५७.१४
प्रसारण लाइन ६६ के.भी. तथा सोभन्दा माथि	सर्किट कि.मि.	३९९०	८०००	६४६२	८०.७८
वितरण लाइन ३३ के.भी.	सर्किट कि.मि.	४९०५	७३००	७७५०	१०६.१६
बैकल्पिक ऊर्जा	मेगावाट	६७.८	२१६.६	९०	४१.५५
घरायसी बायोग्यास जडान तथा विद्युतीय चुलो	हजार	४२६	६२६	४९०	७८.२७
सौर्य खानेपानी तथा सिँचाइ पम्प जडान	संख्या	१३६४	१८६४	३६९१	१९८.००
स्वचालित जलमापन केन्द्र स्थापना र सञ्चालन	संख्या	९०	५००	१६०	३२.००

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

पन्ध्रौं योजनाको अन्तिम वर्षसम्मको प्रगति प्रतिवेदनअनुसार सुरु वर्षमा तोकिएका सूचकमध्ये केही सूचकहरूमा लक्ष्यअनुसार प्रगति हासिल भएको देखिँदैन। ऊर्जा र सिँचाइ क्षेत्रमा आवधिक योजनाको लक्ष्यअनुसार प्रगति हासिल गर्ने गरी क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार ऊर्जा तथा सिँचाइ क्षेत्रका दिगो विकास लक्ष्य र सोको उपलब्धि निम्नानुसार छः

क्र.सं.	सूचकहरू	आधार वर्ष सन् २०१५ को स्थिति	सन् २०२५ सम्मको लक्ष्य	२०२४ सम्मको प्रगति
१.	विद्युतमा पहुँच भएको जनसंख्याको अनुपात प्रतिशत	७४	९०.७०	९८
२.	विद्युत खपत प्रतिव्यक्ति (किलोवाट घण्टा)	८०	१०२७	४००
३.	कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंश (प्रतिशत)	११.९०	३७.३०	प्राप्त नभएको
४.	जडित जलविद्युत क्षमता (मेगावाट)	७८२	१०२६०	३२४३
५.	कुल गार्हस्थ्य उत्पादनमा व्यावसायिक ऊर्जाको उपयोग (प्रति एकाइ)	३.२०	३.१५	प्राप्त नभएको
६.	कृषि योग्य जमिनमध्ये वर्षभरि सिँचाइ हुने क्षेत्र (प्रतिशत)	२५.२०	६०.००	प्राप्त नभएको

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

ऊर्जा तथा सिँचाइ क्षेत्रमा सन् २०२५ सम्ममा हासिल गर्नुपर्ने सूचकहरूमध्ये उपर्युक्तानुसारका केही सूचकहरू विश्लेषण गर्दा विद्युतमा पहुँच भएको जनसंख्याको अनुपातको प्रगति हासिल भइसकेको भए तापनि अन्य दिगो विकास सूचकमध्ये जडित जलविद्युत क्षमता र विद्युत खपत (प्रतिव्यक्ति किलोवाट घण्टा) मा लक्ष्यभन्दा न्यून प्रगति रहेकोले सन् २०२५ मा लक्ष्य हासिल गर्न कठिन देखिन्छ। प्रदेश तथा स्थानीय तहबाट भएको कार्य प्रगति एकीकृत गरी सोको समेत समीक्षा गरिनुपर्दछ। दिगो विकास लक्ष्यबमोजिमको प्रगति हुने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

७. **वार्षिक कार्यक्रम र प्रगति** - मन्त्रालयबाट सिँचाइ र ऊर्जा क्षेत्रमा २०८०।८१ मा सञ्चालित कार्यक्रममध्ये केही मुख्य कार्यक्रमको लक्ष्य र प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	विवरण	एकाइ	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१.	सिञ्चित क्षेत्रफल	हेक्टर	१८४००	१३५२४	७३.५
२.	विद्युत उत्पादन जडित क्षमता	मेगावाट	८३२.३८	४७५.३८	५७.११
३.	प्रसारण लाइन निर्माण (६६ के.भी. तथा सोभन्दा बढी)	सर्किट किलोमिटर	७१८	९७८	१३६.२१
४.	प्रसारण लाइन निर्माण (३३ के.भी.)	सर्किट किलोमिटर	१०७	५१३	४७९.४४
५.	प्रति व्यक्ति विद्युत खपत वृद्धि	वार्षिक किलोवाट घण्टा	७०	२०	२८.५७
६.	विद्युत चुहावट (प्रसारण तथा वितरण) मा कमी	वार्षिक प्रतिशत	०.४६	०.०४	८.६९
७.	सौर्य विद्युत उत्पादन क्षमता	मेगावाट	६.१	३.७६	६१.६४
८.	लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत	मेगावाट	३.१६	१.४१	४४.६२
९.	विद्युतमा पहुँच जनसंख्या वृद्धि	प्रतिशत	२.४६	२.४६	१००
१०.	सुधारिएको फलामे चुलो	संख्या (हजारमा)	१०.०२	४.०२	४०.१२

स्रोत : ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

प्राप्त विवरणअनुसार ६६ के.भी. र ३३ के.भी. प्रसारण लाइन निर्माणमा तोकिएको लक्ष्यभन्दा अधिक प्रगति हासिल गरे तापनि विद्युत उत्पादन, विद्युत चुहावटमा कमी, सिँचाइ सुविधा विस्तारलगायत

कार्यक्रममा लक्ष्यभन्दा घटी प्रगति देखिन्छ। आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याई कार्य प्रगतिमा सुधार गर्नुपर्दछ।

८. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य, २०८०।८१ मा उल्लिखितमध्ये कार्यान्वयन नभएका तथा न्यून प्रगति भएका कार्यक्रम तथा सोसम्बन्धी बेहोरा देहायबमोजिम छन्:

८.१ सुक्खायामको विद्युत माग सम्बोधन गर्न र जलविद्युत निर्यात गर्न १ हजार २०० मेगावाट क्षमताको बुढीगण्डकी र ६३५ मेगावाट क्षमताको दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको लगानी मोडालिटी तय गरी निर्माण कार्य अघि बढाइने लक्ष्य रहेकोमा बुढीगण्डकी आयोजनाको लगानी प्रारूप तय भई नसकेको र दुधकोशी आयोजनाको विस्तृत इन्जिनियरिङ प्रतिवेदन तयारी चरणमै रहेकोले दुवै आयोजनाको निर्माण कार्य सुरु हुन सकेको छैन।

यस वर्षको लेखापरीक्षणबाट:

- *बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरू पूर्ण रूपमा कार्यान्वयन नभएको,*
- *राष्ट्रिय गौरवका योजना र रूपान्तरणकारी योजनामा तोकिएको लक्ष्य पूरा नभएको,*
- *आयोजना वर्गीकरणको आधार तथा मापदण्डको पूर्ण कार्यान्वयन नभएको,*
- *मन्त्रालय मातहतका ५ निकाय अन्तर्गत २८ निर्माण कार्यको १४ करोड ८४ लाखको कार्य सम्पन्न नभई योजना अधुरो रहेको लगायतका बेहोरा देखिएका छन्।*

८.२ राष्ट्रिय तथा अन्तरदेशीय विद्युत प्रसारण लाइनको सुदृढीकरण, विस्तार एवं स्तरोन्नति गरी वितरण प्रणालीलाई भरपर्दो र प्रभावकारी बनाउन ४०० के.भी. क्षमताको न्यू बुटवल-गोरखपुर, इनरुवा-पूर्णिया र दोधारा-बरेली अन्तरदेशीय प्रसारण लाइनको निर्माण कार्य प्रारम्भ गरिने लक्ष्य रहेकोमा न्यू बुटवल-गोरखपुर, इनरुवा-पूर्णिया खण्डको लागि नेपालतर्फको डिजाइन स्वीकृत भएको र दोधारा-बरेली खण्ड निर्माणको दुई देशबिच छलफल भइरहेको मन्त्रालयले जनाएको छ।

८.३ निर्माणाधीन १११ मेगावाटको रसुवागढी, ४२.५ मेगावाटको साञ्जेन तथा निजी लगानीकर्ताबाट प्रवर्धित जलविद्युत र सोलार आयोजना सम्पन्न गरी यो आर्थिक वर्ष करिब ९०० मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप गरिने लक्ष्य रहेकोमा ४७६ मेगावाट थप भएको र प्रति व्यक्ति विद्युत खपत वृद्धि गरी ४५० किलोवाट घण्टा पुऱ्याउने लक्ष्य रहेकोमा ४०० किलोवाट घण्टा पुगेको छ।

८.४ संघ, प्रदेश र स्थानीय तहको सहलगानीमा १ हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुण, २१० मेगावाट क्षमताको चैनपुर सेती, १०६ मेगावाट क्षमताको जगदुल्ला जलविद्युत आयोजनाहरूको निर्माण सुरु गरिने लक्ष्य रहेकोमा १ हजार ६१ मेगावाटको माथिल्लो अरुण आयोजनाको भौतिक प्रगति ३.३३ प्रतिशत रहेको, २१० मेगावाटको चैनपुर सेती अर्धजलाशययुक्त आयोजनाको जग्गा अधिग्रहण कार्य सम्पन्न गरी पहुँच मार्ग, क्याम्प क्षेत्र निर्माण र अडिट टनेलको निर्माण कार्य भइरहेको र १०६ मेगावाट क्षमताको जगदुल्ला आयोजनाको समेत कार्यान्वयन अघि बढेको छ।

८.५ भूमिगत जलस्रोतको उपयोग गरी सर्लाही तथा रौतहट जिल्लाको २२ हजार हेक्टर क्षेत्रका लागि नवीन यान्त्रिक सिँचाइ आयोजनाको निर्माण कार्य थालनी गरिने लक्ष्य रहेकोमा निर्माण कार्यको रेखदेख निरीक्षण तथा गुणस्तर नियन्त्रण कार्यको लागि नमुना आयोजना स्थापना गरी सो निर्माण कार्यको प्रगति १ प्रतिशत रहेको छ।

८.६ कृषियोग्य भूमिमा वर्षैभरि भरपर्दो सिँचाइ उपलब्ध गराउन सतह, भूमिगत र नयाँ प्रविधिको सिँचाइ प्रणाली विकासलाई प्राथमिकतामा राखी आयोजना छनोट गरिने व्यवस्था अनुरूप २०८०।८१ मा कुल १८ हजार ४०० हेक्टर सिँचाइ क्षेत्र थप गर्ने लक्ष्य रहेकोमा १३ हजार ५२४ हेक्टर थप भई ७३.५ प्रतिशत प्रगति हासिल भएको छ।

बजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रमहरू लक्ष्यअनुरूप सम्पादन गर्नुपर्दछ।

९. **बजेट र खर्च -** मन्त्रालयका लागि यो वर्ष विनियोजित बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

बजेट	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु	३४७६६	३५५०७	२८२१०	७९.४५
पुँजीगत	२५०४१७	२८२७८७	२२६४८१	८०.०९
जम्मा	**२८५१८३**	**३१८२९४**	**२५४६९१**	**८०.०१**

मन्त्रालयको विनियोजन र खर्च तुलना गर्दा चालुतर्फ ७९.४५ प्रतिशत र पुँजीगततर्फ ८०.०९ प्रतिशत खर्च भएको छ। विनियोजनबमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१०. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय व्यय तथा कारोबारको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार नवीकरणीय ऊर्जा, विद्युत प्रसारण तथा वितरण प्रणाली तथा तराई क्षेत्रमा सिञ्चित कृषि प्रवर्धन परियोजनालगायत ५ कार्यक्रमको लागि दातृ निकायबाट अमेरिकी डलर ७३ लाख २४ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहयोगको वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेस गरेको छैन। ऐनको व्यवस्थाबमोजिम सबै कारोबारको लेखा राखी लेखापरीक्षण गराउनुपर्दछ।

११. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० मा विनियोजन ऐनमा तोकिएका कुनै एक अनुदान सङ्केतअन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा सोभन्दा बढी अनुदान सङ्केतअन्तर्गतका बजेट उपशीर्षकमा बचत अनुदानमध्येबाट विनियोजन ऐनको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार सिँचाइ र ऊर्जा दुवै क्षेत्रमा सुरु बजेट रु.२८ अर्ब ५१ करोड ८३ लाख रहेकोमा रु.७ अर्ब ११ करोड ४७ लाख २२ हजार अर्थात् सुरु बजेटको तुलनामा २४.९५ प्रतिशत थप भएको र रु.३ अर्ब ८० करोड ३६ लाख ४८ हजार अर्थात् सुरु बजेटको तुलनामा १३.३४ प्रतिशत घटी भई अन्तिम बजेट रु.३१ अर्ब ८२ करोड ९३ लाख ७४ हजार कायम भएको देखिन्छ। यसरी रकमान्तरबाट सुरु बजेटमा ११.६१ प्रतिशत थप भई अन्तिम बजेट कायम भएको देखिन्छ। यथार्थपरक बजेट तर्जुमा गरी स्वीकृत भएको कार्यक्रम तथा बजेटमा पटक पटक रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१२. **राष्ट्रिय गौरवका आयोजना -** यस मन्त्रालय मातहत रहेका ७ राष्ट्रिय गौरवका आयोजनाको प्रगति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

क्र.सं.	आयोजनाको नाम	सुरु वर्ष	सम्पन्न हुने अवधि	लागत		हाल सम्मको खर्च	भौतिक प्रगति
				सुरु	संशोधित		
	सिँचाइ तर्फ						
१.	बबई सिँचाइ आयोजना	२०४५।४६	२०८२।८३	२८७.३९	१८९६.३०	१३४३.९२	७२.२२
२.	महाकाली सिँचाइ आयोजना	२०६३।६४	२०८७।८८	१११६.८३	३५००	८०२.०५	२२.१८
३.	रानीजमरा कुलरिया सिँचाइ आयोजना	२०६७।६८	२०८०।८१	१२३७	२७७०.२४	२००३.६८	७४.७२
४.	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८।६९	२०८४।८५	१६४३	३३१९.६६	१६४९.९९	६५
५.	सिक्टा सिँचाइ आयोजना	२०६१।६२	२०८९।९०	१२८०	५२६४	२१४८.४७	४१.७९
६.	सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०७३।७४	२०८५।८६	४६१९.३९	४९४२.३१	१५३६.४९	३४.४०
	सिँचाइतर्फ जम्मा			**१०१८३.६१**	**२१६९२.५१**	**९४८४.६**	
	ऊर्जातर्फ						
७.	बुढी गण्डकी जलविद्युत आयोजना	२०६९।७०	२०८३।८४	२६०००	-	४२६५	नखुलेको
	ऊर्जातर्फ जम्मा			**२६०००**	**-**	**४२६५**	

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

सिँचाइतर्फ ६ राष्ट्रिय गौरव आयोजनाको लागि सुरु लागत अनुमान रु.१ खर्ब १ अर्ब ८३ करोड रहेकोमा सुरु अनुमानमा ११३ प्रतिशत थप भई संशोधित लागत अनुमान रु.२ खर्ब १६ अर्ब ९२ करोड पुगेको देखिन्छ। हालसम्म सो आयोजनाहरूमा रु.९४ अर्ब ८४ करोड खर्च भई २२.१८ प्रतिशत देखि ७४.७२ प्रतिशतसम्म भौतिक प्रगति भएको देखिन्छ। ऊर्जातर्फको बुढी गण्डकी जलविद्युत आयोजनाको सुरु लागत अनुमान रु.२ खर्ब ६० अर्ब रही २०८३।८४ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। मुआब्जा वितरणमा रु.४२ अर्ब ६५ करोड खर्च भइसकेकोमा वित्तीय लगानीको प्रारूप स्वीकृत नभएको साथै निर्माण कार्य पनि सुरु हुन नसकेको स्थिति देखिन्छ।

उल्लिखित आयोजनाहरूमा नहर लाइनिङमा जग्गा विवाद, ठेक्का प्याकेजहरूमा न्यून प्रगति, आयोजना तथा सम्बद्ध जनशक्तिको फेरबदललगायतका कारण अपेक्षित प्रगति हासिल हुन नसकी समय र लागत वृद्धि भएको छ। आयोजना कार्यान्वयनमा देखिएका उल्लिखित समस्या समाधान गर्ने, अनुगमन र सहजीकरणलाई प्रभावकारी बनाई कार्य सम्पादन सम्झौताको कार्यान्वयन स्थिति मूल्याङ्कन गरी कार्यमा गतिशीलता ल्याउने र सोको विश्लेषण गर्ने व्यवस्था मिलाई निर्धारित समय र लागतमा आयोजनाहरू सम्पन्न गर्नुपर्दछ।

उक्त आयोजनाहरूको विस्तृत बेहोरा यसै प्रतिवेदनको आयोजनागत खण्डमा समावेश गरिएको छ।

१३. **रूपान्तरणकारी आयोजना -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार यस मन्त्रालयअन्तर्गत रहेका रूपान्तरणकारी २ आयोजनाअन्तर्गत २४ कार्यक्रमको यो वर्षसम्मको प्रगति स्थिति निम्नानुसार छः

(रु. करोडमा)

क्र.सं.	योजनाको नाम	लागत अनुमान	सुरु भएको वर्ष	सम्पन्न हुने वर्ष	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१	**राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन आयोजना**					
१.१	कर्णाली कोरिडोर ४०० के.भी.	२१५५.४८	२०७३।७४	२०८५।८६	१४९.१३	९.१४
१.२	भेरी कोरिडोर ४०० के.भी.	२१९५.७६	२०७५।७६	२०८६।८७	१५.५०	२.०१
१.३	किमाथांका-अरुण हब ४०० के.भी.	९४०.२४	२०७५।७६	२०८७।८८	१३.६७	२.१७
१.४	पश्चिम सेती-नर्याँ अत्तरिया ४०० के.भी.	२७५५.७१	२०७४।७५	२०८७।८८	१०.६५	०.८३
१.५	तमोर हब-चौंगे (ढुङ्गेसाँगु) २२० के.भी.	२४७.९८	२०७५।७६	२०८७।८८	३.९३	२.६३
१.६	मेवा हब-चौंगे (ढुङ्गेसाँगु) १३२ के.भी.	१३९.४८	२०७५।७६	२०८३।८४	२५.६९	२५.०६
१.७	दरौंदी कोरिडोर (गोर्खा) १३२ के.भी.	१७२.५५	२०७६।७७	२०८३।८४	२५.४८	२४.०५
१.८	लामाबगर-बाह्रविसे २२० के.भी.	३८८.२८	२०८०।८१	२०८७।८८	०.०५७	१.११
१.९	शीतलपाटी-ढुङ्गेसाँगु २२० के.भी.	२३१.३४	२०७९।८०	२०८७।८८	०.०६४	०.२१
१.१०	हेटौंडा—ढल्केबर—इनरुवा ४०० के.भी. प्रसारण लाइन आयोजना	२७७९.९	२०६७।६८	२०८२।८३	२३२९.२६	८५.६७
१.११	अनारमनी-इनरुवा अरुण दुधकोशी तिङ्ला ४०० के.भी. प्रसारण लाइन आयोजना	५४.४७	२०७५।७६	२०८१।८२	३५.५७	८३.६०
१.१२	भेरी कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजना	तयार नभएको	२०७२।७३	२०८४।८५	१२.६९	९.५५
१.१३	हेटौंडा—भरतपुर २२० के.भी. प्रसारण लाइन	५७.७२	२०६५	२०८० चैत्रमा सम्पन्न	३८२.८७	९८.२३
१.१४	भरतपुर—बर्दघाट २२० के.भी. प्रसारण लाइन	४१.३३	२०६७ कार्तिक	२०८१असोजमा सम्पन्न	१०१.१८	९९.१२
१.१५	लेखनाथ—दमौली २२० के.भी. प्रसारण लाइन आयोजना	१२३५	२०७३।७४	२०८३।८४	८०.१६	७.१०
१.१६	कोशी कोरिडोर २२० के.भी. प्रसारण लाईन आयोजना	१९,२७१.९२	२०६७।६८	२०८३।८४	१४२५.९०	७७.४५
१.१७	रातमाटे रसुवागढी केरुङ ४०० के.भी. प्रसारण लाईन आयोजना	९९५.६९	२०७३।७४	२०८२।८३	१४६१.६३	४१.९४
१.१८	न्यु बुटवल लमही कोहलपुर नर्याँ अत्तरिया ४०० के.भी. प्रसारण लाइन आयोजना	डिपिआर तयार हुने क्रममा	२०८१।८२	२०८६।८७	२६	१६.१२
१.१९	अरुणपुल तिङला हब न्युखिम्ती तामाकोशी सुनकोशी हब ढल्केवार ४०० के.भी. प्रसारण लाइन आयोजना	२०२.८५	२०७७	२०८३	८५	५१.७१
१.२०	तामाकोशी-काठमाडौं २२०/४०० के.भी. प्रसारण लाइन आयोजना	१४५९	२०६७	२०८१।८२	१०९०	७७
१.२१	कालीगण्डकी प्रसारण कोरिडोर २२० के.भी. आयोजना	११००	२०६८।६९	२०८०।८१	११२	१००
१.२२	मर्स्याङदी काठमाडौं २२० के.भी. प्रसारण लाइन आयोजना	८००	२०७१	२०८१	३३५	९६

क्र.सं.	योजनाको नाम	लागत अनुमान	सुरु भएको वर्ष	सम्पन्न हुने वर्ष	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१.२३	मर्स्याङदी कोरिडोर २२० के.भी. प्रसारण लाइन आयोजना	१६२४.६५	२०६५।६६	२०८१।८२	१०६४	६४.८३
२	**माथिल्लो अरुण जलविद्युत आयोजना (१०६१ मेगावाट)**	**२९०५५.६**	**२०७४।७५**	**२०८७।८८**	**६६९.९३**	**३.३३**

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

उल्लिखित रूपान्तरणकारी २ आयोजनामध्ये राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन आयोजना अन्तर्गत कुल २३ प्रसारण लाइन रहेकोमा ३ सम्पन्न भएको र बाँकी २० कार्यक्रमको भौतिक प्रगति ०.२१ देखि ९६ प्रतिशतसम्म रहेको देखिन्छ। त्यस्तै अर्को रूपान्तरणकारी आयोजना माथिल्लो अरुण आयोजनाको यो वर्षसम्मको भौतिक प्रगति ३.३३ प्रतिशत मात्रै रहेको देखिन्छ। यसबाट उक्त योजना अवधिमा रूपान्तरणकारी आयोजनाहरूको प्रगति उल्लेखनीय रहेको देखिएन। अपेक्षित प्रगति हासिल गर्ने गरी कार्यसम्पादन स्तरलाई थप सुदृढ बनाउनुपर्दछ।

१४. **सिँचाइ सुविधा र उत्पादन** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार २६ लाख ४१ हजार हेक्टर कृषियोग्य भूमिमध्ये यो वर्षसम्म १५ लाख ६९ हजार हेक्टर (५९.४१ प्रतिशत) मा सिँचाइ सुविधा पुगेको उल्लेख छ। मन्त्रालयबाट प्रदेशगत कृषियोग्य भूमि र सिञ्चित क्षेत्रको विवरण प्राप्त भएन। आर्थिक सर्वेक्षण २०८०।८१ अनुसार धान, मकै, गहुँ, जौ, कोदो र फापरको कुल उत्पादन २०७६।७७ मा १ करोड ९ लाख ३५ हजार मेट्रिकटन, २०७७।७८ मा १ करोड ११ लाख २१ हजार मेट्रिकटन, २०७८।७९ मा १ करोड ७ लाख ७३ हजार मेट्रिकटन, २०७९।८० मा १ करोड ११ लाख ८७ हजार मेट्रिकटन र २०८०।८१ को सुरु आठ महिनामा १ करोड १३ लाख ८२ हजार मेट्रिकटन रहेको देखिन्छ। यसबाट सिँचाइ सुविधा पुगेको क्षेत्र बढ्दै गए पनि प्रमुख ६ बालीको उत्पादनमा अपेक्षित वृद्धि हुन सकेको देखिँदैन। सिँचाइमा गरिने लगानीको नतिजा देखिने गरी आयोजना सञ्चालन हुनुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *दिगो विकास सूचकमध्ये जडित जलविद्युत क्षमता र विद्युत खपत मा (प्रतिव्यक्ति किलोवाट घण्टा) लक्ष्यभन्दान्यून प्रगति रहेको,*
- *राष्ट्रिय गौरवका आयोजनाको प्रगति न्यून रहेको,*
- *मन्त्रालय र अन्तर्गत यस वर्षको भुक्तानी नभई आगामी वर्षलाई रु.२ अर्ब ६० करोड ६ लाख जिम्मेवारी सरेको*
- *मापदण्डभन्दा साना सिँचाइ कार्यक्रम सञ्चालन गरेको,*
- *वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन समयमा स्वीकृत नहुँदा निर्माण कार्यमा ढिलाइ भएको लगायतका बेहोरा देखिएका छन्।*

१५. **मापदण्ड कार्यान्वयन** - नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन तथा सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रमहरू आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारी निक्षेपण र प्रत्यायोजन हुनुपर्दछ।

उक्त मापदण्डमा तराई क्षेत्रमा ५ हजार हेक्टरभन्दा माथिका र पहाड तथा हिमालमा क्रमशः १०० र ५० हेक्टरभन्दा माथिका ठुला सिँचाइ आयोजना सङ्घले कार्यान्वयन गर्ने व्यवस्था भए तापनि मन्त्रालयले सङ्घबाट सञ्चालन हुने गरी सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना अन्तर्गत रु.५ लाख

देखि रु.३० लाखसम्मका १५ योजनामा रु.२ करोड ९० लाख, नदी नियन्त्रण कार्यक्रमअन्तर्गत रु.५ लाख देखि रु.५० लाखसम्मका ६ कार्यक्रममा रु.९५ लाख र भूमिगत स्यालो ट्युबवेल र डीप ट्युबवेल सिँचाइ आयोजनामा रु.१२ करोड ४४ लाख विनियोजन गरेको छ। त्यस्तै ऊर्जातर्फ २० मेगावाटभन्दा माथिका आयोजना सङ्घबाट सञ्चालन गर्ने व्यवस्था रहेकोमा सङ्घबाट सञ्चालन गर्ने गरी लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन गर्न रु.३ करोड ६० लाख विनियोजन गरेको छ। कानुनी व्यवस्था र सङ्घीयताको मर्मअनुरूप राष्ट्रिय महत्त्वका ठुला आयोजना/कार्यक्रम मात्र मन्त्रालयले सञ्चालन गरी अन्य आयोजना/कार्यक्रम प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गर्नुपर्दछ।

१६. **अनुगमन तथा नियमन -** विद्युत ऐन, २०४९ को दफा ४, ५ र ८ मा विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरणको अनुमति पत्रको व्यवस्था, सोको अवधि र अनुमति पत्र खारेज गर्न सकिने सम्बन्धी व्यवस्था छ। विद्युत उत्पादनको लागि अनुमति लिने सङ्घ, संस्थाले अनुमतिपत्रमा उल्लेख भएको अवधिभित्र विद्युत उत्पादन गर्नुपर्दछ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार १ मेगावाटभन्दा बढी विद्युत उत्पादनका लागि यस वर्षसम्म ४५१ व्यक्ति तथा संस्थाले कुल १३ हजार ५३४ मेगावाटको लागि अनुमति लिएकोमा १८८ व्यक्ति तथा संस्थाले विद्युत उत्पादन गरेको उल्लेख छ। उत्पादनको लागि अनुमति लिएका मध्ये बाँकी २६३ व्यक्ति तथा सङ्घ, संस्थाले विद्युत उत्पादनसम्बन्धी कार्य नगरेको सम्बन्धमा अनुगमन गरी प्रचलित कानुनबमोजिम कारबाही हुनुपर्दछ।

१७. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गराई स्वीकृत गराउनुपर्ने व्यवस्था छ। आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८० मा बहुवर्षीय ठेक्का स्वीकृति अघि वातावरणीय प्रभाव मूल्याङ्कन हुनुपर्ने व्यवस्था रहे तापनि मन्त्रालयले सोसम्बन्धी सिफारिसको अद्यावधिक विवरण राखेको छैन। प्राप्त विवरणअनुसार वातावरण संरक्षण नियमावली, २०७७ पश्चात् वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि ऊर्जातर्फ २१० र सिँचाइतर्फ ५ प्रतिवेदन पठाएकोमा वन तथा वातावरण मन्त्रालयबाट १९५ स्वीकृत भएको र २० स्वीकृत हुन बाँकी रहेको देखिन्छ। त्यस्तो प्रतिवेदन समयमा स्वीकृत नहुँदा आयोजना निर्माणमा ढिलाइ भई लागत र समय वृद्धि हुने गरेको छ। सम्बन्धित निकायहरूबिच समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्नुपर्दछ।

१८. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। यो वर्ष मन्त्रालय मातहतका बबई सिँचाइ आयोजना, बर्दिया, एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम जावलाखेल, जल तथा मौसम कार्यालय, कोहलपुर र कोशी बक्काहा नदी व्यवस्थापन आयोजना, विराटनगरले विभिन्न निर्माण कार्यलाई २६ टुक्रा बनाई रु. २ करोड १६ लाख १८ हजारको खरिद कार्य गरेका छन्। प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ।

१९. **अधुरा योजना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम कार्यसम्पादन नगरेमा खरिद सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने उल्लेख छ। मन्त्रालय मातहतका बबई सिँचाइ आयोजना बर्दिया, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना सुर्खेत, जनताको तटबन्ध झापा, समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम जावलाखेल र खाडो नदी व्यवस्थापन आयोजना सप्तरीले रु.२६ करोड ९७ लाख ७ हजारमा सम्झौता भएको २८ निर्माण कार्यको

सम्झौता अवधि समाप्त हुँदा रु.१२ करोड १२ लाख ५५ हजार मात्र कार्य गरी रु.१४ करोड ८४ लाख ५२ हजारको निर्माण कार्य अधुरो रहेको देखिन्छ। सम्झौताअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२०. **सिँचाइ सेवा शुल्क** - जलस्रोत तथा सिँचाइ विकास नियमावली, २०५६ को नियम २९(३) मा उपभोक्ताबाट उठाएको रकममध्येबाट आफूले पाउने अंश आफ्नो खातामा जम्मा गरी बाँकी केन्द्रीय मर्मत सम्भार कोषमा दाखिला गरी सोको निस्सा सम्बन्धित सिँचाइ कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ। महाकाली सिँचाइ व्यवस्थापन कार्यालय, महेन्द्रनगर अन्तर्गत ११ हजार ६०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराएबापत उपभोक्ताबाट रु.६ लाख ९६ हजार सेवा शुल्क राजस्व खातामा दाखिला गर्नुपर्नेमा रु.३ लाख ८८ हजार दाखिला भई रु.३ लाख ७ हजार उठाउँन बाँकी रहेको देखिन्छ। त्यस्तै सुनसरी मोरङ सिँचाइ आयोजना अन्तर्गत २० नहर प्रणालीबाट आंशिक सिँचाइ सेवा शुल्क उठाएकोमा यो आर्थिक वर्षको असुल गर्न बाँकी रु.२५ लाख ७३ हजार समेत रु.२८ लाख ८० हजार असुल गर्नुपर्दछ।

२१. **भुक्तानी दायित्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) मा खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च बेहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गत यो वर्ष भुक्तानी गर्नुपर्ने रु.२ अर्ब ६० करोड ६ लाख ५४ हजार स्रोत नपुगेको कारण २०८१।८२ मा भुक्तानी दायित्व सरेको छ। सो खर्च सार्वजनिक निर्माणतर्फ रु.२ अर्ब ५८ करोड २३ लाख ३८ हजार, पुँजीगत सुधार खर्चतर्फ रु.४३ लाख ६३ हजार र अन्य खर्चतर्फ रु.१ करोड ३९ लाख ५३ हजार रहेको छ। हालसम्म स्रोत सुनिश्चितता प्राप्त भएका योजनाहरूको अभिलेख राखेको देखिएन। बजेट व्यवस्था नगरी खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ।

जलस्रोत तथा सिँचाइ विभाग

२२. **मर्मत सम्भार कोष** - जलस्रोत तथा सिँचाइ विकास नियमावली, २०५६ को नियम २९(३) मा उपभोक्ताबाट उठाएको रकम मध्येबाट उपभोक्ता संस्थाले आफुले पाउने अंश आफ्नो खातामा जम्मा गरी बाँकी रकम केन्द्रीय मर्मत सम्भार कोषमा २० प्रतिशत अंश जम्मा गर्नुपर्ने व्यवस्था छ। सुनसरी मोरङ सिँचाइ योजना अन्तर्गतका उपभोक्ता संस्थाले २०५९।६० देखि २०८०।८१ सम्म २० प्रतिशतले हुने रु. ८ करोड ५६ लाख २३ हजार दाखिला गरेको देखिएन।

२३. **जग्गा अतिक्रमण** - सुनसरी मोरङ सिँचाइ आयोजनाअन्तर्गत नहरको हेडवर्क्सदेखि शाखा संरचनासम्म नहरक्षेत्र भित्र पर्ने जग्गा, कोलोनी र झुम्कामा रहेका क्याम्प सम्मको कुल १ हजार ८७६ कित्तामा रहेको ७ बिघा १६ कट्ठा १४ धुर जग्गा ७० व्यक्तिले अतिक्रमण गरेकोमा यस वर्ष आयोजनाको प्रयासमा नहर क्षेत्रका ११० घर टहरा हटाएको विवरण पेस भएको छ। नहरक्षेत्रमा अतिक्रमण गरी घरजग्गा बनाएको देखिएकोले अतिक्रमण हटाई सम्पत्ति संरक्षण गर्नुपर्दछ।

२४. **ड्रेजर मेसिन सञ्चालन** - सुनसरी मोरङ सिँचाइ आयोजना अन्तर्गत मूल नहरको ८.५ आर.डी.को अपस्ट्रिममा ९५० मिटर लम्बाइको सेटलिङ्ग बेसिनमा पानीसँगै आउने बालुवा पुनः कोशी नदीमा फाल्न २०५१।५२ देखि २ ड्रेजर मेसिन सञ्चालनमा रहेको र यस वर्ष ड्रेजर मेसिनको मर्मत सम्भारमा रु.१८

लाख ८८ हजार खर्च भएकोमा हाल एउटा मात्र मेसिन सञ्चालनमा रहेको छ। पानीसँग मिसिएर आउने बालुवा पुनः नहर बाहिर फाल्ने कार्य व्यवस्थित रूपले सञ्चालन हुन सकेको छैन। सोको असर उत्पादन र उत्पादकत्वमा पर्ने हुँदा त्यस्ता मेसिन चालु अवस्थामा राख्नुपर्दछ।

२५. **ठेक्का फरफारक -** पालुङ्गटार कुन्दुटार सिँचाइ योजना, गोरखा अन्तर्गत चुरिनटार भोट्टार लिफ्ट सिँचाइ योजना निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०७९।२।१२ मा कार्यसम्पन्न गर्नेगरी २०७८।४।१३ मा रु.१ करोड ३ लाख ७१ हजारको सम्झौता गरेकोमा प्रथम पटकको म्याद थप पश्चात् ठेक्काको अवधि २०७९।९।६ सम्म रहेकोमा तत्पश्चात् म्याद थप नभएको र निर्माण व्यवसायीले थप कार्य समेत गरेको छैन। निर्माण व्यवसायीलाई जमानत बापतको रकम दाखिला गर्न पटक पटक ताकेता गरे पश्चात् पेस्की जमानत रु.९ लाख १५ हजार र कार्यसम्पादन जमानत रु.२८ लाख ६० हजारसमेत रु.३७ लाख ७५ हजार कार्यालयको धरौटी खातामा जम्मा गरेको पाइयो। निर्माण व्यवसायीले निर्माण कार्य नगरेको र सरकारी कागजात किर्ते गरेको सम्बन्धमा छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा कार्यालयले २०८१।३।२१ मा ठेक्का सम्झौता अन्त्य गर्ने र उक्त फर्मलाई कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरी २०८१।५।१८ मा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्र लेखेको छ। सो बाहेक अन्य कारबाही भएको छैन। कानुन र सम्झौताबमोजिम ठेक्का फरफारक गर्नुका साथै सम्बन्धित निर्माण व्यवसायीलाई आवश्यक कारबाहीसमेत गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *सम्झौता भएको २ वर्षसम्म पनि बाढी पूर्वानुमान र प्रारम्भिक चेतावनी प्रणालीको डिजाइन, आपूर्ति र स्थापना नभएको,*
- *विभिन्न जलविद्युत आयोजनाबाट रोयल्टीबापत रु.४३ करोड २२ लाख ५६ हजार असुल गर्न बाँकी रहेको,*
- *नेपाल विद्युत प्राधिकरणबाट विद्युत नियमन आयोगमा विगत ३ वर्षदेखि प्राप्त हुनुपर्ने शुल्क रु.९० करोड ९८ लाख ९५ हजार प्राप्त नभएको,*
- *रानी जमरा कुलरिया सिँचाइ आयोजनाले एक ठेक्का अन्त्य गरेकोमा १० प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति बापत रु.२८ करोड ६ लाख ४३ हजार असुल नगरेको लगायतका बेहोरा देखिएका छन्।*

जल तथा मौसम विज्ञान विभाग

२६. **कानुन तर्जुमा -** नेपाल सरकारको कार्यविभाजन नियमावली, २०७४ अनुसार, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय वा मातहत जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति, कानुन, मापदण्ड, तथ्याङ्क योजना, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी विभागको रहेकोमा विभागले वातावरण संरक्षण नियमावली, २०७७, राष्ट्रिय जलस्रोत नीति, २०७७, विपद् न्यूनीकरण एवं व्यवस्थापन गरी क्षति न्यूनीकरण गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लगायतका नीति कार्यान्वयन गर्ने प्रयोजनको लागि आवश्यक कानुन, मापदण्ड, कार्यविधि तयार गर्नुपर्दछ।

२७. **बाढी पूर्वानुमान र प्रारम्भिक चेतावनी प्रणाली -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको सर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। बाढी पूर्वानुमान र प्रारम्भिक चेतावनी प्रणालीको डिजाइन, आपूर्ति र स्थापनाको लागि विभाग र एक विदेशी आपूर्तकबिच २०७९।१।१९ मा भएको खरिद सम्झौतामा सम्झौताको सुरुको ३ वर्षमा प्रणालीको डिजाइन, आपूर्ति र स्थापना गर्ने

साथै बाँकी ३ वर्ष उक्त प्रणालीको सञ्चालन तथा मर्मतसम्भार गर्ने उल्लेख छ। सूचना प्रविधिसम्बन्धी सामानको आपूर्तिको लागि एशियाली विकास बैङ्कबाट प्राप्त हुने ऋण सहयोगबाट बेहोर्ने गरी अमेरिकी डलर ४६ लाख ६० हजार र सेवा प्रदानबापत रु.६ करोड ९६ लाख भुक्तानी दिने गरी सम्झौता भएको देखिन्छ। सम्झौता अवधिको सुरु ३ वर्ष २०८२।१।१८ सम्ममा प्रणालीको डिजाइन, आपूर्ति र स्थापना गरिसक्नुपर्नेमा सो कार्य भएको देखिएन। खरिद कानुन र सम्झौताका सर्तबमोजिम खरिद कार्य सम्पन्न गर्नुपर्दछ।

२८. **राडार खरिद र जडान** - उदयपुरको चित्रधाम र पाल्पाको रिब्दीकोटमा मौसम पूर्वानुमानलगायतको लागि राडार स्थापना गर्न विभागले एक विदेशी कम्पनी सँग २०७८।३।२३ सम्म कार्य सम्पन्न गर्ने गरी २०७६।६।१२ मा अमेरिकी डलर २५ लाख ४९ हजार र रु.९ करोड ९७ लाख ९० हजारसमेत रु.३८ करोड ४८ लाख ६५ हजारको सम्झौता गरेकोमा २०८०।१।२४ मा कार्य सम्पन्न भएको देखिन्छ।

सम्झौताको सामान्य सर्तको बुँदा नं. ६.२ मा आपूर्तिकर्ताले चौबीसै घण्टा हेल्प डेस्क सेवा दिनुपर्ने तथा बुँदा नं. ६.२ मा १५ दिनभन्दा बढी समयसम्म उपकरण डाउन टाइमको प्रति दिन अमेरिकी डलर ३०० का दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने उल्लेख छ। विभागले पेस गरेको विवरणअनुसार उदयपुरको राडार प्रणालीमा २०८०।२।२ तथा पाल्पा राडार प्रणालीमा २०८०।३।३ देखि समस्या देखिई उक्त प्रणालीहरू सञ्चालन नरहेको उल्लेख छ। प्रणाली स्थापना भएको हप्ता दिनभित्र प्रणालीमा समस्या आएको देखिन्छ। समस्या आएपश्चात् विभागले विभिन्न समयमा समस्या समाधान गर्न आपूर्तकलाई पत्राचार गरेकोमा सो को समाधान गरेको देखिँदैन। यस्तो अवस्थामा विभागले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने तथा अन्य कारबाही गरेको छैन।खरिद सम्झौताको प्रावधानअनुसार आवश्यक कारबाही गरी खरिद व्यवस्थापन गर्नुपर्दछ।

विद्युत विकास विभाग

२९. **आयोजना बैङ्क** - विद्युत आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७५ मा नेपाल सरकारको आफ्नै खर्च वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्थाबाट वा विदेशी सहयोगमा सम्भाव्यता अध्ययन भएका आयोजनाहरू, जुनसुकै कारणले सर्वेक्षण अनुमतिपत्र रद्द भएका एवं उत्पादन अनुमतिपत्रका लागि दिएका दरखास्तहरू रद्द भएका तथा नेपाल सरकारबाट अध्ययन भइरहेका वा नेपाल सरकारको लागि अन्य संस्थाबाट अध्ययन भइरहेका आयोजनाहरू आयोजना बैङ्कमा रहने व्यवस्था छ। प्राप्त विवरणअनुसार निजी क्षेत्रबाट अनुमतिपत्र खारेज भई आयोजना बैङ्कमा रहेका आयोजना १६२, विभागबाट अध्ययनरत आयोजना ३७ र विभागबाट अध्ययन सम्पन्न भएका आयोजना ३१ समेत २३० आयोजनाहरूको आयोजना बैङ्क तयारी गरिएकोमा उक्त आयोजनाहरूको लागत, क्षमता र प्रकृतिको आधारमा स्तरीकरण तथा वर्गीकरण गर्नुका साथै लगानी ढाँचासमेत तोकेको छैन। आयोजना बैङ्कमा समावेश गरिएको आयोजनाको लागत, क्षमता र प्रवृत्तिका आधारमा स्तरीकरण तथा वर्गीकरण गर्नुका साथै लगानी ढाँचासमेत तोकिनुपर्दछ।

३०. **रोयल्टी बक्यौता** - विद्युत ऐन, २०४९ को दफा ११ मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको १५ वर्षसम्म प्रति जडित किलोवाट वार्षिक रु.१०० र प्रति युनिट

किलोवाट घण्टा सरदर बिक्री मूल्यको २ प्रतिशतका दरले र उक्त अवधिपछि प्रति जडित किलोवाट वार्षिक रु.१ हजार र प्रति युनिट किलोवाट घण्टा सरदर बिक्री मूल्यको १० प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार विभिन्न जलविद्युत आयोजनाबाट २०७९।८० मा रोयल्टीबापत उठ्नुपर्ने रु.२८ करोड ६९ लाख ९५ हजार र यो वर्ष १६१ जलविद्युत कम्पनीबाट रु.३ अर्ब ५८ करोड ९७ लाख ७ हजारसमेत रु.३ अर्ब ८७ करोड ६७ लाख २ हजारमध्ये रु.३ अर्ब ४४ करोड ४४ लाख ४६ हजार असुल गरी रु.४३ करोड २२ लाख ५६ हजार असुल गर्न बाँकी रहेको देखिन्छ। आयोजनाले तिर्नुपर्ने रोयल्टी समयमा प्राप्त नभएकोमा ब्याज तथा जरिबाना लिने गरेको देखिँदैन। सरकारलाई प्राप्त हुनुपर्ने रोयल्टी बक्यौता असुल गर्नुपर्दछ।

विद्युत नियमन आयोग

३१. **शुल्क निर्धारण -** विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३३ मा आयोगको कोषमा विद्युत वितरण अनुमति प्राप्त व्यक्तिको विद्युत बिक्रीबाट भएको वार्षिक कुल आयको एक प्रतिशतमा नबढ्ने गरी आयोगले तोकेको रकम दाखिला हुने व्यवस्था छ। आयोगले उक्त कोषमा दाखिला गर्ने रकमको दर जलविद्युत वितरण अनुमति प्राप्त व्यक्ति वा संस्थाको बिक्रीबाट प्राप्त आयको २०७८।७९, २०७९।८० र २०८०।८१ को लागि ०.३ प्रतिशत निर्धारण गरेको छ। विद्युत बिक्रीको अनुमति पाएको नेपाल विद्युत प्राधिकरणबाट २०७८।७९ मा रु. ८७ अर्ब १५ करोड ४८ लाख २१ हजार आय प्राप्त गर्दा सोको ०.३ प्रतिशत हुने रु.२६ करोड १४ लाख ६४ हजार, २०७९।८० मा रु.१ खर्ब ३४ करोड ५५ लाख ९५ हजार आय प्राप्त गर्दा सोको ०.३ प्रतिशतले हुने रु.३० करोड १० लाख ३७ हजार र २०८०।८१ को रु.१ खर्ब १५ अर्ब ७९ करोड ८० लाखको ०.३ प्रतिशतले हुने रु.३४ करोड ७३ लाख ९४ हजारसमेत रु.९० करोड ९८ लाख ९५ हजार कोषमा दाखिला भएको छैन। नेपाल विद्युत प्राधिकरणबाट उक्त शुल्क असुल गरी कोषमा दाखिला गर्नुपर्दछ।

३२. **मौज्दात -** विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ३३(१) मा आयोगको कोषमा पछिल्लो तीन वर्षको औसत सञ्चालन खर्चको १५० प्रतिशतभन्दा बढी जम्मा भएको रकम नेपाल सरकारको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। आयोगको विवरणअनुसार पछिल्लो ३ वर्षको औसत सञ्चालन खर्च रु.३ करोड ४८ लाख ७६ हजार रहेकोमा १५० प्रतिशतले हुने रु.५ करोड २२ लाख १४ हजार कोषको मौज्दातमा हुनुपर्नेमा वर्षान्तमा रु.१४ करोड ७९ लाख ९ हजार मौज्दात रहेको छ। बढी मौज्दात भएको रु.९ करोड ५६ लाख ९५ हजार सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

३३. **सेवा शुल्क –** अनुमतिपत्र प्राप्त व्यक्ति आपसमा वा अन्य संगठित संस्थामा गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिद बिक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहणसम्बन्धी निर्देशिका, २०७७ मा रु.१० करोडसम्म आधार मूल्यको लागि रु.१ लाख र थप प्रत्येक रु.१० करोडसम्मको लागि रु.५० हजार सेवा शुल्क लाग्ने व्यवस्था देखिन्छ। आयोगले सोलखुम्बुस्थित एक हाइड्रोपावर कम्पनीको २०८०।६।२२ को निर्णयअनुसार चुक्ता पुँजी रु.८ अर्बबाट रु.१० अर्ब पुऱ्याएको सेवा शुल्क रु. ५० लाख ५० हजार असुल गरे तापनि सो हाइड्रोपावरको सुरु चुक्ता पुँजी रु.२ अर्ब ६५ करोड ३५ लाख ३५ हजार रहेकोमा शेयर खरिद बिक्रीबापत २०७९।३।३० मा चुक्ता पुँजी रु.५ अर्ब, २०७९।९।२६ मा रु.६ अर्ब ४० करोड ३५ लाख ३५ हजार र २०८०।४।२८ मा त्यस्तो

पुँजी रु.८ अर्ब पुऱ्याएकोमा सो अवधिमा वृद्धि भएको चुक्ता पुँजी बापतको सेवा शुल्क रु.४० लाख ५० हजार असुल गरेको देखिएन। उक्त रकम असुल गर्नुपर्दछ।

जल तथा ऊर्जा आयोगको सचिवालय

३४. **आयोगको बैठक -** जल तथा शक्ति आयोग गठन काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था, २०५५ को बुँदा नं. ४ मा आयोगको बैठक कम्तीमा वर्षको २ पटक बस्ने र अन्य बैठक आवश्यकताअनुसार अध्यक्षले जुनसुकै बखत बोलाउन सक्ने व्यवस्था छ। सचिवालयको ५८ औं बैठक २०७३।५।२० र ५९ औं बैठक २०७८।७।१० मा बसेकोमा ततपश्चात् बैठक बसेको देखिएन। नियमित बैठक नबस्दा आयोग गठनको उद्देश्य पूरा हुन सकेको छैन। आयोग गठनको उद्देश्यअनुरूप क्रियाकलाप सञ्चालन गरिनुपर्दछ।

३५. **संगठन संरचना -** बजेट वक्तव्य २०८०।८१ को बुँदा नं. ४७ मा सरकारको स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा आवश्यक नरहेका २० संस्थाहरू खारेज गरिने र उस्तै प्रकृतिका कार्यक्षेत्र रहेका निकायहरूलाई एक अर्कामा गाभिने उल्लेख छ। उक्त व्यवस्थाअनुसार जलस्रोत अनुसन्धान तथा विकास केन्द्र र भूमिगत जलस्रोत विकास समिति खारेज गरी अनुसन्धान सम्बन्धी कार्य यस सचिवालयबाट र पूर्वाधारसम्बन्धी कार्य जलस्रोत तथा सिँचाइ विभागले गर्ने गरी जिम्मेवारी निर्धारण गरिएकोमा सोबमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भएको नदेखिँदा सरकारले घोषणा गरेको नीति कार्यक्रम कार्यान्वयन हुन सकेको छैन। सरकारबाट घोषित नीति कार्यान्वयन हुनुपर्दछ।

३६. **गुरु योजना कार्यान्वयन –** सचिवालयले नदी बेसिन योजना तथा जलविद्युत गुरुयोजना तयारीको लागि एक नेपाली परामर्शदातासमेत संयुक्त उपक्रममा रहेको विदेशी परामर्शदातासँग ३६ महिनामा कार्य सम्पन्न गर्ने गरी २६ जून २०१८ मा रु.६४ करोड २१ लाख ५५ हजारको सम्झौता गरी समयमा काम सम्पन्न हुन नसकेको कारण चौथोपटक २९ फ्रेबुअरी, २०२४ सम्म म्याद थप गरेकोमा यो वर्षसम्म युरो ३२ लाख ९५ हजार, अमेरिकी डलर १ लाख ६५ हजार र रु.१६ करोड १७ लाख ८१ हजारमा कार्य सम्पन्न गरेको छ। उक्त गुरुयोजना नेपालका नदी बेसिनमा भएको पानी परिमाण तथा प्रयोगसम्बन्धी अवस्था विश्लेषणसहितको प्रतिवेदन रहेकोले सो प्रतिवेदनअनुसार पानीको उपयोग गर्ने गरी नीतिगत सुधार एवं सुझाव कार्यान्वयन गर्नुपर्दछ।

रानी जमरा कुलरिया सिँचाइ आयोजना

३७. **आयोजना कार्यान्वयन -** राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत रहेको यस आयोजनाले सिँचाइ प्रणालीको आधुनिकीकरण गरी २० हजार ३०० हेक्टर जमिनमा वातावरणमैत्री सिँचाइ सुविधा विकास तथा विस्तार गर्ने साथै टीकापुर क्षेत्रको १४ हजार ३०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउन मूल नहरको निर्माण साथै फिडर नहरमा पर्ने ४.७१ मेगावाट जलविद्युत उत्पादन एवं प्रसारण लाइनको निर्माण गर्ने र पूर्व पश्चिम राजमार्गको समानान्तर पश्चिमतर्फ जाने लम्की विस्तार सिँचाइ प्रणाली शाखा नहरबाट पथरैया नदीसम्मको थप करिब ६ हजार हेक्टरमा सिँचाइ सुविधा विस्तारित गर्ने लक्ष्य लिएको छ। समग्र सिञ्चित क्षेत्र ३८ हजार ३०० हेक्टर रहने भए तापनि हाल नेपाल सरकारबाट स्वीकृत गुरुयोजनाअनुसार २० हजार ३०० हेक्टर क्षेत्रफलको निर्माण कार्य २०८१।८२ सम्म सम्पन्न गर्ने

लक्ष्य राखिएकोमा संशोधित लागत अनुमान रु.२७ अर्ब ७० करोडमा यस वर्षसम्म रु.२० अर्ब ३ करोड ६८ लाख खर्च भई समग्र प्रगति ७४.७२ प्रतिशत रहेको छ।

यस आयोजनाको मूल उद्देश्य रानी जमरा कुलरिया सिँचाइ प्रणालीको १४ हजार ३०० हेक्टर, लम्कीतर्फ नयाँ शाखा नहर विस्तारको ६ हजार हेक्टर र सिञ्चित क्षेत्र विस्तार अन्तर्गत पथरैया देखि कान्द्रा नदी सम्मको थप १८ हजार हेक्टरसमेत ३८ हजार ३०० हेक्टर खेतीयोग्य जमिनमा वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउनु रहेको छ। त्यस्तै नहरको पानी प्रयोग गरी ४.७१ मेगावाट जलविद्युतसमेत निर्माण गर्ने लक्ष्य राखिएकोमा रानी जमरा र कुलरियातर्फ १४ हजार ३०० हेक्टरमा मात्र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध भएको र लम्की एक्स्टेन्सनतर्फको ६ हजार हेक्टरमा सिँचाइको लागि केही भागमा पक्की र केही भागमा कच्ची मूल नहर निर्माण भई पानीको व्यवस्था भए पनि सहायक नहर निर्माण नभएकोले सिँचाइ सुविधा उपलब्ध हुन सकेको देखिएन। निर्धारित समयमा निर्माण सम्पन्न गरी सिँचाइ सुविधा प्रदान गर्नुपर्दछ।

३८. **विद्युत उत्पादन र सञ्चालन -** सिँचाइमा प्रयोग हुने पानीबाट ३ टर्बाइनमार्फत ४.७१ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेकोमा हाल २ टर्बाइनमार्फत २०८०।१०।१६ देखि ८३ लाख ८३ हजार २६० किलोवाट प्रति घण्टा विद्युत उत्पादन भई राष्ट्रिय ग्रिडमा जोडिएको आयोजनाले जनाएको छ। विद्युत बिक्री बापतको हालसम्मको रकम प्राप्त भएको छैन। पावर प्लान्ट पूर्ण रूपमा सञ्चालन गरी लक्ष्यबमोजिम विद्युत उत्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३९. **खरिद सम्झौताको अन्त्य -** आयोजनाले मूल नहर तथा संरचना निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७३।७।३० मा सम्पन्न गर्नेगरी २०६९।८।१ मा रु.३ अर्ब १८ करोड ५१ लाख ६० हजारको सम्झौता गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३९.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(क) मा निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कार्यसम्पादन नगरेमा तथा दफा ६२ को उपदफा २ बमोजिम आचरण पालना नगरेमा सार्वजनिक निकायले खरिद सम्झौताको अन्त्य गर्न सक्ने व्यवस्था गरेको छ। उल्लिखित निर्माण कार्यको नवौं पटक २०७९।१२।२६ सम्मको लागि म्याद थप गर्दा दिइएको माइलस्टोनबमोजिमको कार्य पूरा नगरेकोले निर्माण व्यवसायीको रु.१६ करोडको कार्यसम्पादन जमानत जफत गर्न बैङ्कलाई पत्राचार गरेकोमा जमानत दिने बैङ्कले उक्त जमानत आफ्नो बैङ्कबाट जारी नभएको उल्लेख गरी २०८१।३।२८ र २०८१।४।४ मा आयोजनालाई पत्राचार गरेको देखिन्छ। तत् पश्चात् निर्माण व्यवसायीले व्यावसायिक आचरणविपरीत कार्य गरेको उल्लेख गरी २०८१।४।१६ को विभागीय निर्णयबाट खरिद सम्झौताको अन्त्य गरेको देखिन्छ। बैङ्क जमानत सम्बन्धमा छानबिन हुनुपर्दछ।

३९.२ सम्झौताको अन्त्य गर्ने निर्णयपश्चात् आयोजनाले २०८१।५।५ मा सार्वजनिक सूचना प्रकाशन गरी २०८१।५।१८ मा प्रहरी परिसर काठमाडौंमा निर्माण व्यवसायी विरुद्ध जाहेरी दर्ता गरेको छ। आयोजनाले २०८१।५।२७ मा निर्माण व्यवसायीको नाममा रहेको धरौटी रु.१४ करोड ३७ लाख २२ हजार जफत गरी राजस्व दाखिला गरेको र जलस्रोत तथा सिँचाइ विभागबाट २०८१।८।६ मा निर्णय गरी उक्त निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई २०८१।८।१८ मा पत्राचार गरेको छ।

३९.३ आयोजनाले ठेक्का अन्त्यको निर्णय गर्दा उक्त निर्माण व्यवसायीबाट पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी निर्णय गरेकोले सम्झौता रकम मूल्य अभिवृद्धि कर बाहेक रु.२ अर्ब ८० करोड ६४ लाख २६ हजारमा १० प्रतिशतले हुने पूर्व निर्धारित क्षतिपूर्ति बापत रु.२८ करोड ६ लाख ४३ हजार असुल हुनुपर्दछ।

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

४०. **समग्र प्रगति -** बाँके र बर्दियाको ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराई भेरी नदीबाट ४० घनमिटर प्रति सेकेण्ड पानी बबई नदीमा खसाली ४६.८ मेगावाट जलविद्युत उत्पादन गर्नुका साथै बबई-मानखोला डाइभर्सन आयोजनामार्फत विद्युत उत्पादन, सिँचाइ तथा खानेपानी सेवा उपलब्ध गराउने आयोजनाको उद्देश्य रहेको छ। राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत समाविष्ट यस आयोजनाको २०६६।६७ को सुरु लागत रु.१६ अर्ब ४३ करोड रहेकोमा संशोधित लागत रु.३३ अर्ब १९ करोड ६६ लाख कायम भएको छ। सुरुमा २०७९।८० मा सम्पन्न हुने गरी २०७६।०६।२ मा आयोजना स्वीकृत भएकोमा २०८४।८५ मा आयोजना सम्पन्न गर्ने गरी पुनः २०७९।११।१४ अवधि संशोधन भई निर्माण कार्य भैरहेको छ। आयोजनाको हालसम्मको वित्तीय प्रगति ४९.७० र भौतिक प्रगति ६५ प्रतिशत रहेको छ। हेडवर्क्सतर्फ पावरहाउससँगै जोडिएर आउने हाइड्रोमेकानिकल कार्यको ठेक्का सम्झौता २०७८ मंसिरमा र इलेक्ट्रो मेकानिकल कार्यको ठेक्का सम्झौता २०७९ श्रावणमा भएकोमा दुवै ठेक्काको सम्पन्न गर्नुपर्ने अवधि ३ वर्ष रहेको र उक्त कार्यहरूको यस वर्षसम्मको भौतिक प्रगति क्रमशः ३९ प्रतिशत र ३० प्रतिशत रहेको छ। संशोधित गुरु योजनाले तोकेको अवधिभित्र निर्माण सम्पन्न गर्नुपर्दछ।

४१. **समष्टिगत खर्च स्थिति -** आयोजनाको लागि यो वर्ष रु.१ अर्ब ५२ करोड २४ लाख ७० हजार विनियोजन भएकोमा रु.१ अर्ब ४७ करोड ६७ लाख ९२ हजार खर्च भई यो वर्षसम्म रु.१६ अर्ब ४९ करोड ९८ लाख खर्च भएको छ। पछिल्लो तीन वर्षमा रु.४ अर्ब ९ करोड १४ लाख ७० हजार विनियोजन भएकोमा रु.३ अर्ब ३७ करोड ९३ लाख ६४ हजार खर्च भएको छ। यो वर्ष भुक्तानी दिन बजेट अपुग भई रु.७९ लाख १४ हजार २०८१।८२ मा दायित्व सरेको छ। राष्ट्रिय गौरवको योजना निर्धारित समयमा सम्पन्न गर्नुपर्दछ।

४२. **मुआब्जा/राहत वितरण -** मालपोत ऐन, २०३४ को दफा २६ मा दर्ता नभएको जग्गा कसैले आबाद गर्नु गराउनु नहुने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष मुआब्जा/राहत वितरण बापत कुल रु.६ करोड ६० लाख १ हजार वितरण गरेको छ। आयोजनाको बाँध निर्माण पश्चात् डुबान क्षेत्रको रेखाङ्कन भित्र पर्ने ऐलानी जग्गाको क्षर्तिपूर्ति/राहत दिने सम्बन्धमा नेपाल सरकार मन्त्रीपरिषद्को २०७८।८।२ को निर्णयमा २० वर्षभन्दा बढी अवधिदेखि ऐलानी जग्गा भोग चलन गरी बसेका व्यक्तिको हकमा जिल्ला मुआब्जा निर्धारण समितिबाट निर्धारण गरिएको रैकर जग्गाको मुआब्जा दरको आधारमा पूरै जग्गा परेकालाई सोको ७५ प्रतिशत र आंशिक जग्गा परेकालाई ६६ प्रतिशत रकम आयोजनाबाट क्षर्तिपूर्ति उपलब्ध गराउने उल्लेख छ। सोअनुसार जिल्ला मुआब्जा निर्धारण समितिको विभिन्न मितिको निर्णयानुसार आयोजनाको बाँध निर्माण पश्चात् डुबान हुने क्षेत्रमा पर्ने ऐलानी जग्गाको क्षतिपूर्ति/राहत रकमबापत ३२ जनालाई ५.७०८९ हेक्टरको रु.५ करोड ५४ लाख ५८ हजार र ८ घरबारीबापत प्रति घरपरिवार रु.३ लाखको दरले रु.२४ लाखसमेत रु.५ करोड ७८ लाख ९८ हजार

वितरण गरेको देखिन्छ। व्यक्तिले भोगचलन गर्दै आएको ऐलानी जग्गामा क्षतिपूर्ति/मुआब्जा भुक्तानी दिँदा नेपाल सरकार मन्त्रीपरिषदको निर्णयअनुसार भए नभएको यकिन गर्नुपर्दछ।

४३. **हेडवर्क्स तथा विद्युत गृह निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौताको सर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। आयोजनाले भेरी नदीमा २ ढोकासहितको करिब १२० मिटर लामो हेडवर्क्स, पेनस्टक पाइप र विद्युतगृह निर्माणका लागि आयोजना र एक निर्माण व्यवसायीबिच ४८ महिनाभित्र सम्पन्न गर्ने गरी २०७६।४।१३ मा रु.६ अर्ब १६ करोड ५२ लाख १५ हजारका सम्झौता भएको छ। सम्झौताअनुसार समयमा कार्य सम्पन्न नभई दोस्रो पटक २०८१।५।१ सम्म म्याद थप भएकोमा यस वर्षसम्म निर्माण कार्यको भौतिक प्रगति ४२ प्रतिशतमात्र रहेको छ। ठेक्काको अवधि समाप्त हुँदासम्म पनि प्रगति न्यून रहेकोले सम्झौताका सर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४४. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्वन्धी व्यवस्था रहेको छ। हेडवर्क्स र विद्युत गृह निर्माण सम्झौताको विशेष सर्तको बुँदा नं. ६.५ मा दैनिक १८ घण्टासम्म कार्य गर्नुपर्ने, सम्झौतामा उल्लेख भएबमोजिमको संख्या, सीप तथा अनुभव भएको आयोजना व्यवस्थापक, हाइड्रोपावर इन्जिनियर, स्ट्रक्चरल इन्जिनियर, गुणस्तर नियन्त्रण इन्जिनियर उपलब्ध हुनुपर्ने, तोकिएको मेसिनरी तथा उपकरणहरू तोकिएको स्पेसिफिकेसन र संख्यामा उपलब्ध हुनुपर्ने व्यवस्था भएकोमा स्थलगत निरीक्षण गर्दा कामदारहरू दैनिक सरदर १५० जनाले मात्र काम गर्ने गरेको, सम्झौताबमोजिमको मानवस्रोत मेसिन उपकरण निर्माण स्थलमा परिचालन भएको देखिएन। समयमा काम सम्पन्न नभई दोस्रो पटक २०८१।५।१ सम्म म्याद थप भएको छ। आयोजनाको कार्यान्वयन गर्न टनेल निर्माण कार्य सम्पन्न भइसकेको तर बाँकी अन्य संरचना निर्माण कार्यले अपेक्षित प्रगति हासिल नगर्दा इलेक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल कार्यमा समेत ढिलाइ हुनसक्ने देखिन्छ। आयोजनाको विस्तृत परियोजना प्रतिवेदनमा आयोजनाबाट सिँचाइतर्फ वार्षिक रु.३ अर्ब १० करोड र विद्युततर्फ वार्षिक रु.४ अर्ब ३ करोडसमेत वार्षिक रु.७ अर्ब १३ करोड प्रतिफल प्राप्त हुने प्रक्षेपण रहेकोमा निर्माण कार्यमा १ वर्ष ढिलाइ हुँदा नेपाल सरकारलाई रु.७ अर्ब १३ करोड प्रतिफल प्राप्त नहुने देखिन्छ। खरिद सम्झौताको प्रभावकारी कार्यान्वयन गरी समयमा कार्य सम्पन्न गर्नुपर्दछ।

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

४५. **समग्र अवस्था** - सुनकोशी नदीको पानीलाई बाँध निर्माण गरी १३.३ किलोमिटर लामो सुरुङमार्फत ६७ घनमिटर प्रति सेकेन्ड पानी मरिन नदीमा खसाली बागमती नदी हुँदै मधेशका ५ जिल्लामा १ लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउनुको साथै ३१.०७ मेगावाट विद्युत समेत उत्पादन गर्ने उद्देश्य रहेको यो आयोजनाको सुरु लागत रु.४६ अर्ब १९ करोड ३९ लाख र संशोधित लागत रु.४९ अर्ब ४२ करोड ३१ लाख रहेकोमा तयारी चरणदेखि २०८०।८१ सम्म रु.१६ अर्ब ३४ करोड ३५ लाख बजेट विनियोजन भई रु.१५ अर्ब ३६ करोड ४९ लाख खर्च भएको छ। राष्ट्रिय गौरवका आयोजनाअन्तर्गत समाविष्ट यो आयोजना २०८५।८६ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा निर्माण कार्य अन्तर्गत टनेल निर्माण कार्य भइरहेको, हेडवर्क्स कार्यअन्तर्गतको निर्माण प्रारम्भिक चरणमा रही २०८१ असारसम्मको वित्तीय प्रगति ३१.०८ प्रतिशत र भौतिक प्रगति ३४.४० प्रतिशत रहेको छ।

आयोजनाको तयारी चरणदेखि यो वर्षसम्म रु.१५ अर्ब ३६ करोड ४९ लाख २ हजार खर्च भएको देखिन्छ। आयोजनाबाट पेस भएको प्रगति प्रतिवेदनअनुसार टनेल निर्माण, हेडवर्क्स निर्माण कार्यअन्तर्गत प्रारम्भिक निर्माण कार्य, वातावरणीय व्यवस्थापन योजनाअन्तर्गत डुबान प्रभावित क्षेत्रमा लिफ्ट सिँचाइ प्रणालीहरूको निर्माण कार्य भइरहेको छ। कार्ययोजना बनाई निर्माण कार्य तोकिएको समय र लागतमा सम्पन्न गर्नुपर्दछ।

४६. **निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको सर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। हाइड्रोमेकानिकल, हेडवर्क्स, सर्ज शाफ्ट, पेनस्टक र पावरहाउस निर्माण गर्न एक संयुक्त उपक्रमसँग १ हजार ६५० दिनसम्ममा सम्पन्न गर्ने गरी २०७९।९।१७ मा रु.१४ अर्ब ७ करोड ५९ लाखको सम्झौता भएको देखिन्छ। यो वर्षसम्म पेस्की रु.१ अर्ब २० करोड १४ लाख र रनिङ्ग बिल बापत रु.६९ करोड ८८ लाख भुक्तानी गरेको छ। सम्झौता अवधिको करिब ४० प्रतिशत समय व्यतीत हुँदा भौतिक प्रगति ६.५ प्रतिशत भएको छ। निर्माण व्यवसायीले सम्झौताको कार्यतालिकाबमोजिम काम नगरेकोमा आयोजनाले पटक-पटक बैठक तथा पत्राचार गरे तापनि निर्माण व्यवसायीबाट प्रतिबद्धताअनुरूप कार्य हुन सकेको देखिँदैन। निर्माण व्यवसायीको कारणले निर्माणमा ढिलाइ भइरहेको आयोजनाको अभिलेखबाट देखिएकोले खरिद कानुन तथा सम्झौताको सर्तबमोजिम निर्धारित समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

महाकाली सिँचाइ आयोजना (तेस्रो)

४७. **कार्य प्रगति** – नेपाल र भारत सरकारबिच सन् १९९६ मा भएको महाकाली एकीकृत विकास सन्धिअनुसार कुल ३३ हजार ५२० हेक्टर (दोधारा चाँदनी ३ हजार ५१० समेत) मा सिँचाइ सुविधा पुऱ्याउन आयोजनाको मूलनहर १५२ किलोमिटरमध्ये १६ वर्षमा ३० किलोमिटर, ड्रेन साइफन १२२ मध्ये २६, सडक पुल १७४ मध्ये २, ग्रामीण सडक ४३५ मध्ये ४५, राजमार्ग पुल ६ मध्ये ३, एक्वाडक्ट ६ मध्ये ३, स्केप पानी निकास ७२ मध्ये ४ निर्माण भएको तथा जग्गा अधिग्रहण कार्य १ हजार २०० हेक्टरमध्ये १०२ हेक्टर भएको छ। यस आयोजनालाई फेज १ र फेज २ मा विभाजन गरिएको र हाल फेज १ अन्तर्गतको निर्माण कार्य भइरहेको छ।यस सम्बन्धी थप बेहोरा देहायअनुसार छन्:

४७.१ यो आयोजनाको निर्माण कार्य २०६३।६४ मा प्रारम्भ गरी २०८७।८८ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको देखिन्छ। यस आयोजनाको तेस्रो चरणको लागत अनुमान रु.३५ अर्ब रहेकोमा हालसम्म रु.८ अर्ब २ करोड ५ लाख खर्च भई २२.१८ प्रतिशत भौतिक प्रगति हासिल भएको छ।

४७.२ नेपाल र भारत सरकारबिच सन् १९९६ को सन्धिअनुसार शारदा ब्यारेजबाट २८.३५ क्युमेक, टनकपुरव्यारेजबाट २८.३५ क्युमेक र भारतीय शारदा नहरबाट दोधारा चाँदनीका लागि १० क्युमेक समेत ६६.७० क्युमेक पानी नेपालले प्राप्त गर्ने व्यवस्था रहेकोमा हाल शारदा ब्यारेजबाट अधिकतम १६ क्युमेक पानी प्राप्त गरिरहेको देखिन्छ। थप १२.३५ क्युमेक पानी यस ब्यारेजबाट प्राप्त गर्नुपर्ने र तत्कालीन नहरको स्तरोन्नति तेस्रो चरणअन्तर्गतको फेज २ मा निर्माण गर्ने गरी गुरुयोजना स्वीकृत भए तापनि कार्यान्वयन गर्न बाँकी रहेकोले सम्झौताअनुसार पानी उपयोग हुन सकेको छैन।

४७.३ सन्धिअनुसार शारदा नहरबाट दोधारा चाँदनीका लागि १० क्युमेक पानी प्राप्त गर्न भारततर्फको शारदा नहरबाट इन्टेक र करिब १ हजार १०० मिटर लिङ्क क्यानल निर्माण हुनुपर्नेमा हालसम्म विस्तृत

परियोजना प्रतिवेदन प्राप्त नभएकोले इन्टेक र लिङ्क क्यानल निर्माण हुने स्थान यकिन भएको छैन। यसले गर्दा आयोजनाको तेस्रो चरणको फेज १ अन्तर्गत निर्माण गर्नुपर्ने दोधारा चाँदनी तर्फको १६ किलोमिटर मूलनहर संरचना निर्माण कार्य हुन सकेको छैन। दुई पक्षीय सन्धिअनुसार निर्माण गर्नुपर्ने संरचनाका लागि पर्याप्त पहल र समन्वय गरेर निर्माण कार्य अगाडि बढाउनुपर्दछ।

४७.४ सन्धिमा शारदा ब्यारेजबाट नेपालले प्राप्त गर्नुपर्ने २८.३५ क्युमेक पानी प्राप्त गर्न नसक्ने अवस्था भएमा उक्त पानी टनकपुर ब्यारेजबाट प्राप्त गर्न सक्ने प्रावधान रहेको छ। टनकपुर ब्यारेजअन्तर्गत भारत सरकारबाट निर्मित लिङ्क क्यानलको क्षमता २८.३५ क्युमेक मात्र रहेको छ। सन्धिको प्रावधानअनुसार नेपाललाई उपलब्ध हुनुपर्ने पानी प्राप्त गर्नुपर्दछ।

४८. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौताबमोजिमको काम सम्झौतामा उल्लेख भएको समयमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिन पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने गरी सम्झौता गरेको छ। टनकपुर मुख्य क्यानल निर्माणका एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर बाहेक रु.७९ करोड २ लाख १९ हजारमा २०७७।१०।१४ मा काम सम्पन्न गर्ने गरी २०७४।१०।१५ मा सम्झौता भएकोमा पाँचौ पटकको म्याद थप पश्चात् कार्य सम्पन्न गर्ने अवधि २०८०।९।३० सम्म कायम भएकोमा २०८१ असार मसान्तसम्म रु.७४ करोड ७९ लाख ३१ हजार (८२.३८ प्रतिशत) (मूल्य समायोजन समेत) भुक्तानी भएको छ। आयोजनाले २०८०।१०।१ बाट लागु हुने गरी पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी अधिकतम २०० दिन म्याद थप गरेकोमा उक्त अवधिमा काम सम्पन्न भएको नदेखिएकोले पूर्वनिर्धारित क्षतिपूर्ति रु.७ करोड १ लाख ६ हजार असुल हुनुपर्दछ।

सिक्टा सिँचाइ आयोजना

४९. **प्रगति अवस्था -** बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा ३१७ मिटर लामो ब्यारेज निर्माण गरी जिल्लाका ६ गाउँपालिका र २ नगरपालिकाको ४२ हजार ७६६ हेक्टर भूमिमा भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य लिई नेपाल सरकारको आफ्नै स्रोतबाट २०६१।६२ देखि सुरु भएको सिक्टा सिँचाइ आयोजनाको पश्चिम मूल नहरबाट बाँके जिल्लाको राप्ती नदीको पश्चिम भेगको ३३ हजार ७६६ हेक्टर जमिन र पूर्वी मूल नहरले राप्ती नदीको पूर्वी भेगको करिब ९ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ। अनुमानित आन्तरिक प्रतिफल १८ प्रतिशत रहेको यस आयोजनाले बाँके जिल्लाको १७ हजार घरधुरीका ४ लाख कृषकलाई फाइदा पुऱ्याउने तथा बाली सघनता १६८ प्रतिशतबाट २४२ प्रतिशतमा पुऱ्याउने लक्ष्य राखेको छ।

बाँके जिल्लाको राप्ती नदीको पश्चिम भेगको ३३ हजार ७६६ हेक्टर जमिन र पूर्वी मूल नहरले राप्ती नदीको पूर्वी भेगको करिब ९ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले रु.१२ अर्ब ८० करोड लागत अनुमानको यस आयोजनाको गुरुयोजना २०६४ सालमा स्वीकृत भएकोमा २०७९ भदौमा पूर्वी मूल नहर ५३ किलोमिटर, शाखा, उपशाखा र प्रशाखाको कार्य थप गरी संशोधित लागत रु.५२ अर्ब ६४ करोड पुगेको छ। आयोजनाको निर्माण कार्य २०८९।९० भित्र सम्पन्न गर्ने

लक्ष्य रहेकोमा यो वर्षसम्म भौतिक प्रगति ४१.७९ प्रतिशत तथा वित्तीय प्रगति ४०.७६ प्रतिशत रहेको छ। गुरुयोजना बमोजिमको कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

५०. **मुआब्जा वितरण -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा भुक्तानी गर्नुपर्दछ। योजना कार्यालयलाई सिक्टा सिँचाइ योजना शीर्षकअन्तर्गत ४४० हेक्टर जग्गा प्राप्ति गर्ने गरी विभिन्न मितिमा निर्णय भएकोमा यस वर्षसम्म १७५ हेक्टर जग्गा अधिग्रहण भएको छ। यो वर्ष ३२९ जनालाई मुआब्जा वितरण गरी १६.८८४ हेक्टर जग्गा अधिग्रहण भएको छ। यो वर्ष रु.२१ करोड ९० लाख मुआब्जा वितरण भएको पाइयो। नहर निर्माण कार्यको गुरूयोजनाअनुसार २०८९।९० भित्र निर्माण सम्पन्न गर्नुपर्ने भएकोले सोअनुसार कार्य सम्पादन गर्नुपर्दछ।

बबई सिँचाइ आयोजना

५१. **समग्र प्रगति -** बबई नदी पूर्वमा २१ हजार हेक्टर र पश्चिममा १५ हजार हेक्टरसमेत ३६ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्य रहेको यस आयोजनाको सुरु लागत रु.२ अर्ब ८७ करोड रहेकोमा संशोधित लागत रु.१८ अर्ब ९६ करोड पुगेको देखिन्छ। त्यस्तै उक्त आयोजना २०४५।४६ मा सुरु भई २०८२।८३ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म रु.१३ अर्ब ४३ करोड ९२ लाख खर्च भई भौतिक प्रगति ७२.२२ प्रतिशत रहेको छ। आयोजनाको मुख्य क्रियाकलापहरूमध्ये पूर्वतर्फ मूल नहर ३४.५० किलोमिटर सम्पन्न भएको, शाखा/उपशाखा नहरहरू निर्माणको क्रममा रहेको र हुलाकी राजमार्गको दक्षिणतर्फ शाखा/प्रशाखा नहर विस्तारको लागि अध्ययन गरेको देखिन्छ। पश्चिमतर्फ मूलनहर ४१.२ किलोमिटरमध्ये २८ किलोमिटर तथा शाखा प्रशाखा नहर निर्माण सम्पन्न भएको, मूलनहरको चेनेज २७+९७५ किलोमिटरदेखि ३२+००० किलोमिटरसम्म तथा यसबिचका ४ शाखा नहर निर्माणको लागि ठेक्का सम्झौता भएको, मूल नहरको अन्तिम खण्ड चेनेज ३२+००० किलोमिटरदेखि ४१+२०० किलोमिटरसम्मको ठेक्का व्यवस्थापन गर्ने उद्देश्यले लागत अनुमान तयार गरिएको र नहर निर्माणको लागि आवश्यक पर्ने जग्गा अधिग्रहणको प्रक्रिया अगाडि बढाइएको अवस्था छ।

आयोजनाबाट ३६ हजार हेक्टर खेतीयोग्य जमिनमध्ये हालसम्म २६ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको छ। स्वीकृत गुरुयोजनाअनुसार ५७६.५६ हेक्टर जग्गा अधिग्रहण गर्नुपर्नेमा हालसम्म ३८७ हेक्टर जग्गा अधिग्रहण भएको छ। पश्चिम मूल नहर निर्माण कार्य ४१.२ किलोमिटर मध्ये २८ किलोमिटर निर्माण कार्य सम्पन्न भएको र शाखा/उपशाखा/प्रशाखा नहर निर्माण कार्य ४५४.२ किलोमिटर रहेकोमा हालसम्म २९७.६३ किलोमिटर निर्माण भएको, सिँचित क्षेत्र तथा संरचना संरक्षण कार्य (नदी नियन्त्रणसम्बन्धी) ३२.१८ किलोमिटर रहेकोमा हालसम्म २६.३९ किलोमिटर निर्माण भएको छ। यस वर्ष जग्गा अधिग्रहण पश्चिम नहर प्रणालीतर्फ ४.२२ हेक्टर, सिञ्चित क्षेत्र संरक्षण ०.५ किलोमिटर, मूल नहर निर्माण कार्य ०.६ किलोमिटर, शाखा/उपशाखा/प्रशाखा नहर निर्माण तथा सुदृढीकरण कार्य २२.२५ किलोमिटर भएको विवरण आयोजनाबाट प्राप्त भएको छ।

५२. **विनियोजन र खर्च -** आयोजनाको २०७९।८० मा निर्माण कार्यको भुक्तानी दिन बजेट अपुग भई रु.२७ करोड ६६ लाख ३९ हजार यो वर्ष जिम्मेवारी सारी भुक्तानी भएको छ। यो वर्ष भुक्तानी दिन बजेट अपुग भई भुक्तानी दिन बाँकी रु.३७ करोड ६४ लाख ६६ हजार २०८१।८२ मा जिम्मेवारी सरेको छ। आयोजनाको लागत फिर्ता अवधि २४ वर्ष, आयोजनाको लगानी फिर्ता दर २२.८ प्रतिशत

रहेकोमा समयमै कार्यसम्पन्न नभएको अवस्थामा आयोजनाको लागत बढ्नुका साथै लाभग्राहीले समयमा लाभ प्राप्त गर्ने अवस्था देखिँदैन। पर्याप्त बजेट विनियोजन गरी समयमा योजना सम्पन्न गर्ने र लक्षित वर्गलाई समयमा प्रतिफल सुनिश्चित गर्नुपर्दछ।

५३. **अधुरो कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौताबमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचमै छोडेमा वा सम्झौताबमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र त्यसरी सम्झौता अन्त्य भएमा पेस्की र कार्य सम्पादन जमानत जफत गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पूरा गराउने र कालोसूचीमा राख्न लेखी पठाउने व्यवस्थाहरू छन्। आयोजनाबाट २०७७।७८ मा रु.५ करोड ५३ लाख ५४ हजारको खरिद सम्झौता भएका १० ठेक्कामा रु. ५५ लाख ७७ हजार (१० प्रतिशत) को कार्य मात्र भई अधुरा रहेका छन्। पटक-पटक म्याद थप गर्दा पनि ती ठेक्काहरूको काम अधुरो रहन गएको अवस्था देखिएकोले प्रचलित कानुन तथा सम्झौताबमोजिम कारबाही गरी कार्य सम्पन्न गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

विद्युत उत्पादन, प्रसारण र उपयोग स्थिति

नेपालले जनसहभागितामा आधारित स्वेदशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको विकास गर्ने नीति लिई आवधिक योजनाहरूमा ऊर्जा क्षेत्रलाई उच्च प्राथमिकता दिँदै आएको छ। जल विद्युत विकास नीति २०५८, विद्युत ऐन २०४९ तथा नियमावली २०५० एवं प्रचलित ऐन, नियमका आधारमा विद्युत उत्पादन, प्रसारण र उपयोग स्थितिको मूल्याङ्कन गर्न कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकरात्मक पक्ष

विगतका केही वर्षदेखि विद्युतको माग र आपूर्तिको व्यवस्थापन गरी लोडसेडिङ अन्त्य भएको छ। राष्ट्रिय विद्युत प्रणालीमा विद्युतीय ऊर्जा जडित क्षमता ३ हजार २०० मेगावाट पुगेको छ। राष्ट्रिय विद्युत प्रणालीबाट ९६.७ प्रतिशत र वैकल्पिक ऊर्जा स्रोतबाट करिब १.३ प्रतिशतसमेत समग्रमा ९८ प्रतिशत घरधुरीमा विद्युत पहुँच पुगेको छ। हाल ६६ के.भी. र सोभन्दा बढी भोल्टेज स्तरका प्रसारण लाइन ५ हजार ७४२ सर्किट किलोमिटर पुगेको छ। ग्रिड सबस्टेशनको कुल जडित क्षमता ८ हजार ८६७ मेगा भोल्ट एम्पियर (एम.भी.ए.) पुगेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

५४. **नीतिगत तथा कानुनी व्यवस्था -** जलविद्युत विकास नीति, २०५८ ले ग्रामीण विद्युतीकरणको माध्यमबाट ग्रामीण अर्थतन्त्रमा सुधार ल्याउने साथै उचित मूल्यमा भरपर्दो र गुणस्तरीय विद्युत उत्पादन गरी जलविद्युतलाई निर्यातयोग्य वस्तुको रूपमा विकास गर्ने उद्देश्य राखेको छ। नीतिमा व्यवस्था भएअनुसार स्वदेशी लगानी प्रोत्साहित गर्न पुँजी बजारको परिचालन गर्ने, ग्रामीण विद्युतीकरण कोषको स्थापना गर्ने, विद्युतीय उपकरण र संरचनाहरूको मर्मत सम्भारको आधार तोक्ने, प्रविधि हस्तान्तरण गर्ने, विद्युत क्षेत्रमा उपयोग हुने निर्माण सामग्री एवं संयन्त्रको उत्पादन गर्ने उद्योगको विकास गर्ने, बहुउद्देश्यीय आयोजनामा लगानी प्राथमिकता गर्ने जस्ता नीतिको कार्यान्वयन भएको छैन। यसै गरी विद्युत ऐन,

२०४९ ले एक मेगावाटसम्मका साना आयोजना नसमेट्दा विद्युत उत्पादन र सोको सलामी दस्तुर बापत प्राप्त हुने राजस्व सञ्चित कोष दाखिला हुन सकेको छैन। उक्त ऐनमा आयोजना निर्माण सम्पन्न गर्नुपर्ने अवधि सम्बन्धमा स्पष्ट नभएको, सर्वेक्षण अनुमतिपत्रको म्याद थप गर्ने प्रावधान स्पष्ट नरहेको, रोयल्टी दस्तुर तथा दण्ड व्यवस्था समय सापेक्ष र प्रभावकारी नभएको जस्ता समस्या देखिएका छन्। जलविद्युत सम्बन्धी नीति तथा कानुनमा सामञ्जस्यता ल्याई एकीकृत नीति तथा कानुनी सुधार गर्नुपर्दछ।

५५. **संस्थागत व्यवस्था -** नेपालमा जलविद्युत विकासको लागि नियामक निकायको रूपमा ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत विकास विभाग र विद्युत नियमन आयोग समेत ३ तथा विद्युत उत्पादनका लागि नेपाल विद्युत प्राधिकरण, लगानी बोर्ड, जलविद्युत विकास कम्पनी समेत ३ निकायको संलग्नता रहेको छ। विद्युतीय ऊर्जा क्षेत्रको नीति निर्माणमा सो बाहेक निजी क्षेत्रको छाता संगठन स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) को समेत महत्त्वपूर्ण भूमिका रहेको छ। जल तथा ऊर्जा सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन नीति तथा रणनीतिहरू निर्माण गर्न सरकारलाई नीतिगत सुझाव दिने, जलस्रोत विकाससँग सम्बन्धित आवश्यक कानुन तर्जुमा गर्नेलगायतका कार्यहरू आयोगको क्षेत्राधिकारमा रहेको देखिन्छ। विद्युत क्षेत्रको खुला पहुँच नीतिको कार्यान्वयन, प्रसारण तथा महसुल निर्धारण तथा समयसापेक्ष परिमार्जन विद्युतीय ऊर्जा सुरक्षा, महसुल परिमार्जन, विद्युत खरिद विधि, जलविद्युत कम्पनीको सेयर कारोबार लगायतका विषयमा विद्युत नियमन आयोगको जिम्मेवारी पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन।

नेपालको जलविद्युत विकासको लागि सर्वेक्षणदेखि आयोजनाको निर्माण अनुमति समेत जारी गर्न विद्युत विकास विभाग स्थापना भए पनि लगानी बोर्ड नियमावली, २०६९ अनुसार २०० मेगावाटभन्दा बढी विद्युत उत्पादन हुने आयोजनाको अनुमति लगानी बोर्डबाट प्रदान गरिने व्यवस्था छ। विभागबाट जारी अनुमतिपत्र कार्यान्वयनमा वन तथा वातावरण र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल विद्युत प्राधिकरण लगायतका निकायको समेत संलग्नता रहँदा प्रक्रियागत ढिलइ हुने गरेको छ।

हाल नेपाल विद्युत प्राधिकरणले गरिरहेको उत्पादन, प्रसारण र वितरण कार्य अलग-अलग गर्न रु.२५ अर्बको राष्ट्रिय प्रसारण ग्रिड कम्पनी स्थापना गरे पनि सो कम्पनीले प्रसारण लाइन निर्माण सम्पन्न गरेको छैन। त्यस्तै रु.२० अर्ब पुँजी भएको विद्युत उत्पादन कम्पनीको स्थापना गरेकोमा रु.४ अर्ब २८ करोड ९८ लाख मात्र चुक्ता पुँजी सङ्कलन भएको छ। सो रकम कम्पनीले नलगाड, जगदुल्ला, रेमिट, सिम्बुवा र वेतन कर्णाली तथा एक परामर्शदाता कम्पनी र एक पावर ट्रेडिङ्ग कम्पनीमा लगानी गरेको देखियो। कम्पनीहरूले सञ्चालन गरेका आयोजनाहरूमा वातावरणीय प्रभाव मूल्याङ्कन, रुख कटान, राष्ट्रिय निकुञ्ज क्षेत्र जस्ता समस्याले विद्युत उत्पादनको लक्ष्य पूरा गर्न सकेको छैन। नेपाल सरकारले २०६८।३।२७ मा रु.५० अर्बको अधिकृत पुँजी भएको हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी स्थापना गरी हालसम्म २ हजार ८२७ मेगावाट क्षमताका २५ जलविद्युत आयोजना, २५ मेगावाटका २ वटा सौर्य आयोजना र ४०० केभीए क्रस बोर्डर प्रसारण आयोजना र अन्य तीन सहायक कम्पनीमासमेत रु.१३ अर्ब ८५ करोड लगानी गरेको अवस्थामा थप दुई कम्पनी स्थापना गरेको छ। उद्देश्यअनुसार उक्त कम्पनीहरू सञ्चालन हुन सकेका छैनन्।

नीतिगत एवं कानुनी समस्या समाधान गरी उपयुक्त जनशक्ति एवं यथोचित स्रोतको व्यवस्था मार्फत आयोग, कम्पनी लगायतको भूमिकालाई प्रभावकारी बनाउनुपर्दछ।

५६. **आयोजना अध्ययन** - विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को बुँदा १९ र २० अनुसार नेपाल सरकारको आफ्नै खर्च वा नेपाल सरकारको स्वामित्वमा रहेका, निजी प्रवर्धकबाट सर्वेक्षण अनुमति प्राप्त गरी अनुमति रद्द भएका, उत्पादन अनुमति रद्द भएका, नेपाल सरकारबाट अध्ययन भइरहेका जलविद्युत आयोजनाहरू आयोजना बैङ्कमा राखी ५ मेगावाटसम्मका आयोजनाको लागि न्यूनतम रु.५० लाख र सोभन्दा बढी क्षमताका आयोजना प्रति मेगावाट रु.१० लाखका दरले हुन आउने राजस्व लिई विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्ने व्यवस्था छ। विद्युत विकास विभागबाट प्राप्त विवरण अनुसार निजी प्रवर्धक तथा विभागले अध्ययन सम्पन्न गरेका ४६ आयोजना मध्ये नदी प्रवाहमा आधारित १ हजार ४११, अर्धजलाशययुक्त ६०४ र जलाशययुक्त ३ हजार ६०८ मेगावाटका जलविद्युत आयोजनाहरू आयोजना बैङ्कमा समावेश भए तापनि आयोजना निर्माण कार्य सुरु भएको छैन। त्यस्ता आयोजना निर्माणलाई प्राथमिकता दिनुपर्दछ।

५७. **आयोजना छनोट** - पन्ध्रौं योजनाको जलविद्युत पूर्वाधार विकाससम्बन्धी लक्ष्यमा जलविद्युत्को तीव्र, दिगो र भरपर्दो विकासमार्फत मुलुकको समृद्धिमा योगदान गर्न विद्युत आयोजनाहरूको उत्पादन सम्मिश्रणका लागि जल प्रवाहमा आधारित आयोजनाका अलावा जलाशययुक्त तथा पम्प स्टोरेज ३०.३५ प्रतिशत, अर्धजलाशययुक्त आयोजना २५-३० प्रतिशत र अन्य वैकल्पिक स्रोततर्फ ५-१० प्रतिशतको अनुपात कायम गरी टेक अर पे सिद्धान्तको आधारमा विद्युत खरिद सम्झौता गर्ने व्यवस्था मिलाइने उल्लेख छ। हाल उपलब्ध १२ हजार १८९ गिगावाट-घण्टामध्ये नदी प्रवाहमा आधारित आयोजनाबाट उत्पादित ऊर्जा झण्डै ६६ प्रतिशत रहेको छ। विद्युत आपूर्ति सन्तुलन गर्न पश्चिम सेती, बुढीगण्डकी, कालीगण्डकी-२, चिसापानी, पञ्चेश्वर, दुधकोशी, आँधीखोला, खिम्ती-२, लाङटाङ खोला, मध्य ईशानखोला, माथिल्लो सेती, कन्काई र नौमुरे जलाशययुक्त आयोजनामा लगानी सुनिश्चित भएमा १० हजार २०३ मेगावाट जलविद्युत उत्पादन हुने देखिन्छ। नौमुरे तथा बुढीगण्डकी जलविद्युत आयोजनाको निर्माण कार्य नेपाल सरकारले सुरु गरे तापनि पूर्वाधार निर्माण हुन सकेको छैन। विद्युत्को माग र आपूर्तिबीच सन्तुलन कायम गर्न जलाशययुक्त आयोजनामा लगानी बढाउन जलविद्युत्सँग सम्बन्धित नीतिमा सुधार गर्नुपर्दछ।

५८. **वातावरणीय अध्ययन** - वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ मा विकास आयोजना सञ्चालन गर्नुअघि वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। विद्युत विकास विभागबाट प्राप्त वितरण अनुसार २०८० श्रावण देखि २०८१ पौष २३ सम्म विभागले वन तथा वातावरण मन्त्रालयमा १६१ वातावरणीय अध्ययन प्रतिवेदन पेस गरेकोमा १३० स्वीकृत भएको र ३१ स्वीकृतिको प्रक्रियामा रहेको देखिन्छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गरेको एक अध्ययन अनुसार संक्षिप्त वातावरणीय अध्ययन/प्रारम्भिक वातावरणीय परीक्षणको स्वीकृति प्रक्रिया पूरा गर्न औसत ७५ दिन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न करिब औषत १०५ दिन लागेको देखिन्छ। वन तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवदेन स्वीकृत गर्न तिनाउखोला साना जलविद्युत आयोजनाको लागि १ हजार २८५ दिन, मध्य तादी जलविद्युत आयोजनाको लागि १ हजार २०७ दिन र तिप्ल्याङ्ग कालीगण्डकी जलविद्युत आयोजनाको लागि १ हजार ४५ दिन लागेको देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन तथा

प्रारम्भिक वातावरणीय अध्ययन स्वीकृतिमा ढिलाइ हुँदा आयोजना निर्माण अवधि तथा लागत वृद्धि हुने समेत हुँदा निर्णय प्रक्रिया छरितो बनाउनु पर्दछ।

५९. **स्रोत व्यवस्थापन -** ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ऊर्जा विकास मार्गचित्र, २०८१ ले नेपालको कुल गार्हस्थ उत्पादन ७.२ प्रतिशत वार्षिक वृद्धिदर लिई प्रक्षेपण गर्दा सन् २०३५ सम्ममा नेपालको कुल आन्तरिक विद्युत माग ४० हजार ७१० गिगावाट घण्टाका आधारमा प्रति व्यक्ति विद्युत खपत १ हजार ५०० युनिट पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ। लक्ष्यअनुसार सन् २०३५ सम्ममा आन्तरिक माग परिपूर्ति गर्न १३ हजार ४६८ मेगावाट विद्युत उत्पादन हुनुपर्ने देखिन्छ। यसका साथै आगामी दशकमा छिमेकी मुलुक भारतमा १० हजार र बङ्गलादेशमा ५ हजार मेगावाट विद्युत निर्यात गर्ने लक्ष्य समेत रहेको छ। उक्त मार्गचित्रमा उल्लेख भएअनुसार विद्युत उत्पादनका लागि अमेरिकी डलर ५० अर्ब लाग्ने अनुमान रहेकोमा भारत सरकारबाट ३ हजार ७०० मेगावाट विद्युत उत्पादनका लागि अमेरिकी डलर ७.७ अर्ब लगानी हुने र बाँकी अमेरिकी डलर ४२.३ अर्बमध्ये अमेरिकी डलर २.६ अर्बको स्रोत व्यवस्थापन भएपनि अमेरिकी डलर ३९.७ अर्ब लगानीको लागि स्रोत व्यवस्थापन गर्न बाँकी रहेको छ। प्रसारण लाइन तथा सबस्टेशन निर्माणका लागि अमेरिकी डलर ७.४ अर्ब लाग्ने अनुमान रहेकोमा अमेरिकी डलर १.८ अर्ब मात्र लगानी व्यवस्थापन भएको छ। त्यस्तै वितरण प्रणाली निर्माणका लागि अमेरिकी डलर १.५ अर्ब लगानी आवश्यक देखिएकोमा करिब ३० करोड अमेरिकी डलर बाहेक अन्य लगानीको स्रोत व्यवस्थापन नभएको उल्लेख छ। मार्गचित्रले लिएको लक्ष्य प्राप्त गर्न विद्युत संरचनाहरू निर्माणका लागि थप अमेरिकी डलर ४६.५ अर्ब स्रोत व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

६०. **निर्माणाधीन आयोजना -** जलविद्युत विकास नीति, २०५८ ले आयोजनाहरूको सम्भाव्यता अध्ययन, सर्वेक्षण तथा निर्माण एवं उत्पादनमा निजी क्षेत्रको लगानी परिचालन गरी निर्माण, सञ्चालन, व्यवस्थापन तथा हस्तान्तरण प्रणाली अनुसार विद्युत उत्पादन गरी तोकिएको अवधि समाप्तिपछि आयोजना नेपाल सरकारलाई हस्तान्तरण हुने व्यवस्था गरेको छ। विद्युत विकास विभागले जलविद्युत आयोजनाको क्षमता र अवस्थिति अनुसार २५ देखि ३० वर्षमा आयोजना हस्तान्तरण हुने गरी जलविद्युत उत्पादन अनुमति पत्र दिने गरेको देखिन्छ। विद्युत विकास विभागबाट प्राप्त विवरण अनुसार ५ वर्ष अगाडि अनुमति लिई निर्माणाधीन अवस्थाका १४५ आयोजनाको कार्य प्रगति उल्लेखनीय देखिएको छैन। नुवाकोटको ५ मेगावाटको तादी खोला जलविद्युत आयोजना निर्माणका लागि २०६८ असोजमा एक निजी कम्पनीलाई अनुमति जारी भएकोमा २०८१ चैत्रसम्मको प्रगति २८ प्रतिशत, २०७० मा अनुमति पाएको दैलेखको लोहोरे खोला, खोटाङको रावाखोला, म्याग्दी जिल्लाको माथिल्लो म्याग्दी जलविद्युत आयोजनाहरूको प्रगति शून्य रहेको छ। निर्माणाधीन अन्य जलविद्युत आयोजनाले पनि सम्झौताबमोजिम कार्य प्रगति गरेका छैनन्। सम्झौताअनुसार लामो समयसम्म आयोजनाको निर्माण कार्यमा प्रगति नगर्ने कम्पनीको नियामक निकायबाट निरन्तर अनुगमन, मूल्याङ्कनमार्फत समस्या पहिचान एवं निराकरण गरी कार्य प्रगतिमा सुधार गर्नुपर्दछ।

६१. **नेपाल भारत द्विपक्षीय आयोजना -** विद्युत विकास विभागले नेपाल-भारत द्विपक्षीय आयोजना अन्तर्गतका सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना र पञ्चेश्वर बहुउद्देश्यीय आयोजनामा खर्च गर्दै आएको छ। १४ फेब्रुअरी, १९९२ मा सुरु भएको सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजनाबाट ३ हजार ३०० मेगावाटको जलाशययुक्त जलविद्युत आयोजनाको हालसम्म निर्माण अवधि यकिन भएको देखिएन।

महाकाली नदीको दुवैतर्फ भूमिगत विद्युत गृह निर्माण गरी ६ हजार ८४० मेगावाट जलाशययुक्त आयोजना निर्माण कार्य गर्ने उद्देश्य अनुरूप नेपाल र भारत दुवै पक्षको सहभागिता रहने गरी २०६६ मा पञ्चेश्वर विकास प्राधिकरण गठन भए तापनि निर्माण कार्य अगाडि बढेको छैन। नेपाल सरकारले आयोजना सञ्चालन गर्न यो वर्षसम्म रु.२२ करोड ९ लाख २९ हजार खर्च गरेको छ। द्विपक्षीय समझदारी अनुसार आयोजना सम्पन्न गर्नुपर्दछ।

६२. **बुढीगण्डकी जलविद्युत आयोजना -** बुढीगण्डकी जलविद्युत आयोजना निर्माण गर्न २०७३ सालमा तयार भएको विस्तृत आयोजना प्रतिवेदन अनुसार अमेरिकी डलर २ अर्ब ६० करोड खर्च हुने अनुमान रहेको छ। गोरखा र धादिङ जिल्लाको सिमानामा ताल निर्माण गरी १ हजार २०० मेगावाटको जलाशययुक्त विद्युत आयोजना निर्माण गर्ने लक्ष्य अनुरूप २०६९।७० मा राष्ट्रिय गौरवको आयोजना घोषणा भएको यस आयोजनाको निर्माण अवधि ९४ महिना हुने उल्लेख छ। आयोजनाका लागि मुआब्जा वितरण बापत रु.४२ अर्ब ६५ करोड तथा वातावरणीय प्रभाव मूल्याङ्कनलगायतका प्रतिवेदन तयार गर्न रु.२५ करोड ६० लाख ६३ हजार खर्च भएको छ। आयोजनाको स्रोत र निर्माण मोडालिटी हालसम्म निर्धारण भएको छैन।

६३. **आयोजना हस्तान्तरण** - जलविद्युत विकास नीति, २०५८ को बुँदा नं. ६.५ मा जलविद्युत उत्पादन आयोजना अनुमतिपत्रमा तोकेको म्याद समाप्त भएपछि स्वतः नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने तथा आयोजना हस्तान्तरण गर्ने अवधि पूरा हुन २ वर्ष अगाडिदेखि सो आयोजनाको सञ्चालनमा नेपाल सरकारको समेत संलग्नता हुने व्यवस्था छ। उक्त नीति बमोजिम ६० मेगावाटको खिम्ती हाइड्रो पावरको २०५२ चैत्र र ४५० मेगावाटको माथिल्लो भोटेकोशी आयोजनाको २०५३ श्रावणमा पावर पर्चेज एग्रिमेन्ट (पीपीए) भएको र २०८२।८३ मा ती आयोजना नेपाल सरकारलाई हस्तान्तरण हुने देखिएकोमा हस्तान्तरण प्रक्रिया, एसेट इन्जनियरिङ्ग, पब्लिक सेयर सेटलमेन्ट लगायत आयोजना सञ्चालन विधि सम्बन्धमा कानूनी व्यवस्था भएको छैन। त्यस्तै नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा रहेको २२.१ मेगावाटको चिलिमे हाइड्रोपावरको पीपीए २०५४ आषाढमा भएकोमा प्राधिकरणबाट आयोजना प्राप्ति एवं सञ्चालन गर्ने विधि र प्रक्रियासमेत सरकारी नीतिमा निर्भर रहेको छ। आयोजना हस्तान्तरण गर्ने अवधि पूरा हुन २ वर्ष अगाडि आयोजना सञ्चालनमा नेपाल सरकार संलग्न भई आयोजना हस्तान्तरण तयारी हुनुपर्नेमा सरकारको सहभागिता रहेको देखिएको छैन। आयोजनाहरूको उपयुक्त मूल्याङ्कन, सञ्चालन व्यवस्थापन, हस्तान्तरण विधि र प्रक्रिया निर्माण गरी आयोजना हस्तान्तरण कार्य व्यवस्थित गर्नुपर्दछ।

६४. **विद्युत उपयोग -** नेपाल विद्युत प्राधिकरणको २०८०।८१ को प्रतिवेदन अनुसार औद्योगिक, व्यावसायिक र घरेलु क्षेत्रमा ऊर्जाको माग बढ्दो क्रममा रहेको र २०८१ आषाढ मसान्तसम्म कुल ग्राहक संख्या ५४ लाख ५९ हजार २७५ पुगेको छ। अघिल्लो वर्षको तुलनामा ६.३३ प्रतिशतले ग्राहक संख्या वृद्धि हुँदा कुल विद्युत खपत १० हजार २२७ गिगावाट-घण्टा पुगेको तथा विद्युत खपतबाट प्राप्त आम्दानी अघिल्लो वर्षको तुलनामा रु.९ अर्ब १७ करोड वृद्धि भई कुल आम्दानी रु.९९ अर्ब ६३ करोड पुगेको छ। कुल ग्राहक संख्याको ९१.५४ प्रतिशत घरेलु ग्राहक रहेको र घरेलु ग्राहकबाट कुल विद्युत खपत ४२.१३ प्रतिशत र कुल आम्दानीमा ३८.५६ प्रतिशत योगदान रहेको देखिन्छ। त्यस्तै औद्योगिक क्षेत्रका १.२६ प्रतिशत ग्राहकले ३६.१२ प्रतिशत विद्युत उपभोग गर्दा कुल आम्दानीको ३६.७८

प्रतिशत हिस्सा ओगटेको छ। उक्त तथ्याङ्कबाट औद्योगिक क्षेत्रको विकास एवं विस्तार हुँदा विद्युत खपत र राजस्वमा उल्लेख्य योगदान दिन सक्ने देखिन्छ।

६५. **ऊर्जा स्थायित्व** - नेपालमा उत्पादित जलविद्युत ३ हजार २०० मेगावाटमध्ये १ हजार ४११ मेगावाट नदी प्रवाहमा आधारित रहेकोले हिउँदमा कुल क्षमताको करिब ३० प्रतिशतको हाराहारीमा मात्र उत्पादन हुने गरेको छ। कुल उत्पादित ऊर्जा स्रोतमध्ये जलविद्युत ९२.१ प्रतिशत र अन्य स्रोतबाट ७.९ प्रतिशत रहेको छ। अन्य स्रोतमध्ये वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबाट ४८.२३ मेगावाटसमेत सौर्य प्लान्टबाट ४.७ प्रतिशत विद्युत उत्पादन भएको छ। जलविद्युत्मा मात्र ऊर्जाको निर्भरता हुँदा जलवायु परिवर्तन एवं प्राकृतिक मौसमी घटनाको सामना गर्नु पर्दा ऊर्जा स्थायित्वको जोखिम रहेको छ।

६६. **विद्युत व्यापार** - नेपालले आगामी १० वर्षमा भारतमा १० हजार मेगावाट र बंगलादेशमा ५ हजार मेगावाट विद्युत निर्यात गर्ने लक्ष्य राखेको छ। नेपाल-भारतबिच अक्टोबर २१, २०१४ मा विद्युत व्यापार सम्झौता भई इन्डियन इनर्जी एक्सचेन्जसँग १ मे, २०२१ देखि सुख्खायामका महिनाहरूमा नेपालले विद्युत आयात गर्न सुरु गरेकोमा जनवरी ४, २०२४ मा नेपाल र भारतबिच दीर्घकालीन विद्युत व्यापार सम्झौता सम्पन्न भएको छ। विद्युत व्यापार सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

६६.१ नेपालले ५ हजार मेगावाट विद्युत बङ्गलादेश निर्यात गर्ने लक्ष्य राखी २०८०।८१ बाट भारतीय ग्रिड मार्फत बङ्गलादेशलाई ४० मेगावाट विद्युत निर्यात सुरु गरेको छ। नेपालबाट ४० मेगावाट भन्दा बढी विद्युत निर्यातका लागि बङ्गलादेशसँग उच्च क्षमताको डेडिकेटेड प्रसारण लाइन निर्माण गर्ने तथा भारतीय संरचनाको उपयोग गर्ने विषयमा स्पष्ट भइसकेको छैन। नेपाल-बङ्गलादेश तेस्रो मुलुकीय विद्युत व्यापारका लागि भारत समेतलाई समावेश गराई प्रसारण लाइन विस्तारका लागि सम्बन्धित पक्षबाट पहल हुनुपर्ने देखिएको छ।

६६.२ नेपालले भारतीय विद्युत व्यापार निगमसँग ४०० मेगावाट विद्युत निर्यातका लागि मध्यकालीन सम्झौता सम्पन्न भएकोमा २३५.५ मेगावाट र भारतीय विद्युत व्यापार कम्पनीसँग नेपाल-विहार १३२ के.भी. प्रसारण लाइनमार्फत २०० मेगावाट विद्युत निर्यातका लागि मध्यकालीन विद्युत बिक्री सम्झौता भएकोमा १२५ मेगावाट क्षमताका आयोजनाहरूका लागि भारत सरकारको स्वीकृति प्राप्त भएको देखियो। त्यस्तै बिमस्टेक ग्रिड इन्टरकनेक्सन स्थापनाका लागि ३१ अगस्ट, २०१८ मा एक समझदारीपत्रमा हस्ताक्षर भएपनि सो अनुसार अन्तरदेशीय विद्युतीय कनेक्टिभिटी कार्यान्वयन भई नसकेको अवस्थामा ३ अक्टोबर, २०२४ मा नेपालबाट ४० मेगावाट विद्युत भारतीय ग्रिडमार्फत बङ्गलादेश निर्यात गर्ने गरी नेपाल विद्युत प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतको एनटीपीसी विद्युत व्यापार निगमबिच त्रिपक्षीय सम्झौता भइसकेकोले नेपालले अन्तरदेशीय विद्युत व्यापारबाट फाइदा लिन जलविद्युत आयोजना र अन्तरदेशीय विद्युत प्रसारण लाइनको द्रुत एवं समानान्तर विकास गर्नुपर्दछ।

६७. **रोयल्टी असुली** - विद्युत ऐन, २०४९ को दफा ११ मा अनुमतिपत्र प्राप्त व्यक्ति/संस्था/फर्मले जलविद्युत्को व्यापारिक उत्पादन सुरु गरेको मितिदेखि नियमानुसार नेपाल सरकारलाई रोयल्टी तिर्नुपर्ने व्यवस्था भए पनि राजस्व नतिर्ने आयोजनामाथि गरिने कानुनी कारबाही सम्बन्धमा स्पष्टता देखिँदैन। सीमित प्रतिस्पर्धा, रोयल्टी निर्धारणका आधार र उत्पादन सम्झौतामा उल्लिखित परिमाणमा उत्पादन नभएमा रोयल्टी लिन सकिने व्यवस्था सम्बन्धमा स्पष्टता भएकाले रोयल्टी सङ्कलनमा समस्या देखिएको छ। साथै, तोकिएको समयभित्र निर्माण पूरा नगर्ने कम्पनीहरूमाथि उत्पादन क्षमताका आधारमा रोयल्टी

लिने कानुनी प्रावधान बनाई आयोजना निर्माण ढिलाइ गर्ने तथा ओगट्ने प्रवृत्ति रोक्न आवश्यक रहेको छ।

६८. **आयोजना अवलोकन -** कार्यमूलक लेखापरीक्षणका क्रममा सिन्धुपाल्चोक जिल्लास्थित केही जलविद्युत आयोजनाहरूको सञ्चालन तथा निर्माणसम्बन्धी स्थलगत अवलोकन गर्दा वातावरणीय, सामाजिक र पूर्वाधार निर्माण लगायतमा देखिएका बेहोरा निम्नानुसार छन्:

६८.१ न्यासिम खोलामा निर्माणाधीन ३५ मेगावाटको जलविद्युत आयोजनाको संरचना बाढीले बगाएपछि इन्टेक स्थानान्तरण गर्नुपर्ने देखिएको छ। मुआब्जा वितरण र लगानी सुनिश्चित भइसके पनि स्थानीयले विभिन्न माग राखी अवरोध गरेकाले निर्माण कार्यमा ढिलाइ भएको छ। वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत आयोजना प्रतिवेदन कम्पनीबाटै तयार गरी सुरु गरिएको आयोजनाको पावरहाउस खोलाको सतहभन्दा तल रहेको अवस्थामा बाढीका कारण आरसीसी वाल पुनर्निर्माण गर्नुपर्ने गरी क्षति पुगेको छ।

६८.२ नेपाल विद्युत प्राधिकरणको बलेफी सबस्टेशनमा जोडिएको ७.२७ मेगावाटको याम्बालिङ्ग जलविद्युत्बाट हाल पानीको स्रोत न्यून भएको जनाई २.३ मेगावाट मात्र उत्पादन हुने गरेको देखियो।

६८.३ बलेफी जलविद्युत आयोजनाको कुल क्षमता ३६ मेगावाट रहे पनि हिउँदमा पानीको मात्रा घट्ने र वर्षात्मा धमिलो पानीका कारण टर्बाइन तथा बियरिङ्गमा क्षति पुग्दा पहिलो वर्ष बाहेक पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन। बलेफी कम्पनीले निर्माण गरेको सो आयोजना हाल अर्को निजी कम्पनीलाई सञ्चालनको जिम्मा दिएको छ। सर्वे, डिजाइन तथा डीपीआरमा प्राविधिक त्रुटि र धमिलो पानीको फिल्ट्रेसन प्रणाली नहुँदा बारम्बार मर्मत आवश्यक परेको र अत्यधिक खर्च भएकाले आयोजनाले अपेक्षित प्रतिफल दिन सकेको छैन।

६८.४ लामोसाँघुस्थित १०.०५ मेगावाट क्षमताको सुनकोशी जलविद्युत केन्द्रले वर्षातमा ९.७ र हिउँदमा ६.८ मेगावाटसम्म मात्र विद्युत उत्पादन गरिरहेको उल्लेख छ। तौथली खोलाको पानी थप गर्ने योजना भए पनि मुआब्जा र स्थानीय रोजगारीको मागका कारण निर्माण प्रक्रिया अघि बढ्न सकेको छैन। पुरानो आयोजना भएकाले नदी सतहमा आएको परिवर्तनले टेलरेसबाट निस्कने पानीमा डेब्रिज जमेर टर्बाइनमा क्षति पुऱ्याउने अवस्था देखिएको छ।

६८.५ विद्युत उत्पादन क्षमता १०२ मेगावाट रहेको मध्य भोटेकोशी जलविद्युत आयोजना भूकम्प, कोभिड-१९ र जुरेको सुख्खा पहिरोका कारण समयमा निर्माण सम्पन्न हुन सकेको देखिएन। हाल सञ्चालन तयारीमा रहेको आयोजनाको टनेल परीक्षणमा पानी सिपेज देखिएकाले पुनःउत्पादन अवधि लम्बिएको आयोजनाले जनाएको छ। पीपीएअनुसार बाह्रबिसे सबस्टेसनमा विद्युत जोड्नुपर्ने भए पनि प्रसारण लाइन निर्माणमा स्थानीय अवरोध र वन तथा वातावरण मन्त्रालयको ढिलाइले उत्पादित विद्युत राष्ट्रिय प्रसारणमा जोड्न वैकल्पिक व्यवस्थाको खोजी गर्ने सम्बन्धमा अपेक्षित प्रगति भएको नदेखिएकोले तत्काल उत्पादन सुरु हुने स्थिति देखिँदैन।

६८.६ जलविद्युत आयोजनाहरूले कम्तीमा १० प्रतिशत पानी नदी/खोलामा छोड्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा सोअनुरूप भएको छैन। चाकु खोला जलविद्युत आयोजना १, २, र ३ ले खोलामा पानी नछाडेका कारण जलचर र वातावरणमा प्रतिकूल असर परेको छ। यद्यपि उक्त नीति अनुसार स्थानीय निकायले

अनुगमन गर्नुपर्ने व्यवस्था भए पनि सो कार्य नभएको र टेलरेसबाट निस्कने पानी शुद्धीकरण नगरी खोलामा फाल्ने प्रचलन पनि कायमै रहेको पाइयो।

६८.७ भोटेकोशी, न्यासिम, चाकु लगायतका खोलाहरूमा निजी क्षेत्रबाट जलविद्युत आयोजना निर्माण भएको देखिन्छ। एकै क्षेत्रमा धेरै आयोजना सञ्चालन हुँदा बाढी, पहिरो वा हिमताल फुट्ने घटनाले एकसाथ धेरै आयोजनामा क्षति पुग्न सक्ने देखिन्छ। भोटेकोशी जलविद्युत आयोजनाले २ पटक डुबान प्रभावित भएपश्चात् बिपत्तीमैत्री पूर्वाधार तयार गरी पावरहाउस वाटरप्रूफ बनाएको र हिमतालबाट हुनसक्ने बाढीका लागि प्रारम्भिक चेतावनी दिने प्रविधि जडान गरेको देखियो।

६८.८ शिवश्री हाइड्रो प्रा.लि.ले निर्माण गरेको अप्पर चाकुखोला २२.२ मेगावाट जलविद्युत आयोजनाले हिउँदमा पानीको अभावका कारण ३ मेगावाटसम्म मात्र उत्पादन गर्न सकेको र सिओडी सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई जरिबाना तिर्नु परेको देखियो। करिब रु.६ अर्ब लगानी भएको यस आयोजनाको सर्वसाधारण र प्रभावित क्षेत्रका बासिन्दाबाट उठाएको सेयर रकम संस्थापकहरूको ऋण भुक्तानीमा प्रयोग भएको देखिन्छ। विद्युत उत्पादनमा अनियमितता र बिक्रीमा समस्या हुँदा कम्पनी घाटामा रहेको देखिए तापनि सर्वसाधारणलाई १:१ अनुपातमा हकप्रद सेयर जारी गरेको छ। सम्बन्धित निकायबाट सो लगानीको अनुगमन र सुरक्षा गर्नु आवश्यक देखिन्छ।

निजी क्षेत्रबाट संस्थापन लगानी गरी सर्वसाधारणमा सेयर जारी गरी निर्माण गर्ने यस्तो संरचनाको पूर्वाधार निर्माण लगायत अन्य सम्पत्ति सुरक्षा, वातावरणीय तथा सामाजिक पक्षको समेत अनुगमन एवं मूल्याङ्कन हुनपर्ने देखिएको छ।

६९. **निष्कर्ष तथा सुझाव -** सरकारको सोह्रौं योजना अवधिमा ११ हजार ७६९ मेगावाट (जडित क्षमता) विद्युत उत्पादन गरी ५ हजार ५०० मेगावाट घण्टा विद्युत निर्यातमार्फत रु.४१ अर्ब वैदेशिक मुद्रा आर्जन गर्ने लक्ष्य रहेको छ। नेपालमा जलविद्युत्को प्रचुर सम्भावना रहेको भए तापनि समय सापेक्ष नीतिको अभाव, ऐन, कानुनको प्रभावकारी कार्यान्वयन, उचित संस्थागत व्यवस्था र समन्वय, जलविद्युत आयोजना निर्माण तथा उत्पादन र उपयोगमा समन्वयात्मक विकासमार्फत उपयुक्त योजना र पूर्वाधारमा सामाञ्जस्यता लगायतका समस्याले जलविद्युत उत्पादन र उपयोगमा प्रभावकारी नतिजा देखिएको छैन। नीतिगत, कानूनी, संस्थागत संरचनामा सुधार, अल्पकालीन तथा दीर्घकालीन योजना बनाई जलविद्युत क्षेत्रमा रणनीतिक सुधार गर्नु पर्दछ। राष्ट्रिय हित अनुकूलका ठुला योजनामा लगानीका लागि निजी, सरकारी तथा वैदेशिक लगानी परिचालन गरी जलविद्युत उत्पादन, प्रसारण र उपयोग प्रभावकारी बनाउनु पर्दछ।

अन्य संस्था

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र

वैकल्पिक तथा स्वच्छ ऊर्जा शक्ति, बायोग्याँसलगायतको व्यवस्थापन गर्ने उद्देश्यले २०५३।७।१३ मा यो केन्द्रको स्थापना भएको हो।

७०. **वित्तीय स्थिति -** केन्द्रको यो वर्षको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आयतर्फ		व्ययतर्फ	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको जिम्मेवारी	५९१५९९९	नेपाल सरकार अनुदान चालु खर्च	५८७५३७
नेपाल सरकारबाट अनुदान	८२७०५३	नेपाल सरकार अनुदान पुँजीगत खर्च	२१३०३
वैदेशिक अनुदान	३४२९२९	अन्य खर्च	१९०३६७७
वैदेशिक ऋण	२७७७०	राजस्व दाखिला	८७९२५५
अन्य निकायबाट प्राप्त	९८६२७२	धरौटी फिर्ता	७१४३८
राजस्व आम्दानी	८७९२५५	अन्तिम मौज्दात	५५५३१५३
धरौटी प्राप्त	३७०८५		
जम्मा	**९०१६३६३**		**९०१६३६३**

७१. **योजना छनोट -** नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९ बमोजिम व्यक्तिगत/निजी तवरबाट सञ्चालित प्रणालीको लागि यो वर्ष २०० सौर्य पम्प प्रणाली कार्यक्रम कार्यान्वयन गर्न केन्द्रले सूचना प्रकाशन गर्दा कृषक समूहको जग्गाको लालपुर्जा, निवेदन, पूर्वसम्भाव्यता अध्ययन, स्थानीय तहको सिफारिस, स्थानीय समुदायको लगानीको आधारमा कुल लागतको बढीमा ६० प्रतिशत अनुदान दिने गरी सूचना आह्वान गरेकोमा २ हजार ५५ निवेदन प्राप्त भएको देखिन्छ। विस्तृत सम्भाव्यता अध्ययनको आधारमा २१५ योजना छनोट भएकोमा सोमध्ये २०४ योजना कार्यान्वयन भएको देखिन्छ। छनोट भएका योजनाहरू समयभित्र सम्पन्न गर्नुपर्दछ।

७२. **अनुदान -** नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९ बमोजिम स्वीकृत आयोजनाको खरिद र भुक्तानी प्रक्रिया खरिद ऐन तथा नियमावली वा विकास साझेदारको खरिद निर्देशिकाबमोजिम हुने व्यवस्था छ। केन्द्रले कृषिका लागि सामुदायिक सौर्यपम्प जडान कार्यक्रमअन्तर्गत योजनाहरू सञ्चालन गर्दा अनुदान प्राप्त गर्ने समूहसँग सम्झौता नगरी २९ सप्लायर्सलाई सूचीकृत गरी केन्द्रले प्रकाशन गरेको सन्दर्भ मूल्यसूचीको आधारमा समूहले बिना प्रतिस्पर्धा सूचीकृत संस्थाहरूमार्फत सौर्य पम्पसँग सम्बन्धित मालसामान खरिद गरेको छ। केन्द्रले अनुदान प्राप्त गर्ने समूहलाई अनुदान रकम उपलब्ध नगराई सप्लायर्सले पेस गरेको जडान, परीक्षण र हस्तान्तरण प्रतिवेदनको आधारमा कुल लागतको ६० प्रतिशत अनुदान रकमलाई शतप्रतिशत मानी १० प्रतिशत रिटेन्सन मनी कट्टा गरी विभिन्न सप्लायर्सलाई रु.११ करोड ५८ लाख ५० हजार भुक्तानी दिएको छ। प्रतिस्पर्धात्मक तवरले खरिद गर्ने तथा अनुदान रकम लाभग्राहीको खातामा जाने व्यवस्था गर्न कार्यविधिमा सुधार गर्नुपर्दछ।

७३. **मौज्दात परिचालन -** नेपाल सरकार तथा विभिन्न दातृ निकायबिच भएको सम्झौता तथा केन्द्र र बैङ्क तथा डेभलपरबिच भएको सम्झौतामा डेभलपरलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने उल्लेख छ। प्राप्त वित्तीय विवरणअनुसार केन्द्रको केन्द्रीय नवीकरण ऊर्जा कोषतर्फ यो वर्ष रु.३ अर्ब २९ करोड २५ लाख मौज्दात रहेको देखिन्छ। साझेदार बैङ्कले स्वीकृत ऋण रकम डेभलपर्सलाई ९.५ प्रतिशत देखि १३.४१ प्रतिशतसम्म व्याजमा लगाउने गरेको तर सोही रकम केन्द्रको नाममा डिपोजिटमा रहँदा ०.७५ प्रतिशतदेखि २.५३ प्रतिशतसम्म मात्र व्याज प्राप्त गरेको देखिन्छ। केन्द्रले मौज्दात रकममा बढी प्रतिफल प्राप्त हुने गरी नगद योजना बनाउनुपर्दछ।

७४. **गैर औद्योगिक कार्बन उत्सर्जन न्यूनीकरण -** केन्द्रले वातावरण संरक्षण नियमावली, २०७७ को नियम २५ बमोजिम कार्बन व्यापारसम्बन्धी आयोजनाहरू बनाई स्वच्छ विकास संयन्त्रमा दर्ता गरी प्रमाणित उत्सर्जन न्यूनीकरण जारी गरी कार्बन व्यापार गर्दै आएको छ। केन्द्रले यो वर्ष विभिन्न १३ प्रविधि/आयोजना कार्यान्वयन गरेकोमा सोमध्ये ३ प्रविधि/आयोजनाबाट कार्बन उत्सर्जन न्यूनीकरण भएको प्रमाणित भएको छ। केन्द्रले पेस गरेको विवरणअनुसार गत वर्षसम्मको बिक्री भई बाँकी प्रमाणित कार्बन उत्सर्जन न्यूनीकरण ११ हजार २३३ युनिट र यो वर्ष प्रमाणित ८५ हजार ९२१ युनिट गरी प्रमाणित कार्बन उत्सर्जन न्यूनीकरण ९७ हजार १५४ युनिट तथा प्रमाणित हुन बाँकी कार्बन उत्सर्जन न्यूनीकरण ७ लाख ५४ हजार ९२६ युनिट रहेको देखिन्छ। केन्द्रले २०८०।८१ मा कार्बन उत्सर्जन न्यूनीकरण ५ लाख ४२ हजार ८६६ युनिट बिक्रीबाट रु.३८ करोड २० लाख ७० हजार (युरो २५ लाख ९७ हजार) समेत यो वर्षसम्म रु.२ अर्ब ११ करोड ७६ लाख ८ हजार प्राप्त गरेको छ। सबै प्रविधि/आयोजनालाई कार्बन आयोजनाका रूपमा दर्ता र कार्बन उत्सर्जन न्यूनीकरण प्रमाणित गर्न सकेमा यसबाट उच्च रूपमा आम्दानी गर्न सकिने देखिन्छ। तसर्थ यसतर्फ केन्द्र तथा सम्बन्धित निकायले समन्वयात्मक एवं प्रभावकारी रूपमा कार्य गर्नुपर्दछ।

७५. **रिभल्भिङ बायोग्यास क्रेडिट फण्ड -** नेपाल सरकार र के.एफ.डब्लूबिच ३० नोभेम्बर, २००० मा खाना पकाउन र बत्तीको लागि ६३ हजार ५०० बायोग्यास प्लान्ट निर्माण गरी जनताको जीवनस्तर सुधार गर्ने र वातावरणमा परेको दबाब कम गर्ने लक्ष्य राखी बायोग्यास क्रेडिट कोषको लागि डी.एम. ५ करोड कर्जा प्रदान गर्ने सम्झौता भएको छ। उक्त मुख्य सम्झौताअन्तर्गत अर्थ मन्त्रालय र वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रबिच सहायक ऋण सम्झौता भएकोमा सो को बुँदा १(३) मा केन्द्रले प्रत्येक वर्षको जून १५ र डिसेम्बर १५ मा किस्ता रकम तिर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। केन्द्रको अभिलेखबमोजिम हालसम्म तिर्नुपर्ने किस्ता रु.२१ करोड ४१ लाख ७६ हजारमध्ये रु.१८ करोड २१ लाख ५० हजार भुक्तानी गरी रु.३ करोड २० लाख २६ हजार किस्ता रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०८०।१२।१९ को पत्रअनुसार केन्द्रको २०७९।८० सम्म साँवा बाँकी रु.१० करोड ७५ लाख ६ हजार उल्लेख छ। भुक्तानी बाँकी रकम फरक परेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ।

त्यस्तै कोषले विगतमा विभिन्न सहकारी संस्थालाई उपलब्ध गराएको कर्जामध्ये २२ सहकारी संस्थाले समयमा किस्ता नबुझाएको तथा सम्झौता अवधि समाप्त भइसकेको अवस्थामा समेत रु.६ करोड ७० लाख १५ हजार साँवा ब्याज चुक्ता गर्न बाँकी देखिन्छ। उक्त रकम असुल हुनुपर्दछ।

७६. **अधुरो आयोजना -** नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ को बुँदा ११ मा राष्ट्रिय प्रसारण लाइनबाट विद्युत सेवा उपलब्ध नभएका क्षेत्रमा निर्माण हुने १ हजार किलोवाटसम्म क्षमता भएका लघु तथा साना जलविद्युत आयोजनामा वास्तविक उत्पादित ऊर्जा वा खुद खपतको आधारमा अनुदान उपलब्ध गराइने तथा १०० किलोवाटसम्म क्षमता भएका लघु तथा साना जलविद्युत आयोजनाको लागि एक पटकको लागि बढीमा लागतको ८० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउने उल्लेख छ। केन्द्रबाट प्राप्त विवरणअनुसार २०७० देखि २०७६ सम्म निर्माण सम्झौता भएका ३५ आयोजना मध्ये ३३ आयोजनालाई प्रथम किस्ताबापत रु.९ करोड ५९ लाख ८६ हजार अनुदान प्रदान गरेको देखिन्छ।

उक्त आयोजनाको निर्माण अवधि १२ महिनादेखि १८ महिनासम्म रहेको भए तापनि निर्माण कार्य सुरु नै नभएको उल्लेख छ। नीतिमा रहेको प्रावधानबमोजिम आयोजना फरफारक गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नभएको, अनुदानको अनुगमन नभएको, निर्माण कार्य समयमा सम्पन्न नभएको, सोझै खरिद गरेको, ठेक्का व्यवस्थापनमा सुधार गर्नुपर्नेलगायतका बेहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत ७४ निकायमा यो वर्ष रु.७९ करोड ८८ लाख ५३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१४ करोड ८ लाख ९ हजार फर्स्यौंट गरेकोले रु.६५ करोड ८० लाख ४४ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१३ करोड २७ लाख ९८ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित संस्था एवं समितिसमेत २ तर्फ यो वर्ष रु.४६ करोड १४ लाख ४१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ८७ लाख ६५ हजार फर्स्यौंट गरेकोले रु.४३ करोड २६ लाख ७६ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.३१ करोड ४९ लाख १५ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्रमा सङ्घीय विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका र कार्यविधिको तर्जुमा तथा सहमति, कानुनी राय तथा परामर्श, नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, समझदारीको अनुमोदन, अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति, अन्तर्राष्ट्रिय कानुनी दायित्व, अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानुनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणमा परामर्श दिने लगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा अन्य संस्थासमेत ८ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय-** कार्यालय र मातहतसमेत ५ निकायको निम्नानुसार रु.३४ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३३१७	१३	६	८३	३४१९

२. **अन्य संस्था समिति-** यो वर्ष ३ संस्थाको रु.२८ करोड २० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **अन्य वैदेशिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कानुनी सहायता प्रणालीलाई सुदृढ गर्दै न्यायिक क्षेत्रका संस्थाहरूलाई संस्थागत र प्राविधिक सहयोग उपलब्ध गराएर महिला तथा सीमान्तकृत समुदायको न्यायमा पहुँच बढाउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा "न्यायको लागि पहुँचमा अभिवृद्धि" परियोजना (२०२१-२०२६) यस मन्त्रालयको नेतृत्वमा कोशी, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सहकार्यमा कार्यान्वयन भइरहेको छ। उक्त परियोजना सञ्चालनको लागि यस वर्ष रु.१९ करोड ९४ लाख ७६ हजार प्राप्त भई रु.१७ करोड ६ लाख २२ हजार खर्च भएकोमा मन्त्रालयले उक्त खर्च एकीकृत वित्तीय विवरणमा खुलासा गरेको छैन।

४. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८०।८१ मा उल्लिखित कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरूमध्ये एकीकृत कानुनी सहायता नीति कार्यान्वयन गर्ने सम्बन्धी विधेयक सङ्घीय संसदको यसै अधिवेशनमा पेस गर्ने र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगमार्फत शान्ति प्रक्रियाको बाँकी काम सम्पन्न गर्ने लगायतका कार्य सम्पन्न भएको छैन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको कार्यान्वयन हुनुपर्दछ।

५. **बजेट र खर्च** - मन्त्रालय र मातहत कार्यालयको यस वर्षको बजेट विनियोजन र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	७६७६	७७८८	३१२३	४०.१०
पुँजीगत	८०	८०	६०	७५.००
जम्मा	७७५६	७८६८	३१८३	४०.४५

उल्लिखित तालिकाअनुसार स्वीकृत बजेटको तुलनामा यो वर्ष समग्रमा ४०.४५ प्रतिशत खर्च भएको देखिन्छ।

६. **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा संघ, संस्थालाई दिएको अनुदान रकम उद्देश्यअनुरूप खर्च गरे/नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए/नभएको कुराको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यस वर्ष केन्द्रीय कानुन पुस्तकालय, नोटरी पब्लिकलगायतका सात संस्थालाई रु.५ करोड ३० लाख अनुदान उपलब्ध गराएकोमा उक्त कानुनी व्यवस्थाबमोजिम अनुगमन गरी उद्देश्यअनुरूप खर्च भएको सुनिश्चित गर्नुपर्दछ। त्यसमध्ये नेपाल बार एसोसियसनको १६ औं अखिल नेपाल कानुन व्यवसायीहरूको राष्ट्रिय सम्मेलन आयोजना गर्न एसोसिएसनलाई रु.७५ लाख आर्थिक सहायता स्वरूप निःसर्त अनुदान दिएको छ। आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड तयार गरी सोको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्दछ।

७. **अन्तर्राष्ट्रिय सन्धि सम्झौता -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ को अनुसूची २ मा यस मन्त्रालयले सन्धि, सम्झौता, समझदारीको अनुमोदन, हस्ताक्षर, सम्मिलन, स्वीकृति वा समर्थन, अन्तर्राष्ट्रिय कानुनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणमा परामर्श दिनुपर्ने एवं नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेखीकरण गर्नुपर्ने व्यवस्था छ। यस वर्ष द्विपक्षीय र बहुपक्षीय, दातृ सङ्घ संस्थाहरूसँग सम्पन्न गरिने १०२ सम्झौताको मस्यौदामा राय, १२ कानुनी राय, १५ विविध, १२ विशेष प्रतिवेदकसमेत १४१ राय/सहमति प्रदान गरेको छ। मन्त्रालयले सन् १९८३ देखि सन् १९८६ सम्म ७५ र सन् १९९८ देखि सन् २०२४ सम्म १ हजार १०३ समेत १ हजार १७८ अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अभिलेख राखेको हुँदा सबै सन्धि सम्झौताको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने देखिएको छ।

सत्य निरुपण तथा मेलमिलाप आयोग

८. **कार्यसम्पादन स्थिति -** दश वर्ष लामो सशस्त्र द्वन्दका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धका अपराधसम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य र जानकारी जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, पीडितलाई परिपूरण र क्षतिपूर्ति उपलब्ध गराउन तथा गम्भीर अपराधमा संलग्नलाई कानुनी कारबाहीका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने कामको लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अनुसार २०७१।१०। २७ मा पहिलो पटक र २०७६।१०।६ मा दोस्रो पटक आयोगको गठन भएकोमा पदाधिकारीहरूको म्याद २०७९ आषाढ मसान्तमा समाप्त भएको छ। मन्त्रीपरिषद्को निर्णयअनुसार पटक-पटक म्याद थप भई हाल आयोगको म्याद २०८२ आषाढ मसान्तसम्म रहेको छ।

आयोगमा ६३ हजार ७१८ उजुरी दर्ता भएकोमा प्रारम्भिक छानबिन सम्पन्न भई प्राप्त हुन आएका ३ हजार ७८७ उजुरीमध्ये सशस्त्र द्वन्द कालको अवधिभन्दा बाहिरको घटना र सशस्त्र द्वन्दसँग असम्बन्धित घटना भएकोले २ हजार २६८ उजुरीलाई तामेलीमा राखेको, परिपूरण तथा क्षतिपूर्ति सम्बन्धी आयोगबाट

भएका ६३९ निर्णयमध्ये ५३८ उजुरीमा परिपूरण तथा क्षतिपूर्ति भुक्तानीका लागि नेपाल सरकारलाई सिफारिस गरेकोमा २९ जनालाई रु.२३ लाख २० हजार भुक्तानी भएको, १७३ उजुरी निवेदनहरूमा विस्तृत छानबिन भइरहेकोमा ९ उजुरीको विषयमा टुङ्गो लागेको र ६१८ जनालाई पीडित परिचयपत्र वितरण भएको छ। आयोगको कार्य सम्पादनको लागि २०७४।७५ देखि २०८०।८१ सम्म रु.४७ करोड ८ लाख ९३ हजार खर्च भएको देखिन्छ। ऐन जारी भएको लामो अवधि व्यतीत भइसक्दा पनि ऐनअनुसार उजुरीउपर छानबिन गरी उजुरी टुङ्गाउनुपर्नेमा सो भएको देखिएन।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

९. **कार्यसम्पादन स्थिति -** नेपालमा सशस्त्र द्वन्द (२०५२ फागुन १ देखि २०६३ मङ्सिर ५ सम्म) को क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन गर्न २०७१।१०।२७ मा पहिलो पटक र २०७६।१०।६ मा दोस्रो पटक आयोग गठन भएकोमा २०७९ असार मसान्तदेखि पदाधिकारीको म्याद समाप्त भएको छ। आयोगमा ३ हजार २८८ उजुरी दर्ता भएकोमा ७४६ उजुरी फर्स्यौंट भएको उल्लेख छ। आयोगले उजुरी र तामेलीबाट जगाएका केही उजुरीसमेत २ हजार ५५७ उजुरीमध्ये २ हजार ५१३ विस्तृत छानबिन गर्ने निर्णय गरेकोमा २९ उजुरी प्रारम्भिक छानबिनमा रहेको देखिन्छ। एकै उजुरीकर्ताले १३७ उजुरीसम्म दिएको देखिन्छ भने आयोग गठन भएको मिति २०७१।१०।२७ देखि २०७९ असार मसान्त सम्म १ हजार ३४९ परिवारका २ हजार ५५७ जनालाई पीडित परिचय पत्र दिने कार्य भएको देखिन्छ। आयोगको कार्य सम्पादनमा २०७४।७५ देखि २०८०।८१ सम्म रु. ३३ करोड ३१ लाख ५१ हजार खर्च भएको छ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष सङ्गठित संस्था एवं समिति २ तर्फ रु.१३ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा कृषि, पशुपन्छी एवं मत्स्य विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, खाद्यान्न, नगदे बाली, औद्योगिक बाली, तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्धन गर्ने, कृषि अनुसन्धान र प्रविधि विस्तार, कृषि इन्जिनियरिङ र उन्नत कृषि औजारको अनुसन्धान विकास तथा विस्तार, पशु नश्लको गुणस्तर सुधार, प्रमाणीकरण तथा नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत २८१ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १८७ सरकारी कार्यालयको निम्नानुसार रु.३५ अर्ब ६० करोड ९६ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३४७४८३	४१३३	३१४४	१३३६	३५६०९६

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालयबाट खर्च भएको रु.१ अर्ब ३० करोड ६९ लाख र प्रदेश सरकारबाट खर्च भएको रु.४ करोड ५५ लाख समावेश गरिएको छैन। उद्योग मन्त्रालयमा विनियोजन भई यस मन्त्रालय मातहत कार्यालयबाट खर्च भएको रु.५ करोड ६४ लाख समावेश छ।

२. **सङ्गठित, अन्य संस्था र समिति** - यो वर्ष ९ सङ्गठित संस्था र समितिअन्तर्गत ९२ खर्च इकाईतर्फ रु.३० अर्ब ३० करोड ४२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सङ्गठित संस्थातर्फ कृषि सामग्री कम्पनी लिमिटेड र दुग्ध विकास संस्थानको २०८०।८१ को लेखापरीक्षण बक्यौता रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष कृषि तथा पशु बिमा कार्यक्रम, लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना र शीत भण्डार व्यवस्थापन कार्यक्रमको प्रभावकारिता सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार पन्ध्रौं योजनामा कृषि तथा पशुपन्छी विकासतर्फ २०८०।८१ को लागि तोकिएका केही प्रमुख सूचकको लक्ष्य तथा प्रगति स्थिति देहायअनुसार छः

नतिजा सूचक	एकाइ	२०७५।७६ (आधार वर्ष)	२०८०।८१ को लक्ष्य	प्रगति
कृषि क्षेत्रको वृद्धि दर	प्रतिशत	५	५.८	३.०५
कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान	प्रतिशत	२७	२२.३	२४.०९
धान	मेट्रिकटन प्रति हेक्टर	३.७६	४.५	३.९८
मकै	मेट्रिकटन प्रति हेक्टर	२.८४	४	३.१७
गहुँ	मेट्रिकटन प्रति हेक्टर	२.८५	३.५	३.०१
तरकारी	मेट्रिकटन प्रति हेक्टर	१४.३७	२०	१४.४८
आलु	मेट्रिकटन प्रति हेक्टर	१६.०५	२२	१७.११
फलफूल	मेट्रिकटन प्रति हेक्टर	९.८१	१२	१०.९४
माछा	मेट्रिकटन प्रति हेक्टर	४.९०	६	५.५७

नतिजा सूचक	एकाइ	२०७५।७६ (आधार वर्ष)	२०८०।८१ को लक्ष्य	प्रगति
दुध	लिटर (दुधालु पशु वेत)	१०५०	१४८७	२६१४
अण्डा	प्रति गोटा (पन्छी)	२४५	२६०	१६०
प्रमुख बालीहरूमा बीउ प्रतिस्थापन दर	प्रतिशत	१६	२५	२३.१४
कृत्रिम गर्भाधान (नश्ल सुधारका लागि)	सङ्ख्या हजारमा	६२२	७९५	६७४

उल्लिखित विवरणअनुसार पन्ध्रौं योजनामा कृषि क्षेत्रको वृद्धि दर ५.८ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ३.०५ प्रतिशत रहेको र कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २२.३ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २४.०९ प्रतिशत रहेको प्रगति प्रतिवेदनमा उल्लेख छ। दुध उत्पादन लक्ष्यअनुरूप भए तापनि धान, मकै, गहुँ, तरकारी, आलु, फलफूल र माछाको उत्पादनमा वार्षिक लक्ष्यअनुसार प्रगति भएको देखिएन। त्यसै गरी प्रमुख बालीमा बीउ प्रतिस्थापन दर यो वर्ष २५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २३.१४ प्रतिशत मात्र प्रगति हासिल भएको छ। आवधिक योजनाको नतिजा खाकामा वार्षिक लक्ष्य तोकिएका कोदो, फापर, दलहन, तेलहन उन्नत जातको बीउ, घाँसको बीउ उत्पादनलगायतको प्रगति अवस्थाबारे प्रतिवेदनमा उल्लेख गरेको छैन। आवधिक योजनाले तय गरेका नतिजा खाकाअनुरूप वार्षिक लक्ष्य निर्धारण गरी सोहीअनुसार प्रगति हासिल गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८०।८१ मा उल्लेख भएका कार्यक्रममध्ये बाँझो जमिन सदुपयोगका लागि सिँचाइ संरचना निर्माण, फार्म सुदृढीकरण कार्यक्रम, लाइभस्टक इन्भेष्टमेन्ट प्लान तयार गर्ने, आकस्मिक विपदका कारण क्षति पुगेका किसानहरूलाई राहत वितरण, स्थानीय तहमा लागत सहभागितामा बाई ब्याक प्रणाली स्थापना गर्न खाद्य गोदाम घर निर्माणसहित अन्य पूर्वाधार सहयोग र चोभारमा फलफूल तथा तरकारी बजारको निर्माण सम्पन्न गरी सञ्चालन गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएको छैन। त्यसै गरी सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले दिएका सुझावहरूलाई क्रमशः कार्यान्वयन गर्दै जाने परिप्रेक्ष्यमा सरकारको स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा आवश्यक नरहेका २० संस्था खारेज गर्ने र त्यस्ता संस्थाको सम्पत्ति र दायित्वको व्यवस्थापन सम्बन्धित मन्त्रालयले मंसिर मसान्तभित्र सम्पन्न गर्ने उल्लेख छ। सोबमोजिम राष्ट्रिय दुग्ध विकास बोर्डको पुनःसंरचना र कपास विकास समिति खारेज गर्नुपर्नेमा साविक बमोजिम नै सञ्चालनमा रहेका छन्। बजेटमा समावेश कार्यक्रम लक्ष्यअनुरूप सम्पादन गर्नुपर्दछ।

६. **बजेट र खर्च** — मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार मन्त्रालय र मातहत निकायको यो वर्षको बजेट र खर्चको अवस्था देहायबमोजिम छः

(रु. हजारमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	४६८३३३००	४६५२७५४९	३६४१९००२	७८.२७
पुँजीगत	३१५२८००	३७६३२८९	२४१६६७७	६४.२१
जम्मा	**४९९८६१००**	**५०२९०८३८**	**३८८३५६७९**	**७७.२२**

उल्लिखित विवरणअनुसार मन्त्रालय र अन्तर्गतका निकायका लागि यो वर्ष चालु र पुँजीगततर्फ जम्मा रु.५० अर्ब २९ करोड ८ लाख ३८ हजार बजेट विनियोजन भएकोमा रु.३८ अर्ब ८३ करोड ५६ लाख ७९ हजार (७७.२२ प्रतिशत) खर्च भएको छ। विनियोजित बजेटको तुलनामा चालुतर्फ ७८.२७ प्रतिशत र पुँजीगततर्फ ६४.२१ प्रतिशतभन्दा कम खर्च भएको देखिन्छ।

७. **वैदेशिक सहायता** - दातृ निकायको अनुदान तथा ऋण सहयोगमा सञ्चालित निम्न ५ आयोजनामा रु.३३ अर्ब ४९ करोड ६१ लाख खर्च गर्ने सम्झौता भएकोमा यस वर्षसम्म रु.१२ अर्ब ३० करोड ६८ लाख खर्च भएको छः

(रु.लाखमा)

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय	आयोजनाको कार्यक्षेत्र	आयोजना सुरु वर्ष	आयोजना सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१.	कृषि क्षेत्र विकास कार्यक्रम	आइफाड/स्वीस-अनुदान/ऋण	१० जिल्ला	२०७५।७६	२०८०।८१	५३७५४	२४९६८	४६.४४
२.	नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना	विश्व बैङ्क-अनुदान	२८ जिल्ला	२०७४।७५	२०८०।८१	८७८७२	४७८९१	५४.५०
३.	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना	आई.डी.ए.-अनुदान	८ जिल्ला	२०७५।७६	२०८०।८१	३७६४५	३३५१७	८९.०३
४.	ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना	आई.डी.ए.-ऋण	३५ जिल्ला अन्तर्गतका १७१ स्थानीय तह	२०७७।७८	२०८१।८२	४४४८५	१५४५२	३४.७४
५.	पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना	विश्व बैङ्क/जिएफएसपी-अनुदान/ऋण	३४ जिल्ला अन्तर्गतका १०० स्थानीय तह	२०७९।८०	२०८६।८७	१११२०५	१२४०	१.१२
					जम्मा	**३३४९६१**	**१२३०६८**	**३६.७४**

उल्लिखित विवरणअनुसार कृषि क्षेत्र विकास कार्यक्रम, नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना र खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको १०० प्रतिशत समय व्यतीत हुँदा खर्च क्रमशः ४६.४४, ५४.५० र ८९.०३ प्रतिशत रहेको छ। व्यतीत भएको समयको अनुपातमा आयोजनाको प्रगति न्यून रहेको देखिन्छ। तसर्थ वैदेशिक सहायताको उपयोगमा दक्षता अभिवृद्धि गर्नुपर्दछ।

८. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ। देहायका ४ आयोजनामा यस वर्षसम्म रु.१२ अर्ब १८ करोड २८ लाख खर्च भएकोमध्ये परामर्श सेवामा रु.१ अर्ब ५६ करोड ४० लाख खर्च भएको देखिन्छ।

(रु. लाखमा)

क्र.सं.	आयोजनाको नाम	कुल सम्झौता रकम	२०८०।८१ सम्मको आयोजनाको खर्च	यो वर्षको परामर्श सेवाको खर्च	२०८०।८१ सम्मको परामर्श सेवाको खर्च	कुल खर्चमा परामर्श सेवाको खर्च (प्रतिशत)
१.	कृषि क्षेत्र विकास कार्यक्रम	५३७५४	२४९६८	८०५.२८	३०५२.५१	१२.२३
२.	नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना	८७८७२	४७८९१	१२८	४३६३	१०.९७
३.	खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना	३७६४५	३३५१७	१०६९	६७९३	२०.२६
४.	ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना	४४४८५	१५४५२	९७३	१४३२	९.२७
	जम्मा	**२२३७५६**	**१२१८२८**	**२९७५.२८**	**१५६४०.५१**	**१२.८४**

उल्लिखित आयोजनामा कुल खर्चको ९ देखि २० प्रतिशतसम्म परामर्श सेवामा खर्च भएको देखिन्छ। कृषि क्षेत्र विकास कार्यक्रम, नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना र खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाले कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसमेत परामर्शदाताबाट गराएका कारण परामर्श सेवामा बढी खर्च भएको छ। आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, खरिद व्यवस्थापनलगायतका आयोजनाको जनशक्तिले गर्न सक्ने कामको लागि परामर्श सेवा खरिद नगरी नेपाल सरकारकै जनशक्तिबाट गराई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने बेहोरा गत विगतका प्रतिवेदनमा औँल्याइएकोमा सुधार भएको देखिएन।

९. **सोझै भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गत नेपाल कृषि बजार विकास कार्यक्रमको लागि स्वीस विकास नियोगबाट प्राप्त रु.३२ करोड ८५ लाख २५ हजार र संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोगबाट रु.४७ करोड ३७ लाख समेत रु.८० करोड २२ लाख २५ हजार सोझै भुक्तानीबाट खर्च गरेको छ। सोमध्ये अन्तर्राष्ट्रिय विकास नियोग तर्फको खर्च अवस्थाबारे मन्त्रालयमा विवरण पेस भएको छैन। उक्त खर्चको लेखापरीक्षण नगराएकोले कानुनअनुसार उक्त कारोबारको लेखापरीक्षण गराउनुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाट

- *आवधिक योजनाको लक्ष्यअनुसार प्रगति हासिल नभएको,*
- *आयोजनाहरू परामर्श सेवामा बढी निर्भर रहेको,*
- *वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन पक्ष कमजोर देखिएको,*
- *अनुदानको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन नभएको,*
- *रासायनिक मलमा दिएको अनुदान रकमको हिस्साबारे लामो समयदेखि पुनरावलोकन नभएको,*
- *आयोजनाहरूले लक्ष्यअनुसार प्रगति हासिल गर्न नसकेको।*

लगायतका बेहोराहरू देखिएका छन्।

१०. **सङ्गठन संरचना** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र अन्तर्गतका कार्यालयको स्वीकृत दरबन्दी १ हजार ९०५ र पुल दरबन्दी ३७८ समेत २ हजार २८३ कर्मचारी सङ्गमा समायोजन भएकोमा हाल १ हजार ५४० कार्यरत रही ७४३ पद रिक्त रहेको छ। रिक्त रहेका पद र राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका समेत गरी ३७८ कर्मचारी पुल दरबन्दीमा समायोजन भएको देखिन्छ। यो वर्ष मन्त्रालय र मातहतका कार्यालयको संक्षिप्त सङ्गठन तथा व्यवस्थापन भई मन्त्रालयतर्फ स्थायी (पुल दरबन्दीमा) १२९ र मातहतका कार्यालयतर्फ १३ पद थप भएको विवरण प्राप्त भएको छ। मन्त्रालयले संघीय, प्रदेश र स्थानीय तहसमेतबाट सम्पादन हुने कार्यको आधारमा आवश्यकता विश्लेषण गरी उपयुक्त सङ्गठन संरचना तयार गरी कार्यसम्पादन गर्नुपर्दछ।

११. **कृषि क्षेत्रको अनुदान र खाद्यान्न उत्पादन** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ५ वर्षमा कृषि क्षेत्रमा अनुदान वितरण र उत्पादनको अवस्था निम्नानुसार छः

आर्थिक वर्ष	अनुदान (रु.करोडमा)	खाद्यान्न उत्पादन (मेट्रिकटन हजारमा)			तरकारी उत्पादन (मेट्रिकटन हजारमा)			फलफूल उत्पादन (मेट्रिकटन हजारमा)		
		लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
२०७६।७७	१६८३	१०३९०	१०३६९	९९.८०	४०८९	४०८९	१००	१३००	१०९६	८४.३०
२०७७।७८	१९६८	१०८००	१०५५८	९७.७६	४२८०	४१९६	९८	१३०५	१३६०	१०४.२१
२०७८।७९	२१८३	१०९६५	१०७७२	९८.२४	४४६१	४१५३	९३	१४५०	१४१६	९७.६५
२०७९।८०	३६०४	१४०००	१०७७७	७६.९८	४४९०	४३३२	९६.४८	१४९२	१४४७	९६.९८
२०८०।८१	२९३४	१०९६५	१०९६८	१००	४३३२	४३९८	१०१.५२	१४५२	१५३८	१०५.९२

१२. **किसान सूचीकरण** - खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ मा नेपाल सरकारले तोकिएबमोजिम किसानको पहिचान एवं वर्गीकरण गरी परिचयपत्र जारी गर्ने र सोही आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट सुविधा तथा कानुनबमोजिम योगदानमा आधारित निवृत्तभरण उपलब्ध गराउने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म १४ लाख किसान परिवार सूचीकरण भएकोमा यो वर्ष ५ लाख १८ हजार थप भई जम्मा १९ लाख १८ हजार किसान परिवार सूचीकरण भएको भए तापनि परिचयपत्र जारी हुन सकेको छैन। किसान वर्गीकरण, सूचीकरण एवं परिचयपत्र जारी नहुँदा किसान पेन्सन योजना सुरु गर्ने एवं किसान हितकोष स्थापना गर्नेलगायतका कार्यसमेत प्रभावित भएको छ। अतः किसानको वर्गीकरण, सूचीकरण र परिचयपत्र जारी गर्ने कार्य समयमै सम्पन्न गरी सोही आधारमा छुट, सहुलियत र अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

१३. **क्षेत्रगत अनुदान र उपयोग** - मन्त्रालयले यो वर्ष रासायनिक मल खरिदमा रु.२४ अर्ब ३४ करोड ५३ लाख ७० हजार, बाली तथा पशुधन बिमा प्रिमियममा रु.१ अर्ब ५८ करोड २२ लाख ५ हजार, उखु कृषकका लागि रु.१ अर्ब ३२ करोड ८० लाख ४९ हजार र अन्य बीउ, बिरुवा, मेसिनरी, कृषि औजारलगायतमा रु.२ अर्ब ५ करोड ७५ लाख ७२ हजारसमेत रु.२९ अर्ब ३१ करोड ३१ लाख ९६ हजार अनुदान वितरण गरेको छ। मन्त्रालयबाट प्रदान गरिएका अनुदानमध्ये रासायनिक मल खरिद अनुदानको हिस्सा ८३.०५ प्रतिशत रहेको छ।

सङ्घीयताको कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी सरकारका तीनवटै तहबाट कृषि क्षेत्रमा विभिन्न अनुदान कार्यक्रम सञ्चालनमा रहे तापनि अनुदान वितरणको एकीकृत अभिलेख मन्त्रालयले तयार गरेको छैन। जसले गर्दा अनुदान वितरणमा दोहोरोपना हुने, अनुदानमा सीमान्तकृत किसानको पहुँच नहुने, फरक-फरक निर्देशिकाका आधारमा अनुदान दिँदा सोमा एकरूपता नहुने, तीनै तहबिच समन्वयको अभावमा अनुदान उपयोगको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन नसकी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा अपेक्षाकृत अभिवृद्धि हुन सकेको छैन। अनुदान वितरणको राष्ट्रिय नीति एवं व्यवस्थापन सूचना प्रणाली तयार गरी एकीकृत अभिलेख अद्यावधिक गर्नुपर्दछ। अनुदान दर एवं वितरणमा एकरूपता कायम गरी दोहोरोपना नहुने गरी अनुदान वितरणको व्यवस्था मिलाउनुका साथै अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ।

१४. **रासायनिक मल अनुदान —** मन्त्रालयले यो वर्ष कृषि सामग्री कम्पनी लिमिटेडमार्फत ४ लाख २० हजार मेट्रिकटन र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत १ लाख ८५ हजार मेट्रिकटन समेत ६ लाख ५ हजार मेट्रिकटन रासायनिक मल खरिद गर्न क्रमशः रु.१५ अर्ब ८० करोड ८९ लाख र रु.८ अर्ब ५३ करोड ६४ लाखसमेत रु.२४ अर्ब ३४ करोड ५३ लाख अनुदान प्रदान गरेकोमा क्रमशः २ लाख ७५ हजार २१६ मेट्रिकटन र १ लाख ८५ हजार ५०३ मेट्रिकटनसमेत ४ लाख ६० हजार ७१९ मेट्रिकटन मल खरिद भएको छ। मल खरिद कार्य व्यवस्थित गर्न समयमै स्रोत सुनिश्चित गर्ने, भारतलगायतका देशको असल अभ्यासको अनुसरण गर्दै मल खरिदको वार्षिक क्यालेण्डर स्वीकृत गरी नियमित रूपमा खरिद प्रक्रिया अवलम्बन गर्ने, अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्यमा घटबढ भएको अवस्थामा मूल्य समायोजन गरी भुक्तानी दिने व्यवस्था मिलाउने, मल ढुवानी चापलाई कम गर्ने व्यवस्था मिलाउने, मल बिक्री वितरण अवस्थाको नियमित अनुगमन एवं निरीक्षण गरी प्रतिवेदन गर्ने

लगायतका कार्य गरी रासायनिक मल खरिद र बिक्री वितरणमा प्रभावकारिता ल्याउनुपर्ने बेहोरा गत विगतका प्रतिवेदनमा औंल्याइए तापनि स्थिति यथावत् छ।

१५. **सूचना प्रविधि प्रणाली** - मन्त्रालयले कृषि तथा पशुधन बिमा सूचना प्रविधि प्रणाली निर्माणका लागि नेपाल बिमा प्राधिकरण मार्फत सफ्टवेयर निर्माण गराउन एक सेवा प्रदायक फर्मसँग २०८१।३।२४ मा रु.५७ लाख ४९ हजारमा सम्झौता भएकोमा सो बमोजिम कार्य सम्पन्न भई यो वर्ष रु.४६ लाख भुक्तानी भएको छ। बाली तथा पशुधन बिमाअन्तर्गत यो वर्ष पशु सेवा तथा कृषि विभागबाट १ लाख ५६ हजार १२१ बिमा पोलिसीबाट रु.४२ अर्ब १३ करोड ५४ लाख ३६ हजारको बिमालेख जारी गरी कायम हुन आएको बिमा शुल्क रु.१ अर्ब ९७ करोड ७७ लाख ५६ हजारको ८० प्रतिशतले हुने रु.१ अर्ब ५८ करोड २२ लाख ५ हजार अनुदान भुक्तानी गरेको छ। उक्त अवधिमा बिमा कम्पनीहरूले यो वर्ष रु.१ अर्ब ५८ करोड ४३ लाख ३५ हजार क्षतिपूर्ति भुक्तानी गरेको विवरण पेस भएको छ। किसानको वास्तविक क्षति, सोको दाबी र क्षतिपूर्ति भुक्तानीको अवस्थाबारे सुनिश्चित हुने गरी सूचना प्रविधि प्रणालीमा सुधार गर्नुपर्दछ।

१६. **न्यूनतम समर्थन मूल्य** - मन्त्रालयको सिफारिसमा २०८०।८१ मा मोटो धानको प्रति क्विन्टल रु.३ हजार १९८, मध्यम धानको प्रति क्विन्टल रु.३ हजार ३६२, गहुँको लागि प्रति क्विन्टल रु.३ हजार ६५० न्यूनतम समर्थन मूल्य, उखुको खरिद मूल्य रु.६३५ (चिनी मिलले कृषकलाई प्रतिक्विन्टल रु.५६५ र नेपाल सरकारले अनुदान रु.७०) र कच्चा दुधको न्यूनतम समर्थन मूल्य प्रतिलिटर रु.६५ तोकेको छ। यस वर्ष कृषि सहकारी एवं खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत ७ हजार ७७१ मेट्रिकटन धान खरिद गरेको देखिन्छ। न्यूनतम मूल्य निर्धारणको लागि उत्पादन लागत, ढुवानी एवं गत वर्षको मूल्यलाई आधार मानी मूल्य निर्धारण हुँदै आए तापनि सोसम्बन्धी कार्यविधि तयार भएको छैन। न्यूनतम समर्थन मूल्य निर्धारणसम्बन्धी कार्यविधि तयार गरी कृषकको लागत सुरक्षा तथा उत्पादन लागतको आधारमा कृषि उपजको उचित मूल्य सुनिश्चित गराउनुका साथै अन्य प्रमुख कृषि उपजसमेतको मूल्य निर्धारण गरी कृषकबाट उक्त मूल्यमा खरिद हुने व्यवस्थाको सुनिश्चितता हुनुपर्दछ।

१७. **छुट सिफारिस** - आर्थिक ऐन, २०८० को अनुसूची खण्डको बुँदा नं.१५(२) मा पशुपन्छी पालन उद्योग, कृषि फार्म तथा कम्पनी एवं कृषि सहकारी संस्थाले पैठारी गर्ने कृषिजन्य उत्पादन सुरक्षित गर्न निर्माण गरिने शीतभण्डारको लागि आवश्यक पर्ने कम्प्रेसर एवं अन्य तोकिएका मालसामान एवं औजारमा नेपाल सरकार कृषि तथा पशुपन्छी मन्त्रालयले सिफारिस गरेमा १ प्रतिशत मात्र भन्सार महसुल लाग्ने उल्लेख छ। प्राप्त विवरण अनुसार यो वर्ष मन्त्रालयले १२ फर्म तथा संस्थालाई २०८१ असार मसान्तको विनिमय दर अनुसार रु.१९ करोड १५ लाख ५० हजार मूल्य बराबरको दुध चिस्यान स्टोरेज, कुखुराको दाना उत्पादन गर्ने मेसिन, कोल्डस्टोरेज एवं ग्रीनहाउससम्बन्धी सामान पैठारी गर्न भन्सार महसुल छुटका लागि सिफारिस गरेको देखियो। छुट सिफारिस भएका सामान निर्धारित उद्देश्यअनुसार उपयोग भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नुपर्दछ।

१८. **फलफूल तथा थोक बजार निर्माण** - काठमाडौंको चोभारस्थित फलफूल तथा पुष्प थोक बजार निर्माण कार्यका लागि साविकको व्यावसायिक कृषि तथा व्यापार आयोजना र एक संयुक्त उपक्रमबिच २०७३।६।४ मा १३ महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी रु.३५ करोड ८७ लाख ६६ हजारको सम्झौता भएकोमा भेरिएसनबाट सम्झौता रकम रु.४० करोड २० लाख ५ हजार कायम भएको छ।

भवन निर्माण कार्यको ८६ प्रतिशत भौतिक प्रगति भई निर्माण व्यवसायीलाई रु.३४ करोड १५ लाख ३५ हजार(८४.९५ प्रतिशत) भुक्तानी भएको छ। भवन निर्माण सम्पन्न गर्न २०८०।१२।१३ मा एघारौं पटक (अन्तिम पटक) म्याद थप भई निर्माण अवधि २०८१ भाद्र मसान्तसम्म रहेकोमा निर्माण व्यवसायीले कार्य सम्पन्न गर्न चासो नदेखाएका कारण उल्लेख गरी २०८१।७।१४ मा सचिवस्तरको निर्णयबाट ठेक्का सम्झौता अन्त्य गरेको छ।

मन्त्रालयले ठेक्का सम्झौता अन्त्य गरी कार्यसम्पादन जमानत रु.३ करोड ५८ लाख ७६ हजार जफतका लागि एक बैङ्कलाई पत्राचार गरेकोमा निर्माण व्यवसायीले सो उपर उच्च अदालत पाटनमा रिट दायर गरेको र अदालतको २०८१।७।२५ को आदेशका कारण जमानत जफत भएको छैन। साथै लेखापरीक्षण अवधिसम्म मन्त्रालयले सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५९(८) अनुसार सम्झौता अन्त्य भएको अवस्थामा बाँकी कार्य सम्पन्न गर्न लाग्ने रकम उक्त संयुक्त उपक्रमबाट असुल गरेको छैन। सम्झौताका सर्त एवं ठेक्का अन्त्य गर्दाको निर्णय कार्यान्वयन गरी ठेक्का फरफारक गर्नुपर्दछ।

१९. **अनुगमन तथा मूल्याङ्कन -** मन्त्रालय र मातहतका निकायबाट सञ्चालित काम कारबाही उपर नियमित अनुगमन एवं मूल्याङ्कन गर्नुपर्दछ। अनुगमन तथा मूल्याङ्कनमा यो वर्ष रु.७६ लाख ४५ हजार खर्च भएको छ। मातहतबाट भएका मल आपूर्ति व्यवस्थापन, कृषि तथा पशुधन बिमा, मातहतका निकायको कार्य सम्पादन अवस्था, अनुदान व्यवस्थापनलगायतका क्षेत्रको विषयगत अनुगमन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गरेको देखिएन। कार्य सम्पादन अवस्थामा सुधार ल्याउने गरी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्दछ।

कृषि विभाग

कृषि विकाससम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन, कृषिको विविधीकरण र व्यावसायिकताको विकास गरी खाद्य सुरक्षाको सुनिश्चितता र गरिबी न्यूनीकरणमा योगदान गर्ने मुख्य उद्देश्य रहेको विभाग र अन्तर्गतका ६ केन्द्रीय निकाय र १४ फार्म तथा केन्द्रसमेत २१ निकायबाट कार्यसम्पादन हुँदै आएको छ।

२०. **बिमा प्रिमियम अनुदान -** बाली तथा पशुपन्छी बिमा निर्देशन, २०६९ को बुँदा नं २० मा प्राविधिकले बिमा गरिने बालीको बिमाङ्क मूल्याङ्कन गर्ने क्रममा वा बिमा दाबीको सिफारिस गर्दा झुट्टा विवरण दिएको प्रमाणित भएमा निजलाई बिमासम्बन्धी कार्य गर्नबाट रोक लगाउने र सोको जानकारी सम्बन्धित मन्त्रालय तथा बिमा कम्पनीलाई दिने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार २०८० श्रावणदेखि चैत्र सम्ममा निजी बिमा कम्पनीहरूले ६ हजार ६ सय ३३ बिमालेखबाट रु. ३ अर्ब ६२ करोड ८६ लाख ७८ हजार बिमाङ्कअनुसारको बाली बिमा अनुदान माग गरेकोमा विभागले बिमा कम्पनीहरूबाट पेस भएका विवरण रुजु गरी रु.३ अर्ब ५७ करोड २४ लाख ५७ हजारमात्रै बिमाङ्क कायम गरेको देखिन्छ। यसरी बिमा कम्पनीको माग दाबीमध्ये रु.५ करोड ६२ लाख २१ हजारको दाबी विभागबाट रद्द भएको देखिन्छ। बिमालेख सम्बन्धमा अध्ययन गरी उल्लिखित निर्देशनको व्यवस्थाअनुसार कारबाही गर्नुपर्दछ।

पशु सेवा विभाग

पशुपालन व्यवसायको विकास, विस्तार र विविधीकरण गर्ने, पशुजन्य रोगहरूको उपचार गर्ने, पशु बिमा कार्यक्रम सञ्चालन गर्ने, घाँसको बीउ उत्पादन गर्ने एवं नश्ल सुधारका कार्य गरी कुल राष्ट्रिय उत्पादनमा योगदान गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

२१. **पशुपन्छी बिमा —** विभाग तथा नेपाल बिमा प्राधिकरणबाट प्राप्त विवरणअनुसार २०८०।८१ मा भएको पशुपन्छी बिमासम्बन्धी स्थिति देहायबमोजिम छः

विवरण	पशुधन	माछा	पन्छी	जम्मा
बिमाङ्क (रु.हजारमा)	२५१४१२९६	४९१९१२०	५४८३३९५	३५५४३८११
बिमा शुल्क (रु.हजारमा)	१२५२८४६	१४६१२५	२०७१२६	१६०६०९७
अनुदान भुक्तानी (रु.हजारमा)	९९८५३९	११६२२१	१६४५४०	१२७९३००
क्षतिपूर्ति दाबी भुक्तानी (रु.हजारमा)	१३३७१७६			१३३७१७६
बिमा पोलिसी (वटा)	१४३२१३	११८८	१९९०	१४६३९१
बिमित जीवन) सङ्ख्या)	४८७१०८	२४४३४५३२	९२८८९२२	३४२१०५६२
बिमाङ्कको आधारमा लागत प्रतिशत	४.९८	२.९७	३.७८	४.५२

उपर्युक्त विवरणअनुसार १ लाख ४६ हजार ३९१ बिमा पोलिसीबाट ४ लाख ८७ हजार १०८ पशुचौपाया, २ करोड ४४ लाख ३४ हजार ५३२ माछा र ९२ लाख ८८ हजार ९२२ पन्छीको बिमा भएको देखिन्छ। जसका लागि रु.३५ अर्ब ५४ करोड ३८ लाख ११ हजारको बिमाङ्क जारी भई आउने बिमा शुल्क रु.१ अर्ब ६० करोड ६० लाख ९७ हजारको ८० प्रतिशतले हुने रु.१ अर्ब २७ करोड ९३ लाख अनुदान भुक्तानी भएको छ।

बिमा कम्पनीले यो वर्ष रु.१ अर्ब ३३ करोड ७१ लाख ७६ हजार क्षतिपूर्ति भुक्तानी गरेकोमा उक्त रकम बिमा शुल्कको तुलनामा ८३.२५ प्रतिशत हुन्छ। तर किसानलाई भएको क्षति, सोको दाबी र क्षतिपूर्ति प्राप्तिबारे सुनिश्चित हुने आधार पेस भएको छैन। विभाग र बिमा प्राधिकरणबाट सोको अनुगमनसमेत भएको देखिएन। विभागको अभिलेखअनुसार पशुपन्छी सङ्ख्याको आधारमा झण्डै १३ प्रतिशत पशुपन्छीमात्र बिमाको दायरामा समावेश भएको मात्रामा बढोत्तरी हुँदै जाँदा सोको सम्भावित लागत र दायित्वमा समेत वृद्धि हुने भएकोले विद्यमान बिमा नीतिमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

२२. **खोप उत्पादन र आयात** - विभागले पेस गरेको विवरणअनुसार २०८०।८१ मा नेपालमा उत्पादन र विदेशबाट आयात भएका खोप खपत सम्बन्धी विवरण देहायअनुसार छः

(सङ्ख्या हजारमा)

विवरण	पशुको खोप	कुकुरको खोप	कुखुराको खोप	जम्मा खोप
स्वदेशमा उत्पादन	१२४००	१८०	३२३७०	४४९५०
आयात	७०२२	५७४	६४४३२०	६५१९१६
जम्मा	**१९४२२**	**७५४**	**६७६६९०**	**६९६८६६**

उल्लिखित विवरणअनुसार यो वर्ष ६९ करोड ६८ लाख ६६ हजार डोज खोप खपत गरेकोमा ४ करोड ४९ लाख ५० हजार (६.४५ प्रतिशत) मात्र स्वदेशमा उत्पादन भई बाँकी ६५ करोड १९

लाख १६ हजार (९३.५५ प्रतिशत) आयात भएको देखिन्छ। खोपमा देखिएको बाह्य परनिर्भरतामा सुधार गरी आन्तरिक उत्पादन बढाउनेतर्फ पहल गर्नुपर्दछ।

२३. **गुणस्तर मान्यता -** पशु चिकित्सा क्षेत्रको सन्दर्भ प्रयोगशालाको रूपमा रहेको केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट गरिने परीक्षणको गुणस्तर सुनिश्चित गर्न मान्यता प्रदान गर्ने संस्थाबाट मान्यता प्राप्त गरेको हुनुपर्दछ। प्रयोगशालाले मोलिक्युलर बायोलोजी युनिटको पीपीआर भ्याक्सिन र एभियन एन्फ्लुन्जा परीक्षणको गुणस्तर आश्वस्तता सम्बन्धमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नका लागि पहल भएकोमा तोकिएको मापदण्ड पूरा हुन नसकेका कारण हालसम्म मान्यता प्राप्त गरेको देखिएन। त्यसै गरी राष्ट्रिय खोप प्रयोगशालामा उत्पादन हुने खोपको गुणस्तर सुनिश्चित गर्न एक्रिडिटेसन लिन प्रयास भइरहेको जनाए तापनि हालसम्म उक्त प्रक्रिया पनि पूरा भएको छैन। तोकिएका मापदण्डहरू पूरा गरी अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नुपर्ने बेहोरा गत विगत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्य पदार्थको स्वच्छता एवं गुणस्तर नियमन गरी उपभोक्ताको हित संरक्षण गर्न गुणस्तरीय परीक्षण सेवा उपलब्ध गराउने, स्थानीय स्तरमा खाद्य प्रविधिको विकास गर्न सीपमूलक तालिम प्रदान गर्ने, खाद्य पोषण ज्ञान विस्तार र बाल आहारा विकासबाट कुपोषण न्यूनीकरण गर्ने उद्देश्यले विभागको स्थापना भई सञ्चालनमा रहेको छ। विभाग मातहत २२ खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन, ८ खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय र १२ खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयसमेत ४२ कार्यालय रहेका छन्।

२४. **बजार अनुगमन तथा नमुना परीक्षण -** खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३२ मा विभाग वा मातहत कार्यालयले बजारमा बिक्री वितरणमा रहेका खाद्य पदार्थको स्वच्छता तथा गुणस्तरको बारेमा जानकारी लिन चाहेमा अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षण गर्ने उल्लेख छ। विभागबाट प्राप्त विवरणअनुसार यो वर्ष खाद्य स्वच्छता तथा गुण नियन्त्रण कार्यक्रमअन्तर्गत उत्पादन स्थल तथा खाद्य वस्तुको स्वच्छता गुणस्तरसम्बन्धी एकल वा संयुक्त रूपमा बजार अनुगमन २ हजार ५८६ पटक, उद्योगको १ हजार ६८७ पटक, होटल रेष्टुरेण्टको १ हजार ७०४ पटक र ऱ्यापिड रेस्पोन्स ३६६ समेत ६ हजार ३४३ पटक अनुगमन गरेको देखिन्छ।

त्यसै गरी यो वर्ष खाद्य तथा दाना ऐनबमोजिम ८५१, सर्भिलेन्सतर्फ ८९६, निर्याततर्फ १५४, असल कृषि अभ्यासतर्फ ५२, कार्यालय/सङ्ग/संस्था/व्यक्तिबाट १ हजार १४४, अनुज्ञापत्रतर्फ ३ हजार ५३९ र चेक स्याम्पलतर्फ ९० समेत जम्मा ६ हजार ७२६ नमुनाको विश्लेषण गरिएकोमा मापदण्ड प्रतिकूल नमुनाको सङ्ख्या ४२४ (६.३० प्रतिशत) रहेको देखिन्छ। नमुना सङ्कलन र विश्लेषण कार्यको विस्तार गरी खाद्य तथा दानापदार्थको गुणस्तर तथा स्वच्छता कायम गर्ने कार्यमा प्रदेश र स्थानीय तह लगायत सम्बद्ध सरोकारवाला पक्षहरूसँग सहकार्य र समन्वय गर्दै कार्य गर्नुपर्दछ।

२५. **मुद्दा दायर र फस्यौंट -** खाद्य नियमावली, २०२७ को नियम १५ मा खाद्य पदार्थ नमुना विश्लेषण परीक्षण गर्दा दूषित वा न्यूनस्तरको ठहरिएमा वा ऐन, नियमावली विपरीत हुने काम कारबाही भएको पाइएमा खाद्य निरीक्षकले ऐनबमोजिमको स्पष्ट अभियोग र तत्सम्बन्धी सम्पूर्ण विवरण खोली मुद्दा हेर्ने अधिकारीसमक्ष प्रस्तुत गर्नुपर्ने उल्लेख छ। नियमावलीमा मुद्दा दायर गर्ने व्यवस्था रहेकोमा हालसम्म

विभाग र मातहत कार्यालयबाट दायर र फर्स्यौंट भएका मुद्दाको एकीकृत विवरण तयार गरेको देखिएन। तसर्थ मुद्दा दायर र फर्स्यौंटको अद्यावधिक लगत तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले बाली/वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्नेलगायतका कार्य गर्न स्थापना भएको यो परियोजना ७७ वटै जिल्लामा सञ्चालित छ।

२६. **खर्चको स्थिति** - परियोजना अवधि २०७३।७४ देखि २०८२।८३ सम्म रु.१ खर्ब ३० अर्ब ७४ करोड २० लाख खर्च गर्ने अनुमान रहेकोमा २०८०।८१ सम्मको बजेट विनियोजन, खर्च र तहगत खर्चको अवस्था देहायबमोजिम रहेको छः

(रकम रु. हजारमा)

विवरण	रकम	खर्च प्रतिशत
कुल खर्चको अनुमान	१३०७४२०००	-
हालसम्मको विनियोजन	४९४८९२००	-
कुल खर्च	३३६१९८००	६७.९३
सङ्घ	१९१९०६००	५७
प्रदेश	६७०५७००	२०
स्थानीय तह	७७१३५००	२३

परियोजना अवधिको ८० प्रतिशत अवधिमा कुल विनियोजित बजेटको ६७.९३ प्रतिशत खर्च भएको छ। कुल खर्चका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको हिस्सा क्रमशः ५७, २० र २३ प्रतिशत रहेको छ। तोकिएको लक्ष्यअनुसार कार्य सम्पादन गरी प्रगति हासिल गर्नुपर्दछ।

२७. **लक्ष्य प्रगति** - परियोजना कार्यान्वयनका लागि साना व्यावसायिक कृषि उत्पादन केन्द्रलाई पकेट, ब्लक जोन, सुपरजोन विकास कार्यक्रमसमेत ४ सम्भागमा विभाजन गरिएको छ। परियोजना अवधिमा २१ सुपरजोन, ३०० जोन, १ हजार ५०० ब्लक र १५ हजार पकेट स्थापना गर्ने लक्ष्य रहेकोमा २०८०।८१ सम्म १६ सुपरजोन, १७७ जोन, १ हजार ६६४ ब्लक र ८ हजार ७१० पकेट स्थापना भएका छन्। परियोजनाको अवधि २ वर्ष बाँकी रहेको अवस्थामा ब्लक स्थापनामा लक्ष्यअनुसार प्रगति हासिल भए तापनि अन्य सम्भागमा प्रगति न्यून रहेको छ। तोकिएकै अवधिमा निर्धारित लक्ष्य पूरा हुने गरी कार्यसम्पादन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२८. **रोजगारी सिर्जना** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेजको अनुसूची- ९ मा परियोजना सञ्चालनमा आएपश्चात् प्रत्येक वर्ष आंशिक तथा पूर्ण रोजगारी सिर्जना गर्ने उल्लेख छ। परियोजनामार्फत यो वर्षसम्म २ लाख ८१ हजारले पूर्ण र ४२ लाख ४९ हजारले आंशिक रोजगारी प्राप्त गर्ने प्रक्षेपण रहेकोमा २ लाख १२ हजारले पूर्ण तथा १९ लाख ४७ हजारले आंशिक रोजगारी प्राप्त भएको उल्लेख छ। परियोजनाको उद्देश्यअनुरूप पूर्ण तथा आंशिक रोजगारी सिर्जना गर्नेतर्फ पहल गर्नुपर्दछ।

२९. **कस्टम हायरिङ्ग सेन्टर** - कृषिमा यान्त्रीकरण प्रवर्धनका लागि उत्पादनदेखि बजारीकरणसम्म आवश्यक पर्ने सबै प्रकारका औजार/उपकरणको सेटसहितको सेवा उपलब्ध गराउन सम्बन्धित परियोजना

कार्यान्वयन एकाइ र जोन सञ्चालन समन्वय समितिमार्फत यो वर्षसम्म ५० प्रतिशत अनुदान सहयोगमा ६०८ कस्टम हायरिङ सेन्टर स्थापना गरेको छ। परियोजना व्यवस्थापन कार्यालयले हालसम्म स्थापना भएका सेन्टरमा उपलब्ध गराएको रु.३ अर्ब ९७ करोड २९ लाख मूल्यका यन्त्र, उपकरण र किसान/समूह/सहकारीको नाम नामेसीसहितको अभिलेख तयार गरेको भए तापनि ती केन्द्रको सञ्चालनविधि तयार गरेको देखिएन। सोसम्बन्धी कार्यविधि तयार गरी उद्देश्य अनुरूप सञ्चालनमा ल्याउनुपर्दछ।

३०. **शीतभण्डार निर्माण -** परियोजनाको प्राथमिकता प्राप्त क्षेत्रमध्ये शीतभण्डार निर्माणको लागि परियोजनाले २०७४।७५ र २०७५।७६ मा २ वर्षभित्र कार्य सम्पन्न गर्नेगरी विभिन्न ११ संस्थासँग रु.२ अर्ब ३४ करोड ७८ लाखको सम्झौता गरेको देखियो। उक्त लागतमध्ये परियोजनाले शीतभण्डार निर्माणका लागि रु.१ अर्ब १४ करोड २४ लाखको अनुदान सम्झौता गरी रु.१६ करोड ७८ लाख मोबिलाइजेसन पेस्की प्रदान गरेको देखियो। सम्झौताअनुसार समयमै कार्य सुरु नगरेका कारण परियोजनाले ७ संस्थाको पेस्की जमानत जफत गरी सम्झौता रद्द गरेको तथा ४ संस्थालाई काम नगर्न निर्देशन दिएकोमा पेस्की फिर्ता नगरी कार्य गरेकोमा धादिङ, नुवाकोट र धनुषाका ३ शीतभण्डार सञ्चालनमा रहेका र बाँकेमा १ निर्माणाधीन अवस्थामा रहेको उल्लेख छ। उल्लिखित ४ निर्माण कार्यमध्ये निर्माणाधीन २ निर्माण कार्यको सम्बन्धमा कानुनी विवाद सिर्जना भए तापनि संस्थाको आफ्नै खर्चमा निर्माण गरी सञ्चालनमा रहेको छ। यस्ता परियोजना सञ्चालन गर्दा दीर्घकालीन उपयोगिता, लाभ र लागत विश्लेषणसमेत गरेर सञ्चालन गरिनुपर्दछ।

३१. **परियोजना मूल्याङ्कन -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेजको परिच्छेद ९ को बुँदा नं. ३ अनुसार प्रत्येक दुई/दुई वर्षमा परियोजना कार्यान्वयनको मूल्याङ्कन गर्नुपर्नेमा परियोजना सञ्चालन भएको **८** वर्षसम्म पनि मूल्याङ्कन गरेको देखिएन। मूल्याङ्कनको अभावमा हालसम्मको अवस्था तथा भविष्यमा गर्नुपर्ने सुधार सम्बन्धमा यकिन गर्न नसकिने भएकोले तोकिएअनुसार मूल्याङ्कन गर्नुपर्ने बेहोरा गत वर्षसमेत औँल्याइएकोमा स्थिति यथावत् छ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

भूकम्प प्रभावित गोरखा, धादिङ, सिन्धुपाल्चोक र दोलखा तथा बाढी प्रभावित धनुषा, महोत्तरी, सिरहा र सप्तरी समेत ८ जिल्लाको १६ स्थानीय तहमा खाद्य तथा पोषण सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरी नेपालको दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने उद्देश्यले अन्तर्राष्ट्रिय कृषि तथा खाद्य सुरक्षा कार्यक्रम (जी.ए.एफ.एस.पी) को आर्थिक सहयोगमा यो आयोजना २०७५।७६ देखि सञ्चालन हुँदै आएको छ। आयोजना व्यवस्थापन कार्यालय ललितपुरमा रहेको यो आयोजना कार्यान्वयनको लागि गोरखा, सिन्धुपाल्चोक, धनुषा र सप्तरीमा आयोजना क्लस्टर एकाइ रहेका छन्।

३२. **प्रगति स्थिति** - आयोजनाको ६ वर्षे अवधिमा विश्व बैङ्कको अनुदान सहयोगबाट रु.२ अर्ब ९७ करोड ७५ लाख र नेपाल सरकारको रु.७८ करोड ७० लाखसमेत रु.३ अर्ब ७६ करोड ४५ लाख खर्च हुने उल्लेख भएकोमा यो वर्ष रु.३७ करोड ७६ लाख समेत यस वर्षसम्म रु.३ अर्ब ३८ करोड ६९ लाख (८९.९६ प्रतिशत) खर्च भएको छ। हाल आयोजनाको दोस्रो चरण कार्यान्वयनमा रहेको छ।

प्राप्त वार्षिक प्रगति विवरणअनुसार आयोजनाको कार्य क्षेत्रभित्र अन्नबालीको उत्पादकत्व २५ प्रतिशत, तरकारी बालीको उत्पादकत्व ३० प्रतिशत दुध र मासुको उत्पादकत्व ३५ प्रतिशतले वृद्धि

हुने लक्ष्य रहेकोमा यस वर्षसम्ममा क्रमशः २३, १८८, २९ र १०० प्रतिशतले वृद्धि भएको उल्लेख छ। अन्नबाली र दुधको उत्पादकत्व लक्ष्यअनुसार वृद्धि हुन नसकेकोमा आयोजनाले विश्लेषण गरेको छैन। लक्षित प्रगति हासिल हुने गरी आयोजनाको व्यवस्थापन गर्नुपर्दछ।

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना

मध्य पहाडी लोकमार्ग, हुलाकी राजमार्ग, पूर्व पश्चिम राजमार्ग, भालुबाङ-रोल्पा राजमार्ग, महाकाली राजमार्गसमेत ५ मुख्य आर्थिक कोरिडोर आसपासका ३५ जिल्ला अन्तर्गतका १७१ स्थानीय तहमा ग्रामीण उद्यमशीलता विकास गर्ने उद्देश्यले विश्व बैङ्कको ऋण सहयोगमा सञ्चालित यस आयोजनाको अवधि २०७७।७८ देखि २०८१।८२ सम्म रहेको छ। काठमाडौंमा आयोजना व्यवस्थापन निर्देशनालय रहेको यो आयोजना कार्यान्वयनको लागि डडेलधुरा, बुटवल, बर्दिवास र धनकुटामा आर्थिक कोरिडोर कार्यालय रहेका छन्।

३३. **सम्भागगत खर्च -** विश्व बैङ्क (आई.डी.ए.) सँग २१ डिसेम्बर २०२० मा भएको सम्झौताअनुसार आयोजनाको प्रस्तावित कुल लगानी विश्व बैङ्क (आई.डी.ए.) को ऋण अमेरिकी डलर ८० मिलियन र लाभग्राहीको योगदान अमेरिकी डलर ४० मिलियन समेत १२० मिलियन हुने उल्लेख भएकोमा अक्टोबर २०२३ मा भएको छैटौं पुनरावलोकनबाट दातृ निकायको ऋण ३७.५ र लाभग्राहीको योगदान १३.५ समेत ५१ मिलियन अमेरिकी डलर कायम भएको देखिन्छ। आयोजना अवधिभर रु.४ अर्ब ८७ करोड ५० लाख खर्च गर्ने लक्ष्य लिएकोमा २०८०।८१ सम्म रु.१ अर्ब ६२ करोड ३५ लाख खर्च भएको देखिन्छ। जसअनुसार सम्भाग १ मा एक लाभग्राही समूहले मात्र भुक्तानी लिएकोले न्यून खर्च (०.१६ प्रतिशत) भएको एंव सम्भाग २, ३ र ४ मा लक्ष्यको तुलनामा क्रमशः ६५.९३ प्रतिशत, ४२.८६ प्रतिशत र ७५.३६ प्रतिशत खर्च भएको देखिन्छ। आयोजना अवधि ४ वर्ष (८० प्रतिशत) व्यतीत हुदाँ कुल लागतको ३३.३० प्रतिशत मात्र खर्च हुनुले आयोजनाको कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ। आयोजनाले लक्षित प्रगति प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३४. **उप-आयोजनाको समायवधि -** आयोजनाको निर्देशक समितिबाट २०८० मा स्वीकृत स्टार्ट अप अनुदान सञ्चालन म्यानुअलको परिच्छेद ३ को खण्ड ३५(घ) मा उप- आयोजनाको समयावधि विशेषतः लक्षित बालीको प्रकृतिअनुसार कम्तीमा १ वर्षको पूर्ण उत्पादन चक्रका लागि उपलब्ध हुने तथा थप एक वर्षका लागि प्राप्त प्रस्तावअनुसार प्राविधिक सहयोग प्राप्त गर्न सक्ने व्यवस्था छ। आयोजनाअन्तर्गतका ४ क्लष्टर डडेलधुरा, बुटवल, बर्दिबास र धनकुटाबाट पहिलो कलबापत क्रमशः १२, ९, १३१ र २३ तथा दोस्रो कलमा क्रमशः १८, १४, ४८ र ४३ समेत २९८ उप-आयोजनामा १०.३४ मिलियन अमेरिकी डलर आयोजनामा भुक्तानी गर्ने र कृषकको पुँजी १२.५० मिलियन अमेरिकी डलर परिचालन हुने गरी सम्झौता भएको छ। एक बाली चक्रको पूर्ण उत्पादनको लागि उपलब्ध गराएको अनुदानबाट सञ्चालित उप-आयोजना तत्पश्चात् (१ वर्षपछि) सञ्चालन नभएमा उपलब्ध गराएको अनुदानमा लाभग्राहीको दायित्वका विषयमा स्पष्ट व्यवस्था रहेको देखिएन। आयोजनाबाट उपलब्ध गराइने अनुदानको उपयोग अवधि र सदुपयोग सुनिश्चित स्पष्टता गरी आयोजना सञ्चालन गर्नुपर्दछ।

नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना

विश्व बैङ्कको ऋण सहयोगसहित अमेरिकी डलर ११५ मिलियन लागतमा पशु सेवालाई सुदृढ गर्दै नवीन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि, मूल्य श्रृङ्खला विकास, जलवायु अनुकूलन प्रविधिहरूको विकास र उपयोग गर्ने उद्देश्यले २०७४।७५ देखि २०८०।८१ सम्म आयोजना कार्यान्वयनमा रहेको छ। आयोजना मातहत ४ एकाइ रहेको र २८ जिल्लाका २८९ स्थानीय तहमा आयोजनाको कार्यक्षेत्र तोकिएको छ।

३५. **आयोजना सञ्चालन खर्च -** विश्व बैङ्क (आई.डी.ए.) सँग २१ जनवरी २०१८ मा ११५ मिलियन अमेरिकी डलर सहयोग प्राप्त हुने गरी सम्झौता भएकोमा भए तापनि २४ जून २०२४ सम्म तीन पटक आयोजना पुनःसंरचना भई सहयोग रकम ५९.१६ (५१.४४ प्रतिशत) मिलियन अमेरिकी डलर कायम भएको छ। सोअनुसार आयोजना लागत रु.१३ अर्ब ४४ करोड ६८ लाख हुन आउँछ। उक्त रकममध्ये आयोजना अवधिमा नेपाल सरकार, अन्तर्राष्ट्रिय विकास सङ्घ, वित्तीय संस्था तथा लाभग्राहीबाट समेत गरी जम्मा रु.७ अर्ब ४४ करोड ७९ लाख (५५.३८ प्रतिशत) खर्च भई ५३.६० प्रतिशत भारित प्रगति हासिल भएको विवरण पेस भएको छ। आयोजना अवधि यस वर्ष सम्पन्न भएकोमा प्रगति न्यून देखिएकोले वैदेशिक सहयोगको पूर्ण उपयोग भएको देखिएन। आयोजनाबाट सहकारी समूह र कार्यलाई प्रदान गरेको अनुदानको उपयोग र उपलब्धि सम्बन्धमा अध्ययन भएको छैन। अनुदानको उपयोगको सुनिश्चितता तर्फ ध्यान दिनुपर्दछ।

३६. **लक्ष्य-प्रगति स्थिति -** विश्व बैङ्क (आई.डी.ए.) को ऋण सहयोगमा पशु सेवा क्षेत्रको सुदृढीकरण एवं आधुनिकीकरणमार्फत पशुजन्य पदार्थहरू (दुध, खसी बोकाको मासु र पश्मिना) को उत्पादकत्व वृद्धि गर्ने एवं उत्पादनको मूल्य अभिवृद्धि गर्ने तथा जलवायु अनुकूलनअनुसारको पशुजन्य पदार्थहरूको मूल्य श्रृङ्खला प्रवर्धन गर्न आयोजना सञ्चालन भएको हो। यस आयोजनाले ४४६ समूह, सहकारी, निजी फर्म तथा कम्पनीलाई आयोजना अवधिभरमा रु.१ अर्ब ९२ करोड ३६ लाख ६९ हजार पूरक अनुदान वितरण गरेकोमा देखिएको लक्ष्य प्रगति अवस्था देहायबमोजिम रहेको छः

सूचक	एकाई	लक्ष्य	उपलब्धि	प्रगति प्रतिशत
प्रति गाई दुध उत्पादनमा वृद्धि	दुध/लि/वर्ष	१७१०.८	२२०३.६२	१२८.८१
प्रति भैसी दुध उत्पादनमा वृद्धि	दुध/लि/वर्ष	१०३६	१४००.८३	१३५.२२
खसी बोकाको मासुको मूल्यमा वृद्धि	मासु/के.जी./वर्ष	९.३६	१३.६	१४५.३
गाई तथा भैंसीको दुधको बिक्री मूल्यमा वृद्धि	दुध/रु.हजारमा/मुद्रास्फीतिका आधारमा	३९०.२६	५७३.४९	१४६.९५
खसी बोकाको मासुको बिक्री मूल्यमा वृद्धि	मासु/रु.हजारमा/मुद्रास्फीतिका आधारमा	५५.७७	१०२.६१	१८३.९८
जलवायु मैत्री कृषि (पशु) क्षेत्रमा स्मार्ट प्रविधिको प्रयोग गर्ने कृषक	सङ्ख्या हजारमा	७५	५३.५८	७१.४४
कृषि सम्पत्ति तथा सेवामा कृषक महिलाको पहुँच	सङ्ख्या हजारमा	२००	२३५.३२५	११७.६६

प्रस्तुत विवरणअनुसार जलवायु मैत्री कृषि (पशु) क्षेत्रमा स्मार्ट प्रविधिको प्रयोगमा न्यून प्रगति भएको छ भने अन्य क्रियाकलापमा निर्धारित लक्ष्यभन्दा अधिक प्रगति भएको देखिन्छ।

कृषि क्षेत्र विकास कार्यक्रम

कर्णाली प्रदेशका पहाडी तथा उच्चपहाडी क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको गरिबी तथा पोषण असुरक्षा न्यूनीकरण गरी नेपालको दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने उद्देश्यले अन्तर्राष्ट्रिय कृषि विकास कोषको ऋण तथा अनुदान सहायताबाट २०७५।७६ देखि कार्यक्रम सञ्चालन हुँदै आएको छ।

३७. **प्रगति स्थिति -** कार्यक्रमको कुल लागत अमेरिकी डलर ६ करोड ८२ लाखमध्ये कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आईएफएडी) को अमेरिकी डलर १८ लाख अनुदान, अमेरिकी डलर ३ करोड ८२ लाख सहुलियत ऋण, स्वीस विकास नियोग, हेल्भेटासको अमेरिकी डलर ३० लाख र नेपाल सरकारको समकक्षी कोष अमेरिकी डलर १ करोड १५ लाख, पालिकाको सहलगानी अमेरिकी डलर ३४ लाख ४० हजार, निजी क्षेत्रबाट गरिने सहलगानी अमेरिकी डलर ३४ लाख ६८ हजार र कृषकहरूको नगद र जिन्सी योगदान अमेरिकी डलर ६६ लाख रहने अनुमान गरिएको छ। कार्यक्रमबाट प्राप्त विवरणअनुसार यस वर्षसम्म अमेरिकी डलर १ करोड ९६ लाख २० हजार (३७.२६ प्रतिशत) खर्च भएको छ। यस कार्यक्रमको अवधि २०८१।८२ सम्म रहेकोमा वित्तीय प्रगति न्यून देखिँदा निर्धारित अवधिभित्र आयोजनाका सम्पूर्ण कार्यहरू सम्पन्न हुने अवस्था देखिँदैन। अतः तोकिएको उद्देश्य प्राप्त गर्न आयोजनाको कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

३८. **सहलगानी -** मूल्य श्रृङ्खला विकास कोष कार्यविधि, २०७७, बजारमुखी सार्वजनिक तथा सामुदायिक पूर्वाधार कोष कार्यविधि, २०७७, वित्तीय शिक्षा तथा व्यावसायिक साक्षरता कक्षा सञ्चालन कार्यविधि, २०७७, कृषि क्षेत्र विकास कार्यक्रम र नेपाल कृषि सहकारी केन्द्रीय महासङ्घ लिमिटेडबिच भएको समझदारी पत्र (एमओयु) २०७८, पालिका तहका कृषि प्रसार सेवा प्रवाह क्षमता अभिवृद्धिको लागि स्रोत मध्यस्थता गर्न बनेको कार्यविधि, २०७७, महिला कृषकहरूको कार्यबोझ घटाउने उपकरण तथा मेसिनरी सहयोग कार्यविधि, २०७८, लैङ्गिक कार्य सिकाई पद्धति सञ्चालन कार्यविधि, २०७८ बमोजिम विकासमा दिगो सहयोगका लागि यस कार्यक्रमबाट यस वर्षसम्म रु.४० करोड ४१ लाख ६२ हजार र समकक्षी योगदानबापत रु.२२ करोड ६१ लाख ७५ हजारसमेत रु.६३ करोड ३ लाख ३७ हजार अनुदान प्रवाह भएको छ। आयोजनाबाट प्रदान गरेको र लाभग्राहीबाट प्राप्त भएको रकमको लाभग्राहीगत एकीकृत विवरण तथा अनुदानको उपयोग, अनुगमन र प्रभावकारिताको अध्ययन एवं मूल्याङ्कन गरेको छैन। तसर्थ अनुदान रकमको उपयोग र उपलब्धिको सुनिश्चितता हुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता

आर्थिक सर्वेक्षण २०८०।८१ अनुसार कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २४ प्रतिशत रहेको छ। कृषक र कृषि व्यवसायमा प्राकृतिक प्रकोपलगायतका जोखिमबाट हुने हानि नोक्सानीबाट जोगाउन २०६९ देखि कृषि तथा पशु बिमा कार्यक्रमको सुरुवात भएको देखिन्छ। कृषि तथा पशुपन्छीतर्फ विभिन्न प्रकारका जोखिमका कारण उत्पन्न हुने क्षति तथा हानि विरुद्ध आर्थिक क्षतिपूर्ति प्रदान, कृषकलाई व्यावसायिक खेतीतर्फ आकर्षित, कृषि तथा पशुपन्छीको क्षेत्रमा लगानी प्रोत्साहन, कृषि तथा पशुपन्छी पालनको क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कृषि, पशुपन्छी तथा जडीबुटी बिमा निर्देशिका, २०७९ जारी

भएको छ। बिमा कार्यक्रमलाई प्रवर्धन गर्न नेपाल सरकारले २०७० देखि बिमाको प्रिमियममा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरेकोमा हाल ८० प्रतिशत पुऱ्याएको छ। प्रत्येक कम्पनीले ४ देखि ५ जिल्लामा सेवा पुऱ्याउने व्यवस्था गरी बिमा कार्यक्रम हाल ७७ वटै जिल्लामा सञ्चालनमा रहेको छ। यो वर्ष कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

नेपालमा २०६९ सालमा चार किसिमका बिमालेख जारी गरी कृषि तथा पशु बिमा सुरू भएकोमा २०८०।८१ सम्म ८१ किसिमका बिमालेख जारी गरिएको, भौगोलिक र आर्थिक आधारमा तोकिएका जिल्लामा कृषि, पशुपन्छी तथा जडीबुटी बिमा व्यवसाय कार्यक्रम कार्यान्वयन भएको, बिमकहरूले बिमाको प्रकार तथा त्यससम्बन्धी व्यवस्थाअनुरूप बिमा कार्यक्रम कार्यान्वयन गरिएको, बिमा प्राधिकरणले बिमालेखको नाम, बिमाको प्रकार, बिमाशुल्क निर्धारण विधि, बिमा गरिसक्नुपर्ने समय, बिमायोग्य उमेर, बिमाङ्क गणना तरिका, बिमा रक्षावरण अवधिको निर्धारण, बिमा प्रवर्धन गर्न प्राधिकरणद्वारा बिमासम्बन्धी सचेतना अभिवृद्धिका लागि प्रसारण, निबन्ध प्रतियोगिता, पोष्टर, प्रकाशन तथा प्रदेश र स्थानीय तहमा बिमा सम्बन्धी अन्तर्क्रिया गर्ने गरेको छ। नेपाल बिमा प्राधिकरणमार्फत बिमा कार्यक्रम व्यवस्थापनका लागि सूचना प्रविधिमा आधारित रियल टाइम सफ्टवेयर कार्यान्वयनमा रहेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

३९. **कार्यक्रमको प्रगति स्थिति -** कृषि तथा पशुपन्छी (मत्स्यसमेत) बिमातर्फ २०७०।७१ देखि २०८०।८१ सम्मको कुल बिमाङ्क रु.२ खर्ब ५३ अर्ब ७० करोड ७२ लाख रहेकोमा रु.११ अर्ब ९९ करोड ७३ लाख बिमा शुल्क र रु.९ अर्ब २१ करोड २० लाख बिमा प्रिमियम अनुदान रहेको छ। २०८१ आषाढ मसान्तसम्मको बिमा दाबी रु.९ अर्ब १६ करोड ७२ लाख रहेको छ। कृषि तथा पशुपन्छी बिमामा कृषकको सत प्रतिशत पहुँच कायम भएको अवस्थामा हालको बिमा प्रिमियमको अनुदान रकममा २५ गुणाले वृद्धि हुने देखिन्छ। कृषि तथा पशुपन्छी बिमा समानताको नीतिमा आधारित रहेकोले वैकल्पिक उपायसम्बन्धमा अध्ययन गरी समताको नीति लागु गर्नुपर्ने देखिन्छ। प्रति कृषक परिवार बिमाङ्क रकमको सीमाङ्कनका आधारमा साना कृषक तथा आर्थिक रूपमा विपन्न कृषकलाई प्राथमिकतामा राखी प्रिमियममा अनुदान प्रदान गर्ने नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

४०. **कृषक सहभागिता -** राष्ट्रिय कृषिगणना २०७८ अनुसार कृषक परिवार ४१ लाख ३१ हजारमध्ये १ लाख ८२ हजार ४४१ कृषक परिवार (४.४ प्रतिशत) मात्र ले कृषि तथा पशुपन्छी बिमा गरेको देखिन्छ। बिमासम्बन्धी जनचेतनाको अभाव, ग्रामीण तथा दुर्गम क्षेत्रमा बिमा सेवा सहज रूपमा उपलब्ध नहुनु, बिमा प्राधिकरणबाट बिमा सेवा विस्तार तथा बिमित कृषकहरूको हित संरक्षणमा प्रभावकारी अनुगमन नहुँदा बिमाको दायरा अपेक्षित रूपमा विस्तार हुन सकेको छैन। त्यसैगरी राष्ट्रिय कृषिगणना, २०७८ अनुसार बिमा गर्ने कृषक परिवारमध्ये ९२ प्रतिशतले पशुपन्छी बिमा र ८ प्रतिशतले कृषि बिमा गरेको देखिन्छ। कृषि क्षेत्रमा न्यून बिमा हुनुको प्रमुख कारणहरूमा बिमा योजनाको पर्याप्त प्रचारप्रसार नहुनु, कृषकहरूमा बिमा सम्बन्धी जागरूकताको अभाव, बिमा प्रक्रियाको जटिलता र कृषि उत्पादनमा आउने जोखिमको सही मूल्याङ्कन नहुनु, बिमा कम्पनीको कृषि बिमाप्रति कम प्राथमिकतालगायत रहेका छन्। बिमा कार्यक्रममा कृषकको दायरा बढाउन र बिमा सचेतना अभिवृद्धि

गर्न विशेष प्रचारप्रसार, तालिम तथा कार्यशाला सञ्चालन गर्नुपर्ने एवं बिमा प्राधिकरणले बिमा कम्पनीहरूलाई ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्न निर्देशन दिई प्रभावकारी अनुगमन प्रणाली लागु गर्नुपर्दछ।

४१. **अनुदान सिफारिस नभएका बिमालेख -** बाली तथा पशुधन बिमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ को बुँदा ५(ख) अनुसार कृषकले बिमा आवेदन दिएपछि बिमा कम्पनीले कृषकबाट २० प्रतिशत बिमा शुल्क लिई बिमालेख जारी गर्ने, बाँकी ८० प्रतिशत बिमा शुल्क नेपाल सरकारबाट अनुदानको रूपमा प्राप्त गर्नका लागि बिमित कृषकको विवरण प्रदेशको जिल्ला स्तरमा रहेको कृषि, मत्स्य तथा पशुपन्छी क्षेत्र हेर्ने कार्यालयको सिफारिससहित बिमा प्राधिकरणमा पेस गर्नुपर्ने, प्राधिकरणले विवरण जाँचपछि कृषि/पशु विभाग हुँदै बाली तथा पशुधन बिमा अनुदान व्यवस्थापन समितिमा पठाउने र समितिको सिफारिसमा मात्र अनुदान उपलब्ध गराउने व्यवस्था छ। सो अनुसार बाली तथा पशुधन बिमातर्फ अनुदान सुनिश्चित हुनु अघि नै बिमालेख जारी हुने अवस्था छ। बिमा प्रक्रिया निर्धारित मापदण्डअनुसार नभएको खण्डमा समितिले त्यस्ता बिमालेखको अनुदान सिफारिस नगरेकोमा सो जानकारी बिमित कृषकहरूलाई नहुँदा समस्या हुने गरेको छ। बिमालेख जारी भए तापनि विवरण जाँच पश्चात् अनुदान स्वीकृत नभएको अवस्थामा कृषकहरूले आर्थिक रूपमा क्षति बेहोर्नुपर्ने देखिएकोले अनुदान स्वीकृत नभएका बिमित कृषकहरूलाई शीघ्र सूचित गर्ने प्रणाली तयार गर्नुपर्दछ।

४२. **बिमा प्रिमियममा अनुदान -** संघीय सरकारको २०८०।८१ को बजेट वक्तव्यमा बिमा प्रिमियममा दिइने अनुदान प्रतिशत सम्बन्धमा उल्लेख छैन। बाली तथा पशुपन्छी बिमा प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०७० (संशोधनसहित) मा बिमा प्रिमियममा ७५ प्रतिशत अनुदान दिइने कानुनी व्यवस्था रहेकोमा विभागले संघीय सरकारको २०७९।८० को बजेट वक्तव्यमा ८० प्रतिशत अनुदान उपलब्ध गराउने उल्लेख भएको आधारमा २०८०।८१ मा समेत बिमा प्रिमियममा ८० प्रतिशतका दरले अनुदान रकम भुक्तानी गरेको देखिन्छ। बजेट वक्तव्यमा उल्लेख गरिएका विषय सोही आर्थिक वर्षमा मात्र लागु हुनेमा कृषि विभागले कृषि बिमातर्फ २०८०।८१ को साउनदेखि मंसिरसम्मको अनुदान रु.५ करोड ९ लाख १४ हजार र पशुसेवा विभागले पशुपन्छी बिमातर्फ रु.८३ करोड ३० लाख ७२ हजार समेत रु.८८ करोड ३९ लाख ८६ हजार अनुदान प्रिमियम भुक्तानी भएकोमा सरकारले दिने अनुदान प्रतिशत निर्धारण भएको देखिएन। निर्देशिकामा उल्लेख भएबमोजिम अनुदान रकम भुक्तानी हुनुपर्दछ।

४३. **अनुदान भुक्तानी बाँकी -** नेपाल बिमा प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार भुक्तानी हुन बाँकी रकममध्ये कृषि बिमातर्फ रु.५ करोड ८० लाख विचाराधीन र रु.१६ करोड ७ लाख रूजु हुन बाँकी र पशुपन्छी (मत्स्यसमेत) बिमातर्फ रु.१४ करोड ९८ लाख विचाराधीन र रु.११ करोड ८८ लाख रूजु हुन बाँकी रहेको देखिन्छ। बिमा प्रिमियमको रकम भुक्तानीमा ढिलाइ हुँदा बिमा कम्पनीहरूले नयाँ बिमालेख जारी नगर्ने, पहिले भएका बिमाहरूको दाबी भुक्तानीमा समेत ढिलाइ गर्ने, बिमित कृषक तथा पशुपालकले समयमै क्षतिपूर्ति नपाउने, बिमाप्रति विश्वास घट्नेजस्ता अवस्था सिर्जना हुने देखिन्छ। यस्ता समस्या समाधानका लागि बिमा अनुदान भुक्तानी प्रक्रियालाई प्राथमिकता दिने, अनुदान भुक्तानीको लागि निश्चित समयसीमा निर्धारण गर्ने र डिजिटल प्रणालीमार्फत् अनुदान माग, प्रमाणीकरण तथा भुक्तानीको कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

४४. **कृषि, पशुपन्छी तथा जडीबुटी बिमालेख -** कृषि, पशुपन्छी तथा जडीबुटी बिमा निर्देशिका, २०७९ को बुँदा ३(५) मा बिमा कम्पनीले वार्षिक रूपमा बिक्री गर्ने कुल बिमालेख संख्यामध्ये कम्तीमा ५ प्रतिशत बिमालेख कृषि, पशुपन्छी तथा जडीबुटी बिमालेख हुनुपर्ने व्यवस्था छ। बिमा प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार २०७९।८० र २०८०।८१ मा कृषि, पशुपन्छी तथा जडीबुटी बिमा गर्ने १४ बिमा कम्पनीहरूमध्ये अधिकांश बिमा कम्पनीले निर्देशिकाबमोजिम कुल बिमालेखको कम्तीमा ५ प्रतिशत कृषि, पशुपन्छी तथा जडीबुटी बिमालेख जारी गरेको देखिएन। अधिकांश कम्पनीको सहभागिता ०.९५ देखि ४ प्रतिशतसम्म रहेको छ। सरकारले कृषि तथा पशुपन्छी बिमामा प्रिमियमको अनुदानको रकम तिर्न बाँकी हुनु, कृषिमा बिमा बिक्री गर्ने अभिकर्ताको कमी हुनु बिमा कम्पनीहरूले ग्रामीण क्षेत्रको बिमालाई प्राथमिकतामा नराख्दा लगायतका समस्या रहेका छन्। कृषि बिमा प्रणालीलाई दिगो, प्रभावकारी र जवाफदेही बनाउन कानुनमा व्यवस्था भएबमोजिम कम्तीमा ५ प्रतिशत कृषि तथा पशुपन्छी बिमा गराउन प्रभावकारी अनुगमन तथा नियमन गर्नुपर्दछ।

४५. **बिमा दाबी भुक्तानी -** कृषि, पशुपन्छी तथा जडीबुटी बिमा निर्देशिका, २०७९ मा बिमा दाबी जानकारी प्राप्त गरेको दिनदेखि अधिकतम ५७ दिनभित्र बिमकले दाबी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १४ बिमा कम्पनीमा ३२ हजार ५६६ कृषि तथा पशुपन्छी बिमालेखबाट रु.१ अर्ब ७० करोड ७ लाख बिमा दाबी भुक्तानी माग भएकोमा अघिल्लो वर्षको बिमा दाबी भुक्तानीसमेत ३३ हजार १२८ बिमालेखको बिमा दाबीवापत रु.१अर्ब ५८ करोड ४३ लाख भुक्तानी गरी ४ हजार ८२७ बिमालेखको रु.३७ करोड ४१ लाख बिमा दाबी भुक्तानी बाँकी रहेको देखिन्छ। बिमितहरूले समयमै क्षतिपूर्ति नपाउँदा आर्थिक सङ्कट भोग्नुपरेको, बिमा प्रणालीप्रति विश्वास कम हुँदै गएको तथा बिमाको निरन्तरतामा कमी आएको देखिन्छ। बिमकहरूले समयसीमा पालना गर्ने, बिमा प्राधिकरणले प्रभावकारी नियमन र अनुगमन गर्ने, डिजिटल प्रणालीमार्फत प्रक्रिया सरलीकृत गर्ने एवं बिमा दाबी भुक्तानी प्रक्रियाबारे पारदर्शिता कायम गर्न आवश्यक देखिन्छ।

४६. **बिमा दाबी क्षतिपूर्ति मूल्याङ्कन -** कृषि, पशुपन्छी तथा जडीबुटी बिमा निर्देशिका, २०७९ को बुँदा ३७ मा बिमा क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिनभित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बिमकसमक्ष पेस गर्नुपर्ने उल्लेख छ। बिमा दाबी क्षतिपूर्ति मूल्याङ्कनमा ढिलाइ भएको सम्बन्धमा सोलुदुधकुण्ड नगरपालिकाबाट प्राप्त विवरणअनुसार २०७९।८० मा मकैबालीको बिमा दाबी गरिएकोमा क्षति मूल्याङ्कनकर्ताले मूल्याङ्कन गरी प्रतिवेदन पेस गर्न ९ देखि ११ महिना अवधि लगाएको देखिन्छ। उक्त नगरपालिकाले रु.१० करोड ४ लाखको बिमा भई बिमा प्रिमियमको २० प्रतिशत रु.१० लाख र नेपाल सरकारले रु.४० लाख समेत रु.५० लाख प्रिमियम रकम भुक्तानी गरेको देखिन्छ। स्थानीय तहका कृषि प्राविधिक, सर्जमिन मुचुल्का, बिमाका प्राविधिक सहितले रु.८० लाख ९१ हजारको क्षति भएको सिफारिस गरेकोमा क्षति मूल्याङ्कनकर्ताले तोकिएको समयभन्दा ढिला प्रतिवेदन पेस गरेको र सो प्रतिवेदनका आधारमा बिमा कम्पनीबाट रु.२ लाख ५५ हजार भुक्तानी भएको देखियो। यसरी सिफारिस गरिएको क्षतिको रकमभन्दा कम क्षति मूल्याङ्कन भएकोमा सोको कारण पेस भएन। क्षति मूल्याङ्कन प्रक्रियालाई छिटोछरितो र पारदर्शी बनाउँदै क्षतिपूर्ति भुक्तानी प्रक्रियालाई थप व्यवस्थित र सरलीकृत बनाउनुपर्दछ।

४७. **सफ्टवेयरसम्बन्धी व्यवस्था -** बाली तथा पशुधन बिमा कार्यक्रमलाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र वैज्ञानिक बनाउन वास्तविक समयमा आधारित सफ्टवेयर सञ्चालन गरिएकोमा सोर्सकोड र डाटाबेसमाथि

बिमा प्राधिकरणको स्पष्ट स्वामित्व नभएको, प्रणाली अद्यावधिक तथा मर्मतका लागि सेवाप्रदायकमा अत्यधिक निर्भरता, आन्तरिक प्राविधिक जनशक्तिको अभाव र सफ्टवेयर पाइलट परीक्षणमा सीमित रहेकोले प्रणालीको स्केलेबिलिटी, प्रयोगकर्ता स्वीकार्यता र व्यापकता परीक्षण कार्य पूरा भएको देखिएन। ग्रामीण क्षेत्रहरूमा इन्टरनेटको पहुँच र डिजिटल साक्षरताको कमीले गर्दा सफ्टवेयर प्रयोग गर्न किसानहरूलाई कठिनाइ हुने देखिन्छ। बिमा प्राधिकरणले उक्त रियल टाइम सफ्टवेयरको सोर्सकोड, डाटाबेसमाथि पूर्ण स्वामित्व र आवश्यकतानुसार परिमार्जन गर्न सकिने व्यवस्था लागु गर्दै अघिल्ला वर्षहरूमा जारी बिमालेख तथा बिमा दाबीको विवरणसमेत सफ्टवेयरमा अद्यावधिक गर्दै लैजानुपर्दछ साथै ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच र डिजिटल साक्षरता बढाउँदै पर्याप्त र दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन तथा नियमित तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गरी सफ्टवेयरमार्फत प्रभावकारी रूपमा बिमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४८. **अनुगमन -** बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समितिको बैठक नं. ४०।२०८१।११।१३ अनुसार नेपाल बिमा प्राधिकरणको २०८१।११।१२ को पत्रले कृषि बिमातर्फ मौसम सूचकाङ्क आधारित बिमा अन्तर्गत स्याउ खेती बिमा गर्दा बिमा कम्पनीबाट मौसम सूचकाङ्कमा बिमालेख जारी गर्दा प्रस्ताव फाराममा बढी बोट संख्या कायम गरी बिमा अनुदानको दुरूपयोग गरेको सम्बन्धमा उजुरी परेकोले उक्त बिमा कम्पनीलाई भुक्तानी बाँकी रहेको बिमा अनुदानको रकम रु.५ करोड ८० लाख विचाराधीन राखेको देखियो। साथै महालेखापरीक्षकको ६१औँ वार्षिक प्रतिवेदनअनुसार कृषि विभागमा बिमा कम्पनीहरूले २०७९/८० मा रु.४ अर्ब १८ करोड ४९ लाख बिमाङ्कअनुसारको बाली बिमा अनुदान माग गरेकोमा विभागले बिमा कम्पनीहरूबाट पेस भएका विवरण रुजु गरी रु.३ अर्ब ४७ करोड २७ लाख बिमाङ्क कायम गरी भुक्तानी गरेको छ। बिमा अनुदानमा बिमा कम्पनीहरूले बिमाङ्क रकम बढाई बढी अनुदान माग गर्नु, बिमा प्राधिकरणबाट पेस गरिएका विवरणहरूको प्रमाणीकरण प्रक्रियामा कमजोरी हुनु, पशुसेवा विभाग, कृषि विभाग र बिमा प्राधिकरणबिच प्रभावकारी समन्वयको कमी लगायतका समस्याहरू देखिएका छन्। बिमा कम्पनीहरूबाट यथार्थभन्दा बढी रकम दाबी गर्न नदिन स्वचालित डाटा क्रस-भेरिफिकेसन प्रणालीको विकास गर्ने, झुटो बिमा विवरण पेस गर्ने बिमा कम्पनीहरूलाई कानुनी कारबाही गर्ने, बाली तथा पशुधन बिमा कोष व्यवस्थापन समिति, कृषि तथा पशुसेवा विभाग, बिमा प्राधिकरण र स्थानीय तहबिच समन्वयात्मक कार्ययोजना तयार गरी लागु गर्नुपर्दछ।

४९. **निष्कर्ष तथा सुझाव -** सरकारले कृषि तथा पशुपन्छी बिमा प्रिमियममा अनुदान प्रदान गर्ने व्यवस्थाले कृषकहरूमा बिमा सम्बन्धी सचेतना बढाउन महत्वपूर्ण योगदान दिएको छ। यद्यपि वर्तमान अवस्थामा अनुदानको व्यवस्था भए तापनि साना र सीमान्तकृत कृषकहरूको बिमामा सीमित पहुँच रहेको छ। अनुदान सम्बन्धी जानकारीको अभाव, बिमा दावी प्रक्रिया झन्झटिलो र ढिलाइ, बिमा कम्पनीहरूले कृषि तथा पशुबिमा अनुदानवापतको रकम समयमा प्राप्त नगर्नु र दुर्गम क्षेत्रमा बिमा सेवाको पहुँच सीमित हुने जस्ता प्रमुख समस्याहरू रहेका छन्।

कृषि तथा पशु बिमाको पहुँच आर्थिक रूपले विपन्न वर्गका कृषकसम्म पुऱ्याउने, स्थानीय तहको समन्वयमा ग्रामीण तथा दुर्गम क्षेत्रमा बिमा जनचेतना अभियान सञ्चालन गर्ने, हालको बिमाङ्क रकमका आधारमा अनुदान दिने प्रावधानलाई पुनरावलोकन गरी साना किसानलाई लक्षित गरी बिमा अनुदान वर्गीकरण सघन बनाउनुपर्ने, बिमाङ्क रकम र प्रिमियमलाई बजार दर, लागत तथा उत्पादन दरमा आधारित भई निर्धारण गर्ने, अनलाइन बिमालेख प्रणालीलाई सरल, सहज र पहुँचयोग्य बनाउने,

बिमा कम्पनीहरूलाई बिमा प्रिमियममा अनुदानबापत दिनुपर्ने रकम समयमै भुक्तानी गर्ने, बिमा दाबी भुक्तानी प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाउने, अनुदान दुरूपयोग रोक्न कडा अनुगमन र कारबाही प्रणाली लागु गर्ने, प्रदेश तथा स्थानीय तहलाई बिमा कार्यक्रम कार्यान्वयन तथा अनुगमनको जिम्मेवारी **दिने**लगायतका सुझावहरूको कार्यान्वयन गरी बिमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको प्रभावकारिता

पशुजन्य मूल्य श्रृङ्खलामा उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनको मूल्य अभिवृद्धि गर्ने, पशु सेवा क्षेत्रको क्षमता अभिवृद्धि, आधुनिकीकरण र सुदृढीकरण गर्ने, पशुपालन क्षेत्रमा थप लगानी आकर्षित गर्ने उद्देश्यले आयोजना सञ्चालन भएको हो। विश्व बैङ्कको अमेरिकी डलर ८० मिलियन सहुलियतपूर्ण ऋणसहित नेपाल सरकार, लाभग्राही र बैङ्क तथा वित्तीय संस्थाको ऋण लगानीसमेत अमेरिकी डलर ११५ मिलियनको प्रस्तावित कुल लगानी रहने गरी २०७४।१०।७ मा आयोजना सम्झौता भई २०७४।११।१६ देखि आयोजना कार्यान्वयनमा आएको छ। आयोजनाको म्याद २०८१।३।१६ सम्म रहेकोमा ५ प्रदेशअन्तर्गत २८ जिल्लाका २८९ गाउँपालिका र नगरपालिकामा सञ्चालन भएको छ। यो वर्ष लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको प्रभावकारिता सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

दातृ निकाय र सम्बद्ध निकायमा पेस भएको आयोजना सम्पन्न प्रतिवेदन अनुसार ५ हजार पशु प्राविधिक र ९ हजार ३९२ कृषकलाई तालिम प्रदान गरेको, राष्ट्रिय पशु प्रजनन केन्द्र, पोखराबाट प्रतिवर्ष ७५ हजार डोज सिमेन उत्पादन भई देशैभर वितरण भइरहेको, पशु प्रजनन केन्द्र लहानमा सिमेन प्रोसेसिङ ल्याब स्थापना भएको, केन्द्रीय पशु प्रयोगशालाको क्षमता अभिवृद्धिमा सहयोग गरेको, बी.एस.एल. २ प्लस ल्याब निर्माण गरेको, पशुलाई मुख तथा खुट्टामा लाग्ने रोग विरूद्धको भ्याक्सिन र पी.पी.आर. भ्याक्सिन लगाइएको र लम्पी स्किन विरूद्धको ११ लाख डोज खोप लगाई महामारी नियन्त्रण गरेको, पूरक अनुदान रु.१ अर्ब ९२ करोड ३६ लाख ६८ हजार निकासा गरेको, ५० लाख डोज भ्याक्सिन स्टोर गर्न मिल्ने ७ ठुला र २५ लाख डोज भ्याक्सिन स्टोर गर्न मिल्ने १४ वटा साना कोल्डचेन निर्माण भएको लगायत आयोजनाका सकारात्मक पक्ष रहेका छन्।

लेखापरीक्षणबाट देखिएका बेहोराः

५०. **बजेट तथा खर्च -** आयोजनाका ४ क्षेत्र तथा आयोजना पूर्व तयारीमा भएको २०८०।३।१५ को संशोधन पश्चात आयोजनाको सुरू बजेट अमेरिकी डलर ११५ मिलियनलाई ५९.१६ मिलियन कायम भएकोमा सोमध्ये ५८.७३ मिलियन खर्च भएको छ। उल्लिखित क्षेत्रहरूमध्ये निश्चित पशुजन्य उत्पादनहरूमा साना कृषक समावेशी मूल्य श्रृङ्खला प्रवर्धनअन्तर्गत किसान तथा पशुपालक व्यवसायीलाई दिने पूरक अनुदानमा अमेरिकी डलर ३२.१ मिलियन विनियोजन भएकोमा ३२ मिलियन खर्च भएको छ। आयोजनाको सुरु सम्झौता रकम अमेरिकी डलर ११५ मिलियनको तुलनामा ५१ प्रतिशत बजेट कायम भए पनि कायम बजेटसमेत शत प्रतिशत खर्च भएको देखिएन। यसबाट आयोजना सम्झौता चरणको उद्देश्यअनुरूप खर्च नभएकोले अपेक्षित उपलब्धि हासिल हुन सकेको देखिएन। लक्ष्यअनुसार उपलब्धि हासिल गर्नुपर्दछ।

५१. **प्रगति विवरण -** विश्व बैङ्क र नेपाल सरकारबिच भएको आयोजना सम्झौताको अनुसूची १ मा आयोजना नतिजाको रूपरेखा रहेको छ। आयोजना सम्पन्न प्रतिवेदनमा उल्लेख गरेको प्रगति र सो सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

५१.१ आयोजनाले २०७६।७७ मा आधार रेखा सर्वेक्षण एवं २०७७।७८ र २०७८।७९ मा दुई पटक घरधुरी सर्वेक्षण गरेको देखियो। शुरू सम्झौताअनुसार २०७९।८० मा आयोजना सम्पन्न हुने भएकोले सो वर्ष गरेको अन्तिम सर्वेक्षणमा २०७६।७७ को आधार रेखा सर्वेक्षणको तुलनामा प्रतिवर्ष प्रति गाईको दुध उत्पादन १ हजार २३२ लिटरबाट २ हजार २०४ लिटर अर्थात् ८० प्रतिशत वृद्धि भएको छ। यसबाट गाईको दुध उत्पादन ४० प्रतिशत वृद्धि गर्ने लक्ष्यको दोब्बर उपलब्धि भएको देखिए पनि आयोजनाको १ वर्ष अवधि थप पश्चात् २०८०।८१ मा प्रतिगाई प्रतिवर्ष १ हजार ६९६ लिटर दुध उत्पादन भएकोमा २०७६।७७ को तुलनामा ३८ प्रतिशत बढी देखिन्छ तथापि २०७९।८० मा भन्दा २३ प्रतिशत न्यून छ। एक आर्थिक वर्षमै दुध उत्पादन अत्याधिक घटेको सम्बन्धमा स्पष्ट आधार पेस भएको छैन। भैंसीको दुध उत्पादन २०७६।७७ मा प्रतिभैंसी प्रतिवर्ष ७४० लिटर रहेकोमा २०७९।८० को अन्तिम सर्वेक्षण अनुसार १ हजार ४०१ लिटर अर्थात् ८९ प्रतिशत वृद्धि भएको उल्लेख छ। शुरु सर्वेक्षणबाट भैंसीको दुध उत्पादनमा समेत वार्षिक ४० प्रतिशत लक्ष्यको दोब्बरभन्दा बढी उपलब्धि प्राप्त भएको उल्लेख गरे पनि २०८०।८१ मा दुध उत्पादन कमी भई प्रतिभैंसीबाट प्रतिवर्ष ८०० लिटर दुध उत्पादन भएकोले २०७६।७७ को तुलनामा ८.११ प्रतिशत बढी भए तापनि २०७९।८० भन्दा ४३ प्रतिशत कम रहेको पाइयो। यसबाट आयोजनाको दीगोपना हासिल हुन सकेको देखिँदैन।

५१.२ आयोजना सम्झौतामा उल्लिखित आधार रेखा सूचकमा मूल्य उल्लेख नगरेको र २०७६।७७ को आधार रेखा सर्वेक्षण अनुसार औसतमा गाई तथा भैंसीको दुध बिक्रीको मूल्यअभिवृद्धि प्रति परिवार वार्षिक रु.३ लाख २ हजार रहेको र सोमा क्रमशः वृद्धि भई आयोजनाको समाप्तिसम्म प्रतिवर्ष ३० प्रतिशतले वृद्धि हुने उल्लेख छ। प्रति घरधुरीको गाई तथा भैंसीको दुधको बिक्रीमूल्य २०७६।७७ को आधाररेखा सर्वेक्षण अनुसार रु.३ लाख २ हजार रहेकोमा २०७९।८० को अन्तिम सर्वेक्षण अनुसार रु.५ लाख ७३ हजार अर्थात् ८९.९० प्रतिशत वृद्धि भएको उल्लेख छ। तर २०८०।८१ मा उक्त प्रगतिमा कमी आई प्रतिवर्ष बिक्री मूल्य रु.३ लाख ६३ हजार भएको उल्लेख छ, जुन २०७६।७७ को तुलनामा २०.१३ प्रतिशत बढी भए तापनि २०७९।८० भन्दा ३६.६४ प्रतिशत कम हो। दुधको बिक्रीमूल्यमा २०७६।७७ को तुलनामा २०७७।७८ मा ०.४३ प्रतिशतले कमी देखिएको, २०७८।७९ मा १२.४५ प्रतिशत वृद्धि देखिएको र २०७९।८० मा ८९.९० प्रतिशत वृद्धि भई पुनः २०८०।८१ मा २०.१३ प्रतिशत वृद्धि कायम भएको छ। आयोजना सम्पन्न भएको वर्ष उत्पादनमा कमी आई मूल्यअभिवृद्धिसमेत न्यून भएको देखियो।

५१.३ आयोजनाले २०७६।७७ मा गरेको आधाररेखा सर्वेक्षणमा प्रति खसी बोकाको तयारी मासुको परिमाणमा वार्षिक ४० प्रतिशतले वृद्धि हुने उल्लेख गरेकोमा आयोजनाको मध्यावधि समीक्षाबाट उक्त लक्ष्यमा संशोधन गरी २० प्रतिशत कायम गरेको छ। अन्तिम सर्वेक्षण २०७९।८० अनुसार आधार रेखा सर्वेक्षणको तुलनामा प्रतिवर्ष प्रति खसी बोकाको तयारी मासुको परिमाण ७.८ के.जी.बाट १३.६ के.जी. अर्थात् ७४.३ प्रतिशत वृद्धि भएको उल्लेख छ। आयोजनाको अवधि १ वर्ष थप भई २०८०।८१ कायम भएको र सो अवधिको प्रगति प्रति खसी बोकाको तयारी मासुको परिमाणमा प्रतिवर्ष १६.४३

के.जी. वृद्धि भएको उल्लेख छ, जुन २०७६।७७ को तुलनामा ११०.६० प्रतिशत बढी र २०७९।८० को तुलनामा २०.८१ प्रतिशत बढी हो। आधार रेखा २०७६।७७ को सर्वेक्षणमा प्रतिवर्ष ७.८ के.जीको तुलनामा २०७७।७८ को घरधुरी सर्वेक्षणमा ५० प्रतिशत र २०७८।७९ को घरधुरी सर्वेक्षणमा ३० प्रतिशत कमी आएकोमा २०७९।८० मा २०७८।७९ को तुलनामा १४६ प्रतिशत वृद्धि भएको छ। उत्पादन वृद्धिको विश्वसनीय आधार देखिएन।

५१.४ आयोजनाको २०७६।७७ को आधार रेखा सर्वेक्षण अनुसार औसतमा खसी बोकाको तयारी मासुको बिक्रीको मूल्य अभिवृद्धि प्रति परिवार वार्षिक रु.४३ हजार रहेको र सोमा क्रमशः वृद्धि भई आयोजनाको समाप्तिसम्म प्रतिवर्ष ३० प्रतिशतले वृद्धि हुने उल्लेख भएकोमा २०७९।८० को सर्वेक्षणअनुसार १३९.१८ प्रतिशतले वृद्धि भई रु.१ लाख ३ हजार भएको उल्लेख छ। त्यसै गरी २०८०।८१ मा उक्त रकम वृद्धि भई रु.१ लाख ४० हजार भएको उल्लेख छ, जुन २०७६।७७ को तुलनामा २२६.६७ प्रतिशत र २०७९।८० भन्दा ३५.९२ प्रतिशत बढी हो। मासुको बिक्री मूल्यतर्फ २०७६।७७ को तुलनामा २०७७।७८ मा १.८६ प्रतिशत, २०७८।७९ मा २०.०४ प्रतिशत, २०७९।८० मा १३९.१८ प्रतिशत र २०८०।८१ मा २२६.६७ प्रतिशतले वृद्धि देखिएकोले प्रस्तुत तथ्याङ्क विश्वसनीय रहेको देखिँदैन।

५१.५ आयोजना नतिजाहरूको रूपरेखामा प्रति वर्ष प्रति च्याङ्ग्रा १५० देखि १७० ग्राम ऊन उत्पादन हुने र आयोजना अवधिको समाप्तिसम्म उक्त ऊन उत्पादनमा प्रति च्याङ्ग्रा ८० प्रतिशतले वृद्धि हुने उल्लेख छ। घरधुरी सर्वेक्षण २०७७।७८ अनुसार प्रति च्याङ्ग्रा प्रति वर्ष १३५ ग्राम ऊन उत्पादन भएको उल्लेख छ। आयोजनाको २०७७।७८ मा गरेको मध्यावधि मूल्याङ्कनमा आधार रेखा सर्वेक्षणको क्रममा लिइएको नमूनामध्ये कसैले पश्मिना उत्पादन नगरेको उल्लेख छ। आयोजनाले तयार गरेको प्रतिवेदन अनुसार मनाङ र मुस्ताङ जिल्लाका १३ फर्मलाई च्याङ्ग्रा मूल्य श्रृङ्खला अन्तर्गत रु.७ करोड ५३ लाख ८५ हजार पूरक अनुदान वितरण गरेको छ। आयोजनाको अन्तिम सर्भे प्रतिवेदन साथै आयोजनाले तयार गरेको आयोजना सम्पन्न प्रतिवेदनमा समेत च्याङ्ग्रा ऊन उत्पादनमा भएको प्रगति सम्बन्धी विवरण उल्लेख भएको देखिएन। आयोजनाको ३ मूल्य श्रृङ्खलामध्ये महत्वपूर्ण मानिएको च्याङ्ग्रा ऊन उत्पादन मूल्य श्रृङ्खलामा भएको प्रगति विवरण कुनै पनि प्रतिवेदनमा उल्लेख नगरेकोले उक्त लगानीबाट भएको प्रतिफल यकिन गर्न सकिएन।

लेखापरीक्षणको क्रममा काठमाडौं, काभ्रेपलाञ्चोक, कास्की, रूपन्देही, उदयपुर, सप्तरी, सिरहा र धनुषा जिल्लास्थित ४५ उप-आयोजनाको स्थलगत अनुगमन गरिएकोमा सोबाट गोठमा पशुवस्तुको संख्या न्यून देखिएको, खसी बोका उत्पादन गरी बिक्री गर्न नसकेको, बैङ्कको ऋण तिर्न आफ्नो जग्गा बिक्री गर्नु परेको, केही फार्महरू बन्द भइसकेका, केही स्थानका संरचना स्थानीय व्यापारीलाई बिक्री गरिसकेको, केही संरचनामा १/२ गाई मात्र रहेको र केही स्थानमा संरचना रहे पनि खरिद गरेका गाई आयोजना अवधिभित्रै मरिसकेको, फार्महरूमा हुनुपर्ने संख्याभन्दा कम भैंसी रहेको, कतिपयले भैंसी नै खरिद नगरी अनुगमनकर्तालाई देखाउन अन्य व्यक्तिको भैंसी फार्ममा बाँधेको, निर्माण भएको गोठ प्रयोग विहीन अवस्थामा रहेको, सञ्चालन सम्बन्धी प्राविधिक ज्ञान र जनशक्ति नभएकोले बन्द गरेको, व्यवसायमा नोक्सान भएकोले केही समय सञ्चालन गरी बन्द गरेको र समूह सदस्यहरूले समूह छोडेकोले व्यवसाय बन्द रहेको अवस्था देखियो।

५२. **लाभग्राही अनुदान -** विश्व बैङ्क र नेपाल सरकारबिच भएको सम्झौतामा यस आयोजनामार्फत खसी बोकाको मासु, दुध तथा दुग्ध पदार्थ र च्याङ्ग्रा पश्मिनाको मूल्य श्रृङ्खला विकासमा २० प्रतिशत कृषकको तर्फबाट लगानी, ३० प्रतिशत वित्तीय संस्थामार्फत ऋण लगानी र बाँकी ५० प्रतिशत (अधिकतम रु. एक करोडसम्म) आयोजनाको तर्फबाट अनुदान दिने उल्लेख छ। आयोजनाले तयार गरेको आयोजना सम्पन्न प्रतिवेदन अनुसार कृषकको तर्फबाट १७.८१ प्रतिशत लगानी भएको, वित्तीय संस्थामार्फत ऋण लगानी ३७.८३ प्रतिशत भएको तथा आयोजनाको तर्फबाट ४४.३६ प्रतिशत लगानी भएको देखिन्छ। कृषकको स्वलगानी २.१९ प्रतिशत तथा आयोजनाको अनुदान ५.६४ प्रतिशत घटी भई वित्तीय संस्थाको ऋण लगानी ७.८३ प्रतिशत बढी भएको छ। आयोजनाको कुल लगानी रु.४ अर्ब ३३ करोड ५९ लाख ८५ हजारको ७.८३ प्रतिशतले हुने रु.३३ करोड ९५ लाख ७ हजार बढी ऋण लिनुपरेको र सोको ब्याज समेत भुक्तानी गर्नुपर्ने भएकोले कृषकको ऋण भार बढेको देखिएको छ।

५३. **पशुधन खरिद** - नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, उप-आयोजना सञ्चालन मार्गदर्शन, २०७८ को बुँदा नं. १८ मा लाभग्राहीले पशुवस्तु खरिद सम्बन्धी सोधभर्नाका लागि आयोजनामा माग गर्दा खरिद गरिएको पशुको विवरण सहित सोको बिल भरपाई, तोकिएको मापदण्ड (स्पेसिफिकेशन) पुगेको कागजात, बाख्रा, गाई र भैँसीमा तोकिएको खोप लगाएको र खरिद गर्दाको बखत स्वस्थ्य रहेको प्राविधिकबाट प्रमाणित गरेको कागजात अनिवार्य पेस गर्नुपर्ने साथै खरिद गरिएको १ महिना भित्र अनिवार्य रूपमा बिमा गराउनुपर्ने उल्लेख छ। आयोजना अन्तर्गतका ४ विकेन्द्रिकृत आयोजना सहयोग एकाइको प्रगति विवरण अनुसार २४ हजार ६७२ उन्नत जातको बाख्रा (शुद्ध बोयर, खरी बोयर क्रस, जमुनापारीलगायत), १ हजार ७९ उन्नत जातको बोका (शुद्ध बोयर र ७५ देखि ८७ प्रतिशत बोयर क्रस), ३ हजार ५९९ उन्नत जातको गाई (होलस्टेन र जर्सी), २ साँढे, २ हजार ६९२ उन्नत जातको भैँसी (मुर्रा र वर्णशंकर) र २९ मुर्रा राँगा खरिद भएको देखियो। तोकिएको मापदण्ड बमोजिमका उन्नत जातका पशुवस्तु उपलब्ध हुने स्थान तथा कृषि फर्महरूको अध्ययन गरेको देखिएन। नेपाल सरकार वा अन्य तहको सरकारद्वारा मान्यता प्राप्त तोकिएको पशुवस्तु उपलब्ध हुने कृषि फर्मको यकिन नहुँदा कृषकहरूले आफ्नो सुविधा अनुकूल स्थानीय बजार, फर्म तथा असङ्गठित बिक्रेतामार्फत सीमापारबाट पशुवस्तु खरिद गरेको समेत अनुगमनको क्रममा जानकारी प्राप्त भएको छ। स्थानीय बजार तथा सीमापारबाट फरक नाका प्रयोग गरी ल्याइएको पशुवस्तु तोकिएको खोप लगाए नलगाएको यकिन नभएको र पशुवस्तु खरिद गरेको छोटो समयमै मर्ने गरेको जानकारी सम्बन्धित कृषक मार्फत प्राप्त भएको छ।

५४. **संरचना निर्माण -** नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, उप-आयोजना सञ्चालन मार्गदर्शन, २०७८ को बुँदा नं. २३ मा आयोजनाबाट उपलब्ध हुने पूरक अनुदानको रकमबाट भाडामा लिएको जग्गामा पक्की भौतिक संरचनाहरू निर्माण गर्न नपाइने उल्लेख छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन विधि, २०७७ को बुँदा नं. १.३ मा अनुदान प्रस्ताव गर्न योग्य संस्थाको रूपमा कृषक समूह, सहकारी संस्था, उत्पादक संघ र निजी फर्म र कम्पनी हुने उल्लेख छ। आयोजना सम्पन्न प्रतिवेदन अनुसार आयोजनाले ४४६ उप-आयोजनामा कुल रु.४ अर्ब ३३ करोड ५९ लाख ८५ हजार लगानी गरेको मध्ये ६३.९४ प्रतिशत लगानी कृषक समूह तथा सहकारीको र बाँकी ३६.०६ प्रतिशत मात्र निजी फर्म तथा कम्पनीहरूको

रहेको छ। कृषक समूहको नाममा जग्गा नहुने, सहकारीहरूको समेत गाई, भैंसी तथा बाखा गोठ निर्माण गर्न मिल्ने जग्गा नहुने, सहकारी सदस्यहरू मिलेर भाडामा जग्गा लिई कृषि व्यवसाय गर्ने तर अनुदानको रकमबाट भाडाको जग्गामा संरचना निर्माणमा प्रयोग गर्न नमिल्ने हुँदा कृषक समूहहरूले बैङ्कबाट लिएको ऋण रकमले संरचना निर्माण गरेको, संरचना निर्माणमा करिब १ वर्ष समय लागेको र उक्त अवधिमा बैङ्कको ब्याज तथा साँवा भुक्तानी गर्नुपरेकोले कृषकको लागत बढ्न गएको देखियो। यसबाट निर्देशिकाको प्रावधान पालना नहुने गरी निर्माण भएको संरचनाको आधारमा समेत लगानी गरेको देखिएको छ।

५५. **शीर्षकगत खर्च -** आयोजनाको कुल खर्च रु.७ अर्ब ४४ करोड ८० लाखमध्ये सबैभन्दा बढी पूरक अनुदानमा रु.३ अर्ब ८५ करोड ५० लाख ३० हजार खर्च भएको छ। आयोजनाले विभिन्न मेसिन/औजार खरिद तथा निर्माण कार्यमा रु.२ अर्ब २६ करोड ६१ लाख ८० हजार, आयोजनाको सञ्चालनमा रु.५८ करोड ६१ लाख १० हजार र तालिम, गोष्ठी, परामर्श तथा अन्य सेवा खरिदमा रु.७४ करोड ६ लाख ८० हजार खर्च गरेको छ। पूरक अनुदान दिइएका उप-आयोजना सञ्चालन भई सोबाट कृषकहरूले लाभ लिएको, उत्पादित वस्तुको मूल्यअभिवृद्धि भई किसानको आर्थिक अवस्थामा सुधार भएको साथै आयोजनाले यू.एस.जी. मेसिन, फ्रिज लगायतका मेसिन/उपकरण खरिद गरी वितरण गरेकोमा सोको प्रयोग सम्बन्धमा अनुगमन मूल्याङ्कन गरेको देखिएन।

आयोजनाले रत्ननगर, गुलरिया, सियारी, रंगेली र दमकमा रु.१९ करोड ३ लाख ८० हजारमा ५ पशुहाट निर्माण गरी सम्बन्धित पालिकालाई सञ्चालनको लागि हस्तान्तरण भएकोमा सञ्चालन भई प्राप्त उपलब्धिको मूल्याङ्कन गरेको देखिएन। पशुहाटबाट स्थानीय कृषक तथा कृषक समूह लाभान्वित भएको सम्बन्धमा समीक्षा गरी लगानी सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

५६. **उप-आयोजनाको छनौट -** विश्व बैङ्क र नेपाल सरकारबिच भएको सम्झौताका साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको उप-आयोजनाको पूर्ण प्रस्ताव तयारी, प्रस्तावना तथा मूल्याङ्कन विधि, २०७७ को बुँदा नं.१.२ मा आयोजनाले उत्पादनकर्ता र खरिदकर्ताबिचको उत्पादनमूलक गठबन्धनका माध्यमबाट तयार पारिएका उप-आयोजना प्रस्तावहरूलाई आयोजनाको निर्धारित मापदण्ड अनुसार मूल्याङ्कन गरी करिब ५०० उत्कृष्ट उप- आयोजनाहरूलाई प्रतिस्पर्धाका आधारमा लगानीको ५० प्रतिशत वा अधिकतम रु.१ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने उल्लेख छ। उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावना तथा मूल्याङ्कन विधि, २०७७ को परिच्छेद २ मा आवेदकलाई प्रस्ताव तयार पार्न तालिम दिने, बैङ्क तथा वित्तीय संस्थाबाट ऋण सहयोग प्राप्त गर्ने कार्यमा सहजीकरण गर्ने र कार्यान्वयनमा सहयोग गर्न आयोजनाले एक सेवा प्रदायक संस्थाबाट रु.२ करोड ७६ लाख ४० हजारको सेवा खरिद गरेको उल्लेख छ। आयोजना सम्पन्न प्रतिवेदन अनुसार कुल ३ हजार २२० उप-आयोजनाको अवधारणा प्रस्ताव प्राप्त भएकोमध्ये स्थलगत प्रमाणीकरण मूल्याङ्कनबाट १ हजार ४९६ (४६.४६ प्रतिशत) अवधारणापत्र पूर्ण प्रस्तावको लागि छनोट भएकोमा ६२९ (४२.०५ प्रतिशत) सम्झौता भई ४४६ मात्र सम्पन्न भएको देखियो। अवधारणापत्र दर्ताको तुलनामा २९.८१ प्रतिशत मात्र सम्पन्न भएको देखिनुले उप-आयोजनाको छनोटका विभिन्न चरणमा गर्नुपर्ने कार्य प्रभावकारी रूपमा भएको देखिँदैन। छनोट भएका उप-आयोजनाको तुलनामा न्यून प्रतिशत सम्पन्न हुँदा समेत कार्यसम्पादन सूचकमा आधारित नगरी शत प्रतिशत रकम परामर्श सेवा प्रदायकलाई भुक्तानी दिएको कार्य उचित देखिएन।

५७. **अनुगमन तथा मूल्याङ्कन -** नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको आयोजना निर्देशक समितिबाट २०७८।७।२६ मा स्वीकृत उप- आयोजना सञ्चालन मार्गदर्शन, २०७८ को परिच्छेद ८ मा उप-आयोजनाको अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था छ। यस सम्बन्धी बेहोरा निम्नानुसार छन्:

५७.१ उप-आयोजनाका क्रियाकलापको कार्यान्वयन पक्ष उल्लेख भए पनि विशेषगरी मूल्य श्रङ्खला अन्तर्गत पूरक अनुदान पाउन छनोट भएका कृषकहरूले गर्नुपर्ने लगानी (स्वलगानी र ऋण) को स्रोत, सोको लागत र लगानीबाट हुने आयआर्जन पक्षको मूल्याङ्कन गर्ने क्रियाकलाप उल्लेख भएको देखिएन। संरचना निर्माणको भौतिक प्रगति र बिल भरपाईका साथै पशुधन खरिद गरेको बिल भरपाईको आधारमा भुक्तानी दिने प्रयोजनको लागि अनुगमन गरे पनि खरिद गरेको पशुधनबाट तोकिएको उत्पादन भई वित्तीय संस्थाको ऋणको साँवा ब्याज भुक्तानी, स्वलगानीको प्रतिफल र व्यवसायको सञ्चालन खर्च धान्न सकिने विषयको मूल्याङ्कन नगरी पूरक अनुदान लगानी गरेको देखियो।

५७.२ पूरक अनुदानको लागि कृषकले पेस गरेको प्रस्तावमा उल्लिखित कृषि उत्पादन खरिदकर्ताको खरिद क्षमता र निरन्तरताको मूल्याङ्कन गरेको देखिएन। आयोजनाले १ केन्द्रीय, ५ प्रादेशिक र २८ जिल्ला स्तरीय सरोकारवाला संवाद प्लेटफर्म, सोही बमोजिम गुनासो व्यवस्थापन संयन्त्रका साथै तीनै तहका सरकारको समन्वयमा कार्यक्रम सञ्चालन गरेको उल्लेख गरे तापनि आयोजनाले सिफारिस गरेको पशुधनको विशिष्टता अनुसार उपचारको लागि समयमा दक्ष चिकित्सक उपलब्ध हुने संयन्त्रको विकास प्रभावकारी रूपमा गरेको देखिएन।

५७.३ आयोजना अवधिमा विश्व बैङ्कका पदाधिकारीबाट १० पटक आयोजना कार्यान्वयन समीक्षा बैठक भएकोमा उक्त बैङ्कका प्रतिनिधिले विराटनगर कार्यालय अन्तर्गतको रंगेली पशु हाटबजार र बुटवल कार्यालय अन्तर्गतको सियारी पशु हाटबजारको १ पटक मात्र स्थलगत अनुगमन गरेको र अन्य सबै बैठक मन्त्रालयमा आयोजना गरी समीक्षा गरेको प्रतिवेदनमा उल्लेख छ। विश्व बैङ्कका पदाधिकारीबाट आयोजनाको महत्वपूर्ण सम्भागको रूपमा रहेको मूल्य श्रृङ्खलाअन्तर्गत अनुदानग्राहीले प्राप्त गरेको अनुदानको उपयोग सम्बन्धमा अनुगमन मूल्याङ्कन गरेको देखिएन।

समग्रमा आयोजनाले भुक्तानी प्रयोजनका लागि मात्र अनुगमन गरेकोले कार्यान्वयन प्रभावकारी नभई तोकिएको लक्ष्य पूरा हुन सकेको देखिएन। लक्षित वर्गमा प्रतिफल एवं सुधार भएको सुनिश्चित हुन अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्दछ।

५८. **निष्कर्ष तथा सुझाव -** नेपाल सरकारले विश्व बैङ्कको ऋण सहयोगमा सञ्चालन गरेको यस आयोजनाका लागि ४ स्थानमा विकेन्द्रीकृत आयोजना सहयोग इकाई र केन्द्रमा १ आयोजना समन्वय कार्यालय स्थापना गरिएकोमा आयोजनाले कर्मचारीका साथै कृषकलाई सामान्यदेखि विशिष्टीकृत तालिम प्रदान गरेको, कृषकलाई पूरक अनुदान मागको प्रस्तावदेखि व्यावसायिक योजना तयारीमा सहयोग गर्न विशेषज्ञ परामर्शदाता नियुक्त गरी सेवा प्रवाह गरेको, पशुलाई रोगबाट बचाउन खोप खरिद गरी बृहत भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गरेको, पशुचिकित्सामा नवीनतम मानिएको भिडियो एक्सरे सेवा सञ्चालन गरेको छ।

लेखापरीक्षणको क्रममा गरिएको स्थलगत अनुगमनमा खरिद गरेका पशुधनको विविध रोगका कारण मृत्यु भएकोले स्थलगत अनुगमन भएका फार्ममा पशुधन नरहेको, प्रगति प्रतिवेदनमा उल्लेख गरेको भन्दा न्यून संख्यामा पशुधन रहेको पाठापाठी उत्पादन नभएकोले बिक्री गर्न नसकेको, बैङ्कबाट लिएको ऋणको साँवा ब्याज भुक्तानीको लागि निजी जग्गा बिक्री गर्नुपर्ने अवस्था रहेको जस्ता समस्या

स्थलगत अनुगमनका क्रममा कृषकले जानकारी गराएकोले आयोजनाले प्रगति विवरणमा उल्लेख गरेबमोजिम भएको देखिएन। आयोजना अन्तर्गत पूरक अनुदानका लागि कृषक समूह, सहकारी र कृषि फार्म छनौट गर्दा वित्तीय क्षमता मूल्याङ्कन नगरेको, पशुधनबाट हुने आय आर्जन र आय आर्जन हुन लाग्ने समय लगायतका पक्षको वास्तविक मूल्याङ्कन नगरेको, स्थानीय नश्लको तुलनामा उत्पादकत्व बढी हुने उन्नत बाह्य जातको पशुपालनमा जोड दिएकोमा सोका लागि चाहिने विशेषज्ञ चिकित्सक र स्वास्थ्य केन्द्रको यथोचित व्यवस्थापन नगरेको, पशुधनलाई भन्दा भौतिक संरचना निर्माणमा बढी समय र स्रोत खर्च भएको, प्रदेश र स्थानीय तहसँग प्रभावकारी समन्वय नगरी आयोजना कार्यान्वयन गरेको र आयोजनाको दिगोपनामा केन्द्रित नभई भुक्तानी प्रकृयाका लागि अनुगमन मूल्याङ्कन केन्द्रित रहेको जस्ता कमी कमजोरी देखिएको छ।

उक्त कमीकमजोरीमा सुधार गर्न नयाँ आयोजना तर्जुमा र सम्झौता गर्नुपूर्व समान प्रकृतिका विगतमा सञ्चालित आयोजना कार्यक्रमको समीक्षा र प्रस्तावित कार्यक्रमको कार्यान्वयन योग्यता, स्रोत साधनको समुचित उपयोग भई प्रतिफल प्राप्त हुने तथ्यपरक विश्लेषण सहितको निश्चितता, कार्यक्रम कार्यान्वयन गरिने प्रस्तावित क्षेत्रको विद्यमान स्थितिको सर्वेक्षण र कृषककोतर्फबाट गरिने लगानीका स्रोत र सोको प्रतिफल योग्यताको मूल्याङ्कन गर्नुपर्ने, स्थानीय स्तरमा उपलब्ध पशुधनको उत्पादकत्व वृद्धि गर्नुपर्ने सुधार सम्बन्धमा अध्ययन गरी स्थानीय वातावरण अनुकूलका पशुपालनमा सहयोग गर्ने खालका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने, आधुनिक गोठ/खोर निर्माणको नाममा भौतिक संरचना निर्माणमा प्राथमिकता दिनुभन्दा स्थानीय मौसम र हावापानी सुहाँउदो तथा कृषकको मागमा आधारित गोठ/खोर निर्माण गरी पशुधन खरिद र सोको औषधी उपचारलाई प्राथमिकतामा राखी अनुदान अन्तर्गतका कार्यक्रम कार्यान्वयन गर्नुपर्ने, उत्पादित वस्तु तथा सामग्रीको बजार पहुँच तथा बजार सुनिश्चितता, मूल्य सुनिश्चितता कायम हुने संयन्त्रको विकास गरी व्यवसायको दिगोपना कायम गर्नुपर्ने, स्वलगानी क्षमताका आधारमा अनुदान कार्यक्रमहरू सञ्चालन गर्नेतर्फ केन्द्रित भई आयोजना कार्यान्वयन स्थिति सम्बन्धमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कनसमेत गर्नुपर्दछ।

शीतभण्डार व्यवस्थापन कार्यक्रम

राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रवर्धन नीति, २०६३, कृषि विकास रणनीति (२०१५-२०३५) मा कृषि क्षेत्रको व्यवसायीकरण, औद्योगीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने, कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यताअनुरूप जलवायु र माटो अनुकूल खाद्यान्न उत्पादन प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने उल्लेख छ। सङ्घीयताको कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तहबाट शीतभण्डारको निर्माण तथा सञ्चालनसम्बन्धी कार्यक्रमहरू सञ्चालन भएकोमा कृषि उपज उपयुक्त तापक्रम र सापेक्षित आर्द्रतामा भण्डारण गरी बजारको माग अनुसार आपूर्ति गर्ने तथा उत्पादित वस्तुमा हुने नोक्सानी कम गरी आम्दानी बढाउन शीतभण्डार गृहहरूको निर्माण, तिनको प्रभावकारी सञ्चालन एवं दिगो व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। यसै सन्दर्भमा यो वर्ष शीतभण्डार व्यवस्थापन कार्यक्रम विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

कृषि उत्पादन, आपूर्ति श्रृङ्खला व्यवस्थापन र आर्थिक गतिविधि सुधारका सन्दर्भमा शीतभण्डार व्यवस्थापन कार्यक्रमको सकारात्मक प्रभाव रहेको छ। शीतभण्डारमा फलफूल, पुष्प, तरकारी लामो समयसम्म ताजा राख्न मद्दत पुगेको, मौसमी उत्पादनको दीर्घकालीन भण्डारणमार्फत प्रतिस्पर्धी बजार मूल्य प्राप्त भएको, खाद्य सुरक्षामा सुधार भएको, उत्पादन तत्काल बेच्नुपर्ने बाध्यता न्यून भई अधिक लाभ प्राप्त हुने अवसर भएको, निर्यात प्रवर्धन गर्न सहयोग मिलेको, उत्पादक, वितरक र खुद्रा बिक्रेताबिचको आपूर्ति व्यवस्थापन, रोजगारीको सिर्जना हुनुका साथै वैज्ञानिक भण्डारण प्रणालीमा प्रवर्धन भई कृषिमा आधुनिकिकरण गर्ने अवसर रहेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

५९. **लक्ष्य र प्रगति -** पन्ध्रौं योजनामा कृषि क्षेत्रको वृद्धिदर ५.८ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ३.०८ प्रतिशत रहेको छ। यसै गरी धान, मकै, गहुँ, तरकारी, आलु, फलफूल र माछाको उत्पादनमा लक्ष्यअनुसार प्रगति भएको देखिएन। प्रमुख बालीहरूमा बीउ प्रतिस्थापन दर यो वर्ष २५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २३.१४ प्रतिशत प्रगति भएको छ। कृषि तथा पशुपन्छी मन्त्रालयबाट प्राप्त तथ्याङ्कअनुसार कृषिजन्य वस्तुको विगत ५ वर्षको आयातको अवस्थाअनुसार प्रमुख तरकारी र फलफूल आयात वृद्धिदर २०७५।७६ को तुलनामा २०७६।७७ मा १५.०५ प्रतिशत, २०७६।७७ को तुलनामा २०७७।७८ मा ६.२० प्रतिशत, २०७७।७८ को तुलनामा २०७८।७९ मा ३१.३१ प्रतिशत वृद्धि भएको देखिन्छ। २०७९।८० को सुरूवातदेखि नै समग्र अर्थतन्त्रमा भएको सङ्कुचनसँगै वस्तु पैठारीमा सङ्कुचन आएका कारण तरकारी र फलफूलको आयातसमेत ३०.१२ प्रतिशतले घट्न गए तापनि नेपाल कृषिमा आत्मनिर्भर हुन सकेको छैन। कृषि उत्पादन वृद्धि र आयात प्रतिस्थापन हुने गरी नीतिमा पुनरावलोकन हुनुपर्दछ।

६०. **शीतभण्डारसम्बन्धी मापदण्ड -** शीतभण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ मा योगदानका आधारमा निजी लगानीकर्ता र सहकारीलाई शीतभण्डारको स्थापना र उपकरण खरिद गर्न ७० प्रतिशतसम्म अनुदान दिने र निजी लगानीकर्ताले जमिनबाहेक कुल लगानीको कम्तीमा ३० प्रतिशत खर्च बेहोर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले शीतभण्डार स्थापना र मेसिन खरिदमा लाग्ने रकमको ५० देखि ७० प्रतिशतसम्म खर्च बेहोर्ने व्यवस्था गरेको छ। सङ्घ र प्रदेश सरकारले जारी गरेका कार्यविधिमा अनुदान प्रतिशतमा भिन्नता रहेको छ। फरक फरक कार्यविधि तयार हुँदा अनुदान वितरण र सञ्चालन मोडालिटीलगायतमा एकरूपता नभएकोले एकीकृत मापदण्ड तयार गरी शीतभण्डार सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ।

६१. **शीतभण्डार निर्माण -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले २०७४।७५ मा १३ जिल्लामा शीतभण्डार गृह निर्माणका लागि प्रस्ताव माग गरेकोमा बाँके र नुवाकोट जिल्लाबाट प्राप्त प्रस्ताव मात्र छनोट भएको, २०७५।७६ मा ११ प्रस्ताव छनोट भएकोमा पोखरा र काभ्रेको प्रस्ताव स्वीकृत गरे पनि सम्झौता नगरेको, मनाङ जिल्लाको सम्झौता रद्द भएको र बाँकी ८ मध्ये ४ निजी कम्पनीले ७० प्रतिशतसम्मको आयोजना लागत साझेदारीमा शीतभण्डार निर्माण कार्य सुरू गरेका छन्। नुवाकोट र धनुषामा निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेको, धादिङमा ५० प्रतिशत र बाँकेमा २५ प्रतिशत काम सम्पन्न भएको देखिन्छ। लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा भएको व्यवस्था पालना नगरी २०७४।७५ मा परामर्शदातामार्फत् नुवाकोट जिल्लाका

लागि तयार गरेको लागत अनुमान नै प्रयोग गरी बाँकी ८ जिल्लामा फरक फरक मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण कार्य अगाडि बढाएको देखियो। यस सम्बन्धमा देखिएका थप बेहोरा देहायअनुसार छन्:

६१.१ शीतभण्डार स्थापनाका लागि १० संस्थासँग लागत अनुमानको ३९ देखि ५९ प्रतिशतसम्म हुने गरी रु.१ अर्ब ४ करोड ५६ लाखको अनुदान सम्झौता गरेकोमा अनुदान प्रतिशतमा रहेको विविधताको आधार खुलाएको पाइएन।

६१.२ सम्भाव्यता, नीतिगत तथा कानुनी आधार, सञ्चालन मोडालिटी एवं दिगोपनालगायतका विषयमा पर्याप्त अध्ययन/विश्लेषण नगरी अनुदान प्रदान गरेकोले अधिकांश शीतभण्डार निर्माण कार्य पूरा भएको छैन। सम्भाव्यता अध्ययनका आधारमा अनुदान दिने कार्यक्रम राख्नुपर्नेमा जिल्लागत आधारमा कार्यक्रम स्वीकृत गरेको र निर्माण कार्य प्रारम्भ नहुँदै ६ संस्थालाई रु.१६ करोड ७८ लाख पेस्की दिएको पाइयो ती संस्थाहरूले निर्माण कार्य सुरू नगरेको जनाई आयोजनाले सम्झौता रद्द गरेकोले अपेक्षित नतिजा प्राप्त भएको देखिएन।

६१.३ परियोजनाबाट सम्झौता भएका १० मध्ये ४ संस्थाले शीतभण्डार निर्माण कार्य सुरू गरेकोमा नुवाकोटको एक संस्थाले कार्य सम्पन्न गरी रु.१० करोड ५० लाख अनुदान प्राप्त गरेको र अन्य ३ संस्थाले पेस्कीबापत रु.२ करोड ३० लाख भुक्तानी पश्चात् थप कार्य प्रगति गरेको देखिएन। धादिङमा आंशिक क्षमता र धनुषामा पूर्ण क्षमतामा कार्य सम्पन्न गरी सञ्चालनमा रहेको पाइयो। बाँकेमा प्लिन्थ लेभलको कार्यबाहेक थप काम हुन सकेको छैन। अधुरा निर्माण कार्य सम्पन्न गरी कृषकले सहुलियत प्राप्त गर्ने गरी शीतभण्डार सञ्चालन गर्नुपर्दछ।

६१.४ अनुदान प्राप्त गरी निर्माण भएको शीतभण्डार गृह निर्माण सम्पन्न पश्चात् ५ वर्षसम्म बैङ्क तथा वित्तीय संस्थामा धितो राख्न र बिक्री वितरण गर्न नपाइने उल्लेख भए तापनि सम्पत्तिको स्वामित्वको विषयमा स्पष्ट व्यवस्था रहेको देखिएन।

६२. **भण्डारण शुल्क -** शीतभण्डार सञ्चालकले सरकारी अनुदान प्राप्त गरेपश्चात् लाभग्राही समुदायलाई भण्डारण प्रयोग गर्न दिएबापत लिने शुल्कको दर निर्धारण नभएकोले अनुदानबाट निर्मित शीतभण्डारबाट लाभग्राहीले अपेक्षित लाभ लिन सक्ने अवस्था देखिएन। लक्षित कृषकले अधिकतम प्रतिफल प्राप्त गर्न सक्ने गरी सामुदायिक रूपमा अनुदान दिनुपर्नेमा नाफा कमाउने उद्देश्यले स्थापित निजी संस्थालाई समेत अनुदान दिएकोले निश्चित वर्गले मात्र प्रतिफल प्राप्त गरिरहेको अवस्था छ। आम कृषकको समेत पहुँच पुग्ने गरी शीतभण्डार सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ।

६३. **डिजाइन तथा प्रविधिसम्बन्धी तालिम -** गण्डकी प्रदेशका ४ र सुदूरपश्चिम प्रदेशका १४ शीतभण्डारमा दक्ष जनशक्ति नभएको र कृषकस्तरमा सञ्चालन गरिएका कतिपय साना चिस्यान केन्द्र तथा शीतभण्डारको मर्मतसम्भार नभएकोले सोको दिगो र प्रभावकारी उपयोग भएको छैन। कृषक, सहकारी तथा कृषि प्रसार कार्यकर्तालाई उपकरण प्रयोगसम्बन्धी सीप र तालिम प्रदान गरी शीतभण्डारको निर्माण, सञ्चालन दक्षता अभिवृद्धि गर्नुपर्दछ।

६४. **जग्गाको स्वामित्व -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ। शीतभण्डार निर्माण गर्न मोरङ

जिल्लाको बेलबारी नगरपालिकाले रु.२ करोड ५ लाख ४० हजार भुक्तानी दिएकोमा शीतभण्डार निर्माण हुने जग्गा विद्यालयको स्वामित्वमा रहेको छ। ओखलढुङ्गा जिल्लाको खिजीदेम्बा गाउँपालिकाले एक प्रा.लि.लाई शीतभण्डार निर्माणबापत रु.२५ लाख ९९ हजार भुक्तानी गरेकोमा जग्गाको स्वामित्व पालिकामा आएको छैन। यसै गरी बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिकाले शीत भण्डार निर्माणको लागि एक निर्माण व्यवसायीसँग रु.१ करोड १५ लाख ९० हजारमा सम्झौता गरेकोमा जग्गा मन्दिरको नाममा रहेको छ। गण्डकी प्रदेशका ४३ शीतभण्डारमध्ये २५ व्यक्तिगत, ८ सार्वजनिक, ८ सहकारी र २ करार स्वामित्व रहेको जग्गामा निर्माण कार्य भइरहेको छ। जग्गाको स्वामित्व प्राप्त गरी शीतभण्डार निर्माण गर्ने तथा निर्माण सम्पन्न भएकोमा जग्गाको स्वामित्व सम्बन्धितको नाममा ल्याउने व्यवस्था मिलाउनुपर्दछ।

६५. **प्राविधिक परीक्षण -** सुस्ता गाउँपालिका, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) र प्रदेश सरकारको बजेटबाट शीतभण्डार निर्माणको लागि एक संयुक्त उपक्रमसँग रु.४ करोड ९९ लाख ४१ हजारको सम्झौता भएकोमा ५०० मेट्रिक टन क्षमताको शीतभण्डारमा स्पेशिफिकेसनअनुसार २०० के.भी.ए. क्षमताको ट्रान्सफर्मर जडान भएको छैन। दाङ जिल्लाको दङ्गीशरण गाउँपालिकाले रु.१ करोड ६ लाख ५१ हजारमा एक प्रा.लि.सँग सम्झौता भई रु.१ करोड ३ लाख ३७ हजारमा कार्य सम्पन्न भए तापनि सञ्चालन खर्च उच्च भएको तथा सञ्चालन ढाँचा निर्धारण नगरेकोले उपयोग भएको छैन। तापक्रम नियन्त्रण प्रणाली तथा विद्युतीय कार्य एवं प्राविधिक परीक्षणलगायतका कार्य गरी शीतभण्डार सञ्चालन गर्नुपर्दछ।

६६. **महसुल छुट सिफारिस -** आर्थिक ऐनको अनुसूचीको बुँदा नं. १५ (२) ले शीतभण्डारको लागि आवश्यक पर्ने कम्प्रेसर एवं अन्य तोकिएका मालसामान र औजार/उपकरणमा मन्त्रालयले सिफारिस गरेमा १ प्रतिशत भन्सार महसुल लाग्ने उल्लेख छ। आर्थिक ऐनले दिएको सुविधाबमोजिम मन्त्रालयले निम्नानुसारको छुट सिफारिस गरेको पाइयो।

आर्थिक ऐन	कार्यान्वयन अवस्था
२०७८	६ फर्म तथा संस्थाले अमेरिकी डलर १० लाख ४१ हजार, १० फर्मले भारतीय रूपैयाँ ९ करोड ५० लाख ३८ हजार, ३ फर्मले युरो १ लाख २१ हजार र १ फर्मले रेन्मिन्बी (चाइनिज युयान) २ लाख ४८ हजार मूल्यको कोल्डस्टोरेज तथा ग्रीनहाउस सम्बन्धी सामान पैठारी गर्न भन्सार महसुल छुट सिफारिस।
२०७९	३ फर्म तथा संस्थाले अमेरिकी डलर २ लाख २६ हजार, १२ फर्मले भारतीय रूपैयाँ ५ करोड ९८ लाख २३ हजार र ३ फर्मले यूरो १ लाख ६४ हजार मूल्यको दुध चिस्यान स्टोरेज, कुखुराको दाना उत्पादन गर्ने मेसिन, कोल्डस्टोरेज एवं ग्रीनहाउस सम्बन्धी सामान पैठारी गर्न भन्सार महसुल छुट सिफारिस।
२०८०	९ फर्मले रु.१२ करोड १० लाख ३६ हजार र ३ फर्मले यूरो ४ लाख ८४ हजारको २०८१ असार मसान्तको विनिमय दर रु.१४५.४६ ले हुन आउने रकम रु.७ करोड ५ लाख १४ हजार समेत गरी जम्मा रु.१९ करोड १५ लाख ५० हजार मूल्य बराबरको दुध चिस्यान स्टोरेज, कुखुराको दाना उत्पादन गर्ने मेसिन, कोल्डस्टोरेज एवं ग्रीनहाउस सम्बन्धी माल सामान पैठारी गर्न राजस्व महसुल छुट सिफारिस।

महसुल छुट सिफारिस माल भएका तथा उपकरण सामान निर्धारित उद्देश्यअनुसार प्रयोग भए, नभएको सम्बन्धमा अनुगमन नदेखिएकोले त्यस्ता मालसामान तथा उपकरण उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

६७. **विद्युत महसुल -** मन्त्रीपरिषद्को २०५४।३।२३ को निर्णयले नेपालमा शीतभण्डार व्यवस्थित गर्न विद्युत महसुल दरमा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरेकोमा नेपाल विद्युत प्राधिकरणले २०७९।१२।२७ मा विद्युत महसुल सहुलियत नदिने निर्णय गरेको देखियो। सो सम्बन्धमा सम्मानित उच्च अदालत पाटनको २०८०।५।१३ को उत्प्रेषण आदेशबाट सो निर्णय बदर भएकोमा शीतभण्डारले तिर्न बाँकी बक्यौता भुक्तानी गरी नीतिगत निरन्तरता दिने विषयमा आवश्यक व्यवस्था मिलाउन कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले २०८१।१।१२ मा निर्णय गरी सम्बन्धित मन्त्रालय र प्राधिकरणलाई निर्देशन दिएपनि कार्यान्वयन भएको छैन।

६८. **विद्युत जडान -** निर्माण गरिएका कतिपय शीतभण्डारमा विद्युत जडान नहुँदा शीतभण्डार सञ्चालन हुन सकेको देखिएन। कम्तीमा थ्री फेजको विद्युतले मात्र शीतभण्डारको प्रभावकारी सञ्चालन र उपयोग हुने भएकोमा सुदूरपश्चिम प्रदेशका ३ शीतभण्डारमा विद्युत जडान नभएको विवरण प्राप्त भएको छ। मोरङको सुन्दरहरैचा नगरपालिकाले २०८१ असार २० सम्म कार्यसम्पन्न गर्ने गरी रु.१ करोड ७० लाखको सम्झौता गरेकोमा थ्री फेज लाइन जडान नभएकोले शीतभण्डार सञ्चालन भएको छैन। गण्डकी प्रदेशका ४३ शीतभण्डारमध्ये २० मा थ्री फेज र २३ मा सिङ्गल फेज विद्युतीकरण भएको पाइयो। विद्युत आपूर्ति गरी शीतभण्डार सञ्चालन गर्नुपर्दछ।

६९. **निजी तथा सहकारी क्षेत्रबाट सञ्चालित शीतभण्डार -** कृषि विभागबाट २०७९।३।३१ मा प्रकाशित विवरणअनुसार निजी तथा सहकारी क्षेत्रबाट १८ जिल्लामा ३२ शीतभण्डार निर्माण भई कुल ९७ हजार ७०० मेट्रिक टन भण्डारण गर्न सकिनेमा ४ हजार ५०० मेट्रिक टन क्षमताका बारा र घोराहीका २ शीतभण्डार मात्र पूर्ण क्षमतामा सञ्चालनमा रहेका छन्। अधिकांश शीतभण्डारमा कृषि उपजको कमीका कारण भण्डारण क्षमताको ६० देखि ७० प्रतिशत क्षमतामा मात्र सञ्चालन भइरहेको तथा केही साना सहरी क्षेत्रका शीतभण्डार क्षमताको ५० प्रतिशतमा सञ्चालन भइरहेको अवस्था छ। भण्डारण गरिएका वस्तुमध्ये आलुको हिस्सा मात्र ९० प्रतिशतभन्दा बढी छ। व्यावसायिक कार्ययोजना तयार गरी निर्माण भएका शीतभण्डार पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ।

७०. **प्रदेशगत शीतभण्डारको अवस्था -** शीतभण्डार गृह कार्यक्रम कार्यविधि, २०७४ अनुसार विशिष्टीकृत क्षेत्रबाट उत्पादन भई आउने र बजारीकरणका दृष्टिले सम्भाव्य क्षेत्रमा मात्र शीतभण्डार गृह निर्माण गरी सञ्चालन गर्नुपर्नेमा प्रदेशगत रूपमा रहेका केही शीतभण्डारको अवस्था निम्नानुसार छन्:

प्रदेश	बेहोरा
कोशी प्रदेश	उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेशबाट प्राप्त विवरणअनुसार १२ शीतभण्डारहरूमध्ये ६ सञ्चालनमा रहेको, ५ सञ्चालनमा नरहेको र १ आंशिक रूपमा सञ्चालनमा रहेको छ। शीतभण्डारमध्ये ६ निजी, ३ बजार समिति र ३ सहकारी संस्थाको स्वामित्वमा रहेका छन्। कोल्डरूम सञ्चालनको लागि प्राविधिक जानकारी सहितको तालिम र विद्युत महसुल छुटको व्यवस्था हुन सकेको छैन। कृषि बजार, बिर्तामोड झापामा २०७८।७९ मा रु.२ करोड १८ लाख १५ हजारमा निर्माण भएको शीतभण्डारमा प्रदेश सरकारबाट रु.१ करोड ६३ लाख ६१ हजार अनुदान उपलब्ध गराएकोमा आंशिक रूपमा मात्र सञ्चालनमा रहेको, आयोजनास्थल सुरक्षाको लागि घेराबार लगायतका संरचना निर्माण नभएको अवस्था छ।

प्रदेश	बेहोरा
मधेश प्रदेश	मधेश प्रदेशबाट २०७५।७६ मा रु.१ अर्ब ५६ करोड ७७ लाख ८३ हजारमा सम्झौता भएका ८ शीतभण्डार हालसम्म निर्माण सम्पन्न भएका छैनन्।
बागमती प्रदेश	बागमती प्रदेशले २०८०।८१ सम्म शीतभण्डार गृह निर्माणको लागि रु.७६ करोड ६६ लाख २१ हजार खर्च गरेको छ। ८ जिल्लाका १० निर्माणाधीन र १ शीतभण्डार ८६ प्रतिशत निर्माण सम्पन्न भई रोक्का रहेको छ। दोलखाको जिरी, सिन्धुपाल्चोकको लिशंखुपाखर, सिन्धुलीको मूलकोट र रामेछापको मन्थलीमा परीक्षण सम्पन्न भएको, रसुवा जिल्लामा सञ्चालनमा आएको तथा बाँकी जिल्लामा निर्माणकै चरणमा रहेको देखिन्छ।
गण्डकी प्रदेश	प्रदेश कृषि तथा पशुपन्छी मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेशभित्र निर्माण सम्पन्न भएका ४३ शीतभण्डारमध्ये १६ सञ्चालनमा रहेको छैन। भण्डारका लागि स्थानीय कृषि उपज पर्याप्त नहुनु, मर्मत सम्भार तथा प्राविधिक सेवा शुल्क महङ्गो हुनु, विद्युत महसुलको लागत बढी भएकोले कृषि उपजको बजार मूल्य प्रतिस्पर्धी बनाउन नसक्नु, सञ्चालन प्रणालीको तालिम र सीप हस्तान्तरण नहुँदा कृषि उपज नोक्सान हुनु, थप प्राविधिक सामग्री हस्तान्तरण नहुँदा मेसिनको प्रभावकारिता घट्नु र लागत बढ्नु लगायतका समस्या देखिएका छन्।
लुम्बिनी प्रदेश	लुम्बिनी प्रदेशले २०७९।८० सम्म १९ शीतभण्डारको निर्माण गर्ने लक्ष्य राखेकोमा १७ निर्माण सम्पन्न भएका छन्। शीतभण्डार निर्माणको डी.पी.आर.को सुरू लागत रु.५१ करोड १४ लाख रहेकोमा पुनरावलोकनपश्चात् रु.३६ करोड १ लाख लागत कायम भएकोले लागत अनुमान यथार्थपरक देखिएन। सोको आधारमा भुक्तानी गरिएको अनुदान मितव्ययी रहेको देखिएन। निर्माण सम्पन्न भएकामध्ये ४ शीतभण्डार सञ्चालनमा रहेका छैनन्।
कर्णाली प्रदेश	कृषि विकास निर्देशनालयबाट प्राप्त विवरणअनुसार सुर्खेतमा निर्माण भएको ८५ मेट्रिक टन र १४५ मेट्रिक टन क्षमताका २ शीतभण्डारमा प्रदेश सरकारले रु.१ करोड ४८ लाख २५ हजार अनुदान दिएको छ। सञ्चालित शीतभण्डारमा दक्ष जनशक्ति नहुँदा सञ्चालनमा कठिनाइ भएको उल्लेख छ।
सुदूरपश्चिम प्रदेश	लागत साझेदारीमा १९ शीतभण्डार निर्माण गर्ने गरी सम्झौता भएकोमा दोधारा चाँदनी नगरपालिका कञ्चनपुर, चुरे गाउँपालिका कैलाली, गोदावरी नगरपालिका कैलाली र सँफेबगर नगरपालिका अछाममा रहेका शीतभण्डार सञ्चालनमा रहेको देखिएन। कृषि निर्देशनालय, डोटीबाट निर्माण भएका शीतभण्डारमध्ये बडिमालिका नगरपालिकाको शीतभण्डारमा जडान भएका उपकरणहरूको विज्ञबाट प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन। शीतभण्डार निर्माणको लागि निर्माण व्यवसायीलाई पेस्की दिएकोमा कार्य सम्पन्न भएको छैन।

अधुरा शीतभण्डार आयोजनाहरू समयमै सम्पन्न गर्ने, सञ्चालित शीतभण्डारको प्रभावकारिता परीक्षण र सञ्चालन तथा व्यवस्थापनको ढाँचा यकिन गर्ने, भण्डारण तथा सञ्चालन सीप र प्रविधिको तालिम प्रदान गर्ने, मेसिन, उपकरणको मर्मत कार्य समयमै गर्ने, सेवा तथा वस्तु उत्पादनको कार्ययोजनासहित अनुदानलाई प्रतिफलयोग्य बनाउनुपर्दछ। समग्रमा सञ्चालनमा रहेका, निर्माणाधीन र सञ्चालनमा नरहेका शीतभण्डारको विस्तृत विश्लेषण गरी सोको प्रभावकारी उपयोग गरी कृषि उपजको मूल्य अभिवृद्धि, बजार विस्तार र उत्पादन वृद्धिमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

७१. **अन्य निकायगत बेहोरा -** शीतभण्डार निर्माणसम्बन्धी कार्यमा ढिलाइ तथा समन्वय नभएका कारणले अधुरा रहेका वा नतिजा प्राप्त गर्न नसकेका बेहोरा निम्नानुसार छन्:

शीतभण्डार निर्माण गर्ने निकाय	बेहोरा
लेटाङ नगरपालिका, मोरङ	नगर पालिकाले २०७९।३।३० सम्म कार्य सम्पन्न गर्ने गरी एक प्रा.लि. कम्पनीसँग रु.९९ लाख ७४ हजारको सम्झौता गरेकोमा २०८०।६।३० सम्म म्याद थप गरेको देखिन्छ। भेरिएसनबाट उक्त कार्यको संशोधित सम्झौता रु.१ करोड ५ लाख ९१ हजार कायम भएकोमा

शीतभण्डार निर्माण गर्ने निकाय	बेहोरा
	रु.५१ लाख २८ हजारको कार्य मात्र सम्पन्न गरेकोले पालिकाले खरिद सम्झौता अन्त्य गरेको छ। हालसम्मको भौतिक प्रगति ४४.२० प्रतिशत रहेको छ।
महालक्ष्मी नगरपालिका, धनकुटा	नगर पालिकाले ५ सय मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण गर्न एक प्रा.लि. कम्पनीसँग रु.१ करोड २४ लाख ७२ हजारमा सम्झौता गरेको छ। शीतभण्डार निर्माणका लागि छनोट भएको स्थानमा विद्युत आपूर्तिको व्यवस्था नरहेको, औद्योगिक ग्राम निर्माणका लागि कार्य सुरूवात भैसकेको स्थानमा शीतभण्डार निर्माण कार्य भैरहेको, निर्माण स्थलमा सडक सञ्जाल विस्तार नभएको, शीतभण्डार निर्माण र सञ्चालन सम्बन्धी कार्यविधि नबनेको अवस्था छ। शीतभण्डार निर्माणका लागि बहुवर्षीय खरिद सम्झौता नगरी प्रदेश सरकार र सङ्घीय सरकारबाट रु.९९ लाख भुक्तानी भए तापनि निर्माण अधुरो रहेको छ।
बेलका नगरपालिका, उदयपुर	नगर पालिकाले ५०० मेट्रिक टन क्षमताको ६ च्याम्बरसहितको शीतभण्डार निर्माण सम्पन्न भई प्रदेश सरकारको रु.२ करोड र पालिकाको रु.१ करोड ३३ लाख २८ हजार समेत जम्मा रु.३ करोड ३३ लाख २८ हजार खर्च भएको छ। शीतभण्डार विद्युतको वैकल्पिक स्रोतको व्यवस्था गरेको छैन। सोको सञ्चालन नगरी २ हेरालु र १ इलेक्ट्रिसियन कर्मचारी राखी यो वर्ष रु.९ लाख ९५ हजार खर्च गरेको छ।
तादीगाउँ गाउँपालिका, नुवाकोट	गाउँपालिकाले २०७७।३।३० भित्र शीतभण्डार निर्माणको कार्य सम्पन्न गर्ने गरी सम्झौता भई रु.४३ लाख २९ हजार अर्थात् ३१.०४ प्रतिशत खर्च भएकोमा २०७७।७८ देखि बजेट विनियोजन नहुँदा निर्माण कार्य अधुरो रहेको छ।
गोदावारी नगरपालिका, कैलाली	नगरपालिकाले २०७६।७७ मा रु.१ करोड १ लाख ७८ हजार खर्च गरी तयार पारेको चिस्यान केन्द्रको उपयोग गरेको देखिएन। उक्त चिस्यान केन्द्र स्थानीय समितिलाई हस्तान्तरण गरेकोमा चिस्यान केन्द्रको माग नभएका कारण सञ्चालन हुन नसकेको जनाएको छ। यातायात सुविधा पुगेको र तरकारी बजार परिसरमै निर्माण भएको संरचनाको उपयोग गर्न पालिकाले वैकल्पिक उपायसमेत पहिचान गरेको छैन।
कृषि विकास कार्यालय, रूकुम	कार्यालयले शीतभण्डार निर्माण तथा उपकरण खरिद गर्न एक श्रम सहकारीलाई रु.१ करोड ७६ लाख ६५ हजार अनुदान उपलब्ध गराएकोमा त्रिवेणी गाउँपालिकाले रु.४४ लाख थप अनुदान उपलब्ध गराई कोल्डस्टोर भवन निर्माण भए तापनि हालसम्म सञ्चालनमा आएको छैन।

निर्माण सम्पन्न भएका शीतभण्डारको सञ्चालनका लागि व्यावसायिक योजना तथा सञ्चालन मोडालिटी तर्जुमा गर्ने, सम्बन्धित निकायले निरन्तर अनुगमन गरी अनुदान रकमको सदुपयोगको सुनिश्चितता गर्ने, बजेटको स्रोत सुनिश्चित भएपश्चात् मात्र योजना सञ्चालन गर्ने र अधुरो निर्माण कार्यलाई समयमै सम्पन्न गरी उपयोगमा ल्याउनुपर्दछ।

७२. **निष्कर्ष र सुझाव -** कृषकले उत्पादन गरेका कृषि उपजको भण्डारण गरी बजारको माग अनुसार आपूर्ति गर्ने तथा उत्पादनमा हुने नोक्सानी कम गरी आम्दानी बढाउने उद्देश्यले सुरू भएको शीतभण्डार गृहहरूको निर्माण, सञ्चालन एवं दिगो व्यवस्थापनमा थप प्रयास आवश्यक देखिन्छ। विभिन्न निकायको अनुदानबाट शीतभण्डार निर्माण भए तापनि सोको एकीकृत अभिलेख रहेको छैन। सम्भाव्यता अध्ययनका आधारमा उपयुक्त स्थानमा शीतभण्डार निर्माण गर्ने शीतभण्डार निर्माण हुने जग्गाको स्वामित्व सम्बन्धित निकायको नाममा ल्याउने, निर्माण भइसकेकाको हकमा पूर्ण क्षमतामा सञ्चालन गर्ने, अधुरा पूर्वाधारहरू समयमै सम्पन्न गर्ने, सरकारी अनुदानबाट निजी तथा सहकारी संस्थाले निर्माण गरेका शीतभण्डारको स्वामित्वको विषयमा कानुनी व्यवस्था गर्ने, सञ्चालन भइरहेका शीतभण्डारमा लोड अनलोडका लागि स्वचालित विद्युतीय एलिभेटर प्रणाली जडान गरी भण्डारण लागत घटाउने, सञ्चालन मोडालिटी तयार गरी कार्यान्वयन गर्ने, दक्ष कामदार स्वदेशमै तयार गर्न प्राविधिक तालिमका साथै सीप विकास कार्यक्रम

सञ्चालन गर्ने, शीतभण्डार अनुदान प्राप्त गरेका निजी क्षेत्र/संस्थाले स्थानीय कृषकहरूलाई सहुलियत दरमा भण्डारण सुविधा दिने र अनुदान दिने निकायले सोको अनुगमन गर्ने साथै शीतभण्डारको विद्युत महसुल छुट दिने विषयमा नीतिगत निर्णय गर्ने लगायतका कार्य गरी शीतभण्डारको निर्माण, सञ्चालन र उपयोगमा प्रभावकारीता ल्याउनुपर्दछ।

अन्य संस्था र समिति

नेपाल कृषि अनुसन्धान परिषद्

कृषि क्षेत्रका समस्याको अध्ययन तथा अनुसन्धानमार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत प्रविधि प्रयोग गरी सर्वसाधारण जनताको आर्थिकस्तर वृद्धि गर्ने उद्देश्यले नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत परिषद्को स्थापना भएको हो। परिषद् र मातहतका ६३ केन्द्रबाट कृषि अनुसन्धान कार्यक्रम सञ्चालन हुँदै आएको छ।

७३. **आय व्यय अवस्था —** परिषद्को आय-व्ययको विवरण निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
बिक्री/सेवा शुल्क	१६४०११	प्रत्यक्ष खर्च	२४०८७९
अनुदान	२७४३३५०	सञ्चालन खर्च	९३५२३५
अन्य आय	१८७११२	कर्मचारी खर्च	११९६८५९
		अन्य खर्च	५५७४८९
जम्मा	**३०९४४७२**	**जम्मा**	**२९३०४६२**
		यो वर्षको बचत	१६४०११
		कुल जम्मा	**३०९४४७२**

परिषद्को यस वर्ष बिक्री तथा सेवा शुल्क, अनुदान तथा अन्य आयबाट जम्मा रु.३ अर्ब ९ करोड ४४ लाख ७२ हजार आम्दानी भएकोमा प्रत्यक्ष, सञ्चालन, कर्मचारी र अन्यमा गरी जम्मा रु.२ अर्ब ९३ करोड ४ लाख ६१ हजार खर्च भई रु.१६ करोड ४० लाख ११ हजार बचत रहेको देखिन्छ। परिषद्को केन्द्रीय नन्-अपरेटिभ खाता, यू.एस. डलरको नन्-अपरेटिभ खाता र धरौटी क्रमशः रु.३ अर्ब ४ करोड ५० लाख २३ हजार, रु.४९ लाख ५४ हजार ६६ र रु.८ करोड १९ लाख २ हजारसमेत जम्मा रु.३ अर्ब १३ करोड १८ लाख ७९ हजार मौज्दात रकम उल्लिखित आय-व्यय विवरणमा समावेश रहेको छैन।

७४. **आवधिक योजना तथा कृषि विकास रणनीति -** पन्ध्रौं आवधिक योजनामा समसामयिक नीति तथा कानुन संशोधनका साथै कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद्को अगुवाइमा मानित विश्वविद्यालय स्थापना गर्ने लक्ष्य रहेकोमा उक्त विश्वविद्यालय स्थापना भएको देखिएन। त्यसैगरी कृषि विकास रणनीति, २०१५-२०३५ अनुसार नेपाल कृषि अनुसन्धान परिषद्लाई कृषि प्रणालीको सर्वोच्च निकायको रूपमा पुनर्गठन गर्ने, कृषि अनुसन्धान कोषको स्थापना गर्ने, विकेन्द्रिकृत अनुसन्धान प्रणालीका लागि नयाँ राष्ट्रिय अनुसन्धान स्थानहरूको स्थापना गर्ने लक्ष्य राखेकोमा उक्त कार्यहरू सन्तोषजनक देखिएन। अन्य मुलुकका असल अभ्यास समेतलाई मध्यनजर गर्दै परिषद्सँग

सम्बद्ध भई गरेको अध्ययन एवं अनुसन्धानको आधारमा शैक्षिक उपाधि प्रदान गर्ने विषयलाई दृष्टिगत गर्दै कृषि विकास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

७५. **स्रोत बीउ तथा वस्तु उत्पादन -** परिषद्ले हरेक वर्ष स्रोत बीउ एवं बेर्ना उत्पादन गरी थप अनुसन्धानमा उपयोग गर्नुका साथै थप बीउ बेर्ना उत्पादन गर्न बीउ उत्पादक कृषक तथा संस्थाहरूलाई स्रोत बीउ बेर्ना बिक्री गर्ने गरेको छ। नेपाल कृषि अनुसन्धान परिषद्बाट प्राप्त विवरणअनुसार यो वर्ष अन्नबाली स्रोत बीउ, पशु वस्तु, बेर्ना/बिरुवा, भुरा माछातर्फ लक्ष्य वा सोभन्दा बढी क्रमशः ७५० मेट्रिकटन, १ हजार ४१६, ५ लाख ६३ हजार ५५१ र २ करोड २३ लाख उत्पादन भएको छ। त्यसै गरी आलुको प्रि-बेसिक बीउ ६४ हजार ३३० (६४.३३ प्रतिशत) र कुखुराको चल्ला २९ हजार ९०५ (५९.८१ प्रतिशत) उत्पादन गरेको छ। परिषद्ले तयार गरेको विवरणअनुसार आलुको बीउ र चल्ला उत्पादनमा लक्ष्यअनुसार प्रगति हासिल गरेको देखिएन। परिषद्ले बिक्री गरेको स्रोत बीउबाट उत्पादित थप बीउ, त्यसको उपयोग तथा उत्पादकत्वमा भएको वृद्धिको अनुगमन एवं मूल्याङ्कन गरी सोका आधारमा बीउहरूको प्रयोग र विस्तार गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाट

- *दरबन्दी अनुसार पदपूर्ति हुन नसकेको,*
- *नन् अपरेटिङ्ग खातामा रहेको मौज्दात रकम उपयोग नभएको,*
- *परिषद्को प्रशासनिक नेतृत्वमा अस्थिरता देखिएको,*
- *अनुसन्धानको नियमन र बौद्धिक सम्पत्तिको सुरक्षा हुन नसकेको,*
- *छात्रवृत्ति सुविधाको सदुपयोग नभएको।*

लगायतका बेहोराहरू देखिएका छन्।

७६. **जनशक्ति व्यवस्थापन** - नेपाल कृषि अनुसन्धान परिषदको वैज्ञानिक, प्राविधिक र प्रशासनिकसमेत कुल १ हजार ८२३ दरबन्दी रहेकोमा ९३७ पदपूर्ति भई वैज्ञानिकतर्फ ४५.२७ प्रतिशत, प्राविधिक अधिकृत तर्फ ५३.०५ प्रतिशत, अन्य प्राविधिक तर्फ ५४.१५ प्रतिशतमात्रै पदपूर्ति भएकोले समग्रमा दरबन्दीको ५१.४० प्रतिशत कर्मचारी कार्यरत रहेको देखिन्छ। उक्त पूर्ति भएका पदमा छात्रवृत्तिमा अध्ययनमा गई पुनःकाममा नफर्केका कर्मचारीहरूको पद समेत गणना भएको छ। अनुसन्धानमूलक संस्थामा वैज्ञानिक तथा प्राविधिक अधिकृतको रिक्तताले संस्थाको कार्यसम्पादनमा असर परेको हुँदा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत आवश्यक पद निर्धारण गरी पदपूर्ति हुनुपर्दछ।

७७. **नन्अपरेटिभ खाता -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ११ अनुसार परिषद्ले आफ्नो स्रोत र मातहत निकायबाट प्राप्त आम्दानीसमेतलाई परिषद्को बजेटमा समावेश गरी सोहीअनुसार कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। परिषद्ले आन्तरिक आयलाई बजेटमा समावेश नगरी मुद्दती खातामा लगानी गरी आम्दानी देखाएको छ। यस वर्षसम्म परिषद्को नन्अपरेटिभ खातामा रु.३ अर्ब ४ करोड ५० लाख २३ हजार मौज्दात रहेको छ। परिषद्को कार्यसञ्चालन, अवकाश प्राप्त कर्मचारीको निवृत्तभरण, पुँजीगत अनुसन्धान तथा विकासलगायतका सबै खर्च नेपाल सरकारको स्रोतबाट हुँदै आएको अवस्थामा विगतदेखि परिषद्को खातामा प्रयोगविहीन अवस्थामा रहेको मौज्दात रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने बेहोरा गत विगत वर्षहरूमा समेत औंल्याइएकोमा सुधार भएको छैन

७८. **कार्यकारी निर्देशक फेरबदल -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ ले परिषद्का कार्यकारी निर्देशकको कार्यकाल ४ वर्षको हुने र निजको पुनः नियुक्ति समेत हुनसक्ने व्यवस्था छ। परिषद्को स्थापनाकाल २०४८ देखि करिब ३३ वर्षको अवधिसम्म ४३ (निमित्त र कायम मुकायम समेत)

कार्यकारी निर्देशक कार्यरत रहेको पाइयो। सोअनुसार कार्यकारी निर्देशकको औसत कार्यकाल ९ महिना हुन आउँछ। अनुसन्धान गर्ने विशिष्ट संस्थामा पटक पटक नेतृत्व परिवर्तन भइरहँदा परिषद्को कार्यसम्पादन नहुने हुँदा यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

७९. **अनुसन्धानको नियमन र बौद्धिक सम्पत्तिको सुरक्षा -** नेपाल सरकारले अनुमोदन गरेको "कृषि विकास रणनीति, २०१५-२०३५" मा नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत एक राष्ट्रिय कृषि अनुसन्धान कोषको स्थापना गरी सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट हुने अनुसन्धानलाई नियमन गरी एकद्वार प्रणालीमार्फत व्यवस्थापन गर्ने उल्लेख छ। नेपाल कृषि अनुसन्धान परिषद्का अलावा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको कृषि तथा पशु विज्ञान संस्थान, कृषि तथा वन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र केही गैर सरकारी संस्थाहरू पनि कृषि अनुसन्धान कार्यमा संलग्न छन्। अनुसन्धान कार्य आफैंमा एक खर्चिलो र लामो प्रक्रिया भएकोले यस्ता संस्थाहरूलाई नियमन गर्न सकिएमा अनुसन्धान कार्यमा हुन सक्ने दोहोरोपन घटाई श्रोत, श्रम र समयको समेत बचत हुने देखिन्छ। विशेष गरी बाली, बागवानी, पशु र मत्स्य विज्ञान, आनुंवाशिकी र बीउ बिजन अनुसन्धानमा आधारित अन्वेषण, खोज र शोधको कदर गर्दै अनुसन्धान कार्यको एकीकृत अभिलेख राख्ने तथा अनुसन्धानका नतिजाहरू राष्ट्रिय सम्पत्तिको रूपमा उपयोग हुने अवस्थाको सिर्जना गर्ने तथा बाली भित्र्याए पश्चात्को व्यवस्थापन र अनुसन्धानको कार्यलाई प्रोत्साहित गरी अनुसन्धानसँग सम्बन्धित बौद्धिक सम्पत्तिको दर्ता र सुरक्षा गर्ने प्रणालीको विकास गर्नेतर्फ प्रचलित कानुनी व्यवस्थामा सुधार हुनुपर्दछ।

८०. **छात्रवृत्ति सुविधा -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ७(२) अनुसार परिषदबाट मनोनित भई अध्ययन बिदामा स्वदेश वा विदेशमा अध्ययन गर्न बिदामा गएका १९ कर्मचारी अध्ययन पुरा गरेपश्चात परिषद्मा नफर्केको अवस्था देखिएकोमा त्यस्ता कर्मचारीलाई प्रचलित कानुन एवं कबुलियनामाको सर्तअनुसार कारबाही भएको पाइएन। कबुलियतनामाको सर्तबमोजिम सेवा सुविधाबापत भुक्तानी भएको रु.३ करोड ५९ लाख ४६ हजार सरकारी बाँकी सरह असुल गर्नुका साथै प्रचलित कानुनबमोजिम कारबाही गर्नुपर्दछ।

कालिमाटी फलफूल तथा तरकारी विकास समिति

कृषि उपजको बजार विकास तथा प्रवर्धन गर्दै समग्र कृषि क्षेत्रको स्तर उन्नतिमा टेवा पुऱ्याउने उद्देश्यले २०४३ मा यस समितिको स्थापना भएको हो। समितिले यो वर्ष घरभाडा रु.१३ करोड ४४ लाख ६ हजार तथा अन्य आय रु.८ करोड १३ लाख ५८ हजारसमेत रु.२१ करोड ५७ लाख ६४ हजारमध्ये बजार सञ्चालन, कर्मचारी, प्रशासनिक र अन्यतर्फ रु.९ करोड ६७ लाख ८३ हजार खर्च भई रु.११ करोड ८९ लाख ८१ हजार बचत रहेको छ।

८१. **आय-व्ययको अवस्था -** समितिको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	रकम	व्यय	रकम
घर भाडा	१३४४०६	बजार सञ्चालन खर्च	२०६४३
शुल्क तथा दस्तुर	३८१६३	कर्मचारी खर्च	५३२५९
ब्याज	४२४९८	प्रशासनिक खर्च	४८४०
अन्य आय	६९७	अन्य खर्च	४४०३

आय	रकम	व्यय	रकम
		ह्रास कट्टी	५५५६
		पुँजीगत खर्च	८०८१
		जम्मा व्यय	९६७८२
		बचत	११८९८२
जम्मा आय	**२१५७६४**	**जम्मा व्यय**	**२१५७६४**

समितिले यो वर्ष घर भाडा, शुल्क तथा दस्तुर, ब्याज र अन्य आयबाट रु.२१ करोड ५७ लाख ६४ हजार आय गरेकोमा सञ्चालन, कर्मचारी, पुँजीगत र ह्रास खर्चमा रु.९ करोड ६७ लाख ८२ हजार खर्च भई रु.११ करोड ८९ लाख ८२ हजार बचत भएको देखिन्छ।

८२. **जग्गाको उपयोग र भवन निर्माण -** समितिले नेपाल सरकार अर्थ मन्त्रालयमार्फत चोभारको २३ रोपनी १ आना क्षेत्रफल र नौंबिसे, धादिङको ४ रोपनी ५ आना २ पैसा क्षेत्रफल जग्गा रु.१० करोड ७९ लाख र सोको ब्याज तथा हर्जानाबापत रु.३२ लाख समेत रु.११ करोड ११ लाखमा खरिद गरेको छ। चोभारमा खरिद गरिएको जग्गामध्ये कि.नं. १६९ र १७७ समितिको भोग चलनमा रहे तापनि तत्कालीन नेपाल सरकारको निर्णयमा नपरेको हुँदा समितिको नाममा प्राप्त हुन सकेको छैन। त्यस्तै २२ कित्ता जग्गाको १४ आना २ पैसा क्षेत्रफल जग्गामा मोही कायम भएको तथा १ रोपनी ७ आना जग्गाको स्वामित्वमा विवाद भएका कारण समितिको नाममा हस्तान्तरण हुन सकेको छैन।

त्यसै गरी सोही स्थानमा फलफूल तथा पुष्प थोक बजार निर्माण कार्यका लागि साविकको व्यावसायिक कृषि तथा व्यापार आयोजना र एक संयुक्त उपक्रमबिच २०७३।६।४ मा १३ महिना भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी रु.३५ करोड ८७ लाख ६६ हजारको सम्झौता गरेकोमा भेरिएसनबाट संशोधित सम्झौता रु.४० करोड २० लाख ५ हजार कायम भएको छ। सो निर्माण कार्यको ८६ प्रतिशत भौतिक प्रगति भई ३४ औं रनिङ बिलसम्म रु.३४ करोड १५ लाख ३५ हजार (८४.९५ प्रतिशत) भुक्तानी भएकोमा मन्त्रालयबाट २०८१।७।१४ मा ठेक्का सम्झौताको अन्त्य गर्ने निर्णय भएको देखिन्छ। स्वामित्व प्राप्त गर्न बाँकी जग्गा समितिको नाममा दर्ता कायम गर्न एवं भवनको निर्माण कार्य सम्पन्न गरी उद्देश्यअनुरूप उक्त बजार सञ्चालनमा ल्याउन सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गर्नुपर्दछ।

८३. **बजार सञ्चालन तथा व्यवस्थापन -** काठमाडौं उपत्यका तथा अन्य क्षेत्रको तरकारी तथा फलफूलहरूको बेचबिखन गर्ने स्थलका रूपमा रहँदै आएको कालिमाटी बजार २०४३ देखि सञ्चालनमा आएको हो। काठमाडौं उपत्यकामा विद्यमान जनसङ्ख्याको चाप र फलफूल तथा तरकारीको कारोबार स्थितिमा भएको विस्तारको विश्लेषण गर्दा सहरको भित्री भाग कालिमाटीमा रहेको ४५ रोपनी जग्गा र सोमा रहेका भवन संरचनाबाट बजार सञ्चालन हुँदै आएको छ। दीर्घकालीन रूपमा फलफूल तथा तरकारी बजार सञ्चालनका लागि अन्य स्थानमा बजार संरचना निर्माण र सञ्चालन गर्नेतर्फ सम्बन्धित निकायले समयमै ध्यान दिनुपर्दछ।

कपास विकास समिति

कपास खेतीको विकास तथा विस्तार गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०३७।९।१ मा नेपाल राजपत्रमा प्रकाशित कपास विकास समिति (गठन आदेश) २०३७ बमोजिम यो समिति गठन भई

सञ्चालनमा आएको हो। कपास विकास समितिको प्रमुख उद्देश्यहरूमा कपास बालीको क्षेत्रफल तथा उत्पादन वृद्धि गर्ने, कपास उद्योगलाई भरपर्दो आपूर्ति व्यवस्था गरी आयात प्रतिस्थापन गर्ने, देशमा स्थापित कपडा तथा धागो उद्योगलाई चाहिने कच्चा पदार्थ उत्पादन गर्ने, सीमान्त कृषकको आयस्तरमा वृद्धि गर्ने, ग्रामीण रोजगारीका थप अवसरहरू प्रदान गर्ने लगायत रहेका छन्।

८४. **आय-व्ययको अवस्था —** समितिको आय व्ययको विवरण निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
बिक्री/सेवा शुल्क	९२५	प्रत्यक्ष खर्च	०
अनुदान	१४३६५	सञ्चालन खर्च	४२०५
अन्य आय	४८६	कर्मचारी खर्च	६९५९
		अन्य खर्च	२६६५
		जम्मा	**१३८२९**
		यो वर्षको बचत	१९४७
जम्मा	**१५७७६**	**जम्मा**	**१५७७६**

समितिले यो वर्ष बिक्री तथा सेवा शुल्क, नेपाल सरकारको अनुदान र अन्य आयसमेतबाट रु.१ करोड ५७ लाख ७६ हजार आय गरेकोमा सञ्चालन, कर्मचारी र अन्य खर्चमा गरी रु.१ करोड ३८ लाख २९ हजार व्यय गरेको देखिन्छ। वर्षान्तमा रु.१९ लाख ४७ हजार बचत रहेको छ।

८५. **सञ्चालन अवस्था -** समितिले यो वर्ष १८ हजार ८ सय ४५ किलोग्राम कपास उत्पादन गरेकोमा १० किलोग्राम बिक्री गरेको छ। कपास उत्पादन एवं प्रवर्धन गरी वित्तीय रूपमा सञ्चालन आत्मनिर्भर हुनुपर्नेमा नेपाल सरकारको अनुदान र सिर्जित सम्पत्तिहरूको बहाल आम्दानीबाट सञ्चालन हुनुका अतिरिक्त उत्पादित रेशा कपासको बिक्री परिमाणसमेत प्रत्येक वर्ष ह्रास हुँदै आएको छ। यसरी उत्पादन कम हुनु र भएको उत्पादन पनि बिक्री नहुँदा सञ्चित नोक्सानी बढ्दै गएको देखिन्छ। समितिले यो वर्ष रु.१४ लाख ११ हजार ३०० आम्दानी गरेकोमा रु.१ करोड २४ लाख ९१ हजार खर्च गरी नेपाल सरकारको अनुदान बाहेक रु.१ करोड १० लाख ७९ हजार नोक्सानी भएको देखिन्छ। समितिको हालसम्मको सञ्चित नोक्सानी रु.६ करोड २० लाख ६२ हजार पुगेको छ। जुन शेयर पुँजीको २.१७ गुणा हुन आउँछ।

८६. **ऋण हिसाब -** समितिले गत विगत वर्षदेखि वासलातमा एसियाली विकास बैङ्कको ऋण रु.१५ करोड ६४ लाख ७० हजार रहेको लेखाङ्कन गर्दै आएको छ। उक्त ऋण २०४२।४३ मा १ प्रतिशत ब्याजदरमा लिएकोमा सोको साँवा र ब्याज भुक्तानी गरेको देखिँदैन। अतः बाँकी ऋण सम्बन्धमा यकिन गरी फरफारक गर्नुपर्दछ।

८७. **जग्गा अतिक्रमण** - बर्दिया जिल्लाभित्रको पूर्वमा गाईखोला र जङ्गलको खेतीयोग्य जमिन, पश्चिममा भादा खोला जङ्गल नजिकको खेतीयोग्य जमिन, उत्तरमा महेन्द्र राजमार्ग र दक्षिणमा गुलरियासहितको ४ किल्लाभित्रको ११ हजार ५ सय हेक्टर जमिनमध्ये कपास खेतीका लागि आवश्यक जग्गा ७ हजार ४१० हेक्टरमात्र कृषि विभागलाई वन मन्त्रालयले उपलब्ध गराउने नेपाल सरकार मन्त्रीपरिषदबाट निर्णय भएको देखिन्छ। उक्त जग्गामध्ये ५५० हेक्टर जग्गा कपास विकास समितिले भोगचलन गरी

कपास उत्पादन, प्रशोधन र बिक्री वितरण गरी कपास आपूर्तिमा योगदान पुऱ्याउँदै आएकोमा २०६० भाद्र महिनादेखि १ हजार ५०० घर परिवारले जग्गा जमिन अतिक्रमण गरेको विवरण समितिले पेस गरेको छ। सो सम्बन्धमा विगत वर्षका प्रतिवेदनमा समेत औँल्याइएकोमा उक्त जग्गाको संरक्षण भएको नदेखिएकाले सोको संरक्षणतर्फ ध्यान दिनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा तोकिएको लक्ष्यअनुसार आयोजनामा प्रगति हासिल नभएको, परामर्श सेवा खर्चमा नियन्त्रण नभएको, सोझै भुक्तानी रकम लेखापरीक्षणको दायरामा नआएको, सङ्गठन संरचनाको उपयुक्त विश्लेषण नभएको, रासायनिक मलमा दिइने अनुदान रकमको पुनरावलोकन नभएको, बाली तथा पशुपन्छी बिमाको अनुगमन नभएको, शीतभण्डार निर्माण कार्य सम्पन्न हुन नसकेको लगायतका बेहोरा औँल्याएकोमा यो वर्ष पनि स्थिति यथावत् नै छ। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १४८ निकायमा रु.२० करोड ४३ लाख १८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ८९ लाख ७७ हजार फर्स्यौंट गरेकोले रु.१८ करोड ५३ लाख ४१ हजार बाँकी रहेको छ। सोमध्ये रु.४ करोड ४७ लाख ८६ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित संस्था, समिति र अन्य संस्थातर्फ ४ निकायमा रु.४ करोड ७६ लाख ४४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२१ लाख ७४ हजार फर्स्यौंट गरेकोले रु.४ करोड ५४ लाख ७० हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

खानेपानी मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्रमा खानेपानी सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, अनुगमन, कार्यान्वयन, नियमन र मूल्याङ्कन गर्ने, राष्ट्रियस्तरका प्रशोधनसहितका बृहत् ढल प्रशोधन आयोजनाहरूको पहिचान, निर्माण र नियमन गर्ने, मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय गर्ने र मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान र कम्पनी आदिको सञ्चालन र नियमन गर्नेलगायतका कार्य तोकिएको छ। मन्त्रालय र मातहत सरकारी कार्यालय र सङ्गठित संस्थासमेत ३७ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ३३ सरकारी कार्यालयको निम्नानुसार रु.१० अर्ब ६० करोड ७४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८५०७५	६२८	१९४३५	९३६	१०६०७४

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई विभिन्न स्थानीय निकायले खर्च गरेको रु.५३ लाख समावेश छैन।

२. **सङ्गठित संस्था र अन्य संस्था -** यो वर्ष ४ संस्थाको रु.७५ अर्ब २८ करोड १० लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। मन्त्रालयअन्तर्गतका नेपाल खानेपानी संस्थान र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको २०८०।८१ तथा खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगको २०७९।८० को लेखापरीक्षण बक्यौता रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष लिफ्टिङ्ग खानेपानी आयोजना स्थिति विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **दिगो विकास लक्ष्य र आवधिक योजना कार्यान्वयन -** दिगो विकास लक्ष्य ६ अन्तर्गत सबैको लागि खानेपानी तथा सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने लक्ष्य रहेको छ। त्यसैगरी पन्ध्रौं योजनाले समेत सूचकहरू निर्धारण गरेको छ। खानेपानी मन्त्रालयसँग सम्बन्धित दिगो विकास लक्ष्य र पन्ध्रौं योजनाले तोकेका सूचकमध्ये प्रमुख सूचकको लक्ष्य र प्रगति स्थिति देहायबमोजिम छः

क्र. सं.	विवरण	एकाइ	दिगो विकास लक्ष्य सन् २०३०	आवधिक योजनाको लक्ष्य	यस वर्ष सम्मको लक्ष्य	यस वर्ष सम्मको प्रगति
१	आधारभूत स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या	प्रतिशत	१००	९९	९७	९६
२	उच्च तथा मध्यम स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या	प्रतिशत	१००	४५	३०	२८
३	प्रशोधनसहितको ढल प्रणालीबाट लाभान्वित जनसङ्ख्या	प्रतिशत	५०	३०	६	२

प्रशोधनसहितको ढल प्रणाली र उच्च तथा मध्यमस्तरको खानेपानी सेवातर्फ हालसम्मको प्रगति सन्तोषजनक नदेखिएकोले तोकिएको समयमा लक्ष्य हासिल गर्न कठिनाइ हुने देखिन्छ। दिगो विकास लक्ष्यलाई आवधिक योजना र नीति तथा कार्यक्रममा आन्तरिकीकरण गरी कार्य सम्पादन गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** मन्त्रालयको नीति तथा कार्यक्रम,२०८०।८१ को लागि स्वीकृत कार्यक्रममध्ये निजीक्षेत्रबाट उत्पादन र वितरण भइरहेको खानेपानीको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी अनुगमन गर्ने, मधेश प्रदेशलगायत तराईका विभिन्न जिल्लामा गुणस्तरीय खानेपानीका लागि आर्सेनिक न्यूनीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने, शहरी क्षेत्र तथा राजमार्ग वरिपरि यात्री, पर्यटक, सेवाग्राहीको अधिक चाप हुने सार्वजनिक स्थानमा निजी तथा सामुदायिक साझेदारीमा कम्तीमा एक हजार सार्वजनिक शौचालय र विश्रामस्थल निर्माण गर्ने, राजमार्गहरूमा सार्वजनिक-निजी साझेदारीमा स्मार्ट रोडसाईड स्टेशन निर्माण गर्ने उल्लेख भएकोमा उक्त कार्यक्रमहरू बजेटमा समावेश भएको पाइएन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमलाई बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम तथा प्रगति -** मन्त्रालयबाट प्राप्त २०८०।८१ को वार्षिक प्रगति प्रतिवेदनअनुसार निम्न कार्यक्रम तथा आयोजनाको वित्तीय तथा भौतिक प्रगतिको अवस्था देहायबमोजिम छः

क्र. सं.	कार्यक्रम/आयोजना	वार्षिक बजेट (रू.लाखमा)	वित्तीय प्रगति (प्रतिशत)	भौतिक प्रगति (प्रतिशत)
१.	ढल प्रशोधन केन्द्र (ढल निर्माण तथा प्रशोधन कार्यक्रम)	९००९	६९	८०
२.	शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना	२७२०५	५०	७०
३.	एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना	२१०४	४२	६१
४.	खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम	३७४३	३१	७०
५.	मेलम्ची खानेपानी आयोजना (पहिलो चरण)	६६३३	५७	८३
६.	मेलम्ची खानेपानी आयोजना (दोस्रो चरण)	१०३९३	१९	२४
	जम्मा	**५९०८७**	**४५**	**६५**

उल्लिखित विवरणअनुसार मन्त्रालय तथा मातहतका निकायबाट कार्यान्वयन भएका कार्यक्रमका लागि रू.५ अर्ब ९० करोड ८७ लाख विनियोजन भएकोमा रु.२ अर्ब ६५ करोड ८९ लाख (४५ प्रतिशत) खर्च भई ६५ प्रतिशत भौतिक प्रगति रहेको छ। समयमा नै वार्षिक प्रगतिको समीक्षा गरी तोकिएबमोजिमको लक्ष्य हासिल गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य, २०८०।८१ मा उल्लेख भएका कार्यक्रम कार्यान्वयन नभएका तथा न्यून प्रगति भएका बेहोरा देहायबमोजिम छन्:

७.१. यो वर्ष आधारभूत स्तरको खानेपानी सेवा ९७ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९६ प्रतिशत र उच्च मध्यमस्तरको खानेपानी सेवा ३० प्रतिशतलाई पुऱ्याउने लक्ष्य रहेकोमा २८ प्रतिशतलाई पुगेको देखिन्छ।

७.२. मकवानपुरको सिस्नेरी र ठोस्ने खोला तथा भक्तपुरको महादेव खोलाबाट पानी आपूर्ति गर्न सम्भाव्यता अध्ययन गर्ने, काठमाडौं उपत्यकाभित्र नयाँ पाइपबाट पानी वितरण गर्ने, दोस्रो चरणअन्तर्गत कीर्तिपुर, भक्तपुर, ठिमी, जोरपाटी, टोखा, सुख्खाग्रस्त क्षेत्रमा सञ्चालित धादिङको गजुरी, दैलेखको महाबु, चितवनको दिव्यनगर र भण्डारा खानेपानी आयोजना, सुर्खेतको पञ्चपुरी खानेपानी आयोजना, धरान, भरतपुर, सुर्खेत,

नेपालगञ्ज, जनकपुर, धनगढी र लुम्बिनीमा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन गर्नेलगायतका कार्य सम्पन्न हुन सकेको छैन।

७.३. सह-लगानी खानेपानी आयोजनाअन्तर्गत संखुवासभाको चैनपुर, चितवनको जुटपानी, बागलुङको बागलुङ बजार, झापाको मेचीनगरमा आयोजना निर्माण सम्पन्न गर्ने उल्लेख भएकोमा सम्पन्न भएका छैनन्। काठमाडौंको धोबीघाट, हनुमानघाट र भत्केपाटी चिखुँ, झापाको दमक, ललितपुरको झिकुवा महालक्ष्मीमा ढल निर्माण तथा फोहर पानी प्रशोधन केन्द्रको निर्माण कार्य हुन सकेको छैन।

७.४. मेलम्ची जलाधारको भौगोलिक अध्ययन प्रतिवेदनको आधारमा मेलम्ची खानेपानी आयोजनाको भरपर्दो पानी पथान्तरणको व्यवस्था मिलाउने उल्लेख भएकोमा सो कार्य अघि बढेको छैन। त्यस्तै याङग्री र लार्के खोलाको पानीसमेत मेलम्ची खानेपानी वितरण प्रणालीमा आबद्ध गर्ने कार्यक्रमअन्तर्गत १०.४८ किलोमिटर पहुँचमार्ग निर्माणको कार्य भइरहे तापनि सुरुङ निर्माण, हेडवर्क्स निर्माण, पानी प्रशोधन केन्द्र निर्माण जस्ता कार्यहरू सुरु भएको छैन।

यस वर्षको लेखापरीक्षणबाटः

- *विभिन्न १२ कार्यालयले रु.१६ करोड ६ लाख ५ हजार मूल्यका पाइप/फिटिङस् मौज्दात रहने गरी खरिद गरेको,*
- *विभिन्न कार्यालयहरूबाट बढी भुक्तानी भएको रू.१ करोड २ लाख ७ हजार असुल हुनुपर्ने,*
- *एउटै कार्य दुई आइटममा राखी रू.३९ लाख ६७ हजार दोहोरो भुक्तानी भएको रकम असुल हुनुपर्ने,*
- *विभिन्न निकायहरूले पूर्वाधार विकास कार्य गर्दा काठमाडौं उपत्यकाका पाइपलाइनमा क्षति भएको रू.२ करोड ३ लाख ५० हजार सम्बन्धितबाट असुल हुनुपर्ने,*
- *आयोजना कार्यान्वयन निर्देशनालयले एक ठेक्का अन्त्य गरेकोमा रू.२ अर्ब ५९ करोड ९९ लाख असुल हुनुपर्ने लगायतका बेहोरा देखिएका छन्।*

बजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रमहरू लक्ष्यअनुरूप सम्पादन गर्नुपर्दछ।

८. **बजेट र खर्च -** यस मन्त्रालयका लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको अवस्था निम्नानुसार छः

(रु.लाखमा)

बजेट	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु	१३०४७	१२३५४	६४७६	५२
पुँजीगत	१२१३८३	१२१९३१	७७८४६	६४
जम्मा	**१३४४३०**	**१३४२८५**	**८४३२२**	६३

मन्त्रालयको शीर्षकगत विनियोजन र खर्चको तुलना गर्दा चालुतर्फ ५२ प्रतिशत र पुँजीगततर्फ ६४ प्रतिशत मात्र खर्च भएकोले कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको देखिएन। विनियोजन बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९. **वैदेशिक सहायताबाट सञ्चालित आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तरसमेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले उपलब्ध गराएको वैदेशिक सहायताबाट सञ्चालित आयोजनाहरूको विवरण निम्नानुसार छः

(रु.लाखमा)

क्र. सं.	आयोजनाको नाम	कुल बजेट	वैदेशिक	दातृ निकाय/सहयोग	नेपाल सरकार	यो वर्षको खर्च	खर्च प्रतिशत
१	काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय	३०८३३	१०९४०	एसियाली विकास बैङ्क ऋण	१९८९३	२५९२८	८४.०९
२	मेलम्ची खानेपानी आयोजना	१७०२६	४०१	एसियाली विकास बैङ्क ऋण	१६६२५	५७९०	३४.०१
३	सहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत) आयोजना, आयोजना व्यवस्थापन कार्यालय	२७२०६	२१९१८	एसियाली विकास बैङ्क ऋण	५२८८	१३४७०	४९.५१
४	जनसाधन विकास कार्यक्रम	३७७	३०	एसियाली विकास बैङ्क अनुदान	३४७	२७४	७२.६७
५	खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रम	३७४३	२९९४	विश्व बैङ्क ऋण	७४९	११७०	३१.२६

उल्लिखित आयोजनामा खर्च प्रतिशतको आधारमा सबैभन्दा कम खानेपानी सुशासन तथा पूर्वाधार प्रवर्धन कार्यक्रमको ३१.२६ प्रतिशत र सबैभन्दा बढी काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयको ८४.०९ प्रतिशत रहेको छ। त्यस्तै खर्चको दृष्टिले सबैभन्दा बढी काठमाडौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालयले रु.२ अर्ब ५९ करोड २८ लाख खर्च गरेको छ। वैदेशिक सहायताको उपयोगमा दक्षता अभिवृद्धि गरी अपेक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

१०. **राष्ट्रिय गौरवका आयोजना** – यस मन्त्रालयअन्तर्गत राष्ट्रिय गौरवको आयोजनाको रूपमा मेलम्ची खानेपानी आयोजना रहेको छ। आयोजनाको समग्र अवस्था निम्नानुसार छः

(रु. लाखमा)

क्र. सं.	आयोजनाको चरण	सुरु वर्ष	सम्पन्न हुने वर्ष	लागत अनुमान	यो वर्षको खर्च	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१	मेलम्ची खानेपानी आयोजना(पहिलो चरण)	२०५५।५६	२०८५।८६	२८७८६८	३८०६	३०५८६४	९९ (बाढीबाट क्षति हुनु अघिको)
२	काठमाडौं उपत्यका थोक खानेपानी प्रसारण आयोजना(दोस्रो चरण)	२०७४।७५			१९८४	१३२८५	८.६७

उल्लिखित विवरणअनुसार २०५५।५६ देखि सुरु भएको उक्त आयोजनाको लागत अनुमान रु.२८ अर्ब ७८ करोड ६८ लाख रहेकोमा यो वर्ष रु.५७ करोड ९० लाखसमेत यस वर्षसम्म रू.३१ अर्ब ९१ करोड ४९ लाख खर्च भएको छ। सुरु लागत अनुमानभन्दा बढी खर्च भएकोमा आयोजनाले संशोधित लागत अनुमान तयार गरेको छैन। आयोजनाको दोस्रो चरणअन्तर्गत सञ्चालित क्रियाकलापमा यस वर्षसम्मको समग्र भौतिक प्रगति ८.६७ प्रतिशत रहेको छ। आयोजनाको दोस्रो चरणका मुख्य कार्यहरू सुरुङ निर्माण, हेडवर्क्स निर्माण र पानी प्रशोधन केन्द्र निर्माणलगायतका कार्य रहेकोमा पहुँच मार्ग र सोमा पर्ने पुल निर्माण कार्य मात्र भइरहेको छ।

११. **निर्मित संरचनाको अभिलेख** - विभाग र मातहतका आयोजनाले आफ्नो क्षेत्राधिकारभित्र रहेका पानी टङ्की, पाइप लाइनलगायतका खानेपानी तथा सरसफाइका मुख्य संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र खर्च रकम खुलाई सोको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा राख्नुपर्दछ। महालेखा

नियन्त्रक कार्यालयले तयार गरेको सम्पत्तिको एकीकृत विवरण प्रतिवेदन, २०८०।८१ मा खानेपानी मन्त्रालयअन्तर्गत रु.५ करोड ४ लाख ८७ हजार मूल्यको भवन र संरचना, रु.८३ करोड ६९ लाख ८५ हजार मूल्यको मेसिनरी र उपकरण, रु.२७ करोड २५ लाख २९ हजार मूल्यको अन्य स्थिर सम्पत्तिसमेत रु.१ अर्ब १६ करोड १ हजार मूल्यको सम्पत्ति रहेको खुलाएको छ। मन्त्रालय अन्तर्गतका निर्मित, निर्माणाधीन संरचनासहित सम्पूर्ण सम्पत्तिको विवरण खुल्ने गरी अभिलेख व्यवस्थित गरेको पाइएन। अभिलेख व्यवस्थित नहुँदा पूर्वाधारको आवश्यकता पहिचान, नयाँ निर्माण, विद्यमान पूर्वाधारको मर्मत तथा सम्भारसम्बन्धी सूचना प्राप्त नहुने अवस्था छ। निर्मित संरचना तथा सबै प्रकारका सम्पत्तिको विवरण प्रणालीमा पूर्णरूपमा प्रविष्ट गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

१२. **अधुरा आयोजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने, नियम १२८ मा निर्माण व्यवसायीले खरिद सम्झौताको उल्लङ्घन गरेमा समयमा कार्य सम्पन्न हुन नसकेमा सम्बन्धित निर्माण व्यवसायीबाट क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिम काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गर्ने व्यवस्था छ। मन्त्रालयले उपलब्ध गराएको अधुरा तथा रूग्ण आयोजनाहरूको विवरण निम्नानुसार छः

(रु. लाखमा)

क्र. सं.	प्रदेश	सम्पन्न गर्नुपर्ने अवधि समाप्त भएको समयावधि	खरिद सम्झौता सङ्ख्या	बाँकी कार्यको लागत
१	कोशी	१ देखि ५ वर्षसम्म	१४	७५६६
		५ देखि १० वर्षसम्म	१४	
		१० वर्षभन्दा माथि	८	
२	मधेश	१ देखि ५ वर्षसम्म	९२	१३९८७
		५ देखि १० वर्षसम्म	७६	
		१० वर्षभन्दा माथि	८	
३	लुम्बिनी	१ देखि ५ वर्षसम्म	२६	६८७०
		५ देखि १० वर्षसम्म	२२	
		१० वर्षभन्दा माथि	३	
४	सुदूरपश्चिम	१ देखि ५ वर्षसम्म	७	१५१०
		५ देखि १० वर्षसम्म	४	
		१० वर्षभन्दा माथि	६	
		जम्मा	**२८०**	**२९९३३**

उल्लिखित २८० ठेक्का २०६१।६२ देखि २०७८।७९ सम्म सम्पन्न हुनुपर्नेमा सम्पन्न नभएको उल्लेख छ। त्यस्ता ठेक्काको सम्झौता रकम र भुक्तानी भएको रकमको विवरण मन्त्रालयले राखेको छैन। मन्त्रालयले उक्त ठेक्काको बाँकी काम सम्पन्न गर्न रु.२ अर्ब ९९ करोड ३३ लाख लाग्ने अनुमान गरेको छ। खानेपानी एवं सरसफाइसँग सम्बन्धित आयोजना पूरा नहुँदा आयोजनाबाट अपेक्षित प्रतिफल प्राप्त नहुने भएकाले तोकिएको समयमै सम्पन्न गरी अपेक्षित लाभ प्राप्त गर्नुपर्दछ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग

१३. **मापदण्ड कार्यान्वयन -** विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ मा राष्ट्रिय प्रकृतिका ठुला आयोजना, सह-लगानीमा निर्माण हुने वैदेशिक सहायताका आयोजना, ढल प्रशोधनसहितका आयोजना, तराईमा १५ हजार, पहाडमा ५ हजार र हिमालमा १ हजारभन्दा बढी जनसङ्ख्यालाई खानेपानी सेवा पुऱ्याउन, खानेपानीको स्रोत र वितरण छुट्टाछुट्टै प्रदेशमा पर्ने खानेपानी आयोजनाहरू र ठुलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरमैला व्यवस्थापन तथा प्रशोधनका कार्यहरू सङ्घीय सरकारले सञ्चालन गर्ने उल्लेख छ। खानेपानीसम्बन्धी योजनाहरूको निर्माण कार्य, मर्मत सम्भारलगायतका कार्यहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट हुँदै आएका छन्। मन्त्रालय तथा विभागबाट प्राप्त विवरणअनुसार २०८०।८१ मा सञ्चालित योजनाहरू निम्नानुसार छन्:

क्र.सं.	योजनाको लागि विनियोजित बजेट	योजना सङ्ख्या	जम्मा रकम (रु.हजारमा)
१	१ लाख देखि ५ लाखसम्मको	६९२	२०४४३५
२	५ लाख देखि १० लाखसम्मको	१७०	१२७०१५
३	१० लाखदेखि २० लाखसम्मको	८१	१५५९५०
४	२० लाखदेखि ५० लाखसम्मको	१२८	४९४७२२
५	५० लाखदेखि १ करोडसम्मको	८१	७२४१००
६	१ करोडदेखि ३ करोडसम्मको	११५	२५४५१२३
७	३ करोडभन्दा माथिको	६०	४८२०८५५
	जम्मा	**१३२७**	**९०७२२००**

मन्त्रालयले वार्षिक विकास कार्यक्रम २०८०।८१ मा सङ्घीय निकायहरूबाट सञ्चालन हुने गरी खानेपानी तथा फोहोरमैला व्यवस्थापन तथा प्रशोधनका योजना कार्यान्वयनका लागि रु.१ लाखदेखि रु.५० लाखसम्मका १ हजार ७१ योजनामा रु.९८ करोड २१ लाख २२ हजार विनियोजन गरेको, रु.५० लाखदेखि १ करोडसम्मका ८१ योजनामा रु.७२ करोड ४१ लाख विनियोजन गरेको तथा रु.१ करोडदेखि ३ करोडसम्मका ११५ योजनामा रु.२ अर्ब ५४ करोड ५१ लाख विनियोजन गरेको पाइयो। तीनवटै तहका सरकारले खानेपानी तथा ढल निकासजन्य आयोजना सञ्चालन गरेको अवस्था छ। आयोजना सञ्चालन तथा व्यवस्थापनमा कार्य क्षेत्र तथा मापदण्ड स्पष्ट नहुँदा विभिन्न निकायबाट सम्पादन भएको कार्यमा समन्वय हुन सकेको छैन। अतः खानेपानी तथा ढल व्यवस्थापन सम्बन्धमा तहगत सरकारका निकायहरूबिच अन्तरनिकाय कार्यगत समन्वय र कार्यगत स्पष्टता हुनुपर्दछ।

१४. **खानेपानीको गुणस्तर -** खानेपानी सेवा उपलब्ध गराउने निकाय तथा संस्थाहरूले वितरण गर्ने खानेपानीको गुणस्तर निर्धारणको लागि नेपाल सरकारले खानेपानी गुणस्तर मापदण्ड, २०७९ तर्जुमा गरेको छ। यो वर्ष विभाग अन्तर्गत खानेपानी गुणस्तर कार्यक्रममा रू.४६ करोड ३१ लाख विनियोजन भएकोमा मातहतका कार्यालय समेतले पानीको गुणस्तर परीक्षण र प्रशोधन, क्लोरिनेसन युनिट जडान, वाटर टेस्ट कीट खरिद लगायतका कार्यमा रू.२० करोड ९१ लाख खर्च गरेका छन्। सर्वसाधारणलाई वितरण हुने खानेपानीको गुणस्तर उक्त मापदण्डअनुसार भएको सुनिश्चितताको लागि खानेपानी वितरण गर्ने आयोजनाहरूले गुणस्तर मापन गरी आयोजनागत अभिलेख राखेको देखिएन। खानेपानीको नियमित परीक्षण गरी अभिलेख राख्नुका साथै मापदण्डअनुसार गुणस्तर सुनिश्चित गरी खानेपानी वितरण गर्नुपर्दछ।

१५. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम त्रैमासिक अवधिमा गरिसक्नुपर्ने व्यवस्था छ। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना खोटाङ, जनकपुर, चितवन, पोखरा र धनगढीले यो वर्ष रु.७२ करोड ८८ लाख ४९ हजारको २२ ठेक्का सम्झौता गरेकोमध्ये प्रथम त्रैमासिकमा रु.२३ लाख ३ हजारको १ दोस्रो त्रैमासिकमा रू.१ करोड २ लाख १० हजारको १, तेस्रो त्रैमासिकमा रू.१ करोड १३ लाख ३ हजारका ४ र चौथो त्रैमासिकमा रू.७० करोड ५० लाख ३३ हजारको १६ खरिद सम्झौता गरेको पाइयो। नियमावलीको व्यवस्थाअनुसार समयमै ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

१६. **पाइप/फिटिङ्स मौज्दात -** नेपाल सरकार (सचिवस्तर) को २०६२।११।८ को निर्णय एवं खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रअनुसार पाइप तथा फिटिङस्/औजार खरिद गर्न गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्नुपर्ने तथा अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने उल्लेख छ। विभागअन्तर्गतका विभिन्न १३ कार्यालयबाट प्राप्त विवरणअनुसार रु.१६ करोड ६ लाख ५ हजार मूल्यका विभिन्न साइजका पाइप तथा फिटिङ्स वर्षान्तमा मौज्दातमा रहेको पाइयो। आर्थिक वर्षको अन्त्यमा आवश्यक मात्रामा मौज्दात रहने गरी पाइप तथा फिटिङ्स खरिद गर्नुपर्दछ। सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

१७. **कन्टिन्जेन्सी खर्च -** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था छ। विभाग अन्तर्गतका विभिन्न २० कार्यालयबाट प्राप्त विवरणअनुसार कन्टिन्जेन्सी खर्चतर्फ यो वर्ष रु.१३ करोड ४१ लाख ६२ हजार खर्च भएको छ।

(रु.हजारमा)

खर्च शीर्षक	खर्च रकम	खर्च शीर्षक	खर्च रकम
ज्याला तथा पारिश्रमिक	२७३७०	इन्धन	१७०१५
मर्मत सम्भार	१४८४१	कार्यालय सञ्चालन	१७८३७
दैनिक भ्रमण भत्ता	३३३८६	छपाइ, सूचना तथा अन्य खर्च	२३७१३
		जम्मा	**१३४१६२**

विभागअन्तर्गतका २० सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनामध्ये १५ आयोजनाले यो वर्ष विभिन्न योजनाको निर्माण कन्टिन्जेन्सीबाट सुपरभाइजर नियुक्त गरी रु.२ करोड ७३ लाख ७० हजार खर्च लेखेकोमा निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राखेका छैनन्। महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याअनुसार विभिन्न खर्च सङ्केत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत सम्भार, दैनिक भ्रमण भत्ता, इन्धन, कार्यालय सञ्चालन तथा स्टेसनरी छपाइ, सूचना प्रकाशन, मसलन्द, खप्ने र नखप्ने जिन्सी मालसामान खरिद तथा अन्य कार्यमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको छ। उक्त खर्च एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार मेल खाने देखिँदैन। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी खर्चलाई ठेक्का एवं योजनाअनुसार नापी किताबमा उल्लेख गरेको समेत देखिएन।

१८. **सहलगानी कार्यक्रम** - सहलगानी आयोजना कार्यान्वयन निर्देशिका, २०७२ को बुदाँ नं. ५ मा मौजुदा खानेपानी आयोजनाको सेवा क्षेत्र विस्तार वा नयाँ आयोजनाको निर्माण कार्यमा उपभोक्ता संस्थाले कुल लागतको कम्तीमा ३० प्रतिशत र नेपाल सरकारले ७० प्रतिशत पुँजीगत लगानी गर्ने व्यवस्था छ। आयोजनाले उक्त योजना कार्यान्वयन गर्दा नेपाल सरकारले ७० प्रतिशत, उपभोक्ता समितिले २५ प्रतिशत र स्थानीय तहले ५ प्रतिशत बेहोर्नुपर्ने गरी सम्झौता गरेको देखियो। निर्देशिकाबमोजिम उपभोक्ता समितिले ३० प्रतिशत रकममध्ये ५ प्रतिशत रु.३५ लाख ५९ हजार लम्कीचुहा नगरपालिका, कैलालीले बेहोर्ने गरी सम्झौता भएकोले उपभोक्ता समितिको जनसहभागिता घटी भएको छ। निर्देशिकाको व्यवस्था पालना गरेर मात्र योजना सञ्चालन गर्नुपर्दछ।

१९. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौताअनुसार सार्वजनिक निकायले भुक्तानी गर्दा नापी किताबमा मूल्याङ्कन गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। विभाग अन्तर्गतका ६ खानेपानी तथा ढल व्यवस्थापन आयोजना र शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना, पानीपोखरीले विभिन्न योजनाको रकम भुक्तानी गर्दा देहायअनुसार रु.१ करोड २ लाख ७ हजार बढी भुक्तानी गरेका छन्:

क्र.सं.	कार्यालय	बढी भुक्तानी रकम(रु.हजारमा)
१.	खानेपानी तथा ढल व्यवस्थापन आयोजना, इलाम	२६७
२.	खानेपानी तथा ढल व्यवस्थापन आयोजना, लमजुङ	७१९
३.	खानेपानी तथा ढल व्यवस्थापन आयोजना, बुटवल	४५२
४.	खानेपानी तथा ढल व्यवस्थापन आयोजना, सुर्खेत	८२१
५.	खानेपानी तथा ढल व्यवस्थापन आयोजना, पोखरा	३९६७
६.	खानेपानी तथा ढल व्यवस्थापन आयोजना, धनगढी	१०८
७.	शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना, पानीपोखरी	३८७३
	जम्मा	**१०२०७**

बढी भुक्तानी भएको उक्त रकम असुल गर्नुपर्दछ।

२०. **असम्बन्धित आइटम** - सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधन, साइट अफिस भाडाजस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्न र लागत वृद्धि नियन्त्रण गर्न नीति बनाउने निर्देशन भएको छ। विभागअन्तर्गतका ३ कार्यालयले ठेक्काको बिल अफ क्वान्टिटीमा त्यस्ता आइटम राखी रु.७५ लाख १७ हजार भुक्तानी दिएको पाइयो। सार्वजनिक लेखा समितिको निर्देशनअनुसार निर्माण कार्यमा असम्बन्धित आइटम समावेश गर्ने कार्यमा नियन्त्रण गरी आयोजना कार्यान्वयनमा मितव्ययिता अपनाउनुपर्दछ। सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

२१. **फरक दर विश्लेषण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सबमोजिम उपनियम ४ अनुसार दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। विभागअन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, बुटवलले बाणगङ्गा खानेपानी योजना कपिलवस्तुमा ४५० घन मिटरको दुई ओभरहेड ट्याङ्की निर्माण कार्यको लागि सो कम्पोनेन्टभित्रको कंक्रिट कार्यको दर विश्लेषण गर्दा जिल्ला दररेटले तोकेको दक्ष र अदक्षको प्रतिदिन दर क्रमशः रु ८०० र रु ५६५ प्रयोग गर्नुपर्नेमा नवलपरासी

जिल्लाको दररेट क्रमशः रु.१ हजार २२० र रु.७२० प्रयोग गरेको देखियो। कपिलवस्तु जिल्लाको दररेट प्रयोग गर्दा रु.४ करोड ५ लाख ६७ हजारको लागत अनुमान हुनेमा रु.४ करोड २२ लाख १६ हजारको लागत अनुमान तयार भएकोले लागतमा मूल्य अभिवृद्धि करसहित रु.१८ लाख ३३ हजार वृद्धि भएको छ। यथार्थपरक लागत अनुमान तयार गर्नुपर्दछ।

२२. **दोहोरो भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा सम्झौताबमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, पोखराले तनहुँस्थित बृहत् खानेपानी पम्पिङ तथा स्यानिटेसन आयोजना निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०७९।३।१४ मा रु.१७ करोड ९९ लाखको सम्झौता गरेकोमा छैटौं रनिङ बिलसम्म रु.६ करोड ३८ लाख १५ हजार भुक्तानी गरेको छ। उक्त सम्झौताको बिल अफ क्वान्टिटीको आइटम नम्बर २४ मा माटो खन्ने र पुर्ने कामको परिमाण २८ हजार ६५४.७५ घनमिटर रहेकोमा सोको दर रु. ५०० रहेको छ। त्यसैगरी आइटम नम्बर २६ मा माटो पुर्ने कामको परिमाण २८ हजार ३७६ घनमिटर रहेकोमा सोको दर रु.१६० रहेको छ। आयोजनामा छैटौं रनिङ बिलसम्म आइटम नम्बर २४ मा २४ हजार ७९६.४२ घनमिटर खन्ने र पुर्ने काम गरेकोमा आइटम नम्बर २६ मा समेत सोही परिमाणको पुर्ने कामको नापी गणना गरी भुक्तानी गरेको पाइयो। यसरी एउटै कार्य दुई आइटममा राखी भुक्तानी हुँदा रु.३९ लाख ६७ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

प्रथम, दोस्रो र तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाहरूको सफलतापश्चात् आयोजना सञ्चालन तथा यसको दिगोपनाका लागि २० शहरमा करिब ३ लाख २० हजार शहरी जनसङ्ख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सेवा तथा करिब ६४ हजार जनसङ्ख्यालाई सुधारिएको सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्यसहित २०७५।७६ देखि शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना सञ्चालनमा रहेको छ।

२३. **वित्तीय स्थिति र भौतिक प्रगति -** आयोजना सञ्चालनको लागि एसियाली विकास बैङ्कको ऋण सहयोगबाट अमेरिकी डलर १०० मिलियन, नेपाल सरकारको स्रोतबाट अमेरिकी डलर ३९.५ मिलियन र स्थानीय सरकार तथा उपभोक्ता समितिबाट अमेरिकी डलर ९ मिलियनसमेत अमेरिकी डलर १४८.५ मिलियन खर्च गर्ने अनुमान रहेको छ। आयोजनाले यस वर्षसम्म रू.१२ अर्ब ४८ करोड १३ लाख ७८ हजार खर्च गरेकोमध्ये सञ्चालन खर्चतर्फ ३.३१ प्रतिशत, भौतिक संरचना निर्माणतर्फ ८५.८९ प्रतिशत, सवारीसाधन तथा उपकरणतर्फ ३.०१ प्रतिशत र परामर्श सेवा तथा क्षमता अभिवृद्धितर्फ ७.७९ प्रतिशत रहेको छ। त्यसैगरी एसियाली विकास बैङ्कसँगको अनुदान सम्झौताअन्तर्गत कोभिड रेस्पोन्स कार्यक्रमतर्फ यो वर्ष रु.२३ करोड ३६ लाख ३३ हजारसमेत रू.४९ करोड २९ लाख ११ हजार खर्च भएको छ।

आयोजनाको २०८०।८१ मा वित्तीय प्रगति ४६.६१ प्रतिशत र भौतिक प्रगति ६३.५५ प्रतिशत भएकोमा यो वर्ष स्वीकृत कार्यक्रममध्ये स्काडा डाटा सेन्टर सर्भर तथा डाटा म्यानेजमेन्ट सिस्टम कार्यका लागि रु.५ करोड ३१ लाख १४ हजार विनियोजन भएकोमा सो कार्य सम्पन्न भएको छैन। स्वीकृत कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरी लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

२४. **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। यस आयोजनाले मल्टिपर्पोज सेल्टरका लागि रु.१ करोड ९ लाख ७ हजार बराबरको अस्पताल बेड, अक्सिजन सिलिन्डर तथा ह्यान्ड वास सेट खरिद गरी १० स्थानीय तहमा हस्तान्तरण गरेको छ। हस्तान्तरित सामग्रीहरू सम्बन्धित तहले जिन्सी दाखिला गरेको प्रमाण पेस गरेका छैनन्। जिन्सी दाखिला गरी सोको प्रमाण पेस गर्नुका साथै उपयोगको अभिलेख समेत राख्नुपर्दछ।

२५. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ तथा खरिद नियमावली, २०६४ को नियम ११९ मा मूल्य समायोजनसम्बन्धी व्यवस्था छ। भेरिएसनबाट थप भएका नयाँ आइटममा नयाँ दर कायम गरी भेरिएसन स्वीकृत भएकोमा खरिद सम्झौताको सुरु अवधिकै मूल्यसूची प्रयोग गरी मूल्य समायोजन भुक्तानी गर्न मिल्ने देखिँदैन। आयोजनाले पाँचखाल शहरी खानेपानी आपूर्ति तथा सरसफाइ योजनाको विभिन्न नयाँ आइटममा रु.१ करोड ६९ लाख ३० हजारको भुक्तानी गरेकोमा नयाँ आइटमको मूल्य समायोजन गणना गर्दा पुरानै मूल्य सूचकाङ्कले गणना गरी मूल्य समायोजन भुक्तानी गरेका कारण रु.३८ लाख ९ हजार बढी भुक्तानी भएको छ। नयाँ आइटममा मूल्य समायोजन रकम भुक्तानी दिन नमिल्ने भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

लिफ्टिङ खानेपानी आयोजना स्थिति

बजेट वक्तव्य २०६८।६९ को बुँदा नं. ३०५ मा रामेछापको सुक्खाग्रस्त क्षेत्र, सिन्धुपाल्चोकको बाह्रविसे, पाँचथरको यासोक र काभ्रेपलाञ्चोकको तिमाल लगायतका अत्यन्त सुक्खाग्रस्त क्षेत्रका जनतालाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउन प्राथमिकताका साथ विशेष आयोजना कार्यान्वयन गर्ने घोषणा पश्चात् यस आयोजनाको सुरुवात भएको हो। जलवायु परिवर्तनबाट असर नपर्ने पानीका स्रोत उपयोग गरी सुक्खा क्षेत्रअन्तर्गत पर्ने जिल्लाका विकट भौगोलिक स्थानमा छरिएर रहेका बस्तीमा खानेपानी सेवा पुऱ्याउने उद्देश्यका साथ लिफ्टिङ खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका छन्। नेपाल सरकारबाट ९० प्रतिशत र ९ प्रतिशत जनश्रमदान सहित १० प्रतिशत उपभोक्ता समूहबाट बेहोर्ने गरी जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनाले कार्य गरिरहेको छ। आयोजना निर्माण सम्पन्न भएको एक वर्षसम्म निर्माण व्यवसायीबाटै पानी आपूर्ति व्यवस्थापन गरी स्थानीय तहको सहयोगमा उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने व्यवस्था रहेको देखिन्छ। खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत जलवायु अनुकूलित बृहत् खानेपानी आयोजना व्यवस्थापन कार्यालयबाट आयोजना सञ्चालन, समन्वय, नियमन, सुपरीवेक्षण र अनुगमन गरेको छ। यो वर्ष लिफ्टिङ खानेपानी आयोजना सञ्चालन तथा कार्यान्वयन स्थिति सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

स्थानीय तह र जिल्ला समन्वय समितिको सहमतिमा उपभोक्ताको मागको आधारमा आयोजना छनौट हुने, मागपत्रमा सम्भाव्य मुहानबारे उल्लेख हुने, सम्बन्धित स्थानीय तहबाट स्वीकृतिको साथै खानेपानी र सरसफाइको वर्तमान अवस्था, उपभोक्ताहरूको तर्फबाट गरिने लागत साझेदारी लगायतका विषय प्रष्ट उल्लेख हुने भएकोले निर्माण तथा सञ्चालनमा सहजता हुने गरेको छ। निर्माण सम्पन्न भएपछिको एक वर्षसम्मको सञ्चालन खर्च लागत

अनुमानमा नै समावेश हुने र उक्त अवधिमा उपभोक्ता समितिलाई व्यावहारिक तथा सैद्धान्तिक ज्ञान दिई आयोजना उपभोक्तालाई हस्तान्तरण हुने गरेको छ। साथै निर्माण कार्य सुरु गर्नुभन्दा पहिले प्रतिबद्धता स्वरूप लागत अनुमानको एक प्रतिशत रकम उपभोक्ताबाट अग्रिम सङ्कलन गरी मर्मत कोष स्थापना गरेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

२६. **आयोजना सञ्चालन -** आयोजना व्यवस्थापन कार्यालयबाट प्राप्त विवरणअनुसार ६२ आयोजनाको निर्माण अवधि २ देखि ३ वर्ष हुने गरी खरिद सम्झौता भएकोमा कुनै पनि आयोजना तोकिएको अवधिभित्र सम्पन्न भएको देखिएन। समयमा सम्पन्न नभएका केही आयोजना निम्नानुसार छन्:

क्र. सं.	खानेपानी आयोजना	लाभग्राही घरधुरी सं.	सम्झौता रकम (रू. हजारमा)	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति (म्याद थप समेत)	हाल सम्मको भौतिक प्रगति प्रतिशत
१	कन्याम पंचकन्या	१४९८८	४५२००१	२०७३।०३।२२	२०७५।०९।२६	८४
२	तिमाल बृहत् (सुक्खाक्षेत्र)	९३७४	७७२३७२	२०७५।३।२६	२०८१।४।३१	१००
३	मण्डन देवपुर	५५०५	५३९१६५	२०७८।४।१३	२०८१।४।१२	९२
४	हलेसी क्षेत्र खोटाङ (बृहत् पम्पिङ) प्याकेज १	१८००	३१७५९६	२०७४।३।२१	२०७६।३।२०	९०
५	आइना मौवा- पाँचथर बृहत् पम्पिङ ख	८२३०	४५८६०४	२०७६।०९।२५	२०८१।०२।३०	१००
६	बेलुङ सल्यानकोट कार्कीगाउँ	४९५२	१०२२४४	२०८१।०३।२१	२०८१।०९।२१	९२
७	इन्द्रावती गाउँपालिका बृहत्	३१९३	२३८७१८	२०७७।०८।१७	२०८१।०८।२८	९८
८	दरौंदी-गोरखा,(बृहत् पम्पिङ्ग)	२४६३	४५१९१७	२०७४।०३।२७	२०८१।४।१०	१००
९	दरौंदी विरमकाली पम्पिङ्ग	१११३४	४७८८६३	२०७६।०९।२९	२०८१।०४।१०	९५
१०	पालुङटार(बृहत् पम्पिङ)	१५७५२	४११६९३	२०७८।०३।२५	२०८१।०३।२०	७८
११	लान्द्रुक अन्नपूर्ण बृहत्	३२१६	२१६७९४	२०७७।०३।२६	२०८२।६।३	६३
१२	रेसुङ्गा	३८३०	२५१२७१	२०७९।०६।२८	२०८१।१०।१८	९६
१४	छत्रकोट (बृहत् पम्पिङ)	६०२	११४६८०	२०७९।१०।१६	२०८१।०४।१६	८६
१४	चुलीमालिका (बृहत् पम्पिङ)	१४७८	१३७१३१	२०७७।१०।०७	२०८१।११।१५	७५
१५	धौलिगाड(बृहत्पम्पिङ) प्याकेज १	२२१५०	९१४८६०	२०७८।१२।०४	२०८१।१२।०४	४५
१६	सरूकोट बृहत्	१०३०	२४१२९६	२०७७।१०।०७	२०८१।१२।०३	९५
१७	शारदा नगरपालिका	६१४८	११४५३९	२०७८।०३।१८	२०८०।०३।१७	८०
१८	माथिल्लोडुङ्गेश्वर लोहोरेखोलाबैक दुल्लु लिफ्टिङ	१९८३	१९१९३०	२०७८।०४।१५	२०८०।१०।०१	८५

उपर्युक्त तालिकाअनुसार हलेसी क्षेत्र बृहत् पम्पिङ खानेपानी आयोजनाको पहिलो प्याकेजको कार्यको लागि २०७४।३।२१ मा खरिद सम्झौता भएकोमा २०८१ माघमा गरिएको स्थलगत अनुगमनसम्म सम्पन्न भएको पाइएन। यसै गरी लान्द्रुक अन्नपूर्ण बृहत् खानेपानी आयोजना र चुलीमालिका बृहत् पम्पिङ खानेपानी आयोजना २०७७।३।२६ र २०७७।१०।७ मा खरिद सम्झौता भएकोमा क्रमशः ६३ प्रतिशत र ७५ प्रतिशतमात्र प्रगति देखिएको छ। कतिपय आयोजना निर्माण सुरु भएको ६ वर्ष व्यतीत भइसक्दा समेत निर्माण सम्पन्न नभएको अवस्था छ। सुक्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका, २०७१ को बुँदा नं. ४ मा प्रति व्यक्ति प्रति दिन न्यूनतम ३० लिटर पानी उपलब्ध गर्ने गरी १५ वर्षको लागि डिजाइन हुने र बुँदा नं. ७ मा आयोजना सम्पन्न भए पश्चात १ वर्षसम्म निर्माण व्यवसायीबाट नै पानी सञ्चालन गर्ने र त्यसपछि उपभोक्तालाई हस्तान्तरण गरिने उल्लेख भएकोमा निर्माण सम्झौता भएको ५ देखि ७ वर्षमामात्र पानी सञ्चालन भएको देखिन्छ। निर्धारित समयभित्र निर्माण सम्पन्न गरी खानेपानी सञ्चालन गर्नुपर्दछ।

२७. **विनियोजन तथा खर्च -** निर्माण चरणमा रहेका ६ आयोजनाको विनियोजन तथा खर्चको अवस्था देहाय अनुसार छः

खानेपानी आयोजना	सम्झौता रकम (रू.हजार)	सम्झौता मिति	बजेट (रू.हजारमा)			खर्च (रू.हजारमा)		
			२०७८।७९	२०७९।८०	२०८०।८१	२०७८।७९	२०७९।८०	२०८०।८१
१. ईन्द्रावति गा.पा., सिन्धुपाल्चोक	२६५८००	२०७७।८।१७	९००००	४६८००	२४०००	८४९००	४२३००	२२७००
२. नाडेडाँडा बृहत्, सिन्धुली	३६०९००	२०७९।३।९	३१८००	१३२००	१२००००	२७९००	१२९००	११०५००
३. सुभाङ बृहत् इलाम	६७०८००	२०७८।३।२४	९५०००	११४६००	९९७००	९५०००	११४६००	९९६००
४. चमेलिया दार्चुला	१४१७००	२०७८।३।१४	५००००	६५५००	२९९००	४६३००	४५७००	२९९००
५. स्वर्गद्वारी बृहत् पम्पिङ प्युठान	३३६५००	२०७९।३।२४	३११००	२३२५००	३००००	२८५००	२३२३००	५४००
६. लेखनाथ कास्की	१९८७००	२०७८।१२।२९	४००००	५८६००	८१२००	३९८००	५८५००	७५२००

उपर्युक्त तालिकाअनुसार इलामस्थित सुभाङ बृहत् खानेपानी आयोजना निर्माणका लागि रू.६७ करोड ८ लाखको खरिद सम्झौता भएकोमा पछिल्लो ३ वर्षमा रू.३० करोड ९३ लाख बजेट विनियोजन भई रू.३० करोड ९२ लाख र सिन्धुलीस्थित नाडेडाडा बृहत् खानेपानी आयोजना निर्माणका लागि रू.३६ करोड ९ लाखको खरिद सम्झौता भएकोमा पछिल्लो ३ वर्षमा रू.१६ करोड ५० लाख बजेट विनियोजन भई रू.१५ करोड १३ लाख खर्च भएको छ। वार्षिक बजेट विनियोजन न्यून भएको र सो अनुरूप खर्च समेत गर्न नसक्दा तोकिएको समयमा निर्माण सम्पन्न हुन नसकेको देखिन्छ। आवश्यक बजेट विनियोजन गर्नुका साथै कार्यतालिकाअनुरूप खर्च गरी समयमा नै आयोजना सम्पन्न गर्नुपर्दछ।

२८. **निर्माण सम्पन्न आयोजना सञ्चालन -** निर्माण सम्पन्न भई पानी सञ्चालन भएका केही आयोजनाहरूको स्थलगत अनुगमन गर्दा देखिएका बेहोरा निम्नानुसार छन्:

२८.१. तेमाल गाँउपालिका, काभ्रेपलान्चोकको ९ वटै वडा, नमोबुद्ध नगरपालिकाको ३,४ र ५ नम्बर वडा र रोशी गाँउपालिकाको ७ नम्बर वडाको १ बस्ती समेत ९ हजार ३७४ घरधुरीलाई खानेपानी वितरण गर्ने तिमाल बृहत् (सुक्खा क्षेत्र) खानेपानी तथा सरसफाइ आयोजना स्थलमा २०८१ असोज १२ र १३ मा आएको बाढी तथा पहिरोले फिल्टरिङ युनिट, २०० के.भी.ट्रान्सफर्मर, विद्युत पोल र फिल्टरिङ युनिट देखि दोस्रो ट्याङ्कीसम्मको मुख्य पाइपलाइन पूर्ण रूपले क्षति भएकोमा हाल पुनः निर्माण कार्य भइरहेको जानकारी प्राप्त भएको छ।

२८.२. खाँडादेवी गाउँपालिका, रामेछापको ३, ५ र ६ नम्बर वडाको ९६१ घरधुरीलाई खानेपानी वितरण गर्ने पकरबास भिरपानी सामुदायिक पम्पिङ खानेपानी (स्कीम २) अन्तर्गत २ मध्ये १ सम्पवेल र गार्ड हाउस लगायतका संरचना बाढी पहिरोले क्षति भई ७५ घरधुरीमा पानी आपूर्ति पूर्ण रूपमा बन्द रहेको पाइयो।

२८.३. हलेसी तुवाचुङ नगरपालिका, खोटाङको सबै वडाको १ हजार ८०० घरधुरीलाई खानेपानी वितरण गर्ने हलेसी क्षेत्र खोटाङ (बृहत् पम्पिङ) खानेपानी योजना प्याकेज १ को सम्पवेलबाट पहिलो ट्याङ्कीसम्मको मेन पाइपलाइन बाढीबाट क्षतिभई ढुडी खोला र महादेव खोलाक्षेत्रको करिब ३ किलोमिटर पाइपलाइन खोलाको किनारमा खुल्ला रूपमा रहेको देखियो।

क्षतिग्रस्त आयोजना पुनः निर्माण तथा मर्मतको प्रबन्ध गरी सञ्चालनमा ल्याउनुपर्दछ।

२९. **विद्युत महसुल र सञ्चालन खर्च -** पानी सञ्चालन भइसकेको तिमाल खानेपानी आयोजनामा दैनिक ८ देखि ९ घण्टा पम्प सञ्चालन गर्दा मासिक रू.७ लाखसम्म विद्युत महसुल उठ्ने गरेको र सो शुल्कबाट विद्युत महसुल तिर्न कठिनाइ भएको, खाँडादेवी गाँउपालिका, रामेछापको ४ र ५ नम्बर वडाको ९०३ घरधुरीलाई खानेपानी वितरण गर्ने पकरबास भिरपानी सामुदायिक पम्पिङ खानेपानी उपभोक्ता तथा सरसफाई समिति (स्कीम १) लाई पटके रूपमा गाँउपालिकाले रकम उपलब्ध गराउने गरेकोले विद्युत महसुल बक्यौता नरहे पनि उपभोक्ताबाट असुल हुने खानेपानी शुल्कबाट दिगो रूपमा आयोजना सञ्चालन

गर्न समस्या हुने, सोही आयोजनाको स्कीम २ मा मासिक रू.७ लाख ५० हजार विद्युत महसुल लाग्नेमा उपभोक्ताबाट रू.३ लाख ५० हजार मात्र संकलन हुने गरेको गरेको तथा गत वर्ष गाउँपालिकाको निकासाबाट रू.४० लाख विद्युत महसुल भुक्तानी गरेको भए पनि यो वर्षसम्म रू.१६ लाख विद्युत महसुल भुक्तानी गर्न बाँकी रहेको अवलोकनका क्रममा गरिएको छलफलबाट सूचना प्राप्त भएको छ। आयोजनाको दिगो सञ्चालनका लागि स्वामित्व र विद्युत महसुल भुक्तानी सम्बन्धमा उचित व्यवस्थापन गर्नुपर्दछ।

३०. **निष्कर्ष तथा सुझाव -** आयोजना तोकिएको समयमा सम्पन्न गर्न तथा दिगो र प्रभावकारी रूपमा सञ्चालन गर्न उल्लिखित पक्षहरूमा सुधार गर्नुपर्ने देखिन्छ। सोका लागि कार्यतालिकाअनुसार निर्माण सम्पन्न गर्ने गरी खरिद एवं आयोजना व्यवस्थापन गर्नुपर्ने, आयोजनामा आवश्यक बजेट व्यवस्था गरी खर्च दक्षतामा अभिवृद्धि गर्नुपर्ने, प्रकोपबाट क्षति भएका आयोजना संरचनाहरू पुनःनिर्माण तथा पुनःस्थापना गरी खानेपानी आपूर्ति सुचारु गर्नुपर्ने, विद्युत् आपूर्तिलाई भरपर्दो बनाउनुपर्ने र आयोजनाहरूको दिगो सञ्चालनको लागि उपभोक्ता समितिलाई सहयोग गर्नुपर्ने देखिन्छ। उक्त सुझाव कार्यान्वयन भएमा आयोजनाको उद्देश्य हासिल भई सर्वसुलभ रूपमा खानेपानी सेवा प्राप्त हुने देखिन्छ।

अन्य संस्था र समिति

मेलम्ची खानेपानी विकास समिति

सिन्धुपाल्चोक जिल्लाको हेलम्बुस्थित मेलम्ची नदीमा हेडवर्क्स निर्माण र सुन्दरीजलसम्म २५.९२ किलोमिटर सुरुङ निर्माण गरी पहिलो चरणमा १७ करोड र दोस्रो चरणमा याडग्री र लार्के खोलाबाट ३४ करोड समेत दैनिक ५१ करोड लिटर पानी काठमाडौं उपत्यकामा ल्याउने उद्देश्यले २०५५।५६ मा यो समिति स्थापना भएको हो। आयोजनाको प्रथम चरणको कार्यमा ९९ प्रतिशत भौतिक प्रगति भएकोमा २०७८ सालको बाढीको कारणले हेडवर्क्समा क्षति हुन गई हाल वैकल्पिक प्रणालीको प्रयोग गरी अस्थायी रूपमा १७ करोड लिटर पानी सुन्दरीजलमा आपूर्ति भइरहेको छ।

३१. **आयोजनाको पुनर्संरचना -** आयोजनाको सन् १९९९ मा तयार भएको विस्तृत परियोजना प्रतिवेदनमा विद्युत उत्पादन तथा रिबर्मा-सुन्दरीजल प्रसारण लाइनसमेत निर्माण गर्ने उल्लेख भएकोमा दातृ निकायका शर्तहरूका कारण विद्युत तथा प्रसारणलाइन निर्माण कार्य हटाएको देखिन्छ। मेलम्ची खानेपानी आयोजनाको प्रथम चरणको उप–आयोजना-१ को सुरु लागत अनुमान अमेरिकी डलर २४९.४० मिलियन रहेकोमा आयोजनाको संशोधित लागत अनुमान अमेरिकी डलर ३१२.९ मिलियन रहेको छ।

आयोजनाको पहिलो र दोस्रो चरणको कार्यको लागि यो वर्ष रू.५७ करोड ९० लाखसमेत यस वर्षसम्म रू.३१ अर्ब ९१ करोड ४९ लाख खर्च भएको छ। कुल खर्चमध्ये निर्माण खर्च ६८ प्रतिशत, परामर्श सेवामा २९ प्रतिशत, जग्गा खरिद, सामाजिक उत्थान, प्रशासनिक, वातावरण तथा सवारीसाधनसमेतमा १३ प्रतिशत रहेकोले निर्माण कार्यको प्रत्यक्ष खर्चभन्दा अन्य खर्चले आयोजनाको लागत वृद्धि हुँदै गएको छ। निर्धारित कार्यतालिकाबमोजिम कार्य नहुँदा आयोजनाको लागतसमेत बढ्ने अवस्था रहेकोले तोकिएको समयमा योजना सम्पन्न गर्नुपर्दछ।

३२. **प्रगति अवस्था -** समितिले पेस गरेको प्रगति विवरणअनुसार यो वर्ष आयोजनाको पहिलो चरणअन्तर्गत सञ्चालित क्रियाकलापमा भौतिक प्रगति ८३.२० प्रतिशत र वित्तीय प्रगति ६७.०५ प्रतिशत रहेको छ। हालसम्म रु.३१ अर्ब ९१ करोड ४९ लाख खर्च हुँदा ९९ प्रतिशत प्रगति भएको छ। समितिले समग्र प्रगति ९९ प्रतिशत जनाए तापनि २०७८ असारमा आएको बाढीबाट निर्मित हेडवर्क्समा क्षति भएको र क्षतिग्रस्त हेडवर्क्स निर्माणको कार्य सम्पन्न हुन सकेको छैन।

आयोजनाको दोस्रो चरण अन्तर्गत याङ्ग्री र लार्के खोलाको पानी मेलम्ची खोलामा ल्याई मिसाउने कार्यमा सञ्चालित क्रियाकलापहरूमा भौतिक प्रगति २३.५७ प्रतिशत र वित्तीय प्रगति १९.०९ प्रतिशत तथा आयोजनाको हालसम्मको कुल भौतिक प्रगति ८.६७ प्रतिशत भएको उल्लेख छ। हालसम्म रु.१ अर्ब ३२ करोड ८५ लाख खर्च भएकोमा दोस्रो चरणअन्तर्गत सुरुङ निर्माण, हेड वर्क्स निर्माण र पानी प्रशोधन केन्द्र निर्माणलगायतका मुख्य कार्यहरूको निर्माण प्रारम्भ भएको छैन। हालसम्म पहुँच मार्ग र सोमा पर्ने पुल निर्माणको कार्य भइरहेको छ। सुरु गरेका बाँकी कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

३३. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। भेरिएसनबाट थप भएका नयाँ आइटममा नयाँ दर कायम गरी सम्झौता गरेको अवस्थामा पुरानै मूल्य सूचकाङ्क प्रयोग गरी मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन। आयोजनाले पहुँच मार्ग तथा पुल निर्माण कार्यका लागि एक निर्माण व्यवसायीलाई १६औँ बिलसम्मको मूल्य समायोजन रकम भुक्तानी गर्दा भेरिएसनबाट थप भएका तीन आइटममा नयाँ सूचकाङ्क नलिई पुरानै मूल्य सूचकाङ्कको आधारमा भुक्तानी गरेकोले रु.१६ लाख ४५ हजार बढी मूल्य समायोजन भुक्तानी भएको छ। उक्त रकम असुल हुनुपर्दछ।

३४. **मध्यस्थता खर्च -** आयोजनाअन्तर्गत हेड वर्क्स निर्माण कार्यको लागि एक विदेशी कम्पनीसँगको खरिद सम्झौता अन्त्य सम्बन्धी विवादको विषयमा निर्माण व्यवसायीले सिंगापुर इन्टरनेसनल आर्बिट्रेसन सेन्टरमा रु.७ अर्ब १३ करोड माग दाबी गरी आयोजना विरुद्ध उजुरी दर्ता गरेकोले सोको प्रतिरक्षाको लागि आवश्यक परामर्श सेवा खरिद सम्बन्धमा खानेपानी मन्त्रालयबाट तयार गरिएको प्रस्ताव २०७९।११।११ को मन्त्रीपरिषद्को बैठकबाट ६ महिना अवधिका लागि स्वीकृत भएको छ। सोही आधारमा आयोजनाले सोझै खरिद विधिबाट प्रतिघण्टाको दरले शुल्क भुक्तानी गर्ने गरी एक विदेशी कानुन व्यवसायी फर्मलाई छनोट गरेको छ। सुरु निर्णयमा ६ महिनाको लागि परामर्शदाता छनोट भएकोमा कार्यकारी निर्देशक स्तरीय निर्णयबाट २०८०।३।१६ देखि २०८१।३।१६ सम्मको लागि म्याद थप गरेको छ।

उल्लिखित विवादमा नेपाल सरकारको तर्फबाट कानुनी प्रतिरक्षाका लागि अन्तर्राष्ट्रियस्तरको कानुनी परामर्श सेवा खरिद गर्न रु.५४ करोड लाग्ने लागत अनुमान तयार गरेकोमा यो वर्षसम्म रु.५ करोड ३९ लाख ३८ हजार भुक्तानी गरेको छ। सो सम्बन्धमा आयोजनाले हालसम्मको प्रगति स्थिति खुल्ने विवरण तयार गरेको छैन। परामर्शदाताले पेस गरेको टाइम सिटको आधारमा आयोजनाले शुल्क भुक्तानी गर्दै आएको छ। मध्यस्थताको कार्य प्रगति सुनिश्चित गर्न मुख्य माइलस्टोनहरू निर्धारण गरी सो अनुरूप प्रगति मापन गर्नुपर्दछ।

आयोजना कार्यान्वयन निर्देशनालय

काठमाडौं उपत्यकाको खानेपानी वितरण प्रणालीसँग सम्बन्धित भौतिक पूर्वाधारहरूको विकास तथा स्तरोन्नति गरी मेलम्ची खानेपानी आयोजनाबाट प्राप्त पानीलाई न्यायोचित, वैज्ञानिक तथा समानुपातिक रूपमा वितरण गर्ने व्यवस्था मिलाई उपत्यकाबासीलाई दिगो, भरपर्दो तथा गुणस्तरयुक्त एवं स्वच्छ खानेपानी सेवा उपलब्ध गराउन र घर-घरबाट निस्कने फोहर पानीलाई सङ्कलन तथा प्रशोधन गरी समग्र वातावरणमा सुधार गर्ने उद्देश्यले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डमार्फत एसियाली विकास बैङ्कको ऋण सहयोगमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडअन्तर्गत रहने गरी यस निर्देशनालयको २०६६ मा स्थापना भएको छ। निर्देशनालयले मेलम्ची खानेपानी आयोजनाको उपआयोजना-२ अन्तर्गतका कार्यहरू सम्पादन गर्दै आएको छ।

३५. **वित्तीय स्थिति -** दातृ निकायसँग भएका ४ ऋण सम्झौताअनुसार आयोजनामा एसियाली विकास बैङ्कबाट अमेरिकी डलर २७ करोड ९३ लाख ८० हजार, नेपाल सरकारको स्रोतबाट अमेरिकी डलर १७ करोड ७ लाख र ओपेक फण्ड (ओफिड) बाट अमेरिकी डलर १ करोड ६० लाखसमेत अमेरिकी डलर ४६ करोड ६० लाख ८० हजार (रू.५१ अर्ब २५ करोड २ लाख) खर्च हुने अनुमान रहेको छ। आयोजनामा यो वर्ष रु.३ अर्ब ८ करोड ३३ लाख ३ हजार बजेट रहेकोमा एसियाली विकास बैङ्कतर्फको रु.८९ करोड ९९ लाख ३२ हजार, ओफिडतर्फ रु.३ करोड ५३ लाख १६ हजार र नेपाल सरकारतर्फ रु.१ अर्ब ६५ करोड ८३ लाख ६६ हजारसमेत रु.२ अर्ब ५९ करोड ३६ लाख १४ हजार (८४ प्रतिशत) खर्च भएको छ। आयोजनाअन्तर्गत कम्पोनेन्ट वाइज खर्चको अवस्था निम्नानुसार छः

(रु.लाखमा)

क्र. सं.	खर्चको विवरण	जम्मा खर्च		हाल सम्मको खर्च	खर्चको अनुपात प्रतिशतमा
		गत वर्षसम्म	यो वर्ष		
१	सञ्चालन खर्च	९४२०	१०७९	१०४९९	२.६३
२	उपकरण/सामग्री	३३८५	६९	३४५४	०.८७
३	सवारी साधन	३०८	०	३०८	०.०८
४	सिभिल वर्क्स	३२६९१२	२१६०८	३४८५२०	८७.३५
५	परामर्श सेवा	३२७४८	२६७७	३५४२५	८.८८
६	भवन निर्माण	८१	५०३	५८४	०.१५
कुल जम्मा		**३७२८५४**	**२५९३६**	**३९८७९०**	**१००

निर्धारित समयमा आयोजना सम्पन्न गरी कार्यसम्पादन गर्नुपर्दछ।

३६. **पाइपलाइनमा क्षति -** पूर्वाधार विकास गर्दा अन्तर निकाय समन्वय गरी क्षति नहुने गरी निर्माण कार्य गर्नु गराउनुपर्दछ। आयोजना कार्यान्वयन निर्देशनालयले काठमाडौं उपत्यकामा पाइपहरूमा पुगेको क्षति बापत यो वर्ष रू.२ करोड ३ लाख ५० हजार शोधभर्ना गर्न सम्बन्धित निकायलाई अनुरोध गरेकोमा यो वर्ष उक्त रकम प्राप्त गरेको देखिएन। निर्देशनालयले उपलब्ध गराएको विवरणअनुसार निम्न निकायलाई पत्राचार गरेको छः

क्र.सं.	रकम शोधभर्ना गर्न माग गरिएका निकायहरू	रकम (रु. हजारमा)
१	काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरण आयोजना	१०२५
२	ललितपुर महानगरपालिका	४५८०
३	काठमाडौं महानगरपालिका वडा नं १०	११६४१
४	सार्वजनिक निर्माण विभाग	२३६१

क्र.सं.	रकम शोधभर्ना गर्न माग गरिएका निकायहरू	रकम (रु. हजारमा)
५	नेपाल टेलिकम	९
६	काठमाडौं उपत्यका खानेपानी लिमिटेड	१६
७	ललितपुर सडक डिभिजन	६३१
८	काठमाडौं सडक डिभिजन	८९
	जम्मा	**२०३५२**

क्षतिपूर्ति बापतको उक्त रकम असुल गरी क्षति भएको संरचना पुनर्निर्माण गर्नुपर्दछ।

३७. **आवश्यकता पहिचान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) मा सार्वजनिक निकायको प्रमुखले आवश्यकताको पहिचान गरेर मात्र खरिद कारबाही गर्नुपर्ने उल्लेख छ। आयोजनाबाट निर्माण भएको एक ठेक्कामा २ प्रकारका पाइपको खरिद जडान र जडान गर्न बाँकीको परिमाण निम्नानुसार छः

पाइपको साइज (डायामिटर)	खरिद परिमाण (रनिङ मिटरमा)	जडान भएको परिमाण (रनिङ मिटरमा)	जडान गर्न बाँकी परिमाण (रनिङ मिटरमा)	जडान बाँकी पाइपको मूल्य (रु. हजारमा)
१८०० एमएम	११८८	८५७.३३	३३०.६७	७४७३१
१६०० एमएम	४३२१	२७८८.६१	१५३२.३९	२५१०८२
			जम्मा	**३२५८१३**

उल्लिखित विवरणअनुसार गत वर्ष खरिद भएका रु.३२ करोड ५८ लाख १३ हजारका पाइप जडान नभई मौज्दातमा रहेको छ। लामो समयसम्म पाइप प्रयोग नहुँदा पाइपको गुणस्तर कमजोर हुँदै जाने हुँदा त्यसको उचित व्यवस्थापन हुनुपर्दछ। जिन्सी सामानको आवश्यकता र कार्यतालिकाअनुसार पाइप खरिद गर्नुपर्दछ।

३८. **ठेक्का अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताको अन्त्य र सोको उपचारसम्बन्धी व्यवस्था छ। खरिद सम्झौताको बुँदा नं. ४२.२.६ मा ठेक्का सम्झौतामा उल्लेख भएका कामहरू सम्पन्न नहुँदै खरिद सम्झौताको अन्त्य भएमा नयाँ खरिद सम्झौताको लागि नपुग हुने रकम ठेक्का अन्त्य गर्ने निर्माण व्यवसायीबाट असुल हुने उल्लेख गरेको छ। काठमाडौं उपत्यकाको कोड्कु, सल्लाघारी र धोबीघाटमा फोहोर पानी प्रशोधन केन्द्र निर्माण गर्न २०७३।१०।१३ मा रु.३ अर्ब ४६ करोड ९५ लाख ७७ हजारमा एक विदेशी निर्माण व्यवसायीसँग सम्झौता भएकोमा रु.७८ करोड ७७ लाख २५ हजार अर्थात् २७.१ प्रतिशत कार्य सम्पन्न पश्चात २०७९।५।२० मा सम्झौता अन्त्य भएको छ। सम्झौता अन्त्य पश्चात् पुनः रु.६ अर्ब ४७ करोड १५ लाखको लागत अनुमान तयार गरी २०८१।२।३० मा एक विदेशी निर्माण व्यवसायीसँग रु.६ अर्ब ५४ करोड ९९ लाखको नयाँ ठेक्का सम्झौता भएको देखिन्छ। आयोजनाले कार्य सम्पादन जमानत पेश्की सहित रू.९७ करोड ९० लाख जफत गरेको छ। आयोजनाले अमेरिकी डलर १ करोड ९४ लाख ९८ हजार ५८२ (रु.२ अर्ब ५९ करोड ९९ लाख) असुल गर्नुपर्ने गणना गरी असुलीको लागि पत्राचार गरेको भए तापनि हालसम्म उक्त रकम असुल भएको छैन। आयोजनाबाट निर्धारित उक्त रकम असुल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नगरेको, निर्माण कार्य समयमा सम्पन्न नभएको, सोझै खरिद गरेको, पाइप तथा फिटिङ सामग्री अधिक मौज्दात रहने गरी खरिद गरेको, जिन्सीबाट पाइप खर्च जनाएको तर उक्त पाइप नापी किताबमा जडान नभएको, निर्माण कार्यमा पटक-पटक म्याद थप भएको, मूल्य समायोजन बढी भुक्तानी भएको लगायतका बेहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ३३ निकायमा रू.१९ करोड ८४ लाख ६९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.३ करोड ९८ लाख ८ हजार फर्स्यौट गरेकोले रू.१५ करोड ८६ लाख ६१ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.४ करोड ३९ लाख ७४ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - अन्य संस्था २ तर्फ रु.३२ करोड ३६ लाख ५२ हजार बेरुजु देखिएकोमा देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.७ करोड ८३ लाख ८९ हजार फर्स्यौट गरेकोले रू.२४ करोड ५२ लाख ६३ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

गृह मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन, हातहतियार खरखजाना प्रयोगसम्बन्धी नीति कार्यान्वयन र नियन्त्रण, विदेशी नागरिकको नियमन तथा नियन्त्रण, नागरिकतासम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन, विपद् व्यवस्थापन, अध्यागमन, राष्ट्रिय परिचयपत्र व्यवस्थापन, लागु औषध नियन्त्रण, सीमा प्रशासन, अपराध अनुसन्धान, सङ्गठित अपराध नियन्त्रण, मानव अधिकार संरक्षण र अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषयलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा अन्य संस्थासमेत ८७६ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह हुँदै आएको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालयसमेत ८७२ सरकारी कार्यालयको निम्नानुसार रु.१ खर्ब २२ अर्ब ४१ करोड ५९ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
९२००३४	१०६१६५	२८२२९	१६९७३१	१२२४१५९

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष मन्त्रालयमा विनियोजन भई स्थानीय तहबाट खर्च भएको सामाजिक सुरक्षा रु. १ खर्ब ११ अर्ब ७४ करोड ७२ लाख र शहरी विकास मन्त्रालयबाट खर्च भएको रु.२२ करोड ५० लाख समावेश गरिएको छैन। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट बजेट विनियोजन भएको रु.२८ लाख समावेश छ।

मन्त्रालयअन्तर्गत एक निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेत रु.४ करोड १४ लाख ८० हजार लेखापरीक्षण गर्न बाँकी छ।

२. **अन्य संस्था र समिति** - यो वर्ष ३ संस्थाको रु.१७ अर्ब ९९ करोड ४१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन** - पन्ध्रौं योजनाले मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम राख्न अवलम्बन गरेका ११ रणनीति अन्तर्गतका ४९ कार्यनीति कार्यान्वयन गर्ने जिम्मेवारी गृह मन्त्रालयमा रहेको छ। मन्त्रालयले तयार गरेको प्रगति प्रतिवेदन २०८०।८१ अनुसार १९ सूचकमध्ये लागु औषधको दुर्व्यसनको दर घटाउने, विपद् जोखिम न्यूनीकरणसम्बन्धी तालिम प्राप्त जनशक्ति बढाउने, सडक दुर्घटनाबाट हुने घाइतेको सङ्ख्या घटाउनेलयायतका १५ सूचकको प्रगति लक्ष्यभन्दा घटी रहेको छ।

५. **दिगो विकास लक्ष्य** - मन्त्रालयलाई तोकिएको लक्ष्यहरूमध्ये बृहत् सेवाहरूको निम्ति पुनर्स्थापना केन्द्रहरूमा भ्रमण गरेका कडा लागुपदार्थ प्रयोगकर्ताहरूको प्रतिशत ५५ मा झार्ने, महिला, किशोरी तथा बालिकाहरूको बेचबिखन (सङ्ख्या) ६५० मा घटाउने, अति कम विकसित मुलुकहरूलाई स्थानीय सामग्रीहरू प्रयोग गरी दिगो, उत्थानशील र स्रोतको उपयोगमा दक्षता भएका भवनहरूको निर्माण र

सबलीकरण गर्न प्रदान गरिएको वित्तीय सहायताको अनुपात ३४ प्रतिशत पुऱ्याउने, भारतलगायतका विदेशी मुलुकहरूमा हरेक वर्ष हुने बालबालिकाहरूको बेचबिखन (सूचनाको सङ्ख्या) ३४ पुऱ्याउने लगायत यस मन्त्रालयसँग सम्बन्धित क्रियाकलापका विभिन्न सूचक तोकी लक्ष्य निर्धारण भएको छ। दिगो विकास लक्ष्यसँग आबद्ध हुने गरी प्रगति प्रतिवेदन तयार नगरेकोले सम्पादित कार्यको मूल्याङ्कन गर्ने स्थिति देखिएन। दिगो विकास लक्ष्यसँग आबद्ध हुने गरी सम्पादन गरेका कार्यहरूको मूल्याङ्कन तथा सो वमोजिम प्रतिवेदन तयार गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८०।८१ मा उल्लेख भएका कार्यक्रमहरू मन्त्रालयले कार्यान्वयन गर्नुपर्दछ। यो वर्ष विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्न स्थानीय स्तरमा स्वयंसेवक ब्युरो गठन गरी परिचालन गरिने उल्लेख भएकोमा सो सम्बन्धी कार्य सम्पादनको अभिलेख प्राप्त भएन। विपद् जोखिम न्यूनीकरण गर्न बहुप्रकोपीय पूर्वचेतावनी राष्ट्रिय प्रणाली तथा बहुप्रकोपीय जोखिम आकलन प्रणालीको स्थापना गर्ने र सूचना प्रविधिको उपयोग गरी विपद् जोखिम न्यूनीकरण गर्न पूर्व सूचना प्रणाली सञ्चालन गर्ने उल्लेख भएकोमा ४९ स्थानमा अर्ली वार्निङ सिस्टम (स्मार्ट साइरन) जडानको कार्य सम्पन्न भएको छ। निर्माणाधीन केन्द्रीय कारागार नुवाकोट, क्षेत्रीय कारागार बाँके, पाँचथर, मोरङलगायतका १० कारागारको निर्माण तथा पुराना कारागारहरूको मर्मत गर्ने उल्लेख भएकोमा केन्द्रीय कारागार नुवाकोट, कारागार कार्यालय मोरङ, जाजरकोट र क्षेत्रीय कारागार नौवस्ता बाँकेको कार्य सम्पन्न भएको छैन। कारागार कार्यालय पाँचथरको भौतिक प्रगति ३७ प्रतिशत, कारागार कार्यालय हुम्लाको (दोस्रो चरण) को भौतिक प्रगति ९५ प्रतिशत, कारागार कार्यालय मुगुको (दोस्रो चरण) भौतिक प्रगति ७० प्रतिशत, कारागार कार्यालय बझाङको (दोस्रो चरण) भौतिक प्रगति ५० प्रतिशत रहेको देखिएकोले बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *कार्यविधिले तोकेको सीमा नघाई आर्थिक सहायता उपलब्ध गराएको,*
- *अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा सवारीसाधन फैसला वा आदेशबमोजिम लिलाम बिक्री नगरेको,*
- *अध्यागमन राजस्वबापत सङ्कलन गरेको रकम विद्युतीय पोर्टल र सञ्चित कोष दाखिलामा फरक परेको,*
- *सामाजिक सुरक्षा भत्ता वितरणको बैंकिङ्ग अभिलेख ट्र्याकिङ पद्धतिको विकास नभएको,*
- *बेवारिसे सवारीसाधनहरू प्रचलित कानुनबमोजिम लिलाम बिक्री नगरेको लगायतका बेहोरा देखिएका छन्।*

७. **बजेट र खर्च -** मन्त्रालय तथा मातहत निकायहरूका लागि यो वर्ष विनियोजन भएको बजेट तथा खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

बजेट	सुरु बजेट	कायम बजेट	खर्च	खर्च प्रतिशत
चालु	१८४२१५३	१९७५०१९	१९२५११३	९७.४७
पुँजीगत	९३५२३	९३२०२	८१२१९	८७.१४
जम्मा	**१९३५६७६**	**२०६८२२१**	**२००६३३२**	**९७.०१**

उक्त खर्च मध्ये चालु खर्च रु.१ खर्ब ९२ अर्ब ५१ करोड १३ लाख र पुँजीगत खर्च रु.८ अर्ब १२ करोड १९ लाख रहेको छ। चालु खर्चमध्ये पारिश्रमिक तथा अन्य सुविधामा रु.६९ अर्ब ९३ करोड ५५ लाख र शान्ति सुरक्षालगायत प्रशासनिक खर्च रु.१ खर्ब २२ अर्ब ५७ करोड ५८ लाख

रहेको छ। पुँजीगत खर्चमध्ये स्थिर सम्पत्ति प्राप्त खर्च रु.७ अर्ब ९४ करोड ३१ लाख र जग्गा प्राप्तिमा रु.१७ करोड २७ लाख खर्च भएको छ।

७.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष पेस गरेको केन्द्रीय वित्तीय विवरणमा मातहत कार्यालयसमेतको चालु तथा पुँजीगततर्फ रु.२ खर्ब ६३ करोड ३२ लाख खर्च उल्लेख गरेकोमा वस्तुगत सहायता, सोझै भुक्तानी, प्राविधिक सहायता, अन्य सहायताअन्तर्गतका खर्च समावेश गरेको छैन। ऐनको व्यवस्थाबमोजिम आय-व्ययको केन्द्रीय वित्तीय विवरण तयार गर्नुपर्दछ।

७.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२(४) मा रकमान्तर गर्नुपर्ने कारण सहित सम्बन्धित सचिवबाट निर्णय गराई अनुरोध भएमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालय र मातहत निकायहरूका लागि यो वर्ष सुरु बजेट रु.१ खर्ब ९३ अर्ब ५६ करोड ७६ लाख विनियोजन भएकोमा रकमान्तरबाट रु.१७ अर्ब ९२ करोड २५ लाख (९.२६ प्रतिशत) थप र रु.४ अर्ब ६६ करोड ८० लाख (२.४१ प्रतिशत) घट भई खुद रु.२ खर्ब ६ अर्ब ८२ करोड २१ लाख (६.८४ प्रतिशत वृद्धि) कायम भई रु.२ खर्ब ६३ करोड ३२ लाख (९७.०१ प्रतिशत) खर्च भएको छ।

७.३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेस्की दिने र पेस्की फर्स्यौट सम्बन्धमा व्यवस्था छ। मन्त्रालयले पेस गरेको पेस्कीको एकीकृत केन्द्रीय विवरण अनुसार यस वर्ष मन्त्रालय मातहतका २९ कार्यालयबाट रु.४७ करोड ६ लाख २७ हजार पेस्की खर्च लेखेकोमा २५ कार्यालयको म्याद ननाघेको पेस्की रु.३१ करोड ११ लाख ९३ हजार र ४ कार्यालयको म्याद नाघेको पेस्की रु.१५ करोड ९४ लाख ३४ हजार रहेको छ। नियमावलीले तोकेको अवधिमा पेस्की फर्स्यौट गर्नुपर्दछ।

८. **वार्षिक नीति तथा कार्यक्रम -** नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०।८१ मा सङ्घ प्रदेश र स्थानीय तहबिच विपद् पूर्वतयारी, जोखिम आकलन, जोखिम पूर्वचेतावनी, विपद् प्रतिकार्य तयारी विपद् न्यूनीकरण र पुनर्लाभका क्रियाकलापहरू समन्वयात्मक ढङ्गबाट सञ्चालन गर्न विद्यमान संरचनालाई थप चुस्त र सुदृढ बनाइने, विपद् पश्चात्को क्षतिपूर्ति, पुनर्भरण, राहत व्यवस्थापन र पुनर्निर्माणका लागि बिमा लगायत जोखिम हस्तान्तरणका सम्भाव्य उपायहरूको अवलम्बन गरिने उल्लेख भएकोमा बजेटको व्यवस्था गरेको छैन। बहुतले भवनमा हुन सक्ने आगलागी, वन डढेलोलगायतका घटना नियन्त्रणका लागि उपयुक्त आधुनिक उपकरणको व्यवस्था गरिने उल्लेख भएकोमा सो कार्य भएको देखिँदैन। गैर सरकारी संस्था दर्ता र नियमनसम्बन्धी नयाँ सङ्घीय कानुन निर्माण गरिने, गैरसरकारी सङ्घ संस्थालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन र व्यवस्थापन गर्दै त्यस्ता संस्थाहरूको स्रोत आर्जन र सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व वृद्धि गरिने उल्लेख भएकोमा उक्त कानुनहरू बनेका छैनन्। आगलागी, डढेलो, दुर्घटना र आपराधिक क्रियाकलापबाट सख्त घाइते भएकालाई शीघ्र उद्धार गरी उपचार गर्न एम्बुलेन्स, दमकल, सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मी एकीकृत रूपमा परिचालन हुनेगरी राष्ट्रिय एकीकृत आकस्मिक सेवा प्रणाली स्थापना गरी सञ्चालनमा ल्याइने उल्लेख भएकोमा हाल

सम्म उक्त कार्य हुन सकेको छैन। नीति तथा कार्यक्रममार्फत व्यक्त प्रतिबद्धताहरू बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **गृह प्रशासन सुधार कार्ययोजना** - गृह प्रशासन सुधार कार्ययोजना, २०७८ मा लागु औषध तथा मनोद्दीपक पदार्थ नियन्त्रण ऐन, सीमा सुरक्षा ऐन, औद्योगिक सुरक्षा ऐन, विशेष ब्युरो (कार्य सञ्चालन) नियमावली र केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला (कार्य सञ्चालन) नियमावली तर्जुमा गर्ने तथा लागु औषध नियन्त्रण रणनीति, २०६६, विस्फोटक पदार्थ ऐन, २०१८ तथा विस्फोटक पदार्थ नियम, २०२०, प्रहरी ऐन, २०१२, अध्यागमन ऐन, २०४९ तथा नियमावली, २०५१, सशस्त्र प्रहरी ऐन, २०५८, हातहतियार खरखजाना ऐन, २०१९, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने लक्ष्य रहेकोमा स्थिति यथावत् छ। कार्ययोजना कार्यान्वयन नभएका बेहोरा विगतका प्रतिवेदनमा समेत उल्लेख गरेकोमा यो वर्ष पनि सुधार भएको छैन।

१०. **कानुन निर्माण -** नेपालको संविधानले राज्यशक्तिको बाडँफाँट गरी प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा तथा प्रदेश अनुसन्धान ब्युरो प्रदेशको अधिकार सूचीमा र नगर प्रहरी स्थानीय तहको अधिकार सूचीमा समावेश गरेको छ। गृह प्रशासनसँग सम्बन्धित आवश्यक वस्तु संरक्षण ऐन, २०१२, अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३, आवश्यक सेवा सञ्चालन ऐन, २०१४, विस्फोटक पदार्थ ऐन, २०१८, क्षतिपूर्ति ऐन, २०१९, स्थानीय प्रशासन ऐन, २०२८, चन्दा ऐन, २०३०, लागु औषध नियन्त्रण ऐन, २०३३, जग्गा प्राप्ति ऐन, २०३४, संस्था दर्ता ऐन, २०३४ लगायतका ऐन नियमहरू सङ्घीय संरचना अनुकूल हुनेगरी संशोधन भएको छैन। नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ ले नेपाल प्रहरीको काम, कर्तव्य र अधिकारलगायत नेपाल प्रहरीको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था गरेको छ। सोअनुसार कोशी, मधेश, बागमती र गण्डकी प्रदेशले प्रहरी ऐन जारी गरिसकेको अवस्थामा प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१ मा संशोधन भएको छैन। शासकीय संरचनाअनुसारको कानुनी व्यवस्था गर्नुपर्दछ।

११. **आर्थिक सहायता -** नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६८ मा क्यान्सर, हृदयरोग, अल्जाइमर, पार्किन्सन्स वा मृगौला आदि जस्ता कडा रोग लागि आर्थिक अवस्था कमजोर भई आफैं उपचार गराउन नसक्ने अवस्था भएमा स्वदेशमा वा विदेशमा गई उपचार गराउँदा मेडिकल बोर्डको सिफारिसबमोजिम पूर्व राष्ट्रपति, पूर्व उपराष्ट्रपति तथा पूर्व प्रधानमन्त्रीलाई रु.१५ लाखसम्म, पूर्व प्रधानन्यायाधीश, पूर्व सभामुखका लागि रु.१० लाखसम्म, साहित्य, सङ्गीत, कला, राजनीति, सार्वजनिक प्रशासनलगायत राष्ट्रिय जीवनका अन्य क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका महत्त्वपूर्ण व्यक्तिलाई रोगको प्रकृति हेरी रु.५ लाखसम्म र विपन्न नागरिकलाई रु.१ लाखसम्म सम्बन्धित अस्पतालको नाममा सोझै उपलब्ध गराउने उल्लेख छ। मन्त्रालयले २०७८।७९ मा मन्त्रीपरिषद्को निर्णयबाट विभिन्न जिल्लाका २५२ व्यक्ति तथा संस्थालाई रु.१६ करोड २६ लाख ९८ हजार, २०७९।८० मा १४१ जना व्यक्ति तथा संस्थालाई रु.६ करोड ८९ हजार राहत, क्षतिपूर्ति तथा औषधि उपचारको लागि उपलब्ध गराएकोमा यो वर्ष पूर्व राष्ट्रपति तथा बहालवाला प्रतिनिधि सभा सदस्य र अन्य सर्वसाधारण नागरिकसमेत ५३ जनाका लागि रु.२ करोड ५१ लाख ५४ हजार आर्थिक सहायता, राहत र उपचार खर्च भुक्तानी गरेको छ। खर्चमा न्यूनता आए तापनि कार्यविधिले तोकेको सीमा नघाई आर्थिक सहायता दिएको देखियो। मन्त्रीपरिषद्ले स्वीकृत गरेको कार्यविधि पालना गर्नुपर्दछ।

१२. **व्यक्तिगत सुरक्षाकर्मी** - विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम मन्त्रालयले बहालवाला एवं पूर्व पदाधिकारीहरूको सुरक्षार्थ व्यक्तिगत सुरक्षाका लागि प्रहरी कर्मचारी खटाउने गरेको छ। उक्त कार्यविधि अनुसार सुरक्षा उपलब्ध गराउनुपर्ने बहालवाला अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरूलाई ३४६, पूर्व पदाधिकारीहरूलाई १३०, सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ अनुसार ३० समेत ५०६ जना खटाउन सकिने उल्लेख छ। मन्त्रालयले यो वर्ष बहालवाला विशिष्ट व्यक्तिहरूको वैयक्तिक सुरक्षामा नेपाल प्रहरीबाट ५९७ र सशस्त्र प्रहरी बल, नेपालबाट ३७७ समेत ९७४ जना सुरक्षाकर्मी खटाएको छ। कार्यविधि बमोजिम सुरक्षाकर्मी खटाउनुपर्दछ।

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग

कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १३(१) बमोजिम नेपाल सरकारलाई कसुरबाट प्राप्त सम्पत्ति तथा साधनको व्यवस्थापन र लिलाम बिक्रीसम्बन्धी कार्य गर्न २०७८।७।१ मा यस विभागको स्थापना भएको हो।

१३. **सम्पत्ति जफत** - कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण तथा जफत) ऐन, २०७० को दफा १७ मा अदालतबाट जफत हुने ठहरिएको सम्पत्ति वा साधन अदालतको फैसला वा आदेश अन्तिम भएपछि लिलाम बिक्री गर्नु वा गराउनुपर्ने तथा लिलाम बिक्री गर्न उपयुक्त हुने नदेखिएमा वा त्यस्तो सम्पत्ति वा साधन नेपाल सरकारका लागि उपयोग हुने देखिएमा नेपाल सरकारले प्रयोग गर्न सक्ने उल्लेख छ। विभागले उपलब्ध गराएको विवरणअनुसार विभिन्न जिल्लाका १९ जना प्रतिवादीका अधिकतम २ रोपनी ९ आनादेखि न्यूनतम १ आना १ पैसासम्मको मूल्य नखुलेको जग्गा, ३ जना प्रतिवादीको ६५ हजार कित्ता सेयर (अङ्कित मूल्य रु.१०० का दरले रु.६५ लाख) र सोमा बढे बढाएको कित्तासमेत १७ बैङ्कमा मौज्दात रहेको १४ प्रतिवादीको रु.५१ लाख ७५ हजार र ब्याजसमेतको सम्पत्ति अदालतले जफत गर्न आदेश दिएता पनि हालसम्म प्रतिवादीहरूले नै प्रयोग गरी आएको, विभागले लिलाम बिक्रीको प्रक्रियामार्फत लिलाम गरी कसुरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा नभएको र नेपाल सरकारले समेत प्रयोग गरेको नदेखिएकाले ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

कारागार व्यवस्थापन विभाग

न्यायिक तथा अर्धन्यायिक निकायको आदेशबमोजिम कैद तथा थुनुवा व्यक्तिलाई कारागारमा राख्ने र मातहतका कारागारको व्यवस्थापन गर्ने तथा कारागार ऐन, २०१९ बमोजिम कैदीबन्दी तथा थुनुवाहरूको मानवोचित सुविधाको व्यवस्थापन गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

१४. **कारागार व्यवस्थापन** - कारागार सुधारको अवधारणापत्र-२०७९ मा बढीमा ५ वर्षभित्र कारागारलाई वास्तविक रूपमा सुधारगृहको रूपमा रुपान्तरण गरी कैदीबन्दीहरूको आधारभूत मानव अधिकारको प्रत्याभूति गर्ने र सजाय भुक्तानपश्चात् जिम्मेवार नागरिकका रूपमा समाजमा पुर्नस्थापित र पुनः एकीकरण गर्ने लक्ष्य रहेको छ। विभागको वार्षिक प्रगति प्रतिवेदन अनुसार सञ्चालनमा रहेका ७४ कारागारको क्षमता २० हजार ४९२ रहेकोमा कैदीबन्दी सङ्ख्या करिब २८ हजार ६१३ रहेको छ। अधिकांश कारागार भवनहरू पुरानो तथा जीर्ण भएकोले मर्मत तथा पुनः निर्माण गर्नुपर्ने अवस्था रहेको, निर्माणको क्रममा रहेका भवनहरू समयमा सम्पन्न नभएको, सीप विकासका कार्यक्रमहरू पर्याप्त हुन नसकेको

लगायतका समस्या रहेका छन्। कारागारलाई सुधार गृहमा परिणत गर्ने कार्ययोजनाअनुसार स्रोत सुनिश्चित हुनुपर्दछ।

१५. **प्यारोल सुविधा -** फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ मा एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाइ अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुरदारलाई सम्बन्धित प्रोबेशन तथा प्यारोल बोर्डको सिफारिसमा जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्ने, प्यारोलमा रहेको अवधिमा त्यस्तो कसुरदारले पालना गर्नुपर्ने सर्तहरू तोकिदिनुपर्ने र तोकिएका सर्तहरू कसुरदारले पालना गरे नगरेको अनुगमन प्यारोल अधिकृतले गर्नुपर्ने व्यवस्था छ। विभागले उपलब्ध गराएको विवरणअनुसार २०८०।८१ मा चौथो चरणसम्म ५४९ जनासहित हाल आठौं चरणसम्म १ हजार २८७ जनालाई प्यारोलमा राख्न सिफारिस गरेको छ भने प्यारोलमा बसेकामध्ये ६ जना कैदी सम्पर्कविहीन रहेको देखिन्छ।

अध्यागमन विभाग

विभागले विदेशी नागरिकको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमित गर्ने एवं नेपाली नागरिकहरूको आगमन र प्रस्थानलाई व्यवस्थित गर्ने कार्य गर्दै आएको छ।

१६. **राजस्व दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (१) मा नेपाल सरकारलाई प्राप्त हुने राजस्व रकम प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। विभागको विद्युतीय प्रणालीमा अध्यागमन कार्यालय झापा, वीरगन्ज, कञ्चनपुर, नेपालगन्ज, सिन्धुपाल्चोक, रसुवा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल समेत ७ कार्यालयबाट भिसा शुल्क तथा जरिबानाबापत रु.३ करोड ७७ लाख ७५ हजार राजस्व सङ्कलन गरेको मध्ये रु.३ लाख ८४ हजार नेपाल सरकारको राजस्व व्यवस्थापन सूचना प्रणालीमा दाखिला भएको देखिएन। साथै अध्यागमन विभाग, अध्यागमन कार्यालय विराटनगर, कास्की, बेहलिया, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसमेत ५ कार्यालयले विभागको विद्युतीय पोर्टलमा भएको राजस्व रु.४ अर्ब १० करोड १४ लाख १६ हजार देखिएकोमा रु.४ अर्ब १३ करोड ७८ लाख ५५ हजार सञ्चित कोष दाखिला भएको देखिएकोले रु.३ करोड ३४ लाख ३९ हजार विद्युतीय पोर्टल र सञ्चित कोष दाखिला रकममा फरक देखिएको छ। राजस्वबापत सङ्कलन गरेको रकम विद्युतीय पोर्टल र सञ्चित कोष दाखिला रकममा फरक रकम यकिन गरी राजस्व हिसाब अद्यावधिक गर्नुपर्दछ।

१७. **पदयात्रा नियमन -** अध्यागमन नियमावली, २०५१ को अनुसूची १२ मा पदयात्रा अनुमति दस्तुर सम्बन्धी व्यवस्था छ। नमुना छनोट गरी तीन पदमार्गको परीक्षण गर्दा विभागले सञ्चालनमा ल्याएको सफ्टवेयरबमोजिम नेपाली पोर्टमा उपल्लो मुस्ताङ पदमार्गमा १ हजार ३, उपल्लो डोल्पा पदमार्गमा ९९ र मुगु पदमार्गमा २० पदयात्रा पर्मिटमार्फत रु.३ करोड १ लाख ९ हजार राजस्व सङ्कलन गरेको देखिन्छ। विभागले नेपाली पोर्टमा पदयात्रा गर्ने जम्मा व्यक्ति सङ्ख्या र त्यसबापत उठ्नुपर्ने राजस्वसँग मेल खाने विवरण, सुरु अनुमति समय (दिन) अनुसारको दस्तुर तथा यात्रा अवधि थप गरेबापतको थप दस्तुर खुल्ने गरी विवरण तयार गरेको छैन। यसबाट उक्त तीन स्थानको पदमार्गमा गएका पदयात्री सङ्ख्या र सोबापत उठेको राजस्व भिडान गर्न सकिएन। पदयात्रामा गएका यात्री सङ्ख्या, पदयात्रा दस्तुर छुटको विवरण, म्याद थपको विवरण तथा जरिबाना खुल्ने गरी विवरण तयार गर्नुपर्दछ।

१८. **भिसा स्टिकर** - अध्यागमन ऐन, २०४९ र नियमावली, २०५१ को नियम १२(२)(३) मा भिसा स्टिकर सम्बन्धी कार्य गर्ने सबै कार्यालयले सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरण अनुसार २०७८।७९ देखि २०८०।८१ सम्म प्रतिरोल १ हजार भिसा स्टिकर छपाइ गर्न सकिनेमा २ हजार २८९ (२०८०।८१ को ७३५ समेत) भिसा स्टिकर रोल छपाइ गरी मातहतका कार्यालयहरू र परराष्ट्र मन्त्रालयलाई १ हजार ९२५ भिसा स्टिकर रोल निकासा गरेकोमा कार्यालयगत अभिलेख राखेको पाइएन। परराष्ट्र मन्त्रालयले भिसा दिइएको व्यक्तिको मासिक विवरण विभागमा पठाउनुपर्नेमा सो प्राप्त नभएको तथा मातहत कार्यालयमा प्रयोग भएका र मौज्दात रहेका भिसा स्टिकरको अभिलेख नराखेकोले भिसा स्टिकरको प्रयोग र मौज्दातको अवस्था यकिन गर्न सकिएन। विभागले परराष्ट्र मन्त्रालय र मातहत कार्यालयहरूबाट भिसा जारी भएको मासिक अभिलेख प्राप्त गरी भिसा स्टिकरको आम्दानी खर्चको अभिलेख अध्यावधिक गर्नुपर्दछ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

राष्ट्रिय परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५।०६।२८ को निर्णयानुसार तत्कालिन राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र केन्द्रीय पञ्जीकरण विभाग एकीकरण भई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग गठन भएको हो ।

१९. **राष्ट्रिय परिचयपत्र -** नेपाल सरकारको २०८०।८१ को नीति तथा कार्यक्रममा नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी १ वर्षभित्र सबै नागरिकलाई परिचयपत्र वितरण गर्न अभियान सञ्चालन गर्ने उल्लेख छ। गृह प्रशासन सुधार कार्ययोजना, २०७८ अनुसार २ करोड नागरिकको लागि विवरण सङ्कलन र १ करोड नागरिकको राष्ट्रिय परिचयपत्र वितरण २ वर्षभित्र गर्ने कार्यक्रम रहेकोमा लेखापरीक्षण अवधिसम्म १ करोड ५२ लाख ७ हजार विवरण सङ्कलन, ४३ लाख २८ हजार थान परिचयपत्र छपाइ गरी ८ लाख ६७ हजार थान परिचयपत्र (२० प्रतिशत) वितरण गरेको छ। कार्य योजनाअनुसार समयमा कार्य सम्पन्न गर्नुपर्दछ।

२०. **अभिलेख व्यवस्थापन तथा अनुगमन -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २६ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमनसम्बन्धी व्यवस्था छ। विभागले उपलब्ध गराएको विवरणअनुसार सामाजिक सुरक्षा भत्तामा २०७८।७९ मा रु.९६ अर्ब ५ करोड ९२ लाख र २०७९।८० मा अघिल्लो वर्षको तुलनामा १२.८२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ८ अर्ब ३७ करोड २ लाख खर्च भएको छ। यो वर्ष नेपाल सरकारले ३८ लाख २९ हजार ४७३ जना लाभग्राहीलाई रु.१ खर्ब १० अर्ब १९ करोड ७० लाख ३१ हजार सामाजिक सुरक्षा भत्ता निकासा गरेको छ। निष्कृय लाभग्राही खाताको ट्रयाक गर्ने प्रणाली नभएकोले विभागले भत्ता वितरणको अनुगमन गरेको देखिएन। विभागले कानुनबमोजिम सामाजिक सुरक्षा भत्ता वितरणको बैकिङ्ग अभिलेख ट्रयाकिङ पद्धतिको विकास गरी प्रभावकारी ढङ्गबाट अनुगमन गर्नुपर्दछ।

२१. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएबमोजिमको अधिकारीले कार्यविधि अपनाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ।

मन्त्रीपरिषद्को २०७५।१२।११ को निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (१) (च) बमोजिम कन्टिन्युटी, अपग्रेडेसन एण्ड क्यापासिटी स्ट्रेन्थनिङ अफ नेसनल आइडेन्टिटी म्यानेजमेन्ट इन्फरमेसन सिस्टमको लागि एक बहुराष्ट्रिय परामर्शदाता र विभागबिच परामर्श सेवा खरिदको लागि २०७६।३।१५ मा युरो ६५ लाख ५८ हजार ९०५ र नेपाली रुपैयाँ रु.१३ करोड ६१ लाख ७ हजारको सम्झौता गरेको छ । सम्झौताको सर्तबमोजिम प्रथम वर्ष फुल स्केल सपोर्ट एण्ड मेन्टिनेन्स सेवा लिने, दोस्रो वर्षको हकमा डाउनसाइज्ड सपोर्ट सेवा र सो पछिका वर्षमा सपोर्ट एण्ड मेन्टिनेन्स कुल लागतको वार्षिक १५ प्रतिशतका दरले भुक्तानी दिने गरी सम्झौता भएको छ। सम्झौतामा उक्त प्रणाली सञ्चालन गर्नको लागि विभागमा रहेको जनशक्तिलाई परामर्शदाताले दक्ष बनाउने (ज्ञान हस्तान्तरण गर्ने) उल्लेख भएकोमा सम्झौताको म्याद समाप्त हुनु अगावै प्रणाली सञ्चालन गर्ने दक्ष जनशक्ति तयार पार्नुपर्नेमा सो प्रणाली सञ्चालन गर्ने दक्ष जनशक्ति नभएको र उक्त परामर्शदाताले गरेको कामलाई निरन्तरता नदिँदा हालसम्मको उपलब्धि खेर जाने कारण जनाई मन्त्रीपरिषद्ले २०८०।५।६ को निर्णयबाट सन् २०२२ अगष्ट १९ देखि सन् २०२३ अगष्ट १८ सम्म फुल स्केल सपोर्ट एण्ड मेन्टिनेन्स सेवा लिई आएको र अगष्ट १८, २०२३ देखि अगष्ट १९,२०२४ सम्मको लागि वार्षिक रु.२४ करोड २८ लाख ११ हजारले दुई वर्षको रु.४८ करोड ५६ लाख २२ हजार भुक्तानी दिने गरी सम्झौता रकमको ४०.०८ प्रतिशतको भेरिएसन आदेश स्वीकृत गरेको छ। उक्त परामर्श सेवाको म्याद समाप्त भइसकेको र सो वर्षमा उक्त कार्यको लागि बजेट तथा कार्यक्रमसमेत स्वीकृत नभएकोमा रकमान्तरबाट बजेट व्यवस्था गरी भुक्तानी दिएको उचित देखिएन।

नेपाल प्रहरी

नेपाल प्रहरीले प्रहरी ऐन, २०१२ तथा प्रचलित अन्य कानुनबमोजिम शान्ति सुव्यवस्था, अपराध नियन्त्रण र अनुसन्धान, चोरी तस्करी नियन्त्रण, सवारीसाधनको व्यवस्थापन, विशिष्ट व्यक्तिहरू तथा महत्त्वपूर्ण संरचनाहरूको सुरक्षा एवं प्रकोप व्यवस्थापनलगायतका कार्यसम्पादन गर्दै आएको छ।

२२. **अपराध अनुसन्धान** - नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ४ ले राज्य विरुद्धको कसुरलगायत १२ किसिमका कसुरको सम्बन्धमा अनुसन्धान गर्ने अधिकार नेपाल प्रहरीलाई तोकेको छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

२२.१. अनुसन्धान कार्यका लागि केन्द्रीय अपराध अनुसन्धान विभाग, केन्द्रीय अनुसन्धान ब्युरो, महिला बेचबिखन अनुसन्धान ब्युरो, साइबर ब्युरो, लागु औषध नियन्त्रण ब्युरोलगायत सम्पूर्ण प्रहरी सङ्गठन क्रियाशील रहेका छन्। प्रहरी प्रधान कार्यालयबाट प्राप्त वार्षिक प्रतिवेदनअनुसार विगत ५ वर्षको अपराधसम्बन्धी घटना र छानबिन स्थिति देहायअनुसार छ:

अपराधको किसिम	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
ज्यानसम्बन्धी	७१५५	८०५९	८५१०	८४५१	८७५९
आत्महत्यासम्बन्धी	६२४१	७११७	६७९२	६९७४	७१९४
चोरी सम्बन्धी	२४५१	२३८२	३१८८	३६१९	३७५८
संगठित तथा आर्थिक अपराध	४६०८	४६५२	५५१५	६०५७	७१८९
सामाजिक अपराध	११४८१	८१६८	९९८४	११९८२	११६९०
महिला तथा बालबालिका	४०९२	४७०५	४४२७	४२५३	४२३१

अपराधको किसिम	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
सवारीसम्बन्धी	१९७१	२१७८	२५२६	२२६२	२२२७
विविध	३८९९	२८५९	५९६०	१२७२५	१४१५६
जम्मा	**४१८९८**	**४०१२०**	**४६९०२**	**५६३२३**	**५९२०४**
फर्स्यौंट	२५५८३	२३३४५	१५१७६	३१५४१	३७३९४
फर्स्यौंट प्रतिशत	६१	५८	३२	५६	६३
बाँकी	**१६३१५**	**१६७७५**	**३१७२६**	**२४७८२**	**२१८१०**

उल्लिखित विवरणअनुसार २०७६।७७ को तुलनामा २०७७।७८ मा ४.२४ प्रतिशतले अपराध घटेको र २०७९।८० मा करिब ३५ प्रतिशतले अपराध बढेको देखिन्छ। अघिल्लो वर्षको तुलनामा यस वर्ष करिव ५.११ प्रतिशतले अपराध बढेको देखिन्छ। अपराधको प्रकृतिको आधारमा गत वर्षको तुलनामा सामाजिक अपराध, सवारी सम्बन्धी र महिला तथा बालबालिका सम्बन्धी अपराधको घटना क्रमशः २.४३, १.५५ र ०.५१ प्रतिशतका दरले घटेको भएतापनि ज्यान, आत्महत्या, चोरी, संगठित तथा आर्थिक र विविध प्रकृतिका अपराधका घटनामा वृद्धि भएको छ। विविधतर्फ १४ हजार १५६ अपराधमध्ये १३ हजार २६३ बैकिङ्ग कसुरसम्बन्धी रहेका छन्। अपराध दर्तासम्बन्धी एकीकृत विवरणअनुसार २१ हजार ८१० मुद्दा फर्स्यौंट हुन बाँकी देखिएकाले फर्स्यौंट गर्न बाँकी मुद्दाहरूको समयमै तहकिकात र अनुसन्धान गरी टुङ्गो लगाउनुपर्दछ।

२२.२. नेपाल सरकार, गृह मन्त्रालयको २०७१।७।१६ को निर्णयबाट २०७२।७३ देखि प्रथम त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना सुरुवात भएकोमा हाल तेस्रो कार्ययोजना (२०७८।७९ - २०८०।८१) कार्यान्वयनमा रहेको छ। कार्ययोजनाका लागि कुल रु.३ अर्ब २८ करोड ९० हजार खर्च हुने अनुमान गरेकोमा पहिलो वर्ष आपराधिक तथ्याङ्क व्यवस्थापन र मातहतसँग विद्युतीय सञ्जाल विस्तार, वैज्ञानिक अनुसन्धान पद्धतिको सबलीकरण, अपराध अनुसन्धानसँग सम्बन्धित निकायको समन्वय विस्तार, अपराध अनुसन्धान प्रशिक्षणलाई सुदृढीकरण, स्रोत साधनको व्यवस्थापन, नागरिक जनचेतना अभिवृद्धि र अनुगमन तथा सुपरिवेक्षण क्रियाकलापमा रु.८ करोड ८ लाख ६३ हजार, दोस्रो वर्षमा २ क्षेत्रहरूमा रु.८ करोड १७ लाख ८४ हजार र तेस्रो वर्षमा ४ क्षेत्रमा रु.७ करोड ५१ लाख ७५ हजार खर्च भएको छ। कार्ययोजनामा समावेश गरिएका १५ कार्यनीतिगत क्षेत्रअन्तर्गतका १०१ क्रियाकलापमध्ये कार्ययोजना अवधिमा ७६ क्रियाकलाप सञ्चालनमा आएकोमा २५ क्रियाकलाप सञ्चालन भएको देखिएन। कार्यान्वयनयोग्य कार्ययोजना तयार गर्नुपर्दछ।

२३. **ट्राफिक व्यवस्थापन** - नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ३ बमोजिम ट्राफिक व्यवस्थापनसम्बन्धी काम, कर्तव्य र अधिकार नेपाल प्रहरीलाई तोकिएको छ। ट्राफिक व्यवस्थापनमा देखिएका बेहोरा देहायअनुसार छन्:

२३.१. विगत ५ वर्षको दुर्घटना अवस्था विश्लेषण गर्दा २०७६।७७ देखि २०८०।८१ सम्मको औसत वृद्धिदर १२.४८ प्रतिशत रहेको छ। कुल सवारी दुर्घटना २०७६।७७ देखि २०७८।७९ सम्म वृद्धि हुँदै गएको देखिए तापनि २०७९।८० को तुलनामा २०८०।८१ मा २.८ प्रतिशतले कमी आएको देखिन्छ। गम्भीर घाइते र सामान्य घाइतेको सङ्ख्या क्रमशः ७.३५ र ६.१६ प्रतिशतले वृद्धि भएको देखियो। सवारीसाधन र सडकको अवस्था, सवारी चाप, सडक निर्माण सम्पन्न नहुँदै सडक भत्काउने

प्रवृत्ति, चालक अनुमतिपत्र नियमनको कमी, सवारी नियमसम्बन्धी ज्ञानको कमी, सवारी चालकको असावधानीलगायतका कारणले सवारी दुर्घटना बढेसँगै मृत्यु, गम्भीर घाइते र सामान्य घाइते हुने सङ्ख्यामा समेत वृद्धि हुँदै गएको देखिन्छ। प्राप्त विवरणअनुसार देशभर सवारी दुर्घटनासम्बन्धी ५ वर्षको स्थिति निम्नानुसार छः

आर्थिक वर्ष	कुल सवारी दुर्घटना		मृत्यु		गम्भीर घाइते		सामान्य घाइते	
	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत	सङ्ख्या	वृद्धि प्रतिशत
२०७६।७७	१५५५९	१७	२२५१	(१९)	४६२४	६	११५९३	१२
२०७७।७८	२०६४०	३३	२५००	११	६४४८	३९	१८६००	६०
२०७८।७९	२४५३७	१९	२८८३	१५	७२८२	१३	२५७२२	३८
२०७९।८०	२३५९७	(३.८)	२३६८	(१७.८४)	५७३८	(२१.२)	२४४८८	(४.८)
२०८०।८१	२२९२७	(२.८)	२३६९	०.०४	६१६०	७.३५	२५९९६	६.१६

सम्बन्धित निकायहरूबाट सडकको सुधार, सडक क्रसिङ्ग व्यवस्था, पार्किङ्गस्थल, ट्राफिक बत्ती, सी.सी.टी.भी., जडान, सडक सङ्केतलगायतको उपयुक्त व्यवस्था र सवारी ऐन, नियमको पालना एवं अन्तर निकाय समन्वय गरी बढ्दो दुर्घटना न्यूनीकरण गर्नुपर्दछ। सवारी दुर्घटना हुन नदिन सम्बन्धित सरोकारवाला समेतको समन्वयमा सवारीसाधनको अवस्था, भार वहन क्षमता, यात्रु क्षमता, चालकको अवस्था, सवारीसाधनको गति, ट्राफिक चिन्हको अनिवार्य पालनासम्बन्धी अनुगमनलाई प्रभावकारी बनाउने, काठमाडौँ उपत्यका र देशका अन्य मुख्य शहरमा ट्राफिक व्यवस्थापनमा सुधार गर्न इन्टिलिजेन्ट ट्राफिक लाइट प्रणाली जडानलगायतका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२३.२. काठमाडौँ उपत्यकाका तीन जिल्लामा २ हजार ८४ किलोमिटर सडक रहेकोमा बागमती प्रदेशमा २०८०।८१ सम्म दर्ता भएका सवारीसाधनको सङ्ख्या १९ लाख ८८ हजार ८१९ रहेको छ। उपत्यकाको ट्राफिक व्यवस्थापन गर्न कार्यरत १ हजार ११३ जनशक्तिलाई आधार मान्दा एक जना ट्राफिक प्रहरीले १ हजार ७८७ सवारीसाधन र १.८७ किलोमिटर सडक व्यवस्थापन गर्नुपर्ने अवस्था देखिन्छ। कार्यालयले उपत्यकाको विभिन्न स्थानमा जडान भएका ३२६ सी.सी टी.भी. मार्फत सवारी दुर्घटना, सवारी चोरीको अनुसन्धान र खोजी कार्य गर्दै आएको छ। उपत्यकामा बढ्दो शहरीकरण र सवारीको चापलाई व्यवस्थापन गर्न ६५ स्थानमा ट्राफिक लाइट जडान भएकोमा २२ स्थानमा रहेका ट्राफिक लाइटहरू बिग्रिएर मर्मत गर्नुपर्ने अवस्थामा रहेको देखियो। उपत्यकाको सवारी व्यवस्थालाई सुरक्षित एवं भरपर्दो बनाउनको लागि सडकहरूमा सी.सी टी.भी, सर्भिलेन्स भेहिकल परिचालन, बोडी वर्न क्यामरा, गोप्रो क्यामरा जस्ता आधुनिक प्रविधिहरू जडान गरी यातायात व्यवस्थापनसँग सम्बन्धित सबै निकायसँग समन्वय गरेर प्रभावकारी रूपमा उपत्यकाको ट्राफिक व्यवस्थापन गर्नुपर्दछ।

२४. **सफ्टवयेर निर्माण** - सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४ मा सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा प्रणालीसम्बन्धी कागजात तयार गरी मानकअनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागमा पठाउनुपर्ने र विभागले प्राविधिक समितिबाट जाँचबुझ गरी प्रमाणीकरण गर्ने व्यवस्था छ। प्रहरी प्रधान कार्यालयले बोलपत्रको माध्यमबाट कार्यालयको कार्यसम्पादन, सेवाप्रवाह, प्रतिवेदनको लागि ६ सफ्टवेयर निर्माण र २२ सूचना प्रणाली सञ्चालनको लागि विभिन्न फर्महरूसँग खरिद सम्झौता गरी रु.१० करोड ३१ लाख ७५ हजार खर्च लेखेकोमा कार्यविधिअनुसार उक्त सफ्टवेयरहरू

विभागबाट प्रमाणीकरण गराएको देखिएन। कार्यालयले प्रयोग गर्ने सफ्टवेयर तथा सूचना प्रणालीहरू कार्यविधिअनुसार सूचना प्रविधि विभागबाट प्रमाणीकरण हुनुपर्दछ।

२५. **सवारीसाधन** - सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीसम्बन्धी कार्यविधि, २०७९ को बुँदा २० मा कार्यालयले आफ्नो कम्पाउण्ड हाताभित्र रहेका वा आफ्नो कार्यालयमा प्रयोग भई तत्काल चालु अवस्थामा नरहेका एवम् स्वामित्वसम्बन्धी कुनै कागजात नभेटिएका पुराना सवारीसाधन वा नम्बर प्लेट पत्ता नलागेका सवारीसाधनको स्वामित्व दाबी गर्न पन्ध्र दिने सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने र सवारीसाधनको सम्बन्धमा कुनै दाबी नपरेमा नियमानुसार सम्पत्ति तथा जिन्सी खातामा आम्दानी बाँधी पत्रुको रूपमा लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ।प्रहरी प्रधान कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० सम्म मातहतका कार्यालयहरूमा स्वामित्व नखुलेका दुई पाङ्ग्रे, तीन पाङ्ग्रे र चार पाङ्ग्रेसमेत ६ हजार ९८२ सवारीसाधन वर्षौंदेखि बेवारिसे अवस्थामा रहेकोमा यो वर्ष उक्त विवरण तयार गरेको देखिएन। यो वर्ष कार्यालयले ५ हजार ४७८ दुई पाँग्रे, २ वटा तीन पाँग्रे र ३८ वटा चारपाँग्रे तथा अन्यसमेत ५ हजार ५१८ सवारीसाधन लिलाम बिक्री गरे तापनि १ हजार ४६४ सवारीसाधन अझै बेवारिसे अवस्थामा छन्। उक्त सवारीसाधनहरू प्रचलित कानुनबमोजिम लिलाम बिक्री गर्नुपर्दछ।

राष्ट्रिय प्रहरी प्रतिष्ठान

२६. **प्रतिष्ठान भवन निर्माण -** नेपाल र भारत सरकारबिच २०७१।८।९ मा भएको समझदारीपत्रअनुसार ३ लाख २९ हजार ५४ वर्गमिटर क्षेत्रफलमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको लागि ४८ भवन तथा ७ अन्य संरचनासमेत निर्माण गर्न एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि करबाहेक रु.१० अर्ब १ करोड ५१ लाखको लागतमा २०८२।३।१९ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी २०७९।३।१३ मा खरिद सम्झौता भएको छ । यो वर्षसम्म मोबिलाइजेसन पेस्की रु.६७ करोड ६६ लाख ८३ हजार र रनिङ बिलबापत रु.३ अर्ब ५२ करोड ८६ लाख ७४ हजारसमेत रु.४ अर्ब २० करोड ५३ लाख ५७ हजार भुक्तानी भएको छ। निर्माण अवधिको करिब ८३ प्रतिशत समय व्यतीत भइसक्दा यो वर्षसम्मको भौतिक प्रगति ५२.५९ प्रतिशत र वित्तीय प्रगति ३७.३४ प्रतिशत देखिएकोले निर्धारित समयमा निर्माण कार्य सम्पन्न हुन सक्ने देखिँदैन। खरिद सम्झौतामा उल्लिखित सर्त र निर्माण कार्यतालिका बमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

नेपाल प्रहरी अस्पताल

नेपाल प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी, तीनका परिवार र भूतपर्व प्रहरी कर्मचारीहरूको स्वास्थ्य उपचार गर्ने उद्देश्यले २०४० सालमा यस अस्पतालको स्थापना भएको हो। अस्पतालले २०७४ कार्तिक २६ गतेदेखि सर्वसाधारण समेतलाई उपचार सेवा प्रदान गर्दै आएको छ। अस्पतालको क्षमता १५० शय्या रहेकोमा २०७७।१२।१६ को मन्त्रीस्तरीय निर्णयानुसार स्तरोन्नति गरी ३०० शय्याबाट सेवा उपलब्ध गराउँदै आएको छ।

२७. **आय-व्यय -** अस्पतालको २०८०।८१ को आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको जिम्मेवारी	१३३७५३	सञ्चालन खर्च	७३९३८३
नेपाल सरकारको अनुदान	७३९३८३	कोषबाट खर्च	२४८७८९
कोषबाट प्राप्त आम्दानी	२०८३९९	धरौटी फिर्ता	२४४५३
धरौटी	१९७२२	मौज्दात	८८६३२
जम्मा	**११०१२५७**	**जम्मा**	**११०१२५७**

यो वर्ष नेपाल सरकारको अनुदानबाट रु.७३ करोड ९३ लाख ८३ हजार खर्च भएको छ। अस्पतालले यो वर्ष सर्वसाधारणको उपचार व्यवस्थापन, विपन्न नागरिक उपचार व्यवस्थापन, कल्याणकारी कोषबाट अनुदान, एनेस्थेसिया तथा अन्य परीक्षण शुल्क र नयाँ उम्मेदवार स्वास्थ्य परीक्षण लगायतबाट रु.२० करोड ८३ लाख ९९ हजार आम्दानी गरेको छ। अस्पतालको आन्तरिक आम्दानीले प्रशासनिक खर्च धान्न कठिन रहेकोले अस्पतालको दिगोपना र सेवा विस्तारको लागि सबै प्रकारका आन्तरिक स्रोतको आयमा वृद्धि र खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

सशस्त्र प्रहरी बल, नेपाल

मुलुकमा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, भएका वा हुन सक्ने सशस्त्र सङ्घर्ष, विद्रोह नियन्त्रण गर्ने, नेपालको सीमा सुरक्षा र सरकारले तोकेको सार्वजनिक महत्त्वका भवन संरचना सुरक्षा गर्ने, बाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही कार्य गर्ने र नेपाल सरकारले तोकेको अन्य कार्यसमेतको जिम्मेवारी निर्वाह गर्न सशस्त्र प्रहरी बल ऐन, २०५८ अनुसार यो सुरक्षा निकाय गठन भई सञ्चालनमा रहेको छ।

२८. **कार्यसम्पादन** - कार्यालयले यो वर्ष अवैध निकासी/पैठारी गरेको रु.१ अर्ब ६४ करोड ६ लाख ८ हजार मूल्यको सामान बरामद गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाएको छ। प्रधान कार्यालयबाट प्राप्त विवरणअनुसार सीमा इलाकामा ५ हजार ८५१ संयुक्त र ३१ हजार ५२३ एकल गस्ती परिचालन गरेको, अतिविशिष्ट व्यक्ति/विशिष्ट व्यक्ति सुरक्षामा ४६ स्थानमा ३७७ र कूटनीतिक नियोगलगायतका ३८ स्थानमा १ हजार १६१ सशस्त्र प्रहरी परिचालन गरेको देखिन्छ। पहिलो चरणमा १७३ र दोस्रो चरणमा १२७ गरी ३०० स्थानमा बोर्डर आउट पोष्ट स्थापना गर्ने उल्लेख भएकोमा हालसम्म भारततर्फ २४४ र चीनतर्फ १० समेत २५४ बोर्डर आउट पोष्ट स्थापना भएको, रणनैतिक हिसाबले स्थापना गर्नुपर्ने ६३ बोर्डर आउट पोष्ट स्रोत साधन उपलब्ध भए तत्काल स्थापना गर्न सकिने र ४ बोर्डर आउट पोष्टको विवरण तयार गरी तालुक मन्त्रालयमा पठाएको देखिन्छ। कार्ययोजनामा २ वर्षभित्र रेल-वे सुरक्षा गण स्थापना गर्न नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७७।९।१५ मा निर्णय भएकोमा हालसम्म दरबन्दी स्वीकृत हुन नसकेकोले रेल्वे सुरक्षाको निमित्त सुरक्षा बेस स्थापना गरी सुरक्षा प्रदान गर्दै आइरहेको उल्लेख छ।

नेपाल ए.पी.एफ. अस्पताल

बहालवाला र अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी तथा आश्रित परिवारलाई आवश्यक पर्ने स्वास्थ्य सेवा प्रदान गर्न सशस्त्र प्रहरी बलको मुख्यालय परिसरमा मेडिकल शाखाको रूपमा वि.सं. २०५९ देखि सेवा आरम्भ

भएकोमा २०६२ देखि नेपाल ए.पी.एफ. अस्पतालको रूपमा बलम्बु, काठमाडौंमा स्थापना भएको हो। यस अस्पतालले २०७३ देखि ११० शय्याबाट सर्वसाधारण जनतालाई समेत स्वास्थ्य सेवा प्रदान गर्दै आएकोमा २०८१।६।४ को स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सचिव स्तरीय निर्णयबाट ३०० शय्यामा स्तरोन्नति भई सञ्चालनमा रहेको छ। अस्पताल सञ्चालनका लागि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयले ११ सदस्यीय अस्पताल सञ्चालक समिति गठन गरेको र सोही सञ्चालक समितिले अस्पतालको सञ्चालन तथा व्यवस्थापन गर्ने गरेको छ। प्राप्त विवरणअनुसार यो वर्ष अस्पतालले सशस्त्र प्रहरी कर्मचारी, आश्रित परिवार, पूर्व कर्मचारी र सर्वसाधारणसमेत १ लाख ७५ हजार ८९४ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराएको छ।

२९. **आय-व्यय** - अस्पतालको २०८०।८१ को आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको जिम्मेवारी	२१०९९	सञ्चालन खर्च	३८९४५०
नेपाल सरकारको अनुदान	४९१००२	पुँजीगत खर्च	१०१५५२
कोषबाट प्राप्त आम्दानी	२७०४२	विविध कोष खर्च	२८२०२
सेवाशुल्क र टिकट बिक्री	२७७०३	धरौटी फिर्ता	७९६०
अन्य आम्दानी	१८६६	सेवाशुल्क कोष दाखिला	२७७०३
राजस्व आम्दानी	४२१३	राजस्व दाखिला	४२१३
धरौटी	८०९२	मौज्दात	२१९३७
जम्मा	**५८१०१७**	**जम्मा**	**५८१०१७**

अस्पतालको गतवर्षको जिम्मेवारी रु.२ करोड १० लाख ९९ हजार, कल्याणकारी कोषबाट प्राप्त आय रु.२ करोड ७० लाख ४२ हजार, नेपाल सरकारबाट रु.४९ करोड १० लाख २ हजार र सेवाशुल्क, धरौटी र अन्य आम्दानी रु.४ करोड १८ लाख ७४ हजार समेत रु.५८ करोड १० लाख १७ हजार आम्दानी रहेको छ। अस्पतालले आम्दानी वृद्धि गरी सेवा सञ्चालन गर्न पहल गर्नुपर्दछ।

३०. **स्वास्थ्य उपकरण उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) बमोजिम जिन्सी सामानको कम्तीमा वर्षको एक पटक निरीक्षण गरी प्रतिवेदन दिनुपर्ने र सो प्रतिवेदनको आधारमा नियम ९९(४) बमोजिम तीन महिनाभित्र मर्मत सम्भार गरिसक्नुपर्ने व्यवस्था छ। रेडियोलोजी विभागमा रहेको रु.३ करोड ५१ लाख मूल्यमा खरिद गरेको सी.टी. स्क्यान मेसिन २०७९ श्रावणदेखि बिग्रिएर रहेकोमा यस वर्ष आंशिक सञ्चालनमा रहेको छ। जसको कारण यस वर्ष १४२ जना विरामी अन्यत्र रिफर भएका छन्। आंशिक रूपमा प्रयोगमा रहेको वा प्रयोगमा नरहेको स्वास्थ्य उपकरण पूर्ण सञ्चालनमा ल्याई सेवा प्रवाहलाई थप प्रभावकारी र चुस्त बनाउनुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन

यातायात क्षेत्रको नियमन, विकास, व्यवस्थापन र सहजीकरण गर्न केन्द्रीयस्तरको निकायको रूपमा यातायात व्यवस्था विभागले कार्य गरिरहेको छ। सवारी व्यवस्थापन गरी विद्यमान ऐन नियमको पालना गराउने,

सवारी नियम उल्लङ्घनकर्तालाई जरिबाना गराउने, सडक दुर्घटनाको अनुसन्धान, घाइतेको उद्धार र पीडितलाई न्याय प्राप्तिमा सहजीकरण गर्ने, हराएका सवारीसाधन तथा मालसामानको खोजतलास गर्ने, ट्राफिक जनचेतना अभिवृद्धि गर्ने, ट्राफिक व्यवस्थापन सम्बन्धी सूचना प्रवाह गर्ने, सुरक्षित एवं मर्यादित यात्रा गर्न पाउने अधिकार सुनिश्चित गर्ने तथा दुर्घटना न्यूनीकरणका क्षेत्रमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले कार्य गरिरहेको छ। यसै सन्दर्भमा यो वर्ष काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन अवस्था मूल्याङ्कन गर्न कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनको कार्यमा संघ, प्रदेश र स्थानीय तहका विभिन्न निकायको संलग्नता, ट्राफिक व्यवस्थापनमा सूचना प्रविधिको बढ्दो प्रयोग, ट्राफिक व्यवस्थापनलाई थप सहज बनाउन नदी करिडोरको विकास र संविधान, आवधिक योजना, सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली लगायतका नीतिगत तथा कानुनी व्यवस्थाले ट्राफिक व्यवस्थापनका विषय सम्बोधन गरेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

३१. **कानुनी सामञ्जस्यता -** सार्वजनिक यातायात व्यवस्थित गरी सर्वसाधारणको सहज र सुविधाजनक पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ तीन वटै तहका सरकारले सवारी तथा यातायातसम्बन्धी ऐन जारी गरी कार्यान्वयन गरिरहेका छन्। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३ मा यातायात सञ्चालनको लागि रुट निर्धारण गर्ने र भाडा निर्धारण गर्ने अधिकार यातायात व्यवस्था विभागको हुने व्यवस्था छ। बागमती प्रदेश सरकारले जारी गरेको प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा ७९ मा मन्त्रालयले सार्वजनिक सवारी सञ्चालनको मार्ग निर्धारण गर्न सक्ने र दफा ११० मा भाडादर निर्धारण गर्न सक्ने व्यवस्था छ। त्यसैगरी काठमाडौं महानगरपालिकाले जारी गरेको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५ को दफा २१ मा महानगर क्षेत्रभित्र सार्वजनिक सवारी चल्ने रुट निर्धारण गर्ने र भाडादर निर्धारण गर्ने अधिकार नगर कार्यपालिकाको हुने उल्लेख छ। तीन तहका सरकारले जारी गरेका कानुनमा काठमाडौं उपत्यकाभित्र सार्वजनिक सवारी चल्ने रुट निर्धारण गर्ने र भाडादर निर्धारण गर्ने अधिकार तत् तत् निकायको हुने व्यवस्था गरी कर्तव्य र अधिकार निर्धारण गरेको देखिन्छ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा ट्राफिक नियम उल्लङ्घन गर्ने तथा ऐन विपरीत कार्य गर्नेलाई ५ सयदेखि १० हजारसम्म सजायको व्यवस्था छ। सोही कसुरमा बागमती प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ मा ५ हजारदेखि २५ हजार रुपैयाँसम्म सजायको व्यवस्था रहेको छ। सङ्घीय प्रणालीसँग तार्दाम्यता कायम हुने गरी कानुन निर्माण गर्नुका साथै आधुनिक प्रविधि आत्मसात गर्न सक्ने गरी तीनै तहका विद्यमान कानुनमा समयसापेक्ष सुधार गर्नुपर्दछ।

३२. **संस्थागत व्यवस्था -** सवारी तथा यातायात सम्बन्धी कानुनको परिपालना नभए कारबाही गर्ने कार्य ट्राफिक प्रहरीले गर्ने गरेको, रुट इजाजत दिने तथा दर्ता गर्ने कार्य प्रदेश सरकारअन्तर्गतका कार्यालयबाट हुने गरेको, सडक सुरक्षाका लागि सीसीटीभी जडान गर्ने कार्य तीन वटै तह तथा अन्य सङ्घ संस्थाबाट समेत हुने गरेको, ट्राफिक सङ्केत, सडक मर्मत तथा सडक मार्किङको काम सडक विभागले गर्ने गरेको, ट्राफिक बत्ती जडान गर्ने कार्य महानगरपालिका तथा सडक विभागले गरेको देखिन्छ। ट्राफिक व्यवस्थापन

सम्बन्धमा कानुन निर्माण, सडक पूर्वाधार निर्माण तथा मर्मत सम्भार, सीसीटीभी, ट्राफिक बत्ती, सडकका खाल्डाखुल्डी मर्मत लगायतका काममा समन्वय तथा सहकार्य प्रभावकारी हुन सकेको देखिएन। सम्वद्ध निकायहरुबिच नीतिगत एवं कानुनी विषय र पूर्वाधार निर्माणमा प्रभावकारी समन्वय एवं सहकार्य हुनुपर्दछ।

३३. **आवधिक योजना तथा बजेट कार्यान्वयन -** पन्ध्रौं योजनामा सहरी क्षेत्रमा फ्लाई ओभर पुल तथा अण्डर पास निर्माण गर्ने, सवारी चाप बढी हुने सडक सञ्जालमा आधुनिक सूचना प्रविधिमा आधारित इन्टेलिजेन्ट ट्रान्सपोर्ट सिस्टमका आवश्यक पूर्वाधारको विस्तृत योजनासहित निर्माण सुरु गर्ने, सडक पूर्वाधारको संरक्षण र सम्वर्धनका लागि सडक प्रयोगकर्तालाईसमेत सहभागी गराई स्रोत व्यवस्थापन गर्ने लगायतका कार्य गर्ने उल्लेख छ। योजना अवधिका बजेट वक्तव्यमा काठमाडौं चक्रपथ सडक विस्तार, सूर्यविनायक-धुलिखेल सडक खण्डको स्तरोन्नति, तीनकुने-कोटेश्वर-जडिबुटी सुरुङ मार्ग, कोटेश्वर तथा नयाँ बानेश्वरमा अण्डरपास, त्रिपुरेश्वरदेखि माइतीघरसम्म, चक्रपथको ग्वार्को, सातदोबाटो र एकान्तकुना चोकमा फ्लाइओभर निर्माण, सवारी सुरक्षा सङ्केत र ट्राफिक सङ्केतहरु राख्ने, सडकको अवस्थाको आधारमा अधिकतम गति निर्धारण गरी कडाइका साथ नियमन गर्ने, उपत्यका तथा अन्य सहरहरुमा मेट्रो तथा मोनोरेल सञ्चालन गर्न विस्तृत सम्भाव्यता अध्ययन, देशभित्र दर्ता भएका सबै सवारीसाधनमा रेडियो फ्रिक्वेन्सी पहिचानसहितको इम्बोस्ड नम्बर वितरण, मालवाहक तथा अन्य सवारीसाधनमा जीपीएस जडान, सार्वजनिक यातायातमा इ-टिकेटिङ्ग, काठमाडौंमा न्यूनतम एक सय विद्युतीय बस सञ्चालन, विद्युतीय सवारीसाधनको प्रयोग बढाउन ५ सय चार्जिङ्ग स्टसन, सम्भावित दुर्घटनास्थल पहिचान गरी घुम्ती तथा साँघुरो सडकमा क्रयास ब्यारियरको निर्माण, उपत्यकाभित्रका व्यस्त ४४ चोकमा स्मार्ट ट्राफिक लाइट जडान लगायतका कार्यक्रम घोषणा गरिएकोमा कोटेश्वरदेखि कलङ्कीसम्म चक्रपथ विस्तारको कार्य सम्पन्न भएको, कलङ्कीदेखि वसुन्धारासम्म सर्भिस लेन निर्माण कार्य भइरहेको, ग्वार्कोमा ओभरपास निर्माणको काम भइरहेको, ३८ लाख ४१ हजार थान स्मार्ट लाइसेन्स छपाइ भएको, ६ लाख २० हजार इम्बोस्ड नम्बर प्लेट उत्पादन गरी ७७ हजार थान वितरण भएको, १ लाख २ हजार सवारीसाधन विद्युतीय दर्ता प्रणालीमा आवद्ध देखिन्छ। यस बाहेकका अन्य कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन। एकै किसिमका कार्यक्रम हरेक वर्षको बजेटमा समावेश गर्ने तर कार्यान्वयन नहुने अवस्थामा सुधार गर्नुपर्दछ।

३४. **ट्राफिक अवरोध -** लेखापरीक्षणको क्रममा उपत्यकाका ८० सवारी चालक तथा ३९ ट्राफिक प्रहरी मार्फत गरिएको सर्वेक्षणमा ट्राफिक अवरोध सुधारका लागि ६३.१५ प्रतिशतले आवश्यकता अनुसार अण्डरपास, फ्लाइओभर र करिडोर निर्माण गर्नुपर्ने, २२.३६ प्रतिशतले ट्राफिक बत्ती, सङ्केत र जेब्रा क्रसिङ्ग थप्नुपर्ने र बाँकीले ट्राफिक जनशक्ति थप्ने र ट्राफिक जनचेतना कार्यक्रम वृद्धि गर्नुपर्ने धारणा व्यक्त गरेका छन्। सर्वेक्षणमा ४४ प्रतिशत सवारी चालकहरुमा ट्राफिक नियमको पूर्ण जानकारी नरहेको, ट्राफिक नियम उल्लङ्घन गरेको कारणबारे सोधनी गर्दा ५८ प्रतिशत सवारी चालकले समयमै गन्तव्यमा पुग्नुपर्ने हतारो, ३६ प्रतिशतले ट्राफिक सङ्केत, बत्ती र लेन स्पष्ट नभएको तथा बाँकीले उक्त ठाउँमा ट्राफिक प्रहरी नभएको कारणबाट ट्राफिक नियम उल्लङ्घन भएको जवाफ दिएका छन्। उपत्यकाको ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन ट्राफिक जाम हुने मुख्य स्थानहरुमा आवश्यकतानुसार अण्डरपास तथा फ्लाइओभर निर्माण र सवारी चालकहरुलाई ट्राफिक नियमको अभिमुखीकरण तालिम सञ्चालन गर्नुपर्दछ।

३५. **ट्राफिक नियम पालना -** उपत्यका ट्राफिक प्रहरी कार्यालयको प्रतिवेदन अनुसार चालकको लापरबाही, मादक पदार्थ सेवन (मापसे), तीव्र गति तथा ओभरटेक जस्ता मानवीय कारणबाट २०७७।७८ देखि २०८०।८१ सम्म ३८ हजार ६ सय दुर्घटना भएको देखिन्छ। लेन अनुशासन पालना नगर्नेको सङ्ख्या २०८०।८१ मा अघिल्लो वर्षको तुलनामा ५९ प्रतिशतले वृद्धि भई ६३ हजार पुगेको, ट्राफिक बत्तीको पालना नगर्ने सवारी चालकहरु २०८०।८१ मा अघिल्लो वर्षको हाराहारी ३० हजार रहेको देखियो। उपत्यकाका तीन स्थानमा नम्बर प्लेट चिन्ने स्वचालित क्यामेरा जडान गरी तीव्र गतिमा सवारी चलाउनेलाई कारबाही गरेकोमा अघिल्लो वर्षको तुलनामा २०८०।८१ मा १३४ प्रतिशतले वृद्धि भई कारबाही सङ्ख्या १ लाख ३७ हजार पुगेको देखिन्छ। लेन अनुशासन पालना नगर्ने र तिव्र गतिमा सवारी चलाउनेको सङ्ख्या अघिल्लो वर्षभन्दा बढ्नुमा स्वचालित क्यामेराको प्रयोगबाट निगरानी गरी कारबाही गर्नु रहेको देखिन्छ।

३६. **ट्राफिक बत्ती -** सडक विभाग, ललितपुर र काठमाडौं महानगरपालिका, विभिन्न बैङ्क तथा वित्तीय संस्था र स्थानीय क्लबहरुसँग समन्वय गरी उपत्यकाका ६५ स्थानमा (१२ जेब्राक्रसिङ्गको लागि) ट्राफिक बत्ती जडान भएकोमा ४३ स्थानका ट्राफिक बत्ती सञ्चालनमा रहेका र २२ स्थानका सडक बत्ती चालु अवस्थामा छैनन्। ललितपुर महानगरपालिकाले जडान गरेका ५ स्थानका स्मार्ट ट्राफिक बत्तीले समेत सामान्य ट्राफिक बत्ती सरह नै कार्य गरेको देखिन्छ। उपत्यकाभित्रका ४४ स्थानमा स्मार्ट ट्राफिक लाइट जडान गर्नको लागि सडक विभागले विस्तृत परियोजना प्रतिवेदन तयार गरेको भए तापनि सोको पूर्ण कार्यान्वयन गरेको देखिएन।

३७. **पैदल यात्री व्यवस्थापन -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा जेब्रा क्रसिङ्गमा मानिस ओहोर दोहोर गरेको अवस्थामा चालकले आफूले चलाइरहेको सवारी रोकी आवश्यकतानुसार उचित समयसम्म अड्याई राख्नुपर्ने, मानिस हिँड्ने पेटी भएको सडकमा मानिसहरु सो पेटीबाट मात्रै हिँड्नुपर्ने, पैदल हिंड्ने मानिसले बाटो काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब-वे, ओभरहेड ब्रिज वा निर्धारित ठाउँबाट बाटो काट्नुपर्ने व्यवस्था छ। उपत्यका ट्राफिक प्रहरी कार्यालयको प्रतिवेदन अनुसार पैदलयात्रीको लापरबाहीका कारण २०७७।७८ देखि २०८०।८१ सम्म १९ सवारी दुर्घटना भएको देखिन्छ। पैदल यात्रीले ओभरहेड ब्रिज मुनिबाट समेत बाटो काटेको, पेटी भएको सडकमा पेटीबाट नहिँडी सडकबाट हिँड्ने गरेको, जेब्रा क्रसिङ्ग नभएको स्थानबाट बाटो काटेको कारण दुर्घटना बढेको देखिन्छ। पैदल यात्रीलाई ऐनमा भएको आवागमन सम्बन्धी व्यवस्था पूर्ण रूपमा पालना गराउन सचेतनामूलक कार्यक्रममार्फत ट्राफिक नियम तथा सडक अनुशासन सम्बन्धी जानकारी दिने व्यवस्था गर्नुपर्दछ।

३८. **नदी करिडोर -** अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिले उपत्यकाका विष्णुमती, धोबीखोला, बागमती, मनोहरा लगायतका नदीका दायाँबायाँ सडक निर्माण गरेको छ। विष्णुमती करिडोर अन्तर्गत काठमाडौं महानगरपालिकाको वसन्तपुरदेखि नयाँ बसपार्क पुलसम्म दायाँतर्फ ७०० मिटर, नयाँ बसपार्क पुलदेखि बालाजु पुलसम्म दायाँतर्फ १ हजार २०० मिटर अतिक्रमण भएको साथै कालीमाटी नयाँपुलदेखि टेकु पुलसम्मको सडक सञ्चालनमा रहेको देखिएन। धोबीखोला करिडोर अन्तर्गत बिजुलीबजार पुलको पश्चिमतर्फको अण्डरपास निर्माण नभएको कारण पूर्ण रूपमा सञ्चालनमा नआएको, सिनामंगल भत्केको पुलदेखि बानेश्वर क्याम्पससम्मको बाँकी करिडोर व्यवस्थित नभएको, थापाथली प्रसुतीगृहदेखि टेकुतर्फको करिडोर सडक नखुलेको र टेकु पुलदेखि बल्खु हुँदै चोभारतर्फ अवरोध रहेको, मनोहरा करिडोरअन्तर्गत पेप्सीकोला पुलदेखि मनोहरा पुलसम्म अवरोध रहेको, कर्मनाशा दोभानदेखि

बालकुमारी पुलसम्म बायाँतर्फ अतिक्रमित १७ घरधुरी र एक सय पचास मिटर अवरोध तथा मनोहरा पुलदेखि बालकुमारीसम्मको अवरोधका कारण सञ्चालन हुन बाँकी रहेको देखिन्छ। त्यस्तो अवरोध हटाउने बाँकी खण्डको सडक निर्माण कार्य सम्पन्न गरी निर्बाध रूपमा सडक सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३९. **सवारी आवागमन तथ्याङ्क -** पन्ध्रौं योजनामा ग्लोबल पोजिसनिङ्ग सिस्टम (जीपीएस) मार्फत सवारीसाधनको ट्र्याकिङगको व्यवस्था मिलाउने, सवारी चालक अनुमतिपत्र र सवारी दर्तासम्बन्धी सूचनाहरुमा एकद्वारको लागि डाटा सेन्टर स्थापना गरिने उल्लेख छ। त्यस्तै नेपाल सहरी सडक मापदण्ड, २०७६ मा दुईतर्फी सवारी चल्ने चार लेन (चौध मिटर) को सडकको क्षमता प्रतिघण्टा २५ सय प्यासेन्जर कार युनिट हुने उल्लेख छ। बागमती प्रदेश यातायात मन्त्रालय अन्तर्गतका कार्यालयमा २०७५।७६ देखि २०८०।८१ सम्म दर्ता हुने चार पाङ्ग्रे सवारीसाधनको सङ्ख्या ८३ हजार रहेको विवरण प्राप्त भए तापनि उपत्यकाका सडकमा दैनिक गुड्ने सवारीसाधनको अद्यावधिक अभिलेख कुनै निकायले राखेको देखिएन। सडकमा गुड्ने सवारीसाधनको वास्तविक तथ्याङ्क रहने प्रणालीको विकास गरी तथ्याङ्कको विश्लेषणबाट विद्यमान सडक पूर्वाधार, वातावरणीय पक्ष तथा सुरक्षा जोखिम लगायतका पक्षबाट उपयुक्त हुने सवारीसाधनको सञ्चालन गर्ने तथा सवारीसाधनको माग र आवश्यकताका आधारमा सडक तथा अन्य पूर्वाधारको विस्तार सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

४०. **पुराना सवारी व्यवस्थापन -** बागमती प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १९ (४) मा सवारी दर्ता भएको मितिले विद्युतीयको हकमा ३० वर्ष र अन्यको हकमा २० वर्ष नाघेका सार्वजनिक सवारी मन्त्रालयले तोकेबमोजिम पत्रु गर्नुपर्ने उल्लेख छ। उपत्यका ट्राफिक प्रहरी कार्यालयको प्रतिवेदनअनुसार यान्त्रिक गडबडीका कारण २०७७।७८ देखि २०८०।८१ सम्म ४०० सवारी दुर्घटना भएको देखिन्छ। यातायात व्यवस्था विभागले २०६०।६१ भन्दा पहिला दर्ता भएका सवारीको कुल सङ्ख्या ४ लाख ४२ हजार रहेको जनाएकोमा उपत्यकामा गुड्ने २० वर्ष पुराना प्रतिस्थापन गर्नुपर्ने तथा प्रतिस्थापन गरेको सवारी सङ्ख्या सम्बन्धी विवरण राखेको पाइएन। लेखापरीक्षणको क्रममा गरिएको सर्वेक्षणमा ४९ प्रतिशत सवारी चालक र ट्राफिक प्रहरीले सडकको क्षमता भन्दा बढी सवारीसाधन हुनु नै ट्राफिक अवरोध हुने मुख्य कारण रहेको औंल्याएका छन्। पुराना सवारीसाधन चलाउँदा वातावरण प्रदूषणमा वृद्धि भएको, सवारीसाधन सडकमा बिग्रिँदा आवागमनमा अवरोध भएको, सडक तथा अन्य भौतिक पूर्वाधारको तुलनामा सवारीसाधनको सङ्ख्या बढी भई ट्राफिक व्यवस्थापनमा असर परेको देखिएकोले ऐनबमोजिम विद्युतीय ३० वर्ष पुराना र अन्य २० वर्ष पुराना सवारीसाधन प्रतिस्थापन गरी आवागमनलाई सहज बनाउनुपर्दछ।

४१. **सडक मर्मतमा समन्वय -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १२६ मा सार्वजनिक स्थानमा काम परी खाल्डो खन्दा नजिकको प्रहरी कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ। सडकको अवस्थाका कारण २०७७।७८ देखि २०८०।८१ सम्म ११७ सवारी दुर्घटना भएको देखिन्छ। विद्युतका तार अण्डरग्राउण्ड गर्ने, खानेपानीका पाइप बिच्छ्याउने, ढल व्यवस्थापन गर्ने लगायतका कार्यका लागि प्रहरी कार्यालयको पूर्व स्वीकृति नलिएको तथा खनिएको सडक लामो समयसम्म मर्मत हुने नगरेको पाइयो। कतिपय स्थानमा खाल्डाखुल्डीका कारण एकतर्फी रूपमा सवारी सञ्चालन गर्दा ट्राफिक जामका साथै दुर्घटनासमेत हुने गरेको छ। स्थानीयसँगको छलफलमा बागमती करिडोर अन्तर्गत कुपण्डोलदेखि बल्खु पुलसम्मको सडकमा विद्युत प्राधिकरणले तार अण्डरग्राउण्ड गर्नको लागि

भत्काएको सडक करिब १ वर्षदेखि मर्मत नभएको उल्लेख गरेका छन्। स्थलगत निरीक्षण गर्दा थापाथलीमा मेलम्ची खानेपानी आयोजनाले भत्काएको सडक मर्मत नहुँदा एकतर्फी रूपमा सञ्चालनमा रहेको देखिन्छ। सडक खन्ने र मर्मत गर्ने कार्यमा सडक विभाग, स्थानीय तह र निर्माण सम्बद्ध निकायबिच समन्वय भएको देखिएन। विद्युतका तार अण्डरग्राउण्ड गर्ने, खानेपानीका पाइप बिच्छ्याउने, ढल व्यवस्थापन गर्ने लगायतका कार्यमा संलग्न निकायबिच समन्वय कायम गर्नुपर्दछ।

४२. **मास ट्रान्सपोर्ट -** पन्ध्रौं योजनाको कार्यनीतिमा मास ट्रान्सपोर्टलाई जोड दिँदै बृहत् बस परिवहन प्रणालीलाई प्राथमिकता दिइने उल्लेख छ। यातायात व्यवस्था विभागबाट प्राप्त विवरणअनुसार २०८१ फागुन मसान्तसम्म नेपालभर ५५ लाख २६ हजार सवारीसाधन दर्ता भएकोमा, ४४ लाख ७५ हजार मोटरसाइकल, ६ लाख ६ हजार कार, जीप, पिकअप, ट्याक्सी, टेम्पो, माइक्रो बस जस्ता साना निजी तथा सार्वजनिक सवारी र १ लाख ५ हजार बस तथा मिनीबस दर्ता भएको देखिन्छ। बस तथा मिनीबसको सङ्ख्या २ प्रतिशत मात्र देखिन्छ। सोमध्ये चालु भएका र नभएका सवारीको तथ्याङ्क विभागले राखेको छैन। साथै मास ट्रान्सपोर्ट सञ्चालन तथा एकीकृत परिवहनसम्बन्धी योजना तयार गरेको देखिएन। उपत्यकामा नियन्त्रित र व्यवस्थित सार्वजनिक सवारीसाधनको लागि मास ट्रान्सपोर्टको अवधारणा अनुरूप ठुला बस, ट्राम र मेट्रो लगायतका सार्वजनिक यातायात सेवाको विकास गर्नुपर्दछ।

४३. **पार्किङ्ग व्यवस्थापन -** उपत्यकामा सवारीसाधन पार्किङ्गका लागि पर्याप्त पार्किङ्ग बक्स निर्माण गर्ने, यात्रुहरु चढ्ने र ओर्लने केही स्थानमा बाहेक बस पकेट निर्माण गर्ने कार्य गरेको देखिएन। जसबाट सार्वजनिक यातायातका साधनले यात्रु चढाउँदा र ओराल्दा, राइड सेयरिङ्गको रूपमा प्रयोग गर्ने सवारीसाधनहरुले सडकमा रोकेर यात्रु कुर्दा, सडकको दायाँबायाँ गरिने पार्किङ्गका कारण सडकमा अन्य सवारीसाधनलाई अवरोध भई थप ट्राफिक जाम हुने गरेको देखिन्छ। सडक आसपासका खाली जग्गाहरु पार्किङ्गका लागि प्रयोग गर्ने, सडकमा सवारीसाधन पार्किङका लागि पार्किङ्ग बक्स बनाउने, यात्रुहरु चढ्ने र ओर्लने स्थानमा प्रतीक्षालयसहितको बस पकेट निर्माण गर्ने, सडकमा सवारीसाधन रोक्ने तथा पार्किङ्ग गरी राख्नेलाई नियमन तथा कानुनबमोजिम कारबाही गरी पार्किङ्ग व्यवस्थित गर्नुपर्दछ।

४४. **निष्कर्ष तथा सुझाव -** सङ्घीय प्रणालीसँग तादात्म्यता कायम हुने साथै आधुनिक प्रविधि आत्मसात गर्न सक्ने गरी तीन तहका विद्यमान कानुनमा समयसापेक्ष सुधार गर्नुपर्ने, सम्बद्ध निकायहरूबिच नीतिगत तथा कानुनी विषय एवं पूर्वाधार निर्माणमा प्रभावकारी समन्वय र सहकार्य हुनुपर्दछ। यसै गरी एउटै कार्यक्रममा हरेक वर्ष निरन्तर रूपमा बजेट व्यवस्था गर्ने तर कार्यान्वयन नगर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ। ट्राफिक जाम हुने मुख्य स्थानहरुमा आवश्यकतानुसार अण्डरपास तथा फ्लाईओभर निर्माण गरी चालु अवस्थामा नरहेका ट्राफिक बत्तीको मर्मत सम्भार गर्नुपर्ने, ललितपुरमा जडान गरिएका स्मार्ट लाइटमा सुविधा थप गरी सञ्चालनमा ल्याउनुपर्ने, सडक विभागले स्मार्ट ट्राफिक बत्ती जडानको लागि तयार गरेको विस्तृत परियोजना प्रतिवेदनको कार्यान्वयन गर्नुपर्दछ। उपत्यकामा गुड्ने सवारीसाधनको तथ्याङ्क प्राप्त गर्ने प्रणाली विकास गरी २० वर्ष पुराना सवारीसाधन प्रतिस्थापन तथा सडकमा गुड्ने सवारीसाधनको वास्तविक तथ्याङ्क रहने प्रणालीको विकास गरी तथ्याङ्कको विश्लेषणबाट विद्यमान सडक पूर्वाधार, वातावरणीय पक्ष तथा सुरक्षा जोखिमलगायतका पक्षबाट उपयुक्त हुने सवारीसाधनको सञ्चालन गर्ने तथा सवारीसाधनको माग र आवश्यकताका आधारमा सडक तथा अन्य पूर्वाधारको विस्तार सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

पैदल यात्री एवं चालकलाई सडक अनुशासन तथा ट्राफिक नियमसम्बन्धी सचेतनामूलक सामग्री सञ्चार माध्यमबाट प्रसारित गर्ने, विद्यालयको पाठ्यक्रममा समावेश गर्ने, चालक अनुमतिपत्र परीक्षाको पाठ्यक्रम अद्यावधिक गर्ने, ट्राफिक नियमको आंशिक जानकारी राख्ने सवारी चालकको पहिचान गरी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ। नदी करिडोरहरुमा रहेको अवरोध हटाई बाँकी खण्डको निर्माण सम्पन्न गरी निर्बाध रूपमा सडक सञ्चालन गर्ने र विद्युतका तार अण्डरग्राउण्ड गर्ने, खानेपानीका पाईप बिच्छ्याउने, ढल व्यवस्थापन गर्ने लगायतका कार्यमा सम्बद्ध निकायबिच प्रभावकारी समन्वय गरी यथाशीघ्र सडक मर्मत गर्ने, लेन भएको स्थानमा दोहोरो पर्ने गरी पोल तथा डोरी हटाई ट्राफिक सङ्केत, चिन्ह र लेन स्पष्ट बुझिने गरी राख्ने तथा सडक आसपासका खाली जग्गाहरु पार्किङ्गका लागि प्रयोग गर्ने, सडकमा पार्किङ्ग बक्स बनाउने, प्रतीक्षालयसहितको बस पकेट निर्माण गर्ने, निषेधित क्षेत्रमा पार्किङ्ग गर्नेलाई नियमन गर्ने कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ।

अन्य संस्था

प्रहरी कल्याणकारी कोष

शान्ति स्थापनार्थ २०४९ सालदेखि संयुक्त राष्ट्रसङ्घीय मिसनहरूमा नेपाल प्रहरीको सहभागिताबाट प्राप्त रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा हुने र उक्त रकम लगानी गरी आर्जित ब्याजबाट बहालवाला तथा पूर्व प्रहरी र परिवारका लागि कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रहरी कल्याण कोषको स्थापना भएको हो। प्रहरी नियमावली, २०७१ को नियम १९४ को व्यवस्थाअनुसार प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि तर्जुमा भई कोष सञ्चालनमा रहेको छ।

४५. **आय-व्यय -** कोषको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१	२०७९।८०
आयतर्फ		
सुडान मिसन	१७२८५८	१८५९७६
अनपोल व्यक्तिगत योगदान	१८७७६	१९४७७
लगानी आय	४०७६५७	४५४५०९
अन्य आम्दानी	२१९५	१७६५७
जम्मा आय	**६०१४८६**	**६७७६१९**
व्ययतर्फ		
हाइटी तथा सुडान मिसन (मर्मत खर्च)	५५५४४	८५२६
अनपोल खर्च	२७७१	१९९३
कल्याणकारी खर्च	५६३५९	४९१८१
शिक्षा तथा छात्रवृत्ति खर्च	६८८७	५५७६
स्वास्थ्य लाभ खर्च	२६५००	२४५००
बिक्री लागत	७५११	५६२१
ह्रास कट्टी	२७१०	२६४६
प्रशासनिक खर्च	११७६६	११९४५
जम्मा व्यय	**१७००४८**	**१०९९८८**

विवरण	२०८०।८१	२०७९।८०
बचत	४३१४३८	५६७६३१
गतवर्षको मौज्दात	४५८७८८४	४०२०२५३
जम्मा वासलात सारेको	५०१९३२२	४५८७८८४

कोषको गत वर्षको मौज्दात रु.४ अर्ब ५८ करोड ७८ लाख ८४ हजार रहेकोमा यो वर्ष रु.६० करोड १४ लाख ८६ हजार थप र रु.१७ करोड ४८ हजार खर्च भई रु.५ अर्ब १ करोड ९३ लाख २२ हजार मौज्दात रहेको छ।

४६. **सरकारी जग्गाको प्रयोग** - मालपोत ऐन, २०३४ को दफा २४ मा सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागि र सरकारी जग्गा नेपाल सरकारबाट उचित ठहऱ्याएको कुनै कामको लागि व्यवस्था गर्न बाहेक सरकारी वा सार्वजनिक जग्गा दर्ता वा आवाद गर्न नहुने व्यवस्था छ। कोषबाट प्राप्त विवरणअनुसार प्रहरी कर्मचारी, निजका परिवार तथा निवृत्त प्रहरी कर्मचारीको कल्याणको लागि गठन भएको प्रहरी कल्याण कोषले ९ जिल्लामा प्रहरी प्रधान कार्यालय, ४ जिल्ला प्रहरी कार्यालय, ५ प्रदेश प्रहरी कार्यालय, २ प्रहरी तालिम केन्द्र र प्रहरी प्रशिक्षण प्रतिष्ठान नेपालको नाममा रहेको ७८ रोपनी ९ आना ६ पैसा र ५६ बिगाहा ५ कट्ठा १८ धुर क्षेत्रफलको सरकारी जग्गा प्रयोगमा ल्याएकोमा विभिन्न ५ प्रहरी कार्यालयबाट रु.१७ लाख १६ हजार आम्दानी प्राप्त गरी प्रहरी कल्याण कोषको खातामा दाखिला गरेको देखिन्छ। सरकारी चल अचल सम्पत्ति नेपाल सरकारबाट नियमानुसार प्राप्त गरी प्रयोग गर्नुपर्नेमा प्राप्त नगरी लिजमा लगाउने तथा व्यावसायिक क्रियाकलापमा प्रयोग गरेको देखिएकोले सो जग्गा प्रयोग गरेबापतको न्यूनतम मूल्याङ्कित रकम नेपाल सरकारलाई बुझाउनुपर्दछ।

सशस्त्र प्रहरी बल, कल्याणकारी सेवा केन्द्र

सशस्त्र प्रहरी सङ्गठनका बहालवाला कर्मचारीहरू, सेवा निवृत्त सशस्त्र प्रहरी कर्मचारी एवं तिनका आश्रित परिवारहरू र गृहयुद्धमा ज्यान गुमाएका सशस्त्र प्रहरीका परिवारका सदस्यहरूको स्वास्थ्य, शिक्षा तथा आर्थिक क्षेत्र लगायत अन्य विविध कल्याणकारी क्षेत्रहरूमा समयानुकूल सेवा प्रदान गर्ने तथा विभिन्न सामाजिक कार्यमा सहभागिता जनाउने तथा केन्द्रबाट उपलब्ध गराउने सुविधाहरूलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले सशस्त्र प्रहरी कल्याणकारी सेवा केन्द्रको कार्यविधि, २०७२ बमोजिम गठन भई सञ्चालनमा रहेको छ।

४७. **आय-व्यय** - केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१	२०७९।८०
आयतर्फ		
परिचालन आय	८५३०००	१०९१३६२
समाज विकास गतिविधिबाट प्राप्त आय	१९१३४	१६९४०
शुल्क आम्दानी	१५९५१५	१३३३७१
पेट्रोल पम्पबाट प्राप्त आम्दानी	११९४३७४	१२२८२७१
अन्य आम्दानी	२३०९०४	१६९५३७
जम्मा आय	२४५६९२७	२६३९४८१
व्ययतर्फ		
सामाजिक कार्य खर्च	६१३९०	१५२५८

विवरण	२०८०।८१	२०७९।८०
मिसन व्यवस्थापन खर्च	४४६२९३	७१२४१९
प्रशासनिक खर्च	११६१७९	१९५६४६
शिक्षक कर्मचारी खर्च	३०९३७	२७९२५
ह्रासकट्टी	७२८४६	५२२५८
पेट्रोल पम्पको लागत	११६८२०५	११९७५१२
पेट्रोल पम्पको आयकर	५१७५	६०७८
विविध	७८९९६	-
लाभांश	१७१६८	-
जम्मा व्यय	**१९९७१८९**	**२२०७०९६**
बचत	**४५९७३८**	**४३२३८५**
जम्मा	**२४५६९२७**	**२६३९४८१**

केन्द्रको गत वर्षको मौज्दात रु.४३ करोड २३ लाख ८५ हजार रहेकोमा यो वर्ष संयुक्त राष्ट्रसङ्घबाट प्राप्त शोधभर्ना, मुद्दती लगानीको ब्याज र व्यावसायिक लगानीबाट प्राप्त प्रतिफलसमेत रु.२ अर्ब ४५ करोड ६९ लाख २७ हजार आम्दानी भएकोमा रु.१ अर्ब ९९ करोड ७१ लाख ८९ हजार खर्च भई रु.४५ करोड ९७ लाख ३८ हजार मौज्दात रहेको छ।

४८. **ऋण तथा लगानी** - केन्द्रको कोष सञ्चालन कार्यविधि, २०७४ मा कल्याणकारी कोषबाट सशस्त्र प्रहरी कर्मचारीलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउने व्यवस्था छ। कोषले यस वर्षसम्म रु.३ अर्ब ८२ करोड ८५ लाख लगानी गरेको छ। यस वर्षसम्म कर्मचारीलाई घर कर्जा रु.२ अर्ब ७ करोड ४० लाख, हायर पर्चेज कर्जा रु.३२ लाख, चार पाङ्ग्रे कर्जा रु.८ करोड ८६ लाख, शैक्षिक कर्जा रु.४ करोड २ लाख र टेलिभिजन कर्जा रु.१० लाख, सीमा कर्मचारीका लागि कर्जा रु.१ करोड ८६ लाख २ हजार, विपद्का लागि रु.१ करोड ३८ लाख, भूमिविहीनका लागि रु.२९ लाख २८ हजार र सामाजिक क्रियाकलापका लागि रु.८ लाखसमेत रु.२ अर्ब २४ करोड ३२ लाख ऋण प्रवाह गरेको छ। कल्याणकारी कोषले ऋण सापटीबाट यो वर्ष रु.११ करोड ७० लाख सेवा शुल्क र ब्याजबापत प्राप्त गरेको छ।

केन्द्रले काठमाडौं र पोखरामा २ पेट्रोल पम्पमा रु.८ करोड ९० लाख लगानी गरेको छ। हलचोक फ्युल स्टेसनको गत वर्षको तुलनामा बिक्री आम्दानी ६.६१ प्रतिशतले घटेको र कर कट्टी पश्चात्को नाफा २६.२५ प्रतिशतले घटेको देखिन्छ। पोखरामा रहेको कालिका फ्युल स्टेसनको गत वर्षको तुलनामा बिक्री आम्दानी १.०२ प्रतिशतले वृद्धि भएको तर नाफा २.१८ प्रतिशत कमी भएको देखिन्छ। केन्द्रले खर्चमा मितव्ययिता कायम गरी नाफा वृद्धि गर्नेतर्फ आवश्यक कदम चाल्नुपर्ने देखिन्छ।

यस कल्याणकारी सेवा केन्द्रले कीर्तिपुर, काठमाडौंमा १, कोहलपुर, बाँकेमा १, शम्भुनाथ सप्तरीमा १ र झलारी, कञ्चनपुरमा १ समेत ४ विद्यालयमा रु.४ करोड ८८ लाख लगानी गरेको छ। सेवा केन्द्रको लेखापरीक्षण प्रतिवेदनअनुसार कञ्चनपुरको विद्यालय रु.२६ लाख ९९ हजार, सप्तरीको विद्यालय रु.४४ लाख ३८ हजार, नेपाल ए.पी.एफ विद्यालय बाँके रु.४७ लाख २० हजार घाटामा सञ्चालन भएका र नेपाल ए.पी.एफ. विद्यालय कीर्तिपुर रु.२ करोड ४९ लाख ९१ हजार नाफामा रहेको देखिन्छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतको प्रतिवेदनमा मन्त्रालयको शान्ति सुरक्षा र आर्थिक सहायता खर्च नियन्त्रण गर्नुपर्ने, कारागारको क्षमता विस्तार नभएको, भौतिक पूर्वाधार आवश्यकताअनुसार नभएको, ट्राफिक व्यवस्थापन गर्ने निकायबीच समन्वय नगरेको, उजुरी फस्यौंट नभएको, मुआब्जा वितरण नभएको, नर्म्सअनुसार पोसाक वितरण, अस्पतालले फार्मेसी सेवा सञ्चालन नगरेको लगायतका बेहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ३९७ निकायको रु.१८ करोड ९७ लाख २४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ करोड ८५ लाख ६ हजार फस्यौंट गरेकोले रु.११ करोड १२ लाख १८ हजार बाँकी रहेको छ। सोमध्ये रु.३ करोड ८१ लाख १६ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्था ३ तर्फ रु.१ करोड ८९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४६ लाख ९ हजार फस्यौंट गरेकोले रु.५४ लाख ८० हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

परराष्ट्र मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा नेपालको परराष्ट्र नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र मूल्याङ्कन, विदेशी राष्ट्रहरू तथा संयुक्त राष्ट्र सङ्घलगायतका अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूसँगको सम्बन्ध, अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको कूटनीतिक प्रतिनिधित्व, अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि, राहदानी तथा भिसा, शिष्टाचार र ओहदाको प्रमाणपत्र, आर्थिक कूटनीति, कूटनीतिक तहमा हुने वार्ता र सम्झौता, नेपालको अन्तर्राष्ट्रिय सीमा सम्बन्ध, विदेशमा रहेका नेपालीहरूको अभिलेख तथा तिनीहरूको हक, हित, उद्धार र संरक्षण गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय एवं सङ्गठित संस्थासमेत ४६ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ४४ सरकारी कार्यालयको निम्नानुसार रू.२० अर्ब ४२ करोड ९९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ:

(रू.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६३४३५	९७६६१	८१	४३१२२	२०४२९९

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रू.५ करोड ६३ लाख र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट खर्च भएको रू.१ करोडसमेत रू.६ करोड ६३ लाख समावेश गरिएको छैन।

२. **अन्य संस्था -** यो वर्ष परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र बी.पी.कोइराला नेपाल भारत फाउण्डेसनको २०७९।८० र २०८०।८१ को रु.५५ करोड ९ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

३. **नीति कार्यान्वयन -** परराष्ट्र नीति, २०७७ मा आर्थिक कूटनीतिको सञ्चालनद्वारा मुलुकको सामाजिक आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउने उल्लेख छ। सम्बन्धित मुलुकको अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थामा देखापर्ने प्रवृत्ति र मुलुक विशेषको आर्थिक, व्यापारिक, औद्योगिक तथा वित्तीय नीतिको अध्ययन गरी त्यसबाट नेपाललाई पर्ने प्रभावका बारेमा नियमित विश्लेषण तथा पृष्ठपोषण गर्ने, क्षेत्रगत तथा वस्तुगत विश्लेषणका आधारमा निर्यात व्यापार विस्तार आयात व्यवस्थापन, लगानी प्रवर्धन र प्रविधि हस्तान्तरणका लागि आर्थिक कूटनीति परिचालन गर्ने, उच्चस्तरीय आर्थिक कूटनीति अनुगमन समितिलाई थप सक्रिय र प्रभावकारी बनाउने, श्रमिकको दक्षता अभिवृद्धि गर्ने, विप्रेषणलाई बैङ्किङ माध्यमबाट सुरक्षित रूपमा भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने, अन्तर्राष्ट्रिय श्रम बजारको गहन अध्ययन विश्लेषण गरी श्रम बजारमा पर्ने प्रभावका सम्बन्धमा नियमित पृष्ठपोषण गर्ने लगायतका विषय नीतिमा उल्लेख भए पनि सो सम्बन्धमा बजेट, योजना तथा कार्यक्रम बनाई नीति कार्यान्वयन गरेको पाइएन। नीति कार्यान्वयन निर्देशक समिति र समन्वय समितिलगायत सम्बद्ध सरोकार पक्षहरू सक्रिय भई समन्वय र सहकार्यकासाथ स्वीकृत नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना -** राष्ट्रिय योजना आयोगबाट प्रकाशित २०८०।८१ को मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रमअनुसार मन्त्रालय तथा मातहत निकायका लागि सुरु अनुमानित बजेट रू.६ अर्ब २ करोड ५७ लाख रहेकोमा संशोधित बजेट रू.७ अर्ब १२ करोड ५२ लाख कायम भएको मध्ये रू.६ अर्ब ३४ करोड ३५ लाख खर्च भएको छ। क्षेत्रगत विषयका १२ नतिजा सूचक र लक्ष्य तोकिएकोमध्ये प्रदेश स्तरीय आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रमको लक्ष्यअनुसार प्रगति भएको देखिँदैन। मध्यमकालीन खर्च संरचनाको विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमानभित्र रही लक्षित कार्यक्रमबाट अपेक्षित नतिजा प्राप्त गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाट

- **खरिद व्यवस्थापन समयमै हुन नसकेको कारण रु.१ करोड १९ लाख ९८ हजार मूल्य बराबरको हवाई टिकट सोझै खरिद गरेको,**
- **हवाई टिकट रद्द गर्नु परेको कारण रु.४४ लाख ३७ हजार व्ययभार परेको,**
- **तोकिएको अवधि अगावै १३ देशका राजदूत स्वदेश फिर्ता हुँदा रु.२ करोड ८६ लाख ६९ हजार खर्च लागेको,**
- **अमेरिकी डलर २ लाख २० हजार मूल्य बराबरको २० हजार ७३९ राहदानी छपाइ गर्दा रद्द तथा नष्ट भएकोमा प्रतिस्थापन हुन बाँकी रहेको,**
- **यो वर्ष विदेशस्थित नियोगहरूमा असुली भएको राजस्वमध्ये १२ नियोगले रु.७२ करोड ३० लाख सञ्चित कोष दाखिला गर्न बाँकी रहेको,**
- **विदेशस्थित नियोगहरूले खरिद गरेका जग्गामा भवन निर्माण नहुँदा प्रयोगविहीन अवस्थामा रहेको लगायतका बेहोरा देखिएका छन्।**

५. **आवधिक योजना कार्यान्वयन -** मन्त्रालयले पेस गरेको पन्ध्रौं आवधिक योजनाको प्रगति प्रतिवेदनअनुसार योजना अवधिभित्र द्विपक्षीय परामर्श संयन्त्रको स्थापना र सञ्चालन सङ्ख्या ७५ पुऱ्याउने लक्ष्य रहेकोमा ५२ पुगेको, अन्तर्राष्ट्रिय सङ्गठनहरूको कार्यकारी तहमा उम्मेदवारी र प्रतिनिधित्व गर्ने सङ्ख्या १२ पुऱ्याउने लक्ष्य रहेकोमा ३१, आर्थिक कूटनीतिसम्बन्धी ६८० कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा १ हजार ७०१ सञ्चालन भएको, गन्तव्य मुलुकको अध्यागमन प्रवेशाज्ञा प्रदान गर्ने मुलुकको सङ्ख्या ६० पुऱ्याउने लक्ष्य रहेकोमा ३९ र द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएको मुलुकको सङ्ख्या वृद्धि गरी १७५ पुऱ्याउने लक्ष्य रहेकोमा १८२ पुगेको छ। योजना अवधिमा परिमाणात्मक लक्ष्य हासिल गर्न सकिने कार्य योजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** नेपाल सरकारको २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम एंव बजेट वक्तव्यमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई थप सुदृढ तुल्याउन सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित स्वतन्त्र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्ने उल्लेख रहेकोमा हालसम्म १८२ मुलुकसँग कूटनीतिक सम्बन्ध स्थापना भएको छ। यो वर्ष ११ मुलुकसँग द्विपक्षीय परामर्श संयन्त्रको बैठकमा सहभागिता जनाएको देखिन्छ। बजेट व्यवस्था भएकामध्ये विश्व मञ्चमा मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्न तथा समसामयिक विषयमा नीति निर्माणमा सघाउ पुऱ्याउनको लागि सगरमाथा संवाद कार्यक्रम सञ्चालन गर्ने, आर्थिक कूटनीतिका क्रियाकलापलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, कूटनीतिक कर्मचारीलाई नेपालका प्रमुख रणनीतिक तथा व्यापार साझेदार तथा पर्यटक मुलुक र श्रम गन्तव्य मुलुकका भाषा सिकाउने तथा सेवा प्रवाह एवं नियोग व्यवस्थापनका लागि भवन निर्माण र जग्गा खरिदको लागि बजेट

विनियोजन भएकोमा सो कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। बजेट वक्तव्य र वार्षिक नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

७. **बजेट र खर्च** - यो वर्ष यस मन्त्रालय र अन्तर्गतका निकायसमेतको बजेट र खर्च स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	५६०२३	६७००८	६२३३९	९३.०३
पुँजीगत	४२३४	४२४४	१०९६	२५.८२
जम्मा	६०२५७	७१२५२	६३४३५	८९.०३

समग्र बजेटको तुलनामा ८९.०३ खर्च भए तापनि पुँजीगततर्फ २५.८२ प्रतिशतमात्र खर्च भएको देखिन्छ।

८. **बजेट अख्तियारी -** विदेशस्थित नेपाली नियोगको कार्यविधि, २०७९ को दफा ९ मा मन्त्रालयको बजेट सूचना प्रणालीमा भएको कार्यक्रमको आधारमा सो प्रणालीमा व्यवस्था भएको रकमभन्दा बढी नहुने गरी नियोग प्रमुखलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ। विदेशस्थित नियोगहरूको लागि सुरु बजेट रु.४ अर्ब २६ करोड ६३ लाखमध्ये सुरु अख्तियारी रु.३ अर्ब ४३ करोड २४ लाख र अन्तिम बजेट रु.४ अर्ब ३२ करोड ६६ लाखमध्ये औषधी उपचार, बिमा, पानी तथा बिजुली, इन्धन सवारीसाधन मर्मत, मसलन्द कार्यालय सामग्री, कार्यक्रम खर्च, भ्रमण र अनुगमन तथा मूल्याङ्कन, विविध लगायतका खर्च शीर्षकमा थप अख्तियारी रु.४४ करोड ७१ लाखसमेत रु.३ अर्ब ८७ करोड ९५ लाख अन्तिम अख्तियारी कायम गरेको देखिन्छ। बजेटमा व्यवस्था भएको रकम समयमै निकासा दिनुपर्दछ।

९. **कार्यक्रम खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(२) मा स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ। यो वर्ष मन्त्रालयबाट विदेशस्थित ४० नियोगमार्फत नेपालको साख उचो राख्न, विदेशस्थित नेपाली श्रमिकको हितलाई व्यवस्थित गर्न, निर्यात एवं पर्यटन प्रवर्धन गर्न श्रमिक सुरक्षा तथा जनचेतनासम्बन्धी कार्यक्रम, समस्यामा परेका श्रमिकहरूको उद्धार, वकालत, क्षतिपूर्ति तथा घरफिर्ती कार्यक्रम, राहदानी तथा कन्सुलरसम्बन्धी घुम्ती शिविर सञ्चालन, नेपाल प्रवर्धनसहितका राष्ट्रिय दिवस मनाउने कार्यक्रम, निर्यात तथा लगानी प्रवर्धन कार्यक्रम, पर्यटन प्रवर्धन कार्यक्रम लगायत विभिन्न कार्यक्रमको लागि रु.१२ करोड ९२ लाख ६२ हजार बजेट व्यवस्था गरेकोमा रु.९ करोड ३७ लाख ५७ हजार खर्च भएको देखिन्छ। कार्यक्रम कार्यान्वयनबाट परेको प्रभावबारे विश्लेषण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

१०. **आर्थिक कूटनीति -** बजेट वक्तव्य, २०८०।८१ को बुँदा नं. ४०२ मा वैदेशिक लगानी, व्यापार सहजीकरण, पर्यटन प्रवर्द्धन, विकास सहायता परिचालन जस्ता क्षेत्रमा आर्थिक कूटनीति परिचालन गरिने उल्लेख छ। यो वर्ष ३४ नियोगमार्फत निर्यात तथा लगानी प्रवर्धन र पर्यटन प्रवर्धनसम्बन्धी कार्यक्रमका लागि रू.६ करोड ३७ लाख १२ हजार बजेट व्यवस्था गरेकोमा रु.३ करोड ८२ लाख ८३ हजार खर्च भएको छ। आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रम निर्देशिका, २०७१ को बुँदा ३.१०(क) मा परराष्ट्र मन्त्रालयले नियोगहरूद्वारा सञ्चालित आर्थिक/विकास कूटनीतिका कार्यक्रमको नियमित रूपमा अनुगमन

मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहे तापनि यो वर्ष नियोगहरूबाट सञ्चालित आर्थिक कूटनीतिसँग सम्बन्धित क्रियाकलापको प्रभावकारिता सम्बन्धमा अनुगमन गरेको देखिँदैन। आर्थिक कूटनीतिको परिचालन गर्न विश्व व्यापार सङ्गठन र क्षेत्रीय व्यापार सङ्गठनबाट अधिकतम फाइदा लिन सोसम्बन्धी क्षेत्र, उपक्षेत्र र मोडलको पहिचान गरी देशलाई अधिकतम फाइदा हुने गरी सम्झौताको लागि पहल गर्ने एवं नियोगको विशिष्टताअनुसार कार्यक्रम तर्जुमा गरी विदेशस्थित नेपाली नियोग र गैर आवासीय नेपालीको संयन्त्रलाई निर्यात प्रवर्द्धनमा परिचालन गर्नुपर्दछ।

११. **कार्यक्षेत्रगत सर्त -** महावाणिज्यदूतहरूको कार्यक्षेत्रगत सर्तमा दुई देशबिच व्यापारिक सम्बन्ध विकास गर्ने, व्यापारिक प्रगति अनुगमन गरी प्रतिवेदन दिने, नेपालको अन्तर्राष्ट्रिय व्यापार प्रवर्धन तथा पारवहन सम्बन्धी कार्य सम्पादन गर्ने, नेपाली उत्पादनको लागि स्थानीय बजार खोजी गर्ने, मेला तथा प्रदर्शनी प्रवर्धनात्मक कार्यक्रम आयोजना गर्ने जिम्मेवारी उल्लेख भएकोमा ती जिम्मेवारीहरू पूरा गर्न नेपाली महावाणिज्य दूतावास, जेद्दाको लागि कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन नभएको र अन्य ६ महावाणिज्यदूतावासको लागि रु.१ करोड ४ लाख ५ हजारमध्ये रु.६८ लाख ४७ हजार (६५.८० प्रतिशत) खर्च भए तापनि ती क्षेत्रमा अपेक्षित नतिजा हासिल हुन सकेको देखिँदैन। महावाणिज्यदूतावासको कार्यसम्पादन राजदूतावासको जस्तै कन्सुलरसम्बन्धी काममा सीमित हुन पुगेकोले कार्यक्षेत्रगत जिम्मेवारी अनुसार वाणिज्य क्षेत्रको विकास र विस्तारमा केन्द्रित गर्नुपर्दछ।

राजदूतको कार्यक्षेत्रगत सर्तअनुसार गर्नुपर्ने कामहरूमध्ये केही राजदूतले टर्मिनल रिपोर्ट नदिएको, सम्बन्धित देशमा आएको परिवर्तनबाट नेपालमा पर्न सक्ने प्रभावको अध्ययन नगरेको, वैदेशिक रोजगारीको लागि १११ देश खुल्ला गरिएको भए तापनि १२ देशसँग मात्र श्रम सम्झौता भएको अवस्था देखिन्छ।

१२. **घर भाडा -** नेपाल सरकार (मन्त्रीपरिषद्) को २०५१।२।२३ को निर्णयमा नियोग प्रमुखबाहेक अन्य कर्मचारीको लागि मन्त्रालयले तोकेबमोजिम साधारण रूपमा सुसज्जित आवास भवन उपलब्ध गराउने उल्लेख छ। यो वर्ष ३८ नियोगमा नियोग प्रमुखसहित अन्य कर्मचारीको घरभाडामा रु.९३ करोड ९३ लाख ९० हजार खर्च भएको छ। मन्त्रालयले कर्मचारीको पदीय स्तरअनुसार मापदण्ड तथा रकमको सीमा तोकेको छैन। घर भाडा सुविधा सम्बन्धी मापदण्ड निर्धारण गर्नुपर्दछ।

१३. **राजदूत फिर्ता -** राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को दफा ८(क) मा राजदूतको पदावधि नियोगमा हाजिर भएको मितिले ४ वर्षको हुने उल्लेख छ। अवधि सम्पन्न हुनु अगावै स्वदेश फर्किएका भारत, अमेरिका, बेलायत, साउदी अरब, दक्षिण कोरिया, मलेसिया, स्पेन, डेनमार्क, इजरायल, कतार, चीन, रसिया र श्रीलंकासमेत १३ देशका राजदूतलाई बिमा बापत रु.१ करोड १३ लाख ९६ हजार, हवाई टिकट बापत रु.१ करोड २४ लाख ४३ हजार र ढुवानीबापत रु.४८ लाख ३० हजारसमेत रु.२ करोड ८६ लाख ६९ हजार खर्च भएको देखिन्छ। कार्य अवधि पूरा नहुँदै राजदूत फिर्ता गर्दा बिमा, हवाई टिकट तथा ढुवानीमा सोही अनुपातमा खर्च हुने हुँदा राज्यको दायित्व बढ्ने देखिन्छ।

१४. **स्थानीय कर्मचारी व्यवस्थापन -** निजामती सेवा ऐन, २०४९ को दफा ६क (२) मा कुनै नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकार (मन्त्रीपरिषद्) मा स्वीकृतिको लागि पेस गर्नुपर्ने

व्यवस्था छ। नेपाल परराष्ट्र सेवा सम्बन्धी नियमहरू, २०६८ को नियम २० मा नियोगले नेपाल सरकारले स्वीकृत गरेअनुसार कर्मचारी नियुक्त गर्ने व्यवस्था छ। मन्त्रालयले विदेशस्थित नेपाली नियोगमा काम गर्ने स्थानीय कर्मचारी व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७२ समेत कार्यान्वयनमा ल्याएको छ। मन्त्रालयअन्तर्गत सहायक जनसम्पर्क अधिकृत, पब्लिक रिलेसन अफिसर/इन्टरप्रेटर, अफिस असिस्टेन्ट, सेक्युरिटी गार्ड, हलुका सवारीचालक, सोसल सेक्रेटरी, सरसफाई तथा सुरक्षा गार्डलगायतका पदमा विभिन्न नियोगहरूमा २४० जना अस्थायी कर्मचारी नियुक्ति गरी यो वर्ष रु.६३ करोड ९५ लाख ५७ हजार खर्च गरेको छ। जसमध्ये स्थानीय कर्मचारीको दरबन्दी स्वीकृत नगराई अर्थ मन्त्रालयको स्वीकृति लिएर नेपाली राजदूतावास वाशिङ्गटन डिसीमा ५, दोहामा २, टोकियोमा १, रियादमा १ र नेपाली महावाणिज्य दूतावास, जेद्दामा २ समेत ११ जना नियुक्त गरी रु.२ करोड ७४ लाख ६० हजार भुक्तानी गरेको छ। त्यसै गरी परराष्ट्र मन्त्रालयले नियोगमा सेवा प्रवाह गर्न कठिनाइ भएको जनाई सिफारिस गरेअनुसार वैदेशिक रोजगार बोर्डले नेपाली राजदूतावास म्याड्रिड, अबुधाबी, दोहा, रियाद, क्यालालम्पुर, मस्कट, सिउल र नेपाली महावाणिज्यदूतावास जेद्दामा १८ करार कर्मचारी नियुक्ति गरी रु.२ करोड ६७ लाख २८ हजार भुक्तानी गरेको छ। आवश्यकताको आधारमा अस्थायी तथा करार कर्मचारीको दरबन्दी स्वीकृत गरी खर्च लेख्नुपर्दछ।

१५. **सवारीसाधन मर्मत तथा इन्धन खर्च -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार ४० नियोगमा जम्मा १८८ चारपाङ्ग्रे सवारीसाधन रहेको उल्लेख छ। यो वर्ष उक्त नियोगहरूमा सवारीसाधन मर्मतअन्तर्गत एउटै नियोगमा रु.१ लाखदेखि रु.३६ लाखसम्म मर्मत सम्भार खर्च भई कुल रु.५ करोड ३२ लाख ५६ हजार खर्च भएको छ। त्यसै गरी ४० नियोगमा इन्धनमा रु.५ करोड ३३ लाख खर्च भएको छ।

१६. **हवाई टिकट खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(१) मा खरिद कानुनअनुसार कार्यविधि पूरा गरी खरिदसम्बन्धी कार्य गर्ने गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुने उल्लेख छ। विदेशस्थित नेपाली राजदूतावास, महावाणिज्यदूतावास र स्थायी नियोग प्रमुखलगायत ती निकायहरूमा कार्यरत कर्मचारीहरू तथा उनीहरूका परिवारका सदस्यहरू तथा यस मन्त्रालयबाट सरकारी भ्रमण खटिई जाने सरकारी पदाधिकारीहरूलाई नियमानुसार मन्त्रालयले अन्तर्राष्ट्रिय टिकट उपलब्ध गराउन एक आपूर्तक र परराष्ट्र मन्त्रालयबिच २०८०।३।३२ सम्म म्याद रहने गरी २०७९।४।२५ मा सम्झौता गरेको देखिन्छ। मन्त्रालयले २०८०।८१ को हवाई टिकट उपलब्ध गराउने कार्यको २०८०।३।६ मा बोलपत्र आह्वावान गरी २०८०।५।१३ मा खरिद सम्झौता गर्न पत्राचार भएकोमा २०८०।५।२१ मा मात्र सम्झौता गरेकाले ठेक्का सम्झौता ढिलो हुन गएको कारण २०८०।४।१ देखि २०८०।५।२० सम्म ६२ जनाको हवाई टिकट एक ट्राभल एजेन्सीबाट रु.१ करोड १९ लाख ९८ हजारमा सोझै खरिद गरेको छ। सालबसाली हवाई टिकट खरिद गर्नुपर्ने हुँदा समयमै खरिद व्यवस्थापन गरी मितव्ययी एवं प्रतिस्पर्धात्मक रूपमा खरिद गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१७. **हवाई टिकट रद्द -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १५ मा प्रचलित कानुनबमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानुनबमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नुपर्ने रहेछ भने सोही अवधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा विषयको प्रकृति हेरी निर्णय गर्न पाउने पदाधिकारीले उपयुक्त ठहऱ्याएको समयावधिभित्र निर्णय गर्नुपर्ने व्यवस्था छ। संयुक्त राष्ट्रसङ्घको ७८ औं महासभामा सहभागी हुनको लागि मन्त्रीपरिषद्ले २०८०।५।६ मा

२३ जना सहभागी हुने निर्णय गरेकोमा २०८०।५।२१ मा निर्णय संशोधन गरी आर्थिक भार नपर्ने गरी २ जना समेत १३ जना कायम गरेको देखिन्छ। मन्त्रीपरिषद्को २०८०।५।६ को निर्णयअनुसार २६ जनाको हवाई टिकट बुकिङ्ग गरेकोमा परराष्ट्र मन्त्रालयले मन्त्रीपरिषद्को निर्णय संशोधन भएको कारण १४ जनाको हवाई टिकट बुकिङ्ग रद्द गरेको छ। ग्रुप बुकिङ्ग टिकट रद्द भएको अवस्थामा टिकटको रकम फिर्ता नहुने बेहोरा टिकट आपूर्तकले जनाएको उल्लेख छ। उक्त हवाई टिकट रद्द भएको कारण रु.४४ लाख ३७ हजार व्ययभार परेको छ।

मन्त्रीपरिषद्को निर्णयमा संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी भएपश्चात् ९ जनाको प्रतिनिधि मण्डल चीन जाने निर्णय भएको देखिँदैन। तर मन्त्रीपरिषद्को निर्णय बेगर ९ जना अमेरिकाबाट चीन जान बुकिङ्ग गरेका हवाई टिकट रद्द गर्नुपर्दा माथि उल्लिखित व्ययभारमध्ये रु.३१ लाख ६ हजार खर्च बेहोर्नु परेको छ। प्रत्येक वर्ष आयोजना हुने कार्यक्रममा सहभागी हुने पदाधिकारीको सङ्ख्या तथा सहभागीको भूमिकालगायतका विषय समयमै यकिन हुन सकेमा हवाई टिकटको लागतमा कमी र व्यवस्थापन पक्षमा समेत सहजता हुने हुँदा आ-आफ्नो क्षेत्रको कार्यमा प्रभावकारिता र मितव्ययिता कायम गर्न सम्बन्धित निकाय जिम्मेवार हुनुपर्दछ।

१८. **नियोगका कर्मचारीको सुविधा** - नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ को नियम १९ मा नियोग प्रमुख तथा नियोगमा कार्यरत कर्मचारीले नेपाल सरकार, मन्त्रीपरिषद्ले तोकेबमोजिमको भत्ता तथा अन्य सुविधा पाउने र यसअनुसार प्रदान गरिने भत्ता तथा अन्य सुविधाको सिफारिस गर्न एक समिति रहेको छ। नेपाल सरकारले सो नियम लागु भएपछि समितिको सिफारिसअनुसार सुविधा रकम भुक्तानी गर्नुपर्नेमा नेपाल सरकारको २०५१।२।२३ को निर्णय तथा पटके निर्णयअनुसार वैदेशिक भत्ता, पारिवारिक भत्ता, लुगा भत्ता, शैक्षिक भत्ता, निजी कामदारको दैनिक तथा भ्रमण भत्ता, सेटलमेन्ट भत्ता, आवास सुविधा, औषधी उपचार सुविधा, निजी मालसामान तथा सवारीसाधनको ढुवानी र अन्य सुविधालगायतका सुविधा भुक्तानी गर्ने गरेको र यस्ता निर्णयमा पटक पटक संशोधन भएका, संशोधनहरू एक आपसमा बाझिएको देखिएकाले कानुनमा भत्ता तथा अन्य सुविधासम्बन्धी व्यवस्था गरी सोहीअनुसार भत्ता तथा अन्य सुविधा भुक्तानी हुनुपर्ने बेहोरा विगत वर्षदेखि औँल्याउँदै आएकोमा सुधार भएको छैन।

१९. **आयकर** - आयकर ऐन, २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको सबै प्रकारका रकम सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नुपर्ने व्यवस्था छ। आयकर ऐन, २०५८ को दफा ६७(६) मा रोजगार जहाँसुकै भएपनि नेपाल सरकारले भुक्तानी दिने भएमा भुक्तानीको स्रोत नेपालमा रहेको मानी कर कट्टा गर्नुपर्ने व्यवस्था छ। विदेशस्थित ३६ नेपाली नियोगले नेपालमा स्थायी ठेगाना भई स्थानीय कर्मचारी तथा अर्दलीको रूपमा कार्यरत २०१ जनालाई पारिश्रमिक बापत रु.३८ करोड ५५ लाख ५७ हजार भुक्तानी गरेकोमा आयकर गणना गरेको पाइएन। यस सम्बन्धमा यकिन गरी सो बापतको कर कट्टा गर्नुपर्दछ।

२०. **औषधी उपचार खर्च** - विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत कर्मचारीहरूको स्वास्थ्य उपचार सुविधासम्बन्धी निर्देशिका, २०७१ मा नियोगमा कार्यरत कर्मचारी तथा निजका आश्रित परिवारको स्वास्थ्य बिमा गर्नुपर्ने तथा बिमा कम्पनीले उपचारको कुनै रकम नबेहोरेको अवस्थामा एक पटकमा रू.२० हजारसम्मको नियोगले औचित्य हेरी शोधभर्ना दिन सक्ने र सोभन्दा बढी रकमको हकमा त्यस्तो उपचार गराउनु पर्नाको कारण र बिमा कम्पनीले नबेहोरेको कारणसमेत खोली नियोग प्रमुखले

सिफारिससहित शोधभर्नाको लागि परराष्ट्र मन्त्रालयमा लेखी पठाउनुपर्ने तथा यसरी पठाएकोमा परराष्ट्र मन्त्रालयको निर्णयबमोजिम गर्नुपर्ने व्यवस्था छ। संयुक्त राष्ट्रसङ्घीय स्थायी नियोग, न्यूयोर्क, नेपाली राजदूतावास वाशिङटन डिसी, संयुक्त राष्ट्रसङ्घीय स्थायी नियोग जेनेभा, नेपाली राजदूतावास रियाद, नेपाली राजदूतावास संयुक्त अरब इमिरेट्स, महावाणिज्य दूतावास न्यूयोर्कलगायत ४० नियोगले औषधी उपचार खर्च शीर्षकमा रु.२७ करोड २३ लाख ३० हजार खर्च गरेका छन्। नियोगहरूले स्वास्थ्य बिमा पश्चात् पनि मन्त्रालयको स्वीकृति लिई तथा नलिई औषधी उपचार खर्च गरेको देखिएकोले औषधी उपचार खर्च सम्बन्धमा स्पष्ट नीति र मापदण्ड तर्जुमा गरी यस्तो खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

२१. **खर्चको मापदण्ड -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(४) मा अर्थ मन्त्रालयले सार्वजनिक खर्चमा एकरूपता ल्याउन र मितव्ययिता कायम गर्न गराउन खर्चको मापदण्ड तोक्न सक्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९(२) मा प्रत्येक केन्द्रीय निकायले आफूले सम्पादन गर्नुपर्ने काम कारबाहीको प्रकृतिअनुसार अर्थ मन्त्रालयले तर्जुमा गरेको मापदण्डको प्रतिकूल नहुने गरी सो मन्त्रालयको सहमतीमा एकीकृत वा छुट्टाछुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ। नियोगमा सवारीसाधन व्यवस्थापन तथा प्रतिस्थापन, पेय पदार्थ तथा उपहार खरिद, राजदूत तथा अन्य कर्मचारी सरुवा हुँदा आवास तथा अफिस फर्निसिङगायतको मापदण्ड आवश्यक भए तापनि तर्जुमा गरेको छैन। समायवधिसहितको मापदण्ड तोकिनुपर्दछ।

२२. **भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ। वैदेशिक भत्ता पाउने कर्मचारीहरूले कार्यरत मुलुकको आन्तरिक भ्रमणमा काज खटिई दैनिक भत्ता भुक्तानी गरेको अवधिमा यो वर्ष ३३ नियोगले रु.१ करोड ६ लाख ९५ हजार भुक्तानी गरेका छन्। वैदेशिक भत्ता प्राप्त गर्ने कर्मचारीलाई दैनिक भत्ता भुक्तानी गर्ने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने बेहोरा गत विगत वर्षका प्रतिवेदनमा औँल्याइएकोमा सुधार भएको छैन।

२३. **पारिवारिक वैदेशिक भत्ता -** नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७१।१२।२० को निर्णयबाट विदेशस्थित नेपाली राजदूतावासहरूमा नियोग प्रमुखलगायत अन्य कूटनीतिक कर्मचारीको आश्रित परिवारका सदस्यहरूलाई सम्बन्धित नियोगमा परिवार नलगेको अवस्थामा तोकिएबमोजिम पारिवारिक भत्ता, शैक्षिक भत्ता, बिमा खर्च र औषधी उपचार खर्च पाउने व्यवस्थालाई खारेज गरेको छ। उक्त निर्णयले महावाणिज्यदूतावास, ल्हासामा कार्यरत कूटनीतिक कर्मचारीहरूको सुविधा सम्बन्धमा अध्ययन गर्न एक समिति गठन भएकोमा हालसम्म सो सम्बन्धमा निर्णय भएको देखिएन। आश्रित परिवार साथमा नलगेको अवस्थामा पनि उक्त नियोगमा कार्यरत कर्मचारीलाई पारिवारिक वैदेशिक भत्ता र शैक्षिक भत्तामा यो वर्ष रू.३१ लाख ९५ हजार भुक्तानी गरेकोले उक्त खर्च नियमसम्मत देखिएन।

२४. **दरबन्दी बेगर वैदेशिक भत्ता -** नेपाली महावाणिज्यदूतावास, जेद्दामा रहेको महावाणिज्यदूतको दरबन्दी, नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७७।६।१९ को निर्णयबाट छेन्दुमा स्थानान्तरण गरेको छ। नियोग प्रमुखको दरबन्दी स्थानान्तरण भएको अवस्थामा यो वर्ष नियोग प्रमुखलाई २०८०।८१ मा कायम मुकायम भत्ता रू.१० लाख ९६ हजार भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

२५. **राजस्व असुली र दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८(१) बमोजिम नेपाल सरकारलाई प्राप्त भएका सबै राजस्व तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्दछ। यो वर्ष विदेशस्थित ३९ नियोगबाट रु.५ अर्ब ६३ करोड ९४ लाख २४ हजार राजस्व सङ्कलन भएकोमा असार मसान्तसम्म रु.४ अर्ब ७ करोड ७६ लाख ८१ हजार निकासा कट्टी गरी राजस्व खातामा दाखिला भएको र रु.१ अर्ब ५६ करोड १७ लाख ४३ हजार बाँकी रहेको देखिन्छ। सोमध्ये २०८१ फागुन मसान्तसम्म १२ नियोगको रु.७२ करोड २९ लाख ६० हजार राजस्व खातामा दाखिला भएको नदेखिएकोले सो रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ। नियोगमा एक आर्थिक वर्षमा असुल भएको राजस्व सोही आर्थिक वर्षभित्र दाखिला नभई निकासा कट्टा गरी सञ्चित कोष दाखिला अन्य वर्षमा हुँदा राजस्वको आर्थिक विवरण यथार्थपरक नहुनुका साथै राजस्व असुली र सञ्चित कोष दाखिला भिडान गर्ने अवस्था समेत देखिँदैन। सूचना प्रविधिमा आधारित प्रणाली लागु गरी हिसाब मिलान हुने व्यवस्था गर्नुपर्दछ।

२६. **राजस्व दाखिला -** नेपाली राजदूतावास, वाशिङ्गटनले राजस्व जम्मा गर्नका लागि एक बैङ्क खाता खोलेको भए तापनि राजस्व असुली मनी अर्डर/क्यासियर चेकमार्फत गर्ने गरेको छ। दूतावासले १५ देखि २० डिसेम्बर २०२२ मा टेक्सासको डालस, अस्टिन र ह्युस्टन शहरमा सञ्चालन गरेको कन्सुलर सेवा शिविरबाट सङ्कलित मनिअर्डर र बियरर चेकहरू बैङ्क दाखिला नगरी गाडीमा लिएर फर्कंदै गर्दा गाडीमा चेकहरू राखी कर्मचारीहरू बाहिर गएको समयमा २२ डिसेम्बर २०२२ का दिन ह्युस्टनमा ९३६ सेवाग्राहीबाट सङ्कलित अमेरिकी डलर २ लाख ११ हजार ६३५ चोरी भएकोमा ४८८ सेवाग्राहीले नयाँ मनी अर्डरबाट अमेरिकी डलर ८४ हजार ८९० जम्मा गरेको र अमेरिकी डलर ६० हजार बिमा कम्पनीहरूबाट क्षतिपूर्ति प्राप्त भई वर्षान्तमा अमेरिकी डलर ६६ हजार ७४५ सरकारी राजस्व प्राप्त हुन नसकेको अवस्था छ। दूतावास र मन्त्रालयले आवश्यक समन्वय गरी यस्ता जोखिमहरूको निवारण गर्ने रणनीति तथा कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै चोरी भएको अमेरिकी डलर ६६ हजार ७४५ (रु.८८ लाख ६८ हजार) सम्बन्धमा प्रचलित कानुनी व्यवस्थाबमोजिम टुङ्गो लगाउनुपर्ने बेहोरा गत वर्षसमेत औंल्याइएकोमा स्थिति यथावत् छ।

२७. **भिसा दस्तुर छुट -** अध्यागमन नियमावली, २०५१ को नियम ३१ मा कूटनैतिक वा औपचारिक भिसा प्राप्त गर्ने विदेशीलाई, नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको निकाय वा संयुक्त राष्ट्रसङ्घ वा क्षेत्रीय सङ्गठन वा अन्य कुनै अन्तराष्ट्रिय सङ्घ संस्था वा सोअन्तर्गतका निकायहरूद्वारा आयोजित सभा सम्मेलन प्रशिक्षण वा बैठकमा सहभागी हुन आउने विदेशी, नेपालसँग दौत्य सम्बन्ध भएको मुलुकका प्रतिष्ठित व्यक्तिलाई, पारस्परिकताको आधारमा जनुसुकै मुलुकका नागरिक, नेपाली बाबु आमा वा बाबु आमामध्ये एक जना नेपाली भई निजहरूबाट जन्मेका १६ वर्षसम्मका विदेशी राहदानी प्राप्त सन्तान लगायतलाई भिसा दस्तुर छुट दिन मिल्ने व्यवस्था रहेको छ। बेलायतस्थित नेपाली नियोगले पेस गरेको विवरणअनुसार यो वर्ष कूटनीतिक भिसा १४ जनालाई, अफिसियल २१९ जना र १० वर्षमुनिका बालबालिका ६५९ जनालाई भिसा दस्तुर छुट दिएको विवरण पेस गरको छ। बेलायतले नेपाली कूटनीतिक कर्मचारी कूटनीतिक नियोगमा पदस्थापन भई जाँदा बाहेक अन्य अवस्थामा कार्यालयसँग सम्बन्धित काममा बेलायत जाँदा कुनै पनि प्रकारको नेपाली पासपोर्ट बाहकलाई भिसा दस्तुर छुट दिने गरेको छैन। पारस्पारिकताको आधारमा नेपालले समेत भिसा शुल्क लिनुपर्नेमा यस आर्थिक वर्षमा मात्र अफिसियल भ्रमणको सिलसिलामा नेपाल आएका २१९ जना बेलायती नागरिकबाट ३० दिने भिसा

प्रतिभिसा पाउण्ड स्टर्लिङ १ को विनिमयदर १७४.०१ का दरले रु.१५ लाख २४ हजार भिसा दस्तुर छुट भएको अवस्था छ। बेलायतले कूटनीतिक नियोगमा पदस्थापन भई जाने कूटनीतिज्ञ बाहेक अन्यको भिसा दस्तुर लिएको अवस्थामा नेपालले अध्यागमन नियमावली,२०५१ को नियम ३१(घ) बमोजिम पारस्परिकताको आधारमा भिसा शुल्क लिने व्यवस्था गर्नुपर्दछ।

२८. **फ्रिज कट्टी बाँकी -** नियोगहरूले विनियोजनतर्फ निकासामध्ये खर्च भई बाँकी रकम वर्षान्तमा दाखिला नगरी अर्को आर्थिक वर्षको प्रथम/दोस्रो चौमासिक निकासाबाट मन्त्रालयले कट्टा गरी हिसाब मिलान गर्ने गरेको देखिन्छ। मन्त्रालयले २०८१ फागुन मसान्तसम्म ७ नियोगको रु.२ करोड ३७ लाख ४ हजार निकासा कट्टा गर्न बाँकी रहेको देखिएकोले उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ।

२९. **सम्पत्ति व्यवस्थापन** - नियोगहरूको लागि भवन खरिद तथा निर्माण गर्दै जाने नेपाल सरकारको नीति रहेको छ। विदेशस्थित ४० नियोगमध्ये ९ राजदूतावास कार्यालय र ११ राजदूत निवासमात्र आफ्नो स्वामित्वमा वा लिजमा रहेको र बाँकीले भवन भाडामा लिई सञ्चालन गर्दैआएका छन्। नियोगहरूको घर/अपार्टमेण्ट भाडाको लागि यो वर्ष रु.९३ करोड ९३ लाख ९० हजार खर्च भएको छ। यो वर्ष जग्गा तथा भवन खरिद र भवन निर्माणसम्बन्धी कार्य भएको छैन। गैर आवासीय भवन निर्माण गर्नका लागि विगतमा इस्लामावाद, रियाद, कोलम्बो, क्वालालम्पुर, मस्कट, क्यानबेरा बेइजिङ्गमा खरिद गरिएका जग्गा प्रयोगविहीन अवस्थामा रहेका छन्। यस सम्बन्धमा सार्वजनिक लेखा समितिको २०७७।८।१४ को निर्णयबाट खरिद गरिएका जग्गाहरूमा यथाशक्य चाँडो भवन निर्माण गरी नियोगहरूको घरभाडा खर्चमा कटौती गर्दै जान निर्देशन दिइएकोमा यसमा कुनै प्रगति भएको छैन।

राहदानी विभाग

नेपाल सरकार (मन्त्रीपरिषद्) को २०६६।१०।७ को निर्णयानुसार नेपाली नागरिकलाई राहदानी जारी गर्ने उद्देश्यले २०६७ ज्येष्ठमा केन्द्रीय राहदानी कार्यालय स्थापना भएकोमा २०६८ माघदेखि उक्त कार्यालय राहदानी विभागमा परिणत भई कार्य सञ्चालन भइरहेको छ।

३०. **सेवा प्रवाह -** राहदानी नियमावली, २०७७ को नियम ३ अनुसार विभागको प्रमुख कार्यमा राहदानी, यात्रा अनुमतिपत्र, सिम्यान्स पासपोर्टको खाली पुस्तिका छपाइ तथा आपूर्ति, वैयक्तीकरण, गुणस्तर परीक्षण, तथ्याङ्क व्यवस्थापन, सुरक्षित भण्डारणलगायतका व्यवस्थापकीय कार्य गर्ने, अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको लिखत ९ हजार ३०३ र सोको सम्बद्ध अनुसूचीसमेतको आधारमा नेपाली राहदानी तथा यात्रा अनुमतिपत्रमा राखिएका सुरक्षा विशेषता वा सङ्केतलाई समय समयमा पुनरावलोकन गरी नेपाल सरकारबाट स्वीकृत गराई अद्यावधिक गर्नेलगायतका कार्यहरू रहेका छन्। विभागले गत वर्षसम्म ७० लाख ८३ हजार ४६२ मेसिन रिडेबल राहदानी जारी गरेकोमा यो वर्ष मेसिन रिडेबल राहदानी ३०८ समेत ७० लाख ८३ हजार ७७० र गत वर्षसम्म १९ लाख ४ हजार ६५० विद्युतीय राहदानी जारी गरेकोमा यो वर्ष १४ लाख ४५ हजार ४०१ समेत ३३ लाख ५० हजार ५१ राहदानी जारी गरेको छ।

३१. **विद्युतीय राहदानी -** बोलपत्रको माध्यमबाट २० लाख प्रति विद्युतीय राहदानी छपाइसमेत आपूर्ति गर्न एक फ्रान्सेली कम्पनीसँग २०७७।९।६ मा अमेरिकी डलर २ करोड ११ लाखमा सम्झौता गरी २०७८।८।१ देखि विद्युतीय राहदानी जारी गर्ने कार्य सुरु भएको थियो। सम्झौता मितिले ३ वर्षमा २० लाख राहदानी पुस्तिका छपाइ तथा पर्सनलाइजेसन जुन पछि हुन्छ सो अवधिसम्म सम्झौता अवधि रहने गरी ठेक्का सम्झौता

गरेको देखिन्छ। ठेक्का सम्झौताअनुसार ३४ पृष्ठको राहदानीको मूल्य अमेरिकी डलर १०.४५ र ६४ पृष्ठको मूल्य अमेरिकी डलर १०.९५ रहेको छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

३१.१. विभाग र आपूर्तकबिच भएको खरिद सम्झौताको विशिष्टीकृत सर्तमा नष्ट वा रद्द भएका राहदानी त्यसपछिको खरिद आदेशमा संलग्न गरी आपूर्तकले आपूर्ति गर्नुपर्ने व्यवस्था छ। गत वर्ष ३४ पृष्ठका ३३ हजार ७१४ र ६४ पृष्ठका ७२ समेत ३३ हजार ७८६ राहदानी नष्ट वा रद्द भएको र यस वर्ष ३४ पृष्ठका २४ हजार ३५३ र ६४ पृष्ठका ६ हजार २९९ समेत ६४ हजार ४३८ राहदानी नष्ट तथा रद्द भएको अभिलेखबाट देखिन्छ। जसमध्ये यो वर्ष ३४ पृष्ठको ४३ लाख ७०० थान राहदानी परिपूर्ति भइसकेकोले २० हजार ७३९ बाँकी राहदानीको अमेरिकी डलर २ लाख १९ हजार ८९८ भुक्तानी गरिसकेकोले सम्झौताअनुसार नष्ट वा रद्द भएका राहदानीको आपूर्ति गर्न लगाउने र आपूर्ति नगरेमा भुक्तानीबाट कट्टी गरी असुल हुनुपर्दछ।

३१.२. आयकर ऐन, २०५८ को दफा २ मा बासिन्दा व्यक्तिको परिभाषाले गैरबासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापन पनि समावेश गरेको छ। दफा ३ मा विदेशी स्थायी संस्थापन सम्बन्धमा कर लगाउने व्यवस्था गरेको र ऐनका अन्य व्यवस्थाहरूको अधीनमा रही गैरबासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनको आयमा कर दायित्व सोही संस्थापनको हुने व्यवस्था छ। सोही ऐनको दफा ६८ को उपदफा ३ अनुसार गैरबासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा ऐनको दफा ३ को खण्ड (ख) अनुसार कर लाग्ने व्यवस्था छ। विदेशी स्थायी संस्थापनले नेपालमा प्राप्त गरेको सबै प्रकारका आम्दानी समावेश गरी आय विवरण पेश गर्नु पर्ने र अनुसूची १ को दफा २ को उपदफा (६) मा विदेशी स्थायी संस्थापनले विदेशमा पठाउने आयमा ५ प्रतिशतले कर लाग्ने व्यवस्था छ। आयकर ऐन, २०५८ को दफा ८९(३) मा कुनै बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करारअन्तर्गत कुनै गैरबासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा ५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ।

खरिद सम्झौता भएको गैरबासिन्दा एक विदेशी आपूर्तक कम्पनी नेपालमा स्थायी संस्थापनको रूपमा स्थापना भएको देखिन्छ। विभाग र विदेशस्थित कम्पनीबिच भएको खरिद सम्झौताको सामान्य सर्त तथा विशेष सर्तमा नेपालको आयकर ऐनअनुसार कर लाग्ने व्यवस्था रहेको छ। तर विभागले उक्त कम्पनीसँग गरेको सम्झौताको भुक्तानी तालिकामा आयकर ऐनको व्यवस्थाभन्दा फरक रूपमा कम्पनीको स्थायी संस्थापन नेपालमा रहे तापनि अग्रिम कर १.५ प्रतिशत कट्टा गरी ९८.५ प्रतिशत रकम विदेशस्थित मूल कम्पनीलाई सोझै अमेरिकी डलरमा भुक्तानी दिने गरी सम्झौता गरेको छ। विभागले २०७९।८० सम्म रु.२ अर्ब ३५ करोड ८८ लाख २९ हजार र २०८०।८१ मा रु.५९ करोड २१ लाख ४५ हजारसमेत २०८०।८१ सम्म ठेक्का बापत विदेशस्थित गैरबासिन्दा व्यक्तिलाई नेपाल राष्ट्र बैङ्कको एल.सी. खातामार्फत सोझै अमेरिकी डलर भुक्तानी गरेको रु.२ अर्ब ९५ करोड ९ लाख ७४ हजारमा प्रचलित ऐनको व्यवस्थाबमोजिम ५ प्रतिशतले हुन आउने कर रु.१४ करोड ७५ लाख ४९ हजार कट्टी गरेको नदेखिँदा कर निर्धारण गरिनुपर्दछ।

कन्सुलर सेवा विभाग

कन्सुलर सेवालाई सरल, सहज, पारदर्शी र उत्तरदायी ढङ्गले सम्पादन गर्ने उद्देश्यले नेपाल सरकारको २०७०।१।२० को निर्णयबाट परराष्ट्र मन्त्रालयअन्तर्गत कन्सुलर सेवा विभागको स्थापना भएको हो।

३२. **मृतक/घाइते क्षतिपूर्ति -** वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न मुलुकमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको क्षतिपूर्ति स्वरूप सम्बन्धित रोजगार कम्पनी तथा बिमा कम्पनीबाट प्राप्त हुने रकम नेपाली नियोगहरूमार्फत यस विभागमा प्राप्त हुने र विभागले उक्त रकम मृत्यु वा घाइते भएका व्यक्तिको स्थायी ठेगाना रहेको जिल्ला प्रशासन कार्यालयमा पठाउने गरेको छ। विभागले पेस गरेको कार्य सञ्चालन कोषको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	गत वर्षको मौज्दात	यस वर्षको प्राप्ति	जम्मा प्राप्ति	जम्मा वितरण	बाँकी
मृतक/घाइतेको क्षतिपूर्ति	२२१५२	६९२७४३	७१४८९५	६६४३३२	५०५६३

उल्लिखित विवरणअनसार यो वर्ष ५८४ व्यक्तिका परिवारलाई क्षतिपूर्तिबापत रू.६६ करोड २१ लाख ५५ हजार सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा पठाएको छ। मन्त्रालयले भूलबश रु.२१ लाख ७७ हजार दोहोरो आम्दानी तथा खर्च लेखाङ्कन भएका कारण वित्तीय विवरणको वितरण रकम र वास्तविक वितरणबिच भिन्नता देखिएको छ। बाँकी ३३ व्यक्तिका परिवारलाई रू.५ करोड ७९ हजार सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा पठाउन बाँकी रहेको देखिन्छ। आर्थिक विवरण तयार गर्दा भुक्तानीको लागि पठाएको रकम पुनः आम्दानीमा देखाएका कारण रु.४ लाख ८४ हजारले मौज्दात फरक परेको देखिन्छ। विभागले पठाउन बाँकी रकम सम्बन्धित हकवालालाई भुक्तानी गर्ने व्यवस्था मिलाई मृतक/घाइतेका हकवालाले क्षतिपूर्ति बापतको रकम प्राप्त गरे, नगरेको सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूबाट प्रतिवेदन लिई अनुगमन गर्नुपर्दछ।

३३. **भिसा स्टिकर -** अध्यागमन ऐन, २०४९ को दफा ३ मा कुनै पनि विदेशीले भिसा नलिई नेपाल राज्यभित्र प्रवेश गर्न र नेपालमा बस्न नपाउने व्यवस्था छ। विदेशस्थित नेपाली नियोगबाट विदेशी नागरिकलाई भिसा दिने प्रयोजनका लागि विदेशस्थित नेपाली राजदूतावास, महावाणिज्य दूतावास र स्थायी नियोगहरूले माग गरेको आधारमा अध्यागमन विभागबाट १५ दिन, ३० दिन र ९० दिन अवधिका भिसा स्टिकरहरू कन्सुलर सेवा विभागमार्फत ती नियोगहरूलाई उपलब्ध गराउने गरेको छ। विभागबाट प्राप्त विवरणअनुसार २२ देशमा १५ दिने भिसा स्टिकर १८ हजार ९९६ थान, ३० दिने भिसा स्टिकर ११ हजार १५८ थान र ९० दिने भिसा स्टिकर ८ हजार ७९० थानसमेत जम्मा ३८ हजार ९४४ थान भिसा स्टिकर बाँकी रहेको छ। भिसा स्टिकरको एकीकृत विवरण तयार नगरेकोले मौज्दात स्टिकर र सङ्कलित राजस्व यकिन गर्न सकिएन। छपाइ तथा स्थानान्तरण लागतमा मितव्ययिता कायम गर्न र आम्दानी खर्चको अभिलेख सरल र सहज बनाउन ई-भिसा प्रणालीमा रूपान्तरण भइसकेकोले पुरानो भिसा स्टिकरको हिसाब फरफारक गर्नुपर्दछ।

अन्य संस्था

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

नेपालको परराष्ट्र नीतिलाई सक्षम र प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा परामर्श दिने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान गठन आदेश, २०६८ अनुसार यस प्रतिष्ठानको स्थापना भएको हो।

३४. **कार्य सम्पादन -** परराष्ट्र मामिला सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन नीति तर्जुमा, नेपालले अवलम्बन गर्नुपर्ने रणनीतिसम्बन्धी अवधारणापत्र, नेपालले अख्तियार गरेको कूटनीतिक सम्बन्धको अभ्यासमा

सामयिक सुधार र परिमार्जन तथा विदेशी मुलुकमा दूतावास खोल्दा अपनाउनुपर्ने मापदण्डका सम्बन्धमा नेपाल सरकारलाई परामर्श तथा सुझाव दिनेलगायत जिम्मेवारी प्रतिष्ठानलाई तोकिएको छ। प्रतिष्ठानको लागि यो वर्ष रु.१ करोड ४७ लाख ९ हजार बजेट व्यवस्था भएको मा रु.१ करोड १४ लाख ८० हजार खर्च गरेको छ। प्रतिष्ठानलाई तोकिएको जिम्मेवारी पुरा गर्नको लागि प्रतिष्ठान गठन आदेशअनुसार समितिको नियमित बैठक नबसेको, नीति योजना, कार्यक्रम र बजेट पारित नभएको, समितिको वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको जस्ता बेहोरा देखिएका छन्। प्रतिष्ठानको काम कारबाहीलाई चुस्त र प्रभावकारी बनाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएको छैन। प्रतिष्ठान स्थापनाको सार्थकतालाई मूर्त रूप दिन गठन आदेशमा भएको व्यवस्था कार्यान्वयन एवं परराष्ट्र नीति मामिला अध्ययन अनुसन्धानलाई विज्ञ समूहको रूपमा विकास गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा सङ्गठनात्मक स्वरूप तयार गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतको प्रतिवेदनमा भिसा स्टिकरको अभिलेख, विनियोजन तथा राजस्वको यथार्थ हिसाब, कर फिर्ताको अभिलेख, यथार्थ आय व्यय विवरण, सुविधा सम्पन्न आवास उपलब्ध गराएको अवस्थामा सेटलमेन्ट भत्ताको औचित्यमा पुनरावलोकन गर्नुपर्ने, नियोगहरूको जग्गा खरिद र भवन निर्माण कार्यलाई प्राथमिकता दिनुपर्ने, सेवा सुविधा सम्बन्धी एकीकृत र समयसापेक्ष कानुनी व्यवस्था गर्नुपर्ने, हवाई टिकट खरिदमा देखिएका समस्या निराकरण गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्ने लगायतका विषयहरू औंल्याइएकोमा यस वर्ष पनि सुधार भएको देखिएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ मन्त्रालय र मातहतसमेत ४३ निकायको लेखापरीक्षणबाट रू.१ अर्ब ७ करोड ८१ लाख ८३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२ करोड ४८ लाख ८४ हजार फर्स्यौंट गरेकोले रू.१ अर्ब ५ करोड ३२ लाख ९९ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये रू.३ लाख ९६ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - यो वर्ष २ अन्य संस्थाको लेखापरीक्षणबाट रू.१७ लाख ८२ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। सोमध्ये रू.१२ लाख म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा भूमि नीति, भू-उपयोग नीति, सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन, अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेखलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत २८१ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २७७ सरकारी कार्यालयको निम्नानुसार रु.४० अर्ब १५ करोड ६२ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५५६९७	९०३२	११६४०	३२५१९३	४०१५६२

उल्लिखित लेखापरीक्षण रकममा भूमिसुधार तथा मालपोत कार्यालय, लगनखेल ललितपुर र कञ्चनपुर सप्तरीको २०७९।८० को लेखापरीक्षण बक्यौता रु.२ अर्ब ८८ करोड ७० लाख समावेश छ। यो वर्ष यस मन्त्रालयमा विनियोजन भई स्थानीय तहबाट खर्च भएको रु.१४ करोड ९८ लाख समावेश गरिएको छैन। अन्य मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयबाट खर्च भएको रु.१ करोड समावेश छ।

मन्त्रालयअन्तर्गतका मालपोत कार्यालय, पर्सा र उदयपुरको २०८०।८१ को विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेत रु. ६७ करोड ७८ लाखको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

२. **सङ्गठित संस्था, समिति र अन्य संस्था** - यो वर्ष एक सङ्गठित संस्था र एक अन्य संस्थाको रु.२ अर्ब ६४ करोड ८२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। राष्ट्रिय सहकारी विकास बोर्ड र गुठी संस्थानको २०७९।८० र २०८०।८१ तथा गरिबी निवारण कोषको २०७८।७९ को लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **आवधिक योजना कार्यान्वयन –** पन्ध्रौं योजनामा आधुनिक प्रविधियुक्त भूमिसुधार तथा मालपोत कार्यालयको सङ्ख्या १२४ हुने लक्ष्य रहेकोमा १३२ पुगेको, मालपोत कार्यालयमा रहेको ८ करोड ८६ लाख पृष्ठ स्रेस्ता डिजिटाइजेसन गर्नुपर्नेमा २ करोड ३० लाख (२६ प्रतिशत) पृष्ठमात्र सम्पन्न भएको र जग्गाको खण्डीकरण २ प्रतिशतले न्यूनीकरण गर्ने लक्ष्य रहेकोमा ३.३८ प्रतिशतले वृद्धि भएको देखिएको छ। लाइडर सर्वेक्षण र नक्साङ्कनको लक्ष्य १ लाख ४ हजार वर्गकिलोमिटर रहेकोमा २० हजार वर्गकिलोमिटर सर्वेक्षण सम्पन्न भई तथ्याङ्क प्रशोधन कार्य बाँकी रहेको, १३ सहकारी बजार स्थापना गर्ने लक्ष्य रहेकोमा ११ मात्र सम्पन्न भएको, कोपोमिस प्रणाली सञ्चालन गर्ने सहकारी संस्थाको सङ्ख्या १०० प्रतिशत हुने लक्ष्य रहेकोमा ६३.४६ प्रतिशत, सहकारीको पहुँच भएको घरपरिवार ७१ प्रतिशत हुने लक्ष्य रहेकोमा ६५ प्रतिशत र पब्लिक एक्सेस मोडेल लागु भएका भूमिसुधार तथा मालपोत कार्यालय १२६ हुने लक्ष्यमध्ये १०० मात्र सम्पन्न भएको देखिन्छ। योजनाको लक्ष्यअनुसार वार्षिक कार्यक्रम तर्जुमा गरी प्रगति हासिल गर्नुपर्दछ।

४. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८०।८१ मा जग्गा प्रशासनलाई मितव्ययी र व्यवस्थित बनाई एकद्वार प्रणालीबाट सेवा प्रदान गर्न नापी कार्यालय तथा मालपोत कार्यालयलाई क्रमशः एकीकृत गरिने, घर जग्गाको खरिद बिक्री मूल्यलाई यथार्थपरक, व्यवस्थित र पारदर्शी बनाउन महानगरपालिका र उपमहानगरपालिकाबाट भौगोलिक सूचना प्रणालीमा आधारित वैज्ञानिक मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याउने, देशभरका सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको संरक्षण र व्यवस्थापनका लागि एकीकृत अभिलेख तयार गर्ने एवं स्थानीय तह र स्थानीय प्रशासनबिच समन्वय गरी सार्वजनिक जग्गाको संरक्षण गर्नेलगायतका कार्यहरू कार्यान्वयन भएको पाइएन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको प्रभावकारी कार्यान्वय गर्नुपर्दछ।

५. **बजेट र खर्च -** यस मन्त्रालय र मातहत कार्यालयको लागि यो वर्षको विनियोजित बजेट र खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	५९७३४	६०२९२	४९४९०	८२.०८
पुँजीगत	११६३३	११६३३	४७५४	४०.८७
जम्मा	७१३६७	७१९२५	५४२४४	७५.४२

यो वर्ष मन्त्रालय र मातहतसमेतबाट चालुतर्फ विनियोजनको ८२.०८ प्रतिशत र पुँजीगततर्फ ४०.८७ प्रतिशत खर्च भएको छ। मन्त्रालयको पुँजीगत खर्च न्यून देखिएकोले तोकिएका कार्य सम्पन्न गरी पुँजीगत खर्चमा वृद्धि गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था छ। यो वर्ष मन्त्रालयको वार्षिक कार्यक्रमको प्रगति स्थिति देहायानुसार छः

क्र.सं.	आयोजना/कार्यक्रमको नाम	प्रगति प्रतिशत	
		भौतिक	वित्तीय
१.	गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम)	४१.००	३०.७१
२.	गरिबसँग विश्वेश्वर कार्यक्रम	८७.००	८६.९२
३.	जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम	६४.००	५४.००
४.	मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम	६६.००	६८.००
५.	कित्ता नापी तथा नापी कार्यालय सुधार कार्यक्रम	७९.००	९७.४६
६.	स्थलरूप नापी तथ भू-उपयोग व्यवस्थापन कार्यक्रम	८७.००	९५.५४
७.	खगोल तथा भू-मापन कार्यक्रम	९३.००	९५.३१
८.	सहकारी प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम	९७.००	९८.२९
९.	सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम	३२.००	६१.२८
	समग्र प्रगति प्रतिशत	७५.८	८५.४३

गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम (गरिब लक्षित विशेष कार्यक्रम) को भौतिक तथा वित्तीय प्रगति तुलनात्मक रूपमा न्यून देखिएको र अन्य कार्यक्रममा समेत लक्ष्य बमोजिम प्रगति हासिल भएको देखिएन।

त्यसै गरी मन्त्रालयको २०८०।८१ को स्वीकृत वार्षिक कार्ययोजनाअनुसार ४३ क्रियाकलाप र सोसँग सम्बन्धित ११० माइलस्टोन रहेकोमा ५४ माइलस्टोन शतप्रतिशत सम्पन्न भएको र ४४ माइलस्टोन आंशिक रूपमा कार्यान्वयन भएका एवं १२ माइलस्टोनमा प्रगति नै नभएको अवस्था छ। वार्षिक लक्ष्यअनुसार तोकिएको प्रगति हासिल गर्नुपर्दछ।

७. **सेवा प्रवाह -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ मा प्रत्येक पदाधिकारी तथा कर्मचारीले कार्यविवरणमा तोकिएबमोजिम कार्य सम्पादन गरी सेवा प्रवाह गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

७.१ भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट प्राप्त विवरणअनुसार यो वर्ष १३५ मालपोत कार्यालय मध्ये १३२ कार्यालयबाट राजीनामा, सगोलनामा, बकसपत्र, अंशबण्डालगायतका लिखत पारित भएको छ। त्यसैगरी १३१ नापी, ५ विशेष नापी र १ डिजिटल नापीसहित १३७ मध्ये १३२ कार्यालयबाट कित्ता काट, जग्गा नापीलगायत कार्य हुँदै आएको एवं १०५ मालपोत कार्यालयले भू-सेवा केन्द्रमार्फत सेवा प्रदान गर्दै आएका छन्। मेरो कित्ता एपमार्फत ५८ नापी कार्यालयले सेवा प्रदान गर्दैआएका छन्। सञ्चालनमा रहेका कार्यालयमध्ये मालपोत कार्यालय ८० र नापी कार्यालय ७० को मात्र आफ्नै भवनबाट कार्य सञ्चालन भएको र बाँकी कार्यालयहरू भाडाको भवनबाट सञ्चालन भइरहेका छन्।

यस वर्षको लेखापरीक्षणबाट

- *गरिबी निवारण कोषको खारेजीपश्चात्को लेखापरीक्षण नभएको,*
- *सहकारी प्रवर्धन कोष प्रभावकारी नभएको,*
- *लिज कार्यनीति व्यवस्थाअनुसार जग्गाको अभिलेख राखी संरक्षण गर्ने व्यवस्था व्यवस्थित नभएकोलगायतका बेहोरा देखिएका छन्।*

७.२ भूमि व्यवस्था तथा अभिलेख विभागको ३८ र मातहत भूमिसुधार तथा मालपोत कार्यालयहरूको लागि ३ हजार १८४ समेत कुल ३ हजार २२२ दरबन्दी स्वीकृत भएकोमा २ हजार ३३१ पदपूर्ति भई ८९१ पद रिक्त रहेको देखिन्छ।

७.३ पन्ध्रौं योजनामा कित्ता नापीको डिजिटल अभिलेख अद्यावधिक गरी अनलाइन प्रविधिमा आधारित डाटाबेस निमार्ण गरिने र मालपोत कार्यालयमा रहेको भू-सूचना अभिलेख व्यवस्थापन प्रणालीसँग समन्वय गरी एकीकृत प्रणाली तयार गरिने उल्लेख छ। राष्ट्रिय विकास समस्या समाधान समितिले २०७७।१०।२ मा एउटै प्रकृतिको कार्य सम्पादन गर्न जिल्लास्तरमा मालपोत र नापी दुई कार्यालय कायम रहँदा सेवाग्राहीहरूलाई थप कठिनाइ भएकोले एकीकृत सेवा प्रदान गर्ने व्यवस्था मिलाउन निर्देशन दिएकोमा हालसम्म एकीकृत सेवा प्रदान गर्ने व्यवस्था गरेको छैन। मन्त्रालयले एकीकृत प्रणालीमार्फत सेवाप्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ।

८. **भू-सूचना प्रणाली -** जग्गा प्रशासनसम्बन्धी सेवाहरूलाई समय सापेक्ष रूपमा परिमार्जन गर्दै विभागले भू-सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ बमोजिम हालसम्म भू-सूचना प्रणाली प्रयोगकर्ता सङ्ख्या ३ हजार ६८० मध्ये व्यक्तिगत प्रयोग सङ्ख्या १४, संस्थागत प्रयोगकर्ताको सङ्ख्या ३ हजार

६६६, भू-सेवा अन्तर्गत ३ हजार ५११ र स्थानीय ६४, बैङ्क तथा वित्तीय संस्था २१, कर्मचारी सञ्चय कोष १, सहकारी ५४, साधारण १४, र सर्भिस डेक्स १ मार्फत सूचना प्रविधिमा आधारित भू-सूचना प्रणाली प्रयोगमा आएको छ। निर्देशिकामा भू-सेवा केन्द्र सञ्चालन गर्ने संस्थाले पालना गर्नुपर्ने सर्तहरू र उक्त सर्तहरू पालना सम्बन्धमा मन्त्रालय, विभाग वा कार्यालयले अनुगमन गर्न सक्ने व्यवस्था गरिएको छ। यद्यपि केन्द्रको सञ्चालन, उपयोग एवं प्रभावकारिता सम्बन्धमा तालुक निकायबाट अनुगमन भएको छैन।

९. **सार्वजनिक जग्गा जाँचबुझ आयोग -** नेपाल सरकार मन्त्रीपरिषद्को २०७६।२।६ को निर्णयबाट गठन भएको सरकारी, सार्वजनिक गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझका लागि गठित आयोग, २०७७ माघ मसान्त पश्चात् खारेज भएको छ। उक्त आयोगमा ३२६ उजुरी दर्ता भएकोमा २०७७ माघ मसान्तसम्म ३३ उजुरी छानबिन गरी प्रतिवेदन दिए तापनि २९३ उजुरी उपर छानबिन हुन सकेको छैन। आयोगले छानबिन गरी पेस गरेको ३३ प्रतिवेदनमध्ये १० प्रतिवेदन २०७६।१०।६ मा र बाँकी २३ प्रतिवेदन २०७९।२।९ मा मन्त्रीपरिषद्बाट स्वीकृत भई सम्बन्धित निकायमा कार्यान्वयनको लागि पठाएको छ। उक्त निर्णय कार्यान्वयनको प्रगति विवरण ३।३ महिनामा मन्त्रालयमा पेस गर्नुपर्ने उल्लेख भएकोमा प्रगति विवरण पेस नभएकोले सोको कार्यान्वयन अवस्था यकिन नभएको बेहोरा गत वर्षसमेत उल्लेख गरिएकोमा स्थिति यथावत् रहेको छ।

१०. **जग्गाको वर्गीकरण -** भू-उपयोग ऐन, २०७६ मा सरकारले उपलब्ध गराएको नक्सा तथा विवरणका आधारमा स्थानीय तहमा गठित भू-उपयोग परिषद्ले जमिनको वर्गीकरण र भू-उपयोग नीति लागु गर्नुपर्ने व्यवस्था रहेकोमा त्यसलाई कार्यान्वयन गर्ने नियमावली २०७९।२।२३ मा जारी भएको छ। भू-उपयोग ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय भू-उपयोग परिषद्बाट दफा ४ बमोजिम जग्गाको भू-उपयोग क्षेत्र वर्गीकरण नभएका कारणले ७५३ मध्ये १९९ पालिकाले मात्र जग्गा वर्गीकरण गरेका छन्। तसर्थ कित्ताकाटलाई व्यवहारिक रूपमा व्यवस्थित गर्न सबै स्थानीय तहहरूलाई स्रोत साधन सम्पन्न बनाई नापी विभागबाट हस्तान्तरण भएको भू-उपयोग नक्सा डाटाको आधारमा जग्गाको वर्गीकरण गर्न समन्वय गर्नुपर्दछ।

११. **लिज कार्यनीतिको कार्यान्वयन -** सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ मा भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले लिजमा परिणत गर्ने म्यादभित्र निवेदन नदिए सो म्याद समाप्त भएपछि निकायलाई त्यस्तो भोगाधिकार अन्त्य भएको जानकारी गराई भोगाधिकार समाप्त भएको बेहोरा जग्गाधनी दर्ता स्रेस्तामा कैफियत जनाई प्रमाणित गर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म २१२ निकायलाई ३३ लाख ७७ हजार वर्गमिटर र २०८०।८१ मा १८ निकायलाई ४० हजार वर्गमिटरसमेत ३४ लाख १७ हजार वर्गमिटर जग्गा लिजमा उपलब्ध गराएको भए तापनि विगतमा भोगाधिकार दिएका जग्गा लिजमा परिणत गरेको विवरण पेस भएको छैन। लिज कार्यनीतिको व्यवस्थाअनुसार जग्गाको अभिलेख राखी जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१२. **जग्गाको हदबन्दी -** भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ मा कुनै व्यक्ति वा निजको परिवारले पहाडी क्षेत्रमा २५ रोपनी, घडेरीको लागि ५ रोपनी र तराई क्षेत्रमा १० बिघा र घडेरीको लागि १ बिघासम्म जग्गा राख्न पाउने गरी हदबन्दी तोकिएको छ। भूमिसम्बन्धी ऐनमा भएको संशोधन पश्चात् २०५८ मा औद्योगिक जग्गाको लागि पहाडमा ७५ रोपनीसम्म र तराईमा ११ बिघासम्म थप जग्गा राख्न पाउने व्यवस्था छ। मन्त्रालयले २०७६।७७ सम्म हदबन्दी छुट भएका १६७ संस्थाको पहाडमा ७६ हजार ७६६ रोपनी र तराईमा ८ हजार ४२९ बिघा जग्गा रहेको विवरण पेस गरेकोमा सो अवधि पश्चात्को अद्यावधिक विवरण प्राप्त हुन सकेन। मन्त्रालयले २०८०।८१ मा हदबन्दी छुट दिएको छैन। हदबन्दी छुट भएका जग्गाको अद्यावधिक अभिलेख राखी त्यस्तो सुविधा प्राप्त संस्थाले उद्देश्यअनुरूप जग्गा उपयोग गरे/नगरेको सम्बन्धमा अनुगमन गरी यकिन गर्नुपर्दछ।

हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिने सम्बन्धमा जारी भएको आदेश, २०६८ ले काठमाडौं उपत्यकामा हाउजिङ्ग कम्पनीले ६० रोपनीभन्दा बढी जग्गा खरिद गर्न नपाउने गरी हदबन्दी तोकेको छ। सो आदेश जारी हुनुभन्दा अगाडि (२०६७ वैशाख १५-१७ मा) ४७ हाउजिङ्ग कम्पनीले काठमाडौं उपत्यकामा हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति माग गरेकोमा ४३ कम्पनीले ६० रोपनीभन्दा बढी जग्गा खरिदको पूर्वस्वीकृतिका आधारमा कारोबार गरिरहेका छन्। जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश, २०७४ मा हाउजिङ्ग कम्पनीलाई हदबन्दी छुट दिने सम्बन्धमा कुनै बेहोरा उल्लेख छैन। तसर्थ हदबन्दीभन्दा बढी जग्गा खरिद गरेका हाउजिङ्ग कम्पनीको हकमा अनुगमन गरी तोकिएको हदबन्दी कायम हुनुपर्दछ। यस सम्बन्धमा गत विगतदेखि बेहोरा औंल्याइएकोमा स्थिति यथावत् छ।

१३. **सरकारी र सार्वजनिक जग्गा -** नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागले गत वर्ष तयार गरेको प्रतिवेदनमा ३० लाख ७२ हजार हेक्टर सरकारी, ९३ लाख ९९ हजार हेक्टर सार्वजनिक र ४ हजार २८६ हेक्टर सरकारी कार्यालयको नाममा जग्गा रहेको उल्लेख भएकोमा विभागले सुरु नापीको समयमा नापनक्सा भई नेपाल सरकारको नाममा स्रेस्ता कायम रहेका जग्गाको मोठ स्रेस्ता पूर्ण रूपमा जीर्ण अवस्थामा रहेकोले सरकारी सार्वजनिक जग्गा भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा पूर्ण रूपमा प्रविष्टि नगरेको, राष्ट्रिय भूमि आयोगबाट वितरण गरिएको जग्गाको स्पष्ट विवरण प्राप्त नभएको, प्राप्त भएका विवरण अद्यावधिक गर्न बाँकी रहेको कारणले सरकारी सार्वजनिक जग्गाको यथार्थ अभिलेख नभएको अवस्था छ। नेपाल सरकारको नाममा दर्ता भइसकेका सरकारी जग्गा व्यक्ति विशेषलाई वितरण गरे/नगरेको यकिन गरिनुपर्दछ।

१४. **गरिबी निवारण कोष -** बजेट वक्तव्य २०७८।७९ बमोजिम गरिबी निवारण कोष खारेजी पश्चात् कोषमा आबद्ध करिब ३२ हजार सामुदायिक समूहलाई सहकारीमा रुपान्तरण गरिने र समूहले परिचालन गरेको रु.१९ अर्बको कोषलाई सहकारीको बीउ पुँजीको रूपमा उपयोग गरी गरिबी निवारण कार्यक्रम सञ्चालन गरिने उल्लेख भएकोमा त्यससम्बन्धी कार्यमा कुनै प्रगति भएको देखिएन। साविकमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयअन्तर्गत रहेको यो कोष खारेजीपछि हिसाबकिताब र अन्य विषयको जिम्मेवारी यस मन्त्रालयमा सरी आएकोमा खारेज भएको तीन वर्ष व्यतीत भए तापनि कोषको सम्पत्ति, दायित्व, जिन्सीलगायतको स्वामित्व मन्त्रालयले लिएको छैन। कोषको २०७७।७८ मा निम्नानुसार बैङ्क मौज्दात रु.८ करोड ९१ लाख ४१ हजार र अन्य अचल सम्पत्ति रु.७ करोड ३७ लाख ९५ हजारसमेत रु.१६ करोड २९ लाख ३६ हजार कुल सम्पत्ति रहेको देखिन्छ। कोषले २०७७।७८ पश्चात् अन्तिम

लेखापरीक्षण गराएको छैन। कोषको हिसाबकिताब अद्यावधिक गरी लेखापरीक्षण गराई हिसाब फरफारक गर्नुपर्दछ।

(रु. हजारमा)

स्रोत	२०७८ आषाढ ३१	स्रोतको उपयोग	२०७८ आषाढ ३१
कोष मौज्दात		स्थिर सम्पत्ति	७३७९५
सामान्य कोष मौज्दात	७७३	बैङ्क मौज्दात	
पुँजी कोष व्यवस्था	७३७९५	रा.वा.बैङ्क डोरमेट खाता	७७३
प्रतिबन्धित कोष		रा.वा.बैङ्क कार्यक्रम खाता -५००६	१००६४
टर्मिनेसन सुविधा कोष (रा.वा.बैङ्क र एनसिसि बैङ्क)	१२५६६	टर्मिनेसन सुविधा बैङ्क खाता (रा.वा.बैङ्क र एनसिसि बैङ्क)	१२५६६
खर्च नभएको आयोजना खाता बैङ्क मौज्दात	-	खर्च नभएको आयोजना खाता बैङ्क मौज्दात	-
रा.वा.बैङ्क खाता-१४५९००१	४५१२	रा.वा.बैङ्क व्याज खाता - ७०६	१०८०
बिदा व्यवस्था खाता	५२१२	रा.वा.बैङ्क खाता-१४५९००१	४५१२
रा.वा.बैङ्क कार्यक्रम खाता -५००६	१००६४	बिदा व्यवस्था बैङ्क मौज्दात	५२१२
व्याज प्राप्ती दाखिला	१०८०	रा.वा.बैङ्क कार्यक्रम खाता -१६०६	९
बेरुजु, नेपाल सरकार	९	नेपाल बैङ्क कार्यक्रम खाता-३६०००००१	५४९२५
नेपाल बैङ्क कार्यक्रम खाता-३६०००००१	५४९२५		
जम्मा	**८८३६८**	**जम्मा**	**८९१४१**
कुल जम्मा	**१६२९३६**	**कुल जम्मा**	**१६२९३६**

१५. **सहकार्यमा बजार विकास कार्यक्रम -** धादिङ, चितवन, नुवाकोट, मकवानपुर, ललितपुर र काभ्रेपलाञ्चोकका १४ हजार ४०० कृषकलाई प्रारम्भिक सहकारी संस्थामा आबद्ध गराउँदै संस्थाबाट उत्पादित फलफूल तथा तरकारीहरू बजारसम्म पुऱ्याउन पूर्वाधार तथा नीतिगत सहयोग कार्यक्रम सञ्चालन गर्न सन् २०१८ फेब्रुअरीबाट ५ वर्षका लागि रु.१ अर्ब १४ करोड (अमेरिकी डलर १ करोड १४ लाख १ हजार) लागतमा सञ्चालित यस आयोजनाको कुल लागतमध्ये राष्ट्र सङ्घीय विकास कार्यक्रमले अमेरिकी डलर २० लाख बेहोर्ने गरी सम्झौता भएकोमा राष्ट्र सङ्घीय विकास कार्यक्रमको प्रशासनिक तथा मूल्याङ्कन खर्च मात्र अमेरिकी डलर १९ लाख ९० हजार लाग्ने गरी बहुवर्षीय कार्ययोजना पेस भएको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले आफ्नो आन्तरिक खर्च मात्र बेहोर्ने र बाँकी कार्यक्रम बजेट नेपाल सरकारले उक्त संस्थालाई उपलब्ध गराएर सोही संस्थाबाट कार्यक्रम सञ्चालन गर्ने सम्झौता भएको देखिन्छ। उक्त आयोजना २२ डिसेम्बर २०२२ मा सम्पन्न भएकोमा सोको लेखापरीक्षण प्रतिवेदन र प्रगति विवरण पेस भएको छैन।

१६. **सहकारी प्रवर्धन कोष -** सहकारी ऐन, २०७४ को दफा ७०(२) मा सहकारी संस्थाहरूको खुद बचतबाट जगेडा कोषमा जम्मा गर्नुपर्ने रकम छुट्याई बाँकी रहेको रकमको ०.५ प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्धन कोषमा जम्मा गराउनुपर्ने व्यवस्था छ। कोषमा रकम जम्मा नगर्ने सहकारीको लगत खडा गरी आवश्यक कारबाहीको लागि विभागमा लेखी पठाउने व्यवस्था भए तापनि देशभरिका ३१ हजार ४५० सहकारी संस्थामध्ये अधिकांश संस्थाले उक्त कोषमा रकम जम्मा गरेका छैनन्। कोषमा गत वर्षको जिम्मेवारी रु.९ करोड १९ लाख ६७ हजार र यो वर्षको थप रु.२ करोड ७९ लाख ५२ हजारसमेत रु.११ करोड ९९ लाख १९ हजार मौज्दात रहेको छ। कोष सचिवालयले सहकारीहरूबाट विवरण सङ्कलन नगरी बैङ्क स्टेटमेन्टको आधारमा कोषमा एकमुष्ट आम्दानी जनाउने गरेकोले रकम दाखिला गर्ने सहकारी संस्थाको विवरण यकिन हुने अवस्था छैन। सोसमेत यकिन गरी उल्लिखित रकम कोषमा जम्मा गरिनुपर्दछ।

१७. **समस्याग्रस्त सहकारी संस्था –** सहकारी ऐन, २०७४ को दफा १०४ मा सहकारी संस्थाको निरीक्षण र जाँचबाट सदस्यहरूको हित विपरीत कार्य गरेमा, सहकारी सम्बन्धी ऐन नियम विपरीत कार्य गरेमा एवं आर्थिक संकट परेमा सहकारी विभागका रजिष्ट्रारको सिफारिमा मन्त्रालयले सहकारी संस्थाहरूलाई समस्याग्रस्त घोषणा गर्न सक्ने व्यवस्था छ। सोअनुसार यस मन्त्रालयले २०७५ देखि २०८१ आषाढ मसान्तसम्म २१ सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ। प्रचलित कानुनबमोजिम कारबाही गर्नुपर्दछ।

१८. **भूमि आयोग -** भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि २०७८।५।२५ मा राष्ट्रिय भूमि आयोग गठन भएकोमा २०८०।१२।८ मा विघटन भई पुनः २०८१।६।१४ मा भू-समस्या समाधान आयोग गठन भएको छ। सो कार्यका लागि आयोगले ६९७ स्थानीय तहसँग समझदारी गरेको छ। यो वर्ष पदाधिकारी तथा कर्मचारी पारिश्रमिक सुविधामा रु.१६ करोड ३७ लाखसमेत हालसम्म रु.५४ करोड ८४ लाख खर्च भएको छ। भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको सत्यापन प्रमाणीकरण र नाप नक्साङ्कन गर्ने प्रयोजनका लागि ७५३ स्थानीय तहमा कार्य गर्ने लक्ष्य रहेकोमा हालसम्म १३९ स्थानीय तहमा कार्य भएको छ। आयोगले ५ लाख व्यक्तिको जग्गा दर्ता गरी जग्गाधनी पुर्जा वितरण गर्ने कार्यक्रम राखेकोमा ४ हजार ५८६ (०.९ प्रतिशत) व्यक्तिको जग्गा दर्ता गरी पुर्जा वितरण गरेको देखिन्छ। आयोगले ७२८ स्थानीय तहबाट १० लाख ८५ हजार २४५ सम्भावित लाभग्राहीको निवेदन विद्युतीय सूचना प्रणालीमा प्रविष्टि गरेको देखिन्छ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

सर्वसाधारण जनताको सेवा, सुविधा र आर्थिक हित कायम राख्न भू-अभिलेख तथा स्रेस्ता व्यवस्थित गरी भू-सूचना प्रणालीको विकास गर्ने उद्देश्यले साविकको मालपोत र भूमिसुधार विभागलाई एकीकरण गरी २०५७ सालमा विभागको स्थापना भएको हो।

१९. **जग्गाको द्वैध स्वामित्व -** नेपाल सरकारले भूमिसम्बन्धी ऐन, २०२१ ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गाको जग्गावाला र मोहीले त्यस्तो जग्गा बाँडफाँट गरी कारबाही टुङ्गो लगाई सक्नुपर्ने अवधि तोकी विभिन्न मितिमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको देखिन्छ। तोकिएको समयभित्र मोही बाँडफाँटसम्बन्धी कार्य टुङ्गो लाग्न नसकेकोले जग्गावाला र मोहीले बाँडफाँट गरी निवेदन दिन २०८२ चैत्र मसान्तसम्म र जग्गावाला र मोहीबिच बाँडफाँट गरी कारबाही टुङ्गो लगाउन २०८३ असार मसान्तसम्मको अवधि तोकी २०७९।६।१० को नेपाल राजपत्रमा सूचना प्रकाशन भएको छ। विभागबाट प्राप्त विवरणअनुसार मुलुकभर मोही लागेको जग्गाको कित्ता सङ्ख्या ९ लाख ३ हजार २६४, व्यक्तिगत मोही सङ्ख्या ७ लाख ४० हजार २१३ र संस्थागत मोही सङ्ख्या ५३ हजार ८५८ समेत ७ लाख ९४ हजार ७१ मोही रहेका छन्। लेखापरीक्षण अवधिमा माग गरिएको विवरणअनुसार मोही लगत कट्टा ३४ हजार २४७ कित्ता र जग्गाधनी तथा मोहीबिच बाँडफाँट २१ हजार २८२ कित्ता भएको देखिन्छ।

२०. **घरजग्गाको मूल्याङ्कन -** भूमिसुधार तथा मालपोत कार्यालय, कञ्चनपुर, महेन्द्रनगरको न्यूनतम मूल्याङ्कन पुस्तिकाको निर्णय नं २झ मा लिखत पारित गराउँदा न्यूनतम मूल्याङ्कन पुस्तिका र स्थानीय तहबाट प्राप्त घर बाटो सिफारिसमा कुनै कित्ताको जग्गासम्बन्धी द्विविधा पर्न गएमा नापी कार्यालयमा पत्राचार गरी नक्सा प्रिन्ट तथा अन्य आवश्यक विवरण माग गरी सोको आधारमा न्यूनतम मूल्य कायम गरी लिखत रजिष्ट्रेसन पारित गरिने उल्लेख छ। उक्त कार्यालयको कार्यक्षेत्रअन्तर्गतको एक क्रसर उद्योगले ५ कित्ता (एक कित्तामा घरसमेत) जग्गा २०८०।४।२४ मा दुई व्यक्तिबाट रु.६ करोड ५० लाखमा खरिद गरेको छ। स्थानीय तहको एउटै मितिको सिफारिसमा आवासीय तथा औद्योगिक क्षेत्र तथा ग्राभेल सडक भएको उल्लेख गरी सिफारिस गरेको छ। नापी कार्यालय, कञ्चनपुरले उपलब्ध गराएको उक्त कित्ताहरूको नक्सा भिडान गर्दा एक आपसमा जोडिएको तथा एकै सडकमा पर्ने समेत देखिन्छ। न्यूनतम मूल्याङ्कन दर तोक्दा एक आपसमा जोडिएका र एकै दिन पारित हुने तथा आवासीय क्षेत्र एवं औद्योगिक क्षेत्रको दर सम्बन्धमा न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लेख नभएको कारणले पुँजीगत लाभकर रु.३३ लाख ४६ हजार तथा रजिष्ट्रेसन दस्तुर रु.२० लाख ७ हजार समेत रु.५३ लाख ५४ हजार राजस्व फरक परेको देखिँदा यकिन गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाट

- *घर र घरले चर्चेको जग्गाभन्दा बढी जग्गाको लाभकर छुट दिएको,*
- *करछुटमा खरिद गरेको जग्गा उद्देश्यविपरीत बिक्री गरेकोमा छुट रजिष्ट्रेसन दस्तुर र जरिबाना असुल नगरेको,*
- *न्यून थैली कायम भएका कारण रु.६ करोड ८५ लाख ८५ हजार पुँजीगत लाभकर र रु.२ करोड ६५ लाख ५९ हजार रजिष्ट्रेसन दस्तुर असुल गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।*

२१. **रजिष्ट्रेसन र दृष्टिबन्धकको मूल्याङ्कन –** मालपोत नियमावली, २०३६ मा न्यूनतम मूल्य निर्धारण समितिले प्रत्येक वर्षको आषाढ मसान्तभित्र जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने र न्यूनतम मूल्य निर्धारण गर्ने आधारहरू आफैंले तोक्न सक्ने व्यवस्था छ। न्यूनतम मूल्य निर्धारण समितिले भौतिक पूर्वाधार, सडक, विगतका पारित लिखत, चलन चल्तीको खरिद बिक्री मूल्य र दृष्टिबन्धकको मूल्यलाई आधार मान्ने गरेका छन्। मालपोत कार्यालय, भैरहवाबाट एक प्राइभेट लिमिटेड कम्पनीको नाममा सह-वित्तीयकरण कर्जा सुविधाअन्तर्गत एक बैङ्कले १९२ कट्ठा जग्गा रु.२ अर्ब २० करोड २० लाखमा दृष्टिबन्धक लिखत पास गरेको पाइयो। उक्त जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिकाअनुसारको प्रतिकट्ठा मूल्य रु.१ लाख ७६ हजारदेखि रु.१३ लाख ९२ हजार रहेकोमा अधिकतम मूल्याङ्कन प्रतिकट्ठा रु.१३ लाख ९२ हजारका दरले रु.२६ करोड ७२ लाख ६४ हजार हुने देखिन्छ। तर उक्त जग्गामा सो बैङ्कले रु.२ अर्ब २० करोड २० लाख ऋण लगानी गरेको छ। जग्गाको यथार्थ मूल्याङ्कन नहुँदा राजस्व असुलीमा परेको प्रभाव र यसबाट सर्वसाधारणको निक्षेपमा पर्ने जोखिम सम्बन्धमा छानबिन हुनुपर्दछ।

२२. **घटी पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा २ मा निजी भवन भन्नाले भवन, भवनले ओगटेको जग्गा र सो क्षेत्रफल बराबरको थप जग्गा वा एक रोपनी जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनुपर्ने उल्लेख छ। त्यसै गरी जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभ करसम्बन्धी निर्देशिका, २०७२ को परिच्छेद ३ मा कुनै प्राकृतिक व्यक्तिको घरजग्गा (घर तथा घरले ओगटेको जग्गा) कर

नलाग्ने सम्पत्ति हुन प्राकृतिक व्यक्तिको १० वर्ष वा सोभन्दा बढी स्वामित्व रहेको र १० वर्ष वा सोभन्दा बढी अवधि अविच्छिन्न वा पटक-पटक गरी बसोबास गरेको हुनुपर्ने व्यवस्था छ। मालपोत कार्यालय, पोखराले पारित गरेका लिखतमध्ये विभिन्न ४ घरजग्गा निःसर्गकर्तालेरु.५ करोड ६८ लाख ८३ हजारमा निःसर्ग गरेको घरजग्गामा स्थानीय तहबाट जारी भएको भवन निर्माण सम्पन्न प्रमाणपत्रमा उल्लेख भएको प्लिन्थ लेभलको दोब्बरभन्दा बढी जग्गाको मूल्यमा देहायअनुसार पुँजीगत लाभकर छुट दिएको छ। घर र घरले चर्चेको तथा सो बराबरको थप भन्दा बढी जग्गाको थैली रु.२ करोड १९ लाख ७ हजारको ५ प्रतिशतले हुने लाभ कर रु.१० लाख ९४ हजार असुल गर्नुपर्दछ।

(रु. हजारमा)

क्र.स.	प्लिन्थ लेभल (वर्गमिटर)	छुट पाउने क्षेत्रफल (वर्गमिटर)	बढी छुट (वर्गमिटर)	छुट नपाउने पुँजीगत लाभकर
१.	८९.६२	१७९.२४	१७३.९६	३०४
२.	६२.७३	१२५.४६	२१.१३	५१
३.	७९.१५	१५८.३	१९६.९	३७४
४.	१०७.७५	२१५.५०	२९२.२	३६५

२३. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ९५क (५), (६) र जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ बमोजिम जुनसुकै किसिमबाट स्वामित्त्व प्राप्त गरेको जग्गा तथा घरजग्गा भए तापनि ५ वर्ष अवधि नपुगेको भए ७.५ प्रतिशत र ५ वर्ष अवधि पुगेको भए ५ प्रतिशत पुँजीगत लाभकर लिनुपर्ने तथा निकायको हकमा कारोबार अङ्कमा १.५ प्रतिशत अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था छ। भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, भक्तपुर, डिल्लीबजार, कलङ्की, चाबहिललगायत ३८ कार्यालयका १७६ निःसर्गकर्तालेर २०८०।८१ मा जग्गा निःसर्ग गर्दा स्वामित्व अवधि र थैलीको आधारमा तिर्नुपर्नेभन्दा घटी लाभकर दाखिला गरेको देखिएकोले निःसर्ग रकम रु.१ अर्ब २२ करोड ६६ लाखमा रु.६ करोड ८५ लाख ८५ हजार पुँजीगत लाभकर असुल गर्नुपर्दछ।

२४. **रजिष्ट्रेसन दस्तुर छुट -** लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०८० को अनुसूची १ को (ग विविध) ४ मा प्रदेशभित्र सुर्ती, गुट्का, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेसन शुल्कमा सम्बन्धित स्थानीय तहको सिफारिसमा ७५ प्रतिशत छुट हुने र यस्तो सुविधा लिन सम्बन्धित व्यवसाय दर्ताको प्रमाणपत्र पेस गर्नुपर्ने तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा छुट भएको रजिष्ट्रेसन दस्तुर असुल गरी सोही बराबर जरिबाना गर्नुपर्ने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२४.१ भूमिसुधार तथा मालपोत कार्यालय, रूपन्देहीबाट पारित लिखतअनुसार एक निःसर्गकर्तालेर ४९०.९५ वर्गमिटर जग्गा एक कम्पनीलाई रु.४ करोड ३५ लाखमा निःसर्ग गरेकोमा आर्थिक ऐनको छुट सुविधा प्रयोग गरी स्थानीय तहको सिफारिसमा ७५ प्रतिशत रजिष्ट्रेसन दस्तुर रु.१३ लाख ५ हजार छुट दिई लिखत पारित गरेको छ। उक्त कम्पनीले उद्योग विभागमा दर्ता भएको उत्पादनमूलक उद्योगको प्रमाण पत्र पेस नगरेको तथा आन्तरिक राजस्व कार्यालयमा होटल व्यवसायको रूपमा दर्ता भएको देखिएकोले

यस्ता उत्पादनमूलक बाहेकका उद्योगले आर्थिक ऐनको उक्त छुट प्राप्त गर्ने देखिँदैन। अतः छुट रजिष्ट्रेसन दस्तुर रु.१३ लाख ५ हजार असुल गर्नुपर्दछ।

२४.२ भूमिसुधार तथा मालपोत कार्यालय, रुपन्देहीबाट पारित लिखतअनुसार एक कम्पनीले ८ कट्टा जग्गा रु.३ करोड ३ लाख थैली अङ्क राखी निःसर्ग गरेको छ। उक्त जग्गा निःसर्गकर्ताले २०८१।१।१६ मा रु.३ करोडमा खरिद गरेकोमा उल्लिखित छुटको प्रावधानबमोजिम ७५ प्रतिशत रजिष्ट्रेसन दस्तुर रु.९ लाख छुट लिएको पाइयो। उक्त जग्गा उद्देश्यबमोजिम प्रयोग नगरी बिक्री गरेकोमा सोको छुट रजिष्ट्रेसन दस्तुर तथा सोही बराबर जरिबाना असुल गर्नुपर्ने देखिन्छ। कार्यालयले सोअनुसार असुल गरेको नपाइएकोले छुट रजिष्ट्रेसन दस्तुर रु.९ लाख र थप जरिबाना रु.९ लाखसमेत रु.१८ लाख असुल गर्नुपर्दछ।

२५. **रजिष्ट्रेसन दस्तुर** - प्रदेश आर्थिक ऐन, २०८० अनुसार घरजग्गा सम्बन्धी लिखत सम्बन्धित मालपोत कार्यालयबाट पारित गर्दा तोकिएको दरमा रजिष्ट्रेसन दस्तुर असुल गर्नुपर्ने व्यवस्था रहेको छ। भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, भक्तपुर, डिल्लीबजार, कलङ्की, चाबहिल, धनुषा, बारा लगायत ३० कार्यालयका १२६ निःसर्गकर्ताले २०८०।८१ मा जग्गा निःसर्ग गर्दा फरक सिफारिस, न्यूनतम थैली कायम नगरेको लगायतका कारणबाट निःसर्ग रकम रु.९९ करोड ५ लाख ५७ हजारमा रु.२ करोड ६५ लाख ५९ हजार रजिष्ट्रेसन दस्तुर घटी असुल गरेकोले उक्त रकम असुल गर्नुपर्दछ।

२६. **न्यून थैली कायम** - मालपोत नियमावली, २०३६ को नियम ५ख. मा न्यूनतम मूल्य निर्धारण समितिले प्रत्येक वर्षको आषाढ मसान्तभित्र जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने र न्यूनतम मूल्य निर्धारण गर्ने आधारहरू आफैंले तोक्न सक्ने व्यवस्थाअनुसार २०८०।८१ को लागि जग्गाको न्यूनतम मूल्य निर्धारण गरेका छन्। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२६.१ मालपोत कार्यालय, चाबहिलको २०८०।८१ को जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिकाको निर्णय नं ७ मा स्थानीय तहबाट घरबाटो सिफारिसमा एक आपसमा जोडिएर आएको कित्ता कुनै एकै व्यक्तिले खरिद गरेमा स्थानीय तहले एकै प्रकारको घरबाटो सिफारिस गरी पठाउनुपर्ने उल्लेख छ। एक निःसर्गकर्ताको नाममा रहेको १ हजार १५८.४१ वर्गमिटर क्षेत्रफल भएको एक भवनसहित ९ कित्ता जग्गा रु.१३ करोडमा निःसर्ग गर्दा २ कित्ताको रु.७० हजार २९९ प्रति वर्गमिटर र ७ कित्ताको रु.१ लाख ३८ हजार ४४४ प्रति वर्गमिटरका दरले निःसर्ग गरेको छ। स्थानीय तहको घरबाटो सिफारिस पत्रबाट उक्त जग्गामा १५ फिटको सहायक बाटो र एक कित्तामा घर भएको सिफारिस भएको, एकै मितिमा पास गरेको र बिक्रेता र खरिदकर्तासमेत एकै रहेको अवस्थामा क्षेत्रफलको आधारमा समान दर कायम गरी थैली कायम गर्नुपर्नेमा फरक दर राखी पारित गरेकोले घटी थैली कायम भएको रु.३ करोड ७९ लाख ११ हजारको ३.६ प्रतिशतले हुने रजिष्ट्रेसन दस्तुर रु.१३ लाख ६५ हजार र ७.५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.२८ लाख ४३ हजारसमेत रु.४२ लाख ८ हजार असुल गर्नुपर्दछ।

२६.२ भूमिसुधार तथा मालपोत कार्यालय, लगनखेल, ललितपुरको २०७९।८० को न्यूनतम मूल्याङ्कन पुस्तिकाको निर्णय नं ५ अनुसार विभिन्न ४ कित्ताको ४५३.०४ वर्गमिटर जग्गाको रु.४ करोड ७७ लाख २२ हजार र घरको मूल्य रु.३७ लाख ७७ हजारसमेत रु.५ करोड १५ लाख मूल्य कायम गरी निःसर्ग गरेको देखियो। एक कित्ताको २५.८४ वर्गमिटर जग्गाको मूल्य रु.७१ लाख ५१ हजार कायम गरेको आधारमा ४५३.०४ वर्गमिटर जग्गाको आनुपातिक मूल्याङ्कन रु.१२ करोड ५३ लाख ७७

हजार कायम गर्नुपर्नेमा रु.७ करोड ७६ लाख ५४ हजार घटी थैली कायम गरेको देखिएकोले सोको ४.२५ प्रतिशत (बागमती सभ्यता शुल्क समेत) ले हुने रजिष्ट्रेसन दस्तुर रु.३३ लाख र ५ प्रतिशतले हुने लाभकर रु.३८ लाख ८२ हजारसमेत रु.७१ लाख ८२ हजार असुल गर्नुपर्दछ।

२६.३ भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजारअन्तर्गतका एक निःसर्गकर्ताले १३.१२५ आना जग्गा र सोमा बनेको घरसमेत जग्गाको रु.८ करोड ६० लाख ६९ हजार र घरको रु. ६० लाख १६ हजार समेत रु.९ करोड २० लाख ८५ हजार थैली कायम गरी राजीनामा लिखत पारित गरेको छ। वडा कार्यालयले २०८० असार १८ गते प्रमाणित गरेको बैनाबट्टाको कागजातमा उक्त जग्गा रु.८२ लाख प्रतिआनाका दरले कारोबार गर्ने सहमति गरेकोमा सोअनुसार जग्गाको रु.१० करोड ७६ लाख २५ हजार र घरको मूल्य रु. ६० लाख १६ हजारसमेत रु.११ करोड ३६ लाख ४१ हजार थैली कायम गर्नुपर्नेमा घटी थैली कायम गरेको रु.२ करोड १५ लाख ५६ हजारको ५.३ प्रतिशतले हुने रजिष्ट्रेसन शुल्क रु.११ लाख ४२ हजार र ५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.१० लाख ७८ हजारसमेत रु.२२ लाख २० हजार असुल गर्नुपर्दछ।

२७. **सम्बद्ध पक्षबिचको कारोबार -** आयकर ऐन, २०५८ को दफा २(कन) मा सम्बद्ध व्यक्ति भन्नाले एक भन्दा बढी व्यक्ति वा त्यस्ता व्यक्तिको समूह पर्ने उल्लेख छ। मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता रहेको एक डेभलपर्स कम्पनीले ४ कित्ता जग्गा कित्ताकाट गरी कायम हुने जम्मा क्षेत्रफल १०.९ कट्ठा जग्गाको माटो भर्ने, सम्याउने, पर्खाल कम्पाउण्ड लगाउने एकरूपता कायम गर्ने जस्ता पूर्वाधार निर्माणका कार्य गरी रु.८ करोड ७१ लाखमा एक डिष्टिलरी कम्पनीलाई हस्तान्तरण गरेको छ। तर उक्त जग्गा डेभलपर्स कम्पनीले २०७९।३।२७ मा रु.६ करोड ४४ लाख ८२ हजारमा सोही खरिदकर्ताबाट खरिद गरेकोमा पुनः ८ महिना पश्चात् सोही पक्षलाई बिक्री गरेको पाइयो। उक्त कम्पनीहरूमा २ जना उही सञ्चालक रहेको देखिन्छ। त्यस्तै सोही कार्यालयबाट पारित अर्को लिखतमा एक एसेट कम्पनीले ४ कित्ताको १ बिघा १७ कट्ठा ४.५ धुर जग्गा माटो भर्ने, सम्याउने, पर्खाल कम्पाउण्ड लगाउने जस्ता पूर्वाधार निर्माण कार्य गरी रु.५ करोड ३० लाखमा एक डिष्टिलरी कम्पनीलाई बिक्री गरेको छ। सोमध्येको एक कित्ता एसेट कम्पनीले २०७८।९।२७ मा सोही डिष्टिलरीबाट नै खरिद गरी पुनः सोही पक्षलाई बिक्री गरेको छ। जसमा सञ्चालकसमेत एउटै रहेको देखिन्छ। यस्ता कारोबार र सोबाट हुने कर असुलीको वास्तविकता यकिन गर्न छानबिन हुनुपर्दछ।

नापी विभाग

आर्थिक तथा सामाजिक विकासका निम्ति आवश्यक पर्ने नक्सा तथा भौगोलिक सूचना उत्पादनमा एकरूपता कायम गर्ने प्रमुख उद्देश्यले २०१४ सालमा विभागको स्थापना भएको हो। विभागअन्तर्गत १३१ नापी कार्यालय, ५ विशेष नापी कार्यालय र १ डिजिटल नापी कार्यालय रहेका छन्।

२८. **नियन्त्रण विन्दु -** जग्गाको शुद्ध नापनक्साको आधारभूत नियन्त्रण विन्दुहरूको सञ्जाल तोकी सोमा समयानुकूल सुदृढीकरण गर्दै जानुपर्दछ। विभागले पेस गरेको विवरणअनुसार २०८१ असार मसान्तसम्म देशभर पहिलो स्तरको ६८, दोस्रो स्तरको ७७८, तेस्रो स्तरको ५ हजार २०९ र चौथोस्तरको २ लाख १३ हजार ५०२ समेत २ लाख १९ हजार ५५७ नियन्त्रण विन्दुको सञ्जाल रहेको छ। विभागबाट प्राप्त विवरणअनुसार सञ्जाल सुदृढ गर्ने कार्यअन्तर्गत विशेष नापी तथा नापनक्साका कार्य

सञ्चालन भएका बागमती र लुम्बिनी प्रदेशका विभिन्न स्थानीय तहअन्तर्गतका १० वडामा नियन्त्रण विन्दु सुदृढीकरण कार्य सम्पन्न भएको छ। नियन्त्रण बिन्दुमा लेभलिङ्ग कार्य पहिलोस्तरमा ५ हजार ६२१, दोस्रोस्तरमा २ हजार १३५ र तेस्रोस्तरमा ५३४ गरी ८ हजार २९० किलोमिटर सम्पन्न भएको छ। बाँकी क्षेत्रमा समेत उक्त कार्य विस्तार गरी जग्गाको नापनक्सालाई शुद्ध र यथार्थपरक बनाउनुपर्दछ।

२९. **नापनक्सा -** जग्गा (नापजाँच) ऐन, २०१९ जारी भएपश्चात् विभागले कित्ता नक्सा र स्रेस्ता विधिवत रूपमा तयार गर्न सुरु गरेकोमा २०५५ सम्म एकपटक नापी सम्पन्न गरेको देखिन्छ। सो अवधिका ७५ जिल्लामध्ये ३७ जिल्लाको नापी राष्ट्रिय नियन्त्रण विन्दुमा आधारित रहेको र बाँकी ३८ जिल्लाको फ्री शीटमा नाप नक्सा गरेको देखिन्छ। गाँउ ब्लकको रूपमा रहेका जग्गाको नाप नक्सा कार्य यस वर्षसम्म १६ हजार ७२५.८३ हेक्टर सम्पन्न भई ४०९.८६ हेक्टर बाँकी छ। फ्री शीटमा नाप नक्सा भएका जिल्लालाई लक्षित गरी २०५२ सालबाट सुरु भएको पुनः नापी कार्य यो वर्ष सञ्चालन हुन सकेको छैन।

३०. **क्षतिग्रस्त क्षेत्रको लगत -** द्वन्द्वबाट क्षतिग्रस्त क्षेत्रको लगत पुनःस्थापनाका लागि २०६५ देखि सुरु भएको विशेष नापीअन्तर्गत यो वर्ष १० हजार ५८८.८४ हेक्टर तथा २०८१ आषाढसम्म अर्घाखाँची, संखुवासभा, झापा, सिरहा, काभ्रेपलाञ्चोक र पाल्पा जिल्लाको १ लाख १ हजार २०६.२६ हेक्टर क्षेत्रफलको नापी सम्पन्न गरी २०८१ अषाढ मसान्तमा १४ हजार ४४ पुर्जा वितरण भएको देखिन्छ। विभागको अभिलेखअनुसार संखुवासभा, झापा, सिरहा, पाल्पा र काभ्रेपलाञ्चोक जिल्लाको लगत तयार गर्न बाँकी रहेको छ। समयमै लगत अद्यावधिक गर्ने व्यवस्था मिलाउनुपर्दछ।

सहकारी विभाग

सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासको आधारको रूपमा विकास गर्ने र ग्रामीण विकासको उपयुक्त र प्रभावकारी माध्यमको रूपमा उपयोग गर्ने प्रयासलाई संस्थागत गर्न २०१० सालमा विभागको स्थापना भएको हो। विभागको कार्यक्षेत्रमा सहकारी संस्थाहरूको नियमन, प्रवर्धन तथा प्रशिक्षण सम्बन्धी कार्य रहेका छन्।

३१. **अनुदानको उपयोग -** सहकारी ऐन, २०७४ को दफा १५१ को उपदफा (१) अनुसार सहकारी संस्थाको कामकारबाहीलाई प्रभावकारी बनाउनको लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सहकारी संस्थालाई अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि २०७९(सांविक २०७३) कार्यान्वयनमा ल्याएको छ। कार्यविधिअनुसार संस्थाको आयोजना सञ्चालन गर्न विभागले बीउपुँजी र पुँजीगत अनुदान प्रदान गर्न सक्ने व्यवस्थाबमोजिम विभागले उपलब्ध गराएको विवरणमा २०७३।७४ देखि २०७९।८० सम्म प्रथम किस्ताबापत ६५ सहकारीलाई रु.७ करोड ४५ लाख १९ हजार र दोस्रो किस्ताबापत ४९ सहकारीलाई रु.४ करोड १२ लाख ९४ हजारसमेत रु.११ करोड ५८ लाख १३ हजार अनुदान प्रदान गरेको देखिन्छ। प्रथम किस्ताबापत १६ सहकारीलाई रु.३ करोड ४० लाख ४० हजार प्रदान गरेकोमा त्यस्ता सहकारीलाई दोस्रो किस्ता प्रदान गरेको देखिएन। त्यस्तो अनुदानको प्रकार, सोको उपयोग र विभागले लिन बाँकी रकमको अद्यावधिक विवरण तयार गरेको छैन।

त्यसै गरी २०८०।८१ मा अनुदान बापत १० सहकारीलाई रु.२ करोड १५ लाख बजेट विनियोजन भएकोमा उक्त रकम खर्च भएको छैन। विभाग वा नियामक निकायबाट हुने अनुगमनका

अतिरिक्त आवश्यकताअनुसार मन्त्रालयले समेत अनुगमन गर्ने व्यवस्था भए तापनि सोअनुसार अनुगमन गरेको छैन। उद्देश्यअनुरूप खर्च भएको सुनिश्चित हुनुपर्दछ।

३२. **कोपोमिस कार्यान्वयन -** सहकारी नियमावली, २०७५ को नियम ७२(२) मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले रु.५ करोड वा सोभन्दा बढी रकमको बचत दायित्व भए नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र र सोभन्दा घटी दायित्व भए तीन वर्षभित्र कोपोमिस प्रणालीमा आबद्ध भइसक्नुपर्ने उल्लेख छ। विभागबाट प्राप्त तथ्याङ्कअनुसार हालसम्म ३१ हजार ४५० सहकारीमध्ये १८ हजार ६७७ (५९.३८ प्रतिशत) ले मात्र एकपटक समष्टिगत तथ्याङ्क प्रविष्टि गरेको देखिन्छ। यो वर्ष १३ हजार ३३५ (४२.४० प्रतिशत) ले मात्र समष्टिगत विवरण भरेको देखिँदा अधिकांश सहकारीहरूले कोपोमिस विवरण अद्यावधिक गरेको देखिएन। तीन तहका सरकारबिच अन्तर आबद्धता कायम गरी कोपोमिसको सार्थक कार्यान्वयन गर्नुपर्दछ।

३३. **सम्पत्ति शुद्धीकरण -** सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सहकारी सङ्घ, संस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७४ को बुँदा ३२ मा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनको कार्यान्वयन नगर्ने संस्थालाई लिखित रूपमा सचेत गराउने, अटेर गर्नेलाई रु.१० लाखदेखि रु.५ करोडसम्म जरिबाना गर्ने एवं दर्ता खारेजसम्म गर्न सक्ने उल्लेख छ। विभागले यो वर्ष सम्पत्ति शुद्धीकरणतर्फ परिपालना भए नभएको सम्बन्धमा ५६ संस्थाको अनुगमन गरेकोमा ६ संस्थाको अनुगमन प्रतिवेदन परीक्षण गर्दा सदस्यको जोखिम वर्गीकरण नगरेको, कोपोमिसमा आंशिक तथ्याङ्क मात्र प्रविष्टि गरेको, शंकास्पद प्रतिवेदन नपठाएको, स्रोतको खुलासा आंशिक मात्र गर्ने गरेको लगायतका बेहोरा उल्लेख छ। अनुगमन प्रतिवेदन पेस भएपछि उक्त संस्थाको कैफियत सम्बन्धमा निरन्तर अनुगमन र निर्देशिकाको व्यवस्थाअनुरूप जरिबानालगायतका कारबाही गरेको छैन। सहकारी संस्थामाथिको नियमनकारी भूमिका प्रभावकारी नहुँदा सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिम विद्यमान रहेको देखिएकाले प्रचलित कानुनअनुसार कारबाही गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा भोगाधिकारमा दिएका जग्गा लिजमा परिणत नगरेको, सरकारी तथा सार्वजनिक जग्गाको केन्द्रीय अभिलेख अद्यावधिक नगरेको, हदबन्दीभन्दा बढी जग्गाको उपयोगको प्रभावकारी अनुगमन नभएको, कारोबार मूल्यको आधारमा जग्गा तथा घरको रजिष्ट्रेसन शुल्क असुल नगरेको, पुँजीगत लाभकर निर्धारण सम्बन्धमा आवश्यक प्रमाण पेस नगरेको, न्यूनतम मूल्याङ्कन घटाई घर जग्गाको कारोबार गरेको, घरबाटो सिफारिस गर्दा त्रुटिपूर्ण सिफारिस हुने गरेको, सम्बद्ध व्यक्तिबिच कारोबार गरी कर दायित्व घटाउने गरेको, बैङ्कहरूको धितो लिलाम र दाखिला खारेज गर्दा लाभकर घटी असुल हुने गरेको, समस्याग्रस्त सहकारी संस्थाहरूको दायित्व फरफारख नभएको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतका समेत २२५ कार्यालयमा रु.१ अर्ब ६३ करोड ३० लाख ३७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१२ करोड ६५ लाख ६६ हजार फर्स्यौंट गरेकोले रु.१ अर्ब ५० करोड ६४ लाख ७१ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.१ लाख ७७ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय यातायात विकास र व्यवस्थापन, राष्ट्रिय रेलमार्ग, मेट्रो रेल, यातायात सुरक्षा प्रणाली, राष्ट्रिय लोकमार्ग, जल मार्गलगायत वैकल्पिक यातायात, आधारभूत यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा तथा कार्यान्वयन, समन्वय र नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत १४५ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेतका १४१ सरकारी कार्यालयको निम्नानुसार रु.१ खर्ब १५ अर्ब ६० करोड १३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
८२२९९१	२०७२९	१५४०१८	१५८२७५	११५६०१३

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र रक्षा मन्त्रालयबाट खर्च भएको रु.१८ अर्ब ४२ करोड ६६ लाख समावेश छैन।

२. **अन्य संस्था -** यो वर्ष ३ संस्थाको रु.६ अर्ब ३८ करोड ९१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। नेपाल रेल्वे कम्पनीको ३ आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण -** यो वर्ष हुलाकी राजमार्ग निर्माण अवस्था विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले राष्ट्रिय सडक सञ्जालको विस्तार गरी आर्थिक सामाजिक विकास, व्यापार सहजीकरणमार्फत आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य पूरा गर्न कुल यातायात खर्च न्यूनतम हुने गरी सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार, सडक पूर्वाधारहरूको उचित संरक्षण, मर्मत सम्भार र सडक सुरक्षा गरी सहज सवारी आवागमन सुनिश्चित गर्ने लक्ष्य राखेको छ। मन्त्रालयबाट प्राप्त प्रगति प्रतिवेदनअनुसार सडक तथा रेल मार्गका प्रमुख सूचकहरूमा यो वर्षको प्रगति स्थिति देहायबमोजिम छः

क्र.सं.	सूचक	एकाइ	आधार वर्ष २०७५।७६	१५ औं योजनाको (२०८०।८१ सम्म)		प्रगति प्रतिशत
				लक्ष्य	उपलब्धि	
१	राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालोपत्रे)	किलोमिटर	५९९४	११८९४	८३५०	७०.२०
२	राष्ट्रिय राजमार्ग (दुई लेन माथि द्रुतमार्ग समेत)	किलोमिटर	९६	११७४	४४१	३७.५६
३	राष्ट्रिय राजमार्ग (नयाँ ट्रयाक निर्माण)	किलोमिटर	३००	१८००	५९५	३३.०६
४	राष्ट्रिय राजमार्ग (नयाँ ट्रयाक निर्माण)	किलोमिटर	२६०	१८००	५९५	३३.०६
५	राष्ट्रिय राजमार्ग आवधिक मर्मत सम्भार	किलोमिटर	३२०	२२२३	६५१	२९.२८
६	सडक पुल निर्माण	वटा	३००	१९००	११०८	५८.३२
७	रेलमार्ग (स्तरोन्नति/नयाँ ट्रयाक)	किलोमिटर	४२	३४८	१२६	३६.२०

उल्लिखित तालिकाअनुसार यो वर्षसम्म राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालोपत्रे) र सडक पुल निर्माण बाहेक अन्यमा ५० प्रतिशतभन्दा कम प्रगति देखिएको छ। आवधिक योजनाले तय गरेको नतिजा खाकाअनुरूप वार्षिक कार्यक्रम निर्धारण गरेबमोजिमत प्रगति हासिल गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम** - मन्त्रालयले वार्षिक नीति तथा कार्यक्रमअनुसार प्रगति हासिल गर्नुपर्दछ। मन्त्रालयको २०८०।८१ को नीति तथा कार्यक्रममा राष्ट्रिय पूर्वाधार गुरूयोजना तयार गरी पूर्वाधार क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐनमा समयानुकूल संशोधन गरिने, सडक यातायात, रेल, जलमार्ग र हवाई क्षेत्रलाई समेट्ने गरी एकीकृत राष्ट्रिय यातायात गुरूयोजना तयार गरिने, सार्वजनिक यातायात व्यवस्थापनमा सङ्घ र प्रदेशको भूमिका स्पष्ट हुनेगरी राष्ट्रिय यातायात नीति तथा सङ्घीय यातायात विधेयक तर्जुमा गरिने, पूर्वाधार निर्माणमा दुई सिफ्टमा काम हुने व्यवस्था मिलाइने, सडक र पुलको निर्माण सँगसँगै सम्पन्न हुने व्यवस्था मिलाइने तथा ग्याँस, डिजेल, पेट्रोलबाट चल्ने सवारीसाधनलाई विद्युतीय ऊर्जाबाट चल्नेगरी रुपान्तरण गर्ने प्रविधिलाई सहुलियतसहित प्राथमिकता दिइने र राइड शेयरिङ्ग सेवा प्रदायक सम्बन्धी कानुनी व्यवस्था गरिने उल्लेख भएकोमा उक्त कार्यहरू कार्यान्वयन भएका छैनन्।

यसै गरी रेल यातायातसँग सम्बन्धित बोर्ड, कम्पनी लगायतका सबै संरचनालाई एकीकृत गरिने, प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा मुख्य सहरहरूमा मेट्रोरेल, मोनोरेल तथा ट्राम निर्माण तथा सञ्चालनको अध्ययन गरिने उल्लेख भएकोमा सो सम्बन्धमा यो वर्ष कार्य भएको छैन। वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रम कार्यान्वयन गरी लक्षित प्रगति हासिल गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन** - मन्त्रालयले बजेट वक्तव्य, २०८०।८१ मा उल्लेख भएका बेहोरा कार्यान्वयन गर्नुपर्नेमा कार्यान्वयन नभएका तथा न्यून प्रगति भएका बेहोरा देहायबमोजिम छन्:

६.१ पूर्व पश्चिम रेलमार्गको बर्दीबास निजगढ खण्डको निर्माण कार्यलाई निरन्तरता दिइने, वीरगन्ज-काठमाडौं रेलमार्ग र रसुवागढी काठमाडौं रेलमार्गको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिने उल्लेख भएकोमा बर्दीबास निजगढ खण्डको ७० किलोमिटरमध्ये ६५ किलोमिटर ट्रयाक बेड र १६ पुल सम्पन्न भएका छन्। वीरगन्ज काठमाडौं रेलमार्ग, रसुवागढी-काठमाडौं रेलमार्गको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने उल्लेख भएकोमा सो कार्य भएको छैन।

६.२ सरकारको स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र परेका, औचित्य समाप्त भएका र परिवर्तित सन्दर्भमा आवश्यक नरहेका कार्यालय खारेज गर्ने तथा उस्तै कार्यक्षेत्र भएका निकायलाई एक अर्कोमा गाभ्ने उल्लेख गरी रेल्वे बोर्डको कार्य रेल विभागबाट गर्ने उल्लेख भएकोमा बोर्ड खारेजी प्रक्रिया अगाडि बढ्न सकेको छैन।

६.३ नारायणगढ-बुटवल र कमला-कञ्चनपुर खण्डको विस्तार तथा स्तरोन्नतिको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने उल्लेख भएकोमा भौतिक प्रगति ५२ प्रतिशत भएको छ।

६.४ राजमार्ग र रणनीतिक सडक अन्तर्गत १५० पुल निर्माण कार्य सम्पन्न गरिने तथा नारायणी नदी र तिनाउ नदीमा सिग्नेचर पुल निर्माण सुरु गरिने उल्लेख भएकोमा यो वर्ष १०५ पुल निर्माण सम्पन्न भएको छ। नारायणी नदी पुलको डिजाइन स्वीकृत भएको छैन।

६.५ लामो समयदेखि स्तरोन्नति हुन नसकेको पासाङ ल्हामु राजमार्गको तीनपिप्ले-रानीपौवा सडक खण्डको मर्मत तथा स्तरोन्नति कार्य आगामी वर्ष सम्पन्न गर्ने तथा बाढी पहिरोबाट क्षतिग्रस्त कर्णाली राजमार्गलाई पुनर्स्थापना एवं स्तरोन्नति गर्ने उल्लेख भएकोमा यो वर्ष तीनपिप्ले-रानीपौवा खण्डको खरिद सम्झौता भए तापनि कर्णाली राजमार्गलाई पुनर्स्थापना गर्ने कार्य भएको छैन।

यो वर्षको लेखापरीक्षणबाटः

- *वार्षिक नीति तथा कार्यक्रमबमोजिम कानुनहरू निर्माण नगरेको,*
- *बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरू पूर्णरूपमा कार्यान्वयन नगरेको,*
- *पानीजहाज तथा सुरुङ मार्ग सञ्चालनसम्बन्धी कानुन निर्माण नगरेको,*
- *इम्बोस्ड नम्बर प्लेट जडान कार्यमा न्यून प्रगति भएको तथा अतिआवश्यक बाहेक सवारीचालक अनुमतिपत्रको स्मार्ट कार्ड छपाइको कार्य नभएको,*
- *रेल मार्ग निर्माणसम्बन्धी नर्म्स निर्माण तथा सडक पुल निर्माणसम्बन्धी नर्म्सको समय सापेक्ष नवीनतम प्रविधिसमेतलाई ध्यान दिई नर्म्स अद्यावधिक नगरेको,*
- *मन्त्रालयको कार्यक्षेत्र बाहिरका विभिन्न ६ कार्यक्रममा रु.१७ अर्ब ४४ करोड २९ लाख बजेट विनियोजन गरी रु.१४ अर्ब ८१ करोड २२ लाख खर्च गरेको,*
- *अनुमानको तुलनामा यो वर्ष ६३.५६ प्रतिशत मात्र वैदेशिक सहायता प्राप्त भएको र रु.२ अर्ब ६१ करोड २ लाख रकम शोधभर्ना प्राप्त हुन बाँकी रहेको,*
- *राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाको प्रगति न्यून रहेको लगायतका बेहोरा देखिएका छन्।*

६.६ कोटेश्वर, सातदोबाटो तथा एकान्तकुनामा फ्लाईओभर र अन्डरपास निर्माण कार्य सुरुवात गर्ने र काठमाडौं चक्रपथको कलङ्की-वसुन्धरा खण्डको सडक विस्तार तथा निर्माण कार्यलाई तीव्रता दिने उल्लेख भएकोमा कोटेश्वरमा अण्डरपास निर्माणको लागि सम्भाव्यता अध्ययन कार्य भएको र कलङ्कीदेखि वसुन्धरासम्मको चीन सरकारबाट विस्तृत डिजाइनसम्बन्धी कार्य भए तापनि निर्माण कार्य प्रारम्भ भएको छैन।

६.७ यो वर्ष १५ लाख सवारीचालक अनुमतिपत्रको स्मार्ट कार्ड खरिद तथा एक थान मास प्रिन्टर खरिद गर्न रु.३० करोड विनियोजन भएकोमा सो कार्य हुन सकेको छैन।

बजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रमहरू लक्ष्यअनुरूप सम्पादन गर्नुपर्दछ।

७. **बजेट र खर्च -** मन्त्रालयको लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	७७९१४	६८४५८	६०८०६	८८.८२
पुँजीगत	१२३८०५४	१२९०७०२	९४५२७०	७३.२४
जम्मा	**१३१५९६८**	**१३५९१६०**	**१००६०७६**	**७४.०२**

मन्त्रालयको शीर्षकगत विनियोजनको तुलनामा चालुतर्फ ८८.८२ र पुँजीगततर्फ ७३.२४ प्रतिशत खर्च भएको छ। विनियोजित बजेटबमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **राष्ट्रिय राजमार्ग** - नेपाल सरकारको २०७०।२।१३ को निर्णयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारीमा २१ राजमार्ग तथा २०९ सहायक मार्ग रहने उल्लेख छ। सङ्घीयता

कार्यान्वयनको क्रममा अधिकार सूचीका कार्यक्रमलाई प्राथमिकता दिन नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७६।२।६ को निर्णयअनुसार ९ किलोमिटरदेखि १ हजार ७८७ किलोमिटरसम्मका १४ हजार ९१३ किलोमिटरका ८० सडकलाई राष्ट्रिय राजमार्गको रूपमा सूचीकृत गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

८.१ सडक विभाग तथा मातहतका निकायहरूबाट स्वीकृत राष्ट्रिय राजमार्ग तथा लोकमार्गमा समावेश नभएका स्थानीय सडक पुल, निर्वाचन क्षेत्र रणनैतिक सडक, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमलगायतका ६ कार्यक्रम स्वीकृत गरी रु.१७ अर्ब ४४ करोड २९ लाख विनियोजन भएकोमा रु.१४ अर्ब ८१ करोड २२ लाख खर्च भएको छ। कार्यक्षेत्र स्पष्ट गरी राष्ट्रिय राजमार्गभन्दा बाहिरका योजना कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

८.२ तराई मधेश सडक पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत सडक डिभिजन झापा, अछाम र तनहुँले ३२ योजनामा रु.७३ करोड ८४ लाख २४ हजारको सम्झौता गरी यस वर्षसम्म रु.४५ करोड ९१ लाख ९० हजार भुक्तानी गरेको छ। उक्त कार्यक्रम प्रदेश सरकार मातहत रहेको जनाई नेपाल सरकार (मन्त्रीपरिषद्) को २०८०।३।१९ को निर्णयअनुसार सुविस्ताको आधारमा ठेक्का सम्झौता अन्त्य गरेको छ। साथै सडक डिभिजन झापाले रु.२१ करोड ५८ लाख ३६ हजारका १२ खरिद सम्झौतामा यस वर्षसम्म रु.९ करोड ५९ लाख ८७ हजार भुक्तानी गरेकोमा सुविस्ताको आधारमा अन्त्य गर्न निर्माण व्यवसायी सहमत नभएकोले उक्त ठेक्काहरू फरफारक हुन सकेका छैनन्। कार्य क्षेत्र बाहिरका योजना तथा कार्यक्रममा बजेट विनियोजन गरी खरिद सम्झौता गरेको कारण ती सडक निर्माण कार्य अधुरा रहेका छन्। सडक विभाग र मातहतका कार्यालयबाट ठेक्का व्यवस्थापन भएका सडकको निर्माण कार्य सम्पन्न गरी सम्बन्धित सरकारलाई हस्तान्तरण गर्नुपर्दछ।

९. **त्रैमासिक पुँजीगत खर्च** - मन्त्रालय तथा मातहतका निकायहरूले यो वर्ष रु.९४ अर्ब ५२ करोड ७० लाख पुँजीगत खर्च गरेका छन्। कुल पुँजीगत खर्चमध्ये प्रथम त्रैमासिकमा रु.१२ अर्ब ५७ करोड ६५ लाख (१३.३० प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ११ अर्ब १६ करोड ४० लाख (११.८१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. २६ अर्ब ८८ करोड ४१ लाख (२८.४४ प्रतिशत), चौथो त्रैमासिकमा रु. ४३ अर्ब ९० करोड २४ लाख (४६.४५ प्रतिशत) र असार महिनामा मात्र रु.२३ अर्ब ५५ करोड ४९ लाख (२४.९२ प्रतिशत) भुक्तानी भएको छ। समानुपातिक रूपमा त्रैमासिक बजेट तथा कार्यक्रम तय गरी सोहीअनुसार कार्यान्वयन गर्नुपर्दछ।

१०. **पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा बजेट तथा कार्यक्रमको पूर्वतयारी अवस्था, खरिद विधि छनोट, प्राविधिक तथा जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार र बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधिमा सम्पन्न गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय र मातहत निकायहरूको विगत ५ वर्षको पुँजीगत खर्चको स्थिति देहायबमोजिम छः

(रु. लाखमा)

आर्थिक वर्ष	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
२०७६।७७	१३९१४०१	७४५८९७	५३.६१
२०७७।७८	१३७८९८७	९३५२६५	६७.८२
२०७८।७९	१४६८०२२	८५२४८२	५८.०७

आर्थिक वर्ष	बजेट विनियोजन	खर्च	खर्च प्रतिशत
२०७९।८०	१५९०२३३	१०३०३४६	६४.७९
२०८०।८१	१२९०७०२	९४५२७०	७३.२४
जम्मा	**७११९३४५**	**४५०९२६०**	**६३.३४**

मन्त्रालयको विगत ५ वर्षको पुँजीगत खर्च औसतमा ६३.३४ प्रतिशत रहेको छ। निर्माण कार्यको खरिद प्रक्रिया दोस्रो र तेस्रो चौमासिकमा सुरु गरी ढिला ठेक्का सम्झौता गर्नाले वर्षान्तमा खरिद प्रक्रियाहरू पूरा नहुने, खरिद पूर्वका तयारीका कार्यहरू नगरी ठेक्का व्यवस्थापन हुने, अनुगमनमा कमी भई गुणस्तरीय कार्य सम्पादन गर्न कठिनाइ हुने, निर्माण कार्यमा भुक्तानी नभई पेस्की रकममात्र प्रदान हुने र लक्ष्यबमोजिम निर्माण कार्य गर्न नसक्नेलगायतका कारणले गर्दा पुँजीगत खर्चमा कमी आएको छ। उपलब्ध स्रोतको प्रभावकारी उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

११. **वैदेशिक सहायता** - यो वर्ष वैदेशिक अनुदान प्राप्त नभएको तथा वैदेशिक ऋणतर्फ रु.८३ अर्ब १३ करोड ९३ लाख प्राप्त हुने अनुमान रहेकोमा रु.५२ अर्ब ८४ करोड २१ लाख (६३.५६ प्रतिशत) प्राप्त भएको छ।

११.१ यो वर्ष वैदेशिक स्रोततर्फ नगद ऋणमा रु.३५ अर्ब ६३ करोड ३१ लाख, शोधभर्ना हुने ऋणमा रु.२६ अर्ब २२ करोड ३६ लाख रसोझै भुक्तानी हुने ऋणमा रु.१९ अर्ब २९ करोड ४० लाखसमेत रु.८१ अर्ब १५ करोड ७ लाख प्राप्त हुने अनुमान रहेकोमा नगद ऋणमा रु.३० अर्ब २७ करोड १५ लाख, शोधभर्ना हुने ऋणमा रु.११ अर्ब ७३ करोड २३ लाख र सोझै भुक्तानी हुने ऋणमा रु.१० अर्ब ८३ करोड ८३ लाखसमेत रु.५२ अर्ब ८४ करोड २१ लाख प्राप्त भई अनुमानको तुलनामा क्रमशः ८४.९५, ४४.७४ र ५६.१७ प्रतिशतमात्र प्राप्त भएको छ।

११.२ राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रमको लागि यो वर्ष सोझै भुक्तानी अनुदानतर्फ यु.एस.एडबाट रु.२ करोड ६ लाख, शोधभर्ना हुने ऋणतर्फ जाईकाबाट रु.५ करोड र सोझै भुक्तानी हुने अनुदानतर्फ चक्रपथ विस्तार कार्यको लागि चीन सरकारबाट रु.१ अर्ब ९६ करोड ८० लाख प्राप्त हुने अनुमान रहेकोमा उक्त रकम प्राप्त भएको छैन।

११.३ मन्त्रालयको एकीकृत वित्तीय विवरणअनुसार गत वर्षसम्म शोधभर्ना प्राप्त हुन बाँकी रु.१० अर्ब १५ करोड १५ लाख ९७ हजार र यो वर्ष शोधभर्ना हुने गरी खर्च भएको रु.७ अर्ब ४७ करोड ६३ लाख २५ हजारसमेत रु. १७ अर्ब ६२ करोड ७९ लाख २२ हजारमध्ये यो वर्ष रु.१५ अर्ब १ करोड ७७ लाख ५४ हजार शोधभर्ना प्राप्त भई रु. २ अर्ब ६१ करोड १ लाख ६८ हजार शोधभर्ना प्राप्त हुन बाँकी रहेको छ।

मन्त्रालयको लागि यो वर्ष कुल विनियोजनमध्ये वैदेशिक ऋणको अनुपात ६३.१८ प्रतिशत तथा कुल खर्चको तुलनामा ५२.५२ प्रतिशत देखिएकोले मन्त्रालयले वैदेशिक ऋणतर्फको बजेट आनुपातिक रूपमा समेत उपयोग गर्न सकेको देखिएन। अतः समयमै शोधभर्ना प्राप्त गर्नुका साथै उपलब्ध स्रोतको उपयोग गर्ने क्षमता वृद्धि गरी वैदेशिक सहायताको अधिकतम परिचालन गर्नुपर्दछ।

१२. **रकमान्तर**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ मा बजेट निकासा, खर्च र नियन्त्रणसम्बन्धी व्यवस्था छ। मन्त्रालय तथा मातहतका निकायको लागि यो वर्ष रु.१ खर्ब ३१ अर्ब ५९ करोड ६८ लाख सुरु विनियोजन भएकोमा रु. २८ अर्ब ५८ करोड ५३ लाख (२१.७२

प्रतिशत) थप र रु. २४ अर्ब २६ करोड ६१ लाख (१८.४४ प्रतिशत) घट भई रु. १ खर्ब ३५ अर्ब ९१ करोड ६० लाख अन्तिम बजेट कायम भएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) मा विनियोजन ऐनले फ्रिज नहुने भनी उल्लेख गरे बाहेकका शीर्षकहरूमा आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै खाता बन्द गर्नुपर्ने उल्लेख छ। यो वर्ष सडक विभाग मातहतका २७ कार्यालयहरूमा खाता बन्द हुने समयपश्चात् अर्थ मन्त्रालयबाट पटक-पटक गरी रु.६ अर्ब १० करोड ६२ लाख रकमान्तरबाट घट तथा ५६ कार्यालयमा रु.६ अर्ब २० करोड १८ लाख थप भएकोसमेत ९५ कार्यालयबाट रु.१० अर्ब ७७ करोड ५१ लाख खर्च भएको छ। मन्त्रालयले बजेट तथा कार्यक्रम तयार गर्दा कार्यान्वयन हुने योजनामा मात्र बजेट विनियोजन गरी कानुनी व्यवस्था प्रतिकूल रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१३. **राष्ट्रिय गौरवका आयोजना** - सरकारले २७ आयोजनालाई पहिलो प्राथमिकतामा राखेर राष्ट्रिय गौरवको आयोजना घोषणा गरी निर्माण कार्य गरिरहेको छ। यस्ता आयोजनाहरूमध्ये यो मन्त्रालयसँग सम्बन्धित ६ आयोजनाको समग्र प्रगति अवस्था निम्नानुसार छः

(रु.करोडमा)

क्र.सं.	आयोजनाको नाम	आयोजना सुरु वर्ष	लागत अनुमान		यो वर्षको खर्च	हालसम्म को खर्च	सम्पन्न हुने		हालसम्मको भौतिक प्रगति
			सुरुको	हालको			सुरु	संशोधित	
१	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४।६५	३३३६	८४३३	४२१	६९१७	२०७४।७५	२०८४।८५	७७.३२
२	हुलाकी राजमार्ग आयोजना	२०६६।६७	४७६५	१०१६३	५२२	६४८७	२०८०।८१	२०८३।८४	६६.९१
३	कालीगण्डकी करिडोर (गैंडाकोट-कोरला सडक खण्ड)	२०६६।६७	३२००	३५७९	२२७	१९०४	२०७९।८०	२०८३।८४	७१.३६
४	कोशी करिडोर (खाँदबारी देखि किमाथांका)	२०६५।६६	११९३	१६२०	५७	५५८	२०७९।८०	२०८५।८६	३५.००
५	कर्णाली करिडोर (खुलालु-हिल्सा-सिमीकोट-सलिसल्ला)	२०६९।७०	४१०	१८६६	७१	२५२	२०७९।८०	२०८४।८५	२२.६०
६	रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना	२०६५।६६	९५५००	१५००००	२९६	३३४५	नखुलेको	२०८६।८७	नखुलेको

उल्लिखित राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन अवस्था देहायबमोजिम छः

१३.१ कालीगण्डकी करिडोर- यो करिडोर नेपालको करिब मध्य भागबाट दक्षिणी सीमाना नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लाको गैंडाकोटदेखि उत्तरी सीमा कोरलासम्म जोड्ने करिब ४९५ किलोमिटर रहेको छ। नवलपरासीदेखि मुस्ताङसम्मका ९ जिल्ला समेट्ने यो आयोजना २०६६।६७ देखि सुरु भएको हो। योजनाको सुरु लागत अनुमान रु.३२ अर्ब रहेकोमा संशोधित लागत अनुमान रु.३५ अर्ब ७९ करोड रहेको छ। यो वर्षको रु.२ अर्ब २७ करोडसमेत हालसम्म रु.१९ अर्ब ४ करोड खर्च भई ७१.३६ प्रतिशत भौतिक प्रगति र ६६ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। दुई खण्ड गरी निर्माण भई रहेको यस आयोजनाको पूर्वी नवलपरासीको गैंडाकोटदेखि पर्वत जिल्लाको फलेबास खण्डको २९३ किलोमिटरमध्ये १९० किलोमिटर सडक कालोपत्रे र ५९ पुल मध्ये ४१ पुलको निर्माण सम्पन्न भएको तथा म्याग्दीको बेनीदेखि मुस्ताङको कोरोला खण्डको २०२ किलोमिटर मध्ये ६० किलोमिटर सडक

कालोपत्रे, ९७ किलोमिटर ग्राभेल गर्ने कार्य र १९ मध्ये १० पुल निर्माण कार्य सम्पन्न भएको छ। सुरुमा २०७९।८० मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा कार्यतालिका संशोधन भई २०८३।८४ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

१३.२ कोशी करिडोर- मोरङको रानीदेखि संखुवासभाको किमाथान्कासम्मको ३४५ किलोमिटरमध्ये संखुवासभाको खाँदबारीदेखि किमाथान्कासम्मको १६२ किलोमिटर सडक निर्माण एवं स्तरोन्नति र २३ पुल निर्माण गर्न रु.११ अर्ब ९३ करोडको लागतमा सुरु भएको यस आयोजनाको संशोधित लागत अनुमान रु.१६ अर्ब २० करोड रहेको छ। यो वर्ष रु.५७ करोड समेत रु.५ अर्ब ५८ करोड खर्च भई हालसम्म १५९ किलोमिटर ट्रयाक, २ किलोमिटर सडक ढलान तथा कालोपत्रे र २३ मध्ये १० पुल निर्माण कार्य सम्पन्न भएको छ। यो आयोजना २०६५।६६ देखि सुरु भई २०७९।८० मा सम्पन्न हुने अनुमान रहेकोमा हाल २०८५।८६ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस वर्षसम्मको भौतिक प्रगति ३५ प्रतिशत र वित्तीय प्रगति ३३.८८ प्रतिशत रहेको छ।

१३.३ कर्णाली करिडोर सडक- कर्णाली राजमार्गअन्तर्गतको खुलालुदेखि सिमीकोट हुँदै हिल्सासम्मको २६९ किलोमिटर सडक निर्माण गर्ने उत्तर दक्षिण (कर्णाली करिडोर) लोकमार्ग २०६९।७० मा सुरु भई २०७९।८० मा सम्पन्न गर्ने प्रारम्भिक लक्ष्य रहेकोमा २०८४।८५ सम्म आयोजनाको अवधि थप भएको देखिन्छ। सुरु लागत अनुमान रु.१६ अर्ब १० करोड रहेको उक्त आयोजनाको संशोधित लागत अनुमान रु.१८ अर्ब ६६ करोड पुगेको छ। आयोजनाको कुल लम्बाइ २६९ किलोमिटरमध्ये २६८.२ किलोमिटर ट्रयाक निर्माण कार्य भई भौतिक प्रगति २२.६० प्रतिशत र यो वर्ष रु.७१ करोडसमेत यस योजनामा हालसम्म रु.२ अर्ब ५२ करोड खर्च भई वित्तीय प्रगति १४.०२ प्रतिशत रहेको छ।

पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजना, हुलाकी राजमार्ग आयोजना र रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजनाको विस्तृत विवरण सम्बन्धित खण्डमा समावेश गरिएको छ।

राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनमा प्रभावकारिता एवं तीव्रता ल्याउन आयोजनाको पूर्व तयारी, स्रोत व्यवस्थापन, अन्तरनिकाय एवं सरोकारवालासँगको समन्वय र सहकार्य प्रभावकारी नहुँदा राष्ट्रिय गौरवका आयोजनाको प्रगति सन्तोषजनक छैन। आयोजना समयमा सम्पन्न नहुँदा लागत वृद्धी हुँदै गएको छ। तोकिएको समयमा आयोजना सम्पन्न गर्न आयोजना र मन्त्रालयको भूमिकालाई थप जवाफदेही बनाउनुपर्दछ।

१४. **रूपान्तरणकारी योजना -** योजनाको दीर्घकालीन सोच एवं पन्ध्रौं योजनाले लिएका राष्ट्रिय लक्ष्य हासिल गर्न बृहत् प्रभाव पार्ने र विशिष्ट प्रकृतिका आयोजनालाई नेपाल सरकारले रुपान्तरणकारी योजनाको रूपमा लिएको देखिन्छ। मन्त्रालयअन्तर्गत रहेका रुपान्तरणकारी योजनाको प्रगति स्थिति निम्नानुसार छः

(रु.करोडमा)

क.सं.	योजनाको नाम	सम्झौता रकम	सुरु भएको वर्ष	सम्पन्न हुने वर्ष	हालसम्मको खर्च	वित्तीय प्रगति	भौतिक प्रगति
१	गल्छी त्रिशुली मैलुङ्ग स्याफ्रुवेसी रसुवागढी सडक योजना	१५३८	२०७२।७३	२०८३।८४	९१७	५९.६१	६०.१३
२	नारायणघाट बुटवल सडक योजना	१७०२	२०७५।७६	२०८६।८७	७७०	४५.२६	५२.५३
३	कञ्चनपुर कमला सडक योजना	१५६६	२०७७।७८	२०८१।८२	६४५	४१.१९	५०.८९

क्र.सं.	योजनाको नाम	सम्झौता रकम	सुरु भएको वर्ष	सम्पन्न हुने वर्ष	हालसम्मको खर्च	वित्तीय प्रगति	भौतिक प्रगति
४	काँकडभिट्टा लौकही सडक योजना	३४९१	२०८०।८१	२०८४।८५	१२०	६.५० (मोबिलाइजेसन पेस्की)	४.१६
५	बुटवल गोरूसिंगे चन्द रद्रौटा सडक योजना	१३५६	२०८०।८१	२०८९।९०	१११	१११ (मोबिलाइजेसन पेस्की)	-
६	कमला ढल्केबर पथलैया सडक योजना	-	२०७७।७८	२०८४।८५	यो वर्षसम्म १३० किलोमिटरमध्ये ५३ किलोमिटर ठेक्का व्यवस्थापन नभएको।		

रुपान्तरणकारी योजना सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

१४.१ धादिङको गल्छीदेखि रसुवाको रसुवागढीसम्म रु.१५ अर्ब ५० करोड लागत अनुमानमा ८२ किलोमिटर कालोपत्रे सडक निर्माण गर्ने, ३२ पुल निर्माण गर्ने र ६ स्थानको पहिरो नियन्त्रण गर्ने लक्ष्य रहेको देखिन्छ। २०७२।७३ मा सुरु भएको गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफ्रुबेंसी-रसुवागढी सडक योजनाको कार्य २०८१।८२ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा कार्यतालिका संशोधन भई २०८३।८४ सम्म कायम भएको छ। योजनामा यो वर्षको रु.५५ करोड २८ लाखसमेत हालसम्म रु.९ अर्ब १७ करोड खर्च भएको छ। योजनाको यस वर्षसम्म ३७.५ किलोमिटरमा कालोपत्रे र १७ पुल निर्माण सम्पन्न भएकोमा एक फ्लाई ओभरको सम्भाव्यता अध्ययन र २ स्थानमा पहिरो नियन्त्रण कार्य भइरहेको छ। निर्माण कार्य सुरु भएको ११ वर्षमा ५९.६१ प्रतिशत वित्तीय प्रगति र ६०.१३ प्रतिशत भौतिक प्रगति भएको छ।

१४.२ दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक) सडक सुधार आयोजना अन्तर्गत एसियाली विकास बैङ्कको ऋण सहयोगमा पूर्व-पश्चिम राजमार्गको नारायणघाटदेखि बुटवलसम्म ११३ किलोमिटर सडक विस्तार, ४६२ कल्भर्ट, ४३ साना पुल र २१ प्रमुख पुल निर्माण २०७९।८० भित्र सम्पन्न गर्ने गरी २०७५।७६ मा आयोजना सुरु भएको छ। आयोजनाको सुरु सम्झौता रु.१६ अर्ब ९९ करोड रहेकोमा संशोधित सम्झौता रकम रु.१७ अर्ब २ करोड कायम भएको र तेस्रो पटक म्याद थप पश्चात् त्रुटि सच्याउने अवधिसमेत २०८६।८७ मा कार्यसम्पन्न गर्ने लक्ष्य रहेको छ। यो वर्षसम्म २६.४४ किलोमिटरमा ४ लेन र २२.१२ किलोमिटर २ लेन सडक कालोपत्रे, ६ प्रमुख पुल, ३८० कल्भर्ट र ३९ साना पुल निर्माण सम्पन्न भएको छ। सम्झौता अवधि ११ वर्षमध्ये ६ वर्ष समाप्त हुँदासम्म ४५.२६ प्रतिशत वित्तीय प्रगति र ५२.५३ प्रतिशत भौतिक प्रगति भएको छ।

१४.३ सासेक राजमार्ग सुधार आयोजनाअन्तर्गत एसियाली विकास बैङ्कको ऋण सहयोगमा पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको कञ्चनपुरदेखि सिरहाको कमला नदीसम्म रु.२४ अर्ब ४९ करोड लागतमा ८६.८३ किलोमिटर कालोपत्रे सडकमध्ये ७०.३३ किलोमिटर ४ लेन र १६.५० किलोमिटर सर्भिस लेनसहित ४ लेन सडक, २१८ कल्भर्ट र ५४ प्रमुख पुल निर्माण २०८०।८१ भित्र सम्पन्न गर्ने गरी २०७७।७८ मा आयोजना सुरु भएकोमा कार्यतालिका संशोधन भई २०८१।८२ सम्म कायम भएको छ। यो वर्षसम्म ५४.८१ किलोमिटर (२ लेन) बाइन्डर कोर्स, ३३.४४ किलोमिटर (२ लेन) आस्फाल्ट कंक्रिट र २१४ कल्भर्ट निर्माण भएकोमा निर्माणाधीन ५१ पुलमध्ये २५ पुलको सुपरस्ट्रक्चरको कार्य सम्पन्न भएको छ। सम्झौता अवधि ४ वर्षमध्ये ३ वर्ष समाप्त भएकोमा ४१.१९ प्रतिशत वित्तीय प्रगति र ५०.८९ प्रतिशत भौतिक प्रगति भएको छ।

१४.४ सासेक राजमार्ग सुधार आयोजनाअन्तर्गत एसियाली विकास बैङ्कको ऋण सहयोगमा पूर्वपश्चिम राजमार्गअन्तर्गत झापाको काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्म ९५.६७ किलोमिटर सडक स्तरोन्नति, ६ प्रमुख पुल, २१ ठुला पुल र ७१ साना पुल/कल्भर्ट निर्माण कार्य २०८४।८५ भित्र सम्पन्न गर्ने गरी २०८०।८१ मा

आयोजना सुरु भएको छ। आयोजनाको सम्झौता रकम रु.३४ अर्ब ९१ करोड रहेकोमा यो वर्षसम्म ६.५० प्रतिशत वित्तीय र ४.१६ प्रतिशत भौतिक प्रगति भएको छ।

१४.५ विश्व बैङ्कको ऋण सहयोगमा पूर्वपश्चिम राजमार्गअन्तर्गत रु.४८ अर्ब लागतमा सिरहाको कमला नदीदेखि बाराको पथलैयासम्म १३० किलोमिटर सडक स्तरोन्नति, ५ अन्डरपास, ६० पुल र १५७ कल्भर्ट निर्माण २०८४।८५ भित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजनाको यस वर्षसम्म कमला ढल्केबर बागमती सडक खण्ड (७५ किलोमिटर) को ठेक्का आव्हान भई मूल्याङ्कनको क्रममा रहेको र जग्गा प्राप्तिलगायतका पूर्व तयारीका कार्य भइरहेको छ।

१४.६ विश्व बैङ्कको ऋण सहयोगमा पूर्वपश्चिम राजमार्गअन्तर्गत एस.डी.आर. २०४.६ मिलियन लागतमा रूपन्देहीको बुटवलदेखि कपिलवस्तुको चन्द्रौटासम्म ६९ किलोमिटर सडकको शहरी क्षेत्रमा सर्भिस लेनसहित चार लेनमा सडक तथा पुलको स्तरोन्नति कार्य २०८९।९० भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ। सडक क्षेत्र विकास आयोजनाले २०८१।३।१० मा रु.१३ अर्ब ५५ करोड ६६ लाखको खरिद सम्झौता गरी रु.१ अर्ब ११ करोड मोबिलाइजेसन पेस्की भुक्तानी गरेको छ।

उल्लिखित योजनाहरूको प्रगति न्यून देखिएकोले सोको विश्लेषण गरी देखिएका समस्या निराकरण गरी योजनाको कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ।

१५. **प्राथमिकता प्राप्त कार्यक्रम** - मन्त्रालय मातहतका प्राथमिकता प्राप्त ६२ कार्यक्रममध्ये ११ कार्यक्रममा ५० प्रतिशतभन्दा कम र १३ कार्यक्रममा ८० प्रतिशतभन्दा कम भौतिक प्रगति भएकोमा ३८ कार्यक्रममा ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति रहेको छ। विनियोजित रकम खर्च गर्न नसक्दा आगामी वर्षको दायित्व बढ्ने, अपेक्षित लाभ प्राप्त गर्न ढिलाइ हुने भएकोले मन्त्रालयले विभाग तथा मातहतका कार्यालयको बजेट कार्यान्वयन गर्ने दक्षता बढाउनुपर्दछ।

१६. **बजेट व्यवस्था र दायित्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१(३) मा केन्द्रीय निकायले आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गर्दा सो आर्थिक वर्षमा खर्च हुने प्रतिबद्धतालाई बजेट विनियोजन गरिसकेपछि मात्र अन्य कार्यक्रममा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट यो वर्ष यस मन्त्रालय मातहतका २५ योजनामा रु.२६ अर्ब ३० करोड ९५ लाखको थप स्रोत सुनिश्चितता प्राप्त भएको छ। सडक विभाग तथा मातहतका निकायमा ठेक्का व्यवस्थापनबाट सिर्जित दायित्व रु.३ खर्ब २४ अर्ब ७५ करोड, अदालत तथा मध्यस्थताबाट निर्णय भएको भुक्तानी दायित्व रु.३ अर्ब ५८ लाख रहेको र गैर बजेटरी बाहेक २०८१ असार मसान्तसम्मको भुक्तानी बाँकी रु.९ अर्ब १२ करोड वार्षिक कार्यक्रममा समावेश भएकोमा भुक्तानी बाँकी प्रमाणित भएको रु.१४ करोड ६४ लाख वार्षिक कार्यक्रममा समावेश भएको देखिएन। विगत वर्षमा खरिद व्यवस्थापनबाट सिर्जित दायित्वअनुसार बजेट विनियोजन नभएको अवस्थामा थप स्रोत सुनिश्चितताबाट दायित्व रकम बढ्दै गई पर्याप्त बजेट नहुँदा योजना कार्यान्वयनमा असर परेको छ। मन्त्रालयले विगत वर्षमा ठेक्का व्यवस्थापन भई सिर्जित दायित्व भुक्तानीका लागि बजेट व्यवस्था गरेपछि मात्र नयाँ कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्छ।

१७. **समन्वयकारी निकायबाट खरिद व्यवस्थापन** - सार्वजनिक लेखा समितिले ५८ औं प्रतिवेदनको छलफलपश्चात् प्रकाशित गरेको प्रतिवेदनमा केन्द्रीय निकायबाटै कार्यान्वयन गर्ने आयोजना बाहेक सबै

आयोजना मातहतका सम्बन्धित निकायबाट खरिद व्यवस्थापन कार्य गर्न तथा मन्त्रालय एवं निर्देशनालयहरू अनुगमन तथा मूल्याङ्कन कार्यमा केन्द्रित हुन निर्देशन दिएको छ। यो वर्ष पुष्पलाल (मध्य पहाडी) आयोजना निर्देशनालयले रु.३५ करोड ३९ लाख, आयोजना निर्देशनालय (ए.डी.बी.) ले रु.३४ अर्ब ९१ करोड १९ लाख र सडक क्षेत्र विकास आयोजनाले रु.१३ अर्ब ५५ करोड ६५ लाखको खरिद सम्झौता गरी कार्यान्वयनका लागि मातहत कार्यालयमा पठाएको छ। तालुक निकायबाट खरिद सम्झौता गरी मोबिलाइसेन पेस्कीसमेत दिई कार्यान्वयन गर्ने एकाइमा पठाउने गरेकोमा आवश्यक कागजातहरू समयमा कार्यालयमा नपुग्ने, पेस्की अभिलेख दोहोरो हुनेजस्ता समस्या देखिएका छन्। मातहत कार्यालयहरूको अनुगमन, नियमन तथा निर्देशन दिने जिम्मेवारीमा रहेका विभाग तथा निर्देशनालयहरूले यस प्रकृतिको कार्य गरेको बेहोरा विगतका प्रतिवेदनमा औंल्याइएकोमा सुधार भएको छैन। तसर्थ केन्द्रबाट खरिद व्यवस्थापन हुने गरी बजेट विनियोजन गर्ने प्रणालीमा सुधार हुनुपर्दछ।

१८. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा मन्त्रालयले प्राथमिकता सूचीको आधारमा मापदण्ड पूरा गरेका योजना राष्ट्रिय आयोजना बैङ्कमा प्रविष्टि गर्नुपर्ने तथा आयोजना बैङ्कमा प्रविष्टि नभएका आयोजनामा बजेट विनियोजन गर्न नहुने उल्लेख छ। मन्त्रालय र मातहतबाट कार्यान्वयन हुने योजनामध्ये ३०६ योजना आयोजना बैङ्कबाट प्रमाणीकरण भएका, ४४ योजना आयोगमा पठाइएको र ४ हजार ९४१ योजनाको मस्यौदा मात्र तयार गरेकोमा प्रमाणीकरण भएको देखिएन। आयोजना बैङ्कमा प्रमाणीकरण भएका योजना मात्र कार्यान्वयन गर्नुपर्दछ।

१९. **विनिमय नोक्सानी तथा समायोजन -** सडक निर्माण कार्यको लागि निर्माण व्यवसायीले नेपाली मुद्रामा कबोल दर उल्लेख गरेको र अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट खरिद सम्झौता गरेकोमा निर्माण व्यवसायीलाई सम्झौताका बखत कायम विनिमय दरका आधारमा विदेशी मुद्रामा भुक्तानी गर्ने गरी सम्झौता गरेको छ। खरिद सम्झौता गर्दा कायम विदेशी मुद्राको विनिमय दरमा भुक्तानी गर्ने व्यवस्था राखी खरिद सम्झौता गरेको र भुक्तानी मितिको विनियमदरमा फरक परेको कारण यो वर्ष मन्त्रालयअन्तर्गतका निकायमा विनिमय नोक्सानी तथा समायोजन रु.५ अर्ब ४८ लाख ५० हजार रहेको एकीकृत वित्तीय प्रतिवेदनबाट देखिन्छ।

२०. **नर्म्स -** सडक विभागको स्टयाडर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ (संशोधन २०७८) को बिभिन्न सेक्सनमा विभिन्न सडक तथा पुल निर्माणको नर्म्स निर्धारण गरिएको छ। निर्माण कार्यको नर्म्स सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२०.१ सडक तथा पुलको दरविश्लेषण नर्म्समा ०.३ मिटरदेखि २.५ मिटरसम्म ग्रिथ भएको रुख कटानको अदक्ष ज्यामी र ट्रयाक्टर/ट्रलीको लागत मात्र समावेश गरिएको छ। रुख कटान गर्न मेसिनरी औजारसमेत प्रयोग हुनेमा नर्म्समा सो व्यवस्था नहुँदा लागतमा वृद्धि हुन गएको देखिन्छ। काँकडभिट्टा-लौकहीका ५ र मुग्लिङ-पोखरा सडक खण्डका २ गरी ७ प्याकेजमा ३४ हजार ७०९ रुख कटान कार्यका लागि रु.१४ करोड ५५ लाख ७२ हजारको लागत अनुमान तयार भएकोमा बिल अफ क्वान्टिटीमा निर्माण व्यवसायीले रु.९ करोड २७ लाख २४ हजार कबोल गरेको छ। रुख कटानलगायतका कार्यमा प्रयोग हुने मेसिनरी उपकरणको नर्म्स अद्यावधिक गरेको छैन।

२०.२ आयोजना निर्देशनालय (ए.डी.बी.)ले लागत अनुमान तयार गर्दा नर्म्सअनुसार प्रयोग गर्नुपर्ने हिटिङ्ग आयलको रूपमा फर्नेस आयल वा लाइट डिजेल आयल प्रयोग नगरी डिजेलको मूल्यको आधारमा लागत अनुमान तयार गरेको छ। हिटिङ्ग आयलको तुलनामा डिजेल करिब ४५ प्रतिशतसम्म महङ्गो पर्ने देखिएकोले काकडभिट्टा-लौकहीका ५ र मुग्लिङ पोखराका २ प्याकेजमा हिटिङ्ग आयल नराखी डिजेलको मूल्य राखेकोले लागत अनुमानमा रु.१७ करोड ५६ लाख ३६ हजार वृद्धि भएको देखिन्छ।

२०.३ मन्त्रालयले डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण गरिने पुलको लागत अनुमान तयार गर्दा हिमाल, पहाड र तराईमा २०६५ देखि २०७२ सम्म निर्माण गरिएका पुलको औसत लागतमा २०७२।७३ देखि हालसम्मको मूल्यवृद्धि गणना गरी तयार गर्ने गरेकोले १० वर्षको अवधिमा समेत नयाँ प्रविधिको प्रयोगसहित लागत अद्यावधिक तथा चार लेनको पुल निर्माणको नर्म्स तयार गरेको छैन।

२०.४ सडक पुल (प्रिकाष्ट प्रिस्ट्रेस गर्डर) को निर्माण फाउण्डेसन तहमा कास्टिङ्ग गरिने अवस्थामा तुलनात्मक रूपमा बढी कार्यदिन रहेको कास्ट-इन-सिटुको नर्म्सकै आधारमा दर विश्लेषण गरेकोले पुल निर्माण कार्य मितव्ययी भएको छैन।

२०.५ मन्त्रालयले रेल्वेसम्बन्धी निर्माण कार्य गर्नको लागि नर्म्स तथा स्पेसिफिकेसन स्वीकृत नगरेकोले सडक निर्माणसम्बन्धी नर्म्सकै आधारमा रेल्वे ट्रयाक निर्माण कार्य गर्दै आएको छ।

निर्माण कार्यमा भएका नवप्रर्वतन र प्रविधिलाई समेत आत्मसात गरी विद्यमान नर्म्सलाई समयसापेक्ष पुनरावलोकन गर्नुपर्दछ।

सडक विभाग

विभागले सडक संरचनाहरूको निर्माण एवं मर्मत सुधार कार्य मातहत डिभिजन एवं योजना कार्यालयहरूमार्फत सञ्चालन गर्ने गरेको छ। सडकहरूको मर्मत सम्भारको कार्यमा हेभी इक्विपमेन्ट डिभिजन र यान्त्रिक कार्यालयहरूमा रहेको उपकरणसमेत परिचालन गर्ने गरेको छ। यो वर्ष विभाग तथा मातहतका निकायको लागि रु.१ खर्ब ७ अर्ब २६ करोड ८७ लाख बजेट विनियोजन भएकोमा रु.७४ अर्ब ७० करोड ५५ लाख खर्च भएको छ।

२१. **दोस्रो पुल सुधार योजना -** नेपाल सरकार र विश्व बैङ्कबिच २३ जुलाई, २०२३ मा आयोजना सम्पन्न गर्ने गरी १४ नोभेम्बर, २०१८ मा अमेरिकी डलर १९६ मिलियनको सम्झौता भएकोमा नेपाल सरकारबाट अमेरिकी डलर ५३.७२ मिलियन र विश्व बैङ्कको स्रोतबाट अमेरिकी डलर ११७.९२७ मिलियनसमेत अमेरिकी डलर १७१.६४७ मिलियन कायम हुने गरी ऋणको पुनः संरचना तथा १५ जुलाई, २०२४ सम्म अवधि थप भएको छ। सम्पन्न भएको कार्यको सूचकको आधारमा शोधभर्ना भुक्तानी पाउने व्यवस्था ऋण सम्झौतामा रहेकोमा योजनामा यो वर्षसम्म रु.८ अर्ब ५८ करोड ७२ लाख खर्च हुँदा रु.१४ अर्ब २३ करोड १६ लाख शोधभर्ना प्राप्त भएको छ। प्राप्त शोधभर्ना खर्चभन्दा रु.५ अर्ब ६४ करोड ४४ लाख बढी रहेको छ। यो वर्षसम्मको बढी सोभधर्ना प्राप्तमध्ये रु.६६ करोड ७ लाख सञ्चितकोषमा दाखिला भएको छ। अर्थ मन्त्रालयको २०८१।६।३० को निर्णय अनुसार विभागले २०८१।८२ मा थप रु.४ अर्ब ९८ करोड ३७ लाख ४ हजार थप शोधभर्ना प्राप्त गरेको छ।

ऋण सम्झौतामा उपयोग हुन नसकेको रकमको ०.५ प्रतिशत प्रति वर्ष कमिटमेन्ट चार्ज लाग्ने र प्रवाहित ऋण रकममा ०.७५ प्रतिशत सर्भिस चार्ज लाग्ने तथा सन् २०२४ देखि २०५६ सम्ममा ऋण फिर्ता हुने व्यवस्था छ। वास्तविक खर्चभन्दा बढी रु.५ अर्ब ६४ करोड ४४ लाख ३ हजार शोधभर्ना प्राप्त भएको कारण कमिटमेन्ट चार्ज र नेपाल सरकारले तिर्नुपर्ने ब्याजसमेत वृद्धि हुने देखिन्छ। ऋण चुक्ता कार्यतालिकाअनुसार ऋण रकमको वार्षिक १.५६२५ प्रतिशतले हुने रु.२२ करोड २३ लाख ६९ हजारका दरले बढी शोधभर्ना भएको रकम फिर्ता गर्न २५.३८ वर्ष लाग्ने देखिन्छ। कार्यसम्पादनको आधारमा रकम शोधभर्ना हुने गरी ऋण सम्झौता गर्नुपर्दछ।

यो वर्षको लेखापरीक्षणबाटः

- *ठेक्काबाट सिर्जित रु.३ खर्ब, २४ अर्ब७५ करोड, अदालत तथा मध्यस्थबाट निर्णय भएको रु.३ अर्ब ५८ लाख र प्रमाणित भुक्तानी दिन बाँकी रु.९ अर्ब २६ करोड ६४ लाख रहेको,*
- *रु.८१ अर्ब ५८ करोड १ लाखका ३६४ खरिद सम्झौता रुग्ण अवस्थामा रहेका,*
- *नर्म्स समयसापेक्ष रूपमा पुनरावलोकन नभएको,*
- *मूल्य समायोजन गणना गर्दा भेरिएसनबाट नयाँ दर कायम भएको, इन्डेक्स फरक पारेको, पेस्की नघटाएको लगायतका कारण रु.१५ करोड ६७ लाख ८३ हजार र जोडजम्मा तथा नापजाँच फरक परेको रु.३ करोड ८ लाख ५ हजार बढी भुक्तानी गरेको,*
- *सम्झौताबमोजिमको अवधिभित्र कार्य सम्पन्न नगरेको अवस्थामा रु.८ करोड ५४ लाख ८२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको,*
- *लमसम प्रकृतिको डिजाइन एण्ड बिल्ड खरिद सम्झौतामा रु.४४ करोड ९९ लाख ५६ हजार मूल्य समायोजन भुक्तानी गरेको लगायतका बेहोरा देखिएका छन्।*

२२. **डिजाइन स्वीकृति** - विभागबाट डिजाइन एण्ड बिल्ड विधिमा सम्झौता भएका पुलहरूको सम्झौताको अतिरिक्त सर्तको बुँदा ४.२ मा सम्झौता भएको ९ देखि ११ महिनाभित्र पुलको डिजाइन स्वीकृत भई निर्माण कार्य सुरु हुनुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२२.१ नारायणी नदीमा सिग्नेचर पुल डिजाइन एण्ड बिल्ड विधिबाट २०८४।२।१८ भित्र निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०८०।२।१९ मा रु.१ अर्ब ६८ करोड ७६ लाख २३ हजारको खरिद सम्झौता भएको छ। विभागले रु.७ करोड २४ लाख १६ हजार प्रथम किस्ता मोबिलाइजेसन पेस्की दिएकोमा २० महिनासम्म पुल डिजाइनको प्रारम्भिक प्रतिवेदन स्वीकृत भएको छैन।

२२.२ सडक विभागले पुल सेक्टर, नेपालगञ्जको क्षेत्रभित्र पर्ने डिजाइन एण्ड बिल्ड विधिबाट वाणगङ्गा नदी पुल ३ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७७।११।१२ मा रु.२१ करोड ३९ लाख ३ हजारको खरिद सम्झौता गरी रु.९२ लाख ९३ हजार पेस्की उपलब्ध गराएको छ। निर्माण व्यवसायीले खरिद सम्झौतामा उल्लिखित अवधिभित्र पेस गरेको पुलको डिजाइन सुरु सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न गर्ने अवधिसम्म पनि स्वीकृत नगरेकोले पेस्कीको उपयोग भएको देखिएन।

२२.३ पुल सेक्टर, धरानले खरिद सम्झौता भएका मध्ये ५ ठेक्काको ६० देखि ७५० दिनसम्म तथा पुल सेक्टर, पोखराअन्तर्गत खरिद सम्झौता भएकामध्ये १७ पुलको ९६६ दिनसम्म ढिलो डिजाइन स्वीकृत भएको देखिन्छ। मध्य पहाडी राजमार्ग योजना कार्यालय, पर्वतले खरिद सम्झौता गरेका ४ पुलको डिजाइन २०७९ फागुनमा पेस भएकोमा २ पुलको डिजाइन एक वर्षपछि मात्र स्वीकृत भएको र अन्य २ पुलको डिजाइन स्वीकृत हुन बाँकी रहेको देखिन्छ।

२२.४ विभागबाट डिजाइन एण्ड बिल्ड विधिबाट खरिद सम्झौता गरेकामध्ये गत वर्षसम्मको रु.६४ करोड ४२ लाख ३७ हजार र यो वर्ष रु.१ करोड ६३ लाख ८६ हजार प्रथम किस्ता मोबिलाइजेसन पेस्की भुक्तानी गरेको छ। योजना कार्यान्वयनका लागि मातहतका योजना तथा कार्यालयलाई ठेक्का हस्तान्तरण गरेकोमा पेस्की हस्तान्तरण तथा पेस्की बाँकीको म्याद, फस्यौंट गर्नुपर्ने अवधि, फस्यौंट भएको रकम लगायतको विवरण अद्यावधिक गरेको देखिएन।

सम्झौताको सर्तअनुसार तोकिएको समयमा डिजाइन स्वीकृत नहुँदा निर्माण कार्यमा ढिलाइ भई लागतमा वृद्धि हुने साथै पेस्की रकमको उपयोगसमेत नहुने अवस्था छ। सम्झौताको सर्तअनुसारको समयमा डिजाइन स्वीकृत नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई डिजाइन स्वीकृत नहुँदै निर्माण कार्यको लागिसमेत पेस्की दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२३. **मध्यस्थता -** नेपाल मध्यस्थता ऐन, २०५५ को दफा ३(१) मा कुनै सम्झौतामा मध्यस्थताद्वारा विवाद समाधान गरिने व्यवस्था भएकोमा मध्यस्थताद्वारा विवाद समाधान गराउनुपर्ने, दफा १८(३) मा मध्यस्थले सम्बन्धित करारका सर्तहरूबमोजिम विवादको निरूपण गर्नुपर्ने, मध्यस्थले कारोबारमा लागु हुने व्यापारिक प्रचलनहरू उपर ध्यान दिनुपर्ने र दफा ३०(३) मा मध्यस्थले नेपाल कानुन तथा सार्वजनिक हित वा नीति प्रतिकूल हुने गरी निर्णय गरेमा उच्च अदालतबाट मध्यस्थताको निर्णय बदर हुन सक्ने व्यवस्था छ। विभागबाट प्राप्त विवरणअनुसार गत वर्ष मध्यस्थबाट निर्माण व्यवसायीलाई रु.६३ करोड दाबी रकम भुक्तानी दिने निर्णय भएकोमा यो वर्ष उक्त रकम रु.३ अर्ब ५८ लाख रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

२३.१ हुलाकी राजमार्गअन्तर्गत केशलिया-चिमडी-लौकही-पुलचौकी सडक निर्माण कार्यको निर्माण व्यवसायीले बोलपत्र कागजातलाई सर्तरहित रूपमा स्वीकार गरेको र आवश्यक परीक्षण गरी ३ लाख ३८ हजार ४२० घनमिटर माटो पुर्ने कार्य प्रतिघनमिटर रु.३०० का दरले गर्ने गरी बोलपत्र पेस गरेको छ। खरिद सम्झौताको बिल अफ क्वान्टिटीमा माटो उत्खनन, ढुवानी सहितका कार्य गर्नुपर्ने विषय स्पस्ष्टसँग उल्लेख भएको अवस्थामा लागत अनुमानमा माटोको मूल्य समावेश नभएकोले माटोको मूल्य रु.१८ करोड २ लाख ९१ हजार निर्माण व्यवसायीले भुक्तानी पाउने गरी मध्यस्थले निर्णय गरेको छ।

२३.२ काठमाडौंको टेकु र डल्लुको पुल तथा सडक निर्माण कार्यको विवाद समाधानका एक मध्यस्थकर्ताले कार्यालय र निर्माण व्यवसायीबिच म्याद थपका कारण निर्माण व्यवसायीले थप आर्थिक दायित्व दाबी नगर्ने सहमतिसमेत भएको, स्टाण्डर्ड स्पेसिफिकेसन (१३.२.१.३ बमोजिम) मा टेन्डन वायरको इलोङ्गेसनको डेभिएसन ५ प्रतिशतभन्दा बढी हुन नहुनेमा प्रयोगशाला प्रतिवेदनमा ६.४५ देखि ८.८६ प्रतिशत देखिएको, इन्जिनियरको उपस्थिति बेगर प्रयोगशाला परीक्षण गराएको लगायतका बेहोरा जनाई कार्यालयले खरिद सम्झौता अन्त्य गरेको निर्णय कानुनसम्मत रहेको र खरिद सम्झौता अन्त्यको कारण निर्माण व्यवसायीबाट रु.६ करोड ४५ लाख ३२ हजार असुल गर्नुपर्ने राय पेस गरेकोमा ३ मध्ये २ मध्यस्थकर्ताको बहुमतले कार्यालयले समयमै कमेन्ट नगरेको, पेस भएको बिलको भुक्तानी नदिएको, निर्माण व्यवसायीले १२५ दिन म्याद थप पाउनेमा कट्टी गरेको पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता पाउनुपर्ने, म्याद थपको कारण प्रोलङ्गेसन कस्ट, ठेक्का अन्त्य सुविस्ताको आधारमा हुनुपर्ने लगायतका बेहोरा उल्लेख गरी ब्याज रु.३ करोड ११ लाख ६६ हजारसमेत रु.१० करोड ७४ लाख ७० हजार र सोको मूल्य अभिवृद्धि करसमेत निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्ने निर्णय गरेको छ।

२३.३ कार्यालय र निर्माण व्यवसायीबिच भएको खरिद सम्झौताको सर्त नं.४२ मा निर्माण व्यवसायीले क्षतिपूर्ति पाउनुपर्ने घटना लागु हुने अवस्थामा लाग्ने थप लागत सहित सोको विषयमा योजना प्रमुखलाई जानकारी गराउनुपर्ने र निर्माण व्यवसायीबाट समयमै दाबी नभएका क्षतिपूर्तिहरू भुक्तानी गर्न कार्यालय बाध्य नहुने व्यवस्था रहेको छ। निर्माण कार्यको म्याद थपको बैठकबाट म्याद थपका कारण सिर्जना हुने थप आर्थिक दायित्व र मेसिन उपकरणको आइडल/प्रोलङ्गेसन कस्ट निर्माण व्यवसायीले दाबी नगर्ने सहमति भएको छ। मध्यस्थले म्याद थप र क्षतिपूर्ति पाउने घटना फरक रहेकोले १५ निर्माण व्यवसायीले म्याद थपका कारण रु.७८ करोड १४ लाख ७४ हजार आईडल/प्रोलङ्गेसन कस्ट भुक्तानी पाउने निर्णय गरेको छ। त्यसै गरी निर्माण व्यवसायीबाट समयमै दाबी पेस नभएको अवस्थामा निर्माण कार्य सम्पन्न भई सके पश्चात् कार्यालयले भेरिएसनबाट सम्झौता रकम घटाएकोले ३ खरिद सम्झौतामा रु.३ करोड ४८ लाख ३० हजार ओभरहेड निर्माण व्यवसायीले भुक्तानी पाउने मध्यस्थले निर्णय गरेको छ।

२३.४ जोरपाटी-दक्षिण ढोका-साँखु-मेलम्ची सडक विस्तार तथा स्तरोन्नति कार्यमा कार्यालयबाट बेरूजु कट्टी भएको रकम रु.५ लाख ३६ हजार, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा २०७६।२।१५ मा भएको संशोधनअनुसार रनिङ बिल भुक्तानीमा मूल्य अभिवृद्धि करको ५० प्रतिशत कट्टी गर्दा निर्माण व्यवसायीको नगद प्रवाहमा असर परेको जनाई दुई खरिद सम्झौतामा रु.३ करोड १६ लाख ७० हजार, नेपाल सरकार र भारत सरकारबिच भएको वित्तीय सहयोगसम्बन्धी सम्झौतामा नेपालभन्दा बाहिरका बैङ्क कमिसन, चार्जहरू नेपाल सरकारको दायित्वभित्र नपर्ने उल्लेख भएकोमा २ खरिद सम्झौतामा भारतीय एक्जिम बैङ्कले रकम भुक्तानी गर्दा कट्टी गरेको चार्ज रु.८५ लाख ८० हजार र म्याद थप गर्दा कार्यालय र निर्माण व्यवसायीबिच भएको सुरु सम्झौता अवधिमा मूल्य समायोजन इन्डेक्स फ्रिज गर्ने सहमति भएकोमा म्याद थप र मूल्य समायोजन फरक फरक विषय रहेको उल्लेख गरी २ खरिद सम्झौतामा थप भएको अवधिको रु.९ करोड ८९ लाख २५ हजार मूल्य समायोजन भुक्तानी हुनुपर्ने निर्णय मध्यस्थबाट भएको छ।

२३.५ खरिद सम्झौताको सर्त पालनाको कमीका कारण यो वर्ष १७ मध्ये ११ खरिद सम्झौतामा मध्यस्थको निर्णयमा समावेश ब्याज रु.२६ करोड २१ लाख ९५ हजार र विभागबाट मध्यस्थको निर्णय कार्यान्वयनमा ढिलाइको कारण थप भएको ब्याज रु.६ करोड ४४ लाख ६९ हजारसमेत रु.३२ करोड ६६ लाख ६४ हजार थप व्ययभार परेको अवस्था छ।

२३.६ यो वर्ष ३७ खरिद सम्झौताका विवादहरूमा मध्यस्थ नियुक्ति भई विचाराधीन अवस्था रहेकोमा ५८ खरिद सम्झौतामा रु.२ अर्ब ८३ करोड ३ लाख ३४ हजार तथा अमेरिकी डलर १८ लाख १४ हजार (९ फेब्रुवरी, २०२५ को विनिमय दर) समेत रु.३ अर्ब ८ करोड ३४ लाख ८४ हजार निर्माण व्यवसायीलाई भुक्तानी दिने मध्यस्थबाट निर्णय भएको छ। विभागले अदालत तथा मध्यस्थको निर्णयबमोजिम यो वर्ष ६ निर्माण व्यवसायीलाई रु.७ करोड ७६ लाख ९९ हजार भुक्तानी गरी रु.३ अर्ब ५७ लाख ८४ हजार भुक्तानी गर्न बाँकी दायित्व रहेको छ।

प्रत्येक वर्ष निर्माण कार्यको ठेक्कामा दाबी रकम र क्षतिपूर्ति दिनुपर्ने रकममा वृद्धि भइरहेकोले ठेक्का कार्यान्वयनमा सम्झौताबमोजिम जिम्मेवार पदाधिकारीले कारबाही गरे, नगरेको अनुगमन गरी खरिद सम्झौता कार्यान्वयनमा आउने विवाद समयमा नै समाधान गर्नुका साथै मध्यस्थकर्ताको योग्यता, पारिश्रमिक, आचारसंहिता तथा जवाफदेहितासमेत रहने गरी कानुनमा आवश्यक व्यवस्थासमेत गर्नुपर्दछ।

२४. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-४ मा परामर्श सेवा खरिदसम्बन्धी व्यवस्था छ। यो वर्ष सडक विभागअर्न्तगतका योजना तथा सडक डिभिजन कार्यालयहरूले गरेको परामर्शसेवा खरिदमा देखिएका बेहोरा देहायबमोजिम छन्:

२४.१ विभागले यो वर्ष ४४ खरिद सम्झौता गरी परामर्शसेवामा रु.१० करोड ६७ लाख २८ हजार खर्च गरेको छ। विभागले सडक तथा पुलहरूको लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदन तयारी र कार्यान्वयनको अवस्था खुल्ने गरी एकीकृत तथा केन्द्रीय अभिलेख राखेको छैन। रणनीतिक महत्त्वका योजना वा कार्यक्रमको मात्र विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने, सोको अभिलेख अद्यावधिक गर्ने, प्रतिफलमुखी योजना र कार्यक्रमको कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ।

२४.२ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क)(२) मा सार्वजनिक निकायले वार्षिक रु.५ लाख भन्दा बढीको परामर्श सेवा लिँदा दर्ता भएको व्यक्तिसँग मात्र लिने व्यवस्था गरेको छ। विभागले दोस्रो पुल सुधार आयोजनाको लागि मूल्य अभिवृद्धि करमा दर्ता नभएका ८ परामर्शदातासँग रु.१ करोड १८ लाख ७७ हजारको सम्झौता गरी यो वर्ष रु.४५ लाख ५६ हजार भुक्तानी गरेको नियमसम्मत देखिएन। नियमावलीको व्यवस्थाअनुसार परामर्श सेवा नलिने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२४.३ सडक विभागको केन्द्रीय कार्यालय भवन निर्माण कार्यको डिजाइन, लागत अनुमान तथा निर्माण चरणमा सुपरभिजन समेत कार्यका लागि एक परामर्शदाता फर्मसँग २०७४।९।३० मा भएको सम्झौताको सर्तको ४.४ मा परामर्शदाताको नियन्त्रण बाहिरको परिस्थितिमा सुरु सम्झौता गर्दाको विज्ञको न्यूनतम योग्यता तथा अनुभव नघट्ने गरी कार्यालयले लिखित रूपमा सहमति जनाएको अवस्था बाहेक परामर्शदाता फर्मले विज्ञ परिवर्तन गर्न नपाउने उल्लेख छ। सडक डिभिजन कार्यालय, काठमाडौँले यो वर्ष उक्त परामर्शदाता फर्मलाई रु.९८ लाख ७४ हजार भुक्तानी गरेको छ। खरिद सम्झौतामा उल्लेख भएका १७ जनामध्ये टोली प्रमुख सहित १४ विज्ञ परिवर्तन गरी निजहरूको पारिश्रमिक बापत यो वर्ष रु.३६ लाख ८३ हजार भुक्तानी भएको छ। खरिद सम्झौताको सर्त बमोजिम न्यूनतम योग्यता तथा अनुभव सम्बन्धमा यकिन गरेको र कार्यालयबाट पूर्वसहमति लिएको देखिएन। विज्ञ परिवर्तन सम्बन्धमा मन्त्रालयबाट छानबिन गर्नुपर्दछ।

२४.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवामा ओभरहेडबापतको रकम समावेश गर्ने व्यवस्था छैन। सडक विभागले विभागको केन्द्रीय भवनको डिजाइन, लागत अनुमान तथा निर्माण चरणमा सुपरभिजनसमेतको कार्यका लागि एक संयुक्त उपक्रम परामर्शदातासँग २०७४।९।३० मा १५ प्रतिशतले हुने रु.४९ लाख ६८ हजार ओभरहेडसमेत रु.३ करोड ३७ लाख ७ को खरिद सम्झौता गरेको छ। परामर्शदातालाई यो वर्षसम्म कुल रु.१ करोड ९६ लाख ९५ हजार भुक्तानी भएको छ। विभागबाट डिजाइन चरणको कार्यमा रु.२३ लाख ५ हजार र सडक डिभिजन कार्यालय, काठमाडौँबाट सुपरभिजन चरणको कार्यमा रु.६ लाख ६ हजारसमेत यस वर्षसम्म रु.२९ लाख ११ हजार ओभरहेड बापत भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

२४.५ परामर्शदातासँगको खरिद सम्झौताको अनुसूचीमा २६ दिन काम गरेपछि १ महिनाको पारिश्रमिक भुक्तानी गर्ने व्यवस्था रहेको छ। शनिबार बाहेकको सार्वजनिक बिदाको दिन परामर्शदाताले कार्य गरेको नदेखिएकोमा यो वर्ष सडक विभागले एक परामर्शसेवाको खरिद सम्झौतामा रु.१५ लाख ५३ हजार र

सडक क्षेत्र विकास आयोजनाले रु.३६ लाख ७२ हजारसमेत रु.५२ लाख २५ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

२५. **खरिद पूर्वतयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ। नारायणघाट-मुग्लिङ सडक आयोजना, भरतपुर एवं तमोर करिडोर, चतरा-मूलघाट-सुभाङखोला सडक योजना, सुनसरी र सडक डिभिजन काठमाडौंसहित ७ कार्यालयले बोलपत्र आह्वान गर्नु अगावै सम्पन्न गर्नुपर्ने वातावरणीय प्रभाव अध्ययन गर्ने, रुख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्नेलगायतका कार्य नगरी सडक तथा पुल निर्माणका रु.१२ अर्ब ९२ करोड ७५ लाख १२ हजारको खरिद सम्झौता गरेकोमा यो वर्षसम्म रु.२ अर्ब ५७ करोड १६ लाख ३५ हजार भुक्तानी भएको छ। बोलपत्र गर्नुअघि नै सम्पादन गर्नुपर्ने पूर्व तयारीका कार्य नगरी ठेक्का व्यवस्थापन तथा खरिद सम्झौता गरेकोले निर्माण कार्यमा न्यून प्रगति भएको छ। आयोजनाको पूर्व तयारी कार्य पूरा भएपश्चात् मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ।

२६. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माणसम्बन्धी नर्म्स नेपाल सरकार, मन्त्रीपरिषद्बाट स्वीकृत गराई लागु गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले स्ट्याण्डर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रिज वर्क्स २०७३, सडक तथा पुल निर्माण सम्बन्धी दरविश्लेषण नर्म्स, २०७५ र मन्त्रीपरिषद्बाट २०७८।११।१६ मा स्वीकृत डिजाइन एण्ड बिल्ड विधि कार्यको प्राविधिक नर्म्स सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२६.१ स्ट्याण्डर्ड स्पेसिफिकेसनको बुँदा नं. १३०२ मा सडक कालोपत्रे गर्दा प्राइम कोट प्रतिवर्गमिटर ०.९ लिटर तथा ट्याक कोट प्रतिवर्गमिटर ०.६ लिटर प्रयोग गर्न सकिने उल्लेख गरेको छ। आयोजना निर्देशनालय (ए.डी.बी.) ले काकडभिट्टा-लौकही सडक खण्डको लागत अनुमानमा प्राइमकोटको स्प्रे दर १ लिटर प्रतिवर्गमिटर राखेकाले लागत अनुमानमा रु.४ करोड २४ लाख २७ हजारले वृद्धि भएको छ। स्पेसिफिकेसन र प्रचलित नर्म्सभन्दा फरक स्प्रे दर राखी लागत अनुमान तयार गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२६.२ स्ट्याण्डर्ड स्पेसिफिकेसनको बुँदा नं. १३०० मा ओपन तथा क्लोज ग्रेड प्रिमिक्स कार्पेटको मोटाइ ०.०२ मिटर हुने उल्लेख छ। यो वर्ष सडक डिभिजन कार्यालय, दमक, महाकाली पुल योजना कार्यालय र मिर्चैया-कटारी-घुर्मी सडक योजना, कटारीले स्ट्यान्डर्ड स्पेसिफिकेसनभन्दा बढी मोटाइ हुने गरी खरिद सम्झौता गरेका कारण १७ योजनामा रु.२ करोड ५९ हजार थप व्ययभार पारेको छ। स्ट्याण्डर्ड स्पेसिफिकेसनले तोकेभन्दा फरक हुने गरी सडक कालोपत्रे गर्नुको कारण तथा आधार पेस हुनुपर्दछ।

२६.३ सडक तथा पुलको दरविश्लेषण नर्म्सको २६.६ मा ढुङ्गाको पर्खाल लगाउने कार्यमा कंक्रिटिङ्ग मेसिनको प्रयोग गर्नुपर्ने व्यवस्था छ। मलेखुदेखि मुग्लिङ खण्ड सडक विस्तार तथा स्तरोन्नति कार्यमा ४२ हजार ७६६ घनमिटर ढुङ्गाको पर्खाल निर्माण कार्यमा कंक्रिटिङ्ग मेसिनको प्रयोग नगरी मानिसबाट मात्र काम गर्ने गरी लागत अनुमान स्वीकृत गरेको छ। यो वर्ष नारायणघाट-मुग्लिङ सडक आयोजना, चितवनले २४ हजार ९१७ घनमिटर ढुङ्गाको पर्खालको भुक्तानी गरेकोमा मेसिन प्रयोग नगरी मानिसद्वारा कार्य गराएका कारण रु.१ करोड ५३ लाख ७१ हजार थप व्ययभार परेको छ। मेसिन प्रयोग नगरी

मानिसको प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्ने तथा स्वीकृत गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

२६.४ स्ट्याण्डर्ड स्पेसिफिकेसनको सेक्सन २०२ मा साविकको सडक भत्काउँदा प्राप्त हुने निर्माण सामग्रीको पुनः प्रयोग गर्नुपर्ने उल्लेख छ। मुग्लिङ-पोखरा खण्डको बिल अफ क्वान्टिटीको बी.३.०२ मा साविकको सडक भत्काउँदा प्राप्त भएको सामग्री प्रयोग गर्ने र थप हुने बेस, सब-बेस परिमाणको मात्र नापी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। मुग्लिङ-पोखरा, नारायणघाट-बुटवल र कमला-कञ्चनपुरका दुवै खण्डमा साविकको स्ट्याण्डर्ड डिजाइन बमोजिम करिब ८ लाख ४८ हजार घनमिटर बेस तथा सब-वेस स्क्यारिफाइङ्गबाट प्राप्त हुने र सोको ६० प्रतिशतले हुने ५ लाख ८ हजार घनमिटर सामग्रीलाई सब-बेसको रूपमा उपयोग गर्न सकिनेमा पुनः प्रयोग नगरेका कारण लागत अनुमानमा रु.१९ करोड ७९ लाख ९३ हजारले वृद्धि भएको छ। निर्माण व्यवसायीले स्क्यारिफाइङ्ग मेटेरियलको प्रयोग गरेको जनाई २०८१।८२ मा रनिङ बिल भुक्तानी गर्दा मुग्लिङ-पोखरा पूर्वी खण्डमा ७ हजार ६२४ घनमिटरको रु.१ करोड १४ लाख ९० हजार मूल्याङ्कनबाट घटाएको देखिएको छ। अन्य योजनामासमेत पुनः प्रयोग भएको परिमाण यकिन गरी आगामी भुक्तानीमा मिलान गर्नुपर्दछ।

२६.५ स्ट्याण्डर्ड स्पेसिफिकेसनको सेक्सन १३०२ मा ट्याक कोटको प्रयोग बिटुमिनस लेयर अर्थात् बाइडिङ्ग लेयर वा डेन्स बिटुमिनस म्याकाडमभन्दा माथि वेयरिङ्ग कोर्सको लेइङ्ग गर्दा गर्नुपर्ने तर ग्रयानुअल सर्फेसमाथि उचित ढङ्गले प्राइम कोट गरे पश्चात् सवारीसाधन डाइभर्सन गरेको अवस्थामा गर्नु नपर्ने उल्लेख छ। पोखरा-मुग्लिङ सडक योजनाको दुवै खण्डमा ट्याक कोटको प्रयोग नगरी प्राइमकोट पश्चात् सिधै बाइन्डर कोर्स लेइङ्ग गरिएको उदाहरणसमेत रहेको देखिन्छ। निर्देशनालयले सासेक राजमार्ग अभिवृद्धि आयोजनाअन्तर्गतको काकडभिट्टा-लौकही सडक खण्डका ५ प्याकेजमा १८ लाख ९९ हजार ४०२ लिटर ट्याककोट प्रयोग गर्ने उल्लेख गरेकोमा सोमध्ये ९ लाख ६९ हजार र २९३ लिटर ट्याककोटलाई प्राइमकोट माथि स्प्रे गर्ने गरी ट्याकको लागि मात्र रु.१३ करोड २७ लाख ५० हजारको लागत अनुमान स्वीकृत गरेको छ। ट्याककोट आवश्यक पर्ने वा नपर्ने यकिन गरी आयोजनाको लागतमा मितव्ययिता हासिल गर्नुपर्ने देखिन्छ।

२६.६ सडक विभागले डिजाइन एण्ड बिल्ड विधिबाट पुल निर्माण कार्यको लागत अनुमान तयार गर्दा क्यारिज वे ७.५ मिटर, फुटपाथ दुवैपट्टि १.७५ मिटरसहित पुलको चौडाइ ११ मिटरको पुल तयार गर्ने गरी खरिद सम्झौता गरेको छ। पुल सेक्टर, पोखराअन्तर्गत ५ पुलका निर्माण व्यवसायीबाट १०.५ मिटर चौडाईको डिजाइन पेस भएअनुसार विभागबाट उक्त डिजाइन स्वीकृत भई निर्माण कार्य भएको छ। पुलको चौडाई ११ मिटर हुने गरी लागत अनुमान स्वीकृत भएकोमा ०.५ मिटर घटी १०.५ मिटर चौडाइको पुल निर्माण गरेको देखिएकोले यसबाट लागतमा पर्ने असर यकिन गरेको छैन।

२६.७ डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण गरिने पुलको पहुँच मार्गतर्फ सडक खन्नेदेखि कालोपत्रेसम्मका सबै कार्यहरू समावेश गरी नर्म्स स्वीकृत भएको छ। डिजाइन एण्ड बिल्ड विधिको स्वीकृत नर्म्समा पहुँच सडकमा आवश्यक पर्ने रिटेनिङ वाल, डेलिनेटर, डब्लुबिम वा यस्तै प्रकारका सुरक्षाका प्रबन्ध सबै समावेश भई सोहीअनुसार लागत अनुमान तयार भएको अवस्थामा पुनः डब्लु बिम क्रयास ब्यारियरको छुट्टै आइटम राखी खरिद सम्झौता गरेको छ। पुल सेक्टर, पोखराले २४ ठेक्कामा २ हजार ८५४ मिटर क्रयास ब्यारियर बापत रु.२ करोड ९३ लाख ४८ हजार बिल अफ क्वान्टिटीमा राखी यो वर्षसम्म ३

ठेक्कामा रु.४८ लाख ४४ हजार भुक्तानी गरेको छ। नर्म्स पालना नगरी ठेक्का व्यवस्थापन गरेकोले उक्त रकम दोहोरो भुक्तानी भएको देखिन्छ। स्वीकृत नर्म्स अनुसार ठेक्का बन्दोबस्त गर्नुपर्दछ।

२६.८ स्टाण्डर्ड स्पेसिफिकेसनको १३०० मा प्रिमिक्स कार्पेटको मोटाइ ०.०२ मिटरभन्दा बढी नहुने तथा डिजाइन एण्ड बिल्ड विधिबाट स्वीकृत नर्म्समा पुलको पहुँच मार्गमा सडक खन्नेदेखि ०.०५ मिटरको आस्फाल्ट गर्ने कार्यहरू उल्लेख छ। आस्फाल्ट कंक्रिट गर्ने गरी लागत अनुमान स्वीकृत भई ठेक्का व्यवस्थापन गरेकोमा पुल सेक्टर, पोखराले डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण हुने ७ पुलमा स्टाण्डर्ड स्पेसिफिकेसनले तोके भन्दा बढी हुने गरी ०.०६ मिटर मोटाइको प्रिमिक्स कार्पेटिङ्ग र एक पुलमा कंक्रिट ढलान गरी पहुँच सडक निर्माण गर्ने गरी डिजाइन स्वीकृत गरी कार्य गराएको छ। स्पेसिफिकेसनमा उल्लेख भएभन्दा बढी मोटाइको प्रिमिक्स कार्पेटिङ्ग गर्ने गरी डिजाइन स्वीकृत गरेकोले बिल अफ क्वान्टिटीअनुसार रु.७ करोड ६० लाख ९९ हजार कबोल गरेकोमा यो वर्षसम्म रु.१ करोड २ लाख ८३ हजार भुक्तानी गरेको छ। प्रिमिक्स कार्पेटिङ्गको तुलनामा आस्फाल्ट कंक्रिटिङ्गको लागत बढी हुने देखिएकोले पुल सेक्टरले लागतमा पर्ने असरको यकिन नगरी लागत अनुमान स्वीकृत गरेको उचित देखिएन।

२७. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम त्रैमासिक अवधिमा समाप्त गर्ने गरी बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ। यो वर्ष २७ कार्यालयले प्रथम चौमासिकमा रु.१ अर्ब ८६ करोड ३९ लाखका २४६, दोस्रो चौमासिकमा रु.२ अर्ब ४४ करोड २२ लाखका १८२ र तेस्रो चौमासिकमा रु.१ अर्ब ३० करोड ७ लाखका १३२ गरी कुल रु.५ अर्ब ६० करोड ६७ लाखका ५६० खरिद सम्झौता गरेको पाइयो। यो वर्ष रु.१ अर्ब २६ करोड २५ लाखका २१२ सम्झौताको मात्र कार्यसम्पन्न भएको छ। कार्यालयहरूले खरिद पूर्वको तयारी कार्य र समयमै खरिद व्यवस्थापन नगरेका कारण यो वर्ष कार्यसम्पन्न गर्ने गरी भएको खरिद सम्झौता रकमको २२.५१ प्रतिशत मात्र भुक्तानी भएको छ। समयमै आयोजनाको पूर्व तयारी नगरी ठेक्का बन्दोबस्त गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

२८. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद थपसम्बन्धी व्यवस्था छ। निर्माण व्यवसायीहरूसँग भएको खरिद सम्झौतामा भेरिएसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। कार्यालयले म्याद थप गर्दा समय नियन्त्रणको लागि खरिद सम्झौतामा व्यवस्था भएको कार्यतालिका अद्यावधिक गर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिने, दैनिक कार्यको अभिलेख राख्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने प्रावधानहरूलाई आधार लिने गरेको छैन। खरिद सम्झौतामा उल्लिखित अवधिमा कार्यसम्पन्न नभई गत विगतदेखि सुरु भएका खरिद सम्झौतामध्ये सडक तथा पुल निर्माणलगायतका कार्यमा यो वर्ष २९ कार्यालयले २१४ ठेक्कामा ५० प्रतिशत, ३१ कार्यालयले १४७ ठेक्कामा ५१ देखि शतप्रतिशत तथा ३० कार्यालयले ३९५ ठेक्कामा शतप्रतिशतभन्दा बढी अवधि म्याद थप गर्दासमेत कार्यसम्पन्न भएको छैन। अधुरा ठेक्काको सङ्ख्या बढ्दै गई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेको अवस्था छ। खरिद सम्झौताका प्रावधानहरूको आधार विश्लेषण गरी म्याद थप गर्नुपर्दछ।

२९. **कार्य सम्पन्न नभएका ठेक्का -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी कारबाही गर्न सकिने र दफा ६३ मा कालोसूचीमा राख्न लेखी पठाउनुपर्ने व्यवस्था छ। यस वर्षसम्म विभाग र मातहतका निकायबाट खरिद सम्झौता भई चालु अवस्थामा रहेका २ हजार १०६ ठेक्कामध्ये सम्झौता रकम रु.३० अर्ब ११ करोड १२ लाखका ३५५ र वैदेशिक सहायतामा सञ्चालित ठुला आयोजना २६ मध्ये रु.५१ अर्ब ४६ करोड ८९ लाखका ९ समेत रु.८१ अर्ब ५८ करोड १ लाखका ३६४ खरिद सम्झौता (कुल खरिद सम्झौताको १७.२८ प्रतिशत) कार्य सम्पन्न भएका छैनन्। कार्य सम्पन्न नभएका खरिद सम्झौतालाई सम्पन्न गर्नुपर्ने अवधि समाप्त भएको, निर्माण कार्यको प्रगति र म्याद थपका आधारमा निम्नानुसार देखिएको छः

क्र.सं.	विवरण		खरिद सम्झौता संख्या
१	सम्पन्न गर्नुपर्ने अवधि समाप्त भएको आधारमा	१ देखि ५ वर्षसम्म	२२८
		५ देखि १० वर्षसम्म	११७
		१० वर्ष भन्दा बढी	१९
२	प्रगति प्रतिशतका आधारमा	शून्य प्रगति	३०
		५० प्रतिशत सम्म	१०४
		५० देखि ९० प्रतिशतसम्म	१८५
		९० प्रतिशत भन्दा बढी	४५
३	म्याद थपका आधारमा	२०० प्रतिशतसम्म	१०३
		२०० देखि ४०० प्रतिशतसम्म	११०
		४०० प्रतिशतभन्दा बढी	१५१

खरिद सम्झौताबमोजिम प्रगति नभएका ठेक्काहरूलाई सार्वजनिक खरिद ऐन, नियमावली तथा खरिद सम्झौताअनुसार समयमै आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

३०. **इन्जिनिरिङ सुविधा** - सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधन, साइट अफिस भाडा, मेसिन उपकरणजस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्न र लागत वृद्धि नियन्त्रण गर्न नीति बनाउने निर्देशन भएको छ। मन्त्रालयले सो सम्बन्धमा नीति तर्जुमा नगरी ११ कार्यालयले ३१ ठेक्काको बिल अफ क्वान्टिटीमा सवारी भाडा, साइट अफिसलगायतका आइटम राखी रु.१२ करोड ९७ लाख ३२ हजार भुक्तानी गरेका छन्। सार्वजनिक लेखा समितिको निर्देशनअनुसार निर्माण कार्यमा असम्बन्धित आइटम समावेश गर्ने कार्यमा नियन्त्रण गरी आयोजना कार्यान्वयनमा मितव्ययिता अपनाउनुपर्दछ।

३१. **वार्षिक कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१(३) मा केन्द्रीय निकायले आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गर्दा सो आर्थिक वर्षमा खर्च हुने प्रतिबद्धतालाई बजेट विनियोजन गरिसकेपछि मात्र अन्य कार्यक्रममा बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। सडक डिभिजन, इलामले गत वर्ष वैकल्पिक सहायक राजमार्गअन्तर्गतका सडक निर्माण गर्न खरिद सम्झौता गरेका रु.१४ करोड ८० लाख ७५ हजारका ७ ठेक्कामा रु.८ करोड ९५ लाख २९ हजार भुक्तानी गरेकोमा उक्त आयोजनाहरू यो वर्षको वार्षिक कार्यक्रममा समावेश नभएकोले निर्माण कार्य अधुरो रहेको छ।

खरिद सम्झौता भई कार्यान्वयनको चरणमा रहेका आयोजनाहरूको कार्यसम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३२. **कार्यक्रम संशोधन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३(१) मा स्वीकृत बजेट तथा कार्यक्रमभन्दा फरक तथा नयाँ कार्यक्रममा खर्च गर्नुपर्ने आधारसहित केन्द्रीय निकायबाट कार्यक्रम संशोधन गरी खर्च गर्न सक्ने उल्लेख छ। यो वर्ष सडक डिभिजन चन्द्रनिगाहपुर, पुल सेक्टर धरान र बाँके सहित ९ कार्यालयले बजेट उप-शीर्षक फरक पारी रु.३४ करोड २० लाख ८५ हजार तथा मूलघाट-दोभान-ओलाङ्चुङगोला सडक योजना, ताप्लेजुङ, पुल सेक्टर धरान र सडक डिभिजन, दमकले कार्यक्रम फरक पारी रु.६ करोड ७१ लाख ९२ हजार खर्च गरेको नियमसम्मत देखिएन। कार्यक्रम संशोधन नगरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३३. **द्रुत बस सेवा -** प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट काठमाडौँ उपत्यकाको सवारी चाप तथा ट्राफिक जामलाई व्यवस्थापन गर्न उपयुक्त विकल्प खोजी गर्न निर्देशन भएअनुसार रत्नपार्कदेखि सुर्यविनायकसम्म द्रुत बस सेवाको अवधारणा तयार गरी लेन मार्किङ तथा ट्राफिक सेफ्टीसम्बन्धी काममा सडक विभागबाट रु.१० लाख १ हजार, सडक डिभिजन कार्यालय, काठमाडौँबाट रु.९९ लाख ३८ हजार र सूर्यविनायक-धुलिखेल सडक योजना कार्यालयबाट रु.१ करोड ४ लाख २० हजारसमेत रु.२ करोड ३५ लाख ५९ हजार खर्च भएको छ। कोटेश्वरलगायतका स्थानमा डेडिकेटेड लेन नै बन्द गरेकाले द्रुत बस सेवा सञ्चालनमा रहेको छैन। पर्याप्त अध्ययन विश्लेषण बेगर कार्यक्रम सञ्चालन भएकोले उक्त सेवा निरन्तर भएको पाइएन। प्रतिफल प्राप्त हुने सुनिश्चितताको आधारमा मात्र खर्च गर्नुपर्दछ।

३४. **आकस्मिक मर्मत -** सडक सुधार निर्देशनालयको २०८०।२।२२ मा लामोसाँघु-तामाकोशी-जिरी सडक निर्माणको खरिद सम्झौताको अन्त्य गर्ने निर्णय गरेको र सो निर्णयमा निर्माण व्यवसायीको त्रुटिका कारण सिर्जना भएको दायित्वबापतको रकम निर्माण व्यवसायीबाट असुल गर्ने निर्णयसहित मुडे-चरिकोट खण्डको ठेक्का सम्झौता अन्त्य गरेकोमा विभागका महानिर्देशकको २०८०।१२।१८ को निर्णयबाट सडक डिभिजन कार्यालय, दोलखालाई हस्तान्तरण भएको छ। उक्त डिभिजनले यो वर्ष उक्त सडकको आकस्मिक मर्मत गरी रु.५८ लाख ७० हजार खर्च गरेको छ। विभागको निर्णयअनुसार उक्त खर्च रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ।

३५. **मर्मत सुधार -** बाहिटी-सीतापाइला-धार्के सडक पुनःस्थापना कार्यको लागि रु.३४ करोड ३५ हजारको लागत अनुमान तयार गरी २०७९।४।१४ भित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७८।४।१५ मा रु.३३ करोड ८२ लाख ७३ हजारको खरिद सम्झौता भएकोमा भेरिएसनसहित रु.३६ करोड ३९ लाख २४ हजारमा कार्य सम्पन्न भएको छ। निर्माण कार्यको त्रुटि सच्याउने अवधि २०८१।६।१४ सम्म रहेकोमा विभिन्न चेनेजमा ग्याबियन पर्खाल, क्रस ड्रेनेज, रिटेनिङ्ग वाल तथा आस्फाल्ट कंक्रिटसहित रु.४२ लाख १२ हजारको कार्य पहिरोको कारण क्षति भएकोमा ती कार्यहरू निर्माण व्यवसायीबाट सुधार भएको देखिएन। सडक डिभिजन कार्यालय, काठमाडौँले पहिरोको कारण सडक भत्केको जनाई विशेष परिस्थितिअन्तर्गत अर्को निर्माण व्यवसायीसँग २०८१।३।२० भित्र कार्यसम्पन्न गर्ने गरी २०८१।२।१७ मा रु.१ करोड ३४ लाख ६९ हजारको खरिद सम्झौता गरेको छ। निर्माण व्यवसायीले त्रुटि सच्याउने अवधिभित्र निर्माण कार्यमा सुधार नगरेको तथा उक्त सडक

खण्डमा विशेष परिस्थिति परेको उल्लेख गरी सोही अवधिमा अर्को ठेक्का व्यवस्थापन भइसकेकोले दोहोरो भुक्तानी हुने अवस्था देखिएको छ। दोहोरो परेको रकम यकिन गरी असुल गर्नुपर्दछ।

३६. **बिमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण कार्यमा प्रयोग गरिने मेसिन, औजार वा प्लान्टलगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चलगायतको समग्र जोखिम वहन गर्ने गरी निर्माण व्यवसायीले बिमा गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा निम्न बेहोरा देखिएका छन्:

३६.१ यो वर्ष मुग्लिङ-पोखरा सडक योजना (पश्चिम खण्ड) कास्की र (पूर्वी खण्ड) तनहुँ, पुल सेक्टर धरान, सडक डिभिजन, चन्द्रनिगाहपुरलगायत २१ कार्यालयले १५५ निर्माण कार्यको सम्झौता कार्यान्वयन गर्दा बुँदा नं.१९.१ अनुसार सम्झौतादेखि त्रुटि सच्याउने अवधिसम्म पूरा अवधिको बिमा सम्झौता नभएको अवस्थामा बिमा भुक्तानीबापतको सबै रकम भुक्तानी दिएकोले आनुपातिक रूपमा बढी भुक्तानी भएको रु.३ करोड २९ लाख २८ हजार असुल गर्नुपर्दछ।

३६.२ कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला-सडक योजना), जोमसोमले जोमसोम-कोरला सडक खण्ड अन्तर्गत २५ मिटर पुल निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७३।३।२९ मा रु.२ करोड ८८ लाख ५२ हजारमा सम्पन्न गर्ने गरी सम्झौता भएको छ। यो वर्षसम्म रु.२ करोड ४४ लाख ६१ हजार भुक्तानी भएकोमा २०८०।४।२८ मा बाढीको कारण निर्माणाधीन संरचनामा पूर्ण रूपले क्षति भएको छ। निर्माण व्यवसायीले २०८०।९।२० मा बिमाबाट रु.६४ लाख ६१ हजार क्षतिपूर्ति भुक्तानी लिएको देखिन्छ। क्षतिग्रस्त पुल सम्बन्धमा त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानबाट अध्ययन भएकोमा ३० मिटर लामो पुल निर्माण गर्न सुझाव दिएको छ। उक्त सुझाव कार्यान्वयन भएको छैन। खरिद सम्झौताको म्याद थप गर्ने वा सम्झौता अन्त्य गर्ने सम्बन्धमा समेत निर्णय भएको देखिएन। यस सम्बन्धमा आवश्यक निर्णय गरी ठेक्का फरफारख गर्नुपर्दछ।

३७. **थप व्ययभार -** सडक डिभिजन कार्यालय, जनकपुरले बेलौती खोलामा पुल निर्माण कार्य २०७३।४।१५ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७१।३।३१ मा रु.२ करोड ५४ लाख ६९ हजारको खरिद सम्झौता गरेकोमा २०७७।१।३० सम्म म्याद थप गरेको छ। कार्यालयले २०८०।१०।२९ मा निर्माण व्यवसायीलाई पुनः डिजाइन गरी काम अगाडि बढाउन पत्राचार गरेकोमा डिजाइन संशोधन तथा निर्माण कार्यमा प्रगति भएको देखिएन। मन्त्रीस्तरको २०८०।१२।६ को निर्णयअनुसार निर्माण कार्यमा ढिलाइ हुने भएकोले विभागमा रहेको मौज्दातबाट बेलिब्रिज जडान गर्न अर्को निर्माण व्यवसायीसँग रु.४९ लाख ६३ हजारको खरिद सम्झौता गरी निर्माण कार्य भइरहेको छ। एउटा खरिद सम्झौता अन्त्य नहुँदै तथा सम्बन्धित निर्माण व्यवसायीलाई जिम्मेवार नबनाई अन्य संरचना निर्माण गर्नु उचित देखिएन।

३८. **निर्माण स्थल -** पुल सेक्टर, पोखराले डिजाइन एण्ड बिल्ड विधिबाट पोखरा महानगरपालिका, वडा नं.१ र वडा नं. ११ जोड्ने सेती नदी पुल निर्माण कार्य २०७५।९।२७ भित्र निर्माण सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७३।३।२८ मा रु.१६ करोड ४४ लाख ६६ हजारको खरिद सम्झौता गरेको छ। पुल निर्माणस्थलको जग्गा एक क्याम्पसको स्वामित्वमा परेका कारण निर्माणस्थल सम्बन्धमा विवाद भई निर्माण सम्झौता भएको ९ वर्षसम्म पनि निर्माण कार्य सुरु भएको देखिएन। निर्माण व्यवसायीलाई

२०७३ सालमा भुक्तानी गरेको रु.३ करोड मोबिलाइजेसन पेस्की फस्यौंटसमेत भएको छैन। निर्माण स्थलको व्यवस्थापन नगरी खरिद सम्झौता गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

३९. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख)मा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गर्नुपर्ने र सोहीअनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन भुक्तानी हुनुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

३९.१ भेरिएसनबाट थप भएका नयाँ आइटममा नयाँ दर कायम गरी भेरिएसन स्वीकृत भएकोमा खरिद सम्झौताको सुरु अवधिकै मूल्यसूची प्रयोग गरी मूल्य समायोजन भुक्तानी गर्न मिल्ने व्यवस्था छैन। यो वर्ष नारायणघाट-मुग्लिङ सडक आयोजना, भरतपुर, वीरगन्ज-पथलैया सडक योजना, पथलैया र कालीगण्डकी कोरिडोर (बेनी-जोमसोम-कोरला सडक योजना) मुस्ताङसहित १८ कार्यालयले २५ ठेक्कामा भेरिएसनबाट थप भएका नयाँ आइटममा खरिद सम्झौताको सुरु अवधिकै मूल्यसूची प्रयोग गरी मूल्य समायोजन गरेको कारण बढी भुक्तानी भएको रु.६ करोड ४५ लाख ६ हजार असुल गर्नुपर्दछ।

३९.२ यो वर्ष मुग्लिङ-पोखरा सडक योजना (पूर्वी खण्ड) तनहुँ, सडक डिभिजन, लाहान, हिल्सा सिमीकोट आयोजना र मूलघाट दोभान ओलाङ्चुङगोला सडक योजना, ताप्लेजुङसहित १३ कार्यालयले ३० योजनामा खरिद सम्झौतामा उल्लिखितभन्दा फरक महिनाको मूल्यसूची प्रयोग गरी बढी भुक्तानी गरेको रु.३ करोड ९० लाख २६ हजार मूल्य समायोजन असुल गर्नुपर्दछ।

३९.३ खरिद सम्झौताको विशेष सर्तमा पेस्की कटाएर मूल्य समायोजन गणना गर्नुपर्ने व्यवस्था रहेकोमा पेस्की कट्टा गरी बाँकी बिल रकममा मात्र मूल्य समायोजन गणना गर्नुपर्दछ। सम्झौतामा पेस्की कटाई मूल्य समायोजन दिने उल्लेख भएका वीरगन्ज-पथलैया सडक योजना, मूलघाट-दोभान-ओलाङ्गचुङ्गगोला सडक योजना, ताप्लेजुङ्ग र हुलाकी राजमार्ग योजना कार्यालय, इटहरीलगायत १० कार्यालयले २१ ठेक्कामा पेस्की कट्टी नगरी मूल्य समायोजन भुक्तानी दिएको कारण बढी भुक्तानी भएको रु.३ करोड ५७ लाख ५० हजार असुल गर्नुपर्दछ। खरिद सम्झौताबमोजिम पेस्की कट्टी नगरी मूल्य समायोजन गणना गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

३९.४ सडक डिभिजन कार्यालय, भरतपुरअन्तर्गत आपटारी-बाइपास-क्याम्पस चोक सडकको खरिद सम्झौताको विशेष सर्तमा सुरु सम्झौताको १० प्रतिशतमा नबढ्ने गरी मूल्य समायोजन भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले खरिद सम्झौताबमोजिम १० प्रतिशतले हुने रु.२ करोड ६० लाख ६७ हजार मात्र मूल्य समायोजन भुक्तानी दिन मिल्नेमा रु.३ करोड ७५ लाख १२ हजार भुक्तानी दिएकोले बढी भुक्तानी गरेको मूल्य समायोजन रु.१ करोड १४ लाख ४७ हजार असुल गर्नुपर्दछ।

३९.५ बोलपत्र कागजातको सर्तको बुँदा नं. ५३.३ मा निर्माण व्यवसायीले बोलपत्र पेस गर्दा मूल्य समायोजन लिने प्रयोजनको लागि मूल्यसूची तथा भार विश्लेषणको फाराम भरी लेटर अफ प्राइस बिडसाथ पेस गर्नुपर्ने व्यवस्था गरेको छ। निर्माण व्यवसायीले बोलपत्र पेस गर्दा मूल्य समायोजन लिने प्रयोजनको लागि मूल्यसूची तथा भार विश्लेषणको फाराम पेस नगरेको अवस्थामा मूल्य समायोजन भुक्तानी दिन मिल्दैन। यो वर्ष सडक डिभिजन, चन्द्रनिगाहपुर र पुल सेक्टर धरानले ६ योजनाका निर्माण व्यवसायीले उक्त

फाराम नभरेको अवस्थामा रु.६० लाख ५४ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्। उक्त रकम असुल गर्नुपर्दछ।

३९.६ विकास सहायता कार्यान्वयन महाशाखाले मलेखुदेखि मुग्लिङसम्मको सडक स्तरोन्नति कार्यमा बालुवा, गिट्टी लगायतका निर्माण सामग्रीको मूल्य समायोजन गर्ने प्रयोजनका लागि नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित समग्र सूचाकाङ्क प्रयोग गर्ने गरी सम्झौता गरेको छ। निर्माण सामग्रीको सूचाकाङ्क प्रयोग गर्ने गरी सम्झौता नगरी समग्र सूचाकाङ्क राखी भुक्तानी गर्दा यो वर्ष पाँचौं बिलसम्मको मूल्य समायोजनबापत रु.८२ लाख ४६ हजार थप भुक्तानी गरेको छ। बोलपत्र कागजात तयार गर्दा यस्ता विषयमा उचित ध्यान दिनुपर्दछ।

४०. **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। ठेक्काको बोलपत्र कागजातअनुसार निर्माणमा आइपर्ने जोखिम निर्माण व्यवसायीले बेहोर्नुपर्ने भएकोले मूल्य समायोजन जोखिम सार्वजनिक निकायले लिन मिल्ने देखिँदैन। सार्वजनिक लेखा समितिले डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट हुने निर्माण कार्यको भेरिएसन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानुनी व्यवस्था गर्न २०७६।११।८ मा निर्देशन दिएको छ। सडक विभाग, पुल महाशाखा तथा योजना कार्यालयले लमसम प्रकृतिका पुल निर्माण कार्यमा डिजाइन एण्ड बिल्ड सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखेका कारण मदन भण्डारी योजना कार्यालय दमक, पुल सेक्टर नेपालगन्ज र पोखरालगायत १५ कार्यालयले ८६ खरिद सम्झौतामा रु.४४ करोड ९९ लाख ५६ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्। डिजाइन एण्ड बिल्ड लमसम प्रकृतिको ठेक्का भएकोले ऐनको व्यवस्थाअनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन।

मन्त्रीपरिषद्बाट २०७८।११।१६ मा स्वीकृत डिजाइन एण्ड बिल्ड कार्यको प्राविधिक नर्म्समा मूल्य समायोजन दिन सकिने व्यवस्था गरेको छ। मूल्य समायोजन सम्बन्धी व्यवस्था ऐनमा समावेश भएकोमा डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमासमेत सार्वजनिक खरिद ऐनमा उल्लेख हुनुपर्नेमा मन्त्रीपरिषद्बाट निर्णय भएको तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले यस सम्बन्धी बोलपत्र कागजात तयार नगरेकोले मूल्य समायोजन, भेरिएसनलगायतका पक्षमा विविधता देखिएको छ। यस विधिबाट गरिने खरिद कार्यलाई खरिद ऐनमा व्यवस्थित गर्नुपर्दछ।

४१. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(क) मा निर्माण कार्यको माइलस्टोन तोकी म्याद थप गर्नुपर्ने र नियम १२१ मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्यसम्पन्न हुन नसकेमा सम्झौता रकमको अधिकतम १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

४१.१ सडक डिभिजन पोखरा, मूलघाट-दोभान-ओलाङ्चुङगोला सडक योजना, ताप्लेजुङ, सडक डिभिजन, चन्द्रनिगाहपुर र धनकुटालगायतका १२ कार्यालयले ३२ खरिद सम्झौतामा निर्माण व्यवसायीले तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न गरेका छैनन्। सम्बन्धित कार्यालयले म्याद थप गर्दा पूर्व निर्धारित क्षतिपूर्ति लिने उल्लेख भएकोमा निर्माण व्यवसायीलाई अन्तिम बिल तथा रनिङ बिल भुक्तानी गर्दा रु.३

करोड ९१ लाख ११ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

४१.२ यो वर्ष सडक डिभिजन कार्यालय, दमक, हेटौंडा र लहानलगायत ६ कार्यालयले म्याद थपको निर्णय गर्दा कायम भएको माइलस्टोनअनुसारको अवधिमा निर्माण कार्यसम्पन्न नगर्ने १८ निर्माण व्यवसायीबाट रु.३ करोड ३९ लाख ७२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

४१.३ सडक डिभिजन, पोखराले एक निर्माण व्यवसायीले तोकिएको अवधिभित्र काम सम्पन्न गर्न नसकेको जनाई रु.१ करोड २३ लाख ९९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरी धरौटी खातामा दाखिला गरेको छ। धरौटी खातामा जम्मा भएको पूर्वनिर्धारित क्षतिपूर्ति सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्दछ।

४२. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुलउपर गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

४२.१ खरिद सम्झौताबमोजिम निर्माण व्यवसायीले कार्य नगरेको जनाई सडक डिभिजन, दोलखा, नेपालगन्ज र धनकुटा तथा कालीगण्डकी कोरिडोर, मुस्ताङले ४ खरिद सम्झौता अन्त्य गरेकोमा रु.१७ करोड ५५ लाख ८१ हजारको कार्यसम्पादन जमानत जफत गरेका छैनन्।

४२.२ निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कार्य नगरेको जनाई सडक डिभिजन, दमक, दोलखा र गाईघाट-दिक्तेल सडक योजनासमेत ११ कार्यालयले ३६ खरिद सम्झौता अन्त्य गरेकोमा बाँकी काम सम्पन्न गर्न लाग्ने लागत रु.२ अर्ब १७ करोड ७ लाख ५४ हजार असुल गरेका छैनन्।

४२.३ गाईघाट दिक्तेल सडक योजना, सडक डिभिजन, लाहान र धनकुटाले रु.३० करोड ६६ लाख २१ हजारका ४ खरिद सम्झौतामा रु.२४ करोड ४० लाख १५ हजार भुक्तानी गरेकोमा निर्माण व्यवसायीले सम्झौताबमोजिम कार्यसम्पन्न नगरेको कारण जनाई ठेक्का सम्झौता अन्त्य गरेकोमा बाँकी कार्य सम्पन्न गर्न लाग्ने रकम निर्धारण गरेको छैन।

कार्यालयहरूले खरिद सम्झौताअनुसार कार्यसम्पादन जमानत जफत गर्नुपर्ने, बाँकी कार्य सम्पन्न गर्न लाग्ने रकम निर्धारण गरी सरकारी बाँकी सरह असुल गर्नुपर्ने तथा कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनुपर्दछ।

४३. **प्रारम्भिक वातावरणीय परीक्षण** - वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३ अनुसूची-२ मा ५० मिटरभन्दा लामो पुल निर्माण कार्य गर्दा मात्र प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

४३.१ सडक डिभिजन कार्यालय, नेपालगञ्जले डिजाइन एण्ड बिल्ड विधिको एक खरिद सम्झौतामा ५० मिटरभन्दा कम लम्बाइका ४ पुलको लागि समेत प्रारम्भिक वातावरणीय परीक्षण बापत भुक्तानी गरेकोले रु.१४ लाख ६१ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

४३.२ सूर्यविनायक-धुलिखेल-बर्दीबास सडक आयोजनाले डिजाइन एण्ड बिल्ड विधिबाट पुण्यमाता, महादेवखोला र जगातीमा क्रमशः २० मिटर, १५ मिटर र १२ मिटर लम्बाइ भएका ३ पुल निर्माण कार्यमा

प्रारम्भिक वातावरणीय परीक्षणको लागि रु.३७ लाख १ हजार समावेश गरी खरिद सम्झौता गरेको छ। प्रारम्भिक वातावरणीय परीक्षण गर्नु नपर्ने अवस्थामासमेत सो काम बिल अफ क्वान्टिटीमा समावेश गरेकोले उक्त रकम कट्टा गरी बाँकी रकम भुक्तानी गर्नुपर्दछ।

४४. **चेनेज दोहोरिएको -** हुलाकी राजमार्ग आयोजना कार्यालय, इटहरीले पथरी बजार-शनिश्चरे गान्धी आश्रम-रङ्गेली भारत बोर्डरसम्मको चेनेज १५+००० देखि २९+७७६ सम्मको १४.७ किलोमिटर सडक ३६ महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी २०७६।७।२४ मा रु.८० करोड ४५ लाख ९१ हजारको खरिद सम्झौता गरेको छ। उक्त सडकको चेनेज २६+२८० देखि २९+७७६ मा कानेपोखरी-रङ्गेली खण्ड अर्को खरिद सम्झौताबाट निर्माण कार्य सम्पन्न भएकोमा चेनेज दोहोरो पेरेको देखिन्छ। योजना कार्यालयले यो वर्षसम्म दुवै ठेक्कामा दोहोरो परेको ३.४९६ किलोमिटर खण्डको निर्माण कार्य र चेनेज यकिन गरी भुक्तानी समायोजन गर्नुपर्दछ।

४५. **पहुँच सडक -** सूर्यविनायक-धुलिखेल-सिन्धुली-बर्दीबास सडक आयोजनाले पुण्यमाता, महादेवखोला र जगातीमा डिजाइन एण्ड बिल्ड विधिबाट २०० देखि ४०० मिटरसम्मको एप्रोच सडकसहितको क्रमशः २० मिटर, १५ मिटर र १२ मिटर लम्बाइका ३ पुल निर्माण कार्य ३० महिनाभित्र सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०८०।१२।६ मा रु.५७ करोड ४९ लाख ५७ हजारको खरिद सम्झौता गरेको छ। सूर्यविनायकदेखि धुलिखेलसम्म चेनेज ०+००० देखि १५+८०० सम्म १८० मिटर सडक निर्माण कार्य बाँकी राखी सडक विस्तार कार्य ३६ महिना भित्र सम्पन्न गर्ने गरी रु.७ अर्ब ९४ करोड ५८ लाख ७२ हजारका दुई खरिद सम्झौता गरेको छ। सडक निर्माण कार्यको खरिद सम्झौता र पुल निर्माण कार्यको खरिद सम्झौतामा पहुँच सडकतर्फको रु.२१ करोड ८६ लाख २४ हजारको निर्माण कार्य दोहोरो समावेश भएको देखिन्छ। आयोजनाले दोहोरो समावेश भएको सडकको नापजाँच गरी दोहोरो भुक्तानी नहुने व्यवस्था गर्नुपर्दछ।

४६. **प्रोभिजनल सम -** सडक सुधार तथा विकास योजना कार्यालय, बाराले बर्दीबास जलेश्वर, जलेश्वर शहरी सडकको स्तरोन्नति कार्य अन्तर्गत विद्युतीय पोल सार्ने कार्यको लागि २०८०।८।१२ मा वार्ताबाट दररेट निर्धारण गरी कार्यादेश दिएको छ। कार्यालयले १९ औं रनिङ बिलबाट उक्त कार्यको लागि रु.१ करोड ६८ लाख ६५ हजार भुक्तानी गर्दा दररेट निर्धारण भएको मितिको अमेरिकी डलरको विनिमय दर रु.१३३.७० का दरले गणना गरी अमेरिकी डलर १ लाख २६ हजार भुक्तानी गर्नुपर्नेमा खरिद सम्झौता भएको २०७५।५।१९ को विनिमय दर रु.११४.२४ दरले गणना गरी अमेरिकी डलर १ लाख ४८ हजार भुक्तानी गरेको छ। यसरी फरक मितिको विनिमय दर प्रयोग गरी अमेरिकी डलर २२ हजार बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.२८ लाख ७३ हजार असुल गर्नुपर्दछ।

४७. **ओभरहेड भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ मा मालसामान खरिदमा ओभरहेड समावेश गर्न मिल्ने व्यवस्था छैन। निर्माण कार्यमा प्रयोग हुने गिट्टी, बालुवालगायतका सामग्री खरिद गर्दा यो वर्ष सडक डिभिजन कार्यालय, काठमाडौंले रु.२७ लाख ८ हजार र सडक डिभिजन कार्यालय, हेटौंडाले रु.७ लाख १७ हजारसमेत रु.३४ लाख २५ हजार ओभरहेड भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

४८. **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

४८.१ डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण गरिने पुलको खरिद सम्झौतामा सुपर स्ट्रक्चरतर्फको एक्पान्सन जोईन्ट निर्माण तथा बेरिङ्ग कोर्सको कार्य गर्न बाँकी रहेको अवस्थामा सोबापत ५ देखि १० प्रतिशतसम्म रकम भुक्तानी रोक्का गर्ने गरेकोमा पुल सेक्टर, पोखराले यो वर्ष ३ खरिद सम्झौताको भुक्तानी गर्दा रु.४३ लाख ९१ हजार रोक्का नगरी भुक्तानी गरेको छ।

४८.२ सडक डिभिजन कार्यालय, हटौंडाले पोखरिया नगरपालिका-१, वनकटवा सतबरिया-५, सिरसिया-६, बकाहा चैनपुर सडक निर्माण कार्यको तेस्रो रनिङ बिलबाट रु.२ करोड २९ लाख २८ हजारको कार्य गरेकोमा कार्यालयले पेस्की फर्स्यौट गरेको रु.५६ लाखसमेत निर्माण व्यवसायीलाई रु.२ करोड ८५ लाख २ हजार भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.५६ लाख असुल गर्नुपर्दछ।

४८.३ यो वर्ष पुल सेक्टर पोखरा, सडक डिभिजन तनहुँ, हुलाकी राजमार्ग आयोजना बाँके, सडक डिभिजन कार्यालय भरतपुर र विराटनगर सहित १२ कार्यालयले २४ योजनामा नापजाँच फरक पारी रु.२ करोड ४० लाख ३८ हजार तथा सडक डिभिजन हेटौडा, लाहान र भक्तपुरसहित ७ कार्यालयले २२ योजनामा जोडजम्मा फरक पारी रु.६७ लाख ६७ हजार बढी भुक्तानी गरेको छ। बढी भुक्तानी भएको रु.३ करोड ८ लाख ५ हजार असुल गर्नुपर्दछ।

४९. **डिजाइनको विस्तृत अध्ययन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) मा अस्वाभाविक डिजाइन तयार गरी निर्माण कार्य प्रभावित भएमा संलग्न परामर्शदातालाई कारबाही गर्नुपर्ने व्यवस्था छ। महाकाली नदीको २ हजार २०० मिटर चौडाइको बहाब क्षेत्रमा ८०० मिटरको पुल तथा ७.६ किलोमिटर सडक निर्माण गर्नका लागि २०७४।५।७ मा एक संयुक्त उपक्रमसँग ३ वर्षभित्र सम्पन्न गर्ने गरी रु.३ अर्ब २७ करोड ९३ लाखमा खरिद सम्झौता भएको छ। सडक विभागले २०८०।१२।५ मा नदीको दायाँ किनारतर्फको जमिन औसतभन्दा तल रहेको, ब्यारेजको ढोका पूरै खोलेको अवस्थामा पानीको बहाब बाँयातर्फ केन्द्रित हुने लगायतका कारण उल्लेख गरी तीन पटकसम्म भेरिएसनबाट रु.४९ करोड १२ लाखको कार्य थप गरी सम्झौता रकम रु.३ अर्ब ७७ करोड ५ लाख पुगेको छ। पुल निर्माण कार्य सम्पन्न भई हालसम्म मूल्य समायोजनसमेत रु.३ अर्ब ८५ करोड ८३ लाख भुक्तानी भएको छ। परामर्शदाताले सुरु डिजाइन गर्दा तथ्यहरूको पर्याप्त विश्लेषण नगरेको कारण भेरिएसन गर्नु परेकोले परामर्शदातालाई जिम्मेवार बनाउने गरी कारबाही प्रक्रिया अगाडि बढाउन विभागले निर्णय गरेकोमा कारबाही भएको देखिएन। उक्त निर्णय कार्यान्वयन गर्नुपर्दछ।

साथै महाकाली पुल निर्माण योजनामा २०७८।७९ मा रु.३ करोड ६९ लाख, २०७९।८० मा रु.९६ लाख ९१ हजार र यो वर्ष रु.२ करोड ६० लाख ४६ हजारसमेत यो वर्षसम्म रु.७ करोड २६ लाख ३७ हजारको कार्य बाढीबाट क्षति भएको देखिन्छ। निर्माण सम्पन्न भएका कार्यहरूमा प्रत्येक वर्ष क्षति पुगेको देखिएकाले आयोजनाले निर्मित संरचनाको दिगोपना तथा सम्भावित क्षतिको न्यूनीकरणका लागि आवश्यक उपायहरू अबलम्बन गर्नुपर्दछ।

५०. **डिजाइन फरक** - सडक डिभिजन कार्यालय, डोटीले खप्पा खोलामा २४ महिनाभित्र ३५/३५ मिटरको २ स्पान गरी ७० मिटरको पुल निर्माण सम्पन्न गर्ने गरी २०७७।५।२५ मा एक निर्माण व्यवसायीसँग रु.६ करोड ९७ लाख ५८ हजारको खरिद सम्झौता गरेको छ। कार्यालयको स्वीकृति बेगर निर्माण व्यवसायीले एक ३४.५ मिटर र अर्को ३५.५ मिटरको स्पान हुने गरी पायर तथा एबुटमेन्ट निर्माण गरी यस वर्षसम्म रु.२ करोड ८१ लाख ४० हजार भुक्तानी भएकोमा कार्यालयले डिजाइन परिवर्तन गरी निर्माण गराउने निर्णय गरेकोले यो वर्ष थप कार्य भएको छैन। कार्यालयले स्पानको लम्बाइ थपघट हुँदा एबुटमेन्ट तथा पायरमा पर्ने भार समेतको परीक्षण गराई निर्मित संरचनाको उपयोग सुनिश्चित हुनुपर्दछ।

५१. **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीबापत थप गर्ने व्यवस्था रहेको छ। कन्टिन्जेन्सी रकमको व्यवस्थापन र नियन्त्रण गर्न मन्त्रालयले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ जारी गरी लागु गरेको छ। विभाग अन्तर्गतका विभिन्न ८१ कार्यालयबाट प्राप्त विवरणअनुसार कन्टिन्जेन्सी खर्चतर्फ यो वर्ष रु.१ अर्ब २० करोड ५३ लाख ४७ हजार खर्च भएको छ।

(रु.हजारमा)

खर्च शीर्षक	खर्च रकम	खर्च शीर्षक	खर्च रकम
ज्याला तथा पारिश्रमिक	३३९६८१	इन्धन	१९२६८६
मर्मत सम्भार	१२७१६८	कार्यालय सामान र सूचना प्रकाशन	११९९३८
दैनिक भ्रमण भत्ता	१२१३५६	खप्ने मालसामान खरिद	८०७६७
अन्य प्रयोजन नखुलेको	२२३७५२	**जम्मा**	१२०५३४७

यो वर्ष कन्टिन्जेन्सीबाट खर्च बेहोर्ने गरी सुपरभाइजर नियुक्त गरेकोमा निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राखेका छैनन्। महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याअनुसार विभिन्न खर्च सङ्केत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत सम्भार, दैनिक भ्रमण भत्ता, इन्धन, स्टेसनरी तथा छपाइ, सूचना प्रकाशन, मसलन्द, खप्ने र नखप्ने जिन्सी मालसमान खरिद तथा अन्य कार्यमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको छ। उक्त खर्च एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार मेल खाने देखिँदैन।

यो वर्ष पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजना निर्देशनालय, पुष्पलाल (मध्य पहाडी) राजमार्ग योजना कार्यालय गोरखा, सडक डिभिजन कार्यालय, काठमाडौं, तनहुँ र हेटौंडाले ५ बजेट उप-शीर्षकमा निर्माण कार्यमा भएको खर्चको ४ प्रतिशतभन्दा बढी हुने गरी रु.१ करोड ६७ लाख १० हजार कन्टिन्जेन्सी खर्च गरेको नियमसम्मत देखिएन।

पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

मध्य पहाडी भूभागका जिल्लालाई यातायात सञ्जालमा जोडी सन्तुलित विकास गर्ने उद्देश्यले पाँचथरको चियो भन्ज्याङदेखि बैतडीको झुलाघाटसम्म १ हजार ८७९ किलोमिटर सडक र १३७ पुल निर्माण गर्न यो आयोजना २०६४।६५ मा सुरु भई २०७९।८० मा सम्पन्न गर्ने सुरु लक्ष्य रहेकोमा २०८४।८५ मा सम्पन्न गर्ने गरी लक्ष्य संशोधन भएको छ।

५२. **लक्ष्य प्रगति -** आयोजनाको सुरु लागत रु.३३ अर्ब ३६ करोड अनुमान गरिएकोमा संशोधित लागत अनुमान रु.८४ अर्ब ३३ करोड रहेको छ। यो वर्ष ५० किलोमिटर कालोपत्रे सडक र ४ पुल निर्माण कार्य सम्पन्न भएकोसमेत आयोजना सुरु भएको १६ वर्षमा १ हजार ४५२ किलोमिटर कालोपत्रे सडक र १०६ पुलको निर्माण सम्पन्न भई भौतिक प्रगति ७७.३२ र वित्तीय प्रगति ८२.०३ प्रतिशत रहेको छ। आयोजनामा यो वर्ष रु.४ अर्ब २१ करोडसमेत यो वर्षसम्म रु.६९ अर्ब १७ करोड खर्च भएको छ। आयोजना अन्तर्गत २७६ किलोमिटर सडक र १५ पुल निर्माणाधीन अवस्थामा रहेका छन्। संशोधित कार्यतालिकाअनुसार आयोजनाको कार्यसम्पन्न गराउनुपर्दछ।

५३. **ठेक्का व्यवस्थापन -** मध्यपहाडी राजमार्ग आयोजनाअन्तर्गतका सडक तथा पुल निर्माण कार्य २०८४।८५ भित्र सम्पन्न गर्ने गरी कार्यतालिका संशोधन भएको छ। यो वर्षसम्म खुर्कोट सेलेघाट खण्डको ६ किलोमिटरको विस्तृत परियोजना प्रतिवेदन तयार नभएको र तेह्रथुमको पञ्चमी-अओरा खण्ड, खोटाङको चचेवा दिक्तेल खण्ड, ओखलढुङ्गाको जयरामघाट-घुर्मी खण्ड, बाग्लुङको मालढुङ्गा-बाग्लुङ खण्ड, अछाम/डोटीको साँफेबगर-सानागाउँ-सिलगढी खण्डसमेत ११६ किलोमिटर सडक निर्माण कार्यको ठेक्का व्यवस्थापन गर्न बाँकी रहेको प्रगति प्रतिवेदनबाट देखिन्छ। त्यसैगरी यस वर्षसम्म १४ पुलको विस्तृत परियोजना प्रतिवेदन तयार हुन बाँकीसमेत १८ पुलको ठेक्का व्यवस्थापन कार्य बाँकी रहेको छ। आयोजनाको कार्यतालिकाअनुसार निर्माण कार्य सम्पन्न गर्ने गरी बाँकी कार्यको ठेक्का व्यवस्थापन हुनुपर्दछ।

५४. **सडक सीमाङ्कन** - सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सडकको केन्द्रदेखि दायाँबायाँ दुवैतिर बढीमा ३१ मिटर नबढाई सडक सीमा तोक्न सक्ने तथा दफा ३(क) सडक सीमा नतोकिएको सडकको हकमा सडकको किनाराबाट दायाँबायाँ ६/६ मिटर सडक सीमा हुने उल्लेख छ। यस राजमार्ग अन्तर्गत सडकको ७.७ मिटरको क्यारियज वे सहित ११ मिटरको चौडाइमा निर्माण कार्य भइरहेकोमा हालसम्म सडकको राइट अफ वे निर्धारण भएको देखिएन। सडक मापदण्डअनुसार राइट अफ वे निर्धारण गरी सडक निर्माण गर्नुपर्दछ।

५५. **स्टिल ट्रस ब्रिज** - धादिङ जिल्लाको आँखु खोलामा मोटरेबल स्टिल ट्रस ब्रिज निर्माण कार्य ३ वर्षभित्र सम्पन्न गर्ने गरी २०६९।७।१ मा निर्माण व्यवसायीसँग सडक डिभिजन कार्यालय, भरतपुरले रु.७ करोड ८७ लाख ८२ हजारको खरिद सम्झौता गरेको छ। निर्माण व्यवसायीलाई एबुटमेन्टसम्मको कार्यको रु.१ करोड २९ लाख ६ हजार भुक्तानी गरेकोमा पटक-पटक ताकेता गर्दा पनि थप निर्माण कार्य नगरेको उल्लेख गरी २०७६।५।२ मा ठेक्का सम्झौता अन्त्य गरेको छ। निर्देशनालयले हाल निर्माण गर्न लागेको बेलिब्रिज अस्थायी प्रकृतिको रहेकोले ट्रस ब्रिजभन्दा फरक ६० मिटरको बेलिब्रिज जडान गर्न रु.७ करोड ८६ लाख ३२ हजारको लागत अनुमान स्वीकृत गरी अर्को निर्माण व्यवसायीसँग

२०८१।३।१७ मा रु.६ करोड १२ लाख ७५ हजारमा छुट्टै खरिद सम्झौता गरेको छ। सम्झौताको अन्त्य पश्चात् बाँकी कार्य गर्न लाग्ने रकम निर्धारण गरी असुल गर्नुपर्दछ।

५६. **खरिद सम्झौताको अन्त्य** - पुष्पलाल (मध्य पहाडी) राजमार्ग योजना कार्यालय, पर्वतले बाग्लुङ-बुर्तीबाङ खण्ड स्तरोन्नति र मर्मत कार्य २०७५।१०।१० भित्र सम्पन्न गर्नेगरी एक संयुक्त उपक्रमसँग २०७२।१०।१० मा रु.३५ करोड ३९ लाख ३ हजारको खरिद सम्झौता गरेको छ। खरिद सम्झौताको सर्तमा खरिद सम्झौता अन्त्य भई बाँकी रहेको कार्य सम्पन्न गर्न लाग्ने रकमको २५ प्रतिशत मात्र सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने उल्लेख छ। आयोजनाले पाँचौ पटकमा खरिद सम्झौताको म्याद २०८०।३।५ सम्म थप गरेकोमा निर्माण व्यवसायीले प्रतिबद्धता बमोजिम प्रगति हासिल नगरेको उल्लेख गरी २०८०।३।८ मा खरिद सम्झौताको अन्त्य गरेको छ। योजना कार्यालय र निर्माण व्यवसायीसँगको संयुक्त अनुगमनले बाँकी कार्य गर्न रु.२३ करोड ५५ लाख ४८ हजार लाग्ने २०८०।०५।११ मा सिफारिस गरेको छ। बाँकी कार्यको लागि अर्को निर्माण व्यवसायीसँग २०८१।३।२१ मा रु.२१ करोड ४९ लाख ७४ हजारको खरिद सम्झौता गरेकोले सोको २५ प्रतिशतले हुने रु.५ करोड ३७ लाख ४३ हजार, रनिङ बिलमा बढी भुक्तानी भएको रु.४० लाख ९४ हजार र मर्मत नगरेको कारण पुगेको क्षति रु.९५ लाख २ हजार समेत रु.६ करोड ७३ लाख ३९ हजार असुल गरेको देखिएन। उक्त रकम असुल गर्नुपर्दछ।

हुलाकी राजमार्ग आयोजना निर्देशनालय

तराईका २१ जिल्लामा पूर्व-पश्चिम ९७५ किलोमिटर र उत्तर-दक्षिण सहायक मार्ग करिब ८८२ किलोमिटरसहित १ हजार ८५७ किलोमिटर सडक तथा सो सडक खण्डमा पर्ने ३०० पुलको निर्माण गर्न यो आयोजना २०६५।६६ देखि सुरु भएको हो। सुरुमा आयोजनाको निर्माण कार्य २०७४।७५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८३।८४ कायम भएको छ।

५७. **लक्ष्य प्रगति** - आयोजनाको सुरु लागत रु.४७ अर्ब २४ करोड अनुमान गरिएकोमा संशोधित लागत अनुमान रु.१ खर्ब १ अर्ब ६३ करोड रहेको छ। यो वर्ष ६४ किलोमिटर कालोपत्रे सडक, ७ पुल र ३ कल्भर्ट निर्माण कार्य सम्पन्न भएकोसमेत आयोजना सुरु भएको १६ वर्षमा १ हजार २५९ किलोमिटर कालोपत्रे सडक र १४२ पुल/कल्भर्टको निर्माण सम्पन्न भई भौतिक प्रगति ६६.९१ र वित्तीय प्रगति ६३.८३ प्रतिशत रहेको छ। आयोजनामा यो वर्षको रु.५ अर्ब २२ करोडसमेत रु.६४ अर्ब ८७ करोड खर्च भएको छ। आयोजना अन्तर्गत २३४ किलोमिटर सडक र ९६ पुल/कल्भर्ट निर्माणाधीन अवस्थामा रहेको छ। संशोधित कार्यतालिकाअनुसार आयोजनाको कार्यसम्पन्न गराउनुपर्दछ।

५८. **ठेक्का व्यवस्थापन** - राजमार्गअन्तर्गत चितवन-नवलपरासी खण्डको १०० किलोमिटर रेखाङ्कन अझै टुङ्गो नलागेको, कपिलवस्तु-दाङ जिल्लाको जङ्गल क्षेत्र, दाङ-बाँके जिल्लाको जङ्गल क्षेत्रसहित ३६४ किलोमिटर सडक र ७५ पुल/कल्भर्टको निर्माण कार्यको ठेक्का व्यवस्थापन गर्न बाँकी रहेको छ। आयोजनाको कार्यतालिकाअनुसार बाँकी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

झापाको शान्तिनगरदेखि डडेलधुराको रुपालसम्म ९५९ किलोमिटर सडक र १८५ पुल निर्माण कार्य गर्न २०७५।७६ सम्म सडक विभागबाट आयोजना सञ्चालन हुँदै आएकोमा मन्त्रीपरिषद्को २०७५।२।६ को निर्णयबाट आयोजना निर्देशनालय स्थापना भई निर्माण कार्य हुँदै आएको छ।

५९. **लक्ष्य प्रगति -** यो आयोजना २०८०।८१ भित्र सम्पन्न गर्ने गरी यसको सुरु लागत रु.७५ अर्ब अनुमान गरिएकोमा हाल २०८४।८५ सम्म सम्पन्न गर्ने गरी कार्यतालिका संशोधन प्रस्ताव पेस भएको छ। यो वर्ष ४४.७ किलोमिटर कालोपत्रे सडक, ८ पुल निर्माण कार्य सम्पन्न भएकोसमेत यो वर्षसम्म ३२७ किलोमिटर सडक र १३६ पुलको निर्माण कार्य सम्पन्न भई भौतिक प्रगति ५० र वित्तीय प्रगति ४४.१९ प्रतिशत रहेको छ। आयोजनामा यो वर्षको रु.३ अर्ब ७ करोडसमेत यस वर्षसम्म रु.३७ अर्ब खर्च भएको छ। आयोजनाअन्तर्गत १५७ किलोमिटर सडक र ४९ पुल निर्माणाधीन अवस्थामा रहेको छ। आयोजनाको सडकको रेखाङ्कन, घर जग्गाको क्षतिपूर्ति तथा मुआब्जा वितरण कार्य र निर्माण स्थलको व्यवस्थापनसमेतका कार्य बाँकी रहेको देखिन्छ। संशोधित कार्यतालिकाअनुसार आयोजनाको कार्यसम्पन्न गराउनुपर्दछ।

६०. **ठेक्का व्यवस्थापन -** यस राजमार्ग आयोजनाअन्तर्गतका सडक तथा पुल निर्माण कार्य २०८४।८५ भित्र सम्पन्न गर्ने गरी कार्यतालिका संशोधन प्रस्ताव पेस भएको छ। झापाको बाहुनडाँगी-सुनसरीको चतरा खण्डमध्ये ३३ किलोमिटर, गुल्मीको रिडी-बागदुला खण्डमध्ये १३७ किलोमिटर, लोहारपानी-घोराही-तुलसीपुर-काल्चे खण्डमध्ये १०२ किलोमिटर र रोल्पाको सातदोबाटो- डडेलधुराको रूपाल खण्डमध्ये २०२ किलोमिटरसमेत ४७४ किलोमिटर सडक र २५ पुलको निर्माण कार्यको ठेक्का व्यवस्थापन गर्न बाँकी रहेको छ। आयोजनाको कार्यतालिकाअनुसार निर्माण कार्य सम्पन्न गर्ने गरी बाँकी कार्यको ठेक्का व्यवस्थापन हुनुपर्दछ।

६१. **खरिदको पूर्वतयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने उल्लेख छ। मदन भण्डारी आयोजना कार्यालय, झापाले वातावरणीय प्रभाव अध्ययन गर्ने, रुख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण लगायतका कामको लागि पुल निर्माण कार्यका ११ खरिद सम्झौतामा रु.१२ करोड ५० लाख समावेश गरी यो वर्षसम्म रु. ८ करोड ९७ लाख ६५ हजार खर्च गरेको र सडक निर्माणतर्फ रु.३७ करोड ३८ लाखको खरिद सम्झौता गरेकोमा यस वर्षसम्म रु.१२ करोड ७ लाख २३ हजारको मात्र कार्य भएको छ। योजनाको झापा, मोरङ र सुनसरी खण्डमा १७ पुल निर्माण कार्य गर्ने ६ ठेक्का प्याकेजमा खरिद सम्झौता भएकोमा पूर्वतयारीको कार्य सम्पन्न नभएकोले सडक तथा पुल निर्माण कार्यमा ढिलाइ भएको देखिन्छ। पूर्वतयारीको कार्यसमेत ठेक्कामा समावेश गरेकोले समय र लागत वृद्धि हुने देखिन्छ।

मदन भण्डारी राजमार्ग योजना कार्यालय, दमकको कार्यक्षेत्र धरानदेखि बाहुन डाँगीसम्मको सडक खण्डमा २२ पुल निर्माण कार्य सम्पन्न भएको छ। रुखहरू कटान लगायतका कार्य बाँकी रहेकोले ती पुलहरू जोड्ने सडक खण्डको निर्माण कार्य भएको छैन। कार्यालयले अन्तर निकाय समन्वय गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

सडक सुधार तथा विकास आयोजना निर्देशनालय

भारतीय एक्जिम बैङ्कको ऋण सहायताबाट सञ्चालित योजनाहरूको समन्वय गर्ने कार्यको लागि यो निर्देशनालयको स्थापना भएको हो। निर्देशनालयले आयोजनाअन्तर्गत सञ्चालित योजनाको लागि परामर्शदाता छनोट, योजनाको सर्भेक्षण, लागत अनुमान स्वीकृति, सिफारिस तथा ठेक्कापट्टाको कार्य गराई मोबिलाइजेसन पेस्कीसमेत भुक्तानी गरी बाँकी कामको जिम्मेवारी मातहत योजना कार्यालयमा पठाउने गरेको छ। आयोजना समन्वय एकाइले सम्झौताअनुसार सहायता रकमको उपयोग र परिचालन गर्न सहजीकरण गर्ने, केन्द्रीय अभिलेख राख्ने र मातहतका योजना कार्यालयका निर्माण कार्यको व्यवस्थापन गर्ने गरेको छ।

६२. **प्रगति स्थिति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३६ मा तोकिएको लक्ष्यअनुसार कार्यसम्पन्न गरी प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयले प्रथम चरणमा खरिद सम्झौता भएका सबै १२ आयोजना सम्पन्न, दोस्रो चरणमा भएका १७ खरिद सम्झौतामध्ये १२ सम्पन्न, ४ खरिद सम्झौता अन्त्य भएका, र १ सञ्चालनमा रहेका तथा तेस्रो चरणमा १३ खरिद सम्झौता भएकोमा ३ सञ्चालनमा रहेका, ७ सम्पन्न, २ ठेक्का तोडेको र १ बोलपत्र मूल्याङ्कनको प्रक्रियामा रहेको छ। खरिद सम्झौता भएका १२ योजनाको विवरण निम्नानुसार छः

(रकम मिलियनमा)

क्र.सं.	योजनाको नाम	कुल लम्बाइ (किलोमिटरमा)	सम्झौता रकम (अमेरिकी डलर)	सम्झौता मिति	म्याद थप समेत सम्पन्न गर्नुपर्ने अवधि	यो वर्ष सम्मको खर्च (अमेरिकी डलर)	यो वर्षसम्मको भौतिक प्रगति
१	भेडेटार रवि रांके सडक	१००.३७	३२.६२	१९ नोभेम्बेर २०१८	३१ अगस्ट २०२५	१६.४९	५५
२	लामोसाँघु तामाकोशी जिरी सडक (चरिकोट जिरी खण्ड)	५५.४४	१९.४३	१९ नोभेम्बेर २०१८	सम्पन्न	१८.८३	१००
३	सेलेघाट रामेछाप साँघुटार सडक	४९.८२	१५.९२	२८ सेप्तेम्बेर २०२०	२९ जुन २०२५	८.६४	५६
४	उत्तर दक्षिण कालीगण्डकी कोरिडोर सडक (गैंडाकोट रामपुर पिपल डाँडा खण्ड)	१३१.७	५२.६४	१९ नोभेम्बेर २०१८	२९ नोभेम्बर २०२३	४७.४६	९७.१४
५	सहजपुर बोग्टान दिपायल सडक	५०.०२	२२.०४	५ डिसेम्बर २०१८	८ जुन २०२३	२१.१४	९५.८८
६	बर्दीबास जलेश्वर सडक, जलेश्वर शहरी सडक, सिरहा शहरी सडक, राजविराज शहरी सडक	८९.६	२२.९९	५डिसेम्बर २०१८	१९ जनावरी २०२४	२१.५४	९७
७	वसतपुर कटहरिया कवाहिगोथ पिप्रदी सडक, मलंगवा शहरी सडक	४१.११	८.६५	६ डिसेम्बर २०१८	-	२.१७	ठेक्का अन्त्य
८	चन्द्रौटा कृष्णनगर सडक, कृष्णनगर शहरी सडक	२०	८.५९	२५ जनवरी २०१९	४ फेब्रवरी २०२३	८.३८	१००
९	गण्डक नहर सडक	६१.९२	११.१०	२५ जनवरी २०१९	११ नोभेम्बर २०२३	९.९६	९६.५
१०	महेन्द्र राजमार्ग गुलारिया रझनवासडक, नेपालगन्ज शहरी सडक	४१.१९	९.०४	२५ जनवरी २०१९	२ अप्रिल २०२३	८.९०	१००
११	लमही घोराही तुलसीपुर सडक	२८.२८	१२.१८	२८ जनवरी २०१९	-	०.५२	ठेक्का अन्त्य
१२	पन्थडिही—कटहरे—हर्मी—साहिलटारसडक	२०.३६	७.०३	२७ फेब्रुअरी २०२३	१२ सेप्टेम्बर २०२५	२.०९	४०
	जम्मा	**६८९.८१**	**२२२.२३**			**१६६.१२**	

सम्झौताबमोजिमका कार्यक्रमहरू तोकिएको समयमा सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ।

६३. **ऋण उपयोग** - नेपाल सरकारले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मार्फत सहुलियतपूर्ण ऋण र अन्य ऋणलाई भौतिक पूर्वाधार निर्माणमा परिचालन गर्ने नीति लिएको छ। ऋण सम्झौता तथा उपयोगको अवस्था निम्नानुसार छः

क्र.सं.	विवरण	ऋण (अमेरिकी डलरमा)					प्रगति प्रतिशत	
		चरण	सम्झौता मिति	रकम	अवस्था	भुक्तानी अवस्था	वित्तीय	भौतिक
१	१२ सडक निर्माण कार्यको खरिद सम्झौता भएको सबै आयोजना सम्पन्न भएको	प्रथम	१४ सेप्टेम्बर २००७	५० मिलियन	सम्पन्न	४७.०३ मिलियन	९४.०६	१००
२	१७ सडक निर्माण कार्यको खरिद सम्झौतामध्ये १२ सम्पन्न, ४ ठेक्का तोडेको र १ चालु अवस्थामा रहेको	दोस्रो	२१ अक्टोबर २०११	७४.७२ मिलियन	सम्पन्न	६०.४२ मिलियन	८६.०४	१००
३	तेस्रो चरणमा १३ खरिद सम्झौता भएकोमा ३ सञ्चालनमा रहेका, ७ सम्पन्न, २ ठेक्का तोडेको र १ बोलपत्र मूल्याङ्कनको प्रक्रियामा रहेको	तेस्रो	२५ नोभेम्बर २०१४	३४०.४२ मिलियन	१५४.१८ मिलियन	४५.२९ प्रतिशत	चालु अवस्थामा	८५.०५

ऋणको वार्षिक ब्याज दर प्रथम चरणका लागि २ प्रतिशत, दोस्रो चरणका लागि १.५० प्रतिशत र तेस्रो तथा चौथो चरणका लागि १ प्रतिशत भएकाले वार्षिक ब्याजदर बढ्दै गएको र अपेक्षित वित्तीय प्रगति हुन सकेको छैन। खरिद सम्झौताको कार्यान्वयन गरी प्राप्त ऋण सहायता प्रभावकारी रूपमा उपयोग गर्नुपर्दछ।

६४. **सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गरी जमानत जफत हुने र बाँकी कार्य पूरा गर्न आवश्यक पर्ने रकम सरकारी बाँकी सरह असुलउपर गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

६४.१ लामोसाँघु तामाकोशी जिरी/सेलेघाट-रामेछाप - साघुँटार सडक योजना दोलखाले मुडे-चरिकोट सडक खण्ड (चेनेज २५+००० देखि ५५+००० सम्म) स्तरोन्नति तथा सुधार कार्य सातौं पटकको म्याद थप अवधि २०७९।७।१४ सम्म कार्य सम्पन्न नगरेको, निर्माण गरेका कार्य स्वीकारयोग्य नभएको, कार्यतालिका बमोजिम काम नगरेको जनाई सडक सुधार आयोजना निर्देशनालयले २०८०।२।२२ मा खरिद सम्झौताको अन्त्य गरेको छ। आयोजनाले रु.४ करोड कार्यसम्पादन जमानत जफतका लागि सम्बन्धित बैङ्कलाई पत्राचार गरेकोमा रकम प्राप्त भएको देखिएन। उक्त सडकको बाँकी रहेको कार्य पूरा गर्न लाग्ने रु.२२ करोड ११ लाख ३७ हजार, डिजाइन गर्न लाग्ने खर्च रु.३० लाख, सुपरभिजन तथा प्रशासनिक खर्च रु.१ करोड १० लाख ५७ हजार र लेन्थवर्करको पारिश्रमिक रु.१ करोड ५६ लाख १३ हजारसमेत रु.२५ करोड ८ लाख ७ हजार असुल गर्ने निर्णय महानिर्देशकबाट २०८०।११।२२ मा भएकोमा असुल भएको देखिएन।

६४.२ सडक सुधार तथा विकास योजना कार्यालय, बाराले रौतहट र महोत्तरी जिल्लामा पर्ने पिप्रदी- पदम सडक र मलङ्गवा सहरी सडक स्तरोन्नति तथा सुधार कार्यको २०७९।४।१३ सम्म म्याद थप भएकोमा भौतिक प्रगति ३१.४५ प्रतिशत मात्र भएको र आयोजनाले ताकेता गर्दा पनि निर्माण कार्य नगरेको उल्लेख गरी सडक सुधार आयोजना निर्देशनालयले २०८०।८।१२ को निर्णयबाट खरिद सम्झौता अन्त्य गरेको छ। आयोजना निर्देशनालयले २०८१।२।३ मा एक परामर्शदातालाई निर्माण व्यवसायीसँग असुल गर्नुपर्ने रकम मूल्याङ्कन गरी पेस गर्न पत्राचार गरेकोमा मूल्याङ्कन कार्य सम्पन्न भएको छैन। निर्माण व्यवसायीसँग असुल गर्नुपर्ने रकम यकिन गरी असुल हुनुपर्दछ।

६५. **सम्झौताको सर्त -** भेडेटार-रवि-राँके सडकको स्तरोन्नति कार्य अमेरिकी डलर ३ करोड २६ लाख १९ हजारमा गर्ने गरी एक विदेशी निर्माण कम्पनीसँग १९ नोभेम्बर २०१८ मा खरिद सम्झौता भएको छ।

खरिद सम्झौतामा निर्माण व्यवसायीलाई अमेरिकी डलरमा भुक्तानी दिने र कर बीजक जारी गर्ने प्रयोजनको लागि प्रति अमेरिकी डलरको विनिमय दर रु.११२.१६ हुने व्यवस्था छ। सोहीअनुसार कर बीजक जारी भई भुक्तानी दिएको देखिन्छ। आयोजनाले खर्च लेखाङ्कन गर्दा भुक्तानीका बखत कायम विनिमय दरअनुसारको नेपाली रुपैयाँमा लेखाङ्कन गरेको कारण खर्च लेखाङ्कन रकमभन्दा यो वर्ष रु.१२ करोड २० लाख १८ हजार घटीको कर बीजक जारी भएको छ। उक्त रकमको मूल्य अभिवृद्धि कर र अग्रिम करमा पर्ने असर सम्बन्धमा सम्बन्धित निकायले यकिन गर्नुपर्दछ।

आयोजना निर्देशनालय (ए.डी.बी.)

एसियाली विकास बैङ्कको ऋण सहायतामा सञ्चालित सडक योजनाको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न यस निर्देशनालयको स्थापना भएको हो। निर्देशनालयअन्तर्गत तीन सडक सुधार योजना सञ्चालित छन्।

६६. **प्रगति स्थिति** - खरिद सम्झौतामा उल्लेख भएअनुसारको अवधिमा निर्माण कार्यसम्पन्न गर्नका लागि आवश्यक पर्ने स्रोत साधनको पर्याप्त प्रबन्ध गरी निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्नुपर्दछ। निर्माण कार्यसम्पन्न गर्न आवश्यक पर्ने जनशक्ति, निर्माण सामग्री र मेसिन उपकरणको व्यवस्थाको सुनिश्चितता, सोको कार्यान्वयन र अनुगमनका साथै निर्माण स्थलको व्यवस्था गरी खरिद व्यवस्थापन गर्नुपर्नेमा सोको पर्याप्त विश्लेषण र प्रबन्ध नगरी ठेक्का व्यवस्थापन गरेको देखिन्छ। कार्यान्वयनमा रहेका आयोजनाहरूको स्थिति निम्नानुसार छः

क्र.सं.	ठेक्का विवरण	सडकको लम्बाइ (कि.मि.)	वर्षान्तसम्म व्यतीत अवधि प्रतिशत	भौतिक प्रगति प्रतिशत
१	नारायणगढ-बुटवल राजमार्ग (पूर्वी खण्ड)	६४.४	९९.५९	५२.९८
२	नारायणगढ-बुटवल राजमार्ग (पश्चिम खण्ड)	४८.५	९९.६९	५२.७३
३	मुग्लिङ-पोखरा सडक (पूर्वी खण्ड)	४१.४५	९५.१२	६५.५३
४	मुग्लिङ-पोखरा सडक (पश्चिम खण्ड)	३८.८८	९४.७०	२८.१९
५	कञ्चनपुर-कमला राजमार्ग (पूर्वी खण्ड)	३९.४	८९.१५	४९.४२
६	कञ्चनपुर-कमला राजमार्ग (पश्चिम खण्ड)	४७.४	८९.१५	५३.५७
७	काकडभिट्टा लौकही सडक (पूर्वी खण्ड)	४५	१४.९८	६.५०
८	काकडभिट्टा लौकही सडक (पश्चिम खण्ड)	४०	१४.९८	७.२२
९	काकडभिट्टा लौकही सडक (पश्चिम खण्ड)	१०.७६	१४.९८	२.७४
१०	काकडभिट्टा लौकही सडक (निन्दा, बिरिङ्ग र कन्काई पुल)	३ वटा	१४.९८	४.०७

उल्लिखित आयोजनामा परामर्श सेवा र सम्झौता अवधिको तुलनामा निर्माण कार्यको प्रगति न्यून रहेको छ। निर्देशनालयले न्यून प्रगति हुनुका कारण पहिचान गरी निर्धारित समयभित्र कार्यसम्पन्न गराउनुपर्दछ।

६७. **परामर्शसेवा खर्च -** नारायणगढ-बुटवल सडक खण्डका लागि परामर्शदाताको सुरु अवधि ४८ महिनाको लागि १२ सेप्टेम्बर, २०१७ मा खरिद सम्झौता गरेकोमा तेस्रो भेरिएसन पश्चात् कायम भएको ७५.६० महिनामध्ये ७०.६५ महिनाको लागि यो वर्षसम्म निर्देशनालयले अमेरिकी डलर ३४ लाख २७ हजार र स्थानीय मुद्रा रु.५३ करोड ३२ लाख भुक्तानी दिएको छ। त्यस्तै कञ्चनपुर-कमला सडक खण्डका परामर्शदाताको सुरु अवधि ४२ महिना रहेकोमा भेरिएसन पश्चात् कायम भएको ४५.४९ महिनामध्ये ३०.३७

महिनाको लागि यस वर्षसम्म अमेरिकी डलर १८ लाख ४० हजार र स्थानीय मुद्रा रु.२२ करोड ९८ लाख भुक्तानी दिएको र मुग्लिङ-पोखरा सडक खण्डका परामर्शदाताको सुरु अवधि ४२ महिना मध्ये २०.६७ महिनाको लागि यस वर्षसम्म अमेरिकी डलर ११ लाख २६ हजार र स्थानीय मुद्रा रु.१८ करोड ८६ लाख खर्च भइसकेको छ। निर्माण कार्यको अवधिअनुरूप अन्तर्राष्ट्रिय परामर्शदाताबाट सेवा लिए तापनि समयबद्ध सम्झौतालाई नतिजासँग आबद्ध गर्न नसक्दा परामर्श सेवामा बढी खर्च गर्नु परेको स्थिति छ। वास्तविक अवधिको पुष्टि हुने प्रमाणको आधारमा सेवा शुल्क भुक्तानी दिने र निर्माण कार्यको कार्यान्वयनमा परामर्शदातालाई समेत जिम्मेवार बनाई उक्त खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

६८. **विदेशी मुद्रा भुक्तानी -** निर्माण कार्यका लागि विदेशबाट निर्माण सामग्री, विदेशी जनशक्ति वा मेशिन उपकरण खरिद वा भाडामा आयात गर्दा विदेशी मुद्रा आवश्यक पर्ने अवस्थामा बोलपत्र कागजातको आई.टी.बी. १५.३ मा तीन वटासम्म विदेशी मुद्रामा कबोल गर्न सकिने व्यवस्था छ। निर्देशनालयअन्तर्गत सञ्चालित खरिद सम्झौतामा निर्माण व्यवसायीले कबोल गरेको दर तथा सम्झौता रकम नेपाली मुद्रामा रहेको छ। निर्माण कार्यको भुक्तानी अमेरिकी डलरमा गर्नुपर्ने आधार बेगर नारायणगढ-बुटवल सडकको पूर्वी खण्ड र मुग्लिङ-पोखरा सडकको पश्चिम खण्डमा ४० प्रतिशत र मुग्लिङ-पोखरा सडकको पूर्वी खण्डमा ६० प्रतिशत, कञ्चनपुर-कमला राजमार्ग पूर्व र पश्चिम खण्ड ४० प्रतिशत, काकडभिट्टा लौकही सडक प्याकेज-१ मा ५० प्रतिशत तथा प्याकेज ४ र ५ मा ३० प्रतिशत अमेरिकी डलरमा भुक्तानी गर्ने गरी सम्झौता गरेको छ। आयोजनाले सडक निर्माण कार्यको लागि निर्माण व्यवसायीले विदेशी मुद्रा खर्च गर्नु परेको आधार नखुलाई नेपाली मुद्रामा पेस भएको रनिङ बिल रकमलाई सम्झौताका बखत कायम विनिमय दरले हिसाब गरी अमेरिकी डलरमा भुक्तानी गरेको पाइयो। भुक्तानी अवधिको विनिमय दरअनुसार भुक्तानी नगरी सम्झौताकै बखतको विनिमय दरअनुसार भुक्तानी गर्दा यो वर्षसम्म ८ खरिद प्याकेजमा निर्माण व्यवसायीलाई रु.२ अर्ब ९५ करोड ५० लाख १० हजार भुक्तानी गर्दा रु.४५ करोड ६४ लाख ५० हजारले लागत वृद्धि भएको छ।

६९. **म्याद थप -** आयोजना निर्देशनालयअन्तर्गतका देहायअनुसार नारायणगढ-बुटवल पूर्वी र पश्चिम खण्ड, मुग्लिङ-पोखरा सडक पूर्वी र पश्चिम खण्ड तथा कञ्चनपुर-कमला राजमार्ग पूर्वी र पश्चिम खण्ड स्तरोन्नति कार्य सम्झौता भएको छ। निर्देशनालयले कोभिड-१९, निर्माण सामग्रीको अभाव, विद्युतका पोल स्थानान्तरणमा समस्या, रुख कटानको निर्णयमा ढिलाइ, वर्षालगायतका कारणले काम गर्न नपाएको जनाई निम्न ६ ठेक्कामा पटक-पटक गरी ४९१ दिन देखि १ हजार ८१ दिनसम्म म्याद थप गरेको छ। सम्झौताको सूरू अवधिमा कार्य सम्पन्न नभएको कारण समय र लागत बढ्दै गएको तथा नागरिकले गुणस्तरिय सेवा प्राप्त गर्न वञ्चित हुनु परेको अवस्था छ। तोकिएको समयभित्र कार्यसम्पन्न गराउन सम्झौताको सर्तअनुसार निर्माण व्यवसायीलाई समेत थप जिम्मेवार बनाउनुपर्दछ।

क्र.सं.	ठेक्का विवरण	सम्झौता मिति	कार्यसम्पन्न गर्नु पर्ने सुरु मिति	म्याद थप पश्चात् कार्य सम्पन्न गर्नुपर्ने मिति	अवधि थप दिन
१	नारायणगढ-बुटवल राजमार्ग (पूर्वी खण्ड)	१९ डिसेम्बर २०१८	७ अगस्त २०२२	२३ जुलाई २०२५	१०८१
२	नारायणगढ-बुटवल राजमार्ग (पश्चिम खण्ड)	१९ डिसेम्बर २०१८	७ अगस्त २०२२	२१ जुलाई २०२५	१०७९
३	मुग्लिङ-पोखरा सडक (पूर्वी खण्ड)	२५ जुन २०२०	२८ अक्टोबर २०२३	३१ डिसेम्बर २०२५	७९५
४	मुग्लिङ-पोखरा सडक (पश्चिम खण्ड)	२५ जुन २०२०	२८ अक्टोबर २०२३	३१ डिसेम्बर २०२५	७९५
५	कञ्चनपुर-कमला राजमार्ग (पूर्वी खण्ड)	१७ जनवरी २०२१	१४ अप्रिल २०२४	१३ जुलाई २०२५	४५५
६	कञ्चनपुर-कमला राजमार्ग (पश्चिम खण्ड)	१७ मे २०२१	२८ अगस्त २०२४	३१ डिसेम्बर २०२५	४९१

७०. **आय कर** - नारायणगढ-बुटवल, मुग्लिङ-पोखरा, कञ्चनपुर-कमला र काकडभिट्टा-लौकही सडक खण्डका प्याकेजहरूका निर्माण व्यवसायीसँगको सम्झौता ठेक्का सम्झौताको सामान्य सर्त १.१३ मा विशेष सर्तमा उल्लेख गरेको बाहेक करारको पालना गर्दा सम्झौतामा नेपालको प्रचलित कानुन लागु हुने उल्लेख छ। आयकर ऐन, २०५८ को दफा ६८(३) बमोजिम गैरबासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापनले विदेश पठाएको आयमा दफा ३ को खण्ड (ख) बमोजिम ५ प्रतिशत कर लाग्ने व्यवस्था छ। यो वर्ष निर्माण व्यवसायीले भुक्तानीमा अमेरिकी डलर ५ लाख ५५ हजार कर दायित्व फरफारक नै नगरी ठेक्काबाट प्राप्त आय अमेरिकी डलर १ करोड १० लाख ९९ हजारसमेत यो वर्षसम्म अमेरिकी डलर १ करोड ९५ लाख ८६ हजार विदेशको बैङ्क खातामा पठाएको छ। गत विगतको कर रकमसमेत यकिन गरी असुल गर्नुपर्दछ।

७१. **मूल्य समायोजन** - कञ्चनपुर-कमला सडक योजना पूर्वी र पश्चिम खण्डको खरिद सम्झौतामा अमेरिकी डलरतर्फ भुक्तानी हुने रकमको हकमा चीनस्थित एक ब्यूरोले प्रकाशित गरेको मूल्यसूचीलाई आधारमा लिइने उल्लेख छ। हाल उक्त ब्यूरोले सूचकाङ्क प्रकाशन गर्न बन्द गरेको जनाई परामर्शदाताले नेपाल राष्ट्र बैङ्कद्वारा प्रकाशित प्रोभिजनल इन्डेक्सको आधारमा भुक्तानी दिन सिफारिस गरेअनुसार निर्देशनालयको २०८०।१।२७ को निर्णयबाट यो वर्षसम्म रु.२७ करोड २९ लाख ९० हजार मूल्य समायोजन भुक्तानी गरेको छ। नेपाल र चीनको मूल्यवृद्धि र अमेरिकी डलरसँगको विनिमय दर फरक हुने अवस्थामा सोको विश्लेषण नगरी नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित प्रोभिजल इन्डेक्सलाई आधार लिई भुक्तानी गर्न मिल्ने यथार्थ आधार पेस गर्नुपर्दछ।

नागढुङ्गा सुरुङ मार्ग निर्माण आयोजना

त्रिभुवन राजमार्गको नौबिसे-काठमाडौं खण्डमा पर्ने नागढुङ्गा भन्ज्याङको सिस्नेखोला देखि काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिका वडा नं.३ सम्मको २ हजार ६६८ मिटर सुरुङ निर्माण र सोको लागि पश्चिमतर्फ ५६५ मिटर र पूर्वतर्फ २ हजार ३०७ मिटरको पहुँच सडक निर्माण गरी सडक यातायात सुधार गर्ने र नागढुङ्गा आसपासमा रहेको सवारी चापलाई कम गर्ने उद्देश्य रहेको छ। सुरुङ मार्ग निर्माणको लागि जापान सरकारसँग २२ डिसेम्बर २०१६ मा ऋण सम्झौता भई निर्माणाधीन अवस्थामा रहेको छ। एक विदेशी निर्माण कम्पनीसँग जापानी येन १३ अर्ब २९ करोड ८० लाख १३ हजारको कार्य ४२ महिना भित्र सम्पन्न गर्नेगरी २३ सेप्टेम्बर २०१९ मा सम्झौता भएकोमा यस वर्षसम्म रु.१२ अर्ब १० करोड ४ लाख भुक्तानी भएको छ।

७२. **समग्र प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। आयोजनाबाट प्राप्त विवरणअनुसार २ हजार ६८८ मिटर सुरुङ मार्ग र २ हजार ५५७ मिटरको आपतकालीन उद्धार सुरुङ खन्ने कार्य सम्पन्न भई ८४ प्रतिशत भौतिक प्रगति भएको छ। आयोजनाअन्तर्गत रोड साइड सर्भिस सेन्टर कार्य सुरु हुन नसकेको, एप्रोच सडक र फ्लाइओभरको कार्य बाँकी रहेको छ। तोकिएको समय र लागतमा निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

७३. **रोड साइड सर्भिस सेन्टर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्थापन गरेर मात्र बोलपत्र आव्हान गर्नुपर्ने उल्लेख छ। आयोजनाका लागि अधिग्रहण गर्नुपर्ने ३७० रोपनीमध्ये ३५४ रोपनी जग्गा अधिग्रहण गरी क्षतिपूर्तिबापत रु.३ करोड

९५ लाख ९१ हजार र मुआब्जामा रु.६ अर्ब २० करोड ५१ लाख ५८ हजारसमेत रु.६ अर्ब २४ करोड ४७ लाख ४९ हजार खर्च भएको छ।

सुरुङको पश्चिमतर्फ धादिङ जिल्लामा निर्माण हुने रोड साइड सर्भिस स्टेसनको लागि आवश्यक ४० रोपनी जग्गामध्ये २६ रोपनी ८ आना १ पैसा २ दाम जग्गा अधिग्रहण गरी रु.१८ करोड ९९ लाख ९० हजार मुआब्जा भुक्तानी भएकोमा १३ रोपनी ३ पैसा क्षेत्रफलको जग्गा २०३५ सालको नापीको फिल्ड बुकमा त्रिभुवन राजपथको चौडाइ २५ मिटर रहेअनुसार सडकको अधिकार क्षेत्रभित्र पर्ने उल्लेख छ। तत्कालीन सरकारको २०५०।३।३ को निर्णय अनुसार उक्त जग्गा विभिन्न व्यक्तिको नाममा दर्ता भएकोले अधिग्रहण हुन सकेको छैन। खरिद सम्झौता पश्चात् निर्माणको चरणमा रहेको रोड साईड सर्भिस सेन्टरको कार्यपछि गराउँदा लाग्ने थप लागत सम्बन्धमा विश्लेषण नगरी जग्गा विवादको कारण जनाई आयोजनाले रु.१३ करोड ९३ लाख ६५ हजारको रोड साइट सर्भिस सेन्टरको कार्य हाल नगर्ने गरी बिल अफ क्वान्टिटीबाट हटाउने निर्णय गरेको छ। रोड साइड सर्भिस सेन्टर निर्माणको लागि अधिग्रहण गरेको जग्गाको उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

७४. **नयाँ आइटममा मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा सम्झौता बमोजिम काम सुरु गरिसकेपछि पूर्वानुमान नगरिएको परिस्थिति कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। आयोजना कार्यालयबाट जारी भएको दोस्रो भेरिएसन आदेशमा नयाँ थप भएका आइटममा मूल्य समायोजन नदिने निर्णय भएकोमा निर्णय विपरीत रु.९ करोड ८५ लाख ६४ हजार मूल्य समायोजन भुक्तानी गरेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

७५. **सुरुङ मार्ग सञ्चालन -** सुरुङ मार्ग निर्माण कार्यको अवधि २०८२।७।८ सम्म रहेको र २०८१ पौषसम्मको भौतिक प्रगति ८४ प्रतिशत रहेको छ। निर्माण कार्यपश्चात् भौतिक संरचनाको स्वामित्व रहने निकाय र सोको सञ्चालन मोडालिटी सम्बन्धमा कार्यविधि तयार गरेको छैन। सुरुङ मार्ग निर्माण कार्य सम्पन्न हुनु अगावै सो संरचना सञ्चालनको लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गर्नुपर्दछ।

गुणस्तर, अनुसन्धान तथा विकास केन्द्र

सडक विभागअन्तर्गतका डिभिजन तथा योजना कार्यालय र सार्वजनिक निर्माणसँग सम्बन्धित अन्य कार्यालयबाट निर्माण गरिने भौतिक संरचनाहरूको गुणस्तर परीक्षण सेवा उपलब्ध गराउन यस केन्द्रको स्थापना भएको छ।

७६. **परामर्श सेवा -** नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७५।५।९ को निर्णयबाट यस केन्द्रलाई सडक र नव प्रवर्तन (सुरुङ्ग तथा वैकल्पिक यातायात) सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने कार्य थप भएको छ। केन्द्रले २०७४।७५ देखि २०८०।८१ सम्म ३१ आयोजनाको सम्भाव्यता अध्ययन गरी रु.८ करोड ८९ लाख २५ हजार खर्च गरेको छ। केन्द्रबाट प्रत्येक वर्ष सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयारी कार्य हुने गरेकोमा उक्त योजनामा बजेट विनियोजन तथा कार्यान्यवन भएको देखिएन। सम्भाव्य देखिएका योजना वा कार्यक्रमको मात्र विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने र सोको अभिलेख अद्यावधिक गरी कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ।

७७. **फ्लाईओभर निर्माण -** ललितपुरको ग्वार्को चोकमा फ्लाईओभर निर्माणको लागि एक संयुक्त उपक्रमसँग २०८०।११।११ भित्र सम्पन्न गर्ने गरी २०७८।१०।२७ मा रु.१७ करोड ६ लाख ८८ हजारको खरिद सम्झौता भएको छ। निर्माण कार्य २०८१।९।८ सम्म सम्पन्न गर्ने गरी म्याद थप भएकोमा यो वर्ष चौथो रनिङ बिलसम्म रु.७ करोड ७७ लाख ३४ हजार भुक्तानी भई ७३.३७ प्रतिशत भौतिक प्रगति भएको छ। संशोधित कार्यतालिका अनुसार २०८१।९।८ सम्म सुपरस्ट्रक्चरसहितको ४ लेनको फ्लाईओभर निर्माण कार्यसम्पन्न गर्नुपर्नेमा सम्पन्न भएको देखिएन। कार्यतालिकाअनुसार निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

७८. **सुरुङ निर्माण -** पाल्पा जिल्लाको सिद्धबाबा खण्डमा १ हजार १२६ मिटरको सुरुङ, ७८० मिटरको ३ बाइपास सुरुङ तथा रक सेड र १ हजार ५०० मिटर डबल लेन सडक निर्माण गर्ने कार्य २०८३।११।२५ भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७८।११।२५ मा रु.७ अर्ब ३४ करोड २१ लाखको सम्झौता भएको छ। यो वर्ष साइट अफिस स्थापना तथा जनरल आइटमतर्फ बिमा, विस्तृत आयोजना प्रतिवेदन तयारी र ११ के.भी. विद्युतीकरण कार्य बापत रु.३३ करोड १४ लाख ९६ हजार र मुख्य तथा बाइपास टनेल निर्माणतर्फ रु.४८ कोड १८ लाख ३४ हजारसमेत ५ औ रनिङ बिलसम्मको रु.८१ करोड ३३ लाख ३१ हजार भुक्तानी गरेको छ। प्राविधिकको प्रतिवेदन अनुसार यो वर्ष मुख्य सुरुङ ८६९ मिटर, तीन वाइपास सुरुङ क्रमशः १५०, १५४.३ र १३० मिटर खन्ने काम भएको तथा स्लोप प्रोटेक्सन कार्य भइरहेको देखिन्छ। सम्झौता तथा कार्यतालिकाअनुसार निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

रेल विभाग

रेल सेवाको विकास र विस्तार गरी नेपालमा सुरक्षित, सुलभ र भरपर्दो रेल यातायात प्रणाली विकास गर्ने, रेल सेवासम्बन्धी अनुसन्धान र विकासको कार्य गर्ने, रेल सेवा विस्तार गर्न सम्भाव्य भएका ठाउँहरूको अध्ययन गर्ने उद्देश्यले २०६८ मा रेल विभागको स्थापना भई सो मातहत रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना सञ्चालनमा आएको छ। यो वर्ष विभाग तथा मातहतका निकायको लागि रु. ३ अर्ब ७७ करोड ९१ लाख बजेट विनियोजन भएकोमा रु.३ अर्ब ६९ लाख खर्च भएको छ।

७९. **समग्र प्रगति -** आयोजनाले तयार गरेको प्रतिवेदनअनुसार मेची-महाकाली १ हजार ३ किलोमिटर विद्युतीय रेल्वे ट्रयाक स्ट्याण्डर्ड गेजमा निर्माण गर्न आवश्यक पर्ने जग्गाको मुआब्जा र निर्माण कार्यमा करिब रु.१५ खर्ब लाग्ने संशोधित अनुमान भएकोमा यस वर्षसम्म रु.३३ अर्ब ४५ करोड (२.२३ प्रतिशत) खर्च भएको छ। आर्थिक वर्ष २०८०।८१ सम्म पूर्व-पश्चिम, काठमाडौँ-पोखरा-तराईलगायतका दक्षिणी सीमाबाट महत्त्वपूर्ण औद्योगिक, व्यापारिक केन्द्र र प्रादेशिक प्रशासनिक केन्द्रहरूलाई पूर्व-पश्चिम एवं काठमाडौँ-तराई रेल सञ्जालसँग आवद्ध गर्न ३४८ किलोमिटर रेलमार्ग स्तरोन्नति तथा ट्रयाक निर्माण गर्ने लक्ष्य रहेकोमा २०८१ असार मसान्तसम्म जनकपुर-जयनगरसम्म ५१ किलोमिटर र जोगबनी-बथनाहा-विराटनगर खण्डमा १० किलोमिटर रेलमार्ग निर्माण भएको छ। बर्दिबास-निजगढ खण्डको ७० किलोमिटरमध्ये ६५ किलोमिटर ट्रयाकबेड र १६ पुल निर्माण कार्य सम्पन्न भएको छ। काठमाडौँ उपत्यकाभित्र ७७ किलोमिटर मेट्रोरेलको सम्भाव्यता अध्ययन भएको छ। अन्तरदेशीय रेलमार्गको रूपमा जलपाइगुडी-काँकडभिट्टा, नौतनवा-भैरहवा, नेपालगन्ज रोड-नेपालगन्ज रेलमार्गको

निर्माण गरी रेलसेवा सञ्चालन गर्ने लक्ष्य रहेकोमा प्रगति भएको छैन। आवधिक योजनाको लक्ष्य र कार्यक्रमबिच तादत्म्यता कायम गरी लक्ष्य हासिल गर्नुपर्दछ।

८०. **रेलमार्गको सम्भाव्यता अध्ययन** - रसुवा जिल्लाको केरुङ नाकाबाट काठमाडौँसम्म ७२ किलोमिटर विद्युतीय रेलमार्ग निर्माण गर्नको लागि २०७५।३।७ मा नेपाल र चीनबिच समझदारी (एमओयु) भई चीन सरकारको सहयोगमा पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भई २०८३।३।९ सम्म सम्भाव्यता अध्ययनको कार्य सम्पन्न हुने उल्लेख छ। काठमाडौँ-पोखरा १६३.४६ किलोमिटर र कुरिनटार-लुम्बिनी रेलमार्ग १५७.६६ किलोमिटरको प्रारम्भिक अध्ययन प्रतिवेदन तयार भई क्रमशः रु.३ खर्ब ८५ अर्ब र रु.३ खर्ब १३ अर्ब लागत लाग्ने अनुमान भएको छ।

वीरगन्जदेखि काठमाडौँसम्म १४०.७९ किलोमिटर विद्युतीय रेलमार्ग निर्माणको लागि भारतीय सरकारको सहयोगमा फाइनल लोकेसन सर्भे सम्पन्न भई प्राप्त प्रारम्भिक प्रतिवेदनअनुसार रेलमार्ग निर्माण कार्यको लागत रु.३ खर्ब ८३ अर्ब लाग्ने अनुमान रहेकोमा हालसम्म निर्माण मोडालिटी तयार भएको छैन।

८१. **पूर्वपश्चिम रेलमार्ग** - झापाको काकडभिट्टादेखि कञ्चनपुरको गड्डाचौकीसम्म ९२४.९४ किलोमिटर र लिङ्कमार्गहरूसमेत १ हजार ३ किलोमिटर विद्युतीय रेलमार्ग निर्माणको लागि २०६५।६६ मा आयोजनाको सुरुवात भएकोमा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएको छ। अध्ययन प्रतिवेदन बमोजिमको २०७६ सालको लागत अनुमानअनुसार कुल लागत रु.९ खर्ब ५५ अर्ब २२ करोड रहेकोमा २०८०।८१ सम्ममा करिब रु.१५ खर्ब पुगेको छ। यो आयोजना २०८६।८७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ६५ किलोमिटरमा ट्रयाकबेड तथा १६ पुल निर्माण सम्पन्न भएको छ। यस वर्षसम्म १ हजार ३७० बिघा जग्गा अधिग्रहणको लागि सूचना प्रकाशित भएकोमा ५५३ बिघा जग्गा प्राप्त गरेको छ। आयोजनामा हालसम्म रु.३३ अर्ब ४५ करोड खर्च भएको छ। उपयुक्त लगानी मोडलको सुनिश्चितता नहुनु, जग्गा प्राप्तिमा रहेका समस्या, रेलसम्बन्धी जनशक्तिको अभावलगायतका समस्याका कारण आयोजनाको समय र लागत बढ्दै जाने अवस्था देखिएको छ। लगानी मोडालिटी तय गरी समयमै आयोजना सम्पन्न गर्नुपर्दछ।

८२. **काठमाडौँ मेट्रोरेल** - काठमाडौँ उपत्यकामा सर्वसुलभ र वातावरणमैत्री सार्वजनिक यातायात सञ्चालन गर्न सातदोबाटो-रत्नपार्क-नारायणगोपालचोक खण्ड, कीर्तिपुर-कालिमाटी-नयाँबानेश्वर-एयरपोर्ट खण्ड, स्वयम्भु-डिल्लीबजार-बौद्ध खण्ड, कोटेश्वर-चाबहिल-स्वयम्भु-सातदोबाटो-कोटेश्वर खण्ड, धोबीघाट-सिंहदरबार-नक्साल गोङ्गबु खण्डमा ७७ किलोमिटर रेलमार्ग निर्माण गर्ने गरी रु.४ खर्ब ७० अर्बको लागत अनुमानमा २०६८।६९ मा आयोजना सुरु गरी २०८७।८८ मा सम्पन्न गर्न सन् २०१२ मा विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ। आयोजनाको लागि जग्गा प्राप्ति र मुआब्जामा समस्या, स्रोत व्यवस्थापन र निर्माण तथा सञ्चालनको मोडालिटी तयार नहुँदा आयोजना कार्यान्वयन हुन सकेको छैन। विभागले सरोकारवाला निकायहरूसँग समन्वय गर्दै आयोजना कार्यान्वयनको मोडालिटी तय गरेर आयोजना सञ्चालन गर्नुपर्दछ।

८३. **जग्गा प्राप्ति र मुआब्जा** - जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा भुक्तानी गर्नुपर्दछ। मुआब्जा वितरणको लागि जिल्ला प्रशासन

कार्यालय झापा, सुनसरी, मोरङ, धनुषा सर्लाही, महोत्तरी र रौतहटलाई यो वर्ष रु.८७ करोड ९५ लाखसमेत २०८१ आषाढ मसान्तसम्म रु.८ अर्ब ४६ करोड ६५ लाख ९२ हजार पेस्की उपलब्ध गराएकोमा रु.३ अर्ब ९३ करोड ७ लाख ९० हजार फर्स्यौंट भई रु.४ अर्ब ५२ करोड ७० लाख ८ हजार बाँकी रहेको छ। जिल्ला प्रशासन कार्यालयहरूले सो रकम विविध खातामा मौज्दात राखेको देखिन्छ। उक्त रकम सञ्चितकोष दाखिला हुनुपर्दछ।

८४. **परामर्श सेवा** - यो वर्ष रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना कार्यालयबाट मेची महाकाली विद्युतीय रेल्वे लाइनअन्तर्गत निजगढ-हेटौंडा-भरतपुर खण्डको विस्तृत इन्जिनियरिङ सर्भे, डिजाइन र विस्तृत परियोजना प्रतिवेदन तयारी कार्यका लागि एक परामर्शदातालाई रु.२८ करोड ८ लाख ९१ हजार भुक्तानी भएको छ। बारा जिल्लाको सिमरादेखि पर्सा वन्यजन्तु आरक्ष र चितवन राष्ट्रिय निकुञ्ज हुँदै नवलपरासीको तमसरियासम्म विस्तृत आयोजना प्रतिवेदन तयार गरी २०७१।७२ मा एक परामर्शदाता कम्पनीलाई रु.३३ करोड ४२ लाख भुक्तानी दिएकोमा सो रूटमा निकुञ्ज र आरक्ष परेको जनाई खारेज गरेको देखिन्छ। सो रूटको विकल्पको रूपमा निजगढ-हेटौंडा-भरतपुर रूटको सम्भाव्यता अध्ययन गरी २०७२।७३ मा एक परामर्शदातालाई रु.१० करोड ८ लाख भुक्तानी गरेको छ। वन तथा वातावरण मन्त्रालयको सहमतिबेगर वन्यजन्तु आरक्ष र निकुञ्ज क्षेत्रमा रूट कायम हुने गरी विस्तृत परियोजना प्रतिवेदन तयारीमा विगतमा खर्च भएकोले नेपाल सरकारलाई थप व्ययभार परेको छ।

८५. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख)मा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गर्नुपर्ने र सोहीअनुसार सम्झौतामा उल्लेख गरी मूल्य समायोजन भुक्तानी हुनुपर्ने उल्लेख छ। भेरिएसनबाट थप भएका नयाँ आइटममा नयाँ दर कायम गरी सम्झौता गरेको अवस्थामा पुरानै मूल्यसूची प्रयोग गरी मूल्य समायोजन भुक्तानी गर्न मिल्ने देखिँदैन। रेल योजना कार्यालय सर्लाहीले भेरिएसनबाट थप भएका २ ठेक्काका नयाँ आइटममा पुरानै दरमा मूल्य समायोजन इन्डेक्स प्रयोग गरी रु.६० लाख ७४ हजार मूल्य समायोजन बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

यातायात व्यवस्था विभाग

यस विभागले नेपालमा आयात भएका सवारीसाधनको दर्ता, नवीकरण, खारेजी, सडक इजाजतपत्र, सवारीचालक अनुमतिपत्रको व्यवस्थापनमा सङ्घीय सरकारको तर्फबाट समन्वय, नियमन र व्यवस्थापन गर्दछ। यो वर्ष विभाग तथा मातहतका ५ सवारी परीक्षण कार्यालयको लागि रु.१ अर्ब ३४ करोड ४३ लाख बजेट विनियोजन भएकोमा रु.२९ करोड ३४ लाख ९७ हजार खर्च भएको छ।

८६. **अधिकार क्षेत्र** - नेपालको संविधानको अनुसूचीमा उल्लेख भएबमोजिम सङ्घको अधिकार क्षेत्रभित्र राष्ट्रिय यातायात नीति र राष्ट्रिय लोकमार्गको व्यवस्थापन, प्रदेशको अधिकार क्षेत्रभित्र प्रदेश लोकमार्ग र स्थानीय निकायको अधिकार क्षेत्रभित्र स्थानीय सडक, ग्रामीण सडक र कृषि सडक रहेको छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३(घ) ले यातायात व्यवस्था विभागलाई सार्वजनिक यातायातको भाडा निर्धारण गर्ने अधिकार दिएकोमा प्रदेश सरकारको सवारी तथा यातायात व्यवस्था ऐनमा प्रदेशस्तरमा सार्वजनिक सवारीको रूट निर्धारण गर्ने, भाडा निर्धारण गर्ने व्यवस्था

गरेको छ। सङ्घीय यातायात कानुन निर्माण गरी कार्यक्षेत्रमा रहेको दोहोरोपना हटाउने तथा सोबमोजिम प्रदेश र स्थानीय तहबाट हुने कार्यको कानुनी स्पष्टता हुनुपर्दछ।

८७. **विद्युतीय सवारी दर्ता प्रणाली -** विभागले सवारीसाधनहरूको एकीकृत तथ्याङ्क प्रणाली स्थापना गर्नका लागि विद्युतीय सवारी दर्ता प्रणाली तयार गरी विगत वर्षमा नै कार्यान्वयनमा ल्याएको देखिन्छ। यातायात व्यवस्था कार्यालय ३१ तथा सेवा केन्द्र २१ रहेकोमा यो वर्ष २१ कार्यालय तथा सेवा केन्द्रमा प्रणाली जडान भएकोमा १३ कार्यालय तथा सेवा केन्द्रमा मात्र सञ्चालनमा आएको छ। बागमती प्रदेशअन्तर्गतका ९ यातायात व्यवस्था कार्यालयमा प्रदेशले आफ्नै यातायात व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको देखिन्छ। सूचना प्रणालीको विकास, विस्तार र उपयोग गर्दा तहगत समन्वय नभएकोले सवारीसाधनसम्बन्धी तथ्याङ्कहरू एकीकृत हुन सकेको छैन। सफ्टवेयर निर्माणमा हुने खर्चमा मितव्ययिता ल्याउन तथा निर्मित संरचनालाई पूर्ण उपयोगमा ल्याउन आवश्यक समन्वय हुनुपर्दछ।

८८. **इम्बोस्ड नम्बर प्लेट-** विभागले २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न एक सेवा प्रदायकसँग २०७४।२।१७ मा ५ वर्षभित्रमा सम्पन्न गर्ने गरी अमेरिकी डलर ४ करोड ३७ लाख ८८ हजारको खरिद सम्झौता गरेकोमा २०८२।८।११ सम्म म्याद थप भई यस वर्षसम्म रु.९२ करोड ६२ लाख ५९ हजार भुक्तानी भएको छ। यस वर्षसम्म ५ लाख ९२ हजार ८०९ थान नम्बर प्लेट छपाइ भई आपूर्ति भएकोमा प्रदेश सरकार मातहतका यातायात कार्यालयबाट ६३ हजार २८९ थान जडान भएको छ। विभागले २०७८।७।२२ मा राजपत्रमा सूचना प्रकाशन गरी नयाँ सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिर्वाय रूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने व्यवस्था गरेको र २०७९।७।२८ देखि सबै सरकारी सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्य गरे तापनि सो व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएको देखिएन।

खरिद सम्झौतामा काठमाडौं उपत्यकामा पाँच र उपत्यका बाहिर पाँचसमेत दश स्थानमा इम्बोस्ड नम्बर प्लेट जडित सवारीसाधनको अनुगमन तथा निरीक्षण गर्नका लागि रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेसन गेट जडान गर्ने उल्लेख छ। सेवा प्रदायक कम्पनीले काठमाडौंको नागार्जुन र नागढुङ्गामा गेट निर्माण गरेको छ। ठेक्काको सुरु म्याद पाँच वर्ष समाप्त भई थप भएको दुई वर्षसमेत समाप्त भइसक्दासमेत कार्यसम्पन्न भएको छैन। सम्झौताअनुसार गेट निर्माण गरी इम्बोस्ड नम्बर प्लेट जडान भएका सवारीसाधनको अनुगमन गर्नुपर्दछ।

८९. **इम्बोस्ड नम्बर प्लेट जडान शुल्क -** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ४(४) मा सवारी दर्ता गराउँदा दिइने नम्बर प्लेट इम्बोस्ड गरिएको हुनुपर्ने, सवारीसाधनमा उपनियम ४ वमोजिम इम्बोस्ड गरिएको नम्बर प्लेट जडान गर्दा लाग्ने दस्तुर अनुसूची ६क मा उल्लेख भएबमोजिम हुने व्यवस्था छ। उक्त अनसूचीमा इम्बोस्ड नम्बर जडानबापत ठुला सवारीसाधनको रु.३ हजार ६००, मझौला तथा साना चार पाङग्रे सवारीको रु.३ हजार २००, साना तीन पाङग्रे सवारीसाधनको रु.२ हजार ९०० र साना दुई पाङग्रे सवारीको रु.२ हजार ५०० दस्तुर लाग्ने उल्लेख छ। सवारी दर्ता तथा नवीकरणको लागि दस्तुर लिएको अवस्थामा सोही

आधारमा नम्बर प्लेट जडान हुनुपर्नेमा इम्बोस्ड गरिएको नम्बर प्लेट जडानको लागि खरिद लागत भन्दा ४४ देखि ६५ प्रतिशत सम्म बढी मूल्यमा दस्तुर निर्धारण गरेको छ। इम्बोस्ड जडानबाट प्राप्त हुने लाभ तथा प्रतिफलको सुनिश्चितता नगरी लागतभन्दा बढी दरमा दस्तुर निर्धारण गर्दा सेवाग्राही इम्बोस्ड जडानमा उत्प्रेरित हुन नसकेको र कार्यक्रम सुरु भएको १० वर्षमा २.५ प्रतिशत सवारीसाधनमा मात्र जडान भएको देखिन्छ।

९०. **सवारीचालक अनुमतिपत्र -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को परिच्छेद-४ मा रहेको सवारीचालक अनुमतिपत्रसम्बन्धी व्यवस्थाबमोजिम विभागबाट अनुमतिपत्रहरूको छपाइ, वितरण तथा तथ्याङ्क भण्डारणसम्बन्धी कार्यहरू भइरहेका छन्। विभागले एक विदेशी कम्पनीसँग २०८०।५।१८ भित्र १२ लाख स्मार्ट कार्ड आपूर्ति गर्ने गरी २०७९।११।१० मा अमेरिकी डलर १४ लाख ९८ हजारको सम्झौता गरेकोमा सम्झौता अवधिभित्र कार्ड आपूर्ति हुन नसकी तेस्रो पटक २०८१।३।३१ सम्म म्याद थप गरेको छ। उक्त अवधिभित्र १२ लाख कार्ड आपूर्ति भएकोमा अत्यावश्यक र विदेश जाने प्रयोगकर्ताहरूको ४ लाख स्मार्ट कार्ड छपाइ गरी ८ लाख मौज्दात रहेको देखिन्छ। यस वर्षसम्म २५ लाख ७१ हजार स्मार्ट कार्ड छपाइ गर्न बाँकी रहेकोमा ८ लाख कार्ड मात्र मौज्दातमा रहेकाले १७ लाख ७१ हजार कार्ड नपुग हुने अवस्था छ। यो वर्ष १५ लाख स्मार्ट कार्ड र एक थान मास प्रिन्टर खरिद गर्न रु.३० करोड विनियोजन भएकोमा सो कार्य हुन सकेको देखिएन। माग अनुसार कार्डको आपूर्ति नहुँदा सेवा प्रवाहमा समेत असर परेको देखिन्छ।

प्रदेश सरकार मातहतका कार्यालयहरूबाट सवारीचालक अनुमतिपत्र जारी तथा नवीकरण सम्बन्धी कार्य हुँदै आएको छ। प्रदेश सरकार अन्तर्गत कार्ड छपाइसम्बन्धी पूर्वाधार नभएकोले प्रदेश कार्यालयहरू विभागमाथि निर्भर रहेको हुँदा तोकिएको समयमा सवारीचालक अनुमतिपत्र जारी हुन सकेको छैन। सवारीचालक अनुमतिपत्र प्रभावकारी रूपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

नेपाल पानीजहाज कार्यालय

वैकल्पिक यातायातको विकास एवं आन्तरिक र समुद्रसम्म जल यातायात एवं समुद्रमा नेपाली पानी जहाज सञ्चालन गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल पानीजहाज दर्ता ऐन, २०२७ बमोजिम २०७५।११।२ मा जल यातायातको पूर्वाधार विकास, पानीजहाज तथा डुङ्गा दर्ता र सञ्चालन व्यवस्थापन तथा नियमन गर्ने प्रमुख जिम्मेवारी तोकी यस कार्यालयको स्थापना भएको हो। कार्यालयलाई यो वर्ष रु.४ करोड ९६ लाख बजेट विनियोजन भएकोमा रु.१ करोड ९८ लाख खर्च गरेको छ।

९१. **नीति तथा कार्यक्रम कार्यान्वयन -** पन्ध्रौं योजनामा तेस्रो मुलुकसँग हुने वैदेशिक व्यापारका लागि जल यातायात सञ्चालनको माध्यमबाट समुद्रसम्मको पहुँचमा सहजता ल्याउन आन्तरिक तथा समुद्रसम्म पहुँचको लागि सम्भाव्यता अध्ययनको आधारमा जलयातायातको विकास र विस्तार गर्ने, जल यातायातको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने उल्लेख छ। कार्यालय स्थापना भएको ६ वर्षसम्म पनि जलयातायात विकास र विस्तार गर्न आवश्यक पर्ने कानुन तर्जुमा तथा कार्य योजना

तयार गरेको छैन। कानुनी तथा संरचनागत पूर्वाधार तयार गरी स्पष्ट मार्गचित्रसहित आर्थिक तथा प्राविधिक दृष्टिले सम्भाव्य कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

हुलाकी राजमार्ग निर्माण अवस्था

मध्य तराईका स्थानीय बस्तीलाई सडक सञ्जालसँग जोड्ने उद्देश्यका साथ नेपाल सरकारले भारत सरकारको सहयोगमा हुलाकी राजमार्ग निर्माण कार्य प्रारम्भ गरेको देखिन्छ। हुलाकी राजमार्ग निर्माणका लागि भारत सरकारले सन् २००२ मा सहयोग गर्ने सैद्धान्तिक सहमति दिएको थियो। बृहत् पूर्वाधार निर्माणमार्फत आर्थिक समाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णयानुसार २०६८।६९ मा तराई-मधेशमा निर्वाध आवागमन र सामाजिक आर्थिक गतिविधिमा विस्तार हुने भएकोले यस आयोजनालाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यान्वयनमा ल्याएको छ। राणाकालीन समय देखि नै सरकारी चिट्ठीपत्र एवं कागजात ओसारपसार गर्ने प्रयोजनका लागि तराई-मधेशको पूर्वमा झापाको भद्रपुरदेखि पश्चिममा कञ्चनपुरको दैजीसम्म प्रयोगमा आएको सडकलाई राजमार्गको रूपमा विकास गर्ने परिकल्पनाबमोजिम यो आयोजना कार्यान्वयनमा आएको हो। यस आयोजनाको मुख्य उद्देश्य तराई-मधेसका जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्दै यातायातको सहज पहुँच विस्तार गरी यस क्षेत्रको सन्तुलित विकास गर्नु रहेको छ। आयोजनाको प्रारम्भिक अनुमानअनुसार १ हजार ६६३ किलोमिटर कालोपत्रे सडक र १२५ पुल निर्माण कार्य २०७७।७८ सम्म सम्पन्न हुने लक्ष्य राखिएकोमा संशोधित लागत अनुमानअनुसार १ हजार ८५७.४२ किलोमिटर कालोपत्रे सडक तथा ३०० वटा पुल सहितको यातायात पूर्वाधार २०८३।८४ सम्म निर्माण गर्ने लक्ष्य रहेको देखिन्छ। यो वर्ष हुलाकी राजमार्ग निर्माण अवस्था बारे कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

राष्ट्रिय तथा स्थानीय आवश्यकताअनुसार राष्ट्रिय गौरवको आयोजनाको रूपमा हुलाकी राजमार्ग आयोजना छनोट गरी कार्यान्वयनमा ल्याइएको छ। हालसम्म पूर्व-पश्चिम र उत्तर-दक्षिण गरी १ हजार २५९.६८ किलोमिटर सडक कालोपत्रे भएको तथा १४२ पुल/कल्भर्ट निर्माण सम्पन्न भई पूर्वाधार तथा स्थानीय यातायातमा सहज पहुँच विस्तार भएको छ। व्यापार, कृषि, तथा औद्योगिक क्षेत्रको प्रवर्द्धन गर्दै स्थानीय उत्पादन बजारसम्म पुऱ्याउने तथा अन्तर्राष्ट्रिय व्यापार सहज बनाउने कार्य भएको छ। यातायात र बजारको सहज पहुँच नभएको क्षेत्रका जनतालाई स्वास्थ्य, शिक्षा, तथा पर्यटनमा पहुँच वृद्धि गर्दै जीवनस्तरमा सकारात्मक परिवर्तन गर्न यसले सहयोग पुऱ्याएको छ। साथै सीमावर्ती क्षेत्रमा व्यापार तथा सांस्कृतिक सम्बन्ध मजबुत गर्न यस आयोजनाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

९२. **समय र लागत वृद्धि** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९मा स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। यो आयोजना २०६४।६५ मा

सुरु भई २०७९।८० मा सम्पन्न हुने अनुमान गरेकोमा संशोधित कार्यतालिकाअनुसार २०८३।८४ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजनामा २०६६।६७ देखि २०८०।८१ सम्म रु.७३ अर्ब ७३ करोड विनियोजन भएकोमा रु.६४ अर्ब ८७ करोड (८७.९८ प्रतिशत) खर्च भएको छ। उक्त खर्च संशोधित लागत अनुमानको ६३.८२ प्रतिशत रहेको छ। आयोजनाको प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा पहिलो संशोधित लागत अनुमान रु.६५ अर्ब २४ र दोस्रो संशोधित लागत अनुमान रू.१ खर्ब १ अर्ब ६३ करोड रहेको छ। यसरी आयोजनाको प्रस्तावित संशोधित लागत शुरू लागत अनुमानको तुलनामा २१५.१४ प्रतिशतले तथा पहिलो संशोधित लागतको तुलनामा १५५.७८ प्रतिशतले वृद्धि भएको देखिन्छ। निर्धारित अवधिभित्र आयोजना सम्पन्न नभएका कारण लागतमा समेत वृद्धि भएको देखिन्छ।

९३. **आयोजना सञ्चालन** - नेपाल र भारत सरकारबिच पहिलो चरणमा तराई क्षेत्रको ६०७ किलोमिटर सडक पूर्वाधारको स्तरोन्नतिका लागि १५ जनवरी, २०१० मा समझदारी भएको देखिन्छ। सो समझदारीअनुसार ५ प्याकेजमा ६०७ किलोमिटर सडक निर्माण गर्ने गरी भारत सरकारबाट भारतीय निर्माण व्यवसायीहरूसँग ठेक्का सम्झौता भएकोमा प्याकेज १ अन्तर्गत सती-भजनी-धनगढी सडक खण्डको ६१.२ मध्ये ४० किलोमिटर, लम्की-टीकापुर-खक्रौलघाट सडक खण्डको २७ किलोमिटर समेत ६७ किलोमिटर सडक स्तरोन्नति भएको र सम्झौताको शर्त नं. ६ बमोजिम आयोजना पूर्वको तयारी सम्पन्न हुन नसक्दा बाँकी सबै ठेक्का रद्द भएको देखिन्छ। उक्त समझदारीअनुसार निर्माण हुन बाँकी ५१८.०५ किलोमिटर सडक स्तरोन्नति कार्य गर्न भारत सरकारले रु.८ अर्ब अनुदान दिने र निर्माण कार्य नेपाल सरकारबाटै गर्ने गरी २० फेब्रुअरी, २०१६ मा दुई सरकारबिच अर्को समझदारी भएको देखिन्छ। उक्त समझदारीको मुख्य शर्तमा ६ मिटर भन्दा लामो पुल निर्माण गर्ने, १५ मिटर राइट अफ वे निर्धारण, ठेक्का पूर्व ९० प्रतिशत जग्गा अधिग्रहण र मुआब्जा वितरणको विषय निर्धारण गर्ने र सो सम्बन्धमा मध्यस्थता, अन्तर निकाय समन्वय, ठेक्का व्यवस्थापन नेपाल पक्षबाट हुने उल्लेख छ।

९३.१ सम्झौताअनुसार २९९.२५ किलोमिटर सडक निर्माण गर्ने उल्लेख भएकोमा संशोधित विवरणअनुसार ३०६.१५ किलोमिटर सडक निर्माणका लागि १४ प्याकेजमा १० सडक खण्डको खरिद सम्झौता भई २९६.५८ किलोमिटर कालोपत्रे सडक निर्माण भएको देखिन्छ। सम्झौताअनुसार पूर्व-पश्चिम ८६.०२ किलोमिटर र उत्तर-दक्षिण २१०.५६ किलोमिटर सडक निर्माण भएको छ। जग्गा अधिग्रहण, मुआब्जा मूल्याङ्कन तथा वितरणसम्बन्धी विवादलगायतका कारण जनकपुर क्षेत्रमा २.७६ किलोमिटर र वीरगञ्ज खण्डमा ६.०१ किलोमिटर सडक निर्माण हुन सकेको छैन। निर्देशनालयले विवादित स्थानहरूमा पुनः ठेक्का व्यवस्थापन गर्ने गरी ९ ठेक्का फरफारक गरेको छ भने ५ ठेक्काको अन्तिम बिल भुक्तानी गर्न बाँकी रहेको छ। यसरी खरिद सम्झौता पूर्व गर्नुपर्ने तयारीका कार्यहरू नहुँदा निर्माण कार्यमा अवरोध आउने, आयोजनाको समय तथा लागतमा वृद्धि हुने तथा कार्यमा दोहोरोपना हुनेलगायत समस्या देखिने भएकोले पूर्व तयारी गरेर मात्र निर्माण कार्य गर्नुपर्दछ।

९३.२ हुलाकी राजमार्ग निर्देशनालय अन्तर्गत नेपाल सरकार र भारत सरकारबिच रु. ८ अर्बको सम्झौता भई निर्माण कार्य सञ्चालनमा रहेको छ। उक्त कार्यको २०८०।८१ सम्म रु.९ अर्ब ३५ करोड ७४ लाख खर्च भएकोमा भारत सरकारको अनुदानबाट रु.७ अर्ब ९१ करोड २९ लाख र नेपाल सरकारको

स्रोतबाट रु.१ अर्ब ४४ करोड ४५ लाख भुक्तानी भएको छ। यसका अतिरिक्त केही निर्माण कार्यको त्रुटि सच्याउने अवधिको भुक्तानी, अन्तिम बिल, परामर्शदाताको पारिश्रमिक र कर समेत थप दायित्व रु.६५ करोड ९६ लाख भुक्तानी हुन बाँकी देखिन्छ। सोमध्ये भारत सरकारबाट बेहोर्नुपर्ने रु.६४ करोड ३५ लाख र नेपाल सरकारबाट बेहोर्नुपर्ने रु.१ करोड ६१ लाख रहेको छ।

९४. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा दातृपक्षसँगको सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट बेहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु परेमा खरिद गर्न सक्ने व्यवस्था छ। आयोजनाको २० फेब्रुअरी, २०१६ को समझदारीको शर्त नं. २.१ अनुसार २०७३।५।३१ मा सडक विभाग र राष्ट्रिय राजमार्ग एवं संरचना विकास निगम लिमिटेड, नयाँ दिल्ली (एन.एच.आई.डी.सी.एल.) बिच परामर्श सेवा सम्बन्धी समझदारी भएको देखिन्छ। परामर्श सेवा सम्बन्धी सम्झौताको शर्त नं. ४ अनुसार परामर्शदाताको पारिश्रमिक कुल लागत अनुमान वा सडक निर्माण कार्यको ठेक्का अङ्कमध्ये जुन कम हुन्छ सो रकमको ८ प्रतिशत हुने र शर्त नं. ४.४ मा परामर्श सेवाको अवधि, बोलपत्र स्वीकृति र खरिद सम्झौताका लागि २ महिना, निर्माण अवधिको सुपरिवेक्षणका लागि ३० महिना तथा त्रुटि सच्याउने अवधिमा निरीक्षणका लागि २५ महिनासमेत ५७ महिना हुने उल्लेख छ। उक्त समझौताअनुसार २०७३ कार्तिक मसान्त अर्थात् २ महिनाभित्र सबै खरिद सम्झौता हुनुपर्नेमा १८ महिना पछि खरिद सम्झौता भएको देखिन्छ। यसरी सम्झौताको कार्यतालिकाअनुसार काम नहुँदा २०७७।७८ भित्र सम्पन्न हुनुपर्ने निर्माण कार्य सम्पन्न नभएकोले २०८०।८१ सम्म परामर्शदाताको म्याद थप भएको देखिन्छ।

९५. **आयोजनाको पूर्वतयारी -** आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८० को बुँदा नं. ५ मा सम्बन्धित मन्त्रालय वा कार्यान्वयन निकायबाट आयोजना छनोट पूर्वको तयारीमा आयोजनाको आवश्यकता, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना अध्ययन प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण, खरिद गुरुयोजना तयारी, जग्गा अधिग्रहण लगायतको विषय स्वीकृत भई राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा सम्पूर्ण विवरण रीतपूर्वक प्रविष्टि गरी प्रमाणित भएको हुनुपर्ने व्यवस्था छ। आयोजना छनोट पूर्वका तयारी सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम छन्:

९५.१ वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा प्रारम्भिक वातावरणीय जाँच वा वातावरण प्रभाव मूल्याङ्कन स्वीकृत गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयबाट ठेक्का व्यवस्थापन भई सञ्चालनमा रहेका ठेक्का प्याकेजहरूमा निर्माण कार्य प्रारम्भ भई लामो समय व्यतीत हुँदा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत भएको देखिएन। यस सडक आयोजनाको विभिन्न सडक खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन गराउनुपर्नेमा सो सडक खण्ड र सोभित्र पर्ने केही पुलहरूको ठेक्कागत रूपमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गरेको पाइयो। राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजनाको रूपमा सञ्चालित यस आयोजना क्षेत्रमा जैविक विविधताका साथै वनस्पति तथा वन्यजन्तुको अधिकता रहेको तथा कार्यन्वयनबाट चुरे श्रृङ्खलाको पारिस्थितिक प्रणालीमा पर्ने असर र प्रभावको विस्तृत मूल्याङ्कन गरेको छैन। समयमै वातावरणीय प्रभाव मूल्याङ्कन गरी विकास निर्माणका कार्य सञ्चालन गर्नुपर्दछ।

९५.२ जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा भुक्तानी गर्नुपर्दछ। सडक क्षेत्र भित्रका घर, टहरा तथा जग्गालाई हुलाकी राजमार्ग आयोजनाको स्वामित्वमा ल्याउने सम्बन्धमा योजना कार्यालयहरूले मुआब्जा वितरणको निमित्त जिल्ला प्रशासन कार्यालयहरूलाई पेश्की उपलब्ध गराई मुआब्जा वितरण गरेको देखिन्छ। आयोजना निर्देशनालयबाट प्राप्त विवरणअनुसार रु.५ अर्ब १७ करोड मुआब्जा वितरण गर्नुपर्नेमा यो वर्षसम्म रु.२ अर्ब ६७ करोड वितरण भएको छ। जग्गा प्राप्तिलगायतका प्रक्रिया पूरा गरी निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नुपर्दछ।

९५.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम ३ मा सार्वजनिक निकायले निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवालगायतका भौतिक संरचना हटाउने तथा मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नुपर्नेमा सोको लागि बजेट सुनिश्चितता नभई निर्माण कार्यको ठेक्का बन्दोबस्त गर्न नहुने उल्लेख छ। योजना कार्यालय जनकपुरअन्तर्गत चालु अवस्थामा रहेका २५ खरिद सम्झौतामध्ये १२ सम्झौतामा ३५ वटा मुद्दा रहेका छन्। सडक निर्माणको लागि खरिद सम्झौतापश्चात् जग्गा प्राप्तिको काम गर्दा निर्माण व्यवसायीले लिएको पेस्की रकमको सदुपयोग नहुनुका साथै निर्माण व्यवसायीले कार्यस्थल उपलब्ध नगराएको भनी क्षतिपूर्ति माग दाबी गरेको देखिन्छ। स्थानीय जग्गाधनीले सरकारी दररेटमा मुआब्जा लिन असहमति जनाउँदै विवाद सिर्जना गर्ने प्रवृत्तिले निर्माण कार्यमा ढिलाइ हुन पुगेको छ। मुआब्जा, क्षतिपूर्ति तथा निर्माणस्थलसम्बन्धी विवाद भएका कारण आयोजनाको निर्माण अवधि लम्बिएको तथा लागतमा वृद्धि भएको छ। विवाद समाधानका लागि सरोकारवालाबिच समन्वय गरी खरिद सम्झौता कार्यान्वयन गर्नुपर्दछ।

९५.४ योजना कार्यालय, वीरगन्जअन्तर्गतको ठोरी-माडी (१७ किलोमिटर) सडक राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र परेका कारण योजनाले लक्षित समय अवधिभित्र सडक रेखाङ्कन गरे पनि वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नहुँदा सडक निर्माण भएको छैन। त्यस्तै रियुदेखि जगतपुर (६ किलोमिटर) नयाँ रेखाङ्कनअनुसार विस्तृत आयोजना प्रतिवेदन तयारीलगायतको प्रक्रिया अगाडि बढाउने कार्य भएको छैन। जगतपुर-बहुवन ३८ किलोमिटर सडक खण्ड निकुञ्ज क्षेत्रभित्र परेको कारण वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत हुन नसकी निर्माण कार्य हुन सकेको छैन। योजना कार्यालय कपिलवस्तुअन्तर्गत दुम्किबास-त्रिवेणी खण्डको २० किलोमिटर सडकको विस्तृत आयोजना प्रतिवेदन तयार भए पनि वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भएको छैन। त्यस्तै दाङ-बाँके खण्डको ५७ किलोमिटर विस्तृत आयोजना प्रतिवेदन लगायतका काम सम्पन्न भए पनि वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नहुँदा २५ किलोमिटर ट्रयाक खोले पनि अन्य निर्माण कार्य भएको छैन। कञ्चनपुरको बेलौरीमा नेपाल-भारत सीमा विवादका कारण १ हजार ४०० मिटर सडक निर्माणमा अवरोध रहेको छ। सरोकारवाला निकायबिच समन्वय र सहकार्य नहुँदा आयोजनाहरू समयमा सम्पन्न नहुनुका साथै थप व्ययभार परेको छ। आयोजनाको सफल कार्यान्वयनका लागि तालुक निकायहरूले समन्वय र सहकार्य गर्नुपर्दछ।

९६. **सडक निर्माण** - हुलाकी राजमार्गको कुल लम्बाइ १ हजार ८५७ किलोमिटरमध्ये पूर्वदेखि पश्चिम तर्फको लम्बाइ ९७५ किलोमिटर, उत्तरदेखि दक्षिण सहायक सडकहरूको लम्बाइ ८१७ किलोमिटर र थप तीन सडकहरूको लम्बाइ ६५ किलोमिटरसमेत सहायक सडकको कुल लम्बाइ ८८२ किलोमिटर

रहेको छ। सोमध्ये नेपाल-भारत द्विपक्षीय सहयोगमा २९६ किलोमिटर, एसियाली विकास बैङ्क (एडीबी) को सहयोगमा ६५ किलोमिटर, ६ लेन सडक अन्तर्गत १२ किलोमिटर समेत ३७४ किलोमिटर कालोपत्रे सम्पन्न भएको छ। राजमार्गको पूर्व-पश्चिम लम्बाइ ९७५ किलोमिटर मध्ये लौकही- कोशी ब्यारेज १७ किलोमिटर र कोशी ब्यारेज - भारदह ६ किलोमिटर गरी २३ किलोमिटर महेन्द्र राजमार्गमा पर्दछ। राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनसम्बन्धी अन्योलले गर्दा १६२ किलोमिटर सडकको ठेक्का व्यवस्थापन हुन सकेको छैन। सम्पूर्ण सडक खण्डमध्ये कुल १ हजार ४६० किलोमिटर सडक निर्माण गर्नुपर्नेमा २०८०।८१ सम्म ८६२ किलोमिटर (५९ प्रतिशत) सडक निर्माण सम्पन्न भई ५९७ किलोमिटर निर्माण हुन बाँकी रहेको छ। योजना कार्यालयहरूबाट १४ वर्षमा प्रतिवर्ष ६१ किलोमिटरको दरले कालोपत्रे सडक निर्माण भएकोले निर्माण कार्य पूर्वनिर्धारित योजनाअनुसार गर्नुपर्दछ।

९७. **वार्षिक लक्ष्य तथा प्रगति -** आयोजनाको २०७८।७९ देखि २०८०।८१ सम्मको लक्ष्य/प्रगति विवरणअनुसार ३ वर्षमा योजना कार्यालयहरूबाट ६६ प्रतिशत मात्र प्रगति भएको छ। जसमध्ये सडकतर्फ ५५३ किलोमिटर सडक निर्माण गर्ने लक्ष्य भएकोमा ३५६ किलोमिटर सम्पन्न भई ६४ प्रतिशत, पुल निर्माणतर्फ ५९ वटा निर्माण गर्ने लक्ष्य भएकोमा ४१ सम्पन्न भई ६९ प्रतिशत प्रगति भएको छ। निर्माण व्यवसायीले कार्यतालिकाअनुसार कार्यसम्पादन नगर्ने, कार्यालयबाट निरन्तर अनुगमन नहुने, पटक पटक म्याद थप लगायतका कारणले समयमा निर्माण कार्य सम्पन्न नभएको स्थिति छ। वार्षिक लक्ष्यअनुसार प्रगति हासिल नहुँदा आयोजनाको लागत तथा समयमा वृद्धिभई अपेक्षित प्रतिफल हासिल नहुने हुँदा निर्माण कार्यतालिकाको पालना गरेर लक्ष्य अनुरूप प्रगति हासिल गर्नुपर्दछ।

९८. **पुल निर्माण -** राजमार्गको सुरु अनुमानमा १२५ पुल/कल्भर्ट निर्माण गर्ने उल्लेख रहेकोमा संशोधित अनुमानअनुसार ३०० पुगेको छ। सम्पूर्ण सडक खण्डको विस्तृत आयोजना प्रतिवेदन तयार हुन नसकेकोले पुल/कल्भर्टको संख्यामा फेरबदल हुने गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

९८.१ राजमार्ग अन्तर्गत यो वर्ष सम्म १४२ पुल निर्माण सम्पन्न भएका, ५५ पुल निर्माणाधीन अवस्थामा रहेका र ५३ पुलको ठेक्का व्यवस्थापन गर्न बाँकी देखिन्छ। यसका अतिरिक्त जीर्ण र सिङ्गल लेनका ५० पुलको स्तरोन्नति कार्य समेत बाँकी रहेको छ। आयोजना निर्देशनालयबाट प्राप्त विवरणअनुसार ५६ प्रतिशत पुल निर्माणकार्य सम्पन्न भएको देखिन्छ। योजना कार्यालय इटहरीअन्तर्गत २०, जनकपुर ३७, वीरगंज १२, कपिलवस्तु १६, नेपालगञ्ज १७ र धनगढी अन्तर्गत ६ समेत १०८ पुल तथा कल्भर्ट निर्माणको कार्य बाँकी (स्तरोन्नति बाहेक) रहेको देखिन्छ। पुलको अभावमा राजमार्ग पूर्ण रूपमा सञ्चालन हुन सकेको छैन।

९८.२ आयोजनाअन्तर्गत मेची-रतुवा सडक खण्डमा कन्काई नदीमा डिजाइन एण्ड बिल्ड विधिबाट १९ स्पानको पुल प्रति स्पान ३८ मिटर लम्बाइ, ८.७ मिटर चौडाइ तथा ७.५ मिटर क्यारिज-वे सहितको ७२४.८ मिटर लम्बाइको पुलको निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७२।२।३० भित्र सम्पन्न गर्ने गरी २०६८।२।३१ मा मूल्य अभिवृद्धि कर समेत रु. ३४ करोड ९ लाख २ हजारको सम्झौता भएकोमा हालसम्म रु.१९ करोड ८ लाख ८३ हजार भुक्तानी भएको छ। पटक-पटक गरी २०८०।३।३० सम्म म्याद थप भएकोमा सोपश्चात् निर्माण व्यवसायीले कार्य गरेको छैन्। पुल निर्माणको क्रममा

प्राविधिक त्रुटि देखिएपछि पुल्चोक इञ्जिनियरिङ क्याम्पसको विशेषज्ञ टोलीले पुलमा रहेको समस्या अध्ययन गरी सुपर स्ट्रक्चर निर्माण पूर्व भारवहन परीक्षण गर्नुपर्ने सुझाव सहित अक्टोबरमा २०२४ मा प्रतिवेदन बुझाए तापनि समस्या समाधान गरी निर्माण कार्य अगाडि बढाएको छैन। सुरू सम्झौताकाअनुसार ४ वर्षभित्र निर्माण सम्पन्न हुनुपर्नेमा १३ वर्ष व्यतीत हुँदासमेत निर्माण सम्पन्न हुन सकेको छैन। पुलको अभावमा स्थानीयहरू हिँउदमा अस्थायी पुल तथा वर्षामा डुङ्गाको प्रयोग गरी जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था रहेको छ। विशेषज्ञ टोलीको प्रतिवेदनमा उल्लिखित सुझावलाई कार्यान्वयन गरी सम्झौताबमोजिम पुल निर्माण सम्पन्न हुनुपर्दछ।

९८.३ योजना कार्यालय जनकपुर अन्तर्गत सिरहा र धनुषा जिल्ला जोड्ने कमला नदीमाथि डिजाइन एण्ड बिल्ड विधिबाट १२ स्पानको ४६९.२० मिटर लम्बाइ र ९ मिटर चौडाइको पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग ४२ महिना अर्थात् २०७१।८।३१ मा निर्माण सम्पन्न गर्ने गरी २०६८।२।३१ मा रु. २४ करोड ९० लाख ९७ हजारको खरिद सम्झौता भएको देखिन्छ। सुरु सम्झौताअनुसार निर्माण सम्पन्न हुन नसकेपछि महानिर्देशकबाट २०७२।११।११ मा २०७३।८।३० सम्म म्याद थप गर्दा समेत निर्माण कार्य सम्पन्न गर्न नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति तथा अन्य कारबाही गर्न निर्माण व्यवसायी र योजना कार्यालयबिच मध्यस्थता मार्फत सहमति (एमिकेबल सेटलमेन्ट) भएको देखियो। सुपर स्ट्रकचरसम्मको निर्माण कार्य सकिएकोमा २०७८/३/१७ को अविरल वर्षापछि आएको बाढीले सो पुलको पिलर भासिएर पुलमा क्षति पुगेको देखियो। पुलको पूर्वपट्टिको एउटा गर्डर खोलामा धसिन गई दुईवटा सुपरस्ट्रक्चर धसिएको तथा पश्चिमपट्टिसमेत पायर केही धसिएको तथा नदी नियन्त्रणको लागि निर्मित दुवैपट्टिको संरचना बाढीले भत्काएको देखियो। यस पुलको बाढी क्षेत्र १ हजार २०० मिटर भएको र ४७० मिटरको उक्त पुल बाढी क्षेत्रका लागि पर्याप्त नहुने तथा क्षति पूर्व पायरको भार वहन परीक्षण समेत नभएको महालेखापरीक्षकको सिभिल इन्जिनयरिङ पूर्वाधारहरूको योजना, डिजाइन र निर्माणसम्बन्धी अध्ययन प्रतिवेदन, २०७९ मा उल्लेख गरिएको छ। पुलको निर्माण कार्य समयमा सम्पन्न नहुँदा उक्त स्थानमा धनुषा र सिरहा जिल्लाबिचको यातायात सम्पर्क टुटेको छ। पुलको अभावमा स्थानीयहरूले अस्थायी संरचना प्रयोग गरी जोखिमपूर्ण यात्रा गर्नु परेको छ। सम्झौताअनुसार पुल निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

९८.४ यस राजमार्गअन्तर्गत रौतहट र सर्लाही जिल्ला जोड्ने गरी बागमती नदी माथि पुल निर्माण गर्न २०६७।२।३ मा रु.३५ करोड ८९ लाख ९ हजारको खरिद सम्झौता भएकोमा सम्झौताअनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न नभएकोले निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त नं. २५.१ बमोजिम मध्यस्थता ट्राइबुनलको २०७६।१०।२८ को निर्णयलाई उच्च अदालत पाटनले २०७७।११।२ मा सदर गरी सम्झौता अन्त भएको देखिन्छ। हालसम्म उक्त पुलको भौतिक प्रगति ४५ प्रतिशत रहेको र रू.१५ करोड ८३ लाख ५३ हजार भुक्तानी भएको देखिन्छ। साविकका निर्माण भएका प्रयोगयोग्य संरचना समेत प्रयोग गर्ने गरी ३७.२ मिटर लम्बाइका १७ स्पानको ८ मिटर चौडाइ तथा ६ मिटर क्यारिज-वेसहितको ६३४ मिटर लम्बाइको पुल निर्माण गर्न रु.६९ करोड ३७ लाख ३ हजारको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायी सँग २०७९।१।११ मा २०८१।७।१० भित्र कार्य सम्पन्न गर्ने गरी रू.६५ करोड १६ लाख ७ हजारको खरिद सम्झौता भएकोमा यो वर्षसम्म रु.१० करोड ७ लाख ७ हजार भुक्तानी भएको छ। स्थलगत अवलोकनका क्रममा साविकको निर्माण

व्यवसायीले १७ पायर सहित २ एब्युटमेन्ट निर्माण गरेपछि ठेक्का तोडिएकोमा हालको निर्माण व्यवसायीबाट सुपरस्ट्रकचर निर्माण कार्य सुरु भएको देखियो। निमार्णाधीन पुल इन्टरमेडिएट लेनको रहेकोले ट्राफिक कन्जेशन, सडक दुर्घटना र ओभर लोडिङ्गको समस्या हुने देखिन्छ। निर्माण व्यवसायीद्वारा निर्माण भएको उक्त संरचनामा प्रयोग भएको फलामे डन्डीमा खिया लागेको र आर.सी.सी डिजाईन समेत एम-४० बाट एम-४५ मा परिवर्तन गरेकोमा परिवर्तित पुलको भारवहन क्षमता एवं डन्डीको गुणस्तर, सो कार्यमा भएको खर्च तथा सोको जिम्मेवारी एवं जवाफदेहिता सम्बन्धमा थप परीक्षण तथा अध्ययन गरी पुल निर्माणको कार्य सम्पन्न गर्नुपर्दछ।

९९. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्पन्न गर्न लाग्ने अधिकतम अवधि खुलाउनुपर्ने व्यवस्था छ। योजनाको सफलता मापनको आधार गुणस्तर, लागत भएकोले सम्झौता अवधि निर्धारण विधि वैज्ञानिक बनाउन २०७२।७३ देखि लागु हुने गरी नेपाल सरकार सचिवस्तरीय निर्णयबाट सो सम्बन्धी मापदण्ड स्वीकृत गरेको छ। मापदण्डअनुसार रु.३ करोडदेखि १ अर्बसम्मका खरिद सम्झौताको सम्पन्न गर्ने अवधि १२ देखि ५० महिनासम्म राख्नुपर्नेमा निर्देशनालयद्वारा व्यवस्थापन भएका रु.८३ करोड भन्दा बढीका खरिद सम्झौतामा निर्देशिकाअनुसार हुने भन्दा कम निर्माण अवधि कायम गरी ठेक्का सम्झौता भएको पाइयो। यस सम्बन्धमा विवरण निम्नानुसार छः

खरिद सम्झौता रकम	निर्देशिकाअनुसार हुनुपर्ने अवधि	प्रदान गरेको
३ करोडसम्म	१२	४-२५ महिना
५ करोडसम्म	१८	११-२४ महिना
९ करोडसम्म	२४	१२-३६ महिना
१५ करोडसम्म	३०	१८-४५ महिना
२७ करोडसम्म	३६	१२-४१ महिना
४७ करोडसम्म	४२	१८-४२ महिना
८३ करोडसम्म	४८	११-३६ महिना
१ अर्बसम्म	५०	३० महिना
१ अर्बभन्दा माथि		३० देखि ४२ महिना

उल्लिखित तालिकाअनुसार निर्देशनालयले न्यूनतम ४ महिनादेखि अधिकतम ४५ महिनासम्मको सम्झौता अवधि निर्धारण गरेको देखिन्छ। निर्देशिकाअनुसार रु.३ करोडको ठेक्कालाई अधिक्तम १२ महिनासम्म म्याद दिनुपर्नेमा निर्देशनालयले रु.९ करोड सम्मको ठेक्कालाई १२ महिना मात्र म्याद दिएको देखियो। त्यसै गरी रु.१ अर्ब र सो भन्दा माथिको ठेक्कालाई ३० देखि ४२ महिना मात्र म्याद दिएको पाइयो। निर्माण कार्यको प्रकृति र अवस्थाको पर्याप्त विश्लेषण नगरी सम्पन्न गर्ने अवधि निर्धारण गर्दा समयमा कार्य सम्पन्न हुन नसकी म्याद थप गर्दै जाने अवस्था देखिएकोले सो कार्यमा सुधार हुनुपर्दछ।

१००. **कालोपत्रेको डिजाइनमा भिन्नता -** सडक विभागको गाइडलाइन फर द डिजाइन अफ फ्लेक्सिबल पेभमेन्ट - २०१४ (संशोधन सहित)अनुसार पेभमेन्टको प्रकार निर्धारण गर्दा भेहिकल डयामेज फ्याक्टर (भी.डी.एफ), ट्राफिक भोलुम, भूगोल, तापक्रम, लागत आदिको आधारमा गर्ने उल्लेख छ। हुलाकी राजमार्ग योजना कार्यालयहरूले निर्माण गरिरहेका सडकको डिजाइनमा एकरूपता रहेको छैन। निर्देशनालयले एउटै सडकको विभिन्न खण्डमा डी.बी.एस.टी, २० एमएम प्रिमिक्स, ६० एमएम डीबीएम

र ४० एमएम अस्फाल्टको डिजाइनको आधारमा ठेक्का व्यवस्थापन गरेको देखिन्छ। यसरी फरक डिजाइनका सडक निर्माण गर्नका कारण खुलेको छैन। एउटा सडक खण्डमा समान भार क्षमताको सवारी साधन गुड्ने भएकोले पेभमेन्टमा भिन्नता हुँदा केही सडकको आयु कम भई क्षतिहुने जोखिम रहन्छ। राजमार्गको ठेक्का व्यवस्थापन गर्दा भू-बनोट, आगामी २० वर्षको ट्राफिक प्रक्षेपण र भोलुम विश्लेषण, पेभमेन्टको लाइफ स्पानको आधारमा एकरूपता कायम गर्नुपर्दछ।

१०१. **कार्य सम्पादन सम्झौता -** आयोजना प्रमुखहरूले कुशलतापूर्वक आफ्नो जिम्मेवारी वहन गर्न, आयोजना व्यवस्थापनमा नेतृत्व लिन, उपलब्ध स्रोत साधनको प्रयोग कुशलतापूर्वक गर्न मन्त्रालय तथा विभागहरूले आयोजना प्रमुखहरूसँग कार्यसम्पादन करार गर्ने कार्यको सुरुवात गरेका छन्। तथापि यस आयोजनामा आयोजना निर्देशक र योजना कार्यालय प्रमुखबिच कार्यसम्पादन करार गरेको पाइएन। आयोजनाको निर्माण कार्य २०७४।७५ सम्म सम्पन्न गर्ने उद्देश्यले २०६६।६७ मा सञ्चालनमा रहेको यस आयोजनाको २०८३।८४ सम्म पनि म्याद थप भइरहेको छ। आयोजना स्थापनादेखि हालसम्म १९ पटक आयोजना प्रमुख फेरबदल भएको देखिन्छ। यसबाट आयोजनाको प्रभावकारी कार्यान्वयनमा कठिनाइ भइरहेको देखिएको छ। स्पष्ट लक्ष्य र कार्य योजना सहित निर्धारित अवधिका लागि आयोजना प्रमुखलाई आयोजना प्रति जिम्मेवार बनाउनुपर्दछ।

१०२. **निष्कर्ष तथा सुझाव** - मध्य तराईमा यातायातको सहज पहुँच विस्तार गरी दुर्गम तथा पिछडिएका बस्तीहरूलाई सडक सञ्जालसँग जोड्दै व्यापार, कृषि, पर्यटन, तथा आर्थिक विकास प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित यस आयोजनाले अपेक्षाकृत उपलब्धि हासिल गर्न सकेको छैन। संशोधित कार्यतालिकाअनुसार २०७९।८० भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य तोकिएकोमा २०८०।८१ सम्ममा आयोजनाको भौतिक प्रगति ६६.९१ प्रतिशत मात्र रहेको छ। पर्याप्त पूर्व तयारी बेगर आयोजना कार्यान्वय हुनु, कार्य तालिका पालनामा निर्माण व्यवसायी जिम्मेवार नहुनु, आयोजना कार्यालयले स्थानीय अवरोध तथा विवादलाई समयमै समन्वय गरी समाधान गर्न सफल नहुनु, विशेष परिस्थितिमा हुनुपर्ने म्याद थपको प्रावधानलाई सुविधाको रूपमा प्रयोग गर्नु, डिजाइन एण्ड बिल्ड विधिबाट निर्माण हुने पुलहरूसमेत समयमा सम्पन्न नहुनु, अन्तरनिकाय समन्वय प्रभावकारी नहुनु, राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनको टुङ्गो नहुनु लगायतका समस्या र कारणहरूले निर्धारित समय र लागतमा आयोजना सम्पन्न हुन सकेको छैन। आयोजना कार्यान्वयन पक्ष सुदृढ बनाई लक्षित प्रतिफल प्राप्त गर्नका लागि उल्लिखित समस्याहरू समाधान गर्दै तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

अन्य संस्था

नेपाल रेल्वे बोर्ड

नेपालमा रेल्वेको विकास र विस्तार गरी सुरक्षित, स्तरीय, नियमित र भरपर्दो रूपमा रेल्वे सेवा सञ्चालन गर्ने गराउने उद्देश्यले नेपाल रेल्वे ऐन, २०७९ को दफा ३ अनुसार नेपाल रेल्वे बोर्ड स्थापना भएको छ।

१०३. **कानुन निर्माण -** नेपाल रेल्वे ऐन, २०७९ को दफा ८८ मा नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने उल्लेख छ। यो वर्षसम्म नियमावली तर्जुमा नहुँदा बोर्डको कार्य सम्पादन प्रक्रिया, कर्मचारी

व्यवस्थापन, कोष व्यवस्थापन, कार्यक्षेत्र र अन्तर निकाय समन्वय जस्ता विषयमा स्पष्ट हुन सकेको छैन। बोर्डले नियमावली तयार गरी लागु गर्नुपर्दछ।

१०४. **डेमु रेल हस्तान्तरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा एक सरकारी कार्यालयले अर्को सरकारी कार्यालयलाई मात्र जिन्सी हस्तान्तरण गर्न सकिने र त्यस्तो सम्पत्ति सम्बन्धित केन्द्रीय निकायको सहमति लिई अर्थ मन्त्रालयको सिफारिसमा नेपाल सरकारबाट निर्णय गराई हस्तान्तरण गर्न सकिने व्यवस्था छ। नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७५।९।२९ को निर्णयानुसार एक भारतीय कम्पनीसँग रु.१ अर्ब १ करोड ८३ लाख ९४ हजारमा खरिद गरेको दुई सेट डेमु रेल नेपाल रेल्वे कम्पनी लिमिटेडले सञ्चालन गरिरहेको छ। रेलको मूल्य कायम गरी कम्पनीलाई सरकारले बिक्री गर्न वा कम्पनीलाई शेयर वा ऋण बापत लगानी गर्न सकिने सम्बन्धमा अर्थ मन्त्री स्तरबाट २०७८।१२।४ मा निर्णय भएकोमा हस्तान्तरित रेलको मूल्य ऋण वा शेयर रकममा समावेश गरेको छैन। रेल हस्तान्तरणको मूल्य ऋण वा शेयर रकममा लेखाङ्कन गर्नुपर्दछ। साथै रेलको २ बग्गी रेल विभागअन्तर्गत रहेकोले उक्त बग्गीसमेत हस्तान्तरण गर्नुपर्दछ।

१०५. **बोर्डको कोष-** नेपाल रेल्वे ऐन, २०७९ को दफा ६०(१) मा बोर्डको आफ्नै छुट्टै कोष हुने त्यसमा नेपाल सरकारबाट प्राप्त रकम, विदेशी व्यक्ति सरकार अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम, यात्री भाडा वा ढुवानी शुल्कबाट प्राप्त रकम, बोर्डको जग्गा लिज वा भाडामा दिएबापत प्राप्त रकम र बोर्डले आर्जन गरेको आय रकम जम्मा हुने उल्लेख छ। बोर्डले त्यस्तो कोष स्थापना गरी आय आर्जन गरेको देखिएन। ऐनको दफा ६०(२)ग बमोजिम यात्री भाडा वा ढुवानी शुल्कबाट रकम प्राप्त हुने उल्लेख भएकोमा हाल नेपाल रेल्वे कम्पनी लिमिटेडले यस्तो भाडा उठाउने गरेको छ। रेल भाडा बापत उठेको रकम कानुनबमोजिम उक्त कोषमा जम्मा गर्नुपर्दछ।

सडक बोर्ड नेपाल

सडकको नियमित, पटके र आकस्मिक मर्मत, पुनः निर्माण, पुनर्स्थापना, स्तरवृद्धि र सडक दस्तुर सङ्कलन गर्ने उद्देश्यले सडक बोर्ड ऐन, २०५८ अनुसार यस बोर्डको स्थापना भएको हो।

१०६. **आम्दानी र खर्च** - सडक बोर्डको यो वर्षको आम्दानी र खर्चको विवरण देहायअनुसार छः

(रु. लाखमा)

आय		व्यय	
विवरण	रकम	विवरण	रकम
क) गतवर्षको मौज्दात	९१३०४	क) प्रत्यक्ष खर्च	९२७७१
ख) यो वर्षको आय		ख) सञ्चालन खर्च	६६६
• नेपाल सरकारको अनुदान	३६६५०	ग) कर्मचारी खर्च	१७८
• अन्य आय	२१०१	घ) बाँकी मौज्दात	३६४४०
जम्मा	**१३००५५**	**जम्मा**	**१३००५५**

बोर्डको कोषमा गत वर्षको मौज्दात रु.९ अर्ब १३ करोड ४ लाख र यो वर्षको आम्दानी रु.३ अर्ब ८७ करोड ५१ लाखमध्ये रु.९ अर्ब ३६ करोड १५ लाख खर्च भई रु.३ अर्ब ६४ करोड ४० लाख मौज्दात रहेको छ।

१०७. **वित्तीय विवरण-** सडक बोर्डको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५९ को नियम ४० मा नेपाल सरकारको स्रेस्ता प्रणालीबमोजिम लेखा राख्ने व्यवस्था रहेकोमा मिश्रित प्रकारको लेखा राखेको छ। सडक दस्तुर सङ्कलनका लागि विगत वर्षहरूमा भएका ठेक्का सम्झौताबमोजिम असुल गर्नुपर्ने दस्तुरको किस्ता, ब्याज र हर्जानासमेत रु.१४ करोड २९ लाख १ हजार लिनुपर्ने हिसाबमा लेखाङ्कन नगरेको र बहुवर्षीय अवधिको कामको कार्यसम्पन्न प्रतिवेदनका आधारमा यो वर्ष तत्कालीन जिल्ला विकास समितितर्फ रु.६ लाख, नगरपालिकातर्फ रु.१ अर्ब २५ करोड ४ लाख २० हजार तथा गाउँपालिकातर्फ रु.४९ करोड ९६ लाख ५६ हजार खर्च लेखाङ्कन गरेको छ।

बोर्डले वासलात, आय विवरण र नगद प्रवाह विवरणसहितको वित्तीय विवरण तयार गरे तापनि लेखाङ्कन नीति र व्याख्यात्मक टिप्पणीहरूको अभाव र लेखामानको आधार खुलाएको छैन। प्रचलित कानुनअनुरूप लेखाका मान्य सिद्धान्त र लेखामानबमोजिम लेखाङ्कन र प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्दछ।

१०८. **बोर्डको कार्यक्षेत्र -** सडक बोर्ड नियमावली, २०६० को नियम ७ बमोजिम सडकको पुनर्स्थापना, पुनर्निर्माण, स्तर वृद्धि र सडकको सुरक्षाका लागि आवधिक एकीकृत कार्यक्रम तर्जुमा गरेको छैन। यो वर्ष सडक मर्मत कार्यमा सङ्घीय कार्यालयहरूबाट रु.७ अर्ब ५२ करोड ६३ लाख ३२ हजार, नगरपालिकाहरूबाट रु.१ अर्ब २५ करोड ४ लाख २० हजार र गाउँपालिकाहरूबाट रु.४९ करोड ९६ लाख ५६ हजार खर्च भएको छ। स्थानीय तहबाट निर्माण तथा मर्मत भएका सडकको मापदण्ड तथा गुणस्तर सम्बन्धमा बोर्डबाट अनुगमन हुनुपर्दछ।

१०९. **कार्यक्रम तर्जुमा तथा स्वीकृति -** सडक बोर्ड निर्देशिका, २०६१ को बुँदा नं.३२ मा सडक बोर्डले चालु आर्थिक वर्षको श्रावण मसान्तभित्र एकीकृत वार्षिक कार्यक्रम स्वीकृत गराइसक्नुपर्ने उल्लेख छ। कार्यकारी समितिको बैठकबाट सडक विभाग मातहतका निकायको लागि रु.९ अर्ब ८४ करोड ४१ लाख २३ हजार र स्थानीय तहको लागि रु.४ अर्ब १८ करोड ७३ लाख ७७ हजार र बोर्ड सचिवालय खर्च रु.९ करोड समेत रु.१४ अर्ब १२ करोड १५ लाखको वार्षिक कार्यक्रम तथा बजेट २०८०।७।१४ मा स्वीकृत भएको छ। नियमित, पटके र आवधिक सडक मर्मत तथा पुनर्स्थापनका लागि सडक मर्मत सम्भारको बजेट आर्थिक वर्ष सुरु भएको तेस्रो र चौथो चौमासिकमा रकम निकासा दिँदा बजेट खर्च गर्न नसकेको स्थिति छ। समयमा नै निकासा दिई आर्थिक वर्षभित्र नियमित रूपले सडक मर्मत सम्भार गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ।

११०. **ब्याज आम्दानी -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) निमयावली, २०६५ को नियम ३६ मा कार्य फस्यौंट गर्ने समयावधि उल्लेख छ। साथै सडक बोर्ड आर्थिक प्रशासन नियमावली, २०५९ को परिच्छेद-२ नियम ३(५) मा सडक बोर्डले खाता खोल्दा वाणिज्य बैङ्कहरूबिच प्रतिस्पर्धा गराई सबैभन्दा बढी ब्याज दिने वाणिज्य बैङ्कमा खाता खोल्नुपर्ने व्यवस्था गरेको छ। बोर्डले यो वर्ष २० बैङ्कबाट रु.१७ करोड ७४ लाख ८६ हजार ब्याज आम्दानी गरी वर्षान्तमा रु.३ अर्ब ६४ करोड ४० लाख ३१ हजार मौज्दात रहेको छ। बोर्डले बैङ्कहरूसँग ब्याजदर प्रतिस्पर्धाका लागि २०८०।१२।२७ मा १५ दिने आशयपत्रसम्बन्धी सूचना प्रकाशन गरेकोमा १५ बैङ्कको आशयपत्र पेस भएको देखिन्छ। जसमध्ये ९ बैङ्कको संक्षिप्त सूची तयार गरेकोमा थप प्रक्रिया अगाडि बढाएको देखिएन। साविकको सम्झौताको म्याद २०८१।१।१३ मा समाप्त भएकोमा दुई बैङ्कले २०८१ असोज मसान्तसम्म ३ प्रतिशतका दरले ब्याज दिएकोमा बाँकी बैङ्कले २०८१।१।१३ देखि १.५ प्रतिशत मात्र ब्याज दिएको देखिन्छ। साविकको

सम्झौता बमोजिम भन्दा यो वर्षसम्म रु.१ करोड ५१ लाख ४१ हजार घटी ब्याज प्राप्त भएको छ। बोर्डले समयमै निर्णय नगरेका कारण घटी ब्याज प्राप्त भएकोले सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

१११. **लागत सहभागिता -** सडक बोर्ड नियमावली, २०६० को नियम ९(१) बमोजिम स्थानीय तहले मर्मतका लागि लाग्ने कुल रकमको कम्तीमा ३० प्रतिशत रकम बेहोर्नुपर्ने उल्लेख छ। सडक बोर्ड निर्देशिका, २०६१ को बुँदा ३५(५) मा जनसहभागिता हुने भए सोको अंश कट्टा गरेर निकासा दिनुपर्ने व्यवस्था छ। उपभोक्ता समितिमार्फत सडक मर्मतको कार्य गराउँदा समितिले गर्ने योगदान बाहेकको बाँकी रकममा नगरपालिकाको हकमा ३० प्रतिशत र गाउँपालिकाको हकमा २० प्रतिशत रकम बेहोर्ने व्यवस्था गर्नुपर्नेमा सो विपरीत २ स्थानीय तहलाई रु.२ लाख २६ हजार बढी निकासा गरेको छ। बढी निकासा दिएको रकमलाई आगामी वर्षको बजेटमा समायोजन गर्नुपर्दछ।

११२. **पेस्की -** स्थानीय तहसँगको समझदारीपत्रको बुँदा नं.११ मा चालु आर्थिक वर्षको आषाढ मसान्तभित्र खर्च नभई बाँकी रहेको रकम सडक बोर्डमा फिर्ता गर्नुपर्ने उल्लेख छ। बोर्डले स्थानीय तहलाई निकासा दिएको पेस्की रु.४४ करोड २२ लाख ६२ हजार र जिल्ला समन्वय समितिहरूलाई २०७२।७३ भन्दा अघि दिएको पेस्की रु.७ करोड २७ लाख ३८ हजारसमेत रु.५१ करोड ५० लाख १ हजार फिर्ता गरेको छैन। उक्त पेस्की बाँकी रकम असुल फस्यौंट हुनुपर्दछ।

११३. **थप बजेट -** सडक बोर्ड नियमावली, २०६० को नियम ४ (१) बमोजिम गरिएको सडकको वर्गीकरणका आधारमा नियम ८ बमोजिम सडकको मर्मत गर्न बजेट पारित गर्नुपर्दछ। सडक बोर्डले २०७९।८० को असार मसान्तभित्र कार्यसम्पन्न गर्ने प्रतिबद्धता भएमा भुक्तानी गर्न सकिने गरी विशेष महत्त्वका सडक मर्मत गर्ने निर्णय गरेबमोजिम १८९ स्थानीय तहलाई रु.५४ करोड ४५ लाख ५० हजार स्वीकृत गरेकोमा यो वर्ष १६ स्थानीय तहलाई रु.३ करोड ६८ लाख ५२ हजार निकासा दिएको छ। सडक बोर्ड ऐन र नियमावलीले तोकेको प्रक्रियाभन्दा फरक निर्णय गरी बजेट थप गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

११४. **दस्तुर सङ्कलन-** सडक बोर्ड ऐन, २०५८ को दफा ६ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको सडक उपयोग गर्ने सवारीसाधनबाट दस्तुर एवं शुल्क असुल गर्ने व्यवस्था छ। बोर्डले आर्थिक वर्ष २०७९।८० मा रु.९ करोड २५ लाख २० हजार दस्तुर सङ्कलनको लक्ष्य निर्धारण गरी रु.३४ लाख ४३ हजार ११८ (३.७२ प्रतिशत) सङ्कलन गरेको तर २०८०।८१ मा रु.९ करोड ५ लाख दस्तुर सङ्कलनको लक्ष्य निर्धारण गरेकोमा सङ्कलन भएको छैन। सडक दस्तुर सङ्कलन नहुनुको कारण पहिचान गरी दस्तुर सङ्कलन कार्य प्रभावकारी बनाउनुपर्दछ।

अनुगमन तथा बेरूजु

- **अनुगमन-** गत वर्षको प्रतिवेदनमा त्रुटिपूर्ण डिजाइन, अधुरा आयोजना, नीति तर्जुमा, बजेट वक्तव्यको कार्यान्वयन, पुँजीगत खर्च, रकमान्तर एवं स्रोतान्तर, स्रोत सुनिश्चितता, सडक सीमा, खरिदमा प्रतिस्पर्धा, अधुरा निर्माण कार्य, आयोजना स्वीकृति, कन्टिन्जेन्सी खर्च, परामर्श सेवा, समन्वय र निर्माणस्थल, पूर्वनिर्धारित क्षतिपूर्ति, आइटम भेरिएसन, नर्म्स, खरिद सम्झौता अन्त्य, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, डिजाइन एण्ड बिल्ड ठेक्कामा मूल्य समायोजन, नर्म्समा विविधतालगायतमा सुधार गर्नुपर्ने बेहोरा समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरूजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरूजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १३८ निकायमा रु.७ अर्ब ४२ करोड ३२ लाख ३९ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.९८ करोड ६८ लाख ६९ हजार फर्स्यौंट गरेकोले रु.६ अर्ब ४३ करोड ६३ लाख ७० हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.९९ करोड ८० लाख ८५ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।
  - अन्य संस्था २ तर्फ रु.१ करोड ९ लाख ८५ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका विषयमा नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण गर्ने, समाज कल्याण परिषद् र सरकारी एवं गैरसरकारी सङ्घ संस्थासँग समन्वय र सहजीकरण गर्ने तथा ती निकाय तथा संस्थाबाट भए गरेका काम कारबाहीको अनुगमन नियमन र मूल्याङ्कनलगायतका कार्यहरू रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय र सङ्गठित संस्थासमेत १० निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय**- मन्त्रालय र मातहतसमेत ९ सरकारी कार्यालयको निम्नानुसार रु.७४ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
४८२४	४३	९५	२४९२	७४५४

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहबाट खर्च भएको रु.२१ करोड ५३ लाख समावेश गरिएको छैन।

२. **अन्य संस्था -** यो वर्ष एक संस्थाको रु.१ अर्ब १८ करोड ४४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **विशेष लेखापरीक्षण -** यो वर्ष गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार विषयको विशेष लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना -** पन्ध्रौं योजनामा सामाजिक उत्तरदायित्व कोषअन्तर्गतको निश्चित रकम महिला सशक्तीकरणमा उपयोग गर्न नीतिगत व्यवस्था गर्ने, लैङ्गिक सशक्तीकरण सूचकाङ्कहरूको आधार लिई प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने, ज्येष्ठ नागरिक संरक्षण नीति तर्जुमा गर्ने र प्रदेशमा कम्तीमा एउटा सुविधासम्पन्न वृद्धाश्रम सञ्चालन गर्ने उल्लेख छ। पन्ध्रौं योजनामा मन्त्रालय आफैले गर्नुपर्ने र प्रगति प्रतिवेदन संयोजन गर्नुपर्ने दायित्व रहेका ८ सूचकको प्रगति निम्नानुसार छः

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्षको स्थिति	योजनाको लक्ष्य	योजनाको प्रगति
१.	लैङ्गिक विकास	सूचङ्क	०.८९७	०.९६३	०.८८५
२.	लैङ्गिक सशक्तीकरण	सूचङ्क	०.५७	०.६४	०.५६
३.	लैङ्गिक असमानता	सूचङ्क	०.४७६	०.३९	०.५५८
४.	१५ वर्षदेखि १९ वर्ष समूहका विवाहित किशोरी	प्रतिशत	२७	८	१९.९३
५.	प्रजनन् स्वास्थ्यसम्बन्धी हकबारे निर्णय गर्ने महिला	प्रतिशत	५९.५	८०	-
६.	ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र	सङ्ख्या	९७	७५३	२७३
७.	मानव बेचविखन पीडितका लागि पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला	सङ्ख्या	१०	१६	१०
८.	हराएका बालबालिका (प्रति लाख जनसङ्ख्यामा)	सङ्ख्या	५.९	३	६.५९

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

मन्त्रालयले आवधिक योजनाका लक्ष्यसँग सामञ्जस्यता हुने गरी वार्षिक कार्यक्रम कार्यान्वयन गर्न नसक्दा लक्ष्यअनुसार प्रगति हासिल भएको छैन। आवधिक योजनाले लिएको लक्ष्य हासिल हुनेगरी वार्षिक कार्यक्रमको कार्यान्वयन क्षमतामा वृद्धि एवं अन्तर निकाय समन्वय गरी कार्यक्रम कार्यान्वयन गरी योजनाले लिएको लक्ष्य हासिल गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्यको अवस्था, मार्गचित्रको कार्यान्वयन र प्रगति स्थिति यकिन गर्न २० सूचकको लागि यस मन्त्रालयलाई जिम्मेवार निकायको रूपमा पहिचान गरिएको छ। मन्त्रालयलाई तोकिएको निम्नानुसारका २ माइलस्टोनको अवधि समाप्त भइसकेपछि पनि प्रगति विवरण तयार गरेको पाइएन।

क्र. सं.	दिगो विकास लक्ष्य	परिमाणात्मक लक्ष्य	सन् २०३० को लक्ष्य	सन् २०१५ को आधार	सन् २०१९ को माइलस्टोन	सन् २०२२ को माइलस्टोन
१.	लक्ष्य-१	राष्ट्रिय गरीबी रेखामुनिका बालबालिका (५ वर्ष मुनिका प्रतिशत)	५	३६	२७.७	२१.५
		सामाजिक सुरक्षा प्रणालीद्वारा समेटिएका जनसङ्ख्याको अनुपात	८०	८.१	२७.३	३६.७
		लैङ्गिक समानतालाई प्रत्यक्ष रूपमा योगदान पुऱ्याउने राष्ट्रिय बजेटको अनुपात	४०	२२.३	-	-
२.	लक्ष्य-५	समान कामका लागि समतामूलक ज्यालाको अनुपात	०.९२	०.६२	०.७२	०.८
		लैङ्गिक असमानता सूचकाङ्क	०.०५	०.४९	०.३८	०.२३
		लैङ्गिक सशक्तीकरण सूचकाङ्क	०.६९	०.५७	०.६	-
३.	लक्ष्य-८	श्रमशक्तिमा महिला र पुरुषको सहभागिता अनुपात	१	०.९३	०.९५	०.९३
		महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टा	६	१४	११.८	१०.२७
		महिलाको सम्पत्तिमा स्वामित्व	४०	२६	२९.७	-
		महिला किशोरी तथा बालबालिका बेचविखन	३२५	१६९५	७२५	६५०

स्रोतः राष्ट्रिय योजना आयोग

मन्त्रालय सम्बद्ध दिगो विकाससम्बन्धी लक्ष्य प्राप्त गर्ने गरी कार्यक्रम तर्जुमा र सोको लागि पर्याप्त बजेट व्यवस्थापन भएको देखिएन। राष्ट्रिय योजना आयोगले ३ वर्ष र ५ वर्ष मूल्याङ्कनको अवधि तोकी जिम्मेवार निकायको रूपमा मन्त्रालयलाई तोकेकोमा सूचकहरूको आधारमा प्रगति अद्यावधिक गरी प्रगति मूल्याङ्कन गर्नुपर्दछ।

६. **वार्षिक नीति कार्यान्वयन** - वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य २०८०।८१ मा उल्लिखित कार्यक्रमहरूमध्ये ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम, बाल संरक्षण तथा विकास कार्यक्रम, अपाङ्गतासम्बन्धी कार्यक्रमको लागि १५ क्रियाकलापमा विनियोजन भएको रु.२१ करोड २३ लाख ४७ हजारका कार्यक्रम कार्यान्वयन भएको देखिएन। मन्त्रालयले जग्गा प्राप्तिमा समस्या, समयमा प्रारम्भिक वातावरणीय परीक्षण नभएको, अपाङ्गता ग्राम निर्माणको स्थान छनोट नभएको, कार्यक्रम कार्यान्वयन गर्न नीति स्वीकृत नभएकोले कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन। बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

७. **अनुदानको अनुगमन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कार्यालयले कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको कुराको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष ४५

गैरसरकारी संस्थालाई रु.७ करोड ४४ लाख अनुदान दिएकोमा खर्चको विवरण, प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन। स्वीकृत बजेट तोकिएको कार्यमा खर्च भएको सुनिश्चितता हुनुपर्दछ।

८. **बजेट र खर्च -** यो वर्ष मन्त्रालयको विनियोजित बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	११९९०	११८३८	६२१८	५२.५३
पुँजीगत	३७७२	३९२४	६४७	१६.४९
जम्मा	**१५७६२**	**१५७६२**	**६८६५**	**४३.५६**

समग्रमा बजेटको तुलनामा ४३.५६ प्रतिशत खर्च रहेकोमा पुँजीगततर्फ १६.४९ प्रतिशत मात्र खर्च भएको छ। माथि उल्लिखित तालिकामा प्रदेश सरकार तथा स्थानीय तहहरूमा वित्तीय हस्तान्तरणमार्फत निकासा दिएको रु.२१ करोड ७० लाख रकमसमेत समावेश छ।

९. **वित्तीय हस्तान्तरण** — मन्त्रालयलाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी १० कार्यक्रम सञ्चालन गर्न रु.१ अर्ब ५७ करोड ६२ लाख बजेट विनियोजन भएकोमध्ये वित्तीय हस्तान्तरणमार्फत प्रदेश तथा स्थानीय तहमार्फत रु.२० करोड ४१ लाख खर्च गरेको देखिन्छ। मन्त्रालयले प्रदेश तथा स्थानीय तहलाई अख्तियारी दिँदा अख्तियारीमा उल्लेख भएअनुसार कार्यान्वयन, मूल्याङ्कन, अनुगमन गरी प्रगति प्रतिवेदन पेस गर्नुपर्नेमा अधिकांश निकायबाट कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रगति प्रतिवेदन तयार गरेको पाइएन। स्वीकृत बजेट तोकिएको कार्यमा खर्च भएको सुनिश्चितता हुनुपर्दछ।

१०. **कोषको हिसाब** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ अनुसार तोकिएको अवधिभित्र लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको केन्द्रीय वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारको २०८०।८।२१ को निर्णयानुसार महिला तथा बालबालिका विभाग खारेज भई सोको सम्पत्ति र दायित्वको जिम्मेवारी मन्त्रालययमा सरेकोमा २०७९।८० को आय-व्यय विवरणअनुसार विभाग मातहत रहेको चालु कोषको उठ्न बाँकी रु.११ करोड ६० लाख ६५ हजारको हिसाब अद्यावधिक गरी कोष हिसाबमा समावेश गरेको पाइएन। हिसाब अद्यावधिक गरी लगानीमा रहेको सावाँ र ब्याजसमेत असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

११. **बाल सुधारगृह -** बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४३ मा कानुनी विवादमा परेका बालबालिकाको सुधार र पुनः स्थापना नभएसम्म बालबालिकालाई बालगृहमा राख्ने प्रयोजनका लागि नेपाल सरकारले बालसुधारगृह स्थापना गर्ने व्यवस्था छ। मन्त्रालय मातहत कार्यसञ्चालन एकाइको रूपमा ५ र मन्त्रालयबाट स्वीकृत प्राप्त ४ समेत ९ बालगृहहरूमा निम्नानुसार १ हजार २९७ बालबालिका रहेको देखिन्छः

क्र.सं.	बालसुधार गृह	बालवलिकाको सङ्ख्या	क्र.सं.	बालसुधार गृह	बालवलिकाको सङ्ख्या
१.	पर्सा	११६	२.	भक्तपुर	२५३
३.	मकवानपुर	६६	४.	कास्की	१०८
५.	भैरहवा	८७	६.	जयन्दु, बाँके	२५९
७.	डोटी	५२	८.	नौबस्ता, बाँके	१२५
९.	विराटनगर	२३१			
जम्माः					**१२९७**

बालसुधार गृहमा रहेका बालबालिकाहरूको उचित बसोबास र तिनीहरूको शारीरिक तथा मानसिक विकासको लागि आवश्यक व्यवस्थापन गरिनुपर्दछ।

१२. **राष्ट्रपति महिला उत्थान कार्यक्रम -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ मा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरी मातृमृत्यु दर र बालमृत्यु दर घटाउने उल्लेख छ। यो वर्ष ९ क्रियाकलाप कार्यान्वयन गर्न रु.७ करोड ६ लाख १० हजार बजेट विनियोजन भएकोमा १६१ जनाको हवाई उद्धारबापत रु.५ करोड ४७ लाख ३७ हजार र ७४ जनाको यातायात खर्चबापत रु.१४ लाख ८० हजार खर्च भएको देखिन्छ। यसै गरी उद्धार गरिएका महिलाको विभिन्न ३ अस्पतालमा उपचार गराइएको विवरण पेस भएको छ।

१३. **महिला बालबालिकाको उद्धार र संरक्षण -** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ११ अनुसार जिल्ला समितिले शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक मिलन गराउन केन्द्रको स्थापना गर्ने, स्थापना भएका केन्द्रको व्यवस्थापन निश्चित अवधिका लागि करारका शर्तहरू तोकी निजी वा गैरसरकारी संस्थालाई दिन सक्ने तथा यसरी करारमा दिँदा केन्द्रलाई बढी आर्थिक र प्राविधिक योगदान दिने संस्थालाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। मन्त्रालयले नियमावलीको व्यवस्थाअनुसार संस्था छनोट नगरी २०६५।६६ देखि ५ संस्थालाई निरन्तरता दिई तिनैमार्फत उद्धार र संरक्षण कार्य गराई यो वर्ष रु.५१लाख २१ हजार शोधभर्ना खर्च लेखेको छ। गैरसरकारी संस्थामार्फत कार्य गराउँदा सरकारलाई प्राविधिक र आर्थिक रूपले लाभ हुने गरी छनोट गर्नुपर्दछ।

१४. **अन्तर्राष्ट्रिय गैरसरकारी संस्था -** अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना सहजीकरण समितिसम्बन्धी कार्यविधि, २०७० बुँदा नं. ४ अनुसार परियोजनाको साधारण वा परियोजना सम्झौताको लागि प्राप्त प्रस्तावहरू विश्लेषण गरी निर्णयको लागि मन्त्रालयमा सिफारिस गर्ने, सम्झौता सम्पन्न भइसकेका परियोजनाहरूको समन्वय एव सहजीकरण गर्ने सम्बन्धमा सिफारिस गर्ने, भविष्यमा अपनाउनुपर्ने नीतिगत तथा प्रक्रियागत विषयहरूमा सिफारिस गर्नुपर्ने व्यवस्था छ।

समितिले यो वर्ष २१ साधारण र ४४ परियोजना सम्झौताको लागि रु.२० अर्ब ९३ करोड ५१ लाख ३२ हजार बजेट स्वीकृति गर्न सिफारिस गरेको छ। समाज कल्याण परिषद्मार्फत प्राप्त निवेदन उपर समयमै कारबाही गरी परियोजनाहरूको स्वीकृति दिएको छैन। त्यस्तै समितिले दिएको

सुझावहरू कार्यान्वयन गराउने, परियोजनाको औचित्यता, कुशलता, पारदर्शिता, नतिजा एवं सम्बन्धित कानुनहरूको पालनाको सुनिश्चितता गराउने दायित्व परिषद्बाट सुनिश्चितता गराउने, परियोजना कार्यान्वयनको नियमित प्रतिवेदन परिषद्ले मन्त्रालयमा पेस गर्ने रहेकोमा परिषद्ले संस्थाले गरेको काम कारबाही र खर्चको प्रतिवेदन गरेको छैन। आम नागरिकको हितमा खर्च भएको सुनिश्चित गर्न प्रभावकारी अनुगमन गर्ने व्यवस्था गरिनुपर्दछ।

१५. **हराएका तथा बेवारिसे बालबालिका** - मन्त्रालयबाट प्राप्त प्रगति विवरणअनुसार राष्ट्रिय बाल अधिकार परिषद्ले यो वर्ष सडक बालबालिका २३५, हराएका वा अपहरणमा परेका ६ हजार ५९०, बेवारिसे फेला परेका ३८३ समेत ७ हजार २०८ बालबालिकालाई उद्धार गरेको देखिन्छ। देशभर हराएका बालबालिका मध्ये बालिकाको हिस्सा ७२.२५ प्रतिशत छ। सडक बालबालिका नयाँ थप २३५ जना र संरक्षण केन्द्रमा रहेका २९३ समेत ५२८ जना संरक्षण केन्द्रमा राखेको देखियो। बालबालिका खोजतलास समन्वय केन्द्रमार्फत ९२४ बालबालिका फेला परेको उल्लेख छ। भेटिएका ७ हजार २०८ मध्ये ६ हजार ६९ जनालाई पारिवारिक पुनर्मिलन गरिएको र बाँकी १ हजार १३९ लाई संरक्षण केन्द्रमा राखिएकोमा ६२ जना केन्द्रबाट भागेको उल्लेख छ। समन्वयात्मक प्रणालीको विकास गरी फेला परेका बालबालिकाको पुनर्मिलन तथा सीप विकासलगायतको कार्यक्रम सञ्चालन गरिनुपर्दछ।

१६. **गैरसरकारी संस्थालाई अनुदान** - गैरसरकारी संस्थालाई सञ्चालन अनुमति दिँदा अपनाइएको विधि र संस्थाको विधान जस्ता विषयलाई मध्यनजर गरी अनुदान उपलब्ध गराउनुपर्दछ। संस्था सञ्चालन सम्बन्धी विधानमा सेवाभावको उद्देश्य राखी स्थापना भएको र सदस्यता शुल्कको रकम स्व-इच्छाले दिएको अनुदान, संस्थाको चलअचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम तथा विदेशी व्यक्ति तथा अन्तर्राष्ट्रिय सङ्ग संस्थाबाट प्राप्त रकमबाट संस्था सञ्चालन हुने रहेको छ। परिषद्ले यो वर्ष २२ संस्थामार्फत सहकार्यमा सडक बालबालिका उद्धार तथा संरक्षण र जोखिममा रहेका बालाबालिकाको आकस्मिक उद्धार संरक्षण तथा पुनर्स्थापनाका लागि रु.३ करोड ८९ लाख ८७ हजार अनुदान दिएको छ। गैरसरकारी संस्थाहरूले बेहोर्ने र अनुदानबाट हुने खर्च यकिन गरेर मात्र अनुदान दिनुपर्दछ।

विशेष लेखापरीक्षण

गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार

नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गर्ने प्रतिबद्धतासहित महिलालाई, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित गरेको छ। महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हकको कार्यान्वयन गर्ने र नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने महिलाको गर्भवती तथा सुत्केरी अवस्थाको कारणबाट हुने सम्भावित मृत्यु वा जोखिमबाट बचाउने, महिलालाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने, नवजात शिशुलाई सुरक्षित मातृत्व सेवा उपलब्ध गराउने उद्देश्यले दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यक्रम पूर्ण रूपमा १९ जिल्लामा र आंशिक रूपमा २९ जिल्लामा लागु भएको छ। कार्यक्रम कार्यान्वयन, समन्वय, सुपरिवेक्षण तथा अनुगमन गर्ने

मुख्य जिम्मेवारी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको रहेको छ। मन्त्रालयले स्थानीय तह तथा प्रदेश अस्पताल र सोअन्तर्गत तोकिएको स्थानीय स्वास्थ्य संस्थासँगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरेको छ। यो वर्ष गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार विषयमा विशेष लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ कार्यान्वयनमा रहेको छ। यस कार्यक्रम मार्फत २०७५।७६ देखि २०८०।८१ सम्म ७१३ सेवाग्राही महिलाले हवाई उद्धार सेवा प्राप्त गरेका छन्।

लेखापरीक्षणबाट देखिएका बेहोराः

१७. **कार्यक्रमको कार्यक्षेत्र -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ३ मा नियमित यातायात सेवा नपुगेका हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने गर्भवती तथा सुत्केरी महिलालाई लक्षित गरी उद्धार तथा संरक्षण कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। कार्यविधिमा दुर्गम क्षेत्र भन्नाले सडक यातायातको पहुँच नपुगेका जिल्लालाई जनाउने उल्लेख छ। कार्यविधिको अनुसूची ४ मा कार्यक्रम लागु भएका ४८ जिल्लाको विवरण समावेश छ। उक्त विवरणमा सडक यातायातको नियमित पहुँच पुगेको जिल्लालाई समेत समावेश गरेको देखियो। गर्भवती तथा सुत्केरी महिलालाई लक्षित गरी उद्धार तथा संरक्षण कार्यक्रममार्फत हालसम्म ७१३ जनाले सेवा प्राप्त गरेको देखिन्छ। कार्यक्रम सञ्चालन हुने स्थान तथा कार्यक्रमले समेटेको क्षेत्र सम्बन्धमा समयसापेक्ष पुनरावलोकन हुनुपर्दछ।

१८. **आकस्मिक उद्धार कोष -** पन्ध्रौं योजनामा दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम सञ्चालन मार्फत हवाई उद्धार तथा अस्पतालमा सुरक्षित प्रसूतिको व्यवस्थापन गर्ने उद्धार कोष स्थापना गर्ने उल्लेख छ। सोहौं योजना कार्यान्वयन सुरु भएको अवस्थामा समेत यस प्रकारको कोष स्थापना भएको देखिएन। उद्धार कोष स्थापना गरी उद्धार कार्य प्रभावकारी बनाउनुपर्दछ।

१९. **कार्यक्रम कार्यान्वयन -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम ४८ जिल्लामा सङ्घीय मन्त्रालय, प्रदेशका तोकिएका अस्पताल तथा स्थानीय सिफारिस समितिको समन्वय र सहकार्यमा सञ्चालित छ। यो कार्यक्रम राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गतको एक सम्भागको रूपमा कार्यान्वयनमा आएको र पन्ध्रौं योजनामार्फत रूपान्तरणकारी परियोजनाको एक महत्वपूर्ण कार्यक्रमको रूपमा रहेको देखिन्छ। राष्ट्रिय प्राथमिकता प्राप्त रूपान्तरणकारी कार्यक्रम भए तापनि छुट्टै कार्यक्रम बजेट तथा कार्यान्वयन संयन्त्र नहुँदा अन्य कार्यक्रमभन्दा भिन्न र प्रभावकारी हुन सकेको छैन। कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त स्रोत, साधन र स्पष्ट कार्य जिम्मेवारी सहितको कार्यक्रम तय गरी कार्यान्वयन संयन्त्रको व्यवस्था गर्नुपर्दछ।

२०. **समान प्रकृतिको कार्यक्रम -** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सञ्चालित यस कार्यक्रमसँग समानता हुने गरी प्रदेश मन्त्रालय तथा मातहतका कार्यालयमार्फत समेत कार्यक्रम सञ्चालनमा रहेका छन्। प्रदेश सरकारबाट सञ्चालित कार्यक्रम र यस कार्यक्रमबिच तुलना गर्दा कतिपय कार्यक्रमले ओगटेको क्षेत्र, प्रकृति, उद्देश्य र क्रियाकलाप तथा लक्षित वर्गसमेतमा समानता देखिन्छ। प्राप्त विवरणअनुसार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश, स्वास्थ्य निर्देशनालय, मकवानपुर, स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशमा समेत गर्भवती र सुत्केरी अवस्थाको ज्यान जोखिममा परेका महिलाको निःशुल्क हवाई उद्धार सेवा कार्यक्रम सञ्चालनमा रहेको देखिन्छ। सङ्घ र प्रदेशबाट एकै प्रकारका कार्यक्रम सञ्चालन हुँदा कार्यक्रम कार्यान्वयनमा द्विविधा तथा जिम्मेवारी अस्पष्ट हुने देखिन्छ। एउटै प्रकृतिको कार्यक्रमलाई अन्तरसरकार समन्वय गरी सुदृढ र प्रभावकारी बनाउनुका साथै क्रियाकलाप दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२१. **हवाई उद्धारको स्वीकृति -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ७ मा हवाई उद्धारको प्रक्रिया सम्बन्धमा उल्लेख छ। यस कार्यक्रमको प्रभावकारिता सम्बन्धमा अर्थशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयद्वारा तेस्रो पक्ष मूल्याङ्कन गरी पेस भएको प्रतिवेदनमा धेरै लाभग्राहीहरू तथा स्थानीय निकायहरूले हवाई उद्धार प्रक्रियाबारे स्पष्ट जानकारी नपाएका कारण उद्धार सेवाको प्रभावकारिता कमजोर बनेको, हवाई उद्धार समन्वय समितिको भूमिका स्पष्ट भए तापनि स्थानीय तह, अस्पताल, प्रशासन तथा हवाई सेवा प्रदायक संस्थाहरूबिच समन्वयको अभाव रहेकोले उद्धार कार्यमा ढिलाइ हुन सक्ने जोखिम रहेको उल्लेख छ। आपत्कालीन अवस्थामा छिटो निर्णय लिनुपर्ने भए तापनि स्वीकृति प्रक्रियामा ढिलाइ हुने, आवश्यक कागजात सङ्कलनमा समय लाग्ने हुनाले उद्धार सेवा सञ्चालनमा ढिलाइ हुने समस्या देखिएको छ। स्थानीय तह, अस्पताल, प्रशासन तथा हवाई सेवा प्रदायक संस्थाबिच प्रभावकारी समन्वय स्थापना गर्दै उद्धार प्रक्रियालाई छरितो बनाउन एकीकृत प्रणाली विकास, लाभग्राही तथा सम्बन्धित निकायलाई चेतनामूलक जानकारी प्रदान, छिटो निर्णय लिन सक्ने प्रणाली निर्माण, डिजिटल पूर्वअनुमति प्रणाली लागु गरी उद्धार सेवाको पहुँच विस्तार गर्नुपर्दछ।

२२. **उद्धार समयावधि -** प्राप्त विवरण अनुसार २०८०।८१ मा १६१ महिलाको आपत्कालीन उद्धार कार्य भएको देखिन्छ। उक्त उद्धार कार्य गर्न लाभग्राहीहरु स्थानीय स्वास्थ्य संस्थासम्म आइपुग्न लाग्ने समयलाई औसतमा गणना गर्दा प्रति व्यक्ति उद्धार समय औसत ९० मिनेट लाग्ने गरेको छ। त्यस पश्चात् उद्धारकार्यको लागि स्थानीय सिफारिस समिति, हवाई उद्धार समन्वय समिति तथा सेवाप्रदायक संस्था तथा तोकिएको अस्पतालसँग समन्वय लगायतका प्रशासनिक प्रकृयाको लागि लाग्ने प्रतिव्यक्ति औसत समय ३० मिनेट रहेको देखिन्छ। त्यस्तै हेलिकोप्टरबाट आपत्कालीन अवस्थाको बिरामीको हवाई उद्धार गर्न लाग्ने औसत समय २५ मिनेट रहेको छ। राहत तथा उद्धार समन्वय समिति तथा स्थानीय स्वास्थ्य संस्थाबाट आइपुग्न लाग्ने औसत समय हेलिकोप्टरबाट उद्धार गर्ने समयसम्म भन्दा बढी लाग्ने गरेको देखिन्छ। आपत्कालीन अवस्थामा हवाई उद्धार सेवा प्रदान गरेकोमा दुर्गम क्षेत्रमा

सडक तथा यातायात सुविधा कमजोर हुँदा र बिरामीलाई प्रथम चरणमा स्थानीय स्वास्थ्य संस्थासम्म ल्याउन लामो समय लाग्ने गरेको कारण उद्धार कार्यमा समेत प्रभाव परेको देखिन्छ।

आपत्कालीन उद्धार कार्यलाई थप प्रभावकारी बनाउन स्थानीय स्वास्थ्य संस्थासम्म बिरामी पुऱ्याउने प्रक्रिया द्रुत बनाउन स्थानीय तह, राहत तथा उद्धार समन्वय समिति र स्वास्थ्य संस्थाबिच समन्वयात्मक सुधार गर्दै तत्काल उद्धारका लागि आवश्यक स्रोतसाधनको व्यवस्था गर्नुपर्दछ। स्थानीय यातायात प्रणाली सुधार, एम्बुलेन्स सेवा विस्तार, ग्रामीण सडक स्तरोन्नति तथा अत्यावश्यक क्षेत्रमा मोटरबोट, घोडा, स्ट्रेचर जस्ता साधनको व्यवस्था गरी बिरामीलाई प्राथमिक उपचारका लागि छिटो स्वास्थ्य संस्था पुऱ्याउने उपाय अपनाउनुपर्छ। साथै, हेलिकोप्टर उद्धार प्रक्रियालाई चुस्त बनाउन, उद्धार अनुरोधको स्वीकृतिलाई स्वचालित र सरल बनाउन, हेलिकोप्टरको सहज उपलब्धता सुनिश्चित गर्न, थप स्रोत परिचालन गर्न आवश्यक देखिन्छ।

२३. **रात्रिकालीन उद्धार सेवा -** ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला अर्थात् १८ घण्टा भन्दा लामो प्रसव पिडा भएको, बच्चा जन्मन समस्या भएको, शिशु जन्मेको ३० मिनेटसम्म समेत सालनाल ननिस्केको, गर्भमा नै बच्चाको मृत्यु भएको गर्भवती अवस्थामा हुने रक्तश्राव (एपीएच), प्रसूति पछिको अवस्थामा हुने रक्तश्राव (पिपिएच) लगायतका अत्यन्तै जटिल र आपत्कालीन अवस्थामा रहेका महिलाका लागि लक्षित छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार सूचना प्राप्त भए तापनि रात्रिकालीन समयमा उद्धार कार्य गर्न नसकेको उल्लेख छ। रात्रिकालीन उद्धार हुन नसक्नुमा मन्त्रालयले हवाई सुरक्षाको प्रमुख कारण रहेको जनाएको छ। उद्धार सेवाको हकमा नेपालका दुर्गम क्षेत्रमा २४ सै घण्टा हवाई सेवाको सुनिश्चितता गर्नु चुनौतीपूर्ण भए तापनि केही निजी हवाई सेवा प्रदायकहरुले रात्रिकालीन उडान सेवा प्रदान गर्ने गरेका छन्। मन्त्रालयले निजी सेवाप्रदायकसँग समन्वय गरी २४ सै घण्टा हेलिकोप्टर उद्धार सेवा सुचारु गरी जटिल आपत्कालीन अवस्थामा र स्वास्थ्य सङ्कट भएका महिलाहरुको उद्धार गर्ने प्रबन्ध मिलाउनुपर्दछ।

२४. **कार्यबोझ व्यवस्थापन -** हवाई उद्धार कार्य समन्वय तथा व्यवस्थापनमा हवाई उद्धार समन्वय समितिको सदस्य सचिवको रूपमा राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन एकाइ प्रमुखको मुख्य भूमिका रहेको छ। आपत्कालीन अवस्थामा उद्धार कार्य समन्वयका लागि सदस्य सचिवले नै महत्वपूर्ण कार्यहरू सञ्चालन गरिरहेको अवस्था छ। ज्यान जोखिममा रहेका गर्भवती र सुत्केरी महिलाहरूको उद्धार र समन्वय कार्य सामान्य परिस्थिति भन्दा फरक र जटिल तथा आपत्कालीन अवस्था रहेकोले एक जनशक्तिमा मात्र निर्भर रहन मिल्ने देखिँदैन। तसर्थ २४ सै घण्टा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गरी उद्धार कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न लचिलो कार्य घण्टा र सकारात्मक कार्य वातावरण सहित थप जनशक्ति तथा संरचनाको व्यवस्था गर्नु आवश्यक देखिन्छ।

२५. **यातायात खर्च -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ११ मा हवाई उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलालाई यातायात सुविधाबापत प्रति लाभग्राही रु.२० हजार उपलब्ध गराउने व्यवस्थाअनुसार

२०७५।७६ देखि २०८०।८१ सम्म ७१३ लाभग्राहीलाई रु.१ करोड ४२ लाख ६० हजार खर्च भएको थियो।

क्र.सं.	आर्थिक वर्ष	लाभग्राही संख्या	रकम (रु.हजारमा)
१	२०७५।७६	२६	५२०
२	२०७६।७७	८७	१७४०
३	२०७७।७८	१०३	२०६०
४	२०७८।७९	१६९	३३८०
५	२०७९।८०	१६७	३३४०
६	२०८०।८१	१६१	३२२०
		जम्मा	**१४२६०**

उक्त यातायात खर्च रकम सम्बन्धित मन्त्रालयबाट सम्बन्धित अस्पताल विकास समितिको खातामा पठाउने गरेको र अस्पतालले सम्बन्धित महिलालाई नगदै वितरण गर्ने गरेको जानकारी प्राप्त भएको छ। वितरण प्रक्रिया सरल, छरितो र पारदर्शी गर्ने आधुनिक प्रविधिको उपयोग गर्दै डिजिटल भुक्तानी प्रणालीमार्फत रकम उपलब्ध गर्नुपर्दछ।

२६. **यातायात खर्चको प्रभावकारिता -** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त विवरण एवं अर्थशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयले तेस्रो पक्ष मूल्याङ्कन गरी पेस गरेको प्रतिवेदनमा उल्लेख भए अनुसारको दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रममार्फत उद्धार गरेर अस्पतालमा ल्याएपछि घर फर्किन सहजता प्रदान गर्न सुत्केरी महिलालाई यातायात खर्चबापत रू.२० हजार उपलब्ध गराउने प्रावधान रहे तापनि कतिपय महिला र महिलाका आफन्तलाई यस कार्यक्रम सम्बन्धमा जानकारी नहुँदा हालसम्म ३२ प्रतिशतले प्राप्त गरेको, ५२ प्रतिशतले प्राप्त नगरेको र १७ प्रतिशत महिला प्राप्त गर्ने प्रक्रियामा रहेको देखिन्छ। उक्त समस्या समाधान गर्नका लागि सरकार तथा सम्बन्धित निकायहरूले सुत्केरी महिला र तिनका आफन्तलाई यसबारे जानकारी दिने, अस्पताल, स्थानीय तह, महिला स्वास्थ्य स्वयंसेविका तथा सञ्चारमाध्यमलाई सहभागी गराई सूचना प्रवाह गर्नुपर्दछ। साथै अनलाइन वा मोबाइलमार्फत सहज आवेदन दिन मिल्ने व्यवस्था गरी अस्पतालबाटै लाभग्राहीको खातामा यातायात खर्च पठाउने प्रणालीको विकास गर्नुपर्दछ।

२७. **लाभग्राहीको वर्गीकरण -** यस कार्यक्रमबाट २०७५।७६ देखि २०८०।८१ सम्म उद्धार गरिएका ७१३ लाभग्राहीको उमेर समूह तथा शैक्षिक स्तरको अवस्था सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२७.१. मुलुकी अपराध (संहिता) ऐन, २०७४ अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष पुग्नुपर्दछ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त विवरण एवं अर्थशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयले यस कार्यक्रमको तेस्रो पक्ष मूल्याङ्कन गरी पेस गरेको प्रतिवेदनअनुसार दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रममार्फत लाभान्वित भएका

लाभग्राहीको पहिलो शिशुलाई जन्म दिने उमेर विश्लेषण गर्दा २५ प्रतिशतले २० वर्षभन्दा कम उमेरमा र ५० प्रतिशतले २२ वर्षभन्दा कम उमेरमै पहिलो शिशु जन्माएको देखिन्छ, जसले दुर्गम क्षेत्रमा किशोरावस्थामै विवाह गरी बच्चा जन्माउने उच्च दरलाई न्यून गर्न महिला सशक्तीकरणका अन्य कार्यक्रमको प्रभावकारिता समेत बढाउनु पर्ने देखिन्छ।

२७.२. नेपालको संविधानले माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षा निःशुल्क प्रदान गरिने व्यवस्था गरेको छ। शिक्षा ऐन, २०२८ अनुसार माध्यमिक शिक्षा (कक्षा १२ सम्म) निःशुल्क गर्ने नीति लिइएको र शिक्षा नियमावली, २०५९ अनुसार प्रदेश र स्थानीय तहलाई निःशुल्क माध्यमिक शिक्षा लागु गर्ने अधिकार समेत प्रदान गरेको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त विवरण एवं अर्थशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयले गरेको यस कार्यक्रमको तेस्रो पक्ष मूल्याङ्कन प्रतिवेदन अनुसार करिब ५५ प्रतिशत लाभग्राही निरक्षर र आधारभूत तहको शिक्षा प्राप्त गरेको, ४२ प्रतिशत माध्यमिक तह उत्तीर्ण र ३ प्रतिशत विश्वविद्यालय तह उत्तीर्ण रहेको देखिन्छ। यसले दुर्गम तथा विपन्न समुदायमा शिक्षाको पहुँच अझै कमजोर रहेको सङ्केत गर्दछ। शिक्षा र स्वास्थ्यलाई परस्पर जोडेर गर्भवती तथा नवजात शिशु स्वास्थ्य कार्यक्रमसँगै शिक्षाको महत्त्वबारे सचेतना अभियान सञ्चालन गर्न आवश्यक देखिन्छ।

२८. **सेवा प्रदायक संस्था छनोट -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. ५ मा हवाई उद्धार कार्यक्रमको लागि सेवा प्रदायक संस्था सार्वजनिक खरिद ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम सरकारी, निजी तथा अन्य क्षेत्रबाट खरिद गरिने र सेवा प्रदायक संस्था छनोट नभएसम्मका लागि रक्षा मन्त्रालयसँग समन्वय गरी नेपाली सेनाको हेलिकोप्टर मार्फत हवाई उद्धारका काम गरिने र नेपाली सेनाको हेलिकोप्टर तत्काल उपलब्ध हुन नसक्ने तर तत्कालै उद्धार नगरे ज्यान जोखिममा पर्ने अवस्था भएमा निजी सेवा प्रदायकबाट सरकारी दररेटमा हवाई सेवा लिन सक्ने व्यवस्था छ। मन्त्रालयले निर्देशिका जारी भएको ५ वर्ष व्यतीत हुँदा पनि कार्यविधिमा भएको व्यवस्थाअनुसार प्रतिस्पर्धात्मक खरिद विधिको अवलम्बन गरेको देखिएन। कानुनी प्रावधान अनुरूप खरिद व्यवस्थापन गर्नुपर्दछ।

२९. **हवाई उद्धार खर्च -** मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार विगत वर्षमा हवाई उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको संख्या र खर्च रकम निम्नानुसार छः

आर्थिक वर्ष	सेवाग्राही संख्या	रकम (रु.हजारमा)
२०७६।७७	८७	२००००
२०७७।७८	१०३	२७५००
२०७८।७९	१६९	५०५००
२०७९।८०	१६७	४३९००
२०८०।८१	१६१	५४७००
जम्मा	**६८७**	**१९६६००**

उल्लिखित विवरणअनुसार विगत ५ वर्षमा ६८७ जनाको हवाई उद्धार भएको र सोको लागि रु. १९ करोड ६६ लाख खर्च भएको देखिन्छ। मन्त्रालयबाट हुने हवाई उद्धार खर्च सम्बन्धमा आर्थिक

रूपमा विपन्न तथा पिछडिएका समुदायका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई खर्च उपलब्ध गराउने तथा आपत्कालीन अवस्थामा रहेका अन्यलाई समेत हवाई उद्धारमा सहजीकरण गर्ने तर्फ ध्यान दिनुपर्दछ।

३०. **कार्यक्रमको अनुगमन -** दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७७ को बुँदा नं. १२(१) मा हवाई उद्धार गरी उपचारका लागि ल्याइएको अस्पतालबाट आवश्यकता बमोजिमको स्वास्थ्य सेवा र यातायात सुविधा उपलब्ध भए नभएको सम्बन्धमा अनुगमन एवम् निरीक्षण हुनुपर्ने तथा बुँदा नं. १२(३) मा सूचना अध्यावधिक तथा उद्धार कार्यको दुरूपयोग भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिने उल्लेख भएकोमा मन्त्रालयबाट हालसम्म अनुगमन निरीक्षण गरेको देखिएन। गर्भवती महिलाको हवाई उद्धार गर्नुपर्ने कारण उद्धार पश्चात् कामको अनुगमन, उद्धार गरिएको गर्भवती सुत्केरी र नवजात शिशुको अवस्थाको सूचना अद्यावधिक गर्ने तथा उद्धार कार्यको सदुपयोग भएको सुनिश्चितताका लागि उद्धार गरिएका प्रत्येक गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य अवस्था सम्बन्धमा मन्त्रालयबाट लक्षित वर्गसँग सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी अनुगमन गरेको देखिएन। कार्यक्रमबाट भएका क्रियाकलापको अभिलेख, प्रतिवेदन, अनुगमन, विश्लेषण गर्ने गरी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

३१. **निष्कर्ष तथा सुझाव -** गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यक्रमको कार्यमूलक लेखापरीक्षण गर्दा कार्यक्रमको छनोट पूर्वतयारीको अवस्था, आकस्मिक उद्धार कोष व्यवस्थापन, उद्धार माग व्यवस्थापन, कार्यक्रमको क्षेत्र पुनरावलोकन, हवाई उद्धारसम्बन्धी प्रक्रियागत व्यवस्था, उद्धार साधनको सहज उपलब्धता, उद्धार समयावधि, रात्रिकालीन उद्धार सेवा, कार्यबोझ व्यवस्थापन, लाभग्राही उपचार विवरण, यातायात खर्चको प्रभावकारिता, यातायात खर्च भुक्तानीको अनुगमन, सेवा प्रदायक संस्था छनोट, हवाई उद्धार खर्च सूचना अद्यावधिक तथा नियमित अनुगमन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ। रात्रिकालीन उद्धार सेवाको अभावलाई मध्यनजर गर्दै अन्य हवाई सेवा प्रदायकसँगको सहकार्यमा २४ सै घण्टा सेवा उपलब्ध गराउने व्यवस्था मिलाई आपत्कालीन उद्धार कार्यलाई विस्तार गर्नुपर्दछ। यसै गरी किशोरी तथा युवतीहरूलाई लक्षित गरी सुरक्षित मातृत्व र परिवार नियोजनसम्बन्धी सचेतना कार्यक्रमहरू तर्जुमा गर्दा यस कार्यक्रमको नतिजालाई अनुसरण गर्नु आवश्यक छ। साथै, स्थानीय तह, स्वास्थ्य संस्थाहरू, तथा समुदायस्तरका निकायहरूसँगको समन्वय र सहकार्यमा उद्धार सेवा कार्यक्रमको कार्यान्वयन पक्षलाई सुदृढ बनाई लक्षित प्रतिफल प्राप्त गर्नको लागि यस प्रतिवेदनमा उल्लिखित समस्याको सम्बोधन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

अन्य संस्था

समाज कल्याण परिषद्

समाज कल्याण र सामाजिक सेवासँग सम्बन्धित क्रियाकलापलाई विकाससँग आबद्ध गराउने तथा गैरसरकारी संस्थाको कार्यमा समन्वय गर्ने उद्देश्यले २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय समितिको नामले स्थापना भई समाज कल्याण ऐन, २०४९ अनुसार यस परिषद्ले कार्य गर्दैआएको छ।

३२. **आय-व्यय** - परिषद्को आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१	२०७९।८०
१. गत वर्षको मौज्दात	१११८१५५	८२२४३८
२. यस वर्षको आम्दानी	७३८०२८	७६१७९४
जम्मा	**१८५६१८३**	**१५८४२३२**
३. प्रशासनिक खर्च	१२३९४१	१४०२४७
४. कार्यक्रम खर्च	१२८६८	१२७९८
५. पुँजीगत खर्च	४४३३	११२४
६. अन्य खर्च	३०५१६२	३११९०८
७. मौज्दात	१४०९७७९	१११८१५५
जम्मा	**१८५६१८३**	**१५८४२३२**

स्रोतः समाज कल्याण परिषद

३३. **संस्था आबद्धता तथा नवीकरण** - समाज कल्याण नियमावली, २०४७ को नियम १३ मा संस्था आबद्धतासम्बन्धी व्यवस्था छ। प्रगति प्रतिवेदनअनुसार २०८०।८१ मा १ हजार ४७५ नयाँ आबद्धता भएका समेत ५७ हजार ५१ संस्था परिषद्मा आबद्ध रहेका छन्। आर्थिक वर्ष २०७७।७८ सम्म आबद्धता लिएका ५२ हजार ५७९ संस्थाले २०८०।८१ मा आबद्धता नवीकरण गर्नुपर्नेमा ५ हजार ७९० संस्था (११.०१ प्रतिशत) ले मात्र आबद्धता नवीकरण गराएका छन्। नियमावलीबमोजिम आबद्धता लिएका सङ्ग संस्थाले प्रत्येक ३ वर्षमा नवीकरण गरिसक्नुपर्नेमा ४६ हजार ७८९ सङ्ग संस्थाले नवीकरण गरेको पाइएन। वैदेशिक सहयोग लिई आबद्धता नवीकरण नगर्ने संस्थाको अन्तरनिकाय समन्वय स्थापित गरी आबद्धता नवीकरण गराउनुका साथै वैदेशिक स्रोत परिचालन गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाट

- *नियमावली विपरीत करार कर्मचारी नियुक्त गरी रु.१ करोड १९ लाख ९३ हजार खर्च लेखेको,*
- *समाज कल्याण परिषद्मा आबद्धता भएका सङ्ग संस्थाहरूले नवीकरण नगरेको,*
- *नर्म्स बेगर मूल्याङ्कनकर्तालाई रु.११ करोड ७८ लाख ३८ हजार पारिश्रमिक भुक्तानी,*
- *सम्झौताअनुसार रु.८ करोड २ लाख ४९ हजार भाडा असुल नभएको लगायतको अवस्था देखिएका छन्।*

३४. **सेवा सुविधा** - परिषद्का पदाधिकारीले प्राप्त गर्ने सेवा सुविधा कानुनद्वारा निर्धारण हुनुपर्दछ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले उपाध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षहरूको मनोनयन गर्दा तह र पारिश्रमिक उल्लेख गरी मनोनयन गर्ने गरेको पाइएन। परिषद्ले पदाधिकारीको तह र सुविधा निर्धारण गर्न २०६३।५।६ र २०६३।८।१४ को बोर्ड निर्णयले विशिष्ट श्रेणीको तह र विशिष्ट श्रेणी सरह सेवा सुविधा पाउने गरी निर्णय गरेको आधारमा सेवा सुविधा खर्च लेखेको पाइयो। बोर्डको निर्णयअनुसार पदाधिकारीलाई तलब, भत्ता, सुविधा विशिष्ट श्रेणीको हुने निर्णयको आधारमा यस वर्ष

पदाधिकारी सेवा सुविधामा रु.२२ लाख ५४ हजार खर्च गरेको छ। पदाधिकारीले पाउने सेवा, सुविधा कानुनद्वारा निर्धारण हुनुपर्दछ।

३५. **कर्मचारी पदपूर्ति -** समाज कल्याण परिषद् कर्मचारी सेवा शर्त नियमावली, २०५० को नियम ९ मा परिषद्ले रिक्त पदहरूको पूर्ति एक वर्षभित्र लोकसेवा आयोगको वार्षिक कार्य तालिकाबमोजिम गरिने व्यवस्था छ। नियमावली विपरीत परिषद्ले गत विगतदेखि नै करार तथा अस्थायी सहायक निर्देशक, इन्जिनियरसहित ३१ कर्मचारी नियुक्ति गरी यो वर्ष रु.१ करोड १९ लाख ९३ हजार पारिश्रमिक खर्च लेखेको छ। प्रचलित कानुन तथा नियमावली विपरीत कर्मचारी नियुक्तिलगायतका कार्य गरिनु हुँदैन।

३६. **सङ्घ संस्थाको खर्च अनुमोदन -** समाज कल्याण ऐन, २०४९ को दफा १२ मा नेपालभित्र काम गर्न चाहने विदेशी गैरसरकारी सङ्घ संस्थाले काम गर्नु अघि परिषद् समक्ष काम गर्ने अनुमतिको लागि निवेदन दिनुपर्ने, निवेदन दिएको तीन महिनाभित्र निर्णय गरी अनुमति दिनसक्ने र अनुमति प्राप्त गरेका विदेशी गैरसरकारी सङ्घ संस्थाले परिषद्सँग सम्झौता गरी कार्य सञ्चालन गर्नुपर्ने व्यवस्था छ। परिषद्ले समाज कल्याण ऐन विपरीत वैदेशिक सहयोग स्वीकृतिसम्बन्धी निर्देशिका, २०७१ स्वीकृत गरेको छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्;

३६.१. निर्देशिकाको बुँदा ५ मा परिषद्सँग पूर्व स्वीकृति नलिई कार्यक्रम सञ्चालन गरेको वा संस्था नवीकरण रोकिन गएको खण्डमा संस्थालाई सुध्रने मौका स्वरूप एक पटकका लागि मात्र आवश्यक विवरण लिई वैदेशिक सहयोग खर्च रकम अनुमोदन प्रक्रियामा राखी, सचेत गराई, अनुगमन/मूल्याङ्कन प्रयोजनका निम्ति लाग्ने शुल्क बराबरको रकम दाखिला गराई अनुगमन/मूल्याङ्कन गरी अनुमोदन गरिने व्यवस्था गरेको कानुनसम्मत देखिएन।

३६.२. ऐनमा खर्च अनुमोदनसम्बन्धी व्यवस्था नभएकोमा निर्देशिकाबमोजिम यो वर्ष १७९ संस्थाले अनुमोदनको लागि निवेदन दिएकोमा १७६ संस्थाको रु.६ अर्ब ३६ करोड १२ लाख ४२ हजार खर्च अनुमोदन प्रक्रियामा राखेको छ। परिषद्ले प्रकाशन गरेको वार्षिक प्रतिवेदनहरूमा अनुमोदन गरिएका परियोजना सार्वजनिक गरेको देखिएन।

३७. **उजुरी छानबिन -** समाज कल्याण नियमावली, २०४९ को नियम ७(१२) मा परिषद्सँग आबद्ध एवं सम्झौता गरी कार्यरत समाजिक संस्थाका प्राप्त उजुरी उपर छानबिन गर्ने गराउने, छानबिन गरी आवश्यक सिफारिस एवं कारबाही गर्ने गराउने व्यवस्था छ। परिषद्मा यो वर्ष १७ गैरसरकारी संस्थाको सम्पत्ति दुरूपयोग, पदाधिकारीले दोहोरो जिम्मेवारी वहन गरेको, सामाजिक हित विपरीत कार्य गरेको, नीतिगत तथा आर्थिक, बालगृहमा यौन दुर्व्यवहार भएको, साझेदार छनोट गर्दा निर्देशिका विपरीत कार्य गरेको लगायतका विषयमा उजुरी परेको छ। परिषद्ले १३ संस्थाहरूको उजुरी छानबिन गरी प्रतिवेदन कार्यान्वयन गर्न लेखी पठाए तापनि कार्यान्वयनको अवस्था अनुगमन मूल्याङ्कन गरेको छैन। समयमै छानबिन गरी उजुरी टुङ्गो लगाउनुपर्दछ।

३८. **गैरसरकारी संस्थाको सम्पत्ति —** समाज कल्याण नियमावली, २०४९ को नियम २२ मा परिषद्को सिफारिसमा आयात इजाजतपत्र प्राप्त कुनै पनि सामानको उपयुक्त संरक्षण गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको हुने र परिषद्को पूर्व स्वीकृति बेगर त्यस प्रकारको कुनै पनि सामानहरू बेचबिखन, नामसारी,

हिनामिना वा दानदातव्य गर्न नपाउने व्यवस्था छ। परिषद्बाट स्वीकृति प्राप्त संस्थाहरूको परियोजना अवधि समाप्त भएका र ती संस्थाका थप परियोजना सञ्चालन नभएको अवस्थामा उक्त संस्थाहरूको भौतिक सम्पत्तिहरू परिषद्मा प्राप्त भएको वा परिषद्को सिफारिसमा अन्य निकाय तथा संस्थालाई हस्तान्तरण गरेको विवरण परिषद्ले अद्यावधिक रूपमा राखेको पाइएन। नियमावलीअनुसार परियोजना समाप्त भएका संस्थाहरूको सम्पत्तिको अभिलेख राखी सम्पत्तिको उचित संरक्षण र उपयोग गर्नुपर्दछ।

३९. **अनुगमनकर्ताको पारिश्रमिक —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्दा नर्म्स र दर निर्धारण गरी स्वीकृत नर्म्स र दरको आधारमा गर्नुपर्दछ। परिषद्ले यो वर्ष अनुगमन/मूल्याङ्कनबापत रु.११ करोड ७८ लाख ३८ हजार अनुगमन खर्च गरेको छ। संस्थाबाट नियमन शुल्क बापत लिएको रकमको ७० प्रतिशत मूल्याङ्कन, ३० प्रतिशत सेवा शुल्क (१५ प्रतिशत सहजीकरण, १५ प्रतिशत अनुगमन) मा छुट्याई, मूल्याङ्कनको लागि छुट्याइएको ७० प्रतिशत रकमलाई शतप्रतिशत मानी टोली सदस्य सङ्ख्याको आधारमा टोली नेता तथा टोली सदस्यहरूको आधारमा प्रतिशत छुट्याई सदस्य सचिवको निर्णयको आधारमा पारिश्रमिक भुक्तानी गरेको पाइयो। मूल्याङ्कनमा खटिने टोलीको विषयविज्ञको नर्म्स स्वीकृत गरी नर्म्सको आधारमा पारिश्रमिक भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ।

४०. **सुझाव कार्यान्ययन —** अनुगमन मूल्याङ्कन प्रतिवेदनमा औँल्याइएका समस्या तथा दिइएका सुझावहरू कार्यान्वयन गर्नुपर्दछ। परिषद्ले यो वर्ष १ हजार १०० राष्ट्रिय तथा १०४ अन्तर्राष्ट्रिय संस्थाको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख गरिएका समस्या तथा दिइएका सुझावहरूको कार्यान्वयन स्थितिको अभिलेख राखेको छैन। मूल्याङ्कनकर्ताले गैरसरकारी संस्थाबाट सञ्चालित क्रियाकलाप र परिचालित स्रोतबाट परेको सामाजिक, आर्थिक, धार्मिक, पर्यावरणीयलगायतका प्रभाव मूल्याङ्कन गर्ने नगरेको, सङ्घ संस्थाले प्राप्त गरेको स्रोतको वैधता तथा उपयोग सम्बन्धमा विस्तृत विश्लेषण गरी ठोस समस्या र सुझाव दिएको पाइएन। प्रचलित नीतिगत तथा कानुनी व्यवस्थाअनुसार सुझावहरूको कार्यान्वयन गरिनुपर्दछ।

४१. **बक्यौता असुली -** परिषद्को आर्थिक प्रशासन नियमावली, २०५० को नियम ६२(४) मा परिषद्ले आफ्नो स्वामित्वमा रहेका एवं भोगाधिकार प्राप्त गरेका भवन, जमिन र उपकरण निर्धारित प्रक्रिया अपनाई भाडामा दिनसक्ने व्यवस्था छ। परिषद्ले भृकुटीमण्डपस्थित भवन, सटर, पार्क, स्टल, चौरलगायतका संरचनाहरू भाडामा लगाउने सम्झौतामा तोकिएका सर्तहरू पालना नगरेका कारण अर्को पक्षलाई पुग्न गएको हानि-नोक्सानीको क्षतिपूर्ति प्रचलित कानुनबमोजिम पीडित पक्षले भराई लिन सक्ने उल्लेख छ। भृकुटीमण्डप सञ्चालन कार्यालयले उपलब्ध गराएको बक्यौता विवरणअनुसार २०७९।८० सम्म रु.६ करोड ८१ लाख ९८ हजार बक्यौता रहेकोमा सोमध्ये रु.३ लाख ६६ हजार असुल भई रु.६ करोड ७८ लाख ३२ हजार बक्यौता रहेको देखिन्छ। यो वर्ष १४ संस्थाको रु.१ करोड २४ लाख १७ हजार बक्यौता थप भई यो वर्षसम्म ५१ संस्थासँगको रु.८ करोड २ लाख ४९ हजार पुगेको छ। सम्झौताअनुसार उठ्न बाँकी रहेको रकम कानुनबमोजिम असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा अनुदानको उपयोग, अनुगमन मूल्याङ्कन, अभिलेख व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, उजुरी, भाडा असुलीलगायतका बेहोरामा अपेक्षित सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
    - मन्त्रालय र मातहत ७ निकायको यो वर्ष रु.१ करोड ५० लाख ९० हजार बेरुजु देखिएकोमा प्रारम्भिक उपलब्ध गराएपछि रु.१३ लाख ४१ हजार फर्स्यौंट गरेकोले रु.१ करोड ३७ लाख ४९ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.४ लाख बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
    - यो वर्ष सङ्गठित संस्था १ तर्फ रु.३ करोड ८८ लाख ८९ हजार हजार बेरुजु देखिएकोमा प्रारम्भिक उपलब्ध गराएपछि रु.१३ लाख ६३ हजार फर्स्यौंट गरेकोले रु.३ करोड ७५ लाख २६ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

युवा तथा खेलकुद मन्त्रालय

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा युवाको क्षमता अभिवृद्धि गरी राष्ट्रको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा सक्रिय सहभागिता बढाउने, खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान् मानव संसाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्ने र युवा वर्गलाई विश्व स्काउटद्वारा प्रतिपादित सिद्धान्त, मूल्य मान्यता र भावनासँग परिचित गराउँदै मानवीय सेवामा एकाकार गराउन युवा, खेलकुद र स्काउटसम्बन्धी नीति कानुन र मापदण्ड, कार्ययोजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन र विकास गर्नेलगायतका कार्यहरू रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय र अन्य संस्थासमेत ५ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालयको निम्नानुसार रु.११ करोड २५ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य	जम्मा
१११९	३	३	-	११२५

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई प्रदेश सरकारबाट खर्च भएको रु.३ करोड ८६ लाख समावेश गरिएको छैन।

२. **अन्य संस्था -** यो वर्ष ४ संस्थाको रु.१४ अर्ब ४ करोड ७७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा युवाको सर्वाङ्गीण विकास गरी मुलुकको आर्थिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्न युवा सशक्तीकरण तथा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा युवालाई विशेष अवसर प्रदान गर्ने तथा कम्तीमा प्रत्येक प्रदेशमा एक अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण सम्पन्न गर्ने उल्लेख छ। पन्ध्रौं योजनामा मन्त्रालय स्वयंले गर्नुपर्ने र प्रगति प्रतिवेदन संयोजन गर्नुपर्ने दायित्व रहेका १४ सूचकको प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	नतिजा सूचक	एकाइ	योजनाको लक्ष्य	योजनाको प्रगति	प्रगति प्रतिशत
१.	स्वरोजगार कोष मार्फत कर्जा प्राप्त गरी स्वरोजगार भएका युवा	जना (हजार)	१२८	१०९	८५.१५
२.	स्वरोजगार कर्जा प्राप्त गरी सञ्चालन भएका व्यवसायमा रोजगार प्राप्त गर्ने युवा	जना (हजार)	६०	१०१	१६८.३३
३.	विपद व्यवस्थापन तथा स्वयंसेवकीय कार्यमा सहभागी युवा	जना (हजार)	५०	३०	६०
४.	नवप्रवर्तन केन्द्र सञ्चालन	सङ्ख्या	१	०	०
५.	नवप्रवर्तन प्रशिक्षण प्राप्त गर्ने युवा	जना	१२५०	१५४	१२.३२
६.	युवा क्लबमार्फत नेतृत्व अभ्यास गर्ने युवा	जना (हजार)	११०	५५	५०
७.	युवा तथा खेदकुद क्षेत्रको पूर्वाधार निर्माण कार्यमा रोजगार प्राप्त गर्ने युवा	जना (हजार)	१६.२	१३	८०.२४
८.	खेलकुदको आधारभूत तालिम प्राप्त गर्ने खेलाडी (निरन्तर)	जना (हजार)	८०	१५०	१८७.५
९.	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षण प्राप्त गर्ने खेलाडी	जना (हजार)	५४	४५	८३.३३
१०.	अन्तर्राष्ट्रिय खेलकुद परिसर निर्माण	सङ्ख्या	६	०	०
११.	प्रदेशमा अन्तर्राष्ट्रियस्तरको सुविधासम्पन्न रङ्गशाला निर्माण	सङ्ख्या	७	१	१४.२८
१२.	क्रिकेट रङ्गशाला निर्माण	सङ्ख्या	४	१	२५
१३.	उच्च धरातलीय खेलकुद तालिम केन्द्र	सङ्ख्या	२	०	०
१४.	खेलग्राम निर्माण सम्पन्न	सङ्ख्या	१२०	०	०

स्रोतः युवा तथा खेलकुद मन्त्रालय

उल्लिखित विवरणअनुसार २ नतिजा सूचकमा लक्ष्यभन्दा बढी, ८ मा लक्ष्यभन्दा घटी र ४ सूचकमा प्रगति नै भएको छैन। आवधिक योजनाले लिएको लक्ष्य हासिल हुने गरी वार्षिक कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ।

४. **दिगो विकासको लक्ष्य-प्रगति -** दिगो विकासले लिएको लक्ष्यअनुसारको प्रगति हासिल हुनुपर्दछ। शिक्षा, रोजगार वा तालिममा संलग्न नभएका युवाको अनुपातलाई उल्लेखनीय रूपमा घटाउने उद्देश्य राखी योजना अवधिमा शिक्षा, रोजगार वा तालिममा संलग्न नभएका १५-२४ उमेर समूहका युवाको अनुपात ३५.३ बाट १५ प्रतिशतमा तथा १५-२४ वर्ष उमेर समूहका युवा बेरोजगारी दर २१.४ बाट १५ प्रतिशतमा झार्ने लक्ष्य राखेकोमा सोको प्रगतिको अद्यावधिक अभिलेख मन्त्रालयले राखेको छैन। बजेट तथा कार्यक्रम कार्यान्वयनमार्फत दिगो विकास लक्ष्यअनुसारको प्रगति हासिल गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** मन्त्रालयले वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य २०८०।८१ मा उल्लेख भएका कार्यक्रम लक्ष्यअनुसार कार्यान्वयन गर्नुपर्दछ। मन्त्रालय र मातहतका निकायमार्फत कार्यान्वयन गर्नुपर्ने युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानी ढाँचा परिवर्तन गरी युवालाई व्यवसाय गर्न सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने उल्लेख भएकोमा पुरानै ढाँचालाई निरन्तरता दिएको, खेलाडीहरू स्वरोजगार बन्न चाहेमा युवा स्वरोजगार कोष मार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा उक्त कार्यक्रम कार्यान्वयन नभएको, त्रिभुवन विश्वविद्यालय क्रिकेट रङ्गशालामा फ्लड लाइट जडान कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा कार्य प्रारम्भ नभएको, मूलपानी क्रिकेट रङ्गशालाको निर्माण कार्य ३७.८० प्रतिशत सम्पन्न भएको, सार्वजनिक निजी साझेदारीमा हाइअल्टिच्युट ट्रेनिङ सेन्टरका साथै च्याफ्टिङ, क्यानोइङ, प्याराग्लाइडिङ्ग, रक क्लाईम्बिङ र अल्ट्रा म्याराथुनलगायतका साहसिक खेलकुद तर्फ पूर्वाधार निर्माण कार्य प्रारम्भ भएको देखिएन। वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

> *यस वर्षको लेखापरीक्षणबाटः*
> - *वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रमहरू आंशिक कार्यान्वयन नभएको,*
> - *राष्ट्रिय युवा परिषद्ले जिल्ला युवा समिति क्रियाशील नभएको अवस्थामा अध्यक्षलाई पारिश्रमिक भुक्तानी गरेको,*
> - *राष्ट्रिय खेलकुद परिषद्ले परिषद्बाट बजेट तथा कार्यक्रम स्वीकृति बेगर खर्च गरेको,*
> - *खेलकुद पूर्वाधारको दिगो सञ्चालनसम्बन्धी व्यवस्था नगरेको लगायतका बेहोरा देखिएका छन्।*

६. **बजेट र खर्च -** यो वर्ष मन्त्रालयको बजेट विनियोजन तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	८७५	१२२१	११०५	९०.५०
पुँजीगत	१५	१४	१४	१००
जम्मा	८९०	१२३५	१११९	९०.६१

समग्रमा बजेटको तुलनामा ९०.६१ प्रतिशत खर्च भएको छ।

७. **खेल पूर्वाधार -** राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम २० मा प्रत्येक प्रदेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेल प्रतियोगिता सञ्चालन गर्न खेलकुद पूर्वाधार निर्माण गर्ने तथा खेल सङ्घ, प्रदेश र स्थानीय तहबिचको आपसी समन्वय र सहकार्यमा खेल पूर्वाधारहरूको स्वामित्व हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणमा सङ्घ, प्रदेश र स्थानीय तहमा १९१ खेलकुद पूर्वाधार रहेको जनाए तापनि उक्त पूर्वाधारहरूको मापदण्ड, स्तर निर्धारण तथा स्वामित्व सम्बन्धमा स्पष्ट उल्लेख छैन। खेलकुद पूर्वाधारहरूको सञ्चालन कार्यविधि र मापदण्ड तयार गरी स्वामित्व हस्तान्तरण गर्नुपर्दछ।

८. **कोष सञ्चालन व्यवस्था -** राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा नियमावली, २०७३ मा उद्यम कोष, युवा विप्रेषण तथा सामाजिक कोषको व्यवस्था रहेकोमा ती कोष सञ्चालनसम्बन्धी कानुनी व्यवस्था भएको पाइएन। परिषद्ले ऋण लगानी तथा असुलीसम्बन्धी कानुनी व्यवस्था बेगर युवा विप्रेषण तथा सामाजिक कोषमा रु.५० लाख २५ हजार र उद्यम कोषमा रु.१९ करोड ६४ लाख समेत रु.२० करोड १४ लाख २५ हजार कार्यसञ्चालन कोषमा जम्मा गरेको छ। युवा उद्यम कोषबाट हाल समूहमा ऋण परिचालनसमेत भएको नदेखिएको तथा युवा विप्रेषण तथा सामाजिक कोषको रकम विगतदेखि मौज्दात रहेको देखिएको र कोष सञ्चालनसम्बन्धी कानुनी स्पष्टता समेत नदेखिएकोले उक्त रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

९. **राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम -** राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार १६ देखि ४० वर्षका २० जना महिलाको समूहलाई क्षमता विकास र उद्यमतर्फ उन्मुख गराई आत्मनिर्भरता स्थापित गर्दै जाने उद्देश्यले विना धितो र विना ब्याज रु.५ लाखका दरले ऋण प्रवाह गर्ने उल्लेख छ। राष्ट्रिय युवा परिषद्ले स्थानीय तहमा संस्था वा समूह दर्ता गरेका युवा महिलाको समूहलाई उद्यम प्रस्ताव छनोटका आधारमा छनोट गरी १५ महिला उद्यमी समूहलाई विना धितो निर्ब्याजी रु.५ लाखका दरले ५ वर्षभित्र फिर्ता गर्ने गरी २०७४।७५ मा रु.७५ लाख ऋण लगानी गरेकोमा ऋण चुक्ता गर्ने अवधि समाप्त भए तापनि ऋण असुली भएको छैन। सम्झौताबमोजिम ऋण रकम असुल गर्नुपर्दछ।

१०. **पदाधिकारी पारिश्रमिक -** राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा ११ मा जिल्ला युवा समितिको व्यवस्था छ। हाल स्थानीयस्तरमा समिति क्रियाशील नभएको अवस्थामा अध्यक्षको पारिश्रमिकबापत राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ को नियम १४ अनुसार यो वर्ष ७० जिल्ला युवा समितिका अध्यक्षहरूलाई रु.८३ लाख १९ हजार भुक्तानी गरेको छ। समिति क्रियाशील नरहेको, ऐनमा अध्यक्षको कार्य विवरण उल्लेख नभएको तथा जिम्मेवारीसमेत नतोकिएको अवस्थामा उक्त रकम भुक्तानी गरेको देखिन्छ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाबाट विना धितो परियोजनामा सहुलियत ब्याजदरमा व्यवसायीलाई बढीमा रु.५ लाखसम्म आवधिक ऋण उपलब्ध गराउन स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने र व्यावसायिक तथा सीपमूलक तालिमसमेत उपलब्ध गराउने उद्देश्यले २०६४ सालमा यो कोषको स्थापना भएको हो। कोषको वित्तीय अवस्था निम्नानुसार छः

क) **वासलात**

(रु.हजारमा)

पुँजी तथा दायित्व	**२०८०।८१**	**२०७९।८०**
१. जगेडा कोषहरू	८६१५९५	८१६९११
२. तिर्न बाँकी विपन्न वर्ग कर्जा सापटी	३८६१३८७	३८५८३८७
३. अन्य दायित्व	१२६१५४	११५५९५
कुल पुँजी तथा दायित्व	**४८४९१३६**	**४७९०८९३**
सम्पत्ति		
१. जगेडा कोषहरू	११	११
२. बैङ्क/वित्तीय संस्थामा रहेको मौज्दात	१२१५२३३	७३५३८५
३. स्वरोजगार कर्जा प्रवाह	३६१२१५०	४०३३७५५
४. अन्य सम्पत्ति	२१७४२	२१७४२
कुल सम्पत्ति	**४८४९१३६**	**४७९०८९३**

ख) **आय-व्यय विवरण**

विवरण	**२०८०।८१**	**२०७९।८०**
१. ब्याज आम्दानी	४४६९१	१,५०,३८
२. नेपाल सरकारबाट अनुदान	७२१०५	१०,०२,६८
कुल आम्दानी	**११६७९६**	**११,५३,०६**
३. ब्याज अनुदान खर्च	१८६१	१६४३१
४. सञ्चालन खर्च	६९६८१	८३२९७
५. पुँजीगत खर्च	५७०	५४९
कुल खर्च	**७२११२**	**१००२७७**
खुद बचत	**४४६८४**	**१५०२९**

स्रोतः वित्तीय विवरण २०८१

११. **लगानी संयन्त्र** - कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ अनुसार कर्जा प्रवाहको लागि कोषले आशयपत्र माग गर्ने र सहकारी संस्थाले पेस गरेको प्रस्ताव छनोट गरी स्वीकृति गर्ने व्यवस्था छ। कर्जा प्रवाह गर्दा सहकारी संस्था एवं बैङ्क वित्तीय संस्थासँग प्रस्ताव माग गरी प्राप्त प्रस्तावको आधारमा मूल्याङ्कन समितिले बढीमा रु.५ करोड र प्रारम्भिक सहकारीहरूलाई रु.१ करोडसम्म २ किस्ता तथा कोषलाई आवश्यक लागेमा प्रारम्भिक संस्थालाई एकै किस्तामा लगानी गर्नसक्ने व्यवस्था छ। कोषले रु.३ अर्ब ६१ करोड २१ लाख ५० हजार कर्जा लगानी गरेकोमा व्यावसायिक योजना माग नगरेको, लगानीको क्षेत्र तथा तरिका नतोकी मध्यस्थकर्ता बैङ्क तथा सहकारीमार्फत ऋण प्रवाह गरेको छ। कोषको उद्देश्यअनुसार प्रत्यक्ष रूपमा बेरोजगार युवालाई स्वरोजगार बनाउने गरी कानुनी र संरचनागत सुधार गर्नुपर्दछ।

१२. **लगानीको सीमा** - कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ मा कर्जाको सीमा, कर्जा लगानी, ब्याजदर, भुक्तानी अवधि र बिमाअन्तर्गत बैङ्क तथा वित्तीय संस्था र सहकारी संस्थाले लिएको विपन्न वर्ग

कर्जा बेरोजगार तथा लक्षित समुदायमा व्यवसायको आधारमा स्रोतको सुनिश्चितता गरी बढीमा प्रतिव्यक्ति रु.५ लाखसम्म र ५ देखि १५ जनाको समूहमा बढीमा रु.५० लाख सामूहिक जमानीमा कर्जा लगानी गर्न सकिने व्यवस्था छ। कोषले प्रतिव्यक्ति रु.२ लाखसम्म कर्जा प्रवाह गरे तापनि सामूहिक लगानीमा कर्जा प्रवाह गरेको छैन।

१३. **भाखा नाघेको कर्जा —** युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम १६ मा कर्जा लगानी गर्ने व्यवस्थाअनुसार युवा तथा साना व्यवसायी स्वरोजगार कोष र ऋणीहरूबिच भएको कर्जा सम्झौतामा सम्झौता अवधि ५ वर्ष हुने, ऋण अवधि ४२ महिना रहने र सम्झौताअनुसार किस्ता नबुझाएमा बुझाउनुपर्ने रकमको थप २ प्रतिशत ब्याज लाग्ने उल्लेख छ। कोषले पेस गरेको विवरणअनुसार १ हजार २३९ सहकारी संस्थाबाट २०८१ आषाढ मसान्तसम्म रु.१ अर्ब ६ करोड ८५ लाख ९१ हजार साँवा तथा सोमा लाग्ने ब्याज रु.१२ करोड ८१ लाख १९ हजार र हर्जाना रु.३ करोड ८८ हजारसमेत कुल रु.१ अर्ब २२ करोड ६७ लाख ९८ हजार असुल गर्नुपर्ने देखिन्छ। त्यसै गरी १५ बैङ्क तथा वित्तीय संस्थाबाट रु.३१ करोड ५३ लाख ३३ हजार साँवा रहेकोमा ब्याज तथा हर्जानाको रकम देखिने गरी अभिलेख राखेको छैन। सम्झौताअनुसार हिसाब यकिन गरी साँवा, व्याज तथा हर्जाना रकम असुल गर्नुपर्दछ।

१४. **कर्जा सापटी -** कोषले विपन्न वर्गअन्तर्गत २०६५ सालमा नेपाल सरकारको निर्णयअनुसार विभिन्न बैङ्क तथा वित्तीय संस्थाबाट लिएको ऋणको तिर्न बाँकी साँवा तथा ब्याज दायित्व यकिन गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ। कोषको वित्तीय विवरणअनुसार बैङ्क तथा वित्तीय संस्थाबाट लिएको ऋणको तिर्न बाँकी दायित्व रु.३ अर्ब ८६ करोड १३ लाख ८७ हजार रहेको छ। कोषले ऋण लिएका बैङ्क तथा वित्तीय संस्थाहरूको खाता नराखेको तथा आर्थिक वर्षको अन्त्यमा बैङ्कलाई तिर्न बाँकी साँवा र ब्याजको बैङ्कबाट प्रमाणित पत्र नलिएकोले तिर्न बाँकी ऋणको अभिलेख अद्यावधिक देखिएन। हिसाब खाता अद्यावधिक गर्नुपर्दछ।

१५. **निष्क्रिय मौज्दात -** वित्तीय विवरणअनुसार यसवर्ष रु.१ अर्ब २१ करोड ५२ लाख ३३ हजार कोषमा मौज्दात रहेको छ। वित्तीय संस्थामार्फत संस्थाले हाल कर्जा प्रवाह गर्ने गरेको आधारमा प्रतिउद्यमी रु.२ लाखका दरले मौज्दात रकम लगानी गर्दा थप ६ हजार ७६ स्वरोजगार सिर्जना हुने देखिन्छ। युवा तथा साना व्यवसाय प्रवर्धन गरी स्वरोजगार सिर्जना गर्ने उद्देश्यले ३.५ प्रतिशत ब्याजदरमा लिएको ऋण रकमको परिचालन नभई कोषमा मौज्दात रहेको छ।

१६. **ब्याज अनुदान कोष -** युवा तथा साना व्यवसायी स्वरोजगार कोषले ब्याज अनुदान कोष खडा गरी गत विगतदेखि नै नेपाल सरकारबाट प्राप्त व्याज अनुदान रु.१ करोड ६१ लाख ६० हजार जिम्मेवारी सार्दै ल्याएको देखिन्छ। कोषले सालबसाली रूपमा नेपाल सरकारबाट प्राप्त ब्याज अनुदान रकमबाट सम्झौताअनुसार साँवा तथा ब्याज भुक्तानी गर्ने असल ऋणीलाई ब्याज अनुदान प्रदान गर्ने गरेको छ। ब्याज अनुदान कोषसम्बन्धी कार्यविधि नरहेको अवस्थामा कोष खडा गरी रकम मौज्दात राखेकोले उक्त रकम सङ्घीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

१७. **जोखिममा रहेको लगानी –** कोष र एक वित्तीय संस्थाबिच २०६८ फाल्गुण १ मा घरेलु उद्योग सेवा व्यवसाय र कृषि तथा पशुपालनको लागि रु.२० हजार देखि रु.२ लाखसम्म आवश्यकता हेरी कर्जा

उपलब्ध गराउने र सोको ब्याजदर वार्षिक ७ प्रतिशत हुने गरी सम्झौता गरेकोमा वित्तीय संस्थालाई उपलव्ध गराउने कर्जा सीमा निश्चित नगरी तथा सम्झौतामा ऋण चुक्ता गर्ने अवधि ऋण भुक्तानी नभएसम्म राखी सम्झौता गरेको पाइयो। वित्तीय संस्थासँग साँवा रु.१ करोड ५० लाख र ब्याज रु.१ करोड ३५ लाख ७२ हजारसमेत रु.२ करोड ८५ लाख ७२ हजार असुल हुन बाँकी रहेको छ। लगानी फिर्ता नभएको र उक्त वित्तीय संस्था विघटनको प्रक्रियामा गएकोले लगानीमा रहेको ऋण जोखिममा परेको छ। तत्कालीन समयमा लगानी गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ।

१८. **कर्जा असुली -** कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ को बुँदा १८(२) मा कर्जा लिने सहकारी संस्थाले कर्जाको दुरूपयोग गरेमा वा निर्धारित समयमा साँवा ब्याज भुक्तानी नगरेमा सम्झौतामा उल्लेख भएबमोजिम साँवा, ब्याज र हर्जाना समेतको रकम असुल उपर गरिने व्यवस्था छ। कोष स्थापना पश्चात् २०६९ सालमा दुई सहकारी संस्थासँग सम्झौता गरी रु.२ करोड ४० लाख कर्जा लगानी गर्दा सम्झौतामा ऋण चुक्ता गर्ने समयावधि उल्लेख नगरेको र उक्त सहकारीहरूबाट २०८०।८१ सम्ममा साँवा, ब्याज तथा हर्जानासमेत रु.१ करोड ४२ लाख ७४ हजार असुल गर्न बाँकी रहेको देखिएकोले कार्यविधिबमोजिम साँवा, ब्याज तथा सोमा लाग्ने हर्जाना असुल गर्नुपर्दछ।

राष्ट्रिय खेलकुद परिषद्

खेलकुदको संस्थागत विकास गर्न २०१५ मा राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्को नाममा स्थापना भई खेलकुद विकास ऐन, २०७७ अन्तर्गत राष्ट्रिय खेलकुद परिषद् सञ्चालनमा रहेको छ।

१९. **बजेट तथा कार्यक्रम -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९ मा परिषद्ले वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्नुपर्ने उल्लेख छ। परिषद्ले यो वर्ष रु.१ अर्ब ७८ करोड ५६ लाख ८० हजार प्राप्ति गरी रु.१ अर्ब ४९ करोड ५१ लाख ९८ हजार खर्च गरेकोमा बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गरेको पाइएन। वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरेर मात्र खर्च गर्नुपर्दछ।

२०. **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १९ मा परिषद्लाई आवश्यक पर्ने कर्मचारीसम्बन्धी सङ्गठन संरचना तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत भएबमोजिम हुने व्यवस्था छ। परिषद्को कर्मचारी सङ्ख्या १ हजार वृद्धि नगर्ने, साविकको श्रेणी अनुरूपको दरबन्दीमा वृद्धि नहुने तथा थप आर्थिक दायित्व नपर्ने गरी संरचना मिलान गर्न अर्थ मन्त्रालयको २०७५।७।२५ को निर्णयअनुसार सहमति प्राप्त भएकोमा संरचना मिलान गरेको छैन। नियमावलीमा भएको व्यवस्थाअनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

२१. **खेलकुद ऐन कार्यान्वयन** - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९ मा परिषद्को काम कर्तव्य र अधिकारको व्यवस्था छ। परिषद्लाई तोकेको काममध्ये खेल संस्था तथा खेलाडीलाई उपलब्ध गराइने सहयोग र छात्रवृत्तिसम्बन्धी मापदण्ड निर्धारण गरी मन्त्रालयमा पेस गर्ने, खेल पूर्वाधारको मापदण्ड निर्धारण तथा व्यवस्थापन गर्ने, खेलकुद सञ्चालनसम्बन्धी कार्यविधि तथा निर्देशिका बनाई लागु गर्ने, निजीक्षेत्रबाट सञ्चालित खेल तथा मनोरञ्जनको पूर्वाधार निर्माण एवं सञ्चालन गर्न मापदण्ड निर्धारण

गरी मन्त्रालयमा सिफारिस गर्ने, खेल र खेलाडीको वर्गीकरण गर्ने र खेलाडीहरूको सामाजिक सुरक्षाको लागि आवश्यक पहल गर्ने जस्ता कार्यक्रम उल्लेख भएकोमा ती कार्यक्रम कार्यान्वयन भएका छैनन्। तोकिएको कार्य सञ्चालन गरी लक्षित उद्देश्य हासिल गर्नुपर्दछ।

२२. **सम्पत्ति संरक्षण -** राष्ट्रिय खेलकुद परिषद् आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम २१ मा परिषद्को सम्पत्तिको जिम्मा, लगत र संरक्षणसम्बन्धी व्यवस्था छ। परिषद्ले रङ्गशाला, कभर्डहल, जग्गा, भवन, मेसिन, उपकरण, सवारीसाधनलगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखेको पाइएन। त्यस्तै, परिषद्बाट निर्मित अधिकांश खेल संरचनाहरूको जग्गाको स्वामित्व परिषद्सँग रहेको देखिएन। आफ्नो मातहत रहेको भौतिक सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने र जग्गाको स्वामित्व प्राप्त गरेर खेल पूर्वाधार निर्माण गरी प्रभावकारी सञ्चालन, उपयोग र संरक्षण गर्नुपर्दछ।

२३. **खेल सङ्घलाई अनुदान -** राष्ट्रिय खेल सङ्घलाई खेलकुद कार्यक्रम सञ्चालन अनुदानबापत रु.२ करोड ५० लाख प्रदान गरेकोमा सदस्य सचिवको २०८१।२।१६ को निर्णयको आधारमा २७ सङ्घलाई न्यूनतम रु.१ लाखदेखि अधिकतम रु.३४ लाखसम्म र १४ क्लबलाई न्यूनतमा रु.५० हजारदेखि रु.९ लाखसम्म अनुदान दिएको पाइयो। मापदण्ड तयार गरी अनुदान प्रदान गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाट

- *कानुनी व्यवस्थाबेगर राष्ट्रिय युवा परिषद्ले रु.२० करोड १४ लाख २५ हजार कार्यसञ्चालन कोषमा राखेको,*
- *भाखा नाघेको कर्जा रु.१ अर्ब ५४ करोड २१ लाख ३१ हजार असुल नभएको,*
- *लगानीमा रहेको रु.२ करोड ८५ लाख ७२ हजार जोखिममा परेको,*
- *खेलकुद परिषद्ले स्पष्ट मापदण्ड बेगर खेल सङ्घ संस्थाहरूलाई रु.२ करोड ५० लाख अनुदान दिएको,*
- *क्रिकेट रंगशालाहरूको निर्माण कार्य अधुरो रहेको लगायतको स्थिति देखिएको छ।*

२४. **संरचनाको दिगो सञ्चालन —** खेलकुद परिषद् आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम ८२ मा परिषद्ले गोदामघर, पसल, कभर्डहल, रङ्गशाला आदि निर्देशिका बनाई भाडामा दिनसक्ने व्यवस्था छ। नियमावली कार्यान्वयन भएको १९ वर्ष व्यतीत भए तापनि संरचना भाडामा लगाउने सम्बन्धी निर्देशिका बनाएको छैन। नेपाल सरकारबाट बजेट विनियोजन भई निर्माण तथा मर्मत सम्भार भएका भवनको हल तथा कोठाहरू सदस्य सचिवको आदेशबमोजिम ३३ खेल सङ्घहरूले निःशुल्क प्रयोग गरेकोमा रङ्गशाला तथा कभर्डहलमा यो वर्ष सञ्चालन भएका खेलको अद्यावधिक अभिलेख राखेको पाइएन। खेलकुद प्रतियोगिता सञ्चालन गर्दा खेल संस्थाहरूले दर्शकबाट प्रवेश शुल्क, विज्ञापन शुल्क, विद्युतीय प्रचार शुल्क उठाउने गरेकोमा उठेको सम्पूर्ण रकम खेल सङ्घको कोषमा रहने गरेको पाइयो। आम्दानीमा परिषद्को समेत साझेदारी हुने गरी मापदण्ड बनाउनुपर्दछ।

२५. **फिदिम रङ्गशाला -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौताबमोजिमको कार्य गराउनुपर्दछ। पाँचथरको फिदिममा रङ्गशाला र अन्य संरचना निर्माण गर्न एक संयुक्त उपक्रमसँग रु.१२ करोड १८ लाखमा २०७९।३।१५ भित्र सम्पन्न गर्ने गरी २०७७।१०।२५ मा सम्झौता भएको छ। समयमा कार्य सम्पन्न नभएकोले दोस्रो पटक २०८२।१।५ सम्म म्याद थप भएको छ। उक्त निर्माण कार्यको पाँचौ रनिङ बिलसम्म २०७९।८० मा रु.३ करोड ८६ लाख ७२ भुक्तानी भई ४२ प्रतिशत भौतिक तथा ३१.७५ वित्तीय प्रगति भएको

देखिए तापनि ड्रइङ डिजाइन परिवर्तन तथा स्वीकृत नगरेकोले थप काम अगाडि बढाएको छैन। योजनाको सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा खरिद सम्झौताको सर्तअनुसार आवश्यक कारबाही गरी बाँकी काम सम्पन्न गर्न सुझाव दिएकोमा स्थिति यथावत् छ। खरिद सम्झौताको सर्त पालना गरी अधुरो निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२६. **मूलपानी क्रिकेट रङ्गशाला -** अन्तर्राष्ट्रियस्तरको मूलपानी क्रिकेट रङ्गशाला निर्माण कार्यको पहिलो चरणमा माथिल्लो ग्राउण्डमा भीआईपी भवन र ग्राउण्ड निर्माण कार्यमा रु.३ करोड ४२ लाख, दोस्रो चरणमा जनरल प्याराफिट र तल्लो ग्राउण्ड निर्माण कार्यमा रु.१७ करोड ८५ लाख, तेस्रो चरणमा कम्पाउण्ड वाल निर्माण कार्यमा रु.४ करोड ११ लाख तथा चौथो चरणमा भीआईपी भवन, खेलाडी भवनसहित प्याराफिट निर्माण कार्यमा रु.१५ करोड ३८ लाख ७५ हजार भुक्तानी भएको र २ पटक म्याद थप गर्दा समेत चौथो चरणको निर्माण कार्य अधुरै रहेको छ। रङ्गशाला निर्माणमा यो वर्षसम्म रु.४० करोड ७७ लाख खर्च भए तापनि रङ्गशाला निर्माण सम्पन्न भएको पाइएन। आवश्यक प्रक्रिया पूरा गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२७. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) मा नियमावलीमा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउन सकिने व्यवस्था छ। परिषद्ले मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकमसमेत रु.३ करोड ५७ लाख ७८ हजार लागत अनुमान रहेको ३ योजनाको रु.२ करोड ६७ लाख ८६ हजारमा उपभोक्ता समितिसँग सम्झौता गरी रु.२ करोड ४० लाख १८ हजार खर्च लेखेको छ। नियमले तोकेको सीमाभन्दा बढी लागतको कार्य उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२८. **पेस्की -** राष्ट्रिय खेलकुद परिषद् आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम ७९ मा म्यादभित्र पेस्की फर्स्यौट नगरेमा बाँकी पेस्की रकममा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याजसमेत असुल उपर गर्ने र तोकिएबमोजिम पेस्की फर्स्यौट नगर्नेलाई प्रचलित नियमानुसार सजाय गरी असुल उपर गर्नुपर्ने व्यवस्था छ। वित्तीय विवरणअनुसार गत आर्थिक वर्षसम्म रु.१ अर्ब ४२ करोड ८४ लाख ६८ हजार पेस्कीमध्ये रु.२४ करोड ४४ लाख ७ हजार फर्स्यौट भई रु.१ अर्ब १८ करोड ४० लाख ६१ हजार बाँकी रहेकोमा यसवर्ष रु.३ करोड ४० लाख ७६ हजार थप भई रु.१ अर्ब २१ करोड ८१ लाख ३७ हजार फर्स्यौट गर्न बाँकी रहेको छ। नियमानुसार अभिलेख अद्यावधिक गरी पेस्की असुल फर्स्यौट गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा अनुदानको उपयोग, अनुगमन मूल्याङ्कन, अभिलेख व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, उजुरी, भाडा असुली, रङ्गशाला निर्माणलगायतका बेहोरामा अपेक्षित सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

- मन्त्रालयको यो वर्ष रु.१ करोड ७४ लाख ४८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि उक्त बेरुजु फर्स्यौंट गरेकोले बाँकी रहेको छैन। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
- यो वर्ष ४ सङ्गठित संस्थाको रु.३८ करोड ११ लाख ३४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ४५ लाख ९६ हजार फर्स्यौंट गरेकोले रु.३६ करोड ६५ लाख ३८ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.३ करोड ४० ख ७६ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

रक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय सुरक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन, अन्तर्राष्ट्रिय सीमानाको सुरक्षा समन्वय, नेपाली सेनासम्बन्धी विषयको व्यवस्थापन, समन्वय र सहजीकरण, विपद् उद्धार कार्यमा सहयोग, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्त्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षालगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा संगठित संस्थासमेत ३०८ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ३०४ सरकारी कार्यालयको निम्नानुसार रु.९४ अर्ब ३७ करोड ५६ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८८७६२८	५५५९	३०२३९	२०३३०	९४३७५६

उल्लिखित लेखापरीक्षण रकममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयतर्फ रु.१८ अर्ब ३९ करोड ८० लाख, वन तथा वातावरण मन्त्रालयतर्फ रु.४ अर्ब ४० करोड ३ लाख एवं उद्योग वाणिज्य मन्त्रालयतर्फ रु.३१ करोड ७७ लाख विनियोजन भई यस मन्त्रालयबाट भएको खर्च रु.२३ अर्ब ११ करोड ६० लाख समावेश गरिएको छ।

२. **अन्य संस्था र समिति -** यो वर्ष ४ संस्थाको रु.८७ अर्ब १२ करोड ९४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजना (२०७६।७७ - २०८०।८१) मा मन्त्रालयसँग सम्बन्धित शान्ति सुव्यवस्था र सुरक्षातर्फको कार्यनीतिमा सबै सुरक्षा निकायको तालिम प्रशिक्षण नीति समयानुकूल परिमार्जन गरिने, सुरक्षा निकायका लागि आवश्यक बन्दोबस्तीका सामग्रीको उत्पादन तथा आपूर्तिमा आत्मनिर्भर हुने, मौजुदा उद्योग, कारखानाको सुदृढीकरण तथा क्षमता विस्तार र आवश्यकता अनुसार नयाँ उद्योग सञ्चालनमा ल्याइने, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना गर्ने उल्लेख भएकोमा नेपाली सेना अन्तर्गतका उद्योग पूर्ण क्षमतामा सञ्चालन एवं प्रशिक्षण नीति परिमार्जन गरेको देखिएन। सुरक्षा निकायको चलअचल सम्पत्तिको विवरण डिजिटलाइज्ड गरी व्यवस्थित र एकीकृत अभिलेख तयार गर्ने कार्यनीति रहेकोमा सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (पाम्स) मा उपलब्ध विवरण अनुसारको सम्पत्ति विवरण तयार गरी वास्तविक मूल्य खुलाएको देखिएन। कार्यनीति अनुरूप सम्पत्तिको मूल्य खुलाउनुपर्दछ।

आवधिक योजना अवधिमा बङ्गरदेखि ब्यारेकसम्म कार्यक्रमअन्तर्गत ८२६ भौतिक पूर्वाधार निर्माण गर्ने लक्ष्य रहेकोमा ६५८ भौतिक पूर्वाधार निर्माण भएको, नेपाली सेनाको जमिनी परिवहन क्षमता अभिवृद्धि गर्न १ हजार ८८७ सवारीसाधन खरिद गर्ने लक्ष्य रहेकोमा २९० थान खरिद भएको, हवाई परिवहन क्षमता अन्तर्गत ५ हवाईसाधन खरिद गर्ने लक्ष्य रहेकोमा खरिद कार्य नभएको र राष्ट्रिय सेवादल मार्फत ५ वर्षको अवधिमा ५८ हजार ७०० जनालाई तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा ३० हजार

८०० जना (५२.४७ प्रतिशत) लाई मात्र तालिम प्रदान गरेको छ। आवधिक योजनाले तोकेबमोजिम प्रगति हासिल गर्नुपर्दछ।

४. **वार्षिक प्रगति -** राष्ट्रिय सेवा दल तालिमतर्फ २०८०।८१ का लागि आवधिक योजनाको नतिजा सूचकमा १५ हजार लक्ष्य तोकिएकोमा मध्यमकालीन खर्च संरचना (२०८०।८१ - २०८२।८३) मा सोभन्दा कम हुने गरी ७ हजार ७०४ लक्ष्य निर्धारण गरी सोही अनुसार प्रगति हासिल भएको छ। बङ्करदेखि ब्यारेकसम्म कार्यक्रममा तोकिएको लक्ष्य २२० बाट घटाई ६१ भौतिक संरचना निर्माण गर्ने लक्ष्य राखी ६० संरचना निर्माण सम्पन्न भएको छ। वार्षिक नीति तथा कार्यक्रममा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माण तथा कानुन तर्जुमा गरी सञ्चालनमा ल्याइने उल्लेख भएकोमा विश्वविद्यालय निर्माण कार्यमा १७.२२ प्रतिशत भौतिक प्रगति भएको एवं कानुन तर्जुमा तथा पाठ्यक्रम निर्माण सम्बन्धी कार्य भएको पाइएन। न्यून प्रगति भएका कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी लक्ष्यअनुरूप प्रगति हासिल गर्नुपर्दछ।

५. **बजेट र खर्च -** मन्त्रालय र मातहतका निकायको लागि यस वर्ष देहायअनुसार विनियोजन तथा खर्च भएको छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	५३१७७४	५३७९८३	५३७०९४	९९.८३
पुँजीगत	५६६७२	५६७१२	५५२५३	९७.४३
जम्मा	**५८८४४६**	**५९४६९५**	**५९२३४७**	**९९.६१**

यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

५.१. मन्त्रालय र मातहत निकायहरूका लागि यो वर्षको सुरु बजेट रु.५८ अर्ब ८४ करोड ४६ लाख रहेकोमा रु.६२ करोड ५० लाख थप बजेट प्राप्त भई रकमान्तर तथा थप बजेटबाट रु.४ अर्ब ८६ करोड १७ लाख (८.२६ प्रतिशत) थप र रु. ४ अर्ब २३ करोड ६८ लाख (७.१९ प्रतिशत) घट भई खुद बजेट रु.५९ अर्ब ४६ करोड ९५ लाख (१.०६ प्रतिशत वृद्धि) कायम भएको छ।

५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(३) मा कार्यालयले प्रचलित कानुनबमोजिम दिएको पेस्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने र केन्द्रीय निकायले सोको एकीकृत लगत तयार गर्नुपर्ने उल्लेख छ।

मन्त्रालयले पेस गरेको पेस्कीको एकीकृत वित्तीय विवरणअनुसार गत विगत वर्षको रु.१९ अर्ब ६८ करोड ७२ लाखसमेत यस वर्षसम्म मन्त्रालय र मातहतका कार्यालयहरूको फर्स्यौंट हुन बाँकी पेस्की रु.२८ अर्ब ४१ करोड २३ लाख रहेको छ। उक्त पेस्कीमध्ये यो वर्षको रु.३२ लाख म्याद नाघेको छ। गत आर्थिक वर्षको म्याद नाघेको पेस्कीको अभिलेख राखेको पाइएन। नियमावलीको व्यवस्थाबमोजिम म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राखी पेस्की फर्स्यौंट गर्नुपर्दछ।

५.३. अर्थ मन्त्रालयबाट २०८०।४।१ मा जारी २०८०।८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुदाँ नं. २० मा अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट सिर्जित दायित्वका लागि

रकमान्तर र थप निकासा नहुने र त्यस्तो दायित्व पछिल्ला आर्थिक वर्षमा सार्ने गरी भुक्तानी दिन बाँकी राख्न नपाइने उल्लेख छ।

मन्त्रालयबाट पेस भएको एकीकृत वित्तीय विवरणअनुसार मन्त्रालय मातहतका १२० निकायहरूले पारिश्रमिकमा रु.७ करोड ८६ लाख, मालसामान सेवा उपभोगमा रु.३९ लाख, सामाजिक सुरक्षामा रु.१३ करोड ३२ लाखसमेत रु.२१ करोड ९१ लाख भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी आगामी वर्षको लागि दायित्व सारेको देखिन्छ। अनिवार्य दायित्वका लागि पर्याप्त बजेट विनियोजन गरी दायित्व सृजना गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

यस वर्ष लेखापरीक्षणबाट

- *सम्झौताअनुसार सामान आपूर्ति नभई अधिकांश प्रतीतपत्र पेस्की फस्यौंट नभएको,*
- *काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजनाको प्रगति न्यून रहेको,*
- *पूर्वनिर्धारित क्षतिपूर्ति रु. १ अर्ब ५९ करोड ३४ लाख असुल नभएको,*
- *खरिद पूर्वका तयारी प्रभावकारी नभएको कारण सम्झौता कार्यान्वयन हुन नसकेको,*
- *हवाई चार्टर उडान बहाल रु.८ करोड २९ लाख असुल नभएको,*
- *भवन बहाल रु.२ करोड १५ लाख असुल नभएको लगायतको अवस्था देखिएको छ।*

५.४. मन्त्रालयको एकीकृत वित्तीय विवरणमा धरौटीको गत वर्षको बाँकी मौज्दात रु.१ अर्ब ८९ करोड ४१ लाख रहेकोमा यो वर्ष रु.१ अर्ब ८८ करोड ८२ लाख मात्र जिम्मेवारी सारेकोले रु.५९ लाख घटी जिम्मेवारी सारेको देखिन्छ। घटी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ।

६. **सुरक्षा व्यवस्था** - सैनिक ऐन, २०६३ अनुसार नेपाली सेनालाई सुम्पिएको दायित्व बाहेक विभिन्न आयोजना, बैङ्क, दूरसञ्चार कम्पनी, आयल निगम, विमानस्थल, पेन्सन क्याम्प लगायतका निकायको सुरक्षाको लागि नेपाली सेनाले सुरक्षाकर्मी खटाउने गरेको छ। नेपाली सेना र नेपाल राष्ट्र बैङ्कबिच भएको सम्झौताअनुसार नेपाल राष्ट्र बैङ्कले यो वर्ष रु.२० करोड ५३ लाख ७९ हजार राजस्व दाखिला गरेको छ। नेपाल दूरसञ्चार कम्पनी, आयल निगम, विमानस्थललगायतका निकायमा नेपाली सेना खटाएबापत हालसम्म कुनै रकम प्राप्त गरेको देखिएन। सैनिक ऐनमा तोकिएका बाहेक अन्य व्यावसायिक प्रकृतिका निकायमा सुरक्षा प्रदान गर्न सुरक्षाकर्मी खटाउने सम्बन्धमा नीतिगत निर्णय गरी खटिएका निकाय, सुरक्षाकर्मी र प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी राजस्व आम्दानी गर्नुपर्दछ।

७. **सम्पत्ति अभिलेख** - मन्त्रालयले तयार गरेको केन्द्रीय वित्तीय विवरणअनुसार सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (पाम्स भर्सन २) मा मन्त्रालय र अन्तर्गतका निकायको स्वामित्वमा रु.५ अर्ब ६५ करोड ६० लाखको जिन्सी तथा सम्पत्ति देखाएको छ। मातहतका अधिकांश निकायको सम्पतिको यथार्थ मूल्य नराखेको र सबै जिन्सी सम्पत्ति प्रणालीमा प्रविष्ट गरी नसकेकोले जिन्सी तथा सम्पत्ति विवरण अद्यावधिक गर्नुपर्ने देखिएको छ।

८. **विकास निर्माण** - सैनिक ऐन, २०६३ को दफा १३५(क) मा नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण एवं विपद् व्यवस्थापन कार्यमा उपयोग गर्न सक्ने व्यवस्थाअनुसार काठमाडौं तराई/मधेश द्रुतमार्ग लगायत विभिन्न सडकको ट्याक खोल्ने, स्तरोन्नति गर्ने तथा सडक निर्माण कार्यमा नेपाली सेनाको प्रयोग भएको छ। यो वर्ष काठमाडौं तराई/मधेश द्रुतमार्ग आयोजनाबाट रु.१७ अर्ब ८६ करोड ९६ लाख

र विकास निर्माण निर्देशनालयबाट रु.५२ करोड ९० लाख खर्च भएको छ। विकास निर्माणका कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

नेपाली सेना

नेपालको संविधानको धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको सङ्गठन रहने व्यवस्था छ।

सम्भाररथी विभाग

नेपाली सेनाका लागि राशन र औषधी बाहेकका मालसामान, उपकरण, सवारीसाधन एवं पार्टपुर्जा खरिद लगायतका व्यवस्थापकीय कार्य यस विभागले गर्दै आएको छ।

९. **प्रतीतपत्र फस्यौंट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(७) मा सार्वजनिक निकायले प्रतीतपत्रद्वारा मालसामान झिकाउँदा कार्यालयमा मालसामान प्राप्त भएको मितिले ३० दिनभित्र प्रतीतपत्र खोलेको पेस्की रकम फस्यौंट गर्नुपर्ने एवं नियम ११३(८) मा प्रतीतपत्रबाट मालसामान उपलब्ध गराउने समयभित्र मालसामान प्राप्त हुन नसकेमा बैङ्कमा जम्मा भएको रकम फिर्ता लिई प्रतीतपत्र पेस्की फस्यौंट गर्नुपर्ने व्यवस्था छ। विभागले उपलब्ध गराएको विवरणमा २०६४।६५ देखि २०८०।८१ सम्म नेपाल बैङ्क लिमिटेड र नेपाल राष्ट्र बैङ्कमा अमेरिकी डलर २ करोड ९८ लाख ९८ हजार, युरो २६ लाख ८२ हजार र भारतीय रुपैयाँ ५० करोड ८६ लाख ८५ हजार बराबरका प्रतीतपत्र फस्यौंट हुन बाँकी रहेका छन्।

त्यसै गरी नेपाली सेनाको लागि आवश्यक हवाई सामग्री एवं पार्ट्स खरिद गर्न सैनिक हवाई महानिर्देशनालय, मध्य एअरबेसले विभिन्न बैङ्कमा खोलेको अमेरिकी डलर ८ लाख ८२ हजार, युरो १ लाख ९२ हजार र भारतीय रुपैयाँ ५३ लाख ५१ हजार बराबरको प्रतीतपत्र फस्यौंट हुन बाँकी रहेका छन्। खरिद सम्झौताअनुसारका सामग्री तथा सेवा निर्धारित समयमा प्राप्त नभएमा खरिद कानुनअनुसार उक्त रकम फिर्ता लिई सञ्चितकोष दाखिला गर्नुपर्दछ।

१०. **सामान आपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ताले खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न गर्न नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। विभागले २५ हजार जोर स्पोर्ट्स जुत्ता २०७८।९।१० भित्र आपूर्ति गर्ने गरी २०७७।९।२८ मा एक फर्मसँग रु.२ करोड २२ लाख ८९ हजारको सम्झौता गरेको देखिन्छ। आपूर्तिकर्ताले म्याद थपसमेत २०७९।२।३१ सम्म आपूर्ति गर्ने प्रतिबद्धता गरे तापनि २०८१ आषाढ मसान्तसम्म सामान आपूर्ति गरेको छैन। आपूर्तिकर्ताले पेस गरेको कार्यसम्पादन जमानत रु.१९ लाख ४० हजारको म्यादसमेत २०७८।१०।२६ मा समाप्त भइसकेको छ। सम्झौता तथा म्याद थपको अवधिभित्र सामान आपूर्ति नगर्ने आपूर्तिकर्तालाई सार्वजनिक खरिद कानुनबमोजिम कारबाही गर्नुपर्दछ।

११. **शोधभर्ना** - विभागले वीरेन्द्र सैनिक अस्पतालको लागि २०७१।७२ मा अमेरिकी डलर ९ लाख ९२ हजार मूल्यको सिटी स्क्यान मेसिन खरिद गरेकोमा २०७३।१२।१ देखि ८ वर्षको लागि कम्प्रिहेन्सिभ मेन्टिनेन्स गर्न एक सेवा प्रदायकसँग २०७४।३।२७ मा पहिलो वर्षका लागि अमेरिकी डलर ६४

हजार ४८० र दोस्रो वर्षदेखि प्रत्येक वर्ष ५ प्रतिशत थप गरी भुक्तानी दिने गरी २०८१ फाल्गुन मसान्तसम्मको लागि सम्झौता गरेको छ। सम्झौतामा मेसिन सञ्चालनयोग्य नबनाएको अवधिमा सिटी स्क्यानका लागि बिरामीहरूलाई बाहिर रेफर गर्नुपरेमा लागेको खर्च सेवा प्रदायकले शोधभर्ना दिनुपर्ने प्रावधान रहेको छ। यो वर्ष १०९ दिन मेसिन सञ्चालनमा नआएको कारण १ हजार ६३३ बिरामीलाई बाहिरी अस्पतालमा रेफर गरी सिटी स्क्यान गराउँदा लागेको खर्चमध्ये बिल पेस गरेका ३०७ जनाको सिटीस्क्यान बापतको खर्च रु.१७ लाख ९५ हजार एवं एम्बुलेन्स खर्च रु.९ लाख ६४ हजारसमेत रु.२७ लाख ५९ हजार शोधभर्ना लिन बाँकी रहेकोले सेवा प्रदायकबाट असुल गर्नुपर्दछ।

विकास निर्माण निर्देशनालय

नेपालको ७७ जिल्लालाई सडक सञ्जालमा जोड्ने राष्ट्रिय लक्ष्यअनुरूप भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतका सडक निर्माण योजना कार्यालयहरूको कार्यक्षेत्रभित्र रहेका सडकहरूको निर्माण कार्यमध्ये ४ आयोजनाको ट्रयाक खोल्नेसहितका कार्य नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णयबमोजिम नेपाली सेनामार्फत हुँदै आएको छ।

१२. **निर्माण व्यवस्थापन -** सैनिक ऐन, २०६३ को दफा १३५(क) मा नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण एवं विपद् व्यवस्थापन कार्यमा उपयोग गर्न सक्ने व्यवस्थाबमोजिम जिम्मेवारी प्राप्त गरी निर्देशनालयले यो वर्ष २ राष्ट्रिय गौरवका आयोजना र २ पहिलो प्राथमिकता प्राप्त आयोजनासमेत ४ आयोजना सञ्चालन गरी रु. ५२ करोड ९० लाख खर्च गरेको छ। उक्त खर्चमध्ये मेसिनरी उपकरण, निर्माण सामग्री र ढुवानीसमेतको कार्य बोलपत्रमार्फत खरिद व्यवस्थापन गरी रु.९ करोड १४ लाख भुक्तानी भएको छ। यसै गरी सडक निर्माणको लागि आवश्यक श्रमिकको ज्यालामा रु.२३ करोड ७६ लाख, इन्धन खरिदमा रु.९ करोड ८२ लाख, स्थानीयस्तरको ढुवानीमा रु.९३ लाख लगायतका कार्य फिल्डमा रहेको विकास निर्माण कार्यदलले अमानतबाट गराई भुक्तानी गरेको छ।

१३. **कार्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रमअनुसार खर्च गर्दा कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। नेपाली सेनाले रु.९ अर्ब ४० करोड लागत अनुमानका निम्नानुसार ४ सडकको २०३.५६ किलोमिटर ट्रयाक खन्ने जिम्मेवारी प्राप्त गरेकोमा यो वर्ष १४ किलोमिटर समेत हालसम्म ७५.९ किलोमिटर सडक निर्माण कार्य गरी यो वर्ष रु.५२ करोड ९० लाखसमेत रु.२ अर्ब ७० करोड ९२ लाख खर्च भएको छ। निर्माण कार्यको प्रगति स्थिति देहायबमोजिम छः

क्र.सं.	आयोजनाको नाम	सुरु वर्ष	प्रस्तावित सम्पन्न वर्ष	कुल लम्बाइ (कि.मि.)	२०८०।८१ को		यो वर्षसम्मको		
					खर्च (रु. लाखमा)	प्रगति (ट्रयाक निर्माण) कि.मि.	खर्च (रु. लाखमा)	प्रगति (ट्रयाक निर्माण) कि.मि.	भौतिक प्रगति प्रतिशत
१	खाँदबारी-किमाथांका (च्यामताङ्ग-घोङ्गप्पा खण्ड) सडक	२०७७।७८	२०८१।८२	१०.५१	१००५	२	५०७५	८.५	८०.८८

क्र.सं.	आयोजनाको नाम	सुरु वर्ष	प्रस्तावित सम्पन्न वर्ष	कुल लम्बाइ (कि.मि.)	२०८०।८१ को		यो वर्षसम्मको		
					खर्च (रु. लाखमा)	प्रगति (ट्रयाक निर्माण) कि.मि.	खर्च (रु. लाखमा)	प्रगति (ट्रयाक निर्माण) कि.मि.	भौतिक प्रगति प्रतिशत
२	कर्णाली करिडोर (लालिबगर-दुल्लिकुन्ना खण्ड) सडक	२०७८।७९	२०८०।८१	११	१९७०	५	५३३६	११	१००
	कर्णाली करिडोर (घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोलाखण्ड) सडक		२०८२।८३	११.०५		१.५		५	४५.२५
	जम्मा			**२२.०५**	**१९७०**	**६.५**	**५३३६**	**१६**	**७२.५६**
३	बेनिघाट-आरुघाट-लार्केभन्ज्याङ्गसडक	२०७३।७४	२०८६।८७	९२	९८९	२.५	११७८३	३८	४१.३
४	दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर खण्ड) सडक	२०७७।७८	२०८८।८९	७९	१३२६	३	४८९८	१३.४	१६.९६
	जम्मा			**२०३.५६**	**५२९०**	**१४**	**२७०९२**	**७५.९**	**३७.३९**

संखुवासभा जिल्लास्थित खाँदबारी-किमाथांका (च्याम्ताङ्ग-घोङ्प्पा खण्ड) ट्रयाक खोल्ने कार्यमा ८०.८८ प्रतिशत, घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्डमा ४५.२५ प्रतिशत, गोरखा जिल्ला बेनिघाट-आरूघाट-लार्केभन्ज्याङ्ग सडकको ट्रयाक खोल्ने कार्यमा ४१.३ प्रतिशत र दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर खण्ड) सडकको ट्रयाक निर्माण कार्यमा १६.९६ प्रतिशत भौतिक प्रगति भएको छ। तोकिएको लक्ष्यअनुसार प्रगति हासिल गरी निर्माण कार्य समयमा सम्पन्न गर्नुपर्दछ।

काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना

काठमाडौंदेखि बाराको निजगढसम्म ७२.५ किलोमिटर लम्बाइको द्रुतमार्ग निर्माणको कार्य नेपाल सरकार मन्त्रीपरिषद्को २०७४।१।२१ को निर्णय अनुसार २०७४।४।२७ मा नेपाली सेनालाई हस्तान्तरण भएको हो। आयोजनाको निर्माण कार्य २०८०।८१ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा मन्त्रीपरिषद्को २०८०।१।५ को निर्णयबाट आयोजनाको लागत नबढ्ने गरी २०८३ चैत्रसम्म अवधि थप भएको छ। द्रुतमार्गको २०७६।५।१ मा स्वीकृत विस्तृत आयोजना प्रतिवेदनअनुसार सडकको कुल लम्बाइ ७२.५२९ कि. मि., ८७ पुल, ३ सुरुङ मार्ग र कुल लागत रु.२ खर्ब १३ अर्ब ९५ करोड रहेको थियो। विस्तृत आयोजना प्रतिवेदन संशोधनपश्चात् द्रुत मार्गको कुल लम्बाइ ७०.९७७ किलोमिटर, ८९ पुल, ६ सुरुङ मार्ग निर्माण गर्न रु.२ खर्ब ११ अर्ब ९३ करोड लागत अनुमान रहेको छ।

१४. **आयोजना कार्यान्वयन -** राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको यो आयोजनाको निर्माण कार्य २०७३।७४ बाट सुरु भई म्याद थप समेत २०८३ चैत्र मसान्तसम्म सम्पन्न गर्ने लक्ष्यसहित एसियाली राजमार्गको मापदण्डअनुसार निर्माण कार्य भइरहेको यस आयोजनालाई विभिन्न ११ क्लष्टरमा विभाजन गरी कार्यान्वयनको लागि १३ प्याकेज बनाइएको छ। निर्माण कार्यका लागि विभाजन गरिएका १३ प्याकेजमध्ये १२ प्याकेजको ठेक्का व्यवस्थापन भएकोमा हालसम्मको खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०७९।८० सम्म	२०८०।८१	जम्मा
उपकरण	७८२३	४९	७८७२
इन्धन	३२९९	-	३२९९
मेसिन	४७६	८०	५५६
क्याम्प निर्माण	६७८९	५०	६८३९
प्रशासनिक	४८१९	६२३	५४४२
फर्निचर	५२	३	५५
सञ्चार साधन कम्प्युटर/इलेक्ट्रिक	९८२	-	९८२
सवारीसाधन	१५८५	-	१५८५
रूख कटान	५०५	५९	५६४
वृक्षा रोपण/वातावरण संरक्षण	१००५	१३४	११३९
डीप बोरिङ	२५	-	२५
अन्य निर्माण तथा विविध	१८५	११०	२९५
विद्युत	१९६२	-	१९६२
सर्भिस रोड मर्मत	५५७	-	५५७
परामर्श	२०२०७	५५००	२५७०७
मुआब्जा/क्षतिपूर्ति	२६८४३	४४४	२७२८७
विस्फोटक पदार्थ	७१८	-	७१८
बेलिब्रिज	२९१५	-	२९१५
निर्माण कार्य	४११६५५	१७१६४४	५८३२९९
कुल जम्मा	**४९२४०२**	**१७८६९६**	**६७१०९८**

उल्लिखित विवरणअनुसार आयोजनाको हालसम्मको खर्च रु.६७ अर्ब १० करोड ९८ लाखमध्ये मुआब्जा/क्षतिपूर्ति वितरणमा रु.२ अर्ब ७२ करोड ८७ लाख, विस्फोटक पदार्थ र बेलीब्रिज खरिदमा रु.३६ करोड ३३ लाख खर्च भएको देखिन्छ। त्यस्तै, सवारीसाधन, प्रशासनिक खर्च, उपकरण, इन्धन क्याम्प निर्माण लगायतका शीर्षकमा रु.३ अर्ब ११ करोड ७२ लाख (४.६४ प्रतिशत) खर्च भएको देखिन्छ। आयोजना निर्माण कार्यमा २०८१ आषाढ मसान्तसम्म रु.५८ अर्ब ३२ करोड ९९ लाख खर्च भएकोमा परामर्श सेवामा रु.२ अर्ब ५७ करोड ७ लाख अर्थात् निर्माण कार्यमा भएको खर्चको ४.४ प्रतिशत एवं कुल खर्चको ३.८३ प्रतिशत खर्च भएको छ। ललितपुरको खोकनामा ६.४ किलोमिटर सडकको रेखाङ्कन र जग्गा अधिग्रहणसम्बन्धी विवादको कारण रु.३ अर्ब २७ करोड लागत अनुमानको एक प्याकेजको ठेक्का व्यवस्थापन भएको छैन। आयोजनाको करिब ७३ प्रतिशत अवधि व्यतीत हुँदा ५ पुल र २ सुरुङको निर्माण सम्पन्न भएको छ भने समग्र कामको भौतिक प्रगति ३५.३८ प्रतिशत र वित्तीय प्रगति ३६.६६ प्रतिशत रहेको छ।

परामर्श सेवाको सम्झौता समय अवधिको आधारमा गरेकोले आयोजनाको अवधि थप हुँदा परामर्श सेवाको अवधि पनि थप हुने एवं लागत पनि वृद्धि हुने अवस्था रहेकोले आयोजना समयमै सम्पन्न गराउनुपर्दछ।

१५. **पेस्की कट्टा** - आयोजनाबाट भएका निर्माण कार्यको सम्झौताको विशेष सर्तको बुँदा नं. १४.८.३ मा सम्झौता रकमको १० प्रतिशतभन्दा बढी भुक्तानी भएपश्चात् पेस भएको बिल रकमको २५ प्रतिशतको दरले पेस्की कट्टा गर्नुपर्ने प्रावधान छ। आयोजनाले २ निर्माण कार्यको भुक्तानीमा सम्झौताबमोजिम कट्टा गर्नुपर्ने पेस्की क्रमशः रु.७ करोड ४५ लाख र रु.४३ करोड २६ लाखसमेत रु.५० करोड ७१ लाख कट्टा नगरी निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ। सम्झौताका सर्तअनुसार कट्टा गरी पेस्की फस्यौंट गर्नुपर्दछ।

१६. **पूर्वनिर्धारित क्षतिपूर्ति** - द्रुतमार्ग आयोजनाको प्याकेज नं. ६ अन्तर्गत ५.५४ किलोमिटर सडक एवं १८ पुल निर्माणका लागि एक निर्माण व्यवसायीसँग १० जनवरी २०२३ मा रु. १८ अर्ब ८ करोड ६ लाखको सम्झौता भएकोमा सो सम्झौताको विशेष सर्तको बुँदा नं ४.२४ मा कार्य प्रारम्भ भएको मितिले १८० दिनभित्र विस्तृत सर्वेक्षण, जियोलोजिकल र हाइड्रोलोजिकल अध्ययन, जियोटेक्निकल अनुसन्धान लगायत सबै प्रतिवेदन पेस गर्ने, विस्तृत डिजाइनको कार्य पूरा गर्ने र परामर्शदाताबाट १८० दिन (अर्थात् २४ जुलाई २०२३) सम्म डिजाइनको सम्पूर्ण काम गरी सक्नुपर्ने उल्लेख छ। सम्झौताको बुँदा नं.८.८ मा माइलस्टोन बमोजिम कार्य नगरेमा प्रतिदिन सम्झौता अङ्कको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। परामर्शदाताले ५ फेब्रुअरी २०२४ मा (प्रथम माइलस्टोनको कार्य सम्झौताभन्दा १९० दिनपछि) मात्र डिजाइन पेस गरी ६ फेब्रुअरी २०२४ मा स्वीकृति गराएको एवं २१ जनवरी २०२४ सम्ममा दोस्रो माइलस्टोनको कार्य सम्पन्न गर्नुपर्नेमा दोस्रो माइलस्टोनको कार्य सम्पन्न गर्ने अवधिभन्दा १५ दिन ढिलो सम्पन्न गरेकोले प्रथम तथा दोस्रो माइलस्टोन बमोजिम २०५ दिन ढिलो कार्य भएको छ। सम्झौताको सर्तबमोजिम कार्य सम्पन्न नभएकोले १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति रु.१ अर्ब ५९ करोड ३४ लाख सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्न कार्यालयबाट २ जुलाई २०२४ मा पत्राचार भएकोमा असुल भएको छैन। उक्त रकम असुल गर्नुपर्दछ।

१७. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। आयोजना निर्माण कार्यको डिजाइन तथा सुपरभिजन गर्न २०७७।२।२ मा एक परामर्शदातासँग ५४ महिना निर्माण अवधि र १२ महिना त्रुटि सच्याउने अवधिसम्मको समयबद्ध सेवा लिने गरी अमेरिकी डलर १ करोड २९ लाख ९२ हजार र रु.१ अर्ब २४ करोड २६ हजारको सम्झौता भएकोमा यो वर्षसम्म अमेरिकी डलर ८५ लाख ८३ हजार तथा रु.८५ करोड ६० लाख ९० हजार खर्च भएको छ। यस सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्:

१७.१. परामर्शदाताको कार्यक्षेत्रगत सर्त तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९(च१) मा सम्झौता पश्चात् काम गर्न नसक्ने गरी बिरामी भएको, दुर्घटनामा परेको वा मृत्यु भएको वा अन्य मनासिब कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा मुख्य जनशक्तिको रूपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न नसक्ने व्यवस्था छ। आयोजना र परामर्शदाताबिच भएको सम्झौताको सर्तमा समेत प्रमुख विज्ञहरू परिवर्तन गर्न नहुने उल्लेख छ। सम्झौतापछि २ पटक टिम लिडरसमेत गुणस्तर नियन्त्रण इन्जिनियर, पुल डिजाइन इन्जिनियर, सुरुङ डिजाइन इन्जिनियर तथा स्लोप स्टेबलाइजेशन लगायतका वैदेशिक विज्ञ एवं नेपाली विज्ञसमेत परिवर्तन गरेको देखियो। पटक-पटक विज्ञ फेरबदल गर्ने कार्यले गुणस्तरमा पर्ने असरबारे ध्यान दिनुपर्दछ।

१७.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३८ मा परामर्शदाताले परामर्श सेवा प्रदान गर्दा आफ्नो वर्तमान वा भविष्यको अन्य कामसँग स्वार्थ बाझिने गरी काम गर्न नहुने उल्लेख छ। आयोजनाको निर्माण कार्यको इन्जिनियरिङ्ग डिजाइन र सुपरिवेक्षण गर्न नियुक्त परामर्शदातासँग भएको सम्झौतामा सातामा शनिबार बाहेक ६ कार्य दिन हुने भए तापनि साइटको आवश्यकताबमोजिम परामर्शदाताले थप घण्टा कार्य गर्नुपर्ने तर सोबापत कुनै थप भुक्तानी नगरिने उल्लेख छ। आयोजनाले टनेल निर्माण कार्यका निर्माण व्यवसायीहरूसँग भएको सम्झौता संशोधन गरी परामर्शदाताले अतिरिक्त सिफ्ट सुपरिवेक्षण गरे बापतको रकम व्यवसायीले पाउने रकमबाट भुक्तानी हुने गरी पूरक सम्झौता गरेको पाइयो। परामर्शदातासँग भएको सम्झौता तथा कार्यक्षेत्रगत सर्तमा नै विशेष पुल १६, मध्यम पुल ४९, सामान्य पुल २२ एवं ६.४१५ ट्विन टनेललगायतका संरचनाहरूको डिजाइन र सुपरिवेक्षण कार्य गर्ने गरी सम्झौता भएकोमा सोही कार्यका अतिरिक्त सिफ्टमा काम गरेको भनी यस वर्षसम्म निर्माण व्यवसायीहरूको रनिङ बिलबाट कट्टा गरी परामर्शदातालाई रु.२ करोड ४४ लाख २८ हजार भुक्तानी भएको छ। निर्माण व्यवसायीद्वारा सम्पादित कार्यको अनुगमन सुपरिवेक्षणका लागि नियुक्त परामर्शदातालाई निर्माण व्यवसायीबाट रकम कट्टा गरी भुक्तानी गर्ने कार्य उचित देखिएन।

१७.३. आयोजनाको डिजाइन र सुपरिवेक्षण गर्न नियुक्त परामर्शदाताको अवधि २०८१ कार्तिक मसान्तसम्म रहेकोमा सो अवधि पूरा भइसकेको छ। आयोजनाको निर्माण अवधि २०८३ चैत्र मसान्तसम्म थप गरेकोमा सो अनुरूप परामर्शदाताको अवधिसमेत थप हुने देखिन्छ। आयोजनाको १३ प्याकेजमध्ये ललितपुरको खोकनामा ६.४ किलोमिटर सडकको रेखाङ्कन र जग्गा प्राप्ति कार्य बाँकी रहेकोले उक्त क्षेत्रको डिजाइन तयार गरेको छैन। यसरी योजनाको काम समयमा सुरु नहुँदा डिजाइन र सुपरभिजन कार्यको लागत र समय अवधि वृद्धि हुने अवस्था छ। लक्षित अवधिभित्र योजना पूरा गर्ने गरी जग्गा प्राप्ति र डिजाइनसम्बन्धी कार्य पूरा गर्नुपर्दछ।

१८. **जग्गा अधिग्रहण** - आयोजनाअन्तर्गत सडक क्षेत्रमा पर्ने १५ हजार ४२३ रोपनी जग्गामध्ये ५ हजार १७२ रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेमा गत वर्षसम्म ४ हजार ८२८ रोपनी र यो वर्ष ४३ रोपनीसमेत ४ हजार ८७१ रोपनी जग्गा प्राप्त भई ३०१ रोपनी जग्गा अधिग्रहण गर्न बाँकी रहेको देखिन्छ। प्याकेज नं ११ को निर्माण क्षेत्र खोकनाको जग्गा प्राप्तिको लागि रक्षा मन्त्रीको अध्यक्षतामा समिति गठन भई विभिन्न ७ विकल्पमा छलफल भएकोमा विवाद सामाधान हुन सकेको छैन। आयोजनाको लागि जग्गा प्राप्ति कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

१९. **आयोजनाको पूर्व तयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनुपर्ने रुख, बिरुवालगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। आयोजनाबाट प्राप्त विवरणअनुसार आयोजनाको रेखाङ्कनभित्र परी छपान भएका ४३ हजार ९ रूखमध्ये हालसम्म रु.५ करोड ६५ लाखको लागतमा ३१ हजार ७३९ रूख कटान गरिसकेको र ११ हजार २७० रूख कटान हुन बाँकी रहेको छ। प्याकेज नं ७ अन्तर्गत ५.१६५ किलोमिटर सडक एवं ६ पुल निर्माण कार्यका लागि २०७९।८।२ मा भएको रू ७ अर्ब १६ करोड ९९ लाखको सम्झौताअनुसार डिजाइनको कार्य सम्पन्न भई हालसम्म रु.१ अर्ब ४८ करोड (पेस्की समेत) भुक्तानी भएकोमा डिजाइन पश्चात् दोस्रो माइलस्टोनअनुसार पुलको फाउण्डेसन र सबस्ट्रक्चरको काम २०८०।९।२३ सम्म र तेस्रो माइलस्टोन स्लोप प्रोटेक्सनको काम २०८१।३।८ सम्ममा सम्पन्न गर्नुपर्नेमा २०८१ असार मसान्तसम्म निर्माण क्षेत्रमा सडक खण्डको

पोल हटाउने एवं रूख कटान गर्ने कार्य हुन नसकेको कारण पुलको फाउण्डेसन, सबस्ट्रक्चर र स्लोप प्रोटेक्सनको कार्य हुन सकेको छैन। आयोजनाको कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

२०. **बिरुवा रोपण** - आयोजनाबाट प्राप्त विवरणअनुसार यो वर्ष रु.१ करोड ३४ लाखसमेत रु.११ करोड ३९ लाख खर्च गरी ४० हजार ७७८ फलफूलका र ७ लाख ५० हजार ३०७ वन प्रजातिका बिरुवा रोपण गरेको देखिन्छ। आयोजनाले वृक्षारोपण कार्यको भुक्तानी गरेकोमा त्रुटि सच्याउने अवधिभित्र मरेका वा नष्ट भएका बिरुवाको विवरण तयार गरी पुनः रोपण गरे नगरेको सम्बन्धमा प्रतिवेदन लिएको पाइएन। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसार रोपण भएको बिरुवाहरू आयोजनाको लागतमा ५ वर्षसम्म स्याहार सम्भार गर्नुपर्ने व्यवस्था रहेको हुँदा बिरुवाको संरक्षण र स्वामित्व हस्तान्तरण योजना तयार गर्नुपर्दछ।

२१. **निर्माण सामग्री** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५२ मा अन्तर्राष्ट्रिय बोलपत्रको हकमा सार्वजनिक निकायले बोलपत्रदातालाई बोलपत्र सम्बन्धी कागजात, प्राविधिक स्पेसिफिकेसन, निर्माणस्थल वा अन्य यस्तै कुरा सम्बन्धी जानकारी गराउन बोलपत्र पेस गर्ने अन्तिम दिनभन्दा कम्तीमा पन्ध्र दिन अगावै बोलपत्रदाताहरूको बैठक आयोजना गर्न सक्ने, बैठकबाट बोलपत्र सम्बन्धी कागजातको कुनै प्राविधिक वा व्यापारिक पक्षमा हेरफेर गर्नुपर्ने देखिएमा सार्वजनिक निकायले सो कागजातमा संशोधन गर्न सक्ने लगायतको व्यवस्था छ। प्याकेज नं. १ र २ को बोलपत्र पेस गर्नुपूर्वको बैठकबाट गरेको निर्णय बमोजिम सुरुङ खन्ने क्रममा निस्किएको प्रयोग गर्न मिल्ने निर्माण सामग्री स्थानीय तहलाई रोयल्टी तिरेर निर्माण व्यवसायीले प्रयोग गर्न सक्ने उल्लेख भएकोमा प्याकेज नं. २ का निर्माण व्यवसायीले विभिन्न ३ स्थानीय तहलाई रु.४२ लाख ८६ हजार रोयल्टी बुझाई ४ लाख २१ हजार ४८७ घनफिट सामग्री प्रयोग गरेको देखिन्छ भने प्याकेज नं. १ बाट निस्किएका सामग्रीको प्रयोग तथा अवसर लागत सम्बन्धमा कुनै निर्णय गरेको पाइएन। त्यस्तो सामग्रीको परिमाण यकिन गरी राजस्व प्राप्त गर्ने व्यवस्था हुनुपर्दछ।

सैनिक हवाई महानिर्देशनालय, मध्य एअर बेस

महानिर्देशनालयले हवाई सेवाबाट कार्गो ढुवानी, सैनिक यात्रुको ओसारपसार, प्यारा तालिम, पाइलट तालिम, सैनिक अपरेसन, बन्दोबस्ती उडान, खोज तथा उद्दारका साथै गैरसैनिक स्वदेशी तथा विदेशी नियोगहरूको चार्टर तथा व्यापारिक उडान लगायतका कार्यहरू गर्दै आएको छ।

२२. **मालसामान आपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(८) मा प्रतीतपत्रबाट मालसामान उपलव्ध गराउने आपूर्तिकर्ताबाट निर्धारित समयभित्र मालसामान प्राप्त हुन नसकेमा प्रतीतपत्र रद्द गरी पेस्की रकम फस्यौंट गर्नुपर्ने व्यवस्था छ। नेपाली सेनाको एल्युट, चेता र लेन्सर हेलिकोप्टरको लागि आवश्यक सामान खरिदका लागि एक भारतीय आपूर्तिकर्तासँग भारतीय रुपैयाँ २ करोड ५१ लाख १७ हजारको सम्झौता गरी २०७०।३।२३ मा प्रतीतपत्र खोली नेपाल राष्ट्र बैङ्कमा भारतीय रुपैयाँ २ करोड ५१ लाख १७ हजार (अर्थात् रु.४ करोड ४ लाख ५० हजार) जम्मा गरेको देखियो। सम्झौताअनुसार १३२ आइटममध्ये भारतीय रुपैयाँ २ करोड २१ लाख ८२ हजार (अर्थात् रु.३ करोड ५५ लाख २८ हजार) मूल्यका ६४ आइटम मात्र आपूर्ति गरेको र रु.४७ लाख १ हजार मूल्यका ५ प्रकारका ६८ थान सामान आपूर्ति गरेको छैन। सो खरिद सम्झौताको सम्बन्धमा २०७८।८।१ को

प्राविधिक बोर्ड बैठकबाट एल्युट हेलिकोप्टर २०१८ मार्च र चेता २०१९ मे बाट फेजआउट भएको एवं लेन्सर हेलिकोप्टर सैनिक बलाधिकृतको कार्यालयको निर्देशनअनुसार विस्थापित भएका कारण उक्त पाट्र्सको आवश्यकता नरहेको कार्यालयले निर्णय गरेकोले उक्त प्रतीतपत्र पेस्की फरफारक गर्नुपर्दछ।

नेपाली सैनिक विमान चार्टर उडान विकास समिति

नेपाली सेनाका हवाई साधनहरूलाई नागरिक सेवा अन्तर्गत अत्यावश्यकीय क्षेत्रमा नियमित एवं मितव्ययी सेवा प्रदान गर्न नेपाल सरकारले विकास समिति ऐन, २०१३ अनुसार नेपाली सैनिक विमान चार्टर उडान विकास समिति (गठन) आदेश, २०७३ बमोजिम समिति गठन भएको हो।

२३. **आय-व्यय स्थिति -** समितिको गठन आदेशमा समितिले नेपाल सरकारले अपनाएको लेखा प्रणालीअनुसार आय व्यय हिसाब तयार गर्नुपर्ने व्यवस्था छ। समितिको २०८०।८१ को आय-व्यय विवरणअनुसार गत वर्षको मौज्दात रु.३८ करोड १५ लाख ८५ हजार र यो वर्षको रु.१५ करोड ६७ लाख ३१ हजारसमेत रु.५३ करोड ८३ लाख १६ हजार आम्दानीमध्ये रु.१९ करोड ३९ लाख १ हजार खर्च भई रु.३४ करोड ४४ लाख १५ हजार मौज्दात रहेको देखिन्छ। खर्चमध्ये रु.५ करोड ६३ लाख १ हजार राजस्व खातामा दाखिला भएको र हवाई इन्धन, तालिमलगायतका अन्य शीर्षकमा रु.१३ करोड ७६ लाख खर्च भएको देखिन्छ। समितिले आम्दानीमा वृद्धि गर्ने व्यवस्था मिलाई सञ्चालन खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२४. **भाडा बक्यौता -** समितिबाट प्राप्त विवरणअनुसार यो वर्ष विभिन्न ४ निकायबाट उडान भाडा उठ्न बाँकी रु.११ लाख ६८ हजार र २०३४।३५ देखि २०७९।८० सम्मको बक्यौता रु.८ करोड १७ लाख २४ हजारसमेत रु.८ करोड २८ लाख ९२ हजार असुल हुन बाँकी रहेको देखिन्छ। उक्त रकम असुल गर्नुपर्दछ।

राष्ट्रिय सेवा दल

नेपालका छात्रछात्राहरूमा देशप्रति बफादारीको भावना अझ बढी जागृत गराई राष्ट्रिय सेवाभाव विकसित गरी योग्य र अनुशासित नागरिक बनाउन र उनीहरूमा नेतृत्वको क्षमता बढाउन सैनिक तालिम प्रदान गर्ने उद्देश्यले राष्ट्रिय सेवा दल गठन भएको हो।

२५. **कार्य सञ्चालन** - राष्ट्रिय सेवा दल ऐन, २०२७ बमोजिम नेपाल सरकारले नेपाली सेनाका उपरथी सरहको तलब, भत्तालगायतको सेवा सहुलियत हुने गरी सेवा दलको कार्यकारी महानिर्देशक नियुक्त गरेको छ। राष्ट्रिय सेवा दलको मुख्यालय र मातहत ४ तालिम शिक्षालयमा यो वर्ष रु.४७ करोड ७५ लाख ५३ हजार बजेट विनियोजन भएकोमा क्याडेट तालिमबापत रु.२ करोड २ लाख ५३ हजारसमेत रु.४७ करोड ६३ लाख ९१ हजार खर्च भएको छ। यस वर्ष मातहत ४ शिक्षालयमार्फत देशभरका ७ हजार ७०४ जनालाई राष्ट्रिय सेवा दल तालिम प्रदान गरिएको छ। राष्ट्रिय सेवा दलको महानिर्देशकको नियुक्ति, योग्यता, सेवाका सर्त सम्बन्धमा कानुनी व्यवस्था गरेको देखिएन।

वीरेन्द्र अस्पताल

प्रथम विश्वयुद्धमा वीरगति प्राप्त फौजको सम्झनामा तत्कालीन प्रधानमन्त्री चन्द्रशम्शेरले विक्रम संवत् १९८२ मा काठमाडौंको महाँकालमा त्रिचन्द्र मिलिटरी अस्पतालको स्थापना गरेको देखिन्छ। अस्पतालको सेवालाई

आधुनिक र थप प्रभावकारी बनाई बहालवाला सैनिक, भूतपूर्व सैनिक र तिनका परिवारलाई औषधी उपचार गर्न अस्पतालले वीरेन्द्र सैनिक अस्पतालको नामबाट विक्रम संवत् २०४६ देखि काठमाडौंको छाउनीबाट सेवा प्रवाह गर्दै आएको छ।

२६. **आय व्यय** - अस्पतालको २०८०।८१ को आय-व्यय विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.३ करोड २५ लाख १३ हजार र यो वर्ष नेपाल सरकारबाट प्राप्त अनुदान रु.१ अर्ब ३३ करोड ११ लाख ४६ हजार, सैनिक कल्याणकारी कोषबाट रु.२० करोड ८ लाख ६५ हजार र अन्य आम्दानी रु.५ करोड ५० लाख २६ हजारसमेत कुल आय रु.१ अर्ब ६१ करोड ९५ लाख ५० हजार रहेकोमा रु.१ अर्ब ५७ करोड ४८ लाख ९४ हजार खर्च भई रु.४ करोड ४६ लाख ५६ हजार मौज्दात रहेको देखिन्छ। अस्पतालको वित्तीय विवरणअनुसार रु.६४ लाख ७१ हजार कल्याणकारी कोष फिर्ता गर्न बाँकी देखिएकोले उक्त रकम सम्बन्धित कोषमा फिर्ता गर्नुपर्दछ।

२७. **सेवा प्रवाह** - अस्पतालले यो वर्ष बहालवालातर्फ ७१ हजार ७९१ र हिताधिकारी, भूतपूर्व सैनिकतर्फ ४ लाख ४९ हजार ५५ समेत ५ लाख २० हजार ८४६ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराएको छ। अस्पतालले स्वास्थ्य नर्सिङ्ग महाशाखाबाट रु.१ करोड ९७ लाख १४ हजार प्राप्त गरी बहालवाला, भूतपूर्व र सर्वसाधारण गरी १ हजार ३१४ जनालाई ११ हजार ३५३ सेसन हेमोडायलासिस सेवा प्रदान गरेको छ।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक भौतिक, संस्थागत तथा कानूनी पूर्वाधार तयार गर्न विकास समिति ऐन, २०१३ अनुसार राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ बमोजिम समितिको गठन भएको हो।

२८. **गठन आदेश** - विकास समिति ऐन, २०१३ को अधिकार अन्तर्गत नेपाल सरकारद्वारा विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गठन आदेश, २०७६ बमोजिम गठित समितिको कार्यकाल २ वर्ष रहने उल्लेख भएकोमा हालसम्म गठन आदेश ४ पटक संशोधन भई समितिको कार्यावधि पाँच वर्ष कायम भएको छ। गठन आदेश जारी भई समिति गठन भएको पाँच वर्ष व्यतीत हुँदासम्म विश्वविद्यालय सञ्चालन ऐन, विश्वविद्यालयका लागि आवश्यक पाठ्यक्रम तर्जुमा नभएको र भौतिक निर्माण कार्य लक्ष्यको १७.२ प्रतिशत सम्पन्न भएको छ।

अन्य संस्था र समिति

सैनिक कल्याणकारी कोष

संयुक्त राष्ट्रसङ्घको अनुरोधमा शान्ति स्थापना गर्ने कार्यमा भाग लिएबापत नेपाली सेनाले प्राप्त गर्ने रकममध्ये केही रकम कल्याणकारी कोषमा जम्मा गर्न र उक्त रकम लगानी गरी आर्जित ब्याज बहालवाला तथा पूर्वसैनिक र निजहरूको परिवारका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले २०३२ सालमा सैनिक कल्याणकारी कोषको स्थापना गरी कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएको देखिन्छ। सैनिक ऐन, २०६३

र सैनिक कल्याणकारी कोष नियमावली, २०६५ अनुरूप यो कोष सञ्चालनमा रहेको छ। हाल विभिन्न देशमा शान्ति स्थापनार्थ २० मिसनमा ५ हजार ७०८ सैनिक कार्यरत रहेका छन्।

२९. **वित्तीय स्थिति -** कोषले तयार गरेको वित्तीय विवरण अनुसार कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

विवरण	२०८१ आषाढ मसान्त सम्मको	२०८० आषाढ मसान्त सम्मको
सम्पत्ति		
क) गैर चालु सम्पत्ति		
१. बैङ्क मुद्दती निक्षेपमा लगानी स्थानीय मुद्रामा	५०४६९३८४	४९४६५१९७
२. बैङ्क मुद्दती निक्षेपमा लगानी विदेशी मुद्रामा	२००४४००८	१५६८७९३२
३. शेयर डिवेञ्चर तथा बचत पत्रमा लगानी	३२५२२८४	३०९३३६३
४. कल्याणकारी योजना अन्तर्गत स्थापित निकायमा लगानी	७४९८४४२	६६३५००६
चालु सम्पत्ति		
क) पेस्की तथा सापटी	१२२१२४	१३३८०७
ख) बैङ्क मौज्दात		
१. बैङ्क मौज्दात स्थानीय मुद्रामा	२१९४१६६	२००३८९१
२. बैङ्क मौज्दात विदेशी मुद्रामा	१०७७३५५	१११५७५५
ग. अन्य सम्पत्ति		
नियन्त्रित निकायहरू	१२८२७६९	७७८१२२
जम्मा सम्पत्ति	**८५९४०५३२**	**७८९१३०७३**
दायित्व कोष तथा जगेडाहरू		
क) कोष तथा जगेडा		
अ) सैनिक कल्याणकारी कोष	८४५३९७९३	७८०१६९८१
ख) दीर्घकालिन दायित्व		
ग) चालु दायित्व		
आ) अन्य दायित्व	११७९७०	११७९७०
नियन्त्रित निकायहरू	१२८२७६९	७७८१२२
जम्मा पुँजी तथा दायित्व	**८५९४०५३२**	**७८९१३०७३**

उल्लिखित विवरणअनुसार कोषको कुल सम्पत्ति गत वर्षको तुलनामा ८.९१ प्रतिशतले वृद्धि भई यो वर्ष रु.८५ अर्ब ९४ करोड ५ लाख ३२ हजार पुगेको र पुँजीतर्फ कोषमा ८.३६ प्रतिशतले वृद्धि भई रु.८४ अर्ब ५३ करोड ९७ लाख ९३ हजार कायम भएको छ। त्यसै गरी चालु दायित्वतर्फ अन्य दायित्वमा रु.११ करोड ७९ लाख ७० हजार र व्यावसायिक प्रकृतिका १० निकायको कन्ट्रा इन्ट्री रु. १ अर्ब २८ करोड २७ लाख ६९ हजारसमेत कुल पुँजी तथा दायित्व रु.८५ अर्ब ९४ करोड ५ लाख ३२ हजार रहेको छ। यो वर्ष पुँजीगत तथा पूर्वाधार विकासमा भएको खर्च रु.८६ करोड ३४ लाख ३५ हजारलाई पुँजीकरण गरेको छैन।

२९.१. कोषमा रहेको रकममध्ये मुद्दती निक्षेपमा रु.७० अर्ब ५१ करोड ३३ लाख ९२ हजार, विभिन्न २१ बैङ्क तथा वित्तीय संस्थाको ऋणपत्रमा रु.३ अर्ब २५ करोड २२ लाख ८४ हजार, कल्याणकारी योजनाअन्तर्गत स्थापना भएका २२ निकायमा यो वर्षसम्म लगानी रु.७ अर्ब ४९ करोड ८४ लाख ४२ हजार सापटी

हिसाबमा रु.१२ करोड २१ लाख २४ हजार र बैङ्क मौज्दात रु.३ अर्ब २७ करोड १५ लाख २१ हजार रहेको छ।

२९.२. कोष मातहतका ६ निकायको पेस्की रु.६ अर्ब ३१ करोड ४९ लाख २३ हजार एवं अमेरिकी डलर ५ करोड ९४ लाख ६९ हजार (रु.७ अर्ब ९६ करोड ६४ लाख ६७ हजार) समेत रु.१४ अर्ब २८ करोड १३ लाख ९० हजार एवं धरौटीबापतको रु. ५९ करोड ४२ लाख ५३ हजार वासलातमा समावेश गरेको छैन। मातहतका सबै निकायको कारोबार समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

३०. **सञ्चालन स्थिति -** कोषको वित्तीय विवरण अनुसार सञ्चालन स्थिति निम्नानुसार छः

(रु.हजारमा)

विवरण	२०८०।८१ मा	२०७९।८० मा
सुरु मौज्दात	**७८०४०५७४**	**६९५५२२६२**
आम्दानी	**३०४८९७०८**	**२७७५५४९६**
क) राष्ट्रसङ्घबाट प्राप्त शोधभर्ना	२२१२३८६२	१८९९३८२९
ख) बैङ्क निक्षेप तथा लगानीबाट ब्याज आम्दानी	६१७२२८१	६२३१६७९
ग) शान्ति सेना पर्यवेक्षकबाट कोषमा योगदान	५३२६५	५६८०९
घ) नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान शिक्षण शुल्क	४८६५३१	६३८५१७
ङ) विद्यालय/महाविद्यालयहरूबाट शिक्षण शुल्क	७२९०४६	६४४९७३
च) आयमुलक कार्य सञ्चालन	४६२४३९	५३८७७५
छ) औषधोपचार आम्दानी	२७५२८	४२५००
ज) परिवार आवास सेवा शुल्क	३५१८२	३०५३०
झ) अमेरिकन डलर सटही कमिसन	३८९४७	३६७४३
ञ) अन्य आम्दानी	७०५०५	१५५५५७
ट) विनिमय नाफा (घाटा)	२९०१२१	३८५५८३
खर्च	**२३९९०४८९**	**१९२९०७७७**
क) शान्ति सेना सञ्चालन	१५०६४७७३	११७००७४५
ख) कल्याणकारी कार्य स्वास्थ्य	२४५९८३३	१४१६४१४
ग) कल्याणकारी कार्य शिक्षा	१९८००९३	१७७२१६३
घ) कल्याणकारी छात्रवृत्ति र पुरस्कार	९१४०५८	६८५१८०
ङ) प्राविधिक शिक्षा, सिप तथा स्वरोजगार	५४८६११	५४७०५७
च) सुविधा तथा सहुलियत	१६२२१२५	१८०८६००
छ) आयमूलक सञ्चालन	४०४१४२	३६०८१२
ज) नेपाल सरकारलाई ब्याजकर	९९६८५४	९९९८०५
यस अवधिको सञ्चालन बचत	**६४९९२१९**	**८४६४७१९**
अन्तिम मौज्दात	**८४५३९७९३**	**७८०१६९८१**

कोषमा यो वर्ष रु.३० अर्ब ४८ करोड ९७ लाख ८ हजार आम्दानी एवं रु.२३ अर्ब ९९ करोड ४ लाख ८९ हजार खर्च भई रु.६ अर्ब ४९ करोड ९२ लाख १९ हजार सञ्चालन बचत भएको छ। कोषको गत वर्षको अन्तिम मौज्दात रु.७८ अर्ब १ करोड ६९ लाख ८१ हजार रहेकोमा यो वर्ष रु.७८

अर्ब ४ करोड ५ लाख ७४ हजार जिम्मेवारी सारेकोले फरक रकम सम्बन्धमा वित्तीय विवरणमा खुलासा गरेको छैन।

३१. **संयुक्त राष्ट्रसङ्घबाट शोधभर्ना -** सैनिक कल्याणकारी कोष नियमावली, २०६५ को नियम १८ मा रकमको अभिलेख राख्नुपर्ने तथा नियम १९ मा संयुक्त राष्ट्र सङ्घबाट हुने शोधभर्नाको अभिलेखसम्बन्धी व्यवस्था रहेको छ। कोषको आयव्ययको अनुसूची ११ मा मिसन इलाकामा खटिएका सैनिक कर्मचारीको तलब भत्ता, मेजर इक्युपमेन्टबापतको शोधभर्ना, सेल्फ सस्टेनमेन्टबापतको शोधभर्ना, अन्य शोधभर्ना र मिसन स्थलको विविध आम्दानी सम्बन्धमा खुलासा गर्नुपर्ने देखिन्छ। उक्त अनुसूचीमा संयुक्त राष्ट्रसङ्घबाट प्राप्त शोधभर्ना बापत रु.२२ अर्ब १२ करोड ३८ लाख ६२ हजार आम्दानी एवं अनुसूची १९ मा शान्ति सेना सञ्चालनमा रु.१५ अर्ब ६ करोड ४७ लाख ७३ हजार खर्च देखाएको छ। अनुसूची ११ मा अमेरिकी डलर १ करोड ५० लाख ७० हजार (रु.२ अर्ब २६ करोड ५८ लाख ८३ हजार) को विवरण प्राप्त हुन बाँकी उल्लेख गरी एकमुष्ट आम्दानी जनाएको छ। शोधभर्ना प्राप्त भएको रकमको शीर्षक खुलाई वित्तीय विवरण तयार गर्नुपर्दछ।

३२. **भवनको बहाल -** सैनिक कल्याणकारी कोषले महाँकालस्थित कल्याणकारी भवन व्यापारिक प्रयोजनको लागि बहालमा लगाएको छ। कोष र भवन बहालमा लिने एक निर्माण सेवाबिच २०७६ माघ १६ मा भएको सम्झौता बमोजिमको रकम कल्याणकारी कोषलाई बुझाउनुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्झौताअनुसारको २०७९।६।४ सम्म बुझाउनुपर्ने बहाल रकममध्ये रु.३९ लाख ८९ हजार असुल गर्न बाँकी रहेको छ। सम्झौताको सर्तबमोजिम बहाल रकम नबुझाएकोले २०७९।६।५ गतेदेखि लागु हुने गरी उक्त सम्झौता अन्त्य गरेको छ। साबिकमा निर्माण सेवासँग बहाल सम्झौता गरेको दररेटमा कोषले सम्झौता गरेकोमा समयमा बहाल नबुझाई आर्थिक वर्षको अन्त्यसम्म विभिन्न व्यवसायीबाट रु.२ करोड १४ लाख ५६ हजार वहाल रकम असुल हुन बाँकी देखियो। सम्झौताको सर्त तथा प्रचलित नियमानुसार जरिवानासमेत उक्त बहाल रकम असुल हुनुपर्दछ।

३३. **कल्याणकारी कार्य -** सैनिक ऐन, २०६३ को दफा ३१(ङ) मा सैनिक कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समितिले नेपाली सेनाले उपभोग गरिरहेको जग्गा तथा भौतिक पूर्वाधारमा नेपाली जङ्गी अड्डासँग सम्झौता गरी कल्याणकारी कार्य गर्ने उल्लेख छ। कोषले हालसम्म नेपाली सेनाको नाममा रहेको जग्गा तथा भौतिक पूर्वाधार उपयोग गरेकोमा सोको अद्यावधिक विवरण राखेको देखिएन। जग्गा तथा भौतिक पूर्वाधार उपयोगको सम्बन्धमा भएका सम्झौता एवं उपयोग स्थितिको अद्यावधिक विवरण तयार गर्नुपर्दछ।

नेपाली सेना सुपथ मूल्य पसल

बहालवाला तथा भूतपूर्व सैनिक र निजका परिवारको हितको लागि क्यान्टिन सञ्चालन गर्ने कार्यलाई न्यूनतम लाभको अवधारणामा आधारित रही हिताधिकारीको दैनिक जीवनयापनको लागि आवश्यक पर्ने सामान सरल एवं सहज रूपमा सुपथ मूल्यमा विक्री वितरण गर्ने उद्देश्यले सञ्चालनमा रहेको वसुन्धरा क्यान्टिन सैनिक कल्याणकारी कोष सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार २०७६ देखि नेपाली सेना सुपथ मूल्य क्यान्टिनको रूपमा सञ्चालनमा रहेको छ।

३४. **वित्तीय स्थिति** –सुपथ मूल्य पसलले तयार गरेको २०८०।८१ को वित्तीय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

विवरण	आर्थिक वर्ष	
	२०८०।८१	२०७९।८०
पुँजी र दायित्व		
पुँजी	१२०१०४	१४३८०४
सञ्चित नाफा नोक्सान	४०८१४	३०१२७
चालु दायित्व	१९७४९३	१५२६८६
जम्मा	**३५८४११**	**३२६६१७**
सम्पत्ति		
स्थिर सम्पत्ति	७७००५	७९६४७
चालु सम्पत्ति		
मौज्दात	१३३९२७	१३८१९०
बैङ्क तथा नगद	१२९०९८	८७६४१
ऋण तथा पेस्की	१८३८१	२११३९
जम्मा	**३५८४११**	**३२६६१७**

उल्लिखित वित्तीय विवरणअनुसार पुँजी (सैनिक कल्याणकारी कोषको लगानी) गत वर्षसम्म रु.१४ करोड ३८ लाख ४ हजार रहेकोमा यो वर्ष रु.२ करोड ३७ लाख लगानी फिर्ता भई रु.१२ करोड १ लाख ४ हजार कायम भएको छ। त्यसै गरी चालु दायित्व गत वर्षको तुलनामा २९.३५ प्रतिशत, सञ्चित नाफा ३५.४७ प्रतिशत र कुल सम्पत्ति ९.७३ प्रतिशतले वृद्धि भएको छ।

३५. **सञ्चालन नतिजा** – सुपथ मूल्य पसलको वित्तीय विवरणअनुसार सञ्चालन नतिजा निम्नानुसार छः

(रु.हजारमा)

विवरण	आर्थिक वर्ष	
	२०८०।८१	२०७९।८०
आम्दानी		
बिक्री / सेवा शुल्क	१३०७४८२	११२६६४०
ब्याज आम्दानी	२३६८	२५०२
दीर्घकालीन कर्जा	०	०
जम्मा	**१३०९८५०**	**११२९१४२**
खर्च		
प्रत्यक्ष खर्च	१२७४४६०	१०९६९४२
सञ्चालन खर्च	९२८३	९७७४
कर्मचारी खर्च	७०५९	६६०५
अन्य खर्च (ह्रास तथा आयकर)	८३६१	८४५७
जम्मा	**१२९९१६३**	**११२१७७८**
सञ्चालन बचत	**१०६८७**	**७३६४**

यो वर्ष बिक्री सेवा शुल्कबाट रु.१ अर्ब ३० करोड ७४ लाख ८२ हजार र ब्याज रु.२३ लाख ६८ हजारसमेत रु.१ अर्ब ३० करोड ९८ लाख ५० हजार आम्दानी गरेकोमा प्रत्यक्ष खर्च रु.१ अर्ब २७ करोड ४४ लाख ६० हजार, सञ्चालन खर्च रु.९२ लाख ८३ हजार, कर्मचारी खर्च रु.७०

लाख ५९ हजार र अन्य खर्च रु.८३ लाख ६१ हजार समेत रु.१ अर्ब २९ करोड ९१ लाख ६३ हजार खर्च भई रु.१ करोड ६ लाख ८७ हजार सञ्चालन बचत भएको छ। गत वर्षको तुलनामा सञ्चालन बचतमा ४५.१२ प्रतिशतले वृद्धि भएको देखिन्छ।

नेपाली सेना बहु व्यवसाय उद्योग

नेपाली सेनालाई आवश्यक गुणस्तरयुक्त पहिरन सामग्रीहरू सुपथ मूल्यमा स्वदेशमै उत्पादन गरी आत्मनिर्भर बनाउने एवं नेपाली सेनाका आश्रित परिवारका सदस्यहरूलाई रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यले २०३६ चैत १७ गते उद्योगको स्थापना भएको हो। उद्योगले व्यवसायिक कारोवार गर्न २०७१ मंसिर १७ गतेदेखि कम्पनी रजिष्टारको कार्यालयमा नेपाली सेना बहु व्यवसाय उद्योग दर्ता गरी २०७२ फागुन ३० गते देखि कार्य सञ्चालन गर्दै आएको छ।

३६. **वित्तीय स्थिति -** उद्योगको वित्तीय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

विवरण	आर्थिक वर्ष	
	२०८०।८१	२०७९।८०
सम्पत्ति		
गैर चालु सम्पत्ति		
स्थिर सम्पत्ति	६५९७३	७१३५०
चालु सम्पत्ति		
नगद तथा बैङ्क मौज्दात	१०३५१९	११५७०५
जिन्सी मौज्दात	२६८३९८	१७६१४१
आसामी तथा पेस्की	४१९०९	२३६६१
जम्मा चालु सम्पत्ति	**४१३८२६**	**३१५५०७**
कुल सम्पत्ति	**४७९७९९**	**३८६८५७**
पुँजी र दायित्व		
पुँजी	०	०
बचतकोष	२२१९१०	२१२३८८
जम्मा पूँजी तथा कोष	**२२१९१०**	**२१२३८८**
दीर्घकालीन दायित्व	१०९३००	१०९३००
चालु दायित्व		
व्यापार र अन्य भुक्तानी दायित्व	८१४८९	६५१६९
छोटो अवधिको दायित्व	६७१००	०
जम्मा चालु दायित्व	**१४८५८९**	**६५१६९**
कुल पुँजी तथा दायित्व	**४७९७९९**	**३८६८५७**

उल्लिखित विवरणअनुसार उद्योगको यस वर्षको स्थिर सम्पत्ति रु.६ करोड ५९ लाख ७३ हजार र चालु सम्पत्ति रु.४१ करोड ३८ लाख २६ हजारसमेत कुल सम्पत्ति रु.४७ करोड ९७ लाख ९९ हजार रहेकोमा पुँजी रु.२२ करोड १९ लाख १० हजार, दीर्घकालीन दायित्व रु.१० करोड ९३ लाख एवं चालु दायित्व रु.१४ करोड ८५ लाख ८९ हजार समेत कुल पुँजी तथा दायित्व रु.४७ करोड ९७ लाख ९९ हजार रहेको छ। गत वर्षको तुलनामा कुल पुँजी एवं दायित्व तथा कुल सम्पत्तिमा

२४.०२ प्रतिशतले वृद्धि भएको छ। त्यसै गरी यस वर्ष चालु सम्पत्तिमा गत वर्षको तुलनामा ३१.१६ प्रतिशतले वृद्धि भएकोमा चालु दायित्वमा १२८.०१ प्रतिशतले वृद्धि भएको देखिन्छ।

३७. **सञ्चालन स्थिति** - उद्योगको वित्तीय विवरणअनुसार सञ्चालन अवस्था निम्नानुसार छः

(रु.हजारमा)

विवरण	आर्थिक वर्ष	
	२०८०।८१	२०७९।८०
बिक्री आम्दानी	२६१३२४	१५९२३४
बिक्रिको लागत मूल्य	२२०२२६	१३०२४३
कुल नाफा	**४१०९८**	**२८९९१**
अन्य आम्दानी	१६७१	२५३८
सञ्चालन आम्दानी	**४२७६९**	**३१५२९**
प्रशासनिक खर्च	८६५०	९५२१
ह्रास कट्टी	१००७५	९३६२
कर तथा ब्याज अघिको नाफा	**२४०४४**	**१२६४६**
ब्याज (वित्त लागत)	९६१०	५५५०
सञ्चालन नाफा	**१४४३४**	**७०९६**

उल्लिखित विवरणअनुसार उद्योगको यस वर्षको बिक्री एवं अन्य आम्दानी रु. २६ करोड २९ लाख ९५ हजार रहेकोमा बिक्रीको लागत रु.२२ करोड २ लाख २६ हजार, प्रशासनिक खर्च रु.८६ लाख ५० हजार, ब्याज र ह्रास खर्च रु.१ करोड ९६ लाख ८५ हजार समेत रु.२४ करोड ८५ लाख ६१ हजार खर्च भई रु.१ करोड ४४ लाख ३४ हजार सञ्चालन नाफा भएको छ।

अनुगमन तथा बेरूजु

- **अनुगमन -** विगतका प्रतिवेदनमा रकमान्तर, आवधिक योजना कार्यान्वयन, खरिद व्यवस्थापन, पुराना प्रतीतपत्र, सामग्री आपूर्ति, वित्तीय र भौतिक प्रगति, सेवा प्रवाह, गुणस्तर व्यवस्थापन लगायतका सुधार गर्नुपर्ने बेहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरूजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरूजु रकमको विवरण देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत ११४ निकायमा यो वर्ष रु.२ अर्ब ६ करोड २५ लाख २७ हजार बेरूजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३९ करोड १० लाख ९० हजार फर्स्यौट गरेकोले रु.१ अर्ब ६७ करोड १४ लाख ३७ हजार बाँकी रहेको छ। सोमध्ये रु.१ करोड ३४ लाख ९६ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - अन्य संस्था ४ तर्फ यो वर्ष रु.४ करोड ६३ लाख ३३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ८ लाख ४८ हजार फर्स्यौट गरेकोले रु.३ करोड ५४ लाख ८८ हजार बाँकी रहेको छ। सोमध्ये रु.५ लाख ६६ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा वन तथा वातावरणसम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, राष्ट्रिय वनको सर्वेक्षण, वर्गीकरण, नाप, नक्सा र सीमाङ्कन, निजी, सार्वजनिक, सरकारी, धार्मिक, सामुदायिक, साझेदारी, कबुलियती, चक्ला वन, वन्यजन्तु आरक्षण तथा सिकार आरक्ष, सीमसार क्षेत्रका योजना तथा कार्यान्वयन, प्राणी उद्यान, जैविक विविधता, जलवायु परिवर्तन, कार्बन सेवा र सञ्चिति, हरितगृह ग्याँसको मापदण्ड र नियमन, सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वयलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ६३ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ५७ सरकारी कार्यालयको निम्नानुसार रु.११ अर्ब २८ करोड ५० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४२९९६	३७५२८	२३५८	२९९६८	११२८५०

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई रक्षा मन्त्रालयबाट खर्च भएको रु. ४ अर्ब ४० करोड ३ लाख र प्रदेशबाट खर्च भएको रु.१ करोड ९४ लाख समावेश छैन।

२. **सङ्गठित संस्था र अन्य संस्था -** यो वर्ष ४ संस्थाअन्तर्गतका कार्यालयको रु.४ अर्ब २६ करोड २१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको र नेपाल वन निगम र वन पैदावार विकास समितिको २०८०।८१ को लेखापरीक्षण हुन बाँकी रहेको छ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा उल्लेख भएका वन, जैविक विविधता र जलाधार, वातावरण तथा जलवायु परिवर्तन क्षेत्रका २६ सूचकमध्ये केही सूचकहरूको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति देहायबमोजिम छः

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष (२०७५।७६)	२०८०।८१ सम्मको	
				लक्ष्य	प्रगति
१.	वृक्षारोपण गर्ने क्षेत्रफल	हेक्टर (हजारमा)	४	३०	२.५१
२.	बिरुवा उत्पादन (वार्षिक)	सङ्ख्या (करोडमा)	२०.५	३०	४.७१
३.	वन्यजन्तुको पालन	प्रजाति	०	२	०
४.	वनजन्य उद्यमको विकास तथा प्रवर्धन	सङ्ख्या	०	२०००	०
५.	वनपैदावारको व्यावसायिक खेती	हेक्टर	०	४००	०
६.	अनुकूलन योजना तयार भएका स्थानीय तह	सङ्ख्या	-	४६०	२६३
७.	बस्ती तथा बजार संरक्षण	सङ्ख्या	-	१४०	४०
८.	वायु गुणस्तर मापन केन्द्र	सङ्ख्या	-	४७	३०
९.	जलवायु परिवर्तन अनुकूलन योजना तयारी र कार्यान्वयन भएका स्थानीय तह	सङ्ख्या	०	६५०	२६३

स्रोतः वन तथा वातावरण मन्त्रालय

उल्लिखित तालिकाबमोजिम आवधिक योजनाअनुरूप २०८०।८१ सम्ममा ६ सूचकमा न्यून प्रगति र ३ सूचकमा शून्य प्रगति रहेको छ। आवधिक योजनाले निर्धारण गरेका लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

४. **बजेट वक्तव्य कार्यान्वयन -** मन्त्रालयको वार्षिक प्रतिवेदनअनुसार वन क्षेत्रबाट प्रतिहजार २७ जना रोजगारी सिर्जना हुने लक्ष्य राखेकोमा प्रतिहजार १३ जना भएको, २५० गल्छी, खहरे, पहिरो नियन्त्रण तथा रोकथाम गर्ने लक्ष्य राखेकोमा ९८ सम्पन्न भएको, ६५ टन सुगन्धित तेल तथा कच्चा पदार्थ उत्पादन गर्ने लक्ष्य राखेकोमा १८.६५ टन मात्र उत्पादन भएको, १३ लाख ५५ हजार बिरुवा उत्पादन गर्ने लक्ष्य रहेकोमा ६ लाख ३६ हजार उत्पादन भएको देखिन्छ। शहरी हरित उद्यान निर्माण तथा व्यवस्थापन कार्य, विदेशी काठको मापन गर्ने, दिगो वन व्यवस्थापन मापदण्ड तथा कार्यविधि तयार गर्ने, वन संरक्षण क्षेत्रको कार्ययोजना पुनरावलोकन गर्ने, वन्यजन्तुको व्यावसायिक पालन, प्रजनन तथा उपभोगको मापदण्ड तयार गर्ने, उच्च पहाडी र हिमाली क्षेत्रमा मौसम सूचना सञ्जाल विस्तार गर्दै हिमालय जलवायु प्रभावको अध्ययन गर्ने, कृषि, पशुपन्छी तथा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न बाँझो जमिन तथा नदी उकास जग्गा समेत उपयोग हुने खालको कृषि वन कार्यक्रम सञ्चालन गर्ने, ढलापडा रुखहरू आवश्यक प्रक्रिया पूरा गरी बिक्री वितरण गर्ने, वनको उचित व्यवस्थापन गरी काठमा आत्मनिर्भर बनाउने, कानुन तर्जुमा गरी कार्बन व्यापारमा जोड दिनेलगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन। पूर्व तयारी गरी कार्यान्वयन गर्ने भरपर्दो स्रोत व्यवस्थापन गरेर मात्र बजेट तथा कार्यक्रम स्वीकृत गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *वैदेशिक सहायतामा सञ्चालित आयोजना समय तालिकाअनुसार सञ्चालन नभएको,*
- *वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन समयमै स्वीकृत नभएको,*
- *वन क्षेत्र भोगाधिकारबापत विभिन्न निकायबाट वन विकास कोषमा प्राप्त हुनुपर्ने रु.१ अर्ब ४५ करोड ३६ लाख प्राप्त नभएको,*
- *संरक्षित क्षेत्रभित्रको अतिक्रमित ४ हजार ३९.१२ हेक्टर जग्गा फिर्ता हुन नसकेको,*
- *एक लाख चार हजार हेक्टर वन क्षेत्र अतिक्रमण भएको लगायतको बेहोरा देखिएका छन् ।*

५. **बजेट र खर्च** – यस मन्त्रालयका लागि यो वर्षको विनियोजित बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	८७८२४	८८०१५	७०७६१	८०.३९
पुँजीगत	३०२८९	३३३४०	२४२८०	७२.८०
जम्मा	**११८११३**	**१२१३५५**	**९५०४१**	**७८.३१**

मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणअनुसार रु.१२ अर्ब १३ करोड ५५ लाख संशोधित बजेट कायम भएकोमा रु.९ अर्ब ५० करोड ४१ लाख खर्च गरी समग्र वित्तीय खर्च ७८.३१ र पुँजीगत खर्च ७२.८० प्रतिशत रहेको छ।

६. **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ४९ मा राष्ट्रिय वनक्षेत्रको अतिक्रमण गर्ने कार्य दण्डनीय अपराध मानिने उल्लेख छ। अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ कार्यान्वयनमा रहेको

छ। विभागबाट प्राप्त वार्षिक प्रगति विवरणअनुसार ६५ जिल्लामा १ लाख ४ हजार हेक्टर वनक्षेत्र अतिक्रमण भएको देखिन्छ। मन्त्रालयले अतिक्रमित वन क्षेत्रको स्थिति अद्यावधिक नगरेको कारण साविकबाट अतिक्रमित वनक्षेत्रमा सोही क्षेत्रफल रहेको छ। वन क्षेत्र अतिक्रमण रोक्न विभिन्न कार्यक्रम सञ्चालन भए तापनि सो प्रभावकारी कार्यान्वयन भएको देखिएन। मन्त्रालय र अन्तर्गत निकायले वन अतिक्रमण रोक्नुका साथै अतिक्रमित क्षेत्र फिर्ता लिन वन क्षेत्रको संरक्षण गर्नुपर्दछ।

७. **वैदेशिक सहायता -** मन्त्रालयअन्तर्गत वैदेशिक सहायतामा सञ्चालित ६ आयोजनाको वित्तीय प्रगति निम्नानुसार छः

क्र.सं.	आयोजनाको नाम	दातृ निकाय/ सहयोग	सञ्चालित जिल्ला	सुरु वर्ष	सम्पन्न हुने वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१.	समृद्धिका लागि वन	विश्व बैङ्क (ऋण तथा अनुदान)	१८ जिल्ला	१९ मार्च २०२१	जुलाई २०२५	रु.३०००० लाख	रु.५३६१ लाख	१७.८७
२.	चुरे उत्थानशील आयोजना	जिसिएफ (अनुदान)	११ जिल्ला	मे २०२०	मे २०२७	रु.५००६० लाख	रु.६६८० लाख	१३.३४
३.	एकीकृत भू-परिधि व्यव स्थापन आयोजना	डब्लु डब्लु एफ (जी.इ.एफ.एजेन्सी) (अनुदान)	३ जिल्ला	२३ नोभेम्बर २०२०	२३ नोभेम्बर २०२५	रु.७५०० लाख	रु.२१४९ लाख	२८.६५
४.	पूर्व-पश्चिम लोकमार्ग हरित उत्थानशील आयोजना	विश्व बैङ्क (ऋण)	बुटवलदेखि चन्द्रौटा	१८ सेप्टेम्बर २०२२	सन् २०२८	अमेरिकी डलर २१.२ मिलियन	रु.२६७.४६ लाख	०.९९
५.	गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना	जीसीएफ (अनुदान तथा ऋण))	गण्डकी नदी बेसिनका १९ जिल्ला	सन् २०२१	सन् २०२७	अमेरिकी डलर ३२.७२ मिलियन	रु. ५७३.९० लाख	१.४८
६.	पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना	जीइएफ (अनुदान)	३ जिल्ला	सन् २०१८	सन् २०२४	अमेरिकी डलर १६.२९ मिलियन	अमेरिकी डलर ३.८२ मिलियन	२३.४५

स्रोतः वन तथा वातावरण मन्त्रालय

उल्लिखित विवरणअनुसार समृद्धिका लागि वन आयोजनाको अवधि करिब ६६ प्रतिशत व्यतीत हुँदा १७.८७ प्रतिशत, चुरे उत्थानशील आयोजनाको ६० प्रतिशत अवधि व्यतीत हुँदा १३.३४ प्रतिशत, एकीकृत भू-परिधि व्यवस्थापन आयोजनाको अवधि ८० प्रतिशत समाप्त हुँदा २८.६५ प्रतिशत, पूर्वपश्चिम लोकमार्ग हरित उत्थानशील आयोजनाको ५० प्रतिशत समय व्यतीत हुँदा ०.९९ प्रतिशत, गण्डकी जलाधार जलवायु उत्थानशील आयोजनाको ४३ प्रतिशत समय व्यतीत हुँदा १.४८ प्रतिशत र पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजनाको शतप्रतिशत समय व्यतीत हुँदा २३.४४ प्रतिशत खर्च भएको देखिन्छ। तोकिएबमोजिमको कार्य सम्पादन नगर्ने जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउँदै सम्झौता अवधिभित्र आयोजनाले तोकेको उपलब्धि हासिल हुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

८. **वातावरणीय प्रभाव मूल्याङ्कन -** वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा वातावरणीय परीक्षण एवं मूल्याङ्कन गरी प्रतिवेदन स्वीकृतिका लागि सम्बन्धित निकायमा पेस गर्नुपर्ने र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ मा वातावरणीय प्रभाव मूल्याङ्कन मन्त्रालयले ३५ दिनभित्र स्वीकृत गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले ४८ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरेको मध्ये १९ प्रतिवेदनको परीक्षण गर्दा प्रमाण सङ्कलन, सिफारिस र स्वीकृत गर्न लागेको अवधि देहायबमोजिम छः

क्र.सं.	आयोजनाको नाम	दर्ता पश्चात प्रमाण सङ्कलन गर्न लागेको दिन	परिमार्जन गरी फिर्ता हुन लागेको दिन	शाखाबाट सचिवलाई सिफारिस गर्न लागेको दिन	सचिवबाट सिफारिस गर्न लागेको दिन	स्वीकृत हुन लागेको दिन	जम्मा दिन
१	छिलुङ्गखोला जलविद्युत आयोजना, गोरखा	२२०	१०	१७	१४	४	२६५
२	कालिका कालीगण्डकी जलविद्युत आयोजना, नवलपुर र तनहुँ	२६९	३९	१२	३	३	३२६
३	होङ्गु खोला जलविद्युत आयोजना, सोलुखुम्बु	७६	३३०	८	१६	२९	४५९
४	मध्य चमेलिया जलविद्युत आयोजना, दार्चुला	१३७	९३	२५	२७	१५	२९७
५	नार खोला जलविद्युत आयोजना, मनाङ	२५२	१०५	४०	११		४०८
६	ब्रह्मायणी जलविद्युत आयोजना, सिल्धुपाल्चोक	४७८	३५	१९	६	-	५३८
७	अप्पर ब्रह्मायणी जलविद्युत आयोजना, सिल्धुपाल्चोक	४७९	३५	२१	४	-	५३९
८	कर्णाली नदी व्यवस्थापन आयोजना, बर्दिया, कैलाली, लुम्बिनी	७८	४३०	३०	२३	६	५६७
९	सुर्के दुधकोशी जलविद्युत आयोजना, सोलुखुम्बु	५०७	४०	२१	१६	-	५८४
१०	उत्तरगंगा जलाशययुक्त जलविद्युत आयोजना, बाग्लुङ र रुकुम पूर्व	६१	७१८	-	८	-	७८७
११	तल्लो बरुणखोला जलविद्युत आयोजना, संखुवासभा	१२८४	२५	१	१६	१६१	१४८७
१२	चतरा-लेगुवाघाट (कोशी कोरिडोर) सडक निर्माण, धनकुटा	३१६	१०३	४	४	१६	४४३
१३	चतरा-मुलघाट (कोशी कोरिडोर) निर्माण, सुनसरी र धनकुटा	३१६	१०३	४	४	१७	४४४
१४	सैनामैना चक्रपथ सडक स्तरोन्नति, रुपेन्दही	६०	४५८	६	२२३	४	७५१
१५	बुटवल १४-१५ चक्रपथ सडक, रुपेन्देही	११३	४०५	८	२२०	५	७५१
१६	मेची-महाकाली विद्युतीय रेलमार्गको बुटवल लमही खण्ड रुपेन्देही, कपिलवस्तु र दाङ	५५५	१६९	९९५	४३	-	१७६२
१७	एनसेल नेपालको सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र बी.टी.एस. टावर स्थापना	२३०	४८०	२	-	२२	७३४
१८	संघीय संसद भवन निर्माण आयोजना, काठमाडौं	११७	४०९	२	११	२२	५६१
१९	क्रिमसन हस्पिटल स्तरोन्नति	२५०	९५३	७	१४	८०	१३०४

स्रोतः वन तथा वातावरण मन्त्रालय

उल्लिखित तालिकाअनुसार प्रतिवेदन स्वीकृत हुन न्यूनतम २६५ दिनदेखि अधिकतम १ हजार ७६२ दिनसम्म लागेको देखिन्छ। प्रमाण सङ्कलन गर्न १ हजार २८४ दिनसम्म लागेको, परिमार्जनका लागि फिर्ता पठाएकोमा पुनः पेस हुन ९५३ दिनसम्म लागेको र सचिवबाट सिफारिस हुन २२३ दिनसम्म लागेको देखिन्छ। समयमै वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नभएको कारण योजना कार्यान्वयनमा ढिलाइ हुन गई निर्माण कार्यको समय र लागत वृद्धि हुने, सेवा प्रवाहमा

ढिलाइ हुने स्थिति रहेको छ। मन्त्रालयले सरोकारवालासँग समन्वय गरी समयमानै प्रतिवेदन स्वीकृत गर्ने व्यवस्था मिलाउनुपर्दछ।

९. **प्रदूषण नियन्त्रण शुल्क** - आर्थिक ऐन, २०८० को दफा १३(१) मा नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेल प्रतिलिटरमा रु.१।५० का दरले प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गरिने व्यवस्था छ। सोहीबमोजिम यो वर्ष रु.२ अर्ब ७८ करोड ९३ लाखसमेत २०६५।६६ देखि २०८०।८१ सम्म रु.२२ अर्ब ३९ करोड २२ लाख राजस्व असुल गरी सञ्चित कोषमा दाखिला गरेको देखिन्छ। उक्त शुल्क निर्धारित प्रयोजनमा उपयोग गर्नुपर्दछ।

वन तथा भू-संरक्षण विभाग

वनको प्रभावकारी व्यवस्थापन, संरक्षण र संवर्धन गरी सर्वसाधारण जनतालाई काठ, दाउरालगायत वन पैदावार सरल र सुलभ तरिकाले उपलब्ध गराउने उद्देश्यले २०५० मा विभागको स्थापना भएको हो। विभाग मातहत ४ बृहत् जलाधार व्यवस्थापन केन्द्र, १ सङ्घीय जलाधार व्यवस्थापन स्रोत केन्द्र, ४ वन बीउ प्रयोगशाला तथा भण्डारण केन्द्र र १ सशस्त्र वन रक्षक तालिम केन्द्र रहेका छन्।

१०. **वन विकास कोष** - वन ऐन, २०७६ को दफा ४५ मा वन क्षेत्र अन्य प्रयोजनको लागि दिएमा सो बापत प्राप्त रकम वनको संरक्षण, संवर्धन एवं प्रवर्धनात्मक कार्य गर्न वन विकास कोषमा जम्मा हुने व्यवस्था रहेकोमा यो वर्षसम्म रु.२ अर्ब ३४ करोड २२ लाख प्राप्त भएको छ। यस सम्बन्धमा देखिएका प्रमुख बेहोरा निम्नानुसार छन्:

१०.१ यो वर्ष भोगाधिकार दिएका ३४ संस्थासमेत हालसम्म ६२८ संस्थालाई वन क्षेत्रको भोगाधिकार उपलब्ध गराएकोमा काठमाडौं-तराई (मधेश) द्रुतमार्ग, मदन भण्डारी राजमार्ग, खम्बागाडे-पलौटे-विद्यापुर गुटु मायाताल सडक खण्डको स्तरोन्नति, लुम्बिनी प्रदेश सरकार मातहत ५० शय्याको आधुनिक सरुवा रोग अस्पताल लगायत १२ संस्थाबाट रु.१ अर्ब ४५ करोड ३६ लाख प्राप्त हुन बाँकी रहेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

१०.२ कोषमा प्राप्त रकम हालसम्म उपयोग गरेको देखिएन। नियमावलीमा भएको प्रावधानअनुसार कोषको सदुपयोग गर्नुपर्दछ।

१०.३ वन नियमावली, २०७९ को नियम ४ मा भोगाधिकार प्राप्त गर्ने निकायले विभागले तोकेको जग्गामा वृक्षारोपण गरी ५ वर्षसम्म संरक्षण गर्न लाग्ने खर्च उक्त कोषमा जम्मा गर्नुपर्ने र नियम ९५ मा यो नियमावली प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानुनबमोजिम सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउने र जग्गा उपलब्ध गराउन नसक्ने भएमा सोबापत रकम बुझाउन निवेदन दिन सक्ने व्यवस्था छ। वन ऐन, २०७६ लागु हुनुपूर्व ४९७ आयोजनालाई १८ हजार ८७९ हेक्टर तथा तत्पश्चात् १३१ आयोजनालाई २ हजार ३७८ हेक्टरसमेत यो वर्षसम्म ६२८ आयोजनालाई २१ हजार २५७ हेक्टर जग्गा ७ देखि ४० वर्षको लागि उपयोग गर्न लिजमा दिएको छ। लिजमा उपलब्ध गराएको जग्गाको रोयल्टी रकम असुली, सम्झौताअनुसार सट्टा जग्गा प्राप्ति, वृक्षारोपण एवं ५ वर्षसम्म सोको संरक्षणसम्बन्धी कार्यको अभिलेख अद्यावधिक नगरेकोले सोको अभिलेख अद्यावधिक गरी सोको अनुगमन गर्नुपर्दछ।

पूर्वपश्चिम लोकमार्ग हरित उत्थानशील आयोजना

विश्व बैङ्कको ऋण सहयोगबाट सञ्चालित पूर्वी दक्षिण एसियामा यातायात तथा व्यापार आबद्धता अभिबृद्धि कार्यक्रमअन्तर्गत बुटवलदेखि गड्डाचौकीसम्म सञ्चालन हुने पूर्व-पश्चिम लोकमार्ग हरित उत्थानशील आयोजनाको लागि नेपाल सरकारको अमेरिकी डलर २.६ मिलियन र विश्व बैङ्कको ऋण सहायताबाट अमेरिकी डलर १८.६ मिलियन बेहोरिने र आयोजनाको अवधि १८ सेप्टेम्बर, २०२२ मा भएको वित्तीय सम्झौतामा १८ सेप्टेम्बर, २०२२ देखि १५ जुलाई, २०२८ सम्म रहने उल्लेख छ।

११. **बजेट खर्च** - आयोजनामा यो वर्ष रु.१४ करोड ८५ लाख ९४ हजार विनियोजन भएकोमा रु.१ करोड ९० लाख ८३ हजार (१२.८४ प्रतिशत) खर्च भएको छ भने २ वर्षको अवधिमा रु.३२ करोड २२ लाख ९४ हजार विनियोजन भएकोमा रु.२ करोड ६७ लाख ४८ हजार (८.३० प्रतिशत) खर्च भएको छ। आयोजनाको कुल सम्झौता रकम रु.२ अर्ब ७१ करोड १३ लाखमध्ये ०.९९ प्रतिशत खर्च भएको छ। सम्झौता अवधिभित्र आयोजनाले निर्धारण गरेको उपलब्धि हासिल हुने गरी खर्च गर्नुपर्दछ।

१२. **परामर्श सेवा** - विश्व बैङ्कसँग भएको ऋण सम्झौतामा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्न परामर्शदाता नियुक्तिका लागि गत वर्ष खरिद प्रकृया प्रारम्भ गरेकोमा यस वर्षसम्म परामर्शदाता नियुक्ति भएको छैन। परामर्शदाता नियुक्ति नभएका कारण बृहत् जोखिम अध्ययन गर्नेलगायतका कार्य हुन सकेको छैन। ऋण सम्झौतामा उल्लेखित कार्यतालिकाबमोजिम आयोजना कार्यान्वयन हुनुपर्दछ।

१३. **गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना** - गण्डकी नदी बेसिनको जलवायु परिवर्तनको उच्च जोखिममा रहेका समुदाय तथा पारिस्थितिकीय प्रणालीमा जलवायु समयानुकूलन सुधार गर्ने उद्देश्यले गण्डकी नदी आसपासका १९ जिल्ला कार्यक्षेत्र रहने गरी ग्रीन क्लाईमेट फण्डबाट अमेरिकी डलर २७.४ मिलियन, नेपाल सरकार, आईयुसिएन नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषबाट अमेरिकी डलर ५.३२ मिलियनसमेत कुल अमेरिकी डलर ३२.७२ मिलियनको लागतमा सञ्चालन हुने आयोजनाको समयावधि २०२१ देखि ७ वर्ष रहेको छ। आयोजनामा यो वर्ष रु.४५ करोड ५६ लाख ७ हजार विनियोजन भएकोमा रु.५ करोड ४६ लाख १० हजार (११.९९ प्रतिशत) खर्च भएको छ। आयोजनाको सहलगानीकर्ता राष्ट्रिय प्रकृति संरक्षण कोषमार्फत कार्यक्रम कार्यान्वयन गर्न गत वर्ष रु.४ करोड ६३ लाख निकासा दिएकोमा रु.२ करोड २० लाख १४ हजार र यो वर्ष रु.१० करोड निकासा दिएकोमा रु.२ करोड ९६ लाख १३ हजार समेत यो वर्षसम्म रु.५ करोड ७३ लाख ९० हजार खर्च गरेको छ। सम्झौता रकम रु.३ अर्ब ८८ करोड ५५ लाखको तुलनामा खर्च १.४८ प्रतिशत रहेको छ। सम्झौता अवधिभित्र आयोजनाको लक्षित उपलब्धि हासिल हुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

वनस्पति, वन्यजन्तु र भू-दृश्यहरूको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले २०२९ मा विभागको स्थापना भएको हो। विभागअन्तर्गत १२ राष्ट्रिय निकुञ्ज, ६ संरक्षण क्षेत्र, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्षसहित २० संरक्षित क्षेत्र र १३ मध्यवर्ती क्षेत्र रहेका छन्।

१४. **संरक्षित क्षेत्र अतिक्रमण -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा निकुञ्ज वा आरक्षको कुनै भाग कब्जा गर्न, आबादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न, घरपालुवा जीवजन्तु वा पन्छी चराउन वा वनपैदावार हानि-नोक्सानी पुऱ्याउन र खनिज निकाल्न नपाइने व्यवस्था छ। विभागअन्तर्गत रहेको संरक्षित क्षेत्रको ४ हजार २२१.६७ हेक्टर जग्गा अतिक्रमण भएकोमा गत वर्षसम्म शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्जलगायतबाट १८२.५५ हेक्टर जग्गा अतिक्रमण मुक्त गरेकोमा यो वर्ष अतिक्रमित भू-भाग फिर्ता भएको छैन। कानुनअनुसार कारबाही गरी संरक्षित क्षेत्र अतिक्रमण मुक्त गराउनुपर्दछ।

१५. **राहत -** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३(घ) तथा नियमावली २०३० को ३६ (ज) मा राष्ट्रिय निकुञ्ज तथा आरक्षभन्दा बाहिर वन्यजन्तुको आक्रमणमा परी धनजनको क्षति भएमा त्यस्तो क्षतिबापत राहत दिने व्यवस्था छ। यो वर्ष त्यस्तो राहतबापत मानव मृत्युमा रु.१ करोड ५० लाख, पशुधन क्षतिमा रु.७ करोड ४० लाख एवं अन्नबाली क्षतिमा रु.४ करोड ७३ लाखसमेत रु.१३ करोड ६३ लाख वितरण भएको छ। वन्यजन्तुबाट हुने जनधनको क्षति न्यूनीकरण गर्ने उपाय अवलम्वन गरी कार्यान्वयन गर्नुपर्दछ।

१६. **मुद्दा फर्स्यौंट** - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सोअन्तर्गतका नियमावलीविपरीत राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा निषेधित कार्य गर्नेलाई अनुसन्धान तथा तहकिकात सम्पन्न भएपछि मुद्दा हेर्ने अदालत वा तोकिएको अधिकारीसमक्ष पेस गर्नुपर्ने उल्लेख छ। वन तथा वन्यजन्तु अपराधसम्बन्धी गत वर्षबाट जिम्मेवारी सरेका ११६ र यो वर्ष दर्ता भएका १०१ समेत २१७ मुद्दा रहेकोमा ७१ मुद्दा फर्स्यौंट भई १४६ मुद्दा फर्स्यौंट हुन बाँकी रहेको देखिन्छ।

१७. **सञ्चालन शुल्क -** लामटाङ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा होटल लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७० मा होटल, लज, चिया पसल सञ्चालन गर्न सम्झौता गरेका व्यक्ति वा संस्थाले प्रत्येक वर्षको श्रावण र माघ महिनाभित्र वार्षिक शुल्क बुझाइसक्नुपर्ने व्यवस्था छ। यो वर्ष २७ होटल तथा चियापसलबाट रु.६० लाख ३४ हजार शुल्क उठ्न बाँकी रहेकोले उक्त रकम असुल गर्नुपर्दछ।

१८. **प्राणी उद्यान -** भक्तपुरको सूर्यविनायकमा राष्ट्रिय प्राणी उद्यान निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यका लागि एक परामर्शदातासँग २०७८।५।९ मा खरिद सम्झौता गरेकोमा २०७९।८० मा प्रतिवेदन प्राप्त गरी परामर्शदातालाई रु.५ करोड ६५ लाख भुक्तानी दिएको देखिन्छ। उक्त प्रतिवेदन स्वीकृतिका लागि कार्यालयबाट २०८०।२।३२ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागमा पेस भएकोमा विभागले प्रतिवेदन स्वीकृत गरेको छैन।

वातावरण विभाग

वातावरण व्यवस्थापनको अवधारणालाई स्थानीयस्तरसम्म पुऱ्याउने, जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरूलाई समाधान गर्न सरकारी, गैरसरकारी एवं निजी क्षेत्रबिच समन्वय कायम गर्ने, वातावरण व्यवस्थापनको अनुगमन, वातावरण क्षेत्रमा उपलब्ध सम्भावना तथा अवसरहरूको उपयोग गर्न २०६९ सालमा विभागको स्थापना भएको हो।

१९. **वातावरणीय अनुगमन र समन्वय -** विभागबाट यो वर्ष यातायाततर्फ १, पर्यटन क्षेत्रतर्फ ९, उद्योगतर्फ २, स्वास्थ्य संस्थातर्फ ३, हाइड्रोपावरतर्फ ९ र सिँचाइ आयोजनातर्फ १ गरी २५ प्रतिष्ठानको वातावरणीय पक्षको अनुगमन गरेको विवरण प्राप्त भएको छ। ती अनुगमन प्रतिवेदनहरूमा प्रमुख रूपमा स्वअनुगमन गरी प्रतिवेदन पेस गर्न र वातावरणसम्बन्धी ऐन, नियम एंव मापदण्ड पालना गर्न निर्देशन दिएको देखिन्छ। यस्तै विभिन्न सरकारी निकाय, शैक्षिक संस्था तथा अनुसन्धान संस्थालगायतले वातावरणसम्बन्धी अध्ययन कार्य गरिरहेको देखिन्छ। विभिन्न निकायले एकै प्रकारका कार्य गर्दा कार्यक्रमहरू छरिने तथा दोहोरिने अवस्था देखिएकोले विभागले सबै सम्बन्धित निकायसँग समन्वय गरी एकीकृत रूपमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनुका साथै वातावरणीय अनुगमनका क्रममा दिएका निर्देशन पालनाको सम्बन्धमा निरन्तर प्रभावकारी अनुगमन र स्वअनुगमन प्रतिवेदनको मूल्याङ्कन गर्नुपर्दछ।

२०. **प्रदूषण नियन्त्रण जाँच तथा परीक्षण -** वातावरण संरक्षण नियमावली, २०७७ को नियम १७ मा वायु, जल, जमिन, प्रकाश वा ध्वनि प्रदूषण नियन्त्रणसम्बन्धी जाँच तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विभागले ९७ औद्योगिक प्रतिष्ठान र ४६ नदीसमेत १४३ नमुनाको प्रयोगशालामा परीक्षण गरेकोमा मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने केमिकल्सहरूको मात्रा निर्धारित मापदण्ड भन्दा अत्यधिक बढी मात्रामा पाइएको प्रयोगशाला प्रतिवेदनबाट देखिन्छ। त्यस्तै नदीको पानीको लागि नेपालमा हालसम्म मापदण्ड निर्धारण गरेको छैन। सम्बन्धित निकायहरूबाट समन्वयात्मक रूपमा कार्यान्वयन गरी वातावरणीय गुणस्तर पालना गराउनुपर्दछ।

रेड कार्यान्वयन केन्द्र

वन संरक्षण गरी वायु मण्डलमा रहेको हरित गृह ग्याँस र कार्बनडाइअक्साइड शोषण गरी भण्डारण गर्ने र वनबाट हुने कार्बन उत्सर्जनमा कमी ल्याई जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने उद्देश्यले यस केन्द्रको स्थापना भएको हो।

२१. **ऐलोमेट्रिक इक्वेशन निर्माण** - नेपाल तथा विश्व बैङ्कबिच भएको सम्झौताबमोजिम प्रमुख १६ रुख प्रजातिको १ हजार १०० नमुना रुख कटानबाट नमुना सङ्कलन तथा मापन गरी प्राप्त तथ्याङ्कको विश्लेषण गर्ने कार्य सन् २०२१ सम्ममा सम्पन्न गरी ऐलोमेट्रिक इक्वेशन तयार गर्नुपर्नेमा हालसम्म ७ प्रजातिका नमुना सङ्कलन तथा मापनका कार्य सम्पन्न भएको छ। बाँकी ९ प्रजातिका रुख कटानका लागि ठेक्का व्यवस्थापनको कार्य भइरहेको कारण एलोमेट्रिक इक्वेसन तयार भएको छैन। ईक्वेसन तयार नहुँदा विश्व बैङ्कले अन्य मुलुकमा तयार गरेको इक्वेशनको आधारमा कार्बन व्यापारको रकम भुक्तानी गर्ने हुँदा ईक्वेशनको बाँकी काम सम्पन्न गरी सोही आधारमा कार्बन व्यापारबाट प्राप्त हुने रकम प्राप्त गर्नुपर्दछ।

२२. **कार्बन व्यापार** - रेडप्लस कार्यक्रमअन्तर्गत वन विनाशका कारणबाट हुने कार्बन उत्सर्जन न्यूनीकरण, वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण, वन कार्बन सञ्चितिको संरक्षण, वनको दिगो व्यवस्थापन र वन कार्बन सञ्चितिमा अभिवृद्धि जस्ता पाँचवटा क्रियाकलापको माध्यमबाट जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई कम गर्ने उद्देश्यले विश्व बैङ्कअन्तर्गत अन्तराष्ट्रिय विकास संस्थाको अमेरिकी डलर ५२ लाख अनुदान सहयोगमा सञ्चालित यस आयोजनामा यो वर्ष रु.३ करोड ६१ लाख ३ हजारसमेत हालसम्म रु.६२ करोड ७५ लाख २६ हजार खर्च भएको छ। साथै यसको

सञ्चालन अवधि सन् २०१७ देखि २०२२ सम्म रहेको देखिन्छ। उक्त संस्थासँग भएको सम्झौतामा यस आयोजनाको कार्यक्रम तयारी चरण, कार्यन्वयन चरण तथा अनुगमन, मापन तथा प्रतिवेदन चरण गरी ३ चरणमा कार्यान्वयन गर्ने उल्लेख भएकोमा पहिलो २ चरणको काम विश्व बैङ्कको अनुदान सहयोगमा २०७९।८० मा सम्पन्न भएको र तेस्रो चरणमा गर्नुपर्ने कामलाई निरन्तरता दिनको लागि २०८०।८१ बाट नेपाल सरकारले नै बजेट व्यवस्थापन गर्दै आएको छ। तेस्रो चरणको काम समयमै सम्पन्न गरी कार्बन व्यापारबाट लाभ लिनुपर्दछ।

२३. **रकमको बाँडफाँट** - वन नियमावली, २०७९ को नियम ११५ मा कार्बन व्यापारबाट प्राप्त रकम वन विकास कोषमा जम्मा हुने, जलवायु अनुकूलन र कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको वितरणमा उत्सर्जन न्यूनीकरण तथा कार्बन सञ्चितिमा योगदान पुऱ्याउने उपभोक्ता समिति तथा वन व्यवस्थापनमा संलग्न निकायलाई कुल लाभको ८० प्रतिशत प्राप्त हुने र सो रकम कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमसम्बन्धी दस्तावेजमा उल्लेख भएबमोजिमको कार्यक्रममा खर्च गर्नुपर्ने उल्लेख छ। कार्बन व्यापासबाट रकम प्राप्त हुन बाँकी रहेकोले हालसम्म उक्त व्यवस्था कार्यान्वयन भएको छैन।

२४. **न्यून ऋण प्रवाह** - समृद्धिका लागि वन परियोजनाको लागि विश्व बैङ्कसँग अमेरिकी डलर २४ मिलियनको ऋण सम्झौता भएको छ। परियोजनाको मुख्य एक सम्भाग वन उद्यम विकास तथा सुधार कार्यका लागि बैङ्कले अमेरिकी डलर १७.९ मिलियन कृषि विकास बैङ्कमार्फत ऋण प्रवाह गर्न सरकार र बैङ्क बिच २०७८।३।२ मा सहायक ऋण सम्झौता भएको छ। उक्त सहायक सम्झौतामा नेपाल सरकारले वार्षिक ५ प्रतिशतका दरले ब्याज लिने गरी कृषि विकास बैङ्कलाई ऋण दिने र बैङ्कले वन तथा वनपैदावारसम्बन्धी व्यवसाय गर्ने उद्यमी तथा वित्तीय संस्थाबाट वार्षिक ९ प्रतिशतका दरले ब्याज लिने गरी ऋण प्रवाह गर्ने उल्लेख छ। कुल ऋण रकम रु.२ अर्ब २४ करोडमध्ये कृषि विकास बैङ्कले हालसम्म रु.२ करोड ४४ लाख ऋण प्रवाह गरेको छ। आयोजनाको अवधि २०२६ जुलाई १६ सम्म रहेकोमा १.०९ प्रतिशतमात्र ऋण प्रवाह गरेकोले लक्षित वर्गमा प्रतिफल पुग्ने गरी ऋण प्रवाह हुनुपर्दछ। ऋण लगानी न्यून हुनुको कारण पहिचान र व्यवस्थापन गरिनुपर्दछ।

२५. **लिफ कोलिसन कार्यान्वयन** - बेलायत, अमेरिका, नर्वे र दक्षिण कोरियालगायतका सरकार तथा ठुला कर्पोरेट संस्थाहरूद्वारा एक्सलेरेटिङ्ग फाइनान्समार्फत कार्बन उत्सर्जन घटाउने उद्देश्यले सार्वजनिक तथा निजी पहलमा लिफ कोलिसन कार्यक्रम कार्यान्वयनमा आएको छ। वनसँग सम्बन्धित सरकार, निजी क्षेत्र, दातृ निकायहरू, आदिवासी जनजातिहरू र स्थानीय समुदाय तथा नागरिक समाजलाई एकै स्थानमा ल्याई वन विनाशको समस्या समाधानका लागि वित्तीय स्रोत जुटाउने तथा परिचालन गर्ने लक्ष्य रहेको छ। यस सम्बन्धमा नेपालले बागमती, लुम्बिनी तथा गण्डकी गरी ३ प्रदेशअन्तर्गत रहेको ३.२० मिलियन हेक्टर वन क्षेत्रबाट सन् २०२२ देखि २०२६ सम्मका लागि अनुमानित ३० मिलियन टन कार्बन उत्सर्जन न्यूनीकरणमार्फत न्यूनतम कारोबार दर प्रतिटन १० अमेरिकी डलरका दरले करिब ३०० मिलियन अमेरिकी डलर प्राप्त गर्ने लक्ष्यसहितका प्रस्ताव पेस भएकोमा सो प्रस्ताव स्वीकृत भई लिफ कोलिसन कार्यक्रममा सहजीकरण गर्ने संस्था इमर्जेन्ट र नेपालबिच २०२२ मा समझदारी पत्रमा हस्ताक्षर भएको छ। समझदारी पत्रको कार्यान्वयन गरी रकम प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

अन्य संस्था र समिति

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

चुरे क्षेत्रमा भइरहेको वातावरणीय विनाशको न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश, २०७१ अनुसार यस समितिको स्थापना भएको हो। चुरे क्षेत्र देशको कुल भू-भागको करिब १२.७८ प्रतिशत क्षेत्र ओगट्ने गरी ३७ जिल्लाका ३४० स्थानीय तहमा फैलिएको छ। यो वर्ष समितिको वित्तीय स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

आय	रकम	व्यय	रकम
सुरु मौज्दात	५७,२६	सञ्चालन खर्च	७९,०६,९५
अनुदान	९०,२१,२८	प्रशासनिक खर्च	६,१२,८०
अन्य आय	८५,०४	कर्मचारी पारिश्रमिक	४,४२,५४
		पदाधिकारी खर्च	५८,९९
		अन्य खर्च	१०,७५
		अन्तिम मौज्दात	१,३१,५५
जम्मा	**९१,६३,५८**	**जम्मा**	**९१,६३,५८**

समितिको गठन आदेशअनुसार नेपाल सरकारको राज्यमन्त्री तथा सहायक मन्त्री सरह सुविधा पाउने गरी १ अध्यक्ष तथा ४ सदस्यसमेत ५ पदाधिकारी रहेकोमा पारिश्रमिक, सञ्चार र सवारी सुविधामा रु.५८ लाख ९९ हजार खर्च भएको देखिन्छ। आयोजनाको सञ्चालन खर्च रु.७९ करोड ६ लाखमध्ये तल्लो तटीय क्षेत्रमा रु.१५ करोड १७ लाख खर्च भएको छ।

२६. **गुरुयोजना कार्यान्वयन** - समितिले २० वर्षमा कार्यान्वयन गर्ने गरी चुरे तराई मधेश संरक्षण व्यवस्थापन गुरुयोजना, २०७४ स्वीकृत गरेको छ। उक्त गुरुयोजना कार्यान्वयन गर्न रु.२ खर्ब ४९ अर्ब ७२ करोड लगानी आवश्यक पर्ने र पहिलो पाँच वर्षमा रु.८० अर्ब ८५ करोड ६३ लाख खर्च गर्ने अनुमान रहेकोमा २०७१।७२ देखि २०८०।८१ सम्म रु.१४ अर्ब ९६ करोड (१८.५० प्रतिशशत) खर्च भएको छ। पहिलो पाँच वर्षमा ३७ जिल्लामा सरकारी स्वामित्वको वन वा सार्वजनिक भूमि नक्साङ्कनबमोजिम निक्यौंल गर्ने, १४ हजार १५० हेक्टरमा वन अतिक्रमण नियन्त्रण गर्ने, ४ हजार ८०० कृषक समूहमा वन क्षेत्र तथा बगरमा चरिचरन व्यवस्थापन गर्ने, १ लाख ६५ हजार ६७५ हेक्टर वन व्यवस्थापन गर्ने, ६४ नदीमा नदी प्रणाली स्तरको नदी व्यवस्थापन संयन्त्र विकास, ३८ हजार ४८४ घरधुरीमा गार्हस्थ सौर्य उर्जा विस्तार र २६१ किलोबाट लघु जलविद्युत विकास तथा उपयोग पुऱ्याउने रहेकोमा ती क्रियाकलापको प्रगति नभएको तथा अन्य केही कार्यमा न्यून प्रगति भएको देखिन्छ। गुरुयोजनाअनुसारका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२७. **उत्खनन्** - राष्ट्रपति चुरे संरक्षण विकास समितिद्वारा स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ६ मा चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्ने सम्बन्धमा समितिको सहमति तथा स्वीकृत मापदण्डको आधारमा सम्बन्धित स्थानीय तहले प्रचलित कानुन तथा मापदण्डबमोजिम ठेक्का व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। समितिले यो वर्ष १६

नदी प्रणालीमा २३ लाख ३१ हजार १५८ घनमिटर उत्खनन्को लागि सहमति दिएको छ। चुरे क्षेत्रको क्षयीकरण नहुने गरी उत्खनन् कार्यको प्रभावकारी रूपमा नियमन हुनुपर्दछ।

राष्ट्रिय प्रकृति संरक्षण कोष

राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ बमोजिम वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्ने, निकुञ्ज आरक्षको विकासका निमित्त आवश्यक व्यवस्था गर्ने उद्देश्यले कोषको स्थापना भएको हो। यो वर्ष समितिको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

पुँजी र दायित्व		सम्पत्ति	
अक्षय कोष	९३९३०	स्थिर सम्पत्ति	३८५१५५
स्थिर सम्पत्ति कोष	३२१०७६	लगानी	१४६०६९१
सञ्चित आय	३६२३४५	चालु सम्पत्ति	२२६८०५
कर्मचारी दायित्व कोष	५३०९९१		
विनिमय सन्तुलन रिजर्भ	२७०७१२		
मानव वन्यजन्तु द्वन्द व्यवस्थापन कोष	५२३४६		
रेष्ट्रिक्टेड कोष	२४०७७३		
अन्य रेष्ट्रिक्टेड कोष	१२२७६४		
चालु दायित्व	७७७१४		
जम्मा	**२०७२६५१**	**जम्मा**	**२०७२६५१**

२८. **आय-व्यय स्थिति** - कोषको नाफा नोक्सान विवरणअनुसार कोष र अन्तर्गतका ८ निकायले यो वर्ष रु.१ अर्ब १६ करोड ३७ लाख ५५ हजार आम्दानी गरेकोमा रु.९३ करोड ८९ लाख ८८ हजार खर्च भई रु.२४ करोड ५३ लाख ९० हजार बचत भएको छ। यो वर्ष अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, मनास्लु संरक्षण क्षेत्र आयोजना, कोशी संरक्षण केन्द्र र सदर चिडियाखानाबाहेक ४ निकायले आयभन्दा रु.४ करोड २२ लाख ८० हजार बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२९. **लगानी** - मनास्लु संरक्षण क्षेत्र आयोजनाले विभिन्न क्षेत्रमा गरेको लगानी रकम सम्झौतामा उल्लिखित अवधिभित्र साँवा र ब्याज यकिन गरी असुल गर्नुपर्दछ। विगत लामो समयदेखि ७ व्यक्ति तथा संस्थालाई लघु जलविद्युत आयोजना निर्माण गर्न रु.८० हजारदेखि रु.१९ लाख ८० हजारको दरले रु.५७ लाख २२ हजार ऋण लगानी गरेकोमा सो ऋण फिर्ता भएको छैन। सम्झौताको सर्तबमोजिम ऋणको सावाँ, ब्याज असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - विगतका प्रतिवेदनमा संरक्षित क्षेत्र अतिक्रमण, वायु गुणस्तरको स्थिति, अनुदान उपयोग, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न कानुनले तोकेभन्दा बढी समय लागेको, वन अतिक्रमण नियन्त्रण प्रभावकारी नभएको लगायतका बेहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ ५२ निकायमा रु.८ करोड २६ लाख ३३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१२ लाख ३८ हजार फर्स्यौंट गरेकोले रु.८ करोड १३ लाख ९५ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.४ करोड ६६ लाख १९ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित संस्था, अन्य संस्था र समिति ३ तर्फ रु.२ करोड ३ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२९ लाख १८ हजार फर्स्यौंट गरेकोले रु.१ करोड ७४ लाख ६६ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.५ लाख ९४ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

शहरी विकास मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा शहरी विकास र शहरी पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा, विशिष्ट पदाधिकारीहरूको आवास व्यवस्थापनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ७८ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय मातहत ६१ सरकारी कार्यालयको निम्नानुसार रु.३६ अर्ब ३८ करोड ४१ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२९६६४६	३१०८	५५५३२	८५५५	३६३८४१

उल्लिखित लेखापरीक्षण रकममा यो वर्ष स्वास्थ्य तथा जनसङ्ख्या, गृह, परराष्ट्र, अर्थलगायत ७ मन्त्रालयमा विनियोजन भई यस मन्त्रालयले खर्च गरेको रु.१ अर्ब ९३ करोड ५४ लाख समावेश छ। त्यस्तै मन्त्रालयमा विनियोजन भई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट खर्च भएको रु.१२ करोड ३६ लाख र स्थानीय तहबाट खर्च भएको रु.६२ करोड ४४ लाख समावेश छैन।

२. **सङ्गठित संस्था, समिति र अन्य संस्था -** यो वर्ष १६ संस्थाको रु.२१ अर्ब ५८ करोड ६३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको र कोहलपुर नगर विकास समितिको २०७४।७५ देखि २०८०।८१ सम्मको लेखापरीक्षण बक्यौता रहेको छ।

३. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा यस मन्त्रालयबाट ३ बृहत् शहरी क्षेत्र विकास (मेगासिटी) र ५ हिमाली शहर विकास गर्ने लक्ष्य तोकिएकोमा सोसम्बन्धी कार्य नभएको, २९३ नगरपालिकाको एकीकृत शहरी विकास योजना तयार गर्ने लक्ष्य रहेकोमा १८५ योजना तयार भएको, तराईका सदरमुकाम रहेकासमेत ७० नगरपालिकाको आधारभूत शहरी पूर्वाधार विकास गर्ने लक्ष्य रहेकोमा २० को योजना अन्तिम अवस्थामा रहेको, काठमाडौं उपत्यकाको बाहिरी चक्रपथको लागि जग्गा विकासको माध्यमबाट जग्गा प्राप्ति गर्ने उल्लेख भएकोमा सो कार्य हुन नसकेको, ७५ मध्ये ३० बसपार्क निर्माण भएको, ३५ सभाहल तथा सम्मेलन केन्द्र निर्माणमध्ये १४ सम्पन्न भएको, शहरी गरिबको लागि ५ हजार आवासीय एकाइ निर्माण गर्ने कार्य प्रारम्भ नभएको, ११० एकीकृत बस्ती विकास गर्नुपर्नेमा ६९ भएको, ७ हजार ७५६ किलोमिटर ग्रामीण सडक कालोपत्रे गर्नुपर्ने लक्ष्य रहेकोमा ४ हजार ९०३ किलोमिटर कोलोपत्रे भएको र ७६६ स्थानीय सडक पुल निर्माण गर्नुपर्नेमा ७१३ निर्माण भएको छ। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

४. **दिगो विकास लक्ष्य** - मन्त्रालय अन्तर्गत दिगो विकासका ३० परिमाणात्मक लक्ष्यमध्ये ६ लक्ष्यको मात्र उपलब्धि सूचक प्राप्त भएको छ। प्राप्त विवरणअनुसार सुरक्षित नागरिक आवासतर्फ २ लाख घर जस्तापाताले प्रतिस्थापन गर्ने लक्ष्य रहेकोमा ५२ हजार ९३८ निर्माण सम्पन्न भएको, ९ इमर्जेन्सी सेल्टरमध्ये ६ निर्माण सम्पन्न भएको, ५५ हजार ९७० जनता आवास एकाइमध्ये ३६ हजार ३२५ एकाइको निर्माण सम्पन्न भएको, व्यवस्थित शहरको संख्या ६० पुऱ्याउने लक्ष्य रहेकोमा घोषणा भएका ५२ शहरको भौतिक प्रगति २.५० प्रतिशत मात्र रहेको, ८ नगरपालिकामा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गर्नुपर्नेमा ४ सम्पन्न भएको, ४ नगरपालिकामा युटिलिटी कोरिडोर निर्माण गर्नुपर्नेमा ३ वटामा अध्ययन कार्य सुरु भएको छ। दिगो विकास लक्ष्यलाई नीति तथा कार्यक्रममा आन्तरिकीकरण गरी सम्पादित कार्यको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *बाहिरी चक्रपथ र स्मार्ट सिटी कार्यान्वयन नभएको,*
- *निर्मित संरचनाको अभिलेख नराखेको,*
- *विशिष्ट व्यक्तिको सुविधासम्बन्धी कानुन तथा मापदण्ड तर्जुमा नभएको,*
- *मूल्य समायोजन रु. ४ करोड ७८ लाख ४ हजार बढी भुक्तानी गरेको,*
- *जग्गा एकीकरण विकासमा भएको ऋण लगानी रु.१ अर्ब १८ करोड ६५ लाख असुल नगरेको लगायतका बेहोरा देखिएका छन्।*

५. **वार्षिक नीति तथा कार्यक्रम** - मन्त्रालयसँग सम्बन्धित २०८०।८१ को नीति तथा कार्यक्रममा समावेश भएकामध्ये संयुक्त आवाससम्बन्धी विद्यमान नीति र कानुनको पुनरावलोकन गर्ने, युटिलिटी कोरिडोर समावेश गरी भौतिक पूर्वाधार विकासको एकीकृत रणनीति तयार गर्ने, काठमाडौं उपत्यका लगायतका नदी किनारामा रहेका वास्तविक विपन्न र भूमिहीनलाई उपयुक्त स्थानमा स्थानान्तरण गरी नदी किनारामा अतिक्रमित भूमि खाली गराउने र काठमाडौं उपत्यकाभित्रका नगरपालिकाहरूको सहभागितामा एकीकृत संयन्त्र निर्माण गरी शहरी विकास सम्बन्धी कार्यक्रमहरू एकीकृत र समन्वयात्मक रूपमा सञ्चालन गर्ने कार्य कार्यान्वयन भएका छैनन्। नीति तथा कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन** – बजेट वक्तव्य २०८०।८१ मा उल्लेख भएका यस मन्त्रालयसँग सम्बन्धित विषयमध्ये सङ्घीय संसद भवनको निर्माण कार्यको भौतिक प्रगति ८१ प्रतिशत रहेको, निर्माण सम्पन्न हुनुपर्ने ९ सभाहलमध्ये ३ सम्पन्न भएको, सिंहदरबार मुख्य प्रवेशद्वार प्रबलीकरण कार्य, धरहरा पुनर्निर्माण कार्य, राष्ट्रपति कार्यालयको प्रबलीकरण कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा क्रमशः ५५, ९६ र ६७ प्रतिशत प्रगति भएको, झोलुङ्गे पुल ६०० मध्ये ५८९ निर्माण भएको, कर्णाली समृद्धि कार्यक्रममा रु.८७ करोड बजेट विनियोजन भएकोमा ८ किलोमिटर कालोपत्रे तथा ढलान सडक निर्माण सम्पन्न भएको र ५ भवन निर्माण कार्य भइरहेको अवस्था छ। सो बाहेक राष्ट्रिय भवन संहिताको १०५:२०२० कोडको डिजाइन र रेट्रोफिटिङ्गको गाइडलाइन्स तयार नभएको, नगर विकास कोषलाई सङ्घीय संरचना अनुरूप बनाउने कानुन तर्जुमा नगरेको, ग्रामीण बस्तीलाई साना बजार केन्द्रको रूपमा विकास गर्ने कार्यक्रम कार्यान्वयन नभएको अवस्था छ। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गरी लक्ष्य हासिल गर्नुपर्दछ।

७. **बजेट र खर्च -** मन्त्रालयको एकीकृत वित्तीय विवरणअनुसार मन्त्रालय र मातहतका कार्यालयका लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको अवस्था निम्नानुसार छः

(रु.लाखमा)

बजेट	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	४६८६२	४६११६	२५५५६	५५
पुँजीगत	४१८०५८	४१८५१३	२७५४१८	६६
जम्मा	**४६४९२०**	**४६४६२९**	**३००९७४**	**६५**

उल्लिखित विवरणमा स्थानीय तहबाट भएको खर्चसमेत समावेश रहेको छ। मन्त्रालयको शीर्षकगत विनियोजनको तुलनामा चालुतर्फ ५५ र पुँजीगततर्फ ६६ प्रतिशत मात्र खर्च भएकोले बजेटको प्रभावकारी कार्यान्वयन भएको देखिएन। विनियोजनबमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **वार्षिक कार्यक्रम तथा प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत निकायका वार्षिक कार्यक्रमको प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	निकाय	रु.लाखमा		प्रगति प्रतिशत	
		बजेट	खर्च	वित्तीय	भौतिक
१	शहरी विकास मन्त्रालय	११४९	७४०	६४	८०
२	शहरी विकास तथा भवन निर्माण विभाग	२९६५१३	२०८३२७	७०	७५
३	स्थानीय पूर्वाधार विभाग	१२१०३८	६९११७	५७	६५
४	सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय	५०५१	३८१०	७५	८५
५	बागमती सुधार आयोजना	२५०७५	६४००	२६	३५
६	काठमाडौं उपत्यका विकास प्राधिकरण	१४५०९	११६२८	८०	८३
७	राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र	३३३	१९०	५७	६०
८	नगर विकास कोष	९६१	७६२	७९	८५
	जम्मा	**४६४६२९**	**३००९७४**	**६५**	**७५**

मन्त्रालय र अन्तर्गत कार्यालयमा रु.४६ अर्ब ४६ करोड २९ लाख बजेट विनियोजन भएकोमा रु.३० अर्ब ९ करोड ७४ लाख (६५ प्रतिशत) खर्च भई भौतिक प्रगति ७५ प्रतिशत भएको विवरण पेस गरेको छ। विनियोजित बजेटमध्ये रु.१६ अर्ब ३६ करोड ५५ लाख (३५ प्रतिशत) फ्रिज भएको छ। बजेट विनियोजन, खर्च र उपलब्धिका आधारमा कार्यक्रम मूल्याङ्कन गरी वार्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

९. **रूपान्तरणकारी योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले लिएका दीर्घकालीन सोच एवं राष्ट्रिय लक्ष्य हासिल गर्न बृहत् प्रभाव पार्ने र विशिष्ट प्रकृतिका आयोजनालाई रूपान्तरणकारी योजनाको रूपमा लिएको देखिन्छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालयअन्तर्गत रहेका रूपान्तरणकारी योजनाको प्रगति स्थिति निम्नानुसार छः

(रु.लाखमा)

क्र.सं.	योजनाको नाम	लागत अनुमान	सुरु वर्ष	सम्पन्न हुने वर्ष	यो वर्षको खर्च	हाल सम्मको खर्च	हाल सम्मको प्रगति प्रतिशत	
							वित्तीय	भौतिक
१	शहरी कोरिडोर आयोजना	६७८३०	२०७५।७६	२०८४।८५	२५२	२५२	०.३७	५
२	नयाँ शहर आयोजना	११७८६८००	२०६७।६८	२०८९।९०	१२१६	८२९९०	०.७	२.५०
३	प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम	१६४०००	२०८१।८२	२०८६।८७	१.७	१.७	०	०

उल्लिखित विवरणअनुसार शहरी कोरिडोर आयोजना सम्पन्न हुने ९ वर्षको अवधिमा ६ वर्ष समयावधि व्यतीत भइसक्दा ०.३७ प्रतिशत मात्र खर्च भई ५ प्रतिशत भौतिक प्रगति भएको छ। नयाँ शहर आयोजनाको सम्पन्न गर्नुपर्ने अवधि २२ वर्षमध्ये १५ वर्ष व्यतीत हुँदा ०.७ प्रतिशत मात्र खर्च भई २.५० प्रतिशत भौतिक प्रगति भएको छ। विश्व बैङ्कसँग प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम २०७९।८० बाट सञ्चालन गर्ने सहमति भएपश्चात् २९ फेब्रुअरी २०२४ मा सम्झौता भई यो वर्ष रु.१ लाख ७० हजारमात्र खर्च भएको छ। ढिलो गतिमा कार्यान्वयन भइरहेका शहरी कोरिडोर र नयाँ शहर आयोजनाको निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुनुपर्दछ।

१०. **पहिलो प्राथमिकता प्राप्त आयोजना -** मन्त्रालय मातहतका पहिलो प्राथमिकता प्राप्त २७ आयोजनामध्ये ८ आयोजनाको भौतिक प्रगति ५० प्रतिशतभन्दा कम, १४ आयोजनाको ८० प्रतिशतभन्दा कम र ५ आयोजनाको ८० प्रतिशतभन्दा बढी रहेको छ। विनियोजित रकम खर्च गर्न नसक्दा आगामी वर्षको दायित्व बढ्ने एवं अपेक्षित लाभ प्राप्त गर्न ढिलाइ हुने भएकाले मन्त्रालयले विभाग तथा मातहतका कार्यालयको बजेट कार्यान्वयन गर्ने दक्षता बढाउनुपर्दछ।

११. **प्राविधिक सहायताको लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा तथा वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार यो वर्ष मन्त्रालयअन्तर्गत शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनामा अमेरिकी डलर ७५ हजार, नगरपालिका वित्तीय एवं क्षमता विकास कार्यक्रममा अमेरिकी डलर ५ लाख २६ हजार, ग्रामीण पहुँच सुधारका लागि कार्यान्वयन सहायता र संस्थागत सुदृढीकरण कार्यक्रममा अमेरिकी डलर ३ लाख र सुरक्षित भवन निर्माणका लागि राष्ट्रिय भवन संहिताको पालना र प्रवर्धन आयोजनामा अमेरिकी डलर ७ लाख ८२ हजारसमेत ४ कार्यक्रममा अमेरिकी डलर १६ लाख ८३ हजार बजेट अनुमान गरेको छ। त्यसै गरी स्थानीय पूर्वाधार विभागले स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजना, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम र साना सिँचाइ कार्यक्रमको परामर्श सेवामा रु.६८ करोड ४८ लाख १३ हजार खर्च भएको विवरण प्राप्त भएको छ। उक्त रकम दातृ पक्षबाट नियुक्त परामर्श दातालाई सोझै भुक्तानी भएकोमा विभागको आर्थिक विवरणमा समावेश भएको छैन। उक्त कारोबारको लेखापरीक्षण नभएकोले ऐनको व्यवस्थाबमोजिम लेखापरीक्षण गराउनुपर्दछ।

१२. **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) मा विनियोजन ऐनले फ्रिज नहुने उल्लेख गरे बाहेकका शीर्षकहरूमा आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै खाता बन्द गर्नुपर्ने उल्लेख छ। मन्त्रालय र मातहत कार्यालयका लागि यो वर्ष सुरु विनियोजन रु.४६ अर्ब ४९ करोड २० लाख भएकोमा रकमान्तरबाट रु.१० अर्ब ५३ करोड ६० लाख थप र रु.१० अर्ब ५६ करोड ५१ लाख घट भई रु.४६ अर्ब ४६ करोड २९ लाख कायम भएकोमा रु.३० अर्ब ९ करोड ७४ लाख (६५ प्रतिशत) खर्च भएको छ। असार महिनामा मात्र रु.१ अर्ब ४७ करोड २ लाख बजेट रकमान्तर गरेकोमा खाता बन्द हुने समयपश्चात् पटक पटक १४ कार्यालयको लागि रु.५१ करोड ९६ लाख रकमान्तर भएको छ। स्वीकृत भएको कार्यक्रम तथा बजेट पटक-पटक संशोधन तथा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१३. **कानुन तर्जुमा** - शासकीय संरचनाअनुकूल हुने गरी राज्यको क्षमताअनुसार सहकार्य र समन्वयमा आधारित रही विकासका पूर्वाधारलाई व्यवस्थित, आधुनिक र दिगो बनाउनको लागि शहरी विकास सम्बन्धी अद्यावधिक कानुनको आवश्यकता पर्दछ। मन्त्रालयले शहरी विकास, बागमती सभ्यता संरक्षण तथा विकासलगायतका कानुन तर्जुमाको चरणमा रहेको उल्लेख गरेको छ। कार्यान्वयनमा रहेका नगर विकास कोष ऐन, २०५३, संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४, काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५, फोहरमैला व्यवस्थापन ऐन, २०६८ लगायत कानुन रहेको देखिन्छ।

१४. **वैदेशिक सहायता** - दातृ निकायको ऋण सहयोगमा सञ्चालित निम्न ६ आयोजनामा रु.१ खर्ब ११ अर्ब ७१ करोड ९ लाख खर्च गर्ने सम्झौता भएकोमा यस वर्षसम्म रु.४३ अर्ब २१ करोड १५ लाख खर्च भएको छः

क्र.सं.	आयोजनाको नाम र विकास सहायता निकाय	सुरु वर्ष	सम्पन्न हुने वर्ष	रु.लाखमा			खर्च प्रतिशत
				सम्झौता (अमेरिकी डलरमा)	सम्झौता रकम (रु.)	खर्च (रु.)	
१	क्षेत्रीय शहरी विकास आयोजना- एसियाली विकास बैङ्क	२७ नोभेम्बर, २०१७	३० जुन, २०२५	२१४०	२२९०२२	१७०२५७	७४
२	शहरी उत्थानशीलता तथा जीवन सुधार आयोजना- एसियाली विकास बैङ्क	१७ जनवरी, २०२४	३० अप्रिल, २०२९	२०७५	२८०१२५	७३	०.०२
३	शहरी शासकीय तथा पूर्वाधार आयोजना- विश्व बैङ्क	१८ नोभेम्बर, २०२०	१५ जुलाई, २०२५	१५००	१७८२७५	६१६१८	३५
४	बागमती सुधार आयोजना- एसियाली विकास बैङ्क	६ मार्च, २०१४	३१ मई, २०२५	११४८	१२६२८०	७६९७९	६१
५	ग्रामीण सडक सञ्जाल सुधार आयोजना- एसियाली विकास बैङ्क	१२ फेब्रुअरी, २०१८	३१ जनवरी, २०२५	१३५७.२	१४३१९५	११६३२०	८१
६	ग्रामीण सडक सञ्जाल सुधार आयोजना- अतिरिक्त लगानी- एसियाली विकास बैङ्क	२०२४	२०२८	१२००	१६०२१२	६८६८	४
			जम्मा	**९४२०**	**१११७१०९**	**४३२११५**	**३९**

उल्लिखित आयोजनाहरूको अवधि ११ देखि ९३ प्रतिशतभन्दा बढी व्यतीत हुँदा खर्च ०.०२ देखि ८१ प्रतिशतसम्म रहेको छ। व्यतीत अवधिको अनुपातमा प्रगति कमजोर रहेको छ। ऋण सहायताको उपयोगमा दक्षता अभिवृद्धि गरी अपेक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

१५. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। देहायका ४ आयोजनामा यस वर्षसम्म रु.४२ अर्ब ५१ करोड ७४ लाख खर्च भएको मध्ये परामर्श सेवामा रु.३ अर्ब ३० करोड ८० लाख (७.७८ प्रतिशत) खर्च भएको देखिन्छ।

(रु. लाखमा)

क्र.सं.	आयोजनाको नाम	कुल सम्झौता रकम		यस वर्ष सम्मको आयोजनाको खर्च	यो वर्ष परामर्श सेवाको खर्च	२०८०।८१ सम्मको परामर्श सेवाको खर्च	कुल खर्चमा परामर्श सेवाको खर्च (प्रतिशत)
		अमेरिकी डलर	नेपाली मुद्रा				
१	क्षेत्रीय शहरी विकास आयोजना	२१४०	२२२९०२२	१७०२५७	१०२५	१३५३०	७.९५
२	शहरी शासकीय तथा पूर्वाधार आयोजना	२०७५	१७८२७५	६१६१८	६४५	१९४२	३.१५
३	बागमती सुधार आयोजना	१५००	१२६२८०	७६९७९	६५७	८८४१	११.४९
४	ग्रामीण सडक सञ्जाल सुधार आयोजना	११४८	१४३१९५	११६३२०	१०२०	८७६७	७.५४
	जम्मा	**६८६३**	**२६७६७७२**	**४२५१७४**	**३३४७**	**३३०८०**	**७.७८**

उल्लिखित आयोजनामा परामर्श सेवामा कुल खर्चको ३.१५ देखि ११.४९ प्रतिशतसम्म खर्च भएको देखिन्छ। आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, खरिद, लेखापालन लगायतका आयोजनाको जनशक्तिले गर्न सक्ने कामको लागि परामर्श सेवा खरिद नगरी नेपाल सरकारकै जनशक्तिबाट कार्य गराई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। परामर्शदाताबाट प्राप्त प्रतिवेदनको अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ।

१६. **नयाँ शहर आयोजना** – पन्ध्रौं आवधिक योजनाले नयाँ शहर आयोजनालाई रूपान्तरणकारी आयोजना घोषणा गरेकोमा मध्यपहाडी (पुष्पलाल) लोकमार्ग र उत्तर-दक्षिण करिडोर मार्गको मिलन विन्दु आसपासमा पर्ने प्रमुख १० स्थानमा २०८६।८७ सम्म प्रत्येक शहरमा कम्तीमा १ लाख जनसङ्ख्या बसोबास गर्न सक्ने अत्याधुनिक सेवा सुविधा र पूर्वाधारयुक्त शहरहरू निर्माण र विकास गर्ने उद्देश्यले २०६७।६८ देखि नयाँ शहर आयोजनाको कार्य सुरु भएको छ। पाँचथरको फिदिम, तेह्रथुमको वसन्तपुर, धादिङको गल्छीसहित सुरुमा १० स्थानमा नयाँ शहर स्थापना गर्ने गरी आयोजना सञ्चालन भएकोमा नयाँ शहर आयोजना समन्वय कार्यालयबाट प्राप्त विवरणअनुसार मध्यपहाडी लोकमार्गमा अवस्थित १० नयाँ शहरको एकीकृत विकास योजनामा रु.५ खर्ब १२ अर्ब १२ करोड, हुलाकी लोकमार्गमा अवस्थित १० र तराई मधेशमा अवस्थित ५ समेत १५ नयाँ शहरको एकीकृत विकास योजनामा रु.३ खर्ब १० अर्ब ४९ करोड, १७ मध्ये १३ स्मार्ट सिटीको गुरुयोजनाअनुरूप रु.३ खर्ब ५५ अर्ब र १६ हिमाली पदमार्गमा अवस्थित बस्तीहरूमध्ये १० बस्तीको स्वरूप संरक्षण तथा प्रवर्धन योजनाअनुसार रु.१ अर्ब ७ करोडसमेत ५२ नयाँ शहर र बस्तीका लागि रु.११ खर्ब ७८ अर्ब ६८ करोड खर्च लाग्ने अनुमान गरिएको छ।

आयोजनाअन्तर्गत हालसम्म १० स्थानमा ४ हजार ७७७ रोपनी जग्गाको मात्र जग्गा विकास कार्यक्रम, १८९ रोपनी क्षेत्रफल जग्गा खरिद, ५८९ किलोमिटर सडक स्तरोन्नति, ३४ किलोमिटर

सडक कालोपत्रे, ५१ किलोमिटर सडक ढलान भएको छ। उल्लिखित कार्यमा नयाँ शहर आयोजना कार्यालय, फिदिम, वसन्तपुर, खुर्कोटलगायत १० कार्यालयबाट यस वर्षसम्म रु.८ अर्ब २९ करोड ९० लाख खर्च भएको छ। सुरु घोषित नयाँ शहर आयोजनाको कार्य सम्पन्न नहुँदै नयाँ आयोजना थप्दै जाँदा वर्षौंसम्म आयोजनाको कार्य अधुरो रहन गई अपेक्षित प्रतिफलसमेत हासिल नहुने अवस्था छ। न्यून प्रगतिको सम्बन्धमा विश्लेषण गरी निर्धारित समयमा सम्पन्न हुने गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ।

१७. **शहरी कोरिडोर आयोजना** – पन्ध्रौं आवधिक योजनामा क्षेत्रीय आर्थिक शहरी विकासको अवधारणा अनुरूप कोरिडोरका प्रमुख शहरहरूबाट एक घण्टाभित्रको यातायातका दुरीमा रहेका भौगोलिक क्षेत्र भित्रका शहरी केन्द्रहरू समावेश गरी सात प्रदेशमा व्यवस्थित र आधुनिक पूर्वाधारयुक्त ठुला शहरी कोरिडोर निर्माण गर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मध्य-पश्चिम र सुदूरपश्चिम शहरी कोरिडोरको एकीकृत विकास रणनीतिको अन्तिम प्रतिवेदन प्राप्त गरेको, केन्द्रीय शहरी कोरिडोरको एकीकृत विकास रणनीति अध्ययनको क्रममा रहेको, पश्चिम (बुटवल-भैरहवा-लुम्बिनी-कपिलवस्तु) कोरिडोरको विस्तृत परियोजना प्रतिवेदन तयार भई कार्यान्वयन चरणमा रहेको र पूर्वी तथा वीरगन्ज-जीतपुर-सिमरा कोरिडोरतर्फ विस्तृत परियोजना तयारी क्रममा रहेको छ। आयोजनाको २०७५।७६ को लागत रु.६ अर्ब ७८ करोड ३ लाख र सम्पन्न हुने अवधि २०८४।८५ प्रक्षेपण गरिएकोमा यस वर्षसम्म रु.२ करोड ५१ लाख २४ हजार (०.३७ प्रतिशत) खर्च भई भौतिक प्रगति ५ प्रतिशत रहेको देखिन्छ।

१८. **मूल्य समायोजन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ अनुसार खरिद सम्झौतामा व्यवस्था भएबमोजिम सम्झौता कार्यान्वयनका क्रममा मूल्य समायोजन भुक्तानी गर्ने व्यवस्था छ। मूल्य समायोजन भुक्तानी गर्दा सम्झौताभन्दा फरक सूचकाङ्क र फ्याक्टरबाट मूल्य समायोजन गणना गरी शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन तथा आवास), बबरमहल, सघन शहरी तथा भवन निर्माण आयोजना, डोटी, क्षेत्रीय आयोजना कार्यान्वयन एकाइ, कैलालीसमेत १४ कार्यालयले २१ निर्माण व्यवसायीलाई रु.४ करोड ४९ लाख १६ हजार र स्थानीय पूर्वाधार विभाग र अन्तर्गत स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, धनगढी, सुर्खेतले ७ निर्माण व्यवसायीलाई रु.२८ लाख ८८ हजारसमेत रु.४ करोड ७८ लाख ४ हजार बढी भुक्तानी गरेका छन्। उक्त रकम असुल हुनुपर्दछ।

१९. **विस्तृत परियोजना प्रतिवेदन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। विभागले हालसम्म तयार भएका विस्तृत परियोजना प्रतिवेदनको सङ्ख्या नखुलाएको साथै सोको कार्यान्वयन अवस्थासम्बन्धी अद्यावधिक अभिलेख राखेको छैन। मन्त्रालय र मातहतका ३४ कार्यालयले १७३ विस्तृत परियोजना प्रतिवेदन तयारीमा रु.४१ करोड ८३ लाख ४७ हजार खर्च गरेका छन्। विभागीय जनशक्तिबाट गर्न सकिने कार्यमा समेत परामर्श सेवा खरिद गरेको देखिन्छ। अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको लागि परामर्शदाता माथिको निर्भरता घटाउनुपर्दछ।

२०. **अधुरो निर्माण कार्य —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम सुरु नगरेमा वा काम सम्पन्न नगरी बिचैमा छोडेमा

सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र उपदफा ८ बमोजिम सो काम बापत राखिएको जमानत जफत गरी बाँकी रहेको काम पूरा गर्न आवश्यक पर्ने रकम बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय मातहत अधुरो अवस्थामा रहेका निर्माण कार्य सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२०.१. सङ्घीय आयोजना कार्यान्वयन इकाई, कास्की अन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखराको प्रबलीकरण गर्न बेलायत सरकारले अनुदान सहयोग उपलब्ध गराएकोमा नेपाल हेल्थ सेक्टरले प्राविधिक सहयोग गर्ने गरी सम्झौता भएको देखिन्छ। भवनको मुख्य भागको प्रबलीकरण गर्न रु.६१ करोड ४ लाख २३ हजारमा सम्झौता भएकोमा यस वर्षसम्म रु.३९ करोड ४१ लाख ३६ हजार खर्च भई ७५ प्रतिशत भौतिक प्रगति भएको छ। सोसँग सम्बन्धित अन्य दुई निर्माण कार्यको सम्झौता अङ्क रु.१० करोड ६९ लाख १६ हजार र रु.६६ लाख ६६ हजार रहेकोमा हालसम्म क्रमशः रु.५ करोड १४ हजार र रु.४७ लाख ६१ हजार भुक्तानी भएको देखिन्छ। बेलायत सरकारले १३ नोभेम्बर २०२३ सम्म निर्माण सम्पन्न भएको अवस्थामा अनुदान उपलब्ध गराउने गरी नेपाल सरकारसँग सम्झौता भएकोमा उक्त समयमा निर्माण कार्य सम्पन्न नभएकोले निर्माण कार्य अधुरो रहेको छ। निर्माण कार्यको सम्झौता कार्यान्वयन गर्दा नेपाल सरकारको नियमित बजेटमा भार पर्ने अवस्था रहेकोले स्रोत व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२०.२. सघन शहरी विकास तथा भवन निर्माण आयोजना, ओखलढुङ्गाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१५ मा वडा कार्यालयदेखि स्वास्थ्य चौकीसम्मको सडक स्तरोन्नतिका लागि एक संयुक्त उपक्रमसँग २०८१।२।३१ मा सम्पन्न गर्ने गरी २०८०।१०।९ मा रु.२ करोड १ लाख ८ हजारको सम्झौता गरेकोमा ५२ प्रतिशत मात्र कार्य भएको र सो पश्चात् निर्माणको म्याद थप भएको देखिएन। आयोजनाले निर्माण व्यवसायीलाई सडक निर्माण कार्य सुचारु गर्न ३ पटक पत्राचार गरे तापनि कार्य सुरु भएको देखिएन।

२०.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम खरिद सम्झौतामा उल्लिखित अवधिभित्र कार्य सम्पन्न गरी प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। ललितपुर जिल्लास्थित खोकना-सौखेल सडक अन्तर्गत बागमती नदीमा २०७५।१।२८ सम्ममा पुल निर्माण गर्ने गरी २०७३।१।२९ मा रु.५ करोड ८४ लाख ६२ हजारको सम्झौता भएकोमा नेपाली सेनाले काठमाडौं-तराई मधेश द्रुतमार्गलाई असर गर्ने हुँदा कार्य स्थगन गर्ने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई २०७४।४।१२ मा पत्राचार गरेपश्चात् निर्माण व्यवसायी २०७६।१०।२० मा मध्यस्थतामा गएका कारण निर्माण कार्य रोकिएको छ। यसै गरी कार्यालयले निर्माण व्यवसायीलाई प्रदान गरेको रु.९४ लाख ६० हजार पेस्कीसमेत फस्यौंट भएको छैन।

२०.४. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(३)(ख) मा सेवा प्रदायक वा निर्माण व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज व्यवसायीले बेहोर्नुपर्ने व्यवस्था छ। सस्पेन्सन बृज डिभिजन, ललितपुरले उपलब्ध गराएको विवरण अनुसार रु.७ करोड ७४ लाख ६३ हजार सम्झौता रकमका १३ झोलुङ्गे पुल निर्माण कार्य अधुरो रहेको उल्लेख छ।

२०.५. केन्द्रीय कारागार भवन, जगन्नाथ देवलको संरचना निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७८।४।१६ मित्र निर्माण सम्पन्न गर्ने गरी २०७५।१०।१७ मा सघन शहरी विकास तथा भवन निर्माण आयोजना, बबरमहलले रु.४१ करोड ६८ लाख ७६ हजारको सम्झौता गरेकोमा यस वर्षसम्म रु.१४ करोड ६३ लाख ७४ हजार भुक्तानी गरेको छ। निर्माण सम्झौताको म्याद चार पटक थप भई २०८०।७।३० सम्म कायम भएकोमा सो पश्चात् म्याद थप भएको देखिँदैन। दोस्रो भेरिएसनबाट सम्झौता अङ्क रु.४४ करोड ७३ लाख ९१ हजार कायम भएको छ भने भौतिक प्रगति ४५ प्रतिशत रहेको देखिन्छ।

२०.६. सघन शहरी विकास तथा भवन निर्माण आयोजना, बबरमहलले भक्तपुर अस्पतालको मुख्य भवनको रेट्रोफिटिङ्ग गर्ने कार्यका लागि एक निर्माण व्यवसायीसँग म्याद थपसहित २०८०।७।१२ सम्म सम्पन्न गर्ने गरी रु.३१ करोड १३ लाख ५४ हजारमा सम्झौता भएकोमा यस वर्षसम्म मूल्य समायोजनसमेत रु.१९ करोड ९५ लाख ७३ हजार (६४ प्रतिशत) भुक्तानी गरेको छ। सो अवधिपश्चात् म्याद थप भएको छैन। प्रचलित कानुनअनुसार खरिद सम्झौता फरफारक गर्नुपर्दछ।

२०.७. सघन शहरी विकास तथा भवन निर्माण आयोजना, बबरमहल, काठमाडौँले विभिन्न जिल्लामा ६ स्वास्थ्य चौकी भवन निर्माण गर्न एक संयुक्त उपक्रमसँग १८ महिनामा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८।३।२९ मा रु.१८ करोड १५ लाख ७९ हजारको सम्झौता गरेकोमा भेरिएसनपश्चात् रु.२० करोड ५१ लाख ८४ हजारको सम्झौता रकम कायम गरी २०८१।३।२८ सम्म म्याद थप भएको छ। उल्लिखित ६ स्वास्थ्य चौकीमध्ये काभ्रेपलाञ्चोक जिल्लाको महाभारत गाउँपालिकाको वनखुचौर स्वास्थ्य चौकीको निर्माण स्थलमा जग्गा विवादका कारण स्वास्थ्य चौकी निर्माण कार्य सुरु हुन सकेको छैन।

प्रचलित कानुन र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्यसम्पन्न एवं फरफारक गर्नुपर्दछ।

२१. **कन्टिन्जेन्सी खर्च–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसारको अनुसूची-१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज, स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीबापत थप गर्ने व्यवस्था छ। मन्त्रालयअन्तर्गतका ५० कार्यालयले यो वर्ष रु.५८ करोड २९ लाख ५३ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

(रु.हजारमा)

खर्च शीर्षक	खर्च रकम	खर्च शीर्षक	खर्च रकम
ज्याला तथा पारिश्रमिक	१४९५३२	इन्धन	३८२२२
मर्मत सम्भार	६३४१८	कार्यालय सञ्चालन	५५१७९
दैनिक भ्रमण भत्ता	४५२४०	छपाइ, सूचना तथा अन्य खर्च	२३१३६२
		जम्मा	**५८२९५३**

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या सम्बन्धी पुस्तिकाको खर्च सङ्केत तथा वर्गीकरणअनुसार विभिन्न खर्च सङ्केत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू मर्मत सम्भार, स्टेशनरी, छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भ्रमण भत्तालगायतका कार्यमा उपर्युक्तअनुसार रु.४३ करोड ३४ लाख २१ हजार खर्च भएकोमा उक्त खर्च

सम्बन्धित शीर्षकबाट खर्च नगरी सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको छ। उक्त कारोबार एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याअनुसार मेल खाने देखिँदैन। ज्याला तथा पारश्रमिकबापत रु.१४ करोड ९५ लाख ३२ हजार खर्च लेखेकोमा सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राखेको देखिएन। कन्टिन्जेन्सी खर्चलाई ठेक्का एवं योजनाअनुसार कामको विवरण देखिने गरी नापी किताबमा अभिलेख राखी व्यवस्थित तथा मितव्ययी बनाउनुपर्दछ।

२२. **सम्पत्ति व्यवस्थापन** - विभाग र मातहतका आयोजनाले आफ्नो क्षेत्राधिकारभित्र निर्माण तथा सञ्चालनमा रहेका शहरी विकाससम्बन्धी पूर्वाधारको अवस्था, लागत तथा अन्य सम्पत्तिको अभिलेख व्यवस्थित र पूर्ण रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा राख्नुपर्दछ। महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सम्पत्तिको एकीकृत विवरण प्रतिवेदन, २०८०।८१ मा शहरी विकास मन्त्रालयअन्तर्गत रु.८५ करोड १५ लाख ८५ हजार मूल्यको भवन तथा अन्य संरचना, रु.२ अर्ब २३ करोड ३३ लाख ४८ हजार मूल्यको मेसिनरी र उपकरण, रु.४३ करोड ४७ लाख ८९ हजार मूल्यको अन्य स्थिर सम्पत्ति, रु.४४ लाख ४५ हजारको बहुमूल्य सम्पत्ति समेत रु.३ अर्ब ५२ करोड ४१ लाख ६७ हजार मूल्यको सम्पत्ति रहेको खुलाएको छ। मन्त्रालयअन्तर्गतका निर्मित, निर्माणाधीन संरचनासहित सम्पूर्ण सम्पत्तिको विवरण खुल्ने गरी अभिलेख व्यवस्थित गरेको पाइएन। अभिलेख व्यवस्थित नहुँदा पूर्वाधारको आवश्यकता पहिचान, नयाँ निर्माण, विद्यमान पूर्वाधारको मर्मत तथा सम्भार सम्बन्धी सूचना प्राप्त नहुने अवस्था छ। निर्मित संरचना तथा सबै प्रकारका सम्पत्तिको विवरण प्रणालीमा पूर्णरूपमा प्रविष्ट गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

शहरी विकास तथा भवन निर्माण विभाग

भौतिक सुविधाको व्यवस्था गरी दिगो रूपले शहरको विकास गर्ने, व्यवस्थित बसोबासको प्रबन्ध गर्दै सुरक्षित र किफायती आवास उपलब्ध गराउने, सरकारी निकायको भवन निर्माण, सुधार र पुनः निर्माण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

२३. **सुरक्षित नागरिक आवास कार्यक्रम –** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ले फुस वा परालको छानालाई जस्तापाताले विस्थापन गरी गरिबीको रेखामुनि रहेका विपन्न नागरिकको आवास निर्माण गर्ने उद्देश्य लिएको छ। कार्यविधिमा सम्झौता भएका लाभग्राहीलाई पहिलो किस्ताको ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग सम्झौता भएपछि र निर्माण कार्य सम्पन्न भएको स्थानीय तहको प्राविधिक प्रतिवेदनसहितको सिफारिसको आधारमा दोस्रो तथा अन्तिम किस्ताको ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र उपलब्ध अनुदान अन्य प्रयोजनमा खर्च गरे वा किस्ताबमोजिमको कार्य तीन महिनाभित्र नगरेमा त्यस्तो अनुदान रकम असुलउपर गर्ने उल्लेख छ। कार्यक्रममा लाभग्राही छनोटको जिम्मेवारी विभाग मातहतको सघन शहरी तथा भवन निर्माण आयोजनाको र कार्यान्वयनको जिम्मेवारी स्थानीय तहमा रहेको छ। यो कार्यक्रम २०७५।७६ बाट सुरु भएकोमा २०८०।८१ सम्म २ लाख १४ हजार २३० आवास स्वीकृत भएको देखिन्छ। सम्झौता भएकामध्ये १ लाख ४२ हजार २९५ लाभग्राही छनोट भएका र १ लाख ३७ हजार ४६८ लाभग्राहीसँग अनुदान सम्झौता भएको देखिन्छ। सम्झौता भएकामध्ये १ लाख २४ हजार २८८ लाभग्राहीलाई पहिलो किस्ता र ८६ हजार ९४६ लाभग्राहीलाई दोस्रो किस्ता भुक्तानी भएको छ। सम्पन्न भएका आवासको उपयोगको अवस्था र सो कार्यक्रमको प्रभावकारिताबारे अध्ययन गर्नुपर्दछ।

२४. **जग्गा विकास चक्रकोष** – जग्गा विकास चक्रकोष नियमावली, २०६१ मा जग्गा विकास आयोजना सम्बद्ध व्यवस्थापन समितिलाई आयोजना कार्यान्वयनको लागि ऋण उपलब्ध गराउने र सम्झौता भएको मितिले बढीमा तीन वर्षभित्र ऋणको भुक्तानी गरिसक्नुपर्ने तथा वार्षिक ब्याजदर ७ प्रतिशत हुने उल्लेख छ। विगतमा विभागबाट ताप्लेजुङ नगर विकास समिति, धुलिखेल नगरपालिकाको कार्यालय र घोराही नगर विकास समितिलाई २०६३ देखि २०६७ सम्म उपलब्ध गराएको ऋणको साँवा तथा ब्याज फिर्ता भएको देखिएन। यस वर्षसम्म साँवा ब्याजसमेत रु.१ करोड ३२ लाख ८९ हजार उठ्न बाँकी देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

२५. **सभाहल तथा भ्यू टावर निर्माण —** सघन शहरी तथा भवन निर्माण विभागबाट प्राप्त विवरणअनुसार सात प्रदेशमा रु.५ अर्ब ८२ करोड ६ लाख लागतमा मुख्य हलमा १३ हजार २७५ र सहायक हलमा १ हजार ७२४ समेत १४ हजार ९९९ क्षमता भएको २० सभाहल निर्माण सम्पन्न भएको र १४ सभाहल निर्माणको क्रममा रहेको अवस्था छ। निर्माण सम्पन्न २० सभाहलमध्ये १४ सञ्चालनमा रहेको, १ हस्तान्तरण हुन बाँकी रहेको र अन्यको इन्टेरियरको कार्य नभएकोले पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको अवस्था छ। सभाहल निर्माण सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२५.१. सघन शहरी विकास तथा भवन निर्माण आयोजना, बागलुङले बस्ती विकास कार्यक्रम अन्तर्गत पर्वतको पैयुँ गाउँपालिका वडा नं ४ मा शहिद स्मृति सभाहल निर्माणका लागि रु.५० लाख बजेट विनियोजन भएकोमा उक्त सभाहलको जग निर्माण कार्य सम्बन्धित गाउँपालिकाद्वारा भएको हुँदा उक्त कार्यक्रम कार्यान्वयन भएको छैन। दुई निकायबाट एउटै कार्य गर्ने गरी बजेट विनियोजन गरेको उचित देखिएन।

२५.२. बाँके जिल्लाको नेपालगञ्जमा ७९५ सिट क्षमताको सिटी हल निर्माण गर्न एक निर्माण व्यवसायीसँग ३० महिना भित्र निर्माण सम्पन्न गर्ने गरी २०७५ माघमा सम्झौता भएकोमा म्याद थप गरी २०८१।४।२० सम्म कायम गरेको छ। भेरिएसन पश्चात् सम्झौता रकम रु.३३ करोड ७८ लाख ३४ हजार कायम भएकोमा यस वर्षसम्म रु.२८ करोड ४० लाख ६३ हजार (८४ प्रतिशत) भुक्तानी भएको देखिन्छ। सम्झौताअनुसार तोकिएको समय र लागतमा कार्यसम्पन्न गर्नुपर्दछ।

२५.३. चितवन जिल्लामा रहेका ३ सभाहल निर्माणमा यस वर्षसम्म रु.१ अर्ब २ करोड ५१ लाख ८६ हजार खर्च भएकोमा १ सम्पन्न र २ निर्माणाधीन अवस्थामा रहेका छन्। निर्माणको क्रममा रहेकामध्ये भरतपुरमा सिटी हल निर्माण कार्य २७ महिनामा निर्माण सम्पन्न गर्ने गरी २०७७।८।१८ मा एक संयुक्त उपक्रमसँग रु.८७ करोड ८८ लाख ८८ हजारको सम्झौता भएकोमा यस वर्षसम्म रु.४८ करोड ४ लाख ३० हजार खर्च भएको र दोस्रोपटक २०८०।१२।२५ को विभागीय निर्णयानुसार २०८१।१०।३० सम्म म्याद थप भएको छ। निर्माण व्यवसायीसँग भएको सम्झौताअनुसार निर्माण सम्पन्न गराई सम्पन्न भएका सभाहलको दिगो सञ्चालन तथा व्यवस्थापन हुनुपर्दछ।

२५.४. झापाको दमक नगरपालिकास्थित ५ बिघा क्षेत्रफलमा ७२ मिटर उचाइको १८ तला स्थायी संरचना र २८ मिटर उचाइको स्टील संरचना तथा अण्डरग्राउण्ड पार्किङ सुविधासहितको भ्यू टावर २०७८।९।२७ भित्र निर्माण सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७६।३।२७ मा रु.१ अर्ब ५६ करोड १४ लाख ३९ हजारको सम्झौता भएकोमा चौथो पटक २०८०।१०।२५ सम्म म्याद थप तथा चार पटकको भेरिएसनबाट रु.८ करोड ५४ लाख २० हजार थप भई संशोधित सम्झौता रु.१ अर्ब ६४ करोड ६८ लाख ५९ हजार कायम भएको छ। यो वर्ष रु.२२ करोड ८१ लाख १८

हजारसमेत २०८१ आषाढ मसान्तसम्म रु.१ अर्ब ६३ करोड ५४ लाख ४६ हजार भुक्तानी गरी कार्यालयले २०८०।१०।२५ मा उक्त निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन जारी गरेको छ। निर्मित संरचनाको उपयोग गर्नुपर्दछ।

२६. **ल्याण्डफिल साइट सञ्चालन –** नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७५।८।१७ को निर्णयअनुसार शहरी विकास मन्त्रालयलाई काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहरको दिगो व्यवस्थापनका लागि नुवाकोटको ककनी २ र धादिङको धुनिबेँसी-१ स्थित बन्चरेडाँडा फेदीमा कोल्पुखोला डाइभर्सन गरी ल्याण्डफिल साइटको भौतिक पूर्वाधार निर्माण गर्ने जिम्मेवारी प्राप्त भएपश्चात् शहरी विकास तथा भवन निर्माण विभागमा छुट्टै आयोजना कार्यान्वयन एकाइ गठन भई बजेट तथा कार्यक्रमको व्यवस्था गरी आवश्यक संरचनाहरूको निर्माण कार्य हुँदै आएको देखिन्छ। उक्त कार्यको लागि यो वर्ष रु.९ करोड ३९ लाख विनियोजन भएकोमा रु.५ करोड ६२ लाख ७३ हजार खर्च भएको छ। काठमाडौं उपत्यकासहित आसपासका २३ स्थानीय तहले २०७९।२।१२ देखि फोहर विसर्जनको कार्य गरेकोमा शहरी विकास तथा भवन निर्माण विभागबाट ल्याण्डफिल साइट सञ्चालनसम्बन्धी कार्यविधि २०७९।३।२४ मा स्वीकृत भएको छ। कार्यविधि व्यवस्थाअनुसार जैविक विविधता र वातावरणमा नकारात्मक असर नपर्ने गरी फोहरमैला व्यवस्थापनमा विभागले प्रभावकारी भूमिका निर्वाह गर्नपर्दछ।

स्थानीय पूर्वाधार विभाग

स्थानीय सडक, पुल तथा झोलुङ्गे पुलको निर्माण, मर्मत सम्भार, पुनर्निर्माण, पुनर्स्थापना तथा विस्तार, अध्ययन, अनुसन्धान, नयाँ तथा उपयुक्त प्रविधिको विकास तथा प्रयोग, आयोजना लगत तयार, प्रदेश तथा स्थानीय तहका प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि, प्रदेश सरकार तथा स्थानीय तहसँग सडक पूर्वाधार निर्माण समन्वय, विकास साझेदारको स्रोत परिचालन, समन्वय तथा सहजीकरण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो।

२७. **सम्झौता अन्त्य-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताअनुसार कार्य नभएमा सम्झौता अन्त्य गर्न सकिने र नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको व्यवस्था, बजेट तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ। विभाग मातहतका कार्यालयले सम्झौता अन्त्य सम्बन्धमा गरेका निर्णय र देखिएका बेहोरा निम्नानुसार छन्:

२७.१. ग्रामीण सडक सञ्जाल सुधार आयोजना कार्यान्वयन इकाई, रूकुम पश्चिम र एक संयुक्त उपक्रमबिच बालुवा-नौगाड पुल-जामावगर-त्रिवेणी सडक र शीतलपोखरी-चुनबाङ्ग सडकको स्तरोन्नति तथा मर्मत कार्य २०७७।३।६ सम्म सम्पन्न गर्ने गरी २०७५।२।१७ मा रु.८९ करोड ८० लाख ४० हजारको सम्झौता भएकोमा निर्माण कार्यको ७ पटकसम्म म्याद थप र २ पटक भेरिएसन गरी संशोधित सम्झौता अङ्क रु.९० करोड १७ लाख ८० हजार कायम गरेको छ। कार्यतालिका र सम्झौताका सर्तअनुसार कार्य नभएको र निर्माण व्यवसायीले सम्झौताको मुख्य सर्त नै पालना नगरेको उल्लेख गरी २०८१।३।१९ मा विभागस्तरबाट सो ठेक्का अन्त्य गरेको छ। सो निर्माण कार्यमा २०८०।८१ सम्म रु.४९ करोड ११ लाख ८५ हजार भुक्तानी भएको छ। ठेक्का अन्त्य भएको अवस्थामा पेस्की जमानत बापतको रकम र सोको ब्याज रु.४ करोड ३९ लाख ३९ हजार, निर्मित संरचनाको क्षति रु.४ करोड ३ हजार, बाँकी कार्य सम्पन्न गर्न लाग्ने रकमको २५ प्रतिशतले हुने रु.१२ करोड २४ लाख

२७ हजार, विस्फोटक पदार्थको रु.९ लाख ३१ हजार र कार्यसम्पादन जमानत रु.४ करोड ५० लाखसमेत रु.२५ करोड २३ लाख असुल गर्नुपर्ने देखिन्छ। उक्त रकम असुल गरी ठेक्का फरफारक गर्नुपर्दछ।

२७.२. सस्पेन्सन बृज डिभिजनले यो वर्ष ३ देखि ५ वर्षसम्म पुराना निर्माण कार्य प्रारम्भ नै नभएका देहायका ३ ठेक्का अन्त्य गरेको छ। पर्याप्त पूर्वतयारी बेगर ठेक्का बन्दोबस्त गरेका कारण विस्तृत परियोजना प्रतिवेदन तथा ठेक्का व्यवस्थालगायतमा भएको प्रशासनिक खर्च उपयोगविहीन भएको छ। कानुनअनुसार पर्याप्त तयारी र समन्वय गरी ठेक्का व्यवस्था गर्नुपर्दछ।

आयोजनाको नाम	सम्झौता	सम्झौता रकम रु.हजारमा	सम्झौता अन्त्य गर्ने निर्णय	कैफियत
डिलबगर रातादुङ्गा झोलुङ्गेपुल	२०७६।५।२४	९५४७	२०८१।१।२३	निर्माणस्थल विवाद रहेको
खाँडाचक्र कर्णाली खोटदरबार झोलुङ्गेपुल	२०७८।६।१३	१३३३४	२०८१।१२।१२	राजमार्गमा परेको
सन्नीगढ झोलुङ्गेपुल	२०७८।६।१३	१०७३५	२०८१।४।१५	जलविद्युत परियोजना सञ्चालन

२८. **झोलुङ्गे पुल निर्माण –** नेपाल सरकारको २०७२।६।२५ को निर्णयबाट तुइन भएको स्थानमा झोलुङ्गे पुल निर्माण गरी जनतालाई सुरक्षित, भरपर्दो तरितराउको सेवा उपलब्ध गराउने अभिप्रायले तुइन प्रतिस्थापन कार्यक्रम सञ्चालन हुँदै आएको छ। यस वर्षको बजेट वक्तव्यमा ६०० झोलुङ्गेपुल निर्माण गर्ने लक्ष्य रहेकोमा ५८९ झोलुङ्गे पुल निर्माण भएको छ। नेपाल सरकारको उल्लिखित निर्णयअनुसार तुइन भएका १४३ स्थानमध्ये १४१ मा झोलुङ्गे पुल निर्माण सम्पन्न गरेको देखियो। सुर्खेत र कैलाली जोड्ने बुगाडघाटको तुइन प्रतिस्थापन गरी कर्णाली नदीमाथि २०७४।१०।१८ भित्र झोलुङ्गे पुल निर्माण गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७३।१०।२३ मा रु.५६ लाख ९ हजारको सम्झौता भएकोमा चौथो पटक २०८०।३।३० सम्म म्याद थप भए तापनि निर्माण कार्यमा ३० प्रतिशत भौतिक प्रगति भएपश्चात् निर्माण कार्य रोकिएको छ। त्यस्तै पञ्चेश्वरघाट महाकालीमा रहेको तुइन प्रतिस्थापन गर्ने कार्यक्रम कार्यान्वयन भएको छैन। सम्बन्धित पक्षहरूसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)

साविक राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गर्दै आएका शहरी विकासतर्फका बाँकी कार्य र सरकारी एवं सार्वजनिक भवन, स्वास्थ्य संस्था र सम्पदाको पुनर्निर्माणसम्बन्धी कार्य गर्न यो आयोजना सञ्चालनमा रहेको छ। भूकम्पको कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण सम्पन्न गरी विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरणको लागि २०७२ सालको भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला आयोजनाको कार्यक्षेत्र रहेको छ।

२९. **प्रगति -** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले २०७६।९।२८ मा विपद् पश्चात्को पुनर्निर्माण तथा पुनः लाभ कार्य ढाँचा तयार गरी पुनर्निर्माण कार्यको संशोधित लागत अनुमान रु.४ खर्ब ६९ अर्ब ९३ करोड ५३ लाख कायम गरेको छ। सोमध्ये २०७९।८० सम्म रु.३ खर्ब ८६ अर्ब ५६ करोड ६२ लाख खर्च भई भूकम्पपश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी योजनाले तोकेको १० क्षेत्रमध्ये ५ क्षेत्रको बाँकी जिम्मेवारी यस एकाइलाई हस्तान्तरण भएको र यो वर्ष रु.३ अर्ब १२ करोड ८७ लाख खर्च

भएको छ। आयोजनाबाट उपलब्ध विवरणअनुसार भूकम्पपश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यको लक्ष्य प्रगति देहायअनुसार छः

क्र. सं.	क्षेत्र	पुनर्निर्माण गर्नुपर्ने सङ्ख्या (संशोधित)	२०८०।८१ सम्मको लक्ष्य	२०८०।८१ सम्मको प्रगति	
				सङ्ख्या	प्रतिशत
१.	स्वास्थ्य संस्था	११३६	११३६	९५६	८४
२.	सरकारी भवन	४१४	४१४	४०७	९८
३.	सुरक्षा निकायको भवन	२१६	२१६	२१६	१००
४.	पुरातात्त्विक सम्पदा	९२०	२८	१४	५०
५.	एकीकृत बस्ती विकास तथा सुधार	८३	८३	७४	८९

प्राधिकरण स्थापना हुँदाका बखत ५ वर्षमा पुनर्निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा प्राधिकरण खारेज भई कार्यक्रम हस्तान्तरण पश्चात् यस वर्षसम्म उपर्युक्तअनुसार ५० देखि शतप्रतिशतसम्म प्रगति भएको देखिन्छ। आयोजनाले बाँकी कार्य निर्धारित समयभित्र सम्पन्न गर्नुपर्दछ।

३०. **निजी आवास अनुदान वितरण -** भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची-१ मा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण एवं प्रबलीकरण अनुदानका लागि लाभग्राही छनोटको मापदण्ड तोकिएको छ। यस वर्षसम्म निजी आवास पुनर्निर्माणतर्फ ८ लाख ३४ हजार ८२१ जनासँग सम्झौता भएकोमा रु.२ खर्ब ३१ अर्ब ६१ करोड र प्रबलीकरणतर्फ ३३ हजार ९०५ जनासँग सम्झौता भएकोमा रु.१ अर्ब ७४ करोड ३१ लाखसमेत रु.२ खर्ब ३३ अर्ब ३५ करोड खर्च गरेको छ। २०८१ आषाढ मसान्तसम्म पुनर्निर्माणतर्फ प्रथम किस्ता ५५८, दोस्रो किस्ता ३७५, तेस्रो किस्ता १ हजार ५४८ लाभग्राही र प्रबलीकरणतर्फ दोस्रो तथा अन्तिम किस्ता १ हजार ७२ लाभग्राहीलाई रु.२९ करोड २५ लाख रकम भुक्तानी गर्न बाँकी रहेको देखिन्छ। अनुदान सम्झौतापश्चात् पहिलो, दोस्रो तथा अन्तिम किस्ता नलिएका लाभग्राहीको अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको सुनिश्चितता हुनुपर्दछ।

३१. **धरहरा पुनर्निर्माण** – धरहरा पुननिर्माण कार्य २०७७।६।१४ भित्र कार्य सम्पन्न गर्ने गरी एक संयुक्त उपक्रमसँग २०७५।६।१४ मा रु.३ अर्ब ४८ करोड १६ लाख ९१ हजारको सम्झौता भएकोमा समयमा निर्माण कार्य सम्पन्न हुन नसकी २०८१।६।२० सम्म म्यादथप भएको देखिन्छ। यस वर्षसम्म रु.२ अर्ब ९३ करोड ८० लाख भुक्तानी भई ८४ प्रतिशत भौतिक प्रगति भएको छ। सम्झौतामध्ये मिन्ट संग्रहालयतर्फ फल्सिसिलिङ्ग र भुईंको काम, टायल तथा ग्रेनाइटलगायतका कार्यहरू बाँकी रहेको, पुरानो सुन्धाराको पानीको प्राकृतिक बहाब कायम गर्ने कार्य स्थानीयको अवरोधका कारण तोकिएबमोजिमको निर्माण कार्य हुन नसकेको, कर्मचारी सञ्चयकोषको केही जग्गा आयोजनाभित्र परेको उल्लेख गरी अदालतमा मुद्दा दायर भई अदालतको अन्तरिम आदेशलगायतका कारणले आयोजना सम्पन्न गर्न ढिलाइ भएको देखिन्छ। आवश्यक समन्वय र सहजीकरणमार्फत विवाद एवं समस्या समाधान गरी सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

३२. **बालमन्दिर भवन प्रबलीकरण** – काठमाडौं नक्सालस्थित बालमन्दिर भवनको प्रबलीकरण कार्य २०७८।७।१९ सम्म सम्पन्न गर्ने गरी २०७६।७।२० मा एक संयुक्त उपक्रमसँग रु.५९ करोड ३७ लाख ६५ हजारको सम्झौता भएकोमा निर्माण अवधि पाँचौ पटकसम्म थप भई २०८१।१२।३० सम्म र भेरिएसन पश्चात् संशोधित सम्झौता रु.६४ करोड ९८ लाख ५५ हजार कायम भएको छ।

वर्षान्तसम्म रु.३८ करोड ६२ लाख ७३ हजार (५९.४० प्रतिशत) भुक्तानी भई भौतिक प्रगति ६१ प्रतिशत रहेको छ। संशोधित कार्यतालिकाअनुसार निर्माण कार्य सम्पन्न गर्नु, गराउनुपर्दछ।

३३. **केशरमहल प्रबलीकरण -** केशरमहलको प्रबलीकरण कार्य २४ महिना भित्र सम्पन्न गर्ने गरी २०७६।८।१३ मा एक संयुक्त उपक्रमसँग रु.६७ करोड २४ लाख ६१ हजारको सम्झौता भएकोमा पाचौं पटक २०८१।१२।३० सम्म म्याद थप र चौथौ पटकको भेरिएसन गरी सम्झौता रकम रु.७४ करोड ५७ लाख ७६ हजार कायम भएकोमा यस वर्षसम्म मूल्य समायोजनसमेत रु.७९ करोड ४५ लाख २६ हजार भुक्तानी गरी ९५.९५ प्रतिशत खर्चमा निर्माण कार्य सम्पन्न भएको छ। पुरानो भवन भत्काउँदा निस्केको ११ हजार ७१४ घन फिट पुरानो काठ प्रबलीकरण कार्यमा प्रयोग गरेको नदेखिएकोले यस सम्बन्धमा यकिन गर्नुपर्दछ।

विशेष भवन निर्माण समन्वय आयोजना

ठुला तथा विशिष्ट प्रकृतिका भवनहरू (सङ्घीय संसद भवन, प्रधानमन्त्री आवास, सङ्घीय मन्त्री आवास र प्रदेश प्रमुख तथा मुख्यमन्त्री आवास निर्माणलगायतका परियोजना निर्माण र सञ्चालन गर्ने उद्देश्यले यस आयोजना कार्यालयको स्थापना भएको हो।

३४. **कार्य प्रगति -** सङ्घीय संसद भवन, मन्त्री आवास, प्रदेश प्रमुख र प्रदेश मुख्य मन्त्रीहरूको आवास तथा सम्पर्क कार्यालयहरू, चण्डीदल गण र ब्याण्डदल गुल्मको भवनलगायतका विशेष प्रकृतिका भवनहरूको निर्माण कार्य २०७६।७७ देखि भइरहेको छ। यो वर्ष प्रदेश प्रमुख तथा मुख्यमन्त्री आवास भवन, सिंहदरबार परिसरमा सुरक्षा परिषद्को लागि चमेना गृह तथा डर्मेटरी निर्माण र मन्त्री आवासको निर्माण कार्य सम्पन्न भएकोमा सिंहदरबार ग्यालरी (पुरानो संसद भवन) को पुनर्निर्माण कार्य सुरु भएको छैन। सङ्घीय संसद भवन निर्माणको ८१ प्रतिशत, सङ्घीय मन्त्री आवास निर्माणको दोस्रो चरणको कार्य ७२ प्रतिशत, चण्डीदल गण भवन निर्माण ९१ प्रतिशत, सङ्घीय संसद भवनको इन्टेरियर कार्यको भौतिक प्रगति ३० प्रतिशत रहेको छ। निर्माणाधीन संरचनाहरूको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

३५. **सङ्घीय संसद भवन कम्प्लेक्स निर्माण** – सङ्घीय संसद भवन निर्माणका लागि २०७९।६।१६ भित्र निर्माण सम्पन्न गर्न एक संयुक्त उपक्रमसँग २०७६।६।१६ मा रु.५ अर्ब ६७ करोड २७ लाख ६१ हजारको सम्झौता भएको देखिन्छ। उक्त खरिद सम्झौताको तेस्रो पटकको भेरिएसन तथा चौथो पटकको म्याद थप पश्चात् २०८१।१२।१८ सम्म सम्पन्न गर्नुपर्ने तथा संशोधित सम्झौता रु.६ अर्ब ३० करोड ८२ लाख ५६ हजार कायम भएकोमा यो वर्ष रु.८६ करोड १९ लाख २३ हजार समेत रु.४ अर्ब ९२ लाख २४ हजार खर्च भई ८१ प्रतिशत भौतिक प्रगति भएको छ। निर्धारित समयभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

३६. **सुविधा सम्बन्धी कानुनी व्यवस्था -** सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले अतिविशिष्ट तथा विशिष्ट पदाधिकारीका लागि आवासमा फर्निचर, फर्निसिङ्ग, भाँडावर्तनलगायतका भौतिक सुविधाका सामान तथा साजसजावट र सरसफाइका चालु प्रकृतिका सामान खरिद गरी २०७८।७९ मा रु.१२

करोड ३७ लाख, २०७९।८० मा रु.१० करोड ९५ लाख र यो वर्ष रु.८ करोड ३८ हजार खर्च भएको देखिन्छ। अतिविशिष्ट तथा विशिष्ट पदाधिकारीहरूलाई उपलब्ध गराउने सेवा, सुविधासम्बन्धी कानुन तयार गर्नुपर्ने बेहोरा विगतका प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत् छ। कानुन बनाई सोअनुसार खर्च गर्नुपर्दछ।

अन्य संस्था र समिति

काठमाडौँ उपत्यका विकास प्राधिकरण

काठमाडौँ उपत्यकामा नगरहरूको पुनर्निर्माण, विस्तार, हरियाली शहर प्रवर्धनको लागि नीति तथा मापदण्ड बनाउने, उपत्यकामा प्रदूषण न्यूनीकरण गर्दै प्रदूषण नियन्त्रण गर्ने र विकासका साथै योजनाबद्ध रूपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अनुसार २०६९।१।१ मा प्राधिकरणको स्थापना भएको हो। प्राधिकरणबाट भौतिक योजनाको तर्जुमा, दीर्घकालीन अवधारणा तयार, भवन मापदण्ड तयार, सडक विस्तार र जग्गा एकीकरण गर्ने कार्य भइरहेका छन्।

३७. **वित्तीय स्थिति** - प्राधिकरणको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	रकम	व्यय	रकम
शुरु मौज्दात	१८८५९	नेपाल सरकार अनुदान खर्च	१४९५५७
धरौटी प्राप्त	५६४७	धरौटी फिर्ता र सदरस्याहा	४९३४
कोषको आम्दानी	३७४६९	राजस्व दाखिला	५८
नेपाल सरकार अनुदान	१४९५५७	अन्तिम मौज्दात	५७०४१
राजस्व प्राप्ति	५८		
जम्मा	**२११५९०**	**जम्मा**	**२११५९०**

३८. **काठमाडौँ उपत्यका एकीकृत विकास गुरुयोजना** - प्राधिकरणले २०७२ देखि २०९२ सम्मको २० वर्षे उपत्यकाको रणनीतिक विकास योजना तर्जुमा गरेकोमा स्थानीय तहसँग समन्वयमा समस्याका कारण उक्त योजना स्वीकृत भएको छैन। प्राधिकरणले २०७९।८० मा काठमाडौँ उपत्यकाको बृहत्तर गुरुयोजना तयार गर्न एक परामर्शदातासँग रु.७ करोड ४९ लाख ८४ हजारको सम्झौता गरेकोमा यस वर्षसम्म रु.६ करोड ४५ लाख २० हजार भुक्तानी भएको छ। परामर्शदाताको म्याद २०८१।७।२८ सम्म रहेकोमा परामर्शदाताबाट गुरुयोजनाको मस्यौदा प्रतिवेदन प्राप्त भएको देखिन्छ। साविकको विकास योजना कार्यान्वयन नभएको अवस्थामा नयाँ गुरुयोजना तयार भइरहेको छ। तयार भएका योजना तथा गुरुयोजना कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

३९. **बाहिरी चक्रपथ निर्माण** – नेपाल सरकारले काठमाडौँ, ललितपुर र भक्तपुरका तीन जिल्लालाई समावेश गरी कुल ७२ किलोमिटर लम्बाइको बाहिरी चक्रपथ निर्माण गर्ने अवधारणा २०५८ सालमा सुरू भएकोमा उक्त आयोजनामा २०८०।८१ सम्म रु.१५ करोड ४३ लाख ४६ हजार खर्च भएको छ।उक्त कार्यका लागि २०६०।६१ मा प्रति आना रु.५ लाखका दरले ५० मिटर फराकिलो

७१.९६ किलोमिटर बाहिरी चक्रपथ निर्माणको जग्गा अधिग्रहण गर्न रु.५६ अर्ब खर्च लाग्ने अनुमान भएकोमा हालसम्म आयोजना सुचारु भएको छैन। आयोजनामा प्रमुख समेत १७ दरबन्दी रहेकोमा ३ स्थायी र १२ करारमा पदपूर्ति गरी तलब भत्ता तथा कार्यालय सञ्चालनमा यो वर्ष रु.५७ लाख ८१ हजार खर्च भएको छ। आयोजनाको लक्ष्यअनुसार कार्य नहुने र वार्षिक रूपमा तलब भत्तालगायत प्रशासनिक खर्चहरू हुने गरेको देखिन्छ। अवधारणा ल्याएको २३ वर्ष र विस्तृत परियोजना प्रतिवेदन अध्ययन गरेको १० वर्ष व्यतीत हुँदासम्म आयोजना शुरू भएको देखिँदैन। आयोजनाको नाममा बर्सेनी प्रशासनिक खर्च भएको हुँदा आयोजना कार्यान्वयन सम्बन्धमा मन्त्रालयले नीतिगत स्पष्टता ल्याउनुपर्दछ।

४०. **जग्गा एकीकरण कार्यक्रम** – काठमाडौं उपत्यकालाई व्यवस्थित शहरको रूपमा विकास गर्न योजना क्षेत्रभित्रको जग्गाका कित्ताहरूलाई एकीकरण गरी भौतिक विकास योजना अन्तर्गत हुनुपर्ने सेवा सुविधाको व्यवस्था गर्ने, त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्चको लागि विकसित घडेरीहरू बिक्री वितरण गर्ने र बाँकी विकसित घडेरीहरू साविककै जग्गाधनी वा मोहीलाई समानुपतिक आधारमा फिर्ता दिने व्यवस्था गरी जग्गा एकीकरण कार्यक्रम सञ्चालन गरेको छ। उपत्यकामा प्राधिकरण र प्रत्यायोजित अधिकार प्रयोग गरी स्थानीय तहसमेतले १४ आयोजनामा ५ हजार ८१९ रोपनी क्षेत्रफल जग्गा एकीकरण गरी ३ हजार ८२१ रोपनी क्षेत्रफलमा १३ हजार ३६० घडेरी विकास गरी आयोजना सम्पन्न गरेको, चालु १० आयोजनामा ७ हजार ९०५ रोपनी जग्गा एकीकरण गरी १६ हजार ८४५ घडेरी विकास गर्ने क्रममा रहेको र प्रस्तावित ७ स्थानमा करिब ९ हजार ९० रोपनी जग्गा एकीकरण गरी जग्गा विकास गर्न प्रस्ताव गरेको छ। सम्पन्न भएका आयोजना सम्बन्धित उपभोक्ता समिति, लाभग्राही समुदाय वा स्थानीय तहलाई हस्तान्तरण गरेको छैन। आयोजना हस्तान्तरण सम्बन्धमा उपयुक्त कार्यविधि तयार गरी दिगो र प्रभावकारी रूपमा पारदर्शी हुने गरी जग्गा व्यवस्थापन गर्ने गरी आयोजना हस्तान्तरण गर्नुपर्दछ।

४१. **ऋण व्यवस्थापन —** काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ को व्यवस्था अनुसार प्राधिकरणले ४ प्रतिशत ब्याजदरमा ६/६ महिनामा समान किस्तामा साँवा ब्याज भुक्तानी गरी दश वर्षभित्र चुक्ता गर्ने गरी नेपाल सरकार अर्थ मन्त्रालयसँग करारनामा गरेको र प्राप्त ऋण मातहतका जग्गा एकीकरण आयोजनालाई ७ प्रतिशतका दरले प्रवाह गर्ने गरी करारनामा भएको छ। प्राधिकरणले २०७१।७२ देखि २०७४।७५ सम्म रु.९९ करोड ऋण प्राप्त गरेकोमा २०८१ असार मसान्तसम्म ३२.३६ प्रतिशतले ब्याज थप भई सावाँसमेत रु.१ अर्ब ३१ करोड ३ लाख ४५ हजार र २०६१।६२ को मूल कोषको ब्याज रु.१ करोड ६२ लाखसमेत रु.१ अर्ब ३२ करोड ६५ लाख ४५ हजार दायित्व रहेको छ। सो मध्ये २०८१ असारमा ब्याजबापत रु.१४ करोड भुक्तानी गरी रु.१ अर्ब १८ करोड ६५ लाख बाँकी छ। त्यस्तै प्राधिकरणले २०८०।८१ को आषाढ मसान्तसम्म निम्नानुसार १२ आयोजनावाट साँवा रु.९७ करोड १८ लाख २५ हजार र ब्याज रु.५१ करोड ९५ लाख ४६ हजार समेत रु.१ अर्ब ४९ करोड १३ लाख ७१ हजार प्राप्त गर्न बाँकी रहेको देखिन्छ।

(रु. हजारमा)

क्र.सं.	आयोजनाको नाम	सावाँ	ब्याज	जम्मा
१	कमेरोटार जग्गा एकीकरण आयोजना	०	४५५०९	४५५०९
२	सिनामंगल जग्गा एकीकरण आयोजना	०	७१४१	७१४१
३	डल्लु आवास आयोजना	०	४१२९	४१२९
४	भू-उपयोग आयोजना, डल्लु	५९	९१	१५०

क्र.सं.	आयोजनाको नाम	सावाँ	ब्याज	जम्मा
५	भरतपुर नगर विकास समिति	४०००	१४१३२	१८१३२
६	लाहान नगर विकास समिति	०	९५१२	९५१२
७	कीर्तिपुर जग्गा एकीकरण आयोजनादोस्रो सम्भाव्यता अध्ययन	१२६६	०	१२६६
८	दिव्यश्वरी जग्गा एकीकरण आयोजना, काठमाडौं	५१४०००	२६९२८५	७८३२८५
९	भेल्पा हात्तीवन जग्गा एकीकरण आयोजना, ललितपुर	२१००००	९२८५९	३०२८५९
१०	सैबुँ नख्खुडोल जग्गा एकीकरण आयोजना, ललिपुर	१४००००	५५९८२	१९५९८२
११	देकोमिवा इतापाके जग्गा एकीकरण आयोजना, भक्तपुर	१०००००	२००००	१२००००
१२	डुकुछाप जग्गा एकीकरण आयोजना, ललितपुर	२५००	९०६	३४०६
	जम्मा	**९७१८२५**	**५१९५४६**	**१४९१३७१**

समिति तथा आयोजनामा प्राधिकरणले गरेको ऋण लगानीको साँवा र ब्याज प्राप्त गरी नेपाल सरकारको दायित्व भुक्तानी गर्नुपर्दछ। जग्गा एकीकरण आयोजना सम्पन्न हुने अवधि यकिन गरी सो अवधिभित्र सम्पन्न गर्नुपर्दछ।

४२. **स्मार्ट सिटी -** नेपाल सरकारले काठमाडौं उपत्यकाको बस्ती व्यवस्थापन गर्न २०७५।१।२५ मा स्मार्ट सिटीको अवधारणा स्वीकृत गरेको छ। बाहिरी चक्रपथको कार्यसम्पादन अवस्था यकिन भई नसकेको स्थितिमा सोही क्षेत्रको अधिकांश भू-भाग समेटिने गरी काठमाडौं उत्तरपूर्वमा १ लाख रोपनी, काठमाडौं उत्तरमा १० हजार रोपनी तथा ललितपुर र भक्तपुरमा १०/१० हजार रोपनी क्षेत्रफलमा ४ स्मार्ट सिटीको आयोजना अघि बढाउने लक्ष्य रहेको छ। प्राधिकरणले स्मार्ट सिटीको विस्तृत आयोजना प्रतिवेदन तयारीमा रु.१६ करोड २६ लाख ५३ हजार खर्च गरेको छ। प्राधिकरणले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १३ अनुसार गठन भएको भौतिक विकास समितिबाट स्वीकृत भएका इशान, आग्नेय र हरितको विस्तृत परियोजना प्रतिवेदनमध्ये इशानको अध्ययन प्रतिवेदन सोही ऐनको दफा ५(५.२) अनुसार नेपाल सरकार मन्त्रीपरिषद्बाट भौतिक विकास योजनाको रूपमा स्वीकृत हुन शहरी विकास मन्त्रालयमा पेस गरेकोमा सोसमेत स्वीकृत भएको देखिँदैन। यो वर्ष इशानमा सडक, ढल, खानेपानीलगायत पूर्वाधार निर्माणको लागि रु.१४ करोड ७९ लाख २६ हजारका २ खरिद सम्झौता गरी रु.१४ करोड ४४ लाख ३२ हजार भुक्तानी गरेको छ। अवधारणा अनुरूप स्मार्ट सिटी निर्माण र व्यवस्थापन गर्नुपर्दछ।

अधिकार सम्पन्न बागमती सभ्यता विकास समिति

बागमती नदी र यसका सहायक नदीहरूको उद्गमस्थलदेखि कटुवाल दहसम्मको नदी प्रणाली प्रदूषण मुक्त गराई संरक्षण र संवर्धन गरी उपत्यकाको वातावरणीय स्वच्छता, पवित्रता र सुन्दरता कायम गर्ने, नदी प्रणालीसँग सम्बद्ध ऐतिहासिक, पुरातात्त्विक एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने, समग्र बागमती सभ्यताको पहिचान एवं जगेर्ना गर्नुका साथै एकीकृत जलस्रोत व्यवस्थापन तथा अन्य प्राकृतिक स्रोतको समुचित व्यवस्थापन गर्ने उद्देश्यले मन्त्रीपरिषद्को निर्णयअनुसार २०६५ साल जेष्ठ २६ गते अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गठन भएको हो। समितिअन्तर्गत नेपाल सरकारको सहयोगमा बागमती क्षेत्र भौतिक पूर्वाधार आयोजना तथा एसियाली विकास बैङ्कको सहयोगमा बागमती नदी सुधार आयोजना सञ्चालनमा रहेको र २०८०।८१ सम्म उक्त परियोजनाहरूमा रु.२१ अर्ब ९४ करोड ९१ लाख खर्च भएको छ।

४३. **कार्ययोजना कार्यान्वयन –** नेपाल सरकार (मन्त्रीपरिषद्) बाट २०६७।४।२७ मा स्वीकृत भई कार्यान्वयनमा रहेको ५ वर्षे कार्ययोजना २०७०।७१ मा नै समाप्त भए तापनि अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यावधि २०८३ असार मसान्तसम्म थप भई आयोजना सञ्चालन भइरहेको छ। बागमती, विष्णुमती, नख्खु, बल्खु र हनुमन्ते खोला क्षेत्रमा गरिने निर्माण कार्यमा क्रमशः ८०.७६ किलोमिटर नदी तटबन्धमध्ये ७३.२८ किलोमिटर, ५०.४८ किलोमिटर सडकमध्ये ३४.२१ किलोमिटर, ९२.२५ किलोमिटर ढलमध्ये ८९.८९ किलोमिटर निर्माण भएको छ। आयोजनाका बाँकी कार्य समयमा सम्पन्न गर्नुपर्दछ।

४४. **टुकुचाखोला ढल प्रशोधन केन्द्र -** टुकुचाखोला ढल प्रशोधन केन्द्र २०८२।२।२२ सम्म निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७९।२।२३ मा रु.३ अर्ब १८ करोड ४५ लाख ८२ हजारको सम्झौता भएको छ। सम्झौताअनुसार निर्माण कार्य डिजाइन, निर्माण र सञ्चालनसमेत तीन चरणमा हुने र ५ वर्षको सञ्चालन र मर्मत अवधिपश्चात् समितिलाई हस्तान्तरण गर्ने उल्लेख छ। वर्षान्तसम्म पेस्कीबापत रु.२२ करोड ३५ लाख ३० हजार भुक्तानी भएकोमा डिजाइनको काममात्र भएको छ।

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र

४५. **भाडा असुली–** अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिको उत्तर पश्चिम कुनामा रहेको व्यापारिक भवनको दोस्रो र तेस्रो तलामा बहालमा रहेको एक रेष्टुरेन्टसँग २०७७।९।१ देखि २०८५ मंसिरसम्मका लागि सम्झौता भएको देखिन्छ। उक्त रेष्टुरेन्टसँग यो वर्षको घरबहाल, विद्युत तथा पानी महसुल र सरसफाइ शुल्क रु.९७ लाख ९४ हजार असुल गर्न बाँकी देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

नगर विकास समिति

नगर विकास ऐन, २०४५ को दफा ४ अनुसार नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकताअनुसार कुनै इलाका, बजार, ग्रामीण क्षेत्र, नगर क्षेत्र वा क्षेत्रीय विकास केन्द्रमा नगर विकास समिति गठन गर्न सक्ने व्यवस्था छ। यो वर्ष नेपालगञ्ज, पोखरा उपत्यका, तुल्सीपुर, मन्थली, लमही, वीरगन्ज, घोराही र भालुबाङ समेत ७ नगर विकास समितिको लेखापरीक्षण सम्पन्न भएको छ भने कोहलपुर नगर विकास समितिको यो वर्षको लेखापरीक्षण बक्यौता रहेको छ। नगर विकास समितिहरूको लेखापरीक्षणवाट देखिएका बेहोरा निम्नानुसार छन्:

४६. **सम्पत्तिको संरक्षण र उपयोग -** पोखरा उपत्यका नगर विकास समितिअन्तर्गत विभिन्न ६३ कित्तामा ८०१ रोपनी क्षेत्रफल जग्गा रहेकोमा समितिले सबै जग्गा हालसाविक गरी जग्गाधनी पुर्जा लिएको देखिएन। समिति मातहतको जग्गाको धनीपुर्जा लिई सोको संरक्षण गर्नुपर्दछ। त्यसै गरी समिति मातहत रहेका विभिन्न पार्क, बसपार्क, सरकारी कार्यालय, वनक्षेत्र, बजार, आवासीय क्षेत्र, पर्यटकीय क्षेत्रलगायतका संरचना भएको क्षेत्र विकास गरी समितिले यथोचित प्रतिफल लिन नसकेकोले सोबाट लाभ लिने गरी कार्यसञ्चालन गर्नुपर्दछ।

४७. **भाडा बक्यौता -** पोखरा उपत्यका नगर विकास समितिले पोखरा उप-महानगरपालिका वडा नं ९ मा रहेको जग्गा प्रयोग गरेबापत पोखरा महानगरपालिकाबाट रु.५९ लाख ३७ हजार, पर्यटन बसपार्क प्रयोगबापत एक कम्पनीबाट रु.८ लाख ७९ हजार र एक सञ्चालकबाट रु.२० लाख ४४ हजारसमेत

रु.८८ लाख ६० हजार तथा नेपालगञ्ज, लमही र मन्थली नगर विकास समितिले १४ व्यक्ति तथा संस्थाबाट सटर भाडा र सोको जरिबाना समेत रु.५५ लाख ४१ हजार असुल गर्न बाँकी देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

४८. **पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१(१) अनुसार तोकिएको म्यादभित्र पेस्की फर्स्यौंट नगरेमा म्याद नाघेको मितिले ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ। घोराही नगर विकास समितिले उपलब्ध गराएको पेस्की बाँकीको विवरणअनुसार २०३१ सालदेखि २०७८ सालसम्म विभिन्न १२ व्यक्ति तथा संस्थालाई उपलब्ध गराएको रु.१ करोड १२ लाख ७३ हजार म्याद नाघेको पेस्की हालसम्म फर्स्यौंट नगरी बाँकी रहेको देखिन्छ। नियमावलीको व्यवस्थाअनुसार पेस्की रकम फर्स्यौंट गर्नुपर्दछ।

अनुगमन र बेरुजु

- **अनुगमन** - विगतको प्रतिवेदनमा उल्लेख भएका बेहोरामध्ये विभागीय जनशक्तिबाट कार्य नगराई परामर्शदाताबाट परामर्श सेवा खरिदको सम्झौता गरेको, विशिष्ट व्यक्तिको सुविधासम्बन्धी कानुन तथा मापदण्ड तर्जुमा नभएको, निर्मित संरचनाको अभिलेख नराखेको, बाहिरी चक्रपथ र स्मार्ट सिटी कार्यान्वयन नभएको, मूल्य समायोजन बढी भुक्तानी गरेको, नेपाल सरकारको ऋणको साँवा ब्याज चुक्ता नगरेको, जग्गा एकीकरण विकासमा भएको ऋण लगानी असुल नगरेको, संयुक्त र बहुतले आवास एकाइधनीले निर्माण सम्पन्न प्रमाणपत्र नलिएका कारणले खरिद बिक्री गर्न नपाएको, निर्माण सम्पन्न प्रमाणपत्र जारी हुनु अगावै जग्गाधनी प्रमाणपुर्जा जारी भई खरिद बिक्री कार्य गरेको, निर्माण कार्य सम्झौताबमोजिम नगरेकोले दिनुपर्ने सुविधा उपलब्ध नगराएको, प्लानिङ पर्मिटअनुसार कार्य नगरेको, निर्माणाधीन अपार्टमेन्टको नाम परिवर्तन गरी होटेल र बैङ्क सञ्चालन गरेको लगायतका उजुरी तथा गुनासो रहेकोले सो व्यवस्थापन गर्नुपर्नेलगायतका बेहोरा यो वर्षको लेखापरीक्षणबाट समेत देखिएको छ। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ६१ निकायमा रु.६७ करोड १ लाख ५९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ९२ लाख ५७ हजार फर्स्यौंट गरेकोले रु.६२ करोड ९ लाख २ हजार बाँकी रहेको छ। सोमध्ये रु.५ करोड ९३ लाख ६० हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - अन्य संस्था र समिति १३ मा रु.८ करोड ८७ लाख ८८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.७६ लाख ९ हजार फर्स्यौंट गरेकोले रु.८ करोड ११ लाख ७९ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.२ करोड २२ लाख ४८ हजार रकम म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा शिक्षा, विज्ञान र प्रविधिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, शिक्षा विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय, विश्वविद्यालय र नेपाल शिक्षा सेवाको सञ्चालनलगायतका कार्यहरू रहेका छन्। मन्त्रालय मातहत सरकारी कार्यालय र सङ्गठित संस्थासमेत ५२९ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ,

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहत ८९ कार्यालयको निम्नानुसार रु.१६ अर्ब ५८ करोड ८६ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२२१४७	१३९३४	१०८७०	१८९३५	१६५८८६

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालयबाट खर्च भएको रु.१८ अर्ब ५० करोड समावेश गरिएको छैन भने १ कार्यालयको बक्यौता लेखापरीक्षण रु.२१ करोड ४० लाख समावेश छ।

२. **सङ्गठित र अन्य संस्था** - यो वर्ष ३२८ संस्थाको रु.९३ अर्ब १६ करोड २४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। यो वर्ष सङ्गठित संस्थातर्फ ११२ कार्यालयको लेखापरीक्षण बाँकी रहेको छ।

३. **आवधिक योजना कार्यान्वयन** - आवधिक योजनामा तोकिएका सूचकलाई वार्षिक बजेटबाट सम्बोधन हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मन्त्रालयले तयार गरेको प्रगति प्रतिवेदनअनुसार पन्ध्रौं योजनामा रहेका सूचकहरूको २०८०।८१ को लक्ष्य प्रगति देहायअनुसार छः

क्र.सं.	सूचक	एकाइ	आधार वर्ष	२०८०।८१ सम्मको	
			२०७५।७६	लक्ष्य	प्रगति
	खुद भर्ना दर				
१.	आधारभूत तह (१—८)	प्रतिशत	९३	९९	९५.१
२.	उच्च शिक्षाको कुल भर्ना दर	प्रतिशत	१२	२२	२०.०५
	कक्षा ८ को निम्ति सिकाइ उपलब्धि (औसत)				
३.	गणित	स्कोर	३५	६३	२६
४.	नेपाली	स्कोर	४८	६६	४०
५.	अंग्रेजी	स्कोर	४१	६३	२५
६.	विज्ञान	स्कोर	४९	६३	२८
७.	काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या	प्रतिशत	३१	५०	३८
८.	कुल गार्हस्थ उत्पादनको अनुपातमा अनुसन्धान र विकास खर्च	प्रतिशत	०.३	१	०.३५
९.	इन्टरनेट सुविधा पुगेका विद्यालय	प्रतिशत	२८	९५	४३.१
१०.	उच्च शिक्षामा प्रविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात	प्रतिशत	२३	३३	२०.७२
११.	माध्यमिक शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात	प्रतिशत	१०	३०	२.७

क्र.सं.	सूचक	एकाइ	आधार वर्ष	२०८०।८१ सम्मको	
			२०७५।७६	लक्ष्य	प्रगति
१२.	विज्ञान अध्ययन केन्द्र स्थापना	सङ्ख्या	०	३	०
१३.	प्रदेश स्तरमा विधि विज्ञान प्रयोगशाला स्थापन	सङ्ख्या	-	७	५

उल्लिखित तालिकाअनुसार माध्यमिक शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात २.७ प्रतिशत, कुल गार्हस्थ उत्पादनको अनुपातमा अनुसन्धान र विकास खर्चमा ०.३५ प्रतिशत, काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या ३८ प्रतिशत, इन्टरनेट सुविधा पुगेका विद्यालय ४३.१ प्रतिशत, उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको अनुपात २०.७२ प्रतिशत प्रगति देखिएको छ। विज्ञान अध्ययन केन्द्र स्थापना सूचकको प्रगति उल्लेख गरेको छैन। कार्ययोजना बनाई आवधिक योजनामा उल्लेख भएका क्रियाकलाप निर्धारित समयावधिभित्र कार्यान्वयन गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *वार्षिक कार्यक्रममा उल्लेख भएका राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमलगायत ६० कार्यक्रम कार्यान्वयन नभएको,*
- *गैरसरकारी संस्थालाई दिएको अनुदानको अनुगमन नभएको,*
- *केन्द्रीय आयोजना कार्यान्वयन एकाइले वैदेशिक सहायताको ९.३० प्रतिशत परामर्श सेवामा खर्च गरेको,*
- *केन्द्रीय आयोजना कार्यान्वयन एकाइले विभिन्न निर्माण व्यवसायीबाट रु.५ करोड १८ लाख ८४ हजार पूर्वनिर्धारीत क्षतिपूर्ति असुल नगरेको,*
- *केन्द्रीय आयोजना कार्यान्वयन एकाइले सोलार प्रणाली खरिदको खरिद सम्झौता अन्त्य गरेकोमा अमेरिकी डलर १२ लाख ४ हजारको बैङ्क जमानत जफत गर्न बाँकी देखिएको लगायतका बेहोरा देखिएका छन्।*

४. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८०।८१ मा उल्लेख भएकामध्ये प्रारम्भिक बाल विकास केन्द्रको नक्साङ्कन गरी पुनर्वितरण गर्ने, आधारभूत तहका शैक्षिक योग्यता पुगेका माथिल्लो तहको रिक्त दरबन्दीमा समायोजन र स्तरोन्नति गर्ने तथा अध्यापन अनुमतिपत्रको परीक्षामा सबै विषय अध्ययन गर्ने व्यक्ति सम्मिलित हुन पाउने कानुनी व्यवस्था गरिने, योगमाया आयुर्वेदिक विश्वविद्यालय सञ्चालनमा ल्याउने, रासायनिक पदार्थको सुरक्षित प्रयोग नियमन तथा व्यवस्थापनका लागि आवश्यक कानुनी व्यवस्था गर्ने, विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम तथा राष्ट्रिय योग्यता प्रारूपसम्बन्धी विषयहरूलाई व्यवस्थित बनाउन संघीय शिक्षा ऐन तर्जुमा गर्ने कार्य भएको छैन। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत ५० हजार जनाको सीप परीक्षण गरी प्रमाणीकरण गर्ने उल्लेख भएकोमा ३२ हजारको सीप परीक्षण गरेको, प्राविधिक विषयमा छात्रवृत्तिमा उच्च शिक्षा हासिल गरेका विद्यार्थीलाई सामुदायिक शैक्षिक संस्था वा स्थानीय तहमा अनिवार्य दुई वर्ष सेवा गर्ने गरी परिचालन गर्ने उल्लेख भएकोमा इन्जिनियरिङमा स्नातक ६५ जना विद्यार्थीलाई मात्र परिचालन गरेको छ। बजेटमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **वार्षिक कार्यक्रम कार्यान्वयन -** वार्षिक कार्यक्रम तथा प्रगति विवरणअनुसार मन्त्रालय र अन्तर्गतका निकायको बजेट र खर्चको स्थिति परीक्षण गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको शून्य, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको ४४, सबैका लागि शिशु शिक्षा कार्यक्रमको ४३, विद्यालय क्षेत्र शिक्षा योजना (केन्द्रस्तर) को २८, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ३४, नेपाल विज्ञान तथा प्रविधि

प्रतिष्ठानको ६२ र उच्च शिक्षाको उत्कृष्टता प्रवर्धन कार्यक्रममा ३९ प्रतिशत वित्तीय प्रगति हासिल भएको देखिन्छ। मन्त्रालयले कार्यान्वयन गर्ने १२८ क्रियाकलापको लागि रु.१७ करोड १ लाख ८५ हजारको बजेट स्वीकृत भएकोमा ५९ क्रियाकलाप कार्यान्वयन गरी रु.७ करोड ३ लाख ५ हजार (४१.३ प्रतिशत) खर्च गरेको छ। स्याटलाइट टेक्नोलोजी तथा कृत्रिम बौद्धिकता जस्ता प्रविधिहरूको प्रयोग गरी सुशासनमा प्रवर्धन, सूचना तथा प्रविधि सम्बन्धी शैक्षिक गुरुयोजना कार्यान्वयन, राष्ट्रिय जनशक्ति विकास सम्बन्धी एकीकृत मापदण्ड तथा मानक निर्माण र स्थानीय उत्पादनमा आधारित राष्ट्रिय दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रम लगायतका ६९ कार्यक्रम कार्यान्वयन भएको देखिएन। यो वर्ष राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि रु.१ अर्ब ७२ लाख विनियोजन भएकोमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा रहेको निर्देशक समितिको बैठकबाट कार्यक्रम मा विनियोजित बजेट जाजरकोट र बाजुरामा गएको भूकम्पबाट प्रभावित विद्यालयहरूको पुननिर्माण कार्यमा खर्च गर्ने निर्णय भए तापनि खर्च भएको देखिएन। स्वीकृत कार्यक्रम सञ्चालन गरी तोकिएको लक्ष्य पूरा गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य -** सन् २०१६ देखि २०३० सम्मको लागि संयुक्त राष्ट्रसङ्घबाट निर्धारित दिगो विकासका लक्ष्यअन्तर्गत समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइको अवसरहरू प्रवर्धन गर्ने उल्लेख छ। त्यसका लागि प्राथमिक शिक्षा खुद भर्ना दर, बजेट, प्राथमिक शिक्षामा कक्षा पूरा गर्ने दर, महिला शिक्षकको अनुपात, इन्टरनेट जडान भएका विद्यालय प्रतिशत, प्रारम्भिक बाल शिक्षामा कुल भर्ना दर, उच्च शिक्षामा कुल भर्ना अनुपात, प्राविधिक तथा व्यावसायिक तालिम लिएको जनसङ्ख्या प्रतिशत, लैङ्गिक समता सूचकाङ्क, गणितीय सीप तथा साक्षरता दर, लैङ्गिक विकास तथा मानव पुँजी सूचकाङ्क, पानी तथा सरसफाइको सुविधा भएका आधारभूत विद्यालय तथा अपाङ्गमैत्री विद्यालय सङ्ख्या र तालिम प्राप्त योग्य शिक्षकहरूको आपूर्ति उल्लेखनीय रूपमा वृद्धि गर्नेलगायतका ३० सूचकमा आधाररेखा र सूचकाङ्क निर्धारण गरेको छ। सन् २०२४ को दिगो विकासका सूचकमा विद्यालयमा विद्युतीकरण, ब्रोडब्याण्ड इन्टरनेट पहुँच, अपाङ्गमैत्री विद्यालय, कक्षा ५ का विद्यार्थीको नेपाली तथा अंग्रेजी विषयको सिकाई, विद्यालयमा आधारभूत सुविधालगायतका सूचकमा लक्ष्यबमोजिम उपलब्धि हासिल भएको छैन। दिगो विकास लक्ष्य हासिल हुने गरी तोकिएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट र खर्च** - यो वर्ष मन्त्रालय र अन्तर्गतका निकायहरूको लागि विनियोजित बजेट र खर्चको स्थिति देहायअनुसार छः

(रु. लाखमा)

निकाय	शुरु बजेट	अन्तिम बजेट	बजेट खर्च	खर्च प्रतिशत
चालु	५१६६१४	५६७६९७	५०९५३५	८९.७५
पुँजीगत	५१६२६	५१६२६	१५७९५	३०.६०
जम्माः	**५६८२४०**	**६१९३२३**	**५२५३३०**	**८४.८२**

७.१. यो वर्ष मन्त्रालय र मातहतका निकायहरुको सुरु बजेट रु.५६ अर्ब ८२ करोड ४० लाख रहेकोमा अन्तिम बजेट रू.६१ अर्ब ९३ करोड २३ लाख कायम भएको देखिन्छ। सोमध्ये रू.५२ अर्ब ५३ करोड ३० लाख (८४.८२ प्रतिशत) खर्च भएको छ । उक्त खर्च मध्ये चालु खर्च रु.५० अर्ब ९५

करोड ३५ लाख (९७ प्रतिशत) र पुँजीगत खर्च रु.१ अर्ब ५७ करोड ९५ लाख (३ प्रतिशत) रहेको छ ।

७.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको केन्द्रीय वित्तीय विवरणमा मातहत कार्यालयसमेतको कुल खर्च रु.५२ अर्ब ५३ करोड ३० लाख उल्लेख भएकोमा वस्तुगत सहायता, सोझै भुक्तानी, प्राविधिक सहायता, प्रदेश सरकारबाट प्राप्त निकासा तथा खर्च समावेश गरेको छैन। यो वर्ष २० विकास साझेदार संस्थाबाट अमेरिकी डलर ३ करोड ७ लाख ९२ हजार प्राविधिक सहायता प्राप्त हुने अर्थ मन्त्रालयबाट प्रकाशित स्रोत पुस्तिकामा उल्लेख भएकोमा प्राप्त सहयोग एकीकृत वित्तीय विवरणमा समावेश गरी पेस भएको छैन। सबै प्रकारका वैदेशिक सहायताको लेखाङ्कन र अभिलेख अद्यावधिक गर्नुपर्दछ।

८. **विद्यालय समायोजन र दरबन्दी मिलान** - सार्वजनिक विद्यालय समायोजन तथा एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ मा विद्यालय आवतजावत गर्न लाग्ने समय, विद्यार्थी सङ्ख्या, जनसङ्ख्या, ठुला विद्यालय सञ्चालन गर्न विद्यालयको स्तरवृद्धि गर्नेलगायतका आधारमा विद्यालय समायोजन भएमा प्रोत्साहन स्वरूप रु.२५ लाखदेखि रु.६० लाखसम्म अनुदान उपलब्ध गराउने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणमा यो वर्ष पुल दरबन्दीमा रहेका ३ हजार ३३९ शिक्षकमध्ये १ हजार ९९५ जनाको दरबन्दी मिलान भई १ हजार ३४४ जनाको दरबन्दी मिलान हुन बाँकी रहेको देखिन्छ। कार्यविधिबमोजिम सार्वजनिक विद्यालयहरूको नक्साङ्कन गरी विद्यालय समायोजन तथा पुल दरबन्दीमा रहेका सम्पूर्ण शिक्षकको दरबन्दी मिलान नहुँदा स्थानीय तहहरूले करारमा शिक्षकहरू नियुक्ति गरेर खर्च लेख्ने गरेका छन्। अतः विद्यालय शिक्षामा बालबालिकाको पहुँचलाई सुनिश्चित गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षामा भएको लगानीलाई मितव्ययी रूपमा अधिकतम उपलब्धि हासिल हुनेगरी विद्यालयहरूको समायोजन एवं शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ।

९. **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र उपत्यका तथा तराईमा ५० हुनुपर्ने उल्लेख छ। शिक्षा तथा मानवस्रोत विकास केन्द्रले उपलब्ध गराएको विवरणअनुसार शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम छः

प्रदेश	हिमाल				पहाड				तराई			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	उच्च माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	उच्च माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	उच्च माध्यमिक (११-२)
कोशी	९.२५	१७.३६	१७.४६	३६.८५	८.६५	१५.७७	१७.०२	३३.२८	१६.९२	२८.९४	३०.०४	५२.७४
मधेश									४९.४९	८७.२६	६०.५०	७६.०३
बागमती	९.१३	१६.३३	१६.०१	२४.५३	२१.५८	३२.३९	१७.१०	५२.७२	१५.३८	२६.७२	२६.०६	४१.६१
गण्डकी	५.५५	१०.०९	९.२०	२१.७४	७.०८	१४.११	१३.५२	२२.५१	११.४३	२०.०६	२४.५४	४९.४२
लुम्बिनी	१५.५७	२४.४४	२१.३०	२८.७१	१२.३८	२२.२१	२०.८३	३९.९२	२५.००	३९.४९	३६.२६	५८.७१
कर्णाली	१९.१४	२९.३४	२७.७४	३४.६६			३९.२०	५३.७०				
सुदूरपश्चिम	१६.७३	२४.९६	२५.९२	२०.७४	१३.७६	१८.८७	२३.३३	१७.५९	१८.११	२९.६६	३६.४६	३६.०६
औसतमा कुल	**१२.५६**	**२०.४२**	**१९.६१**	**२७.८७**	**१०.५७**	**१७.२२**	**२१.८३**	**३६.६२**	**२२.७२**	**३८.६९**	**३५.६४**	**५२.४३**

उल्लिखित विवरणअनुसार सातै प्रदेशको औसत शिक्षक/विद्यार्थी अनुपात हिमाली क्षेत्रमा आधारभूत विद्यालय (कक्षा १-५) मा १२.५६ जना, (कक्षा ६-८) मा २०.४२ जना, माध्यमिक विद्यालय (कक्षा ९-१०) मा १९.६१ जना, पहाडी क्षेत्रमा आधारभूत विद्यालय (कक्षा १-५) मा १०.५७ जना, (कक्षा ६-८) मा १७.२२ जना, माध्यामिक विद्यालय (कक्षा ९-१०) मा २१.८३ जना र उपत्यका तथा तराई क्षेत्रमा आधारभूत विद्यालय (कक्षा १-५) मा २२.७२ जना, (कक्षा ६-८) मा ३८.६९ जना, माध्यामिक विद्यालय (कक्षा ९-१०) मा ३५.६४ जना देखिएको छ। कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका सबै क्षेत्रका विद्यालयमा शिक्षक सङ्ख्याको तुलनामा विद्यार्थी सङ्ख्या न्यून देखिएको र मधेश प्रदेशमा विद्यार्थी सङ्ख्याको अनुपात तोकिएभन्दा बढी देखिएको छ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न भौगोलिक अवस्था, जनसङ्ख्या तथा विद्यार्थी सङ्ख्याको आधारमा सबै स्थानीय तहमा शिक्षक दरबन्दीको मिलान गर्नुपर्नेमा ६९ स्थानीय तहमा दरबन्दी मिलान भएको छ। नियमावलीको व्यवस्थाबमोजिम शिक्षक/विद्यार्थी अनुपात कायम हुने गरी शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

१०. **विद्यालय/विद्यार्थी सङ्ख्या** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष पूर्व प्राथमिक, आधारभूत र माध्यमिक तहका ७७ हजार ९४४ विद्यालयमा ८५ लाख ८७ हजार २०६ विद्यार्थी र ३ लाख २५ हजार ३१० शिक्षक रहेका छन्। तहगत रूपमा सामुदायिक, संस्थागत र धार्मिक विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक र विद्यालयको अनुपात देहायअनुसार छः

विवरण	विद्यालयको प्रकार	बाल विकास/ पूर्व प्राथमिक विद्यालय	आधारभूत विद्यालय (कक्षा १-८)	माध्यमिक विद्यालय (कक्षा ९-१२)	कुल जम्मा
विद्यालय सङ्ख्या	सामुदायिक	३२४९५	२०७७४	७२१६	६०४८५
	संस्थागत	७६२३	३६१०	४२७६	१५५०९
	धार्मिक	५६६	१३०१	८३	१९५०
	जम्मा	**४०६८४**	**२५६८५**	**११५७५**	**७७९४४**
विद्यार्थी सङ्ख्या	सामुदायिक	६३९८७७	३६९२८५९	१३०२६०७	५६३५३४३
	संस्थागत	६४६६४९	१६७८८४८	४६८९४८	२७९४४४५
	धार्मिक	२०८१३	१३३४७९	३१२६	१५७४१८
	जम्मा	**१३०७३३९**	**५५०५१८६**	**१७७४६८१**	**८५८७२०६**
शिक्षक सङ्ख्या	सामुदायिक (कुल शिक्षक सङ्ख्या धार्मिकसहित)	३०४९८	१४९८११	३२४२८	२१२७३७
	संस्थागत (निजी स्रोतको सहित)	२१६२१	६३७१२	२७२४०	११२५७३
	जम्मा	**५२११९**	**२१३५२३**	**५९६६८**	**३२५३१०**
प्रति विद्यालय विद्यार्थीको अनुपात	सामुदायिक	२०	१७८	१८१	२०१
	संस्थागत	८५	४६५	११०	३५४
	धार्मिक	३७	१०३	३८	११४

उल्लिखित तालिकाअनुसार विद्यालय, विद्यार्थी र शिक्षकको कुल सङ्ख्यामध्ये सामुदायिकतर्फ विद्यालयको हिस्सा ७७.६० प्रतिशत, विद्यार्थीको हिस्सा ६५.६२ प्रतिशत र शिक्षकको हिस्सा ६५.४० प्रतिशत रहेको छ। यस्तै संस्थागततर्फ विद्यालयको हिस्सा १९.९० प्रतिशत, विद्यार्थीको हिस्सा ३२.५४ प्रतिशत र शिक्षकको हिस्सा ३४.६० प्रतिशत रहेको छ। उक्त तथ्याङ्कअनुसार पूर्व प्राथमिकदेखि माध्यमिक तहसम्म प्रतिविद्यालय विद्यार्थी सङ्ख्या सामुदायिकमा २०१, संस्थागतमा ३५४ र अन्यमा ११४ रहेको छ।

११. **परीक्षा नतिजा -** शैक्षिक वर्ष २०७९ तथा २०८० को माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) नतिजाको तुलनात्मक स्थिति निम्नानुसार छः

क्र.सं.	जी.पी.ए.	२०७९ को नतिजा		२०८० को नतिजा	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	ननग्रेड	४०९६९	८.७०	२४२३१३	५२.१३
२	१.६ देखि २ सम्म	८८४४५	१८.७८	६	०.००
३	२ देखि २.४ सम्म	१०२२८८	२१.७२	२९५०	०.६४
४	२.४देखि२.८ सम्म	८९३३१	१८.९७	४११७७	८.८६
५	२.८ देखि ३.२ सम्म	७२३६१	१५.३६	७८८७४	१६.९७
६	३.२ देखि ३.६ सम्म	५५०६८	११.६९	६८२५६	१४.६९
८	३.६ देखि ४ सम्म	२२४७५	४.७७	३१२०९	६.७१
	जी.पी.ए. प्राप्त जम्मा संख्या	४७०९३७	१००	४६४७८५	१००

गत वर्ष ४ लाख ७० हजार ९३७ विद्यार्थी परीक्षामा सहभागी भएकोमा ४.७७ प्रतिशतले ३.६ देखि ४ जी.पी.ए.प्राप्त गरेकोमा यो वर्ष ४ लाख ६४ हजार ७८५ विद्यार्थी परीक्षामा सहभागी भई ६.७१ प्रतिशतले ३.६ देखि ४ जी.पी.ए.प्राप्त गरेका, गत वर्षको तुलनामा यो वर्ष विद्यार्थी सङ्ख्या घटेको, १.६ देखि २.८ जि.पि.ए. प्राप्त गर्नेको सङ्ख्या घटेको, २.८ देखि ४ जि.पि.ए. प्राप्त गर्नेको सङ्ख्या बढेको र ननग्रेडको सङ्ख्या ५२.१३ प्रतिशत रहेको छ।

१२. **कबुलियतनामा अभिलेख** - छात्रवृत्ति ऐन, २०२१ को दफा ४ मा छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीले अध्ययन समाप्त भएको तीन महिनाभित्र प्रतिवेदन गर्नुपर्ने र प्रतिवेदन पेस गरेको एक वर्षभित्र नेपाल सरकारको स्वामित्व भएको वा आर्थिक सहायता प्रदान गरेको संस्था वा संस्थानको पदमा पाँच वर्षसम्म सेवा गर्न लगाउन सक्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७१।७२ देखि २०८०।८१ सम्म चिकित्साशास्त्र, वनविज्ञान, इन्जिनियरिङ, कृषिलगायतका विभिन्न तह तथा विषयमा स्वदेश तथा वैदेशिक छात्रवृत्तिमा अध्ययनार्थ ४ हजार ३१५ विद्यार्थी मनोनयन गरेकोमा ती विद्यार्थीले अध्ययन अवधि समाप्त भएको प्रतिवेदन मन्त्रालयले नराखेको तथा अध्ययन पूरा गरेको र वैदेशिक छात्रवृत्तिमा अध्ययन गरिसकेपछि स्वदेश फर्के नफर्केको अभिलेख राख्ने तथा कबुलियतनामा अनुसार सेवा गराउने व्यवस्था मिलाएको देखिएन। सङ्घीय सरकारदेखि स्थानीय तहसम्म प्राविधिक जनशक्तिको अभाव पूर्ति गर्न छात्रवृत्तिमा अध्ययन गरेका जनशक्तिलाई अपेक्षित रूपमा परिचालन गर्न सकिएको छैन। छात्रवृत्तिमा अध्ययन गरी फर्केका विद्यार्थीहरूको कबुलियतनामाको अभिलेख राखी सेवा गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१३. **अनुदानको अनुगमन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) मा कार्यालयले कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको कुराको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। विश्वविद्यालय अनुदान आयोगबाट यो वर्ष काठमाडौं विश्वविद्यालयलाई रु.२५ करोड ६१ लाख र ४९६ वटा सामुदायिक क्याम्पसलाई रु.१ अर्ब ४५ करोड ९२ लाख अनुदान दिएकोमा खर्चको विवरण, प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेस भएको देखिएन। स्वीकृत बजेट तोकिएको कार्यमा खर्च भएको सुनिश्चितता हुनुपर्दछ।

१४. **गैरसरकारी संस्थालाई अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(६) मा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत अनुमान समेत खुलाई दिनुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ३(क) मा सरकारी कोष प्रयोग गरी खरिद गर्दा यस ऐनबमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाज, भृकुटीमण्डपलाई कार्यक्रमबेगर रु.५० लाख सचिवस्तरीय निर्णयबमोजिम अनुदान दिएकोमा सोको उपयोग सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन। अतः उल्लिखित व्यवस्थाअनुसार अनुदानको उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

चिकित्सा शिक्षा आयोग

शिक्षण संस्थाको नियमन गर्न तथा चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउनको लागि आयोगको गठन भएको हो।

१५. **विद्यार्थी भर्ना -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा आयोगले प्रत्येक वर्ष शिक्षण संस्थाको लागि निश्चित सिट सङ्ख्या तोक्ने र प्रवेश परीक्षाबाट छनोट भएका विद्यार्थीलाई म्याचिङ प्रणाली अनुरूप भर्ना गर्नुपर्ने व्यवस्था छ। यो वर्ष स्नातक तहतर्फ मेडिकल र प्यारा मेडिकलसमेत १५ कार्यक्रमको लागि निर्धारित ७ हजार ६०६ सिटको लागि ५२ हजार ७८१ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई २३ हजार २८६ (४४.१२ प्रतिशत) उत्तीर्ण भएका र सोमध्ये ६ हजार ३४२ (२७.२३ प्रतिशत) ले भर्ना पाएको देखिन्छ। त्यस्तै स्नातकोत्तर तहतर्फ ११ कार्यक्रममा १ हजार ७२४ सिटको लागि ९ हजार ६०२ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई ४ हजार ४५२ उत्तीर्ण भएको र सोमध्ये १ हजार ४६७ (३२.९५ प्रतिशत) जनाले भर्ना पाएको देखिन्छ। प्रवेश परीक्षामा उत्तीर्ण हुनेको सङ्ख्या उल्लेख्य भए तापनि आयोगले निर्धारण गरेको सिटमध्ये स्नातक तहमा १ हजार २ सय ६४ र स्नातकोत्तर तहमा २ सय ५७ सिटमा विद्यार्थी भर्ना भएका छैनन्। विभिन्न कार्यक्रमको लागि निर्धारित सिटमा विद्यार्थी भर्ना कम हुनाको कारण पहिचान गरी यसमा सुधार गर्नुपर्दछ।

शिक्षक सेवा आयोग

सामुदायिक विद्यालयमा सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारीको नियुक्तिको लागि परीक्षा सञ्चालन तथा त्यस्तो पदमा नियुक्त शिक्षकको बढुवा सिफारिस गर्न आयोगको स्थापना भएको हो।

१६. **शिक्षक पदपूर्ति -** आयोगले यो वर्ष देहायअनुसार शिक्षकहरूको पदपूर्ति गरेको छः

विद्यालयको तह	यो वर्ष विज्ञापन भएको पद सङ्ख्या		पदपूर्ति भएको पद सङ्ख्या		पदपूर्ति हुन बाँकी पद सङ्ख्या
	खुला	बढुवा	खुला	बढुवा	
माध्यमिक	७१८	२२१	७१८	२२१	
निम्न माध्यमिक	११६७	१९३	१११७	१९३	५०
प्राथमिक	७८८२	९३०	७१२३	९३०	७५९
जम्मा	**९७६७**	**१३४४**	**८९५८**	**१३४४**	**८०९**

आयोगले यो वर्ष बढुवातर्फ १ हजार ३४४ र खुल्लातर्फ ९ हजार ७६७ गरी ११ हजार १११ पदको लागि विज्ञापन गरेको छ। खुल्लातर्फ माध्यमिक तहमा ७१८, निम्न माध्यमिक तहमा १ हजार १६७ र प्राथमिक तहमा ७ हजार ८८२ पदको विज्ञापन भएकोमा निम्न माध्यमिक तहमा ५० र प्राथमिक तहमा ७५९ समेत ८०९ पदमा सिफारिस तथा पदपूर्ति हुनसकेको छैन। शिक्षक किताबखानाको अभिलेखअनुसार माध्यमिक तहमा १२ हजार ७६९, निम्न माध्यमिक तहमा १६ हजार २३३ र प्राथमिक तहमा ७९ हजार ५१६ शिक्षक दरबन्दी रहेकोमा ती सबै पदमा स्थायी पदपूर्ति हुन नसकी अस्थायी/करारमा समेत कार्यरत रहेकोले रिक्त पदपूर्तिको लागि आयोगमा नपठाउने स्थिति देखिएको छ। यस सम्बन्धमा मन्त्रालयले अनुगमन गरी रिक्त पदमा स्थायी पदपूर्तिको लागि आयोगमा माग गर्ने व्यवस्था गर्नुपर्दछ।

१७. **अध्यापन अनुमति** - शिक्षा ऐन, २०२८ को दफा ११(९) मा आयोगबाट अध्यापन अनुमतिपत्र नलिई शिक्षक पदको उम्मेदवार हुन नपाउने व्यवस्था छ। यस वर्ष निम्न माध्यमिक तहको अध्यापन अनुमति पत्र परीक्षामा १ लाख ७९ हजार ४३७ परीक्षार्थी सहभागी भएकोमा १२ हजार ६ जना (६.६९ प्रतिशत) र माध्यमिक तहमा ५९ हजार ७५ सहभागी भएकोमा २४ हजार ३३६ जना (४१.२० प्रतिशत) उत्तीर्ण भई अनुमतिपत्र प्राप्त गरेको देखिन्छ।

केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (शिक्षा)

सम्वत् २०७२ वैशाखको भूकम्पबाट क्षति भएका सामुदायिक विद्यालयहरूको पुनर्निर्माण र मर्मत सम्भारको लागि एसियाली विकास बैङ्क, जाइकालगायतका दातृ निकायबाट प्राप्त सहायताबाट क्षतिग्रस्त भएका विद्यालयहरूको पुनर्निर्माण गर्न २०७२ फागुनमा यो आयोजना स्थापना भई सञ्चालन भएकोमा २०७८ असोजदेखि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहत केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट कार्यान्वयन भइरहेको छ। आयोजनाको अवधि २०८०।१२।१८ सम्म रहेकोमा जाजरकोट र बझाङ जिल्लामा २०८० सालमा गएको भूकम्पबाट क्षति भएका विद्यालय भवनहरूसमेत पुनर्निर्माण गर्ने उद्देश्यले आयोजनाको अवधि २०८४।१२।१९ सम्म थप भएको छ।

१८. **कार्य प्रगति** - दातृ निकायसँग भएको सम्झौताअनुसार निर्माण गर्नुपर्ने विद्यालय सङ्ख्या ७५५ रहेकोमा यो वर्षसम्म ६८१ विद्यालय निर्माण सम्पन्न भई ७४ विद्यालय तथा क्याम्पस भवनहरू कार्यसम्पन्न गर्न बाँकी रहेका छन्। भारतीय एक्जिम बैङ्कसँग त्रिभुवन विश्वविद्यालयअन्तर्गतका ३८ आङ्गिक क्याम्पसको भवन निर्माणलगायत अन्य कार्यको लागि अमेरिकी डलर १७ करोड ६७ लाख २९ हजारको ऋण सम्झौता भएको देखिन्छ। उक्त ऋण रकमबाट क्याम्पस भवन निर्माणलगायत अन्य कार्यसमेत गर्ने उल्लेख भएकोमा सो रकममध्ये क्याम्पस भवन निर्माणको लागि छुट्याएको रकम यकिन नभएको, क्याम्पस भवन निर्माण गर्न नेपाल सरकारको स्रोतबाट रु.६ करोड ३३ लाख ५७ हजार खर्च गरी तयार भएको विस्तृत आयोजना प्रतिवेदनअनुसार करिब रु.१५ अर्ब लागत लाग्ने देखिएकोमा उक्त कार्य प्रारम्भ भएको छैन।

१९. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा दातृ पक्षसँगको सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट बेहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा परामर्श सेवा खरिद गर्नसक्ने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८३ मा कुनै काम गर्न उच्चस्तरको

विशेषज्ञता आवश्यक परेमा विशेषज्ञता र योग्यताको आधारमा परामर्शदाता नियुक्त गर्नसक्ने व्यवस्था छ। आयोजना कार्यान्वयनको लागि नेपाल सरकारले दुई दातृ संस्थासँग रु.३१ अर्ब ७२ करोड ९८ लाख ऋण र एक दातृ संस्थासँग रु.२ अर्ब ९४ लाख अनुदान समेत रु.३३ अर्ब ७३ करोड ९२ लाखको वैदेशिक सहायताको सम्झौता गरेको छ। आयोजनले विद्यालय भवनको ड्रइङ, डिजाइन तथा निर्माण कार्यको सुपरिवेक्षण गर्न तीन व्यक्तिगत र चार संस्थागत (विदेशी) समेत ७ परामर्शदातासँग रु.२ अर्ब ४३ करोड १८ लाख ३० हजारको सम्झौता गरेकोमा भेरिएशन पछि सम्झौता अङ्क रु.३ अर्ब २६ करोड ६७ लाख ४५ हजार कायम भएको छ। परामर्शदातालाई यस वर्षसम्म रु.३ अर्ब १३ करोड ८६ लाख १ हजार भुक्तानी भएकोमा सो रकम वैदेशिक सहायताको ९.३० प्रतिशत रहेको छ। आयोजनाले विद्यालय भवन निर्माण कार्यको ड्रइङ, डिजाइन तथा सुपरिवेक्षण कार्य स्वदेशी प्राविधिकहरूबाटै सम्पादन हुनसक्नेमा वैदेशिक ऋण लिई प्रतिविज्ञ मासिक रु.१२ लाख ६६ हजारदेखि रु.३२ लाख ४७ हजारसम्म पारिश्रमिक र मूल्य समायोजन, थप दैनिक भत्तालगायत अन्य सुविधासमेत दिनेगरी अन्तर्राष्ट्रिय परामर्शदाता नियुक्ति गरेको, स्वदेशी तथा विदेशी परामर्शदाताका साथै निजामती सेवाका प्राविधिक कर्मचारीसमेत कार्यरत रहेको अवस्थामा पुनः थप तीन व्यक्तिगत परामर्शदाता राखी रु.७० लाख ६८ हजार खर्च गरेको देखिन्छ। साथै आयोजनाले परामर्शदातालाई सवारीसाधन भाडाबापत रु.४२ लाख भुक्तानी दिएको छ। स्वदेशमा उपलब्ध नहुने उच्च प्राविधिक ज्ञान सीप आवश्यक पर्ने तथा प्रविधि हस्तान्तरण गर्ने कार्यमा मात्र मितव्ययी हुने गरी विदेशी परामर्शदाता नियुक्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२०. **पूर्व निर्धारित क्षतिपूर्ति** - खरिद सम्झौताको विशेष सर्त नम्बर ८.७ तथा १३.१५(बी) मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरीद सम्झौताबमोजिमको काम तोकिएको समयमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। आयोजनाले ओखलढुङ्गा जिल्लाका ८ विद्यालय भवनको निर्माण कार्य १८ महिनाभित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७५।११।१२ मा मूल्य अभिवृद्धि कर र प्रोभिजनल समबाहेक रु.५९ करोड ८५ लाख १९ हजारको खरिद सम्झौता गरेको छ। आयोजनाले २०७९।४।१६ मा खरिद सम्झौताको म्याद थप गर्दा २०७९।६।१४ सम्म कार्य सम्पन्न नगरेमा पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी निर्णय गरेकोमा थप अवधिमा समेत निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको देखिएन। निर्माण व्यवसायीले थप भएको अवधिभन्दा २३५ दिन ढिला गरी निर्माण कार्य सम्पन्न गरी २०८०।२।१२ मा अन्तिम विल भुक्तानीकालागि पेस गरेको देखिन्छ। यसरी निर्धारित समयभन्दा ढिलो कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीसँग खरिद सम्झौताको सर्तबमोजिम १० प्रतिशतले हुने रु.५ करोड ९८ लाख ५१ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा रु.७९ लाख ६७ हजारमात्र असुल गरेकोले नपुग रु.५ करोड १८ लाख ८४ हजार असुल गर्नुका साथै सम्बन्धित पदाधिकारीलाईसमेत जिम्मेवार बनाउनुपर्दछ।

२१. **जमानत जफत र पेश्की फर्स्यौंट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस नियमबमोजिमको पेश्की फर्स्यौंट हुन नसकेमा सार्वजनिक निकायले बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फर्स्यौंट गर्नुपर्ने र निजबाट त्यस्तो पेश्की रकमको दश प्रतिशत ब्याजसमेत असुल उपर गर्नुपर्ने उल्लेख छ। आयोजनाले १४ जिल्लाका १३०

विद्यालयहरूमा सोलार प्रणाली आपूर्ति तथा जडान कार्यको लागि २०८०।१०।२८ मा कार्य सम्पन्न गर्नेगरी एक विदेशी आपूर्तिकर्तासँग २०८२।१।२७ सम्म म्याद भएको अमेरिकी डलर ४ लाख १९ हजारको कार्यसम्पादन जमानत लिई २०७९।१२।२९ मा मूल्य अभिवृद्धि करसमेत अमेरिकी डलर ४१ लाख ८७ हजारको खरिद सम्झौता गरेको छ। आयोजनाले २०८०।११।१८ सम्म म्याद भएको अमेरिकी डलर ७ लाख ८५ हजारको अग्रिम बैङ्क जमानतको आधारमा २०८०।८।७ मा आपूर्तिकर्तालाई अमेरिकी डलर ६ लाख ८१ हजार मोबिलाइजेसन पेश्की दिएको देखिन्छ। आपूर्तिकर्ताले सम्झौताबमोजिम कार्य नगरेका कारण आयोजनाले २०८१।१०।२० मा कार्यसम्पादन जमानत जफत र आपूर्तिकर्तालाई कालोसूचीमा राख्ने गरी खरिद सम्झौताको अन्त्य गरेकोमा कार्यसम्पादन जमानत जफतकोलागि २०८१।१०।२४ मा बैङ्कलाई पत्रचार गरेकोमा बैङ्कबाट रकम प्राप्त भएको देखिएन। अतः प्रचलित कानुनअनुसार जमानतबापतको रकम प्राप्त गरी राजस्व दाखिला गर्नुपर्ने देखिन्छ। त्यसैगरी कार्यसम्पन्न गर्नुपर्ने अवधि समाप्त हुँदासमेत कार्य सुरु नगरेको कारण आयोजनाले २०८०।११।१६ मा आपूर्तिकर्ताले पेश्की जमानत बापत राखेको रकम आयोजनाको धरौटी खातामा जम्मा गर्न बैङ्कलाई पत्राचार गरेकोमा बैङ्कबाट रकम प्राप्त भएको नदेखिएकाले कानुनबमोजिम व्याजसमेत असुल गरी पेस्की फर्स्यौट गर्नुपर्दछ।

राष्ट्रिय किताबखाना (शिक्षक)

विद्यालय शिक्षकको दरबन्दी, स्थायी शिक्षकहरूको नियुक्ति सरुवा बढुवा तथा विभागीय कारवाही अभिलेख राख्ने, शिक्षकहरूको तलबी प्रतिवेदन पारित गर्ने, शिक्षकहरूको अवकाश सुविधाको रकम निर्धारण गर्ने, निवृत्तिभरण अधिकारपत्र उपलब्ध गराउनेलगायतका कार्य गर्ने उद्देश्यले राष्ट्रिय किताबखाना (शिक्षक) स्थापना भएको छ।

२२. **शिक्षकको तलबी विवरण** - शिक्षा नियमावली, २०५९ को नियम १२६ मा विद्यालय शिक्षकको वार्षिक तलबी विवरण राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित गर्नुपर्ने व्यवस्था छ। उक्त किताबखानाबाट प्राप्त विवरणअनुसार ७५३ स्थानीय तहका स्थायी शिक्षक दरबन्दी नभएका ७२७ विद्यालय बाहेक २७ हजार २६३ विद्यालयमध्ये ७१४ स्थानीय तहका विद्यालय शिक्षकको वार्षिक तलबी विवरण पारित गराए तापनि ३९ स्थानीय तहका शिक्षकको तलबी विवरण पारित गराएको देखिएन। नियममा भएको व्यवस्थाअनुसार सम्पूर्ण स्थानीय तहले प्रत्येक वर्ष शिक्षकको वार्षिक तलबी विवरण पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ।

प्रदेश	तलबी प्रतिवेदन पारित गर्नुपर्ने		यस वर्ष तलबी प्रतिवेदन पारित	गत वर्ष तलबी प्रतिवेदन पारित
	स्थानीय तह सङ्ख्या	विद्यालय सङ्ख्या	स्थानीय तह सङ्ख्या	स्थानीय तह सङ्ख्या
कोशी	१३७	५२५९	१२७	१०९
मधेश	१३६	३४५८	११६	६६
बागमती	११९	४५४६	११६	१०८
गण्डकी	८५	३२४३	८१	७७
लुम्बिनी	१०९	४४४२	१०९	९२
कर्णाली	७९	२९३१	७८	६२
सुदूरपश्चिम	८८	३३६६	८७	८१
जम्माः	**७५३**	**२७२४५**	**७१४**	**५९५**

अन्य संस्था र समिति

विश्वविद्यालय अनुदान आयोग

विश्वविद्यालय स्थापना गर्न नेपाल सरकारलाई परामर्श दिने, अनुदान वितरणसम्बन्धी नीति निर्धारण गर्ने, अनुदान प्रदान गर्ने, विश्वविद्यालयबिच शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन समन्वय गर्ने, विश्वविद्यालयमा उपयुक्त शैक्षिकस्तर निर्धारण गराउने, विश्वविद्यालय र शैक्षिक संस्थाबिच विद्वतवृत्ति तथा छात्रवृत्ति आदान प्रदान गर्ने कार्यको लागि विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम २०५१ सालमा यस आयोगको गठन भएको हो। आयोगले नियमिततर्फ गुणस्तर सुधार र विकासतर्फ दोस्रो उच्च शिक्षा परियोजनाअन्तर्गत कार्यक्रम तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्दै आएको छ।

२३. **आय-व्यय** - यो वर्ष आयोगको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
नेपाल सरकारबाट अनुदान	अन्य आय			
१९७१५९३९	१५९६८८	१९८७५६२७	१९७१५९३९	१५९६८८

आयोगले पेस गरेको आर्थिक विवरणअनुसार यो वर्ष नेपाल सरकारको अनुदान रु.१९ अर्ब ७१ करोड ५९ लाखसमेत जम्मा आय रु.१९ अर्ब ८७ करोड ५६ लाख रहेकोमा रु.१९ अर्ब ७१ करोड ५९ लाख (९९.२० प्रतिशत) खर्च भएको देखिन्छ।

२४. **अनुदान वितरण** - विश्वविद्यालय अनुदान आयोग कार्य व्यवस्था नियमावली, २०६० को नियम ६.१ मा आयोगको कोषबाट विश्वविद्यालयलाई तोकिएको आधारमा अनुदान वितरण गर्ने व्यवस्था छ। आयोगले यो वर्ष १२ विश्वविद्यालय, ४ पूर्वाधार विकास समिति र ४९६ सामुदायिक क्याम्पसहरूलाई देहायअनुसार रु.१९ अर्ब ६२ करोड ५१ लाख ४२ हजार अनुदान वितरण गरेको छ।

(रु. हजारमा)

क्र. सं.	विश्वविद्यालय	विद्यार्थी सङ्ख्या २०७९।८०	विद्यार्थी सङ्ख्या २०८०।८१	आंगिक क्याम्पसतर्फ विद्यार्थी सङ्ख्या २०८०।८१	अनुदान रकम २०७९।८०	अनुदान रकम २०८०।८१	नियमित अनुदान	वृद्धि प्रतिशत	प्रति विद्यार्थी नियमित अनुदान
१	त्रिभुवन विश्वविद्यालय	४५४०६५	४९१२९९	१७४४८७	१०८६६२८५	१२२६५२०५	११६०३१०५	१२.८७	६६
२	नेपाल संस्कृत विश्वविद्यालय	२३०६	३२९५	२६२३	८५२७३०	९०२७००	८४२७००	५.८६	३२१
३	पोखरा विश्वविद्यालय	३४१५१	३५२००	४८६०	१६००००	२९५०००	१४५०००	८४.३८	४१
४	पूर्वाञ्चल विश्वविद्यालय	३२२९८	३९७८०	३५७१	२२६०००	२५००००	१२००००	१०.६२	३३
५	काठमाडौं विश्वविद्यालय	१७९४५	२१०५३	१२१८५	२१९०००	२५६१२०	१४६१२०	१६.९५	१२
६	लुम्बिनी बौद्ध विश्वविद्यालय	१२०४	१८३२	६७९	१७०११८	१५५११८	८०११८	-८.८२	११८
७	सुदूर पश्चिम विश्वविद्यालय	१७६५०	१९३५६	१९३५६	४४४४२७	५९१७४७	४७१७४७	३३.१५	२४
८	मध्य पश्चिम विश्वविद्यालय	१०५२४	१११७१	१००६९	४३९४२४	६२०१३५	३९५१३५	४१.१२	३९
९	कृषि तथा वन विश्वविद्यालय	४०६६	४०६६	४०६६	१०४५२३१	१०४१०६५	७२६५६५	-०.४	१७९
१०	नेपाल खुला विश्वविद्यालय	१५३३	१६३४	१६३४	९७३६०	१११८६०	१०१८६०	१४.८९	६२
११	राजर्षि जनक विश्वविद्यालय	५१९	५२७	४८०	९०४३०	११२९३०	१०२९३०	२४.८८	२१४
१२	मदन भण्डारी विश्वविद्यालय		१५	१५	-	४९५०००	४५०००	-	३०००
	विश्वविद्यालयको जम्मा	**५७६२६१**	**६२९२२८**		**१४६११००५**	**१७०९६८८०**	**१४७८०२८०**	**१७**	**-**
१३	४९६ वटा सामुदायिक क्याम्पस	-	-	-	-	१४५९२७२	-	-	-
१४	अन्य अनुदान	-	-	-	-	७०८९०३	-	-	-
	४ पूर्वाधार समितिको जम्मा					**३६००८७**			
	कुल जम्मा					**१९६२५१४२**			

२४.१. आयोगले यो वर्ष १२ विश्वविद्यालयलाई गत वर्षको तुलनामा १७ प्रतिशत वृद्धि गरी रु.१७ अर्ब ९ करोड ६८ लाख ८० हजार अनुदान वितरण गरेकोमा लुम्बिनी बौद्ध विश्वविद्यालय र कृषि तथा वन विश्वविद्यालयको अनुदान क्रमश ८.८२ र ०.४ प्रतिशतले घटेको देखिन्छ। विद्यार्थीको अनुपात र सञ्चालित कार्यक्रमलाई आधार बनाई मापदण्डका आधारमा अनुदान दिने नीति अवलम्बन गर्नुपर्दछ।

२४.२. आयोगले १२ विश्वविद्यालयलाई अनुदान उपलब्ध गराएकोमा ती विश्वविद्यालयहरूले आफू र मातहतका आङ्गिक क्याम्पस लगायतका एकाइहरूलाई विनियोजन गरी अनुदान रकम खर्च गरेका छन्। विगत ३ आर्थिक वर्ष र यस वर्ष आयोगबाट अनुदान प्राप्त गरेका विश्वविद्यालय अन्तर्गतका देहायअनुसार २५६ निकायले अन्तिम लेखापरीक्षण गराएका छैनन्। आयोगले विश्वविद्यालयहरूलाई अनुदान निकासा दिँदा अनुदान प्राप्त गर्ने निकायले गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण गराएको सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ।

क्र.सं.	निकाय	आर्थिक वर्ष/कार्यालय सङ्ख्या				जम्मा
		२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	
१.	त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर	२९	१७	२८	१०५	१७९
२.	नेपाल संस्कृत विश्वविद्यालय, दाङ्ग	२	२	१	२	७
३.	सुदूरपश्चिम विश्वविद्यालय, कञ्चनपुर	६	६	०	०	१२
४.	मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत	१०	५	२	०	१७
५.	कृषि तथा वन बिज्ञान विश्वविद्यालय, चितवन	४	३	०	०	७
६.	राजर्षि जनक विश्वविद्यालय, धनुषा	८	०	०	०	८
७.	पूर्वाञ्चल विश्वविद्यालय, मोरङ्ग	१५	५	६	०	२६
	जम्मा	**७४**	**३८**	**३७**	**१०७**	**२५६**

२५. **आर्थिक वर्षको अन्त्यमा निकासा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९ (३) मा बोर्ड, समिति वा अन्य संस्थाले निःसर्त बाहेकको अन्य अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेको रकम नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। राष्ट्रियस्तरका विश्वविद्यालयहरूअन्तर्गतका १५ निकायलाई राष्ट्रियस्तरको नमुना प्रयोगशाला निर्माण कार्यकालागि यो वर्ष रु.७४ करोड ७५ लाख बजेट विनियोजन भएकोमा आयोगले विश्वविद्यालयहरूसँग २०८२ आषाढ ११ सम्म कार्यसम्पादन गर्नेगरी २०८१ आषाढ १२ मा सम्झौता गरेर आर्थिक वर्षको अन्त्यमा विनियोजित बजेटको ६० प्रतिशतले हुने रु.४४ करोड ५५ लाख अनुदान निकासा दिएको देखिन्छ। बाँकी रु.२९ करोड ७० लाख प्रतिबद्ध दायित्व शीर्षकमा आयोगकै खातामा

यस वर्षको लेखापरीक्षणबाटः

- *त्रिभुवन विश्वविद्यालयले बिजनेश कम्पेल्क्सको रु.२ करोड ८७ लाख ६० हजार बहाल असुल गर्न बाँकी देखिएको,*
- *विश्वविद्यालयहरूको नाममा रहेका अतिक्रमित जग्गाहरूको संरक्षण हुन नसकेको,*
- *परीक्षा नियन्त्रण कार्यालय, बल्खुको स्रेस्तामा भन्दा बैङ्कमा रु.१० करोड १० लाख घटी मौज्दात देखिएको,*
- *त्रि.वि.शिक्षण अस्पतालले निर्देशिकाले तोकेभन्दा बढी रु.२८ करोड ७७ लाख ५८ हजार सञ्चालन खर्च गरेको,*
- *नेपाल खुला विश्वविद्यालयले अर्थ मन्त्रालयको स्वीकृति बेगर रु.२ करोड २४ लाख वैदेशिक सहायता प्राप्त गरेको लगायतका बेहोरा देखिएका छन्।*

राखेको देखिन्छ। सालबसाली कार्यक्रम कार्यान्वयन गर्न प्राप्त बजेट पछिल्लो आर्थिक वर्षमा कार्य सम्पन्न गर्ने गरी निकासा दिएको कानुनसम्मत नभएको बेहोरा औँल्याइएकोमा २०८२।१।२४ मा रु.६० करोड सञ्चित कोष दाखिला गरेको छ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)

नेपालमा विज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र प्रवर्धन गरी प्राविधिक क्रियाकलापको लागि उपयुक्त वातावरण सिर्जना गर्न २०३९ सालमा प्रतिष्ठान स्थापना भई सञ्चालनमा रहेको छ।

२६. **आय-व्यय -** प्रतिष्ठानको यो वर्षको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
	नेपाल सरकारको अनुदान	अन्य आय			
३३,५७,४१	२६,३०,२३	२,५३,९७	६२,४१,६१	२७,१७,१३	३५,२४,४८

प्रतिष्ठानले पेस गरेको आर्थिक विवरणअनुसार यो वर्ष नेपाल सरकारको अनुदान रु.२६ करोड ३० लाख २३ हजारसमेत कुल आय रु.६२ करोड ४१ लाख ६१ हजार रहेकोमा रु.२७ करोड १७ लाख १३ हजार (४३.५३ प्रतिशत) खर्च भएको देखिन्छ।

२७. **दरबन्दी र पदपूर्ति -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (NAST) को कर्मचारी प्रशासन नियमावली, २०६४ को नियम १० मा प्रज्ञा-प्रतिष्ठान सेवाको दरबन्दी व्यवस्थापन परिषद्बाट तोकिए बमोजिम हुने उल्लेख छ। प्रतिष्ठानले २०७३।१०।२४ मा २३१ कर्मचारीको दरबन्दी स्वीकृत गरेकोमा ११२ कर्मचारी कार्यरत रही ११९ दरबन्दी रिक्त रहेको छ।

त्रिभुवन विश्वविद्यालय

उच्च शिक्षाको क्षेत्रमा अध्ययन, अनुसन्धान गरी नवीनतम ज्ञान, प्रविधि र सीपको विकास गर्न उच्च शिक्षा र ज्ञानसहितको जनशक्ति उत्पादन गरी समुन्नत समाजको निर्माणमा टेवा पुऱ्याउने उद्देश्यले स्वायत्त संस्थाको रूपमा २०१६ सालमा विश्वविद्यालय स्थापना भएको हो। विश्वविद्यालय अन्तर्गत ५ अध्ययन संस्थान, ४ संकाय, ४ अनुसन्धान केन्द्र, ६२ आङ्गिक क्याम्पस, ४० केन्द्रीय विभाग, ४ शिक्षण स्कुल र १ हजार ५३ सम्बन्धन प्राप्त क्याम्पस रहेका छन्।

२८. **आय-व्यय -** यो वर्ष विश्वविद्यालयको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
नेपाल सरकारको अनुदान	अन्य आय			
११८५९७००	१५०२६३३४	२६८८६०३४	२१६४०५७४	५२४५४६०

विश्वविद्यालयले यो वर्ष नेपाल सरकारको अनुदान रु.११ अर्ब ८५ करोड ९७ लाखसमेत रु.२६ अर्ब ८८ करोड ६० लाख ३४ हजार आय प्राप्त गरेकोमा कुल आयको (८०.४९ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको हिस्सा ५४.८० प्रतिशत रहेको छ।

विश्वविद्यालय मातहतका निकायहरूले आन्तरिक स्रोतबाट प्राप्त आयलाई धरौटी तथा दायित्वमा राखी खर्च गर्ने गरेको, अधिकांश निकायको बैङ्क हिसाब मिलान विवरण तयार नगरेको तथा बैङ्क हिसाब मिलान विवरण तयार गरेका निकायको हिसाब समायोजन नगरेको, पुँजीगत सम्पत्तिको केन्द्रीय लगत नराखेको लगायतका बेहोरा गत विगत वर्षदेखि नै औँल्याइएकोमा स्थिति यथावत् छ। प्रचलित लेखाप्रणाली तथा ढाँचाअनुसार लेखासम्बन्धी अभिलेखहरू व्यवस्थित गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

२९. **दरबन्दी तथा पदपूर्ति -** त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ४ मा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी कार्यकारी परिषद्ले तोकेबमोजिम हुने र उपनियम (८) मा विश्वविद्यालय सेवामा शिक्षक तथा कर्मचारीहरूलाई सेवा आयोगको सिफारिसमा कार्यकारी परिषदबाट नियुक्ति र बढुवा गरिने उल्लेख छ। विश्वविद्यालय र अन्तर्गत निकायमा शिक्षक ७ हजार ९३८ र कर्मचारी ८ हजार १२४ समेत १६ हजार ६२ दरबन्दी रहेकोमा शिक्षक ७ हजार ४०६ र कर्मचारी ६ हजार ५९४ समेत १४ हजार स्थायी पदपूर्ति भएको छ। विश्वविद्यालयमा शिक्षक र कर्मचारीको अनुपात ९:८ रहेको र कुल कार्यरत कर्मचारीमध्ये श्रेणीविहीन कर्मचारी ३८.५३ प्रतिशत रहेको देखिन्छ। सबै केन्द्रीय निकाय र क्याम्पसहरूको साविकको दरबन्दीमा पुनरावलोकन हुनुपर्दछ।

३०. **सम्बन्धन तथा नवीकरण** - विश्वविद्यालयको संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३८० र ३८१ मा क्याम्पसलाई शैक्षिक कार्यक्रम सञ्चालन गर्न कार्यकारी परिषद्ले बढीमा २ वर्षका लागि अस्थायी सम्बन्धन दिनसक्ने, २ वर्ष अवधि थप गर्नसक्ने र स्थायी सम्बन्धन प्राप्त नगरेका वा अस्थायी सम्बन्धनको अवधि सकिएका क्याम्पसहरूले शैक्षिक कार्यक्रम सञ्चालन गर्न नपाउने व्यवस्था छ। विश्वविद्यालयले अस्थायी सम्बन्धन दिएका सामुदायिक तथा निजी १ हजार ५३ क्याम्पसमध्ये हालसम्म वीरगन्जको एक मेडिकल कलेजलाई मात्र स्थायी सम्बन्धन दिएको छ। साथै सम्बन्धन प्राप्त कलेजहरूको शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार र सम्बन्धन शुल्क बुझाए नबुझाएको सम्बन्धमा विश्वविद्यालयले अनुगमन गरेको देखिएन। अत: अस्थायी सम्बन्धन दिएका क्याम्पसहरूको अनुगमन गरी अवधि थप गर्ने वा स्थायी सम्बन्धन दिने व्यवस्था मिलाउनुपर्दछ।

३१. **व्यावसायिक भवन लिज/बहाल** - त्रिभुवन विश्वविद्यालयको त्रिपुरेश्वरस्थित १० रोपनी १३ आना ३ पैसा जग्गा ३० वर्षको लागि लिजमा दिई व्यावसायिक भवन निर्माण गर्ने र बहालमा लिनेदिने गरी २०५९।१०।२ मा त्रिभुवन विश्वविद्यालय र एक कम्पनीबिच सम्झौता भएको छ। सम्झौताअनुसार उक्त कम्पनीले २०८०।८१ सम्म लिज बहाल बापत विश्वविद्यालयलाई रु.९ करोड ६३ लाख ६० हजार बुझाउनुपर्नेमा रु.६ करोड ७६ लाख मात्र बुझाएको देखिएकोले रु.२ करोड ८७ लाख ६० हजार बाँकी रहेको छ। सम्झौताबमोजिम विलम्ब शुल्क समेत गणना गरी बाँकी रकम असुल गर्नुपर्दछ।

३२. **जग्गाको उपयोग र संरक्षण -** त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को २०७२।१२।४ को निर्णयअनुसार गठित विश्वविद्यालय र अन्तर्गतका एकाइहरूको भौतिक सम्पत्तिको खोज, सङ्कलन तथा जगेर्ना गर्न र समुचित तवरले अभिलेखीकरणको लागि गठित समितिको प्रतिवेदनअनुसार विश्वविद्यालय र मातहतका निकायको पूर्ण स्वामित्वमा १ करोड ३१ लाख ३७ हजार वर्गमिटर, भोगाधिकारमा ९

लाख ९९ हजार वर्गमिटर र अन्य ६ लाख ५३ हजार वर्गमिटर जग्गा समेत १ करोड ४७ लाख ८९ हजार वर्गमिटर जग्गा रहेको उल्लेख छ। समितिको प्रतिवेदनमा ती जग्गामध्ये कतिपय स्थानका जग्गा अतिक्रमणमा परेको, नियमित रूपमा कुत तथा भाडा नउठेको, भोगचलनमा रहे तापनि पूर्ण स्वामित्वमा नआएको, विश्वविद्यालयको जग्गामा अन्य निकायले निर्माण गरेका भौतिक संरचनाहरूको हकभोग हस्तान्तरण नभएको, निर्मित संरचनाहरूको स्वामित्व स्पष्ट नभएको, अभिलेख व्यवस्थित नभएको, विभिन्न निकायबिच समन्वय नभएको लगायतका अवस्था देखिएको छ। नेपाल सरकार मन्त्रिपरिषद्बाट २०८१।२।१७ मा त्रिभुवन विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन आयोग गठन भएकोमा आयोगले २०८१।८।१४ मा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीलाई प्रतिवेदन बुझाएको देखिन्छ। उक्त प्रतिवेदनले दिएका सुझावहरू कार्यान्वयन गर्नुपर्दछ।

विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरमा रहेको ११३ रोपनी जग्गा एक आवासीय विद्यालयलाई २०५७।४।१३ मा १५ वर्षको लागि उपलब्ध गराएकोमा सम्झौता अवधि सकिएपछि जग्गा खाली गर्न पटक-पटक ताकेता गर्दा पनि सो विद्यालयले नछाडेको, बागमती नदीको किनारामा रहेको १५ रोपनी जग्गा एक संस्थाले भोगचलन गरिरहेको, एक स्थानीय क्लबलाई २०७२।१।२८ देखि ३ रोपनी र एक संस्थालाई २०७२।३।२ मा १० रोपनी जग्गा प्रयोग गर्न दिएकोमा ती जग्गाबाट विश्वविद्यालयले कुनै आम्दानी प्राप्त नगरेको अवस्था छ। विश्वविद्यालयको सम्पत्ति शैक्षिक प्रयोजनमा उपयोग गरी संरक्षण गर्नुपर्दछ।

३३. **पेन्सन र ग्रेड** - त्रिभुवन त्रिश्वविद्यालय ऐन, २०४९ को दफा ३३ (क) मा नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा वा कार्य गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्ने उल्लेख छ। कार्यकारी परिषद्को २०७६।१०।२१ को निर्णयअनुसार २०६८।१।८ भन्दा अगाडि लिएको असाधारण विदासमेत नोकरी अवधिमा गणना गरी शिक्षक तथा कर्मचारीको पेन्सन दिएको र करारमा कार्यरत शिक्षक तथा कर्मचारीलाई ग्रेड रकम भुक्तानी दिएकोमा नेपाल सरकारको स्वीकृति लिएको देखिएन।

३४. **लेखापरीक्षण** - त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २५ मा विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ। यो वर्ष विश्वविद्यालयअन्तर्गत देहायका १०५ क्याम्पस तथा निकायले वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएका छैनन्। लेखापरीक्षण नगराउने निकायहरूलाई जिम्मेवार बनाई लेखापरीक्षण गर्न लगाउनुपर्दछ।

क्र.सं.	निकाय
१	त्रि. वि. शिक्षण अस्पताल, महाराजगन्ज
२	त्रिचन्द्र क्याम्पस, घण्टाघर
३	थापाथली क्याम्पस, काठमाडौं
४	चिकित्सा शास्त्र अध्ययन संस्थान डीनको कार्यालय
५	मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर,महाराजगंज
६	नेपाल कमर्श क्याम्पस, मिनभवन
७	शंकरदेव क्याम्पस, काठमाडौं
८	नेपाल ल क्याम्स, काठमाडौं
९	पद्मकन्या क्याम्पस

क्र.सं.	निकाय
१०	इ.अ.सं., पुल्चोक क्याम्पस
११	इन्जिनियरिङ अध्ययन संस्थान, डीन कार्यालय
१२	जन प्रशासन क्याम्पस, काठमाडौं
१३	पाटन संयुक्त क्याम्पस, ललितपुर
१४	सानोठिमी क्याम्पस
१५	त्रि.वि. शिक्षा परियोजना, कीर्तिपुर
१६	विश्वभाषा क्याम्पस, प्रर्दशनीमार्ग
१७	रत्नराज्य लक्ष्मी क्याम्पस
१८	अमृत साइन्स कलेज, लैनचौर
१९	विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय, कीर्तिपुर

क्र.सं.	निकाय
२०	कानुन संकाय डीनको कार्यालय, त्रिभुवन विश्वविद्यालय
२१	त्रि.वि. वन विज्ञान अध्ययन संस्थान डीनको कार्यालय
२२	त्रि.वि कृषि डीनको कार्यालय
२३	ठाकुरराम बहुमुखी क्याम्पस
२४	ललितकला क्याम्पस, काठमाडौं
२५	विविध ऋण कार्यक्रम, कीर्तिपुर
२६	अर्थशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
२७	मानविकी तथा समाजशास्त्र डीनको कार्यालय, कीर्तिपुर
२८	इ.अ.सं., परीक्षा नियन्त्रण महाशाखा, ललितपुर
२९	बी.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र, त्रि.वि.चि.शा.अ. संस्थान, महाराजगन्ज
३०	त्रि. वि. शिक्षाशास्त्र संकाय डीनको कार्यालय
३१	भक्तपुर बहुमुखी क्याम्पस
३२	त्रि.वि वन विज्ञान अध्ययन संस्थान, हेटौंडा
३३	व्यवस्थापन केन्द्रीय विभाग, कीर्तिपुर
३४	ई.अ.सं. डीनको कार्यालय, ऊर्जा अध्ययन केन्द्र, पुल्चोक
३५	त्रि.वि. निवृत्तिभरण तथा उपदान कोष, कीर्तिपुर
३६	सरस्वती बहुमुखी क्याम्पस, काठमाडौं
३७	महेन्द्ररत्न क्याम्पस, ताहाचाल
३८	भूगर्भ शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
३९	नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर
४०	आर्थिक विकास तथा प्रशासन अध्ययन केन्द्र, कीर्तिपुर
४१	त्रि.वि. व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र
४२	त्रि.वि. छापाखाना, कीर्तिपुर
४३	नेपाली केन्द्रीय विभाग, कीर्तिपुर
४४	कर्मचारी कल्याण कोष
४५	सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहा
४६	जनशक्ति विकास तथा कल्याण परिषद्
४७	वनस्पति शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
४८	जुम्ला बहुमुखी क्याम्पस, जुम्ला
४९	मानव शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
५०	शिक्षा शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
५१	जैविक प्रविधि केन्द्रीय विभाग, कीर्तिपुर
५२	रामपुर क्याम्पस, चितवन

क्र.सं.	निकाय
५३	स्कुल अफ मेनेजमेन्ट
५४	वातावरण केन्द्रीय विभाग
५५	ग्रामीण विकास केन्द्रीय विभाग
५६	त्रि.वि. समाजशास्त्र केन्द्रीय विभाग
५७	त्रि.वि. गणित केन्द्रीय विभाग
५८	भूगोल केन्द्रीय विभाग, कीर्तिपुर
५९	अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र, कीर्तिपुर
६०	प्राणीशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
६१	जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग, कीर्तिपुर
६२	रसायन शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
६३	भौतिक शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
६४	पुस्तकालय विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर
६५	ललितकला केन्द्रीय विभाग, कीर्तिपुर
६६	कम्प्युटर विज्ञान केन्द्रीय विभाग, काठमाडौं
६७	अंग्रेजी केन्द्रीय विभाग, कीर्तिपुर
६८	प्राकृतिक विज्ञान संग्रालय, छाउनी
६९	विद्यार्थी स्वास्थ्य उपचार कोष, कीर्तिपुर
७०	कम्प्युटर ऋण कार्यक्रम, कीर्तिपुर
७१	राजनीतिशास्त्र केन्द्रीय विभाग, काठमाडौं
७२	मनोविज्ञान केन्द्रीय विभाग, काठमाडौं
७३	इतिहास केन्द्रीय विभाग, काठमाडौं
७४	सामाजिक कार्य स्नातकोत्तर तह कार्यक्रम, कीर्तिपुर
७५	त्रि.वि. निवृत्तिभरण तथा उपदान वि. कोष
७६	भाषा विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर
७७	जनप्रशासन केन्द्रीय विभाग
७८	खुला दूरशिक्षा केन्द्र
७९	संस्कृत केन्द्रीय विभाग, कीर्तिपुर
८०	जल तथा मौसम विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर
८१	बौद्ध अध्ययन केन्द्रीय विभाग, कीर्तिपुर
८२	गृह विज्ञान केन्द्रीय विभाग, काठमाडौं
८३	एम.ए. इन जेण्डर, काठमाडौं
८४	जनशक्ति विकास तथा कल्याण परिषद
८५	हिन्दी केन्द्रीय विभाग, काठमाडौं
८६	मैथली केन्द्रीय विभाग, कीर्तिपुर
८७	नेपाल भाषा केन्द्रीय विभाग
८८	द्वन्द्व शान्ति विकास केन्द्रीय विभाग, कीर्तिपुर
८९	पब्लिक युथ क्याम्पस, धोबीचौर, काठमाडौं
९०	त्रिभुवन विश्वविद्यालय डेढ वर्षे ऋण सापटी
९१	त्रिभुवन विश्वविद्यालय ऋण सापटी

क्र.सं.	निकाय
९२	इ.अ.सं. प्रवेश परीक्षा बोर्ड
९३	इ.अ.सं. सूचना तथा सञ्चार प्रविधि केन्द्र
९४	जनस्वास्थ्य केन्द्रीय विभाग, महाराजगन्ज
९५	पत्रकारिता तथा आम सञ्चार केन्द्रीय विभाग
९६	विश्वविद्यालय क्याम्पस, कीर्तिपुर
९७	त्रिभुवन विश्वविद्यालय, अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक विभाग
९८	खेलकुद विज्ञान स्नातकोत्तर कार्यक्रम
९९	कानुन केन्द्रीय विभाग, प्रदर्शनी मार्ग

क्र.सं.	निकाय
१००	सुशासन तथा भ्रष्टाचार निवारण अध्ययन, कीर्तिपुर
१०१	श्रम अध्ययन स्नातकोत्तर कार्यक्रम, कीर्तिपुर
१०२	पर्यटन तथा आतिथ्य अध्ययन स्नातकोत्तर तह कार्यक्रम, कीर्तिपुर
१०३	त्रि.वि. कन्फुसियस इन्स्टिच्युट, कीर्तिपुर
१०४	गणित विज्ञान स्कुल कीर्तिपुर
१०५	परामर्श मनोविज्ञान स्नातकोत्तर कार्यक्रम, कीर्तिपुर

परीक्षा नियन्त्रण कार्यालय

त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको परीक्षा सञ्चालन गर्ने, परीक्षाफल प्रकाशित गर्ने र प्रमाणपत्र वितरण गर्ने लगायतका कार्य गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो। कार्यालयअन्तर्गत ४ क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय रहेका छन्।

३५. **बैङ्क हिसाब मिलान** - त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ३८ मा विश्वविद्यालयअन्तर्गतका हरेक निकायले आम्दानी खर्च किताबअनुसार हुन आउने बैङ्क मौज्दात र बैङ्क स्टेटमेन्टअनुसार मौज्दात रकम भिडान गरी अनिवार्य रूपमा हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। कार्यालयको २०८०।८१ को वित्तीय विवरणअनुसार रु.९९ करोड ९९ लाख ८२ हजार मौज्दात बाँकी रहेकोमा बैङ्क मौज्दात विवरणअनुसार रु.८९ करोड ८९ लाख ४८ हजार मौज्दात रहेकोले स्रेस्तामा भन्दा बैङ्कमा रु.१० करोड १० लाख ३४ हजार घटी मौज्दात देखिएको छ। कार्यालयले विगतदेखि नै बैङ्क हिसाब मिलान विवरण तयार नगरेकोले यस सम्बन्धमा छानबिन गरी बैङ्कमा घटी देखिएको रकम असुल गर्नुपर्दछ।

३६. **नतिजा प्रकाशन** - त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद्ले २०८०।६।२७ मा परीक्षा समाप्त भएको १०० दिनभित्रै परीक्षफल प्रकाशन गर्ने निर्णय गरेको छ। यो वर्ष सञ्चालित देहायअनुसारका परीक्षाको नतिजा प्रकाशन गर्न २०४ देखि ४०० दिनसम्म लागेको देखियोः

वर्ष	कार्यक्रम	परीक्षा सम्पन्न मिति	नतिजा प्रकाशन मिति	नतिजा प्रकाशन गर्न लागेको दिन
२०७९	बी.बी.एस्.चौथो वर्ष	२०७९।१२।२६	२०८०।७।२०	२०४ दिन
२०७९	बी.ए.पहिलो वर्ष	२०८०।१।२१	२०८१।१।१३	३५७ दिन
२०७९	बी.एड्.पहिलो वर्ष	२०८०।१।१४	२०८१।२।८	३८९ दिन
२०७९	बी.बी.ए.पहिलो वर्ष	२०८०।१।१६	२०८१।२।२१	४०० दिन
२०७९	बी.एड्.तेस्रो वर्ष	२०८०।४।६	२०८१।२।२६	३५०दिन
२०७९	बी.बी.एस्.तेस्रो वर्ष	२०८०।४।४	२०८१।३।२०	३४६ दिन
२०७९	बी.एड्.दोस्रो वर्ष	२०८०।५।६	२०८१।३।२०	३१४ दिन

नतिजा प्रकाशनमा ढिलाइ हुँदा विद्यार्थीको शैक्षिक सत्र तथा रोजगारीका अवसरमा भाग लिन असर पर्ने भएकाले तोकिएको समयमा परीक्षाफल प्रकाशन गर्नुपर्दछ।

शिक्षण अस्पताल, महाराजगन्ज (२०७९।८०)

दक्ष स्वास्थ्य जनशक्ति उत्पादन गर्ने उद्देश्यले नेपाल सरकार र जापान सरकारको संयुक्त सहयोगमा २०४०।०३।३० मा शिक्षण अस्पतालको स्थापना भई त्रिभुवन त्रिश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानद्वारा सञ्चालित यस अस्पतालमा हाल अन्तरंग सेवामा २२ विभाग अन्तर्गत ६१ निःशुल्क शय्यासहित ७७२ शय्यामार्फत सेवा प्रवाह भइरहेको छ।

३७. **हिसाब मिलान** - त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ३८ मा विश्वविद्यालयअन्तर्गतका हरेक निकायले आम्दानी खर्च किताबअनुसार हुन आउने बैङ्क मौज्दात र बैङ्क स्टेटमेन्टअनुसार मौज्दात रकम भिडान गरी अनिवार्य रूपमा हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। अस्पतालको २०८०।८१ को वित्तीय विवरणअनुसार रु.९४ करोड ७९ लाख ८६ हजार मौज्दात बाँकी रहेकोमा बैङ्क विवरणअनुसार रु.७४ करोड ३८ लाख १२ हजार मौज्दात रहेकोले स्रेस्तामाभन्दा बैङ्कमा रु.२० करोड ४१ लाख ७४ हजार घटी मौज्दात देखिएको छ। अस्पतालले विगतदेखि सबै खाताको बैङ्क हिसाब मिलान विवरण तयार नगरेकोले यस सम्बन्धमा छानबिन गरी बैङ्कमा घटी देखिएको रकम असुल गर्नुपर्दछ।

३८. **अस्थायी दरबन्दी** - त्रिभुवन विश्वविद्यालय विकेन्द्रीकरण नियम, २०५५ को नियम ५(७) (ङ) मा अध्ययन संस्थान, सङ्काय कार्यान्वयन समितिले आन्तरिक स्रोतबाट व्ययभार बेहोर्ने गरी बढीमा दुई वर्षको लागि अस्थायी दरबन्दी सिर्जना गरी करारमा नियुक्ति गर्नसक्ने र त्रिभुवन विश्वविद्यालय आन्तरिक स्रोत परिचालन निर्देशिका, २०७१ को बुँदा ६ (१) (क) मा आन्तरिक स्रोतको अनुमानित बजेटको कम्तीमा ३० प्रतिशत रकम पुँजीगत शीर्षकमा, १० प्रतिशत रकम सम्बन्धित निकायको जगेडा कोषमा, १० प्रतिशत रकम त्रि.वि. केन्द्रीय कार्यालयमा र बाँकी रकम सञ्चालन खर्च शीर्षकमा विनियोजन गरी खर्च गर्न सकिने उल्लेख छ। अस्पतालले यो वर्ष रु.२५ करोड ६० लाख ६४ हजार आन्तरिक आय प्राप्त गरेकोले सोको ५० प्रतिशतले हुने रु.१२ करोड ८० लाख ३२ हजार मात्र सञ्चालन खर्च शीर्षकमा विनियोजन गरी खर्च गर्न पाउने देखिन्छ। अस्पतालले यो वर्ष ७४० कर्मचारी करारमा नियुक्ति गरी रु.४१ करोड ५७ लाख ९० हजार खर्च गरेकोले निर्देशिकाले तोकेभन्दा रु.२८ करोड ७७ लाख ५८ हजार बढी खर्च गरेको नियमसम्मत देखिएन। नियमावलीमा उल्लिखित व्यवस्थाअनुसार खर्च गर्नुपर्दछ।

३९. **औषधि खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा खुल्ला रूपमा बोलपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पतालले फार्मेसीको लागि विगत वर्षमा गरेको खरिद सम्झौताको दरलाई आधार मानी यो वर्ष रु.१६ करोड १७ लाख ९ हजारको औषधी सोझै खरिद गरेको छ। खरिद ऐनमा उल्लिखित व्यवस्थाअनुसार बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई औषधि खरिद गर्नुपर्दछ।

राष्ट्रिय परीक्षा बोर्ड

शिक्षा ऐन, २०२८ अनुसार २०७३।३।१५ मा गठन भएको राष्ट्रिय परीक्षा बोर्डले कक्षा ९ देखि १२ सम्मको परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापनलगायत कार्य गर्दै आएको छ। बोर्डअन्तर्गत ७ प्रदेश

परीक्षा कार्यालय, ५ शाखा कार्यालय र कक्षा १० (एस.ई.ई) को परीक्षा नियन्त्रण कार्यालयसहित १३ कार्यालय रहेका छन्।

४०. **आय-व्यय -** यो वर्ष बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
	नेपाल सरकारको अनुदान	अन्य आय			
३९०८२६६	३३२९९६	१२५६८३०	५४९८०९२	१३५१०७५	४१४७०१७

बोर्डले यो वर्ष नेपाल सरकारको अनुदान रु.३३ करोड २९ लाख ९६ हजारसमेत कुल रु.५ अर्ब ४९ करोड ८० लाख ९२ हजार आय प्राप्त गरेकोमा रु.१ अर्ब ३५ करोड १० लाख ७५ हजार (२४.५७ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको हिस्सा २४.६५ प्रतिशत रहेको छ। बोर्डको अन्तिम मौज्दात रु.४ अर्ब १४ करोड ७० लाख रहेकोमा सो रकममा बोर्डका ३८१ कर्मचारीको अवकाश भुक्तानीको लागि नागरिक लगानी कोषमा जम्मा गरेको रु.१ अर्ब ४४ करोड ५४ लाख समावेश छ।

४१. **कक्षा १२ को परीक्षाफल -** परीक्षा बोर्डले प्रकाशित गरेको नतिजाअनुसार शैक्षिक सत्र २०७९।८० र २०८०।८१ को परीक्षाफल देहायअनुसार छः

जी.पी.ए.	२०७९।८०	२०८०।८१	प्रतिशत	२०७९।८० को आधारमा वृद्धि प्रतिशत
३.६१ - ४.००	६९७६	९५९१	२.४५	३७.४९
३.२१ - ३.६०	३८९९९	४६८९३	१२.००	२०.२४
२.८१ - ३.२०	६९१७४	७८०७५	१९.९७	१२.८७
२.४१ - २.८०	६३०७७	६१०३६	१५.६२	-३.२४
२.०१ - २.४०	११४३८	८२४०	२.११	-२७.९६
१.६१ - २.००	४७	१२	०.००	-७४.४७
ननग्रेडिङ्ग	१८२९२६	१८७०२१	४७.८५	२.२४
कुल जम्मा	**३७२६३७**	**३९०८६८**	**१००.००**	

उक्त परिणामलाई विश्लेषण गर्दा माथिल्लो ग्रेड ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत वृद्धि भएको देखिए तापनि ननग्रेडिङ्ग सङ्ख्या र प्रतिशत पनि वृद्धि भएको देखिन्छ।

पूर्वाञ्चल विश्वविद्यालय

प्रतिस्पर्धात्मक आधारमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा स्वस्थ शैक्षिक संरचनाको विकास गर्न कला, विज्ञान, प्रविधि, कानुन, व्यवस्थापन, शिक्षालगायत अन्य विषयहरूको अध्ययन, अध्यापन र अनुसन्धानको लागि मुख्य रूपमा जनस्तरबाट उच्च तहको शिक्षण संस्थाहरूको सञ्चालन गर्न पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० अनुसार यस विश्वविद्यालयको स्थापना भएको हो। यस विश्वविद्यालयअन्तर्गत ९ आङ्गिक र ११७ सम्बन्धन प्राप्त क्याम्पसहरू रहेका छन्।

४२. **आय-व्यय -** यो वर्ष विश्वविद्यायलयको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

यो वर्षको आय	जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात

नेपाल सरकारको अनुदान	अन्य आय			
२६६०००	१०६५६१५	१३३१६१५	७४६४८५	५८५१३०

विश्वविद्यालयले यो वर्ष नेपाल सरकारको अनुदान रु.२६ करोड ६० लाखसमेत कुल रु.१ अर्ब ३३ करोड १६ लाख १५ हजार आय प्राप्त गरेकोमा रु.७४ करोड ६४ लाख ८५ हजार (५६ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको हिस्सा ३५.६३ प्रतिशत रहेको छ।

४३. **जग्गाको सीमाङ्कन -** विश्वविद्यालयले नेपाल सरकारबाट मोरङ जिल्लाको साविक इन्द्रपुर, मृगौलिया र सुन्दरपुर गाउँ विकास समिति अन्तर्गतको ८०५ बिघा जग्गा भोगचलनको लागि २०५५ सालमा स्वीकृति प्राप्त गरेको छ। उक्त जग्गामध्ये ८० बिघा जग्गा घेरा पर्खाल लगाई शैक्षिक तथा प्रशासकीय भवनहरू निर्माण गरी प्रयोग गर्दै आएको छ। विश्वविद्यालयको जग्गाको सीमानामा कंक्रिट पिलर निर्माण गरी घेराबार गर्न एक निर्माण व्यवसायीसँग २०७४।२।२० मा रु.३६ लाख १३ हजारको खरिद सम्झौता भएकोमा सीमा छुट्याउने काम सम्पन्न भएको देखिएन। जग्गाको नापी तथा सीमाङ्कनको लागि एक परामर्शदातासँग २०७७।१०।२२ मा रु.४ लाख ८५ हजारको खरिद सम्झौता भएकोमा सो कार्य पनि सम्पन्न भएको देखिएन। नापी शाखा, बेलबारीले २०७७।११।०४ मा सुन्दर-हरैचा नगरपालिकालाई उक्त जग्गाको चारकिल्ला भित्र साविकमा नापनक्सा नभएको, नक्सा तथा फिल्डबुक समेत कार्यालयमा नरहेको बेहोरा उल्लेख गरी पत्राचार गरेको छ। जग्गाको सीमाङ्कन र अतिक्रमण सम्बन्धमा सरोकारवाला निकायसँग समन्वय गरी जग्गाको संरक्षण र उपयोग गर्नुपर्दछ।

सुदूरपश्चिम विश्वविद्यालय

कला, विज्ञान, चिकित्साशास्त्र लगायत विभिन्न विधाका विषयमा अध्ययन, अध्यापन र अनुसन्धानद्वारा दुर्गमलगायत सबै क्षेत्रका जनतालाई सुलभ रूपमा गुणस्तरयुक्त उच्च शिक्षाको अवसर उपलब्ध गराउने उद्देश्यले २०६७ सालमा यो विश्वविद्यालय स्थापना भएको हो। यस विश्वविद्यालयअन्तर्गत ६ संकाय, १५ आङ्गिक क्याम्पस, २ कार्यालय र ६ विभाग रहेका छन्।

४४. **आय-व्यय -** यो वर्ष विश्वविद्यायलयको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
नेपाल सरकारको अनुदान	अन्य आय			
५७४४२७	४३२६२९	१००७०५६	१०४६७९०	(३९७३४)

विश्वविद्यालयले यो वर्ष नेपाल सरकारको अनुदान रु.५७ करोड ४४ लाख २७ हजारसमेत कुल रु.१ अर्ब ७० लाख ५६ हजार आय प्राप्त गरेकोमा रु.१ अर्ब ४ करोड ६७ लाख ९० हजार (१०४ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको हिस्सा ५४.८८ प्रतिशत रहेको छ।

४५. **जग्गा अतिक्रमण** - विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ को नियम ९३(७) मा विश्वविद्यालयको जिम्मा वा स्वामित्वमा रहेका जुनसुकै स्रोतबाट प्राप्त हुन आएका सम्पत्ति, सुरक्षित राख्नु र राख्न लगाउनु प्रत्येक पदाधिकारी, शिक्षक र कर्मचारीहरूको कर्तव्य र उत्तरदायित्व हुने उल्लेख छ। विश्वविद्यालय र अन्तर्गतका निकायहरूको भौतिक सम्पत्तिको खोज, सङ्कलन तथा जगेर्ना

गर्न र समुचित तवरले अभिलेखीकरण गर्न गठित समितिको प्रतिवेदनमा विश्वविद्यालय र मातहतका निकायको पूर्ण स्वामित्वमा रहेको टीकापुर बहुमुखी क्याम्पसको ३८० बिघा जग्गामध्ये ३०० बिघा अतिक्रमण गरेको उल्लेख छ। विश्वविद्यालयले सम्बन्धित निकायसँग समन्वय गरी अतिक्रमित जग्गाको उचित संरक्षण गरी उपयोग गर्नुपर्दछ।

पोखरा विश्वविद्यालय

उच्च शिक्षामा निजी क्षेत्रको सहभागिता वृद्धि गरी कला, विज्ञान, व्यवस्थापन, कानुन, शिक्षा, प्राविधिक तथा अन्य व्यावसायिक विषयमा सर्वसाधारणलाई उच्च शिक्षाको अवसर उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्ति सुनिश्चित गर्न र देशको शैक्षिक एवं प्राज्ञिक वातावरणलाई बढी स्वच्छ, मर्यादित र उपलब्धिमूलक तुल्याउन पोखरा विश्वविद्यालय ऐन, २०५३ बमोजिम पोखरा विश्वविद्यालयको स्थापना भई सञ्चालनमा आएको हो। विश्वविद्यालयअन्तर्गत ४ संकाय, ४ आङ्गिक क्याम्पस, २ कार्यालय, १ अस्पताल र ५८ सम्बन्धन प्राप्त क्याम्पस रहेका छन्।

४६. **आय-व्यय -** यो वर्ष विश्वविद्यायलयको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
नेपाल सरकारको अनुदान	अन्य आय			
२९०६२४	१३५३०६६	१६४३६९०	७५७७३५	८८५९५५

विश्वविद्यालयले यो वर्ष नेपाल सरकारको अनुदान रु.२९ करोड ६ लाख २४ हजारसमेत कुल रु.१ अर्ब ६४ करोड ३६ लाख ९० हजार आय प्राप्त गरेकोमा रु.७५ करोड ७७ लाख ३५ हजार (४६ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको हिस्सा ३८.३५ प्रतिशत रहेको छ।

नेपाल खुला विश्वविद्यालय

खुला शिक्षा प्रणालीका नवीनतम शिक्षणविधि तथा प्रविधिको माध्यमबाट अध्ययन, अध्यापन तथा अनुसन्धानको व्यवस्था गरी उच्च शिक्षामा सर्वसाधारणको सहज पहुँच पुऱ्याई ज्ञान, सीप, प्रविधियुक्त जनशक्ति उत्पादन गर्न नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ अन्तर्गत २०७४।२।२९ मा खुला विश्वविद्यालयको स्थापना भई सञ्चालनमा रहेको छ।

४७. **आय-व्यय -** यो वर्ष विश्वविद्यायलयको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
	नेपाल सरकारको अनुदान	अन्य आय			
६४६६१२	११२३६०	९१०९०	८५००६२	१०५३२६	७४४७३६

विश्वविद्यालयले यो वर्ष नेपाल सरकारको अनुदान रु.१३ करोड ४७ लाख ३८ हजारसमेत कुल रु.८५ करोड ६२ हजार आय प्राप्त गरेकोमा रु.१० करोड ५३ लाख २६ हजार (१२.३९ प्रतिशत) खर्च गरेको छ।

४८. **प्रशासनिक भवन -** नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा ३ को उपदफा २ मा नेपाल खुला विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको स्थानमा रहने व्यवस्था छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०८०।३।२६ को निर्णयले विश्वविद्यालयको केन्द्रीय कार्यालय भक्तपुरको सानोठिमीमा राख्ने निर्णय गरी यो वर्ष भवन निर्माण गर्न रु.१२ करोड बजेट विनियोजन भएकोमा निर्माण कार्य सुरु भएको छैन। ललितपुर महानगरपालिकाको मानभवनमा मासिक रु.४ लाख ९५ हजार भाडा भुक्तानी गर्ने गरी घर भाडामा लिई यो वर्ष घरभाडामा रु.५९ लाख ३७ हजार खर्च गरेको छ। मन्त्रिपरिषद्को निर्णयबमोजिम भवन निर्माण गरी कार्य सञ्चालन गर्नुपर्दछ।

४९. **वैदेशिक सहायता -** नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ को दफा २८ को उपदफा २ मा विदेशी व्यक्ति, सरकार तथा अन्तराष्ट्रिय सङ्घ संस्थाबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ। विश्वविद्यालयले यो वर्ष फिनल्याण्डको एक विश्वविद्यालयबाट रु.९३ लाख ६४ हजार र नोराडबाट रु.१ करोड ३० लाख १४ हजार गरी जम्मा रु.२ करोड २३ लाख ७८ हजार अनुदान प्राप्त गरेकोमा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति लिएको देखिएन। अतः कानुनबमोजिम वैदेशिक सहायता प्राप्त गर्नुपर्छ।

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय

गुणस्तरीय प्राविधिक शिक्षामार्फत दक्ष जनशक्ति उत्पादन गरी श्रम बजारमा सक्षम प्राविधिक जनशक्ति उपलब्ध गराउने र देशमा प्राविधिक जनशक्तिको आपूर्ति गरी बेरोजगार कम गर्दै जाने र आयस्तरमा सुधार गर्ने उद्देश्यले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ अन्तर्गत यस विश्वविद्यालयको स्थापना भएको हो।

५०. **आय-व्यय -** यो वर्ष विश्वविद्यालयको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
	नेपाल सरकारको अनुदान	अन्य आय			
४०४८९७	५२००००	२४४७३	९४९३७०	४८९४६५	४५९९०५

विश्वविद्यालयले यो वर्ष नेपाल सरकारको अनुदान रु.५२ करोडसमेत कुल रु.९४ करोड ९३ लाख ७० हजार आय प्राप्त गरेकोमा रु.४८ करोड ९४ लाख ६५ हजार (५१.५५ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको हिस्सा शतप्रतिशत रहेको छ।

५१. **कर्मचारी व्यवस्थापन -** मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ऐन, २०७९ को दफा २५ मा विश्वविद्यालयले नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै पदाधिकारी तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्दा वा पारिश्रमिक वा सेवा सुविधा थप गर्नु अघि अर्थमन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स र सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ। विश्वविद्यालयले ९ जनालाई

परामर्शदाताको रूपमा दैनिक रु.३ हजार ४४६ देखि रु.१२ हजार ८०० सम्म पारिश्रमिक दिने गरी सोझै सम्झौता गरी अनुदान शीर्षकबाट रु.९८ लाख ४९ हजार खर्च लेखेको देखियो। विश्वविद्यालयको नियमित कामको लागि परामर्शदाता नियुक्त गरेको उपयुक्त देखिएन। विश्वविद्यालयले परामर्श सेवा लागत अनुमान तयार नगरी सोझै सम्झौता गरेको तथा आर्थिक दायित्व पर्ने विषयमा अर्थमन्त्रालयको स्वीकृतिसमेत नलिई खर्च लेखेको नियमसम्मत देखिएन। ऐन तथा नियमावलीको पालना हुनुपर्दछ।

मध्यपश्चिम विश्वविद्यालय

कला, विज्ञान, चिकित्साशास्त्र, कानुन, व्यवस्थापन, शिक्षा, प्राविधिक तथा अन्य व्यावसायिक विषयको अध्ययन, अध्यापन र अनुसन्धानद्वारा गुणात्मक र स्तरयुक्त उच्च शिक्षाको अवसर सबै क्षेत्रका जनतालाई सुलभ रूपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्ति गर्न र प्रतिस्पर्धाको आधारमा उच्च तथा प्राज्ञिक कक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै देशको शैक्षिक अझ बढी स्वच्छ, मर्यादित र उपलब्धिमूलक बनाउन नेपाल सरकारको लगानीमा मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ बमोजिम यस विश्वविद्यालयको स्थापना भएको हो। विश्वविद्यालयअन्तर्गत ७ संकाय, २६ आङ्गिक क्याम्पस र केन्द्रीय कार्यालयसमेत ५४ निकाय रहेका छन्।

५२. **आय-व्यय -** यो वर्ष विश्वविद्यालयको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
नेपाल सरकारको अनुदान	अन्य आय			
५९९४४२	२८४८३७	८८४२७९	९२३४७२	(३९१९३)

विश्वविद्यालयले यो वर्ष नेपाल सरकारको अनुदान रु.५९ करोड ९४ लाख ४२ हजारसमेत कुल रु.८८ करोड ४२ लाख ७९ हजार आय प्राप्त गरेकोमा रु.९२ करोड ३४ लाख ७५ हजार (१०४ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको हिस्सा ६४.९१ प्रतिशत रहेको छ।

५३. **बजेट स्वीकृति र निकासा -** मध्यपश्चिम विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ को नियम १७ मा आर्थिक वर्ष प्रारम्भ हुनुपूर्व कुनै कारणले सभाबाट बजेट स्वीकृत भई नसकेको भएमा सामान्यतया पुँजीगत बजेट शीर्षकअन्तर्गत खर्च गर्न नपाउने र स्वीकृत बजेटमा परेको तलब भत्ता र सञ्चालन खर्चको बढीमा २० प्रतिशतसम्म रजिष्ट्रारले निकासा दिनसक्ने उल्लेख छ। विश्वविद्यालयको सभाले २०८०।१२।२३ मा बजेट तथा कार्यक्रम स्वीकृत गरेको छ। केन्द्रीय कार्यालयले स्वीकृत बजेटभन्दा पुँजीगत खर्च शीर्षकमा रु.१ करोड ३ लाख ३ हजार र कार्यालय सञ्चालनमा रु.१ करोड २ लाख ९३ हजार गरी रु.२ करोड ५ लाख ९६ हजार बढी खर्च गरेकोमा विश्वविद्यालय सभाबाट स्वीकृत गराएको देखिएन। नियमावलीले तोकेको सीमाअनुसार बजेट स्वीकृत गरी खर्च लेख्नुपर्दछ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुर

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवं त्यस्ता तालिम दिने निकायहरूकाबिच समन्वय गरी सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने उद्देश्यले २०४५ मा परिषद्को स्थापना भएको हो। परिषद्अन्तर्गत केन्द्रीय कार्यालयसमेत ८१ कार्यालय रहेका छन्।

५४. **आय-व्यय** - यो वर्ष परिषद्को आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
	नेपाल सरकारको अनुदान	अन्य आय			
४२१७०७५	३४६८४८	२३५०६८५	६९१४६०८	२०७३६०९	४८४०९९९

परिषद्ले यो वर्ष नेपाल सरकारको अनुदान रु.३४ करोड ६८ लाख ४८ हजारसमेत कुल रु.६ अर्ब ९१ करोड ४६ लाख १ हजार आय प्राप्त गरेकोमा रु.२ अर्ब ७ करोड ३६ लाख ९ हजार (२९.९९ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको हिस्सा १६.७३ प्रतिशत रहेको छ।

५५. **विद्यार्थी भर्ना** - परिषद्ले श्रम बजारको मागका आधारमा उद्योगी, व्यवसायी तथा रोजगारदाताहरूको प्रत्यक्ष सहभागितामा छोटो अवधिका सीपमूलक तालिम कार्यक्रम तथा प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका कार्यक्रमहरू सञ्चालन गरी प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले शिक्षालयहरू तथा कार्यक्रमहरू विस्तार गर्दै आएको छ। विगत तीन वर्षको प्रशिक्षार्थी भर्ना क्षमता र भर्ना स्थिति निम्नानुसार छः

क्र.सं.	विवरण	२०७८।७९	२०७९।८०	२०८०।८१
१	डिप्लोमा तहको भर्ना क्षमता	४५३८४	४६९८९	४२६७१
२	प्रिडिप्लोमा तहको भर्ना क्षमता	३७९०५	२९३६५	२६८२२
	कुल भर्ना क्षमता	८३२८९	७६३५४	६९४९३
१	डिप्लोमा तहको भर्ना	२८८३०	२६६४१	२७३९०
२	प्रिडिप्लोमा तहको भर्ना	१०६५८	१००३१	८६४१
	कुल भर्ना	**३९४८८**	**३६६७२**	**३६०३१**
	भर्ना प्रतिशत	**४७.४१**	**४८.०३**	**५१.८५**

उल्लिखित विवरणअनुसार २०७९।८० को तुलनामा २०८०।८१ मा डिप्लोमा तहको भर्ना सङ्ख्या ७४९ ले बढेको र प्रिडिप्लोमाको भर्ना सङ्ख्या १३९० ले घटेको देखिन्छ।

नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङ

संस्कृत भाषा तथा शिक्षाको आधुनिकीकरण र यसको मूल्य मान्यताको जगेर्ना गर्न नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ अनुसार विश्वविद्यालयको स्थापना भएको हो। विश्वविद्यालयअन्तर्गत केन्द्रीय कार्यालय, सेवा आयोगको कार्यालय, विद्यापीठ, विद्यालय लगायत १९ एकाइ रहेका छन्।

५६. **आय-व्यय –** यो वर्ष विश्वविद्यालयको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

यो वर्षको आय		जम्मा आय	यो वर्षको खर्च	बाँकी मौज्दात
नेपाल सरकार अनुदान	अन्य आय			
८५७९७८	७९४५१	९३७४२९	८७७८१८	५९६११

विश्वविद्यालयले यो वर्ष नेपाल सरकारको अनुदान रु.८५ करोड ७९ लाख ७८ हजारसमेत कुल रु.९३ करोड ७४ लाख २९ हजार आय प्राप्त गरेकोमा रु.८७ करोड ७८ लाख १८ हजार

(९३.६४ प्रतिशत) खर्च गरेको छ। सो खर्चमध्ये नेपाल सरकारको अनुदानको हिस्सा ९७.७४ प्रतिशत रहेको छ।

५७. **जग्गा अतिक्रमण** - विश्वविद्यालयको अभिलेखअनुसार विश्वविद्यालय र आङ्गिक विद्यापीठको स्वामित्वमा तराईमा १ हजार ७१८ बिघा १८ कठ्ठा र पहाडी क्षेत्रमा १०२ रोपनी ९ आना जग्गा रहेको देखिन्छ। उक्त जग्गामध्ये ४०८ बिघामा मोही कायम भएको र १२ बिघामा स्वामित्व विवाद रहेको उल्लेख छ। दाङको देउखुरीमा रहेको १ हजार ३३६ बिघा तथा बेलझुण्डी क्षेत्रमा रहेको ३२६ बिघामध्ये ३५ बिघासमेत १ हजार ३७१ बिघा जग्गा २०५८ सालदेखि अतिक्रमणमा परेको छ। अतिक्रमित जग्गाको उचित संरक्षण र उपयोग गर्नुपर्दछ।

५८. **जगेडा कोष** - नेपाल संस्कृत विश्वविद्यालय आर्थिक प्रशासनसम्बन्धी नियम, २०६७ को नियम ५(१) मा विश्वविद्यालयले खास खास खर्च र दायित्व बेहोर्ने वा ब्याज वा अन्य प्रतिफल आर्जन गर्ने प्रयोजनका लागि नियममा व्यवस्था भएका अतिरिक्त अन्य कोषहरू सञ्चालन गर्न सक्ने व्यवस्था छ। विश्वविद्यालयमा पदक तथा छात्रवृत्तिलगायतका ८ कोष सञ्चालनमा रहेकोमा ती कोषहरूमा यो वर्षको अन्त्यसम्म रु.८३ करोड ४९ लाख ४८ हजार मौज्दात रहेको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा विद्यालय भौतिक भवन निर्माण तथा मर्मत सुधार समयमा नभएको, खर्च भई बाँकी रकम फिर्ता नगरेको, पुँजीगत सम्पत्तिको उचित संरक्षण तथा व्यवस्थापन नभएको, संस्थागत विद्यालयको शुल्क अनुगमन, त्रिभुवन विश्वविद्यालयका केही निकायको समयमै लेखापरीक्षण नगराएको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

  आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ मा प्रत्यक मन्त्रालय वा निकायमा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति रहने व्यवस्था भए पनि मन्त्रालयले तद्अनुसारको समिति बनाएको छैन। लेखापरीक्षण प्रतिवेदन तथा सरोकारवालाले उठाएका विषयहरूमा सुधार गरी स्वचालित रूपमा शैक्षिक प्रशासन सञ्चालन गर्न उक्त समिति गठन गर्नुपर्दछ। गत विगत वर्षको लेखापरीक्षणमा, वर्षान्तमा तोकिएको सीमाभन्दा बढी रकमान्तर गरेको, छात्रवृत्तिको अनुगमन नगरेको, विदेशी संस्थाबाट सम्बन्धन लिएका शिक्षण संस्थाहरूले पालना गर्नुपर्ने कार्य नगरेकोमा कारबाही नगरेको, नयाँ शैक्षिक कार्यक्रम सञ्चालन अनुमति दिएकोले पनि नवीकरण नगर्दा कारबाही नगरेको लगायतका बेहोरा यो वर्ष पनि दोहोरिएका छन्। लेखापरीक्षण तथा सरोकारवालाले दिएको सुझाव कार्यान्वयन गर्ने संयन्त्र बनाई कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ ६२ निकायमा रु.२२ करोड ३४ लाख ३१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ४८ हजार फर्स्यौंट गरेकोले रु.२२ करोड ३१

लाख ८३ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.९ करोड ३१ लाख ६९ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।

- सङ्गठित, अन्य संस्था र समिति ३२८ तर्फ रु.३ अर्ब ४६ करोड २७ लाख ६९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५७ करोड २४ लाख ६७ हजार फर्स्यौट गरेकोले रु.२ अर्ब ८९ करोड ३ लाख २ हजार बाँकी रहेको छ। सोमध्ये रु.३ करोड ८० लाख १३ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सिर्जना, रोजगारीका लागि सीपयुक्त जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्धन, बालश्रम निवारण, विदेशीहरूको लागि श्रम स्वीकृति लगायतका कार्य रहेका छन्। सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत २१ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत १८ सरकारी कार्यालयको निम्नानुसार रु.७ अर्ब ८० करोड ७६ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१०११४	६३९	५९९१९	७४०४	७८०७६

२. **सङ्गठित र अन्य संस्था** - यो वर्ष ३ संस्थाको रु.१ खर्ब ३ अर्ब ९८ करोड ४६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **सूचना प्रविधि लेखापरीक्षण** - यो वर्ष वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन** - मन्त्रालयले पेस गरेको प्रगति विवरणअनुसार पन्ध्रौं योजनाको प्रमुख नतिजा सूचकको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	एकाइ	२०७५।७६ को आधार वर्ष	१५ औं योजनाको लक्ष्य	प्रगति
१.	सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान	हजारमा	२.६	३०	१९
२.	श्रम सम्झौता भएका गन्तव्य मुलुक	सङ्ख्या	८	१४	१२
३.	सूचीकृत बेरेजगारहरूमध्येबाट रोजगार पाउने सङ्ख्या	हजारमा	-	८६	६५
४.	सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको सङ्ख्या	लाखमा	-	२५	१४.९१

सामाजिक सुरक्षा योजनामा ३० हजार प्रतिष्ठान समावेश हुनुपर्नेमा १९ हजार पुगेको, श्रम सम्झौता भएका मुलुक सङ्ख्या १४ हुनुपर्नेमा १२ सँग भएको, सूचीकृत बेरोजगारमध्येबाट रोजगार पाउने सङ्ख्या ८६ हजारको लक्ष्य रहेकोमा ६५ हजारले पाएको, सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको सङ्ख्या २५ लाखको लक्ष्य रहेकोमा १४ लाख ९१ हजार आबद्ध भएको अवस्था छ। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्यले निर्धारण गरेबमोजिम सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्धन गरी सन् २०३० सम्ममा कम्तीमा ७ प्रतिशत वार्षिक कुल गार्हस्थ उत्पादनमा वृद्धि कायम राख्ने लक्ष्य रहेकोमा वार्षिक औसत वृद्धिदर ४.२ प्रतिशत रहेको देखिन्छ। यसै गरी सबैका लागि सामाजिक संरक्षण प्रणाली र उपाय लागु गर्ने र गरिब तथा

जोखिममा रहेकालाई उल्लेख्यरूपमा समेट्ने लक्ष्य रहेकोमा सामाजिक सुरक्षा कोषमा यस वर्षसम्म १४ लाख ९१ हजार ५४० लाभग्राही आबद्ध भएका छन्। आर्थिक वृद्धि, मर्यादित रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी दिगो विकास लक्ष्य हासिल गर्नुपर्दछ।

६. **वार्षिक कार्यक्रम र प्रगति–** मन्त्रालयको यो वर्षको बजेट, खर्च तथा वित्तीय प्रगति स्थिति निम्नानुसार छः

(रू हजारमा)

कार्यक्रम	विनियोजित बजेट	वार्षिक खर्च	वित्तीय प्रगति प्रतिशत
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	१७७७०५	१२५४४२	७०.५९
वैदेशिक रोजगार न्यायाधीकरण	२५६००	२३९४१	९३.५२
रोजगार प्रवर्धन कार्यक्रम	४०१२००	३६३०४८	९०.४९
प्रधानमन्त्री रोजगार कार्यक्रम	५४४००	१७७४४	३२.६२
युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना	३६०९८५	४९४२१	१३.६९
वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि पुनः एकीकरण परियोजना पहिलो चरण	१३६०००	९९२४३	७२.९७
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग	४९३००	२९०२६	५८.८८
श्रम तथा रोजगार कार्यालयहरू	१८३४७५	१५३०५२	८३.४२
व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र	२५९००	१६२४२	६२.७१
वैदेशिक रोजगार विभाग	१४७२००	१२४०७७	८४.२९
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान	२९३३००	६७७६२	२३.१
वैदेशिक रोजगार बोर्डको सचिवालय	२०५००	२०१३४	९८.२१
जम्मा	**१८७५५६५**	**१०८९१३२**	**५८.०७**

मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनअनुसार यो आर्थिक वर्ष युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजनाको १३.६९ प्रतिशत, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको २३.१ प्रतिशत र प्रधानमन्त्री रोजगार कार्यक्रमको ३२.६२ प्रतिशत प्रगति भएको देखियो। लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

७. **विप्रेषण प्राप्ति र परिचालन-** नेपाल राष्ट्र बैङ्कद्वारा प्रकाशित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन २०८०।८१ अनुसार रु.१४ खर्ब ४५ अर्ब विप्रेषण प्राप्त भएको देखिन्छ। यो विप्रेषण रकम गत वर्ष रु.१२ खर्ब २० अर्ब ५६ करोडको तुलनामा १८.३८ प्रतिशतले बढी रहेको छ। सस्तो र सुलभ ढङ्गले विप्रेषण प्राप्त गर्ने तथा लागत घटाउने संयन्त्र निर्माण गरी विप्रेषणको प्राप्ति र परिचालनलाई व्यवस्थित गर्नुपर्दछ।

८. **लेखापरीक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आयव्यय तथा कारोबारको महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको लागि स्वीट्जरल्याण्ड सरकारको सोझै भुक्तानी अनुदानबाट पुनः एकीकरण परियोजना र रोजगार प्रवर्धन कार्यक्रममा रु.४४ करोड १२ लाख ५० हजार खर्च गरेकोमा सोसम्बन्धी स्रेस्ता लेखापरीक्षणमा पेस भएको छैन। नेपाल सरकार अर्थ मन्त्रालय र स्वीट्जरल्याण्ड सरकारबिच २०७५।५।२० मा भएको सम्झौतामा सोझै भुक्तानी

अनुदानको लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट हुने गरी सम्झौतामा उल्लेख भएको देखिन्छ। उल्लिखित कानुनी व्यवस्थाअनुसार सबै प्रकारका सहायता तथा अनुदानका आम्दानी र खर्चहरूको लेखापरीक्षण गराउनुपर्दछ।

९. **बजेट र खर्च -** मन्त्रालयको लागि यो वर्ष विनियोजन भएको बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	१९५९८	१७८७२	१०४४१	५८.४२
पुँजीगत	७९६००	८८३३८	४५०	५०.९६
जम्मा	**२०३९४**	**१८७५६**	**१०८९१**	**५८.०७**

मन्त्रालयको शीर्षकगत विनियोजनको तुलनामा चालुतर्फ ५८.४२ र पुँजीगततर्फ ५०.९६ प्रतिशत खर्च भएकोले बजेटको प्रभावकारी कार्यान्वयन भएको देखिएन। विनियोजनबमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१०. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ अनुसार बेरोजगारको तथ्याङ्क सङ्कलन, पहिचान र सूचीकरण, रोजगारदातासँग समन्वय र सहकार्यका माध्यमबाट रोजगारी सिर्जना र पदस्थापना गर्ने, वैदेशिक रोजगारमा जानेलाई सहजीकरण र परामर्श तथा फर्केकालाई पुनः एकीकरणलगायतका कार्यक्षेत्रगत सर्त तोकी प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरी कार्य सम्पादन गर्नुपर्ने व्यवस्थाअनुसार यो कार्यक्रम सञ्चालन भई यो वर्ष रु. ४ अर्ब ७२ करोडसमेत यस वर्षसम्म रु.२३ अर्ब ४५ करोड खर्च भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

यस वर्षको लेखापरीक्षणबाटः

- *तोकिएको तालिम कार्यक्रममा खर्च नगरी अन्तरक्रिया तथा गोष्ठीमा रु.९८ लाख २८ हजार खर्च गरेको,*
- *वैदेशिक रोजगार कल्याणकारी कोष ऐनविपरीत सवारीसाधन खरिद, भ्रमण खर्च, मेला तथा नियोगहरूमा कर्मचारी नियुक्त गरी रु ४ करोड १२ लाख ९ हजार खर्च लेखेको लगायतका बेहोरा देखिएका छन्।*

१०.१. यो वर्ष श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन एकाइ र ७५३ स्थानीय तहसमेत ७५४ निकायमार्फत खर्च भएको छ। मन्त्रालयअन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम, कार्यान्वयन एकाइबाट नेपाल सरकारको स्रोततर्फ रु.१ करोड ७७ लाख ४४ हजार र विश्व बैङ्कको ऋण सहायतातर्फ रु.४ करोड ९४ लाख २१ हजारसमेत रु.६ करोड ७१ लाख ६५ हजार खर्च भएको छ। मन्त्रालयले २०८०।८१ मा सबै स्थानीय तहलाई ससर्त अनुदान उपलब्ध गराएकोमा महालेखा नियन्त्रक कार्यालयको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट प्राप्त वित्तीय विवरणअनुसार नेपाल सरकारको स्रोततर्फ रु.२ अर्ब ६ करोड २३ लाख ३५ हजार र विश्व बैङ्कको ऋण सहायतातर्फ रु.२ अर्ब ६६ करोड ६ लाख ९१ हजारसमेत रु.४ अर्ब ७२ करोड ३० लाख २६ हजार खर्च भएको छ। अधिकतम रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१०.२. आर्थिक सर्वेक्षण २०८०।८१ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रोजगार सेवा केन्द्रबाट ८ लाख ८५ हजार १५३ सूचीकृत बेरोजगारमध्ये ६४ हजार ८१७ जनाले औसत ७९ दिन न्यूनतम रोजगारी प्राप्त गरेको देखिन्छ। रोजगार सेवा केन्द्रमा बाह्य तथा आन्तरिक रोजगारको सूचना तथा

तथ्याङ्कको विवरण अद्यावधिक गरेको देखिएन। कार्यक्रमको दिगोपना र अपनत्वका लागि स्थानीय तहसँग लागत साझेदारी गरी रोजगारी सिर्जना गर्नुपर्दछ।

युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना

विश्व बैङ्कको अमेरिकी डलर १२ करोड ऋण सहयोगमा सञ्चालित यस आयोजनाले प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आबद्ध भई रोजगारीको अवसर सिर्जना गर्ने र उपलब्ध रोजगारीका अवसरहरूमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै श्रमिकको आयमा वृद्धि तथा लक्षितवर्गको जीवनयापनमा सुधार गर्ने लक्ष्य लिएको छ। यो आयोजना २७ नोभेम्बर २०१९ देखि कार्यान्वयनमा रहेको छ।

११. **समीक्षा गोष्ठी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागत अनुमान स्वीकृत हुनुपर्ने व्यवस्था छ। आयोजना व्यवस्थापन एकाइले यो वर्ष स्थानीय तहमा सञ्चालन गरिने कार्यस्थलमा आधारित सीप विकास तथा जीवन उपयोगी तालिममा रु.१७ करोड ३७ लाख ८५ हजार विनियोजन गरेको छ। आयोजनाले कार्यस्थलमा आधारित सीप विकास तथा जीवन उपयोगी तालिम कार्यक्रम सञ्चालन नगरी स्थानीय तहका पदाधिकारी तथा कर्मचारीसँगको अन्तर्क्रिया तथा गोष्ठी गरी रु.९८ लाख २८ हजार खर्च गरेको पाइयो। ऋण सहायताबाट सञ्चालित आयोजनाको मुख्य कार्य सीप विकास तालिम सञ्चालन, कार्यस्थलमा आधारित सीप विकास तालिम पाठ्यक्रम तर्जुमा, सरकारी सूचना प्रणालीमा आबद्धतालगायतका कार्य नभएको अवस्थामा प्राप्त सहायता रकम अन्तर्क्रिया तथा गोष्ठी सञ्चालन गरी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गरी खर्चलाई मितव्ययी र प्रतिफलमूलक बनाउनुपर्दछ।

१२. **सेवा परामर्श तथा श्रव्य दृश्यसामग्री-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने उल्लेख छ। आयोजनाले मासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने, लेखापरीक्षण र वित्तीय अनुगमनमा सहयोग गर्ने, खरिद योजना तयार गर्ने, खरिदसम्बन्धी कागजात तयार गर्ने, लेखापरीक्षणका लागि आवश्यक अभिलेख र कागजात सुरक्षित राख्नेलगायतका कार्यको लागि खरिद र वित्तीय विज्ञ नियुक्ति गरी ८ परामर्शदातालाई यो वर्ष रु.१ करोड ११ लाख २ हजार भुक्तानी गरेको छ। यस आयोजनाको लागि सीप विकास तालिम सञ्चालन, कार्यस्थलमा आधारित सीप विकास तालिम पाठ्यक्रम तर्जुमा, सरकारी सूचना प्रणालीमा आबद्धतालगायतका कार्यक्रम सञ्चालन गर्ने गरी रु.१९ करोड २२ लाख ८५ हजार विनियोजन भएकोमध्ये स्थानीय तहमा रु. १७ करोड ३७ लाख ८५ हजारको कार्यस्थलमा आधारित सीप विकास तथा जीवन उपयोगी तालिम, पाठ्यक्रम तर्जुमा, सरकारी सूचना प्रणालीमा आबद्धता लगायतका सञ्चालन नभएको अवस्थामा सो कार्यक्रमसग सम्बन्धित श्रव्य दृश्य, अडियो तथा सन्देशमूलक सामग्रीहरूको उत्पादन र प्रसारणमा रु.५१ लाख २९ हजार खर्च भएको देखिन्छ।

श्रम तथा व्यवसाय जन्य सुरक्षा विभाग

यस विभागले देशभित्र श्रम सम्बन्धको विकास, श्रमिक हक हित प्रवर्धन, आन्तरिक श्रम बजार सर्वेक्षण, श्रमसम्बन्धी विषयमा राय, सुझाव उपलब्ध गराउने, श्रमसम्बन्धी तथ्याङ्क एवं सूचनाहरू उपलब्ध गराउनेलगायतका श्रम प्रशासनसम्बन्धी कार्य गर्दै आएको छ।

१३. **श्रम परीक्षण -** श्रम नियमावली, २०७५ को नियम ५६ मा श्रम ऐन तथा नियमावलीबमोजिम काम कारबाही भए नभएको सम्बन्धमा प्रत्येक वर्षको पौष मसान्तभित्र मन्त्रालयले तोकेको मापदण्डबमोजिम प्रतिष्ठानको आफ्नै व्यवस्थापकीय तहको श्रमिक वा श्रम क्षेत्रसँग सम्बद्ध अन्य कुनै व्यक्ति वा संस्थामार्फत श्रम लेखापरीक्षण गराई नियमावलीको अनुसूची १० बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा गलत विवरण उल्लेख भएको पाइएमा श्रम कार्यालयले गलत विवरण दिने व्यक्ति र प्रतिष्ठानको व्यवस्थापकलाई पटकै पिच्छे ऐनको दफा १६३(२)ख बमोजिम रु.२० हजार जरिबाना गर्न सक्ने व्यवस्था छ। प्रत्येक प्रतिष्ठानले श्रम सम्बन्धी ३०, योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी २, बोनससम्बन्धी ३, ट्रेड युनियनसम्बन्धी २ र व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीतिको कार्यान्वयनसँग सम्बन्धित ४१ विषयमा परीक्षण गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। विभागले यो वर्ष ५ हजार प्रतिष्ठानको परीक्षण प्रतिवेदन सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेकोमा ४ हजार १३९ को प्रतिवेदन प्राप्त गरेको छ। सङ्कलित प्रतिवेदनको कार्यान्वयन गराउनेतर्फ विभागले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको देखिँदैन। श्रम परीक्षणलाई गुणस्तरीय बनाई कार्यान्वयन गर्नुपर्दछ।

१४. **व्यवसायजन्य सुरक्षा -** श्रम नियमावली, २०७५ को नियम ४८(१) अनुसार विभागले यो वर्ष व्यवसायजन्य सुरक्षा तथा श्रम मापदण्ड पालना भए नभएको सम्बन्धमा ३ हजार ८४० बालश्रम निरीक्षण तथा ३ हजार ८३० प्रतिष्ठानको निरीक्षण गरेको प्रगति प्रतिवेदनबाट देखिन्छ। सो निरीक्षणमा हेटौँडाबाट २ लाई उद्धार गरी १ लाई अभिभावकको जिम्मा लगाएको र १ लाई सिविन नेपालको जिम्मा लगाई रु.१० हजार जरिबाना र रु.२४ हजार क्षतिपूर्ति दिलाएको छ। सो कार्यको लागि अनुगमन मूल्याङ्कनमा रु. ७ लाख ७८ हजार खर्च भएको छ। विभागको निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार अधिकतम ध्वनि मापनका लागि स्तर मापदण्ड, २०७३ बमोजिम कार्यस्थलको प्रकाश तथा ध्वनि मापनका लागि आवश्यक उपकरण प्रयोग गरी अवस्था विश्लेषण गर्नुपर्नेमा उपकरणको प्रयोग नभएको, तापक्रमसम्बन्धी मापदण्ड तयार नभएको स्थिति छ। निरीक्षणबाट व्यवसायजन्य सुरक्षा तथा श्रम समिति गठन नगरेको, व्यवसायजन्य सुरक्षा तथा श्रम नीति नबनाएको, फोहोरमैलाको उचित व्यवस्थापन नभएको, मेसिन औजारहरूमा उपयुक्त सुरक्षाबारे सङ्केत चिन्ह नरहेको, सुरक्षा हेल्मेट, पन्जा तथा अन्य सामान उपलब्ध नगराएको लगायत स्वास्थ्य तथा सुरक्षासम्बन्धी व्यवस्थामा सुधार गर्नुपर्दछ।

१५. **श्रम दक्षता प्रतिस्थापन–** विभागको कार्यविवरणमा स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धी, दक्ष एवं सीपयुक्त जनशक्तिको उत्पादन तथा रोजगारका अवसर सिर्जना गर्ने उल्लेख छ। विभागले यो वर्ष १ हजार २० गैरनेपाली नागरिकलाई नयाँ श्रम स्वीकृति प्रदान गरेको र १ हजार ६६५ को श्रम स्वीकृति नवीकरणसमेत २ हजार ६८५ गैर नेपालीलाई श्रम स्वीकृति प्रदान गरेको छ। विभागले श्रम स्वीकृति प्रदान गर्दा प्रतिस्थापन योजना पेस गर्ने व्यवस्था गरे तापनि कार्यान्वयन अवस्था र श्रम स्वीकृत नलिने वा नवीकरण नगराउनेको सम्बन्धमा अनुगमन गरेको पाइएन। त्यसैगरी श्रम बजारको मागअनुसार श्रमिकको सीप र दक्षता अभिवृद्धि गर्ने गरी क्रियाकलाप सञ्चालन भएको देखिएन। श्रम दक्षता प्रतिस्थापन सम्बन्धमा विभागले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ।

वैदेशिक रोजगार विभाग

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम विभागले वैदेशिक रोजगार अनुमति दिने, अनुमति नवीकरण गर्ने, अनुगमन गर्ने, वैदेशिक रोजगारीको सम्बन्धमा परेका उजुरीको आवश्यक जाँचबुझ गर्ने गराउने र क्षतिपूर्ति भराउनेलगायतका कार्य गर्दै आएको छ ।

१६. **सेवा प्रवाह -** वैदेशिक रोजगारीको लागि २०८०।८१ मा व्यक्तिगत ९५ हजार ३८, संस्थागत ३ लाख ५३ हजार १६३, सरकार सरकारबिच ११ हजार ९०१ र पुनः श्रम स्वीकृतिसमेत ७ लाख ४१ हजार २९७ नेपाली कामदारले श्रम स्वीकृति प्राप्त गरेका छन्। वैदेशिक रोजगारीको लागि संस्थागत रूपमा श्रम स्वीकृति पाएका ३ लाख ५३ हजार १६३ मध्ये एक कम्पनीले ३ हजार ९४० र ५६ संस्थाले एक हजारभन्दा बढीको तथा बाँकी अन्य संस्थाले १ हजार भन्दा कम सङ्ख्याको श्रम स्वीकृति लिएको देखिन्छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१६.१. कार्यालयले अनलाइन सेवा शुरू गरेपछि कार्यालय बाहिर रहेका अनलाइन फर्म भर्ने कार्यको लागि खुलेका निजी सेवा प्रदायकहरूले शुल्क लिने र आवश्यक कागजात नभए पनि निवेदन गरिदिनेलगायतका कारणले सेवाग्राही मर्कामा परेको उजुरीहरू रहेको पाइयो। अनलाइन सेवा शुल्कमा एकरूपता गर्ने, सेवा प्रदायकको कानुनी मान्यताको लागि अनिवार्य दर्ता हुनुपर्ने, तोकिएको भन्दा बढी सेवा शुल्क लिन नपाइने र आवश्यक कागजातसहित निवेदन गर्न मिल्ने गरी प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

१६.२. सेवाग्राहीको व्यक्तिगत र सेवा प्रवाहसँग सम्बन्धित सूचनाको सुरक्षाको लागि आवश्यक प्रबन्ध हुनुपर्दछ। विभागले सञ्चालनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली कार्यालयका कर्मचारीहरूले जुनसुकै आईपी एड्रेसबाट सञ्चालन गरेको पाइयो। कार्यालय प्रमुख तथा अधिकृत कर्मचारीहरूले श्रम स्वीकृतिसम्बन्धी सिफारिस, प्रमाणित तथा स्वीकृत गर्ने कार्य कार्यालय समयभन्दा बाहिर अनधिकृत आईपी एड्रेसमार्फत गर्दा अनियमितता हुने र सूचनाको सुरक्षामा जटिलता हुने अवस्था देखिएकोले कार्यालयको आईपी एड्रेसबाट मात्र प्रणाली सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।

१७. **वैदेशिक रोजगारीको सम्झौता -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने उल्लेख छ। आर्थिक सर्वेक्षण २०८०।८१ अनुसार संस्थागत रूपमा ११० र व्यक्तिगत रूपमा १७८ देशमा वैदेशिक रोजगारको लागि पठाउन/जान खुल्ला गरेकोमा हाल इराक र लिबियामा रोक्का गरेको छ। संस्थागत, व्यक्तिगत, वैधानिकीकरण र नवीकरणसमेत २०७५।७६ मा ५ लाख ८ हजार ८२८, २०७६।७७ मा ३ लाख ६८ हजार ४३२, २०७७।७८ मा १ लाख ६६ हजार ६९८, २०७८।७९ मा ६ लाख ३१ हजार २१०, २०७९।८० मा ७ लाख ७१ हजार ३२७ र २०८०।८१ मा ७ लाख ४१ हजार २९७ व्यक्ति रोजगारीका लागि विदेश गएको देखिन्छ। रोजगारीमा गएकामध्ये १२ देशसँग मात्र श्रम सम्झौता भएको छ।

१८. **भिसा र टिकट -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा २४ मा कुनै खास मुलुक वा कम्पनीको लागि प्रति कामदार सेवा शुल्क र प्रवर्धन खर्च (प्रवेशाज्ञा शुल्क र कामदारको कोटा उपलब्ध गराउँदा स्वदेश तथा विदेशमा हुने विविध खर्चसहित) संस्थाले लिन पाउने रकमको अधिकतम हद तोक्ने उल्लेख छ। मन्त्रालयले २०७२।३।२१ मा प्रमुख ७ श्रम गन्तव्य मुलुकमा जाने नेपाली कामदारको भिसा तथा

टिकटको रकम रोजगारदाताले नै बेहोर्नुपर्ने निर्णय गरेको छ। साथै सर्वोच्च अदालतले २०७५।९।१८ मा निःशुल्क भिसा र टिकटको निर्णय प्रभावकारी ढङ्गले लागु गर्न निर्देशनात्मक आदेश जारी गरेको छ। विभागको अभिलेखअनुसार २०८०।८१ मा वैदेशिक रोजगारीमा गएका कुल सङ्ख्या ७ लाख ४१ हजार २९७ मध्ये युनाइटेड अरब इमिरेट्स, मलेसिया, कतार र साउदी अरबसमेत प्रमुख ७ गन्तव्य मुलुकमा मात्र ६ लाख ४३ हजार ८०४ (८७ प्रतिशत) वैदेशिक रोजगारीमा गएको देखिन्छ। प्रमुख गन्तव्य मुलुकहरूमध्ये युनाइटेड अरब इमिरेट्समा मात्र १ लाख ९३ हजार ४३८ (२६ प्रतिशत) वैदेशिक रोजगारीमा गएको देखिन्छ। प्रमुख गन्तव्य मुलुकहरूको भिसा र टिकट प्राप्ति सहज र मितव्ययी बनाउनुपर्दछ।

१९. **वैदेशिक रोजगार व्यवसाय कोष -** वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २५(३) मा ऐनको दफा ११ बमोजिम इजाजत माग गर्ने संस्थाबाट प्राप्त धरौटी रकमको नब्बे प्रतिशत मुद्दती खातामा लगानी गरी प्राप्त हुने ब्याजको पच्चीस प्रतिशत रकम विभागले वैदेशिक रोजगार व्यवसाय कोषमा जम्मा गर्नुपर्ने र सो रकम नियम २५(४) बमोजिम इजाजतपत्रवालाको व्यावसायिक क्षमता अभिवृद्धि तथा कल्याणकारी कार्य वा वैदेशिक रोजगार सम्बन्धी अध्ययन अनुसन्धानको काममा उपयोग गर्नुपर्ने उल्लेख छ। विभागले यो वर्ष धरौटीबापत प्राप्त भएको रु.४ अर्ब ३३ करोड विभिन्न १२ वाणिज्य बैङ्कको मुद्दती खातामा लगानी गरी प्राप्त गरेको ब्याज रु. २६ करोड ६६ लाख २५ हजारसमेत रु.४ अर्ब ५९ करोड ६६ लाख २५ हजारमध्ये वैदेशिक रोजगार व्यवसाय कोषमा रु.५ करोड १५ लाख ८७ हजार जम्मा गरेको छ। कोषमा जम्मा भएको रकम नियमावलीमा तोकिएको कार्यमा उपयोग गर्नुपर्नेमा सवारी साधन खरिदमा रु.५२ लाख ९९ हजार, मन्त्रालयको विविध खर्चमा रु.१२ लाख १३ हजार र ७ कर्मचारीको वैदेशिक भ्रमणमा रु. २२ लाख ८८ हजार खर्च गरेको पाइयो। नियमावलीमा व्यवस्था गरेको बाहेकका शीर्षकमा खर्च गर्नु उचित देखिएन। त्यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *नियमावलीको व्यवस्था विपरीत वैदेशिक रोजगार व्यवसाय कोषबाट रु.८८ लाख खर्च गरेको,*
- *सामाजिक सुरक्षा कोषबाट दाबी भुक्तानी गर्दा जोखिम न्यूनीकरणको लागि बिमा वा पुनर्बिमा नगरेको,*
- *विनियमावली विपरीत सामाजिक सुरक्षा कोषमा करार कर्मचारी नियुक्त गरी रु. ४६ लाख ५५ हजार खर्च लेखेको,*
- *सीपयुक्त जनशक्तिको आपूर्ति र रोजगारको दिगोपनाको अनुगमन नभएको,*
- *व्यवसायजन्य सुरक्षा तथा मापदण्डको पालनाको अनुगमन नभएको,*
- *श्रम स्वीकृति नलिने वा नवीकरण नगर्नेको अनुगमन नभएको लगायतको बेहोरा देखिएका छन्।*

२०. **बिगो र क्षतिपूर्ति -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३६ बमोजिम रोजगारदाता संस्थाले सम्झौतामा तोकिएको सर्तअनुसार रोजगार उपलब्ध नगराएमा सो को प्रमाणसहित कामदार वा निजको प्रतिनिधिले विभाग समक्ष क्षतिपूर्ति पाउनका लागि उजुरी गर्न सक्ने र उजुरी मनासिब देखिएमा वैदेशिक रोजगारमा जानको लागि लागेको सम्पूर्ण खर्चको क्षतिपूर्ति भराउने आदेश दिन सक्ने व्यवस्था छ। विभागको अभिलेखअनुसार यो वर्ष रु.१ अर्ब ७६ करोड ४९ लाख १६ हजार माग दाबी सहित ७ हजार ७६३ उजुरी परेकोमा ३ हजार ८४९ उजुरी फर्स्यौंट भई रु. ३० करोड ९३ लाख ९० हजार क्षतिपूर्ति रकम निर्धारण भएको छ। सोमध्ये विभागको धरौटी खाताबाट रु. ३ करोड ८६ लाख ७५ हजार क्षतिपूर्ति वितरण भएको र बाँकी रु. २७ करोड ७ लाख १५ हजार क्षतिपूर्ति भराएको सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन। यसरी

४९.५८ प्रतिशत उजुरी फर्स्यौंट हुँदा कुल माग दाबीको १७.५३ प्रतिशत मात्र क्षतिपूर्ति निर्धारण हुने गरी निर्णय भएको छ। फर्स्यौंट हुन बाँकी उजुरी ३ हजार ९१४ को बिगो दाबी रकम खुलाई उजुरीहरूको अद्यावधिक अभिलेख राखी निर्णय कार्यान्वयनमा शीघ्रता ल्याउनुपर्दछ।

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान

श्रम बजारको मागअनुरूप दक्ष जनशक्ति उत्पादन गरी स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न, उद्यमशीलता विकासमार्फत उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न विभिन्न नाममा सञ्चालित तालिम कार्यक्रम तथा निकायलाई एकीकृत गरी केन्द्रीय तालिम प्रदायक निकायको रूपमा कार्य गर्न विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिम प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठानको २०८०।८१ को आय व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय		व्यय	
शीर्षक	रकम	शीर्षक	रकम
गत वर्षको मौज्दात	१००८६	नेपाल सरकारको अनुदानबाट खर्च	३०२८४
नेपाल सरकारको अनुदान	३०२८४	आन्तरिक आयबाट खर्च	४०१००
सेवा शुल्कको आय (ई.पी.एस. कार्यक्रम)	३९६९४	बैङ्क मौज्दात	९६८०
जम्मा	**८००६४**	**जम्मा**	**८००६४**

प्रतिष्ठान नेपाल सरकारको अनुदानमा मात्र निर्भर रहेकोले आन्तरिक आयको स्रोत पहिचान गरी प्रतिष्ठानलाई आत्मनिर्भर बनाउनुपर्दछ।

२१. **सीप परीक्षण -** राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० अनुसार गठन भएको प्रतिष्ठानबाट व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन निर्देशिका, २०६९ को बुँदा १४(४) मा बाह्य तालिम प्रदायक संस्थाले प्रदान गर्ने तालिमको कार्यक्षेत्रगत सर्तमा ३९० घण्टा बराबर वा सोभन्दा बढी अवधिको तालिम प्राप्त गर्न व्यक्तिको अनिवार्य सीप परीक्षण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सीप परीक्षणमा सहभागी भएका २ हजार ११८ मध्ये १ हजार १९२ (५६.२८ प्रतिशत) ले मात्र सीप परीक्षण उत्तीर्ण गरेको देखियो। सीप परीक्षणको लागि प्रति प्रशिक्षार्थी रु.२ हजार १९० को दरले ९२६ जनाको लागि रु.२० लाख २८ हजार खर्च भएको देखिन्छ। तालिमको गुणस्तरमा सुधार गरी उत्तीर्ण दरमा वृद्धि गर्नुका साथै दक्ष जनशक्ति उत्पादन हुनेगरी सीप विकास तालिम सञ्चालन गर्नुपर्दछ।

२२. **तालिमको अभिलेख -** यस प्रतिष्ठानले प्रदान गर्ने तालिम कार्यक्रमहरू वैदेशिक रोजगार बोर्ड, शिक्षा मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलगायतका निकायहरूबाट समेत सञ्चालन गर्ने गरेको छ। श्रम बजारमा सीपयुक्त जनशक्तिको माग र मागअनुसारको तालिम सञ्चालनबाट सीपयुक्त जनशक्तिको आपूर्ति गरी रोजगारीको दिगोपनाको अनुगमन गर्न तालिम प्रदायक एकै निकायबाट तथ्याङ्क राख्ने गरेको देखिएन। प्रतिष्ठानमा सूचना प्रविधिमा आधारित अभिलेख प्रणाली लागु गरे तापनि त्यसले सहभागी छनोट तथा तालिम लिएका व्यक्तिको विवरण मात्र प्राप्त भएकाले थप सुधार गरी एकीकृत अभिलेख तथा अनुगमन प्रणालीको विकास गर्नुपर्दछ।

२३. **कार्यक्रम कार्यान्वयन -** प्रतिष्ठानको लागि यस वर्ष सीप विकास तथा जनचेतना तालिम गोष्ठीको लागि रु. ११ करोड ५४ लाख ५० हजार विनियोजन भएकोमा रू ७१ लाख ६० हजार (६.२० प्रतिशत) खर्च भएको छ। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी लक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

सूचना प्रविधि लेखापरीक्षण

वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली

नेपालमा प्रत्येक वर्ष करिब ८ लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन्। वैदेशिक रोजगार सम्बद्ध सेवाप्रवाहलाई आधुनिक सूचना प्रविधिको माध्यमबाट व्यवस्थित बनाउने उद्देश्यले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०७६ स्वीकृत भएको छ। अनलाइन पद्धतिमार्फत वैदेशिक रोजगार सम्बन्धी सेवा प्रदान गर्न कम्प्युटरमा आधारित वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फरेन इम्पोलोइमेन्ट इन्फरमेशन मेनेजमेन्ट सिस्टम, फेमिस) सञ्चालनमा रहेको छ। वैदेशिक रोजगार विभागबाट सञ्चालित यस प्रणालीमा वैदेशिक रोजगारमा संलग्न सरकारी निकायहरूबाट प्रदान गरिने सेवा सुविधा विद्युतीय प्रणाली मार्फत एउटै साझा प्लेटफर्मबाट पाउन सक्ने व्यवस्था रहेको छ। वैदेशिक रोजगारको लागि आवश्यक पर्ने कागजात तथा जानकारीहरू विद्युतीय माध्यमबाट व्यवस्थित गरी सरोकारवाला संस्थाहरूलाई यस प्रणालीसँग आबद्ध गर्न सञ्चालित यस प्रणालीको सुधारका क्षेत्रहरू पहिचान गर्न वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

यस प्रणाली सञ्चालनबाट अनलाइन सेवा लिन सकिने, कामदारहरूको बायोमेट्रिक विवरणको अभिलेख रहने, श्रम स्वीकृतिको हरेक चरणको विद्युतीय अभिलेख रहने, गुनासा र उजुरीहरूको विद्युतीय अभिलेख व्यवस्थापन हुने, विमानस्थलमा श्रम स्टिकर र बायोमेट्रिक विवरण रुजु गर्न सकिने, सरोकारवालाहरूको अनुगमन कार्यमा सहजीकरण हुने लगायतका सकारात्मक पक्षहरू देखिएका छन्। प्रणालीको समुचित एवं विस्तारित उपयोगबाट वैदेशिक रोजगार सम्बन्धी कार्य सम्पादनको समय र लागतमा न्यूनता ल्याउन सकिने अवस्था छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

२४. **वैदेशिक रोजगार** - वैदेशिक रोजगार विभागको प्रणालीबाट प्राप्त भएको २०७६।७७ देखि २०८०।८१ सम्म ५ वर्षको वैदेशिक रोजगारसम्बन्धी विवरण निम्नानुसार छः

पछिल्लो ५ वर्षमा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको विवरण									
आ. व.	पहिलो पटक गएका			पुनः गएका			कुल जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
२०७६।७७	१७२२४७	१८२०६	१९०४५३	१६७७५३	१०२२७	१७७९८०	३४००००	२८४३३	३६८४३३
२०७७।७८	६४९०३	७१७८	७२०८१	९०३३९	४२७८	९४६१७	१५५२४२	११४५६	१६६६९८
२०७८।७९	३१५८०६	३३०६२	३४८८६८	२६५१५६	१६०६६	२८१२२२	५८०९६२	४९१२८	६३००९०
२०७९।८०	४४०७२४	५३५००	४९४२२४	२५८४६९	१८६३४	२७७१०३	६९९१९३	७२१३४	७७१३२७
२०८०।८१	४००५४५	५९५५७	४६०१०२	२६०५८०	२०६१५	२८११९५	६६११२५	८०१७२	७४१२९७
जम्मा	**१३९४२२५**	**१७१५०३**	**१५६५७२८**	**१०४२२९७**	**६९८२०**	**१११२११७**	**२४३६५२२**	**२४१३२३**	**२६७७८४५**

स्रोतः वैदेशिक रोजगार विभागको सूचना प्रणाली

उल्लिखित विवरणअनुसार विगत ५ वर्षमा कुल २६ लाख ७७ हजार ८४५ जनाले वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति लिएको देखिन्छ। वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेमध्ये रु.१५ लाख ६५ हजार ७२८ जना (५८ प्रतिशत) ले पहिलो पटक श्रम स्वीकृति लिएको

तथा रु.११ लाख १२ हजार ११७ जना (४२ प्रतिशत) ले पुनः श्रम स्वीकृति लिएको देखिन्छ। वैदेशिक रोजगारीमा गएकामध्ये ९१ प्रतिशत पुरुष र ९ प्रतिशत महिला रहेका छन्।

पुनः श्रम स्वीकृति लिनेलाई युनिक(फरक) गणना गर्न राष्ट्रिय परिचय पत्रसँग आबद्ध गरी वास्तविक रूपमा श्रम स्वीकृति प्राप्त गर्नेको विवरण अद्यावधिक गर्नुपर्दछ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिहरू विभिन्न माध्यमार्फत वैदेशिक रोजगारीमा गएको देखिन्छ। व्यक्तिगत तवरबाट, व्यवसायीमार्फत र सरकारमार्फत गरी वैदेशिक रोजगारीमा गएको देखिन्छ।

विगत ५ वर्षमा पहिलो पटक वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूले रोजगारीमा जानको लागि अवलम्बन गरेको माध्यम

माध्यम	पुरुष	महिला	जम्मा	जम्मामध्ये प्रतिशत
व्यक्तिगत तवरमा	१८२१५४	४७३५३	२२९५०७	१५.००
व्यवसायीमार्फत	११८१५७८	१२१३३६	१३०२९१४	८३.००
सरकारमार्फत	३०४९३	२८१४	३३३०७	२.००
जम्मा	१३९४२२५	१७१५०३	१५६५७२८	-
प्रतिशत	८९.०५	१०.९५		१००.००

स्रोतः वैदेशिक रोजगार विभागको सूचना प्रणाली

उल्लिखित विवरणअनुसार वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेमध्ये व्यक्तिगत तवरमा, व्यवसायीमार्फत र सरकारमार्फत जानेको हिस्सा क्रमशः १५, ८३ र २ प्रतिशत रहेको देखिन्छ। सरकारले प्रमुख श्रम गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गरी निःशुल्क भिसा तथा निःशुल्क टिकट प्रणाली लागु गरेको अवस्थामा समेत अधिकांश व्यक्तिहरू वैदेशिक रोजगार व्यवसायीमार्फत रोजगारीमा गएको देखिँदा विभागको प्रणाली प्रयोगमैत्री रहेको सम्बन्धमा सुनिश्चित हुन सकिएन।

(नोट- उल्लिखित तथ्याङ्कमा व्यक्तिगत तवरमा गएको सङ्ख्यामा भ्रमण भिसामा विदेश गई काम गर्ने र पछी श्रम स्वीकृति लिने व्यक्तिहरू समेतलाई समावेश गरिएको छ।)

२५. **नीति तथा रणनीति कार्यान्वयन -** एप्लिकेशन सफ्टवेयर विकास र प्रयोग गर्दा उक्त प्रणाली व्यवस्थापन सम्बन्धी सम्पूर्ण प्रक्रियालाई मार्गदर्शन गर्ने गरी स्पष्ट नीति सहितको सूचना व्यवस्थापन नीति तर्जुमा गरी लागु गर्नुपर्नेमा विभागले सो अनुसार गरेको देखिएन। साथै सूचना प्रविधिको माध्यमबाट निर्धारित उद्देश्य पुरा गर्नका लागि आवश्यक पर्ने हार्डवेयर,सफ्टवेयर,नेटवर्क लगायतका सूचना प्रविधि पूर्वाधार प्रबन्ध गर्न, सूचना प्रविधिमा आउन सक्ने सम्भाव्य जोखिमको पूर्वानुमान गरी न्यूनीकरण गर्न र सूचना प्रविधिलाई समसामयिक रूपमा स्तरोन्नति र विकास गर्न प्रणाली विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा विभागले त्यस्तो रणनीति तयार गरेको छैन। वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी सञ्चालनका लागि नीति एवं रणनीति तर्जुमा गरी सो अनुरूप कार्यान्वयन गर्नुपर्दछ।

२६. **प्रणालीमा पहुँच व्यवस्थापन -** प्रणालीबाट उपलब्ध हुने वैदेशिक रोजगारसम्बन्धी सेवा प्रदान गर्न प्रत्यक्ष रूपमा संलग्न आन्तरिक र बाह्य प्रयोगकर्ताले प्रणालीमार्फत कार्य गर्नुपर्ने व्यवस्था गरिए पनि विभागले प्रणालीको मेन सिस्टम एडमिनिस्ट्रेटर, लोकल सिस्टम एडमिनिस्ट्रेटर, सहायक सिस्टम एडमिनिस्ट्रेटर लगायतका प्रयोगकर्ताको पहुँच र दायित्व व्यवस्थापन सम्बन्धमा स्पष्ट नीति तयार गरी लागु गरेको पाइएन। साथै कर्मचारीले प्रणालीमा प्राप्त गर्ने पहुँचको प्रकृतिअनुसार स्पष्ट रूपमा किटान गरी कार्य

विभाजन र कार्य विवरण तयार गरी जिम्मेवारी तोक्ने गरेको पाइएन। संस्थागत प्रयोगकर्ताको हकमा सूचना प्रविधि कर्मचारी नियुक्ति गर्दा नै कार्य विवरण र विषय विज्ञता स्थापित गर्नुपर्नेमा नगरी कार्य गराउने गरिएको छ। यसबाट प्रणालीको गुणस्तर र सुरक्षामा असर पर्ने जोखिम रहन्छ। तसर्थ मेन सिस्टम एडमिनिस्ट्रेटर, लोकल सिस्टम एडमिनिस्ट्रेटर, डाटाबेस एडमिनिस्ट्रेटर, साइबर सेक्युरेटी एक्सपर्ट लगायतका विज्ञतासहितको कार्यविभाजन र कार्यविवरण तयार गरी पहुँच व्यवस्थापन गर्नुपर्दछ।

२७. **जनशक्ति व्यवस्थापन** - वर्तमान र भविष्यका आवश्यकतालाई सम्बोधन गर्ने उत्तराधिकारी योजना सहितको जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। विभागमा १ सूचना प्रविधि निर्देशक र २ कम्प्युटर इन्जिनियरको दरबन्दी रहेकोमा सूचना प्रविधि निर्देशक र कम्प्युटर इन्जिनियर एकको पद रिक्त रहेको पाइयो। सूचना प्रविधिमा दक्षता हासिल गरेका जनशक्ति अन्यत्र सरुवा भई गएमा वा अवकाश भएमा निजको कार्यभार सम्हाल्ने गरी उत्तराधिकारी योजना तयार गर्ने तथा कार्यालयबाट अन्यत्र सरुवा भई जाने अनुपात कम गरी कार्यालयमा दक्ष जनशक्ति टिकाई राख्ने रिटेन्सन योजना समेत तयार गरेको छैन। सफ्टवेयर तथा हार्डवेयर सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी पूर्ण रूपमा तेस्रो पक्षलाई दिँदा तेस्रो पक्षमाथि निर्भर हुनुपर्ने अवस्था छ। विभागमा रहेका जनशक्तिलाई आवश्यक सीप र प्रविधि हस्तान्तरण गराई आफ्नै दक्ष जनशक्ति मार्फत प्रणाली व्यवस्थापन हुने गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

२८. **डिजिटल डाटाको पूर्णता र शुद्धता जाँच** - वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०७६ को बुँदा नं. १४ मा डिजिटल डाटाको पूर्णता र शुद्धता जाँच गर्न विभाग र सम्बन्धित कार्यालयमा कार्यालय प्रमुखको नेतृत्वमा पूर्णता र शुद्धता जाँच समितिको व्यवस्था गरिएको छ। विभाग र कार्यालयहरूमा डाटाको प्रविष्टि र अद्यावधिक कार्यको नियमित अनुगमनको जिम्मेवारी रहेको समितिको गठन र नियमित कार्यसम्पादन भएको पाइएन। डाटाको प्रविष्टि तथा अद्यावधिक गर्ने कार्यमा स्पष्ट नभएका विषयहरूमा निर्देशन वा सुझाव दिन र डिजिटल तथ्याङ्कलाई विश्वासिलो र भरपर्दो बनाउन समितिले सक्रिय रूपमा कार्य सम्पादन गर्नुपर्दछ। साथै निर्देशिकाको व्यवस्थाबमोजिम पूर्णता र शुद्धता जाँचको नियमित अनुगमन र प्रतिवेदन गर्नुपर्दछ।

२९. **मोबाइल एप्स** - प्रविधिमा आएको नवीनतम परिवर्तन र विकाससँगै सूचना प्रणालीलाई समयसापेक्ष (कम्प्याटिबल) बनाउन, यसको निरन्तर परिमार्जन र विकास गर्दै लैजाने असल अभ्यास रहेको छ। वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीलाई निरन्तर स्तरोन्नति र विकास गर्दै लैजान नसकिँदा यो प्रणाली मोबाइल एप्स कम्प्याटिबल रहेको पाइएन। सेवाग्राहीले श्रम स्वीकृति, वैदेशिक रोजगारीमा जानु पूर्व सम्पादन गर्नुपर्ने प्रक्रिया, वैदेशिक रोजगारीको समयमा आउने समस्या तथा जोखिमको जानकारी सुरक्षा निकाय तथा दूतावास एवं म्यानपावर कम्पनीलगायतलाई दिन सक्ने र वैदेशिक रोजगारीबाट फर्किएपछि प्राप्त ज्ञान सिपको अभिलेख स्थानीय तहलाई अभिलेख हुने गरी मोबाइल एप्सको विकास गरी नागरिक एपसँग अन्तरआबद्ध गर्न सकेको देखिँदैन। जसको कारण प्रणाली प्रयोगकर्तामैत्री हुन नसकी अधिकांश सेवाग्राहीहरू प्रणाली आफैं नचलाई एजेन्सी सेवाको मद्दत लिने अवस्था विद्यमान छ। अतः प्रणाली स्तरोन्नति गरी प्रणालीलाई मोबाइल प्रयोगकर्तामैत्री बनाउनुपर्दछ।

३०. **एकरूपता र विश्वसनीयता** - विभागबाट श्रम स्वीकृति लिएका कामदारमध्ये वास्तविक रूपमा श्रम स्वीकृति लिएकै गन्तव्य देशमा श्रमिक प्रस्थान गरेको वास्तविक प्रतिवेदन प्रणालीमा देखिएन। श्रम

स्वीकृति लिएको गन्तव्य देशमा नगई पुनः अर्को श्रम स्वीकृति लिने गरेको अवस्थामा सोको अनुगमन (ट्र्याकिङ्) प्रणाली मार्फत् हुन सकेको छैन। श्रम स्वीकृति लिएको संख्या र सोमध्ये वैदेशिक रोजगारीमा गएको संख्या प्रणालीबाट प्राप्त नहुने अवस्था छ। प्रणालीलाई राष्ट्रिय परिचयपत्र प्रणालीसँग अन्तरआबद्धता गरी सबै प्रकारका सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्ने, अध्यागमन विभागमा सञ्चालित सूचना प्रणालीबाट रियलटाइम प्रमाणित तथ्याङ्क प्राप्त हुने र सो तथ्याङ्कसमेतको भिडान गरी यथार्थ प्रतिवेदन प्राप्त गरी प्रतिवेदन प्रणाली विकास गर्नुपर्दछ।

३१. **जोखिम मूल्याङ्कन र व्यवस्थापन** - कार्य वातावरणमा पर्ने सम्भावित जोखिमको आकलन गरी न्यूनीकरण र व्यवस्थापनको लागि उपयुक्त नीति, संरचना र स्रोत व्यवस्था गर्नुपर्दछ। यस अन्तरगत संगठनात्मक सुरक्षा, भौतिक तथा वातावरणीय सुरक्षा, सफ्टेवयर सुरक्षा, प्रयोगकर्ता सुरक्षा र डाटाबेस सुरक्षा लगायत पर्दछन्। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

३१.१. विभागले कार्यवातावरणमा आउन सक्ने सम्भावित संगठनात्मक जोखिमको पूर्वानुमान गरी नियन्त्रण वातावरण निर्माण गर्नुपर्दछ। विभागले प्रणालीको सुरक्षा जोखिम न्यूनीकरण र नियन्त्रणको स्पष्ट रणनीति तर्जुमा गरेको पाइएन। निर्देशक समिति गठन भए तापनि समितिले नियमित बैठक बस्ने, जोखिम व्यवस्थापन, प्रणालीको समसामयिक सुधार गरेको पाइएन। डिजिटल तथ्याङ्कको वर्गीकरण र नियमित शुद्धता जाँच गरेको पाइएन। सूचना प्रविधि सुरक्षाका लागि स्पष्ट जिम्मेवारी तोकी सम्बन्धित कर्मचारीलाई कार्यविवरण नदिएको, तेस्रो पक्षको पहुँच र प्रयोगको सम्बन्धमा नियमित अनुगमन मूल्याङ्कन हुने गरेको पाइएन। जसले संगठनात्मक सुरक्षा जोखिम सृजना गर्न सक्ने भएकाले यस तर्फ विभागले सुधार गर्नुपर्दछ।

३१.२. सूचना प्रविधिमा आएको परिवर्तन, प्रयोगकर्ताको संख्या, अन्तरसम्बन्धित निकायको संख्यामा भएको वृद्धि समेतलाई ध्यानमा राखी हार्डवेयर स्तरोन्नति गर्ने सम्बन्धमा कार्यालयको स्पष्ट नीति, कार्ययोजना र आवश्यक स्रोत व्यवस्थापन, नियमित मर्मत सम्भारको व्यवस्था, हार्डवेयर परिवर्तन गरेको सम्बन्धमा स्पष्ट अभिलेखीकरण गर्ने, हार्डवेयरको रिटायरमेन्ट योजना तर्जुमा गरी कार्यान्वयन गर्ने अभ्यास रहि आएको छ। विभागले सन् २०१६ मा प्रणाली सञ्चालनको लागि खरिद गरिएका हार्डवेयरको रिटायरमेन्ट योजना समेत तयार गरेको छैन। साथै, टेक्नोलोजी र डाटाबेसलाई विस्तारित सेवा अनुसार सञ्चालन गर्नका लागि स्तरोन्नति समेत गरिएको छैन। एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) मा रहेको यस विभागको हार्डवेयर तथा उपकरण अहिलेको आवश्यकताअनुसार अपुग भएको, वारेन्टी अवधि सकिएको, सर्भर र नेटवर्क उपकरणको सञ्चालन अवधि सम्पन्न भइसकेको देखिन्छ। यसले प्रणाली निरन्तरताको जोखिम सिर्जना हुने अवस्था छ। तसर्थ कार्यालयले सर्भर, नेटवर्क तथा हार्डवेयर पूर्वाधारको आवश्यकता अनुसार प्रतिस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

३१.३. प्रणालीमा अन्तरआबद्ध अन्य प्रणालीमा समेत सेवाग्राहीको तथ्याङ्क र सूचनाहरू जाने र त्यस्ता तथ्याङ्क र सूचनाहरू अन्य कार्यालयलाई आवश्यक हुने भएकाले, यस प्रणालीमा प्रविष्ट भएका सूचना तथा तथ्याङ्कहरू पूर्ण रूपमा शुद्ध तथा वैधानिकताको जाँच भएको हुनुपर्दछ। अन्तरसम्बन्धित निकायसँगको छलफलमा समेत विश्वसनीय सूचना तथा तथ्याङ्क प्रविष्ट नहुँदा सेवा प्रवाहमा असहजता सिर्जना भएको गुनासो समेत प्राप्त भएकाले, प्रविष्ट भएको सेवाग्राहीको व्यक्तिगत सूचना सोही सेवाग्राहीकै हो भन्ने यकिन

गर्न मोबाइल फोनमा ओटीपी प्रदान गर्ने, साथै तथ्याङ्कीय शुद्धता जाँच समितिले निरन्तर अनुगमन र परीक्षण गर्नुपर्दछ।

३१.४. प्रणाली सञ्चालक निकायले आफ्नो प्रणालीमा आउन सक्ने वातावरणीय सुरक्षा जोखिम जस्तैः अत्यधिक तापक्रम, आर्द्रता पानी चुहावटका कारणले हुने क्षति, आगलागी, भूकम्प लगायतका प्रकोपका कारण भौतिक क्षति, विद्युतीय आपूर्तिको गडबडी, धुलो वा अन्य फोहर लगायतबाट सञ्चालन अवरोधको जोखिम रहन्छ। यसबाट प्रत्युत्पादक जोखिमको रूपमा हार्डवेयर नष्ट हुने तथा तथ्याङ्क हराउने लगायतलाई न्यून गर्न सम्भावित सुरक्षा जोखिमहरूको पूर्वानुमान गरी उपयुक्त नियन्त्रण वातावरण सहितको सुरक्षा रणनीति अपनाउने अभ्यास रहेको छ। विभागले वातावरणीय सुरक्षा जोखिमको पूर्वानुमान गरी नियन्त्रण वातावरण र जोखिम न्यूनिकरण रणनीति तर्जुमा गरी लागु गरेको पाइएन। विभागले सूचना प्रविधि प्रणालीहरू एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) बाट सञ्चालन गरेको भए तापनि अन्य उपकरणहरूको हकमा सो अनुसारको सुरक्षा प्रबन्ध गरेको पाइएन। वातावरणीय जोखिमको पूर्वानुमान गरी उपयुक्त सुरक्षा रणनीति, योजना तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

३२. **सफ्टवेयर सुरक्षा** - सफ्टवेयरको सुरक्षा प्रबन्धका लागि सम्भावित सुरक्षा जोखिम विश्लेषण गरी नियमित रूपमा डाटा ब्याकअप तथा इन्फरमेशन सेक्युरिटी अडिट गरी आवश्यक सुधार गर्दै लैजाने अभ्यास रही आएको छ। विभागसँग सुरक्षा जोखिम व्यवस्थापनको पूर्वानुमान र सो सम्बन्धी स्पष्ट नीति नभएको तथा नियमित रूपमा त्यस्तो अडिट समेत गरेको छैन। आपत्कालीन अवस्थाको लागि डाटाको सुरक्षाको विकल्प प्रकोप पुनःस्थापना पूर्वाधार पहिला तयार गरिए तापनि हाल पूर्ण रूपमा सञ्चालनमा आएको पाइएन। विभागले सफ्टवेयरको समसामयिक विकास नगर्दा सपोर्ट सर्भिस समेत प्राप्त भएको छैन। साथै एस्क्युएल् सर्भर, २०१८ को सपोर्ट सर्भिसको म्याद जुलाई २०२४ मा समाप्त भएको अवस्था छ। यसबाट सफ्टवेयरको कार्यसम्पादन र सुरक्षा दुवैमा असर पर्ने देखिएकोले विभागले सम्भावित सुरक्षा जोखिम विश्लेषण गरी त्यस्ता समस्या समाधान गर्नुपर्दछ।

३३. **प्रयोगकर्ता सुरक्षा** - प्रणालीमा संलग्न प्रयोगकर्ताको कारणबाट हुन सक्ने सुरक्षा जोखिम विश्लेषण गरी प्रयोगकर्ताले प्रणालीमा प्राप्त गर्ने पहुँचको आधारमा उपयुक्त सुरक्षा नीति तयार गरी सो अनुसार कार्यान्वयन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

३३.१. कार्यालयले प्रणालीमा संलग्न सबै निकायगत प्रयोगकर्ता र व्यक्तिगत प्रयोगकर्ताको लागि आम नागरिकले बुझ्न सक्नेगरी प्रणाली सञ्चालनको निर्देशिका तयार गरी प्रयोगकर्ता सहजताका लागि त्यस्तो निर्देशिका प्रकाशन गर्नुपर्दछ। विभागले उक्त त्यस्तो निर्देशिका तयार गरेको भए तापनि आम प्रयोगकर्ताले बुझ्ने गरी निकायगत र व्यक्तिगत प्रयोगकर्ताको लागि छुट्टाछुट्टै निर्देशिका तयार गरेको छैन। यसबाट प्रयोगकर्तालाई प्रणालीको प्रयोगमा कठिनाइ भई सेवाप्रवाह प्रभावकारी नहुने नसक्ने जोखिम रहन्छ। अतः कार्यालयले सबै निकायगत र व्यक्तिगत प्रयोगकर्ताको आवश्यकता अनुसार सहजै बुझ्ने गरी निर्देशिका तयार गर्नुका साथै प्रणाली भित्रै सहजै प्रयोग गर्न सकिने गरी थप गर्ने उपाय अपनाई प्रयोगकर्तालाई सहजै प्रणाली प्रयोग गर्न सक्ने बनाउनुपर्दछ।

३३.२. प्रणाली प्रशासक (सिस्टम एडमिनिस्ट्रेटर) र सामान्य प्रयोगकर्ताको लागि पासवर्ड नीति तयार गरी प्रयोगकर्ताहरूलाई सुरक्षित पासवर्ड व्यवस्थापन सम्वन्धमा जानकारी गराउनुपर्दछ। सफ्टवेयर, सर्भर र डाटामा सर्वाधिक पहुँच (सिस्टम एडमिनिस्ट्रेटर एक्सेस) प्राप्त गर्न टोकन वा स्मार्ट कार्ड जस्ता

मल्टिफ्याक्टर अथेन्टिकेशन (एफएफए) को प्रयोग गर्नुपर्दछ। विभागले पासवर्ड व्यवस्थापनका लागि स्पष्ट नीति लिएको पाइएन। सेवाग्राहीले मेनपावर व्यवसायी वा अन्य एजेन्सीलाई पासवर्ड दिने गरेको तर त्यस्ता केही सेवाग्राहीले खाता प्रयोग नगरेको अवस्था छ। पासवर्ड व्यवस्थापनका लागि मल्टिफ्याक्टर अथेन्टिकेशनको व्यवस्था भएको पाइएन। सुरक्षित पासवर्ड अभ्यासको अभावले अनधिकृत पहुँच बढाउने जोखिम रहन सक्ने भएकाले सुरक्षित पासवर्ड नीति अवलम्वन गरी सोअनुरूप कार्यसम्पादन गर्नुपर्दछ।

३३.३. सूचना प्रणालीको सुरक्षा व्यवस्थापनलाई थप भरपर्दो बनाउन लगइन/लग आउट प्रक्रिया निर्धारण गरी प्रयोगकर्ताको जिम्मेवारी र उत्तरदायित्वको सम्बन्धमा जानकारी गराउनुपर्दछ। साथै एउटा एकाउन्ट एकै समयमा एउटा मात्र निश्चित (अथोराइज्ड डिभाइस) मा प्रयोग गर्न सकिने गरी सुरक्षा व्यवस्था मिलाइनुपर्दछ। कुनै प्रयोगकर्ताले तोकिए भन्दा बढी पटक प्रणालीको पहुँच पाउन असफल भएमा उक्त प्रयोगकर्तालाई स्वतः निस्कृय गराउनुपर्दछ। त्यस्ता प्रयत्नहरूको अभिलेख प्रणालीमा दर्ता हुने व्यवस्था गरी समय समयमा सो परीक्षण गरिनुपर्दछ। निश्चित समयसम्म (सामान्यतया ५ देखि १० मिनेट) प्रणालीमा कुनै कमाण्ड नगएमा वा कीबोर्ड निष्क्रिय भएमा खाता स्वतः अलआउट हुने व्यवस्था गरिने असल अभ्यासहरू रहे तापनि कार्यालयले लगइन/लगआउट व्यवस्थापनको स्पष्ट प्रक्रियागत व्यवस्थापन सहितको सुरक्षा प्रबन्ध गरेको छैन। प्रयोगकर्ताले गलत पासवर्ड प्रयोग गरी पटक पटक प्रणालीमा पहुँच गर्न असफल भएमा एकाउण्ट स्वतः निष्क्रिय हुने व्यवस्था देखिएन। कीबोर्ड निष्क्रिय भएमा खाता लगआउट हुने व्यवस्था भए तापनि एउटै पेजमा सेसन आउट भई लगआउट हुने अवस्था नरहेकाले प्रणालीमा अनधिकृत पँहुचको जोखिम रहेको देखिन्छ।विभागले लगइन/लगआउट व्यवस्थापनको स्पष्ट नीति र उल्लिखित विशेषता प्रणालीमा अद्यावधिक गरी प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

३४. **केन्द्रीय अभिलेख र मानकीकरण -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४ मा कुनै पनि सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सूचना प्रविधि विभागमा अभिलेखीकरण तथा मानकीकरण गराउनुपर्ने व्यवस्था छ। विभागले प्रयोगमा ल्याएको सफ्टवेयर मानकीकरण भएको पाइएन। निर्देशिकाको व्यवस्था बमोजिम उक्त कार्यहरू गर्नुपर्दछ।

३५. **निष्कर्ष र सुझाव -** सार्वजनिक निकायले एप्लिकेशन सफ्टवेयर विकास र प्रयोग गर्दा उक्त प्रणाली व्यवस्थापन सम्बन्धी सम्पूर्ण प्रक्रियालाई मार्गदर्शन गर्ने गरी स्पष्ट नीति सहितको आइटी मेनेजमेन्ट पोलिसी तर्जुमा गरी लागु गर्नुपर्दछ। सङ्गठनको व्यावसायिक उद्देश्यलाई सूचना प्रविधिको माध्यमबाट पुरा गर्नका लागि आवश्यक पर्ने हार्डवेयर,सफ्टवेयर,नेटवर्क लगायतका सूचना प्रविधि पूर्वाधारको प्रबन्ध गर्न,सूचना प्रविधिमा आउन सक्ने सम्भाव्य जोखिमको पूर्वानुमान गरी न्यूनीकरण गर्न र सूचना प्रविधिलाई समसामयिक रूपमा स्तरोन्नति र विकास गर्न प्रणाली विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

प्रणालीको निरन्तर सुधार तथा अपग्रेड गरी डाटबेस, हार्डवेयर, नेटवर्क, फायरवाल जस्ता उपकरणको अद्यावधिक योजना सहित लाइसेन्सको समेत नवीकरण हुनुपर्ने र संगठनात्मक सुरक्षा, भौतिक तथा वातावरणीय सुरक्षा, सफ्टेवयर सुरक्षा, प्रयोगकर्ता सुरक्षा र डाटाबेस सुरक्षा लगायतका

सुरक्षा जोखिमहरूको पूर्वानुमान र मूल्याङ्कन गरी उपयुक्त सुरक्षा रणनीति अपनाउनु पर्दछ। सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सूचना प्रविधि विभागमा अभिलेखीकरण तथा मानकीकरण गराउनुपर्ने व्यवस्था र विदेशमा समस्यामा परेका श्रमिकहरूले आपत्कालीन प्रहरी, श्रमसहचारी र सम्बन्धित राजदूतावासमा खबर गर्न सकिने गरी प्रणाली विकास गर्नुपर्दछ। विभागले प्रवाह गर्ने अनुसन्धान, कानुनी सहायता, अनुगमन नियमन लगायतका सेवाहरू प्रणालीमा आबद्ध भएको देखिएन। सबै सेवालाई प्रणालीबाट सञ्चालन हुने गरी प्रणालीको परिमार्जन र विकास गर्नुपर्दछ। तथ्याङ्क भण्डारण (डाटा स्टोरेज) को क्षमता समेत बढाउनु पर्दछ।

विभागले सञ्चालनमा ल्याएको सूचना प्रविधि प्रणाली पर्याप्त सचेतना हुन नसक्दा अझै पनि करिब ८३ प्रतिशत श्रमिक वैदेशिक रोजगार व्यवसायीको भर पर्नु परेको छ। पुनः श्रम स्वीकृति लिनेलाई युनिक गणना गर्न राष्ट्रिय परिचय पत्रसँग आबद्ध गरी वास्तविक रूपमा श्रम स्वीकृति प्राप्त गर्नेको विववरण अद्यावधिक गर्नु पर्दछ।

सुरक्षा संयन्त्र तथा सञ्चालनमा ल्याइएका प्रणालीहरूको लाइसेन्स समयमा नै अद्यावधिक गरी यसले निम्त्याउन सक्ने सुरक्षा जोखिमलाई न्यूनीकरण गर्नुपर्दछ। कार्यालयले शुद्ध एवं सुरक्षित तथ्याङ्क स्थानान्तरणका लागि सुरक्षित नेटवर्क निर्देशिका तयार गरी लागु गर्नुका साथै सूचना प्रविधिमा प्रयोग भएका हार्डवेयर तथा सफ्टवेयरको प्राप्ति मिति, वारेन्टी, उपयोग अवधि, स्वामित्वको अवस्था देखिने गरी विस्तृत विवरण सहितको अभिलेख राख्नुपर्दछ।

यसै गरी सूचना प्रणालीको सुरक्षा जोखिम व्यवस्थापन र प्रभावकारिता लगायतको विषयमा तेस्रो पक्ष मूल्याङ्कन गरी समसामयिक सुधार गर्नुपर्दछ। प्रणालीमा गरिएको सुधार, प्रणालीको प्रयोगमा बिचौलिया प्रभावलाई न्यूनीकरण गर्न विभागले सरोकारवाला सबैलाई प्रणाली साक्षरता अभियान सञ्चालन गरी प्रणालीमा अनलाइन ट्युटोरियल तथा समय समयमा सो सम्बन्धी कक्षा सञ्चालन गर्नुपर्दछ। सूचना प्रणालीलाई थप विश्वसनीय तथा व्यवस्थित गर्न यस प्रणालीको नियमित र समयसापेक्ष सुधारसमेत हुनुपर्दछ।

अन्य संस्था

सामाजिक सुरक्षा कोष

योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्न, सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरूको आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्न, सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिन तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हकलाई सुनिश्चित गर्ने उद्देश्यले सामाजिक सुरक्षा कोष (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६७ बमोजिम २०६७।१२।७ मा कोषको स्थापना भएको हो।

३६. **वित्तीय स्थिति**– कोषको दुई वर्षको सम्पत्ति तथा दायित्वको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१	३१ आषाढ २०८०
सम्पत्ति		
नगद तथा नगद सरह	२४१५६०९	२०७७७००
बैङ्क तथा वित्तीय संस्थामा निक्षेप	८४०८७५३५	५२८५५८५३
योगदानकर्तालाई ऋण प्रवाह	३६०६५८०	१२२७५२७
लगानी प्रत्याभूतिहरू	६०९८१३०	१६९७२३५३
जग्गा, मेसिनरी तथा उपकरण	२८५१६६	८६३५६
ख्याति तथा अदृश्य सम्पत्ति	-	-
अन्य सम्पत्ति	१७६५३०६	१६०७७३४
कुल सम्पत्ति	**९८२५८३२६**	**७४८२७५२४**
दायित्व तथा कोष		
सापटी	९०६०४	२५००००
कर्मचारी लाभ दायित्व	५९०७७	४२१५१
सामाजिक सुरक्षा सम्बन्धित दायित्व	२५९४३४	५१८१५
अन्य दायित्व	२०९४९१	३६३०६
ज्येष्ठ नागरिक संरक्षण कोष	४९८६०६९१	३२५८८४०६
आश्रित परिवार संरक्षण कोष	३६००९९	२४७५७१
दुर्घटना, अशक्तता तथा आश्रित परिवार संरक्षण कोष	५८३२४८	१११२०१
मेडिकल, स्वास्थ्य तथा मातृत्व संरक्षण कोष	१५५३४४३	९३६७४६
दुर्घटना, अशक्तता संरक्षण कोष	२६२१६७७	१७०८०३६
राष्ट्रिय स्तरको कल्याणकारी कोष	२६९०७३९९	२५७२२३९९
सामाजिक सुरक्षा कर कोष	४७००००	४७००००
बिमाङ्कीय मापन रिजर्भ	(३६७१४१८)	(३३३४२६७)
पुनः मूल्याङ्कन रिजर्भ	(१९०५०)	(५००)
सञ्चित नाफा/ (नोक्सान)	१८९७३६३०	१५९९७६६१
कुल कोष र दायित्व	**९८२५८३२६**	**७४८२७५२४**

३६.१. कोषको कुल सम्पत्तिमध्ये २०७९।८० मा ७०.६४ प्रतिशत र २०८०।८१ मा ८५.५८ प्रतिशत बैङ्क तथा वित्तीय संस्थामा मुद्दती निक्षेपमा राखेको देखिन्छ। कोषले लगानी विविधीकरण गरी सोबाट लाभ लिन सकेको छैन।

३६.२. कोष सञ्चालनका लागि नेपाल सरकारबाट रु.२५ करोड ऋण लिएकोमा २०८०।८१ सम्म रु.९ करोड ६ लाख तिर्न बाँकी रहेको देखिन्छ।

३६.३. कोषले प्रभावकारी ऋण व्यवस्थापनका लागि प्रयोग गरेको सफ्टवेयर र फिन क्लाउड प्रणालीले देखाएको सापटी हिसाबमा रु.११ करोड ७२ लाख ८२ हजार फरक परेकोले उक्त हिसाब मिलान गर्नुपर्दछ।

३७. **आय व्यय** – कोषको दुई वर्षको आम्दानी खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१	२०७९।८०
लगानी कोषबाट आय	७३३३११४	६२०९०९२
योगदानकर्तालाई भुक्तानी	(४५०७०६९)	(२९३५७८२)
खुद आम्दानी	**२८२६०४५**	**३२७३३१०**
खुद ब्यज आम्दानी/(खर्च)	(१६१४३)	(८७१०)
अन्य सञ्चालन आय	२००१	०
कुल सञ्चालन आय	**२८११९०३**	**३२६४६००**
हानी नोक्सानी खर्च	०	(११३१)
खुद सञ्चालन आय	**२८११९०३**	**३२६३४६९**
सञ्चालन खर्च	१७१९३६	१२८८०७
सञ्चालन नाफा	**२६३९९६७**	**३१३४६६२**

३७.१. विगत दुई वर्षमा रु.६ अर्ब ७ करोड ५४ लाख खुद सञ्चालन आम्दानी र रु.३० करोड ७ लाख ४३ हजार खर्च भएको छ। आम्दानी घट्दो क्रममा रहेतापनि खर्च बढ्दो क्रममा रहेको छ। आम्दानी वृद्धिका क्षेत्र पहिचान गर्नुका साथै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

३७.२. कोषले यो वर्ष राष्ट्रियस्तरको कल्याणकारी कोषबाट प्राप्त रु.१ अर्ब १८ करोड ५० लाख र आन्तरिक आय रु.१ अर्ब ४५ करोड ४९ लाख ६८ हजारसमेत रु.२ अर्ब ६३ करोड ९९ लाख ६७ समेत आम्दानीमा समावेश रहेको छ। कल्याणकारी कोषबाट प्राप्त रकमको अलग्गै हिसाब राखी वित्तीय विवरण तयार गर्नुपर्दछ।

३८. **सूचीकृत सङ्ख्या र योगदान-** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन,२०७४ को दफा १९ बमोजिम सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन २०७५।७।२६ मा प्रथम पटक तथा तत्पश्चात्समेत राजपत्रमा सूचना प्रकाशन गरेको छ। कोषमा २०८०।८१ सम्म १९ हजार २१० रोजगारदाता सूचीकृत भएकोमा ५ लाख ११ हजार ९९५ श्रमिक औपचारिक क्षेत्रबाट, २९५ अनौपचारिक क्षेत्रबाट, १४४ स्वरोजगारबाट र ९ लाख ७९ हजार १०६ वैदेशिक क्षेत्रबाटसमेत १४ लाख ९१ हजार ५४० श्रमिक सूचीकृत भएका छन्। वैदेशिक रोजगारीमा जाने सूचीकृत श्रमिकको सङ्ख्या ७ लाख ४१ हजार २९७ रहेकोमा नियमित योगदान गर्ने श्रमिक सङ्ख्या १ लाख ३० हजार ९११ रहेको देखिन्छ। नियमित योगदान नगरी वैदेशिक रोजगारमा जाने ६ लाख १० हजार ३८६ श्रमिकले एक पटकको लागि मात्र आधारभूत तलब रु.१० हजार ८२० को ३१ प्रतिशतले हुने रु. ३ हजार ३५४ को दरले रु.२ अर्ब ४ करोड ७२ लाख ३५ हजार सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ। तत्पश्चात् नियमित योगदान नगरेकोले कोषले वैदेशिक श्रमिकलाई नियमित योगदानकर्ताको रूपमा ल्याई सामाजिक सुरक्षा प्रदान गर्नुपर्दछ। साथै कोषको प्रगति विवरणअनुसार औपचारिक क्षेत्रका २ लाख ७ हजार ८२२, अनौपचारिक क्षेत्रका २६१ र स्वरोजगार ८० श्रमिकले नियमित योगदान नगरेकोले यसलाई व्यवस्थित गर्नुपर्दछ।

३९. **सामाजिक सुरक्षा योजना-** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १० बमोजिम औपचारिक क्षेत्रका योगदानकर्ताबाट आएको मासिक आम्दानीको ३१ प्रतिशत रकमबाट यो वर्ष देहायअनुसार सामाजिक सुरक्षा योजना सञ्चालन गरेको देखिन्छः

(रु. हजारमा)

सुरक्षा योजनाको नाम	आम्दानी रकम	खर्च रकम	बचत रकम
औषधी उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना	५७१७७८	६२७९३६	(५६१५७)
दुर्घटना तथा अशक्तता सुरक्षा योजना	८००४८९	६४६१०	७३५८७९
आश्रित परिवार सुरक्षा योजना	१५४३७८	६८८९०	८५४८७
वृद्धा अवस्था सुरक्षा योजना	१६५११२७७	३९७५८२९	१२५३५४४८
जम्मा	१८०३७९२२	४७३७२६५	१३३००६५७

औषधी उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा आम्दानीभन्दा रु.५ करोड ६१ लाख ५८ हजार खर्च बढी देखिएको छ।

४०. **कोषको बिमा-** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ६१ मा कोषले सञ्चालन गरेको सामाजिक सुरक्षा कार्यक्रमबापतको दायित्वको जोखिम वहन गर्न कोषले बिमा वा पुनर्बिमा गराउन सक्ने व्यवस्था छ। कोषले यो वर्ष औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनातर्फ रु.६२ करोड ७९ लाख ३६ हजार, दुर्घटना तथा असक्तता सुरक्षा योजनाअन्तर्गत रु.६ करोड ४६ लाख १० हजार, आश्रित परिवार सुरक्षा योजनामा रु.६ करोड ८८ लाख ९० हजार, वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत रु.३ अर्ब ९७ करोड ५८ लाख २९ हजारसमेत रु.४ अर्ब ७३ करोड ७२ लाख दाबी भुक्तानी गरेको छ।

४१. **कर्मचारी करार-** सामाजिक सुरक्षा कोषको कर्मचारी प्रशासन विनियमावली, २०७५ को नियम ३७(१) मा स्थायी पदपूर्ति नहुँदा सम्मका लागि कोषलाई तत्काल कर्मचारीको आवश्यकता परेमा एक पटकमा एक वर्षमा नबढाई कार्यकारी निर्देशकले करार सेवामा नियुक्त गर्न सक्ने व्यवस्था छ। कोषमा प्रोग्राम सहायकको पदमा ११ दरबन्दी रहेकोमा स्थायी पदपूर्ति नगरी गत विगत वर्षदेखि नै करारमा नियुक्ति गरी यो वर्ष रु.४६ लाख ५५ हजार खर्च गरेको छ।

वैदेशिक रोजगार बोर्डको सचिवालय

वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने तथा वैदेशिक रोजगारमा जाने कामदारको हकहितको संरक्षण गर्ने उद्देश्यले २०६५ सालमा वैदेशिक रोजगार बोर्डको गठन भएको हो।

४२. **आय र व्यय-** बोर्डको यो वर्षको आम्दानी तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

गत वर्षको मौज्दात	यो वर्षको आय			यो वर्षको खर्च	बाँकी मौज्दात
	नेपाल सरकारको अनुदान	सेवा शुल्क	जम्मा आय		
६८४७६३६	२९६४६	१९९८०३७	८८७५३१९	१२६०८७१	७६१४४४८

दक्षिण कोरिया बाहेक अन्य मुलुक जाने कामदारबाट प्राप्त शुल्क कामदारले सोझै बोर्डको खातामा जम्मा गर्ने व्यवस्थाअनुसार बैङ्क स्टेटमेन्टको आधारमा प्रति कामदार रु.१ हजार ५०० को दरले ७ लाख २९ हजार ३९६ कामदारको रु.१ अर्ब ९ करोड ४० लाख ९४ हजार आम्दानी बाधेको छ। उक्त आय सम्बन्धी स्रेस्ता कागजात तयार गरेको छैन। प्रत्येक कामदारको शुल्क दाखिलाको प्रमाण सहित सबै आर्थिक कारोबारको स्रेस्ता अद्यावधिक राख्नुपर्दछ।

४३. **कार्यक्रम खर्च-** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३ मा श्रम स्वीकृति लिई गएका श्रमिकका लागि बोर्डले विभिन्न कल्याणकारी कार्यहरू गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कार्यसञ्चालन खाताबाट विभिन्न

कार्यक्रम सञ्चालन गरी रु. १ अर्ब १४ करोड ३७ लाख ८ हजार खर्च गरेको छ। वैदेशिक रोजगारको क्रममा यो वर्ष १ हजार ६७ जनाको मृत्यु भएको र ६१२ जना अङ्गभङ्ग भएको वार्षिक प्रतिवेदनबाट देखिन्छ।

४४. **कोषको प्रयोग -** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३ मा वैदेशिक रोजगारमा जाने कामदारलाई सीपमूलक तालिम प्रदान गर्ने, अलपत्र परेका कामदारलाई स्वदेश फिर्ता गराउने, क्षतिपूर्ति दिने, कामदारको परिवारलाई आर्थिक सहायता प्रदान गर्ने, वैदेशिक रोजगारको क्रममा मृत्यु भएका कामदारको शव नेपाल ल्याउनेलगायतका वैदेशिक रोजगारमा गएका कामदारको हकहितको लागि वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गरिने उल्लेख छ। उक्त कोषको रकमबाट नेपाली राजदूतावास अबुधाबीलाई वैदेशिक रोजगार मेला व्यवस्थापन र वैदेशिक रोजगार व्यवसायी तथा सङ्घ/सङ्गठनका प्रतिनिधिहरूको भ्रमण खर्चसमेतको लागि रु.३३ लाख १६ हजार, रोजगार मेलामा सहभागी पदाधिकारी/कर्मचारीको भ्रमण खर्चमा रु.१८ लाख २७ हजार, दुई थान विद्युतीय कार खरिद गर्न रू ७९ लाख ४० हजार, तीन दूतावासका सवारीसाधन मर्मतमा रु.२३ लाख ९८ हजार तथा नियोगमा कर्मचारी नियुक्त गरी रु.२ करोड ५७ लाख २८ हजार खर्च गरेको छ। कोषको उद्देश्य अनुरूप वैदेशिक रोजगारमा जाने कामदारको हितमा मात्र कोषको उपयोग गर्नुपर्दछ।

राष्ट्रियस्तरको कल्याणकारी कोष

बोनस ऐन, २०३० को दफा १३ मा बोनसबापत छुट्टाइएको रकमबाट बोनस वितरण गरी बचत भएको रकमको ३० प्रतिशत राष्ट्रियस्तरको कल्याणकारी कोषमा पठाउने व्यवस्थाअनुसार २०५६ सालमा यस कोषको स्थापना भएकोमा हाल योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम कोष सञ्चालनमा आएको छ।

४५. **वित्तीय स्थिति** – कोषको यो वर्षको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

गत वर्षको मौज्दात	आय	जम्मा आय	खर्च	बाँकी मौज्दात
६९२८०	११४९०४५	१२१८३२५	११९१०१७	२७३०८

४६. **अनुगमन -** बोनस ऐन, २०३० को दफा १३ मा बोनस बापत छुट्टाइएको रकमबाट बोनस वितरण गरी बचत भएको रकमको ३० प्रतिशत राष्ट्रियस्तरको कल्याणकारी कोषमा पठाउने व्यवस्था छ। यस कोषमा यो वर्ष रु.१ अर्ब १८ करोड ५० लाख समेत २०५६।५७ देखि यस वर्षसम्म रु.२३ अर्ब ५० करोड ७२ लाख प्राप्त भएको देखिन्छ। रोजगारदाताले कोषमा पठाउनुपर्ने रकम पठाए नपठाएको सम्बन्धमा अनुगमन गरेको छैन। अन्तरनिकाय आबद्धता कायम गरी सबै प्रतिष्ठानले ऐनबमोजिमको रकम अनिवार्य रूपमा कोषमा पठाउनुपर्ने र सो सम्बन्धमा अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४७. **कोषको आवश्यकता -** बोनस ऐन, २०३० को दफा ५ बमोजिम रकम प्राप्त हुनेगरी दफा १३ बमोजिम नेपाल सरकारले २०५६ सालमा यस कोषको स्थापना गरेकोमा हाल योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६(२) को व्यवस्थाबमोजिम यस कोषमा जम्मा भएको र सोको परिचालनबाट प्राप्त व्याज रकम समेतबाट जम्मा भएको रकम २०७४।७५ देखि नै सामाजिक सुरक्षा कोषमा पठाउने गरेको छ। बोनस ऐनअनुसार प्राप्त हुनुपर्ने रकमको म्यापिङ्ग एंव ट्र्याकिङ्ग गर्न आन्तरिक नियन्त्रण प्रणाली विकास गर्न, अन्य निकायसँग समन्वय गर्न र आवश्यक अनुगमन तथा निरीक्षण गर्न

समेत कोषको पुनःसंरचना गर्नुपर्ने वा सो रकम सिधै सामाजिक सुरक्षा कोषमा जाने व्यवस्था मिलाई अनुगमनसमेत सोही कोषबाट गरी यो कोष खारेज गरिनुपर्दछ।

इपीएस कोरिया शाखा

रोजगार अनुमति प्रणाली (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७३ को व्यवस्थाबमोजिम दुई देशबिच भएको सम्झौताअनुसार नेपाली कामदार कोरियामा रोजगारीका लागि आपूर्तिसम्बन्धी कार्य व्यवस्थित गर्न यस शाखा कार्यालयको स्थापना भएको हो ।

४८. **पोशाक खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकायले चालु वर्षमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागतलाईसमेत आधार लिनुपर्ने व्यवस्था छ। इपीएस कोरिया शाखाले कोरिया जाने कामदारको लागि समरूप ज्याकेट र टोपी खरिदमा एक आपूर्तकबाट प्रतिथान रु.१ हजार ६१५.९० ले ६१४ थानको रु.९ लाख ९२ हजारमा सोझै खरिद भएको देखिन्छ। त्यसै गरी बोलपत्रको माध्यमबाट प्रतिथान रु.१ हजार ७९६.७० ले २० हजार थान रु.३ करोड ५९ लाख ३४ हजारमा खरिद भएको छ जुन लागत अनुमानभन्दा ०.३१ प्रतिशत घटी छ। बोलपत्रमार्फत खरिद भएको पोशाक सोझै खरिद गरेको दरभन्दा प्रतिथान रू १८०.८० ले बढी छ। कार्यालयले लागत अनुमान तयार गर्दा यस वर्ष सोझै खरिद गर्दाको दरलाई आधार लिनुपर्नेमा नलिई प्रतिथान रु.१ हजार ८०२.३५ दरले लागत अनुमान तयार गरेको कारण रु.१८०.८० को दरले रु.३६ लाख १६ हजार बढी व्ययभार पर्न गएको छ। अतः मितव्ययी हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ।

४९. **टिकट खरिद -** रोजगार अनुमति प्रणाली (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७३ को दफा २३ बमोजिम ईपिएस कोरिया शाखाले दक्षिण कोरियामा वैदेशिक रोजगारमा जाने कामदारको लागि हवाई टिकट खरिद गर्न प्रचलित कानुनबमोजिम बोलपत्र आव्हान गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्था बमोजिम कार्यालयले हवाई टिकट खरिद गर्न बोलपत्रको माध्यमबाट सेवाप्रदायकको छनोट गरी टिकटदर निर्धारण गर्ने र टिकटको रकम कामदारले सेवा प्रदायकलाई भुक्तानी गर्ने अभ्यास गरेको देखिन्छ। कार्यालयले प्रतिश्रमिक एकतर्फी टिकट दर रु.१ लाख १९ हजार ८४० कायम गरी एक प्राइभेट लिमिटेडसँग एक वर्षको लागि २०७९।१०।३ मा खरिद सम्झौता गरेकोमा मन्त्रीस्तरको निर्णयबाट सम्झौता अवधि २०८१।१०।२ सम्म थप भएको छ। कार्यालयले २०८१।८२ मा बोलपत्रमार्फत सोही कम्पनीसँग प्रति श्रमिक रु.५४ हजार ९९१.४५ को दरले सम्झौता गरेको देखिन्छ। यो वर्ष बोलपत्र नगरी पुरानो दररेटमा सम्झौता नवीकरण गरेको कारण प्रत्येक कामदारले रु.६४ हजार ८४९.०५ का दरले १० हजार ८५५ टिकटको लागि रु.७० करोड ३९ लाख ३६ हजार बढी भुक्तानी गर्नु परेको देखिन्छ। समयमा ठेक्का व्यवस्थापन नगरी श्रमिकलाई बढी व्ययभार हुने गरी निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** विगतका प्रतिवेदनमा वैदेशिक सहायता सोझै भुक्तानीतर्फको लेखापरीक्षण गराउनुपर्ने, सामाजिक सुरक्षा कोषको रकम उद्देश्यअनुसार तोकिएको कार्यमा खर्च गर्नुपर्ने, सूचना प्रणालीबिच एकीकरण हुनपर्ने,

समीक्षा गोष्ठी खर्चहरू मितव्ययी हुनुपर्ने, परामर्श सेवाको खर्च कटौती गरी कार्यरत कर्मचारीहरूलाई जिम्मेवार र उत्तरदायी बनाउनुपर्ने, वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउनुपर्ने, मितव्ययी र प्रभावकारी रूपमा सीपमूलक तालिम सञ्चालन गर्नुपर्ने, स्वास्थ्य सुरक्षा नीति बनाई पेस गर्नुपर्ने व्यवस्था पालना नगरेको लगायतका बेहोरा औँल्याइएकोमा अपेक्षित सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ १२ निकायमा रू.४ करोड ३० लाख ६२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७६ लाख ९४ हजार फर्स्यौंट गरेकोले रु.३ करोड ५३ लाख ६८ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.२७ लाख २८ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१५ मा छ।

  - अन्य संस्थातर्फ ४ निकायमा रू.६६ करोड ७३ लाख ३८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२६ लाख ३८ हजार फर्स्यौंट गरेकोले रु.६६ करोड ४७ लाख बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१० करोड ९ लाख ६९ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१६ मा छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहबिच सम्पर्क र समन्वय, स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति, निजामती तथा अन्य सरकारी सेवाको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह र नियमन, फोहोरमैला व्यवस्थापनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ८५ निकायबाट कार्यसम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ८१ कार्यालयको निम्नानुसार रु.७ अर्ब ८२ करोड ५० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य	जम्मा
२३८०४	३२११	५२७७	४५९५८	७८२५०

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा बजेट विनियोजन भई अर्थ मन्त्रालय अन्तर्गतका निकायबाट खर्च भएको रु.७ करोड ५४ लाख र प्रदेश सरकारबाट खर्च भएको रु.२ लाख समावेश छैन।

२. **सङ्गठित, अन्य संस्था र समिति** - यो वर्ष ४ संस्थाको रु.३ अर्ब ७० करोड २७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **नीति तथा कार्यक्रम कार्यान्वयन** - नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेख भएका विषय कार्यान्वयन गरी लक्षित उपलब्धि हासिल गर्नुपर्दछ। यस मन्त्रालयको लागि यो वर्ष २८ क्रियाकलाप तोकिएकोमा २१ सम्पन्न भई ७ चालु अवस्थामा रहेको देखिन्छ। त्यसै गरी ६१ माइलस्टोनमध्ये ५३ सम्पन्न भई ८ चालु अवस्थामा रहेका छन्। राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमअनुसार २०८०।८१ मा यस मन्त्रालयका लागि सूचकसहित १० लक्ष्य तोकिएकोमा ३ सूचकमा लक्ष्य अनुसार प्रगति भए तापनि स्थानीय तहको आवधिक योजना तर्जुमा, स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन, स्थानीय तहको क्षमता विकास योजना निर्माण, स्थानीय तहको राजस्व परिचालन कार्ययोजना तर्जुमालगायतका विषयमा लक्ष्यअनुसार उपलब्धि हासिल हुन नसकेको र १ सूचकको विवरण प्राप्त भएको छैन। नीति तथा कार्यक्रमअनुसार कार्यक्रम सञ्चालन गर्न संस्थागत, संरचनागत व्यवस्थासहित जिम्मेवारी र जवाफदेहिता तोकी लक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन** - बजेट वक्तव्य २०८०। ८१ मा उल्लेख भएको विषयमध्ये निजामती अस्पताल स्तरोन्नति गरी प्रदेशस्तरमा समेत सेवा विस्तार गर्ने, सङ्घीय निजामती सेवा ऐन जारी गर्ने, तीन तहका सरकारको प्रशासनिक पुनःसंरचना तथा प्रशासनिक सुधारका लागि उच्चस्तरीय प्रशासन

सुधार आयोग गठन गर्ने, सरकारी निकायका सङ्गठन संरचना र दरबन्दी पुनरावलोकन गर्ने लगायतका कार्य सम्पन्न भएका छैनन्। बजेट वक्तव्यअनुसारका कार्यक्रम सम्पन्न गरी लक्ष्य हासिल गर्नुपर्दछ।

६. **बजेट र खर्च -** मन्त्रालय र मातहतका कार्यालयको लागि यस वर्षको बजेट तथा खर्चको अवस्था निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	प्रतिशत
चालु	५४४५५	५६६२२	२६०१४	४५.९४
पुँजीगत	२३४४	२३४४	६५०	२७.७३
जम्मा	५६७९९	५८९६६	२६६६४	४५.२२

उल्लिखित खर्चमध्ये आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको रु.६ करोड ४० लाख, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको रु.१८ करोड ३० लाख, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको रु.७ करोड ७१ लाख र निजामती कर्मचारी अस्पताल विकास समितिको रु.१७ करोड ५४ लाखसमेत समावेश छ। मन्त्रालयले खर्च गर्ने गरी रु.३ अर्ब ४७ करोड १ लाख बजेट व्यवस्था भएकोमा रु.७१ करोड ९१ लाख (२०.७२ प्रतिशत) मात्र खर्च गरेको छ। समग्र बजेटको तुलनामा ४५.२२ प्रतिशत खर्च भए तापनि पुँजीगततर्फ २७.७३ प्रतिशतमात्र खर्च भएको छ।

७. **वैदेशिक सहायता -** मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार यस वर्ष साना विकास आयोजना सञ्चालन गर्न भारत सरकारबाट रु.४८ करोड, उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर कार्यक्रम सञ्चालन गर्न चीन सरकारबाट रु.३० करोड ५२ लाख सोझै भुक्तानी अनुदान र बेलायत सरकारबाट रु.१८ करोड ४८ लाख शोधभर्ना हुने अनुदान प्राप्त हुने गरी बजेट तर्जुमा भएकोमा उक्त रकम प्राप्त भएको देखिएन। त्यसै गरी युरोपियन युनियन तथा दाताको संयुक्त कोषबाट रु.३ करोड १८ लाख नगद अनुदान प्राप्त हुने उल्लेख भएकोमा रु.४१ लाख २० हजार र दाताको संयुक्त कोषबाट रु.३२ करोड शोधभर्ना अनुदान प्राप्त हुने उल्लेख भएकोमा रु.१९ करोड ४० लाख अनुदान प्राप्त भएको उल्लेख छ। विकास साझेदारबाट प्रतिबद्धता व्यक्त भएको अनुदान प्राप्त गरी तोकिएका कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *नेपालको संविधानको धारा २८५ बमोजिम सङ्घीय निजामती सेवा ऐन जारी नभएको,*
- *मन्त्रालय र अन्तर्गतका कार्यालयलाई विनियोजन भएको पुँजीगत रकममध्ये २७.७३ प्रतिशत खर्च भएको,*
- *यो वर्ष १६ कार्यालयको व्यवस्थापन परीक्षण गर्दा न्यूनतम ३३.९१ र अधिकतम ६०.०६ प्रतिशत अङ्क प्राप्त गरेको,*
- *मन्त्रालयले ३९६ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत काजमा खटाएको,*
- *जिल्ला समन्वय समिति ६ ले रु.४ करोड ३१ लाख ३६ हजार सङ्घीय सञ्चित कोषमा दाखिला नगरेको लगायतका बेहोरा देखिएका छन्।*

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष युरोपियन युनियन, संयुक्त अधिराज्य, जापान,

संयुक्त राष्ट्रसङ्घीय विकास कोषलगायत विभिन्न विकास साझेदारबाट अमेरिकी डलर ५ करोड ८९ लाख ३४ हजार (रु.७ अर्ब ८७ करोड ९४ लाख ७५ हजार) प्राविधिक तथा अन्य सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहायताको वित्तीय विवरण तयार गरी लेखापरीक्षणको लागि पेस गरेको छैन।

८. **सार्वजनिक सेवाको प्रभावकारिता** - नेपालको संविधानको धारा ५१ (ख) (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी एवं सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिने उल्लेख छ। सार्वजनिक प्रशासन, सेवा प्रवाह र सुशासन सम्बन्धमा गत विगतमा विज्ञहरूले अध्ययन गरी तयार भएका विभिन्न प्रतिवेदनले सार्वजनिक सेवा प्रविधिमैत्री तथा नागरिक केन्द्रित बनाउनुपर्ने, सङ्घीय निजामती सेवा ऐन तर्जुमा गरी सोको आधारमा प्रदेश तथा स्थानीय सेवा सञ्चालन ऐन तर्जुमा हुनुपर्ने, संरचनागत सुधार, आचरण तथा व्यवहारगत सुधार, जनशक्तिको क्षमता तथा दक्षता अभिवृद्धिलगायतका क्षेत्रमा सुधार गर्नुपर्ने देखिएको छ।

सेवाग्राही सन्तुष्टि सर्वेक्षण निर्देशिका, २०६८ अनुसार यो वर्ष मन्त्रालयले पाल्पा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), रूपन्देही, काभ्रेपलाञ्चोक, कञ्चनपुर, नुवाकोट, कास्की र चितवन जिल्लाका १६ सार्वजनिक निकायमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरेको पाइयो। उक्त सर्वेक्षणमा जिल्ला प्रशासन कार्यालय ७, भूमिसुधार तथा मालपोत कार्यालय ६, नापी कार्यालय १ र आन्तरिक राजस्व कार्यालय २ लाई समेटेको देखिन्छ। सो सर्वेक्षण गर्दा सरकारले प्रवाह गरेको सेवा सम्बन्धमा प्रश्नावली तयार गरी ३३० सेवाग्राहीबाट सेवाग्राही सन्तुष्टि फाराम भराई सर्वेक्षण गरेको पाइयो। सर्वेक्षण प्रतिवेदनअनुसार अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई सेवा प्रवाह हुन नसकेको, सेवाग्राहीका गुनासोको यथोचित समाधान नभएको, सूचना सहजरूपमा प्राप्त गर्न नसकेको, सर्भरमा आउने समस्याका कारण सेवाग्राहीले समयमै सेवा नपाएको, कार्यालय परिसर र शौचालयको सरसफाइ सन्तोषजनक नरहेको, कतिपय कार्यालयमा मध्यस्थकर्ताको सहयोग लिनुपर्ने बाध्यता रहेको, सेवा प्राप्तिमा ढिलाइ, झन्झटिलो तथा खर्चिलो हुने गरेको, सेवा प्रवाहमा निष्पक्षता कायम हुन नसकेको, नगरेको जस्ता गुनासा तथा समस्याहरू देखिएका छन्। उल्लिखित अवस्थाले सेवा प्रवाह स्थिति सन्तोषजनक देखिँदैन। सर्वेक्षणबाट पहिचान भएका समस्यालाई सम्बोधन गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्नुका साथै नागरिकको गुनासो नरहने गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउन संस्थागत तथा कार्यगत शैलीमा सुधार, जनशक्तिको सदाचार तथा क्षमतामा सुधार एवं विश्वसनीय सूचना प्रविधि प्रणालीको अवलम्बन गर्नुपर्दछ।

९. **व्यवस्थापन परीक्षण** - निजामती सेवा नियमावली, २०५० को नियम ३क. मा प्रशासकीय नियम र कार्यविधिहरू पालना सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयले व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ स्वीकृत गरेको छ। उक्त निर्देशिकामा नीतिगत तथा कानुनी व्यवस्था, कर्मचारी प्रशासन तथा व्यवस्थापन, कार्यालय व्यवस्थापन, अभिलेख व्यवस्थापन, जिन्सी व्यवस्थापन, वार्षिक कार्यक्रम, आर्थिक प्रशासन, सेवा प्रवाह, सूचना प्रवाह तथा सूचना प्रविधि, गुनासो व्यवस्थापन, क्षमता विकास, आचरण र अनुशासन गरी १२ विषयगत क्षेत्रमा १०० सूचक तोकी अङ्कभारसमेत उल्लेख छ। सोअनुरूप यो वर्ष १६

कार्यालयको व्यवस्थापन परीक्षण भएकोमा न्यूनतम ३३.९१ प्रतिशत र अधिकतम ६०.०६ प्रतिशत मात्र अङ्क प्राप्त भएको उल्लेख छ।व्यवस्थापन परीक्षण प्रतिवेदनमा सरकारी निकायमा हाजिरी, दरबन्दी, सवारीसाधन सञ्चालन जस्ता विषयमा समेत सुधार गर्नुपर्ने स्थिति उल्लेख छ। सेवाप्रदायकको कार्यपद्धतिले सेवा प्रवाहको गुणस्तरमा समेत असर पर्ने हुँदा व्यवस्थापन परीक्षणबाट औँल्याइएका विषयमा सुधार हुनुपर्दछ।

१०. **सङ्घीय निजामती सेवा ऐन** - नेपालको संविधानको धारा २८५ मा सरकारी सेवाको गठन सम्बन्धमा उल्लेख छ। देशको प्रशासन सञ्चालन गर्न सङ्घीय निजामती सेवा र आवश्यकताअनुसार अन्य सङ्घीय सरकारी सेवाहरूको गठन तथा सञ्चालन र सेवाका सर्त सङ्घीय ऐनबमोजिम हुने उल्लेख छ। संविधान जारी भएको ९ वर्ष व्यतीत भइसक्दासमेत सङ्घीय निजामती सेवा ऐन जारी हुन सकेको छैन।

कर्मचारी समायोजन ऐन, २०७५ मा प्रदेश निजामती तथा स्थानीय सेवासम्बन्धी कानुन बनाउँदा सङ्घीय निजामती सेवासम्बन्धी कानुनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रूपमा लिई प्रदेश वा स्थानीय तहको सेवाको गठनसम्बन्धी कानुन बनाउने गरी मापदण्ड तोकिएको छ। विद्यमान निजामती सेवा ऐन, २०४९ का प्रावधानसँग नमिल्ने गरी सातवटै प्रदेशले प्रदेश निजामती सेवा ऐन तर्जुमा गरी लागु गरेका छन्। समयमै सङ्घीय निजामती सेवा ऐन जारी हुन नसक्दा प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीको भर्ना, छनोट, सरुवा, बढुवालगायत वृत्ति विकासका अवसरहरूमा अस्पष्टता रहेको देखिन्छ।

११. **कर्मचारी समायोजन** - नेपालको संविधानको धारा ३०२ मा प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्ने र यस्तो व्यवस्था गर्दा संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानुनबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्ने व्यवस्था छ। नेपाल सरकारले कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा १ लाख ३७ हजार ६१४ दरबन्दी स्वीकृत गरी समायोजन गरेकोमा २ हजार ४४३ कर्मचारी समायोजन नगरी फाजिलमा रहेको देखिन्छ।

प्रदेश एवं स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सङ्घमा काजमा रहेको तथा निजामती सेवा ऐनबमोजिम साल बसालीरूपमा कर्मचारी अवकाश भएकाले जनतालाई प्रत्यक्षरूपमा सेवा प्रवाह गर्नुपर्ने प्रदेश र स्थानीय तहका कार्यालयहरूमा कर्मचारीको अभाव हुन गई सेवा प्रवाहमा प्रत्यक्ष असर परेको अवस्था छ। प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूलाई नेपाल सरकारले सङ्घीय निजामती सेवाको पदमा वा अस्थायी प्रकृतिका कार्यालयमा दरबन्दी सिर्जना गरी काजमा राख्ने गरेकोले प्रदेश र स्थानीय तहमा समायोजन भए तापनि ती कर्मचारीहरू सङ्घमा कार्यरत रहँदा प्रदेश र स्थानीय तहहरूमा कर्मचारीको अपर्याप्तता रहेको देखिन्छ। अतः वस्तुनिष्ठ आधारमा समायोजन कार्य सम्पन्न गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा यसमा सुधार भएको छैन।

१२. **कर्मचारी सरुवा** - निजामती सेवा ऐन, २०४९ अनुसार निजामती कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभवसमेत दिलाउनका लागि एक मन्त्रालय वा अन्तर्गतको विभाग वा कार्यालयको निजामती कर्मचारीलाई अर्को मन्त्रालय र अन्तर्गतको विभाग वा कार्यालयमा सरुवा गर्ने

अधिकार यस मन्त्रालयमा रहेको छ। यसरी सरुवा गर्दा सरुवा पत्रमा अवधि तोकी कम्तीमा दुई वर्षका लागि सरुवा गर्नुपर्ने व्यवस्था छ। निजामती सेवा नियमावली, २०५० को नियम ३६ ले सरुवाको समय तालिका र सरुवाका आधारहरू निर्धारण गरेकोमा उक्त समय तालिका अनुसार मन्त्रालयले प्रत्येक वर्षको भदौ एक गतेदेखि भदौ मसान्तभित्रमा सरुवा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २०७७ जनाको सरुवा भएकोमा भदौ मसान्तभित्रमा ६४ जना राजपत्राङ्कित र ४४७ जना राजपत्र अनङ्कित समेत ५११ जनाको मात्र सरुवा गरेको र बाँकीको वर्षभरि नै काजमा खटाउने तथा सरुवा गर्ने गरेको देखिन्छ। मन्त्रालयसँग अवधि नपुगी सरुवा भएका कर्मचारीको विवरण माग गरिएकोमा तत्सम्बन्धी विवरण प्राप्त नभएकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सकिएन। न्यूनतम अवधि नपुगी सरुवा गर्दा सरुवा भ्रमण खर्च भुक्तानी गर्नुपर्ने भई खर्चमा समेत वृद्धि हुने देखिन्छ।

१३. **प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) मा कानुनबमोजिम प्रमुख प्रशासकीय अधिकृत नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्न खटाउने व्यवस्था छ। मन्त्रालयले २०८०।८१ मा प्रमुख प्रशासकीय अधिकृतको रूपमा १ हजार ४१७ जना कर्मचारीलाई स्थानीय तहमा खटाएको, एउटै कर्मचारीलाई एकै वर्षमा २ भन्दा बढी स्थानीय तहमा खटाएको र ३९६ स्थानीय तहमा निमित्तको रूपमा कामकाज गर्न खटाएको छ। राष्ट्रिय विकास समस्या समाधान समितिको २०७९।१२।३ को बैठकबाट प्रदेश र स्थानीय तहमा पर्याप्त जनशक्ति नहुँदा काम गर्न कठिनाइ भएकोले प्रदेश तथा स्थानीय तहका लागि सङ्घबाट खटाएका कर्मचारीलाई कम्तीमा १ वर्ष खटाएको स्थानीय तहमै रहनुपर्ने व्यवस्था मिलाउने निर्णय भएकोमा सोको पालना भएको देखिएन। प्रमुख प्रशासकीय अधिकृतहरूको पटक-पटकको सरुवाले सेवा प्रवाहमा असर परेको देखिन्छ। निजामती सेवा ऐन, २०४९ अनुसार न्यूनतम सेवा अवधिका लागि काम गर्न प्रमुख प्रशासकीय अधिकृत खटाउनुपर्दछ ।

१४. **अतिरिक्त समूह -** निजामती सेवा ऐन, २०४९ को दफा १८ ख(१) मा लामो बिदामा बसेको, निलम्बनमा रहेको र अन्यत्र काजमा खटिएको कारण पदाधिकारमा नरहेको अवस्थामा बाहेक २ महिनाभन्दा बढी जिम्मेवारी नदिई निजामती कर्मचारीलाई निष्क्रिय राख्न नपाइने तथा उपदफा (२) मा पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनुपर्ने दायित्व भएका पदाधिकारीलाई विभागीय कारबाही हुने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार अतिरिक्त समूहमा राखिएका २२७ कर्मचारीहरूको तलब भत्तामा यो वर्ष रु.६ करोड रु.६१ लाख ५३ हजार खर्च भएको छ। कर्मचारीहरू न्यूनतम ३ महिनादेखि अधिकतम १२ महिनासम्म अतिरिक्त समूहमा राखी जिम्मेवारीविहीन अवस्थामा राखेको देखिन्छ भने सेवाग्राही सन्तुष्टि सर्वेक्षणले सेवाग्राहीको चाप हुने कार्यालयहरूमा दरबन्दीअनुसार पदपूर्ति नभएका कारण सेवा प्रवाहमा असर परेको छ। ऐनको प्रावधानअनुसार कर्मचारीहरूको समयमै उचित व्यवस्थापन हुनुपर्दछ।

१५. **दरबन्दी थप घट -** निजामती सेवा ऐन, २०४९ को दफा ६(क) मा कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न सङ्गठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्दा मन्त्रालयको कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य र उपलब्ध मानव स्रोतसमेतको आधारमा

सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकार मन्त्रिपरिषद्समक्ष स्वीकृतिका लागि पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीसमेतको आधारमा २०७५ सालमा कर्मचारी समायोजन गर्दा सङ्घमा ४८ हजार ४०९, प्रदेशमा २२ हजार २९७ र स्थानीय तहमा ६६ हजार ९०८ समेत १ लाख ३७ हजार ६१४ दरबन्दी स्वीकृत गरेकोमा २०८०।८१ सम्म सङ्घतर्फ ३ हजार १५१ दरबन्दी थप गरेको छ। त्यसै गरी मन्त्रालयले निजामती सेवा ऐनअनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नगरी २०८०।८१ मा विभिन्न निकायमा १० हजार १७१ अस्थायी दरबन्दी स्वीकृत गरेको छ। सङ्घ, प्रदेश तथा स्थानीय तहका लागि मार्गदर्शक हुने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ लाई परिमार्जन गरेको समेत नदेखिएकोले यसमा सुधार गरी कर्मचारीको दरबन्दी थपघट गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

१६. **निजामती सेवाको पदपूर्ति -** निजामती सेवा ऐन, २०४९ को दफा ७ मा पदपूर्तिसम्बन्धी व्यवस्था छ। लोक सेवा आयोगको ६५ औं वार्षिक प्रतिवेदनअनुसार राष्ट्रिय किताबखानामा २०८१।५।२० सम्म अद्यावधिक भएको विवरणबमोजिम सङ्घमा ५१ हजार ९१७, प्रदेशमा १७ हजार २९७ र स्थानीय तहमा ६५ हजार ५५६ दरबन्दी रहेकोमा क्रमशः ४१ हजार २६३, ११ हजार ४४६ र ३२ हजार ३७६ पदपूर्ति भई सङ्घमा १० हजार ६५४, प्रदेशमा ५ हजार ८५१ र स्थानीय तहमा ३३ हजार १८० पद रिक्त रहेको उल्लेख छ।

१७. **पेस्की फस्यौंट -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेस्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने कागजातसहितको प्रतिवेदन पेस गर्नुपर्ने र कार्यालयले सात दिनभित्र त्यस्तो पेस्की फस्यौंट गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार साविक जिल्ला विकास समितिको कार्यालयहरूले विभिन्न व्यक्ति तथा संस्थालाई उपलब्ध गराएको पेस्की रु.७ अर्ब ५९ करोड ३० लाख ८२ हजार फस्यौंट नभई बाँकी रहेको देखिन्छ। सो पेस्कीमध्ये २०६०।६१ देखिको पेस्कीसमेत बाँकी रहेको छ। नियमावलीको व्यवस्थाअनुसार पेस्की फस्यौंट गरी आर्थिक अनुशासन कायम गर्नुपर्ने बेहोरा गत वर्षका प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ।

१८. **शैक्षिक प्रोत्साहन छात्रवृत्ति** - निजामती कर्मचारीहरूका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७९ मा निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने व्यवस्था छ। छात्रवृत्तिमा गत वर्ष रु.१७ करोड ८१ लाख ८७ हजार र यो वर्ष रु.२१ करोड ६१ हजार खर्च भएको देखियो। मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०८०।८१ सम्म २ हजार ८४८ जनालाई छात्रवृत्ति उपलब्ध गराएको देखिन्छ। निर्देशिकाको बुँदा नं.२३ मा शैक्षिक प्रोत्साहन वृत्ति प्राप्त गरी अध्ययन गरेका विद्यार्थीलाई अध्ययन सकेको एक वर्षभित्र मन्त्रालयले आवश्यक ठानेमा अवधि तोकी काममा खटाउन सकिने व्यवस्था रहेको हुँदा यसको अद्यावधिक अभिलेख राखी शैक्षिक वृत्ति प्राप्त गरी अध्ययन गरेका विद्यार्थीलाई आवश्यकताअनुसार काममा खटाउनुपर्दछ।

१९. **राजस्व दाखिला -** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले जिल्ला सभालाई कर लगाउने र उठाउने अधिकार दिएको छैन भने जिल्ला समन्वय समितिले सङ्घीय सरकार तथा प्रदेश सरकारबाट खर्च गर्न अख्तियारी प्राप्त गरेका छन्। समितिको आम्दानी सङ्घीय सञ्चित कोषमा दाखिला

गर्नुपर्नेमा कानुन विपरीत समितिको कार्य सञ्चालन कोष खातामा दाखिला गरी खर्च गर्ने गरेका छन्। यो वर्ष जिल्ला समन्वय समितिको कार्यालय तनहुँ, झापा, ललितपुर, कास्की, सप्तरी, मुगुसमेतका ६ कार्यालयले भाडालगायतका शीर्षकमा प्राप्त गरेको रु.४ करोड ३१ लाख ३६ हजार सङ्घीय सञ्चितकोषमा दाखिला गरेका छैनन्। त्यसै गरी जिल्ला समन्वय समितिको कार्यालय तनहुँ, मुगु, पर्सा, रामेछाप, स्याङजा, कास्की, रोल्पा र सुर्खेतसमेतका ८ कार्यालयले बक्यौता भाडा आम्दानी रु.७१ लाख १७ हजार असुल गर्न बाँकी रहेकोले असुल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था

स्थानीय तहले स्रोत परिचालनको ठुलो हिस्सा पूर्वाधार निर्माणमा खर्च गर्ने र सोका लागि कानुनी प्रक्रिया पालना गर्दै विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने गरेका छन्। सङ्घीय तथा प्रदेश सरकारका अनुदानबाट सञ्चालन हुने योजनाका लागि पनि विस्तृत परियोजना प्रतिवेदन तयार हुने गरेको छ। स्थानीयतहबाट भएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन सम्बन्धमा सैद्धान्तिक विषयबारे कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

विस्तृत परियोजना प्रतिवेदनअनुसार स्पष्ट कार्यतालिका र कार्यान्वयनका चरणहरू तय हुने हुँदा निर्माणकार्य समयमै अघि बढ्ने गरेका छन्। योजनाको प्रविधिक पक्ष स्पष्ट हुने भएकाले मापदण्डअनुसार संरचना निर्माण सघाउ पुगेको छ। विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने क्रममा सरोकारवालाको सुझाव संलग्न गरिने भएकाले जनसहभागिता बढ्ने र निर्णयप्रति विश्वास बढेको देखिन्छ। समग्रमा विस्तृत परियोजना प्रतिवेदनको कार्यान्वयनले सडक, खानेपानी, विद्यालय, स्वास्थ्य चौकीजस्ता संरचनाको निर्माणपछि पूर्वाधार विकासमा सकारात्मक प्रभाव परेको देखिन्छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

२०. **आयोजना बैङ्क** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार राष्ट्रिय आयोजना बैङ्कमा समावेश नभएका आयोजनाका लागि बजेट विनियोजन गर्न नहुने उल्लेख छ। प्रदेश तथा स्थानीय तहका आयोजनाहरूसमेत समन्वयका साथ आयोजना बैङ्कमा समावेश हुनुपर्ने उल्लेख छ। यद्यपि, अधिकांश स्थानीय तहले आयोजना सम्बन्धी तथ्याङ्क सङ्कलन र स्थानीय प्रोफाइल व्यवस्थित रुपमा राखेको देखिदैन। प्रदेश तथा स्थानीय तहका आयोजनाहरू अझै प्रारम्भिक चरणमै सीमित रहेकोले, दिगो विकास लक्ष्य प्राप्तिका लागि तीन तहका सरकारहरूबीच समन्वयमा आधारित विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गर्ने आवश्यकता रहेको देखिन्छ।

२१. **खरिद कानुन पालना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ देखि ८३ सम्म कार्यक्षेत्रगत सर्त तयार गर्नेदेखि प्रस्ताव मूल्याङ्कन, प्रस्ताव स्वीकृत गर्ने अधिकारी सम्बन्धी व्यवस्था, विशेषज्ञता र योग्यताका आधारमा सिधै खरिद गर्न सकिने व्यवस्था लगायत कार्यविधिहरू स्पष्ट गरेको छ। नियम ३ अनुसार खरिद आवश्यकता पहिचान गर्ने, खरिद योजना तयार गर्ने, खरिद विधि छनोट

गर्नेलगायत खरिद कारबाही गर्नुपर्नेमा विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा अधिकांश स्थानीय तहले उल्लिखित कानुनी व्यवस्था पालना नगरी आवश्यकताको पहिचान र आशय पत्र समेत तयार नगरी सिधै खरिद गर्ने गरेको, अध्ययन गरेका आयोजनाहरूको प्रतिवेदन जिन्सी दाखिला नगरेको, खरिद कारबाहीको व्यवस्थित अभिलेख नराखेको, लगायतका समस्या देखिएकोले प्रचलित कानूनको पालना गर्नुपर्ने देखिएको छ।

२२. **प्रतिवेदन तयारी -** स्थानीय तहहरूले सङ्घीय सरकारबाट प्राप्त गर्ने समपुरक र विशेष अनुदानको लागि आयोजना माग गर्न विस्तृत आयोजना प्रतिवेदन ३ देखि ५ प्रति सम्म तयार गरी माग गरे तापनि कतिपय आयोजना कार्यान्वयन हुने सुनिश्चितता देखिँदैन। अनुदान माग गर्ने प्रयोजनको लागि स्थानीय तहहरूमा विस्तृत परियोजना प्रतिवेदन तयारी कार्यमा हरेक वर्ष खर्च हुने गरेको छ। यसरी माग गरिएका आयोजनाहरू सालवसाली मात्र हुने भएकोले उक्त वर्ष कार्यान्वयन नभएमा आगामी वर्ष स्रोतको अभावमा कार्यान्वयन नहुने अवस्था रहेको देखिन्छ। गत वर्ष स्थानीय तहहरूबाट ४ हजार १०३ आयोजना माग भएकोमा १ हजार ४०६ आयोजना मात्र कार्यन्वयन भएका छन। कार्यान्वयनमा आएका २३६ आयोजनामा रु.५ अर्व ३७ करोड २२ लाख खर्च भएतापनि ततपश्चात बजेट व्यवस्था नहुदा ती आयोजनाहरू सम्पन्न भएका छैनन। स्थानीय तहहरूले आयोजना माग गर्दा क्रमागत आयोजना सम्पन्न गरेपश्चात् मात्र नयाँ आयोजनाको लागि बजेट माग गर्ने र विगतमा विस्तृत आयोजना प्रतिवेदन तयार भइ कार्यान्वयन नभएका आयोजनाहरूलाई कार्यान्वयन गर्नुपर्दछ।

२३. **प्रतिवेदन कार्यान्वयन** - स्थानीय तहले अध्ययन गरी सम्भाव्यता देखिएका आयोजनाहरूको स्रोत सुनिश्चित गरी कार्यान्वयन गर्नुपर्नेमा अधिकाश आयोजना कार्यान्वयनमा नगएको विवरण पेस गरेका छन। स्थानीय तहले बिभिन्न आयोजना तथा कार्यक्रमका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी बजेट माग गरी सङ्घमा र प्रदेशमा पठाउने गरेको देखिन्छ। स्थानीय तह आफैले सन्चालन गर्ने आयोजना तथा कार्यक्रमका लागि प्राप्त भएका त्यस्ता अध्ययन प्रतिवेदनको अध्यावधिक अभिलेख नराखेबाट आयोजना सन्चालनको बखत फिल्डको अवस्था फरक परेको समेत देखिएको छ। सबै स्थानीय तहले विस्तृत आयोजना प्रतिवेदनमा गरेको खर्च रकमको एकीकृत अभिलेख समेत नराखेकोले अध्ययन भएका कुल आयोजना संख्या, अध्ययनमा भएको खर्च र आयोजनाहरूको लागत समेतको एकीकृत विवरण प्राप्त हुन सकेको छैन।

स्थानीय तहको लेखापरीक्षणमा सातै प्रदेशको स्थानीय तहको विस्तृत परियोजना प्रतिवेदनसँग सम्बन्धित तथ्याङ्कअनुसार ४१३ स्थानीय तहबाट विगत तीन आर्थिक वर्षमा रु.१ खर्ब ७८ अर्ब ४४ करोड ५ लाख ५९ हजार लागत अनुमानको १ हजार ८२५ आयोजना तथा कार्यक्रमका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको विवरण प्राप्त भएको छ। उक्त विवरणको विश्लेषण गर्दा विगत तीन वर्षमा विस्तृत परियोजना प्रतिवेदन तयार गर्दा बाह्य परामर्शदातालाई रु.५ अर्ब १८ करोड ३८ लाख ५५ हजार भुक्तानी भएकोमा १ हजार ३९३ प्रतिवेदन कार्यान्वयनमा रहेका छन्। यो वर्षसम्म कुल ४३५ योजना कार्यान्वयन भएका छैनन।

विभिन्न स्थानीय तहले अध्ययन गरी सम्भाव्यता देखिएका आयोजनहरूको कार्यान्वयन अवस्था सम्बन्धमा विभिन्न १२ स्थानीय तहहरूको नमुना छनौट गर्दा देहायबमोजिम देखियोः

२३.१. धनकुटा नगरपालिकाले गतवर्षसम्म १० आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा २ आयोजनाको विस्तृत परियोजना प्रतिवेदनका लागि रु.७ लाख ६२ हजार खर्च गरेकोमा बाँकीको भुक्तानी अवस्था खुलेको छैन। उल्लिखित १० आयोजनामध्ये ६ योजना सम्पन्न भएका, ३ कार्यान्वयन भइरहेका र १ योजना कार्यान्वयन हुन बाँकी रहेको, गौरादह नगरपालिका झापाले विगत ३ वर्षमा ८ र योवर्ष ३ परामर्श सेवा र १० विस्तृत परियोजना प्रतिवेदन समेत १८ कार्यको लागि कुल रु.१ करोड ३६ लाख ४५ हजार खर्च गरेकोमा ३ कार्यान्वयनमा ल्याइए तापनि अन्यको अवस्था खुलाएको छैन। त्यसैगरी दमक नगरपालिका झापाले योवर्ष २०१ विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा १९७ विस्तृत परियोजना प्रतिवेदन को मुल्य खुलेको छैन। साथै विस्तृत परियोजना प्रतिवेदन गरिएका आयोजनामध्ये ३५ प्रतिशत कार्यान्वयनमा गएको देखिन्छ भने अन्यको अवस्था नखुलेको र बाह्रदशी गाँउपालिका झापाले विगत वर्षहरूको समेत कुल ६३ विस्तृत परियोजना प्रतिवेदन मा रु.३१ लाख ६४ हजार खर्च गरेकोमा ३ मात्र कार्यान्वयन भइरहेको देखिन्छ भने अन्यको अवस्था खुलेको छैन।

२३.२. चुलाचुली गाँउपालिका इलामले योवर्ष ८ समेत ३४ परामर्श सेवामा रु. १ करोड ९८ लाख ८ हजार र १८ विस्तृत परियोजना प्रतिवेदनमा रु.१ करोड ७७ लाख ४० हजार समेत ५२ परामर्श सेवामा रु.३ करोड ७५ लाख ४८ हजार खर्च भएकोमा ९ को मात्र कार्यन्वयन भएको देखिन्छ।

२३.३. जनकपुर उपमहानगरपालिकाले यो वर्ष ७ आयोजनाको विस्तृत परियोजना प्रतिवेदनको लागि रु.३६ लाख ६३ हजार खर्च गरेकोमा आयोजना आर्यान्वयन भएको अवस्था खुल्ने विवरण संलग्न नगरेको र विंरगञ्ज महानगरपालिकाले यो बर्ष ३ आयोजनाको गुरु योजना तयार गर्न रु.३९ लाख ४६ हजार खर्च गरेकोमा उक्त गुरुयोजना बमोजिम कार्य हुन सकेको छैन।

२३.४. भरतपुर महानगरपालिका चितवनले विभिन्न ७ आयोजनाको विस्तृत परियोजना प्रतिवेदनको लागि रु.९५ लाख ६६ हजार खर्च गरेकोमा उक्त योजनाहरू कार्यान्वयन नभएको र ललितपुर महानगरपालिका ललितपुरले विभिन्न १४ आयोजनाको परामर्श सेवाको लागी रु.६५ लाख ८५ हजार खर्च गरेकोमा कार्यान्वयनको सुनिश्चितता भएको देखिएन। टिकापुर नगरपालिका कैलालीले विभिन्न २ आयोजनाको विस्तृत परियोजना प्रतिवेदनको लागि रु.७ लाख ८९ हजार खर्च गरेकोमा उल्लेख्य रुपमा कार्यान्वयन भएका छैनन

विभिन्न स्थानीय तहले परामर्श सेवाको खरिद गरी तयार गरेका विस्तृत परियोजना प्रतिवेदनहरू सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गरी अभिलेख नराखेका, स्थानीय तहहरूको आयको यकिन नहुँदा आयोजना कार्यान्वयनको सुनिश्चितता नभएको, परामर्शदाताले पेश गरेको विज्ञहरूको संलग्नतामै प्रतिवेदन तयार गरिएको सुनिश्तित नभएको तथा विज्ञहरूले आयोजनास्थल भम्रण गरी कार्य गरेको अभिलेख नराखेको लगायतका समस्या देखिएका छन्। स्थानीय तहहरूले कार्यान्वयन सुनिश्चित भएका र कार्यान्वयन हुन सक्ने आयोजनाहरूको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र अन्यको संक्षिप्त बिधिबाट आयोजना सम्बन्धी प्रारम्भिक सूचक तथा बिबरण लिइ खर्चमा मितव्ययीता ल्याउनुपर्ने देखिएको छ।

२४. **निष्कर्ष तथा सुझाव -** पूर्वाधार विकास अत्यावश्यक भए तापनि पूर्वतयारीको अभाव, कानुन कार्यान्वयनको कमजोरी, जनशक्तिको असमानता, र खरिद प्रक्रिया लगायतका कारण आयोजनाहरू तोकिएको समयमा सम्पन्न हुन सकेका छैनन। संविधानले स्थानीयतहलाई पूर्वाधार विकासमा अग्रसर हुन अवसर दिएको भएतापनि स्थानीय तहहरूमा क्षमता, भूगोल र स्रोतहरूको विविधताले कार्यान्वयनमा समस्या देखिएको छ। विकास आयोजनाहरूलाई गुणस्तरीय, सन्तुलित र आवश्यकतामा आधारित बनाउन सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय आवश्यक रहेको छ। विस्तृत आयोजना प्रतिवेदनको तयारी, अभिलेख व्यवस्थापन, योजना छनोट र प्रभावकारी रुपमा कार्यान्वयन गरी पारदर्शी, प्रतिस्पर्धात्मक र मितव्ययी खरिद प्रक्रिया अपनाइ पूर्वाधार विकास सम्बन्धी कार्य अगाडी बढाउन पर्दछ।

अन्य संस्था र समिति

निजामती कर्मचारी अस्पताल

२५. **प्राप्ति तथा भुक्तानी -** अस्पतालले सम्पत्ति तथा दायित्वको लेखाङ्कन गरी वासलात तयार गरेको छैन। अस्पतालको यो वर्षको प्राप्ति तथा भुक्तानी निम्नानुसार छः

(रु. हजारमा)

प्राप्ति विवरण	रकम रु.	भुक्तानी विवरण	रकम रु.
सुरु बैङ्क मौज्दात	३१५५३४	चालु खर्च	६९१३२०
अस्पतालको आम्दानी	८२८३०७	पुँजीगत खर्च	१०३६७४
अन्य प्राप्ति	५५७५३	फार्मेसी औषधी खरिद	१३११७३
नेपाल सरकारबाट अनुदान	१७५४५२	गत वर्षको भुक्तानी	६८२३०
राजस्व	११२१	रिएजेन्टलगायत	१७५४५२
धरौटी	९५६८७	राजस्व	११२१
		धरौटी फिर्ता	६३३९
		धरौटी मौज्दात	८९३४७
		बैङ्क मौज्दात	२०५१९८
जम्मा	**१४७१८५४**	**जम्मा**	**१४७१८५४**

गत वर्षको जिम्मेवारी रु.३१ करोड ५५ लाख, रिएजेन्टलगायतका सामग्री खरिदको लागि नेपाल सरकारको अनुदान रु.१७ करोड ५४ लाख बिक्री तथा सेवा शुल्क रु.८२ करोड ८३ लाख र अन्य प्राप्ति, राजस्व तथा धरौटी कारोबारसमेत प्राप्ति रु.१ अर्ब ४७ करोड १९ लाख रहेको छ। त्यसै गरी सञ्चालन खर्चतर्फ अनुदानतर्फको रु.१७ करोड ५५ लाख, समितितर्फको रु.९२ करोड ६२ लाख र अन्य भुक्तानी रु.७ करोड ५७ लाखसमेत रु.१ अर्ब १७ करोड ७३ लाख भुक्तानी भएको छ ।

२६. **सञ्चालन स्थिति -** अस्पताल दिगोरूपमा सञ्चालन हुन अस्पतालको आन्तरिक आयसमेत भरपर्दो र पर्याप्त हुनुपर्दछ। अस्पतालको यो वर्षको आम्दानी तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आम्दानी	रकम	खर्च	रकम
सेवा शुल्क	६९१७०३	चालु	६९१३२०
औषधी बिक्री	६७४६६	पुँजीगत	१०३६७४
शैक्षिक कार्यक्रम आम्दानी	७३३३	फार्मेसी	१३११७३
विविध (ब्याज, दस्तुर, लिलाम आदि	६१८०५	न्यून	(९७८६०)
जम्मा	**८२८३०७**	**जम्मा**	**८२८३०७**

यो वर्ष समितितर्फको सेवा शुल्क रु.६९ करोड १७ लाख र अन्य आम्दानीसमेत रु.८२ करोड ८३ लाख आम्दानी रहेकोमा चालु खर्च रु.६९ करोड १३ लाख, पुँजीगत खर्च रु.१० करोड ३७ लाख र औषधी खरिद रु.१३ करोड १२ लाखसमेत रु.९२ करोड ६१ लाख खर्च भएको देखिन्छ। जसअनुसार समितितर्फ आम्दानीभन्दा रु.९ करोड ७८ लाख बढी खर्च भएको देखिन्छ। स्थायी, करार र दैनिक ज्यालादरी कर्मचारीको पारिश्रमिक तथा भत्तातर्फ रु.४४ करोड ६३ लाख अर्थात कुल आयको ५३.८८ प्रतिशत खर्च गरेको छ।

२७. **सेवा प्रवाह -** यो वर्ष अस्पतालले ३२ हजार ६९४ निजामती कर्मचारी र निजका परिवार तथा २ लाख ९४ हजार १५३ सर्वसाधारणसमेत ३ लाख २६ हजार ८४७ जनालाई बहिरङ्ग सेवा, ५ हजार ८९७ लाई अन्तरङ्ग सेवा, ३ हजार ६२० लाई शल्यचिकित्सा सेवा, १८ हजार ७२७ लाई आकस्मिक सेवा, ४ हजार ९५८ लाई सी.टी. स्क्यान सेवा, ७६ हजार ५२६ लाई एक्स-रे सेवा, ११ लाख ४ हजार ९५८ लाई प्रयोगशाला परीक्षण लगायत विभिन्न सेवा उपलब्ध गराएको छ। २०७९।८० को तुलनामा ओ.पी.डी. सेवा १३, प्रयोगशाला परीक्षण ५, अपरेसन ४८, अल्ट्रासाउण्ड १२२ तथा एक्स-रे सेवा १५ प्रतिशतले वृद्धि भएको छ। शल्य चिकित्सातर्फ पालो आउनको लागि ३-४ महिनासम्म प्रतीक्षा गर्नुपर्ने तथा चिकित्सकद्वारा लेखिएको औषधी फार्मेसीमा उपलब्ध हुन नसकी बिरामीले बाहिरबाट खरिद गर्नु परेको लगायतका समस्या रहेका छन्। विद्यमान समस्या समाधान गरी गुणस्तरीय सेवा प्रदान गर्नुपर्दछ।

२८. **मेसिन उपकरण खरिद तथा उपयोग -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद योजना, गुरुयोजना तयारी तथा खरिद आवश्यकताको पहिचान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पतालले २०७६।०३।२२ मा रु.२ करोड ९२ लाखमा खरिद गरेको नेभिगेसन सिष्टम फर टोटल नी रिप्लेसमेन्ट सर्जरी मेसिन, अस्पतालमा रहेका २ अक्सिजन प्लान्टमध्ये २०७६।३।२० मा रु. ८३ लाखमा खरिद गरेको प्लान्ट मर्मत गरी २०८१।२।१४ देखि प्रयोगमा ल्याएको र अर्को दाताबाट प्राप्त भएको अक्सिजन प्लान्ट सञ्चालन भएको छैन। यो वर्ष अक्सिजन खरिदमा रु.१ करोड २० लाख खर्च गरेको छ।सी आर्म, यू.एस.जी, होलमियम लेजर,स्पाईनल इन्डोस्कोपी सिस्टमलगायतका १० थान उपकरण मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेकोमा मर्मत सम्भार गरेको छैन। मौज्दातमा रहेका उपकरणहरू सञ्चालनमा ल्याई सेवाप्रवाहमा सुधार गर्नुपर्दछ।

२९. **जनशक्ति व्यवस्थापन -** निजामती कर्मचारी अस्पताल (कर्मचारीको सेवा सर्त र सुविधा) विनियमावली, २०७० को विनियम ७ मा सेवामा प्रशासन र प्राविधिक रहने तथा विनियम ८ मा

उपसमूह रहने व्यवस्था छ। अस्पतालको स्वीकृत दरबन्दी ४६१ मध्ये २३२ स्थायी तथा २० सेवा करार गरी २५२ मात्र पदपूर्ति भएको छ। अस्पतालले कन्सल्टेन्ट्स तथा स्टाफ नर्सलगायत २१३ लाई करारमा नियुक्ति गरी रु.७ करोड ६४ लाख र ज्यालादारीतर्फ ४१३ जनाको लागि रु.१५ करोड २९ लाख खर्च भएको देखिन्छ। यो वर्ष सबै प्रकृतिका कर्मचारीको पारिश्रमिक भत्तालगायतका विभिन्न शीर्षकमा रु.४४ करोड ६३ लाख खर्च भएको देखिन्छ। यो वर्ष अस्पतालको नयाँ वार्डमा १२४ बेड थप भएको र अन्कोलोजी तथा डायलाइसिस सेवा विस्तार भएको देखिन्छ। अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण २०७६।७७ मा भएकोमा तत्पश्चात् उक्त सर्वेक्षण भएको छैन। अस्पतालको सेवा प्रवाह तथा कार्यबोझ अनुरूप आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति व्यवस्थापन गर्नुपर्नेमा सो अध्ययन बेगर नै प्राविधिक एवं अप्राविधिक जनशक्ति दैनिक ज्यालादारीमा नियुक्त गरी खर्च लेख्ने कार्यमा सुधार गर्नुपर्दछ।

३०. **औषधी प्रतिस्थापन** -अस्पतालले विभिन्न आपूर्तकसँग गरेको सम्झौतामा औषधीको म्याद गुज्रने अवधि सामान्यतया ७०-८० प्रतिशत हुनुपर्ने र म्याद गुज्रने अवधि ६ महिनामात्र बाँकी रहेकोमा मौखिक वा लिखित जानकारी गराई सो औषधी शोधभर्ना गर्ने र सोअनुसार फिर्ता नगरेमा उक्त मेडिसिनल आइटमको मूल्य बराबर धरौटीबाट कट्टा गरी असुलउपर गरिने उल्लेख छ। फार्मेसीले प्रयोग गरेको सफ्टवेयरअनुसार २०८१।९।१९ मा सन् २०१२ जनवरीदेखि २०२४ सेप्टेम्बरसम्मको (२०६८ पौषदेखि २०८१ भाद्र) सम्म ५ हजार ८०० पटक दाखिला गरिएका १२ लाख ४ हजार ३३१ परिमाणको रु.२ करोड १८ लाख मूल्य बराबरको औषधीको म्याद गुज्रेको देखिन्छ। उक्त औषधीहरू समयमा नै फिर्ता गरेको देखिएन। उक्त औषधी सम्झौताको सर्तअनुसार सम्बन्धित आपूर्तकलाई फिर्ता गरी भुक्तानी समायोजन गर्नुपर्ने अन्यथा धरौटीबाट कट्टा गरेको प्रमाण पेस गर्नुपर्दछ। औषधी खरिद, बिक्री र मौज्दातको यकिन विवरण राखिनुपर्दछ।

लेखापरीक्षणको क्रममा फार्मेसी सफ्टवेयर परीक्षण गर्दा रु.१० लाख ८० हजार मूल्य बराबरका विभिन्न औषधी ६ महिनाभन्दा घटी म्याद भएका विभिन्न मितिमा २०६ पटक दाखिला गरेका देखियो। सम्झौताका सर्तबमोजिम उक्त औषधी तथा औषधीजन्य सामग्री प्रतिस्थापन गर्नुपर्दछ।

३१. **रिएजेन्ट खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पतालले विगतमा खरिद गरेका ल्याब मेसिनहरूमा सोही कम्पनीका ल्याब किटका सामानमात्र प्रयोग हुने कारण जनाई बन्द सामग्री (क्लोजड् आइटम) रिएजेन्ट खरिदमा यो वर्ष रु.८ करोड ६ लाख भुक्तानी गरेको छ। अस्पतालले रिएजेन्ट प्रयोग गरिने मेसिनहरू खरिद गर्दाको बखतको सम्झौतामा ३ देखि ५ वर्षसम्म रिएजेन्ट आपूर्ति गर्ने व्यवस्था गरी २०७७।७८ देखि २०८०।८१ सम्म रु.३२ करोड १० लाखको रिएजेन्ट खरिद गरेको छ। यसरी खरिद गर्दा खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी भएको छैन।

लेखापरीक्षणको क्रममा १३ नमुना छनौट गरी परीक्षण गर्दा सी.आर.पी. जाँचतर्फ निकासा गरेको रिएजेन्टभन्दा २६ प्रतिशतले बढी र पी.सी.टी. परीक्षणमा १ प्रतिशतले बढी रिपोर्ट जारी भएको अन्य जाँचहरू एन्टी सी.सी.पी. परीक्षणतर्फ १५ प्रतिशत, भिटामिन डी परीक्षणतर्फ ९.३ प्रतिशतले घटी परीक्षण भएको छ। उक्त ११ वटा रिएजेन्टमा तोकिएभन्दा घटीले परीक्षण भएबाट

रु.१३ लाख ९ हजार नोक्सानी भएको छ। यसरी तोकिएको सङ्ख्याभन्दा कम मात्रामा परीक्षण प्राप्त भएको सम्बन्धमा अस्पतालले कारण पहिचान गरेको छैन।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

सरकारी निकाय र संस्थानहरूको प्रशासनिक एवं व्यवस्थापनसम्बन्धी दक्षता अभिवृद्धि गर्न २०३९ मा प्रतिष्ठानको स्थापना भई प्रशिक्षणसम्बन्धी कार्य गर्दैआएको छ। कर्मचारीलाई तालिमको माध्यमबाट कार्यप्रति अभिप्रेरित गराई प्रशासकीय क्षमता अभिवृद्धि गर्नु प्रतिष्ठानको उद्देश्य रहेको छ। सार्वजनिक क्षेत्रको क्षमता विकासमा तालिम, अनुसन्धान र परामर्श सेवाको कार्यमा प्रतिष्ठानबाट कार्य हुँदैआएको छ। प्रतिष्ठानमा ३ विभाग र कर्मचारी दरबन्दी ७३ रहेको छ।

३२. **वित्तीय स्थिति** - प्रतिष्ठानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

पुँजी र दायित्व	२०८१ आषाढ ३१	२०८० आषाढ ३१	सम्पत्ति	२०८१ आषाढ ३१	२०८० आषाढ ३१
पुँजी कोष	१३४५१४	१६५२४४	प्राप्त गर्न बाँकी रकम	९१४५	३२७९
पुँजी प्रतिस्थापन कोष	२७९८	२६७९९	कार्यालय सामग्री	१३५०२	१२५५९
दायित्व कोष	६३१२०८	५५७२३५	ऋण, अग्रिम र निक्षेप	२२८०८	२०१७२
भुक्तानी योग्य रकम	३०७७५	२८७८८	लगानी	२०००९	४५९०९
अग्रिम प्राप्त रकम	३४९२	५९७९	स्थिर सम्पत्ति	२५८८३७	२७७७७३
निक्षेप र धरौटी	२४४८	३६२२	नागरिक लगानी कोष	६३१२०७	५५७२३४
अन्य दायित्व	११६१३	११४१६	निर्माणाधीन स्थिर सम्पत्ति	१२४०	१२४०
कर्मचारी विकास कोष	२०००९	२०००९	बैङ्क मौज्दात	५७९४६	९०७६६
स्थगित आय	१७७८३७	१८९८४०			
कुल	**१०१४६९४**	**१००८९३२**	**कुल**	**१०१४६९४**	**१००८९३२**

३३. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

आय	यस वर्षको	गत वर्षको	व्यय	यस वर्षको	गत वर्षको
नेपाल सरकारको अनुदान	१८३०१७	१५०९३२	तालिमलगायतका खर्च	१८३०१७	१५०९३२
भाडा	५८१४	२०४८	परामर्श खर्च	४४६६५	३९३६७
ब्याज	४९०२	८४१८	विविध	९५६	४९४९
परामर्श कार्यक्रम	५५४०४	६१०६२	भुक्तानी योग्य पुँजी प्रतिस्थापन कोष	१४५२	५१२
विविध	२१८९४	२२६८१	अपूर्ण परियोजनाहरूको बाँकी	३५०५	८९९
			भुक्तानीयोग्य कर्मचारी कल्याण कोष	३४८९	७९२१
			ह्रास कट्टी	२०८२५	१४७१३
			कर व्यवस्था	२६५५	२०८५
			बचत	१०४६७	२३७६३
जम्मा	**२७१०३१**	**२४५१४१**	**जम्मा**	**२७१०३१**	**२४५१४१**

प्रतिष्ठानको यो वर्षको आय रु.२७ करोड १० लाख ३१ हजार रहेकोमा रु.२६ करोड ५ लाख ६४ हजार खर्च भई रु.१ करोड ४ लाख ६७ हजार बचत रहेको छ। प्रतिष्ठानको कुल आयमा नेपाल सरकारको अनुदान रु.१८ करोड ३० लाख १७ हजार (६७.५३ प्रतिशत) रहेकोले सरकारी अनुदान माथिको निर्भरता घटाउन आय वृद्धि तथा खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३४. **रणनीतिक योजना कार्यान्वयन -** प्रतिष्ठानको ५वर्षे रणनीतिक योजना (२०७९।८०- २०८३।८४) मा २० रणनीतिक उद्देश्य र १०२ क्रियाकलाप समावेश छ। जसमध्ये २०८०।८१ मा ८३ क्रियाकलाप सञ्चालन गर्ने लक्ष्य राखेकोमा ५६ क्रियाकलाप मात्र कार्यान्वयन भएको र २७ क्रियाकलाप सञ्चालन भएको देखिएन। प्रदेश र स्थानीय तहका जनप्रतिनिधि एवं कर्मचारीको सिकाइ आवश्यकता पहिचान गर्ने, आवधिक रूपमा संघ,प्रदेश र स्थानीय तहमा जनप्रतिनिधिहरूको गोष्ठी आयोजना गर्ने, लामो अवधिको प्रशिक्षण कार्यक्रमको आवधिक रूपमा प्रभावकारिता अध्ययन गर्ने, प्रशिक्षकहरूलाई डिजिटल प्रशिक्षण डिजाइन तथा प्रशिक्षणसम्बन्धी तालिम प्रदान गर्ने, सूचना प्रविधिको अभ्यासका लागि डिजिटल प्रतिष्ठान नीति तर्जुमा गर्ने, कर्मचारीको स्वास्थ्य बिमा गर्ने, आन्तरिक तथा बाह्य सञ्चारका लागि सञ्चार नीति तर्जुमा गर्ने, राष्ट्रिय/क्षेत्रीय विश्वव्यापी सरोकारका समसामयिक मुद्दाहरूमा अन्तर्राष्ट्रिय सहभागीहरूका लागि छोटो पाठ्यक्रमहरू डिजाइन र वितरण गर्ने लगायतका क्रियाकलाप सम्पादन गरेको देखिएन। रणनीतिक योजनाका कियाकलापहरू तोकिएको समयमै सञ्चालन गरी यसको कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ।

३५. **अनुसन्धान -** नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को दफा ५(ग) मा प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका निमित्त समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने उल्लेख भएको र सो उद्देश्य पूरा गर्न प्रतिष्ठानले यो वर्ष १० समेत ५ वर्षमा ५७ विषयमा अनुसन्धान गरेको देखिन्छ। ती अनुसन्धान प्रतिवेदनहरूको अभिलेख राखी उपयोगमा ल्याउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा लक्ष्यअनुसार प्रगति नभएको, सोझै खरिद गरेको, पेस्की फस्यौंट नभएको, अभिलेख व्यवस्थित नभएको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ६९ निकायमा यो वर्ष रु.१२ करोड ४५ लाख ७९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.११ लाख २९ हजार फस्यौंट गरेकोले रु.१२ करोड ३४ लाख ५० हजार फस्यौंट गर्न बाँकी रहेको छ। सोमध्ये रु.५५ लाख ८७ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित संस्था एवं समिति ४ तर्फ यो वर्ष रु.२ करोड ७६ लाख ३५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ लाख २६ हजार फस्यौंट गरेकोले रु.२ करोड ६९ लाख ९ हजार बाँकी रहेको छ। सोमध्ये रु.५० लाख म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्रमा संस्कृति, पर्यटन तथा हवाई यातायातको विकाससम्बन्धी नीति, ऐन, नियम योजना तथा कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, विमानस्थल निर्माण, सांस्कृतिक सम्पदा, धरोहर, ऐतिहासिक महत्त्वका दरबार एवं पर्यटनसँग सम्बद्ध सङ्गठित संस्था, समिति, प्रतिष्ठान, कोषसमेतको अनुगमन मूल्याङ्कन गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ४५ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत १७ सरकारी कार्यालयको निम्नानुसार रु.६ अर्ब २८ करोड ६३ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२८२२५	३११७९	३४५९	-	६२८६३

उल्लिखित लेखापरीक्षण रकममा स्थानीय तहहरूलाई पर्यटन प्रवर्धनलगायतका कार्यक्रमको लागि उपलब्ध गराएको अनुदान रु.८२ करोड ५८ लाख समावेश छैन।

२. **सङ्गठित संस्था र अन्य संस्था** - यो वर्ष नेपाल वायुसेवा निगमको २०७९।८० को समेत २२ संस्थाको रू.५ खर्ब ६८ अर्ब ७४ करोड ६० लाखको लेखापरीक्षण गरिएको छ। यो वर्ष ६ संस्था तथा समितिको लेखापरीक्षण गर्न बाँकी रहेको छ।

३. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष विमानस्थलहरूको सञ्चालन एवं व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

४. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनाले पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको लागि तोकेका केही सूचकहरूको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

नतिजा सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०८०।८१ सम्मको लक्ष्य	२०८०।८१ सम्मको प्रगति
विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदा	सङ्ख्या	१०	१२	१०
विदेशी पर्यटक आगमन	सङ्ख्या लाखमा	११९७	३५००	१११७
पर्यटनमा विदेशी मुद्रा आर्जन (अमेरिकी डलर)	करोडमा	५२.८	३५०	५४.८१
अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान	प्रतिशत	२.७	१०	२.४२
विदेशी पर्यटकको औसत बसाइ	दिन	१२.७	१५	१३.२
प्रति पर्यटक खर्च	अमेरिकी डलर	४८	१००	४१
नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट	लाखमा	८०	१५०	८७
पदमार्ग निर्माण (ग्रेट हिमालयन ट्रेलसमेत)	किलोमिटर	१८८	११४६	५७३
पर्यटन क्षेत्रमा उत्पादित दक्ष जनशक्ति	सङ्ख्या	१००००	१६११०	२०४२१
प्रतिलिपि अधिकार संरक्षण	सङ्ख्या	१७३४	३०००	२७८०
५ तारे होटल	सङ्ख्या	१५	३०	२५
१-४ तारे होटल	सङ्ख्या	१२४	२७५	१७४

उल्लिखित विवरणअनुसार पन्ध्रौं योजनाको प्रारम्भमा विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदाको सङ्ख्या १० बाट १२ पुऱ्याउने लक्ष्य रहेकोमा लक्ष्य हासिल हुन सकेको छैन। अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान २.७ प्रतिशतबाट १० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २.४२ प्रतिशत रहेकोले आधार वर्षभन्दा घटेको देखिन्छ। त्यस्तै पर्यटन क्षेत्रबाट हुने विदेशी मुद्रा आर्जन अमेरिकी डलर ५२ करोड ८० लाखबाट अमेरिकी डलर ३ अर्ब ५० करोड पुऱ्याउने लक्ष्य रहेकोमा अमेरिकी डलर ५४ करोड ५१ लाख (१५.६६ प्रतिशत) मात्र भएकोले प्रगति न्यून रहेको छ। लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

५. **वार्षिक कार्यक्रम तथा प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था छ। मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमको प्रगति स्थिति देहायबमोजिम छः

क्र.स.	विवरण	एकाइ	२०८०।८१ को		
			बेसलाइन	लक्ष्य	प्रगति
१.	प्रति पर्यटक प्रतिदिन खर्च	अमेरिकी डलर	४०.५	१००	४१
२.	प्रति पर्यटक औसत बसाइ	दिन	१३.१	१५	१३.२
३.	पर्यटक आगमन (हजार)	जना	८१६	३५००	१११७
४.	निर्मित नयाँ पदमार्गको लम्बाइ (जीएचटीसमेत)	किलोमिटर	४१५	११४६	५७३
५.	पर्यटनबाट विदेशी मुद्रा आर्जन(करोडमा)	अ.डलर	२८.५	३५०	५४.८१
६.	अन्तर्राष्ट्रिय हवाई यातायात प्रयोग गर्ने यात्रु	सङ्ख्या लाखमा	३४.८८	६९.५४	४५.४१
७.	द्विपक्षीय हवाई सम्झौता भएका मुलुक	सङ्ख्या	४१	४६	४३
८.	आन्तरिक विमानस्थलको स्तरोन्नति	सङ्ख्या	३७	४२	४२
९.	अर्थतन्त्रमा पर्यटनक्षेत्रको योगदान	प्रतिशत	१.९८	१०	२.४२
१०.	प्रतिलिपि अधिकार संरक्षण	सङ्ख्या	२६६४	३०००	२७८०
११.	नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट	लाखमा	८७	१५०	८७

उल्लिखित तालिकाअनुसार प्रति पर्यटक प्रतिदिन खर्च अमेरिकी डलर १०० पुऱ्याउने लक्ष्य रहेकोमा अमेरिकी डलर ४१ पुगेको, पर्यटन आगमन सङ्ख्या ८ लाख १६ हजारबाट ३५ लाख पुऱ्याउने लक्ष्य रहेकोमा ११ लाख १७ हजार पुगेको, अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान १.९८ प्रतिशतबाट १० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २.४२ प्रतिशत रहेको, नेपाल आउने अन्तर्राष्ट्रिय विमानमा उपलब्ध सिट ८७ लाखबाट १ करोड ५० लाख पुऱ्याउने लक्ष्य रहेकोमा यसमा सुधार हुन सकेको छैन। लक्षित कार्यक्रमअनुसार प्रगति हासिल हुनेगरी सञ्चालन गर्नुपर्दछ।

६. **बजेट र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय र अन्तर्गतका निकायहरूको बजेट र खर्चको स्थिति देहायअनुसार छः

(रु. लाखमा)

निकाय	सुरु बजेट	अन्तिम बजेट	बजेट खर्च	खर्च प्रतिशत
चालु	२६४३५	१९३९२	१७८५६	९२.०७
पुँजीगत	२६७९१	३४११६	२३७८७	६९.७२
जम्मा	**५३२२६**	**५३५०८**	**४१६४३**	**७७.८२**

उल्लिखित विवरणअनुसार चालु र पुँजीगततर्फ रु.४ अर्ब १६ करोड ४३ लाख खर्च भएको छ । यो वर्ष संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमबाट पर्यटन प्रवर्धन गर्ने प्रयोजनको लागि अमेरिकी डलर ४ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहयोग एकीकृत वित्तीय विवरणमा समावेश गरेको छैन । प्राविधिक सहायताको लेखाङ्कन र अभिलेख अद्यावधिक गरी ऐनको व्यवस्थाबमोजिम केन्द्रीय वित्तीय विवरणमा समावेश गरी लेखापरीक्षण गराउनुपर्दछ।

७. **राष्ट्रिय गौरवका आयोजना -** मन्त्रालयअन्तर्गतका राष्ट्रिय गौरवका आयोजनाको हालसम्मको प्रगति स्थिति देहायअनुसार छः

(रु.करोडमा)

क्र.सं.	आयोजना	लागत	सुरु वर्ष	खर्च	सम्पन्न हुने वर्ष	भौतिक प्रगति प्रतिशत
१	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	३०९१	२०७१।७२	२९९३	२०७८।७९	१००.००
२	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२४८६	२०७४।७५	२४५८	२०७९।८०	९९.६०
३	पशुपति क्षेत्र विकास कोष	२२७	२०७०।७१	३६९	नखुलेको	७८.००
४	लुम्बिनी विकास कोष	१३२६	२०६९।७०	८३१	२०८३।८४	८८.००
५	निजगढ विमानस्थल आयोजना	१६५००	२०७१।७२	१०६	२०८५।८६	नखुलेको

७.१. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना २०७१।१०।१ मा सुरु गरी २०७४ पौषमा सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधित कार्यतालिकाअनुसार २०७८।९।१६ मा निर्माणतर्फ रु.७ अर्ब २४ करोड र मुआब्जातर्फ रु.२२ अर्ब ६९ करोडसमेत रु.२९ अर्ब ९३ करोडको लागतमा सम्पन्न भई २०७९।१०।२ देखि सञ्चालनमा आएकोमा नियमित अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन। नियमित अन्तर्राष्ट्रिय उडानको भरपर्दो व्यवस्था गर्नुपर्दछ।

७.२. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना २०७४।७५ मा सुरु गरी २०७७।७८ मा रु.२४ अर्ब ८६ करोड लागतमा सम्पन्न गर्ने लक्ष्य रहेकोमा रु.२४ अर्ब ५८ करोडमा २०७९।८० मा सम्पन्न भई सञ्चालनमा रहेको छ। विमानस्थलले यो वर्ष रु.३५ करोड ६३ लाख आय आर्जन गरेको छ। नियमित अन्तर्राष्ट्रिय उडान हुने अवस्था सिर्जना गरी निर्मित संरचनाको उपयोग गर्नुपर्दछ।

७.३. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाअन्तर्गत २०७९।८० सम्ममा घेराबारा, मुआब्जा वितरण, नदी नियन्त्रण, विमानस्थल गुरुयोजना तथा विस्तृत आयोजना प्रतिवेदन तयारी लगायतका पूर्वतयारी सम्बन्धी कार्य भइरहेको छ। नेपाल सरकारको २०७९।४।२६ को निर्णयबमोजिम दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि अध्ययन गरी प्रतिवेदन पेस गर्न गठन भएको विज्ञ समूहको अध्ययन प्रतिवेदन मन्त्रीपरिषद्बाट २०८०।७।२३ मा स्वीकृत भएपश्चात् नागरिक उड्डयन प्राधिकरणबाट चार किल्ला तोक्ने कार्यमा यो वर्षसम्म रु.१ अर्ब ६ करोड खर्च भएको छ।

राष्ट्रिय गौरवका अन्य आयोजनाको बेहोरा सम्बन्धित खण्डमा उल्लेख छ।

८. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य, २०८०।८१ मा उल्लेख भएका यस मन्त्रालयसँग सम्बन्धित कार्यान्वयन नभएका तथा न्यून प्रगति भएका कार्यक्रम देहायबमोजिम छन्:

८.१. मन्त्रालयले माइलस्टोनसहितका १३६ कार्यक्रम सम्पन्न गर्ने लक्ष्य राखेकोमा ७३ पूर्ण र ६३ आंशिक सम्पन्न भएका छन्।

८.२. संस्कृतितर्फ मुस्ताङका गुफाको अध्ययन गरी इन्भेन्ट्री तयार गर्ने कार्य सम्पन्न भएको छैन। धादिङ, रसुवा, सिन्धुपाल्चोक, दोलखालगायतका जिल्लामा २०७९।८० मा सञ्चालित २४ गुम्बाको पुनर्निर्माणको लक्ष्यमध्ये १३ वटाको मात्र कार्य सम्पन्न भएको छ। बन्दीपुरमा मगर सांस्कृतिक संग्रहालय निर्माण गर्ने कार्यक्रम रहेकोमा ५० प्रतिशतमात्र कार्य सम्पन्न भएको छ।

८.३. पर्यटनतर्फ सफा हिमाल अभियानसम्बन्धी रणनीतिक योजना निर्माण गर्ने, पर्यटनसम्बन्धी ऐन तर्जुमा र संशोधन गर्ने, भ्रमण दशक (सन् २०२३-२०३२) कार्ययोजना निर्माण गर्ने कार्य हुन सकेको छैन। त्यस्तै ग्रेटर मुन्धुम ट्रेल (कोशी बेलकादेखि सगरमाथा शिर) निर्माणको पहिलो चरणको कार्य ३० प्रतिशत, तुवाचुङ ऐतिहासिक-सांस्कृतिक क्षेत्र पूर्वाधार निर्माण पहिलो चरणको निर्माण कार्य ३० प्रतिशत, सास्कृतिक गाउँ पूर्वाधार (टचाम्के मयुङ्ग, भोजपुर) निर्माण कार्य पहिलो चरणको कार्य २० प्रतिशत मात्र सम्पन्न भएको छ।

८.४. नागरिक उड्डयनतर्फ दुर्गम क्षेत्र हवाई सेवा सञ्चालनसम्बन्धी कार्यविधि तर्जुमा गर्ने, नेपाल वायुसेवा निगमको पुनर्संरचना गर्नेलगायतका कार्य सम्पन्न हुन सकेका छैनन्।

मन्त्रालयले बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

९. **रणनीतिक योजना** - देशको पर्यटन क्षेत्रको विकासको लागि नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, (२०१६-२०२५) मन्त्रीपरिपरिषद्बाट २०७३।२।३१ मा स्वीकृत भएको छ। उक्त रणनीतिक योजनामा विश्वव्यापीरूपमा परिचित नेपालको पर्यटन ब्राण्ड स्थापना गर्ने, पर्यटकको सङ्ख्या र बसाइ अवधि वृद्धि गर्ने, स्वदेश तथा विदेशमा नेपालको पर्यटनको छविलाई स्थापित तथा विस्तार गर्ने, वर्षभरि पर्यटक आगमनमा निरन्तर उच्च वृद्धि हासिल गर्ने, राष्ट्रिय विकासको लागि गार्हस्थ उत्पादन र रोजगारी अभिवृद्धि, गरीबी न्यूनीकरण र दिगोरूपमा वैदेशिक मुद्रा आर्जन गर्नमा योगदान गर्ने लगायतका लक्ष्य निर्धारण गरिएको छ। उक्त रणनीतिक योजना कार्यान्वयन चरण (सन् २०१६-२०२०) को लागि रु.६ अर्ब ४४ करोड ५० लाख खर्च हुने अनुमानसहितको रणनीतिक कार्य योजनामा १३ रणनीतिक लक्ष्य, ६५ रणनीति र २८० क्रियाकलाप निर्धारण गरेको देखिन्छ। रणनीतिक योजना प्रथम चरणको लागि गरिएकोमा उक्त अवधि व्यतीत भइसकेकोमा कार्ययोजनाका उपलब्धि समीक्षा गरेको देखिएन। साथै दोस्रो चरणमा गर्नुपर्ने क्रियाकलाप समेटी सोको लक्ष्य, रणनीतिक क्रियाकलाप निर्धारण नगरेको तथा कार्ययोजनासमेत तयार गरेको छैन। मन्त्रालयबाट १० वर्षको लागि तयार गरेको उक्त रणनीतिक योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याई लक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

१०. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना

अन्तर्गत नेपालका मुख्य-मुख्य पर्यटकीय क्षेत्रमा रोजगारीको अवसर प्रदान गर्ने र पर्यटकीय पूर्वाधारको निर्माण एवम् आन्तरिक पर्यटनको प्रवर्धनसम्बन्धी कार्यको लागि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमबाट अमेरिकी डलर ४ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहयोगको अवस्था यकिन गरी लेखापरीक्षणको लागि स्रेस्ता पेस गरेको छैन। ऐनको व्यवस्थाबमोजिम सबै कारोबारको लेखापरीक्षण गराउनुपर्दछ।

११. **पर्वतारोहण रोयल्टी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ र सोसँग सम्बन्धित अनुसूची-४ मा पर्वतारोहणबाट प्राप्त रोयल्टी नेपाल सरकार, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहलाई क्रमशः ५०, २५ र २५ प्रतिशतको अनुपातमा बाँडफाँट गर्ने उल्लेख छ। मन्त्रीपरिषद्को २०७५।४।१० को निर्णयबाट २०८०।४।९ सम्मको लागि देशभरका ६ हजार मिटर उचाइसम्मका २७ हिमचुलीको रोयल्टी दस्तुर सङ्कलन गर्ने जिम्मेवारी नेपाल पर्वतारोहण सङ्घलाई दिएकोमा २०८०।७।२३ को निर्णयानुसार उक्त अवधि पुनः ५ वर्षको लागि थप गरेको छ। सङ्घबाट यस वर्षको रोयल्टीबापत तेस्रो किस्तासम्मको रु.१० करोड ३६ लाख ७९ हजार यस वर्ष नै प्राप्त भएकोमा चौथो किस्ताको रोयल्टी रु.५ करोड २० लाख ६१ हजार पछिल्लो वर्ष दाखिला भएको छ। मन्त्रालयबाट प्राप्त विवरणमा गत विगत वर्षको रु.९ करोड ६३ लाख २६ हजार रोयल्टी सङ्घले बुझाउन बाँकी रहेको उल्लेख छ। बाँकी रोयल्टी असुल गर्नुपर्दछ।

१२. **पर्यटन पूर्वाधार –** मन्त्रालयले स्थानीय पूर्वाधार निर्माणको लागि ७ प्रदेशका १८२ स्थानीय तहलाई रु.४ अर्ब २६ करोड २६ लाख निकासा दिने र स्थानीय तहहरूले रु.२ अर्ब ३८ करोड ७७ लाख बेहोर्ने गरी रु.६ अर्ब ६५ करोड ३ लाख कुल लागत कायम गरेको छ। यस वर्षसम्म रु.२ अर्ब ३० करोड ८३ लाख निकासा गरी बाँकी दायित्व रु.१ अर्ब ९५ करोड ४२ लाख रहेकोमा ४५ स्थानीय तहले मात्र उल्लिखित पूर्वाधार योजना सम्पन्न गरेका छन्। मन्त्रालयबाट स्थानीय तहलाई निकासा भएको रकममध्ये स्थानीय तहबाट भएको खर्च र बाँकी रकम मन्त्रालयले यकिन गरेको छैन। साझेदारीमा सञ्चालन भएका योजनाको अद्यावधिक प्रगति विवरण प्राप्त गरी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

१३. **विमानस्थल सञ्चालन** - हाल ३ अन्तर्राष्ट्रिय विमानस्थलसहित ४२ कालोपत्रे भएका र १३ कालोपत्रे नभएकासहित ५५ विमानस्थल रहेकोमा २० विमानस्थल सञ्चालनमा रहेका छैनन्। निर्माण सम्पन्न भएका विमानस्थल सञ्चालनमा ल्याउन मन्त्रालय र सम्बद्ध निकायले ध्यान दिनुपर्दछ।

१४. **इजाजत –** मन्त्रीस्तरबाट नागरिक उड्डयनसँग सम्बन्धित संस्थालाई इजाजत दिनेसम्बन्धी कार्यविधि, २०६६ को बुँदा नं.१०(क) मा इजाजत पत्रको अवधि ४ वर्षको हुने र सो अवधि समाप्त हुनु अगावै नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था छ। यो वर्ष नागरिक उड्डयनसँग सम्बन्धित संस्थाबाट नवीकरण इजाजत बापत रु.५९ लाख ६५ हजार प्राप्त भएको छ। मन्त्रालयले इजाजत पत्रको अभिलेख अद्यावधिक गरेको पाइएन। कार्यविधि जारी हुनु अगावै स्थापना भएका संस्थालाई मन्त्रालयले कार्यविधि जारी भए पश्चात्को अवधिको जरिबाना लिई दर्ता तथा अनुमतिको दायरामा ल्याएको भए पनि हवाई उड्डयनसम्बन्धी कार्य गर्ने नेपाल वायुसेवा निगमले मन्त्रालयबाट इजाजत लिएको देखिएन। नेपाल वायु सेवा निगमले अनुमति लिनुपर्ने वा नपर्ने सम्बन्धमा आवश्यक निर्णय गरी इजाजत लिएका संस्थाको नवीकरण र सञ्चालन अवस्था सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

पुरातत्त्व विभाग

ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका वस्तु र प्राचीन सम्पदाको अन्वेषण, विश्लेषण, संरक्षण र प्रकाशन गर्ने कार्यका लागि २०२९ सालमा विभागको स्थापना भएको हो। विभागले प्राचीन स्मारक ऐन, २०१३ अनुसार राष्ट्रका गौरवमय सम्पदाको पुनर्निर्माण, संरक्षण र व्यवस्थापन गर्दै आएको छ।

१५. **पुरातात्त्विक स्थल संरक्षण आयोजना** - यस आयोजनामा यो वर्ष रु.१ लाख देखि ५ करोडसम्म बजेट भएका २६१ क्रियाकलाप रहेकोमा ४९ क्रियाकलाप कार्यान्वयन नहुँदा उक्त कार्यक्रममा विनियोजित रु.११ करोड ६ लाख खर्च भएको छैन। कार्यान्वयन नभएका केही क्रियाकलाप देहायबमोजिम छन्:

(रु. हजारमा)

क्र.सं.	कार्यक्रम/क्रियाकलाप	वार्षिक बजेट
१	सर्लाही जिल्लास्थित मुर्तियामा उत्खननबाट शिव मन्दिरको पुनर्निर्माण	२०००
२	क्षेत्रपाल कालिका मन्दिर संरक्षण, पाल्पा	१०००
३	गणेश मन्दिर संरक्षण कार्य, पाँचखाल, काभ्रेपलान्चोक	७००
४	किराँतेश्वर हामसाममाङ्गहिम मन्दिर संरक्षण कार्य, मिक्लाजुङ्ग गा.पा. ३, मोरङ	२०००
५	ऐतिहासिक छोङ्गा सांस्कृतिक स्थल संरक्षण, आमचोक, भोजपुर	२५००
६	मूलमाई मन्दिर पटमारा पतारासी गा.पा. ७, जुम्ला	२०००
७	देक्षेनलिङ गुम्बा, कालिका २, रसुवा	२०००
८	भारतको उत्तर प्रदेश ललिताघाट वाराणसीस्थित साम्राज्येश्वर पशुपतिनाथ महादेव	५००००
९	भीमसेन थान मन्दिर संरक्षण, अखौले,खोटाङ्ग	२०००
१०	भट्टार कार्की डाँडा छ्योलिङ गुम्बा संरक्षण, शिवपुरी ५, नुवाकोट	२०००

आयोजनाअन्तर्गत कार्यक्रम कार्यान्वयन नहुनुमा केही गुम्बा र मन्दिर आधुनिक निर्माण सामग्री प्रयोग गरेको, कतिपयमा कार्यक्रममा बजेट न्यून भएको, निजी स्वामित्वका संरचना भएको, स्थान पत्ता नलागेको, प्रदेश सरकारसँग कार्यक्रम दोहोरिएको लगायतका कारण उल्लेख छ। विभागले मर्मत सम्भार गर्नु पर्ने पुरातात्त्विक सम्पदाको सूची तयार गरी उक्त सूचीभित्र रहेको सम्पदाको मौजुदा अवस्था यकिन गरी वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

१६. **सम्पदा पुनर्निर्माण**- भूकम्पबाट क्षति भएका सम्पदाको पुनर्निर्माण गर्न स्वीकृत १२९ क्रियाकलापको लागि बजेट विनियोजन भएकोमा रु.३ करोड २५ लाख बजेटका २४ योजना कार्यान्वयन भएको देखिएन। विभागबाट प्राप्त विवरणअनुसार २०७२ वैशाख १२ मा गएको भूकम्पबाट ९२० सम्पदा क्षति भएकोमा हालसम्म ८०० सम्पदा पुनर्निर्माण सम्पन्न भएको देखिन्छ। सम्पदा पुनर्निर्माणको बाँकी कार्य शीघ्र सम्पन्न गर्नुपर्दछ।

१७. **गुम्बा निर्माण**- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट भूकम्पबाट पुनर्निर्माण गर्न बाँकी रहेका २१५ गुम्बा तथा पुरातात्त्विक सम्पदाहरूको पुनर्निर्माणसम्बन्धी कार्यहरू संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सोअन्तर्गत तोकिएका विभागबाट गर्ने गरी २०७८।६।४ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई हस्तान्तरण गरेकोमा हालसम्म २३ गुम्बा पुनर्निर्माण भई १९२ गुम्बा पुनर्निर्माण हुन बाँकी रहेको विवरण प्राप्त भएको छ। पुनर्निर्माणको बाँकी कार्य समयमा सम्पन्न गर्नुपर्दछ।

पर्यटन विभाग

पर्यटन उद्योगको व्यवस्थापन, पर्यटन पूर्वाधार विकास, पर्यटकको सुरक्षालगायतका कार्य गर्न २०७१ मा स्थापना भएको यस विभागले पर्यटन व्यवसाय र उद्योग भएका शहर, ठुला पर्यटन उद्योग, तारे होटल, क्यासिनो, स्वदेशी विदेशी पर्यटन प्रवर्धन, पर्वतारोहण अनुमति र पर्वतीय पर्यटनको एकीकृत विकासलगायतका कार्यको लागि नियमन, प्रवर्धन र व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ।

१८. **क्यासिनो रोयल्टी तथा इजाजत नवीकरण** - क्यासिनो नियमावली, २०७० को चौथो संशोधन २०७६ को नियम १० मा इजाजत दस्तुरसम्बन्धी व्यवस्था छ। त्यस्तै नियम १२ र १३ मा इजाजतपत्रको नवीकरण गर्नुपर्ने तथा इजाजतपत्र दस्तुरको ५० प्रतिशतले हुने रकम नवीकरण दस्तुर लाग्ने व्यवस्था छ। आर्थिक ऐन, २०८० को दफा १६ मा क्यासिनो रोयल्टीबापत वार्षिक रु.५ करोड र आधुनिक मेशिन वा उपकरणको माध्यमबाट खेलाइने खेलको लागि मात्र वार्षिक रु.१ करोड ५० लाख रोयल्टी तिर्नुपर्ने व्यवस्था छ। विभागले पेस गरेको वित्तीय विवरणअनुसार क्यासिनो रोयल्टीमा प्राप्त गरेको बक्यौतासमेत रु.१ अर्ब ६९ करोड १५ लाख ७५ हजार र नवीकरणमा रु.१३ करोड २४ लाख ६७ हजार रहेको देखिन्छ। विभागसँग रोयल्टीको हालसम्मको बक्यौता, यस वर्षको रोयल्टी र नवीकरण हिसाबको विवरण माग गरिएकोमा प्राप्त विवरणअनुसार यो वर्ष क्यासिनो नवीकरण दस्तुर बापत रु.३४ करोड ७५ लाख प्राप्त भएको उल्लेख छ। जसले गर्दा विभागको राजस्वको आर्थिक विवरण र विभागको अभिलेखबिच प्राप्त राजस्वमा भिन्नता देखिएको छ। तोकिएको राजस्व शीर्षकमा जम्मा गरी सोहीअनुसार अभिलेख व्यवस्थित गर्नुपर्दछ।

विभागबाट प्राप्त विवरणअनुसार क्यासिनो नियमावली, २०७० को चौथो संशोधन २०७६ को नियम १२ र १३ मा भएको इजाजत नवीकरण गर्नुपर्ने व्यवस्था र सालबसाली आर्थिक ऐनबमोजिम वार्षिक रूपमा बुझाउनुपर्ने रोयल्टी नबुझाएका कारण गत वर्षसम्म ६ क्यासिनोको रु. १ अर्ब ९५ करोड १६ लाख ४९ हजार बक्यौता रहेको मध्ये यो वर्ष १ क्यासिनोको रु.१६ करोड ६५ लाख असुल भई बाँकी ५ क्यासिनोको रु.१ अर्ब ७८ करोड ५१ लाख ४९ हजार बक्यौता रहेको उल्लेख छ । सो मध्ये २ क्यासिनो हाल सञ्चालनमा नरहेको र ३ क्यासिनो मन्त्रालयको निर्णयले खारेज भएकोमा सम्मानित सर्वोच्च अदालतको आदेशानुसार यो वर्ष नवीकरण दस्तुर बापत रु.६२ लाख ५० हजार र रोयल्टीबापत रु.१२ करोड ३७ लाख ५० हजार प्राप्त भएको छ। बक्यौता हिसाब अद्यावद्यिक गरी असुल गर्नुपर्दछ।

१९. **होटल व्यवसाय अनुगमन** – पर्यटन ऐन, २०३५(संशोधन समेत) को परिच्छेद ३ को दफा १० देखि १५ सम्म होटल, लज, रेष्टुराँ र बारलाई पर्यटक स्तरमा दर्ता गराउनुपर्ने, पर्यटकस्तरको होटललाई वर्गीकरण गर्नुपर्ने, यस्ता होटल, लज, रेष्टुराँ, रिसोर्ट र बारको सेवा, सुविधा र गुणस्तरको सम्बन्धमा नेपाल सरकारले निरीक्षण र परीक्षण गरी आवश्यक निर्देशन दिने र निर्देशनको पालना नगरेमा दण्ड र सजाय गर्न सक्नेलगायतका प्रावधान रहेको छ। विभागबाट प्राप्त विवरणमा यो वर्षसम्म एक तारे होटल ४५, दुई तारे होटल ४९, तीन तारे होटल ३७, चार तारे होटल ४१, पाँच तारे होटल २३, पाँच तारे डिलक्स होटल ३, पर्यटक आवास साधारण १२३, पर्यटक आवास डिलक्स ७ र लज-रेष्टुराँ-रिसोर्ट तथा बार ३ समेत ३३१ होटल व्यवसाय दर्ता भएको उल्लेख छ। सेवा, सुविधा र गुणस्तर अभिवृद्धि गर्न अनुगमन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

२०. **ग्रेट हिमालय ट्रेल** - नेपालको पूर्वी भेगको कञ्चनजङ्घादेखि सुदूरपश्चिमको दार्चुलासम्मको उच्च हिमाली क्षेत्र हुँदै गरिने ट्रेकिङ रुटलाई ग्रेट हिमालयन ट्रेल नामाकरण गरी ट्रेल निर्माण कार्य २०७१।७२ मा सुरु गरी २०८१।८२ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा सम्पन्न गर्ने लक्ष्य संशोधन गरी २०८६।८७ कायम गरिएको छ। सुरुमा रु.१२ अर्ब लागत अनुमान गरिएकोमा संशोधन पश्चात् रु.१६ अर्ब कायम भएको छ। उक्त ट्रेलमा पदमार्ग, चौतारी, ट्रस निर्माणलगायतमा यो वर्षसम्म रु.१ अर्ब खर्च भएको छ।

राष्ट्रिय अभिलेखालय

२१. **डिजिटाइजेसन** - राष्ट्रिय अभिलेखालयमा देशका विभिन्न स्थानबाट प्राप्त अभिलेखहरूको सुक्ष्म छायाङ्कन गरिएका १० हजार माइक्रोफिल्म रोल रहेका छन्। यी रोलमा करिब २ लाख हस्तलिखित ग्रन्थ तथा अभिलेखका करिब ६० लाख पाना रहेका छन्। यी रोलहरूमध्ये करिब ६ हजार रोल एसिड बेसबाट बनेका माइक्रोफिल्म छन् भने बाँकी पोलिस्टर बेस माइक्रोफिल्म रहेका छन्। त्यसैगरी अभिलेखालयमा सङ्कलन भएका ३१ लाख भन्दा बढी पानाका हस्तलिखित ग्रन्थहरू र २७ लाख भन्दा बढी पानाका अभिलेख रहेको उल्लेख छ। अभिलेखालयमा रहेका हस्तलिखित ग्रन्थ तथा अभिलेख सुरक्षित गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षण

विमानस्थलहरूको सञ्चालन एवं व्यवस्थापन

नेपालको विकट भौगोलिक स्थिति र भू-धरातलीय स्वरूपका कारण हवाई यातायात एक महत्वपूर्ण यातायातको माध्यम रहेको छ। हवाई सेवा सञ्चालनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार लगायत आधुनिक प्रविधिको प्रयोग गरी छोटो र लामो दुरीको हवाई सेवा सञ्चालन गर्न सक्ने विमानस्थलको विकास गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप उड्डयन एवं हवाई सुरक्षा सुनिश्चित गर्दै सुरक्षित, मितव्ययी, भरपर्दो एवं प्रभावकारी हवाई यातायातको माध्यमबाट पर्यटन उद्योग, वाणिज्य तथा अर्थव्यवस्थाको विकास र विस्तारमा सहयोग पुऱ्याउन हवाई नीति, २०६३ कार्यान्वयनमा ल्याएको छ। नेपालमा विमानस्थलको निर्माण, सञ्चालन, विमानस्थलमा आवश्यक सेवा सुविधा व्यवस्थापन, दुर्गम क्षेत्रको लागि अत्यावश्यक हवाई सेवाको सुनिश्चितता लगायतका कार्य नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्दै आएको छ। हालसम्म नेपालमा निर्माण भएका ३ अन्तर्राष्ट्रिय र ५२ आन्तरिकसमेत ५५ विमानस्थलमध्ये ३४ सञ्चालनमा रहेका छन्। यो वर्ष विमानस्थलहरूको सञ्चालन एवं व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) ले २०२२ अप्रिलमा गरेको विश्वव्यापी उडान सुरक्षा निगरानीसम्बन्धी अडिटको आकडामा नेपालले आइकाओले निर्धारण गरेको मापदण्डको परिपालनामा ७०.१० प्रतिशत अङ्क प्राप्त गरी विश्व र एसिया तथा प्रशान्त क्षेत्रको औसत मापदण्ड परिपालनाको दरभन्दा माथि रहेको, ३ अन्तर्राष्ट्रियसहित ३४ विमानस्थलबाट नियमित हवाई सेवा सञ्चालन भइरहेको, नेपाल नागरिक उड्ययन प्राधिकरणको वार्षिक प्रतिवेदन, २०२४ अनुसार नेपालका विमानस्थलबाट वार्षिक ८३ लाख २४ हजार

यात्रुले हवाई यात्रा गरेको, हवाई सेवा प्रदान गर्न हवाइजहाज र हेलिकोप्टरसमेत २० विमान कम्पनी सञ्चालनमा रहेको, विराटनगर, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढी विमानस्थललाई आधार बनाई दुर्गम क्षेत्रमा हवाई सेवा सञ्चालन भइरहेको, सञ्चालनमा रहेका विमानस्थलको नियमित मर्मत सम्भार भइरहेको र यसका लागि आवश्यक स्रोत साधन सहित प्राविधिक जनशक्ति व्यवस्थापन भएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराः

२२. **नीतिगत व्यवस्था -** नेपालमा नागरिक उड्डयन क्षेत्रको विकास तथा विस्तार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवा सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को व्यवस्था छ। त्यसैगरी स्तरीय हवाई सेवाको लागि आवश्यक भौतिक पूर्वाधार र आधुनिक प्रविधिको प्रयोग गरी हवाई सेवा सञ्चालन गर्न सक्ने विमानस्थलको विकास मार्फत अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप हवाई सुरक्षा सुनिश्चित गर्दै सुरक्षित, सुलभ, मितव्ययी, भरपर्दो एवं प्रभावकारी हवाई यातायातको माध्यमबाट पर्यटन र व्यापार प्रवर्धनमा सहयोग पुऱ्याउन हवाई नीति, २०६३ कार्यान्वयनमा रहेको छ। सोही नीतिबमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणले कार्यसञ्चालन गरिरहेको छ। ऐन र नीति कार्यान्वयनमा आएको लामो अवधि भएकोमा आइकाओ र अन्य संस्थाले निर्धारित गरेका मानकअनुकूल हुनेगरी संशोधन हुन सकेको देखिएन। नेपालको नागरिक उड्डयन क्षेत्रको प्रभावकारिता बढाउने, प्रविधिअनुकूल उडान सुरक्षा व्यवस्थापन गर्ने, दक्ष जनशक्ति विकास गर्ने र अन्तर्राष्ट्रिय मापदण्डको परिपालनासँगै सस्तो, सुरक्षित, भरपर्दो र सुविधाजनक हवाई यातायात सेवाको प्रवर्धन गर्न समयानुकूल कानुनी र नीतिगत सुधार गर्नुपर्दछ।

२३. **नियमनकारी र सेवाप्रदायक कार्य -** हवाई नीति, २०६३ अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नागरिक उड्डयन क्षेत्रको नियमन, नियन्त्रण, एवं विस्तारका कार्यहरू प्रभावकारी रूपले सञ्चालन गर्न एउटा सक्षम नागरिक उड्डयन नियमनकारी निकाय एवं व्यावसायिक संस्थाको रूपमा सुदृढ गर्दै लगिने व्यवस्था छ। नेपाल सरकारको २०७९।८० र २०८०।८१ को बजेट वक्तव्यमा नेपाल नागरिक उड्डयन प्राधिकरणको पुनः संरचना गरी सेवा प्रदायक र नियामकको रूपमा छुट्टाछुट्टै निकाय स्थापना गरिने उल्लेख भए तापनि सो व्यवस्था हालसम्म कार्यान्वयन भएको छैन। आइकाओले विभिन्न समयमा गरेको उडान सुरक्षा अडिटमा समेत सेवा प्रदायक र नियामक निकायबिच स्पष्ट कार्य विभाजन हुनुपर्ने उल्लेख गरेको छ। सेवाप्रदायक र नियमनकारी निकायको कार्यक्षेत्र छुट्याई प्रभावकारी रूपमा कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२४. **आवधिक योजनाको कार्यान्वयन -** पन्ध्रौं पञ्चवर्षीय योजना (२०७५।७६-२०८०।८१) ले सुरक्षित, विश्वसनीय र सर्वसुलभ हवाई यातायात सेवाको दीर्घकालीन सोच पुरा गर्न नागरिक उड्डयन सेवालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सञ्चालन गरी हवाई यातायातको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ। योजनाअनुरूप सबै मौसममा सञ्चालन हुने विमानस्थलको सङ्ख्या ४२ पुऱ्याउने, आन्तरिक उडान गर्ने वायुसेवाको सङ्ख्या १८ बाट २५ पुऱ्याउने र हवाई सुरक्षा अभिवृद्धि गर्ने गरी अपेक्षित उपलब्धि तोकिएकोमा प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार हाल नियमित सञ्चालन हुने विमानस्थल ३४ र आन्तरिक उडान गर्ने वायुसेवा कम्पनीको सङ्ख्या २० रहेको छ। आवधिक योजनाको अपेक्षित उपलब्धिबमोजिमको प्रगति हासिल नभएको सम्बन्धमा विश्लेषण भएको देखिएन। हवाई

सेवालाई यातायातको अभिन्न साधनको रूपमा विकास गरी सुरक्षित र सर्वसुलभ सेवा प्रदान गर्न योजना तथा कार्यक्रम निर्धारण गरी सो अनुरूप कार्यसम्पादन गर्नुपर्दछ।

२५. **विमानस्थलको दूरी -** हवाई नीति, २०६३ अनुसार निकटस्थ विमानस्थलबाट प्रस्तावित विमानस्थलको दुरी हिमाली र पहाडी क्षेत्रमा २० नटिकल माइल र तराई तथा भित्री मधेशमा कम्तीमा ४० नटिकल माइल हुनुपर्ने उल्लेख छ। उक्त नीति लागुपश्चात् पनि गुल्मी जिल्लाको रेसुङ्गा विमानस्थलको नजिकै ७.५ नटिकल माइलमा अर्घाखाँची विमानस्थल निर्माणाधीन रहेको, सोलुखुम्बुको काँगेलडाँडा विमानस्थल र फाप्लु विमानस्थलको दुरी ७.११ नटिकल माइल रहेको र राजविराज विमानस्थलको नजिकै १५ नटिकल माइलमा उदयपुरमा सगरमाथा विमानस्थल निर्माणाधीन अवस्थामा रहेको छ। विमानस्थल निर्माण गर्दा नीतिगत व्यवस्थाको पालना गर्नुपर्दछ।

२६. **दुर्गम क्षेत्र हवाई सेवा कोष -** नागरिक उड्डयन नियमावली, २०५८ को नियम ७९ मा दुर्गम क्षेत्रमा हवाई सेवा सञ्चालन गर्न दुर्गम क्षेत्र हवाई सेवा कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था छ। नियमावलीमा व्यवस्था रहे तापनि त्यस्तो कोष सञ्चालन गर्न आवश्यक पर्ने कार्यविधि तयार नहुँदा कोष स्थापना हुन सकेको देखिएन। कोषको अभावमा हवाई सेवा सञ्चालन सुलभ तथा नियमित हुन सकेको देखिएन। कोष सञ्चालन सम्बन्धी कार्यविधि बनाई कोष परिचालनमार्फत दुर्गम क्षेत्रमा नियमित रूपमा हवाई सेवा सञ्चालनमा ल्याउनुपर्दछ।

२७. **विमानस्थल सञ्चालनको अवस्था -** नेपालमा ३ अन्तर्राष्ट्रिय र ५२ आन्तरिक समेत ५५ विमानस्थल रहेका छन्। नेपालका पहाडी तथा हिमाली क्षेत्रका जनतालाई सरल तथा सहज किसिमले हवाई यातायातको सुविधा पुऱ्याउने उद्देश्यले नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको नेपाल वायुसेवा निगम र निजी क्षेत्रका विभिन्न कम्पनीहरूले हेलिकोप्टरसमेतको उडान अनुमति लिई हवाई सेवा प्रदान गरिरहेका छन्। पहाडी तथा हिमाली क्षेत्रमा नियमित सञ्चालन हुने ताप्लेजुङ्ग, भोजपुर, खानीडाँडा, लुक्लालगायत निम्न १० विमानस्थलमा उडान सेडयुल भन्दा कम उडान भएको देखिन्छ।

क्र.सं	विमानस्थल	२०२२		२०२३		२०२४	
		उडान सेडयुल	उडान सङ्ख्या	उडान सेडयुल	उडान सङ्ख्या	उडान सेडयुल	उडान सङ्ख्या
१	ताप्लेजुङ्ग विमानस्थल	४३०	१८७	३१६	१५८	१७१	१२४
२	भोजपुर विमानस्थल	४७२	१८६	१६८	१२५	२२९	९२
३	खानीडाँडा विमानस्थल	१६२	५७	२७९	४५	१४०	३५
४	थामखर्क विमानस्थल	१५०	६३	१६८	४६	९३	३१
५	लुक्ला विमानस्थल	७९७५	३४९९	५९३८	४७८५	८४२१	३९३७
६	रेसुङ्गा विमानस्थल	-	-	२४	२३	१५३	६१
७	दाङ विमानस्थल	३२२	१५५	२७२	१०८	१८८	७१
८	रुकुम सल्ले	५९५	२०८	३७६	८१	१९८	८८
९	सिमीकोट विमानस्थल	६५४	१७४९	१८१०	१२८५	१०५७	६९८
१०	बैतडी विमानस्थल	२९५	४	२४	०	०	०

नियमित रूपमा सञ्चालन हुने विमानस्थलहरूमा विमान सेवा प्रदायक कम्पनीहरूले प्राधिकरणबाट उडान सेडयुल स्वीकृत गर्ने तर सेडयुलभन्दा कम उडान गर्ने गर्दा हवाई सेवा प्रभावकारी हुन सकेको छैन।

२८. **उडान अनुमति -** नागरिक उड्डयन नियमावली, २०५८ को नियम ५६ बमोजिम वायुसेवा कम्पनीले नियमित (शेड्युल्ड) उडान अनुमति तालिका पेस गर्ने र नियमित उडानको अनुगमन महानिर्देशकले गर्ने र यसरी अनुगमन गर्दा स्वीकृत उडान तालिकाको पालना नगर्ने वायुसेवाको उडानमा महानिर्देशकले रोक लगाउन सक्ने व्यवस्था रहेको छ। प्राधिकरणबाट उडान अनुमति प्राप्त भएपछि उडान तालिकाअनुसार उडान गर्नुपर्नेमा नगरेको देखिएको छ। उदाहरणको लागि हुम्लाको सिमिकोट विमानस्थलमा सन् २०२४ मा नेपाल वायुसेवा निगमले २०३ उडान तालिका स्वीकृत गराएकोमा ८१ उडान गरेको, तारा एयरले १९० उडान तालिका स्वीकृत गराएकोमा १३५ उडान गरेको र सीता एयरले ४९९ उडान तालिका स्वीकृत गरेकोमा २७८ उडान गराएको देखियो। यसबाट वायुसेवा कम्पनीहरूले आफू अनुकूलको सुविधाअनुसार उडान गर्ने गरेको देखियो। नेपाल नागरिक उड्डयन प्राधिकरणबाट उडान योजना स्वीकृत भइसकेपछि उडान नगर्ने वायुसेवा कम्पनीलाई नियमन तथा निर्देशन भएको देखिएन। प्राधिकरणले वायुसेवा कम्पनीले नियमित (शेड्युल्ड) उडान अनुमति बमोजिम उडान गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

२९. **सञ्चालनमा नरहेका विमानस्थल -** निर्माण कार्यसम्पन्न भई उडानयोग्य रहेका रुम्जाटार, काँगेलडाँडा, खानीडाँडा, लामीडाँडा, मनाङ्ग, बाग्लुङ्ग बलेवा, रुकुम चौरजहारी, डोटी, कमलबजार, बैतडी, कालीकोट, डोल्पा मसिनेचौर लगायतका विमानस्थल नियमित सञ्चालनमा रहेका छैनन्। उक्त विमानस्थलहरू सञ्चालनका लागि वायुसेवा सञ्चालक संस्थासँग पर्याप्त जहाज नभएको एवम् यात्रु तथा कार्गो व्यवसायका लागि वायुसेवा कम्पनीहरू आकर्षित नभएको प्राधिकरणले जनाएको छ। नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम बजेट व्यवस्था भई विमानस्थल निर्माण भएको, हालको परिप्रेक्ष्यमा सडक यातायातको पहुँच बढ्न गएको र साना विमानहरू पर्याप्त नभएका कारण विमानस्थल सञ्चालनमा रहेको देखिएन। प्राधिकरणले ती विमानस्थलहरू भविष्यमा हुन सक्ने दैवी विपत्ति, आकस्मिक तथा राष्ट्रिय सुरक्षाको निमित्त प्रयोग गर्न सकिने उल्लेख गरेको छ। विमानस्थलको लाभ लागत विश्लेषण गरी कार्ययोजना बनाई निर्माण सम्पन्न भएका विमानस्थलमा नियमित हवाई सेवा सुचारु गर्नका लागि आवश्यक व्यवस्थापन गर्नुपर्दछ।

३०. **उडान अयोग्य विमानस्थल -** निर्माण सम्पन्न भई विगतमा उडान सञ्चालन भएका दार्चुला, ढोरपाटन, पालुङ्गटार, जिरी, खिजी चण्डेश्वरी, लामटाङ, महेन्द्रनगर, रोल्पा र स्याङ्बोचे विमानस्थल हाल उडानका लागि अयोग्य रहेको विवरण प्राधिकरणबाट प्राप्त भएको छ। ती विमानस्थलको उपयोग गर्ने व्यवस्था मिलाउन जिम्मेवार निकायको ध्यान जानुपर्ने देखिन्छ।

३१. **अभिलेख व्यवस्थापन सूचना प्रणाली -** विमानस्थलको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नागरिक उड्डयन प्राधिकरणमा एकीकृत अभिलेख व्यवस्थापन सूचना प्रणाली हुनुपर्दछ। प्राधिकरणले हरेक विमानस्थलको सञ्चालन खर्च, उडान तालिका र उडानको विवरण व्यवस्थापन सूचना प्रणालीमा राखेको देखिएन। सोका कारण लेखापरीक्षणको लागि आवश्यक कतिपय सूचना तथा तथ्याङ्क प्राप्त हुन सकेन। विमानस्थलको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अभिलेख राख्न व्यवस्थापन सूचना प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

३२. **विमानस्थलको सुरक्षा प्रबन्ध -** विमानस्थलको निर्माण सम्पन्न भए पश्चात् हवाई सुरक्षाका मापदण्डअनुरूप आवश्यक भौतिक संरचना निर्माण जरुरी हुन्छ। यसको नियमन गर्ने दायित्व प्राधिकरणको एभिएसन सेफ्टी स्ट्याण्डर्ड विभागमा रहेको छ। मुगुको रारा र डोल्पाको जुफाल विमानस्थलमा विमानस्थल सुरक्षाको अवस्था कमजोर रहेको, कन्ट्रोल टावर निर्माण सुस्त गतिमा रहेको, यात्रु र सामानको सुरक्षाको लागि पर्याप्त साधन नभएको, विमानस्थलमा प्रवेश गर्न प्रवेश पासको व्यवस्था नभएको अवस्था छ। विमानस्थल घेराबाराको कार्य सम्पन्न नभएको हुँदा विमान आवतजावत गर्दा विमानस्थलको निषेधित क्षेत्रभित्र अनधिकृत व्यक्ति, बालबालिका, पशुहरूको प्रवेश हुन सक्ने हुँदा उडान तथा अवतरणमा दुर्घटना जोखिम न्यून गर्न सकेको देखिँदैन। सञ्चालनमा नरहेका विमानस्थलको जग्गाको अतिक्रमण हटाई रनवे, भवन तथा पूर्वाधारहरूको उचित रेखदेख, संरक्षण र सुरक्षा गर्नुपर्दछ।

३३. **विमानस्थल सञ्चालन तथा व्यवस्थापन -** हवाई नीति, २०६३ को बुँदा नं. ५ मा नेपाल नागरिक उड्डयन प्राधिकरणले विमानस्थलहरूको सञ्चालन तथा व्यवस्थापन स्थानीय निकाय वा नेपाल सरकारले निर्धारण गरेका मापदण्ड पूरा गर्ने संस्थालाई करारमा दिन सक्ने व्यवस्था छ। सोही व्यवस्था बमोजिम सङ्घीय सरकारको ५० प्रतिशत, प्रदेश सरकारको २५ प्रतिशत र स्थानीय नगरपालिकाको २५ प्रतिशत लगानीमा महेन्द्रनगर, कञ्चनपुर विमानस्थल स्तरोन्नतिको सम्झौता भई निर्माण कार्य अगाडि बढेको प्राधिकरणले जनाएको छ। कतिपय स्थानीय तहले न्यूनतम सिट संख्याको सुनिश्चितता दिई उडान गर्ने गराउने गरी वायुसेवा कम्पनीसँग सम्झौता गरी उडान सेवा सुचारु गर्न प्रयत्न गरेको पाइयो। कैलालीको टीकापुर र इलामको फाल्गुनन्द सुर्किलुम्बा विमानस्थल सञ्चालनका लागि सम्बन्धित स्थानीयतहले सक्रियता देखाएको भए तापनि नियमित उडान भएको पाइएन। सबै सरोकारवालासँग समन्वय र सहकार्य गरी उडानयोग्य विमानस्थल सञ्चालन गर्नुपर्दछ।

३४. **निष्कर्ष तथा सुझाव -** नेपालमा नागरिक उड्डयन, हवाई सञ्चार, हवाई पथ प्रदर्शन, हवाई सुरक्षा व्यवस्थापन र नियमनसम्बन्धी कार्य नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्दै आएको छ। नागरिक उड्डयन प्राधिकरण ऐन र हवाई नीति अन्तर्राष्ट्रिय परिवेशअनुकूल परिमार्जन हुन नसक्नु, सम्बन्धित मन्त्रालय, प्राधिकरण, वायु सेवा सञ्चालन संस्था र अन्य सरोकारवाला निकायहरूबिच प्रभावकारी समन्वय हुन नसक्दा हवाई नीति अनुसार हवाई सेवा सञ्चालन नहुनु, विमानस्थलमा नियमित सञ्चालन नहुनु, दुर्गम क्षेत्र हवाई सञ्चालन कोषको कार्यान्वयन नहुनु, दुर्गम क्षेत्रका विमानस्थलहरूमा वायु सेवा सञ्चालक संस्थालाई आकर्षित गर्न नसक्नु, सानो धावनमार्गका विमानस्थहरूमा उडान गर्ने सानो विमानको कमी हुनु लगायतका समस्या कार्यमूलक लेखापरीक्षणका क्रममा पहिचान भएका हुन्। यस्ता समस्या समाधान गर्न हवाई नीति, २०६३ बमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सक्षम बनाउने, विमानस्थलहरूमा आवश्यक पूर्वाधार विकास र नवीनतम प्रविधिको व्यवस्था गर्ने, दुर्गम क्षेत्र हवाई सेवा सञ्चालन कोष प्रभावकारी बनाउने, वायुसेवा कम्पनीले नियमित (शेड्युल्ड) उडान अनुमति बमोजिम उडान गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने र अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको मापदण्डको परिपालना गर्ने लगायतका सुझावहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

अन्य संस्था र समिति

पशुपति क्षेत्र विकास कोष

भगवान श्री पशुपतिनाथको मन्दिर र पावन पाशुपत क्षेत्र प्राचीन कालदेखि विश्वभरका सनातन हिन्दुहरूको श्रद्धा र आस्थाको केन्द्रको रूपमा रहिआएको छ। पशुपति क्षेत्र, जयबागेश्वरी, गौरीघाट, चाबहिल, कुटुम्बहाल, सिफल, गौशाला, पिंगलास्थान र क्षेषमान्तक वन आसपासको २६४ हेक्टर क्षेत्रलाई पशुपति क्षेत्रभित्र राखिएको छ। पशुपति क्षेत्रमा साना ठुला विभिन्न शैलीका मठ मन्दिर, सत्तल, ढुङ्गेधारा, चैत्य, देवालयजस्ता सम्पदा करिब ५०० र शिवलिङ्ग करिब १ हजार रहेका छन्। उक्त क्षेत्रको संरक्षण, सम्भार र विकास गर्न पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अनुसार यस कोषको स्थापना भएको हो।

३५. **वित्तीय स्थिति** - कोषको यो वर्षको आय-व्यय तथा वासलातको स्थित निम्नानुसार छ:

आय-व्यय

(रु. हजारमा)

आय			व्यय		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
नेपाल सरकार अनुदान		**१९०२७१**	ससर्त अनुदान पुँजीगत खर्च		१९०२७१
आन्तरिक स्रोत		**७५३६०८**	आन्तरिक स्रोत पुँजीगत खर्च		६७३०५
पर्यटक प्रवेश शुल्क	१३३९९७		कर्मचारी खर्च		१६९६४४
मन्दिर सेवा आम्दानी	२७४९३३		मन्दिर सेवा खर्च		१७५००७
ब्याज आम्दानी	१८१७४८		कार्यालय सञ्चालन		९८४८३
गुठी जग्गा आय	४०९७९		अनुदान तथा कार्यक्रम खर्च		४०४९२
अन्य आम्दानी	१२१९५१		अन्य खर्च		७३९२२
			वर्षान्तको मौज्दात		**१२८७५५**
			बचत (मन्दिर सेवा कोषमा सरेको)	९९९२७	
			बचत (घाट सेवा कोषमा सरेको)	५५९५	
			बचत (वासलातमा सरेको)	२३२३३	
	जम्मा	**९४३८७९**		**जम्मा**	**९४३८७९**

वासलात

(रु. हजारमा)

विवरण	२०८०।८१	२०७९।८०
दायित्व		
मूल कोष	३११८३८१	३०८९४९३
अक्षय कोष	१००००००	१००००००
मन्दिर सेवा कोष	४७४५८८	३७४६६२
घाट सेवा कोष	४९५५३	४३९५८
अन्य कोष (धर्मार्थ कोष, पेन्सन उपदान कोष, कर्मचारी सहयोग कोष लगायत)	३८०९३७	३८०९२९
भुक्तानी दिनुपर्ने	९५२१६	९९५७३
अन्य दायित्व	१५५१	१३०८
धरौटी दायित्व	१४४८९४	१५४२१०
जम्मा	**५२६५१२०**	**५१४४१३३**

विवरण	२०८०।८१	२०७९।८०
सम्पत्ति		
स्थिर सम्पत्ति	२३३९७२९	२३४१८९१
जिन्सी मौज्दात	१७७७१	१८११४
लिनुपर्ने हिसाब	४०४७१	४५७१५
पेस्की	२५०५०	६२७४
अन्य सम्पत्ति धरौटी	५२३१	५२३१
लगानी	२०६६१९४	१९२१४९४
बैङ्क मौज्दात	७६५७८९	८०२५८२
नगद मौज्दात	४८८६	२८३१
जम्मा	**५२६५१२०**	**५१४४१३३**

उल्लिखित विवरणअनुसार आन्तरिक आय गत वर्ष रु.७३ करोड १७ लाख ४ हजार रहेकोमा यो वर्ष रु.७५ करोड ३६ लाख ८ हजार प्राप्त गरेको छ। सोबाट पुँजीगत कार्यमा रु.२५ करोड ७५ लाख ७६ हजार (३४.१७ प्रतिशत) खर्च गरेको छ। कोषको वासलातअनुसार २०८१ असार मसान्तमा मूल कोषमा रु.३ अर्ब ११ करोड ८३ लाख ८१ हजार, अक्षय कोषमा रु.१ अर्ब, मन्दिर सेवा कोषमा रु.४७ करोड ४५ लाख ८८ हजार, घाट सेवा कोषमा रु.४ करोड ९५ लाख ५३ हजार र स्थिर सम्पत्ति रु.२ अर्ब ३३ करोड ९७ लाख २९ हजार रहेको देखिन्छ। कार्य कुशलता अभिवृद्धि हुनेगरी कोषले कार्यसम्पादन गर्नुपर्दछ।

३६. **गुरुयोजना** - पशुपति क्षेत्रको योजनाबद्ध विकासका लागि स्वीकृत गुरुयोजनाअनुसार २०५७।५८ देखि विकास निर्माण एवं सम्पदा संरक्षण कार्य हुँदै आएको छ। उक्त १० वर्षे गुरुयोजना कार्यान्वयनका लागि रु.२ अर्ब ५२ करोड बजेट प्रक्षेपण गरिएकोमा गुरुयोजना लागु भएपछि नेपाल सरकारको अनुदान र आन्तरिक स्रोत गरी गुरुयोजना अवधिमा रु.३ अर्ब ६७ करोड खर्च भएको देखिन्छ। तत् पश्चात् पशुपति क्षेत्रको सांस्कृतिक तथा ऐतिहासिक महत्त्वलाई दृष्टिगत गरी नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी २०७०।७१ देखि वार्षिक रूपमा बजेट विनियोजन गर्दै आएको छ। राष्ट्रिय गौरवको आयोजनातर्फ संशोधित लागत रु.२ अर्ब २७ करोड कायम भएकोमा यो वर्ष रु.१९ करोड २ लाख ७० हजारसमेत यस वर्षसम्म रु.३ अर्ब ६९ करोड खर्च भएको छ।

पशुपति क्षेत्रको संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७९ तर्जुमा गरी पशुपति क्षेत्र विकास कोष, सञ्चालक परिषद्वाट २०७९।९।८ मा स्वीकृत भएको छ। गुरुयोजनाले पहिलो ५ वर्षको लागि रु.८ अर्ब १३ करोड १० लाख बजेट प्रक्षेपण गरेकोमा पहिलो वर्ष रु.७६ करोड ९१ लाख ६१ हजार खर्च भएको छ। गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गरी सम्पदाहरूको संरक्षण, संवर्धन र व्यवस्थापन गर्नुपर्दछ।

३७. **नियमावली स्वीकृति** - पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा २१(१) मा कोषको प्रयोजनका लागि तयार गरेका नियम नेपाल सरकारबाट स्वीकृत हुनुपर्ने उल्लेख छ। कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०६५, पशुपति क्षेत्र विकास कोष (मन्दिर

तथा पूजा व्यवस्था) नियमावली, २०६८ र पशुपति क्षेत्र विकास कोष आर्थिक प्रशासन (दोस्रो संशोधन) नियमावली, २०४५ नेपाल सरकार (मन्त्रीपरिषद्) बाट स्वीकृत भएको देखिएन।

३८. **आन्तरिक आम्दानी** - आर्थिक प्रशासन (दोस्रो संशोधन) नियमावली, २०४५ को नियम ३ मा कोषलाई प्राप्त भएको सबै प्रकारका नगद आम्दानी कोषको खातामा सकभर सोही दिन र नभ्याएमा भोलिपल्टसम्म उपनियम ३(४) बमोजिमको कोषको खातामा दाखिला गरी आम्दानी बाँध्नुपर्ने व्यवस्था छ। यो वर्षको आन्तरिक आम्दानी रु.७५ करोड ३६ लाख ८ हजारमध्ये रु.२२ लाख २५ ञहजारको स्रेस्ता तयार गरी आम्दानी जनाए तापनि बैङ्क स्टेटमेन्ट भिडान गर्दा उक्त रकम कोषको खातामा दाखिला गरेको पाइएन। स्रेस्तामा आम्दानी जनाई रकम बैङ्क दाखिला नगर्ने कर्मचारीलाई जिम्मेवार बनाई उक्त रकम असुल गरी सम्बन्धित कोषमा दाखिला गर्नुपर्दछ।

३९. **जग्गाको लगत** - पशुपतिनाथको सम्पत्ति तथा गुठी जग्गा अध्ययन तथा छानबिन समितिको प्रतिवेदन, २०७५ अनुसार श्रीपशुपतिनाथ गुठीतर्फ अमालकोट, पशुपति भण्डार तहबिल र जयबागेश्वरी भण्डार तहबिलको लगतअनुसार कुल ५ हजार ६० रोपनी गुठी जग्गा रहेकोमा २३१ रोपनी १० आना १ पैसा जग्गा दर्ता बाँकी रहेको र १ हजार १६१ रोपनी १४ आना ३ पैसा जग्गा सम्झौताबमोजिम त्रिभुवन विमानस्थलले प्रयोग गरिरहेको छ। त्यसैगरी पशुपति क्षेत्रभित्रका मन्दिर, देवालय, शिवालय तथा विभिन्न गुठीको १० हजार १९ रोपनी १५ आना १ पैसा र श्रीपशुपतिनाथको महास्नान पोता गुठीको १ हजार २४१ रोपनी १ आना २ पैसासमेत गुठी संस्थान मातहत कुल ११ हजार २६१ रोपनी ३ पैसा जग्गा रहेको छ। पशुपति क्षेत्रभित्र गुठी संस्थानअन्तर्गत सञ्चालन र व्यवस्थापन हुँदै आएका १९५ राजगुठी, श्रीपशुपतिनाथ र यस क्षेत्रका मठ मन्दिर, पूजाआजा, पर्व एवं जात्रा, छुट गुठी र निजी गुठीसमेतका सम्पूर्ण गुठी जग्गाको अद्यावधिक लगत अभिलेख कोषले तयार गरेको छैन। पशुपतिनाथ र यस क्षेत्रका गुठीको जग्गा निक्यौंल गरी संरक्षण गर्नुपर्दछ।

४०. **पूजा सामग्री पसल** - पशुपति क्षेत्र विकास कोष मन्दिर तथा पूजा व्यवस्था नियमावलीको नियम ८४(१) मा पशुपतिनाथको क्षेत्रभित्र पूजा सामग्रीको व्यापार गर्न चाहने कुनै व्यक्ति वा संस्थाले कोषबाट अनुमति लिनुपर्ने तथा नियम ८५ अनुसार सोको अनुगमन गर्नुपर्ने व्यवस्था छ। वनकाली धर्मशाला क्षेत्रमा १४७ पूजा सामग्री पसल सञ्चालनमा रहेका छन्। उक्त पसलहरू विगत लामो समयदेखि सञ्चालनमा आए तापनि कोषले भाडा निर्धारण गरी व्यवसायीसँग सम्झौता गरेको छैन। लिखित सम्झौता नभए पनि पसलले ओगटेको क्षेत्रअनुसार रु.५०० र रु.१ हजारका दरले भाडा लिने गरेको छ। उक्त पसलहरूको भाडाबापत गत वर्षसम्म रु.९५ लाख २३ हजार बक्यौता रहेकोमा यो वर्ष प्राप्त हुनु पर्ने रु.१३ लाख १४ हजारसमेत रु.१ करोड ८ लाख ३७ हजारमध्ये रु.३५ लाख ८२ हजार प्राप्त भई रु.७२ लाख ५५ हजार प्राप्त भएको छैन। आफ्नो क्षेत्राधिकारभित्र व्यवसाय गरिरहेका पसल सञ्चालकहरूसँग सम्झौता गरी भाडालगायतका आय यथा समयमा प्राप्त हुने व्यवस्था गर्नुपर्दछ।

४१. **गुठीको बक्यौता** - पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अनुसार पशुपति क्षेत्र विकास कोष अन्तर्गत रहेका गुठीको अद्यावधिक अभिलेख कायम गर्न सदस्य सचिवको २०८१।३।२६ को निर्णयअनुसार गठन भएको समितिले २०८१।४।२३ मा दिएको प्रतिवेदनअनुसार गुठी जग्गाको लगत र बक्यौता स्थिति देहायअनुसार छः

(रु. हजारमा)

गुठीको नाम	क्षेत्रफल (व.मि.)	मोही सङ्ख्या	कित्ता सङ्ख्या	वार्षिक कुत रु.	यो वर्षसम्मको बक्यौता (जरिबानासमेत) रु.
श्री पशुपतिनाथ भण्डार तहबिल गुठी	८९४८२८.७७	३६७८	५१५८	६४९५	११०४६
श्री पशुपतिनाथ अमालकोट कचहरी गुठी	४६६३२८.२२	२२७५	३०६६	२६५१	८९७४
श्री पशुपतिनाथ जयबागेश्वरी भण्डार तहबिल कार्यालय	२५१०२०.००	११०१	१५०४	१७६७	४२०२
जम्मा	१६१२१७६.९९	७०५४	९७२८	**१०९१३**	**२४२२२**

उल्लिखित विवरणबाट पशुपतिनाथअन्तर्गतका ३ गुठीबाट प्रत्येक वर्ष रु.१ करोड ९ लाख १३ हजारका दरले कुत असुल हुनुपर्नेमा यो वर्ष र विगत वर्षको समेत रु.२ करोड ४२ लाख २२ हजार बक्यौता रहेको देखियो। जरिबानासहित बक्यौता रकम असुल हुनुपर्दछ।

४२. **जग्गा अतिक्रमण** - नेपाल सरकार मन्त्रीपरिषद्को २०४७।१।५ को निर्णयबमोजिम काठमाडौं जिल्लाको गोठाटारस्थित ५३५ रोपनी ३ आना जग्गा कोषको नाममा प्राप्त भएको छ। साबिक गोठाटार ३(क) को कित्ता नम्बर ५९ को १९ रोपनी ४ आना क्षेत्रफलको ट्रायल चेकबाट क्षेत्रफल ७ हजार ६२९.०६ वर्गमिटर कायम भएकोमा हाल नापीमा वडा नं. ३ सिट नम्बर १०६९-१५ को कित्ता नम्बर १ र २ को क्षेत्रफल क्रमशः २ हजार १७१.०५ वर्गमिटर र ५ हजार ९०.६६ वर्गमिटरसमेत ७ हजार २६१.७१ वर्गमिटर देखिएको छ। डिजिटल प्रविधिबाट नापी हुँदा गोठाटारमा रहेको जग्गा ३६७.३५ वर्गमिटर घटी हुन गएको देखिन्छ। बालुवा खानीका कारण पटक-पटक विवादमा आएको उक्त जग्गा कोषले संरक्षण नगर्दा ११ पक्की घर, ४० टहरा र एक सामुदायिक विद्यालयले पनि कोषकै जग्गामा विद्यालय भवन बनाएको लगायतका अवस्था रहेकोले साबिकको भन्दा जग्गा घटी भएको कारण उक्त जग्गाको हाल-साबिकसमेत हुन नसकेको बेहोरा गत वर्षको प्रतिवेदनसमेत औंल्याइएकोमा स्थिति यथावत् छ।

४३. **गौशाला धर्मशाला सञ्चालन -** कोषले १९९० सालको भूकम्प पीडितहरूलाई राहतस्वरूप खाना खुवाउन र त्यसपछि दुध कटुवा साँढेहरूलाई जुनेलो घाँस रोप्न उपलब्ध गराएको ९ रोपनी १४ आना जग्गा हाल एक समितिले उपयोग गरिरहेको छ। सम्झौता अवधि किटान नगरी कोष र उक्त समितिबिच २०६०।२।१२ मा भएको सम्झौताको बुँदा नं. ५ मा सहयोगबापत वार्षिक रु.५१ हजार दिने उल्लेख भए तापनि दुवै पक्षको सहमतिमा संशोधन गर्न सकिने प्रावधान रहेको देखिन्छ। धर्मशाला परिसरमा गौपालन, नन्दी सेवा र तीर्थयात्रीलाई आवास सञ्चालन गर्नुपर्नेमा सम्झौताविपरीत १९ सटरमा पसल, धर्मशालाभित्र चमेना गृह, अस्पताल, दुध तथा दुग्धजन्य पदार्थ बिक्री वितरण गर्ने जस्ता कार्यहरू गरिएको छ। प्रचलित बजार दरको आधारमा न्यूनतम भाडादर कायम गरी अद्यावधिक गर्नुपर्नेमा सरकारी दररेट भन्दा पनि न्यून दरमा भाडामा दिइएकोमा संरचना निर्माण गरी उक्त समितिले व्यावसायिक प्रयोजनमा लगाएको अवस्था छ। सार्वजनिक लेखा समिति अन्तर्गतको उप-समितिको २०६३।८।६ को निर्णयमा ६ महिनाभित्र उक्त धर्मशाला कोषले जिम्मा लिई सम्झौता रद्द गर्ने उल्लेख छ। उक्त समितिले प्रयोग गर्दै आइरहेको गौशाला धर्मशालाको जग्गाको सम्झौता पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को २०८०।४।१६ को बैठकले खारेज गर्दै भाडा पुनरावलोकन गरी पुनः सम्झौताका लागि १५ दिनको म्याद दिइएको भए तापनि हालसम्म कार्यान्वयन भएको छैन। कोषको सम्पत्ति पशुपति क्षेत्र विकास कोषको उद्देश्यअनुसार उपयोग एवं संरक्षण गर्नुपर्दछ।

४४. **पशुपति धर्मशाला सञ्चालन** - पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा १० मा कोष सञ्चालक परिषद्ले कोष मातहतको घर जग्गाको भाडा निर्धारण गर्ने व्यवस्था छ। कोषले नेपाल भारतमैत्री पशुपति धर्मशाला सञ्चालन गर्न निजी क्षेत्रका एक फर्मसँग २०७६।१।३० मा १५ वर्षको लागि वार्षिक रु.१ करोड ५ लाख ४२ हजार भाडा लिने गरी सम्झौता गरेको छ। उक्त बहाल रकम प्रत्येक वर्ष क्रमशः ५ प्रतिशतले वृद्धि हुँदै जाने व्यवस्था छ। धर्मशाला भाडामा लगाउँदा गरेको सम्झौता प्रचलित कानुनबमोजिम भए नभएको सम्बन्धमा गठित छानबिन समितिको २०७८।१०।३ को प्रतिवेदनअनुसार सम्झौताविपरीत कोठा सङ्ख्या र भाडा दर परिवर्तन गरी धर्मशाला सञ्चालन गरेको छ। सञ्चालक परिषद्बाट २०७८।१०।११ मा सम्झौँता खारेज गरी धर्मशाला खाली गर्नेसम्बन्धी निर्णय भएकोमा सो निर्णय विरुद्ध सम्बन्धित पक्षले दायर गरेको रिट अदालतमा विचाराधीन रहेको कारण हालसम्म होटल सञ्चालन भइरहे तापनि घर भाडाबापतको रकम असुली भएको छैन।

४५. **वनकाली धर्मशाला** - कोषले पशुपति परिसर वनकालीस्थित धर्मशाला वार्षिक रु.३० लाख १८ हजार भाडा लिने गरी एक प्राइभेट लिमिटेड कम्पनीसँग २०६८।९।२२ मा ५ वर्षको लागि भाडा सम्झौता गरेको छ। सम्झौताको बुँदा नं. १९ मा भाडाबापतको रकम हरेक महिनाको ७ गतेभित्र अग्रिम रूपमा वुझाइसक्नुपर्ने, मासिक रूपमा वुझाउनुपर्ने रकम सोही महिनाको २५ गतेभित्र थप १० प्रतिशत जरिबानासहित बुझाउन सकिने तर २५ गतेभित्र पनि रकम नबुझाएमा सम्झौता तोडी अर्को व्यवस्था गर्न सक्ने व्यवस्था छ। सम्झौता अवधि २०७३।९।२१ मा समाप्त भएपछि धर्मशाला सञ्चालकले कोषलाई २०७१ वैशाखदेखि २०७३।९।२१ सम्मको भाडा जरिबानासमेत रु.९२ लाख १६ हजार बुझाउन बाँकी रहेको देखिन्छ । सम्झौताको सर्तअनुसार सम्बन्धित फर्मबाट भाडा असुल गर्नुपर्दछ।

लुम्बिनी विकास कोष

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई विश्व शान्तिको मुहान, संसारका बौद्धमार्गी एवं शान्ति प्रेमी मानिसहरूको आस्थाको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य र आदर्शलाई थप प्रभावकारी बनाउन, लुम्बिनी विकास योजनालाई समन्वयात्मक र सुचारुरूपले सञ्चालन गर्न लुम्बिनी विकास कोष ऐन,२०४२ बमोजिम यो कोषको स्थापना भएको हो। लुम्बिनी क्षेत्रको योजनाबद्ध विकासको लागि तयार भएको गुरुयोजनाअनुसार ३ वर्गमाइल क्षेत्रलाई पवित्र उद्यान क्षेत्र, विहार क्षेत्र र नयाँ लुम्बिनीग्रामको अवधारणाअनुसार योजना कार्यान्वयन हुँदै आएको छ।

४६. **वित्तीय स्थिति** - कोषको यस वर्षको आय-व्ययको स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको मौज्दात	२११३०६	पुँजीगत खर्च	४२२०७३
धरौटी सुरु मौज्दात	३२२८२७	चालु खर्च	१८४१५७
यस वर्षको आय		धरौटी फिर्ता	४६२९८
भू-शुल्क तथा भाडा	१८३४३५	अनुदान फिर्ता	४५९१५
ब्याज आम्दानी	१८९६३	वर्षान्तको मौज्दात	२११५५८
नेपाल सरकारबाट अनुदान	४५००००	धरौटी अन्तिम मौज्दात	३२२५६५
धरौटी आय	४६०३५		
जम्मा	**१२३२५६६**	**जम्मा**	**१२३२५६६**

४७. **गुरुयोजना कार्यान्वयन -** लुम्बिनी क्षेत्रको विकासको लागि विक्रम संवत् २०३५ मा तयार भएको गुरुयोजना अनुरूप कोषले लुम्बिनी क्षेत्रको संरक्षण, संवर्धन र भौतिक पूर्वाधार विकाससम्बन्धी कार्य गर्दै आएको छ । गुरुयोजनाबमोजिमका कार्य २०३५ मा सुरु भई २०५२ सम्ममा सम्पन्न हुने लक्ष्य रहेकोमा संशोधित कार्य अवधि २०८३ सम्म रहेको छ। त्यस्तै सुरु लागत अनुमान रु.५ अर्ब ५५ करोड रहेकोमा संशोधित लागत अनुमान रु.१३ अर्ब २६ करोड रहेको छ। यो वर्ष रु.४२ करोड २० लाख ७३ हजारसमेत यस वर्षसम्म रु.८ अर्ब ३१ करोड खर्च भई भौतिक प्रगति ८८ प्रतिशत रहेको छ। गुरुयोजनामा उल्लेख भएकामध्ये लुम्बिनी सांस्कृतिक केन्द्रको ८ भवन, उथान्त अडिटोरियम हल, हरहवा, तेलार खोला डाइभर्सन र गुरुयोजना क्षेत्रभित्र ढल निकास प्रणालीको निर्माण कार्य सुरु भएको छैन। गुरुयोजना समयमै सम्पन्न गर्नुपर्दछ।

४८. **भू-शुल्क -** लुम्बिनी विकास कोष विहार क्षेत्र विनियमावली, २०५८ को विनियम ९(२) मा उपविनियम १ बमोजिम भू-शुल्क सोही आर्थिक वर्षको अन्तसम्ममा बुझाइसक्नुपर्ने व्यवस्था छ। सोही विनियमावलीको विनियम ९(३) को उपविनियम (२) बमोजिमको म्यादभित्र भू-शुल्क नबुझाएमा पहिलो ३ महिनासम्मका लागि भू-शुल्कको २५ प्रतिशत र दोस्रो ३ महिनाका लागि ५० प्रतिशत जरिबानासमेत असुल गर्ने व्यवस्था छ। कोषबाट प्राप्त विवरणअनुसार २०८०।८१ मा विभिन्न संस्थाको रु.२० लाख ९१ हजार भू-शुल्क बक्यौता रहेको देखिन्छ। विनियमावलीमा व्यवस्था भएबमोजिम बक्यौता भू-शुल्क जरिबानासहित असुल गर्नुपर्दछ।

४९. **कार्यक्रम संशोधन -** नेपाल सरकारबाट प्राप्त अनुदानमध्ये सगरहवा र सिसहनियामा सुरक्षा पर्खाल निर्माण कार्य र तिलौराकोट र कुदानमा काठको फुटपाथ बनाउने कार्यको लागि यो वर्ष नेपाल सरकारबाट रु.७ करोड प्राप्त भएकोमा रु.५ करोड ९९ लाख १० हजार खर्च भएको छ। उक्त खर्च रकममध्ये कार्यक्रम संशोधनबेगर ३ कार्यक्रममा रु.२९ लाख ४५ हजार खर्च गरेको नियमसम्मत देखिएन।

नेपाल प्रज्ञा प्रतिष्ठान

नेपाल प्रज्ञा प्रतिष्ठान नेपालका भाषा, साहित्य, दर्शनशास्त्र, संस्कृति तथा सामाजिक शास्त्रसम्बन्धी अध्ययन र अन्वेषण गर्न, मौलिक सिर्जनात्मक वातावरणको निर्माण गर्न, राष्ट्रका विद्धान एवं प्रतिभाहरूको सम्मान गर्न, सिर्जनात्मक चिन्तन र रचनात्मक कार्यमा जनताको सर्वाङ्गीण सहभागिता जुटाउन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा प्राज्ञिक गतिविधि सञ्चालन गर्न २०१४ असार ९ मा नेपाली साहित्य कला एकेडेमीको नाममा स्थापना भएको थियो। हाल नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत यो संस्था सञ्चालित छ ।

५०. **वित्तीय स्थिति -** प्रतिष्ठानको यो वर्षको आय-व्यय स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

आय		व्यय	
विवरण	रकम	विवरण	रकम
गत वर्षको मौज्दात	७८९३५	कर्मचारी खर्च	१६२२९१
धरौटी सुरु मौज्दात	१०८१३	पुँजीगत खर्च	१७२४
नेपाल सरकारबाट अनुदान	१४२३००	कार्यालय सञ्चालन तथा कार्यक्रम खर्च	५०३२८
छापाखाना आय	९८९५	छपाइ तथा अन्य खर्च	२५६८८७

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
हल भाडा आय	५८२३६	धरौटी फिर्ता	१७४५२
पुस्तक बिक्रीबाट प्राप्त	२८२८	वर्षान्तको मौज्दात	१३३०४२
विविध	३५८	धरौटी अन्तिम मौज्दान	३९०८
धरौटी आय	१०५४७		
प्रज्ञा आधुनिक छापाखाना तथा अन्य	३११७२०		
जम्मा	**६२५६३२**	**जम्मा**	**६२५६३२**

५१. **निवृत्तिभरण खर्च -** प्रतिष्ठानले यो वर्ष १२४ जनालाई निवृत्तिभरणबापत रु.४ करोड १५ लाख ६६ हजार खर्च गरेको देखिन्छ। विगत ३ वर्षमा प्रतिष्ठानको आन्तरिक आय र निवृत्तिभरण खर्च निम्नानुसार देखिन्छः

(रु. हजारमा)

२०७८।७९				२०७९।८०				२०८०।८१			
आन्तरिक आय	निवृत्तिभरण		प्रतिशत	आन्तरिक आय	निवृत्तिभरण		प्रतिशत	आन्तरिक आय	निवृत्तिभरण		प्रतिशत
	खर्च	कर्मचारी सङ्ख्या			खर्च	कर्मचारी सङ्ख्या			खर्च	कर्मचारी सङ्ख्या	
३८८३८	३४४७६	१११	८९	५६६०१	४०४३८	१२१	७१	७१३१७	४१५६६	१२४	५९

विगत ३ वर्षको निवृत्तिभरण खर्च प्रतिष्ठानको आन्तरिक आय (प्रज्ञा आधुनिक छापाखाना र धरौटी बाहेक) को तुलनामा ५९ देखि ८९ प्रतिशतसम्म रहेकोले नेपाल सरकारबाट प्राप्त बजेटबाट निवृत्तिभरण खर्च भुक्तानी गरेको देखिन्छ। दीर्घकालीन दायित्व कम हुने गरी योगदानमा आधारित निवृत्तिभरण कोष प्रणालीको कार्यान्वयन हुनुपर्दछ।

नेपाल ललित कला प्रज्ञा प्रतिष्ठान

नेपालको ललितकलाको संरक्षण, प्रवर्धन एवं सर्वाङ्गीण विकास गर्न र ललितकलासम्बन्धी विषयमा अध्ययन एवं अनुसन्धान गर्न, गराउन तथा यस क्षेत्रका प्रतिभाहरूको सम्मान र कदर गर्ने उद्देश्यले ललितकला प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत २०६६ सालमा यस ललितकला प्रज्ञा प्रतिष्ठानको गठन भएको हो।

५२. **वित्तीय स्थिति -** प्रतिष्ठानको २०८०।८१ को आय-व्यय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको मौज्दात	**४२१९५**		
यस वर्षको आय		कार्यालय सञ्चालन र कार्यक्रम खर्च	३००५१
नेपाल सरकारको अनुदान	४६०००	कर्मचारी खर्च	३०६७६
काठमाडौं महानगरपालिकाबाट प्राप्त	६५९३	यस वर्षको मौज्दात	४२९३४
लुम्बिनी विकास कोषबाट प्राप्त	२६२५		
अन्य आम्दानी	६२४८		
जम्मा	**१०३६६१**	**जम्मा**	**१०३६६१**

उपर्युक्त तालिकाअनुसार गत वर्षको बाँकी मौज्दात रु.४ करोड २१ लाख ९५ हजार र यस वर्षको आम्दानीसमेत जम्मा आम्दानी रु.१० करोड ३६ लाख ६१ हजार रहेकोमा रु.६ करोड ७ लाख २७ हजार खर्च भई रु.४ करोड २९ लाख ३४ हजार मौज्दात रहेको देखिन्छ।

५३. **कलाकृतिको संरक्षण** - संवत् २०७२ सालको विनाशकारी भू-कम्पबाट सीताभवन क्षतिग्रस्त भएका कारण साविक वीरेन्द्र संग्रहालयमा रहेका कलाकृति हाल प्रतिष्ठान रहेको नक्सालमा राखिएकोमा स्थान अभावका कारण कलाकृतिको उचित संरक्षण हुन सकेको देखिएन। संग्रहालयमा रहेका कलाकृतिको संरक्षणको व्यवस्था मिलाउनुपर्दछ।

नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

होटल तथा पर्यटन उद्योगका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने, व्यवस्थापकीय स्तरका कर्मचारी उत्पादन गर्न दीर्घकालीन उच्च स्तरका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने, पर्यटन विकासका लागि परामर्श दिने र सर्वेक्षण तथा अनुसन्धान गर्ने अभिप्रायले यस प्रतिष्ठानको स्थापना भएको हो।

५४. **आय-व्यय** - प्रतिष्ठानको २०८०।८१ को आय-व्यय स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

आय		व्यय	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको मौज्दात	५७४३९३	पुँजीगत खर्च	२२५७९
यस वर्षको आम्दानी		तलब भत्ता	५९९६९
शिक्षण शुल्क	१९१६५३	प्रशासनिक खर्च कार्यालय सञ्चालन	८६४४६
तालिमबाट प्राप्त आम्दानी	१७८३०	शैक्षिक कार्यक्रम तथा तालिम सञ्चालन	११२८१९
ब्याज आम्दानी	५०९१५	यस वर्षको मौज्दात	५७९४७५
नेपाल सरकारको अनुदान	२०३८३		
अन्य	६११४		
जम्मा	**८६१२८८**	**जम्मा**	**८६१२८८**

५५. **वित्तीय स्थिति** - प्रतिष्ठानको वित्तीय स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

विवरण	२०८१ आषाढ ३१	२०८० आषाढ ३१
इक्विटी		
स्थगन सरकारी अनुदान	२५००	२५००
स्थगन आय	१२६२७४	१३२९३०
कर्मचारी कोष	५७३९५४	४६६८५९
पुनर्मूल्याङ्कन जगेडा कोष	४६५९५	४६५९५
जगेडा तथा बचत	१४२५३२	१७१९३६
कुल इक्विटी	८९१८५५	८२०८११
चालु दायित्वहरू		
निक्षेप र भुक्तानी दिनुपर्ने	१६९७३	१५२११
कुल इक्विटी र दायित्व	**९०८८२८**	**८३६०२२**

विवरण	२०८१ आषाढ ३१	२०८० आषाढ ३१
सम्पत्ति		
स्थिर सम्पत्ति		
ग्रस ब्लक	५०१३२२	४७०३८५
सञ्चित मूल्य ह्रास	(२४२७९७)	(२१८४२१)
नेट ब्लक	२५८५२५	२५१९६४
लगानी	३९६८१५	३९६८१५
जम्मा गैर चालु सम्पत्तिहरू	६५५३४०	६४८७७९
चालु सम्पत्ति		
मौज्दात	१४६७	१३७९
व्यापार र अन्य प्राप्य	६९३६१	८२८७
नगद तथा नगद सरह	१८२६६०	१७७५७७
जम्मा चालु सम्पत्ति	२५३४८८	१८७२४४
कुल सम्पत्ति	**९०८८२८**	**८३६०२२**

५६. **लिज सम्झौता** - प्रतिष्ठानको स्वामित्वमा रहेको एक शिक्षण होटल ३० वर्षको लागि लिजमा दिन एक संयुक्त उपक्रमसँग २०७४।३।८ मा सम्झौता भएको छ। सम्झौताबमोजिम वार्षिक रु.१ करोड ६२ लाख १० हजार बहाल बुझाउने र यस्तो बहाल वार्षिक ५.५ प्रतिशत चक्रीय वृद्धिका आधारमा वृद्धि हुँदै जाने व्यवस्था रहेको छ। निर्माण व्यवसायीले २०७६।३।८ देखिको बहाल बुझाउन बाँकी रहेको र सम्झौताबमोजिमको बहाल २०७९।८० मा रु.६ करोड ६१ लाख ५० हजार र जरिबाना रु.१ करोड ३ लाख ६० हजार बाँकी रहेकोमा यो वर्ष रु.११ लाख दाखिला भएको छ। सम्झौताको सर्तबमोजिम प्रति वर्ष रु.१ करोड ६२ लाख १० हजारको ५.५ प्रतिशत चक्रीय वृद्धिका आधारमा २०८०।८१ मा रु.२ करोड ११ लाख ८६ हजार र हर्जानाबापत १० प्रतिशतले हुने रु.२१ लाख १८ हजारसमेत रु. २ करोड ३३ लाख ४ हजार असुल हुनुपर्दछ।

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान

पर्वतीय पर्यटनसम्बन्धी तालिम, प्रशिक्षण तथा कार्यक्रम सञ्चालन गर्ने, पर्वतीय पर्यटनको विकास, विस्तार र प्रवर्धनको लागि आवश्यक पर्ने जनशक्ति तयार गर्ने सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, पर्वतीय पर्यटनसम्बन्धी परामर्श तथा प्राविधिक सेवा सञ्चालन गर्ने लगायत आवश्यक पूर्वाधारहरूको विकास तत्सम्बन्धी तालिम तथा प्रशिक्षण सम्बन्धमा आवश्यक अन्य कार्यहरू गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अनुसार पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन आदेश, २०५९ बमोजिम प्रतिष्ठानको स्थापना भएको हो।

५७. **वित्तीय स्थिति** - प्रतिष्ठानको यस वर्षको आय-व्यय स्थिति देहायअनुसार छ:

(रु. हजारमा)

आम्दानी			खर्च		
विवरण		रकम	विवरण		रकम
गत वर्षको मौज्दात		**२४८१८**	शैक्षिक कार्यक्रम सँचालन		१४७२७
बैङ्क मौज्दात	२३६३१		तालिम		१७१७
धरौटी मौज्दात	११८७		तलब भत्ता		५६५२
यस वर्षको आय		५१०३७	कार्यालय सञ्चालन तथा कार्यक्रम खर्च		३९७०४

आम्दानी			खर्च		
विवरण		रकम	विवरण		रकम
शिक्षण शुल्क	१३२५०		धरौटी खर्च		७९१
तालिम	६९२७		मौज्दात		१३२६४
ब्याज	५२२		बैङ्क मौज्दात	१२३८३	
नेपाल सरकार अनुदान	२९८३६		धरौटी मौज्दात	८८१	
अन्य	१७				
धरौटी आम्दानी	४८५				
जम्मा		**७५८५५**	**जम्मा**		**७५८५५**

५८. **मुआब्जा वितरण** – जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्न सक्ने व्यवस्था छ। सोही ऐनको दफा ४(ख) अनुसार तोकिएबमोजिमको प्रयोजनको लागि जग्गाको उपयोग सम्बन्धमा स्पष्ट नभई जग्गा प्राप्त गर्ने कारबाही नचलाइने उल्लेख छ। नेपाल सरकारले २०५९।५।१८ मा क्याम्पस स्थापना गर्ने प्रयोजनका लागि प्रतिष्ठानका नाममा सोलु दुधकुण्ड नगरपालिका वडा नं. १, ६ र ७ स्थित २ हजार ७४८ रोपनी जग्गा अधिग्रहण गर्ने निर्णय गरी १ हजार ५८६ रोपनी जग्गाको मुआब्जाबापत रु.५५ लाख ६१ हजार रकम भुक्तानी भएको र १ हजार १६२ रोपनी जग्गाको मुआब्जा रु.७० लाख ३५ हजार भुक्तानी दिन बाँकी रहेको छ। अधिग्रहणको प्रयोजन अनुरूप जग्गाको उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

बौद्धदर्शन प्रवर्धन तथा गुम्बा विकास समिति

बौद्ध धर्म संस्कार, संस्कृति एवं लामा आनी लगायतको उचित व्यवस्थापनका लागि २०३६।८।२४ मा उच्चस्तरीय गुम्बा तथा लामा व्यवस्था समितिको रूपमा गठन भई २०४५।३।५ मा गुम्बा व्यवस्था तथा विकास समिति गठन आदेश, २०४५ मार्फत सञ्चालन भई आएकोमा हाल बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति (गठन) पहिलो संशोधन आदेश, २०७५ अनुसार सञ्चालनमा रहेको छ। यसको मुख्य उद्देश्य बौद्ध दर्शन तथा धर्म संस्कृतिको संरक्षण र प्रवर्धन गर्नु रहेको छ।

५९. **आय-व्यय** - समितिको २०८०।८१ को आय-व्यय स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

आय		**व्यय**	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको मौज्दात	७६५		
यो वर्षको आय		पुँजीगत निर्माण तथा मर्मत सम्भार	५२८१२
नेपाल सरकारको अनुदान	७७४३६	कर्मचारी खर्च	१९२८७
दर्ता, नवीकरण लगायतका सेवाशुल्क	१९०	प्रशासनिक खर्च कार्यालय सञ्चालन	५३३६
		मौज्दात	९५६
जम्मा	**७८३९१**	**जम्मा**	**७८३९१**

६०. **पारिश्रमिक तथा सेवा सुविधा** - बौद्ध दर्शन प्रवर्धन तथा गुम्बा विकास समिति (गठन) आदेश, २०७५ को दफा ८ मा समितिको कार्यसम्पादनको लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारी रहने र समितिका कर्मचारीहरूको नियुक्ति, सेवाका सर्त, पारिश्रमिक तथा सेवा सुविधा तोकिएबमोजिम

हुने उल्लेख छ। समितिमा विभिन्न पदमा अस्थायी र करारमा ३४ कर्मचारी भर्ना गरेकोमा कर्मचारी नियुक्ति, सेवा सर्त, पारिश्रमिक तथा सुविधासम्बन्धी कानुन नभएका कारण समितिको २०७४।४।१६ को बोर्ड बैठकले कर्मचारीहरूको सेवा सर्त तथा सुविधासम्बन्धी व्यवस्था निजामती सेवा ऐन तथा नियमावलीबमोजिम हुने निर्णय गरेको देखियो। सोबमोजिम अस्थायी र सेवा करारका कर्मचारीलाई निजामती कर्मचारी सरह पारिश्रमिक, मासिक सञ्चय कोष र बिमा थप गरी भुक्तानी गरेको छ। यो वर्ष कर्मचारी सञ्चय कोष थप रु.३७ लाख २५ हजार र बिमा थप रु.४ लाख ३५ हजार, महँगी भत्ताबापत रु.८ लाख ६४ हजार भुक्तानी गरेको छ। त्यस्तै अवकाश प्राप्त अस्थायी कर्मचारीलाई उपदान, सञ्चितविदा र औषधि उपचारको रकमसमेत भुक्तानी गरेको छ। यस्ता सुविधा समितिको निर्णयबाट भुक्तानी गरेकोमा कानूनमा व्यवस्था गरी भुक्तानी गर्नुपर्दछ।

बौद्धनाथ क्षेत्र विकास समिति

बौद्धधर्म सम्बन्धी योजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने, बौद्ध क्षेत्रभित्रको बौद्ध धर्म सम्बन्धी समाजिक, धार्मिक, पुरातात्विक र यस्तै प्रकारका ऐतिहासिक महत्त्वका प्राचीन स्थान तथा वस्तुको खोजी अन्वेषण अनुसन्धान गर्ने र त्यसको अभिलेख राख्ने, यस क्षेत्रको उपर्युक्त स्थानमा पर्यटक विकासका लागि कार्यक्रम स्वीकृत गर्ने, संवेदनशील स्थानमा कार्य गर्न नहुने तोकी नियन्त्रण गर्ने, वातावरणीय सन्तुलन कायम गर्ने, निर्माणसम्बन्धी कार्यहरूको आवश्यक मापदण्ड तोक्ने जस्ता उद्देश्यले बौद्धनाथ क्षेत्र विकास समिति गठन आदेश, २०५३ बमोजिम २०५३ सालमा स्थापना भई सञ्चालन रहेको छ। समितिको मुख्य कार्यालय काठमाडौँमा रहेको छ।

६१. **आय-व्यय** - विकास समितिको २०८०।८१ को आय-व्यय स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

आय			व्यय		
विवरण		**रकम**	**विवरण**		**रकम**
गत वर्षको मौज्दात		**५८६१३**	पुँजीगत खर्च		५२६८७
बैङ्क मौज्दात	५७२०२		कर्मचारी खर्च		१५७८०
धरौटी मौज्दात	१४११		कार्यालय सञ्चालन		४८५७६
यस वर्षको आय		**१०६६६८**	धरौटी फिर्ता		१०२१
टिकट बिक्री तथा सेवा शुल्क	१००६३३		वर्षान्तको मौज्दात		४७२१७
ब्याज आम्दानी	९५८		बैङ्क मौज्दात	४३६२४	
टेण्डर बिक्री	२८९		धरौटी मौज्दात	३५९३	
नेपाल सरकार अनुदान	५८				
अन्य	८६				
जम्मा		**१६५२८१**	**जम्मा**		**१६५२८१**

विकास समितिको गत वर्षको कुल आय रु.६ करोड ७७ लाख ८८ हजार रहेकोमा यो वर्ष रु.३ करोड ५६ लाख ७८ हजारले वृद्धि भई रु.१० करोड ६६ लाख ६८ हजार पुगेको छ। यसै गरी गत वर्षको कुल खर्च रु. ५ करोड २७ लाख ५ हजार रहेकोमा यस वर्ष रु.६ करोड ४३ लाख ३८ हजार वृद्धि भई रु.११ करोड ७० लाख ४३ हजार खर्च भएको देखिन्छ। २०८१ असार मसान्तमा रु.४ करोड ७२ लाख १७ हजार मौज्दात रहेको देखिन्छ।

६२. **परिक्रमा पथ निर्माण** - प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ मा उत्खनन् गरिएको इँटा वा अन्य सामग्रीलाई पुरातात्त्विक मानक र प्रावधान अनुसार सुरक्षा तथा संरक्षण गर्न तथा माटो वा अन्य क्षतिकारक तत्वहरूबाट बचाउन उपयुक्त उपाय अपनाउनुपर्ने तथा तिनको अभिलेख तयार गरी सुरक्षित स्थानमा राख्नुपर्ने उल्लेख छ। समितिले यस वर्ष बौद्धनाथ स्तुपको परिक्रमा पथमा विच्छ्याइएका पुरातात्त्विक महत्त्वका सम्पूर्ण इँटाहरू फेर्ने तथा ढल, ट्याङ्की खन्ने कार्यको लागि रु.१ करोड ७८ लाख ७४ हजारको लागत अनुमान तयार गरी एक निर्माण व्यवसायीसँग रु.१ करोड ३२ लाख ८ हजारमा सम्झौता गरेको देखिन्छ। समितिले निर्माण व्यवसायीलाई रु.१ करोड १७ लाख ९१ हजार भुक्तानी गरी कार्य स्वीकार प्रतिवेदन प्रदान गरेको छ। समितिले पुरातत्त्व विभागबाट २०७६।९।१० मा अन्य कार्यसँगै टुटफुट भएका इँटाहरू मात्र पहिचान गरी फेर्ने कार्यको लागि स्वीकृति लिएको पत्रलाई आधार मानी यस निर्माण कार्यमा २ लाख ६९ हजार इँटा झिकी ३ हजार ८२ घनमिटर नयाँ इँटा राखी सोबापत रु.८७ लाख ७ हजार भुक्तानी गरेको छ। झिकिएका उक्त इँटाहरू संरक्षण गरी राखेको समेत पाइएन। पुरातात्त्विक सम्पदा स्थलमा कार्य गर्दा पुरातत्त्व विभागको स्वीकृति लिनुका साथै पुरातात्त्विक महत्त्वका सामग्रीको उचित संरक्षण गर्नुपर्दछ।

हनुमानढोका दरबार संग्रहालय विकास समिति

संग्रहालयको विकाससम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रवेश शुल्क निर्धारण गर्ने, सम्पदाको खोजी गरी लगत राखी अध्ययन अनुसन्धान गर्ने, पर्यटक केन्द्रको रूपमा विकास गर्नेलगायतका कार्यहरू गर्न हनुमानढोका दरबार संग्रहालय विकास समिति (गठन आदेश), २०६७ बमोजिम यो समिति गठन भएको छ। ऐतिहासिक, पुरातात्त्विक र धार्मिक मूल्यका आधारमा यो क्षेत्र सन् १९७९ मा युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत भएको छ।

६३. **आय-व्यय** - समितिको २०८०।८१ को आय-व्यय स्थिति देहायबमोजिम छ:

(रु. हजारमा)

आय			व्यय		
विवरण		**रकम**	**विवरण**		**रकम**
गत वर्षको मौज्दात		**१४२०८८**	पुँजीगत खर्च		९४०८६
बैङ्क मौज्दात	११५३६९		कर्मचारी खर्च		४४०८७
धरौटी मौज्दात	२६७१९		धरौटी खर्च		२३७०९
यस वर्षको आय		१२८०२५			
बिक्री सेवा शुल्क	४१७९८		मौज्दात		१०८२३१
पसल बहाल	५१०७४		बैङ्क मौज्दात	८००६३	
ब्याज	६५००		धरौटी मौज्दात	२८१६८	
अन्य	२१३४				
धरौटी आय	२६५१९				
जम्मा		**२७०११३**	**जम्मा**		**२७०११३**

६४. **सेवा शुल्क** - समितिको २०६८।७।१३ को निर्णयमा हनुमानढोका दरबार क्षेत्र प्रवेश बापतको शुल्क काठमाडौं महानगरपालिकाले उठाउने र दुई निकायबिच सोको बाँडफाँट गर्ने उल्लेख छ। उक्त निर्णयमा महानगरपालिकाले विदेशी पर्यटक हनुमानढोका संग्रहालयमा प्रबेश गरेबापत सार्क राष्ट्रका पर्यटकलाई

रु.१५० र अन्य देशका पर्यटकलाई रु.७५० का दरले पर्यटन सेवा शुल्क लिने, उक्त सेवा शुल्कबाट प्राप्त रकममध्ये सार्क राष्ट्रका पर्यटकबाट उठेको रकमबाट रु.५० र अन्य देशका पर्यटकबाट उठेको रकमबाट रु.२५० काठमाडौं महानगरपालिकाले समितिलाई बुझाउने उल्लेख छ। सम्झौता हुँदाको बखतको पर्यटक टिकट दस्तुरमा महानगरपालिकाले सार्क राष्ट्रको दरमा वृद्धि गरी रु.५०० र अन्य देशको पर्यटकको रु.१ हजार पुऱ्याएको छ। महानगरपालिकाले शुल्क वृद्धि गरेको भए तापनि समितिले पाउने रकम साबिककै दरबमोजिम शुल्क प्राप्त गरेको छ। साबिकको दर बमोजिम २०८१ असार मसान्तसम्म महानगरपालिकाले समितिलाई बुझाउनुपर्ने सेवा शुल्कमध्ये रु.१ करोड २९ लाख ९५ हजार प्राप्त गर्न बाँकी देखिएकोले शुल्क वृद्धि भएअनुसार उक्त रकम समितिले प्राप्त गर्नुपर्दछ।

नारायणहिटी दरबार संग्रहालय विकास समिति

संग्रहालय र स्मारकलाई राष्ट्रको महत्त्वपूर्ण, ऐतिहासिक र सांस्कृतिक धरोहर बनाउँदै, सहिदप्रतिको सम्मान व्यक्त गर्ने स्थलको संरक्षण र सम्वर्धन गरी पुरातात्त्विक वस्तुको प्रदर्शन गर्ने संग्रहालयको रूपमा विकास गर्न यो समिति स्थापना भएको हो।

६५. **आय-व्यय** - समितिको २०८०।८१ को आय-व्ययको स्थिति निम्नानुसार देखिन्छ:

(रु. हजारमा)

आय			व्यय		
विवरण		**रकम**	**विवरण**		**रकम**
गत वर्षको मौज्दात		५१७७१	पुजीगत खर्च		२९११९
बैङ्क मौज्दात	४७५४७		कर्मचारी खर्च		७२९६७
धरौटी मौज्दात	४२२४		कार्यालय सञ्चालन खर्च		४१४४७
यस वर्षको आम्दानी		१६७९०७			
विक्री सेवा शुल्क	७०३४१		धरौटी खर्च		६८१
पार्किङ	७९५		मौज्दात		७५४६४
अन्य	१३५५		बैङ्क मौज्दात	७०९१३	
अनुदान	९४४०८		धरौटी मौज्दात	४५५१	
धरौटी आम्दानी	१००८				
जम्मा		**२१९६७८**	**जम्मा**		**२१९६७८**

६६. **गणतन्त्र स्मारक** - नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति गठन आदेश, २०७६ को दफा ४(ङ) मा संग्रहालय र स्मारकको सुरक्षा, संरक्षण, प्रवर्धन एवं उपयोग गर्नुपर्ने व्यवस्था छ। नारायणहिटी दरबार परिसरको ३५ रोपनी क्षेत्रफलमा फैलिएको उक्त स्मारक रु.४४ करोड ९१ लाख ५३ हजारमा निर्माण भएको छ। भूमिगत पार्किङ, सभाहल १, क्यान्टिन १, सहिदस्तम्भ, नेपालको वस्तुस्थिति नक्सा, ४ स्तम्भसहितको गणतन्त्र स्मारक निर्माण गरी शहरी विकास तथा भवन निर्माण विभागबाट २०७६।१०।३ मा हस्तान्तरण भई आएको छ । सभाहलको सिलिङबाट पानी चुहिएको, संरचनाभित्र पानी पसेको कारण विद्युत आपूर्ति अवरुद्ध भएको, स्मारकतर्फको लबी धसिएको, भूमिगत पार्किङ्गमा पानी जमेको कारणले हाल सभाहल, पार्किङ र चमेनागृह प्रयोगविहीन भएको छ। आवश्यक मर्मत/सम्भार गरी निर्मित संरचना प्रयोगमा ल्याउनुपर्दछ।

६७. **जनशक्ति** - निजामती सेवा ऐन, २०४९ को दफा ७क(१) मा रिक्त दरबन्दी पदपूर्ति सम्बन्धी व्यवस्था छ। यस समितिमा जम्मा दरबन्दी १९७ रहेकोमा स्थायी पदपूर्ति ११२ भई ८५ रिक्त रहेको छ। यो वर्ष खरिदारदेखि उपसचिव सम्मका १६ कर्मचारी मन्त्रालयले समितिमा काज खटाई तलब भत्ता बापत रु.४९ लाख ३ हजार खर्च भएको देखिन्छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनहरूमा वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नगरेको, अनुदानको अनुगमन नगरेको, क्यासिनो रोयल्टी असुल नगरेको, सम्पदा पुनर्निर्माण समयमा सम्पन्न नभएको, मुआब्जा वितरण भइसकेका काठमाडौं, सिनामंगल, कोटेश्वरअन्तर्गत ४७० कित्ताको ५३३ रोपनी जग्गा नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा जग्गाधनी प्रमाणपुर्जा नआएको, पुरातात्त्विक सम्पदाको संरक्षण, विमानस्थल सञ्चालन, सोझै खरिद, ठेक्काव्यवस्थापन, भाडा तथा बहाल असुल नगरेको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत १५ निकायमा यो वर्ष रु.८३ लाख ८९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६० लाख २१ हजार फर्स्यौंट भएकोले रु.२३ लाख ७८ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.३ लाख रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित संस्था एवं समिति १९ तर्फ यो वर्ष रु.३४ करोड ४८ लाख ६९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ करोड ६८ लाख १ हजार फर्स्यौंट गरेकोले रु.२७ करोड ८० लाख ६८ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रु.११ लाख ८६ हजार रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा सूचना तथा सञ्चार र प्रविधिसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा सोसम्बन्धी अध्ययन, अनुसन्धान र नियमन, सुरक्षण मुद्रण, हुलाकसम्बन्धी नीति, सञ्चालन र नियमन, साइबर सुरक्षा र नियन्त्रण, फ्रिक्वेन्सी बाँडफाँट तथा नियमनलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहत सरकारी कार्यालय तथा सङ्गठित संस्थासमेत ९५ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतकासमेत ८६ सरकारी कार्यालयको निम्नानुसार रु.१४ अर्ब ४६ करोड २४ लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य करोबार	जम्मा
५५०८८	८५५१८	१३२५	२६९३	१४४६२४

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई शहरी विकास मन्त्रालयबाट खर्च भएको रु.१७ करोड १४ लाख समावेश छैन।

२. **सङ्गठित संस्था तथा समिति -** यो वर्ष ७ संस्थाको २०८०।८१ को र १ संस्थाको बक्यौतासमेत रु.४१ अर्ब ६१ करोड ५ लाखको लेखापरीक्षण सम्पन्न भएको र २ संस्थाको २०७९।८० र २०८०।८१ को लेखापरीक्षण बक्यौता रहेको छ।

३. **पन्ध्रौं योजना -** पन्ध्रौं योजनाले सबै नागरिकमा सञ्चार तथा सूचना प्रविधिको सहज पहुँच तथा उपयोग विस्तार गर्ने, सञ्चार तथा सूचना प्रविधि सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउने, सञ्चार र सूचना प्रविधिमा आधारित उद्योगको विकास गरी रोजगारी वृद्धि गर्ने उद्देश्य लिएको छ। योजनाअन्तर्गत लक्षित प्रमुख सूचकहरूमा यस वर्षको प्रगति स्थिति देहायअनुसार छः

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०८०।८१ को	
				लक्ष्य	प्रगति
१	सञ्चार तथा सूचना प्रविधिबाट रोजगारी सिर्जना	सङ्ख्या हजारमा	२०० जना	१०	प्राप्त नभएको
२	अप्टिकल फाइबर विस्तार	कि.मि.	९३२०	१४७३८	१५०००
३	फोर जी/एल.टी. ई. सेवा विस्तार	प्रयोगकर्ता प्रतिशत	९.११	७५	७०
४	फिक्स्ड ब्रोडब्याण्ड सेवा विस्तार	प्रतिशत	१४.२४	४१	४३
५	मोबाइल ब्रोडब्याण्ड सेवा विस्तार	प्रतिशत	५१.६४	९५	९७
६	मोबाइल टेलिफोन ग्राहक सङ्ख्या	जना लाख	४२३	३६५	३४७
७	सरकारी डाटा सेन्टर	सङ्ख्या	२	१	०
८	इन्टरनेट एक्सचेञ्ज सेन्टर	सङ्ख्या	०	१	१
९	रेडियो पहुँच	प्रतिशत	८६	९४	९३
१०	डिजिटल टेलिभिजनको पहुँच	प्रतिशत	७२	८२	७२
११	ई.एम.एस. सेवा विस्तार	जिल्ला/सङ्ख्या	६०	४५	२९
१२	ई.एम.एस. सेवा विस्तार	देश/सङ्ख्या	३९	४४	३९
१३	अनलाइनमार्फत सरकारी सेवा प्रवाह	सङ्ख्या	१०	७५	प्राप्त नभएको
१४	सुरक्षण मुद्रण स्थापना र सञ्चालन	सङ्ख्या	०	१	१

क्र.सं.	नतिजा सूचक	एकाइ	आधार वर्ष २०७५।७६	२०८०।८१ को	
				लक्ष्य	प्रगति
१५	सञ्चारग्रामको स्थापना	सङ्ख्या	०	१	१
१६	डिजिटल साक्षरता	प्रतिशत	६८	८०	प्राप्त नभएको
१७	ई–गभर्मेन्ट डेभलपमेन्ट इन्डेक्स		०	०.६५	प्राप्त नभएको
१८	राष्ट्रिय साइबर सुरक्षा क्षेत्रगत कम्प्युटर इमर्जेन्सी रेस्पोन्स टिम	सङ्ख्या	१	४	१
१९	राष्ट्रिय ज्ञान पार्क	सङ्ख्या	०	१	०
२०	सूचना प्रविधिसम्बन्धी उद्योग	सङ्ख्या	२७९६	३३९६	प्राप्त नभएको

उल्लिखित विवरणअनुसार २०८०।८१ मा सञ्चार तथा सूचना प्रविधिबाट रोजगारी सिर्जना, सूचना प्रविधिसम्बन्धी उद्योग र डिजिटल साक्षरता प्रतिशतजस्ता सूचकको प्रगति विवरण प्राप्त भएको छैन। सरकारी डाटा सेन्टर, ई.एम.एस सेवा विस्तार, राष्ट्रिय ज्ञानपार्क लगायतका सूचकहरूमा प्रगति न्यून रहेको छ। आवधिक योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाट

- *अनुदान वितरण कार्यको अनुगमन गर्नुपर्ने,*
- *हुलाक सेवाको पुनर्संरचना गर्ने कार्यले पूर्णता पाउनुपर्ने,*
- *टर्मिनल ड्यूजको हिसाब अद्यावधिक गर्नुपर्ने,*
- *प्रसारण शुल्क बापत जरिबानासहित रु.१ करोड २५ लाख दाखिला नभएको ,*
- *स्टिकर छपाइ कार्यको लागि पेस्की भुक्तानी भएकोमा पेस्की फस्यौंट नभएको,*
- *सम्झौताअनुसार स्टिकर छपाइ कार्य सम्पन्न नभएको तथा पेस्की फस्यौंटसमेत नभएको लगायतको अवस्था देखिएका छन्।*

४. **वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन -** मन्त्रालयअन्तर्गत राष्ट्रिय योजना आयोगबाट वार्षिक विकास कार्यक्रममा समावेश भएका कार्यक्रममध्ये डिजिटल नेपाल फ्रेमवर्कमा ८ क्षेत्र/निकायबिच समन्वय गरी एकीकृत बजेट निर्माण हुन नसकेको, सुरक्षण मुद्रण छापाखाना स्थापना गरी मुद्रण कार्य हुन नसकेको, विद्युतीय भुक्तानी प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा नआएको, ललितपुरमा डाटा सेन्टर र इन्टरनेट एक्सचेन्ज सेन्टर निर्माण नभएको, ललितपुरको खुमलटारमा जग्गा विवादका कारण ज्ञानपार्क निर्माण हुन नसकेको स्थिति छ। त्यस्तै हुलाक सेवालाई प्रतिस्पर्धी र व्यावसायिक बनाउन आवश्यक नीति नभएको, नियमावली स्वीकृत नभएको कारण फ्रिक्वेन्सी वितरण कार्य हुन नसकेको देखिन्छ। राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएका वार्षिक विकास कार्यक्रमलाई प्राथमिकतामा राखी सम्बद्ध निकायहरूबिच समन्वय गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८०।८१ मा उल्लेख भएका कार्यक्रममध्ये सङ्घीय निकायमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याउने कार्य सुरुवात भएको, डिजिटल बैङ्क स्थापना कार्य हुन नसकेको, आम सर्वसाधारणले बुझाउनुपर्ने सरकारी दस्तुर तथा शुल्क क्यू.आर कोडलगायतका विद्युतीय माध्यमबाट जम्मा गर्ने व्यवस्था कार्यान्वयन नभएको, राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र, राहदानी लगायतका सेवाहरू नागरिक एपसँग आबद्ध गर्ने कार्य आंशिक कार्यान्वयन भएको, डिजिटल नेपाल फ्रेमवर्कको विकास हुन नसकेको, विद्युतीय तथ्याङ्क सुरक्षा नीति तर्जुमा कार्य भइरहेको, खुमलटारमा सूचना प्रविधि ज्ञानपार्क स्थापना हुन नसकेको, स्थानीय तहका ५ हजार ८९९ वडा कार्यालय, ४ हजार ७४९ स्वास्थ्य केन्द्र र १० हजार ७८४ आधारभूत तथा सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्यान्ड इन्टरनेट सेवा पुगेको, राष्ट्रिय साइबर सुरक्षा केन्द्रको

स्थापना भएको, ललितपुरमा डाटा सेन्टर तथा इन्टरनेट एक्सचेन्ज सेन्टरको पूर्वाधार निर्माणको काम हुन नसकेको, सबै स्थानीय तहहरूमा सूचना प्रविधि केन्द्र स्थापना गर्ने कार्य प्रारम्भ हुन नसकेको, काभ्रेको बनेपा र दोलखामा अत्याधुनिक चलचित्र स्टुडियो निर्माण गर्नका लागि बनेपामा जग्गा प्राप्त गर्ने कार्य प्रक्रिया प्रारम्भ भए तापनि दोलखामा कुनै काम हुन नसकेको अवस्था छ। बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य** - इन्टरनेट पहुँच भएका माध्यमिक विद्यालय ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ५ हजार ३१८ सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा पुगेको छ। मन्त्रालयले १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको तथ्याङ्क सङ्कलन गरेको छैन। सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सीप दक्षता भएका वयस्कहरूको सङ्ख्या वृद्धि गर्न इन्टरनेट प्रयोगकर्ता वयस्क जनसङ्ख्याको प्रतिशत सन् २०३० सम्म ९५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा शतप्रतिशत पुगेको मन्त्रालयले जनाएको छ।

७. **बजेट र खर्च** - यो वर्ष सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मातहतका निकायको बजेट खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	रकमान्तर		खुद बजेट	निकासा खर्च	प्रतिशत
		थप	घट			
चालु	६४०५१	१७१६०	१६१३२	६५०७९	४६३२४	७१.१८
पुँजीगत	२३०१६	४९९३	४९८२	२३०२७	४७९९	२०.८४
जम्मा	**८७०६७**	**२२१५३**	**२१११४**	**८८१०६**	**५११२३**	**५८.०२**

समग्रमा बजेटको तुलनामा ५८.०२ प्रतिशत खर्च भए तापनि पुँजीगततर्फ २०.८४ प्रतिशतमात्र खर्च भएकोले पुँजीगत खर्चमा वृद्धि गर्नुपर्दछ।

८. **डिजिटल नेपाल** - डिजिटल प्रविधिको उपयोगबाट सेवा प्रवाह, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी मुलुकको आर्थिक रूपान्तरण र समृद्धि हासिल गर्न मन्त्रीपरिषद्ले २०७६।७।५ मा डिजिटल नेपाल, फ्रेमवर्क, २०७६ स्वीकृत गरेको छ। राष्ट्रिय योजना आयोगले रूपान्तरणकारी आयोजनाको रूपमा वर्गीकरण गरेको यस फ्रेमवर्कका कार्यक्षेत्रहरू डिजिटल फाउन्डेसन, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र शहरी पूर्वाधार कार्यान्वयनको लागि रु.१ खर्ब ७ अर्ब ५० करोड बजेट अनुमान गरेको, योजनामा समेटिएका ८ कार्यक्षेत्रअन्तर्गतका अप्टिकल फाइबर नेटवर्क विस्तार, सूचना प्रविधि ज्ञानपार्क स्थापना गर्ने, गभर्मेन्ट इन्टरप्राइजेज आर्किटेक्चर कार्यान्वयन गर्ने, सार्वजनिक वाईफाई हटस्पटको व्यवस्था गर्नेलगायतका ८० क्रियाकलाप ५ वर्षभित्र सम्पन्न गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तीन चरणको समयसीमा तोकी सोको कार्यान्वयन योजनासमेत समावेश गरेको छ। उक्त फ्रेमवर्क कार्यान्वयनको लागि जिम्मेवार निकायको किटान नगरेको, फ्रेमवर्क कार्यान्वयन गर्न विनियोजित बजेट यकिन नभएको, फ्रेमवर्क परिमार्जन गर्ने वार्षिक कार्यक्रम रहेकोमा परिमार्जन हुन नसकेको स्थिति देखिन्छ। उल्लिखित अवस्थामा सुधार गरी कार्यान्वयनयोग्य फ्रेमवर्क तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

९. **कार्यसम्पादन** - नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालय र मातहत निकायले आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, चलचित्र र मुद्रणका कार्य सम्पादन गर्ने

गरेको छ। रेडियो तथा दूरसञ्चार क्षेत्रमा फ्रिक्वेन्सी उपयोगअनुसार राजस्व प्राप्त नभएको, विज्ञापन सम्बन्धी कारोबार एकद्धार प्रणालीबाट हुन नसकेको, टेलिभिजन प्रसारणमा विदेशी च्यानलहरूले उठाउने शुल्कको मापदण्ड नभएको, सामाजिक सञ्जाल, साइबर आक्रमण र राष्ट्रिय साइबर सुरक्षा व्यवस्थापन कार्यको प्रभावकारी नियमन हुन नसकेको, सुरक्षित मुद्रण र सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुन नबनेको, नेपाल मिडिया काउन्सिलसम्बन्धी छाता कानुन बनाउने कार्य बाँकी रहेको, सूचना प्रविधि र एफ. एम. रेडियो दर्ता, नवीकरण तथा प्रयोग गरेको फ्रिक्वेन्सीको प्रभावकारी अनुगमन नभएको, सरकारी निकायको सूचना सञ्जालमा एकरूपता कायम गर्न साझा पूर्वाधारमार्फत सर्भर स्टोरेज नेटवर्कको लागि भर्चुअल उपकरण राख्ने कार्य हुन नसकेको, राजमार्ग तथा सूचना महामार्गमा अप्टिकल फाइबर बिछ्याउने कार्य अभियानको रूपमा सुरु गरे तापनि राजमार्गको स्तरोन्नति र विस्तार गर्दा तयार भएका दूरसञ्चार संरचनाहरूमा क्षति पुगेको छ। मन्त्रालयले तोकिएका कार्यक्षेत्रअन्तर्गतका कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन, लेखाङ्कन तथा विश्लेषण गरी कार्यसम्पादन गर्नुपर्दछ।

१०. **राजस्व सङ्कलन** - मन्त्रालय र मातहत निकायहरूबाट गत वर्ष रु.७ अर्ब ६७ करोड ५५ लाख राजस्व सङ्कलन भएकोमा यो वर्ष रु. ८ अर्ब ५५ करोड ३९ लाख सङ्कलन भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

१०.१ पार्सल तथा चिठीपत्रलगायत हुलाक सेवाबाट गत वर्ष रु.३१ करोड ४१ लाख राजस्व प्राप्त भएकोमा यो वर्ष रु.३४ करोड ८५ लाख प्राप्त भएको छ। फ्रिक्वेन्सी दस्तुर बापत गत वर्ष रु.३ अर्ब ५६ करोड ९६ लाख प्राप्त भएकोमा यो वर्ष रु.४ अर्ब ४६ लाख प्राप्त भई गत वर्षको तुलनामा १२.१९ प्रतिशत बढी प्राप्त भएको छ। त्यसैगरी गत वर्ष रोयल्टीबापत रु.३ अर्ब ४९ करोड ४१ लाख प्राप्त भएकोमा यो वर्ष रु.३ अर्ब ५३ करोड ८२ लाख प्राप्त भई गत वर्षको तुलनामा १.२६ प्रतिशत वढी प्राप्त भएको छ। मन्त्रालयले दूरसञ्चार सेवा प्रदायकहरूबाट नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रोयल्टी र फ्रिक्वेन्सी दस्तुरको अद्यावधिक अभिलेख राखेको छैन। यस सम्बन्धमा सार्वजनिक लेखा समितिले २०७६।२।१२ मा दिएको निर्देशनसमेतको पालना गर्दै सोको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१०.२ दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमति प्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। विभिन्न ९ दूरसञ्चार सेवा प्रदायक संस्थाले पेस गरेको २०७९।८० को आय विवरणअनुसार कुल आय रु.२ अर्ब ६३ करोड ५९ लाखको ४ प्रतिशतले हुने रोयल्टी र जरिबानासमेत रु.१३ करोड ७ लाख राजस्व असुल भएको छैन। त्यस्तै, सेवा प्रदायकले ग्राहकसँग मर्मत तथा विभिन्न शुल्क बापत प्राप्त गरेको आम्दानी रु.२८ करोड ७१ लाखको ४ प्रतिशतले हुने रोयल्टी र जरिबानासमेत रु.१ करोड ४२ लाख ५४ हजार छुट भएको देखिएकोले ७ सेवा प्रदायकबाट उक्त राजस्व रकम असुल गर्नुपर्दछ।

१०.३ दूरसञ्चार नियमावली, २०५४ को नियम ३१ बमोजिम रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष नियमितरूपमा बुझाउनुपर्ने, सेवा प्रदायकले माइक्रोवेभ फ्रिक्वेन्सी र न्यूनतम फ्रिक्वेन्सीको दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्ने, न्यूनतम फ्रिक्वेसी बाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याटको दस्तुर प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष सुरु भएको ३

महिनाभित्र अग्रिम भुक्तानी गर्नुपर्ने र तोकिएको अवधिभित्र दस्तुर भुक्तानी नगरेमा बाँकी दस्तुरको प्रत्येक महिना दुई प्रतिशतका दरले थप दस्तुरसमेत लाग्ने व्यवस्था छ। यो वर्ष १ सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर दाखिला गर्न बाँकी देखिएकोले फ्रिक्वेन्सी दस्तुर र थप दस्तुरसमेत रु.२४ करोड ३४ लाख असुल गर्नुपर्दछ।

११. **अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कार्यालयले कुनै संस्थालाई दिएको रकम जुन कामको लागि दिएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको अनुगमन गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले यो वर्ष गोरखापत्र संस्थान, नेपाल टेलिभिजन, चलचित्र विकास बोर्ड लगायतका ७ सार्वजनिक संस्थालाई अर्काइभ निर्माण, भवन निर्माण, मेसिन खरिद, लेख रचना प्रकाशन, कार्यक्रम निर्माण तथा प्रसारण लगायतका कार्य गर्न रु.८४ करोड ९७ लाख ससर्त अनुदान दिएको छ। ससर्त अनुदानको उपयोग सम्बन्धमा मन्त्रालयबाट अनुगमन गरी खर्च नभई बाँकी रहेको रकम सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्दछ।

हुलाक सेवा विभाग

हुलाक सेवा विभागले हुलाक ऐन, २०१९ बमोजिम हुलाक सेवासँग सम्बन्धित चिठीपत्र ओसारपसार गर्ने, हुलाक टिकट प्रकाशन गर्ने, धनादेशको व्यवस्था गर्ने, बचत बैङ्क सञ्चालन गर्ने जस्ता कार्यहरू गर्दै आएको छ।

१२. **हुलाक सेवाको पुनर्संरचना** - बजेट वक्तव्य २०८०।८१ मा हुलाक सेवालाई पुनर्संरचना गरी स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाउने उल्लेख छ। हुलाक सेवा विभाग मातहत केन्द्रीय स्तरमा २ निकाय, ४ हुलाक निर्देशनालय, १८ गोश्वारा हुलाक कार्यालय, ७० जिल्ला हुलाक कार्यालय, ८४२ ईलाका हुलाक कार्यालय र ३ हजार ७४ अतिरिक्त हुलाक कार्यालय सञ्चालनमा रहेको, हुलाक सेवा विभाग र मातहतका निकायहरूमा मौजुदा दरबन्दी ६ हजार २९४ रहेकोमा ४ हजार ४४८ स्थायी पदपूर्ति र अतिरिक्त हुलाकतर्फ हुलाक प्रतिनिधि, पत्र वितरक र डाँकवाहक १० हजार ८५८ समेत १५ हजार ३०६ कार्यरत रहेको देखिन्छ। बजेट वक्तव्यअनुसार हुलाक सेवाको दरबन्दी मिलान हुन सकेको छैन। हुलाक सेवा सञ्चालन गर्न यो वर्ष रु.२ अर्ब ७२ करोड ६४ लाख खर्च भएको र हुलाक सेवाबाट रु.३४ करोड ८५ लाख राजस्व सङ्कलन भएको छ। विभागले अनिवार्य सेवाको रूपमा २ हजार ग्रामसम्मको चिठीपत्र ओसारपसारको कार्य सञ्चालन गरे तापनि सो भन्दा बढी तौल भएको हुलाक वस्तुको सेवा सञ्चालन गर्न आन्तरिक सेवाको रूपमा आन्तरिक तथा अन्तर्राष्ट्रिय द्रुत डाँक सेवा सञ्चालन गर्दै आएको छ। एक स्थानीय तह एक हुलाक अवधारणा अन्तर्गत हुलाक सेवाको पुनर्संरचना गर्ने कार्य प्रारम्भ भएको देखिन्छ।

हुलाक सेवाले प्रदान गर्दै आएको कुरियर तथा अनलाइन डेलिभरीसम्बन्धी सेवाहरू निजी क्षेत्रका कम्पनीहरूले समेत गर्दै आएकोमा ती संस्थाहरूलाई नियमन गर्ने निकाय रहेको देखिँदैन। हुलाक सेवाले परम्परागत रूपमा गर्दै आएको कामको कार्यबोझ घट्नुका साथै समयानुकूल सेवा प्रवाह गर्न सेवामा विविधीकरण गरी हुलाक सेवाको पुनर्संरचना गर्नुपर्दछ।

१३. **टर्मिनल ड्युज** - हुलाक सेवा विभाग र विश्व हुलाक सङ्घबिचको सम्झौताअनुसार टर्मिनल ड्युज बापतको विभिन्न मुलुकबाट लिनु/दिनुपर्ने हिसाब प्रत्येक ४/४ महिनामा यकिन गरी आर्थिक वर्ष

समाप्त भएको ६ महिनाभित्र हिसाब मिलान गरिसक्नुपर्ने उल्लेख छ। यो वर्ष ७१ देशसँग कारोबार गरी पाउनुपर्ने एस.डी.आर. २ लाख ३९ हजार र भुक्तानी दिनुपर्ने एस.डी.आर. ३ लाख १ हजार रहेको छ। अन्तर्राष्ट्रिय डाँक सेवा सञ्चालन सम्बन्धमा मानव संसाधन विकास र दीर्घकालीन कार्ययोजनासहित लिनु, दिनुपर्ने हिसाब अद्यावधिक गर्नुपर्दछ ।

१४. **हुलाक बचत बैङ्क -** गोश्वारा हुलाक र ६८ जिल्ला हुलाक कार्यालयमा सञ्चालित हुलाक बचत बैङ्कको ५३ हजार ९०६ बचतकर्ताको बचत रु.१ अर्ब २१ करोड ५८ लाख राष्ट्रिय वाणिज्य बैङ्कका विभिन्न शाखामा हस्तान्तरण भएको छ। हुलाक बचत बैङ्कको हिसाब राख्ने कर्मचारीले जिल्ला हुलाक कार्यालय पर्सामा रु.१ करोड ८१ लाख, जिल्ला हुलाक कार्यालय बारामा रु.५ करोड ३६ लाख र जिल्ला हुलाक कार्यालय धनुषामा रु.२ करोडसमेत रु.९ करोड १७ लाख हिनामिना मस्यौट गरेको देखिएकोले प्रचलित कानुनबमोजिम कारबाही गरी सो रकम असुल हुनुपर्दछ।

सूचना प्रविधि विभाग

विभागले सूचना प्रविधिको अनुसन्धान, विकास, उपयोग, डिजिटल नेपाल अभियान तथा नियमनलगायत सूचना प्रविधिको क्षेत्रमा सरकारको केन्द्रीयस्तरको कार्यान्वयन निकायको भूमिका निर्वाह गर्दै आएको छ।

१५. **विद्युतीय सरकार -** विद्युतीय सरकारको अवधारणाअन्तर्गत विभागले विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। एकीकृत एस.एम.एस. गेटवेको प्रारम्भ भई यो वर्षसम्म ८४ निकायले प्रणालीको प्रयोग गरेको, सरकारी निकायले प्रयोग गर्ने एकीकृत विद्युतीय प्रणाली निर्देशिका तयार गरेको, यो वर्षसम्म ७७ निकाय एकीकृत व्यवस्थापन प्रणालीमा आबद्ध भई १५ निकायले प्रणाली मार्फत कार्य प्रारम्भ गरेको, सरकारी कार्यालयको लागि नमूना वेबसाइट निर्माण गरेको, सरकारी क्लाउडमा ८६९ भर्चुअल मेसिन सञ्चालन गरी ३४५ निकायलाई सूचना प्रविधि प्रणाली सञ्चालन गर्न स्रोत उपलब्ध गराएको, सरकारी निकायले सञ्चालनमा ल्याएका ९२ सूचना प्रणालीको सेक्युरिटी अडिट गरेको, साझा पूर्वाधारमार्फत सर्भर, स्टोरेज र नेटवर्क सेवाउपलब्ध गराएको र विद्युतीय हाजिरी ३ हजार ५४९ निकायले प्रयोग गरेका छन्।

विद्युतीय सरकारको अवधारणा सार्थक बनाउन गभर्मेन्ट इन्टरप्राइज आर्किटेक्चरसम्बन्धी तालिम दिनुपर्ने, सरकारी निकायहरूको सूचना प्रणालीलगायत वेबसाइटको सेक्युरिटी अडिटको दायरा बढाउनुपर्ने, सबै प्रकारका सेवालाई नागरिक एप्ससँग अन्तर आबद्ध गर्न आवश्यक व्यवस्था मिलाउनुपर्दछ।

मुद्रण विभाग

सरकारी नीति, ऐन, नियम, अध्यादेश, सन्धि, सम्झौता, राजपत्र जस्ता महत्त्वपूर्ण सरकारी निर्णय, अन्य सरकारी दस्तावेजका साथै नेपाल सरकारको सुरक्षण मुद्रणको कार्य गर्न २०४९।५।२४ मा मुद्रण विभागको स्थापना भएको हो।

१६. **व्यावसायिक योजना -** सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त छपाइसम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापना भएको विभागले यो वर्ष छपाइसम्बन्धी प्रत्यक्ष खर्च रु.१ करोड २४ लाख २४ हजारसमेत रु.८ करोड ४३ लाख खर्च गरेकोमा रु.१ करोड ५२ लाख आम्दानी गरेको छ। विभागले हालसम्म

व्यावसायिक योजना तर्जुमा गरेको छैन। छपाइ तथा बाइन्डिङ दस्तुर २०६९।४।१ मा निर्धारण गरेकोमा तत्पश्चात् पुनरावलोकन गरेको देखिँदैन। विभागमा रहेका विभिन्न किसिमका छपाइ मेसिन तथा जनशक्तिको उपयोग आंशिक मात्र भएको छ। कतिपय सरकारी निकायले समेत छपाइसम्बन्धी काम विभागबाट गराएका छैनन्। विभागमा उपलब्ध छपाइ मेसिन तथा जनशक्तिको पूर्ण क्षमतामा उपयोग गर्ने गरी छापाखाना सञ्चालन गर्नुपर्दछ।

सूचना तथा प्रसारण विभाग

विभागले नेपालसम्बन्धी विविध सूचनामूलक सामग्री प्रकाशन एवं वितरण गर्ने, स्वदेशी तथा विदेशी सञ्चार माध्यमका प्रतिनिधिहरूलाई प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र प्रदान गर्ने र नवीकरण गर्ने, अनलाइन सञ्चार माध्यम दर्ता तथा प्रमाणपत्र वितरण र नवीकरण गर्ने लगायतका कार्य गर्दै आएको छ।

१७. **इजाजतपत्र नवीकरण -** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६ मा प्रसारण इजाजतपत्रको म्याद भुक्तान भएपछि इजाजतपत्र नवीकरण गर्न आएमा दशदेखि शतप्रतिशतसम्म जरिबाना लिई नवीकरण गर्नसक्ने, सो समयभित्र पनि नवीकरण नगराएमा इजाजतपत्र स्वतः रद्द हुने तथा नियम १८ मा इजाजतपत्रमा उल्लिखित सर्तबमोजिम कार्यक्रम प्रसारण गरेको नदेखिएमा मन्त्रालयले अनुमतिपत्र रद्द गर्न एवं अनाधिकृत कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो कार्यक्रम प्रसारण गर्न प्रयोग गरेको यन्त्र उपकरण आफ्नो नियन्त्रणमा लिन सक्ने व्यवस्था छ। विभागबाट प्राप्त प्रगति विवरणअनुसार यो वर्षसम्म १ हजार १९६ एफ.एम. रेडियोले प्रसारण इजाजतपत्र प्राप्त गरेका छन्। अनलाइन न्यूजपोर्टलको सङ्ख्या गत वर्षसम्म २ हजार ७०६ रहेकोमा यो वर्ष २ हजार ४८ पुगेको देखिन्छ। त्यसै गरी २४६ टेलिभिजन संस्थामध्ये १३ टेलिभिजन संस्थाले इजाजतपत्र नवीकरण गराएका छैनन्। नवीकरण नगराई ३ संस्थाले प्रसारण कार्य नियमित रूपमा जारी राखेको देखिएकोले नवीकरण शुल्क रु.३० लाख र जरिबानासमेत असुल हुनुपर्दछ। इजाजतपत्र नवीकरण नगराई सेवा सञ्चालन गर्ने संस्थाहरूलाई कानुनबमोजिम कारबाही हुनुपर्दछ ।

१८. **प्रसारण शुल्क** - राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११(१) बमोजिम कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशतले हुने रकम प्रसारण शुल्कबापत नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ। तीन प्रसारण संस्थाको २०७९।८० को वित्तीय प्रतिवेदन अनुसार प्रसारण आम्दानी रु.४९ करोड १ लाखको २ प्रतिशतले हुने प्रसारण शुल्क रु.९८ लाख र जरिबाना रु.२७ लाख समेत रु.१ करोड २५ लाख राजस्व बुझाएको नदेखिएकोले सो रकम असुल गर्नुपर्दछ।

सुरक्षण मुद्रण केन्द्र

सुरक्षण मुद्रण केन्द्र, विकास समिति (गठन) आदेश, २०७३ बमोजिम यस केन्द्रको स्थापना भएको हो। सुरक्षण मुद्रणसम्बन्धी नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, राहदानी, हुलाक टिकट, अन्तःशुल्क स्टिकर, बैङ्क नोट, स्मार्ट कार्ड, चेक बुक आदिको मुद्रणको लागि सुरक्षण प्रेसको स्थापना गरी सञ्चालन गर्ने काम यस केन्द्रलाई तोकिएको छ।

१९. **उपकरण खरिद तथा उपयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजनाको लागि खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ। केन्द्रले सुरक्षण मुद्रण छापाखाना स्थापना गर्न रु. ३३ अर्ब २ करोडको लागत अनुमान तयार गरी भवन निर्माण र मेसिन/उपकरण खरिदमा २०७७।७८ देखि २०७९।८० सम्मको लागि बहुवर्षीय योजनाको स्वीकृत माग गरेकोमा २०७७।३।२२ मा थप छलफल गर्नुपर्ने गरी मन्त्रीस्तरीय निर्णय भएको छ। बहुवर्षीय योजनासम्बन्धी स्वीकृति प्राप्त नगरी २०७९।८० सम्म रु.२ अर्ब ८२ करोड ६ लाख ३१ हजार खर्च गरेको छ।यो वर्ष सो कार्यको लागि बजेट विनियोजन भएको देखिएन। खरिद भएका उल्लिखित रकमको मेसिन/उपकरणको उपयोग हुन सकेको छैन। खरिद भएका मेसिन/उपकरणको उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

२०. **अधुरा योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्ने तथा आवश्यकतानुसार कार्यान्वयन टोली गठन गर्नुपर्ने व्यवस्था छ। केन्द्रले यो वर्षसम्म न्यून भोल्टेज प्रणालीको स्तरोन्नति, अन्तःशुल्क टिकट छपाइ, वेभ अफसेट मेसिन खरिद, बहुउद्देश्यीय भवन लगायतका ७ कार्यको लागि २०७८।७९ र २०७९।८० मा रु.१ अर्ब ५१ करोड ८७ लाख २६ हजारको ठेक्का व्यवस्था गरेकोमा २०७९।८० सम्म रु.८६ करोड १६लाख २३ हजार खर्च भएको छ।यसप्रकार काम अधुरो रहेका योजनाको लागि बजेट विनियोजन गरेको देखिएन। खरिद भएका उपकरणको उचित व्यवस्थापन गर्नुपर्दछ।

२१. **स्टिकर छपाइ -** केन्द्रले ४३ करोड ३२ लाख थान अन्तःशुल्क स्टिकर छपाइ गर्न एक आपूर्तिकर्तासँग १५० दिनभित्र कार्यसम्पन्न गर्ने गरी २०७९।२।२३ मा रु.३८ करोड ६७ लाख ६५ हजारको खरिद सम्झौता गरी रु.६ करोड ८४ लाख ४६ हजार पेस्की उपलब्ध गराएको छ। २०८१ आषाढ मसान्तसम्म उक्त खरिद सम्झौताको म्याद समाप्त भएको ८ महिना ९दिन व्यतीत भइसके तापनि कार्य सम्पन्न भएको छैन।

राष्ट्रिय सूचना प्रविधि केन्द्र

सूचना प्रविधिको विकासका लागि राष्ट्रियस्तरमा सबै किसिमका तथ्याङ्क सङ्कलन गरी सूचना बैङ्कको रूपमा काम गर्ने, सरकारी कार्यालयको कम्प्युटर अभिलेखीकरण र सोको विकास एवं विस्तारमा सहयोग पुऱ्याउने र सूचना प्रविधिसम्बन्धी नीति र योजनाको विस्तार गर्नेलगायतका कार्य केन्द्रबाट हुँदै आएको छ।

२२. **इन्टरप्राइज ई-मेल सेवा -** सरकारी निकायमा विद्युतीय पत्राचार (ई-मेल) व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७५ को नियम ३ मा प्रत्येक सरकारी निकायले आफ्नो कार्यालयको डोमेन नेम सहितको सरकारी ई-मेल व्यवस्था गर्नुपर्ने र सरकारी ई-मेल सरकारी कामको लागि अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने उल्लेख छ।केन्द्रले यो वर्षसम्म प्रति लाइसेन्स रु.९ हजार ९०० का दरले २० हजार लाइसेन्स खरिद गरी रु.१९ करोड ८० लाख खर्च गरेको र ई-मेल सेक्यूरिटीको नवीकरण गर्न यो वर्ष रु.२ करोड २६ लाख खर्च भएको देखिन्छ। यो वर्षसम्म २० हजार ५ सरकारी ईमेल बनाएकोमा १९ हजार ७२६ ईमेल सक्रिय रहेका छन्। केन्द्रले खरिद तथा नवीकरण गरेका ईमेलमध्ये रु.३१ लाख मूल्य पर्ने २७९ ईमेल १ वर्षसम्म प्रयोगमा आएका छैनन्। निजामती

किताबखानाको सूचना प्रणालीसँग आबद्धता स्थापित गरी सेवामा नरहेका कर्मचारी तथा निश्चित अवधिसम्म प्रयोगमा नआएका ई-मेल हटाई ई-मेल खाताहरूलाई अद्यावधिक गर्नुपर्दछ। यस प्रकारको ईमेलहरू व्यवस्थित रूपमा सञ्चालन भए/नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

२३. **पेमेन्ट गेट वे -** मुलुकभित्र र बाहिरबाट हुने भुक्तानीहरू विद्युतीय माध्यमबाट गर्ने गराउने उद्देश्यले सञ्चालन गर्न लागिएको पेमेन्ट गेटवेको पूर्वाधार निर्माण कार्य २०७५।३।२९ भित्र सम्पन्न गर्ने गरी २०७५।३।१९ मा एक विदेशी कम्पनीसंग रु.२४ करोड २८ लाखको खरिद सम्झौता भई गत विगत वर्षमा रु.२३ करोड २८ लाख भुक्तानी गरेको छ। उक्त प्रणाली यो वर्षसम्म पनि सञ्चालनमा आएको छैन।

२४. **सफ्टवेयर खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ मा बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको परामर्श सेवा खरिद गर्दा प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग माग गर्नुपर्ने व्यवस्था छ। केन्द्रले प्राविधिक योग्यताको प्रस्ताव माग नगरी आर्थिक प्रस्तावको आधारमा यो वर्ष द रिनुअल अफ सेक्योर्ड इ-मेल सेक्यूरिटी सफ्टवेयर खरिदको लागि एक आपूर्तकसँग रु.२ करोड २५ लाखको खरिद सम्झौता गरी सफ्टवेयर खरिद गरेको छ। कानुनको पालना नगरी आर्थिक प्रस्तावको आधारमा मात्र खरिद गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२५. **उपकरणको उपयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोगको सुनिश्चित गरी सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ। केन्द्रले गत विगत वर्षमा रु. ५९ करोड ६६ लाखमा खरिद गरेको ६ प्रकारका ५३ थान सर्भरको स्टोरेज क्षमता ९ लाख ६१ हजार ८५५ जी.बी. रहेकोमा १ हजार १९५ भर्चुअल सर्भरमार्फत ७ लाख ६४ हजार ४४० जी.बी. प्रयोग भई १ लाख ९७ हजार ४१५ जी.बी. स्टोरेज क्षमताको उपयोग हुन सकेको छैन। यस सम्बन्धमा गत विगतका प्रतिवेदनमा समेत उल्लेख गरीएकोमा स्थिति यथावत् रहेको छ। खरिद भएका सर्भरहरू क्षमताअनुसार उपयोग हुनुपर्दछ।

२६. **कनेक्टिभिटी -** डाटा केन्द्र, प्रयोगकर्ता, डिजाष्टर रिकभरी केन्द्र तथा आम सरोकारवाला पक्षहरूबिच भरपर्दो सम्बन्ध स्थापित हुने गरी वैकल्पिक व्यवस्थासहितको भरपर्दो कनेक्टिभिटीको प्रबन्ध गर्नुपर्ने केन्द्रको जिम्मेवारी रहेको छ। केन्द्रले सिंहदरबार र आसपासका ४६ सरकारी निकायलाई इन्टरनेट वितरण गरी कनेक्टिभिटीको लागि नेपाल टेलिकमबाट केन्द्रले १ जी.बी.पी.एस.को इन्टरनेट सेवा लिँदै आएकोमा यो वर्ष रु.२ करोड ३८ लाख र हेटौंडा डिजास्टर रिकभरी सेन्टर र केन्द्रको लागि निजी सेवाप्रदायकवाट १·५ जी.बी.पी.एस. सम्मको इन्टरनेट सेवा लिई २०८० श्रावणदेखि २०८१ वैशाखसम्मको सेवा शुल्क रु.२ करोड २४ लाख भुक्तानी भएको छ। यस प्रकारको खर्च गर्दा सम्बन्धित निकायको माग, आवश्यकता र उपयोग यकिन गरी खर्च गर्नुपर्दछ।

अन्य संस्था र समिति

विज्ञापन बोर्ड

वस्तु वा सेवाको बजार प्रवर्धन, बिक्री, वितरण गर्न वा त्यस्तो वस्तु वा सेवाको प्रचार-प्रसारको लागि गरीने विज्ञापन तथा तत् सम्बन्धी व्यवसायलाई नियमन गर्ने कार्य गर्दै आएको छ।

२७. **आय-व्यय -** बोर्डको २०८०।८१ को आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

आय	रकम	व्यय	रकम
गत वर्षको जिम्मेवारी	३१५७९	सञ्चालन तथा अन्य खर्च	१३७११०
नेपाल सरकारबाट अनुदान	१०८४४८	कर्मचारी खर्च	९२५४
आन्तरिक आम्दानी	३४३७५	मौज्दात	२८०३८
जम्मा	**१७४४०२**	**जम्मा**	**१७४४०२**

२८. **सरकारी विज्ञापन -** विज्ञापन (नियमित गर्ने) ऐन, २०७६ को दफा २१ मा बोर्डमार्फत विज्ञापन वितरण गर्न नेपाल सरकारले छुट्याएको कुल बजेटको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गर्नुपर्ने तथा दफा २२ मा सरकारी निकायले लोककल्याणकारी वा अन्य विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण कार्य बोर्डमार्फत गर्नुपर्ने उल्लेख छ। यो वर्ष लोककल्याणकारी विज्ञापन प्रकाशन र प्रसारण गरी बोर्डबाट रु.७ करोड ९८ लाख र जिल्ला हुलाक कार्यालयहरूमार्फत रु.२१ करोड ९६ लाख खर्च भएको छ। विज्ञापनको व्यवस्थापन तथा नियमन गर्न बोर्डले बाह्य विज्ञापन व्यवस्थापन प्रणालीको विकास गर्न नसकेको,सामाजिक सञ्जालमा हुने विज्ञापनलाई नियमनको दायरामा ल्याउन नसकेको, विज्ञापनको राष्ट्रिय नीति तय हुन नसकेको कारण विज्ञापनलाई अपेक्षित मात्रामा व्यवस्थित गर्न सकेको छैन। ऐनको व्यवस्था बमोजिम विज्ञापन कार्यलाई थप व्यवस्थित गर्नुपर्दछ।

सार्वजनिक सेवा प्रसारण नेपाल (रेडियो नेपाल)

विक्रम संवत् २००७ सालदेखि सञ्चालित रेडियो नेपाल, विकास समिति ऐन, २०१३ बमोजिम २०४१ भाद्रदेखि रेडियो प्रसार सेवा विकास समितिका रूपमा सञ्चालित हुँदै आमजनतासमक्ष जनसरोकारका विषयलगायतको प्रसारणमार्फत सेवा पुऱ्याउँदै आएको छ।

२९. **आय-व्यय -** समितिको २०८०।८१ को आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

आय	रकम	व्यय	रकम
गत वर्षको जिम्मेवारी	१८८३६८	सञ्चालन खर्च	५१६२२९
नेपाल सरकारबाट अनुदान	३९२६०८	अन्य खर्च	५२२६
आन्तरिक आय	७४८७०	धरौटी फिर्ता	२४५७
ब्याज आय	११७५२	मौज्दात	१९११९२
विविध आय	४६३५२		
धरौटी आय	११५४		
जम्मा	**७१५१०४**	**जम्मा**	**७१५१०४**

उल्लिखित विवरणअनुसार समितिको सञ्चालन खर्चको तुलनामा आन्तरिक आय २५.९२ प्रतिशत रहेको छ। आन्तरिक आय न्यून भएकोले समिति नेपाल सरकारको अनुदानमा निर्भर रहेको देखिन्छ। समितिको आयमा वृद्धि गरी प्रशासनिक खर्च धान्न सक्ने गरी समितिको कार्य क्षमता विस्तार गर्नुपर्दछ।

३०. **कर्मचारी व्यवस्थापन** - रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा सर्त नियमावली, २०७७ को नियम ५ मा समितिको सङ्गठन संरचना र दरबन्दी मन्त्रालयको स्वीकृति लिई समितिले निर्धारण गरे बमोजिम हुने व्यवस्था छ। समितिको कार्य सञ्चालनको लागि २०६९।९।१७ मा ५५८ दरबन्दी स्वीकृत भएकोमा स्थायी ३५० तथा करार एवं ज्यालादारीमा २०७ समेत ५५७ पदपूर्ति भएको देखिन्छ। उक्त दरबन्दीका अतिरिक्त सात प्रदेशमा १३२ जना स्थानीय स्ट्रिन्जर तथा रिपोर्टर कार्यरत रहेका छन्।

३१. **ससर्त अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९(३) मा निःसर्त बाहेकको अन्य अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेको भए त्यस्तो रकम नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने उल्लेख छ। समितिले रेडियो नेपालको प्रादेशिक प्रशासन कार्यालय, दाङको स्टुडियो भवन निर्माणको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट रु.२ करोड निकासा प्राप्त भएको मध्ये रु.१ करोड ३० लाख ४४ हजार खर्च भई रु.६९ लाख ५५ हजार बाँकी रहेको देखिन्छ। उक्त रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

३२. **बक्यौता** - रेडियो प्रसार सेवा विकास समितिको निर्देशिका, २०६९ को बुदा नं.१४ मा सम्झौताको नवीकरण वा नयाँ सम्झौता गर्नु अघि उत्पादन तथा प्रसारण सेवा प्रदायकले उत्पादन तथा प्रसारण बापत बुझाउनुपर्ने शुल्कको बक्यौता चुक्ता गरिसक्नुपर्ने उल्लेख छ। समितिको अभिलेखअनुसार गत वर्षसम्मको रु.५८ लाख ७७ हजार र यो वर्षको रु.३१ लाख ८१ हजारसमेत रु.९० लाख ५८ हजार बक्यौता रहेको छ। सोमध्ये ३० वर्षभन्दा पुरानो रु.६ लाख ९४ हजार र १० वर्षदेखि ३० वर्षसम्म पुरानो रु.५१ लाख ८३ हजार रहेको छ। उक्त बक्यौतामध्ये सरकारी कार्यालय तथा संस्थाबाट लिनुपर्ने रहेको हुँदा उक्त निकायसँग समन्वय गरी बक्यौता रकम टुङ्गो लगाउनुपर्दछ।

३३. **जग्गा भाडा -** रेडियो नेपालको ललितपुरको खुमलटार स्थित ४२ रोपनी जग्गा ३० वर्षको लागि एक हाउजिङ्ग कम्पनीसँग मासिक रु.१७ लाख २४ हजारका दरले भाडा लिने र वार्षिक १० प्रतिशतले भाडा वृद्धि गर्ने गरी २०७४।७।२६ मा सम्झौता भएको देखिन्छ। नेपाल सरकार(मन्त्रीपरिषद्) ले उक्त जग्गा सरकारी दररेटअनुसारको मूल्य लिई नेपाल दूरसञ्चार प्राधिकरणलाई उपलब्ध गराउने गरी २०७५।११।२८ मा निर्णय गरेकोले रेडियो नेपालले २०७६।५।२ मा कम्पनीसँगको करार सम्झौता अन्त्य गरेको छ। कम्पनीले स्थानीयबासीको विवादका कारण हक भोग गर्न नपाएको र हक भोग गरेको मितिदेखि मात्र जग्गा भाडा लागु गर्न ललितपुर जिल्ला अदातलमा रिट दिएकोमा निजको दाबी नपुग्ने जनाई अदालतबाट २०७९।९।१९ मा फैसला भएको छ। सम्झौताको सर्तमा जग्गा भाडामा लिनेले ६ महिनाको भाडा अग्रिम बुझाउनुपर्ने उल्लेख भएकोमा रकम दाखिला नगरी रु.१ करोड ३ लाखको बैङ्क जमानत पेस गरेकोमा सो जमानतको म्याद २२ मे २०२२ मा समाप्त भई रु.३ करोड ७७ लाख ५८ हजार भाडा प्राप्त भएको छैन। समयमै बैङ्क जमानतको रकम दाबी नगर्ने पदाधिकारीलाई जवाफदेही बनाई बक्यौता भाडा असुल गर्नुपर्दछ।

३४. **जग्गा र भवन हस्तान्तरण -** विराटनगर महानगरपालिकाको स्वामित्वमा रहेको एक सञ्चारग्रामको नाममा रहेको घर र जग्गा रेडियो नेपाललाई हस्तान्तरण गर्ने गरी रेडियो नेपाल र विराटनगर महानगरपालिकाबिच २०७३।२।७ र २०७८।१०।१० मा समझदारी भएको छ। यो वर्षसम्म सो जग्गा र सो जग्गा र सञ्चारग्राम लागि निर्माण सम्पन्न भएका भवनहरू हस्तान्तरण हुन बाँकी रहेको अवस्था छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रसारण इजाजत नवीकरण नगराएको, प्रयोग हुन बाँकी फ्रिक्वेन्सी बाँडफाँट र वितरण नगरेको, फ्रिक्वेन्सी दस्तुर असुल नगरेको, रोयल्टी घटी असुल गरेको, लाइसेन्स दस्तुर, अनुमतिपत्र शुल्क दाखिला नभएको, मध्यपहाडी लोकमार्ग हुँदै विभिन्न जिल्ला सदरमुकाम जोड्ने महामार्ग परियोजनाको काम सम्पन्न नभएको, गण्डकी र लुम्बिनी प्रदेशको जिल्ला सदरमुकाम जोड्ने अप्टिकल फाइबर ओछ्याउने कार्यका लागि एक सेवा प्रदायकबाट पेस्की असुल भएकोमा ब्याज असुल नगरेको बेहोरा गत विगत वर्षको प्रतिवेदनमा औँल्याएकोमा स्थिति यथावत छ। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ६५ निकायमा रु.५० करोड ७४ लाख ५६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५१ लाख ६२ हजार फर्स्यौंट गरेकोले रु.५० करोड २२ लाख ९४ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित संस्था तथा अन्य संस्था ५ तर्फ रु.६ अर्ब ५९ करोड ७१ लाख ४६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ लाख ७७ हजार फर्स्यौंट गरेकोले रु.६ अर्ब ५९ करोड ६४ लाख ६९ हजार बाँकी रहेको छ। सोमध्ये रु.१४ लाख ७९ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची १६ मा छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत स्वास्थ्य तथा पोषण, राष्ट्रियस्तरका प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, निवारणात्मक र स्वास्थ्यसम्बन्धी प्राज्ञिक, व्यावसायिक, पेसागत सङ्घ संस्था, नर्सिङ्ग होम स्थापना तथा सञ्चालन र नियमनसम्बन्धी, नीति, कानुन र मापदण्ड, राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र नियमनमार्फत दक्ष स्वास्थ्यकर्मीको उत्पादन गर्ने, औषधी, स्वास्थ्य सामग्री तथा स्वास्थ्य प्रविधिको उत्पादन र विकास, आयुर्वेदिक, युनानी होमियोप्याथिक र प्राकृतिक चिकित्सा, स्वास्थ्य उपचार बिमा तथा सामाजिक सुरक्षा, जनस्वास्थ्यसम्बन्धी आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, जनसङ्ख्या, बसाइसराई, परिवार नियोजन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सन्धि, सम्झौतालगायतका कार्यहरू रहेका छन्। मन्त्रालय र मातहतका सरकारी तथा सङ्गठित संस्थासमेत ४६ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १७ सरकारी कार्यालयको निम्नानुसार रु.१२ अर्ब ८८ करोड ८९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

(रु. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
११६१५४	३४६३	२२१४	७०५८	१२८८८९

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई गृह, शहरी विकास मन्त्रालय, प्रदेश र स्थानीय तहअन्तर्गतका निकायबाट खर्च भएको रु.९ अर्ब २४ करोड ६२ लाख र मन्त्रालयले सङ्गठित संस्था/समितिलाई अनुदान निकासा गरेको रु.१६ अर्ब १७ करोड ४ लाखसमेत रु.२५ अर्ब ४१ करोड ६६ लाख समावेश छैन।

२. **सङ्गठित संस्था, समिति र अन्य संस्था -** यो वर्ष २९ सङ्गठित तथा संस्थाको रु.७६ अर्ब ३३ करोड ९३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३. **केन्द्रीय वित्तीय विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(२) मा लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको केन्द्रीय वित्तीय विवरण पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुसारको वित्तीय विवरण तयार गरी पेस गरेकोमा उक्त वित्तीय विवरणमा मन्त्रालय मातहत २९ गैर बजेटरी निकाय रहेको रहेको देखिन्छ। सोमध्ये २५ गैर बजेटरी निकायको आय-व्यय केन्द्रीय वित्तीय विवरणमा संलग्न गरी ४ गैर बजेटरी निकायको आय-व्यय समावेश गरेको पाइएन। बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको वित्तीय विवरणअनुसार कुल आम्दानी रु.२ अर्ब ८२ करोड ९ लाख २१ हजार रहेकोमा मन्त्रालयले पेस गरेको गैर बजेटरी तर्फको वित्तीय विवरणमा रु.२ अर्ब ७८ करोड १७ लाख ९५ हजार रहेको र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको गत वर्षको जिम्मेवारी रु.२५ करोड ६४ लाख ९३ हजार रहेकोमा उक्त रकम मन्त्रालयले एकीकृत वित्तीय विवरणमा समावेश नगरेको तथा प्रतिष्ठानको कुल आन्तरिक आय रु.१ अर्ब ३२ करोड ५९ लाख १८ हजार रहेकोमा मन्त्रालयले रु.७८ करोड ५८ लाख २२ हजार मात्र आम्दानी देखाएकोमा सोको मनासिब आधार र कारण खुलाएको देखिँदैन।

यसरी मन्त्रालयको एकीकृत वित्तीय विवरणले मन्त्रालयअन्तर्गतका सबै कारोबार समेटेको पाइएन। तसर्थ मन्त्रालयले मातहतका सबै निकायको यथार्थ आर्थिक कारोबार समेटी वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **आवधिक योजनाको प्रगति -** पन्ध्रौं योजनामा स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रका लागि तोकिएका प्रमुख सूचकको परिमाणात्मक लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

क्र. सं.	नतिजा सूचक	एकाइ	२०७५।७६ को यथार्थ	२०८०।८१ सम्मको	
				लक्ष्य	प्रगति
१	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	जना	२३९	९९	१५१
२	५ वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)	जना	३९	२४	३३
३	नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	जना	२१	१४	२८
४	किशोरी अवस्थाको प्रजनन् दर (१९ वर्ष मुनि)	प्रतिशत	१३	८	१४
५	स्वास्थ्य बिमामा आबद्ध भएको जनसङ्ख्या	प्रतिशत	७	६०	२७.४
६	पहिचान भएका क्षयरोगीमध्ये उपचारको सफलता दर	प्रतिशत	८६	९५	९२
७	दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी भएका महिला जीवित जन्ममा	प्रतिशत	५२	७९	७४
८	प्रोटोकलअनुसार बच्चाको जन्मपछि तीन पटक सेवा प्राप्त गर्ने महिला	प्रतिशत	५०	७०	५०
९	एच.आई.भी.बाट संक्रमित व्यक्ति प्रति लाखमा	सङ्ख्या	३०	१७	२४.७५
१०	क्षयरोग लाग्ने दर प्रति लाखमा	जनसङ्ख्या	१५८	६७	१२७
११	डेङ्गु संक्रमण	जनसङ्ख्या	९८५	३२५	४८८८३

उल्लिखित तालिकाअनुसार मातृ मुत्युदर, पाँच वर्षमुनिका बाल मृत्युदर, नवजात शिशु मृत्युदर, किशोर अवस्थाको प्रजनन् दर लगायतका सूचकमा लक्ष्यअनुसार प्रगति भएको पाइएन। तोकिएका लक्ष्य हासिल हुन नसक्नाको कारण पहिचान गरी आगामी योजनामा तोकिएका लक्ष्य पूरा गर्ने गरी कार्य गर्नुपर्दछ।

५. **नीति कार्यान्वयन** - राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिएबमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने र अस्पताललगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गरिने उल्लेख भएकोमा निःशुल्क औषधी उपलब्ध गराउने नीति पूर्णरूपमा कार्यान्वयन नभएको, स्वास्थ्य प्रणाली सङ्घीय संरचना अनुरूप सङ्घ, प्रदेश र स्थानीय तहमा पुनर्संरचना भएको भए तापनि जनसङ्ख्याको अनुपातमा स्वास्थ्यकर्मीको सेवा नपुगेको, आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रूपमा विकास र विस्तार गर्नुपर्ने नीति रहेकोमा कार्यान्वयन हुन नसकेको, स्वास्थ्य सेवालाई जनसङ्ख्या, भूगोल र सङ्घीय संरचना अनुरूप दक्ष जनशक्तिलाई पूर्णरूपमा परिचालन गर्न नसकेको अवस्था छ। स्वास्थ्य सेवामा लगानीअनुसारको प्रतिफल प्राप्त नहुनु, सरकारी स्वास्थ्य संस्थामा आवश्यकताअनुसार दक्ष जनशक्ति र आधुनिक उपकरणको अभाव हुनु, उपलब्ध मेसिन/उपकरण पनि पूर्णरूपमा प्रयोगमा नआउनु, समयमै मर्मत/सम्भार नहुनुका साथै सर्ने तथा नसर्ने रोग, कुपोषण तथा विपद्जन्य स्वास्थ्य जस्ता समस्या विद्यमान रहेकोले त्यस्ता समस्या निराकरण गर्दै स्वास्थ्य नीतिको कार्यान्वयन प्रभावकारी हुनुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन** – बजेट वक्तव्य २०८०।८१ मा स्थानीय तहमा निर्माणाधीन आधारभूत अस्पतालमध्ये १०० अस्पताल निर्माण सम्पन्न गर्ने उल्लेख गरिएकोमा मन्त्रालयबाट प्राप्त विवरणअनुसार ४७ मात्र निर्माण सम्पन्न भएको, बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पेट स्क्यान मेसिन तथा साइक्लोटोन उत्पादन गर्ने मेसिन खरिद गर्ने उल्लेख भएकोमा मेसिन खरिद नभएको, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत दैलेखको आठबिस नगरपलिकामा १०० शय्याको स्याटेलाइट अस्पताल

निर्माण गर्ने प्रक्रिया अघि बढाइने उल्लेख भएकोमा सो कार्य हुन नसकेको, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताललाई ३०० बेड क्षमतामा विस्तार गर्ने उल्लेख भएकोमा सो कार्य नभएको उल्लेख छ। यसै गरी सबै सङ्घीय अस्पतालमा मानसिक रोगीको लागि अन्तरङ्ग सेवा सञ्चालन गरिने उल्लेख भएकोमा सो हुन नसकेको, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानलगायत सबै सङ्घीय स्वास्थ्य विज्ञान प्रतिष्ठानको सञ्चालन र व्यवस्थापनमा एकरूपता कायम गर्न एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन तर्जुमा गरिने उल्लेख भएकोमा ऐन निर्माणको काम भएको पाइएन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन गरी स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ।

७. **दिगो विकास लक्ष्य** – मन्त्रालयबाट प्राप्त विवरणमा दिगो विकासको लक्ष्यमा सन् २०२५ सम्ममा केही प्रमुख सूचकहरूमा देहायअनुसारको प्रगति भएको उल्लेख छ। लक्ष्यअनुरूप प्रगति हासिल हुने गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ।

क्र. सं.	सूचक	सन् २०२५ सम्मको लक्ष्य	२०८०।८१ सम्मको प्रगति
१	पाँच वर्षमुनिका बालबालिकाको कुपोषण (प्रतिशत)	५	१९
२	पाँच वर्ष मुनिका बालबालिकामा देखिने पुड्कोपनको (प्रतिशत)	२०	२५
३	प्रजनन् उमेरसमूहका महिलाहरूमा रक्त अल्पताको स्थिति (प्रतिशत)	१८	३४
४	मातृ मृत्युदर (प्रति १ लाख जीवित जन्ममा)	९९	१५१
५	दक्ष प्रसूतिकर्मीहरूको सहयोगमा गराइएको जन्महरूको अनुपात	७९	७४
६	पाँच वर्षमुनिका बाल मृत्युदर (१००० जीवित जन्ममा)	२४	३३
७	नवजात शिशु मृत्युदर (१००० जीवित जन्ममा)	१४	२८
८	क्षयरोग लाग्ने दर (प्रति १ लाख जनसङ्ख्या)	५५	१२७
९	कालाजारका बिरामी (सङ्ख्या)	१०२	२२५
१०	डेङ्गुका बिरामी (सङ्ख्या)	२२८	४८८८३
११	परिवार नियोजनका साधन प्रयोगकर्ता दर (प्रतिशत)	५६	३०.८
१२	पाठेघरको क्यान्सरको निमित्त परीक्षण गरिएका ३० देखि ४९ वर्ष उमेरका महिला	७५	५.२
१३	घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार प्रतिशत	८०.६	६५

८. **बजेट र खर्च** - यो वर्ष स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र मातहतका निकायको बजेट तथा खर्चको स्थिति निम्नानुसार छः

(रु.लाखमा)

विवरण	सुरु बजेट	खुद बजेट	निकासा खर्च	प्रतिशत
चालु	३९,०५,६२	३५,०७,१२	२६,९९,१२	७६.९६
पुँजीगत	१०,७४,९२	१५,४२,२९	९,८५,४७	६३.९०
जम्मा	**४९,८०,५४**	**५०,४९,४१**	**३६,८४,५९**	**७२.९७**

उल्लिखित विवरणअनुसार बजेटको तुलनामा समग्र खर्च ७२.९७ प्रतिशत भए तापनि पुँजीगततर्फ ६३.९० प्रतिशत मात्र खर्च भएको देखिन्छ।

९. **अस्पताल निर्माण तथा सञ्चालन** – नेपाल सरकारको २०७७।७८ को नीति तथा कार्यक्रममा भूगोल तथा जनसङ्ख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शय्यासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नति गरिने उल्लेख छ। सोअनुरूप २०७७।८।५ को स्वास्थ्य मन्त्रीस्तरीय निर्णयबाट ३९६ स्थानीय तहमा र २०७७।९।१२ को निर्णयबाट २६१ स्थानीय तहमा आधारभूत

अस्पताल निर्माण गर्न सम्बन्धित स्थानीय तहलाई पत्राचार गरिएको छ। यी ६५७ आधारभूत अस्पताल निर्माणको लागि रु.९८ अर्ब ८० करोड ८० लाख ७० हजार लागत लाग्ने मन्त्रालयले पेस गरेको विवरणमा उल्लेख छ। सोमध्ये यो वर्षसम्म रु.२५ अर्ब ३७ करोड ६५ लाख ७८ हजार खर्च भएको छ। ६५७ अस्पतालमध्ये २०८१ आषाढमसान्तसम्म ४७ अस्पताल भवन निर्माण सम्पन्न भएको, ४३९ अस्पताल निर्माणाधीन रहेको र १७१ अस्पताल भवन निर्माण कार्य सुरु भएको छैन। निर्माणाधीन अस्पतालमा स्रोत साधनको व्यवस्था गरी सम्पन्न गर्नुपर्ने र निर्माण सम्पन्न भएका अस्पताल सञ्चालन गर्ने जनशक्ति र उपकरण व्यवस्थापन गरी अस्पताल सञ्चालन गर्नुपर्दछ।

१०. **मूल्य निर्धारण** - औषधी ऐन, २०३५ को दफा २६ मा औषधी व्यवस्था विभागले आवश्यक देखेमा नेपाल सरकारको स्वीकृति लिई कुनै औषधीको मूल्य निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ। त्यस्तै नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम २१(८) मा औषधी, स्वास्थ्य सामग्री तथा स्वास्थ्य प्रविधिको उत्पादन, विकास, सञ्चय, बिक्री वितरण, अन्तिम विसर्जनसम्बन्धी कार्यको मापदण्ड बनाउने गुणस्तर निर्धारण गर्ने तथा नियमन गर्ने कार्य स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने देखिन्छ। औषधीको मूल्य विभागले निर्धारण गर्ने कानुनी व्यवस्था भएकोमा रिएजेन्ट, किट्स, केमिकल्स र एक्सरे फिल्मलगायतका सामग्रीको मूल्य निर्धारण गरेको देखिएन। सो कारणले स्वास्थ्य संस्थाहरूमा प्रयोग हुने रिएजेन्टलगायतका सामग्रीको मूल्यमा एकरूपता कायम हुनसकेको छैन। स्वास्थ्यसम्बन्धी उपकरणमा प्रयोग हुने सामग्रीको गुणस्तर तथा अधिकतम मूल्य निर्धारण सम्बन्धमा आवश्यक प्रबन्ध गरी व्यवस्थित बनाउनुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *मन्त्रालयले तयार गरेको सार्वजनिक क्षेत्र लेखामान अनुसारको वित्तीय विवरण पूर्ण नरहेको,*
- *बजेट वक्तव्यमा उल्लिखित कतिपय कार्यक्रम कार्यान्वयन नभएको,*
- *स्थानीय तहका अस्पताल निर्माण र सञ्चालन प्रभावकारी हुन नसकेको,*
- *वर्षान्तमा रकमान्तर गर्ने प्रचलन कायमै रहेको ,*
- *विपन्न नागरिक औषधी उपचारको विवरण सार्वजनिक नगरेको,*
- *स्वास्थ्य सेवाका कर्मचारी समायोजनको कार्य सम्पन्न हुन नसकेको ,*
- *स्वास्थ्य सेवा ऐनविपरीत कर्मचारीको सरुवा र काज खटाउने गरेको ,*
- *निःशुल्क वितरण हुने औषधीको प्रभावकारी अनुगमन हुने नगरेको,*
- *खरिद तथा अनुदानमा प्राप्त स्वास्थ्य उपकरणको प्रभावकारी उपयोग हुन नसकेको,*
- *निर्देशिका विपरीत सामुदायिक स्वास्थ्य संस्थालाई अनुदान वितरण गरेको लगायतका बेहोरा देखिएका छन्।*

११. **अबण्डा रकम** - अर्थ मन्त्रालयको २०८०।८१ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनको (क.२) मा कुनै निकायमा एकभन्दा बढी एकाइबाट खर्च गर्नेगरी एकमुष्ट रकम विनियोजन भएको भए २०८० असोज मसान्तभित्र रकम बाँडफाँट गरी सोको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने व्यवस्था छ। मन्त्रालयमा एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको लागि रु.३ अर्ब ४२ करोड बजेट विनियोजन भएकोमा रु.२ अर्ब २९ करोड २१ लाख रकमान्तर भएको छ। बजेटको ठुलो हिस्सा अबण्डा राखी पटक-पटक रकमान्तर गरी खर्च गरेको देखिन्छ। सम्पूर्ण रकम फाल्गुण मसान्तपछि रकमान्तर गरेको छ भने असारको अन्तिम सातामा रु.१४ करोड

३२ लाख ८६ हजार रकमान्तर गरेको देखिन्छ। मार्गदर्शनमा तोकिएको अवधिभित्र बजेट बाँडफाँट हुने व्यवस्था गरी अबण्डा राख्ने तथा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१२. **विपन्न नागरिक औषधी उपचार -** बजेट वक्तव्य- २०८०।८१ मा विपन्न नागरिकहरूलाई ८ प्रकारका कडा रोगको उपचारमा दिँदै आएको आर्थिक सहायतालाई यो वर्ष पनि निरन्तरता दिइएको उल्लेख छ। स्वास्थ्य सेवा विभागले विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० ले तोकेअनुसार यो वर्ष मुटुरोग ६ हजार ९२६, मृगौला रोग ९ हजार १७६, क्यान्सर रोग २२ हजार १५३, पार्किन्सस रोग ७०, अल्जाइमर्स रोग ३४, स्पाइनल इन्जुरी १ हजार १८१, हेड इन्जुरी ७५२ तथा सिकलसेल एनिमिया रोग १ हजार ५४४ समेत ४१ हजार ८३६ जना बिरामीको उपचार गरेको विवरणको आधारमा रु.२ अर्ब ४९ करोड ३० लाख ७८ हजार शोधभर्ना भुक्तानी गरेको छ। विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० मा आर्थिक रूपले विपन्न नागरिकलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनका लागि सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आएकोमा विपन्नको मापदण्ड तोक्ने व्यवस्था छैन। निर्देशिकाको बुँदा नं. ७ मा अस्पतालको काम, कर्तव्य र अधिकारमा अस्पतालले मासिक रूपमा सेवाग्राहीको विवरण, सेवाको विवरण र खर्च भएको रकम अस्पतालको सूचनापाटी र वेबसाइटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। तर सूचीकृत भएका १३३ मध्ये अधिकांश अस्पतालले सोको विवरण सार्वजनिक गरेका छैनन्। यसका अतिरिक्त ज्येष्ठ नागरिक, गरिब, असहाय र अपाङ्ग तथा लैङ्गिक हिंसा पीडितसमेतलाई निःशुल्क उपचार गराउने सरकारी नीतिअनुरूप यो वर्ष ७ अस्पतालले ५८ हजार ६४७ जनालाई रु.७५ करोड ६२ लाख ४३ हजार निःशुल्क उपचार गरेकोमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले मात्र सो विवरण सार्वजनिक गरेको छ। तसर्थ मन्त्रालय र विभागले सबै अस्पताललाई निर्देशिकाले तोकिएको बेहोरा सार्वजनिक गर्न लगाई सेवा प्रवाहलाई पारदर्शी बनाउन निर्देशिकाको परिपालना गर्नुपर्दछ।

१३. **गैरबजेटरी सहयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा बजेट तथा कार्यक्रमसँग सम्बन्धित सम्झौताबमोजिम प्राप्त हुने नगद तथा वस्तुगत सहायतालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रालयले विश्व स्वास्थ्य सङ्गठनको सोझै भुक्तानी अनुदान रु.२ करोड ५४ लाख ३० हजार, स्वास्थ्य सेवा विभागले सो सङ्गठनको सोझै भुक्तानी अनुदान रु.११ करोड ७३ लाख ४४ हजार, युनिसेफको रु.८ करोड ९२ लाख ९४ हजार, यू.एन.एफ.पी.ए.को रु.१९ लाख २८ हजार र युरोपियन युनियनको रु.२ करोड ८७ लाख ७६ हजार र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विश्व स्वास्थ्य सङ्गठनको रु.१ करोड ३५ लाख १८ हजार, युनिसेफको रु.३१ लाख ८१ हजार र निक साइमन इन्स्टिच्युटको ६४ लाख २१ हजारसमेत रु.२८ करोड ५८ लाख ९२ हजार वैदेशिक सहायता प्राप्त गरी परामर्श सेवा र तालिम कार्यक्रममा खर्च गरेकोमा बजेट तथा कार्यक्रममा समावेश गरेको पाइएन। सबै प्रकारका सहायता रकम बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्दछ।

१४. **कर्मचारी समायोजन -** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २५ (ख) मा कुनै पनि कर्मचारीलाई पदीय जिम्मेवारी नदिई १ महिनाभन्दा बढी अवधिसम्म राख्न नहुने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त दरबन्दी तथा पदपूर्ति विवरणअनुसार अनमी, ल्याब असिष्टेन्ट, डार्क रुम असिष्टेन्ट र अहेवलगायतका पदमा कार्यरत २०७ जनालाई समायोजन नगरी फाजिलमा राखेको पाइयो। समायोजन ऐन, २०७५

कार्यान्वयनमा आएको ५ वर्षसम्म पनि स्थानीय र प्रदेशमा समायोजन हुने कर्मचारीलाई फाजिलमा राख्नु उपयुक्त नदेखिएकोले यथाशीघ्र समायोजन गर्नुपर्दछ।

१५. **कर्मचारी सरुवा तथा काज -** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ मा कर्मचारीहरूलाई अति दुर्गम क्षेत्रमा १ वर्ष र दुर्गम क्षेत्रमा २ वर्ष अवधि पूरा नगरी सरुवा नगरिने उल्लेख छ। यसै गरी सोही दफामा कुनै पनि कर्मचारीलाई १ वर्षमा ३० दिनभन्दा बढी अवधि काज खटाउन नपाइने व्यवस्था छ। सो अवधिभन्दा बढी अवधिको लागि कुनै कर्मचारीलाई काजमा खटाएमा त्यसरी काजमा खटाएको अवधिमा त्यस्तो कुनै कर्मचारीले पाएको तलब भत्ताको रकम त्यसरी काज खटाउने पदाधिकारीको तलब भत्ताबाट असुल उपर गरिने उल्लेख छ। मन्त्रालयले यो वर्ष विभिन्न २७ कर्मचारीलाई ऐनले तोकेको अवधि नपुग्दै सरुवा गरेको र ६३ कर्मचारीलाई दरबन्दीबेगर सङ्घ प्रदेश र स्थानीय तहमा कामकाज गर्ने गरी अवधिसमेत नतोकी काजमा खटाएको छ। सरुवा तथा काज खटाउने कार्य कानुनबमोजिम हुनुपर्दछ। उपर्युक्त कारणबाट थपिएको खर्चमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

१६. **औषधी वितरणको अनुगमन —** स्वास्थ्य नीति, २०७६ मा सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिएबमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उल्लेख छ। नागरिकलाई निःशुल्क उपलब्ध हुने औषधी तथा खोपको अभाव हुन नदिन सरकारी स्वास्थ्य संस्थाको स्तर तथा औषधीको उपयोगअनुसार औषधीको औसत मौज्दात परिमाण र आकस्मिक माग विन्दु तोकेको छ। नेपाल सरकारले आधारभूत स्वास्थ्य सेवा अन्तर्गतका ९८ प्रकारका औषधी र १८ प्रकारका सर्जिकल सामग्री निःशुल्क उपलब्ध गराउने जनस्वास्थ्य सेवा निमायवलीमा उल्लेख छ। नेपाल सरकारअन्तर्गत हाल जिल्ला अस्पताल ६३, आधारभूत स्वास्थ्य केन्द्र १ हजार ९३७, हेल्थ पोष्ट ३ हजार ७५०, सामुदायिक स्वास्थ्य केन्द्र ८६२, नगर अस्पताल १३८, प्राथमिक स्वास्थ्य केन्द्र १६९, प्रादेशिक अस्पताल २१, शहरी स्वास्थ्य केन्द्र ६५९ समेत ७ हजार ५९९ स्वास्थ्य संस्था रहेका छन्। यी स्वास्थ्य संस्थामार्फत नेपाल सरकारले स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको र नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने औषधीसमेत यी स्वास्थ्य संस्थामार्फत वितरण हुने गरेको छ। निःशुल्क उपलब्ध गराउने औषधीहरू सङ्घ, प्रदेश र स्थानीय तीनै तहबाट खरिद गरी वितरण हुने गरेको देखिन्छ। स्वास्थ्य सेवा विभागले प्रयोगमा ल्याएको सफ्टवेयरमार्फत २०८१।६।३० मा निःशुल्क उपलब्ध गराउने औषधीको सूची परीक्षण गर्दा सिटामोल ३३९, अल्बेण्डाजोल ६७२, जीवन जल ७१८, मेट्रोनिडाजोल ६६६ र आइरन चक्की ५७१ स्वास्थ्य संस्थामा मौज्दात शून्य रहेको छ। अत्यावश्यक औषधी नियमित रूपमा आपूर्ति हुने व्यवस्था गरी मन्त्रालय र विभागबाट सोको अनुगमन हुनुपर्दछ।

१७. **राजस्व छुट सिफारिस -** स्वास्थ्य संस्थाले पैठारी गर्ने स्वास्थ्य उपकरण, अक्सिजन जेनेरेटर, भेन्टिलेटर, हेमाडायलासिस मेसिन, इकोकार्डियोग्राफी मेसिनको लागि राजस्व छुटको सिफारिस मन्त्रालयबाट हुने गरेको छ। मन्त्रालयको अभिलेखअनुसार यो वर्ष सामुदायिक अस्पतालसहित ४३ स्वास्थ्य संस्थालाई रु.३ अर्ब १६ करोड ९० लाख ३८ हजारको उपकरण पैठारीको लागि मन्त्रालयले राजस्व छुट सिफारिस गरेको छ। यसै गरी यो वर्ष विभिन्न अस्पताल स्थानीय तह र स्वास्थ्य संस्थाले सञ्चालन गर्ने रु.१६ करोड ६ लाख ८३ हजार पर्ने ८१ एम्बुलेन्स पैठारीमा भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुटको सिफारिस गरेको छ। राजस्व छुट दिई पैठारी भएका मेसिन, उपकरण र सवारीसाधन लक्षित वर्ग र समूहको हितमा प्रयोग भए नभएको, राजस्व छुट पाउने र नपाउने स्वास्थ्य संस्थाको सेवा शुल्कमा भिन्नता रहे, नरहेको सम्बन्धमा सम्बन्धित निकायले अनुगमन गरेको छैन। जनस्वास्थ्य

नियमावली, २०७७ को नियम १२(१) मा इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गर्न नहुने व्यवस्था छ। मन्त्रालयले स्वास्थ्य संस्था सञ्चालनको अनुमति नलिएको एक आँखा अस्पताललाई यो वर्ष रु.५ करोड ६१ लाख ९१ हजारको उपकरण पैठारीमा लाग्ने राजस्व छुट सिफारिस गरेको छ। स्वास्थ्य संस्था सञ्चालन अनुमति नलिएका स्वास्थ्य संस्थालाई राजस्व छुट सिफारिस गर्नु नियमसंगत देखिएन। राजस्व छुट पाउने संस्थाको प्रभावकारी अनुगमन गरी राजस्व छुटमा पैठारी भएका उपकरण तथा स्वास्थ्य सामग्रीहरूको उपयोग गरी सेवा प्रवाह गर्दा सेवाग्राहीले तिर्नुपर्ने शुल्कमा समेत सहुलियत हुने व्यवस्था हुनुपर्दछ।

१८. **संस्था छनोट तथा अनुदान वितरण -** सामुदायिक अस्पतालहरूलाई अनुदान दिनेसम्बन्धी निर्देशिका, २०७३ को बुँदा ३ देखि ९ सम्म गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरूलाई उपलब्ध गराउने अनुदानको लागि संस्था छनोट तथा बजेटसम्बन्धी व्यवस्था छ। सोअनुसार सामुदायिक अस्पतालहरूबाट प्राप्त निवेदन तथा अन्य कागजातको आधारमा निर्देशिकामा तोकिएको मापदण्ड र सूत्रअनुसार मूल्याङ्कन गरी सोअनुसार रकम बाँडफाँट गर्नुपर्ने उल्लेख भएकोमा मन्त्रालयले उक्त कार्यविधिमा तोकेको व्यवस्थाविपरीत सम्बन्धित संस्थाको नाममा अनुदान बजेट प्रस्ताव गरेको र सोअनुसार बजेट प्राप्त गरी २२ अस्पताललाई रु.१८ करोड १ लाख ६१ हजार निकासा गरेको छ। त्यसै गरी निर्देशिकाको बुँदा ३ मा प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकायबाट सञ्चालन स्वीकृति लिई काठमाडौं उपत्यका बाहिर सञ्चालनमा रहेका सामुदायिक अस्पतालले यस निर्देशिकाबमोजिम अनुदान रकम प्राप्त गर्नसक्ने उल्लेख भएकोमा मन्त्रालयले उपत्यकामा सञ्चालनमा रहेको ७ अस्पताललाई रु.९ करोड ५९ लाख ४ हजार अनुदान निकासा दिएको छ। कार्यविधिमा तोकिएभन्दा फरक हुनेगरी अस्पताल छनोट तथा अनुदान वितरण गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

१९. **चालु अनुदान निकासा** - सामुदायिक अस्पतालहरूलाई अनुदान दिनेसम्बन्धी निर्देशिकाको बुँदा नं.११ मा सामुदायिक अस्पतालहरूले प्राप्त गरेको अनुदान रकम मेसिनरी उपकरण खरिद तथा भवन निर्माण जस्ता पुँजीगत प्रकृतिको कार्यमा मात्र खर्च गर्न पाउने उल्लेख छ। तर मन्त्रालयले विभिन्न ५ संस्थालाई बजेटमा नै चालु अनुदान तथा सञ्चालन अनुदान रु.१ करोड २१ लाख ९९ हजार निकासा गरेको छ। निर्देशिकाविपरीत चालु प्रकृतिको कार्यमा खर्च गर्ने गरी अनुदान दिने कार्य नियन्त्रण हुनुपर्दछ।

२०. **स्वास्थ्य संस्थाको इजाजत तथा नवीकरण** - जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२(१) मा इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गर्न र त्यस्तो संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउन नहुने व्यवस्था छ। सोही नियमावलीको नियम १२(२) अनुसार अनुसूची ९ मा स्वास्थ्य संस्थाले इजाजत पत्र प्राप्त गर्ने निकाय तोकेको र नियम १३(१) मा त्यस्तो इजाजत पत्र प्रत्येक ५ वर्षमा जारी गर्ने निकायबाट नवीकरण गराउनुपर्ने व्यवस्था छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अभिलेखअनुसार मन्त्रालयले अनुगमन गर्नुपर्ने ३०० शय्याभन्दा बढीको स्वास्थ्य संस्था १८ मध्ये यो वर्ष ८ स्वास्थ्य संस्थाको अनुगमन गरेको उल्लेख छ। यो वर्ष मन्त्रालयले ८ स्वास्थ्य संस्थाको अनुगमन गरी तयार गरेको प्रतिवेदनमा अधिकांश स्वास्थ्य संस्थामा कुल शय्याको १० प्रतिशत शय्या निःशुल्क उपचारको लागि नछुट्याएको, संक्रमणयुक्त फोहरलाई निर्मलीकरण तथा उचित व्यवस्थापन नगरेको, बहिरङ्ग विभागमा चिकित्सकको नाम र पद देखिने बोर्डको व्यवस्थापन नगरेको, भवन विभागबाट भवन सम्पन्न स्वीकृति नलिएको जस्ता बेहोरा उल्लेख छ। नियमावलीको नियम १३ (२) मा स्वास्थ्य संस्थाले इजाजत पत्रको अवधि सकिनुभन्दा कम्तीमा ३ महिना अगाडि नै नवीकरणको लागि निवेदन दिनुपर्ने

व्यवस्था छ। मन्त्रालयको अभिलेखअनुसार लेखापरीक्षण अवधि (२०८१ माघ) सम्म म्याद समाप्त भएका भैरहवास्थित एक मेडिकल कलेज र पोखरास्थित एक मेडिकल कलेज टिचिङ्ग अस्पताल एण्ड रिसर्च सेन्टरको म्याद समाप्त भएकोमा नवीकरण भएको पाइएन।

२१. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम ३(क) र (ख) मा नेपालमा एउटा मात्र उत्पादक भएको र अन्य उपयुक्त विकल्प नभएमा त्यस्तो उत्पादकसँग सोझै खरिद गर्न सकिने, त्यस्तो उत्पादकले बिक्री मूल्य राष्ट्रियस्तरको समाचार पत्रमा प्रकाशन गरेको हुनुपर्ने र डिलरलाई दिए सरहको छुट सुविधा दिनुपर्ने व्यवस्था छ। विभिन्न स्वास्थ्य संस्थाहरूले विगतमा खरिद गरेका सी.टी.स्क्यान मेसिन, एक्सरे मेसिन र प्रयोगशाला मेसिनहरूमा प्रयोग हुने एक्सरे फिल्म र ल्याब किट्सका रिएजेन्ट आदि मालसामान सोही कम्पनीमात्र उत्पादक भएको उल्लेख गरी यो वर्ष ती मेसिनका बिक्रेताबाट दरभाउपत्र लिई लागत अनुमान बनाउने र बोलपत्रको सूचना निकाल्दासमेत निजको मात्र बोलपत्र दर्ता हुने र लागत अनुमानको हाराहारीमै खरिद हुने गरेको छ।

यो वर्ष चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले रु.९ करोड ८० लाख ७५ हजार, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले रु.१३ करोड ३४ लाख २२ हजार, कोशी अस्पतालले रु.८ करोड १४ लाख ६९ हजार र गजेन्द्र नारायणसिंह अस्पताल, सप्तरीले रु.९२ लाख ६० हजार र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले रु.८ करोड १२ लाख ८ हजार मूल्यका यस्ता मालसामान खरिद गरेको छ। यस्तो खरिद कार्यमा बिक्रेताको आधिकारिक प्रतिनिधि मात्र सहभागी भएको देखिन्छ। लागत अनुमान बनाउँदा यस्ता सामानको भन्सार विन्दुमा घोषणा गरेको आयात मूल्यलाई आधार नलिई, मेसिन बिक्रेताले तोकेको मूल्यलाई आधार लिई सामान खरिद गरेको छ। मेसिन उपकरण खरिद गर्दा तिनको आयुसमेतलाई विचार गरी निश्चित अवधिको लागि सोमा लाग्ने रिएजेन्टलगायतका सामग्रीको समेत दररेट लिई प्रतिस्पर्धा गराई मितव्ययी ढङ्गले खरिद कार्य गर्नुपर्दछ।

२२. **उपकरणको प्रयोग -** सङ्घ, प्रदेश र स्थानीय तहका स्वास्थ्य संस्थाहरूको लागि तीनवटै तहका सरकारबाट स्वास्थ्य उपकरण खरिद गर्ने गरेको देखिन्छ। कोभिड-१९ महामारीको समयमा विभिन्न दातृ एवं अन्य निकायबाट समेत उपकरण प्राप्त भएका छन्। मन्त्रालयले गत विगत वर्षदेखि विभिन्न अस्पतालमा रहेका र यो वर्ष खरिद भएका उपकरण सञ्चालन अवस्थाको सम्बन्धमा अनुगमन गरेको छैन। कोशी अस्पतालले विगतमा आफैंले खरिद गरेको भेन्टिलेटर लगायतका रु.२ करोड ८ लाख ६५ हजार मूल्यका ५ प्रकारका उपकरण, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा विगतमा आफैंले खरिद गरेको र स्वास्थ्य सेवा विभागले हस्तान्तरण गरेको भेन्टिलेटर, पेसेन्ट मनिटर लगायत रु.४ करोड २९ लाख ६५ हजार मूल्यका ७ प्रकारका उपकरण र बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानले विगतमा स्वास्थ्य सेवा विभागले हस्तान्तरण गरेको रु.५ करोड ५९ लाख ४९ हजार मूल्यको पोर्टेबल यू.एस.जी.मेसिन र ११ थान भेन्टिलेटरसमेत प्रयोगमा आएको छैन। स्वास्थ्य सेवा विभाग, टेकुबाट २०७९।८।८ मा सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रलाई हस्तान्तरण भएको रु.२ करोड २५ लाख मूल्यको प्लाज्मा स्ट्रेलाइजर मेसिन १ थान प्रयोगविहीन अवस्थामा रहेको छ। स्वास्थ्य सेवा विभागले अस्पतालहरूको मागबेगर नै उपकरण खरिद गरी अस्पतालहरूलाई हस्तान्तरण गर्ने र अस्पतालले ती उपकरण प्रयोग नगर्ने अवस्था देखिएका छन्। सबै स्वास्थ्य उपकरणको एकीकृत लगत राखी प्रभावकारी उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

२३. **ससर्त अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७९ (३) मा निःसर्त बाहेकका अनुदान रकम सोही आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेमा नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारले बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानलाई मन्त्रालयले एम.सी.एच.भवन निर्माण गर्न २०७२।७३ देखि उपलब्ध गराएको ससर्त अनुदानमध्ये खर्च नभएको रु.१५ करोड ३१ लाख ५ हजार, एम.आर.आई.मेसिन खरिद गर्न दिएको रु.३१ करोड र अंकोलोजी भवन निर्माण गर्न दिएको रु.२१ करोड ६७ लाखसमेत खर्च नभएको, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा विगतमा कोभिडको समयमा प्राप्त भई खर्च नभएको रु.२९ लाख ७२ हजार ती स्वास्थ्य संस्थामा मौज्दात रहेको छ। यसै गरी राप्ती स्वास्थ्य विज्ञान प्रतिषठानलाई भवन निर्माणको लागि विनियोजन भएको रु.३० करोडमध्ये यो वर्ष खर्च नभएको रु.१६ करोड ५३ लाख ४ हजारसमेत मौज्दात रहेको छ। खर्च नभएको ससर्त अनुदान रकम फिर्ता लिई सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्दछ।

२४. **भाडा बक्यौता -** सरकारी निकायबाट पसल कबल, क्यान्टिन आदि भवन तथा जग्गाहरू भाडामा लिने व्यक्ति तथा संस्थाबाट सम्झौताबमोजिम तोकिएको म्यादभित्र भाडा र विद्युत महसुल असुल गर्नुपर्दछ। गत विगत वर्षदेखि यो वर्षसम्म बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले रु.२ करोड १५ लाख ६४ हजार, कोशी अस्पतालले रु.१ करोड ५ लाख ९४ हजार, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले रु.२ करोड ८२ लाख ४० हजार राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले रु.३० लाख ५५ हजार, भरतपुर अस्पतालले रु.३३ लाख ७६ हजार, गजेन्द्र नारायण अस्पताल, सप्तरीले रु.९ लाख १७ हजारसमेत रु.६ करोड ७७ लाख ४६ हजार भाडा असुल गरेका छैनन्। सम्झौताको सर्तअनुसार बाँकी रकम असुल हुनुपर्दछ।

स्वास्थ्य सेवा विभाग

देशभर स्वास्थ्य सेवामा पहुँच तथा उपयोगमा अभिवृद्धि गर्ने, सामुदायिक स्वास्थ्य बिमा, शहरी तथा वातावरणीय स्वास्थ्य कार्यक्रमको कार्यान्वयन गर्ने र प्राथमिक स्वास्थ्य सेवासम्बन्धी कार्यक्रमको योजना, औषधी तथा उपकरण खरिद, अनुगमन तथा मूल्याङ्कन गर्ने, केन्द्रीय अस्पताल, प्रतिष्ठानहरूको स्थापना सञ्चालन र नियमन, अस्पताल तथा स्वास्थ्य संस्थाको अनुगमनलगायतका कार्यको लागि स्वास्थ्य सेवा विभागको स्थापना भएको हो। विभागमा व्यवस्थापन, नर्सिङ्ग तथा सामाजिक सुरक्षा, उपचारात्मक सेवा, इपिडिमियोलोजी तथा रोग नियन्त्रण र परिवार कल्याण समेत ५ महाशाखा रहेका छन्। विभागको लागि यो वर्ष रु.१० अर्ब १४ करोड ६८ लाख ७ हजार बजेट विनियोजन भएकोमा वस्तुगत सहायतासमेत रु.८ अर्ब ४५ करोड ६१ लाख ६ हजार खर्च भएको छ।

२५. **कार्य विवरण** - स्वास्थ्य सेवा विभागको कार्य विवरणमा उक्त विभागले उपकरण खरिद गर्ने व्यवस्था छैन। विभागले रु.२ अर्ब १५ करोड ९५ लाख मूल्यको उपकरण खरिद गरी विभिन्न स्वास्थ्य संस्थालाई हस्तान्तरण गरेको, कार्यक्रम खर्च शीर्षकमा २५० क्रियाकलाप समावेश गरी प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने प्रकृतिका तालिम, गोष्ठी, सेमिनारमा रु.२८ करोड ७१ लाख खर्च गरेको, प्रदेश र स्थानीय तहले प्रयोग गर्ने रु.८ करोड ७२ लाखको स्वास्थ्यसँग सम्बन्धित फारामसमेत विभागबाट छपाइ गरी स्वास्थ्य संस्थामा वितरण गरेको छ। स्वास्थ्य सेवा विभागको कार्य विवरणअनुसार स्वास्थ्य क्षेत्रमा आइपर्ने समस्याहरूको नीतिगत समाधान, स्वास्थ्य संस्थाहरूको सञ्चालनको सन्दर्भमा नियमन, अनुगमन, आपतकालीन समस्या समाधान जस्ता नीतिगत र नियामक निकायको भूमिकामा विभाग केन्द्रित भई

अन्य कामहरू सम्बन्धित निकायमा हस्तान्तरण गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा यसमा सुधार भएको छैन।

२६. **सफ्टवेयरको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा आवश्यकताको पहिचान बेगर वस्तु तथा सेवा खरिद गर्न नहुने उल्लेख छ। लेखापरीक्षणको क्रममा विभागमा प्रयोगमा रहेको सफ्टवेयरको विवरण माग गर्दा विभिन्न महाशाखामा १५ प्रकारका सफ्टवेयर खरिद तथा अनुदानमा प्राप्त भएको उल्लेख छ। सोमध्ये २०७७।७८ मा सङ्घीय अस्पतालमा लागु गर्न खरिद गरिएका इलेक्ट्रोनिक हेल्थ रेकर्डिङ सफ्टवेयर र मेरो अस्पताल एप्स निर्माणबापत आपूर्तकलाई रु.४९ लाख ५० हजार भुक्तानी गरेकोमा हालसम्म सो सफ्टवेयर प्रयोगमा नआएको उल्लेख छ। यसरी आवश्यकताको पहिचान बेगर सफ्टवेयर खरिद गरी रकम भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२७. **खोप कोष** - खोप ऐन, २०७२ को दफा २१ र २२ मा खोप कार्यक्रम सञ्चालन गर्न, प्राकृतिक प्रकोप वा महामारीका कारण तत्काल खोप खरिद गर्न आवश्यक भएमा, खोप कार्यक्रमको विकास वा विस्तारसम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्नेलगायत कार्यमा आवश्यक पर्ने रकमको लागि खोप कोषको नामबाट एउटा कोष खोल्नुपर्ने व्यवस्था छ। खोप कोषको लागि यो वर्ष रु.३ करोड विनियोजन भएको देखिन्छ। विभागले छुट्टै खोप कोष स्थापना नगरी कार्यसञ्चालन कोषमा उक्त रकम जम्मा गरेको देखिन्छ। विभागको अभिलेखअनुसार खोप कोषको लागि गत वर्षसम्म रु.३७ करोड ५७ लाख ८७ हजार जम्मा भएकोमा यो वर्ष विनियोजित रु.३ करोड कोषमा जम्मा नै नगरी फ्रिज गरिएको छ। कानुनमा भएको व्यवस्थाको पालना गरी कोष स्थापना हुनुपर्दछ।

२८. **खोपको विसर्जन -** विभागको कार्यक्षेत्रमा खोपको आपूर्ति र त्यसको उपयोग र प्रभावकारिताको नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। विभागले उपलब्ध गराएको अभिलेखअनुसार विभागमा २ लाख २ हजार भायल अनुदानमा प्राप्त खोप र स्वास्थ्य संस्थामा प्रयोगको क्रममा खेर गएको ४७ लाख ६१ हजार डोज खोपको म्याद समाप्त भएको छ। म्याद समाप्त भएका खोपको विसर्जनको उचित व्यवस्था मिलाउनुपर्दछ।

२९. **फाराम छपाइ** - विभागले खोप निर्देशिका, खोप कार्ड, खोप रजिष्टर, खोप निमन्त्रणा कार्ड, पोष्टर, ब्यानर ऐना, घरमा राख्ने ड्याङ्लर र सन्देशसहितको टोकन आदि छपाइमा विभिन्न ३ छापाखानाबाट दररेट लिई रु.९ करोड ८ लाख १३ हजारको लागत अनुमान तयार गरी जनक शिक्षा सामग्री केन्द्र र नेपाल प्रज्ञा प्रतिष्ठानबाट दरभाउ लिई सोमध्ये कम दरभाउपत्र पेस गर्ने नेपाल प्रज्ञा प्रतिष्ठानसँग सम्झौता गरी रु.८ करोड ७२ लाखको छपाइ गरेको छ। जिल्लामा रहेका स्वास्थ्य संस्थाहरूबाट माग नै नभएका फारामहरूसमेत छपाइ गरी पठाउने गरेको देखिन्छ। आवश्यकताको पहिचान नगरी फारामहरू छपाइ गर्ने र मागबेगर नै स्वास्थ्य संस्थाहरूमा पठाउने परिपाटीमा नियन्त्रण गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा सुधार भएको छैन।

३०. **मेसिन उपकरणको प्रयोग -** विभागले २०० पोर्टेबल अल्ट्रासाउन्ड मेसिन बोलपत्रको माध्यमबाट खरिद गरी रु.३३ करोड ८५ लाख ४८ हजार मूल्य अभिवृद्धि करसमेत भुक्तानी गरेको छ। खरिद गरिएका मेसिनमध्ये लेखापरीक्षण अवधि २०८१ माघसम्म १२२ स्थानीय तहहरूलाई १९१ वटा वितरण गरी ९ वटा विभागमा मौज्दात रहेको छ। स्थानीय तहमा वितरण भएका उपकरणको प्रयोग र सञ्चालन

सम्बन्धमा विभागले अनुगमन गरेको छैन। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अभिलेखअनुसार स्थानीय तहका ५, १० र १५ बेडका अस्पतालमध्ये ४७ अस्पताल मात्र निर्माण सम्पन्न भएको उल्लेख छ। यसरी ५, १० र १५ बेडका अस्पतालको लागि खरिद गरिएका उपकरण ती अस्पताल निर्माण सम्पन्न नहुँदै खरिद गरी हस्तान्तरण हुँदा समयमा उपकरण प्रयोगमा नआउने तथा त्यसको वारेन्टी अवधिसमेत समाप्त हुने अवस्था रहेको छ। वितरण भएका मेसिन प्रयोगको सुनिश्चितता हुनुपर्दछ।

३१. **लागत अनुमानको यथार्थता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामान खरिदको लागत अनुमान तयार गर्दा स्थानीय बजारको प्रचलित दरभाउ, सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत र अन्य प्रचलित दरभाउसमेतको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। विभागले ५ सेट मेमोग्राफी मेसिन खरिद गर्न बी.पी.कोइराला क्यान्सर अस्पताल, वीर अस्पतालबाट विगत वर्ष उक्त मेसिन खरिद गरेको दररेट माग गरेको र स्थानीय बजारबाट ३ वटा फर्मसँग उक्त सामानको दररेट माग गरेकोमा न्यूनतम दररेट उल्लेख गर्ने आपूर्तकको प्रतिगोटा रु.२ करोड ५५ लाखलाई आधार लिई ५ सेटको रु.१२ करोड ७५ लाखको लागत अनुमान तयार गरी बोलपत्र गरिएकोमा एक आपूर्तकको रु.१२ करोड ५५ लाखको लागत अनुमानको तुलनामा १.५७ प्रतिशत घटीको बोलपत्र स्वीकृत गरी मूल्य अभिवृद्धि करसमेत रु.१४ करोड १८ लाख १५ हजार भुक्तानी गरेको छ। आपूर्तकले उक्त मेसिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट जुलाई ७, २०२४ मा युरो ४ लाख ५० हजारमा आयात गरेको प्रज्ञापन पत्रबाट देखिन्छ। उक्त अवधिको उक्त मुद्राको विनिमय दर रु.१४३ का दरले उक्त मेसिनको मूल्य ढुवानीसहित रु.६ करोड ४३ लाख ५० हजार र सोमा तिरेको भन्सार र मूल्य अभिवृद्धि कर रु.१ करोड २० लाखसमेत रु.७ करोड ६३ लाख ५० हजार देखिन्छ। आपूर्तकले आयात गरेको उक्त सामानको मूल्यभन्दा विभागले तयार गरेको लागत अनुमान रु.६ करोड ५४ लाख ६५ हजार बढी देखिन्छ। उल्लिखित स्थितिले सामानको गुणस्तर तथा लागतले भन्सार महसुलमा समेत असर पर्ने देखिएकोले सो सम्बन्धमा छानबिन हुनुपर्दछ।

३२. **कार्यक्रम खर्च** - स्वास्थ्य सेवा विभागको यो वर्षको खर्च रु.८ अर्ब ४५ करोड ६१ लाख ६ हजारमध्ये कार्यक्रम खर्च शीर्षकअन्तर्गत २५० क्रियाकलापमा रु.२८ करोड ७१ लाख खर्च गरेको छ। उक्त खर्चको अधिकांश रकम तालिम, गोष्ठी र सेमिनारमा खर्च भएको र अधिकांश रकम कर्मचारीले पेस्की लिई खर्च गरेको देखिन्छ। विभाग मातहत कुनै कार्यालय नरहेको अवस्थामा यस्ता कार्यक्रम सङ्घीय तथा प्रदेश तालिम केन्द्र, प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्नुपर्नेमा विभाग आफैंले सञ्चालन गर्ने प्रवृत्तिमा पुनरावलोकन हुनुपर्दछ।

३३. **पेस्की बाँकी** - विभागबाट प्राप्त पेस्की बाँकीको विवरणमा गत विगतको पेस्की रु.१ अर्ब ३६ करोड ३८ लाख ९० हजारमध्ये यो वर्ष रु.१८ करोड ११ लाख २५ हजार फर्स्यौंट भई रु.१ अर्ब १८ करोड २७ लाख ६५ हजार पेस्की बाँकी रहेको छ। गत विगतको पेस्की बाँकी रकम कानुनबमोजिम असुल वा फर्स्यौंट गर्नुपर्नेमा गरेको छैन। उक्त पेस्की बाँकी रकम सम्झौता तथा प्रचलित ऐन नियमअनुसार कारबाही गरी फर्स्यौंट गर्नुपर्दछ।

औषधी व्यवस्था विभाग

औषधी उत्पादन, बिक्री-वितरण, निकासी-पैठारी, सञ्चयको व्यवस्थापन एवं नियन्त्रण गर्न औषधी ऐन, २०३५ अनुसार यस विभागको स्थापना भएको हो। विभागको कार्यक्षेत्रअन्तर्गत गुणस्तरीय औषधी उपलब्ध गराउने, औषधी उपयोग सम्बन्धमा प्रचार प्रसार गर्ने, औषधी उद्योगको स्थापना गर्ने, औषधी आयात निर्यातको सिफारिस एवं औषधी उद्योग र बिक्रेताको अनुगमन निरीक्षण गर्नेलगायतका कार्य रहेका छन्। विभागको लागि यो वर्ष रु.७ करोड १ लाख विनियोजन भएकोमा रु. ५ करोड ३२ लाख ६८ हजार खर्च भएको छ।

३४. **अनुगमन तथा निरीक्षण** - औषधी ऐन, २०३५ र नियमावली २०३८ मा विभागले अनुज्ञापत्र दिने, नवीकरण गर्ने तथा नियमित रूपमा औषधी पसलको अनुगमन गर्नुपर्ने, अनुगमनबाट देखिएका कमी कमजोरी सुधार गर्न सचेत गराउने, निलम्बन गर्ने, मुद्दा चलाउनेलगायतका नियमनसम्बन्धी कार्य गर्ने व्यवस्था छ। विभागले यो वर्षसम्म दर्ता भएका २५ हजार २०६ औषधी बिक्रेता, १६० स्वदेशी उद्योग तथा १९५ औषधी आयातकर्तामध्ये ३ हजार १०० औषधी बिक्रेता, २६ स्वदेशी उद्योग प्रयोगशालाको अनुगमन तथा निरीक्षण गरेको छ। यसका अतिरिक्त ५७५ औषधीको नमुना परीक्षण, १८० वटा जोखिममा आधारित बजारीकृत औषधी नमुनाहरूको परीक्षण गरेको छ। अनुगमनबाट ३०१ औषधी बिक्रेतालाई निलम्बन गरेको, १०१ उपर मुद्दा दायर गरेको र ३९ वटा न्यून गुणस्तर भएका औषधी पहिचान गरेको छ। दर्ता भएको तुलनामा न्यून सङ्ख्यामा अनुगमन भएकोले अनुगमन कार्य थप प्रभावकारी रूपले सञ्चालन गर्नुपर्दछ।

यस वर्षको लेखापरीक्षणबाटः

- *स्वास्थ्य सेवा विभागले खरिद गरेको सफ्टवेयरको प्रयोग नगरेको,*
- *स्वास्थ्य सेवा विभागले आवश्यकताको पहिचान बेगर विभिन्न फाराम छपाइमा खर्च गरेको,*
- *इजाजतपत्र नवीकरण नगराउने औषधी बिक्रेतालाई औषधी व्यवस्था विभागले कानुनबमोजिम कारबाही नगरेको,*
- *स्वास्थ्य बिमा बोर्डले समयमै दाबी परीक्षण गरी सेवा प्रदायकलाई रकम भुक्तानी नगरेको,*
- *बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको मातृ शिशु अस्पताल भवन निर्माण सम्पन्न हुन नसकेको,*
- *बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले एक औषधी उद्योगमा गरेको लगानी सम्बन्धमा कार्यकारी परिषद्ले गरेको निर्णय कार्यान्वयन नभएको,*
- *चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले विगतमा एक बैङ्कसँग गरेको सम्झौता अनुसारको रकम प्राप्त नगरेको,*
- *भरतपुर अस्पतालले सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीतिअनुसारको लिज शुल्क असुल नगरेको,*
- *कोशी अस्पतालले आफ्नो स्वामित्वको जग्गाको संरक्षण नगरेको लगायतका बेहोरा देखिएका छन्।*

३५. **नवीकरण** - औषधी दर्ता नियमावली, २०३८ को नियम ९ को अनुसूची-१४८ अनुसार २०८१ आषाढ मसान्तसम्म देशभरि २५ हजार २०६ औषधी बिक्रेता दर्ता भएकोमा १३ हजार ८४६ ले मात्र नवीकरण गराएका छन। नवीकरण नगराउने बिक्रेतालाई प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्नुपर्दछ।

३६. **नियमन** - औषधी दर्ता नियमावली, २०३८ को नियम ११ तथा औषधी उत्पादन कुशल अभ्यास संहिता, २०७२ को दफा ७७ मा प्रत्येक उत्पादकले संहिताबमोजिम औषधी उत्पादन तथा कुशल अभ्याससम्बन्धी व्यवस्था कायम गरी सोको प्रमाणीकरणका लागि विभागसमक्ष निवेदन दिनुपर्ने तथा संहिताबमोजिमको औषधी उत्पादन कुशल अभ्यास (जी.एम.पी.) कायम गरेर मात्र उत्पादन कार्य गर्नुपर्ने

व्यवस्था छ। यस वर्षसम्म डब्लू.एच.ओ.र राष्ट्रिय जी.एम.पी. प्राप्त गर्ने औषधी उत्पादकको सङ्ख्या ५७ रहेको छ। उल्लिखित व्यवस्थाअनुसार जी.एम.पी. सम्बन्धित नियमको कार्य थप प्रभावकारी बनाउनुपर्दछ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग

नेपालको मौलिक चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेद चिकित्सा पद्धतिको माध्यमबाट आयुर्वेद, योग, स्वस्थ जीवनशैली जस्ता आयुर्वेद स्वास्थ्यसँग सम्बन्धित सेवाहरू सञ्चालन, कार्यान्वयन, सुपरिवेक्षण, निरीक्षणलगायत कार्य गर्ने उद्देश्यले विभागको स्थापना भएको हो। विभागको कार्य सञ्चालनको लागि यो वर्ष रु.४ करोड ५९ लाख ५४ हजार बजेट विनियोजन भएकोमा रु.३ करोड ८५ लाख ३३ हजार खर्च भएको छ।

३७. **सङ्गठन संरचना** - साविकमा यस विभागको सङ्गठन संरचना अन्तर्गत रहेका सिंहदरबार वैद्यखाना, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, केन्द्रीय आयुर्वेद चिकित्सालय, पशुपति होमियो चिकित्सालय तथा युनानी अस्पताल, आयुर्वेद चिकित्सा परिषद्समेतका निकायहरू हाल स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहत रहेका छन्। साविकका क्षेत्रीय आयुर्वेद चिकित्सालयहरू, आयुर्वेद अस्पतालहरू र आयुर्वेद स्वास्थ्य केन्द्रहरू प्रदेश तहमा र आयुर्वेद औषधालयहरू स्थानीय तहलाई हस्तान्तरण भएकोले नयाँ सङ्गठन संरचनाअनुसार विभाग मातहतमा कुनै कार्यालय रहेको देखिँदैन। विभागको स्वीकृत दरबन्दी ३१ रहेकोमा २५ पदपूर्ति भई ६ पद रिक्त रहेको छ। विभाग मातहत कुनै कार्यालय नरहेको अवस्थामा विभागको संगठनात्मक संरचनामा पुनरावलोकन हुनुपर्दछ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

३८. **सेवा प्रवाह** — क्षयरोग रोकथाम, निदान तथा उपचार कार्यक्रम संयोजन, अनुगमन एवं मूल्याङ्कन गर्न २०४६ सालमा यस केन्द्रको स्थापना भएको हो। केन्द्रलाई यो वर्ष रु.१ अर्ब १४ करोड ४० लाख ३९ हजार विनियोजन भएकोमा रु.९० करोड ६८ लाख १७ हजार खर्च गरेको छ। केन्द्रको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्रियाकलाप	२०७८।७९	२०७९।८०	२०८०।८१
क्षयरोगी पहिचान सङ्ख्या	३७७७१	३७४४५	४०७७५
क्षयरोगबाट मृत्यु सङ्ख्या	१०२२	११२३	१२२६
बाल क्षयरोगी पहिचान सङ्ख्या	३२९७	३००७	३५६८
उपचार प्राप्त गर्ने सङ्ख्या	२८४१९	३७५४३	३७०२१
निको भएका क्षयरोगी सङ्ख्या	२६००६	३४६९२	३४११५

गत वर्षको तुलनामा क्षयरोगबाट मृत्यु हुनेको सङ्ख्या ९.१७ प्रतिशतले वृद्धि भई १ हजार २२६ पुगेको देखिएको छ। प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गरी थप सम्भावित क्षयरोग संक्रमितलाई उपचारको दायरामा ल्याई प्रभावकारी नतिजा हासिल गर्नुपर्दछ।

३९. **भवनको उपयोग** - यस केन्द्रको मातहत रहने गरी छाती रोग तथा क्षयरोग अस्पताल सञ्चालन गर्न रु.३५ करोड ९२ लाख ६२ हजारमा अस्पताल भवन निर्माण गरी केन्द्रलाई २०७९।४।२९ मा हस्तान्तरण भएको छ। भवन निर्माण सम्पन्न भएको ३० महिनाभन्दा बढी समय व्यतीत भइसक्दा पनि

अस्पताल सञ्चालनको लागि आवश्यक अन्य काम हुन नसकी सम्पन्न भवन प्रयोगविहीन अवस्थामा रहेको छ। आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्था गरी भवनको उपयोग हुनुपर्दछ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई देशभित्र रहेका सार्वजनिक र निजी स्वास्थ्य प्रयोगशालाका जनस्वास्थ्य तथा चिकित्सकीय निदानसम्बन्धी सेवाहरूको संगठनात्मक र प्रशासनिक जिम्मेवारी प्रदान गरेको छ। यस प्रयोगशालाबाट नियमित परीक्षण सेवा, कोभिड-१९ परीक्षण सेवा, ए तथा बी वर्गको प्रयोगशाला दर्ता, नवीकरण, स्तरोन्नति तथा प्रयोगशालाको वर्ग परिवर्तन, रक्त सञ्चार सेवा केन्द्र दर्ता, नवीकरण तथा वर्ग परिवर्तन, नेसनल एक्सटर्नल क्वालिटी एसेसमेण्ट सिस्टम सञ्चालन, एलो फिभर भ्याक्सिन र एण्टिमाइक्रोबायल रेसिष्टेन्स इन्फ्लुएन्जा, जापानिज इन्सेफ्लाइटिस, मिजल्स तथा रुबेला सर्भिलेन्ससम्बन्धी परीक्षण कार्यहरू हुँदै आएका छन्। प्रयोगशालाको लागि यो वर्ष रु.२१ करोड ९७ लाख ६१ हजार बजेट विनियोजन भएकोमा रु.२० करोड ५१ लाख १९ हजार खर्च भएको देखिन्छ।

४०. **सेवा प्रवाह** - प्रयोगशालाले विगत तीन वर्षमा प्रदान गरेको सेवाको तुलनात्मक स्थिति निम्नानुसार छः

विवरण	२०७८।७९	२०७९।८०	२०८०।८१	प्रतिशत घटबढ
परीक्षणको प्रकार सङ्ख्या	२०७	२९७	३२२	८.४
परीक्षण सङ्ख्या	४५०३५९	५९२१३२	७९५२५०	३४.३
सेवाग्राही सङ्ख्या	१९६३९९	२१८८०७	२८२५७८	२९.१
सेवाग्राही सङ्ख्या (डेङ्गु)	६०८	३३९८	१७७८	-४७.७
राजस्व असुली (रु. हजारमा)	११०७६४	१३५८००	१८२२२७	३४.२
बजेट खर्च (रु. हजारमा)	२४९१४८	२२२१००	२०५११९	-७.६४

गत वर्ष प्रयोगशालाले २९७ किसिमका परीक्षण सेवा उपलब्ध गराएकोमा यो वर्ष ३२२ किसिमका सेवा उपलब्ध गराएको देखिन्छ। यसबाट परीक्षणका प्रकार गत वर्षको तुलनामा ८.४ प्रतिशतले र परीक्षण सङ्ख्या ३४.३ प्रतिशतले बढेको देखिन्छ। गत वर्षको तुलनामा बजेट खर्च ७.६४ प्रतिशत घटेको छ भने राजस्व सङ्कलन ३४.२ प्रतिशतले वृद्धि भएको देखिन्छ। प्रयोगशाला उपकरणको व्यवस्था गरी सबै किसिमका परीक्षणको भरपर्दो व्यवस्था मिलाउनुपर्दछ।

४१. **प्रयोगशाला सेवा -** प्रयोगशालाले आइतबारदेखि बिहीबारसम्म बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म र शुक्रबार बिहान ८ बजेदेखि दिउँसो १२ बजेसम्म नमुना सङ्कलन समय तोकेको छ। साथै रिपोर्ट वितरण समय आइतबारदेखि बिहीबारसम्म बिहान ९:३० देखि ४ बजेसम्म र शुक्रबार बिहान ९:३० देखि २ बजेसम्म तोकेको छ। नियमित परीक्षणको लागि सार्वजनिक बिदा र आकस्मिक बिदामा प्रयोगशाला बन्द हुने गरेको छ। उल्लिखित समयमा मात्र प्रयोगशालामा परीक्षण हुने अवस्थाले इमर्जेन्सी अवस्थाका बिरामीले निजी क्षेत्रबाट सञ्चालित अन्य प्रयोगशालाहरूमा धाउनुपर्ने अवस्था रहेको छ।

प्रयोगशालाको लागि स्वीकृत दरबन्दी ६४ रहेकोमा एघारौं तहको माइक्रोबायोलोजिस्ट १ जना, दशौं तहको माइक्रोबायोलोजिस्ट १ जना, प्रमुख दशौं तहको २ जना मेडिकल टेक्नोलोजिस्ट, वरिष्ठ माइक्रोबायोलोजिस्ट आठौं तहको १ जना गरी ५ पदहरू रिक्त रहेको पाइयो। उक्त बेहोरा गत वर्ष को प्रतिवेदनमा समेत उल्लेख भएकोमा स्थिति यथावत् रहेको छ।

४२. **अनुगमन -** स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३ अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले ए र बी समूहमा वर्गीकृत प्रयोगशालाहरूको नियमित अनुगमन एवं सुपरिवेक्षण गर्नुपर्ने उल्लेख छ। प्रयोगशालाको क्षेत्राधिकारमा पर्ने ए समूहका प्रयोगशाला हालसम्म १७ र बी समूहका प्रयोगशाला ८२ समेत कुल ९९ प्रयोगशाला देशभर सञ्चालनमा रहेको छ। सोमध्ये यो वर्ष ४८ प्रयोगशालाहरूको अनुगमन गरेको छ। अनुगमन प्रतिवेदनमा नमुना सङ्कलनमा खटिएका कर्मचारीलाई प्रयोगशालाको प्राविधिक विषयमा अभिमुखीकरण नगरिएको, प्रयोगशालाको उपलब्ध जनशक्ति मापदण्ड बमोजिम अपुग देखिएको र प्रयोगशालाको कर्मचारीमध्ये कुनै कर्मचारीलाई गुणस्तर अधिकृत तोकी गुणस्तरसम्बन्धी जिम्मेवारी प्रदान नगरेको उल्लेख छ। अनुगमन प्रतिवेदनमा औँल्याइएका बेहोरामा सुधार भए, नभएको सम्बन्धमा अभिलेख राखेको छैन।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

एच.आई.भी. एड्स तथा यौन रोगको संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्ने, चिकित्सा सेवा, शिक्षा सूचना तथा सञ्चारको माध्यमलाई सुदृढ, सशक्त र प्रभावकारी बनाउने र यस्तो रोगबाट मुलुकलाई पर्न सक्ने दूरगामी असरमा कमी ल्याउने उद्देश्यले २०५२ मा केन्द्रको स्थापना भएको हो। केन्द्रको लागि यो वर्ष रु.५२ करोड ४१ लाख १७ हजार विनियोजन भएकोमा रु.४२ करोड ३० लाख ३९ हजार खर्च भएको छ।

४३. **सेवा प्रवाह** — केन्द्रको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्रियाकलाप	२०७८।७९	२०७९।८०	२०८०।८१
ए.आर.टी.मा आबद्ध एच.आई.भी.संक्रमित सङ्ख्या	२२७३०	२४२३७	२५५११
संक्रमितमध्ये ए आरटीमा आबद्ध पुरुष सङ्ख्या	१११३५	१२०३८	१२९२२
संक्रमितमध्ये ए आरटीमा आबद्ध महिला सङ्ख्या	१००२५	१०७५७	११३८१
संक्रमितमध्ये ए आरटीमा आबद्ध बालबालिका	११८३	१००३	७२८
संक्रमितमध्ये ए आरटीमा आबद्ध तेस्रोलिङ्गी	३८७	४३९	४८०
एच.आई.भी.का कारण मृत्यु हुनेको सङ्ख्या	५१०	३४४	४४०

ए.आर.टी. मा आबद्ध एड्स रोगी गत वर्ष २४ हजार २३७ भएकोमा यस वर्ष ५.२६ प्रतिशतले वृद्धि भई २५ हजार ५११ पहिचान हुन पुगेको देखिन्छ भने मृत्यु हुनेको संङ्ख्यासमेत ३४४ बाट २७.९१ प्रतिशत वृद्धि भई यो वर्ष ४४० पुगेको छ। एड्स रोगीको सङ्ख्या र मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको देखिएकोमा यसको रोकथाम र नियन्त्रणमा थप प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ।

अन्य संस्था र समिति

स्वास्थ्य बिमा बोर्ड

सबै नेपाली नागरिकलाई सर्वसुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई सामाजिक स्वास्थ्य बिमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न नेपाल सरकारले सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति (गठन) आदेश, २०७१ जारी गरी २०७२।७३ देखि चरणबद्ध रूपमा मुलुकभर लागु गर्ने गरी स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा ल्याएको छ। हाल स्वास्थ्य बिमा ऐन, २०७४ जारी भएपश्चात् सोही ऐन र स्वास्थ्य बिमा नियमावली, २०७५ द्वारा यो बोर्ड सञ्चालनमा रहेको छ। बोर्डअन्तर्गत ७ प्रदेश कार्यालय र ७७ जिल्लामा सम्पर्क कार्यालयहरू रहेका छन्।

४४. **आय-व्यय** - बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	७५२०३७८	३४३७५७१
नेपाल सरकारको अनुदान	७५०००००	७५०००००
बिमा प्रिमियम	२४५७८५६	३०९११५३
अन्य आय	३४७८०१८	७९८५१
जम्मा आय	**२०९५६२५२**	**१४१०८५७५**
प्रत्यक्ष खर्च	१७२४२४८१	१२९१५०५८
सञ्चालन खर्च	२७५८०३	१५४२५३
अन्य खर्च	३१४९	९१६००
बाँकी मौज्दात	३४३४८१९	९४७६६४
जम्मा	**२०९५६२५२**	**१४१०८५७५**

गत वर्ष ८ प्रकारका कडा रोगको निःशुल्क उपचारबापतको रकम बोर्डबाट शोधभर्ना हुने गरेकोमा यो वर्ष सो रकम स्वास्थ्य सेवा विभागमार्फत शोधभर्ना गरेको छ। गत वर्ष अन्तिम मौज्दात रु.३ अर्ब ४३ करोड ४८ लाख १९ हजार मौज्दात रहेकोमा यो वर्ष रु.३ अर्ब ४३ करोड ७५ लाख ७१ हजार जिम्मेवारी सारी रु.२७ लाख ५२ हजार बढी जिम्मेवारी सारेकोमा सोको खुलासा गरेको छैन।

४५. **दरबन्दी र पदपूर्ति** - स्वीकृत दरबन्दी विवरणअनुसार बोर्डमा ४०३ जनाको दरबन्दी रहेकोमा ३७२ जनाको पदपूर्ति भएको देखिन्छ। सोमध्ये नेपाल सरकारले ४ वर्षे कार्यकालका लागि नियुक्त गर्ने कार्यकारी निर्देशक १ सहित निजामती सेवाका १२ र स्वास्थ्य सेवाका ३ गरी १५ जना काजमा रहेको र अन्य ३४९ जना सेवा करारमा नियुक्त गरिएको छ। दाबी भुक्तानी शाखामा कुल २६ जना कार्यरत रहेका र सो जनशक्तिले दैनिक रूपमा प्राप्त हुने औसत ३५ हजार दाबी सङ्ख्याको रुजु गर्न नमुना छनोट विधि अवलम्बन गरेको छ। बोर्डले दरबन्दीअनुसार जनशक्ति व्यवस्थापन गरी सूचना प्रविधिको अधिकतम उपयोग गर्नुपर्दछ।

४६. **सेवा प्रवाह** - स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ३ मा सबै नेपाली नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गर्ने उल्लेख छ। बोर्डले बिमामार्फत शोधभर्ना गर्ने गरी सुविधा थैलीको व्यवस्था गरेको र त्यस्तो सुविधा थैलीमा १ हजार ३१२ प्रकारका औषधी र १ हजार ३३५ प्रकारका निदानात्मक र उपचारात्मक सेवाहरू र सोको मूल्यसूची समावेश गरी सेवा प्रदायकलाई शोधभर्ना भुक्तानी गर्ने गरेको छ। बोर्डले ७७ जिल्लाका ७५३ स्थानीय तहमा सेवा विस्तार गरे तापनि बिमित सङ्ख्या उल्लेख्य बढेको छैन। यो वर्ष १८ लाख ७४ हजार २२८ परिवारका ५० लाख ७४ हजार ९१५ जना बिमित स्वास्थ्य बिमामा आबद्ध भएका छन्। जसमध्ये नयाँ बिमित सङ्ख्या ११ लाख ५१ हजार ६१४ र नवीकरण गराएका ३८ लाख ६३ हजार ३०१ जना रहेका छन्।

२०७८।७९ सम्म		२०७९।८० सम्म		२०८०।८१ सम्म			
बिमित परिवार	बिमित सङ्ख्या	बिमित परिवार	बिमित सङ्ख्या	बिमित परिवार	बिमित सङ्ख्या	बिमित सङ्ख्या (नयाँ)	बिमित सङ्ख्या (नवीकरण)
१४३२५५५	४३२९३८१	१६४७३१४	४७२४७३२	१८७४२२८	५०७४९१५	११५१६१४	३८६३३०१

पन्ध्रौं योजनाको अन्तमा कुल जनसङ्ख्याको ६० प्रतिशत बिमित पुऱ्याउने लक्ष्य तोकिएको भए तापनि कुल जनसङ्ख्याको १७ प्रतिशतमात्र स्वास्थ्य बिमामा आबद्ध भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष बिमित परिवारको सङ्ख्यामा १३.७७ प्रतिशत र बिमितको सङ्ख्यामा ७.४१ प्रतिशत वृद्धि भए तापनि गत वर्ष स्वास्थ्य बिमामा आबद्ध भएका सबै बिमितले नवीकरण गर्ने नगरेकाले बिमितको सङ्ख्यामा उल्लेख्य वृद्धि हुनसकेको छैन। नागरिकले स्थानीय तहबाट लिने सेवासँग यसलाई आबद्ध गरी स्वास्थ्य बिमा सेवा विश्वसनीय बनाउनुपर्दछ।

४७. **बिमा दाबी तथा भुक्तानी अवस्था -** यो वर्ष सेवा प्रदायक स्वास्थ्य संस्थाबाट २०८० पौष मसान्तसम्मको अवधिको प्राप्त ६९ लाख ८७ हजार ९९१ वटा दाबीबाट रु.१३ अर्ब ९३ करोड ९८ लाख ९६ हजारको दाबी भएकोमा दाबी मूल्याङ्कन तथा परीक्षणबाट रु.१३ अर्ब १६ करोड २९ लाख ६८ हजारको भुक्तानी सिफारिस भएको देखिन्छ। सोमध्ये रु.१२ अर्ब ६२ करोड ७४ हजार भुक्तानी गरी रु.५४ करोड २८ लाख ९४ हजार सेवा प्रदायक संस्थाहरूलाई भुक्तानी गर्न बाँकी देखिएको छ। २०८० माघदेखि २०८१ असार मसान्तसम्म सेवा प्रदायक संस्थाबाट रु.९ अर्ब ७४ करोड ८८ लाख ८८ हजारको दाबी प्राप्त भएकोमा दाबीको मूल्याङ्कन/परीक्षण हुन बाँकी रहेको देखिन्छ। समयमै बिमा दाबी परीक्षण गरी सेवा प्रदायकलाई रकम भुक्तानी गर्नुपर्दछ। बिमाको दिगोपना ल्याउन नीतिगत एवं संरचनात्मक सुधार गरिनुपर्दछ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)

चिकित्सा विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी दक्ष जनशक्ति उत्पादन गर्न र सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ अनुसार प्रतिष्ठानको स्थापना भएको हो। हाल प्रतिष्ठानले चिकित्सा विज्ञानका विभिन्न विषयमा अध्ययन, अध्यापनका अतिरिक्त ९६० शय्यासहितको संरचनाबाट स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको छ।

४८. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	५६६३३१	२५६४९३
नेपाल सरकारको अनुदान	१३८१३६३	९३६२७९
आन्तरिक आय	१४१५८४०	१६२७६४६
अन्य आय	२९४४६	२१५४२
जम्मा आय	**३३९२९८०**	**२८४१९६०**
चालु खर्च	२८७०३०५	२५७५५९८
पुँजीगत खर्च	२३६७३६	१३०६२
अन्य खर्च	२९४४६	३९८१७
बाँकी मौज्दात	२५६४९३	२१३४८३
जम्मा	**३,३९२९८०**	**२८४१९६०**

४९. **सेवा प्रवाह -** अस्पतालको मेडिकल रेकर्डअनुसार प्रतिष्ठानको विगत ५ वर्षको सेवा प्रवाह निम्नानुसार छः

क्र.सं.	सेवाको विवरण	आर्थिक वर्ष				
		२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
१	बहिरङ्ग बिरामी सङ्ख्या	२९८४३४	१८६३८७	३७९८५४	५२४६५१	६१९७१९
२	अन्तरङ्ग बिरामी सङ्ख्या	१०९४०	८६२६	१५६०१	१८५२७	२००४२
३	आकस्मिक सेवा	३८५१०	२३१८२	३७३५९	४२३०६	३५१३२
	जम्मा	**३४७८८४**	**२१८१९५**	**४३२८१४**	**५८५४८४**	**६७४८९३**
४	हेमोडाइलासिस सेवा	११२४३	१३८४२	१७२०७	१८३४८	२०३५५
५	बेड अकुपेन्सी दर (प्रतिशत)	५४	४४.२०	४८.२०	६६.२०	७०.४८

उल्लिखित विवरणअनुसार यस अस्पतालमा पछिल्ला वर्षहरूमा बिरामी बढेको देखिन्छ। अस्पतालकमा बिरामीले पत्थरीलगायतको शल्यक्रियाको लागि ३ महिनादेखि ४ महिनासम्म कुर्नुपर्ने अवस्था विद्यमान छ। यसै गरी टोमोथेरापीतर्फ उपचार गर्न बिरामीले ४ महिनासम्मको पालो पर्खनुपर्ने अवस्था छ। प्रतिष्ठानले २०८० फाल्गुणमा रु.४० करोडमा खरिद गरेको मेसिन ५ वर्षको कम्प्रिहेन्सिभ वारेन्टीसमेत रहेको हुँदा उक्त मेसिन अतिरिक्त समयमा समेत सञ्चालन गर्ने व्यवस्था मिलाई बिरामीहरूको उपचार गर्नुपर्दछ। यसै गरी प्रतिष्ठानमा ८१ वटा आइ.सी.यु शय्या रहेकोमा हाल ५४ शय्या सञ्चालनमा रहेको छ भने २७ शय्या सञ्चालनमा रहेको छैन। प्रयोगमा नआएको आइ.सी.यु शय्याहरू सञ्चालनमा ल्याई बिरामीहरूको उपचार गर्नुपर्दछ। प्रतिष्ठानले आफ्नो सेवा प्रवाहमा सुधार गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्दछ।

५०. **भुक्तानी दिन बाँकी -** सार्वजनिक खरिद नियमवाली, २०६४ नियम ६(१) अन्तर्गत सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्न नहुने व्यवस्था छ। प्रतिष्ठानले वार्षिक बजेटले तोकेको सीमाभन्दा बढी खरिद गरेको कारणबाट २०७९।८० सम्मको भुक्तानी दिन बाँकी रु.१७ करोड ७५ लाख ३० हजारमध्ये यो वर्ष रु.८ करोड ३७ लाख ८५ हजार भुक्तानी भएको र २०८०।८१ मा भुक्तानी दिनुपर्ने रु.१७ करोड ४७ लाख ३९ हजारसमेत रु.२६ करोड ८४ लाख ८४ हजार आगामी वर्ष भुक्तानी दिने गरी दायित्व सिर्जना गरेको छ। बजेट व्यवस्था नगरी दायित्व सृजना गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

५१. **सम्झौता कार्यान्वयन -** प्रतिष्ठानले अस्पताल हातामा २४ सै घण्टा क्यास काउन्टर सञ्चालन गर्न र अस्पतालले उपलब्ध गराएको ठाउँमा २४ सै घन्टा ए.टी.एम. सेवा सञ्चालन गर्न तोकिएको जग्गाको नापजाँच गरी प्रति वर्गफिट रु.२८० का दरले हुन आउने रकम प्रतिष्ठानलाई बुझाउनुपर्ने व्यवस्था गरी २०७६।२।१३ गते ५ वर्षको लागि एक वाणिज्य बैङ्कसँग सम्झौता भएको छ। सम्झौतामा उक्त रकमको अलावा प्रतिष्ठानका उत्कृष्ट कर्मचारीलाई वार्षिक रु.५० हजार पुरस्कार दिने, अस्पतालमा उपचार गर्न आउने गरिब असहाय तथा बेवारिसे बिरामीहरूको उपचारको लागि अस्पतालको सिफारिसको आधारमा मासिक रु.१ लाखका दरले वार्षिक रु.१२ लाख उपलब्ध गराउने, अस्पताललाई आवश्यक पर्ने मेडिकल उपकरण, फर्निचर खरिद गर्न वार्षिक रु.२० लाख उपलब्ध गराउने र प्रतीक्षालयमा बिरामी बस्नको लागि कुर्सी तथा टेलिभिजन खरिद गर्न वार्षिक रु.१ लाख उपलब्ध गराउने उल्लेख छ। मासिक भाडा रकमको अलावा बैङ्कले अन्य सुविधाको रकम उपलब्ध गराएको छैन। सम्झौताअनुसारको रकम सरकारी बाँकी सरह असुल हुनुपर्दछ।

५२. **टोमोथेरापी मेसिन -** प्रतिष्ठानले अंकोलोजी विभागको लागि टोमोथेरापी मेसिन खरिद गर्न २०७४।२।१९ मा रु.४० करोडको लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट एक आपूर्तकसँग २०७४।३।२९ मा रु.३९ करोड ९९ लाख ८२ हजारको सम्झौता गरेको छ। अभिलेखअनुसार २०८० फाल्गुणमा मेसिन जडान भई सञ्चालनमा आए तापनि लेखापरीक्षण समय २०८१ माघसम्म सामान आपूर्तिको लागि अमेरिकी डलर ३२ लाखमा खोलिएको प्रतीतपत्र पेस्की फस्यौंट भएको छैन। कानुनअनुसार प्रतीतपत्र पेस्की फस्यौंट हुनुपर्दछ।

५३. **कर्मचारी नियुक्ति** — नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७(क) मा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दी पुनरावलोकन वा हेरफेर गर्दा सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी नेपाल सरकारबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ। यसै गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६५ को नियम ७(५) मा सेवाको लागि नयाँ दरबन्दी सिर्जना गर्न आवश्यक देखिएमा कार्यविधि र सोको पुष्टयाईँसमेत उल्लेख गरी रजिष्ट्रारमार्फत कार्यकारी परिषद्मा अनुरोध गर्ने र त्यसबाट प्रतिष्ठानलाई पर्न आउने दायित्व तथा बजेट व्यवस्था समेतको विचार गरी प्रतिष्ठानको सभाले स्वीकृत गर्ने व्यवस्था छ। प्रतिष्ठानले दरबन्दी बेगर विभिन्न ७७ पदमा कर्मचारी राखी रु.३ करोड ५८ लाख ६३ हजार तलब भत्ता खर्च लेखेको छ। स्वीकृत दरबन्दी बेगर करारमा कर्मचारी राखी तलब भत्ता खर्च लेखेको नियमसम्मत नदेखिँदा यसरी खर्च लेख्ने पदाधिकारी जिम्मेवार हुनुपर्दछ।

५४. **म्याद गुज्रेको औषधी** - प्रतिष्ठानले फार्मेसीलाई आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानको लागि भएको सम्झौताको दफा नम्बर १६ र १७ मा निकट भविष्यमा म्याद गुज्रिने तथा म्याद गुज्रेको मालसामानहरू सम्बन्धित आपूर्तकलाई फिर्ता गर्न सकिने व्यवस्था रहेको छ। उक्त मालसामान सम्बन्धित आपूर्तकलाई फिर्ता गरी म्याद रहेको औषधी तथा सर्जिकल सामान आपूर्ति गर्नुपर्ने वा सो बराबरको रकम भुक्तानीबाट कट्टा गर्न सकिने उल्लेख छ। फार्मेसीको अभिलेखअनुसार विभिन्न ८ आपूर्तकबाट खरिद गरिएको रु.७५ लाख ७२ हजारको १८८ वटा औषधी तथा सर्जिकल्स सामानहरूको म्याद गुज्रेको भए पनि फिर्ता भएको छैन। सम्झौताअनुसार फिर्ता नभएको औषधी तथा सर्जिकल सामान सम्बन्धमा कानुन तथा सम्झौताबमोजिम धरौटी, कार्यसम्पादन जमानत तथा उक्त आपूर्तकले पाउने भुक्तानीबाट असुल गर्नुपर्दछ।

५५. **बढी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (३)(ग) मा मालसामान वा अन्य सेवाको भेरिएसन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) को उपदफा २ बमोजिम लागत अनुमानमा प्रभाव परे नपरेको लगायतका पक्षमा ध्यान दिनुपर्ने व्यवस्था छ। प्रतिष्ठानले १७ आपूर्तकसँग गत वर्ष रु.७ करोड ८१ लाख ८२ हजारको खरिद सम्झौता गरेकोमा पटक पटक म्याद थप गरी रु.१६ करोड ७ लाख ७१ हजारको सामान खरिद गरेको छ। यसरी खरिद गर्दा सप्लायर्सले बोलपत्र पेस गर्दा लागत अनुमानको तुलनामा अधिक दर कबोल गरेका सामान बढी खरिद गर्ने र कम दर कबोल गरेका सामान कम परिमाणमा खरिद गर्ने गरेबाट १२ ठेक्कामा प्रतिष्ठानलाई रु.३ करोड ३५ लाख २९ हजार थप व्ययभार परेको छ। प्रतिष्ठानले मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ।

बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्यसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गर्न बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अनुसार प्रतिष्ठान स्थापना भई सञ्चालन हुँदै आएको छ। प्रतिष्ठानले अध्ययन अध्यापनको अलावा कोरोना शय्या १०० समेत ९१३ शय्याबाट स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको छ।

५६. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु .हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
नेपाल सरकारको अनुदान	३०९८२०	१४५२००
अस्पताल सेवा सञ्चालनबाट आम्दानी	१४२१८७५	१३६२३६१
शैक्षिक सेवाबाट आम्दानी	९१८९४९	११८९७८३
अन्य आय	७५५३२	८२७७१
जम्मा आय	**२७२६१७६**	**२७८०११५**
सञ्चालन तथा कर्मचारी खर्च	२४६१२२२	२५४००१६
प्रत्यक्ष खर्च	८८५६१	५२०००
अन्य खर्च	२०४८६२	२२८९०५
जम्मा व्यय	**२७५४६४५**	**२८२०९२१**
बचत/न्यून	(२८४६९)	(४०८०६)

प्रतिष्ठानको आय-व्यय विवरणअनुसार आम्दानीभन्दा खर्च बढी देखिएको छ। प्रतिष्ठानले आन्तरिक आयस्रोतको वृद्धि गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

५७. **सेवा प्रवाह** - प्रतिष्ठानबाट उपलब्ध मेडिकल रेकर्डअनुसार विगत ५ वर्षको सेवा प्रवाहको स्थिति निम्नानुसार छः

सि. नं.	सेवाको विवरण	आर्थिक वर्ष				
		२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
१	बहिरङ्ग बिरामी सङ्ख्या	४८९६०७	२९८५७८	४८१५१४	५३१७८०	५६४९१८
२	अन्तरङ्ग बिरामी सङ्ख्या	३५६७२	३८१८१	४२९४८	३८२२१	३३८२२
३	आकस्मिक सेवा	७३८६६	५४२९८	६९६८१	७६४१४	७९००५
	जम्मा	**५९९१४५**	**३९१०५७**	**५९४१४३**	**६४६४१५**	**६७७७४५**
४	रिफर गरिएको सङ्ख्या	१३	१५	४८	५२	९०
५	विपन्न उपचार सेवा	९५३	११७३	११७५	१२४१	१३००
६	हेमोडाइलासिस सेवा	२५५	२४०	२५६	११९३	१८२९८
७	पेरिटोनियल डाइलासिस सेवा	१४	१६	४	६	२

उपर्युक्त विवरणअनुसार विगत ४ वर्षदेखि प्रतिष्ठानका सेवाग्राही सङ्ख्या क्रमशः वृद्धि हुँदै गएको देखिन्छ। प्रतिष्ठानमा विगतमा खरिद भएको एम.आर.आई.मेसिन ४ वर्षदेखि बिग्रिएको, अर्को मेसिन खरिद गर्न मन्त्रालयबाट विगत वर्ष रु.३१ करोड निकासा गरे तापनि मेसिन खरिद नगर्दा एम.आर.आई. गर्नुपर्ने बिरामीलाई बाहिर पठाउनु परेको, प्रतिष्ठानमा आई.सी.यू.बेड ८७ रहे तापनि कोभिडतर्फको २० आई.सी.यू.बेड सञ्चालन नभएको, परिवार तथा मातृशिशु उपचार कक्ष भवन साँघुरो रहेको र सोको लागि

निर्माणाधीन भवन तयार हुन नसकेको, अंकोलोजी भवन निर्माण गर्न २०७४।७५ मा नेपाल सरकारले रु.२१ करोड ६७ लाख निकासा दिए तापनि भवन निर्माण नभएको, विगतमा तयार गरेको अक्सिजन प्लाण्ट सञ्चालन हुन नसकेको, प्रतिष्ठानको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण हुन नसकेको अवस्था छ। प्रतिष्ठानले सो अवस्था सुधार गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्दछ।

५८. **निःशुल्क उपचार -** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुँच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० ले विपन्न नागरिकलाई औषधी उपचारबापत सहायता दिने प्रक्रिया सम्बन्धमा उल्लेख छ। सोही बमोजिम विपन्न नागरिक, असहाय जस्ता लक्षित वर्गलाई निःशुल्क उपचार आर्थिक सहायता वितरणबापत यस वर्ष प्रतिष्ठानबाट १५ हजार ९१३ जनाको लागि रु.१५ करोड २३ लाख ६९ हजार खर्च भएको देखिन्छ। यस्ता खर्चको प्रभावकारिता, पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र रकम सार्वजनिकीकरण गर्नुपर्दछ।

क्र.सं.	उपचारको किसिम	बिरामी सङ्ख्या	खर्च (रु. हजारमा)
१	ज्येष्ठ नागरिक उपचार	१३४५७	३१३१९
२	गरिब, असहाय र अपाङ्ग	११५६	१८४२८
३	८ प्रकारका कडा रोग (विपन्न नागरिक)	१३००	१०२६२२
	जम्मा	**१५९१३**	**१५२३६९**

५९. **कर्मचारी तथा पदाधिकारी पेस्की —** बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम १४.८ मा प्रतिष्ठानको कामको लागि पदाधिकारी, शिक्षक, कर्मचारी तथा अन्य व्यक्ति वा संस्थालाई पेस्की दिनु परेमा आवश्यक पर्ने रकम मात्र पेस्की दिने, काम सम्पन्न भएको १५ देखि ३५ दिनभित्र फर्स्यौंट गर्नुपर्ने र समयमा फर्स्यौंट नगरेमा म्याद नाघेको पेस्की बाँकी रकममा वार्षिक १० प्रतिशतका दरले ब्याज लिने र पेस्की फर्स्यौंट नगर्नेलाई उपकुलपतिले सेवा सर्तबमोजिम विभागीय कारबाही गर्नसक्ने व्यवस्था छ। गत विगत वर्षदेखि यो वर्षसम्म प्रतिष्ठानका ४३ पदाधिकारी तथा कर्मचारीको तलब पेस्की रु.८९ लाख ३५ हजार र ९८ पदाधिकारी र कर्मचारीलाई प्रयोजनसमेत नखुलाई दिएको पेस्की खर्च रु.१ करोड १३ लाख ८५ हजारसमेत रु.२ करोड ३ लाख २० हजार बाँकी छ। उक्त पेस्की कानुनबमोजिम फर्स्यौंट गर्नुपर्दछ।

६०. **रकम अपचलन -** प्रतिष्ठानबाट यस वर्षको अस्पताल सेवा सञ्चालनको आय रु.१ अर्ब ३६ करोड २३ लाख ६१ हजार रहेको छ। प्रतिष्ठानले आय सङ्कलनको लागि मिडास सफ्टवेयर प्रयोगमा ल्याएको र सफ्टवेयरअनुसार प्राप्त देखिएको रकम बैङ्क दाखिला नभएको सम्बन्धमा ३ सदस्यीय छानबिन समिति गठन गरेको पाइयो। उक्त समितिको प्रतिवेदनमा सफ्टवेयर सञ्चालनमा संलग्न कर्मचारी र सनराइज बैङ्कको कर्मचारीको मिलेमतोमा रकम हिनामिना भएको ठहरसहित सफ्टवेयर कम्पनीले रु.३५ लाख ८७ हजार अपचलन गरेको उल्लेख गरी प्रतिवेदन दिएको छ। लेखापरीक्षण प्रतिवेदनबाट उक्त बेहोरा औंल्याइएपश्चात् उक्त रकम बैङ्क दाखिला गरेको प्रमाण पेस गरे तापनि थप छानबिन गरेको छैन। प्रचलित कानुनबमोजिम छानबिन गरी आवश्यक कारबाही गर्नुपर्दछ।

६१. **भवन निर्माण** — चार सय शय्याको मातृ शिशु अस्पताल भवन निर्माण गर्न निर्माण व्यवसायीसँग २०७३।३।२८ मा ३ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी रु.२ अर्ब १७ करोड ९८ लाख १३ हजारको सम्झौता भएको पाइयो। यो वर्ष २५ औं र २६ औं रनिङ बिलबाट रु.१७ करोड ३८ लाख ४१

हजार र मूल्य समायोजनबापत रु.२ करोड १२ लाख ९५ हजारसमेत रु.१९ करोड ५१ लाख ३६ हजार भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

६१.१. ठेक्का सम्झौताको विशेष सर्तमा मूल्य समायोजन गणना गर्दा मोबिलाइजसेन पेस्की कटाई गणना गर्ने उल्लेख छ। यो वर्ष भवन निर्माण कार्यको २५ औँ र २६ औँ रनिङ बिलको मूल्य समायोजन रु.२ करोड १२ लाख ९५ हजार भुक्तानी गरेकोमा निर्माण व्यवसायीलाई दिएको मोबिलाइजेसन पेस्की रु.३२ करोड ६९ लाख पेस्की फस्यौंट नभए तापनि मूल्य समायोजन गणना प्रयोजनार्थ प्रथम, दोस्रो र तेस्रो रनिङ बिलबाट कट्टा गरेको छ। निर्माण व्यवसायीलाई दिएको उक्त पेस्कीमध्ये यो वर्ष २५ औँ र २६ औँ रनिङ बिलसम्म रु.४ करोड ८७ लाख ८४ हजार पेस्की फस्यौंट भएको छ। जुन रनिङ बिलबाट जति रकम पेस्की कट्टा गरेको हो सोही आधारमा मूल्य समायोजन गणना गर्नुपर्नेमा सो नगरी पेस्की फस्यौंट नभएका प्रथमदेखि तेस्रो रनिङ बिलको रकमबाट पूरै पेस्की घटाई गणना गरेको तर यसरी गणना गर्दा समायोजन फ्याक्टर घटी भएको बिलबाट पेस्की घटाउने तर बढी फ्याक्टर भएको बिलबाट पेस्की नघटाई समायोजन लिने गरेको कारण निर्माण व्यवसायीलाई रु.५८ लाख ८ हजार बढी भुक्तानी भएको देखिएको छ। बढी भुक्तानी भएको रकम कानुनबमोजिम असुल हुनुपर्दछ।

६१.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता अवधिको म्याद थप बोलपत्र स्वीकृत गर्ने अधिकारीले गर्न सक्ने व्यवस्था छ। उक्त भवन निर्माण कार्य ३६ महिनाभित्र सम्पन्न गर्ने गरी २०७३।३।२७ मा सम्झौता भएअनुसार २०७६।३।२७ भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा तोकिएको समयमा कार्य सम्पन्न नभई पटक पटक गरी २०८१।८।३० सम्म म्याद थप भएको छ। कार्यकारी समितिको २०८०।१२।१९ को निर्णयानुसार निर्माण कार्यको म्याद २०८१ मङ्सिर मसान्तसम्म थप भएकोमा सो अवधिसम्म पनि निर्माण व्यवसायीले कार्य सम्पन्न नगरी भौतिक प्रगति ८० प्रतिशत रहेको छ। थपिएको म्यादसम्ममा पनि कार्य सम्पन्न नगरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र खरिद सम्झौताअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

६१.३. भवन निर्माणको प्रथम चरणको कार्य गर्न २०७३।३।२७ मा निर्माण व्यवसायीसँग सम्झौता भएकोमा ४५ औँ कार्यकारी परिषद्को २०८०।१२।३० बैठकले संशोधित ड्रइङ डिजाइन र लागत अनुमान स्वीकृत गरेको छ। जसअनुसार संशोधित लागत अनुमानमा सुरु लागत अनुमानको ११.६० प्रतिशतले वृद्धि गरी सम्झौता अङ्क रु.२ अर्ब ४६ करोड ३१ लाख ८९ हजार पुगेको छ। सुरु सम्झौतामा समावेश हुनुपर्ने ९ वटा लिफ्टसमेत सुरु सम्झौतामा समावेश नगर्नु र भेरिएसन गर्दा समेत उक्त आइटम समावेश नहुनुले निर्माण कार्यको लागत अनुमान यथार्थपरक देखिएन। यसमा सम्बन्धित पदाधिकारी तथा प्राविधिकलाई जिम्मेवार बनाइनुपर्दछ।

६२. **उपकरणको उपयोग —** प्रतिष्ठानबाट उपलब्ध वित्तीय विवरणअनुसार विगतमा कोभिड-१९ प्रयोजनको लागि स्थापना भएको १०० बेडको अस्पताल पछि डेङ्गु उपचारको लागि प्रयोगमा ल्याइएकोमा हाल भेण्टिलेटरसहितको २० बेड आई.सी.यू. र सो अस्पतालमा प्रयोग भएका रु.२४ करोड ५१ लाख ५२ हजारको उपकरण हाल प्रयोगविहीन अवस्थामा रहेका छन्। बहुमूल्य उपकरण प्रयोगविहीन अवस्थामा राख्दा उपकरण बिग्रने र त्यसको वारेन्टी अवधिसमेत समाप्त हुँदै जाने अवस्था छ। तसर्थ ती उपकरणहरू प्रतिष्ठानले उपयोगमा ल्याउनुपर्दछ।

६३. **लगानी प्रतिफल -** प्रतिष्ठानको वासलात अनुसार प्रतिष्ठानले रु.४ करोड ४० लाख एक औषधी उद्योगमा लगानी गरेको देखिन्छ। प्रतिष्ठानको स्वामित्वमा सुन्दर हरैंचा नगरपालिका, मोरङमा रहेको १४ बिघा १० कट्ठा १३.५ धुर जग्गामध्ये ५ बिघा जग्गा उक्त उद्योगलाई दिई सो सेयर प्राप्त गरेको देखिन्छ। सो रकम उद्योगको चुक्ता पुँजीको ४० प्रतिशत रहेको उल्लेख छ। लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गर्दा उद्योगको निर्माणाधीन भवन अधुरो र जीर्ण अवस्थामा रहेको देखिन्छ। परिषद्को २०७२।१०।२९ को निर्णयमा प्रतिष्ठानले अन्य सेयर धनीसँग छलफल गर्दा सेयरधनीहरू कार्य गर्न इच्छुक नरहेको र निजहरूको सेयर फिर्ता गरी प्रतिष्ठानले लिएमा मन्जुरी जनाएकोले सो उद्योग आफैंले सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाउने उल्लेख छ। तत्पश्चात् २०७४।७।३० को ४० औं परिषद्ले बढीमा ३० प्रतिशत मूल्यमा थप गरी सम्पूर्ण सेयर खरिद गर्ने अधिकार उपकुलपतिलाई दिने प्रतिष्ठानका शिक्षक कर्मचारीलाई १५ प्रतिशत सेयर बिक्री गर्न सक्ने र औषधी उद्योग सञ्चालन गर्ने सम्बन्धमा विस्तृत योजना बनाई कार्यकारी परिषद्को अर्को बैठकमा पेस गर्ने निर्णय भएको देखिन्छ। तत्पश्चात् उक्त लगानी सम्बन्धमा कुनै निर्णय भएको देखिएन। विगत लामो समयदेखि लगानीको कुनै प्रतिफल प्राप्त नभएको, लगानी भएको संस्थाको भवन निर्माणाधीन अवस्थामा जीर्ण रहेको र परिषद्ले गरेको निर्णय कार्यान्वयन नभएको सम्बन्धमा आवश्यक छानबिन हुनुपर्दछ।

६४. **मालसामान तथा औषधी फिर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११६ मा मालसामानको आपूर्तिकर्ताले आपूर्ति गरिएका मालसामानहरू फिर्ता भएको वा सम्झौताअनुसार सामान बदली गर्नुपर्नेमा सो नगरेमा मालसामान बराबरको रकम उक्त फर्मको धरौटी, बैङ्क ग्यारेण्टी तथा फर्मले पाउने अन्य भुक्तानीबाट कट्टा गर्नुपर्ने उल्लेख छ। प्रतिष्ठानको फार्मेसीको लागि आवश्यक सर्जिकल तथा औषधीजन्य सामग्री खरिदको लागि विगत वर्षमा एक फर्मास्युटिकल्स कम्पनीसँग भएको सम्झौतामा म्याद गुज्रेका मालसामानहरू सम्बन्धित सप्लायर्सले फिर्ता गरी नयाँ सामान दिनुपर्ने उल्लेख छ। तर उक्त फर्मास्युटिकल्सले विगत आर्थिक वर्षमा आपूर्ति भएको रु.२७ लाख ९८ हजार बराबरको औषधी तथा सर्जिकल सामानहरू म्याद गुज्रेको हुँदा सम्झौताअनुसार २०७६।३।७ मा फिर्ता गरे तापनि उक्त मालसामानको सट्टामा म्याद रहेको औषधी आपूर्ति गरेको छैन। यसै गरी विभिन्न ९ आपूर्तकबाट खरिद गरिएका औषधीमध्ये २०८१।३।३१ सम्म रु.१ करोड १० लाख ८३ हजार मूल्यका औषधीको म्याद गुज्रेकोमा उक्त औषधी आपूर्तकलाई फिर्ता गरी म्याद बाँकी रहेको औषधी प्रतिस्थापन भएको छैन। उक्त मूल्य बराबरको रकम निजको धरौटी तथा अन्य भुक्तानीबाट कट्टा गरी सरकारी बाँकी सरह असुल हुनुपर्दछ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

नेपाललाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजान, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने तथा स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण गरी सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत यस प्रतिष्ठानको स्थापना भएको हो।

६५. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
शैक्षिक आम्दानी	२५,७८,५२	५८,९९,०८
अस्पताल सेवा सञ्चालन आम्दानी	२,२४,१७,०३	२,३९,२३,६९
अन्य आय	१९,१४,११	२४,४३,६७
जम्मा आय	**२,६९,०९,६६**	**३,२२,६६,४४**
सञ्चालन खर्च	३२,९२,७६	४८,८७,९२
कर्मचारी खर्च	१,२३,९९,६२	१,३९,८७,००
प्रत्यक्ष खर्च	८७,३०,५९	१,०३,०१,२०
अन्य खर्च	१७,६२,०३	१९,७४,९९
जम्मा व्यय	**२,६१,८५,००**	**३,११,५१,११**
बचत/न्यून	७,२४,६६	११,१५,३३

६६. **सेवा प्रवाह -** प्रतिष्ठानको मेडिकल रेकर्ड शाखाबाट प्राप्त विवरणमा यो वर्ष प्रतिष्ठानबाट सञ्चालित अस्पतालमा ७ हजार ५७५ जटिल शल्यक्रियासहित १३ हजार २८३ शल्यक्रिया सम्पन्न गरेको छ। प्रतिष्ठानमा यो वर्ष १ हजार ३८५ विद्यार्थी अध्ययनरत रहेकोमा २२७ ले अध्ययन पुरा गरिसकेको र ११ जनाले बीचमा अध्ययन छाडेको देखिन्छ। यस्तै ६५० शय्यामा सञ्चालित अस्पतालमा गत वर्ष ४ लाख ४० हजार ७२६ र यो वर्ष ५ लाख ८ हजार ८५१ बिरामीले सेवा प्राप्त गरेका छन्। यो वर्ष अस्पताललले २ हजार ९५ वटा अर्थोसर्जरी गरेको छ।

६७. **भवन निर्माण -** प्रतिष्ठानले २०८१।२।१४ मा जारी भएको भवन निर्माण संहिताबमोजिम भवन ड्रइङ्ग, डिजाइन तयार गर्नुपर्दछ। नर्सिङ्ग कलेज, सानेपाको छात्राबास भवन निर्माण २०७८।६।१७ मा सुरु गरी २०८०।६।१५ सम्ममा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.१९ करोड ५२ लाख ९ हजारको ठेक्का सम्झौता भएकोमा ९१ कोठा, ६० वटा ट्वाइलेट बाथरुम, भूमिगत पार्किङ सहितको ६ तले भवनमा भवन संहिताबमोजिम आपतकालीन भन्याङ, अपाङ्गमैत्री संरचना तथा लिफ्ट प्रणाली, अग्नि नियन्त्रण व्यवस्था गरेको पाइएन। उक्त संहिताको कोड नं.२.४.१ मा आपतकालीन भन्याङ हुनुपर्ने, ३.४(ए) मा ५ तला वा १८ मिटर उचाइ भएका सबै भवनहरूको लागि लिफ्टको व्यवस्था हुनुपर्ने, ३.४(डी) मा अग्नि सुरक्षा र नियन्त्रणसम्बन्धी व्यवस्था हुनुपर्नेमा सो नभएबाट हुनसक्ने जोखिमको आकलन नगरी भवनको ड्रइङ, डिजाइन पास गरी निर्माण कार्य सम्पन्न गरेको छ। भवन निर्माण गर्दा प्रचलित भवन संहिताको पालना हुनुपर्दछ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

नेपाललाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजाने, सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्यसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गर्न पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ अनुसार यस प्रतिष्ठानको स्थापना भई सञ्चालन हुँदै आएको छ।

६८. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	१४१५७८	२४२९०८
नेपाल सरकारको अनुदान	४३७८२७	४१३६६३
आन्तरिक आय	७२१८४९	७७७२८५
अन्य आय	८२६८९	३४१५७
जम्मा आय	**१३८३९४३**	**१४६८०१३**
सञ्चालन खर्च	५४९४२३	८०८२९०
कर्मचारी खर्च	४३२४७५	४१३६६३
अन्य खर्च	१५९१३७	३६४१
बाँकी मौज्दात	२४२९०८	२४२४१९
जम्मा	**१३८३९४३**	**१४६८०१३**

६९. **सेवा प्रवाह** - प्रतिष्ठानबाट प्राप्त मेडिकल रेकर्डअनुसार प्रतिष्ठानको विगत ५ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

क्र. सं.	सेवाको विवरण	आर्थिक वर्ष				
		२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
१	बहिरङ्ग बिरामी सङ्ख्या	२१३७७३	१३०४५४	२७२३५९	३५६४०२	४०६७२९
२	अन्तरङ्ग बिरामी सङ्ख्या	१७३२१	१४२२८	२०४६६	२२६८४	२२१४७
३	आकस्मिक सेवा	३९२५१	२६०३३	४०७३९	५४९७१	४८७७७
	जम्मा	**२७०३४५**	**१७०७१५**	**३३३५६४**	**४३४०५७**	**४७७६५३**
४	रिफर गरिएको सङ्ख्या	२६	२१	५	५	१७
५	हेमोडाइलासिस सेवा सङ्ख्या	१६९	१६३	१५९	१६१	१४७
६	मृगौला प्रत्यारोपण	०	०	१	७	२

प्रतिष्ठानको ५०० शय्यामा उपचार गर्ने क्षमता भएकोमा हाल ३८० शय्या सञ्चालनमा रहेको देखिन्छ। आवश्यक श्रोत साधनको व्यवस्था गरी पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ।

७०. **दरबन्दीभन्दा बढी कर्मचारी** - प्रतिष्ठानको स्वीकृत दरबन्दी नेपाल सरकारतर्फ ३०१ जना र समितितर्फ ३०० जना गरी जम्मा ६०१ जना रहेको छ। जसमध्ये ५२० जनाको पदपूर्ति भएको छ। त्यस्तै स्वीकृत दरबन्दीमध्ये १२५ पद पदपूर्ति भएको देखिएन। दरबन्दी स्वीकृत नभएको विभिन्न पदमा ३१ जना सेवा करार कर्मचारी राखी यो वर्ष रु.२ करोड ८७ लाख ८३ हजार पारिश्रमिक भुक्तानी गरेको देखियो। स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी राखी तलब भत्ता खर्च लेख्ने पदाधिकारी जिम्मेवार हुनुपर्दछ।

रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान

पिछडिएका क्षेत्रमा सहज रूपमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य विज्ञानको क्षेत्रमा सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने तथा स्वास्थ्यतर्फका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ बमोजिम दाङ्गको घोराहीमा यस प्रतिष्ठानको स्थापना भएको छ। प्रतिष्ठानले यो वर्षसम्म नर्सिङ्गतर्फ ३० जना र बीएस्.सी.मा ४० जना विद्यार्थीहरूको पठनपाठन भइरहेको छ।

७१. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
नेपाल सरकारको अनुदान	१५४३७६	१५६४८९
अस्पताल सेवा सञ्चलन	२४१९२४	३०१४४२
अन्य आय	१५८६९२	२०४७००
जम्मा आय	**५५४९९२**	**६६२६३१**
कर्मचारी खर्च	२२०७५१	२५४९६२
प्रत्यक्ष खर्च	६१५२१	५८३१८
सञ्चालन खर्च	१६०८१८	२१९२५९
अन्य खर्च	३४८७८	३१६१९
जम्मा व्यय	**४७७९६८**	**५६४१५८**
बचत	७७०२४	९८४७३

७२. **सेवा प्रवाह -** प्रतिष्ठानले मुख्यतः बहिरङ्ग, आकस्मिक अन्तरङ्ग, सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवा प्रदान गर्दै आएको छ। प्रतिष्ठानबाट प्राप्त विवरणअनुसार यो वर्ष सेवा लिने बिरामी सङ्ख्याको स्थिति देहायअनुसार छः

सेवाको प्रकार	२०७८।७९	२०७९।८०	२०८०।८१
बहिरङ्ग सङ्ख्या	८६९३६	१५४६६७	१६८५१६
आकस्मिक सङ्ख्या	१५९७६	२०२१३	२०८७०
प्रयोगशाला टेष्ट सङ्ख्या	३८३८६४	६५१११८	६४०४२२
प्रसूति सङ्ख्या	१५८६	३६०८	३१९०
रेडियोग्राफी सङ्ख्या	३९३७४	६७८५५	७८८०९
एड्स निरोधक सङ्ख्या	२३०	२५६	२८३
क्षयरोग निरोधक सङ्ख्या	२३६	२१३	२३८

उल्लिखित विवरणअनुसार गत वर्षको तुलनामा बहिरङ्ग, आकस्मिकलगायत ४ सेवामा बिरामीको सङ्ख्या बढेको छ। आवश्यक स्रोत साधनको व्यवस्था गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

७३. **उपकरणको उपयोग -** प्रतिष्ठानले मालसामान तथा उपकरणहरू खरिद गर्दा वा अन्यत्रबाट प्राप्त गर्दा ती मालसामान प्रयोग गर्न सकिने अवस्था यकिन भएपछि मात्र खरिद वा हस्तान्तरण गरी लिनुपर्दछ। स्वास्थ्य सेवा विभागबाट २०७८।११।१५ मा हस्तान्तरण भएको एनेस्थेसिया मेसिन १ को स्पेसिफिकेसन नमिलेको कारण उल्लेख गरी हालसम्म प्रयोगविहीन अवस्थामा राखिएको र प्रतिष्ठान आफैंले २०७९।३।३१ मा खरिद गरेको रु.८ लाखको बायो सेफ्टी क्याबिनेटसमेत प्रयोगमा आएको छैन। ती उपकरणहरू उपयोगमा ल्याउनुपर्दछ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

कर्णाली प्रदेशका दुर्गम जिल्लाका बिरामीहरूलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने तथा स्वास्थ्य सेवा तथा अन्य स्नातक तहका कार्यक्रम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्ने प्रतिष्ठानको प्रमुख उद्देश्य अनुरूप कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ बमोजिम प्रतिष्ठान सञ्चालनमा रहेको छ। प्रतिष्ठानमा हालसम्म एम.बी.बी.एस्., एम.डी/एम.एस्., नर्सिङ्ग फर्मेसीलगायतका विषयमा ४५१ विद्यार्थी अध्ययनरत रहेकोमा ५८ जना दीक्षित भएका छन्।

७४. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
नेपाल सरकारको अनुदान	४९५९८०	३६०७३३
अस्पताल सेवा सञ्चलन	२७०७४४	२६३८५६
अन्य आय	७४४०	३२३३
जम्मा आय	**७७४१६४**	**६२७८२२**
संचालन तथा कर्मचारी खर्च	५०३६०८	४६३९८१
प्रत्यक्ष खर्च	१६३०४८	९४६४८
अन्य खर्च	१०३५१५	१२२८३८
जम्मा व्यय	**७७०१७१**	**६८१४६७**
बचत/न्यून	३९,९३	(५,३६,४५)

उल्लिखित विवरणअनुसार गत वर्षको तुलनामा यो वर्ष अस्पताल सेवा सञ्चालनको आम्दानी घटेको र प्रतिष्ठान गत वर्ष रु.३९ लाख ९३ हजार बचतमा रहेकोमा यो वर्ष आयभन्दा रु.५ करोड ३६ लाख ४५ हजार बढी व्यय भई घाटामा रहेको देखिन्छ। सेवा प्रवाहमा सुधार गरी अस्पताल सेवा सञ्चालनको आय बढाउनुपर्दछ।

७५. **सेवा प्रवाह** - प्रतिष्ठानले ३०० शय्याबाट सेवा सञ्चालन गर्दै आइरहेको छ। प्रतिष्ठानको मेडिकल रेकर्डअनुसार विगत ३ वर्षको सेवा प्रवाहको स्थिति देहायअनुसार छः

क्र.सं.	सेवाको प्रकार	आर्थिक वर्ष		
		२०७८।७९	२०७९।८०	२०८०।८१
१.	बहिरङ्ग सेवा	४३७२०	६८४२७	८६६५०
२.	अन्तरङ्ग सेवा	४३८६	६५१२	६१६४
३.	इमर्जेन्सी सेवा	५६८०	८१९७	१२६४५
४.	सामान्य शल्यक्रिया	२३३४	२९८३	२९८५
५.	जटिल शल्यक्रिया	७०८	५३३	६१७
६.	बेड अकुपेन्सी दर	४८%	५३%	५२%

प्रतिष्ठानमा यो वर्ष ८६ हजार ६५० जना बिरामीले उपचार गराएको देखिन्छ। प्रतिष्ठानमा विभिन्न रोग पहिचानका लागि आवश्यक एम.आर.आई.मेसिन र मुटु रोग उपचारमा आवश्यक क्याथ ल्याब मेसिन उपलब्ध छैन। अस्पतालमा रहेका अटोक्लेभ मेसिन र अक्सिजन प्लान्ट विगत ३ वर्षदेखि प्रयोगविहीन अवस्थामा रहेको छ। प्रतिष्ठानले आवश्यक मेसिन उपकरणको उपयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्दछ।

७६. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को (१क) मा सार्वजनिक निकायले २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्नसक्ने र नियम ८४(१क) मा ५० लाखसम्म सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ। सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ। प्रतिष्ठानले यो वर्ष पटक पटक गरी औषधी, ल्याबका सामग्री र अन्य कार्यालय सामान प्रतिस्पर्धाबिगर ३ कोटेसन माग गरी रु.६ करोड २७ लाख ८८ हजारको सोझै खरिद गरी २०८१ आषाढ महिनामा मात्र रु.६ करोड १६ लाख १५ हजार भुक्तानी गरेको पाइयो।

प्रतिष्ठानले खरिद नियमावलीमा भएको व्यवस्था विपरीत प्रतिस्पर्धा सीमित हुने गरी पटक-पटक सोझै खरिद गरेको नियमसम्मत देखिएन। प्रतिस्पर्धा तथा मितव्ययिता कायम हुने गरी खरिद कार्य गर्नुपर्दछ।

शुक्रराज ट्रपिकल सरुवा रोग अस्पताल

स्वास्थ्य सेवासम्बन्धी नीति र योजनालाई कार्यान्वयनमा ल्याई सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको स्वास्थ्य सेवाको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य उपचार प्रदान गर्ने उद्देश्यले यस अस्पतालको स्थापना भएको हो। टेकु अस्पताल विकास समिति गठन आदेश, २०४९ अनुसार यो अस्पताल ट्रपिकल तथा सरुवा रोगहरूको रिफर अस्पतालको रूपमा १०० शय्या सञ्चालनमा रहेको छ।

७७. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	५९४१८	३०८३४
नेपाल सरकारको अनुदान	३२२५१२	३०७६५२
आन्तरिक आय	१४४८९१	१३४६१४
अन्य आय	२५४४	८३६७
जम्मा आय	**५२९३६५**	**४८१४६७**
चालु खर्च	४७३१५४	३७८६६४
पुँजीगत खर्च	२४९०३	५९३४०
अन्य खर्च	४७४	१८९६०
बाँकी मौज्दात	३०८३४	२४५०३
जम्मा	**५२९३६५**	**४८१४६७**

७८. **खरिद सम्झौताको अन्त्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिमको काम सुरु नगरेमा वा काम सुरु गरी बीचैमा छाडेमा वा सम्झौता बमोजिमको कामको प्रगति नगरेमा त्यस्तो ठेक्का जुनसुकै बखत अन्त्य गर्नसक्ने व्यवस्था छ। यसरी सम्झौता अन्त्य भएमा सो कामबापत राखेको जमानत जफत हुने उल्लेख छ। अस्पतालले सर्जिकल सामान आपूर्तिको लागि रु.४९ लाख ९९ हजार लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेकोमा एक इन्टरप्राइजेजको रु.५ लाख १९ हजारको कबोल अङ्क स्वीकृत गरेको देखिन्छ। अस्पतालले २०८०।६।१२ मा २०८१ असार मसान्तभित्र उक्त सामान आपूर्ति गर्ने गरी कृषि विकास बैङ्क ठिमी शाखाको रु.१६ लाख ७३ हजारको कार्यसम्पादन जमानत राखी ठेक्का सम्झौता गरेको छ। आपूर्तिकर्ताले २०८१ आषाढ मसान्तसम्म उल्लिखित मालसामान आपूर्ति गरेको देखिएन। तोकिएको गुणस्तरको सामान समयमा आपूर्ति नगर्ने आपूर्तकलाई निजसँगको सम्झौता अन्त्य गरी प्रचलित कानुनबमोजिम कारबाही गर्नुपर्दछ।

७९. **तलब भत्ता** - स्वास्थ्य सेवा नियमावली, २०७७ को नियम २४ मा स्वास्थ्य सेवा ऐनको दफा १३ विपरीत अस्थायी नियुक्ति गरेमा त्यस्तो नियुक्ति भएको कर्मचारीले खाइपाई आएको तलब भत्ताको रकम अस्थायी नियुक्ति गर्ने पदाधिकारीबाट असुल गर्ने व्यवस्था छ। विगतमा कोरोना अवधिमा अस्थायी (साल बसाली) दरबन्दी कायम गरी कर्मचारी करारमा नियुक्ति गरिएकोमा कोरोना समाप्तिपश्चात् समेत अस्थायी दरबन्दीको म्याद थपसमेत नगरी ३१ कर्मचारीलाई सेवा करारमा निरन्तरता दिई यो वर्ष रु.१ करोड

४३ लाख ६० हजार भुक्तानी गरेको छ। म्याद थपबेगर करारमा राखी तलब भत्ता भुक्तानी गरेको उचित नदेखिएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल

सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने उद्देश्यले यो अस्पताल २०१६ सालमा स्थापना भएको हो। हाल यो अस्पताल विकास समिति गठन आदेश, २०४६ बमोजिम सञ्चालन भइरहेको छ। अस्पतालले हाल ४८९ शय्या सञ्चालन गरी सेवा प्रदान गरिरहेको छ। अस्पतालले प्रसूति सेवासँगै परिवार नियोजन, पाठेघर खस्ने समस्या, क्यान्सर स्क्रिनिङ, बच्चाको खोप तथा स्याहार कार्यक्रम, सामान्य औषधी उपचारदेखि आई.सी.यू., एन.आई.सी.यू., रेडियोलोजीलगायतका सेवा प्रदान गर्दै आएको छ।

८०. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	५२०३३७	५४५६२२
नेपाल सरकारको अनुदान	५३९२८२	४४९७४२
आन्तरिक आय	६०२३०३	४९११४६
जम्मा आय	**१६६१९२२**	**१४८६५१०**
सञ्चालन खर्च	६९९४७७	४६७४३२
कर्मचारी खर्च	४१६८२३	४६४७१४
बाँकी मौज्दात	५४५६२२	५५४३६४
जम्मा	**१६६१९२२**	**१४८६५१०**

८१. **प्रसूति तथा सिजरिन सेवा -** विश्व स्वास्थ्य सङ्गठनको अध्ययनले शल्यक्रियाबाट प्रसूति गराउँदा १० प्रतिशतसम्मको शल्यक्रियाले मातृशिशुको मृत्युदरमा कमी ल्याउन प्रभावकारी हुने र १० देखि १५ प्रतिशतको दरलाई आइडल दर हुने देखाएको छ। त्यसैगरी उक्त विधिबाट प्रसूति सेवा दिँदा आमा र बच्चामा अल्पकालीन तथा दीर्घकालीन असर पर्ने बेहोरासमेत औंल्याएको देखिन्छ। अस्पतालबाट प्राप्त तथ्याङ्कअनुसार प्रसूति सेवाको विगत तीन वर्षको स्थिति देहायअनुसार छः

विवरण	२०७८।७९	प्रतिशत	२०७९।८०	प्रतिशत	२०८०।८१	प्रतिशत
जम्मा प्रसूति सेवा	२४३६९	१००	२४६७२	१००	२२८९७	१००
सामान्य प्रसूति सेवा	१२३७९	५०.७९	१२१९३	४९.४२	१०५८७	४६.२३
असामान्य प्रसूति सेवा	११९९०	४९.२१	१२४७९	५०.५८	१२३१०	५३.७७
लोयर सेक्सन सिजरिन सेक्सन	९११८	३७.४१	९८२१	३९.८०	१०१७०	४४.४२

उल्लिखित तथ्याङ्कबाट २०७८।७९ मा भन्दा २०७९।८० मा सामान्य रूपमा प्रसूति हुनेको दर १.५३ प्रतिशतले घटेकोमा २०८०।८१ मा १३.१७ प्रतिशत घटेको देखिन्छ तर सिजरिन (शल्यक्रिया) बाट प्रसूति सेवा लिनेको सङ्ख्या प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ।

८२. **आई.भी.एफ.सेवा** - अस्पतालले २०६९ सालबाट आई.भी.एफ.(टेष्ट ट्युब बेबी) सेवा सञ्चालन गर्दै आएकोमा यो वर्ष २० जनालाई त्यस्तो सेवा दिएको देखिन्छ। सोमध्ये ४ जना (२० प्रतिशत) को उपचार सफल रहेको छ। अस्पतालको अहिलेको संरचना र जनशक्तिबाट ५० जनासम्मलाई सेवा दिन सकिने अवस्था रहेको देखिन्छ। अस्पतालबाट यो सेवा लिँदा रु.२ लाख शुल्क लिने गरेकोमा यो

वर्षदेखि रु.९० हजार लिने र औषधी तथा औषधीजन्य सामग्री सम्बन्धितलाई नै खरिद गर्न लगाउने निर्णय गरी यस वर्ष रु.३१ लाख ९० हजार आम्दानी गरेको छ। अस्पतालले भौतिक पूर्वाधार र दक्ष एवं विज्ञ चिकित्सकको व्यवस्था गरी सुलभ र सहज रूपमा सेवा सञ्चालन गर्नुपर्दछ।

भरतपुर अस्पताल

जनतालाई सर्वसुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले २०१३ सालमा स्थापना भएको यो अस्पताल नेपाल सरकार मन्त्रीपरिषद्को २०७५।११।३ को निर्णयअनुसार विशिष्टीकृत विशेषज्ञसहित सङ्घीय अस्पतालमा स्तरोन्नति भएको छ। यस अस्पतालले मुख्यतः बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, विभिन्न शल्य चिकित्सा, ए.आर.टी., पी.एम.टी.सी.टी., सुरक्षित मातृत्व तथा परिवार नियोजनलगायतका विशेषज्ञ सेवा उपलब्ध गराउँदै आएको छ।

८३. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	६४६५५३	५८१३५९
नेपाल सरकारको अनुदान	६८३३१२	४७३२२१
आन्तरिक आय	११२१५६२	१५५९१३२
अन्य आय	३४७३७	१४८३०
जम्मा आयः	**२४८६१६४**	**२६२८५४२**
प्रत्यक्ष खर्च	४६६८३	१४६९७७६
सञ्चालन खर्च	१८२५२४४	४७३२२१
अन्य खर्च	३२८७८	५६८६
बाँकी मौज्दात	५८१३५९	६७९८५९
जम्माः	**२४८६१६४**	**२६२८५४२**

८४. **जग्गा लिज** - सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९ मा भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्नुपर्ने र लिज रकम मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनका लागि तोकेको चालु वर्षको न्यूनतम मूल्याङ्कनको आधारमा गरिने र न्यूनतम वार्षिक लिज रकम चालु वर्षको न्यूनतम मूल्याङ्कनको एक प्रतिशत तोकेको छ। अस्पतालले वार्षिक रु.९ लाख भाडा लिने गरी २०५४।४।२४ मा ४९ वर्षका लागि ९ विघा जग्गा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको एक कलेजलाई लिजमा दिएको देखियो। मालपोत कार्यालय, चितवनको २०८०।८१ को मूल्याङ्कनअनुसार उक्त स्थानको जग्गा प्रति कट्ठा रु.७० लाखका दरले एक वर्षको कुल जग्गाको मूल्य रु.१ अर्ब २६ करोड हुन आउने देखिन्छ। सो मूल्यको १ प्रतिशतले हुने रु.१ करोड २६ लाख एक वर्षको लिज शुल्क प्राप्त हुनुपर्ने देखिन्छ। तर अस्पतालले वार्षिक रु.९ लाख मात्र लिज रकम लिने गरी सम्झौता गरेकोले अस्पतालको वार्षिक रु.१ करोड १७ लाख आम्दानी कम भएको छ। यसै गरी अस्पतालको ४ बिघा जग्गा नेपाल नेत्रज्योति सङ्घ अन्तर्गत सञ्चालित भरतपुर आँखा अस्पताललाई नेपाल सरकारले भोगाधिकार दिएको देखिन्छ। उक्त जग्गाको यो वर्षको मालपोतको मूल्याङ्कनअनुसार रु.५६ करोडको १ प्रतिशतले वार्षिक रु.५६ लाख आय प्राप्त गर्नुपर्नेमा कुनै आय प्राप्त गरेको देखिएन। कानुनमा उल्लिखित व्यवस्थाअनुसार लिज सम्झौता गरी आय आर्जन गर्नुपर्दछ।

कान्ति बाल अस्पताल

बाल स्वास्थ्यसम्बन्धी अध्ययन, अनुसन्धान केन्द्रको रूपमा संस्थागत विकास गर्ने उद्देश्यले २०१९ मा स्थापित यो अस्पताल बालबालिकासम्बन्धी उपचार सेवा प्रदान गर्न केन्द्रीय बाल अस्पतालको रूपमा हाल विकास समिति गठन आदेश, २०४० बमोजिम सञ्चालन हुँदै आएको छ।

८५. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	९५९९६	१२६३२९
नेपाल सरकारको अनुदान	३६२९०७	३५१९१०
आन्तरिक आय	३६७०५१	३१९७६५
अन्य आय	२०७६१	१००५४
जम्मा आय	**८४६७१५**	**८०८०५८**
सञ्चालन खर्च	७२९४७५	६८४१८७
अन्य खर्च	४००७	८३७२
बाँकी मौज्दात	११३२३३	११५४९९
जम्मा	**८४६७१५**	**८०८०५८**

अस्पताललले यो वर्ष गत वर्षको जिम्मेवारी सार्दा रु.१ करोड ३० लाख ९६ हजार बढी जिम्मेवारी सारेकोमा सो को खुलासा गरेको छैन।

८६. **सेवा प्रवाह** - अस्पतालको मेडिकल अभिलेखअनुसार विगत ३ वर्षमा अस्पतालबाट सेवा लिने बिरामी सङ्ख्या शय्या, उपयोग दर र औसत बसाइ अवधि दिन निम्नानुसार छः

विवरण	२०७८।७९	२०७९।८०	२०८०।८१
बहिरङ्ग सेवा (ओपीडी) सङ्ख्या	११६४५३	१४६२४९	१५२४१३
इमर्जेन्सी सेवा सङ्ख्या	४४८९२	५३००७	५१८८६
अन्तरङ्ग सेवा बिरामी भर्ना सङ्ख्या	८०६०	९५३३	९६८५
शय्या उपयोग दर	६०	७७	७७
बिरामीको औसत बसाइ दिन	७	८	७

अस्पतालको ३०० शय्या स्वीकृत भए तापनि हाल ३९० शय्याबाट बिरामीको उपचार भइरहेको छ। अस्पतालबाट प्राप्त विवरणअनुसार हाइड्रोसिलको शल्यक्रिया गर्न ६ महिनादेखि २ वर्ष, सामान्य शल्यक्रिया गर्न ३ महिनादेखि १ वर्ष, मेजर शल्यक्रिया गर्न ६ महिनादेखि २ वर्षसम्म पालो पर्खनुपर्ने अवस्था छ। अस्पतालमा ३ शल्य चिकित्सा कक्ष रहेकोमा २ वटा मात्र चालु अवस्थामा छन्। अस्पतालमा ३३ शय्याको आई.सी.यू. र ३० शय्याको सर्जिकल वार्ड रहेकोमा सबै शय्या सञ्चालन भए तापनि आई.सी.यू.सेवा आवश्यक पर्ने केही बिरामीलाई शय्या अभाव भएर अन्यत्र प्रेषण गर्नुपर्ने अवस्था छ। अस्पतालमा आई.सी.यू.बेड र नयाँ आधुनिक मोड्युलर ओ.टी.को व्यवस्था गरी सेवा प्रवाह गर्नुपर्दछ।

कोशी अस्पताल

सर्वसाधारण जनतालाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले विकास समिति ऐन, २०१३ बमोजिम स्थापित यस अस्पतालले बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग सुरक्षित मातृत्व सेवालगायतका विशिष्टीकृत सेवा प्रदान गर्दै आएको छ। स्वीकृत ३५० शय्याको यस अस्पतालमा हाल २३७ शय्याबाट बिरामीको उपचार हुँदै आएको छ।

८७. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	५३५३३	५७५७९
नेपाल सरकारको अनुदान	३६६६२२	४२०८६९
आन्तरिक आय	५५४३०५	५०७९२६
अन्य आय	४५७३	५०००
जम्मा आय	**९७९०३३**	**९९१३७४**
चालु खर्च	८९२७०६	९११५६१
पुँजीगत खर्च	१७७२५	५१४९७
अन्य खर्च	११०२३	८७०२
बाँकी मौज्दात	५७५७९	१९६१४
जम्मा	**९७९०३३**	**९९१३७४**

उल्लिखित तालिकाअनुसार आन्तरिक आय गत वर्ष रु.५५ करोड ४३ लाख ५ हजार रहेकोमा यो वर्ष ८.३७ प्रतिशतले ह्रास आई रु.५० करोड ७९ लाख २६ हजार रहेको देखिन्छ।

८८. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को (१क) मा सार्वजनिक निकायले २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्नसक्ने व्यवस्था छ।त्यस्तै नियम ८४(१क) मा ५० लाखसम्म सिलबन्दी दरभाउपत्रको माध्यमबाट सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पताल फार्मेसीले यस वर्ष औषधी तथा सर्जिकल सामानको वार्षिक अनुमानअनुसार एकमुष्ट लागत अनुमान बनाई खुला बोलपत्रको माध्यमबाट खरिद गर्दा सबै आइटममा बोलपत्रदाताले प्रतिस्पर्धा नगरेको कारण प्रतिस्पर्धाबेगर सिधै खरिद गरेको छ। पहिलो पटक सबै आइटममा बोलपत्र दाखिला नभए पुनः बोलपत्र आह्वान गर्नुपर्नेमा सो नगरी यो वर्ष खरिद गरेको रु.८ करोड ६१ लाख ७१ हजारमध्ये रु.३ करोड ७० लाख ६९ हजार गत वर्षको टेण्डरको दरबाट र रु.४ करोड ९१ लाख २ हजार पटक-पटक गरी विभिन्न सप्लायर्सबाट सोझै खरिद गरेको छ। प्रचलित ऐनविपरीत प्रतिस्पर्धा सीमित हुने गरी खरिद गरेको नियमसंगत देखिएन।

८९. **सम्पत्तिको संरक्षण** - कोशी अस्पताल विकास समिति (गठन) आदेश, २०७६ मा अस्पताल विकास समितिको काम कर्तव्यअन्तर्गत अस्पतालको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्नेसमेत रहेको छ। अस्पतालको स्वामित्वमा रहेको मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं.७ को ६ कित्ताको ५ बिघा ९ कठ्ठा जग्गा रहेको विवरण प्राप्त भएको छ। उक्त जग्गामध्ये अस्पतालको दक्षिणतर्फ गणेश मन्दिर व्यवस्थापन समिति, क्षयरोग निवारण संस्था र एक पुस्तकालयले उपयोग गरेको छ।

अस्पतालले ती संस्थालाई जग्गा प्रयोग गर्न दिनेगरी गरेको सम्झौता पेस भएन। उक्त जग्गामा मन्दिर व्यवस्थापन समिति, क्षयरोग निवारण संस्था र पुस्तकालयको कार्यालय सञ्चालन गर्नुको साथै करिब २० वटा सटर भाडामा समेत लगाएको देखिन्छ। ती सटर तथा जग्गा उपयोग गरेबापत अस्पताललाई कुनै आम्दानी प्राप्त भएको छैन। यसरी अस्पतालको जग्गा अतिक्रमण गरी अन्य संस्थाहरूले भाडा आय-आर्जन गर्दा समेत अस्पताल विकास समितिले कुनै कारबाही गरेको छैन। यससम्बन्धी बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औँल्याइएकोमा स्थिति यथावत् छ।

९०. **ज्यालादारी कर्मचारी** - कोशी अस्पताल नियमावली, २०६३ को नियम ६.२ मा अस्पतालको कामको निमित्त तत्काल स्थायी पदपूर्तिबाट नियुक्त नगरेमा सेवाको काममा गम्भीर असर पर्ने भएमा मेडिकल सुपरिण्टेण्डेण्टले सो पदका लागि तोकिएको योग्यता पुगेका कुनै व्यक्तिलाई दैनिक ज्यालादारीमा बढीमा एक महिनासम्मका लागि नियुक्ति गरी काम लगाउनसक्ने, नियुक्त कर्मचारीलाई एक महिनाभन्दा बढी अवधि काममा लगाउनुपर्ने अवस्थामा विकास समितिको स्वीकृति लिनुपर्ने र ६ महिनाभन्दा बढी अवधिको निमित्त ज्यालादारीमा नियुक्त नगरिने व्यवस्था छ। तर अस्पतालले बायोमेडिकल इन्जिनियर, सिभिल इन्जिनियर, मेडिकल अफिसर र कार्यालय सहयोगीलगायत विकास समितितर्फ ७७ ज्यालादारी कर्मचारीहरू नियुक्त गरी यो वर्ष रु.२ करोड ३५ लाख ४३ हजार खर्च लेखेको छ। स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

९१. **दोहोरो भत्ता** - प्रयोगशाला जोखिम भत्ता व्यवस्थापन निर्देशिका, २०७२ मा प्रयोगशालामा कार्यरत कर्मचारीलाई सुरु तलब स्केलको २५ प्रतिशत जोखिम भत्ता प्रदान गर्नुपर्ने व्यवस्था छ। अस्पताल विकास समितिले नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानबाट यस अस्पतालको प्याथोलोजी, रेडियोलोजी तथा सी.टी.स्क्यान लगायतमा कार्यरत कर्मचारीहरूलाई तलबको २५ प्रतिशत भत्ता भुक्तानी दिँदै आएको देखिन्छ। नेपाल सरकारको अनुदानबाट जोखिम भत्ता भुक्तानी गरेकोमा पुनः अस्पतालको प्रयोगशालाबाट प्राप्त हुने आम्दानीको ७.५ प्रतिशतले बाँडफाँट गरी रु.१ करोड ६६ लाख १९ हजार भत्ता भुक्तानी गरेको छ। एउटै काम गरेबापत नेपाल सरकारबाट भत्ता भुक्तानी गरेकोमा पुनः समितिको निर्णयले आन्तरिक आयबाट समेत भत्ता भुक्तानी दिएको उचित देखिएन। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

नारायणी अस्पताल

स्वास्थ्य सेवासम्बन्धी नीति र योजनालाई कार्यान्वयनमा ल्याई सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको स्वास्थ्य सेवाको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले यस अस्पतालको स्थापना भएको हो। हाल अस्पताल विकास समिति गठन आदेश, २०७६ बमोजिम सञ्चालित छ।

९२. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	३१०५९	२८८६४
नेपाल सरकारको अनुदान	४४४६२२	३३२९३१
आन्तरिक आय	२३८४९७	२६२३४४
अन्य आय	१३७२८	७७७४

जम्मा आय	७२७९०६	६३१९१३
चालु खर्च	५१३०६२	६२१६९१
पुँजीगत खर्च	१६५९८७	०
अन्य खर्च	१९९९३	३४०३
बाँकी मौज्दात	२८८६४	६८१९
जम्मा	**७२७९०६**	**६३१९१३**

९३. **सेवा प्रवाह** - अस्पतालको लागि ३०० शय्या स्वीकृत भएकोमा हाल ३०३ शय्या सञ्चालनमा रहेको छ। अस्पतालले आकस्मिक, बहिरङ्ग, आइ.सी.यु, अन्तरङ्ग सेवा प्रदान गर्दै आएकोमा यो वर्ष आकस्मिक सेवा ४२ हजार ७५७ जना, ओ.पी.डी. सेवा २ लाख १५ हजार ९४३ जना, अन्तरङ्ग सेवा १८ हजार ११९ जनालाई सेवा प्रदान गरेको विवरण पेस गरेको छ।

९४. **खरिद सम्झौता कार्यान्वयन -** अस्पतालको लागि आवश्यक औषधी आपूर्ति गर्न २०७९।८० मा एक फर्मास्यूटिकल्ससँग भएको खरिद सम्झौताको बुँदा नं.१० अनुसार सम्झौता अवधि २०७९।८० आषाढ मसान्तसम्म हुने र अस्पताललाई आवश्यक परेमा २०८०।८१ को प्रथम चौमासिकसम्म निज आपूर्तिकर्ताले औषधी आपूर्ति गर्नुपर्ने उल्लेख छ। साथै बुदा नं.९ अनुसार आपूर्तिकर्ताले सम्झौताबमोजिम औषधी आपूर्ति नगरे अस्पतालले अर्को व्यवस्था गर्ने र यसबाट हुन गएको क्षति आपूर्तिकर्ताको धरौटीबाट कट्टा गरिने उल्लेख छ। उक्त आपूर्तकले औषधी आपूर्ति नगरेका कारण अस्पतालले यो वर्ष रु.१ करोड ३१ लाख ८१ हजार बराबरको औषधी विभिन्न आपूर्तकबाट सोझै खरिद गरेको छ। यसबाट अस्पताललाई रु.५१ लाख ८२ हजार थप व्ययभार पर्न गएकोले सम्झौताको सर्तबमोजिम निज आपूर्तिकर्ताबाट थप व्ययभार पर्न गएको रकम असुल गर्नुपर्दछ।

राष्ट्रिय ट्रमा सेन्टर

आकस्मिक घटना, दुर्घटना, प्राकृतिक प्रकोप, कुटपिट, चोटपटक आदिबाट घाइते भएका व्यक्ति तथा ट्रमासम्बन्धी रोगबाट पीडित बिरामीहरूलाई प्रभावकारी एवं गुणात्मक रूपले स्वास्थ्य सेवा, ट्रमासम्बन्धी उपचारको क्षेत्रमा आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ अनुसार २०७१ सालमा यस सेन्टरको स्थापना भएको हो। शय्या सङ्ख्या २०० रहेको यस सेन्टरले अर्थोपेडिक्स, न्यूरो, बर्न ल्पास्ट सी.टी.भी.एस.र पोस्ट अपरेसनसमेत ४ वार्डबाट सेवा प्रवाह गर्दै आएको छ।

९५. **आय-व्यय** - सेन्टरको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	४४९६९	२५८२६
नेपाल सरकारको अनुदान	६१२३३७	६४८२७८
आन्तरिक आय	११२२८३	५७८२१४
अन्य आय	३७४१०५	०
जम्मा आय	**११४३६९४**	**१२५२३१८**
चालु खर्च	१११७८६८	६४८२७८
पुँजीगत खर्च	०	५२१२६३
बाँकी मौज्दात	२५८२६	८२७७७
जम्मा	**११४३६९४**	**१२५२३१८**

९६. **सेवा प्रवाह** - सेन्टरबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको सेवा प्रवाहको स्थिति देहायअनुसार छः

विवरण	२०७८।७९	२०७९।८०	२०८०।८१
ओ.पी.डी.सङ्ख्या	७१३१०	८२९७८	११३१७३
इमर्जेन्सी बिरामी भर्ना	१८३४५	१७४४९	१८३७०
ट्रमा सेन्टर भर्ना भई उपचारार्थ	४२६२	५४६४	५५७५
शल्यक्रिया भएको बिरामी सङ्ख्या	५३६९	६९०६	६९४७
स्वास्थ्य लाभ भई डिस्चार्ज भएको बिरामी	४२११	५४१९	५४४९

उल्लिखित तथ्याङ्कअनुसार अस्पतालबाट सेवा लिने बिरामीको सङ्ख्या प्रत्येक वर्ष वृद्धि हुँदै गएको छ। सेवा लिने बिरामीको सङ्ख्यामा वृद्धि हुँदै जाँदा पनि भौतिक पूर्वाधारको अवस्थामा वृद्धि हुनसकेको छैन। सेन्टरले आवश्यक स्रोत साधनको व्यवस्था गरी सेवा प्रदान गर्नुपर्दछ।

९७. **मेसिन उपकरण** - अस्पतालको सेवा चुस्त दुरुस्त हुन पर्याप्त मात्रामा मेसिन उपकरण उपलब्ध भई सोको सञ्चालन हुनुपर्दछ। उपचारमा आवश्यक पर्ने एम.आर. आई.मेसिन अस्पतालमा नरहेको कारण एम.आर.आई.गर्नुपर्ने बिरामीलाई बाहिर पठाउनुपर्ने अवस्था रहेको छ। सेन्टरमा मुटु रोगको उपचारमा उपयोग हुने अमेरिकी डलर ५० हजार ५०० को क्याथल्याब मेसिन दक्ष जनशक्तिको अभावमा २०६९ सालदेखि उपयोगविहीन रहेको छ। यसै गरी अन्यत्रबाट अनुदानमा प्राप्त भएको रु.२ करोड ५१ लाख ३२ हजार मूल्यको १४ थान भेन्टिलेटर, रु.८६ लाख ११ हजारका ५ थान सी.आर्म. मेसिन र रु.९९ लाख ६६ हजार मूल्यका ब्याकमानकाउल्टर बिग्रिएको कारण सञ्चालनमा रहेको छैन। स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन उपलब्ध मेसिन सञ्चालनको लागि व्यवस्था गर्नुपर्दछ।

९८. **कर्मचारी व्यवस्थापन** - अस्पतालमा कुल दरबन्दी सङ्ख्या २६२ रहेकोमा २२३ पदपूर्ति भई कन्सल्टयान्ट प्लास्टिक सर्जन १, कन्सल्टयान्ट स्पाइन सर्जन १, कन्सलटेन्ट कार्डियो थेरासिक सर्जन १, मेडिकल अधिकृत ५, नर्सिङ्ग अधिकृत १, स्टाफ नर्स ३० लगायतका ३९ पदहरू रिक्त रहेका छन्। रिक्त दरबन्दी पदपूर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

९९. **छुट -** सेन्टरले खरिद गरेको सिटी स्क्यान मेसिनको उत्पादक कम्पनीको वारेन्टी सुविधा अन्तर्गत ट्युब खरिद गरेको १२ महिना वा अधिकतम २ लाख स्क्यानसम्म नयाँ ट्युब खरिदमा ४० प्रतिशत छुट पाउने व्यवस्था रहेको छ। सो व्यवस्थाअनुसार सेन्टरले ट्युबको मूल्य रु.१ करोड २५ लाख ३ हजारमा ४० प्रतिशतले हुने रु.५० लाख १ हजार छुट लिनुपर्नेमा पुरानो ट्युबको मूल्य रु.४१ लाख २७ हजार घटाई हुने रु.८३ लाख ७६ हजारको ४० प्रतिशतले हुने रु.३३ लाख ५० हजार मात्र छुट सुविधा लिएको देखिन्छ। घटी छुट लिएको रकम रु.१६ लाख ५१ हजार सम्बन्धित आपूर्तकबाट असुल गर्नुपर्दछ।

शहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र

उच्चस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ रूपमा स्वदेशमै उपलब्ध गराई मुटुरोगीहरूलाई जीवनयापन गर्न सक्षम तुल्याउन तथा हृदयरोगसम्बन्धी उच्चस्तरीय दक्ष जनशक्ति तयार गर्ने मूल उद्देश्य लिई शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ बमोजिम यस केन्द्रको स्थापना भएको हो। मुटुरोगको रोकथाम, निदान, उपचार तथा हृदय रोगीहरूको पुनःस्थापनाको लागि उच्चस्तरीय विशेषज्ञ सेवा प्रदान गर्नुको साथै मुटुरोग तथा हृदय शल्यक्रियाको राष्ट्रिय सन्दर्भ केन्द्रको रूपमा कार्य गर्दै आएको छ।

१००. **आय-व्यय** - केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	३१३५५०३	३७०२८४०
नेपाल सरकारको अनुदान	५४२९००	४५०५००
आन्तरिक आय	२००९३२४	२३२५७२३
अन्य आय	१७५५३३	१५२२९१
जम्मा आय	**५८६३२६०**	**६६३१३५४**
प्रत्यक्ष खर्च	९७०७५२	२४८८३९
सञ्चालन खर्च	११८९६६८	२४४६३२४
बाँकी मौज्दात	३७०२८४०	३९३६१९१
जम्मा	**५८६३२६०**	**६६३१३५४**

१०१. **सेवा प्रवाह -** केन्द्रको मेडिकल रेकर्डअनुसार विगत पाँच वर्षमा उपलब्ध गराएको सेवा र खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	आर्थिक वर्ष				
	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१
केन्द्रको कुल खर्च	१८८५०४०	१९०५६३१	१६६९१३७	२०८७४१२	२६९५३४२
बिरामी सङ्ख्या (अन्तरङ्ग र बहिरङ्ग)	१२६३४३	१०१४३४	१७१५७५	१९१४२८	२०४४४०
प्रति बिरामी लागत (रु.)	१४९२०	१८७८६	९७२८	१०९०४	१३१८४

उक्त तथ्याङ्कअनुसार प्रत्येक वर्ष मुटुरोगीको सङ्ख्यामा वृद्धि भइरहेको देखिन्छ भने प्रति बिरामी लागतसमेत गत वर्षको तुलनामा वृद्धि भएको देखिन्छ।

बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, चितवन

क्यान्सर रोगसम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानका लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगको रोगथाम, निदान र उपचारको लागि उच्चस्तरीय स्वाथ्य सेवा प्रदान गरी मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन राष्ट्रिय प्रेषण अस्पतालको रूपमा बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत यो अस्पतालको स्थापना भएको हो।

१०२. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	३८७४३२	५४०१२०
नेपाल सरकारको अनुदान	३९७५८०	४०५६२८
आन्तरिक आय	५०७७८७	५९६५४३
अन्य आय	१५८१०४३	१४३५४२३
जम्मा आय	**२८७३८४२**	**२९७७७१४**
सञ्चालन खर्च	११६९४०५	१०७९८२८
अन्य खर्च	११७२९४२	१५४२३४२
बाँकी मौज्दात	५३१४९५	३५५५४४
जम्मा	**२८७३८४२**	**२९७७७१४**

अस्पतालले गत वर्षको मौज्दात यो वर्ष रु.८६ लाख २५ हजार बढी जिम्मेवारी सारेकोमा सोको कारण खुलासा गरेको छैन।

१०३. **सेवा प्रवाह -** अस्पतालको मेडिकल रेकर्डअनुसार यो वर्ष ३० हजार १३८ जनालाई प्रयोगशाला सेवा, १ लाख ८७ हजार ९१२ जनालाई बहिरङ्ग सेवा र ११ हजार ६८३ जनालाई अन्तरङ्ग सेवा प्रदान गरेको देखियो। क्यान्सर रोगको पहिचान तथा निदान गर्ने उद्देश्यले स्थापना भएको यस अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा प्रवाहलाई थप गुणस्तरीय र सुदृढ बनाउनुपर्दछ।

१०४. **कल्याण कोष** - बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ को नियम ९८ (क) मा कर्मचारीको हकहितको निमित्त एक कल्याण कोष रहने र सो कोषको सञ्चालन सम्बन्धी कार्यविधि समितिबाट स्वीकृत भएबमोजिम हुने व्यवस्था छ। सो नियम बमोजिम कल्याण कोष सञ्चालन कार्यविधि समितिले तयार गरी कोष सञ्चालनमा आएको देखिएन। नियमावलीअनुसारको कार्यविधि निर्माण नगरी समितिले २०८०।६।९ को बैठकको निर्णयअनुसार अस्पतालमा कार्यरत ५ वर्ष स्थायी सेवा अवधि पुगेका कर्मचारीलाई प्रत्येक वर्षको सेवा अवधिको लागि आधारभूत तलबमानको आधा महिनाको तलब बराबरको रकम अवकाश हुँदाका बखत कल्याण कोषबाट सुविधा उपलब्ध गराउने निर्णय गरी २८ कर्मचारीलाई रु.१ करोड १६ लाख ४९ हजार भुक्तानी गरेको देखियो। नियमावलीअनुसार कार्यविधि तयार गरी कल्याण कोष सञ्चालन गर्नुपर्दछ।

१०५. **आवास सुविधा** - बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, कर्मचारी प्रशासन नियमावली, २०६६ को दफा १०१(२) बमोजिम आवास सुविधा उपयोग गर्ने कर्मचारीले उपभोग गरेको आवासको भौतिक सुविधाको आधारमा निजको सुरु तलबको ३ देखि ५ प्रतिशतका दरले हुने रकम अस्पतालको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। अस्पताल हाताभित्र कर्मचारीले उपभोग गरेको आवास सुविधाबापतको रकम असुल नगरेकोले २४१ जना कर्मचारीबाट यो वर्ष रु.८७ लाख ८५ हजार अस्पतालको खातामा जम्मा हुनुपर्ने देखिन्छ। नियममा भएको व्यवस्थाअनुसार आवास सुविधा उपभोग गर्नेबाट रकम असुल गर्नुपर्दछ।

शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर

विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिम २०६९।१।११ मा मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) आदेश, २०६८ अन्तर्गत यस केन्द्रको स्थापना भएको हो। केन्द्रले २०६९ कार्तिक २७ देखि हेमोडाइलासिस सेवा सुरु गरेको हो।

१०६. **आय-व्यय** - केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
गत वर्षको जिम्मेवारी	१४७८५२	३२०२८१
नेपाल सरकारको अनुदान	३२००३२	२५४२६३
आन्तरिक आय	५०३७३३	४४२२५९
अन्य आय	२९५८१	१६३२
जम्मा आय	**१००११९८**	**१०१८४३५**
चालु खर्च	६८०९१७	६२७३९५
अन्य खर्च	०	२२८४
बाँकी मौज्दात	३२०२८१	३८८७५६
जम्मा	**१००११९८**	**१०१८४३५**

१०७. **सेवा प्रवाह -** केन्द्रबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षमा प्रदान गरेको सेवा प्रवाहको स्थिति देहायअनुसार छः

विवरण	२०७८।७९	२०७९।८०	२०८०।८१
ओ.पी.डी.सङ्ख्या	४७०४७	५५५४६	६८३१०
भर्ना सङ्ख्या	२१०६	१९८४	२१६९
अपरेसन (मेजर)	८२७	७५७	७६५
अपरेसन (माइनर)	९७२	८६८	९६९
डायलासिस	२६६४९	२९८१५	३४६८४
सी.ए.पी.डी.	१९	३५	२८
मृगौला प्रत्यारोपण	१६०	१८६	१९४
कलेजो प्रत्यारोपण	३	२	१५

उल्लिखित तालिकाअनुसार ओ.पी.डी.सेवा लिने, डायलासिस गर्ने र मृगौला प्रत्यारोपण गर्नेको सङ्ख्यामा प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको छ। स्थापनाकालदेखि मृगौला प्रत्यारोपण गर्दै आएको केन्द्रले हालसम्म जीवित दाताबाट १ हजार ३९४ र मस्तिष्क मृत्युबाट १० गरी १ हजार ४०४ मृगौला र जीवित दाताबाट ३२ र मस्तिष्क मृत्युबाट ३ गरी जम्मा ३५ कलेजोको प्रत्यारोपण गरेको छ। यस वर्ष केन्द्रले १९४ जनाको मृगौला र १५ जनाको कलेजो प्रत्यारोपण गरेको छ।

केन्द्रले यस वर्ष ३४ हजार ६८४ पटक बिरामीको डायलासिस सेवा उपलब्ध गराएको छ। केन्द्रमा ८६ डायलासिस मेसिन रहेकोमा ६० वटा मात्र चालु अवस्थामा रहेको छ। दैनिक १३५ बिरामीले डायलासिस गराउँदै आएका छन्। हेमाडायलासिसका लागि करिब ७९४ बिरामी प्रतीक्षारत रहेको र हेमाडायलासिको बिरामीले सेवा लिन ६ महिनादेखि एक वर्ष, प्रत्यारोपणको लागि ३ महिनादेखि ६ महिना र सर्जरीको लागि १ देखि २ महिना पालो पर्खन पर्ने अवस्था रहेकोले केन्द्रको भौतिक पूर्वाधार विकास र आवश्यक जनशक्ति एवं डायलासिस मेसिन व्यवस्था गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१०८. **अस्पताल भवन** - केन्द्रको आफ्नै भवन नभएकोले भक्तपुर अस्पतालले उपलब्ध गराएको भवनबाट सेवा सञ्चालन गर्दै आएको छ। अस्पतालले हाल १०० शय्याबाट सेवा प्रवाह गरिरहेको छ। अस्पतालमा उपचारका लागि आउने बिरामीको सङ्ख्या दिनानुदिन बढ्दै गइरहेको अवस्थामा साबिकको साँघुरो स्थानबाट उपचार गर्न कठिन हुने हुँदा बिरामीले सेवा लिन धेरै समय कुर्नुपर्ने स्थिति रहेको छ। नेपाल सरकारबाट ३० वर्षको लागि लिजमा प्राप्त चाँगुनारायण नगरपालिका वार्ड नं.३ झौखेल, भक्तपुरमा रहेको ३१ रोपनी ७ आना जग्गामा यो वर्ष कम्पाउण्ड वाल निर्माणका लागि रु.५ लाख र अस्पताल भवन निर्माणको विस्तृत परियोजना प्रतिवेदनको लागि रु.२५ लाख बजेट व्यवस्था भएकोमा सो कार्य हुनसकेको छैन। केन्द्रको लागि पर्याप्त भवन र स्थानको अभावमा बिरामीले सहजरूपमा स्वास्थ्य सेवा प्राप्त गर्न नसककोले गुरुयोजना बमोजिम भवन निर्माणलगायतका पूर्वाधार निर्माण हुनुपर्दछ।

भक्तपुर क्यान्सर अस्पताल

नेपाल सरकारले क्यान्सर रोगको रोकथाम, निदान, उपचार र प्यालिएटिभ सेवाको लागि उच्चस्तरीय तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नेसमेतको कार्यका लागि भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश, २०७७ बमोजिम अस्पतालको स्थापना भएको हो।

१०९. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०	२०८०।८१
नेपाल सरकारको अनुदान	०	१८७९६
अस्पताल सेवा सञ्चलन	३१५५५३	५५४९४३
अन्य आय	१४९०१	१३२२८
जम्मा आय	**३३०४५४**	**५८६९६७**
कर्मचारी खर्च	१९८३६१	२३०६५०
सञ्चालन खर्च	९२७००	११५९४८
प्रत्यक्ष खर्च	१२२६९५	८०४९९
अन्य खर्च	०	४६३२९
जम्मा व्यय	**४१३७५६**	**४७३४२६**
बचत/न्यून	(८३३०२)	११३५४१

११०. **सेवा प्रवाह** - अस्पतालबाट प्राप्त विवरणअनुसार बहिरङ्ग र अन्तरङ्ग सेवा गत वर्ष क्रमशः ८२ हजार ९२४ र ७ हजार ५६१ लाई उपलब्ध गराएकोमा यो वर्ष क्रमशः ९५ हजार ५०४ र ८ हजार ५६९ लाई उपलब्ध गराएको छ। गत वर्ष अन्यत्र रेफर गरिएका बिरामी सङ्ख्या ९५ रहेकोमा यो वर्ष ६६ रहेको छ।

१११. **कर्मचारी व्यवस्थापन** - अस्पताल गठन आदेश, २०७७ को दफा ११ मा अस्पताल सञ्चालन तथा समितिको कार्यसम्पादनको लागि समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरू रहने तथा त्यस्ता कर्मचारीको पद र सङ्ख्या स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वीकृति लिई समितिले निर्धारण गरेबमोजिम हुने, सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत नगराई कुनै पनि पदमा कर्मचारी भर्ना गर्न नपाउने व्यवस्था छ। गठन आदेश प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत कर्मचारीहरू समितिको निर्णयबमोजिम करारमा नियुक्त गर्नसक्ने व्यवस्था बमोजिम समितिबाट निर्णय गरी साविक भक्तपुर क्यान्सर अस्पतालमा कार्यरत कर्मचारीहरूलाई करारमा नियुक्त गरेको छ। मन्त्रालयबाट सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत नगराई समितिको २०७९।४।१९, २०७९।८।९ र २०७९।११।२८ को बैठकको निर्णयबाट तोकिएको दरबन्दी सङ्ख्यामा अस्पतालमा रिक्त भएका मेडिकल अफिसर, पेडियाट्रिक हेमाटोअन्कोलोजिष्ट, स्टाफ नर्स, ल्याब असिष्टेण्ट, फार्मेसी सहायकलगायत २३ कर्मचारीहरूलाई करारमा नियुक्त गरेको छ। गठन आदेशबमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गराई कर्मचारी व्यवस्थापन गरी सेवा सुचारु गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा खरिद योजनाअनुसार खरिद नगरेको, दरबन्दीअनुसार पदपूर्ति नभएको, चौथो त्रैमासिक तथा आषाढ महिनामा बढी खर्च गरेको, विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डअनुसार मेडिकल अडिट नगराएको, अस्पताल विकास समितितर्फको कार्यसञ्चालन कोष र विविध खातातर्फको आय-व्यय समावेश गरी केन्द्रीय आर्थिक विवरण तयार नगरेको, पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेको, सोझै खरिद गरेको, भुक्तानीमा कर कट्टी नगरेको, पारिश्रमिक कर कट्टी नभएको, मेसिन उपकरण

जडान एवं सेवा सञ्चालन नगरेको, मन्त्रालयबाट छनोट भई छात्रवृत्तिमा गएका विद्यार्थीले सम्झौताबमोजिम कार्य गरे नगरेकोमा अद्यावधिक लगत नराखेको, भक्तपुर क्यान्सर अस्पतालले नियमावली तर्जुमा बेगर समितिको निर्णयबाट अस्पताल सञ्चालन गरेकोलगायतका बेहोरा औँल्याएकोमा अधिकांश अस्पताल तथा स्वास्थ्य संस्था सोही अवस्थामा रहेको पाइयो। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ १६ निकायमा रु.३० करोड ३ लाख ४६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ करोड ४३ लाख ४६ हजार फर्स्यौट गरेकोले रु.२३ करोड ६० लाख बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची १५ मा छ।
  - सङ्गठित, अन्य संस्था र समिति २९ तर्फ रु.१ अर्ब ५३ करोड १२ लाख ७५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ करोड ७७ लाख ११ हजार फर्स्यौट गरेकोले रु.१ अर्ब ४७ करोड ३५ लाख ६४ हजार बाँकी रहेको छ। सोमध्ये रु.२६ करोड ७८ लाख २७ हजार म्याद नाघेको पेस्की रहेको छ। यस सम्बन्धी विवरण अनुसूची १६ मा छ।

राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ बमोजिम राष्ट्रको तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासको लागि दूरगामी सोचसहितको विकास योजनाको तर्जुमा गर्ने र त्यसको कार्यान्वयनमा सहजीकरण एवं अनुगमन तथा मूल्याङ्कन गर्ने नेपाल सरकारको विशिष्टीकृत निकायको रूपमा आयोगले कार्य गरिरहेको छ। प्रधानमन्त्रीको अध्यक्षतामा एक जना उपाध्यक्षसहित ७ जना सदस्य, २ पदेन सदस्यहरू र सदस्य सचिवको रूपमा आयोगको सचिवसहित १०५ कर्मचारी दरबन्दी रहेको छ।

१. **सरकारी कार्यालय -** राष्ट्रिय योजना आयोगको निम्नानुसार रु.१८ करोड ५० लाखको लेखापरीक्षण सम्पन्न भएको छः

(रु. लाखमा)

विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१७१६	-	१५	११९	१८५०

२. **आवधिक योजना कार्यान्वयन -** आयोगबाट स्वीकृत पन्ध्रौं योजनाले राखेका अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	आधार वर्ष (२०७५।७६)	२०८०।८१ सम्मको लक्ष्य	२०७९।८० को यथार्थ उपलब्धि	२०८०।८१ सम्मको अनुमानित उपलब्धि
१	वार्षिक औसत आर्थिक वृद्धिदर (प्रतिशत)	६.८	१०.३	२.३	३.५
२	कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.८	५.८	२.७	३.०
३.	उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	१२.२	१४.६	१.४	१.२
४.	सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	७.९	१०.७	२.४	४.५
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	४.६	६.०	७.७	६.०
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१०४७	१५९५	१४०५	१४५६
७.	गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत) निरपेक्ष	१८.७	९.५	२०.३	२०.३
८.	मानव विकास सूचकाङ्क	०.५७९	०.६२४	०.६०१	०.६०९
९.	अपेक्षित आयु (जन्म हुँदाको समयमा, वर्ष)	६९.७	७२.०	७१.३	७१.६
१०.	खानेपानी सेवा पुगेको जनसङ्ख्या (प्रतिशत)	८९	९९	९७	९७.०
११.	साक्षरता दर (५ वर्ष माथि, प्रतिशत)	५८	९५	७६.२०	७८.०
१२.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	१२५०	५८२०	२९६२	२९६२
१३.	विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	८८	१००	९६.७	९८
१४.	इन्टरनेट सेवामा पँहुच प्राप्त जनसङ्ख्या (प्रतिशत)	६५.९	८०	६९.२	७५

स्रोतः सोह्रौं योजना, मध्यमकालीन खर्च संरचना २०८१।८२

आधार वर्षको तुलनामा योजना अवधिको अन्तिम वर्षसम्म केही सूचकहरूमा सुधार आए पनि अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। पन्ध्रौं योजनाका लक्ष्यहरूको अपेक्षित रूपमा उपलब्धि हुन नसकेको अवस्थामा हाल सोह्रौं योजना कार्यान्वयनमा आएको छ। यस योजनाले राखेका लक्ष्यहरू हासिल गर्न विषयगत मन्त्रालयहरूलाई जवाफदेही बनाउँदै आयोगबाट हुने अनुगमनलाई थप प्रभावकारी बनाउनुपर्दछ।

३. **बजेट र खर्च –** आयोगको लागि यस वर्षको विनियोजन भएको बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु	२२६०	२३९५	१६५४	६९.०९
पुँजीगत	७९	७९	६२	७८.०३
जम्मा	२३३९	२४७४	१७१६	६९.३७

४. **वैदेशिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(१) अनुसार वैदेशिक सहायतासम्बन्धी विवरण केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्ने व्यवस्था छ। बजेट वक्तव्य साथ संसदमा पेस गरेको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा योजना आयोगको लागि यसवर्ष दिगो विकास लक्ष्यको कार्यान्वयन अभिवृद्धिको लागि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम मार्फत अमेरिकी डलर २ लाख ५५ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ। उक्त रकम मध्ये खर्च भएको रकम आर्थिक विवरणमा समावेश गरी लेखापरीक्षण गराएको छैन। आयोगको सबै आयव्ययलाई केन्द्रीय वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

५. **राष्ट्रिय विकास समस्या समाधान समिति** - अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को दफा २३ बमोजिम विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा, समस्याको समाधानलगायत नीतिगत विषयको काम गर्नको लागि प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय विकास समस्या समाधान समिति रहने व्यवस्था छ। यो वर्ष समितिको ५१ औं र ५२ औं बैठक बसेको छ। ५१ औं बैठकमा नागरिकका संवेदनशील व्यक्तिगत विवरणहरू एकीकृत पोर्टलबाट व्यवस्थापन गर्न प्रणालीको विकास गर्ने, कृषियोग्य जग्गाको उचित उपयोगलगायत १० निर्णय तथा ५२ औं बैठकमा सबै प्रदेशमा सवारी करमा एकरूपता कायम गर्ने, सहकारी संस्थाको व्यवस्थापन तथा कर्जा प्रवाहको अनुगमन संयन्त्रको विकास र सुदृढीकरण, आयोजना निर्माणमा प्रयोग हुने जग्गाको हदबन्दी, विनियोजित बजेट खर्च गर्न दिन सकिने निकायहरूलगायतले हाल प्रयोगमा ल्याएका छुट्टै कोषहरू खारेजी गरी कोषको आम्दानी सञ्चित कोषमा जम्मा गर्ने, प्रहरी समायोजनलगायत १३ निर्णयको कार्यान्वयनको लागि विषयगत मन्त्रालयहरूमा पठाएकोमा ती निर्णयहरूको कार्यान्वयन प्रतिवेदन विषयगत मन्त्रालयहरूले तयार पारेको देखिएन। राष्ट्रिय विकास समस्या समाधान समितिको निर्देशन र निर्णयको कार्यान्वयन तालिका बनाई कार्यान्वयन गरेको विषयमा आयोगले नियमित अनुगमन र पृष्ठपोषण तयार गर्नुपर्दछ।

६. **मध्यमकालीन संरचना र विनियोजन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत र खर्चको पूर्वानुमान चालु वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्ने उल्लेख छ। आर्थिक वर्ष २०८०।८१ को लागि २०७७।७८ को मध्यमकालीन खर्च संरचनाले रु.१९ खर्ब ५४ अर्ब ९९ करोड, २०७८।७९ मध्यमकालीन खर्च संरचनाले रु.१९ खर्ब ९७ अर्ब ८० करोड र २०७९।८० मध्यमकालीन खर्च संरचनाले रु.१९ खर्ब ३१ अर्ब स्रोत आवश्यक पर्ने प्रक्षेपण गरेकोमा

२०८०।८१ को बजेट विनियोजन रु.१७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रहेकोमा रु.१३ खर्ब ९३ अर्ब ४० करोड १६ लाख खर्च भएको छ। योजना आयोगले हरेक वर्ष आगामी वर्षको लागि प्रक्षेपण गर्ने स्रोतको आवश्यकता र बजेट विनियोजनमा ठूलो भिन्नता देखिएकोले स्रोतको प्रक्षेपण तथा आकलन यथार्थपरक बनाउनुपर्दछ।

७. **बजेट विनियोजन र खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी बजेटको सीमा तथा मार्गदर्शन जारी गर्ने व्यवस्था छ। तीन वर्षको बजेट विनियोजन, संशोधित अनुमान र खर्चको स्थिति देहायबमोजिम छः

(रु. करोडमा)

आर्थिक वर्ष	स्रोत अनुमान समितिको सिफारिस	बजेट विनियोजन	मध्यावधि समीक्षा बमोजिम संशोधित बजेट	पछिल्लो बजेटबाट संशोधित बजेट	वास्तविक खर्च
२०८०।८१	१६८८४०	१७५१३१	१५३०२७	१५३०३६	१३९३४०
२०७९।८०	१७४५००	१७९३८३	१५४९५०	१५०५००	१४२१३३
२०७८।७९	१५६२५०	१६३२८३	१५८६२९	१४४७५२	१३०९८७

संसदबाट विनियोजित बजेटको मध्यावधि समीक्षा तथा पछिल्लो वर्ष बजेटबाट संशोधन गर्दा समेत संशोधित अनुमानबमोजिम खर्च हुन सकेको देखिएन। बजेटको स्रोत अनुमान, विनियोजन, संशोधित अनुमान र खर्चकोबिचमा उल्लेखनीय भिन्नता देखिएकोले स्रोत अनुमान यथार्थपरक हुन सकेको देखिँदैन। आयोगले सम्बन्धित वर्षको बजेट तथा कार्यक्रमको प्राथामिकता निर्धारण र सिलिङ तर्जुमा गर्दा विगतका योजना तथा मध्यमकालीन खर्च संरचनाको अनुमान र प्राथामिकता निर्धारण समेतलाई आधार लिई हरेक वर्ष आयोजनाको प्राथमिकता निर्धारण यथार्थपरक बनाउनुपर्दछ।

८. **आयोजना बैङ्क** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा सङ्घ, प्रदेश तथा स्थानीय तहमा नेपाल सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने र योजना आयोगमा राष्ट्रियस्तरको आयोजना बैङ्क रहने उल्लेख छ। आयोजना बैङ्कमा १८ हजार १२ आयोजना सूचीकृत भएको छ। चालु आयोजना ७ हजार ७०५ र भविष्यमा कार्यान्वयन हुने १० हजार ३०७ आयोजना रहेका छन्। आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ बमोजिम नेपाल सरकारबाट स्वीकृत वा सङ्घ र प्रदेशले कार्यान्वयन गर्नुपर्ने भनी तोकिएको बाहेक पूर्वाधार क्षेत्रका सङ्घले रु.३ करोडभन्दा कम र प्रदेशबाट रु. १ करोडभन्दा कम लागतका आयोजना कार्यान्वयन नगरिने उल्लेख भएकोमा रु.३ करोडभन्दा कम लागत अनुमान भएका आयोजनाहरू बैङ्कमा समावेश गरी सङ्घीय सरकारबाट कार्यान्वयन गर्ने गरी बजेट विनियोजन भएको देखिन्छ। आयोगले आयोजना बैङ्कमा प्रविष्ट आयोजनाको विश्लेषण र मूल्याङ्कन गर्दा उल्लिखित प्रावधानको अवलम्बन गरेको देखिएन।

९. **आयोजना बैङ्क र बजेट विनियोजन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ मा आयोजना बैङ्कमा प्रविष्ट नभएको आयोजनामा बजेट विनियोजन गर्न नहुने उल्लेख छ। आयोजना बैङ्कमा प्रविष्ट १८ हजार १२ आयोजनामध्ये चालु अवस्थाका ७ हजार ७०५ आयोजना रहेका छन्। शहरी विकास मन्त्रालयअन्तर्गत २ हजार १८३ आयोजना तथा भौतिक

पूर्वाधार मन्त्रालयअन्तर्गत ३ हजार १८५ आयोजना रहेका छन। यी मन्त्रालयहरूको बैङ्कमा प्रविष्ट आयोजना र बजेट विनियोजन भएका आयोजनाहरूको विवरण देहायबमोजिम छः

मन्त्रालय	आयोजना बैङ्कमा चालु अवस्थाको आयोजना सङ्ख्या	बजेट विनियोजन भएका आयोजना सङ्ख्या	प्रविष्ट नभएको बजेट विनियोजन गरिएको सङ्ख्या
भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय	३१८५	३९९०	८०५
शहरी विकास मन्त्रालय	२१८३	७१४५	४९६२

आयोजना बैङ्कको विवरण विश्लेषण गर्दा दुई मन्त्रालयको पहिलो प्राथामिकताका आयोजनामा ५ हजार ३६८ रहेकोमा ११ हजार १३५ आयोजनामा बजेट विनियोजन भएकोले आयोजना बैङ्कमा प्रविष्ट नभएको आयोजनाहरूमा समेत बजेट विनियोजन भएको देखिन्छ। तसर्थ आयोग तथा अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयहरूको वार्षिक कार्यक्रम छलफल र स्वीकृत गर्दा सम्बन्धित मन्त्रालयहरूबाट राष्ट्रिय आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१०. **प्राथमिकता प्राप्त आयोजना -** अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को दफा १० मा आयोगले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको वर्षमा कम्तीमा दुई पटक अनुगमन गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू गत वर्षसम्म २६८ रहेकोमा यो वर्षमा केही आयोजना थप गरे तापनि प्राथमिकता प्राप्त आयोजनाहरूको वार्षिक प्रगति प्रतिवेदन तयार गरेको पाइएन। आयोजना सञ्चालनमा परेका कठिनाइ तथा चुनौती समयमै समाधान गर्न राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको नियमित अनुगमन गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ।

११. **राष्ट्रिय गौरवका आयोजना –** आयोगबाट प्राप्त विवरणबमोजिम यो वर्ष थप भएका ३ आयोजनासमेत २७ राष्ट्रिय गौरवका आयोजनाको संशोधित मध्यमकालीन बजेट अनुमान रु.२२ खर्ब ७२ अर्ब ४२ करोड ६१ लाख रहेकोमा २०८०।८१ सम्म शतप्रतिशत वित्तीय प्रगति भएका गौतमबुद्ध विमानस्थल र माथिल्लो तामाकोशी जलविद्युत आयोजना बाहेकमा रु.४ खर्ब ८७ अर्ब ३२ करोड ५६ लाख खर्च भएको देखिन्छ। नयाँ थपिएका बाहेक २४ आयोजनामध्ये सम्पन्न भएका आयोजना ३, समष्टिगत भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने आयोजनाहरू ३ वटा, ५० देखि ८० प्रतिशत हासिल गर्ने आयोजना ७ र ५० प्रतिशतभन्दा न्यून प्रगति हासिल गर्ने आयोजना ११ रहेका छन्। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, विधुत प्रसारण लाइन, बुढीगण्डकी आयोजना, महाकाली सिँचाइ आयोजना, सुनकोशी मरिण डाइभर्सन आयोजना, काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना, सिक्टा सिँचाइ आयोजना, उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग आयोजना, रेल वे तथा मेट्रो तथा मोनोरेल विकास आयोजना (पूर्व-पश्चिम विद्युतीय रेलमार्ग) लगायतका आयोजनाको प्रगति ५० प्रतिशतभन्दा न्यून रहेको छ।

बुढीगण्डकी जलविद्युत आयोजना, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना र पश्चिम सेती जलविद्युत आयोजनाको निर्माण सुरु हुन सकेको छैन। त्यसै गरी २०७८।७९ मै सम्पन्न भइसक्नुपर्ने पशुपति क्षेत्र विकास कोषको हालसम्मको प्रगति ८८ प्रतिशत भए तापनि सम्पन्न हुने अवधि तोकेको छैन। रानी जमरा कुलरिया, सुनकोशी मरिन डाइभर्सन, हुलाकी राजमार्ग, काठमाडौं तराई द्रुतमार्ग,

लुम्बिनी क्षेत्र विकास कोषसहित ५ आयोजना २०८०।८१ मा निर्माण सम्पन्न हुनुपर्नेमा सम्पन्न नभई म्याद थप भएको देखिन्छ। त्यस्तै यो वर्ष थप ३ आयोजनामध्ये दुई आयोजनामा बजेट विनियोजन भए तापनि गौतमबुद्ध क्रिकेट रंगशालाको लागि बजेट विनियोजन भएको छैन। आयोजनाको समय र लागत वृद्धि नहुने गरी तोकिएको समयमा सम्पन्न गर्न प्रभावकारी संयन्त्रको व्यवस्था गरी राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयनमा विषयगत मन्त्रालयहरूको भूमिकालाई थप जवाफदेही बनाँउदै आयोगका तर्फबाट प्रभावकारी अनुगमनको व्यवस्था हुनुपर्दछ।

आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १३ बमोजिम राष्ट्रिय गौरवका नयाँ आयोजनाहरूमा लागत अनुमान कम्तीमा रु.५० अर्ब हुनुपर्ने र दफा १६ मा राष्ट्रिय गौरवका आयोजनाहरू १० वर्षभित्र सम्पन्न गर्नुपर्ने उल्लेख भएकोमा आयोजनाहरू १० वर्ष व्यतीत भइसक्दा समेत समपन्न भएको छैन। यो वर्ष घोषणा भएका तीन आयोजनाहरूमध्ये एउटा आयोजनाको लागत अनुमान यकिन भएको छैन। दुई आयोजनाको लागत अनुमान ५० अर्बभन्दा कम रहेको देखिन्छ। आयोजना कार्यान्वयन गर्दा प्रचलित मापदण्डको कार्यान्वयन गर्नुपर्दछ।

१२. **रूपान्तरणकारी आयोजना** – पन्ध्रौं योजनाले लिएका राष्ट्रिय तथा विषय/क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल हुने गरी आर्थिक क्षेत्रको ५, सामाजिक क्षेत्रको ४, पूर्वाधार क्षेत्रको ७ र लोकतन्त्र र सुशासन क्षेत्रको १ समेत १७ आयोजनालाई रूपान्तरणकारी आयोजना घोषणा गरी कार्यान्वयनमा ल्याएको छ। विभिन्न १७ आयोजनामध्ये राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन कार्यक्रमअन्तर्गतको भेरी कोरिडोर ४०० के.भी. प्रसारण लाइन आयोजना खण्ड र प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको २०८०।८१ सम्म भौतिक प्रगति भएको छैन। उल्लिखित ५ आयोजना बाहेक सबै आयोजनाको प्रगति ५५ प्रतिशतभन्दा कम रहेको देखिन्छ। यो वर्ष निर्माण सम्पन्न हुनुपर्ने समृद्धिका लागि वन, जग्गा प्रशासन सुदृढीकरण, स्वास्थ्य संस्था तथा सेवा विस्तार, सार्वजनिक विद्यालय सबलीकरण आयोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा एंव तालिम कार्यक्रम र राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रमसहित ६ आयोजना सम्पन्न हुन नसकी म्याद थप भएको देखिन्छ। रूपान्तरणकारी आयोजना तथा कार्यक्रमहरूको मध्यावधि समीक्षा नभएकोले हालसम्मको वित्तीय तथा भौतिक प्रगतिको अवस्था खुल्ने विवरणसमेत तयार गरेको छैन। सञ्चालित आयोजना तथा कार्यक्रमहरूको समीक्षा गरी विषयगत मन्त्रालयहरूको भूमिकालाई थप प्रभावकारी बनाउन आयोगले प्रभावकारी अनुगमन गरी समयमानै सम्पन्न गरी नतिजा प्राप्त गर्नुपर्दछ।

आयोजना वर्गीकरणको आधार तथा मापदण्ड २०८० को दफा १२ बमोजिम रूपान्तरणकारी आयोजनाको लागत अनुमान कम्तीमा रु.१० अर्ब हुनुपर्ने र दफा १६ मा रूपान्तरणकारी आयोजनाहरू ६ वर्ष भित्र सम्पन्न गर्नुपर्ने उल्लेख भएकोमा रूपान्तरणकारी आयोजनाहरू ६ वर्षसम्म पनि सम्पन्न भएको देखिएन। प्रचलित मापदण्डअनुसार आयोजना कार्यान्वयन गर्नुपर्दछ।

१३. **दिगो विकास लक्ष्य प्रगति** - दिगो विकास लक्ष्यहरूको २०२२ सम्मको उपलब्धि, २०३० को लक्ष्यको तुलनामा उपलब्धि तथा २०३० सम्म हासिल गर्न सकिने सम्भावित उपलब्धिको अवस्था देहायबमोजिम छः

क्र.सं.	विवरण	२०२२ सम्मको प्रगति अवस्था (प्रतिशत)		२०३० सम्म हासिल गर्न सकिने अनुमानित
		२०२२ को लक्ष्यको	२०३० को लक्ष्यको	

		तुलनामा	तुलनामा	प्रगति (प्रतिशत)
१.	गरिबी अन्त्य	७८.१	५४.१	७८.६
२.	शून्य भोकमरी	६८.३	४४.९	७१.५
३.	राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर	४८.७	४१.५	५६.८
४.	गुणस्तरीय शिक्षा	६६.१	४३.९	७१.१
५.	लैङ्गिक समानता	५७.९	३८.०	५८.१
६.	स्वच्छ पानी र सरसफाइ	६३.५	३६.३	५७.८
७.	खर्चले धान्न सकिने स्वच्छ ऊर्जा	६३.५	३९.५	७०.१
८.	मर्यादित काम र आर्थिक वृद्धि	३१.५	१९.७	३४.७
९.	उद्योग प्रवर्धन र पूर्वाधार	४१.०	३०.४	४२.०
१०.	असमानता घटाउने	७२.५	४४.८	७२.३
११.	सहरहरू र समुदायको दिगोपना	९७.२	७६.१	८९.०
१२.	उपभोग र उत्पादनमा जिम्मेवारीपन	३८.६	२९.५	४३.१
१३.	जलवायुसम्बन्धी कार्य	५५.३	४३.४	५३.९
१४.	पानीमुनिको जीवन	-	-	-
१५.	भूसतहको जीवन	६९.३	५९.९	६७.५
१६.	शान्ति, न्याय र सुदृढ संस्थाहरू	५७.४	३५.८	५५.१
१७.	लक्ष्यहरूको निमित्त साझेदारीहरू	३४.९	२२.३	३७.७
	जम्मा	**५८.६**	४१.७	६०.५

स्रोतः दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय मूल्याङ्कन, २०२४

उल्लिखित विवरणबमोजिम सन् २०२२ सम्मको लक्ष्यको आधारमा प्रगति ५८.६ प्रतिशत रहेको छ। आधाभन्दा बढी समय व्यतीत भइसक्दा पनि समग्र उपलब्धि ४१.७ प्रतिशत रहेको एवं सन् २०३० सम्म ६०.५ प्रतिशत उपलब्धि हुने देखिन्छ। दिगो विकासका लक्ष्यहरूमा तोकिएको उपलब्धि हासिल गर्न आयोगले नेतृत्वदायी भूमिका खेल्नुपर्दछ।

१४. **दिगो विकास सूचक मूल्याङ्कन** - दिगो विकास लक्ष्यहरूका केही प्रमुख सूचकहरूको २०२२ सम्मको लक्ष्य प्रगतिको अवस्था देहायबमोजिम छः

सूचकको नाम	लक्ष्य	प्रगति	सूचकको नाम	लक्ष्य	प्रगति
दैनिक १.२५ डलरभन्दा कम आय हुने जनसङ्ख्या (प्रतिशतमा)	१७	मापन नभएको	सरकारी क्षेत्रको नेतृत्व तहमा महिला सहभागिता (प्रतिशतमा)	२१.३	१६.६
दैनिक १.९ डलर भन्दा कम आय हुने जनसङ्ख्या (प्रतिशतमा)	२२.९	१५	खानेपानी उपयोग गर्ने जनसङ्ख्या (प्रतिशतमा)	५०	२५.८१
गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशतमा)	१३.८	२०.२७	प्रतिव्यक्ति प्रतिघण्टा विद्युत उपभोग (किलोवाट)	५४२	३८०
सामाजिक सुरक्षा खर्च (प्रतिशतमा)	१२.९	१४.८	जलविद्युत उत्पादन र जडित क्षमता (मेगावाट)	५४१७	२७६७
मातृ मृत्युदर (प्रति लाखमा)	११६	१५१	ऊर्जामा नवीकरणीय ऊर्जाको हिस्सा (प्रतिशतमा)	२९.७	७.६
५ वर्षमुनिको शिशु मृत्युदर (प्रति लाखमा)	२७	३३	पर्यटकको प्रतिदिन औसत खर्च (अमेरिकि डलर)	६५	४०.५
नवजात शिशु मृत्युदर (प्रति लाखमा)	१६	२१	पर्यटकको औसत बसाइ (दिन)	१५.५	१३.१
प्राथामिक शिक्षामा भर्नादर (प्रतिशतमा)	९९	९७.१	जी.डी.पी. मा राजस्वको हिस्सा (प्रतिशतमा)	२४.२	१९.९

सूचकको नाम	लक्ष्य	प्रगति	सूचकको नाम	लक्ष्य	प्रगति
प्राथामिक शिक्षा उत्तीर्णदर (प्रतिशतमा)	९३.१	७७.१	स्थानीय बजेटबाट बजेट खर्च (प्रतिशतमा)	७७.९	६७.४
१५-२४ उमेरको साक्षरता दर (प्रतिशतमा)	९५	९३.८	जी.डी.पी. को तुलनामा सार्वजनिक ऋण (प्रतिशतमा)	३०.५	४२.७
लैङ्गिक असमानता सूचकाङ्क (सूचक)	०.२९	०.४५२	१५-२४ उमेरको बेरोजगारी दर (प्रतिशतमा)	२०	३८.१
निजी क्षेत्रको नेतृत्व तहमा महिला सहभागिता (प्रतिशतमा)	३४.३	२९.६१			

स्रोतः दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय मूल्याङ्कन, २०२४

निर्धारित गरेका अधिकांश सूचकहरूमा अपेक्षित उपलब्धि हासिल नभएको अपेक्षित उपलब्धि हासिल गर्नको लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न लक्ष्य केन्द्रित बजेट विनियोजन गरी खर्चको अनुगमन गर्नुपर्दछ।

दिगो विकास लक्ष्य प्राप्त गर्न नेपालले सुरुमा वार्षिक रु.२० खर्ब २५ अर्ब लगानी गर्नुपर्ने अनुमान गरेको थियो। वित्तीय स्रोत सम्बन्धमा पुनः संशोधित पुर्वानूमानबमोजिम बाँकी अवधि २०२४-२०३० मा वार्षिक औसतमा रु.३० खर्ब २४ अर्ब स्रोत आवश्यक पर्नेमा वार्षिक रु.७ खर्ब ५५ अर्ब अर्थात् कुल गार्हस्थ उत्पादनको ११.१ प्रतिशत स्रोत नपुग हुने अनुमान गरेको देखिन्छ। तसर्थ सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुग्न दिगो विकासका लक्ष्यहरूलाई दीर्घकालीन सोच, नीति, योजना र कार्यक्रमलाई तीनै तह र क्षेत्रमा समाङ्गस्यता र एकरूपता ल्याई समन्वयात्मक रूपमा कार्यान्वयन हुने व्यवस्था मिलाउनुपर्दछ।

१५. **विकासशील राष्ट्रमा स्तरोन्नति** - नेपालले अतिकम विकसित मुलुकको श्रेणीबाट स्तरोन्नति हुन आवश्यक ३ मापदण्डमध्ये मानव सम्पत्ति सूचकाङ्क र आर्थिक जोखिम सूचकाङ्कको थ्रेसहोल्ड पूरा गरेकोले सन् २०२६ देखि विकासशील मुलुकमा रूपान्तरण हुने निर्णय सयुक्त राष्ट्रसङ्घले गरेको देखिन्छ। उक्त स्तरोन्नति पश्चात नेपालले वैदेशिक व्यापारमा कम विकसितको मुलुकको रूपमा विश्व व्यापार संगठनबाट पाइरहेको सहुलियत ऋणको अंश कटौती हुने र अनुदान हट्ने अतिकम विकसित राष्ट्रसँग सम्बन्धित २५ प्रावधान कटौती हुनेलगायतका चुनौतीहरू सामना गर्न तीनवटा सूचकमा ६ पिलर, ३९ कार्य रणनीति र १६७ कार्य निर्धारण गरेको छ। तोकिएका सूचकहरूमा कार्यप्रगति हासिल गर्नको लागि आयोगले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ।

१६. **समपूरक र विशेष अनुदान** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई समपूरक तथा विशेष अनुदान प्रदान गर्ने व्यवस्था छ। समपूरक र विशेष अनुदानतर्फ विद्युतीय प्रणालीमा यो वर्ष प्रदेशतर्फ १२१ नयाँ र ८९ क्रमागत समेत २१० आयोजना र स्थानीयतर्फ ४ हजार १०३ नयाँ र ४७८ क्रमागत समेत ४ हजार ५८१ आयोजनाका प्रस्तावहरू प्राप्त भएकोमा प्रदेशतर्फ ५१ नयाँ र ८९ क्रमागतसमेत १४० आयोजनाको लागि रु. ८ अर्ब ६७ करोड ९५ लाख र स्थानीयतर्फ १ हजार ४०६ नयाँ र ४५६ क्रमागत आयोजनाको लागि रु.१५ अर्ब ७७ करोड २६ लाख सिफारिस गरेको देखिन्छ।

समपूरक र विशेष अनुदानको लागि गत वर्षहरूमा सिफारिस भई कार्यान्वयनमा गएका मध्ये सोही आर्थिक वर्षमा पूर्ण कार्यान्वयन नभएका प्रदेशका २५ र स्थानीयका २३६ समेत २६१ आयोजनाको करिब रु.६ अर्ब ८५ करोड २५ लाख दायित्व भुक्तानी बाँकी रहेको अवस्थामा आयोगले यो वर्ष १ हजार ४५७ नयाँसमेत २ हजार २ आयोजनामा रु.२६ अर्ब ४५ करोड २१ लाख समपूरक तथा विशेष अनुदान सिफारिस गरेको छ। छनोट गरिएको आयोजनाको पूर्ण कार्यान्वयन नहुँदै नयाँ आयोजनामा बजेट विनियोजन गर्दा आयोजना सम्पन्न गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ।

१७. **बहुवर्षीय ठेक्का सहमति** - आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८० को दफा ६ को उपदफा ४ र उपदफा ७ मा २०८०।८१ मा स्रोत सहमति कात्तिक मसान्तभित्र र ठेक्का सहमति मङ्सिर मसान्तसम्म गरिसक्नुपर्ने व्यवस्था छ। यो वर्ष आयोगले उक्त म्याद समाप्तपछि २६ आयोजनाका लागि रु.७५ अर्ब ३ करोड १८ लाखको स्रोत सहमति तथा १४ आयोजनाका लागि रु.२१ अर्ब ७८ करोडको बहुवर्षीय ठेक्का सहमति दिएको देखिन्छ। यस्ता सहमति प्रदान गर्दा कानुनी व्यवस्था पालना गरिनुपर्दछ।

अनुगमन

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा सोझै खरिद, परामर्श सेवातर्फको खर्चको उपादेयता, नयाँ नेपाल निर्माण कोष खारेजी, अनुगमन तथा मूल्याङ्कन कार्यको प्रभावकारिता सम्बन्धमा सुझाव दिइएकोमा सोबमोजिम अपेक्षित सुधार गरेको देखिँदैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

खण्ड

२

सङ्गठित संस्था

सङ्गठित संस्था

१. **संवैधानिक व्यवस्था** - नेपालको संविधानको धारा २४१(२) मा पचास प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने र त्यस्तो संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्तको सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। त्यसै गरी उपधारा (५) मा कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट गर्नुपर्ने गरी सङ्घीय कानुनद्वारा व्यवस्था गर्न सकिने व्यवस्थाबमोजिम विभिन्न सङ्घीय कानुनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्नुपर्ने गरी तोकिएको छ।

२. **कानुनी व्यवस्था** - लेखापरीक्षण ऐन, २०७५ को दफा २(ख) मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था भन्नाले सबै सेयर वा जायजेथामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सङ्गठित संस्था वा सबै सेयर वा जायजेथामा त्यस्तो संस्थाको वा त्यस्तो संस्था र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सङ्गठित संस्था सम्झनुपर्ने र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पूर्ण उत्तरदायित्व बेहोर्नुपर्ने सङ्गठित संस्थालाईसमेत जनाउने उल्लेख छ।

२.१. लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था तथा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी सङ्घीय कानुनद्वारा तोकिएको संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने व्यवस्था छ। उक्त व्यवस्थाअनुसार नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुँदै आएको छ।

सोही ऐनको दफा १० मा त्यस्ता संस्थाको लेखापरीक्षण गर्न आवश्यकताअनुसार प्रचलित कानुनबमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकलाई महालेखापरीक्षकले सहायकको रूपमा नियुक्ति गर्न सक्ने व्यवस्था छ। त्यसरी नियुक्त लेखापरीक्षकले महालेखापरीक्षकको निर्देशन, नियन्त्रण र रेखदेखमा रही काम गर्नुपर्ने तथा निजको काम कर्तव्य, अधिकार, सेवाका सर्त, दायित्व, निजले लेखापरीक्षण गर्दा अपनाउनुपर्ने प्रक्रिया तथा प्रतिवेदन पेस गर्ने सम्बन्धी व्यवस्था महालेखापरीक्षकले तोकेबमोजिम हुने व्यवस्था छ।

२.२. लेखापरीक्षण ऐन, २०७५ को दफा २(च) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पचास प्रतिशतभन्दा बढी स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने, महालेखापरीक्षकले तोकिदिएको सिद्धान्तको अधीनमा रही लेखापरीक्षण गराउनुपर्ने र लेखापरीक्षणबाट सङ्गठित संस्थाको लेखा सम्बन्धमा कुनै त्रुटि देखिएमा त्यस्ता त्रुटिको सम्बन्धमा महालेखापरीक्षकले सम्बन्धित सङ्गठित संस्था र लेखापरीक्षकलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्ता निर्देशन पालना गर्नु सम्बन्धित सङ्गठित संस्था र लेखापरीक्षकको कर्तव्य हुने व्यवस्था छ। लेखापरीक्षकले प्रतिवेदनबाट औँल्याएका विषयको कार्यान्वयनको प्रगति विवरण महालेखापरीक्षकले तोकिदिएको अवधिभित्र पेस गर्नुपर्ने बेहोरा लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा उल्लेख छ।

३. **लेखापरीक्षण अवस्था -** स्वीकृत वार्षिक लेखापरीक्षण योजना अनुसार यो वर्ष देहायअनुसारका सङ्गठित संस्थाहरूको लेखापरीक्षण सम्पन्न भएको छ।

३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा १० अनुसार सहायकको रूपमा नियुक्त तथा कार्यालयको जनशक्ति समेतबाट यो वर्ष पूर्ण स्वामित्व भएका संगठित संस्थाहरूको बक्यौतासमेत ४३ संस्थाको ४५ आर्थिक वर्षको रु.४४ खर्ब ७ अर्ब ४ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

३.२. लेखापरीक्षण ऐन, २०७५ को दफा ११ अनुसार परामर्श उपलब्ध गराएका लेखापरीक्षकबाट ४२ अधिकांश स्वामित्व भएका संस्थाको बक्यौतासमेत ४७ आर्थिक वर्षको रु.१५ खर्ब ७७ अर्ब ४८ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा -** यो वर्ष पूर्ण स्वामित्व भएका ४३ संस्थाको लेखापरीक्षण सम्पन भएको र अधिकांश स्वामित्व भएका ४२ संस्थाको लेखापरीक्षण सम्पन्न गरी पूर्ण स्वामित्व भएका संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा व्यवस्थापन पत्र यस कार्यालयले नै जारी गरेको र अधिकांश स्वामित्व भएको संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा व्यवस्थापन पत्र परामर्श दिइएको लेखापरीक्षकबाट जारी गरिएको छ। सम्बन्धित सार्वजनिक निकायको जिम्मेवार तहबाट कानुनबमोजिम फर्स्यौंट नभई बाँकी रहेका प्रमुख बेहोरा देहायअनुसार उल्लेख गरिएको छ।

४.१. **सञ्चालक समिति -** नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थानबाट सम्बद्ध सहायक कम्पनीमा सञ्चालक नियुक्ति वा मनोनयन हुँदा नेपाल सरकारको समन्वयमा निर्णय गरेको छैन। सरकारी स्वामित्वमा रहेका संस्थाले अन्य संस्थामा लगानी गर्दा यस्ता संस्थाबाट बहुसङ्ख्यक रूपमा बोर्डमा प्रतिनिधित्व गराएको छ। उल्लिखित सार्वजनिक संस्थाबाट साहायक कम्पनीमा सञ्चालक नियुक्ति गर्ने विषय नेपाल सरकारको अधिकार क्षेत्रभित्र पर्ने गरी नीतिगत व्यवस्था गर्नुपर्दछ। लेखापरीक्षणको प्रतिवेदन उपर सञ्चालक समितिमा छलफल गर्ने, जवाफ दिनेलगायतका व्यवस्थामा सञ्चालक समिति सक्रिय नरहेको हुँदा संगठित संस्था सञ्चालनमा प्रभावकारिता आएको देखिँदैन।

४.२. **सञ्चालक समितिको पारिश्रमिक र सुविधा -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १९ अनुसार सञ्चालकहरूको पारिश्रमिक तथा अन्य सुविधा सञ्चालक समितिले तोकेबमोजिम हुने, नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा १४ बमोजिम सञ्चालकको पारिश्रमिक तथा सुविधा तोकेबमोजिम हुने, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा १५ बमोजिम सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि समितिले आफैंले निर्धारण गरेबमोजिम हुनेलगायतका कानूनी व्यवस्था छन् । सार्वजनिक संस्थानको सञ्चालक समितिको पारिश्रमिक र सुविधा नेपाल सरकारले निर्धारण गर्नेगरी नीतिगत सुधार हुनुपर्दछ ।

४.३. **स्वामित्व संरचना -** नेपाल सरकारले संगठित संस्थामा लगानी गर्दा सेयर वा ऋणमा गर्ने लगानीको क्षेत्र यकिन गर्ने स्पष्ट नीति नभएका कारण लगानीको दायरा यकिन हुन सकेको छैन। त्यस्ता संस्थाले सहायक कम्पनीको रूपमा नयाँ संस्था स्थापना गर्नेसम्बन्धी स्पष्ट मापदण्ड नभएको तथा त्यस्ता संस्थामा सर्वसाधारणलाई समेत सेयर निष्कासन गर्नु पर्दा संस्थाको लगानी तथा दायित्वमा पर्ने असरको बारेमा थप अध्ययन गर्ने गरेका छैनन्। कतिपय संस्थामा विभिन्न मन्त्रालयको बेग्लाबेग्लै सेयर स्वामित्व कायम गरी संस्था सञ्चालन रहेकोमा समग्रमा नेपाल सरकार एउटै निकाय भएकोले तदनुरूप ऐन, नियममा संशोधन एवम् पुनरावलोकन हुनुपर्दछ।

४.४. **वित्तीय विवरण -** सङ्गठित संस्थाले प्रचलित नेपाल वित्तीय प्रतिवेदन लेखामानबमोजिम वित्तीय विवरण तयार गर्नुपर्नेमा कतिपयले तयार गरेका छैनन्। अधिकांश संस्थाको लेखा ढाँचा तथा अभिलेख प्रणालीलाई सफ्टवेयर प्रणालीमा समाहित गरी वित्तीय सूचना एकीकृत नगरेको, नेपाल लेखामानहरू, लेखा नीति, लेखा टिप्पणी, ह्रास कट्टी, कर्मचारी दायित्वको लागि उचित आधारबाट बिमाङ्कीय मूल्याङ्कन गरी दायित्व यकिन नगरेको लगायतका विषय देखिएका छन्। वित्तीय विवरणले सबै सूचनाहरूलाई खुलासा एवं पारदर्शी बनाउनुपर्ने देखिन्छ।

४.५. **वित्तीय व्यवस्थापन -** तलब, भत्ता, कार्यालय सञ्चालनलगायतका चालु प्रकृतिका कार्यमा बढ्दो खर्च, कर्मचारीको अधिक संख्या, क्षमताको न्यून उपयोगलगायतका कारणले आम्दानीको तुलनामा खर्चको भार बढ्दै गएको छ। कतिपय संस्था विगतदेखि घाटामा सञ्चालन भएकोमा संस्था सुदृढीकरणको लागि थप पहल नगरेका कारण सरकारको लगानीको प्रतिफल न्यून रहेको छ। सरकारको तर्फबाट त्यस्ता संस्थाले आम जनतामा पुऱ्याएको सेवा र अर्थतन्त्रमा गरेको योगदानको मूल्याङ्कन एवम् लगानीको समीक्षा भएको छैन।

४.६. **सम्पत्ति व्यवस्थापन -** सार्वजनिक संस्थाको सम्पत्ति यकिन गरी उपयोगको प्रभावकारी व्यवस्थापन गर्नुपर्नेमा संस्थाको सम्पत्तिको जग्गा लगत यकिन गरी अभिलेख प्रणालीलाई व्यवस्थित नगरेको, पुराना सामग्री लिलाम बिक्री नगरेको, सम्पत्तिको स्वामित्व विवादलाई टुङ्गो नलगाएको, प्रयोगमा ल्याएको व्यवस्थापन सूचना प्रणालीको मूल्याङ्कन नगरेको, प्रणालीको वार्षिक मर्मतसम्भार र साइबर सुरक्षामा उचित ध्यान नपुगेको लगायतका बेहोरा देखिएका छन्।

४.७. **आन्तरिक नियन्त्रण -** संगठित संस्थाहरूको सुधारको लागि संस्थानको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन एकीकृत नियन्त्रण प्रणाली लागू नगरेको, कर्मचारी दायित्वलगायत अन्य दायित्व भुक्तानीको लागि कोषसहितको पर्याप्त व्यवस्था नगरेको, सञ्चालक समिति तथा कर्मचारीको कार्य विवरणमा वित्तीय सुशासनको विषय समावेश नगरेको, अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको अवस्था देखिएको छ। त्यस्तै सङ्गठित संस्थामा कार्यकारी प्रमुख तथा जिम्मेवार पदमा नियुक्ति गर्दा जवाफदेहिताको स्तर मापन गर्ने गरेको छैन।

४.८. **जवाफदेहिता -** संगठित संस्थाहरूले समयमा लेखापरीक्षण नगराएको, लक्ष्यअनुसार प्रगति हासिल नभएको, हिसाब मिलान नगरेको, नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने सावाँ, ब्याज, लाभांशलगायतका रकम समयमा नबुझाएको, प्राप्त गर्नुपर्ने आम्दानी तथा नियमानुसार लाग्ने क्षतिपूर्ति असूल नगरेको, मितव्ययितालाई ध्यान नदिई प्रतिस्पर्धा बेगर खरिद गरेको लगायतका बेहोरा देखिएका छन्।

४.९. **प्रतिवेदन कार्यान्वयन** - लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने उल्लेख छ। संगठित संस्थाहरूले लेखापरीक्षण प्रतिवेदनले औंल्याएका बेरूजुको अभिलेख राख्ने गरेका छैनन्। लेखापरीक्षण प्रतिवेदनका सुझावहरू कार्यान्वयन हुने नगरेकोले सोही बेहोरा पुनः दोहोरिने गरेको छ। अतः अभिलेख व्यवस्थित गरी प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

५. **सञ्चालन नतिजा एवं मुख्य बेहोरा -** पूर्ण तथा अधिकांश स्वामित्व भएको संस्थाको लेखापरीक्षण प्रतिवेदनका मुख्य बेहोरा यसै साथ संलग्न गरिएको छ। सारभूत रूपमा उल्लेख गर्नुनपर्ने संस्थाको अवस्था यसमा

समावेश गरिएको छैन। सबै सङ्गठित संस्थाहरूको रायसहितको लेखापरीक्षण प्रतिवेदन कार्यालयको वेब पेजमार्फत् सार्वजनिक गरिएको छ।

६. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २५ मा लेखापरीक्षण नगराउने लेखा सम्बन्धी कागजात पेस नगर्ने पदाधिकारी वा व्यक्तिलाई महालेखापरीक्षकले विभागीय कारबाहीलगायतका प्रचलित कानुनबमोजिम कारबाही गर्न लेखी पठाउन सक्ने र सम्बन्धित निकायले पदाधिकारी वा व्यक्तिलाई यथाशीघ्र कारबाही गरी जानकारी दिनुपर्ने व्यवस्था छ। कार्यालयबाट पटक पटक निर्देशन भएकोमा ३१ सङ्गठित संस्थाले ८० आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराएका छैनन्। यो वर्ष पूर्ण स्वामित्वका २१ संस्थाको ३८ आर्थिक वर्षको लेखापरीक्षण गर्न बाँकी रहेको छ। उदयपुर सिमेन्ट उद्योग, नेपाल पर्यटन बोर्ड, गुठी संस्थान, गोरखापत्र संस्थान, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, दुग्ध विकास संस्थान, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल खानेपानी संस्थान, नेपाल टेलिभिजनलगायतको लेखापरीक्षण गराएका छैनन्। त्यस्तै नेपाल सरकारको अधिकांश स्वामित्व भएका १० संगठित संस्थाको ४२ आर्थिक वर्षको लेखापरीक्षण गर्न बाँकी रहेको छ। राष्ट्रिय बीमा कम्पनी, राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, विशाल बजार कम्पनी, अपर तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, साझा प्रकाशन र नेपाल ओरिण्ड म्याग्नेसाइट प्राईभेट लिमिटेडलगायतको लेखापरीक्षण बक्यौता रहेको छ।

सरकारको पूर्ण
स्वामित्व भएका
सङ्गठित संस्था

सरकारको पूर्ण स्वामित्व भएका सङ्गठित संस्था

अर्थ मन्त्रालय

कर्मचारी सञ्चय कोष

सेवा निवृत्त सेनाको सञ्चय कोष रकम व्यवस्थापन गर्ने प्रमुख उद्देश्यले सम्वत् १९९१ सालमा सैनिक द्रव्य कोष स्थापना भएकोमा हाल निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीलगायतका कर्मचारीको सञ्चय कोष रकम प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुसार कोष सञ्चालनमा छ। कोषले सार्वजनिक र निजी क्षेत्रका कर्मचारीलाई आफ्नो दायरामा ल्याई सञ्चयकर्ताबाट सञ्चित रकम व्यवस्थापन गर्दै आएको छ। उक्त ऐनको दफा ४ मा कोषको सञ्चालन एवम् सुव्यवस्थापनको लागि नेपाल सरकारबाट नियुक्त अध्यक्षसहित नेपाल सरकारले नेपाल सरकारको विभिन्न सेवाबाट मनोनित गरेका ३ जना सञ्चालक, बैङ्क, वित्तीय संस्था तथा अन्य सङ्गठित संस्थाहरूबाट २ जना सञ्चालक र कोषका प्रशासक गरी ७ सदस्यीय सञ्चालक समितिको व्यवस्था रहेको छ। कोषमा कर्मचारीको स्वीकृत दरबन्दी ५०० रहेकोमा ३९४ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद तथा नगद समान सम्पत्ति	१५,१०,१५		९७,८९	
बैङ्क तथा वित्तीय संस्थामा रहेको मौज्दात	१,६७,९०,३१		१,४७,२१,३९	
सञ्चयकर्तालाई कर्जा तथा सापटी	२,६२,५०,०६		२,४४,५२,९०	
परियोजना तथा संगठित संस्थालाई कर्जा तथा सापटी	८७,३२,५०		८४,३२,००	
कर्मचारीलाई कर्जा तथा सापटी	२,३१,८४		२,३३,९५	
धितोपत्रमा लगानी	३०,७३,६९		३०,१४,९३	
सहायक कम्पनीको सेयर पुँजी	२०,००		२०,००	
सम्बद्ध कम्पनीमा लगानी	१,४१,५४		१,३४,१४	
सम्पत्तिमा लगानी	९०,८५		८७,३६	
सम्पत्ति र उपकरण	१,०३,३४		९३,५९	
अमूर्त सम्पत्ति	१,१५		८८	
अन्य सम्पत्ति	१,३९,७६		१,४०,७७	
कुल सम्पत्ति		**५,७०,८५,१९**		**५,१४,२९,८०**
दायित्व				
कर्मचारी सुविधा दायित्व	४,०७,६८		४,२३,६८	
अन्य दायित्व	१,७५,२१		१,८६,१५	
कुल दायित्व		**५,८२,८९**		**६,०९,८३**
कोष तथा जगेडा				
सञ्चय कोष	५,१८,४७,५३		४,६५,०२,०२	
निवृत्तभरण कोष	११,२१,३८		६,३५,८३	
जगेडा तथा बचत	३५,३३,३९		३६,८२,११	
कुल कोष तथा जगेडा		**५,६५,०२,३०**		**५,०८,१९,९७**
ठितकुल कोष, जगेडा तथा दायित्व		**५,७०,८५,१९**		**५,१४,२९,८०**

२. **सञ्चालन नतिजा -** कोषको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
ऋण तथा लगानीबाट आम्दानी	४७,५४,८२		४४,१७,५७	
ब्याज तथा अन्य प्रत्यक्ष खर्च	३६,३५,६९		३४,६२,६९	
ऋण तथा लगानीबाट खुद आम्दानी		**११,१९,१३**		**९,५४,८८**
शुल्क तथा कमिसन आम्दानी	१,७४		२,१६	
अन्य आम्दानी	२५,२२		२९,१०	
कुल सञ्चालन आम्दानी		**११,४६,०९**		**९,८६,१४**
वित्तीय सम्पत्तिको खुद क्षयीकरण	४,२९,७५		२,५२,३९	
कर्मचारी खर्च	१,०५,२७		९९,८७	
अन्य सञ्चालन खर्च	२४,६१		२२,४५	
ह्रास कट्टी, परिशोधन तथा गैर वित्तीय सम्पत्तिको क्षयीकरण	४,८८		५,८१	
कुल खर्च		**५,६४,५१**		**३,८०,५२**
आय कर अघिको मुनाफा (नोक्सान)		**५,८१,५८**		**६,०५,६२**
आय कर		**०**		**०**
खुद मुनाफा (नोक्सान)		**५,८१,५८**		**६,०५,६२**

३. **वित्तीय सम्पत्तिको क्षयीकरण** - कर्मचारी सञ्चय कोष कर्जा तथा लगानी नीति, २०८० अनुसार नेपाल सरकारको निर्देशन र जमानतमा प्रवाह भएको कर्जामा ५ प्रतिशतले र पुनर्संचरना वा पुनर्तालिकीकरण भएको कर्जाको हकमा १२.५० प्रतिशतका दरले कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने उल्लेख छ। कोषले प्रवाह गरेका परियोजनालगायतका कर्जा खराब कर्जामा परिवर्तन भई नोक्सान व्यवस्था गरी कर्जाको अपलेखनसमेत गर्ने गरेको छ। कोषले गत वर्षसम्म वित्तीय सम्पत्तिको खुद क्षयीकरणबापत रु.२ अर्ब ५२ करोड ३९ लाख खर्च लेखेकोमा यो वर्ष ७०.२७ प्रतिशतले वृद्धि भई रु.४ अर्ब २९ करोड ७५ लाख पुगेको छ। कर्जा असुली व्यवस्थापनमा सुधार गरी वित्तीय सम्पत्तिको क्षयीकरणलाई न्यूनीकरण गर्नुपर्दछ।

४. **वित्तीय प्रतिवेदनमानको पालना** - कोषले कार्यालय सञ्चालनको निम्ति भाडा/पट्टामा लिएका भवनहरूको नेपाल वित्तीय प्रतिवेदनमान-१६ (लिज) अनुसार उचित लेखाङ्कन गरेको छैन। यसैगरी, नेपाल वित्तीय प्रतिवेदनमान-१५ अनुसार कर्जा तथा लगानीबाट आर्जन हुने ब्याज आम्दानीलाई प्रोदभावी आधारमा मापन गर्नुपर्नेमा कोषले परियोजना कर्जाको ब्याजको लेखाङ्कन नगद आधारमा गरेको छ। नेपाल वित्तीय प्रतिवेदनमान-९ अनुसार कर्जाको सुरक्षण पर्याप्त भए तापनि निश्चित अवधिभन्दा बढीले भाखा नाघेको कर्जामा ब्याज लेखाङ्कन बन्द गर्नुपर्नेमा कोषले सञ्चयकर्ता कर्जाको भाखा नाघे पनि कर्जा अवधि समाप्त नहुँदासम्म नै ब्याज आम्दानी लेखाङ्कन गरेको छ। साथै, कोषले सञ्चयकर्तालाई कर्जा प्रवाह गर्दा किस्ताबन्दीमा कर्जा चुक्ता गर्ने सर्तमा कर्जा प्रवाह गरेको भए तापनि नेपाल वित्तीय प्रतिवेदनमान-९ अनुसारको क्षयीकरण जाँच गर्दा ब्याज बक्यौताको आधारमा गरेको छ।

नेपाल लेखामान-२८ अनुसार कुनै संस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै संस्थाको २० प्रतिशत वा सोभन्दा बढी मताधिकार राखेमा उक्त संस्थामा सारभूत प्रभाव रहेको मानिन्छ र त्यस्तो महत्त्वपूर्ण प्रभाव रहेका संस्थाहरूलाई संलग्न कम्पनीको रूपमा वर्गीकरण गरी इक्विटी विधिअनुसार वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्दछ। राष्ट्रिय बिमा कम्पनीको कुल चुक्ता पुँजीको २२ प्रतिशत सेयर

स्वामित्व कर्मचारी सञ्चय कोषका नाममा रहेकोमा इक्विटी विधि प्रयोग नगरी वित्तीय विवरणमा प्रस्तुत गरेको छ।

५. **प्राप्त हुन बाँकी ब्याज -** कोषले यो वर्षमा परियोजना कर्जातर्फ़ रु.९ अर्ब ५१ करोड ब्याज आय लेखांकन गरेकोमा सोमध्ये रसुवागढी जलविद्युतको रु.१ अर्ब ४७ करोड ४४ लाख, मध्य भोटेकोशी जलविद्युतको रु.१ अर्ब ३४ करोड ६६ लाख र सान्जेन जलविद्युत आयोजनाको रु.८७ करोड ३६ लाखसमेत रु.३ अर्ब ९३ करोड नगदमा उठेको नभई निर्माणाधीन परियोजनामा निर्माण अवधिको ब्याज रकमलाई पुँजीकरण गरेको रकम रहेको पाइयो। निर्माण अवधि सम्बन्धी निश्चित मापदण्ड नतोकी निर्माण अवधिमा वृद्धि भए तापनि ब्याज रकमलाई पुँजीकरण गरी आम्दानी बाँध्ने नीति उचित देखिँदैन। परियोजनाको प्रकृतिअनुसार निश्चित कर्जा सीमा र अवधिसम्म ब्याज पुँजीकरण गरी आम्दानी बाँध्ने नीति अवलम्बन गर्नुपर्दछ।

६. **विमान खरिद कर्जा** - कोष र नेपाल वायु सेवा निगमबिच २०७०।३।४ मा ए३२० न्यारोबडी एयरबस २ थान खरिद गर्नका लागि नेपाल सरकारको रु.१० अर्बको जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख १७ हजार तथा २०७४।२।२८ मा ए३३० वाइडबडी एयरबस १ थान खरिदको लागि नेपाल सरकारको रु.१२ अर्बको जमानीमा रु.११ अर्ब ९९ करोड ६१ लाखको ऋण उपलब्ध गराउने गरी सम्झौता भएको देखिन्छ। उक्त ऋण सम्झौताअनुसार निगमले ब्याज भुक्तानी नगरेकोले ब्याजसमेत पुँजीकरण गर्न कोषको सञ्चालक समितिबाट निर्णय भएअनुसार साँवा रकम रु.२८ अर्ब ५७ करोड ३५ लाख कायम भएको छ। नेपाल सरकारले जमानी दिँदा यस्ता ठुला र दीर्घकालीन परियोजनाका विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यावसायिक योजना जस्ता विषयमा अध्ययन, विश्लेषण र मूल्याङ्कनपश्चात् कर्जा प्रवाह गर्नुपर्ने, त्यसैगरी उक्त रकमलाई खाम्ने गरी जमानत लिने व्यवस्था मिलाउनुपर्ने देखिएको छ।

७. **परियोजना कर्जा** - परियोजना कर्जा प्रवाह कोषको कर्जा, लगानी तथा असुली नीति, २०७७ को बुँदा नं. ८.२.३ (ख) बमोजिम रु.१ अर्बसम्मको संस्थागत कर्जा स्वीकृत गर्ने अख्तियारी प्रशासकको संयोजकत्वमा गठन भएको कर्जा तथा लगानी समितिमा रहेको र रु.१ अर्बभन्दा माथिको कर्जा सञ्चालक समितिबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। निजी क्षेत्रसमेतबाट प्रवर्द्धन भएका ठूला र दीर्घकालीन परियोजनामा जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरू र कर्जा लिनेको व्यावसायिक योजनालगायतका विषयमा विस्तृत अध्ययन, विश्लेषण र मूल्याङ्कनपश्चात् कर्जा प्रवाह गर्नुपर्नेमा सोअनुसार नगरेकोले कोषको कर्जा असुलीमा जोखिम वृद्धि भइरहेको छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्:

७.१. कोषबाट लगानी भएको परियोजना कर्जामा न्यूनतम कर्जा/स्वःपुँजी अनुपातसमेत कायम नहुने गरी कर्जा प्रवाह भएको छ। कोषले स्वीकृत गरेको लगानी नीतिअनुसार कर्जा/स्वःपुँजी अनुपात ७५:२५ हुनुपर्नेमा माथिल्लो तामाकोशी हाइड्रोपावर परियोजनाको २०८१ असार मसान्तसम्म कर्जा/स्वःपुँजी अनुपात ८५:१५ देखिन्छ। नेपाल वायु सेवा निगममा कर्जा लगानी गर्दा कोषले कर्जा/स्वःपुँजी अनुपातको कुनै परबाह नगरी विमानको परल मूल्यको शतप्रतिशत ऋण प्रवाह गरेको देखिन्छ।

७.२. कर्जा लिने व्यवसायीको धितो तथा आर्थिक अवस्था, कर्जा तिर्ने क्षमतालगायतका पक्षको पर्याप्त विश्लेषण नगरी कर्जा प्रवाह गरेका कारण केही कर्जा नउठ्ने अवस्थामा पुगेको देखियो। कोषले निजी क्षेत्रका २६ परियोजनामा लगानी गरेको कर्जा रु.७ अर्ब ४१ करोडमध्ये १४ परियोजनामा भाखा नाघी असुल

हुन बाँकी साँवा रु.१ अर्ब ७४ करोड रहेकोले खराब कर्जा २३.४८ प्रतिशत पुगेको छ। उक्त खराब कर्जाको ब्याजसमेत हिसाब गर्दा एक हाउजिङ्ग कम्पनीसँग रु.१ अर्ब २६ करोड ४५ लाख, तीन चिनी मिलसँग रु.५९ करोड ५० लाख, एक हस्पिटालिटी कम्पनीसँग रु.४९ करोड ७ लाख, एक होटलसँग रु.३० करोड ८६ लाख, एक रियल इस्टेट्स कम्पनीसँग रु.२७ करोड ९१ लाख, एक टेक्सटायल कम्पनीसँग रु.३० करोड ९६ लाख, एक केमिकल एण्ड फर्टिलाइजर कम्पनीसँग रु.१० करोड ७२ लाख, एक उद्योगसँग रु.९ करोड ८ लाख, एक खाद्य प्रशोधन कम्पनीसँग रु.६ करोड ३० लाखलगायत रु.३ अर्ब ९९ करोड १७ लाख उठ्न बाँकी रहेको छ। कर्जा लगानी तथा असुली कार्यविधि तथा सम्झौताअनुसार साँवा र ब्याज असुल नभएकोले थप छानबिन गरी सो ऋणको साँवा र ब्याज असुल गर्नुपर्दछ।

८. **लगानी** - कोषको सञ्चालक समितिले बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत कम्पनी लिमिटेडमा कोष र सञ्चयकर्ताले क्रमशः १५ प्रतिशत र ४० प्रतिशत सेयरमा लगानी गर्ने निर्णय गरेको देखिन्छ। सञ्चय कोष ऐनमा लगानी गर्ने अधिकार कोषलाई रहे तापनि कोष आफैंले संस्था प्रवर्द्धन गर्ने स्पष्ट प्रावधान रहेको देखिँदैन। वेतन कर्णाली जलविद्युत परियोजनाको परामर्शदाताबाट प्राप्त सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार आयोजनाको कुल लागत आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त हुँदा निर्माण अवधिको ब्याजबाहेक रु.७४ अर्ब १५ करोड र निर्माण अवधिको ब्याजसमेत रु.८८ अर्ब ५६ करोड उल्लेख गरेकोमा सो सम्भाव्यता अध्ययन प्रतिवेदनलाई यो वर्ष अद्यावधिक गर्दा निर्माण अवधिको ब्याजबाहेक रु.७८ अर्ब ३७ करोड र निर्माण अवधिको ब्याजसमेत रु.९३ अर्ब २७ करोड पुगेको देखिन्छ। आयोजनाले विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गर्न बाँकी देखिएकोले तोकिएको समय र लागतमा परियोजना सम्पन्न गर्न कठिनाइ हुने देखिन्छ। साथै कम्पनीको प्रगति प्रतिवेदनमा माथिल्लो कर्णाली जलविद्युत परियोजनाको क्षेत्रभित्र यस बेतन कर्णाली जलविद्युत परियोजना पर्न गएकोले उत्पन्न भएको विवाद अझै समाधान हुन नसकेको उल्लेख छ। उक्त विवाद समाधान नहुँदा कोषले परियोजनामा लगानी गरेको रु.६६ करोड़ जोखिममा पर्न सक्ने देखिन्छ।

९. **घर जग्गा व्यवस्थापन कम्पनी** - कोषले भवन तथा आवास योजना सञ्चालन गर्ने उद्देश्यले २०७६।९।३ मा रु.२० करोड लगानी गरी सञ्चय कोष घर जग्गा व्यवस्थापन कम्पनी प्राइभेट लिमिटेड स्थापना गरेको छ। कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १९(ट) मा कोष आफैंले आवास परियोजनाहरू सञ्चालन गर्न सक्ने प्रावधान रहेकोमा नयाँ कम्पनी स्थापना गर्नुको उद्देश्य यकिन गर्न सकिएन। छुट्टै कम्पनी स्थापना गरी उक्त कार्य गर्दा कोषलाई थप व्ययभार पर्न जाने, कोषलाई प्राप्त हुने कर छुट सुविधा कायम नरहने लगायतका समस्या उत्पन्न हुन सक्ने देखिएको छ।

१०. **अस्थायी सञ्चयकर्ता खाता** - सङ्कलन शाखाले पठाएको फाँटवारी सम्बन्धित शाखाले प्रविष्टि गर्दा पूर्ण विवरण नआएमा वा विवरणमा अपूर्ण वा दुविधा भएको खण्डमा फाँटवारी शाखाले नयाँ अस्थायी सञ्चय कोष नम्बर तथा कोड सिर्जना गरी सो खातामा प्रविष्ट गरेको छ। कोषले यो वर्षसम्म २० हजार ५१६ अस्थायी सञ्चयकर्ताको खातामा रु.९४ करोड ३४ लाख प्रविष्ट गरेको छ। सञ्चयकर्तालाई सो खाताको बारेमा सामान्यतः जानकारी नहुने हुँदा सञ्चयकर्ताले पुरा कोष रकम पाउनको लागि अस्थायी सञ्चयकर्ता खाता पहिचान गरी उक्त रकम स्थायी सञ्चयकर्ताको खातामा जम्मा गर्ने प्रभावकारी व्यवस्था मिलाउनुपर्दछ।

११. **बेचालु खाता** - कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १५(क) को उपदफा ३(क) मा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको सुरू मितिले ६ वर्षसम्म यस्तो रकम फिर्ता पाउने हक पुगेको व्यक्तिले फिर्ता लिन नआएमा छुट्टै खातामा जम्मा गरिने र छुट्टै खातामा जम्मा गरेपछि सो रकममा ब्याज दिने व्यवस्था नभएको उल्लेख छ। कोषको यो वर्षको अन्त्यसम्म ९१ हजार ९५ बेचालु खाताको रु.३ अर्ब ४० करोड ६४ लाख मौज्दात रहेको छ। बेचालु खातामा भएको मौज्दातको पहिचान गरी सम्बन्धित व्यक्ति तथा निकायसँग सम्पर्क तथा पत्राचार गरी त्यस्ता बेचालु खाताको रकम न्यून गर्दै लैजानुपर्दछ।

१२. **भाडा असुली** - कोषको असुल हुन बाँकी बहाल तथा महसुल रु.७२ करोड ११ लाख रहेकोमा रु.३० करोड ७१ लाख असुली शङ्कास्पद व्यवस्था कायम गरेको छ। उक्त असुल बाँकी बहालमध्ये रु.६१ करोड ८ लाख विभिन्न बहालवालाले मुद्दा दायर गरी अदालतमा विचाराधीन अवस्थामा रहेको देखिन्छ। बक्यौता भाडा असुलीको लागि कोष क्रियाशील हुनुपर्दछ।

१३. **बैङ्क हिसाब** - स्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा विगत वर्षदेखि नै कोषको बैङ्क हिसाब मिलान भएको छैन। यो वर्षको अन्त्यमा बैङ्क खाताअनुसार रु.१५ अर्ब १० करोड १५ लाख र बैङ्क स्टेटमेन्टअनुसारको मौज्दात रु.१७ अर्ब ५३ करोड ६७ लाख रहेकोले रु.२ अर्ब ४३ करोड ५२ लाख फरक देखिएको छ। कोषले सोमध्ये रु.१ अर्ब ३८ करोड ३७ लाखको बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन। समयमै हिसाब मिलान गरी बैङ्क खाता अद्यावधिक गर्नुपर्दछ।

नेपाल धितोपत्र बोर्ड

पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने, लगानीकर्ताहरूको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरूको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्नेलगायतका कार्यको लागि नेपाल सरकारबाट २०५०।२।२५ मा नेपाल धितोपत्र बोर्डको स्थापना भएको हो।

१. **वित्तीय स्थिति-** बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
स्थिर सम्पत्ति	४,२४,१८		२,८४,०६	
अमूर्त सम्पत्ति	१२,५४		१२,४२	
सम्पत्ति खरिदको अग्रिम भुक्तानी	४२,५६,००		४२,५६,००	
लगानी	२,७२,८५		२,७२,८५	
कर्जा तथा पेस्की	६,६८,०२		५,४८,५१	
धरौटी	५४		५४	
कर्मचारी सुविधाको अग्रिम भुक्तानी	२,०२,५१		२,१०,८०	
स्थगन कर सम्पत्ति	५,८२,५५		५,९८,५७	
कुल गैर चालु सम्पत्ति		**६४,१९,१९**		**६१,८३,७५**
प्राप्त गर्नुपर्ने आम्दानी	१३,५०,१८		११,३८,९६	
अन्य वित्तीय आम्दानी	२,४८,००,००		२,०४,००,००	
अग्रिम भुक्तानी तथा पेस्की	८,४०,२९		४,४७,०४	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
नगद र नगद सरह मौज्दात	१६,८९,४२		१७,०७,४५	
कुल चालु सम्पत्ति		**२,८६,७९,८९**		**२,३६,९३,४५**
कुल सम्पत्ति		**३,५०,९९,०८**		**२,९८,७७,२०**
अक्षय कोष	१५०६०००		१३०८०००	
अन्य कोषहरू	१६९८५३३		१४३०६३४	
कुल कोष तथा जगेडा		**३,२०,४५,३३**		**२,७३,८६,३४**
परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य	१६,५५,६३		१७,९२,५९	
गैर वर्तमान लिज दायित्व	१,५३,१०		-	
कुल गैर चालु दायित्व		**१८,०८,७३**		**१७,९२,५९**
कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य	८७,१४		७३,९७	
चालु लिज दायित्व	८९,७७		४३,८०	
आयकर र अन्य कर दायित्व	१२,७२		२२,२२	
अन्य चालु दायित्व	१०,५५,३९		५,५८,२८	
कुल चालु दायित्व		**१२,४५,०२**		**६,९८,२७**
कुल कोष तथा दायित्व		**३,५०,९९,०८**		**२,९८,७७,२०**

बोर्डको वासलातअनुसार २०८१ आषाढ मसान्तमा अक्षय कोषमा रु.१ अर्ब ५० करोड ६० लाख, अन्य कोष तथा जगेडामा रु.१ अर्ब ६९ करोड ८५ लाख ३३ हजारसमेत कोष तथा जगेडा रु.३ अर्ब २० करोड ४५ लाख ३३ हजार रहेको छ। चालु दायित्व गत वर्ष रु.६ करोड ९८ लाख २७ हजार रहेकोमा यो वर्ष रु.१२ करोड ४५ लाख २ हजार पुगेको छ। बोर्डको गैर चालु सम्पत्ति गत वर्ष रु.६१ करोड ८३ लाख ७५ हजार रहेकोमा यो वर्ष रु.६४ करोड १९ लाख १९ हजार पुगेको छ। चालु सम्पत्ति गत वर्षको तुलनामा २१ प्रतिशतले वृद्धि भई यो वर्ष रु.२ अर्ब ८६ करोड ७९ लाख ८९ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा**- बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
धितोपत्र बजारबाट आम्दानी	६४,७९,८८		६६,७८,९७	
अन्य आम्दानी	२४,९९,००		२१,९६,९३	
कुल आम्दानी		**८९,७८,८८**		**८८,७५,९०**
कर्मचारी खर्च	२३,०१,०५		१९,७३,२५	
अन्य सञ्चालन खर्च	५,७९,६०		७,३६,५९	
ह्रासकट्टी तथा परिशोधन खर्च	१,६८,०१		१,५५,५२	
कुल खर्च		**३०,४८,६६**		**२८,६५,३६**
सञ्चालन बचत		**५९,३०,२२**		**६०,१०,५४**
वित्त लागत		१३,७७		८१९
आयकर अघिको बचत		**५९,१६,४५**		**६०,०२,३५**
चालु आयकर	१७,९५,३१		१६,६८,८९	
स्थगन कर खर्च/(आम्दानी)	(१,२२,४५)		३५,२८	
कुल कर खर्च		**१६,७२,८६**		**१७,०४,१७**
यस वर्षको खुद बचत		**४२,४३,५९**		**४२,९८,१८**

उल्लिखित विवरण अनुसार धितोपत्र बजारबाट हुने आम्दानी गत वर्ष रु.६६ करोड ७८ लाख ९७ हजार रहेकोमा यो वर्ष २.९८ प्रतिशतले न्यून भई रु.६४ करोड ७९ लाख ८८ हजार भएको छ। बोर्डको अन्य आय गत वर्ष रु.२१ करोड ९६ लाख ९३ हजार रहेकोमा यो वर्ष १३.७५ प्रतिशतले वृद्धि भई रु.२४ करोड ९९ लाख पुगेको छ। यस्तै खुद बचत गत वर्ष रु.४२ करोड ९८ लाख १८ हजार रहेकोमा यो वर्ष रु.४२ करोड ४३ लाख ५९ हजार रहेको छ।

३. **पेस्की-** बोर्डले काठमाडौं उपत्यका विकास प्राधिकरणलाई २०७७।११।१२ मा ७ रोपनी जग्गा खरिदको लागि रु.४२ करोड ५६ लाख पेस्की उपलब्ध गराएकोमा जग्गाको स्वामित्व प्राप्त नभएकोले उक्त पेस्की पस्यौंट भएको छैन। सम्बन्धित निकायसँग समन्वय गरी जग्गा प्राप्त गर्नुपर्दछ।

४. **प्रिमियममा धितोपत्र निष्काशन-** धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २५ (क) मा रहेको प्रिमियममा धितोपत्र निष्काशन गर्ने संगठित संस्था लगातार पछिल्लो ३ वर्षसम्म खुद मुनाफामा सञ्चालनमा रहेको हुनुपर्ने प्रावधान २०८०।५।६ मा संशोधन भई कम्तीमा रु.१ अर्ब चुक्ता पुँजी भई पछिल्लो २ वर्ष मुनाफामा रहेको संगठित संस्थाले पनि प्रिमियमा धितोपत्र निष्काशन गर्न सक्ने व्यवस्था भएको छ। उक्त संशोधन पश्चात् २०७८।२।३ मा दर्ता भएको एक रि-इन्स्योरेन्स कम्पनीले २०८०।८।२८ मा प्रिमियममा धितोपत्र निष्काशन गरेको देखिन्छ। धितोपत्र सम्बन्धी कानुन संशोधन गर्दा लगानीकर्तामा पर्नसक्ने जोखिम विश्लेषण गर्नुपर्दछ।

५. **सेयर बिक्री-** धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ मा विवरण पत्र प्रकाशन गरी निष्काशन गरिएको धितोपत्र संस्थापक समूहले सर्वसाधारणका लागि प्राथमिक निष्काशन गरेको सेयर बाँडफाँट भएको मितिले ३ वर्षको अवधि पूरा नभई बिक्री गर्न नपाइने व्यवस्था छ। जलविद्युत कम्पनीहरूले निर्माण चरणमानै सर्वसाधारणका लागि सेयर जारी गर्न सक्ने व्यवस्था भएकोले सेयर निष्काशन गरेको ३ वर्ष सम्म पनि निर्माण सम्पन्न नहुने अवस्था रहन सक्ने र ३ वर्षपछि संस्थापकहरूले सेयर बिक्री गर्न सक्ने देखिन्छ। जसबाट आयोजना निर्माणमा पर्ने असर एवम् सो बाट सर्वसाधारण लगानीकर्तामा पर्ने जोखिम लगायतका विषयमा सम्बन्धित निकायबिच समन्वय गरी सर्वसाधारण लगानीकर्ताको हित संरक्षण गर्नुपर्दछ।

६. **कोषको परिचालन-** धितोपत्र ऐन, २०६३ को दफा २२ मा बोर्डको आफ्नो छुट्टै कोष हुने र कोषको सञ्चालन तोकिएबमोजिम हुने उल्लेख छ। उक्त कोषमा गत वर्षसम्म रु.१ अर्ब ३० करोड ८० लाख रहेकोमा यो वर्ष रु.१९ करोड ८० लाख वृद्धि भई रु.१ अर्ब ५० करोड ६० लाख पुगेको छ।

७. **कर्मचारी कल्याणकोष-** बोर्डको कर्मचारी सेवा शर्त नियमावली, २०६८ को नियम ७७ मा बोर्डमा कर्मचारी कल्याण कोष हुने र सोको सञ्चालन बोर्डबाट स्वीकृत कार्यविधिबमोजिम हुने उल्लेख छ। उक्त व्यवस्थाबमोजिम बोर्डले २०७१।६।२७ मा नेपाल धितोपत्र बोर्ड कर्मचारी कल्याण कोष कार्यविधि, २०७१ स्वीकृत गरी कार्यविधिको बुँदा नं.४(६) अनुसार बचत रकम मध्येबाट कर्मचारीको व्यक्तिगत खातामा जम्मा हुने गरी २०७९।८० सम्म रु.२९ करोड १ लाख ८३ हजार ट्रान्सफर गरेकोमा हालसम्म रु.२० करोड ४९ लाख ४७ हजार खर्च भई रु.८ करोड ५२ लाख ३६ हजार मौज्दात रहेको छ। बचत रकमबाट कर्मचारीको व्यक्तिगत खाता ट्रान्फर गर्ने कार्य औचित्यपूर्ण छैन।

नेपाल धितोपत्र बोर्ड (२०७९।८०)

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
सम्पत्ति				
स्थिर सम्पत्ति	२,८४,०६		३,९७,०९	
अदृश्य सम्पत्ति	१२,४२		१०,६६	
सम्पत्ति खरिदको अग्रिम भुक्तानी	४२,५६,००		४२,५६,००	
लगानी	२,७२,८५		२,७२,८५	
कर्जा तथा पेस्की	५,४८,५१		३,६५,३७	
धरौटी	५४		१,३२	
कर्मचारी सुविधाको अग्रिम भुक्तानी	२,१०,८०		१,२४,३१	
स्थगन कर सम्पत्ति	५,९८,५७		५,८५,४०	
कुल गैर चालु सम्पत्ति		**६१,८३,७५**		**६०,१३,००**
प्राप्त गर्नुपर्ने आम्दानी	११,३८,९६		१२,३३,५८	
अन्य वित्तीय सम्पत्ति	२,०४,००,००		१,५९,००,००	
अग्रिम भुक्तानी तथा पेस्की	४,४७,०४		४७,७५	
नगद र नगद सरह मौज्दात	१७,०७,४५		२१,८०,३४	
कुल चालु सम्पत्ति		**२,३६,९३,४५**		**१,९३,६१,६७**
कुल सम्पत्ति		**२,९८,७७,२०**		**२,५३,७४,६७**
कोष तथा दायित्व				
अक्षय कोष	१,३०,८०,००		१,११,००,००	
अन्य कोषहरू	१,४३,०६,३४		१,२१,३३,५१	
कोष तथा जगेडा		**२,७३,८६,३४**		**२,३२,३३,५१**
परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य	१७,९२,५९		१३,५९,१२	
लिज दायित्व		-		४४,४१
कुल गैर चालु दायित्व		**१७,९२,५९**		**१४,०३,५३**
परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य	७३,९७		७५,७७	
चालु लिज दायित्व	४३,८०		९५,५९	
आयकर र अन्य कर दायित्व	२२,२२		२०,२८	
अन्य चालु दायित्व	५,५८,२८		५,४५,९९	
कुल चालु दायित्व		**६,९८,२७**		**७,३७,६३**
कुल कोष तथा दायित्व		**२,९८,७७,२०**		**२,५३,७४,६७**

२. **सञ्चालन नतिजा** - बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
धितोपत्र बजारबाट आम्दानी	६६,७८,९७		८०,९२,१२	
अन्य आम्दानी	२१,९६,९३		१३,१२,१३	
कुल आम्दानी		**८८,७५,९०**		**९४,०४,२५**
कर्मचारी खर्च	१९,७३,२५		२१,८९,६६	

विवरण	२०७९।८०		२०७८।७९	
अन्य सञ्चालन खर्च	७,३६,५९		३,८०,०२	
ह्रास कट्टी खर्च	१,५५,५२		१,४८,४६	
कुल खर्च		**२८,६५,३६**		**२७,१८,१४**
सञ्चालनबाट नाफा/बचत		**६०,१०,५४**		**६६,८६,११**
वित्तीय लागत		८,१९		१७,७१
आयकर अघिको नाफा/बचत		**६०,०२,३५**		**६६,६८,४०**
चालु आयकर	१६,६८,८९		२६,५५,८१	
स्थगन कर खर्च/आम्दानी	३५,२८		(३,०५,५९)	
कुल कर खर्च		**१७,०४,१७**		**२३,५०,२२**
यो वर्षको खुद नाफा/बचत		**४२,९८,१८**		**४३,१८,१८**

यो वर्ष धितोपत्र बजारबाट हुने आय गत वर्ष भन्दा १७.४६ प्रतिशतले न्यून भई रु.६६ करोड ७९ लाख रहेको देखिन्छ। यस्तै अन्य आम्दानी गत वर्षभन्दा गत वर्षभन्दा ६७ प्रतिशतले वृद्धि भई रु.२१ करोड ९७ लाख पुगेको छ। त्यस्तै, कर अघिको नाफा गत वर्ष रु.६६ करोड ६८ लाख रहेकोमा यो वर्ष १० प्रतिशतले ह्रास आई रु.६० करोड २ लाख पुगेको छ। कर अघिको नाफा गत वर्षभन्दा १० प्रतिशतले ह्रास आएको छ।

३. **धितोपत्रको प्रारम्भिक निष्कासन** - धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २५ अनुसार प्रिमियममा धितोपत्र निष्कासन गर्दा प्रिमियम मूल्य निर्धारण गर्ने विधि र औचित्य पुष्टि हुनुपर्ने व्यवस्था रहेकोमा एक उद्योगले प्रति सेयर रु.३३५ प्रिमियम थप गरी प्रति सेयर रु.४३५ का दरले ७९ लाख ४३ हजार ८०१ कित्ता सेयर निष्कासन गरेको देखियो। नेपाल विद्युत प्राधिकरणलाई तिर्नुपर्ने महसुल रु.१ अर्ब २४ करोड १३ लाख र कर दायित्व रु.१ करोड ४८ लाखसमेत रु.१ अर्ब २५ करोड ६१ लाख २०७८।७९ मा कन्टिन्जेन्ट दायित्वतर्फ देखाई खर्च नियोजनबाट उद्योग नाफामा देखाई प्रिमियममा सेयर निष्कासन गर्नु औचित्यपूर्ण देखिएन। त्यस्तै, उद्योगले कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरी उद्योगको तर्फबाट खर्च लेख्नुपर्नेमा कोषमा आबद्ध नगरेको तथा ह्रास खर्चसमेत न्यून लेखी नाफामा वृद्धि गरेको पाइयो। यस सम्बन्धमा नियामक निकायहरूबिच समन्वय गरी नागरिकमा परेको प्रभावको सम्बन्धमा छानबिन गर्नुपर्दछ।

४. **लघु बिमा कम्पनी** - धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २५ अनुसार प्रिमियममा धितोपत्र निष्कासन गर्दा प्रिमियम मूल्य निर्धारण गर्ने विधि र औचित्य पुष्टि हुनुपर्ने व्यवस्था रहेकोमा केही लघु बिमा कम्पनीले सर्वसाधारणमा सेयर जारी गर्दा बोर्डले कम्पनीको नेटवर्थ विश्लेषण सो बेगर प्रिमियममा सेयर जारी गर्न स्वीकृति दिएकोले लघु बिमा कम्पनीको सेयर खरिद गर्ने सर्वसाधारणको लगानी जोखिममा पर्ने देखिन्छ। निम्नानुसारका ४ लघु बिमा कम्पनीको खर्च लेखाङ्कन गर्दा एक्च्युरियरले बिमा समर्पण दर गणना नगरेको, वार्षिक ब्याजदर बिमा प्राधिकरणले ६ प्रतिशत कायम गरेकोमा फरक दरले गणना गरेका कारणबाट पर्ने असर सम्बन्धमा बोर्डले छानबिन गरेको देखिएन।

(रु. हजारमा)

कम्पनीको नाम	शेयर संख्या	२०७८।७९ को जारी पुँजी	सञ्चित मुनाफा	रिजर्व नेटवर्थको आधारमा आउने अधिकतम प्रिमियम	स्वीकृत प्रिमियम दर	बढी प्रिमियम दर	बढी प्रिमियम रकम
लाइफ इन्सुरेन्स कम्पनी "क"	११२५०	१७५००००	४७७१९६	२७.२६	१४४	११६.७४	१३१३३२५
लाइफ इन्सुरेन्स कम्पनी "ख"	९६००	१४०००००	४०६९१६	२९.०६	१३७	१०७.९६	१०३६४१६
लाइफ इन्सुरेन्स कम्पनी "ग"	९६००	१४०००००	३९५००१	२८.२१	१३९	११०.९६	१०६३५८४
लाइफ इन्सुरेन्स कम्पनी "घ"	६०००	१४०००००	७७१९८२	५५.१४	११२	५६.८६	३४११६०
जम्मा							**३७,५४,४८५**

नेटवर्थ विश्लेषण बेगर प्रिमियममा सेयर जारी गर्न अनुमति दिनेलाई जिम्मेवार बनाई बोर्डले तोकिएबमोजिम नेटवर्थ विश्लेषण गरेर मात्र अनुमति दिनुपर्दछ।

नागरिक लगानी कोष

नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत बचत परिचालन, लगानी प्रवर्धन र पुँजी बजार सेवा प्रदान गर्न कोषको स्थापना भएको हो। कोषले कर्मचारी, कामदार तथा सङ्गठित संस्थाहरूबाट समेत विभिन्न शीर्षक अन्तर्गत बचत सङ्कलन गरी सङ्कलित बचत रकमको लगानी प्रबन्ध गर्दै आएको छ। कोषले हालसम्म ७ कोष तथा योजनाहरू सञ्चालन/व्यवस्थापन गरिरहेको छ। कोषको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरू पोखरा, विराटनगर, बुटवल, सुर्खेत र अत्तरियामा रहेका छन्। कोषमा नेपाल सरकारको २३.३४ प्रतिशत, राष्ट्रिय बिमा संस्थानको ३१.५५ प्रतिशत, नेपाल स्टक एक्सेन्जको १० प्रतिशत, बैङ्क तथा वित्तीय संस्थाको १५.११ प्रतिशत र सर्वसाधारण जनताको २० प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय प्रतिवेदन-** कोषको वित्तिय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

सम्पत्ति	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
नगद तथा नगद समान	१,३४,८३,१४		४५,५७,८२	
नेपाल राष्ट्र बैङ्कमा नगद तथा लिनुपर्ने	४,३६,७१		४,७४,८८	
बैङ्क तथा वित्तिय संस्थामा रहेको मुद्दति	४,२०,२६,१९		३,७६,३५,८९	
अन्य व्यापारिक सम्पत्तिहरू	२०		१५,९६,९०	
कर्मचारीलाई दिएको कर्जा तथा सापत	१७,१८,१८		१३,९९,१९	
धितोपत्र लगानी	१,३५,२६,९३		१,१४,७६,३४	
चालु कर सम्पत्ति	१,०४,४५,२५		८६,२८,०७	
कुल चालु सम्पत्ति		**८,१६,३६,६०**		**६,५७,६९,०९**
सहायक कम्पनीमा लगानी	२,७२,४६,७५		२,७२,४६,७५	
सम्पत्ति तथा उपकरण	२,२०,०१,२८		२,२०,५५,६३	
पुँजीगत निर्माण	३५,००		३५,००	
ख्याति तथा अमूर्त सम्पत्ति	१,७१,७३		२,३२,३०	
अन्य सम्पत्ति	११,८७,४८,८		११,४२,८५,०४	
कुल गैर चालु सम्पत्ति		**१६,८२,०३,६४**		**१६,३८,५४,७२**

सम्पत्ति	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
कुल सम्पत्ति		**२४,९८,४०,२४**		**२२,९६,२३,८१**
योजना/कार्यक्रमहरूको कुल सम्पत्ति		**२,८५,७१,६७,१०**		**२,५३,०४,७२,०७**
कुल सम्पत्ति		**३,१०,७०,०७,३४**		**२,७६,००,९५,८९**
दायित्व तथा व्यवस्था				
स्थगन कर दायित्व	२३,४८,५८		२०,२१,४३	
अन्य दायित्व	१४,९९,४१,५		१४,१२,७६,२९	
कुल दायित्व तथा व्यवस्था		**१५,२२,९०,१४**		**१४,३२,९७,७२**
इक्विटी				
सेयर पुँजी	६,०५,७६,७५		५,३१,३७,५०	
सञ्चित मुनाफा	१,०९,४५,७५		१,०५,४६,३९	
जगेडा तथा कोषहरू	२,६०,२७,६०		२,२६,४२,१९	
कुल इक्विटी		**९,७५,५०,१०**		**८,६३,२६,०९**
कुल दायित्व र इक्विटी		**२४,९८,४०,२४**		**२२,९६,२३,८१**
योजनाहरूको कुल कोष तथा दायित्व		**२,८५,७१,६७,१०**		**२,५३,०४,७२,०७**
कुल दायित्व तथा इक्विटी		**३,१०,७०,०७,३४**		**२,७६,००,९५,८९**

उल्लिखित विवरणअनुसार कोषद्वारा सञ्चालित योजनाहरूको कुल सम्पत्ति/दायित्व रु.२ खर्ब ८५ अर्ब ७१ करोड ६७ लाख १० हजारसमेत सम्पत्ति/दायित्व र इक्विटी रु.३ खर्ब १० अर्ब ७० करोड ७ लाख ३४ हजार रहेको छ। गत वर्षसम्म कोषद्वारा सञ्चालित योजनाहरूको सम्पत्ति र दायित्वलाई कोषको वित्तीय विवरणमा प्रस्तुत नगरेकोमा यो वर्ष कुल योगलाईसमेत जोडेर प्रस्तुत गरेको छ। जसको कारणले गर्दा २०७९।८० का सम्पत्ति र दायित्वका केही विवरणहरू फरक परेका छन्।

२. **सञ्चालन नतिजा -** कोषको आम्दानी खर्च तथा सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
शुल्क तथा कमिशन आम्दानी	१,५९,६९,०४		१,३९,१९,८७	
ब्याज आम्दानी	४४,६०,०३		४८,३०,०८	
अन्य सञ्चालन आम्दानी	३,३५,७३		६,६८,१५	
कुल आम्दानी		**२,०७,६४,८०**		**१,९४,१८,११**
शुल्क तथा कमिसन खर्च	५८,२०		-	
ब्याज खर्च	-		११,२८,३२	
सञ्चालन खर्च				
कर्मचारी खर्च	२८,७२,३९		२१,९२,३५	
अन्य सञ्चालन खर्च	८,२०,३७		८,९१,४५	
ह्रास कट्टी	६,०६,९१		५,४८,३८	
कुल खर्च		**४३,५७,८७**		**४७,६०,५१**
आयकर अघिको नाफा		**१,६४,०६,९३**		**१,४६,५७,६०**
कर्मचारी बोनस व्यवस्था		८,०५,७९		६,९७,९८
आयकर खर्च				
चालु कर	४०,५१,४१		३२,४४,६७	
स्थगन कर	(३७,६३)		(१५,२१,५५)	
कुल आयकर खर्च		**४०,१३,७८**		**१७,२३,१२**
यस अवधिको मुनाफा		**१,१५,८७,३६**		**१,२२,३६,५०**

कोषले २०८०।८१ मा रु.२ अर्ब ७ करोड ६४ लाख ८० हजार आम्दानी तथा रु.४३ करोड ५७ लाख ८७ हजार सञ्चालन खर्च र रु.८ करोड ५ लाख ७९ हजार कर्मचारी बोनस व्यवस्था गरेको छ। गत वर्षको तुलनामा कर्मचारी खर्च रु.६ करोड ८० लाख ४ हजारले बढेको छ। कर्मचारीको तलब वृद्धि हुनु, कर्मचारी कल्याणकारी खर्च बढ्नु र सोको लेखाङ्कन अघिल्लो वर्ष कर्मचारी कल्याणकारी कोषमा गरेकोमा चालु वर्ष खर्चमा लेखाङ्कन गर्नुले खर्च वृद्धि भएको देखिएको छ।

३. **वित्तीय प्रतिवेदनमान-** नेपाल सरकारले सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदनमान लागु गर्ने व्यवस्था गरेकोले यस कोषले वित्तीय विवरणहरू नेपाल लेखामान बमोजिम तयार गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

३.१. कोषले योगदानकर्ताहरूबाट रकम सङ्कलन गरी लगानीकर्ता हिसाब योजना (कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकाश योजना, राष्ट्र सेवक कर्मचारीको सावधिक जीवन बिमा कोष, नार्क बिमा कोष योजना, नागरिक पेन्सन योजना) र नागरिक एकाङ्क योजना सञ्चालन गर्दै आएको छ। उक्त कोष/योजनाहरूको सञ्चालन/प्रबन्धन कोषले नै तोकेका सञ्चालक तथा कर्मचारीहरू सम्मिलित न्यासधारी (ट्रष्टी) हरूबाट हुने तथा कोषको सङ्गठनात्मक संरचनामा उक्त कोष/योजनाहरूलाई कोषकै अभिन्न अंगको रुपमा राखेकाले उक्त कोष/योजनाहरू स्वतन्त्र नभई संस्था अन्तर्गत नै रहेको देखिन्छ। उक्त अवस्थामा कोषले एकीकृत वित्तीय विवरणहरू तयार गर्नुपर्ने देखिन्छ।

३.२. यो वर्ष कोषले सञ्चालन/प्रबन्धन गरेका ७ कोष/योजनाहरूको रु.२ खर्ब ८५ अर्ब ७१ करोड ६७ लाखको सम्पत्ति र दायित्वको हिसाब कोषको वित्तीय विवरणमा शीर्षकगत रुपमा समावेश नगरी योजना तथा कार्यक्रमहरूको कुल सम्पत्ति, कोष तथा दायित्व भनी एकमुष्ट रुपमा प्रस्तुत गरेको छ। लेखा सिद्धान्त र प्रचलित कानुनी व्यवस्थाअनुसार कोषले आफ्नो वित्तीय विवरणहरूमा केन्द्रीय कार्यालयका साथै आफूले सञ्चालन गर्दै आएका कोष/योजनाहरूको हिसाब नेपाल वित्तीय प्रतिवेदनमानले तोकेको ढाँचा अनुसार शीर्षकगत रुपमा समावेश नगरेकोले वित्तीय विवरणहरूले कोषको वित्तीय अवस्थाको यथार्थ चित्रण गरेको देखिँदैन। उक्त प्रस्तुतीकरण नेपाल वित्तीय प्रतिवेदनमानको ढाँचा र लेखाको सर्वमान्य सिद्धान्त विपरीत रहेको छ।

३.३. कोषले तत्कालीन समयमा सञ्चालन गरेको निजामती कर्मचारीहरूको योगदानमा आधारित पेन्सन योजना (हाल सञ्चालनमा नरहेको) को केन्द्रीय हिसाबमा दायित्व मानी रु.२ करोड ९७ लाख ७ हजार देखाएको छ। पेन्सन योजनाको छुट्टै वित्तीय विवरणहरू तयार गरेको छैन। सो पेन्सन योजनाको छुट्टै वित्तिय विवरण तयार गर्नुपर्दछ।

४. **बचत सङ्कलन एवं लगानी-** कोषको कार्यक्रममा नसमेटिएका स्वरोजगार तथा वैदेशिक रोजगारमा रहेका सर्वसाधारणहरूलाई समेट्ने गरी नागरिक पेन्सन योजनालाई प्रवर्धन गर्दै लैजाने योजना रहेकोमा उक्त योजना प्रति सर्वसाधारणको आकर्षण देखिए तापनि प्रवर्धनात्मक कार्यहरू यथेष्ट मात्रामा हुन नसकेको एवं सहभागीहरूको संख्या अपेक्षित रूपमा वृद्धि हुन सकिरहेको छैन। कोषले व्यावसायिक योजनाअनुसार बचत सङ्कलनको क्षेत्र विस्तार गर्नुपर्दछ।

कोषले नेपाल सरकारका प्राथमिकतामा रहेका परियोजना एवं क्षेत्रमा लगानी बढाउने, सहभागीहरूलाई प्रदान गर्दै आएको सहभागी कर्जालाई विस्तार गर्ने, विशिष्टीकृत लगानी कोष

(एसआईएफ) मा लगानी गर्ने, पुँजी बजारमा थप लगानी विस्तार गर्ने, उपयुक्त क्षेत्रका संस्थाहरूको इक्विटीमा लगानी गर्ने लगायतका कार्यक्रम राखे तापनि ती कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयनमा आएका छैनन्। कोषले योजनाअनुसार लगानीको क्षेत्र तथा दायरा विस्तार गरी कार्यक्रमहरू प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्दछ।

५. **कानुनको पालना-** नागरिक लगानी कोष ऐनको दफा २५(१) बमोजिम कोषको सञ्चालक समितिमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका महाप्रबन्धक सञ्चालक रहने व्यवस्था र धितोपत्र व्यवसायी नियमावली, २०६४ को नियम १४(ख) अनुसार धितोपत्र बजारमा लाभको पदमा रहेको व्यक्ति सञ्चालक नियुक्त हुन अयोग्य रहने व्यवस्था एकअर्कासँग बाझिएको छ। कोषको ऐनमा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिएको छैन। त्यसैगरी ऐनको दफा २५(२) को प्रावधानअनुसार महिला सञ्चालक नियुक्त नगरिएको लगायतका कानुनी व्यवस्था पालनामा सुधार गर्दै ऐनको पूर्ण कार्यान्वयन गर्नुपर्दछ।

६. **अवकाश कोष -** सर्वोच्च अदालतबाट २०८०।४।२२ मा भएको उत्प्रेषणको फैसलामा अवकाश कोषको रकम लगानी कोषले आफुले रोजेको क्षेत्रमा स्वतन्त्र रुपले गर्न पाउने नभई आयकर नियमावली, २०५९ को नियम २०(२) बमोजिम नेपाल सरकारबाट स्वीकृत क्षेत्रमा लगानी गर्नुपर्ने व्याख्या गरेको छ। यसरी कोषले हाल गरिरहेको लगानी आयकर नियमावली, २०५९ को नियम २०(२) ले तोकेको परिधिभन्दा बाहिर रहेको देखिन्छ। कोषले आफ्नो ऐन र आयकर नियमावलीमा तादाम्यता मिलाउनु पर्दछ।

७. **ऋण लगानी -** नेपाल वायुसेवा निगमसँग २०७४।२।२९ मा भएको ऋण सम्झौताअनुसार वाइड बडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले कर्मचारी बचत वृद्धि अवकाश कोष मार्फत रु.१२ अर्बको दीर्घकालीन ऋण प्रवाह गरेको छ। उक्त ऋण लगानी रकम कर्मचारी बचत वृद्धि अवकाश कोष मार्फत भुक्तानी भएको अवकाश कोषको वित्तीय विवरणमा मात्र देखिएको छ। तत्कालीन समयमा कोषको न्यासधारी गठन नभएको कारणले कोषको सञ्चालक समितिले मात्र निर्णय गरेको देखिन्छ। नेपाल वायुसेवा निगमसँग २०८१ आषाढ मसान्तसम्म पुँजीकृत गरिएको व्याज रकमसमेत रु.१९ अर्ब ३९ करोड ९ लाख ८४ हजार ऋण लगानी देखिएको छ। कोषले नेपाल वायुसेवा निगमबाट सम्झौता बमोजिम ऋण लगानीको रकम प्राप्त गरेको छैन। सम्झौताको बुँदा नं. ७.१ बमोजिम उक्त विमानको टिकट बिक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सोको पालनासमेत भएको छैन। सम्झौताबमोजिम विशेष खातामा रकम जम्मा गर्न लगाई ऋण प्राप्तिको तालिकाबमोजिम ऋण प्राप्त गर्नुपर्दछ।

८. **मुद्दती निक्षेप-** कोषले लिनुपर्ने देखाएको मौज्दात २०८१ आषाढ मसान्त सम्म साँवा रु.४७ करोड ८८ लाख र पुँजीकृत ब्याज रु.१२ करोड ३५ लाखसमेत रु.६० करोड २३ लाख समस्याग्रस्त घोषणा भएका वित्तीय संस्थामा मुद्दती निक्षेप रहेको छ। उक्त मुद्दती निक्षेपमा कायम गरिएको साधारण ब्याजदर (४ प्रतिशत) कोष लागत भन्दा न्यून रहेको एवं उक्त रकमको सम्बन्धित वित्तीय संस्थाबाट समर्थन पत्र लिएको छैन। उक्त रकममा हाल दर्ता खारेजी भई बन्द भइसकेको एक फाइनान्स कम्पनीबाट पाउनुपर्ने साँवा र ब्याज रकम रु.१ करोड ५० लाख समावेश छ। सरोकारवाला निकायसँग समन्वय गरी समस्याग्रस्त संस्थामा रहेको निक्षेप असुल गर्नुपर्दछ।

९. **हिसाब भिडान-** कोषको २०८१ आषाढ मसान्तमा १४ बैङ्क खातामध्ये ११ बैङ्क खातामा रहेको रु.१ अर्ब ६६ करोड ६० लाख ३१ हजार धनात्मक मौज्दात तथा ३ बैङ्क खातामा रहेको रु.३१ करोड ७७ लाख १७ हजार ऋणात्मक मौज्दातसमेत कुल बैङ्क मौज्दात रु.१ अर्ब ३४ करोड ८३ लाख १४ हजार धनात्मक देखिन्छ। वित्तीय विवरणमा रु.१ अर्ब ३४ करोड ८३ लाख १४ हजार देखिएको र बैङ्कहरूको समर्थन पत्र अनुसारको मौज्दात रु.१ अर्ब १६ करोड ७ लाख ३९ हजार देखिएकोले रु.१८ करोड ७५ लाख ७५ हजार बराबरले बैङ्क मौज्दात हिसाब भिडान भएको छैन। उक्त खाताहरू अद्यावधिक गरी समयमै हिसाब मिलान गर्नुपर्दछ।

९.१. कोषको लेखा प्रणालीमा २०८१ आषाढ मसान्तमा नेपाल राष्ट्र बैङ्कमा रहेको मौज्दात रु.४ करोड ४६ लाख ३१ हजार रहेको छ। नेपाल राष्ट्र बैङ्कको समर्थन पत्रअनुसार रु.८५ लाख १ हजार मात्रै रहेको छ। त्यसैगरी कोषको नेपाल राष्ट्र बैङ्कमा रहेको अर्को एक खाता बन्द भए तापनि २०८०।८१ मा सो खातामा मौज्दात रु.२ अर्ब ३९ करोड ४ लाख ४२ हजार ऋणात्मक रहेको छ। कोषले नेपाल राष्ट्र बैङ्कसँग समन्वय गरी उक्त हिसाबमिलान गर्नुपर्दछ।

९.२. कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ २०८१ आषाढ मसान्तमा २७ बैङ्क खातामध्ये १६ बैङ्क खातामा रहेको रु.२० अर्ब ६ करोड ८६ लाख २९ हजार धनात्मक मौज्दात तथा ११ बैङ्क खातामा रहेको रु.९ अर्ब ४६ करोड ५७ लाख ४० हजार ऋणात्मक मौज्दातसमेत कुल बैङ्क मौज्दात रु.१० अर्ब ६० करोड २८ लाख ८९ हजार धनात्मक रहेको छ। यसरी वित्तीय विवरणअनुसारको मौज्दात रु.१० अर्ब ६० करोड २८ लाख ८९ हजार रहेको र बैङ्कहरूको समर्थन पत्रअनुसारको मौज्दात रु.१० अर्ब ५३ करोड ८१ लाख २१ हजार देखिएकोले रु.६ करोड ४७ लाख ६८ हजार बराबरले बैङ्क मौज्दात हिसाब भिडान भएको छैन। उक्त खाताहरू अद्यावधिक गरी ऋणात्मक बैङ्क मौज्दातको यथार्थ हिसाब यकिन गर्नुपर्दछ।

१०. **लेखा सफ्ट्वेयर-** कोषले प्रयोगमा ल्याएको नागरिक लगानी कोष वेबमा आधारित सफ्टवयेरले दिने तथ्याङ्क तथा विवरणहरू नमुना छानेको आधारमा रुजु गर्दा विवरणहरू एक आपसमा मेल खाएको पाइएन। कोषले लेखाको लागि प्रयोग गर्दै आएको सफ्टवेयरबाट वित्तीय विवरण तयार गर्न सकिने अवस्था छैन। सफ्टवेयरबाट सिर्जना हुने प्रतिवेदनहरू (जि एल, बक्यौता ऋण रकम)मा एकरुपता रहेको देखिँदैन। सफ्टवेयरमा अघिल्लो वर्षको अन्तिम मौज्दातको रेकर्ड यस वर्षको शुरु मौज्दातमा स्थानान्तरण गर्दा सफ्टवेयरले स्थानान्तरण गरेको छैन। सफ्टवेयरमा ग्राहक पहिचान फारम भर्दा कार्यालयको प्रकृतिको तथ्याङ्क राख्ने स्थान नभएको कारणले सफ्टवेयर प्रभावकारी रहेको छैन। कोषले यो वर्ष सूचना प्रविधि प्रणालीको परीक्षण गराएको छैन। उक्त सफ्टवेयरको सेवाप्रदायकसँगको वार्षिक मर्मत सम्झौता समेत समाप्त भइसकेको रहेको देखिँदैन।

कोषको केन्द्रीय हिसाब लगायत कोषले सञ्चालन/प्रबन्धन गरेका ७ वटा कोष/योजनाहरूको अन्तर योजना हिसाब तथा लेनदेन रकम हिसाब मिलान भएको छैन। यो वर्षको अन्त्यमा लेनदेन रकम हिसाब मिलान हुन बाँकी रहेको रु.१४ करोड ३४ लाख ६९ हजार वित्तीय विवरणमा अन्य दायित्वमा लेखाङ्कन गरेको छ। कोषले कोष/योजनाहरूसँग सम्बन्धित कतिपय बैङ्क कारोबारहरूको लेखा सम्बन्धित बैङ्क लेजरमा नगरी अन्य बैङ्क लेजरमा गरेको छ। अन्य कोष/योजनाहरूको कारोबार त्रुटिवश फरक कोष/योजनाहरू तथा कोषको लेखामा समावेश गरेको छ। लेखा प्रणालीमा जिम्मेवारी सार्दा घटी/बढी

सार्ने लगायतका विभिन्न गल्तीहरूले गर्दा अन्तर योजना हिसाब तथा लेनदेनका रकमहरू सम्बन्धित कोष/योजनाहरूले वास्तवमै लिनुपर्ने वा दिनुपर्ने हो वा होइन भन्ने यथार्थता यकिन गर्न सकिने अवस्था छैन। यस्ता कमजोरीको समयमा नै सुधार गरी सफ्टवेयरलाई विश्वसनीय बनाउनुपर्दछ।

११. **सावधिक जीवन बिमा योजना -** राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडबाट २०८०/९/१२ मा इमेलमार्फत प्राप्त जानकारी बमोजिम बिमा कोषको तर्फबाट बिमा गर्ने सहभागीहरूको संख्या जम्मा ३ लाख ३७ हजार ९६३ रहेको र बिमा शुल्क रु.३ अर्ब ३० करोड ३९ लाख ७८ हजार रहको छ। तर कोषको टिप्पणी र वित्तीय विवरणमा कोषबाट जम्मा ३ लाख ३३ हजार २९२ जनाको बिमा शुल्क रु.३ अर्ब २२ करोड ९ लाख ६२ हजार राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडमा पठाएको छ। यो वर्ष ४ हजार ६७१ जनाको विवरण राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेड र बिमा कोषको विवरणमा फरक परेको छ। उक्त खाताहरू अद्यावधिक गरी यथार्थ हिसाब तयार गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्नानुसार छन्:

११.१. बिमा कोषले यो वर्ष राष्ट्रसेवक कर्मचारीहरूबाट बिमाको निम्ति रु.३ अर्ब ९४ करोड ७१ लाख ९७ हजार सङ्कलन गरेकोमा रु.३ अर्ब २२ करोड ९ लाख ६२ हजार मात्र राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडमा पठाएको देखियो। योगदानकर्ताहरूबाट संकलन गरेको रकम यथासमयमा तोकिएको कोष वा निकायको खातामा दाखिला गर्नुपर्दछ।

११.२. बिमा कोषले पुरानो लेखा सफ्टवेयरबाट नयाँ लेखा सफ्टवेयरमा तथ्याङ्क स्थानान्तरण गर्दा भुक्तानी भइसकेका सहभागीहरूको पनि तथ्याङ्क स्थानन्तरण भएको छ। उक्त ९१ हजार सहभागीहरूको अन्तिम मौज्दात रु.३८ करोड २ लाख ७९ हजार ऋणात्मक रहेको छ। बिमा कोषले समयमा नै यथार्थ हिसाब गरी हिसाब मिलान गर्नुपर्दछ।

१२. **कोषको सेवा प्रवाह-** कोषको सेवाको गुणस्तर तथा प्रभावकारिताको लागि ग्राहक सेवा सम्बन्धी छुट्टै शाखा स्थापना भएको छैन। साथै कोषले सेवाग्राहीको गुनासो सुन्ने छुट्टै डेस्क तथा गुनासोपेटिका आदिको व्यवस्था गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याएको छैन। टोकन प्रणाली लागु नभएको, खाजा समयको बेलामा सेवा प्रवाह निरन्तरता नरहदा ग्राहकले पाउने सेवा चुस्त दुरुस्त नभएको, कागजात प्रमाणीकरण र सङ्कलन कार्य अनलाइन मार्फत हुन नसकेकोलगायतका अवस्थाले सेवा प्रवाहमा असर परेको छ।

कोषले सेवाग्राहीलाई हेल्प डेस्क लगायतमा सेवा प्रदान गर्नको लागि आफ्नो स्थायी कर्मचारी नराखी वाह्य सेवा प्रदायकसँग सम्झौता गरेका कारण पर्याप्त तालिमको अभावमा ती कर्मचारीले सेवाग्राहीसँग गर्ने व्यवहार र सेवाको गुणस्तर प्रभावकारी हुन सकेको देखिँदैन। समग्रमा गुणस्तरीय सेवा प्रवाहको लागि कोष व्यवस्थापनले सुधारात्मक कार्य गर्नुपर्दछ।

१३. **परामर्श खर्च-** आन्तरिक जनशक्तिबाट कोषको उद्देश्यअनुसार सम्पादन गर्नुपर्ने कार्य गर्न वित्तीय तथा कानुनी परामर्शदाता नियुक्त गरी यो वर्ष वित्तीय परामर्शमा रु.२९ लाख ७१ हजार र कानुनी परामर्शमा रु.२ लाख ३२ हजार खर्च गरेको छ। संस्थासँग पेशाविद् कर्मचारीसमेत रहेकोले वित्तीय परामर्शको लागि परामर्शदाताको निर्भरता न्यून गर्नुपर्दछ।

१४. **आन्तरिक नियन्त्रण प्रणाली**- कोषको आर्थिक कार्यविधि विनियमावली, २०६८ विनियम २१ बमोजिम तयार गर्नु पर्ने आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक विवरणहरू तयार गरिएका

छैन। कोषले प्रतिवेदन तयारी, हिसाबमिलान लगायतका कार्यहरू समयमै सम्पन्न गर्न सकेको छैन। कोषबाट सञ्चालित/प्रबन्धित विभिन्न कोष/योजनाहरूको फरकफरक न्यासधारी मार्फत सञ्चालन हुने गरेको छ। यद्यपि ती न्यासधारी पूर्ण स्वतन्त्र रहेका छैनन्। न्यासधारीमा संस्थाका सञ्चालकहरू संयोजक रहनु, अन्तर योजना हिसाबमा लेनदेन हुँदा बिना ब्याज लेनदेन हुनु, संस्था सञ्चालक पनि आफैं र न्यासधारी पनि आफैं रहेको अवस्था छ। न्यासधारी गठन गरे पनि लगानी सम्बन्धी अन्तिम टुंगो सञ्चालक समितिले गर्ने गरेको, कोषको विगत वर्षका हिताधिकारीहरूको अभिलेखहरू अझै पनि पुरानो ढङ्गा प्रणालीबाट नै प्रमाणीकरण गर्नुपर्ने स्थिति रहेको, कोषले केही हिताधिकारीलाई सीमाभन्दा बढी भुक्तानी गरेको देखिन्छ। कोषबाट प्रवाह भएका ऋणहरू समयमा भुक्तानी नभएको, ऋण तालिका बमोजिम संस्थागत ऋणीले भुक्तानी नगर्दा कालोसूचीमा राख्ने कार्यविधि नभएको र संस्था कर्जा सूचना केन्द्रको सदस्य समेत नरहेको तथा कोषको काम कारबाही, सूचना प्रणालीमा तथ्याङ्कको प्रविष्टि जस्ता महत्वपूर्ण विषयमा वाह्य जनशक्तिबाट काम कारबाही भइरहेको छ। स्वीकृत दरबन्दी अनुसार कर्मचारीहरूको पदपूर्ति भएको छैन। समयमै वित्तीय विवरणहरू तयार हुने गरेका छैनन्, कोषले करार र सेवा करार समेतबाट वाह्य जनशक्तिलाई काममा लगाइरहेकोले यसमा सुधार हुनुपर्दछ।

नागरिक लगानी कोष (२०७९।८०)

१. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

सम्पत्ति	**३१ आषाढ २०८०**		**३१ आषाढ २०७९**	
नगद तथा नगद समान	४५,५७,८२		४,३७	
नेपाल राष्ट्र बैङ्कमा नगद तथा लिनुपर्ने	४,७४,८८		४,९०,५८	
बैङ्क तथा वित्तीय संस्थामा रहेको मुद्दति	३,७६,३५,८९		४,८५,१२,९८	
अन्य व्यापारिक सम्पत्तिहरू	१५,९६,९०		१२,४७,७०	
कर्मचारीलाई दिएको कर्जा तथा सापट	१३,९९,१९		५,४६,३९	
धितोपत्र लगानी	१,१४,७६,३४		१,०७,४७,८५	
चालु कर सम्पत्ति	८६,२८,०७		४७,१७,१०	
कुल चालु सम्पत्ति		**६,५७,६९,०९**		**६,६२,६६,९७**
सहायक कम्पनीमा लगानी	२,७२,४६,७५		२,५५,००,००	
सम्पत्ति तथा उपकरण	२,२०,५५,६३		२२४११,७७	
पुँजीगत निर्माण	३५,००		-	
ख्याति तथा अमूर्त सम्पत्ति	२,३२,३०		३,००,३३	
अन्य सम्पत्ति	१३,१०,९७,३९		१०,७७,७५,८७	
कुल गैर चालु सम्पत्ति		**१८,०६,६७,०७**		**१५,५९,८७,९७**
कुल सम्पत्ति		**२४,६४,३६,१६**		**२२,२२,५४,९४**
स्थगन कर दायित्व	२०,२१,४३		२७,९६,००	
अन्य दायित्व	१५,८०,८८,६४		१४,६२,७६,६५	
कुल दायित्व तथा व्यवस्था		**१६,०१,१०,०७**		**१४,९०,७२,६५**
सेयर पुँजी	५,३१,३७,५०		३,२७,००,००	
सेयर प्रिमियम	-		१,२६,४८,७९	
सञ्चित मुनाफा	१,०५,४६,४०		१,०४,९१,३६	
जगेडा तथा कोषहरू	२,२६,४२,१९		१,७३,४२,१४	
शेयरधनीहरूलाई वितरण योग्य इक्विटी		**८,६३,२६,०९**		**७,३१,८२,२९**
कुल दायित्व र इक्विटी		**२४,६४,३६,१६**		**२२,२२,५४,९४**

उल्लिखित विवरणअनुसार कोषको वर्षान्तको नगद मौज्दात गत वर्षको तुलनामा यो वर्ष वृद्धि भई रु.४५ करोड ५७ लाख ८२ हजार पुगेको र वित्तीय विवरणका अन्य चरहरूमा स्वाभाविक परिवर्तन आएको देखिन्छ।

२. **सञ्चालन नतिजा -** कोषको आम्दानी खर्चको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
ब्याज आम्दानी	४८,३०,०८		३५,९९,४१	
ब्याज खर्च	(११,२८,३२)		(१५,५४,४१)	
खुद ब्याज आम्दानी		**३७,०१,७६**		**२०,४५,००**
शुल्क तथा कमिशन आम्दानी	१,३९,१९,८७		१,२४,८८,३५	
शुल्क तथा कमिशन खर्च	-		९,३३,१०	
खुद शुल्क र कमिशन आम्दानी		**१,३९,१९,८७**		**१,१५,५५,२५**
खुद ब्याज, शुल्क र कमिशन आम्दानी		**१,७६,२१,६३**		**१,३६,००,२५**
अन्य सञ्चालन आम्दानी	६,६८,१५		१,९५,५४	
कुल सञ्चालन आम्दानी		**६,६८,१५**		**१,९५,५४**
खुद सञ्चालन आम्दानी		**१,८२,८९,७८**		**१,३७,९५,७९**
सञ्चालन खर्च				
कर्मचारी खर्च	२८,७८,९८		२४,५६,१०	
अन्य सञ्चालन खर्च	९,०२,८१		६,४०,७७	
ह्रासकट्टी	५,४८,३८		४,४५,०३	
कुल सञ्चालन खर्च		**४३,३०,१७**		**३५,४१,९०**
सञ्चालन मुनाफा		**१,३९,५९,६१**		**१,०२,५३,८९**
चालु कर	३२,४४,६७		२८,९४,०३	
स्थगन कर/(आम्दानी)	(१५,२१,५५)		७,२०,७६	
कुल कर खर्च		**१७,२३,१२**		**३६,१४,७९**
यस अवधिको मुनाफा		**१,२२,३६,४९**		**६६,३९,१०**

कोषको यो वर्ष ब्याज, शुल्क तथा कमिसन र अन्य सञ्चालन आम्दानी रु.१ अर्ब ९४ करोड १८ लाख १० हजार र ब्याज, कर्मचारी, ह्रासकट्टी र अन्य सञ्चालन खर्च जम्मा रु.५४ करोड ५८ लाख ४९ हजार खर्च भई सञ्चालन मुनाफा रु.१ अर्ब ३९ करोड ५९ लाख ६१ हजार रहेको छ। जुन अघिल्लो वर्षको तुलनामा ३६ प्रतिशतले बढी हो।

३. **ऋण लगानी -** माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेड र कोषबिच दीर्घकालीन ऋण लिने दिने सम्बन्धमा मिति २०६७।८।२१ मा दुई पक्षीय ऋण सम्झौता भएको र उक्त सम्झौता २०७८ चैत्रमा संशोधन गरी पुरक ऋण सम्झौता भएको देखिन्छ। पूरक ऋण सम्झौता बमोजिम आयोजनाले २०७८/५/४ बाट व्यापारिक उत्पादन शुरु गर्ने र २०७८।९।३० सम्म ब्याज पुँजीकरण गरी नयाँ कर्जा भुक्तानी तालिका स्विकृत गरेको देखिन्छ। सो आयोजनामा २०८० आषाढ मसान्तसम्म पुँजीकरण गरिएको ब्याज रकमसमेत जम्मा रु.५ अर्ब ५५ करोड १६ लाख ३६ हजार ऋण लगानी गरेको छ।

४. **कल्याणकारी कोषमा रकम स्थानान्तरण -** कोषको सञ्चालक समितिको २०६६।३।४ को बैठकको निर्णयले खुद मुनाफाको ५ प्रतिशत बराबरको रकम कर्मचारी कल्याणकारी कोषमा बाँडफाँट गर्ने निर्णय

गरेको देखिन्छ। सोही निर्णय अनुसार २०७९/८० मा रु.७ करोड २० लाख ३६ हजार सञ्चित मुनाफाबाट कर्मचारी कल्याणकारी कोषमा स्थानान्तरण गरेको छ।

५. **कर्जा नवीकरण** - कर्जाहरू नवीकरण नगरेकोले २०७९।८० मा कोषको रु.१३ लाख ३५ हजार बराबरको आम्दानी घटेको छ।कोषको २३ वटा सरल कर्जाको रु. ३ करोड ६६ लाख ४ हजार बराबरको ५ वर्षको भुक्तानी अवधि समाप्त भएको र उक्त कर्जामा ब्याज पुँजीकरण भइरहेकोमा कर्जा असुली प्रकृया सुरु भएको छैन। उक्त अवस्थामा सुधार गर्नुपर्दछ।

६. **प्रतिफल वितरण** - नागरिक लगानी कोष, २०४७ को दफा १९.४ को कोषअन्तर्गतका विभिन्न बिमा कोष र अन्य योजनाले योगदानकर्ताहरूलाई अधिकतम लाभ प्रदान गर्दा लगानी गरी प्राप्त आम्दानीबाट खर्च घटाई हुन आउने खुद वितरण योग्य (खुद बचत) रकमबाट आवश्यक जगेडा राखी बाँकी रकम समानुपातिक रुपमा वितरण गर्नुपर्ने व्यवस्था छ। कोष अन्तर्गतका विभिन्न बिमा कोष र अन्य योजनाले योगदानकर्तालाई प्रतिफल प्रदान गर्दा सञ्चालक समितिले तोकेको व्याज (योजनाहरूमा ६.५ देखि ७.५ प्रतिशत) प्रदान गरी बाँकी रहेको रकम जगेडा कोषमा रकमान्तर गरेको छ। योजनाहरूको जोखिम व्यवस्थापनका लागि न्यूनतम कोषको व्यवस्था गरी बाँकी रकम योगदानकर्तालाई बाँडफाँट गर्नुपर्दछ।

७. **परामर्श खर्च** - कोषबाट यो वर्ष आन्तरिक जनशक्तिको व्यवस्था हुँदा हुदै संस्थाको उद्देश्यअनुसार सम्पादन गर्नुपर्ने कार्य वित्तीय परामर्श तथा कानुनी परामर्श नियुक्त गरेर सञ्चालन गरेको छ। वित्तीय परामर्शमा रु.५७ लाख ६० हजार र कानुनी परामर्शमा रु.५ लाख ३५ हजार खर्च गरेको छ। कोषमा पेशाविद् कर्मचारीहरूको दरबन्दी तथा पदपूर्ति भएको अवस्थामा वित्तीय परामर्शको लागि थप खर्च गर्नुपर्ने अवस्थामा सुधार हुनुपर्दछ।

निक्षेप तथा कर्जा सुरक्षण कोष

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ अन्तर्गत स्थापित यो कोषमा नेपाल सरकारको ९० प्रतिशत र नेपाल राष्ट्र बैङ्कको १० प्रतिशत सेयर स्वामित्व रहेको छ। बैङ्क तथा वित्तीय संस्थामा सर्वसाधारण जनताले जम्मा गरेको निक्षेप सो संस्थाले फिर्ता गर्न नसकेमा तोकिएको सीमासम्मको रकम सर्वसाधारणलाई फिर्ता गर्ने, निक्षेप सुरक्षण कार्यक्रम सञ्चालन गर्ने र तोकिएको क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाले लगानी गरेको कर्जा ऋणीबाट असुलउपर हुन नसकेमा बैङ्क तथा वित्तीय संस्थालाई क्षतिपूर्ति प्रदान गर्ने लगायतका कार्य गर्ने कोषको प्रमुख जिम्मेवारी रहेको छ। कोषको १ केन्द्रीय कार्यालय र भरतपुर, विराटनगर, पोखरा, बुटवल, धनगढी, जनकपुर र सुर्खेतमा ७ शाखा कार्यालय रहेका छन्। कोषमा स्थायी ६१ र करार १३ समेत ७४ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
अमूर्त सम्पत्ति	३१		३५	
सम्पत्ति, प्लान्ट तथा उपकरण	४१,२२		४२,४०	
स्थगन कर सम्पत्ति (खुद)	४,९१		५,२६	
अग्रिम भुक्तानी रकम, पेस्की र धरौटी	२		२	

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
वित्तीय सम्पत्ति				
लगानी	७५,३९		७२,६३	
कर्मचारी कर्जा सापटी र स्थगन खर्च	८,३२		८,८६	
कुल गैर चालु सम्पत्ति		**१,३०,१७**		**१,२९,५२**
अन्तिम मौज्दात	६		१३	
अग्रिम भुक्तानी रकम, पेस्की र धरौटी	३९		३४	
आयकर सम्पत्ति (खुद)	४३,९४		९,४८	
लगानी	२४,४४,००		२०,८१,२६	
आसामी	२,४२,९५		१,२०,२६	
कर्मचारी कर्जा सापटी र स्थगन खर्च	२६		०	
नगद तथा बैङ्क मौज्दात	४४,२८		७४,६५	
कुल चालु सम्पत्ति		**२७,७५,८८**		**२२,८६,१२**
कुल सम्पत्ति		**२९,०६,०५**		**२४,१५,६४**
पुँजी तथा दायित्व				
कर्मचारी अवकाश सुविधा दायित्व	६२,१९		६०,१८	
कुल गैर चालु दायित्व		**६२,१९**		**६०,१८**
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	६०,८७		४१,४३	
कुल चालु दायित्व		**६०,८७**		**४१,४३**
पुँजी				
सेयर पुँजी	१०,००,००		१०,००,००	
अन्य पुँजी (सञ्चित मुनाफासमेत)	१७,८२,९९		१३,१४,०३	
कुल पुँजी		**२७,८२,९९**		**२३,१४,०३**
कुल पुँजी तथा दायित्व		**२९,०६,०५**		**२४,१५,६४**

२. **सञ्चालन नतिजा -** कोषको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आम्दानी				
सुरक्षण शुल्कबापत आम्दानी	४,४३,६५		३,९९,९३	
दाबी भुक्तानी तथा सुरक्षण खर्च	(५४,१६)		(३९,८७)	
कुल सञ्चालन आम्दानी		**३,८९,४९**		**३,६०,०६**
ब्याज आम्दानी	२,०७,८८		२,०२,६८	
अन्य आम्दानी	४,३३		२,३४	
कुल ब्याज तथा अन्य आम्दनी		**२,१२,२२**		**२,०५,०३**
कुल आम्दानी		**६,०१,७१**		**५,६५,०९**
प्रशासनिक तथा अन्य खर्च				
कर्मचारी सम्बन्धी खर्च	(८,६५)		(७,६४)	
ह्रास कट्टी तथा परिशोधन खर्च	(१,६२)		(१,६६)	
अन्य सञ्चालन खर्च	(३,६७)		(३,७५)	
कुल प्रशासनिक तथा अन्य खर्च		**(१३,९५)**		**(१३,०६)**
आयकर, बोनस अघिको मुनाफा		**५,८७,७६**		**५,५२,०४**
वित्तीय आम्दानी/(खर्च)	०		(६६)	
कोषमा भएको व्यवस्था फिर्ता	९४		०	

विवरण	२०८०।८१		२०७९।८०	
आयकर तथा बोनस अघिको मुनाफा/(नोक्सान)		**५,८८,७०**		**५,५१,३७**
बोनस खर्च		५,८९		५,५१
आयकर अघिको मुनाफा/(नोक्सान)		**५,८२,८१**		**५,४५,८६**
चालु कर खर्च	१,७४,६२		१,६५,६०	
विगत वर्षको कर व्यवस्थाबाट फिर्ता	(५८,०६)		०	
स्थगन कर खर्च/(आम्दानी)	७३		(३८)	
कुल कर खर्च		**१,१७,२९**		**१,६५,२२**
खुद मुनाफा/(नोक्सान)		**४,६५,५२**		**३,८०,६४**

३. **सुरक्षण शुल्क -** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा २१(१) मा सुरक्षित सदस्य संस्थाले बुझाउनुपर्ने वार्षिक सुरक्षण शुल्क कोषद्वारा तोकिएबमोजिम हुने र दफा १९(३) मा सुरक्षित निक्षेप रकमको मूल्याङ्कन गर्दा निक्षेप खातामा रहेको साँवा र सोमा आर्जित ब्याजसमेत गणना गर्ने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरूले कतिपय मुद्दती निक्षेपको सुरक्षण शुल्क गणना गर्दा आर्जित ब्याज समावेश गरेको देखिएन। बैङ्कहरूद्वारा पठाएको सुरक्षित निक्षेप र सुरक्षण शुल्कको गणना प्रतिवेदनमा ब्याज रकमलाई समावेश नगरी साँवा रकममा मात्र शुल्क गणना गरेका कारण वास्तविक मुद्दती निक्षेप रकमभन्दा कम रकममा सुरक्षण शुल्कको गणना भएको र कोषको सुरक्षण शुल्क आम्दानीमा कमी आएको पाइयो।

४. **निक्षेप सुरक्षण जोखिम कोष -** यो वर्ष ५५ बैङ्क तथा वित्तीय संस्थाको निक्षेप सुरक्षण रु.१४ खर्ब ३० अर्ब ४५ करोड ९६ लाख रहेकोले सुरक्षित निक्षेप औसतमा रु.२६ अर्ब ८३ लाख हुने देखिन्छ। निक्षेप सुरक्षण जोखिम कोषमा रु.९ अर्ब ८२ करोड ९६ लाख रहेकोले कुनै एक 'क' वर्गको बैङ्क विघटन भएमा क्षतिपूर्ति भुक्तानी गर्न रु.१६ अर्ब १७ करोड ८७ लाख अपुग हुने देखिन्छ। कोषले निक्षेप सुरक्षणअन्तर्गत बिमाङ्कीय मूल्याङ्कन गराई सोको आधारमा भविष्यमा आउन सक्ने निक्षेप सुरक्षण दाबी भुक्तानीको लागि पर्याप्त हुने गरी कोषको रकममा वृद्धि गर्नुपर्ने देखिन्छ।

५. **कर्जा सुरक्षा दायित्व -** यो वर्ष कर्जा सुरक्षणको अधिकतम दायित्व रु.२ खर्ब २४ अर्ब ३० करोड ९ लाख रहेको तथा कर्जा सुरक्षण कोषमा रु.७ अर्ब ५२ करोड ८८ लाखको व्यवस्था गरेको छ। कर्जा सुरक्षणको अधिकतम दायित्वको विवरण निम्न बमोजिम रहेको छः

(रु. लाखमा)

कर्जाको किसिम	ऋणी संख्या	२०८० चैत मसान्तको सुरक्षण रकम	अधिकतम दायित्वको भार (प्रतिशत)	सुरक्षण रकमको अधिकतम दायित्व
लघुवित्त तथा विपन्न वर्ग कर्जा	१४१२५३०	२,२९,२७,१९	७५	१,७१,९५,३९
साना तथा मझौला कर्जा	६१९२	१४,२९,५८	८०	११,४३,६७
कृषि कर्जा	१३४०४	१४,१५,५८	८०	११,३२,४७
सहुलियतपूर्ण कर्जा	७४२५५	३८,७२,२६	७५	२९,०४,१९
पशुधन कर्जा	१००६१०००	६०,४१	९०	५४,३७
जम्मा	**११५६७३८१**	**२,९७,०५,०२**		**२,२४,३०,०९**

कर्जा सुरक्षणअन्तर्गत यो वर्षको सुरक्षण अधिकतम दायित्वको आधार तथा गत वर्षको वास्तविक खर्चको आधारमा दायित्वको विमाङ्कीय मूल्याङ्कन गरी कर्जा सुरक्षण दाबी भुक्तानीको दायित्व निर्धारण गर्ने व्यवस्था मिलाउनुपर्दछ।

६. **लगानी -** कोषको लगानी विनियमावली, २०७४ बमोजिम लगानी समितिले बैङ्कको मुद्दतीमा लगानी गर्न सक्ने साथै कोष व्यवस्थापनले सरकारी ऋण वा बैङ्कको कल डिपोजिटमा लगानी गर्ने व्यवस्था छ। कोषले ३ बैङ्कमा परिपक्व भएको रु.२ अर्ब ५० करोड मुद्दती निक्षेप पुनः लगानी गर्न ५३ दिन ढिलाई गर्दा रु.७५ लाख ब्याज आम्दानी गुमाएको छ। व्यवस्थापनले समयमा निर्णय गरी लगानीमा सचेत रहनुपर्दछ।

७. **सेयर पुँजी -** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९(४) अनुसार भुक्तानी वा शोधभर्ना गर्न बाहेक कोषको प्रयोग अन्य कुनै प्रयोजनमा खर्च गर्न नसकिने व्यवस्था छ। कोषको चुक्ता पुँजी नेपाल सरकारको रु.९ अर्ब र नेपाल राष्ट्र बैङ्कको रु.१ अर्बसमेत रु.१० अर्ब रहेकोमा अर्थ मन्त्रालयको २०७४।१२।२९ को निर्देशनबमोजिम २०७४।७५ मा कर्जा सुरक्षण कोषबाट रु.३८ करोड ६३ लाख र निक्षेप सुरक्षण कोषबाट रु.२ अर्ब ५४ करोड ७७ लाख पुँजीकरण गरी चुक्ता पुँजी रु.२ अर्ब ९३ करोड ४० लाखले वृद्धि भएको छ। यसबाट कोषको सेयर पुँजी उल्लिखित रकमले बढी तथा कर्जा सुरक्षण कोष र निक्षेप सुरक्षण कोष उल्लिखित रकमले घटी भएको छ।

नेपाल बिमा प्राधिकरण

नेपाल बिमा प्राधिकरण नेपालमा बिमा व्यवसायलाई व्यवस्थित, नियमित, निरीक्षण र सुपरिवेक्षण गर्न स्थापित नियामक निकाय हो। बिमा ऐन, २०४९ खारेज भई २०७९।७।२२ मा स्थापित साबिकको बिमा समिति नेपाल बिमा ऐन, २०७९ अनुसार बिमा प्राधिकरणमा परिणत भएको हो। प्राधिकरणको केन्द्रीय कार्यालय र ६ प्रादेशिक कार्यालयमा स्थायी ११३ र अस्थायी/करार ४६ समेत १५९ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** प्राधिकरणको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

सम्पत्ति	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
अमूर्त सम्पत्ति	४७		२९	
सम्पत्ति तथा उपकरण	१,३२,११		१,१६,१९	
लगानी सम्पत्ति	०		०	
स्थगन कर सम्पत्ति	१,१५		२,८२	
लगानी	६,२४,५२		४,९३,८८	
ऋण तथा सापटी	२४,४४		२३,५४	
चालु कर सम्पत्ति (खुद)	०		१४२४	
अन्य सम्पत्ति	३२,२३		३६,४२	
अन्य वित्तीय सम्पत्ति	१,६८,५९		१,६२,१६	
नगद तथा नगद सम्पत्ति	२२,३३		१९,४७	
कुल सम्पत्ति		**१०,०५,८४**		**८,६९,०१**
कोष तथा दायित्व				
सञ्चित कोष	९,९४,९६		८,६२,८९	
कुल सञ्चित कोष		**९,९४,९६**		**८,६२,८९**
दायित्व				
व्यवस्था	४,१२		३,४१	
चालु कर दायित्व (खुद)	३,८५		०	
अन्य वित्तीय दायित्व	१,१२		५०	

सम्पत्ति	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
अन्य दायित्व	१,८०		२,२१	
कुल दायित्व		**१०,८८**		**६,१२**
कुल सञ्चित कोष एवं दायित्व		**१०,०५,८४**		**८,६९,०१**

२. **सञ्चालन नतिजा** - प्राधिकरणको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिमा बजारबाट प्राप्त हुने आम्दानी				
सेवा शुल्क	१,६१,१३		१,५७,८०	
दर्ता एवम् नवीकरण शुल्क	५,६०		१०,९४	
दण्ड, जरिबना तथा अतिरिक्त शुल्क आम्दानी	८		१०	
ब्याज आम्दानी	५१,७०		४५,४७	
अन्य आम्दानी	१,४५		१५	
कुल आम्दानी		**२,१९,९६**		**२,१४,४६**
सञ्चालन खर्च				
कर्मचारी खर्च	१९,६०		१६,१७	
सञ्चालन खर्च	१६,३३		२८,३६	
वित्तीय खर्च	१८		१४	
ह्रास कट्टी तथा परिशोधन खर्च	२,८२		२,२७	
कुल खर्च		**३८,९३**		**४६,९४**
आयकर अघिको खुद बचत		**१,८१,०३**		**१,६७,५१**
आयकर व्यवस्था	४६,८६		४२,४७	
स्थगन कर खर्च/(आम्दानी)	१,७१		(५०)	
कुल कर खर्च		**४८,५७**		**४१,९७**
आयकर पछिको खुद बचत		**१,३२,४६**		**१,२५,५४**

३. **सञ्चित कोष** - बिमा ऐन, २०७९ को दफा २० मा प्राधिकरणको एउटा छुट्टै कोष हुने र उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, बिमा कम्पनीको स्थापना, पूर्व स्वीकृति, इजाजत प्रदान गरेबापतको रकम, बिमा मध्यस्थकर्ताको इजाजतपत्र प्रदान वा नवीकरण गरेबापतको रकम, बिमा व्यवसायको नियमन शुल्कबापतको रकम, विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम रहने व्यवस्था छ। ऐनको सोही दफाको उपदफा (६) मा कोषमा जम्मा भएको रकममध्ये प्राधिकरणको कार्य सञ्चालन, व्यवस्थापन तथा बिमा विकासको लागि वार्षिक रूपमा छुट्याएको रकमको अतिरिक्त ५० प्रतिशतले हुन आउने रकमबाहेक अन्य रकम वार्षिक रूपमा सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणको कोषमा २०८१ आषाढ मसान्तमा रु.९ अर्ब ९४ करोड ९६ लाख मौज्दात रहेको छ। प्राधिकरणले ऐनको व्यवस्थाअनुसार तोकिएको कोषलगायतमा रकम छुट्याई बाँकी रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

४. **आसामी हिसाब** - प्राधिकरणले प्राप्त गर्नुपर्ने रकम गत वर्षको अन्त्यमा रु.१ अर्ब ६२ करोड १६ लाख रहेकोमा यो वर्ष ३.९६ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ६८ करोड ५९ लाख रहेको छ। उक्त रकममा प्राप्त हुन बाँकी सेवा शुल्क रु.१ अर्ब ६१ करोड ६ लाख र प्राप्त हुन बाँकी ब्याज आम्दानी रु.६

करोड ५० लाखसमेत समावेश छ। प्राधिकरणले बिमा कम्पनीहरूको समयमै लेखापरीक्षण गराउने र सेवा शुल्कको रकम यकिन गरी दाखिला गर्न निर्देशन दिनुपर्दछ।

५. **पुँजी पर्याप्तता -** बिमक दर्ता तथा बिमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को निर्देशन नं. ४(क) बमोजिम जीवन बिमा कम्पनीको रु.५ अर्ब र निर्देशन नं. ४(ख) बमोजिम निर्जीवन बिमा व्यवसायको हकमा रु.२ अर्ब ५० करोड चुक्ता पुँजी हुनुपर्ने व्यवस्था छ। जीवन बिमा कम्पनी ७ र निर्जीवन बिमा कम्पनी ६ समेत १३ कम्पनीले निर्देशिकाले तोकेबमोजिमको न्यूनतम पुँजी कायम गरेका छैनन्। निर्देशिकाको व्यवस्था पालना गर्नुपर्दछ।

६. **व्यतीत तथा समर्पित बिमालेख -** गत वर्ष १४ जीवन बिमा कम्पनीबाट जारी भएका ९६ हजार ९३८ बिमालेखको समर्पण भएकोमा यो वर्ष १७.५८ प्रतिशतले वृद्धि भई १ लाख १३ हजार ९७६ पुगेको छ। समर्पण मूल्य गत वर्ष रु.१३ अर्ब ३४ करोड ३४ लाख रहेकोमा यो वर्ष ८.६८ प्रतिशतले वृद्धि भई रु.१४ अर्ब ५० करोड १३ लाख रहेको छ। त्यसै गरी गत वर्ष १२ लाख ५ हजार ७४ व्यतीत बिमालेख रहेकोमा यो वर्ष ३.८८ प्रतिशतले कम भई ११ लाख ५८ हजार २९९ भए तापनि यसको रकम भने गत वर्ष रु.३३ अर्ब ९५ करोड १ लाख रहेकोमा यो वर्ष ०.२६ प्रतिशतले वृद्धि भई रु.३४ अर्ब ३ करोड ७१ लाख पुगेको छ। बिमालेखको समर्पण दर वृद्धि हुनुको कारण पहिचान गरी समाधान गर्नेतर्फ प्राधिकरणले ध्यान दिनुपर्दछ।

७. **लघु बिमा -** कम्पनीको सञ्चालक समितिको २०७९।८।७ को निर्णयबाट मापदण्ड पुरा गरेको ३ जीवन र ४ निर्जीवन सहित ७ कम्पनीलाई पूर्व सहमति दिई उक्त कम्पनीहरूले बिमा ऐन, २०७९ को दफा २७ बमोजिमको सर्त पुरा गरेकोले दफा २९ बमोजिम दर्ता गरी इजाजत प्रदान गरेको छ। बिमा कम्पनी धेरै हुँदा समग्र रूपमा बिमा व्यवसायको विस्तार हुने र आमजनतामा बिमाको पहुँच पुग्ने भए तापनि पछिल्लो समयमा समान प्रकारको व्यवसाय गर्ने बिमा कम्पनीहरू एक आपसमा गाभिएर १४ जीवन तथा १४ निर्जीवन बिमा कम्पनी सञ्चालनमा रहेका छन्। लघु बिमा व्यवसायको स्तर न्यून रहेको र ठूला बिमा कम्पनीहरूसँग प्रतिस्पर्धा गरी व्यवसाय गर्नुपर्ने अवस्थाले लघु बिमाको विस्तार हुन सकेको छैन। साथै, लघु बिमा कम्पनीहरूको दिगोपना, बजारको जोखिम तथा अन्तर्राष्ट्रिय अभ्यासलगायतका आधारमा प्राधिकरणले उपयुक्त व्यवस्था गर्नुपर्दछ।

८. **बिमालेखको पुनर्बिमा -** बिमकको पुनर्बिमा निर्देशिका, २०८० को निर्देशन ७ मा बिमकले स्वदेशी पुनर्बिमकलाई ट्रिटी पुनर्बिमाअन्तर्गत पुनर्बिमा गर्दा तोकिएबमोजिमको दरले प्रत्यक्ष हिस्सा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम यो वर्षको लागि प्रत्यक्ष हिस्साबापत अनिवार्य रूपमा स्वदेशी पुनर्बीमकसँग ८ प्रतिशतको दरले पुनर्बिमा गर्नुपर्ने देखिन्छ। साथै, निर्देशिकाको निर्देशन ८ मा बिमकले ट्रीटी पुनर्बिमाअन्तर्गत प्रत्यक्ष हिस्सा स्वदेशी पुनर्बीमकलाई प्रदान गरेपश्चात् बाँकी रहेको हिस्साको कम्तिमा ३० प्रतिशत पुनर्बिमा बराबर हुने गरी स्वदेशी पुनर्बिमकलाई प्रदान गर्नुपर्ने व्यवस्था छ। एक पुनर्बिमा कम्पनीसँग नवीकरण बिमालेखहरूको पुनर्बिमा गर्दै आएको हिस्सालाई अर्को पुनर्बिमा कम्पनीले माग गरेको र नवीकरण बिमालेखबापतको प्रिमियम भुक्तानी नगरेसम्म नयाँ बिमालेखको पुनर्बिमा नगर्ने जानकारी गराएको छ। यो वर्ष बिमकहरूसँग सो कम्पनीले ट्रीटी सम्झौता गर्न बाँकी रहेको र नयाँ बिमालेखहरू तथा पुराना नवीकरण बिमालेखहरूको पुनर्बिमा भएको देखिएन। पुनर्बिमामा भएको

अन्योलले बिमालेखबापतको जोखिम र बिमकहरूको दायित्व वृद्धि हुने अवस्था रहेकोले प्राधिकरणले पुनर्बिमाको सिद्धान्त अनुरूप निर्णय गर्नुपर्दछ।

९. **दाबी भुक्तानी -** बिमा ऐन, २०७९ को दफा ९८(१) मा प्राधिकरणले बिमक, बिमा मध्यस्थकर्ता, अन्य बिमा सेवा प्रदायक वा त्यस्तो बिमक, बिमा मध्यस्थकर्ता वा अन्य बिमा सेवा प्रदायकसँग सम्बन्धित व्यक्ति वा संस्थाको काम कारबाहीको सम्बन्धमा जुनसुकै बखत नियमन, निरीक्षण वा अनुगमन गर्न सक्ने व्यवस्था छ। भेरी बबई हाइड्रोपावर आयोजनाको एक निर्माण व्यवसायीले आई.पी.सी. नं. २ बाट रु.३ करोडमा सम्पन्न गरेको कफर ड्यामलगायत अन्य संरचनामा २०७७।३।८ मा आएको बाढीबाट क्षति भएपछि राष्ट्रिय बिमा कम्पनीमा बिमा दाबी प्रस्तुत गरेको थियो। राष्ट्रिय बिमा कम्पनी लिमिटेडले एक सर्भेयरलाई सो संरचनाको क्षति मूल्याङ्कन गर्न नियुक्त गरेकोमा सर्भेयरले अन्तरिम भुक्तानी र रनिङ्ग बिलबापत रु.८ करोड ८८ लाख ३० हजार क्षतिको मूल्याङ्कन गरेको र बिमालेखको सर्तअनुसार राष्ट्रिय बिमा कम्पनीले रु.८ करोड ६० लाख भुक्तानी गरेको देखियो। पुनर्बिमक कम्पनीमा उक्त रकमको दाबी प्रस्तुत गरे तापनि सो रकम प्राप्त भएको देखिएन। भुक्तानीयोग्य रकमभन्दा बढी भुक्तानीको लागि बिमक र सर्भेयर उपर प्राधिकरणले छानविन गरी आवश्यक कारबाही गर्नुपर्दछ।

१०. **बिमालेख -** जीवन बिमा कम्पनीले बिमितलाई भुक्तानी गर्न बाँकी दाबी सम्बन्धमा प्राप्त तथ्याङ्कअनुसार लामो समयदेखि जीवन बिमा कम्पनीबाट पूर्ण परिपक्व दाबी, चुक्ता दाबी, समर्पण दाबी तथा मृत्यु दाबीअन्तर्गत १ वर्षभन्दा बढी समयदेखि भुक्तानी हुन रु.१ अर्ब १९ करोड ९४ लाख १३ हजार रहेको छ। बिमालेख परिपक्व भइसकेको भुक्तानी हुन बाँकी रु.३७ करोड ३७ लाख ९ हजार जीवन बिमा कम्पनीले नै प्रयोग गर्दै आइरहेको देखिन्छ। प्राधिकरणले भुक्तानी नहुनुको कारण बारे बिमकहरूसँग जानकारी लिने नगरेको साथै बिमा दाबी भुक्तानीमा ढिलाइ हुनुको कारण बिमित मात्र नभई बिमक जिम्मेवार हुने हुँदा सो सम्बन्धमा प्राधिकरणले अनुगमन गरी आवश्यक निर्देशन दिनुपर्दछ।

११. **क्रस होल्डिङ्ग -** बिमा ऐन, २०७९ को दफा २५(३) मा एकाघरको परिवारले बिमा कम्पनीको चुक्ता पुँजीको १५ प्रतिशतभन्दा बढी हुने गरी सेयर लगानी गर्न नसक्ने र दफा २५(५) अनुसार कुनै एक व्यक्ति, संस्था तथा सम्बद्ध व्यक्तिले कुनै दुई वा दुईभन्दा धेरै बिमा कम्पनीमा एक प्रतिशतभन्दा धेरै हुने गरी लगानी गर्न नपाउने व्यवस्था छ। एक बिमा कम्पनीले अर्को बिमा कम्पनीमा लगानी गर्दा स्वार्थ बाझिने हुँदा ऐनको उक्त व्यवस्थाबमोजिम बिमा प्राधिकरणले बिमकको सेयर लगानीमा क्रस होल्डिङ्ग सम्बन्धी निरन्तर रूपमा अनुगमन गरी तोकिएको सीमाभन्दा बढी लगानी गरेको संस्थापक वा संस्थापक समूहको सेयर सीमाभित्र कायम गर्न आवश्यक निर्देशन दिनुपर्दछ।

नेपाल राष्ट्र बैङ्क

नेपालको केन्द्रीय बैङ्कको रूपमा नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत २०१३ सालमा नेपाल राष्ट्र बैङ्कको स्थापना भएको हो। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ९२(१) बमोजिम बैङ्कको लेखापरीक्षण गरिएको छ। हाल नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अन्तर्गत सञ्चालित यस बैङ्कले नोट तथा सिक्का निष्कासन, मौद्रिक नीतिको तर्जुमा र कार्यान्वयन, विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन, विनिमय दर पद्धति निर्धारण, विदेशी विनिमय व्यवस्थापन र सञ्चालन, वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा

अनुगमन गर्दै आएको छ। बैङ्कको केन्द्रीय कार्यालय काठमाडौं र उपत्यका बाहिर विराटनगर, जनकपुर, वीरगन्ज, पोखरालगायत ८ प्रादेशिक कार्यालयमा १ हजार १३७ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** बैङ्कको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	१,३१,६५,८४		१,६८,९७,७०	
आईएमएफ सम्बन्धित सम्पत्ति	२३,९९,१८		२५,८५,७९	
विदेशी बैङ्कमा सावधिक निक्षेप	५,९८,५०,८५		५,२२,४६,२०	
विदेशी सेक्युरिटीमा लगानी	११,२७,७४,१९		६,६०,३४,९५	
कुल वित्तीय विदेशी मुद्रा सम्पत्ति	**१८,८१,९०,०६**		**१३,७७,६४,६४**	
गैर वित्तीय विदेशी मुद्रा सम्पत्ति				
सुन प्रमाणपत्रमा लगानी	८३,३२,२४		६६,३४,३२	
कुल विदेशी मुद्रा सम्पत्ति		**१९,६५,२२,३०**		**१४,४३,९८,९६**
स्थानीय मुद्रा वित्तीय सम्पत्ति				
बैङ्क मौज्दात	६२		७२	
सरकारी सेक्युरिटीमा लगानी	२३,०४,७२		७७,२८,६४	
बण्ड तथा सावधिक निक्षेपमा लगानी	७,३८,११		६,४७,४२	
पेस्की तथा सरकारबाट प्राप्त हुने प्राप्ति	१,९४,६७		१,६०,६०	
बैङ्क तथा वित्तीय संस्थालाई ऋण तथा पेस्की	११,८४		१,६६,८०	
अन्य ऋण तथा पेस्की	९,३९,९७		७,९२,५८	
इक्विटी लगानी	४,३०,२८		५,५१,१५	
अन्य प्राप्ति	१७		३,४२	
कुल स्थानीय मुद्रा (वित्तीय सम्पत्ति)	**४६,२०,३८**		**१,००,५१,३३**	
स्थानीय मुद्रा (गैर वित्तीय सम्पत्ति)				
सुन तथा चाँदी सम्पत्ति	४४,००,३५		३४,०२,६१	
जिन्सी मौज्दात	१,४४,९८		१,५८,७१	
सम्पत्ति, जायजेथा र उपकरण	६,४३,८०		५,६२,४४	
अमूर्त सम्पत्ति	४,३३		४,७२	
अन्य सम्पत्ति	३,६६,३०		२,३३,७९	
कुल स्थानीय मुद्रा गैर वित्तीय सम्पत्ति	**५५,५९,७६**		**४३,६२,२७**	
कुल स्थानीय मुद्रा सम्पत्ति		**१,०१,८०,१४**		**१,४४,१३,६०**
कुल सम्पत्ति		**२०,६७,०२,४४**		**१५,८८,१२,५६**
दायित्व				
विदेशी मुद्रा वित्तीय दायित्व				
बैङ्क तथा वित्तीय संस्थाको निक्षेप	१२,८६,८९		६,३३,००	
आईएमएफ सम्बन्धित दायित्व	३८,९५,३४		३९,१३,३४	
कुल विदेशी मुद्रा वित्तीय दायित्व	**५१,८२,२३**		**४५,४६,३४**	
स्थानीय मुद्रा वित्तीय दायित्व				
भुक्तानी गर्नुपर्ने बिल	११,१७		११,५२	
बैङ्क तथा वित्तीय संस्थाको निक्षेप	२,९०,७१,८३		२,८०,७७,५५	
सरकारको निक्षेप	६३,९५,३४		४५,०८,९५	

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
अन्य संस्थाको निक्षेप	२०,०६,३२		१७,९५,१८	
चलन चल्तीमा रहेको मुद्रा	६,८०,०४,८८		६,२५,७८,७९	
बैङ्क तथा वित्तीय संस्थालाई दिन बाँकी रकम	३,५५,४५,००		६०,००,००	
आईएमएफ सम्बन्धित दायित्व	११,८५,९०		११,८८,२९	
सरकारलाई तिर्नुपर्ने बचत रकम	३७,२२,३८		२५,००,००	
अन्य दायित्व	१,५९,२६		१,३९,८७	
कुल स्थानीय मुद्रा वित्तीय दायित्व	**१४,६१,०२,०८**		**१०,६८,००,१५**	
पेन्सन तथा अन्य रोजगारी सम्बन्धी दायित्व रकम	५,३६,३२		४,७०,९६	
कुल स्थानीय मुद्रा दायित्व	**१४,६६,३८,४०**		**१०,७२,७१,११**	
कुल दायित्व		**१५,१८,२०,६३**		**११,१८,१७,४५**
इक्विटी				
पुँजी	५,००,००		५,००,००	
सञ्चित कोष	५,४३,८१,८१		४,६४,९५,११	
कुल इक्विटी		**५,४८,८१,८१**		**४,६९,९५,११**
कुल दायित्व र इक्विटी		**२०,६७,०२,४४**		**१५,८८,१२,५६**

२. **सञ्चालन नतिजा -** बैङ्कको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
विदेशी मुद्रा आय र व्यय				
विदेशी मुद्रा वित्तीय सम्पत्तिमा ब्याज आम्दानी	७९,७८,५२		४८,३६,६०	
विदेशी मुद्रा वित्तीय दायित्वमा ब्याज खर्च	(१,६१,९०)		(१,१४,२२)	
खुद विदेशी मुद्रा आय		**७८,१६,६२**		**४७,२२,३८**
स्थानीय मुद्रा आय र व्यय				
स्थानीय मुद्रा वित्तीय सम्पत्तिमा ब्याज आम्दानी	३,३३,६३		१५,४३,०७	
स्थानीय मुद्रा वित्तीय दायित्वमा ब्याज खर्च	(२,१८,६०)		(८,२०)	
खुद स्थानीय मुद्रा आय		**१,१५,०३**		**१५,३४,८७**
कुल ब्याज आम्दानी		**७९,३१,६५**		**६२,५७,२५**
शुल्क र कमिशन आम्दानी	१२,०७		१२,६४	
सुनबाट प्राप्त आम्दानी	४२,२३		५८,९३	
विदेशी मुद्रा सटही कारोबारबाट भएको नाफा/(नोक्सान)	(२५,७३)		२,४३,२६	
अन्य आय	९२,०७		१,४१,६८	
शुल्क र कमिशन खर्च	(९,२४)		(७,८५)	
कुल अन्य आय		**१,११,४०**		**४,४८,६६**
सम्भावित कर्जा (नोक्सान)/ वित्तीय सम्पत्तिमा नाफा		(१८,५८)		(१३,२०)
खुद सञ्चालन आय		**८०,२४,४७**		**६६,९२,७१**
सञ्चालन खर्च				
कर्मचारी खर्च	३,८७,३०		३,९२,२५	
नोट मुद्रण खर्च	४१,०९		६८,९४	
प्रशासनिक खर्च	१,८१,५८		१,४७,७३	

विवरण	२०८०।८१		२०७९।८०	
मूल्य ह्रास, परिशोधन र क्षयीकरण खर्च	३८,२७		३५,५५	
कुल सञ्चालन खर्च		**६,४८,२४**		**६,४४,४७**
पुनःमूल्याङ्कन अघिको नाफा/(नोक्सान)		**७३,७६,२३**		**६०,४८,२४**
सुन र चाँदीको पुनःमूल्याङ्कन नाफा/(नोक्सान)		२६,५९,६०		१७,११,२३
खुद विदेशी मुद्रा सटही पुनःमूल्याङ्कन नाफा/(नोक्सान)		१४,९९,५४		१०,००,९०
खुद नाफा/(नोक्सान)		**१,१५,३५,३७**		**८७,६०,३७**

बैंङ्कमा गत वर्ष रु.६० अर्ब ४८ करोड २४ लाख वितरणयोग्य आम्दानी रहेकोमा यो वर्ष २२ प्रतिशतले वृद्धि भई रु.७३ खर्ब ७६ करोड २३ लाख पुगेको देखिन्छ। उक्त रकममा रु.२ अर्ब ८ करोड ८७ लाख खुला बजार सञ्चालन स्थिरीकरण कोषबाट स्थानान्तरण भई रु.७५ अर्ब ८५ करोड १० लाख वितरणयोग्य आम्दानी रहेको छ।

३. **बैङ्क सुपरिवेक्षण** - नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को विनियम १७(२) मा सुपरिवेक्षण कार्यको लागि बैङ्क तथा वित्तीय संस्थाको आकार तथा प्रकृतिको आधारमा सुपरिवेक्षण टोलीमा निरीक्षकको संख्या निर्धारण गर्नुपर्ने व्यवस्था रहेतापनि बैङ्क तथा वित्तीय संस्थाहरूको आकार तथा प्रकृतिको आधारमा सुपरिवेक्षण टोलीमा निरीक्षकहरूको संख्या र जनशक्ति परिचालन गरेको देखिएन। नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूको सुपरिवेक्षण गरी तयार गरेको प्रतिवेदनमा वाणिज्य बैङ्कहरूमा जोखिम व्यवस्थापन पर्याप्त नरहेको, संस्थागत सुशासन कमजोर रहेको, कर्जा नोक्सानीको व्यवस्था पर्याप्त नदेखिएको, प्रिमियम दर वृद्धि गरी ब्याज असुल गरेको, कर्जाहरूको जोखिम भारित सम्पत्तिलाई कम देखाइ पुँजीकोष पर्याप्तताको यथार्थ विवरण पेश नगरेको, मौज्दात निरीक्षण र आसामीको प्रमाणीकरण कमजोर रहेको बेहोरासमेत उल्लेख छ। सुपरिवेक्षण सम्बन्धी बेहोरा निम्नानुसार छन्।

३.१. नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को विनियम ६ को ४(ग) मा प्रतिवेदन कार्यान्वयन इकाईले बैङ्क तथा वित्तीय संस्थाहरूको वित्तीय व्यवस्थापकीय पुँजी, विगतमा दिएका निर्देशन तथा सोको पालनाको अवस्थालगायत १२ विषयको जानकारीको कम्तीमा विगत ५ वर्षको अद्यावधिक विवरण तथा अभिलेख सुरक्षित राख्नुपर्ने व्यवस्था छ। विनियमावलीअनुसार सुपरिवेक्षण योजनामा बैङ्कहरूको व्यवसायको आकार र प्रकृतिलाई आधार नबनाएको, प्रश्नावलीहरू जाँच र प्रमाण कागजात फाइलमा संलग्न नगरेको र बैङ्क सुपरिवेक्षण कार्यका लागि सुपरिवेक्षण सूचना प्रणाली सफ्टवेयर शुरु गरे तापनि म्यानुअल पद्धति नै कार्यान्वयनमा रहेको देखियो। निरीक्षण तथा उपरिवेक्षण अवलोकनबाट देखिएका पक्षहरूको उचित विश्लेषण गर्न, सुपरिवेक्षणमा देखिएका बेहोराको कार्यान्वयन अवस्थाको अभिलेख प्रणाली व्यवस्थित गर्नुपर्दछ।

३.२. बैङ्कहरूको सुपरिवेक्षण गर्दा बासेल कोर प्रिन्सिपलको सिद्धान्त २४ अनुसार बैङ्कका सहायक र सम्बद्ध कम्पनीहरूमा निहित जोखिमहरूको मूल्याङ्कन गरेको देखिएन। समूहव्यापी जोखिमहरूको पहिचान र व्यवस्थापन गरी वित्तीय प्रणालीमा प्रभावकारिता ल्याउनुपर्दछ।

३.३. साइबर सुरक्षा अभिवृद्धि गर्न र साइबर अपराध रोक्नका लागि बैङ्कहरूले नयाँ प्रणाली लागु गरेको १ वर्षभित्र र त्यसपछिका प्रत्येक २ वर्षमा सूचना प्रविधि प्रणालीको लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ।

नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाहरूको स्थलगत निरीक्षण गर्दा बैङ्कहरूले गरेको सूचना प्रविधि प्रणालीको लेखापरीक्षणको विश्लेषण गरेको देखिएन।

३.४. नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशन बुँदा २०८० को नम्बर २१(३७) अनुसार वाणिज्य बैङ्कहरूले प्रत्येक वर्ष क्रेडिट रेटिङ एजेन्सीबाट अनिवार्य रूपमा क्रेडिट रेटिङ गराउनुपर्ने उल्लेख भएकोमा बैङ्कहरूले गरेको क्रेडिट रेटिङको नतिजा सुपरिवेक्षण गर्दा उल्लेख गरेको बेहोराको कार्यान्वयन र प्रभावकारिताको सम्बन्धमा प्रतिवेदनमा विश्लेषण गरेको देखिएन।

३.५. नेपाल राष्ट्र बैङ्कको एकीकृत निर्देशन नम्बर २०८० को ३४ मा बैङ्क तथा वित्तीय संस्थाहरूले रु.५० करोड वा सोभन्दा बढी ऋण लिने ऋणीको क्रेडिट रेटिङ अनिवार्य रूपमा प्राप्त गर्नुपर्ने व्यवस्था छ। बैङ्क तथा वित्तीय संस्थाहरूले ऋण स्वीकृत गर्ने सीमा र ब्याजदर निर्धारण गर्दा ऋणीको क्रेडिट रेटिङलाई आधार बनाएको देखिएन। ऋण दिने निर्णय मुख्य रूपमा धितोको आधारमा गरेको भए तापनि फरक फरक क्रेडिट रेटिङ भएका ऋणीलाई समान व्यवहार गरेको देखियो। बैङ्कहरूले जोखिममा पर्ने सम्भावना घटाउन क्रेडिट रेटिङलाई आधार मान्दै ऋण स्वीकृत गर्ने सीमा र ब्याज दर निर्धारण गर्ने व्यवस्था गर्नुपर्दछ।

३.६. नेपाल राष्ट्र बैङ्कबाट "क", "ख" र "ग" वर्गका इजाजत प्राप्त संस्थालाई जारी गरेको एकीकृत निर्देशन विपरीत अधिक दरमा लिएको प्रिमियम ब्याजको रकम फिर्ता गर्न सुपरिवेक्षण विभागले २०७९।६।११ मा "क" वर्गका वाणिज्य बैङ्कहरूलाई निर्देशन दिएकोमा एक बैङ्कले रु.१ करोड ७६ लाख फिर्ता गरेको छैन।

३.७. प्रकाशित ब्याजदरमा दुई प्रतिशत प्रिमियम ब्याज थप गर्नुपर्नेमा एक बैङ्कले ३.१० प्रतिशतसम्म प्रिमियम ब्याज थप गरी १८ फर्मबाट सो सीमाभन्दा बढी दरमा ब्याज असुल गरेको पाइयो। यस्तो रकम यकिन गरी फिर्ता गर्नुपर्दछ।

३.८. एक बैङ्कको २०७९।८० को स्थलगत सुपरिवेक्षणका क्रममा उक्त बैङ्कलाई रु.१ अर्ब २९ करोड ५२ लाखको कर्जा नोक्सानीमा थप व्यवस्था गर्न निर्देशन दिएकोमा उक्त निर्देशनको कार्यान्वयन नगरेको अवस्थामा वित्तीय विवरण प्रकाशनको स्वीकृति दिँदा रु.२६ करोड ७४ लाख नोक्सानी देखिनुपर्नेमा बैङ्कको नाफा रु.१ अर्ब २ करोड ७८ लाख कायम भई नाफा सहितको वित्तीय विवरण साधारण सभाबाट पारित भएको छ।

३.९. नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ को विनियम २६ अनुसार नेपाल राष्ट्र बैङ्कले बैङ्क तथा वित्तीय संस्थाका सबै प्रकारका स्थलगत निरीक्षण कार्य सम्पन्न गरी जारी गरेका प्रारम्भिक सुपरिवेक्षण प्रतिवेदनमा देखिएका कैफियतहरूमा सुधार भएको पुष्ट्याइँ नगरी अन्तिम प्रतिवेदनबाट हटाएकोले दुई वाणिज्य बैङ्कमा रु.१२ अर्ब १२ करोड ८५ लाख थप कर्जा नोक्सानी व्यवस्था छुट भएको छ । यस्तो अवस्था उत्पन्न हुन नदिन जिम्मेवार पक्ष पहिचान गरी आवश्यक कारबाही गर्नुपर्दछ।

३.१०. यो वर्ष एक बैङ्कलाई रु.३ अर्ब ८२ करोड र अर्को बैङ्कलाई रु.२ अर्ब ३३ करोडसमेत रु.६ अर्ब १५ करोड प्रोभिजन गर्नुपर्ने बेहोरासहितको अन्तिम प्रतिवेदन जारी भएकोमा सोको कार्यान्वयनको अद्यावधिक अभिलेख नराखेकोले बैङ्कहरूले प्रोभिजन गरे नगरेको यकिन गर्न सकिएन।

३.११. बैङ्कहरूले तोकिएको निर्देशित कर्जा सीमामध्येको अधिकांश लगानी (९८.२७ प्रतिशतसम्म) अप्रत्यक्ष (थोक) कर्जामा गरिएको पाइयो। बैङ्कबाट प्राप्त विवरणअनुसार २०८० चैत्र महिनामा प्रत्यक्ष कर्जामा न्यूनतम लगानी गर्ने प्रमुख ५ वाणिज्य बैङ्क निम्नानुसार छन्:

बैङ्कको नाम	कुल कर्जामध्ये विपन्न वर्ग कर्जा प्रवाह प्रतिशत		
	जम्मा	प्रत्यक्ष	अप्रत्यक्ष
स्ट्याण्डर्ड चार्टर्ड बैङ्क लिमिटेड	५.२१	०.०९	५.१२
हिमालयन बैङ्क लिमिटेड	५.०२	०.८२	४.२०
एभरेष्ट बैङ्क लिमिटेड	५.२०	०.८५	४.३५
नेपाल एसबीआई बैङ्क लिमिटेड	५.८९	०.९०	४.९९
कुमारी बैङ्क लिमिटेड	५.२२	१.१२	४.१०

उल्लिखित तालिकाअनुसार प्रत्यक्ष र अप्रत्यक्ष रूपमा गरिने कर्जा प्रवाहको सीमा नेपाल राष्ट्र बैङ्कले नतोकेकाले बैङ्कहरूले कुल ५ प्रतिशतमध्ये अधिकांश भाग अप्रत्यक्ष (थोक) कर्जामा लगानी गरेको पाइयो। सो कर्जाको लाभ लक्षित वर्गले प्राप्त गरेको सम्बन्धमा आवधिक अनुगमन नगरेकोले थोक कर्जा प्राप्त गर्ने संस्थाबाट प्रत्येक ६/६ महिनामा कर्जाको प्रयोग विपन्न वर्गमा भएको अनुगमन गर्नुपर्दछ।

३.१२. नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशनअनुसार विपन्न वर्गमा कर्जा प्रवाह गर्ने शर्तमा "घ" वर्गको इजाजत प्राप्त संस्थालाई संस्थागत क्षमता र संस्थागत जमानीमा प्रवाह गरेको आवधिक प्रकृतिको थोक कर्जालाई मात्र विपन्न क्षेत्रको कर्जामा मान्य गर्ने व्यवस्था भएकोमा एक बैङ्कले रु.१ अर्ब १३ करोड ५४ लाख चालु कर्जालाई विपन्न वर्गको कर्जामा समावेश गरेकोले उक्त बैङ्कले निर्देशनको पालना गरेको देखिएन।

३.१३. नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशनअनुसार सहकारी संस्थालाई अप्रत्यक्ष कर्जा प्रवाह गरेको रकम विपन्न कर्जामा राख्न नपाइने व्यवस्था भएकोमा एक बैङ्कले उक्त निर्देशन विपरीत एक सहकारी संस्थालाई प्रदान गरेको रु.८ करोड २ लाखलाई विपन्न वर्गको कर्जामा समावेश गरेको देखियो। बैङ्क तथा वित्तीय संस्थाले कुल ५ प्रतिशतको प्रत्यक्ष र अप्रत्यक्ष कर्जा प्रवाहको सीमा स्पष्ट रूपमा निर्धारण गर्नुपर्दछ ।

३.१४. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १०० मा ऐन वा ऐनअन्तर्गत बनेको नियम वा सोअन्तर्गत बैङ्कले जारी गरेको आदेश वा निर्देशन बैङ्क तथा वित्तीय संस्थाहरूले उल्लङ्घन गरेमा बैङ्क तथा वित्तीय संस्थालाई सचेत वा लिखित चेतावनी, समितिलाई कबुलियतनामा, लाभांश वितरणमा प्रतिबन्ध, निक्षेप र कर्जामा प्रतिबन्ध, कारोबारमा प्रतिबन्ध, इजाजतपत्र रद्द गर्ने जस्ता एक वा एकभन्दा बढी सजाय र सञ्चालक, पदाधिकारी एवम् कर्मचारीलाई सचेत वा नसिहत, निलम्बन, ५ लाख रूपैयाँसम्म जरिबाना, तलब भत्तालगायतका सुविधा निलम्बन वा अन्तर्गत र सेवाबाट हटाउन आदेश दिनेसम्मको व्यवस्था छ। नेपाल राष्ट्र बैङ्कको सुपरिवेक्षण प्रतिवेदनमा बैङ्क तथा वित्तीय संस्थाहरूले गरेका कैफियत उल्लेख भएतापनि कैफियतका आधारमा कारबाही गर्ने र सोको अभिलेख राख्ने कार्य भएको देखिएन। बैङ्कद्वारा जारी एकीकृत निर्देशन विपरीत प्रत्येक वर्ष एउटै प्रकृतिका कैफियतहरू दोहोऱ्याउँदा पनि सामान्यत कैफियत सहितको प्रतिवेदन मात्रै पठाउने वा सचेत गराउने गरेको र जरिवानाबापतको रकम बैङ्कले आफ्नो आयबाट खर्च लेख्ने गरेको पाइयो। नेपाल राष्ट्र बैङ्कको सुपरिवेक्षण र कारबाही गर्ने प्रणाली व्यवस्थित गर्नुपर्दछ।

४. **सहुलियतपूर्ण कर्जा -** सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान उपलब्ध गराउन ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधी, २०७५ को बुँदा नं. १९(ग) र (घ) मा कार्यविधिको प्रभावकारी रूपले कार्यान्वयन गर्नका लागि सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको अनुगमन, नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्नुपर्ने र कर्जाको सदुपयोग नभएको पाइएमा नेपाल राष्ट्र बैक ऐन, २०५८ बमोजिम कारबाही गरी अनुदानबापतको रकम बैङ्क तथा वित्तीय संस्थालाई सोधभर्ना भुक्तानी नदिने उल्लेख छ। साथै बुँदा नं. १३(५) मा कर्जा सदुपयोग भएको नपाइएमा ब्याज अनुदान सुविधा उपलब्ध नगराइने र ब्याज अनुदान सुविधा लिई सकेको भए सम्बन्धित ऋणीबाट असुलउपर गरिने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

४.१. नेपाल राष्ट्र बैङ्कबाट प्राप्त विवरणअनुसार बैङ्क तथा वित्तीय संस्थाहरूबाट २०८१ आषाढ मसान्तसम्म रु.१ खर्ब ८७ अर्ब ७० करोड कर्जा प्रवाह भएकोमा ५ प्रतिशतका दरले ब्याज अनुदानबापत यो वर्ष रु.२ अर्ब ५० करोडसमेत २०८१ आषाढ मसान्तसम्म रु.२४ अर्ब ८९ करोड १० लाख ब्याज अनुदान प्रदान गरेका छन्। सहुलियतपूर्ण कर्जाको बक्यौता रकम २०८१ आषाढ मसान्तमा रु.१ खर्ब २६ करोड ८२ लाख पुगेको छ। बैङ्कले सहुलियतपूर्ण कर्जा र सोको लागि प्रदान गरेको ब्याज अनुदानलगायतका खर्च खुल्ने विवरण तयार गरेको छैन। उल्लिखित विवरण तयार गरी कर्जा असुलीसमेत प्रभावकारी बनाउनुपर्दछ।

४.२. पुनर्कर्जा, व्यावसायिक निरन्तरता कर्जा र सहुलियतपूर्ण कर्जाको उपयोग स्थितिको अध्ययन गर्न नेपाल राष्ट्र बैङ्कद्वारा नियुक्त भएका परामर्शदाताले पेश गरेको स्वतन्त्र मूल्याङ्कन प्रतिवेदनअनुसार १ लाख ७० हजार ४६ ऋणीमध्ये १८.६३ प्रतिशतले हुने ३१ हजार ६७४ ऋणीको कागजात र १ हजार ८३८ ऋणीको परियोजनास्थल निरीक्षण गरेको उल्लेख छ। सञ्चालक समितिको २०८०।१०।१० को निर्णयबाट सदुपयोग नभएका कर्जाहरू सम्बन्धित बैङ्क तथा वित्तीय संस्थामार्फत यकिन गराई ऋणीले उपभोग गरेको ब्याज अनुदान तथा सुविधा फिर्ता गरी सम्बन्धित खातामा दाखिला गर्न लगाउन सम्बन्धित सुपरिवेक्षण विभागमार्फत निर्देशन दिने उल्लेख भएको र त्यसरी ऋण फिर्ता गराइएका ऋणीको हकमा कर्जा स्वीकृति कार्यमा प्रत्यक्ष रूपमा संलग्न भएका बैङ्क तथा वित्तीय संस्थाका कर्मचारीलाई सम्बन्धित बैङ्कको कर्मचारी सेवा विनियमावलीबमोजिम विभागीय कारबाही गर्न निर्देशन दिएको छ। उक्त प्रतिवेदनमा रु.६ अर्ब ३५ करोड ६० लाखका (७ प्रतिशत) कर्जा दुरूपयोगको आशङ्का गरिएको, रु.२१ अर्ब २५ करोड ४० लाख (११ प्रतिशत) दोहोरो सुविधा उपयोग गरेको कर्जा, रु.१० अर्ब ४९ करोड १० लाख (६ प्रतिशत) लक्षित वर्गको पहिचान नभएको कर्जा रु.१८ अर्ब ७४ करोड ९० लाख (१२ प्रतिशत) र अन्य समस्याग्रस्त कर्जा रहेको उल्लेख छ। कुल ऋणीमध्ये १८.६३ प्रतिशत नमूना छनोट गरी अध्ययन भएकोमा समस्याग्रस्त ऋण रकम रु.५६ अर्ब ८५ करोड देखिन्छ। क्षेत्रगत रूपमा विश्लेषण गर्दा व्यावसायिक निरन्तरता कर्जा ६८ प्रतिशत, सहुलियतपूर्ण कर्जाअन्तर्गतको कपडा उद्योगको कर्जा ७० प्रतिशत र शिक्षित युवा स्वरोजगार कर्जा ६६ प्रतिशत प्रभावकारी रूपमा सदुपयोग नभएको उल्लेख छ। सञ्चालक समितिले दिएको यस्तो निर्देशन लेखापरीक्षण अवधिसम्म कार्यान्वयन भएको देखिन। यस सम्बन्धमा देखिएका थप बेहोराहरू निम्नानुसार छन्:

४.२.१. परामर्शदाताको प्रतिवेदनमा सञ्चालनमा नरहेको योजनामा ब्याज अनुदान दिएको, ऋणीले सहुलियतपूर्ण कर्जा रकमलाई अन्य ऋण चुक्ता गर्न प्रयोग गरेको, व्यावसायिक प्रयोजन बाहेकको जग्गा खरिद, मुद्दती निक्षेप र दोश्रो बजारमा सेयर लगानीमा प्रयोग गरेको, एकाघरका अन्य व्यवसायको ऋण भुक्तानीमा

प्रयोग गरेको र असम्बन्धित व्यक्तिलाई भुक्तानी दिएको लगायतका विषयमा ५ वाणिज्य बैङ्कले ५ फर्मलाई रु.१८ करोड १७ लाख ऋण प्रवाह गरेको उल्लेख छ।

४.२.२. भुक्तानी प्राप्तकर्ताको उचित पहिचान विना कर्जा खाताबाट शङ्कास्पद रूपमा कर्जाको बर्हिगमन भएको, ऋणी वा ऋणीको सम्बन्धित व्यक्तिद्वारा एकमुष्ट रूपमा कर्जा खाताबाट रकम झिकिएको र महिला उद्यमशीलता कर्जाको हकमा ऋणी महिलाको व्यवसाय वा बैङ्क सञ्चालनमा कुनै पनि सहभागिता नदेखिएको अवस्थामा २ वाणिज्य बैङ्कले रु.३२ करोड ३५ लाख ऋण प्रवाह गरेको देखियो।

४.२.३. एकाघरका परिवार तथा सम्बद्ध निकायहरूमा प्रवाह भएका बहुकर्जाहरू, एउटै ऋणीलाई भिन्न भिन्न बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाहित सहुलियतपूर्ण प्रकृतिका कर्जाहरू, एउटै योजनामा सहुलियतपूर्ण बहुकर्जाको लागि उपयोग गरिएको र कर्जा प्रस्ताव कागजातमा खुलासा नगरेको अवस्थामा कर्जा सीमा बढाई ५ वाणिज्य बैङ्कले रु.५२ करोड ९५ लाख ऋण प्रवाह गरेका छन्।

५. **विदेशी मुद्रा व्यवस्थापन -** मूल्य स्थिरता, सन्तुलित भुक्तानी प्रणाली र दिगो आर्थिक वृद्धिलाई टेवा पुऱ्याउने प्रभावकारी मौद्रिक तथा विदेशी विनिमय नीतिको विकास र कार्यान्वयन गर्नु नेपाल बैङ्कको मुख्य उद्देश्य हो। राष्ट्र बैङ्कको विदेशी मुद्रा विभाग वस्तु तथा सेवा आयातका लागि स्वीकृति, लाभांश र अन्य प्रत्यावर्तन अनुरोधहरूको प्रशोधन, विदेशी मुद्रा प्रवाह र बहिर्गमन रेकर्ड गर्ने, र यी सेवाहरूको लागि आमजनता र व्यवसायहरूलाई प्रत्यक्ष रूपमा सेवा प्रदान गर्ने लगायत नियमित विदेशी विनिमय परिचालनमा प्रत्यक्ष रूपमा संलग्न छ। रेटिङ वा अन्य नियामकीय मापदण्डका आधारमा विदेशी मुद्रा व्यवस्थापन कार्यहरू क्रमशः इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरूलाई नियमित स्थानान्तरण गरी नेपाल राष्ट्र बैङ्कले नीति निर्माण र नियामकीय निरीक्षणमा केन्द्रित हुनुपर्दछ।

६. **सुन सञ्चिति -** नेपाल राष्ट्र बैङ्कको सुन सञ्चिति व्यवस्थापन नीतिअनुसार विद्यमान सुन सञ्चिति प्रभावकारी बनाउन कुल विदेशी विनिमय सञ्चितिको न्यूनतम ५ प्रतिशतदेखि १० प्रतिशत सुनमा लगानी गर्नुपर्ने उल्लेख छ। बैङ्कको २०८१ आषाढ मसान्तको वित्तीय विवरणअनुसार कुल रु.१९ खर्ब ५४ अर्ब ७५ करोडमध्ये रु.८२ अर्ब ४३ करोड (४.२२ प्रतिशत) सुन सञ्चितिमा विनियोजन गरेकोले नीतिले तोकेभन्दा कम लगानी गरेको छ।

७. **मेसिन उपयोग -** नेपाल राष्ट्र बैङ्क र बेलायतस्थित क्यास प्रोसेसिङ्ग सोलुसन लिमिटेडबिच २०७८।१।२३ मा भएको सम्झौता बमोजिम मुद्रा परीक्षण तथा प्रशोधन प्रणाली मेशिन रु.३ करोड ५० लाखमा खरिद गरेकोमा मेशिन/ढुवानी पश्चात् उक्त आपूर्तिकर्ता दिवालीया प्रक्रियामा गएको कारणले मेशिन उपयोगमा ल्याएको छैन । मेशिन उपयोगको व्यवस्था मिलाउनुपर्दछ।

८. **छपाइ सामग्री -** नेपाल राष्ट्र बैङ्कले नेपाली रूपैयाँ ५० दरका नोट ३० करोड थान तथा १० रुपैयाँ दरका नोट ४३ करोड थान छपाइ गर्न सेक्युरिटी प्रिन्टिङ्ग एण्ड मिन्टिङ्ग कर्पोरेशन अफ इण्डियासँग क्रमशः अमेरिकन डलर ५० लाख ४९ हजार र १ करोड ११ लाखको सम्झौता गरेकोमा वास्तविक मुद्रण प्रमाण तथा नोटहरूको प्राविधिक परीक्षण प्रतिवेदनमा स्वीकृत नमूनाअनुसार नभएको कारणले सम्झौता रद्द गरी बैङ्क ग्यारेन्टी जफत गरेको छ। सम्झौता रद्द भएको अवस्थामा नेपाल राष्ट्र बैङ्कले आपूर्तिकर्तासँग रहेको उत्पत्ति सामग्री सुरक्षित र गोपनीयता सुनिश्चित गर्न, बैङ्कले नोट तयार गर्न प्रयोग हुने सबै सामग्रीहरू निरीक्षण गर्ने र प्रदान गरिएका नमूना बैङ्क नोटहरूको फिर्ता सुनिश्चितता गर्नुपर्नेमा

बैङ्कले सम्बन्धित पक्षलाई अनुरोधपत्र मात्र पठाएको छ। बैङ्क नोट मुद्रणका लागि गरिने महत्वपूर्ण गोप्य डाटा नेपाल राष्ट्र बैङ्कको भौतिक स्वामित्वमा नरहेकाले बैङ्कको नियन्त्रणमा ल्याउनुपर्दछ।

९. **सञ्चालकको सुविधा -** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १९ मा गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा सञ्चालक समितिले तोकेबमोजिम हुने उल्लेख भए तापनि अन्य सुविधाबारे ऐनमा उल्लेख गरेको छैन। सोही ऐनको दफा ३२(२) मा समितिमै रहने गभर्नर, डेपुटी गभर्नर र सञ्चालकले आफ्नै सुविधाको लागि निर्णय गर्दा स्वार्थ बाझिने कारण सम्बन्धित पदाधिकारीले भाग लिन नपाउने उल्लेख छ। सञ्चालकले पाउने सुविधा समितिले तोक्ने व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा बैङ्क तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन्।

९.१. नेपाल राष्ट्र बैङ्कले बैङ्कका गभर्नर/डेपुटी गभर्नरबाट आफूले प्रयोग गर्ने सवारी साधन खरिद गर्ने कार्यविधि स्वीकृत गरेको छ। उक्त कार्यविधिमा सेवा निवृत्त समयमा सवारी साधनको किताबी मूल्य वा खरिद मूल्यको २० प्रतिशतमध्ये जुन बढी हुन्छ सो मूल्य तिरी व्यक्तिगत नाममा नामसारी गरी लैजान पाउने व्यवस्था छ। यसरी खरिद गर्ने सवारी साधन विद्युतीय वा हाइब्रिड भएमा ४ वर्षमा र डिजेल, पेट्रोल भए ५ वर्षमा सवारीसाधनको मूल्य शून्य हुने गरी ह्रास कट्टीको व्यवस्था रहेको छ। आफूसमेतले पाउने सुविधा जोडिएको कार्यविधि आफैंले स्वीकृत गरेको विषय औचित्यपूर्ण देखिएन। सेवामा रहँदा पाउने सुविधाको हद र निवृत्त भएपछि पाउने सुविधा सम्बन्धमा कानुनद्वारा स्पष्ट गर्नुपर्दछ।

९.२. कानुनअनुसार सुविधा पाउने गभर्नर १, डेपुटी गभर्नर २, कार्यकारी निर्देशक १८ र निर्देशक ५९ समेत ८० जना रहेकोमा बैङ्कमा १२७ थान सवारी साधन रहेको देखिन्छ जसअनुसार बैङ्कमा ४७ सवारीसाधन जगडामा रहेको देखिन्छ। उक्त सवारीसाधनको प्रयोग मितव्ययी र प्रभावकारी तवरले गर्नुपर्दछ।

१०. **कर्मचारी सुविधा -** नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) अनुसार बैङ्क तथा वित्तीय संस्थाहरू सम्बन्धी तलब, भत्ता, उपदान, निवृत्तिभरणलगायत सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय नीति, कानुन, अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहेको छ। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ११०(२)मा सञ्चालक समितिले कर्मचारीको पारिश्रमिक, सेवा सुविधा सम्बन्धी विनियम बनाउन सक्ने व्यवस्था छ। सञ्चालक समितिको निर्णय तथा नेपाल राष्ट्र बैङ्क कर्मचारी विनियमावली, २०६८ मा उल्लेख गरी बैङ्कका कर्मचारीहरूलाई केन्द्रीय बैङ्क भत्ता, कर्मचारी कल्याणकारी सञ्चय कोष, वार्षिकोत्सव भत्ता, खाजा भत्तालगायत १४ किसिमका भत्ता तथा सुविधाबापत यो वर्ष रु.१ अर्ब ९५ करोड १ लाख उपलब्ध गराएको देखियो।

उक्त भत्ता तथा सुविधामा सेवा निवृत्त भएपछि कर्मचारीले पाउने गरी कर्मचारी कल्याणकारी सञ्चय कोषमा दाखिला गरेको रु.९ करोड ८९ लाख ८६ हजार, केन्द्रीय भत्तासमेत थप गरी बढी भुक्तानी भएको दशैं खर्च रु.५ करोड ६८ लाख ७१ हजार, कर्मचारी कल्याणकोष मार्फत कर्मचारीलाई भुक्तानी दिएको रु. ६९ करोड ५१ लाख समावेश छ।

बैङ्कका कर्मचारीहरूको पारिश्रमिक, सेवा, सुविधा सम्बन्धमा सञ्चालक समितिले निर्णय गर्न सक्ने विद्यमान कानुनी व्यवस्थामा पुरावलोकन गरी बैङ्कलाई आर्थिक व्ययभार पर्ने विषयमा नेपाल सरकारको पूर्व स्वीकृति लिने व्यवस्था मिलाउनुपर्दछ।

११. **आन्तरिक नियन्त्रण -** नेपाल राष्ट्र बैङ्कले यो वर्षदेखि पूर्णरूपमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षण लागु गरे तापनि जोखिम पहिचान तथा मूल्याङ्कनलाई समय सापेक्ष अद्यावधिक नगरेको, जोखिमलाई विभिन्न तहमा वर्गीकरण गरे तापनि सोलाई पुष्ट्याइँ गर्ने कुनै कागजातको अभिलेखीकरण नभएको, लेखापरीक्षण समिति, स्रोत बाँडफाँट, लेखापरीक्षण अभ्यास, तालिम, जोखिम मूल्याङ्कन अभ्यास तथा लेखापरीक्षणको कार्यको समग्र प्रभावकारिता लगायतका विषयहरू लेखापरीक्षण समितिमा छलफल नहुनु, आन्तरिक लेखापरीक्षण योजना जोखिम क्षेत्रको वर्गीकरणअनुसार नहुनु लगायतका अवस्थाले आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (२०७९/८०)

उद्यमशीलता र व्यवसाय विकासका चुनौतीहरूलाई सामना गर्ने उद्देश्यले औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ अन्तर्गत २०५३।०७।१९ मा प्रतिष्ठानको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित प्रतिष्ठानले उद्यम विकासमा संलग्न संस्थाहरूबाट गुणस्तरीय सेवाहरू प्रदान गर्न स्वदेश तथा विदेशमा भएका उत्कृष्ट अभ्यासहरूको अनुसन्धान, विकास, परीक्षण र प्रसार गर्दै आएको छ।

१. **वित्तीय स्थिति -** प्रतिष्ठानको वित्तीय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३१ आषाढ २०७९	
पुँजी कोष	२,०४,९९		३,६६,०९	
विविध साहु	३,८९		४,०३	
अग्रिम पेस्की	-		-	
कर्मचारी दायित्व भुक्तानी बाँकी	३,६८,२५		४,०५,९४	
अग्रिम पेस्की प्राप्ती	-		-	
सञ्चित बचत	(२,१५,१६)		(१,८०,४४)	
जम्मा पुँजी तथा दायित्व		**३,६१,९७**		**५,९५,६२**
स्थिर सम्पत्ति	१,२९,६९		२,९३,४६	
विविध आसामी	-		१,६८	
कर्मचारी पेस्की	७८		१,६२	
धरौटी	१,१७		१,१७	
बैङ्क तथा नगद मौज्दात	२,२५,७१		२,९३,०७	
शाखा कार्यालयको चालु पुँजी मौज्दात	४,६२		४,६२	
जम्मा सम्पत्ति		**३,६१,९७**		**५,९५,६२**

प्रतिष्ठानको स्थिर सम्पत्ति रु. १ करोड ३० लाख, बैङ्क तथा नगद मौज्दात रु. २ करोड २६ लाख समेत कुल सम्पत्ति रु. ३ करोड ६२ लाख रहेको छ। त्यस्तै पुँजीगत कोष रु. २ करोड ५ लाख, कर्मचारी दायित्व भुक्तानी बाँकी रु. ३ करोड ६८ लाख रहेको छ। पुँजीगत कोष भन्दा कर्मचारी दायित्व भुक्तानी वाँकी बढी रहेको देखिन्छ। प्रतिष्ठानले व्यवसायिक कार्यकुशलता अभिबृद्दि गर्नुपर्दछ।

२. **सञ्चालन नतिजा -** प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
कार्यक्रम सञ्चालन आम्दानी	८,०१		२०,८१	
नेपाल सरकारको बजेट निकासा	१,३५,३३		१,३९,१४	
अन्य आम्दानी	७,९३		१२,१४	
पुँजीगत जगेडाबाट सारेको	१२,७२		२३,२०	
जम्मा आम्दानी		**१,६३,९९**		**१,९५,२९**
कार्यक्रम सञ्चालन तथा सेवा खर्च	२०,४०		३१,०८	
तलब तथा प्रशासनिक खर्च	१,६२,९३		१,४१,४३	

विवरण	२०७९।८०		२०७८।७९	
ह्रास कट्टी	१२,९२		२३,४५	
जम्मा खर्च		**(१,९६,२५)**		**(१,९५,९६)**
कुल आय(व्यय)		**(३२२६)**		**(६७)**
विगत वर्षको शाखा कार्यालयको लेखापरीक्षण शुल्क	८५			
पोखरा शाखाको नगद समायोजन	(१६,३६)			
गत वर्षसम्मको सञ्चित आय	(१,६७,३९)		(१,७९,७७)	
खुद आय/(व्यय)		**(२,१५,१६)**		**(१,८०,४४)**

कार्यक्रम सञ्चालन आम्दानी गत वर्ष रु. २१ लाख रहेकोमा ६१.५० प्रतिशतले न्यून भई रु. ८ लाख मात्र रहेकोमा कार्यक्रम सञ्चालन तथा सेवा खर्च ३४.३६ प्रतिशतले न्यून रहेको देखिन्छ। त्यस्तै तलब तथा प्रशासनिक खर्च गतवर्ष रु. १ करोड ४१ लाख रहेकोमा रु. २२ लाखले बृद्दि भई यो वर्ष रु.१ करोड ६३ लाख रहेको छ।आय घटेको र प्रशासनिक खर्च वृद्धि भएकोले कार्ययोजना तयार गरी प्रतिष्ठानको कार्यक्षमता अभिवृद्धि गर्ने वा पुनः संरचित गर्नुपर्दछ।

३. **अवकाश कोष** - नेपाल लेखामान १ तथा १२ बमोजिम वित्तीय विवरण सही र दुरुस्त हुनका लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्दछ। प्रतिष्ठानको कर्मचारी व्यवस्थापन विनियमावली अनुसार अवकाश कोषमा कर्मचारीको मासिक तलबबाट ४ प्रतिशत, स्वआर्जित रकमबाट आर्थिक व्यवस्थापन विनियमावली, २०५७ को विनियम ५३ (क) बमोजिम र नेपाल सरकारबाट प्राप्त अनुदानबाट रकम जम्मा हुने गरेको छ। अवकाश दायित्व रु.३ करोड ६८ लाख रहेकोमा अवकास कोष रु.२ करोड २६ लाख मात्र रहेकोले पर्याप्त कोष खडा गरेको पाइएन।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड (२०७९।८०)

नेपाल सरकारको खाद्य नीतिबमोजिम खाद्यान्नको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन खाद्यान्न खरिद, बिक्री वितरण, ढुवानी तथा सञ्चय गर्ने मुख्य उद्देश्यले कम्पनी ऐन, २०६३ अन्तर्गत २०७६।४।२८ मा कम्पनीको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित यस कम्पनीको खाद्यान्नलगायतका अत्यावश्यकीय उपभोग्य वस्तुको सहज र सुलभ आपूर्तिमा बजार निर्माताको भूमिका खेल्न सक्ने एक सक्षम व्यावसायिक कम्पनीको रुपमा स्थापित हुने दीर्घकालीन सोच रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
सम्पत्ति				
स्थिर सम्पत्ति	२७,०३,४२		२५,६५,०७	
पुँजीगत कार्य प्रगति	१२,२२,८०		१२,०४,०५	
अदृश्य सम्पत्ति	५३,०९		४,१८	
लगानी	१,२६,८०,८२		१,६५,१६,७०	
स्थगन कर सम्पत्ति	३५,८५,०४		-	
जम्मा गैर चालु सम्पत्ति		**२,०२,४५,१७**		**२,०२,९०,००**
जिन्सी मौज्दात	५८,५६,८३		८९,७९,९९	
व्यापारिक प्राप्य	६०,१०,८८		५,६५,०५०	

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
नगद तथा नगदजन्य	८८,३२,७३		६२,८८,७२	
अन्य बैङ्क मौज्दात	४७,८३,४९		३२,००,५७	
अन्य चालु सम्पत्ति	२१,९२,७९		१४,७५,६३	
जम्मा चालु सम्पत्ति		**२,७६,७६,७२**		**२,५५,९५,४१**
जम्मा सम्पत्ति		**४,७९,२१,८९**		**४,५८,८५,४१**
इक्विटी				
सेयर पुँजी	१,१५,९८,३०		१,१५,९८,३०	
सेयरको लागी अग्रिम भुक्तानी	१,६२,७३		-	
सञ्चित आम्दानी तथा जगेडा	१,१५,७३,०३		१,१४,०६,९७	
जम्मा इक्विटी		**२,३३,३४,०६**		**२,३०,०५,२७**
गैर चालु दायित्व				
दीर्घकालीन ऋण	३५,९२,६४		३५,९२,६४	
अन्य दायित्व	४२,४७,८२		४२,४७,८२	
चालु कर दायित्व	५६,४२		-	
जम्मा गैर चालु दायित्व		**७८,९६,८८**		**७८,४०,४६**
अल्पकालीन ऋण	३६		५,८०,५०	
व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी	११,५९,२३		११,३४,४३	
अन्य वित्तीय दायित्व	१८,५५,३९		११,३९,६४	
अन्य चालु दायित्व	१,३६,७५,९७		१,२१,८५,११	
जम्मा चालु दायित्व		**१,६६,९०,९५**		**१,५०,३९,६८**
जम्मा इक्विटी तथा दायित्व		**४,७९,२१,८९**		**४,५८,८५,४१**

कम्पनीको कुल सम्पत्ति एवम् पुँजी तथा दायित्व गत वर्षभन्दा यो वर्ष ४.४४ प्रतिशतले वृद्धि भएको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आम्दानी	१,५९,६६,४७		१,१६,९३,८७	
बिक्रीको लागत	(१,३३,४७,५१)		(१,०३,०१,२४)	
व्यापार खर्च	(५७,२१,३९)		(४०,९८,५७)	
कुल नाफा		**(३१,०२,४३)**		**(२७,०५,९४)**
अन्य सञ्चालन आम्दानी	९७,७७,९९		७३,६३,९३	
कुल सञ्चालन नाफा		**६६,७५,५६**		**४६,५७,९९**
कर्मचारी खर्चहरू	४०,९४,९७		३५,५६,४४	
प्रशासनिक तथा अन्य खर्चहरू	१५,२६,२२		६,६७,७६	
सञ्चालन नाफा		**१०,५४,३७**		**४,३३,७९**
ह्रास कट्टि तथा परिशोधन खर्च	१,९४,८४		१,७९,५१	
वित्तीय खर्चहरू	५,७१		६,५८	
कर अघिको नाफा		**८,५३,८२**		**२,४७,७०**

कम्पनीको ह्रास कट्टी खर्च रु.१ करोड ९५ लाख र वित्तीय खर्च रु.५ लाखसमेत घटाई कर अघिको नाफा रु.८ करोड ५४ लाख कायम भएको छ। जुन गत वर्षको तुलनामा २४४.७ प्रतिशतले बढी रहेको छ।

३. **कम्पनीको विघटन र खारेजी** - साविकमा सञ्चालनमा रहेका नेपाल खाद्य संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेड कम्पनी यस कम्पनीमा गाभिएकोमा क्रमशः नेपाल खाद्य संस्थान ऐन, २०२१ को दफा १४ बमोजिम विघटन तथा कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम खारेजी हुनुपर्नेमा उक्त कार्यहरू प्रक्रियामा रहेको पाइयो। उक्त कम्पनीहरूको विघटन र खारेजी प्रक्रिया सम्पन्न नहुँदा सोको कर, ब्याज र जरिवाना भुक्तानी गर्ने कार्य बाँकी नै रहेको छ।

४. **जग्गाको स्वामित्व हस्तान्तरण** - साविकका कम्पनीको स्वामित्वमा रहेका जग्गा नयाँ कम्पनीको नाममा नामसारी गर्न २०७६।६।६ मा निर्णय भए तापनि उक्त कार्य सम्पन्न हुन सकेको छैन। लामो समयसम्म नामसारी नहुँदा त्यसको उपयोग र परिचालनमा समस्या सिर्जना हुने भएकोले उक्त कार्यलाई प्राथमिकता दिई सम्पन्न गर्नुपर्दछ।

५. **कर्मचारी दायित्व** - नेपाल लेखामान १९ "कर्मचारी लाभ" अनुसार कम्पनीले कर्मचारीलाई भुक्तानी गर्नुपर्ने उपदान, सञ्चित बिदालगायतको रकम वार्षिक दायित्वको गणना गरी लेखाङ्कन गर्नुपर्नेमा सो गरेको पाइएन। एक्च्युरियर मूल्याङ्कनको आधारमा वार्षिक रूपमा दायित्वको गणना गरी व्यवस्था गर्नुपर्दछ।

६. **लिलाम बिक्री तथा मिनाहा** - कम्पनीको खरिद तथा आर्थिक विनियमावली, २०७९ को परिच्छेद १८ अनुसार लिलाम गर्ने तथा धुल्याउने कार्य आवश्यकताअनुसार सालवसाली रूपमा गर्नुपर्नेमा सो गरेको पाइएन। प्रादेशिक कार्यालय थापाथलीमा रहेका पुराना ट्रकहरू लामो समयदेखि उपयोगविहिन रहेका छन्। उपयोग गर्न नसकिने अवस्थाका उक्त ट्रकहरू आवश्यक प्रकृया पूरा गरी लिलाम बिक्री गर्नुपर्नेमा सो भएको छैन। लामो समयसम्म सञ्चालनमा नरहेका सवारी साधन लिलाम बिक्री नगर्दा सवारी कर दायित्व बढेको अवस्था छ। तसर्थ, उपयोगविहिन सवारीको लिलाम बिक्री गरी सम्पत्ति अद्यावधिक गर्नुपर्दछ।

७. **जग्गा बिक्रीको रिटेन्सन मनी** - मन्त्रीपरिषद्को २०७४।२।४ को निर्णयबमोजिम साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडको नाममा रहेको काठमाडौं महानगरपालिका वडा नं १२ टेकुस्थित ९४९ रोपनी १० आना ३ दाम जमिन (घर र गोदामसमेत) नेपाल आयल निगमलाई बिक्री गरेकोमा २०७४।२।१७ को सम्झौताको सर्त नं. ८ बमोजिम तत्कालीन अवस्थामा जग्गा खाली नभएको कारणले निगमले रिटेन्सन मनीबापत रोक्का राखेको रु.१६ करोड २८ लाख जग्गा खाली भईसक्दासमेत कम्पनीलाई भुक्तानी गरेको छैन। कम्पनीले सम्झौताको सर्तअनुसार उक्त रकम प्राप्त गरी लेखाङ्कन गर्नुपर्दछ।

८. **नगद तथा नगद समतुल्य** - यो वर्षको वर्षान्तमा कम्पनीले नेपाल राष्ट्र बैङ्कको ३ र राष्ट्रिय वणिज्य बैङ्कको ३ समेत ६ खाताको रु.२५ लाख ३० हजार हिसाब मिलान गरेको छैन। उक्त फरक रकम २०३४।३५ देखि जिम्मेवारी सार्दै आएकोले सम्बन्धित निकायसँग समन्वय गरी हिसाब मिलान गर्नुपर्दछ।

९. **नेशनल ट्रेडिङ्गतर्फको ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको विवरणअनुसार २०७९।८० मा साबिकको नेशनल ट्रेडिङ्ग लिमिटेडलाई प्रवाह भएको ऋणमध्ये साँवा रु.३२ करोड ३५ लाख र ब्याज रु.८ करोड १२ लाख रहेको छ। कम्पनीले आफ्नो वासलातमा रु.३५ करोड ९२ लाख दीर्घकालीन ऋण र रु.१ करोड ८७ लाख ब्याज जिम्मेवारी सारेको छ। यसबाट सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र कम्पनीबिच दीर्घकालीन ऋण तथा ब्याजमा रु.२ करोड ६८ लाख फरक देखिएको छ। कम्पनीले जिम्मेवारी सार्दै आएको ऋण र सोको ब्याज सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ।

१०. **खाद्य संस्थानतर्फको ऋण -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको विवरणअनुसार नेपाल सरकारको विशेष ऋणअन्तर्गत २०४७।११।२४ को सम्झौताअनुसार रु.५ करोड ९० लाख नेपाल खाद्य संस्थानलाई ऋण प्रवाह भएकोमा २०७४।७५ सम्म साँवा रु.४२ लाख ४३ हजार बाँकी रहेकोमा कम्पनीमा उक्त ऋण रकम लेखाङ्कन नभएको बेहोरा विगतका लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत रहेकोले हिसाब मिलान तथा लेखाङ्कन गर्नुपर्दछ।

११. **खर्च लेखाङ्कन -** कम्पनीको २०७९।८० को वित्तीय विवरणमा कर्मचारी हिसाब शीर्षकअन्तर्गत रु.८५ लाख ८५ हजार देखिएकोमा उक्त रकम कर्मचारीहरूलाई २०४०।४१ देखि नै भुक्तानी दिन बाँकी रहेको देखिन्छ। उक्त रकम विगत लामो समयदेखि जिम्मेवारी सार्दै ल्याइएकोमा हिसाब यकिन गरी फर्स्यौंट गर्नुपर्दछ।

१२. **शंकास्पद आसामी व्यवस्था -** कम्पनीले शंकास्पद आसामी व्यवस्थाअन्तर्गतको रु.३ करोड ८२ लाख विगतदेखि जिम्मेवारी सार्दै ल्याएको छ। उक्त आसामीको नामनामेसी सम्बन्धी विवरण कम्पनीमा नरहेकोले आसामीको सम्बन्धमा यकिन गर्न सकिएन। आसामीको विस्तृत विवरण यकिन गरी असुल फर्स्यौंट गर्नुपर्दछ।

१३. **क्षतिपूर्ति** - कम्पनीको यो वर्ष मुद्दा सम्बन्धी क्षतिपूर्तिमा रु.६ करोड २० लाख व्यवस्था गरेको छ। साविकको खाद्य संस्थान र एक भारतीय कम्पनीको मुद्दामा कोलकता उच्च अदालत भारतबाट सन् २०१३ मा फैसला भई यस कम्पनीले रु.६ करोड ६६ लाख क्षतिपुर्ति पाउने उल्लेख छ। उक्त रकममध्ये गत वर्षसम्म रु.६ करोड २० लाख प्राप्त भएकोमा यो वर्ष थप रकम प्राप्त भएको छैन। उक्त मुद्दाबाट कम्पनीलाई थप रु.४६ लाख प्राप्त हुनुपर्नेमा कम्पनीले उक्त रकमलाई आफ्नो खातामा लेखाङ्कन गरेको देखिएन। अदालतको फैसलाअनुसारको क्षतिपूर्ति रकम प्राप्त गरी आय लेखाङ्कन गर्नुपर्दछ।

१४. **जग्गा तथा संरचनाको उपयोग -** जग्गा तथा भवन उपयोग सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१४.१. कम्पनीको प्रादेशिक कार्यालय, काठमाडौं र एक इन्टरनेशनल कम्पनीबिच कम्पनीको नख्खुस्थित गोदाम २०७९।१।१ देखि दुई वर्षको लागि मासिक भाडा रु.३ लाख १५ हजार तिर्ने गरी सम्झौता भएकोमा उक्त कम्पनीले सम्झौताको सर्तअनुसार समयमा भाडा नबुझाएको, आफूले भाडामा लिएको गोदाम पुनः अर्को व्यवसायीलाई भाडामा लगाएर सम्झौता उल्लङ्घन गरेकोले कानुनी कारबाही गरिनुपर्दछ।

१४.२. कम्पनीको प्रादेशिक कार्यालय बिराटनगरमा साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडको नाममा दर्ता कायम रहेको बिराटनगर महानगरपालिका वडा नं ११ को साविकको नेशनल ट्रेडिङ लिमिटेडको घर र गोदाम विगतमा नेपाल सरकारले कोभिड अस्पताल बनाई प्रयोग गरेकोमा हाल सङ्क्रमण अस्पतालको रुपमा

प्रदेश स्वास्थ्य मन्त्रालयअन्तर्गत सञ्चालनमा रहेको छ। उक्त जग्गा तथा भवन प्रयोग गरेबापत प्रदेश सरकारबाट कम्पनीलाई कुनै आम्दानी भएको छैन। कम्पनीले चलनचल्तीअनुसारको भाडा प्राप्तिको लागि प्रदेश सरकारसँग समन्वय गर्नुपर्दछ।

१४.३. साविकको नेशनल ट्रेडिङ्ग लिमिटेड र एक कन्स्ट्रक्सन कम्पनीबीच महेन्द्रनगर बसपार्कमा रहेको १ विगाह ७ कट्ठा १३ धुर जग्गा भाडामा दिने गरी २०७५।१०।९ मा भएको सम्झौताको सर्तअनुसार समयमा भाडा रकम नबुझाएकोले असुल गर्न आवश्यक प्रक्रिया अघि बढाउनुपर्दछ।

१४.४. पोखरामा गोदाम रहेको कित्ता नम्बर ९३९ को ६ रोपनी ५ आना ४ दाम क्षेत्रफल जग्गाको जग्गाधनी प्रमाणपूर्जा कम्पनीको नाममा रहेको छैन तर नेपाल सरकार सचिवस्तरको निर्णयानुसार साविकको खाद्य संस्थान र कृषि विकास आयोजनाले भोगाधिकार पाउने निर्णय भएको छ। जग्गाको जग्गाधनी प्रमाणपूर्जा कृषि विकास आयोजनको नाममा रहेको छ। साविकको खाद्य संस्थानको लिखत रेकर्डमा उक्त जग्गासहित १५ रोपनी १ पैसा ३ दाम जग्गा प्रति रोपनी रु.२ हजारका दरले रु.३० हजारमा खरिद गरेको देखिन्छ। जग्गाको स्वामित्व संस्थाको नाममा ल्याउनुपर्दछ।

१५. **वण्डेड वेयर हाउसको सामान** - साविकको नेशनल ट्रेडिङ लिमिटेडले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कुटनीतिक सुविधा प्राप्त व्यक्ति तथा निकायका लागि वण्डेड वयरहाउस र ड्युटी फ्री सपमा विभिन्न किसिमका मदिरा, चकलेट, चुरोट, घडी, गरगहना बिक्री गर्ने गरेकोमा बिक्री हुन नसकी ठुलो परिमाणमा सामानहरू गोदाममा रहेका छन्। उक्त गोदाममा रहेका सामानमध्ये लिलाम बिक्री गर्नुपर्ने अमेरिकी डलर २ लाख ५८ हजार र नष्ट गर्नुपर्ने अमेरिकी डलर ३ लाख १३ हजारसमेत अमेरिकी डलर ५ लाख ७१ हजारको मूल्याङ्कन गरी २०७४।५।४ मा प्रतिवेदन दिएकोमा सो उपर कुनै कारबाही गरेको छैन। पुनः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गठन गरेको समितिबाट अमेरिकी डलर २ लाख ६३ हजार मूल्यका सामान काम नलाग्ने भई नष्ट गर्नुपर्ने र बाँकी अमेरिकी डलर ३ लाख १ हजार बराबरका मदिरा तथा अन्य सामान टुटफुट भएका, म्याद नाघेको कारण प्रयोग गर्न सकिने/नसकिने विषय यकिन नभएको उल्लेख गरी २०७९।५।६ मा प्रतिवेदन प्राप्त भएकोमा सो उपर थप निर्णय भएको पाइएन। यसमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

धौवादी फलाम कम्पनी लिमिटेड

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) स्थित धौवादी क्षेत्रमा रहेको फलाम खानीको उत्खनन् तथा प्रशोधन गरी व्यावसायिक उत्पादन गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम २०७६।६।९ मा यस कम्पनीको स्थापना भएको हो। विभिन्न अध्ययनबाट ४१ वर्ग किलोमिटर क्षेत्रफलभित्र १० किलोमिटर लम्बाई र २५ मिटर मोटाइ भएको १० करोड मेट्रिक टन फलाम खानीको भण्डार रहेको अनुमान छ। कम्पनीमा करारसेवाका १३ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
जायजेथा, संयन्त्र र उपकरण	७९,५०		८४,९१	
अमूर्त सम्पत्ति	१५,०४,७३		९,५९,४६	
स्थगन कर सम्पत्ति (खुद)	४,०७		७१	
कर सम्पत्ति (खुद)	५६,८९		४१,३१	
अन्य सम्पत्ति	१,४७,३०		७५,९९	
कुल गैर चालु सम्पत्ति		**१७,९२,५०**		**११,६२,३८**
चालु सम्पत्ति				
लगानी	११,५०,००		०	
नगद वा बैङ्क मौज्दात	२,८१,४०		२०,६४,४०	
कुल चालु सम्पत्ति		**१४,३१,४०**		**२०,६४,४०**
कुल सम्पत्ति		**३२,२३,९०**		**३२,२६,७८**
दायित्व तथा ईक्वीटी				
दायित्व				
गैर चालु दायित्व				
कुल गैर चालु दायित्व				
चालु दायित्व				
अन्य वित्तीय दायित्व	२२,३७		१५,१५	
कुल चालु दायित्व		**२२,३७**		**१५,१५**
कुल दायित्व		**२२,३७**		**१५,१५**
ईक्वीटी				
सेयर पुँजी	३१,७२,००		३१,७२,००	
जगेडा	२९,५३		३९,६३	
कुल इक्विटी		**३२,०१,५३**		**३२,११,६३**
कुल दायित्व तथा इक्विटी		**३२,२३,९०**		**३२,२६,७८**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री	०		०	
अन्य आम्दानी	३७		१६,३०	
प्रशासकीय खर्च	१,१८,०५		१,२१,६५	
सञ्चालन नाफा/(नोक्सान)		**(१,१७,६८)**		**(१,०५,३५)**
लगानी आय	१,०४,२१		१,११,०५	
वित्तीय खर्च र कर अघिको नाफा/(नोक्सान)		**(१३,४७)**		**५,७०**
कर अघिको नाफा/(नोक्सान)		**(१३,४७)**		**५,७०**
आयकर खर्च	०		(२,०९)	
स्थगन कर (खर्च)/आम्दानी	३,३७		(६,६४)	
यो वर्षको खुद नाफा/(नोक्सान)		**(१०,१०)**		**(३,०३)**

३. **पुँजी संरचना** - कम्पनीको अधिकृत पुँजी रु.१० अर्ब रहेकोमा जारी पुँजी रु.४ अर्ब तथा चुक्ता पुँजी रु.३१ करोड ७२ लाख रहेको छ। प्रबन्धपत्रमा सेयर पुँजी रु.१० अर्बमध्ये ५५ प्रतिशतले हुने रु.५

अर्ब ५० करोड नेपाल सरकारबाट र बाँकी ४५ प्रतिशतले हुने रु.४ अर्ब ५० करोड निजी क्षेत्रबाट लगानी हुने उल्लेख छ। कम्पनी ऐन, २०६३ को दफा ६२ बमोजिम संस्थापकहरूले खरिद गर्न कबुल गरेको सेयरबापतको रकममध्ये माग भएको पूरा रकम चुक्ता नभएसम्म कम्पनी रजिष्ट्रारको कार्यालयबाट सेयर निष्कासन गर्न स्वीकृति प्राप्त नहुने र सेयर निष्कासन नभएसम्म निजी क्षेत्रको सहभागिता नहुने अवस्था रहेकोले हालसम्म नेपाल सरकारको मात्र सेयर लगानी रहेको छ। हालसम्म फलाम खानीको अवस्था सम्भाव्यता अध्ययन चरणमा नै रहेकोले थप सेयर निष्कासन हुन सकेको छैन।

४. **आयोजना निर्माण -** यो वर्ष पुँजीगततर्फ विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय सम्भाव्यता अध्ययन गर्ने लगायतका १४ कार्यक्रम सञ्चालन गर्न रु.३९ करोड बजेट स्वीकृत भएकोमा रु.६ करोड १४ लाख ९५ हजार खर्च गरी वित्तीय प्रगति १५.४५ प्रतिशत र भौतिक प्रगति १९.३६ प्रतिशत रहेको छ। कम्पनीले औद्योगिक क्षेत्र स्थापना गर्ने स्थानको जग्गा हालसम्म प्राप्त गर्न सकेको छैन। विभिन्न निकायसँग समन्वय र प्रकृया पूरा नगरी कार्यक्रम स्वीकृत गरेकोले विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन र वातावरणीय सम्भाव्यता अध्ययन गर्ने लगायतका ९ कार्यक्रम सञ्चालन भएको छैन।

नेपाल औषधी लिमिटेड

गुणस्तरीय औषधीहरू उत्पादन गरी आम जनतालाई सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले साविक कम्पनी ऐन, २०२१ बमोजिम २०२९।६।१ मा कम्पनीको स्थापना भएको हो।कम्पनीको अधिकृत तथा जारी पुँजी रु.१५ करोड एवं चुक्ता पुँजी रु.७ करोड ५५ लाख रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति, प्लान्ट र उपकरण	३,२६,७९,६८		७,८५,५६	
धितोपत्रमा लगानी	१३,०२		१३,०२	
स्थगन कर सम्पत्ति	२२,७४,६६		२३,६१,५३	
गैर चालु सम्पत्ति		**३,४९,६७,३६**		**३१,६०,११**
मौज्दात	२,३३,७२		२,४०,०१	
व्यापारिक प्राप्य	१,३६,४६		१,२९,३७	
नगद तथा नगद समतुल्य	२,१८,७२		७,०७	
बैङ्क मौज्दात(मार्जिन) बाहेक	३,०१		२६,८६	
अग्रिम र पूर्व भुक्तानी	४,५८,५०		४,१८,६८	
चालु सम्पत्ति		**१०,५०,४१**		**८,२१,९९**
कुल सम्पत्ति		**३,६०,१७,७७**		**३९,८२,१०**
सेयर पुँजी	७,५४,९९		७,५४,९९	
सञ्चित मुनाफा/(नोक्सानी)	(२,०६,६६,०३)		(१,९७,५४,०४)	
पुँजी व्यवस्था	२,४९,२३		२,४९,२३	
पुनर्मूल्याङ्कन कोष	३,१९,३४,५०		-	
सेयरहोल्डर इक्विटी		**१,२२,७२,६९**		**(१,८७,४९,८२)**
दीर्घकालीन ऋण	९,४७,००		१०,९१,७४	
दीर्घकालीन प्रावधान	२८,०५,१८		३०,६५,६७	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
गैर चालू दायित्व		**३७,५२,१८**		**४१,५७,४१**
दीर्घकालीन ऋणको वर्तमान भाग	१,१६,७२,९६		१,१३,२८,२२	
व्यापार र अन्य भुक्तानीयोग्य	८०,८०,२८		६९,८२,५४	
अन्य दायित्व	२,३९,६६		२,६३,७५	
वित्तीय दायित्व		**१,९९,९२,९०**		**१,८५,७४,५१**
कुल इक्विटी तथा दायित्व		**३,६०,१७,७७**		**३९,८२,१०**

कम्पनीको सेयरहोल्डर इक्विटी रु.१ अर्ब २२ करोड ७३ लाख, गैर चालु दायित्व रु.३७ करोड ५२ लाख र चालु दायित्व रु.१ अर्ब ९९ करोड ९३ लाख रहेको छ। त्यस्तै गैर चालु सम्पत्ति रु.३ अर्ब ४९ करोड ६७ लाख र चालु सम्पत्ति रु.१० करोड ५० लाख रहेको छ। यो वर्ष जग्गाको पुनर्मूल्याङ्कन गरेकाले पुनर्मूल्याङ्कन कोषमा रु.३ अर्ब १९ करोड ३४ लाख समावेश गरेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालनबाट आय	४,७८,३६		३,५६,८६	
बिक्रीको लागत	(५,६२,१०)		(६,१३,१४)	
कुल नाफा/(घाटा)		**(८३,७४)**		**(२,५६,२८)**
अन्य आय	३,६६,१९		२,७०,५९	
सञ्चालनबाट कुल नाफा		**२,८२,४५**		**१४,३१**
बिक्री तथा वितरण खर्च	५,६८		७,३०	
प्रशासनिक खर्च	४,०२,८७		८,१४,५४	
वित्तीय खर्च	६,१५,६८		६,१०,१४	
मूल्यह्रास र परिशोधन	६१,२१		६१,४६	
कुल खर्च		**१०,८५,४४**		**१४,९३,४४**
करअघिको नाफा/(नोक्सानी)		**(८,०२,९९)**		**(१४,७९,१३)**
स्थगन कर-आय/(व्यय)		(८६,८७)		१६,७०
आयकर पछिको खुद नाफा/(नोक्सानी)		**(८,८९,८६)**		**(१४,६२,४३)**

सञ्चालनबाट प्राप्त आय रु.४ करोड ७८ लाख, बिक्रीको लागत रु.५ करोड ६२ लाख रहेकोमा रु.८४ लाख कुल घाटा रहेको छ। अन्य आय रु.३ करोड ६६ लाख रहेकाले सञ्चालन आम्दानी रु.२ करोड ८२ लाख रहेको देखिन्छ। बिक्री वितरण तथा प्रशासनिक खर्च पश्चात्को सञ्चालन घाटा रु.१ करोड २६ लाख रहेकोमा कर पछिको खुद नोक्सान रु.८ करोड ९० लाख रहेको छ। यसरी सञ्चालन आयबाट बिक्रीको लागत नै प्राप्त नभएको र कम्पनीको नोक्सानी वर्षेनी वृद्धि हुँदै गएकोले दीर्घकालीन व्यावसायिक योजना बनाई कार्य सञ्चालन गर्नुपर्दछ।

३. **क्षमता उपयोग -** कम्पनीले सिटामोल तथा डिष्टिल्ड वाटरको उत्पादनमा आफ्नो उत्पादन क्षमताको ७० प्रतिशतसम्म उपयोग गरेकोमा जीवनजल लगायत अन्य उत्पादनहरूमा ४० प्रतिशत मात्र क्षमता उपयोग गरेको छ। यो वर्ष उत्पादन तथा बिक्री वितरण खर्च रु.५ लाख ६८ हजार भएकोमा अवकाश प्राप्त कर्मचारी समेतको प्रशासनिक खर्च रु.४ करोड ३ लाख भएको छ। मुलुकमा उत्पादित औषधीले बजारको माग धान्न नसकी विदेशबाट ठुलो परिमाणमा औषधी आयात गर्नुपरेको अवस्थामा कम्पनीलाई

पूर्ण क्षमतामा सञ्चालन गर्न सकेको छैन। सरकारले निःशुल्क रुपमा वितरण गर्ने औषधीहरू यसै कम्पनी मार्फत उपलब्ध गराउन आवश्यक समन्वय गर्ने, पूर्ण क्षमतामा सञ्चालन गरी उत्पादनमा वृद्धि गर्दै संस्थागत निरन्तरताको व्यवस्था मिलाउनु पर्दछ।

४. **अवकाश कोष -** नेपाल लेखामान १ (वित्तीय विवरणको प्रस्तुति) तथा लेखामान ३७ (व्यवस्था, सांयोगिक दायित्व र सम्पत्ति) बमोजिम वित्तीय विवरणको यथार्थपरकताका लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा कम्पनीले कर्मचारी दायित्वमध्ये अवकाश भएका बखत भुक्तानी गर्नुपर्ने दायित्व वासलातमा समावेश गरे तापनि कोष स्थापना गरेको छैन। वर्षान्तसम्म अवकाश दायित्व रु.२८ करोड ५ लाख रहेकोले सो दायित्व बराबरको रकम कोषमा जम्मा गर्नुपर्दछ।

५. **राजस्व बक्यौता -** आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वरबाट माग भएको शुल्क तथा ब्याजसहितको पछिल्लो कर बक्यौता रु.६ करोड ७१ लाख रहेको पाइयो। आयकरतर्फ २०५२।५३ र मूल्य अभिबृद्धि करतर्फ २०६८।६९ पश्चात् हालसम्म कर निर्धारण आदेश जारी भएको देखिएन। बक्यौता कर फरफारक गर्नुपर्दछ।

६. **ब्याज भुक्तानी -** कम्पनीको वित्तीय विवरण अनुसार नेपाल सरकारबाट प्राप्त ऋण वर्षान्तमा रु.१ अर्ब २६ करोड २० लाख रहेकोमा उक्त ऋणको ब्याज नतिरेकोले नेपाल सरकारलाई तिर्नुपर्ने व्याज रु.६० करोड ५४ लाख रहेको छ।सञ्चालन दक्षता अभिवृद्धि गरी साँवा ब्याज भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

नेपालबाट समुद्रपार मुलुकमा निकासी तथा नेपालभित्र पैठारी हुने सामानहरूको पारवहन सम्बन्धी विभिन्न सेवा सुविधा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०२१ अन्तर्गत २०२८।५।३० मा यो कम्पनीको स्थापना भएको हो। हाल नेपालमा वीरगन्ज, काँकडभिट्टा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल एवम् भारतको कोलकाता, राधिकापुर र हल्दियामा यसको शाखा विस्तार भई क्लियरिङ्ग, फरवार्डिङ, अण्डरटेकिङ्ग र गोदाम व्यवस्थापन लगायतको सेवा प्रवाह भैरहेको छ। कम्पनीको केन्द्रीय र शाखा कार्यालयमा स्थायी ३७ र करार ७१ समेत १०८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
मूर्त सम्पत्ति र उपकरण	३,१५,७३		३,२४,९३	
अमूर्त सम्पत्ति	१९,१४		२२,१४	
दीर्घकालीन लगानी	८,६२,१९		८,८३,१८	
कुल गैर चालु सम्पत्ति		**११,९७,०७**		**१२,३०,२५**
चालु सम्पत्ति				
नगद र बैङ्क मौज्दात	८,२५,५४		१०,२५,५३	
चालु कर सम्पत्ति	१,९२,०५		२,४४,९२	
मुद्दतीमा लगानी	५१,०९,२१		४५,०९,२१	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
व्यापार आसामी	२,२२,९४		२,१९,७८	
अन्य आसामी, पेस्की तथा धरौटी	७९,४६		७०,१२	
कुल चालु सम्पत्ति		**६४,२९,२०**		**६०,६९,५६**
कुल सम्पत्ति		**७६,२६,२७**		**७२,९९,८१**
पुँजी र दायित्व				
सेयर पुँजी	१,२२,४३		१,२२,४३	
जगेडा कोष	५९,१४,६०		५४,७६,४६	
कुल पुँजी तथा जगेडा कोष		**६०,३७,०३**		**५५,९८,८९**
गैर चालु दायित्व				
स्थगित अनुदान आय	२७,५५		२८,५०	
दीर्घकालीन व्यवस्था	११,५१,९१		११,७९,४०	
कर्मचारी कल्याणकारी कोष	२६		१९,८१	
कुल गैर चालु दायित्व		**११,७९,७२**		**१२,२७,७१**
चालु दायित्व				
अल्पकालीन व्यवस्था	३,२८,३७		३,१९,४४	
अन्य चालु दायित्व	८१,१५		१,५३,७८	
कुल चालु दायित्व		**४,०९,५२**		**४,७३,२२**
कुल पुँजी र दायित्व		**७६,२६,२७**		**७२,९९,८१**

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	२४,४५,६६		२५,१२,४९	
बिक्री लागत	(१३,०३,९६)		(१२,८९,९६)	
कुल नाफा / (नोक्सान)		**११,४१,७०**		**१२,२२,५३**
अन्य आम्दानी	४,७५,००		५,१०,१६	
कर्मचारी खर्च	(६,९९,६६)		(७,९१,७०)	
प्रशासनिक खर्च	(२,०८,०३)		(२,४९,०५)	
ह्रास खर्च	(३५,०४)		(४०,६३)	
कुल सञ्चालन आम्दानी		**६,७३,९७**		**६,५१,३२**
बन्द भएको शाखाबाट नाफा/(नोक्सान)		**-**		**(५,२१)**
आय कर र बोनस अघिको नाफा/(नोक्सान)		**६,७३,९७**		**६,४६,११**
कर्मचारी बोनसको व्यवस्था	(३३,७०)		(५१,६९)	
आय कर अघिको नाफा/(नोक्सान)		**६,४०,२७**		**५,९४,४२**
आयकर खर्च	-		-	
अघिल्लो वर्षसम्म	४०,१६		३४,३५	
यस वर्ष	१,६१,९७		१,४८,६१	
कुल कर खर्च		**(२,०२,१३)**		**(१,८२,९६)**
खुद नाफा/(नोक्सान)		**४,३८,१४**		**४,११,४७**

यो वर्ष इन्लेण्ड कन्टेनर डिर्पोट, कन्टेनर फ्रेट स्टेशन तथा गोदाम शुल्क, अन्डरटेकिङ्ग र क्लियरिङ्ग सेवा शुल्क रु.३४ करोड ९७ लाख ५० हजार र ब्याज तथा अन्य आय रु.७ करोड ३४ लाख ५० हजारसमेत रु.४२ करोड ३२ लाख आर्जन गर्ने लक्ष्य निर्धारण भएकोमा इन्लेण्ड कन्टेनर

डिर्पोट, कन्टेनर फ्रेट स्टेशन तथा गोदाम शुल्क, अन्डरटेकिङ्ग र क्लियरिङ्ग सेवा शुल्क रु.२४ करोड ४५ लाख ६६ हजार (६९.९३ प्रतिशत) र ब्याज तथा अन्य आय रु.४ करोड ७५ लाख (६४.६७ प्रतिशत) समेत रु.२९ करोड २० लाख ६६ हजार (६९.०१ प्रतिशत) आय प्राप्त भएको छ। कम्पनीको मुख्य व्यावसायिक क्रियाकलापबाट हुने अण्डरटेकिङ्ग सेवा शुल्क र क्लियरिङ्ग सेवा शुल्क गत वर्षभन्दा २.६६ प्रतिशतले घटेको देखिएको छ। कम्पनीको मुख्य व्यावसायिक क्रियाकलापलाई प्रभावकारी बनाई लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

३. **वित्तीय विवरण** - कम्पनीको ऐन, २०६३ को दफा १०८(२) मा कम्पनीले प्रचलित कानुनबमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामान अनुरूप लेखा राख्नुपर्ने व्यवस्था छ। कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मानअनुसारको वित्तीय विवरण तयार गरेको छैन। कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मानअनुसार सम्पत्ति, दायित्व, खर्च र आम्दानीको प्रस्तुतीकरण गर्नुपर्दछ।

४. **लाभांश** - कम्पनी ऐन, २०६३ को दफा १८२ मा कुनै कानुनले लाभांश वितरण गर्नबाट रोक लगाएको भएमा, लाभांश पाउने अधिकार विवादित भएमा, कम्पनीको काबु बाहिरको परिस्थितिमा वा कुनै कारणवश सो म्यादभित्र लाभांश वितरण गर्न नसकिने भएमा बाहेक लाभांश दिने निर्णय भएको ४५ दिनभित्र सेयरधनीलाई लाभांश वितरण गरी सक्नुपर्ने एवम् म्यादभित्र लाभांश वितरण नगरेमा तोकिएबमोजिमको ब्याज थप गरी लाभांश वितरण गर्नुपर्ने व्यवस्था छ। कम्पनीले मुनाफाबाट प्रत्येक वर्ष कर्मचारीलाई बोनसबापत निम्नानुसारको रकम व्यवस्था गरेको छ। कम्पनीले ऐनको उक्त व्यवस्थाबमोजिम गत विगत वर्षदेखि सेयरधनी नेपाल सरकारलाई लाभांश वितरण गरेको देखिएन। ऐनबमोजिम सेयरधनीलाई समयमै लाभांश वितरणको व्यवस्था मिलाउनुपर्दछ।

(रु. हजारमा)

आर्थिक वर्ष	खुद मुनाफा	कर्मचारी बोनसबापत व्यवस्था	कर र बोनस अघिको नाफा
२०७८।७९	८,५३,२०	९४,७३	११,८४,१०
२०७९।८०	४,११,४७	५१,६९	६,४६,११
२०८०।८१	४,३८,१४	३३,७०	६,७३,९७

५. **लिज भाडा** - नेपाल सरकार र भारत सरकारबीच भएको जग्गा सम्बन्धी ३० वर्षीय लिज सम्झौता १ नोभेम्बर १९८४ बाट सुरू भई ३१ डिसेम्बर २०१४ मा समाप्त भएकोमा थप ३० वर्षका लागि नवीकरण भएको छ। उक्त सम्झौताबमोजिम नेपाल सरकारको एजेन्सीको रूपमा कम्पनीले हल्दिया डक कम्पलेक्सको ६ हजार ९८५ वर्गमिटर र आवासीय क्षेत्रको २ हजार वर्गमिटर प्रयोग गर्न पाउने देखिन्छ। त्यस्तै, कोलकता बन्दरगाहको डक इन्टेरियर जोनभित्रको कस्टम वन्डेड क्षेत्रमा नेपालतर्फ हुने पारवहन कार्गो भण्डारण गर्न करिब ४ हजार ८८६.१५ वर्गमिटर जग्गाको लागि १ मे १९९८ देखि लागु हुने गरी २५ वर्षको दीर्घकालीन लिज सम्झौता भई ३० अप्रिल २०२३ मा समाप्त भएको छ। कोलकता डक कम्प्लेक्स र हल्दिया डक कम्प्लेक्समा जमिन उपलब्ध भए तापनि कन्टेनर फ्रेट स्टेशनको लागि पूर्वाधारहरू निर्माण नगरेकोले व्यावसायिक रूपमा उपयोग हुन सकेको छैन। कम्पनीले विगतदेखि लिज भाडा भुक्तानी गर्दै आएकोमा यो वर्ष कोलकता डक कम्प्लेक्सको लागि भारतीय रूपैयाँ ८ लाख ९ हजार र हल्दिया डक कम्प्लेक्सको लागि भारतीय रूपैयाँ २६ लाख ३० हजार भुक्तानी गरेको छ। कम्पनीले भाडामा लिएको जग्गाको व्यावसायिक रूपले उपयोग गर्नुपर्दछ।

हेटौंडा सिमेन्ट उद्योग (२०७९।८०)

उच्च गुणस्तरको सिमेन्ट उत्पादन, सिमेन्टको आयात प्रतिस्थापन एवं निर्यातमा योगदान, देशको औद्योगिक तथा आर्थिक विकास र रोजगारी सिर्जनामा सहयोग पुऱ्याउने उद्देश्यले २०३३ सालमा उद्योग स्थापना भई २०४२ सालदेखि सिमेन्टको व्यापारिक उत्पादन शुरू भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको यस उद्योगको अधिकृत पुँजी रु.३ अर्ब रहेकोमा चुक्ता पुँजी रु.९० करोड ६ लाख ८५ हजार रहेको छ।

१. **वित्तीय स्थिति -** उद्योगको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३१ आषाढ २०७९	
सम्पत्ति				
जायजेथा, संयन्त्र र उपकरण	२५,८६,०७		२७,६१,२७	
अदृश्य सम्पत्ति	१,६२		२,३९	
डेफर्ड कर सम्पत्ति (खुद)	२९,५८,६९		२६,७८,२६	
वित्तीय सम्पत्ती (अन्य वित्तीय सम्पत्ति)	८६,०५		९७,३१	
जम्मा गैर चालु सम्पत्ति		**५६,३२,४३**		**५५,३९,२३**
जिन्सी सम्पत्ति	७५,०३,४८		६७,६३,५२	
लगानी	-		३,००,००	
व्यापारिक तथा अन्य प्राप्य रकम	८,१६,९४		११,५७,११	
नगद र नगद सरह	८२,३७		२,६९,०५	
अन्य वित्तीय सम्पत्ति	४७,४५		१,३९,०२	
कर सम्पत्ति (खुद)	२,८४,९७		३,४१,५५	
अन्य सम्पत्ति	१,४३,६९		३,०५,६८	
जम्मा चालु सम्पत्ति		**८८,७८,९०**		**९२,७५,९३**
कुल सम्पत्ति		**१,४५,११,३३**		**१,४८,१५,१६**
सेयर पुँजी	९०,०६,८५		९०,०६,८५	
जगेडा	(१,१६,४९,९७)		(८९,५६,४८)	
जम्मा इक्विटी		**(२६,४३,१२)**		**५०,३७**
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	४,२२,१७		४,३४,९३	
कर्मचारी दायित्व	६१,६७,९०		६२,५०,४०	
व्यवस्था	३,०२,८१		३,०२,८१	
जम्मा गैर चालु दायित्व		**६८,९२,८८**		**६९,८८,१४**
कर्जा तथा सापटी	४६,६९,३७		४५,६०,१७	
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	३०,४३,९४		२१,४२,७२	
कर्मचारी दायित्व	६,७२,५४		६,७२,५४	
अन्य वित्तीय दायित्व	१८,६३,९२		३,९४,३९	
अन्य दायित्व	११,८०		६,८३	
जम्मा चालु दायित्व		**१,०२,६१,५७**		**७७,७६,६५**
कुल इक्विटी तथा दायित्व		**१,४५,११,३३**		**१,४८,१५,१६**

उद्योगको २०८० आषाढ मसान्तमा सेयर पुँजी रु.९० करोड ६ लाख ८५ हजार, जगेडा कोष रु.१ अर्ब १६ करोड ४९ लाख ९७ हजारले ऋणात्मक रहेको छ। उद्योगको चालु दायित्व गत वर्ष रु.७७ करोड ७६ लाख ६५ हजार रहेकोमा यो वर्ष रु.१ अर्ब २ करोड ६१ लाख ५७ हजार पुगेको

छ। उद्योगको स्थिर सम्पत्ति गत वर्ष रु.५५ करोड ३९ लाख २३ हजार रहेकोमा यो वर्ष रु.५६ करोड ३२ लाख ४३ हजार पुगेको छ। उद्योगको चालु सम्पत्ति गत वर्ष भन्दा ४.२८ प्रतिशतले कमी भई यो वर्ष रु.८८ करोड ७८ लाख ९० हजार रहेको छ।

२. **सञ्चालन नतिजा -** उद्योगको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आम्दानी	५८,४१,४९		१,०२,३९,८५	
बिक्रीको लागत	(७४,५८,०९)		(१,०४,६५,१३)	
कुल नाफा		**(१६,१६,६०)**		**(२,२५,२८)**
अन्य आम्दानी	२,१६,०८		२,२५,०८	
वित्तीय लागत	(१,०९,२०)		(१,०९,२०)	
प्रशासकिय खर्च	(१३,८३,३४)		(१३,६०,८४)	
आयकर अघिको नाफा/(नोक्सानी)		**(२८,९३,०६)**		**(१४,७०,२४)**
डेफर्ड कर आम्दानी/(खर्च)	(२,८०,४३)		(४,००,९९)	
यस वर्षको खुद नाफा/(नोक्सानी)		**(२६,१२,६३)**		**(१०,६९,२५)**

उद्योगको बिक्री आम्दानी गत वर्ष रु.१ अर्ब २ करोड ३९ लाख ८५ हजार रहेकोमा यो वर्ष ४२.९५ प्रतिशतले घटी रु.५८ करोड ४१ लाख ४९ हजार भएको छ भने बिक्रीको लागत गत वर्ष रु.१ अर्ब ४ करोड ६५ लाख १३ हजार रहेकोमा यो वर्ष २८.७४ प्रतिशतले ह्रास आई रु.७४ करोड ५८ लाख ९ हजार रहेको छ। उद्योगको खुद नोक्सानी गत वर्ष रु.१० करोड ६९ लाख २५ हजार रहेकोमा यो वर्ष १४४ प्रतिशतले वृद्धि भई रु.२६ करोड १२ लाख ६३ हजार पुगेको छ।

३. **सिमेन्ट उत्पादन क्षमता -** उद्योगको वार्षिक करिब २ लाख २० हजार मेट्रिकटन सिमेन्ट उत्पादन क्षमता रहेकोमा विगत १० वर्षमा अधिकतम ५४ प्रतिशतसम्म मात्र क्षमताको उपयोग भएको छ। उद्योगमा २०७३।७४ मा ५४ प्रतिशत क्षमतामा सिमेन्ट उत्पादन भएकोमा त्यसपछिका वर्षहरूमा ५० प्रतिशतभन्दा कम क्षमतामा मात्र उत्पादन भएको देखिन्छ भने २०७८।७९ मा उत्पादन क्षमताको करिब ३१ प्रतिशत र २०७९।८० मा करिब १७.३८ प्रतिशत उत्पादन भएको छ। यसबाट उद्योगको बिक्री र आय समेत न्यून भएकोले उत्पादन क्षमताको पूर्ण उपयोग गरी बिक्री तथा मुनाफा वृद्धि गर्नुपर्दछ।

४. **सेयरमा लगानी -** उद्योगले एक लिमिटेड, एक विकास केन्द्र लिमिटेड र एक प्राइभेट लिमिटेडको सेयरमा रु.५ लाखका दरले रु.१५ लाख लगानी गरेकोमा एक लिमिटेड खारेजीमा गईसकेको र एक प्राइभेट लिमिटेडको लगानीको विगत वर्षमै शतप्रतिशत रकम नोक्सानी व्यवस्था गरेको छ।

५. **व्यापारिक तथा अन्य प्राप्य रकम -** उद्योगले सिमेन्ट डिलरहरूलाई उधारोमा सिमेन्ट दिएबापत लिनुपर्ने र साहु तथा अन्यलाई अग्रिम भुक्तानी गरेको रकम गत वर्ष रु.११ करोड ५७ लाख ११ हजार रहेकोमा यस वर्ष रु.८ करोड १६ लाख ९४ हजार रहेको छ। उद्योगले म्याद नाघेका लिनुपर्ने रकममा नियमानुसार ब्याजसमेत हिसाब गरी असुल गर्नुपर्दछ।

६. **दीर्घकालीन कर्मचारी दायित्व -** उद्योगको २०८० आषाढ मसान्तमा उपदान दायित्व रु.४१ करोड ६४ लाख ७२ हजार, औषधी उपचार दायित्व रू १३ करोड ८६ लाख ३८ हजार र बिदा दायित्व रु.६

करोड ८१ लाख ८३ हजार समेत रु. ६२ करोड ३२ लाख ९३ हजार दीर्घकालीन दायित्व रहेकोमा विदावापत दायित्वको लागि उद्योगले लगानी नगरेको र उपदान योजना सम्पत्तिमा रु.५२ लाख २४ हजार र औषधी उपचार योजना सम्पत्तिमा रु.१२ लाख ७९ हजारसमेत रु.६५ लाख ३ हजार लगानी गरेको छ। उक्त लगानीबाट दायित्व बहन गर्न रु.६१ करोड ६७ लाख ९० हजार न्यून रहेकोले उक्त दायित्व भुक्तानी गर्नका लागि योजना बनाई लगानी गर्नुपर्दछ।

७. **ऋणात्मक बैङ्क मौज्दात -** उद्योगको स्रेस्ताअनुसार २०८० आषाढ मसान्तको ११ बैङ्कको खाताको बैङ्क मौज्दात रु.४५ लाख २५ हजार ऋणात्मक देखिन्छ। बैङ्क समायोजन विवरण तयार गरी यथार्थ मौज्दात यकिन गर्नुपर्दछ।

८. **नन-कोकिङ्ग कोइला ठेक्का -** उद्योगले एक इन्टरप्राइजेजसँग ३५ दिनभित्र ३ हजार मेट्रिक टन नन-कोकिङ्ग कोइला आपूर्ति गर्नेगरी मूल्य अभिवृद्धि कर बाहेक रु.८ करोड ६६ लाख ९७ हजारमा २०८०।१।१७ मा सम्झौता गरेकोमा सोको लागत अनुमान लेखापरीक्षणमा पेश नगरेको तथा सम्झौता बमोजिमको परिमाण आपूर्ति नगरी सो अवधिमा १ हजार ४२१.२४ मेट्रिक टन आपूर्ति गरेको देखियो। सम्झौतामा आपूर्तिकर्ताले तोकिएको म्यादमा कार्य सम्पन्न गर्न नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेकोले सो बमोजिम २०८० असार मसान्तसम्म हुने रु.१६ लाख ९१ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

अपर अरूण हाइड्रो-इलेक्ट्रिक लिमिटेड

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।१०।१२ मा यस लिमिटेडको स्थापना भएको हो। अरूण नदीबाट १ हजार ६३.३६ मेगावाट क्षमताको विद्युत उत्पादन गर्ने कम्पनीको लक्ष्य रहेको छ। कम्पनीमा प्राधिकरणबाट काजमा खटिएका २१ र करारमा १९ समेत ४० कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२,२९,२२,१५		२,२४,००,१८	
पुँजीगत कार्य प्रगति	१,९०,७५,८१		१,६७,६३,११	
लिज सम्पत्तिको प्रयोग अधिकार	६४,२८		१,२७,१५	
गैर वित्तीय सम्पत्ति	१,०७,८३,६०		५७,८३,२४	
कुल गैर चालु सम्पत्ति		**५,२८,४५,८४**		**४,५०,७३,६८**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	१६,०६,३९		५,४७,५५	
अन्य चालु सम्पत्ति	३,१८,८८		१०,२६	
कुल चालु सम्पत्ति		**१९,२५,२७**		**५,५७,८१**
कुल सम्पत्ति		**५,४७,७१,११**		**४,५६,३१,४९**
इक्विटी				
सेयर पुँजी	३,००,००,००		३,००,००,००	
अन्य इक्विटी	१,२१,७१,२९		३९,५७,४९	
कुल इक्विटी		**४,२१,७१,२९**		**३,३९,५७,४९**
गैर चालु दायित्व				
सापटी	१,१६,२८,६६		१,१३,०५,९७	
अन्य वित्तीय दायित्व	१,३८,१०		१,०६,९८	
लिज दायित्व	११,५१		७१,७२	
कुल गैर चालु दायित्व		**१,१७,७८,२७**		**१,१४,८४,६७**
व्यापारिक भुक्तानी गर्नु पर्ने रकम	६,६०,३१		४९,९५	
अन्य चालु दायित्व	१,००,८९		७५,६६	
लिज दायित्व	६०,३६		६३,७३	
कुल चालु दायित्व		**८,२१,५५**		**१,८९,३३**
कुल इक्विटी तथा दायित्व		**५,४७,७१,११**		**४,५६,३१,४९**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आय	०		०	
सञ्चालन खर्च	०		०	
अन्य आय	३,३२		२,७९	

विवरण	२०८०।८१		२०७९।८०	
प्रशासनिक खर्च	(६,४८,५३)		(८०,९५)	
अन्य खर्च	(१,७९,३५)		(२,७३,५६)	
खुद सञ्चालन नाफा/(नोक्सान)		**(८,२४,५६)**		**(३,५१,७२)**
वित्तीय खर्च	०		०	
वित्तीय आय		१३,३६		२३,३६
कर अघिको नाफा/(नोक्सान)		**(८,११,२०)**		**(३,२८,३६)**

३. **सेयर संरचना -** कम्पनीको सेयर संरचनामा ५१ प्रतिशत संस्थापक सेयर र ४९ प्रतिशत सर्वसाधारण सेयर रहेको छ। संस्थापक सेयरमध्ये नेपाल विद्युत प्राधिकरणको ४१ प्रतिशत र बाँकी १० प्रतिशत सेयर कोशी प्रदेश सरकार र भोटखोला गाउँपालिकाले ५-५ प्रतिशत लगानी गर्ने व्यवस्था रहेको छ।

४. **आयोजना कार्यान्वयन** - कम्पनीको संखुवासभा जिल्लाको भोटखोला गाउँपालिकामा निर्माण हुने १ हजार ६३.३६ मेगावाटको आयोजनाको यस वर्षसम्मको भौतिक प्रगति ३.२६ प्रतिशत मात्र रहेको छ। आयोजना कार्यान्वयन गर्न कम्पनीले पहुँच सडक, प्रिफ्याबको क्याम्प (शिविर) र अस्थायी शिविरको बाउण्ड्री फेन्सिङ्ग कामको खरिद सम्झौता गरेको छ। यो वर्ष उक्त बाउण्ड्री फेन्सिङ्ग कार्यको खरिद सम्झौता कार्यान्वयन तोकिएको अवधिभित्र सम्पन्न गर्नुपर्दछ।

५. **पारिश्रमिक सुविधा -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। अर्थ मन्त्रालयको नीति तथा निर्देशनको मातहतमा रहेर तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा सञ्चालक समितिको निर्णयबाट तलबको २२५ प्रतिशतसम्म हुने गरी ५४ कर्मचारीलाई रु.१ करोड ५७ लाख ९५ हजार भत्ता उपलब्ध गराएको पाइयो।

उत्तरगंगा पावर कम्पनी लिमिटेड

बाग्लुङ्ग जिल्लामा रहेको उत्तरगंगा नदीको बहाबलाई कृत्रिम भण्डारण गरी १ हजार ३५० मिटरको ग्रस हेडको उपयोगबाट निसी खोलामा पुऱ्याई २०८५।८६ सम्म विद्युत उत्पादन एवम् बिक्री वितरण गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम नेपाल विद्युत प्राधिकरणको पूर्ण स्वामित्वको सहायक कम्पनीको रूपमा २०७३।१२।१७ मा उत्तरगंगा पावर कम्पनी लिमिटेडको स्थापना भएको हो। कम्पनीमा स्थायी ७ र करार ५ समेत १२ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	४८,७२		३३,१८	
पुँजीगत कार्य प्रगति	१५,४२,१८		१२,६५,६२	
अमूर्त सम्पत्ति	५,३७		०	
कुल गैर चालु सम्पत्ति		**१५,९६,२७**		**१२,९८,८०**
चालु सम्पत्ति				

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
नगद तथा बैङ्क मौज्दात	५७,६८		१,५३,१४	
अन्य चालु सम्पत्ति	२,४०		२,५३	
कुल चालु सम्पत्ति		**६०,०८**		**१,५५,६७**
कुल सम्पत्ति		**१६,५६,३५**		**१४,५४,४७**
इक्विटी				
सेयर पुँजी	१६,७२,००		१४,६७,००	
अन्य इक्विटी	(४८,२४)		(४४,७६)	
कुल इक्विटी		**१६,२३,७६**		**१४,२२,२४**
चालु दायित्व				
व्यापारिक भुक्तानी गर्नुपर्ने रकम	४५		०	
अन्य चालु दायित्व	३२,१४		३२,२३	
कुल चालु दायित्व		**३२,५९**		**३२,२३**
कुल इक्विटी तथा दायित्व		**१६,५६,३५**		**१४,५४,४७**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	०		०	
बिक्रीको लागत	०		०	
कुल नाफा/ (नोक्सान)	**०**		**०**	
अन्य आय	६		११	
प्रशासनिक खर्च	(३,५४)		(२,००)	
सञ्चालन नाफा/(नोक्सान)		**(३,४८)**		**(१,८९)**
कर र बोनस अघिको नाफा/(नोक्सान)		**(३,४८)**		**(१,८९)**
आयकर	०		०	
खुद नाफा/(नोक्सान)		**(३,४८)**		**(१,८९)**

३. **कार्यान्वयन अवस्था** - कम्पनीले आयोजनाको सम्भाव्यता र इन बेसिन अप्सन अध्ययन गरी हाइड्रोलोजिकल सर्भे, ड्रिलिङ्ग र टोपोग्राफिकल सर्भेको परामर्श सेवाको लागि एनइए इन्जिनियरिङ्ग कम्पनीलाई छनोट गरी यो वर्ष रु.५० लाख २४ हजार भुक्तानी गरेको छ।

४. **सेवा सुविधा -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। अर्थ मन्त्रालयको नीति तथा निर्देशनको मातहतमा रहेर तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा सञ्चालक समितिको निर्णयबाट तलबको १८२ प्रतिशतसम्म हुने गरी संस्थाका ९ कर्मचारीलाई रु.६२ लाख ८३ हजार भत्ता उपलब्ध गराएको पाइयो। उल्लिखित नियमावलीको परिपालना गर्नुपर्दछ।

तनहुँ जलविद्युत कम्पनी लिमिटेड

नेपाल सरकार र एसियाली विकास बैङ्कसँग माथिल्लो सेती जलविद्युत आयोजना सञ्चालन गर्न भएको ऋण सम्झौता अनुरूप नेपाल विद्युत प्राधिकरणको पूर्ण स्वामित्व रहने गरी २०६८।१२।१२ मा कम्पनीको

स्थापना भएको हो। तनहुँ जिल्लाको दुलेपहरामा बाँध तथा मालिङ्गामा विद्युत गृह निर्माण गरी १४० मेगावाट विद्युत उत्पादन गर्ने कम्पनीको लक्ष्य रहेको छ। कम्पनीमा विद्युत प्राधिकरणबाट काजमा खटिएका २७ र करारमा ८० समेत १०७ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	१,८९,८२,२९		१,९२,४२,००	
पुँजीकृत हुन बाँकी सम्पत्ति	२४,६७,७८,४८		१७,९१,४६,८१	
परियोजना कार्य प्रगति	३४,५७,७८		३१,८३,७०	
अन्य वित्तीय सम्पत्ति	५,००,००		५,००,००	
कुल गैर चालु सम्पत्ति		**२६,९७,१८,५५**		**२०,२०,७२,५१**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	१९,६२,३८		९८,६१,५३	
अन्य वित्तीय सम्पत्ति	९,४९		६९,१८,०१	
अन्य सम्पत्ति	३,२४,२४		३,३२,४१	
चालु कर सम्पत्ति	५,६२,५०		५,०७,४३	
कुल चालु सम्पत्ति		**२८,५८,६१**		**१,७६,१९,३८**
कुल सम्पत्ति		**२७,२५,७७,१६**		**२१,९६,९१,८९**
इक्विटी				
सेयर पुँजी	४,८५,४३,९४		४,२४,३४,१४	
अन्य इक्विटी	१,११,९२,९४		१,२१,८५,७१	
कुल इक्विटी		**५,९७,३६,८८**		**५,४६,१९,८५**
दायित्व				
गैर चालु दायित्व				
सरकारी अनुदान	१,६१,२२,१३		१,६१,२२,१३	
ऋण र सापटी	१५,८२,८१,२६		१३,००,६४,९३	
अन्य गैर चालु दायित्व	९९,८४,२१		६९,०५,३८	
कुल गैर चालु दायित्व		**१८,४३,८७,६०**		**१५,३०,९२,४४**
चालु दायित्व				
अन्य वित्तीय दायित्व	२,६३,९६,७४		९९,२८,५१	
व्यवस्था	२०,५५,९४		२०,५१,०९	
कुल चालु दायित्व		**२,८४,५२,६८**		**१,१९,७९,६०**
कुल इक्विटी तथा दायित्व		**२७,२५,७७,१६**		**२१,९६,९१,८९**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	०		०	
बिक्रीको लागत	०		०	
कुल नाफा/(नोक्सान)		**०**		**०**
अन्य आम्दानी	१,००		८१	

विवरण	२०८०।८१		२०७९।८०	
अन्य खर्च	५,३९		१२,५६,५०	
कर्मचारी खर्च	११,५८,४४		११,१७,२९	
वित्तीय खर्च	३,४९,४०		०	
प्रशासनिक खर्च	१,७४,७४		२,५८,७१	
ह्रास खर्च	७६,६६		५९,७०	
कुल खर्च		**(१७,६४,६३)**		**(२६,९२,२०)**
सञ्चालन नाफा/(नोक्सान)		**(१७,६३,६३)**		**(२६,९१,३९)**
वित्तीय आम्दानी		७,६९,४५		१७,२२,२९
बोनस र करअघिको नाफा/(नोक्सान)		**(९,९४,१८)**		**(९,६९,१०)**
कर अघिको नाफा/(नोक्सान)		**(९,९४,१८)**		**(९,६९,१०)**
कर		०		०
खुद नाफा/(नोक्सान)		**(९,९४,१८)**		**(९,६९,१०)**

३. **ऋण तथा लगानी संरचना** - कम्पनीको आयोजना निर्माण लागत खर्च अमेरिकी डलर ५०५ मिलियनमध्ये एसियाली विकास बैङ्क र जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सीको ऋण क्रमशः अमेरिकी डलर १५० मिलियन र १८४ मिलियन, युरोपियन इन्भेष्टमेण्ट बैङ्क र नेपाल विद्युत प्राधिकरणको सेयर लगानी क्रमशः अमेरिकी डलर ८५ मिलियन र ८६ मिलियन रहने उल्लेख छ। एसियाली विकास बैङ्क र जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सीद्वारा नेपाल सरकारमार्फत् सफ्टलोनको रूपमा ऋण लगानी गरेको र युरोपियन इन्भेष्टमेण्ट बैङ्कको लगानीलाई नेपाल विद्युत प्राधिकरणमार्फत् सेयर पुँजीबापत रकम प्राप्त भएको जनाई लेखाङ्कन गरेको छ।

४. **आयोजना निर्माण** - कम्पनीले आयोजना निर्माण कार्यलाई हेडवर्क्स र डाइभर्सन, वाटर वे, पावर हाउस, इक्युपमेन्ट र २२० किलोभोल्ट ट्रान्समिसन लाइन गरी तीन प्याकेजमा विभाजन गरी तीन खरिद सम्झौता भएकोमा भौतिक प्रगति क्रमशः ३६, ६६ र ७२ प्रतिशत रहेको विवरण पेस भएको छ। प्याकेज-१ को निर्माण कार्य अवधि १ हजार ७३३ दिन (करिब ५८ महिना) रहेकोमा ३७ महिना (६० प्रतिशत) अवधि व्यतीत भैसकेको छ। प्याकेज-२ को २०८० चैत्रमा म्याद समाप्त भएको र प्याकेज तीनको २०८१ पौषसम्म म्याद थप भएको छ। खरिद सम्झौताको कार्यान्वयन तोकिएको अवधिभित्र नहुँदा लागत बढ्ने र आयोजना समयमा सम्पन्न नहुने अवस्था छ।

५. **करकट्टी** - आयकर ऐन, २०५८ को दफा ८९(३क) मा कुनै बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करारअन्तर्गत कुनै गैर वासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा ५ प्रतिशत अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ। आयोजना निर्माण गर्ने २ निर्माण व्यवसायीले पेस गरेको २३औँ र ४७औँ रनिङ्ग बिलबाट १.५ प्रतिशत कर कट्टा गरी ३.५ प्रतिशत घटी करकट्टी गरेपश्चात् आन्तरिक राजस्व विभागबाट यस कम्पनीको नाममा नेपालमा सामान आपूर्ति र जडान/निर्माणलगायतका कार्य गर्न सम्झौता गरी विदेशी कम्पनीको स्थायी संस्थापनको रूपमा दर्ता भई काम गर्दा स्थायी संस्थापन सम्बन्धी निर्देशिका, २०७७ को बुँदा नं. ११.३ बमोजिम उक्त स्थायी संस्थापन नियन्त्रण गर्ने नियन्त्रक विदेशी निकायको स्वामित्वमा नरही छुट्टै निकायको रूपमा रहने व्यवस्था भएकोले कुल ठेक्का वा करारबापतको रकम स्थायी संस्थापनको आय हुने गरी २०८१।३।२८ मा निर्णय भई पत्राचार भएको देखिन्छ। उक्त परिपत्रमा ५ प्रतिशत करकट्टी गर्नु नपर्ने उल्लेख नभएकोले कानुनी व्यवस्थाअनुसार नै बासिन्दा व्यक्तिले गैर

बासिन्दा व्यक्तिलाई ठेक्का वा करारको भुक्तानी गर्दा ५ प्रतिशतले करकट्टा गर्ने व्यवस्थाको पालना हुनुपर्दछ।

६. **स्रोत सुनिश्चितता** - वन ऐन, २०७६ को दफा ४२(६) बमोजिम आयोजनाले प्रयोग गर्ने ४१७.३१ हेक्टर वन क्षेत्र प्रयोग गरेबापत प्रति हेक्टर १ हजार ६०० विरूवा पुनःरोपण गर्न तथा ५ वर्षको स्याहार सम्भार गर्नसमेत रु.२४ करोड ४३ लाख २७ हजार र आयोजना क्षेत्रमा रहेका १ लाख ८१ हजार ५७१ रूख हटाई एक रुख बराबर २५ बिरुवा रोपणका लागि रु.१ अर्ब ५३ करोड ६५ लाख ४० हजारको लागतको दायित्व सिर्जना हुने देखिन्छ। उक्त खर्च आयोजनाको लागतमा समावेश भएको देखिएन।

७. **पारिश्रमिक सुविधा -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को अर्थ मन्त्रालय खण्डको बुँदा नं. ३६ अनुसार सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहने उल्लेख छ। सोअनुसार कम्पनीले तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा सञ्चालक समितिको निर्णयबाट तलबको ३५६ प्रतिशतसम्म हुने गरी १९ कर्मचारीलाई रु.३ करोड १६ लाख १८ हजार भत्ता उपलब्ध गराएको छ। यस्तो सुविधामा पुनरावलोकन गर्नुपर्दछ।

तामाकोशी जलविद्युत कम्पनी लिमिटेड

माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको टेलरेस टनेलबाट निस्कने पानी उपयोग गरी क्यासकेड परियोजनाको रुपमा तामाकोशी पाचौं जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्न २०७६।११।२० मा यस कम्पनीको स्थापना भएको हो। विद्युत उत्पादन क्षमता ९९.८ मेगावाट रहेको यस कम्पनीको संस्थापक सेयरधनी नेपाल विद्युत प्राधिकरण रहेको छ। कम्पनीको अधिकृत पुँजी रु.५ अर्ब, जारी पुँजी रु.२ अर्ब ५५ करोड र चुक्ता पुँजी रु.१ अर्ब २७ करोड ९४ लाख रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
सम्पत्ति, मेसिन र उपकरण	१,२१,३०		१,५४,९०	
निर्माणाधीन सम्पत्ती	१,१२,६३,९५		१,००,७०,३५	
अदृश्य सम्पत्ति	२,६८		१,३३	
व्यापारिक तथा अन्य प्राप्ति	१,१०		१,१०	
कुल गैर चालु सम्पत्ति		**१,१३,८९,०३**		**१,०२,२७,६८**
चालु सम्पत्ति				
नगद र नगदजन्य सम्पत्ति	५,७२,१४		४,१६,५३	
मौज्दात	६३		६१	
चालु कर सम्पत्ति	१२,१५		८,५०	
व्यापारिक तथा अन्य प्राप्ति	३,४१,७१		५,१२,७२	
कुल चालु सम्पत्ति		**९,२६,६३**		**९,३८,३६**
कुल सम्पत्ति		**१,२३,१५,६६**		**१,११,६६,०४**
पुँजी र दायित्व				

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सेयर पुँजी	१,२७,९४,४७		१,१६,०४,८०	
जगेडा तथा बचत	(५,८०,२१)		(५,५४,०९)	
कुल पुँजी		**१,२२,१४,२६**		**१,१०,५०,७१**
गैर चालु दायित्व				
व्यापारिक तथा अन्य भुक्तानी	६५,९७		४२,३१	
कुल गैर चालु दायित्व		**६५,९७**		**४२,३१**
चालु दायित्व				
व्यापारिक तथा अन्य भुक्तानी	३५,४३		७३,०२	
कुल चालु दायित्व		**३५,४३**		**७३,०२**
कुल सेयर पुँजी तथा दायित्व		**१,२३,१५,६६**		**१,११,६६,०४**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
अन्य आम्दानी	४९		१,२३	
प्रशासनिक खर्च	(५२,०८)		(४५,३५)	
सञ्चित नाफा/नोक्सान		**(५१,५९)**		**(४४,१२)**
वित्तीय आम्दानी	२५,४७		२३,४२	
खुद नाफा नोक्सान		**(२६,१२)**		**(२०,७०)**

कम्पनीको खुद नोक्सानी गत वर्षभन्दा २६.१८ प्रतिशतले वृद्धि भई यो वर्ष रु.२६ लाख १२ हजार पुगेको छ।

३. **सञ्चालक समिति -** कम्पनी ऐन, २०६३ को दफा ८९(१छ) बमोजिम समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत सेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन नसक्ने व्यवस्था छ। कम्पनीको केही सञ्चालक सोही प्रकृतिको अन्य कम्पनीमा समेत सञ्चालक रहेको अवस्था छ। यससम्बन्धमा नीतिगत व्यवस्था गरी विद्यमान अवस्थामा सुधार गर्नुपर्दछ।

४. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) अनुसार व्यावसायिक प्रयोजनका लागि निर्माण गरिने रु. ५० लाखभन्दा बढी लागतका संरचनामा रिभर्स मूल्य अभिवृद्धि कर लगाउने व्यवस्था छ। कम्पनीको निर्माणाधीन पुँजीगत सम्पत्तिमा परियोजना सम्बन्धी अन्य खर्च रु.१९ करोड ८९ लाख १४ हजार (रु.४ करोड २८ लाख ८७ हजारको वित्तीय खर्च बाहेक) समावेश भएकोमा कम्पनीले मूल्य अभिवृद्धि कर योग्य र कर छुटका खर्च नछुट्याउँदा रिभर्स मूल्य अभिवृद्धि करको दायित्व यकिन गरेको छैन। उक्त दायित्व यकिन गर्नुपर्दछ।

५. **ठेक्का व्यवस्थापन -** कम्पनी र एक संयुक्त उपक्रमबिच आयोजनाको स्थायी क्याम्प १८ महिनामा निर्माण सम्पन्न गर्न २०७७।९।३ मा रु.२५ करोड ९२ लाखको सम्झौता गरेको छ। निर्माण कम्पनीले तोकिएको समयमा काम सम्पन्न गर्न नसकेकोले २०८१।६।१७ सम्म ६ पटक म्याद थप गरेकोमा यो वर्षसम्मको भौतिक प्रगति ५९.०६ प्रतिशत रहेको छ। जलविद्युत आयोजनाको निर्माणमा समय तथा लागत वृद्धि हुने अवस्था नियन्त्रण गर्न कार्यतालिका बमोजिम कार्यसम्पन्न गराउनुपर्दछ।

दुधकोशी जलविद्युत कम्पनी लिमिटेड

दुधकोशी नदीबाट ६७० मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्य अनुरूप दुधकोशी जलविद्युत कम्पनी लिमिटेड कम्पनी ऐन, २०६३ अनुसार नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।११।२० मा यस कम्पनीको स्थापना भएको हो। जलाशययुक्त यस जलविद्युत आयोजनाको कुल अनुमानित लागत अमेरिकी डलर २ हजार २२२ मिलियन रहेको छ। आयोजनाको २२० मिटर अग्लो रकफिल बाँधको निर्माणबाट कुल ३१.५ किलोमिटर लामो र १५८ करोड घनमिटरको कृत्रिम जलाशय (ताल) को निर्माण हुने उल्लेख छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणबाट काजमा खटिएका २० कर्मचारी र दैनिक ज्यालादारीमा ८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ अषाढ २०८१		३१ अषाढ २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२,७८,६७		५१	
पुँजीकृत हुन बाँकी सम्पत्ति	१,२२,५१,६१		१,०५,९८,४२	
कुल गैर चालु सम्पत्ति		**१,२५,३०,२८**		**१,०५,९८,९३**
नगद तथा बैङ्क मौज्दात	७०,९३		१,३९,०२	
अन्य गैर वित्तीय सम्पत्ति	१,०७,६६		४,४७	
चालु सम्पत्ति		**१,७८,५९**		**१,४३,४९**
कुल सम्पत्ति		**१,२७,०८,८७**		**१,०७,४२,४२**
इक्विटी				
सेयर पुँजी	१,३४,४६,३५		१,०८,०९,१५	
अन्य इक्विटी	(७,४२,९६)		(८०,१६)	
कुल इक्विटी		**१,२७,०३,३९**		**१,०७,२८,९९**
व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	५,४८		१३,४३	
कुल चालु दायित्व		**५,४८**		**१३,४३**
जम्मा इक्विटी तथा दायित्व		**१,२७,०८,८७**		**१,०७,४२,४२**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी	०		०	
बिक्री	०		०	
अन्य आम्दानी	९,५०		३,७९	
कुल आम्दानी		**९,५०**		**३,७९**
खर्च				
कार्यालय सञ्चालन खर्च	६,४६,५९		७६,०६	

विवरण	२०८०।८१		२०७९।८०	
मर्मत सम्भार खर्च	२३,२०		०	
ह्रास खर्च	२,५२		०	
कुल सञ्चालन तथा प्रशासनिक खर्च		**(६,७२,३१)**		**(७६,०६)**
कर र बोनस अघिको नाफा/(नोक्सान)		**(६,६२,८१)**		**(७२,२७)**
कर/बोनस		०		०
करपछिको नाफा/(नोक्सान)		**(६,६२,८१)**		**(७२,२७)**

३. **सेयर संरचना -** कम्पनीको प्रबन्धपत्रमा कम्पनीको अधिकृत पुँजी रु.१० अर्बलाई प्रति शेयर रु.१०० का दरले १० करोड थान साधारण शेयरमा विभाजन गरेको छ। कम्पनीको तत्काल जारी हुने पुँजी रु.३ अर्बलाई प्रति शेयर रु.१०० का दरले ३ करोड थान साधारण शेयरमा विभाजन गरिएको छ। कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबोल गरेको पुँजी रु.३ अर्ब रहेकोमा विद्युत प्राधिकरणको चुक्ता पुँजी रु.१४ करोड ३१ लाख ८४ हजार र अग्रिम शेयर पुँजी रु.१ अर्ब २० करोड १४ लाख ५१ हजारसमेत रु.१ अर्ब ३४ करोड ४६ लाख ३५ हजार पुँजी कायम भएको छ।

४. **खरिद व्यवस्थापन -** कम्पनीले यो वर्ष दुधकोशी नदीमा मोटरेबल पुल निर्माण कार्य गर्न रु.२२ करोड ६२ लाख ८२ हजार र आयोजनास्थल रहेको खोटाङको लामीडाँडामा प्रि-फ्याब भवन निर्माण गर्न रु.२ करोड ६४ लाख १८ हजारको सम्झौता गरेकोमा वित्तीय प्रगति क्रमशः ४.४२ प्रतिशत र ८.८१ प्रतिशत देखिएको छ।

५. **सेवा सुविधा -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। अर्थ मन्त्रालयको नीति तथा निर्देशनको मातहतमा रहेर तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा सञ्चालक समितिको निर्णयबाट तलबको १७४.१८ प्रतिशतसम्म हुने गरी संस्थाका ९ कर्मचारीलाई रु.१ करोड ९ लाख ४४ हजार भत्ता उपलब्ध गराएको छ।

नेपाल विद्युत प्राधिकरण

जलविद्युत उत्पादन, प्रसारण र वितरणको लागि नेपाल सरकारको पूर्ण स्वामित्व रहेको एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रूपमा नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अनुसार २०४२।५।१ मा प्राधिकरणको स्थापना भएको हो। प्राधिकरण अन्तर्गत केन्द्रीय कार्यालयसमेत ७ प्रादेशिक कार्यालय तथा १२९ वितरण तथा ग्राहक सेवा केन्द्र रहेका छन्। प्राधिकरणबाट यो वर्ष उत्पादित विद्युत २ हजार ९११ गिगावाट घण्टा, अन्य उत्पादकबाट खरिद ९ हजार १६१ गिगावाट घण्टा तथा आयात १ हजार ८९५ गिगावाट घण्टासमेत हाल उपलब्ध विद्युत १३ हजार ९६७ गिगावाट घण्टा रहेको छ। यो वर्ष १० हजार २४३ गिगावाट घण्टा विद्युत आन्तरिक बिक्री तथा १ हजार ९४६ गिगावाट घण्टा विद्युत निर्यात भएको छ। २०८१ मसान्तसम्म प्राधिकरणको ग्राहक सङ्ख्या ५९ लाख ४० हजार तथा कर्मचारी सङ्ख्या ११ हजार ६९९ (२ हजार ८६१ मासिक ज्यालादारीसमेत) रहेको छ।

१. **वित्तीय स्थिति -** प्राधिकरणको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
सम्पत्ति तथा उपकरण	२,३४,६८,७४,६१		२,१५,५०,४०,९५	
निर्माणाधीन संरचना	२,२०,८५,५०,९३		१,७६,४२,३३,३०	
अदृश्य सम्पत्ति	६५,३८,७१		३,८०,०७	
धितोपत्रमा लगानी	१,१२,५४,६३		९०,१८,५५	
सब्सिडियरी कम्पनीमा लगानी	२९,६९,९१,८९		२५,४०,०९,८८	
संयुक्त कम्पनीमा लगानी	३२,०३,००		४,००	
एसोसिएट कम्पनीमा लगानी	११,५७,३९,२३		११,९३,७६,७६	
ऋण तथा पेस्की	४६,९०,३४,७४		४१,२४,८९,८४	
निक्षेप	१,२४,१६		२,३३,७६	
कर सम्पत्ति	९,२५,२५,६३		१०,०७,२७,०४	
अन्य गैर चालु सम्पत्ति	१,४७,९५,०२		१,२६,७१,७०	
कुल गैर चालु सम्पत्ति		**५,५६,५६,३२,५५**		**४,८२,८१,८५,८५**
जिन्सी मौज्दात	१८,४४,९६,५६		१८,१३,६७,९३	
व्यापारिक तथा अन्य प्राप्ति	४०,२२,०२,२४		४०,९७,७६,४०	
पेस्की तथा मुद्दती निक्षेप	६,८९,८८,५५		७,४०,६०,४२	
अल्पकालीन ऋण	८,१६,९२		३,२२,१५,५६	
अल्पकालीन लगानी	५,६४,३२,१५		१०,०२,०९,३०	
नगद तथा नगदजन्य सम्पत्ति	१०,७१,२७,३७		१८,८८,५३,५२	
कर सम्पत्ति	२,००,००,००		-	
अन्य चालु सम्पत्ति	३,२८,२८,४९		४,२५,१३,४४	
कुल चालु सम्पत्ति		**८७,२८,९२,२८**		**१,०२,८९,९६,५८**
कुल सम्पत्ति		**६,४३,८५,२४,८३**		**५८५,७१,८२,४३**
पुँजी तथा दायित्व				
दीर्घकालीन ऋण	२,४५,११,७७,२९		२,१६,२९,५४,३८	
स्थगित कर दायित्व	१२,०१,००,०१		१०,४९,८५,१७	
अन्य गैर चालु दायित्व	५८,६६,४९,५७		४५,४४,९८,९३	
कुल गैर चालु दायित्व		**३,१५,७९,२६,८७**		**२,७२,२४,३८,४८**
व्यापारिक तथा अन्य दायित्व	६१,३३,३२,९२		५८,२३,२०,९८	
अल्पकालीन ऋण	३,००,००,००		३,००,००,००	
अन्य चालु दायित्व	४,६२,४०,५८		४,३३,५२,०१	
कुल चालु दायित्व		**६८,९५,७३,५०**		**६५,५६,७२,९९**
सेयर पुँजी	२,०६,७३,६०,४६		१,९९,३८,३७,५१	
सञ्चित मुनाफा	४६,४७,३४,३७		३५,८४,१५,८८	
अन्य जगेडा	५,८९,२९,६३		१२,६८,१७,५६	
जम्मा इक्विटी		**२,५९,१०,२४,४६**		**२,४७,९०,७०,९५**
जम्मा पुँजी तथा दायित्व		**६,४३,८५,२४,८३**		**५,८५,७१,८२,४३**

प्राधिकरणको यस वर्षसम्मको सञ्चित मुनाफा रु.४६ अर्ब ४७ करोड पुगेको छ। विगतमा आम्दानी जनाएको महसुलमा यस वर्षसम्म रु.११ अर्ब ५१ करोड १० लाख व्यापारिक प्राप्यमा क्षयीकरण लेखाङ्कन गरेको र सो मध्ये डेडिकेटेड र ट्रङ्क लाइनको बक्यौता जरिवानाबापतको रु. ५ अर्ब १६ करोड १८ लाख र बाँकी रकम सडक बत्ती, मन्दिरलगायतको सार्वजनिक स्थानको बक्यौताबापतको रकम समावेश छ।

२. **सञ्चालन नतिजा** - प्राधिकरणको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	१,१५,५०,४५,२८		१,००,३४,५५,९५	
बिक्रीको लागत खर्च	(८८,७७,७७,५१)		(८०,५३,७६,२६)	
कुल मुनाफा		**२६,७२,६७,७७**		**१९,८०,७९,६९**
अन्य आय	१०,६५,०४,२४		१०,३५,९८,९०	
कर्मचारी खर्च	(५,८६,३३,७५)		(६,३२,३१,७८)	
साधारण प्रशासनिक खर्च	(३४,२४,५२)		(४९,००,२०)	
मूल्य ह्रास	(९,१४,२६,१४)		(८,१४,७७,७९)	
अन्य सञ्चालन खर्च	(२२,६१,६६)		(१३,५७,४७)	
सञ्चालन नाफा		**२१,८०,२५,९४**		**१५,०७,११,३५**
वित्तीय आय	३,९६,४०,६४		६,६३,५१,९०	
वित्तीय खर्च	(६,४६,२०,०१)		(५,७१,९८,०१)	
अन्य नाफा/(नोक्सान)	३३,४०,८१		१,५४,१६,२१	
इम्पेयरमेन्ट (क्षयीकरण) खर्च	(५,१६,१८,३०)		(६३,२०,७६)	
अन्य गैर सञ्चालन खर्च	(१,१५,७३)		(८३,४९)	
कर अघिको नाफा		**१४,४६,५३,३५**		**१३,८०,४४,७६**
आयकर खर्च	-		(५,८८,०६)	
स्थगित आयकर	(३,९३,८२,३०)		(३,०३,४६,८३)	
करपछिको (खुद) नाफा		**१०,५२,७१,०५**		**१०,७१,०९,८७**
अन्य विस्तृत आय	(८,४०,४७,०३)		(५३,९१,३७)	
जम्मा विस्तृत आय		**२,१२,२४,०२**		**१०,१७,१८,५०**

प्राधिकरणले क्षयीकरण खर्चबापत यो वर्ष रु.५ अर्ब १६ करोड १८ लाख लेखाङ्कन गरेको छ। प्राधिकरणले डेडिकेटेट र ट्रङ्क लाईनतर्फको बक्यौताको जरिवानावापतको विगतमा आम्दानी बाँधेको रकममा सरकारद्वारा गठित विभिन्न आयोगले महसुल छुट दिने सिफारिस गरेकोमा सोलाई मध्यनजर गरी यस्तो खर्च लेखाङ्कन गरेको जनाएको छ। तथापी कतिपय पुँजीकृत गर्नुपर्ने सम्पत्तिलाई निर्माणाधीन सम्पत्तिमा लेखाङ्कन गरेर ह्रास खर्च न्यून गरेको, नियमन गर्ने निकायलाई तोकिएको सेवा शुल्क व्यवस्था नगरेको लगायतका कारणले माथि उल्लिखित मुनाफा यथार्थ परक रहेको देखिँदैन।

३. **अनुपात विश्लेषण** - प्राधिककरणको प्रमुख वित्तीय तथा अन्य सूचकको अवस्था देहायअनुसार रहेको छः

क्र.सं	विवरण	एकाई	२०८०।८१	२०७९।८०
१	कुल नाफा अनुपात (कुल विद्युत बिक्रीमा)	प्रतिशत	२३.१४	१९.७४
२	खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आयसहित	प्रतिशत	१.८४	१०.१३
३	खुद नाफा अनुपात (कुल विद्युत बिक्रीमा)-अन्य विस्तृत आय बाहेक	प्रतिशत	९.११	९.६७
४	कुल सम्पत्तिमा खुद नाफा अनुपात	प्रतिशत	१.६४	१.६३
५	चालु अनुपात (गुणा)	अनुपात	१.२७:१	१.७२:१
६	दीर्घकालीन ऋण तथा इक्विटीको अनुपात	अनुपात	४८.६१:५१.३९	४७.५९:५२.४१
७	स्थिर सम्पत्ति र पुँजीगत कार्य प्रगति तथा कुल सम्पत्तिको अनुपात	अनुपात	०.७१:१	०.६८:१
८	कर्मचारीको खर्च तथा कुल सञ्चालन खर्चको अनुपात	प्रतिशत	१४.०८	१७.०८
९	नेपाल विद्युत प्राधिकरणको उत्पादन	गिगावाट घण्टा	२९११	२९३०
१०	स्वतन्त्र ऊर्जा उत्पादकको उत्पादन	गिगावाट घण्टा	९१६१	७६०६
११	विद्युत आयात	गिगावाट घण्टा	१८९५	१८३३

क्र.सं	विवरण	एकाई	२०८०।८१	२०७९।८०
१२	विद्युत आयात	गिगावाट घण्टा	१९४६	१३४६
१३	ग्राहक विवरण	सङ्ख्या	५९,४०,०००	५६,४८,०४२

यो वर्ष कुल नाफा अनुपात गत वर्षको तुलनामा वृद्धि भएको छ भने खुद नाफा अनुपातमा ह्रास आएको छ। क्षयीकरण खर्चमा भएको वृद्धिले खुद नाफा अनुपात घटेको देखिन्छ। कुल सम्पत्तिमा खुद आम्दानीको अनुपात, दीर्घकालीन ऋण तथा इक्विटीको अनुपात, कर्मचारी खर्च र कुल खर्चको अनुपात, आयातित विद्युतको परिमाण करिब समान अनुपातमा रहेकोमा वित्तीयतर्फको आय घटेको र खर्च बढेको अवस्था छ।

४. **आय लेखाङ्कन** - वित्तीय विवरणमा समाविष्ट आसामी रु.२ अर्ब ८९ करोडको विस्तृत विवरण आय लेखाङ्कन सफ्टवेयर (एम पावर) मा उपलब्ध नभएको तथा आय लेखाङ्कन सफ्टवेयरमा लेखाङ्कन भएको आसामी रु.१ अर्ब ७५ करोड लेखा सफ्टवेयर (सिएआईएस) मा लेखाङ्कन नभएकोले रु.१ अर्ब १४ करोड आसामी वित्तीय विवरणमा बढी लेखाङ्कन भएको देखिन्छ। उक्त दुई सफ्टवेयरमा रहेको हिसाब विगत वर्षदेखि नै भिडान नगरेकोले फरक देखिएको छ।

५. **प्रोत्साहन भत्ता** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ को अर्थ मन्त्रालय खण्डको बुँदा नं. ३६ अनुसार सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण अर्थ मन्त्रालयको कार्यक्षेत्रमा रहेको छ। प्राधिकरणका विभिन्न निर्देशनालयले अर्थ मन्त्रालयको पूर्व सहमतिबेगर प्राधिकरणको सञ्चालक समितिको निर्णयअनुसार अतिरिक्त समय भत्ता रु.९१ करोड ८३ लाख र प्रोत्साहन भत्ता रु.११ करोड १७ लाख खर्च लेखेको छ। सो सम्बन्धी बेहोरा निम्नानुसार छन्:

५.१. प्राधिकरणको ईन्जिनियरिङ्ग निर्देशनालयअन्तर्गतका विभागले विभिन्न परियोजनाको सम्भाव्यता अध्ययनको लागि लक्ष्य निर्धारण गर्ने र प्रगति मापन गरी पूर्वनिर्धारित सूचकका आधारमा प्रोत्साहन भत्ता खर्च लेखेको छ। अन्तरनिर्देशनालयबाट स्वतन्त्र मूल्याङ्कन बेगर निर्देशनालयले कर्मचारीलाई रु.१ करोड ३७ लाख प्रोत्साहन भत्ता वितरण गरेको छ। त्यसका अतिरिक्त ईन्जिनियरिङ्ग निर्देशनालयअन्तर्गतका अन्य एकाइले पनि रु. २ करोड ६८ लाख ७० हजार प्रोत्साहन भत्ता वितरण गरेका छन्।

५.२. प्राधिकरणले आयोजना व्यवस्था निर्देशनालयअन्तर्गतका विभिन्न परियोजनामा रु.३ करोड ६६ लाख प्रोत्साहन भत्ता वितरण गरेको छ। समग्र योजनाको कार्यसम्पादन सूचक र प्राप्त उपलब्धिबिचको तुलना बेगर नै वार्षिक लक्ष्यका आधारमा प्रोत्साहन भत्ता वितरण गरेकोले प्रगति न्यून रहेको अवस्थामा पनि प्रोत्साहन भत्ता भुक्तानी भएको छ।

५.३. प्राधिकरणको उत्पादन निर्देशनालयअन्तर्गत सञ्चालित विभिन्न जलविद्युत आयोजनाको मर्मत सम्भार कार्यमा संलग्न कर्मचारीलाई तलबको ३ सय प्रतिशतसम्म र दशैं तथा बिदाको दिन ४ सय प्रतिशतसम्म प्रोत्साहन भत्ता प्रदान गरेको छ। यस्तो भत्ता सुपरिवेक्षणको लागि जाने अन्य कार्यालयका कर्मचारीलाई (दैनिक भत्ताको अलावा) पनि वितरण गरेको देखिन्छ। यो वर्ष उत्पादन निर्देशनालयअन्तर्गतका १८ उत्पादन आयोजनामा रु.४ करोड ८२ लाख प्रोत्साहन भत्ता खर्च लेखेको छ।

५.४. प्राधिकरणबाट सहायक कम्पनीमा काजमा खटाइएको व्यवस्थापक तथा कर्मचारीलाई सञ्चालक समितिबाट निर्णय गरी काजमा रहने कम्पनीबाट शत प्रतिशतदेखि ३ सय प्रतिशतसम्म हुने गरी ७ कम्पनीका ९१

कर्मचारीलाई रु.८ करोड ६५ लाख ४९ हजार प्रोत्साहन भत्ता उपलब्ध गराएको छ। यस्तो सेवा सुविधा वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६. **अन्तर कार्यालय हिसाब -** प्राधिकरणले आर्थिक वर्षको अन्त्यमा हिसाब भिडान गरी राफसाफ गर्नुपर्नेमा सो गरेको पाइएन। हिसाब राफसाफ नहुँदा प्राधिकरणको अन्तर कार्यालय हिसाब खुद रु.७१ करोड लिनुपर्ने देखिएको छ। समयमै हिसाब भिडान गरी हिसाब राफसाफ गर्नुपर्दछ।

७. **हिसाब हस्तान्तरण -** प्राधिकरणले विद्युत परियोजना विकास गर्नको लागि विभिन्न सहायक कम्पनीहरू स्थापना गरी कम्पनीको स्थापनापश्चात् उक्त कम्पनीमा प्राधिकरणबाट भएको खर्च हस्तान्तरण गरी कम्पनीको लागतमा समावेश गर्नुपर्दछ। प्राधिकरणले २०८१ आषाढ मसान्तमा निम्न कम्पनीमा खर्च हस्तान्तरण गरी त्यस्ता कम्पनीको लागतमा समावेश गरेको पाइएन।

(रु. हजारमा)

कम्पनी	सम्पत्ति		दायित्व	
	चालु	गैर चालु	चालु	गैर चालु
दुधकोशी जलविद्युत कम्पनी लिमिटेड	४,११७.३५	२७०,५६४.२०	८,७८१.८३	५२५,३१३.००
उत्तरगंगा पावर कम्पनी लिमिटेड	४०२.६७	१०६,८६३.९५	२१,४२३.७०	८९,६०१.००
तमोर जलविद्युत कम्पनी लिमिटेड	१,०९२.८१	१,५८,४९१.३८	१२,११९.४१	९३,३३३.००
आँधीखोला जलविद्युत कम्पनी लिमिटेड	१,७३५.५६	१,०५,६१५.४४	१,८४८.१०	३३,९२६.००
जम्मा	**७,३४८.३९**	**६,४१,५३४.७७**	**४४,१७३.०४**	**७,४२,१७३.००**

यस प्रकारका सबै हिसाब कम्पनीमा हस्तान्तरण गरी सम्बन्धित कम्पनी र आयोजनाको लागतमा समावेश गर्नुपर्दछ।

८. **नगद तथा बैङ्क -** वर्षान्तमा मार्गस्थनगद मौज्दात रु.२५ करोड ८१ लाख रहेकोमा रु.१ करोड ७९ लाख विगतदेखिकै रहेको र नगद तथा बैंङ्क मौज्दात रु.९ करोड ९२ लाख ऋणात्मक रहेको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

९. **भुक्तानीमा करकट्टी** -विदेशी निकायका नेपालमा भएका स्थायी संस्थापनले सो निकायको विदेशमा रहेको बैङ्क खातामा भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८९(३) बमोजिम ५ प्रतिशत स्रोतमा करकट्टी गर्नुपर्नेमा प्राधिकरणले १.५ प्रतिशत मात्र कट्टी गरेको देखिन्छ। प्राधिकरण तथा प्राधिकरणका सहायक कम्पनीहरूले यसरी १.५ प्रतिशत मात्र करकट्टी गरेकोले ५५ भुक्तानीमा रु.२ अर्ब १३ करोड करकट्टी छुट भएको देखिन्छ। यसरी छुट भएको कर असुल हुनुपर्दछ।

१०. **ऋण तथा ब्याज** - प्राधिकरणले दातृ निकाय तथा विदेशी बैङ्कबाट प्राप्त हुने ऋणको लागि नेपाल सरकारसँग सहायक ऋण सम्झौता तथा नेपाल सरकारबाट प्राप्त हुने ऋणमा सम्झौता गरी ऋण लिने गरेको पाइयो। यस्तो ऋण २०८१ आषाढ मसान्तमा रु.२ खर्ब ४८ अर्ब ११ करोड रहेको छ। गत वर्षसम्म भुक्तानी गर्न बाँकी ब्याज रु.२९ अर्ब ४९ करोड रहेकोमा यो वर्ष रु.२९ अर्ब ५४ करोड रहेको छ। प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैङ्कसँग ऋण लिँदा आर्थिक व्यवस्थापन योजना तर्जुमा तथा लागत लाभ विश्लेषण नगरी ऋण सम्झौता गरेबाट प्रतिवद्धता शुल्कबापत यो वर्ष रु.११ करोड ४८ लाख भुक्तानी गरेको छ।प्राधिकरणले एसियाली विकास बैङ्कसँग लिएको ऋण रकममा ग्रेस अवधि समाप्ति पश्चात् पनि ग्रेस अवधि अनुरूपको ब्याज मात्र लेखाङ्कन गर्दा रु.१ अर्ब १८ करोडले कम ब्याज लेखाङ्कन भएको छ।

त्यसै गरी प्राधिकरण तथा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबीचको हिसाब भिडान गर्न २०७९।७।२९ मा समिति गठन गरिए तापनि हिसाब मिलान भएको देखिएन। प्राधिकरण र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबिच समन्वय गरी हिसाब मिलानको कार्य सम्पन्न गर्नुपर्दछ।

११. **घर तथा जग्गा अधिग्रहण -** प्राधिकरणद्वारा सञ्चालित मर्स्याङ्दी जलविद्युत केन्द्रले घर तथा जग्गा अधिग्रहणको क्रममा केही जग्गा सो स्थानको चलनचल्तीभन्दा बढी मूल्यमा बिक्री गरेको र सोही कारोबारलाई आधार मानेर स्थानीय तहले सो स्थानको जग्गाको न्यूनतम मूल्याङ्कन सिफारिस गरेको छ। मुआब्जा निर्धारण समितिले २० कित्तामा रहेको ९ रोपनी १० आना २ दाम २ पैसा जग्गा अधिग्रहण गर्नका लागि औसत मूल्य कायम गर्न लिएका ८ ओटा दररेटमध्ये मालपोत कार्यालयको सरकारी न्यूनतम मूल्याङ्कन प्रति रोपनी रु. २१ लाख, सम्पत्ति कर प्रयोजनको लागि प्रति रोपनी रु. १८ लाख ६३ हजार, बैङ्क क को प्रति रोपनी रु.१ करोड २५ लाख, बैंङ्क ख को प्रति रोपनी रु.१ करोड ५० लाख, बैंङ्क ग र घ को प्रति रोपनी रु.१ करोड ६० लाख, त्यस अवधिको उक्त स्थानको खरिद बिक्रीको उच्चतम मूल्य प्रति रोपनी रु.१ करोड ६० लाख र वडाले सिफारिस गरेको प्रति रोपनी रु.६ करोड २४ लाखको आधारमा औसत मूल्य प्रति रोपनी रु.१ करोड ८४ लाख ९२ हजार कायम हुन गई बैङ्क क ले उपलब्ध गराएको मूल्यभन्दा प्रति रोपनी रु.५९ लाख ९२ हजार बढी भएको छ। जसबाट उक्त जग्गाको मुआब्जा खर्च रु.५ करोड ७९ लाखले बढी देखिन्छ। यसरी बैङ्किङ मूल्याङ्कनभन्दा बढी मूल्याङ्कन गरी मुआब्जा दिएको देखिँदा यस सम्बन्धमा छानबिन गरिनुपर्दछ।

१२. **प्रगति** - नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम २२ मा भएको संशोधनको बुँदा नं. २२ अनुसार बजेट कार्यान्वयनको समीक्षा गरी कार्यान्वयनमा रहेका कार्यक्रम र थप भएका कार्यक्रमको लाभ लागत विश्लेषण गरी पठाउनु सबै जिम्मेवार पदाधिकारीको कर्तव्य हुने व्यवस्था छ। सोही विनियमावलीको विनियम ३१ अनुसार प्राधिकरणको काम कारवाही प्रचलित कानुनअनुसार भए/नभएको समेत आकस्मिक छानबिन गराउनुपर्ने व्यवस्था छ। प्राधिकरणले विभिन्न निर्देशनालयअन्तर्गत गर्नुपर्ने कार्यलाई वार्षिक कार्य योजनामा समावेश गरी बजेटको व्यवस्था गरेकोमा अधिकांश निर्देशनालयले लक्ष्यअनुसार प्रगति गर्न सकेका छैनन्। यो वर्ष सम्पादित आयोजनामध्ये ५ आयोजनाको अवस्था निम्नानुसार छः

(रु. हजारमा)

आयोजना	यो वर्षको			हालसम्मको भौतिक प्रगति (प्रतिशत)
	बजेट	खर्च	वित्तीय प्रगति (प्रतिशत)	
केरोन (मोरङ्ग) १३२/३३ के.भी. सब-स्टेशन आयोजना	२४५०००	१८२२९१	७४	४८.९६
ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली वृद्धि आयोजना	१९३००००	१०६७९००	५५.२८	५८.७२
खिम्ती बाहबिसे लप्सिफेदी ४०० के.भी. सब-स्टेशन आयोजना	१७३९२००	१८०९९७५	१०४.०७	६१.४०
१३२ के.भी. प्रसारण कन्डक्टर अपग्रेड आयोजना	६८००००	६४२६०४	९४	५९.५३
मर्स्याङ्दी २२० के.भी. कोरिडर आयोजना	२९३००००	२५७२३९५	८७	६४.८३

प्राधिकरणअन्तर्गत नेपाल सरकारमार्फत विश्व बैङ्क, एसियाली विकास बैङ्क तथा अन्य अन्तर्राष्ट्रिय दातृ निकायबाट प्राप्त ऋण तथा अनुदान साथै प्राधिकरणको आन्तरिक स्रोतबाट सञ्चालित विद्युत प्रसारण तथा वितरण परियोजनाहरूको अपेक्षित कार्य प्रगति नहुँदा समय तथा लागत वृद्धि हुने देखिन्छ। प्राधिकरणले सञ्चालित परियोजना समयमै सम्पन्न गरी विद्युत प्रसारण तथा वितरणको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ।

१३. **स्थिर सम्पत्ति तथा निर्माणाधीन सम्पत्ति -** प्राधिकरणको आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ३६ बमोजिम प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र स्थिर सम्पत्तिको भौतिक परीक्षण गर्नुपर्दछ। यो वर्ष प्राधिकरणले अतिक्रमण भएको ३४७ रोपनी जग्गालगायतका सम्पत्तिको छानबिन तथा

यकिन नगरेको, लेखाङ्कन गरेको २ हजार १७९ रोपनी जग्गाको जग्गाधनी प्रमाणपूर्जा प्राप्त नगरेको, निर्माण कार्य सम्पन्न भइसकेको करिब रु.८ अर्ब १६ करोडको सम्पत्ति पुँजीकृत नगरेको, सफ्टवेयरमा देखिएको तथा वित्तीय विवरणको सम्पत्तिबिच रु.३८ करोड फरक देखिएबाट प्राधिकरणको वित्तीय विवरणमा उल्लिखित सम्पत्तिको यथार्थता यकिन हुन सकेको छैन। त्यस्तै वर्षान्तमा निर्माणाधीन सम्पत्ति कुल रु.२ खर्ब २० अर्ब ८५ करोड रहेकोमा सोको भौतिक परीक्षण नभएको र उक्त सम्पत्तिमध्ये रु.१३ करोड ऋणात्मक मौज्दात रहेको देखिन्छ। यी अवस्थाले ह्रास खर्चले समेत यथार्थ चित्रण गरेको देखिँदैन। प्राधिकरणले स्थिर तथा निर्माणाधीन सम्पत्तिको लेखाङ्कनमा सुधार गरी सही तथा यथार्थ वित्तीय विवरण तयार गर्नुपर्दछ।

१४. **जिन्सी व्यवस्थापन -** गत वर्षको आषाढ मसान्तमा रु.१८ अर्ब १३ करोडको जिन्सी मौज्दात रहेकोमा यो वर्षको आषाढ मसान्तमा रु.१८ अर्ब ४५ करोड मौज्दात रहेको छ। नेपाल वित्तीय प्रतिवेदनमान अनुरूप उक्त जिन्सीको मूल्याङ्कन तथा क्षयीकरण परीक्षण नगरिएबाट जिन्सी मौज्दातको यथार्थ अवस्था यकिन भएको छैन। साथै, जिन्सी मौज्दातको भौतिक परीक्षण तथा छानबिन गर्दा केन्द्रीय भण्डार (हेटौडा) मा रु.७ करोड ६ लाख र जलेश्वर वितरण केन्द्रमा रु.३५ लाख ९० हजार बराबरको जिन्सी अपुग देखिएकोले सम्बन्धित कर्मचारीबाट उक्त रकम असुल गर्नुपर्दछ।

१५. **महसुल बक्यौता** - विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा यो वर्ष ८.८८ प्रतिशतले वृद्धि भई रु.४८ अर्ब २६ करोड पुगेको छ। उक्त रकममध्ये ट्रङ्क तथा डेडिकेटेड लाइनतर्फको ५९ ग्राहकबाट विगत वर्षको असुल हुनुपर्ने रु.२३ अर्ब ४४ करोड रहेको छ। सो रकम कुल बक्यौताको ४८.५७ प्रतिशत देखिन्छ। यस अतिरिक्त सडक बत्तीको रु.६ अर्ब ८९ करोड असुल गर्न बाँकी देखिन्छ।

१६. **विद्युत नोक्सानी -** प्राधिकरणको विद्युत उत्पादन, प्रसारण तथा वितरणको नोक्सानी (चुहावट दर) गत वर्ष १३.४६ प्रतिशत रहेकोमा यो वर्ष केही सुधार भई १२.८५ प्रतिशतमा झरेको देखिन्छ। तथापि विश्वको औषत चुहावट दरको तुलनामा उक्त दर अझै उच्च रहेकोले यसका कारण पत्ता लगाई अत्यधिक विद्युत नोक्सानी भएका केन्द्रहरूमा प्रभावकारी नियन्त्रण प्रणाली अवलम्बन गरी चुहावट कम गर्ने व्यवस्था गर्नुपर्दछ।

१७. **विद्युत उत्पादन तथा खपत -** प्राधिकरणले यो वर्षसम्ममा ४५५ स्वतन्त्र ऊर्जा उत्पादकसँग करिब १० हजार ३०१ मेगावाट विद्युतको खरिद सम्झौता गरिसकेको तथा प्राधिकरणको आफ्नै विद्युत जडित उत्पादन क्षमता ६६२ मेगावाट भएकोमा हालसम्म करिब ३ हजार मेगावाट राष्ट्रिय ग्रिडमा जोडिएको र आगामी २ वर्ष भित्र थप करिब १ हजार ८१६ मेगावाटभन्दा बढी जडित क्षमता राष्ट्रिय ग्रिडमा जोडिने चरणमा रहेको छ। विद्युत उत्पादन बढ्दै जाँदा प्राधिकरणले विद्युतको आन्तरिक खपत वृद्धि, वर्षायामको उत्पादन तथा मागलाई ध्यानमा राखी विद्युत निर्यात रणनीतिको प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्ने देखिएको छ।

१८. **विद्युत महसुलको हिसाब मिलान** - नेपाल र भारत सरकारबिच भएको महाकाली सन्धिको धारा नं. १ अनुसार नेपाल सरकारले ग्रेगोरियन क्यालेन्डरअनुसार प्रत्येक वर्ष ७ करोड युनिट विद्युत निःशुल्क पाउने तथा सोभन्दा बढी विद्युत चाहिएमा खरिद गर्नुपर्ने प्रावधान रहेको छ। उक्त प्रावधानअनुसार नेपाल सरकारले निःशुल्क प्राप्त गरेको विद्युत प्रति युनिट रु.४.७५ का दरले प्राधिकरणलाई उपलब्ध गराएको छ। सो बापत प्राधिकरणले नेपाल सरकारलाई अघिल्लो वर्षसम्म रु.२ अर्ब ४२ करोड र यो वर्षको रु.३३ करोडसमेत रु.२ अर्ब ७५ करोड तिर्न बाँकी रहेको देखिन्छ। त्यसैगरी, नेपाल सरकारले विगतमा कोभिड-१९ को समयमा विद्युत महसुलमा छुट दिने घोषणा गरेबमोजिम प्राधिकरणले ग्राहकलाई छुट प्रदान गरेको तथा अन्य छुटको रकमबापत वित्तीय विवरणमा रु.५ अर्ब ६ करोड लिनुपर्ने देखिएको छ। यसरी प्राधिकरणले नेपाल सरकारबाट खुद रु. २ अर्ब ३१ करोड लिन बाँकी देखिएकोले उक्त हिसाब यकिन गरी फरफारक गर्नुपर्दछ।

१९. **शिरोभार खर्च -** नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा शर्त नियमावली, २०७४ को नियम ४३ अनुसार सहायक कम्पनी र आयोजनामा काजमा खटाउँदा उपनियम १० अनुसार सहायक कम्पनीमा खटाइने कर्मचारीको शिरोभार खर्चको शतप्रतिशत रकम दीर्घकालीन दायित्वको लागि पठाउनुपर्ने उल्लेख छ। प्राधिकरणले यो वर्षको मसान्तमा सहायक कम्पनी र आयोजनामा काजमा खटाएका १२१ कर्मचारी तथा अघिल्ला वर्षहरूमा काजमा खटाइएका कर्मचारीको शिरोभार खर्चको लेखाङ्कन तथा असुल गरेको पाइएन। सो शिरोभार खर्च रकम यकिन गरी सहायक कम्पनीबाट असुलउपर गर्नुपर्दछ।

२०. **पदपूर्ति खर्च** - प्राधिकरणले यो वर्ष खुलातर्फ ८२ र आन्तरिकतर्फ २७ विज्ञापनबाट ५२२ पदको पदपूर्तिमा रु.३ करोड ३९ लाख खर्च गरेको छ। उक्त खर्चमध्ये नतिजा तयारी, नतिजा प्रकाशन र मनोवैज्ञानिक परीक्षणमा रु.१ करोड १६ लाख खर्च भएको छ। नतिजा तयारीको क्रममा अन्तरवार्ता लिँदा सिफ्टको निर्धारण लोक सेवा आयोगको कार्यविधिअनुसार गरे तापनि प्राधिकरणले बैठक भत्ता भुक्तानी गर्दा सम्बन्धित संस्थाको नियमानुसार (नेपाल सरकारतर्फ सहसचिवले अध्यक्षता गर्दा रु.२ हजार प्रति बैठक र प्राधिकरण उप-कार्यकारी निर्देशकले अध्यक्षता गर्दा रु.३ हजार प्रति बैठक) भुक्तानी गरेको छ।

२१. **भूमिगत वितरण प्रणाली** - प्राधिकरणको काठमाडौं उपत्यकामा भूमिगत विद्युत वितरण प्रणालीअन्तर्गत निर्माणाधीन ४ आयोजनाको प्रगति स्थिति निम्नअनुसार छः

(रु. हजारमा)

आयोजनाको नाम	सम्झौता मिति	सम्झौता रकम		भुक्तानी रकम (२०८१ फाल्गुनसम्म)	सुरुको म्याद	म्याद थप पश्चात् को म्याद	म्याद थप पटक	प्रगति (प्रतिशत)	
								वित्तीय	भौतिक
काठमाडौं उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजना	१५ मार्च, २०१९	अ.डलर	२४३३०	१४१८४	९ अक्टोबर, २०२१	९ जुन, २०२५	३	८७.१६	८१.१२
		रु.	६८७४७२	५४८४८२					
ललितपुर भक्तपुर वितरण प्रणाली सुदृढीकरण आयोजना	४ जुन, २०२१	अ.डलर	२७०६६	११५४४	८ सेप्टेम्बर, २०२४	८ डिसेम्बर, २०२५	१	४४.२३	४६.५१
		रु.	७६१६५५	२३५९२९					
काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरण आयोजना	२४ जुन, २०२०	अ.डलर	२८७०३	१९४९७	१९ डिसेम्बर, २०२३	म्याद थपको प्रक्रियामा रहेको	१	६३.४४	८०.८८
		रु.	११२७०६६	५३८२१८					
काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजना	१५ मार्च, २०१९	अ.डलर	२४९७८	१९५८२	९ अक्टोवर, २०२१	९ जुन, २०२५	३	७७.१९	७६.३८
		रु.	१०१०१५९	४६७८२८					

(नोटः प्रगति प्रतिशत वास्तविक कार्य सम्पादन(प्रोदभावी) को आधारमा गणना गरिएको)

उल्लिखित विवरणअनुसार काठमाडौं उपत्यका पूर्व तथा दक्षिण वितरण प्रणाली सुदृढीकरण आयोजनाको तेस्रो पटक म्याद थप भइ ९ जुन, २०२५ सम्म म्याद रहेको छ। काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरण आयोजनाको १९ डिसेम्बर, २०२३ सम्म म्याद समाप्त भई हाल म्याद थपको

प्रक्रियामा रहेको जानकारी प्राप्त भएको छ। त्यस्तै, काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजनाको तेस्रो पटक म्याद् थप भई ९ जुन, २०२५ सम्म म्याद कायम रहेको छ। यसरी पटक पटक म्याद थप गर्नुपर्ने अवस्था अन्त्य गरी निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नुपर्दछ।

२२. **कर्मचारी दायित्व** - एक्च्युरियल मूल्याङ्कनअनुसार कर्मचारी लाभ दायित्वको वर्तमान मूल्य रु.४८ अर्ब ४ करोड देखिन्छ। सो दायित्व भुक्तानी गर्नको लागि लगानी गरेको सम्पतिको मूल्य रु.८१ करोड मात्र रहेको छ। सो अनुसार कर्मचारी लाभ दायित्व वहनको लागि रु.४७ अर्ब २३ करोड लगानी अपुग देखिन्छ। कर्मचारी अवकाशको समयमा अवकाश भुक्तानीको सुनिश्चितता गर्न एक्च्युरियल मूल्याङ्कनको सिफारिसबमोजिम लगानी गर्नुपर्दछ।

२३. **सहायक कम्पनीमा सञ्चालक** - कम्पनी ऐन, २०६३ को दफा ८९(१) मा समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, कर्मचारी वा सल्लाहकार पदमा बहाल रहेको व्यक्ति अर्को कम्पनीमा सञ्चालकको रुपमा नियुक्त हुन नसक्ने व्यवस्था छ। तथापि प्राधिकरणका कार्यकारी निर्देशकलगायतका कर्मचारीलाई सञ्चालकको रुपमा एक भन्दा बढी सहायक कम्पनीमा प्रतिनिधित्व गराएको पाइयो। यसरी सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृतिसमेत लिएको छैन। उक्त ऐनको प्रावधान बमोजिम सहायक कम्पनीमा सञ्चालक खटाउनुपर्दछ।

२४. **स्वामित्व हस्तान्तरण** - नेपाल विद्युत प्राधिकरण र हिमाल पावर लिमिटेडबिच २०५२।१०।१ मा सम्पन्न विद्युत खरिद सम्झौताबमोजिम २० वर्षको अवधि समाप्ति पश्चात् खिम्ती जलविद्युत आयोजनाको ५० प्रतिशत सेयर स्वामित्व प्राधिकरणलाई हस्तान्तरण हुनुपर्ने व्यवस्था रहेको देखिन्छ। २०७७ आषाढ २८ मा २० वर्ष अवधि पुरा भइसके तापनि सो बमोजिम स्वामित्व हस्तान्तरण नहुँदा सो सम्पत्ति प्राधिकरणको वित्तीय विवरणमा रु.१२ अर्ब ५८ करोड (विगत ५ वर्षको औसत उत्पादनको आधारमा मासिक औसत उत्पादनको आधारमा गणना गरी सोमा वर्षायाममा प्रति युनिट रु. ४.८० र हिँउदयाममा रु.८.४० खर्च घटाई विगत ३ वर्षको औसत खर्चको आधारमा वर्तमान मूल्य) लेखाङ्कन भएको छैन। सम्झौताबमोजिम सम्पत्ति हस्तान्तरण तथा लेखाङ्कन गर्नुपर्दछ।

२५. **सञ्चालक समितिको निर्णय** - नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अन्तर्गत अर्थ मन्त्रालय खण्डको बुँदा नं. ३६ अनुसार सरकारी स्वामित्वमा रहेका संस्थानको तलब, भत्ता, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण अर्थ मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने उल्लेख छ। प्राधिकरणको सञ्चालक समितिले अन्य सहायक संस्थामा सञ्चालक नियुक्ति गर्ने सम्बन्धमा नेपाल सरकारको र संस्थालाई दीर्घकालीन असर पर्ने निर्णय गर्दा अर्थ मन्त्रालय एवम् तालुक निकायबाट पूर्व स्वीकृति लिएको देखिएन। समितिले २ हजार ८६१ दैनिक ज्यालादारी कर्मचारीलाई मासिक ज्यालादारीमा परिणत, १० दिने पर्यटन बिदाको व्यवस्थालाई संशोधन गरी १० दिने पर्यटन काजको व्यवस्था, नेपाल सरकारलाई भुक्तानी गर्नुपर्ने मुनाफाबाट २०७७।७८ देखि २०८०।८१ सम्म कर्मचारीको कल्याणकारी कोषमा रु.४५ करोड स्थानान्तरण, आन्तरिक लेखापरीक्षणसँग सम्बन्धित दैनिक भ्रमण भत्ता वृद्धि, सहायक र सम्बद्ध कम्पनीमा कर्मचारी काजमा पठाउँदा प्रोत्साहनलगायतका अन्य भत्ता प्रदान, आयोजना, उत्पादन केन्द्र, भार प्रेषण केन्द्रमा प्रोत्साहन भत्ताको व्यवस्था लगायतका निर्णय गरेकोमा अर्थ मन्त्रालय एवम् तालुक निकायहरूबाट स्वीकृति लिएको देखिएन। त्यसैगरी सञ्चालक समितिले ज्यालादारी कर्मचारीलाई मासिक तलब भत्ता भुक्तानी दिने गरी स्वीकृत गरेको कार्यविधिमा अन्य निकायबाट प्रश्न उठेमा सोहीअनुसार हुने शर्त राखेर स्वीकृत गरेको देखियो। यस्तो शर्त राखी स्वीकृत गरेको कार्यविधि औचित्यपूर्ण देखिँदैन।

२६. **विद्युत खरिद सम्झौता -** यस वर्षसम्म कनेक्सन सम्झौता भएका ९५ वटा रन अफ रिभर आयोजनामध्ये अदालतमा मुद्दामा रहेका २, विद्युत खरिद सम्झौता मस्यौदा तयार भएका २, विद्युत खरिद सम्झौता व्यवस्थापनद्वारा अनुमोदन भएका १, विद्युत नियमन आयोगद्वारा स्वीकृत ७, विद्युत खरिद सम्झौता सम्पन्न भएका ६७, सूचीबाट हटाएका १५ र विद्युत नियमन आयोगको स्वीकृतिको लागि पठाएको १ आयोजना रहेका छन्। यसैगरी ५५ पिकिङ्ग रन अफ रिभर आयोजनामध्ये प्रक्रिया जारी रहेका २, विद्युत नियमन आयोगद्वारा स्वीकृत २, विद्युत खरिद सम्झौता सम्पन्न भएका ३४, विद्युत नियमन आयोगमा स्वीकृतिका लागि पठाएका २ र कोटा सकिएका कारण कारबाही हुन बाँकी १५ आयोजना रहेको देखिन्छ।

बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड

नेपालमा जलविद्युतको विकास तथा विस्तार गरी मुलुकको आर्थिक, सामाजिक रूपान्तरणका लागि आवश्यक विद्युतीय सेवा सर्वसुलभ र भरपर्दो बनाउन २०६९।८।१८ मा बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति गठन भएको थियो। मन्त्रिपरिषद्को २०७४।३।१४ को निर्णयबाट जलाशययुक्त आयोजनाको निर्माण, उत्पादन, सञ्चालन र व्यवस्थापन गर्ने आयोजना कम्पनी मोडलमा बनाउने सम्बन्धमा मन्त्रीपरिषद्बाट २०७९।३।२१ मा निर्णय भई बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको स्थापना कम्पनी ऐन, २०६३ को दफा ५(१) बमोजिम २०७९।५।१७ मा भएको हो। कम्पनीको चुक्ता पुँजी रु.१६ अर्बमध्ये रु.२२ करोड ६० लाख १० हजारको सेयर चुक्ता भई लगत कायम भएको छ। कम्पनीमा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको रु.११ करोड, अर्थ मन्त्रालयको रु.११ करोड र नेपाल विद्युत प्राधिकरणको रु.६० लाख १० हजार लगानी रहेको छ। कम्पनीमा स्थायी ५ र करार १९ समेत २४ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ अषाढ २०८१		३१ अषाढ २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	९,०५,१४		०	
लिज सम्पत्ति	१,५६,४८		०	
स्थगन कर सम्पत्ति	१२,११		०	
कुल गैर चालु सम्पत्ति		**१०,७३,७३**		**०**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	३१,३६,०३		२२,००,००	
अन्य चालु सम्पत्ति	२१,२०,००		०	
कुल चालु सम्पत्ति		**५२,५६,०३**		**२२,००,००**
कुल सम्पत्ति		**६३,२९,७६**		**२२,००,००**
इक्विटी				
सेयर पुँजी	२२,६०,१०		२२,६०,१०	
अन्य इक्विटी	४०,००,००		०	
संचित नाफा र जगेडा कोष	(२,७२,४०)		(६०,५५)	
कुल इक्विटी		**५९,८७,७०**		**२१,९९,५५**
गैर चालु दायित्व				
लिज दायित्व	१,६४,२५		०	
स्थगन कर दायित्व	२,४३		०	

विवरण	३१ अषाढ २०८१		३१ अषाढ २०८०	
कुल गैर चालु दायित्व		**१,६६,६८**		**०**
चालु दायित्व				
व्यापारिक भुक्तानी गर्नु पर्ने रकम	१,७४,५९		४५	
अन्य वित्तीय दायित्व	७९		०	
कुल चालु दायित्व		**१,७५,३८**		**४५**
कुल इक्विटी तथा दायित्व		**६३,२९,७६**		**२२,००,००**

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	०		०	
बिक्रीको लागत	०		०	
कुल नाफा/(नोक्सान)		**०**		**०**
कर्मचारी खर्च	१,०९,५८		०	
प्रशासनिक तथा अन्य सञ्चालन खर्च	७५,०५		६०,५५	
ह्रास खर्च	२४,५२		०	
सञ्चालन नाफा/(नोक्सान)		**(२,०९,१५)**		**(६०,५५)**
वित्तीय लागत	१२,३८		०	
कर अघिको नाफा/(नोक्सान)		**(२,२१,५३)**		**(६०,५५)**
आयकर	०		०	
स्थगन कर आय	९,६८		०	
खुद नाफा/(नोक्सान)		**(२,११,८५)**		**(६०,५५)**

३. **सम्पत्ति तथा दायित्व नामसारी** - नेपाल सरकार मन्त्रीपरिषद्को २०७९।३।२१ को निर्णयबाट बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति खारेज भई बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको स्थापना गर्ने निर्णय भएअनुसार २०७९।५।१७ मा उक्त समिति कम्पनीमा परिणत भएको पाइयो। खारेज भएको समितिबाट प्राप्त हुने सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्न गठित मूल्याङ्कन समितिले कुल पुँजीगत खर्च रु.४२ अर्ब ३४ करोड ६३ लाख २६ हजार कायम गरे तापनि सम्पत्ति तथा दायित्व कम्पनीको नाममा नामसारी भएको देखिएन। यस्तै, साविकको समितिबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म ४८ हजार १६७ रोपनी जग्गा अधिग्रहण भई १० हजार १६ रोपनी जग्गा अधिग्रहण गर्न बाँकी रहेको देखियो। यो वर्ष ९ कित्ता जग्गा अधिग्रहण गरी मुआब्जाबापत रु.१ करोड ६८ लाख ९६ हजार कम्पनीबाट भुक्तानी भएकोमा जग्गाधनी पुर्जा नेपाल सरकार बुढीगण्डकी जलविद्युत आयोजनाको नाममा रहेको छ। ती जग्गाको स्वामित्व बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको नाममा कायम हुनुपर्दछ।

४. **स्रोत सुनिश्चितता** - सञ्चालक समितिको २०८०।१२।१ को निर्णयानुसार बुढीगण्डकी जलविद्युत आयोजनाको वित्तीय लगानीको ढाँचा नेपाल सरकार, मन्त्रीपरिषदबाट स्वीकृत गर्ने प्रयोजनार्थ दुई विकल्पसहितको वित्तीय लगानीको योजना ढाँचा तयार गरी सहमतिको लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पेस भएको छ। सो लगानी ढाँचामा न्यून सम्भाव्यता कोष उपलब्ध नभएमा कर्जा स्वपुँजी अनुपात ७५:२५ हुने गरी आयोजना विकास गर्न बुढीगण्डकी जलविद्युत कम्पनीलाई नेपाल सरकारले न्यून सम्भाव्यता कोष उपलब्ध नगराई जग्गा प्राप्ति लगायतका कार्यमा

नेपाल सरकारबाट भएको खर्चलाई स्वपुँजीमा समावेश गरी थप र सहुलियतपूर्ण ऋण लगानीको रूपमा उपलब्ध गराउने वा न्यून सम्भाव्यता कोष उपलब्ध भएमा कर्जा स्वपुँजी अनुपात ७०:३० हुने गरी आयोजना विकास गर्न बुढीगण्डकी जलविद्युत कम्पनीलाई नेपाल सरकारले जग्गा प्राप्ति, सार्वजनिक पूर्वाधारहरूको पुनर्स्थापना, वातावरण संरक्षण र वन क्षेत्र प्रयोगको लागि खर्चबापतको आवश्यक न्यून सम्भाव्यता कोषवापत रु.७३ अर्ब २ करोड नेपाल सरकारले प्रदान गर्ने उल्लेख छ। यस सम्बन्धमा निर्णय भएको देखिएन। तसर्थ, लगानीको स्रोत सुनिश्चितता गरी आयोजना निर्माण तथा सञ्चालन गर्नुपर्दछ।

५. **सम्पत्ति संरक्षण र उपयोग -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा आवश्यक परेमा मुआब्जा दिने गरी जग्गा प्राप्त गर्न सक्ने र ऐनको दफा ३२ मा मुआब्जा दिई प्राप्त भएको जग्गाको स्वामित्व नेपाल सरकार वा संस्थामा सरेपछि कुनै प्रकारको घर, टहरा, पर्खाल बनाउन र आबाद गर्न नहुने उल्लेख छ। कम्पनीले यो वर्ष ६ जग्गाधनीबाट जग्गा प्राप्त गरी रु.१ करोड ५३ लाख ४६ हजार मुआब्जा वितरण गरेकोमा त्यसमा भएका संरचना घर, टहरालगायत साविक आयोजनाले अधिग्रहण गरेको ४८ हजार १६७ रोपनी जग्गा व्यावसायिक कार्यमा उपयोग हुन सकेको छैन। विद्युत उत्पादनका लागि आवश्यक संरचना निर्माण गरी कार्य प्रारम्भ गर्नुपर्दछ।

मोदी जलविद्युत कम्पनी लिमिटेड

मोदी जलविद्युत कम्पनी लिमिटेड माथिल्लो मोदी "ए" जलविद्युत आयोजना, (४२ मेगावाट) र माथिल्लो मोदी जलविद्युत आयोजना (१८.२ मेगावाट) को प्रबर्धन एवं सञ्चालन गर्न नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७५।३।२७ मा स्थापित पब्लिक लिमिटेड कम्पनी हो। कम्पनीमा पूर्ण रूपमा नेपाल विद्युत प्राधिकरणको लगानी रहेको छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणबाट काजमा खटाएका ११ र दैनिक ज्यालादारीका १८ कर्मचारी रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ अषाढ, २०८१		३१ अषाढ, २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२,८९,४३		२,५५,८५	
पुँजीकृत हुन बाँकी सम्पत्ति	४५,२८,८२		२६,८८,५१	
लिज सम्पत्ति	४२,५१		५७,७१	
बैङ्क मुद्दती निक्षेप	१,००,००		४,००,००	
कुल गैर चालु सम्पत्ति		**४९,६०,७६**		**३४,०२,०७**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	७२		१५	
नगद वा बैङ्क मौज्दात	३८,६१		४,५४,०७	
चालु कर सम्पत्ति	१६,८७		१३,६४	
पेस्की तथा बैङ्क निक्षेप	४,६०,१८		४,६२,२५	
कुल चालु सम्पत्ति		**५,१६,३८**		**९,३०,११**
कुल सम्पत्ति		**५४,७७,१४**		**४३,३२,१८**

विवरण	३१ अषाढ, २०८१		३१ अषाढ, २०८०	
इक्विटी तथा दायित्व				
सेयर पुँजी	४१,००,००		३८,००,००	
अग्रिम सेयर पुँजी	१०,९०,००		३,००,००	
अन्य इक्विटी	५५,९३		४६,३०	
कुल इक्विटी		**५२,४५,९३**		**४१,४६,३०**
दायित्व				
गैर चालु दायित्व				
अन्य गैर चालु दायित्व	३७,८३		५३,१५	
स्थगन कर दायित्व	४,१९		३५	
कुल गैर चालु दायित्व		**४२,०२**		**५३,५०**
चालु दायित्व				
व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	७७,३१		३५,२७	
अन्य चालु दायित्व	१,११,८८		९७,११	
कुल चालु दायित्व		**१,८९,१९**		**१,३२,३८**
कुल इक्विटी तथा दायित्व		**५४,७७,१४**		**४३,३२,१८**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	०		०	
सञ्चालन तथा प्रशासनिक खर्च	१३,५४		५,७४	
सञ्चालनबाट नाफा/(नोक्सान)		**(१३,५४)**		**(५,७४)**
वित्तीय आम्दानी	२५,७५		५९,०७	
अन्य आम्दानी	१,२६		८१	
कुल आम्दानी		**२७,०१**		**५९,८८**
कर अघिको नाफा/(नोक्सान)		**१३,४७**		**५४,१४**
स्थगन कर खर्च		३,८४		१,१५
खुद नाफा/(नोक्सान)		**९,६३**		**५२,९९**

कम्पनीको वित्तीय आम्दानी ५६.४१ प्रतिशतले घटेको, सञ्चालन तथा प्रशासनिक खर्च १३५.८९ र स्थगन कर २३३.९१ प्रतिशतले बढेको कारण खुद नाफा ८१.८३ प्रतिशतले घटेको देखिन्छ।

३. **आयोजना निर्माण -** यस कम्पनीअन्तर्गतको ४२ मेगावाटको परियोजनाको निर्माण अवधि २०८१।१।२५ देखि २०८५।१।२४ सम्म रहेको छ। यो परियोजनाको सिभिल र हाइड्रो मेकानिकल कार्य गर्न २०८१।१।२६ मा खरिद सम्झौता भई कार्य शुरू भएको र ईलेक्ट्रो-मेकानिकल कार्यको बोलपत्र २०८१।२।९ मा आह्वान गरेको छ। यसैगरी १८.२ मेगावाटको अर्को परियोजनाको सिभिल र हाइड्रो-मेकानिकल कार्यको खरिद सम्झौता २०८०।८।१० मा गरेको छ। दुवै परियोजनाको लागि क्याम्प सुविधा निर्माण गर्न २०७७।७।२८ मा सम्झौता भएकोमा ५४ प्रतिशत कार्य सम्पन्न भएको छ। दुवै परियोजना निर्माणको लागि करिब २२२ रोपनी ११ आना २ दाम सार्वजनिक जग्गा उपयोग र वन कटान स्वीकृतिको लागि कम्पनीले रु.४ करोड ३४ लाख ५५ हजारको निजी जग्गा

खरिद गरी नेपाल सरकारलाई हस्तान्तरण गरेको छ। दुवै परियोजनाको निर्माणको लागि आवश्यक पर्ने करिब २५३ रोपनी निजी जग्गा मध्ये ८५ प्रतिशत जग्गा अधिग्रहण भएको छ।

४. **सेवा सुविधा -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने कार्य अर्थ मन्त्रालयको रहेको छ। अर्थ मन्त्रालयको नीति तथा निर्देशनको मातहतमा रहेर तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा सञ्चालक समितिको निर्णयबाट तलबको २०० प्रतिशतसम्म हुने गरी कम्पनीका १५ कर्मचारीलाई रु.१ करोड ५२ हजार भत्ता उपलब्ध गराएको छ।

रघुगंगा हाइड्रोपावर लिमिटेड

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रूपमा २०७३।११।२४ मा यो हाइड्रोपावर कम्पनीको स्थापना भएको हो। प्रारम्भमा यसको क्षमता ३२ मेगावाट रहेकोमा हाल ४० मेगावाट निर्धारण भएको छ। आयोजनाको कुल लागत रु.९ अर्ब १७ करोड २६ लाख (मू.अ.कर, भन्सार, मूल्य समायोजन र ब्याज बाहेक) रहेको छ। नेपाल विद्युत प्राधिकरणको पूर्ण स्वामित्व रहेको कम्पनीको जारी पुँजी रु.१ अर्ब ३७ करोड ४० लाख रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**३१ अषाढ २०८१**		**३२ अषाढ २०८०**	
सम्पत्ति				
सम्पत्ति, प्लाण्ट र उपकरणहरू	१०१,१४२		१०९,११०	
पुँजीगत कार्य प्रगति	६,८५५,९७७		५,०२१,२६६	
जम्मा गैर चालु सम्पत्ति		**६,९५७,११९**		**५,१३०,३७६**
अग्रिम भुक्तानी र लगानी	९८८,५०१		१,०७८,४२१	
नगद तथा नगद सम्मान	२५,१५४		१८,८२४	
जम्मा चालु सम्पत्ति		**१,०१३,६५५**		**१,०९७,२४५**
जम्मा सम्पत्ति		**७,९७०,७७४**		**६,२२७,६२१**
शेयर पुँजी	१,३७४,०००		१,३७४,०००	
अग्रीम शेयर पुँजी	१,८८१,२७०		१,३७६,२७०	
सञ्चित नाफा	(२६७,६११)		(२३६,६६८)	
कुल इक्विटी		**२,९८७,६५९**		**२,५१३,६०२**
दायित्व				
ऋण सापटी	३,७३७,१९५		२,५५८,३८०	
जम्मा गैर चालु दायित्व		**३,७३७,१९५**		**२,५५८,३८०**
चालु दायित्व				
व्यापारिक तथा अन्य भुक्तानी	१,२४५,९२०		१,१५५,६३९	
जम्मा चालु दायित्व		**१,२४५,९२०**		**१,१५५,६३९**
जम्मा इक्विटी र दायित्व		**७,९७०,७७४**		**६,२२७,६२१**

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
अन्य आय		**१,२२,२३**		**२०,१६५**
प्रशासनिक खर्च	(३,३१,४२)		(४१,४५०)	
ह्रास खर्च	(१,१६,१८)		(११,९८३)	
कुल खर्च		**(४,४७,६०)**		**(५,३४,३३)**
कुल नाफा/(नोक्सानी)		**३२५३७**		**३३२६८**
अन्य नाफा		१,५९४		२,१६८
सञ्चालन नाफा/(नोक्सानी)		**(३०,९४३)**		**(३१,१००)**

आयोजना निर्माण चरणमा रहेकोले कम्पनीको बिक्री आम्दानी र बिक्रीको लागत रहेको छैन। अन्य आयतर्फ रु.१५ लाख ९४ हजार विदेशी विनिमयदरमा भएको परिवर्तनबाट सिर्जित नाफा रकम हो।

३. **सम्पत्ति र दायित्वको लेखाङ्कन -** नेपाल विद्युत प्राधिकरणको २०७९।४।१ को निर्णयबमोजिम राहुघाट जलविद्युत आयोजनाको सम्पूर्ण सम्पत्ति तथा दायित्व रघुगंगा हाइड्रोपावर लिमिटेडमा हस्तान्तरण भएको थियो। हस्तान्तरण भएका सम्पत्तिमध्ये कतिपय सम्पत्ति पूर्ण रुपमा ह्रास भैसकेको र सोको खुद किताबी मूल्य वित्तीय विवरणमा रु.१ राखेको पाइयो। नेपाल लेखामान १६ (जायजेथा, प्लाण्ट तथा उपकरण) बमोजिम आर्थिक वर्षको अन्त्यमा सम्पत्तिको अवशेष मूल्य तथा उपयोगी आयुको समीक्षा गर्नुपर्ने व्यवस्था रहेकोमा कम्पनीले उक्त व्यवस्था कार्यान्वयन नगरेको कारणले कम्पनीको वित्तीय विवरणमा पर्ने असर यकिन गर्न सकिएन।

४. **सञ्चालक समिति** - कम्पनी ऐन, २०६३ को दफा ८९(१छ) बमोजिम समान उद्देश्य भएको अर्को कुनै कम्पनीको सञ्चालक, आधारभूत शेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको व्यक्ति सञ्चालकको पदमा नियुक्त हुन नसक्ने व्यवस्था रहेकोमा कम्पनीको अध्यक्ष तथा सञ्चालकहरू सोही प्रकृतिको अन्य कम्पनीमा समेत सञ्चालक रहेको अवस्था छ। यस सम्बन्धमा नीतिगत व्यवस्था गरी विद्यमान अवस्थामा सुधार गर्नुपर्दछ।

५. **शिरोभार खर्च** - नेपाल विद्युत प्राधिकरणको निर्णयअनुसार प्राधिकरणबाट कम्पनीमा काजमा खटिएका कर्मचारीको दीर्घकालीन दायित्व/अप्रत्यक्ष खर्चवापतको रकम गणना गरी कम्पनीले प्राधिकरणमा पठाउनु पर्नेमा सो गरेको देखिएन। प्राधिकरणसँग समन्वय गरी नियमानुसार पठाउनुपर्ने रकम अविलम्ब पठाउनुपर्दछ।

६. **सिभिल एण्ड हाइड्रोमेकानिकल कार्य** - आयोजना कार्यान्वयनको क्रममा कोभिड-१९, डिजाइन स्वीकृतिमा ढिलाइ, मालसामान आपूर्तिमा ढिलाइ, कमजोर भौगोलिक अवस्थाजस्ता विभिन्न परिस्थितिको कारण समयमा कार्य सम्पन्न नभई म्याद थप भएको छ। सिभिल तथा हाइड्रोमेकानिकल कार्यको लागि २१ नोभेम्बर २०१७ मा अमेरिकी डलर ३ करोड ५९ लाख ९९ हजार र नेपाली रुपैयाँ रु.२ अर्ब १७ करोड ३३ लाखमा गरेको सम्झौताको म्याद १ फेब्रुअरी, २०२२ सम्म रहेकोमा २७ जुन, २०२५ सम्म थप गरेको पाइयो। त्यस्तै इलेक्ट्रोमेकानिकल कार्यको लागि १५ अक्टोबर, २०१९ मा अमेरिकी डलर ८७ लाख ४८ हजार र रु.१८ करोड १५ लाखमा गरेको सम्झौताको म्याद १७ नोभेम्बर,

२०२२ सम्म रहेकोमा १३ नेभेम्बर, २०२४ सम्म म्याद थप गरेको छ। तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्दछ।

७. **परामर्श खर्च -** आयोजना र परामर्शदाताविच सिभिल तथा हाइड्रोमेकानिकल कार्यमा परामर्श सेवा उपलब्ध गराउन ६ फेब्रुअरी, २०१२ मा अमेरिकी डलर ३८ लाख २४ हजार र रु.७ करोड ५३ लाखको सम्झौताको अवधि १५ फेब्रुअरी, २०१६ सम्म रहेकोमा ठेकेदारले समयमा कार्य गर्न नसक्दा परामर्श सेवाको अवधि ३१ डिसेम्बर, २०२६ सम्म म्याद थप गरेको छ। यसरी समयावधि थप हुँदा यस परियोजनाको सिभिल तथा इलेक्ट्रोमेकानिकल तर्फको परामर्श सेवामा यस वर्षसम्म वर्षान्तको विनिमय दरअनुसार रु.१४ करोड ९२ लाखले लागत बढेको छ।

८. **मुआब्जा पेस्की -** कम्पनीले मुआब्जा वितरणको लागि जिल्ला प्रशासन कार्यालय, म्याग्दीलाई दिएको पेस्कीमध्ये वर्षान्तमा रु.३ करोड ३ लाख ५२ हजार फर्स्यौंट हुन बाँकी छ। मुआब्जा वितरणको कार्य समयमा सम्पन्न गरी पेस्की फर्स्यौंट गर्नुपर्दछ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड

विद्युत शक्तिको प्रसारणलगायत भार सम्प्रेषण गर्ने कार्यका लागि आवश्यक क्षमता, स्तर तथा किसिमका प्रसारण लाईन, सवस्टेशन तथा अन्य आवश्यक संरचनाको निर्माण, विस्तार, विविधीकरण, मर्मत सम्भारलगायत त्यसको सञ्चालनबाट ग्रिड प्रणालीको समयोचित व्यवस्थापन गर्ने, प्रसारण ग्रिड सञ्चालन गर्ने र आफूले निर्माण तथा सञ्चालन गरेको प्रसारण प्रणालीलगायत अन्य संरचनाहरूको प्रयोग गरेबापत लाग्ने दस्तुर नियमनकारी निकायले तोकेबमोजिम लिने उद्देश्यले २०७२।३।२७ मा कम्पनीको स्थापना भएको हो। कम्पनीमा ३३ करारका कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	४४,६३,८३		३२,९३,२३	
लिज सम्पत्ति	६२,९६			
पुँजीकृत हुन बाँकी सम्पत्ति	१,३९,९५,४८		४९,७९,२३	
अमूर्त सम्पत्ति	२,७१		२,६७	
जग्गा खरिदको लागि पेस्की	१,४१,७१		२१,६८,८८	
सेयर लगानी	२,८०,५०		२,८०,५०	
कुल गैर चालु सम्पत्ति		**१,८९,४७,१९**		**१,०७,२४,५१**
चालु सम्पत्ति				
व्यावसायिक तथा अन्य प्राप्य रकम	९४,५९,३९		५४,००,४०	
अग्रिम आयकर	३,७९,११		६,५२,९५	
अन्य वित्तीय सम्पत्ति			२,०६,००,००	
अग्रिम भुक्तानी, पेस्की, सापटी र धरौटी	५,०६		३,९०	
बैङ्क तथा नगद मौज्दात	२,६९,३९,०८		१,२०,२५,०४	
कुल चालु सम्पत्ति		**३,६७,८२,६४**		**३,८६,८२,२९**
कुल सम्पत्ति		**५,५७,२९,८३**		**४,९४,०६,८०**

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सेयर पुँजी	३,५४,००,००		३,५४,००,००	
सञ्चित नाफा र जगेडा कोष	८५,६९,८७		७९,६३,८८	
अग्रिम सेयर पुँजी	७७,६८,००		५०,००,००	
कुल इक्विटी		**५,१७,३७,८७**		**४,८३,६३,८८**
दायित्व				
गैर चालु दायित्व				
कर्मचारी सुविधा दायित्व	४८,०१		३९,१४	
स्थगन कर दायित्व	२६,००		२१,१७	
कुल गैर चालु दायित्व		**७४,०१**		**६०,३१**
चालु दायित्व				
व्यावसायिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	३७,०२,४६		५,०८,२२	
आयकर दायित्व	१,४६,३०		४,६६,७०	
कर्मचारी सुविधा दायित्व	११			
घरभाडा दायित्व	६९,०८		७,६९	
कुल चालु दायित्व		**३९,१७,९५**		**९,८२,६१**
कुल इक्विटी र दायित्व		**५,५७,२९,८३**		**४,९४,०६,८०**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालनबाट आम्दानी		०		०
बिक्रीको लागत		०		०
कुल नाफा/ (नोक्सान)		०		०
बैङ्क ब्याज तथा अन्य आम्दानी	१३,०३,६१		२८,५८,६८	
कर्मचारी खर्च	(२,३९,१५)		(१,९०,६५)	
व्यावसायिक तथा प्रशासनिक खर्च	(९५,७७)		(७५,६७)	
अन्य सञ्चालन खर्च	(७२,४४)		(६०,०३)	
ह्रासकट्टी र अपलेखन खर्च	(१,२३,६४)		(१,२४,०८)	
वित्तीय खर्च अघिको नाफा/(नोक्सान)		**७,७२,६१**		**२४,०८,२५**
वित्तीय खर्च	९,०५		४,०९	
सटही नाफा/(नोक्सान)	६,२२		४,१२	
करकट्टी गर्नु अघिको नाफा/(नोक्सान)		**७,५७,३४**		**२४,००,०४**
आयकर	१,४६,५३		४,६६,७१	
स्थगन कर	४,८३		३,६८	
खुद नाफा/ (नोक्सान)		**६,०५,९८**		**१९,२९,६५**

३. **आयोजना निर्माण स्थिति** - कम्पनीले अनुमानित लागत रु.९५ करोड २४ लाख ३३ हजार भएको केराबारी न्यू मर्स्याङ्दी १३२ किलोभोल्ट प्रसारण लाइन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७८।३।२७ मा रु.१७ करोड ७० लाख ७२ हजार (अमेरिकी डलर २९ लाख २१ हजार)को सम्झौता गरेकोमा यो वर्ष ८०.४७ प्रतिशत भौतिक प्रगति भएको छ। उक्त खरिद सम्झौताको म्याद २०८०।५।९ सम्म थप भएको छ। त्यसैगरी, अनुमानित लागत रु.५९ करोड ४० लाख ३७ हजार भएको मेवाचाँगे १३२ किलोभोल्ट प्रसारण लाइन निर्माण गर्न एक व्यवसायीसँग २०७८।२।३० मा

रु.३० करोड ७१ लाखको सम्झौता भएकोमा भौतिक प्रगति ५२.५२ प्रतिशत रहेको छ। उक्त निर्माण कार्य २०८१।३।२० मा सम्पन्न गर्नुपर्नेमा १ वर्ष म्याद थप गरेको छ। तोकिएको समयमा कार्यसम्पन्न गर्नुपर्दछ।

४. **सेयर संरचना -** कम्पनीको अधिकृत पुँजी रु.२५ अर्ब र चुक्ता पुँजी रु.३ अर्ब ५४ करोड रहेको छ। कम्पनीको हाल रहेको सेयर संरचनाअनुसार नेपाल सरकार (अर्थ, ऊर्जा जलस्रोत तथा सिँचाइ, रक्षा, गृह, वन तथा वातावरण, शिक्षा विज्ञान तथा प्रविधि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय) को ९८.६० प्रतिशत र नेपाल विद्युत प्राधिकरणको १.४० प्रतिशत सेयर रहेको छ। यसैगरी, नेपाल विद्युत प्राधिकरणबाट कबोल गरेको ३ करोड २० लाख ७३ हजार ३३१ थान सेयरको रु.३ अर्ब २० करोड ७३ लाख ३३ हजार भुक्तानी हुन बाँकी रहेको देखिन्छ।

५. **मुआब्जा वितरण -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ४ मा परियोजना सञ्चालनका लागि मुआब्जा र अन्य सबै खर्च सम्बन्धित संस्थाले बेहोर्ने र जग्गा अधिग्रहण गरी उपलब्ध गराउने व्यवस्था छ। कम्पनीको ट्रान्समिसन लाइन कार्य योजनाअन्तर्गत सब-स्टेशन निर्माणको लागि जग्गा अधिग्रहण गरी मुआब्जा वितरण गर्न सुर्खेत, सखुवासभा, कालीकोट, जाजरकोट र गोरखा जिल्ला प्रशासन कार्यालयलाई रु.१ करोड ४१ लाख ७१ हजार पेस्की दिएकोमा मुआब्जा वितरण एवं जग्गा प्राप्ति गरी पेस्की फर्स्यौट भएको देखिएन।

६. **सेवा सुविधा -** नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ मा सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ। अर्थ मन्त्रालयको नीति तथा निर्देशनको मातहतमा रहेर तलब भत्तालगायतका सुविधा निर्धारण गर्नुपर्नेमा सञ्चालक समितिको निर्णयबाट तलबको २०० प्रतिशतसम्म हुने गरी कम्पनीले १४ कर्मचारीलाई रु.६२ लाख ७० हजार भत्ता उपलब्ध गराएको पाइयो।

स्यार्पु पावर कम्पनी लिमिटेड

रुकुम पश्चिममा रहेको स्यार्पुतालबाट निस्केको पानीबाट ३.३ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्यले २०७५।५।१ मा कम्पनीको स्थापना भएको हो। कम्पनीले २०७८।११।३ देखि कारोबार सञ्चालन गर्दै आएको छ। कम्पनीबाट उत्पादन विद्युत बाफीकोटमा निर्माणाधीन १३२.३३ के.भी. सबस्टेशनमा जोडिने र नेपाल विद्युत प्राधिकरणलाई कम्पनीले प्रति वर्ष १ करोड ८६ लाख ७० हजार युनिट विद्युत बिक्री गर्ने सम्झौता गरेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
जग्गा	१,७३,१३		१,७३,१३	
सम्पत्ति, प्लान्ट र उपकरण	८,८२,३३		२,८२,६७	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
ह्रास कट्टी	(६,५५)		(३,३९)	
मुद्धती निक्षेप	१९,४२		१९,४२	
स्थगन कर	२,७५		१,८६	
कुल गैर-चालु सम्पत्ति		**१०,७१,०८**		**४,७३,६९**
सहायक कम्पनीमा लगानी		**२,३१,००**		**१,८१,००**
चालु सम्पत्ति				
व्यापार र अन्य प्राप्य	४,०४		४१,०८	
ऋण, निक्षेप र पेस्की	१२,२८,६३		४,३९,५६	
नगद र नगद बराबर	६३,७९		७,४४,१६	
कुल चालु सम्पत्ति		**१२,९६,४६**		**१२,२४,८०**
कुल सम्पत्ति		**२५,९८,५४**		**१८,७९,४९**
इक्विटी र दायित्वहरू				
इक्विटी				
शेयर पुँजी	९,३३,७३		८,३५,७३	
सञ्चित मुनाफा	(१,२४)		(१,४९)	
कुल इक्विटी		**९,३२,४९**		**८,३४,२४**
दायित्वहरू				
गैर-चालु दायित्वहरू				
प्रावधानहरू	१५,१२		९,९१	
ऋण र उधारो	११,११,४७		६,५१,३६	
अन्य गैर चालु दायित्व	३,४८,६४		३,४८,६४	
कुल गैर-चालु दायित्वहरू		**१४,७५,२३**		**१०,०९,९१**
चालु दायित्वहरू				
व्यापार र अन्य भुक्तानी बाँकी	१,३७,८५		३४,५८	
अन्य चालु दायित्वहरू	१२,४९		८	
व्यवस्था (हालको हिस्सा)	२,०२		६८	
ऋण र उधारो	३८,४६		०	
कुल चालु दायित्व		**१,९०,८२**		**३५,३४**
कुल इक्विटी र दायित्वहरू		**२५,९८,५४**		**१८,७९,४९**

कम्पनीले यो वर्ष रु.५ करोड ९९ लाख ६६ हजारको सम्पत्ति, प्लाण्ट र उपकरण थप गरेको छ। साथै ऋण, निक्षेप र एड्भान्स तर्फ अर्थ मन्त्रालय र राष्ट्रिय वाणिज्य बैङ्कबाट ऋणसमेत रु.७ करोड ८९ लाख थप भएको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आय	-		-	
बिक्रीको लागत	-		-	
कुल नाफा	**-**		**-**	
अन्य सञ्चालन आय	९६०		४८०	
प्रशासनिक र सञ्चालन खर्च	(६६२)		(४०५)	
मूल्यह्रास र परिशोधन	(३१६)		(११४)	

विवरण	२०८०।८१		२०७९।८०	
कुल खर्च		**(९,७८)**		**(५,१९)**
संचालनबाट नाफा		**(१८)**		**(३९)**
वित्तीय खर्च	-		-	
वित्तीय आय	-		-	
कर र प्रावधान अघिको नाफा		**(१८)**		**(३९)**
कर्मचारी बोनसको लागि प्रावधान	-		-	
कर अघिको नाफा		**(१८)**		**(३९)**
कर खर्च				
हालको कर खर्च	-		-	
स्थगन कर खर्च/आय		८९		(५७)
खुद नाफा		**७१**		**(९६)**

कम्पनीको आयोजना निर्माणाधीन अवस्थामा रहेकाले अन्य सञ्चालन आय रु.९ लाख ६० हजार रही सञ्चालन घाटा रु.१८ हजार रहेको छ।

३. **पुँजी संरचना -** कम्पनीको अधिकृत पुँजी रु.२२ करोड रहेकोमा संस्थापक शेयरधनीको ५५ प्रतिशत, सर्वसाधारण, स्थानीय बासिन्दा र अति विपन्न परिवारको ४५ प्रतिशत रहने उल्लेख छ। संस्थापक शेयरधनीमा रुकुम पश्चिमका ६ स्थानीय तह, जिल्ला समन्वय समिति र अर्थ मन्त्रालयसमेतको रु.९ करोड ३४ लाख रहेको छ। हालसम्म सर्वसाधारणमा सेयर जारी गरेको छैन।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानुन किताब व्यवस्था समिति

विकास समिति ऐन, २०१३ अन्तर्गत कानुन किताब (व्यवस्था र वितरण) आदेश २०२१ बमोजिम समितिको स्थापना भएको हो। समितिको मुख्य उद्देश्य कानुन सम्बन्धी पुस्तक छपाई गरी बिक्री वितरण गर्ने र नेपाल कानुनलाई विदेशी भाषामा अनुवाद गर्ने रहेको छ। समितिमा १४ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** समितिको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
जायजेथा, प्लान्ट र उपकरण	१,७७,०३		१,९३,५६	
जायजेथा, प्लान्ट र उपकरण (पुँजी कोष)	३,३९,३८		३,९९,२७	
जम्मा गैर चालु सम्पत्ति		**५,१६,४१**		**५,९२,८३**
जिन्सी मौज्दात	१,२८,९१		१,३१,४२	
व्यावसायिक आसामी	५,३६		१२,२७	
नगद तथा बैङ्क मौज्दात	१२,८७,१०		११,९३,८७	
अन्य चालु सम्पत्ति	४८,९३		३१,२८	
जम्मा चालु सम्पत्ति		**१४,७०,३०**		**१३,६८,८४**
जम्मा सम्पत्ति		**१९,८६,७१**		**१९,६१,६७**
पुँजीकोष	३,३९,३८		३,९९,२७	
सञ्चित नाफा	१२,०४,२२		११,७६,११	
जम्मा पुँजी तथा दायित्व		**१५,४३,६०**		**१५,७५,३८**
विविध साहुहरू	३,४०		६,७२	
ट्रिटी सिरीज किताबहरू	९,९५		११,८१	
कर्मचारी व्यवस्था हिसाब	४,०४,१०		३,६३,२४	
बिक्रेता धरौटी	३,७१		४,५२	
आयकर व्यवस्था	२१,९५		-	
जम्मा चालु दायित्व तथा व्यवस्था		**४,४३,११**		**३,८६,२९**
जम्मा पुँजी तथा दायित्व		**१९,८६,७१**		**१९,६१,६७**

२. **सञ्चालन नतिजा -** समितिको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री	३,८२,५१		३,३०,११	
अनुवाद तथा जाँच	३२,८५		४८,२०	
जम्मा आम्दानी		**४,१५,३६**		**३,७८,३१**
बिक्रीको लागत		**(१,७९,७१)**		**(१,९२,१९)**
कुल नाफा		**२,३५,६५**		**१,८६,१२**
कर्मचारी खर्च	१,७४,९१		१,८१,४४	
प्रशासनिक खर्च	१,३५,४५		१,१६,९६	
ह्रास खर्च	२१,७२		२५,०४	

विवरण	२०८०।८१		२०७९।८०	
जम्मा खर्च		३,३२,०८		३,२३,४४
सञ्चालन नाफा/घाटा		(९६,४३)		(१,३७,३२)
अन्य आय		१,४६,४९		१,५९,७०
कर अघिको सञ्चालन नाफा		५०,०६		२२,३८
आयकर व्यवस्था		(२१,९५)		-
आयकर पछिको खुद नाफा/नोक्सान		२८,११		२२,३८

३. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको पूर्ण स्वामित्व रहेका निकायले २०७३।७४ बाट लागु हुने गरी नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसार वित्तीय प्रतिवेदन तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना गर्नुपर्दछ।

४. **मूल्य निर्धारण** - पुस्तकको परल मूल्य निर्धारण कार्यको लागि लागत एवं वित्तीय व्यवस्थापनका सिद्धान्तको आधारमा उत्पादनमूलक संस्थाले प्रत्यक्ष खर्च र अप्रत्यक्ष खर्चको पहिचान गरी तथा स्थिर लागत र परिवर्तशिल लागतमा खर्चलाई विभाजन गरी वैज्ञानिक रुपले मूल्य निर्धारण गर्नुपर्दछ। समितिले आफ्नो उत्पादन लागतलाई स्थिर लागत र चल लागतमा विभाजन गरी वैज्ञानिक रुपले पुस्तकको मूल्य निर्धारण नगरेकोले बिक्रीबाट भएको खुद नाफा यथार्थपरक रहेको देखिएन।

५. **गैरचालु सम्पत्ति -** समितिको जायजेथा, प्लान्ट र उपकरण अन्तर्गत भवनको मूल्य रु.१ करोड १३ लाख रहेकोमा बजार मूल्य अनुसार भवनको पुनर्मूल्याङ्कन गरेको छैन।

६. **अवकाश दायित्व -** नेपाल लेखामान १ तथा लेखामान ३७ बमोजिम वित्तीय विवरणको यथार्थपरकताका लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्दछ। दीर्घकालीन दायित्वको मापन वर्तमान मूल्य अनुसार गरी उचित मूल्यमा गरिनुपर्दछ। संस्थाले बिमाङ्किय मूल्याङ्कन अनुसार दायित्वको व्यवस्था गर्नुपर्नेमा सो बेगर रु.४ करोड ४ लाख ब्यवस्था गरी लेखाङ्कन गरेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि सामग्री कम्पनी लिमिटेड (२०७९।८०)

देशमा कृषि बाली उत्पादनको लागि आवश्यक पर्ने गुणस्तरीय मल, बीउ, रसायन र उपकरणको आयात गरी सर्वसुलभ मूल्यमा बिक्री वितरण गर्नको लागि २०२२ सालमा यो कम्पनीको स्थापना भएकोमा २०५९ देखि कम्पनी ऐनअन्तर्गत नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी सञ्चालन हुँदै आएको छ। कम्पनीले नेपालमा आवश्यक पर्ने रासायनिक मलसमेत आयात गरी सहकारी संस्थामार्फत वितरण गर्ने काम गर्दछ। कम्पनीको केन्द्रीय कार्यालय, ७ प्रादेशिक कार्यालय र ३४ शाखा कार्यालय रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
सम्पत्ति प्लाण्ट र उपकरणहरू	११,९५,१५,६०		११,९४,३७,१५	
ख्याति र अमूर्त सम्पत्ति	४४,५१		४५,७१	
लगानी उद्देश्य भएका स्थिर सम्पत्ति	५६,६४,५३		५६,६६,२१	
अन्य लगानी	८,४७,५१		८,८९,२८	
अन्य गैर चालु सम्पत्ति	४,०५,६५		६,८२,२५	
जम्मा गैर चालु सम्पत्ति		**१२,६४,७७,८०**		**१२,६७,२०,६०**
मौज्दात	१,११,०९,२५		४६,४१,८३	
व्यापारिक आसामी लिनुपर्ने	२,११,३०		९,२१,८०	
नगद तथा नगदजन्य	३,३५,५६,१८		४,०१,७९,४४	
चालु कर सम्पत्ति	८,०९,४८		२,५५,०५	
अन्य चालु सम्पत्ति	५२,९०,६३		२५,७३,८५	
जम्मा चालु सम्पत्ति		**५,०९,७६,८४**		**४,८५,७१,९७**
जम्मा सम्पत्ति		**१७,७४,५४,६४**		**१७,५२,९२,५७**
सेयर पुँजी	८९,३३,०८		८९,१४,३८	
जगेडा तथा कोषहरू	९,१५,६७,१६		९,१३,६७,४७	
सञ्चित नाफा / नोक्सान	१,६४,०७,७०		१,६०,७२,२८	
जम्मा कोष		**११,६९,०७,९४**		**११,६३,५४,१३**
व्यवस्थाहरू	८,२६,२५		८,२६,२५	
स्थगन कर दायित्व	२,६९,५३,२०		२,६६,५३,८७	
जम्मा गैर चालु दायित्व		**२,७७,७९,४५**		**२,७४,८०,१२**
व्यापारिक साहु तिर्नुपर्ने	२,६३,८३,९८		२,६०,५६,७०	
व्यवस्थाहरू	२१,४८,७५		२१,१५,००	
अन्य चालु दायित्व	४२,३४,५२		३२,८६,६२	
जम्मा चालु दायित्व		**३,२७,६७,२५**		**३,१४,५८,३२**
जम्मा कोष तथा दायित्व		**१७,७४,५४,६४**		**१७,५२,९२,५७**

उल्लिखित तालिकाअनुसार कम्पनीको वर्षान्तको मौज्दात गत वर्षको तुलनामा १३९.३३ प्रतिशतले वृद्धि भएकोमा नगद मौज्दातमा १६.४८ प्रतिशतले कमी आएको छ ।

२. **सञ्चालन नतिजा** - कम्पनीको नाफा नोक्सानको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री	५,६२,९२,४६		४,४८,१२,९४	
अन्य व्यावसायिक आम्दानी	१९,३४,४१,९७		८,५१,७१,३२	
कुल आम्दानी		**२४,९७,३४,४३**		**१२,९९,८४,२६**
खर्च				
बिक्री लागत खर्च	२४,५५,५३,०५		१२,३१,६०,४०	
कर्मचारी खर्च	२४,२०,०७		१८,२८,८४	
प्रशासकीय खर्च	८,६०,३१		९,२५,८७	
अन्य खर्च	१,९३,६८		१,७५,१७	
कुल खर्च		**(२४,९०,२७,११)**		**(१२,६०,९०,२८)**
सञ्चालनबाट मुनाफा		**७,०७,३२**		**३८,९३,९८**
साधारण आम्दानी/खर्च	१०,५०		११,७७,००	
बोनस र आयकर अघिको मुनाफा		**७,१७,८२**		**५०,७०,९८**
कर्मचारी बोनस	(३४,१८)		(२,४१,४७)	
आयकर अघिको मुनाफा		**६,८३,६४**		**४८,२९,५१**
चालु वर्षको आयकर	(१,१६,६५)		(१०,८४,४७)	
स्थगन कर आम्दानी/(खर्च)	(२,३१,७७)		७,७६,१३	
कर पछिको खुद मुनाफा		**३,३५,२२**		**४५,२१,१७**

उल्लिखित तालिकाअनुसार कम्पनीको बिक्री आम्दानी गत वर्षको तुलनामा २५.६१ प्रतिशतले वृद्धि भई यो वर्ष रु.५ अर्ब ६२ करोड ९२ लाख पुगेको छ। अन्य व्यावसायिक आम्दानी रु.१९ अर्ब ३४ करोड ४२ लाख रहेकोमा मुख्य हिस्सा मल खरिदको लागि नेपाल सरकारबाट प्राप्त हुने अनुदानको रहेको छ। बिक्री लागत खर्च रु.२४ अर्ब ५५ करोड ५३ लाखसहित जम्मा खर्च रु.२४ अर्ब ९० करोड २७ लाख भई सञ्चालन नाफा रु.७ करोड ७ लाख कायम भएको छ। बोनस, चालु वर्षको आयकर र स्थगन आयकर खर्च कट्टी गर्दा कम्पनीको मुनाफा गत वर्षको तुलनामा ९२.५८ प्रतिशतले कम भई रु.३ करोड ३५ लाख कायम भएको छ।

३. **वैदेशिक दायित्वको लेखाङ्कन** - नेपाल लेखामान २१ को अनुच्छेद २१ र २८ अनुसार वैदेशिक मुद्रामा भुक्तानी गर्नुपर्ने दायित्वलाई आर्थिक वर्षको अन्तिम दिनको विनिमय दरअनुसार गणना गर्नुपर्दछ। कम्पनीको व्यापारिक साहु रु. २ अर्ब ६३ करोड ८३ लाख ९८ हजारमध्ये अन्य शीर्षकमा रहेको रु.२ अर्ब ३६ करोड ४२ लाख २ हजार दायित्व विदेशी पार्टीलाई विदेशी मुद्रामा तिर्नुपर्ने देखिन्छ। सो रकमलाई आर्थिक वर्षको अन्तिम दिनको विनिमय दरमा गणना गरी व्यवस्था गर्नुपर्नेमा सो गरेको पाइएन। यसबाट वित्तीय विवरणले यथार्थ चित्रण गरेको पाइएन।

४. **सम्भावित दायित्व** - कम्पनीले अन्तर्राष्ट्रिय बोलपत्रबाट पैठारी गरेको रासायनिक मलको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९(३क) बमोजिम ५ प्रतिशत करकट्टी गर्नुपर्नेमा सोअनुसार नगर्दा करबापतको दायित्व ब्याजसहित २०७१।७२ देखि २०७५।७६ सम्म २०८०।१।३१ मा गणना गर्दा रु.५ अर्ब २२ करोड ८९ लाख ४३ हजार तिर्नुपर्ने उल्लेख गरी ठुला करदाता कार्यालयबाट माग भई आएकोले बक्यौता कायम भएको छ । उक्त रकममध्ये २०७१।७२ देखि २०७४।७५ सम्मको रु. ४ अर्ब १३ करोड २३ लाख ४३ हजार बाहेकको रु.१ अर्ब ९ करोड ६६ लाखको सम्बन्धमा

कम्पनीले आयकर ऐन, २०५८ को दफा ११५ बमोजिम २०८०।३।२९ मा आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको छ। प्रशासकीय पुनरावलोकनमा नगएको रु.४ अर्ब १३ करोड २३ लाख ४३ हजारको सम्बन्धमा वित्तीय विवरणमा व्यवस्था गर्नुपर्नेमा सो नगरी खुलासा मात्र गरेको छ। जुन नेपाल लेखामान ३७ अनुसार छैन। कम्पनीले सम्भावित दायित्व नेपाल लेखामान ३७ बमोजिम व्यवस्था गर्नुपर्दछ।

५. **घरजग्गा तथा सम्पत्ति कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था छ। सो बमोजिम कम्पनीले स्थानीय तहलाई तिर्नुपर्ने घरजग्गा/सम्पत्ति करबापतको बक्यौता जरिवानासहित २०७९।८० सम्म तीन महानगरपालिकालाई रु.७ करोड ७१ लाख ३ हजार, एक उप-महानगरपालिकालाई २०५८।५९ देखि २०७८।७९ सम्म रु.१ करोड १० लाख ४२ हजार तथा अर्को एक महानगरपालिकालाई २०७५।७६ सम्म रु.६० लाख ४ हजार गरी जम्मा रु.९ करोड ४१ लाख ४९ हजार तिर्न बाँकी रहेको छ। कम्पनीको अन्य कार्यालयको हकमा २०७९।८० सम्मको घरजग्गा कर गणना गर्न बाँकी रहेको छ। कम्पनीले घर/जग्गामा सम्पत्ति करबापत रु.३ करोड १३ लाख ३६ हजार बराबरको व्यवस्था गरे तापनि रु.६ करोड २८ लाख १३ हजारको व्यवस्था गरेको पाइएन।

६. **साहु तथा आसामीको लेखाङ्कन** - कम्पनीले आसामीहरूको सूचीमा राष्ट्रिय सहकारी सङ्घ लिमिटेडसँग लिनुपर्ने रु.२७ लाख र अन्यसँग लिनुपर्ने रु.१ करोड ८४ लाख २९ हजारसमेत रु.२ करोड ११ लाख २९ हजार लेखाङ्कन गरेको छ। त्यस्तै, व्यापारिक साहु तिर्नुपर्ने रु.२ अर्ब ६३ करोड ८३ लाख ९८ हजार प्रस्तुत गरेको छ। लिनपुर्ने तथा पेस्की रकमको समर्थनपत्र संलग्न नहुँदा वित्तीय विवरणमा प्रस्तुत गरेको लिनुपर्ने तथा दिनुपर्ने रकमको अवस्था यकिन गर्न सकिएन।

७. **कानुनी दायित्वको लेखाङ्कन** - कम्पनीले अन्तर्राष्ट्रिय बोलपत्रबाट छनोट भएको आइपीएल (इन्डियन पोटास लिमिटेड) सँग खरिद गरेको ३० हजार मेट्रिक टन युरिया मलको भुक्तानी सम्बन्धमा कम्पनीलाई मुद्दा पर्न गएकोमा मध्यस्थताबाट २०७३।८।१७ गते कम्पनी विरूद्ध निर्णय भएको, सोही मुद्दालाई लिएर आइपीएल (इन्डियन पोटास लिमिटेड) ले उच्च अदालत पाटनमा बिगो भरिभराउका लागि मुद्दा दायर गर्दा २०७५।५।१८ मा उच्च अदालत पाटनले लगतबमोजिम बिगो अमेरिकी डलर १६ लाख ७२ हजार ६९४ कोर्ट फि र अन्य दस्तुरसमेत जम्मा बिगो भरिभराउका लागि कानुनबमोजिमको ब्याजसमेत दिलाई भराई गराउन भनी कम्पनी विरूद्ध निर्णय भएको थियो। कम्पनीले पुनः उक्त फैसला उपर चित्त नबुझी सर्वोच्च अदालतमा २०७६।३।८ मा रिट दायर गरी २०७९।११।२ मा सर्वोच्च अदालतबाट रिट निवेदन खारेज हुने र उच्च अदालत पाटनबाट भएको फैसला कानुनसम्मत हुने भनी कम्पनी विरूद्ध फैसला भएकोमा उक्त फैसलालाई पुनरावलोकन गरी पाऊँ भनी २०८०।१२।१ मा कम्पनीले सर्वोच्च अदालतमा पुनरावलोकन दर्ता गरेको र सो मुद्दा विचाराधिन रहेको छ।

८. **दायित्वको लेखाङ्कन** - नेपाल लेखामान १९ (कर्मचारी लाभ) बमोजिम कम्पनीले उपदान, बिदा र औषधी उपचार खर्च गणना गर्दाको बखतमा योजना सम्पत्ति र निर्दिष्ट लाभ दायित्वको प्रतिफल बराबर हुनुपर्नेमा योजना सम्पत्तिको प्रतिफल दर १ प्रतिशत र निर्दिष्ट लाभ दायित्वको प्रतिफल दर ८.४ प्रतिशतको आधारमा गणना गर्दा रु.४ करोड ७७ लाख ३२ हजार हुनेमा कम्पनीले रु.५७ लाख २५ हजार मात्र

लेखाङ्कन गर्दा रु.४ करोड २० लाख ७ हजार कम लेखाङ्कन गरेको पाइयो। उल्लिखित अवस्थामा वित्तीय विवरणले यथार्थ दायित्व चित्रण गर्न सकेको छैन।

९. **अनुदानको लेखाङ्कन** - नेपाल लेखामान २० (सरकारी अनुदानको लेखाङ्कन) अनुसार अनुदानको लेखाङ्कन गर्दा सोसँग सम्बन्धी कुनै सर्त भए सो सर्तहरू पुरा भएपछि मात्र लेखाङ्कन गर्नुपर्दछ। कम्पनीले २०७९।८० को रासायनिक मल खरिदको अनुदान सो वर्ष प्राप्त भएको परिमाण बराबर मात्र आम्दानी लेखाङ्कन गर्नुपर्नेमा २०८०।८१ मा प्राप्त भएको रासायनिक मलबापतको रु.२४ करोड ६ लाखको आम्दानी पनि २०७९।८० मा नै आम्दानी बाँधेको छ। लेखामान अनुरुप लेखाङ्कन नगर्दा वित्तीय विवरणको यथार्थतामा आश्वस्त हुन सकिएन।

१०. **मल खरिद** - कम्पनीले यो वर्ष १ लाख ४२ हजार मेट्रिक टन युरिया, ८० हजार ११० मेट्रिक टन डी.ए.पी. र ५ हजार ९९ मेट्रिक टन पोटास गरी रासायनिक मल खरिदमा रु.२४ अर्ब ५६ करोड खर्च गरेको छ। अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट रासायनिक मल खरिद गर्दा कम्पनीले बोलपत्र आह्वान गर्ने समय र बोलपत्र खोल्ने समय गरी २ पटक लागत अनुमान तयार गर्ने गरेको छ। सार्वजनिक खरिद ऐन र कम्पनीको आर्थिक विनियमावलीमा २ पटक लागत अनुमान तयार गर्ने व्यवस्था नभए तापनि अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य साप्ताहिक रूपमा परिवर्तन हुने र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट खरिद गर्दा बोलपत्र पेश गर्न ४५ दिनको अवधि दिनुपर्ने कारण सो अवधिमा मूल्यमा ठुलो परिवर्तन आउने भएकाले २ पटक लागत अनुमान तयार गरी सुरूको लागत अनुमानको आधारमा बोलपत्र जमानत लिने र पछिल्लो लागत अनुमानको आधारमा बोलपत्रको मूल्याङ्कन गर्ने गरेको कम्पनीको जवाफ रहेको छ।

११. **मुद्दा** - विभिन्न मल आपूर्तिकर्ताहरूले कम्पनीसँग गरेको खरिद सम्झौताको सर्तअनुसार समयमा मल आपूर्ति गर्न नसकेपछि कम्पनीले कार्यसम्पादन जमानत जफत गरेकोमा उक्त आपूर्तिकर्ताहरू कम्पनीको निर्णयमा चित्त नबुझाई कानुनी उपचारका लागि विभिन्न तहका अदालत गएकोमा यस वर्षसम्म ११ मुद्दा अदालतमा विचाराधीन रहेका छन्।

दुग्ध विकास संस्थान (२०७९।८०)

उपभोक्तालाई गुणस्तरयुक्त प्रशोधित दुध तथा दुग्ध पदार्थ आपूर्ति गर्ने उद्देश्यले तत्कालीन दुग्ध विकास बोर्ड संस्थान ऐन, २०२१ को व्यवस्थाअनुसार नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी २०२६।४।१ मा संस्थानको स्थापना भएको हो। संस्थानमा नेपाल सरकारबाट सेयर पुँजी बापत रु.३६ करोड ६४ लाख २५ हजार प्राप्त भएको छ। संस्थानले हालसम्म गण्डकी प्रदेश बाहेक ६ प्रदेशमा आयोजना सञ्चालन गरी दुध प्रशोधन तथा बिक्री वितरण, चिज उत्पादन कार्य गर्नुका साथै ८ दुध तथा दुग्ध पदार्थ वितरण आयोजना र एक पशु आहारा उत्पादन कारखाना सञ्चालनमा ल्याएको छ।

१. **वित्तीय स्थिति** - संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
सम्पत्ति				
सम्पत्ति, प्लाण्ट र उपकरणहरू	२,६५,७९,४२		२,६४,८७,०१	
ख्याति र अमूर्त सम्पत्ति	३,९६		३,९६	

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
सहायक कम्पनीमा लगानी	१,२७,५०		१,२७,५०	
अन्य लगानी	२,४०,००		२,३४,०८	
अन्य गैर चालु सम्पत्ति	१,३५,४४		२,७०,५९	
कुल गैर चालु सम्पत्ति		**२७०८६३१**		**२७१२३१४**
मौज्दात	५१,३९,६९		३०,२१,८०	
व्यापारिक आसामी	२२,३९,३७		१८,५६,३३	
नगद तथा नगद समान	१९,३३,०२		२९,६५,८२	
चालु कर सम्पत्ति	३,४७,२४		३,१९,९७	
अन्य चालु सम्पत्ति	१९,८८,१५		२०,७०,५८	
कुल चालु सम्पत्ति		**११६४७४८**		**१०२३४५०**
जम्मा सम्पत्ति		**३,८७,३३,७९**		**३,७३,५७,६४**
पुँजी तथा दायित्व				
नेपाल सरकारबाट प्राप्त कोष	३६,६४,२५		३६,६४,२५	
जगेडा तथा कोषहरू	२,३४,८२,६२		२,३४,८२,६२	
सञ्चित नाफा/नोक्सान	(१,८३,३१,८६)		(१,२१,६१,२३)	
कुल कोष तथा जगेडा		**८८१५०१**		**१४९८५६४**
ऋण सापटी	३५,००,००		३५,००,००	
व्यवस्थाहरू	१,३६,८५,७८		१,१७,९५,९६	
स्थगन कर दायित्व	८,५६,३८		१०,६८,१७	
कुल गैर चालु दायित्व		**१८०४२१६**		**१६३६४१३**
ऋण सापटी	१४,५५,४९		२०,०८,४९	
व्यापारिक साहु	५६,९९,०२		१६,४७,७४	
व्यवस्थाहरू	१,८७		१,८७	
अन्य चालु दायित्व	४७,२०,२४		२३,४९,७७	
कुल चालु दायित्त्व		**११८७६६२**		**६००७८७**
जम्मा पुँजी तथा दायित्व		**३,८७,३३,७९**		**३,७३,५७,६४**

संस्थानको पुँजी रु.३६ करोड ६४ लाख रहेकोमा सञ्चित नोक्सानी पुँजीको तुलनामा ५ गुणा बढी अर्थात् रु.१ अर्ब ८३ करोड ३१ लाख ८६ हजार रहेको छ ।

२. **सञ्चालन नतिजा -** संस्थानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री	३,६१,८७,१३		३,८८,९६,९६	
अन्य व्यावसायिक आम्दानी	३,५२,४८		३,८९,८९	
कुल आम्दानी		**३,६५,३९,६१**		**३,९२,८६,८५**
बिक्री लागत खर्च	३,४३,४७,८४		३,६६,५१,२०	
वितरण खर्च	१३,४६,२३		१३,२५,८१	
प्रशासनिक तथा अन्य सञ्चालन खर्चहरू	२६,५९,२२		२५,०२,७१	
ह्रास खर्च	४,९९,२२		५,२१,८१	
उपदान खर्च	१५,०९,४१		१४,१६,९९	
सञ्चित बिदा खर्च	६,६४,४१		३,३५,३५	
व्याज खर्च	२,२५,३०		२,९६,२०	

विवरण	२०७९।८०		२०७८।७९	
कुल खर्च		४,१२,५१,६३		४,३०,५०,०७
कर अघिको नाफा/(नोक्सान)		(४७,१२,०२)		(३७,६३,२२)
स्थगन कर आम्दानी/(खर्च)	४४,७४		(३१,२१)	
कर पछिको नाफा (नोक्सान)		(४६,६७,२८)		(३७,९४,४३)

उल्लिखित विवरणअनुसार संस्थानको बिक्री आय गत वर्ष रु.३ अर्ब ९२ करोड ८६ लाख रहेकोमा यो वर्ष ७ प्रतिशतले न्यून भई घटी रु.३ अर्ब ६५ करोड ३९ लाख आम्दानी रहेको छ।

३. **क्षमता उपयोग -** यो वर्ष काठमाडौं, विराटनगर, हेटौंडा, जनकपुर, लुम्बिनी, नेपालगञ्ज र धनगढी दुग्ध वितरण आयोजनाहरूमा कच्चा दुध सङ्कलन क्रमशः १ करोड ७७ लाख ९९ हजार लिटर, ५९ लाख ७४ हजार लिटर, ४३ लाख २६ हजार लिटर, ९ लाख ४३ हजार लिटर, २० लाख ५२ हजार लिटर, २२ लाख ३५ हजार लिटर र १८ लाख ५६ हजार लिटर रहेको छ। यो वर्ष कच्चा दुधको सङ्कलन विवरणअनुसार उक्त आयोजनाहरूको वार्षिक क्षमता उपयोग (दैनिक ५ घण्टा पूर्ण रूपमा सञ्चालनमा रहँदा) क्रमशः ६५.०१, ६५.४७, ७९.०२, २५.८४, ३७.४९, १२२.४५ र १०१.७० प्रतिशत रहेको छ। सो आधारमा ४ आयोजनाले सङ्कलित कच्चा दुध जडित क्षमताको ७० प्रतिशतभन्दा न्यून उपयोग गरेको अवस्था छ। जडित क्षमताभन्दा कम क्षमतामा आयोजना सञ्चालन हुँदा दुध प्रशोधन खर्च बढ्न गएको, प्रशोधन क्षमताको पूर्ण उपयोग नभएको, क्षमताअनुसार कच्चा दुध सङ्कलन नभएको तथा नयाँ बजार प्रवर्धन प्रभावकारी नदेखिएको हुँदा व्यावसायिक कार्ययोजना बनाई जडित क्षमताको उपयोग गर्नुपर्दछ ।

त्यसैगरी संस्थानको पशु आहारा उत्पादन कारखाना आधाभन्दा कम क्षमतामा सञ्चालित छ। यसको वार्षिक क्षमता ७३ लाख किलोग्राम रहेकोमा २० लाख ९९ हजार किलोग्राम उत्पादन भएको छ। बजार प्रवर्धन गरी क्षमताअनुसार उत्पादन तथा बिक्री वितरण गर्नुपर्दछ ।

४. **भुक्तानी बाँकी -** संस्थानको नीति अनुरूप कृषकलाई कच्चा दुधको भुक्तानी १५ दिनमा गनुपर्दछ। संस्थानको काठमाडौं दुग्ध वितरण आयोजनामा रु.२७ करोड ५७ लाख ३४ हजार, विराटनगर दुग्ध वितरण आयोजनामा रु.१४ करोड ६२ लाख ४५ हजारसमेत ८ आयोजनामा कुल रु.५६ करोड ५७ लाख ६७ हजार कृषकलाई भुक्तानी दिन बाँकी रहेको देखिन्छ। संस्थानले यो वर्ष ८३ दिनको कच्चा दुध खरिद बापतको रु.२ अर्ब ४९ करोड २७ लाख १५ हजार भुक्तानी दिन बाँकी रहेको छ। भुक्तानी बाँकी सम्बन्धमा यकिन गरी संस्थानको नीतिअनुसार यथा समयमा भुक्तानी गर्नुपर्दछ ।

५. **अग्रिम भुक्तानी र दायित्व -** संस्थानको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६६ को विनियम १३२ मा प्रयोजन खुलाई अग्रिम भुक्तानीको विवरण राख्नुपर्ने र तोकिएको म्यादभित्र फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । संस्थानको केन्द्रीय कार्यालयको गत विगत वर्षदेखिको ३६ व्यक्ति तथा संस्थाको अग्रिम भुक्तानी रु.४ करोड ९४ लाख २६ हजार, काठमाडौं र जनकपुर दुग्ध वितरण आयोजनाको रु.३१ लाख ३६ हजार फर्स्यौट हुन बाँकी रहेको तथा केन्द्रीय कार्यालयको ६१ व्यक्ति तथा संस्थाको रु.४ करोड ८० लाख ८० हजार दायित्वको प्रयोजन खुल्ने गरी हिसाब नराखेकोले अग्रिम भुक्तानी तथा दायित्वको हिसाब यथार्थ रूपमा प्रस्तुत गरी फरफारक गर्नुपर्दछ।

६. **हिसाब भिडान -** संस्थानको आन्तरिक नियन्त्रण प्रणालीबमोजिम बिक्री शाखाले राखेको बिक्रीबापतको लिन बाँकी हिसाब तथा लेखा शाखाले राखेको हिसाब मिलान हुनुपर्ने व्यवस्था छ । संस्थानका विभिन्न ६ दुग्ध वितरण आयोजनामा बिक्री शाखा र लेखा शाखाबिच पार्टीगत रुपमा रु.९ करोड ६९ लाख ८३ हजार हिसाब फरक परेको छ। उल्लिखित फरक रकम सम्बन्धमा यकिन गरी हिसाबमिलान गर्नुपर्दछ।

७. **उधारो बाँकी -** संस्थानले आयोजनाबाट नियमित रूपमा दुध तथा दुग्ध पदार्थ खरिद गर्ने खरिदकर्ताबाट बैङ्क जमानत तथा नगद धरौटी राखी उधारोमा बिक्री गर्नुपर्नेमा काठमाडौं दुग्ध वितरण आयोजनासमेत ३ आयोजनाको बैङ्क जमानत तथा नगद धरौटीभन्दा रु.८ करोड ४३ लाख ८० हजार बढी उधारो बाँकी राखेको पाइयो। यसमा सुधार गर्नुपर्दछ।

८. **घटी दाखिला -** हेटौंडा दुग्ध वितरण आयोजनाको दुध तथा दुग्ध पदार्थ बिक्रीबापत एक डिस्ट्रिव्युटर्सले दाखिला गर्नुपर्ने रकमभन्दा घटी रकम बैङ्क दाखिला गरेको पाइयो। उक्त बैङ्कको गत विगत वर्षदेखिको हिसाब भिडान गर्दा रु.१ करोड २० लाख घटी दाखिला गरेको देखिन्छ। सञ्चालक समितिको २०७८।१२।२८ को निर्णयबाट २०७९।१।१९ मा निज डिस्ट्रिब्युटर विरूद्ध नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा उक्त रकम र ब्याजसहितको क्षतिपूर्ति असुल गर्न जाहेरी दिएकोमा उक्त मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको छ।

९. **व्यवस्था -** संस्थानको दायित्व अन्तर्गत परिभाषित कर्मचारी लाभ योजना दायित्व रु.१ अर्ब १० करोड ७५ लाख ११ हजार, सञ्चित विदा भुक्तानी व्यवस्था रु.२६ करोड ४८ हजार र शंकास्पद व्यवस्थाको लागी रु.१० लाख १९ हजार गरी रु.१ अर्ब ३६ करोड ८५ लाख ७८ हजार व्यवस्था रहेको छ।

नेपाल पशु चिकित्सा परिषद्

पशु चिकित्सा व्यवसायलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति, कार्ययोजना तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेस गर्ने, पशु चिकित्सकको योग्यता निर्धारण गरी नाम दर्ता तथा नियमन गर्ने, पशु चिकित्सकको आचारसंहिता लागु गर्नेजस्ता कार्य गर्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ५ अनुसार नेपाल सरकारबाट मनोनित पशु चिकित्सक अध्यक्षसमेत ११ सदस्यीय पदाधिकारी रहने गरी परिषद्को गठन भएको छ। परिषद् नेपाल सरकारबाट प्राप्त अनुदान र सेवा शुल्कलगायतको आम्दानीबाट सञ्चालन हुन्छ। परिषदमा ४ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति** - परिषद्को वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
स्थिर सम्पत्ति	३,५३,०४		३,७०,११	
चालु सम्पत्ति	२,९२,३२		२,५४,६४	
जम्मा		**६,४५,३६**		**६,२४,७५**
कोष र दायित्व				
परिषद् कोष र सञ्चित बचत	२,८२,३७		२,४१,५८	
पुँजीगत अनुदान	३,६२,९९		३,८३,१७	
जम्मा		**६,४५,३६**		**६,२४,७५**

२. **सञ्चालन नतिजा -** परिषद्को आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
नेपाल सरकारबाट प्राप्त अनुदान	१,६२,७२		१,५०,४१	
व्याज आय	१९,१८		१७,३३	
दर्ता शुल्कबाट आय	३१,९६		२९,२६	
उपदान कोषको लागि प्राप्त निकासा	८,४४		८,४४	
विविध आय	३,९५		५,०९	
अनुदानबाट प्राप्त सम्पत्तिको ह्रासकट्टी आम्दानीमा सारिएको	३३,९९		३३,३८	
कुल आम्दानी		**२,६०,२४**		**२,४३,९१**
प्रशासनिक खर्च	५४,९७		५५,७४	
कार्यालय सञ्चालन खर्च	८४,९१		७५,६६	
ह्रास खर्च	३६,१७		३४,५९	
कार्यक्रम खर्च	४३,४०		२४,६५	
कुल खर्च		**(२,१९,४५)**		**(१९०६४)**
बचत		**४०,७९**		**५३,२७**

यो वर्ष कार्यक्रम खर्च र कार्यालय सञ्चालन खर्च बढेको छ। गत वर्षको तुलनामा परिषद्को बचत २३.४३ प्रतिशतले घटेको छ।

३. **निरन्तर शिक्षा कार्यक्रम -** परिषद्मा दर्ता भएका सबै पशु चिकित्सक तथा विशेषज्ञसहित सबै तहका पशु सेवा प्राविधिकलाई विश्वमा भई रहेका पशु स्वास्थ्य सेवा सम्बन्धी प्रविधिबारे अद्यावधिक ज्ञान हासिल गर्न निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरी दक्षता तथा अनुभव हासिल गराउने परिषद्को मुख्य कार्य अनुरूप परिषद्ले स्मल एनिमल सर्जरी, एक्सरे, अल्ट्रासाउण्ड, फिड फर्मुलेसन, कृत्रिम गर्भाधान, जिल्लास्तरीय नमुना सङ्कलन जस्ता समसामयिक विषयमा तालिम सञ्चालन गर्दै आएको छ ।

स्यार्पु कृषि कम्पनी लिमिटेड

दुध सङ्कलन गरी रुकुमलाई दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउने र दुध तथा दुग्धजन्य पदार्थ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने उद्देश्यले स्यार्पु पावर कम्पनीको पूर्ण स्वामित्वमा कम्पनीको स्थापना २०७७।११।२ मा भएको हो। आयोजनास्थल रुकुमपश्चिम जिल्लाको मुसिकोटमा रहेको छ।

४. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति, प्लान्ट र उपकरण	२,५२,५२		१,११,६६	
निर्माण कार्य प्रगति	७,०६,०१		४,०६,९८	
स्थगन कर सम्पत्ति	७,३९		४,०९	
कुल गैर चालु सम्पत्ति		**९,६५,९२**		**५,२२,७३**
जिन्सी मौज्दात	०		०	
प्राप्त हुनुपर्ने	०		०	
नगद र बैङ्क मौज्दात	१६,६२		५०,५२	
अन्य चालु सम्पत्ति	९०,१६		१,०८,७८	
कुल चालु सम्पत्ति		**१,०६,७८**		**१,५९,३०**

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
कुल सम्पत्ति		**१०,७२,७०**		**६,८२,०३**
सेयर पुँजी	२,३१,००		१,८१,००	
रिजर्भ तथा सरप्लस	(२७,३६)		(१८,७५)	
अन्य इक्विटी	(२५)		०	
कुल इक्विटी		**२,०३,३९**		**१,६२,२५**
उधारो	७,५६,२८		४,१२,०४	
कर्मचारी दायित्व	४,६७		०	
कुल गैर चालु दायित्वहरू		**७,६०,९५**		**४,१२,०४**
व्यापारिक भुक्तानी गर्नुपर्ने	४९		०	
अन्य चालु दायित्व	१,०७,२२		१,०५,६२	
कर्मचारी दायित्व	६५		२,१२	
कुल चालु दायित्व		**१,०८,३६**		**१,०७,७४**
कुल इक्विटी र दायित्वहरू		**१०,७२,७०**		**६,८२,०३**

कम्पनीको वासलातअनुसार सेयर पुँजी रु.२ करोड ३१ लाखसमेत कुल इक्विटी तथा दायित्व रु.१० करोड ७३ लाख, सम्पत्ति, प्लान्ट तथा उपकरण रु.२ करोड ५३ लाख, निर्माण कार्य प्रगती रु.७ करोड ६ लाख समेत रु.१० करोड ७३ लाख कुल सम्पत्ति रहेको छ।

५. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरणहरू	२०८०।८१		२०७९।८०	
आम्दानी	०		०	
बिक्री लागत	०		०	
कुल नाफा/(नोक्सान)	०		०	
मूल्य ह्रास	१०,१९		२,०७	
प्रशासनिक तथा अन्य खर्च	१,७१		१,०९	
सञ्चालन नाफा/(नोक्सान)		**(११,९०)**		**(३,१६)**
बोनस अघिको नाफा/(नोक्सान)		**(११,९०)**		**(३,१६)**
कर अघिको नाफा/(नोक्सान)		**(११,९०)**		**(३,१६)**
स्थगन कर (खर्च)/आय	३,३०		३३	
खुद नाफा/(नोक्सान)		**(८,६०)**		**(२,८३)**

कम्पनीको दुग्ध उत्पादनका लागि डेरी भवन र मेशिनरी जडानको कार्य निर्माणाधिन रहेकाले यो वर्षको बिक्री आम्दानी शुन्य रहेको र खुद नोक्सानी रु. ९ लाख रहेको छ।

६. **कार्य प्रगति -** कम्पनीको डेरी भवन निर्माण कार्य २०७९।१।१६ मा सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग २०७८।८।६ मा रु.७ करोड ८ लाखको सम्झौता भएकोमा म्याद थप समेतमा वित्तीय प्रगति ८३.३५ प्रतिशत रहेको छ। त्यस्तै मेशिनरी सामान खरिद तथा जडान कार्य २०८०।१।२७ मा सम्पन्न गर्नेगरी एक प्रालिसँग २०७९।७।२८ मा रु.११ करोड ३१ लाखको सम्झौता भएकोमा म्याद थप समेतमा वित्तीय प्रगति १३.३० प्रतिशत मात्र रहेको छ। समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

खानेपानी मन्त्रालय

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (२०७९।८०)

खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ७ बमोजिम नेपाल सरकारले काठमाडौं उपत्यकाको नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ सेवालाई नियमित, व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न बोर्डको गठन गरेको हो। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बोर्डको स्वीकृत कर्मचारी दरबन्दी ५३ रहेकोमा २२ करारसहित ४८ पदपूर्ति भएको छ।

१. **वित्तीय स्थिति** - बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
पुँजीकोष तथा दायित्व				
स्थापनाको पुँजीकोष	१,०८,८३,०८		१,०८,८२,६९	
डेफर्ड अनुदान	१५,४७,५९,८३		१५,४५,३४,९५	
दीर्घकालीन ऋण (कुल)	२९,५९,९०,२३		३१,८५,६८,९३	
अवकाश पछिको सुविधा	४७,३५,८२		९६,१८,०१	
ऋण तथा ब्याज (चालु दायित्व)	६,५६,१०,०२		४,४७,०७,०५	
अन्य चालु दायित्व	१,८३,६९		१,१८,५५	
व्यवस्थाहरू	८,४७,७८		८,४७,७८	
सञ्चित नाफा/(नोक्सान)	(१,४९,५३,२४)		(१,६२,२६,४९)	
कुल दायित्व		**५१,८०,५७,२१**		**५२,३०,५१,४७**
सम्पत्ति				
स्थिर सम्पत्ति	१६,३१,०६,०२		६,१७,४८,६१	
निर्माणाधीन पुँजीगत सम्पत्ति	४८,७८,१६		४१,३९,०५	
ऋण लगानी	१,५०,४२,४०		१,३०,४२,४०	
जिन्सी मौज्दात	२,६९		३,५३	
नगद तथा बैङ्क मौज्दात	५,१७,१२,२३		१०,८५,३०,६४	
आसामी	३,३३,३९,०५		२,८४,८७,२२	
पेस्की	२४,९९,७६,६६		३०,७१,००,०२	
कुल सम्पत्ति		**५१,८०,५७,२१**		**५२,३०,५१,४७**

उल्लिखित विवरणअनुसार बोर्डको स्थिर सम्पत्ति गत वर्षको तुलनामा १६४.१४ प्रतिशतले वृद्धि भई यो वर्ष रु. १६ अर्ब ३१ करोड ६ लाख २ हजार पुगेको छ। त्यसैगरी आसामी गत वर्षको तुलनामा १७.०३ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ३३ करोड ३९ लाख ५ हजार पुगेको छ भने चालु दायित्वतर्फको ऋण तथा ब्याज ४६.७६ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ५६ करोड १० लाख २ हजार पुगेको देखिन्छ।

२. **सञ्चालन नतिजा** - बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
सञ्चालन आम्दानी	४५,४५,६३		४०,३७,२८	
अन्य आम्दानी	६३,४५		३८,७१	
वित्तीय आम्दानी	३०,४५,६१		१२,६२,००	
अनुदान आम्दानी	१,७५,६८		१,७५,६८	
जम्मा आम्दानी		**७८,३०,३७**		**५५,१३,६७**
कर्मचारी खर्च	१४,२२,५९		१२,३६,४७	
प्रशासनिक खर्च	३,३३,२५		३,३४,५२	
भूमिगत पानी व्यवस्थापन	८,८५,३५		६,८७,८०	
ह्रासकट्टी खर्च	४२,९९,६२		३१,०४,९४	
ब्याज खर्च	३१,८६,५५		३२,७६,४०	
इम्पेयरमेन्ट नोक्सान र (फिर्ता)	३,०३,५९		२,१३,३३	
जम्मा खर्च		**१,०४,३०,९५**		**८८,५३,४६**
खुद नाफा/(नोक्सानी)		(२६,००,५८)		(३३,३९,७९)

बोर्डको यो वर्षको जम्मा आम्दानी रु.७८ करोड ३० लाख ३७ हजार र जम्मा खर्च रु.१ खर्ब ४ अर्ब ३० करोड ९५ लाख भई खुद नोक्सानी रु.२६ अर्ब ५८ करोड कायम भएको छ। जुन गत वर्षको तुलनामा २२.१३ प्रतिशतले न्यून हो।

३. **ब्याज खर्च** - बोर्डले २०७९।८० मा एसियाली विकास बैङ्कलाई रु.१ अर्ब २२ करोड ७१ लाख ऋण भुक्तानी गरेकोमा सो ऋणमा सम्झौता अनुरुप तिर्नुपर्ने ब्याज रु.८ करोड ८४ लाख २१ हजार लेखाङ्कन गरेको देखिएन। ब्याज खर्च कम लेखाङ्कन भएकोले प्रस्तुत वित्तीय विवरणले सही र यथार्थ चित्रण गरेको छैन।

४. **बिमा कोष** - बोर्डले विगत वर्षहरूदेखि नै जीवन बिमा कोष व्यवस्था बापत रु.८ करोड ४७ लाख ७८ हजारको व्यवस्था जिम्मेवारी सार्दै ल्याएको छ। तर एक्च्युरीबाट प्रत्येक वर्ष प्रतिवेदन प्राप्त गरी परिभाषित सुविधा योजना दायित्वको व्यवस्था गरेका कारण २०७८।७९ देखि सो व्यवस्था आवश्यक देखिँदैन। अतः उक्त रकमलाई सुविधा योजनाको दायित्वमा समायोजन गर्नुपर्दछ।

५. **पेस्की** - आयोजना कार्यान्वयन निर्देशनालयलाई बोर्डले २०८० आषाढ मसान्तसम्म रु.२४ अर्ब ७६ करोड ५२ लाख पेस्की प्रदान गरेको छ। उक्त पेस्कीबाट निर्देशनालयले २०७९।८० मा रु.९ अर्ब ६२ करोडको पाइपलाइन शीर्षकमा सम्पत्ति पुँजीकरण गरेकोमा उक्त सम्पत्तिको एकाइ, दर र कार्य सम्पन्न मितिसहितको कार्यसम्पन्न प्रतिवेदन लेखापरीक्षणको क्रममा पेस नभएकोले तोकिएको काममा खर्च भए नभएको सम्बन्धमा यकिन हनु सकेन।

६. **आसामी हिसाब** - आसामी अन्तर्गत रहेको अन्य आसामी रु.३ अर्ब ३२ करोड ७८ लाखमध्ये काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा गरिएको ऋण लगानीमा २०७९।८० सम्म पाउनु पर्ने ब्याज रु.२० करोड ३३ लाख ५२ हजार, प्राप्त हुनुपर्ने अनुमति दस्तुर रु.८ करोड ८२ लाख ४० हजार, लिज फी पार्ट ए वापत रु. ४४ करोड ८४ लाख ६५ हजार, लिज फी पार्ट बी बापत रु.२ अर्ब ३६ करोड ५८ हजार, जनसहभागिता आम्दानी रु.४६ लाख ३१ हजार, जिवन बिमा कोष बापत रु.१ करोड ६०

लाख २० हजार र महसुल तथा जरिवानाबापत रु.२० करोड ७० लाख ५६ हजार विगत वर्षदेखि जिम्मेवारी सार्दै आएको र यस वर्षसमेत असुल नभएकोले उक्त रकम असुल गर्नुपर्दछ।

७. **हिसाब भिडान** - सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०७९।११।२१ को पत्रानुसार बोर्ड र कार्यालयबिच म्याद नाघेको साँवा रु.८ करोड ८२ लाख ९२ हजार र ब्याज रु.१ अर्ब २० करोड २७ लाख ९७ हजारसमेत रु.१ अर्ब २९ करोड १० लाख ८९ हजारको हिसाब फरक परेकोले उक्त हिसाब भिडान गर्नुपर्दछ।

८. **बक्यौता महसुल** - बोर्डको २०७९।८० को कुल बक्यौता महसुल रु.६० करोड ८१ लाख ३० हजार रहेको छ। तत्कालीन खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको उक्त बक्यौता उठाउन बोर्डले पर्याप्त प्रयास गरेको देखिएन। बोर्डको कार्यकारी समितिको निर्णयबिना नै २०७९।८० को वित्तीय विवरणमा रु.६० करोड २० लाख ४९ हजार अर्थात् उक्त बक्यौताको ९९ प्रतिशत अनुमानित नोक्सानी व्यवस्था गरेको छ। असुल गर्न पर्याप्त पहलनगरी नोक्सानी व्यवस्था गरेको उचित देखिएन।

नेपाल खानेपानी संस्थान (२०७९।८०)

नेपाल सरकारले तोकिदिएको क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउनु तथा ढल निकास प्रणालीको समुचित व्यवस्था गर्न नेपाल खानेपानी संस्थान ऐन, २०४६ को व्यवस्थाअनुसार नेपाल खानेपानी संस्थान २०४६।११।१५ मा स्थापना भएको हो। नेपाल सरकार(खानेपानी मन्त्रालय) को पूर्ण स्वामित्वमा स्थापित संस्थानले २२ शाखा कार्यालयमार्फत सेवा पुऱ्याउदै आएको छ। संस्थानमा ८३४ कर्मचारीको दरबन्दी स्वीकृत भई स्थायी २९७ र करारमा ३१५ समेत ६१२ कर्मचारीहरू कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
सम्पत्ति				
सम्पत्ति, प्लान्ट र उपकरण	९,९९,९०,११		९,४५,४९,८०	
पुँजीगत कार्य प्रगति	३,१९,०२,४०		२,७१,२३,२९	
अन्य गैर चालु सम्पत्ति	१,५३,२३		१,५३,२३	
सम्पत्ति प्रयोग अधिकार	३,०९		-	
कुल गैर चालु सम्पत्ति		**१३,२०,४८,८३**		**१२,१८,२६,३२**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	४५,२२,७५		६०,४१,२७	
व्यापारिक प्राप्य	७९,७१,१९		७३,३१,६६	
नगद तथा नगद सरह	३,३९,४८,११		४,१६,७६,१९	
अन्य कर प्राप्य	१५,३४,६०		१०,७७,३८	
अन्य चालु सम्पत्ति	२०,०३,०६		२२,२०,४५	
कुल चालु सम्पत्ति		**४,९९,७९,७१**		**५,८३,४६,९५**
कुल सम्पत्ति		**१८,२०,२८,५४**		**१८,०१,७३,२७**
इक्विटी				
सेयर पुँजी	३४,७५,७६		३४,७५,७६	
सञ्चित नाफा/(नोक्सान)	(७०,०३,७४)		(२७,४१,६७)	
फेयर भ्यालु रिजर्भ	२,८५,९४,९५		२,८५,९४,९५	

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
अन्य इक्विटी	५१,५४,७५		४९,८९,५२	
कुल इक्विटी		**३,०२,२१,७२**		**३,४३,१८,५६**
गैर चालु दायित्व				
ऋण र उधारो	१२,२३,५८,२९		१२,२२,३५,९३	
लिज दायित्व	-		-	
स्थगित अनुदान आय	१४,९१,४०		१४,७७,२२	
कर्मचारी सुविधा दायित्व व्यवस्था	४३,८४,१७		३८,०७,४०	
कुल गैर चालु दायित्व		**१२,८२,३३,८६**		**१२,७५,२०,५५**
चालु दायित्व				
ऋण र उधारो	३४,४९,८१		१४,२७,२९	
व्यापारिक तथा अन्य भुक्तानी दिन बाँकी	१,९४,६४,२६		१,५१,७९,५२	
लिज दायित्व	३,१६		-	
कर्मचारी सुविधा दायित्व व्यवस्था	६,३५,०८		१७,२२,६७	
अन्य चालु दायित्व	२०,६५		४,६८	
कुल चालु दायित्व		**२,३५,७२,९६**		**१,८३,३४,१६**
कुल दायित्वहरू		**१५,१८,०६,८२**		**१४,५८,५४,७१**
कुल इक्विटी तथा दायित्व		**१८,२०,२८,५४**		**१८,०१,७३,२७**

संस्थानको सञ्चित नोक्सानी गत वर्षसम्म रु.२७ करोड ४१ लाख ६७ हजार रहेकोमा यो वर्षको कुल नोक्सानी रु.४० करोड ९६ लाख ८५ हजार र नेपाल वित्तीय प्रतिवेदनमानअनुसार विगतमा आम्दानी लेखाङ्कन गरिएको अनुदान रु.१ करोड ६५ लाख २३ हजारलाई अन्य पुँजी कोषमा स्थानान्तरण गर्दा सञ्चित नोक्सानी रु.७० करोड ३ लाख ७४ हजार पुगेको छ।

संस्थानले यो वर्ष स्थिर सम्पत्तिमा रु.९ अर्ब ९९ करोड ९० लाख ११ हजारको भवन, भूमि, सर्भिस रिजर्भायर, पाइप लाइन, ढल, वेल, विद्युत उपकरण र अन्य गरी अनुसूचीमा उल्लेख गरेको छ। सम्पत्तिको नाम, मोडल र स्पेसिफिकेशन, कोड नं., जग्गाधनी नम्बर, ह्रासकट्टी रकम, प्रयोग भएको स्थान, सम्पत्तिहरूको हालको अवस्था, खरिद वा हस्तान्तरण भएको मिति र मूल्य, निर्माण सम्पन्न भएको मिति र कार्यसम्पन्न मूल्य, योजनाहरू रहेको स्थान आदि खुल्ने गरी स्थिर सम्पत्तिको अभिलेख अद्यावधिक नरहेकोले स्थिर सम्पत्तिको उचित व्यवस्थापन तथा सदुपयोग हुन सकेको छैन।

२. **सञ्चालन नतिजा** - संस्थानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
सञ्चालन आय	७५,१७,२६		६९,३३,७०	
अन्य सञ्चालन आय	४,१०,२०		२,३६,७१	
कुल सञ्चालन आय		**७९,२७,४६**		**७१,७०,४१**
मौज्दात, उपभोग सामग्री र सञ्चालन लागत	१,०४,३१		८८,५५	
कर्मचारी लाभ खर्च	४०,४६,४३		३७,७०,२७	
बिक्री र वितरण खर्च	६,८९		८,५१	
बिजुली, इन्धन र उपयोगिताहरू	१०,८०,२७		६,३४,९२	
प्रशासनिक र परिचालन खर्च	६,०१,३१		५,२४,७०	

विवरण	२०७९।८०		२०७८।७९	
मर्मत तथा सम्भार खर्च	१७,३७,३७		१४,१६,२१	
हानी नोक्सानी	७१,०६		१५,०२	
अवमूल्यन र परिशोधन	२५,३४,६९		२०,०५,४७	
कुल सञ्चालन खर्च		**(१,०१,८२,३३)**		**(८४,६३,६५)**
सञ्चालनबाट नाफा/(नोक्सानी)		**(२२,५४,८७)**		**(१२,९३,२४)**
वित्त लागत	४९,५६,६८		४१,९९,६३	
वित्त आय	३०,८३,६३		२०,३६,२६	
नाफा/(नोक्सान)करबाहेक		**(४१,२७,९२)**		**(३४,५६,६१)**
चालु कर खर्च		-		-
यो वर्षको खुद नाफा/नोक्सान		**(४१,२७,९२)**		**(३४,५६,६१)**
सम्पत्ति पुनर्मूल्याङ्कनबाट प्राप्त नाफा/(नोक्सान)		**३१,०७**		**(४,०६,३५)**
कुल विस्तृत नाफा/(नोक्सानी)		**(४०,९६,८५)**		**(३८,६२,९६)**

कर्मचारी, इन्धन तथा मर्मतसम्भार खर्चमा गत वर्षभन्दा उल्लेखनीय वृद्धि भएकोले उक्त खर्चमा मितव्ययिता अपनाउनुपर्दछ।

संस्थानको खानेपानी महसुल निर्धारण आयोगले २०७०।११।१ मा निर्धारण गरेको महसुल दरबमोजिम महसुल उठाउँदै आएको छ। यो अवधिमा कर्मचारी खर्च, मर्मत खर्च, इन्धन खर्चलगायतमा वृद्धि भएको छ। राजविराज, जनकपुर, जलेश्वर, गौशाला, लाहान, मलंगवा, गौर, तौलिहवा, महेन्द्रनगर र बहादुरगञ्ज शाखाको खुद पानी महसुल प्रत्यक्ष लागतभन्दा निकै कम रहेको छ। केही शाखाको कुल नोक्सानी शतप्रतिशतभन्दा पनि बढी रहेको छ। कुल नाफा नकारात्मक छ। त्यस्तै केही शाखामा धाराहरूको सङ्ख्या विगतको तुलनामा यथावत रहेकोमा उक्त धाराबाट सङ्कलन हुने पानी महसुल गत वर्षभन्दा न्यून लेखाङ्कन भएको छ। उल्लिखित बेहोराले संस्थानको यथार्थ आयलाई प्रतिविम्बित गरेको छैन।

३. **लक्ष्य प्रगति** - संस्थानले यो वर्ष पुँजीगततर्फ रु.४ अर्ब ९० करोड ४ लाख खर्च गर्ने लक्ष्य राखेकोमा रु.१ अर्ब २० करोड ९४ लाख (२४.६८ प्रतिशत) खर्च गरेको देखियो। संस्थानले विनियोजनअनुसार खर्च गर्न नसक्नुका कारण पहिचान गरी सोको सुधारबाट निर्दिष्ट लक्ष्य हासिल गर्नुपर्दछ।

४. **खरिद व्यवस्थापन -** संस्थानले यो वर्ष मालसामन खरिद निर्माण तथा मर्मत कार्यका लागि रु.१ अर्ब २० करोड ९४ लाख खर्च गरेको छ। खरिद तथा निर्माण कार्य गर्दा संस्थानले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम खरिदको गुरु योजना तथा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था भएकोमा सोअनुसार गरेको पाइएन। सोही ऐनको दफा ५ बमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा संस्थानको प्रधान कार्यालय, वीरगन्ज, धनगढी र बनेपा कार्यालयले रु.८७ लाख ५९ हजारको टुल्स तथा जी आई पाइप खरिद गर्दा लागत अनुमान तयार गरेको पाइएन। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार रु.१० लाखभन्दा बढी रु.२० लाखसम्मको निर्माण कार्य र मालसामान खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था विपरित संस्थानका पोखरा, विराटनगर, वीरगन्ज, गौशाला र बनेपा कार्यालयले समान प्रकृतिका कामलाई टुक्रा पारी रु.२ करोड ७२ लाख ५६ हजारको सामान खरिद तथा निर्माण कार्य गरेका छन्। नियमावलीको नियम ३१(१) बमोजिम २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य,

मालसामान वा जुनसुकै सेवा खरिद गर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा संस्थानको धनगढी शाखाले रु.७५ लाख ७ हजारको समान प्रकृतिका मालसामान खरिदको कार्यलाई टुक्रा पारी सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको छ। खरिद सम्बन्धी प्रचलित कानुनी प्रक्रिया विपरीतका खरिदमा आवश्यक छानविन हुनुपर्दछ। संस्थान र यसका शाखा कार्यालयहरूले खरिद कार्यलाई मितव्ययी र प्रतिस्पर्धी बनाउन सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमका प्रक्रिया अवलम्वन गरी खरिद कार्य सम्पन्न गर्नुपर्दछ।

५. **दीर्घकालीन ऋण तथा लगानी -** यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५.१. संस्थानमा नेपाल सरकार तथा विश्व बैङ्कले उपलब्ध गराएको ऋण समेत यस वर्षसम्म रु.१२ अर्ब २३ करोड ५८ लाख दीर्घकालीन ऋण र रु.३४ करोड ५० लाख चालु ऋणसमेत रु.१२ अर्ब ५८ करोड ८ लाख ऋण रहेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको २०७९।८० को वार्षिक प्रतिवेदनअनुसार नेपाल खानेपानी संस्थानको २०८० असार मसान्तको वैदेशिक ऋण रु.५ अर्ब ३१ करोड ३३ लाख ७८ हजार रहेकोमा संस्थानको लेखा अनुसार जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (जाईका)को रु.१ अर्ब १६ करोड ९५ लाख ८७ हजार मात्र ऋण देखिएकोले रु.४ अर्ब १४ करोड ३७ लाख ९१ हजारको हिसाब फरक परेको छ। आन्तरिक ऋणतर्फ सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार २०८० असार मसान्तको ऋण रु. ११ अर्ब ४६ करोड ८४ लाख रहेकोमा संस्थानको लेखा अनुसार रु.११ अर्ब ४१ करोड १२ लाखमात्र ऋण देखिएकोले रु.५ करोड ७२ लाखको फरक परेको छ। उक्त फरक रकमको हिसाब मिलान गरी खाता अद्यावधिक गर्नुपर्दछ।

५.२. नेपाल सरकार तथा जाईकाबिच भएको अनुदान सम्झौताबमोजिम संस्थानले पोखरा खानेपानी सुधार आयोजनाको लागि रु.१ अर्ब १६ करोड ९५ लाख ८७ हजार दीर्घकालीन ऋण लिएकोमा निर्माणाधीन कार्यको विस्तृत सर्भे प्रतिवेदन, लागत अनुमान, खरिदलगायतका कुनैपनि कागजात लेखापरीक्षणमा उपलब्ध नभएकोले उक्त रकम यकिन गर्न सकिएन। संस्थानले २०७७।७८, २०७८।७९ र २०७९।८० मा यस शीर्षक अन्तर्गत कुनै पनि लेखाङ्कन नगरेकोले वर्षान्तमा कायम ऋण एवं पुँजीगत खर्च यकिन हुन सकेन।

६. **सेवा प्रवाह -** संस्थानले २२ शहरी क्षेत्रमा १ लाख ४६ हजार धारामार्फत नियमित रुपले खानेपानी सुविधा उपलब्ध गराउँदै आएको छ। खानेपानीको बिलिङ्ग विद्युतीय प्रणालीबाट गर्ने व्यवस्था भए तापनि गुनासो लिखितरुपमा गर्नुपर्ने अवस्था छ। गुनासो सुनुवाईको अनलाईन व्यवस्था गरी ग्राहकको समस्या शिघ्र समाधान गर्नुपर्दछ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

गुठी संस्थान (२०७८।७९)

देशभित्र रहेका राजगुठी, छुट गुठी, निजी गुठीलगायतका सबै गुठीको उचित व्यवस्था गर्ने उद्देश्यले संस्थान ऐन, २०२१ बमोजिम संस्थानको स्थापना भएको हो। संस्थान अन्तर्गत काठमाडौं उपत्यकामा कालमोचन, भद्रकाली, पशुपतिनाथ मन्दिर परिसर, भक्तपुर, ललितपुर, धुलिखेल, जनकपुरधाम, जलेश्वर र वीरगंजमा शाखा रहेका छन्। यसका साथै कुत तथा वाली असुली विभिन्न मालपोत कार्यालयबाट पनि हुने गरेको छ।

१. **आय व्यय विवरण -** संस्थानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०७९		३२ आषाढ, २०७८	
गत वर्षको जिम्मेवारी		**४,७३,१४,८४**		**४,४२,६७,५१**
आय				
कर्मचारी कल्याण कोष	१,९१		१,३८	
घर जग्गा सापटी कोष	६०,३९		१,४८,८१	
पेन्सन उपदान कोष	१७,७३,६३		५,४३,७५	
अक्षय कोष	६,२०,६८		६,३४,४१	
शाखा आम्दानी	१४,९८,३५		१२,५९,८५	
मालपोत कार्यालय आम्दानी	१,३९,८२		३,४६,२६	
ब्याज	२९,८९,३४		२२,४१,९०	
घर भाडा	२,०९,५२		१,५८,३७	
शाखा निकाशा फिर्ता			२,०१,८९	
अन्य आय			७९,५३	
कुल आय		**५,४६,०८,४८**		**४,९८,८३,६६**
व्यय				
प्रशासनिक खर्च	१३,२७,४०		११,४९,४८	
पर्व पुजा खर्च	११,०२,६२		९,२६,९१	
निर्माण तथा मर्मत संभार	१,३६,७७		१,९१,९४	
विविध खर्च	४५,८२		२६,९५	
कुल खर्च		**(२६,१२,६१)**		**(२२,९५,२८)**
कोष खर्च				
कर्मचारी कल्याण तथा घरजग्गा सापटी कोष	१,५३		१	
पेन्सन उपदान/अक्षय कोष	१,६०,६६		२८	
गुठीकोष अन्य खर्च	६,०४,१८		२,७३,२५	
कुल कोष खर्च		**(७,६६,३७)**		**(२,७३,५४)**
आगामी वर्षको लागि जिम्मेवारी		**५,१२,२९,५०**		**४,७३,१४,८४**
कुल व्यय		**५,४६,०८,४८**		**४,९८,८३,६६**

२. **वित्तीय प्रतिवेदनमान -** सरकारी संस्थानले २०७३।७४ बाट लागू भएको वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। संस्थानले वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार नगरेकोले संस्थानको लेखा मार्गदर्शन परिमार्जन गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ।

३. **लेखा प्रणाली -** आर्थिक प्रशासन विनियमावली, २०६३ बमोजिम संस्थानले आर्थिक कार्यविधि तयार नगरेको र विनियम ४.१(१) अनुसार लेखा व्यवस्था दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित हुने उल्लेख भएकोमा सम्पत्ति, दायित्व, खर्च तथा आम्दानीको विवरण स्पष्टसँग नराखेको तथा सन्तुलन परीक्षण समेत तयार नगरेकाले दोहोरो लेखा प्रणालीको आधारमा लेखा राखेको छैन। आय तर्फ कुनै आय नगद तथा कुनै प्रोदभावी आधारमा लेखाङ्कन गरिएकाले आम्दानी लेखाङ्कनका आधारमा एकरुपता छैन। विनियोजनतर्फ निकासा दिएको रकमलाई खर्चमा देखाएको र निकासा फिर्तालाई आम्दानी देखाएकाले लेखाको सर्वमान्य सिद्धान्त अनुसार खर्च लेखेको पाइयो। हिसाब मिलान नभएको रकमलाई स्रोत नखुलेको आय भनी देखाएको छ।

संस्थानले पुँजीगत खर्चलाई सञ्चालन खर्चमा र पेश्कीलाई पेश्की फछ्यौंट नहुँदै खर्चमा समावेश गरेकाले पुँजीगत खर्च तथा सञ्चालन खर्च यथार्थपरक छैन। मातहतमा रहेका स्थिर सम्पत्तिलाई एकीकृत गरी अभिलेख नराखेको तथा वासलातसमेत तयार गरेको छैन।

४. **मालपोतबाट प्राप्त आम्दानी -** विभिन्न मालपोत कार्यालयबाट गुठी जग्गाहरूमा लाग्ने मालपोत र कुतवाली असुली रकम प्राप्त गरेतापनि सम्बन्धित मालपोत कार्यालयबाट मास्केवारी, टिप्पणी र बैङ्क दाखिला भौचर लिने गरेको छैन। मालपोत कार्यालयबाट गुठी कुतवाली रकम असुली गर्दा, पछिल्लो पटक तिरेको रसिद उपलब्ध नभएमा वक्यौतामा जरिबाना सहित हिसाब गरिने अभ्यास रहेको र रसिद भिडान नगर्दा कुतबाली र जरिबाना यथार्थपरक भएको भनि विश्वस्त हुने आधार छैन।

५. **सम्पत्ति व्यवस्थापन -** गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को नियम १७(१) बमोजिम संस्थानले आफ्नो अधिकार क्षेत्रभित्रको जग्गा सम्बन्धी छुट्टै लगत तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। मुलुकभर ७० जिल्लामा संस्थानको जग्गा रहेको छ। संस्थानसँग जिल्लागत जग्गाको अभिलेख नभएको तथा जग्गाको विवरण अद्यावधिक रहेको छैन। संस्थानले ६८ जिल्लामध्ये पहाडमा ५ लाख ६१ हजार ९९० रोपनी र तराईमा ६६ हजार ३३० विगाह जग्गा गुठीको नाममा रहेको देखाएको छ। विभिन्न सरकारी निकायले प्रयोग गरिआएको जग्गाहरूको स्थान, कित्ता नम्बर तथा क्षेत्रफल तथा आफ्नो स्वामित्वमा रहेको गुठी तैनाथी, गुठी अधिनस्थ, गुठी रैतानी, गुठी नम्बरी र गुठी ऐलानी जग्गाको विस्तृत विवरण साथै मठमन्दिरमा रहेको अमूल्य गरगहना तथा सम्पत्तिको लगत व्यवस्थित रूपमा राखेको छैन। गुठी संस्थानको नाममा रहेका जग्गा तथा सम्पत्तिको अभिलेख र संरक्षण एवं उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ।

६. **जग्गा अतिक्रमण -** संस्थानको अतिक्रमित जग्गाको सम्वन्धमा रहेका बेहोराहरू निम्नानुसार छन्:

६.१. अतिक्रमित जग्गाको व्यवस्थित अभिलेख नभए तापनि धनुषामा ४३ विगाहा ११ कट्ठा, महोत्तरीमा ९८ विगाहा ८ कट्ठा, बारामा २७ विगाहा, काठमाडौंमा १४ रोपनी, ललितपुरमा १२ रोपनी, पर्सामा ७ विगाहा, भक्तपुरमा २ रोपनी, जनकपुर क्षेत्र विकास परिषद् अन्तर्गतका राम मन्दिर गुठी, लक्ष्मण मन्दिर गुठी, रत्नसागर गुठी, दशरथ मन्दिर गुठी, हनुमान नगर गुठीलगायतका गुठीहरूको विभिन्न १ हजार १८८ कित्ता र दाङको नारायणपुरमा रहेको करिव १५७ रोपनी जग्गा अतिक्रमणमा परेको उल्लेख गरेको छ।

६.२. काठमाडौं महानगरपालिका वडा नं. ७, गुह्येश्वरी स्थित गुह्येश्वरी सिन्दुर चन्दन तैनाथी गुठी जग्गा कि.नं. ८४ को ४-९-२-२ क्षेत्रफल जग्गा अतिक्रमणमा रहेको देखिन्छ। उक्त जग्गाको दुबैतर्फ बाटो बनाइएको, पूर्वतर्फ अतिक्रमण गरी करिव १५/१६ साना ठूला घर (पक्की समेत), टहरा निर्माण गरेको, पश्चिमतर्फ टोल सुधार भवन र खेलमैदान बनाइएको र १-२-०-० रोपनी मात्र सुरक्षित रहेको छ। पछिल्लो पटक अतिक्रमण हटाउन २०७४।१२।१ मा संस्थानले पुनः निर्णय गरे तापनि हटाउन सकेको छैन।

६.३. भण्डारेश्वर गुठीको काठमाडौं महानगरपालिका वडा नं. ७ स्थित कि.नं. ९ र १० को क्रमशः ३-२-३-० रोपनी र ५-९-२-१ रोपनी जग्गा अतिक्रमण भएकोमा गुठी जग्गा सन्यासीहरूको समाधीको लागि र पशुपतिमा दैनिक भीमसेनपाती चढाउनका लागि स्थापना गरिएको संस्थानले जनाएको छ। जग्गाको स्थलगत निरीक्षण गर्दा स्थानीय बासिन्दाहरूले संस्थानको स्वीकृति बेगर जग्गाको बिचबाट मोटरबाटो तथा टहरा बनाई व्यवसाय सञ्चालन गरेको, ग्रील उद्योग समेत सञ्चालन गरेको पाइयो। संस्थानले अतिक्रमण हटाउन पटक पटक पत्राचार गरेतापनि स्थिति यथावत् छ।

६.४. का.म.न.पा.२ (क) कित्ता नं.४१ को टेकु जगन्नाथ मन्दिरको तैनाथी गुठी जग्गा अतिक्रमणमा परेको र संस्थानको स्वीकृति वेगर पुराना सामग्री संकलन गर्ने गरी व्यापारिक प्रयोजनार्थ उपयोग गरेको देखिन्छ। सोही जग्गामा रहेका मन्दिरका सत्तलहरूमा समेत केही परिवार बसोबास गरेको देखिन्छ।

गुठीको जग्गा अतिक्रमण भएको, रैकरमा परिणत भएको, सार्वजनिक बाटोको रूपमा प्रयोग भएको छ। लगत अद्यावधिक गरी अतिक्रमण हटाई जग्गा संरक्षण गर्नुपर्दछ।

७. **कानुनी निरोपण -** संस्थानसँग सम्वन्धित सर्वोच्च अदालतसमेतका ६ अदालतमा २०७७।७८ सम्मका २ हजार १०२ र सो पश्चात्का १२२ समेत २ हजार २२४ मुद्दा फैसला हुन बाँकी छन्। संस्थानसँग भएको लगतअनुसार २०५० सालदेखि बाँकी रहेका मुद्दा फर्स्यौंटको लागि संस्थानले प्रतिरक्षा गर्ने कार्यमा प्रभावकारिता देखाएको छैन। यसबाट संस्थानलाई पर्न सक्ने दायित्व यकिन हुन सकेको छैन।

८. **लगानी नीति -** संस्थानले लगानी नीति तर्जुमा नगरी अक्षय कोषको रु.३ अर्ब २८ करोड तथा पेन्सन कोषको रु.९३ करोड समेत रु.४ अर्ब २१ करोड मुद्दती खातामा राखेको छ। उक्त लगानीको स्थिति र प्रतिफलको विश्लेषण तथा समीक्षा भएको देखिएन। यसले गर्दा सम्भावित प्रतिफल आर्जन तर्फ संस्थान व्यवस्थापनले पर्याप्त ध्यान पुऱ्याएको देखिएन। विगतका वर्षहरू देखि नै संस्थान बचतमा रहेकाले अधिक प्रतिफल आउने सुरक्षित क्षेत्रमा लगानी गर्नुपर्दछ।

राष्ट्रिय सहकारी विकास बोर्ड (२०७८।७९)

राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ का आधारमा राष्ट्रिय स्तरमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरूको विकासमा सघाउने उद्देश्यले बोर्डको स्थापना भएको हो। नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मातहत रहेको बोर्डले सहकारी विकास सम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जुमामा सहयोग तथा सहकारी विकास सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने कार्य गर्दै आएको छ।

१. **वित्तीय स्थिति -** बोर्डको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०७९		३१ आषाढ २०७८	
कोष तथा दायित्व				
साधारण जगेडा कोष	२४,६६,९१		२६,५१,२९	
पुँजीगत जगेडा कोष	१,१०,३९,७८		१,१०,३९,७८	
सहकारी विकास कोष	१३,४३,१०		१३,१९,८५	
कर्मचारी उपदान कोष	३,०७,५६		३,०८,५१	
कल्याणकारी सापटी कोष	८०,०७		७८,६७	
शंकास्पद हिसाब	३,४७,९५		३,०२,३३	
भुक्तानी दिनुपर्ने संघ संस्था तथा व्यक्ति	९४,२०		९८,७३	
घरभाडा, संघ संस्था धरौटी तथा कर	१,२९,८९		१,१३,३१	
कुल कोष तथा दायित्व		**१,५८,०९,४६**		**१,५९,१२,४७**
सम्पत्ति				
स्थिर सम्पत्ति	१,२८,१७,२२		१,२९,१०,६०	
ऋण लगानी	१०,१३,४३		१०,५२,६२	
सेयर लगानी	७०,४८		७०,४८	
पाउनु पर्ने हिसाब	५,७०,४९		५,५२,३७	
बैङ्क मौज्दात	१३,३७,८४		१३,२६,४०	
कुल सम्पत्ति		**१,५८,०९,४६**		**१,५९,१२,४७**

२. **सञ्चालन नतिजा -** बोर्डको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७८।७९		२०७७।७८	
आय				
अनुदान प्राप्त	३०,९९		४,६०,७२	
घरभाडा	२,९१,९७		३,६२,४५	
व्याज	१०,४४		५,१०	
गौशाला	८४,१३		८४,२९	
विविध	८६		६,६३	
कुल आय		**४,१८,३९**		**९,१९,१९**
व्यय				
कर्मचारी तथा पदाधिकारी तलब तथा भत्ता	१,६१,२०		२,३०,२५	
कार्यालय सञ्चालन खर्च	२,५०,३३		३,१०,९९	
कार्यक्रम खर्च	१,६७,६७		२,०४,८४	
कुल व्यय		**५,७९,२०**		**७,४६,०८**
नाफा/(नोक्सान)		**(१,६०,८१)**		**१,७३,११**

बोर्ड गत वर्ष रु.१ करोड ७३ लाख ११ हजार सञ्चालन नाफामा रहेकोमा यो वर्ष रु.१ करोड ६० लाख ८१ हजार सञ्चालन घाटामा रहेको देखिन्छ।

३. **आयकर छुट -** आयकर ऐन, २०५८ अनुसार कुनै पनि संस्था आयकर मुक्त हुन आन्तरिक राजस्व कार्यालयबाट आयकर छुट प्रमाणपत्र लिनुपर्ने व्यवस्था छ। बोर्डले वित्तीय विवरणमा आयकर व्यवस्था नगरेको र हालसम्म आय विवरण पेस गरेको छैन। आयकर छुट प्रमाणपत्र प्राप्त नगरेको अवस्थामा कर दाखिला गर्नुपर्दछ।

४. **भरतपुर बसपार्क -** बोर्डको २०६०।८।२३ को निर्णयअनुसार भरतपुर नगरपालिकालाई बोर्डको स्वामित्वमा रहेको भरतपुर नगरपालिका वडा नम्वर ९ स्थित कित्ता नम्वर २४३६ को ४ बिगाहा ९ कठ्ठा ११ धुर जग्गा एवं नगरपालिकाको स्वामित्वमा रहेको जग्गा समेत ७ विघा ९ कठ्ठा ११ धुर जग्गामा बसपार्क टर्मिनल निर्माण गर्न नगरपालिकासँग २०६०।११।१५ मा सम्झौता भएको देखिन्छ। सम्झौताअनुसार भरतपुर नगरपालिकाको खर्चमा बसपार्क निमार्ण गरी बसपार्क सञ्चालन भए पश्चात् उक्त खर्च बापतको साँवा ब्याज र व्यवस्थापन खर्च समेत कटाई बचत रकममा दुबै पक्षको सेयरको अनुपातमा हिस्सा हुने र कम्पनी ऐन अनुसार बसपार्क सञ्चालन पश्चात् करार स्वतः रद्द हुने उल्लेख छ। तर सम्झौता अनुसार बसपार्कको आम्दानी खर्च तथा हक हिस्साको विवरण प्राप्त नभएकाले बोर्डको हिस्सा खुलाउन नसकिएको बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा स्थिति यथावत छ।

भरतपुर नगरपालिकाको २०६६।१२।१५ को पत्रबाट बस टर्मिनल सम्पन्न भएकोमा बाँकी जग्गाको सम्पूर्ण आम्दानी नगरपालिकाले गर्ने गरी खाली भागमा यातायात व्यवसायसँग सम्वन्धित र थोक तरकारी तथा फलफूल बजार निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिएको छ। टर्मिनल र नारायणगढ बसपार्क व्यवस्थापनको लागि निजी क्षेत्रलाई सहभागी गराउने निर्णय गरी २०७५।७६ देखि ३ वर्षका लागि एक निर्माण व्यवसायीको रु.१० करोड ५ लाख स्वीकृत गरी आशयको सूचना प्रकाशन गरेको तर सम्झौता नहुँदा बोर्डलाई आम्दानी प्राप्त भएको छैन। बोर्डको नाममा बसपार्कको सेयर प्राप्त हुनुपर्ने र बजार क्षेत्रबाट प्राप्त हुनुपर्ने रकम असुल गर्नुपर्ने बेहोरा विगत वर्षका प्रतिवेदनमा औँल्याइएकोमा स्थिति यथावत छ।

५. **सेयर लगानी -** बोर्डको कुल सेयर लगानी रु.७० लाख ४८ हजार रहेको छ। सेयर लगानी गरिएका संस्थाबाट लाभांश प्राप्त नभएकोले उक्त संस्थाहरू सञ्चालनमा रहे नरहेको यकिन गरी बोर्डका तर्फबाट सञ्चालकको प्रतिनिधित्व गराई बोर्डको हक हित कायम राख्नुपर्ने देखिन्छ।

६. **कोष परिचालन -** बोर्डले २०७६।३।३० देखि कर्जा प्रवाह नगरेको तर पुरानो कर्जाहरूको साँवा र ब्याज नउठेकाले कर्जाको जोखिम उच्च छ। कर्जा प्रवाह पूर्व सहकारी संस्थाको वित्तीय अनुपातको विश्लेषण नगरेको, समयमा उठाउन पहल नगरेको तथा असुल गर्ने सम्बन्धमा कानुनी व्यवस्था नभएकोले २०७९।२।१८ को सहकारी विकास कोष, कार्य सञ्चालन कार्यविधि मस्यौदा समितिको बैठकले ऋण लगानी तथा असुली कार्यविधि, २०७९ को मस्यौदा सहितको प्रतिवेदन बोर्ड समक्ष पेस गरेको भए तापनि लेखापरीक्षण अवधिसम्म पारित भएको देखिएन।

७. **कर्जा लगानी -** बोर्डको लगानी गत वर्षसम्म रु.१० करोड ५३ लाख रहेकोमा यो वर्ष रु.४० लाखले न्यून भई रु.१० करोड १३ लाख रहेको छ। ऋण चुक्ता गर्नुपर्ने अवधि २०५९ श्रावण देखि २०७४ मंसिरसम्म रहेका ६ संस्थामा साँवा रु.५ करोड २४ लाख र ब्याज रु.३ करोड २ लाखसमेत उठाउनुपर्ने रु.८ करोड २६ लाख जोखिममा रहेको छ। साथै २०७९ आषाढ मसान्तसम्म ऋण चुक्ता गर्नुपर्ने भाखा नाघेका १९ संस्थाको साँवा रु.५ करोड ७८ लाख र ब्याज रु.३ करोड २७ लाखसमेत रु.९ करोड ५ लाख रहेकोमा असुलीको ठोस पहल गरेको देखिएन।

८. **निगौल गाई गौशाला -** यो वर्ष निगौल गाई गौशाला परियोजनामा रु.१ करोड ३३ लाख ५९ हजार खर्च भएको छ। नेपाल सरकार मन्त्रीपरिषद्को २०६७।०२।१८ को निर्णयअनुसार तत्कालीन कृषि तथा सहकारी मन्त्रालयमा स्वामित्व रहने गरी निगौल गाई गौशाला अन्तर्गतका सम्पूर्ण चलअचल

सम्पत्ति हस्तान्तरण एवम् उक्त गौशालामा रहने गाई (गाई, गोरु, बाछा, बाछी) को वध नहुने सर्तमा सञ्चालनको जिम्मा बोर्डलाई दिइएकोमा सञ्चालन एवं व्यवस्थापन निर्देशिकाको व्यवस्था भएको देखिएन। सञ्चालन नतिजामा गौशालाको रु.८४ लाख आम्दानी उल्लेख गरेता पनि कुल जग्गा तथा भवन यकिन नभएको, सो मध्ये प्रयोग भएको अवस्था, क्षेत्रफलगत आम्दानी, स्वप्रयोग एवं विवादित क्षेत्रफल सहितको लगत विवरण पेस भएन। लगत अद्यावधिक गरी सो क्षेत्रबाट आय प्राप्त गर्नुपर्दछ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड

नेपालमा पूर्वाधारहरूको विकास, निर्माण र परामर्श सम्बन्धी कार्यलाई दिगो, सुरक्षित र विश्वसनीय ढङ्गबाट गर्न/गराउन नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन, २०६३ अन्तर्गत यो कम्पनीको स्थापना भएको हो। कम्पनीको अधिकृत पुँजी रु.१० अर्ब, जारी पुँजी रु.५ अर्ब र चुक्ता पुँजी रु.३ अर्ब रहेकोमा हालसम्म रु.२५ करोड मात्र प्राप्त भएको देखिन्छ। कम्पनीमा हाल ८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति, मेसिन र उपकरण	४९,००		५६,६६	
प्रिपेड, एडभान्स र डिपोजिट	२२,६९,०५		२१,४८,०८	
व्यापारिक र अन्य प्राप्ति	११,५६		७,३४	
नगद र नगद सरहका अन्य सम्पत्ति	२,५४,७९		३,५५,८९	
कुल सम्पत्ति		**२५,८४,४०**		**२५,६७,९७**
सेयर पुँजी	२५,००,००		२५,००,००	
जगेडा तथा बचत	६७,०९		४३,३१	
असुरक्षित ऋण	९,१०		९,१०	
चालु दायित्व	२८		१५	
व्यवस्था	७,९३		१५,४१	
कुल सेयर पुँजी तथा दायित्व		**२५,८४,४०**		**२५,६७,९७**

उपर्युक्त तालिकाअनुसार कम्पनीको रिजर्भ तथा बचत गत वर्ष रु.४३ लाख ३१ हजार रहेकोमा यो वर्ष ५४.९१ प्रतिशतले वृद्धि भई रु.६७ लाख ९ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सेवा शुल्क	२५,७६		३५,७६	
सेवाको लागत	(५५,७७)		(५४,२१)	
कुल नाफा		**(३०,०१)**		**(१८,४५)**
प्रशासनिक खर्च	(४६,८७)		(३९,७२)	
कर्मचारी सुविधा खर्च	(५९,१७)		(१८,३७)	
सञ्चालन नाफा		**(१,३६,०५)**		**(७६,५४)**
ब्याज आम्दानी	१,७९,५३		१,८७,५८	
छुट आम्दानी	-		६	
ह्रास कट्टी	(११,७७)		(१३,४२)	
कुल गैर सञ्चालन आय		**१,६७,७६**		**१,७४,२२**
खुद नाफा		**३१,७१**		**९७,६८**
कर		**(७,९३)**		**(१५,४१)**
खुद नाफा		**२३,७८**		**८२,२७**

उल्लिखित विवरणअनुसार कम्पनीको खुद नाफामा गत वर्षको तुलनामा ७१.१० प्रतिशतले कमी आएको छ। आम्दानीका नयाँ स्रोतहरू पहिचान नभएको तथा सेवाको लागत र सञ्चालन खर्चमा अधिक वृद्धि हुँदा खुद नाफामा प्रभाव परेको देखिन्छ।

३. **बजेट तथा खर्च -** कम्पनीले यो वर्ष चालु खर्चतर्फ रु.१ करोड ८३ लाख ८० हजार तथा पुँजीगत खर्चतर्फ रु.३ करोड ५ लाखसमेत रु.४ करोड ८८ लाख ८० हजार खर्च गर्ने लक्ष्य राखेकोमा चालुतर्फ ६०.६७ प्रतिशत र पुँजीगततर्फ १३.७४ प्रतिशतसमेत समग्रमा ३१.३९ प्रतिशत मात्र खर्च भएको छ। कम्पनीको विगत ३ वर्षको बजेट र खर्चको तुलनात्मक विवरण देहायअनुसार छः

(रु. हजारमा)

आर्थिक वर्ष	बजेट रकम	खर्च रकम	खर्च प्रतिशत
२०७८।७९	२,७८,५०	१,०७,४५	३८.५८
२०७९।८०	३,२५,३०,	१,२६,२८	३८.८२
२०८०।८१	४,८८,८०	१,५३,४२	३१.३९

उल्लिखित विवरणअनुसार कम्पनीको विगत तीन वर्षको बजेट खर्चको प्रगति क्रमशः ३८.५८, ३८.८२ र ३१.३९ प्रतिशत रहेको देखिन्छ। लक्ष्यअनुसार प्रगति हासिल गर्न नसक्नुका कारणहरू पहिचान गरी आवश्यक सुधार गर्नुपर्दछ।

४. **कार्य सञ्चालन -** कम्पनीको प्रबन्धपत्रको बुँदा नं. ४ मा कम्पनीको उद्देश्यमा ईन्जिनियरिङ्ग विषयका क्षेत्रमा सम्भाव्यता अध्ययन, प्लानिङ, डिजाइन, निर्माण तथा सोको व्यवस्थापन सम्बन्धी व्यवसाय सञ्चालन गर्ने, सबै किसिमका ठेक्का व्यवसाय सञ्चालन गर्ने, विभिन्न क्षेत्रबाट आह्वान हुने बोलपत्र, दरभाउपत्रबाट आह्वान हुने निर्माण कार्यहरू गर्ने, व्यवसायी तथा ईन्जिनियरको हैसियतमा व्यवसाय सञ्चालन गर्ने, निर्माण उपकरण खरिद गरी परिचालन गर्ने लगायत रहेका छन्। तथापि कम्पनीले उल्लिखित उद्देश्यहरू हासिल हुने गरी दीर्घकालीन रणनीति तयार गरी कार्य सम्पादन गरेको देखिएन।

कम्पनी स्थापनादेखि यो वर्षसम्म स्वीकृत बजेटअनुसार रु.५ करोड ३ लाख ५४ हजार खर्च भए तापनि मुद्दती निक्षेपबाट रु.४ करोड ३९ लाख ७० हजार ब्याज आम्दानी भएको छ। कम्पनीले संस्थापक सेयरधनीबाट प्राप्त रु.२५ करोड मुद्दती खातामा जम्मा गरी सोको ब्याजबाट व्यवस्थापनका कार्य सञ्चालन गरिरहेको र केही परामर्शका कार्यहरू सरकारी निकायबाट वार्तामार्फत् प्राप्त गरी सो कार्य परामर्शदाताबाट गराउने बाहेक अन्य कार्य गरेको देखिएन। मुद्दती निक्षेपको ब्याज आयका आधारमा संस्था सञ्चालन गर्ने कार्यमा पुनरावलोकन गर्नुपर्दछ।

५. **सञ्चालक समिति -** कम्पनीको नियमावलीको नियम २७ मा ११ जनाको सञ्चालक समिति रहने, जसमध्ये ४ स्वतन्त्र सञ्चालक, ५ सरकारी क्षेत्रका सञ्चालक र २ निजी क्षेत्रका सञ्चालक रहने व्यवस्था छ। कम्पनीले वार्षिक साधारणसभाबाट सरकारी क्षेत्रका ४ जना मात्र सञ्चालक नियुक्त गरेकोले बाँकी ७ सञ्चालक नियुक्त गरी उद्देश्यअनुसारका कार्य अगाडि बढाउनुपर्दछ।

वन तथा वातावरण मन्त्रालय

नेपाल वन निगम (२०७९।८०)

राष्ट्रिय वन जङ्गलबाट काठ, दाउरा, सङ्कलन गरी बिक्री वितरण गर्ने उद्देश्यले स्थापना भएको यो निगम साविकको द टिम्बर कर्पोरेशन अफ नेपाल र वन पैदावर विकास समितिलाई गाभेर कम्पनी ऐन, २०६३ अनुसार २०७६।२।२३ देखि सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस निगमको चुक्ता पुँजी रु.११ करोड ६० लाख ८२ हजार रहेको छ। निगम अन्तर्गत ४ शाखा कार्यालय रहेका छन्। निगमको कार्य सञ्चालनको लागि कुल दरबन्दी २४७ रहेकोमा दैनिक ज्यालादारी तथा करारमा ७१ कर्मचारी सहित ९२ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३१ आषाढ २०७९	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२१,३०,३४		२१,५७,१८	
अमूर्त सम्पत्ति			२५	
स्थगन कर सम्पत्ति	२,७५,२१		५,६४,८८	
कुल गैर चालु सम्पत्ति		**२४,०५,५५**		**२७,२२,३१**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	२,४२,२६		६,८०,६३	
जिन्सी मौज्दात	९,३६,५८		१२,७४,६२	
प्रिपेड र निक्षेप सम्पत्ति	१८,०९,८२		२७,२७,८६	
चालु कर सम्पत्ति	१,९८,६४		१,९६,५१	
कुल चालु सम्पत्ति		**३१,८७,३०**		**४८,७९,६२**
कुल सम्पत्ति		**५५,९२,८५**		**७६,०१,९३**
दायित्व				
चालु दायित्व				
व्यापारिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	१,५६,३१		२,२२,१०	
पेस्की तथा निक्षेप	३,२३,७४		३,४५,०७	
व्यवस्था	७,५२,५३		९,३७,३९	
आयकर दायित्व	९,४२		१०,९०	
अन्य चालु दायित्व	१५		१६	
कुल चालु दायित्व		**१२,४२,१५**		**१५,१५,६१**
गैर चालु दायित्व				
व्यवस्था	५,८२,०३		१५,५५,८८	
अन्य दायित्व	३,२२		६,९७	
स्थगन सरकारी अनुदान	१,५८,६३		१,७०,५५	
कुल गैर चालु दायित्व		**७,४३,८८**		**१७,३३,४०**
इक्विटी				
सेयर पुँजी	११,६०,८२		११,६०,८२	
सञ्चित नाफा	७,२१,७३		१४,६७,८३	

विवरण	३१ आषाढ २०८०		३१ आषाढ २०७९	
जगेडा कोष	१७,२४,२७		१७,२४,२७	
कुल इक्विटी		**३६,०६,८२**		**४३,५२,९२**
कुल इक्विटी तथा दायित्व		**५५,९२,८५**		**७६,०१,९३**

२. **सञ्चालन नतिजा -** निगमको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आम्दानी	९,०५,५८		१७,०३,१४	
बिक्रीको लागत	(१३,६३,०९)		(१३,६५,६७)	
कुल नाफा/(नोक्सान)		**(४,५७,५१)**		**३,३७,४७**
ह्रास कट्टी र अपलेखन खर्च	(३४,८७)		(४०,४९)	
अन्य आम्दानी	२,३७,४३		१९,७६	
कर्मचारी खर्च	(२,५२,८९)		(४,५१,६६)	
अन्य सञ्चालन खर्च	(९७,७५)		(३,८६,५४)	
कुल खर्च		**(१,४८,०८)**		**(८,५८,९३)**
सञ्चालन नाफा/(नोक्सान)		**(६,०५,५९)**		**(५,२१,४६)**
वित्तीय आम्दानी	१,४९,८९		१,७३,५०	
वित्तीय खर्च	(७३)		(८६)	
कुल वित्तीय आम्दानी		**१,४९,१६**		**१,७२,६४**
कर कट्टी गर्नु अघिको नाफा/(नोक्सान)		**(४,५६,४३)**		**(३,४८,८२)**
चालु कर खर्च			४३	
स्थगन कर खर्च	२,८९,६७		१,१७,३५	
कुल कर खर्च		**(२,८९,६७)**		**(१,१७,७८)**
खुद नाफा/(नोक्सान)		**(७,४६,१०)**		**(४,६६,६०)**

३. **जिन्सी मौज्दात -** निगमको जिन्सी मौज्दात गत वर्ष रु.१२ करोड ७४ लाख ६२ हजार रहेकोमा यो वर्ष २६.५२ प्रतिशतले घटेर रु.९ करोड ३६ लाख ५७ हजार पुगेको छ। निगमको धनगढी, हेटौंडा र विराटनगर शाखा कार्यालयमा साल एवम् अन्य जातका गोलिया र चिरान समेत ९८ हजार ६८ घनफिट र अनसाइज काठ १ हजार ४४० क्विन्टल देखिएको छ। मौज्दातमा रहेको काठको बिक्री वितरणको व्यवस्था मिलाउनुपर्दछ।

४. **बैङ्क हिसाब -** निगमको स्रेस्ताअनुसार धरौटी तथा अग्रिम भुक्तानीबापत प्राप्त रकम रु.३ करोड ३७ लाख २९ हजार रहेकोमा रु.२५ लाख ७४ हजार मौज्दात रहेकोले रु.३ करोड ११ लाख ५५ हजार घटी रहेको देखियो। घटी रकमको हिसाव मिलान गरेको देखिएन।

५. **सम्पत्ति व्यवस्थापन -** निगमको केन्द्रीय भवन रहेको साविकको द टिम्बर कर्पोरेशन अफ नेपालको नाममा मोही उल्लेख गरी १९ रोपनी जग्गामध्ये करिब २ रोपनी ८ आना जग्गा भोगचलनमा रहेकोमा हालसम्म उक्त जग्गा निगमको नाममा हस्तान्तरण भएको देखिएन। यसैगरी बालकुमारी डिपो रहेको ४ रोपनी १२ आना जग्गाको दक्षिण पट्टिको भाग अतिक्रमणमा परेको देखिन्छ। जग्गाको स्वामित्व सम्बन्धमा सम्बन्धित पक्षसँग आवश्यक समन्वय गरी दर्ता गर्ने र अतिक्रमणमा परेको जग्गा संरक्षण गर्नुपर्दछ।

६. **सिजनिङ्ग/ट्रिटमेण्ट प्लान्ट -** निगमको काठ चिरान गरी माग भएअनुसार उपलब्ध गराउने, काठको रासायनिक प्रशोधन तथा सिजनिङ्ग गरी बढी टिकाउ बनाउने, ट्रिटेड काठ उत्पादन, बिक्री वितरण गरी गुणात्मक तथा परिमाणात्मक उपलब्धि हासिल गर्ने र नरम जातको काठलाई टिकाउ बनाई साल काठको विकल्पका रुपमा सदुपयोग गर्नका लागि निगमको चितवनस्थित भरतपुर शाखा कार्यालयको परिसरमा २०७४।७५ मा रु.२ करोड ३२ लाख ७३ हजारमा सिजनिङ्ग-ट्रिटमेण्ट प्लान्ट निर्माण गरी २०७५।१०।२५ सम्म सञ्चालनमा रहेकोमा उक्त प्लान्ट २०७५ फागुनदेखि सञ्चालनमा रहेको देखिएन। निगमले २०७५।१२।१५ मा सोही प्लान्टको लागि चाहिने रु.६२ लाख ४ हजारको कपर क्रोम बर्न भाग २ केमिकल खरिद गरी मौज्दातमा राखेको देखिन्छ। प्लान्ट प्रयोगमा नरहेकोले केमिकल पनि प्रयोगविहीन नै रहेको छ। उक्त प्लान्ट सञ्चालन गरी केमिकल उपयोग गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

शहरी विकास मन्त्रालय

नगर विकास कोष

नगरको पूर्वाधार विकासमा वित्तीय तथा प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत गठन आदेश, २०४५ बमोजिम नेपाल सरकारको रु.१ करोड २९ लाख सेयर लगानीमा नगर विकास कोषको स्थापना भएकोमा हाल नगर विकास कोष ऐन, २०५३ बमोजिम कार्य गर्दै आएको छ। उक्त नगर विकास कोषले एक स्वायत्त वित्तीय मध्यस्थकर्ता संस्थाको रूपमा कार्य गर्दै आएको छ। कोषमा ४६ कर्मचारीको दरबन्दीमध्ये स्थायी २२ र करार समेत ३२ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कोषको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	७८,६८,६६		१,२३,९०,७९	
नगरपालिकालाई खुद ऋण र पेस्की	१०,०१,९१,९६		१०,१७,४३,१०	
कर्मचारीलाई ऋण र पेस्की	२,०४,५७		२,०५,२९	
लगानी	२,७५,००,००		२,२५,००,००	
चालु कर सम्पत्ति	३५,२६		०	
सम्पत्ति र उपकरण	१४,३४,४०		१४,५६,६६	
अदृश्य सम्पत्ति	५२		१,११	
स्थगन कर सम्पत्ति	१८,४७,२१		१८,९५,०९	
योगदान प्राप्य	१५		१५	
अन्य सम्पत्ति	४६,९४,१०		४,९१,९६	
कुल सम्पत्ति		**१४,३७,७६,८३**		**१४,०६,८४,१५**
दायित्व				
अनुदान पेस्की	३,६१,९३		३,६१,९३	
सापटी दायित्व	७,३४,४५,३५		७,१६,१६,२८	
चालु कर दायित्व	०		२,७६,८५	
अन्य दायित्व	३६,२२		५०,६०	
कुल दायित्व		**७,३८,४३,५०**		**७,२३,०५,६६**
इक्विटी				
सेयर पुँजी	२,७६,२९,८०		२,७६,२९,८०	
रेस्ट्रिक्टेड कोषहरू	२,०६,७१,५०		२,०८,८०,३१	
विशेष जगेडा	१५,५०,५७		१५,२७,४८	
सञ्चित नाफा	२,००,८१,४६		१,८३,४०,९०	
कुल इक्विटी		**६,९९,३३,३३**		**६,८३,७८,४९**
कुल दायित्व र इक्विटी		**१४,३७,७६,८३**		**१४,०६,८४,१५**

२. **सञ्चालन नतिजा -** कोषको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	२०८०।८१		२०७९।८०	
ब्याज आम्दानी	७९,६३,७५		५५,०१,०२	
ब्याज खर्च	१२,८५,२९		८,०७,५८	
खुद ब्याज आम्दानी		**६६,७८,४६**		**४६,९३,४४**
फि र कमिसन आम्दानी	०		०	
फि र कमिसन खर्च	७		८	
खुद कमिशन आम्दानी/(खर्च)		**(७)**		**(८)**
अनुदान आम्दानी	५,९८,८२		७,४२,२२	
अन्य आम्दानी	४०,१०		३२,२५	
कुल आम्दानी		**७३,१७,३१**		**५४,६७,८३**
कर्मचारी खर्च	३,६१,२७		३,८३,७६	
लिज खर्च	३९,२०		३९,२०	
ह्रास र परिशोधन खर्च	२४,६६		४०,२२	
अन्य खर्च	३,६२,२३		३,६४,१२	
अनुदान खर्च	५,९८,८२		७,१५,९२	
कर्जा नोक्सानी व्यवस्था	२८,२५,२८		१४,९५,३६	
कर अघिको नाफा		**३१,०५,८५**		**२४,२९,२५**
आयकर खर्च	१७,५७,७५		७,६२,१५	
खुद नाफा/(नोक्सान)		**१३,४८,१०**		**१६,६७,१०**

कोषको यो वर्ष कर्जा नोक्सानी व्यवस्था गत वर्षको तुलनामा ८८.९४ प्रतिशतले वृद्धि भई रु.२८ करोड २५ लाख २८ हजार रहेको छ। त्यस्तै कोषको अनुदान आम्दानी रु.१ करोड ४३ लाख ४० हजार (१९.३२ प्रतिशत) ले घटेको र ब्याज खर्च रु.४ करोड ७७ लाख ७१ हजार (५९.१५ प्रतिशत) ले वृद्धि भएको छ।

३. **सेयर र ऋण हिसाब** - कोषले यस वर्षसम्म नेपाल सरकार र दातृ निकायसँग ऋण सम्झौता गरी रु.७ अर्ब ३४ करोड ४५ लाख ऋण लिएको देखिन्छ। नेपाल सरकारबाट विगत वर्षदेखि कोषका विभिन्न आयोजनामा सेयर तथा ऋण लगानी गरेकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको हिसाबसँग कोषको हिसाब फरक देखिएकोमध्ये रु.१ करोड २५ लाख ६२ हजार सञ्चित नाफामा समायोजन र नेपाल सरकारलाई ब्याजबापत रु.१४ करोड ९६ लाख ५५ हजार भुक्तानी गरी रु.१६ करोड २२ लाख १७ हजारको सेयर तथा ऋण हिसाब मिलान गरे तापनि कोषले साना शहरी खानेपानी तथा सरसफाई आयोजना (दोस्रो) अन्तर्गत प्राप्त रकम मन्त्रीपरिषद्को निर्णयअनुसार नेपाल सरकारको सेयर लगानी (इक्विटी) मा परिवर्तन नगरेको कारण रु.२४ करोड ८० लाख ७० हजारको हिसाब मिलान भएको छैन।

४. **ऋण लगानी** - कोषले २०८१ आषाढ मसान्तसम्म नगरपालिकालाई रु.१० अर्ब ७६ करोड ४३ लाख १० हजार, कर्मचारीलाई रु.२ करोड ४ लाख ५७ हजारसमेत रु.१० अर्ब ७८ करोड ४७ लाख ६७ हजारको ऋण प्रवाह गरेको छ। सोमध्ये भाखा नाघेको नगरपालिका तथा खानेपानी उपभोक्ता समितिसँग साँवा रु.७८ करोड ९४ लाख २९ हजार र ब्याज रु.४१ करोड ३८ लाख ६९ हजार रहेको छ। कोषले ऋण लगानी गरेका नगरपालिका तथा उपभोक्ता समितिको ऋण सम्झौता अवधि समाप्त भएपछि सबै ऋण चुक्ता हुनुपर्दछ।

राष्ट्रिय आवास कम्पनी लिमिटेड

शहरी क्षेत्रमा आवासको लागि परियोजना सञ्चालन गरी योजनाबद्ध बस्ती विकास गर्ने उद्देश्यले कम्पनीको स्थापना भएको हो। नेपाल पुनर्वास कम्पनीको रूपमा स्थापित भई २०२० देखि २०४६ सम्म कृषिमा आधारित पुनर्वास कार्यक्रम सञ्चालन गरेको नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको यो कम्पनी २०४६ मा ग्रामीण आवास कम्पनी र २०६९।३।२८ देखि राष्ट्रिय आवास कम्पनी लिमिटेडको रूपमा सञ्चालनमा रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
स्थिर सम्पत्ति	११,८२,२३		१२,०६,७२	
लगानी	१,७४,९१		६,८१,६८	
जम्मा गैर चालु सम्पत्ति		**१३,५७,१४**		**१८,८८,४०**
जग्गा मौज्दात	२,११,१४,६१		२,१०,२९,३२	
जिन्सी मौज्दात	६,१०		७,४६	
आसामी, पेस्की तथा सापटी	३,७७,५३		३,०५,४१	
नगद तथा बैङ्क मौज्दात	१६,५९,४२		१३,२३,६७	
स्थगन कर सम्पत्ति	९७,८०		१,३६,१२	
अग्रिम बिमा खर्च	१५		१,४२	
जम्मा चल सम्पत्ति		**२,३२,५५,६१**		**२,२८,०३,४०**
जम्मा सम्पत्ति		**२,४६,१२,७५**		**२,४६,९१,८०**
सेयर पुँजी	५,२०,००		५,२०,००	
जगेडा तथा मुनाफा	२,३२,४५,१८		२,३१,९३,७१	
जम्मा पुँजी		**२,३७,६५,१८**		**२,३७,१३,७१**
कर्मचारी दायित्व	७०,७८		७०,७८	
जम्मा गैर चालु दायित्व		**७०,७८**		**७०,७८**
व्यापारिक तथा अन्य दायित्व	७,७६,७९		९,०७,३१	
जम्मा चालु दायित्व		**७,७६,७९**		**९,०७,३१**
जम्मा		**२,४६,१२,७५**		**२,४६,९१,८०**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	७,४८,३७		९,३४,७१	
बिक्री लागत	(१,१७,८८)		(३,०९,०२)	
कुल मुनाफा		**६,३०,४९**		**६,२५,६९**
अन्य आम्दानी	७९,१४		१,५७,०४	
प्रशासनिक खर्च	६,१९,३९		८,४९,५७	
खुद सञ्चालन नाफा/नोक्सान		**९०,२४**		**(६६,८४)**
आयकर पूर्व नाफा/नोक्सान		**९०,२४**		**(६६,८४)**
स्थगन कर आम्दानी(नोक्सान)	(३८,३२)		(१७,२५)	
खुद नाफा/नोक्सान		**५१,९२**		**(८४,०९)**

उल्लिखित तालिकाअनुसार कम्पनीको गत वर्ष खुद नोक्सानी रु.८४ लाख ९ हजार रहेकोमा यसवर्ष बिक्री लागत तथा प्रशासनिक खर्चमा कमी हुन गई रु.५१ लाख ९२ हजार खुद नाफा रहेको देखिन्छ।

३. **जग्गा अतिक्रमण -** कम्पनीको रु.२ अर्व ११ करोड १४ लाख ६१ हजारको जग्गा मध्ये कञ्चनपुरको ५ कित्ताको ४२ हजार ८४२ वर्गमिटर, बर्दियाको ५ कित्ताको २९ हजार ३१५ वर्गमिटर, नवलपरासी बर्दघाट सुस्तापूर्वको २ कित्ताको ७ हजार ३६४ वर्गमिटर र झापाको १ कित्ताको २६४ वर्गमिटर समेत ७९ हजार ७८५ वर्गमिटर जग्गा अतिक्रमण भएकोले अतिक्रमित जग्गा संरक्षण गरी सो को मूल्य सहित वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।

४. **फरक जग्गा -** कम्पनीको योजना कार्यालय, झापाको जग्गा धनिपुर्जा अनुसार जग्गाको क्षेत्रफल ७१ हजार ९८५.९९ वर्ग मिटर रहेकोमा जग्गा मौज्दात खाता अनुसार ३४ हजार ३७५.१५ वर्गमिटर मात्र रहेकोले ३७ हजार ६१०.८४ वर्गमिटर फरक पर्नुको आधार पेश भएन। योजनाले उक्त जग्गामा पार्क, मन्दिर, शपिंग कम्प्लेक्स, आदि निर्माण गरेको तथा निर्माणका लागि ११ कित्ता जग्गा छुट्याएकोमा उक्त जग्गाको १५ हजार ५६६ वर्गमिटरमा जग्गाधनीपुर्जा अनुसारको जग्गालाई सम्पत्तिमा लेखांकन गरेको छैन। फरक पर्नुको कारण पहिचान गरि जग्गाको क्षेत्रफल यकिन गर्नुपर्दछ।

५. **अनुदान -** नेपाल सरकारले कम्पनीलाई विगतका वर्षहरूमा योजना कार्यालय नवलपरासी, बर्दिया र कंचनपुर अन्तर्गतका विभिन्न स्थानमा प्रदान गरेको जग्गाको मूल्य रु. १ अर्ब ९८ करोड २० लाख रहेकोमा शेयर पुँजी र अनुदान अंश यकिन गरी हिसाव राखेको छैन । उक्त रकम यकिन गरी हिसाव अद्यावधिक गर्नुपर्दछ।

६. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको पूर्ण स्वामित्व रहेका कम्पनीले २०७३।७४ वाट लागु हुने गरी नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार प्रतिवेदन तयार गर्नुपर्नेमा कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय प्रतिवेदन तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना गर्नुपर्दछ।

७. **लेखापरीक्षण समिति** - कम्पनी ऐन, २०६३ को दफा १६४ अनुसार रु. ३ करोड वा सो भन्दा बढी चुक्ता पुँजी भएको कम्पनीको दैनिक कार्यसञ्चालन वा व्यवस्थापनमा संलग्न नरहेको संचालकको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको एक लेखापरीक्षण समिति गठन गर्नु पर्ने व्यवस्था भएकोमा हालसम्म सो समिति गठन गरेको छैन। लेखापरीक्षण समिति गठन गरी यसका कामलाई प्रभावकारी बनाउनुपर्दछ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (२०७९।८०)

राष्ट्रिय शिक्षा पद्धतिको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको प्रकाशन तथा उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले २०३५।६।८ मा केन्द्रको स्थापना भएकोमा कम्पनी ऐन, २०६३ अनुसार सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको केन्द्र अन्तर्गत ८ शाखा कार्यालय रहेका छन्। केन्द्रको कार्यसञ्चालनका लागि विभिन्न तह र पदका प्राविधिक एवम् अप्राविधिक समूहतर्फ कुल दरवन्दी ४५३ रहेकोमा करारमा ४७ कर्मचारी सहित ४७१ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** केन्द्रको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	८,२९,९२,७०		७,७७,८६,७९	
अमूर्त सम्पत्ति	१४,३४		११,७७	
सेयर लगानी	१,००		१,००	
कुल गैर चालु सम्पत्ति		**८,३०,०८,०४**		**७,७७,९९,५६**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	१,०६,७३,२०		३२,१०,०३	
व्यापारिक प्राप्य रकम	८,०१,८०		१,०५,८४	
नगद तथा बैङ्क मौज्दात	३२,३६,०१		५७,७२,६०	
अन्य वित्तीय सम्पत्ति	६,६५,४७		५,३०,३१	
अग्रिम आयकर	१२,१६,८८		५,९१,९१	
कुल चालु सम्पत्ति		**१,६५,९३,३६**		**१,०२,१०,६९**
कुल सम्पत्ति		**९,९६,०१,४०**		**८,८०,१०,२५**
इक्विटी				
सेयर पुँजी	४५,६३,८१		४५,६३,८०	
सञ्चित नाफा र जगेडा कोष	४,७१,५२,४४		३,९८,०२,३२	
कुल इक्विटी		**५,१७,१६,२५**		**४,४३,६६,१२**
दायित्व				
गैर चालु दायित्व				
ऋण तथा सापटी	१,३३,८२,८७		१,३९,००,००	
कर्मचारी सुविधा दायित्व	८२,२५,७३		७१,९१,१६	
स्थगन अनुदान दायित्व	५,८४,३७		६,१५,५९	
स्थगन कर दायित्व	१,६९,७६,५८		१,५९,६६,७६	
कुल गैर चालु दायित्व		**३,९१,६९,५५**		**३,७६,७३,५१**
चालु दायित्व				
ऋण तथा सापटी	०		५६	
व्यापारिक साहु भुक्तानी गर्नुपर्ने रकम	८,७६,५६		१०,९२,३६	
अन्य वित्तीय दायित्व	३८,४४,५१		३१,६८,४७	
कर्मचारी सुविधा दायित्व	१२,३३,९६		७,८१,१५	
अन्य चालु दायित्व	१०,०२,५२		८,१३,७२	

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
अल्पकालीन व्यवस्था	१७,५८,०५		१,१४,३६	
कुल चालु दायित्व		**८७,१५,६०**		**५९,७०,६२**
कुल इक्विटी तथा दायित्व		**९,९६,०१,४०**		**८,८०,१०,२५**

२. **सञ्चालन नतिजा -** केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आय	२,६३,६६,७३		२,०६,५०,०१	
अन्य आय	२३,११,८३		९,००,६४	
कुल आय		**२,८६,७८,५६**		**२,१५,५०,६५**
सञ्चालन खर्च	१,३६,२२,७१		१,०६,८१,४२	
कर्मचारी सुविधा खर्च	६१,११,२९		४८,७९,७७	
प्रशासनिक तथा अन्य सञ्चालन खर्च	१२,९२,६७		१२,७९,८७	
ह्रास खर्च	५९,३७		२,०२,७१	
परिशोधन/क्षयीकरण खर्च	३५		१,५६	
कुल खर्च		**२,१०,८६,३९**		**१,७०,४५,३३**
सञ्चालन नाफा/(नोक्सान)		**७५,९२,१७**		**४५,०५,३२**
वित्तीय खर्च		७,२२,४१		९,९८,४८
कर अघिको नाफा/(नोक्सान)		**६८,६९,७६**		**३५,०६,८४**
चालु कर खर्च	१६,५९,८४			
स्थगन कर खर्च	२,२२,३१		१३,१६,४४	
कुल कर खर्च		**१८,८२,१५**		**१३,१६,४४**
खुद नाफा/(नोक्सान)		**४९,८७,६१**		**२१,९०,४०**

३. **वित्तीय प्रतिवेदन मान -** नेपाल सरकारले सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदन मान लागु गर्ने व्यवस्था गरेबमोजिम केन्द्रले नेपाल लेखा मानबमोजिम वित्तीय विवरण तयार गरे तापनि नेपाल लेखामानमा भएका देहायका व्यवस्था पूर्ण रूपमा पालना गरेको देखिएन।

३.१. केन्द्रले लिएको ऋणको ब्याजबापत यो वर्ष रु.७ करोड २२ लाख ४१ हजार खर्च लेखेको छ। उक्त ब्याज खर्चमा केन्द्रको विवरण अनुसार मुद्दती खातामा भएको ब्याज आम्दानी रु.८९ लाख ८५ हजारलाई ब्याज खर्चसँग मिलान गरी खुद ब्याज खर्च प्रस्तुत गरेको छ। ऋण सम्झौताअनुसार ब्याज भुक्तानी गर्ने र ब्याज आय छुट्टै प्रस्तुत गर्ने व्यवस्था मिलाउनुपर्दछ।

३.२. केन्द्रले केन्द्रीय कार्यालय तथा प्रादेशिक कार्यालयको हिसाब किताब छुट्टाछुट्टै राखी सोको एकीकृत विवरण तयार गर्नुपर्नेमा सबै आय, बजेट, खर्च तथा जिन्सीलाई एउटै खातामा राखेको कारण प्रादेशिक हिसाब मिलान हुन नसकी रु.२ करोड ६ लाख ८९ हजार दायित्व हिसावमा देखाएको छ। उक्त हिसाव मिलान गर्नुपर्दछ।

३.३. केन्द्रले नेपाल सरकारबाट चालु पुँजीको लागि २०७५।७६ सम्म ५ प्रतिशत वार्षिक ब्याजदरले रु.१ अर्ब ३३ करोड ८२ लाख ८७ हजार ऋण लिएकोमा सोको ब्याज रु.३७ करोड ५१ लाख ७६ हजार दिनुपर्ने हिसाबमा खुलासा गरेको छ। केन्द्रले नेपाल लेखामान १ बमोजिम १२ महिनाभित्र भुक्तानी गर्न

नसकिने रकम दीर्घकालीन दायित्व अन्तर्गत प्रस्तुत गर्नुपर्नेमा चालु दायित्व प्रस्तुत गरेको छ। ऋण सम्झौताबमोजिम साँवा तथा ब्याज रकम भुक्तानी गर्नुपर्दछ।

४. **कर्मचारी सुविधा -** केन्द्रले कर्मचारीको सुविधाको दायित्वबापत २०७९।८० सम्म रु.८२ करोड २५ लाख ७३ हजार व्यवस्था गरेकोमा उक्त रकम सञ्चित भएको देखिने छुट्टै कोष रहेको देखिएन।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

गोरखापत्र संस्थान (२०७८।७९)

सर्वसाधारण जनतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार सरल, सुलभ र भरपर्दो किसिमले उपलब्ध गराउने उद्देश्यले संस्थान ऐन, २०१९ अनुसार २०२०।३।२५ मा नेपाल सरकारको पूर्ण स्वामित्वमा गोरखापत्र संस्थानको स्थापना भएको हो। संस्थानले नेपाली र अंग्रेजी गरी २ दैनिक पत्रिका एवं ३ मासिक पत्रिका प्रकाशन गर्दै आएको छ।

१. **वित्तीय स्थिति -** संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ अषाढ, २०७९		३१ अषाढ, २०७८	
अमूर्त सम्पत्ति	२२,९५		२२,४५	
सम्पत्ति, प्लाण्ट र उपकरण	९०,२५,१३		९१,८७,२७	
स्थगन कर सम्पत्ति	२,९३,२९		३,७४,४६	
गैर वित्तीय गैर चालु सम्पत्ति	१७,५१		२६,७६	
जम्मा गैर चालु सम्पत्ति		**९३,५८,८८**		**९६,१०,९४**
अन्तिम मौज्दात	३,९३,२६		१,८२,३९	
व्यापारिक आसामी	३५,१६,३२		३१,९९,५४	
पेश्की तथा अन्य चालु सम्पत्ति	२,६३,८८		७,९२,७१	
नगद वा बैङ्क मौज्दात	२६,०२,३५		३२,१३,९१	
जमा चालु सम्पत्ति		**६७,७५,८१**		**७३,८८,५५**
जम्मा सम्पत्ति		**१,६१,३४,६९**		**१,६९,९९,४९**
सेयर पुँजी	१,१५,१७		१,१५,१७	
पुनर्मूल्याङ्कन जगेडा	४७,८३,५६		४७,८३,५६	
सञ्चित नाफा/(नोक्सान)	(८,७०)		१,५०,६३	
साधारण जगेडा	२६,९९		२६,९९	
जम्मा पुँजी		**४९,१७,०२**		**५०,७६,३५**
स्थगन सरकारी अनुदान	१४,०२,७८		१५,३२,५६	
अवकाश सुविधा	६७,२९,६२		७२,४०,७८	
नेपाल सरकारबाट ऋण	-		६,२०,००	
गैरवित्तीय दायित्व	२,१६,५२		२,१३,५७	
जम्मा गैर चालु दायित्व		**८३,४८,९२**		**९६,०६,९१**
व्यापारिक साहु	६,४१,०७		२,७३,७६	
चालु दायित्व	२२,२७,६८		२०,४२,४७	
जम्मा चालु दायित्व		**२८,६८,७५**		**२३,१६,२३**
जम्मा पुँजी तथा दायित्व		**१,६१,३४,६९**		**१,६९,९९,४९**

२. **सञ्चालन नतिजा -** संस्थानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण		२०७८।७९		२०७७।७८
प्रत्यक्ष आम्दानी		६१,३०,१६		५४,६९,३२
उत्पादन खर्च	१०,१७,४३		७,८९,६६	
कर्मचारी खर्च	१२,१६,९९		१०,८१,४८	
कुल प्रत्यक्ष खर्च		**२२,३४,४२**		**१८,७१,१४**
कुल नाफा		**३८,९५,७४**		**३५,९८,१८**
अन्य व्यावसायिक आम्दानी		२,७१,२१		२,५२,६१
प्रशासनिक तथा वितरण खर्च	७,३०,४६		५,४६,७९	
कर्मचारी खर्च	२२,३२,७५		२४,०२,४८	
ह्रासकट्टी तथा परिशोधन खर्च	३,२६,१७		३,५७,२३	
वित्तीय खर्च	९		३४,३०	
अन्य गैर सञ्चालन खर्च	७६		-	
कुल खर्च		**(३२,९०,२३)**		**(३३,४०,८०)**
कर अघिको नाफा/(नोक्सान)		**(८,७६,७२)**		**५,०९,९९**
कर खर्च				
चालु वर्षको कर	१,०८,१४		-	
विगत वर्षको कर	८,५५,१५		-	
स्थगन कर	८१,१७		(१,२४,२९)	
कुल कर खर्च		**१०,४४,४६**		**१,२४,२९**
कर पछीको नाफा/(नोक्सान)		**(१,६७,७४)**		**६,३४,२८**

३. **जग्गाको पुनर्मूल्याङ्कन -** संस्थानको स्वामित्वमा रहेका विभिन्न जग्गालाई २०७६।४।१ मा मूल्याङ्कन गरी रु. ६५ करोड ९७ लाख कायम गरेको छ। संस्थानको प्रत्येक तीन वर्षमा जग्गाको पुनर्मूल्याङ्कन गर्ने नीति रहेकोमा सोको पालना भएको छैन। साथै संस्थानले नेपाल लेखामान १ बमोजिम जग्गा रहेको स्थान र कित्तागत मूल्य खुलासा गरेको छैन।

४. **जिन्सी मूल्याङ्कन -** नेपाल लेखामान २ अनुसार जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा भौतिक परीक्षण गरिएको परिमाणमा बजार मूल्य र लागतमध्ये जुन कम छ सोही रकममा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। संस्थानको यो वर्षको अन्तमा रु.३ करोड ९३ लाखको जिन्सी मौज्दात रहेकोमा नेपाल लेखामान २ अनुसार मूल्याङ्कन गरेको छैन।

५. **ह्रासकट्टी -** संस्थानले ह्रासकट्टी विधि र अनुमानित उपयोगी आयु प्रत्येक प्रतिवेदन अवधिमा समीक्षा गरी आवश्यकतानुसार समायोजन गरिने उल्लेख गरे तापनि जग्गाबाहेक वर्षान्तमा रु.२४ करोड २८ लाख रहेको स्थिर सम्पत्तिको आयु सम्बन्धमा समीक्षा गरेको छैन। संस्थानले नेपाल लेखामान १६ (सम्पत्ति तथा उपकरण) को प्रावधान अनुसार ह्रासकट्टी नगरी आयकर ऐन, २०५८ को प्रावधान अनुसार गरेको पाइयो। संस्थानले नेपाल लेखामान ३६ अनुसार प्रत्येक प्रतिवेदन मितिमा मूल्याङ्कन गर्नुपर्दछ।

६. **सम्पत्तिको हकभोग -** संस्थानको स्वामित्वमा मोरङ्गमा रहेको ७ कठ्ठा १७ धुर जग्गामा स्थानीयले सार्वजनिक सडक निर्माण गरेको देखिन्छ। संस्थानले अतिक्रमण हटाई उक्त जग्गा उपयोग गरेको छैन। आफ्नो नाममा रहेको सम्पत्तिको संरक्षण गर्नुपर्दछ।

७. **बोनस खर्च -** बोनस नियमावली, २०३९ को नियम ६(३) अनुसार नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले बोनस वितरण गर्नु पूर्व नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने र स्वीकृति प्राप्त भएपछि सोको जानकारी सम्बन्धित श्रम कार्यालयलाई समेत दिनुपर्ने व्यवस्था छ। संस्थानले २०६४।६५ देखि २०७३।७४ सम्मको बोनसबापत रु. ३ करोड ७० लाख व्यवस्था गरेकोमा सोको स्वीकृति लिएको देखिएन।

८. **शंकास्पद आसामी -** संस्थानको आर्थिक विनियमावलीमा शंकास्पद आसामी, खराब ऋण, पुरानो बाँकी बक्यौताको मूल्याङ्कन गर्न एक सञ्चालक, लेखा प्रमुख, आन्तरिक लेखापरीक्षण शाखा प्रमुख र अन्य समेतको हिसाब मिलान उप-समिति गठन गर्न सक्ने र यसरी गठन भएको उप-समितिले दिएको प्रतिवेदनको आधारमा समितिले निर्णय लिने व्यवस्था छ। उपसमिति गठन नगरी संस्थानले वित्तीय विवरणमा शंकास्पद आसामीको लागि रु. ७९ लाख व्यवस्था गरेको पाइयो। यस वर्षको अन्त्यमा कुल आसामी रु. ३५ करोड ९५ लाख रहेकोमा १ वर्ष भन्दा बढी अवधिको ८२.४० प्रतिशत र ५ वर्ष भन्दा बढी अवधिका ५४.२६ प्रतिशत आसामी रहेको देखियो। शंकास्पद आसामी बापतको पर्याप्त व्यवस्था भएको देखिएन। साथै आसामीको समर्थनपत्र नलिएकाले यथार्थपरक रहेको यकिन गर्न सकिएन।

९. **बैङ्क हिसाब मिलान -** संस्थानमा रहेका २० बैङ्क खातामा वर्षान्तमा रु. ३३ करोड ३४ लाख मौज्दात रहेकोमा श्रेस्ताअनुसार रु. २५ करोड ८८ लाख रहेकाले रु. ७ करोड ४६ लाख फरक परेको छ। संस्थानले मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक रुपमा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।

नेपाल दूरसञ्चार प्राधिकरण

नेपालमा दूरसञ्चार क्षेत्रको विकासमा उदारीकरणको नीति लिई निजी क्षेत्रसमेतको सहभागिता गराई प्रतिस्पर्धात्मक वातावरणमा यस क्षेत्रको विकास तथा विस्तार गर्ने उद्देश्यले दूरसञ्चार ऐन, २०५३ बमोजिम दूरसञ्चार क्षेत्रको नियमनकारी स्वायत्त निकायको रूपमा २०५४ मा यस प्राधिकरणको स्थापना भएको हो।

१. **वित्तीय स्थिति -** प्राधिकरणको वित्तीय स्थिति निम्नानुसार देखिन्छः

(रु. लाखमा)

सम्पति	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
गैर चालू सम्पति				
सम्पति, प्लाण्ट र उपकरण	१७१९		१०८३	
अदृश्य सम्पति	४९		४९	
पुंजीगत कार्य प्रगति	१९५७५		२०५७२	
सम्पति प्रयोग गर्ने अधिकार	७३१		८४५	
व्यापारिक तथा अन्य प्राप्त रकम	०		०	
कर्मचारी ऋण	१११५		८४६	
स्थगन कर सम्पति	६३०		४८४	
जम्मा गैर चालु सम्पति		**२३८१९**		**२३८७९**
जिन्सी मौज्दात	-		-	
अग्रिम भुक्तानी र गैर वित्तीय सम्पति	७८५०		११४४८	
चालु कर सम्पति	७०६९८		५५२५२	

सम्पति	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
व्यापारिक तथा अन्य प्राप्त रकम	५३३		५५२	
कर्मचारी ऋण	०		०	
मुद्दती निक्षेप	५३७०३		६४१८७	
नगद र नगद सरह	२२०६३१		१३२४९२	
जम्मा चालु सम्पति		**३५३४१६**		**२६३९३३**
कुल सम्पति		**३७७२३५**		**२८७८१२**
सञ्चित नाफा र आयगत जगेडा	२८५०४५		२१९५२४	
जम्मा ईक्वटी र सञ्चित नाफा		**२८५०४५**		**२१९५२४**
कर्मचारीको दिर्घकालिन सुविधाहरू	१४०५		९२६	
पट्टा दायित्व	१०००		१०६५	
जम्मा गैर चालु दायित्व		**२४०५**		**१९९१**
चालु दायित्व	०		०	
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	६१४०		७४७७	
पट्टा दायित्व	६५		३९	
व्यवस्थाहरू	७५८४		७८३०	
अन्य गैर वित्तीय दायित्वहरू	७५९९७		५०९५२	
जम्मा चालु दायित्व		**८९७८५**		**६६२९७**
कुल जम्मा दायित्व		**३७७२३५**		**२८७८१२**

गत वर्षसम्म सञ्चित आय रु.२१ अर्ब ९५ करोड २३ लाख रहेकोमा यो वर्ष कुल सञ्चित आय रु.२८ अर्ब ५० करोड ४४ लाख पुगेको छ। चालु सम्पत्तिअन्तर्गत मुद्दती लगानी रु.५ अर्ब ३७ करोड ३ लाख र बैङ्क मौज्दात रु.२२ अर्ब ६ करोड रहेको छ । यो वर्ष नेपाल दूरसञ्चार प्राधिकरण कोषबाट २०८१।३।३१ मा रु.७ अर्ब ३१ करोड ७ लाख २४ हजार र २०८१।४।२५ मा रु.१३ अर्ब ९७ करोड ९१ लाख ४ हजार गरी रु.२१ अर्ब २८ करोड ९८ लाख २८ हजार सङ्घीय सञ्चित कोषमा जम्मा गरेको छ।

२. **सञ्चालन नतिजा -** प्राधिकरणको आय-व्यय स्थिति देहायअनुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
सेवाबाट प्राप्त आम्दानी	२३९३९७		४१६५६	
अन्य व्यवासायीक आम्दानी	१८६१		१७२९	
कर्मचारी सुविधा खर्च	(१६२०)		(१५३१)	
ह्रास खर्च	(३१५)		(२७६)	
विदेशी मुद्रा सटही नाफा/घाटा	१७		(४७)	
प्रशासनिक खर्च तथा प्रत्यक्ष खर्च	(१०७९)		(२९३१)	
सञ्चालनबाट नाफा		**२३८२६१**		**३८६०१**
वित्त खर्च	(२१२)		(२१५)	
आय कर कट्टी गर्नु अघिको नाफा	२३८०४९		३८३८५	
यस वर्षको आय कर व्यवस्था	(५९६०७)		(९७८०)	
स्थगन कर खर्च	८५		८३	
खुद नाफा		**१७८५२७**		**२८६८९**

प्राधिकरणको वित्तीय विवरणअनुसार सेवाबाट प्राप्त आम्दानी गत वर्ष रु.४ अर्ब १६ करोड ५५ लाख रहेकोमा यो वर्ष नेपाल दूरसञ्चार कम्पनीले नवीकरण शुल्कबापत रु.१६ अर्ब (अग्रिम कर बाहेक) एकमुष्ट दाखिला गरेको समेत यो वर्ष रु.२३ अर्ब ९३ करोड ९७ लाख पुगेको छ। सम्पत्ति, प्लान्ट र उपकरणको ह्रास कट्टी गर्ने सम्बन्धमा अदृश्य सम्पत्तिको प्रयोगयोग्य अवधि ५ वर्ष कायम गरी परिशोधन खर्च लेखाङ्कन गरेकोमा उक्त अवधि किटान गर्ने आधार नखुलाएको, दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३ को विनियम २६ बमोजिम लेखाङ्कन नीति तयार नगरेको, कर्मचारी, प्रशासनिक तथा अन्य खर्च गत वर्ष रु.४७ करोड ३७ लाख रहेकोमा यो वर्ष रु.३० करोड १४ लाख रहेको छ। प्राधिकरणले कानुनी व्यवस्थाअनुसार लेखाङ्कन नीति तय गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

३. **लक्ष्य तथा प्रगति** - दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३ को विनियम २७ मा जिम्मेवार व्यक्तिले आम्दानी, खर्च तथा धरौटीको वित्तीय कारोबारको लेखाको विवरण विनियमावली अनुसारको अवधिमा तयार गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले यो वर्ष चालुतर्फ ४० कार्यक्रम सञ्चालन गर्न रु.२ अर्ब ५ करोड ५९ लाख र पुँजीगततर्फ १९ कार्यक्रम सञ्चालन गर्न रु.९ अर्ब ८९ करोड २५ लाखसमेत रु.११ अर्ब ९६ करोड ८४ लाख विनियोजन गरेकोमा चालुतर्फ ८ वटा कार्यक्रम सञ्चालन गरी रु.२६ करोड ३६ लाख (१२.८२ प्रतिशत) र पुँजीगततर्फ ३ कार्यक्रम सञ्चालन गरी रु.६ करोड ८८ लाख समेत रु.३३ करोड २३ लाख (०.७० प्रतिशत) खर्च गरेको छ। प्राधिकरणबाट स्वीकृत भएका कार्यक्रम समयमै कार्यान्वयन गर्नुपर्दछ।

४. **थप दस्तुर -** दूरसञ्चार नियमावली, २०५४ को नियम (१२) मा अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरण गर्न चाहेमा सो अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा तीन महिना अगावै नियम १० को उपनियम (१) र (२) बमोजिम पाएको अनुमतिपत्रको लागि आफूले कबुल गरेको नवीकरण दस्तुर बुझाई प्राधिकरणसमक्ष नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था छ। सो समयभित्र निवेदन पेस गर्न नसक्ने सेवा प्रदायकले उपनियम (२) बमोजिमको म्यादभित्र अनुमतिपत्र नवीकरण गराउन निवेदन दिन नसकेको कारण खुलाई अनुमतिपत्र बहाल रहने अवधिभित्रै प्राधिकरण समक्ष निवेदन दिएमा नवीकरण दस्तुरको पन्ध्र प्रतिशत थप दस्तुरसमेत लिई अनुमतिपत्र नवीकरण गर्ने व्यवस्था छ। दूरसञ्चार सेवा सञ्चालन गर्ने एक कम्पनीको दोस्रो पटकको नवीकरणको म्याद २०७६।१।२५ मा सम्पन्न हुने र सो अवधिको ३ महिना अगावै २०७५।१०।२५ सम्म नवीकरण दस्तुर बापतको रु.२० अर्ब भुक्तानी गरी नवीकरणको लागि निवेदन दिनुपर्नेमा सो कम्पनीले कबोल गरेको दस्तुर रु.२० अर्बमध्ये रु.१८ करोड ९० लाख २०७५।१०।२८ मा र बाँकी रु.१९ अर्ब ८१ करोड १० लाख २०८१।१।२५ मा दाखिला गरेको देखिएकोले नियम १२(३) बमोजिम रु.१९ अर्ब ८१ करोड १० लाखको १५ प्रतिशतले हुने थप दस्तुर रु.२ अर्ब ९७ करोड १६ लाख ५० हजार असुल गर्नुपर्ने देखिएको छ।

त्यस्तै निजी क्षेत्रको एक कम्पनीले दूरसञ्चार सेवा सञ्चालन गर्न २०६१।५।१६ मा १० वर्षको लागि अनुमतिपत्र प्राप्त गरेकोमा तेस्रो पटक ५ वर्षको लागि नवीकरण गर्न २०८१।२।१५ सम्म रु.२० अर्ब बुझाउनुपर्नेमा रु.६अर्ब ४० करोडमात्र बुझाएको देखिएकोले बाँकी रु.१३ अर्ब ६० करोडको १५ प्रतिशतले हुने थप दस्तुर रु.२ अर्ब ४ करोडसमेत उक्त २ कम्पनीबाट रु.५ अर्ब १ करोड १६ लाख असुल गर्नुपर्दछ ।

५. **युनिफाइड लाइसेन्स दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँट तथा मूल्यसम्बन्धी) नीति, २०७३ को दफा नं ११(२) र ११(३) अनुसार रेडियो फ्रिक्वेन्सीमा आधारित मोबाइल ब्रोडब्याण्ड सेवासम्बन्धी व्यवस्था गर्दा बढाबढमा सबैभन्दा बढी कबोल गर्ने व्यक्तिलाई रेडियो फ्रिक्वेन्सीमा आधारित मोबाइल ब्रोडब्याण्ड सेवाको अनुमतिपत्र प्रदान गर्ने र मोबाइल ब्रोडब्याण्ड सेवाको अनुमतिपत्र दस्तुर, अनुमतिपत्र नवीकरण दस्तुर र सोको भुक्तानी प्रक्रिया, अनुमतिपत्रको अवधि र रोयल्टी आधारभूत टेलिफोन सेवा सरह हुने व्यवस्था छ। प्राधिकरणले आधारभूत टेलिफोन सेवा सञ्चालन गर्नको लागि एक कम्पनीसँग रु.३५ करोड ७५ लाख दस्तुर लिई अनुमतिपत्र जारी गरेको र नवीकरण दस्तुर रु.२० अर्ब १३ करोड २८ लाखलाई ११ किस्तामा बुझाउने गरी २०७३।५।२० मा अनुमति प्रदान गरेको छ । सम्झौताअनुसार अनुमतिपत्र दस्तुर रु.३५ करोड ७५ लाख र नवीकरणको लागि प्रथम किस्ताको रु.५ करोडसमेत रु.४० करोड ७५ लाख २०७२।२।६ मा दाखिला गरी सेवा सञ्चालन गरेको र दोस्रो किस्ताको रु.५ करोड २०७४।५।१९ मा दाखिला गरेको छ। सोपश्चात् प्रत्येक वर्ष दाखिला गर्नुपर्ने तेस्रोदेखि सातौँ किस्ता (२०७५।७६ देखि २०७९।८०) सम्मको नवीकरण दस्तुर रु.२ अर्ब १५ करोड र २०८०।८१ मा आठौँ किस्ताको रु.१ अर्ब २५ करोड २०८०।५।१९ सम्ममा दाखिला गर्नुपर्नेमा नगरेकोले रु.३ अर्ब ४० करोड असुल गर्नुपर्दछ।

६. **कोष परिचालन -** ग्रामीण दूरसञ्चार विकास कोष लगानी कार्यविधि, २०७९ को बुँदा नं.३ मा लगानीको क्षेत्र तथा स्रोत परिचालनको सीमासम्बन्धी व्यवस्था छ। प्राधिकरणको कुल सञ्चित नाफा र आयगत जगेडामा रु.२८ अर्ब ५० करोड ४४ लाखमध्ये ग्रामीण दूरसञ्चार विकास कोषमा रु.१२ अर्ब ५० करोड ७८ लाख मौज्दात छ। सोमध्ये रु.५ अर्ब ३५ करोड मुद्दती खातामा रहेको र रु.६ अर्ब ६९ करोड ९९ लाख कल खातामा रहेको छ। कोषमा रहेको मौज्दात रकम परिचालन गर्ने सम्बन्धमा प्राधिकरणले उपयुक्त नीति अवलम्बन गर्नुपर्दछ।

७. **ग्रामीण दूरसञ्चार दस्तुर -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा अनुमति प्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने र तोकिएबमोजिमको अवधिमा दस्तुर जम्मा नगरेमा प्रत्येक महिना २ प्रतिशतका दरले जरिबाना असुल गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणबाट अनुमति प्राप्त २०४ सेवा प्रदायकमध्ये १३ सेवा प्रदायकले २०७९।८० को वार्षिक आय रु.२ अर्ब ६३ करोड ५९ लाखको २ प्रतिशतले हुने शुल्क रु.५ करोड २७ लाख र जरिबाना रु.१ करोड २६ लाखसमेत रु.६ करोड ५३ लाख उक्त कोषमा दाखिला गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

८. **छुट दस्तुर -** नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम ५ मा वार्षिक आयको २ प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा वार्षिक कुल आम्दानी भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको धरौटी, सेवा शुल्क, मूल्य अभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चारसम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकम बाहेक दूरसञ्चार सेवा प्रदान गरेबापत अनुमति पत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउने उल्लेख छ। यो वर्ष ७ सेवा प्रदायकले मर्मत र सपोर्ट चार्ज बाहेकको आय रकममा मात्र दस्तुर बुझाएकोले आयमा गणना गर्न छुट भएको रु.३१

करोड १३ लाखको २ प्रतिशतले हुने दस्तुर रु.६२ लाख र जरिबाना रु.१४ लाखसमेत रु.७६ लाख असुल गरी ग्रामीण दूरसञ्चार कोषमा दाखिला गर्नुपर्दछ।

९. **आय-व्यय विवरण -** दूरसञ्चार ऐन, २०५३ को दफा ४७(२) मा दूर सञ्चार सेवा सञ्चालन गर्ने सेवा प्रदायकले अनुमतिपत्रमा उल्लिखित सर्तहरूको पालना नगरेमा पाँच लाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने व्यवस्था छ। दूरसञ्चार नियमावली, २०५४ को नियम ३३ मा अनुमति प्राप्त व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आय-व्ययको विवरण प्राधिकरणसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले यो वर्षसम्म १२५ सेवाप्रदायकलाई दूरसञ्चार सेवासम्बन्धी अनुमतिपत्र जारी गरेकोमा ३२ सेवाप्रदायकले नियमावलीमा भएको व्यवस्थाअनुरूप वार्षिक आय-व्ययको विवरण पेस नगरेको तथा सेवा शुल्क दाखिला गरेका छैनन्। अनुमतिपत्रमा उल्लिखित सर्तको पालना नगर्ने सेवा प्रदायकलाई कानुनबमोजिम कारबाही गर्नुपर्दछ।

१०. **टेरामोक्स परियोजना -** यस परियोजनाले दूरसञ्चार क्षेत्रको आय तथा अन्तर्राष्ट्रिय कलको अनुगमनका लागि दूरसञ्चार प्राविधिक मापन एवं गैरकानुनी र आपराधिक कार्यको नियन्त्रण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कल र डेटा भोलुमको मापन, सेवाको गुणस्तर मापनगर्ने उद्देश्य रहेको छ। प्राधिकरणले अन्तर्राष्ट्रिय कल मनिटरिङ र भ्वाइस ओभर इन्टरनेट प्रोटोकल नियन्त्रण गर्न आवश्यक उपकरण र प्रणाली खरिद गर्न प्रस्ताव माग गरेकोमा एक विदेशी कम्पनीसँग २०७८।१०।२४ मा अमेरिकी डलर २ करोड ३७ लाख ७० हजारको खरिद सम्झौता भएकोमा ४ पटक म्याद थप भई १६ अप्रिल २०२४ सम्म म्याद कायम भएको छ। ती उपकरणहरू नख्खु, हेटौंडा र पोखरामा जडान भई परियोजनाको सफ्टवेयर तयार भए तापनि हार्डवेयरमा जडान गर्न बाँकी रहेको प्राधिकरणको अभिलेखबाट देखिएको छ। उक्त कम्पनीलाई पछिल्लो पटक २०७९।१०।२९ मा रु.३९ करोड ३६ लाख ६७ हजारसमेत रु.१ अर्ब १० करोड ६७ लाख ७ हजार भुक्तानी भएको छ। उक्त प्रणालीमा रहने तथ्याङ्कको स्वीकृति र खरिद कार्यमा ढिलाइ भई सेवा प्रवाहमा असर पर्नुका साथै विनिमयदरको फरकले प्राधिकरणको व्ययभार बढेको छ।

११. **मोबाइल डिभाइस व्यवस्थापन प्रणाली -** मोबाइल डिभाइस प्रणाली सुरक्षित गर्न, अवैध मोबाइल आयातमा नियन्त्रण गर्न, प्राइमरी साइट कन्टेनर र सो भित्र जडान हुने सातवटा सर्वर स्वीच राउटर र सेकेन्डरी डाटा सेन्टर इक्युपमेण्ट सर्वर स्वीच ऱ्याकको मोबाइल डिभाइस मेनेजमेन्ट सिस्टम डिजाइन, आपूर्ति, जडान, कमिशनिङ्ग र अपरेसनसमेतको लागि एक विदेशी कम्पनीसँग २०७६।३।१९ मा २०७६।८।१७ भित्र सम्पन्न गर्ने र ५ वर्षसम्म प्राविधिक सेवा प्राप्त गर्ने गरी अमेरिकी डलर ७० लाख ६६ हजारको सम्झौता भई गत वर्षसम्म अमेरिकी डलर १४ लाख ११ हजार भुक्तानी भएको छ। उक्त सम्झौताको अवधि २०७९।७।१५ सम्म म्याद थप भएको छ।सो कार्यको लागि यो वर्ष रु.३० करोड बजेट विनियोजन भएकोमा खर्च भएको छैन। सम्झौताको म्याद सकिएकोमा यससम्बन्धी थप कार्य गरेको पाइएन।

१२. **मर्मत सम्भार शुल्क** - दूरसञ्चार नियमावली, २०५४ को नियम १५ मा ग्राहकलाई उपलब्ध गराएको दूरसञ्चार सेवा कुनै कारणले बिग्रेमा प्राधिकरणले तोकिदिएको स्तर अनुरूप निःशुल्क मर्मत सम्भार गर्नुपर्ने तर दूरसञ्चार सेवाअन्तर्गत फिक्स वायर ब्रोडब्याण्ड सेवा प्रदान गरेबापत लाग्ने महसुलमा बढीमा ५० प्रतिशतसम्म मर्मत सम्भार शुल्क लगाउन सक्ने उल्लेख छ। नेपालमा यस्तो ब्रोडब्याण्ड सुविधा

उपलब्ध गराउने १०७ इन्टरनेट सेवा प्रदायकमध्ये नेपाल टेलिकमले ग्राहकबाट लिने ब्रोडब्याण्ड सेवाको ५० प्रतिशत मर्मत सम्भार शुल्क उठाएकोमा अन्य सेवाप्रदायकले शतप्रतिशत थप गरी सङ्कलन गर्ने गरेकाले इन्टरनेट प्रयोगकर्ताहरूलाई बढी व्ययभार परेको छ। अन्य सेवा प्रदायकले बढी शुल्क उठाएको सम्बन्धमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्नुपर्दछ।

१३. **सूचना महामार्ग निर्माण योजना -** प्राधिकरणले ग्रामीण दूरसञ्चार विकास कोषबाट खर्च गर्नेगरी मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई ३ प्याकेजमा विभाजन गरी काम गरेकोमा देखिएका बेहोरा निम्नानुसार छन्:

१३.१ प्रथम प्याकेज अन्तर्गत मध्यपहाडी लोकमार्गको पाँचथर जिल्लाको चियो भञ्ज्याङदेखि गोरखाको आरुघाटसम्म एवं कोशी, मधेश र बागमती प्रदेशको केही भागमा पर्ने २ हजार १७९ किलोमिटरको राजमार्गमा अप्टिकल फाइबर सञ्जाल निर्माण कार्य नेपाल टेलिकममार्फत गराएको छ। नेपाल टेलिकमले उक्त कार्यको लागि ५ निर्माण व्यवसायीसँग २०१९।३।२२ मा रु.३ अर्ब ७ करोड ७५ लाखको खरिद सम्झौता गरेकोमा सोमध्ये कोशी तथा मधेश प्रदेश प्याकेजको म्याद २०२३ अप्रिल १८ मा र बागमती प्रदेश प्याकेजको लागि म्याद २०२२ अक्टुबर १८ मा समाप्त भएको छ। गत वर्षसम्म पेस्की बापत रु.६१ करोड ५५ लाख ११ हजार र प्रथम किस्ता रु.८३ करोड ९२ लाख ३४ हजार भुक्तानी भएको देखिन्छ। यो वर्ष थप कार्य गरेको प्रगति विवरण पेस भएको छैन।

१३.२ दोस्रो प्याकेज अन्तर्गतको गण्डकी तथा लुम्बिनी प्रदेश खण्डको २ हजार १६० किलोमिटर अप्टिकल फाइबर सञ्जाल निर्माण कार्य युनाइटेड टेलिकममार्फत २ वर्षमा सम्पन्न गर्ने गरी २०७४।१।२५ मा रु.२ अर्ब १० लाखको खरिद सम्झौता भई २०७५।११।७ मा रु.४० करोड २० लाख पेस्की उपलब्ध गराएको छ। उक्त कम्पनीले सम्झौताको कार्यतालिकाबमोजिम कार्यसम्पादन नगरेका कारण २०७६।१।२४ मा खरिद सम्झौता अन्त्य गरी पेस्की रकम असुल भएको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा भएको व्यवस्थाअनुसार ब्याज असुल हुनुपर्दछ।

१३.३ तेस्रो प्याकेजअन्तर्गत कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशमा पर्ने मध्यपहाडी लोकमार्ग र सोको आसपासका जिल्ला सदरमुकामसम्म २ हजार ३९३ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्यका लागि एक निजी कम्पनीसँग २ वर्षमा कार्य गर्नेगरी २०७४।४।२ मा रु.३ अर्ब ९४ लाखको खरिद सम्झौता भएको छ। कम्पनीले निर्माण कार्यसम्पन्न नगरेकोले उक्त कार्य नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट गराउने सम्बन्धमा मन्त्रीपरिषद्ले २०७६।७।५ मा निर्णय गरेको छ। सोअनुसार प्राधिकरणले २०७६।९।१८ मा नेपाल टेलिकमसँग साविकको लागत अनुमानकै दरमा रु.३ अर्ब ८१ लाखमा निर्माण कार्य गर्न नेपाल दूरसञ्चार कम्पनीसँग समझदारी गरे तापनि कार्यसम्पन्न भएको छैन।

१४. **ब्रोडब्यान्ड इन्टरनेट सेवा -** ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी काठमाडौं उपत्यकाका ३ जिल्ला बाहेक ७४ जिल्लामध्ये भूकम्पबाट अति प्रभावित ८ जिल्लाका सबै स्थानीय तह, वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक स्वास्थ्य संस्थासमेत ४ हजार २५१ स्थानमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गर्न ७६ स्थानीय तहसँग सम्झौता गर्ने लक्ष्य रहेको देखिन्छ। यो वर्षसम्म ७३ स्थानीय तहसँग सम्झौता भई ४१ स्थानीय तहसँगको सम्झौताबमोजिमको कार्य सम्पन्न भई रु.३ करोड ६८ लाख १६ हजार भुक्तानी भएको छ। त्यस्तै ३६२ स्थानीय तहसँग भएको समझदारीमध्ये १२४ स्थानिय तहमा जडान कार्यसम्पन्न भई रु.२ करोड ६२ लाख ७० हजार थप रकम भुक्तानी भएको

छ। स्वीकृत कार्यक्रमअनुसार बाँकी तहमा समेत ब्रोडब्याण्ड पूर्वाधार तथा सेवाको विकास एवं विस्तार गर्नुपर्दछ ।

प्रेस काउन्सिल नेपाल

प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम पत्रकारिताको उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धन गर्नका लागि नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०१९ बमोजिम २०२७।६।६ मा काउन्सिलको स्थापना भएको हो।

१. **वित्तीय स्थिति -** काउन्सिलको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**३१ आषाढ, २०८१**		**३१ आषाढ, २०८०**	
पुँजीकोष	६,२१,१८		६,१२,८६	
अवकाश कोष	७,४७,९५		६,६४,७२	
पत्रकारिता कोष	३९,६६		३८,५१	
पत्रकारिता पुरस्कार कोष	३२,८०		३०,९०	
पत्रकार कल्याण कोष	१,०५,९९		१,०४,२१	
प्रेस क्लीपिङ्ग सेवा	४०,२५		३८,४७	
मिडिया विकास कोष	४,८९,०७		४,९२,३५	
कर्मचारी सापटी कोष	९०,७८		८८,६१	
पुरस्कार अक्षय कोष	५०,१८		४६,९८	
योगदानमा आधारित अवकाश कोष	१०,१४		९,४५	
कुल पुँजी तथा दायित्व		**२२,२८,००**		**२१,२७,०६**
स्थिर सम्पत्ति		**१,५९,८०**		**१,८१,७०**
मुद्दती खाता - मिडिया विकास कोष	३,७१,००		४,७१,००	
आसामी तथा पेस्की	६९,१२		८०,३५	
धरौटी	१,१०		१,१०	
बैङ्क तथा नगद मौज्दात	१६,३४,५४		१३,९९,५२	
चालु दायित्व	(७,५६)		(६,६१)	
खुद चालु सम्पत्ति		**२०,६८,२०**		**१९,४५,३६**
कुल सम्पत्ति		**२२,२८,००**		**२१,२७,०६**

२. **सञ्चालन नतिजा -** काउन्सिलको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**२०८०।८१**		**२०७९।८०**	
प्रेस काउन्सिलको आम्दानी	५,८५,०२		५,६४,९४	
प्रेस क्लिपिङ्गको आम्दानी	१७,६१		३७,५८	
मिडिया विकास कोषको आम्दानी	३१,८७		४१,५७	
जम्मा आम्दानी		**६,३४,५०**		**६,४४,०९**
प्रेस काउन्सिलको खर्च	५,२१,८२		४,६९,५९	
प्रेस क्लिपिङ्गको खर्च	१५,८३		२८,३२	
मिडिया विकास कोषको खर्च	३४,७४		३३,६७	
जम्मा खर्च		**५,७२,३९**		**५,३१,५८**
बचत/ (घाटा)		**६२,११**		**१,१२,५१**

३. **प्रविधि सुरक्षा तथा संरक्षण -** काउन्सिलको सिंहदरबारमा एक र प्रधान कार्यालयमा चार समेत पाँच सर्भर रहेको छ। काउन्सिलले सर्भरको सुरक्षाका लागि फायरवाल जडान गरी टेलिभिजनको रेकर्डिङ, पत्रपत्रिका स्क्यान, रेडियो रेकर्डिङका साथै अनलाइन मिडिया र पत्रपत्रिका क्लिपिङ्गको गत विगत वर्षदेखि तथ्याङ्क भण्डारण गर्दै आएको, तर त्यस्ता तथ्याङ्कको कुनै पनि ब्याकअप स्टोरेज रहेको छैन। साथै काउन्सिलमा भएका स्थिर सम्पत्तिहरूको अङ्क/सङ्केत (कोडिङ) को व्यवस्था गरेको छैन।

४. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको पूर्ण स्वामित्व रहेका निकायले २०७३।७४ बाट लागु हुने गरी नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार प्रतिवेदन तयार गर्नुपर्नेमा काउन्सिलले सोअनुसार वित्तीय विवरण तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना हुनुपर्दछ।

५. **खर्च निर्देशिका -** काउन्सिलको आर्थिक प्रशासन विनियमावली, २०५७ को विनियम १२ बमोजिम मन्त्रालयको स्वीकृति लिएर आवश्यकता अनुसार काउन्सिलले अनुसूची हेरफेर गर्न सकिने व्यवस्था छ। काउन्सिलले २०७५।८।६ देखि लागु हुने गरी प्रेस काउन्सिल खर्च निर्देशिका, २०६९ को संशोधन गरी कार्यान्वयनमा ल्याएको छ। उक्त निर्देशिका अर्थ मन्त्रालयवाट स्वीकृत भएको देखिएन। स्वीकृत नभएको निर्देशिकाको आधारमा कर्मचारीहरूलाई थप टेलिफोन सुविधा रु.१ लाख ६३ हजार, पत्रपत्रिका सुविधा रु.२० हजार र इन्टरनेट सुविधा रु.१ लाख ९९ हजार भुक्तानी गरेकोले थप आर्थिक व्ययभार परेको छ।

राष्ट्रिय समाचार समिति

राष्ट्रिय समाचार समिति ऐन, २०१९ अनुसार राष्ट्रिय दृष्टिकोणलाई ध्यानमा राखी निष्पक्ष, आधिकारिक, शुद्ध, विश्वसनीय एवम् वास्तविक समाचार सङ्कलन र वितरण गर्ने उद्देश्यले समितिको स्थापना भई सञ्चालनमा रहेको छ। समितिमा नेपाल सरकारको पूर्ण स्वामित्व रहेको छ ।

१. **वित्तीय स्थिति** - समितिको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ असार, २०८१		३१ असार, २०८०	
पुँजी तथा लगानी	२१,६८,२२		४,८१,७०	
सञ्चिति, जगेडा तथा अन्य कोष	१५,१४,३६		१६,१५,०१	
कर्मचारी दायित्व	२,१४		१,२३	
अन्य दायित्व	२४,२६		१८,२९	
समाचारदाता दायित्व	६,७३		६,२७	
भुक्तानी गर्नुपर्ने धरौटी	२४,२५		२२,१८	
कुल पुँजी तथा दायित्व		**३७,३९,९६**		**२१,४४,६८**
सम्पत्ति				
खुद स्थिर सम्पत्ति	२०,९४,८२		४,१६,८२	
कर्मचारी तलब सापटी	७९,२५		९५,३५	
कर्मचारी कल्याणकारी सापटी	९४,६१		८१,१३	
कर्मचारी उपचार खर्च सापटी	१,७१,२७		१,५२,७८	
पेस्की तथा धरौटी	३१,१		३,११	
समाचार आसामी	१,०६,८९		८३,६१	
अन्य आसामी	९९,७६		७५,७०	
नगद तथा बैङ्क मौज्दात	१०,९०,२५		१२,३६,१८	
कुल सम्पत्ति		**३७,३९,९६**		**२१,४४,६८**

समितिको पुँजीमा वृद्धि भएकोले खुद सम्पत्ति र दायित्व गत वर्षको तुलनामा ७४.३८ प्रतिशतले वृद्धि भएको छ।

२. **सञ्चालन नतिजा** - समितिको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी				
नेपाल सरकारको अनुदान	१६,७१,९२		१७,१८,७७	
समाचार आम्दानी	१,८४,४८		१,७९,९४	
अन्य आम्दानी	२,०४,४८		१,५४,२०	
जम्मा आम्दानी		**२०,६०,८८**		**२०,५२,९१**
खर्च				
प्रशासकीय खर्च	१९,३०,१७		१८,९८,९९	
ह्रासकट्टी	१,००,७१		७५,१९	
जम्मा खर्च		**२०,३०,८८**		**१९,७४,१८**
सञ्चालन वचत		**३०,००**		**७८,७३**

३. **भवन हस्तान्तरण** - समितिको २०७४।४।२६ मा निर्माण सम्झौता भई कार्य सम्पन्न भएको भवन केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) बाट २०८१।१।३० मा समितिमा हस्तान्तरण भएको देखिन्छ। समितिले जिन्सी तथा सम्पत्ति व्यवस्थापन अन्तर्गतका सम्पत्ति तथा जिन्सी मालसामानको दाखिला प्रतिवेदन, सम्पत्ति खाता र सम्पत्तिको मूल्याङ्कन फाराम भरी राख्नुपर्नेमा सो राखेको पाइएन। समितिले निर्धारित ढाँचामा हस्तान्तरणको अभिलेखमा लागत मूल्यसहित आम्दानी बाँध्नुपर्दछ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल नागरिक उड्डयन प्राधिकरण

नेपालमा नागरिक उड्डयन क्षेत्रको विकास, विस्तार, नियमन तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उड्डयन, सञ्चार, पथप्रदर्शन र हवाई सेवा, परिवहन सेवा सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार नेपाल सरकारको पूर्ण स्वामित्वमा २०५५।९।१६ मा प्राधिकरणको स्थापना भएको हो।

१. **वित्तीय स्थिति-** प्राधिकरणको वित्तीय स्थिति देहायअनुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
पुँजी तथा दायित्व				
सेयर पुँजी	५९,८४,६१,६०		५९,८४,६१,६०	
जगेडा तथा संचित नाफा	३,०६,००,२२,९८		३,०५,२७,२९,५२	
जम्मा पुँजी		**३,६५,८४,८४,५८**		**३,६५,११,९१,१२**
ऋण तथा सापटी	३२,२८,४०,२५		२९,३०,२६,१९	
कर्मचारी सुविधा	४,०९,७९,२४		३,३७,५१,५०	
अन्य गैर चालु दायित्व	८,६१,०५		-	
स्थगन कर दायित्व	९१,८१,८४,१३		९३,५६,३७,९०	
कुल गैर-चालू दायित्व		**१,२८,२८,६४,६७**		**१,२६,२४,१५,५९**
ऋण र सापटी	२,३०,९३,६०		२,१५,९३,१२	
व्यापार भुक्तानी	१९,१६,६५		६,९३,०२	
कर्मचारी सुविधा	१९,३४,७७		२२,९३,०२	
अन्य व्यवस्थाहरू	३,७४,६५		४,७८,७०	
अन्य चालु दायित्व	९,८६,३३,१५		७,९८,७३,९९	
जम्मा चालु दायित्व		**१२,५९,५२,८२**		**१०,४९,३१,८५**
जम्मा		**५,०६,७३,०२,०७**		**५,०१,८५,३८,५६**
सम्पत्ति				
सम्पत्ति, मेशिनरी तथा उपकरण	४,८४,४६,०५,०६		४,७९,२९,८६,५१	
अदृश्य सम्पत्ति	९,८३,०२		७,०८,३२	
लागानीयोग्य सम्पत्ति	९७,७५,२६		३,०३,१७,८१	
जम्मा गैर-चालु सम्पत्ति		**४,८५,५३,६३,३४**		**४,८२,४०,१२,६४**
जिन्सी मौज्दात	९,६४,३२		६,३०,८१	
आसामी तथा अन्य प्राप्य रकम	१,६६,३९,१२		१,४०,३२,७८	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
नगद तथा बैङ्क मौज्दात	१०,८२,२१,७९		९,३९,५७,९३	
अन्य चालु सम्पत्ति	८,२३,६७,२२		८,५७,१८,५०	
आयकर सम्पत्ति	३७,४६,२८		१,८५,९०	
जम्मा चालु सम्पत्ति		**२१,१९,३८,७३**		**१९,४५,२५,९२**
जम्मा सम्पत्ति		**५,०६,७३,०२,०७**		**५,०१,८५,३८,५६**

प्राधिकरणका विमानस्थल कार्यालय, सचिवालय, निर्देशनालय, विभाग, आयोजना, प्रतिष्ठान तथा विभिन्न कोषको नाममा चालु व्यापारिक भुक्तानी गर्न रु.१९ करोड १७ लाख बाँकी रहेकोमा प्राधिकरणले साहुहरूको अवधि अनुसारको विस्तृत विवरण तयार नगरेको, लामो समयदेखि सो हिसाब फर्छ्यौंट नगरेको र वर्षान्तमा पुष्टि पत्र लिनेदिने नगरेकोले सो भुक्तानी गर्न बाँकी हिसाबको यथार्थता यकिन गर्ने अवस्था छैन।

२. **सञ्चालन नतिजा** -प्राधिकरणको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सेवाबाट प्राप्त आम्दानी	१३,९४,७९,९६		१२,४५,१९,७७	
अन्य आम्दानी	७८,४२,०९		९१,५५,२१	
कुल आम्दानी		**१४,७३,२२,०५**		**१३,३६,७४,९८**
कर्मचारी सुविधा खर्च	२,२४,४९,१७		२,२२,७२,३३	
ह्रास र क्षय नोक्सानी खर्च	५,४०,६८,४४		३,९३,८०,८४	
प्रशासनिक तथा अन्य सामान्य खर्च	२,००,३८,२०		१,७८,८८,२४	
कुल सञ्चालन खर्च		**(९,६५,५५,८१)**		**(७,९५,४१,४१)**
सञ्चालन नाफा		**५,०७,६६,२४**		**५,४१,३३,५७**
वित्त लागत		(१,३३,००,९६)		(६२,६३,७३)
कर अघिको नाफा		**३,७४,६५,२८**		**४,७८,६९,८४**
चालु कर	१,३९,९१,९७		१,७१,५०,९७	
स्थगन कर	(१,०३,८०,७६)		४३,४२,२१	
जम्मा आयकर खर्च		**(३६,११,२१)**		**(२,१४,९३,१८)**
खुद नाफा		**३,३८,५४,०७**		**२,६३,७६,६६**

३. **बैङ्क मौज्दात** - प्राधिकरणसँग नगद तथा बैङ्क मौज्दात रु. १० अर्ब ८२ करोड २२ लाख रहेकोमध्ये चालु खातामा निष्क्रिय मौज्दात रु. ३ अर्ब ४९ करोड ८० लाख रहेको छ। आयोजना सञ्चालन भुक्तानीको कार्यतालिकालाई मध्यनजर गरी नगद प्रवाहबाट प्रतिफल प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ।

४. **बैङ्क हिसाब मिलान** - प्राधिकरणले नियमित रूपमा बैङ्क हिसाब मिलान विवरण तयार गरी फरक रकमलाई समयमा नै मिलान गर्नुपर्दछ। विमानस्थल कार्यालय, विभाग तथा आयोजनाहरूले आफ्नो बैङ्क हिसाब मिलान विवरण तयार गर्दा सुरू मौज्दात तथा पुराना हिसाब समावेश नगरी यो वर्षको कारोबारको विवरण मात्र राखी तयार गरेको हुँदा बैङ्क मौज्दातको यथार्थ चित्रण भएको छैन। विगत वर्षदेखि हिसाब मिलान नभई बैङ्क खातामा रु.२९ करोड ७९ लाख र अमेरिकी डलर १ लाख ४३ हजार ८३७ घटी देखिएको छ। साथै बन्द भइसकेका खाताहरूमा अधिविकर्ष रु.१ करोड ७३ लाख र अमेरिकी डलर

खातामा रु.१५ करोड ६७ लाख रहेको छ। खाता सञ्चालनमा नरहेका दुई बैङ्कमा मात्र रु.१० करोड ४४ लाख मौज्दात रहेको एवं कारोबार नरहेका अन्य २३ बैङ्कको खातामा रु.२ करोड ३८ लाख रहेको छ। ट्रान्जिट मौज्दातमा विगत वर्षदेखि नै रु.५१ करोड २४ लाख हिसाब मिलान नभई बाँकी रहेको देखिन्छ। प्रयोगमा नआएको वायुयान सञ्चालन कोष खातामा रु.९० करोड ३४ लाख मौज्दात रहेको छ। प्राधिकरणले बैङ्क हिसाब मिलान विवरण तयार गर्नुका साथै सो रकमको उचित व्यवस्थापन गर्नुपर्दछ।

५. **सेयर र ऋण हिसाब -** सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखमा सेयर पुँजी रु.६२ अर्ब ७४ करोड १८ लाख रहेकोमा प्राधिकरणको वित्तीय विवरणमा रु.५९ अर्ब ८४ करोड ६२ लाख रहेको देखिन्छ। जस अनुसार प्राधिकरणले रु.२ अर्ब ८९ करोड ५६ लाख सेयर पुँजी कम लेखाङ्कन गरेको देखिन्छ। नेपाल सरकारको ऋण रु.३५ अर्ब ११ करोड १८ लाख रहेकोमा वित्तीय विवरणमा ऋण रु.३४ अर्ब ५९ करोड ३४ लाख रहेकोले रु.५१ करोड ८४ लाख कम देखाएको छ। फरक सेयर पुँजी तथा ऋण रकम सम्बन्धमा तालुक निकायसँग समन्वय गरी हिसाब समायोजन गर्नुपर्दछ।

६. **बक्यौता असुली -** विमानस्थल सेवा शुल्क नियमावली, २०७८ मा सेवा प्रदायकले सेवा शुल्क, भाडा, रोयल्टी वा अन्य आम्दानी समयमा नै प्राधिकरणलाई बुझाउनुपर्ने व्यवस्था छ। विभिन्न एयरलाइन्स, सरकारी तथा गैरसरकारी संस्थाहरूबाट गत वर्षसम्म रु.३ अर्ब १० करोड ४५ लाख प्राप्त हुन बाँकी रहेकोमा यो वर्ष ५.४७ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब २७ करोड ४३ लाख पुगेको छ। प्राप्त हुन बाँकी रकमको मौज्दात समर्थनपत्र लिएको छैन। सोमध्ये ६ महिनाभन्दा पुरानो असुल हुन बाँकी रु.१ अर्ब ६१ करोड ५ लाखलाई शंकास्पद आसामीको रूपमा शतप्रतिशत व्यवस्था गरी लेखाङ्कन गरेको पाइयो। कारोबार बन्द भई सम्पर्कमा नरहेका २२९ संस्थासँग लिनुपर्ने रु.३५ करोड ६९ लाख रहेको छ। बक्यौता असुली प्रभावकारी बनाउनुपर्दछ।

७. **स्थिर सम्पत्ति -** प्राधिकरणको स्थिर सम्पत्ति व्यवस्थापन निर्देशिका, २०७५ मा सम्पत्ति, मेशिनरी तथा उपकरणहरूको वार्षिक भौतिक परीक्षण, अनुगमन र मूल्याङ्कन गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणको स्वामित्वमा यस्ता स्थिर सम्पत्ति रु.४ खर्ब ८५ करोड ५४ लाख रहेको छ। प्राधिकरणले आफ्नो नाममा रहेको जग्गा लगायतका सम्पत्तिको मूल्य तथा ह्रास सहितको विवरण खुल्ने अभिलेख नराखेकोले प्राधिकरणको सम्पत्तिको मूल्यले यथार्थ चित्रण गरेको छैन। स्थिर सम्पत्तिको अद्यावधिक अभिलेख राखी उपयोग गर्नुपर्दछ।

८. **निर्माणाधीन सम्पत्ति -** निर्माणाधीन सम्पत्ति अन्तर्गत गत वर्ष रु.२९ अर्ब ४३ करोड २१ लाख रहेकोमा यो वर्ष रु.८ अर्ब ५८ करोड ४२ लाख थप तथा भवन, रनवे, सडकलगायतको रु.१३ अर्ब १३ करोड २६ लाख पुँजीकरण भई रु.२४ अर्ब ८८ करोड ३७ लाख रहेको देखिन्छ। प्राधिकरणले उक्त रकममध्ये पुँजीकृत हुन बाँकी रहेका विमानस्थल, विभाग एवं आयोजनाहरूको अद्यावधिक विवरण राखेको नेदेखिएकोले वित्तीय प्रतिवेदनमानको पालना गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

९. **जिन्सी मौज्दात -** प्राधिकरणको वासलातअनुसार गत वर्ष जिन्सी मौज्दात रु.६ करोड ३१ लाख रहेकोमा यो वर्ष रु.५२.७७ प्रतिशतले वृद्धि भई रु.९ करोड ६४ लाख पुगेको छ। जिन्सी खपतको हिसाब राख्ने प्रणाली नरहेकोले प्राधिकरणले वर्षान्तमा भौतिक परीक्षणको आधारमा जिन्सी मौज्दातको हिसाब राखी बाँकी रकमको खर्च लेखाङ्कन गर्ने गरेको देखिन्छ। स्पेनको एक व्यवसायी र प्राधिकरणबिच

२०१२ डिसेम्बर २१ मा भएको सिमीकोट र रारा विमानस्थल सुधार कार्य सम्झौतामा विवाद भएपछि मध्यस्थताद्वारा रु.१ अर्ब ९८ करोड ५ लाख पाउने गरी प्राधिकरणको पक्षमा फैसला भएकोमा सो रकममध्ये रु.१ अर्ब ५४ करोड ३५ लाख बैङ्क जमानतबाट असुल भएको छ। बाँकी रु.४३ करोड ७० लाख परियोजना स्थलमा रहेका मौज्दात सामग्री तथा उपकरणबाट असुल गर्नुपर्नेमा ती सम्पत्तिको यथार्थ मूल्य रु.३२ करोड ९० लाख मात्र रहेकोले रु.१० करोड ८० लाख न्यून हुन गएको छ। प्राप्त हुन बाँकी रकम कानुनबमोजिम असुल गर्नुपर्दछ।

१०. **विविध आम्दानी** - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीले आयात तथा निर्यात गरिएका वस्तुहरूको प्रबन्ध गरेवापत सोको ६५ प्रतिशत रकम प्राधिकरणले सम्झौताको सर्तअनुसार २०८० पौषसम्म प्राप्त गर्नुपर्ने रु.६ करोड ४३ लाख प्राधिकरणले कर बीजक जारी नगरेकाले सो को मूल्य अभिवृद्धि कर रु.८४ लाख छुट्न गएको छ। साथै, गत वर्ष पनि रु.१३ करोड ६९ लाखको मूल्य अभिबृद्धि कर रु.१ करोड ७८ लाख छुट्न गएको छ। मूल्य अभिवृद्धि कर असुल हुनुपर्दछ।

११. **रोयल्टी आम्दानी** - विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम २७(२) अनुसार सेवा प्रदायक संस्थाले विमानस्थल क्षेत्रभित्र रहेका फर्म, संस्थासँग शुल्क लिई नियमावलीमा अन्यत्र व्यवस्था भए बाहेकका विमानस्थलमा उपयोग हुने अन्य सेवा प्रदान गरेमा दुई पक्षबिच भएको सम्झौता रकमको १५ प्रतिशतले हुने रकम रोयल्टी वापत प्राधिकरणलाई बुझाउनु पर्ने व्यवस्था छ। यो वर्ष प्राधिकरणले रोयल्टी शीर्षकमा रु.५ करोड ३ लाख ३७ हजार आम्दानी गरेको छ। सो सेवा प्रदान गर्न ३ विदेशी संस्था र नेपाल एयरलाइन्स बाहेक अन्य कुनै पनि संस्थाले अनुमति लिएको देखिएन। यस्ता सेवा दिने/लिने अन्य विदेशी तथा स्वदेशी कम्पनीहरू समेत रहेकोमा प्राधिकरणले सो को अभिलेख राखी रोयल्टी असुल गरेको छैन। प्राधिकरणले स्वीकृति लिएका कम्पनीको कारोबार रकम माग गरी रोयल्टी आम्दानी यकिन नगरेको तथा स्वीकृति नलिई सेवा प्रदान गर्नेको अभिलेख नराखेका कारण रोयल्टी आम्दानी र मूल्य अभिवृद्धि कर छुट्न गएको छ। यस सम्बन्धमा यकिन गर्नुपर्दछ।

१२. **ऋण भुक्तानी** - प्राधिकरणले भुक्तानी गर्नुपर्ने ऋण तथा सापटी रु.३४ अर्ब ५९ करोड र ब्याज भुक्तानी गर्न रु.७ अर्ब २ करोड रहेको छ। नेपाल सरकार र चीन सरकारबिच २०७२।१२।८ मा भएको आर्थिक तथा प्राविधिक सम्झौता अन्तर्गत पोखरा क्षेत्रीय विमानस्थल आयोजनाको लागि चीन सरकारले नेपाल सरकारलाई युआन ३५ करोड ५९ लाख ३० हजार निर्व्याजी ऋण र एक्जिम बैङ्क, चीनबाट वार्षिक २ प्रतिशत ब्याजदरमा युआन १ अर्ब २ करोड २८ लाख १० हजार ऋण उपलब्ध गराउने समझदारी भएको थियो। नेपाल सरकारले उक्त युआन १ अर्ब ३७ करोड ८७ लाख ४० हजार बराबरको नेपाली मुद्रा प्राधिकरणलाई ऋण लगानी स्वरूप उपलब्ध गराउने गरी नेपाल सरकार तथा प्राधिकरणबिच २०७३।२।२३ मा सहायक ऋण सम्झौता भएको छ। सोबमोजिम उक्त ऋण तथा ब्याज वार्षिक ५ प्रतिशतका दरले ७ वर्षको ग्रेस अवधि सहित २० वर्ष अर्थात् २६ समान किस्तामा २०७९ चैत १ देखि प्रत्येक ६ महिनाको अन्तरालमा २०९२ आश्विन १ सम्म साँवा तथा ब्याज भुक्तानी गर्नुपर्ने देखिन्छ। प्राधिकरणले अग्रिम रुपमा स्कु एकाउण्टबाट व्याज भुक्तानी गरेको उल्लेख गरे तापनि नेपाल सरकारसँगको लिन-दिन बाँकी हिसाबमा समावेश गरेको देखिएन। जसबाट नेपाल सरकारले समग्र वैदेशिक ऋणको व्याज भुक्तानीको एकीकृत हिसाब समेत यकिन हुने अवस्था देखिएन।

१३. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८९(३) अनुसार बासिन्दा व्यक्तिले गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा ५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले सम्झौता गर्दा विदेशी मुद्राको भुक्तानी गर्दा सम्बन्धित निर्माण व्यवसायीको नेपालस्थित बैंङ्क खातामा नगरी निजहरूको नियन्त्रित वैदेशिक निकायको खातामा रकम जम्मा गरेको देखिँदा सो मा ५ प्रतिशत कर कट्टी गर्नुपर्ने देखिन्छ। तथापि प्राधिकरणले १.५ प्रतिशत मात्र कर कट्टी गरेकोले राष्ट्रिय गौरवका तीन आयोजना र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हवाई क्षमता अभिवृद्धि आयोजनाका २ व्यवसायीको छुट भएको कर रु.७७ करोड ८४ लाख र ९ व्यवसायीको रु.२० करोड ७२ लाखका सम्बन्धमा कर दायित्व यकिन गर्नुपर्दछ।

१४. **रिठ्ठेपानी डाँडा कटान कार्य -** चीन सरकारको सहयोगमा निर्मित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यको लागि तयार गरिएको फ्लाइट प्रोसिड्योर डिजाइनमा रनवेको अबस्टयाकल हटाउन पूर्वतर्फ १.५ किलोमिटरमा रहेको रिठ्ठेपानी डाँडा काट्नुपर्ने उल्लेख गरी उक्त कार्यको लागि रु.३२ करोड ६८ लाखको लागत अनुमान तयार गरी एक संयुक्त उपक्रमसँग रु.३२ करोड ३० लाखको सम्झौता गरेको पाइयो। गतवर्षसम्म रु.२८ करोड ७९ लाख समेत अन्तिम बिलसम्म रु.३२ करोड २७ लाख भुक्तानी भएको छ। यस सम्बन्धी थप बेहोरा निम्नानुसार छन्:

१४.१. पोखरा महानगरपालिका, २६ नं. वडा कार्यालयको २०७५।९।१८ को पत्रानुसार रिठ्ठेपानी डाँडाका बासिन्दाहरू आफैंले उक्त डाँडाको माटो काट्न अनुमति मागेको उल्लेख छ। पोखरा क्षेत्रीय विमानस्थल आयोजनाले कटान गर्नुपर्ने कुल परिमाण र स्थानीय बासिन्दाले काट्ने परिमाणको स्पष्ट अभिलेख राखेको छैन।सो बेगर उक्त माटो काट्नका लागि आयोजनाले ठेक्का सम्झौता गरी खर्च लेखेको छ।

१४.२. निर्माण कार्यको लागि बोलपत्र पेस गर्ने १० बोलपत्रदाता मध्ये ९ को करचुक्ता प्रमाणपत्र र बिड बण्ड भेलिडिटी नदेखिएको उल्लेख गरी एक बोलपत्रदातासँग २०७९।७।२५ मा लागत अनुमानको हाराहारी (०.०९ प्रतिशत न्यूनमा) मा ठेक्का सम्झौता गरेको देखियो।

१४.३. उक्त ठेक्कामा ४ लाख २० हजार ४२८ घनमिटर माटो काट्ने र विसर्जन गर्ने कार्यको लागि निर्माण व्यवसायिले रु.२९ करोड ६९ लाख कबोल गरेकोमा रु.२९ करोड ५४ लाख (९९.४९ प्रतिशत) भुक्तानी भएको छ।

१५. **हवाई यातायात क्षमता अभिवृद्धि आयोजना -** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार कार्यका लागि निम्नानुसारका तीन प्याकेज बनाई निर्माण व्यवसायी तथा परामर्शदातासँग सम्झौता गरेको छ। लागत अनुमानका आधार र दर विश्लेषण सहित ठेक्का छनोटको मूल्याङ्कन प्रतिवेदन समेतका विवरण माग गरेकोमा सो को विस्तृत विवरण लेखापरीक्षणको क्रममा माग गरिएकोमा पेस भएन। दर विश्लेषण सहितको लागत अनुमान र ठेक्का प्रतिस्पर्धाबारे यकिन हुनुपर्दछ। यस सम्बन्धी थप बेहोरा निम्नानुसार छन्:

१५.१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको एप्रोन र प्यारालल ट्याक्सी वेको विस्तार कार्यको लागत अनुमान मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम बाहेक रु.८ अर्ब ४ करोड ७७ लाख रहेकोमा रु.६ अर्ब ९२ करोड ७५ लाख (लागत अनुमानभन्दा १३.९२ प्रतिशत घटी) कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०७९।१०।५ मा कार्यसम्पन्न गर्ने गरी २०७६।१०।६ मा सम्झौता भएको छ। सम्झौताअनुसार

उक्त कार्य २०७९।१०।५ सम्म कार्यसम्पन्न गर्नुपर्नेमा २०८१ आषाढ मसान्तसम्मको वित्तीय प्रगति ४३.०६ प्रतिशत रहेको देखिन्छ। खरिद सम्झौताको म्याद दोस्रो पटक २०८२।९।१० सम्म थप भएको देखिन्छ।

१५.२. रनवे २ को अन्तसँग जोडिने प्यारालल ट्याक्सी वेको विस्तार कार्यको लागत अनुमान रु.४ अर्ब ४६ करोड ९५ लाख रहेकोमा लागत अनुमानभन्दा २.२६ प्रतिशत घटी कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०८२।८।६ मा कार्यसम्पन्न गर्ने गरी २०७९।८।७ मा खरिद सम्झौता भएको छ। सो कार्यको म्याद २०८३।७।६ सम्म थप भएको र २०८१ आषाढ मसान्त सम्ममा वित्तीय प्रगति ११.२३ प्रतिशत रहेको छ।

१५.३. पूर्वतर्फको ह्याङ्गर विकास कार्यको लागत अनुमान रु.४ अर्ब ४९ करोड २९ लाख रहेकोमा लागत अनुमानभन्दा १८.९४ प्रतिशत घटी कबोल गर्ने एक निर्माण व्यवसायीसँग २०८२।२।२६ मा कार्यसम्पन्न गर्ने गरी २०७९।२।२७ मा ठेक्का सम्झौता भएको छ। सो कार्यको म्याद २०८३।६।२५ सम्म थप भएको र २०८१ आषाढ मसान्तसम्मको वित्तीय प्रगति ११.२९ प्रतिशत रहेको देखिन्छ।

सम्झौता भएका ३ प्याकेजको निर्माण कार्यमा कार्यतालिका अनुसार कार्य प्रगति नभएकाले आयोजनाको समयावधि र मूल्य वृद्धि नहुने गरी कार्ययोजनाको आधारमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१६. **प्रोभिजनल सम** - हवाई यातायात क्षमता अभिवृद्धि आयोजना अन्तर्गत ३ निर्माण व्यवसायीसँगको सम्झौतामा देहायअनुसार प्रोभिजनल सम तथा जनरल आइटममा रु.१ अर्ब ९२ करोड ९४ लाख र परामर्शसेवाको कार्यका लागि अमेरिकी डलर ४ लाख ३२ हजार समावेश गरेको पाइयोः

क्र. सं.	कामको विवरण	मुद्रा	प्रोभिजनल सम	अन्य प्रोभिजनल सम तथा जनरल आइटम	कुल जम्मा
१	एप्रोन र प्यारालल ट्याक्सी वेको विस्तार	रु.(लाखमा)	१२,१०	५६,९८	**६९,०८**
२	रनवे २ को अन्तसँग जोडिने प्यारालल ट्याक्सी वेको विस्तार	रु.(लाखमा)	४०,००	१३,१५	**५३,१५**
३	पूर्वतर्फको ह्याङ्गर क्षेत्र विकास	रु.(लाखमा)	३५,००	३५,७१	**७०,७१**
जम्मा		**रु.(लाखमा)**	**८७,१०**	**१,०५,८४**	**१,९२,९४**
४	सि.नं. १ कामसँग सम्बन्धित परामर्श सेवा	अमेरिकी डलर	१,८२,२००	-	**१,८२,२००**
५	सि.नं. २ र ३ कामसँग सम्वन्धित परामर्श सेवा	अमेरिकी डलर	२,५०,०००	-	**२,५०,०००**
जम्मा		**अमेरिकी डलर**	**४,३२,२००**	**-**	**४,३२,२००**

तीन निर्माण व्यवसायीमध्ये पहिलो ठेक्कामा सेफ्टी व्यवस्थापकको लागि रु. ९० लाख र एकमुष्ट रु.११ करोड २० लाखसमेत १२ करोड १० लाख, दोस्रो ठेक्कामा विमानस्थल विस्तारमा रु.४० करोड र तेस्रो ठेक्कामा हेलिप्याड सञ्चालनमा रु.२५ करोड सहित रु.३५ करोडसमेत रु.८७ करोड १० लाख प्रोभिजनल सममा समावेश गरेको देखियो। सो का अतिरिक्त अन्य प्रोभिजनल सम तथा जनरल आइटममा ३४ सवारी साधन सञ्चालनको लागि रु.५ करोड ६५ लाख, निर्माण क्षेत्र जडानमा रु.१५ करोड ४० लाख, सुरक्षा व्यवस्थापनमा रु.१० करोड २० लाख, गुणस्तर नियन्त्रणमा रु.६ करोड ६० लाख, फाइनल डिजाइनमा रु.१० करोड ५० लाख र इन्जिनियरिङ्ग सुविधामा रु.५ करोड ७० लाखसमेत

थप रु.१ अर्ब ५ करोड ८४ लाख समावेश गरेको छ। प्रतिस्पर्धा गराउन सकिने आइटमहरूलाई समेत प्रोभिजनल सममा राखेको विषय औचित्यपूर्ण देखिँदैन।

१७. **परामर्श सेवा** -हवाई यातायात क्षमता अभिवृद्धि आयोजना अन्तर्गतका परामर्श सेवा खरिद कार्यमा देखिएका बेहोरा निम्नानुसार छन्:

१७.१. तीन निर्माण कार्यका लागि आयोजनाले दुई परामर्शदातासँग अमेरिकी डलर ६६ लाख ६५ हजारको सम्झौता गरेकोमा यस वर्षसम्म रु.६९ करोड ४ लाख भुक्तानी गरेको छ। प्राधिकरणसँग रहेको प्राविधिक जनशक्तिको प्रयोग गरी खर्चमा मितव्ययिता ल्याउनु पर्दछ।

१७.२. एप्रोन र प्यारालल ट्याक्सीवेको विस्तार कार्यको एक परामर्शदातासँग अमेरिकी डलर ३८ लाख ४७ हजारको शुरु सम्झौता भएकोमा ३ पटक सम्झौता संशोधन गरी ९ लाख ५६ हजार थप गरी सम्झौता रकम अमेरिकी डलर ४८ लाख ३ हजार कायम गरेको देखियो। सम्झौताको शुरु कार्यावधि २०७८।४।१६ सम्म रहेकोमा पटक पटक म्याद थप गरी २०८१।५।३ सम्म कायम गरेकोमा प्रोभिजनल सम तथा आकस्मिकतामा थप अमेरिकी डलर १ लाख ८२ हजारसमेत समावेश गरेको छ। लागत वृद्धि नहुने गरी कार्य गर्नुपर्दछ।

१८. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा सम्झौतामा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौतामा उल्लिखित अवधिमा कार्य सम्पन्न नभई बढी समय लागेको अवस्थामा मूल्य समायोजन नपाउने उल्लेख छ। हवाई यातायात क्षमता अभिवृद्धि आयोजना अन्तर्गतका तीन निर्माण सम्झौतामा रु.५४ करोड १७ लाख मूल्य समायोजन वापत भुक्तानी भएकोमध्ये विमानस्थलको एप्रोन र प्यारालल ट्याक्सीवेको विस्तार कार्यका एक निर्माण व्यवसायीले सुरु सम्झौताअनुसारको म्याद भित्र कार्यसम्पन्न नगरेको अवस्थामा म्याद थप अवधिको मूल्य समायोजन वापत २०८१ आषाढ मसान्तसम्ममा रु.३८ करोड ५१ लाखसमेत समावेश छ।

१९. **निजगढ अन्तर्राष्ट्रिय विमानस्थल** - विश्वकै तेस्रो ठूलो ग्रिनफिल्ड हबको रुपमा यो विमानस्थल रहेको र ८० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको गुरुयोजनामा उल्लेख छ। हालसम्म आयोजनामा रु.१ अर्ब ६ करोड २९ लाख खर्च भएको छ। यस सम्वन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

१९.१. नेपाल सरकार मन्त्रीपरिषदको २०७९।४।२६ को निर्णयानुसार गठित विज्ञ समूहको अध्ययन प्रतिवेदनको निष्कर्ष, राय तथा सिफारिस एवं सञ्चालक समितिको २०८०।९।२० को बैठकबाट चार किल्ला तोक्ने कार्य प्राधिकरणले अगाडि बढाउने निर्णय भएको देखिन्छ। पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि चार किल्ला तोकी अन्तर्राष्ट्रिय विमानस्थलको नामकरणसमेत गर्ने व्यवस्थाका लागि २०८०।११।१ मा प्राधिकरणले मन्त्रालयसँग पत्राचार गरेकोमा चार किल्ला तोक्ने कार्य हालसम्म भएको देखिएन।

१९.२. जग्गा प्राप्ति ऐन, २०३४ अनुसार आयोजना निर्माणका लागि जग्गा प्राप्ति गर्न २०७४ आषाढ २७ देखि २०७९ वैशाख २२ सम्ममा ७० बिगाहा १९ कट्ठा २ धुर जग्गाको मुआब्जा वितरणमा रु.४७ करोड ७६ लाख १० हजार भुक्तानी भएको छ। जग्गाधनीहरूले मुआब्जा प्राप्त गरिसकेको भए तापनि हालसम्म उक्त क्षेत्रमा रहेको बस्ती हट्न नसकेकाले प्राधिकरणको स्वामित्व कायम हुन सकेको छैन। विमानस्थलको लागि निर्धारित जग्गामा प्राधिकरणको हकभोग हुने व्यवस्था मिलाउनु पर्दछ।

२०. **उपकरणको उपयोग -** आयोजनाबाट प्राप्त विवरणअनुसार गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको लागि उपकरणतर्फ रु.५३ करोड ७३ लाख खर्च भएको उल्लेख गरी निर्माण सम्पन्न भएको छ। व्यावसायिक योजना अनुसार यी उपकरणहरू उपयोगमा ल्याई उडानको कार्य प्रभावकारी रुपमा भएको सुनिश्चित हुनुपर्दछ।

नेपाल वायुसेवा निगम (२०७९।८०)

नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम यस निगमको स्थापना भई राष्ट्रिय ध्वजावाहकको रूपमा सञ्चालनमा रहेको छ। नेपालभित्र र बाहिर सुरक्षित, कुशल, किफायती हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको उद्देश्य रहेको छ। निगमले हाल १५ आन्तरिक र १० अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडानका अतिरिक्त चार्टर्ड उडान, कार्गो सेवा र भूमिस्थ सेवा प्रदान गर्दै आएको छ। उक्त सेवाको लागि निगममा २ हजार ३६९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा स्थायी ८३६, करार २६९ र ज्यालादारी २३४ समेत १ हजार ३३९ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

सम्पत्ति	**३१ आषाढ, २०८०**		**३१ आषाढ, २०७९**	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	३६,६१,४७		३८,३०,८३	
अमूर्त सम्पत्ति	३,३४		४,२१	
सम्बद्ध कम्पनीमा लगानी	२६,४२		२२,०४	
वित्तीय लगानी	२६,२५		२५,५२	
स्थगन कर	३,५६,३३		३,११,९६	
कुल गैर चालु सम्पत्ति		**४०,७३,८१**		**४१,९४,५६**
चालु सम्पत्ति				
नगद र बैङ्क मौज्दात	१,६७,८८		८८,७४	
व्यापारिक प्राप्य	१,२२,७७		१,६०,२६	
जिन्सी मौज्दात	३,९९,०१		३,७५,२४	
पेस्की र निक्षेप	२,६८,३०		१,५८,४९	
चालु कर सम्पत्ति	३१,९५		२६,४९	
अन्य चालु सम्पत्ति	१२,८६		१०,३४	
कुल चालु सम्पत्ति		**१०,०२,७७**		**८,१९,५६**
कुल सम्पत्ति		**५०,७६,५८**		**५०,१४,१२**
सेयर होल्डर इक्विटी				
सेयर पुँजी	१६,२३		१६,२३	
अन्य इक्विटी	२,९४,१६		२,९४,१६	
सञ्चित नाफा/(नोक्सान)	(१५,६२,३७)		(१५,१८,१५)	
अन्य कोष	८,०४,०२		८,२९,३२	
कुल इक्विटी		**(४,४७,९६)**		**(३,७८,४४)**
गैर चालु दायित्व				
सापटी	३५,७०,६९		३६,०६,१२	
व्यवस्था	२,७०,२४		२,४४,८९	

सम्पत्ति	३१ आषाढ, २०८०		३१ आषाढ, २०७९	
अन्य गैर चालु दायित्व			२	
कुल गैर चालु दायित्व		**३८,४०,९३**		**३८,५१,०३**
चालु दायित्व				
अल्पकालीन सापटी	१२,९८,३७		११,७३,७५	
व्यापारिक दायित्व	२,२८,३४		१,८६,४७	
स्थगन आय	१,०७,५६		१,४३,५१	
व्यवस्था	४९,३४		३७,८०	
कुल चालु दायित्व		**१६,८३,६१**		**१५,४१,५३**
कुल पुँजी तथा दायित्व		**५०,७६,५८**		**५०,१४,१२**

२. **सञ्चालन नतिजा -** निगमको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०७९।८०		२०७८।७९	
सञ्चालन आय	२३,३६,९७		१६,४६,३२	
बिक्रीको लागत	(१९,०४,०९)		(१३,२५,०८)	
खुद सञ्चालन आय		**४,३२,८८**		**३,२१,२४**
प्रशासनिक तथा साधारण खर्च	७२,०९		६०,२३	
कर्मचारी खर्च	१,२३,४९		१,०७,०४	
ह्रास कट्टी र परिशोधन खर्च	३,४७		४,०९	
अन्य सञ्चालन खर्च			१	
कुल सञ्चालन खर्च		**१,९९,०५**		**१,७१,३७**
कुल नाफा/(नोक्सान)		**२,३३,८३**		**१,४९,८७**
गैर सञ्चालन आय				
सम्बद्ध कम्पनीबाट प्राप्त आय	६,४३		३,७२	
गैर सञ्चालन आय	२३,६३		३९,२८	
वित्तीय आम्दानी	१२,६१		३,३६	
वित्तीय खर्च	(३,५९,५९)		(३,३४,९२)	
वैदेशिक मुद्रा विनिमय नाफा/(नोक्सान)	१,४८		३,१३	
कुल गैर सञ्चालन आय/(नोक्सान)		**(३,१५,४४)**		**(२,८५,४३)**
क्षयीकरण अघिको मुनाफा/ (नोक्सान)		**(८१,६१)**		**(१,३५,५६)**
क्षयीकरण (नोक्सान)/फिर्ता		**४,४३**		**(६,८८)**
कर अघिको मुनाफा/(नोक्सान)		**(७७,१८)**		**(१,४२,४४)**
आयकर खर्च	०		०	
स्थगन कर आय/(खर्च)		**३५,९४**		**(४३,२३)**
करपछि मुनाफा/(नोक्सान)		**(४१,२४)**		**(१,८५,६७)**

उपर्युक्त विवरण अनुसार निगमको सञ्चित नोक्सानी बढेको, ऋण पुँजीमा सुधार नभएको र गैर चालु सम्पत्ति घटेको स्थितिले निगमको समग्र वित्तीय स्थिति कमजोर रहेको देखिन्छ। निगमले विमानको प्रकृति तथा उडानको क्षेत्रअनुसार सञ्चालन मुनाफा र नोक्सानी विश्लेषण गरी सञ्चालन रणनीति तय गरेको छैन। निगमको व्यवस्थापन दक्षता अभिवृद्धि गरी समग्र वित्तीय स्थितिमा सुधार ल्याउनुपर्दछ।

३. **नेपाल वित्तीय प्रतिवेदनमान -** सरकारी संस्थालाई २०७३।७४ देखि नेपाल वित्तीय प्रतिवेदन मान लागु हुने व्यवस्था छ। निगमले यस वर्षको वित्तीय विवरण उक्त मानबमोजिम तयार गरे तापनि नेपाल वित्तीय प्रतिवेदन मान ९ (वित्तीय उपकरण) अनुसार शंकास्पद आसामीको व्यवस्था गर्दा आसामीको समय अवधि र वस्तुगत आधारमा असुलीको सम्भावनाको मूल्याङ्कन गरी उचित नोक्सानी व्यवस्था लेखाङ्कन गर्नुपर्नेमा व्यक्तिगत आसामी क्षयीकरणमा गत वर्षको रु.२७ करोड १५ लाख २९ हजार जिम्मेवारी सारेको र सामूहिक क्षयीकरणमा गत वर्षको रु.११ करोड १३ लाख ९८ हजारमध्ये रु.६ करोड ७० लाख ८१ हजार जिम्मेवारी सारेको देखिन्छ। शंकास्पद आसामी लेखाङ्कन गर्दा आसामीको औसत सङ्कलन अवधि तथा अवधि विश्लेषणसमेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नुपर्दछ।

४. **पुँजी संरचना -** गत विगतमा निगमको सेयर पुँजी रु.२ अर्ब ९४ करोड १६ लाख नेपाल सरकारको लगानी शीर्षकअन्तर्गत वासलातमा देखाउँदै आएकोमा उक्त रकमलाई नेपाल वित्तीय प्रतिवेदन मानअनुसार वित्तीय विवरण तयार गर्दा अन्य पुँजी शीर्षकअन्तर्गत वर्गीकरण गरेको देखिएन। नेपाल सरकारको लगानीबापत निगमले नेपाल सरकारलाई जारी गरेको सेयरको लगत राखेको छैन। निगमको पुँजी संरचना देहायानुसार छः

(रु. लाखमा)

विवरण	यस वर्ष	गत वर्ष
अधिकृत पुँजी	३०,००	३०,००
चुक्ता पुँजी	१६,२३	१६,२३
अन्य पुँजी		
नेपाल सरकारको लगानी	२१,७०	२१,७०
नेपाल सरकारको लगानी (एम.ए-६० को लागि)	२,१३,८८	२,१३,८८
नेपाल सरकारको लगानी (वाई१२-ई को लागि)	५८,५७	५८,५७
अन्य पुँजी जम्मा	**२,९४,१५**	**२,९४,१५**

निगमको चुक्ता पुँजी रु.१६ करोड २३ लाख र अन्य सेयर पुँजी रु.२ अर्ब ९४ करोड १५ लाख रहेको र यो वर्षमा सेयर होल्डर्स इक्विटी रु.४ अर्ब ४७ करोड ९६ लाख ऋणात्मक अवस्थामा पुगेको छ। निगमको वित्तीय स्थिति सुधार सम्बन्धमा सञ्चालक समितिबाट उपयुक्त रणनीति तयार भएको छैन।

५. **विमानको अवस्था** - नेपाल वायु सेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २३ अनुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने तथा सो प्रतिवेदनको आधारमा आवश्यकताअनुसार मर्मत, सम्भार, संरक्षण, लिलाम बिक्री वा मिनाहा गर्नुपर्ने व्यवस्था छ। निगमको २०७९।८० को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार निगमको स्वामित्वमा निम्नानुसारका १३ विमान रहेको देखिन्छः

क्र.सं.	विमानको प्रकार	संख्या	प्राप्त मिति	अवस्था
१	एयरबस ए३२०-२००	२	२०१५	सञ्चालनमा रहेको।
२	एयरबस ए३३०-२००	२	२०१८	सञ्चालनमा रहेको।
३	एम.ए. ६०	१	एम.ए. ६० (९एन.ए.के.क्यू.) २०१४	२०७७।३।१६ देखि सञ्चालनमा नरहेको।
		१	एम.ए. ६० (९एन.ए.के.आर.) २०१७	

४	वाई १२ ई	१	वाई १२ ई (९एन.ए.के.एस.) २०१४	सम्पूर्ण जहाजहरू २०७७।३।१६ बाट सञ्चालनमा नरहेको तथा ४ जहाजमध्ये १ जहाज दुर्घटना भई लगत कट्टा गरेको।
		१	वाई १२ ई (९एन.ए.के.टी.) २०१७	
		१	वाई १२ ई (९एन.ए.के.यू.) २०१८	
		१	वाई १२ ई (९एन.ए.के.भी.) २०१८	
५	डी.एच.सी. -६	३	डी.एच.सी. -६-३०० (९एन-ए.बी.टी. र ९एन-ए.बी.यू.) १९८४	एउटा विमान मात्र नियमित सञ्चालनमा रहेको।
			डी.एच.सी. -६-३०० (९एन-ए.बी.एक्स) १९८४	९एन-ए.बी.एक्स जहाज २०१२ अगष्ट देखि भूमिस्थ रहेको।

उपर्युक्त विवरणअनुसार निगमका १३ विमानमध्ये एक वाई १२ई जहाज दुर्घटना भई लगत कट्टा गरेको, ३ वाई १२ई, २ एम.ए. ६० र २ डी.एच.सी.-६ समेत ७ वटा जहाज सञ्चालनमा रहेका छैनन्। उल्लिखित विमानहरूको विङ्ग लाईफ एक्सटेन्सन गर्न बाँकी रहेको, जगेडा इन्जिन नभएको र एयर वर्थिनेस सर्टिफिकेट बाँकी रहेको जस्ता कारणले विमान सञ्चालनमा नभएको जिन्सी प्रतिवेदनमा उल्लेख छ। निगमले भूमिस्थ रहेका जहाजहरूको मर्मत सम्भार नगरेकोले जहाजहरूको भौतिक संरचनामा समेत ह्रास आएको छ। जहाजहरूलाई भूमिस्थ गरेर राख्दा एकातर्फ निगमको आन्तरिक उडानतर्फ आम्दानी घट्दै गएको र अर्कोतर्फ नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पार्किङ्ग शुल्क तिर्नुपर्दा निगमलाई थप व्ययभार परेको छ। जहाजहरू भूमिस्थ हुनुको कारण र असर विश्लेषण गरी सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

६. **उडान लक्ष्य प्रगति -** निगमले आय वृद्धि र साख कायम गरी गुणस्तरीय सेवा प्रदान गर्न निर्धारित उडान तालिकाअनुसार विमान उडान गर्नुपर्दछ। निर्धारित उडान तालिकाको कार्यान्वयन अवस्था निम्नानुसार छः

क्षेत्र	शुरू उडान लक्ष्य	उडान भएको सङ्ख्या	उडान भएको प्रतिशत
अन्तर्राष्ट्रिय	३८४०	३५७९	९३.२०
आन्तरिक	२४६४	१५७४	६३.८८

उपर्युक्त विवरणअनुसार यो वर्ष अन्तर्राष्ट्रियतर्फ ३ हजार ८४० र आन्तरिकतर्फ २ हजार ४६४ उडान गर्ने लक्ष्य रहेकोमा अन्तर्राष्ट्रिय ३ हजार ५७९ र आन्तरिकतर्फ १ हजार ५७४ उडानमात्र भएको पाइयो। निगमको आन्तरिक उडानबाट रु.४२ करोड ४० लाख ८७ हजार आय प्राप्त गर्ने लक्ष्य रहेकोमा रु.१२ करोड ६१ लाख (२९.७३ प्रतिशत) मात्र र अन्तर्राष्ट्रिय उडानबाट रु.२३ अर्ब ५२ करोड ९२ लाख आय प्राप्त गर्ने लक्ष्य रहेकोमा रु.१८ अर्ब ६८ करोड ९१ लाख (७९.४३ प्रतिशत) प्राप्त भएको देखिन्छ। विमानको प्रकृति, किसिम तथा उडानको क्षेत्रअनुसार लागत लाभ विश्लेषण गरी रणनीति तय गर्नुपर्नेमा सोअनुसार गरेको छैन। आन्तरिक र अन्तर्राष्ट्रिय गन्तव्यहरूमा कतिपय उडान घाटामा सञ्चालन भएको, मुनाफा हुने गन्तव्यमा सीमित उडान भएको देखिन्छ। प्रतिस्पर्धात्मक टिकट खरिद बिक्री प्रणालीलगायत गन्तव्यहरूको लाभ-लागत अनुपात विश्लेषण गरी उडान गर्नुपर्दछ।

७. **विमान खरिद ऋण -** निगमको वित्तीय विवरणअनुसार एयरबस विमान खरिद गर्न कर्मचारी सञ्चय कोषसँग लिएको ऋण रु.२० अर्ब ४६ करोड २९ लाख र नागरिक लगानी कोषसँग लिएको ऋण रु.१२ अर्ब पुगेको छ। यस सम्बन्धी बेहोरा निम्नानुसार छन्:

७.१. यो वर्ष निगमको सुरक्षित ऋण रु.१० करोडले घटेको छ। कर्मचारी सञ्चय कोष र नेपाल वायु सेवा निगमबिच २०७०।३।४ मा २ थान एयरबस ३२० विमान खरिद गर्नको लागि नेपाल सरकारको जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख तथा २०७४।२।२८ को सम्झौताअनुसार १ थान एयरबस ३३० विमान खरिद गर्न नेपाल सरकारको जमानीमा रु.११ अर्ब ९९ करोड ६१ लाख ऋण प्रवाह भएकोमा निगमले नियमित रूपले किस्ता र ब्याज तिर्न नसकेकोले कर्मचारी सञ्चय कोषले ब्याज र पेनाल ब्याज पुँजीकृत गरी २०८० असार मसान्तमा साँवा रु.२३ अर्ब ५६ करोड १ लाख र तिर्न बाँकी ब्याज तथा पेनाल ब्याज रु.५ अर्ब १ करोड ३४ लाखसमेत रु.२८ अर्ब ५७ करोड ३५ लाख देखाएको छ।

७.२. निगमको वाईडबडी एयरबस ए३३० विमान खरिद गर्न नेपाल सरकारको जमानीमा २०७४।२।२९ मा नागरिक लगानी कोष र निगमबीच सम्झौता भई रु.१२ अर्ब ऋण प्रवाह भएको थियो। ऋण सम्झौताको सर्तबमोजिम निगमले कोषलाई १५ वर्षमा सम्पूर्ण रकम चुक्ता गर्ने गरी स्वीकृत भुक्तानी तालिकाबमोजिम त्रैमासिक रूपमा किस्ता बुझाउनुपर्ने शर्त रहेकोमा नियमित रूपले भुक्तानी नगरेका कारण ब्याज, पेनाल ब्याज पुँजीकृत गरी रु.१७ अर्ब ८३ करोड ९३ लाख पुगेको छ। निगमले पुँजीकृत ब्याजको ब्याज र पेनाल ब्याजको लेखाङ्कन गरेको छैन।

७.३. निगमले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई तिर्न बाँकी ब्याज क्रमशः रु.६ अर्ब ९ करोड ४९ लाख र रु.४ अर्ब ५२ करोड ५६ लाख लेखाङ्कन गरेको छ। निगम र दुवै कोषबिचको ऋण र ब्याज हिसाबमा रु.३ अर्ब ३२ करोड ९४ लाखको फरक देखिएको छ। निगमले उक्त ऋण रकमसँग सम्बद्ध मौज्दात समर्थन गर्ने कागजात लिने गरेको देखिएन। दुई कोषबिचको ऋण हिसाब तालुक निकायसँग समन्वय गरी मिलान गर्ने तथा तोकिएको समयमा सम्झौतानुसार ऋणको साँवा/ब्याज चुक्ता गर्नुपर्दछ।

७.४. निगमले नेपाल सरकारसँग विभिन्न समयमा लिएको ऋणको सम्झौताबमोजिमको साँवा/ब्याज तिरेको छैन। यस्तो ऋण दायित्वलाई निगमले असुरक्षित ऋणअन्तर्गत यो वर्ष रु.२ अर्ब ३७ करोड ७५ लाख र अल्पकालीन ऋणअन्तर्गत अर्को वर्ष तिर्नुपर्ने ऋणमा रु.१ अर्ब २५ करोड ४४ लाखसमेत रु.३ अर्ब ६३ करोड १९ लाख देखाएको छ। गत वर्षदेखि नेपाल सरकारको ऋण, एम.ए-६० र वाई १२ ई विमानको ऋणबापतका ब्याजलाई तिर्न बाँकी ब्याजमा रु.६८ करोड १५ लाख जिम्मेवारी सार्दै ल्याएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखअनुसार निगमलाई उपलब्ध गराएको ट्विनअटर विमान खरिद ऋण रु.६५ लाखलाई वित्तीय विवरणमा समावेश गरेको छैन। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट नेपाल सरकारले निगमलाई उपलब्ध गराएको ऋणको अभिलेखसँग निगमले लेखाङ्कन गरेको ऋण भिडान गर्नुपर्दछ।

८. **उपदान तथा कर्मचारी सुविधा -** निगमको कर्मचारी सेवा शर्त विनियमावली, २०५८ मा व्यवस्था भएबमोजिम गत वर्षसम्म उपदान व्यवस्था रु.१ अर्ब १६ करोड ८० लाख रहेकोमा बिमाङ्कीय मूल्याङ्कनको प्रतिवेदनअनुसार यो वर्ष रु.१ अर्ब ४१ करोड देखाएको छ। त्यस्तै, औषधी उपचार, बिदाबापत सिर्जना हुने दायित्व गत वर्षसम्म रु.१ अर्ब २८ करोड १० लाख रहेकोमा बिमाङ्कीय मूल्याङ्कनको प्रतिवेदनअनुसार यो वर्ष रु.१ अर्ब २९ करोड २३ लाख देखाएको छ। निगमले यो वर्ष कर्मचारी अवकास कोषलाई रु.३८ करोड रकम उपलब्ध गराएको छ। निगमको सेयर होल्डर इक्विटी

रु.४ अर्ब ४७ करोड ९६ लाख ऋणात्मक रहेकाले सृजना भएको उक्त दायित्व रु.२ अर्ब ७० करोड २४ लाखले वृद्धि भएको छ।

९. **उडान बन्द -** निगमले २७ अप्रिल, २०१४ मा १ थान एम.ए.६० तथा नोभम्बर १४, २०१४ मा १ थान वाई-१२ई जहाज अनुदान स्वरुप प्राप्त गरेको र २६ जनवरी, २०१७ मा एक थान एम.ए.६०, १ फेब्रुअरी, २०१७ मा वाई-१२ई १ थान तथा १३ फेब्रुअरी, २०१८ मा २ थान विमानले खरिद गरेको देखिन्छ। निगमले सो विमान सञ्चालन गर्न प्रशिक्षक पाइलट समयमा नपठाएको, तत्काल स्पेयर पार्टस उपलब्ध नभएको, स्पेयर पार्ट्स महङ्गो भएको, मापदण्डबमोजिम धावनमार्ग नरहेको, पाइलट तथा इन्जिनियरको तालिम खर्च तथा अत्यधिक बिमा प्रिमियम जस्ता कारण देखाई सञ्चालक समितिको २०७७।३।१६ को निर्णयअनुसार सोही मितिदेखि यी सबै विमानको उडान बन्द गरेको छ। यो वर्ष बिमा, पार्किङ्ग, इन्धन, म्यानुअल रिभिजनसमेत एम.ए.-६० जहाजका लागि रु.११ करोड ८६ लाख र वाई-१२ई जहाजको लागि रु.८ करोड ५८ लाखसमेत रु.२० करोड ४४ लाख खर्च भएको छ।

जहाज खरिद गर्ने, सञ्चालन गर्ने र जहाज सञ्चालन नगर्ने निर्णय गर्दा आर्थिक एवम् साखमा पर्ने असर अध्ययन गरेको देखिएन। ती जहाजबाट कुनै आम्दानी नभएको अवस्थामा समेत निगमले निरन्तर खर्च गर्नु परेकोले थप व्ययभार परेको छ। सम्भाव्यता अध्ययन देखि विमान खरिद/सञ्चालन निर्णय गर्ने पदाधिकारीसमेतलाई सो नोक्सानी प्रति जवाफदेही बनाउनुपर्दछ।

१०. **व्यावसायिक योजना -** निगमको २०१४ देखि २०२१ सम्मको लागि अन्तरिम व्यावसायिक योजना २०१६, दश वर्षे योजना (२०१८-२०२८) र व्यावसायिक योजना (२०२१-२०३०) समेत तीन व्यावसायिक योजना रहेका छन्। निगमको पछिल्लो कार्य योजनानुसार सन् २०२४ सम्म अन्तर्राष्ट्रिय उडानको लागि न्यारोबडी ८ थान, वाइडबडी २ थान र आन्तरिक उडानको लागि ट्रङ्कमा ४ थान र स्टोलमा ४ थान विमान थप गरी विमानको सङ्ख्या १८ पुऱ्याउने लक्ष्य रहेको छ। उक्त योजनामा अन्तर्राष्ट्रियतर्फ १० वर्षको अवधिमा कुल सिट उत्पादनको ६८ प्रतिशत एसिया क्षेत्रमा, २६ प्रतिशत खाडी मुलुकहरूमा, ३.४ प्रतिशत युरोप र २.६ प्रतिशत अष्ट्रेलियामा केन्द्रित रहने उल्लेख छ। जोखिम विश्लेषण नगरेका कारण उक्त योजनाको कार्यान्वयन अवस्था कमजोर रहेको छ। निगमले बजार र प्रतिस्पर्धाको अवस्था अनुरूप अध्ययन, विश्लेषण गरी व्यावसायिक योजनाको पुनरावलोकन गर्नुपर्ने देखिएको छ।

११. **विमान सञ्चालन -** निगमको सञ्चालक समितिले २ वाइडबडी विमान सञ्चालनको लागि २०७३।६।८ मा व्यावसायिक योजना स्वीकृत गरी खरिद गरेका जहाज निगमको स्वीकृत कार्यक्रमअनुसार जापानको नारिता, चीनको ग्वाङ्जाउ र दक्षिण कोरियाको सोलमा २०७५ चैत्र मसान्तसम्म उडान गरिसक्ने लक्ष्य रहेकोमा नारिता बाहेक अन्य गन्तव्यमा यो वर्षको अन्त्यसम्म पनि उडान भएको देखिएन। न्यारोबडी २ विमान ए३२०-ए.के.डब्लु. र ए३२०-एएलजेडको उडान प्रति दिन १३.६ र १४ घण्टा मात्र रहेको छ। लामो दुरीको उडान गन्तव्यको अभावमा वाइडबडी विमान पूर्ण क्षमतामा सञ्चालन गर्न सकेको छैन। वाइडबडी विमान ए३३०-ए.एल.वाई. र ए३३०-ए.एल.जेड. को उडान क्षमता दैनिक १६ घण्टा रहेकोमा प्रति दिन क्रमशः ११.४ र ११.१ घण्टा मात्र उडान गरेको देखिन्छ। थप उडानका क्षेत्रहरू पहिचान गरी वाइडबडी विमानको अधिकतम उडान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१२. **उडानको अवस्था -** नेपाल टुरिजम स्टाटिस्टिक, २०२३ अनुसार नेपालबाट सन् २०२३ मा ३१ हजार ४६० अन्तर्राष्ट्रिय उडान भएकोमा निगमले ४ विमानबाट ३ हजार ७८१ (१२.०२ प्रतिशत), हिमालयन एयरले ४ विमानबाट ३ हजार ५५२ (११.२९ प्रतिशत) र बाँकी अन्य एयरलाइन्सले उडान गरेका छन्। सो अवधिमा नेपालबाट अन्तर्राष्ट्रिय उडानमा ४५ लाख ४१ हजार १३७ यात्रुले यात्रा गरेकोमा निगमको यात्रु सङ्ख्या ६ लाख ४५ हजार १६६ (१४.२१ प्रतिशत), हिमालयन एयरको ४ लाख ६२ हजार ७६४ (१०.१९ प्रतिशत) र बाँकी अन्य एयरलाइन्सबाट रहेका छन्।

आन्तरिक उडानतर्फ सन् २०२३ मा १ लाख ७० हजार ४८२ आन्तरिक उडान सञ्चालन भएकोमा निगमले ५४ वर्षअघि सम्वत् २०२७ सालमा खरिद गरेको डिएचसी-६, १९ सिटे दुई विमानबाट १ हजार ३८५ (०.८१ प्रतिशत) उडान गरेको छ। सो अवधिमा आन्तरिक उडानतर्फ ४१ लाख ५० हजार ३२६ यात्रुले यात्रा गरेकोमा निगमको विमानबाट १३ हजार २७८ (०.३२ प्रतिशत)ले र बाँकी (९९.६८ प्रतिशत)ले अन्य एयरलाइन्सबाट यात्रा गरेका छन्। यो वर्ष निगमले आन्तरिक उडानबाट रु.१२ करोड ६१ लाख आर्जन गरेकोमा उक्त अवधिमा हवाई इन्धनमा रु.८ करोड २७ लाख ३३ हजार, बिमामा रु.७ करोड ९९ लाख ८३ हजार, स्पेयर पार्ट्स खरिदमा रु.५ करोड २४ लाख ४४ हजार, कम्पोनेन्ट ओभरहलमा रु.२ करोड ३ लाख ८९ हजार, ल्याण्डिङ्ग पार्किङ र ओभर फलाइङ्गमा रु.४० लाख ६४ हजारसमेत रु.२३ करोड ९६ लाख १३ हजार खर्च भएको देखिन्छ। यसरी आन्तरिक उडानतर्फ आयभन्दा व्यय बढी भएको देखिन्छ। अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानतर्फ निगमको हिस्सा न्यून देखिएको र सञ्चालन खर्चसमेत धान्न नसकेको अवस्था देखिएकोले यसतर्फ सुधार गर्नुपर्दछ।

१३. **पुनर्मूल्याङ्कन तथा बिक्री -** सन् १९८८ मा खरिद भएको बोईङ ७५७।९ एन.ए.वि.सी. जहाजको इन्जिनको म्याद ३० वर्षको रहेकोले सन् २०१९ सम्म बिक्री गरिसक्नुपर्ने गरी निगमबाट लिलामी प्रक्रिया सुरू गरेको देखिन्छ। सोहीअनुसार सञ्चालक समितिबाट २०७५।२।२९ मा लिलामी प्रक्रिया बढाउन निर्देशन दिए तापनि व्यवस्थापनबाट लिलामी प्रक्रिया टुङ्गो लगाएको पाइएन। सञ्चालनमा नरहेको यो जहाजको मर्मत खर्च, इन्धन, बिमा, ल्याण्डिङ्ग र पार्किङ्ग तथा अन्य शुल्कबापत यो वर्ष रु.२ करोड ४३ लाख ४६ हजार खर्च भएको छ। यस्तै, उक्त विमानको २ हजार देखि २ हजार २०० साइकल घण्टा उडेको एउटा इन्जिन सन् २०१७ देखि मर्मतको लागि स्पेनस्थित आईबेरियाको वर्कशपमा रहेकोमा इन्जिन बिक्री प्रक्रियामा समावेश नगरेको तथा सो इन्जिन भण्डारण र भन्सार शुल्कबापत वर्कशपले २९ अक्टोबर, २०२२ मा अमेरिकी डलर ०.२५ मिलियन भुक्तानी माग गरेको छ।

१४. **सूचना प्रविधि -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली निर्देशिका, २०७१ को बुँदा नं. १८ मा सूचना प्रविधि प्रणालीको सम्परीक्षण गर्नुपर्ने व्यवस्था छ। निगमले प्रयोगमा ल्याएका सूचना प्रविधिहरूको सम्परीक्षण गराएको छैन। हरेक वर्ष प्रणालीको सम्भाव्यता अध्ययन नगरी सफ्टवयेर खरिद गर्ने तथा तिनको मर्मत सम्भारमा खर्च लेख्ने गरेको छ। निगमले सफ्टवेयर खरिद र वार्षिक शुल्क तथा मर्मत शुल्कमा यो वर्ष रु.१० करोड ८० लाख ३४ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१४.१. निगमको ईन्जिनियरिङ्ग विभागको कार्यसम्पादनका निम्ति निगम र एक भारतीय कम्पनीबिच २० फेब्रुअरी २०१८ मा ५ वर्षको लागि ए.आर.एम.एस. सफ्टवेयर सञ्चालन गर्न सम्झौता भएको देखिन्छ। निगमले

उक्त कम्पनीलाई सेटअप खर्चबापत अमेरिकी डलर ३० हजार र सफ्टवेयर शुल्क वार्षिक अमेरिकी डलर १ लाख १४ हजार तिर्ने गरी सम्झौता गरेकोमा यो वर्ष रु.१ करोड २८ लाख ६८ हजार भुक्तानी गरेको छ। निगमको उक्त सफ्टवेयरको जडान इन्जिनियरिङ स्टोरमा गरेकोमा जिन्सी निरीक्षण प्रतिवेदनका लागि आवश्यक पर्ने विवरणहरू तयार नहुने अवस्था छ। सफ्टवेयरको उपयोगिता तथा विश्वसनीयता सम्बन्धमा परीक्षण तथा यकिन गरी प्रभावकारी ढङ्गले उपयोग गर्नुपर्दछ।

१४.२. निगमले आम्दानी र खर्चका लागि छुट्टाछुट्टै सफ्टवेयर प्रयोगमा ल्याएको छ। खर्चको लागि प्रयोगमा ल्याएको ओ-याकल सफ्टवेयरको सिरियल नम्बर एवं सोर्स कोर्ड नभएको र आन्तरिक तथा बाह्य स्टेशनको कारोबार म्यानुअल प्रविष्टि गरेको कारण यसको विश्वसनीयता प्रति आश्वस्त हुन सक्ने स्थिति देखिएन आम्दानीका लागि प्रयोगमा रहेको मोनालिसा सफ्टवेयरलाई प्रतिस्थापन गर्नको लागि एच.आई.टी.आई.टी. नामक यात्रु सेवा प्रणाली खरिद गरी ६ मे, २०२२ देखि सञ्चालन गरेको भए तापनि हालसम्म पनि उक्त सफ्टवेयर प्रयोगमा ल्याई मर्मतसम्भार र प्रविधि होस्टिङ्ग शुल्कबापत यो वर्ष रु.४२ लाख खर्च गरेकोले निगमलाई थप व्ययभार परेको छ।

१५. **इन्जिन भाडा/लिज** - निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २२३(१) मा विशेष परिस्थितिमा वायु सेवा सञ्चालनका लागि तत्काल आवश्यक परेमा सम्बन्धित एजेन्सीहरूसँग विमानका इन्जिन तथा पार्टपूर्जाहरू भाडामा लिन सक्ने र त्यसरी भाडामा लिँदा वार्ताको आधारमा भाडा निर्धारण गर्ने, सामान्यतया त्यस्ता पार्टपूर्जाको परल मोलको ६० प्रतिशतभन्दा बढी भाडा मूल्य पर्ने गरी भाडामा लिन नपाइने र इन्जिनको हकमा २१ दिनसम्म कार्यकारी प्रमुखले स्वीकृति दिन सक्ने र सोभन्दा बढी समयको लागि इन्जिन भाडामा लिनु परेमा सञ्चालक समितिको स्वीकृति लिनुपर्ने उल्लेख छ। निगमको ए३२० विमान (९एन-ए.के.डब्लु.) २८ डिसेम्बर, २०२१ मा काठमाडौँबाट दोहा अवतरण गरेपछि बायाँ इन्जिन एस/एन भी१७५८४ मा खराबी आई मर्मत गर्न इजरायलस्थित एक कम्पनीमा पठाएको र अन्तर्राष्ट्रिय बोलपत्र माग नगरी ९ जनवरी, २०२२ मा इन्जिन भाडाको लागि सिलबन्दी दरभाउपत्रबाट छनोट भएको एक मेन्टिनेन्स लिज सर्भिस कम्पनीबाट ३ मार्च, २०२२ देखि लागु हुने गरी भी२५२७-ए५ र भी१०११२ इन्जिन बढीमा ९० दिनका लागि (अमेरिकी डलर-२ लाख ५० हजार) लिज दर दैनिक अमेरिकी डलर २ हजार, प्रति घण्टा प्रयोग शुल्क अमेरिकी डलर २९२ र प्रति उडान साइकल शुल्क अमेरिकी डलर २३९ को दरमा सम्झौता भई उडानमा ल्याएको पाइयो। उक्त इन्जिनको मूल्य अमेरिकी डलर ६० लाख उल्लेख गरेको छ। यस सम्बन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन्:

१५.१. निगमको ए३२० विमान (९एन-ए.के.डब्लु.) २८ डिसेम्बर, २०२१ देखि कतारमा बिग्रिँदा व्यवस्थापनले समयमा नै इन्जिन मर्मत सम्झौता नगर्दा ६४ दिन ग्राउण्डेड भएको देखिएको छ। एक मेन्टिनेन्स लिज सर्भिस कम्पनीबाट इन्जिन (भी२५२७-ए५, एस/एन भी१०११२) भाडामा लिएपश्चात् सोही विमानको अर्को इन्जिन एस/एन.भी १७५८५ बिग्रिएकोले पुनः ५१ दिन ग्राउण्डेड भएको र लिजमा लिएको इन्जिन फिर्ता पठाउन कतारमा २२ दिन ग्राउण्डेड भई ७३ दिन इन्जिन प्रयोगमा नल्याएको अवस्थामा दैनिक लिज दर प्रति दिन अमेरिकी डलर २०० तिर्नुपर्ने सर्तका कारण व्ययभार परेको छ।

१५.२. निगमको विमान ए३२०, ९एन-ए.के.डब्लु. को इन्जिन एस/एन भी१७५८५ जर्मनीस्थित एक विमान मर्मत सम्भार कम्पनीमा मर्मत सम्भारको कार्य समयमा हुन नसक्दा विमान भी२५२७-ए५, एस/एन भी१०११२ को लिज अवधि सञ्चालक समितिले पटक पटक गरी ३० जुन, २०२३ सम्म थप गरेको

छ। सञ्चालक समितिको २०८०।१।९ को बैठकले लिज अवधि ३० जुन, २०२३ पश्चात् थप नगर्ने उल्लेख भए तापनि जहाजमा इन्जिन फेरबदल गर्न, लिज इन्जिन लेसर कम्पनीसम्म पुऱ्याउन र मर्मत भएको इन्जिन जर्मनीबाट इजरायलसम्म पुऱ्याउन लिज अवधि १४ अगस्ट, २०२३ सम्म पुनः थप भएको छ। निगमले सो बापत यो वर्ष रु.२७ करोड ६५ लाख ५२ हजार खर्च लेखेको छ। विमान १८ महिनासम्म लिजको इन्जिनबाट उडेको देखिन्छ। जगेडा इन्जिन प्रतिस्पर्धात्मक र लागत प्रभावी हुने गरी समयमा मर्मत सम्भार तथा व्यवस्थापन हुन नसक्दा अतिरिक्त खर्च गरेको देखिएकाले सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

१६. **इन्जिन मर्मत** - निगमको ए३२० विमान (९एन-ए.के.डब्लु.) २८ डिसेम्बर, २०२१ मा काठमाडौं दोहा अवतरण गरेपछि बायाँ इन्जिन एस/एन १७५८४ मा खराबी आई मर्मत गर्न इजरायलस्थित एक विमान मर्मत सम्भार कम्पनीसँग २१ मार्च २०२२ मा अमेरिकी डलर ३६ लाख १९ हजार १६७ को सम्झौता भएकोमा यो वर्ष अमेरिकी डलर ३९ लाख १ हजारको हुने रु.५० करोड ६९ लाख १२ हजार भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१६.१. सम्झौता रकमभन्दा अमेरिकी डलर २ लाख ८१ हजार ८३३ बढी भुक्तानी सम्बन्धमा छानबिनको लागि २०७९।६।२ मा निगमले ७ सदस्यीय उपसमिति गठन गरेको र उक्त समितिले २०७९।१०।२८ मा प्रतिवेदन पेश गरे तापनि उक्त प्रतिवेदनको सुझाव कार्यान्वयन भएको छैन। बढी भुक्तानी भएको आइटमको नमुना परीक्षण गर्दा नयाँ पार्टस् जीर्ण भएको (इन्जिन टियर डाउन रिपोर्ट), खरिद बिल निगमले मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा इजरायलस्थित एक विमान मर्मत सम्भार कम्पनीले पेश गरेको बिल/बीजकको आधारमा भुक्तानी गरेकोले अन्तिम बिल यथार्थपरक रहेको यकिन हुन सकेन। मूल्याङ्कन बेगर भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ।

१६.२. इजरायलस्थित एक विमान मर्मत सम्भार कम्पनी र निगमबिच २१ मार्च, २०२२ मा भएको सम्झौताको बुँदा ३.१ मा एरो स्पेसको बढीमा ५५ दिनसम्ममा इन्जिन मर्मत गर्ने प्रयास रहने र वास्तविक समय अवधि इन्जिनको क्षतिको अध्ययन गरी मेटालर्जिकल रिपोर्ट तयार गरेपश्चात् मात्र तोकिने उल्लेख छ। काबु बाहिरको परिस्थितिमा बाहेक समयमा इन्जिन मर्मत नगरेको खण्डमा प्रतिदिन अमेरिकी डलर २ हजारका दरले अधिकतम १० दिनको जरिबाना हुने उल्लेख छ। मेटालर्जिकल रिपोर्ट ६ जुन, २०२२ मा स्वीकृत भएको, २१ अगस्ट, २०२२ मा टेष्ट सेल रन पास गरेको र ३० सेप्टेम्बर, २०२२ मा इन्जिन फेरबदल गरी जहाज काठमाडौं फर्केको देखियो। इन्जिन मर्मत गर्न लागेको वास्तविक अवधि खुलाएको छैन। ढिला मर्मत भई गुमेको आम्दानी र पूर्वनिर्धारित क्षतिपूर्तिको रकम यकिन गरी सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

१७. **पेस्की** - निगमको आर्थिक विनियमावली, २०६५ को विनियम ४८ मा निगमको कर्मचारीको नाममा रहेको पेस्की तोकिएको म्यादभित्र फस्यौंट नगरेमा वा हुन नसकेमा सम्बन्धित कर्मचारीले पाउने तलब भत्तालगायत जुनसुकै सुविधा रकमबाट अग्रिम सूचना दिई वा नदिई वार्षिक १८ प्रतिशतले हुने ब्याजसमेत गणना गरी असुलउपर गरी विभागिय कारबाहीसमेत गरिने उल्लेख छ। निगमले गत विगत वर्षमा कर्मचारीहरूलाई दिएको पेस्की रु.४ करोड ८ लाख ६९ हजार फस्यौंट हुन बाँकी देखिन्छ। उक्त विनियमबमोजिम कारबाही गरी पेस्की फस्यौंट गर्नुपर्दछ। अन्यथा जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउनु पर्दछ।

१८. **अतिरिक्त भत्ता -** नेपाल वायु सेवा निगम ऐन, २०१९ को दफा २७(क) मा आफ्नो सबै कामकारबाही व्यवस्थित गर्न यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको अधिनमा रही निगमले कर्मचारीहरूको तलब, भत्ता, उपदान, निवृत्तिभरण र कल्याणकारी कोष सम्बन्धी व्यवस्था गर्न विनियम बनाउन सक्ने र विनियम बनाउँदा निगमले नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ। निगमले विगत वर्षदेखि नै घर भाडा, यातायात, जी.ई.एस.ए., सर्टिफिकेसन, मेन्टनेन्स, ईफिसिएन्सी, चेयर, स्टोल, टाईप एक्स.ई.ए., नाइट ए.आई. ए.एम., टिफिन, सी. एण्ड टी. पाइलट, अतिरिक्त समय, अड सिफ्ट, सिए, उडान, क्रु मिल, व्यवस्थापन लगायतका भत्ताहरू विनियममा उल्लेख गरी यो वर्ष रु.९० करोड ७५ लाख ९७ हजार खर्च लेखेको छ। यस्तो भत्ता उपलब्ध गराउँदा नेपाल सरकारको स्वीकृति लिएको छैन।

सांस्कृतिक संस्थान

संस्कृतिमा नवजागरण ल्याई सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन गराउने, सांस्कृतिक कार्यक्रम तयार गरी त्यसको सजीव प्रदर्शन गर्ने लगायतका उद्देश्य राखी २०१८ सालमा स्थापित राष्ट्रिय नाचघरको नाम परिमार्जन गरी सञ्चार संस्थान ऐन, २०२८ अनुसार २०२९।३।५ मा यस संस्थानको स्थापना भएको हो। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको यस संस्थानले नियमित कार्यक्रम अन्तर्गत निःशुल्क तथा सुपथ मूल्यमा टिकट बिक्री गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउन धार्मिक, सामाजिक तथा हाँस्य नाटकका अतिरिक्त गीति नाटक, नृत्य, नाटक, प्रहसन, लोक गीत, आधुनिक गीत एवम् परम्परागत शास्त्रीय नृत्य तथा लोक नृत्य कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। संस्थानमा स्थायी २४ र करार २३ गरी ४७ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** संस्थानको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति तथा जायजेथा				
गैर चालु सम्पति				
स्थिर सम्पत्ति	८८,९३		६२,१३	
सम्पत्तिमा लगानी	९८,८५,१९		१२,४७,१४	
कुल गैर चालु सम्पति		**९९,७४,१३**		**१३,०९,२८**
चालु सम्पति				
धरौटी	४४		४४	
अन्य आसामी	१,९१,०७		७८,५०	
निक्षेप (सम्पत्ति)	५,४३		५,०४	
बैङ्क मौज्दात	८,७२		१५,२९	
कर्मचारी पेस्की	५,६३		८,००	
अग्रिम आयकर	१,६२,६७		२,३४,५८	
कुल चालु सम्पति		**३,७३,९५**		**३,४१,८४**
कुल सम्पति		**१,०३,४८,०८**		**१६,५१,१२**
पुँजी तथा दायित्व				
इक्विटी				
सेयर पुँजी	१,३२,०९		१,३२,०९	
पुँजीगत जगेडा कोष	३,१९		३,१९	

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
जगेडा कोष	(५२,९५,९१)		(२७,८८,७९)	
डिमोबिलाइजेशन कोष	५,००		५,००	
पुनर्मुल्याङ्कन कोष	८७,००,४१		०	
कुल इक्विटी		**३५,४४,७७**		**(२६,४८,५१)**
दायित्व				
गैर चालु दायित्व				
ऋण तथा सापटी	३,७५,०५		४,८५,२५	
कोष तथा अन्य व्यवस्था	१,७९,८५		६९,५२	
स्थगन कर दायित्व	२२,३७,७२		२०,४१	
कुल गैर चालु दायित्व		**२७,९२,६२**		**५,७५,१७**
चालु दायित्व				
नेपाल सरकारको ऋण	३५,४६,३९		३३,४१,१८	
कर दायित्व	१,०३,९३		१,१५,८४	
हलबापतको धरौटी	२४,८८		२६,५९	
विविध दायित्व	४,०१		१९,९६	
उपदान दायित्व	३,००,६१		२,१६,३५	
अन्य दायित्व	३०,८६		४,५४	
कुल चालु दायित्व		**४०,१०,६९**		**३७,२४,४६**
कुल पुँजी तथा दायित्व		**१,०३,४८,०८**		**१६,५१,१२**

२. **सञ्चालन नतिजा -** संस्थानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी				
हल भाडा आम्दानी	१,६०,६९		१,३०,६०	
कार्यक्रम सञ्चालन आम्दानी	१,१५,७८		३२,०८	
कुल आम्दानी		**२,७६,४७**		**१,६२,६८**
गैर सञ्चालन आय				
अनुदान	१,६०,००		१,६०,००	
ब्याज आम्दानी	८९		९४	
घर बहाल आम्दानी	३,३६,४१		३,३८,८६	
अन्य आम्दानी	४५,७९		४१,४९	
कुल गैर सञ्चालन आय		**५,४३,०९**		**५,४१,२९**
खर्च				
कार्यक्रम सञ्चालन खर्च	१,२०,०५		५४,०८	
कार्यालय खर्च	६६,०८		४८,४६	
प्रशासनिक खर्च	९०,२३		६९,२०	
कर्मचारी खर्च	४,३५,७५		४,११,०४	
हल सञ्चालन खर्च	२५,२७		१९,६३	
ह्रास कट्टी, परिशोधन तथा क्षयीकरण	७७,०४		८१,३९	
कुल खर्च		**८,१४,४२**		**६,८३,८०**
खुद मुनाफा/(नोक्सान)		**५,१४**		**२०,१७**
वित्तीय खर्च		**९५,०१**		**९५,०१**

विवरण	२०८०।८१		२०७९।८०	
कर र बोनस अघिको मुनाफा/(नोक्सान)		(८९,८७)		(७४,८४)
स्थगन कर आम्दानी/(खर्च)		(४०,४१)		(१८,४५)
खुद मुनाफा/(नोक्सान)		(१,३०,२८)		(९३,२९)

३. **दायित्व व्यवस्थापन -** संस्थानको वित्तीय विवरणअनुसार दायित्व हिसाब अन्तर्गत पुँजीगत जगेडा कोष रु.३ लाख १९ हजार, डिमोबिलाइजेशन कोष रु.५ लाख, सञ्चित विदा तथा उपदान कोष रु.७ लाख ८० हजार, अक्षय कोष रु.५ लाख ९२ हजार र कर्मचारी कल्याण कोष रु.४ लाख ४५ हजारसमेत रु.२७ लाख रहेकोमा सो बराबर लगानी वा बैङ्क मौज्दात रहेको देखिएन।

४. **हल बुकिङ्ग धरौटी -** हल बुकिङ्गको लागि अग्रिम प्राप्त धरौटी दायित्व रु.२४ लाख ८८ हजार रहेकोमा धरौटीको बैङ्क खातामा रु.५ लाख ८८ हजार मात्र मौज्दात देखिन्छ। धरौटी रकम अन्य प्रयोजनमा खर्च गर्ने प्रवृत्ति नियन्त्रण गरी यस्तो दायित्व यथासमयमा फरफारक गर्नुपर्दछ।

५. **ऋण हिसाब -** संस्थानले नेपाल सरकारबाट लिएको ऋणको किस्ता तथा ब्याज तोकिएको भाखाभित्र बुझाउनुपर्नेमा सो नगरेकोले यो वर्ष तिर्नुपर्ने सावाँ रु.२० करोड २७ हजार र ब्याज रु.१५ करोड ४६ लाख १२ हजारसमेत रु.३५ करोड ४६ लाख ३९ हजार पुगेको छ। संस्थानलाई दक्षतापूर्वक सञ्चालन गर्न स्रोत परिचालन सहितको विकल्प पहिचान गर्नुपर्दछ।

सरकारको अधिकांश स्वामित्व भएका सङ्गठित संस्था

सरकारको अधिकांश स्वामित्व भएका सङ्गठित संस्था

अर्थ मन्त्रालय

आर.बी.बी. सेक्युरिटिज कम्पनी

नेपाल स्टक एक्सचेन्जमा सुचीकृत धितोपत्रको खरिद, बिक्री गरी बजार निर्माताको कार्य गर्ने, अनलाइन कारोबारको सुविधा उपलब्ध गराउने, लगानीकर्तालाई मार्जिन कारोबार सुविधा उपलब्ध गराउने, ग्राहकका तर्फबाट धितोपत्र खरिद बिक्रिका लागि आदेश प्राप्त गरी कार्यान्वयन गर्नेलगायतका उद्देश्यले राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको सहायक कम्पनीको रुपमा २०७२।१०।१५ मा कम्पनीको स्थापना भएको हो। कम्पनीले धितोपत्र बोर्डबाट २०७४।२।२८ मा अनुमति प्राप्त गरी २०७९।८० बाट सञ्चालनमा आएको छ। कम्पनीको चुक्ता पुँजी रु.२० करोड रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ असार २०८१		३१ असार २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
स्थिर सम्पत्ति	६,०८		-	
अमूर्त सम्पत्ति	७,२०		-	
अन्य गैर चालु सम्पत्ति	१०,००		-	
सम्पत्ति प्रयोग गर्ने अधिकार (राइट अफ युज एसेट्स)	७३,४१		८२,३१	
जम्मा गैर चालु सम्पत्ति		**९६,६९**		**८२,३१**
चालु सम्पत्ति				
नगद तथा नगदजन्य सम्पत्ति	१,५१,७९		९७,५६	
लगानी	२०,००,००		१९,९९,५०	
पेस्की तथा अग्रिम भुक्तानी	२,२१		-	
चालु कर सम्पत्ति	१४,३७		६,११	
कुल चालु सम्पत्ति		**२१,६८,३७**		**२१,०३,१७**
जम्मा सम्पत्ति		**२२,६५,०६**		**२१,८५,४८**
पुँजि तथा दायित्व				
शेयर पुँजी	२०,००,००		२०,००,००	
जगेडा कोष	११,५०		८,३६	
सञ्चित मुनाफा	१,०३,५३		७५,२४	
जम्मा पुँजी		**२१,१५,०३**		**२०,८३,६०**
दायित्व				
गैर चालु दायित्व				
लिज दायित्व	७८,२८		८२,१५	
कुल गैर चालु दायित्व		**७८,२८**		**८२,१५**
चालु दायित्व				
व्यापारिक तथा अन्य भुक्तानी बाँकि	१३,४५		१३,१२	
कर्मचारी दायित्व	५३,५०		२,१८	
लिज दायित्व	४,८०		४,४३	
जम्मा चालु दायित्व		**७१,७५**		**१९,७३**
जम्मा पुँजी तथा दायित्व		**२२,६५,०६**		**२१,८५,४८**

कम्पनी गत वर्षबाट मात्र सञ्चालनमा आएकोले सम्पत्ति र दायित्वमा वृद्धि भएको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आम्दानी	-		-	
लगानी आय	१,५८,०७		१,४१,८४	
कुल आय		**१,५८,०७**		**१,४१,८४**
मूल्य ह्रास	९,४८		६,६७	
कर्मचारी खर्च	५३,५०		२,१७	
प्रशासनिक खर्च	९,२१		३,४२	
अन्य खर्च	३०,५०		१,२०	
वित्त लागत	८,५०		६,६०	
सञ्चालन नाफा		**४६,८८**		**१,२१,७८**
कर दायित्व	१५,४५		३८,१७	
करपछिको नाफा		**३१,४३**		**८३,६१**

कम्पनीले हालसम्म सञ्चालन कार्यबाट आय आर्जन गरेको छैन। यो वर्ष लगानीबाट रु. १ करोड ५८ लाख ७ हजार आय आर्जन गरेको छ। कम्पनीले प्रबन्धपत्र र नियमावली बमोजिमका कार्य सम्पादन गरी सञ्चालन क्रियाकलापबाट आय आर्जन गर्नुपर्दछ।

३. **सहायक कम्पनीको सञ्चालन र प्रतिनिधित्व** - कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम न्यूनतम १ जना स्वतन्त्र सञ्चालक रहनुपर्ने व्यवस्था रहेकोमा कम्पनीमा हाल ४ जना सञ्चालकमा स्वतन्त्र सञ्चालक रहेको देखिएन। कम्पनीका सम्पूर्ण सञ्चालकहरूले राष्ट्रिय वाणिज्य बैङ्कको प्रतिनिधित्व गरेकोले ऐनको प्रावधान कार्यान्वयन भएको छैन। सहायक कम्पनीको सञ्चालन र सोमा संस्थाको प्रतिनिधित्व गर्ने विषयमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्थाले नेपाल सरकारको समन्वयमा निर्णय गर्ने गरी नीतिगत व्यवस्था हुनुपर्दछ।

आरबीबी मर्चेन्ट बैङ्किङ लिमिटेड

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको शतप्रतिशत इक्विटी होल्डिङ्ग भएको सहायक कम्पनीको रूपमा यो संस्था कम्पनी ऐन, २०६३ अनुसार २०७२।१०।१५ मा स्थापना भएको हो। कम्पनीले नेपाल धितोपत्र बोर्डद्वारा मर्चेन्ट बैङ्किङ सञ्चालन इजाजतपत्र प्राप्त गरी कार्य गर्दै आएको छ। कम्पनीको चुक्ता पुँजी रु.२० करोड रहेको छ। कम्पनीमा २५ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	२९,९०		२८,७५	
अमूर्त सम्पत्ति	८,०१		११,२२	
लिज सम्पत्ति	३०,५६		४१,६७	
स्थगन कर सम्पत्ति	११,४६		३४,१८	
अन्य सम्पत्ति	२४,३७		६,२५	
कुल गैर चालु सम्पत्ति		**१,०४,३०**		**१,२२,०७**

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	१३,००,३४		११,७८,४८	
व्यावसायिक तथा अन्य प्राप्य रकम	१,२८,७५		१,४३,८६	
मुद्दती खाता लगानी	१८,२२,००		१७,९२,००	
अन्य आयमार्फत उचित मूल्यमा वित्तीय सम्पत्ति	३,३८,५१		३,२२,२०	
नाफा वा नोक्सानमार्फत उचित मूल्यमा वित्तीय सम्पत्ति	४,७९,९८		३,८५,९५	
पूर्व भुक्तानी खर्च र अन्य अग्रिम भुक्तानी	४,६२		२,८१	
चालु कर खर्च			१,१०	
कुल चालु सम्पत्ति		**४०,७४,२०**		**३८,२६,४०**
कुल सम्पत्ति		**४१,७८,५०**		**३९,४८,४७**
इक्विटी				
सेयर पुँजी	२०,००,००		२०,००,००	
अन्य जगेडा कोष	१,८३,०२		८२,७३	
सञ्चित नाफा	३,७७,९१		३,००,८६	
कुल इक्विटी		**२५,६०,९३**		**२३,८३,५९**
दायित्व				
गैर चालु दायित्व				
लिज दायित्व	३६,३९		४५,६७	
कुल गैर चालु दायित्व		**३६,३९**		**४५,६७**
चालु दायित्व				
व्यावसायिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	१४,७९,६६		१४,५६,६१	
कर्मचारी सुविधा दायित्व	३१,६६		२८,५१	
अन्य दायित्व	६२,५०		३४,०९	
चालु कर दायित्व	७,३६			
कुल चालु दायित्व		**१५,८१,१८**		**१५,१९,२१**
कुल इक्विटी र दायित्व		**४१,७८,५०**		**३९,४८,४७**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
मर्चेन्ट बैङ्किङबाट आय	३,४८,००		३,१३,१७	
म्युचुअल फण्डबाट आय	३,४८,६०		२,१०,६१	
ब्याज आम्दानी	२,२३,५८		२,३५,१३	
नाफा र नोक्सानमार्फत उचित मूल्यमा वित्तीय सम्पत्तिमा नाफा/(नोक्सानमा खुद परिवर्तन)	२३,४२		(१,८०)	
अन्य आय	३,३१		३,३८	
कुल आम्दानी		**९,४६,९१**		**७,६०,४९**
प्रत्यक्ष खर्च	९९,८०		८४,८२	
ह्रास कट्टी र परिशोधन	२२,९४		२३,६९	
कर्मचारी खर्च	१,६७,५३		१,२९,८७	
अन्य सञ्चालन खर्च	६९,८४		६६,२३	
सञ्चालन नाफा/(नोक्सान)		**५,८६,८०**		**४,५५,८८**

विवरण	२०८०।८१		२०७९।८०	
कर्मचारी बोनस	२६,८५		२१,८२	
कर अघिको नाफा/(नोक्सान)		**५,५९,९५**		**४,३४,०६**
चालु कर	१,६१,८३		१,३१,६३	
स्थगन कर	१६,६३		१०,६३	
खुद नाफा/(नोक्सान)		**३,८१,४९**		**२,९१,८०**

३. **खर्चमा मितव्ययिता -** कम्पनीको मुख्य व्यावसायिक कारोबार मर्चेन्ट बैङ्किङबाट आय गत वर्षभन्दा ११.१२ प्रतिशतले वृद्धि भई रु.३ करोड ४८ लाख रहेकोमा प्रत्यक्ष र सञ्चालन खर्च १८.२२ प्रतिशतले वृद्धि भई रु.३ करोड ६० लाख ११ हजार पुगेको छ। खर्चमा मितव्ययिता कायम गरी व्यावसायिक योजना बनाई कम्पनीको सञ्चालन दक्षता बढाउनुपर्दछ।

कृषि विकास बैङ्क लिमिटेड

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले ऋण उपलब्ध गराउन विक्रम सम्बत् २०२४ सालमा बैङ्क स्थापना भई २०३० सालदेखि सेवा प्रदान गर्दै आएको छ। बैङ्कको साधारण सेयर पुँजीमा नेपाल सरकारको ५१ प्रतिशत तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ। यस बैङ्कको केन्द्रीय, प्रदेशस्तरका कार्यालय १०, शाखा कार्यालय २७१ र विस्तारित काउन्टर २२ रहेका छन्। बैङ्कमा २ हजार ३७२ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** बैङ्कको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद र बैङ्क मौज्दात	५,०७,४१		९,४६,२४	
नेपाल राष्ट्र बैङ्कबाट लिइएको रकम	१५,२१,२८		१२,८९,८९	
बैङ्क र वित्तीय संस्थासँगको प्लेसमेन्ट	५,२१,४३		०	
व्युत्पन्न वित्तीय उपकरण	१,००		१,७६	
अन्य व्यापारिक सम्पत्ति	१,२१,६१		९४,३७	
बैङ्क र वित्तीय संस्थालाई ऋण र पेस्की	३,२०,२२		४,१३,४५	
ग्राहकलाई ऋण र अग्रिम भुक्तानी	२,०३,६१,७०		१,७६,३०,३६	
लगानी धितोपत्र	६८,६१,१३		५१,६०,८६	
चालु कर सम्पत्ति	१३,९१		२७,६७	
सहायक कम्पनीमा लगानी	२,९०		२,८८	
लगानी सम्पत्ति	९४,३१		२४,८६	
सम्पत्ति जायजेथा र उपकरण	२,२३,८४		२,२९,११	
अमूर्त सम्पत्ति	६,२०		१३,८६	
अन्य सम्पत्ति	५,८०,६०		७,३१,७८	
कुल सम्पत्ति		**३,११,३७,५४**		**२,६५,६७,१०**
दायित्व				
बैङ्क र वित्तीय संस्थालाई तिर्नुपर्ने	१९,७०		२,०९,५९	
ग्राहकबाट प्राप्त निक्षेप	२,४३,६२,८७		१,९९,४८,६६	
ऋण सापटी	२,६६,४६		२,१३,६६	
स्थगित कर दायित्व	३०,७४		४८,४४	

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
अन्य दायित्व	७,९६,०८		७,२०,०३	
जारी गरिएको ऋण धितोपत्र	२०,४७,७०		२०,४७,३५	
कुल दायित्व		**२,७५,२३,५५**		**२,३१,८७,७३**
इक्विटी				
सेयर पुँजी	१८,८८,४४		१८,८८,४४	
साधारण सेयर	१३,४५,१७		१३,४५,१७	
अग्राधिकार सेयर (अपरिवर्तनीय)	५,४३,२७		५,४३,२७	
सञ्चित आम्दानी	२,१३,६०		१,२४,३२	
जगेडा कोष	१५,११,९५		१३,६६,६१	
कुल इक्विटी		**३६,१३,९९**		**३३,७९,३७**
कुल दायित्व र इक्विटी		**३,११,३७,५४**		**२,६५,६७,१०**
आकस्मिक दायित्व र प्रतिबद्धता		**१,६६,१५,७७**		**१,२२,०५,२९**

बैङ्क तथा वित्तीय संस्थासँगको प्लेसमेन्ट गत वर्ष नभएकोमा यो वर्ष रु.५ अर्ब २१ करोड ४३ लाख रहेको छ। त्यस्तै बैङ्क तथा वित्तीय संस्थालाई तिर्नुपर्ने दायित्व गत वर्ष रु.२ अर्ब ९ करोड ५९ लाख रहेकोमा यो वर्ष रु.१९ करोड ७० लाख रहेको छ।

२. **सञ्चालन नतिजा -** बैङ्कको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
ब्याज आम्दानी	२७,५७,१३		२३,९४,८७	
ब्याज खर्च	१७,०१,८६		१५,७५,३०	
खुद ब्याज आम्दानी		**१०,५५,२८**		**८,१९,५७**
शुल्क र कमिशन आम्दानी	१,६७,२४		१,३७,१९	
शुल्क र कमिशन खर्च	२३,२८		२१,३६	
खुद शुल्क र कमिशन आम्दानी		**१,४३,९६**		**१,१५,८२**
खुद ब्याज, शुल्क र कमिशन आम्दानी		**११,९९,२४**		**९,३५,३९**
खुद व्यापार आम्दानी	५,८६		११,५५	
अन्य सञ्चालन आम्दानी	१६,९३		२२,८८	
कुल सञ्चालन आम्दानी		**१२,२२,०३**		**९,६९,८२**
क्षयीकरण खर्च	२,४५,२२		१,४५,८२	
खुद सञ्चालन आम्दानी	९,७६,८१		८,२४,०१	
सञ्चालन खर्च				
कर्मचारी खर्च	४,१५,८३		३,६२,०७	
अन्य सञ्चालन खर्च	९९,४४		९९,५७	
मूल्य ह्रास र परिशोधन कर	४७,६५		४८,७१	
सञ्चालन नाफा		**४,१३,८९**		**३,१३,६६**
गैर सञ्चालन आय	१,१३		४७	
गैर सञ्चालन खर्च	४,७०		२,६४	
आयकर अघिको नाफा		**४,१०,३२**		**३,११,४९**
चालु कर	१,१४,७४		१,६३,३१	
स्थगित कर	५,८३		१५,८४	
नाफा/(नोक्सान)		**२,८९,७५**		**१,३२,३४**

बैङ्कको ब्याज आम्दानी गत वर्ष रु.२३ अर्ब ९४ करोड ८७ लाख रहेकोमा यो वर्ष १५ प्रतिशतले वृद्धि भई रु.२७ अर्ब ५७ करोड १३ लाख रहेको छ। बैङ्क क्षयीकरण खर्च गत वर्ष रु.१ अर्ब ४५ करोड ८२ लाख रहेकोमा यो वर्ष ६८ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ४५ करोड २२ लाख रहेको छ। त्यस्तै, कर्मचारी खर्च गत वर्ष रु.३ अर्ब ६२ करोड ७ लाख रहेकोमा यो वर्ष १५ प्रतिशतले वृद्धि भई रु.४ अर्ब १५ करोड ८३ लाख रहेको छ।

३. **वित्तीय अनुपात** - बैङ्कको वित्तीय अनुपातको अवस्था देहायअनुसार छः

क्र.सं.	विवरण	सूचक	२०७८।७९	२०७९।८०	२०८०।८१
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	१०.५३	५.१६	९.८१
२	प्रति सेयर अम्दानी	रुपैयाँ	१४.४१	७.४२	१९.१२
३	निक्षप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	५.९७	७.२४	६.४८
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	१०.९८	१३.१०	१३.३४
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	२८.०७	१९.१५	१९.६४
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	०.९०	०.५०	०.९३
७	ऋण लगानीको अनुपातमा निष्कृय कर्जा	प्रतिशत	२.०९	२.७८	३.९१

ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा गत वर्षको तुलनामा वृद्धि भएको छ। जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा गत वर्षको तुलनामा वृद्धि भए तापनि २०७८।७९ को तुलनामा केही कम रहेको छ। प्रति सेयर आम्दानी विगत वर्षको तुलनामा वृद्धि भएको छ। अन्य सूचकहरू विगत वर्षको हाराहारीमा नै रहेका छन्। बैङ्क व्यवस्थापनमा थप सुधार गरी बैङ्कको कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४. **लगानी** - बैङ्कले गत वर्षसम्म साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा गरेको लगानी सम्बद्ध कम्पनीमा गरेको लगानीको रूपमा प्रस्तुत गरेको छ। आर.डी.एम.सी. लघुवित्त वित्तीय संस्था लिमिटेड र साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड २०८०।३।२४ मा गाभिएपछि साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा कृषि विकास बैङ्कको सेयर होल्डिङ्ग गत वर्षको २२ प्रतिशतबाट घट्न गई यो वर्ष १३.०२ प्रतिशतमा कायम भएको छ। बैङ्कले २०८१ आषाढ ३१ मा सम्बद्ध कम्पनीको रूपमा कुनै पनि लगानी गरेको छैन। विगतका वर्षसम्म सम्बद्ध कम्पनीमा गरेको लगानीलाई यो वर्षमा अन्य विस्तृत आम्दानीमार्फत् उचित मूल्यमा मापन गरेको इक्विटीमा गरेको लगानीको रूपमा वर्गीकृत गरेको छ। गोबरगयास कम्पनीमा रु.३२ लाख ४१ हजार लगानी भएकोमा सेयर लगानीलाई शतप्रतिशत क्षय भएको जनाई शून्य मूल्यमा देखाएको छ। यसरी लगानी क्षय हुन नदिन बैङ्क व्यवस्थापनले समयमा नै कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

५. **गैर बैङ्किङ सम्पत्ति** - गैर बैङ्किङ सम्पत्ति गत वर्ष रु.२४ करोड ८६ लाख रहेकोमा यो वर्ष रु.७९ करोड ४४ लाखले वृद्धि भई रु.९४ करोड ३० लाख पुगेको छ। गैर बैङ्किङ सम्पत्तिको बजार मूल्यमा आउने कमीको कारण बैङ्कहरूले वित्तीय नोक्सानीसमेत बेहोर्नु पर्ने जोखिम हुनाले गैर बैङ्किङ सम्पत्ति सिर्जना नै नहुनेतर्फ प्रयत्न गर्नुपर्दछ।

६. **निष्क्रिय कर्जा** - बैङ्कको कुल कर्जा रु.२ खर्ब ६ अर्ब ६७ करोड ८१ लाख ६७ हजारमध्ये असल कर्जा रु.१ खर्ब ८१ अर्ब ७८ करोड ६६ लाख ३ हजार र सुक्ष्म निगरानीमा रहेको कर्जा रु.१६ अर्ब ८० करोड ७८ लाख ३७ हजार सक्रिय कर्जाको रूपमा रहेको छ। यसैगरी, निष्क्रिय कर्जाअन्तर्गत

पुनर्संरचना गरिएको कर्जा रु.९ करोड ९ लाख ८५ हजार, कमसल कर्जा रु.१ अर्ब ७० करोड ६८ लाख ५५ हजार, शंकास्पद कर्जा रु.१ अर्ब ४२ करोड ९५ लाख ५० हजार र खराब कर्जा रु.४ अर्ब ८५ करोड ६३ लाख ३६ हजार रहेको छ। सोअनुसार निष्क्रिय कर्जाको अनुपात गत वर्ष २.७८ प्रतिशत रहेकोमा यो वर्ष बढेर ३.९१ प्रतिशत पुगेको छ। ऋण सम्झौता र कानुनी प्रक्रियाअनुसार कर्जा असुल गर्नुपर्दछ।

कोष व्यवस्थापन कम्पनी लिमिटेड

कृषि विकास बैङ्क लिमिटेड, उक्त बैङ्कका कर्मचारीहरू र सर्वसाधारण समेतको सहभागितामा पुँजी संकलन गरी घर जग्गा व्यवसाय, संगठित संस्थाहरूको धितोपत्र तथा ऋणपत्रहरू र अन्य सम्भाव्य क्षेत्रमा लगानी गरी प्रतिफल प्राप्त गर्ने उद्देश्यले सम्बत् २०५१ मा कम्पनीको स्थापना भएको हो। कम्पनीमा कुल सेयर संख्या ३ लाख १० हजार ४८० मध्ये कृषि विकास बैङ्कको २ लाख ९० हजार १३० कित्ता (९३.४४ प्रतिशत) सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ असार २०८१		३१ असार २०८०	
पुँजी तथा दायित्व				
पुँजी				
सेयर पुँजी	३,१०,४८		३,१०,४८	
सञ्चित नाफा/नोक्सान	२,९३,१०		२,३६,८२	
जम्मा पुँजी		**६,०३,५८**		**५,४७,३०**
दायित्व				
कर्मचारी कल्याण कोष	९,३९		२,४७	
भुक्तानी दिनुपर्ने	९८,२२		६१,२२	
जम्मा दायित्व		**१,०७,६१**		**६३,६९**
पुँजी तथा दायित्व		**७,११,१९**		**६,१०,९९**
सम्पत्ति				
स्थिर सम्पत्ति	१,८३		१,१४	
जम्मा अचल सम्पत्ति		**१,८३**		**१,१४**
चल सम्पत्ति				
बैङ्क मौज्दात	६,८३		२४,६०	
नगद मौज्दात	५		५	
मुद्दती हिसाब	१,४०,००		१,७५,००	
पेस्की तथा पाउनु पर्ने हिसाब	७,३९		३८,२९	
धरौटी हिसाब	८४		८४	
सेयरमा लगानी	५,३१,९३		३,४८,७५	
चालु सम्पत्ति	२२,३२		२२,३२	
जम्मा चल सम्पत्ति		**७,०९,३६**		**६,०९,८५**
जम्मा सम्पत्ति		**७,११,१९**		**६,१०,९९**

२. सञ्चालन नतिजा - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
ब्याज तथा अन्य आम्दानी	१४६४६		७५००	
प्रशासनिक खर्च				
कर्मचारी खर्च	२४९८		२४६२	
कार्यालय खर्च	८२५		५२६	
अन्य खर्च	९४८		३२२	
सञ्चालन नाफा		**१०३७५**		**४१९०**
लाभांश आय	११८		१३४	
बोनस अघिको नाफा		**१०४९३**		**४३२४**
बोनस व्यवस्था	९५४		३९३	
बोनस पछिको नाफा		**९५३८**		**३९३१**
आयकर	२३५८		९५२	
करपछिको नाफा		**७१८०**		**२९७९**

कम्पनीको करपछिको नाफा रु. ७१ लाख ८० हजार रहेको छ। जुन गत वर्षको तुलनामा १४१ प्रतिशत बढी रहेको छ।

३. **नीति नियमहरू** - कम्पनीले आफ्नो सञ्चालनको लागि कर्मचारी विनियमावली, सेयर कारोबार नियमावली, कल्याण कोष नीति, वित्त तथा प्रशासनिक नीति तयार गरेको छैन। उल्लिखित नियमावली तथा नीतिहरू स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

४. **सेयर जारी** - कम्पनीको प्रबन्धपत्रमा उल्लेख भएअनुसार कम्पनीको जम्मा सेयरको २२ प्रतिशत सेयर सर्वसाधारणलाई निष्कासन गर्नुपर्नेमा हालसम्म जारी गरेको छैन। प्रबन्धपत्रको व्यवस्थाअनुसार सेयर जारी गरी कम्पनीको उद्देश्य प्राप्तिको लागि लगानी गर्नुपर्दछ।

५. **जग्गाको कारोबार** - कम्पनीले बिक्री गर्ने उद्देश्यले खरिद गरेको रु. २२ लाख ३२ हजारको जग्गा चालु सम्पत्तिमा देखाउँदै आएको छ। उद्देश्यअनुसार बिक्री नगरेको उक्त जग्गाको अन्य उपयोगसमेत गरेको देखिएन।

६. **सेयर बाँडफाँट** - कम्पनीको प्रबन्धपत्र र नियमावलीमा १ लाख २७ हजार कित्ता सेयर कायम गरेकोमा २०७६।७७ मा ३ लाख १० हजार ४८० कित्ता सेयरको बाँडफाँट बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट सेयर लगत नलिएकाले वास्तविक सेयर सदस्य यकिन गर्न सकिएन।

नागरिक स्टक डिलर कम्पनी लिमिटेड

नेपाल धितोपत्र बोर्डको नियम तथा निर्देशनअनुसार धितोपत्र कारोबार गरी दीर्घकालीन उत्कृष्ट प्रतिफल प्राप्त गर्ने उद्देश्यले २०७६।१०।२९ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीमा नागरिक लगानी कोषको ७२.८६ प्रतिशत तथा नेपाल पुनर्बिमा कम्पनी लिमिटेड र नेपाल टेलिकम कम्पनी लिमिटेडको क्रमशः १४.२९ र १२.८६ प्रतिशत स्वामित्व रहेको छ। कम्पनीले नेपालमा धितोपत्र कारोबार र निक्षेप सदस्य सम्बन्धी कार्यहरूसमेत सञ्चालन गरिरहेको छ। कम्पनीमा प्रमुख कार्यकारी अधिकृतसमेत करारमा १७ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति, यन्त्र, उपकरण	५०,५६		७०,५७	
अमूर्त सम्पत्ति	९,९६		२६,२२	
लगानी	१५,४२,२४		१५,६९,९२	
स्थगन कर सम्पत्ति	२७,५४,४०		१,१६,१९	
अन्य वित्तीय सम्पत्ति	३२,५०		६१,५०	
कुल गैर चालु सम्पत्ति		**४३,८९,६६**		**१८,४४,४०**
चालु सम्पत्ति				
लगानी	३,०५,७४,५३		२,९४,५५,८०	
लिन बाँकी हिसाब	१६,०८,९३		२६	
चालु कर सम्पत्ति	४,२९,१८		५,०२,४३	
नगद तथा बैङ्क मौज्दात	१,५२,२२		१,८२,३६	
अन्य वित्तीय सम्पत्ति	७१,९५		८३,४४	
अन्य गैर वित्तीय सम्पत्ति	१०,४७		५,९१	
कुल चालु सम्पत्ति		**३,२८,४७,२८**		**३,०२,३०,२०**
कुल सम्पत्ति		**३,७२,३६,९४**		**३,२०,७४,६०**
इक्विटी र दायित्व				
इक्विटी				
सेयर पुँजी	३,७३,९७,५०		३,७३,९७,५०	
सञ्चित कोष	३१,३०,४३		१९,४६,५६	
कोष	(५५,७६,६१)		(७९,७१,२५)	
कुल इक्विटी		**३,४९,५१,३२**		**३,१३,७२,८१**
चालु दायित्व				
चालु अवधिको ऋण	१४,००,००		-	
तिर्नुपर्ने हिसाब	२,३०,३९		१,८२,६४	
अन्य चालु दायित्व	६,५५,२३		५,१९,१५	
कुल दायित्व		**२२,८५,६२**		**७,०१,७९**
कुल इक्विटी र दायित्व		**३,७२,३६,९४**		**३,२०,७४,६०**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी				
बिक्री आम्दानी	१०,५९,७४		१२,५१,४०	
अन्य आम्दानी	९,६९,२०		१०,४९,७३	
कुल आम्दानी		**२०,२८,९४**		**२३,०१,१३**
खर्च				
व्यापारिक खर्च	७४,३५		२६,४३	
कर्मचारी खर्च	३,१५,४४		३,३५,६२	

विवरण	२०८०।८१		२०७९।८०	
वित्तीय खर्च	१,७५,२२		२६,९१	
प्रशासनिक खर्च	१,२३,९४		१,०५,४५	
ह्रास कट्टी	४९,००		२९,३७	
कुल खर्च		**७,३७,९५**		**५,२३,७८**
आयकर अघिको नाफा/(नोक्सान)		**१२,९०,९९**		**१७,७७,३५**
आयकर व्यवस्था				
यस वर्षको	३,१५,९७		५,७३,५१	
स्थगन कर खर्च/(आम्दानी)	(२६,२९,९०)		२६,५७,३९	
खुद नाफा/(नोक्सान)		**३६,०४,९२**		**(१४,५३,५५)**

३. **अग्रिम भुक्तानी** - धितोपत्र कारोबार सञ्चालन नियमावली, २०७५ को नियम ८(१) अनुसार कारोबार गर्ने सदस्यले खरिद आदेश प्राप्त गर्दा सो आदेश कार्यान्वयन हुँदा कायम हुने अनुमानित रकमको कम्तीमा २५ प्रतिशत रकम सम्बन्धित आदेश दिने ग्राहकबाट अग्रिम रूपमा लिनुपर्नेछ। कम्पनीले २५ प्रतिशत अग्रिम भुक्तानी प्राप्त नगरी खरिद कारोबार गरेको देखिएकोले नियमावलीको पालना गरी कारोबार गर्नुपर्दछ।

४. **सञ्चालक नियुक्ति** - धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ परिच्छेद ४ मा सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था छ। उक्त नियमावलीको नियम १८(ख) मा सूचीकृत सङ्गठित संस्थामा सञ्चालक रहेमा कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुखको लागि योग्य नहुने व्यवस्था उल्लेख छ। तर, नागरिक लगानी कोष र पुनर्बिमा कम्पनीका कार्यकारी अधिकृत, नेपाल टेलिकम कम्पनीका प्रमुख वित्त अधिकृत र नागरिक लगानी कोषका सञ्चालक र उप-प्रबन्धक निर्देशक यस कम्पनीको सञ्चालकका रूपमा नियुक्ति गरेको देखियो। ऐन/नियमको पालना गरी सञ्चालक नियुक्ति गर्नुपर्दछ।

५. **बढी बोनस** - बोनस नियमावली, २०३९ को नियम ६ अनुसार प्रत्येक आर्थिक वर्षको खुद नाफाको ५ प्रतिशत बोनसको लागि छुट्याउनुपर्ने व्यवस्था भए तापनि कम्पनीले २०७७।७८, २०७८।७९, २०७९।८० र २०८०।८१ मा खुद नाफाको १० प्रतिशत बोनसबापत रु.९ करोड ३१ लाख ८७ हजार व्यवस्था गरेको छ। बोनस नियमावलीले तोकेभन्दा बढी रकम संस्थाको आम्दानीमा लेखाङ्कन गर्नुपर्दछ।

नेपाल डिजिटल पेमेन्ट्स कम्पनी

कम्पनी ऐन, २०६३ अन्तर्गत भुक्तानी सेवा प्रदान गर्ने उद्देश्यले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको लगानीमा २०७७।४।१३ मा स्थापना भएको यस कम्पनीले नेपाल राष्ट्र बैङ्कबाट २०७७।१२।३ मा भुक्तानी सेवा सञ्चालनको लागि अनुमति प्राप्त गरेको हो। नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडले २०७८।५।२९ मा नमस्ते पे ब्रान्डमार्फत् आफ्नो सेवा प्रारम्भ गरी देशभर डिजिटल भुक्तानी सेवा प्रदान गरेको छ। कम्पनीमा २८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	५,७२,८७		६,५५,४३	
अमूर्त सम्पत्ति	६,०३,१४		७,४०,७०	
सम्पत्ति प्रयोग अधिकार	१,०८,३७		-	
निर्माणधीन पुँजीगत सम्पत्ति	२३,३०		४१,९८	
स्थगन कर सम्पत्ति	४,०३,६२		२,५४,८९	
अग्रिम भुक्तानी तथा अन्य पेस्की	४०,००		४०,००	
कुल गैर चालु सम्पत्ति		**१७,५१,३०**		**१७,३३,००**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	१३,११		३,४८	
अग्रिम भुक्तानी	१३,५०		१०,९६	
चालु कर सम्पत्ति	१,४६,०४		१,१६,४५	
अग्रिम भुक्तानी तथा अन्य पेस्की	४,४६,७८		१,०८,५०	
आवधिक निक्षेप	२०,२५,००		२७,००,००	
नगद तथा बैङ्क मौज्दात	१,६२,२८		१,३०,३०	
कुल चालु सम्पत्ति		**२८,०६,७१**		**३०,६९,६९**
कुल सम्पत्ति		**४५,५८,०१**		**४८,०२,६९**
इक्विटी तथा दायित्व				
सेयर पुँजी	४०,००,००		४०,००,००	
सञ्चित नाफा/(नोक्सान)	(१३,१२,२९)		(८,६७,१५)	
कुल इक्विटी		**२६,८७,७१**		**३१,३२,८५**
लिज दायित्व (गैर चालु दायित्व)		**१,१३,४०**	-	
चालु दायित्व र व्यवस्था				
ट्रस्ट खाता	४४,०६		८२,५२	
चालु दायित्व	१७,१२,८३		१५,८७,३२	
कुल चालु दायित्व		**१७,५६,८९**		**१६,६९,८५**
कुल इक्विटी तथा दायित्व		**४५,५८,०१**		**४८,०२,७०**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	३,९९,६८		१,५४,४०	
बिक्री लागत	३,५७,६९		१,४४,३५	
कुल नाफा		**४१,९९**		**१०,०५**
वित्तीय आम्दानी	१,९४,७१		२,९५,५८	
अन्य आम्दानी	८७		४३	
कुल आय		**२,३७,५७**		**३,०६,०६**
कर्मचारी तलब तथा सुविधा	२,६६,९१		१,९०,१२	
सेवा सञ्चालन खर्च	७८,६५		९३,९०	
व्यवसाय प्रवर्धन तथा विज्ञापन खर्च	८४,३०		३,१२,१६	
कमिसन, शुल्क र बिक्री नेटवर्क खर्च	५,१५		२,४५	

विवरण	२०८०।८१		२०७९।८०	
कार्यालय सञ्चालन खर्च	५५,९१		७७,१८	
ह्रासकट्टी तथा परिशोधन खर्च	३,३२,५८		२,९०,४५	
वित्तीय खर्च	१३,९४		०	
विनिमय नाफा/(नोक्सान)	(२३,२६)		(३८,८६)	
कुल खर्च		**८,६०,८०**		**१०,०५,१२**
कर अघिको नाफा/(नोक्सान)		**(६,२३,२३)**		**(६,९९,०६)**
स्थगन कर खर्च	१,४८,७३		१,६६,८८	
कर पछिको खुद नाफा/(नोक्सान)		**(४,७४,५०)**		**(५,३२,१८)**

नेपाल लेखामान ८ अनुसार अमूर्त सम्पत्तिको परिशोधन खर्चबापत यो वर्ष रु.१ करोड ३७ लाख ५६ हजार व्यवस्था गरेकोले अमूर्त सम्पत्ति १८.५७ प्रतिशतले न्यून भई रु.६ करोड ३ लाख १४ हजार पुगेको छ।

३. **व्यावसायिक निरन्तरता** - कम्पनी निरन्तर नोक्सानीमा रहेकोले सञ्चित नोक्सानी रु.१३ करोड १२ लाख २८ हजार पुगेको छ। सेवा बिक्रीबाट रु.३ करोड ९९ लाख ६८ हजार आयआर्जन भएकोमा सेवा सञ्चालन खर्च रु.३ करोड ५७ लाख ६९ हजार रहेको छ। बिक्री लागत खर्चमा कम्पनीले कर्मचारी खर्च, सेवा सञ्चालन खर्च, व्यवसाय प्रवर्धन खर्च रु.३ करोड ५९ लाख ५८ हजार समावेश गर्दा कम्पनी नोक्सानीमा देखिएकोले व्यावसायिक निरन्तरतामा असर पुगेको छ। प्रशासनिक खर्च नियन्त्रण गरी मूल्य निर्धारण र बजार प्रतिस्पर्धामा सुधार गर्नुपर्दछ।

४. **नियुक्ति** - कम्पनी ऐन, २०६३ को दफा ८६ मा सार्वजनिक कम्पनीको सञ्चालक समिति गठन गर्दा सञ्चालकको संख्या ७ भन्दा कम छ भने कम्तीमा एक स्वतन्त्र सञ्चालक र सञ्चालकको संख्या ७ भन्दा बढी छ भने कम्तीमा दुई स्वतन्त्र सञ्चालक नियुक्त गर्नुपर्ने र संस्थाको प्रबन्धपत्रको बुँदा नम्बर २७ मा सञ्चालक समितिमा ३ सदस्य नेपाल टेलिकमबाट, २ सदस्य राष्ट्रिय वाणिज्य बैङ्कबाट, १ सदस्य सार्वजनिक सेयरधनीबाट र १ सदस्य स्वतन्त्र सहित ७ सदस्य सञ्चालकको रूपमा नियुक्त गरिने उल्लेख छ। तर कम्पनीले स्वतन्त्र सञ्चालक नियुक्त गरेको छैन।

नेपाल बैङ्क लिमिटेड

नेपाल सरकार र सर्वसाधारण नागरिकको संयुक्त उद्यमको रूपमा सम्वत् १९९४ मा स्थापना भएको यो बैङ्क हाल बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम सञ्चालनमा रहेको छ। बैङ्कको कुल चुक्ता पुँजी रु.१४ अर्ब ६९ करोड ४० लाखमध्ये नेपाल सरकारको ५१ प्रतिशत र अन्य संस्था तथा सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ। बैङ्कमा कुल १४ विभाग, १० डिभिजन र ७ प्रदेश कार्यालय रहेका छन्। बैङ्कले २२९ शाखा, २०५ स्थानमा एटीएम, ५९ विस्तार काउन्टर र अनलाइन बैङ्किङ सेवाको माध्यमबाट देशभर सेवा प्रदान गर्दै आएको छ। बैङ्कमा २ हजार ६४६ स्थायी र ९२१ करार र ज्यालादारीसमेत ३ हजार ५६७ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - बैङ्कको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद र बैङ्क मौज्दात	३५,७०,५१		८,६५,६५	
नेपाल राष्ट्र बैङ्कबाट लिइएको रकम	२१,५४,५५		१९,७४,८९	
बैङ्क र वित्तीय संस्थासँगको प्लेसमेन्ट	४,११,५४		५८,२५	
व्युत्पन्न वित्तीय उपकरण	३,३३,४९		८६	
अन्य व्यापारिक सम्पत्ति	९,९३		११,५०	
बैङ्क र वित्तीय संस्थालाई ऋण र पेस्की	७,०१,३४		५,४९,९७	
ग्राहकलाई ऋण र पेस्की	१,९४,६६,७८		१,७८,५५,६६	
लगानी धितोपत्र	४६,४०,७८		५६,९४,६२	
चालु कर सम्पत्ति	२,९२,७०		१,२०,३०	
सम्बद्ध कम्पनीमा लगानी	२,०५,९३		२,७३,६९	
लगानी सम्पत्ति	२०,५७		१९,८१	
सम्पत्ति जायजेथा र उपकरण	१३,३०,२९		१३,३६,३६	
अमूर्त सम्पत्ति	२,२३		३,१८	
अन्य सम्पत्ति	८,९४,६८		९,०८,८२	
कुल सम्पत्ति		**३,४०,३५,३२**		**२,९६,७३,५६**
दायित्व				
बैङ्क र वित्तीय संस्थालाई तिर्न बाँकी	४७,६६		१,२७,५४	
नेपाल राष्ट्र बैङ्कलाई तिर्न बाँकी	०		७,००	
व्युत्पन्न वित्तीय उपकरण	३,३२,१७		८५	
ग्राहकबाट प्राप्त निक्षेप	२,८३,०८,३७		२,४४,५१,४०	
ऋण सापटी	०		२६,२३	
व्यवस्था	१४,२२		२४,७९	
स्थगित कर दायित्व	४,०३,९३		४,०८,२६	
अन्य दायित्व	१०,१५,९१		६,२५,७८	
जारी गरिएको ऋण धितोपत्र	३,४९,४९		३,४९,४४	
कुल दायित्व		**३,०४,७१,७५**		**२,६०,२१,२९**
इक्विटी				
सेयर पुँजी				
साधारण सेयर	१४,६९,४०		१४,६९,४०	
सञ्चित मुनाफा	(९६,५०)		४	
जगेडा कोष	२१,९०,६७		२१,८२,८३	
इक्विटीमा श्रेय हुने कुल इक्विटी धारक		**३५,६३,५७**		**३६,५२,२७**
कुल इक्विटी		**३५,६३,५७**		**३६,५२,२७**
कुल दायित्व र इक्विटी		**३,४०,३५,३२**		**२,९६,७३,५६**
आकस्मिक दायित्व र प्रतिबद्धता		**९९,९९,०२**		**८५,५५,९२**

बैङ्कको नगद मौज्दात, बैङ्क तथा वित्तीय संस्थासँगको प्लेसमेन्ट जस्ता सम्पत्तिमा ठूलो परिमाणमा वृद्धि भएको देखिन्छ। त्यसैगरी सञ्चित मुनाफा गत वर्ष रु.४ लाख रहेकोमा यो वर्ष रु.२ करोड ८४ लाख थप भई जगेडा कोषमा रु.९९ करोड ३८ लाख स्थानान्तरण गरेकोले सञ्चित मुनाफा रु.९६ करोड ५० लाख ऋणात्मक रहेको छ।

२. **सञ्चालन नतिजा -** बैङ्कको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण		२०८०।८१		२०७९।८०
ब्याज आम्दानी	२५,०७,५६		२५,१५,८१	
ब्याज खर्च	१६,४४,०८		१५,७५,१२	
खुद ब्याज आम्दानी		**८,६३,४८**		**९,४०,६९**
शुल्क र कमिशन आम्दानी	१,३४,१०		१,०१,९४	
शुल्क र कमिशन खर्च	२३,३३		१८,८३	
खुद शुल्क र कमिशन आम्दानी		**१,१०,७७**		**८३,११**
खुद ब्याज, शुल्क र कमिशन आम्दानी		**९,७४,२५**		**१०,२३,८०**
खुद व्यापार आम्दानी	११,३५		७,८६	
अन्य सञ्चालन आम्दानी	४७,१२		३०,९२	
कुल सञ्चालन आम्दानी		**१०,३२,७२**		**१०,६२,५८**
क्षयीकरण खर्च	४,७५,५२		१,११,३३	
खुद सञ्चालन आम्दानी		**५,५७,२०**		**९,५१,२५**
सञ्चालन खर्च				
कर्मचारी खर्च	३,५५,४८		३,८८,५५	
अन्य सञ्चालन खर्च	९५,३७		९१,६८	
मूल्य ह्रास र परिशोधन	३८,००		३७,५९	
सञ्चालन नाफा		**६८,३५**		**४,३३,४३**
गैर सञ्चालन आय	८,२४		७,७३	
आयकर अघिको नाफा		**७६,५९**		**४,४१,१६**
आयकर खर्च	४०,३२		१,१७,७४	
स्थगित कर	३३,४३		(२०,३४)	
नाफा/(नोक्सान)		**२,८४**		**३,४३,७६**

बैङ्कको नाफा गत वर्ष रु.३ अर्ब ४३ करोड ७६ लाख रहेकोमा यो वर्ष रु.२ करोड ८४ लाख मात्र छ। कम्पनीको क्षयीकरण खर्च गत वर्ष रु.१ अर्ब ११ करोड ३३ लाख रहेकोमा यो वर्ष ३२७ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ७५ करोड ५२ लाख भएको छ। जसले कम्पनीको समग्र नाफामा कमी ल्याएको छ। बैङ्कले ऋण असुलीका उपयुक्त उपाय अवलम्बन गरी क्षयीकरण खर्च न्यून गरी बैङ्कको कार्यसम्पादनमा सुधार ल्याउनुपर्दछ।

३. **वित्तीय अनुपात -** बैङ्कको वित्तीय अनुपातको अवस्था देहायअनुसार छः

क्र.सं.	विवरण	सूचक	२०७८।७९	२०७९।८०	२०८०।८१
१	जम्मा आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	१६.१५	२०.२१	०.१०
२	प्रति शेयर अम्दानी	रुपैयाँ	२०.२९	२३.२९	०.१९
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	४.७०	६.४३	५.७३
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	९.५९	१४.०९	१२.४३
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	१७.२२	१७.४८	१३.५१
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	१.१२	१.८१	०.०१
७	ऋण लगानीको अनुपातमा निष्कृय कर्जा	प्रतिशत	१.८३	२.८५	४.३३

उपर्युक्त विवरणअनुसार बैङ्कको जम्मा आम्दानीको तुलनामा खुद मुनाफा अनुपात, प्रति सेयर आम्दानी, कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा घट्दै गएको छ भने ऋण लगानीको अनुपातमा निष्कृय कर्जा बढ्दै गएको छ। यसबाट बैङ्कको समग्र कार्यसम्पादन सन्तोषजनक देखिँदैन। अतः बैङ्कको व्यवस्थापनमा सुधार गरी उल्लिखित अनुपात र समग्र कार्यसम्पादनमा सकारात्मक सुधार गर्नुपर्दछ ।

४. **अन्य सम्पत्ति -** बैङ्कको वित्तीय विवरणमा रहेको अन्य सम्पत्ति कुल रु.८ अर्ब ९४ करोड ६७ लाख ६९ हजारमध्ये खुद रु.१ अर्ब १२ करोड २६ लाख २२ हजार लामो समयदेखि बक्यौता रहेको र सोको मौज्दात समर्थन लिएको छैन। साथै, उक्त रकममध्ये रु.६४ करोड ६३ लाख ८ हजारको हिसाब मिलान गर्न बाँकी देखिन्छ। बक्यौता रकममध्ये सरकारी कारोबारअन्तर्गत २०८१ आषाढ मसान्तमा त्रिभुवन विश्वविद्यालयको पेन्सनबापत रु.२३ करोड ७७ लाख ४८ हजार प्राप्त हुन बाँकी देखिएको छ। गत विगतदेखिको बक्यौता हिसाब मिलान हुन बाँकी रकम यकिन गरी फरफारक गर्नुपर्ने सम्बन्धमा विगतका प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ ।

५. **अन्य दायित्व -** बैङ्कको वित्तीय विवरणको कुल अन्य दायित्व रु.१० अर्ब १५ करोड ९० लाख ८५ हजारमध्ये रु.१ अर्ब ४७ करोड ९० लाख ८ हजार लामो समयदेखि फरफारक गर्न बाँकी रहेकोमा सोको मौज्दात समर्थन लिएको देखिएन। साथै, रु.८ करोड ६७ हजारको हिसाब मिलान गर्न बाँकी देखिन्छ। शाखा हिसाब मिलान अन्तर्गत रु.१७ करोड ३१ लाख ४७ हजार मिलान हुन बाँकी रहेको छ। गत विगतदेखिको दायित्वको हिसाब मिलान हुन बाँकी रकम यकिन गरी फर्स्यौंट गर्नुपर्दछ। उक्त सम्बन्धमा विगतका प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ ।

६. **गैर बैङ्किङ सम्पति -** बैङ्कको हिसाबमा विगत वर्षदेखि २० गैर बैङ्किङ सम्पत्ति रु.२० करोड ५७ लाख रहेको छ। बैङ्कले यो वर्ष ३ गैर बैङ्किङ सम्पत्ति सकार र ८ गैर बैङ्किङ बैङ्किङ सम्पति बिक्री/फिर्ता गरेको छ। बैङ्कले नियमानुसार बिक्री वा साविक सुरक्षणधनीलाई गैर बैङ्किङ सम्पत्ति फिर्ता गरी उक्त सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ।

७. **कर्जा अपलेखन -** अपलेखन गरेको साँवा तथा ब्याजको छुट्टै अभिलेख राखी असुली गर्ने व्यवस्था मिलाउनुपर्नेमा यो वर्षसम्म अपलेखन गरेको रु.२ अर्ब १३ करोड १२ लाख ऋण र रु.९ अर्ब ५५ करोड ब्याज असुल भएको छैन। सोमध्ये यस वर्ष तत्कालीन पञ्चदेवल, ढकारी, हाटलगायतका शाखामा विगत लामो समयदेखि अभिलेख नभेटिई वक्यौता रहेका कर्जाहरूको साँवा रु.३ करोड ७४ लाख र ब्याज रु.१ अर्ब ७० करोड ८२ लाख सञ्चालक समितिको निर्णयानुसार अपलेखन गरेको छ।

८. **निष्क्रिय कर्जा -** बैङ्कको कुल कर्जा रु.२ खर्ब ७ अर्ब ९६ करोड ७५ लाखमध्ये असल कर्जा रु.१ खर्ब ८५ अर्ब २६ करोड ७२ लाख र सुक्ष्म निगरानीमा रहेको कर्जा रु.१३ अर्ब ६९ करोड ८१ लाख सक्रिय कर्जाको रूपमा रहेको छ। यसैगरी, निष्क्रिय कर्जाअन्तर्गत कमसल कर्जा रु.१ अर्ब ६५ करोड ७५ लाख, शंकास्पद कर्जा रु.१ अर्ब ३० करोड ९२ लाख र खराब कर्जा रु.६ अर्ब ३ करोड ५५ लाख रहेको छ। सोअनुसार निष्क्रिय कर्जाको अनुपात गत वर्ष २.८५ प्रतिशत रहेकोमा यो वर्ष बढेर ४.३३ प्रतिशत पुगेको छ। गत वर्षको तुलनामा यो वर्ष कुल कर्जा नोक्सानी ७५.११ प्रतिशतले बढेर रु.११ अर्ब ४७ लाख पुगेको छ। ऋण सम्झौता र कानुनी प्रक्रियाअनुसार कर्जा प्रवाह र असुली गर्नुपर्दछ।

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सेक्युरिटी खरिद बिक्री केन्द्र लिमिटेडको नाममा साविक कम्पनी ऐन, २०२१ अन्तर्गत २०३३ सालमा स्थापना भएको यो संस्था २०५० मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को नामबाट सञ्चालन भइरहेको छ। यो कम्पनीले नेपालमा सङ्गठित दोस्रो बजारको रूपमा २०५०।९।२९ देखि कार्य गर्दै आएको छ। नेप्से धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त नेपालको एक मात्र स्टक एक्सचेन्ज हो। यस कम्पनीमा नेपाल सरकारको ५८.६६ प्रतिशत, नेपाल राष्ट्र बैङ्कको ९.५१ प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, राष्ट्रिय वाणिज्य बैङ्कको ११.२३ प्रतिशत, लक्ष्मी बैङ्क लिमिटेडको ५ प्रतिशत, प्रभु बैङ्क लिमिटेडको ५ प्रतिशत र अन्यको ०.६० प्रतिशत सेयर रहेको छ।

१. **वित्तीय प्रतिवेदन -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ अषाढ २०८१		३१ अषाढ २०८०	
गैर चालु सम्पत्ति				
अमूर्त सम्पत्ति	७१८६		२८२०३	
सम्पत्ति, जायजेथा र उपकरणहरू	१०३६३९		१३३८६१	
पुँजीगत निर्माणाधीन सम्पत्ति	६३६४			
लगानी	५१८५४४१		४४४२२३१	
कर्मचारी कर्जा सापटी र स्थगन खर्च	५६७८०		५०५९३	
अग्रिम भुक्तानी रकम, पेश्की र धरौटी	२७८		२७८	
जम्मा गैर चालु सम्पत्ति		**५३५९६८८**		**४६५५१६६**
चालु सम्पत्ति				
अग्रिम भुक्तानी, रकम सापटी र धरौटी	७३४७०		७४८५१	
लगानी	२६१००००		२२८००००	
आसामी	७५५२४		५७५८३	
आयकर सम्पत्ति (खुद)	१४९०८३		१०७४६२	
नगद तथा नगद सरह	२९०१३५		३९७२०९	
जम्मा चालु सम्पत्ति		**३१९८२१२**		**२९१७१०५**
जम्मा सम्पत्ति		**८५५७९००**		**७५७२२७१**
गैर चालु दायित्व				
निश्चित अवकाश सुविधा दायित्व	४८५१५		४२७३५	
स्थगन कर दायित्व (खुद)	१००१३७४		८४७६२२	
कुल गैर चालु दायित्व		**१०४९८८९**		**८९०३५७**
चालु दायित्व				
व्यवस्था	६५६०५		१५१३८१	
व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	३१०५४४		२४८१९७	
कुल चालु दायित्व		**३७६१४९**		**३९९५७८**
पुँजी				
सेयर पुँजी	१००००००		१००००००	
सञ्चित मुनाफा	१५०७०८०		१३४८७७७	
अन्य पुँजी तथा कोष	४६२४७८२		३९३३५५९	
कुल सेयरधनी पुँजी		**७१३१८६२**		**६२८२३३६**
कुल पुँजी तथा दायित्व		**८५५७९००**		**७५७२२७१**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालनबाट आम्दानी				
धितोपत्र करोबारबाट आम्दानी	१०५२९४७		६९३८६५	
सङ्गठित सदस्यलाई दिइएको सेवाबाट आम्दानी	१४७२४५		१४७१६६	
कुल सञ्चालन आम्दानी		**१२००१९२**		**८४१०३१**
अन्य आम्दानी	५९६१९२		६२७९६८	
कुल आम्दानी		**१७९६३८४**		**१४६८९९८**
प्रशासनिक तथा अन्य खर्च				
धितोपत्र कारोबारमा कमिशन (सेवा शुल्क)	२६१०२०		१७०८१८	
कर्मचारी खर्च	६९३३६		६१७५८	
ह्रास कट्टी र परिशोधन खर्च	५४०११		५४२१५	
अन्य सञ्चालन खर्च	७१२५२		८३२६९	
कुल प्रशासनिक तथा अन्य खर्च		**४५५६१९**		**३७००६०**
आयकर, बोनस तथा अगाडिको मुनाफा		**१३४०७६५**		**१०९८९३९**
बोनस खर्च	१३२७५		५२३३०	
आयकर अगाडिको मुनाफा		**१३२७४९०**		**१०४६६०९**
आयकर खर्च	३१९२७४		२३४५२३	
स्थगन कर खर्च / (आम्दानी)	(५५०२)		(६५९७)	
खुद नाफा		**१०१३७१८**		**८१८६८३**

३. **पुँजीगत जगेडा र पुँजीगत अनुदान खाता मिलान -** नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सीएमसी, भारतबिच १२ सेप्टेम्बर, २०१० मा भएको सम्झौताबमोजिम नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको लागि सिएमसि, भारतबाट स्वचालित कारोबार सफ्टवेयर खरिद गरेको थियो। सोको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले नेपाल सरकारमार्फत भारत सरकारबाट प्राप्त अनुदान रकम रु.१४ करोड ७२ लाख खर्च गरेको र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई उक्त सफ्टवेयर हस्तान्तरण गरेबापत रु.१०० का दरले १४ लाख ७२ हजार कित्ता सेयर प्राप्त गरेको साथै नगद भुक्तानी गरी रु.१०० का दरले १५ लाख २८ हजार कित्ता सेयर प्राप्त गरेको छ। सो अनुदानको रकम स्टक एक्सचेञ्जले पुँजीगत जगेडा अनुदान खातामा जम्मा गरेको पाइयो। स्टक एक्सचेञ्जको पुँजीगत जगेडा र पुँजीगत अनुदान खातामा खर्च लेखी सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको उक्त सेयर नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्दछ।

४. **सूचीकरण नियमावलीको परिपालना -** नेपाल स्टक एक्सचेञ्जको सूचीकरण नियमावली अनुसार सूचीबद्ध कम्पनीहरूले वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ५ महिनाभित्र तथा त्रैमासिक प्रतिवेदन ३० दिनभित्र नेपाल स्टक एक्सचेञ्जको वेबसाइटमा अपलोड गर्नुपर्ने व्यवस्था छ। संस्थाले उक्त नियम पालना नगर्ने कम्पनी विरुद्ध कुनै कारबाही गरेको देखिएन। यस्ता कम्पनीको कुल कारोबार यो वर्ष रु.१ अर्ब ५८ करोड रहेको छ। राष्ट्रिय बिमा कम्पनी र विशाल बजार कम्पनीले पटक-पटक नियम उल्लङ्घन गरे तापनि नेपाल स्टक एक्सचेञ्जले कारबाही गरेको देखिँदैन। विशाल बजार कम्पनीले लेखापरीक्षण भएको वित्तीय विवरण राख्नुपर्ने ठाउँमा २०८१।८।१४ मा लेखापरीक्षण नभएको वित्तीय विवरण अपलोड गरेको देखिएको छ। नियमावलीको पालना नगर्ने उपर आवश्यक कारबाही गर्नुपर्दछ।

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड (२०७९।८०)

उत्पादकत्वसँग सम्बन्धित सौहार्द्रपूर्ण औद्योगिक सम्बन्ध कायम गर्न तालिम, परामर्श सेवा र अध्ययन, अनुसन्धानमार्फत जनचेतना प्रवर्धन गर्ने उद्देश्यले यस केन्द्रको स्थापना भएको हो। केन्द्रमा नेपाल राष्ट्र बैङ्कको ३१.५२ प्रतिशत, नेपाल सरकारको २३.९५ प्रतिशत, साविकको नेपाल औद्योगिक विकास निगम (हाल राष्ट्रिय वाणिज्य बैङ्क)को १२.६० प्रतिशत, अन्य ८ सङ्गठित संस्थाको २८.१४ प्रतिशत र कर्मचारीको ३.७९ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति -** केन्द्रको वित्तीय स्थिति निम्नअनुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८०		३२ आषाढ, २०७९	
सेयर पुँजी	७९,३३		७९,३३	
जगेडा कोष	७६,३२		७६,३२	
नेपाल सरकारबाट प्राप्त ऋण	९,२९,५४		९,२९,५४	
कुल पुँजी तथा दायित्व		**१०,८५,१९**		**१०,८५,१९**
स्थिर सम्पत्ति -परल मूल्य	९०,०७		९०,०१	
ह्रास कट्टी	(८८,६१)		(८८,३२)	
खुद स्थिर सम्पत्ति	**१,४६**		**१,६९**	
जिन्सी मौज्दात	५१		७२	
नगद तथा बैङ्क मौज्दात	२,३४,२९		२,७८,९७	
पेस्की तथा सापटी	१०,४९		७,२६	
लगानी	३०,००		३०,००	
चालु सम्पत्ति	**२,७५,२९**		**३,१६,९५**	
न्यून चालु दायित्व तथा व्यवस्था	३,१७,५०		३,१९,२५	
खुद चालु सम्पत्ति		**(४२,२१)**		**(२,३०)**
नोक्सानी		**११,२५,९४**		**१०,८५,८०**
जम्मा सम्पत्ति		**१०,८५,१९**		**१०,८५,१९**

केन्द्रको वासलातअनुसार यस वर्षसम्मको सञ्चित नोक्सानी रु.१० करोड ४९ लाख ६१ हजार रहेकोमा वासलातमा रु.११ करोड २५ लाख ९४ हजार उल्लेख गरेको छ। रु.७६ लाख ३३ हजार सम्बन्धमा वित्तीय विवरणमा खुलासा गरेको छैन। सो सम्बन्धमा स्पष्ट गर्नुपर्दछ।

२. **सञ्चालन नतिजा -** केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
आम्दानी	२६,०८		१९,९१	
जम्मा आम्दानी		**२६,०८**		**१९,९१**
खर्च				
प्रशासनिक खर्च	६४,६१		६०,२३	
ह्रास खर्च	२९		३५	
जम्मा खर्च		**६४,९०**		**६०,५८**
सञ्चालन नोक्सानी		**(३८,८२)**		**(४०,६७)**
उपदान कोष खर्च व्यवस्था	३०,६२		१५,७९	
स्वास्थ्योपचार कोष व्यवस्था	६,४९		२,७२	

विवरण	२०७९।८०		२०७८।७९	
सञ्चित बिदा कोष व्यवस्था	४,४७		३,९१	
कर्मचारी कल्याणकारी कोष व्यवस्था	४,७४		२,०२	
खुद नाफा/नोक्सान		**(८५,१४)**		**(६५,१२)**
नेपाल सरकारबाट अनुदान प्राप्त	४५,००		४०,००	
खुद नोक्सान		**(४०,१४)**		**(२५,१२)**
गत वर्षसम्मको सञ्चित नोक्सान		**(१०,०९,४७)**		**(९,८४,३५)**
जम्मा बाँडफाँट अघिको नोक्सानी		**(१०,४९,६१)**		**(१०,०९,४७)**

३. **सञ्चित नाफा/नोक्सानी** - केन्द्रले व्यवसाय निरन्तररुपमा कायम रहेको अनुमानको आधारमा वित्तीय विवरण तयार गरेको भए तापनि प्रत्येक वर्ष नोक्सान भएकोले सञ्चित नोक्सानी बढ्दै गएको छ। केन्द्रलाई पुनर्संरचना गरी व्यावसायिक कार्ययोजना अनुसार सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

४. **वित्तीय प्रतिवेदनमान** - नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्नुपर्नेमा केन्द्रले सोअनुसार वित्तीय विवरण तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना हुनुपर्दछ।

५. **लगानीकर्ता संरक्षण कोष** - कम्पनी ऐन, २०६३ को दफा १८२(९) अनुसार साधारण सभाले पारित गरेको पाँच वर्षभित्र लाभांश वितरण गर्नुपर्ने र सो अवधिभित्र वितरण नभएमा लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा केन्द्रले पाँच वर्ष व्यतीत भै सकेको रु.२ लाख ७९ हजार लगानीकर्ता संरक्षण कोषमा जम्मा गरेको छैन। उक्त रकमलाई कोषमा दाखिला गर्नुपर्दछ।

६. **ऋण** - नेपाल सरकारबाट प्राप्त ऋण रु.९ करोड ३० लाखको ब्याज गणना गरी महालेखा नियन्त्रक कार्यालयले तोकेको तालिकाअनुसार ब्याज र साँवाको किस्ता भुक्तानी गर्नुपर्नेमा सो अनुसार भएको छैन। व्यावसायिक कार्यकुशलता अभिवृद्धि गरी ऋणको किस्ता तथा ब्याज तिर्नुपर्दछ।

७. **साधारण सभा** - कम्पनी ऐन, २०६३ को दफा ७६ (१) अनुसार पब्लिक कम्पनीले कारोबार सुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने, तत्पश्चात आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा केन्द्रले यो वर्ष वार्षिक साधारण सभा गरेको छैन।

राष्ट्रिय बिमा कम्पनी लिमिटेड (२०७५।७६)

राष्ट्रिय बिमा संस्थानले गर्दै आएको निर्जीवन बिमा व्यवसाय छुट्टै संस्थाबाट सञ्चालन गर्नको लागि २०७१ मा राष्ट्रिय बिमा कम्पनी लिमिटेड स्थापना भई निर्जीवन बिमा व्यवसाय सञ्चालन गर्दै आएको छ। २०७५।७६ मा कम्पनीको चुक्ता पुँजी रु. २६ करोड ६६ लाख ४९ हजार रहेकोमा नेपाल सरकारको ४७.५० प्रतिशत, कर्मचारी सञ्चयकोषको २२ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको १०.५६ प्रतिशत र सर्वसाधारणको १९.५४ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति**- कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०७६		३२ आषाढ, २०७५	
चुक्ता पुँजी	२६,६६,३९		२६,६६,३९	
जगेडा तथा कोष	१,११,६५,४९		७७,५७,५१	

विवरण	३१ आषाढ, २०७६		३२ आषाढ, २०७५	
बिमा कोष	१,३१,५८,३९		८५,३२,०५	
महा-विपत्ति जगेडा	१७,७०,२४		८,७९,९४	
कुल स्रोत		**२,८७,६०,५१**		**१,९८,३५,८९**
उपयोग				
स्थीर सम्पत्ति (खूद)	३,१६,५६		३,३४,०६	
दीर्घकालीन लगानी	१,१४,६६,८९		८४,७८,६९	
दीर्घकालीन कर्जा	३५,६५,५९		३४,४५,४२	
कुल सम्पत्ति, लगानी र कर्जा		**१५३४९०४**		**१२२५८१७**
चालु सम्पत्ति, कर्जा तथा पेस्की				
नगद तथा बैङ्क मौज्दात	३६,२७,९६		३३,१३,९८	
अल्पकालीन लगानी	३,८०,००,००		३,३५,००,००	
अल्पकालीन कर्जा	-		-	
अन्य सम्पत्ति	१,१८,८३,८४		८७,८८,२९	
जम्मा चालु सम्पत्ति, कर्जा तथा पेस्की (क)	**५,३५,११,८०**		**४,५६,०२,२८**	
चालु दायित्व तथा व्यवस्था				
चालु दायित्व	७२,६३,२३		६१,०९,२३	
असमाप्त जोखिम वापत व्यवस्था	१७,३५,२०		१२,२४,२६	
भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	४१,९६,१५		५२,३८,४२	
अन्य व्यवस्था	२,६९,१४,३६		२,५४,६१,२४	
जम्मा चालु दायित्व तथा व्यवस्था (ख)	**४,०१,०८,९३**		**३,८०,३३,१६**	
खुद चालु सम्पत्ति (ग=क-ख)		**१,३४,०२,८७**		**७५,६९,१२**
अपलेखन वा समायोजन हुनबाँकी विविध खर्च		८,६०		८,६०
नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-		-	
कुल उपयोग		**२,८७,६०,५१**		**१,९८,३५,८९**

कम्पनीको जगेडा तथा कोष गत वर्षको तुलनामा ४३.९३ प्रतिशत वृद्धि भई रु.१ अर्ब ११ करोड ६५ लाख ४९ हजार पुगेको छ। बिमा कोष र महाविपत्ती जगेडा गत वर्षको तुलनामा क्रमशः ५४.२२ र १०१.१८ प्रतिशतले वृद्धि भई क्रमशः रु.१ अर्ब ३१ करोड ५८ लाख ३९ हजार र रु.१७ करोड ७० लाख २४ हजार पुगेको छ। कम्पनीको दीर्घकालीन लगानी ३५.२४ प्रतिशत वृद्धि भई रु.१ अर्ब १४ करोड ६६ लाख ८९ हजार पुगेको छ। त्यस्तै अन्य सम्पत्ति ३५.२२ प्रतिशत वृद्धि भई रु.१ अर्ब १८ करोड ८३ लाख ८४ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७५।७६		२०७४।७५	
आय				
बिमा शुल्क (खुद)	२६,२४,४७		१८,५५,६७	
पुनर्बिमा कमिशन आय	२१,०६,२८		१३,६६,५७	
लगानी, कर्जा तथा अन्यबाट आय	३०,४८,२७		२५,३०,५२	
आर्थिक वर्षको शुरूको भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	५२,३८,४२		३७,९३,६५	

विवरण	२०७५।७६		२०७४।७५	
आर्थिक वर्षको शुरूको असमाप्त जोखिम वापत व्यवस्था	१२,२४,२६		१६,०१,२२	
जम्मा आम्दानी		**१,४२,४१,७०**		**१,११,४७,६३**
व्यय				
दाबी भुक्तानी (खुद)	७,१३,२०		६,६७,५१	
अभिकर्ता कमिशन	४७,८०		४०,७५	
पुनर्विमा कमिशन खर्च	१,७६		-	
सेवा शुल्क (खुद)	२६,२४		१८,५६	
व्यवस्थापन खर्च	१३,७६,८४		९,५५,८५	
आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था	४१,९६,१५		५२,३८,४२	
आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम वापत व्यवस्था	१७,३५,२०		१२,२४,२६	
जम्मा व्यय		**८०,९७,१९**		**८१,४५,३५**
नाफा नोक्सान हिसाबमा सारेको बचत		**६१,४४,५१**		**३०,०२,२८**

कम्पनीको कुल आम्दानी गत वर्ष रु.१ अर्ब ११ करोड ४७ लाख र बचत रु.३ करोड २ लाख रहेकोमा यो वर्ष रु.१ अर्ब ४२ करोड ४२ लाख र बचत रु.६१ करोड ४४ लाख रहेको छ। कम्पनीले गत वर्ष रु.१८ करोड ५५ लाख खुद बिमाशुल्क आर्जन गरेकोमा यो वर्ष रु.२६ करोड २४ लाख आर्जन गरेको छ। कम्पनीको दाबी भुक्तानी गत वर्ष रु.६ करोड ६७ लाख रहेकोमा यस वर्ष रु.७ करोड १३ लाख रहेको छ।

३. **लेखापरीक्षकको राय** - कम्पनीले पेस गरेको वित्तीय स्थिति र सञ्चालन नतिजा उपर लेखापरीक्षण राय स्थापित गर्न चाहिने विषयमा पर्याप्त तथा उचित प्रमाणहरू पेस नभएकोले कुनै राय व्यक्त गरेको छैन। वित्तीय विवरणमा उल्लिखित अङ्क पुष्टि हुने कागजात पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३.१ कम्पनीको यस वर्षको वित्तीय विवरणमा आरबिएस टु आरबिसीएल सस्पेन्स खाता शीर्षकमा रहेको रु.३३ करोड ६६ हजारलाई विविध आसामीमा समावेश गरेको पाइयो। उक्त रकमलाई विविध आसामीमा समावेश गर्न आवश्यक सहायक कागजात तथा राष्ट्रिय बिमा संस्थानबाट मौज्दात समर्थन प्रमाणपत्र प्राप्त गरेको छैन।

३.२ कम्पनीको गत वर्षको वित्तीय विवरणको विभिन्न खाता शीर्षकमा हिसाब मिलान नभएको र उक्त खाता शीर्षकहरूको हिसाब मिलान गर्न विविध भुक्तानी बाँकी खातामा रु.२५ करोड ४२ लाख ८७ हजार स्थानान्तरण गरेको छ। यस वर्ष विविध भुक्तानी बाँकी खातामा रु.२५ करोड ४२ लाख ८७ हजार (क्रेडिट मौज्दात) रहेको छ।

३.३ कम्पनीले यस वर्षको अन्त्यमा अन्य वित्तीय सम्पत्ती अन्तर्गत ड्यु फ्रम/टु लाईफ शीर्षकमा रु.५ करोड ९२ लाख ७९ हजार (क्रेडिट) देखाएको छ, जसको शुरू मौज्दातको रूपमा अघिल्लो वर्षबाट सारेको रु.५ करोड ९२ लाख ७८ हजार (क्रेडिट) दिनुपर्ने हिसाब देखाएको छ। त्यसैगरी स्टाफ लोन समायोजन शीर्षक अन्तर्गत रु.१ करोड २६ लाख ११ हजार (डेबिट) देखाएको छ। उक्त रकमहरूको

वास्तविक विवरणको पूर्ण रूपमा समायोजन/हिसाबमिलान हुन नसकेको तथा सोलाई पुष्टि गर्ने प्रमाण पेस गरेको छैन।

३.४ कम्पनीको प्रणालीबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा विभिन्न बिमा पोलिसीहरूमा दुर्घटना र क्षति पश्चात लेखाङ्कन गर्नुपर्ने दाबी पटक पटक लेखाङ्कन गरेको र भुक्तानी दिन बाँकी बिमा दाबी लामो अवधिदेखि फर्स्यौंट नभएकोले दाबी रकमहरूको यथार्थता यकिन गर्न सकिएन।

३.५ कम्पनीको २०७६ आषाढ मसान्तको वित्तीय विवरणमा स्थिर सम्पत्तिको मौज्दात रु.२ करोड ५७ लाख ७७ हजार रहेको छ। कम्पनीले अर्धवार्षिक रूपमा गर्नुपर्ने भौतिक परीक्षण, वार्षिक रूपमा गर्नुपर्ने सम्पत्तिको प्रतिवेदन तथा सम्पत्तिको रजिष्टर तयार गरेको देखिएन। स्थिर सम्पत्तिको बिमा सुरक्षण कागजात समेत पेस गरेको छैन।

३.६ बिमा ऐन, २०४९ को दफा २७ अनुसार बिमा शुल्क प्राप्त नगरेसम्म बिमा जोखिम स्वीकार गर्न नहुने र बिमा नियमावली, २०४९ को नियम ३६(ग) अनुसार बीमितले बिमाशुल्क नबुझाएसम्म बिमक र बिमितबिचमा कारोबार भएको नमानिने स्पष्ट व्यवस्था हुँदाहुँदै कम्पनीले बिमा प्रिमियम बाँकी राखी बिमा स्वीकार गरी उक्त प्रिमियम आम्दानी बाधेंको उपयुक्त देखिएन।

३.७ कम्पनीका विभिन्न खाताहरूको शुरू मौज्दातमा रु.६० लाख ७४ हजार फरक परेको छ।

३.८ कम्पनीका पुराना हिसाब मिलान नभएका खाताहरूलाई यथावत राखी नयाँ खाताको माध्यमबाट हिसाब मिलान गर्नुपर्नेमा कम्पनीले हिसाब मिलान नभएका खाताहरूलाई नै प्रयोग गरिरहेको देखियो। यसरी सालबसाली रूपमा एउटै खाता प्रयोग गरी शुरूवाती मौज्दातमा आएको फरक रकम वार्षिक रूपमा नै फरक पर्ने गरेकोले पुरानो हिसाब मिलान सम्बन्धमा कम्पनीको कार्य प्रभावकारी हुनसकेको देखिएन। कम्पनीको ५ लेजरमा रहेको डेविट मौज्दात रु. ९ करोड २१ लाख र ६ लेजरमा रहेको क्रेडिट मौज्दात रु. ८ करोड ४ लाख विगत लामो अवधिदेखि जिम्मेवारी सार्दै आएकोमा सो पुष्टयाई हुने कागजात पेस गरेको छैन।

४. **सेयर संरचना** - कम्पनीको प्रबन्धपत्रअनुसार ७० प्रतिशत संस्थापक सेयर र ३० प्रतिशत सर्वसाधारण सेयर रहने व्यवस्था रहेकोमा नेपाल सरकारको ४७.५० प्रतिशत समेत संस्थापकको ८०.४६ प्रतिशत र सर्वसाधारणको १९.५४ प्रतिशत सेयर रहेको छ।

५. **लेखापरीक्षण** - कम्पनीले २०७६।७७ बाट २०८०।८१ सम्म ५ वर्षको लेखापरीक्षण गराउन लेखापरीक्षक नियुक्तिका लागि परामर्श लिए तापनि सम्पन्न गर्न सकेको छैन।

राष्ट्रिय बिमा कम्पनी लिमिटेड (२०७४।७५)

१. **वित्तीय स्थिति**- कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ आषाढ, २०७५		३१ आषाढ, २०७४	
चुक्ता पुँजी	२६,६६,३९		१२,४४,३९	
जगेडा तथा कोष	७७,५७,५१		८०,३३,५४	
बिमा कोष	८५,३२,०५		६७,३८,६९	
महा-विपत्ति जगेडा	८,७९,९४		५,२०,३६	

विवरण	३२ आषाढ, २०७५		३१ आषाढ, २०७४	
कुल स्रोत		**१,९८,३५,८९**		**१,६५,३६,९८**
उपयोग				
स्थिर सम्पत्ति (खुद)	३,३४,०६		३,६८,७४	
दीर्घकालीन लगानी	८४,७८,६९		७६,३८,५४	
दीर्घकालीन कर्जा	३४,४५,४२		३५,२९,५२	
कुल सम्पत्ति, लगानी र कर्जा		**१,२२,५८,१७**		**१,१५,३६,८०**
चालु सम्पत्ति, कर्जा तथा पेस्की				
नगद तथा बैङ्क मौज्दात	३३,१३,९८		४९,२०,३५	
अल्पकालीन लगानी	३,३५,००,००		२,५०,००,००	
अल्पकालीन कर्जा	-		१,४३,३०	
अन्य सम्पत्ति	८७,८८,२९		६९,४६,४२	
जम्मा चालु सम्पत्ति, कर्जा तथा पेस्की (क)	**४,५६,०२,२८**		**३,७०,१०,०७**	
चालु दायित्व तथा व्यवस्थाहरू				
चालु दायित्व	६१,०९,२३		५४,३२,८२	
असमाप्त जोखिम बापत व्यवस्था	१२,२४,२६		१६,०१,२२	
भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था	५२,३८,४२		३७,९३,६५	
अन्य व्यवस्था	२,५४,६१,२४		२,११,९०,८०	
जम्मा चालु दायित्व तथा व्यवस्थाहरू (ख)	**३,८०,३३,१६**		**३,२०,१८,५०**	
खुद चालु सम्पत्ति (ग=क-ख)		**७५,६९,१२**		**४९,९५,५८**
अपलेखन वा समायोजन हुनबाँकी विविध खर्च		८,६०		८,६०
कुल उपयोग		**१,९८,३५,८९**		**१,६५,३६,९८**

उल्लिखित विवरणअनुसार यो वर्ष कम्पनीको चुक्ता पुँजी ११४.२७ प्रतिशत वृद्धि भई रु.२६ करोड ६६ लाख ३९ हजार पुगेको छ। यसैगरी बिमा कोष र महा विपत्ति जगेडा क्रमशः २६.६१ र ६९.१० प्रतिशत वृद्धि भई रु.८५ करोड ३२ लाख ५ हजार र रु.८ करोड ७९ लाख ९४ हजार पुगेको छ। नगद मौज्दात ३२.६५ प्रतिशतले ह्रास आई रु.३३ करोड १३ लाख ९८ हजार र अल्पकालीन लगानी ३४ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ३५ करोड पुगेको छ। जोखिम बापतको व्यवस्था २३.५४ प्रतिशत ह्रास आई रु.१२ करोड २४ लाख २६ हजार र भुक्तानी हुन बाँकी दाबी व्यवस्था ३८ प्रतिशत वृद्धि भई रु.५२ करोड ३८ लाख ४२ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा**- कम्पनीको आय-व्यय हिसाब निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७४।७५		२०७३।७४	
आय				
बिमाशुल्क (खुद)	१८,५५,६७		१७,२७,५८	
पुनर्बिमा कमिशन आय	१३,६६,५७		१२,३३,९६	
लगानी, कर्जा तथा अन्यबाट आय	२५,३०,५२		१२,४८,८३	
आर्थिक वर्षको शुरूको भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	३७,९३,६५		२५,१७,७८	
आर्थिक वर्षको शुरूको असमाप्त जोखिम वापत व्यवस्था	१६,०१,२२		१०,०८,०३	
जम्मा आम्दानी		**१,११,४७,६३**		**७७,३६,१८**

विवरण	२०७४।७५		२०७३।७४	
व्यय				
दाबी भुक्तानी (खुद)	६,६७,५१		१०,०७,२४	
अभिकर्ता कमिशन	४०,७५		४१,२०	
सेवा शुल्क (खुद)	१८,५६		१७,२७	
व्यवस्थापन खर्च	९,५५,८५		१२,२०,१५	
आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्था	५२,३८,४२		३७,९३,६५	
आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम वापत व्यवस्था	१२,२४,२६		१६,०१,२२	
जम्मा व्यय		**८१,४५,३५**		**७६,८०,७३**
नाफा नोक्सान हिसाबमा सारेको बचत		**३०,०२,२८**		**५५,४५**

कम्पनीको कुल आम्दानी गत वर्ष रु.७७ करोड ३६ लाख र बचत रु.५५ लाख रहेकोमा यो वर्ष रु.१ अर्ब ११ करोड ४७ लाख र बचत रु.३० करोड २ लाख रहेको छ। कम्पनीले गत वर्ष रु.१७ करोड २७ लाख खुद बिमाशुल्क आर्जन गरेकोमा यो वर्ष रु.१८ करोड ५५ लाख आर्जन गरेको छ। कम्पनीको दाबी भुक्तानी गत वर्ष रु.१० करोड ७ लाख रहेकोमा यो वर्ष रु.६ करोड ६७ लाख रहेको छ।

३. **लेखापरीक्षकको राय** - कम्पनीले पेस गरेको वित्तीय स्थिति र सञ्चालन नतिजा उपर लेखापरीक्षण राय स्थापित गर्न चाहिने विषयमा पर्याप्त तथा उचित प्रमाणहरू पेस नभएकोले कुनै राय व्यक्त गरेको छैन। वित्तीय विवरणमा उल्लिखित अङ्क पुष्टि हुने कागजात पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

३.१ कम्पनीको यस वर्षको वित्तीय विवरणमा चालु दायित्वतर्फ बैङ्क रिकन्सिलेसन सस्पेन्स खाता अन्तर्गत रु.१ करोड ४१ लाख ३२ हजार डेबिट देखाएको छ। सो रकमलाई पुष्टि गर्ने विवरणहरू लेखापरीक्षणमा पेस गरेको छैन।

३.२ कम्पनीको शाखा हिसाबमा रु.८९ लाख २६ हजार शुरू मौज्दात देखिएको छ। यो वर्ष मिलान हुन नसकेको रु.३५ हजार तथा ब्रान्च सस्पेन्स खाताको मौज्दात रु.८९ लाख १२ हजारलाई समायोजन प्रविष्टि गरेकोमा सो रकमको फरफारक गर्ने विवरण पेस गरेको छैन। कम्पनीले उपयुक्त लेखा शीर्षकमा लेखाङ्कन नगरी सस्पेन्स खाता मार्फत लेखाङ्कन गरेका हिसाबहरूले कम्पनीको वित्तीय विवरणमा पार्न सक्ने प्रभाव यकिन गर्न सक्ने अवस्था देखिएन। उल्लिखित व्यवस्था गरिएको रकमको प्रयोजन यकिन गरी सम्बन्धित शीर्षकमा लेखाङ्कन गर्नुपर्दछ।

३.३ कम्पनीमा परेको दाबी, भुक्तानी भएको दाबी, भुक्तानी हुन बाँकी दाबी, पुनर्बीमकबाट प्राप्त गर्नुपर्ने तथा प्राप्त दाबी वापतको रकम, सर्भे फी लगायतका विवरणहरू उपलब्ध हुन नसकेकोले दाबी सम्बन्धी हिसाब यकिन गर्न सकिएन। साथै यस वर्षको अन्त्यमा कायम रहेको दाबी रकमको गणना गर्ने प्रयोजनको लागि दाबी रकमको शुरू मौज्दातमा यो वर्ष थप भएको र भुक्तानी भएको रकम मिलान गरी अन्तिम मौज्दात कायम गर्नुपर्नेमा सोबमोजिम गरेको पाइएन।

राष्ट्रिय वाणिज्य बैङ्क

सर्वसाधारणलाई बैङ्किङ्ग सेवा उपलब्ध गराउने उद्देश्यले राष्ट्रिय वाणिज्य बैंङ्क ऐन, २०२१ अन्तर्गत २०२२ साल माघ १० गते यो बैङ्क स्थापना भएको हो। बैङ्कमा नेपाल सरकारको ९९.९७ प्रतिशत र सर्वसाधारणको ०.०३ प्रतिशत सेयर स्वामित्व रहेको छ। बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैङ्कबाट 'क' वर्गको इजाजतपत्र प्राप्त गरी ७७ जिल्लामा आफ्नो सेवा सञ्जाल विस्तार गरी बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ। बैङ्कको केन्द्रीय कार्यालय, ७ प्रदेश कार्यालय र २९४ शाखा कार्यालयमा २ हजार ६७८ कर्मचारी कार्यरत छन्।

१. **वित्तीय स्थिति -** बैङ्कको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद तथा नगद सरहको सम्पत्ति	१३,८२,९२		९,७८,९५	
नेपाल राष्ट्र बैङ्कमा रहेको मौज्दात	३५,६५,१२		२२,६७,५१	
व्युत्पन्न वित्तीय उपकरण	३,७५,०२		६५,८५	
बैङ्क तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी	११,९५,१०		१५,६३,३०	
ग्राहकलाई दिएको कर्जा तथा सापटी	२,४५,५९,५५		२,२७,३०,९०	
लगानी उपकरण	१,५१,६१,११		७६,०९,०६	
चालु कर सम्पत्ति	५,४५,४९		४,८१,६६	
सहायक कम्पनीमा लगानी	४०,००		४०,००	
सम्बद्ध कम्पनीमा लगानी	८८,४९		८०,९४	
लगानी सम्पत्ति	३०,५६		१९,७०	
सम्पत्ति तथा उपकरण	३०,४६,७३		३०,३६,२१	
ख्याति तथा अमूर्त सम्पत्ति	३,१९		५,०५	
अन्य सम्पत्ति	९,२४,९२		५,८८,६२	
कुल सम्पत्ति		**५,०९,१८,२०**		**३,९४,६७,७५**
दायित्व				
बैङ्क तथा वित्तीय संस्थालाई तिर्न बाँकी रकम	१,५२,७१		१,३२,९७	
व्युत्पन्न वित्तीय उपकरण	३,७३,५२		६५,५८	
ग्राहकबाट प्राप्त निक्षेप	४,२९,१८,७८		३,२१,६५,४९	
सापटी	६,००		६,००	
नोक्सानी व्यवस्था	३३,१४		३२,२५	
स्थगन कर दायित्व	७,०२,१७		७,४५,५०	
अन्य दायित्व	१४,५८,०९		९,९६,०७	
जारी गरेको ऋण पत्र	२,५०,०६		२,५०,०६	
कुल दायित्व		**४,५८,९४,४७**		**३,४३,९३,९२**
पुँजी				
सेयर पुँजी	१५,६३,७४		१५,६३,७४	
सञ्चित मुनाफा	(१,२२,२२)		९१,८४	
जगेडा तथा कोष	३५,८२,२१		३४,१८,२५	
कुल पुँजी		**५०,२३,७३**		**५०,७३,८३**
कुल पुँजी तथा दायित्व		**५,०९,१८,२०**		**३,९४,६७,७५**

बैङ्कको वासलातअनुसार नगद मौज्दात गत वर्ष रु.९ अर्ब ७८ करोड ९५ लाख रहेकोमा यो वर्ष २०८१ आषाढ मसान्तमा ४१ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब ८२ करोड ९२ लाख पुगेको छ। यसैगरी, नेपाल राष्ट्र बैङ्कमा रहेको मौज्दात गत वर्ष रु.२२ अर्ब ६७ करोड ५१ लाख रहेकोमा यो वर्ष ५७ प्रतिशतले वृद्धि भई रु.३५ अर्ब ६५ करोड १२ लाख पुगेको छ। त्यस्तै, बैङ्कको लगानी उपकरण गत वर्ष रु.७६ अर्ब ९ करोड ६ लाख रहेकोमा यो वर्ष ९९.२५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ५१ अर्ब ६१ करोड ११ लाख, बैङ्कको दायित्वतर्फ ग्राहकबाट प्राप्त निक्षेप गत वर्ष रु.३ खर्ब २१ अर्ब ६५ करोड ४९ लाख रहेकोमा यो वर्ष ३३ प्रतिशतले वृद्धि भई रु.४ खर्ब २९ अर्ब १८ करोड ७८ लाख पुगेको छ। बैङ्कको सञ्चित नाफा गत वर्ष रु.९१ करोड ८४ लाख रहेकोमा यो वर्ष खुद नाफा रु.२ अर्ब ५५ करोड २५ लाख थप भई जगेडा कोषमा खुद रु.३ अर्ब ८३ करोड ३० लाख स्थानान्तरण र नगद लाभांश रु.८६ करोड १ लाख वितरण गर्दा यो वर्षको सञ्चित मुनाफा रु.१ अर्ब २२ करोड २२ लाख ऋणात्मक रहेको छ।

२. **सञ्चालन नतिजा -** बैङ्कको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
ब्याज आम्दानी	२९,७४,२६		३०,२७,२४	
ब्याज खर्च	१९,७१,२४		१८,४५,६२	
खुद ब्याज आम्दानी		**१०,०३,०२**		**११,८१,६२**
शुल्क तथा कमिशन आम्दानी	१,२२,५७		१,०९,१७	
शुल्क तथा कमिशन खर्च	४९,९७		४२,७२	
खुद शुल्क तथा कमिशन आम्दानी		**७२,६०**		**६६,४५**
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी		**१०,७५,६३**		**१२,४८,०७**
खुद व्यापारिक आम्दानी	५,१२		(२९)	
अन्य सञ्चालन आम्दानी	७३,७४		७९,०५	
कुल सञ्चालन आम्दानी		**११,५४,४९**		**१३,२६,८३**
कर्जा तथा अन्य सम्पत्तिमा भएको नोक्सानी व्यवस्था/(फिर्ता)	१,१४,६५		२,६०,८६	
खुद सञ्चालन आम्दानी		**१०,३९,८४**		**१०,६५,९८**
सञ्चालन खर्च				
कर्मचारी खर्च	४,३४,९३		३,९६,७३	
अन्य सञ्चालन खर्च	१,३४,५५		१,१६,५७	
ह्रास कट्टी तथा परिशोधन	६१,३४		५६,४५	
सञ्चालन मुनाफा		**४,०९,०३**		**४,९६,२२**
गैर सञ्चालन आम्दानी	९,६९		११,५०	
गैर सञ्चालन खर्च	६७			
सम्पूर्ण कारोबार समावेशपछिको खुद मुनाफा		**४,१८,०५**		**५,०७,७२**
आयकर व्यवस्था	१,१२,१३		९९,४२	
स्थगन कर खर्च/(आम्दानी)	५०,६७		४८,७९	
खुद नाफा/(नोक्सान)		**२,५५,२५**		**३,५९,५१**

उल्लिखित विवरणअनुसार बैङ्कको ब्याज आम्दानी १.७५ प्रतिशतले घटेकोमा ब्याज खर्च ६.८ प्रतिशतले बढेको देखिन्छ। त्यसैगरी, कर्मचारी खर्च गत वर्ष रु.३ अर्ब ९६ करोड ७३ लाख रहेकोमा यो वर्ष ९.६ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ३४ करोड ९३ लाख रहेको छ। त्यस्तै, अन्य सञ्चालन खर्चसमेत गत वर्षको तुलनामा १५.४२ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष खुद मुनाफा रु.३ अर्ब

५९ करोड ५१ लाख रहेकोमा यो वर्ष २९ प्रतिशतले ह्रास आई रु.२ अर्ब ५५ करोड २५ लाख रहेको छ। खुद मुनाफा घट्नुका कारणहरू विश्लेषण गरी सुधारका उपाय अपनाउनुपर्दछ।

३. **वित्तीय परिसूचक -** बैङ्कको प्रमुख वित्तीय परिसूचकको अनुपात देहायानुसार छः

क्र.सं.	विवरण	एकाइ	२०७८।७९	२०७९।८०	२०८०।८१
१	कुल आम्दानीको अनुपातमा खुद मुनाफा	प्रतिशत	१८.५३	११.१४	८.०१
२	प्रति सेयर आम्दानी	रूपैयाँ	३४.८५	२४.२२	१६.३२
३	निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च	प्रतिशत	४.२२	५.७१	४.५८
४	ऋण लगानीको अनुपातमा प्राप्त ब्याज	प्रतिशत	७.९३	१०.२७	९.४८
५	सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च	प्रतिशत	१८.९२	१४.५९	१५.७२
६	कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा	प्रतिशत	१.३०	०.९१	०.५०
७	ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा	प्रतिशत	२.०९	३.७७	४.२८

बैङ्कको कुल आम्दानीको अनुपातमा खुद मुनाफा, प्रति सेयर आम्दानी, निक्षेप र ऋण प्राप्तिको अनुपातमा ब्याज खर्च, ऋण लगानीको अनुपातमा प्राप्त ब्याज, कुल सम्पत्तिको अनुपातमा खुद मुनाफा गत वर्षको तुलनामा यो वर्ष घटेकोमा सञ्चालन खर्चको अनुपातमा कर्मचारी खर्च र ऋण लगानीको अनुपातमा निष्क्रिय कर्जा बढेको छ। माथिका ७ परिसूचक गत वर्षको तुलनामा यो वर्ष नकारात्मक रहेका छन्। बैङ्कको व्यवस्थापनमा सुधार गरी कार्य सम्पादनमा सकारात्मक सुधार ल्याउनुपर्दछ।

४. **अवकाश सुविधा** - बैङ्कको घोषित अवकाश सुविधा योजनाअन्तर्गत पेन्सन तथा उपदान कोषमा यो वर्षमा थप गरेको रु.४ अर्ब ६९ करोडसमेत २०८१ आषाढ मसान्तमा रु.२१ अर्ब ९६ करोड दायित्व लेखाङ्कन गरेको छ। उक्त कोषको योजना सम्पति रु.१७ अर्ब २७ करोड रहेको छ। बैङ्कको विगत ५ वर्षको औसत तलब र पेन्सन वृद्धि दर ७.५१ र ३.५९ प्रतिशत रहेकोमा पेन्सन तथा उपदानको दायित्व निर्धारण गर्नको लागि बिमाङ्कीय मूल्याङ्कन गराउँदा तलब वृद्धि दर ६ प्रतिशत तथा पेन्सन वृद्धि दर ३ प्रतिशतको अनुमान गरेको छ। बैङ्कले पेन्सन तथा उपदान दायित्व निर्धारण गर्न बिमाङ्कीय मूल्याङ्कन गर्न लिएको ब्याज दर, डिस्काउन्ट दर, तलब वृद्धि दर, पेन्सन वृद्धि दर, अवकाश दरलगायतका आधार खुलाएको छैन। बैङ्कको विगतको तथ्याङ्क तथा बजारमा प्रचलित दरसमेतको आधारमा विश्लेषण तथा पुनरावलोकन गरी यथार्थपरक अनुमान लिई बिमाङ्कीय मूल्याङ्कन गराई वास्तविक दायित्व निर्धारण तथा यसको असर यकिन गर्नुपर्दछ।

५. **लगानी हिसाब -** बैङ्कको सहायक तथा सहयोगी कम्पनीमा गरेको लगानी बाहेक नेपाल धितोपत्र बजारमा सूचीकृत भएका/नभएका सेयरमा रु.४ अर्ब ५१ करोड ९३ लाख तथा सरकारी ऋणपत्र/ट्रेजरी बिलमा रु.१ खर्ब ४७ अर्ब ९ करोड १७ लाख गरी रु.१ खर्ब ५१ अर्ब ६१ करोड ११ लाखको लगानी रहेको छ। साथै, सहायक कम्पनीमा रु.४० करोड र सम्बद्ध कम्पनीमा रु.८८ करोड ४९ लाख लगानी रहेको छ। बैङ्कको सहायक कम्पनी एक फुड लिमिटेड कम्पनीमा रु.५० लाख, सम्बद्ध कम्पनीअन्तर्गत समावेश भएको एक सिमेन्ट कम्पनीमा रु.३ करोड ६८ लाख ९२ हजार, एक सुती धागो उद्योगमा रु.२ करोड ५२ लाख १४ हजार र एक रबर उद्योग लिमिटेडमा रु.१ करोड ४९ लाख ८३ हजार लगानी भएकोमा ती कम्पनीहरू लामो समयदेखि सञ्चालनमा नरहेकोले उक्त लगानी जोखिममा रहेको छ। तसर्थ, लामो समयदेखि सञ्चालनमा नरहेका र लगानी जोखिममा रहेका उद्योगमा भएको लगानीको सुरक्षाका लागि बैङ्कले रणनीति बनाई कार्यान्वयन गर्नुपर्दछ।

नेपाल सरकारद्वारा २०७१।८।४ मा एक सिमेन्ट कम्पनी लिमिटेडको नाममा रहेको जग्गा आफ्नो स्वामित्वमा लिई उक्त कम्पनीको एन.आई.डी.सी. मा रहेको ऋणको साँवा र ब्याजको निम्ति रु.२५ करोड भुक्तानी गर्ने र एक सिमेन्ट कम्पनी लिमिटेडलाई लिक्विडेट गर्ने निर्णय भएको देखिन्छ। नेपाल सरकारले सो जग्गा अधिग्रहण गरिसकेको भए तापनि हालसम्म उक्त सिमेन्ट कम्पनी लिक्विडेसनको लागि लिक्विडेटर नियुक्ति गरेको छैन। बैङ्कले सो सिमेन्ट कम्पनीमा गरेको सेयर लगानीलाई शतप्रतिशत क्षय भएको जनाई शून्य मूल्य कायम गरेको छ।

६. **कर्जा लगानी** - बैङ्कले अन्य बैङ्क तथा वित्तीय संस्थालाई रु.११ अर्ब ९५ करोड १० लाख र ग्राहकलाई रु.२ खर्ब ४५ अर्ब ५९ करोड ५५ लाख खुद कर्जा लगानी गरेको छ। बैङ्कले कर्जा नोक्सानीबापत व्यवस्था गरेको रु.११ अर्ब ५२ करोड ९० लाख, कर्मचारीलाई प्रदान गरेको कर्जा रु.५ अर्ब ३२ करोड ३९ लाखसमेत समायोजन गरी खुद कर्जा गणना गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

६.१. नेपाल राष्ट्र बैङ्कको निर्देशिका नं. २ को बुँदा ११(२) अनुसार यो वर्षमा रु.१ अर्ब ११ करोड १५ लाख ७२ हजार साँवा तथा रु.१ अर्ब ५१ करोड ७५ लाख १० हजार ब्याजसमेत रु.२ अर्ब ६२ करोड ९० लाख ८२ हजार कर्जा असुल गर्ने सिलसिलामा धितो लिलामी गर्दा लिलाम बिक्री नहुँदा आफैंले सकार गरी गैर बैङ्किङ्ग सम्पत्तिमा लेखाङ्कन गरेको छैन। उक्त सम्पत्ति सकार गरी बैङ्कको स्वामित्वमा नल्याइएको कारण गैर बैङ्किङ्ग सम्पत्तिको मूल्याङ्कन यथार्थ नहुनुका साथै सम्पत्तिको उचित उपयोग हुन सकेको छैन।

६.२. नेपाल राष्ट्र बैङ्कको निर्देशिका नं. ८ अनुसार बैङ्कले कुनै पनि कम्पनीमा सो कम्पनीको चुक्ता पुँजीको अधिकतम १० प्रतिशतसम्म मात्र लगानी गर्न सक्ने उल्लेख छ। बैङ्कले एक फुड कम्पनीमा ५७.४ प्रतिशत, एक डिजिटल पेमेन्ट कम्पनीमा ३७.७८ प्रतिशत, एक इन्स्योरेन्स कम्पनीमा १०.१२ प्रतिशत, अर्को इन्स्योरेन्स लिमिटेडमा १५ प्रतिशत, एक यन्त्रशाला कम्पनीमा १३.५० प्रतिशत, एक एक्सचेन्ज लिमिटेडमा ११.२३ प्रतिशत, एक सुती धागो कम्पनीमा २० प्रतिशत र एक सिमेन्ट उद्योगमा २६.७४ प्रतिशत लगानी गरेको छ।

६.३. बैङ्कको प्रचलित कर्मचारी विनियामवलीबमोजिम कर्मचारीहरूलाई प्रदान गरेको कर्जामध्ये यो वर्ष रु.९ करोड ३६ लाख ५४ हजारको भुक्तानी अवधि समाप्त भैसकेको भए तापनि राफसाफ भएको छैन।

७. **स्थिर सम्पत्ति** - बैङ्कको स्थिर सम्पत्तिको मूल्य रु.४ अर्ब २३ करोड ७६ लाख रहेकोमा केन्द्रीय कार्यालय १५ रोपनी १ आना ३ पैसा, लहानको जग्गा र मङ्गलसेन नगरपालिका वडा नं. ५, अछाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जा प्राप्त गरेको छैन। महालक्ष्मी नगरपालिका वडा नं. २, इमाडोल, ललितपुरमा अवस्थित बैङ्कको १ हजार ८२२.९५ वर्गमिटर क्षेत्रफलमा रहेको जग्गा (कित्ता नं. ६५), अतिक्रमणमा रहेको,पोखरामा अवस्थित जग्गामध्ये साविक एक विकास बैङ्क लिमिटेडको नाममा रहेको १ कित्ता जग्गा नगर विकास कोषले रोक्का गरेको र कानेपोखरी गाउँपालिका वडा नं. ४, मोरङ्गमा अवस्थित जग्गामध्ये यस बैङ्कको नाममा रहेको जग्गामा मोहियानी हक दाबी रहेको छ। बैङ्कले सम्पत्ति उपयोग योजना तयार गरी दरबारमार्ग, थापाथली, पोखरा, बुटवल, भरतपुर, धनगढी, सुर्खेत, विराटनगर, नेपालगञ्जलगायतका स्थानमा रहेका घरजग्गाको प्रभावकारी उपयोग गरी उचित प्रतिफल प्राप्त गर्नुपर्दछ।

८. **हिसाब मिलान** - बैङ्कले ग्राहकलाई प्रदान गर्दै आएको डेविट तथा क्रेडिट कार्ड कारोबार, एटीएम कारोबार, बिना सूचना भुक्तानी दिइएको ड्राफ्ट, आसामी र साहुतर्फको लामो समयदेखि राफसाफ नभएको तथा पहिचान नभएको रकम, एजेन्सी हिसाबअन्तर्गत हिसाब मिलान नभएको रकम, मार्गस्थ नगद रकम, दाबी नपरेको दायित्व, अन्य दायित्व, उज्राती खातालगायतको शीर्षकहरूमा बर्सेनि जिम्मेवारी सारी आएको रकममध्ये यो वर्षको अन्त्यमा खुद क्रेडिट रु.२४ करोड ३९ लाख (डेबिटतर्फ रु.२२ करोड ३६ लाख र क्रेडिटतर्फ रु.४६ करोड ७५ लाख) हिसाब मिलान हुन बाँकी रहेको छ। सोमध्ये बैङ्कको बिना सूचना ड्राफ्टको भुक्तानी हिसाबमा लामो समयदेखि रु.७ करोड ४ लाख ९९ हजार रहेकोमा २०६४।३।२० देखि पुमोरी सफ्टवेयरमा विद्युतीय लेखा राख्न शुरू गर्दा देखि नै सार्दै ल्याएको रकम हालसम्म पनि फस्यौंट नभई यथावत रहेको छ। यद्यपि उक्त रकमको लागि शतप्रतिशत नोक्सानी व्यवस्था गरेको छ। यस्तै, बैङ्कको दाबी नपरेको हिसाब रु.२४ करोड ९६ लाखमध्ये केन्द्रीय कार्यालयमा रु.४ करोड ३१ लाख, दरबारमार्ग शाखामा रु.१७ करोड १२ लाख र जुम्ला शाखामा रु.१ करोड ७ लाख दावी नपरेको दायित्व रकम रहेको छ। यस हिसाबमा विभिन्न व्यक्ति तथा संस्थालाई २०५२ देखिको भुक्तानी गर्नुपर्ने रकम रहेको छ।

गत वर्ष शाखा हिसाब मिलान हुन बाँकी रु.४६ करोड ७२ लाख रहेकोमा यो वर्ष रु.५७ करोड ५१ लाख (डेबिटतर्फ रु.६९ करोड ५४ लाख र क्रेडिटतर्फ रु.१ अर्ब २७ करोड ५ लाख) रहेको छ। हिसाब मिलान हुन नसकेको शाखा हिसाबको आयुगत वर्गीकरण र चारित्रीकरण गरी पहिचान गरिएको छैन। त्यस्तो हिसाब समयमै मिलान गरी राफसाफ गर्नुपर्दछ।

९. **गैर बैङ्किङ्ग सम्पत्ति** - वर्षान्तमा रु.३० करोड ५५ लाख गैर बैङ्किङ्ग सम्पत्ति रहेको देखिन्छ। गैर बैङ्किङ्ग सम्पत्तिको असुलीमा कानुनी प्रक्रियाको पालना गर्दाको अवस्थामा सम्पत्तिको बजार मूल्यमा आउने ह्रासको कारण बैङ्कहरूले वित्तीय नोक्सानीसमेत बेहोर्नुपर्ने जोखिम रहन्छ। बैङ्कले लामो समयदेखि सकार गरेको तर बिक्री गर्न नसकेको केही गैर बैङ्किङ्ग सम्पत्तिमा विवाद रहेको, बैङ्कको कुनै नियन्त्रण नभएको तथा अघिल्लो साविक जग्गाधनी वा अन्य तेस्रो पक्षले प्रयोग/कब्जा गरेको देखिन्छ।

१०. **निष्क्रिय कर्जा** - बैङ्कको कुल कर्जा रु.२ खर्ब ६१ अर्ब ७९ करोड ३९ लाख ४३ हजारमध्ये असल कर्जा रु.२ खर्ब ३१ अर्ब १६ करोड ७७ लाख ३९ हजार र सुक्ष्म निगरानीमा रहेको कर्जा रु.१९ अर्ब ४२ करोड ३३ लाख ४ हजार सक्रिय कर्जाको रूपमा रहेको छ। यसैगरी, निष्क्रिय कर्जाअन्तर्गत पुनर्संरचना गरिएको कर्जा रु.१ अर्ब १९ करोड ६५ लाख ५१ हजार, कमसल कर्जा रु.१ अर्ब ८ करोड ७५ लाख ९२ हजार, शंकास्पद कर्जा रु.३ अर्ब २४ करोड ५४ लाख ५१ हजार र खराब कर्जा रु.५ अर्ब ६७ करोड ३३ लाख ६ हजार रहेको छ। सोअनुसार निष्क्रिय कर्जाको अनुपात गत वर्ष ३.७७ रहेकोमा यो वर्ष बढेर ४.२८ प्रतिशत पुगेको छ। यो वर्ष भाखा नाघेको कर्जाहरूको कुल कर्जा नोक्सानी रु.७ अर्ब ३५ करोड ८४ लाख ३० हजार पुगेको छ। ऋण सम्झौता र कानुनी प्रक्रियाअनुसार गुणस्तरीय कर्जा प्रवाह र असुलीमा जोड दिनुपर्दछ।

विशालबजार कम्पनी लिमिटेड (२०७५।७६)

नागरिकलाई दैनिक उपभोग्य सामग्री सर्वसुलभ रूपमा उपलब्ध गराउने, घरजग्गा भाडामा लिने दिने समेतका कार्यहरू गर्ने उद्देश्यले साविक कम्पनी ऐन, २०२१ अनुसार २०२६।०६।१४ मा कम्पनीको स्थापना

भएको हो। कम्पनीमा अर्थ मन्त्रालयको ९८.७६ प्रतिशत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, कृषि सामग्री कम्पनी लिमिटेड र साझा सेवा सहकारी संस्था लिमिटेडको ०.४२ प्रतिशत र सर्वसाधारणको ०.८२ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नअनुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०७६		३१ आषाढ, २०७५	
पुँजी	४,०१,००,००		४,०१०,०००	
जगेडा कोष र नाफा	६१,३६,३५		४८,७६,२०	
कुल पुँजी		**४,६२,३६,३५**		**४,४९,७६,२०**
सम्पत्ति				
स्थिर सम्पत्ति		**४,००,८४,६६**		**४,०१,३०,८१**
चालु सम्पत्ति				
व्यापारिक र अन्य प्राप्य	२,१९,७८		१,००,५४	
नगद तथा बैङ्क मौज्दात	१,८९,७१		७,७७,४३	
मुद्दती मौज्दात	५६,००,००		३७,५०,००	
अग्रिम भुक्तानी तथा पेस्की, सापटी	१८,४७,५८		१५,३०,१४	
जम्मा चालु सम्पत्ति	**७८,५७,०७**		**६१,५८,११**	
न्युनः चालु दायित्व तथा व्यवस्था				
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	५,७१,४३		३,९६,९१	
व्यवस्था	११,३३,९५		९,१५,८०	
जम्मा चालु दायित्व	**१७,०५,३८**		**१३,१२,७१**	
खुद चालु सम्पत्ति		**६१,५१,६९**		**४८,४५,३९**
जम्मा सम्पत्ति		**४,६२,३६,३५**		**४,४९,७६,२०**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आय	२०७५।७६		२०७४।७५	
बहाल तथा विद्युत आम्दानी	१८,४०,६२		१६,६२,२७	
प्रत्यक्ष खर्च	१,४२,३६		१,४७,०३	
कुल नाफा		**१६,९८,२६**		**१५,१५,२४**
अन्य आय	५,७९,१०		४,१०,७४	
प्रशासनिक खर्च	३,९६,१४		४,१३,०८	
सञ्चालन नाफा		**१८,८१,२२**		**१५,१२,९०**
ह्रास खर्च	५२,२०		५०,४९	
बोनस अगाडिको नाफा		**१८,२९,०२**		**१४,६२,४१**
कर्मचारी बोनस व्यवस्था	१,३५,४८		१,०८,३३	
आयकर पूर्वको नाफा		**१६,९३,५४**		**१३,५४,०८**
आयकर व्यवस्था	४,३३,४८		३,४२,०७	
खुद नाफा		**१२,६०,०६**		**१०,१२,०१**

३. **वित्तीय प्रतिवेदनमान** कम्पनीले नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार प्रतिवेदन तयार गर्नुपर्नेमा सोअनुसार तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ।

४. **सम्भावित दायित्व -** आन्तरिक राजस्व कार्यालयबाट २०५५।०५६ देखि २०६५।२०६६ सम्म रु. १२ करोड ८५ लाख आयकर निर्धारण भई दाखिला गर्न बाँकी रहेकोमा कम्पनीले सम्भावित दायित्व व्यवस्था गरेको छैन।

५. **स्थगन कर -** नेपाल लेखामान १२ (आयकर) अनुसार सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएको कराधार तथा वित्तीय विवरणमा प्रस्तुत लेखाआधार बिचको अस्थायी भिन्नतामा स्थगन कर गणना गर्नुपर्नेमा गरेको छैन।

६. **बढी बोनस -** बोनस नियमावली, २०३९ को नियम ६(१) अनुसार ५ प्रतिशतले हुने रु. ८४ लाख ६७ हजारमात्र कर्मचारी बोनस व्यवस्था गर्नुपर्नेमा ८ प्रतिशतले हुने रु. १ करोड ३५ लाख ४८ हजार व्यवस्था गरेकोले रु. ५० लाख ८१ हजार बढी व्यवस्था गरेको छ। बढी व्यवस्था गरेको रकम समायोजन गर्नुपर्दछ।

७. **बहाल आम्दानी -** कम्पनीले बोलपत्र आह्वान गरी बहालमा लगाउदा प्रति वर्गफिट रु. ५०६.१० सम्मका दरले बहाल सम्झौता गरी असुल गरेको छ। तर विगतमा बहालमा लगाएका पसल भाडाको सम्झौता अवधि सकिएको अवस्थामा बोलपत्रको प्रकृयामा नगई साविककै व्यवसायीवाट प्रति वर्गफिट रु. ३५ देखि रु. ११७.१३ सम्मका दरमा बहाल उठाएको देखियो। साविकको सम्झौता अवधि सकिएपछि प्रतिस्पर्धा बेगर बहालमा दिएको र साबिककै दरमा बहाल उठाएको कारणले समान स्थलको बहाल रकममा वार्षिक रु.१३ करोड १६ लाख आय गुमेको छ। तसर्थ आयमा न्यूनीकरण हुने गरी बहाल लिने दिनेलाई जवाफदेही बनाउनुपर्दछ।

८. **साधारण सभा -** कम्पनी ऐन, २०६३ को दफा ७६(१) मा आर्थिक वर्ष पुरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा २०७२।७३ देखि वार्षिक साधारण सभा भएको छैन। कम्पनी ऐनको दफा ८०(१) अनुसार कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिन भित्र सो सभामा उपस्थित शेयरधनीको सङ्ख्या, वार्षिक आर्थिक विवरण, सञ्चालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कार्यालयमा पठाउनु पर्ने र धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को दफा २६(२) बमोजिम आर्थिक वर्ष समाप्त भएको ५ महिनाभित्र तोकिए बमोजिमको वार्षिक प्रतिवेदन नेपाल धितोपत्र बोर्ड समक्ष पेस गर्नुपर्ने व्यवस्थाको पालनासमेत भएको देखिएन। नियमको परिपालना गर्नुपर्दछ।

९. **पसल, कबल भाडा -** कम्पनीबाट दायर भाडा असुली मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट २०७३।८।२६ मा भएको फैसलाबमोजिम दुई व्यक्तिसँग रु. १ करोड ४० लाख असुल गर्नुपर्ने र अर्को एक मुद्दामा भाडा रकम यकिन गरी दाखिला गर्नुपर्ने फैसला भएकोमा रकम लेखाङ्कन तथा असुल भएको छैन। सम्झौता तथा फैसला अनुसारको बहाल रकम कानुनी प्रक्रिया पुरा गरी असुल गर्नुपर्दछ।

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

धितोपत्रलाई विद्युतीय रुपमा परिवर्तन गरी निक्षेप राख्ने, धितोपत्रको केन्द्रीय निक्षेप सेवा सम्बन्धी प्रभावकारी विद्युतीय सेवा सञ्चालन गर्ने, निक्षेप सेवासँग आबद्ध सदस्यको सञ्जाल मार्फत कार्यगर्ने उद्देश्यले नेपाल

स्टक एक्सचेन्ज (नेप्से) को पूर्ण स्वामित्वमा २०६७।९।७ मा यस कम्पनीको स्थापना भएकोमा हाल नेपाल सरकारकोसमेत सेयर रहेको छ। कम्पनीको चुक्ता पुँजी ३० करोडमध्ये नेपाल सरकारको ४९.०७ प्रतिशत र नेपाल स्टक एक्सचेञ्जको ५०.९३ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
गैह्र चालु सम्पत्ति				
जायजेथा, प्लान्ट र उपकरण	११,२०,६५		१४,१६,६६	
पुँजीगत अमूर्त सम्पत्ति	५,८४,४०		८,१८,४०	
स्थगन कर सम्पत्ति	१,६६,७६		९४,४१	
कर्मचारी सापटी	२,६०,०७		२,२३,२२	
अग्रिम भुक्तानी तथा धरौटी	१८		१८	
दीर्घकालीन लगानी	३०,०८,४१		२४,७०,४४	
जम्मा गैह्र चालु सम्पत्ति		**५१,४०,४७**		**५०,२३,३१**
चालु सम्पत्ति				
अग्रिम बिमा भुक्तानी	१८,३२		१६,१०	
वित्तीय सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	६,४६,२१		४,५१,४२	
अग्रिम भुक्तानी, पेश्की तथा पाउनुपर्ने	२०,१६,६६		१७,९६,९१	
अल्पकालीन लगानी	१,१८,००,००		१,०२,५०,००	
आयकर सम्पत्ति	१,७२,९९		६,२२,२२	
जम्मा चालु सम्पत्ति		**१,४६,५४,१८**		**१,३१,३६,६५**
जम्मा सम्पत्ति		**१,९७,९४,६५**		**१,८१,५९,९७**
पुँजी तथा दायित्व				
शेयर पुँजी	३०,००,००		३०,००,००	
अन्य जगेडा कोष (सञ्चित मुनाफा समेत)	१,३९,६७,११		१,२४,८४,४६	
कुल पुँजी		**१,६९,६७,११**		**१,५४,८४,४६**
दायित्व				
अवकाश सुविधा दायित्व	३,६२,६१		२,४९,९२	
कुल गैह्र चालु दायित्व		**३,६२,६१**		**२,४९,९२**
चालु दायित्व				
कर्मचारी बोनस व्यवस्था	२,५३,२१		२,९०,६४	
कर्मचारी बोनस समायोजित तथा अवितरित गत वर्षको	९,३१,३४		७,४५,७०	
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	१२,८०,३७		१३,८९,२४	
कुल चालु दायित्व		**२४,६४,९३**		**२४,२५,५९**
जम्मा पुँजी तथा दायित्व		**१,९७,९४,६५**		**१,८१,५९,९७**

संस्थाको वासलातअनुसार २०८१ आषाढ मसान्तमा सेयर पुँजी रु.३० करोड, सञ्चित नाफा तथा जगेडा रु.१ अर्ब ३९ करोड ६७ लाख, दायित्व रु.२८ करोड २७ लाख, स्थिर सम्पत्ति रु.५१ करोड ४० लाख तथा चालु सम्पत्ति रु.१ अर्ब ४६ करोड ५४ लाख रहेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०/८१		२०७९/८०	
आम्दानी				
सञ्चालन आम्दानी	७२,०७,५८		६२,०९,१२	
अन्य आम्दानी	१४,३३,९४		१४,१३,८४	
कुल आम्दानी		**८६,४१,५२**		**७६,२२,९६**
प्रशासनिक तथा अन्य खर्च				
कर्मचारी खर्च	५,१८,८४		५,१२,१२	
प्रशासकिय तथा साधारण खर्च	८,१४,४३		७,०४,०२	
ह्रासकट्टी खर्च	३,१४,३५		१,२२,९७	
परिशोधन वा अपलेखन खर्च	२,४२,४३		१,८०,४२	
कुल प्रशासनिक तथा अन्य खर्च		**१८,९०,०५**		**१५,१९,५३**
कर तथा बोनस अघिको मुनाफा (क±ख±ग)		**६७,५१,४७**		**६१,०३,४३**
कर्मचारी बोनस व्यवस्था	२,५३,२१		२,९०,६४	
आयकर अगाडिको मुनाफा		**६४,९८,२५**		**५८,१२,७९**
चालु कर खर्च	(१९,८८,६७)		(१७,३९,२७)	
स्थगन कर आम्दानी/(खर्च)	७२,३४		१५,४२	
खुद मुनाफा/(नोक्सान)		**४५,८१,९२**		**४०,८८,९४**
निश्चित सुविधा योजनाको पुनः मापन समायोजन	(४९,३८)		(३२,५८)	
जम्मा नाफा		**४५,३२,५३**		**४०,५६,३६**

३. **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ४७ (क) (१) बमोजिम गाभिई निसर्ग भएको निकायमा कायम रहेको शेयरधनीहरूले गाभिएको २ वर्ष भित्र आफ्नो शेयर निसर्ग गर्दा भएको लाभमा मात्र पुँजीगत लाभकर नलाग्ने व्यवस्था भएकोले अन्यले पुँजीगत लाभकर दाखिला गर्नुपर्दछ। बैङ्क तथा वित्तीय संस्थाहरू गाभिएको अवस्थामा गाभ्ने बैङ्क तथा वित्तीय संस्थाको सेयर खरिद बिक्रीमा भएको लाभको पुँजीगत कर गणना नगर्दा रु.१६ करोड १ लाख ८५ हजार कर छुट भएको बेहोरा गतवर्षसमेत औँल्याइकोमा स्थिति यथावत छ।

४. **सिडिएस एण्ड सिएनएस सफ्टवेयर** - कम्पनीले अनलाइन शेयर कारोबार गर्ने कार्यका लागि सन् २०११ मा भारतको एक सेवा प्रदायकसँग सफ्टवेयर खरिद गरी २०१५ देखि वार्षिक मर्मत सम्भार शुल्क भुक्तानी गर्दै आएको छ। कम्पनीले सन् २०१५ सेप्टेम्बर १५ देखि २०१८ सेप्टेम्बरसम्म मर्मत सम्भारको लागि उक्त संस्थासँग भारतीय रुपैयाँ ४५ लाख भुक्तानी गर्ने सम्झौता गरेकोमा २८ जनवरी, २०१९ मा १९ डिसेम्बर, २०१८ देखि ३१ मे, २०२० सम्मका लागि भारतीय रुपैयाँ १ करोड २ लाख ३३ हजारको र पुनः १ जुन २०२१ मा पहिलो वर्षको लागि रु.८१ लाख, दोस्रो वर्षको लागि रु. ८९ लाख, तेस्रो वर्षको लागि रु. ९८ लाख, चौथो वर्षको लागि रु. १ करोड ८ लाख र पाँचौ वर्ष अर्थात् ३१ मे, २०२६ को लागि भारतीय रुपैयाँ १ करोड १९ लाख र १५ प्रतिशत करकट्टी रकम तथा १३ प्रतिशत मूल्य अभिवृद्धि कर रकम सिडिएसले बेहोर्ने गरी सम्झौता गरेको देखियो।

क्र.सं.	अवधि	शुल्क (भा.रु. हजारमा कर बाहेक)	वार्षिक वृद्धि(प्रतिशत)
१	१ जुन २०२१ - ३१ मे २०२२	८१,००	-
२	१ जुन २०२२ - ३१ मे २०२३	८९,००	९.८८
३	१ जुन २०२३ - ३१ मे २०२४	९८,००	१०.११
४	१ जुन २०२४ - ३१ मे २०२५	१,०८,००	१०.२०
५	१ जुन २०२५ - ३१ मे २०२६	१,१९,००	१०.१६

कम्पनीले सेवा प्रदायकसँग दीर्घकालीन सम्झौता गरी लागतमा न्यूनीकरण गर्नुपर्दछ।

५. **कार्य सम्पादन** - कम्पनीले यो वर्ष ३७ कम्पनीसँग धितोपत्र अभौतिकीकरणको लागि सम्झौता गरेको, ३१ कम्पनीलाई निक्षेप सदस्यता प्रदान गरेको, ५ लाख ७४ हजार हितग्राही खाता खोल्ने कार्य गर्नुका साथै रु.१ अर्ब ९४ करोड ५० लाख धितोपत्र अभौतिकीकरण गरेको छ। त्यसैगरी मेरो शेयर एप्स प्रयोगकर्ताको संख्या यो वर्ष ५ लाख ४३ हजारले थप भई ५३ लाख ६९ हजार पुगेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

देशभित्र स्थापना गरिएका औद्योगिक क्षेत्रहरूको व्यवस्थापन एकीकृत रुपमा समन्वय तथा सम्पादन गरी नयाँ औद्योगिक क्षेत्र स्थापनाको लागि सम्भाव्य देखिएका स्थानमा सोसम्बन्धी कार्य गर्नका लागि कम्पनी ऐन अनुसार २०४५।४।१ देखि कम्पनी सञ्चालनमा रहेको छ। कम्पनीमा अर्थ मन्त्रालयको ५९.१६ प्रतिशत, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको ३८.९० प्रतिशत, महालेखा नियन्त्रक कार्यालयको १.६३ प्रतिशत र राष्ट्रिय वाणिज्य बैङ्कको ०.३१ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति, प्लाण्ट र उपकरण	८१,१३,७५		७४,०१,७९	
निर्माणाधीन सम्पत्ति	१०,४६,५३		१०,०२,९६	
ख्याति र अमूर्त सम्पत्ति	५,५३		९,९९	
लगानी उद्देश्य भएका स्थिर सम्पत्ति	५५,६५,०३,४७		५५,६३,७३,८५	
पेस्की तथा सापटी	२,३०,११		२,२५,६६	
अन्य गैर चालु सम्पत्ति	१,०६,५१		९७,४८	
जम्मा गैर चालु सम्पत्ति		**५६,६०,०५,९०**		**५६,५१,११,७३**
व्यापारिक आसामी	७५,२१,६९		१७,९४,९३	
नगद तथा बैङ्क मौज्दात	१,१३,९६,८३		१,२२,६३,६६	
पेस्की तथा सापटी	२,०३,८२		१,९६,७६	
चालु कर सम्पत्ति	३,३७,२९		१३,४९,५१	
अन्य चालु सम्पत्ति	२,६६,९५		३,७८,१२	
जम्मा चालु सम्पत्ति		**१,९७,२६,५८**		**१,५९,८२,९८**
जम्मा सम्पत्ति		**५८,५७,३२,४८**		**५८,१०,९४,७१**
सेयर पुँजी	३,०६,८८,४२		३,०३,९३,४२	
सेयर लगानीबापत प्राप्त	०		२,९५,००	
सञ्चित मुनाफा तथा अन्य कोष	४१,८०,२०,७७		४१,३१,५२,०९	
जम्मा सेयर पुँजी		**४४,८७,०९,१९**		**४४,३८,४०,५१**
अन्य वित्तीय दायित्व	३१,९१		२४,०५	
व्यवस्था	२,२८,३१		१,७४,६१	
स्थगन कर दायित्व	१३,५४,६१,७४		१३,५६,६३,६३	
गैर चालु दायित्व		**१३,५७,२१,९६**		**१३,५८,६२,२९**
व्यापारिक साहु	६,४३,७१		३,८४,३४	
अन्य वित्तीय दायित्व	२,५९,३९		२,८७,५७	
व्यवस्था	५७		५७	
अन्य चालु दायित्व	३,९७,६६		७,१९,४३	
जम्मा चालु दायित्व		**१३,०१,३३**		**१३,९१,९१**
जम्मा कोष तथा दायित्व		**५८,५७,३२,४८**		**५८,१०,९४,७१**

कम्पनीको गैर चालु सम्पत्ति रु.५६ अर्ब ६० करोड ६ लाख, चालु सम्पत्ति रु.१ अर्ब ९७ करोड २७ लाख समेत रु.५८ अर्ब ५७ करोड ३३ लाखको सम्पत्ति रहेको छ। सेयर पुँजी रु.३ अर्ब ६ करोड ८८ लाख र सञ्चित मुनाफा तथा अन्य कोषहरू रु.४१ अर्ब ८० करोड २१ लाखसमेत सेयर पुँजी रु.४४ अर्ब ८७ करोड ९ लाख, गैर चालु दायित्व रु.१३ अर्ब ५७ करोड २२ लाख र चालु दायित्व रु.१३ करोड १ लाख समेत रु.१३ अर्ब ७० करोड २३ लाख दायित्व रहेको छ।

कम्पनीको सञ्चित मुनाफा तथा अन्य कोषमा रु.४१ अर्ब ८० करोड २१ लाख रहेकोमा पुनर्मूल्याङ्कन कोषमा रु.४० अर्ब ६८ करोड ६४ लाख र सञ्चित मुनाफा रु.१ अर्ब ११ करोड ५७ लाख रहेको छ। कार्यशील पुँजी बाहेकको रकम नेपाल सरकारलाई उपलव्ध गराउने व्यवस्था मिलाउनु पर्दछ।

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**२०८०।८१**		**२०७९।८०**	
सञ्चालन आम्दानी	२,०२,९०,४८		१,३२,५१,४१	
अन्य व्यावसायिक आम्दानी	१५,७२,९९		१८,२४,२६	
कुल आम्दानी		**२,१८,६३,४७**		**१,५०,७५,६७**
उपभोग भएको सामग्रीको लागत	१,०१,९६,४३		९८३७१५	
मर्मत तथा संभार खर्च	३,६१,३७		४,३५,८७	
कर्मचारी खर्च	२४,९१,९४		२३,५४,१०	
वित्त लागत	२५		२४	
प्रशासनिक तथा अन्य सञ्चालन खर्च	५,२८,१९		५,८०,८३	
ह्रास खर्च तथा परिशोधन	८,४२,४०		६,८४,२४	
हानी/नोक्सानीको व्यवस्था/(फिर्ता)	३,३५,१५		२,२५,७४	
कुल खर्च		**१,४७,५५,७३**		**१,४१,१८,१७**
कर अघिको मुनाफा/(घाटा)		**७१,०७,७४**		**९,५७,५०**
चालु वर्षको आयकर	१८,०८,०५		२,३६,१७	
स्थगन कर खर्च/(आम्दानी)	(१,५५,२५)		१,१४,३८	
कुल आयकर खर्च		**१६,५२,८०**		**३,५०,५५**
कर पछिको खुद मुनाफा/(घाटा)		**५४,५४,९४**		**६,०६,९५**

कम्पनीको यो वर्षको आम्दानी रु.२ अर्ब १८ करोड ६३ लाख र खर्च रु.१ अर्ब ४७ करोड ५६ लाख भई कर अघिको मुनाफा रु.७१ करोड ७ लाख रहेको छ। चालु वर्षको आयकर र स्थगन कर पछिको खुद मुनाफा रु.५४ करोड ५५ लाख रहेको छ।

३. **भौतिक परीक्षण** - कम्पनीले स्थिर सम्पत्तिहरूको भौतिक परीक्षण गरेको छैन। स्थिर सम्पत्तिको विवरण, स्थान, संकेत, अवस्था र लागतजस्ता सम्पत्तिहरूको विवरण समावेश नभएको र साङ्केतिकरण समेत गरेको छैन। वित्तीय विवरणमा उल्लिखित सम्पत्तिहरूको मूल्याङ्कन गरी स्वामित्वमा रहेको सम्पत्तिको यथार्थता यकिन गर्न सक्ने अवस्था छैन।

४. **महसुल कार्यविधि -** सञ्चालक समितिको २०७५।७।१६ को निर्णयअनुसार औद्योगिक क्षेत्रको पानीलगायत अन्य सेवा सुविधा उपलब्ध गराएबापत उद्योगहरूलाई लगाउने महसुल निर्धारण एवं असुल

उपर गर्ने सम्बन्धी कार्यविधि तीन महिनाभित्र बनाई पेश गर्न व्यवस्थापनलाई निर्देशन दिए तापनि उक्त कार्यविधि बनेको छैन। यसले गर्दा समयानुकूल आय प्राप्त हुन सकेको छैन।

५. **बहाल वक्यौता** -बालाजु औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय अन्तर्गत जमिन बहालबाट यो वर्ष रु ३४ करोड ७५ लाख आम्दानी गरेकोमा १०.३० प्रतिशत मात्र असुली भई हालसम्म उठ्न बाँकी बहाल रु.३७ करोड २८ लाख रहेकोले बक्यौता असुली पक्ष कमजोर रहेको छ। साथै, पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय अन्तर्गत बहालबापतको उठ्न बाँकी रु.१ करोड ५२ लाख लामो समयदेखि उठ्न बाँकी रहेको देखिन्छ। अन्य औद्योगिक क्षेत्रको भाडा रकम समेत यकिन गरी असुल गर्नुपर्नेमा यस वर्षसम्म कुनै ठोस कदम चालेको छैन।

६. **भवनको उपयोग** - हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय अन्तर्गतको भवन बागमती प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका कर्मचारी आवासगृहको रुपमा प्रयोग गरेको र पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको भवन एक संस्थाले प्रयोग गर्दै आईरहेकोले उक्त भवनहरू उपयोग गरेको अवधिदेखिको बहाल रकम यकिन गरी असुल गर्नुपर्दछ।

७. **ग्रीन बेल्ट अतिक्रमण** - पाटन औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, बिरेन्द्रनगर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय लगायतका औद्योगिक क्षेत्रहरूमा ग्रीन बेल्ट अतिक्रमण गर्ने, कोरिडोर एरियामा विभिन्न स्ट्रकचर तथा सामानहरू अव्यवस्थित रुपमा थुपार्ने, ग्रीन बेल्ट क्षेत्रमा फलामको कार्य गर्ने, कच्चा पदार्थ, उत्पादित वस्तु तथा फोहोरजन्य वस्तुहरू सडक छेउको नाली पुरिने गरी राख्ने लगायतका कार्यहरू गरेको पाइयो। केही उद्योगका सन्दर्भमा पत्राचार सम्म गरेको भए पनि लामो समयदेखि सम्झौता विपरित भएका यस्ता कार्यहरूमा कुनै कारबाही भएको छैन। उद्योगहरूसँग गरेको सम्झौताका सर्त तथा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ बमोजिम कारबाही गर्नुपर्दछ।

८. **सर्त पालना** - औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ र सम्झौताका सर्तअनुसार उद्योगहरूले कार्यसञ्चालन गर्नुपर्दछ। पाटन औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय अन्तरर्गतका उद्योगहरूले सम्झौता विपरित आवासीय प्रयोजनको लागि औद्योगिक क्षेत्रका सम्पत्तिको प्रयोग गरेको, सम्झौता अनुरुप जग्गा तथा भवनको उपयोग भएको लामो समय बितिसक्दा पनि सञ्चालनमा नआई उद्योग निर्माणाधीन अवस्थामा रहेको लगायत सम्झौताको सर्त विपरित कार्य गरेका छन्। सम्झौताको सर्त तथा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ बमोजिम उक्त उद्योगहरूलाई कारबाही गर्नुपर्दछ।

नेपाल आयल निगम

देशभर पेट्रोलियम पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने उद्देश्यले सम्बत् २०२७ मा निगमको स्थापना भएको हो। निगममा नेपाल सरकारको ९९.४६ प्रतिशत, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको ०.२६ प्रतिशत, राष्ट्रिय बिमा कम्पनी लिमिटेडको ०.१५ प्रतिशत, नेपाल बैङ्क लिमिटेडको ०.०८ प्रतिशत र राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडको ०.०५ प्रतिशत सेयर स्वामित्व रहेको छ। निगमअन्तर्गत ७ प्रादेशिक कार्यालय, ३ शाखा कार्यालय, ३ इन्धन डिपो, २ पेट्रोल पम्प, १० हवाई इन्धन डिपो र ३ हवाई इन्धन

रिफ्युलिङ स्टेशन रहेका छन्। निगमको जम्मा भण्डारण क्षमता ९७ हजार ३९२ किलोलिटर रहेको छ। निगममा हाल ५४३ स्थायी र १११ करार समेत ६५४ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** निगमको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
जायजेथा, सम्पत्ति, उपकरण	८,२०,२५		६,८९,७१	
अदृश्य सम्पत्ति	१७,३३		२१,७४	
निर्माणाधीन कार्य प्रगति	१,६२,१३		१,६८,६०	
लगानी	६,०६,४९		५५,५२	
दीर्घकालीन ऋण र पेस्की	२४,२१		२३,०६	
निक्षेप	३९,९१		१४,५६	
स्थगन कर सम्पत्ति	२,३१,२२		६,७२,५१	
अन्य गैर चालु सम्पत्ति	२१,०१		१८,०५	
जिन्सी	१०,३६,४६		१०,१३,९८	
व्यापारिक प्राप्य	५०,६८		७७,०९	
नगद र नगद सरह	९,६५,५५		६,५५,९७	
अल्पकालीन ऋण र पेस्की	८६,७८		४९	
अन्य वित्तीय सम्पत्ति	१,८५		१,८५	
अन्य चालु सम्पत्ति	१२,४०,९४		१०,७०,४२	
कुल सम्पत्ति		**५३,०४,८१**		**४४,८३,५५**
दायित्व				
सेयर पुँजी	११,००,००		११,००,००	
अन्य पुँजी	४,८३,००		(४,८५,८९)	
नेपाल सरकारको ऋण	-		३,२६,९०	
सहुलियत ऋण लाभ	-		३९,८७	
डिलर र वायुसेनाको निक्षेप	१,८९,११		१,७८,१९	
कर्मचारी आवास सुविधा व्यवस्था	३,२५,८५		३,२५,८४	
अन्य दीर्घकालीन दायित्व	४७,३६		४७,८९	
बोनस व्यवस्था	३,७७,३७		३,६३,४५	
परिभाषित सुविधा दायित्व व्यवस्था	६९,६०		७४,७९	
मूल्य स्थिरीकरण कोष	२५,९०,१७		२२,१५,११	
अन्य चालु दायित्व	१,२२,३५		२,९७,४०	
कुल पुँजी र दायित्व		**५३,०४,८१**		**४४,८३,५५**

निगमको जायजेथा सम्पत्ति गत वर्षको तुलनामा १९ प्रतिशतले वृद्धि भई यो वर्ष रु.८ अर्ब २० करोड २५ लाख पुगेको छ। त्यस्तै, लगानी गत वर्षको तुलनामा ९९२ प्रतिशतले वृद्धि भई यो वर्ष रु.६ अर्ब ६ करोड ४९ लाख, नगद मौज्दात गत वर्षको तुलनामा ४७ प्रतिशतले वृद्धि भई यो वर्ष रु.९ अर्ब ६५ करोड ५५ लाख पुगेको छ। निगमको अन्य पुँजी गत वर्ष रु.४ अर्ब ८५ करोड ८९ लाख ऋणात्मक रहेकोमा यो वर्ष रु.४ अर्ब ८३ करोड पुगेको छ।

२. **सञ्चालन नतिजा -** निगमको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालनबाट आम्दानी	३,६४,५२,७५		३,८२,४९,२४	
बिक्री गरेको वस्तुको लागत	३,४२,०४,८६		३,५६,७२,५५	
कुल नाफा		**२२,४७,८९**		**२५,७६,६९**
अन्य आम्दानी	४९,२८		८७,८९	
बिक्री तथा वितरण खर्च	१०,३५		१२,७६	
प्रशासनिक खर्च	१,७८,४१		१,७३,७३	
ह्रास र अमूर्त सम्पत्तिको खर्च	३१,७२		१७,६७	
प्रदुषण नियन्त्रण खर्च	३,१२,३६		३,०८,११	
सामाजिक उत्तरदायित्व खर्च	१,२३		२१	
मूल्य स्थिरीकरण कोष खर्च	३,६४,५२		३,८२,४९	
विनिमय नाफा/(नोक्सान)	१५,९१		१७,४०	
सञ्चालनबाट नाफा		**१४,१४,४९**		**१७,८७,०१**
वित्तीय लागत	८,३४		१,५८,७४	
बोनसको व्यवस्था	१३,९२		१६,१२	
कर अघिको नाफा/(नोक्सान)		**१३,९२,२३**		**१६,१२,१५**
स्थगित कर आम्दानी	(४,३६,७५)		(४,३९,८३)	
करपछिको खुद नाफा/(नोक्सान)		**९,५५,४८**		**११,७२,३२**

निगमको गत वर्षको तुलनामा सञ्चालन आम्दानी, खर्च र कुल नाफा घटेकोमा प्रशासनिक खर्च भने बढेको छ। निगमको खुद नाफा गत वर्ष रु.११ अर्ब ७२ करोड ३२ लाख रहेकोमा यो वर्ष १८ प्रतिशतले घटी रु.९ अर्ब ५५ करोड ४८ लाख कायम भएको छ।

३. **अनुपात विश्लेषण** - निगमको वित्तीय अनुपात निम्नानुसार छः

विवरण	सूचकाङ्क	२०८०।८१	२०७९।८०
बिक्री	रु. लाखमा	३,६४,५२,७५	३,८२,४९,२४
कुल मुनाफा	रु. लाखमा	२२,४७,८८	२५,७६,६८
खुद मुनाफा	रु. लाखमा	९,५५,४७	११,७२,३०
कुल मुनाफा अनुपात	प्रतिशत	६.१७	६.७४
खुद मुनाफा अनुपात	प्रतिशत	२.६२	३.०६
चालु सम्पत्ति	रु. लाखमा	३३,८२,२६	२८,१९,८०
चालु दायित्व	रु. लाखमा	३१,००,५९	२८,८९,२९
चालु सम्पत्ति/चालु दायित्व	अनुपात	१.०९०८	०.९७५९
कुल सम्पत्ति	रु. लाखमा	५३,०४,८१	४४,८३,५५
कुल सम्पत्तिमा मुनाफा	प्रतिशत	१८.०१	२६.१५

निगमको कुल सम्पत्ति र मुनाफा अनुपात गत वर्ष २६.१५ प्रतिशत र यो वर्ष १८.०१ प्रतिशत धनात्मक रहेको छ। चालु सम्पत्ति र चालु दायित्व अनुपात गत वर्ष ०.९८ गुणा रहेकोमा यो वर्ष १.०९ गुणा भएको छ। बिक्री रकमको तुलनामा कुल मुनाफा गत वर्ष ६.७४ प्रतिशत र यो वर्ष ६.१७ प्रतिशत रहेको छ। त्यस्तै खुद मुनाफा गत वर्ष ३.०६ प्रतिशत र यो वर्ष २.६२ प्रतिशत रहेको छ। साथै, यो वर्षको प्रशासनिक खर्च गत वर्षको अनुपातमा २.६९ प्रतिशतले वृद्धि भएको छ। यसको मुख्य कारकमा कार्यालय सञ्चालन खर्चमा २१८.८५ प्रतिशत, बोर्ड मिटिङ्ग खर्चमा १५०.७९

प्रतिशत, व्यापार प्रवर्धन खर्चमा १५०.१६ प्रतिशतले र छपाई खर्चमा ६०.३३ प्रतिशतले वृद्धि भएको छ। यस्ता खर्चलाई वाञ्छित सीमाभित्र राख्नुपर्दछ।

४. **आयको अवस्था** - गत वर्ष पेट्रोलियम पदार्थ तथा हवाई इन्धनको बिक्री रु.३ खर्ब ८२ अर्ब ४९ करोड रहेकोमा यो वर्ष गिरावट भई रु.३ खर्ब ६४ अर्ब ५३ करोड रहेको छ। अन्य आम्दानीतर्फ निक्षेप तथा कर्मचारी सापटीमा ब्याज रु.१९ करोड २ लाख, व्यावसायिक आम्दानी रु.३ करोड २९ लाख ८४ हजार, घरभाडा रु.१ करोड २६ लाख ४ हजार, विविध आम्दानी रु.३ करोड ५१ लाख ८४ हजार, लाभांश रु.४ लाख ६ हजार र लेखा समायोजन रु.१ करोड ६२ लाख ३ हजार रहेको छ।

५. **इन्धन खरिद तथा बिक्री** - निगमको यो वर्षको पेट्रोलियम पदार्थ खरिद तथा बिक्रीको स्थिति देहाया अनुसार छः

(रु. लाखमा)

क्र.स.	पेट्रोलियम पदार्थ	इकाई	खरिद परिमाण	बिक्री परिमाण	बिक्री मूल्य
१	पेट्रोल	किलोलिटर	६९०६२८	६८९२०४	९९,९६,८०
२	डिजेल	किलोलिटर	१३७२०२०	१३९४१३६	१,८७,३५,१५
३	मट्टितेल	किलोलिटर	१२८५६	१२८६९	१,७२,९४
४	ए.टि.एफ.	किलोलिटर	१९८३५२	१९५६०६	२५,९७,३६
५	एल.पी.जी.	मेट्रिकटन	५२४५३४	५२४२७४	४९,५०,५०

निगमको भण्डारण क्षमता गत वर्ष ७९ हजार १९२ किलोलिटर रहेकोमा, यो वर्ष अमलेखगञ्जमा १८ हजार २०० किलोलिटर क्षमताको भण्डारण संरचना निर्माणको कार्य सम्पन्न भई कुल क्षमता ९७ हजार ३९२ किलोलिटर कायम भएको छ।

६. **पाइपलाइन** - भारतको बिहार मोतिहारी र नेपालको अमलेखगञ्ज जोड्ने पाइपलाइन परियोजनामा नेपाल सरकारको रु.१ अर्ब २० करोड र भारत सरकारको रु.३ अर्ब २० करोडसमेत रु.४ अर्ब ४० करोड लगानी रहेको छ। उक्त परियोजनाको कार्य सम्पन्न भई सञ्चालनमा आईसकेको छ। निगमले २०७८।७९ मा डिजेलका अतिरिक्त सोही संरचनाबाट पेट्रोल आपूर्ति, भण्डारण संरचना, ल्याब रूम तथा अपरेसन लोडिङ्ग वे को निर्माणका लागि भारतीय आयल कर्पोरेसनलाई रु.१ अर्ब २३ करोड १८ लाख पेस्की दिएकोमा फस्यौंट भएको छैन। परियोजनाको निर्माण कार्य जिम्मा लिने कम्पनी भारतीय आयल कर्पोरेसनबाट परियोजना सम्पन्न प्रतिवेदन प्राप्त भई नसकेकोले, परियोजनाको कुल लागत यकिन हुन नसकेको तथा नेपाल सरकारबाट हस्तान्तरण नभएकाले स्थिर सम्पत्तिमा लेखाङ्कन हुन सकेको छैन। साथै, यो वर्ष भारतको सिलिगुडी र नेपालको झापा जोड्ने पाइपलाइन, बाराको अमलेखगञ्ज तथा चितवनको लोथर जोड्ने पाइपलाइनको जी.टु.जी. र बी.टु.बी. सम्झौता सम्पन्न भएको छ।

७. **कर्मचारी कल्याणकारी कोष** - बोनस ऐन, २०३० को दफा १३ (१क) मा बोनस बाँडफाँट पछि बाँकी रहेको रकमको ८० प्रतिशत रकम राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। निगमले विगत वर्षदेखि राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने रु.१४ करोड ६३ लाख जम्मा नगरी व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने शीर्षकमा देखाएको छ। निगमले साविकको श्रम ऐन, २०४८ को दफा ४१ बमोजिम २०७३।७४ सम्ममा कर्मचारी आवास कोषमा रु.३ अर्ब २५ करोड ८४ लाख रकम छुट्याई जिम्मेवारी सार्दै आएको छ। कोषमा रहेको रकमको परिचालन गर्ने सम्बन्धमा

उपयुक्त निर्णय गरी रकमको उपयोग हुनुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा सुझाव कार्यान्वयन भएको छैन।

८. **क्षयीकरण** - निगमले आफ्नो वित्तीय विवरणको लेखा टिप्पणीमा आसामीहरूको क्षयीकरण सम्भावित क्रेडिट नोक्सानी विधिबाट गणना गरिने उल्लेख गरे तापनि रु.३ करोड ८५ लाखको क्षयीकरण गत वर्षको व्यवस्थामा थपघट नगरी सोही रकम जिम्मेवारी सारेको छ। त्यसैगरी, पुरानो प्राप्य रु.६ करोड २१ लाख प्राप्त हुन सकेको छैन र सोको लागि पर्याप्त क्षयीकरण व्यवस्था गरेको छैन। लेखा सम्बन्धी टिप्पणीमा उल्लेख भएबमोजिम क्षयीकरण व्यवस्थापन गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा कार्यान्वयन भएको पाइएन। लिनुपर्ने र दिनुपर्ने हिसाबको सम्बन्धित व्यक्ति/निकायहरूसँग समर्थन लिने/दिने गरेको छैन।

९. **वृक्षारोपण** - नेपाल आयल निगम र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबिच २०७७।१०।३ मा भएको सम्झौताबमोजिम पाइपलाइन आयोजना निर्माणबापत निगमले निकुञ्जलाई ५ वर्षसम्म वार्षिक रु.२ करोड भुक्तानी गर्नुपर्ने प्रावधान अनुरूप भुक्तानी गर्दै आएको छ। आयोजनाका पाइपलाइनको लागि विभिन्न प्रजातिका ८८ हजार १६३ रूख कटान गरेबमोजिम सोको १:२५ को अनुपातमा २२ लाख ४ हजार ७५ बिरुवा पर्सा वन्यजन्तु आरक्ष क्षेत्रभित्र वृक्षारोपण गर्नुपर्ने र सो बिरुवाहरूको ५ वर्षसम्म संरक्षणसमेत गर्नुपर्ने वा वृक्षारोपणको लागि लाग्ने दायित्वको मूल्याङ्कन गरी सो बराबरको रकम पर्सा वन्यजन्तु आरक्षलाई ५ वर्षभित्र तिर्नुपर्ने देखिन्छ। निगमले वित्तीय विवरण तयार गर्दा सोको दायित्व यकिन गरी व्यवस्था गरेको पाइएन। निगमले सो रकम मूल्याङ्कन गरी दायित्व लेखाङ्कन गर्नुपर्ने अथवा सम्झौताबमोजिम वृक्षारोपणको दायित्व पूरा गर्नुपर्ने बेहोरा गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत रहेको छ।

१०. **जग्गा उपयोग** - निगमले २०७३।७४ मा चितवन, सर्लाही र झापामा खरिद गरेका रु.१ अर्ब ७५ करोड २६ लाख ८८ हजार लागतको ६६ बिघा जग्गा यो वर्षसम्म प्रभावकारी उपयोग भएको छैन। सर्लाहीको जग्गामा एल.पी.जी. ग्यास बोटलिङ्ग प्लान्ट बनाउने, चितवन र झापाको जग्गामा पाइपलाइन विस्तार गर्ने उल्लेख गरे तापनि कार्य सुरू भएको छैन। धनकुटास्थित जग्गा र भवन रेडियो नेपालले प्रयोगमा ल्याए तापनि बहाल रकम असुल नगरेको, चारआलीस्थित जग्गामा तारबार नभएकाले अतिक्रमणको जोखिम रहेको, जनकपुरस्थित जग्गाको अधिकांश भू-भाग नेपाली सेनाको प्रयोगमा रहेको, पोखरामा रहेको ७७ रोपनी जग्गामध्ये करिब १८ रोपनी जग्गा स्थानीय बासिन्दाहरूले खेल मैदान तथा बाटोको रूपमा प्रयोग गरिरहेको र लालबन्दी सर्लाहीस्थित जग्गामा तारबार नहुनाले स्थानीयले सडक निर्माण गरेका छन्। निगमले आफ्नो स्वामित्वको जग्गाको संरक्षण र उपयोग गर्नुपर्दछ।

११. **मूल्य स्थिरीकरण कोष** - पेट्रोलियम पदार्थ तथा ग्यास मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली (दोश्रो संशोधन), २०७७ को नियम ३(२ग) मा निगमले पेट्रोलियम पदार्थ तथा ग्यासको खुद्रा बिक्री मूल्यको १ प्रतिशतले हुन आउने रकम मूल्य स्थिरीकरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त नियमावलीको नियम ४ मा कोषमा जम्मा भएको रकम निर्धारित थोक मूल्यभन्दा बढी मूल्यमा पेट्रोलियम पदार्थ र ग्यास पैठारी गर्नु परेको अवस्थामा निगमलाई अनुदान दिन, नेपाल सरकारले तोकेको वर्गका उपभोक्तालाई पेट्रोलियम पदार्थ तथा ग्यासमा राहत प्रदान गर्न, पेट्रोलियम पदार्थ तथा ग्यासको मूल्य वृद्धिको कारणबाट उपभोक्ता वर्गमा पर्न जाने असरलाई कम गरी मूल्य स्थिरता कायम गर्न प्रयोग गरिने

उल्लेख छ। निगमको उक्त कोषमा हालसम्म रु.२५ अर्ब ९० करोड १७ लाख मौज्दात रहेको छ। कोषमा रहेको रकममध्ये रु.४ अर्ब ४९ करोड ४१ लाख विभिन्न बैङ्कमा मुद्दती निक्षेपमा लगानी गरेको रु.१० अर्ब २५ करोड सापटीको रूपमा तथा रु.११ अर्ब १५ करोड ७६ लाख निगम नोक्सानीमा कारोबार गर्दा आपूर्ति सहज गर्न भारतीय आयल कर्पोरेसनलाई भुक्तानी गरेको छ। उक्त कोषमा रहेको रकमहरू बैङ्कमा राख्ने, झिक्ने तथा मुद्दती खातामा लगानी गर्ने कार्य निगम स्वयंले गर्दै आएको छ। कोष सञ्चालनको लागि गठन भएको समितिले कोष सञ्चालन सम्बन्धी कार्यविधि तयार गरेको छैन। उक्त कोषको २०७७।७८ देखि २०८०।८१ सम्मको लेखापरीक्षण नगराएको बेहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याउँदै आएकोमा स्थिति यथावत छ।

नेपाल लेखामान-२० सरकारी अनुदानको लेखाजोखा र सरकारी सहायताको खुलासाको परिच्छेद १०(ए) बमोजिम बजार भन्दा कम ब्याजदरमा पाएको सरकारी ऋणलाई नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसार लेखा राख्नुपर्दछ। निगमले वित्तीय प्रतिवेदनको नोट २.४.२२ मा उल्लेख गरेबमोजिम मूल्य स्थिरीकरण कोषबाट प्राप्त रु.१० अर्ब २५ करोड बराबरको बिना ब्याजको ऋणलाई लेखामानको व्यवस्थाअनुसार लेखाङ्कन गरेको छैन।

१२. **मूल्य अभिवृद्धि कर दाबी -** निगमको खातामा हालसम्म रु.६ अर्ब ३९ करोडको मूल्य अभिवृद्धि कर क्रेडिट मौज्दात रहेकोमा उक्त रकम गत वर्षदेखि जिम्मेवारी सार्दै आएको छ। सो रकमलाई मूल्य अभिवृद्धि कर ऐनअन्तर्गत कर फिर्ताको लागि निगमले पहल नगर्दा निगमको नगद प्रवाह र वित्तीय स्थिरतामा नकारात्मक प्रभाव पर्दछ। साथै, यस्तो मूल्य अभिवृद्धि करको सञ्चय मुख्यतः निगमले भन्सारमा ढुवानी र बिमा रकममा तिर्ने मूल्य अभिवृद्धि कर र वास्तविक बिजक दोहोऱ्याएर तिर्ने मूल्य अभिवृद्धि कर हो, जसले दोब्बर मूल्य अभिवृद्धि कर भुक्तानी हुने अवस्था छ। यस अभ्यासले पेट्रोलियम उत्पादनको लागत बढ्नुका साथै अप्रयुक्त मूल्य अभिवृद्धि कर क्रेडिटको सञ्चय हुने देखिन्छ।

१३. **मौज्दात** - निगमले आफ्नो वित्तीय विवरणमा रु.२ करोड ३० लाख विभिन्न डिलर्स, ढुवानीकर्ता तथा एयरलाइन्समा गत आर्थिक वर्षदेखि थपघट नगरी सोही रकम जिम्मेवारी सारेको छ। निगमले सो हिसाबको यथार्थता यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

१४. **सफ्टवेयर -** निगमले २०७८।७९ देखि लेखा तथा सञ्चालनका लागि नयाँ ई.आर.पी. सफ्टवेयर खरिद गरी लागू गरेको छ। वित्तीय विवरणको तयारी निगमको सूचना प्रविधि प्रणालीद्वारा सिर्जित प्रतिवेदनहरूमा निर्भर रहन्छ। यद्यपी सफ्टवेयर प्रणालीबाट आएको सन्तुलन परीक्षणमा बिक्री तथा बिक्री प्रतिवेदनको बिक्रीमा भिन्नता, बिक्री सारांश प्रतिवेदन र मूल्य अभिवृद्धि कर प्रतिवेदन, मौज्दात लेखापरीक्षण प्रतिवेदनअनुसारको मौज्दात रकम र सन्तुलन परीक्षणअनुसारको रकममा विभिन्न किसिमका आँकडा/रकम तथा सोही सफ्टवेयरको रिपोटिङ्ग पोर्टफोलियोले देखाएको आँकडा तथा रकम फरक परेको देखिन्छ। यसको अतिरिक्त मौज्दातको मोल तथा बिक्री लागतमा असर पर्ने गरी विभिन्न समायोजन प्रविष्टि म्यानुअली गरेको छ। विभिन्न किसिमका रिपोर्टमा भएका फरक-फरक आँकडा र स्टक हस्तान्तरण दरमा भिन्नताका कारण उत्पन्न हुन सक्ने आर्थिक प्रभाव सम्बन्धमा निगमले विश्लेषण गर्नुपर्दछ।

१५. **भारतीय आयल निगमसँगको हिसाब** - निगमको खाता तथा भारतीय आयल निगमबाट प्राप्त मौज्दात पुष्टिकरणको हिसाब रु.११ करोड २५ लाखले फरक परेको देखिन्छ। क्लियरिङ्ग खाताको हिसाब

मिलान गरी समायोजन हुन बाँकी रकम गत वर्ष रु.२५ करोड २३ लाख ९१ हजार रहेकोमा यो वर्ष रु.१७ करोड ७९ लाख ४५ हजार रहेको छ। उक्त हिसाबको यथार्थता यकिन गरी मिलान गर्नुपर्दछ।

१६. **बैङ्क हिसाब मिलान -** निगमले बैङ्क हिसाब मिलान तयार गरे तापनि बैङ्कमा रहेको मौज्दात तथा निगमको खातामा प्रविष्ट गरेको रकममा रु.४ करोड ४९ लाख २० हजारको भिन्नता देखिन्छ। उक्त हिसाबको यथार्थता यकिन गरी मिलान गर्नुपर्दछ।

१७. **बिमा -** निगमले पेट्रोलियम पदार्थको खुद्रा मूल्य निर्धारण गर्दा बिक्रेताले पाउने कमिसन, ढुवानी भाडा, सङ्कुचन हानीको अलावा ०.०६ प्रतिशतका दरले बिमा खर्चसहित समावेश गरी खुद्रा बिक्री मूल्य निर्धारण गर्ने गरेको छ। यसरी यो वर्ष बिक्रेतालाई मूल्य निर्धारणमार्फत बिमा खर्च रु.१७ करोड ३४ लाख दिएको छ। डिपोदेखि पम्पसम्मको ढुवानीको बिमा गर्ने दायित्व बिक्रेतामा निहित रहेकोमा सोहीबमोजिम बिमा गरेको सम्बन्धमा निगमले अनुगमन गरेको छैन।

१८. **भवन निर्माण -** निगमले काठमाडौंस्थित कर्पोरेट भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७८।७।१० मा रु.८० करोड ९९ लाखको सम्झौता गरेकोमा भेरिएसनबाट संशोधित सम्झौता रु.८२ करोड १२ लाख कायम भएको छ। सम्झौताअनुसार निर्माण कार्य २०८१ असार मसान्तसम्म सम्पन्न हुनुपर्नेमा निगमले २०८१ चैत्र मसान्तसम्म म्याद थप गरेको छ। यो वर्षसम्मको भौतिक प्रगति ६२ प्रतिशत र वित्तीय प्रगति ५३.७० प्रतिशत मात्र रहेको छ। निर्माण व्यवसायीलाई २०८१ असार मसान्तसम्म ठेक्काबापत रु.३७ करोड ८९ लाख तथा मूल्य समायोजनबापत रु.६ करोड २१ लाखसमेत रु.४४ करोड १० लाख भुक्तानी भएको छ। सम्झौता अवधिमा कार्यसम्पन्न हुने गरी निर्माण कार्य हुनुपर्दछ।

नेपाल मेटल कम्पनी लिमिटेड

गणेश हिमाल जस्ता र सिसा परियोजना अन्तर्गत जस्ता एवम् सिसा धाउको उत्खनन र प्रशोधन गरी प्राप्त कन्सन्ट्रेटलाई विदेशस्थित स्मेल्टरमा बिक्री गर्ने उद्देश्यले कम्पनी ऐन, २०२१ अनुसार २०३३।३।५ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीमा नेपाल सरकार, अर्थ मन्त्रालयको ७१.३१ प्रतिशत, म्युचुअल ट्रेडिङ्ग कम्पनी प्रा.लि.को १३.५० प्रतिशत, चिनियाँ छाईयुएन मिनरल्स प्रा.लि. को १३.०८ प्रतिशत, राष्ट्रिय वाणिज्य बैंङ्कको १.१६ प्रतिशत र सर्वसाधारणको ०.९५ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तिय स्थिती -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति, प्लान्ट र उपकरण	१,३२,६३		१,३२,६३	
सञ्चित मूल्यह्रास	(१,२८,१२)		(१,२७,६७)	
परिशोधन नभएको खर्च	९,८०		९,८१	
पुँजीगत कार्य प्रगति	१७,१५,४८		१७,१३,०३	
निर्माण अवधिको आकस्मिक खर्च	१३,३४,५३		१२,७३,५८	
कुल गैर चालु सम्पत्ति		**३०,६४,३२**		**३०,०१,३८**
मौज्दात	३८,६८		३८,६८	
नगद र बैङ्क मौज्दात	१,०६		७१	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
अग्रिम ऋण तथा निक्षेप	११,७४		११,६४	
कुल चालू सम्पत्ति		**५१,४८**		**५१,०३**
जम्मा सम्पत्ति		**३१,१५,८०**		**३०,५२,४१**
सेयर पुँजी	१७,८३,४८		१७,८३,४८	
सञ्चित नाफा	१		१	
कुल सेयर पुँजी र रिजर्भ		**१७,८३,४९**		**१७,८३,४९**
नेपाल सरकारको ऋण	६,६४,५३		६,६४,५३	
अन्यको ऋण	१६,९८		१६,९८	
कुल गैर चालु दायित्व		**६,८१,५१**		**६,८१,५१**
कर दायित्व	१,५५		१,५५	
चालु दायित्व	३,६६,१८		३,२२,७३	
नेपाल सरकारको ऋणमा ब्याज	२,८३,०७		२,६३,१३	
कुल चालु दायित्व		**६,५०,८०**		**५,८७,४१**
जम्मा पुँजी र दायित्व		**३१,१५,८०**		**३०,५२,४१**

कम्पनीको वित्तीय विवरणमा यो वर्षको पुँजीगत कार्यप्रगति रु.१७ करोड १५ लाखमध्ये निर्माणाधीन सडक रु. ४१ लाख र निर्माणाधीन टनेल रु. १६ करोड ७२ लाख रहेकोमा निर्माण कार्यतर्फ थप प्रगति नगरेकोले व्यावसायिक उत्पादन सुरु हुन सकेको छैन।

२. **सञ्चालन नतिजा -** कम्पनी सञ्चालनमा आउने नसकेकोले आय-व्ययतर्फ कुनै शिर्षकमा आम्दानी र खर्च भएको छैन।

३. **खर्च शीर्षक -** कम्पनीको निर्माण अवधिको आकस्मिक खर्च गत वर्ष रु.१२ करोड ७४ लाख रहेकोमा यो वर्ष रु.६१ लाख थप भई रु.१३ करोड ३५ लाख रहेको छ। तलब भत्ता लगायतका सम्पूर्ण प्रशासनिक खर्चहरू निर्माण अवधिको आकस्मिक खर्च शीर्षकमा खर्च लेखी वासलातमा गैर चालु सम्पत्तितर्फ समावेश गरेको छ।

४. **नेपाल सरकारको ऋण -** कम्पनीले नेपाल सरकारबाट प्राप्त ऋण रु.६ करोड ६५ लाख रहेकोमा सोको साँवा, ब्याज भुक्तानी गरेको छैन।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

अपर तामाकोशी जलविद्युत लिमिटेड (२०७९।८०)

नेपाल विद्युत् प्राधिकरणद्वारा तामाकोशी नदीको बेसिनमा जलविद्युत परियोजनाको विकास र कार्यान्वयनका लागि कम्पनी ऐन, २०६३ अनुसार २०६३।११।२५ मा कम्पनीको स्थापना भएको हो। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत, नेपाल टेलिकम, नागरिक लगानी कोष, राष्ट्रिय बिमा संस्थान, सर्वसाधारण र अन्य संस्थाको ४९ प्रतिशत सेयर रहेको छ। कम्पनीले ४५६ मेगावाट क्षमता भएको अपर तामाकोशी जलविद्युत परियोजनाको पहिलो चरण सम्पन्न गरेको छ। दोस्रो चरणमा, कम्पनीले रोल्वालिङ खोला जलविद्युत परियोजना निर्माण गर्ने योजना बनाएको छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८०		३२ आषाढ २०७९	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	८३,०५,९७,०८		८६,४०,९३,६१	
सम्पत्ति प्रयोग अधिकार	६६,९७		२९,२९	
पुँजीगत निर्माण कार्य प्रगति	७६,१४		०	
पुँजीगत निर्माण कार्य प्रगति (रोलवालिङ)	१,०७,३२,८५		५१,८४,५२	
कुल गैर चालु सम्पत्ति		**८४,१४,७३,०४**		**८६,९३,०७,४२**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	१,१७,१५		१,६२,१६	
नगद तथा बैङ्क मौज्दात	१३,१०,६८		२०,९३,३०	
अन्य चालु सम्पत्ति	३,३७,७४,४०		३,०२,७४,४१	
कुल चालु सम्पत्ति		**३,५२,०२,२३**		**३,२५,२९,८७**
कुल सम्पत्ति		**८७,६६,७५,२७**		**९०,१८,३७,२९**
पुँजी र दायित्व				
सेयर पुँजी	१०,५९,००,००		१०,५९,००,००	
सञ्चित नाफा/(नोक्सान)	(७,३५,९९,४२)		(३,२६,२६,८८)	
कुल इक्विटी		**३,२३,००,५८**		**७,३२,७३,१२**
गैर चालु दायित्व				
दीर्घकालीन ऋण	७२,३९,६७,४३		७३,२२,१४,९६	
कुल गैर चालु दायित्व		**७२,३९,६७,४३**		**७३,२२,१४,९६**
चालु दायित्व				
दीर्घकालीन ऋण	८२,४७,५३		५६,४२,६८	
व्यवस्था	९,४०,२५		१०,०२,३८	
अल्पकालीन कर्जा	६,७५,८२,०४		५,६३,२२,०४	
अन्य चालु दायित्व	४,३५,७०,०८		३,३३,४९,९०	
लिज दायित्व	६७,३६		३२,२१	
कुल चालु दायित्व		**१२,०४,०७,२६**		**९,६३,४९,२१**
कुल इक्विटी र दायित्व		**८७,६६,७५,२७**		**९०,१८,३७,२९**

२. **सञ्चालन नतिजा -** कम्पनीको सञ्चालन नतिजा निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आम्दानी	८,१०,९२,५२		७,११,६७,८४	
रोयल्टी खर्च	१९,६२,३९		१८,७९,३६	
ह्रास खर्च	३,६०,६८,०३		३,००,८९,५२	
अन्य आय	३,२२,९९		२०,३५	
विनिमिय नाफा/(नोक्सान)	(४,५३,७१)		(१३,६८,५१)	
प्रशासनिक खर्च	१,१५,९७,९१		४३,६९,४६	
सञ्चालन नाफा/(नोक्सान)		**३,१३,३३,४७**		**३,३४,८१,३४**
वित्तीय आय	४,००,६५		४९,१०	
वित्तीय खर्च	७,२७,१६,२६		५,७७,०९,९२	
खुद नाफा/(नोक्सान)		**(४,०९,८२,१४)**		**(२,४१,७९,४८)**

३. **वित्तीय प्रतिवेदनमान** - सार्वजनिक संस्थामा नेपाल वित्तीय विवरण प्रतिवेदनमानलाई २०७३।७४ देखि लागु गरेको छ। यो आयोजना निश्चित समयका लागि सञ्चालन हुने र ३० वर्षपछि आयोजना नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने अवस्था छ। आयोजनाको पूर्वाधारहरू निर्माण गर्ने, आवश्यक मर्मत सम्भार गर्ने र करारअनुसार तोकिएको समयावधि सकिएपश्चात् सो पूर्वाधार सरकारलाई हस्तान्तरण गर्नुपर्ने विषय आयोजनाको सार्वजनिक-निजी सेवा सम्झौताअन्तर्गत पर्दछ। जसमा कम्पनीले सम्पत्ति तथा कारोबारको लेखाङ्कन अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान इन्टरप्रिटेशन समिति १२ (आईएफआरआईसी १२) को सेवा सहुलियत व्यवस्था अनुरूप गर्नुपर्नेमा नगरेकोले सोको पालना गर्नुपर्दछ।

४. **पुँजीगत खर्च -** कम्पनीले नेपाल विद्युत प्राधिकरणसँगको समझदारीपत्रअनुसार हस्तान्तरण गरिने सम्पत्तिलाई पनि अचल सम्पत्तिअन्तर्गत समावेश गरेको छ। सम्पत्तिको हस्तान्तरणबारे अन्तिम निर्णय सञ्चालक समितिबाट भएको देखिएन। वित्तीय विवरणमा अन्य सिभिल संरचना, सब-स्टेशन र स्विच गियर खिम्ती शीर्षकमा क्रमशः २०७७।७८ मा रु.३ अर्ब ३० करोड १९ लाख, २०७८।७९ मा रु.३ अर्ब १४ करोड ९९ लाख र २०७९।८० मा रु.२ अर्ब ९९ करोड ७९ लाख सम्पत्ति पुँजीकरण गरिएको छ, जुन कम्पनीको स्वामित्व वा नियन्त्रणमा छैन।

५. **ऋण लेखाङ्कन -** नेपाल लेखामान २० अनुसार कम ब्याजदरमा प्राप्त सरकारी ऋणलाई सरकारी अनुदानको रूपमा लिनुपर्ने र यस्तो ऋण नेपाल वित्तीय प्रतिवेदनमान ९ बमोजिम मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। कम्पनीले अपर तामाकोशी जलविद्युत आयोजना निर्माणको क्रममा नेपाल विद्युत प्राधिकरणमार्फत् नेपाल सरकारबाट ६ प्रतिशत ब्याजदरमा प्राप्त गरेको प्रिफरेन्स सेयरबापतको रु.१३ अर्ब ऋणलाई सरकारी अनुदानका रूपमा लेखाङ्कन गरेको देखिएन।

६. **स्थगन कर** - आयकर ऐन, २०५८ को दफा ११(३घ) अनुसार कम्पनीलाई व्यावसायिक सञ्चालन मिति पश्चात् १० वर्षसम्म पूर्ण कर छुट र त्यसपछि ५ वर्षसम्म ५० प्रतिशत कर छुट प्राप्त भएको छ। कम्पनीले वित्तीय विवरणको टिप्पणी ६.११ र ७.४ मा कर छुटका कारण भविष्यमा करयोग्य नाफा हुने सम्भावना नगन्य रहेको उल्लेख गरी सम्पत्ति/दायित्वको स्थगन कर पहिचान नगरेको जनाएको छ। तर, कम्पनीका सम्पत्ति र दायित्वको कर आधार र लेखाङ्कित मूल्यबिच अस्थायी फरक रहेको हुनाले नेपाल

लेखामान १२ अनुसार स्थगन करको पहिचान गर्नुपर्ने कम्पनीले उक्त सम्पत्ति र दायित्वको कर आधार निर्धारण गरेको छैन। स्थगन कर पहिचान एवम् लेखाङ्कन गर्नुपर्दछ।

एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

विद्युत उत्पादन, प्रसारण तथा वितरण र सिंचाई, सडकलगायतका भौतिक पूर्वाधार निर्माण, सौर्य ऊर्जा आदिका क्षेत्रमा इन्जिनियरिङ्ग अध्ययन तथा डिजाइन र वातावरणीय अध्ययन सम्बन्धी कार्यमा परामर्श सेवा प्रदान गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ अनुसार २०७३।११।२० मा कम्पनीको स्थापना भएको हो। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत, विद्युत उत्पादन कम्पनी लिमिटेडको १७ प्रतिशत, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको १७ प्रतिशत र हाइड्रो-ईलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेडको १५ प्रतिशत सेयर लगानी रहेको छ। कम्पनीमा स्थायी र करारसमेत ९७ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
गैर चालु सम्पत्ति				
जायजेथा, यन्त्र तथा उपकरण	६,४१,२५		४,७९,५७	
अदृश्य सम्पत्ति	११,९८		६७,७७	
स्थगन कर सम्पत्ति	५७,०६		४३,१७	
कुल गैर चालु सम्पत्ति		**७,१०,२९**		**५,९०,५१**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	८,३६		२,५६	
व्यापारिक तथा अन्य प्राप्त रकम	३,०६,३१		४,८३,५०	
आयकर सम्पत्ति	४१,६७		७०,२४	
नगद तथा बैङ्क मौज्दात	२२,०५,५८		१४,१७,९२	
अन्य चालु सम्पत्ति	१,९३,५७		१,६३,२६	
कुल चालु सम्पत्ति		**२७,५५,४९**		**२१,३७,४८**
कुल सम्पत्ति		**३४,६५,७८**		**२७,२७,९९**
सेयरधनी कोष				
सेयर पुँजी	१८,९७,५०		१८,९७,५०	
सञ्चित नाफा	६,३५,७५		३,१८,५०	
कुल सेयरधनी कोष		**२५,३३,२५**		**२२,१६,००**
गैर चालु दायित्व (व्यवस्थाहरू)		**५५,३१**		**४७,८६**
चालु दायित्व				
व्यापारिक तथा अन्य रकम	६,७१,१९		३,७१,१५	
कर्मचारी सुविधा	२,०६,०३		९२,९८	
कुल चालु दायित्व		**८,७७,२२**		**४,६४,१३**
कुल पुँजी तथा दायित्व		**३४,६५,७८**		**२७,२७,९९**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण		२०८०।८१		२०७९।८०
सञ्चालन आम्दानी	३३,४५,९८		२७,७३,१२	
अन्य आम्दानी	८८,६२		१,०४,४१	
कुल आम्दानी		**३४,३४,६०**		**२८,७७,५३**
कर्मचारी खर्च	१३,९५,२६		११,३८,१७	
परामर्श तथा व्यावसायिक खर्च	७,८६,४०		७,६९,२१	
भ्रमण खर्च	२,८५,४२		२,१२,१५	
प्रशासकीय खर्च	३,१७,८३		३,०४,७०	
ह्रासकट्टी तथा परिशोधन	२,२१,४७		२,१७,२२	
कुल खर्च		**३०,०६,३८**		**२६,४१,४५**
सञ्चालन नाफा/(नोक्सान)		**४,२८,२२**		**२,३६,०८**
वित्तीय खर्च	३,०६		-	
कर अघिको नाफा/(नोक्सान)		**४,२५,१६**		**२,३६,०८**
आय कर खर्च				
चालु कर	१,२१,८२		८८,७४	
गत वर्षको कर	-		४५	
स्थगन कर (आम्दानी)/खर्च	(१३,९०)		(१३,१६)	
कुल कर खर्च		**१०७९२**		**७६०३**
खुद नाफा/(नोक्सान)		**३,१७,२४**		**१,६०,०५**

३. **आम्दानी लेखाङ्कन -** नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुसार सम्झौताबमोजिम कार्य प्रगति भएको आधारमा आम्दानी निर्धारण गर्ने व्यवस्था छ। निम्न परियोजनाको सम्झौता अनुरूप सम्पूर्ण कार्य सम्पन्न भएको र सम्झौता अवधि यो वर्ष अगावै समाप्त भएको हुनाले रु.४७ लाख ८५ हजारको बिजक जारी गरी आम्दानी लेखाङ्कन गर्नुपर्ने देखिन्छ।

(रु. हजारमा)

क्र.सं.	परियोजनाको नाम	सम्झौता समाप्ति मिति	विजक जारी गरी आम्दानीमा लेखाङ्कन गर्नुपर्ने रकम
१	हेटौंडा-भरतपुर बर्दघाट २२० किलोभोल्ट टिआर लाइन परियोजना	१६ मार्च २०२४	९९८
२	लप्सीफेदी-कपनगुम्बा-तीनपिप्ले २२० किलोभोल्ट टिआर परियोजना	१८ जुन २०२३	३७८७

४. **खर्चमा मितव्ययिता -** कम्पनीले निर्माण र सो सँग सम्बन्धित कार्यमा परामर्श दिई आम्दानी प्राप्त गर्ने गरेकोमा परामर्श तथा व्यावसायिक कार्यमा गत वर्ष रु.७ करोड ६९ लाख २१ हजार र यो वर्ष रु.७ करोड ८६ लाख ४० हजार खर्च लेखेकोमा प्रशासनिक कर्मचारीको तलबमा गत वर्ष रु.११ करोड ३८ लाख १७ हजार र यो वर्ष रु.१३ करोड ९५ लाख २६ हजार खर्च लेखेको छ। यस प्रकार प्रशासनिक खर्चतर्फ तलबमा मितव्ययिता ल्याउने गरी दरबन्दीमा पुनरावलोकन हुनुपर्दछ।

चिलिमे इन्जिनियरिङ्ग एण्ड सर्भिसेज कम्पनी लिमिटेड

जलविद्युत र पूर्वाधार परियोजनाका लागि इन्जिनियरिङ्ग तथा परामर्श सेवा प्रदान गर्ने उद्देश्यले कम्पनीको स्थापना २०७३।६।११ मा गरिएको हो। चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेडको पूर्ण स्वामित्वमा रहेको यस

कम्पनीले हाल बुढीगण्डकी (४२० मेगावाट), सेती नदी ३ (८७ मेगावाट), चम गेट स्यारखोला (६० मेगावाट) तथा चैनपुर सेती जलविद्युत परियोजनामा परामर्श सेवा प्रदान गरिरहेको छ। कम्पनीमा स्थायी ६३ र करार ८ समेत ७१ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
गैर चालु सम्पत्ति		**१,८७,३७**		**१,४९,४०**
सम्पत्ति, जायजेथा तथा उपकरण	१,७८,९५		१,३९,७६	
अमूर्त सम्पत्ति	२,९१		३,८८	
स्थगन कर सम्पत्ति	५,५१		५,७६	
चालु सम्पत्ति		**२१,७५,३१**		**१६,३२,३९**
अग्रिम भुक्तानी	४,५१		२,३५	
जिन्सी मौज्दात	९५,१५		९५,१३	
अग्रिम, डिपोजिट तथा अन्य आसामी	१०८०		२८३६	
व्यापारिक आसामी	६,१६,९२		४,२०,६८	
नगद वा बैङ्क मौज्दात	१४,४७,९३		१०,८५,८७	
कुल सम्पत्ति		**२३,६२,६८**		**१७,८१,७९**
पुँजी र दायित्व				
पुँजी		**२२,८६,८०**		**१६,३७,४५**
सेयर पुँजी	८,९२,५०		५,४०,९०	
सञ्चित नाफा	१३,९४,३०		१०,९६,५५	
कुल दायित्व		**७५,८८**		**१,४४,३३**
व्यापार र अन्य दायित्व	३४,०८		७९,७८	
व्यवस्था	४१,८०		६४,५६	
कुल पुँजी र दायित्व		**२३,६२,६८**		**१७,८१,७९**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
परामर्श सेवाबाट आय	१४,७६,२६		१५,४५,५३	
प्रत्यक्ष खर्च	७,७५,२९		८,९५,२३	
सामान्य मुनाफा		**७,००,९७**		**६,५०,३०**
अप्रत्यक्ष खर्च				
प्रशासनिक खर्च	(३,४८,१९)		(२,७८,१३)	
ह्रास कट्टी	(२७,२२)		(२८,७०)	
अमूर्त सम्पत्तिको ह्रासकट्टी	(९७)		(१,०६)	
सञ्चालन नाफा/(नोक्सान)		**३,२४,५९**		**३,४२,४१**
वित्तिय आय	९०,३१		५६,१३	
अन्य आय	३,०२		४	
कर र बोनस अघि नाफा/(नोक्सान)		**४,१७,९२**		**३,९८,५७**
कर्मचारी बोनस	(२०,९०)		(३९,८६)	
कर अघि नाफा/(नोक्सान)		**३,९७,०२**		**३,५८,७२**
चालु कर	(९९,०१)		(९०,१४)	
स्थगित कर (आय)/खर्च	(२५)		(२६)	
खुद नाफा/नोक्सान		**२,९७,७६**		**२,६८,५७**

३. **बोनस -** बोनस ऐन, २०३० अनुसार कर्मचारी भन्नाले प्रतिष्ठानमा सुपरिवेक्षण, प्रशासकीय, प्राविधिक वा अन्य कुनै काम गरेबापत तलब वा ज्याला लिई काम गर्ने व्यक्ति तथा कामदारहरूलाई जनाउने र उक्त ऐन र बोनस नियमावली, २०३९ अनुसार नेपाल सरकारको स्वामित्वमा रहेको प्रतिष्ठानले खुद मुनाफाको ५ प्रतिशत बोनस रकम स्वरूप छुट्याउनुपर्ने व्यवस्था छ। कम्पनीले आफ्नै कर्मचारीबाहेक चिलिमे हाइड्रोपावर कम्पनीका कर्मचारीलाई समेत २०७९।८० मा बोनस रु.७ लाख १६ हजार भुक्तानी गरेको र कर्मचारीहरूको लागि बोनसको रूपमा आफ्नो मुनाफाको १० प्रतिशतले हुने रु.४२ लाख २८ हजार छुट्याएकोले रु.२१ लाख १४ हजार बोनसको रूपमा अधिक व्यवस्था गरेको देखिन्छ। नियमावलीले तोकेकोभन्दा बढी दायित्व सिर्जना गरेको बोनस रकम कम्पनीमा फिर्ता गर्नुपर्दछ।

चिलिमे जलविद्युत कम्पनी लिमिटेड

जलस्रोतको अधिकतम उपयोग गरी जलविद्युत उत्पादन गर्ने उद्देश्यले स्थापित यस संस्थाको विद्युत उत्पादन क्षमता २२.१ मेगावाट रहेको छ। कम्पनीको चुक्ता पुँजी रु. ७ अर्ब ९८ करोड ३९ लाख ९७ हजारमध्ये नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत प्राधिकरणका कर्मचारीको २५ प्रतिशत, आयोजना प्रभावित स्थानीय जनताको १० प्रतिशत तथा सर्वसाधारण जनताको १४ प्रतिशत प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिती** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
स्थिर सम्पत्ति	१,६५,३३,१८		१,७१,५२,२१	
पुँजीगत कार्य प्रगति	५२,९६,३२		३४,०५,५२	
लगानी	२५,५७,३२		६०,३९,१५	
वित्तीय सम्पत्ति				
सहायक (सव्सिडियरी) कम्पनीमा लगानी	४,३५,१४,६२		६,०५,२९,४६	
सहायक (एसोसिएट) कम्पनीमा लगानी	२,२२,००,००		-	
कुल गैर चालु सम्पत्ति		**९,०१,०१,४४**		**८,७१,२७,३४**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	९,५८,५७		४,६७,४०	
पेस्की तथा मुद्दती निक्षेप	१०,३५,६१		१०,९९,६१	
वित्तीय सम्पत्ति				
आवधिक मुद्दतीमा लगानी	१,४३,६७,७६		१,२७,४२,४५	
अन्य चालु सम्पत्ति	६०,२२,३४		८१,७७,२५	
नगद मौज्दात	१४,०७,६५		९,३२,६८	
चालु कर सम्पत्ति	७३,४८		७,६४	
जम्मा चालु सम्पत्ति		**२,३८,६५,४१**		**२,३४,२७,०३**
कुल सम्पत्ति		**११,३९,६६,८५**		**११,०५,५४,३७**
पुँजी				
चुक्ता पुँजी	७,९८,३९,९७		७,२५,८१,७९	
सञ्चित मुनाफा	२,९६,४७,०३		३,२५,२०,२३	
पुँजी तथा सञ्चित मुनाफा		**१०,९४,८७,००**		**१०,५१,०२,०२**

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
गैर चालु दायित्व				
डिफाइण्ड बेनेफिट प्लान	१७,०५,४१		१६,९०,६८	
स्थगन कर दायित्व	१०,६१,६४		२१,७३,९७	
जम्मा गैर चालु दायित्व		**२७,६७,०५**		**३८,६४,६५**
चालु दायित्व				
कर्मचारी लाभ व्यवस्था	१,८९,७१		२,२७,४९	
संस्थागत सामाजिक उत्तरदायित्व	१,९४,७०		१,६९,६७	
व्यापारिक तथा अन्य दायित्व	१३,२८,३९		११,९०,५४	
जम्मा चालु दायित्व		**१७,१२,८०**		**१५,८७,७०**
जम्मा पुँजी तथा दायित्व		**११,३९,६६,८५**		**११,०५,५४,३७**

कम्पनीको पुँजीगत कार्य प्रगति गत वर्षको तुलनामा ५५.५२ प्रतिशतले वृद्धि भई रु.५५ करोड ९६ लाख ३२ हजार रहेको छ। लगानी गत वर्षको तुलनामा ५७.६५ प्रतिशतले ह्रास आई रु.२५ करोड ५७ लाख ३२ हजार रहेको छ। सब्सिडियरी कम्पनीमा लगानी २८.११ प्रतिशत ह्रास आई रु.४ अर्ब ३५ करोड १४ लाख ६२ हजार र एसोसिएट कम्पनीतर्फको लगानी गत वर्ष नरहेकोमा यो वर्ष रु. २ अर्ब २२ करोड रहेको छ। चुक्ता पुँजी १० प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ९८ करोड ३९ लाख ९७ हजार छ। सञ्चित मुनाफा र स्थगन कर दायित्वमा कमी आएको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी	१,११,५९,१९		१,१२,८६,४३	
प्रत्यक्ष खर्च	२६,९६,०१		२६,०२,८३	
कुल नाफा		**८४,६३,१८**		**८६,८३,६०**
कर्मचारी खर्च	६,४८,६६		६,४९,८९	
सञ्चालन तथा प्रशासनिक खर्च	२,२९,१४		३,३४,१६	
मूल्यह्रास	७,३२,७७		९,१८,०३	
सञ्चालन नाफा		**६८,५२,६१**		**६७,८१,५२**
ब्याज आय	१६,०८,९७		२४,७२,९३	
अन्य आय	६२,११		६३,९७	
सम्पत्ति बिक्रीबाट (नोक्सानी)	-		(१३,३६)	
कर र बोनस अघिको नाफा		**८५,२३,६९**		**९३,०५,०६**
कर्मचारी बोनस	१,७०,४७		१,८६,१०	
कर अघिको नाफा		**८३,५३,२२**		**९१,१८,९६**
चालु कर	१५,७८,०४		२०,७७,८१	
स्थगन कर खर्च/(आय)	(७८,८२)		५,४८,७२	
करपछिको नाफा		**६८,५४,००**		**६४,९२,४३**

कम्पनीको आम्दानीमा कमी आएकोमा प्रत्यक्ष खर्चमा वृद्धि भएको छ। ब्याज आय गत वर्ष रु.२४ करोड ७२ लाख ९३ हजार रहेकोमा यो वर्ष ३४.९४ प्रतिशत ह्रास आई रु.१६ करोड ८ लाख ९७ हजार छ। करअघिको नाफा गत वर्षको तुलनामा ८.४ प्रतिशत कम भए तापनि स्थगन कर आयको कारण करपछिको नाफा ५.५७ प्रतिशतले वृद्धि भई रु.६८ करोड ५४ लाख पुगेको छ।

३. **सहायक कम्पनीमा लगानी** - कम्पनीले ५ सहायक कम्पनीमा रु.६ अर्ब ५७ करोड १४ लाख लगानी गरेकोमा ३२.७९ प्रतिशतदेखि शत प्रतिशतसम्म सेयर स्वामित्व रहेको छ। उक्त लगानीमध्ये चिलिमे इन्जिनियरिङ्ग एण्ड सर्भिसेज कम्पनी लिमिटेडबाहेक अन्य ४ कम्पनी निर्माणको चरणमा रहेकाले प्रतिफल प्राप्त भएको छैन।

चिलिमे सेती जलविद्युत कम्पनी लिमिटेड

चिलिमे जलविद्युत कम्पनीको सहायक कम्पनीको रुपमा बझाङ्ग जिल्लास्थित सेती नदीबाट ८७ मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले कम्पनीको स्थापना २०७९।५।२ मा भएको हो। कम्पनीको कुल पुँजी रु.७८ करोड १८ लाख ३५ हजार मध्ये नेपाल विद्युत प्राधिकरणको २५.५८ प्रतिशत र चिलिमे जलविद्युत कम्पनीको ७४.४२ प्रतिशत हिस्सा रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**२०८१ असार ३१**		**२०८० असार ३१**	
सम्पत्ति				
सम्पत्ति तथा उपकरण	६,९२		-	
जग्गा	५२,३६,००		१२,९६,१३	
पुँजीगत कार्य प्रगती	१९,३९,६९		१८,३३,५६	
जम्मा गैर चालु सम्पत्ति		**७१,८२,६१**		**३१,२९,६९**
पेस्की निक्षेप तथा अन्य प्राप्ति	५,४०,०६		१,७२	
नगद तथा नगद मौज्दात	१,२०,८५		३१,४६,८५	
जम्मा चालु सम्पत्ति		**६,६०,९१**		**३१,४८,५७**
जम्मा सम्पत्ति		**७८,४३,५२**		**६२,७८,२६**
पुँजी तथा दायित्व				
सेयर पुँजी	७८,१८,३५		१२,२४,९९	
सञ्चित मुनाफा	(४७,४५)		(५,४७)	
पुँजी तथा मुनाफा		**७७,७०,९०**		**१२,१९,५२**
व्यापारिक तथा अन्य दायित्व	७२,६२		५०,५८,७४	
जम्मा चालु दायित्व		**७२,६२**		**५०,५८,७४**
जम्मा पुँजी तथा दायित्व		**७८,४३,५२**		**६२,७८,२६**

कम्पनीले वर्षान्तमा रु. ५२ करोड ३६ लाखको २७६.५८ रोपनी जग्गा खरिद गरेको छ। व्यापारिक तथा अन्य दायित्वतर्फ रहेको अग्रिम सेयर पुँजीतर्फको रु.४९ करोड ७८ लाख ४४ हजारसमेत यो वर्ष रु. ६५ करोड ९३ लाख ३६ सेयर पुँजी वृद्धि भएको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**२०८०।८१**	**२०७९।८०**
बिक्री आय	-	-
बिक्रीको लागत खर्च	-	-
कुल नाफा	-	-
प्रशासनिक खर्च	६२,००	१६,९५

विवरण	२०८०।८१	२०७९।८०
मूल्यह्रास	७६	-
सञ्चालन नाफा।(नोक्सान)	(६२,७६)	(१६,९५)
वित्तीय आय	२०,७८	११,४९
कर अघिको नाफा	(४१,९८)	(५,४६)
चालु वर्षको कर	-	-
कर पछिको नाफा/(नोक्सान)	(४१,९८)	(५,४६)

कम्पनी गत वर्षमात्र स्थापना भएकोले कम्पनीको मुख्य व्यावसायिक कारोबार सुरु गरेको छैन। कम्पनीको प्रशासनिक खर्च गत वर्ष रु.१६ लाख ९५ हजार रहेकोमा यो वर्ष रु.६२ लाख पुगेको छ। यो वर्ष कम्पनीले जग्गा अधिग्रहणको काम सुरु गरेकोले प्रशासनिक खर्चमा वृद्धि भएको छ।

चैनपुर सेती जलविद्युत कम्पनी लिमिटेड

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनीको रुपमा कम्पनी ऐन, २०६३ अनुसार २०७९।१०।१९ मा स्थापित यस कम्पनीको उत्पादन क्षमता २१० मेगावाट र अनुमानित लागत रु.४७ अर्ब ५४ करोड ६१ लाख रहेको छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ५१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत शेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

पुँजी तथा दायित्व	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
शेयर पुँजी	३०,५७,८०		-	
अन्य इक्विटी	(१,२०,९५)		(२८)	
जम्मा इक्विटी		**२९,३६,८५**		**(२८)**
ऋण	४,५६,००		-	
अन्य दायित्व	२,७९		-	
जम्मा गैर चालु दायित्व		**४,५८,७९**		-
अन्य वित्तीय दायित्व	२२,८५		-	
व्यवस्था	२,९५		२८	
जम्मा चालु दायित्व		**२५,८०**		२८
जम्मा पुँजी तथा दायित्व		**३४,२१,४४**		०
स्थिर सम्पत्ति	१४,०२,८७		-	
अमूर्त सम्पत्ति	४,८५		-	
निर्माणको क्रममा रहेको सम्पत्ति	१३,८०,६४		-	
जम्मा गैरचालु सम्पत्ति		**२७,८८,३६**		-
नगद र नगद सरह	१,८५,७३		-	
अन्य वित्तीय सम्पत्ति	४,४५७२		-	
अन्य चालु सम्पत्ति	१६३		-	
जम्मा चालु सम्पत्ति		**६,३३,०८**		-
कुल सम्पत्ति		**३४,२१,४४**		-

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण		२०८०।८१		२०७९।८०
बिक्री आम्दानी	-		-	
सञ्चालन आम्दानी	-		-	
सञ्चालन खर्च	-		-	
कुल नाफा/(घाटा)	**-**		**-**	
अन्य आम्दानी	२,८८		-	
ब्याज आम्दानी	१,८०		-	
कर्मचारी तलव तथा सुविधा	(८६,२५)		-	
प्रशासनिक खर्च	(३४,९५)		-	
ह्रासकट्टी तथा परिशोधन खर्च	(२,९८)		**-**	
कर्मचारी बोनस तथा करपूर्व खुद मुनाफा		**(१,१९,५०)**		-
कर्मचारी बोनस व्यवस्था		-		-
कर अघिको मुनाफा/(घाटा)		**(१,१९,५०)**		-
आयकर खर्च	१,१७		**-**	
कर पछिको खुद मुनाफा/(घाटा)		**(१,२०,६७)**		-

३. **सम्पत्तिको मूल्याङ्कन -** कम्पनी ऐन, २०६३ को दफा १८(३) अनुसार संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक अरु कुनै किसिमबाट सेयर खरिद गर्ने वा सेयरमा हक पाउने भए, पब्लिक कम्पनीले प्रचलित कानून बमोजिम त्यस्तो सम्पत्तिको मूल्याङ्कन गराउनु पर्ने व्यवस्था छ। कम्पनीलाई नेपाल विद्युत प्राधिकरणबाट सम्पत्ति रु.२७ करोड १५ लाख र दायित्व रु.१ करोड १ लाख हस्तान्तरण भएकोमा सो को मूल्याङ्कन गरेको देखिएन। त्यसैगरी उक्त सम्पत्तिको मूल्याङ्कन बेगर यो वर्ष रु.२१ करोड ५८ लाख बराबरको सेयर र रु.९ करोडको अग्रिम शेयर लगानी देखाएको छ भने सर्वसाधारणमा सेयर जारी गरेको छैन।

जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड

जलविद्युत उत्पादन गर्ने उद्देश्यले डोल्पा जिल्लामा २०७४।२।१४ मा स्थापित यस कम्पनीको उत्पादन क्षमता १०६ मेगावाट रहेको छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरणको ११.८०८ प्रतिशत, विद्युत उत्पादन कम्पनी लिमिटेडको ५५.७८ प्रतिशत, कर्णाली प्रदेश सरकारको १३.९६ प्रतिशत, जलविद्युत लगानी तथा विकास कम्पनीको १८.४२ प्रतिशत, डोल्पास्थित जगदुल्ला गाँउपालिकाको ०.०१६ प्रतिशत र मुड्केचुला गाँउपालिकाको ०.०१६ प्रतिशत पुँजी रहेको छ।

१. **वित्तीय स्थिति**- कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
गैह्र चालु सम्पत्ति				
सम्पत्ति, प्लान्ट तथा इक्विपमेन्ट	३,०१,२६		१,६४,९२	
अमूर्त सम्पत्ति	२,९१		३,६९	
निर्माणाधीन अमूर्त सम्पत्ति	१,०९,३४,२६		७३,०४,१३	
जम्मा गैह्र चालु सम्पत्ति		**१,१२,३८,४३**		**७४,७२,७४**
चालु सम्पत्ति				
पूर्व भुक्तानी तथा अग्रिम कर	९०,०४		८३,५०	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
व्यापार तथा अन्य प्राप्ति	९,९९,२९		५,७९,५१	
नगद मौज्दात	७,८७,२६		२८,४५,८५	
जम्मा चालु सम्पत्ति		**१८,७६,५९**		**३५,०८,८६**
जम्मा सम्पत्ति		**१,३१,१५,०२**		**१,०९,८१,६०**
इक्विटी				
सेयर पुँजी	१,२७,१३,८०		९८,१६,५०	
सेयर पुँजीको लागि अग्रिम	५०,००		८,९७,३०	
सञ्चित नाफा तथा जगेडा	८३,२५		७७,७२	
जम्मा इक्विटी		**१,२८,४७,०५**		**१,०७,९१,५२**
दायित्व				
व्यवस्था	२८,२२		९७,०७	
व्यापार तथा अन्य दायित्व	१,८३,१२		३८,२३	
करको लागि व्यवस्था	५६,६३		५४,७८	
जम्मा दायित्व		**२,६७,९७**		**१,९०,०८**
जम्मा इक्विटी तथा दायित्व		**१,३१,१५,०२**		**१,०९,८१,६०**

कम्पनीको २०८१ आषाढ मसान्तमा सेयर पुँजी रु.१ अर्ब २७ करोड १३ लाख रहेको छ, जुन गत वर्ष रु. ९८ करोड १६ लाख रहेको थियो। कम्पनीको दायित्व रु.२ करोड ६८ लाख तथा व्यवस्था रु.२८ लाख रहेको छ। कम्पनीको स्थिर सम्पत्ति रु.१ अर्ब १२ करोड ३८ लाख तथा चालु सम्पत्ति रु.१८ करोड ७६ लाख रहेको छ।

२. **सञ्चालन नतिजा**- कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
अन्य आय	९७		४,१७	
प्रशासनिक तथा सञ्चालन खर्च	(५४,४९)		(६७,६९)	
सञ्चालन नाफा/(नोक्सान)		**(५३,५२)**		**(६३,५२)**
वित्तीय आय	६२,५९		२,८०,६७	
कर अघिको नाफा		**९,०७**		**२,१७,१५**
चालु कर	(३,५३)		(५४,७८)	
खुद नाफा		**५,५४**		**१,६२,३७**

कम्पनीको सञ्चित नोक्सानी गत वर्ष रु.६३ लाख ५२ हजार रहेकोमा यो वर्ष रु.५३ लाख ५२ हजार रहेको छ। कम्पनीको वित्तीय आय गत वर्ष रु.२ करोड ८० लाख ६७ हजार रहेकोमा यो वर्ष रु.६२ लाख ५९ हजार छ। कम्पनीको खुद नाफा गत वर्ष रु.१ करोड ६२ लाख ३७ हजार रहेकोमा यस वर्ष वित्तीय आय घटेकोले रु.५ लाख ५४ हजारमात्र रहेको देखिन्छ।

३. **अमूर्त सम्पत्ति र अन्य खर्च** - कम्पनीको निर्माणाधीन अमूर्त सम्पत्ति गत वर्ष रु. ७३ करोड ४ लाख रहेकोमा यो वर्ष रु.१ अर्ब ९ करोड ३४ लाख पुगेको छ। यो वर्ष खर्च भएको रु.३६ करोड ३० लाखमध्ये आयोजनाको पूर्व सञ्चालन खर्च रु.२ करोड ४७ लाख, बाटो, पुल, क्याम्प, कार्यालय भवनलगायतका पूर्वाधार विकास खर्च रु.१५ करोड १७ लाख, आयोजनाको सुपरिवेक्षण तथा व्यवस्थापन खर्च रु.५ करोड ६२ लाख, समुदाय सहायता कार्यक्रम खर्च रु.२ लाख, दीर्घकालीन ऋणको व्याज

खर्च रु.५ करोड ७५ लाख, जगदुल्ला ए आयोजनाको सर्वे अनुमति शुल्क रु.५० लाख, सोही आयोजनाको विस्तृत इन्जिनियरिङ्ग अध्ययन खर्च रु.६ करोड २५ लाख र सुपरीवेक्षण तथा व्यवस्थापन खर्च रु.५२ लाख रहेको छ।

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड

जलविद्युत उत्पादन गर्ने उद्देश्यले २०७४ मा स्थापित यस कम्पनीको उत्पादन क्षमता ४१० मेगावाट रहेको छ । यस कम्पनीमा विद्युत उत्पादन कम्पनीको ७५ प्रतिशत र सर्वसाधारण नागरिक, आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा अति विपन्न परिवार समेतको २५ प्रतिशत सेयर स्वामित्व रहने व्यवस्था छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति, प्लान्ट र उपकरण	२७०३०३९		९७९४	
पुँजीगत कार्य प्रगति	५५७५४६		३२५८१६३	
स्थगन कर सम्पत्ति	१०३३		३४	
जम्मा गैर चालु सम्पत्ति		**३२६१६१८**		**३२६७९९१**
नगद तथा बैङ्क मौज्दात	१७९९५७		१०७९२८	
अन्य चालु सम्पत्ति	२००७०१७		२००६९५५	
चालु कर सम्पत्ति(खुद)	१२०६७७		१००२१२	
जम्मा चालु सम्पत्ति		**२३०७६५१**		**२२१५०९५**
जम्मा सम्पत्ति		**५५६९२६९**		**५४८३०८६**
सेयर पुँजी	१००००		१००००	
अग्रिम सेयर (नेपाल सरकार)	५६८६६०९		५६८६६०९	
सञ्चित मुनाफा (घाटा) तथा रिजर्भ	(२०१७१६)		(२८८२४३)	
जम्मा सेयर पुँजी		**५४९४८९३**		**५४०८३६६**
अन्य वित्तीय दायित्व	३९५११		३९७७२	
जम्मा गैर चालु दायित्व		**३९५११**		**३९७७२**
व्यापार भुक्तानी	२४१३४		२४१४०	
अन्य वित्तीय दायित्व	१०७३१		१०८०८	
जम्मा चालु दायित्व		**३४८६५**		**३४९४८**
जम्मा इक्विटी र दायित्वहरू		**५५६९२६९**		**५४८३०८६**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आय	-		-	
बिक्री लागत	-		-	
कुल नाफा	**-**		**-**	
अन्य आय	२०६		०.००६	
प्रशासनिक तथा अन्य सञ्चालन खर्च	(३९१२८)		(३१५४३)	
इजाजतपत्र शुल्क, परियोजनाहरूको सम्भाव्यता र वातावरणीय अध्ययन लागत	(८००)		(६०००)	
मूल्यह्रास	(१११८४)		(२६८९)	

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन नाफा		**(५०९०६)**		**(४०२३२)**
वित्तिय आम्दानी	१३६४३४		१६८६०५	
कर अघिको नाफा		**८५५२८**		**१२८३७३**
स्थगन कर	९९९		६९	
यस वर्षको नाफा		**८६५२७**		**१२८४४२**

३. **पूर्वनिर्धारित क्षतिपूर्ति -** जलविद्युत आयोजनाको विस्तृत डिजाइन तथा आयोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन २०७५।७।२२ भित्र कार्यसम्पन्न गर्ने गरी ३० महिनाको कार्यावधि राखी कम्पनीले एक इन्जिनियरिङ्ग कर्पोरेसनसँग २०७३।२।३ मा सम्झौता गरेकोमा नौं पटकमा ५९ महिना म्याद थप गरेतापनि कार्य सम्पन्न भएको छैन।सम्झौताको बुँदा ६.६ मा समयमा कार्यसम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था रहेकोले १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.११ करोड १३ लाख असुल गरी कार्ययोजना अनुसार कार्य सम्पन्न गर्नु पर्दछ।

४. **म्याद थप** - जलविद्युत केन्द्रसम्मको पहुँच मार्ग निर्माणको लागत अनुमान रु.४४ करोड ९ लाख रहेकोमा २०७३।७।२ मा सम्पन्न गर्नेगरी एक संयुक्त उपक्रमसँग २०७२।३।३ मा रु.२४ करोड ७३ लाखको सम्झौता भएकोमा सात पटकसम्म म्याद थप गरी सम्झौता अवधि २०८२।६।१३ सम्म पुऱ्याएको छ। आयोजना निर्माण सम्पन्न नभएको सम्बन्धमा ठेक्का सम्झौताको सर्तअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

पावर ट्रेडिङ कम्पनी लिमिटेड

स्वदेशी तथा विदेशी उत्पादक एवं आपूर्तिकर्ताहरूबाट उत्पादन तथा बिक्री हुने विद्युत खरिद तथा बिक्री गर्ने गराउने उद्देश्यले २०७३ सालमा कम्पनीको स्थापना भएको हो ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
नगद तथा नगदजन्य	१,५०,००		१,५०,००	
जम्मा सम्पत्ति		१,५०,००		१,५०,००
इक्विटी				
शेयर पुँजी	१,५०,००		१,५०,००	
जगेडा कोष तथा सञ्चित नाफा	(१४,७८)		(९,५१)	
जम्मा इक्विटी		**१,३५,२२**		**१,४०,४९**
दायित्व				
व्यापारिक तथा अन्य दायित्व	१४,७८		९,५१	
जम्मा दायित्व		**१४,७८**		**९,५१**
जम्मा इक्विटी र दायित्व		**१,५०,००**		**१,५०,००**

कम्पनीको सेयर पुँजी रु.१ करोड ५० लाख र सञ्चित नाफा तथा जगेडा रु.१४ लाख ७८ हजारले नोक्सानीमा रहेको छ । त्यसैगरी कम्पनीको व्यापारिक तथा अन्य दायित्व रु.१४ लाख ७८ हजार रहेको छ । कम्पनीसँग रु.१ करोड ५० लाख बराबरको चालु सम्पत्ति रहेको छ ।

२. **सञ्चालन नतिजा**- कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आम्दानी	-		-	
प्रशासनिक खर्च	५,२८		२,०३	
सञ्चालन नाफा/(नोक्सान)		**(५,२८)**		**(२,०३)**
आयकर अघिको नाफा		**(५,२८)**		**(२,०३)**
आयकर खर्च	-		-	
यस वर्षको नाफा/(नोक्सान)		**(५,२८)**		**(२,०३)**

कम्पनीले आफ्नो उद्देश्यअनुरुप व्यावसायिक कारोबार सुरु गर्न बाँकी रहेकोले सञ्चालन आम्दानी र सञ्चालन खर्च छैन । कम्पनीको प्रशासनिक खर्च गत वर्ष रु.२ लाख ३ हजार रहेकोमा यो वर्ष रु.५ लाख २८ हजार पुगेको छ । कम्पनीले यस वर्षसम्म कुनै आम्दानी गरेको छैन ।

पावर ट्रान्समिसन कम्पनी नेपाल लिमिटेड

कम्पनी ऐन, २०६३ अन्तर्गत भारत र नेपालबिच सीमापार प्रसारण लाइनसँग सम्बन्धित पूर्वाधार विकास, सञ्चालन व्यवस्थापन र कार्यहरू कार्यान्वयन गर्ने उद्देश्यले नेपाल विद्युत प्राधिकरण र आई.एल. एण्ड एफ.एस. ऊर्जा विकास कम्पनी लिमिटेडको संयुक्त उद्यमको रूपमा २०६४।५।३० मा कम्पनी स्थापना भएको हो।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	८०,१८		२८,५६	
अमूर्त सम्पत्ति	९२,६७,४९		१,००,३४,५२	
लिज सम्पत्ति	४२,३३		०	
स्थगन कर सम्पत्ति	०		१४,४७	
कुल गैर चालु सम्पत्ति		**९३,९०,००**		**१,००,७७,५५**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	९९		१,१६	
व्यापारिक प्राप्य रकम	१,६०,२२		१,४०,०६	
नगद र नगद सम्पत्ति	८२,७९		८७,६५	
बैङ्क मौज्दात	७२,००,००		६७,५०,००	
चालु कर सम्पत्ति	१,१३,१५		१,७२,९१	
अन्य सम्पत्ति	२,३०		१,५०	
कुल चालु सम्पत्ति		**७५,५९,४५**		**७१,५३,२८**
कुल सम्पत्ति		**१,६९,४९,४५**		**१,७२,३०,८३**

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
इक्विटी				
सेयर पुँजी	४५,००,००		४५,००,००	
अन्य इक्विटी	४२,३२,९५		३७,५९,२७	
अन्य रिजर्भ	२,२५,०६		१,९५,७७	
कुल इक्विटी		**८९,५८,०१**		**८४,५५,०४**
दायित्व				
गैर चालु दायित्व				
लिज दायित्व	४३,५३		०	
स्थगन कर दायित्व	१,६५		०	
सापटी	६९,७४,६१		७६,८४,५७	
कुल गैर चालु दायित्व		**७०,१९,७९**		**७६,८४,५७**
चालु दायित्व				
सापटी	६,९७,४६		८,०७,४६	
व्यापारिक साहुलाई भुक्तानी गर्नुपर्ने रकम	२,४०,२६		२,५१,०१	
अन्य वित्तीय दायित्व	४,११		१,२०	
व्यवस्था	२९,८२		३१,४७	
अन्य दायित्व	०		८	
कुल चालु दायित्व		**९,७१,६५**		**१०,९१,२२**
कुल इक्विटी र दायित्व		**१,६९,४९,४५**		**१,७२,३०,८३**

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
प्रसारण सेवा शुल्क	२५,५१,७३		२५,८७,३४	
सञ्चालन खर्च	९,२२,७३		९,१५,३१	
कुल नाफा/(नोक्सान)		**१६,२९,००**		**१६,७२,०३**
अन्य आय	९		२७,३९	
कर्मचारी सुविधा खर्च	१,३०,०८		१,२७,१६	
प्रशासनिक खर्च र अन्य सञ्चालन खर्च	९२,१४		१,२०,५६	
ह्रास खर्च र परिशोधन खर्च	२७,१२		७,२०	
सञ्चालनबाट मुनाफा/(नोक्सान)		**१३,७९,७५**		**१४,४४,५०**
वित्तीय आम्दानी	५,८८,९१		६,९९,३७	
वित्तीय खर्च	४,४७,६८		५,३८,७८	
बोनस र कर अघिको नाफा/(नोक्सान)		**१५,२०,९८**		**१६,०५,०९**
कर्मचारी बोनस व्यवस्था	२९,८२		३१,४७	
कर अघिको नाफा/(नोक्सान)		**१४,९१,१६**		**१५,७३,६२**
चालु कर खर्च	१,४७,२५		१,८१,६९	
अघिल्लो वर्षको कर खर्च	८४			
स्थगन कर आम्दानी/(खर्च)	(१६,१२)		(१,१७,९६)	
खुद नाफा/(नोक्सान)		**१३,२६,९५**		**१२,७३,९७**

नेपाल लेखामान ८ अनुसार अमूर्त सम्पत्तिको परिशोधन खर्च बापत यो वर्ष रु.७ करोड ६७ लाख ३ हजार व्यवस्था गरेकोले अमूर्त सम्पत्ति घटेर रु.९२ करोड ६७ लाख ४९ हजार पुगेको छ।

३. **सेयर संरचना** - कम्पनीको चुक्ता पुँजी रु.४५ करोड रहेको छ। कम्पनीमा नेपाल विद्युत प्राधिकरण, जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड (एच.आई.डि.सी.एल.), पावर ग्रीड कर्पोरेसन अफ इन्डिया लिमिटेड र आई.एल. एण्ड एफ.एस. इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको सेयर स्वामित्व क्रमशः ५०, १४, २६ र १० प्रतिशत रहेको छ।

४. **सञ्चालक** - कम्पनी ऐन, २०६३ को दफा ८६(३) अनुसार सञ्चालक समिति गठन गर्दा कम्पनीको नियमावलीमा तोकिएबमोजिमको कम्पनीको व्यवसायसँग सम्बन्धित विषयमा ज्ञान र अनुभव प्राप्त गरेका व्यक्तिहरूमध्येबाट ७ जनाभन्दा बढी सञ्चालक नभएको अवस्थामा कम्तीमा १ जना स्वतन्त्र सञ्चालक र ७ जनाभन्दा बढी सञ्चालक भएमा कम्तीमा २ जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नुपर्ने व्यवस्था छ। कम्पनीमा स्वतन्त्र सञ्चालक नियुक्त गरेको छैन।

५. **मुद्दती निक्षेप** - कम्पनीले मुद्दती निक्षेपमा रु.७२ करोड लगानी गरी रु.५ करोड ८८ लाख ९२ हजार ब्याज प्राप्त गरेको छ। कम्पनीले यस्तो मुद्दती निक्षेप समयमै नवीकरण नगर्दा ब्याज आम्दानीसमेत गुमेको देखिन्छ। लगानी नीति बनाई निक्षेपको परिचालन गर्नुपर्दछ।

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेडको सहायक कम्पनीको रुपमा १११ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने उद्देश्यले २०६८ मा यो कम्पनी स्थापना भएको हो । यस कम्पनीमा नेपाल विद्युत प्राधिकरणको १८ प्रतिशत, चिलिमे हाइड्रोपावर कम्पनीको ३२.७९ प्रतिशत, रसुवा जिल्लाका स्थानीय तहको ०.२१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशत स्वामित्व रहेको छ।

५. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति, प्लान्ट र उपकरण	१७,२५,६७		१८,३२,७३	
अमूर्त सम्पत्ति	२,४६		३,१०	
पुँजीगत कार्य प्रगति	२२,१३,१०,८३		१८,९४,५४,६०	
कुल गैर चालु सम्पत्ति		**२२,३०,३८,९६**		**१९,१२,९०,४३**
मौज्दात	३०,६३		३८,६८	
अग्रिम भुक्तानी	१४,७६		७,२१	
अग्रिम र निक्षेप	४३,०७,८३		९८,१८,४७	
नगद तथा बैङ्क मौज्दात	३६,६२,४८		१०,४०,७४	
कुल चालु सम्पत्ति		**८०,१५,७०**		**१,०९,०५,१०**
जम्मा सम्पत्ति		**२३,१०,५४,६६**		**२०,२१,९५,५३**
सेयर पुँजी	६,८४,२१,००		६,८४,२१,००	
सञ्चित मुनाफा (नोक्सानी)	(३८,१६,२७)		(३३,७६,७६)	
कुल इक्विटी तथा दायित्व		**६,४६,०४,७३**		**६,५०,४४,२४**
दीर्घकालीन ऋण	१५,६६,८५,१०		१२,५२,४०,२९	
अन्य गैर चालु दायित्व	६,२३		०	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
कुल गैर चालु दायित्व		**१५,६६,९१,३३**		**१२,५२,४०,२९**
प्रावधानहरू	२,८९,०४		२,२२,९९	
छोटो अवधिको ऋण	१५,००,००		४२,४८,७६	
व्यापार र अन्य भुक्तानी	७९,६९,५६		७४,३९,२५	
कुल चालु दायित्व		**९७,५८,६०**		**१,१९,११,००**
जम्मा इक्विटी र दायित्वहरू		**२३,१०,५४,६६**		**२०,२१,९५,५३**

६. **सञ्चालन नतिजा** -कम्पनीको आय-व्ययको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आय				
विद्युत बिक्री आय	-		-	
खर्च				
प्रशासनिक खर्च	३,४२,४२		३,०५,५८	
ह्रास कट्टी	२६,९७		५२,७७	
सञ्चालन नाफा/(नोक्सान)		**(३,६९,३९)**		**(३,५८,३५)**
अन्य खर्च	६०,५६		१,२७,४६	
खुद नाफा/(नोक्सान)		**(४,२९,९५)**		**(४,८५,८१)**

७. **परियोजना सञ्चालन** - कम्पनीले २०७५।१।१ देखि व्यावसायिक उत्पादन गर्ने गरी विद्युत खरिद सम्झौता गरेकोमा उक्त अवधि छैटौं पटक संशोधन गरी २०८१।६।१४ सम्म कायम गरेको छ। कम्पनीको २०८१ आषाढ मसान्तसम्मको समग्र प्रगति ९९ प्रतिशत रहेको छ। निर्धारित समयमा व्यावसायिक उत्पादन सुरु गरी आयोजनाबाट प्रतिफल हासिल गर्नुपर्दछ।

८. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८९(३) अनुसार बासिन्दा व्यक्तिले गैरबासिन्दा व्यक्तिलाई भुक्तानी गर्दा ५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। कम्पनीले लट नम्बर २ को निर्माण कार्यका लागि एक संयुक्त उपक्रमसँगको सम्झौता अनुसार विदेशी मुद्राको अंश भुक्तानी नेपालस्थित बैङ्क खातामा नगरी निजहरूबाट नियन्त्रित वैदेशिक निकायको खातामा जम्मा गरेको छ। कुल भुक्तानीमध्ये अमेरिकी डलर १ करोड ६२ लाख ७८ हजार नियन्त्रित वैदेशिक निकायको खातामा जम्मा गरेकोमा सोमा ५ प्रतिशतले हुने कर अमेरिकी डलर ८ लाख १४ हजार कट्टी गर्नुपर्नेमा अमेरिकी डलर २ लाख ५७ हजार मात्र कट्टी गरी भुक्तानी दिदा अमेरिकी डलर ५ लाख ५७ हजार कर छुट भएकोले विनिमय दर रु.१३३.९६ ले हुने छुट कर रु. ७ करोड ४६ लाख असुल गर्नुपर्दछ। साथै कम्पनीका अन्य भुक्तानीको समेत छानविन गरी कर दायित्व यकिन गर्नुपर्दछ।

९. **उचाई परिवर्तन** - लट नम्बर ३ ट्रान्समिसन लाइन अन्तर्गत टावर नं. ३६ र ३८ बिचको भूमि सफा गर्नका लागि सुरु गरिएको बेन्चिङ्ग कार्यले स्थानीय बासिन्दाको घरखेतमा क्षति पुऱ्याएकोले भौतिक प्रमाणीकरण र प्राविधिक विशेषज्ञको सिफारिसमा रु.५० लाख लागतमा टावरलाई थप उचाईमा परिवर्तन गर्ने निर्णय गरेको छ। स्थितिको विश्लेषण गर्न एक समिति गठन गरेपनि कुनै प्रगति भएको छैन। यसले गर्दा आयोजनाको कार्यमा ढिलाई र लागत वृद्धि भएको छ। प्रारम्भिक इन्जिनियरिङ चरणमा जोखिम मूल्याङ्कनमा पर्याप्त ध्यान दिनुपर्दछ।

रेमिट हाइड्रो लिमिटेड

ताप्लेजुङ्ग जिल्लास्थित घुन्सा खोलाबाट ७७.५ मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले स्थापित यस कम्पनीमा हाल नेपाल विद्युत प्राधिकरणको ४१.०८ प्रतिशत, विद्युत उत्पादन कम्पनी लिमिटेडको २९.४१ प्रतिशत र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनीको २९.४१ प्रतिशत स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**३१ आषाढ, २०८१**		**३१ आषाढ, २०८०**	
सम्पत्ति				
स्थिर सम्पत्ति	४,७८,४६		५,३३,८८	
अदृश्य सम्पत्ति	४		१९	
सम्पत्ति प्रयोगको अधिकार	१,९४,७५		२,२३,६१	
पुँजीगत कार्य प्रगति	५९,७९,९७		५१,५३,८८	
स्थगन कर सम्पत्ति	-		२,६९	
कुल गैर चालु सम्पत्ति		**६६,५३,२२**		**५९,१४,२५**
आवधिक मुद्दती निक्षेप	१,१६,२५		-	
नगद मौज्दात	५,६८,४०		४,४२,२१	
अन्य वित्तीय सम्पत्ति	२,८०		३,२७	
अन्य चल सम्पत्ति	२,५९,३१		४२,२३	
जम्मा चालु सम्पत्ति		**९,४६,७६**		**४,८७,७१**
कुल सम्पत्ति		**७५,९९,९८**		**६४,०१,९६**
पुँजी तथा दायित्व				
सेयर पुँजी	७५,६५,००		६२,१५,००	
सञ्चित नाफा/(नोक्सानी)	(४,८५,३७)		(३,२३,३१)	
अन्य इक्विटी	(२,७५)		(२,४५)	
जम्मा पुँजी		**७०,७६,८८**		**५८,८९,२४**
लिज दायित्व	२,०८,०५		२,२७,९८	
खुद कर्मचारी लाभ दायित्व व्यवस्था	९,७४		१०,०६	
स्थगन कर दायित्व	११,१६		-	
कुल गैर चालु दायित्व		**२,२८,९५**		**२,३८,०४**
लिज दायित्व	१,०१,६९		८०,३७	
अन्य चालु दायित्व	१९,९३		१५,४४	
व्यवस्था	१,७२,५३		१,७८,८७	
कुल चालु दायित्व		**२,९४,१५**		**२,७४,६८**
कुल पुँजी तथा दायित्व		**७५,९९,९८**		**६४,०१,९६**

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**२०८०।८१**		**२०७९।८०**	
सञ्चालन आय	-		-	
बिक्री लागत	-		-	
कुल नाफा	-		-	
अन्य आय		**८**		**५५**

विवरण	२०८०।८१		२०७९।८०	
मूल्य ह्रास र परिशोधन खर्च	४२,८८		४२,५४	
प्रयोग योग्य सम्पत्तिको ह्रास	२८,८५		२८,८६	
कर्मचारी खर्च	४८,१४		५८,४०	
प्रशासनिक खर्च	२५,१६		२६,०४	
सञ्चालन नाफा		**(१,४४,९५)**		**(१,५५,२९)**
ब्याज आय	१९,८४		४,९२	
ब्याज खर्च	(२३,१०)		(२४,४२)	
कर पुर्वको नाफा		**(१,४८,२१)**		**(१,७४,७९)**

कम्पनी निर्माणको प्रारम्भिक चरणमा नै रहेकोले व्यावसायिक गतिविधिबाट आम्दानी भएको छैन।

३. **पुँजीगत कार्य प्रगति** - कम्पनीको पुँजीगत कार्य प्रगतिमा रु. ८ करोड २६ लाख ९ हजार खर्च भएकोमा क्याम्प निर्माण कार्यमा रु. ४ करोड ९ लाख ४३ हजार, पहिरो नियन्त्रण कार्यमा रु.१ करोड १५ लाख ३३ हजार, तलव भत्तामा रु.४५ लाख १३ हजार, परामर्श सेवामा रु.३१ लाख ५१ हजार र अन्य विविध कार्यमा रु.२ करोड २४ लाख ६९ हजार खर्च भएको छ।

विद्युत उत्पादन कम्पनी लिमिटेड

सार्वजनिक निजी साझेदारी मोडेलको माध्यमबाट जलविद्युत परियोजनाको विकास, निर्माण, स्वामित्व र सञ्चालन गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ अन्तर्गत २०७३।८।५ मा यो कम्पनी स्थापना भएको हो। कम्पनीमा करार र स्थायीसमेत ३८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
गैर चालु सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	७७,३७,६३		६३,०५,९३	
पुँजीकृत हुन बाँकी सम्पत्ति	४५,५९,४३		२७,४९,३४	
अमूर्त सम्पत्ति	२३,७९,६५		२३,८१,२३	
सहायक कम्पनीमा लगानी	१,००,००		१,००,००	
सम्बद्ध कम्पनीमा लगानी	१,०९,७९,८७		९१,२८,५५	
अन्य इक्विटी सेयरमा लगानी	२५,५०		२५,५०	
अन्य वित्तीय सम्पत्ति	२,४०		४,४०	
अग्रिम कर	११,०२,५४		९,७६,४८	
स्थगन कर सम्पत्ति	७,७१		१८,४४	
कुल गैर चालु सम्पत्ति		**२,६८,९४,७३**		**२,१६,८९,८७**
चालु सम्पत्ति				
अन्य चालु सम्पत्ति	१३,४८,४८		९,०३,९१	
जिन्सी मौज्दात	७,६६		४,९८	
मुद्दती निक्षेप	२,०९,०४,१५		२,६४,८७,७७	
नगद वा नगद सम्पत्ति	१६,७७,२०		१३,४७,३५	
कुल चालु सम्पत्ति		**२,३९,३७,४९**		**२,८७,४४,०१**

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
कुल सम्पत्ति		**५,०८,३२,२२**		**५,०४,३३,८८**
इक्विटी				
सेयर पुँजी	४२,८९,८००		४,२८,९८,००	
अग्रिम सेयर पुँजी	२६,६०,००		२६,६०,००	
सञ्चित नाफा	४५,६३,३७		४०,०४,१७	
कुल इक्विटी		**५,०१,२१,३७**		**४,९५,६२,१७**
दायित्व				
गैर चालु दायित्व				
लिज दायित्व	९४,९२		१,३७,०३	
कर्मचारी सुविधा दायित्व	४१,११		३८,७९	
व्यावसायिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	१,४८,९९		८०,७९	
कुल गैर चालु दायित्व		**२,८५,०२**		**२,५६,६१**
चालु दायित्व				
लिज दायित्व	४२,१२		३८,११	
कर्मचारी सुविधा दायित्व	३,६६		२,२५	
व्यावसायिक साहु तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	३,८०,०५		५,७४,७४	
कुल चालु दायित्व		**४,२५,८३**		**६,१५,१०**
कुल इक्विटी र दायित्व		**५,०८,३२,२२**		**५,०४,३३,८८**

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी				
बिक्रीको लागत				
कुल नाफा				
अन्य नाफा	१३,९७		१६,५५	
कर्मचारी खर्च	२,२०,७५		१,७८,८८	
प्रशासनिक खर्च	१,८९,०४		१,६६,०४	
लाइसेन्स शुल्क, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र अन्य परियोजनाका खर्च	८,४६,७९		६,०१,०२	
ह्रासकट्टी र परिशोधन खर्च	१,०३,८३		१,२२,०३	
सञ्चालन मुनाफा/(नोक्सान)		**(१३,४६,४४)**		**(१०,५१,४२)**
वित्तीय आम्दानी	२१,१२,६९		२७,५३,१३	
सम्बद्ध कम्पनीको इक्विटी विधिअनुसारको मुनाफा/(नोक्सान)	१,८०		९५,७५	
वित्तीय खर्च	७,५४		४,०२	
आयकर अघिको नाफा/(नोक्सान)		**७,६०,५१**		**१७,९३,४४**
आयकर खर्च	१,८९,७१		४,४२,५७	
स्थगन कर खर्च (रिभर्सल)	१०,७२		१०,२९	
खुद नाफा/(नोक्सान)		**५,६०,०८**		**१३,६१,१६**

कम्पनीले नेपाल सरकार र सार्वजनिक संस्थाबाट कबोल गरेको सबै सेयर अग्रिम प्राप्त गरेको र उक्त सेयरको रकम व्यावसायिक क्रियाकलापमा प्रयोग नगरी निक्षेपमा राखेर ब्याज आर्जन गरेको देखियो। व्यावसायिक योजना बनाएर कम्पनी सञ्चालन गर्नुपर्दछ।

३. **खर्चमा मितव्ययिता -** कम्पनीको व्यावसायिक कारोबार शुरू नभएको अवस्थामा कर्मचारी खर्च गत वर्षभन्दा २३.४० प्रतिशत र प्रशासनिक खर्च १३.८५ प्रतिशतले वृद्धि भएको देखियो। यस्ता खर्चमा मितव्ययिता कायम गरी कम्पनीको सञ्चालन दक्षता बढाउनुपर्दछ।

४. **सेयर संरचना -** कम्पनी ऐन, २०६३ को दफा ५३ अनुसार सेयरबापतको रकम बुझाउन कम्पनीले प्रत्येक सेयरधनीलाई कम्तीमा ३० दिनको समय सीमा निर्दिष्ट गरी लिखित सूचना पठाउनुपर्ने व्यवस्था छ। यस्तै, सार्वजनिक कम्पनीले यस्ता सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा २ पटक प्रकाशित गर्नुपर्ने व्यवस्था छ। साथै, सेयरधनीले सूचनामा उल्लिखित अवधिभित्र सेयर बक्यौता रकम नबुझाएमा थप ३ महिनाको समय सीमा दिई पुनः सूचना पठाउनुपर्ने र सो अवधिमा ब्याजसहित रकम नबुझाए सेयर जफत गर्नुपर्ने व्यवस्था छ। कम्पनीमा अर्थ मन्त्रालयलगायत देहायका ९ निकायमा रु.४ अर्ब २८ करोड ९८ लाख सेयर स्वामित्व रहेको छ। जसमध्ये ६ निकायको चुक्ता गर्न बाँकी सेयरबापतको रु.२ अर्ब ८१ करोड २ लाख रहेको छ।

(रु. हजारमा)

सेयरधनीहरू	कबुल गरेको रकम	चुक्ता गरेको रकम	चुक्ता गर्न बाँकी रकम
उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय	२,००,००,००	२,००,००,००	०
अर्थ मन्त्रालय	५०,००,००	५०,००,००	०
कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय	५०,००,००	५०,००,००	०
नेपाल विद्युत प्राधिकरण	१,००,००,००	३३,००,००	६७,००,००
कर्मचारी सञ्चय कोष	१,००,००,००	३३,००,००	६७,००,००
नागरिक लगानी कोष	५०,००,००	१६,५०,००	३३,५०,००
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	१,००,००,००	१३,००,००	८७,००,००
जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड	४०,००,००	२६,८८,००	१३,१२,००
राष्ट्रिय बीमा संस्थान	२०,००,००	६,६०,००	१३,४०,००
जम्मा	**७,१०,००,००**	**४,२८,९८,००**	**२,८१,०२,००**

कम्पनीले ऐनअनुसार सेयर पुँजी कायम गर्नुपर्दछ ।

५. **सेयर प्रमाणपत्र -** कम्पनी ऐन, २०६३ को दफा ३३ अनुसार प्रत्येक सेयरधनीलाई बाँडफाँट भएको सेयरको लागि २ महिनाभित्र सेयर प्रमाणपत्र जारी गर्नुपर्ने व्यवस्था छ। कम्पनीले यो वर्षको अन्त्यसम्म बेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेडमा रु.२ करोड ५० लाख र नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटेडमा रु.२५ लाख ५० हजार गरी रु.२ करोड ७५ लाख ५० हजार लगानी गरेकोमा सेयर प्रमाणपत्र प्राप्त गरेको देखिएन।

६. **लगानी र प्रतिफल -** नेपाल सरकार, विद्युत प्राधिकरण, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, नेपाल दूरसञ्चार कम्पनी, जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड र राष्ट्रिय बीमा संस्थानलगायतका निकायको रु.४ अर्ब २८ करोड ९८ लाख लगानी रहेको यस कम्पनीको ९ वर्ष व्यतीत भइसके तापनि सक्दासमेत कुनै परियोजना सञ्चालनमा नआउनु र परियोजनाको वित्तीय

प्रबन्धसमेतको व्यवस्थापन भएको छैन। कम्पनीले आफ्नो वार्षिक कार्यक्रमबमोजिम परियोजना कार्य अगाडि नबढाई मुद्दती निक्षेपमा रकम राखी ब्याजमा मात्र केन्द्रित भएको अवस्था छ। यसमा सुधार हुनुपर्दछ।

सल्लेरी च्याल्सा विद्युत कम्पनी लिमिटेड

स्वीस विकास एजेन्सीको सहयोगमा २०४४ सालमा सोलुखुम्बुमा स्थापित ६०० किलोवाट उत्पादन क्षमताको यस कम्पनीको साधारण सेयर रु. १ करोड र अग्राधिकार सेयर रु. ५ करोड १४ लाख १२ हजारमा नेपाल विद्युत प्राधिकरणको साधारण सेयर ३३ प्रतिशत र अग्राधिकार सेयर ५० प्रतिशत, सोलु दुधकुण्ड नगरपालिकाको साधारण सेयर ३३ प्रतिशत र अग्राधिकार सेयर ५० प्रतिशत एवं स्थानीय जनताको साधारण सेयर ३४ प्रतिशत रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छ।

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
सम्पत्ति तथा उपकरण	१२,०८,५४		१२,४६,७६	
निर्माणाधीन पुँजीगत सम्पत्ति	४,००		४,००	
लगानी	२,३१,९१		२,२३,७४	
कुल गैर चालु सम्पत्ति		**१४,४४,४५**		**१४,७४,५०**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	९४,६९		८६,३८	
लगानी (मुद्दती)	१३,५०,००		१०,१९,००	
व्यापारिक प्राप्ति	१,०३,२४		८३,८७	
नगद तथा नगद समान	१,९६,६९		३,२२,०३	
अन्य वित्तीय सम्पत्ति	४०,८७		१२,६०	
अन्य चालु सम्पत्ति	११,०६		११,१०	
खुद चालु कर	१,७६		३,९१	
जम्मा चालु सम्पत्ति		**१७,९८,३१**		**१५,३८,८९**
जम्मा सम्पत्ति		**३२,४२,७६**		**३०,१३,३९**
पुँजी तथा दायित्व				
सेयर पुँजी	६,१४,१२		६,१४,१२	
सञ्चित नाफा	१७,११,०७		१४,८८,४३	
अन्य इक्विटी	१,८५,८९		१,७९,७७	
जम्मा पुँजी		**२५,११,०८**		**२२,८२,३२**
गैर चालु दायित्व				
कर्मचारी लाभ दायित्व	२५,०३		२२,९४	
अन्य वित्तीय दायित्व	६,५२		६,४४	
स्थगन आय	४,५६,०५		४,८०,३४	
स्थगन कर दायित्व	१,८०,३४		१,७३,४७	
जम्मा गैर चालु दायित्व		**६,६७,९४**		**६,८३,१९**
चालु दायित्व				
कर्मचारी लाभ दायित्व	३०,९६		१६,४५	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
अन्य वित्तीय दायित्व	२९,८२		२८,५३	
अन्य चालु दायित्व	२,९६		२,९०	
जम्मा चालु दायित्व		**६३,७४**		**४७,८८**
जम्मा पुँजी तथा दायित्व		**३२,४२,७६**		**३०,१३,३९**

कम्पनीले विभिन्न १३ बैङ्क, १ होटल र १ लगानी कम्पनीको सेयरमा रु.२३ लाख ७ हजार लगानी गरेकोमा २०८१ असार मसान्तको बजार मूल्य अनुसार कुल मूल्य रु.२ करोड ३१ लाख ९१ हजार कायम भएको छ। त्यसैगरी चालु लगानीतर्फको रु.१३ करोड ५० लाख कम्पनीले मुद्दती निक्षेपमा रहेको छ।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आय	४,६३,००		४,४८,३९	
बिक्रीको लागत खर्च	(२,७८,७१)		(२,५९,८७)	
कुल मुनाफा		**१,८४,२९**		**१,८८,५२**
वित्तीय आय	१,१७,६५		१,१४,७७	
अन्य आय	२७,२३		३२,३३	
प्रशासनिक तथा अन्य सञ्चालन खर्च	(४५,९१)		(४६,६५)	
करपूर्वको नाफा		**२,८३,२६**		**२,८८,९७**
चालु वर्षको कर	(५५,७९)		(५३,९५)	
स्थगित कर	(४,८३)		(१३,८३)	
करपछिको नाफा		**२,२२,६४**		**२,२१,१९**

३. **स्वतन्त्र सञ्चालकको नियुक्ति** - कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम ७ जनासम्म सञ्चालक रहेको सञ्चालक समितिमा कम्तीमा १ जना र सोभन्दा बढी भएकोमा २ जना स्वतन्त्र सञ्चालक हुनुपर्ने व्यवस्था छ।कम्पनीमा ९ जना सञ्चालक रहेकोमा १ जना पनि स्वतन्त्र सञ्चालक नियुक्त गरिएको छैन। ऐनको व्यवस्थाबमोजिम स्वतन्त्र सञ्चालक नियुक्त गर्नुपर्दछ।

सान्जेन जलविद्युत कम्पनी लिमिटेड

चिलिमे जलविद्युत कम्पनी लिमिटेडको सहायक कम्पनीको रूपमा सन् २०१० मा कम्पनी ऐन, २०६३ अनुसार यो कम्पनी स्थापना भएको हो। कम्पनीले १४.८ मेगावाटको सान्जेन (अपर) जलविद्युत परियोजना र ४२.५ मेगावाटको सान्जेन जलविद्युत परियोजनालाई क्रमिक रूपमा विकास गर्ने लक्ष्य रहेको छ। कम्पनीको केन्द्रीय कार्यालय र परियोजनास्थल गरेर ३ कार्यालयमा १२१ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति प्लान्ट र उपकरण	३,२३,१५,३०		१२,९७	
परियोजना पुँजी कार्य प्रगति	९,३०,४६,५९		११,५६,८६,९५	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
कुल गैर चालु सम्पत्ति		**१२,५३,६१,८९**		**११,५६,९९,९२**
चालु सम्पत्ति				
जिन्सी	३,१७,२७		२,९०,४८	
अग्रिम भुक्तानी	३७,८४		२,१०	
वित्तीय सम्पत्ति				
निर्माण व्यवसायी र परामर्शदाता पेस्की	६,२८,०४		७,८०,६२	
निक्षेप र मार्जिन	२१,७६		२५,८८	
चालु कर सम्पत्ति	१,२०,१७		१,३९,३४	
बैङ्कसँगको आवधिक निक्षेप	२,७०		२,७०	
व्यापारिक प्राप्य	५,२४,१८		०	
अन्य वित्तीय सम्पत्ति	५,३२,९२		२,५९,३७	
कल र चालु बैङ्क मौज्दात	११,६९,५०		८६,७९	
कुल चालु सम्पत्ति		**३३,५४,३८**		**१५,८७,२७**
कुल सम्पत्ति		**१२,८७,१६,२७**		**११,७२,८७,१९**
इक्विटी र दायित्व				
इक्विटी				
इक्विटी सेयर पुँजी	३,६५,००,००		३,६५,००,००	
अन्य इक्विटी (जगेडा र बचत)	(३९,५८,४८)		(२४,०७,३०)	
कुल इक्विटी		**३,२५,४१,५२**		**३,४०,९२,७०**
दायित्व				
गैर चालु दायित्व				
वित्तीय दायित्व				
ऋण	८,९७,००,६१		७,६८,२६,६०	
अन्य गैर चालु दायित्व	२५,६३,५६		२४,५६,३३	
कुल गैर चालु दायित्व		**९,२२,६४,१७**		**७,९२,८२,९३**
चालु दायित्व				
व्यवस्था	२४,३३		१,३४,३७	
वित्तीय दायित्व				
ऋण	३३,००,००		२४,००,००	
अन्य वित्तीय दायित्व र भुक्तानी योग्य	५,८६,२६		१३,७७,१९	
कुल चालु दायित्व		**३९,१०,५९**		**३९,११,५५**
कुल इक्विटी र दायित्व		**१२,८७,१६,२७**		**११,७२,८७,१९**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी				
विद्युत बिक्री		**१९,७८,८१**		**०**
प्रत्यक्ष लागत	३,५१,५१		०	
रोयल्टी	५४,३१		०	
कुल नाफा/(नोक्सान)		**१५,७२,९८**		**०**
कर्मचारी सुविधा	१,७६,१४		१,८१,०५	
सञ्चालन र प्रशासनिक खर्च	२,३६,६९		१,३५,९०	
ह्रास र परिशोधन खर्च	१०,०१,८०		५१,२६	

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन नाफा/(नोक्सान)		**१,५८,३६**		**(३,६८,२१)**
अन्य आम्दानी	३१,३८		१०,१२	
वित्तीय आय	५१,५६		१,१४,४३	
वित्तीय लागत	१७,१२,८२		०	
विनिमय नाफा/(नोक्सान)	(६१,४७)		४३,३०	
बोनस र करको अघि नाफा/(नोक्सान)		**(१५,३३,००)**		**(२,००,३५)**
आयकर	(१२,८९)		(२८,६१)	
खुद नाफा/(नोक्सान)		**(१५,४५,८९)**		**(२,२८,९६)**

३. **सेयर संरचना -** कम्पनीको प्रबन्धपत्रअनुसार कम्पनीको अधिकृत पुँजी रु.३ अर्ब ७५ करोड रहेकोमा चुक्ता पुँजी रु.३ अर्ब ६५ करोड रहेको छ। कम्पनीको संस्थापक सेयर ५१ र साधारण सेयर ४९ प्रतिशत रहेको छ। संस्थापक सेयरमध्ये चिलिमे जलविद्युत कम्पनी लिमिटेडको ३९.३६ प्रतिशत, नेपाल विद्युत प्राधिकरणको १०.३६ प्रतिशत, जिल्ला समन्वय समिति रसुवाको ०.६२ प्रतिशत र रसुवाका ५ गाउँपालिकाको ०.६६ प्रतिशत रहेको छ। त्यसैगरी, साधारण सेयरमध्ये सञ्चय कोषको सञ्चयकर्ताको १९.५ प्रतिशत, परियोजना प्रभावित स्थानीयको १० प्रतिशत, संस्थापक र स्थानीय निकायका कर्मचारीको ३.५ प्रतिशत र कर्मचारी सञ्चय कोषका कर्मचारीको १ प्रतिशत सेयर रहेको छ।

४. **परियोजना कार्यान्वयन -** कम्पनीका २ विद्युत परियोजनामध्ये सान्जेन (अप्पर) जलविद्युत परियोजनाले २०८०।६।२१ मा नेपाल विद्युत प्राधिकरणबाट उत्पादन स्वीकृत गरेपछि यो वर्ष रु.१९ करोड ७८ लाख ८० हजारको विद्युत बिक्रीबाट आम्दानी प्राप्त गरेको छ। त्यसैगरी, कम्पनीको अर्को परियोजना सान्जेन जलविद्युत परियोजनाको हाइड्रो मेकानिकल सिभिल कार्य ९८ प्रतिशत भौतिक प्रगति भई प्रसारण परीक्षणपश्चात् उत्पादन स्वीकृति लिने अवस्थामा रहेको छ।

५. **पुँजीकरण -** व्यावसायिक सञ्चालन मितिपश्चात् सान्जेन (अपर) जलविद्युत परियोजनाको पुँजीगत कार्य प्रगतिमा समावेश भएका प्रत्यक्ष खर्चहरू यो वर्ष बिक्रीको लागतमा समावेश गरेकोले बिक्री लागत, वित्तीय लागत, सञ्चालन तथा प्रशासनिक खर्चमा वृद्धि भएको छ। कम्पनीले परियोजना विकासमा भएको खर्च रु.३ अर्ब २७ करोडलाई पुँजीकृत गरेको छ।

सिम्बुवा रेमिट हाइड्रो लिमिटेड

ताप्लेजुङ्ग जिल्लामा अवस्थित सिम्बुवा खोलाबाट ७०.३ मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले २०७६।१२।५ मा यस कम्पनीको स्थापना भएको हो। कम्पनीको प्रबन्धपत्रअनुसार अधिकृत पुँजी रु.४ अर्ब २० करोड र चुक्ता पुँजी रु.१ अर्ब रहेकोमा संस्थापक सेयरधनीहरू (नेपाल विद्युत प्राधिकरण, विद्युत उत्पादन कम्पनी लिमिटेड र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एवं डेभलपमेन्ट कम्पनी लिमिटेड) लाई ५१ प्रतिशत, वैदेशिक रोजगारीमा गएका सर्वसाधारणलाई २९ प्रतिशत, सर्वसाधारण जनतालाई १० प्रतिशत र आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई १० प्रतिशत सेयर बाँडफाँट गर्ने व्यवस्था छ। हाल हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एवं डेभलपमेन्ट कम्पनी लिमिटेडको रु.४० करोड, नेपाल विद्युत प्राधिकरणको रु.६ करोड र विद्युत उत्पादन कम्पनी लिमिटेडको रु.५ करोडसमेत कम्पनीको चुक्ता पुँजी रु.५१ करोड रहेको छ।

१. **वित्तीय स्थिति** -कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
सम्पत्ति तथा उपकरण	४,१६,१८		४,३२,९५	
अमूर्त सम्पत्ति	२,३७		२,९६	
सम्पत्ति प्रयोग गर्ने अधिकार	१,९४,७६		२,२३,६१	
निर्माणाधी पुँजीगत सम्पत्ति	३७,५१,०६		३५,१९,४१	
स्थगन कर सम्पत्ति	१,२०,९३		-	
कुल गैर चालु सम्पत्ति		**४४,८५,३०**		**४१,७८,९३**
अग्रिम भुक्तानी	८,९६		६,११	
जिन्सी मौज्दात	७९		७३	
नगद तथा नगदजन्य समान	५,५१,०८		२,९०,१७	
अन्य चालु सम्पत्ति	२,००		२,००	
जम्मा चालु सम्पत्ती		**५,६२,८३**		**२,९९,०१**
जम्मा सम्पत्ति		**५०,४८,१३**		**४४,७७,९४**
पुँजी तथा दायित्व				
सेयर पुँजी	५१,००,००		४०,००,००	
कल्स इन एडभान्स	-		३,००,००	
जगेडा तथा बचत	(४,०३,६४)		(३,९०,०८)	
जम्मा पुँजी		**४६,९६,३६**		**३९,०९,९२**
लिज दायित्व	२,०८,०५		२,२७,९८	
व्यवस्था	६,१४		७,३३	
स्थगन कर दायित्व	-		५,९१	
जम्मा गैर चालु दायित्व		**२,१४,१९**		**२,४१,२२**
व्यापारिक तथा अन्य दायित्व	१,१७,२४		३,१०,८९	
लिज दायित्व	१९,९३		१५,४४	
व्यवस्था	४१		४७	
जम्मा चालु दायित्व		**१,३७,५८**		**३,२६,८०**
जम्मा पुँजी तथा दायित्व		**५०,४८,१३**		**४४,७७,९४**

कम्पनीको निर्माणाधीन सम्पत्ति रु.२ करोड ३१ लाख ६५ हजारले वृद्धि भएकोमा सो अन्तर्गत मुख्यतः क्याम्प निर्माण खर्च, कर्मचारीको तलब भत्ता, परामर्श शुल्क एवं जग्गा अधिग्रहणको प्रशासनिक खर्च समावेश रहेका छन्।

२. **सञ्चालन नतिजा** -कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१	२०७९।८०
बिक्री आय	-	-
बिक्री लागत खर्च	-	-
कुल नाफा	-	-
प्रशासनिक खर्च	२६,६०	१६,९२
कर्मचारी लाभ खर्च	४५,९४	६७,६५
मूल्य ह्रास/ परिसोधन खर्च	५४,२७	५६,८९
सञ्चालन नाफा	(१,२६,८१)	(१,४१,४६)

विवरण	२०८०।८१	२०७९।८०
वित्तीय आय	९,८४	६,४१
अन्य आय	१,६०	३६
वित्तीय खर्च	(२२,८५)	(२४,२४)
कर अघिको नाफा	(१,३८,२२)	(१,५८,९३)
चालु कर	-	-
स्थगन कर	१,२६,२९	१,०३
कर पछिको नाफा	(११,९३)	(१,५७,९०)

कम्पनी आयोजना निर्माणको शुरुवाती चरणमा रहेकोले बिक्री आम्दानी हुन सकेको छैन।

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलप्मेन्ट कम्पनी लिमिटेड

नेपाल सरकारले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २ को खण्ड (छ) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७६ बमोजिम २०६९।३।२६ मा नेपाल राष्ट्र बैङ्कबाट ऋण लगानी गर्न स्वीकृति प्राप्त भएको यस वित्तीय संस्थामा नेपाल सरकारअन्तर्गत अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालयको सेयर स्वामित्व ५४.५४ प्रतिशत रहेको छ। कम्पनीमा कर्मचारी सञ्चय कोषको ५.४५ प्रतिशत, नागरिक लगानी कोषको ५.४५ प्रतिशत, राष्ट्रिय बिमा संस्थानको ५.४५ र अन्य संस्थागत लगानीकर्ताको ७.३० प्रतिशत र सर्वसाधारणको २१.८१ प्रतिशत सेयर रहेको छ। कम्पनीमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, कर्मचारी सञ्चय कोष/नागरिक लगानी कोष/राष्ट्रिय जिवन बीमा कम्पनी, सर्वसाधारण सेयर धनी, स्वतन्त्र सञ्चालक र अन्य प्रवर्द्धक गरी ७ सदस्यीय सञ्चालक समिति रहने व्यवस्था छ।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	७८,१३		७४,४५	
अमूर्त सम्पत्ति	५३,४९		६६,८६	
सम्पत्तिको प्रयोग अधिकार	५,८४,२७		६,३८,१०	
सहायक कम्पनीमा लगानी	१,०१,००,००		१,०१,००,००	
एफभीटीओसीआइमा मापन गरिएको वित्तीय सम्पत्ति	३,१३,८४,१३		२,२२,२८,१३	
परिशोधित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति	६,८४,८६,२४		९,०३,७६,६६	
स्थगन कर सम्पत्ति	-		५३,५३	
गैर चालु सम्पत्ति		**११,०६,८६,२६**		**१२,३५,३७,७३**
जिन्सी मौज्दात	३,७१		१,७३	
वित्तीय सम्पत्ति				
आवधिक निक्षेप	१३,७८,४८,१३		१२,३६,९०,११	
अन्य वित्तीय सम्पत्ति	५५,४७,३१		२५,९९,१३	
चालु कर सम्पत्ति	९०,२७		-	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
अन्य चालु सम्पत्ति	१,५६,५५		३४,७३	
नगद तथा बैङ्क मौज्दात	१,१५,४४,५५		३५,७४,९६	
चालु सम्पत्ति		**१५,५१,९०,५२**		**१२,९९,००,६६**
बिक्रीका लागि राखिएका दीर्घकालीन लगानी	-		८१	
कुल सम्पत्ति		**२६,५८,७६,७८**		**२५,३४,३९,२०**
इक्विटी तथा दायित्व				
सेयर पुँजी	२२,८७,३९,०८		२२,७७,५७,९९	
सञ्चित नाफा	१,३२,८३,७१		१,४४,४७,०९	
अन्य कोष	२,०३,३४,८४		८९,२०,४८	
कुल इक्विटी		**२६,२३,५७,६३**		**२५,११,२५,५६**
गैर चालु दायित्व				
कर्मचारी सुविधा व्यवस्था	५७,३२		५३,४३	
लिज दायित्व	६,२४,१६		६,५०,९२	
स्थगन कर दायित्व	८,३१,६३		-	
कुल गैर चालु दायित्व		**१५,१३,११**		**७,०४,३५**
चालु दायित्व				
अन्य दायित्व	१९,४६,२५		१३,६२,६५	
चालु लिज दायित्व	५९,७९		४१,८०	
चालु कर दायित्व	०		२,०४,८४	
कुल चालु दायित्व		**२०,०६,०४**		**१६,०९,२९**
कुल इक्विटी तथा दायित्व		**२६,५८,७६,७८**		**२५,३४,३९,२०**

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	४,९८,८६		१,००,९०	
ब्याज आम्दानी	२,०८,६२,१९		२,१५,१२,९३	
लाभांश आम्दानी	१,१३,४०		१,३३,६१	
अन्य आम्दानी	२,३६,८६		१,९१	
कुल आम्दानी		**२,१७,११,३१**		**२,१७,४९,३५**
कर्मचारी तलब तथा सुविधा	५,८४,२७		५,९८,९७	
प्रशासनिक खर्च	१,६५,४६		१,७१,६२	
वित्तीय खर्च	६८,५५		७१,२४	
ह्रासकट्टी तथा परिशोधन खर्च	१,१७,८१		१,०५,६३	
क्षयीकरण खर्च	७,२७		२,८३,३८	
सम्पत्ति निःसर्गमा घाटा	-		२५,३०	
लगानी अपलेखन	-		३,८५,९२	
कुल खर्च		**९,४३,३६**		**१६,४२,०६**
कर अघिको नाफा/(नोक्सान)		**२,०७,६७,९५**		**२,०१,०७,२९**
आयकर खर्च	६२,१५,१७		६३,१७,९५	
अघिल्लो वर्षको कर खर्च	-		५७,२८	
स्थगन कर खर्च/(आम्दानी)	२७,१६		(२०,०१)	
कर पछिको खुद मुनाफा/(नोक्सान)		**१,४५,२५,६२**		**१,३७,५२,०७**

३. **अतिरिक्त लगानी -** जलविद्युत लगानी तथा विकास कम्पनीले २०७८।१२।९ मा २० प्रतिशतले हुने रु.४६ करोड मिडल मेवा हाइड्रो (४९ मेगावाट) मा लगानी गर्ने सहमति गरेकोमा सिवा खोलाको पानी मिसाई ७३.५ मेगावाट क्षमता कायम भएकोमा जलविद्युत लगानी तथा विकास कम्पनीले सोही अनुपातमा २०७९।७।२४ मा थप लगानी स्वीकृत गरेको देखियो। सो निर्णयका कारण लागत प्रति मेगावाट रु.१९ करोडबाट बढेर रु.२२ करोड ४ लाख पुगेको र आन्तरिक प्रतिफल दर १४.६१ प्रतिशतबाट १३.६३ प्रतिशतमा झर्ने अनुमान गरिएको छ।

४. **परियोजना अनुगमन -** हाइड्रोपावर अनुगमन निर्देशिका, २०७९ अनुसार तोकिएको ढाँचामा हाइड्रोपावरको अनुगमन गर्नुपर्नेमा सेती नदी जलविद्युत आयोजना (२५ मेगावाट), मिडल मेवा जलविद्युत आयोजना (७३.५ मेगावाट), शिवा खोला जलविद्युत आयोजना (९.३ मेगावाट), म्याग्दी खोला जलविद्युत आयोजना (५७.३ मेगावाट) र जगदुल्ला पीआरओआर आयोजना (१०६ मेगावाट) को निर्देशिकाअनुसार अनुगमन गरेको देखिएन। उक्त परियोजनाको अनुगमन सम्बन्धी फाइलमा उल्लेख गरिएका विवरणहरू प्रायः सामान्य जानकारी (परियोजना स्थान, प्रवर्धकको नाम, प्राविधिक र वित्तीय विवरण, प्रतिनिधिको नाम आदि) मा सीमित रहेका छन्। निर्देशिकामा तोकिएको ढाँचामा अनुगमन हुनुपर्दछ।

५. **करार सेवामा नियुक्ति -** कर्मचारी सेवा नियमावली, २०६८ को नियम ३८ अनुसार सामान्यतया कम्पनीमा करार नियुक्ति नगरिने तर विशिष्ट कार्यक्रम वा कार्यान्वयनका लागि पद रिक्त भएको खण्डमा उपयुक्त योग्यता भएको व्यक्ति उपलब्ध नभएमा तथा खुला प्रतिस्पर्धाबाट स्थायी पदपूर्तिको प्रक्रिया अगाडि नबढेकोमा कार्यकारी प्रमुखले सञ्चालक समितिको स्वीकृतिमा अधिकतम १ वर्षको करार नियुक्ति गर्न सक्ने व्यवस्था छ। कर्मचारीको स्वीकृत दरबन्दी ३१ मध्ये ८ स्थायी र १६ करार कर्मचारी कार्यरत रही ७ पद रिक्त रहेका छन्। मुख्य कार्यकारी अधिकृत, नायब कार्यकारी अधिकृत, प्रमुख प्रबन्धक, वित्त अधिकृतलगायतका महत्त्वपूर्ण पदहरू करारमार्फत पूर्ति भएको छ। यसले कम्पनीको दीर्घकालीन संस्थागत स्थायित्वमा प्रभाव पार्ने देखिन्छ।

६. **आय -** कम्पनीको यो वर्षको कुल आम्दानी रु.२ अर्ब १७ करोड ११ लाख ३१ हजार रहेकोमा ब्याज आम्दानी रु.२ अर्ब ८ करोड ६२ लाख १९ हजार (९६.०८ प्रतिशत) रहेको छ। विद्युत उत्पादन, प्रसारण र वितरण कार्य गर्न पुँजी सङ्कलन र लगानी गर्ने उद्देश्यले स्थापित कम्पनीले सोही उद्देश्य बमोजिम रकम परिचालन गर्नुपर्दछ।

त्रिशूली जलविद्युत कम्पनी लिमिटेड

त्रिशूली जलविद्युत कम्पनी माथिल्लो त्रिशूली ३ए जलविद्युत परियोजनाको रन-अफ-रिभर प्रकारको क्यास्केड परियोजना हो। परियोजनाको दुई उत्पादन युनिटको कुल क्षमता ३७ मेगावाट छ। कम्पनीको ऋण-इक्विटी अनुपात ७०:३० कायम गरी पुँजी व्यवस्थापन गरेको छ। कम्पनीको चुक्ता पुँजी रु.१ अर्ब ७८ करोड ६१ लाखमध्ये नेपाल विद्युत प्राधिकरणको ४१.४१ प्रतिशत, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको ४१.४१ प्रतिशत र सर्वसाधारणको १७.१८ प्रतिशत स्वामित्व रहेको छ। कम्पनीको दरबन्दी संख्या ९२ रहेकोमा वर्षान्तमा ५६ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति				
गैर-चालु सम्पत्ति				
सम्पत्ति, संयन्त्र र उपकरण	१५,९०,८९		१६,०९,४७	
प्रयोगको अधिकार सम्पत्ति	३,५७		-	
पुँजीगत कार्य प्रगति	५,३४,४३,२१		४,७३,७५,५०	
निक्षेप र अन्य प्राप्ति	११,२५		११,२५	
आयकर सम्पत्ति	५७,८७		३६,१५	
कुल गैर-चालु सम्पत्ति		**५,५१,०६,७९**		**४,९०,३२,३७**
जिन्सी	५२		५१	
आवधिक मुद्दतीमा लगानी	८६,००,९०		-	
नगद र नगदजन्य	२४,३६,२६		७,२९,२१	
निक्षेप र अन्य प्राप्ति	२,९९		९,७५	
पूर्व भुक्तानी	२३,७९		६,८२	
अन्य पेस्की	३६,४३,७४		३७,७९,०७	
कुल चालु सम्पत्ति		**१,४७,०८,२०**		**४५,२५,३६**
कुल सम्पत्ति		**६,९८,१४,९९**		**५,३५,५७,७३**
इक्विटी र दायित्व				
शेयर पुँजी	१,७८,९१,६३		१,७८,९१,६३	
सञ्चित नाफा (नोक्सान)	(२१,८३,७९)		(२०,१८,७१)	
कुल इक्विटी		**१,५७,०७,८४**		**१,५८,७२,९२**
गैर-चालु दायित्व				
ऋण	३,६९,६४,६६		३,४६,८९,७३	
व्यापार र अन्य भुक्तानी	१६,०८,१८		१५,५३,६०	
व्यवस्थाहरू	५१,४७		४७,१०	
कुल गैर-चालु दायित्व		**३,८६,२४,३१**		**३,६२,९०,४३**
चालु दायित्व				
ऋण	२१,००,००		-	
व्यापार र अन्य भुक्तानी	१,३३,८२,८४		१३,९४,३८	
कुल चालु दायित्व		**१,५४,८२,८४**		**१३,९४,३८**
कुल इक्विटी र दायित्व		**६,९८,१४,९९**		**५,३५,५७,७३**

कम्पनीको परियोजना निर्माण चरणमा रहेको हुँदा जम्मा सम्पत्ति गत वर्ष रु.५ अर्ब ३५ करोड ५७ लाख ७३ हजार रहेकोमा यो वर्ष रु.६ अर्ब ९८ करोड १४ लाख ९९ हजार पुगेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आम्दानी	-		-	
प्रत्यक्ष लागत	-		-	
कुल मुनाफा	-		-	
अन्य आय	१,४८,३२		८४,४६	
कर्मचारी खर्च	(२,५१,६८)		(२,४१,९९)	

विवरण	२०८०।८१		२०७९।८०	
ह्रासकट्टी र मर्मत खर्च	(२०,८९)		(१८,७९)	
प्रशासनिक र सामान्य खर्च	(२,१२,८१)		(१,६६,५४)	
विनिमय नोक्सान लाभ/ (नोक्सान)	१,७२,५७		(४१,६४)	
सञ्चालन नाफा(नोक्सान)		**(१,६४,४९)**		**(३,८४,५०)**
वित्तीय लागत	(५९)		(२०,४०)	
कर अघिको नाफा (नोक्सान)		**(१,६५,०८)**		**(४,०४,९०)**

परियोजना निर्माण चरणमा रहेकोले सञ्चालनबाट आय आर्जन भएको छैन। कम्पनीको कर अघिको नोक्सानी रु.१ करोड ६५ लाख ८ हजार रहेको छ। कम्पनीको विगत वर्षको तुलनामा ब्याज आयमा वृद्धि र विनिमय नाफा भई यो वर्ष खुद नोक्सान घटेको छ।

३. **वित्तीय प्रतिवेदनमानको कार्यान्वयन -** कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरण तयार गरेकोमा निम्न विषयहरूको पालना पूर्णरूपमा भएको देखिएनः

३.१. सार्वजनिक जवाफदेहिता भएको कम्पनीले अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमा इन्टरप्रिटेसन समिति (आइएफआरआइसी) १२ लागु गर्नु अनिवार्य भएकोमा कम्पनीले यसको अनुपालन गरेको छैन। वित्तीय विवरणहरूलाई असर गर्ने वस्तुहरूको पहिचान, मापन र खुलासामा प्रभाव पार्ने हुँदा उक्तमानको पालना गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

३.२. आयोजनाले पुँजीगत कार्य प्रगतिमा परियोजनाको सम्भाव्यता अध्ययन खर्च रु.१५ करोड ७१ लाख ५४ हजार, वातावरणीय अध्ययन खर्च रु.८ लाख ३३ हजार र पूर्वाधार विकास खर्च रु.२१ लाख समेत रु.१६ करोड ८७ हजार समावेश गरेको छ। जुन खर्चहरू नेपाल लेखामान १६ र १८ अन्तर्गत प्रत्यक्ष रूपमा सम्बन्धित लागतको परिभाषाभित्र पर्दैनन्। यी खर्चलाई नाफा नोक्सान विवरणमा समावेश गर्नुपर्नेमा पुँजीगत कार्य प्रगतिमा समावेश गरिएको छ। यसले पुँजीगत कार्य प्रगतिलाई बढी र सञ्चालन खर्चलाई कम देखाएको छ।

४. **असामान्य लागत -** नेपाल लेखामान १६ को अनुच्छेद २२ अनुसार "स्व-निर्मित सम्पत्तिको लागत अधिग्रहण गरिएको सम्पत्तिको लागि समान सिद्धान्तहरू प्रयोग गरेर निर्धारण गरिन्छ। यदि कुनै संस्थाले व्यवसायको सामान्य क्रममा बिक्रीको लागि समान सम्पत्ति बनाउँछ भने सम्पत्तिको लागत सामान्यतया बिक्रीको लागि सम्पत्ति निर्माणको लागत सरह हुन्छ। यसैगरी सम्पत्तिको स्व-निर्माणमा लाग्ने असामान्य मात्रामा खेर गएको सामग्री, श्रम, वा अन्य स्रोतहरूको लागत सम्पत्तिको लागतमा समावेश गर्न हुँदैन।

कम्पनीले रु.२ करोड ४४ लाख २४ हजार र अमेरिकी डलर २ लाख ४४ हजार खर्च गरी निर्माण गरेको हेडरेस सुरूङको ९२.५५ मिटर भौगर्भिक कारणले गर्दा उपयोग हुन नसक्ने अवस्थामा रहेको जनाएको छ। सोको पुनर्संरचनाको लागि निर्माण व्यवसायीसँग २०८१।४।२६ मा रु.१ अर्ब ८४ करोड ३७ लाखको अर्को खरिद सम्झौता गरेको छ। यसरी हेडरेस सुरूङको उपयोग हुन नसक्ने खण्डको लागत खर्च असामान्य लागत देखिन्छ। तर कम्पनीले उक्त लागतलाई खर्च जनाउनुको सट्टा वासलातमा पुँजीगत कार्य प्रगतिमा समावेश गरेको छ। जसले पुँजीगत कार्य प्रगतिमा वृद्धि र कम्पनीको घाटालाई कम देखाएको छ। उक्त बेहोरा अघिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएकोमा हालसम्म पनि कम्पनीले उल्लिखित हिसाब समायोजन गरेको छैन। फलतः वित्तीय विवरणले यथार्थ चित्रण गरेको छैन।

५. **ठेक्का मूल्याङ्कन -** कम्पनीले आयोजना निर्माणका लागि एक निर्माण व्यवसायीसँग रु. १ अर्ब ९१ करोड ४६ लाख र अमेरिकी डलर ३ करोड १९ लाख ४७ हजारमा खरिद सम्झौता गरेकोमा निर्माण सम्झौताको उपखण्ड १५.२ मा रहेको रोजगारदाताबाट सम्झौता समाप्ति गर्नसक्ने व्यवस्था अन्तर्गत १६ डिसेम्बर, २०२३ देखि लागु हुने गरी निर्माण सम्झौता रद्द गरेको छ।कम्पनीले निर्माण व्यवसायीलाई बाँकी कार्य मूल्याङ्कन गर्न तथा ठेक्का फरफारक गर्न पत्राचार गरेकोमा सम्झौता रद्द भएको अवधिसम्म रु.१ अर्ब २९ करोड ८६ लाख र अमेरिकी डलर १ करोड ६९ लाख ७१ हजार भुक्तानी गरेको छ। तत्पश्चात कम्पनीले रु.१ अर्ब १८ करोड ९८ लाखको धरौटी र बैङ्क जमानत जफत गरेको छ। निर्माण व्यवसायीले १२ डिसेम्बर, २०२३ को इमेलमार्फत सम्झौता समाप्ति, परियोजना हस्तान्तरण तथा सुरक्षा वा ग्यारेन्टीको भुक्तानीको अनुरोधलाई अस्वीकार गरेको छ। कम्पनीले निर्माण व्यवसायीलाई सम्पत्ति, भइरहेका कार्यहरू तथा पुरा भएका कार्यहरूको सूची संयुक्त रूपमा तयार गर्न एक अधिकृत प्रतिनिधि पठाउन अनुरोध गरेको छ। तर निर्माण व्यवसायीले २७ फेब्रुअरी, २०२४ को इमेलमार्फत यो अनुरोध अस्वीकार गरेको छ। त्यसपश्चात् कम्पनीले कार्य, सामग्रीहरूको मूल्यको अन्तरिम निर्धारण तथा निर्माण व्यवसायीका कागजातहरू ९ अगस्ट, २०२४ मा पठाएको छ

क्र. सं.	विवरण	रकम (रु. हजारमा)	अमेरिकी डलर (हजारमा)
१	अन्तिम मूल्याङ्कन	३७,२१,५४	५८,७६
२	अन्तरिम मूल्याङ्कन	७९,६६,४१	८८,२१
३	कुल मूल्याङ्कन	१,१६,८७,९५	१,४६,९७

कम्पनीद्वारा गरिएको मूल्य निर्धारणलाई अन्तरिम मूल्याङ्कन मानिएको छ। निर्माण सम्पन्न गर्नुपर्ने मितिमा सम्पन्न भएका काम र सामग्रीको अन्तिम मूल्याङ्कन हुन नसकेका कारण अन्तिम भुक्तानी हुन सकेको देखिएन।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

दोलखा दुग्ध उद्योग लिमिटेड

व्यावसायिक दुध उत्पादन र बिक्री वितरणको माध्यमबाट दोलखा जिल्लाका कृषकको सामाजिक अवस्थामा सुधार ल्याई गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम २०५६।२।३० मा कम्पनीको स्थापना भएको हो। उद्योगको चुक्ता पुँजी रु.२ करोड १५ लाख ५० हजारमध्ये जिल्ला समन्वय समिति र ९ पालिकाको ११.७७ प्रतिशत, दुग्ध विकास संस्थानको ५९.१७ प्रतिशत र विभिन्न सहकारी र व्यक्तिको २९.०६ प्रतिशत सेयर रहेको छ।

१. **वित्तीय स्थिति -** उद्योगको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति तथा जायजेथा				
गैर चालु सम्पत्ति				
स्थिर सम्पत्ति	१,४७,०९		१,५१,९३	
स्थगन कर सम्पत्ति	३,८१		६,०६	
सेयर लगानी	१,५६		१,५३	
कुल गैर चालु सम्पत्ति		**१,५२,४६**		**१,५९,५२**
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	१७,१५		४३,१८	
व्यापारिक आसामी	१,५६,४०		१,३४,४६	
नगद तथा बैङ्क मौज्दात	१,४३,८१		२३,२६	
पेस्की धरौटी तथा अन्य आसामी	४०,९७		२०,९८	
कुल चालु सम्पत्ति		**३,५८,३३**		**२,२१,८८**
कुल सम्पत्ति		**५,१०,७९**		**३,८१,४०**
पुँजी तथा दायित्व				
पुँजी				
सेयर पुँजी	२,१५,५०		२,१५,५०	
जगेडा कोष र सञ्चित नाफा	(५०,३३)		(१८,७३)	
पुँजीगत जगेडा कोष	३३,१९		३७,२६	
कुल इक्विटी		**१,९८,३६**		**२,३४,०३**
चालु दायित्व				
भुक्तानी दिनुपर्ने साहु	१,८८,१३		१,२३,९७	
धरौटी अन्य दायित्व र व्यवस्था	१,२४,३०		२३,४०	
कुल चालु दायित्व		**३,१२,४३**		**१,४७,३७**
कुल पुँजी तथा दायित्व		**५,१०,७९**		**३,८१,४०**

२. **सञ्चालन नतिजा -** उद्योगको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आय				
बिक्री आम्दानी	६,७९,७६		६,११,००	

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री लागत	६,४२,११		५,६४,२८	
खुद आम्दानी		**३७,६५**		**४६,७२**
अन्य आम्दानी	७,५२		८,४३	
कुल सञ्चालन आम्दानी		**४५,१७**		**५५,१५**
प्रशासनिक खर्च	५०,६४		२५,८९	
बिक्री वितरण खर्च	४,१०		-	
ब्याज खर्च	५२		-	
ह्रासकट्टी	१९,०४		१९,०४	
आयकर अघिको नाफा/(नोक्सान)		**(२९,१३)**		**१०,२२**
आयकर व्यवस्था	२१		३,५९	
स्थगन कर व्यवस्था (आम्दानी)/खर्च	२,२५		(१,५२)	
खुद मुनाफा/(नोक्सान)		**(३१,५९)**		**८,१५**

३. **व्यावसायिक निरन्तरता -** उद्योगको गत वर्ष रु.८ लाख १५ हजार नाफा रहेकोमा यो वर्ष प्रशासनिक खर्चमा ९५.६० प्रतिशतले वृद्धि भई रु.३१ लाख ५९ हजार नोक्सानमा रहेको छ। उद्योगको सञ्चित नोक्सानी रु.५० लाख ३३ हजार पुगेको छ।

खानेपानी मन्त्रालय

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (२०७९।८०)

काठमाडौं उपत्यका खानेपानी लिमिटेड, तत्कालीन नेपाल खानेपानी संस्थानको उपत्यका भित्रको कार्यक्षेत्रमा सामाजिक र व्यावसायिक दृष्टिकोणबाट चुस्त दुरुस्त सेवा प्रदान गर्न, दीर्घकालीन रुपमा संस्थागत विकास गर्न र संस्थागत संरचनामा सुधार गरी खानेपानी तथा सरसफाई सेवालाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन कम्पनी ऐन, २०६३ अनुसार २०६३ पौष ९ मा पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भएको हो। कम्पनीको चुक्ता पुँजी रु.५ करोड ६६ लाख ३७ हजारमा नेपाल सरकारको ३० प्रतिशत, स्थानीय तहको ५० प्रतिशत, निजी क्षेत्रको १५ प्रतिशत र कम्पनीको कर्मचारी कल्याण कोषको ५ प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ असार, २०८०		३२ असार, २०७९	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
स्थिर सम्पत्ति	७,०२,९२		६,६३,१०	
लगानी	६,४४,१५		१३,१८,७८	
स्थगन कर सम्पत्ति	६२,९९,१५		६०,०२,४९	
कुल गैर चालु सम्पत्ति		**७६,४६,२२**		**७९,८४,३७**
चालु सम्पत्ति				
नगद तथा नगदजन्य	९७,६१,९७		१,३८,७९,२९	
अन्य वित्तीय सम्पत्ति	२,२४,३१,४८		२,१७,५५,१४	
लगानी	६९,७७,००		७०,७२,००	
अन्य चालु सम्पत्ति	७,९७,३९		५,२८,५२	
जिन्सी मौज्दात	४२,८९,४६		४९,०१,५१	
चालु कर सम्पत्ति	७,४१,३४		६,०९,९३	
कुल चालु सम्पत्ति		**४,४९,९८,६४**		**४,८७,४६,३९**
कुल सम्पत्ति		**५,२६,४४,८६**		**५,६७,३०,७६**
पुँजी तथा दायित्व				
सेयर पुँजी	५,६६,३७		४,६८,२५	
अन्य पुँजी	(२,६७,३४,०८)		(२,१९,७८,६०)	
कुल पुँजी		**(२,६१,६७,७१)**		**(२,१५,१०,३५)**
गैर चालु दायित्व				
सरकारी अनुदान	४५,००,००		३९,९०,०४	
गैर चालु ऋण	९८,६६,१४		८९,१७,१८	
अन्य वित्तीय दायित्व	१०,७५,८२		१०,७५,८२	
कुल गैर चालु दायित्व		**१,५४,४१,९६**		**१,३९,८३,०४**
चालु ऋण	५७,०१,२१		४९,६६,६४	
अन्य वित्तीय दायित्व	३,७८,२५,८६		४,०७,१२,०१	
अन्य चालु दायित्व	१,९८,४३,५४		१,८५,७९,४२	

विवरण	३१ असार, २०८०		३२ असार, २०७९	
कुल चालु दायित्व		**६,३३,७०,६१**		**६,४२,५८,०७**
कुल पुँजी तथा दायित्व		**५,२६,४४,८६**		**५,६७,३०,७६**

कम्पनीको गैर चालु सम्पत्तितर्फ लगानी गत वर्षको तुलनामा ५१.१५ प्रतिशत ह्रास भई रु.६ करोड ४४ लाख १५ हजार रहेको छ। नगद तथा नगदजन्य सम्पत्ति २९.६७ प्रतिशत न्यून भई रु.९७ करोड ६१ लाख ९७ हजार रहेको छ। सेयर पुँजी २०.९५ प्रतिशत वृद्धि भई रु.५ करोड ६६ लाख ३७ हजार रहेको छ।

कम्पनीको गत वर्षको जिन्सी मौज्दात रु.४९ करोड १ लाख ५१ हजार रहेकामा यो वर्ष करिब १३ प्रतिशतले कमी भई रु.४२ करोड ८९ लाख ४६ हजार पुगेको छ। कम्पनीको २०७९।८० को भौतिक परीक्षण प्रतिवेदन अनुसार जिन्सी मौज्दातमध्ये ५७ प्रतिशत सामान प्रयोगमा नआउने अवस्थामा रहेका छन। जिन्सी मौज्दातको सुरक्षा तथा व्यवस्थापन प्रभावकारी देखिएन।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०७९।८०		२०७८।७९	
बिक्री आम्दानी	१,०६,३३,५६		९६,५१,०६	
बिक्रीको लागत	(७९,२९,४२)		(७२,२६,०६)	
कुल नाफा		**२७,०४,१४**		**२४,२५,००**
अनुदान आम्दानी	३,४८,५०		२,९८,२०	
अन्य आम्दानी	२३,८४,६२		२१,०४,१५	
बिक्री खर्च	(१०,५४,९३)		(९,४७,९०)	
प्रशासनिक र अन्य सञ्चालन खर्च	(३६,३८,५२)		(३१,३९,०९)	
सञ्चालन नाफा/नोक्सान		**७,४३,८१**		**७,४०,३६**
मूल्यह्रास	(१,३२,३०)		(१,५०,००)	
अवकाश कोष व्यवस्था	(२८,६४,७६)		(५५,०८,५५)	
ब्याज खर्च	(९,३३,४४)		(६,५३,९२)	
शंकास्पद ऋणको (व्यवस्था)/रिभर्स	(३,३६,२५)		१८,८२,१४	
करअघिको खुद नाफा		**(३५,२२,९४)**		**(३६,८९,९७)**
चालु वर्षको कर	-		-	
स्थगन कर	२,९६,६६		४६,०९,९७	
करपछिको नाफा		**(३२,२६,२८)**		**९,२०,००**
विगत वर्षको नोक्सानी	(२,१९,७८,५९)		(२,३१,६१,९७)	
विगत वर्षको समायोजन	(१५,२९,२१)		२,६३,३७	
कुल विस्तृत नाफा/नोक्सान		**(२,६७,३४,०८)**		**(२,१९,७८,६०)**

कम्पनीको करअघिको नाफा रु.३५ करोड २२ लाख ९४ हजार ऋणात्मक रहेको छ। जसमा धनात्मक स्थगन कर रु.२ करोड ९६ लाख ६६ हजार जोड्दा करपछिको घाटा रु.३२ करोड २६ लाख २८ हजार हुन गएको छ। उक्त घाटामा विगत वर्षको नोक्सानी रु.२ अर्ब १९ करोड ७८ लाख ५९ हजार र विगत वर्षको खर्च समायोजन रु.१५ करोड २९ लाख २१ हजार समेत कुल सञ्चित

नोक्सानी रु.२ अर्ब ६७ करोड ३४ लाख ८ हजार रहेको छ। नेपाल सरकारबाट अनुदान प्राप्त गरे तापनि कम्पनी नोक्सानीमा रहेको र प्रत्येक वर्ष नोक्सानी बढ्दै गएको देखिन्छ। व्यवस्थापनले लाभ लागत विश्लेषण गरेर लागत न्यूनीकरणका उपाय अपनाई प्रभावकारी तवरले कम्पनीको व्यवस्थापन गर्नुपर्दछ।

३. **बिक्री आय** - कम्पनीले गत वर्ष पानी बिक्रीबाट रु.९६ करोड ५१ लाख ६ हजार आम्दानी गरेकोमा यो वर्ष १०.१८ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ६ करोड ३३ लाख ५६ हजार आम्दानी गरेको छ। कम्पनीको सबै धाराहरूको मिटर रिडिङ्ग भएको पाइएन। अधिकांश धाराहरूको मिटर रिडिङ्ग बेगर न्युनतम महसुलको बिलिङ्ग हुने गरेको पाईयो। समयमै सम्पुर्ण धाराहरूको मिटर रिडिङ्ग गरी महसुल रकम असुल गर्नुपर्दछ।

४. **वित्तीय प्रतिवेदनमानको कार्यान्वयन** - कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गरेतापनि २०७९।८० को वित्तीय विवरणमा नेपाल वित्तीय प्रतिवेदनमान-९ (वित्तीय उपकरण) अनुसार ऋण र नेपाल लेखामान -१९ बमोजिम कर्मचारी सुविधाको लेखाङ्कन गरेको छैन।

५. **ऋण** - ऋण दिने संस्थासँग भएको ऋण सम्झौतामा उल्लेखित ऋण भुक्तानी तालिका अनुसार कम्पनीले लिएको विभिन्न किसिमका ऋणबापतको किस्ता रकम २०७९।८० सम्ममा सफ्ट लोन (सञ्चालन घाटा) को रु.८३ करोड १७ लाख, सफ्ट लोन (सुख्खा मौसम) को रु.१ करोड ८४ लाख, ए.डी.बी. ऋण-२०५९ को रु.३२ करोड ४४ लाख, सरकारी ऋण रु.१९ करोड ४० लाख र साँवा बाँकी रु.१८ करोड ८२ लाखसमेत रु.१ अर्ब ५५ करोड ६७ लाख ऋण तिर्न बाँकी रहेको छ।कम्पनीले ऋण भुक्तानी तालिकाअनुसार ऋणको किस्ता भुक्तानी गर्नुपर्दछ।

६. **बोर्डसँगको हिसाब-** कम्पनीको २०७९।८० को वित्तीय विवरणअनुसार काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई कम्पनीले रु.२ अर्ब ९ करोड तिर्नुपर्ने देखिएकोमा सोको बोर्डबाट हिसाब विवरण र मौज्दात समर्थनपत्र लिएको छैन। बोर्डबाट समर्थन पत्र लिई हिसाब यकिन गर्नुपर्दछ।

७. **कम्पनी ऐनको पालना** - कम्पनीले आफ्नो प्रबन्धपत्र र नियमावलीमा गरेको संशोधनलाई कम्पनी रजिष्ट्रार कार्यालयद्वारा प्रमाणीकरण गराएको पाइएन। कम्पनीले २०७६।७७ मा त्यस्ता विवरणहरू प्रमाणीकरणका लागि पेश गरेकोमा उक्त विवरणहरू प्रमाणीकरण भई आएको पाइएन। कम्पनी रजिष्ट्रारको कार्यालयबाट यस प्रकारका विवरणहरू प्रमाणीकरण गराई अद्यावधिक गर्नुपर्दछ।

८. **आय विवरण** - आयकर ऐन, २०५८ को दफा ९६ अनुसार प्रत्येक आय वर्ष समाप्त भएको ३ महिनाभित्र आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेश गर्नुपर्नेमा कम्पनीले २०६४।६५ देखि हालसम्मका १६ आय वर्षको आय विवरण आन्तरिक राजस्व कार्यालयमा पेश गरेको छैन। यसबाट ब्याज तथा जरिवानाको थप आर्थिक भार वहन गर्नुपर्ने हुँदा तोकिएको समयभित्र आय विवरण पेस गरी कानुनअनुसार कर भुक्तानी गर्नुपर्दछ।

९. **अवकाश दायित्व** - एक्च्युएरी मूल्याङ्कनअनुसार कर्मचारीको अवकाश दायित्वबापत २०७९।८० सम्म रु.१ अर्ब १४ करोड ९२ लाख जम्मा गर्नुपर्नेमा हालसम्म रु.६ करोड ४४ लाखमात्र नागरिक लगानी कोषमा रहेको छ। दीर्घकालीन अवकाश दायित्व व्यवस्थापन नगरेकोले अवकाश भुक्तानीमा समस्या सिर्जना हुने हुँदा नपुग रकम नागरिक लगानी कोषमा जम्मा गर्नुपर्दछ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (२०७८।७९)

१. **वित्तीय स्थिति** - कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३२ असार, २०७९		३१ असार, २०७८	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
स्थिर सम्पत्ति	६,६३,१०		७,२३,२२	
लगानी	१३,१८,७८		५५,३४,६६	
स्थगन कर सम्पत्ति	६०,०२,४९		१३,९२,५२	
कुल गैर चालु सम्पत्ति		**७९,८४,३७**		**७६,५०,४०**
चालु सम्पत्ति				
नगद तथा नगदजन्य	१,३८,७९,२९		१,१८,५८,२१	
अन्य वित्तीय सम्पत्ति	२,१७,५५,१४		१,८९,६०,५३	
लगानी	७०,७२,००		-	
अन्य चालु सम्पत्ति	५,२८,५२		४,९८,८२	
जिन्सी मौज्दात	४९,०१,५१		४०,२८,३६	
चालु कर सम्पत्ति	६,०९,९३		५,१७,५३	
कुल चालु सम्पत्ति		**४,८७,४६,३९**		**३,५८,६३,४५**
कुल सम्पत्ति		**५,६७,३०,७६**		**४,३५,१३,८५**
पुँजी तथा दायित्व				
सेयर पुँजी	४,६८,२५		४,२०,१२	
सञ्चित नाफा/(नोक्सानी)	(२,१९,७८,६०)		(२,३१,६१,९७)	
कुल पुँजी		**(२,१५,१०,३५)**		**(२,२७,४१,८५)**
गैर चालु दायित्व				
सरकारी अनुदान	३९,९०,०४		१७,४४,८०	
गैर चालु ऋण	८९,१७,१८		८९,२८,६९	
अन्य वित्तीय दायित्व	१०,७५,८२		-	
कुल गैर चालु दायित्व		**१,३९,८३,०४**		**१,०६,७३,४९**
चालु ऋण	४९,६६,६४		५६,०३,९८	
अन्य वित्तीय दायित्व	४,०७,१२,०१		३,४४,५८,४७	
अन्य चालु दायित्व	१,८५,७९,४२		१,५५,१९,७६	
जम्मा चालु दायित्व		**६,४२,५८,०७**		**५,५५,८२,२१**
कुल पुँजी तथा दायित्व		**५,६७,३०,७६**		**४,३५,१३,८५**

कम्पनीको दीर्घकालीन लगानी गत वर्षको तुलनामा ७६.१७ प्रतिशत ह्रास आई रु.१३ करोड १८ लाख ७८ हजार रहेको छ। नगद मौज्दात १७.०४ प्रतिशत वृद्धि भई रु.१ अर्ब ३८ करोड ७९ लाख २९ हजार रहेको छ। चालु लगानी गत वर्ष नरहेकोमा यो वर्ष रु.७० करोड ७२ लाख रहेको छ। सरकारी अनुदान गत वर्षभन्दा १२८.६८ प्रतिशत वृद्धि भई रु.३९ करोड ९० लाख ४ हजार रहेको छ। गैर चालुतर्फको अन्य वित्तीय दायित्व गत वर्ष नरहेकोमा यो वर्ष रु.१० करोड ७५ लाख ८२ हजार रहेको छ। चालुतर्फको अन्य वित्तीय दायित्व गत वर्षभन्दा १८.१५ प्रतिशत वृद्धि भई रु.४ अर्ब ७ करोड १२ लाख १ हजार रहेको छ।

कम्पनीको गत वर्षको जिन्सी मौज्दात रु.४० करोड २८ लाख ३६ हजार रहेकामा यो वर्ष २२ प्रतिशतले वृद्धि भई रु.४९ करोड १ लाख ५१ हजार पुगेको छ। कम्पनीको २०७८।७९ को भौतिक परीक्षण प्रतिवेदन अनुसार जिन्सी मौज्दातमध्ये ५२ प्रतिशत सामान प्रयोगमा नआउने अवस्थाका छन। जिन्सी मौज्दातको सुरक्षा तथा व्यवस्थापन प्रभावकारी देखिएन।

२. **सञ्चालन नतिजा** - कम्पनीको आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु. हजारमा)

विवरण	**२०७८।७९**		**२०७७।७८**	
बिक्री आम्दानी	९६,५१,०६		८७,५९,१०	
बिक्रीको लागत	(७२,२६,०६)		(६७,८३,७८)	
कुल नाफा		**२४,२५,००**		**१९,७५,३२**
अनुदान आम्दानी	२,९८,२०		-	
अन्य आम्दानी	२१,०४,१५		१२,९२,०९	
बिक्री खर्च	(९,४७,९०)		(९,५६,६८)	
प्रशासनिक र अन्य सञ्चालन खर्च	(३१,३९,०९)		(३१,६८,०३)	
सञ्चालन नाफा/नोक्सान		**७,४०,३६**		**(८,५७,३०)**
मूल्यह्रास	(१,५०,००)		(१,७०,८९)	
अवकाश कोष व्यवस्था	(५५,०८,५५)		(२,९९,८२)	
ब्याज खर्च	(६,५३,९२)		(५,७६,९२)	
शंकास्पद ऋणको व्यवस्था	१८,८२,१४		(४,४६,०३)	
करअघिको खुद नाफा		**(३६,८९,९७)**		**(२३,५०,९६)**
चालु वर्षको कर	-		-	
स्थगन कर	४६,०९,९७		(९९,०७)	
करपछिको नाफा		**९,२०,००**		**(२४,५०,०३)**
विगत वर्षको नोक्सानी	(२,३१,६१,९७)		(१,६४,७५,८६)	
विगत वर्षको समायोजन	२,६३,३७		(४२,३६,०८)	
कुल सञ्चित नाफा/नोक्सान		**(२,१९,७८,६०)**		**(२,३१,६१,९७)**

कम्पनीको करअघिको नाफा रु.३६ करोड ८९ लाख ९७ हजारले ऋणात्मक रहेको छ। जसमा धनात्मक स्थगन कर रु.४६ करोड ९ लाख ९७ हजार जोड्दा करपछिको नाफा रु.९ करोड २० लाख हुन गएको छ। उक्त नाफामा विगत वर्षको नोक्सानी रु.२ अर्ब ३१ करोड ६१ लाख ९७ हजार र विगत वर्षको खर्च समायोजन रु.२ करोड ६३ लाख ३७ हजार (धनात्मक) समेत कुल सञ्चित नोक्सानी रु.२ अर्ब १९ करोड ७८ लाख ६० हजार रहेको छ। यसरी नेपाल सरकारबाट अनुदान प्राप्त गरे तापनि कम्पनी नोक्सानीमा रहेको देखिन्छ। कर्मचारीको अवकाश कोषमा गत वर्ष रु.२ करोड ९९ लाख ८२ हजार व्यवस्था गरेकोमा यो वर्ष रु.५५ करोड ८ लाख ५५ हजार व्यवस्था गरेको छ। यसरी कर्मचारी दायित्व प्रत्येक वर्ष बढदै जाने तर कम्पनीको कार्यसम्पादन हरेक वर्ष कमजोर हुँदै जाँदा दीर्घकालीन सञ्चालनमा देखापर्ने जोखिम न्यूनिकरण गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

३. **बिक्री आय** - कम्पनीले गत वर्ष पानी बिक्रीबाट रु.८७ करोड ५९ लाख १० हजार आम्दानी गरेकोमा यो वर्ष १० प्रतिशतले वृद्धि भई रु.९६ करोड ५१ लाख ६ हजार आम्दानी गरेको छ। कम्पनीले सबै

धाराहरूको मिटर रिडिङ्ग गरेको पाइएन। अधिकांश धाराहरूको मिटर रिडिङ्गबिना न्यूनतम महसुल रकमको बिलिङ्ग हुने गरेको पाइयो। सम्पुर्ण धाराहरूको मिटर रिडिङ्ग गरी महसुल असुल गर्नुपर्दछ।

४. **धारा संख्या** - कम्पनीको प्रणालीअनुसार ८६ हजार ९४० धारा रहेकोमा मिटर रिडिङ्गबाट प्राप्त तथ्याङ्कअनुसार ७६ हजार ३५१ धारा रहेका छन। प्रणाली र मिटर रिडिङ्गअनुसार फरक परेको १० हजार ५८९ धाराको कारणले कम्पनीको आम्दानी र बक्यौता रकम यथार्थपरक नहुने हुदाँ धाराको विवरण अद्यावधिक गरी आय वृद्धितर्फ ध्यान दिनुपर्दछ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

साझा प्रकाशन सहकारी संस्था लिमिटेड (२०७७।७८)

भाषा-साहित्य, वाङ्मय र शिक्षाको विकास गर्ने उद्देश्यले साझा प्रकाशनको स्थापना २०२१ मा भएको हो। संस्थामा राष्ट्रिय सहकारी बोर्डको ६० प्रतिशत र साहित्यकार, बुद्धिजिवी, कलाकारसमेत स्रष्टाको ४० प्रतिशत सेयर स्वामित्व रहेको छ।

१. **वित्तीय स्थिति -** संस्थाको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**३१ आषाढ, २०७८**		**३१ आषाढ, २०७७**	
सेयर पुँजी	७७,१२		७६,७९	
साधारण जगेडा तथा अन्य कोष	३,१२,०९		३,१२,०८	
सञ्चित नाफा/(नोक्सानी)	(४६,७१,२१)		(४१,७७,७७)	
व्यापारीक तथा अन्य भुक्तानी गर्नुपर्ने	८०,३३,३६		८३,१०,४३	
व्यवस्था	४,३७,९७		४,३७,९७	
पुँजी तथा दायित्व		**४१,८९,३३**		**४९,५९,५०**
स्थिर सम्पत्ति	६,५४,२३		६,६९,९४	
लगानी	१,९७		१,९७	
जिन्सी मौज्दात	१६,०३,६०		१६,३१,५१	
व्यापारिक र अन्य प्राप्य	१,३८,३५		१,३५,६३	
नगद र बैङ्क मौज्दात	१,३६,०२		८,७१,११	
पेस्की, सापटी तथा अग्रिम भुक्तानी	१६,५५,१६		१६,४९,३४	
सम्पत्ति		**४१,८९,३३**		**४९,५९,५०**

संस्थाको व्यापारीक तथा अन्य भुक्तानी गर्नुपर्ने रु.८० करोड ३३ लाखमध्ये अर्थ मन्त्रालयबाट प्राप्त कर्जा रु.३८ करोड ४७ लाख, विविध साहु रु.२० करोड, अनुदान कोष रु.९ करोड, तिर्न बाँकी ब्याज रु.५ करोड ५६ लाख, तिर्न बाँकी रोयल्टी रु.२ करोड २२ लाख र अन्य दायित्व रु.५ करोड ८ लाख रहेको छ।

२. **सञ्चालन नतिजा -** संस्थाको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	**२०७७।७८**		**२०७६।७७**	
बिक्रीको आम्दानी	२,०५,३०		२,९७,२०	
बिक्रीको लागत	(८४,४७)		(१६,४३)	
कुल नाफा		**१,२०,८३**		**२,८०,७७**
अन्य आम्दानी	३,७९		४,९७	
कर्मचारी खर्च	(३,२८,३४)		(४,५३,५५)	
प्रशासनिक खर्च	(७७,२२)		(४२,४०)	
वितरण खर्च	(१,१९)		(३,६१)	
सञ्चालन नाफा/नोक्सान		**(२,८२,१३)**		**(२,१३,८२)**
ब्याज खर्च	(१,९२,३५)		(१,९२,७०)	
ह्रास खर्च	(१८,९६)		(२१,२९)	
बाँडफाँटको लागि उपलब्ध नाफा		**(४,९३,४४)**		**(४,२७,८१)**

३. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको स्वामित्व भएको संस्थामा नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार प्रतिवेदन तयार गर्नुपर्नेमा संस्थाले सोअनुसार वित्तीय विवरण तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना हुनुपर्दछ।

४. **निर्माणाधीन सम्पत्ति -** संस्थाले निर्माणाधीन भवनमा रु.४ करोड २० लाख खर्च गरेकोमा सो निर्माण सम्बन्धी सम्झौता र बिल पेश गरेको छैन। उक्त निर्माणाधीन संरचनामा वर्षाले असर गरिरहेकोले क्षति हुने अवस्थामा रहेको छ। यसको वास्तविक मूल्यका लागि अवमूल्यन परीक्षण आवश्यक देखिन्छ। अवमूल्यन परीक्षण गर्दा वित्तीय विवरणमा देखाइएको मूल्य तथा नाफा वा नोक्सानमा फरक पर्ने देखिन्छ।

५. **बक्यौता -** संस्थाको पेस्की तथा अग्रिम भुक्तानीमा रु.१६ करोड ५५ लाख समावेश रहेकोमा सोमध्ये जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडसँग रु.१३ करोड १३ लाख विगत वर्षदेखि लिन बाँकी रहेको छ। सो उठ्न बाँकी रकमको समर्थन प्रमाण उपलब्ध नभएको र विगत लामो अवधि देखि बाँकी रहेकोले यकिन गरी असुल गर्नुपर्दछ।

६. **मूल्य अभिबृद्धि कर -** संस्थाको वित्तीय विवरणमा मूल्य अभिवृद्धि कर फिर्ता पाउनुपर्ने रु.२ करोड ६२ लाख रहेकोमा आषाढ महिनाको मूल्य अभिवृद्धि कर प्रतिवेदनमा रु.४२ लाख मात्र देखाएकाले रु.२ करोड २० लाख फरक परेको छ। वित्तीय विवरण र प्रतिवेदनबिच हिसाव मिलान हुनुपर्दछ।

७. **कर विवरण -** संस्थाको २०६८।६९ देखि २०७६।७७ सम्मको वित्तीय विवरणको लेखापरीक्षण भए तापनि कर विवरण पेस गरेको छैन। आन्तरिक राजस्व विभागको कर पोर्टलमा मूल्य अभिवृद्धि कर रु.१ करोड ३९ लाख र आयकर रु.१ करोड १३ लाख बक्यौता रहेकोमा सोको व्यवस्थासमेत गरेको छैन।

८. **संस्थाको निरन्तरता -** संस्थाको सेयर पुँजी रु.७७ लाख रहेकोमा सञ्चित नोक्सानी रु.४६ करोड ७१ लाख (६१ गुणा बढी) पुगेको देखिँदा संस्थाको निरन्तरताका विषयमा समेत पुनरावलोकन भएको छैन। कार्ययोजना बनाएर मात्र संस्था सञ्चालन गर्नुपर्दछ।

साझा भण्डार सहकारी संस्था लिमिटेड

सदस्यहरूबिच आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले संस्थाको स्थापना २०२१ मा भएको हो। मूलतः सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप देशका सर्वसाधारण उपभोक्ताहरूलाई दैनिक उपभोग्य वस्तु, निर्माण सामग्री, पेट्रोलियम पदार्थलगायतका वस्तुहरू उचित मूल्यमा सर्वसुलभ तरिकाले उपलब्ध गराउने उद्देश्यले तत्कालिन साझा केन्द्र हालको राष्ट्रिय सहकारी विकास वोर्डको सेयर लगानीमा यस संस्थाको स्थापना भएको हो। संस्थामा राष्ट्रिय सहकारी विकास बोर्डको ५७.५७ प्रतिशत र अन्य निकाय तथा सर्वसाधारणको ४२.४३ प्रतिशत सेयर लगानी रहेको छ।

१. **वित्तीय स्थिति -** संस्थाको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सम्पत्ति तथा जायजेथा				
स्थिर सम्पत्ति	१०,६९		११,७७	

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
लगानी	१४,९६		१४,९६	
चालु सम्पत्ति				
नगद तथा बैङ्क मौज्दात	८,७३		५,६४	
जिन्सी मौज्दात	४०		१५,२०	
आसामी, पेस्की तथा धरौटी हिसाब	२,४७,५५		२,४२,७८	
कुल सम्पत्ति		**२,८२,३३**		**२,९०,३५**
पुँजी तथा दायित्व				
सेयर पुँजी	३५,२५		३५,२५	
साधारण जगेडा तथा अन्य कोषहरू	(५६,२९)		(६६,५५)	
चालु दायित्व तथा व्यवस्था	३,०३,३७		३,२१,६५	
कुल पुँजी तथा दायित्व		**२,८२,३३**		**२,९०,३५**

२. **सञ्चालन नतिजा -** संस्थाको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
आम्दानी				
बिक्री आम्दानी		**१९,८१**		**२६,१६,४६**
बिक्रीको लागत	१९,५१		२५,३३,२०	
जर्ती नोक्सानी	२५		२६,१८	
कुल बिक्री लागत		**१९,७६**		**२५,५९,३८**
खुद सञ्चालन आम्दानी/(नोक्सानी)		**५**		**५७,०८**
अन्य व्यावसायिक आम्दानी	१,००,७८		१,२४,८५	
कुल आम्दानी		**१,००,८३**		**१,८१,९३**
कर्मचारी खर्च	३२,५७		६६,८६	
प्रशासकीय खर्च	४३,३८		६८,८९	
ह्रासकट्टी खर्च	१,१३		१,३५	
पम्प सञ्चालन मुनाफा भुक्तानी खर्च	-		३५,९९	
कुल खर्च		**७७,०८**		**१,७३,०९**
आयकर अघिको खुद नाफा/(नोक्सान)		**२३,७५**		**८,८४**

संस्थाले गतवर्ष एक पेट्रोल पम्प भाडामा लिई सञ्चालन गरेकोमा यो वर्ष उक्त व्यवसाय बन्द भई सोसँग सम्बन्धित आम्दानी तथा खर्च घट्न गएको छ।

३. **बक्यौता -** बक्यौता, पेस्की र धरौटीमा रु.२ करोड ४८ लाख मौज्दात रहेकोमा उक्त रकम सम्पत्ति तथा जायजेथाको ८८ प्रतिशत रहेको छ।

४. **कानुनको पालना -** सहकारी ऐन, २०७४ को दफा ३९ मा साधारण सभा सम्बन्धी व्यवस्था छ। संस्थाले २०७६ देखि वार्षिक साधारण सभा गरेको छैन। व्यवस्थापनले सहकारी ऐनको दफा ७३ अनुसार रजिस्ट्रार कार्यालयमा प्रतिवेदन पेस नगरेकोले कानुनको पालना गरेको देखिएन। कानुनको परिपालना हुनुपर्दछ।

साझा यातायात सहकारी संस्था लिमिटेड

सर्वसाधारण जनतामा सस्तो, सुलभ र भरपर्दो, जनप्रिय, विश्वसनीय यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले सहकारी संस्था ऐन, २०१६ बमोजिम २०१८ मा संस्थाको स्थापना भएको हो। संस्थाले ७१ डिजेल र ४० विद्युतीय बससमेत १११ बसबाट काठमाडौं उपत्यकाका ७ रुटहरू र उपत्यका बाहिरका लामो दुरीअन्तर्गत बागलुङ्ग र बेनीसम्म ४ डिलक्स बसको माध्यमबाट रात्री बस सेवा सञ्चालन गरी रहेको छ। साझा यातायातको कुल रु.३ अर्ब ५४ करोड सेयर लगानीमध्ये नेपाल सरकारको ९२.१८ प्रतिशत, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, गोदावरी र महालक्ष्मी नगरपालिकाको ७.७० प्रतिशत, अन्य संस्था र सर्वसाधारणको ०.१२ प्रतिशत सेयर लगानी रहेको छ।

१. **वित्तीय स्थिति -** संस्थाको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
स्थिर सम्पत्ति (खुद)	७०,३३,०७		७६,३४,९०	
लगानी	३,४६,८०,३०		३,३०,३३,१६	
आसामी तथा पेस्की	१,४४,२९		२,५०,६६	
धरौटी	२६		२६	
अग्रिम आयकर	१६,६५,८३		१२,८७,२३	
नगद तथा बैङ्क मौज्दात	५,९१,७९		१४,७३,३५	
कुल सम्पत्ति		**४,४१,१५,५४**		**४,३६,७९,५६**
सेयर पुँजी	३,५३,८३,४७		३,५३,८३,४७	
कोषहरू	६५,५५,०९		५७,२३,०३	
स्थगित आय	१३,०१,२६		१३,२७,६४	
सेयरधनी कोष		**४,३२,३९,८२**		**४,२४,३४,१४**
स्थगन कर दायित्व	४,५२,२८		३,९३,४४	
विविध साहु	२,१४,५७		१,६९,२३	
अग्रिम प्राप्ति	५,४७		५,४२	
अन्य दायित्व तथा व्यवस्था	२,०३,४०		६,७७,३३	
कुल दायित्व		**८,७५,७२**		**१२,४५,४२**
कुल पुँजी तथा दायित्व		**४,४१,१५,५४**		**४,३६,७९,५६**

२. **सञ्चालन नतिजा -** संस्थाको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बस सञ्चालन आम्दानी	२३,७५,८६		२१,८२,३०	
बस सञ्चालन खर्च	(३४,७७,१२)		(३०,८७,५१)	
बसको ह्रासकट्टी खर्च	(६,२३,६५)		(५,४७,७२)	
कुल नाफा/(नोक्सान)		**(१७,२४,९१)**		**(१४,५२,९३)**
बहाल, विज्ञापन, लगानी तथा अन्य आम्दानी	३०,३१,१६		३९,१७,०५	
जम्मा		**१३,०६,२५**		**२४,६४,१२**
कर्मचारी खर्च	(१,७८,५४)		(१,३९,९२)	
प्रशासनिक खर्च	(१,५७,४८)		(१,३०,१४)	

विवरण	२०८०।८१		२०७९।८०	
ह्रासकट्टी खर्च	(४१,५१)		(३३,६२)	
आयकर अघिको नाफा/(नोक्सान)		**९,२८,७२**		**२१,६०,४४**
आयकर खर्च	(१,२३,०२)		(३,४१,९६)	
खुद नाफा/(नोक्सानी)		**८,०५,७०**		**१८,१८,४८**

बस सञ्चालनतर्फ गत वर्ष रु.२१ करोड ८२ लाख आम्दानी रहेकोमा यो वर्ष रु.२३ करोड ७६ लाख रहेको छ। त्यस्तै बस सञ्चालन खर्च गत वर्ष रु.३६ करोड ३५ लाख रहेकोमा यस वर्ष रु.४१ करोड १ लाख रहेको छ। सञ्चालन आम्दानी भन्दा सञ्चालन खर्च ७३ प्रतिशत बढी भएकाले मुख्य व्यवसायको रुपमा रहेको बस सेवाको आम्दानीले बस सञ्चालन खर्चसमेत धानेको देखिएन। संस्थाले बस सञ्चालन आम्दानी बढाउन र खर्च घटाउन पहल गर्नुपर्दछ।

३. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको स्वामित्व भएको संस्थामा नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय प्रतिवेदन तयार गर्नुपर्नेमा संस्थाको वित्तीय विवरण सोअनुसार तयार गरेको छैन। नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना हुनुपर्दछ।

४. **स्थिर सम्पत्ति -** नेपाल लेखामान-१६ (जायजेथा, संयन्त्र तथा उपकरण) अनुसार सम्पत्तिको उपयोगिता, आयु र अवशिष्ट मूल्यको आधारमा ह्रास दर निर्धारण नगरेको र सम्पत्तिको एकाइलाई छुट्टाछुट्टै रुपमा ह्रास कट्टी गरेको छैन। विगत लामो समयदेखि स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरेको कारण स्थिर सम्पत्तिको वास्तविक अवस्था यकिन गर्न सक्ने अवस्था छैन। नेपाल लेखामान -३६ सम्पत्तिको क्षयीकरण अनुसार संस्थाले वार्षिक रुपमा सम्पत्तिको क्षयीकरण परिक्षण नगरेको र सोको आधारमा सम्पत्तिमा हुन सक्ने नोक्सानी गणना तथा व्यवस्था समेत गरेको छैन। नियमको परिपालना हुनुपर्दछ।

५. **जग्गा अभिलेखाङ्कन -** संस्थाले विगत वर्षहरूमा हस्तान्तरण भई आएको २२ रोपनी जग्गा लेखाङ्कन नगरेकाले संस्थाको सम्पत्ति न्यून देखिएको छ। नेपाल वित्तीय प्रतिवेदनमानअनुसार उक्त जग्गालाई उचित मूल्य वा लागत मूल्यमा वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्दछ।

६. **बक्यौता -** चार फर्मका रु.४९ लाख ८५ हजार विगत देखिका बक्यौता रहेकोमा संस्थाले असुल नगरेको र सो असुल हुन नसकेको रकममा आवश्यक व्यवस्था समेत गरेको छैन। बक्यौता रकम असुल गर्नुपर्दछ।

७. **न्यून आम्दानी -** संस्थाको नाममा रहेको एक भवनको पहिलो तल्ला २०८० श्रावण देखि भाडामा नलागी खाली नै रहेको छ। उक्त तलाको यस अघि प्रति महिना रु.९ लाख ९८ हजार भाडा रहेकोमा सोअनुसार वार्षिक रु.१ करोड २० लाख बराबरको संस्थाको सम्भावित आम्दानी गुमेको छ।

८. **लाभका क्षेत्रहरू -** संस्थाको सेयर पुँजी यो वर्ष रु.३ अर्ब ५३ करोड ८३ लाख रहेकोमा मुद्दती खातामा लगानी रु.३ अर्ब ४६ करोड ७५ लाख रहेको छ। संस्थाले कार्ययोजना बनाई थप लगानीका क्षेत्रहरू पहिचान गरी लाभ हासिल गर्नुपर्दछ।

साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

जनसाधारणको स्वास्थ्य प्रति सचेत रहि औषधी क्षेत्रमा सहज, सरल, सुपथ र सुलभ रूपमा सेवा पुऱ्याउने उद्देश्यले २०२१।३।३ मा स्थापित यस संस्थाले सहकारी तथा केही निजी अस्पताल परिसरभित्र २८ बिक्री

कक्षबाट जीवन रक्षक, मनोद्विपक औषधीलगायतका अत्यावश्क औषधी र स्वास्थ्य सामग्री बिक्री गर्दै आइरहेको छ। संस्थामा सहकारी विकास बोर्डको ५८ प्रतिशत र विभिन्न सङ्घ संस्था र सर्वसाधारणको ४२ प्रतिशत सेयर स्वामित्व रहेको छ। संस्थामा स्थायी र करारसमेत ११८ कर्मचारी कार्यरत रहेका छन्।

१. **वित्तीय स्थिति -** संस्थाको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण		३१ आषाढ २०८१		३१ आषाढ २०८०
सम्पत्ति				
सम्पत्ति, जायजेथा र उपकरण	७,०९,१८		७,१४,८२	
लगानी	१,५१		१,५१	
कुल गैर चालु सम्पत्ति		**७,१०,६९**		**७,१६,३३**
नगद तथा बैङ्क मौज्दात	४,०५,६१		१,८३,९३	
आसामी	१३,९७,०९		१२,८९,२५	
जिन्सी मौज्दात	१०,३५,३२		८,६०,७२	
अग्रिम भुक्तानी, पेस्की र धरौटी	५,२९,५९		५,९४,५३	
स्थगन कर सम्पत्ति	१,०८,५३		६२,१६	
कुल चालु सम्पत्ति		**३४,७६,१४**		**२९,९०,५९**
सञ्चित नोक्सानी		**१४,५२,४४**		**१६,६०,६७**
कुल सम्पत्ति		**५६,३९,२७**		**५३,६७,५९**
पुँजी तथा दायित्व				
सेयर पुँजी	१५,७९		१५,८९	
जगेडा कोष	८,८१,३३		८,८१,३३	
चालु दायित्त्व तथा व्यवस्था	४७,४२,१५		४४,७०,३७	
कुल पुँजी तथा दायित्व		**५६,३९,२७**		**५३,६७,५९**

संस्थाले सञ्चित नोक्सानी रु.१४ करोड ५२ लाख ४४ हजार सम्पत्तितर्फ प्रस्तुत गर्दा वासलातले सञ्चित नोक्सानीको दोब्बर वरावरले बढि सम्पत्ति तथा दायित्व देखाएको छ।

२. **सञ्चालन नतिजा -** संस्थाको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
सञ्चालन आय				
औषधी बिक्री आम्दानी	६६,८९,२२		५५,००,१६	
बिक्रीको लागत	५०,५२,६३		४१,८१,३४	
कुल नाफा		**१६,३६,५९**		**१३,१८,८२**
अन्य आम्दानी	२,७८,०५		२,४५,१३	
कुल सञ्चालन आम्दानी		**१९,१४,६४**		**१५,६३,९५**
बिक्री वितरण खर्च	९६		१,२४	
प्रशासनिक खर्च	१७,०८,१२		१५,०७,९९	
वित्तीय खर्च	५		२९	
ह्रास कट्टी	१६,४१		१८,७६	
आयकर अघिको मुनाफा		**१,८९,१०**		**३५,६७**
यस वर्षको आयकर	-		-	

विवरण	२०८०।८१		२०७९।८०	
स्थगन कर खर्च/(आम्दानी)	(४६,३७)		(१९,८९)	
विगत वर्षका कर	२७,२४		१०,७३	
खुद नाफा/(नोक्सान)		**२,०८,२३**		**४४,८३**

३. **वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको स्वामित्व भएका संस्थाहरूलाई २०७३।७४ देखि नेपाल वित्तीय प्रतिवेदन मान लागु गरेकोमा संस्थाले सोबमोजिम वित्तीय विवरण तयार गरेको छैन।

४. **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु.२५ लाखसम्मको औषधी सोझै खरिद, नियम ८४(१क) बमोजिम रु.५० लाखसम्मको खरिद सिलबन्दीबाट, रु.५० लाखभन्दा बढीको खरिद गर्नु परेमा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ। संस्थाले गत वर्ष रु.४३ करोड ५ लाख ४७ हजार र यो वर्ष रु.५२ करोड १६ लाख ९९ हजारको औषधी सोझै खरिद गरेको छ। सार्वजनिक खरिद ऐन तथा नियमको पालना गरी मितव्ययी तवरले औषधी खरिद गर्नुपर्दछ।

५. **बैङ्क हिसाब मिलान -** संस्थाको बैङ्क मौज्दात रु.३ करोड ७८ लाख ७४ हजारमध्ये ११ बैङ्कको रु.३ करोड ३८ लाख ३४ हजारको मात्र बैङ्क हिसाब भिडान भएको देखिन्छ। बाँकी रु.४० लाख ४० हजारको बैङ्क हिसाब भिडान गर्न आवश्यक कारबाही हुनुपर्दछ।

६. **आसामी -** संस्थाको यो वर्ष आसामी रु.१३ करोड ९७ लाख ९ हजार रहेको छ। अधिकांश आसामीको मौज्दात अस्तित्वमा नरहेको र विगत वर्षदेखि जिम्मेवारी सर्दै आएको छ। संस्थाले उठाउन बाँकी उक्त आसामी रकम आवश्यक कारबाही गरी असुलउपर गर्नुपर्दछ।

७. **पेस्की -** संस्थाको कर्मचारी तथा आर्थिक प्रशासन नियमवाली, २०५४ को नियम ४१ बमोजिम पछि हिसाब फर्स्यौंट गर्ने गरी पेस्की उपलब्ध गराउने र नियम ४२ मा भ्रमणबाट फर्किएको ७ दिनभित्र बिल भरपाई पेश गरी फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। संस्थाको यो वर्षको अन्त्यसम्ममा कर्मचारी पेस्की रु.३८ लाख ७३ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। संस्थामा हाल कार्यरत नभएका कर्मचारीहरूको समेत पेस्की रकम फर्स्यौंट नभई हरेक वर्ष जिम्मेवारी सर्दै आएको छ। उक्त पेस्की नियमानुसार फर्स्यौंट गर्नुपर्दछ।

८. **घर बहाल -** संस्थाले घर बहाल सम्झौताअनुसार बहाल रकम असुली गर्नुपर्दछ। संस्थाको यो वर्षको अन्त्यसम्म रु.२ करोड ८८ लाख १० हजार घरभाडा असुल गर्न बाँकी रहेको छ। सो मध्ये हाल बहालमा रहेकाबाट रु.१ करोड ८ लाख ८५ हजार उठाउन बाँकी रहेको छ। सम्झौताअनुसार बाँकी रकम असुल गर्नुपर्दछ।

९. **शाखा हिसाब -** संस्थाले तोकिएको समयमा अन्तरशाखा हिसाब मिलान गरी वित्तीय विवरण तयार गर्नुपर्दछ। यो वर्ष अन्तरशाखा लिनुपर्ने (डेबिट) रु.३ अर्ब ४८ करोड १२ लाख ८ हजार र दिनुपर्ने (क्रेडिट) रु.३ अर्ब ५२ करोड ९८ लाख ३२ हजार रहेकोले खुद अन्तरशाखा हिसाब रु.४ करोड ८६ लाख २४ हजार दिनुपर्ने देखिएको छ। उक्त फरक रकम मिलान गर्नुपर्दछ।

वन तथा वातावरण मन्त्रालय

जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

स्वदेशी जडीबुटी सङ्कलन, उत्पादन तथा प्रशोधन गरी बहुउपयोगी औषधी उत्पादन गर्न, जडीबुटीको खेती विस्तार गरी स्वदेशी उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउने, आयात प्रतिस्थापन गरी प्रशोधित जडीबुटीजन्य औषधीको निर्यात गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने र कृषकलाई अभिप्रेरित गरी खेती विस्तारमा वृद्धि गराई आयस्रोत बढाउने उद्देश्यले कम्पनी ऐन, २०२१ अन्तर्गत २०३८ सालमा यस कम्पनीको स्थापना भएको हो। कम्पनीमा महालेखा नियन्त्रक कार्यालयको ८०.७३ प्रतिशत, वन पैदावार विकास समिति र नेपाल औषधी लिमिटेडको ६.७५ प्रतिशत, कृषि विकास बैङ्कको २.८९ प्रतिशत र सर्वसाधारणको ९.६३ प्रतिशत सेयर स्वामित्व रहने उल्लेख भएकोमा हालसम्म सर्वसाधारणमा सेयर जारी गरेको छैन।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	३१ आषाढ, २०८१		३१ आषाढ, २०८०	
सेयर पुँजी	२,७५,१७		२,७५,१७	
अग्रिम सेयर पुँजी	११,५५,५४		११,५५,५४	
सञ्चित नाफा/नोक्सान	२२,४१,१९		२७,०७,३२	
पुँजीगत अनुदान	१,५६		१,६५	
मध्यम तथा दीर्घकालीन ऋण	२४,९३,४८		१२,९३,४९	
कुल पुँजी तथा ऋण		**६१,६६,९४**		**५४,३३,१७**
स्थिर सम्पत्ति	१६,८०,६६		१६,८०,०८	
लगानी	३०,००,००		२२,००,००	
कुल अचल सम्पत्ति		**४६,८०,६६**		**३८,८०,०८**
जिन्सी मौज्दात	२३,२८,३७		२१,०४,६७	
व्यापारिक तथा अन्य प्राप्य रकम	२५		२५	
नगद र बैङ्क मौज्दात	७,९६,२१		१०,५९,४१	
उपदान कोष	५,५४,५७		५,९८,५५	
अग्रिम भुक्तानी, पेस्की, सापटी धरौटी	१४,१४,५७		१३,३०,८९	
कुल चालु सम्पत्ति	**५०,९३,९७**		**५०,९३,७७**	
न्यूनः चालु दायित्व र व्यवस्था				
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने दायित्व	४,९८,५४		३,६२,७३	
भुक्तानी गर्नुपर्ने दीर्घकालीन ऋण तथा ब्याजको व्यवस्था	१०,६८,९७		९,६८,७९	
उपदान तथा औषधी उपचार व्यवस्था	११,४२,६१		१३,११,५९	
आयकर व्यवस्था	८,८५,६१		८,८५,६१	
बोनस व्यवस्था	११,९६		११,९६	
जम्मा चालु दायित्व र व्यवस्था	**३६,०७,६९**		**३५,४०,६८**	
खुद चालु सम्पत्ति		**१४,८६,२८**		**१५,५३,०९**
कुल सम्पत्ति		**६१,६६,९४**		**५४,३३,१७**

नेपाल सरकारको २०५१।५।१३ को निर्णयानुसार खारेजीमा परेका जडीबुटी फर्म र कार्यालयको समितिबाट मूल्याङ्कन भएअनुसार जडीबुटी तथ्याङ्क सङ्कलन कार्यालय, महेन्द्रनगरको रु.२० लाख, जडिबुटी संरक्षण तथा प्रयोगशाला, नेपालगञ्जको रु.३५ लाख र जडीबुटी उद्यान, तरहराको रु.१ करोडसमेत रु.१ करोड ५५ लाखको जायजेथा बेचबिखन गर्न नपाउने सर्तमा नेपाल सरकारको सेयर लगानी गर्ने निर्णय भई कम्पनीले भोगचलन गर्दै आएको र अर्थ मन्त्रालयबाट समेत हिसाब मिलान गरी महालेखा नियन्त्रक कार्यालयको नाममा अग्रिम सेयर पुँजी विगत वर्ष देखि नै जिम्मेवारी कायम गर्दै आएको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

विवरण	२०८०।८१		२०७९।८०	
बिक्री आम्दानी	१४,११,८१		१६,१५,६१	
बिक्री लागत	(१२,२४,२२)		(११,८५,९०)	
कुल नाफा		**१,८७,५९**		**४,२९,७१**
अन्य व्यावसायिक आम्दानी	१,८३		१८,२३	
वितरण खर्च	०		(२,१७)	
प्रशासनिक खर्च	(८,१२,९३)		(५,३७,३१)	
ब्याज खर्च	(१,००,१८)		(६९,६१)	
ह्रास खर्च	(१,६६,८६)		(१,७९,३४)	
सञ्चालनबाट नाफा		**(८,९०,५५)**		**(३,४०,४९)**
उपदान तथा औषधी व्यवस्था फिर्ता	१,६८,९८		०	
अन्य लगानीबाट प्राप्त आम्दानी	२,५५,४३		३,०७,६९	
उपदान तथा औषधी व्यवस्था	०		२,५१,५९	
बोनस तथा आयकर कट्टी पूर्वको नाफा		**(४,६६,१४)**		**(२,८४,३९)**
गत वर्षसम्मको नाफा/नोक्सान	२७,०७,३२		२९,९१,७१	
यस वर्षसम्मको नाफा/नोक्सान		**२२,४१,१८**		**२७,०७,३२**

३. **नेपाल वित्तीय प्रतिवेदनमान -** नेपाल सरकारको स्वामित्व भएको संस्थामा नेपाल लेखामान तथा नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्नुपर्नेमा कम्पनीले सोअनुसार वित्तीय विवरण तयार गरेको छैन। वित्तीय प्रतिवेदनमानको पालना गरी वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **कर्मचारी सुविधा -** नेपाल लेखामान १९ मा उल्लिखित कर्मचारी सुविधा अनुसार उपदान लगायतका सेवा निवृत्त पश्चातका सुविधाहरू बीमाङ्कीय मूल्याङ्कन गरी कायम गर्नुपर्नेमा कम्पनीले त्यस्तो मूल्याङ्कन बेगर उपदान तथा औषधी उपचारमा रु.११ करोड ४३ लाख व्यवस्था गरेको छ। यसरी सम्पत्तिले नखाम्ने गरी दायित्व सिर्जना गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

५. **जिन्सी मौज्दात -** नेपाल लेखामान-२ अनुसार जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा खुद प्राप्य मूल्य वा लागत मूल्यमध्येको न्यून मूल्यमा मापन गर्नुपर्नेमा। कम्पनीको जिन्सी मौज्दात रु.२३ करोड २८ लाखको मूल्याङ्कन गर्दा लागत मूल्यमा मात्र मापन गरेको छ। नेपाल लेखामानको परिपालना गर्नुपर्दछ।

६. **ट्रेडमार्क -** कम्पनीले वस्तु उत्पादन गर्ने क्रममा विभिन्न जडीबुटी उत्पादन गर्ने सुत्र तथा बौद्धिक ज्ञान सम्पत्तिको रुपमा सन्चो बामको लोगो विकास गरेको छ। सो लोगो रीतपूर्वक दर्ता गरी कानुनी अधिकार सिर्जना नगरेकोले रोयल्टी जस्ता लाभबाट कम्पनी विमुख भएको छ।

७. **ऋण दायित्व तथा कर -** कम्पनीले एसियाली विकास बैङ्क र नेपाल सरकारबाट प्राप्त ऋण रु.२४ करोड ९३ लाखको तिर्नुपर्ने ब्याज व्यवस्था रु. १० करोड ६९ लाख र विगत वर्षको आयकर व्यवस्था रु.८ करोड ८६ लाख गरेकोमा सरकारलाई तिर्नुपर्ने ब्याज तथा कर दायित्व भुक्तानी गरेको छैन। कार्यतालिका अनुसार साँवाको किस्ता तथा ब्याज भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)

साविकमा दूरसञ्चार संस्थानको नामबाट दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएकोमा २०६१।१।१ देखि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा परिणत भई कम्पनीले दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको छ। कम्पनीमा नेपाल सरकारको ९१.५० प्रतिशत, नागरिक लगानी कोषको ०.०३ प्रतिशत एवम् सर्वसाधारणको ८.४७ प्रतिशत सेयर स्वामित्व रहेको छ। कम्पनीमा ३ हजार ६७२ कर्मचारी कार्यरत रहेका छन्। कम्पनीअन्तर्गत् ७ प्रादेशिक निर्देशनालय र १६२ ग्राहक सेवा केन्द्र सञ्चालननमा रहेका छन्।

१. **वित्तीय स्थिति -** कम्पनीको वित्तीय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
अदृश्य सम्पत्ति	१,५१,२४		१,६८,२१	
जायजेथा, प्लान्ट र उपकरण	४८,३२,१३		५०,८५,९४	
सम्पत्तिको प्रयोग अधिकार	१,७६,४३		२,०४,४५	
पुँजीगत कार्य प्रगति	३,७९,००		५,४३,३४	
दीर्घकालीन ऋण लगानी तथा पेस्की	८५,२८		९८,५३	
सम्बद्ध कम्पनीमा लगानी	१,५७,६६		१,२१,६६	
सहायक कम्पनीमा लगानी	२४,८९		२४,८९	
वित्तीय सम्पत्ति				
इक्विटीमा लगानी	२१,९०		१९,००	
मुद्दती निक्षेप तथा अन्य लगानी	३,७६,३०		३,६१,२२	
ऋण लगानी	१४,१८,६०		१३,७८,७१	
कर्मचारी ऋण	३,५२,४९		३,५४,५८	
स्थगन कर सम्पत्ति	४,४१,२५		९,९१,३५	
सम्झौता लागत सम्पत्ति	३६,५२		३९,०६	
कुल गैर चालु सम्पत्ति		**८४,५३,६९**		**९३,९०,९४**
चालु सम्पत्ति				
जिन्सी मौज्दात	५२,११		७०,७६	
अग्रिम भुक्तानी तथा अन्य गैर वित्तीय सम्पत्ति	२,३८,५४		२,११,१९	
चालु कर सम्पत्ति (खुद)	४,०६,३२		१,७४,२८	
कर्मचारी ऋण	३१,५१		७,५९	
प्रोदभावी रकम, पेस्की र अन्य भुक्तानी	९८,४०		७८,१०	
आसामी बाँकी तथा अन्य पाउनुपर्ने रकम	१,५१,६०		२,०७,८२	
मुद्दती निक्षेप, ऋण लगानी तथा ऋण पत्रमा लगानी	३५,५५,५४		५२,९१,०७	
नगद र नगद सरह	४,२५,२७		५,४१,०१	
कुल चालु सम्पत्ति		**४९,५९,२९**		**६५,८१,८२**
कुल सम्पत्ति		**१,३४,१२,९८**		**१,५९,७२,७६**
पुँजी तथा दायित्व				

विवरण	३१ आषाढ २०८१		३१ आषाढ २०८०	
सेयर पुँजी	१८,००,००		१८,००,००	
सञ्चित मुनाफा	७५,९०,७१		७५,६५,१३	
कुल पुँजी		**९३,९०,७१**		**९३,६५,१३**
गैर चालु दायित्व				
अवकाशपछिको सुविधा	१८,१८,७८		२२,८१,०६	
स्थगन सरकारी अनुदान	१,६६,४४		१,५३,३४	
ग्राहक धरौटी	६,००		५,८७	
पट्टा लिज दायित्व	१,८०,७५		१,८४,२७	
कुल गैर चालु दायित्व		**२१,७१,९७**		**२६,२४,५४**
चालु दायित्व तथा व्यवस्था				
पट्टा लिज दायित्व	२७,००		४४,१८	
चालु दायित्व	१०,४८,२८		१२,८९,२४	
व्यापारिक भुक्तानी योग्य	६२,७५		२,६६,५५	
व्यवस्था	२५,२९		१६,७६,४४	
अन्य गैर वित्तीय दायित्व	६,८६,९८		७,०७,५९	
कुल चालु दायित्व र व्यवस्था		**१८,५०,३०**		**३९,८४,०१**
कुल पुँजी तथा दायित्व		**१,३४,१२,९८**		**१,५९,७३,६७**

कम्पनीको मुद्दती निक्षेप तथा ऋणपत्रमा लगानी गत वर्षको तुलनामा ३२.८ प्रतिशतले ह्रास आई यो वर्ष रु.३५ अर्ब ५५ करोड ५४ लाख रहेको छ। त्यसैगरी व्यवस्था दायित्व गत वर्ष रु.१६ अर्ब ७६ करोड ४४ लाख रहेकोमा यो वर्ष रु.२५ करोड २९ लाख रहेको छ।

२. **सञ्चालन नतिजा -** कम्पनीको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. लाखमा)

विवरण	२०८०।८१		२०७९।८०	
ग्राहकसँगको सम्झौताबाट प्राप्त आय	३४,५६,०३		३६,२७,१४	
वित्तीय आम्दानी	६,७८,०९		७,७९,४४	
अन्य आम्दानी	७७,५८		३७,२९	
कुल आम्दानी		**४२,११,६९**		**४४,४३,८८**
कर्मचारी सुविधा खर्च	(८,६८,६७)		(७,९५,०८)	
सञ्चालन तथा मर्मत खर्च	(६,३६,२६)		(७,६३,०६)	
बिक्री सञ्जाल, बजारीकरण तथा प्रवर्धन खर्च	(२८,१३)		(२६,१३)	
कार्यालय सञ्चालन खर्च	(१,२९,७७)		(१,३१,२१)	
नियामक दस्तुर, शुल्क तथा नवीकरण दस्तुर	(७,३१,७५)		(७,७७,६२)	
सटही दरबाट नोक्सान (नाफा)	९,८०		२०,८७	
सम्बद्ध कम्पनीमा भएको इक्विटी नोक्सानी	(२७,५२)		(३४,२७)	
ब्याज कर ह्रास र परिशोधन अघिको नाफा		**१७,९९,४०**		**१९,३७,३८**
वित्तीय खर्च	(१६,७९)		(४८,८०)	
ह्रास कट्टी	(६,०१,१२)		(५,९७,०३)	
परिशोधन खर्च	(१०३६६)		(१,०५,१५)	
क्षयीकरण (नेट अफ रिभर्सल)	४७,२३		(११,७९)	
आयकर अघिको नाफा		**११,२५,०७**		**११,७४,६२**

विवरण	२०८०।८१		२०७९।८०	
आयकर व्यवस्था				
चालु आयकर	(४,४९)		(४,५५,५५)	
स्थगन कर खर्च/आय	(४,९७,५७)		७५,७७	
यो वर्षको खुद नाफा		**६,२३,०१**		**७,९४,८४**

कम्पनीको कुल आम्दानी गत वर्ष रु.४४ अर्ब ४३ करोड ८८ लाख रहेकोमा यो वर्ष ५ प्रतिशतले ह्रास आई रु.४२ अर्ब ११ करोड ६९ लाख रहेको छ। क्षयीकरण खर्च गत वर्ष रु.११ करोड ७९ लाख रहेकोमा यो वर्ष ३०० प्रतिशतले वृद्धि भई रु.४७ करोड २३ लाख पुगेको छ। कम्पनीको खुद नाफा गत वर्ष रु.७ अर्ब ९४ करोड ८४ लाख रहेकोमा यो वर्ष २१.६१ प्रतिशतले ह्रास आई रु.६ अर्ब २३ करोड १ लाख पुगेको छ। खर्च बढ्नुका कारण पहिचान गरी सो न्यूनीकरण गर्दै नाफा बढाउन कम्पनीको व्यवस्थापनले आवश्यक कदम चाल्नुपर्दछ।

३. **वित्तीय परिसूचक** - कम्पनीको मुख्य वित्तीय सूचकाङ्क देहायअनुसार छः

क्र.सं.	अनुपात	आधार	०७८।७९	०७९।८०	०८०।८१
१	खुद नाफा	अर्ब	८.४७	७.९२	६.२३
२	इक्विटीमा लाभ	प्रतिशत	८.८९	८.४३	६.६५
३	चालु सम्पत्ति	अनुपात	१.६०	१.६५	२.६८
४	प्रति सेयर आम्दानी	रू	४७.०६	४४.००	३४.६१
५	सेयर मूल्य आम्दानी	अनुपात	१८.६८	२०.६१	२४.४१
६	कर्मचारी संख्या	संख्या	३,८१८	३,८७५	३६.७२
७	खुद नाफा	प्रतिशत	१९.०९	१७.८३	१४.७७

उल्लिखित तालिकाअनुसार खुद नाफा, इक्विटिमा लाभ, प्रति सेयर आम्दानी र खुद नाफा अघिल्लो वर्षभन्दा घटेको देखिएकोले प्रभावकारी कार्ययोजना सहित वित्तीय अवस्थामा सुधार गर्नुपर्दछ।

४. **आम्दानी** - कम्पनीको भ्वाईस सेवाको ग्राहक संख्या गत वर्षको तुलनामा ७ प्रतिशतले बढी २ करोड ३० लाख २० हजार र डाटा सेवाको ग्राहक ९ प्रतिशतले बढी २ करोड २७ लाख ३७ हजार पुगेको भए तापनि कम्पनीको कुल आम्दानी गत वर्षको तुलनामा यो वर्ष ४.७२ प्रतिशतले घटेको छ। प्रविधिको विकाससँगै डाटा सेवा प्रयोग गर्ने ग्राहकको संख्या बढ्दै गएकोले तीव्र गतिको गुणस्तरीय डाटा सेवा उपलब्ध गराउन आवश्यक प्रतिस्पर्धा गरी सेवा प्रवाहलाई सुदृढीकरण गर्नुपर्दछ। कम्पनीले प्रदान गर्ने सेवाको आय सङ्कलन निम्नानुसार घट्दो क्रममा रहेको छः

(रु. १० लाखमा)

राजस्व वर्गीकरण	२०७८।७९	२०७९।८०	२०८०।८१
स्थिर लाइन	३०,३७	२६,४८	२७,८७
सीडीएमए	८१	-	-
जीएसएम	२,८७,११	२,८२,९७	२,७८,५५
अन्तरजडान सेवा	५१,११	४४,३२	२९,९३
मूल्य अभिवृद्धि सेवा	५,७५	५,५७	५,५३
वाईम्याक्स राजस्व	३	-	-
आईपीटीभी	३३	३३	१,२०
उपकरण बिक्री	-	३,०४	२,५२

राजस्व वर्गीकरण	२०७८।७९	२०७९।८०	२०८०।८१
जम्मा	३,७९,१९	३,६२,७१	३,४५,६०

विश्वव्यापी रूपमा ओ. टी.टी. सेवामा भएको वृद्धि, अन्य इन्टरनेट सेवा प्रदायकको बढ्दो संख्या र सेवा शुल्क दर निर्धारण सम्बन्धी नियम कानुनमा भएको परिवर्तनले जी.एस.एम. सेवाबाट हुने आम्दानी गत वर्षको तुलनामा घटेको छ। इन्टरकनेक्सन सेवाको हकमा अन्तर्राष्ट्रिय सेवा प्रदायकहरूको इन्टरकनेक्सन सेवाको मागमा आएको कमीका कारण आम्दानी घट्दै गएको छ। कम्पनीले बजारको अवस्थाअनुसार प्रभावकारी व्यवसाय र बजार व्यवस्थापन रणनीति अपनाउनुपर्दछ। कम्पनीले रणनीतिक योजना तयार गरी अन्तर्राष्ट्रिय दूरसञ्चार बजारको सुक्ष्म निगरानी गर्दै घरेलु सेवाहरूलाई समेत अनुकूल बनाउन समय सापेक्ष गर्दै सुधार गर्नुपर्दछ।

५. **एक्च्युरियल मूल्याङ्कन** - अवकाशपछिको सुविधाअन्तर्गत कम्पनीले यो वर्षको एक्चुअरियल मूल्याङ्कनअनुसार निवृत्तिभरण रु.३१ अर्ब ६८ करोड र उपदान रु.१ अर्ब ९६ करोड समेत रु.३३ अर्ब ६४ करोडको दायित्व रहेकोमा परिभाषित लाभ सम्पत्तिमा आफ्नो योगदान रु.१५ अर्ब ४५ करोड पुऱ्याएको छ। कम्पनीको २०८१।१।२४ को सञ्चालक समितिको बैठकले २०७९।८० को शुरू मौज्दात रहेको रु.२६ अर्ब ९३ करोडको परिभाषित लाभ योजनाको दायित्व पूरा गर्न यो वर्ष रु.१२ अर्ब ७३ करोड योगदान गर्ने निर्णय गरे तापनि रु.४ अर्ब ९७ करोड योगदान गरेको छ।

६. **फाइब जी प्रविधि** - विश्वका विभिन्न देशले फाइब जी प्रविधिमा आधारित मोबाइल सेवा सुरू गरी सकेका छन्। कम्पनीले गत वर्ष फाइब जी प्रविधिको उपयोगिता परीक्षण गर्न रु.१ करोड ८४ लाख ३८ हजार खर्च गरेकोमा फाइब जी कार्यान्वयनमा प्रगति गरेको छैन। प्रविधिमा आएको परिवर्तन, प्रतिष्पर्धाको अवस्था, फाइब जी प्राविधिक कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ।

७. **फोर जी एल.टी.ई. परियोजना** - यस परियोजना सम्बन्धमा देखिएका बेहोरा निम्नबमोजिम छन्:

७.१. कम्पनीले आफ्नो व्यवसायलाई सुदृढ र विस्तार गर्न राष्ट्रव्यापी रूपमा फोरजी एल.टी.ई. नेटवर्कमा निश्चित समय तथा गुणस्तरको अधीनमा रही लगानी गरेको छ। कोर रेडियो एक्सेस नेटवर्क प्रथम तथा दोस्रो संरचनाको लागि भन्सार र कर बाहेक रु.१९ अर्ब ६८ करोडको खरिद सम्झौता गरेको छ। सम्झौताअनुसार आयोजना २०७६ माघ मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य राखेकोमा २०७८ चैत्र मसान्तसम्म म्याद थप गरेकोमा सो पश्चात् म्याद थप नगरी यो वर्ष रु.९७ करोड १० लाख खर्च गरेको छ। कम्पनीले परियोजना सम्पन्न गर्न ढिलाई गरे तापनि पूर्वनिर्धारित क्षतिपूर्ति रकम निर्धारण गरेको छैन। साथै, कार्यसम्पादन जमानत र अग्रिम पेस्की जमानतको नवीकरण समयमै भएको छैन। खरिद सम्झौताको अवधि समाप्त भएको अवस्थामा सम्झौताको सर्तबमोजिम कारबाही नगरी थप खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

७.२. एल.टी.ई. नेटवर्कअन्तर्गत यो वर्षसम्म रेडियो एक्सेस नेटवर्क १ र २ सँग सम्बन्धित ४ हजार १८६ साईटमध्ये रु.१५ अर्ब ९५ करोडको ४ हजार १७७ (९९.७८ प्रतिशत) साईट निर्माण र पुँजीकरण भएको छ। प्रत्येक साईटमा सेवा र सामग्री लागतको मूल्य प्रमाणित गर्न पर्याप्त र उपयुक्त प्रमाणसहित संस्थाको समग्र वित्तीय विवरणमा पर्ने असर यकिन गरेको छैन।

८. **साईट डाउन पुनर्स्थापना सेवा** - एक विदेशी कम्पनीसँग गरिएको साईट डाउन पुनर्स्थापना सम्बन्धी सम्झौताको बुँदा नं. १२.१७.१ मा क्षतिपूर्ति लगाउन सक्ने उल्लेख छ। कम्पनीले यो वर्ष टिकट उठाउन ढिलाई गरेको कारण साइट पुनर्स्थापना ढिलाईको लागि रु.१ करोड २१ लाख २८ हजार र प्रमुख सेल डाउन समस्याको लागि रु.३ करोड ५२ लाख ३६ हजार क्षतिपूर्ति लगाउनुपर्नेमा नलगाएकोले सम्बन्धितलाई जिम्मेबार बनाई उक्त रकम असुल गर्नुपर्दछ।

९. **कन्भरजेन्ट रियल टाईम बिलिङ्ग** - कम्पनीले आफ्नो आम्दानीको हिसाब गर्न, बिल जारी गर्न र रेकर्ड राख्न २१ डिसेम्बर २०१२ देखि वारेन्टी अवधिअन्तर्गत रहेको कन्भरजेन्ट रियल टाईम बिलिङ्गको प्रयोग गर्दै आएको छ। नयाँ बिलिङ्ग प्रणालीको बोलपत्र कागजात तयार गर्न समिति गठन भई बोलपत्र कागजात तयार भई २०७८।३।६ मा पुनरावलोकन सम्पन्न भएकोमा नयाँ बिलिङ्ग प्रणालीको खरिद प्रक्रिया सुरु नगरी विद्यमान सफ्टवेयर २०७९।६।३० देखि थप ५ वर्ष प्रयोग गर्न अमेरिकी डलर २ करोड ५ लाख ६३ हजारको सम्झौता गरी यो वर्ष अमेरिकी डलर २६ लाख ५ हजार ९३२ समेत अमेरिकी डलर ५९ लाख २५ हजार ८२६ भुक्तानी गरेको छ। उक्त सफ्टवेयर सञ्चालनको लागि आपूर्तिकर्ताले प्रत्येक दिन २४ घण्टा नै कर्मचारी परिचालन गर्नुपर्नेमा विद्युतबाहेक अन्य कर्मचारीहरूलाई बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म परिचालन गरेको छ। यस प्रणालीको ब्याकअप डाटा पुनः प्राप्त हुन नसकेको र पटक पटक असफलता भएको कारण आम्दानीमा क्षति भएकोमा आपूर्तिकर्ताबाट जरिवाना असुल गरेको छैन।

कम्पनीको आर्थिक विनियमावली, २०७१ को विनियम १९(६) बमोजिम खरिद कार्य हुन नसकेमा तयार गरिएको लागत अनुमान प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्ने उल्लेख छ। कम्पनीले नयाँ बिलिङ्ग प्रणालीको लागत अनुमान अद्यावधिक नगरी बोलपत्र आब्हान गरेकोमा खरिद प्रक्रिया अगाडि बढ्न सकेको छैन। विद्यमान बिलिङ्ग प्रणालीबाट नयाँ बिलिङ्ग प्रणालीमा डाटा माइग्रेसन गर्न कम्तीमा ३ वर्ष लाग्ने देखिएकोले खरिद व्यवस्थापन समयमै सम्पन्न गर्नुपर्दछ।

१०. **आय सुनिश्चितता** - कम्पनीको आर्थिक विनियमावली, २०७१ को विनियम १४९(१) मा कम्पनीले प्रत्येक २ वर्षको अन्तरालमा कम्तिमा एक पटक आय सुनिश्चितताको परीक्षण गराउनुपर्ने व्यवस्था छ। कम्पनीले आय सुनिश्चितता र व्यापार बुद्धिमता प्रणाली खरिद गरेको भए तापनि स्थापना गरी सञ्चालन नगरेकाले सम्भावित आय क्षतिको मूल्याङ्कन हुन सकेको छैन। कम्पनीले उक्त प्रणाली उपयोगमा ल्याई गुमेको आयको क्षतिलाई न्यूनीकरण गर्नुपर्दछ।

११. **ज्याला खर्च** - आयकर ऐन, २०५८ को दफा २१(घ१) मा पटके प्रकृतिको ३ हजार रूपैयाँसम्मको ज्याला भुक्तानीबाहेक स्थायी लेखा नम्बर नलिएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च, कुनै व्यवसाय, रोजगारी वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि खर्च वा रकम कट्टी गर्न नपाइने उल्लेख छ। कम्पनीले गत विगत वर्षदेखि नै पर्याप्त प्रमाणबेगर स्थायी लेखा नम्बर नलिएका कर्मचारी तथा कामदारलाई नगदमा नै ज्याला खर्च भुक्तानी गर्ने गरेको छ। यस प्रकारको रकम २०७८।७९ मा रु.५० करोड, २०७९।८० मा रु.३५ करोड र यो वर्ष रु.१३ करोड २० लाख रहेको छ। ज्याला खर्च लेखाङ्कन गर्दा ज्याला भरपाईमा धेरै कर्मचारी/कामदारको एउटै हस्ताक्षर भएकोले कर्मचारी/कामदारको सलंग्नता र नगद भुक्तानीमा उचित नियन्त्रण गर्न सकेको

छैन। खर्च कट्टी गर्न नपाइने कारण करको व्ययभारसमेत परेकोले यस्ता भुक्तानीको बैद्यता उपर छानविन गरी सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ।

१२. **निर्माणाधीन सम्पत्ति -** बिक्रेतासँगको खरिद सम्झौताको सर्तअनुसार कम्पनीको नाममा आयात भएको रु.७७ करोड ९८ लाख ८७ हजार मूल्यको उपकरण पुँजीगत निर्माणाधीन सम्पत्तिमा यो वर्ष समायोजन गरेको छ। कम्पनीले २०७२।१०।२९ देखि निर्माणाधीन सम्पत्तिमा रु.२ करोड २० लाख ६२ हजार देखाएकोमा यो वर्षसमेत थप प्रगति भएको देखिएन। सडक विभागद्वारा काठमाडौं-मुग्लिन राजमार्गमा अण्डरग्राउण्ड अप्टिकल फाइबर नेटवर्क परियोजनासँग सम्बन्धित रु.२ करोड २९ लाख ५८ हजारको अप्टिकल फाइबर हटाइएको भए तापनि खर्च कट्टी नगरी निर्माणाधीन सम्पत्ति मौज्दातमा समावेश गरेको छ। उक्त परियोजना विभिन्न क्षेत्रबाट प्रभावित भएकाले त्यस्ता साइटको भौतिक अस्तित्वको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

सम्पन्न भईसकेका र प्रयोगमा ल्याएका परियोजनालाई निर्माणाधीन सम्पत्तिअन्तर्गत देखाउँदै आएको छ। कम्पनीको क्षय मूल्याङ्कन गर्दा उपयोग र मूल्यलाई पनि आधार बनाउनुपर्नेमा मौज्दात वर्गीकरणमा आधारित गरेकोले सम्भावित मौज्दात क्षयको प्रभाव यकिन हुने अवस्था छैन। व्यवस्थापनले त्यस्ता परियोजनालाई निर्माणाधीन सम्पत्तिबाट अपलेखन गर्नुपर्ने र त्यस्ता परियोजनाको आवश्यक सबै कागजातहरू प्राप्त गरी पुँजीकरण गर्नुपर्दछ।

१३. **आसामी -** कम्पनीको यो वर्षको अन्त्यमा रहेको आसामी रु.३ अर्ब १ करोडमध्ये ७३ प्रतिशतभन्दा बढी रकम एक वर्षभन्दा बढी समयदेखि लिन बाँकी रहेको छ। इन्टरनेट सेवा प्रदायक तथा केबल अपरेटरलाई पोलहरू सःशुल्क प्रयोग गर्न दिएकोमा सोको अभिलेख नराखेको र कतिपय पोल प्रयोग सम्बन्धी बहाल सम्झौताको म्याद समाप्त भए तापनि नवीकरण भएको छैन। त्यस्तै पी.एस.टी.एन. आसामीतर्फ पुरानो रु.२८ करोड ७४ लाख ६८ हजार र नयाँ रु.६४ करोड ६० लाख आसामीमा देखिएकोमा उक्त रकम असुल गर्नुपर्दछ।

खण्ड

३

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश मन्त्रालय तथा निकाय

१. **संवैधानिक व्यवस्था -** नेपालको संविधानको धारा ५६ मा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना हुने र राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने व्यवस्था छ। संविधानको धारा ५७ मा उल्लेख भएबमोजिम प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित प्रदेश प्रहरी प्रशासन, घरजग्गा रजिष्ट्रेसन, विद्युत, सिँचाइ, खानेपानी, कृषि तथा पशु विकास, प्रदेश स्वास्थ्य शिक्षा लगायत २१ विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ। त्यस्तै अनुसूची-७ र ९ मा उल्लेखित साझा विषयमा सङ्घ र स्थानीय तहसँग समन्वय गरी कार्य गर्नुपर्ने व्यवस्था छ।

संविधानको धारा ५९ मा प्रदेशले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने, प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने समेत उल्लेख छ। यसै गरी धारा ६० मा राजस्व स्रोतको बाँडफाँटसम्बन्धी व्यवस्था छ। उक्त संवैधानिक व्यवस्थाअनुसार प्रदेश सरकार गठन भई सञ्चालन हुँदै आएका छन्।

संविधानको धारा २९४ मा महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा लेखापरीक्षण गरी अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा १९ बमोजिम सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ। उक्त संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार सबै प्रदेश सरकार र मातहत कार्यालयको २०८०।८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण योजना तथा कार्यक्रम स्वीकृत गरी लेखा उत्तरदायी अधिकृतलाई लेखापरीक्षण कार्यतालिकाको जानकारी गराइएको थियो। मन्त्रालय तथा निकाय अन्तर्गत कार्यालयको लेखापरीक्षण जोखिममा आधारित लेखापरीक्षण विधिद्वारा न्यून जोखिमयुक्त कार्यालयको सम्बन्धित कार्यालयमा उपस्थित नभई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत संक्षिप्त कार्यविधिबाट र उच्च जोखिमयुक्त कार्यालयको स्थलगत रूपमा उपस्थित भई विस्तृत परीक्षण गरी सम्पन्न गरिएको छ। जारी भएका लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियासमेतको आधारमा वार्षिक प्रतिवेदन तयार गरिएको छ।

२. **प्रदेशको गठन -** संविधानको धारा ५६(३) अनुसार अनुसूची-४ मा उल्लेख भएबमोजिम ७ प्रदेश रहने व्यवस्था छ। प्रदेशको राजनैतिक तथा प्रशासनिक विभाजन निम्नानुसार छः

क्र.सं.	विवरण	एकाइ	नेपाल	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
१.	क्षेत्रफल	वर्ग कि.मि.	१४७५१६	२५९०५	९६६१	२०३००	२१५०४	२२२८८	२७९८४	१९८७४
२.	जिल्ला	सङ्ख्या	७७	१४	८	१३	११	१२	१०	९
३.	सङ्घीय निर्वाचन क्षेत्र	सङ्ख्या	१६५	२८	३२	३३	१८	२६	१२	१६
४.	प्रादेशिक निर्वाचन क्षेत्र	सङ्ख्या	३३०	५६	६४	६६	३६	५२	२४	३२
५.	गाउँपालिका	सङ्ख्या	४६०	८८	५९	७४	५८	७३	५४	५४
६.	नगरपालिका	सङ्ख्या	२७६	४६	७३	४१	२६	३२	२५	३३
७.	उपमहानगरपालिका	सङ्ख्या	११	२	३	१	०	४	०	१
८.	महानगरपालिका	सङ्ख्या	६	१	१	३	१	०	०	०
९.	जनसङ्ख्या (२०७८)	हजारमा	२९१६४	४९६१	६११५	६११७	२४६६	५१२२	१६८८	२६९५

३. **प्रदेश सञ्चित कोष** - संविधानको धारा २०४ अनुसार गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सञ्चित कोषमा आम्दानी बाँधिने र सोही कोषबाट खर्च गर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट प्राप्त प्रदेशगत सञ्चित कोषको विवरणअनुसार २०८०।८१ मा गत वर्षको जिम्मेवारी रु.६५ अर्ब ६७ करोड ५३ लाख १३ हजार सहित रु.२ खर्ब ३९ अर्ब ७९ करोड २८ लाख ७६ हजार आम्दानी रहेकोमा रु.१ खर्ब ८४ अर्ब १० करोड २५ लाख ७९ हजार (७६.७८ प्रतिशत) खर्च भई रु.५५ अर्ब ६९ करोड २ लाख ९७ हजार बाँकी रहेको देखिन्छ। उक्त खर्चमध्ये कोशी प्रदेशमा रु.२८ अर्ब २ करोड ७५ लाख ३३ हजार, मधेश प्रदेशमा रु.२४ अर्ब ५४ करोड ४९ लाख ३० हजार, बागमती प्रदेशमा रु.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजार, गण्डकी प्रदेशमा रु.२२ अर्ब २० करोड ६१ लाख १५ हजार, लुम्बिनी प्रदेशमा रु.२६ अर्ब ४३ करोड ६६ लाख ९३ हजार, कर्णाली प्रदेशमा रु.१९ अर्ब ८६ करोड ८२ लाख ८ हजार र सुदूरपश्चिम प्रदेशमा रु.१८ अर्ब ५१ करोड ३५ लाख ७७ हजार खर्च भएको छ। गतवर्ष र चालु वर्षको ७ प्रदेश सञ्चितकोषको तुलनात्मक विवरण देहायअनुसार छ।

(रु.हजारमा)

क्र. सं.	विवरण	२०७९।८०	२०८०।८१
१.	राजस्व, अनुदान र अन्य प्राप्ति	१७५२२८८६७	१७३४१४८६३
२.	वित्तीय व्यवस्थाबाट प्राप्ति	०	७०२७००
३.	यस वर्षको खुद प्राप्ति (१+२)	१७५२२८८६७	१७४११७५६३
४.	भुक्तानी	२०४६६९६२६	१८४११०२५९
५.	विनिमय दर वा अन्य समायोजन	०	(७६८१)
६.	यस वर्षको जम्मा भुक्तानी (४+५)	२०४६६९६२६	१८४१०२५७९
७.	यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	(२९४४०७५९)	(९९८५०१५)
८.	आर्थिक वर्षको सुरूवातको मौज्दात	८४८७५७२१	६५६७५३१३
९.	आर्थिक वर्षको अन्त्यको मौज्दात(७+८)	५५४३४९६२	५५६९०२९८

४. **विभाज्य कोष -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सवारीसाधन करबापतको रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रदेशहरूको विभाज्य कोषमा रहेको रकममध्ये कोशी प्रदेशको रु.१२ करोड ५ लाख ८९ हजार, मधेश प्रदेशको रु.१७ करोड ५४ लाख ६५ हजार, गण्डकी प्रदेशको रु.६ लाख ८० हजार र सुदूरपश्चिम प्रदेशको रु.१ करोड ९३ लाख २४ हजार समेत रु.३१ करोड ६० लाख ५८ हजार ऐनको प्रावधानबमोजिम बाँडफाँट भएको छैन। ऐनको व्यवस्थाबमोजिम उक्त रकम बाँडफाँट हुनुपर्दछ।

५. **सरकारी कार्यालयको लेखापरीक्षण** - संविधानको धारा २४१ अनुसार प्रदेश सभा, प्रदेश सरकार एवं सबै प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्थाबमोजिम यो वर्ष सातै प्रदेश मातहतका १ हजार १६५ कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेतको रु.३ खर्ब ८ अर्ब ५६ करोड ११ लाख ३० हजार र १ कार्यालयको बक्यौता रु.३३ करोड १२ लाख ४० हजार समेत रु.३ खर्ब ८ अर्ब ८९ करोड २३ लाख ७० हजार लेखापरीक्षण सम्पन्न भएको छ।

६. **अन्य संस्था तथा समितिको लेखापरीक्षण** - संविधानको धारा २४१ बमोजिम प्रदेश सरकार मातहतका १२५ अन्य संस्था तथा समितिको बक्यौतासमेत रु.४० अर्ब २५ करोड ८८ लाख ५२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

७. **लेखापरीक्षण बक्यौता** - नेपालको संविधान तथा प्रचलित कानुनअनुसार सबै सरकारी कार्यालय, अन्य संस्था तथा समितिको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार कोशी प्रदेशअन्तर्गत ५ जिल्ला अस्पताललगायत ९, मधेश प्रदेशको १, गण्डकी प्रदेशको २, लुम्बिनी प्रदेशको १ र सुदूरपश्चिम प्रदेशको २ समेत १५ कार्यालयको देहायअनुसार रु.१ अर्ब ३५ करोड १२ लाख १५ हजार लेखापरीक्षण बक्यौता रहेको छ।

(रकम रु.हजारमा)

विवरण	कोशी	मधेश	गण्डकी	लुम्बिनी	सुदूरपश्चिम	जम्मा
लेखापरीक्षण बक्यौता सङ्ख्या	९	१	२	१	२	१५
बक्यौता रकम (खुल्ने कार्यालयको मात्र)	१०८३७५	१२१९६१६	१८४८२	नखुल्ने	४७४२	१३५१२१५

८. **पेस्की बाँकी** - प्रचलित कानुनअनुसार कार्यक्रम सञ्चालन तथा निर्माणतर्फको कार्य परिचालन र संस्थागत एवं कर्मचारी पेस्की निर्धारित समयभित्र फर्स्यौट गरिसक्नुपर्ने व्यवस्था छ। सो व्यवस्थाअनुसार प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितिको चालु वर्षको रु.२ अर्ब ३ करोड १४ लाख ६४ हजारसमेत २०८१ आषाढसम्म फर्स्यौट हुन बाँकी पेस्की रु.११ अर्ब ७९ करोड ३८ लाख २८ हजार रहेको छ। प्रचलित कानुन एवं खरिद सम्झौताको सर्तबमोजिम पेस्की फर्स्यौट गर्नुपर्दछ।

९. **असुली** - प्रदेश सरकार मातहतका निकायबाट गत विगत वर्षको बेरुजु सम्परीक्षणको क्रममा रु.३८ करोड ७१ लाख ७४ हजार, चालु वर्षको लेखापरीक्षणको क्रममा रु.५ करोड २१ लाख ३३ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.८ करोड ३५ लाख ५७ हजारसमेत रु.५२ करोड २८ लाख ६४ हजार असुल भएको छ।

नीति तर्जुमा, कानुन निर्माण र कार्यान्वयन

१०. **नीति तर्जुमा र कार्यान्वयन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा मन्त्रालयगत रूपमा नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। प्रदेश मन्त्रालयहरूले कार्य विभाजन नियमावलीमा उल्लिखित प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता, राजस्व चुहावट नियन्त्रण, तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन, भूमि व्यवस्थापन, भू-उपयोग, ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तार, लगानी प्रवर्धन, राष्ट्रिय जलस्रोत, प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा, लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक, सुकुम्बासी, दलित सम्बन्धी, रोजगारी प्रवर्धन लगायतका प्रादेशिक नीति तर्जुमा गर्न बाँकी रहेको देखिन्छ। समयमै आवश्यक नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

११. **कानुन निर्माण** - संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने, साझा अधिकार संविधान, सङ्घीय कानुन, प्रदेश कानुन र गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुने व्यवस्था छ। प्रदेश संसदको प्रथम अधिवेशनदेखि २०८०।८१ सम्म आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट कानुन

निर्माणको लागि सैद्धान्तिक स्वीकृति लिई देहायबमोजिम ४७५ कानुन प्रदेश सभाबाट पारित गरी लागु भएको र ७८ कानुन निर्माणको चरणमा रहेको देखिन्छः

प्रदेश	पारित भएको कानुन सङ्ख्या	प्रदेश सभामा पेस भई पारित हुन बाँकी कानुन सङ्ख्या
कोशी	७५	१
मधेश	६६	१
बागमती	८३	१६
गण्डकी	७२	७
लुम्बिनी	७२	१३
कर्णाली	५७	३५
सुदूरपश्चिम	५०	५
जम्मा	**४७५**	**७८**

सेवा प्रवाह तथा कार्यसञ्चालनका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ।

१२. **निर्णय कार्यान्वयन** - संविधानको धारा १९३ मा प्रदेश सभाले समिति वा विशेष समिति गठन गर्न सक्ने व्यवस्थाअनुसार प्रदेश मामिला, अर्थ तथा विकास, सुशासन तथा योजना, सामाजिक विकास, सार्वजनिक लेखा, शिक्षा, स्वास्थ्य तथा कृषि र उद्योग, पर्यटन तथा वातावरणलगायतका समिति गठन भएका छन्। यसरी गठन भएका समितिबाट विभिन्न निर्णय तथा निर्देशनहरू भएकोमा सोको कार्यान्वयन अवस्थाको अनुगमन भएको देखिएन। समितिको निर्णय तथा निर्देशनहरूको कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

स्रोतको प्राप्ति र बाँडफाँट

१३. **वित्त हस्तान्तरण -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारले प्रदेश सरकारलाई प्रदान गरेको वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटको अवस्था निम्नानुसार छः

(रु.हजारमा)

विवरण	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
वित्तीय समानीकरण	६५०९६७४	६४७२२३२	५९३८८०५	५६४९०३५	६०३८७०५	७५३२६१४	६३१४३९२	४४४५५४५७
ससर्त	५५३४७०४	२५८८७५५	५७४८२२२	२९९३१३४	३८९४१३९	२६५४९४५	२८४९८१४	२६२६३७१३
समपूरक	७३००००	९८३९६९	१३०००००	७२००००	२२६७०५	४८३१८१	६१८८५२	५०६२७०७
विशेष	७६००००	१५७५२५३	७३००००	६९५०००	५३३००५	२९३१८०	४६५०००	५०५१४३८
जम्मा	**१३५३४३७८**	**११६२०२०९**	**१३७१७०२७**	**१००५७१६९**	**१०६९२५५४**	**१०९६३९२०**	**१०२४८०५८**	**८०८३३३१५**
राजस्व बाँडफाँट	१०००० ९२०	९७९५०१२	९०७४९७२	९२३७८९९	८८५५८८३	७४९५८७१	७३६४७००	६१८२५२५७
जम्मा	**२३५३५२९८**	**२१४१५२२१**	**२२७९१९९९**	**१९२९५०६८**	**१९२९५०६८**	**१८४५९७९१**	**१७६१२७५८**	**१४२६५८५७२**

महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार नेपाल सरकारबाट ७ प्रदेशलाई वित्तीय समानीकरण, ससर्त, समपूरक अनुदान र विशेष अनुदानसमेतमा रु.७६ अर्ब १ करोड ९९ लाख २४ हजार निकासा भएको देखिन्छ। तथापि ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयहरूले तयार गरेको एकीकृत वित्तीय विवरणअनुसार त्यस्तो निकासा रु.८० अर्ब ८३ करोड

३३ लाख १५ हजार रहेको देखिएकोले रु.४ अर्ब ८१ करोड ३३ लाख ९१ हजारको फरक देखिएको छ। यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

१४. **राजस्व अनुमान र प्राप्ति -** सात प्रदेश सरकारले बजेट वक्तव्यमार्फत २०८०।८१ मा कर राजस्व, गैरकर राजस्व, बाँडफाँटबाट प्राप्त हुने राजस्व र बेरुजुसमेत रु.१ खर्ब २२ अर्ब ७३ करोड ७८ लाख २९ हजार प्रक्षेपण गरेकोमा रु.९६ अर्ब ४४ करोड ६ लाख १९ हजार (७८.५७ प्रतिशत) प्राप्त गरेको देखिन्छ। प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली प्रक्षेपणको तुलनामा न्यून रहेको छ। प्रदेशगत राजस्व प्रक्षेपण र असुली देहायबमोजिम रहेको देखिन्छः

(रु.हजारमा)

प्रदेश	राजस्व प्रक्षेपण	राजस्व प्राप्ति (अनुदान बाहेक)	प्राप्ति प्रतिशत
कोशी	१६२२५९५०	१३४१९५०२	८२.७०
मधेश	१५७६०००२	१४४०८३७६	९१.४२
बागमती	३१५४१५७५	२६२५१९८९	८३.२३
गण्डकी	१५३५४४९०	११४३२२६९	७४.४६
लुम्बिनी	२०८४५५००	१४०३०२३७	६७.३१
कर्णाली	९६७६५१२	८२४७०८५	८५.२३
सुदूरपश्चिम	१३३३३८००	८६५११६१	६४.८८
जम्मा	**१२२७३७८२९**	**९६४४०६१९**	**७८.५७**

प्रदेशहरूको प्रक्षेपणअनुसार राजस्व प्राप्ति लक्ष्यअनुरूप नभएकोले राजस्वको दायरा र आधार विस्तार गर्न आन्तरिक स्रोत परिचालनमा अभिवृद्धि गर्नुपर्दछ।

१५. **अग्रिम कर -** आयकर ऐन, २०५८ बमोजिम प्रदेश सरकार मातहतका निकायले विभिन्न भुक्तानीमा कर कट्टी गर्नुपर्दछ। सो बमोजिम यो वर्ष मधेश प्रदेशका १३ निकायले रु.६ लाख २४ हजार, बागमती प्रदेशका ११ निकायले रु.५ लाख ३४ हजार, गण्डकी प्रदेशका ९ निकायले रु.२ लाख ३७ हजार, लुम्बिनी प्रदेशका ८ निकायले रु.११ लाख ८६ हजार, कर्णाली प्रदेशका ३ निकायले रु.५५ हजार र सुदूरपश्चिम प्रदेशका २ निकायले रु.२४ लाख ७४ हजारसमेत रु.५१ लाख १० हजार कर कट्टी नगरेकोले असुल गर्नुपर्ने देखिएको छ।

बजेट अनुमान र खर्च

१६. **बजेट तथा खर्च** - प्रदेशगत आर्थिक कार्यविधि ऐनहरूमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०८०।८१ को बजेट र खर्चको स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रदेश	कायम बजेट	चालु खर्च	पुँजीगत खर्च	कुल खर्च	खर्च प्रतिशत
कोशी	३६८१९०७४	११६७९२३५	१६३४८२९८	२८०२७५३३	७६.१२
मधेश	४४११४६३२	९२५५६१९	१५२८९३११	२४५४४९३०	५५.६४
बागमती	६२७०९०७८	१५९७२५०३	२८५४०७००	४४५१३२०३	७०.९८
गण्डकी	३३४२७२००	७५७६६९९	१४६२९४१६	२२२०६११५	६६.४३
लुम्बिनी	४०५५०१४८	१०४१८९२२	१६०१७७७१	२६४३६६९३	६५.२

कर्णाली	३३४१५८६०	९१७५१२२	१०६९३०८६	१९८६८२०८	५९.४६
सुदूरपश्चिम	२९२८६६४०	७९४८९५०	१०५६४६२७	१८५१३५७७	६३.२२
जम्मा	**२८०३२२६३२**	**७२०२७०५०**	**११२०८३२०९**	**१८४११०२५९**	**६५.६८**

उल्लिखित विवरणअनुसार प्रदेशहरूको औसत खर्च ६५.६८ प्रतिशत रहेकोमा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ७६.१२ र सबैभन्दा कम खर्च मधेश प्रदेशको ५५.६४ प्रतिशत रहेको छ। कार्यदक्षता वृद्धि गरी तोकिएबमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१७. **रकमान्तर -** प्रदेशगत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक स्रोत वा खर्च शीर्षकमा रकमान्तर सम्बन्धी व्यवस्था छ। यो वर्ष ७ प्रदेशको सुरु विनियोजित बजेट रु.२ खर्ब ८० अर्ब १९ करोड ५३ लाख २३ हजार रहेकोमा रु.३३ अर्ब ७२ करोड २२ लाख १४ हजार थप र रु.३३ अर्ब ५९ करोड ४९ लाख ५ हजार घट गरी रु.२ खर्ब ८० अर्ब ३२ करोड २६ लाख ३२ हजार बजेट कायम गरेको देखिन्छ। सोमध्ये २०८१ आषाढ महिनामा मात्र कोशी प्रदेशले रु.९१ करोड ९ लाख ३६ हजार, मधेश प्रदेशले रु.१० करोड २ लाख ५३ हजार, गण्डकी प्रदेशले रु.९४ करोड ८९ लाख १५ हजार, लुम्बिनी प्रदेशले रु.१ अर्ब १५ करोड १ लाख ५४ हजार र कर्णाली प्रदेशले रु.३४ करोड ४८ लाख ९७ हजार रकमान्तर गरेका छन्। वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१८. **प्रदेश आन्तरिक स्रोत परिचालन -** प्रदेश सरकारहरूको २०८०।८१ को कुल खर्च रु.१ खर्ब ८४ अर्ब ११ करोड २ लाख ५९ हजार रहेकोमा आन्तरिक स्रोतबाट रु.१ खर्ब ११ अर्ब ७६ करोड ९२ लाख ९४ हजार खर्च गरेको छ। प्रदेशहरूको आन्तरिक स्रोतबाट खर्च बेहोरिएको स्थिति यस प्रकार छः

(रु. हजारमा)

प्रदेश	कुल खर्च	प्रदेश स्रोतबाट खर्च	खर्च प्रतिशत
कोशी	२८०२७५३३	१५४३०६१९	५५.०६
मधेश	२४५४४९३०	१७००८११३	६९.२९
बागमती	४४५१३२०३	३३०८२८२६	७४.३२
गण्डकी	२२२०६११५	१२२८८९८३	५५.३४
लुम्बिनी	२६४३६६९३	१६०६९५६०	६०.७९
कर्णाली	१९८६८२०८	८८५२५९३	४४.५६
सुदूरपश्चिम	१८५१३५७७	९०३६६००	४८.८१
जम्मा	**१८४११०२५९**	**१११७६९२९४**	**६०.७१**

प्रदेश सरकारहरूले यो वर्ष गरेको कुल खर्चमध्ये आन्तरिक स्रोतबाट औसतमा ६०.७१ प्रतिशत र बाँकी सङ्घीय सरकारको स्रोतबाट खर्च गरेको देखियो। आन्तरिक स्रोतबाट बेहोरिएको खर्च सबैभन्दा कम कर्णाली प्रदेशको ४४.५६ प्रतिशत र सबैभन्दा बढी बागमती प्रदेशको ७४.३२ प्रतिशत खर्च रहेको छ। प्रदेशहरूको आन्तरिक स्रोत परिचालन क्षमता अभिवृद्धि गर्नुपर्ने देखिएको छ।

१९. **सङ्घीय कार्यालयलाई निकासा** - सङ्घ र प्रदेश सरकारको कार्य विभाजन नियमावलीअनुसार आ-आफ्नो कार्यक्षेत्रअनुसार कार्य सञ्चालन र व्यवस्थापनका लागि नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने, कार्यान्वयन गर्ने र अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था छ। प्रदेश सरकारबाट स्वीकृत भएको बजेट सोही उद्देश्यअनुरूप खर्च गर्नुपर्नेमा सङ्घीय मन्त्रालय तथा निकायको कार्यक्षेत्रभित्र पर्ने कार्यमा प्रदेश

मन्त्रालयहरूले देहायबमोजिम ३२२ सङ्घीय निकायहरूलाई रु.२ अर्ब ७४ करोड ९० लाख ६३ हजार बजेट विनियोजन गरेकोमा रु.२ अर्ब १८ करोड ३६ लाख ५५ हजार खर्च भएको छ। कार्यक्षेत्रभित्रको कार्यसञ्चालन र व्यवस्थापन गरी बजेट उपयोग गर्नुपर्ने देखिन्छ।

(रकम रु.हजारमा)

प्रदेश	निकासा गरेको कार्यालय सङ्ख्या	विनियोजित बजेट	खर्च रकम
कोशी	९४	१११०७२	६०५५३
मधेश	१	११९८००	११९८००
बागमती	११३	१३६६२२९	१०५५२२७
गण्डकी	२७	११५५३४	११५५३४
लुम्बिनी	६२	९५१५४०	७६०९६१
कर्णाली	२०	३९३८८	३९३८८
सुदूरपश्चिम	५	४५५००	३२१९२
जम्मा	**३२२**	**२७४९०६३**	**२१८३६५५**

सङ्गठन संरचना

२०. **संरचना हेरफेर -** अधिकार सम्पन्न सङ्घीय प्रशासन पुनर्संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको सङ्ख्या ७ हुनुपर्ने सिफारिस गरेको थियो। प्रदेश सभाको पहिलो निर्वाचन पश्चात् गठन भएका प्रदेश सरकारले जारी गरेको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा पटक पटक संशोधन गरेर मन्त्रालय र मन्त्रालयले सम्पादन गर्ने कार्य हेरफेर गरी निम्नानुसार कायम गरेको छ।

प्रदेश	संशोधन पटक	कायम मन्त्रालय सङ्ख्या					
		प्रथम	दोस्रो	तेस्रो	चौंथो	पाँचौ	छैटौं
कोशी	२	१३	९	-	-	-	-
मधेश	३	७	११	१२	-	-	-
बागमती	६	८	१४	११	१२	१३	१४
गण्डकी	३	११	७	९	-	-	-
लुम्बिनी	५	९	१३	९	११	१२	-
कर्णाली	३	८	७	८	-	-	-
सुदूरपश्चिम	१	७	-	-	-	-	-

मन्त्रालयको कार्यक्षेत्रमा भएको फेरबदलले प्रशासनिक क्षेत्र, जनशक्ति व्यवस्था, भौतिक पूर्वाधार, कार्यसम्पादन र एकीकृत वित्तीय विवरण तयारी, जिम्मेवारी र जवाफदेहितामा समेत समस्या देखिएका छन्।

२१. **सङ्गठन र कर्मचारी व्यवस्थापन** - नेपालको संविधानको धारा ३०२ मा प्रदेश सरकारी सेवाहरूको गठन र सञ्चालनसम्बन्धी व्यवस्था छ। प्राप्त विवरणअनुसार नेपाल सरकारले प्रदेश सरकारअन्तर्गतका ९४ मन्त्रालय, केन्द्रीय निकाय र सो अन्तर्गत रहेका कार्यालयहरुको लागि २७ हजार ७८६ दरबन्दी

स्वीकृत भएकोमा १५ हजार ३५७ पदपूर्ति भई १२ हजार ४२९ (४४.७३ प्रतिशत) पद रिक्त रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण निम्नानुसार छः

प्रदेश	मन्त्रालय र केन्द्रीय निकाय सङ्ख्या	कुल दरबन्दी सङ्ख्या	पदपूर्ति सङ्ख्या	रिक्त सङ्ख्या
कोशी	१३	३९८४	१८०७	२१७७
मधेश	१६	४१०१	१६५९	२४४२
बागमती	१६	४९७१	२८४५	२१२६
गण्डकी	११	३४११	२०८३	१३२८
लुम्बिनी	१५	५२९४	३४४४	१८५०
कर्णाली	१२	२९२९	२४३५	४९४
सुदूरपश्चिम	११	३०९६	१०८४	२०१२
जम्मा	**९४**	**२७७८६**	**१५३५७**	**१२४२९**

स्वीकृत दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

२२. **दोहोरो संरचना** - संविधानको अनुसूची-६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि, पशु सेवा, शिक्षा, स्वास्थ्यलगायतका कार्यक्रमहरू स्थानीय तहको कार्यक्षेत्रमा पर्दछन्। उल्लिखित कार्यक्रमहरु कार्यान्वयन गर्न प्रदेश तहमा समेत कृषि, घरेलु, स्वास्थ्य, सडक, सामाजिक विकासलगायतका कार्यालय स्थापना गरेको देखिन्छ। सङ्घ, प्रदेश र स्थानीय तहबाट एकै प्रकृतिका कार्य कार्यान्वयन गर्दा काममा दोहोरोपना एवं प्रशासनिक खर्चमा वृद्धि भएको छ। तीन वटै तहका सरकारबाट सम्पादन हुने काममा दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्दछ।

प्रतिवेदन तथा नियन्त्रण

२३. **वित्तीय प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनमा कारोबारको लेखाङ्कन तथा प्रतिवेदन लेखाका मान्य सिद्धान्त र सार्वजनिक क्षेत्र लेखामानको मार्गदर्शनबमोजिम महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। लेखा उत्तरदायी अधिकृतले मातहतका कार्यालयसमेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको केन्द्रीय वित्तीय विवरण तयार गरी तोकिएको अवधि भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। देहायबमोजिम मधेश प्रदेशका १५, बागमती प्रदेशका १०, गण्डकी प्रदेशका १०, लुम्बिनी प्रदेशका १५, कर्णाली प्रदेशका १२ र सुदूरपश्चिम प्रदेशका ११ गरी कुल ७३ मन्त्रालय र केन्द्रीय निकायहरूले आफ्नो र मातहतका निकायसमेतको एकीकृत वित्तीय प्रतिवेदन तयार गरेको देखिएन।

प्रदेश	मन्त्रालय तथा केन्द्रीय निकायको कुल सङ्ख्या	नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदन पेस गर्नेको सङ्ख्या	नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदन पेस नगर्नेको सङ्ख्या
कोशी	१३	१३	०
मधेश	१६	१	१५
बागमती	१६	६	१०
गण्डकी	११	१	१०

प्रदेश	मन्त्रालय तथा केन्द्रीय निकायको कुल सङ्ख्या	नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदन पेस गर्नेको सङ्ख्या	नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदन पेस नगर्नेको सङ्ख्या
लुम्बिनी	१५	०	१५
कर्णाली	१२	०	१२
सुदूरपश्चिम	११	०	११
जम्मा	**९४**	**२१**	**७३**

स्वीकृत सार्वजनिक क्षेत्र लेखामान अनुसार प्रदेशका मन्त्रालय तथा निकाय र मातहत कार्यालय समेतको एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

२४. **आन्तरिक लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशअन्तर्गतका कार्यालयहरूको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गर्नु गराउनुपर्ने व्यवस्थासमेत छ। सोबमोजिम यस वर्ष आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको देहायबमोजिम सात प्रदेशका १ हजार ६७१ कार्यालयको असुल गर्नुपर्ने रु.१६ करोड ५६ लाख १३ हजार, अनियमित रु.९९ करोड ६५ लाख र म्याद नाघेको पेस्की रु.१ अर्ब १७ करोड ५० लाख ९६ हजारसमेत रु.२ अर्ब ३३ करोड ७२ लाख ९ हजार बेरूजु अन्तिम लेखापरीक्षणको अवधिसम्म असुल फर्स्यौंट भएको छैन।

(रकम रु. हजारमा)

प्रदेश	आन्तरिक लेखापरीक्षण भएका कार्यालय सङ्ख्या	कायम बेरुजु रकम	बेरुजु वर्गीकरण		
			असुल गर्नुपर्ने	अनियमित भएको	पेस्की बाँकी
कोशी	२९१	३६६०८८	३१८२३	८१५१६	२५२७४९
मधेश	१५९	५६५०७३	१२२५३	४८०५८	५०४७६२
बागमती	३४१	४८५८७५	६८३३	२८६६७६	१९२३६६
गण्डकी	१९५	१८१५२८	५५४९६	४१०३०	८५००२
लुम्बिनी	२७३	४३३१०९	२१८६०	३१९७३३	९१५१६
कर्णाली	२५०	४२७०२	५२२५	११८०८	२५६६९
सुदूरपश्चिम	१६२	२६२८३४	३२१२३	२०७६७९	२३०३२
जम्मा	**१६७१**	**२३३७२०९**	**१६५६१३**	**९९६५००**	**११७५०९६**

२५. **आन्तरिक नियन्त्रण प्रणाली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनमा मन्त्रालय तथा केन्द्रीय निकाय र अन्तर्गतबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु गर्नुपर्ने व्यवस्था छ। सात प्रदेशका मन्त्रालय तथा केन्द्रीय निकायहरू ९४ मध्ये ६४ ले आन्तरिक नियन्त्रण प्रणाली तयारी गरेका छैनन्। सबै मन्त्रालय तथा निकायहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२६. **भुक्तानी दायित्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनमा आर्थिक वर्षको विनियोजित बजेटभन्दा बढी खर्च गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था भए पनि ५ प्रदेशका २४ मन्त्रालय तथा केन्द्रीय निकाय र मातहत कार्यालयहरूबाट यो वर्ष रु.२ अर्ब ५१ करोड ६५ लाख

७१ हजार आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना भएको छ। आगामी वर्षको बजेटलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२७. **तलबी प्रतिवेदन** - निजामती सेवा सम्बन्धी कानुनबमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्दछ। प्रदेश र अन्तर्गत निकायको तलबी प्रतिवेदन पारित नगरी यो वर्ष देहायबमोजिम ५ प्रदेशका ६०४ कार्यालयले रु.६ अर्ब ९ करोड ८२ लाख ९ हजार तलब भुक्तानी गरेको पाइयो।

(रकम रु.हजारमा)

प्रदेश	तलवी प्रतिवेदन पारित नगरी तलव भुक्तानी गरेका कार्यालय सङ्ख्या	तलव भुक्तानी रकम
कोशी	१८०	१६३४७९५
मधेश	१५९	१५६३५३३
बागमती	१८	२०८५९८
लुम्बिनी	१९०	१९९५४०९
कर्णाली	५७	६९५८७४
जम्मा	**६०४**	**६०९८२०९**

कानुनबमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्दछ।

लेखापरीक्षण बेरुजु

२८. **यो वर्षको बेरुजु** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०८०।८१ को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

(रू. हजारमा)

प्रदेश	लेखापरीक्षण गरिएका कार्यालय सङ्ख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
कोशी	२०१	५१४१६९१५	८६८१८९	७६४५४०	१.६९	१.४९
मधेश	१५९	५६०६३०२०	११६३८०२	९६७७८८	२.०७	१.७३
बागमती	२१४	८२८२३५८१	८५१७८२	७४०८७२	१.०३	०.८९
गण्डकी	२०३	४५२४२४६१	५१९८३३	४५००८४	१.१५	०.९९
लुम्बिनी	२११	५४१६०४४४	६५८२१६	६०९४५६	१.२२	१.१३
कर्णाली	१४०	३७५८६६९९	४५९४८२	३५८४३७	१.२२	०.९५
सुदूरपश्चिम	१६२	३५६२५९७७	५००६९३	४८०६९९	१.४१	१.३५
जम्मा	**१२९०**	**३६२९१९०९७**	**५०२१९९७**	**४३७१८७६**	**१.३८**	**१.२०**

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजु मधेश प्रदेशको २.०७ प्रतिशत र सबैभन्दा कम बेरुजु बागमती प्रदेशको १.०३ प्रतिशत रहेको छ।

२९. **अद्यावधिक बेरुजु** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रु.३१ अर्ब ५० करोड ९५ लाख २० हजार रहेकोमा सम्परीक्षणबाट रु.२ अर्ब ४६ करोड १८ लाख ५० हजार फर्स्यौट तथा रु.६ करोड ८२ लाख ८४ हजार थप भई रु.२९ अर्ब ११ करोड ५९ लाख ५४ हजार बाँकी रहेको छ। यो वर्ष रु.५ अर्ब २ करोड १९ लाख ९७ हजार थप भई अद्यावधिक बेरुजु रु.३४ अर्ब १३ करोड ७९ लाख ५१ हजार कायम भएको छ। सो

रकममा रु.९ अर्ब ९५ करोड ४१ लाख २९ हजार पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रु. हजारमा)

प्रदेश	गत सम्मको बाँकी	सम्परीक्षण	सम्परीक्षणबाट थप	बाँकी	यो वर्षको थप	हालसम्मको बाँकी	बेरुजु बाँकी मध्ये पेस्की
कोशी	५५८०४०७	१०४८०१३	०	४५३२३९४	८६८१८९	५४००५८३	३७६३३४२
मधेश	८३१०८५८	२८१२८८	१०१८७	८०३९७५७	११६३८०२	९२०३५५९	२८२२४८८
बागमती	४२८०५६१	२६८२७९	४९०२	४०१७१८४	८५१७८२	४८६८९६६	१०३४४९५
गण्डकी	२६८५५४२	२४११०३	२०८३०	२४६५२६९	५१९८३३	२९८५१०२	७८१६३३
लुम्बिनी	४०२०९६९	१०५६२९	१५८१	३९१६९२१	६५८२१६	४५७५१३७	४३७७४०
कर्णाली	३९४८२५४	२९६८४४	९६९२	३६६११०२	४५९४८२	४१२०५८४	७३८५२०
सुदूरपश्चिम	२६८२९२९	२२०६९४	२१०९२	२४८३३२७	५००६९३	२९८४०२०	३७५९११
जम्मा	**३१५०९५२०**	**२४६१८५०**	**६८२८४**	**२९११५९५४**	**५०२१९९७**	**३४१३७९५१**	**९९५४१२९**

प्रदेश सरकारहरूको समग्र लेखापरीक्षण, कार्यसम्पादन अवस्था र बेरुजुस्थिति सहितको प्रतिवेदन प्रदेशगतरुपमा सार्वजनिक गरिएको छ।

खण्ड

8

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा उल्लिखित साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। नागरिकको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधानबमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास, निर्माणसम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्नेलगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

संवैधानिक तथा कानुनी व्यवस्था

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भएअनुसार स्थानीय तहको अधिकार क्षेत्रअन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, विपद् व्यवस्थापन, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक तथा अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालनलगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको समन्वय र सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कुल ७५३ स्थानीय तहमध्ये प्रदेशगत रूपमा कोशीमा १३७, मधेशमा १३६, बागमतीमा ११९, गण्डकीमा ८५, लुम्बिनीमा १०९, कर्णालीमा ७९ र सुदूरपश्चिममा ८८ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि १५ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको सङ्ख्या, सिमाना, जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य

प्रशासन मन्त्रालयले विभिन्न विषयमा नमुना कानुन उपलब्ध गराएको देखिन्छ। स्थानीय तहले स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहसँग सम्बन्धित बाँकी कानुन बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

५. **आर्थिक कार्यप्रणाली** - राजस्व र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न कतिपय स्थानीय तहले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुन बनाई कार्यान्वयन गरिरहेका छन्। आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता कायम हुने गरी आर्थिक कारोबार सञ्चालन गर्न आवश्यक कानुन बनाई लागु गर्नुपर्दछ।

६. **प्रदेशसँगको अन्तरसम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहका कार्यान्वयनका विषयमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटलगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहको छ। प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरूसमेत आफैंले सञ्चालन गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको, राजस्व बाँडफाँट सम्बन्धमा कानुनमा दोहोरोपना देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यमा थप प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई कार्यान्वयन गर्नुपर्दछ ।

वित्तीय विवरण

७. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ७५३ स्थानीय तहको देहायअनुसारको कुल आय रु.६ खर्ब ४१ अर्ब ७६ करोड ५५ लाखमध्ये रु.५ खर्ब ६० अर्ब ५६ करोड ८७ लाख (८७.३५ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रु.२ खर्ब ८८ अर्ब ५१ करोड ३१ लाख (५१.४७ प्रतिशत), पुँजीगत खर्च रु.१ खर्ब ४५ अर्ब १९ करोड ५ लाख (२५.९० प्रतिशत) र अन्य खर्चतर्फ रु.१ खर्ब २६ अर्ब ८६ करोड ५१ लाख (२२.६३ प्रतिशत) खर्च भएको छ। यो वर्ष लेखापरीक्षण भएका ७५३ स्थानीय तहको २०८०।८१ को कुल आन्तरिक आय रु.३६ अर्ब १७ करोड ५६ लाख, सङ्घ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट रु.८५ अर्ब ४४ करोड ३६ लाख, गत वर्षको मौज्दात रु.९४ अर्ब ५१ करोड ५० लाखसमेत आन्तरिक स्रोततर्फ रु.२ खर्ब १६ अर्ब १३ करोड ४२ लाख प्राप्त भएको छ।

(रु. लाखमा)

क.सं.	प्रदेश	स्थानीय तह सङ्ख्या	आय							व्यय				मौज्दात बाँकी
			गतवर्षको जिम्मेवारी	सङ्घ अनुदान	प्रदेश अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय/कोष समेत	जम्मा आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
१	कोशी	१३७	१०४६६६	५५९०८८	३५०६६	१४१८३४	४९५६९	२०५८८४	१०९६१०७	५३४०६०	२४३८८८	२१७८७८	९९५८२६	१००२८१
२	मधेश	१३६	१५२१८१	४४७६७९	१४१२२	१३२६८७	३३१६९	२१०४४६	९९१२८४	४२८३३४	१९८८१०	२३५६८६	८६२८३०	१२८४५४
३	बागमती	११९	३९१००३	५०६७८४	६६७९३	२२२७७२	१८०६६५	२४१५९८	१६०९६१५	५८८६१९	४३१४९१	२६२४०७	१२८२५१७	३२७०९८
४	गण्डकी	८५	८४०५४	३२६९१७	१५३९४	८१२३१	३६१२२	१२४१२३	६६७८४१	३२२९२३	१५६३८२	११९८८३	५९९१८८	६८६५३
५	लुम्बिनी	१०९	११०९६८	४४३४७६	३१३६३	१३१४५७	४०६८८	१९८९०७	९५६८५९	४५६४९७	२०४४९५	१९७१५४	८५८१४६	९८७१३
६	कर्णाली	७९	४३४१४	२६२०८५	४२१२३	६०१९९	७७१४	९६३६६	५११९०१	२५५६९५	१०६०५३	११३०२५	४७४७७३	३७१२८
७	सुदूरपश्चिम	८८	५८८६४	३०२६४६	१९५७५	८३२५६	१३८२९	१०५८७८	५८४०४८	२९९००३	११०७८६	१२२६१८	५३२४०७	५१६४१
जम्मा		**७५३**	**९४५१५०**	**२८४८६७५**	**२२४४३६**	**८५४४३६**	**३६१७५६**	**११८३२०२**	**६४१७६५५**	**२८८५१३१**	**१४५१९०५**	**१२६८६५१**	**५६०५६८७**	**८११९६८**

उल्लिखित विवरणअनुसार कुल खर्चमध्ये २५.९० प्रतिशत मात्र पुँजीगत खर्च रहेकोमा चालु खर्च, आन्तरिक आय र राजस्व बाँडफाँट तुलनामा २.३७ गुणा रहेको छ। यस स्थितिले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) बमोजिम स्थानीय तहले आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुन सकेको छैन। प्रदेशगत स्थानीय तहको लेखापरीक्षणसम्बन्धी विस्तृत विवरण अनुसूची-२१ मा छ।

महालेखा नियन्त्रक कार्यालयले पेस गरेको आय-व्यय विवरण अनुसार सङ्घीय मन्त्रालय/निकायमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रु.१ खर्ब २१ अर्ब ३६ करोड ४७ लाख तथा बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशले मन्त्रालयमा विनियोजन भई स्थानीय तहलाई अख्तियारी एवं निकासा दिएको रु.३६ करोड ११ लाख स्थानीय तहले आफ्नो समग्र प्राप्ति र भुक्तानीको विवरणमा समावेश गरेको देखिएन। सबै कारोबारलाई समेटेर एकीकृत प्राप्ति र भुक्तानीको विवरण तयार गर्नुपर्दछ।

८. **आन्तरिक लेखापरीक्षण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। गत वर्ष ३०७ स्थानीय तहले आन्तरिक लेखापरीक्षण नगराएकोमा यो वर्ष ३२७ ले आन्तरिक लेखापरीक्षण गराएका छैनन्। कानुनबमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ।

९. **घटी जिम्मेवारी** - स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्दछ। जिम्मेवारी सार्ने क्रममा फरक परेमा सोको पुष्ट्याँइ उल्लेख गर्नुपर्दछ। यो वर्ष १२७ स्थानीय तहले रु.१ अर्ब ७२ करोड ७६ लाख ३९ हजार घटी जिम्मेवारी सारेकोमा सोकोकारण खुलाएका छैनन्।

१०. **बैङ्क हिसाब मिलान** - स्थानीय तहहरूले मासिक रूपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान गरी म.ले.प.फा.नं. २१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस्तो विवरण तयार गरेका छैनन्। यो वर्ष ६६ स्थानीय तहको स्रेस्ताले देखाएकोभन्दा बैङ्क खाता रु.३२ करोड ६६ लाखले घटी मौज्दात रहेकोमा अन्तर खाता हिसाब मिलान गरी बैङ्क मौज्दात यकिन गरेको देखिएन।

११. **सार्वजनिक सम्पत्ति व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष २३९ स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखानियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली अनिवार्य रुपमा लागु गर्नुपर्ने उल्लेख छ। यस वर्षसम्म ११२ स्थानीय तहले उक्त प्रणालीको प्रयोग गरेका छैनन्।

योजना तर्जुमा, बजेट तथा कार्यक्रम

१२. **आवधिक योजना तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा अधिकांश स्थानीय तहले आवधिक योजना तयार गरेका छैनन्। आवधिक योजना तयार गर्ने स्थानीय तहहरूले पनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरूलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक

योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। यो विषय गत वर्ष पनि औँल्याइएकोमा अपेक्षित सुधार भएको छैन।

१३. **वार्षिक योजना तथा बजेट तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ। ऐनमा आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने व्यवस्था छ। सो समितिले ऐनको दफा ६७ बमोजिम आगामी वर्षको बजेट, कार्यक्रम, सीमा, छनोटलगायतको प्रक्रियालाई सभामा पेस गरी योजना तर्जुमा एवं कार्यान्वयन गर्नुपर्दछ। त्यस्तै यो वर्ष ५३ स्थानीय तहले २०८०।३।१० भित्र बजेट पेस नगरेको तथा ५५ स्थानीय तहले २०८० आषाढ मसान्तसम्म पनि २०८०।८१ को बजेट पेस तथा पारित गरेको देखिएन। सार्वजनिक उत्तरदायित्वको हिसाबले यसलाई उपयुक्त मान्न सकिएन।

१४. **मध्यमकालीन खर्च संरचना -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहित प्रस्तावित योजनाको उद्देश्य, बजेट विनियोजन गर्न आवश्यकताको पुष्ट्याइँ, योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत, प्रतिफल र उपलब्धिको प्रक्षेपण, योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता, गत आर्थिक वर्षमा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहहरूले सोबमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने देखिन्छ।

१५. **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढने गरी रकमान्तर गर्न सक्ने व्यवस्था छ। यो वर्ष ११६ स्थानीय तहले उक्त व्यवस्था पालना नगरी रु.४ अर्ब १० करोड ७४ लाख ७२ हजार बजेट रकमान्तर गरी खर्च गरेका छन्। ऐनको व्यवस्थाअनुसार रकमान्तर गर्नुपर्नेमा तथ्याङ्कीय रूपमा सङ्ख्या र रकम यस वर्ष वृद्धि भएको छ।

१६. **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ३१५ स्थानीय तहले रु.६ अर्ब ५९ करोड ३ लाख ८१ हजार अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन्। अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँट गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने, वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था विद्यमान रहने हुँदा अबण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१७. **गत वर्षको दायित्व भुक्तानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ। योजना तथा कार्यक्रम र भुक्तानी बाँकीको कच्चावारी प्रमाणितबेगर ३६७ स्थानीय तहले गत वर्षको दायित्वअन्तर्गत रु.८ अर्ब ७५ करोड ७ लाख ९७ हजार खर्च गरेका छन्। सालबसाली रूपमा कार्यक्रम सम्पन्न गर्नुका साथै भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी भुक्तानी दिनुपर्दछ। गत वर्ष यस्तो गर्ने स्थानिय तह २८० थिए।

१८. **दाखिला गर्न बाँकी** - स्थानीय तहले भुक्तानीमा कट्टी गरेको रकम सोही आर्थिक वर्षमा तोकिएको खातामा दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ। यो वर्ष १६१ स्थानीय तहले वित्तीय विवरणमा देखाएको भुक्तानी/दाखिला बाँकी/कट्टी रकम रु.१६ करोड ५० लाख ३० हजार सम्बन्धित खातामा दाखिला गरी हिसाब मिलान गरेका छैनन्।

आन्तरिक स्रोत

१९. **नगद बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा सरकारी कार्यालयमा सङ्कलन भएको नगद सोही दिन वा सोको भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ८४ स्थानीय तहले वडाबाट असुल गरेको नगद रु.२ करोड ६४ लाख २४ हजार र ४९ स्थानीय तहले केन्द्रबाट असुल गरेको नगद रु. २ करोड १३ लाख ३५ हजारसमेत रु.४ करोड ७७ लाख ५९ हजार लेखापरीक्षण अवधिसम्म पनि बैङ्क दाखिला गरेका छैनन्। ऐनको व्यवस्थाबमोजिम समयमा नै राजस्व दाखिला गर्नुपर्दछ।

२०. **उठ्न बाँकी आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का व्यवस्थापनसम्बन्धी व्यवस्था छ। यो वर्ष ८७ स्थानीय तहले ब्यवस्थापन गरेका आय ठेक्काबाट सम्झौताअनुसार रु.४२ करोड ६२ लाख ८० हजार असुल गर्न बाँकी रहेको छ। उक्त रकम असुल गर्नुपर्दछ।

२१. **बक्यौता असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुल गर्ने व्यवस्था छ। यो वर्ष १०३ स्थानीय तहबाट सम्पत्ति करलगायत रु.२ अर्ब ७५ करोड २३ लाख ४० हजार असुल गर्न बाँकी रहेकोमा सोसहित असुल गर्न बाँकी वक्यौता रकमको लगत अध्यवधिक गरेका छैनन्।

२२. **राजस्व छुट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दहत्तर बहत्तरको राजस्व छुट सम्बन्धमा प्रष्ट व्यवस्था नभएकोले प्रदेश कानुन अनुसार स्थानीय तहले राजस्व छुट दिन पाउने देखिँदैन। यो वर्ष ९ स्थानीय तहले आय ठेक्का सम्झौतामा पालिकाबाट निर्णय गरी रु.१ करोड ८७ लाख ४९ हजार राजस्व छुट प्रदान गरेका छन्।

कर कट्टी तथा दाखिला

२३. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष २४७ स्थानीय तहले नियमानुसार भुक्तानीमा रु.२ करोड ७१ लाख ९१ हजार अग्रिम कर कट्टी गरेको देखिएन।

२४. **कर कट्टी** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा ठेक्का वा करारअन्तर्गतको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित राजस्व शीर्षकमा र बाँकी रकम सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्नेमा यो वर्ष ९३ स्थानीय तहले ठेक्का वा करारको भुक्तानीमा मूल्य अभिवृद्धि कर रु.९ करोड ७६ लाख ८४ हजार कट्टी नगरी सम्बन्धित फर्मलाई भुक्तानी दिएका छन्।

२५. **मूल्य अभिवृद्धि कर**- स्थानीय तहहरूले प्राकृतिक स्रोतको बिक्रीको लागि ठेक्का व्यवस्थापन गर्दा बिक्री मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा १०६ स्थानीय तहले रु.१७ करोड ८६ हजार असुल गरेका छैनन्। उक्त कर रकम असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्दछ।

अनुदान प्राप्ति तथा फिर्ता

२६. **अनुदान** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरण अनुसार सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानको ५ वर्षको अवस्था देहायअनुसार छः

(रु. लाखमा)

आर्थिक वर्ष	समानीकरण अनुदान	ससर्त अनुदान	विशेष अनुदान	समपूरक अनुदान	जम्मा
सङ्घीय सरकारबाट प्राप्त					
२०७६।७७	८९९६५२	१५०९९४१	४८२८४	४७५४०	२५०५४१७
२०७७।७८	८९९७३२	१८३३०२५	५८३४१	५०८८६	२८४१९८४
२०७८।७९	९४५२७१	१८४१९२६	५८४०९	४४०२७	२८८९६३३
२०७९।८०	९२६९८४	१९२८८०३	६८३००	५२८७५	२९७६९६२
२०८०।८१	८१२२५९	१७१३००७	६०१५८	४८५४०	२६३३९६४
प्रदेश सरकारबाट प्राप्त					
२०७६।७७	६२८०२	८२७७२	२५८४८	५७८१७	२२९२३९
२०७७।७८	५३५७६	८९४०९	७४४७९	२७७२६	२४५१९०
२०७८।७९	७१०५७	८७२११	२१४५१	५७३११	२३७०३०
२०७९।८०	७३०९५	१०८८७८	२४८२३	५७१४७	२६३९४३
२०८०।८१	७०४८०	४२०२४	१३७६०	४६९२४	१७३१८८

उल्लिखित अनुदान सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

२६.१. उल्लिखित तथ्याङ्कअनुसार स्थानीय तहहरूमा सङ्घीय सरकारको समानीकरणको अनुदानको तुलनामा ससर्त अनुदानको अंश बढ्दै गएको छ।

२६.२. सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको मार्गदर्शनबमोजिम स्रोतको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्त हुनेगरी स्रोतगत वर्गीकरणका आधारमा बजेट स्वीकृत गरी आर्थिक कारोबार गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२६.३. यो वर्ष सङ्घीय सरकारबाट प्राप्त अनुदानमध्ये लेखापरीक्षणबाट देखिएको सर्त विपरीत ९९ स्थानीय तहले खर्च गरेको रु.२३ करोड २८ लाख २६ हजार र साझेदारी अंश नपुग भएको ७३ स्थानीय तहको रु.१६ करोड २८ लाख ५२ हजारसमेत रु.३९ करोड ५६ लाख ७८ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

२६.४. महालेखानियन्त्रक कार्यालयबाट प्रकाशित २०८०।८१ को एकीकृत वित्तीय विवरणको अनुसूची-३.१ अनुसार ७ स्थानीय तहले खर्च नभई बचत रहेको रु.१ करोड १६ लाख ५६ हजार तथा लेखापरीक्षणबाट देखिएको ३६ स्थानीय तहले सर्त विपरीत खर्च गरेको रु.५ करोड ३ लाख ९३ हजार र साझेदारी अंश नपुग भएको ६२ स्थानीय तहको रु.१४ करोड ५७ लाख ५७ हजारसमेत रु.२० करोड ७८ लाख ६ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।

पदाधिकारी सुविधा

२७. **सेवा सुविधा** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिए बमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। यो वर्ष १३ स्थानीय तहले पदाधिकारीहरूलाई ऐनमा व्यवस्था नभएको चाडपर्व खर्च रु. १३ लाख ९६ हजार, २८ स्थानीय तहले पोशाक सुविधामा रु. १ करोड २८ लाख ३५ हजार र ऐनमा उल्लेख

भएभन्दा फरक हुनेगरी ७७ स्थानीय तहले यातायात खर्चमा रु.५ करोड ७ लाख ९५ हजार, ५३ स्थानीय तहले ऐनमा उल्लेख भएभन्दा बढी हुने गरी इन्धनमा रु.३ करोड ५७ लाख ६७ हजार, १६ स्थानीय तहले ऐनमा तोकेभन्दा बढी हुने गरी विविधमा रु.१ करोड ४५ लाख ६८ हजार, ७३ स्थानीय तहले भान्से, घरभाडा, अतिथि सत्कार लगायतको नपाउने अन्य सुविधावापत रु.२ करोड ५२ लाख ४१ हजार गरी रु.१४ करोड ६ लाख २ हजार बढी भुक्तानी गरेको पाइयो। यस्ता खर्च कानुनबमोजिम मात्र गरिनुपर्दछ।

२८. **स्वकीय सचिव र सल्लाहकार खर्च** - प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनमा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख भएतापनि सो अनुसार मापदण्ड बनाएको देखिएन। यो वर्ष १५२ स्थानीय तहले स्वकीय सचिव र सल्लाहकार नियुक्ति गरी रु.८ करोड १२ लाख ३८ हजार पारिश्रमिक भुक्तानी गरेको पाइयो।

२९. **विदेश भ्रमण** - स्थानीय तहका पदाधिकारीहरू विदेश भ्रमणमा जाँदा नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ। यो वर्ष २६ स्थानीय तहका पदाधिकारीले नेपाल सरकारको स्वीकृति बेगर चीन, दक्षिण कोरिया, अस्ट्रेलिया, टर्कीलगायतका देशको भ्रमण वापत रु.१ करोड ४६ लाख ७७ हजार खर्च गरेको पाइयो।

३०. **सामान फिर्ता -** कार्यालयमा कार्यरत नरहेको अवस्थामा कार्यालयबाट भरपाई गरी लिएको जिन्सी तथा नगदी सोही कार्यालयमा फिर्ता गर्नुपर्नेमा यो वर्ष १७ स्थानीय तहका प्रमुख सहितका पदाधिकारी, सदस्य र स्थानीय तहमा कार्यरत कर्मचारीहरूले रु.५२ लाख ७० हजारको मोबाईल, ल्यापटपलगायतका जिन्सी सामग्री पालिकामा फिर्ता गरेका छैनन्। उक्त सामग्री फिर्ता गर्नुपर्दछ।

प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन

३१. **आयोगको परामर्श** - प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐनमा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको सङ्गठित संस्थाका कर्मचारीको सेवाका सर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ। आयोगको परामर्श बेगर १९ स्थानीय तहले कर्मचारीको स्तर वृद्धि गरी ती कर्मचारीलाई यो वर्ष रु.२ करोड ७ लाख ७९ हजार थप रकम भुक्तानी दिएका छन्।

३२. **करार सेवाका कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचेलगायतका पदमा मात्र सेवा करारमा लिन सकिने व्यवस्था छ। यो वर्ष ५२३ स्थानीय तहले

विभिन्न कर्मचारी करारमा राखी तलब भत्तामा रु.९ अर्ब ९० करोड ९८ लाख ६३ हजार खर्च लेखेका छन्। सो मध्ये यो वर्ष २८० स्थानीय तहले दरबन्दी नभएको तथा दरबन्दीभन्दा बढी ५ हजार ६२३ जना करारमा नियुक्ति गरी रु.२ अर्ब ८ करोड ४५ लाख ८० हजार तलब भत्ता भुक्तानी गरेका छन्।

३३. **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीको खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १७० स्थानीय तहले अनुदानको रकमबाट कर्मचारी कल्याण कोषमा रु.६५ करोड ४१ लाख ७१ हजार ट्रान्सफर गरेतापनि कोष सञ्चालनसम्बन्धी कानुनको व्यवस्था भएको छैन।

३४. **कर्मचारी सञ्चय कोष** - निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले करारमा नियुक्त गरिएका कर्मचारीले कर्मचारी सञ्चय कोष थप पाउने व्यवस्था गरेको छैन। यो वर्ष २३ स्थानीय तहले करारमा नियुक्ति गरेका कर्मचारीको सञ्चय कोषबापत थप रु.३ करोड २४ लाख ५९ हजार खर्च लेखेको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

३५. **प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) मा स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका सर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानुनबमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको सर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुनबमोजिम हुने व्यवस्था छ। यो वर्ष २८९ स्थानीय तहले कानुन नबनाई कर्मचारी प्रोत्साहन भत्तामा रु.६८ करोड ६५ लाख १९ हजार खर्च गरेका छन्।

खरिद व्यवस्थापन

३६. **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ दफा ५.४.६ सँग सम्बन्धित अनुसूची-११ मा आयोजना प्राथमिकीकरणका आधारहरू उल्लेख भएको तथा सोही बमोजिम आयोजनामा लगानी गरी आवधिक योजनासँग सामाञ्जस्यता गर्नुपर्ने उल्लेख छ। यो वर्ष ७०० स्थानीय तहले रु. ५ लाख मुनिका ९५ हजार ४२१, रु.५ देखि २० लाखसम्मका ४३ हजार ५५८ र रु.२० लाखमाथिका २७ हजार २१६ समेत १ लाख ६६ हजार १९५ योजना तर्जुमा गरी रु.१ खर्ब ३० अर्ब ९४ करोड ८ लाख खर्च गरेको देखिन्छ।

३७. **अस्पताल सञ्चालन** - स्थानीय तहबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारको वार्षिक कार्यक्रम अन्तरगत समावेश गरी २०७७ मंसिर १५ मा ६५७ स्थानीय तहमा अस्पताल निर्माण कार्य सुरु गरेको देखिन्छ। यो वर्ष १९३ स्थानीय तहबाट अस्पताल निर्माण कार्यमा रु.१२ अर्ब ५४ करोड २५ लाख ४६ हजार खर्च भएकोमा सोमध्ये निर्माण सम्पन्न भएका अस्पतालमा २७ स्थानीय तहले रु.२ अर्ब ५० करोड ५६ लाख ९५ हजार खर्च गरेका छन्। सम्पन्न भएका उक्त अस्पतालमा जनशक्ति व्यवस्थापन तथा मेडिकल उपकरणको व्यवस्थापन नभएको कारण सञ्चालनमा आएको देखिएन।

३८. **मूल्य समायोजन भुक्तानी**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्ने व्यवस्था छ। यो वर्ष ६९ स्थानीय तहले खरिद सम्झौता विपरीत हुने गरी रु.१५ करोड ३८ लाख ६८ हजार मूल्य समायोजन भुक्तानी गरेका छन्।

३९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्म सोझै खरिद गर्न सकिने र नियम ८४ अनुसार रु.१० लाखभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्र र रु.२० लाख भन्दामाथि बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ५५४ स्थानीय तहले प्रतिस्पर्धा नगराई विभिन्न निर्माण कार्य, औषधी खरिद, परामर्श एवं वस्तु तथा सेवा सोझै खरिद गरी रु.७ अर्ब २१ करोड ४४ लाख ४८ हजार खर्च लेखेका छन्।

४०. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३, को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। यो वर्ष २४१ स्थानीय तहले परामर्श सेवा खरिदमा रु.६६ करोड ५२ लाख ८० हजार खर्च गरेका छन्। विगत ३ वर्षमा ४१८ स्थानीय तहले बाह्य परामर्शदाताबाट सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन एवं गुरुयोजना तयारी कार्य तथा अन्य परामर्श सेवा लिई रु.१ अर्ब ४८ करोड ५३ लाख २६ हजार खर्च गरेका छन्। परामर्शदाताबाट प्राप्त प्रतिवेदनको अभिलेख नराखेको र यसरी तयार भएका मध्ये १३५ स्थानीय तहले रु.३२ करोड ३१ लाख ६८ हजारका ४४८ अध्ययन प्रतिवेदन कार्यान्वयनसमेत गरेको देखिएन।

४१. **सफ्टवेयर खरिद तथा प्रयोग** - नेपाल सरकारबाट जारी सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणालीसम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ। यो वर्ष २२५ स्थानीय तहले सूचना प्रविधि विभागबाट स्वीकृति नलिई रु.२३ करोड २२ लाख १९ हजारको सफ्टवेयर खरिद तथा जडान गरेकोमा ४९ स्थानीय तहले रु.४ करोड ७९ लाख ९ हजारको सफ्टवेयर प्रयोग गरेको देखिएन।

४२. **सवारी साधन खरिद तथा मर्मत** - यो वर्ष ४५ स्थानीय तहले रु.३५ करोड २२ लाख १४ हजारको चारपाङग्रे सवारी साधन र ७७ स्थानीय तहले रु.९ करोड ५९ लाख ७८ हजारको दुइपाङग्रे सवारी साधन समेत रु.४४ करोड ८१ लाख ९२ हजारको सवारी साधन खरिद गरेका छन्। साथै ३७६ स्थानीय तहले सवारी साधन मर्मतमा रु.१ अर्ब १६ करोड ५० लाख ४३ हजार र ४१६ स्थानीय तहले इन्धनमा रु.२ अर्ब ५ करोड ८६ लाख ९९ हजारसमेत रु.३ अर्ब २२ करोड ३४ लाख ४२ हजार खर्च गरेका छन्।

उपभोक्ता समितिमार्फत कार्य

४३. **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई हेभी-मेसिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। यो वर्ष २४० स्थानीय तहले जटिल प्राविधिक पक्ष समावेश भएका निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई रु.१ अर्ब ९८ करोड ४९ लाख ६३ हजार खर्च लेखेका छन्। उपभोक्ता समितिसँग जटिल संरचना निर्माण कार्यको अनुभव नहुने, सुरु लगानीको लागि स्रोत साधनको न्यूनता हुने एवं भारी उपकरणको उपलब्धता नहुने अवस्थामा समेत जटिल संरचना निर्माणको कार्य गरेका छन्।

४४. **उपभोक्ताको योगदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत कार्य गराउँदा सम्झौता अनुसारको जनसहभागिताको अंश कटाई भुक्तानी दिनुपर्ने व्यवस्था छ। यो वर्ष ९० स्थानीय तहले ४९३ योजनामा सम्झौता बमोजिम रु.४ करोड ३१ लाख ९२ हजार उपभोक्ताको अंश कट्टा नगरी भुक्तानी गरेका छन्।

४५. **निर्माण व्यवसायीको संलग्नता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ। यो वर्ष ११८ स्थानीय तहले १ हजार ७९१ योजनाको निर्माण कार्य उपभोक्ता समितिबाट गर्ने गरी लागत अनुमान स्वीकृत तथा सम्झौता गरेकोमा समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराएको बिल बीजक पेस गरी रु.८९ करोड ८३ लाख ५८ हजार भुक्तानी गरेका छन्।

४६. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष १६८ स्थानीय तहले सार्वजनिक निर्माणसम्बन्धी तोकिएको नर्म्सभन्दा बढी लागत अनुमान स्वीकृत गरी १ हजार १९३ योजनाका उपभोक्ता समितिलाई रु.१५ करोड ५१ लाख ८२ हजार बढी भुक्तानी दिएको तथा ३०३ स्थानीय तहले १ हजार २४८ योजनाका उपभोक्ता समितिलाई नापजाँचलगायतमा फरक पारी रु.२६ करोड ९७ लाख ८८ हजारसमेत रु.४२ करोड ४९ लाख ७० हजार बढी भुक्तानी दिएको छ।

विद्यालय शिक्षा कार्यक्रम

४७. **विद्यालय पूर्वाधार** - शिक्षा तथा मानव विकास केन्द्रले जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ ले विद्यालयमा आवासीय सुविधा, पुस्तकालय, खेलमैदान, वैकल्पिक विद्युतीय व्यवस्था, घेराबार तथा बगैंचा, प्रशासकीय भवन, शिक्षण भवन तथा कक्षाकोठा, प्रयोगशाला, खानेपानी तथा सरसफाइलगायतको कार्य गर्न विद्यालय छनोट गरी पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ। यो वर्ष ३० स्थानीय तहले सामुदायिक विद्यालयलाई पूर्वाधार विकासका लागि रु.१७ करोड ८ लाख ६५ हजार निकासा गरेकोमा निर्माण कार्य सम्पन्न भएको देखिएन। साथै यो वर्ष १०२ स्थानीय तहले विद्यालयलाई आर्थिक वर्षको अन्त्यमा नमुना विद्यालय अनुदानतर्फ रु.५३ करोड ५७ लाख ४५ हजार निकासा दिएको खर्चको बिल भरपाईसहित कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको देखिएन।

४८. **विद्यालय प्रयोगशाला** - आईसिटी तथा कम्प्युटर प्रयोगशालालगायतका पूर्वाधार स्थापनाको लागि निकासा दिएकोमा उक्त कार्य भएको देखिने बिल भरपाई सहित स्थानीय तहबाट अनुगमन हुनुपर्दछ। यो वर्ष

१६० स्थानीय तहले आईसिटी तथा कम्प्युटर प्रयोगशाला स्थापनाको लागि रु.४० करोड ३४ लाख ३१ हजार निकासा दिएकोमा अनुगमन गरेको देखिएन।

४९. **शिक्षकको तलब भत्ता** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष २२० स्थानीय तहले शिक्षकको दरबन्दी मिलान नगरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं गत विगतदेखि नै विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता बेहोरेका शिक्षकको तलब भत्ताको लागि स्थानीय तहको स्रोतबाट रु. २ अर्ब ५ करोड १ लाख ६४ हजार निकासा गरेका छन्। साथै आवश्यक पूर्वाधारबेगर नै प्राविधिकधारको विषय समावेश गरेकोमा सम्बन्धित विषयगत शिक्षकको व्यवस्था नगरेको, नियुक्ति गरिएका शिक्षकको तलब भत्ता ससर्त अनुदानबाट बेहोरेका लगायतको अवस्था देखिएको छ।

५०. **बढी तलब निकासा** - शिक्षा नियमावली, २०५९ को नियम १२६(२) मा प्रत्येक स्थानीय तहले सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित गराई तलब भुक्तानी गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले शिक्षकहरूको तलबी प्रतिवेदन पारित नगरेको, बढी ग्रेड भुक्तानी गरेको, दोहोरो निकासा दिएको, दरबन्दीभन्दा बढी तलब निकासा गरेको देखिएको छ। यो वर्ष १४३ स्थानीय तहले शिक्षकहरूको तलब भत्तामा रु.३ करोड २४ लाख ९९ हजार बढी निकासा गरेका छन्।

५१. **पाठ्यपुस्तक र छात्रवृत्ति रकम निकासा** - यो वर्ष २०६ स्थानीय तहले शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएभन्दा निःशुल्क पाठ्यपुस्तकमा रु.३ करोड ६२ लाख ६५ हजार र ११४ स्थानीय तहले छात्रवृत्तिमा रु.१ करोड ६९ लाख १ हजारसमेत रु.५ करोड ३१ लाख ६६ हजार बढी निकासा दिएका छन्।

५२. **दिवा खाजा** - कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को बुदाँ नं.२.८.७ मा विद्यार्थीको हाजिरीको आधारमा दिवा खाजाको रकम शोधभर्ना दिनेसम्बन्धी व्यवस्था छ। यो वर्ष १२४ स्थानीय तहले विद्यार्थी हाजिर प्रमाणित अभिलेख बेगर दिवा खाजामा रु.२७ करोड ९९ लाख २९ हजार खर्च लेखेका छन्।

५३. **स्यानिटरी प्याड**- यो वर्ष १५१ स्थानीय तहले रु.९ करोड ८ लाख ७५ हजारको स्यानिटरी प्याड खरिद गरी खर्च लेखेकोमा उक्त प्याडहरू लक्षित वर्गको प्रयोगको लागि विद्यालयहरूमा पठाउनुपर्नेमा स्थानीय तहको भण्डारमा मौज्दात रहेको देखिन्छ। आवश्यकताको आधारमा खरिद गरी सामग्रीको उपयोग सुनिश्चितता हुनुपर्दछ।

सामाजिक सुरक्षा कार्यक्रम

५४. **बजेट निकासा** - नेपाल सरकारले ज्येष्ठ नागरिक, विधवा, पूर्ण अपाङ्ग, एकल महिला, बालबालिका, लोपोन्मुख/आदिबासी जनजाति समेतलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ। यो वर्ष सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत सबै स्थानीय तहलाई रु.१ खर्ब ११ अर्ब ७४ करोड ७२ लाख निकासा गरेको छ। यो सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५४.१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सबै स्थानीय तहले लाभग्राहीको लगत अद्यावधिक गरी बैङ्कमार्फत भत्ता वितरण गर्ने, नियमित रूपमा अनुगमन गर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था छ। स्थानीय तहले केन्द्रीय सूचना प्रणालीमा नाम समावेश गरी भत्ता वितरण गरेका छन्।

यो वर्ष सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीमा अन्य कारण जनाई लाभग्राहीको लगत कट्टा गरेकोमा विगतमा ती लाभग्राहीलाई भुक्तानी भएको रकम यकिन गरी असुल गरेको छैन।

५४.२. यस वर्ष १७० स्थानीय तहले नागरिकता नम्बर र जन्म मिति एउटै भएका लाभग्राहीलाई दुई वा सोभन्दा बढी परिचयपत्र जारी गरेर दोहोरो हुनेगरी र मृत्यु भइसकेका लाभग्राहीको लगत कट्टा नगरी रु.३ करोड ९४ लाख ३२ हजार बढी खर्च गरेका छन्। अभिलेख अद्यावधिक गरिनुपर्दछ।

५४.३. सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा बचत खाता सञ्चालन गर्ने तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरूमध्ये निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ। यो वर्ष १०५ स्थानीय तहले छुट्टै खाता खोली बैङ्कमा ग्राहकको विवरण अद्यावधिक नगर्ने लाभग्राहीको निष्क्रिय मौज्दात र वितरणपश्चात् बैङ्कमा बचत रहेको रकम रु.१३ करोड ८६ लाख २३ हजार बैङ्कबाट फिर्ता प्राप्त गरेका छैनन्।

५४.४. यो वर्ष २७ स्थानीय तहले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा तोकिएको सामाजिक सुरक्षा भत्ताको अतिरिक्त स्थानीय तहबाट थप गरी रु.१० करोड ३ लाख ७७ हजार भत्ता वितरण गरेका छन्।

सेवा प्रवाह

५५. **सेवा प्रवाह** - स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान स्थानीय तहमा आएको छ। तथापि स्थानीय तहमा दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन नसकेको अवस्था छ। पारित योजनाहरू कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, कानुनअनुसार खरिद प्रक्रिया अवलम्बन नहुने, दिगो योजना नबनाउनेलगायतका समस्या रहेका छन्। स्थानीय तह आफैंले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत गराउने कार्यहरूको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन।

पर्यावरण

५६. **वातावरणीय व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्न सक्ने, ढुङ्गा गिट्टी बालुवालगायतको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्नसक्ने व्यवस्था छ। वातावरणीय पक्षलाई ध्यान दिई वातावरणीय प्रभाव मूल्याङ्कन गराई कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५७. **फोहरमैला वर्गीकरण** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरूवात गर्न नसकेका कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्पादन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने,

नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन।

अन्य

५८. **गैरसरकारी संस्थामार्फत कार्य -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत सर्त तयार गरी कम्तीमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेस गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था छ। यो वर्ष खरिद कानुनबमोजिम प्रतिस्पर्धा बेगर पालिकाले खर्च बेहोरी कृषि तथा पशुसम्बन्धी कार्यक्रम साझेदार संस्थाबाट कार्य गराई ६२ स्थानीय तहले रु.८९ करोड ५९ लाख २९ हजार खर्च लेखेका छन्। साथै एकै प्रकृतिको कार्यको लागि दोहोरो अनुदान वितरण गर्न नपाइनेमा स्थानीय तहबाट सोही प्रकृतिको कार्यमा वितरण गरिएको अनुदान र गैरसरकारी संस्था मार्फत पालिकाले सञ्चालन गरेको कार्य दोहोरो सम्बन्धमा यकिनसमेत गरेको देखिएन।

५९. **कृषि अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले कृषि तथा पशुसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा सोको अनुगमन गर्ने व्यवस्था रहेको छ। यो वर्ष ४२३ स्थानीय तहले कृषि तथा पशु विकास कार्यक्रमअन्तर्गत कृषकहरूलाई रु.२ अर्ब ९ करोड २३ लाख ८७ हजार अनुदान वितरण गरेकोमा सोको व्यवस्थित अभिलेख राखेको तथा अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरेको देखिएन।

६०. **चालु प्रकृतिको खर्च** - पुँजी निर्माणमा योगदान नरहने तथा उत्पादनमा वृद्धि नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा पुँजीगत शीर्षकमा बजेट विनियोजन गरी चालु प्रकृतिका कार्यमा १०२ स्थानीय तहले रु.३५ करोड ५६ लाख २५ हजार खर्च गरेका छन्। पुँजीगत बजेटबाट चालु प्रकृतिका कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

त्यसै गरी यो वर्ष २६५ स्थानीय तहले ग्यास, साइकल, स्वास्थ्य बिमा शुल्क, विद्युत महशुल भुक्तानी, ह्याण्ड पम्प, साडी, कम्बललगायत सामान वितरण गरी रु.६२ करोड ५० लाख ९० हजार खर्च गरेका छन्। यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

६१. **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा मितव्ययी तवरले विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ६३९ स्थानीय तहले विविधमा रु.२ अर्ब ३६ करोड ९८ लाख ६० हजार खर्च गरेका छन्। त्यसैगरी ३२९ स्थानीय तहले खाजा खानामा रु.९३ करोड १ लाख ३ हजार तथा १८१ स्थानीय तहले सभा सञ्चालनमा रु.२१ करोड ८८ लाख ९५ हजारसमेत रु.१ अर्ब १४ करोड ८९ लाख ९८ हजार खर्च गरेका छन्।

६२. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। यो वर्ष

५७६ स्थानीय तहले विभिन्न व्यक्ति तथा संस्थाहरूलाई रु.१ अर्ब ११ करोड ९१ लाख ९७ हजार आर्थिक सहायता वितरण गरेका छन्। जसमध्ये ३१७ स्थानीय तहले सहायता वितरणसम्बन्धी कार्यविधिसमेत तयार नगरी रु.५९ करोड ९४ लाख ४५ हजार आर्थिक सहायता वितरण गरेका छन्।

६३. **नाफामूलक संस्थालाई अनुदान** - नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यस वर्ष १३५ स्थानीय तहले नाफा कमाउने उद्देश्यले स्थापना भएका संस्थालाई रु.१५ करोड १८ लाख ७४ हजार अनुदान दिएका छन। नाफामूलक स्थापित संस्थालाई दिएको अनुदान नियमसम्मत देखिएन।

लेखापरीक्षण, बेरुजु फर्स्यौंट तथा सम्परीक्षण

६४. **लेखापरीक्षण रकम र बेरूजु** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७५३ स्थानीय तहको प्रदेशगत लेखापरीक्षण रकम र बेरूजु स्थिति यस प्रकार छः

(रु. लाखमा)

क्र.सं.	प्रदेश	लेखापरीक्षण गरिएको स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरूजु	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
१	कोशी	१३७	१९८७२६७	४२९३६	२६३७	२.१६	२.०३
२	मधेश	१३६	१७०१९३५	५९५८६	८४५९	३.५०	३.००
३	बागमती	११९	२५०११३१	४५४८५	३७१७	१.८२	१.६७
४	गण्डकी	८५	११८२९७४	२२७०५	२०२६	१.९२	१.७५
५	लुम्बिनी	१०९	१७०४०३८	३०३६६	१६४२	१.७८	१.६९
६	कर्णाली	७९	९४३२६०	२४९४२	२४८१	२.६४	२.३८
७	सुदूरपश्चिम	८८	१०५७५९२	२११४१	२३५७	२.००	१.७८
जम्मा		**७५३**	**११०७८१९७**	**२४७१६१**	**२३३१९**	**२.२३**	**२.०२**

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी मधेश प्रदेशमा ३.५० प्रतिशत र सबै भन्दा कम लुम्बिनी प्रदेशमा १.७८ प्रतिशत बेरूजु देखिएको छ।

६५. **पालिकागत बेरुजु** - यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७५३ स्थानीय तहको लेखापरीक्षण रकम तथा बेरूजु स्थिति यस प्रकार छः

(रु. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरूजु	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
महानगरपालिका	६	७५५४१०	१५८८७	१६३२	२.१०	१.८९
उप-महानगरपालिका	११	४६३७५७	११३७२	१८३२	२.४५	२.०६
नगरपालिका	२७६	४९९००६३	११५०७०	१२०७०	२.३१	२.०६
गाउँपालिका	४६०	४८६८९६७	१०४८३३	७७८५	२.१५	१.९९
जम्मा	**७५३**	**११०७८१९७**	**२४७१६२**	**२३३१९**	**२.२३**	**२.०२**

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी उप-महानगरपालिकाहरूमा २.४५ प्रतिशत र सबै भन्दा कम महानगरपालिकामा २.१० प्रतिशत बेरूजु देखिएको छ।

६६. **बक्यौता लेखापरीक्षण र बेरुजु -** विगत वर्षको बक्यौता रहेका २८ मध्ये यो वर्ष देहायअनुसार ८ स्थानीय तहको बक्यौता लेखापरीक्षण सम्पन्न भएको छः

(रु. हजारमा)

क्र.सं.	स्थानीय तह	जिल्ला	आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम पेस्की समेत		बेरुजु रकम पेस्की बाहेक	
					रकम	प्रतिशत	रकम	प्रतिशत
१	मेचीनगर नगरपालिका	झापा	२०७९।८०	३७१२६८६	१३३९३२	३.६१	७७७३	३.४०
२	बिष्णुपुर गाउँपालिका	सप्तरी	२०७९।८०	११३४६०१	८२६८७	७.२९	५०	७.२८
३	बरियारपट्टी गाउँपालिका	सिराहा	२०७९।८०	९९३६८९	५३८५७	५.४२	४५७४	४.९६
४	धनकौल गाउँपालिका	सर्लाही	२०७६।७७	६५२४३१	१३१९३९	२०.२२	०	२०.२२
५	कविलासी नगरपालिका	सर्लाही	२०७९।८०	१४३५४०३	१०८०३०	७.५३	०	७.५३
६	सिम्रौनगढ नगरपालिका	बारा	२०७९।८०	१४४९७९६	४२६१०	२.९४	९०८१	२.३१
७	अदानचुली गाउँपालिका	हुम्ला	२०७९।८०	६६०४६९	२८१७८	४.२७	६२०	४.१७
८	ठोरी (सुवर्णपुर) गाउँपालिका	पर्सा	२०७५।७६	६०४१८४	२६८०२	४.४४	६५०	४.३३
			बक्यौताको कुल जम्मा	१०६४३२५९	६०८०३५	५.७१	२२७४८	५.५०

६७. **लेखापरीक्षण अङ्क** - यो वर्ष ७५३ स्थानीय तहको रु.११ खर्ब ७ अर्ब ८१ करोड ९७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। यो वर्ष बक्यौता लेखापरीक्षणतर्फ २०७५।७६ को १, २०७६।७७ को १ र २०७९।८० को ६ समेत ८ स्थानीय तहको रु.१० अर्ब ६४ करोड ३३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। नियमित र बक्यौतासमेत यो वर्ष रु.११ खर्ब १८ अर्ब ४६ करोड ३० लाखको लेखापरीक्षण सम्पन्न भएको छ। प्रदेशगत स्थानीय तहको लेखापरीक्षणसम्बन्धी विस्तृत विवरण अनुसूची-२१ मा छ।

६८. **बेरुजु रकम -** आर्थिक वर्ष २०८०।८१ को ७५३ स्थानीय तहको रु.११ खर्ब ७ अर्ब ८१ करोड ९७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षणबाट रु.२७ अर्ब ७० करोड ९२ लाख बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ अर्ब ९९ करोड ३० लाख फर्स्यौट गरेकोले रु.२४ अर्ब ७१ करोड ६२ लाख फर्स्यौट गर्न बाँकी रहेको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३ अर्ब ४२ करोड ९१ लाख, नियमित गर्नुपर्ने रु.१८ अर्ब ९५ करोड ५२ लाख र म्याद नाघेको पेस्की रु.२ अर्ब ३३ करोड १९ लाख बाँकी छ। त्यसै गरी २०७५।७६ को १, २०७६।७७ को १ र २०७९।८० को ६ गरी ८ स्थानीय तहको रु.१० अर्ब ६४ करोड ३३ लाखको बक्यौता लेखापरीक्षणबाट रु.६० करोड ८० लाख बेरूजु देखिएको छ।

६९. **बेरूजु असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा लेखापरीक्षण गराउने तथा बेरूजु फर्स्यौट गर्ने, गराउने काम, कर्तव्य र अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्ष लेखापरीक्षणबाट औँल्याइएपछि ४९६ स्थानीय तहले रु.५३ करोड ९१ लाख १८ हजार र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि ४९२ स्थानीय तहले रु.४७ करोड २१ लाख ४१ हजारसमेत रु.१ अर्ब १ करोड १२ लाख ५९ हजार असुली गरेका छन्। गत विगत वर्षको बेरूजु सम्परीक्षणको क्रममा ५२८ स्थानीय तहबाट रु.७६ करोड ३१ लाख ८ हजार असुल भई यो वर्ष कुल रु.१ अर्ब ७७ करोड ४३ लाख ६७ हजार असुल भएको छ।

७०. **बेरूजु फर्स्यौट तथा अनुगमन -** गत वर्षसम्मको कुल बेरूजु रु.१ खर्ब ९३ अर्ब ४५ करोड ८३ लाख रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रु.९ अर्ब ४९ करोड ३४ लाख फर्स्यौट भई बाँकी

रहेको रु.१ खर्ब ८३ अर्ब ९६ करोड ४९ लाखमा यो वर्ष ७५३ स्थानीय तहको रु.२४ अर्ब ७१ करोड ६२ लाख र ८ स्थानीय तहको बक्यौता लेखापरीक्षणबाट रु.६० करोड ८० लाखसमेत रु.२ खर्ब ९ अर्ब २८ करोड ९१ लाख अद्यावधिक बेरूजु रहेको छ। यस सम्बन्धी थप बेहोरा निम्नानुसार छन्:

७०.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरिसकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यससम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरूजु असुल फर्स्यौंट एवं नियमित गर्ने कार्यविधि सम्बन्धमा अस्पष्टता रहेको छ।

७०.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। समितिको कार्यक्षेत्र र जिम्मेवारी सम्बन्धमा स्पष्टता नभएकोले लेखा समिति गठन भई बेरूजु फर्स्यौंट र कार्यपालिकालाई निर्देशन दिने कार्य गरी आर्थिक अनुशासन पालनामा प्रभावकारिता आउन सकेको छैन। लेखा समिति गठन गर्दा कार्यकारी सदस्यहरूलाई सो समितिमा राख्न उपयुक्त हुने देखिँदैन।

७०.३. लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेरूजु फर्स्यौंटको सम्बन्धमा उल्लेख भए तापनि स्थानीय तहहरूले यस सम्बन्धी कानुन तथा कार्यविधि नबनाएको अवस्थाले अनियमित बेरूजु फर्स्यौंट गर्ने सम्बन्धमा अस्पष्टता रहेको छ। कतिपय स्थानीय तहहरूले लेखा समितिमा छलफल गराई सभाबाट नियमित गरेको, कतिपयले कार्यपालिकामा छलफल गराई सोझै सभामा पेस गरी नियमित गरेको अवस्था छ। सभाले के-कस्ता बेरूजु नियमित गर्न सक्ने भन्ने सम्बन्धमा समेत स्पष्टता नभएकोले कानुनमा व्यवस्था नभएका सुविधा भुक्तानी भई असुल गर्नुपर्ने गरी औंल्याइएका, कानुन विपरीत राजस्व छुट दिएका बेरूजुसमेत नियमित गरी सम्परीक्षणको लागि पेस हुने गरेको छ।

स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरूजु फर्स्यौंटको विधि र प्रकृयासमेत खुलाई स्पष्ट कानुनी व्यवस्था गरी बेरूजु फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

७१. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। विगत वर्षमा लेखापरीक्षण नगराएका निम्नानुसार २० स्थानीय तहले २३ आर्थिक वर्षको गराएका छैनन्:

क्र.सं.	प्रदेश	जिल्ला	स्थानीय तहको नाम	लेखापरीक्षण वक्यौता आर्थिक वर्ष
१	कर्णाली	हुम्ला	चंखेली गाउँपालिका	२०७९।८०
२	बागमती	रामेछाप	लिखु तामाकोशी गाउँपालिका	२०७५।७६
३	मधेश	सप्तरी	छिन्नमस्ता गाउँपालिका	२०७८।७९
४	मधेश	धनुषा	कमला नगरपालिका	२०७८।७९
५	मधेश	धनुषा	धनौजी गाउँपालिका	२०७८।७९
६	मधेश	धनुषा	औरही गाउँपालिका	२०७७।७८
७	मधेश	धनुषा	जनकपुरधाम उप-महानगरपालिका	२०७५।७६
८	मधेश	सर्लाही	ब्रम्हपुरी गाउँपालिका	२०७७।७८
९	मधेश	सर्लाही	बलरा नगरपालिका	२०७७।७८ र २०७४।७५
१०	मधेश	सर्लाही	कविलासी नगरपालिका	२०७५।७६

क्र.सं.	प्रदेश	जिल्ला	स्थानीय तहको नाम	लेखापरीक्षण वक्यौता आर्थिक वर्ष
११	मधेश	सर्लाही	बसबरिया गाउँपालिका	२०७५।७६
१२	मधेश	महोत्तरी	साम्सी गाउँपालिका	२०७७।७८, २०७४।७५ र २०७३।७४
१३	मधेश	महोत्तरी	रामगोपलपुर गाउँपालिका	२०७७।७८
१४	मधेश	महोत्तरी	गौशाला नगरपालिका	२०७३।७४
१५	मधेश	महोत्तरी	लोहरपट्टी नगरपालिका	२०७३।७४
१६	मधेश	महोत्तरी	पिपरा गाउँपालिका	२०७३।७४
१७	मधेश	रौतहट	कटहरिया नगरपालिका	२०७६।७७
१८	मधेश	रौतहट	गढीमाई नगरपालिका	२०७६।७७
१९	मधेश	पर्सा	धोविनी गाउँपालिका	२०७७।७८
२०	मधेश	पर्सा	पकाहामैनपुर गाउँपालिका	२०७६।७७

परिच्छेद

८



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद - ४

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

१. **लेखापरीक्षण प्रतिवेदन** - नेपालको संविधानको धारा २४१ अनुसार सङ्घीय र प्रदेश तहका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी ५ हजार ७५९ निकायको लेखापरीक्षण सम्पन्न गरिएको छ। यो वर्ष आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत २०८०।८१ को लेखापरीक्षणबाट रु.९९ अर्ब २३ करोड ६३ लाख बेरुजु देखिएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराइएकोमा ३५ दिनभित्र सम्बन्धित निकायहरूले रु.७ अर्ब ६३ करोड ८४ लाख फर्स्यौंट गरेकोले देहायबमोजिम रु.९१ अर्ब ५९ करोड ७९ लाख फर्स्यौंट हुन बाँकी रहेको छः

(रु. लाखमा)

विवरण	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट फर्स्यौंट		फर्स्यौंट हुन बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
सङ्घीय सरकारी कार्यालयहरू	४०४८१	५११००६	२५४१	३३५७६	३७९४०	४७७४३०
प्रदेश सरकारी कार्यालयहरू	१९७९८	४५३०६	१०८३	३३०५	१८७१५	४२०००
स्थानीय तह	१२५८२९	२८३४२६	१२९२८	३०१८४	११२९०१	२५३२४२
समिति र अन्य संस्था (प्रदेश समेत)	२३६५७	१५२६२५	१०८८	९३१९	२२५६९	१४३३०७
जम्मा	**२०९७६५**	**९९२३६३**	**१७६४०**	**७६३८४**	**१९२१२५**	**९१५९७९**

यसैगरी यो वर्ष ११ विषयको कार्यमूलक लेखापरीक्षण, १ विषयको वातावरणीय लेखापरीक्षण, १ विषयको सूचना प्रविधि र २ विषयको विशेष लेखापरीक्षण गरी प्रतिवेदन जारी गरिएको छ। समिति र अन्य संस्थातर्फ ३०५ संस्थाको बक्यौतासमेत ९०३ आय वर्षको लेखापरीक्षण गरी प्रतिवेदन जारी गरिएको छ। यस वर्ष सङ्घीयतर्फ ३ र प्रदेशतर्फ १ समेत ४ कार्यालयको लेखापरीक्षण बक्यौता रहेको छ। यसै गरी गत विगतका बक्यौतामध्ये सङ्घीयतर्फ ३ र स्थानीय तहतर्फ ८ समेत ११ कार्यालयको बक्यौता लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बेरुजुको लगत र अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(१) मा कार्यालयस्तरमा तथा दफा ३८(२) मा केन्द्रीयस्तरमा बेरुजुको लगत राख्नुपर्ने र दफा ३८(४) मा फर्स्यौंट तथा फरफारक भएको बेरुजुको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा बेरुजुको लगत समेत परीक्षण गराउनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयले २०७७।७८ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मा बेरुजुको लगत राखी सोही प्रणालीबाट सोको सम्परीक्षण तथा लगत कट्टा गर्दै आएको छ । उक्त आर्थिक वर्ष अगाडिका बेरुजुको लगतसमेत प्रणालीमा राखी व्यवस्थित गर्ने कार्य भइरहेको छ। कार्यालयस्तर र केन्द्रीयस्तरमा समेत बेरुजु लगत राखी सोलाई अद्यावधिक गर्दै जानुपर्ने देखिन्छ।

३. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औंल्याइएका बेरुजु प्रमाण पेस गरी, नियमित गरी वा असुलउपर गरी बेरुजु फर्स्यौंट

गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फर्स्यौंट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुपर्ने व्यवस्थाअनुसार २०६०।६१ देखि २०७९।८० सम्मको बेरुजु फर्स्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रु. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौंट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	३४२६६९१	०	१४९३९६	३२७७२९५	४७७४३०	३७५४७२५
प्रदेश सरकारी कार्यालयहरू	२८४६८४	०	२१८६५	२६२८१९	४२०००	३०४८१९
स्थानीय तह	१९३४५८३	८२	९५०१६	१८३९६४९	२५३२४२	२०९२८९१
समिति र अन्य संस्था (प्रदेश समेत)	१०५२६८१	१४९	१६६६३	१०३६१६७	१४३३०७	११७९४७४
जम्मा	**६६९८६३९**	**२३१**	**२८२९४०**	**६४१५९३०**	**९१५९७९**	**७३३१९०९**

महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदनसम्म बाँकी रहेको कुल बेरुजु रु.६ खर्ब ६९ अर्ब ८६ करोड ३९ लाखमध्ये यो वर्ष समायोजन रु.२ करोड ३१ लाख फर्स्यौंट तथा सम्परीक्षण रु.२८ अर्ब २९ करोड ४० लाख (४.२२ प्रतिशत) र यो वर्ष रु.९१ अर्ब ५९ करोड ७९ लाख थप भई रु.७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख अद्यावधिक बेरुजु रहेको छ।

प्रतिनिधि सभा सार्वजनिक लेखा समितिको २०७९।३।१७ को पत्रानुसार सङ्घीय कार्यालयको सम्परीक्षण स्थगित भएकोमा २०८१।१२।१८ मा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा भएको संशोधनपश्चात् निकाय तथा कार्यालयबाट बेरुजु फर्स्यौंट भई आएकोले सम्परीक्षणको कार्यलाई निरन्तरता दिइएको छ। उक्त ऐनको संशोधनपश्चात् रु.१६ अर्ब ३८ करोड ३९ लाखको सम्परीक्षण गरिएको छ। सोमध्ये रु.१० अर्ब ९९ करोड ९० लाख असुल भएको छ।

४. **प्रतिवेदन कार्यान्वयन कार्ययोजना -** लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा महालेखापरीक्षकबाट जारी प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने तथा महालेखापरीक्षकले प्रतिवेदनमा उल्लेख गरिएका विषयमा सुधार भए/नभएको र सुझाव कार्यान्वयन भए/नभएको सुनिश्चित गर्न सम्बन्धित निकायबाट भएका काम कारबाहीको प्रतिवेदन लिने, कार्यान्वयनका लागि कार्यावधि तोकी पुनः जाँच तथा आवश्यकतानुसार निर्देशन दिनेलगायतका कार्य गर्न सक्ने व्यवस्था छ। महालेखापरीक्षकबाट जिम्मेवार पदाधिकारी तथा लेखा उत्तरदायी अधिकृतलाई प्रतिवेदनका सुझाव कार्यान्वयन सम्बन्धमा समय-समयमा निर्देशन दिए तापनि समयमै त्यस्ता सुझाव कार्यान्वयन नगर्दा सोही प्रकृतिका बेहोरा दोहोरिने गरेका छन्।

सङ्गठित संस्थाको जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्ने जिम्मेवारी सञ्चालक समिति तथा पदाधिकारीहरूमा हुनेमा प्रतिवेदनमा दिइएका सुझावको व्यवस्थित अभिलेख राखी कार्यान्वयन गर्ने कार्य प्रभावकारी नहुनुका साथै विगतका बेरुजु फर्स्यौंट गरी लगत अद्यावधिकसमेत हुन सकेको छैन। निकाय, कार्यालय, संस्था र समितिहरूले लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन कार्ययोजना तयार गरी सोअनुरूप कार्यसम्पादन गर्नुपर्दछ।

५. **बेरुजु फर्स्यौंटमा भएको प्रयास -** यो वर्ष लेखापरीक्षण तथा बेरुजु फर्स्यौंटलगायतका विषयमा लेखा उत्तरदायी अधिकृत, सार्वजनिक लेखा समिति, सङ्गठित संस्थाका पदाधिकारी, उपत्यकाभित्रका महानगरपालिका तथा नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, उद्योगी तथा व्यवसायी, नेपाल

चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीसँग छलफल गरिएको छ। नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घले आयोजना गरेका विभिन्न अन्तरक्रिया कार्यक्रममा महालेखापरीक्षकलगायतको टोलीको सहभागिता रहेको थियो। त्यसै गरी सातै प्रदेशका माननीय प्रदेश प्रमुख, मुख्य मन्त्री, प्रदेश लेखा समिति र प्रदेश सरकारसँग महालेखापरीक्षकसहितको टोलीले भेटघाट तथा अन्तरक्रिया गरी लेखापरीक्षण बेरुजु, फर्स्यौंट र सम्परीक्षण सम्बन्धमा स्पष्टता पारेको थियो।

६. **लेखापरीक्षणको प्रभाव -** यो वर्षको लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि तथा विगतको बेरुजु सम्परीक्षण गर्दा निम्नानुसार असुल भएको छः

(रु. हजारमा)

क्र.सं	विवरण	लेखापरीक्षणको क्रममा असुली	प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली	सम्परीक्षणको क्रममा असुली	जम्मा असुली
१	सङ्घीय कार्यालयहरू	४५१६८८	४८५३१८	१०९७४१२६	११९१११३२
२	प्रदेश कार्यालयहरू	४६४०५	७७९५२	३७७२४८	५०१६०५
३	स्थानीय तह	५३९११८	४७२१४१	७६३१०८	१७७४३६७
४	समिति र अन्य संस्था	-	-	-	२९७०१७
	कुल जम्मा	**१०३७२११**	**१०३५४११**	**१२११४४८२**	**१४४८४१२१**

७. **वार्षिक प्रतिवेदन र छलफल -** नेपालको संविधानको धारा २९४(१) मा महालेखापरीक्षकले राष्ट्रपतिसमक्ष प्रस्तुत गरेको प्रतिवेदन प्रधानमन्त्रीमार्फत प्रतिनिधि सभामा पेस गर्ने र धारा २९४(३) मा महालेखापरीक्षकले प्रदेशगत अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ। यस्तै लेखापरीक्षण ऐन, २०७५ को दफा १९(५) मा महालेखापरीक्षकले पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ।

७.१. प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७८ (८) मा सार्वजनिक लेखा समितिले सभामा पेस भएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनुपर्ने काम कारबाही कानुनसम्मत र औचित्यपूर्ण तवरबाट भए/नभएको सम्बन्धमा अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। महालेखापरीक्षकले एकसट्ठिऔँ वार्षिक प्रतिवेदन २०८१।२।१३ मा सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरेकोमा प्रधानमन्त्रीमार्फत सङ्घीय संसद सचिवालयमा २०८१।४।९ मा दर्ता भई २०८१।१०।२७ मा प्रतिनिधि सभामा पेस भएको छ। यस वर्ष साठिऔँ वार्षिक प्रतिवेदनउपर छलफल भइरहेको छ । गत विगत वर्षका केही प्रतिवेदन समितिमा छलफल हुन बाँकी रहेका छन्। छलफल भएका बेरुजु सम्बन्धमा समितिबाट प्राप्त निर्देशन एवं सार्वजनिक लेखापालन सम्बन्धमा भएका निर्णयको कार्यान्वयन सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्नुपर्ने भएकोले निर्णय कार्यान्वयन अवस्थाको अभिलेख राखी प्रभावकारी अनुगमन हुन सकेको छैन।

७.२. महालेखापरीक्षकको प्रदेशगत छैठौँ वार्षिक प्रतिवेदनहरू २०८१।३।१३ सम्म सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस भएकोमा उक्त प्रतिवेदन मुख्यमन्त्रीहरूबाट कोशी प्रदेश सभामा २०८१।६।४, बागमती प्रदेश सभामा २०८१।५।१७, लुम्बिनी प्रदेश सभामा २०८१।३।१, गण्डकी प्रदेश सभामा २०८१।३।३१ र कर्णाली प्रदेश सभामा २०८१।३।३ मा पेस भएको छ। मधेश र सुदूरपश्चिम प्रदेशका सभामा उक्त प्रतिवेदन हालसम्म पेस भएको जानकारी प्राप्त भएको छैन।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

सार्वजनिक निकाय र पदाधिकारीमा उत्तरदायित्व, पारदर्शिता र निष्ठा प्रवर्धन गर्नु सार्वजनिक क्षेत्रको लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। सोका लागि सार्वजनिक स्रोत साधनको प्राप्ति, उपयोग, परिचालन तथा उपलब्धिको विभिन्न आयामबाट परीक्षण एवं विश्लेषण गरिन्छ। यस वर्षको लेखापरीक्षणबाट देखिएका बेहोराको आधारमा सार्वजनिक सेवा प्रवाह तथा विकासका क्रियाकलाप जनअपेक्षाअनुरूप सञ्चालन गर्न देहायका विषयहरूमा सुधार हुनुपर्ने देखिएको छः

शासकीय प्रबन्ध

१. कानुन तर्जुमा एवं कार्यान्वयन

१.१. तीनवटै तहका सरकारको कार्यलाई थप व्यवस्थित र स्पष्ट गर्न निजामती सेवा ऐन, शिक्षा ऐनलगायतका कानुन तर्जुमा/परिमार्जन गर्नुपर्दछ।

१.२. विद्यमान कानुनका कतिपय प्रावधान एक अर्कासँग बाझिएकाले सोको स्पष्टताको लागि कानुन संशोधन गर्नुपर्दछ।

१.३. सूचना प्रविधि, रासायनिक मल, जग्गा खरिद, पुरातात्त्विक सम्पदा निर्माण तथा जीर्णोद्धारलगायतका विषयलाई स्पष्टता गरी पारदर्शिता ल्याउन खरिद ऐनमा परिमार्जन गर्नुपर्दछ।

१.४. जग्गा प्राप्ति ऐनको विद्यमान व्यवस्थाले जग्गा प्राप्ति र अधिग्रहण गर्न जटिलता देखिएकोले यसमा समसामयिक सुधार गर्नुपर्दछ।

१.५. सम्पत्ति शुद्धीकरणलगायत अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धता तथा नेपाल पक्ष भएका अभिसन्धि एवं सम्झौताको कार्यान्वयनको लागि स्पष्ट खाका र जिम्मेवारीसहितको निकाय तोकी कार्यान्वयन गर्नुपर्दछ।

१.६. संविधानद्वारा निर्दिष्ट गरिएका पदमा नियुक्त पदाधिकारीको सेवा सुविधा कानुनमा नै स्पष्टसँग व्यवस्था गरिनु पर्दछ।

१.७. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकारक्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ। यस्ता कानुन बनाउने अधिकारको स्रोत सो कानुनमा उल्लेख गरेको हुनुपर्दछ।

१.८. असुल गर्नुपर्ने तथा पेस्की बेरुजु रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको निश्चित अवधिभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ। सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्नुपर्दछ।

१.९. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

२. सङ्घीयता कार्यान्वयन

२.१. तीन तहका एकल र साझा अधिकार सूचीका विषयहरू कानुनी स्पष्टतासहित कार्यान्वयन गरिनुपर्दछ।

२.२. सङ्घीयता कार्यान्वयनको लागि कानुनद्वारा निर्दिष्ट गरिएका समन्वय परिषद्हरूको नियमित बैठक एवं निर्णयको कार्यान्वयन गर्ने संयन्त्र स्थापित गरिनुपर्दछ।

२.३. एउटै आयोजनामा तीनै तहका सरकारबाट लगानी गर्दा उपयुक्त साझेदारी मोडेलको व्यवस्था गरिनुपर्छ।

२.४. तीनै तहका सरकारले आफ्नो कार्यक्षेत्रको राजस्व परिचालन गर्ने सम्बन्धमा सम्बन्धित तहको क्षेत्र र दायरा सुनिश्चित गर्नुपर्दछ।

२.५. स्थानीय तहमा वित्तीय अनुशासन कायम गर्न बेरुजु फर्स्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ।

२.६. नेपालको संविधानको धारा ५९ को उपधारा ७ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यससम्बन्धी कानुन निर्माण गर्दा सङ्घीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।

२.७. संविधान र प्रचलित कानुनबमोजिम प्रतिबद्धता जनाइएका अनुदान (समानीकरण) बजेटमा उल्लेख भएबमोजिम निकासा नहुँदा बजेट अभाव भई प्रदेश र स्थानीय तहमा कतिपय खर्चहरू आगामी आर्थिक वर्षमा भुक्तानी गरेको देखिएकोले त्यस्तो अनुदान कटौती नहुने सुनिश्चितता हुनुपर्दछ।

३. नियमन व्यवस्था

३.१. आम नागरिकको हितलाई सम्बोधन गर्ने निकायले गर्ने कार्यलाई व्यवस्थित गर्न स्थापित सबै नियमनकारी निकायको क्षमता अभिवृद्धि गर्दै सो अनुरूप कार्यसम्पादन भए नभएको मूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ।

३.२. वस्तु तथा सेवाको आपूर्तिमा हुने ढिलाइ, न्यून गुणस्तर, कम तौल, कृत्रिम अभाव, मूल्य वृद्धि, सेवाप्रवाहमा हुने ढिलासुस्ती एवं अवरोध र कार्यसम्पादनमा देखिएका समस्या समाधान गर्न सम्बद्ध निकायबिच समन्वय कायम गरी अनुगमन गर्नुपर्दछ।

अर्थतन्त्र

४. दिगो एवं आत्मनिर्भर अर्थतन्त्र

४.१. राजस्व, व्यक्तिगत आम्दानी र वैदेशिक मुद्रा सञ्चिति एवं वैदेशिक श्रमको उपयुक्त व्यवस्थापन, आन्तरिक रोजगारीमा वृद्धि एवं सीपयुक्त श्रमको माध्यमबाट आर्थिक वृद्धि गर्न सम्बद्ध सबै निकायको कार्य प्रक्रियालाई पारदर्शी र अनुमानयोग्य बनाउनुपर्दछ।

४.२. राष्ट्रिय अर्थतन्त्रको विकासका लागि आन्तरिक उत्पादनलाई बढावा दिन राज्यलाई तिर्नु बुझाउनुपर्ने सबै प्रकारका रकम पूर्व अनुमानयोग्य र वहन गर्नसक्ने बनाउनुपर्छ।

४.३. प्रत्येक वर्ष आवश्यक पर्ने बीउबिजन, रासायनिक मल, कृषि उपकरणलगायतको आपूर्तिलाई सुनिश्चित गर्न निश्चित रकमसम्मको सुनियोजित चक्र तय गरी सोहीअनुसार आपूर्ति गर्नुपर्दछ।

४.४. अनौपचारिक आर्थिक क्रियाकलापलाई निरुत्साहित गर्न तथा नगद कारोबारलाई न्यून गर्ने नीति अवलम्बन गर्दै मौद्रिक क्रियाकलापको लागि विद्युतीय भुक्तानीलाई प्रश्रय दिन सोमा लाग्ने विभिन्न खर्चलाई न्यून गर्नुपर्दछ।

४.५. स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग स्थापना र प्रवर्धनको लागि कर तथा भन्सार महसुलमा नीतिगत स्थिरता कायम गर्नुपर्दछ। राष्ट्रिय उपभोगको संरचनामा सुधार गरी बचतलाई प्रोत्साहन गर्न एवं उत्पादशील क्षेत्रमा लगानी गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ। घोषणा गरिएका सबै किसिमका उत्प्रेरकहरूलाई बजेटमा व्यवस्था गरी सोको सुनिश्चितता हुनुपर्दछ।

५. उद्योग तथा व्यापार

५.१. उद्योग र व्यापारलाई व्यवस्थित गर्न सरकारी निकायबाट प्रवाह गरिने सबै किसिमका सेवामा समय र लाग्ने शुल्क निश्चित गर्नुपर्दछ।

५.२. लगानी वातावरण सहज बनाउन उद्योग, व्यापार, वित्तीय तथा करलगायतका क्षेत्रका नीति एवं कानुनबिच तादात्म्यता कायम गर्नुपर्दछ।

५.३. निकासी प्रवर्धन गर्न विशेष आर्थिक क्षेत्रमा तोकिएबमोजिमको लगानी उन्मुख वातावरण तयार गर्नुपर्दछ।

५.४. अर्धतयारी वस्तुहरूसमेत कच्चापदार्थको सुविधामा पैठारी गरी निकासी सुविधा दिने विद्यमान व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

५.५. परम्परागत ज्ञान र सीप तथा स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगको विकास र संरक्षणको लागि वित्तीय उत्प्रेरणासहितको कार्यक्रम कार्यान्वयन गरी सोको बजारीकरणको प्रत्याभूति हुनुपर्दछ।

५.६. निजी तथा सार्वजनिक क्षेत्र र प्रत्यक्ष वैदेशिक लगानी आकर्षणका लागि अनुकूल वातावरण सिर्जना गरी नवप्रवर्तन र प्रविधिमैत्री उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्दछ।

६. वित्तीय क्षेत्र

६.१. कर्जा र निक्षेप अनुपातको प्रभावकारी अनुगमन गरी निक्षेप र कर्जाको ब्याज तथा अतिरिक्त प्रिमियमले पार्ने प्रभावको मूल्याङ्कन गर्नुपर्दछ।

६.२. सरकारी ब्याज अनुदान कार्यक्रमबाट प्रवाह भएको कर्जा निर्दिष्ट गरिएको क्षेत्रमा नै लगानी भएको सुनिश्चितता हुनुपर्दछ।

६.३. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सामूहिक खेती, खेतीयोग्य भूमिको सहकारीकरण गर्नुका साथै त्यस्तो भूमि सरकारी क्षेत्रबाट प्राप्त हुने सुनिश्चतता हुनुपर्दछ।

६.४. पर्यटन, सूचना प्रविधि, कृषिजन्य सामग्री निर्यातलगायतका क्षेत्रहरूबाट वैदेशिक मुद्रा आर्जन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ। साथै कृषि उपजको मूल्य स्थिरताका लागि भण्डारण, प्रशोधन र वितरण प्रणालीमा सुधार ल्याउनुपर्दछ।

६.५. बजार अनुगमन प्रणालीलाई सुदृढ गर्दै मूल्य वृद्धि तथा कृत्रिम अभाव नियन्त्रण गर्नको लागि सरकारबाट तोकिएको न्यूनतम मूल्यमा सरकारी संयन्त्रबाट खरिद बिक्री गर्ने व्यवस्था गर्नुपर्दछ।

७. सार्वजनिक संस्थान व्यवस्थापन

७.१. सञ्चालनमा रहेका सार्वजनिक संस्थानमध्ये सरकारले नै सञ्चालन गर्नुपर्ने, सरकारको आंशिक उपस्थिति आवश्यक पर्ने र सरकारको उपस्थिति आवश्यक नपर्ने क्रियाकलाप छुट्याई सो अनुरूप संस्थान सञ्चालन गर्नुपर्दछ।

७.२. सार्वजनिक संस्थानको कार्यकारीको नियुक्ति तोकिएको आधारमा व्यावसायिक योजनासहित गरिनुपर्दछ। सञ्चालक समितिमा सरकारका पदेन सदस्यको प्रतिनिधित्वलाई न्यून गरिनुपर्दछ। उद्देश्य अनुरूप संस्थान सञ्चालन गर्न नसक्ने पदाधिकारीलाई कार्य विश्लेषण गरी जिम्मेवार बनाउनुपर्दछ।

७.३. सार्वजनिक संस्थानको उद्देश्य सार्वजनिक हित वा व्यावसायिक हो स्पष्ट गर्नुपर्दछ। सार्वजनिक हितको उद्देश्य रहेका संस्थानहरूको सेवा प्रवाहका आधारमा र व्यावसायिक उद्देश्यका लागि स्थापित संस्थानहरूको मुनाफाको आधारमा मूल्याङ्कन गर्नुपर्दछ।

७.४. सार्वजनिक संस्थानमा कार्यकारी नियुक्ति गर्दा कानुनले तोकेको योग्यता पुगेको स्वघोषणा गर्नुपर्दछ।

७.५. निजीकरण गरिएका संस्थानसँग लामो समयदेखि उठाउन बाँकी रहेको बक्यौता रकम कानुनबमोजिम असुल गर्नुपर्दछ।

७.६. नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको सङ्गठित संस्थाबाट सहायक कम्पनीमा सञ्चालकको नियुक्ति वा मनोनयन गर्दा नेपाल सरकारको स्वीकृतिमा गर्नुपर्दछ।

७.७. सङ्गठित संस्थाको दीर्घकालीन आर्थिक दायित्वमा असर पार्ने निर्णय गर्दा अर्थ मन्त्रालयको सहमति लिनुपर्दछ।

७.८. कतिपय सङ्गठित संस्थाले कोष बेगर दायित्व सिर्जना गरेको देखिएकोले सोमा नियन्त्रण गर्न कोष बेगर (अनफण्डेड) दायित्व सिर्जना गर्ने पदाधिकारीलाई जवाफदेही बनाउने गरी कानुन निर्माण गर्नुपर्दछ।

७.९. सङ्गठित संस्था र सरकारबिचको लगानी हिसाबमा फरक परेकोमा सो हिसाब मिलान गरेको छैन। यस्तो अवस्था नियन्त्रण गर्न सम्बन्धित संस्था प्रमुखलाई जवाफदेही बनाउनुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

८. बजेट तथा कार्यक्रम

८.१. पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

८.२. रकमान्तरको सीमा लागु नहुने अनुदान सङ्केतमा रकम विनियोजन गरी सोबाट अन्य अनुदान सङ्केतमा रकमान्तर गर्ने कार्यमा सुधार हुनुपर्दछ।

८.३. राष्ट्रिय बजेट प्रणाली बाहिर विभिन्न प्रकारका कोष खडा गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

८.४. प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गरिने सबै कार्यक्रम र योजना वार्षिक बजेट तथा कार्यक्रममा समावेश नगरी बजेट स्वीकृतिपश्चात् नयाँ कार्यक्रम थप गरी प्रदेश तथा स्थानीय तहमा ससर्त अनुदान हस्तान्तरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

९. राजस्व प्राप्ति र परिचालन

९.१. विद्युतीय प्रणालीमार्फत हुने सबै प्रकारका कारोबारलाई करको दायरामा ल्याउनुपर्दछ।

९.२. सरकारले दिएको राजस्व छुटबाट परेको असर तथा प्रभाव मूल्याङ्कन गरी सोमा पुनरावलोकन गर्नुपर्दछ।

९.३. भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदान प्रदान गर्नुका साथै वर्गीकरणको निर्णय गर्दा आधार र कारण स्पष्ट खुलाउनुपर्दछ।

९.४. कर प्रशासनले उद्योग, व्यापार, पेसा, व्यवसाय, संस्था दर्ता गर्ने तथा नियमन गर्ने निकायहरूबाट सूचना प्राप्त गर्न सूचना सञ्जाल तयार गर्नुपर्दछ।

९.५. कर असुलीलाई प्रभावकारी बनाउन समयमै राजस्व नतिर्ने करदातालाई पछिल्ला वर्षमा छुट सुविधा दिने प्रवृत्तिमा पुनरावलोकन हुनुपर्दछ।

९.६. संशोधित कर निर्धारणका क्रममा करदातासँग माग गरिएका सूचना तथा तथ्याङ्क, सोधनी गरिएका विषय, प्राप्त जवाफ र कर निर्धारण प्रतिवेदन एकीकृत कर प्रणालीमा आबद्ध गर्नुपर्दछ।

९.७. यन्त्र, उपकरण, मेसिन र सवारीसाधनको महसुल दर निर्धारण गर्दा यान्त्रिक परीक्षण गर्नुपर्ने उल्लेख गरेकोमा सो परीक्षण हुने सुनिश्चितता गर्नुपर्दछ। अन्यथा मूल्यलाई आधार बनाई राजस्व दरहरू निर्धारण गर्नुपर्दछ।

९.८. राज्यलाई प्राप्त हुने कर तथा राजस्वको विषयमा द्विविधा भई निराकरणका लागि सोधनी गर्ने तथा जानकारी दिने संयन्त्र निर्दिष्ट गर्नुपर्दछ।

९.९. राय तथा परामर्श दिने निकायले राय परामर्श दिँदा राय परामर्श दिएको विषय स्पष्ट गरी व्यवस्था वा प्रयोजन समेत खुलाउनुपर्दछ। कानुनबमोजिम गर्ने वा कानुनका दफामात्र उल्लेख गरी राय दिने कर्मचारी तथा पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

१०. वैदेशिक सहायता

१०.१. राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र वैदेशिक सहायता परिचालन गर्नुपर्दछ।

१०.२. प्राविधिक, वस्तुगतलगायतका वैदेशिक सहायतालाई राष्ट्रिय बजेटमा समावेश गरी लेखापरीक्षण हुने सुनिश्चितता गर्नुपर्दछ।

१०.३. विकास सहायताको प्रतिबद्धता, प्राप्ति एवं उपयोगबिच अन्तर रहेकोमा प्रतिबद्धताअनुसार प्राप्त गरी विकास सहायताको उपयोग गर्नुपर्दछ।

१०.४. वैदेशिक सहयोगमा सञ्चालित आयोजनामा जटिल प्रकृतिका कार्य र प्रविधि हस्तान्तरण हुने अवस्थामा मात्र वैदेशिक परामर्श सेवा लिनुपर्दछ।

१०.५. विकास साझेदारबाट यथासमयमा शोधभर्ना लिई सरकारी स्रोततर्फ परेको असरलाई कम गर्नुपर्दछ।

१०.६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत परिचालन हुने वैदेशिक सहायतालाई पारदर्शी, जवाफदेही र उपलब्धिमूलक बनाउन प्रभावकारी अनुगमन गर्नुपर्दछ।

१०.७. दातृपक्षसँग वैदेशिक सहायता लिँदा लेखापरीक्षण सम्बन्धमा प्रचलित कानुनमा भएको भन्दा फरक व्यवस्था हुने भएमा महालेखापरीक्षकको कार्यालयसँग परामर्श लिनुपर्ने व्यवस्था कार्यान्वयन हुनुपर्दछ।

११. सार्वजनिक ऋण व्यवस्थापन

११.१. विनिमय दरका कारण ऋण परिचालनमा परेको नोक्सानीलाई न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गर्नुपर्दछ।

११.२. लागत, प्राप्त हुने उपलब्धि, जोखिम र फिर्ता गर्ने क्षमता विश्लेषण गरी वैदेशिक सहायता लिनुपर्दछ।

११.३. वैदेशिक ऋण परिचालन गर्दा पुँजी निर्माण नहुने तथा चालु प्रकृतिका कार्यमा खर्च नहुने सुनिश्चितता हुनुपर्दछ।

११.४. सरकार मातहत रहेका कोष, बोर्ड, परिषद्, समिति तथा संस्थाहरूमा रहेको नगद तथा बैङ्क मौज्दात निष्क्रिय वा न्यून ब्याजदरमा लगानी भइरहेकोमा सरकारले आन्तरिक ऋण लिनुपर्ने अवस्थामा त्यस्तो मौज्दातको समेत उपयोग र परिचालन गरी अधिक लाभ लिनुपर्दछ।

१२. सार्वजनिक खर्च

१२.१. संघ/प्रदेश/स्थानीय तहबिच अनुदान निकासाको सम्बन्धमा अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् मात्र फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

१२.२. निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोरिने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।

१२.३. राजस्वबाट चालु खर्च धान्न कठिनाइ भइरहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद र कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायहरूको आवश्यकता सम्बन्धमा पुनरावलोकन गरिनुपर्दछ।

१२.४. पूर्वाधार निर्माण गर्दा कार्यसंगति रहेका निकायहरूबिच आवश्यक समन्वय गरी निर्माणमा हुने दोहोरोपनालाई अन्त्य गर्नुपर्दछ।

१२.५. सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

१३. अनुदान व्यवस्थापन

१३.१. अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ।

१३.२. व्यावसायिक प्रकृतिका संस्थाहरूलाई पुँजीगत कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।

१३.३. सरकारी कोषबाट नगद अनुदान उपलब्ध गराउँदा कम्तीमा शून्य प्रतिफल दरमा फिर्ता गर्ने व्यवस्था गरिनुपर्दछ।

१४. लेखाङ्कन तथा प्रतिवेदन

१४.१. तीनै तहका सरकारमातहतका सबै गैरबजेटरी निकायहरूको कारोबारसमेत एकीकृत वित्तीय विवरणमा समावेश गर्नुपर्दछ।

१४.२. आर्थिक कारोबार र लेखासँग सम्बन्धित प्रमाण, कागजात तथा निर्णयहरू कागजरहित लेखाप्रणालीको अवधारणा अनुसार विद्युतीयरूपमा तयार गर्नुपर्दछ।

१४.३. बहुवर्षीय खरिद सम्झौता, वैदेशिक सहायता लगायतका कारणबाट सिर्जना हुने दायित्व तथा प्रतिबद्धताको अद्यावधिक अभिलेख राख्नुपर्दछ।

१४.४. वैदेशिक सहायतामा सञ्चालित सबै आयोजनाको वित्तीय प्रतिवेदन र अभिलेख स्वीकृत लेखा ढाँचामा राखुपर्दछ।

१५. आन्तरिक नियन्त्रण र लेखापरीक्षण

१५.१. सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।

१५.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वलाई व्यवस्थित गर्न लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिलाई प्रभावकारी बनाउनुपर्दछ।

१५.३. मन्त्रालय, विभाग, संवैधानिक निकायको आवश्यक सूचना लेखा र लेखापरीक्षण प्रणालीसँग आबद्ध गर्नुपर्दछ।

१५.४. लेखापरीक्षण प्रतिवेदनहरू समयमै छलफल भई विषयवस्तुको निरूपण गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

१५.५. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

१६. खरिद तथा प्राप्ति

१६.१. खरिद योजनाअनुसार सार्वजनिक सम्पत्तिको खरिद हुनुपर्दछ। सम्पत्ति खरिद पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी र गुणस्तरीय हुनुपर्दछ।

१६.२. जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोग हुने सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

१६.३. सम्पन्न भएका आयोजना खारेज वा विघटनपश्चात् त्यस्ता आयोजनामा रहेका यन्त्र, उपकरण एवं सम्पत्तिको अभिलेख राखी सोको उपयोग हुने गरी आवश्यक निकायमा हस्तान्तरण गर्नुपर्दछ।

१६.४. खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

१६.५. दैनिक कार्य सञ्चालनको लागि कार्यालयमा सानो नगदी कोषमार्फत नगदमा भुक्तानी गर्ने प्रणालीमा सुधार गरी यस्तो भुक्तानी विद्युतीय माध्यमबाट गर्ने व्यवस्था गर्नुपर्दछ।

१७. अभिलेख, संरक्षण र उपयोग

१७.१. सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

१७.२. राष्ट्रिय महत्त्वका अभिलेख, नक्सा, सन्धि सम्झौता तथा ऐतिहासिक दस्तावेजलाई सुरक्षित गर्ने तथा सोको अभिलेखलाई व्यवस्थित गर्न डिजिटाइजेसनलगायतको उपयुक्त विधि अवलम्बन गर्नुपर्दछ।

१७.३. विदेशस्थित कूटनीतिक नियोगहरूमा रहेको जिन्सी तथा सम्पत्तिको अभिलेख पाम्समा राख्नुपर्दछ।

१७.४. सार्वजनिक र गुठी जग्गाहरूलाई अतिक्रमणमुक्त बनाई उचित संरक्षण तथा उपयोग गर्नुपर्दछ।

१७.५. मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्य रूपमा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१७.६. जफत भएका तथा सरकारी कार्यालयहरूमा प्रयोगविहीन अवस्थामा रहेका सवारीसाधनहरूको समयमै मर्मत सम्भार गरेर उपयोग गर्ने वा लिलाम बिक्री वा हस्तान्तरण गरेर सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ।

विकास व्यवस्थापन

१८. दिगो विकास लक्ष्य

१८.१. प्रदेश तथा स्थानीय तहले दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गर्दै वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१८.२. दिगो विकास लक्ष्य हासिल गर्नका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थाहरूबिच समन्वय एवं सहकार्य गर्नुका साथै अपनत्व कायम हुने गरी कार्यक्रम सञ्चालन हुनुपर्दछ।

१८.३. दिगो विकास लक्ष्यहरूको कार्यान्वयन गर्न तथा प्रगति मापन गर्न एकीकृत तथा खण्डीकृत तथ्याङ्क सङ्कलन गरी एकीकृत तथ्याङ्क प्रणालीमा अभिलेखीकरण गर्नुपर्दछ।

१९. आयोजना व्यवस्थापन

१९.१. आयोजना प्राथमिकीकरण गर्दा लागत लाभ, आन्तरिक प्रतिफल दर, लागत फिर्ता हुने समयावधि लगायतको विश्लेषणपश्चात् उपयुक्त आयोजनाहरूलाई आयोजना बैङ्कमा समावेश गरी बजेट विनियोजन गर्ने व्यवस्था गर्नुपर्दछ।

१९.२. राष्ट्रिय गौरव तथा रूपान्तरणकारी आयोजनामा बजेटको सुनिश्चितता गर्नुका साथै सरोकारवाला निकायबिच समन्वय र सहकार्य हुने गरी निर्धारित समयमा नै आयोजना सम्पन्न गर्न उपयुक्त अनुगमन संयन्त्र सहितको कानुनी व्यवस्था हुनुपर्दछ।

१९.३. विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। आयोजनाको पूर्व तयारी बेगर ठेक्का व्यवस्थापन गर्दा समय र लागतमा वृद्धि भई प्रतिफल प्राप्तिमा ढिलाइ भएको अवस्था छ। यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

१९.४. नवप्रर्वतन र प्रविधिलाई आत्मसात गर्दै सार्वजनिक निर्माण लागत घटाउन अन्तर मन्त्रालय समन्वय गरी विद्यमान नर्म्स अद्यावधिक गर्नुपर्दछ।

१९.५. आयोजना निर्माणमा जग्गा प्राप्ति र क्षतिपूर्ति वितरण, स्रोत व्यवस्थापन र निर्माण तथा सञ्चालनको मोडालिटी निर्धारण सम्बन्धमा खरिद कानुनमा थप स्पष्टता हुनुपर्दछ।

१९.६. परामर्शदाताबाट तयार भएका विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा देखिएका त्रुटि सम्बन्धमा सम्बन्धित परामर्शदातासमेतलाई जवाफदेही बनाउनुपर्दछ।

१९.७. मन्त्रालयहरूले बजेट विनियोजन गर्दा विगतमा खरिद सम्झौता भई अधुरा रहेका आयोजनालाई प्राथमिकता दिनुपर्दछ। एकमुष्टरूपमा खरिद सम्झौताको म्याद थप गर्दा सोपश्चात् लाग्ने भुक्तानीको प्रत्याभूति हुनुपर्दछ।

१९.८. खरिद कार्यमा कर छुट दिने व्यवस्था भएमा प्रतिस्पर्धा गर्ने समयमा नै सो यकिन भएको हुनुपर्दछ। खरिद सम्झौता गर्दा कर छुटको रकम निर्माण व्यवसायीलाई भुक्तानी नहुने सुनिश्चितता रहनुपर्दछ।

२०. सार्वजनिक खरिद व्यवस्थापन

२०.१. डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट हुने खरिद सम्झौतामा मूल्य समायोजनसम्बन्धी व्यवस्थालाई ऐनमा नै स्पष्ट गर्नुपर्दछ।

२०.२. खरिद सम्झौता तथा कार्यतालिकाबमोजिम कार्य नगर्ने निर्माण व्यवसायी एवं आपूर्तिकर्ता र सोको कार्यान्वयनसँग सम्बन्धित कर्मचारीलाईसमेत जिम्मेवार बनाउनुपर्दछ।

२०.३. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

२०.४. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

२०.५. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।

२०.६. सार्वजनिक निकायले मालसामान खरिद गर्दा पैठारीकर्ताले भन्सार विन्दुमा घोषणा गरेको मूल्यमा लाग्ने महसुललगायतका कर, ढुवानी, अन्य खर्च, लगानी आय आदि जोडी कायम हुने मूल्यमा सोझै खरिद गर्न मिल्ने गरी कानुनी व्यवस्था मिलाउनुपर्दछ।

२०.७. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिएबमोजिमको जनसहभागिताको अंश समितिबाट बेहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश बेहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

२०.८. कुनैपनि सेवा खरिदपश्चात् प्रतिस्पर्धा नगरी वार्षिक मर्मतसम्भार करार गर्नुपर्ने भएमा खरिदकै समयमा सो विषयसमेत यकिन गरी प्रतिस्पर्धा गराउनुपर्दछ। साथै प्रोप्राइटरी सामान खरिद गर्दा त्यसमा प्रयोग हुने मुख्य एवं सहायक सामग्रीको परिमाणको आवश्यकता, मूल्य र निश्चित अवधिसमेत यकिन गरी लागत अनुमान तयार गर्नुका साथै सोअनुसार प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ।

सूचना प्रविधि

२१. कानुनी तथा अन्य व्यवस्था

२१.१. विद्युतीय कारोबार र सूचनाको सुरक्षा, कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङको उपयोग, विद्युतीय प्लेटफर्महरू लगायत सबै प्रकारका सूचना प्रविधि क्षेत्रलाई लागु हुने गरी आवश्यक कानुनी व्यवस्था गर्नुपर्दछ।

२१.२. सूचनाको गोपनीयता, साइबर सुरक्षाको निगरानी, सूचना प्रविधिसम्बन्धी लेखापरीक्षण तथा सङ्कट व्यवस्थापन र निरन्तर सेवा सञ्चालनका लागि आवश्यक व्यवस्था गर्नुपर्दछ।

२१.३. विद्युतीय प्रणाली विकास र विद्युतीय यन्त्र उपकरण खरिदको नर्म्स र लागत अनुमान तयार गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक प्रबन्ध गर्नुपर्दछ।

२१.४. सूचना प्रविधि प्रणालीको आवश्यकता पहिचान गरी डिजाइन, विकास र मर्मतसम्भार सम्बन्धमा पर्याप्त अध्ययन र लाभ लागत विश्लेषण गरी प्रणाली तयार गर्नुपर्दछ।

२२. प्रयोग र सुरक्षा

२२.१. विभिन्न सार्वजनिक निकायहरूले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालन गर्ने कार्यमा सुधार गरी निरन्तर ब्याकअपसहितको एकीकृत डाटा सेन्टरको विकास गरी सबै निकायले सेवा लिन सक्ने व्यवस्था गर्नुपर्दछ।

२२.२. सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

२२.३. सूचना प्रविधिलाई प्रभावकारी बनाउन, नियन्त्रण र सुरक्षामा एकद्वार प्रणाली लागु गर्न उत्प्रेरकको व्यवस्था गरी छुट्टै ज्ञान केन्द्र (नलेज सेन्टर) स्थापना गर्नुपर्दछ।

२२.४. सरकारी निकायले सञ्चालन गर्ने सबै सूचना प्रणालीको आधिकारिक निकायमा दर्ता तथा नवीकरणको व्यवस्था मिलाई भल्नराबिलिटी एसेसमेन्ट एण्ड पेनेट्रेसन टेष्ट (भीएपीटी) लगायतका परीक्षण गरेर मापदण्ड पूरा भएपछि मात्र प्रयोगमा ल्याउने व्यवस्था गर्नुपर्दछ।

२२.५. एकै प्रकारको कामको लागि निकायगतरूपमा भिन्ना-भिन्नै सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२२.६. डिजिटल भुक्तानीलाई प्रवर्धन गर्न सुरक्षित, सुलभ र सजिलो प्रणाली विकास गरी सबै प्रकारका भुक्तानी विद्युतीय माध्यमबाट हुने व्यवस्था गर्नुपर्दछ।

२२.७. सार्वजनिक निकायले प्रयोग गरेका वेबसाइट र मोबाइल एप्लिकेसनमा एकरूपता कायम गरी विद्युतीय माध्यमबाट सूचना प्रकाशन तथा प्रशारण हुनुपर्दछ।

२२.८. सबै सरकारी निकायमा सूचना प्रविधिको पूर्वाधार तयार भई सञ्चालनमा रहेको अवस्थामा सूचना प्रविधि लेखापरीक्षण गर्न आवश्यक जनशक्ति तथा पूर्वाधार निर्माण गर्नुपर्दछ।

सार्वजनिक प्रशासन

२३. मानव संसाधन व्यवस्थापन

२३.१. मागको आधारमा क्षमता विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ। बहुसीपयुक्त जनशक्ति तयार गर्न स्वदेशी तथा विदेशी तालिम प्रदान गरी जनशक्तिको ज्ञान, सीप क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२३.२. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

२३.३. सार्वजनिक संस्थान, आयोग, बोर्ड तथा प्रतिष्ठानको जनशक्तिको आवश्यकताको निर्धारण गर्दा छरितो र प्रविधियुक्त संरचनाका आधारमा दरबन्दी एवं पदपूर्ति हुनुपर्दछ।

२३.४. राष्ट्रसेवकमा सेवासँग सान्दर्भिक विषयको ज्ञान र सीप वृद्धि गरी कार्यकुशलता अभिवृद्धि गर्न आवधिकरूपमा न्यूनतम समयावधिको तालिम लिनुपर्ने व्यवस्था गर्नुपर्दछ।

२३.५. सार्वजनिक प्रशासनमा संलग्न जनशक्तिको सेवा प्रवेशको लागि विशिष्टीकृत योग्यता कायम गर्ने एवं कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२३.६. निजामती सेवा ऐनको व्यवस्था विपरीत न्यूनतम सेवा अवधि नपुगी सरुवा गर्दा प्रशासनिक खर्चमा वृद्धि एवं कतिपय अवस्थामा जिम्मेवारी वहनमा समेत कमजोरी देखिएकोले यस्तो प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ। आधारबेगर समय नपुग्दै सरुवा गरेमा निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा १२ बमोजिम कारबाही गर्नुपर्दछ।

२४. सार्वजनिक सेवा प्रवाह

२४.१. निजामती प्रशासनमा सूचना प्रविधिलाई कार्यसम्पादनमा आबद्ध गरी सेवा प्रवाह छिटो, छरितो, पारदर्शी र अनुमानयोग्य बनाउन फेसलेस ब्युरोक्रेसी र विद्युतीय शासन, एकल सेवा केन्द्रको अवधारणा लगायतलाई कार्यान्वयन गर्नुपर्दछ। केही विशिष्टीकृत ज्ञान सहितको कार्यका लागि समयको लचकता, प्रोत्साहनसहितको एकभन्दा बढी कार्यालयको जिम्मवारी दिने व्यवस्था गर्नुपर्दछ।

२४.२. सेवा प्रवाहको प्रभावकारिताको लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। सेवाग्राहीको समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्यतालाई समेत ध्यान दिई सेवा प्रवाह तय गरिनुपर्दछ। सार्वजनिक निकायले सेवा प्रवाह गर्दा प्रमाणयोग्य कागजातहरूको सुरु प्रशोधनमा मात्र निःशुल्क गर्नुपर्दछ।

२४.३. सार्वजनिक सेवा प्रवाहको गुणस्तर, समयसीमा, शुल्क र यसको प्रक्रिया व्यवस्थित बनाई छरितो र अनुमानयोग्य सेवा प्रवाह प्रणाली लागु गर्नुपर्ने देखिन्छ। राजस्व रकम भुक्तानी गरिसकेपछि सेवा प्रवाह ढिलो लिँदा पनि जरिबाना र थप शुल्क लिने कार्यमा पुनरावलोकन हुनुपर्दछ।

२४.४. अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

सुशासन

२५. भ्रष्टाचार नियन्त्रण र सुशासन

२५.१. सार्वजनिक सेवाहरूलाई विद्युतीय माध्यमबाट उपलब्ध गराई सेवाप्रवाह छिटो, छरितो र अनुमानयोग्य बनाउनुपर्दछ।

२५.२. सार्वजनिक सेवा प्रवाहमा सामाजिक जवाफदेहिता सहित नागरिकको निगरानी प्रणालीलाई मजबुत बनाउनुपर्दछ।

२५.३. पदीय आचरण, निष्ठा अभिवृद्धि हुने कार्यसंस्कृतिको विकास गरी सार्वजनिक सदाचारिता प्रवर्धन गर्नुपर्दछ।

२५.४. शंकास्पद तथा आपराधिक क्रियाकलाप र वित्तीय कारोबारसँग सम्बन्धित सूचना नियमन तथा कार्यान्वयन गर्ने निकायबिच समन्वय र सहकार्य गर्ने व्यवस्था गर्नुपर्दछ।

२५.५. वैदेशिक तथा आन्तरिक भ्रमण गर्दा औचित्य पुष्टि हुने गरी मात्र गरिनुपर्दछ। विभिन्न भेला, अवलोकन भ्रमणको सार्थकता निर्णय गर्ने पदाधिकारीले निर्णयमा नै उल्लेख गर्नुपर्दछ।

२५.६. वैदेशिक भ्रमणको निर्णय भएपछि मात्र भ्रमणसम्बन्धी व्यवस्थापकीय कार्य गर्नुपर्दछ। वैदेशिक भ्रमण खर्चमा मितव्ययिता ल्याउन यथासमयमा नै निर्णय गर्नुपर्दछ।

२६. वित्तीय अनुशासन

२६.१. अनुत्पादक खर्चमा नियन्त्रण, सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्न उच्च पदस्थ पदाधिकारी स्वयं मितव्ययी, मर्यादित र उदाहरणीय रूपमा प्रस्तुत हुनुपर्दछ। त्यस्तै बैठक, सभा सम्मेलन, भेला, उत्सव लगायतका विविध खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२६.२. स्वीकृत बजेट तथा कार्यक्रमको आधारमा उच्च प्रतिफल र गुणस्तर कायम हुने गरी खर्च गर्नुपर्दछ। सूचक निर्धारण गरी वित्तीय उत्तरदायित्व वहन गरिनुपर्दछ।

२६.३. वित्तीय अनुशासन कायम गर्न निकायको कार्यप्रकृति अनुरूप आचारसंहिताको व्यवस्था तथा सोको परिपालना हुनुपर्दछ।

२६.४. कर, भन्सार महसुलसँग सम्बन्धित विवादको टुङ्गो कानुनमा निर्धारित समयमा नै हुनुपर्दछ। लेखापरीक्षणबाट औँल्याइएका कतिपय विषयहरू निर्धारित समयभित्र फस्यौंट नगर्दा एकातर्फ राजस्व गुम्नुका साथै अर्कोतर्फ सम्बन्धित लगानीकर्ता हतोत्साहित हुने अवस्था रहने हुँदा यसको निराकरण कानुनद्वारा तोकिएको अवधिमा नै गर्नुपर्दछ। सोबमोजिम नगर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

२७. जवाफदेहिता र निष्ठा प्रवर्धन

२७.१. नैतिक पूर्वाधार निर्माण गर्न विद्यालय तहदेखि नै नैतिक शिक्षाका विषय समावेश गर्नुपर्दछ।

२७.२. सेवा प्रवाहमा संलग्न पदाधिकारी र कर्मचारीलाई सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही बनाउनुपर्दछ।

२७.३. सार्वजनिक पद धारण गरेका सबै पदाधिकारी तथा कर्मचारीको सेवा सुविधालाई पारदर्शी गरिनुपर्दछ।

२७.४. सार्वजनिक सेवा प्रवाहका कार्यमा पारदर्शिता तथा जवाफदेहिताको प्रत्याभूति हुने गरी सूचनाको संप्रेषण तथा सार्वजनिकीकरण हुनुपर्दछ।

परिच्छेद

६



कार्यालय गतिविधि

परिच्छेद - ६

कार्यालय गतिविधि

महालेखापरीक्षकले २०८१।२।१३ मा पेस गरेको एकसट्ठिऔँ वार्षिक प्रतिवेदनपश्चात् यस बासट्ठिऔँ वार्षिक प्रतिवेदन पेस गरेको अवधिमा कार्यालयबाट सम्पादन भएका प्रमुख गतिविधिहरू देहायअनुसार प्रस्तुत गरिएको छः

सङ्गठनात्मक क्षमता र पेसागत सक्षमता

१. **स्वीकृत दरबन्दी र पदपूर्ति -** नेपालको संविधान र प्रचलित कानुनबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्न ४ उप-महालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११३ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी, १३० लेखापरीक्षण अधीक्षक र अन्य कर्मचारीसहित कार्यालयको स्वीकृत दरबन्दी ६४३ रहेकोमा २०८१ चैत मसान्तमा ५३२ जनशक्ति कार्यरत रहेका छन्। यस अवधिमा नायब महालेखापरीक्षक ३, निर्देशक ७, लेखापरीक्षण अधिकारी २३, लेखापरीक्षण अधीक्षक १२ र लेखापरीक्षण निरीक्षक १ समेत ४६ कर्मचारी लोक सेवा आयोगको सिफारिसमा खुला तथा बढुवा प्रक्रियाबाट पदपूर्ति भएको छ। साथै २ कर्मचारीले राजीनामा र ४ कर्मचारीको अनिवार्य अवकाश भएको छ।

२. **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण -** कार्यक्षेत्रमा विस्तार भएअनुरूप संवैधानिक दायित्व पूरा गर्न सङ्गठन संरचना विस्तार तथा जनशक्ति व्यवस्था गर्नुपर्ने देखिएकोले २०८१।८।२७ को मन्त्रीपरिषद्को पूर्व स्वीकृतिबमोजिम यस कार्यालयको २०८१।९।४ को निर्णयअनुसार महालेखापरीक्षक कार्यालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्यका लागि ९ सदस्यीय कार्यदल गठन भएको थियो। समितिले कार्यजिम्मेवारी, कार्यबोझ, कार्य प्रकृति, वित्तीय विश्लेषण तथा उपलब्ध मानव स्रोतको आकलन र परिवर्तनको औचित्य समेतलाई विश्लेषण गरी केन्द्रीय कार्यालयतर्फ ५१९ र प्रदेश कार्यालयतर्फ १२० समेत ६३९ प्रस्तावित दरबन्दीसहितको प्रतिवेदन महालेखापरीक्षकसमक्ष २०८१।१२।३१ मा पेस गरेकोमा महालेखापरीक्षकको २०८२।१।२ को निर्णयअनुसार सोको नेपाल सरकारको स्वीकृतिको लागि अर्थ मन्त्रालयमा पठाइएको छ।

३. **लेखापरीक्षणसम्बन्धी तालिम -** यस कार्यालयले यस अवधिमा सञ्चालन गरेका तालिमसम्बन्धी विवरण निम्नअनुसार छ :

क्र.स.	तालिम विषय	सञ्चालन मिति	सहभागी सङ्ख्या
१.	नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली	२०८१।२।२१-२५, २०८१।४।३१-३२	९९
२.	अनवरत पेसागत शिक्षा	२०८१।३।९-११, २०८१।३।१७-१९, २०८१।३।२३-२५	२६३
३.	प्रणाली व्यवस्थापन	२०८१।३।१०-१४	५७

क्र.स.	तालिम विषय	सञ्चालन मिति	सहभागी सङ्ख्या
४.	लेखापरीक्षण गुणस्तरसम्बन्धी अन्तरक्रिया	२०८१।३।२६	७६
५.	लेखापरीक्षण चेकलिष्ट अद्यावधिक	२०८१।३।३०-४।३	१२२
६.	अर्थ-राजस्व लेखापरीक्षण	२०८१।४।२३-२५	३०
७.	पूर्वाधार लेखापरीक्षण	२०८१।४।२७	७४
८.	कार्यमूलक लेखापरीक्षण	२०८१।४।२९	५५
९.	प्रारम्भिक प्रतिवेदन लेखन तथा नेपाल लेखापरीक्षण व्यवस्थापन	२०८१।७।६	१३३
१०.	वर्कशप अन इम्प्लिमेन्टेसन अफ मुडल बेस्ड लर्निङ्ग म्यानेजमेन्ट सिस्टम	२०८१।७।२०-२३	३०
११.	गुणस्तर आश्वस्तता	२०८१।९।९	४१
जम्मा			**९८०**

४. **सहकार्यमा सञ्चालित तालिम -** विभिन्न संस्था तथा निकायहरूको सहकार्यमा सञ्चालित गोष्ठी तथा तालिममा सहभागी कर्मचारीहरूको सङ्ख्यात्मक विवरण निम्नानुसार छः

क्र.स.	तालिमको विषय	सहकार्य गर्न निकाय	सञ्चालन मिति	सहभागी सङ्ख्या
१.	कार्यमूलक लेखापरीक्षण	संयुक्त राज्य अमेरिकाको गभर्मेन्ट एकान्टाबिलिटी अफिस	२०८१।२।२३,२४,२९ र कार्तिक ११, २०८१।२।२५,२८,३० र कार्तिक१२, २०८१ कार्तिक ६,७,८ र १३	११३
२.	वित्तीय व्यवस्थापन	एसियाली विकास बैङ्क, नेपाल	२०८१।४।१०-११	३२
३.	परियोजनाको लेखापरीक्षण	विश्व बैङ्क, नेपाल	२०८१।१२।११	३०
			जम्मा	**१७५**

५. **सेवाकालीन/सेवा प्रवेश तालिम**- यस कार्यालयबाट सेवाकालीन तथा सेवा प्रवेश तालिममा सहभागीहरूको विवरण निम्नानुसार छः

क्र. स.	तालिमको नाम	प्रदान गर्ने निकाय	सञ्चालन मिति	सहभागी सङ्ख्या
१.	वरिष्ठ कार्यकारी विकास कार्यक्रम (एसईडीपी)	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८१।४।२१ देखि २०८१।११।५ सम्म २०८१।८।४ देखि चालु	३
२.	सेवा प्रवेश	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८१।६।१३-१९, २०८१।११।१२-१२-२५	१४
३.	सेवा प्रवेश	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८१।८।२६ देखि २०८१।१२।२५	२१
४.	विभिन्न	सार्वजनिक खरिद अनुगमन कार्यालय, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	२०८१।६।१६-१८, २०८१।१२।१४-२२, २०८१।१२।२५-३१, २०८१।६।१४-१५	१९

५.	सेवाकालीन	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०८१।११।४-१२/१२	१२
६.	अभिमुखीकरण	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०८१।११।५-११/११	३
जम्मा				**७२**

६. **वैदेशिक तालिम, गोष्ठी तथा अध्ययन -** वैदेशिक तालिम, अध्ययन, सेमिनार, गोष्ठी, अवलोकन भ्रमण, कार्यक्रमका लागि इण्डोनेसिया, दक्षिण अफ्रिका, टर्की, माल्दिभ्स, अजरबैजान, संयुक्त राज्य अमेरिका, स्पेन, भारत, चीनलगायतका देशहरूमा सञ्चालन भएको ४१ कार्यक्रममा ६८ कर्मचारीलाई सहभागी गराइएको छ। त्यस्तै २ अन्तर्राष्ट्रिय अनलाइन तालिम कार्यक्रममा ११ कर्मचारीलाई सहभागी गराइएको छ। यस कार्यालयबाट स्नातकोत्तर तहको अध्ययन गर्न चीनमा ३ जना तथा अष्ट्रेलियामा २ समेत गरी ५ कर्मचारीलाई पठाइएको छ।

७. **स्रोत व्यक्ति परिचालन -** यस कार्यालयबाट लेखापरीक्षणसम्बन्धी विषय विज्ञ/स्रोत व्यक्तिको रूपमा राष्ट्रिय स्तरमा सञ्चालन भएका १० कार्यक्रममा १२ जना तथा अन्तर्राष्ट्रिय स्तरका ४ कार्यक्रममा ३ कर्मचारीलाई स्रोत व्यक्तिको रूपमा पठाइएको थियो।

८. **उच्चस्तरीय संवाद कार्यक्रम -** अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्था मातहतको इण्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आईडीआई) र एसियाली विकास बैङ्कको आयोजनामा डिसेम्बर २-३, २०२४ मा फिलिपिन्सको मनिलामा सञ्चालित IDI-ADB High Level Dialogue on SAI Parliament Cooperation in Demonstrating Values to Citizens कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट उप-महालेखापरीक्षक पदमराज पौडेल र नायब महालेखापरीक्षक हुमनाथ सुवेदीको सहभागिता रहेको थियो। त्यसै गरी सङ्घीय संसदबाट सार्वजनिक लेखा समितिका सभापति, माननीय ऋषिकेश पोखरेल र सचिव एकराम गिरीको समेत सहभागिता रहेको उक्त कार्यक्रममा कार्यमूलक लेखापरीक्षणको प्रभाव बढाउन प्रमुख सरोकारवाला र संसदका सम्बन्धित स्थायी समितिहरूसँग संवाद भएको थियो।

९. **पेसागत अध्ययन -** आई.डी.आई.द्वारा सञ्चालन गरिएको सर्वोच्च लेखापरीक्षण संस्थाका लेखापरीक्षकहरूको पेसागत शिक्षा (Professional Education for SAI Auditors-PESA) अध्ययन कार्यक्रममा यस कार्यालयबाट सन् २०२१ जुलाईदेखि हालसम्म ४२ कर्मचारीलाई लेखापरीक्षणका विभिन्न विधामा मनोनयन गरिएकोमा ४ जनाले उत्तीर्ण गरेका छन्। उक्त कार्यक्रममा सहभागी भई उत्तीर्ण भएका प्रशिक्षार्थीलाई दीक्षित गर्न दक्षिण अफ्रिकाको प्रिटोरियामा २०२४ अक्टोबर १४ देखि १८ सम्म आयोजित कार्यक्रममा यस कार्यालयबाट निर्देशक टीकानाथ अर्यालको सहभागिता रहेको थियो। सर्वोच्च लेखापरीक्षण संस्थाबाट हुने लेखापरीक्षण प्रणाली, नयाँ मानदण्ड एवं प्रवृत्तिअनुरूप गुणस्तरीय लेखापरीक्षणको माध्यमबाट सार्वजनिक सुशासन कायम गर्न सक्षम जनशक्तिको आवश्यकता पर्ने र आई.डी.आई. ले सञ्चालन गरेको उक्त पेसागत शिक्षा कार्यक्रमले सर्वोच्च लेखापरीक्षण संस्थामा सक्षम जनशक्तिको उपलब्धतामा उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ।

१०. **पिक्चर इनिसिएटिभमा सहभागिता —** आई.डी.आई. बाट सञ्चालित Picture Initiative-support in Strengthening ICT Governance कार्यक्रमको प्रथम चरणमा आई.डी.आई.ले विकास गरेको ICT Maturity Assessment Tool-SAI ITMA प्रयोग गरी कार्यालयको सूचना तथा प्रविधि परिपक्वता (ICT Maturity) परीक्षण एवं सोका आधारमा सूचना प्रविधिसम्बन्धी विषयमा सेप्टेम्बर १६-२०, २०२४

स्पेनमा आयोजित "Leading Digital Change" विषयक कार्यक्रममा नायब महालेखापरीक्षक चन्द्रकान्त भण्डारीको सहभागिता रहेको थियो। त्यसै गरी २०२४ सेप्टेम्बर ३० देखि अक्टोबर ४ सम्म माल्दिभ्समा आयोजित "Picture ICT Strategy Development" विषयक वर्कशपमा निर्देशक रमेश सुवदी र लेखापरीक्षण अधिकारी रस्मिता सिंखडाको सहभागिता रहेको थियो।

११. **प्रशिक्षण सामग्री तर्जुमा तथा विकास कार्यशाला -** आई.डी.आई. तथा एसियाली विकास बैङ्कबाट सञ्चालित एसिया तथा प्रशान्त क्षेत्रको दिगो कार्यमूलक लेखापरीक्षणसम्बन्धी अभ्यासहरू विषयक कार्यक्रमको दोस्रो चरण अन्तर्गत कार्यमूलक लेखापरीक्षकहरूको लागि प्रारम्भिक तथा मध्यम स्तरीय पेसागत शिक्षा र सबल लेखापरीक्षण अनुगमन प्रणालीसम्बन्धी प्रशिक्षण सामग्री तर्जुमा तथा विकास कार्यशाला २०८१।१०।२८ देखि २०८१।११।९ (फेब्रुअरी १०-२१, २०२५) सम्म काठमाडौँमा सम्पन्न भएको थियो। यस कार्यालयको प्रशासनिक तथा व्यवस्थापकीय सहजीकरणमा सम्पन्न उक्त कार्यक्रममा बङ्गलादेश, बेलायत, भुटान, मंगोलिया, नेपाल, पपुवा न्युगिनी, फिलिपिन्स, लाटभियाका २० अन्तर्राष्ट्रिय स्रोत व्यक्तिको सहभागिता रहेको थियो।

१२. **वार्षिकोत्सव समारोह -** महालेखापरीक्षकको कार्यालयको ६६ औँ वार्षिकोत्सव समारोह २०८१।०३।१५ मा प्रतिनिधि सभाका सम्माननीय सभामुख देवराज घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न भयो। उक्त समारोहमा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरू, नेपाल सरकारका उच्च पदस्थ कर्मचारीलगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। सो अवसरमा सम्माननीय सभामुखबाट उत्कृष्ट कार्य सम्पादन गर्ने विभिन्न पदमा कार्यरत १२ कर्मचारीलाई पुरस्कृत तथा आई.डी.आई. बाट सञ्चालित प्रोफेसनल एजुकेसन फर साई अडिटर्स (PESA) को परीक्षा उत्तीर्ण गरी दीक्षित हुनुभएका ३ कर्मचारी र २५ वर्ष सेवा अवधि पूरा गर्ने १७ कर्मचारीलाई दीर्घसेवा सम्मानबाट सम्मानित गरिएको थियो। सो अवसरमा रक्तदान कार्यक्रम तथा सकारात्मक परिवर्तनको लागि तनाव व्यवस्थापन जीवन शैली परिवर्तन विषयमा प्रवचन कार्यक्रमसमेत आयोजना गरिएको थियो।

१३. **पुस्तकालय व्यवस्थापन -** यस कार्यालयमा रहेका विगतदेखिका अति महत्त्वपूर्ण तथा ऐतिहासिक पुस्तक तथा दस्तावेजहरूलाई आधुनिक पुस्तकालय विज्ञानबमोजिम सुदृढीकरण गर्ने कार्य सम्पन्न गरिएको छ।

१४. **प्रकाशन -** यस कार्यालयबाट महालेखापरीक्षकको एकसट्ठिऔँ वार्षिक प्रतिवेदन र सारांश, ७ प्रदेशको छैटौँ वार्षिक प्रतिवेदन छपाइ गरी सङ्घीय एवं प्रादेशिक सार्वजनिक लेखा समितिहरूलाई वितरण गरिएको छ। त्यस्तै स्थानीय तहहरूको छैटौँ लेखापरीक्षण प्रतिवेदनहरूको विद्युतीय प्रति तयार गरी कार्यालयको वेबसाइटमा राखिएको छ।

आन्तरिक सुशासन र वित्तीय व्यवस्थापन

१५. **वित्तीय स्थिति -** यो वर्ष यस कार्यालयले चालुतर्फ रु.५७ करोड ४४ लाख ५९ हजार तथा पुँजीगततर्फ रु.२७ लाख ६९ हजारसमेत रु.५७ करोड ७२ लाख २८ हजार खर्च गरेको छ।

१६. **रणनीतिक योजना तर्जुमा -** कार्यालयको नयाँ रणनीतिक योजना (२०२५-२०३०) तयार गरी मस्यौदा उपर सरोकारवालासँग २०८१।१२।८ र ९ मा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी पृष्ठपोषण लिइएको छ। सोअनुरूप योजनालाई अन्तिम रूप दिने कार्य भइरहेको छ।

१७. **बेरूजु सम्परीक्षण निर्देशिका -** साविकको बेरूजु सम्परीक्षण निर्देशिका, २०७५ लाई समयसापेक्ष सुधार तथा परिमार्जन गरी बेरूजु सम्परीक्षण निर्देशिका, २०८१ महालेखापरीक्षकबाट २०८१।१२।३१ मा स्वीकृत भई कार्यान्वयनमा आएको छ।

१८. **कार्यमूलक लेखापरीक्षण मार्गदर्शन -** यस कार्यालयले प्रयोगमा ल्याएको कार्यमूलक लेखापरीक्षण मार्गदर्शनलाई परिमार्जन तथा अद्यावधिक गर्न आई.डी.आई./ए.डी.बी. इनिसिएटिभ अन सस्टेनेबल पर्फमेन्स अडिट प्राक्टिस दोस्रो चरणअन्तर्गत गठित टोलीले तयार गरेको कार्यमूलक लेखापरीक्षण मार्गदर्शन २०८१ (संशोधन) महालेखापरीक्षकबाट २०८१।११।१८ मा स्वीकृत भई कार्यान्वयनमा रहेको छ।

१९. **आचारसंहिताको पालना -** निजामती सेवा ऐनमा उल्लेखित आचारसंहिताका अतिरिक्त सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संस्थाबाट जारी आचारसंहितालाई कार्यालयले अनुसरण गर्दै Code of Ethics Implementation Directive, २०७९ कार्यान्वयनमा ल्याएको छ। सोअनुसार लेखापरीक्षण टोलीमा संलग्न हुने कर्मचारीले लेखापरीक्षण पूर्व नै नैतिक आचारसंहिताको पालनाको स्वघोषणा गरी सोको प्रभावकारी रूपमा पालना गर्नुपर्ने व्यवस्था छ। आचारसंहिता पालना भए नभएको अनुगमन गर्न उप-महालेखापरीक्षकको संयोजकत्वमा तीन सदस्यीय अनुगमन समिति रहेको छ।

२०. **आन्तरिक नियन्त्रण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२(१) बमोजिम २०८१।१०।२२ मा ६ सदस्यीय आन्तरिक नियन्त्रण समिति गठन गरी आन्तरिक तथा अन्तिम लेखापरीक्षण तथा जिन्सी निरीक्षण प्रतिवेदनमा दिइएका सुझावहरूको कार्यान्वयन गरिएको छ। साथै यस कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा तर्जुमाको चरणमा रहेको छ।

लेखापरीक्षण गुणस्तर र प्रभाव अभिवृद्धि

२१. **वार्षिक लेखापरीक्षण योजना -** सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य निकायको २०८०।८१ को लेखापरीक्षणलाई व्यवस्थित र गुणस्तरीय बनाउन वार्षिक लेखापरीक्षण योजना, २०८१ महालेखापरीक्षकबाट २०८१।४।९ मा स्वीकृत गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। उक्त लेखापरीक्षण योजनामा अघिल्ला वर्षहरूका वार्षिक लेखापरीक्षण योजना कार्यान्वयनको स्थिति, जोखिम पक्षको विश्लेषण सम्बन्धमा सरोकारवालासँग छलफल गरी प्राप्त सुझावसमेत समावेश गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित एक कार्यक्रमबिच सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष महालेखापरीक्षकले वार्षिक लेखापरीक्षण योजना, नीति तथा कार्यतालिका सम्बन्धमा जानकारी गराउनुभएको थियो। वार्षिक लेखापरीक्षण योजना सम्बन्धमा जानकारी गराउने उद्देश्यले २०८१।४।१७ मा नेपाल सरकारका मुख्य सचिव तथा लेखा उत्तरदायी अधिकृतहरूसँग छलफल कार्यक्रम आयोजना गरिएको थियो। लेखापरीक्षण कार्यमा सहजीकरण, प्रतिवेदनका बेहोरा कार्यान्वयनलगायतका विषय छलफल भई वित्तीय अनुशासन कायम गर्न लेखा उत्तरदायी अधिकृतले प्रभावकारी भूमिका खेल्नुपर्ने बेहोरासमेत जानकारी गराइएको थियो। त्यसै गरी वार्षिक लेखापरीक्षण नीति तथा कार्यतालिका सङ्घीय र प्रदेश सरकारका लेखाउत्तरदायी अधिकृतहरूलाईसमेत सम्प्रेषण गरिएको थियो।

२२. **लेखापरीक्षण व्यवस्थापन** - नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत जोखिम विश्लेषण गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। उच्च जोखिममा रहेका निकायको सम्बन्धित निकायमा उपस्थित भई विस्तृत रूपमा र न्यून जोखिममा रहेका निकायहरूको सम्बन्धित निकायले नाम्समा अपलोड गरेको वित्तीय विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा भौतिक उपस्थिति बेगर दूरलेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ। यो वर्ष कार्यतालिकाबमोजिम लेखापरीक्षण कार्य सम्पन्न गर्न ४१ जिल्लामा संयुक्त र ३६ जिल्लामा विभागगत लेखापरीक्षण टोली खटाइएको थियो। लेखापरीक्षण कार्यलाई तीन चरणमा विभाजन गरी पहिलो चरण २०८१ भाद्रमा संयुक्त लेखापरीक्षण टोली, दोस्रो चरण २०८१ मङ्सिर तथा तेस्रो चरण २०८१ पौष महिनामा विभाग/महानिर्देशनालयगत लेखापरीक्षण टोलीहरू परिचालन गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। स्थलगत लेखापरीक्षणका लागि खटिने कर्मचारीलाई विभिन्न माध्यमबाट निर्देशन दिने तथा लेखापरीक्षण कार्यको समीक्षा गरी देखिएका समस्या सुधारसमेत गरिएको छ।

२३. **सङ्गठित संस्थाको लेखापरीक्षण** - पूर्ण सरकारी स्वामित्वका सङ्गठित संस्थामध्ये यस वर्ष ४५ संस्थाको लागि ६४ बाह्य लेखापरीक्षकलाई सहयोगीको रूपमा नियुक्त गरी लेखापरीक्षण सम्पन्न गरिएको र अधिकांश सरकारी स्वामित्व भएका ४२ सङ्गठित संस्थाको लेखापरीक्षणका लागि ५३ लेखापरीक्षक नियुक्तिका लागि परामर्श दिइएको थियो।

२४. **लेखापरीक्षणमा नागरिक सहभागिता** - सहभागितात्मक लेखापरीक्षण निर्देशिका, २०७९ बमोजिम कार्यालयले कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको संलग्नतालाई निरन्तरता प्रदान गरिएको छ। यो वर्ष कार्यमूलक लेखापरीक्षण गरिएका १२ विषयमध्ये कृषि तथा पशु बिमा कार्यक्रमको प्रभावकारिता, लाइभस्टक सेक्टर आयोजनाको प्रभावकारिता र औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहोर व्यवस्थापनसमेत ३ विषयको लेखापरीक्षण प्रक्रियामा नागरिक समाजका संस्थालाई सहभागी गराइएको छ।

२५. **सार्वजनिक लेखा समितिमा छलफल** - प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिका सभापति र सदस्यहरूको उपस्थितिमा २०८१।२।१७ मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति, प्रतिवेदन तयारी प्रक्रियालगायतका विषयमा छलफल सम्पन्न भएको छ। उक्त कार्यक्रममा महालेखापरीक्षकलगायत अन्य उच्च पदस्थ कर्मचारीहरूको उपस्थिति रहेको थियो। सो कार्यक्रममा महालेखापरीक्षकले ६१ औँ वार्षिक प्रतिवेदनमा उल्लिखित लेखापरीक्षणसम्बन्धी विवरण, बेरुजुको अवस्था, बेरुजुका मुख्य बेहोरा, मन्त्रालयगत बेरुजु स्थिति, प्रतिवेदन कार्यान्वयन अवस्था र भविष्यमा गर्नुपर्ने सुधारका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो। सो अवसरमा समितिका सदस्यहरूले लेखापरीक्षण प्रक्रिया, विश्वसनीयता, गुणस्तर, बेरुजुमा एकरूपता, सम्परीक्षण, लेखापरीक्षकको आचारसंहिता पालनालगायतका विषयमा राख्नुभएका जिज्ञासाहरू सम्बन्धमा महालेखापरीक्षकले स्पष्ट पार्नुभएको थियो।

२६. **गुणस्तर आश्वस्तता पुनरावलोकन** - कार्यालयले लागु गरेको गुणस्तर आश्वस्तता पुनरावलोकन हेण्डबुक, २०७९ अनुसार सार्वजनिक क्षेत्रको लेखापरीक्षणका स्थापित मान्यता, नीति, मानदण्ड, मार्गदर्शन, निर्देशिका तथा कार्यविधिमा भएको व्यवस्था लेखापरीक्षणमा अनुसरण भएको सुनिश्चित गर्न लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गर्नुपूर्व र प्रतिवेदन जारी पश्चात् सुपरिवेक्षण तथा आन्तरिक

पुनरावलोकनलगायतका क्रियाकलाप सम्पादन हुँदै आएको छ। वार्षिक लेखापरीक्षण योजनाबमोजिम सबै सरकारी कार्यालयको लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपूर्व नाम्समार्फत नायब महालेखापरीक्षक तहबाट पुनरावलोकन गरिएको र गुणस्तर आश्वस्तता निर्देशनालयबाट ४ निकाय/कार्यालयको लेखापरीक्षण प्रतिवेदन जारी पूर्वको गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ। त्यसै गरी लेखापरीक्षण प्रतिवेदन जारी पश्चात्को पुनरावलोकनको लागि कार्यालयका निर्देशकहरूको नेतृत्वमा वित्तीय र परिपालना लेखापरीक्षणतर्फ ५६ र कार्यमूलक लेखापरीक्षणतर्फ ३ फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन गरी तयार भएको गुणस्तर आश्वस्तता पुनरावलोकन प्रतिवेदन, २०८१ महालेखापरीक्षकसमक्ष पेस भएको छ।

वित्तीय अनुशासन र जवाफदेहिता अभिवृद्धि

२७. **वार्षिक प्रतिवेदन -** नेपालको संविधानको धारा २४१(१) बमोजिम २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष महालेखापरीक्षकको एकसट्ठिऔँ वार्षिक प्रतिवेदन २०८१।२।१३ मा पेस गरिएको र धारा २९४(३) बमोजिम ७ प्रदेश सरकारको अलग-अलग प्रतिवेदन सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरिएको थियो। साथै, लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम ७४८ स्थानीय तहको अलग-अलग अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गरिएको थियो।

२८. **वित्तीय विवरण -** महालेखापरीक्षकसमक्ष २०८१।७।१४ मा महालेखा नियन्त्रकको कार्यालयले २०८०।८१ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण पेस गरेको थियो। यसै गरी सोही कार्यालयले २०८०।८१ को तीन वटै तहका सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको एकीकृत वित्तीय विवरण महालेखापरीक्षकसमक्ष २०८१।९।१४ मा पेस गरेको थियो।

२९. **सार्कको लेखापरीक्षण -** नेपाल सरकार परराष्ट्र मन्त्रालयको अनुरोधमा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को सचिवालय तथा यसअन्तर्गतका नेपाल, बंगलादेश, श्रीलङ्का र पाकिस्तानमा रहेका क्षेत्रीय केन्द्रहरूको सन् २०२३।२४ को लेखापरीक्षण गर्न यस वर्ष कार्यालयका दुई निर्देशक र दुई लेखापरीक्षण अधिकारीलाई खटाइएको थियो।

३०. **सञ्चार माध्यमसँग सहकार्य -** स्थलगत रूपमा लेखापरीक्षण टोलीहरू खटाइएपछि सम्बन्धित सरोकारवालाहरूलाई लेखापरीक्षणको भूमिकासम्बन्धी जानकारी दिन उज्यालो रेडियो नेटवर्कबाट दैनिक सूचना प्रसारण गरिएको थियो। त्यसै गरी वित्तीय अनुशासन र जवाफदेहिता अभिवृद्धिमा सार्वजनिक सेवा प्रसारण (नेपाल टेलिभिजन) सँग **'सुशासन सवाल'** नामक कार्यक्रम महिनामा २ पटक प्रसारण गर्ने गरी २०८१।११।१८ मा सम्झौता भएको छ। हालसम्म उक्त कार्यक्रमको ४ भाग उत्पादन भई प्रसारण भइसकेको छ।

३१. **गुनासो व्यवस्थापन -** सरोकारवालाहरूको उजुरी तथा गुनासो सम्बोधन गर्न स्वचालित रूपमा अभिलेख रहने गरी कार्यालयले टोल फ्री नम्बर १८१०५०००००६१ र महालेखापरीक्षकले मात्र सञ्चालन गर्ने इमेल ठेगाना gunaso@oagnep.gov.np प्रयोगमा ल्याइएको छ।

सरोकारवालासँगको सम्बन्ध र सञ्चार

३२. **लेखापरीक्षकहरूलाई निर्देशन -** सरकारको पूर्ण एवं आंशिक स्वामित्व भएका संस्थाको २०८०।८१ को लेखापरीक्षण गर्न नियुक्त भएका चार्टर्ड एकाउन्टेन्ट तथा दर्तावाल लेखापरीक्षकहरूलाई निर्देशन दिने कार्यक्रममा महालेखापरीक्षकबाट तोकिएको समयमा लेखापरीक्षण सम्पन्न गर्न लेखापरीक्षकहरूले कार्ययोजना तयार गर्ने, जोखिमका क्षेत्रहरूको सूची तयार गर्ने, सार्वजनिक सम्पत्तिको अवस्थाको अवलोकन गरी लेखापरीक्षण प्रतिवेदनमा औँल्याउनुपर्ने विषयहरूलाई पालना गर्न समेत निर्देशन भएको थियो।

३३. **सङ्गठित संस्थाका पदाधिकारीसँग छलफल -** सङ्गठित संस्थाका प्रमुख र महालेखापरीक्षकको सहायकको रूपमा नियुक्त तथा महालेखापरीक्षकको परामर्शमा नियुक्त लेखापरीक्षकहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा नेपाल सरकारका अर्थमन्त्री, महालेखापरीक्षक, नेपाल राष्ट्र बैङ्कका गभर्नर, अर्थ मन्त्रालयका राजस्व सचिव, संस्थान समन्वय महाशाखा प्रमुखलगायतको सहभागिता रहेको थियो। सो कार्यक्रममा प्रत्येक सार्वजनिक संस्थानले सञ्चालनको औचित्य स्थापित गर्न आ-आफ्नो उद्देश्यअनुसार सञ्चालन हुनुपर्ने, कोषको व्यवस्था नगरिएको दायित्व सिर्जना गर्न नहुने, समयमै लेखापरीक्षण सम्पन्न गरी वित्तीय अवस्था तथा कार्यसम्पादन स्थितिमा पारदर्शिता ल्याउनुपर्नेलगायतका विषयमा छलफल भएको थियो।

३४. **सल्लाहकार समितिको बैठक -** लेखापरीक्षण सल्लाहकार समितिको २०८१।३।२३ को बैठकमा महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना (२०२५-२०३०), वार्षिक लेखापरीक्षण योजना २०८१, कार्यमूलक लेखापरीक्षणका विषय छनोटलगायतका विषयमा छलफल भएको थियो।

३५. **मिट द प्रेस कार्यक्रम -** सार्वजनिक क्षेत्रको लेखापरीक्षण, बेरूजु तथा सम्परीक्षण सम्बन्धमा २०८१।११।२२ मा प्रेस तथा मिडियासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

३६. **अन्तरक्रिया -** आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण तथा बेरूजु फर्स्यौंटलगायतका विषयमा उपत्यका भित्रका महानगरपालिका तथा नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूसँग छलफल तथा अन्तरक्रिया गर्न २०८१।७।७ मा आयोजित कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुखसमेत ८ नगर प्रमुख, ४ उपप्रमुख, १८ प्रमुख प्रशासकीय अधिकृत, कार्यालयका पदाधिकारी एवं अन्य कर्मचारीहरू समेत ६१ जनाको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा २०८०।८१ मा गरिने लेखापरीक्षण कार्ययोजना, लेखापरीक्षणमा विशेष अध्ययन गरिने विषय, उपत्यकाका स्थानीय तहको लेखापरीक्षणबाट गत विगतमा देखिएका बेहोरालगायतका विषयमा छलफल भएको थियो।

३७. **उद्योगी तथा व्यवसायीहरूसँग अन्तरक्रिया** - महालेखापरीक्षकको कार्यालय र उद्योगी तथा व्यवसायीका प्रतिनिधिहरूसँगको अन्तरक्रिया कार्यक्रम २०८२।१।३ मा सम्पन्न भयो। कार्यक्रममा महालेखापरीक्षकको कार्यालय र निजी क्षेत्रबिचको अन्तरसम्बन्ध र आगामी प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयमा छलफल भएको थियो।

३८. **नगरपालिका सङ्घ/गाउँपालिका राष्ट्रिय महासङ्घसँग अन्तरक्रिया -** गाउँपालिका राष्ट्रिय महासङ्घले कर्णाली प्रदेशको सुर्खेतमा २०८१।७।८ मा र पोखरामा २०८१।११।११ मा आयोजना गरेको गाउँ/नगर सभाअन्तर्गत रहने सार्वजनिक लेखासमितिको प्रभावकारिताको लागि अन्तरसंवाद कार्यक्रममा

महालेखापरीक्षकलगायतको टोली सहभागी भई कार्यालयको संवैधानिक तथा कानुनी क्षेत्राधिकार, लेखापरीक्षण तथा बेरूजु सम्परीक्षण सम्बन्धमा संस्थागत धारणा प्रस्तुत गरी उठेका जिज्ञासाहरूको सम्बोधन गरिएको थियो। त्यस्तै २०८१।९।९ मा नेपालगन्जमा आयोजना भएको कार्यक्रममा उप-महालेखापरीक्षक बामदेव शर्मा अधिकारीको उपस्थिति रहेको थियो। यसै गरी यस कार्यालयका पदाधिकारीहरू र नगरपालिका तथा गाउँपालिका महासङ्घका प्रतिनिधिबिच स्थानीय तहको लेखापरीक्षण तथा बेरूजु र सम्परीक्षणसँग सम्बन्धित विषयमा २०८२।१।४ मा अन्तरक्रिया तथा छलफल भएको थियो।

३९. **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारीसँग अन्तरक्रिया** - महालेखापरीक्षकको कार्यालय र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पदाधिकारी तथा पूर्व अध्यक्षहरूसँगको अन्तरक्रिया कार्यक्रम २०८२।१।४ मा सम्पन्न भएको थियो। कार्यक्रममा महालेखापरीक्षकको कार्यालय र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा निजी क्षेत्रका लेखापरीक्षकसँगको अन्तरसम्बन्ध र आगामी प्रतिवेदनमा सुधार गर्नुपर्ने विषयमा छलफल भएको थियो।

४०. **प्रदेशगत अन्तरक्रिया** - कार्यालयको स्वीकृत लेखापरीक्षण योजना, २०८१ बमोजिम लेखापरीक्षण कार्यलाई थप गुणस्तरीय तथा विश्वसनीय बनाउने उद्देश्यले सात वटै प्रदेशका माननीय प्रदेश प्रमुख, प्रदेश सभामुख तथा उपसभामुख, मुख्यमन्त्री, प्रदेश लेखा समिति र प्रदेश सरकारहरूसँग महालेखापरीक्षकको नेतृत्वमा गएको टोलीले निम्नानुसार भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो। उक्त अवसरमा लेखापरीक्षण बेरूजु फर्स्यौट, सम्परीक्षण, वित्तीय उत्तरदायित्व तथा सुशासनलगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो।

क्र.सं.	प्रदेश	प्रदेश प्रमुखसँग भेटघाट	प्रदेश सभामुख तथा उपसभामुख सँग भेटघाट	प्रदेश सरकारसँग अन्तरक्रिया	प्रदेश लेखासमिति सँग छलफल
१.	कोशी	२०८१।८।२४	२०८१।८।२४	२०८१।८।२५	२०८१।८।२४
२.	मधेश	२०८१।८।२६	२०८१।८।२७	२०८१।८।२६	२०८१।८।२७
३.	बागमती	२०८१।९।११	२०८१।९।१२	२०८१।९।११	२०८१।९।१२
४.	गण्डकी	-	२०८१।१०।३०	२०८१।१०।२९	२०८१।१०।३०
५.	लुम्बिनी	२०८१।९।७	२०८१।९।८	२०८१।९।८	२०८१।९।८
६.	कर्णाली	-	२०८१।१०।२३	२०८१।१०।२३	२०८१।१०।२३
७.	सुदूरपश्चिम	२०८१।९।२०	२०८१।९।२०	२०८१।९।२१	२०८१।९।२०

४१. **भर्चुअल माध्यमबाट अन्तरक्रिया** - महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण कार्यलाई थप पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने उद्देश्यले यो वर्ष सरोकारवालाहरूसँग पहिलो, दोस्रो तथा तेस्रो चरणको स्थलगत लेखापरीक्षण अवधिमा ४ पटक भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। वार्षिक लेखापरीक्षण योजना, २०८१ बमोजिम यस प्रकारको कार्यक्रम प्रथम पटक आयोजना गरिएकोमा सो अन्तरक्रिया कार्यक्रममा २०८१।५।१७ मा १४७, २०८१।६।२ मा ५००, २०८१।८।२३ मा ३५५ र २०८१।९।१४ मा १६४ जनाको सहभागिता रहेको थियो।

४२. **एसोसाईको सोह्रौं सभामा सहभागिता -** एसोसाईको सोह्रौं सभा भारतको सर्वोच्च लेखापरीक्षण संस्था नियन्त्रक एवं महालेखापरीक्षकको कार्यालयको आयोजनामा भारतको राजधानी नयाँ दिल्लीमा २०८१ आश्विन १ र २ गते सम्पन्न भएको छ। उक्त कार्यक्रममा यस कार्यालयबाट महालेखापरीक्षकको नेतृत्वमा उप-महालेखापरीक्षक बिन्दु विष्ट र नायब महालेखापरीक्षक श्रीकुमार राईको सहभागिता रहेको थियो।

४३. **एसियाली विकास बैङ्कद्वारा आयोजित कार्यक्रम -** एसियाली विकास बैङ्कद्वारा २०८१।२।२१ र २२ मा फिलिपिन्सको मनिलामा आयोजित IDI-ADB Leadership Forum on 'Raising the Profile of Performance Audits' for SAI Leaders and Key Stakeholders विषयक कार्यक्रममा महालेखापरीक्षकको नेतृत्वमा रहेको टोलीले सहभागिता जनाएको थियो। कार्यक्रममा सर्वोच्च लेखापरीक्षण निकायको संस्थागत क्षमता विकासमार्फत सार्वजनिक वित्त व्यवस्थापनमा जवाफदेहिता र पारदर्शिता प्रवर्धन गर्ने विषयमा छलफल हुनुका साथै आपसी सहयोग र सहकार्यलाई अझ मजबुत बनाउने प्रतिबद्धता जनाइएको थियो।

४४. **कार्यमूलक लेखापरीक्षण सुदृढीकरण कार्यक्रम -** थाइल्याण्डको राजधानी बैङ्कमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनअन्तर्गतको इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ र एसियाली विकास बैङ्कको साझेदारीमा २०८१।१२।१८ देखि २९ गतेसम्म आयोजित कार्यक्रममध्ये महालेखापरीक्षकको नेतृत्वमा रहेको टोलीले सहभागिता जनाएको थियो। लिडरशीप फोरममा महालेखापरीक्षक र निर्देशक रमेश सुबेदीको सहभागिता रहेको थियो भने Workshop on Statement of Audit Quality Management र Workshop on Robust Follow Up Systems कार्यक्रममा क्रमशः उप-महालेखापरीक्षक बैकुण्ठबहादुर अधिकारी र नायब महालेखापरीक्षक श्यामप्रसाद भण्डारीको नेतृत्वको टोलीले सहभागिता जनाएको थियो। उक्त कार्यक्रममा स्रोत व्यक्तिको रूपमा नायब महालेखापरीक्षक चन्द्रकान्त भण्डारी र निर्देशक सिर्जना रिमाल सहभागी भएका थिए। उक्त कार्यक्रममा ६ राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाको सहभागिता रहेको थियो।

४५. **कार्यमूलक लेखापरीक्षणसम्बन्धी कार्यशाला -** नेशनल अडिट अफिस अफ श्रीलङ्काको अनुरोधमा 'Engagement of Civil Society Organizations (CSO's) in Performance Audit' विषयक पाँच दिने कार्यशाला २०८१।८।१७ देखि २१ गतेसम्म यस कार्यालयमा सञ्चालन भयो। उक्त कार्यशालामा यस कार्यालयका उप-महालेखापरीक्षक, नायब महालेखापरीक्षक, श्रीलङ्काका Deputy Auditor General Mr. Senarath Bandara Ratnanayake को नेतृत्वमा आएको टोली, विश्व बैङ्कका प्रतिनिधि र अन्य कर्मचारीहरू तथा नागरिक समाजका संस्थाका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो। कार्यशालामा कार्यमूलक लेखापरीक्षणमा नागरिक समाज सङ्गठनको आबद्धता सम्बन्धमा दुई देशमा रहेका सैद्धान्तिक तथा व्यावहारिक अभ्यासहरूको आदान-प्रदान भएको थियो। सो अवसरमा कार्यालयबाट कार्यमूलक लेखापरीक्षण गरिएका काभ्रेपलाञ्चोकको पनौती नगरपालिकामा सञ्चालित कृषि तथा पशुपन्छी बिमा र नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको प्रभावकारिता सम्बन्धमा स्थलगत अवलोकन तथा अन्तरक्रियासमेत गरिएको थियो।



अनुसूचीहरू

अनुसूची - १

(प्रतिवेदनको परिच्छेद १, २ र ३ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरुको विवरण
(विनियोजन खर्च, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	कार्यालय सङ्ख्या	बेरुजु भएका कार्यालय सङ्ख्या	बेरुजु रकम
१	राष्ट्रपतिको कार्यालय	१	१	०
२	उपराष्ट्रपतिको कार्यालय	१	१	०
३	सङ्घीय संसद सचिवालय	१	१	१४,८५
४	सर्वोच्च अदालत	१०५	७७	१,९६,८१
५	प्रदेश प्रमुखको कार्यालय, कोशी	१	१	०
६	प्रदेश प्रमुखको कार्यालय, मधेश	१	१	०
७	प्रदेश प्रमुखको कार्यालय, बागमती	१	१	०
८	प्रदेश प्रमुखको कार्यालय, गण्डकी	१	१	०
९	प्रदेश प्रमुखको कार्यालय, लुम्बिनी	१	१	४५
१०	प्रदेश प्रमुखको कार्यालय, कर्णाली	१	१	०
११	प्रदेश प्रमुखको कार्यालय, सुदूरपश्चिम	१	१	०
१२	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	९	३	०
१३	महालेखा परीक्षकको कार्यालय	१	१	०
१४	लोक सेवा आयोग	१६	१०	०
१५	निर्वाचन आयोग	८०	३५	१,९८
१६	महान्यायाधिवक्ताको कार्यालय	९७	४३	३६,८४
१७	न्याय परिषद्	१	१	०
१८	राष्ट्रिय मानव अधिकार आयोग	१०	५	१५,०३
१९	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	१	१	०
२०	राष्ट्रिय महिला आयोग	१	१	०
२१	राष्ट्रिय दलित आयोग	१	१	०
२२	राष्ट्रिय समावेशी आयोग	१	१	०
२३	आदिवासी जनजाति आयोग	१	१	७
२४	मधेशी आयोग	१	१	०
२५	थारु आयोग	१	१	०
२६	मुस्लिम आयोग	१	१	०
२७	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१३३	५२	२,९०
२८	अर्थ मन्त्रालय	२१६	१७९	३३,७१,१६,९०
२९	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	३०	२४	३८,४८,७३
३०	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	७४	७४	६५,८०,४४
३१	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	५	४	०
३२	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	१८७	१४८	१८,५३,४१
३३	खानेपानी मन्त्रालय	३३	३३	१५,८६,६१
३४	गृह मन्त्रालय	८७२	३९७	११,१२,१८
३५	परराष्ट्र मन्त्रालय	४४	४३	१,०५,३२,९९
३६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	२७७	२२५	१,५०,६४,७१
३७	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	१४१	१३८	६,४३,६३,७०
३८	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	९	७	१,३७,४९
३९	युवा तथा खेलकुद मन्त्रालय	१	१	०
४०	रक्षा मन्त्रालय	३०४	११४	१,६७,१४,३७

क्र.सं.	मन्त्रालय/निकायको नाम	कार्यालय सङ्ख्या	बेरुजु भएका कार्यालय सङ्ख्या	बेरुजु रकम
४१	वन तथा वातावरण मन्त्रालय	५७	५२	८,१३,९५
४२	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	८९	६२	२२,३१,८३
४३	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	१८	१२	३,५३,६८
४४	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१७	१५	२३,७८
४५	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	८१	६९	१२,३४,५०
४६	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	८६	६५	५०,२२,९४
४७	शहरी विकास मन्त्रालय	६१	६१	६२,०९,०२
४८	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	१७	१६	२३,६०,००
४९	राष्ट्रिय योजना आयोग	१	१	०
	संघतर्फको जम्मा	**३०९०**	**१९८५**	**४७,७४,३०,१६**
	प्रदेशतर्फ			
	कोशी	**१८०**	**१११**	**७६,५४,२९**
१	प्रदेश सभा सचिवालय	१	१	९,०२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	२२,७८
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	९	८	१,१६,५५
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	१५	३	८,४६
५	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	४६	१७	१,०३,६७
६	खानेपानी, सिँचाइ तथा उर्जा मन्त्रालय	२५	२२	२३,३१,००
७	पर्यटन, वन तथा वातावरण मन्त्रालय	२४	१७	७,८५,२५
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	१४	१४	३५,६६,५१
९	सामाजिक विकास मन्त्रालय	८	४	४३,७०
१०	स्वास्थ्य मन्त्रालय	३४	२१	६,५९,१६
११	प्रदेश योजना आयोग	१	१	२,२१
१२	प्रदेश लोक सेवा आयोग	१	१	५,२५
१३	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	,७३
	मधेश	**१४२**	**१२१**	**१,०५,४२,७७**
१	प्रदेश सभासचिवालय	१	१	१,८७,७२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२	०
३	गृह सञ्चार तथा कानुन मन्त्रालय	१	१	४,७४,४५
४	अर्थ मन्त्रालय	५	३	७,०१,८६
५	शिक्षा तथा संस्कृति मन्त्रालय	१५	१३	९,६८,८६
६	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	२१	१८	६,८५,१०
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	१४	१२	४७,४३,२२
८	ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय	१७	१७	८,०७,९९
९	वन तथा वातावरण मन्त्रालय	१३	११	१३,४७,०५
१०	उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	१३	१२	४४,२३
११	श्रम तथा यातायात मन्त्रालय	१०	९	२,१४,३९
१२	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७	१९	३,६३,४२
१३	प्रदेश नीति तथा योजना आयोग	१	१	०
१४	प्रदेश लोकसेवा आयोग	१	१	४,४८
१५	मुख्यन्यायाधिवक्ताको कार्यालय	१	१	०
	बागमती	**१९८**	**१७३**	**६२,४९,१३**
१	प्रदेश सभा सचिवालय	१	१	२,७०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	३३,४५
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२	२	०
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	१४	८	०

क्र.सं.	मन्त्रालय/निकायको नाम	कार्यालय सङ्ख्या	बेरुजु भएका कार्यालय सङ्ख्या	बेरुजु रकम
५	उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय	१५	१३	५४,०२
६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	३७	३३	८,६९,६६
७	खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय	२२	२२	१०,९४,४८
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	१७	१७	३६,९२,०६
९	वन तथा वातावरण मन्त्रालय	२५	२२	२,२४,१०
१०	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१३	११	६८६
११	संस्कृति तथा पर्यटन मन्त्रालय	६	४	२८,०२
१२	सामाजिक विकास मन्त्रालय	८	८	१,३५,८९
१३	स्वास्थ्य मन्त्रालय	३४	२८	१,०७,८९
१४	प्रदेश नीति तथा योजना आयोग	१	१	०
१५	प्रदेश लोक सेवा आयोग	१	१	०
१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	०
	गण्डकी	**१८३**	**८४**	**४०,४७,०५**
१	प्रदेश सभा सचिवालय	१	१	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	४१,२८
३	आर्थिक मामिला मन्त्रालय	१३	१	९,८७
४	ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	१७	१६	५,२७,७३
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२८	१४	१,५०,७९
६	कृषि तथा भूमि व्यवस्था मन्त्रालय	४६	१३	३,११,०८
७	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	२०	१७	२३,९६,५०
८	सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय	५४	१८	६,०९,६३
९	प्रदेश नीति तथा योजना आयोग	१	१	०
१०	प्रदेश लोक सेवा आयोग	१	१	०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	१७
	लुम्बिनी	**१९०**	**१६८**	**५५,१३,६२**
१	प्रदेश सभा सचिवालय	१	१	८८,०४
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	०
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१	३०,६५
४	आर्थिक मामिला तथा मन्त्रालय	१४	३	०
५	उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय	१९	१९	७,२०,९४
६	उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय	२९	२५	१,५७,९७
७	कृषि तथा भूमि व्यवस्था मन्त्रालय	३३	३२	१,३८,७०
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	१४	१४	१५,७७,१९
९	शहरी विकास तथा खानेपानी मन्त्रालय	१६	१६	१४,६८,०६
१०	वन तथा वातावरण मन्त्रालय	२१	२०	१०,७९,६३
११	सामाजिक विकास मन्त्रालय	१०	१०	१,८५,७२
१२	स्वास्थ्य मन्त्रालय	२८	२३	६३,८८
१३	प्रदेश योजना आयोग	१	१	०
१४	प्रदेश लोक सेवा आयोग	१	१	२८४
१५	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	०
	कर्णाली	**१२८**	**१२३**	**३४,९९,२०**
१	कर्णाली प्रदेश सभा सचिवालय	१	१	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२	१६७२
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१	४,१०,९६
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	११	९	१,३१,५०
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२६	२६	२,६६,१६

क्र.सं.	मन्त्रालय/निकायको नाम	कार्यालय सङ्ख्या	बेरुजु भएका कार्यालय सङ्ख्या	बेरुजु रकम
६	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	११	११	५,४६,५७
७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७	२७	१,५६,०७
८	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	१८	१८	१८,२१,२०
९	सामाजिक विकास मन्त्रालय	२८	२५	१,५०,०२
१०	प्रदेश लोक सेवा आयोग	१	१	०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	०
१२	कर्णाली प्रदेश योजना आयोग	१	१	०
	सुदूरपश्चिम	**१४४**	**५२**	**४४,९४,६८**
१	प्रदेश सभा सचिवालय	१	०	२,३२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	१०,५५
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	०	५,२२,२२
४	आर्थिक मामिला मन्त्रालय	११	१०	३
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२८	११	८,९४,३५
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३१	११	२,१२,७३
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३१	२	२५,११,५४
८	सामाजिक विकास मन्त्रालय	३७	१६	३,३७,८७
९	प्रदेश नीति तथा योजना आयोग	१	०	२,३६
१०	प्रदेश लोक सेवा आयोग	१	१	०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	०	७१
	प्रदेशतर्फ कुल जम्मा	**११६५**	**८३२**	**४,२०,००,७४**
	प्रदेश र संघतर्फको कुल जम्मा	**४२५५**	**२८१७**	**५१,९४,३०,९०**

अनुसूची - १(क)

(प्रतिवेदनको परिच्छेद १, २ र ३ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सङ्गठित संस्था, समिति र अन्य संस्थाहरुको विवरण

क्र.सं.	संस्थाको नाम		संख्या
१.	**सर्वोच्च अदालत**		**१**
	१.१	राष्ट्रिय न्यायिक प्रतिष्ठान	१
२.	**प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय**		**२**
	२.१	नीति अनुसन्धान प्रतिष्ठान	१
	२.२	नेपाल ट्रष्टको कार्यालय	१
३.	**अर्थ मन्त्रालय**		**७**
	३.१	कर्मचारी सञ्चय कोष	१
	३.२	नागरिक लगानी कोष	१
	३.३	निक्षेप तथा कर्जा सुरक्षण कोष	१
	३.४	नेपाल धितोपत्र बोर्ड	१
	३.५	नेपाल राष्ट्र बैंक	१
	३.६	नेपाल बीमा प्राधिकरण	१
	३.७	मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल	१
४.	**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**		**११**
	४.१	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	१
	४.२	खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड	१
	४.३	व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र	३
	४.४	विशेष आर्थिक क्षेत्र प्राधिकरण	१
	४.५	धौवादी फलाम कम्पनी लिमिटेड	१
	४.६	नेपाल इन्टरमोडल यातायात विकास समिति	१
	४.७	नेपाल औषधी लिमिटेड	१
	४.८	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	१
	४.९	हेटौंडा सिमेन्ट उद्योग लिमिटेड	१
५.	**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**		**१३**
	५.१	वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र	१
	५.२	विद्युत नियमन आयोग	१
	५.३	अपर अरुण हाइड्रोपावर लिमिटेड	१
	५.४	उत्तरगंगा पावर कम्पनी लिमिटेड	१
	५.५	तनहुँ हाइड्रोपावर लिमिटेड	१
	५.६	तामाकोशी जलविद्युत कम्पनी लिमिटेड	१
	५.७	दुधकोशी जलविद्युत कम्पनी लिमिटेड	१
	५.८	नेपाल विद्युत प्राधिकरण	१
	५.९	मोदी जलविद्युत कम्पनी लिमिटेड	१
	५.१०	रघुगंगा हाइड्रोपावर लिमिटेड	१
	५.११	राष्ट्रिय प्रशारण ग्रिड कम्पनी लिमिटेड	१
	५.१२	स्यार्पु पावर कम्पनी लिमिटेड	१
	५.१३	बुढी गण्डकी जलविद्युत कम्पनी लिमिटेड	१
६.	**कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**		**३**
	६.१	कानुन किताब व्यवस्था समिति	१
	६.२	केन्द्रीय कानुनी सहायता समिति	१
	६.३	केन्द्रीय कानुन पुस्तकालय विकास समिति	१

क्र.सं.	संस्थाको नाम		संख्या
७.	**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**		९
	७.१	कपास विकास समिति	१
	७.२	कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति	१
	७.३	कृषि सामग्री कम्पनी लिमिटेड	१
	७.४	दुग्ध विकास संस्थान	१
	७.५	नेपाल कृषि अनुसन्धान परिषद्	१
	७.६	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१
	७.७	राष्ट्रिय दुग्ध विकास बोर्ड	१
	७.८	स्यार्पु कृषि कम्पनी लिमिटेड	१
	७.९	नेपाल पशु चिकित्सा परिषद्	१
८.	**खानेपानी मन्त्रालय**		४
	८.१	आयोजना कार्यान्वयन निर्देशनालय	१
	८.२	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	१
	८.३	खानेपानी महशुल निर्धारण आयोग	१
	८.४	नेपाल खानेपानी संस्थान	१
९.	**गृह मन्त्रालय**		३
	९.१	नेपाल हज समितिको सचिवालय	१
	९.२	प्रहरी कल्याण कोष	१
	९.३	सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र	१
१०.	**परराष्ट्र मन्त्रालय**		२
	१०.१	परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान	१
	१०.२	बी.पी. कोइराला नेपाल–भारत प्रतिष्ठान	१
११.	**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**		२
	११.१	गुठी संस्थान	१
	११.२	राष्ट्रिय सहकारी विकास बोर्ड	१
१२.	**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**		३
	१२.१	नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड	१
	१२.२	सडक बोर्ड नेपाल	१
	१२.३	रेल्वे बोर्ड नेपाल	१
१३.	**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**		१
	१३.१	समाज कल्याण परिषद्	१
१४.	**युवा तथा खेलकुद मन्त्रालय**		४
	१४.१	राष्ट्रिय खेलकुद परिषद्	१
	१४.२	राष्ट्रिय युवा परिषद	१
	१४.३	युवा तथा साना व्यवसायी स्वरोजगार कोष	१
	१४.४	फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति	१
१५.	**रक्षा मन्त्रालय**		४
	१५.१	नेपाली सेना बहुव्यवसाय उद्योग	१
	१५.२	नेपाली सेना सुपथ मूल्य पसल	१
	१५.३	सैनिक कल्याणकारी कोष	१
	१५.४	नेपाली सैनिक विमान चार्टर उडान विकास समिति	१
१६.	**वन तथा वातावरण मन्त्रालय**		४
	१६.१	राष्ट्रपति चुरे-तराई मधेश संरक्षण समिति	१
	१६.२	राष्ट्रिय ताल विकास संरक्षण समिति	१
	१६.३	राष्ट्रिय प्रकृति संरक्षण कोष	१
	१६.४	नेपाल वन निगम	१

क्र.सं.	संस्थाको नाम		संख्या
१७.	**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**		**३२८**
	१७.१	कृषि तथा वन विज्ञान विश्वविद्यालय	१७
	१७.२	नेपाल खुला विश्वविद्यालय	१
	१७.३	डिल्लीरमण पुस्तकालय	१
	१७.४	त्रिभुवन विश्वविद्यालय	५९
	१७.५	नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान	२
	१७.६	नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति	१
	१७.७	नेपाल संस्कृत विश्वविद्यालय	१९
	१७.८	पूर्वाञ्चल विश्वविद्यालय	१८
	१७.९	पोखरा विश्वविद्यालय	१०
	१७.१०	प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्	८१
	१७.११	मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय	१
	१७.१२	मध्यपश्चिम विश्वविद्यालय	४९
	१७.१३	मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना	४
	१७.१४	युनेस्कोका निम्ती नेपाल राष्ट्रिय आयोगको सचिवालय	१
	१७.१५	राजर्षि जनक विश्वविद्यालय	७
	१७.१६	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला	४
	१७.१७	राष्ट्रिय परीक्षा बोर्ड	१४
	१७.१८	लुम्बिनी बौद्ध विश्वविद्यालय	१
	१७.१९	बी.पी. कोइराला मेमोरीययल प्लानेटरीयम अब्जरभेटरी र विज्ञान संग्रालय विकास समिति	१
	१७.२०	विश्वविद्यालय अनुदान आयोग	१
	१७.२१	स्वप्न बगैंचा विकास समिति	१
	१७.२२	सुदूरपश्चिम विश्वविद्यालय	३४
	१७.२३	जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड	१
१८.	**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**		**४**
	१८.१	वैदेशिक रोजगार बोर्डको सचिवालय	१
	१८.२	राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति	१
	१८.३	राष्ट्रिय स्तरको कल्याणकारी कोष	१
	१८.४	सामाजिक सुरक्षा कोष	१
१९.	**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**		**२२**
	१९.१	आदिकवि भानुभक्त जन्मस्थल विकास समिति, तनहुँ	१
	१९.२	देवघाट क्षेत्र विकास समिति	१
	१९.३	नारायणहिटी दरबार संग्राहालय विकास समिति	१
	१९.४	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१
	१९.५	नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति	१
	१९.६	नेपाल प्रज्ञा प्रतिष्ठान	१
	१९.७	नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान	१
	१९.८	नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान	१
	१९.९	पन्चाङ्ग निर्णायक समिति	१
	१९.१०	पशुपति क्षेत्र विकास कोष	१
	१९.११	पाटन संग्रहालय विकास समिति	१
	१९.१२	पाथिभरा क्षेत्र विकास समिति	१
	१९.१३	बृहत्तर बराह क्षेत्र विकास समिति	१
	१९.१४	बौद्धनाथ क्षेत्र विकास समिति	१
	१९.१५	मनकामना क्षेत्र विकास समिति	१
	१९.१६	लुम्बिनी विकास कोष	१

क्र.सं.	संस्थाको नाम		संख्या
	१९.१७	हनुमानढोका दरवार संग्रहालय विकास समिति	१
	१९.१८	हलेसी महादेव स्थान विकास समिति	१
	१९.१९	बौद्धदर्शन प्रवर्धन तथा गुम्बा विकास समिति	१
	१९.२०	नेपाल नागरिक उड्डयन प्राधिकरण	१
	१९.२१	नेपाल वायुसेवा निगम	१
	१९.२२	सांस्कृतिक संस्थान	१
२०.	**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**		**४**
	२०.१	निजामती कर्मचारी अस्पताल	१
	२०.२	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	१
	२०.३	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	१
	२०.४	आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान	१
२१.	**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**		**८**
	२१.१	गोरखापत्र संस्थान	१
	२१.२	चलचित्र विकास बोर्ड	१
	२१.३	नेपाल दूरसञ्चार प्राधिकरण	१
	२१.४	प्रेस काउन्सिल	१
	२१.५	राष्ट्रिय समाचार समिति	१
	२१.६	रेडियो प्रसार सेवा विकास समिति	१
	२१.७	विज्ञापन बोर्ड	१
	२१.८	सुरक्षण मुद्रण केन्द्र	१
२२.	**शहरी विकास मन्त्रालय**		**१६**
	२२.१	अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति	१
	२२.२	अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	१
	२२.३	काठमाडौं उपत्यका विकास प्राधिकरण र जिल्ला आयुक्त कार्यालय	४
	२२.४	नगर विकास समिति	८
	२२.५	राष्ट्रिय आवास कम्पनी लिमिटेड	१
	२२.६	नगर विकास कोष	१
२३.	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**		**२९**
	२३.१	आयुर्वेद चिकित्सालय	१
	२३.२	कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२३.३	कान्ति बाल अस्पताल	१
	२३.४	कोशी अस्पताल	१
	२३.५	गजेन्द्रनारायण सिंह अस्पताल	१
	२३.६	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान	१
	२३.७	जी.पी. कोइराला राष्ट्रिय स्वासप्रश्वास केन्द्र	१
	२३.८	डडेल्धुरा अस्पताल	१
	२३.९	नारायणी अस्पताल	१
	२३.१०	नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	१
	२३.११	परोपकार प्रसुती तथा स्त्री रोग अस्पताल	१
	२३.१२	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२३.१३	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२३.१४	भक्तपुर क्यान्सर अस्पताल	१
	२३.१५	भरतपुर अस्पताल	१
	२३.१६	भेरी अस्पताल	१
	२३.१७	मानसिक अस्पताल	१
	२३.१८	रापी स्वास्थ्य विज्ञान प्रतिष्ठान	१

क्र.सं.	संस्थाको नाम		संख्या
	२३.१९	रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२३.२०	राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र	१
	२३.२१	राष्ट्रिय ट्रमा सेन्टर	१
	२३.२२	बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल चितवन	१
	२३.२३	बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२३.२४	शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	१
	२३.२५	शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र	१
	२३.२६	शुक्कराज ट्रपिकल सरुवा रोग अस्पताल	१
	२३.२७	सिंहदरबार वैद्यखाना विकास समिति	१
	२३.२८	सुशील कोइराला प्रखर क्यान्सर अस्पताल	१
	२३.२९	स्वास्थ्य बीमा बोर्ड	१
		कुल जम्मा	४८४

अनुसूची - १(ख)

(प्रतिवेदनको परिच्छेद १ र ४ सँग सम्बन्धित)

कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएका विषयहरुको विवरण

सि.नं.	कार्यमूलक लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१	खनिज अन्वेषण उत्खनन् स्थिति	खानी तथा भूगर्भ विभाग	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
२	विद्युत उत्पादन, प्रशारण र उपयोग स्थिति	विद्युत विकास विभाग	ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय
३	शीत भण्डार व्यवस्थापन कार्यक्रम	कृषि तथा पशुपन्छी बिकास मन्त्रालय	कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
४	लिफ्टिङ्ग खानेपानी आयोजनाको स्थिति	आयोजना निर्देशनालय	खानेपानी तथा शहरी विकास मन्त्रालय
५	हुलाकी राजमार्ग निर्माण अवस्था	हुलाकी राजमार्ग निर्देशनालय	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
६	स्थानीय तहबाट तयार गरिएका विस्तृत परियोजना प्रतिवेदन कार्यान्वयन अवस्था		सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
७	विमानस्थलहरुको सञ्चालन एवं व्यवस्थापन	नागरिक उड्डयन प्राधिकरण	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
८	कृषि तथा पशु बीमा कार्यक्रमको प्रभावकारिता	नेपाल बीमा प्राधिकारण	कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
९	सहुलियतपूर्ण कर्जा र व्याज अनुदानको स्थिति	नेपाल राष्ट्र बैङ्क	अर्थ मन्त्रालय
१०	लाइभ स्टक सेक्टर इन्नोभेसन आयोजनाको प्रभावकारिता	लाइभ स्टक सेक्टर इन्नोभेसन आयोजना	कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
११	काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन	उपत्यका ट्राफिक प्रहरी कार्यालय	गृह मन्त्रालय
वातावरणीय लेखापरीक्षण			
१२	औद्योगिक प्रतिष्ठानबाट निस्कने फोहर व्यवस्थापन	बालाजु औद्योगिक क्षेत्र	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सूचना प्रविधि लेखापरीक्षण			
१३	वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली	वैदेशिक रोजगार विभाग	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
विशेष लेखापरीक्षण			
१४	गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
१५	अर्थतन्त्रको अवस्था		अर्थ मन्त्रालय

अनुसूची - २

(प्रतिवेदनको परिच्छेद-१ सँग सम्बन्धित)

संघ र प्रदेशका सरकारी कार्यालयको लेखापरीक्षण रकम

(रु. हजारमा)

मन्त्रालय/निकायको नाम	विनियोजन खर्च				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
	लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	
आर्थिक वर्ष २०८०।८१																	
राष्ट्रपतिको कार्यालय	१	१५१३५३	१	१५१३५३	१	७२	१	७२	१	२१०२२	१	२१०२२	०	०	०	०	१७२४४७
उपराष्ट्रपतिको कार्यालय	१	४३३६७	१	४३३६७	०	०	०	०	१	९१	१	९१	०	०	०	०	४३४५८
संघीय संसद सचिवालय	१	१२७९८०५	१	१२७९८०५	१	२११९	१	२११९	१	४९५०	१	४९५०	०	०	०	०	१२८६८७४
सर्वोच्च अदालत	१०५	७१३१८०८	१०५	७१३१८०८	१०५	२०४७४०७	१०५	२०४७४०७	१०३	१४५३५१२७	१०३	१४५३५१२७	५५	१५०३३६	५५	१५०३३६	२३८६४६७८
प्रदेश प्रमुखको कार्यालय, कोशी	१	२८५५८	१	२८५५८	०	०	०	०	१	३४९	१	३४९	०	०	०	०	२८९०७
प्रदेश प्रमुखको कार्यालय, मधेश	१	१८५७३	१	१८५७३	०	०	०	०	१	१६९	१	१६९	०	०	०	०	१८७४२
प्रदेश प्रमुखको कार्यालय, बागमती	१	२४००३	१	२४००३	०	०	०	०	१	२०३	१	२०३	०	०	०	०	२४२०६
प्रदेश प्रमुखको कार्यालय, गण्डकी	१	२८७७२	१	२८७७२	०	०	०	०	१	७०	१	७०	०	०	०	०	२८८४२
प्रदेश प्रमुखको कार्यालय, लुम्बिनी	१	२७६०६	१	२७६०६	०	०	०	०	१	२३	१	२३	०	०	०	०	२७६२९
प्रदेश प्रमुखको कार्यालय, कर्णाली	१	२५२६९	१	२५२६९	१	१	१	१	१	६९	१	६९	०	०	०	०	२५३३९
प्रदेश प्रमुखको कार्यालय, सुदूरपश्चिम	१	२६५३४	१	२६५३४	०	०	०	०	१	७८	१	७८	०	०	०	०	२६६१२
अख्तियार दुरुपयोग अनुसन्धान आयोग	९	१२५१९३४	९	१२५१९३४	८	१०६५९	८	१०६५९	९	४६७११	९	४६७११	०	०	०	०	१३०९३०४
महालेखा परीक्षकको कार्यालय	१	५७७२२८	१	५७७२२८	१	१८९०	१	१८९०	१	७३९७	१	७३९७	०	०	०	०	५८६५१५
लोक सेवा आयोग	१६	१०४१६४४	१६	१०४१६४४	१६	२४०९८१	१६	२४०९८१	१५	३१२६	१५	३१२६	९	७८७४९	९	७८७४९	१३६४५००
निर्वाचन आयोग	८०	५५९७०७	८०	५५९७०७	६०	२२८१४	६०	२२८१४	६६	१३९९९०	६६	१३९९९०	१	३४०	१	३४०	७२२८५१
महान्यायाधिवक्ताको कार्यालय	९७	११२१३६०	९७	११२१३६०	२३	२७४	२३	२७४	४५	३२४४५	४५	३२४४५	८	१२६१५	८	१२६१५	११६६६९४
न्याय परिषद्	१	४८७९०	१	४८७९०	१	१०८९	१	१०८९	१	१७२	१	१७२	०	०	०	०	५००५१
राष्ट्रिय मानव अधिकार आयोग	१०	२४१२९८	१०	२४१२९८	२	३१९	२	३१९	१	१४४	१	१४४	१	६२८६	१	६२८६	२४८०४७
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	१	६४६२३	१	६४६२३	१	८	१	८	१	१४९	१	१४९	०	०	०	०	६४७८०
राष्ट्रिय महिला आयोग	१	६८९६७	१	६८९६७	१	६२	१	६२	१	४६६	१	४६६	०	०	०	०	६९४९५
राष्ट्रिय दलित आयोग	१	३४२८१	१	३४२८१	०	०	०	०	०	०	०	०	१	४	१	४	३४२८५
राष्ट्रिय समावेशी आयोग	१	३२६८३	१	३२६८३	०	०	०	०	०	०	०	०	०	०	०	०	३२६८३
आदिवासी जनजाति आयोग	१	३१३८०	१	३१३८०	१	४१	१	४१	१	५	१	५	०	०	०	०	३१४२६
मधेशी आयोग	१	३५३८१	१	३५३८१	०	०	०	०	०	०	०	०	०	०	०	०	३५३८१
